श्रद्धाका केन्द्र : श्री ५ वीरेन्द्र

(स्मृति ग्रन्थ)



प्रकाशक:
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य

श्रद्धाका केन्द्र: श्री ५ वीरेन्द्र

(स्मृति ग्रन्थ)

प्रकाशक:
श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

विक्रम संवत्
२०६०

प्रकाशक : सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग
काठमाडौं ।

प्रथम संस्करण : ५,००० प्रति, वि. सं. २०६०, भाद्र

आवरण तथा फोटो संयोजन : वत्स गोपाल वैद्य

फोटो संकलन तथा सम्पादन : वसन्त कुमार चित्रकार
कुमार श्रेष्ठ
राजेन्द्र प्र. न्यौपाने

कम्प्युटर ग्राफिक डिजाइन : महेश थापा
डिल्लीराम न्यौपाने

कम्प्युटर सेटिङ/टाइप : राजकुमार श्रेष्ठ
हरिशरण रेग्मी
अञ्जन घिमिरे
गणेश घिमिरे
राजेन्द्र कुमार शाही

फोटो सौजन्य : सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग
शाही छायाचित्र शाखा, राजदरबार
वसन्त कुमार चित्रकार - सिनियर फोटोग्राफर
मीन वज्राचार्य - फोटोग्राफर
न्हुछेमान डंगोल - फोट्टोग्राफर

सर्वाधिकार : © श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग

मूल्य : रु. ११००/-

ISBN:99933-704-1-X

मुद्रक : सूचना तथा सञ्चार मन्त्रालय, मुद्रण विभाग
सिंहदरबार, काठमाडौं ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेव तथा श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मीदेवी शाह

टेलिफोन नं. { २२८१८७
२२८७९६
फ्याक्स नं. ००९७७-१-२४०१८७

श्री ५ महाराजाधिराजका
निजी सचिवालय

पत्र संख्या:-

राजदरबार,
काठमाडौं, नेपाल ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर बिक्रम शाहदेवबाट नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा संपादित गरिने "श्री ५ वीरेन्द्र स्मृति ग्रन्थ"कालागि बक्सेको शुभकामना सन्देश

विकासप्रेमी प्रजावत्सल श्रद्धेय स्वर्गवासी दाज्यू श्री ५ वीरेन्द्र आज हामी वीच होईबक्सन्न तापनि मौसूफको आदर्शमय व्यक्तित्व र मौसूफबाट प्रतिपादित विकासका लागि शान्ति र जनकल्याणकालागि प्रजातन्त्रको सिद्धान्तले हामीलाई सदा मार्ग निर्देशन गरिरहने छ ।

नेपालको संबैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रका प्रवर्त्तक स्वर्गीय दाज्यू, क्षेत्रीय र विश्वशान्तिका लागि समेत प्रयत्नरत एक युगपुरुष होईबक्सन्थ्यो । नेपालको गौरवमय स्वतन्त्रता र अखण्डतालाइ सदा अक्षुण्ण राखिबक्सँदै देश र जनताको भलाईका निमित्त मौसूफबाट गरिबक्सेको योगदान हाम्रो इतिहासमा सदा अटल रहनेछ ।

मौसूफको वहुआयामिक व्यक्तित्वका विविध पक्षहरुलाई समेटी नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा संपादित यस "श्री ५ वीरेन्द्र स्मृति ग्रन्थ"ले मौसूफको आदर्शमय विशिष्ट व्यक्तित्वमाथि प्रकाश पार्नुकासाथै राष्ट्रियता, शान्ति र प्रजातन्त्र प्रति मौसूफको सम्मान एवम् प्रतिबद्धताका बारेमा जानकारी गराउनुकासाथै सबैलाई निष्ठावान हुन अभिप्रेरित गर्न सकोस् - यही हाम्रो शुभकामना छ ।

***

राष्ट्रिय गान

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति
श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति
राखून् चिरायु ईशले, प्रजा फैलियोस् पुकारौं जय प्रेमले
हामी नेपाली साराले ।

बैरी सारा हराउन् शान्त होउन् सबै बिघ्न व्यथा,
गाउन् सारा दुनियाँले सहर्ष नाथको सुकीर्ति कथा,
राखौं शासन, भारी वीरताले, नेपालमाथि सधैं नाथको
श्री होस् ठूलो हामी नेपालीको ।



स्वर्गीय श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको प्रशस्ति

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परमगौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परमउज्ज्वल कीर्तिमय नेपालश्रीपद परमप्रोज्ज्वल नेपालतारा परमपवित्र ॐ रामपट्ट परमज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परमसुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

श्रद्धाका केन्द्र: श्री ५ वीरेन्द्र



श्री ५ वीरेन्द्र राजकीय पोसाकमा

श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य राजकीय पोसाकमा



श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य राजपरिवारका साथ

श्री ५ वीरेन्द्रको
जन्मलग्नकुण्डली


१
११
२
१२
१०
सू
३
रा
शु
९
मं
के
८
श
६
४
७
बु
५
चं

राजकीय जङ्गी पोसाकमा श्री ५ वीरेन्द्र तथा राजपरिवार

गोर्खाराजवंशको वंशवृक्ष


(सूर्य खान र मीचा खानका अरू छोराका वंशमा ढोर, सतहूँ र गरहूँका ठकुराइहरूका पहिला राजाहरू)
जैन खान (भीरकोटठकुराइका पहिला राजा)
सूर्य खान
मीचा खान (नुवाकोटठकुराइका पहिला राजा)
विचित्र खान (कास्कीठकुराइका पहिला राजा)
नरराज शाही (कास्कीठकुराईका दोस्रा राजा)
यशोब्रह्म शाही (लमजुङ्गठकुराईका पहिला राजा)
नरहरि शाह (लमजुङ्गठकुराइका दोस्रा राजा)
द्रव्य शाह ((गोर्खाका पहिला राजा) + सुभद्रावती ●
(इ.सं. १५५९–७०?)
● पूर्ण शाह (गोर्खाका दोस्रा राजा)
(इ.सं. १५७० ?–१६०५)
+ सन्तोषवती ❖
अम्वावती ✸
क्षत्र शाह ❖
(इ.सं. १६०५–०६)
+ शशिरेखावती
✸ राम शाह (विस्तृत गोर्खाका संस्थापक)
(इ.सं. १६०६–३६)
+ रत्नावती ✪
नयनावती
डम्बर शाह ✪
(इ.सं. १६३६–४२) +
वर्णावती
रुक्मावती
गंगावती
भानुमती
कृष्ण शाह
(इ.सं. १६४२–५८) +
शकुन्तलावती
रुक्मिणावती
पिताम्बर शाह
शंकर शाह
बलभद्र शाह


रुद्र शाह + पूर्णावती ✪
(इ.सं. १६५८–६९)
पृथ्वीपति शाह ✪ +
(इ.सं. १६६९–१७१६)
जगद्धरावती
विचक्षणावती
अनुपावती
कुरङ्गावती
हर्षवती
हल्दुवती
मधुकर शाह ✪
वीरभद्र शाह (युवराज) +
सिद्धेश्वरीवती
मल्लिकावती ❋
जयकुमारी
जितकुमारी
❋ नरभुपाल शाह
(इ.सं.१७१६–४३) +
चन्द्रप्रभावती
कौशल्यावती ☆
बुद्धिमती
सुभद्रावती
☆ श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेव +
(इ.सं. १७४३–७५)
इन्द्रकुमारी
नरेन्द्रलक्ष्मी ◆
महोद्दामकीर्ति शाह
दलमर्दन शाह
दलजित शाह
शूरप्रताप शाह
◆ श्री ५ महाराजाधिराज प्रतापसिंह शाहदेव + राजेन्द्रलक्ष्मी ❋
(इ.सं. १७७५–७७)
बहादुर शाह ◆
❋ श्री ५ महाराजाधिराज रणबहादुर शाहदेव +
(इ.सं. १७७७–९९)
राजराजेश्वरी (विद्यालक्ष्मी)
कान्तवती ●
सुवर्णप्रभा
चन्द्रावती (अमरराजेश्वरी?)
ललितत्रिपुरसुन्दरी
● श्री ५ महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहदेव +
(इ.सं. १७९९–१८१६)
सिद्धिलक्ष्मी
गोरक्षराज्यलक्ष्मी ◆


◆ श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाहदेव (इ.सं. १८१६–४७) + सांम्राज्यलक्ष्मी ✪ / राज्यलक्ष्मी ●
✪ श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहदेव (इ.सं. १८४७–८१) + त्रैलोक्यराज्यलक्ष्मी ✹ / सुरराज्यलक्ष्मी / देवराज्यलक्ष्मी / पुण्यकुमारी
✪ उपेन्द्रविक्रम शाह
● रणेन्द्रविक्रम शाह
● वीरेन्द्रविक्रम शाह
✪ देवेन्द्रविक्रम शाह
✹ श्री ५ वलिअहद त्रैलोक्यविक्रम शाहदेव + ताराकुमारी ? / ललितकुमारी ❋
श्री नरेन्द्रविक्रम शाह
❋ श्री ५ महाराजाधिराज पृथ्वीवीरविक्रम शाहदेव (इ.सं. १८८१–१९११) + रेवतीरमणराज्यलक्ष्मी / लक्ष्मीदिव्येश्वरी ✪ / कीर्तिदिव्येश्वरी / दुर्गादिव्येश्वरी
✪ श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव (इ.सं. १९११–५५) + कान्तिराज्यलक्ष्मी ● / ईश्वरीराज्यलक्ष्मी ◆
● श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव + इन्द्रराज्यलक्ष्मी ✪ / रत्नराज्यलक्ष्मी
● श्री ५ अधिराजकुमार हिमालयवीरविक्रम शाह
◆ श्री ५ अधिराजकुमार वसुन्धरावीरविक्रम शाह
✪ श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव + ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह ✹
✪ श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव + कोमलराज्यलक्ष्मी देवीशाह ❋
✪ धीरेन्द्रवीरविक्रम शाह
✹ श्री ५ महाराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेव
✹ श्री ५ अधिराजकुमार नीराजनवीरविक्रम शाह
❋ श्री ५ युवराजाधिराज पारसवीरविक्रम शाह + हिमानीराज्यलक्ष्मीदेवी शाह ◆
श्री ५ नवयुवराजाधिराज हृदयेन्द्रवीरविक्रम शाहदेव ◆

द्रष्टव्य : १. प्रत्येक राजाका नामको पछि + चिह्न दिएर रानी वा रानीहरूको नाम दिइएको छ।
२. जुन रानीको नामपछाडि जुन चिह्न राखिएको छ उनका पुत्रका नामपछि उही चिह्न दिइएको छ।
३. जुन रानीका पुत्र भनेर जो पहिचानिएका छैनन् ती रानीका नाममा पछाडि कुनै चिह्न दिइएको छैन।

दिल्ली विश्वविद्यालय

निष्ठा धृतिः सत्यम्

प्रमाणित किया जाता है कि 13 अक्तूबर, 1973 को विशेष दीक्षांत समारोह में नेपाल-नरेश, महामहिम बीरेंद्र बीर बिक्रम शाह देव को इस विश्वविद्यालय की विधि-वारिधि की सम्मानार्थ उपाधि प्रदान की गई।

University of Delhi

This is to certify *that the Degree of* **Doctor of Laws** *in this University was conferred Honoris Causa on* **His Majesty Birendra Bir Bikram Shah Dev, King of Nepal,** *at the Special Convocation held on the 13th day of October, 1973.*

Sarup Singh.

कुलपति,
दिल्ली विश्वविद्यालय
Vice-Chancellor,
University of Delhi

K. P. Goel

कुल-सचिव,
दिल्ली विश्वविद्यालय
Registrar,
University of Delhi.

G S Pathak

कुलाधिपति,
दिल्ली विश्वविद्यालय
Chancellor,
University of Delhi

Translation.

Sir, My Brother,

In high appreciation of the ever-increasing cordiality of the relations so happily existing between our two countries, I have great pleasure in presenting to Your Majesty the Collar of the Supreme Order of the Chrysanthemum.

I trust that you will be pleased to accept it as a token of our sincere regard and friendship.

I avail myself of this opportunity to express to Your Majesty my sincere good wishes for your personal happiness and for the prosperity of your people.

Sir, My Brother,
Your Majesty's
Good Brother,
Signed: HIROHITO.

The Palace, Tokyo,
February 15, 1975.

To
My Good Brother,
The King of Nepal.



The University of Tokyo

CITATION

ON THE HONOURABLE OCCASION OF THE VISIT OF THEIR MAJESTIES
KING BIRENDRA BIR BIKRAM SHAH DEV
AND
QUEEN AISHWARYA RAJYA LAXMI DEVI SHAH
OF THE KINGDOM OF NEPAL,
THE UNIVERSITY OF TOKYO EXPRESSES THE SINCERE RESPECTS
ON THE MOST EXCELLENT AND ADMIRABLE ACHIEVEMENTS OF YOUR MAJESTY
WHILE YOUR MAJESTY STUDIED AS THE CROWN PRINCE IN THIS UNIVERSITY IN 1967
AND HEREWITH HAS THE HONOUR TO PRESENT THEIR MAJESTIES
THE FOLLOWING MEMENTOS:

1) A MEMORIAL MEDAL WITH THE EMBLEM OF THE UNIVERSITY OF TOKYO
2) LITHOGRAPHIC PICTURES OF THE UNIVERSITY OF TOKYO
3) A PICTURE BOOK OF THE HISTORY OF THE UNIVERSITY OF TOKYO PUBLISHED IN COMMEMORATION OF THE CENTENNIAL OF THE UNIVERSITY CELEBRATED ON APRIL 12, 1977:

WITH HIGHEST RESPECTS,

May 17, 1978

T. Mukaibo
Takashi Mukaibo
President
The University of Tokyo

بسم اللہ الرحمٰن الرحیم

President of Pakistan

To

His Majesty King Birendra Bir-Bikram
Shah Dev of Nepal

Greeting

Know All Men that reposing Special Trust in your Loyalty and Integrity and being desirous of according a fitting Recognition to your Services to Pakistan I do hereby appoint you the said H. M. Birendra Bir-Bikram Shah Dev to the Rank and Dignity of the Holder of a Nishan in the order of Pakistan and constitute you the same, with all Rights and Precedence appertaining thereto, and do order that according to the Prescription of the General Statutes governing the Order, you shall wear the Badge of the Order according to the Rank and Dignity you hold therein.

Given at Katmandu

this Twenty Fourth day

of 24 May 1983



REPUBLIQUE FRANCAISE

ORDRE NATIONAL DE LA LÉGION D'HONNEUR

HONNEUR PATRIE

LE PRESIDENT DE LA RÉPUBLIQUE FRANÇAISE
GRAND MAÎTRE DE L'ORDRE NATIONAL DE LA LÉGION D'HONNEUR

nomme par décret de ce jour, Sa Majesté Birendra Bir Bickram SHAH DEV

Roi du Népal

GRAND ' CROIX DE LA LÉGION D'HONNEUR

Fait à Paris, le 27 Septembre 1983

Scellé du sceau de l'Ordre sous le n° 250 LHE 83
Le Secrétaire Général adjoint,

François Mitterrand

Par le Président de la République :
LE GRAND CHANCELIER DE LA LÉGION D'HONNEUR,

Imprimerie Nationale.

The University Council
of
MAHIDOL UNIVERSITY
Bangkok, Thailand

Considers it a great Honour and Privileges to be able to confer
The Doctorate of Public Health, Honoris Causa
upon
His Majesty King Birendra Bir Bikram Shah Dev

Given this on 7 November B.E. 2527 (1984)

Sem Pringpuang-geo	President of the University Council
Natth Bhamarapravati	Rector
Debhanom Muangman	Dean, Faculty of Public Health

Certified Translation

Signed Prathin Wiriyawit

Prathin Wiriyawit, M.D., D.T.M. & H.



Minä

Mauno Henrik Koivisto

Tasavallan Presidentti

Suomen Valkoisen Ruusun ritarikunnan

Suurmestari

olen syyskuun 8 päivänä 1989

päättänyt antaa

Teidän Majesteetillenne

Nepalin Kuningas Birendra Bir Bikram Shah Dev

Suomen Valkoisen Ruusun ritarikunnan

suurristin ketjuineen

Ritarikunnan kansleri

De kongelige danske Ridderordeners Kapitel

Undertegnede kansler for de kongelige ridderordener skal herved gøre vitter
at det har behaget Hendes Majestæt Dronningen under 20. oktober 1989
at udnævne Hans Majestæt Kong Birendra Bir Bikram Shah Dev, Ne
Konge, til ridder af Elefantordenen, fra den 17. oktober 1989 at

København, den 10. november 1989.



West Virginia Institute of Technology

1895

Upon recommendation of the Faculty and by
authority of the West Virginia Board of Directors
hereby confers upon

His Majesty King Birendra Bir Bikram Shah Dev

the degree of

Doctor of Humanities

together with all the rights, privileges, and honors thereunto appertaining.
In Testimony Whereof, the signatures of the duly authorized officers
have been affixed at Montgomery, West Virginia

May 14, 1994

John P. Carrier
President, West Virginia Institute of Technology

Gordon R Short
Dean, College of Arts and Sciences



DIPLOMA

His Majesty

BIRENDRA BIR BIKRAM SHAH DEV

King of Nepal

By the resolution of Scientific Counsil
of People's Friendship University of Russia
is awarded the Degree of

HONORARY DOCTORATE

of People's Friendship
University of Russia

Rector,
professor
V. M. Filippov

President,
professor
V. F. Stanis

Moscow
February 24,1997

श्रद्धाका केन्द्र : श्री ५ वीरेन्द्र

(स्मृति ग्रन्थ)

समन्वय समिति

मुकुन्द शर्मा पौडेल, सचिव, सूचना तथा सञ्चार मन्त्रालय – संयोजक
पूर्णप्रसाद मानन्धर, सचिव, मन्त्रिपरिषद् सचिवालय – सदस्य
श्रीमती ऋद्धिबाबा प्रधान, सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – सदस्य

सम्पादन समिति

मोहन कोइराला, उपकुलपति, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान – संयोजक
डा. चेतबहादुर कुँवर, लाजिम्पाट, काठमाडौं – सदस्य
प्रा. डा. अभि सुवेदी, त्रिभुवन विश्वविद्यालय – सदस्य
डा. तुलसी भट्टराई, सदस्य-सचिव, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान – सदस्य
सुशील घिमिरे, सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य
गणेशबहादुर प्रसाई, सम्पादक, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान – विशेषज्ञ
प्रा. दिनेशराज पन्त, महेन्द्र संस्कृत विश्वविद्यालय – सहयोगी सम्पादक
ज्योतिराज काफ्ले, योजना अधिकृत, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान – व्यवस्थापक

सचिवालय

धरणीधर खतिवडा, महानिर्देशक, सूचना विभाग – संयोजक
नारायणप्रसाद लम्साल, महानिर्देशक, मुद्रण विभाग – सदस्य
रमेशकुमार अधिकारी, उपसचिव, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य
विश्वनाथ ढकाल, उपसचिव (लेखा), सूचना तथा सञ्चार मन्त्रालय – सदस्य
वसन्त चित्रकार, वरिष्ठ छायाकार, सूचना विभाग – सदस्य
कृष्णबहादुर घिमिरे, शाखा अधिकृत, सूचना तथा सञ्चार मन्त्रालय – सदस्य

सम्पादकीय

अकस्मात आइपरेको राष्ट्र नायकको देहावशानमा सम्पूर्ण राष्ट्र नै एकपल्ट शोकाकुल हुनु स्वभाविक हो । भर्खरैसम्म पाखा-पर्वत पुग्ने, लेक-बेंसी घुम्ने, गाउँ-गोठको दैलो उघारेर चिहाउने र नेपालीको मुटुको ढुकढुकी सुन्न जताततै पुग्ने नेपाललाई विश्वसामु चिनारी गराउन निरन्तर सक्रिय रहने श्री ५ वीरेन्द्रको महाप्रयाणको यथार्थता स्वीकार्न सर्वथा मन मान्दैन । जसबाट आफ्नै धरतीको ममता पाइन्छ, सत्कर्म र आस्था क्षितिजसम्म पुग्छ, जसको कर्म-सौन्दर्यका स्पर्शबाट ढुङ्गा मूढा बोल्छन्, नदीका वेग थपिन्छ, जसद्वारा नेपालको माटो पुलकित बन्छ, त्यस्तो महापुरुषको कीर्तिगाथा यो ग्रन्थ हो ।

हामी नेपालीहरू नैतिकता, आध्यात्मिकता र शाश्वत मूल्यप्रति प्रतिबद्ध छौं । कहिल्यै पराधीन नभएको हामीहरूको राष्ट्रिय स्वाभिमान देदीप्यमान रूपमा अटल छ । यस देशको एकीकरण, प्रजातान्त्रीकरण र आधुनिकीकरणमा शाहवंशीय राजाहरूको अनुपम योगदान रहेको छ । जनतालाई अधिकार दिलाउन सुखसुविधा त्यागेर अहोरात्र देशको चिन्तन गर्ने शाहवंशीय राजपरम्पराका कारण नेपालको राजसंस्था अन्य देशको राजसंस्थाभन्दा भिन्न छ । राजा भन्नासाथ एउटा शालीन, भद्र, विनम्र, प्रजावत्सल र जनताको हितमा लागिपर्ने व्यक्तिको छवि हाम्रो सामुन्ने उभिन आउँछ । त्यसैले राजा भन्ने शब्द प्रत्येक नेपालीलाई अत्यन्त प्रिय लाग्दछ ।

श्री ५ वीरेन्द्र आधुनिक नेपालका प्रजातन्त्रप्रेमी राजा होइबक्सन्थ्यो । वि. सं. २०२८ देखि २०५८ सालसम्म करिब तीसवर्ष नेपाली जनताले मौसुफको संरक्षण पाए । यस कालखण्डमा विश्वमै ठूलो राजनीतिक परिवर्तनको लहर आयो । कतिपय राष्ट्रमा सत्ता परिवर्तन भए । धेरै स-साना एवं निर्बल राष्ट्रहरूको अस्तित्व नै लोप भयो । दुई ठूला राष्ट्रहरूका बीचमा अवस्थित नेपालले आफ्नो स्वाधीनता बचाउन जे-जस्ता प्रयत्नहरू गर्‍यो, त्यो पनि राजाकै नेतृत्वमा सम्भव भएको हो । राष्ट्रिय स्वतन्त्रताप्रति चिन्तित रहिबक्सने मौसुफको चरित्र ज्यादै गहन छ ।

नेपालको इतिहासमा २०५८ साल जेठ १९ गतेका दिन घटेको हृदयविदारक घटनाबाट हामी सम्पूर्ण नेपालीहरूले प्रजावत्सल राजा श्री ५ वीरेन्द्र सरकारलाई सपरिवार गुमाउनुपर्‍यो । सम्पूर्ण राष्ट्र आहत हुन पुग्यो । शान्तिका लहरबाट सम्पूर्ण विश्वलाई नै छुने अठोट गर्ने एउटा महापुरुषको महानिर्वाणबाट नेपाल राष्ट्र नै अँध्यारो भयो । आफ्नो ३० वर्ष लामो शासनकालमा सम्पूर्ण राष्ट्रिय गतिविधिहरूको केन्द्रविन्दुका रूपमा विकासका निमित्त कटिबद्ध होइबक्सने राजा नेपालीका माझमा अति नै प्रिय होइबक्सन्थ्यो । शासन व्यवस्थाको एकमात्र पूर्वाधारका रूपमा लोकसम्मति र जनइच्छालाई स्थापित गर्न मौसुफ सदा तत्पर रहिबक्सन्थ्यो ।

मौसुफको दुःखद निधनमा स्वदेशभित्र र स्वदेशबाहिर वर्षदिनभरिनै शोक श्रद्धाञ्जली स्मारिकाहरू प्रकाशित भइरहे । यी दुई वर्षभित्र श्री ५ वीरेन्द्रको स्मृति-अमरत्वका निम्ति निकै कामहरू भएका छन् तैपनि अझै अपूरै र अधुरै छ । यिनै कुरालाई हृदयङ्गम गरी श्री ५ को सरकारले श्री ५ वीरेन्द्रप्रति श्रद्धा प्रकट गर्न एउटा स्मृतिग्रन्थ तयार पार्ने निर्णय गर्‍यो । त्यस निर्णय अनुसार यस स्मृतिग्रन्थको तयारीका लागि सूचना तथा सञ्चार मन्त्रालयका सचिव श्री मुकुन्द शर्मा पौडेलको संयोजकत्वमा मन्त्रिपरिषद् सचिवालयका सचिव पूर्णप्रसाद मानन्धर एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्रीमती ऋद्धिवावा प्रधान रहनुभएको समन्वय समिति गठन भएपछि कार्य अगाडि बढेको हो ।

श्री ५ वीरेन्द्र स्मृतिग्रन्थ प्रकाशनका लागि श्री ५ को सरकार (म.प.) को २०५९।४।२३ को निर्णयबाट स्वीकृत कार्ययोजनाअनुसार गठित सम्पादन समितिको संयोजकमा म (मोहन कोइराला)लाई चयन गरी यति ठूलो दायित्व दिएकोमा मन्त्रिपरिषद्प्रति आभार व्यक्त गर्दछु ।

तत्पश्चात् स्मृतिग्रन्थ प्रकाशनबारे समन्वय समिति, सम्पादन समिति एवं सचिवालय सम्बन्धी पदाधिकारीहरू समेतको संयुक्त बैठक पटक-पटक बस्यो, विभिन्न कार्ययोजनाहरू निर्धारण गरिए, स्मृतिग्रन्थको नाम "श्रद्धाका केन्द्र : श्री ५ वीरेन्द्र" सर्वसम्मतिबाट चयन गरियो ।

श्री ५ वीरेन्द्रबाट शान्ति, विकास, राष्ट्रियता र प्रजातन्त्रको सम्बर्द्धनमा पुऱ्याइबक्सेको योगदानको सम्मानपूर्वक स्मरण गर्दै मौसुफको जीवन चरित्रका विविध पक्ष, विभिन्न योगदानबारे स्मृतिग्रन्थ मार्फत् प्रकाश पार्नु यस ग्रन्थ प्रकाशन योजनाको मुख्य अभीष्ट हो ।

नेपाली साहित्य, कला र संस्कृतिको क्षेत्रमा पथ-प्रदर्शन गरिबक्सने श्री ५ वीरेन्द्र २०४६ सम्म नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका संरक्षक रहिबक्सेको कुरा उल्लेखनीय छ । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सर्वोच्च पुरस्कार पृथ्वी प्रज्ञा पुरस्कार, महेन्द्र प्रज्ञा पुरस्कारका साथै नेपाल सम्बन्धी काम गरेका विदेशी विद्वान्हरूलाई प्रदान गरिने वीरेन्द्र प्रज्ञालङ्कार जस्ता पुरस्कार श्री ५ वीरेन्द्रबाट स्थापना गरिबक्सनुले मौसुफको भाषा साहित्य एवं कलाप्रतिको अगाध प्रेम प्रस्ट हुन्छ । यस्ता साहित्य, संस्कृति एवं कला प्रेमी राजाका बारेमा स्मृतिग्रन्थ तयार पार्ने दायित्व नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानकै काँधमा आइपर्नुलाई मैले संयोग र गौरव दुबै ठानेको छु ।

यस ग्रन्थमार्फत श्रद्धाका केन्द्र : स्वर्गीय श्री ५ वीरेन्द्रको सर्वतोमुखी प्रतिभालाई विभिन्न विषयवस्तुद्वारा अभिव्यक्ति दिँदै मौसूफका विशिष्ट कार्यहरूको संयोजन पद्धति तथा विभिन्न विद्वान्हरूबाट मौसुफप्रति व्यक्त गरिएका विचार र श्रद्धाञ्जलीको समेत सङ्कलन गर्ने एउटा प्रयास यसमा भएको छ ।

आज यो स्मृति-ग्रन्थ विज्ञ पाठकवर्गको हातमा छ । यसभित्र जे छ, त्यसलाई स्वयं पाठकवर्गले गहिरिएर केलाउने नै छन् । तर स्वर्गीय श्री ५ वीरेन्द्रको विशाल व्यक्तित्व र कृतित्वलाई हामीले यतिकैमा सीमित रहेको चाहिँ सम्झनु हुन्न । वास्तवमा स्व. श्री ५ वीरेन्द्रबाट नेपाल र नेपालीहरूको निमित्त प्रदत्त अमूल्य एवं अद्वितीय देनहरू असीमित छन्, ती सबैको अनुभव र पारख युगले गर्दै लैजानेछ तथा ऐतिहासिक मूल्याङ्कन र विवेचना हाम्रा भावी सन्ततिहरूले गर्दै लैजाने छन् ।

यस स्मृतिग्रन्थको पूर्णताका निम्ति समन्वय समितिको सहयोग उल्लेखनीय छ । त्यसैगरी सम्पादन समितिका सदस्यहरू डा. चेतबहादुर कुँवर, लाजिम्पाट, डा. अभि सुवेदी, त्रिभुवन विश्वविद्यालय, डा. तुलसी भट्टराई, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, श्री सुशील घिमिरे, सहसचिव, सूचना तथा सञ्चार मन्त्रालयका साथै ग्रन्थ तयारीका निम्ति गठित सचिवालयका संयोजक श्री धरणीधर खतिवडा, महानिर्देशक सूचना विभाग, सदस्यहरू श्री नारायणप्रसाद लम्साल– महानिर्देशक मुद्रण विभाग, श्री रमेशकुमार अधिकारी, उपसचिव सूचना तथा सञ्चार मन्त्रालय, श्री विश्वनाथ ढकाल–उपसचिव सूचना तथा सञ्चारमन्त्रालय, श्री वसन्त चित्रकार, वरिष्ठ छायाकार, सूचना विभाग, श्री कृष्णवहादुर घिमिरे, शाखा अधिकृत, सूचना तथा सञ्चार मन्त्रालय समेतमा हार्दिक आभार प्रकट गर्दछु, जसका सहयोग एवं सद्भावका कारण यो ग्रन्थ प्रकाशन हुन सकेको छ ।

त्यसैगरी प्रा. दिनेशराज पन्त, महेन्द्र संस्कृत विश्वविद्यालय एवं श्री गणेशबहादुर प्रसाइँ, सम्पादक, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सम्पादन सहयोग उल्लेखनीय रहेको छ । श्री ज्योतिराज काफ्ले, योजना अधिकृत नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको उपयुक्त व्यवस्थापकीय सहयोगप्रति विशेष कृतज्ञता व्यक्त गर्दछु ।

यस ग्रन्थमा सहयोग गर्ने संस्थाहरू, तिनका मूल्यवान सुझावहरू र अमूल्य एवं अत्यावश्यक अभिलेख दिई सहयोग गर्नुहुने महानुभाव सबैमा धन्यवाद छ । समितिले विभिन्न शीर्षक दिई माग गरे अनुसार लेख दिई लेखक महानुभावहरूले सहयोग गर्नुभयो र त्यसबाहेक अपुग फोटाहरू र दूर्लभ अभिलेख दिई सहयोग गरिदिनुहुने अन्यान्य महानुभावहरू पनि हुनुहुन्छ । राजदरबार निजीसचिवालय र हनुमान ढोका वीरेन्द्र सङ्ग्रहालयप्रति सहयोग पाए बापत नतमस्तक छौं अनि कविता पठाई सहयोग गर्ने कवि कवयित्रीहरूमा धन्यवाद नदिई रहन सकिँदैन ।

यसरी समस्त नेपालीले सम्झेका माया गरेका राजकुलका अमर ज्योति, नेपाली हृदयका सम्राट् श्री ५ वीरेन्द्रको स्मृतिमा प्रकाशित श्रद्धासुमन राजभक्त, देशभक्त नेपाली पाठक इतिहासकार सबैले आत्मीयताका साथ स्वीकार गर्नेछन् भन्ने हामीलाई लागेको छ ।

यस देशका अमर ज्योतिका लागि बुद्धि र सीपले, रङ र कलमले जति सकिन्छ, जति सामर्थ्य छ, नेपाली कलाकारले, कविले, लेखकले, बुद्धिजीवीले आ-आफ्नोतर्फबाट श्रद्धा-सुमन चढाए, अन्तरवार्ताका माध्यमले जसलाई जे भन्नु थियो त्यो पनि वताए, श्रद्धाका केन्द्र दिवङ्गत राजाले गरे देखाएका निर्देशन, मार्गदर्शन, सङ्केत, माया-ममतालाई सम्झन, बुझ्न सक्दो प्रयत्न सबैले गरे । त्यस अर्थमा नेपाली हृदय जित्न खोज्ने राजाको यस स्मृति ग्रन्थले भविष्यमा राजा वीरेन्द्रप्रतिको जिज्ञासा यत्किञ्चित् मेट्न सकोस् त्यही नै यस ग्रन्थको उपलब्धि मानिने छ ।

मोहन कोइराला
उपकुलपति एवं संयोजक
श्रद्धाका केन्द्र : श्री ५ वीरेन्द्र (स्मृति ग्रन्थ)
सम्पादन समिति
ने.रा.प्र.प्र., कमलादी, काठमाडौं ।

विषय-सूची

स्मृति पुष्पाञ्जली (कविता खण्ड)

माधवप्रसाद घिमिरे	रोकिन्न आँसु आँखाको	३
मोहन कोइराला	श्री ५ वीरेन्द्र र नेपाल सम्झँदा	४
भरतराज शर्मा “मन्थलीय”	राजा “वीरेन्द्र”का हजुरमा नम्र जाहेरी	६
भानुभक्त पोखरेल	जातीय आस्था : त्यो राजसंस्था	८
दैवज्ञराज न्यौपाने	स्मृति पुष्पाञ्जलि	१०
कृष्णप्रसाद बस्याल	श्री ५ वीरेन्द्र र न्याय	१२
प्रह्लाद पोखेल	जीवन्त माली	१४
विनोद भट्टराई	श्रद्धाञ्जली	१६
लोकनाथ दाहाल	श्री ५ युगल सरकारमा माल्यार्पण	१८
दुवसु क्षेत्री	शान्ति कहिल्यै हार्दैन	१९
उदय खनाल “उमेश”	तिमीलाई नमन	२२
उज्ज्वल जी.सी.	मानव हराएको छ !	२४
आचार्य नारायणप्रसाद सुवेदी	स्मृतिकलश	२६
राजेन्द्रप्रसाद निरौला	श्रद्धाञ्जली	२८
रमेश दुवाल “मौन”	स्मृति	३१
कमल सापकोटा “विरही”	वीरेन्द्रको सम्झनामा	३३
जनक सन्तोष	होइसिन्न भन्छन्	३५
कमलमणि बराल	वुद्धका रूप शान्तिका दूत मरेर गयौ नि !	३७
रञ्जन घिमिरे	श्री ५ वीरेन्द्रको सम्झनामा	३९
शशिकला तिवारी	श्री ५ महाराजाधिराज वीरेन्द्र	४१
अ.प्रा. सेनानी कुवेर श्रेष्ठ	राजा तिमी कहाँ छौ ?	४४
श्री निर्मलकुमार भण्डारी	अश्रुओलक	४९

श्री ५ वीरेन्द्रको जीवन वृत्तान्त

डा. तुलसीप्रसाद भट्टराई	श्री ५ वीरेन्द्र : व्यक्तित्व एवं कृतित्व	६९
ज्योतिराज काफ्ले/ प्रमोद भट्टराई	श्री ५ वीरेन्द्रको जीवनकालका केही महत्त्वपूर्ण तालिका	८७

श्री ५ वीरेन्द्र : बहुआयामिक व्यक्तित्व

आर. डी. प्रभास चटौत	अमर विभूति- श्री ५ वीरेन्द्र	१०३
डा. काशीराज शर्मा सुवेदी	श्री ५ वीरेन्द्र र आयुर्वेद	१०७
के. वी. शाही	“शाही शिविर” परम्परा र सान्निध्यको संस्मरण	११०
आचार्य खेमराज केशवशरण	वैदिक राष्ट्रचिन्तन र श्री ५ वीरेन्द्र	११३
गौरीशंकर श्रेष्ठ	हुलाक टिकटमा श्री ५ वीरेन्द्र	११८
चित्तरञ्जन नेपाली	नेपालको इतिहासमा श्री ५ वीरेन्द्र	१२४
जगदीशचन्द्र गौतम	श्री ५ वीरेन्द्र र कृषि विकास	१२७
डा. जगदीश शर्मा	श्री ५ वीरेन्द्र : एक संस्मरण	१३५
जयहरि झा	नेपाली मुद्रामा श्री ५ वीरेन्द्र	१३८
उप्रा. ज्ञानबहादुर कार्की	२०४६ सालको जनआन्दोलन र श्री ५ वीरेन्द्र	१५१
ज्ञानमणि नेपाल	शान्तिकामी राजाको अवसान र शान्तिक्षेत्रमा व्यवधान	१५६
डा. टीकाराम पन्थी	शिक्षाक्षेत्रको उत्थानमा श्री ५ वीरेन्द्रको योगदान	१६२
सह प्रा. डा. डी.बी. क्षेत्री	श्री ५ वीरेन्द्र : स्मृति र अनुभूति	१६८
डिल्लीराम मिश्र	नेपालका शाहवंशीय राजाहरूको ऐतिहासिक शृङ्खला	१८३
प्रा. डा. दयानन्द बज्राचार्य	विज्ञान र प्रविधिको विकासमा श्री ५ वीरेन्द्रको योगदान	१८६
दुर्गाभक्त छुचुँ	श्री ५ वीरेन्द्र– राज्यकालका मुद्राहरू	१८९
द्वारिकानाथ ढुङ्गेल	देखेका, चिनेका र सुनेका राजा वीरेन्द्र	२०६
धरणीधर खतिवडा	श्री ५ वीरेन्द्र र प्रशासनसुधारका विभिन्न प्रयास	२१३
नरेन्द्रराज प्रसाईं	अनन्त अक्षर श्री ५ वीरेन्द्र	२१८
उपप्रा. नवराज कट्टेल	राजा र जनताबीच सांस्कृतिक सम्बन्ध	२२१
आचार्य नारायणप्रसाद सुवेदी	श्री ५ वीरेन्द्र– एक शब्दचित्र	२३२
पद्मराज जोशी “प्रभात”	सर्वाधिक लोकप्रिय राजा- श्री ५ वीरेन्द्र	२४०
पुरुषोत्तमप्रसाद सापकोटा	प्रशिक्षणका मर्मज्ञ : श्री ५ वीरेन्द्र	२४४
प्रचण्ड मल्ल	कलाका स्रष्टा श्री ५ वीरेन्द्र	२४८
प्रभा बस्नेत	शान्तिका पुजारी प्रजावत्सल राजा श्री ५ वीरेन्द्र	२५६
प्रेमलाल चित्रकार	श्री ५ वीरेन्द्र र राष्ट्रिय विकास परिषद्	२५८
वद्री दाहाल “भस्मासुर”	संवैधानिक राजतन्त्रका आदर्श आलोक श्री ५ वीरेन्द्र	२६१
बालकृष्ण पोखरेल	राजा वीरेन्द्र र उनको प्रजातान्त्रिक सन्देश	२६३
डा. भीष्मराज प्रसाईं	श्री ५ वीरेन्द्र र चिकित्सा शास्त्र शिक्षाको विकास	२६६
मदनमणि दीक्षित	राजा र राजसंस्था संक्षिप्त परिचय तथा श्री ५ वीरेन्द्र	२७०
महेन्द्र गुरुङ	श्री ५ वीरेन्द्र र नेपालको जलस्रोत विकास	२७४
माधवलाल कर्माचार्य	भाषा साहित्यको सम्वर्द्धनमा श्री ५ वीरेन्द्रको अन्तर्प्रेरणा	२७८
मुकुन्दप्रसाद आचार्य	श्री ५ वीरेन्द्र र सञ्चारक्षेत्रको विकास	२८१
ज्यो. रत्ननिधि रेग्मी “शुक्राचार्य”	श्री ५ वीरेन्द्रको कुण्डली यस्तो थियो !	२९१
रमा शर्मा	साहित्यप्रेमी राजा वीरेन्द्र	२९४
राधाकृष्ण मैनाली	मेरो सम्झनामा श्री ५ वीरेन्द्र	२९६
प्रा. डा. रामचन्द्र गौतम	धर्मशास्त्रमा राजा वीरेन्द्रको स्थान	२९९

रामप्रसाद दाहाल	मठ-मन्दिरका संरक्षक- श्री ५ वीरेन्द्र	३०३
रामशरण दर्नाल	सङ्गीत र संस्कृतिका प्रेरणास्रोत : श्री ५ वीरेन्द्र	३०७
डा. ऋषिप्रसाद शर्मा	महेन्द्र-संस्कृत-विश्वविद्यालयका संस्थापक : श्री ५ वीरेन्द्र	३१०
विदुर के.सी.	जनकल्याणमा समर्पित राजा वीरेन्द्र	३१३
विद्यानाथ उपाध्याय	संस्कृत वाङ्मयको विकासमा श्री ५ वीरेन्द्रको योगदान	३१६
विष्णुप्रताप शाह	श्री ५ वीरेन्द्र : केही अमिट सम्झनाहरू	३२२
सहप्रा. डा. वीणा पौडेल	श्री ५ वीरेन्द्र र रा.वि.से. कार्यक्रम	३२६
डा. शास्त्रदत्त पन्त	स्रोतको समान वितरणव्यवस्था : श्री ५ वीरेन्द्र	३३२
सुन्दरप्रसाद शाह	एक संस्मरण	३३६

केही महत्त्वपूर्ण अभिव्यक्ति

लोकेन्द्रबहादुर चन्द	राजमुकुटको अपरिहार्यता	३४१
मरीचमानसिंह	हाम्रा राजा र राष्ट्रिय जीवन	३४३
सहायकरथी भूपालमानसिंह कार्की	श्री ५ वीरेन्द्र : नेपालीका भाग्यनिर्माता	३४४
मातृकाप्रसाद कोइराला	श्री ५ वीरेन्द्र र एक संस्मरण	३४७
भरतराज पन्त	राजा– एक परिचर्चा	३४८
टङ्कप्रसाद आचार्य	श्री ५ वीरेन्द्र : एक संस्मरण	३५०
भुवनलाल प्रधान	सम्यक् र राजा	३५१
डा. तुलसी गिरी	श्री ५ वीरेन्द्र मेरो दृष्टिमा	३५५
राजेश्वर देवकोटा	आकस्मिक दर्शन भेट : एक संस्मरण	३५७
प्रा. माणिकलाल श्रेष्ठ	नेपालको शान्तिक्षेत्र प्रस्ताव	३५८
खड्गमान सिंह	राजा सबैको साझा	३६२
वीरेन्द्रबहादुर सिंह	विकास र प्रगतिका प्रदर्शक श्री ५ वीरेन्द	३६४
डी.पी. अधिकारी	श्री ५ वीरेन्द्र र एक दशक	३६६
डा. मोहम्मद मोहसिन	नेपालको राजपरम्परामा श्री ५ वीरेन्द्र	३६८
बलबहादुर कुँवर	जागौं यस देशका युवा	३७०
टी. आर. विश्वकर्मा	नेपाली दलितनिम्ति श्री ५ वीरेन्द्र आशाका केन्द्र	३७२
प्रह्लाद प्रसाईं	आजको सामयिक सन्दर्भ : शान्ति प्रस्ताव	३७२
सुवर्ण शाक्य	नेपाली संस्कृतिमा राजाको अक्षुण्णता	३७६
डा. दयाराम श्रेष्ठ	श्री ५ वीरेन्द्र र नेपाली वाङ्मय	३७८
खड्गमान मल्ल	प्रजातन्त्रका तीन राजा	३८०
यादवप्रसाद ढुङ्गाना	राजपरम्परा र खेलकूद	३८३
मदनबहादुर प्रधान	श्री ५ महाराजाधिराज सरकारको सामीप्य एवं सान्निध्यमा रहँदाका केही अनुभूतिहरू	३८५
शिवचन्द्र श्रेष्ठ	श्री ५ वीरेन्द्रकां जनसंख्यासम्बन्धी मार्गनिर्देशन	३८८
मुरारिराज शर्मा	विकासबारे केही कुरा	३९०

व्यक्ति एक : द्रष्टा अनेक

अच्युतरमण अधिकारी	हामीले चिनेका श्री ५ वीरेन्द्र	३९५
ईश्वरी अधिकारी	मुलुकको विकासमा राजा वीरेन्द्र	३९७
उपप्रा. उमानाथ भट्ट "अचल"	शाहवंशका उज्ज्वल ताराको अस्त	४००
एकराज शर्मा	हुनेहार दैव नटार	४०३
एस. पी. आसा	वीरेन्द्र सरकारको शान्तिक्षेत्र प्रस्तावप्रतिको देन र सम्झना	४०५
खेमकोपिला खरेल	श्री ५ वीरेन्द्र : स्मृतिको पानामा	४०९
गणेशबहादुर बस्नेत "दिङ्लाली"	हार्दिक श्रद्धासुमन	४११
गोकुल पोखरेल	महान् मानवतावादी र सुधारक राजा वीरेन्द्र	४१४
गोपालप्रसाद दाहाल	श्री ५ वीरेन्द्र	४१६
गोपीकृष्ण खनाल	श्री ५ वीरेन्द्रमा भावपूर्ण श्रद्धासुमन	४१९
चूडामणि काफ्ले	आदर्श राजा वीरेन्द्रको स्मृतिमा	४२१
डा. चेतबहादुर कुँवर	श्री ५ वीरेन्द्रको स्वदेश भ्रमण : राष्ट्रिय विकासको एक महत्त्वपूर्ण आधारशिला	४२३
जी.पी. शर्मा	शान्तिका अग्रदूत	४२८
जीवनाथ धमला	श्री ५ वीरेन्द्रको अन्तर्राष्ट्रिय व्यक्तित्व	४३१
ज्ञानेश्वर शर्मा रेग्मी	श्री ५ वीरेन्द्र	४३३
दीनबन्धु अर्याल	नैतिकताका प्रतिरूप श्री ५ वीरेन्द्र	४३५
दीर्घराज प्रसाई	नेपालको सार्वभौमस्वतन्त्रतासँग गाँसिएको राजतन्त्र	४३८
प्रा. डा. दुर्गादत्त शर्मा उपाध्याय	श्री ५ वीरेन्द्रको व्यक्तित्व - एक संस्मरण	४४१
डा. दुर्गाप्रसाद दवाडी	श्री ५ को धार्मिक आस्था	४४४
प्रा. देवी शर्मा	अहिंसा र शान्तिका पक्षपाती श्री ५ वीरेन्द्र	४४८
धनमणि आचार्य	श्री ५ वीरेन्द्र एक सम्झना	४५०
नारायणप्रसाद पौडेल	जनताका राजा वीरेन्द्र	४५२
पुण्यप्रताप राणा	श्री ५ वीरेन्द्र	४५४
उपप्रा. पुष्पकुमार खनाल	रामराज्यको परिकल्पनामा श्री ५ वीरेन्द्र	४५७
प्रकाश ए राज	राजा वीरेन्द्रको विकासप्रति अभिरुचि	४६१
सं. डा. स्वामी प्रपन्नाचार्य	धार्मिक सहिष्णुता र समन्वयका प्रतीक श्री ५ वीरेन्द्र	४६४
भक्तिप्रसाद खतिवडा	शान्तिक्षेत्र नेपाल र श्री ५ वीरेन्द्र	४६७
भद्रकुमारी घले	श्री ५ वीरेन्द्रको विशिष्ट व्यक्तित्व	४७१
भानुभक्त भारती	श्री ५ वीरेन्द्र र अन्तर्राष्ट्रिय जगत्	४७४
भीमनाथ कोइराला	अद्वितीय आवाजका धनी श्री ५ वीरेन्द्र	४७६
मदनराज पाण्डेय	श्री ५ वीरेन्द्र र शान्ति	४७८
मिलन आफन्त	श्री ५ वीरेन्द्र : प्रजातन्त्रप्रतिको दृष्टिकोण	४८०
मुकुन्द शर्मा पौडेल	श्री ५ वीरेन्द्र : निश्छल व्यक्तित्व	४८२
मुक्तिनाथ घिमिरे	श्री ५ वीरेन्द्र र शान्तिक्षेत्र नेपाल	४८४
यज्ञराज रताला	प्रजातन्त्रप्रेमी राजा श्री ५ वीरेन्द्र	४८६

डा. यादवप्रसाद पन्त	श्री ५ वीरेन्द्रको आर्थिक विकासको अवधारणा	४८८
डा. रत्नकमल वैद्य	बहुआयामिक व्यक्तित्वका धनी श्री ५ वीरेन्द्र	४९०
राजेशमान के.सी.	नेपाल र नेपालीका गौरव : श्री ५ वीरेन्द्र	४९४
डा. रामदयाल राकेश	श्री ५ वीरेन्द्रको साँस्कृतिक योगदान	४९६
ऋषिप्रसाद थानी	राजा वीरेन्द्र : एक संस्मरण	४९९
लक्ष्मीप्रसाद रिजाल	श्री ५ वीरेन्द्र र तीर्थस्थल	५०१
लीलाराज पौडेल	समानुपातिक विकासका प्रेरक : श्री ५ वीरेन्द्र	५०५
वासुपासा	सम्झनाका फूलहरू	५०७
प्रा. डा. विष्णुराज आत्रेय	शान्ति र विकासका दोभान - श्री ५ वीरेन्द्र	५०८
वेदबहादुर के.सी.	श्री ५ वीरेन्द्रको व्यक्तित्व, घटनाक्रम र कार्यकुशलता	५१०
शिवप्रसाद पुडासैनी	श्री ५ वीरेन्द्रसँगको दर्शनभेट	५१२
श्यामकृष्ण शर्मा खनाल	राजा वीरेन्द्र- वीरेन्द्र नै थिए	५१३
प्रा. सिद्धिनाथ गौतम	मर्त्य शरीरमा अमर्त्य व्यक्तित्व श्री ५ वीरेन्द्र	५१५
सूर्य सुवेदी	राष्ट्रिय एकताका लागि राजालाई सहयोग गर्नुपर्छ	५१८
सुशीला थापा	श्रद्धाका पात्र-श्री ५ वीरेन्द्र	५२०
हरिगोपाल प्रधान	श्री ५ वीरेन्द्र : इतिहासलाई प्रभावित पार्ने राजा	५२२
हरि लम्साल	श्री ५ वीरेन्द्रको स्मृति : केही अनुभव केही विश्लेषण	५२५
हर्षनाथ भट्टराई	श्री ५ वीरेन्द्रको सम्झनामा	५२७

सम्झनाभित्र श्री ५ वीरेन्द्र

अनुराधा थापा	श्री ५ वीरेन्द्रको स्मरण र श्रद्धाञ्जली	५३१
इन्द्रबहादुर गुरुङ "गिलुङ"	श्री ५ वीरेन्द्रका आकांक्षा र इच्छा	५३४
इन्दिरा प्रसाईं	सन्तराजा : श्री ५ वीरेन्द्र	५३७
इल्या भट्टराई	राजा, अब त मेरा सम्झनामा मात्र छौ तिमी	५३९
ॐ भक्त धर्मदत्तनाथ कश्यप	वैदिक सनातन धर्म र श्री ५ वीरेन्द्र	५४२
कालीप्रसाद रिजाल	मैले देखेका बुझेका राजा वीरेन्द्र	५४५
केदारनाथ खनाल	श्री ५ वीरेन्द्रसँगको कालजयी क्षण	५४८
केशवराज राजभण्डारी	शान्तिक्षेत्रका पक्षधर श्री ५ वीरेन्द्र : अविस्मरणीय क्षण	५५२
डा. कृष्णचन्द्र पौडेल	राजा वीरेन्द्र वैज्ञानिक सोचाइ पनि राख्दथे	५५४
कृष्णप्रसाद खनाल	एकलाख पार्थिव शिवलिङ्गको पूजन	५५७
सप्रा. गणेशराज जोशी	के लेख्नु यस्तो पऱ्यो !	५५९
गणेश राई	गाउँघरको सम्झनाभित्र : श्री ५ वीरेन्द्र	५६३
डा. गेहेन्द्रमान उदास "पोखेली"	मेरो सम्झनामा राजा वीरेन्द्र	५६५
गोपाल अस्क	प्रजान्तत्रका हिमायती श्री ५ वीरेन्द्र	५६७
गोपालकुमार बस्नेत	मनका राजा चौतारीमा फेरि भेटिएला !	५६९
डा. गोविन्दप्रसाद थापा	श्री ५ वीरेन्द्रप्रति भावपूर्ण श्रद्धासुमन	५७१
डा. जनकलाल वैद्य	चार संस्मरण !	५७४
उपप्रा. जयराज पन्त	प्रचण्ड प्रतापी भूपति	५७७

टीकाराम ढकाल	त्यो दिन	५८६
टेकबहादुर खत्री	श्री ५ वीरेन्द्र र सञ्चार क्षेत्र	५८७
ठाकुरप्रसाद कोइराला	स्थानीय समस्याका मर्मज्ञ राजा वीरेन्द्र	५८९
तुलसीराम पोखरेल	एउटा अविस्मरणीय क्षण	५९१
प्रा. डा. तुलसीराम वैद्य	राष्ट्र र विकासप्रेमी श्री ५ वीरेन्द्र	५९३
तेजेश्वरबाबु ग्वंग	स्मृतिको अनुभूतिभरि - राजा वीरेन्द्र	५९७
दीपा मैनाली	राजा वीरेन्द्रको मृत्यु र अभागी जनता	६०३
देवकुमारी थापा	सम्झनाका मोतीहरू	६०५
*नारायण तिमल्सिना	राजा वीरेन्द्रसँगको त्यो क्षण	६०८
नारायणप्रसाद शर्मा तिम्सिना "मधुप"	राजा वीरेन्द्रलाई भेट्न नपाएको दुर्भाग्य	६०९
नारायणप्रसाद लम्साल	श्री ५ वीरेन्द्र र नेपालको क्षेत्रीय विकास	६११
निरङ्गी निरशिला	श्री ५ वीरेन्द्रको स्मृतिमा	६१३
नीर शाह	मैले गाएँ, राजा वीरेन्द्र नाचिबक्स्यो	६१४
पासाङ गोपर्मा	श्री ५ वीरेन्द्र- एक संस्मरण	६१६
पूर्णप्रकाश नेपाल यात्री	स्मृतिपटलका अविस्मृतिहरू	६२०
पूर्णबहादुर थापा	राजा वीरेन्द्रको संस्मरण	६२५
प्रकाशगम्भीरसिंह रायमाझी	राजा वीरेन्द्रसँगका अविस्मरणीय क्षणहरू	६२९
प्रा.डा. बल्लभमणि दाहाल	राष्ट्रियताको जगेर्ना गर्ने प्रश्न	६३०
बालकृष्ण शर्मा रेग्मी	उदारवादी राजा श्री ५ वीरेन्द्रको निधनको क्षण	६३३
बुलु मुकारुङ	राजा-रानीको निम्तो	६३५
भगवान्मान श्रेष्ठ	गाउँघर घुम्ने राजालाई सम्झँदा	६३८
भीमवरसिंह थापा	कलाकार राजासँग कलासंरक्षणविद्को भेट	६४०
डा. भूपहरि पौडेल	राजा पनि हामीले जस्तै खाँदारहेछन्	६४३
उपप्रा. मुकुन्द आचार्य	स्मृतिका पानामा राजा वीरेन्द्र	६४८
सहप्रा. रघु घिमिरे	एउटा सुखद अनि प्रेरक संस्मरण	६५१
रजनीश वासकोटा	मेरो स्मृतिमा श्री ५ वीरेन्द्र	६५३
रत्नाकर देवकोटा	त्रिकोणात्मक राजा श्री ५ वीरेन्द्र	६५५
रमेश गोर्खाली	शान्तिका प्रणेता श्री ५ वीरेन्द्र र नेपाली राजतन्त्र	६७३
रमेशप्रसाद गौतम	श्री ५ वीरेन्द्र र अनुग्रहित शैक्षिक क्षेत्र	६७५
रविकिरण "निर्जीव"	श्री ५ वीरेन्द्रको वार्षिकी र पाप्रो उप्किएको घाउ	६७८
रविचरण श्रेष्ठ	श्री ५ वीरेन्द्र : मेरो स्मृतिपटलमा	६८०
प्रा.डा. राजाराम सुवेदी	स्वर्णिम संयोगको संस्मरण	६८३
डा.पं.रामचन्द्र भट्ट	श्री ५ वीरेन्द्रको व्यक्तित्व : मेरो संस्मरणमा	६८८
रामप्रसाद पन्त	आस्था जलेको त्यो दिन	६९०
लभविक्रम शाह	श्री ५ वीरेन्द्रबाट सम्पन्न नेपाल अधिराज्यका केही भ्रमण	६९३
डा. शम्भुप्रसाद कोइराला	ती मेरा नृप गै गए...........	६९८
शिवहरि रिमाल	शान्ति र सरलताका अवतार : स्वर्गीय श्री ५ वीरेन्द्र	७०१
शैलेश खनाल	श्री ५ वीरेन्द्र : म बालकको स्मृतिमा	७०४
सहप्रा. श्याम दाहाल	हाम्रा आदर्श राजा : श्री ५ वीरेन्द्र	७०५

सुन्दरप्रताप राना	वीरेन्द्रस्मृतिका पानाहरू	७०८
सुमन कट्टेल	सम्झना	७१७
सुरतबहादुर शाह	धर्म र संस्कृतिका संरक्षक : श्री ५ वीरेन्द्र	७२०
सुरेन्द्रविक्रम शाह (सुवि शाह)	श्री ५ वीरेन्द्रको सङ्गीतप्रति अभिरुचि	७२३
हरिकृष्ण बन्जरा	यो पनि एउटा स्मृतिको शृङ्खला हो	७२६
हरिप्रसाद आचार्य	सत्त्वगुणी राजा श्री ५ वीरेन्द्र	७२८
हरिप्रसाद ढुङ्गाना	प्रजावत्सल राजा वीरेन्द्र	७३०
प्रा. हरिश्चन्द्र न्यौपाने	श्री ५ वीरेन्द्रसँग मेरो सान्निध्य	७३२
डा. हर्षबहादुर बूढामगर	मेरो स्मृतिपटलमा राजा वीरेन्द्र	७३५
होमनाथ घिमिरे	श्री ५ वीरेन्द्रको गोरखा भ्रमणको क्षण	७३८
*डा. देवीप्रसाद ओझा	राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्तिका अग्रदूत श्री ५ वीरेन्द्र	७४०

केही महत्त्वपूर्ण अन्तर्वार्ता

श्री सूर्यबहादुर थापाका दृष्टिमा श्री ५ वीरेन्द्र	७४५
कीर्तिबाबुका दृष्टिमा श्री ५ वीरेन्द्र	७५१
लोकेन्द्रबहादुर चन्दका दृष्टिमा श्री ५ वीरेन्द्र	७५४
नारायणप्रसाद श्रेष्ठका दृष्टिमा श्री ५ वीरेन्द्र	७५८
साहना प्रधानका दृष्टिमा श्री ५ वीरेन्द्र	७६४
रामचन्द्र पौडेलका दृष्टिमा श्री ५ वीरेन्द्र	७६६
कलाकार मनुजबाबु मिश्रका दृष्टिमा श्री ५ वीरेन्द्र	७६९
धुस्वाँ सायमिका दृष्टिमा श्री ५ वीरेन्द्र	७७२
नातिकाजीका दृष्टिमा श्री ५ वीरेन्द्र	७७५

परिशिष्ट	७७६
तस्वीर आफैं बोल्छ	७८१

स्मृति पुष्पाञ्जली

(कविता खण्ड)

विषय–सूची

माधवप्रसाद घिमिरे	रोकिन्न आँसु आँखाको	३
मोहन कोइराला	श्री ५ वीरेन्द्र र नेपाल सम्झँदा	४
भरतराज शर्मा “मन्थलीय”	राजा “वीरेन्द्र”का हजुरमा नम्र जाहेरी	६
भानुभक्त पोखरेल	जातीय आस्था : त्यो राजसंस्था	८
दैवज्ञराज न्यौपाने	स्मृति पुष्पाञ्जलि	१०
कृष्णप्रसाद बस्याल	श्री ५ वीरेन्द्र र न्याय	१२
प्रह्लाद पोखरेल	जीवन्त माली	१४
विनोद भट्टराई	श्रद्धाञ्जली	१६
लोकनाथ दाहाल	श्री ५ युगल सरकारमा माल्यार्पण	१८
दुवसु क्षेत्री	शान्ति कहिल्यै हार्दैन	१९
उदय खनाल “उमेश”	तिमीलाई नमन	२२
उज्ज्वल जी.सी.	मानव हराएको छ !	२४
आचार्य नारायणप्रसाद सुवेदी	स्मृतिकलश	२६
राजेन्द्रप्रसाद निरौला	श्रद्धाञ्जली	२८
रमेश दुवाल “मौन”	स्मृति	३१
कमल सापकोटा “विरही”	वीरेन्द्रको सम्झनामा	३३
जनक सन्तोष	होइसिन्न भन्छन्	३५
कमलमणि बराल	बुद्धका रूप शान्तिका दूत मरेर गयौ नि !	३७
रञ्जन घिमिरे	श्री ५ वीरेन्द्रको सम्झनामा	३९
शशिकला तिवारी	श्री ५ महाराजाधिराज वीरेन्द्र	४१
अ.प्रा. सेनानी कुवेर श्रेष्ठ	राजा तिमी कहाँ छौ ?	४४
श्री निर्मलकुमार भण्डारी	अश्रुओलक	४९

रोकिन्न आँसु आँखाको

● माधव घिमिरे

रोकिन्न आँसु आँखाको जति रोइरहे पनि
मेटिन्न रक्तको चिन्ह जति धोइरहे पनि

मुहार हँसिलो सारा व्यवहार फरासिलो
तिम्रो छाती पनी राजै ! धर्तीजत्रै फराकिलो
तिम्रै मुस्कान हेरेर हिमपत्र यहाँ फुल्यो
सदासयसरी तिम्रै वासना विश्वमा डुल्यो

लेखेर शान्तिको मूर्ति त्यहीँनेर बन्यौ बलि
कलाकार तिमीलाई हिर्कायो कसले छली
हामी रोइरहेका छौँ झुकाएर यहाँ शिर
त्यति सज्जन राजाको झऱ्यो रक्त जहाँनिर

श्री ५ वीरेन्द्र र नेपाल सम्झँदा

● मोहन कोइराला

स्वतन्त्रताको हकमा स्वतन्त्रताको अर्थ
शान्तिको अर्थमा शान्ति
स्नेहको अर्थले अतीव मित्र
राष्ट्रको अर्थले
प्रिय राजा
वीरेन्द्र राजा
पाइला पाइलामा परसम्म पुग्ने अठोट
पाइला पाइलामा क्षितिजसम्म हिँड्ने अठोट, पत्थर होस् काँडा होस्, पहाड होस्
अझ पर क्षितिज पुग्ने रहर
आज्ञाहरू हुन् तिमीले गरेका प्रेमहरू
अनुमति हुन् तिमीले टेकेका बाटाहरू
नेपाली जसले धेरै मार्ग पाएका छन्

दूरदर्शीका पारदर्शी आँखा बनेर
छैन, अलमल छैन, छैन, अवरोध छैन ।
विचारमा राजा तिमी दर्शनमा राजा
पहुँचमा यात्रामा अनि पुग्नुमा होस्
हामीलाई देखाएका बाटाहरूका धेरै पाटाहरू
अलमल केही पर्दैन जानेभए कालान्तरसम्म जान
तिमी गएका सम्झी सम्झी/तिमी हिँडेका पाइला सम्झी सम्झी
क्षण क्षणमा उद्वेलित नेपाली मन भकभकिन्छ
कहिल्यै बिर्सन सकिन्न त्यो क्षण कहिल्यै बिर्सन सकिन्न
वीरेन्द्र अर्थ वीरेन्द्र पुष्प वीरेन्द्र अर्थ
दुर्गम छिचोल्ने तिम्रो रहर, दुर्गम छिचोल्ने तिम्रो दैवी शक्ति
आकाशले पनि तिम्रा लागि धरती दिन्छ
ग्रहले पनि तिम्रा लागि माटो दिन्छ
नेपाली जहाँ जानेछ तिमीले बाटो देखाइदियौ–राजा
शिखर टेक्ने मनसुवा देखाइदियौ
हाम्रो एउटा सोच त्यो पनि हो, हाम्रो एउटा अठोट त्यो पनि हो
माटाको आस्थामा सबै नेपालीलाई
कोही कतै नअलमलियोस् उचाइ छुन तिम्रो इच्छा थियो
धुकचुक नगरोस् नेपाली नेपाली बन्न
राजा उभिनू........पहाडै गुराँस उभिनू
माटोमा झिलिक्क जब सम्झन्छ, म सम्झन्छु तिमीलाई
र बिर्सन सक्नेछैन बाटो बिर्सन सक्नेछैन
देशको आविष्कार र अमरताको
अभिप्राय–

●

राजा "वीरेन्द्र"का हजुरमा नम्र जाहेरी

● भरतराज शर्मा (मन्थलीय)

स्वर्गियौ वीर 'वीरेन्द्र' !
अनौठो घटना घटी,
परिवार लग्यौ साथै
एक्लिएन कुनै छुटी ॥१॥

पुण्यको फल भोगिन्छ
स्वर्गको स्वर्णद्वारमा,
जे चितायो त्यही दिन्छ
कल्पवृक्ष संघारमा ॥२॥

सुखको धाम हो स्वर्ग,
पुण्यले मात्र पाइने,
तल-मास्तिरको भेद
छ रे तर बिझाउने ॥३॥

धेरथोर हुँदा पुण्य
धेर थोर फलोदय,
हुने नै भो र के हुन्थ्यो
एकैनासे सुखोदय ! ॥४॥

नेपाल शान्तिमा देखे-
मात्र शान्ति तिमीकन,
तिमी नै शान्ति-सन्देश
दिन्थ्यौ राष्ट्रहरूकन ॥५॥

सेता शैल-शिखा, नीला-
परिधान पहाडका,
पहेँली उर्वरा धर्ती,
मान्थ्यौ शृङ्गार चाडका ॥६॥

जिम्मेवारी लिने व्यक्ति
मैमत्त नभएतक,
तिम्रो शासनको याम
भएथ्यो शान्तिदायक ॥७॥

दुनियाँभरमा शान्ति
चाहँदा चाहँदै पनि,
अशान्तिको उठ्यो ज्वाला
हुँदा विश्वस्त बैगुनी ॥८॥

सिन्दूर अब नारीका
स्यूँदाबाट उड्यो निकै,
बुद्धको देशमा लास
तेर्सेका छन् जहाँसुकै ॥९॥

सतीत्व लुटिएको छ,
न व्यक्तित्व कसैसित !
देशकै पनि अस्तित्व
अस्तिने हो कि वस्तुतः ॥१०॥

अन्धकार छ सर्वत्र,
उज्यालाको पलायन !
मृत्युको खड्ग-क्रीडा छ,
ज्यूँदाको छैन जीवन ! ॥११॥

शान्त, सुन्दर नेपाल
छ अशान्त, असुन्दर,
देव-मन्दिर, भूपाल
मात्र छन् सबका भर ॥१२॥

तिम्रो राजेन्द्र ! रोजिन्दा
स्मृति आउँछ चेतमा,
अश्रु-बिन्दु छ टल्केको
अझै यी नेत्रज्योतिमा ॥१३॥

जाहेरी गर्न इच्छा भो
गरैं नम्र निवेदन,
देऊ आसिक धर्तीको
जिम्मेवारी लिनेकन ॥१४॥

हत्या, हिंसा नचाहेका
मान्छे हुन् सब सात्त्विक,
अलौकिक सुधापायी
भएतापनि लौकिक ।

●

(मन्थलीय पल्ली, वीरेन्द्रमार्ग, घट्टेकुलो)

जातीय आस्था : त्यो राजसंस्था

● भानुभक्त पोखरेल

हाम्रो हिर्दय रम्नुपर्छ पहिले जातीय आस्थाप्रति
हाम्रो राष्ट्रिय देवमन्दिर घुमी हामी गरौं आरति
नेपाली जन, जाति-जात सबका सद्भावको छाहरी
हाम्रै जीवनज्योतिको धिपिधिपी त्यो राजसंस्थाप्रति ॥१॥

हाम्रा मौलिक लोकराग, रुचिका संस्कारका बाँसुरी
हाम्रा मेलमिलाप, तालसुरका सम्लापको चाँचरी
हामी मङ्गलगीत गाउन सिकौं त्यो राजसंस्थाप्रति
जो हाम्रै चिरसिर्जना सफरको हो स्वस्थ दीपद्युति ॥२॥

माटाको रसबाट नै कुसुमका मुस्काउँछन् कोपिला
हाम्रो गीत सुसेलिदैन नखिपे हाम्रै गलाको कला
मान्छेलाई नभै हुँदैन उसको आत्मीय उद्बोधन
आफ्नै जीवन स्वादहीन नमिठो ठान्नेहरू जे भन !! ॥३॥

हामीले लिन सक्नुपर्छ पहिले चालेर हाम्रै कुरा
नेपालीपनभित्रबाट निखनी आदर्शका टाकुरा
यात्रीको रथ हाँकिदैन नभए विश्वासिलो सारथि
जो आफ्नो इतिहास मेट्छ उ स्वयम् मेटिन्छ आफैँ फुटी ॥४॥

हाम्रो जीवन बेगिने, लहरिने सङ्कल्पको मन्तर
हाम्रा आत्मविकास योगबलका दिव्यास्त्रको जन्तर
त्यो आफ्नै शिरलाई आफ्नू शिरले हामी गरौँ वन्दना
त्यो आफ्नै दिललाई आफ्नू दिलले हामी गरौँ सम्भना ॥५॥

◆

स्मृति पुष्पाञ्जलि

● दैवज्ञराज न्यौपाने

राजा वीरेन्द्र विश्वासी भलाद्मी विनयी थियौ
अजस्र प्रेरणा मूर्ति लाग्थ्यो गौरव गीत हौ ।

कलाभित्र तिमी बोल्थ्यौ चेतना जुर्मुराउँथे
शिक्षाका कलिला घाम सबैमा सल्बलाउँथे ।

विकास-प्रिय हे राजा ! वृद्ध, प्रौढ र बालक
सबैका प्रेरणा बन्थ्यौ मर्यादा-स्थितिपालक ।

राष्ट्रिय मूल्यका निम्ति नझुक्ने महिमा थियौ
वज्र वृक्ष थियौ यद्वा दृढ चट्टान के थियौ ?

प्रजावात्सल्यमा न्यायी मानवीय महान् धन
विवेक दृष्टिमा तिम्रो थिएन धमिलोपन ।

श्रद्धाका केन्द्र : श्री ५ वीरेन्द्र

सबैको शुभ ठानेर प्रजातन्त्र सजाउने
थियौ आदर्श आफैँमा नकि कष्ट दिलाउने !

शिक्षा-संस्कृतिका ज्योति अध्यात्मप्रियदर्शन
सत्कर्मसरिताभित्र गर्दै नित्य निमज्जन ।

नामशेष भएका छौ कामशेष नभै तिमी
तिम्रो अभाव देखेर आँशु झार्दैछ यो जिमी ।

सबै सन्तानका साथै रानीसाथ सँगै गयौ
खेल हो विधिको यद्वा छलीका छलले गयौ ?

जेहोस् सत्य कुरा यै हो तिमी साँच्चै महान् थियौ
बनेर गुणका खानी गुणीमा गणना भयौ ।

जसले धर्तीमा आई गर्छ गौरवको कुरा
ऊ चड्छ विजयी किल्ला सुनौला कीर्ति याकुरा ।

तिम्रो सायुज्य सम्झेर हामी फूल चढाउँछौं
झुलने सम्झनाभित्र शान्ति सन्देश गाउँछौं ।

विशुद्ध मनको वाणी यो सानो सुमनाञ्जलि
सहस्रौं जनको आस्था शब्दसङ्गीत माधुरी ।

ल्यायौं सुम्पनका निम्ति श्रद्धासाथ चढाउँछौं
आस्था बीज बढाएर विश्वास लहराउँछौं ।

●

श्री ५ वीरेन्द्र र न्याय

● कृष्णप्रसाद बस्याल

हाम्रा मूल्य र मान्यता जति सबै छन् न्यायमै आश्रित
हाम्रो राष्ट्र सगर्वले अधि बढ्यो भै न्यायले सिञ्चित
"खोज्छौ न्याय कहाँ अन्यत्र नमिले पाइन्छ गोर्खातिरै"
राखे गौरव 'राम शाह' नृपले यै न्यायका खातिर ॥१॥

नेपाली इतिहास साक्ष्य छ स्वयम् राजाप्रजा भैकन
साँचेको चिरकाल शास्वत बनी यो राष्ट्रको जीवन
पाऊन् न्याय सबै प्रजाजन भनी राजा स्वयम् चिन्तन
गर्ने राज्ञ-परम्परा बसिदिदा न्यायी थियो शासन ॥२॥

त्यस्तो न्याय-प्रथा बुझेर अधिको वीरेन्द्र राजा तिमी
घुम्थ्यौ न्यायनिसाफ गाउँघरमा पुग्ला कसोरी भनी
"कैल्यै हुन्न विकास शान्ति नभई" सन्देश तिम्रो थियो
"होला न्यायविना सुशान्ति कसरी" तिम्रै सदिच्छा थियो ॥३॥

पाँचै विकास क्षेत्र निम्ति जसरी क्षेत्रीय कार्यालय
उस्तै न्याय सुलभ्य खातिर खुल्यो क्षेत्रीय न्यायालय
जिल्ला, अञ्चल, क्षेत्र, केन्द्र तहमा सर्वोच्च न्यायालय
जाहेरी छ विशेष, न्याय समिती हेर्थे भई निर्भय ॥४॥

तिम्रा छन् पदचिन्ह देशभरिका बस्ती यिनै भेकमा
सच्चा सेवक भै समर्पित रह्यौ यै राष्ट्रकै निम्तिमा
हाम्रो यो रविचन्द्र अङ्कित ध्वजा आकाशमा चम्कियोस्
आफ्नै स्वत्व लिई विकासपथमा नेपाल यो लम्कियोस् ॥५॥

नेपाली जन कोटि कोटि मुटुका यौटै थियौ ढुक्ढुकी
सुन्दैमा विकराल मृत्यु जसको सारा भयो छट्पटी
घट्दा एक अकल्पनीय घटना यो राष्ट्र भो व्याकुल
रोएथ्यो अविराम त्यो बखतमा सम्पूर्ण यो भूतल ॥६॥

तिम्रो नाम दिगन्त फैलिन पुगोस् हे न्यायका हौ धनी
बाँचे है चिरकाल राजन तिमी यो राष्ट्र-झण्डा मनि
तिम्रा निम्ति म के विशेषण दिऊँ क्यै छैन शब्दावली
टक्रचाएँ दुई शब्द यो मुटु थिची पोखेर श्रद्धाञ्जली ॥७॥

●

जीवन्त माली

● प्रह्लाद पोखेल

आस्थाको केन्द्र बन्दै प्रगतिपथ हिँडी जो गयो माथिमाथि
आफ्नो कर्तव्यभित्रै अविचल रहने एक जीवन्त साथी
हाम्रो आदर्श बन्दै स्मरणपटलमा चम्किएको छ आज
आस्थाकै सम्झनामा व्यथित छ दुनियाँ गाउँ, बस्ती, समाज ।

झोला बोकेर हिँड्थ्यो विकट पथहरू चढ्न सक्थ्यो उकाली
चौतारी चिन्नलाई वरपिपल लिई पुग्दथ्यो देउराली
पीडामा दुख्ख मान्थ्यो विगलित जनको सुन्न सक्थ्यो पुकार
आफ्नै सन्तान ठान्दै प्रियतम जनता चुम्दथ्यो बारबार ।

जो आफैँ बाँधिएको प्रमुदित मनले घोषणा गर्न सक्थ्यो
नेपालीमात्रलाई सुखसयल दिने योजना कोर्न सक्थ्यो
छाती खोलेर भन्थ्यो– 'अघि बढ जनता' साथ मेरो हुनेछ
नेपाली भाग्यशाली जन किन नहुने ? चेतना ब्यूँझनेछ ।'

नेपाली धुक्धुकीमा हरबखत नयाँ प्रेरणा-गीत गाई
मेची-काली बगेझैँ अविरल बहने प्रेमधारा बहाई
नेपाली बाटिकामा श्रमसित बिरुवा-फूल रोपी जगाई
प्यारो जीवन्त माली प्रकृतिमय भयो पूर्ण विश्रान्ति पाई ।

●

श्रद्धाञ्जली

● विनोद भट्टराई

तारा अस्त भयो सफा गगनको उत्पात नौलो भयो ।
उल्कापात भयो सुशासन गयो भूकम्प नौलो भयो ॥
नेपाली टुहुरा भयौं निमेषमै संतप्त सारा भयो ।
अप्रत्याशितको अपूर्व घटना खप्नै नसक्ने भयो ॥

अन्ठाउन्न दुई हजारपछिको मैना थियो जेठको ।
उन्नाईस गते थियो कुदिनको त्यो शुक्रबारै थियो ॥
रात्री नीरवता थियो नगरमा नौ पन्ध्र गाको थियो
गोली चालित भो कठै नृपतिको हा कष्ट प्राणै लियो ॥

गोली त्यो भुटुटू चल्यो तडित झैं दर्बार सारा जल्यो ।
आशास्तम्भ ढल्यो ढल्यो मुलुकको सौभाग्य रेखा चल्यो ॥
धर्ती नै विधवा भयो अधरको लाली निकम्मा भयो ।
तिम्रो अन्त्यसँगै सुशासन दिने नेपाल रित्तो भयो ॥

श्रद्धाका केन्द्र : श्री ५ वीरेन्द्र

पृथ्वीको सपना निरर्थक भयो, विश्वास हाम्रो गयो ।
नेपाली वनमा नयाँ कुसुमको बास्ना नचल्ने भयो ।
आस्थामन्दिरमा तथा नृपतिमा नेपालमा भूपमा ।
माला अन्तिमको चढाउँछु रुँदै श्री पाँच वीरेन्द्रमा ॥

पुत्रीपुत्र दुवै तथा प्रियसखी आफन्तसाथै गयौ ।
नेपाली जनता भुलेर ममता स्वर्गीय तारा भयौ ॥
बास्नादार हुँदै थियो तर गयो वैलेर यौटा कली ।
रुन्चे यो स्वरले विनीत करले सद्भाव श्रद्धाञ्जली ॥

●

२०५८।३।५
(अत्तरिया, कैलाली)

श्री ५ युगल सरकारमा माल्यार्पण

● लोकनाथ दाहाल

नेपाली जगका अमूल्यनिधि हे **श्री**: सम्पदारक्षक !
बन्दै सारथी पाँच **पा**ण्डवसरी श्री **पाँ**च उद्धारक !!
हिन्दुधर्म प्रताप उ**च्च** नृप हेसर्वो**च्च** औ नायक !
शान्तिक्षेत्र **म**हान् बनाउन भनि **ब**न्दै सुप्रस्तावक !!
यो नेपाल बि**हा**नका रविसरी, पी**डा** सबैको हरी !
आभा झल्ल ग**रा**उने सुख दिने श्रीरा**म** राज्यैसरी !!
सुखी शान्त प्र**जा** सबै, धनि बनी यस्तो म**हा**न् चिन्तन !
नेपालाऽ **धि**पती स्वधर्ममुरती, **रा**खेर सद्भावन !!
विश्वैका सब **रा**ष्ट्र घुम्फिर गरी जा**नी** प्रजाको हित !
नेपाली **ज**नका विकासपथमा **ऐ**श्वर्यलक्ष्मीसित !!
यस्ता **स**त्य दया र धर्म मुरती माया **स**बैमा सदा !
सूर्यै चन्द्र **र** धुर्वका सरि रही गर्दै **र**हून् सर्वदा !!
यो नेपालवि**का**सका लहरमा डटेर **का**र्याऽधिक !
गर्दै बेसी **र** लेक गाउँघरको पानी **र** झर्नातक !!
बाटोघाटो बजार**को** बिजुलीको व्यापार**को** उन्नति !
भाषा भेष कला समा**ज** सबको सुधन्छ **ज**सले मति !!
खेती औषधी, उन्नती **य**श हुने उद्योग **य**स्ता थपी !
बड्दा छन् नित **हो**स जागर अ**हो**सम्पूर्ण देशोन्नति !!
देशैका वा सिरताजका नि**स** दिन **स**त्कर्म फैली रहून् !
हाम्रा गौरव राज, राजमहिषी, ती चीर शान्ति बनून् !!

(बुधबारे, भापा)

शान्ति कहिल्यै हार्दैन

• दुबसु क्षेत्री

शान्तिपुत्रहरू कहिलेकाहीँ जन्मिँदा रहेछन्
युद्धका अँध्यारा काला रातका बीचमा पनि
शक्तिका उन्मत्त राता मातका बीचमा पनि
परेवाको एउटा सानो पखेटाले पनि
अँध्यारो बडार्न सक्ने रहेछ
त्यति हो, परेवा उड्न पाउनुपर्छ
परेवा उडिन्जेल पर्खनुपर्छ

शान्तिका ध्वनिहरू कहीँकहीँ बज्दारहेछन्
कुरुक्षेत्रमा, कङ्गो, काबुल वा काठमाडौँको धर्तीमा पनि
हिमालमा, सागरमा मैदान वा मरुभूमिको गर्मीमा पनि
शान्तिको एउटा सानो आवाजले पनि

युद्धको कोलाहलमा सन्नाटा ल्याउने रहेछ
त्यत्ति हो, शान्तिको ध्वनि गुन्जिनुपर्छ,
शान्ति गुन्जिउन्जेल पर्खिनुपर्छ,

शान्तिका ज्योतिहरू कहीँकहीँ चम्किँदा रहेछन्
हिमालको धुलौटे माटा र बलौटे बाटामा पनि
बम, बारुद र बन्दुकका बीभत्स आँखामा पनि
उज्यालाको एउटा सानो किरणले पनि
औँसीको कालो पखाल्न सक्ने रहेनछ
त्यत्ति हो, जून उदाउनुपर्छ
जून उदाइन्जेल पर्खनुपर्छ,

युद्धले चिथोरेर बुद्ध कहिलेकाहीँ घाइते भएको छ
युद्धले डसेर बुद्ध कहिलेकाहीँ अनायास मरेको छ
आखिर युद्धले निमोठेर युद्ध नै घाइते भएको छ
युद्धले टोकेर युद्ध नै निरन्तर निःसहाय मरेको छ
युद्ध रोएको छ, युद्ध मरेको छ र युद्ध नै हारेको छ
पानीसँग आगो जहिल्यै पनि हार्छ र हारेको छ
शान्तिसँग युद्ध जहिल्यै पनि हार्छ र हारेको छ,

शान्ति उज्यालाको ज्योति हो, ज्योति कहिल्यै निभ्दैन
शान्ति मानवताको ध्वनि हो, आवाज कहिल्यै झुक्दैन
शान्ति सत्य पनि हो, सत्य कहिल्यै मर्दैन
शान्ति देवत्व पनि हो, देवत्व कहिल्यै मर्दैन
शान्ति आस्था पनि हो, आस्था कहिल्यै हार्दैन
शान्ति निष्ठा पनि हो, निष्ठा कहिल्यै हार्दैन
तिमी शान्तिका ध्वनि हौ, शान्तिका ज्योति हौ

तिमी शान्तिका आस्था हौ, शान्तिका निष्ठा हौ
तिमी शान्तिपुत्र हौ र शान्तिका संवाहक हौ
शान्ति कहिल्यै एक्लो हुँदैन
तिमी त्यसैले कहिल्यै एक्लो भएनौ र हुँदै हुँदैनौ
शान्ति कहिल्यै मर्दैन
तिमी त्यसैले कहिल्यै मरेनौ र मर्दै मर्दैनौ
शान्ति कहिल्यै हार्दैन
तिमी त्यसैले कहिल्यै हारेनौ र हार्दै हार्दैनौ
म यो एकान्त र सुनसानमा शान्तिको सङ्गीत एक्लै गुनगुनाउँछु :
शान्ति कहिल्यै मर्दैन र मर्नु हुँदैन
शान्ति कहिल्यै हार्दैन र हार्नु हुँदैन ।

●

तिमीलाई नमन

● उदय खनाल "उमेश"

प्रचण्ड गर्मीले
धरती तप्त भएको परिवेशमा
शीतल पवन प्रवाहित गर्न
सगरमाथाको उचाइबाट
विश्वभरि तरङ्गित हुन सक्ने
शान्तिनाद गुन्जाउँदै
जन्मभूमिको माटोभरि
सद्विचारका कणहरू
पस्कन
स्निग्ध मधुर मुस्कानको
आभूषण
धारण गरेर
दैलोदैलोमा
सद्भावहरू छरेर
जनजनमा
आशा र विश्वासको जग
बलियो पार्दै

श्रद्धाका केन्द्र : श्री ५ वीरेन्द्र

अघि बढेका तिमी !
तिमीलाई
हिजोको नमन
आज आमाको
छियाछिया हुन लागेको
अस्तित्वमाथि
त्यही हिजोको जस्तै
ओढनी ओढाउनुपर्ने
वास्तविकताको बोध सुम्सुम्याउन
जनजनको मनमनमा
जीवित
अनि
जस्तोसुकै भूचालमा पनि
अँध्यारो किनारा लगाएर
मस्तक उच्च राखी
वक्षस्थल विशाल पारेर
प्रत्येक बिहानीको
मनोरम लालिमा
भूमिभरि ओछ्याइदिने
गिरिराज हिमालको
उत्साहपूर्ण
ओजस्वी
दृश्यावलीको
निरन्तरताप्रति
सजग रहन सिकाउने
अमर आभास
सँगसँगै
तिमीलाई
आजको नमन ।

●

मिति : २०५१।१।८

मानव हराएको छ !

● उज्ज्वल जी.सी.

इमान, विवेक र नैतिकता अँगालेको
हृदयभरि बुद्धका सन्देश सँगालेको
मातृभूमिको दुर्दशामा आँखा रसाउने
हामी नेपालीको मृत्युमा आँसु खसाउने
एउटा मानव हराएको छ यो देशमा ।

लालीगुराँस फक्रिदिदा छाती फुकाउने
दाजुभाइको द्वन्द्व सुन्दा चित्त दुखाउने
पनपक्ष र स्वार्थीपन कत्ति नभएको
स्वाभिमान लिलाम गर्न कतै नगएको
एउटा मानव हराएको छ यो देशमा ।

सबै नेपालीको रगत एउटै हो भन्ने
दीन-दुःखीहरूका माझ धर्मवीर बन्ने

सगरमाथालाई आफ्नै काँधमा बोकेको
राष्ट्रियता जोगाउँदा केही कष्ट भोगेको
एउटा मानव हराएको छ यो देशमा ।

हत्या, हिंसा र आतङ्कमा साह्रै घिनाउने
स्वयम्भूका आँखाले मेचीकाली चिहाउने
एकताको घडा थाप्दै चौतारीमा बसेको
दुर्भाग्यको भीरबाट अनायासै खसेको
एउटा मानव हराएको छ यो देशमा ।

छातीमा चार जात छत्तीस वर्ण देखिने
इतिहासमा नाम स्वर्णाक्षरले लेखिने
नेपालीको उन्नतिमा दङ्ग पर्दै हाँसेको
मेरो प्यारो राष्ट्र भन्दै हिजोसम्म बाँचेको
एउटा मानव हराएको छ यो देशमा ।

●

स्मृतिकलश

● आचार्य नारायणप्रसाद सुवेदी

हिमालबाट बग्ने नदीझैँ
स्वच्छ पवित्र निर्मल बग्ने
छहराझैँ
एउटा पवित्र आत्माप्रति
स्मृतिकलशझैँ
मेरो हृदयमा श्रद्धाको सुमन रोपिएको छ ॥१॥

अनन्त आकाश झैँ
निर्मल गम्भीर युगनदीझैँ
सधैं बगिरहने अमृत नदी झैँ
मेरो ह्दयमा/श्रद्धा सरिता बगिरहन्छ
बगिरहेछ ॥२॥

असीम प्रेम र आनन्दझैँ
यो देशको माटामा बगाएको
अमृत, पसिना र शान्तिको दिव्यमन्त्र
अझै पनि हृदयको दीपमा
अन्तज्योर्तिझैँ बलिरहेछ ॥३॥

श्री ५ वीरेन्द्रको स्मृतिकलश
बोकेर विभूतिका नाममा
अमर तीर्थहरूको भ्रमण गर्दै
श्री ५ वीरेन्द्रलाई विभूति सम्झी
विभूति छरिरहेछु
छरिरहेछु ॥४॥

यो देशको हृदयमा
पहाडका कुनामा
तराईका फाँटमा
जताकतै श्रद्धा र भक्तिको
अविरल धारा बगिरहेको
देखिरहेछु, देखिरहेछु
मेरो अनन्त श्रद्धा भक्ति
श्री ५ वीरेन्द्रप्रति
श्रद्धासुमन अर्पण गरिरहेछु
गरिरहेछु ।

●

(बालाजु १६, काठमाडौं)

श्रद्धाञ्जली

● राजेन्द्रप्रसाद निरौला

राजा वीरेन्द्र,
तिम्रो सम्झनामा कसरी म श्रद्धाञ्जली व्यक्त गरूँ ?
अझ धेरै वर्ष तिम्रा जीवित गाथा गाउनुपर्नेमा,
तिमी विगत भइसक्यौ भनेर कसरी विश्वास गरूँ ?
अकल्पनीय घटना घटाएर,
त्यो रात, त्यो विधि क्रूर हुन्छ भनेर,
सम्पूर्ण वंशविनाश गराएर,
त्यतिसारो बीभत्स बन्छ भनेर,
निर्ममताको पल्लै टुङ्गोमा पुऱ्याएर,
इतिहास नै अवरुद्ध गर्छ भनेर,
कसरी पत्यार गरूँ ?
तर के गर्ने ?
अपत्यारिलो सत्य पत्याउनु परेको छ।
नबेहोर्नुपर्ने पीडा बेहोर्नु परेको छ।

तिम्रा पवित्र आत्माले त्यहाँ शान्ति पाएकै होला ।
तिम्रो व्यथा र छटपटीहरूले त्यहाँ विश्रान्ति लिएकै होला ।
किनकि तिमी निष्कपट थियौ ।
प्रजावत्सल थियौ ।
तर राजन्
हामी यहाँ टुहुरा भएका छौं ।
बेसहारा भएका छौं ।
तिम्रो त्यो शान्तिक्षेत्रको चाहना,
यहाँ सपनाजस्तो भएको छ ।
तिम्रो त्यो बहुदलीयताप्रतिको प्रतिबद्धता,
यहाँ छट्पट् छट्पट् गर्न थालेको छ ।

हत्या हिंसा र आतङ्कले
चौदिशा साम्राज्य फिँजाएको छ ।
खुद्रा मृत्युको त कुरै छाडौं,
थोकै मृत्यु पनि समाचार बन्न छाडेको छ ।

यहाँ बालकदेखि वृद्धसम्मका नेपाली सबै,
कसैका नजरमा सुराकी बनेका छन् ।
कसैको नजरमा आतङ्ककारी बनेका छन् ।
हुनसम्मको अन्याय भएको छ ।
सबै ठाउँमा सन्त्रासै सन्त्रास छाएको छ ।

घण्टा, मिनेट र सेकेण्ड गनी गनी ।
बाँच्नुको मर्म बुझ्नुपरेको छ ।
मर्नुको अर्थ खोज्नुपरेको छ ।

त्यसैले राजा तिमी,
फेरि नेपाल आए हुन्थ्यो ।
यो देशलाई शान्तिक्षेत्र बनाए हुन्थ्यो ।
बहुदलीय पद्धतिलाई फलाए फुलाए हुन्थ्यो ।
देशमा अमनचयन कायम गराए हुन्थ्यो ।
निमेषनिमेषमा हामीले तिमीलाई सम्झिरहेका छौं, झल्झली ।
यही सेरोफेरोमा तिमीलाई मेरो हार्दिक श्रद्धाञ्जली ।

●

(कटारी-४, उदयपुर)

स्मृति

● रमेश दुवाल "मौन"

त्यो सन्ध्याको रातो घामले
त्यो दिनको "अस्ताउँदो सूर्य"ले
उदास- उजाड चन्द्रलाई निम्त्याउँछ भनी के थाहा
त्यो रातको "कालो वादल" ले
"चाँद-चाँदनी"लाई निल्छ भनी के थाहा
नयाँ बिहानीका लागि लम्केका पाइलाहरू
अँध्यारामा दपेटिएर
नेपालीको भाग्यमा वज्रपात हुन्छ भनी
न मैले सोचें न त कसैले सोचेका थिए
सपना पो हो कि भनी आफैंलाई झस्काएँ
अहँ बिपनै पो रहेछ
तर पनि विश्वास लागेन
सहनै नसकी मन रोयो सोचें ! र आफैंलाई सम्हालें
अनि ब्रह्मनालबाट उठ्ने आशामा बसें
चिताबाटै "प्यारा प्रजा" भन्ने आशामा बसें

तर चिता चिसियो तैपनि उठेनन्
हरेश खाएँ र
चिसो "खरानी"मा
"अस्तित्व"खोज्न आउने आशामा
म टोलाइ रहें
बस् उही चितानिर टोलाइरहें
तर नियतिको क्रूरताले
भाग्यलाई ठगिसकेको रहेछ
त्यो रातको निस्तब्ध "निशा"ले
नेपालीको "जीवन" छोपिसकेको रहेछ
"चिर-ऐश्वर्य" लुटिसकेको रहेछ ।
म रोएँ धुरुधुरु रोएँ
मसँग मेरा आँसुहरू पनि रोए
माटो रोए, गग़न रोए
सँगसँगै सारा नेपाली रोए
किनकि केही छैन अब
शून्य भइसकेको छ
न अस्तित्व छ
बस्, आँखाभरि आँसु अनि
हृदयभरि गर्‍हुँगो पीडा छ
एउटा बूढो इतिहास अनि
मानसपटलमा एउटा "स्मृति" छ
केवल एउटा "स्मृति" ।

●

(चोछें-९, भक्तपुर)

वीरेन्द्रको सम्झनामा

● कमल सापकोटा "विरही"

वल्दो दीप थियौ करोड दिलका आस्था भरोसा तिमी
साझा प्रीत थियौ हरेक जनका धड्कन् बनेका तिमी
कस्तो खेल भयो यहाँ नियतिको राजा ! कहाँ छौ तिमी
खोज्दै छौ जलमा थलै र नभमा प्यारा ! कहाँ छौ तिमी
॥१॥
हे राजन् ! विधिको विधान कसरी पल्टेर यस्ता भयौ
छैनौ हे ! थलमा तिमी न जलमा संसार छाडी गयौ
कस्तो शून्य छ आज साथ नहुँदा देशै अँधेरो छ यो
जस्तो शून्य छ रात चन्द्र नहुँदा उस्तै बिहानी भयो
॥२॥
साँच्चै तेज दियो निभेर घरका कोठा अँधेरा हुँदा
मन्मा शान्ति भएन हेर जनका सारा प्रभातै रुँदा
के भो यो सपनासरी खलबली राजा खरानी हुँदा
रुन्छन् आज सबै बनेर विरही वीरेन्द्र ती सम्झँदा
॥३॥

नेपाली दिलमा भरेर रसिला वाणी त प्राणै सरी
पापीको रणमा परेर कसरी नेपाल छाड्यौ हरी !
कस्तो कान्ति थियो मुहार रविले रश्मी फिजाएसरी
यस्तो सुन्दर शान्त राज कसरी-के भो कठै हे हरी !
॥४॥

यौटा भूल भयो महान जसमा मान्छे-पशू भैदिँदा
फुल्दो फूल गयो नि ! खेर रिसमा चुँडेर फाली दिदा
कस्तो प्रीति थियो मिलाप गुँडमा जोडी परेवा हुँदा
कस्तो लाग्छ उराठ यो शहरमा तिम्रा कुरा सम्झँदा
॥५॥

(खरीबोट-१, गोरखा)
(२०५९।०८।२०)

होइसिन्न भन्छन्

● जनक सन्तोष

नेपाली सार्वभौमको रक्षा गर्ने
समस्त देशको प्रतीक
हाम्रा प्राणभन्दा प्यारो
आस्थाको केन्द्र
सगरमाथाकै उचाइमा विराजमान
श्री ५ वीरेन्द्र– होइसिन्न भन्छन् ।

हाम्रा समाजवादी राजा
हाम्रा विकासवादी राजा
हाम्रा शिक्षावादी राजा
साँच्चै भन्दा एउटा
कुशल नेपालवादी राजा
बहुमुखी प्रतिभाका धनी
श्री ५ वीरेन्द्र– होइसिन्न भन्छन् ।

सुखमा नमात्तिने-दुःखमा नआत्तिने
जिन्दगीका आरोहअवरोहमा

हिमाल-पहाड-तराई
प्रजाकै दैलोमा पुग्न सफल
वास्तविक वीरेन्द्र, ज्वलन्त वीरेन्द्र
फूल जस्तै –पुल जस्तै निर्मल स्वच्छ झरना
स्मृतिपटमा अमर एउटा सफल सहयोगी कृति
श्री ५ वीरेन्द्र– होइसिन्न भन्छन् ।

जेठ १९ गते बिहान शङ्खध्वनि नसुन्दै
रेडियो टिभी रुन लागे
बादलहरू पनि पहाडमा ठोक्किदै
आपसमा छिन्नभिन्न देखियो
शायद आँसु थाम्न सकेनन्
र रोयो सम्पूर्ण नेपाली नै
नारायणहिटी परिवारको व्यथामा
एउटा मान्छेको मायाले-ऐश्वर्य !
श्री ५ वीरेन्द्र– होइसिन्न भन्छन् ।

आजभोलि वहाँको कुनै ठाउँ सवारी छैन
सभामा समारोहमा पनि ठम्मिदैन
बाटो निरन्तर खाली खाली छ
सुनसान एउटा नारायणहिटी
ठिङ्ग उभिएको लाग्छ– हामी हेरेर
शायद वागमतीमा अन्तिम
अनुहार देख्यौं र पत्र-पत्रपत्रिकामा
त्यसपछि सम्बन्ध साँटिएको छैन हाम्रो
सम्भवतः माटामा उभिउन्जेल साँटिन्न
त्यसैले श्री ५ वीरेन्द्र– होइसिन्न भन्छन् ।

●

(ओखलढुङ्गा, सल्लेरी)

बुद्धका रूप शान्तिका दूत मरेर गयौ नि !

(प्रजावत्सल राजा वीरेन्द्र र सम्पूर्ण स्वर्गवासी शाही आत्माहरूको सम्झनामा)

● कमलमणि बराल

बुद्धका रूप शान्तिका दूत मरेर गयौ नि !
जनताका प्यारा शान्तिको राजा झरेर गयौ नि !!
यी गहभरी शोकका आँसु झारेर गयौ नि !
यी मुटुभरी भक्कानो गैरो पारेर गयौ नि !!
के छाप पार्‍यौ तिमीले आँसु रोकेर रोकिन्न !
के माया लायौ दिलमा तिम्ले बिर्सेर बिर्सिन्न !!
फक्रँदै थियौ सुगन्धी फूल बैरीले झार्‍यो नि !
समुद्र जस्तै श्रद्धाका आँसु जन्ताले झारे नि !!
शान्तिको आवाज भन्दा'नि चर्को बन्दुकको आवाज !
के सुन्थ्यो राजै अशान्ति हुँदा शान्तिको आवाज !!
बुद्धका दूत बनेका थियौ विश्वमै तिमीले !
गौरव हाम्रो भरेका थियौ विश्वमै तिमीले !!
त्यो फूल देशभक्तिको हामी ओइलाउन दिदैनौं !

यो रातो झण्डा मरेर पनि मैलाउन दिदैनौं !!
बदल्छौं आँसु हे प्यारा राजा सेवा र शक्तिमा !
बाँचेरै छोड्छौं हे वीर राजा हजुरको भक्तिमा !!
त्यो तिम्रो रूप नेपाल सम्झी सेवा नि गर्नेछौं !
सेवामा ईश्वर हँसाइ राजा सेवा नि गर्नेछौं !!
त्यो तिम्रो स्वप्ना अवश्य हामी साकार पार्नेछौं !
त्यो स्वर्गलाई अवश्य हामी धर्तीमा झार्नेछौं !!
बुद्धका रूप शान्तिका दूत मरेर गयौ नि !
गहमा आँसु भक्कानो मनमा पारेर गयौ नि !!
बलीन्द्रधारा शोकका आँसु झारेर गयौ नि !
गहमा आँसु भक्कानो मनमा पारेर गयौ नि !!

●

श्री ५ वीरेन्द्रको सम्झनामा

• रञ्जन घिमिरे

नेपाली जनताका दुई आँखा तिमी
हाम्रो आस्था र विष्णुका अवतार तिमी
हाम्रो जीवनको धरोहर तिमी
हाम्रो देवतासमान थियौ तिमी
हे राजा ! कहाँ गयौ तिमी ?

जनताका प्रगति र खुसी चाहने तिमी
जनताको मतको कदर गर्ने तिमी
प्रजातन्त्रको बीज उमार्ने तिमी
शान्तिक्षेत्रको घोषणा गर्ने तिमी
हे राजा ! कहाँ गयौ तिमी ?

निरङ्कुश पञ्चायती शासन अन्त्य गर्‍यौ तिमीले
आधुनिक प्रजातन्त्रको जग बसायौ तिमीले
तिम्रो हृदयदेखि सम्मान गर्‍यौँ हामी
तर आज तिम्रो पाएनौँ साथ हामीले
हे राजा ! कहाँ गयौ तिमी ?

धार्मिक सहिष्णुताको विकास गऱ्यौ तिमीले
धर्ममा विश्वास गरी सम्मान गर्नेछौं हामी
राजतन्त्रलाई विष्णुको अवतार मान्थ्यौं हामी
उच-नीचरहितको रामराज्य बनायौ तिमीले
हे राजा ! कहाँ गयौ तिमी ?

गाउँ, गाउँ डुली जनताको भावना बुझ्दथ्यौ तिमी
जनताको व्यथा र मर्मलाई अभिरुचिपूर्वक समाधान गर्थ्यौ
जनताको मतको कदर गरी, निरङ्कुश बन्न चाहेनौ
राजकीय ऐसआराम तिमीले कहिल्यै लिएनौ
हे राजा ! कहाँ गयौ तिमी ?

दु:ख गऱ्यौ जनताको नाममा तिमीले सधैं
विश्वास लिएका थियौं तिम्रो हामीले सधैं
आस्थाका पुञ्ज मात्र बनेनौ तिमी
नेपालको एक सच्चा सेवक बन्यौ तिमी
हे राजा ! कहाँ गयौ तिमी ?

नेपालमा मात्र हैन विश्वमा तिमी महान्
श्रीपेचको धाक दिएनौ, तिमी बन्यौ जनता समान
नेपाललाई सुनौलो भविष्य तिमीले दियौ
२१ औं शताब्दीको राजतन्त्रलाई धरोहर बनायौ
हे राजा ! कहाँ गयौ तिमी ?

राजा तिमी यस लोकमा छैनौ
तिमीलाई नसम्झी हामी एकदिन बाँच्न सक्तैनौं
स्वतन्त्र बनायौ तिमीले हामीलाई
हार्दिक भावपूर्ण श्रद्धाञ्जली छ तिमीलाई
हे राजा ! कहाँ गयौ तिमी ?

●

(मकैसिङ्ग -८, गोरखा)

श्री ५ महाराजाधिराज वीरेन्द्र

- शशिकला तिवारी

म यहीँ छु
हामी सब यहीँ छौँ
म तिम्रो ब्रुसमा रङ्गिएर सँगसँगै छु
हामी तिम्रो कवितामा तिम्रो रङ्गमा
तिम्रो छायामा यताउता तिमी सँगसँगै छौ
तिमीले कसरी भन्न सक्छौ ? हामी छैनौं भनेर ...
के कसैको पनि पार्थिव शरीर सधैं रहेको छ त ?
तिम्रो बुबा पनि जानुभएको थियो अनि उहाँको बुबा पनि,
अनि उहाँको बुबा पनि ....
के तिमीमा उसको अंश छैन त ? तिमी ?
तिमी उसको अंश हौ पार्थिव शरीरका
जबजब तिमी यसलाई छोड्छौ तिमी फेरि तिम्रो अनन्त स्वरूपमा
मिसिन पुग्ने छौ

विलीन हुनेछौ
पानी पानीमा मिसिएजस्तै ...
किन ?
अर्को रूप लिन
हो .... अर्को स्वरूपमा आउन
हो ....
हामी अरू जस्तै गरेर एकपछि एक गरेर गएनौं
कारण हामी एक ढिक्का भएर सगरमाथा भई
तिमीहरू सबैलाई छाँगा नदीको रूपमा सिंचित गर्दै
तिमीहरूलाई स्याहार्दै तिमी मै विलीन हुँदै सँगसँगै रहनेछौं
हो तिमीहरू सबै आत्मविह्वल भई अश्रुनदी भइरहेछौ
त्यसमा पनि म नै, हामी नै छौं
तिमी के हाम्रो शरीरमात्रलाई देख्छौ त ?
तिम्रो माया, परिवार, देश, हातहरूमा म
म आकृत भइरहेछु –जब तिम्रा पौरखी
हातहरू उठ्छन् –तिम्रा पौरखहरूमा
जब जब तिमी टुट्छौ तब म रुन्छु
तिम्रो आँसु भएर
तिम्रो हाँसोको चाउरीमा म चाउरिन्छु
अनि खित्कामा म नै खित्खिताइरहेको हुन्छु
तिमी मलाई बुझ अनि नबिर्स

तिमी र म सधैं छाया र शरीर हौं
म शरीर त तिमी छाया
तिमी शरीर त म छाया
यस अविरल गतिलाई के तिमी र म
वदल्न सक्छौं त ? यस भावीले जोडेको नातामा ...

तिम्रो पुर्खा गएमा तिमी अर्को सन्तति भइरहनेछैनौ त ?
तिमी आफ्नो कर्तव्य मान र शानमा आँच आउन नदेऊ
यस मेरो नेपालरूपी शरीरलाई माया गर ...
नरुवाऊ नछोड, नभाँच
के तिमी आफैँलाई आफैँले बिर्सेर टुक्र्याउँछौ त ???
तिमी नपत्याऊ मलाई मेरो हातले काट्यो भनेर ...
के तिमीलाई म आत्मघाती लाग्छ त ?
हैन हैन यो त हाम्रो प्रारब्ध हो
यो त मलाई (हामीलाई) एक ढिक्का सगरमाथा बनाएको हो
नलाग अरू वाहियात कुराहरू नसुन ...
हो –तिमीले नसोचेको कुरा भयो
तर के तिमीले सबै कुरा आफूले चाहेको जस्तै पाएका छौ त ?
यो यस महाभूकम्पमा
हामी सबै परिवार परिवारलाई श्रद्धाञ्जली दिन
महाभूकम्प पछिको सिङ्गो नेपाल बनी
श्रद्धाञ्जली एक अँजुली हामीलाई (हामीलाई भनेको म र म भनेको हामी हो)
मलाई देऊ ... मलाई देऊ ... मेरो
आत्मशुद्धिलाई
कर्तव्य अनि आत्मा, मन, वचन र कर्मले
समर्पित गर मेरो देशमा ...
अँजुली, अँजुलीको अँजुलीले मात्र
म तृप्त हुन्छ, मलाई सधैँ तृप्त गर
यहीँ यसरी नै
अनि मात्र म तर्छु अनि तृप्त हुन्छु अनि तर्छु ....
अनि ....

राजा तिमी कहाँ छौ ?

● अ.प्रा. सेनानी कुबेर श्रेष्ठ

२०३६ सालमा श्री ५ वीरेन्द्र शाह सरकारको सुदूर पश्चिमाञ्चल क्षेत्रको डडेल्धुरा जिल्ला अवस्थित श्री ज्वालादल गुल्ममा सवारी होइबक्सिदा ब्यारेक निरीक्षणका अवसरमा गुल्मका तत्कालीन गुल्मपति सेनानी कुबेर श्रेष्ठसँग गरिबक्सेको कुराकानी :

१. यो पल्टन यहाँ कहाँबाट आएको ?

सरकार सुर्खेतबाट मुभ भएर आएको ।

२. तिम्रो ब्यारेकमा कहाँका जवानहरू छन् ?

सरकार यहाँ सुर्खेत, दैलेख, बैतडी, डडेल्धुराको साथै पूर्व २,३ नं. का पनि छन् सरकार ।

३. पूर्वपश्चिम दुवैतिरका सिपाहीहरू रहेछन्, मिलेर बसेका छन् कि छैनन् ?

सरकार, आपसमा राम्ररी मिलेर बसेका छन् ।

४. 'ए राम्रो छ ल ।'

मेरा राजारानी तिमी कहाँ छौ भन न
मैले पूर्वमा सोधेँ पश्चिममा खोजेँ
उत्तरमा गएँ, दक्षिणमा चहारेँ
भञ्ज्याङ्गमा भेटिन्छ कि भनेँ पहाडमा हेरेँ
चौतारीलाई सोधेँ, हिमालमा पुगेर हेरेँ
तराईको फाँट सब चहारेँ, चारकोसे झाडी सब चहारेँ
कहीँ देखिन, कहीँ भेटिन, कहाँ ! छौ तिमी भन न

मेची नदीमा डुबुल्की मारेर हेरेँ महाकालीलाई सोधेँ !
कोशी, गण्डकी, नारायणी, खोलानाला सबैतिर हेरेँ
बेनीघाट, देवघाट, त्रिवेणी, आर्यघाट सबैतिर खोजेँ
सवारी सिविर धनकुटा, पोखरा, सुर्खेत, दिपायलमा हेरेँ
नारायणहिटी, सिंहदरबार, दियालो बङ्गला, रत्नमन्दिरमा खोजेँ

पण्डितलाई सोधेँ, सैनिकलाई सोधेँ, व्यापारी, किसानलाई सोधेँ !
हिरा, मोती, पन्ना, माणिक, सुन, चाँदीलाई सोधेँ !
धानचामल लाबा, लालीगुँरास, डाँफे, गाई सिम्रिक
चन्द्र, सूर्य अङ्कित ध्वजा श्रीपेच र राजदण्डलाई सोधेँ
मलाई भन न मेरो राजा कहाँ छन्, कहाँ !

सबै टोलाए, कोही ओइलाए, कोही सुके, कोही हराए आफैँमा
राजा तिमीलाई थाहा छैन होला शायद
यहाँ नदी बग्न बिर्सेर रोकिएको छ
सूर्य उदाउँदा यहाँ कालरात्रि आउँछ
हावा, बतास बग्न भुलेर सुतेको छ

रातमा चन्द्रमा देखिनै छोड्यो
आकाश छ कि छैन ठूलो भ्वाँङ परेको मात्र देखिन्छ

तिमीलाई कसरी भनूँ यहाँ नेपालीको आँखाले देख्न छोड्यो
तिमीलाई कसरी भनूँ यहाँ नेपालीको कानले सुन्न छोड्यो
तिमीलाई कसरी भनूँ यहाँ नेपालीको मुखले खान बिर्स्यो
तिमीलाई कसरी भनूँ यहाँ नेपालीको नाकले सुँघ्न बिर्स्यो
तिमीलाई कसरी भनूँ यहाँ नेपालीको गोडाले हिड्न छोड्यो
तिमीलाई कसरी भनूँ यहाँ नेपालीको हातले काम गर्न छोडचो
तिमीलाई कसरी भनूँ यहाँ नेपालीको मुटुको धड्कन टक्क रोकिएको छ
मेरो राजा भन, तिमी कहाँ छौ ?

नेपालीको हातको घडीमा समय टक्क रोकिएको छ
नेपालीको मन मनमा रहेका राजा, मनै रोएको छ
नेपालीको तन तनमा छाएका राजा तनै प्वाल पऱ्यो
नेपालीको घरघरमा बास बसेका राजा घरै डडचो
मेरो राजा भन तिमी कहाँ छौ ?
लालीगुँरासमा मुस्काउने राजा कहाँ छौ
उकाली, ओराली, भञ्ज्याङ्गमा भेटिने रानी कहाँ छौ ?
डाफेसँग नाच्ने, सिम्रिकसँग सजिएकी रानी कहाँ छौ ?

राजा तिमीलाई थाहा छ कि छैन यहाँ दिउँसै भूत देखिन्छ
स्कुल भत्किरहेछ, अस्पताल जलिरहेछ, पुल खुस्की रहेछ
टेलिफोनमा आवाज छैन, बिजुलीको तारमा बिजुली छैन

खेतमा मकै, धान छैन, गोठमा गाईबाखा छैन
कलम समात्ने हात बन्दुक लिई हिँडेको देखिन्छ

सगरमाथा, गौरीशङ्कर, माछापुच्छ्रे, अन्नपूर्णा, धौलागिरीलाई सोधेँ
मेरा राजारानी कहाँ छन् ?
जटापोखरी, पाँचपोखरी, फेवाताल, तिलिचो, राराताललाई सोधेँ
मेरा राजारानी कहाँ छन् ?
मठ, मन्दिर, मस्जिद, खोलानाला, बगर, नगरलाई सोधेँ
मेरा राजा रानी कहाँ छन् ?
जसलाई सोधेँ ती सब रोए, टोलाए, मौन रहे, शिर झुकाए

नेपालमा विद्यार्थी रोयो, किसान चिच्यायो, व्यापारी सुस्तायो
जागिरे थला परे, लाहुरे टिलमिलायो, पुजारी बौलायो
के बालक, के जवान, के युवा, के युवती, के वृद्ध, के वृद्धा
सबैको आँखाबाट बरर आसु झर्‍यो, कत्तिको होसै हरायो
भन राजारानी हामीले के बिराएको थियौँ र
हामीलाई छोडी चटक्क कहाँ गयौ ?

मैले गोलीलाई सोधिन कि बन्दुक, बमगोला, क्षेप्यास्त्रलाई सोधिन
के तेरो धर्म यही हो, दुई करोड ढुकढुकीलाई एक निमेषमा निमिट्यान्न पार्ने
धिक्कार छ त्यो गोली, त्यो आविष्कार, त्यो षड्यन्त्रलाई
जसले नेपालीको सहारा छिन्यो
गोली तँलाई म सराप दिन्छु, आजदेखि तेरो हान्ने शक्ति बिलाएर जाओस्
राजसंस्थामा कहिले तेरो आँखा नपरोस्

मेरो आर्तपुकार सुनेर आकाशको सूर्यले भन्यो
म यहाँ छु तिम्रा राजा म वीरेन्द्र
जुनेली रातको पूर्णेको जूनले भन्यो
म यहाँ छु तिम्रा रानी म ऐश्वर्य
ध्रुवतारा, मङ्गलतारा, बृहस्पतिले लहरै भने–
दीपेन्द्र, नीराजन, श्रुति यहाँ छन्

हे हाम्रो राजा, तिमीलाई हाम्रो कत्रो माया
आकाशबाट सूर्य भै प्रकाश र न्यानो दिई रा'छौ
हे हाम्रा रानी, तिमी चन्द्र बनी नेपालीलाई
सुख, शान्ति, सान्त्वना दिई रा'छौ
ध्रुव, मङ्गल, बृहस्पतिरूपी दीप नीराजन, श्रुति
नेपालका युवालाई साहस दिई रा'छौ
राजा रानी मेरो कर जोडी बिन्ती नेपाल र नेपालीलाई
तिम्रो मार्गदर्शन, छत्रछाया जरुरी छ, हामी त्यो पाई रहौँ

●

(नयाँ बजार, काठमाडौँ)

अश्रुओलक

• निर्मलकुमार भण्डारी "भ्रमित"

रोयो देश समग्र शोकधुनमा – बाजा 'कहाल' बज्यो,
छैनन् भूप 'वीरेन्द' जीवित भनी –सञ्चार सारा फिज्यो,
त्यो 'अन्ठाउन सालका' दशहरा – उन्नीसको रातमा,
राजाको परिवार एकसँग भै– अल्पेनि अज्ञातमा ॥१॥

डाकूँ की म अरण्यरोदन गरी – राजा कहाँ छौ भनी,
खोजूँ की अनि राजगेहतिर गै – अज्ञात जस्तो बनी,
मेरो भूप 'वीरेन्द' लाई कसल–ल्याईपुऱ्यायो कहाँ,
अस्तायो सविता प्रदीप्त नभको–रातै पऱ्यो देशमा ॥२॥

जाऊँ आज कहाँ सबै पथहरू – निष्पट्ट-निष्पट्ट, छन्,
अस्तायो सविता नभान्तरमहाँ – गन्तव्य अस्पष्ट छन्,
यात्री स्तब्ध छ मार्गमा पनि यता– छैनन् साहारा कुनै,
साथी आज पुग्योअगम्यपुरमा–अल्पी सक्योजीवनै ॥३॥

होला पूर्वकहाँसबैतिर उस–देखिन्छ कालो निशा,
देखिन्नन् क्षितिजान्तरिक्षहरूमा – नौलो प्रभाती उषा,
सारा मौन-मलीन छन् पशुचरा – मान्छे धराधाममा,
वाय-नीर-बुट्यान-बोट सब छन–आश्चर्य- अन्यौलमा ॥४॥

पानी झिम्झिम झम्कि वर्षन गया–डाँडा अँधेरा भए,
मैना जेठ भए नि श्रावण जसै – न्यास्रा दिवा पो भए,
थाहै भैन सुदुर - दूरतिरमा – सम्चार अव्सानको,
राजाको दरबारभित्र कसरी – हत्या भयो ज्यानको ॥५॥

यस्तोनिन्द्य बीभत्स मृत्युघटना–घट्नेछ होला भनी,
राजाको परिवारमा विपदको – विच्छेद पर्ला भनी,
थाहै कत्ति थिएन यो हृदयले – सोच्नै न मिल्ने कुरा,
सोही देख्नुपर्‍योवियोग अहिले–लाग्दैछ छाती छुरा ॥६॥

हत्या त्यो हृदयै विदारक बन्यो–सम्पूर्णनेपालको,
खेप्ने हो कसरी वियोग अहिले– श्रद्धेय 'भूपालको',
सान्हैविघ्न पर्‍यो धरित्रितलमा– भू-भाग नै ढल्छ कि,
राजा नै नभएर देश कसरी – छाडा भई चल्छ कि ? ॥७॥

न्यास्रो भो दरबार आज नहुदा–वीरेन्द्रराजा तिमी,
न्यास्रो भो नि समग्रदेश अहिले– मेची र काली पनि,
न्यास्रोभूतल भैसक्योअब कठै ! –दुःखान्त अव्सानमा,
गाढा पीर दिएर राष्ट्र अगुवा – लाग्यौ नि आफैं कहाँ? ॥८॥

एकै साथ दुःखान्त मौत सबको – देखिन्न यस्तो कतै,
एकै साथ मसानघाट तटमा – भस्मान्त को हुन्छ खै !

या पैले कहिल्यैभयो न अब न–होला नि यस्तो कुरा,
मैले देश मलीन देख्छु तलका – स्वप्ना भएथे 'बुरा' ॥९॥

'मेची-कालि' समग्र भूमिभरमा – कालो धुवाँ फैलियो,
'भानू' पश्चिमअन्तरिक्षतलमा – निस्तेज पो देखियो-
सेनाको टुकडी स-शस्त्र करमा – बाजा फुकी 'बेगुल'
हेर्थ्यो व्योमतिरै बजाइ करका – ती 'वाद्य' शोकाकुल' ॥१०॥

केही हुन्छ अवश्य दुर्दिन यहाँ भन्ने म सोच्दै थिएँ,
भोलीपल्ट उसै भयो जगतमा जस्तो म गुन्दै थिएँ
ढल्क्यो राष्ट्रिय स्तम्भ भूमितलमा – आधार खस्क्यो तल,
नेपाली जन शोकपीडित भई रुन्छन् यहाँ हर्पल ॥११॥

भन्छन् आज 'वीरेन्द्र' बाबुसरिका राजा कहाँ पाउँला,
उन्का चिन्तन-कर्म-त्यागहरूका – गाथा कहाँ गाउँला,
जस्को चित्र छ देहको घरघरै –देखिन्छ ताजा जसै,
उस्को मृत्यु वियोग विश्वभरको –लाग्दै छ साझा जसै ॥१२॥

भावी राजधिकार वाहक तिमी – दीपेन्द्र अल्प्यौ कता,
आमाको ममता चुँडेर जननी –ऐश्वर्य लाग्यौ कता-
छोटै जीवन बाँच्न पाई जगमा –अल्प्यौ नि 'नीराजन'
जम्मै साथ गए विषाद मनले आफन्त नातागण ॥१३॥

हामी आज भयौँ समग्र टुहुरा –माता-पिताहीन झैँ
हामी आज भयौँ नितान्त दुःखिया – बन्धू-सखा हीन झैँ-
छोडचौ चट्ट 'करोडकोटि' जनता – लौ आज कस्का भर,
काठमाडौँ नगरी छ स्तब्ध अहिले – काहाँ बनायौ घर ॥१४॥

को बुझ्ला अब पीर कष्ट जनको – माहौल सन्त्रस्त छ,
देशैका सबतर्फको गतिविधी – हिंसादिले ग्रस्त छ-
बाँच्ने हो कसरी विदीर्ण मनले – बेसाहरा भै सक्यौं,
तिम्रो याद प्रगाढले धरणिमा – रोएर थाकी सक्यौ- ॥१५॥

सुन्दैनौ कि अरण्यरोदन त्यहाँ – आत्मीय चित्कार रे,
'राजा' भन्दछ बाल-वृद्ध-वनिता – सम्झी अहोरात्र रे-
आँसु बग्दछ मेघका भलसँगै – उर्लिन्छ बाढी पनि,
कैल्यै अन्त हुँदैन रोदन यहाँ – थप्दैछ पीडा अनि ॥१६॥

कालो भो दिन जेठ उन्निस गते – आजन्मकै निम्तिमा,
फिर्ला त्यो दिन वर्ष फेरिन गए – यी कालका घुम्तिमा,
पीडा नित्य हुनेछ त्यो दिन जसै – वर्षै फिरी आउँदा,
घट्ना याद हुनेछ राजघरको – सम्झी सबै ल्याउँदा ॥१७॥

साँच्चै नै युगको 'पटाकृत' भयो – स्वर्गीय 'वीरेन्द्र'को,
तीसै वर्ष गरेर शासन यहाँ – श्रद्धेय राजा गयो,
बिर्सूं बिर्सिसकिन्न जेठ महिना – त्यो 'कालरात्री' दिन,
त्यस्तै थ्यो विधिको विधान अथवा – मृत्यू भयो हो किन ॥१८॥

कैल्यै टार्न सकिन्न जे जति कुरा – प्रारब्ध उल्लेख छ,
लेखे जो विधिले-विधान पहिले – सोही हुने गर्दछ,
सक्दैनन् अरूले बदल्न कहिले – प्रारब्धताका कुरा,
जे-जे लेख छ कर्मका पटमहाँ – भोग्दैछ मान्छे पुरा ॥१९॥

साँच्चै त्यै दिन पो थियो कि उनको –लीला समाप्ती हुने,
साँच्चै त्यै दिन पो थियो कि उनको– विश्राम घुम्ती लिने,

साँच्चै त्यै दिन पो थियो कि उनको – यो देह सूक्ष्मै हुने,
साँच्चै त्यै दिन पो थियो कि उनको–'क्रव्याग्निमा होमिने' ॥२०॥

साँच्चै त्यै दिन पो थियो कि उनको– जन्तासितै टाढिने,
साँच्चै त्यै दिन पो थियो कि उनको–आत्मा विलीनै हुने,
साँच्चै त्यै दिन पो थियो कि उनको – गन्तव्य पूरा हुने,
छप्पन्नौं वय वर्ष जीवित भई – पञ्चत्वमा फर्किने ॥२१॥

खै को सक्दछ भन्न जान्न विधिको – अज्ञात लेखा पनि,
जिज्ञासाहरू छन् अनुत्तरित नै – क्वै छैन ज्ञानी-गुणी-
सोधूँ कोसँग मौन आज सब छन् – बोल्दैन भाषा ध्वनि,
भाषा बन्छ त भाव रुक्छ दिलको – सर्दैन यो लेखनी ॥२२॥

हामीले जनका वरिष्ट अगुवा – राजा गुमायौं अब,
हामीले सुख-दुःखका हितसखा – राजा गुमायौं अब-
हामीले अझ योग्य चिन्तक गुणी – राजा गुमायौं अब,
राजा ती सुविकासवादि अनि थे – नेपालका 'वैभव' ॥२३॥

जन्ताका घर आगनी पुगिदिने – राजा गुमाई सक्यौं,
जन्ताका सुख-शोकमा सम हुने – राजा गुमाई सक्यौं-
जन्ताका ममतामयी जनक या –नेता गुमाई सक्यौं,
देशैका अभिभावकै सकलका – भ्राता गुमाई सक्यौं॥२४॥

हाम्रो साथ रह्यो यहाँ समयको – दुःखान्तकै सिर्जना,
हाम्रो साथ रह्यो महाप्रलयको – आजन्म खल्लोपना-
हाम्रो साथ रह्यो नि शोकहरूको – त्यो भाव रेखा अब,
हामी छौं सब दीन-हीन टुहुरा – खस्की सक्यो गौरव ॥२५॥

जम्मै दूर-दराजका जनहरू – त्यै शोकसन्तप्त छन्,
जम्मै विश्व विदेशका जनहरू – त्यै शोकसन्तप्त छन्
जम्मै छन् जनआत्म विह्वल यहाँ–छैनन् नि राजा भनी,
आस्था जीवित नै छ भूपप्रतिको – ती राष्ट्रका 'रोशनी' ॥२६॥

खाएनन् दिन तेह्रसम्म जनले – मीठो-मसीनो कुनै,
लाएनन् दिन तेह्रसम्म जनले – वस्त्रादि-आभूषणै
सारे लग्न 'विवाह-वर्तमनका' – दिक्दार पारी मन,
रोके नृत्य र गीत नाचघरका – मेला मनोरञ्जन ॥२७॥

थाले मुण्डन गर्न केश शिरका – रैतीहरूले पनि,
राज्यैका सब कर्मचारिहरू ता – निस्के 'मुडौले' बनी-
साँच्चै राष्ट्रिय शोकले घरघरै – आशौच बार्नू पर्‍यो,
राजाको अवसानमा विपतका – आँसू खसाल्नू पर्‍यो ॥२८॥

रोके लेखकले नवीन रचना – लेख्ने यहाँ 'लेखनी'
रोके गायकले गला मृदुकला – बेचैन आफैं बनी
रोके चित्रकला सबै श्रमिकले – कर्तव्य रोके श्रम,
रोके जोत्न 'हलो' किसानहरूले – सम्झेर न्यास्रा दिन ॥२९॥

रोके रे 'पयपान' गर्न शिशुले – देखेर आमा रुँदा,
रोके पढ्न र लेख्न शिष्यहरूले – इस्कूल बन्दै हुँदा-
रोके साहस वृद्धले युवकले – नारीहरूले पनि,
सज्जा-साज-सिँगार हर्ष सुखका – कर्तव्य रोके अनि ॥३०॥
दुःखी भो वनफाँट रम्य धरणी – लौ 'राज'को शोकमा,
जस्तै चेतन मानवै दुःखित भो – ती 'राज'का शोकमा
त्यस्तै रुन्छ धरा यहाँ धरधरी – आँसू गरी झल्झल,
कैल्यै हुन्छ धरित्रि बादल सरी – निन्न्याउरी केवल ॥३१॥

कैले गर्दिछ "सुँक्क-सुँक्क" दिलमा – रोएर थाके जसै,
धेरै पीर परेर रोदन फुट्यो – थामिन्न होला त्यसै
आँसू छैन नि 'नैन'मा सुँकसुँके–उच्छ्वाश मात्रै छ त्यो,
को पो सक्छ र थाम्न आँसु गहका–बेला पर्‍यो दुःखको ॥३२॥

यात्रा भो 'शव'को समग्र जनता – दौडे मलामी भई,
प्यारा भूप निमित्त अर्पण गरे – पुष्पादि माला लिई
छातीमा छ सचित्र पूज्यवरको – नारा थियो प्यारको,
राजा-देश र भेषलाई दिलले – गर्दैन लौ प्यारको? ॥३३॥

बर्से फूल अबीर राजशव मा – श्रद्धाञ्जली अर्पिंदै,
बाटा-चोक मसानमार्ग भरमा – हिँड्थे 'मलामी' रुँदै-
यात्रा थ्यो दुःखको जहाँ सब थिए – राजा र जन्ता पनि,
के लेख्यो विधिले दयारहित भै – यो राष्ट्रको 'जीवनी' ॥४३॥

"राजा ! आज कहाँ गयौ जन लगी – ओढेर पीताम्बर,
आत्मा जान्छ कहाँ-कहाँ तन छुटी – 'धर्ती तथा अम्बर'
तिम्रा साथ असंख्य मानिसहरू – आए नि 'राजा' भनी,
फर्कीद्यौ, अब राष्ट्रनायक तिमी – फेरेर चोला पनी ॥४४॥

फर्केलान् कसरी असंख्य जनता – छोडी तिमी घाटमा,
तिम्रो पार्थिव देह भस्मित भयो – त्यो 'आर्यको घाटमा'
ज्वाला गो नभमा धुवाँसित उतै – थाल्यो नि वर्षा हुन,
फर्कन्थे कि 'वीरेन्द्र' जीवित भई –मान्छे जलायौ किन ? ॥३६॥

हेर्दा हुन् नभमा पुगेर हलुका – त्यो सूक्ष्म आकारले,
धर्तीबाट अथाह व्योमतलमा – देख्दैन संसारले

हल्लाए जब हात पूज्यवरले – भन्दै बिदाई अनि,
जन्ताले नयनाश्रुपूरित भई – बोले बिदाई ध्वनि ॥३७॥

सक्दैनन् जन अन्तरङ्ग दिलले – गर्नै बिदाई पनि,
जन्ता केवल औपचारिक भई – बोल्थे बिदाई ध्वनि,
जस्का अन्तर आत्ममा अमिट भै – छाँया बस्यो भूपको,
राजा आज पुगे नि अन्तपुरमा – माया छ त्यै रूपको ॥३८॥

जस्ले स्नेह दिएर पालन गरे – सम्झी निजी आत्मज,
त्यस्तै योग्य पिता वीरेन्द्र सरिका – नेपालले खोज्दछ,
रानी वस्तुत मातृकै स्वरूपमा – ऐश्वर्यको याद छ,
हाम्रा दीपशिखा निराजन तथा – दीपेन्द्रकै अस्त छ ॥३९॥

जन्ताका प्रियपात्र धड्कन मुटू – आत्मीय इस्पन्दन,
जस्ले सन्ततिकै सुरक्षण गरे – दी स्नेहको बन्धन,
झण्डै ढाइकरोड देशभरका – मान्छे भए विह्वल,
उन्को पार्थिव देह घाटतटमा – जल्दैछ क्रव्यानल ॥४०॥

देखेनन् कतिले विशिष्ट शव त्यो – क्रव्याग्निमा अर्पिदा,
देखेनन् सबले यशस्वि जन त्यो – घाटैमहाँ अल्पिदा,
देखे जे जतिले सबै उनिहरू – छन् आत्ममै पीडित,
जन्ता दूर-दराजका हृदयमा – आस्था छ रे सञ्चित ॥४१॥

प्यारा भूप वीरेन्द्रका प्रति अझै – जन्ता तथा देशको,
होला सूक्ष्म प्रगाढको निकटता –आत्मीय सम्बन्धको,
भुल्नेछैन कदापि हेर जनता – स्वर्गीय राजाकन,
होला विघ्न-कठिन-मुश्किल यहाँ–को भुल्न सक्ला भन ॥४२॥

निभ्ने छैन कदापि दीप अघि जो – बालेर 'पृथ्वी' गए,
सोही दीपककै नयाँ किरणमा – यी राज्य सत्ता रहे,
तीसै वर्ष गरेर शासन यहाँ – सम्राट अल्पे कहाँ,
राज्यैको अधिकार आज उनले – सुम्पी गए भाइमा ॥४३॥

तिम्रो पार्थिव देहले यति छिटै–भेट्यो बिसौनी कि त,
राज्यैका अभिभारले थकित भै – भारी बिसायौ कि त,
खै, केले युगले लियो प्रलयकै – विश्राम कोल्टे पनि,
राजाको अवसानलाई कसरी – अर्थ्याऊँ मैले पनि ॥४४॥

सोचेको कसले थियो र अहिल्यै – विच्छेद होला भनी,
सोचेको कसले थियो यति छिट्टै – सान्निध्य टुट्ला भनी,
सोचेको कसले थियो नियतिमा – यो वज्र पर्ला भनी,
यो भन्दा अरू विघ्न राष्ट्रभरको – दुर्भाग्य नै छैन नि ॥४५॥

छन् सौम्याकृति साज - सज्जित सँगै– चोटा र कोठामहाँ,
कत्ती हुन्न पत्यार मृत्युसितको – हेर्दा नि फोटामहाँ,
सम्झन्छौँ जब जेठ उन्निस गते – घट्ना घटेको दिन,
आँखामा भल बग्छ आँसु जलको – सम्झेर दैनन्दिन ॥४६॥

एकैसाथ सबै मनुष्यहरूले – आएर रोए पनी,
आँसूका जलले समग्र जगकै – भूभाग धोए पनी,
फिर्ने छैन कदापि 'दिव्य सविता' त्यो अस्त भै गैसक्यो,
आँसू पीर पिएर हुन्छ अब के होन्हार हो भै सक्यो ॥४७॥

अर्कै जीवनधाममा हिडिसक्यो – त्यो दिव्य आलोक रे,
राजाले पदचिन्ह छोडि जगमा – जानू भएको छ रे,

आऊ लौ अब धैर्यधारण गरी – गन्तव्य पैलाउन,
राजाको यशकीर्ति यो मुलुकमा – सर्वत्र फैलाउन ॥४८॥

धेरै वर्ष लिनेछ यो मुलुकले – आघात मुक्तै हुन,
धेरै वर्ष लिनेछ देश-जनता –घट्नाहरू बिर्सन,
कफर्यूमा पनि शोकमग्न जनता – बोल्थे नि राजा भनी
राजा सूक्ष्म शरीरले सगरमा – सुन्थे सहस्रौं ध्वनी ॥४९॥

तिम्रो हर्षित चेहरा अनलले – सम्पूर्ण मेटी सक्यो,
तिम्रा चिन्तनकर्मलाई युगले – जम्मै समेटी सक्यो,
राजा हौ प्रियवस्तु लाख जनका – आत्मामहाँ राज हौ,
हैनौ मात्र तिमी सुपूज्य नर रे – यो विश्वकै ताज हौ ॥५०॥

तिम्रा देहवसानका सब कुरा – साँच्नेछ यो ग्रन्थले,
तिम्रा कर्मस्वभावका सब कुरा – राख्दै छ यो ग्रन्थले,
तिम्रा जीवनमूल्यको सब कुरा – खुल्नेछ यो ग्रन्थमा,
तिम्रो कीर्ति रहन्छ है युग-युगौं – नेपालका धाममा ॥५१॥

तिम्रा शोक वियोगका लहर यी – लेख्दैछु धेरै पछि,
पैले डेग चलेन यो कलमको – आशौच पाऱ्यो कति,
जम्मै भाव विलीन भो ह्दयमा – त्यो सिर्जना क्षेत्रको,
मेरो कण्ठ सुक्यो सदा रुदनले – आँसू सुक्यो नेत्रको ॥५२॥

होलान् की पदचिन्ह यो धरणिमा – मेची र कालीतिर,
होलान् की पदचिन्ह विश्वभरका – पारी सिमानातिर,

बोली मात्र म सुन्छु टेप अधिका – खुल्दा नि कैले कहीँ,
तिम्रो रूप सदेह यो जगतमा – भेटिन्न कैल्ये कहीँ ॥५३॥

मेरो लेखनकार्य धेर दिन नै – त्यै शोकमा बन्द भो,
मेरा नित्य निमित्तकर्म गतिको – चर्या यहाँ मन्द भो,
अल्पे याम बिना कुनै सृजनमा – निष्काम टोलाउँदै,
बोली द्यौ न नरेश एकछिन ता – आएँ म बोलाउँदै ॥५४॥

तिम्रा दूर – सुदूरका पथहरू – न्यास्रा सबै भैसके,
आफ्नै शान्त स्वदेशका पथ पनी – न्यास्रा यहाँ भैसके,
बाटो हेर्दछ हैमश्रृंग चुचुरा – फिर्छन् कि राजा भनी,
बाटै हेर्दछ सम्म फाँट तल यो –फिर्छन् कि राजा भनी ॥५५॥

बाटै हेर्दछ उच्च शैल शिरले – उड्दा कुनै यान त्यो,
बाटै हेर्दछ व्योमले - धरणिले – गुड्दा कुनै भ्यान त्यो
बाटै हेर्छ सदा सुरम्य प्रकृति – श्रृंगार आफ्नो गरी,
बाटै हेर्छ वसन्त बागहरूमा – गाएर गाना चरी ॥५६॥

बाटै हेर्छ आगाध स्निग्ध सरिता – तर्छन् कि राजा भनी,
चोखो नीर लिएर स्नानशुचिता – गर्छन् कि राजा भनी,
जम्मै मञ्च तयार छन् सजधजी–बस्छन् कि राजा भनी,
मान्छे उत्सुक छन् सदा दिन यहाँ–भेट्छौँ कि राजा भनी ॥५७॥

प्यारो शब्द गरेर बोल्छ अब को – हे देशवासी भनी,
सुन्ला रे वचनामृतै अब कहाँ –आदर्शका ती धनी,
तिर्खाले सब छट्पटै भइसके – त्यो सत्य गङ्गा सुक्यो,
राजाको सब प्यार मोहममता – कुन् व्योम पारी पुग्यो ॥५८॥

ज्यादै चर्चित थ्यौ सबै मुलुकमा – वीरेन्द्र राजा तिमी,
जन्ताका प्रियपात्र राष्ट्रभरका – सच्चा विभूती तिमी,
हाम्रो राष्ट्रिय एकता पनि तिमी – हे स्वाभिमानी जन,
तिम्रा चिन्तन - कर्मको युगयुगौँ – गर्नेछ श्रद्धा जन ॥५९॥

भुल्ने छैन कदापि देश जनता – राजा प्रजातान्त्रिक,
जस्को छत्र - छहारिमा सबजना – हुन्थे नि आनन्दित,
सोही स्तम्भ ढल्यो नि भूमितलमा – आधार छायाँ दिने,
अल्पे लोक नरेश अन्तपुरमा – आत्मीय माया दिने ॥६०॥

माली हौ यस देशका विगतकै – नेपाल हो बाटिका,
वैले फुल नपाइ मल्जल कठै ! – सौन्दर्य भैगो फिका,
हाँक्ने देश सिपालु चालक तिमी – बन्दै भयो वाहन,
यात्रामा अवरोध भो दुःखदको – जाने कहाँ हो भन ? ॥६१॥

आऊ चालक हाँक वाहन यहाँ – यात्रा छ मध्यस्थमै,
हामी रुद्ध भयौँ यहाँ विकटमा – टाढा छ यात्रा अझै,
जम्मै लागिसके नि अग्रपथमा – निर्दिष्ट ठाऊँतिर,
हाम्रो नूर गिऱ्यो यसै विपदमा – उठ्दैन कैले शिर ॥६२॥

आँसू झार्दछ नित्य व्योमतलले – वर्षा भएका घरी,
बाढी बग्दछ नद्यमा रुदनले – डाँको छुटेझैँ गरी,
मान्छे हो किन भुल्दछौ अब तिमी – आत्मीय राजाकन,
बुझ्दैनौ किन आत्मरोदन यहाँ –जल्दै छ भित्री मन ॥६३॥

उर्ली बग्दछ नीर नद्यसित त्यो – भेटिन्छ राजा भनी,
आँधी चल्दछ नित्य उग्र गतिमा– भेटिन्छ राजा भनी,

कुइरो भाग्दछ शैलश्रृङ्गहरूमा – भेटिन्छ राजा भनी,
राजाको अवसानमा मुलुकमा – सम्वेद्य को छैन नि ! ॥६४॥

मान्छेको मनमात्र पीडित नभै – माटो यहाँ रुन्छ रे,
आफ्नै देख्छ महाविषाद जनले – त्यै पूर्ण सम्झन्छ रे,
रोएको मन मान्छ पूर्ण जगतै – रोई रहेको सरी,
पीडाका पथसाथ तिव्र गतिमा – आँसू हुने बर्बरी ॥६५॥

मैले दर्शन नै नपाइ उनको – दुःखान्तको अन्त्य भो,
फोटोमात्र रह्यो नि आज सँगमा–आकार त्यो मौनको,
बोलूँ लाग्दछ नित्य हेरि मुखमा – अनुहार बोल्दो जसै,
फर्की हेर्छु म खाली मौन मुहडा–आस्था छ मेरो सधैं॥६६॥

तिम्रो जन्ममहाँ हरेक ऋतुमा – गाथा सदा गाउँथ्यौं,
आस्था भाव जगाइ गीत कविता–सद्भाव देखाउँथ्यौं,
मैना पौष र चौधको दिन कठै ! – आई फिरे तापनि,
तिम्रो नश्वर देहले जगतमा – फेरी सक्यो जीवनी ॥६७॥

माला फूल चढाउँला प्रणयले– भन्ने नि धोको रह्यो,
यात्रा पीडितको दुःखान्त गति यो–भन्ने नि धोको रह्यो,
दूरैबाट कठै ! न दर्शन मिल्यो – साक्षात भग्वानको,
विष्णुका अवतार पूज्य जनको–बेकाल अव्सान भो॥६८॥

लेख्नै आज पऱ्यो वियोग घटना– कैल्यै न सोचे जसै,
लेख्दैछन् सबले विदीर्ण घटना – श्रद्धेय वीरेन्द्रकै,
जस्मा दर्शनको सुयोग नदिई – अल्पेर लाग्यौ कता,
यस्तो बुद्धि-बुता विहीन जनले–के लेख्दथ्यो सत्कथा ॥६९॥

तिम्रो पार्थिव देह ऊर्ध्वगतिमा – भैगो नि आरोहण,
हाम्रो मोह छ दिव्यदेहसित नै – देख्दा चितारोहण,
जस्को आज महाप्रयाण भइगो – यात्रा अनन्तै तिर,
राजा खोजुँ कहाँ म आज धरती ! –कुन प्रान्त देशैतिर ॥७०॥

त्यस्तो सुन्दर सिर्जना शरिरको–मेट्यो नि क्रव्याग्निले,
हाम्रो अन्तरआत्म चिन्तित हुँदै– जल्दै छ शोकाग्निले,
कैले लाग्दछ मानसी पटलमा – यो भेश नै छैन कि,
कैले भन्न पुगिन्छ भूप नरहे – हामी रहन्नौं ह कि ! ॥७१॥

रोएको छ नि देश यो पिलपिले – आकार पारीकन,
आफ्ना राज वियोगको विरहमा– कल्पी नरुन्थ्यो किन,
पृथ्वीका निज सन्तती मुलुकका –कर्ता र भर्ता उनी,
साँच्चै हुन् जगका उनी जनक रे – उद्धारकर्ता पनी ॥७२॥

मात्रै दूर-दराजबाट उनको – पाएर माया यहाँ,
लेखैं शाश्वत काव्य यो मनभरी – राखेर श्रद्धा यहाँ,
आफू मै कति गौरवान्वित थिएँ–राजा छँदै छन् भनी,
साँच्चै आज कसो गरी सहुँ कठै ! –यो आत्मको रन्थनी ॥७३॥

छोड्यौ भूतल यो चटक्क कसरी –गङ्गा जयन्ती दिन,
गंगा स्नान र तीर्थधामतिर नै –लाग्यो कि घुम्ने मन,
पूरा भैन कि चारधाम र गया – बद्री र केदारको,
गङ्गोत्री - ऋषिकेश क्षेत्र यमुना – साथै हरीद्वारको ॥७४॥

देखी निन्दितकर्म यी कलियुगी – लाग्यौ कि धामैतिर,
यद्वा लाग्नु पर्‍यो कि देशहितका – धर्मार्थ कामैतिर,

गद्दी-गाथ त्यजेर रात कसरी – यात्रा गर्‍यौ तीर्थको,
बेहानी पखमात्र सूचित भयो – सम्चार त्यो मृत्युको ॥७५॥

तिम्रो देह सुडौल कान्ति भरिलो –देखिन्छ चित्राकृति,
फोटोमा जब दृष्टि पर्दछ यहाँ–जीवन्त सम्झूँ म कि,
टोलाइकन हेर्दछु मुखतिरै – आँखा जुधाई कन,
छैनौ भूतलमा तथापि कसरी – आफ्नो बुझाऊँ मन ॥७६॥

छाडी चट्ट करोडकोटि जनता – बाटो कहाँको लियौ,
जन्ताका सँग आज निष्ठुर बनी–साँटो कहाँको लियौ,
मान्छे मौन-मलीन छन् पथमहाँ – बाटो छुटेका सरी,
यात्रा भग्न भयो छुटेर अगुवा– लाग्यौ कहाँ यो घरी ॥७७॥

फिर्दैनन् जन हेर कान्तिपुरमा – स्वर्गीय राजा अब,
घुम्दैनन् अनि हेर देशभरमा – स्वर्गीय राजा अब,
के सुन्लान् जनका विषाद मनका– स्वर्गीय राजा अब,
बाटो लागिसके अनन्तपुरको–वीरेन्द्र राजा अब ॥७८॥
व्यर्थै आज नभाग नीरनदका – भेटिन्न राजा कहीँ,
व्यर्थै लौ नसुसेल वायु सिरिरी – भेटिन्न राजा कहीँ,
व्यर्थै बादल रे, नघुम्नु नभमा – भेटिन्न राजा कहीँ,
व्यर्थै गर्नुहुँदैन चिर्बिर चरी ! – सुन्दैन राजा कहीँ ॥७९॥

राजा ता अब घुम्दछन् गगनमा–त्यो सूर्य ज्योत्स्नासित,
राजा शीतल छर्दछन् धरणिमा–त्यै चन्द्र ज्योत्स्नासित,
राजा ता अब बस्दछन् सुखदमा – वैकुण्ठ धामैतिर,
जन्तामात्र छ आज दुर्ग-दुःखमा –यो मर्त्य धामै तिर ॥८०॥

आऊ पूर्व स्वरूपमा अझ तिमी – भेट्छौं अघाईकन,
आँखा तृप्त हुनेछ दर्शन मिले – बुझ्नेछ भित्री मन,
मेरो भावुक अन्तरंग अब यो – मान्दैन कस्तै गरी,
मेरो सर्जक लेखनी अझ यहाँ–भेट्दै छ काला गिरि ॥८१॥

आनन्दी क्षण हुन्छ रे मिलनको – प्रेमीहरूमा पनी,
पार्छन् दग्ध वियोगका समयले –आत्मा सबैका यिनी,
जस्ले बुझ्न सक्यो पियार जगमा–सर्वात्म आनन्दित,
उस्ले बुझ्छ वियोगका समयको –त्यो दर्द मर्माहत ॥८२॥

सोही कारण लेख्दछु दुःखदका – गाथा यहाँ मै पनि,
लेखूँ भन्दछु पूर्णतातिर पुगी – सक्दैन कैल्यै पनि,
मेरो देश भयो मलीन किन हो – खुल्दैन नीलो नभ,
नेपाली वनफाँट शैलहरूमा – सौन्दर्य होला कब ॥८३॥

भैगो पाउ दुबै थकीत अहिले – राजा म भेटूँ कहाँ,
मेरो आदिमकालकै हृदयको – आस्था म मेटूँ कहाँ,
साँच्चै आज सुक्यो यहाँ हिमनदी–तिर्खा म मेटूँ कहाँ,
आस्था केन्द्र वीरेन्द्रलाई धरती–भन्दी लुकायौ कहाँ ॥८४॥

रोकिन्छन् हरदात नीद सुखका–सम्झूँ कि राजा भने,
बग्दन् भल्भल तप्त आँसु गहका–सम्झूँ कि राजा भने,
बिर्सूं लौन कसो गरी अब यहाँ–पीडा त आलै छ नि,
थामूँ रोदन लौ न आज कसरी–बेला कहालै छ नि ॥८५॥

नीलो व्योम खुला छ तैपनि यहाँ– डाँडा अँधेरा किन,
लालीमा रविको छँदै क्षितिजमा – सौन्दर्य अल्पे किन,

मान्छे हो, किन रम्दछौ जगतमा – पीडा दबाईकन,
राष्ट्रैमा अब शोक सिर्जन भयो – रोऊ अघाईकन ॥८६॥

आफ्ना रोदनका सबै लहर यी – लेखी सकेँ काव्यमा,
राजाको दुःखपूर्ण मृत्यु घटना – लेख्नू थियो भाग्यमा,

कस्लाई अब यो विलाप रचना – खोलेर देखाऊँ म,
यात्रा मार्ग छ रुद्ध भूमितलको–कुन् मार्ग पैल्याऊँ म । ॥८७॥

उन्को पार्थिव देह जीवित हुँदा– आफू म स्रष्टा थिएँ,
उन्को भौतिक रूप भस्मित हुँदा–मात्रै म द्रष्टा भएँ,
मेरा सिर्जन शिल्पलाई जगमा – देख्नै नपाई गयौ,
देखाऊँ कसलाई आज रचना – लेख्नै नभ्याई गयौ ॥८८॥

मात्रै श्वास-प्रश्वासको तन यहाँ –सिर्जी दियो दैवले,
मात्रै हाड र मांसको तन यहाँ – सिर्जी दियो दैवले,
मात्रै रक्त र नीरको तन यहाँ – सिर्जी दियो दैवले,
मान्छे जीवनमा हुने विलयको –विश्वास क्यै छैन रे ! ॥८९॥

जस्ले सुन्दर सिर्जना जगतमा –आफैँ अगाडी गयो,
उस्ले सर्वविनाशको स्थिति यहाँ– आफैँ कसोरी गऱ्यो
गर्दा सिर्जन त्यो अमूल्य रचना – के याम लाग्दैन र !
आफ्ना सिर्जित वस्तुको विलयमा–के मोह जाग्दैन र ! ॥९०॥

आफैँ पालनहार स्नेहिल बनी – निर्माण गर्छन् जुन,
आफैँ पालनहार निष्ठुर बनी – संहार गर्छन् किन ?
सिर्जेका रचना सबै जगतका – कैल्यै न नाशी दिनू,
पीडा-पीर-विषादका समयमा – व्यर्थै नहाँसी दिनू ॥९१॥

यो संसार असार नाट्य स्थल हो–मान्छे सबै पात्र हुन्,
ती आफ्ना अभिव्यञ्जना क्षणिकका–देखाउने मात्र हुन्,
पर्दा बन्द भएर पात्र जसरी – अल्पन्छ नेपथ्यमा,
त्यस्तै जीवनको पटावृत भए–अल्पन्छ मान्छे कहाँ ? ॥९२॥
फिर्छौं की नवपात्र भै जगतमा – वीरेन्द्र राजा तिमी,
फिर्छौं की युवराज भै अझ यहाँ– वीरेन्द्र राजा तिमी,
फिर्दैनौ कि त क्रूर मर्त्यतलमा – सम्झी बितेका दिन,
भुल्दैनौ हकि व्यर्थ मृत्यु घटना – घट्ने नराम्रा दिन ॥९३॥

तिम्रो नाट्य समाप्त भो कि अब यो–संसारको मञ्चमा,
सुन्दैनौ अभिव्यक्ति आज किन हो–अल्प्यौ कि नेपथ्यमा,
तिम्रो रम्य थियो नि जीवनकला– देखौँ कि देखौँ जसै,
पर्दा बन्द भएर दर्शक यहाँ – छन् मूकदृष्टा जसै ॥९४॥

तिम्रा दिव्य सुरम्य पाउतलमा – गर्दैछु दण्डोवत,
आशिर्वाद दिएर जाउ न पिता – विश्रान्ति बेलासित,
जो - जो भूल गरेँ यहाँ सृजनमा–जम्मै क्षमा मागदछु,
राखी सञ्चित सम्झना अब नयाँ–गन्तव्यमा लागदछु ॥९५॥

॥इति॥

श्री ५ वीरेन्द्रको जीवन वृत्तान्त

विषय–सूची

डा. तुलसीप्रसाद भट्टराई	श्री ५ वीरेन्द्र : व्यक्तित्व एवं कृतित्व	६९
ज्योतिराज काफ्ले/ प्रमोद भट्टराई	श्री ५ वीरेन्द्रको जीवनकालका केही महत्त्वपूर्ण तालिका	८७

श्री ५ वीरेन्द्र : व्यक्तित्व एवं कृतित्व

राजा र राजपरम्परा

राजा: वंश परम्पराअनुसार अधिकार प्राप्त गर्ने, देशको शासन गर्ने सर्वोच्च व्यक्ति । स्वामी, मालिक, राजा-प्रकाश, तेजपुंज, शक्ति गतिको संयुक्त अर्थवान् शब्द हो । प्रकाशमान हुने, जनतालाई प्रसन्न राख्ने जस्ता अर्थ समेत निहित छ राजा शब्दमा । राज्य शब्दको उत्पत्तिसँगै उत्पन्न राजा उपाधिधारी व्यक्तिसँग सम्बद्ध विषय विश्वको इतिहासमा सर्वत्र व्याप्त छ ।

राजा शब्द विश्व इतिहास, धर्म, दर्शन, संस्कृति परम्परा, कला साहित्य आदि मानव समाजका यावत् विषयहरूमा अत्यधिक प्रस्तुत हुने शब्द हो । मनुष्यका दैनिक व्यवहार, बोलीचाली, कथा, कहानी, उखानटुक्का आदिमा मात्र होइन, सम्पूर्ण दिनचर्यामा समेत राजा शब्द र यसको अर्थ छाएको हुन्छ । मानव सृष्टिसँगै राजा शब्द जन्मिएको हो भनेमा अत्युक्ति हुनेछैन ।

नेपालको राजतन्त्र

विश्वको इतिहास विशेषत: राजतन्त्रात्मक राज्य व्यवस्थाको इतिहासमा नेपालको इतिहास र वर्तमान छुट्टै प्रकारको छ । विश्वका अन्य राजतन्त्रात्मक मुलुकको अध्ययन गर्दा विभिन्न चरणहरू देखिन्छन् । क्रमबद्ध राजतन्त्रात्मक शृङ्खला हुने मुलुक प्राय: पाइँदैन । राज्य बन्ने/टुटने, कहिले गणराज्य, कहिले साम्राज्य, कहिले गणतन्त्र, कहिले उपनिवेश, कहिले सामन्ती शासनजस्ता विभिन्न चरण विश्वका राष्ट्रहरूले पार गरेका छन् । तर नेपालमा विशेषत: काठमाण्डौ उपत्यकाको करिब ३ हजार वर्षअघि प्रथम राजा धर्मांकरदेखि पूर्व पश्चिमका ससाना राजारजौटासम्मको इतिहास हुँदै आजसम्मको राजतन्त्रात्मक परिपाटी आफ्नै प्रकारको स्वतन्त्र र मौलिक परम्परामा आधारित छ । 'राजा सबैका साझा' भन्ने मान्यता र विश्वासमा अडेको छ नेपालको राजपरम्परा र राजसंस्था ।

शाहवंश परम्परा

- नेपालका शाहवंशीय राजपरम्पराको इतिहास धेरै लामो छ । एउटै राजवंशको यति लामो परम्परा विश्व इतिहासमा विरलै मात्र पाइन्छ । इतिहासहरूमा वर्णित वंशावली अनुसार गोरखा राज्यका संस्थापक राजा द्रव्य शाह उनन्चासौं पुस्ताका राजा थिए ।

- वि.सं. १६१६ भाद्र २५ गतेका दिन गोरखा राजसिंहासनमा राज भएका थिए राजा द्रव्य शाह । त्यसपछिका राजाहरूमा राजा राम शाह प्रसिद्ध भए । राम शाहको सामाजिक र न्यायिक सुधारहरू आजपनि प्रख्यात छन् । राम शाहका सुधार-नियमहरू आफ्ना राज्यमा मात्र होइन छिमेकी राज्यहरूमा समेत मान्य र अनुकरणीय भएको कुरो इतिहासहरूमा उल्लेख छ ।
- राजा नरभूपाल शाह र रानी कौशल्यावतीका पुत्रका रूपमा वि.सं. १७७९ पौष २७ मा जन्मिएका पृथ्वीनारायण शाह गोरखाका राजा भएपछि राज्य विस्तारमा लागे । साहसी र महत्वाकांक्षी राजा पृथ्वीनारायणले आफ्नै वीरता र सौर्यबाट आजको नेपाल एकीकरण गरे । विशाल नेपाल राष्ट्र बनाए । पृथ्वीनारायणपछि क्रमशः प्रतापसिंह शाह, रणबहादुर शाह, गीर्वाणयुद्ध विक्रम शाह, श्री ५ राजेन्द्र, श्री ५ सुरेन्द्र, श्री ५ त्रैलोक्य वीर विक्रम शाह, श्री ५ पृथ्वी वीर विक्रम शाह नेपालका राजा भए ।
- त्यसपछि श्री ५ त्रिभुवनका राज्यकालमा एकतन्त्रीय राणा शासन समाप्त भएर प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो । श्री ५ त्रिभुवनको नाम प्रजातन्त्रका पर्यायका रूपमा लिइन्छ ।
- श्री ५ त्रिभुवनको देहावसानपछि मौसुफका ज्येष्ठ सुपुत्र श्री ५ महेन्द्रको राज्यारोहण भयो । श्री ५ महेन्द्रको राज्यकाल नेपाली जगत्मा निकै सशक्त र सक्रिय मानिन्छ ।

श्री ५ वीरेन्द्रको शुभ जन्म

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभजन्म वि.सं. २००२ साल पौष १४ गते नारायणहिटी राजप्रासादमा भएको हो । तात्कालीन महाराजाधिराज श्री ५ त्रिभुवनका ज्येष्ठ सुपुत्र श्री ५ महेन्द्र वीर विक्रम शाहदेव तथा श्री ५ इन्द्र राज्यलक्ष्मीदेवी शाहका ज्येष्ठ पुत्ररत्नका रूपमा श्री ५ वीरेन्द्रको शुभ जन्म भयो । मौसुफका भाइ बहिनीहरूमध्ये माहिला वर्तमान राष्ट्रनायक श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव होइबक्सन्छ । श्री ५ धीरेन्द्र कान्छा भाइ होइबक्सन्थ्यो भने बहिनीहरू मध्ये श्री ५ अधिराजकुमारी शान्ति सिंह एवं श्री ५ अधिराजकुमारी शारदा राज्य लक्ष्मीदेवी शाहको निधन भइसकेको छ भने हाल एक मात्र बहिनी श्री ५ अधिराजकुमारी शोभा राज्यलक्ष्मी देवी शाही होइबक्सन्छ ।

बाल्यकाल

मनुष्यको शैशवकाल भविष्य जीवनको द्योतक हुन्छ । स्वस्थ, स्वच्छ, उज्ज्वल, अनुशासित र सुन्दर पारिवारिक वातावरणले जीवनको भविष्य उज्ज्वल बनाइदिन्छ । देशको भावी राजा वा राष्ट्रनायकका लागि यस्तो आदर्श जीवन राष्ट्रकै लागि बहुमुखी नेतृत्वपूर्ण हुनजान्छ । स्व. श्री ५ वीरेन्द्रको शैशवकाल मुमाश्री श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवी शाहकै लालनपालनमा सम्पन्न भएको थियो । तर विधिको विडम्बनाले मौसुफका परमपूज्य माताश्रीको स्वर्गारोहण असमयमै २००७ भाद्र १७ गतेका दिन हुनगयो । तर पनि वर्तमान श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहको शुभ विवाह श्री ५ महेन्द्रका साथ २००९ सालमा सुसम्पन्न भएपछि मौसूफका भावनालाई समयले कुण्ठित पार्न सकेन । अति राम्रो पारिवारिक वातावरणमा हुर्किबक्सिएका श्री ५ वीरेन्द्र ५ वर्षको होइबक्सँदा २००७ सालमा एकतन्त्री राणा शासन विरुद्ध लहर चल्यो । त्यसैबेला राष्ट्रपिता श्री ५ त्रिभुवन प्रजातन्त्रका अग्रगण्य नेतृत्व लिइबक्सी २००७ साल कार्तिक २५ गते दिल्लीतर्फ सवारी होइबक्सियो । श्री ५ महेन्द्र सवारीसाथ होइबक्सेको कारणले मौसूफका साथ स्व. श्री ५ वीरेन्द्र पनि पहिलोपटक विदेश भ्रमणको रूपमा दिल्ली सवारी होइबक्सेको थियो । क्रान्तिपछि जिजुबुवाको साथमा राजधानीमा सवारी भित्रिएपछि मौसुफ अध्ययन गर्ने, नियमित व्यायाम गर्ने, पौडी खेल्ने, घोडा चढ्ने, जुडो खेल्ने, फुटबल खेल्ने आदि अभ्यास आदिमा लागिबक्स्यो ।



प्रारम्भिक शिक्षा

भावी राजालाई सम्पूर्ण राजकीय गुण, क्षमता र योग्यताले पूर्ण बनाउनु राष्ट्रिय दायित्व हो । यसर्थ युग सुहाउँदो शिक्षा दीक्षा प्राप्त गर्ने उद्देश्यबाट श्री ५ वीरेन्द्र दार्जीलिङ सवारी होइबक्स्यो । यसरी श्री ५ वीरेन्द्रको प्रारम्भिक शिक्षा दार्जीलिङको सेन्ट जोसेफ स्कूलमा सुसम्पन्न भयो । मौसूफबाट ६ वर्षको कलिलो उमेरदेखि नै अव्वल दर्जाको शिक्षा, अनुशासित एवम् सुव्यवस्थित जीवनको तालिम, स्वास्थ्य-विज्ञानसम्बन्धी प्रारम्भिक ज्ञान हासिल गरिबक्स्यो । वर्षेनी हिउँदे छुट्टीमा स्वदेश फिरिबक्सँदा

पनि मौसूफबाट नेपाली भाषा, कला, संस्कृति, परम्परा विषयमा विशेष ज्ञान हासिल गरिबक्सनुका साथै नेपाल अधिराज्यका विभिन्न स्थानमा रहेका, विभिन्न क्षेत्रमा काम गर्ने आफ्ना जनताका साथ सम्पर्क राखिबक्सन्थ्यो ।

राजगद्दीको उत्तराधिकारी

श्री ५ वीरेन्द्रलाई सरकारको छात्र जीवन चलिरहेकै बेला बुवाज्यू स्वर्गीय श्री ५ महेन्द्रबाट २०११ साल चैत्र १ गते (सन् १९५५ मार्च १५) का दिन एक सार्वजनिक घोषणाद्वारा मौसूफलाई नेपाल अधिराज्यको राजगद्दीको उत्तराधिकारी घोषित गरिबक्स्यो ।

उच्च शिक्षा

राष्ट्रकै आदर्शको प्रतीकको रूपमा रहिबक्सने नेपाली राजाको व्यक्तित्व सर्वतोमुखी हुनुपर्छ भन्ने धारणा अनुरूप १४ वर्षकै कलिलो उमेरमा घर परिवारको मायामोह र राजसी वातावरणलाई तुच्छ मानी श्री ५ वीरेन्द्र २०१६ साल तदनुसार १९५९मा उच्च अध्ययनका लागि संयुक्त अधिराज्यको इटन कलेजमा सवारी होइबक्सियो । अत्याधुनिक रूपमा विकास भएको आधुनिक विज्ञान र प्रविधिको ज्ञान मौसूफका अध्ययनका विषयहरू थिए । प्राचीन तथा आधुनिक शिक्षाको इतिहासले मौसूफको तीब्र जिज्ञासामा झन् वृद्धि गऱ्यो । फलस्वरूप छुट्टीको समयलाई पनि अरू विषयतर्फ नलगाई सदुपयोग गर्न मौसूफ लागिबक्सन्थ्यो । विशेषत: अध्ययन भ्रमणको विषय मौसूफको अत्यधिक रुचिको विषय भएकाले विभिन्न क्षेत्रको स्थलगत भ्रमण गर्नमा यस जिज्ञासाले ठूलो मद्दत पुऱ्यायो । त्यस अवधिमा विशेष गरी फ्रान्स, जर्मनी र इटली आदिका साथै अन्य युरोपेली मुलुकहरूको भ्रमण गरिबक्स्यो । त्यस्ता भ्रमणबाट प्राप्त हुने ज्ञानले मौसुफलाई अझ अन्तर्राष्ट्रिय व्यक्तित्व बनाउनमा मद्दत पुऱ्यायो भने हुन्छ । २०१७ सालमा स्वर्गीय श्री ५ महेन्द्र तथा श्री ५ बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाह संयुक्त अधिराज्यको राजकीय भ्रमणमा सवारी हुँदा मौसूफ सरकार पनि सम्मिलित होइबक्सेको थियो ।

श्री ५ महाराजधिराजबाट २०१८ सालको भदौमा बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा पनि पर्यवेक्षकको रूपमा भाग लिइबक्स्यो । २०२१ सालमा इटन कलेजको अध्ययन पूरा भएपछि सोभियत संघ, इरान आदि मुलुकहरू हुँदै मौसुफ स्वदेश फिरिबक्सेको थियो ।

विभिन्न विश्वविद्यालयमा अध्ययन

अध्ययनकै क्रममा २०२४ सालमा मौसुफ उच्च अध्ययनका लागि टोकियो विश्वविद्यालयमा भर्नाका लागि जापानतर्फ सवारी होइबक्स्यो । मौसुफको अध्ययनको मुख्य विषय जापानको आधुनिकीकरण नै थियो । आजको अवस्थामा जापानको स्वरूप कसरी बन्दैआयो र कुन स्थितिमा यो मुलुक रहिरहेको छ भन्ने कुराले विकासप्रतिको मौसुफको चाहनालाई तीब्रता प्रदान गरेको थियो । अर्कोतिर शिकोकू, होकाइडो, होन्सु र क्युसु जस्ता टापुहरूको यात्रा गरिबक्सिई त्यहाँको स्थिति र जीवनशैली बारे अध्ययन गर्ने सुअवसर समेत प्राप्त गरिबक्सेको थियो ।

२०२४ साल, भदौ १६ गते श्री ५ महाराजाधिराज जापानको अध्ययन पुरा गरिबक्सी अमेरिकाको हार्वड विश्वविद्यालयमा सवारी भई मौसुफबाट प्रशासन, अर्थशास्त्र, सामाजिक शास्त्रको अध्ययनमा एक शैक्षिक वर्ष विताइबक्स्यो । अमेरिकाको अध्ययनपछि मौसुफबाट विभिन्न देशको भ्रमण र संसारका वरिष्ठ नेता तथा राष्ट्राध्यक्षसँग परिचय गरिबक्सियो । मौसुफ विभिन्न उच्च तहका विद्वान् एवं विशेषज्ञहरूसँग छलफल गरेर आफ्ना जिज्ञासाहरू समाधान गरिबक्सन्थ्यो ।

त्यसैगरी यूरोप, अमेरिका, अफ्रिका र एशियाका थुप्रै मुलुकहरूमा भ्रमण गरेर विभिन्न विषयमा ज्ञान प्राप्त गरिबक्सियो । मौसुफले यसप्रकार औपचारिक शिक्षाका साथै अनौपचारिक शिक्षा, समाजोपयोगी र व्यवहारिक शिक्षा ग्रहण गरिबक्सेको थियो । स्वदेश फिर्ती सवारीपछि पनि नेपाली विद्वान्हरूबाट इतिहास, भूगोल, अर्थशास्त्र, कला, धर्म, दर्शन, प्रशासन आदि विविध विषयमा अध्ययन गरिबक्सेको थियो ।

शुभ उपनयन

हिन्दू धर्मावलम्बीहरूमा एक निश्चित उमेर पुगेपछि ब्रतबन्ध गर्नुपर्ने धार्मिक प्रचलन र सामाजिक संस्कार मानिन्छ । हिन्दूहरूमा शुभ उपनयनको ठूलो महत्व हुन्छ । यसले मनुष्य जीवनलाई धर्म कर्मप्रति सचेत गराउँदछ । मनुष्यले जनै धारण गरेपछि धर्मकर्मप्रति कर्तव्यनिष्ठ रही समाजमा अनुशासित तथा मर्यादित जीवन व्यतित गनुपर्ने कुराको दिशानिर्देश गर्दछ । नेपालको राजतन्त्र हिन्दू संस्कृतिको धरोहर र सनातन धर्मको संरक्षक पनि भएकाले शाहवंशीय राजाहरूबाट वैदिक विधि-विधानद्वारा शुभ उपनयन गर्ने परम्परा छ । त्यसअनुसार मौसुफको शुभ उपनयन समारोह २०१९ साल चैत २९ गतेको दिन वैदिक विधि अनुसार काठमाडौंमा सुसम्पन्न भयो ।

उमेर पुगिबक्सेको समारोह

२०२१ साल असोज १ गते तद्अनुसार ११ अप्रिल १९६३ का शुभ दिनमा विशेष कार्यक्रमसहित हनुमानढोका दरबार स्थित गद्दी बैठकमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहको विधिवत उमेर पुगिबक्सेको समारोहको आयोजन गरिएको थियो । त्यसैबेला मौसुफका जुनाफमा बुवाज्यू श्री ५ महेन्द्रबाट पृथुलाधीशको पदवी पनि प्रदान गरिबक्सेको थियो । श्री ५ महाराजाधिराजबाट प्रदान गरिबक्सने विभूषण तथा पदकहरू पृथुलाधिशमार्फत् श्री ५ महाराजाधिराजका हजुरमा जाहेर गरी मौसुफबाट हुकुम बक्सेबमोजिम राष्ट्रसेवकहरू लगायत देशका विशिष्ट महानुभावहरूलाई र विदेशी समेतलाई दिने प्रचलन छ । यसैगरी त्यही वर्षदेखि बुवाज्यू श्री ५ महेन्द्रबाट श्री ५ युवराजाधिराज शाही नेपाली सेनाको संरक्षक होइबक्सने परम्परा पहिलोपटक प्रचलनमा ल्याइबक्सियो र शाही नेपाली सेनाको सर्वोच्च महासेनानीको पदले मौसुफलाई सुशोभित गरिबक्सियो ।

प्याराविङ्ग उपाधिको विभूषण

२०२५ सालमा श्री ५ वीरेन्द्रबाट प्यारासूटद्वारा हामफाल्ने तालिम लिइबक्सियो । सोही वर्ष श्री ५ महेन्द्रबाट मौसुफलाई प्याराविङ्गको उपाधिले विभूषित गरिबक्सियो । मौसुफ २०३२ सालसम्म नेपाल स्काउट्सको प्रमुख स्काउट र त्यसपछि प्रमुख संरक्षक पनि रहिबक्सेको थियो ।

विविध विषयमा रुचि

मौसुफमा कुनै पनि विषयको ज्ञान प्राप्त गर्ने उत्कट अभिलाषा हुने गरेको कुरा २०३४ सालमा हेलिकाप्टर संचालनसम्बन्धी तालिम लिएर सफलता प्राप्त गरिबक्सेको उदाहरणबाट प्रस्ट हुन्छ । त्यस्तै पौडी खेल्नु, घोडचढी गर्नु, विभिन्न खेलकूद र शारीरिक व्यायाम आदिमा मौसुफ विशेष रुचि राखिबक्सन्थ्यो ।

व्यवहारिक जगत्मा प्रवेश

स्वर्गीय श्री ५ महेन्द्रबाट २०१७ साल, पुस १ गते संविधान दिवसको दिन घोषणा गरिबक्सेको जाँचबुझ केन्द्रको निगरानीको कार्य श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव (तत्कालीन

श्री ५ युवराजाधिराज) सरकारको काँधमा आइपऱ्यो । २०२१ सालदेखि २०२८ सालसम्म विभिन्न समयमा श्री ५ युवराजाधिराजको हैसियतले मौसुफबाट राजकीय परिषद् तथा राजप्रतिनिधि परिषद्को अध्यक्षको कार्यभार सम्हालिबक्स्यो । मौसुफमा उक्त कार्यभार पहिलोपटक २०२१ सालको असोज महिनामा श्री ५ महेन्द्रबाट इजिप्ट गणतन्त्रको राजधानी कायरोमा भएको असंलग्न राष्ट्रहरूको दोस्रो शिखर सम्मेलनमा नेपालको प्रतिनिधि मण्डलको नेतृत्व गरिबक्सँदा आएको थियो ।

पारिवारिक जीवन

मानवजीवन विशेषतः गृहस्थजीवनको महत्वपूर्ण पक्ष विवाह हो । विवाह र सन्तान प्राप्तिलाई गृहस्थजीवनको स्वर्ग-आनन्द मानिन्छ । यो अनिवार्य विषय पनि हो । सोही क्रमअनुसार श्री ५ वीरेन्द्रको शुभ विवाह २०२६ साल फागुन १७ गतेका दिन रथी श्री केन्द्र शम्शेर जबरा एवं श्रीमती श्रीराज्यलक्ष्मी राणाका ज्येष्ठ सुपुत्री श्री ५ ऐश्वर्य राज्यलक्ष्मी देवीका साथ सुसम्पन्न भयो । मौसुफको शुभ विवाहका अवसरमा विश्वका पचास भन्दा बढी राष्ट्रका प्रतिनिधीहरू शाही अतिथिका रूपमा सहभागी भएका थिए । श्री ५ वीरेन्द्रको विवाह अत्यन्तै ठूलो हर्षोल्लास एवं धूमधामका साथ भएको थियो ।



सन्तान प्राप्ति

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको प्रथम पुत्ररत्नका रूपमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहको २०२८ साल असार १३ गते जन्म भएको हो । त्यस्तै प्रथम तथा एकमात्र सुपुत्रीको रूपमा श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी शाहको शुभ जन्म २०३३ साल आश्विन २० गतेका दिन भएको थियो भने मौसुफ सरकारको द्वितीय तथा कनिष्ठ पुत्ररत्नका रूपमा श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाहको शुभ-जन्म २०३५ साल कार्तिक २० गतेका दिन भएका थियो ।



राज्य आरोहण

श्री ५ वीरेन्द्रबाट स्वर्गीय श्री ५ महेन्द्रको उत्तराधिकारीको हैसियतले २०२८ साल माघ १७ गतेका दिन राज्यारोहण गरिबक्सेको थियो भने राज्यारोहणको पच्चीस वर्ष पुगेको अवसरमा २०५३ सालभरी श्री ५ वीरेन्द्रको राज्यारोहणको रजत महोत्सव आयोजना गरेर मुलुकवासी बीच एवं अन्तर्राष्ट्रिय जगत्मा समेत प्यारा राजा श्री ५ वीरेन्द्रको सम्मान गरिएको थियो ।

शुभ राज्याभिषेक

नेपालीहरूका अधिष्ठाता, हिन्दू-आर्य संस्कृतिका रक्षक एवं राष्ट्रियताका प्रतीक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहको - २०३१ साल फागुन १२ गतेका दिन शुभराज्यभिषेक अत्यन्त ठूलो उत्सव एवं माङ्गलिक विधिपूर्वक सुसम्पन्न भएको थियो । मौसुफका शुभराज्याभिषेकका पच्चीस वर्ष - रजत वर्षका रूपमा २०५५ सालमा 'राजा सबैका साझा' मान्यताका रूपमा विशेष समारोहहरू भएको कुरा पनि स्मरणीय छ । राज्याभिषेक परम्परा एवं धार्मिक पक्षका बारेमा यहाँ केही चर्चा गर्नु प्रासङ्गिक हुनेछ ।

राज्याभिषेक परम्परा र राजधर्म

नेपाली जगत्मा प्राचीनकालदेखि नै राजा र राजसंस्थाप्रति अगाध मर्यादा एवं सम्मान गर्ने परम्परा रहिआएको छ । त्यसैकारण प्रत्येक नयाँ राजाको राज्याभिषेकलाई राष्ट्रिय उत्सवको रूपमा मनाउने प्रक्रिया एवं परम्पराले गर्दा राज्याभिषेक एउटा गौरवमय संस्कृति एवं आदर्श मर्यादा पर्वका रूपमा स्थापित भएको छ । धर्मशास्त्रअनुसार राजा जगत्को प्रतिपालन गर्ने ईश्वरी शक्तिको

अंश हुन्छ । प्रजाका संरक्षण एवं पालनका लागि राजालाई समर्थ तुल्याउन राज्याभिषेकको विधि एक संस्कारको रूपमा निर्धारित गरिएको हुन्छ । वंशगत रूपमा राज्यको अभिभारा आइपरे तापनि राज्याभिषेक समारोहबाट राजाले विधिवत् आफ्नो राज्यपद सम्हालेको औपचारिक पुष्टि भएको भन्ने प्रचलन पनि छ ।

वास्तवमा राज्याभिषेक संस्कारको मूल उद्‌गम वेद नै हो र वैदिक कालदेखि नै हिन्दू समाजमा राजाहरूको धार्मिक विधिअनुसार राज्याभिषेक गर्ने परम्परा अटूट रूपमा चल्दैआएको छ । नेपालमा पनि शाहवंशका संस्थापक श्री द्रव्य शाहका पालादेखि र त्यसअघि पनि मल्ल राजाहरूका पालामा वैदिक विधिअनुसार राज्याभिषेक भएका तथा जनताले सार्वजनिक चाडको रूपमा खुसियाली मनाएका प्रमाणहरू पाइन्छन् । हिन्दू समाजबाहेक विश्वका अन्य राजतन्त्रात्मक मुलुकहरूमा पनि राजाहरूको आ-आफ्नो धार्मिक नियमअनुसार राज्याभिषेक गर्ने प्रचलन छ ।

सनातन हिन्दू संस्कृतिअनुसार राजालाई एक व्यक्तिको रूपमा मात्र नलिई एक पवित्र संस्थाको रूपमा लिइन्छ, जुन संस्थाले आफ्नो असाधारण नीतिनिपुणता, कौशल र सौर्यद्वारा प्रजाको पालन गर्दछ ।

मानव सभ्यताको आदिमकालमा विभिन्न जाति वा सम्प्रदायले आफ्नो रक्षाका लागि सङ्गठित समूह बनाएर बसेको एक निश्चित भू-खण्डमा रहने समुदायको सुरक्षा एवं सुप्रबन्धका लागि राजाको संस्थागत व्यवस्था गरेको मानवशास्त्रीहरूको मत छ । यसरी राजसंस्था मार्फत संसारमा शान्ति, सुरक्षा र सुव्यवस्था राख्ने प्रचलन चल्यो ।

अराजकताले गर्दा अव्यवस्थित भएको लोकको रक्षा गर्न ईश्वरले सृष्टि गरेको हुँदा धर्मशास्त्रहरूमा राजा सदा प्रजानुरागी-प्रजाहरूमाथि स्नेह गर्ने हुनुपर्ने कुरा निर्दिष्ट गरिएको छ । यसैले धार्मिक दृष्टिले पनि राजसंस्था अति पवित्र मानिन्छ र राजालाई मानव रूपमा रहेका ठूला देवता मानिन्छ । शास्त्रहरूमा राजा र प्रजाबीच अत्यन्त सुमधुर सम्बन्ध रहनुपर्ने कुरामा जोड दिँदै प्रजाले राजालाई देवतुल्य मानेको उल्लेख पाइन्छ । राजा र प्रजाका सुमधुर सम्बन्धका आधारहरूलाई धर्मको संज्ञा दिएको छ र सबैले यस धर्मलाई समुचित रूपमा पालना गरेमा नै राष्ट्रको सर्वोपरी कल्याण हुने कुरा बताएको छ ।

महाभारत शान्तिपर्वमा राजधर्मको विस्तृत रूपमा चर्चा गरिएको छ । विशेष गरेर न्यायपरायणता, लोकसंरक्षणका लागि तत्परता, उचित दण्ड दिने क्षमता एवं मर्यादापालन गर्नु राजाको मुख्य धर्म हो । भीष्मपितामहले राजधर्मलाई सबै किसिमका सबै अवस्थाका धर्महरू लीन हुनसक्ने, धेरै कल्याणकारी फल दिने महाधर्म बताएका छन् ।

भीष्मपितामहका अनुसार राजामा स्वार्थत्याग, प्राणी मात्रमा दया, लोकजीवनको यथार्थ ज्ञान, मर्यादापालन र आपद्‌मा परेकाहरूको उद्धार गर्नसक्ने गुणहरू हुनुपर्दछ । सम्पूर्ण प्रजाको सुख शान्ति र सुरक्षाका लागि राजाले आफ्ना व्यक्तिगत भोग विलास र सुख-सुविधासमेत त्याग्नुपर्छ । राजाले आफ्नो जीवनचर्यालाई, आफ्ना कर्महरूलाई व्यवस्थित एवं धार्मिक

मर्यादाअनुसार सञ्चालन गरेमा प्रजाहरूले पनि यस्ता सुकर्मी राजाबाट सुरक्षा एवं सुव्यवस्था प्राप्त गर्दछन् ।

राज्याभिषेकमा वैदिक सनातन विधि

शुभ राज्याभिषेकको पवित्र अवसरले राजा र प्रजाबीचको स्नेहपूर्ण सम्बन्ध र गौरवमय आर्य संस्कृतिलाई जनमानसमा ताजा गराउँछ । यस्तो पुनीत क्षणमा भावपूर्ण वेदवाक्यहरूले राजालाई प्रजाप्रतिको कर्तव्यको स्मरण गराउँछन् भने जनतामा राजाप्रति अगाध भक्ति, श्रद्धा र समर्पणको भावना जागृत गर्दछन् । वेद अनुसार राष्ट्रका शासक वा प्रधानले राजपदको अधिकारी हुन गरिने तीन यज्ञहरूमध्ये एउटा मुख्य यज्ञलाई राजसूय यज्ञ भनिन्छ । राज्याभिषेक सम्बन्धका धार्मिक विधिहरू राजसूय यज्ञकै एक भाग हो । त्यसअनुसार शुभ वर्ष, मास, तिथि जुटाई राज्याभिषेकको दिन निर्धारण गरिन्छ र त्यसको भोलिपल्ट अग्निस्थापना, हवन आदि कामपछि राजाको अभिषेकसम्बन्धी कार्य शुरु हुन्छ ।

पुरोहितले मङ्गलसूचक वैदिक मन्त्रहरूद्वारा राजाको अभिषेक गर्दछन् । ऋग्वेद र अथर्ववेदमा उल्लेखित कतिपय मन्त्रहरूमध्ये अथर्ववेदको मूल राजधर्म जनाउने केही मन्त्रहरूको भावार्थ यसप्रकार छ ।

"हे राजन्, तिमी हाम्रा स्वामी बन, पृथ्वीका सबै प्रजा तिमीलाई स्वामी मान्दछन्, तिमी आजै सिंहासनमा आरुढ होऊ । तिमी पर्वतजस्तो दृढ र स्थिर भएर आफ्नो यो राज्यलाई सम्हाल ।"

"हे राजन्, तिमी यो राज्यमा स्थिर भएर शत्रुहरूको दमन गरिरहू । शत्रुभाव राख्नेहरू सबैलाई पराजित गर । सबै दिशा शत्रुरहित भई तिम्रा सबै काम कुरा अनुकूल हुन् ।" इत्यादि ।

पुराहितले विधिपूर्वक मन्त्रहरू पढेर अभिषेक गरेपछि राज्यका जनसमूहका विभिन्न वर्गको प्रतिनिधित्व गर्ने विशिष्ट व्यक्तिहरूले राजाको अभिषेक गर्दछन् ।

अभिषेकको क्रममा राजाले भुइँमा विछ्याएको सिंहको छालामा खडा भएर वैदिक मन्त्रको पाठ गरेर आफ्नो अधिकारको उद्घोषण गर्दछन् । यसको तात्पर्य राज्याभिषेकको सर्वसाधारणमा प्रचार गर्नु हुनआउँछ ।

अभिषेक सम्पन्न भएपछि राजालाई रत्न, मणि आदिले सजिसजाउ सिंहासनमा आरोहण गराइन्छ । त्यस अवसरमा पढिने मन्त्रहरूको तात्पर्य राज्यका चारै वर्णबाट राजाको रक्षा हुन्छ र आफ्नो पदमा प्रजाद्वारा सुरक्षित भएर शासन सञ्चालन हुन्छ भन्ने हो ।

सिंहासनमा चढेका राजालाई यस्तो भाव भएको शुभचिन्तक मन्त्रले सम्बोधन गरिन्छ-

"तिमीलाई राज्य सुम्पिइन्छ, तिमी सञ्चालक र विषायक हौ, तिमी अविचल भएर धारण गर्ने उत्तरदायित्व वहन गर्ने हौ र तिमीलाई कृषिको सम्पन्नताका लागि, क्षेम (कल्याण) का लागि, पोषण या सम्पन्नताका लागि यो राज्य सुम्पिइन्छ ।" यी सबैको तात्पर्य अधिराज्यको सर्वोपरि सुख र सम्पन्नताका लागि राजामा जनताले सत्ता सुम्पेको भन्ने तात्पर्य प्रस्ट हुन्छ ।

राज्याभिषेक समारोह

श्री ५ महाराजाधिराज वीरेन्द्रको शुभराज्याभिषेक वस्तुतः सनातन परम्पराहरू र आधुनिकताको अनुपम सम्मिश्रण थियो । राज्याभिषेक मूल धार्मिक विधि तथा सार्वजनिक समारोह २०३१ साल फाल्गुण १२ गतेका दिन सुसम्पन्न भएपनि औपचारिक रूपमा समारोहसम्बन्धी कार्यक्रम फाल्गुण ८ गते प्रारम्भ भई १५ गतेसम्म सप्ताहभर चलिरह्यो । शुभराज्याभिषेक धार्मिक विधि र परम्पराअनुसार हनुमान ढोकास्थित पुरानो दरबारको ऐतिहासिक नासल चोकमा सम्पन्न भएको थियो । यही दरबारको नासल चोकमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहपछिका सबै शाहवंशीय राजाहरूको राज्याभिषेक हुँदैआएको छ । फाल्गुण ९ गते बिहान श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकार हनुमानढोका दरबार सवारी होइबक्सी मौसुफहरूबाट ऐन्द्री तथा विनायक शान्तिको पूर्वाङ्गको पुण्याहवाचन एवं ब्राह्मणहरूको वरण गरिबक्स्योभने फाल्गुण १० र ११ गतेका दिन पनि मौसूफहरूबाट बिहान ऐन्द्री तथा विनायक शान्तिको पूजा र शुभराज्यभिषेकसम्बन्धी बाँकी पूर्वाङ्ग कार्यहरू सम्पन्न गरिबक्सेको थियो ।

फाल्गुण ९ गतेदेखि नै राजधानीमा यस महान् ऐतिहासिक अवसरमा भाग लिन आमन्त्रित ६० भन्दा बढी राष्ट्रका राष्ट्राध्यक्ष, सरकारका नेताहरू एवं राजनायक प्रतिनिधिहरूको आगमन भयो । समारोहमा भाग लिन आएका विशिष्ट व्यक्तिहरूमा वेलायतका युवराज कुमार चार्ल्स, जापानका युवराज कुमार अकिहितो र युवराज्ञी मिचिको, अष्ट्रेलियाका गभर्नर जनरल सर जोनकर, पाकिस्तानका राष्ट्रपति फजल इलादी चौधरी, श्रीलङ्काका राष्ट्रपति विलियम गोपल्लवा, भारतका राष्ट्रपति, वर्माका प्रधानमन्त्री, सोभियत रुस र गणतन्त्र चीनका उप-प्रधानमन्त्री, फिलिपिन्सका राष्ट्रपतिकी श्रीमती इमेल्डा मार्कोसको नाम उल्लेखनीय छ । यो समारोह वास्तवमा नेपाली जनताका लागि विभिन्न राष्ट्रका गण्यमान्य राजप्रतिनिधिहरूसित चिनारी गर्ने र उनीहरूको सम्मानमा विशेष आतिथ्य गर्ने महत्वपूर्ण अवसर थियो ।

फाल्गुण १२ गते शुभराज्यभिषेकका दिन बिहानै ६ बजे श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारको सवारी

बडो सजधज र राजकीय सम्मानका साथ नारायणहिटी राजदरबारबाट हनुमानढोका दरबारमा भयो । शाही सवारी हेर्न हजारौंको संख्यामा बाटाका छेउमा, कौसी र देवलहरूमा जनसमूहको भीँड लागेको थियो । राजधानीभन्दा बाहिर टाढाटाढाबाट आएका जनता जीवनमा एकपल्ट त्यो पनि भाग्यले मात्र देख्न पाइने समारोहलाई हेर्न बेलुकादेखि नै बाटामा लाम लागेर बसेका थिए । राष्ट्रिय सांस्कृतिक बाजा-गाजाहरू, शाही सेना र प्रहरीका थरिथरिका बेण्डहरूको धून, श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकार राज भएको बग्गीका अघि पछि रङ्गीचङ्गी पोशाक लगाएका घोडसवार, रिसल्लाहरू, गण्यमान्य विदेशी अतिथिहरू, राजपरिवार, श्री ५ को सरकारका संवैधानिक अङ्गका प्रमुखहरू, मन्त्रीगण, जङ्गी तथा निजामती कर्मचारीहरू सहितको शाही यात्रा दुई माइलभन्दा लामो थियो ।

हनुमानढोका दरबारभित्रको नासल चोकमा विशेष रूपले सुसज्जित मण्डपमा शास्त्रोक्त विधिअनुसार श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको शुभराज्याभिषेक सुसम्पन्न भएको थियो । राज्याभिषेक सम्पन्न भएपछि विशिष्ट व्यक्तिहरूबाट अभिनन्दन चढाउने कार्यक्रम भयो । अनि उक्त दिन २ बजेतिर मौसुफ सरकार नागरिक अभिनन्दन ग्रहण गरिबक्सन र जनतालाई दर्शन बक्सन टुँडिखेलमा विशेष रूपले निर्मित दरबार मन्दिरमा सवारी भयो । शाही यात्रामा २३ वटा हात्तीको जुलुस समारोहको आकर्षणबिन्दु बनेको थियो ।

टुँडिखेलको दरबार मन्दिरमा करीब एक लाख जनताको समूहबाट भक्तिपूर्वक अभिवादन ग्रहण गरिबक्सँदै श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रलाई भावपूर्ण ओजस्वी सम्बोधन गरिबस्यो । मौसूफबाट शुभराज्यभिषेकको अवसरलाई "प्रजामात्रको हितका निम्ति नयाँ संकल्पको शुभघडी" को रूपमा लिइबक्सेको र आफ्ना प्रत्येक चाहना, प्रयास र प्रत्येक क्रियाकलाप देश र देशवासीको निरन्तर हित र कल्याणद्वारा सदैव निर्देशित रहने कुरा हुकुम भएको थियो ।

श्री ५ महाराजाधिराज सरकारबाट अत्यन्त भावपूर्ण शब्दमा राजा र प्रजाबीच रहिआएको सुमधुर सम्बन्धको प्रतीक राजमुकुटको उत्कृष्ट स्थानबारे हुकुम भयो - "राजा र प्रजाको निःस्वार्थ र संयुक्त प्रयासमा नै यस देशको राजा प्रबलरूपले नेपाली नै रहनेछ र सधैं नेपाली जनहितकै संरक्षण र सम्वर्द्धन गर्दै अगाडि बढ्नेछ ।"

साँच्चै नै त्यसबेला श्री ५ वीरेन्द्रबाट गरिबक्सेको सम्बोधन र सम्बोधनले देखाएको मार्गअनुसार आफ्नो जीवनपर्यन्त मौसुफद्वारा कर्तव्य निर्वाह गरिबक्सेको कुरा आज स्मरणीय एवं अनुकरणीय रूपमा विद्यमान छ ।

वस्तुस्थिति अध्ययनका लागि स्वदेश भ्रमण

अधिराज्यका विभिन्न भागमा बसोबास गर्ने देशवासीको यथार्थ जीवनसँग स्वयं परिचित होइबक्सनका लागि श्री ५ वीरेन्द्रबाट २०२१ सालमा पूर्वी नेपालको तथा २०२२ सालमा त्रिशुलीदेखि बुटवलसम्मको पैदल यात्रा गरिबक्स्यो । युवराजाधिराज होइबक्सेकै बेलामा भएका यी यात्राहरूका अवसरमा मौसुफबाट साधारण यात्रुहरूले जे खान्थे सोही ज्युनार हुन्थ्यो र सामान्य घर, कटेरा, गोठका साथै साधारण स्कूल भवन र कहिलेकाहीँ बाहिर खुला ठाउँमा समेत रात बिताइबक्सन्थ्यो । गाउँलेहरू मौसुफलाई चिन्दैनथे र आफ्ना सुख-दुखका कुराहरू निर्धक्क भएर मौसुफमा बिन्ति गर्थे । यसबाट मौसुफ ग्रामीण जीवनको यथार्थतासँग परिचित हुन समर्थ होइबक्स्यो ।

स्वर्गीय श्री ५ महेन्द्रबाट हुकुम बक्सेबमोजिम मौसुफबाट देशका विभिन्न भागमा भइरहेका विकास एवं निर्माणका कार्यहरू निरीक्षण गर्ने क्रममा २०२८ सालमा मेची अन्चलको महिनाव्यापी भ्रमण गरिबक्स्यो । सोही वर्ष मौसुफबाट काठमाडौंदेखि चन्द्रागिरि, कुलेखानी र भीमफेदी हुँदै वीरगञ्जस्थित नेपाल भारत सिमानासम्मको पैदल यात्रा गरिबक्सेको थियो ।

श्री ५ महाराजाधिराजबाट गद्दी आरोहण गरिबक्सेको केही समयपछि नै २०२९ साल कार्तिक महिनादेखि विकास क्षेत्रहरूको भ्रमण गर्ने प्रक्रिया प्रारम्भ गरिबक्स्यो । विकास कार्यहरूमा तीब्रता प्रदान गर्ने उद्देश्यले जस्तै विकट ठाउँहरूमा पनि मौसुफ स्वयं सवारी भई विकास कार्यहरूको निरीक्षण गरिबक्सनुका साथै तत्सम्बन्धमा प्रत्येक वर्ष कम्तीमा पनि २ वा ३ वटा विकास क्षेत्रहरूको नियमित रूपमा भ्रमण गरिबक्स्यो । त्यसपछि २०३८ सालदेखि २०४६ सालसम्म श्री ५ महाराजाधिराज सरकारबाट प्रत्येक वर्ष आलोपालो गरी कुनै एक विकास क्षेत्रमा सवारी भई सो विकास क्षेत्र अन्तर्गतका सबै जिल्लाहरूको भ्रमण गर्ने क्रम जारी राखिबक्स्यो ।

यस्तै भूकम्पबाट क्षति पुगेका जिल्लाहरूको निरीक्षणका लागि मौसुफबाट २०३७ सालमा सूदूर पश्चिमाञ्चल तथा २०४५ सालमा मध्यमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रहरूका विभिन्न स्थानको भ्रमण गरिबक्सेको थियो । त्यस्तै २०५० सालमा देशका विभिन्न भागमा अतिवृष्टिबाट भएको जनधनको क्षतिबारे यथार्थ निरीक्षण गरी श्री ५ वीरेन्द्रबाट सम्बन्धित निकायमा आवश्यक मार्गनिर्देशन बक्स भएको थियो । त्यसपछि पनि देहावसानपूर्वसम्म नै देशका विभिन्न भागबाट आएका प्रतिनिधिहरूसँग बारम्बार वस्तुस्थितिसम्बन्धी जानकारी लिइबक्सन्थ्यो । देशका विभिन्न भागमा गएर जनताका पीर मार्काहरू र यथार्थता बुझ्भिबक्सन्थ्यो ।

राष्ट्रनिर्माणमा योगदान

श्री ५ वीरेन्द्रबाट गद्दी आरोहण गरिबक्सेपछि राष्ट्रसामु देखापरेका अनेकौं चुनौतीहरू सामना गरी राष्ट्रोत्थानमा अग्रसर हुने निर्णय गरिबक्स्यो । त्यसअनुसार श्री ५ वीरेन्द्रमा शाहवंशका अन्य यशस्वी राजाहरूका जस्तै देशको सार्वभौमिक अखण्डता र स्वतन्त्रताको रक्षा गर्नुका साथै विकास पथमा बामे सर्न लागेको नेपाल र नेपालीको भाग्य निर्माण गर्नुपर्ने महान् दायित्व थियो।

श्री ५ महाराजाधिराज देश विकासजस्तो जटिल र कठिन कार्य हचुवा ढङ्गले हुन नसक्ने भएकाले आम देशवासीका विचार, भावना र सुझावलाई समेटेर मात्रै योजनाबद्ध विकासको प्रारूप तयार गर्नुपर्छ भन्ने मान्यता राखिबक्सन्थ्यो । यसै सन्दर्भमा चुनौतीका रूपमा रहेका राष्ट्रिय दायित्वहरूलाई पुरा गरीबक्सन विकासक्रममा देखापरेको क्षेत्रीय असन्तुलन हटाएर विकासको फल तमाम नेपालीले समानरूपमा पाऊन् भन्ने सदिच्छाबमोजिम मौसुफबाट २०२९ सालमा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र सूदूर पश्चिमाञ्चल विकास क्षेत्रहरू, २०३८ सालमा मध्यपश्चिमाञ्चल विकास क्षेत्र थप गरी जम्मा पाँच विकास क्षेत्रहरूको स्थापना गरिबक्स्यो ।

नेपालको प्रशासन क्षेत्रमा जनकल्याणका निम्ति बनेका नीति र योजनाहरूको कार्यान्वयन गर्ने क्षमतामा वृद्धि होस् र प्रशासनिक कमजोरीबाट पर्नसक्ने मर्काहरू हटाउन सकियोस् भन्ने उद्देश्य लिइबक्सी स्वर्गीय श्री ५ महेन्द्रबाट २०२७ सालमा घोषणा गरिबक्सेको जाँचबुझ केन्द्रको जिम्मेवारी मौसुफबाट युवराजाधिराज होइबक्सँदादेखि नै कुशलतापूर्वक वहन गरिबक्सेको थियो । यस केन्द्रले प्रशासनिक क्षेत्रदेखि लिएर ज्ञान विज्ञान र प्रविधि विषयहरूमा कुशलता हासिल गरेका कैयौं नेपाली बुद्धिजीवीहरूको सहयोग लिई शिक्षा, सामाजिक सेवा, धर्म-संस्कृति, सञ्चार, जलस्रोत, उद्योग, यातायात, वन, कृषि र स्वास्थ्य जस्ता क्षेत्रहरूको विकाससम्बन्धी नीति तथा कार्यक्रमहरू क्रमिकरूपमा तर्जुमा गरी श्री ५ को सरकारलाई सहयोग पुऱ्यायो ।

श्री ५ महाराजाधिराजको विशेष संलग्नता एवं तत्परतामा देशका बुद्धिजीवी, विशेषज्ञ एवं नीति-निर्माताहरूलाई व्यापक रूपमा परिचालन गरी राष्ट्रिय मूल नीति तर्जुमा भएको थियो । त्यसअनुसार देशको प्रशासन, शिक्षा, वन, यातायात, स्वास्थ्य लगायत विभिन्न क्षेत्रमा दूरगामी महत्वका आधारभूत संरचनाहरूको निर्माण गर्नु राष्ट्रिय विकासका सन्दर्भमा एक चुनौतिपूर्ण कार्य हो तथापि मौसुफको शासनकालको आफ्नो ३० वर्षको समय यसै प्रयोजनमा खर्च भएको थियो ।

यथार्थमा भन्ने हो भने श्री ५ वीरेन्द्रको राज्यकाल अत्यन्तै अप्ठ्यारो र जटिल परिस्थितिले जेलिएको समायावधिभित्र पर्दछ । एकातिर विश्वका विकसित मुलुकहरूको अत्याधुनिक वैज्ञानिक विकास उन्नतिका संसाधनको प्रभाव पर्दैथियो भने अर्कातिर अति नै पिछडिएको आफ्नो मुलुकको दुरावस्था थियो । जनतालाई आधारभूत आवश्यकताका पूर्वाधार पनि प्राप्त थिएन । देशको राजनीतिक परिस्थिति पनि एकप्रकार अस्थिर थियो । यस्तो विषम् अवस्थामा पनि धैर्य र साहसका साथ राष्ट्रलाई अग्रगतिमा लैजान ठूलो प्रयत्न गरिबक्सेको कुरा प्रत्येक राजनीतिक एवं ऐतिहासिक विश्लेषकहरूद्वारा पछिसम्म पनि उल्लेख भइरहनेछ ।



विकास प्रशासन

श्री ५ वीरेन्द्रबाट २०२९ सालमा विकास योजनाहरूमा जनसहभागिता वृद्धि गर्न मौसुफको अध्यक्षतामा राष्ट्रिय विकास परिषद् गठन गरिबक्स्यो । मौसुफबाट २०३३ सालमा उक्त परिषद्को सङ्गठनात्मक स्वरूपमा परिवर्तन गरिबक्सेपछि यसको प्रभावकारिता अरू बढेको थियो । हालका दिनहरूमा समेत राष्ट्रिय विकास परिषद्को प्रभाव यथावत्रूपमा रहिरहेको कुरा नकार्न सकिन्न ।

जनताले मागेजस्तो विकास योजनाहरू हुनुपर्छ भन्ने सिद्धान्तका आधारमा राष्ट्रिय विकास परिषद्ले विकास योजनाहरू तर्जुमा गर्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने गर्दथ्यो भने २०३१ सालमा लागू गरिएको जिल्ला प्रशासन योजनाले नेपालमा विकेन्द्रीकरणको आधारशिला खडा गरेको थियो। जुन आधारशीलाको आधार आजको संसदीय व्यवस्थामा समेत लागु भएको छ। विकेन्द्रीकरण योजना राष्ट्रिय समग्र विकास एवं उन्नतिको मेरुदण्ड सिद्ध भएकोछ।

जलस्रोत

श्री ५ वीरेन्द्रबाट जलविद्युत आयोजनाहरूको निर्माण, सिंचाईको व्यवस्था, खानेपानीको सुविधा, बाढी नियन्त्रण तथा मत्स्य विकासजस्ता बहुपक्षीय जलस्रोत साधनलाई राष्ट्रको आर्थिक मेरुदण्डको रूपमा विकसित गर्न जोड दिइबक्सेको थियो। अहिले पनि नेपालको ध्यान जलविद्युत, खानेपानी एवं सिंचाई आयोजनाहरूको निर्माण तथा सञ्चालनमा केन्द्रित भएको छ। जलस्रोत नै नेपालको प्रगतिको मूल आधार हो भन्ने धारणा र योजना श्री ५ वीरेन्द्रबाट नै तयार पारिबक्सेको हो।

यातायात

श्री ५ महाराजाधिराज विरेन्द्रको मार्गनिर्देशन बमोजिम अधिराज्यका विभिन्न क्षेत्रलाई राष्ट्रिय राजमार्ग, सहायक मार्ग र जिल्ला मार्गहरूद्वारा आबद्ध गर्ने नीतिअनुसार नै अधिराज्यका प्रत्येक विकास क्षेत्रका केन्द्रलाई राष्ट्रिय राजमार्गहरूसँग जोडिने काम युद्धस्तरमा भएको हो भने सडक यातायात पुग्न नसकेका जिल्लाहरू तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हवाई सेवालाई विस्तार गर्दै लैजाने नीति पनि मौसुफकै निर्देशन अनुसारको योजना हो।

वन

देशको अर्थव्यवस्थाको महत्वपूर्ण आधार मानिएको वन तथा वनस्पतिको संरक्षण र विकासका साथै भूक्षयको नियन्त्रण गर्ने उद्देश्यले २०३३ सालमा राष्ट्रिय वन विकास योजना लागू गरियो। त्यसअनुसार नेपालमा सरकारी, सामुदायिक, कबुलियती र निजी वनहरूको रूपमा राष्ट्रको यो अमूल्य निधिलाई विकास गर्ने नीति अपनाइयो। वृक्षारोपण कार्यक्रमहरूमा मौसुफ आफैं संलग्न भएर यसप्रति सबैलाई अभिप्रेरित गरिबक्सेको थियो भने विभिन्न राष्ट्रिय पर्व तथा अवसरहरूमा वृक्षारोपण गर्ने परिपाटीको थालनी गरिएको थियो जुन आज पनि चलिरहेको छ। यसप्रकारको योजना लागु भएपछि मात्रै देशको वन्यसम्पदा निकै समृद्ध बन्दैआएको हो। २०३० सालमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन लागू भएपछि पहाड तथा तराईका विभिन्न राष्ट्रिय निकुन्ज र वन्यजन्तु आरक्षहरूको विशेष संरक्षण भएकोछ। उजाडिन लागेको वन्य सम्पदाको वृद्धि भएकोछ। जुन कारणले गर्दा आज पनि नेपालका दुर्लभ वन्यजन्तु सुरक्षित छन्। यस्तै प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नका लागि श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको स्थापना गरिएको हो। जीवनपर्यन्त मौसुफ उक्त कोषको संरक्षक होइबक्सन्थ्यो।

शिक्षा क्षेत्र

नेपाली राष्ट्रिय एकताको भावनालाई सम्वर्द्धन गर्ने आधुनिक युग सुहाउँदो सीपयुक्त व्यवसायिक शिक्षालाई मूल आधार ठानिबक्सने श्री ५ वीरेन्द्रबाट शिक्षा क्षेत्रमा ज्यादै ठूलो योगदान पुऱ्याइबक्सेको थियो। जसको फलस्वरूप नेपालको तत्कालीन शिक्षा प्रणालीमा परिवर्तन गरियो। नेपालमा पहिलो पटक सम्पूर्ण पूर्वाधारसहित चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि र वन विज्ञान

जस्ता अध्ययन संस्थानहरूको स्थापना गरियो । शैक्षिक संस्थाहरूमा भौतिक सुविधा वृद्धि गरिनुका साथै राष्ट्रभाषा नेपालीमा पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारी अधिराज्यभरि शिक्षाको ज्योति पुऱ्याइयो । मौसुफबाट २०३१ सालमा सम्पन्न शुभ राज्याभिषेकका अवसरमा तमाम नेपालीलाई निःशुल्क प्राथमिक शिक्षा दिने घोषणा गरिबक्स्यो भने अन्तर्राष्ट्रिय बालवर्ष १९७९को उपलक्षमा प्राथमिक कक्षाका विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने घोषणा समेत गरिबक्सेको थियो । देशको शैक्षिक समस्या र विकासको अनुसन्धानका लागि मौसुफबाट २०३९ सालमा शाही उच्च शिक्षा आयोग पनि गठन गरिबक्सेको थियो । श्री ५ महाराजाधिराज जीवनपर्यन्त त्रिभुवन विश्वविद्यालय तथा महेन्द्र संस्कृत विश्वविद्यालयका कुलपति होइबक्सनुले पनि मौसुफको शिक्षाप्रतिको चासो र अभिरुचि प्रस्ट हुन्छ ।

स्वास्थ्य क्षेत्र

श्री ५ वीरेन्द्रबाट गद्दी आरोहण गरिबक्सेपछि लागू भएको राष्ट्रिय स्वास्थ्य योजनाअनुसार हरेक गाउँमा उपस्वास्थ्य चौकी तथा इलाकामा स्वास्थ्य चौकी र प्रत्येक जिल्ला तथा अञ्चल सदरमुकामहरूमा अस्पतालहरू स्थापना गर्ने नीति अवलम्बन गरियो । यस्तै क्षेत्रीय विकास केन्द्रहरूमा अस्पतालको स्थापना तथा राजधानीमा उच्चस्तरका अस्पतालहरूको स्थापनातर्फ कारवाही हुनाका साथै देशभित्र नै आवश्यक दक्ष स्वास्थ्यकर्मीहरू तयार गर्ने कार्य प्रारम्भ भयो । यसै अवधिमा पञ्चवर्षीय दीर्घकालीन स्वास्थ्य योजना, आधारभूत स्वास्थ्य योजना जस्ता वृहद् योजनाहरू कार्यान्वयन गरिएका थिए जुन आज पनि चलिरहेका छन् ।

कृषि जगत्

नेपाल कृषि प्रधान मुलुक हो । त्यसकारण नेपालको विकास भनेकै कृषि जगत्को उन्नति र विकास हुनु हो । नेपाल कृषिजन्य भूमि र वन्य सम्प्रदामा समृद्ध भएर पनि व्यवस्थित र सुविधायुक्त कृषि कर्म सञ्चालन हुन सकेको थिएन । तसर्थ हिमाली क्षेत्रमा पशुपालन, पहाडी भेगमा फलफूल र तराई एवं भित्री मधेसमा अन्नबालीको उत्पादनलाई बढाउँदै नेपालमा हरित क्रान्ति ल्याउनुपर्ने आवश्यकता महसुस गरिबक्सी यसलाई तीव्रतर पार्ने उद्देश्यले मौसुफबाट २०३१ सालमा मुलुकमा नयाँ नीति लागू गराइबक्स्यो । कृषि विकासको अभियानलाई अझ बढी जोडदार बनाउने ध्येयले मौसुफबाट आर्थिक वर्ष २०३२/३३ लाई "कृषि वर्ष" को रूपमा घोषणा गरिबक्स्यो । साथै देशका दुर्गम क्षेत्रहरूमा समेत फलफूल र बागवानीको विकास मात्र नभई ठाउँ हेरी पश्चिम नेपालको तराई क्षेत्रमा कपास, पश्चिमाञ्चल क्षेत्रमा कफी र पूर्वाञ्चल क्षेत्रमा चिया र अलैंची जस्ता नगदेबालीको विकासमा जोड दिइबक्स्यो । त्यसैगरी जुन क्षेत्रमा जस्तो उब्जनी र उत्पादन हुन्छ त्यहीअनुरूप कृषकहरूलाई तालीम र प्रोत्साहन दिंदै लैजाने नीति लागु गरिएको थियो ।

उद्योग

राष्ट्रिय विकासको मेरुदण्ड भनेकै उद्योग हो भन्ने मान्यताका आधारमा श्री ५ वीरेन्द्रबाट उद्योग तथा व्यापार विकासका लागि भू-परिवेष्ठित देशको हैसियतले नेपालले समुद्रसम्मको पारवहन सुविधा स्वतन्त्र र निर्बाधरूपमा पाउनुपर्ने कुरामा सदा जोड दिँदै आइबक्सेको हो । त्यसअनुसार देशको औद्योगिकीकरणका लागि निजी क्षेत्र, सरकारी क्षेत्र वा दुवै मिली सञ्चालन गर्न पाइने उद्योगहरूबारे स्पष्ट व्यवस्था गरी २०३१ सालमा श्री ५ को सरकारले नयाँ उद्योग नीति लागू गऱ्यो । त्यसअनुसार आयात प्रतिस्थापन र निर्यातमूलक उद्योगहरूको स्थापनातर्फ विशेष ध्यान दिइनुका साथै देशको श्रमशक्तिलाई उत्पादनशील रोजगारीको माध्यमद्वारा परिचालन गर्दै जीवनस्तरमा सुधार ल्याउने र सामाजिक न्यायको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरियो ।



सञ्चार

आधुनिक सञ्चार प्रणालीको विकास गर्न राष्ट्रिय सञ्चार योजनालाई समसामयिक बनाई लागू गर्ने नीति अख्तियार गरियो । त्यस्तै पत्रपत्रिकाहरूको अवस्थामा सुधार गर्न २०३७ सालमा मौसुफबाट शाही प्रेस आयोग गठन गरिबक्सेको थियो । त्यसले गर्दा नेपालमा यति छिटै सञ्चार जगत् राम्ररी फस्टाउन पाएको छ ।

पर्यटन

पर्यटन व्यवसाय फस्टाउन सकेको खण्डमा राष्ट्रको आर्थिक उन्नति छिटै हुन्छ भन्ने कुरा अध्ययन गरिबक्सेका श्री ५ वीरेन्द्रको निर्देशनअनुसार २०३० सालमा देशमा सर्वप्रथम पर्यटन गुरु योजना लागू गरियो । पर्यटन उद्योग तथा व्यवसायलाई राष्ट्रिय आर्थिक विकासको साथै स्थानीय विकासको एक अङ्गको रूपमा विस्तार गर्दै यसबाट हुने लाभ स्थानीय जनतासम्म पुऱ्याउने नीति अवलम्बन गरियो । त्यसले गर्दा पर्यटन क्षेत्रको उल्लेखनीय विकास एवं प्रगति हुँदैआयो ।

विज्ञान तथा प्रविधि

वर्तमान युग विज्ञान युग हो । वैज्ञानिक प्रगति नभएसम्म अन्य कुनै कुराको उत्थान र विकास हुन सक्तैन भन्ने कुरा विश्वका सम्पन्न र विकसित मुलुकहरूको अध्ययन भ्रमणबाट श्री ५ वीरेन्द्रले विशेष ज्ञान प्राप्त गरिबक्सेको थियो । मौसुफद्वारा नेपालले पनि आफ्नो क्षमताअनुसार विज्ञान पथमा अग्रसर हुनुपर्छ भन्ने सोचिबक्सन्थ्यो । फलतः देशमा विज्ञान तथा प्रविधिको विकास गर्ने उद्देश्यबाट मौसुफकै कुलपतित्वमा २०३९ सालमा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको स्थापना गरिबक्स्यो । स्थापनासँगै मौसुफ उक्त प्रतिष्ठानको संरक्षक रहिबक्सनुले पनि वैज्ञानिक प्रगतिप्रतिको सदिच्छा प्रस्ट हुन्छ ।

न्यायिक सुधार

राष्ट्रको न्याय व्यवस्थामा समयानुकूल सुधार ल्याउन श्री ५ महाराजाधिराजबाट २०३१ सालमा न्याय प्रशासन सुधार अध्यादेश जारी गरिबक्स्यो । साथै, मौसुफबाट न्यायिक व्यवस्थाको सामयिक सुधार गर्न २०३९ सालमा शाही न्याय सुधार आयोग पनि गठन गरिबक्सेको थियो । यता प्रजातन्त्र पुर्नस्थापना पछि पनि न्याय क्षेत्रको सुधारमा थुप्रै अध्यादेश एवं ऐनहरू स्वीकृति गरिबक्सेको थियो ।

परराष्ट्र नीति

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट दुई विशाल राष्ट्रहरूको बीचमा रहेको नेपालको असंलग्नता र सह अस्तित्वमा आधारित परराष्ट्र नीतिलाई अझ बढी विकसित र प्रस्फुटित गरिबक्सँदै आएको कुरा विदितै छ । राष्ट्रिय हितको संरक्षण र सम्बर्द्धन गर्दै अन्तराष्ट्रिय शान्ति, सहयोग र सद्भावना वृद्धि गरी सबै देशहरूसँग मित्रताको नेपालले मित्रताको भावना मात्र होइन, विकासका लागि ठोस सहयोग पनि पाइरहेको छ ।

असंलग्न राष्ट्रहरूको शिखर सम्मेलन

श्री ५ वीरेन्द्रबाट अल्जेरियादेखि युगोस्लाभियासम्म भएका असंलग्न राष्ट्रहरूका ६ वटा शिखर सम्मेलनहरूमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्स्यो । मौसुफबाट २०३० साल (सन् १९७३) मा अल्जियर्समा भएको असंलग्न राष्ट्रहरूको चौथो शिखर सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सेको थियो । यो भ्रमण मौसुफको राज्यारोहणपछिको पहिलो विदेश भ्रमण हो । यसैगरी मौसुफबाट २०३३ साल (सन् १९७६) मा कोलम्बोमा सम्पन्न पाँचौं, २०३६ साल (सन् १९७९) मा हवाना मा भएको छैठौं, २०३९ साल (सन् १९८३) मा नयाँ दिल्लीमा सम्पन्न सातौं, २०४३ साल (सन् १९८६) मा हरारेमा भएको आठौं र २०४६ साल (सन् १९८९) मा बेलग्रेडमा आयोजित असंलग्न राष्ट्रहरूको नवौं शिखर सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गरिबक्सेको थियो ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)

श्री ५ महाराजाधिराज क्षेत्रीय सहयोगको माध्यमबाट परस्परको विकास हुन्छ भन्ने कुरामा विश्वस्त रहिबक्सेको कुरा २०३४ सालमा काठमाडौंमा आयोजना भएको कोलम्बो योजनाको छब्बीसौं परामर्शदात्री समितिको पूर्ण बैठकमा मौसुफबाट बक्सेको सम्बोधनमा देखिएको हो । मौसुफबाट दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना तथा यसको संरचनात्मक विकासमा महत्वपूर्ण योगदान गरिबक्सेको थियो । सार्कमा नेपालले खेलेको विशेष भूमिकाले गर्दा २०४३ साल (सन् १९८७ जनवरी) मा सार्कको सचिवालय काठमाडौंमा स्थापना भएको हो ।

मौसुफबाट दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको २०४२ साल (सन्१९८५) मा बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न प्रथम शीर्षस्थ सम्मेलन र २०४३ साल (सन् १९८६) मा भारतको वङ्गलोरमा भएको दोस्रो शीर्षस्थ सम्मेलनमा भाग लिइबक्सेको थियो । श्री ५ महाराजाधिराजबाट २०४४ साल कार्तिक १६ गतेदेखि १८ गते (सन् १९८७ नोभेम्बर २ तारिखदेखि ४ तारिख) सम्म काठमाडौंमा आयोजित दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को तेस्रो शीर्षस्थ सम्मेलनको अध्यक्षता गरिबक्स्यो । मौसुफ दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको अध्यक्षका हैसियतले २०४५ साल (सन्१९८८) मा सार्क राष्ट्रहरूको परामर्श भ्रमणमा सवारी होइबक्स्यो । सोही वर्ष पाकिस्तानको राजधानी इस्लामाबादमा सम्पन्न भएको सार्कको चौथो शीर्षस्थ सम्मेलनमा मौसुफबाट भाग लिइबक्सेको

थियो । पछिल्ला सार्क सम्मेलनहरूमा पनि श्री ५ वीरेन्द्रबाट सक्रिय भूमिका राखिबक्सँदै आएको थियो ।

राजकीय भ्रमणहरू

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट छिमेकी राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध राख्ने नेपालको परराष्ट्र नीतिअनुरूप पहिलो राजकीय भ्रमणको रूपमा २०३० साल (सन् १९७३) मा भारतको र सोही वर्ष चीनको राजकीय भ्रमण गरिबक्सेको थियो ।

यसैगरी मौसुफबाट २०३२ साल (सन् १९७५) मा तत्कालीन युगोस्लाभिया, २०३३ साल (सन् १९७६) मा तत्कालीन सोभियत संघ, २०३४ साल (सन् १९७७) मा बङ्गलादेश, २०३५ साल (सन् १९७८) मा जापान, २०३६ साल (सन् १९८०) मा संयुक्त अधिराज्य र गणतन्त्र इजिप्ट, २०४० साल (सन् १९८३) मा स्पेन र संयुक्त राज्य अमेरिका, २०४१ साल (सन् १९८४) मा थाइल्याण्ड, २०४२ साल (सन् १९८५) मा अष्ट्रेलिया, २०४३ साल (सन् १९८६) मा संघीय गणतन्त्र जर्मनी, २०४६ साल (सन् १९८९) मा गणतन्त्र फिनल्याण्ड र डेनमार्कको राजकीय भ्रमणहरू गरिबक्सी अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रतिष्ठा अभिवृद्धि गरिबक्सेको कुरा चिरस्मरणीय रहनेछ । पुनः २०५० साल (सन् १९९३) मा दोस्रो पटक भारत र चीनको राजकीय भ्रमण गरिबक्सेर मौसुफबाट छिमेकीहरूसँगको मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ पारिबक्सेको थियो । यसैगरी मौसुफबाट २०५१ साल (सन् १९९४) मा फ्रान्सको राजकीय भ्रमण गरिबक्स्यो ।

२०५५ माघ ११ देखि माघ १५ गतेसम्म श्री ५ वीरेन्द्रबाट गरिबक्सेको भारतको राजकीय भ्रमण अत्यन्तै महत्वपूर्ण मानिएको छ । भारतीय गणतन्त्रदिवसको स्वर्णजयन्ती समारोहमा प्रमुख अतिथिका रूपमा श्री ५ वीरेन्द्रलाई आमन्त्रण गरिएको थियो । श्री ५ द्वारा भारतको दिल्ली राजपथमा आयोजित उक्त समारोहको प्रमुख आतिथ्य गरिबक्सिएको थियो । यस प्रकारको राष्ट्रिय महोत्सवको नेपालका तर्फबाट प्रमुख आतिथ्य प्रथमपल्ट भएको हो । श्री ५ बाट यसरी विशिष्ट समारोहका प्रमुख आतिथ्य ग्रहण गरिबक्सनुलाई दुई देशबीच परम्पराकालदेखि रहिआएको घनिष्ट मित्रतालाई प्रगाढ रूपमा प्रतिविम्बित पार्नु हो ।

औपचारिक एवं मैत्रीपूर्ण भ्रमण

श्री ५ वीरेन्द्रबाट २०३६ साल (सन् १९८०) तथा २०४२ साल (सन् १९८५) मा भारतको, २०३७ साल (सन् १९८०) मा पाकिस्तानको र २०४४ साल (सन् १९८७) मा चीनको औपचारिक भ्रमण गरिबक्सेको थियो ।

यसैगरी २०३३ साल (सन् १९७६, जून) मा चीनको सेचुआँ प्रान्त तथा स्वशासित क्षेत्र तिब्बतको भ्रमण गरबक्स्यो । यसरी मौसुफ तिब्बतको भ्रमण गर्ने प्रथम विदेशी राष्ट्राध्यक्ष पनि होइबक्सेको थियो । त्यसपछि मौसुफबाट २०३९ साल (सन् १९८२) मा र २०५३ साल (सन् १९९६) मा गरी चीनको दुई पटक मैत्रीपूर्ण भ्रमण गरिबक्स्यो । यसैगरी मौसुफबाट २०४६ साल (सन् १९८९) मा साइप्रस, फ्रान्स र ग्रीसको मैत्रीपूर्ण भ्रमण गरिबक्सेको थियो ।

त्यस्तै मौसुफ सरकार २०३८ साल (सन् १९८१) मा फ्रान्सको राजधानी पेरिसमा आयोजित अल्पविकसित राष्ट्रहरूको समस्या सम्बन्धी राष्ट्र-संघीय सम्मेलनलाई एशिया तथा प्रशान्त क्षेत्र र पश्चिम एशियाका देशहरूको तर्फबाट सम्बोधन गरिबक्सन पेरिस सवारी होइबक्सेको थियो ।

मौसुफ २०४२ सालमा जापान सवारी भई त्यहाँ भइरहेको चुकुवा एक्स्पो-८५ मा आयोजित नेपालको राष्ट्रिय दिवसमा समुपस्थित होइबक्सेको थियो । त्यस्तै मौसुफ २०५२ साल (सन् १९९५) मा संयुक्त अधिराज्यको लण्डनमा आयोजना भएको दोस्रो

विश्व-युद्ध समाप्तिपछि स्थापित शान्तिको ५०सौं वार्षिकोत्सव समारोहमा सम्मिलित होइबक्स्यो ।

अन्य विदेश भ्रमण

श्री ५ वीरेन्द्र २०१७ साल (सन् १९६०) मा स्वर्गीय श्री ५ महेन्द्र तथा श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मी देवी शाहबाट गरिबक्सेको संयुक्त अधिराज्यको राजकीय भ्रमणमा सम्मिलित होइबक्स्यो । श्री ५ महाराजाधिराजबाट २०१८ साल (सन् १९६१) मा बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको पहिलो शिखर सम्मेलनमा पर्यवेक्षकको रूपमा भाग लिइबक्स्यो । उक्त दुवै भ्रमणहरू मौसुफ इटन कलेजमा अध्ययनरत रहिबक्सेको समयमा भएका थिए ।

मौसुफबाट उमेर पुगिबक्सेपछिको पहिलो औपचारिक क्रियाकलापका रूपमा २०२१ साल (सन १९६५) मा १९ वर्षको उमेरमा इण्डोनेशियामा भएको वाङडुङ सम्मेलनको दशौं वार्षिकोत्सवमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सेको थियो । त्यस अवसरमा मौसुफबाट इण्डोनेशियाका तत्कालीन राष्ट्रपति सुकार्नो एवं अरू धेरै अफ्रिकाली तथा एशियाली नेताहरूसँग भेटवार्ता गरिबक्स्यो । मौसुफबाट उक्त सम्मेलनलाई बक्सेको सम्बोधनमा नेपालको परराष्ट्र नीतिका सिद्धान्तहरूको व्याख्या गरिबक्सेको थियो भने २०२३ साल (सन् १९६६) मा जनवादी गणतन्त्र चीनको भ्रमण गरिबक्स्यो । त्यहाँ मौसुफबाट चीनका नेता अध्यक्ष माओत्सेतुङ्ग र प्रधानमन्त्री चाउ एन लाइसँग भेट गरिबक्सेको कुरा पनि अत्यन्तै उल्लेखनीय छ ।

श्री ५ महाराजाधिराजबाट २०२७ साल (सन् १९७०) मा पश्चिम जर्मनी, संयुक्त अधिराज्य, फ्रान्स आदि केही युरोपेली मुलुकहरूको अनौपचारिक भ्रमण गरिबक्सेको थियो ।

गद्दी आरोहणपछि श्री ५ महाराजाधिराज राजकीय वा औपचारिक भ्रमणहरूमा सवारी होइबक्सँदा मौसुफबाट कतिपय मुलुकहरूको अनौपचारिक भ्रमणहरू पनि गरिबक्सेको छ ।

यस्ता भ्रमणहरूमा २०३२ साल (सन् १९७५) मा इरान, जोर्डन र भारत, २०३५ साल (सन् १९७८) मा चीन, फिलिपिन्स र मलेशिया, २०३६ साल (सन् १९८०) मा भारत, वर्मा, सिंगापुर, चीन, कुवेत, क्यानडा, आइसल्याण्ड, संयुक्त अधिराज्य, ग्रीस र बङ्गलादेश तथा २०३७ साल (सन् १९८०) मा भारत, साइप्रस, बेल्जियम, बहराइन र तत्कालीन युगोस्लाभियाको भ्रमणहरू पर्दछन् । यस्तै २०३८ साल (सन् १९८१) मा इटाली र पाकिस्तान, २०४० साल (सन् १९८३) मा इटाली, गणतन्त्र इजिप्ट, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, माल्टा, माल्दिभ्स, स्वीजरल्याण्ड, लक्जेम्बर्ग, जापान र हङकङ, २०४२ साल (सन् १९८६) मा इजिप्ट, अष्ट्रिया तथा संयुक्त अरब इमिरेट्स, २०४३ साल (सन् १९८६) मा माल्दिभ्स, सेसेल्स, तान्जानिया, जाम्बिया, केन्या र ओमन तथा २०४६ साल (सन् १९८९) मा टर्की, तत्कालीन चेकोस्लोभाकिया र कुवेतका भ्रमणहरू पर्दछन् ।

विभिन्न राष्ट्रप्रमुखको नेपालमा स्वागत

विदेशका राष्ट्र प्रमुखहरूको विभिन्न अवसरमा नेपालको राजकीय भ्रमण हुँदा श्री ५ महाराजाधिराज वीरेन्द्रबाट स्वागत एवं मैत्रीत्व कायम गरिएका केही राष्ट्रप्रमुखहरू :

२०३१ साल (सन् १९७४) मा तत्कालीन युगोस्लाभियाका राष्ट्रपति जोसीप ब्रोज टिटो, २०३४ साल (सन् १९७७) मा वर्माका राष्ट्रपति उ ने विन, सोही वर्ष वङ्गलादेशका राष्ट्रपति जियाउर रहमान, २०३५ साल (सन् १९७८) मा श्रीलङ्काका राष्ट्रपति जुनियस रिचार्ड जयवर्द्धन, २०३८ (सन् १९८१) मा भारतका राष्ट्रपति निलम संजीवा रेड्डी, २०४० साल (सन् १९८३) मा पाकिस्तानका राष्ट्रपति जिया उल हक, फ्रान्सका राष्ट्रपति फ्रांस्वा मित्तराँ र चीनका राष्ट्रपति ली स्यान न्यान, २०४२ साल (सन् १९८५) मा माल्दिभ्सका राष्ट्रपति मौमुन अब्दुल गैयुम एवं २०४३ साल (सन् १९८६) मा बङ्गलादेशका राष्ट्रपति हुसेन मोहम्मद एर्शाद, भारतका राष्ट्रपति ज्ञानी जैल सिंह र समाजवादी गणतन्त्र रुमानियाका राष्ट्रपति निकोलाई भी. चउचेस्कु । निज राष्ट्रप्रमुखहरूको नेपाल भ्रमण हुँदा मौसुफबाट हार्दिक स्वागत गरिबक्सेको थियो । त्यसैगरी मौसुफको निमन्त्रणामा २०४२ (सन् १९८६) मा संयुक्त अधिराज्यकी राजश्री महारानी एलिजाबेथ द्वितीया तथा राजकुमार फिलिप र २०४४ साल (सन् १९८७) मा स्पेनका राजश्री नरेश हुँवा कार्लोस तथा महारानी सोफिया नेपालको राजकीय भ्रमणमा सवारी होइबक्सँदा मौसुफद्वारा स्वागत गरिबक्सेको थियो भने मौसुफबाट संघीय गणतन्त्र जर्मनीका राष्ट्रपति प्रा. डा. रोमन हर्जोग र जनवादी गणतन्त्र चीनका राष्ट्रपति च्याङ् चेमिन् २०५३ साल (सन् १९९६) मा नेपालको राजकीय भ्रमणमा आउनुहुँदा पनि स्वागत गरिबक्स्यो ।

शान्तिक्षेत्र प्रस्ताव

श्री ५ वीरेन्द्रबाट नेपालको शान्तिप्रिय असंलग्न नीतिलाई नयाँ गति प्रदान गर्न २०३१ साल (सन् १९७५) मा शुभ-राज्याभिषेकका अवसरमा नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी प्रस्ताव राखिबक्स्यो । देशको द्रुततर विकासका लागि शान्ति

अनिवार्य हुन्छ भन्ने तथ्यले अभिप्रेरित उक्त शान्ति क्षेत्रको प्रस्तावलाई ११६ वटा मित्रराष्ट्रबाट समर्थन प्राप्त भएको छ ।

शान्ति सेना

नेपालले संयुक्त राष्ट्र संघको आव्हानमा विश्वका विभिन्न सङ्कटग्रस्त भागहरूमा शान्ति स्थापनार्थ शाही नेपाली सेनालाई राष्ट्रसंघीय शान्ति सेनामा सम्मिलित गराउँदैआएको छ । मौसुफ शाही नेपाली सेनाको परमाधिपति होइबक्सन्थ्यो ।

धर्म-दर्शन र संस्कृति

विश्वको एकमात्र हिन्दू राष्ट्रका राजका रूपमा मौसुफ आफ्नो धर्मप्रति अगाध आस्था राखिबक्सन्थ्यो । सबै धर्मको सम्मान गरिबक्सँदै सबै धर्मले मानव जातिलाई एउटै उद्देश्य प्राप्तिका लागि भिन्न भिन्न बाटोको मार्गदर्शन गर्दछ भन्ने धारणा लिइबक्सन्थ्यो । श्री ५ महाराजाधिराजबाट काँची कामकोटी पीठका जगद्गुरु शङ्कराचार्य श्री जयेन्द्र सरस्वती स्वामीको निमन्त्रणामा सवारी होइबक्सी २०३३ साल (सन् १९७७) मा भारतको मदुराईमा धर्म, दर्शन र संस्कृतिसम्बन्धी विश्व सम्मेलनमा बक्सेको उद्घाटन भाषणमा "धर्मले ब्रम्हाण्डको परम सत्यको खोजी गर्दछ, दर्शनले यसको व्याख्या गर्छ र संस्कृतिले यी दुर्वलाई जीवन पद्धतिमा आत्मसात् गर्दछ" भन्ने सारगर्भित उद्गार व्यक्त गरिबक्सेको थियो ।

मौसुफबाट धर्म तथा संस्कृतिको विकासमा प्रोत्साहन बक्सन पशुपति क्षेत्र विकास कोष र लुम्बिनी विकास कोषको संरक्षकत्व ग्रहण गरिबक्सेको कुरा गौरवपूर्ण इतिहास बनिसकेको छ । साथै, नेपाली संस्कृति, साहित्य आदिको जगेर्ना तथा विकासमा योगदान गर्ने उद्देश्य लिई स्थापना भएको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको केही वर्ष अगाडिसम्म मौसुफ संरक्षक होइबक्सन्थ्यो । त्यस्तै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा दिइने विभिन्न पुरस्कार एवं राष्ट्रिय कविता महोत्सवसम्बन्धी पुरस्कार तथा सम्मानहरू, मौसुफकै बाहुलीबाट प्रदान गरिँदैआएको हुँदा वाङ्मय साधकहरूमा ठूलो हौंसला प्राप्त हुनेगर्थ्यो ।

सामाजिक सुधारहरू

श्री ५ महाराजाधिराजबाट अज्ञानता तथा पछौटेपनमा अलमलिएर रहेका नेपाली नारीमा चेतना र जागरण ल्याई देश विकासको अभियानमा सरिक गराउनमा जोड दिइबक्सेको उदाहरण एवं कार्यहरू धेरै छन् । देशका सबै विकास क्षेत्रमा नारी जागरण तथा उत्थानका लागि लागू गरिएका विभिन्न योजना र मौसुफबाट जारी गरिबक्सेको मुलुकी ऐन छैठौं संशोधन अध्यादेश - २०३२, नेपाली नारीलाई सामाजिक हक, सुविधा र आर्थिक संरक्षण दिने क्षेत्रमा उदार एवं क्रान्तिकारी कदम हुन् ।

नेपालमा विद्यमान सामाजिक संघ संस्थाहरूको कामकाजमा समन्वय ल्याउन एवं समाज कल्याणसम्बन्धी प्रभावकारी सेवाको विकास र विस्तार गर्न मौसुफबाट २०३३ सालमा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको अध्यक्षतामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् गठन गरिबक्सेको थियो । जुन संस्थाका माध्यमबाट देशमा नारी समुदायको हक हित र संरक्षणका निम्ति महत्वपूर्ण योगदान पुगेको थियो । आज उक्त संस्थाकै कृयाकलापहरूका आधारमा नै महिला तथा समाज कल्याण मन्त्रालयका रूपमा स्थापना भएको छ ।

मानार्थ विद्यावारिधि उपाधि

श्री ५ महाराजाधिराजका हजुरमा सन् १९७३ मा भारतको दिल्ली विश्वविद्यालयले, सन् १९८४ मा थाइल्याण्डको महिडोल विश्वविद्यालयले, सन १९९४ मा संयुक्त राज्य अमेरिकाको वेस्ट भर्जिनिया इन्स्टिच्यूट अफ टेक्नोलोजीले, सन् १९९५ मा जापानको सोका विश्वविद्यालयले र सन् १९९७ मा रुसको पिपल्स फ्रेन्डशीप विश्वविद्यालयले मानार्थ विद्यावारिधिको उपाधि चढाएका थिए ।

कलाकारिता एवं कलाप्रेम

श्री ५ वीरेन्द्र चित्रकलाप्रति गहिरो अभिरुचि राखिबक्सन्थ्यो भन्ने कुरा मौसुफको प्रभावोत्पादक चित्रण शैलीबाट स्पष्ट हुन्छ । नेपालमा आधुनिक र परम्परागत चित्रकला र मूर्तिकलाको विकासका लागि मौसुफको अध्यक्षतामा २०२२ सालमा "नेपाल ललितकला संस्था (नाफा)"को स्थापना भयो । मौसुफ २०३४ सालसम्म उक्त

संस्थाको अध्यक्ष होइबक्सन्थ्यो । आजसम्म पनि नेपाली कलाकारहरू सिङ्गो ललितकला जगत् नै मौसुफ प्रति कृतकृत्य रहेको छ । मौसुफका चित्रकला - मोती, झरना, नारायण मन्दिर - दृष्यचित्र, सरदार यदुनाथ खनाल - व्यक्ति चित्र र अन्य कतिपय रचनाबाट कला जगत्मा ठूलो प्रेरणा प्रदान भएको छ । मौसुफका कलामा जनजीवन र मानवीय समस्याका साथै सन्देशमूलक अभिव्यक्ति पाइन्छ ।

सोख

श्री ५ वीरेन्द्र प्रकृति संरक्षणमा विशेष अभिरुचि राखिबक्सन्थ्यो । यसका अतिरिक्त मौसुफलाई घोडचढी र हेलिकोप्टर उडाउनमा पनि सोख थियो । यसै क्रममा २०३२ साल (सन् १९७६) मा मौसुफबाट हेलिकोप्टर उडाउने अनुमतिपत्र प्राप्त गरिबक्सनुले पनि मौसुफको विशेष सोखबारे ज्ञान पाइन्छ ।

ऐतिहासिक घोषणाहरू

जनमत सङ्ग्रह

श्री ५ महाराजाधिराजबाट २०३६ साल (सन् १९७९) मा बालिग मताधिकारको आधारमा राष्ट्रिय जनमत सङ्ग्रहको घोषणा गरिबक्स्यो । त्यस जनमत सङ्ग्रहमा सबै वयस्क नेपाली नागरिकहरूलाई सुधारसहितको पञ्चायती व्यवस्था कायम राख्ने वा बहुदलीय व्यवस्था स्थापना गर्ने भन्ने विषयमा गोप्य मतदानद्वारा आफ्नो मत प्रकट गर्न आग्रह गरिएको थियो । नेपालभित्र र बाहिरसमेत बहुचर्चित उक्त शाही घोषणा श्री ५ महाराजधिराजकोप्रजातान्त्रिक आदर्शहरूप्रतिको दृढ वचनबद्धता, नेपाली राजतन्त्रको गतिशीलता तथा उत्तरदायित्वको ज्वलन्त उदाहरण हो ।

२०३६ सालमा ऐतिहासिक घोषणापश्चात् मौसुफबाट २०३६ साल (सन् १९७९) मा राष्ट्रका नाममा बक्सेको सन्देशमा राष्ट्रिय जनमतसङ्ग्रहको परिणाम जे-जस्तो भए पनि अब उप्रान्त राष्ट्रिय व्यवस्थापिकाको चुनाव बालिग मताधिकारको आधारमा हुने, प्रधानमन्त्रीको छनौट राष्ट्रिय व्यवस्थापिकाले गर्ने र मन्त्रिपरिषद् राष्ट्रिय व्यवस्थापिकाप्रति उत्तरदायी हुने घोषणा गरिबक्स्यो । साथै राष्ट्रिय जनमत सङ्ग्रह निष्पक्ष, स्वतन्त्र र धाँधलीरहितरूपमा सम्पन्न गराउनका लागि राष्ट्रिय चुनाव आयोग गठन गरिबक्सेको थियो ।

२०३७ साल (सन् १९८० मई २ तारीख) मा अधिराज्यभर निर्विघ्नतापूर्वक राष्ट्रिय जनमतसङ्ग्रह सुसम्पन्न भयो । जनमत सङ्ग्रहमा कुल मतदाताहरूमध्ये सुधारसहितको पञ्चायती व्यवस्थाको पक्षमा ५४.७ प्रतिशत मत र बहुदलीय व्यवस्थाको पक्षमा ४५.२ प्रतिशत मत परेकाले सुधारसहितको पञ्चायती व्यवस्थाले बहुमतबाट विजय प्राप्त गरेको थियो । पञ्चायती व्यवस्थाभित्र पनि बालिग मताधिकारका आधारमा जनप्रतिनिधि चयन गर्ने परम्परा यसैबेलादेखि शुरु भएको हुँदा श्री ५ वीरेन्द्र प्रजातान्त्रिक मूल्य मान्यताको स्थापनामा प्रतिबद्ध होइबक्सन्थ्यो भन्ने कुरा प्रस्ट हुन्छ ।

संविधान संशोधनहरू

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय जनमत सङ्ग्रहको परिणामको घोषणापश्चात् २०३७ साल (सन् १९८० मा नेपालको संविधान २०१९ को तेस्रो संशोधन जारी गरिबक्स्यो । संविधानको तेस्रो संशोधनका मूलभूत बुँदाहरूमध्ये राष्ट्रिय व्यवस्थापिकाको चुनाव बालिग मताधिकारको आधारमा हुने, राष्ट्रिय व्यवस्थापिकाको सिफारिशको आधारमा प्रधानमन्त्री नियुक्त हुने र मन्त्रिपरिषद् राष्ट्रिय व्यवस्थापिकाप्रति उत्तरदायी हुने व्यवस्था महत्वपूर्ण थिए । यसअघि २०३२ साल (सन् १९७६) मा नेपालको संविधान २०१९ मा संशोधन गरिएको थियो ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना

लोकसम्मति अनुकूल प्रजातान्त्रिक शासन प्रणालीलाई अङ्गीकार गरी देश र जनताको भलाइमा सदा चिन्तनशील रहिबक्सने श्री ५ महाराजाधिराजबाट राष्ट्रिय जनमत सङ्ग्रह सम्पन्न भएको करीब १० वर्षपछि २०४६



साल चैत २६ गतेका दिन (सन् १९९०) मा जनताको इच्छानुसार निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थाको पुनर्स्थापनाको घोषणा गरिबक्स्यो ।

नयाँ संविधानको घोषणा

श्री ५ महाराजाधिराजबाट २०४७ साल (सन् १९९०) मा नेपाल अधिराज्यको संविधान, २०४७ घोषणा गरी लागू गरिबक्स्यो । यस संविधानले प्रत्येक नेपाली नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गरी बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने र स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्ने मूलभूत उद्देश्य लिएको छ ।

गद्दी आरोहणको रजत महोत्सव

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट शासन गरिबक्सेको २५ वर्ष पुगेको शुभवर्ष २०५३ साल (सन् १९९६/९७) लाई अधिराज्यव्यापीरूपमा गद्दी आरोहणको रजत महोत्सव वर्षको रूपमा "अनेकतामा एकता राजसंस्थाको विशेषता" भन्ने मूल नाराका साथ मनाइयो । यस शुभअवसरमा सरकारी तथा जनस्तरबाट विभिन्न कार्यक्रमहरूको आयोजना गरिनुका अतिरिक्त शाही नेपाली सेनाका परमाधिपति श्री ५ महाराजाधिराजको सम्मानमा शाही नेपाली सेनाले राजधानीको सदर टुँडीखेलमा "शाही जङ्गी इज्जत अर्पण कवाज"को आयोजना गरेको थियो ।

श्री ५ महाराजाधिराजको गद्दी आरोहणको रजत महोत्सवका पुनीत उपलक्ष्यमा मौसुफमा अभिनन्दन चढाउन अधिराज्यका सबै विकास क्षेत्रमा छुट्टाछुट्टै कार्यक्रमहरू र सम्पूर्ण देशवासीका तर्फबाट प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा २०५३ साल माघ १८ गते (सन् १९९७ जनवरी ३१ तारिख) का दिन राजधानीको दशरथ रङ्गशालामा एक वृहत् अभिनन्दन समारोहको आयोजना गरिएको थियो । त्यस अवसरमा प्रधानमन्त्रीले चढाउनुभएको अभिनन्दनपत्रको प्रत्युत्तरमा श्री ५ महाराजाधिराजबाट "हाम्रा सम्पूर्ण अभ्यास, संस्कार र व्यवहार प्रजातान्त्रिक आधार, मूल्य र मान्यताभित्र हुनु जरुरी छ । बहुदलीय व्यवस्थामा दलहरूबीच विभिन्न विषयमा मतमतान्तर हुनु स्वभाविकै भएतापनि राष्ट्रिय सरोकारका विषयहरूमा दलीय दृष्टिकोणबाट माथि उठी राष्ट्रिय सहमतिमा पुग्नु आवश्यक हुन्छ।" भन्ने कुरा प्रकाश पारिबक्सँदै सम्पूर्ण नेपालीलाई विगतका अनुभवहरूबाट शिक्षा लिई "नेपाल हाम्रो हो, हामी नेपालका हौं भन्ने भावनाबाट प्रेरित भई सजगताका साथ राष्ट्रको संरक्षण तथा सर्वोत्तम हित र समुन्नतिका लीग आ-आफ्नो क्षेत्रबाट समर्पित हुन" आव्हान गरिबक्सेको थियो ।

मौसुफको गद्दी आरोहणको रजत महोत्सवमा सबैको सक्रिय तथा उल्लासपूर्ण सहभागिताबाट राजसंस्थाप्रतिको नेपाली जनताको अटुट् आस्था र विश्वास प्रकट हुन्छ । अधिराज्यका विभिन्न जातजाति, भेषभूषा, भाषाभाषी, धर्म-संस्कृतिजन्य अनेकतालाई राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरिबक्सने श्री ५ नेपाल अधिराज्यको राष्ट्रियता र नेपाली जनताको एकताका प्रतीक एवं संविधानका संरक्षकका रूपमा रहिबक्सेको थियो ।



प्रजातन्त्र पुनर्स्थापनापछि देहावसान अवधिसम्म नै श्री ५ वीरेन्द्र अत्यन्त लोकप्रिय होइबक्सेको थियो। जनतासँगका भेटघाट, भ्रमण र अन्य विभिन्न अवसरहरूमा सर्वसाधारणसँग समेत बोलचाल गरिबक्सने, धार्मिक सामाजिक पर्व अवसरहरूमा सहभागी होइबक्सने आदि विभिन्न कारणले जनजीवनमा, सबै जाति, धर्म, वर्ण एवं समुदायमा समानरूपमा आदरणीय र श्रद्धा आस्था प्राप्त विशाल व्यक्तित्व बनेको थियो।

श्री ५ वीरेन्द्रको दूरदर्शिता संवैधानिक राजतन्त्रात्मक प्रजातन्त्रलाई एक्काइसौं शताब्दी सुहाउँदो धारणालाई व्यवहाररूपमा ल्याउन प्रयत्नशील रहिबक्स्यो।

राजनीतिक दलहरूले देश र जनताको उत्थानमा समर्पित भएर लाग्नुपर्ने आफ्नो मूलधर्म बिर्सिएर स्वार्थपूर्तिमा ढल्किन थालेको अवस्थामा समेत श्री ५ वीरेन्द्र संयमित रहिबक्सेर प्रजातन्त्र दरिलो पार्ने प्रयासमा लागिबक्सनु उदारता र महानताका विशिष्ट उदाहरण हुन्।

यथार्थमा श्री ५ वीरेन्द्रको पार्थिव शरीर अदृश्य भए पनि नेपाली जनमानसमा देवत्व रूपमा नेपाल र नेपालीले अनन्त कालसम्म हृदयमा आफ्ना कर्तव्यपथमा सदा स्मरण गरिरहनेछ, सदा स्मरण गरिरहनेछ।

प्रस्तुति– डा. तुलसी भट्टराई

श्री ५ वीरेन्द्रको जीवनकालका केही महत्त्वपूर्ण तालिका
(वि. सं. २००२/५८)

- वि. सं. २००२ साल पुस १४ गते : बुबा श्री ५ महेन्द्र वीरविक्रम शाहदेव एवं मुमा श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवी शाहका जेष्ठ सुपुत्रका रूपमा नारायणहिटी राजदरबारमा शुभजन्म ।
- वि. सं. २००२ साल पुस २४ गते : मौसुफको नामकरण ।
- वि. सं. २००३ साल जेठ : मौसुफको अन्नप्रासन ।
- वि. सं. २००७ साल भदौ १९ गते : श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाहको स्वर्गारोहण, मौसुफलाई मातृवियोग ।
- वि. सं. २००७ साल कार्तिक २१ गते : श्री ५ त्रिभुवन गाथगादीको कुनै पर्बाह नगरी बिहान शिकार खेल्ने बहाना गरी राणाहरूको चङ्गुलबाट मुक्त भई परिवारसहित भारतीय राजदूतावासको सरणमा जाँदा श्री ५ वीरेन्द्र साथमा होइबक्सेको ।
- वि. सं. २००७ साल कार्तिक २५ गते : श्री ५ त्रिभुवन परिवारसहित भारतीय हवाइजहाजमा दिल्ली सवारी हुँदा श्री ५ वीरेन्द्र साथमा होइबक्सेको ।
- वि. सं. २००७ साल फागुन ४ गते : श्री ५ त्रिभुवन १०६ दिनको भारत प्रवासपछि सपरिवार फिर्ती सवारी होइबक्सँदा श्री ५ वीरेन्द्र पनि साथमा रहिबक्सेको ।
- वि. सं. २०११ साल चैत १ गते : श्री ५ महेन्द्रको राज्यारोहण । श्री ५ वीरेन्द्र राजगद्दी उत्तराधिकारी घोषित ।
- वि. सं. २०१२-१६ साल : दार्जिलिङको सेन्ट जोसेफ स्कुलमा अध्ययन ।
- वि. सं. २०१६ साल जेठ १ गते : चिफ स्काउटको पद ग्रहण ।
- वि. सं. २०१६ असार ४ गते : नारायणहिटी राजदरबारमा भएको एक समारोहबीच श्री ५ महेन्द्रबाट श्री ५ वीरेन्द्र नेपाल स्काउट र गाइडको प्रथम प्रमुख (चिफ स्काउट) घोषित गरिबक्सेको ।
- २०१६ साल : श्री ५ वीरेन्द्र अध्ययनका लागि बेलाइतको इटल कलेज सवारी ।
- वि. स.. २०१६ साल चैत २६ गते : श्री ५ वीरेन्द्रबाट जुद्धोदय हाईस्कुलको २१ औं जन्मजयन्ती समारोहमा सम्बोधन ।
- २०१७ साल कार्तिक : स्व. श्री ५ महेन्द्र एवं श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाह संयुक्त अधिराज्य सवारी हुँदा श्री ५ वीरेन्द्र सम्मिलित ।
- २०१८ साल भदौ १२ गते : श्री ५ वीरेन्द्र युगोस्लाभियाको बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको पहिलो शिखर सम्मेलनमा पर्यवेक्षकको रूपमा भाग लिइबक्सेको (सन् १९६१) ।

- वि. सं. २०१९ साल चैत २९ गते : श्री ५ वीरेन्द्रको वैदिक विधिअनुसार नारायणहिटी राजदरबारमा शुभउपनयन सम्पन्न ।
- वि. सं. २०२१ साल जेठ २९ गते : श्री ५ महेन्द्र तथा श्री ५ रत्नको ग्रीस सवारीका बेला मौसुफहरूको दर्शनार्थ श्री ५ वीरेन्द्र बेलायतबाट ग्रीस सवारी ।
- २०२१ साल साउन-भदौ : श्री ५ वीरेन्द्र बेलायतको इटन कलेजको अध्ययन पूरा भएपछि सोभियत संघ, इरान आदि मुलुक हुँदै स्वदेश फिर्ती सवारी ।
- २०२१ साल असोज १ गते : हनुमान ढोका बैठकमा श्री ५ वीरेन्द्र उमेर पुगिबक्सेको समारोह सुसम्पन्न । श्री ५ महेन्द्रबाट मौसुफलाई पृथुलाधिशं तथा शाही नेपाली सेनाको सर्वोच्च महासेनानीको पदवी प्रदान ।
- २०२१ साल असोज : श्री ५ वीरेन्द्रबाट नेपालको पूर्वी क्षेत्रको पैदन भ्रमण ।
- २०२१ साल असोज १७ गते : श्री ५ महेन्द्रबाट इजिप्ट गणतन्त्रको राजधानी कायरोमा भएको असंलग्न राष्ट्रहरूको दोस्रो शिखरसम्मेलनमा नेपाली प्रमण्डलको नेतृत्व गरिबक्सँदा श्री ५ युवराजधिराजको हैसियतले श्री ५ वीरेन्द्रबाट पहिलो पटक राजकीय परिषद तथा राजप्रतिनिधि परिषदको कार्यभार ग्रहण ।
- २०२१ साल मंसिर २५ गते : श्री ५ वीरेन्द्रबाट त्रि.वि., राजनीतिशास्त्र विभागबाट आयोजित मानवअधिकार दिवस समारोहमा सम्बोधन ।
- २०२१ साल पुस १४ गते : श्री ५ वीरेन्द्रको २० औं शुभ जन्मोत्सवका दिन राष्ट्रिय पोशाक पहिरिबक्सेका दुई हुलाक टिकटहरू प्रथम पटक प्रचलनमा ।
- २०२१ साल पुस १५ गते : श्री ५ वीरेन्द्रबाट विराटनगरमा आयोजित नागरिक अभिनन्दन समारोहमा सम्बोधन ।
- २०२१ साल पुस १६ गते : मौसुफबाट धरानमा आयोजित नागरिक अभिनन्दन समारोहमा सम्बोधन ।
- २०२१ साल पुस १८ गते : विराटनगरमा मेडिकल एसोसियनद्वारा आयोजित समारोहमा सम्बोधन ।
- २०२१ माघ १६ गते : गणमहाविहारमा भगवान् बुद्धको पवित्र अवशेष अस्थिधातुको प्रतिस्थापनमा सम्बोधन ।
- २०२१ साल फागुन ७ गते : राजदरबारबाट प्रकाशित 'रमझम' पत्रिकाको सम्पादक मण्डलको अध्यक्षता ग्रहण ।
- २०२१ साल फागुन २२ गते : नेपाल जुनियर रेडक्रसको उद्घाटन समारोहमा सम्बोधन ।
- २०२१ साल फागुन ३० गते : नेपाल भ्रमणमा आएका एडिन बराका ड्युक राजकुमार फिलिपको स्वागत ।
- २०२२ साल वैशाख २ गते : वाङ्डुङ सम्मेलनको दशौं वार्षिक समारोह, जकार्तामा पर्यवेक्षकका रूपमा सरीक हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सवारी ।
- २०२२ साल वैशाख ६ गते : वाङ्डुङ सम्मेलनको दशौं वार्षिक समारोहमा सम्बोधन ।
- २०२२ जेठ २६ गते : युवा महोत्सवको समुद्घाटन एवं सम्बोधन ।
- २०२२ साल असार ४ गते : स्काउटका प्रमुख संरक्षक श्री ५ वीरेन्द्रबाट नारायणहिटी राजदरबारमा मनाइएको स्काउट दिवस समारोहबीच नेपाल स्काउट र गाइड नाम परिवर्तन गरी क्रमशः नेपाल ब्वाई र गर्ल्स स्काउट नामकरण एवं पुरुष र महिला विभाग गरी दुई छुट्टाछुट्टै विभाग छुट्ट्याइबक्सेको ।
- २०२२ साल असार ५ गते : नेपाल ललित कला संस्था (नाफा) को स्थापना र श्री ५ वीरेन्द्रबाट अध्यक्षता ग्रहण ।
- २०२२ साल मंसिर १० गते : श्री ५ महेन्द्र तथा श्री ५ रत्नबाट भारतको राजकीय भ्रमण हुँदा श्री ५ वीरेन्द्रबाट राजकीय परिषदको अध्यक्षता ग्रहण ।
- २०२२ साल माघ : त्रिशुलीदेखि बुटवलसम्मको पदयात्रा ।
- २०२३ साल जेठ १ गते : श्री ५ वीरेन्द्रबाट भारतको नैनीतालको भ्रमण ।

- २०२३ साल असार : श्री ५ वीरेन्द्रबाट जनवादी गणतन्त्र चीनको तीन हप्ते औपचारिक भ्रमण । उक्त भ्रमण क्रममा चीनका उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री छेन-ईद्वारा पेकिङ्गको जनवृहत सभा भवनमा आयोजित राजकीय भोजमा प्रत्युत्तर भाषण ।
- २०२३ साल असार : श्री ५ वीरेन्द्रबाट पाकिस्तान सरकारको निमन्त्रणामा पूर्वी पाकिस्तानको भ्रमण ।
- २०२३ साल : श्री ५ वीरेन्द्रबाट नेपाल भ्रमणमा आएका इरानी राजकुमार रेजा पहल्वीको स्वागत ।
- २०२३ साल कार्तिक १ गते : श्री ५ महेन्द्र र श्री ५ रत्नको फ्रान्सको राजकीय भ्रमणमा सवारी होइबक्सँदा गठित भएको राजकीय परिषदको अध्यक्षता ग्रहण ।
- २०२३ साल जेठ २८ गते : श्री ५ महेन्द्रको ४७ औं शुभजन्मोत्सवका अवसरमा नेपाल हुलाक इतिहासमा पहिलो राष्ट्रिय फिलाटेलिक प्रदर्शनीको काठमाडौं लैनचौरमा श्री ५ वीरेन्द्रबाट समुद्घाटन ।
- २०२४ साल वैशाख : श्री ५ महेन्द्र र श्री ५ रत्न नेदरल्याण्डको राजकीय भ्रमणमा सवारी होइबक्सँदा गठित राजकीय परिषदको अध्यक्षता ग्रहण ।
- २०२४ साल वैशाख (सन् १९६७) : श्री ५ वीरेन्द्र जापानको टोकियो विश्वविद्यालयमा भर्ना होइबक्सी सामाजिक कल्याणसम्बन्धी विषयमा करिब ४ महिनाको अध्ययन ।
- २०२४ साल असार १७ गते : श्री ५ वीरेन्द्रबाट जापान-नेपाल सोसाइटी तथा जापानी अल्पाइन क्लबद्वारा संयुक्त रूपमा आयोजित स्वागत समारोहमा सम्बोधन ।
- २०२४ साल भदौ १६ गते : श्री ५ वीरेन्द्र जापानमा अध्ययन सकेपछि अमेरिका हार्वर्ड विश्वविद्यालय सवारी, करिब ११ महिना अध्ययन ।
- २०२५ साल जेठ : श्री ५ वीरेन्द्रबाट जमैका र ब्राजिलको भ्रमण ।
- २०२५ साल असार : श्री ५ वीरेन्द्रबाट अर्जेन्टिना र मेक्सिकोको भ्रमण ।
- २०२५ साल साउन-असोज : मौसुफबाट अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा अध्ययन पूरा गरी स्वदेश फिर्ती सवारीको क्रममा बेलायत, पश्चिम जर्मनी, अष्ट्रिया, फ्रान्स, इजिप्ट, इथियोपिया, इजरायल, श्रीलङ्का, पाकिस्तान एवं भारतका विभिन्न क्षेत्रको निरीक्षण भ्रमण ।
- २०२५ साल कार्तिक १६ गते : श्री ५ महेन्द्र स्वास्थ्यपरीक्षणका लागि बेलायत सवारी होइबक्सँदा गठन भएको राज प्रतिनिधि परिषदको अध्यक्षता ग्रहण ।
- २०२५ साल माघ १९ गते : श्री ५ वीरेन्द्रबाट नेपाल भ्रमणमा आएका डेनमार्कका युवराज्ञी मार्गरेथ र राजकुमार हेनरीकको स्वागत ।
- वि. सं. २०२५ चैत ५ गते : 'प्याराविङ्स' बाट विभूषित ।
- वि. सं. २०२६ साल असार ४ गते : श्री ५ वीरेन्द्र चीफ स्काउटका हैसियतले मौसुफको अध्यक्षतामा नेपाल ब्वायज र गर्लस् स्काउटको नयाँ कार्यकारिणी बोर्डको गठन ।
- वि. सं. २०२६ साल भदौ २० गते : श्री ५ महेन्द्र नियमित स्वास्थ्य परीक्षणार्थ बेलायत सवारी होइबक्सँदा गठित राजप्रतिनिधि परिषद्को अधयक्षता ग्रहण ।
- वि. सं. २०२६ साल पुस ११ : श्री ५ वीरेन्द्रबाट नेपाल भ्रमणमा आएका अमेरिकी उपराष्ट्रपति स्पिरो टी. एग्न्युको सम्मानमा आयोजित भोजमा सम्बोधन भाषण ।
- वि. सं. २०२६ साल फागुन १६ गते : श्री ५ वीरेन्द्रको शुभविवाह रथी केन्द्रशमशेर जबरा तथा श्रीमती श्रीराज्यलक्ष्मी राणाकी ज्येष्ठ सुपुत्री श्री ५ ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहका साथ सुसम्पन्न ।
- वि. सं. २०२६ साल चैत १२ गते : श्री ५ महेन्द्र तथा श्री ५ रत्न जापान र बर्माको राजकीय भ्रमणमा सवारी होइबक्सँदा गठित राजप्रतिनिधि परिषद्को अध्यक्षता ग्रहण ।
- वि. सं. २०२७ साल असार-साउन : श्री ५ वीरेन्द्रबाट श्री ५ ऐश्वर्यको स्वास्थ्य परीक्षणार्थ पश्चिम जर्मनीमा तीन साताका लागि सवारी ।

- वि. सं. २०२७ साल पुस २७ गते : श्री ५ वीरेन्द्रको निगरानीमा 'जाँचबुझ केन्द्र'को व्यवस्था ।
- वि. सं. २०२८ साल वैशाख ६ गते : श्री ५ महेन्द्र तथा श्री ५ रत्न अस्ट्रेलिया र दक्षिण-पूर्वका केही देशको राजकीय भ्रमणमा सवारी होइबक्सँदा गठित राजप्रतिनिधि परिषद्को अध्यक्षता ग्रहण ।
- वि. सं. २०२८ साल जेठ २२ गते : श्री ५ वीरेन्द्रबाट देशव्यापी राष्ट्रिय जनगणनासम्बन्धी विवरण प्रदान ।
- वि. सं. २०२८ साल जेठ २७ गते : श्री ५ महेन्द्र अफगानिस्तान र सोभियत सङ्घको राजकीय भ्रमणमा सवारी होइबक्सँदा गठित राजप्रतिनिधि परिषद्को अध्यक्षता ग्रहण ।
- वि. सं. २०२८ साल असार १३ गते : श्री ५ वीरेन्द्र एवं श्री ५ ऐश्वर्यका ज्येष्ठ पुत्ररत्न श्री ५ दीपेन्द्रको शुभजन्म ।
- वि. सं. २०२८ साल भदौ : श्री ५ महेन्द्र तथा श्री ५ रत्न लुसाकामा असंलग्न राष्ट्रहरूको तेस्रो शिखर सम्मेलनमा सवारी होइबक्सँदा गठित राजप्रतिनिधि परिषद्को अध्यक्षता ग्रहण ।
- वि. सं. २०२८ साल असोज : श्री ५ वीरेन्द्रबाट वागमती अञ्चलका नुवाकोट र रसुवा जिल्लाको पैदल भ्रमण ।
- वि. सं. २०२८ साल असोज २७ गते : श्री ५ महेन्द्र तथा श्री ५ रत्न इरानमा राजसभा स्थापनाको २५०० औं वार्षिकोत्सवमा भाग लिन सवारी होइबक्सँदा गठित राजप्रतिनिधि परिषद्को श्री ५ वीरेन्द्रबाट अध्यक्षता ग्रहण ।
- वि. सं. २०२८ साल कात्तिक १७ गते : मौसुफबाट हेलम्बुमा पुनर्निर्माण भई तयार भएको तार्केघ्याङ्को उद्घाटन ।
- वि. सं. २०२८ साल मङ्सिर २०-पुस २२ : मेची अञ्चलका निर्माण एवं विकास कार्यको निरीक्षण भ्रमण ।
- वि. सं. २०२८ साल माघ १७ गते : चितवनको दियालो बङ्गलामा श्री ५ महेन्द्रको मुटुको व्यथाबाट असामयिकस्वर्गारोहण भएपछि श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट २६ वर्षको उमेरमा राष्ट्रको शासन सम्हालिबक्सेको ।
- वि. सं. २०२८ साल फागुन ७ गते : प्रजातन्त्र दिवसका अवसरमा श्री ५ वीरेन्द्रबाट देश विकासको मूल फुटाउन राष्ट्रिय आह्वान ।
- वि. सं. २०२८ साल फागुन २० गते : श्री ५ वीरेन्द्रबाट श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहलाई ओजस्वी राजन्यको मानपदवी तथा नेपाल अधिराज्यका सबै मानपदवीहरूको पृथुलाधीशको ओहदा प्रदान (श्री ५ युवराजधिराज दीपेन्द्र १८ वर्षको उमेर पुगी नबक्सेसम्मका लागि मात्र पृथुलाधीश) ।
- वि. सं. २०२८ साल फागुन २६ गते : श्री ५ वीरेन्द्रबाट त्रिभुवन विश्वविद्यालयको कुलपति पद ग्रहण ।
- वि. सं. २०२८ साल फागुन ३० गते : श्री ५ वीरेन्द्रबाट विभूषण समितिको गठन विधिमा हेरफेर, पाँच सदस्यीय विभूषण समिति गठन ।
- वि. सं. २०२८ साल चैत २२ गते : श्री ५ वीरेन्द्रबाट राष्ट्रव्यापी रूपमा मनाइने २०२९ सालको कविता-उत्सवका लागि खियाऊ हातका नङ्ग्रा भन्ने विषय बक्सेको ।
- वि. सं. २०२९ साल वैशाख १ गते : श्री ५ वीरेन्द्रबाट राष्ट्रिय विकास परिषदको गठन गर्ने घोषणा ।
- वि. सं. २०२९ साल वैशाख २ गते : मौसुफबाट महान्यायाधिवक्ताको कार्यालयको उद्घाटन ।
- वि. सं. २०२९ साल वैशाख ४ गते : प्रधानमन्त्री कीर्तिनिधि विष्टको सिफारिसमा मन्त्रीपरिषद्मा हेरफेर, प्रधानमन्त्री सहित ८ मन्त्री, ९ राज्यसहायक र ५ सहायक मन्त्रीको कार्य विभाजन ।
- वि. सं. २०२९ साल वैशाख २४ गते : मौसुफबाट भारतीय सहयोगमा निर्मित सिद्धार्थ राजमार्ग तथा पोखरा नगरमार्गको समुद्घाटन ।
- वि. सं. २०२९ साल जेठ १७ गते : मौसुफबाट गाउँफर्क राष्ट्रिय अभियानलाई नयाँ निर्देशन बक्स ।
- वि. सं. २०२९ साल जेठ १९ गते : श्री ५ वीरेन्द्रबाट पाँच सदस्यीय कानुन आयोग गठन ।
- वि. सं. २०२९ साल जेठ २७ गते : मौसुफको अध्यक्षतामा राष्ट्रिय विकास परिषद्को गठन ।

- वि. सं. २०२९ साल असार १० गते : श्री ५ वीरेन्द्रबाट नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको जन्मजयन्ती समारोहमा बालकृष्ण समलाई त्रिभुवन पुरस्कार र मणिकमान चित्रकारलाई इन्द्र राज्यलक्ष्मी पुरस्कार प्रदान ।।
- वि. सं. २०२९ साल असार १३ गते : श्री ५ वीरेन्द्रबाट राष्ट्रिय पञ्चायतको बीसौं अधिवेशनलाई शाही सम्बोधन । देशमा विद्यमान क्षेत्रीय असन्तुलन हटाउन नेपाललाई चार विकास क्षेत्रमा विभाजन ।
- वि. सं. २०२९ साल वैशाख २ गते : मौसुफबाट महान्यायाधिवक्ताको कार्यालयको उद्घाटन ।
- वि. सं. २०२९ साल असार ३१ गते : मौसुफबाट त्रिभुवन विश्वविद्यालयका कुलपतिका हैसियतले सात इन्स्टिच्युटका लागि डीनहरूको नियुक्ति ।
- वि. सं. २०२९ साल साउन २८ गते : मौसुफबाट श्री ५ महेन्द्रको पुण्यस्मृतिमा फर्पिङ भन्ज्याङको उत्तरस्थित ठूलो हात्तीवनको घ्याम्पे डाँडामा वृक्षारोपण ।
- वि. सं. २०२९ साल भदौ २० गते : मौसुफबाट श्री ५ महेन्द्रको पुण्यस्मृतिमा गोदावरी एलुम्नाई एसोसिएसनद्वारा आयोजित खुला बुद्धिचाल प्रतियोगिताका लागि रनिङ शिल्ड प्रदान । मौसुफको अध्यक्षतामा खाद्यान्न स्थितिबारे बिचार गर्न राजदरबारमा विशेष बैठक, सात सदस्यीय खाद्यान्न व्यवस्था समितिलाई अभिभारा बक्सेको ।
- वि. सं. २०२९ साल असोज १० गते : श्री ५ वीरेन्द्रबाट परोपकार रजत जयन्ती समारोहको समुद्घाटन ।
- वि. सं. २०२९ साल असोज २३ गते : श्री ५ वीरेन्द्रबाट डा. तुलसी गिरीलाई राजनीतिक सल्लाहकार नियुक्त ।
- वि. सं. २०२९ साल कात्तिक १०-मङ्सिर ४ गते :विकास क्षेत्रहरूको भ्रमण गर्ने प्रक्रिया प्रारम्भ गर्दै पोखरा विकास केन्द्रका क्षेत्रहरूको भ्रमण ।
- वि. सं. २०२९ साल कात्तिक १२ गते : श्री ५ वीरेन्द्रबाट पोखरामा आयोजित पञ्चयालीपछि नागरिक अभिनन्दन समारोहमा प्रत्युत्तर भाषण ।
- वि. सं. २०२९ साल मङ्सिर ९ गते : श्री ५ वीरेन्द्रबाट नेपाल तथा मित्रराष्ट्र चीनको संयुक्त सहयोगमा निर्मित सुनकोशी जलविद्युत् योजनाको समुद्घाटन ।
- वि. सं. २०२९ साल पुस १ गते : मौसुफबाट श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसका उपलक्ष्यमा आयोजित समारोहलाई सम्बोधन ।
- वि. सं. २०२९ साल पुस १८-माघ २० गते : सुर्खेत विकास केन्द्रअन्तर्गतका राप्ती, भेरी र महाकाली अञ्चलको महिनाव्यापी अनौपचारिक भ्रमण ।
- वि. सं. २०२९ साल माघ १८ गते : श्री ५ वीरेन्द्रबाट नेपालगन्जमा आयोजित नागरिक अभिनन्दन समारोहमा प्रत्युत्तर भाषण ।
- वि. सं. २०२९ साल फागुन ७ गते : श्री ५ वीरेन्द्रबाट थानकोट जमुनाचौरमा श्री ५ त्रिभुवनको प्रतिमा अनावरण ।
- वि. सं. २०२९ साल फागुन १५, १६ र १७ गते : श्री ५ वीरेन्द्रबाट सिंहदरबार विकास समीक्षालय सवारी, मौसुफको अध्यक्षतामा बसेका राष्ट्रिय विकास परिषद्का क्रमशः पहिलो, दोस्रो र तेस्रो बैठकमा सम्बोधन ।
- वि. सं. २०२९ साल फागुन २५-चैत १८ : धनकुटा विकास केन्द्रका क्षेत्रहरूको भ्रमणका क्रममा धनकुटाका स्थानीय जनताद्वारा आयोजित नागरिक अभिनन्दन समारोहमा प्रत्युत्तर भाषण ।
- वि. सं. २०२९ साल फागुन २५ चैत १८ : धनकुटा विकास केन्द्रका क्षेत्रहरूको भ्रमण ।
- वि. सं. २०२९ साल चैत १६ गते : धनकुटा विकास केन्द्रको भ्रमणका क्रममा धनकुटाका स्थानीय जनताद्वारा आयोजित नागरिक अभिनन्दन समारोहमा प्रत्युत्तर भाषण ।
- वि. सं. २०२९ साल चैत : राष्टव्यापी रूपमा मनाइने २०३० सालको 'कविता-उत्सव'का लागि 'श्रम र सीप स्वदेशमा भिजाऊ' भन्ने विषय बक्स ।

- वि. सं. २०३० साल वैशाख २० गते : वेदानन्द झाको सभापतित्वमा पाँच सदस्यीय राजसभा स्थायी समितिको गठन ।
- वि. सं. २०३० साल जेठ ११ गते : श्री ५ वीरेन्द्रबाट नर्वेजियन ब्रोडकास्टिङ कर्पोरेसनलाई अन्तर्वार्ता बक्सेको ।
- वि. सं. २०३० साल जेठ १२ गते : श्री ५ वीरेन्द्रबाट त्रिभुवन विश्वविद्यालय (पहिलो संशोधन) अध्यादेश, २०३० जारी ।
- वि. सं. २०३० साल जेठ १८ गते : श्री ५ वीरेन्द्रबाट त्रिभुवन विश्वविद्यालयका उपकुलपति तथा राष्ट्रिय शिक्षा समितिको सिफारिसमा पाँच इन्स्टिच्युटका लागि पाँच डीनको नियुक्ति ।
- वि. सं. २०३० साल जेठ २ गते : श्री ५ वीरेन्द्रबाट काठमाडौं विकास केन्द्रअन्तर्गत वाग्मती अञ्चलको निरीक्षण भ्रमण ।
- वि. सं. २०३० साल जेठ १९ गते : श्री ५ वीरेन्द्रबाट काठमाडौं विकास केन्द्रअन्तर्गत जनकपुर अञ्चलको निरीक्षण भ्रमण ।
- वि. सं. २०३० साल जेठ ३२ गते : श्री ५ वीरेन्द्रबाट पञ्चहरूको मागबमोजिम कामको मूल्याङ्कन गर्न गाउँफर्क राष्ट्रिय अभियानको विधानमा संशोधन ।
- वि. सं. २०३० साल असार ७ गते : श्री ५ वीरेन्द्रबाट राष्ट्रिय पञ्चायतको २२ औं अधिवेशनलाई शाही सम्बोधन ।
- वि. सं. २०३० साल असार २१ गते : श्री ५ वीरेन्द्रबाट श्री ५ अधिराजकुमार ज्ञानेन्द्रको अध्यक्षतामा नौ सदस्यीय शुभराज्याभिषेक सल्लाहकार समिति तथा प्रमुख राजदरबार पदाधिकारीको अध्यक्षतामा पन्ध्र सदस्यीय शुभराज्याभिषेक समिति गठन ।
- वि. सं. २०३० साल असार २५ गते : श्री ५ वीरेन्द्रबाट राति १ बजे (२४ गतेको रात १२ बजे बितेपछि असार २५ लाग्दाको १ बजे) देखि अकस्मात् आगलागी भएको सिंहदरबार केन्द्रीय सचिवालय सवारी होइबक्सी आगो निभाउन भइराखेको काम निरीक्षण गरिबक्सेर नेपालको राष्ट्रिय सम्पत्ति क्षतिग्रस्त भएकामा पुनर्निर्माण गर्न देशवासीका नाममा सन्देश ।
- वि. सं. २०३० साल साउन ११ गते : श्री ५ वीरेन्द्रबाट नेपाल विश्व सम्बन्ध परिषद्द्वारा आयोजित स्वागत समारोहमा प्रत्युत्तर भाषण ।
- वि. सं. २०३० साल भदौ १२ गते : श्री ५ वीरेन्द्रका जुनाफमा बेलायती महारानी एलिजाबेथ द्वितीयाबाट बेलायती सेनाको महारथीको पदवी सम्मानार्थ प्रदान ।
- वि. सं. २०३० साल भदौ १८-२४ गते : श्री ५ अधिराजकुमार ज्ञानेन्द्रको अध्यक्षतामा राजप्रतिनिधि परिषद् गठन गरिबक्सी अल्जियर्समा असंलग्न राष्ट्रहरूको चौथो शिखर सम्मेलनमा सात सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सेको ।
- वि. सं. २०३० साल भदौ २१ गते : -अल्जियर्समा भएको असंलग्न राष्ट्रहरूको चौथो शिखर सम्मेलनमा उपाध्यक्ष निर्वाचित ।
- वि. सं. २०३० साल भदौ २३ गते : उक्त शिखर सम्मेलनमा सम्बोधन ।
- वि. सं. २०३० साल भदौ २५ गते : अल्जियर्सबाट इटाली र इरान पुगिबक्सी श्री ५ वीरेन्द्रको फिर्ती सवारी ।
- वि. सं. २०३० साल असोज ८, ९ र १० : नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयको सभाकक्ष सवारी भई राष्ट्रिय विकास परिषद्का क्रमशः पहिलो, दोस्रो र तेस्रो बैठकको अध्यक्षता ग्रहण गरी परिषद्को तेस्रो बैठकमा निर्देशन बक्सेर राष्ट्रिय योजना आयोगले तयार गरेको साझा र विकास अग्रणी समूहको कार्यपत्रलाई अन्तिम रूप दिनका लागि तीन उपसमितिहरू गठन गरिबक्सेको ।
- वि. सं. २०३० साल असोज १५ गते : काठमाडौं विकास केन्द्रअन्तर्गत नारायणी अञ्चलको निरीक्षण भ्रमण ।
- वि. सं. २०३० साल असोज २६ गते : श्री ५ अधिराजकुमार ज्ञानेन्द्रको अध्यक्षतामा राजप्रतिनिधि परिषद् गठन ।

- वि. सं. २०३० साल असोज २६-कात्तिक ३ : श्री ५ वीरेन्द्रबाट भारतीय राष्ट्रपति वराह गिरी बैंकट गिरीको मैत्रीपूर्ण निमन्त्रणामा भारत भ्रमण। मौसुफबाट भारतका राष्ट्रपति वराह गिरी बैंकट गिरीद्वारा आयोजित स्वागत समारोहमा प्रत्युत्तर भाषण।
- वि. सं. २०३० साल असोज २७ गते : दिल्लीको लालकिल्लामा आयोजित नागरिक अभिनन्दन समारोहमा भाषण। मौसुफका जुनाफमा दिल्ली विश्वविद्यालयद्वारा 'डाक्टर अफ लज' नामक उपाधि प्रदान।
- वि. सं. २०३० मङ्सिर : पोखरा विकास केन्द्रका क्षेत्रहरूको भ्रमण।
- वि. सं. २०३० साल मङ्सिर २२ गते : श्री ५ अधिराजकुमार ज्ञानेन्द्रको अध्यक्षतामा राजप्रतिनिधि परिषद् गठन।
- वि. सं. २०३० साल मङ्सिर २२-२९ गते : श्री ५ वीरेन्द्रबाट मित्रराष्ट्र चीनका कायममुकायम अध्यक्ष तुङ-पी-ऊ र प्रधानमन्त्री चाउ-एन-लाईको मैत्रीपूर्ण निमन्त्रणामा चीन भ्रमण।
- वि. सं. २०३० मङ्सिर २३ गते : पेकिङको जनबृहत् सभा भवनमा चिनियाँ प्रधानमन्त्री चाउ-एन-लाईद्वारा आयोजित रात्रिभोजमा प्रत्युत्तर भाषण।
- वि. सं. २०३० साल पुस १ गते : महेन्द्र जयन्ती तथा संविधान दिवसका अवसरमा सम्बोधन।
- वि. सं. २०३० साल माघ २० गते : श्री ५ वीरेन्द्रबाट नेपालको राजकीय भ्रमणमा आएका सङ्घीय समाजवादी युगोस्लाभियाका राष्ट्रपति मार्सल जोसेफ टिटो तथा श्रीमती टिटोलाई त्रिभुवन विमानस्थलमा स्वागत। त्यसै दिन अतिथिहरूको सम्मानमा आयोजित रात्रिभोजमा भाषण गरिबक्सेको।
- वि. सं. २०३० साल फागुन ७ गते : श्री ५ वीरेन्द्रबाट श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा सम्बोधन।
- वि. सं. २०३० साल फागुन-चैत : धनकुटा विकास केन्द्रका विभिन्न अञ्चलको भ्रमण।
- वि. सं. २०३० साल चैत ३ गते : विराटनगरको समीक्षालयमा श्री ५ वीरेन्द्रको सवारीका बेला वम विस्फोटन गराइएको। उक्त विस्फोटमा दुईको मृत्यु र केही घाइते।
- वि. सं. २०३० साल चैत : श्री ५ वीरेन्द्रबाट राष्ट्रव्यापी रूपमा मनाइने २०३१ सालको कविता-उत्सवका लागि 'उद्योगी बनी स्वदेशी वस्तुको प्रयोग बढाऔं' भन्ने विषय बक्स।
- वि. सं. २०३१ साल वैशाख १ गते : श्री ५ वीरेन्द्रबाट नेपाली भाषा, साहित्य, संस्कृति, कला, ज्ञान र विज्ञानका क्षेत्रमा सर्वाङ्गीण विकास गर्न नेपाल राजकीय प्रज्ञा-पतिष्ठानको संरक्षक पद ग्रहण।
- वि. सं. २०३१ साल वैशाख १ गते : मौसुफबाट बक्स भएको न्याय सुधार ऐन, २०३० बमोजिम चार विकास क्षेत्रमा क्षेत्रीय अदालतको स्थापना।
- वि. सं. २०३१ साल असार १० गते : राष्ट्रिय पञ्चायतको चौबीसौं अधिवेशनलाई शाही सम्बोधन।
- वि. सं. २०३१ साल असोज २४ गते : श्री ५ वीरेन्द्रबाट राष्ट्रिय विकास परिषद्को तेस्रो बैठकलाई सम्बोधन।
- वि. सं. २०३१ साल मङ्सिर ७ गते : पोखरा विकास केन्द्रका तीन अञ्चलको भ्रमणका लागि सवारी।
- वि. सं. २०३१ साल मङ्सिर ७ गते : लुम्बिनी अञ्चलको भ्रमण।
- वि. सं. २०३१ साल मङ्सिर १३ गते : धौलागिरी अञ्चलको भ्रमण।
- वि. सं. २०३१ साल मङ्सिर १९ गते : गण्डकी अञ्चलको भ्रमण।
- वि. सं. २०३१ साल माघ २७ गते : संवैधानिक सुधारबारे अनिरुद्रप्रसाद सिंहको अध्यक्षतामा सात सदस्यीय आयोग गठन।
- वि. सं. २०३१ साल फागुन १२ गते : श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवको शुभराज्याभिषेक सुसम्पन्न। मौसुफबाट अधिराज्यभर निःशुल्क प्राथमिक शिक्षाको घोषणा।
- वि. सं. २०३१ साल फागुन १३ गते : श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट नेपाललाई शान्तिक्षेत्र घोषणा गर्न प्रस्ताव प्रस्तुत।
- वि. सं. २०३२ साल असार ३ गते : नेपाल स्काउटका प्रमुख संरक्षक श्री ५ वीरेन्द्रबाट नेपाल ब्वाय र गर्ल स्काउट, २०२६ को विधान खारेज गरी पञ्चवर्षीय स्काउट सुदृढीकरण योजना, २०३२

नेपाल ब्वाय र गर्ल स्काउट नाम परिवर्तन गरी 'नेपाल स्काउट' विधान नारायणहिटी राजदरबारबाट घोषणा ।

- वि. सं. २०३२ साल मङ्सिर १५ गते : मौसुफबाट डा. तुलसी गिरीलाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सी नयाँ मन्त्रिमण्डलको गठन ।
- वि. सं. २०३२ साल मङ्सिर २६ गते : श्री ५ वीरेन्द्रबाट संविधानको दोस्रो संशोधन जारी ।
- वि. सं. २०३३ साल भदौ १ गते : श्री ५ वीरेन्द्रबाट कोलम्बोमा आयोजित असंलग्न राष्ट्रको पाँचौं शिखर सम्मेलनलाई सम्बोधन ।

- वि. सं. २०३३ साल भदौ १ गते : श्री ५ वीरेन्द्रबाट कोलम्बोमा आयोजित असंलग्न राष्ट्रको पाँचौं शिखर सम्मेलनलाई सम्बोधन ।

- वि. सं. २०३३ साल असोज ३० गते : श्री ५ वीरेन्द्र एवं श्री ५ ऐश्वयं राज्यलक्ष्मीदेवीका पुत्रीरत्न श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मीदेवी शाहको शुभजन्म ।
- वि. सं. २०३३ साल फागुन २ गते : श्री ५ बाट श्री ५ बडामहारानी सरकारको अध्यक्षतामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को गठन ।
- वि. सं. २०३४ साल भदौ २७ गते : श्री ५ वीरेन्द्रबाट कीर्तिनिधि बिष्टलाई पुनः प्रधानमन्त्री नियुक्त गरिबक्सी नयाँ मन्त्रिमण्डल गठन गरिबक्सेको ।
- वि. सं. २०३४ साल मङ्सिर २० गते : मौसुफबाट कोलम्बो योजनाको २६ परामर्शदातृ समितिको पूर्ण बैठकको समुद्घाटन र सम्बोधन बक्स ।
- वि. सं. २०३५ साल कात्तिक २० गते : श्री ५ वीरेन्द्र एवं श्री ५ ऐश्वर्यका द्वितीय पुत्ररत्न श्री ५ अधिराजकुमार नीराजन वीरविक्रम शाहको शुभजन्म ।
- वि. सं. २०३५ साल माघ ५ गते : श्री ५ वीरेन्द्रबाट हेटौंडा कपडा उद्योग लिमिटेडको उद्घाटन ।
- वि. सं. २०३६ साल जेठ १० गते : श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट राष्ट्रका नाममा शाही घोषणा (राष्ट्रिय जनमत सङ्ग्रहको घोषणा) ।
- वि. सं. २०३६ साल जेठ १६ गते : श्री ५ वीरेन्द्रबाट सूर्यबहादुर थापालाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सेको ।
- २०३६ साल भदौ २० गते : श्री ५ वीरेन्द्रबाट हवानामा आयोजित असंलग्न राष्ट्रहरूको छैठौं शिखर सम्मेलनलाई सम्बोधन ।
- वि. सं. २०३७ साल वैशाख २० गते : जनमत सङ्ग्रह सम्पन्न ।
- वि. सं. २०३७ साल पुस १ गते : श्री ५ वीरेन्द्रबाट नेपालको संविधान
- वि. सं. २०३७ साल फागुन ११ गते : श्री ५ वीरेन्द्रबाट शाही प्रेस आयोगको गठन ।
- वि. स.. २०३७ साल : भूकम्पबाट क्षति पुगेका जिल्लाहरूको निरीक्षणका सिलसिलामा सुदूरपश्चिमाञ्चल भ्रमण ।
- वि. सं. २०३८ साल भदौ १६ गते : श्री ५ वीरेन्द्रबाट पेरिसमा आयोजित अल्पविकसित राष्ट्रहरूको समस्यासम्बन्धी राष्ट्रसङ्घीय सम्मेलनमा एसिया तथा प्रशान्त क्षेत्रका नौ मुलुकको प्रतिनिधित्व गरिबक्सँदै सम्बोधन बक्स ।
- वि. सं. २०३८ साल : श्री ५ वीरेन्द्रबाट एक विकास क्षेत्र थप गरी पाँच विकास क्षेत्रमा विभाजन ।
- वि. सं. २०३९ साल भदौ १ गते : श्री ५ वीरेन्द्रबाट श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीरविक्रम शाहको अध्यक्षतामा श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको स्थापना ।
- वि. सं. २०३९ साल फागुन २४ गते : श्री ५ वीरेन्द्रबाट नयाँ दिल्लीमा सम्पन्न असंलग्न राष्ट्रहरूको सातौं शिखर सम्मेलनलाई सम्बोधन ।

- वि. सं. २०३९ साल चैत ६ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानीको मैत्रीपूर्ण निमन्त्रणामा जनवादी गणतन्त्र चीनका राष्ट्रपति लि स्यान न्यान तथा श्रीमती लिन च्या मई नेपालको राजकीय भ्रमणका लागि काठमाडौं आगमन ।
- वि. सं. २०४० साल वैशाख १९ गते : फ्रान्सका तत्कालीन राष्ट्रपति फ्राँस्वाँ मित्तराँ नेपालको अनौपचारिक भ्रमणका लागि काठमाडौं आगमन ।
- वि. सं. २०४० साल असार २९ गते : श्री ५ वीरेन्द्रबाट लोकेन्द्रबहादुर चदलाई प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सेको ।
- वि. सं. २०४२ साल वैशाख १९ गते : गणतन्त्र माल्दिभ्सका राष्ट्रपति मौमुल अब्दुल गैयुम तथा श्रीमती गैयुम नेपालको राजकीय भ्रमणका लागि काठमाडौं आगमन ।
- वि. सं. २०४२ साल मङ्सिर २२ गते : श्री ५ वीरेन्द्रबाट ढाकामा आयोजित दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको पहिलो शिखर सम्मेलनलाई सम्बोधन ।
- वि. सं. २०४२ साल पुस १ गते : गरिबी हटाउने प्रयासस्वरूप विकास कार्यक्रममा नयाँ मोड दिई दीर्घावधिक दृष्टिमा परिचालन गर्नका लागि श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र दलविहीन पञ्चायत व्यवस्थाको रजत जयन्तीका अवसरमा वि.सं. २०५७ (सन् २०००) सम्ममा एसियाली मापदण्ड पूरा गर्ने घोषणा ।
- वि. सं. २०४२ साल फागुन ६ गते : संयुक्त अधिराज्यकी महारानी एलिजाबेथ द्वितीया तथा राजकुमार फिलिप नेपालको राजकीय भ्रमणका लागि काठमाडौं सवारी ।
- वि. सं. २०४२ साल चैत ८ गते : श्री ५ वीरेन्द्रबाट प्रधानमन्त्री पदमा नगेन्द्रप्रसाद रिजाललाई नियुक्त गरिबक्सी निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गरिबक्सेको ।
- वि. सं. २०४३ साल असार १ गते : श्री ५ वीरेन्द्रबाट नगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा गठित मन्त्रिपरिषद् विघटन गरी मरिचमानसिंहलाई प्रधानमन्त्री नियुक्त ।
- वि. सं. २०४३ साल साउन ६ गते : गणतन्त्र भारतका राष्ट्रपति ज्ञानी जैलसिंह नेपालको राजकीय भ्रमणका लागि काठमाडौं आगमन ।
- वि. सं. २०४३ साल भदौ १९ गते : मौसुफबाट हरारेमा आयोजित असंलग्न राष्ट्रहरूको आठौं शिखर सम्मेलनलाई सम्बोधन ।
- वि. सं. २०४३ साल पुस १ गते : श्री ५ वीरेन्द्रबाट पशुपति क्षेत्र विकास कोष स्थापनाको घोषणा ।
- वि. सं. २०४३ साल माघ २ गते : मौसुफबाट काठमाडौंमा स्थापना भएको सार्कको स्थायी सचिवालयको समुद्घाटन ।
- वि. सं. २०४३ साल फागुन २७ गते : जापानका नवयुवराज नारुहितोको नेपालको औपचारिक भ्रमणका लागि काठमाडौं सवारी ।
- वि. सं. २०४३ साल चैत १६ गते : त्रिभुवन विश्वविद्यालयको प्राङ्गणमा श्री ५ वीरेन्द्रबाट नेपाल स्काउटको प्रथम ज्याम्बोरी समारोहमा झन्डोत्तोलन गरी उद्घाटन ।
- वि. सं. २०४४ साल साउन ३ गते : सङ्घीय गणतन्त्र जर्मनीका चान्सलर डा. हेल्मुट कोल तथा श्रीमती हाभलोर कोल नेपालको औपचारिक भ्रमणका लागि काठमाडौं आगमन ।
- वि. सं. २०४४ साल भदौ २९ गते : श्री ५ तथा श्री ५ बडामहारानी जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सवारी ।
- वि. सं. २०४४ साल कात्तिक १६ गते : श्री ५ वीरेन्द्रको अध्यक्षतामा सार्कको तेस्रो शिखर सम्मेलन काठमाडौंमा प्रारम्भ ।
- वि. सं. २०४४ साल कात्तिक १८ गते : श्री ५ वीरेन्द्रबाट सार्क सम्मेलनको समापनमा सम्बोधन बक्स ।
- वि. सं. २०४४ साल मङ्सिर ६ गते : श्री ५ वीरेन्द्र एवं श्री ५ ऐश्वर्यको मैत्रीपूर्ण निमन्त्रणामा चारदिने राजकीय भ्रमणका लागि स्पेनका नरेश हुवाँ कार्लोस प्रथम तथा महारानी सोफिया नेपालको राजकीय भ्रमणका लागि काठमाडौंमा ।

- वि. सं. २०४४ साल चैत १५ गते : श्री ५ युवराजाधिराज दीपेन्द्र वीरविक्रम शाहदेवको शुभ उपनयन सुसम्पन्न ।
- वि. सं. २०४४ साल चैत २५ गते : श्रीलङ्काका प्रधानमन्त्री रणसिङ्घे प्रेमदासा तथा हेमा प्रेमदासा औपचारिक भ्रमणमा नेपाल आगमन ।
- वि. सं. २०४५ साल साउन २७ गते : श्री ५ वीरेन्द्रबाट सार्क मन्त्रिपरिषद्को पाँचौं बैठकको समुद्घाटन ।
- वि. सं. २०४५ भदौ ३० गते : श्री ५ तथा श्री ५ बडामहारानी भदौ ५ गते अधिराज्यका पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रहरूमा भूकम्पले गरेको क्षतिका बारेमा स्थिति अध्ययनका क्रममा सवारी ।
- वि. सं. २०४५ साल असोज १२ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)का अध्यक्षका हैसियतले यस क्षेत्रका सदस्यराष्ट्रहरूको भ्रमणमा सवारी ।
- वि. सं. २०४५ साल मङ्सिर २८ गते : श्री ५ वीरेन्द्रका हजुरमा श्री ५ अधिराजकुमार धीरेन्द्र वीरविक्रम शाहबाट शाही उपाधि श्री ५ अधिराजकुमार र सो हैसियतले नेपालको कानुनिबमोजिम पाउने अन्य सबै किसिमका सुविधाहरू स्वेच्छाले छोड्न स्वीकृति बक्स पाउन चढाइबक्सेको मङ्सिर २३ को बिन्तीपत्र जाहेर हुँदा मौसुफबाट सोही दिनदेखि लागू हुने गरी स्वीकृति बक्स ।
- वि. सं. २०४५ साल पुस १५ गते : श्री ५ वीरेन्द्रबाट सार्क राष्ट्रका राष्ट्राध्यक्ष तथा सरकारप्रमुखहरूले भाग लिएको चौथो शिखर सम्मेलनलाई सम्बोधन बक्स ।
- वि. सं. २०४५ साल फागुन २३ गते : संयुक्त राष्ट्रसङ्घका चौथो महासचिव हाभियर परेज द कोयार नेपालको चारदिने भ्रमणका लागि काठमाडौं आइपुग्नुभएको ।
- वि. सं. २०४६ साल चैत २४ गते : श्री ५ वीरेन्द्रबाट रेडियो नेपालमार्फत शाही घोषणा बक्सँदै 'वर्तमान आन्दोलनका सम्बन्धमा जनताको जीउधनको सुरक्षा गर्न नसकेकोमा' मरीचमानसिंह श्रेष्ठको मन्त्रिपरिषद् बर्खास्त गरी माननीय लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा नयाँ सरकार बनाउने निर्देशन बक्स ।
- वि. सं. २०४६ साल चैत २६ गते : श्री ५ वीरेन्द्रबाट निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाको घोषणा । श्री ५ बाट नेताहरू कृष्णप्रसाद भट्टराई, साहना प्रधान, गिरिजाप्रसाद कोइराला र राधाकृष्ण मैनालीलाई दर्शनभेट र कुराकानी ।
- वि. सं. २०४७ साल वैशाख ३ गते : श्री ५ वीरेन्द्रबाट देशवासीका नाममा रेडियो नेपालबाट शाही घोषणा बक्सँदै संविधानको धारा १ को उपधारा (२) लागू गरी संविधानका धारा २५, २६, २७, २८, २९, धारा ११ (२ क), धारा ४१ (ख), ६७ (क) निलम्बन गरी राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समिति र जनवर्गीय सङ्गठनहरूसमेत विघटन गरिबक्सेको ।
- वि. सं. २०४७ साल वैशाख ६ गते : श्री ५ वीरेन्द्रबाट २०४६ साल चैत २६ गते बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनाको घोषणा बक्स भएपछि नेपाली काङ्ग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ११ सदस्यीय अन्तरिम मन्त्रिमण्डलको गठन ।
- वि. सं. २०४७ साल जेठ ३ गते : श्री ५ वीरेन्द्रबाट दलमाथि प्रतिबन्ध हटिसकेपछि सङ्घ-संस्था ऐनअन्तर्गतका मुद्दाहरूमा कारागारमा सजाय भोगिरहेका व्यक्तिहरूको कैद, जरिवाना र सजाय माफी बक्स ।
- वि. सं. २०४७ साल जेठ ७ गते : श्री ५ वीरेन्द्रबाट विघटित राष्ट्रिय पञ्चायतमा निहित सबै अधिकार नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्बाट गर्न पाउने गरी तोकिबक्सेको ।

- वि. सं. २०४७ साल जेठ १६ गते : वर्तमानमा अधिराज्यमा कार्यान्वयन भइरहेको नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माण गर्न श्री ५ वीरेन्द्रबाट मन्त्रिपरिषद्को परामर्शमा विभिन्न राजनीतिक दलका प्रतिनिधि र कानुनविद्हरू रहेको १० जनाको संविधान सुधार सुझाव आयोग गठन गरिबक्सेको । आयोगको अध्यक्षमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश विश्वनाथ उपाध्याय, सदस्यहरू नेपाली काङ्ग्रेसका तर्फबाट दमननाथ ढुङ्गाना, लक्ष्मण अर्याल र प्रद्युम्नलाल राजभण्डारी र रामानन्दप्रसाद सिंह रहनुभएको । सूर्यप्रसाद उपाध्यायलाई आयोगको सदस्यसचिवमा तोकिएको ।
- वि. सं. २०४७ साल असार २६ गते : मौसुफबाट अन्तरिम सरकारलाई संवैधानिक राजतन्त्रअन्तर्गत बहुदलीय प्रजातन्त्रअनुकूल आफ्नो कामकाज सुचारु रूपले चलाई शान्ति सुव्यवस्था कायम गर्ने कामका लागि मन्त्रिपरिषद्को सल्लाह र सम्मतिअनुसार नेपालको संविधान, २०१९ का विभिन्न धाराहरू निलम्बन गरिबक्सेको ।
- वि. सं. २०४७ साल कात्तिक २३ गते : श्री ५ वीरेन्द्रबाट 'वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने' विशेषता भएको नेपाल अधिराज्यको संविधान, २०४७ जारी ।
- वि. सं. २०४८ साल जेठ १५ गते : श्री ५ वीरेन्द्रबाट गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री पद तथा गोपनीयताको शपथग्रहण गराइबक्सेको । प्रधानमन्त्री कोइरालाको अध्यक्षतामा १५ सदस्यीय मन्त्रिमण्डल गठन ।
- वि. सं. २०४८ साल कात्तिक १२ गते : श्री ५ वीरेन्द्रबाट धर्म र शान्तिका लागि एसियाली सम्मेलनको चौथो महाधिवेशनको काठमाडौंमा समुद्घाटन ।
- वि. सं. २०४९ साल असोज : मौसुफबाट नेपालको दुईदिने भ्रमणका लागि आएका श्रीलङ्काली राष्ट्रपति तथा सार्कका तत्कालीन अध्यक्ष रणसिङ्घे प्रेमादासालाई दर्शनभेट ।
- वि. सं. २०४९ साल कात्तिक : श्री ५ वीरेन्द्रबाट नेपालको तीनदिने सद्भावना भ्रमणमा आएका भारतका प्रधानमन्त्री पी.भी. नरसिंह रावलाई दर्शनभेट ।
- वि. सं. २०५० साल वैशाख २४ गते : श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य मित्रराष्ट्र भारतको साताव्यापी राजकीय भ्रमणका लागि त्यसतर्फ प्रस्थान ।
- वि. सं.२०५० साल वैशाख २४ गते : श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य मित्रराष्ट्र भारतको साताव्यापी राजकीय भ्रमणका लागि त्यसतर्फ प्रस्थान ।
- वि. सं. २०५० साल असोज ४ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी चीनको सप्ताहाव्यापी राजकीय भ्रमणमा बेइजिङ प्रस्थान ।
- वि. सं. २०५० साल मङ्सिर ७ गते : नेपाल स्काउटका प्रमुख संरक्षक श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट 'नेपाल स्काउट ऐन, २०५०' मा निसाना बक्स ।
- वि. सं. २०५० साल : श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवबाट देशका विभिन्न भागमा अतिवृष्टिबाट भएको जनधनको क्षतिको निरीक्षण ।
- वि. सं. २०५१ साल जेठ ९ गते : श्री ५ वीरेन्द्रमा अमेरिकाको वेस्ट भर्जिनियास्थित 'इन्स्टिच्युट अफ टेक्नोलोजी'द्वारा चढाइएको मानवशास्त्रको विद्यावारिधी 'अनररी डाक्टर अफ ह्युमानिटिज' नारायणहिटी राजदरबारमा आयोजित समारोहमा ग्रहण ।
- वि. सं. २०५१ साल वैशाख २८ गते : मौसुफ जनकपुरस्थित जानकी मन्दिर शतवार्षिकी समारोहको समुद्घाटन ।
- वि. सं. २०५१ साल जेठ २४ गते : श्री ५ वीरेन्द्रबाट काठमाडौंको तिलगङ्गास्थित तिलगङ्गा नेत्र अस्पतालको उद्घाटन ।

- वि. सं. २०५१ साल असार २६ गते : प्रतिनिधिसभाको बैठकबाट श्री ५ मा चढाइएको धन्यवाद प्रस्तावमार्फत श्री ५ को सरकारको नीति तथा कार्यक्रम अस्वीकृत। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट श्री ५ समक्ष राजीनामा प्रस्तुत।
- वि. सं. २०५१ साल असार २७ गते : श्री ५ बाट प्रधानमन्त्रीको सिफारिसअनुसार प्रतिनिधिसभा विघटन। मध्यावधि निर्वाचनका लागि २०५१ कात्तिक २७ गतेको मिति तय।
- वि. सं. २०५१ साल असोज २ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी फ्रान्सका राष्ट्रपति फ्राँस्वाँ मित्तराँको निमन्त्रणामा फ्रान्सको राजकीय भ्रमणमा सवारी।
- वि. सं. २०५१ साल मङ्सिर १३ गते : श्री ५ वीरेन्द्रबाट मध्यावधि निर्वाचनमा प्रतिनिधिसभामा सबैभन्दा बढी स्थान हासिल गर्ने नेकपा (एमाले)का अध्यक्ष मनमोहन अधिकारीलाई प्रधानमन्त्री नियुक्त।
- वि. सं. २०५१ साल मङ्सिर २१ गते : श्री ५ वीरेन्द्रबाट 'जनपतिनिधि चयन' विषयक दोस्रो एसिया तथा प्रशान्त क्षेत्रीय सम्मेलनको काठमाडौँमा समुद्घाटन।
- वि. सं. २०५१ साल चेत १७ गते : श्री ५ वीरेन्द्रबाट काठमाडौँमा आयोजित चौथो सार्क ल सम्मेलनको समुद्घाटन। नेपाल भ्रमणमा आएकी अमेरिकी प्रथम महिला हिलारी रोद्याम क्लिन्टनलाई दर्शनभेट बक्स।
- वि. सं. २०५२ साल वैशाख २२ गते : मौसुफ युरोपमा दोस्रो विश्वयुद्ध समाप्तिपछिको वार्षिकोत्सवमा भाग लिन बेलायत सवारी।
- वि. सं. २०५२ साल जेठ २६ गते : प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा प्रतिनिधिसभा विघटन र सोही वर्षको कात्तिकमा निर्वाचनका लागि मिति तोकिबक्सन श्री ५ मा सिफारिस प्रस्तुत। श्री ५ बाट सिफारिस स्वीकृत।
- वि. सं. २०५२ साल जेठ ३० गते : श्री ५ वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम २०५२ साल मङ्सिर ७ गते नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गरिबक्सेको।
- वि. सं. २०५२ साल भदौ २७ गते : श्री ५ बाट प्रधानमन्त्री शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वमा नेपाली काङ्ग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी तथा सद्भावना पार्टी सम्मिलित मन्त्रिपरिषद् गठन।
- वि. सं. २०५२ साल कात्तिक १५ गते : श्री ५ वीरेन्द्रविक्रम शाहदेवमा मौसुफको राज्यारोहणपछि नै विश्वशान्तिको अभिवृद्धि गर्ने प्रयासस्वरूप मौसुफबाट विभिन्न राष्ट्रहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम राख्न सक्रिय योगदान गर्दै आइबक्सेबापत जापानको सोका विश्वविद्यालयका अध्यक्ष किन्नोसुके कोमुरोद्वारा उक्त विश्वविद्यालयको मानार्थ विद्यावारिधि चढाइएको।
- वि. सं. २०५२ साल पुस १४ गते : मौसुफबाट लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान भवनको समुद्घाटन।
- वि. सं. २०५२ साल माघ २३ गते : श्री ५ वीरेन्द्रको स्वर्ण शुभजन्मोत्सव भव्यताका साथ मनाइएको।
- वि. सं. २०५३ साल भदौ ७ गते : श्री ५ वीरेन्द्र तथा श्री ५बडामहारानी चीनका राष्ट्रपति जियाङ जेमिनको मैत्रीपूर्ण निमन्त्रणामा सप्ताहव्यापी भ्रमणका सिलसिलामा चीनकै स्वशासित क्षेत्र तिब्बत सवारी।
- वि. सं. २०५३ साल मङ्सिर २ गते : श्री ५ वीरेन्द्रबाट सिन्धुपाल्चोकको पीपलडाँडा गाविस-८ स्थित गौराती भीमेश्वर मन्दिरको प्राङ्गणमा मौसुफको गद्दी आरोहण रजत महोत्सवका उपलक्ष्यमा जिल्लावासीद्वारा पुनर्निर्माण गरिएको 'भीमेश्वर मन्दिर'को स्मृतिस्वरूप स्थापित स्तम्भको अनावरण।
- वि. सं. २०५३ साल मङ्सिर १० -१५ गते :श्री ५ वीरेन्द्रको मैत्रीपूर्ण निमन्त्रणामा सङ्घीय गणतन्त्र जर्मनीका राष्ट्रपति प्राध्यापक डा. रोमन हेर्जोग एवं श्रीमती क्रिस्टियाना हेर्जोगद्वारा नेपाल भ्रमण।
- वि. सं. २०५३ साल मङ्सिर २४ गते : श्री ५ वीरेन्द्रबाट धुलिखेल अस्पतालको समुद्घाटन।
- वि. सं. २०५३ साल मङ्सिर २८ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी थाइल्यान्डको निजी भ्रमणका सिलसिलामा बैङ्कक सवारी।
- वि. सं. २०५३ साल माघ १६ गते : गद्दी आरोहणको २५ वर्ष।

- वि. सं. २०५४ साल वैशाख २६-२७ गते : श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मीदेवी शाहको केयुरशमशेर जबराका सुपुत्र कुमार गोरखशमशेर जबराका साथ शुभविवाह सुसम्पन्न ।
- वि. सं. २०५४ साल असोज २७-कात्तिक ८ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी अनौपचारिक र औपचारिक विदेश भ्रमणमा ।
- वि. सं. २०५४ साल असोज ३० गते : श्री ५ वीरेन्द्रबाट १७ औं खाद्य दिवस तथा ५२ औं संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनको वार्षिकोत्सवका उपलक्ष्यमा इटालीको रोममा आयोजित समारोहलाई सम्बोधन बक्स ।
- वि. सं. २०५४ साल कात्तिक २ गते : मौसुफबाट भारतको हरिद्वारमा आयोजित 'विराट् हिन्दू सम्मेलन'को समुद्घाटन ।
- वि. सं. २०५४ साल कात्तिक २४-२७ गते : श्री ५ वीरेन्द्रको मैत्रीपूर्ण निमन्त्रणामा स्विस महासङ्घका राष्ट्रपति प्रा. आर्नोल्ड कोलर तथा श्रीमती एरिका कोलरद्वारा नेपाल भ्रमण ।
- वि. सं. २०५५ साल जेठ १४-१६ गते : मौसुफको मैत्रीपूर्ण निमन्त्रणमा भारतीय राष्ट्रपति के.आर.नारायणन तथा श्रीमती उषा नारायणनद्वारा नेपाल भ्रमण । जेठ १६ मा श्री ५ बाट राष्ट्रपति नारायणनलाई त्रिभुवन विश्वविद्यालयको मानार्थ स्नातकोपाधि विद्यावारिधि प्रदान ।
- वि. सं. २०५५ साल मङ्सिर ३-२८ गते : श्री ५ वीरेन्द्र मुटुमा रक्तसञ्चार नलीमध्ये एउटा नली साँघुरिएका कारण त्यसमा स्टेन्ट प्रत्यारोपण सहित एन्जियो-प्लाष्टी गराउन बेलायत भ्रमणमा
- वि.सं. २०५५ साल माघ १२ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी भारतको ५० औं गणतन्त्र दिवसका उपलक्ष्यमा नयाँ दिल्लीको राजपथमा आयोजित परेडमा प्रमुख अतिथिका रूपमा सरिक ।
- वि. सं. २०५६ साल असार २१-२४ गते : चन्द्रिका कुमारातुङ्गाद्वारा नेपाल भ्रमण ।
- वि. सं. २०५६ साल असोज ८ गते : श्री ५ वीरेन्द्रबाट एक विशेष समारोहबीच आठौं दक्षिण एसियाली महासङ्घीय खेलकुद प्रतियोगिता (साफ) को समुद्घाटन ।
- वि. सं. २०५७ साल असार १६ गते : श्री ५ वीरेन्द्र मौसुफको नियमित स्वास्थ्य परीक्षणका क्रममा बेलायत सवारी हुने सिलसिलामा दुबई प्रस्थान । मौसुफको साउन ५ गते फिर्ती सवारी ।
- वि. सं. २०५७ साल मङ्सिर १२ गते : श्री ५ वीरेन्द्रबाट दोलखाको किर्नेटारस्थित निजी क्षेत्रबाट बनेको नेपालको पहिलो जलविद्युत् आयोजना खिम्ती प्रथमको समुद्घाटन ।
- वि. सं. २०५७ साल पुस २१-२३ गते : श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानीको निमन्त्रणामा मङ्गोलियाका राष्ट्रपति नात्सागिन बागाबन्दी र उनकी धर्मपत्नी ए. आयुनविलेगको नेपाल भ्रमण ।
- २०५७ साल मध्य-फागुन : श्री ५ वीरेन्द्र चीनमा सम्पन्न बोआओ फोरमको बैठकमा सहभागी ।
- वि. सं. २०५७ साल फागुन अन्तिम : नेपाल आएका संयुक्त राष्ट्रसङ्घका महासचिव कोफी अन्नानलाई श्री ५ वीरेन्द्रबाट दर्शनभेट ।
- २०५८ साल जेठ ३ गते : श्री ५ वीरेन्द्रबाट नेपाल भ्रमणमा रहेका चिनियाँ प्रधानमन्त्री झु रोङ्झीलाई दर्शनभेट ।
- वि. सं. २०५८ साल जेठ १९ गते : नारायणहिटी राजदरबारमा भएको गोलीकाण्डमा श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, श्री ५ अधिराजकुमार नीराजन, श्री ५ अधिराजकुमारी श्रुतिलगायत शाही परिवारका सदस्यहरूको स्वर्गारोहण ।

●

प्रस्तुति– *ज्योतिराज काफ्ले*
प्रमोद भट्टराई

श्री ५ वीरेन्द्र : बहुआयामिक व्यक्तित्व

विषय–सूची

आर. डी. प्रभास चटौत	अमर विभूति- श्री ५ वीरेन्द्र	१०३
डा. काशीराज शर्मा सुवेदी	श्री ५ वीरेन्द्र र आयुर्वेद	१०७
के. वी. शाही	"शाही शिविर" परम्परा र सान्निध्यको संस्मरण	११०
आचार्य खेमराज केशवशरण	वैदिक राष्ट्रचिन्तन र श्री ५ वीरेन्द्र	११३
गौरीशंकर श्रेष्ठ	हुलाक टिकटमा श्री ५ वीरेन्द्र	११८
चित्तरञ्जन नेपाली	नेपालको इतिहासमा श्री ५ वीरेन्द्र	१२४
जगदीशचन्द्र गौतम	श्री ५ वीरेन्द्र र कृषि विकास	१२७
डा. जगदीश शर्मा	श्री ५ वीरेन्द्र : एक संस्मरण	१३५
जयहरि झा	नेपाली मुद्रामा श्री ५ वीरेन्द्र	१३८
उप्रा. ज्ञानबहादुर कार्की	२०४६ सालको जनआन्दोलन र श्री ५ वीरेन्द्र	१५१
ज्ञानमणि नेपाल	शान्तिकामी राजाको अवसान र शान्तिक्षेत्रमा व्यवधान	१५६
डा. टीकाराम पन्थी	शिक्षाक्षेत्रको उत्थानमा श्री ५ वीरेन्द्रको योगदान	१६२
सह प्रा. डा. डी.वी. क्षेत्री	श्री ५ वीरेन्द्र : स्मृति र अनुभूति	१६८
डिल्लीराम मिश्र	नेपालका शाहवंशीय राजाहरूको ऐतिहासिक शृंखला	१८३
प्रा. डा. दयानन्द बज्राचार्य	विज्ञान र प्रविधिको विकासमा श्री ५ वीरेन्द्रको योगदान	१८६
दुर्गाभक्त छुचुँ	श्री ५ वीरेन्द्र– राज्यकालका मुद्राहरू	१८९
द्वारिकानाथ ढुङ्गेल	देखेका, चिनेका र सुनेका राजा वीरेन्द्र	२०६
धरणिधर खतिवडा	श्री ५ वीरेन्द्र र प्रशासनसुधारका विभिन्न प्रयास	२१३
नरेन्द्रराज प्रसाईं	अनन्त अक्षर श्री ५ वीरेन्द	२१८
उपप्रा. नवराज कट्टेल	राजा र जनतावीच सांस्कृतिक सम्वन्ध	२२१
आचार्य नारायणप्रसाद सुवेदी	श्री ५ वीरेन्द्र– एक शब्दचित्र	२३२
पद्मराज जोशी "प्रभात"	सर्वाधिक लोकप्रिय राजा- श्री ५ वीरेन्द्र	२४०
पुरुषोत्तमप्रसाद सापकोटा	प्रशिक्षणका मर्मज्ञ : श्री ५ वीरेन्द्र	२४४
प्रचण्ड मल्ल	कलाका स्रष्टा श्री ५ वीरेन्द्र	२४८
प्रभा वस्नेत	शान्तिका पुजारी प्रजावत्सल राजा श्री ५ वीरेन्द्र	२५६
प्रेमलाल चित्रकार	श्री ५ वीरेन्द्र र राष्ट्रिय विकास परिषद्	२५८
बद्री दाहाल "भस्मासुर"	संवैधानिक राजतन्त्रका आदर्श आलोक श्री ५ वीरेन्द्र	२६१
वालकृष्ण पोखरेल	राजा वीरेन्द्र र उनको प्रजातान्त्रिक सन्देश	२६३
डा. भीष्मराज प्रसाईं	श्री ५ वीरेन्द्र र चिकित्सा शास्त्र शिक्षाको विकास	२६६
मदनमणि दीक्षित	राजा र राजसंस्था संक्षिप्त परिचय तथा श्री ५ वीरेन्द्र	२७०
महेन्द्र गुरुङ	श्री ५ वीरेन्द्र र नेपालको जलस्रोत विकास	२७४
माधवलाल कर्माचार्य	भाषा साहित्यको सम्वर्द्धनमा श्री ५ वीरेन्द्रको अन्तरप्रेरणा	२७८
मुकुन्दप्रसाद आचार्य	श्री ५ वीरेन्द्र र सञ्चारक्षेत्रको विकास	२८१
ज्यो. रत्ननिधि रेग्मी "शुक्राचार्य"	श्री ५ वीरेन्द्रको कुण्डली यस्तो थियो !	२९१
रमा शर्मा	साहित्यप्रेमी राजा वीरेन्द्र	२९४
राधाकृष्ण मैनाली	मेरो सम्झनामा श्री ५ वीरेन्द्र	२९६
प्रा. डा. रामचन्द्र गौतम	धर्मशास्त्रमा राजा वीरेन्द्रको स्थान	२९९
रामप्रसाद दाहाल	मठ-मन्दिरका संरक्षक- श्री ५ वीरेन्द्र	३०३
रामशरण दर्नाल	सङ्गीत र संस्कृतिका प्रेरणास्रोत : श्री ५ वीरेन्द्र	३०७
डा. ऋषिप्रसाद शर्मा	महेन्द्र-संस्कृत-विश्वविद्यालयका संस्थापक : श्री ५ वीरेन्द्र	३१०
विदुर के.सी.	जनकल्याणमा समर्पित राजा वीरेन्द्र	३१३
विद्यानाथ उपाध्याय	संस्कृत वाङ्मयको विकासमा श्री ५ वीरेन्द्रको योगदान	३१६
विष्णुप्रताप शाह	श्री ५ वीरेन्द्र : केही अमिट सम्झनाहरू	३२२
सहप्रा. डा. वीणा पौडेल	श्री ५ वीरेन्द्र र रा.वि.से. कार्यक्रम	३२६
डा. शास्त्रदत्त पन्त	स्रोतको समान वितरणव्यवस्था : श्री ५ वीरेन्द्र	३३२
सुन्दरप्रसाद शाह	एक संस्मरण	३३६

अमर विभूति- श्री ५ वीरेन्द्र

● *आर.डी."प्रभास" चटौत*

नत्वहं कामये राज्यं न स्वर्गं न पुनर्भवम् ।
कामये दुःखतप्तानामार्तिनां शोकनाशनम् ॥

न मलाई राज्यको कामना छ, न मलाई स्वर्गकै कामना छ र न पुनर्जन्मकै, मात्र मलाई दुःखले सन्तप्त आर्तहरूको शोकनाश गर्ने कामना छ भन्ने राजा नहुषको अन्तर्मन श्री ५ वीरेन्द्रको हृदयमा प्रवाहित भएको थियो । *"देशवासीको सुखदुःख नै हाम्रो सुखदुःख हो, देश र जनताको स्वार्थ नै हाम्रो एकमात्र स्वार्थ हो, जसरी मलाई मेरो देश र जनताको माया छ उसैगरी भोक र रोगले पीडित जनताप्रति मेरो जिम्मेवारी छ" "शिक्षाको उज्यालो घामबाट कोही नेपाली वञ्चित नहोऊन्"* आदि मौसुफका महावाणीहरू त्यसका ज्वलन्त उदाहरणहरू हुन् । *"मनस्येकं वचस्येकं कर्मण्येकं महात्मनाम्"* को सिद्धान्त चरितार्थ हुन्थ्यो श्री ५ वीरेन्द्रमा । *"प्रजासुखे सुखं राज्ञः प्रजानाञ्च हिते हितम् ।"* प्रजाको सुख नै राजाको सुख हो र प्रजाको हित नै राजाको हित हो भन्ने नीतिसम्मत भावनाबाट मौसुफ ओतप्रोत होइबक्सिन्थ्यो ।

भनिन्छ, महापुरुषहरूको जीवन कैयन् कठिन घडी र परीक्षाबाट गुज्रँदै अगाडि बढ्छ । जुन कुरा महापुरुषहरूका जीवनगाथाबाट स्पष्ट हुन्छ त्यही सत्य र तथ्य श्री ५ वीरेन्द्रको जीवनइतिवृत्त पनि हो । मातृ-वात्सल्यको वातावरणमा लुटुपुटु हुने अवस्थामा सोबाट वञ्चित हुनु आफैँमा कहालीलाग्दो कथा हो । मौसुफको बाल्यजीवनको प्रारम्भ आन्दोलित विश्वघटनाको द्वारमै भएको थियो । द्वितीय विश्वयुद्धको समाप्तिपछि सङ्क्रमणकालको पृष्ठभूमिमा विश्व थियो । उपनिवेशवाद र जहानियाँ शासनको विरुद्धमा विश्वभरि नै शङ्खनादको उद्घोषण भइरहेको थियो । बीसौँ शताब्दीलाई जनजागरणको शताब्दी भन्नुमा अत्युक्ति नहोला । यसै शताब्दीमा स्वतन्त्रताका लागि एसियामा जनजागृतिको लहर फैलियो । सूर्यास्त नै नहुने अङ्ग्रेजी साम्राज्यको जग हल्लियो । भारतलगायत कैयन् देशहरूबाट अङ्ग्रेजहरूले हट्नु पर्‍यो । यो जनजागरणको महायज्ञमा नेपाली आमाका सपूतहरू पनि होमिएका थिए । गाथ र गादीको बाजी लगाएर राणा शासनबाट देशलाई मुक्ति गराउने आन्दोलनमा उत्रेका शाही कदमसँगै सो अभियानमा सरीक बालक श्री ५ वीरेन्द्रको कोमल हृदय ती घटनाक्रमबाट कति प्रभावित भयो होला यो संवेदनशील हृदयले अनुमान गर्ने कुरा हो । घटनाक्रमले नेपालमा पनि सशक्त जनजागरणको प्रवेश नेपाली माटोमा पनि भैसकेको थियो । फलतः राणाहरूको एकतन्त्रीय र जहानिया शासनले नेपाल आमाका वीर सपूतका सामु घुँडा टेक्नुपर्‍यो, नेपालमा पनि प्रजातन्त्रको सूर्य उदायो, यसको सबैभन्दा ठूलो श्रेय श्री ५ त्रिभुवनमा जान्छ । राष्ट्र सङ्कटमा परेका बेला शाहवंशीय राजाहरूले त्राण दिँदै आएको इतिहासको पुनरावृत्ति थियो यो । बालक श्री ५ वीरेन्द्र यिनै घटनाक्रमबाट गुज्रँदै अगाडि बढिबक्सेको हुँदा बालकको कोमल हृदय राष्ट्र र राष्ट्रियताको हित गर्ने ऊर्जा भुण्डाएको स्रोतको रूपमा अर्जित हुँदै आएको थियो । यसै संस्कारबाट नै-

विपदि धैर्यमथाऽभ्युदये क्षमा
सदसि वाक्पटुता युधि विक्रमः ।

यशसि चापि रुचिर्व्यसनं श्रुतौ
प्रकृतिसिद्धमिदं हि महात्मनाम् ॥

नीतिका उपर्युक्त वाक्यहरू स्वयम् मौसुफमा आत्म सात् हुँदै गइरहेका थिए । जस्तोसुकै अप्ठ्यारामा पनि धैर्यधारण, शक्ति हुँदापनि क्षमा, सभासम्मेलन र विश्व समुदायमा वाक्पटुता, समस्यारूपी सङ्ग्राममाथि विजय, यश र सुकीर्ति हुने कार्यमा अभिरुचि, जनकल्याणकारी कार्यमा रत हुने चाहना आदि स्वभावले नै महापुरुषहरूमा हुने गुणहरू सहज र स्वाभाविक रूपमा श्री ५ वीरेन्द्रमा अवतरित भएका थिए ।

२००७ सालपछि प्रजातन्त्रको वातावरणमा राष्ट्र रमाएको थियो । तत्कालीन नवयुवराज श्री ५ वीरेन्द्र एउटा अठोटका साथ अध्ययनको क्षेत्रमा पाइला चालिबक्सँदै थियो ।

कुशाग्रबुद्धि श्री ५ वीरेन्द्रको शिक्षादीक्षा प्रजातन्त्रको जननी मानिने बेलायतमा र सम्वैधानिक राजतन्त्र अति आदरणीय भएको जापान आदि देशमा भएको थियो । जनचाहना अनुरूपको व्यवस्था भए राष्ट्रले गति लिन्छ भन्ने प्रजातान्त्रिक धारणा मौसुफमा गहिरो रूपले रहेको कुरा मौसुफको शासनकालको इतिहासले स्पष्ट पार्दछ ।

युवराजाधिराज हुँदाको अवस्थामा मौसुफले एउटा साधारण नागरिकझैं आफ्ना देशका विभिन्न कुनाकाप्चामा भ्रमण गरिबक्सेर राष्ट्रको अवस्था एवम् जनजीवनको यथार्थता बुझिबक्सियो । अशिक्षा, गरिबी आदिले जर्जर राष्ट्रलाई कसरी समुन्नत पार्ने भन्ने उत्कट इच्छा श्री ५ वीरेन्द्रको मनमस्तिष्कमा बीजारोपण भएको थियो ।

२०२८ साल माघमा श्री महेन्द्रको असामयिक स्वर्गारोहण हुँदा राष्ट्रको गहनतम कार्यभार श्री ५ वीरेन्द्रको काँधमा आइपर्‍यो । म त्यतिबेला विराटनगरमा थिएँ । राज्यारोहणको अवसरमा श्री ५ वीरेन्द्रबाट राष्ट्रका नाममा अत्यन्तै मार्मिक, आत्मीय, सरल, सौम्य, धैर्यपूर्ण र सारगर्भित वाक्यहरू भएको शाही-घोषणा रेडियोमार्फत् सुन्दा म द्रवीभूत भएको थिएँ । मौसुफको सौम्य र आभापूर्ण छवि ममा यसरी प्रतिबिम्बित हुन पुगेको थियो-

अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात् ।
रक्षार्थमस्य सर्वस्य राजानामसृजत् प्रभुः ।

(मनुस्मृति)

सृष्टि गरिएका मानव समूह राजारहित स्थितिमा भयभीत, जर्जर र त्रसित अवस्थामा देखेर ईश्वरले राजाको सिर्जना गरे ।

मौसुफको गद्दीआरोहणको अवसरमा श्री ५ त्रिभुवनको फोटो अगाडि रहेको र शाही- घोषणामा *"म र मेरो श्रीमती"* शब्दको प्रयोगले निकै चर्चापरिचर्चाका भाव र कुरा जनमानसमा आएका तथा पत्रपत्रिकाले त्यस कुरालाई विशेष महत्त्व दिएर छापेको म अहिले पनि सम्झन्छु । निश्चय पनि निरङ्कुश शासक बन्ने विचारबाट धेरै टाढा थियो- श्री ५ वीरेन्द्रको धारणा । तसर्थ पुनः संसदीय प्रजातन्त्रको प्रारम्भ हुन्छ कि भन्ने प्रबुद्धवर्गको मनस्थिति पनि स्वाभाविकै थियो । तर कुनै कुरा प्रारम्भ भैसकेपछि परिवर्तनको घटनाक्रम त्यति सजिलो हुँदैन । श्री ५ वीरेन्द्रले यसै धारमा प्रवाहित हुने अवस्था आए पनि प्रजातान्त्रिक आस्था र चिन्तन मौसुफ सरकारका वरपर घुमिरहन्थे । प्रतिनिधिमूलक तत्कालीन राष्ट्रिय पञ्चायतबाटै प्रधानमन्त्रीको चयन, प्रधानमन्त्रीले विधायिकाप्रति जवाफदेही हुने, कुन प्रक्रियाबाट राष्ट्रलाई सञ्चालन गर्ने कुरामा जनमतसङ्ग्रह, बालिगमताधिकारद्वारा जनप्रतिनिधि छान्ने विधायिका, कार्यपालिका र न्यायपालिका आदि संवैधानिक संस्थाहरूलाई स्वतन्त्र अस्तित्वको रूपमा अघि बढाउने जस्ता प्रक्रिया प्रजातान्त्रिक धारणाकै आधारभूत कुरा हुन् भन्नमा अत्युक्ति नहोला । मौसुफको प्रजातन्त्रप्रतिका बीजरूप धारणा पछि गएर यथार्थरूपमा अङ्कुरित भए ।

"राज्यको सार भनेका जनता हुन्" भन्ने श्री ५ पृथ्वीनारायण शाहको महावाणी श्री ५ वीरेन्द्रले अक्षरशः पालना गरिबक्सिन्थ्यो । २०३३/३४ सालतिरको कुरा हो, मौसुफ पूर्वाञ्चल धनकुटा सवारीशिविरमा क्षेत्रीय भ्रमणको सिलसिलामा सवारी होइबक्सेको थियो । घरदैलोमा सवारी भएका राजाको दर्शन गर्न त्यस क्षेत्रका जनता लालायित रहन्थे । त्यसैबेला तत्कालीन अञ्चल-प्रशासनले कोट, दौरा-सुरुवाल, टोपी आदि राष्ट्रिय पोशाकमा मात्रै दर्शन गर्न आउने सूचना गर्दा सर्वसाधारण जनताले राजाको दर्शन गर्न नसक्ने अवस्था भयो । कताकताबाट यो कुरा मौसुफको कानमा पर्‍यो । तत्कालीन अञ्चलाधीशहरूलाई यस्तो उर्दी, आदेश तत्काल खारेज गर्न हुकुम भयो । त्यसपछि सर्वसाधारण जनताले आफ्ना प्यारा राजाको दर्शन गरी आफ्नो बह पोख्ने अवसर पाए । यसरी मौसुफको हृदयमा प्रजावात्सल्यले वास पाएको थियो, जनताप्रतिको यस्तो स्नेह र मोह थियो भन्न सकिन्छ ।

२०४६ सालको जनआन्दोलन आफ्नो पूर्ण गतिमा थियो । मौसुफलाई फ्रान्सका विद्वान् भिक्टर ह्यूगोले भनेका कुरा संस्मरण भए- *"हामी शस्त्रलाई रोक्न सक्छौँ तर विचारप्रवाहलाई रोक्न सक्तैनौँ"* । श्री ५ वीरेन्द्रको चिन्तनमा ऋजुता थियो तथा नेपाल र नेपालीको हितको प्रबल इच्छा थियो । मौसुफको प्रजावात्सल्य, देशप्रेम, राजनीतिक दूरदर्शिता र दार्शनिकताले काम गर्‍यो । कुनै कार्यप्रतिको निष्ठा र सदाशयताबाट सकारात्मक निकास निस्किन्छ, निस्किन्छ । यो ध्रुवसत्य हो । यसै दृढ इच्छाशक्तिमा श्री ५वीरेन्द्रले

स्वयम् प्रजातन्त्र र संवैधानिक राजतन्त्रको पक्षमा २०४६ साल चैत्र २६ गतेको राति देशवासीका नाममा शाही- घोषणा गरिबक्सेर तीन दशकको बन्धनलाई निकास बक्सियो । मौसुफको प्रजा तन्त्रप्रतिको दृढ-इच्छाले क्रान्तिको ज्वालामा होमिनबाट देश जोगियो । जन-जनका हृदयबाट श्री ५ वीरेन्द्रप्रति आभारको जयजय घोष निस्क्यो । पुनश्च अर्कोपल्ट *"जनचाहना नै शाहवंशीय राजाको चाहना हो"* भन्ने कुराको पुष्टि मौसुफ सरकारको प्रतिबद्धताबाट स्पष्ट भयो । *"यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।"* गीताको यस श्लोकको पनि यस्ता घटनामा सान्दर्भिकता पाउँछौँ । श्री ५ वीरेन्द्रको व्यक्तित्व आग्रह र पूर्वाग्रहबाट रहित थियो । मौसुफ स्थितप्रज्ञ होइबक्सन्थ्यो- *"ज्ञाने मौनं क्षमा शक्तौ त्यागे श्लाघाविपर्ययः । गुणागुणानुबन्धित्वात् तस्य सप्रसवा इव"* अर्थात् ज्ञान भएर पनि ज्ञानी हुँ भनेर प्रलाप नगर्ने, शक्ति भएर पनि प्रतिशोधको भावना नलिई क्षमा गर्ने, अति उदार भएर पनि आत्मप्रशंसा नगर्ने राजा रघुझैँ श्री ५ वीरेन्द्रको चरित्र थियो । *मनुस्मृतिमा* इन्द्र, सूर्य, वायु, यम, वरुण, चन्द्रमा, अग्नि र पृथ्वीको तेजझैँ तेजस्वी भएर राजाले व्यवहार गर्ने कुरा भनिएको छ । ती आठ व्रतले नै श्री ५ वीरेन्द्रमा पूर्णता पाएको थियो । ती आठ व्रतमध्ये चान्द्रव्रतको यौटा उदाहरण यहाँ प्रस्तुत गर्न चाहन्छु- *"परिपूर्णं यथा चन्द्रं दृष्ट्वा हृष्यन्ति मानवाः । तथा प्रकृतयो यस्मिन् स चान्द्रव्रतिनो नृपः"* अर्थात् पूर्णचन्द्र देखेर जसरी मानिसहरू हर्षविभोर हुन्छन् त्यसरी नै राजालाई हेरेर प्रजाले प्रसन्नता पाउन सक्यो भने त्यो राजा चान्द्रव्रतले युक्त हुन्छ । श्री ५ वीरेन्द्रको सौम्य र आभापूर्ण व्यक्तित्व, सौजन्य र कल्याणकारी स्वभाव, निश्छलता र प्रजावात्सल्यले चान्द्रव्रतको प्रतिनिधित्व गर्दथ्यो । मैले कतिपटक नजिकैबाट त्यो गरिमामय व्यक्तित्व देख्ने सौभाग्य पाएको छु । त्यहाँ प्रतिशोध, क्रोध, ग्लानि, लोभ आदि दोषहरूले आश्रय पाउन सकेका थिएनन् । मौसुफ स्वयम् अनुशासित र मर्यादापालक होइबक्सिन्थ्यो । नेपाल अधिराज्यको संविधान २०३७ लाई स्वीकृति बक्सेपछि मौसुफ स्वयम्ले आफ्नो राज्यकालमा संविधानको पूर्णतया पालन गरिबक्स्यो । यसबाट मौसुफ सरकारको कानुनी राज्यको अवधारणा र त्यसप्रतिको पूर्ण निष्ठालाई स्पष्ट्याउँछ । विधिको शासनमा मौसुफको पूर्ण विश्वास थियो ।

प्रजातन्त्र पुनःस्थापनापछि मौसुफको राज्यकालमा नेपाल अधिराज्यको संविधान २०४७ निर्बाध रूपमा गतिशील रह्यो । श्री ५ वीरेन्द्रबाट संवैधानिक राजाका रूपमा प्रस्तुत होइबक्सेर- *"नृपस्य परमो धर्मः प्रजानां परिपालनम् । तस्मात् सर्वप्रयत्नेन रक्षयेत् नृपतिः सदा"* अर्थात् राजाको परम धर्म प्रजाको पालना गर्नु हो तसर्थ सबै प्रयत्नद्वारा राजाले प्रजाको रक्षा गर्नुपर्दछ भन्ने नीतिलाई आत्मसात् गरिबक्सेको यो एउटा थप उदाहरण थियो । यिनै सद्गुणका कारणले नेपाली जनताले पनि राजाप्रतिको आफ्नो धर्म सभक्ति निर्वाह गरेर *"प्रजायाः परमो धर्म राजाज्ञाप्रतिपालनम्"* उक्तिलाई चरितार्थ गरे । यसरी श्री ५ वीरेन्द्रको राष्ट्रप्रतिको ऋजुताको जति प्रशंसा गरे पनि कमै हुन्छ । जर्मनका राष्ट्रनिर्माता राजा फ्रेडरिकझैँ श्री ५ वीरेन्द्र स्वयंलाई मनसा, वाचा, कर्मणा देशको सेवक सम्झिबक्सिन्थ्यो ।

शाहवंशीय राजाका पूर्वजहरूको न्यायिक इतिहास पनि आफैँमा गरिमामय रहेको छ । *"न्याय नपाए गोर्खा जानु"* भन्ने उक्तिले जनजिब्रोमा प्रसिद्धि पाएको छ । श्री ५ पृथ्वीनारायण शाहको राजनीतिक दूरदर्शिता र शौर्यको फलस्वरूप बाइसी-चौबिसी राज्यमा विभाजित नेपाल यौटा सङ्गठित र बृहत् नेपालको रूपमा उभियो । त्यसले नेपाली मात्रलाई बलियो र गौरवान्वित तुल्यायो । शाहवंशीय राजाहरूको राजनीतिक दूरदर्शिता र संरक्षण नेपाल र नेपालीले नपाएको भए हामीले युरोपको पोल्याण्डको अवस्थाबाट गुज्रनुपर्ने हुन्थ्यो । पोल्याण्डले एकतन्त्रीय शासनबाट मुक्ति पाएर राजनीतिक अधिकार त पाए तर एकतन्त्रीय शासनको कुकृत्यको प्रभावको अवशेषले गर्दा देश आर्थिक र शैक्षिक क्षेत्रमा निकै पछाडि परेको थियो । फलस्वरूप, राजनीतिक अधिकारको सदुपयोग हुन नसक्दा देशमा अराजकता फैलियो, त्यसै कमजोरीको लाभ उठाई पोल्याण्डलाई ठूला-ठूला छिमेकी राज्यहरूले तीनपटक बटवारा गरे । नेपालको अवस्था झण्डै-झण्डै त्यस्तै हुने थियो । शाहवंशको कुशल नेतृत्वबाटै राष्ट्रमाथि पटकपटक आइपरेको यस्तै प्रकारको विपदबाट मुक्ति दिलाएको कुरा कसैबाट लुकेको छैन ।

आजभन्दा चार दशकअघि नेपाली भाषा, नेपाली पहिरन, नेपाली मुद्रा देशभरिमा स्थापित हुन सकेको थिएन । आज घरघरमा नेपाली भाषा, नेपाली पहिरन, नेपाली मुद्रा स्थापित हुन पुगेको छ । आफ्नो सांस्कृतिक पहिचान, ऐतिहासिक परिचय, मुद्राको निर्बाध प्रचलन, राष्ट्रियता, समतामूलक समाज आदि कुराहरू यौटा स्वतन्त्र राष्ट्रका लागि अपरिहार्य र अनिवार्य सर्त हुन् । यिनै कुराको संरक्षण र सम्वर्द्धन शाहवंशीय राजाबाटै भएको कुरा पनि यहाँ उल्लेख्य छ ।

एसियाको ज्योति बुद्ध र आदर्श नारी सीताको जन्मभूमि, *वेद, उपनिषद्* र पुराणको स्रोत नेपाललाई शान्तिको सगरमाथा बनाउन र आणविक ज्वालाको नगिच पुगेको विश्वलाई भय मुक्तिको आशा जगाउन श्री ५ वीरेन्द्रबाट नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्ताव विश्वसामु राखिबक्सियो । *"श्रेयांसि बहुविघ्नानि"*

अर्थात् राम्रो काममा थुप्रै विघ्न आउँछन् भने झैं केही अवरोध भएपनि विश्वका ११६ भन्दा बढी राष्ट्रहरूले नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्तावलाई सहर्ष स्वीकार गरेर आफ्नो स्वीकृति जनाए। यो शान्तिका अग्रदूत बुद्ध र शान्तिकामी श्री ५ वीरेन्द्रको आदर र नेपालीका निम्ति ठूलो गौरव थियो। ईश्वर गरोस्, यो शान्ति प्रस्ताव पुनश्च अग्रगामी भएर फलीभूत होस्। नेपालमा प्रज्वलित हुने यस शान्तिदीपले संसारमै शान्तिको उज्यालो फैलाओस्। लोककल्याणकारी श्री ५ वीरेन्द्रको यस भावनाले *"नराणां च नराधिपः"* गीता महावाक्यको सत्योक्तिलाई उद्घाटित गर्दछ।

श्री ५ वीरेन्द्र बहुमुखी प्रतिभाको समष्टिरूप होइबक्सिन्थ्यो। भाषा, साहित्य, इतिहास, दर्शन, कला, संस्कृति आदि विषयमा विशेष अभिरुचि राखिबक्सिन्थ्यो तथा भाषा, कलामा विशेष दक्षता पनि थियो।

श्री ५ वीरेन्द्रको अन्तर्राष्ट्रिय क्षेत्रमा ठूलो सम्मान र ख्याति थियो। विश्वका गरिब समुदायले विश्वमञ्चमा उनको आवाज पुऱ्याउने मसीहाको रूपमा मौसुफलाई चिन्दथे। सन् १९८१ सेक्टेम्बर २ ता.देखि १४ ता. सम्म फ्रान्सको राजधानी पेरिसमा अल्पविकसित राष्ट्रहरूको महत्त्वपूर्ण सम्मेलन भएको थियो, जसमा ३१ अल्पविकसित राष्ट्रहरूले र संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले भाग लिएका थिए। उक्त सम्मेलनमा श्री ५ वीरेन्द्रबाट ९ अल्पविकसित राष्ट्रहरूको प्रतिनिधित्व गरिबक्सेको थियो। २०३८ साल भाद्र १८ गते मौसुफ सरकारबाट सो सम्मेलनमा अत्यन्त सारगर्भित र प्रभावकारी सम्बोधन गरिबक्सँदै- *"हाम्रो मानव समुदायका बीच गरिबी एवम् भोका नाङ्गाको उपस्थिति निश्चय नै हाम्रा सबै मान्यता, धर्म, नैतिक सिद्धान्त र नैतिक आदर्शका लागि यौटा चुनौती हो"* भन्ने हुकुम भयो। मौसुफको यस अभिव्यक्तिका लागि अल्पविकसित राष्ट्रहरू कृतकृत्य भएका थिए तथा सहभागी सबै राष्ट्रहरूले भूरि-भूरि प्रशंसा गरेका थिए। यसबाट नेपाल र नेपालीको सम्मान अझ बढी चुलिएको थियो।

श्री ५ पृथ्वीनारायण शाहबाट प्रतिपादित परराष्ट्रनीति *"नेपाल दुई ढुङ्गाबीचको तरुल हो"* लाई श्री ५ वीरेन्दबाट पूर्णतः अवलम्बन गरिबक्सेको कुरा सर्वविदितै छ।

श्री ५ वीरेन्द्र राजोचित गुणहरूले सम्पन्न होइ बक्सिन्थ्यो र शालीनताका प्रतिमूर्ति पनि। मौसुफको व्यक्तित्व अद्वितीय थियो। *"जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्ममृतस्य च"* भए पनि २०५८ साल जेठ १९ गते राति वंश नै नासिने गरी श्री ५ वीरेन्द्र र परिवारको जुन नृशंस हत्या भयो त्यो *न भूतो न भविष्यति* थियो। यो अप्रत्याशित दुःखद घटनाको समाचार डढेलोझैं चारैतिर फैलियो तर विश्वास कसैलाई लागेन। फोन गरी खबर गर्ने मानिस नै बौलायो कि भन्ने सबैलाई लाग्यो। तर यथार्थ यथार्थ नै हुन्छ, सत्य सबैको सामु आयो। यो सत्य थाहा पाएर एकछिन पृथ्वीको गति पनि रोकिएजस्तो लाग्यो। देश शोकाकुल भएर दुःखाश्रुमा डुब्यो। करुण क्रन्दन र रोदनले संसारका सबै ध्वनिको मुहान रोक्यो। नेपाल आमाले एउटा अनुपम सपूत गुमाइन्। नेपालीले चाहिँ आफ्नो आँखाको नानी।

श्री ५ वीरेन्द्रले नेपाल र नेपालीलाई अप्ठ्यारो पार्ने कुनै काम गरिबक्सेन। मौसुफका दुःखान्त अवसानबाट नेपालीमात्र मर्माहत भएनन् अपितु विश्व नै स्तब्ध र आहत भयो। विधिको विधान अत्यन्त बलवान् हुन्छ। जे नियति थियो, त्यही भयो। नेपाल र नेपालीका निम्ति मौसुफबाट गरिएका असल काम, योगदान, सेवा, देशप्रेम, देशलाई बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रमूलक बनाउने संविधान बक्सेर नेपाल र नेपालीलाई लगाएको गुण यो धर्ती रहेसम्म अविस्मरणीय रहनेछ। यस्ता महापुरुषलाई नेपाली माटोले कहिल्यै बिर्सनेछैन। राजन्! तिमी फेरि जन्म लिएर यसै धर्तीका आशा-ज्योति भएर तथा शान्तिका दूत भएर आऊ। नेपालीले आँखाको नानीमा सजाउनेछन् तिमीलाई।

◆

श्री ५ वीरेन्द्र र आयुर्वेद

● डा. काशीराज शर्मा सुवेदी

मानवसमाजको प्रगति र विकास समाजमा रहेका प्रत्येक सदस्यको आफ्नो क्षमताको सदुपयोगबाट सम्भव हुन्छ । जब समाजमा शान्ति, सुरक्षा र सुव्यवस्था हुन्छ अनिमात्र प्रत्येक सदस्यले आफ्नो क्षमताको सदुपयोग गर्न सक्छ । समाजको सुव्यवस्थाका लागि प्राचीन कालदेखि राजसंस्थाको स्थापना हुँदै आएको छ र त्यसैले अनेक आरोह र अवरोह पार गर्दै आजसम्म राज्यव्यवस्थाको सञ्चालन गर्दै आएको छ ।

हाम्रो देश नेपालमा पनि प्राचीन कालदेखि राजसंस्थाले देशको सुरक्षा र शान्तिका लागि निकै प्रयास गरेको छ । राजसंस्थाको नेतृत्व तथा संरक्षणका साथ जनताको पनि सक्रियताको फलस्वरूप यो देश अरू देशहरूको उपनिवेश नबनी स्वतन्त्र राष्ट्रको रूपमा रहन पाएको हो ।

राज्यव्यवस्थाअन्तर्गत राज्यको आर्थिक उन्नति र जनताको शैक्षिक दक्षता दुवै आवश्यक हुन्छन् । कृषि, व्यापार एवं उद्योगहरूद्वारा आर्थिक विकास हुन्छ भने ती सबैलाई व्यवस्थित रूपमा सञ्चालन गर्न र बढी लाभप्रद बनाउन शिक्षित जनशक्ति चाहिन्छ । अतः राज्यले शिक्षा र जनताको सुस्वास्थ्यका लागि निरन्तर व्यवस्था गर्नुपर्ने हुन्छ । नेपालको इतिहासमा प्राचीन कालदेखि नै शिक्षा र स्वास्थ्यको क्षेत्रमा विभिन्न प्रयास गरिएको पाइन्छ । लिच्छवीकालअन्तर्गत अंशुवर्माको शासनकालमा आरोग्य शालाको स्थापना भएको र त्यसको व्यवस्थापनका लागि पर्याप्त अनुदान दिनेगरिएको सङ्केत पाइन्छ ।[१] मल्लकालका राजा प्रतापमल्लको समयमा शुरु भएको आयुर्वेदीय औषधि निर्माणशाला आज सिंहदरबार वैद्य खानाको रूपमा पुगेको छ[२] । राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय तथा निजी सङ्ग्रहका रूपमा विभिन्न विद्वान्हरूको घरमा सुरक्षित लिच्छवि, नेवारी, मैथिली आदि लिपिमा ताडपत्रमा लेखिएका आयुर्वेदका प्राचीन ग्रन्थहरूले नेपालमा आयुर्वेदको महत्त्व लाई स्पष्ट पार्छन् ।[३]

शाहवंशीय शासनकालमा पनि आयुर्वेदको विकास मा विभिन्न प्रयासहरू निरन्तर हुँदै आएका छन् । वि.सं. १९७३ मा आयुर्वेद चिकित्सालयको स्थापना गरिएको थियो । त्यसै बेलादेखि योग्य छात्रहरूलाई भारतमा पठाई आयुर्वेद पढाउने व्यवस्था गरिएको थियो ।[४] वि.सं. १९८५ मा आयुर्वेद विद्यालयको स्थापना भएर नेपालमा आयुर्वेद शिक्षा दिने व्यवस्था भयो । साथमा उच्च अध्ययनका लागि यहाँबाट आयुर्वेदको अध्ययन गरी विशेष योग्य ठहरिएका विद्यार्थीहरू भारतमा पठाउने क्रम पनि चलेकै थियो । देशका विभिन्न भागहरूमा औषधालयको स्थापनाको व्यवस्था पनि शुरु गरिएको थियो ।[५] देशमा आयुर्वेदको व्यापक प्रचारप्रसार गर्न गठित नेपाल आयुर्वेद समितिको स्थापना हुँदा वि.सं. २०२३ मा श्री महेन्द्रबाट समुद्घाटन सम्पन्न भएको थियो ।[६]

वि.सं. २०३१ मा श्री ५ वीरेन्द्रको राज्यारोहण हुँदा देशमा नयाँ शिक्षा योजना लागू गरिएको थियो । त्यस बेला आयुर्वेद शिक्षाको पहिलेको व्यवस्था फेरियो । आयुर्वेदअन्तर्गत नेपालमा उपलब्ध शिक्षाको अवमूल्यन भयो । स्नातकोत्तर तहसम्म पुग्न लागेको आयुर्वेद शिक्षा प्रमाणपत्रस्तरमा सीमित गरियो । जे होस्, आयुर्वेद शिक्षा रोकिएन, चलिरह्यो । यहाँबाट प्रमाणपत्रस्तरमा

अध्ययन गरेका छात्रहरूले सरकारी चिकित्सा सेवामा स्थान पाए, योग्य र उच्च अध्ययन गर्न चाहने व्यक्तिहरूले स्नातकोत्तर तहसम्म आयुर्वेदको अध्ययनको अवसर पनि पाए । त्यसै भएर आज नेपालमा आयुर्वेदको क्षेत्रमा स्नातकोत्तर उपाधि पाएका विशेषज्ञस्तरका चिकित्सकहरू आवश्यकताअनुरूप पर्याप्त नभए पनि तिनीहरूको अभाव भने छैन ।

श्री ५ वीरेन्द्रको शासनकालमा नेपालमा आयुर्वेदको शिक्षा र चिकित्सा सेवालाई पहिले जस्तै कायम राख्ने प्रयास गरियो । त्यसलाई कायम राखी निरन्तरता पनि दिइएको हुँदा त्यसले विकास गर्ने अवसर पनि पायो । यस अवधिमा आयुर्वेदको क्षेत्रमा भएका उपलब्धिहरू निम्न लिखित छन्-

१. आयुर्वेद शिक्षा

त्रिभुवन विश्वविद्यालयअन्तर्गत चिकित्सा शास्त्र अध्ययन संस्थानको स्थापना वि.सं. २०३२ सालमा भएपछि तत्कालीन नेपाल राजकीय आयुर्वेद विद्यालयलाई त्यसै अन्तर्गत आङ्गिक क्याम्पसको रूपमा राखियो र त्यसको सञ्चालन आयुर्वेद क्याम्पस नामले गर्न थालियो । त्यसमा मध्यमस्तरीय आयुर्वेद शिक्षामात्र प्रदान गर्ने व्यवस्था थियो । पाठ्यक्रममा आयुर्वेदका विषयहरूका साथै आधारभूत विज्ञान, अनिवार्य विषय तथा आधुनिक चिकित्साका विषयहरू पनि समावेश गरी नयाँ आधुनिक पाठ्यक्रम विकास गरियो । प्रारम्भमा यो शिक्षा नयाँ शिक्षा पद्धति योजनाअनुसार सेमेस्टर सिष्टम र पछि २०३७ सालदेखि वार्षिक परीक्षा प्रणालीअनुसार पाठ्यक्रम बनाई सञ्चालन गरियो । यस पाठ्यक्रममा प्रवेश योग्यता एस्. एल. सी. उत्तीर्ण थियो र अध्ययनअवधि ३ वर्ष थियो । वि.सं. २०३० सालदेखि २०४३ सालसम्म देशभित्र प्रमाणपत्रस्तरको जनशक्तिमात्र उत्पादन गरियो । त्यसले गर्दा उच्च र निम्न स्तरको आयुर्वेदिक जनशक्तिको अभाव बढ्दै गयो । आयुर्वेदिक चिकित्साका विभिन्न क्षेत्रहरू प्रभावित भई यसको विकासको गति नै अवरुद्ध भयो । आयुर्वेद विभागद्वारा निर्धारित कार्यक्रमको कार्यान्वयन गर्न उच्च, मध्यम र निम्नस्तरीय जनशक्तिको अपरिहार्यता दर्शाई उक्त स्तरका जनशक्तिको उत्पादनको व्यवस्थाका लागि पटक-पटक गरिएको अनुरोध, आयुर्वेद क्याम्पसको प्रयास, चिकित्साशास्त्र अध्ययन संस्थानको सिफारिश र त्रि.वि.वि. को स्वीकृतिपछि २०४४ सालदेखि स्नातक स्तरको बी.ए.एम्.एस. र प्रारम्भिक स्तरको सहायक आयुर्वेद कार्यकर्ता स्तरमा भर्ना लिई निर्धारित पाठ्यक्रमअनुसार क्याम्पसमा शिक्षा दिन थालियो । केही वर्ष सञ्चालन गरेपछि विभिन्न कारणवश त्यसबेला सञ्चालित तीनै स्तरको (उच्च, मध्यम, निम्न) शिक्षा क्रमशः २०४७, २०४८ र २०४९ मा स्थगित गरियो । उक्त अवधिमा विभिन्न स्तरमा उत्पादित जनशक्ति निम्नानुसार छ -

बी.ए.एम्.एस. ३५, सहायक आयुर्वेद कार्यकर्ता ११६
प्रमाणपत्रस्तर ३७०, अपग्रेडेड वैद्य (रिफ्रेसर कोर्स) २२

आयुर्वेद शिक्षाको क्रम अवरुद्ध गराउने मुख्य कारणमा आवश्यक साधनहरूको विकास र आपूर्तिको अभाव, शिक्षण अस्पतालको अभाव, पाठचक्रमसम्बन्धी विवाद, त्रि.वि.वि. द्वारा कार्यक्रमलाई स्थगित गर्ने निर्णय थिए ।

श्री ५ को सरकारद्वारा 'राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति' २०५२ पारित भएपछि देशमा आयुर्वेद शिक्षा र चिकित्सा सेवालाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक हुने उच्चस्तरीय आयुर्वेदिक जनशक्तिलाई दृष्टिगत गरी आयुर्वेद विभागको आग्रहमा त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानको विद्या परिषद्को निर्णयअनुसार आयुर्वेद क्याम्पसमा २०५३ सालदेखि स्नातक स्तरको बी.ए., एम. एस. कार्यक्रम पुनः प्रारम्भ गरियो । त्यस कार्यक्रमअन्तर्गत अहिलेसम्म सातौं समूह यहाँ अध्ययनका लागि प्रविष्ट भई अध्ययनरत छ र पहिलो समूह (२०५३) बी.ए.एम्.एस्. परीक्षा उत्तीर्ण गरी कार्यक्रममा संलग्न भैसकेको छ । यस बीचमा महेन्द्र संस्कृत विश्वविद्यालयले भविष्यमा उच्चस्तरीय आयुर्वेद जनशक्ति उत्पादन गर्ने गरी पूर्वसञ्चालित आचार्य परीक्षामा २०२८ मा पहिले शास्त्री परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई साढे दुई वर्ष अध्ययन गराई २३ जनालाई आयुर्वेदाचार्य उपाधि दिइसकेको छ । हाल त्यस विश्व विद्यालयमा मध्यमस्तरको जनशक्तिको रूपमा काम गर्ने आयुर्वेद स्वास्थ्य सहायकको तीनवर्षे पाठचक्रमको अध्यापन चलिरहेको छ र त्यसमा तेस्रो व्याच अध्ययनरत छ ।

प्रारम्भिक स्तरको सहायक आयुर्वेद कार्यकर्ता जनशक्तिको उत्पादनको व्यवस्था प्राविधिक तथा व्याव- सायिक शिक्षा परिषद् CTEVT अन्तर्गत २०५३ देखि आयुर्वेद विभागद्वारा गरियो । २०५४ सालदेखि CTEVT द्वारा स्वीकृति प्राप्त गरी निजी क्षेत्रको शिक्षण संस्थाद्वारा उक्त कार्यक्रमको सञ्चालन भइराखेको छ ।[७] त्यस्तै माध्यमिक शिक्षाअन्तर्गत कक्षा ९-१० मा आयुर्वेदलाई ऐच्छिक विषयका रूपमा राखिएको छ र त्यसका लागि आवश्यक पाठचपुस्तक तयार गरी लागू गरिसकिएको छ ।[८]

राष्ट्रिय आयुर्वेद स्वास्थ्यनीति २०५२ मा त्रि.वि.वि. अन्तर्गत आवश्यक साधनयुक्त अनुसन्धान केन्द्रसहित राष्ट्रिय आयुर्वेदमा स्नातकोत्तरतहसम्म अध्यापनको व्यवस्था गर्ने भनिएकामा त्यो काम हुन बाँकी नै छ ।

२. आयुर्वेद चिकित्सा

नेपालमा व्यवस्थित रूपले आयुर्वेद चिकित्सा सेवालाई सर्वसुलभ गराउने उद्देश्यले वि.सं. २०३८।३।३१ गतेका दिनदेखि आयुर्वेद विभागको स्थापना गरिएको हो। उक्त तिथिभन्दा अगाडि यसपद्धतिलाई कहिले आयुर्वेद महाशाखामा, कहिले शाखामा राखिएको थियो। आयुर्वेद शाखा स्वास्थ्य सेवा विभागबाट अलग भएको समयमा आयुर्वेद संस्थाहरूको विवरण यसप्रकार थियो।

- ५० शैय्याको एकमात्र आयुर्वेद चिकित्सालय, नरदेवी।
- एउटा सिंहदरबार वैद्यखाना
- १४ वटा अञ्चल आयुर्वेद औषधालयहरू
- ८५ आयुर्वेद औषधालयहरू
- जम्मा १०१ संस्थाहरू हाल चालू आर्थिक वर्ष २०५७०५८ सम्म र नवौं पञ्चवर्षीय योजनाको अन्तिमसम्म आइपुग्दा भएको प्रगति यस प्रकार छ-
- आयुर्वेद चिकित्सालय, नरदेवीमा १०० शैय्या र आयर्वेद चिकित्सालय, बिजौरी, दाङ १५ शैय्या गरी जम्मा दुई वटा शैय्यायुक्त चिकित्सालयहरू छन्।
- १४ वटा अञ्चल आयुर्वेद औषधालयहरू छन्।
- ५५ वटा जिल्ला आयुर्वेद स्वास्थ्या केन्द्रहरू।
- २१६ वटा आयुर्वेद औषधालयहरू।

यसरी जम्मा २८७ वटा संस्थाहरू स्थापना भई चिकित्सा सेवा प्रदान गर्दै आइरहेका छन्। यस बीचमा सरकारीस्तरमा रहेर आयुर्वेद औषधिहरू निर्माण गर्ने एक मात्र संस्था सिंहदरवार वैद्यखानालाई वि.सं. २०५२ सालमा स्वायत्त सस्थाको रूपमा विकास गरी सिंहदरवारबाट बैद्यखाना विकास समितिमा परिणत गरिएको छ।

२०५८ माघ १५ गतेदेखि आयुर्वेद विभाग, स्वास्थ्य सेवा विभागको परिसरमा आफ्नै नवनिर्मित भवनमा स्थानान्तर भै सेवा आरम्भ गरिसकेको छ। आयुर्वेद विभाग तथा मातहतका संस्थाहरूले प्रदान गर्ने सेवाहरू यस प्रकार छन् :

- रोगी परीक्षणका साथै रोगनिदान गरी रोगीहरूलाई उपचार तथा उचित स्वास्थ्यसल्लाह दिनु।
- औषधालयमा उपलब्ध हुने औषधिहरू वितरण गर्नु।
- औषधालयहरूमा उपचार गरिएका रोगीहरूको तथ्याङ्कहरू सङ्कलन गरी तालुक अड्डामा पठाउनु।
- स्वास्थ्य संवर्द्धनका लागि उचित सल्लाह एवम् समयानुसार रोग लाग्न नदिने तथा रोगबाट बच्ने उपायहरूद्वारा समाजमा स्वास्थ्यसम्बन्धी जनचेतना जगाउनु।
- स्थानीय रूपमा उपलब्ध हुने जडीबुटीहरूको तथ्याङ्क राख्नु र तिनीहरूको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनमा सहयोग पुर्‍याउनु
- स्थानीय रूपमा उपलब्ध हुने स्वास्थ्योपयोगी जडिबुटीको महत्त्व तथा तिनीहरूको खेती गर्ने तरिकाको बारेमा सल्लाह दिनु। विभिन्न किसिमका सङ्क्रामक रोगहरूबाट बच्ने उपायहरूको बारेमा स्वास्थ्यसल्लाह दिनु तथा तिनीहरूको यथाशक्य उपचार गर्नु[९]

४. आयुर्वेद अनुसन्धान

आयुर्वेदका क्षेत्रमा सबै विधाहरूको अनुसन्धान नभए पनि साहित्य, जडिबुटी तथा केही रोगहरूको विषयमा संस्थागत प्रयास भइरहेको छ। जडीबुटीको अनुसन्धान विशेष रूपमा गरिएको छ।

५. औषधि निर्माण

सिंहदरबार वैद्यखाना विकास समिति गठन भएपछि त्यसमा भवन निर्माण, नवीन यन्त्र तथा उपकरणहरूको व्यवस्थाका साथै लगभग १२५ औषधिहरूको निर्माण तथा विक्रीवितरण हुँदै आएको छ। परिणामस्वरूप अहिले यो संस्था केही नाफा पनि आर्जन गरी निर्माणकार्यलाई विस्तार गर्न, गुणस्तरीय उत्पादन गर्न समर्थ भएको छ।

आयुर्वेद क्याम्पस, नरदेवी

सन्दर्भ विवरण

१ धनवज्र वज्राचार्यको ऐतिहासिक लेखसङ्ग्रह - भाग-१, पृ. ८४-८५। सं. भद्ररत्न वज्राचार्य, ललित रिसर्च सेन्टर, २०५६।

२. धन्वन्तरि स्मारिका, २०५९।

३. अभिलेख पत्रिका, वर्ष १४, पूर्णाङ्क १४, २०५३।

४. सम्मति पत्रिका, वर्ष ५, अङ्क १, २०५९।

५. सम्मति पत्रिका, वर्ष ४, अङ्क २, २०५८।

६. आयुर्वेद मासिक पत्रिका, वर्ष १, अङ्क ५, २०५४।

७. स्वास्थ्य सेवामा आयुर्वेदको भूमिका, आयुर्वेद विभाग, २०५४।

८. कक्षा ९, १० को पाठचपुस्तक, पाठचक्रम विकास केन्द्र, सानो ठिमी, २०५८-२०५९।

९. आयुर्वेद सन्देश पत्रिका, २०५९, आयुर्वेद विभाग

“शाही शिविर” परम्परा र सान्निध्यको संस्मरण

• के.बी. शाही

वर्षमा कमसेकम एकपटक विकासक्षेत्रहरूको क्रमिक रूपले भ्रमण गर्ने परम्परा राष्ट्रसेवक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको नेतृत्व र कुशल शासनपद्धतिको पूरक हुन गएको तथ्य आधुनिक पिँढीका निमित्त अब नौलो रहेन । आलोचककै दृष्टिबाट यसो हेर्ने हो भने पनि “शाहीशिविर” वस्तुतः देशको आकर्षण केन्द्र बन्न पुग्दथ्यो । माननीय मन्त्रीज्यूहरूबाहेक पनि व्यवस्थाका विभिन्न निकायका प्रमुखहरूको त्यस क्षेत्रमा दौडधूप, क्षेत्रीय जनप्रतिनिधिहरूको जमघट र जनशक्तिको प्रबन्धमूलक व्यवस्थापन आर्थिक सोचबाट मात्र बोझिलो देखिन्थ्यो, अन्यथा त्यसबारे पनि “शाहीशिविर” को व्यवस्थापन विधिले स्वयंमा आफ्नै पन लिएको हुन्थ्यो । तसर्थ मध्ययुगीन कालमा जब यातायात भनेको खुट्टा र सञ्चार भनेको परेवा थिए र शासनपद्धति केन्द्रबाटै सञ्चालित भएको इतिहास साक्षी छ भने हिजो एकमात्र हिन्दू अधिराज्य नेपालका संरक्षकले शारीरिक, मानसिक र आर्थिक दृष्टिबाट कष्टदायक देशका कुनाकप्चा र फाँटतिर लम्कने चिन्तनशैली किन अपनायो भन्ने कुतकुतीसर्जक प्रश्न आजपनि हाम्रासामु छ । यस सन्दर्भमा मजस्ताले पनि “शाहीशिविर”का सान्निध्यको अविस्मरणीय सुनौलो अवसर पाइसकेकाले यहाँनिर मनको कुतकुती पोख्ने धृष्टता गरेको छु । वस्तुतः कथानकका पृष्ठभूमिमा गएर हेर्दा विषयवस्तुलाई आज सजिलैसँग ठम्याउन सकिएला झैं लाग्दछ । वर्तमान व्यवस्थाअन्तर्गत राजकाजको व्यवस्थापन तथा सञ्चालनविधिका प्राथमिकता र पूर्वाधार कसरी खडा गर्न सकिन्छ र त्यसमा जनप्रतिनिधिहरूको भूमिका के भन्ने उत्कट अभिलाषाले प्रेरित भई राजनेताले देशाटनका क्रममा जनप्रतिनिधिहरूलाई पनि संलग्न गराउने परिपाटीको सूत्रपात गरिबक्सेको थियो जस्तो लाग्दछ । एतदर्थ, नेताले आफ्ना कार्यकर्ताहरूलाई देशको परिस्थिति र वास्तविकतासँग परिचित हुने सुवर्ण अवसर प्रदान गर्ने यस प्रचलनलाई सरकारको विकासका निमित्त राजनीति भन्ने अभिव्यक्तिको प्रस्फुटन भन्न सकिन्छ ।

संयमितता, शिष्टता, नियमितता र अनुशासनका दृष्टिबाट “शाहीशिविरको” सान्निध्य देशका काखा-पाखाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिका निमित्त कौतूहलपूर्ण अवस्था हुन्छ, तापनि ती दिनले सम्बन्धित व्यक्तिको जीवनपद्धतिलाई नै पनि प्रभावित गर्न सक्दछ । यसबाहेक प्राकृतिक नैसर्गिकताले गर्दा विभिन्न हावापानी र परिस्थितिमा हुर्केका नेपालीले आफ्नै देशका अनभ्यस्त भेषभुषा, खानपान, संस्कृति र जीवनशैलीसँग परिचित भई भावनात्मक एकताको संस्कार लिई फर्कन पाउनु त्यसबेला सौभाग्यकै कुरा हुन्थ्यो ।

“शाहीशिविर” का विभिन्न पक्षहरूमा “शाही सेना” को भूमिका जहाँसम्म मलाई स्मरण छ, शिविरको मुख्य अधिकृत क्षेत्रीय सेना प्रमुख नै हुन्थे । शाही सेनाका जवानहरूका सम्बन्धमा साधारणतया मानिसले “बुट” ठोकी देशको रक्षा गर्ने भन्ने धारणामात्र लिएको बुझिन्छ तर वास्तविकता त्यस पर पनि छ किनभने शिविर प्रवेशद्वारबाटै शाही सेनाको जीवनशैलीको आभास हुन थाल्थ्यो र पाल प्रवेशको त अनुभूति नै अर्को हुन्थ्यो । पालैपालो वा काँचो ईंट (ठाउँ हेरी) वा शिविर क्षेत्रभित्र आवागमनका निमित्त

निश्चित रेखाङ्कन कलात्मक र रोचक देखिन्थे । आ-आफ्नो व्यवहार समानको आदर्श लिई उभिएको पाल मनुष्यको अनिवार्य आवश्यकताहरूबाट सुसज्जित भएको देखिन्थ्यो । सुघरसफाइ त शाही सेनाको धरोहर नै हो तापनि लुगा, जुत्ता, चुरोटको धूलो राख्ने उपकरणहरू, कलाको नयाँ खोज र कुटीर उद्योगको द्योतकको रूपमा देखापर्दथे । घरभन्दा पनि शौचालय र स्नानागारका निमित्त बढी आत्तिनु पर्ने आजको अवस्थामा शाही सेनाको कला निकै उपादेयी हुनसक्ने कुरा स्वतः सिद्ध लाग्थ्यो । पुनः शिविरमा अभ्यागत अतिथिहरूको स्वागत र आतिथ्य सत्कार गर्ने शाही सेनाको आफ्नै ढङ्ग हुँदोरहेछ । सामूहिक भान्साबाहेक अतिथिहरूको ढोका-ढोकामा पुगी रुचि अनुसारको दूध, चिया फलफूल वा खानेकुरा समयमा पुगे-नपुगेको कुरा अधिकृतहरूले शिष्टताका साथ सोधी हिड्ने भ्याउपनि सँगै बोकेकै हुन्थे । शिविरको भान्सा परम्परा त सामूहिक परिवारको ज्वलन्त उदाहरण नै हुनजान्छ भन्नमा अत्युक्ति नहोला । शिविरभित्रका सम्पूर्ण सज्जनहरूले एकै ठाउँमा एकसाथ एकै प्रकारको खाना सौहार्दतामय गफगाफका बीच बसी खाने प्रचलन बसालिएको थियो । यस प्रसङ्गगका अति रोचक व्यक्तित्व मेरो दृष्टिमा (पिपा) मामा र माननीय हुन जान्थे, किनभने मामा नभई हुँदैन । माननीयलाई केहीले पनि छुँदैन थियो । यहाँनिर मन्त्रीज्यूहरूलाई पनि स्पृहा हुन्थ्यो कि ? सञ्चारको त के थियो र सुर्खेत वा धनकुटाका डाँडाहरूबाट स्वजनहरूसँग सिधै सम्पर्क राख्ने सुविधा प्राप्त थियो । श्रवण केन्द्रको व्यवस्थाले गर्दा स्वदेश वा विदेशका गतिविधिहरूबाट पनि वञ्चित होइएला भन्ने थिएन । यति मात्रै नभई मामाले दैनिक समाचारपत्रहरू पनि पाल मै पुऱ्याइदिन्थे ।

यद्यपि शिविर जीवनको संहितानुसार माननीयले मुख्यतया सम्भावित सवारीका छंल-फल र त्यसपछिको निष्कर्षमा भाग लिन सातामा एकदिन "गाउँ फर्क" गरी बिदाइ दर्शनमा बिन्ती चढाउने र जनसम्पर्क राख्ने नै उल्लिखित थियो तापनि जिज्ञासुका हेतु सवारीको संदर्भ नै उत्कृष्ट पहलु हुन जान्थ्यो किनभने सवारीसँग सम्बन्धित गोष्ठीबाट उठ्दा मानिसको मन र मस्तिष्क त परिष्कृत हुन्थ्यो तर देशका वास्तविकताको ठोस शेष नै रहिरहन्थ्यो । सानु पेगोडानुमा पालभित्र सञ्चालित उक्त गोष्ठीमा हुकुम बक्सेबमोजिम मुख्य अधिकृतले प्राक्कथनको रूपमा सम्भावित क्षेत्रको भ्रमण कार्यक्रम र त्यसको वस्तुपरक चित्रण प्रस्तुत गर्दथे जसमा प्रायः श्री ५ महाराजाधिराज सरकारबाट नजर गरिबक्सने स्थलहरू र फिर्ती सवारी हुने अवधिसम्मको समय उल्लिखित हुन्थ्यो । यहाँनिर 'जाँचबुझ केन्द्र' नामक निकायको भूमिका अति उल्लेखनीय हुन्थ्यो । वस्तुतः गोष्ठीको प्राण नै जाँचबुझ केन्द्र हो भनेनौं भने त्यसका निष्ठाप्रति ठूलो अन्याय हुन जानेछ । जाँचबुझ केन्द्रले त्यस अवसरमा आफ्ना टोलीलाई अति आधिकारिकता र सचेष्टताका साथ प्रस्तुत गर्दथ्यो । स्वाभाविक पनि हो किनभने टोलीमा देशका शिक्षा, समाजशास्त्र, अर्थ, विज्ञान र खनिजशास्त्रका तत्त्ववेत्ताहरू पूर्वानुभवको आधारमा सम्मिलित भएका हुन्थे । प्रस्थान गर्ने अघिको छलफल (Briefing) मा ती विशेषज्ञहरूले सवारी चलाउने क्षेत्रको निःसङ्कोच वस्तुपरक चित्र प्रस्तुत गर्दा त्यस क्षेत्रको भौगोलिक बनावट, मौसम जनसङख्या, जातिवर्ग, वेशभुषा, भाषा, रहन-सहन, धर्म र संस्कृतिबाहेक पनि कृषि, उद्योग, उत्पादन, शिक्षाको प्रतिशत र यातायातसमेतको विस्तृत विश्लेषित कार्यपत्र सामूहिक सम्पत्तिको रूपमा प्रस्तुत गर्दथे र उठेका शङ्का उपशङ्काको तार्किक निदानका निमित्त पनि तत्पर रहन्थे । अतः यस प्रकारका शोधलाई हामीले उक्त केन्द्रको अध्ययनशील गवेषणाको प्रतीक नै मान्नुपर्दथ्यो । एकटकसँग घण्टौं राज रहिबक्सेको उपस्थितिमा (De-briefing) को समालोचनात्मक विवेचना गोष्ठीको अर्को पक्ष हुन्थ्यो । त्यसमा सवारीसाथ गएका प्रत्येक इच्छुक व्यक्तिहरूलाई हिजो सुनेको र आज देखेका प्रगतिविवरणमा के अन्तर रहेछ भन्ने आएस्-आफ्नो मन्तव्य व्यक्त गर्ने पूर्ण छुट हुन्थ्यो । माननीय सवारी मन्त्रीज्यूले उक्त अवसरमा मन्त्रालयहरूको प्रतिनिधित्व गर्नुहुन्थ्यो । अन्ततोगत्वा श्री ५ महाराजाधिराज सरकारबाट निष्कर्षतः कार्यान्वित वा सम्मानित योजनाको भविष्यबारे संक्षिप्त निर्देशन बक्सन्थ्यो । यहाँनिर जाँचबुझ टोलीद्वारा प्रस्तुत धारणा नै कता-कता मान्य हुनुपर्छ भन्ने भान हुन्थ्यो, जुन बिन्दुमा मलाई सहमत हुन गाह्रो पर्दथ्यो । अन्यथा योगदान अपरिहार्य नै हुन्थ्यो । यस सन्दर्भमा अन्य चरणको प्रसङ्गमा श्री ५ महाराजाधिराज र यदा-कदा श्री ५ बडामहारानी सरकारहरूद्वारा बक्सने रात्रीभोजको चर्चा छुट्न गए शिविरको जीवनको घतलाग्दो रमाइलो पक्ष नै छुट्न गएको भनी ठान्नुपर्छ । शाही निम्तोको शिविरवासीहरूले बडो उत्सुकताका साथ प्रतीक्षा गरेका हुन्थे । राष्ट्रिय पर्वका शाही पाहुना पनि सम्मिलित भएका शुभावसरमा त दुईपटक पनि निगाहा हुने गरेको थियो । उक्त साँझ निमन्त्रित व्यक्तिहरू केही त समय अगावै पनि पालका ढोकाबाटै दर्शन गरेर फर्किसकेका हुन्थे । निर्धारित समयमा बगैंचाका एक छेउतिर अवस्थित धुनीका चारैतिर बडो प्रफुल्लित मुद्रामा मन्त्रीज्यू, माननीय, राजदरबार, शाही सेना र निजामती सेवाका विशिष्ट व्यक्तिहरू रमाइरहेका पाइन्थे र श्री ५ हरू र अधिराजकुमारहरूका स्वागत अभिवादनपश्चात् हास्यव्यङ्ग्य र विनोदको प्रसङ्ग चल्थ्यो । वातावरणको रमणीयताबाट उपस्थित सज्जनहरूले सप्ताहान्तको खुमारी (थकान) झरेको हो कि जस्तो लाग्नु अनुभव गर्नु स्वाभाविक

नै थियो । यस अवसरमा श्री ५ महाराजाधिराज सरकारबाट प्रत्येक व्यक्तिलाई आफ्ना वाक्पटुता, साहित्यिक, सांस्कृतिक र अन्य प्रतिभाजनित गुणहरूको प्रस्फुटन गर्न सक्ने छुट बक्सेको हुन्थ्यो । धुनीको रापले रल्लिएका विशिष्ट महानुभावहरू सुरापानको जोडमा अवसरको पूर्ण लाभ उठाउनमा पछि पर्दैनथे । एकछिनपछि खाने टेबुलतिर लम्किदा त श्री ५ बडामहारानी सरकारले आफ्नै बाहुलीबाट अतिथिहरूलाई प्लेट बक्सिरहेको देख्दा सङ्कोच र श्रद्धाका दुई आँसु टप्किहाल्थे । त्यसमा पनि प्रजाहरूलाई बक्सेर मात्रै आफू ज्यूनारका निमित्त अघि सर्ने परम्परा शाही सन्ततिका प्रजावात्सल्यको अद्वितीय उदाहरण प्रस्तुत हुन जान्थ्यो । साहित्य, सङ्गीत र कलाप्रतिको अनुराग तथा अभिरुचि शाही संस्कारको नैसर्गिक पक्ष हुन गएको कुरा प्रज्ञाप्रतिष्ठान वा अन्य क्षेत्रीय संस्थाहरूका संयोजकत्वमा शिविरभित्र आयोजित सांस्कृतिक कार्यक्रमका प्रदर्शनबाटै स्पष्ट हुन्थ्यो । वस्तुतः यस्ता प्रदर्शनहरूले मनुष्यका अन्तर्निहित गुणहरूमा नवशक्तिको सञ्चार गर्ने गर्दछ, साथै सरसता कोमलताको परिचय पनि ।

यसप्रकार उल्लिखित "शाहीशिविर" को जीवनपद्धति र कार्यशैलीको प्रेरणादायी प्रभाव व्यक्तिगत वा सामूहिक दृष्टिले देशविकासको हेतु कुनै समय र अवस्थामा फलदायी हुने कुरा निर्विवाद तथा स्वतःसिद्ध हुन्थ्यो । भोक, रोग, अशिक्षा, गरिबीबाट पीडित देशका असहाय जनतालाई लगानीको समान उपभोग गर्ने अवसर प्राप्त छ वा छैन भन्ने दृढ सङ्कल्पको अभियानमा तल्लीन श्री ५ महाराजाधिराजको यस मुद्रालाई नारायणत्वभन्दा नेतृत्वको संज्ञाबाट सम्बोधित गर्नु बढी उपयुक्त देखिन्थ्यो । जनताको दैलो-दैलोमा पुगी तिनका गास-बास र पीरमर्काको खोजीनिती गरिहिड्ने श्री ५ को अनौठो यस कदमले *"न्याय माग्न गोर्खा जाऊँ"* भन्ने उखान पनि शिथिल भएको देखिन्थ्यो अतः शाही भ्रमणको तात्कालिक र दूरगामी प्रभावको तुलनामा आर्थिक बोझ नगण्य नै हुँदा यसप्रकारको सिलसिला कुनै पनि व्यवस्थाको अपरिहार्य अङ्ग बनाउनुपर्छ भन्ने मेरो धारणा छ । विकासको प्रक्रियाले नयाँ काँचुली फेर्ने अवस्थामा राष्ट्रनायकका अतीतकालका ती साधनाले हामीमा नयाँ जाँगर र स्फूर्ति सञ्चार सदैव गर्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

●

वैदिक राष्ट्रचिन्तन र श्री ५ वीरेन्द्र

• आचार्य खेमराज केशवशरण

व्युत्पत्तिगत हिसाबले हेर्दा एउटै "राज दीप्तौ" धातुबाट "राजा", "राष्ट्र" र "राज्य" यी तीनै शब्दको उत्पत्ति भएको पाइन्छ । यी तीनै शब्दले विविध पृष्ठभूमिमा दीप्तताको अभिव्यक्ति दिन्छन् । नेतृत्वमा रहेको आदर्श व्यवहार र उदात्ततालाई लिएर अघि बढ्ने प्रजावर्गको श्रद्धा र आस्थाको दीप्ततालाई "राजा" शब्दले व्यक्त्याउँछ । हाम्रो राष्ट्रिय परम्परामा यी सर्वपक्षीय दीप्तताहरूको सङ्गमस्थलका रूपमा राष्ट्रियताका मेरुदण्ड राजाको अद्वितीय छवि र प्रतिष्ठा रहिआएको छ । राजाबिनाको परिकल्पनासम्म पनि नेपाली जनमानसले गर्न सक्तैन । राष्ट्रको परिकल्पनासँगै राजा प्रजानां प्रथमं शरीरं प्रजाश्च राज्ञोऽप्रतिमं शरीरम्" (अर्थात् प्रजाहरूका लागि राजा नै पहिला शरीर हुन र राजाका लागि पनि प्रजाहरू नै अनुपम शरीर हुन्) जस्ता प्राचीन वैदिक ऋषिहरूका उद्घोषहरूले राष्ट्र राजसंस्थाबीचको तादात्म्य सम्बन्धलाई ब्युँझाइरहेका हुन्छन् ।

परम्परागत रूपमा राजसंस्थाप्रति रहेको यस आस्थाका अनेकौं कारणहरू छन् । वेदद्वारा प्रतिपादित जनकल्याणकारी "जनराज्य" को चरम उत्कर्ष रामायणकालिक राज्यव्यवस्थाले प्रस्तुत गरेको कुरा यसै भूमिमा आश्रम बनाएर तपस्या गरिरहेका महर्षि वाल्मीकिले गरेको यसको उज्ज्वल चित्रण पढ्दा स्पष्ट हुन्छ । रामको वनवास हुन लाग्दा स्वयम् महर्षि वसिष्ठको अग्रसरतामा कोशल देशका प्रजाहरूले प्रकट उद्गारले राजाप्रतिको जनआस्थाको अद्वितीय रूपलाई दर्शाउँछ । उनीहरू भन्दछन् :

न हि तद् भविता राष्ट्रं यत्र रामो न भूपतिः
तद् वनं भविता राष्ट्रं यत्र रामो निवत्स्यति ॥

अर्थात् हाम्रा लागि जति नै समृद्धिपूर्ण भए पनि त्यहाँ राष्ट्र छैन जहाा राजा राम छैनन् । जहाँ राजा राम रहन्छन् हाम्रा लागि वनै भए पनि त्यही राष्ट्र हुन्छ ।

वा.रा. अयोध्याकाण्ड ३७/२९

कोशल देशका प्रजावर्गमा युवराज पदमा अभिषिक्त हुनुभन्दा पनि पहिलेदेखि नै श्रीरामको लोकप्रियता कहाँसम्म थियो भन्ने बारेमा महर्षि वाल्मीकि लेख्दछन् :

यश्च रामं न पश्येत्तु यञ्च रामो न पश्यति ।
निन्दितः स हि लोकेषु स्वात्माप्येनं विगर्हते ॥

राजा रामको त्यो लोकप्रिय छवि स्वयम् नेपाल र नेपालीको भावनाजगत्सँग धेरै निकट थियो किनभने सम्बन्धगत दृष्टिले पनि रामलाई त्यस रूपमा चम्काउन असाधारण भूमिका खेल्ने जनकनन्दिनी सीता नेपाल आमाकी छोरी भएका नाताले रामायण गाथासँग नेपाली जातिको आत्मीय सम्बन्ध धेरै गाढा रहनु स्वाभाविकै थियो । आदिकवि वाल्मीकिले "यदि हाम्रो समाजको बनौट पुरुषप्रधान हुँदैनथ्यो भने रामायण नामक यो महाकाव्य सीतायण नामले चर्चित हुन पुग्ने थियो किनभने यस महाकाव्यको प्रमुख चरित्र नै सीता चरित्र हो" भनेर स्पष्ट निर्देश गरेका छन् 'रामायणमिदं काव्यं सीतायाश्चरितं महत्' । हुन पनि मर्यादापुरुषोत्तम श्रीरामको पावन चरित्रमा जनकनन्दिनी सीताको

परिणयपछि नै पत्थरलाई पनि रुवाइदिने र वज्रको पनि हृदय पगालिदिने विलक्षणता थपिएको तथ्य रामायण पढ्दा स्पष्ट हुन्छ। यसरी सम्पूर्ण रागगाथालाई गरिमा थपिदिने जनकनन्दिनीको माइती भएकाले पनि नेपालको जनजीवनमा राजा रामप्रतिको उच्च भावना अति प्राचीन कालदेखि नै निर्मित भएको बुझिन्छ।

महर्षि वाल्मीकिका उपर्युक्त अभिव्यक्तिहरूले राजा दशरथलाई रामको लोकप्रियताबारे पूरा विश्वास थियो भन्ने जनाउँछन्। प्रजावर्गबाट अर्को विकल्प नरहेको सङ्केत मिलिसकेको पनि थियो तर पनि उनले औपचारिक रूपमा नागरिक प्रतिनिधिहरूसहितका सभासद्हरूलाई बोलाएर सबैको सामूहिक राय लिए। औपचारिक सभामा सर्वसम्मतिबाट भएको निर्णयबाट रामको राजतिलक भयो।

लोकसम्मतिलाई मान्यता दिएर राजकाज चलाउने यस परिपाटीलाई आदर्शको रूपमा कायम राख्ने क्रम पछिसम्म चल्दैरह्यो। राजा रामले लोकसम्मतिप्रति दर्शाउने आस्था र समादरलाई 'लोकाराधन' मानेको उहाँकै सदुक्तिबाट स्पष्ट हुन्छ। लोकाराधन शब्दबाट राजा जनकल्याण अथवा जनसेवामा सर्वोच्च संस्कारदाता एउटा संस्था हुन् भन्ने निर्देश गर्दछ। आदर्श राजाका लागि आफ्नो हित भन्ने केही हुँदैन। आफ्ना प्यारा जनताको हित नै राजाको हित हुन्छ। "प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम्" जस्ता स्मृतिकारहरूका अभिव्यक्तिहरूले पनि त्यतैतिर इसारा गर्दछन्।

राजा रामले यसैलाई लोकाराधन मान्नुभएको छ। उहाँ भन्नुहुन्छ जनताको सेवा (लोकाराधन) का सामु स्नेह, दया र निजी सुखसयल र कहाँसम्म भने मेरी प्राणवल्लभा जनकनन्दिनीलाई नै त्यागिदिनु परे पनि मलाई कुनै कष्ट हुनेछैन।

स्नेहं दयां च सौख्यञ्च यदि वा जानकीमपि
आराधनाय लोकस्य मुञ्चतो नाऽस्ति मे व्यथा ॥

–उत्तररामचरित

राजा व्यक्ति नभएर संस्था हुन् भन्ने मान्यता स्वयम् श्रीरामकै उद्गारबाट स्पष्ट हुन्छ। वनवासबाट आफूलाई फर्काउन आएका भाइ भरतप्रति श्रीरामले दिएको उत्तर यस प्रसङ्गमा मननीय छ। उहाँ भन्नुहुन्छ "भाइ" सत्यको परिपालन र लोकजीवनप्रति करुणापूर्ण व्यवहार राजाको सनातन मर्यादा हो किनभने राजाको व्यवहार सबैका लागि दिशानिर्देश गर्ने हुन्छ। त्यसैले मैले सत्यको उल्लङ्घन गरेर हिँडिदिँदा सबै त्यसै गर्न थाल्नेछन्। राजा जस्ता हुन्छन् प्रजाहरू पनि त्यस्तै हुन थाल्दछन्।

सत्यमेवानृशंसं च राजवृत्तं सनातनम् ।
यद्वृत्ताः सन्ति राजानस्तद्वृत्ताः सन्ति हि प्रजाः ॥

वा.रा. अयोध्याकाण्ड १०९/१०

रामगाथाका रचयिताले जहाँ आदर्श राजामा र राजसंस्थामा रहने उदात्त गुणहरूको प्रशस्ति गाएका छन् त्यहीँ राजामा हुन नहुने चौधवटा दोषहरूबाट अवश्य बच्नु पर्ने सजगता पनि दिलाएका छन्। ती चौधवटा दोषहरू यस प्रकार छन् :

नास्तिक्यमनृतंक्रोधंप्रमादं दीर्घसूत्रताम् ।
अदर्शनं ज्ञानवतामालस्यं पञ्चवृत्तिताम् ॥
एकचिन्तनमर्थानामनर्थज्ञैश्च मन्त्रणम् ।
निश्चितानामनारम्भं मन्त्रस्यापरिरक्षणम् ॥
मङ्गलाद्यप्रयोगं च प्रत्युत्थानं च सर्वतः ।
कञ्चित्त्वंवर्जयस्येतान् राजदोषांश्चतुर्दश ॥

वाल्मीकि रामायण, अयोध्याकाण्ड १०० सर्ग, ६४-६७ श्लोक

अर्थात् नास्तिकता, असत्यभाषण, रिसाइरहने बानी, आफ्नो लक्ष्यप्रति सजग नरहनु, दीर्घसूत्रीपना, ज्ञानवान्हरूको सङ्गतमा नजानु, अल्छीपना, इन्द्रियसुखमा भुलिरहनु, राज्यसम्बन्धी नीति तथा कार्य योजनाबारे कसैको सल्लाह नलिई एक्लै सोच्नु, उद्देश्य नबुझ्ने उल्टो विचार भएका अबुझहरूको सल्लाह लिनु, निश्चित गरिसकेका कार्यहरू तुरुन्त नगर्नु, गुप्त रूपले गरिएको निर्णयलाई सबैसामु खुला गरिदिनु, शुभ परिणाम दिने माङ्गलिक कार्य नगर्नु, हलुका तरिकाले जहाँ पायो त्यहीँ उठबस बढाउनु, शत्रुहरूमा क्रम नमिलाई चारैतिर एकैबाट आक्रमण गर्नु, राजाले यी अवगुणहरूबाट बच्नुपर्ने सल्लाह दिइएको छ।

राजा रामको आदर्श चरित्र यी सबै अवगुणबाट मुक्त रहेको तथ्य महर्षि वाल्मीकिले दर्शाएका छन्। राजा रामका चरित्रमा रहेको यिनै विचारगत र व्यवहारगत उदात्तताहरूले गर्दा उहाँलाई देख्न पाउँदा र उहाँद्वारा देखिन पाउँदा अयोध्याका जनसाधारण आफूलाई अहोभाग्यशाली मान्दथे।

राजर्षि जनक जस्ता अध्यात्मप्रेमी आदर्श राजाले राज्य गरेको भूमि भएको नाताले पनि नेपाली जनमानसमा राजसंस्थाप्रतिको आस्थाको जागरण र विकासको सहजता सजिलै कल्पना गर्न सकिन्छ। नेपालीसँग सम्बन्धित ऐतिहासिक उल्लेखहरू प्राप्त हुनथालेदेखि नै तिनको मूल उद्गमस्रोत विभिन्न प्रतिष्ठित राजाहरूले गरेको प्रजापालन, पराक्रम र विभिन्न सांस्कृतिक महत्त्वका कार्यहरू नै रहिआएको स्पष्ट देखापर्दछ। हाम्रा

वंशावलीहरू, अभिलेखहरू, सनद, रुक्का आदि ऐतिहासिक सामग्रीहरूले अतीतका जेजस्ता गौरवपूर्ण झलक प्रस्तुत गर्दछन् तिनमा विभिन्न वंशका देशभक्त राजाहरूले गरेका सुकृत्यहरूकै प्रशस्ति पाइन्छ । यी सबै कुराले नेपाली जनमानसलाई धेरै अघिदेखि राजसंस्थाप्रति आदरको भाव राख्ने सांस्कृतिक परम्परामा आबद्ध तुल्याउँदै आएका छन् । रामराज्यको परिकल्पनाद्वारा सबैलाई आकर्षित पार्ने विश्वले नै आदर्श मानेका राजा राम नेपालसँग अति निकटको सम्बन्धमा बाँधिएका कारणले पनि राजसंस्थाप्रति नेपाली जनआस्थामा पाइने विशिष्ट आदरको भावनाभित्र प्राचीन कालदेखि नै धार्मिक पुट पनि कारक हेतु बन्न पुगेको होला भन्न सकिन्छ ।

वेदले निर्देश गरेको राष्ट्रचिन्तनमा जनताले "राजा मे प्राणः" भनेर सम्पूर्ण राष्ट्रिय ऊर्जाको स्रोत राजालाई मानेको छ भने राजाले "विशो मेऽङ्गानि सर्वतः" भनेर राजालाई नै आफ्नो गौरवमय अस्तित्वमा घटक शरीरका अभिन्न अङ्गका रूपमा स्विकारेका छन् । यसरी राजा र जनताको सम्वेदनशील ऐकात्म्य र त्यसैबाट अघि बढेको सहकार्यद्वारा विकसित बनेको वैदिक संस्कृतिको समृद्ध धारा नेपालमा अतिप्राचीन कालदेखि नै प्रवाहित रहँदै आएको र यो देश सम्प्रदायसम्प्रदायबीचको सद्भाव विकसित भएको सनातन हिन्दू धर्मको रक्षाप्रति संविधानतः प्रतिबद्ध रहेको हुनाले नेपाली जनमानसमा राजाप्रति यो श्रद्धा र विश्वास विकसित गर्नमा धर्मानुप्राणित आस्थाले पनि ठूलो भूमिका खेलेको छ । प्रतिदिन भोजन गर्न बस्दा 'भूपतये स्वाहा' भनेर राजालाई अर्पण गर्ने, पितृयज्ञ गर्न लाग्दा पनि दिवङ्गत राजालाई समेत तर्पण गर्ने र विजयादशमीको प्रसादटीका ग्रहण गर्दा पहिले घरको मूल ढोकामा राजालाई टीका टक्र्याउने परम्परागत प्रथाले राजाप्रतिको जनश्रद्धामा युगौंदेखि बद्धमूल बनेको यही धार्मिक आस्थालाई छर्लङ्ग पार्दछ । यस जनआस्थाभित्र कुनै जातिगत सीमारेखा छैन । यो आस्था सर्वजातीय एवम् सर्ववर्गीय रहिआएको छ । आज पनि सबै राष्ट्रभक्त नेपालीहरूमा यो आस्था समान रूपले रहिआएको पाइन्छ। त्यसैले राजा राष्ट्रिय एकता अथवा समष्टि नेपाली आस्थाका प्रतीकका रूपमा प्रतिष्ठित बनेका छन् ।

राष्ट्रिय एकीकरणभन्दा अघि पनि किरात, लिच्छवी र मल्लकालदेखिका राजसंस्थाद्वारा गरिएका प्रजारञ्जनका गाथाहरूले हाम्रो इतिहासका पृष्ठ भरिएका छन् । गोर्खाका शाहवंशीय राजाहरूको इतिहासमा अझ उल्लेखनीय विशेषताहरू व्यक्त भएका पाइन्छन् । राम शाहको न्यायकुशलता, द्रव्य शाहको प्रामाणिक प्रशासन यस्तै विशेषताहरूमा पर्दछन् । श्री ५ बडामहाराज पृथ्वीनारायण शाहले अखण्ड नेपाल राष्ट्रको निर्माण गरेपछि त शाहवंशको उज्ज्वल प्रतिष्ठामा अझ उज्ज्वलता थपिन पुगेको छ । यसरी खण्डखण्डमा विभाजित नेपाललाई सिङ्गो नेपाल राष्ट्रको रूपमा स्थापित गर्ने एकीकरण अभियान होस्, प्रजातन्त्रको प्रवर्तन होस्, आधुनिक नेपालको आधारशिला स्थापित गर्ने क्रम होस् अथवा विकास युगको प्रवर्तन होस् शाहवंशीय राजाहरूबाट यी सबै निर्णायक मोडहरूमा अद्वितीय भूमिका निर्वाह हुँदै आएको छ । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह नेपालको शाहवंशीय राजपरम्परामा एउटा अति उज्ज्वल नक्षत्रका रूपमा प्रतिष्ठित होइबक्सिन्थ्यो । २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा र २०४६ सालको जनआन्दोलनको मर्म बुझिबक्सी लोकसम्मतिको कदरस्वरूप गरिबक्सेको बहुदलीय व्यवस्थाको पुनर्बहाली र स्वयम्लाई संविधानको परिधिभित्र राखिबक्सी मौसुफबाट चालिबक्सेको प्रजातान्त्रिक नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा जस्ता जनप्रिय, विवेकपूर्ण, साहसिक कदमहरूले मौसुफलाई प्रजातान्त्रिक मूल्य, मर्यादाको प्रतिष्ठापनमा आस्था राख्ने पूर्ण उदारमना आदर्श राजाको रूपमा प्रतिष्ठा प्रदान गरेका छन् । वास्तवमा बितेको वर्षहरूमा संवैधानिक राजाका रूपमा स्वयम्लाई संविधानअन्तर्गत मानेर मात्र होइन संविधानको सर्वाधिक पालनासमेत गरेर मौसुफ सम्पूर्ण नेपाली जनताको ह्दयमा लोकप्रिय राजाको छवि र प्रतिष्ठा प्राप्त गर्न सफल होइबक्सेको तथ्य सबैमा विदितै छ ।

विश्वमा वर्तमान युगमा लोकमङ्गलकारी वेदमन्त्रहरूद्वारा चारै वर्णका प्रतिनिधिहरूले राजालाई अभिषिक्त गरेर राष्ट्राध्यक्षको सिंहासनमा विराजमान गराउने गौरवमय परम्पराको संवाहक नेपालको राजसंस्था नै रहिआएको छ । यसै कारण विश्वभरिका सम्पूर्ण हिन्दूहरू हिन्दूअधिराज्य नेपालको आर्यसंस्कृतिको अनुयायी हिन्दूधर्मावलम्बी राजसंस्थालाई आफ्नो गौरवको प्रतीक मान्दै आएका छन् ।

वैदिक राष्ट्रचिन्तनमा विश्वधारक शाश्वत सत्यका रूपमा सम्मानित धर्म मानवमात्रका लागि अपरिहार्य मानिएको छ । नेपाल राष्ट्र र नेपाली जातिका लागि त राष्ट्रिय अस्मिताको मूल प्रेरक नै स्वधर्म संस्कृतिप्रतिको आस्था रहिआएको छ । त्यत्रो साम्राज्यवादी शक्तिले नगिचैबाट पटकपटक नेपालीलाई आफ्नासामु झुकाउन जमर्को गर्दा पनि प्राणको बाजी लगाएर चन्द्र र सूर्यको वैदिक झण्डामुनि एकजुट रही आफ्नो अटल आस्थालाई बिक्न नदिई स्वाधीनतालाई सुरक्षित राख्दै राजा र जनताको पारस्परिक विश्वास र आस्थाको बलले नेपालीले आफ्नो मुलुकलाई बचाएको स्वाभिमानपूर्ण गौरवमय इतिहासप्रति सम्वेदनशील रहन सिकाउने यो महान् परम्परा समस्त नेपालीमात्रको राष्ट्रिय अमर सम्पत्ति

हो । नेपाली जातिको इतिहास र संस्कृतिको आफ्नो मौलिकता पनि यही रहिआएको छ । जनआस्थाको केन्द्रबिन्दुका रूपमा रहेको आर्यसंस्कृतिका अनुयायी हिन्दूधर्मावलम्बी राजसंस्थाको प्रबल संरक्षण अक्षुण्ण रूपले प्राप्त हुँदै आएकाले नै यो सबै सम्भव भएको हो भन्ने कुरा कुनै पनि प्रबुद्ध नेपालीलाई भनिरहनु पर्दैन ।

नेपाल विश्वको एकमात्र हिन्दू अधिराज्य हो । विश्वको विशाल मानचित्रभित्र हिन्दूराष्ट्रलाई जीवित र जागृत राख्ने जातिका नाताले नेपाली जातिलाई विश्वभरी नै गौरव प्रदान गरिएको छ । हिन्दूधर्मसंस्कृतिकै पवित्र मार्गदर्शनमा नेपाल अधिराज्यभित्र अनादिकालदेखि साम्प्रदायिक सद्भावनाले नैसर्गिक रूपमा मौलाउने अवसर पाएको छ । राष्ट्रिय आस्थाको यस अन्तर्मर्मप्रति श्री ५ वीरेन्द्र प्रबुद्ध होइबक्सन्थ्यो । राष्ट्रिय संस्कृतिको संरक्षणप्रति मौसूफ कति सम्वेदनशील होइबक्सन्थ्यो भन्ने कुरा मौसुफबाट विभिन्न अवसरमा बक्सेका सन्देशहरूबाट स्पष्ट हुन्छ । वीरगञ्जको विश्व हिन्दू सम्मेलनलाई बक्सेको सन्देशमा श्री ५ वीरेन्द्रबाट हुकुम भएको थियो– "हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मुहान नै सुक्तछ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं ।"

मानवको स्वतन्त्रताको र स्वाभिमानको रक्षा गर्दै सम्मानपूर्वक जिउने आधारभूत हकलाई सुरक्षित गर्न लोकतन्त्रमा मानव अधिकारको रक्षा अपरिहार्य हुन आउँछ तर लोकतन्त्रमा जनदायित्वको बोध त्यसभन्दा पनि अझ बढी अपेक्षित हुन्छ । त्यसैले यो दायित्वपक्षलाई पनि गम्भीर रूपमा लिई त्यसको परिपालनतर्फका भावनात्मक प्रयत्नहरू पनि सँगसँगै अघि बढ्नु नितान्त आवश्यक देखिन्छ । अधिकारको सँगसँगै मानवकर्तव्यको मूलभूत स्वरूपलाई पनि अभिन्न रूपले स्वीकार्दै यसलाई व्यापक मान्यता दिलाउन सकिए शान्तिपूर्ण सुव्यवस्थित मानवसमाजको निर्माणका निम्ति निश्चय नै ठूलो कुरा हुनेछ । अहिले समाजमा देखा पर्न लागेको चारित्रिक गिरावट, उच्छृङ्खलता, नशालु पदार्थसेवन, हिंसा-प्रतिहिंसा जस्ता विकृतिहरूले सिर्जिएको भयावह दृश्य आदि सबै कुराको मूल जरो धर्म अध्यात्मप्रतिको अनास्था, मानवीय जीवनमूल्यप्रतिको उदासीनता र कर्तव्यचेतनाको अभाव नै हो भन्ने कुरामा सन्देह राख्ने ठाउं रहन्न । धर्म अध्यात्मप्रतिको आस्थाले नै मानवलाई कर्तव्यनिष्ठ बनाई जनावरको श्रेणीबाट माथि उठाएको हुन्छ । मानवजीवनबाट धर्म र अध्यात्मलाई निकालिदिने हो भने त नर र वानरमा भिन्नता नै के रहन्छ र ?

"पृथिवी धर्मणा धृता ।" यो वैदिक राष्ट्रचिन्तनको मूलभूत मान्यता हो । यसको सारांश के हो भने सम्पूर्ण विश्वजीवन एउटा धारक सत्यको उज्यालामा सुरक्षित भएर चलेको हुन्छ र हुनुपर्दछ जसलाई धर्म भनिएको छ । त्यो सम्प्रदाय होइन, मजहब होइन, एउटा थियोरी होइन, किन्तु धारक सत्य हो । त्यसले मानवलाई तल झर्न नदिई मानवताको रक्षकका रूपमा प्रतिष्ठा दिन्छ, जसले जीवनलाई वरदानका रूपमा सदुपयोग गर्ने प्रेरणा दिन्छ, सकारात्मक चिन्तन, निर्माणमुखी प्रेरणा प्रदान गर्दछ र मानव आफ्नो जीवनको मूल्य सम्झेर त्यसलाई माया र जगेर्ना गर्ने बन्दछ । सत्यधर्मको, आध्यात्मिक चेतनाको आन्तरिक ऊर्जा प्राप्त गरेको मानव जे सोच्तछ निर्माणबारे नै सोच्तछ, जे गर्दछ सिर्जनाकै लक्ष्यले गर्दछ । जीवनको क्षणक्षण र कणकण उसका लागि अमूल्य निधि हुन् । विध्वंशात्मक र विघटनात्मक दृष्टि र विचारले उसलाई विचलित तुल्याउन सक्तैन । धर्मअध्यात्मको यही रचनात्मक उज्यालो आज राष्ट्र र राष्ट्रवासीलाई आवश्यक भएको छ । आजसम्म राष्ट्रिय अस्मिताको जगेर्नामा जेजति हुन सकेको छ त्यसमा राजसंस्थाले 'मेहे' बनिदिएर खेलेको भूमिका अत्यन्त मुल्यवान् रहेको छ र भविष्यमा पनि यसको जगेर्ना राजाप्रजाबीचको यस संयुक्त जागरुकताले मात्र सम्भव हुनेछ भन्ने कुरा प्रबुद्ध राष्ट्रचिन्तकहरूलाई भनिरहनु पर्दैन ।

परम्परागत आर्ष वाङ्मयले प्रशस्ति गाएका राजाका ती उज्ज्वल गुणहरूमध्ये धेरैजसोले श्री ५ वीरेन्द्रको उदात्त व्यक्तित्वलाई विभूषित तुल्याएका थिए भन्ने कुरा स्पष्ट छ । लोकतन्त्रप्रतिको मौसुफको प्रतिबद्धताकै कारण नेपाली जनताका लागि मौसुफ अति लोकप्रिय होइबक्सियो भने दूरदर्शी प्रजावत्सल राजाका रूपमा उठेको आफ्नो उज्ज्वल छवि र प्रतिष्ठाले गर्दा विश्वकै राष्ट्राध्यक्षहरूका माझमा पनि मौसुफ गौरवसाथ आफ्नो विशिष्ट योगदान प्रस्तुत गर्न सफल होइबक्सियो, जसको प्रमाण दक्षिण एसियाली राष्ट्रहरूको क्षेत्रीय सहयोग सङ्गठन (South Asian Association for Regional Cooperation, SAARC) को उद्भव र विकासका क्रममा मौसुफबाट खेलिबक्सेको अन्तर्राष्ट्रिय भूमिकाले र मौसुफबाट राखिबक्सेको नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने प्रस्तावलाई विश्वका ११६ राष्ट्रहरूबाट प्राप्त भएको अनुमोदनले प्रस्तुत गरेको थियो ।

आफ्ना प्रशन्न जनताको शुभाशीर्वादलाई नै सर्वोपरि मानिबक्सने प्रजावत्सल श्री ५ वीरेन्द्रबाट श्री ५ युवराजाधिराज रहिबक्सेका बेला राष्ट्रिय जनजीवनको वस्तुगत स्थिति प्रत्यक्ष नियाल्ने सदाशयबाट गरिबक्सेको नेपालका दुर्गम जिल्लाहरूको पैदल भ्रमण र पछि गद्दीआरोहणपश्चात् देशलाई विकास क्षेत्रका रूपमा ५ क्षेत्रमा विभक्त गरी समयसमयमा ती क्षेत्रहरूमा गरिबक्सेका भ्रमणहरूले मौसुफ देशको उत्थान र विकासप्रति कति सम्वेदनशील रहिबक्सन्थ्यो भन्ने छर्लङ्ग पारेका छन् ।

साहित्यिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक आदि अनेकौं आयामबाट समीक्षा गर्दा आफ्नो उदयसँग देशमा विकासयुगको बिहानी डाक्न सफल श्री ५ वीरेन्द्रको शासनकाल आधुनिक नेपालको एउटा छुट्टै ऐतिहासिक कालखण्डका रूपमा प्रतिष्ठित रहने कुरामा सन्देह छैन । सिङ्गो नेपाली संस्कृतिकै अविभाज्य अङ्ग बनिसकेको राजा र जनताका बीचको ऐकात्म्यलाई देशको आन्तरिक वस्तुस्थितिका रूपमा अङ्गीकार गरेर अन्तको अनुकरणमा नबहकी विश्ववन्द्य मातृभूमि नेपालको शान्तिपूर्ण, समृद्ध, गौरवमय छवि र प्रतिष्ठाको अभिवृद्धि गर्ने पवित्र लक्ष्यलाई नै सम्पूर्ण उत्साह एवम् समग्र भावनाहरूको मूल मिलनबिन्दु बनाई समर्पणभावनासाथ अघि बढ्न सके जस्तोसुकै असजिलो स्थितिको पनि निकास प्राप्त गर्न गाऱ्हो नहुने तथ्य जगजाहेर छ । वैदिक राष्ट्रचिन्तनले उद्बोधित गरेको "माता मे भूमिः पुत्रोऽहं पृथिव्याः" को उदात्त प्रेरणालाई निश्छल मनले आत्मसात् गर्न सकिएमा नेपालीमात्रका लागि अन्य सबैथरी स्वार्थहरू गौण सिद्ध भई नेपाल आमाको मुहार उज्यालो बनाउनु नै एकमात्र साझा मूल स्वार्थ बन्नेछ र आजका समस्त पछौटे प्रवृत्तिहरूको जालोबाट मुक्त भई नेपाल र नेपालीको अस्तित्वलाई प्रगतिको शिखरमा पुऱ्याउन कत्ति बेर पनि लाग्नेछैन । मलाई लाग्दछ राष्ट्रप्राण श्री ५ वीरेन्द्रको पवित्र स्मृतिको यस मङ्गलमय प्रसङ्गमा हृदयङ्गम गर्नुपर्ने सान्दर्भिक सत्य यही हुनेछ ।

अन्तमा यिनै भावपूर्ण शब्दपुष्पहरूद्वारा मौसुफप्रति श्रद्धाञ्जली समर्पण गर्दै मौसुफको दिवङ्गत आत्माको शाश्वत शान्तिनिम्ति भगवान् श्रीपशुपतिनाथमा प्रार्थना गर्दछु ।

●

हुलाक टिकटमा श्री ५ वीरेन्द्र

● *गौरीशङ्कर श्रेष्ठ*

हुलाक टिकटमा राजाको चित्र चित्राङ्कित गरी निकाल्ने परम्परा अन्तर्गत श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको चित्राङ्कित हुलाक टिकट सर्वप्रथम २०२१ साल पौष १४ गतेदेखि प्रकाशनमा ल्याइयो ।

हुलाक सेवा विभागले सर्वप्रथम श्री ५ त्रिभुवनको चित्राङ्कित हुलाक टिकट २०११ सालमा प्रचलनमा ल्यायो भने श्री ५ महेन्द्रको २०१३ मा प्रकाशन गरियो । हुन त १९३८ सालमा सर्वप्रथम हुलाक टिकट प्रकाशन गर्दा श्रीपेच र क्रस खुकुरी अङ्कित टिकट प्रकाशन गरिएको थियो । श्रीपेच (राजमुकुट) लाई राजाको प्रतीक नै मानिन्छ । यसरी नेपाली हुलाक टिकटमा राजाको चित्र चित्राङ्कित हुलाक टिकट प्रकाशन गर्ने क्रम जारी रह्यो । हालसम्म श्री ५ वीरेन्द्र चित्राङ्कित तथा सम्वन्धित हुलाक टिकट प्रकाशन गर्ने क्रममा ५३ थरीका हुलाक टिकट प्रकाशन भैसकेको छ ।

सर्वप्रथम श्री ५ वीरेन्द्र तत्कालीन युवराज होइबक्सँदा मौसुफको १९ औं शुभजन्मोत्सव तथा उमेर पुगिवक्सेको उपलक्ष्यमा राष्ट्रिय पोशाक पहिरिवक्सेको चित्राङ्कित ००।१० पैसा र ००।१५ पैसा दरका दुई हुलाक टिकट २०२१ साल पौष १४ गते सोमबारको दिन प्रकाशन गरियो ।


A.D.1964
१० नेपाल 10
NEPAL


A.D.1964
१५ नेपाल 15
NEPAL

श्री ५ वीरेन्द्र २०३३ (सन् १९७६) सालसम्म नेपाल व्वाइज र गर्ल्स स्काउटको चिफ स्काउट होइबक्सन्थ्यो भने त्यसपछि नेपाल स्काउटको संरक्षक होइबक्सन्थ्यो । विश्व स्काउटको हीरक जयन्तीको उपलक्ष्यमा तत्कालीन युवराज स्काउट पोशाकमा टिकटको दायाँतिर र स्काउटको प्रतीक चिह्न बाँयातिर तथा बीच भागमा क्याम्प फायर गरिएको चित्राङ्कित ००।१५ पैसा दरको नीलो रङ्गमा २०२४ साल पौष १४ गते हुलाक सेवा विभागले प्रकाशन गऱ्यो ।


NEPAL POSTAGE
१५
1907-1967
15 P
DIAMOND JUBILEE OF WORLD SCOUTING

२०२५ साल पौष १४ गते ००।२५ पैसा दरले प्याजी नीलो रङ्गमा राष्ट्रिय युवा महोत्सव २०२५ को उपलक्ष्यमा हुलाक सेवा विभागले श्री ५ वीरेन्द्रको चित्र तथा झण्डा, युवाहरू र घर अङ्कित टिकट प्रकाशन गऱ्यो ।


हुलाक टिकट
२५
NEPAL
25 P
नेपाल
राष्ट्रिय युवा महोत्सव,२०२५


२५
25
शुभविवाह
नेपाल
NEPAL

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको *शुभविवाह* श्री ५ ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह (तत्कालीन युवराज तथा युवराज्ञी) का साथ वैदिक विधिअनुसार २०२६ साल फागुन १६


५०
50P
NEPAL

गते शुक्रबारका दिन सुसम्पन्न भएको उपलक्ष्यमा हुलाक सेवा विभागले श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यको चित्र गरी ००।२५ पैसा दरले रङ्गीन हुलाक टिकट प्रकाशन गर्‍यो ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको राज्यारोहणपश्चात् सर्वप्रथम २०२९ साल पौष १४ गतेका दिन मौसुफको २८ औं शुभजन्मोत्सवको उपलक्ष्यमा राजकीय पोशाकमा चित्राङ्कित ००।५० पैसा दरको हुलाक टिकट प्रकाशन गरियो ।

श्री ५ वीरेन्द्रको २९ औं शुभजन्मोत्सवको उपलक्ष्यमा २०३० साल पौष १३ गतेका दिन ००।५ पैसा दरको तीनकुने आकारमा हुलाक टिकट सेवा विभागले एक समारोह वीच प्रकाशन गर्‍यो भने उही आकार र प्रकारमा ००।१५ पैसा र रू.१।०० दरका टिकटहरू २०३० सालमा नै अनौपचारिक रूपमा चलनचल्तीमा ल्याइयो ।




१५पै.
15P
28-12-1973
NEPAL



शुभराज्याभिषेक हुलाक टिकटहरू


शुभ-राज्याभिषेक
२०३१
CORONATION 1975
NEPAL
CORONATION
1.25




NEPAL
रु १.७५
CORONATION 1975
R. 1.75
२०३१
नेपाल


रु.१.२५
R.1.25
CORONATION 1975


NEPAL
नेपाल
CORONATION
रु १
R.1


CORONATION 1975
५०पै.
नेपाल NEPAL
50P.


२५पै.
शुभ-राज्याभिषेक
नेपाल
NEPAL
CORONATION
25P.

श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक २०३१ साल फागुन १२ गतेका दिनमा ऐतिहासिक राजप्रासाद हनुमानढोकाको नासल चोकमा हिन्दू परम्पराअन्तर्गत वैदिक विधि र विधानअनुसार सम्पन्न भएको उपलक्ष्यमा हुलाक सेवा विभागले विभिन्न दर र आकारका साथै विभिन्न चित्रहरू अङ्कित टिकटहरू प्रकाशन गऱ्यो। रू. ५।०० दरको सोभिनियर सिट, रू. २।७५ को **राजारानी** अङ्कित रू. १।७५ दरको पशुपतिनाथ अङ्कित, रु १।२५ दरको नारायणहिटी राजप्रासाद अङ्कित, रू. १।०० दरको राजदण्ड र सिंहासन अङ्कित, ००।५० पैसा दरको रारादह र ००।२५ दरको गुह्येश्वरी मन्दिर अङ्कित टिकटहरू प्रकाशन गऱ्यो।

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको जन्मोत्सवको उपलक्ष्यमा विभिन्न सालमा प्रकाशित हुलाक टिकटहरू :

२०३१।०९।१३	२०३२।०९।१३	२०३३।०९।१३
३०औँ	**३१औँ**	**३२औँ**
शुभजन्मोत्सव	**शुभजन्मोत्सव**	**शुभजन्मोत्सव**
		

नेपाल
NEPAL
28-12-1974
25P. 28-12-1975
NEPAL
५पै.
30पै.
5P. नेपाल NEPAL
30P. नेपाल NEPAL
28-12-1976

२०३४।०९।१३
३३औँ
शुभजन्मोत्सव


नेपाल NEPAL
५पै. 28-12-1977 5P.
रु.१ 28-12-1977 R.1

२०३५।०९।१३
३४औँ
शुभजन्मोत्सव


३०पै. 30P.
रु.२ R.2
नेपाल NEPAL
28-12-1978

२०३६।०९।१३
३५औँ
शुभजन्मोत्सव


२५पै.
नेपाल NEPAL 25P.
28-12-1979

२०३७।०९।१३
३६औँ
शुभजन्मोत्सव


R.1
रु.१ NEPAL नेपाल

२०३८।०९।१३
३७औँ
शुभजन्मोत्सव


R.1 रु.१
नेपाल NEPAL

२०३९।०९।१३
३८औँ
शुभजन्मोत्सव



२०४०।०९।१३
३९औँ
शुभजन्मोत्सव


रु.५ नेपाल NEPAL R.5
28-12-1983

२०४१।०९।१३
४०औँ
शुभजन्मोत्सव


रु.१ R.1
28.12.1984
नेपाल NEPAL

२०४२।०९।१३
४१औँ
शुभजन्मोत्सव


५०पै. 50P.
नेपाल NEPAL

२०४३।०९।१३
४२औँ
शुभजन्मोत्सव


रु.१ R.1
नेपाल NEPAL

२०४४।०९।१३
४३औँ
शुभजन्मोत्सव


नेपाल NEPAL
२५पै. 25P.

२०४५।०९।१३
४४औँ
शुभजन्मोत्सव


नेपाल NEPAL
रु.४ R.4

२०४६।०९।१३
४५औं
शुभजन्मोत्सव


नेपाल
रु २
NEPAL
R 2

२०४७।०९।१३
४६औं
शुभजन्मोत्सव


नेपाल
NEPAL
रु.२
R.2

२०४८।०९।१३
४७औं
शुभजन्मोत्सव


रु.८
R.8
नेपाल
NEPAL

२०४९।०९।१३
४८औं
शुभजन्मोत्सव


रु.७
R.7
नेपाल
NEPAL

२०५०।०९।१३
४९औं
शुभजन्मोत्सव


नेपाल NEPAL
१०
R10

२०५१।०९।१३
५०औं
शुभजन्मोत्सव


नेपाल
NEPAL
BIRENDRA BIR BIKRAM

२०५२।०९।१२
स्वर्ण
शुभजन्मोत्सव



२०५२।०९।१३
५१औं
शुभजन्मोत्सव


रु.१२
R.12
नेपाल
NEPAL

२०५३।०९।१३
५२औं
शुभजन्मोत्सव


रु.१०
H.M. King Birendra Bir Bikram Shah Dev
R.10 नेपाल NEPAL
28-12-1996

२०५४।०९।१४
५३औं
शुभजन्मोत्सव


नेपाल
NEPAL
R.10
रु.१०

२०५५।०९।१४
५४औं
शुभजन्मोत्सव


R.2
नेपाल
NEPAL

२०५६।०९।१४
५५औं
शुभजन्मोत्सव



२०५७।०९।१४
५६औं
शुभजन्मोत्सव


रु.५
R.5
नेपाल NEPAL


नेपाल NEPAL
50 पै

२०४८ साल कार्तिक २३ गते संविधान दिवसको उपलक्ष्यमा संविधानको किताब, नेपालको नक्साको अगाडि श्री ५ वीरेन्द्र चित्राङ्कित ००।५० पैसा दरको हुलाक टिकट प्रकाशन गरियो ।

२०५३ माघ १९ गते श्री ४ वीरेन्द्र गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा राजसिंहासनको अगाडि राजकीय पोशाकमा रजत महोत्सवको प्रतीक चिन्ह र राष्ट्रिय चिन्हहरूसमेत चित्राङ्कित रू. २।०० दरको हुलाक टिकट प्रचलनमा ल्याइयो ।


नेपाल
रु.२
R.2 NEPAL


रू. १५
नेपाल
Nepal
R.15

२०५८ जेठ १९ गते शुक्रवारका दिन बेलुकी ९.१५ बजेको समयमा नारायणहिटी राजदरवार हत्याकाण्डमा श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यका साथै अन्य राजपरिवारका सदस्यहरूको समेत हत्या गरिएपश्चात् २०५८ पौष १३ गते श्री ५ वीरेन्द्रको चित्राङ्कित ५७ औं जन्मजयन्तीको अवसरका दिनमा रू. १५।०० दरको हुलाक टिकट प्रकाशन गरियो ।


Nepal
रु १०
R10

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यको स्वर्गारोहण भएको वार्षिकी (दशमी तिथि) को अवसरमा २०५९ साल जेठ २२ गतेका दिनमा श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य चित्राङ्कित रू. १०।०० दरको हुलाक टिकट प्रकाशन गरियो ।

नेपाल फिलाटेलिक सोसाइटीले श्री ५ वीरेन्द्रको सम्झनामा दुईदिने हुलाक टिकट प्रदर्शनी (२०५९।०३।२६ र २७) को आयोजना गर्‍यो । उक्त अवसरमा एक विशेष टाँचा २०५९।०३।२६ गते प्रदान गरियो ।


Philatelic Exhibition of Late H.M. King Birendra
* 10 - 11 July 2002 *
GPO
Kathmandu
10 July 2002


रु.५
नेपाल Nepal
Artist: Late King Birendra (1945-2001)
R.5
2002

श्री ५ वीरेन्द्र एक कुशल शासकमात्र नभई एक कुशल आधुनिक चित्रकारिताका कलाकारको परिचय २०२० सालमा सिर्जित *"मोती"* नामक तेलचित्रले दिएको छ। उक्त *"मोती"* तेलचित्रलाई चित्राङ्कित गरी रू. ५।०० दरको हुलाक टिकट २०५९ श्रावण १३ गतेदेखि प्रचलनमा ल्याइयो ।

नेपालको इतिहासमा श्री ५ वीरेन्द्र

● *चित्तरञ्जन नेपाली*

पचासौँ ससाना राज्यरजौटाहरूमा विभाजित यहाँको भूभागलाई एउटै सूत्रमा बाँधेर नेपाल अधिराज्यको संस्थापन गर्ने कार्य तथा तत्पश्चात् अधिराज्यको संरक्षण एवम् संवर्द्धन गर्ने कार्यमा शाहवंशीय राजाहरूको विशेष योगदान रहिआएको छ। नेपाल र नेपाली जनताको विकास एवम् सुरक्षाको विषयमा राजसंस्था सदैव संवेदनशील एवम् चिन्तनशील रहिआएको छ। यसका निम्ति शाहवंशीय राजाहरूले जस्तोसुकै त्याग गर्न परे पनि पछि नपरेको कुरा इतिहास साक्षी छ। यही नै नेपालको इतिहासमा शाहवंशले स्थापना गरेको आदर्श परम्परा हो।

ईस्वी सन्को अठारौँ शताब्दीको उत्तरार्द्धतिर हाम्रो यस उपमहाद्वीपमा यस्तो एउटा भयानक राजनीतिक प्रवाहले प्रवेश गर्न थालेको थियो, जसले गर्दा ससाना राज्य रजौटाहरूलाई आफ्नो स्वतन्त्र अस्तित्व जोगाइराख्न निकै कठिन पर्न जाने स्थिति उत्पन्न हुन लागेको थियो। ब्रिटिस लगायत अन्य केही युरोपेली साम्राज्यवादी शक्तिहरूले सारा संसारमा आफ्नो उपनिवेश स्थापना गर्ने प्रसङ्गमा भारतीय भूमिमा पनि सशक्त रूपमा आफ्नो उपस्थिति कायम गर्न थालिसकेका थिए। भारतवर्षमा आफ्नो स्थिति मजबुत भइसकेपछि यी शक्तिहरूले आफ्नो पर्वतीय विश्रामस्थलको निम्ति सुन्दर शीतल हिमाली प्रदेशमा आँखा नगाड्ने प्रश्नै थिएन। त्यसकारणले त्यसवेला अर्थात् भारतमा ब्रिटिस अथवा अन्य युरोपेली साम्राज्यवादी शक्तिले आफ्नो उपस्थिति सुदृढ रूपमा स्थापित गर्नुभन्दा अगाडि नै पचासौँ टुक्रामा टुक्रिएका यी राज्यरजौटाहरूले आफ्नो अस्तित्वका निम्ति एउटै विशाल एवम् शक्तिशाली राज्यको रूपमा स्थापित हुन नितान्त आवश्यक भइसकेको थियो। यही ऐतिहासिक आवश्यकतालाई पूरा गर्ने दायित्वको प्रसङ्गमा नेपाल अधिराज्यको संस्थापन गर्ने कार्य गरे बडामहाराज पृथ्वीनारायण शाहले सम्वत् १८२५ सालमा काठमाडौँमाथि विजय प्राप्त गरेर।

बडामहाराज पृथ्वीनारायण शाहले नेपाल अधिराज्यको संस्थापनमात्र गरेका थिएनन् अपितु यसको सञ्चालन, संरक्षण र संवर्द्धनका निम्ति विविध उपायहरूको पनि निर्देश गरेका थिए। विभिन्न धर्म, रीतिस्थिति एवम् संस्कृतिले युक्त बहुजातीय देशका जनतालाई *"आफ्ना आफ्ना जात विशेषको काम गर्नु (भन्ने) बन्देज गरिजाला"* भन्ने नीति लिई अनेकतामा एकताको सूत्रको प्रतिपादन गरेका थिए। यसरी नै उनले देशको प्रशासनको क्रममा राज्यले लिनु पर्ने कृषि, उद्योग वाणिज्य, कला, कौशल आदि

विविध विषयसम्बन्धी नीति तथा त्यस सम्बन्धमा अपनाउनु पर्ने राष्ट्रिय दृष्टिकोण पनि स्पष्ट गरिदिएका थिए । देशको परराष्ट्र नीतिको सम्बन्धमा उनको..... *"यो राजे दुई ढुङ्गाको बीचको तरुल जस्तो रहेछ चीन बादसाहसित ठूलो घाहा राषनु दषिनको समुद्रको बादसाहसित घाहा त राष्नु तर त्यो महाचतुर छ* ....." भन्ने भनाइ यस सम्बन्धमा चिरस्थायी मूलमन्त्रकै रूपमा रहेको छ भनेमा शायद अत्युक्ति हुने छैन । पछि गएर श्री ५ महेन्द्रको राज्यारोहणपश्चात् नेपालले नयाँ चीनसित कूटनीतिक सम्बन्ध स्थापना गर्नुका साथै विश्वका अन्य राष्ट्रहरूसित पनि सम्बन्ध स्थापना गर्दैलैजाने नीति, संयुक्त राष्ट्रसङ्घको सदस्यता प्राप्त गरेपछि विश्वको राजनीतिक रङ्गमञ्चमा त्यससित सम्वन्धित प्रत्येक क्रियाकलापमा सक्रिय सहभागी हुने नीति तथा विश्वमा ठूला एवम् शक्ति सम्पन्न राष्ट्रहरू दुई सैनिक गुटमा विभाजित रहँदा विश्वका अन्य नवोदित राष्ट्रहरूको साथमा लागी असंलग्न परराष्ट्रनीति अवलम्बन गर्ने नीति जुन प्रतिपादन गरिएको थियो तथा श्री ५ वीरेन्द्रको राज्यारोहणपश्चात् मौसुफबाट विश्व समुदायसामु राखिबक्सेको नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव तथा दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) को संस्थापनमा मौसुफबाट खेलिबक्सेको भूमिका आदि सबै बडामहाराज पृथ्वीनारायण शाहद्वारा प्रतिपादित परराष्ट्र नीतिसम्बन्धी उक्त मूलमन्त्रकै विस्तीर्ण रूप हो भन्न सकिन्छ ।

शाहवंशीय यही परम्परा, देश र जनताको हितका निम्ति आफ्नो सुखसुविधासमेत परित्याग गर्नुपरे पनि पछि नपरी राष्ट्रको हित हुने कार्यमा संलग्न हुने परम्परालाई श्री ५ वीरेन्द्रवीरविक्रम शाहले पनि अक्षुण्ण राखिबक्सेको थियो । विभिन्न कठिन भौगोलिक, सामाजिक एवम् शैक्षिक स्थितिको कारण देशको विभिन्न क्षेत्रको विकासको स्थितिमा देखिएको विसङ्गति र असन्तुलनलाई हटाउन मौसुफबाट नेपाल अधिराज्यलाई ५ विकास क्षेत्रमा विभाजन गरिबक्सी समानुपातिक मात्र हैन क्षेत्रीय आवश्यकताको समेत विचार गरी विकास आयोजनाहरूको निर्माण एवम् प्रक्षेपण गर्ने परिपाटी चलाइबक्स्यो । यसका निम्ति मौसुफबाट राष्ट्रिय योजना आयोगकाअतिरिक्त आफ्नै अध्यक्षतामा पाँचै विकास क्षेत्रको प्रतिनिधित्व हुने गरी राष्ट्रिय विकास परिषद्को पनि गठन गरिबक्सेको थियो । त्यतिमात्र हैन मौसुफवाट दरबारको सुख सुविधाको कति पर्वाह नगरी पाँचै विकासक्षेत्रमा पालैपालो गरी महिनौं दिनसम्म राज भै विकासको गतिविधि स्वयम् आफैले निरीक्षण गरिबक्सी आवश्यक निर्देशनसमेत दिने भन्ने सूत्रको प्रतिपादन गरिबक्सी मौसुफबाट *"श्री ५ वीरेन्द्र र विकासलाई"* एक प्रकारले पर्याय नै बनाइबक्स्यो भनेमा शायद अत्युक्ति हुनेछैन होला । यसै प्रसङ्गमा मौसुफबाट 'शिक्षाको उज्यालो घामबाट कोही पनि बालबालिका वञ्चित हुन नपरोस्' भन्ने सदिच्छा राखिबक्सियो । मौसुफको शुभराज्याभिषेकको शुभ दिन संवत् २०३१ फागुन १२ गते अधिराज्यका प्राथमिक तहका बालबालिकाहरूलाई राज्याभिषेकको उपहारस्वरूप प्राथमिक शिक्षा निःशुल्क गरिबक्सेको पनि स्मरणीय छ । यसै कारण आजसम्म पनि हामीले त्यस दिनलाई अर्थात् फागुन १२ गतेलाई शिक्षादिवसको रूपमा मानिआएका छौं ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाह विकासप्रेमीका साथै 'शान्तिकामी' पनि होइबक्सिन्थ्यो । शान्ति र विकासको एकापसमा अन्योन्याश्रित सम्बन्ध छ तथा शान्तिबिना विकास असम्भव छ भन्ने तथ्यलाई हृदयङ्गम गरिबक्सी संवत् २०३१ फागुन १३ गतेका दिन मौसुफको शुभ राज्याभिषेकको उपलक्ष्यमा आमन्त्रित विदशी विशिष्ट अतिथिहरूको बिदाइ समारोहको अवसरमा सम्वोधन गरिबक्सँदै अन्य कुराका अतिरिक्त नेपाललाई शान्तिक्षेत्र घोषित गरिबक्स्यो । आफ्नो सम्वोधनको क्रममा मौसुफबाट हुकुम भएको थियो- "...हामी आफ्नो सुरक्षाकालागि शान्ति चाहन्छौं भने आफ्नो स्वतन्त्रता र विकासका लागि पनि शान्ति नै चाहन्छौं ।

वास्तवमा भन्ने हो भने नेपालले आफ्ना दुवै छिमेकी मित्र राष्ट्रहरूसँग शान्ति र मैत्रीको सन्धिमा औपचारिक रूपले नै हस्ताक्षर गरिसकेको थियो । हाम्रो जनता आफ्नो मुलुकमा, छरछिमेकमा र विश्वमा जताततै हृदयदेखि शान्ति चाहने भएकाले हामीले शान्तिलाई सर्वोपरि स्थान दिएका छौं । त्यसैले शान्तिलाई संस्थागत गर्ने त्यही उत्कट अभिलाषाले प्रेरित भएरै म मेरो मुलुकलाई 'शान्तिक्षेत्र' घोषित गरियोस् भन्ने प्रस्ताव राख्दछु ।" आजको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिस्थितिको परिप्रेक्ष्यमा मौसुफबाट प्रस्तुत गरिबक्सेको प्रस्ताव एवम् त्यसमा अन्तर्निहित भावनाको महत्त्व एवम् उपादेयता अझै पनि यथावत् छ भन्ने कुरा एकातिर विश्वका विभिन्न भागमा बढ्दै गएको अशान्ति एवम् आतङ्कबाट संयुक्त राष्ट्रसङ्घसमेत विश्वका ठूला साना सम्पूर्ण राष्ट्रहरू चिन्तित रहेको स्थितिबाट स्पष्ट हुन्छ भने अर्कातिर आफ्नै देश नेपालमा शान्ति सुरक्षाको निरन्तर बिग्रँदो स्थितिको कारण विकासको गति प्रायः ठप्प भै नेपाली जनजीवन क्षतविक्षत हुन थालेको अवस्थाबाट पनि छर्लङ्ग हुन्छ । अतः त्यसबखत श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट विश्व समुदायसामु उक्त प्रस्ताव प्रस्तुत गर्दै गरिबक्सेको उद्घोषणमा सम्पूर्ण नेपाली जनताको अन्तरहृदयको आकांक्षा अभिव्यक्त भएको थियो भन्नु अप्रासङ्गिक हुनेछैन । निःसन्देह बुद्धको देश नेपाल सदैव सर्वत्र शान्ति चाहन्छ, मानवमात्रको हित र कल्याण चाहन्छ ।

यसरी नै परराष्ट्रनीतिको परिप्रेक्ष्यमा राष्ट्रले अपनाइ आएको असंलग्न परराष्ट्र नीतिलाई निरन्तरता प्रदान गर्ने प्रसङ्गमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट विभिन्न मित्र राष्ट्रहरूमा गरिवक्सेको मैत्रीपूर्ण भ्रमणको साथै विभिन्न देशमा सम्पन्न असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा सरीक होइबक्सी बक्सेको बुद्धिमत्तापूर्ण अभिव्यक्तिहरूबाट नेपालको प्रतिष्ठालाई निकै माथिसम्म उठायो भने संयुक्त राष्ट्रसङ्घले सन् १९८१ (तदनुसार संवत् २०३८) मा पेरिसमा आयोजना गरेको अति कम विकसित राष्ट्रहरूसम्बन्धी प्रथम अन्तर्राष्ट्रिय सम्मेलनमा एसिया र प्रशान्त क्षेत्रका ९ वटा अति अल्पविकसित राष्ट्रहरूका प्रतिनिधिको रूपमा मौसुफबाट वक्सेको शताब्दीकै सबभन्दा मार्मिक भाषणले त राष्ट्रको प्रतिष्ठालाई सगरमाथाको उचाइको हाराहारीमा पुऱ्याइदियो भन्न सकिन्छ। आफ्नो भाषणका प्रसङ्गमा मौसुफबाट यस क्षेत्रको दरिद्रताको प्रतिमूर्ति एउटा गरिब व्यक्तिको जीवनचक्रको अत्यन्त मार्मिक चित्रणप्रति सबैको ध्यानाकर्षण गरिसकेपछि हुकुम भएको थियो- "....यो कुरा यस युगको सबभन्दा ठूलो विडम्बना हो। हामीसँग एकातिर यत्रो धन, सम्पत्ति, ऐश्वर्य छ भने अर्कातिर त्यति नै अभाव विपन्नता र हीनता छ। विश्वका गरिबहरूको पक्षमा मैले बोलिरहेको यसै बेला दालभातको लागि कराइरहेको एउटा बालकको म आवाज सुन्छु। तर हामी उसलाई दालभात अथवा रोटीको बदला बम दिन्छौं, ऊ दयाको भीक माग्दै हामीतिर हेर्छ, तर हामी उसलाई निर्दयताको तिरस्कार दिन्छौं र जब ऊ शान्तिको कामना गर्छ हामी युद्धको तयारी गर्छौं......।" सम्मेलनमा मौसुफको भाषणको कति ठूलो प्रभाव पऱ्यो भने सम्मेलनले यस सम्बन्धमा ठोस कार्यक्रम बनाई त्यसको अनुमोदनसमेत गऱ्यो। यसै प्रसङ्गमा एकै क्षेत्रका समीपवर्ती मित्र राष्ट्रहरूको आपसी सम्बन्धलाई केवल राजनीतिक वा कूटनीतिक विषयमा मात्र सीमित नराखी राष्ट्रिय जीवनका विविध पक्षसित सम्बन्धित विषयहरूका निम्ति पनि लाभदायक एवम् उत्पादनमूलक बनाउने पवित्र उद्देश्यबाट श्री ५ वीरेन्द्रबाट 'दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क)' को संस्थापकमा वङ्गलादेशका तत्कालीन राष्ट्रपति स्व. जियाउल रहमानसित मिलेर गरिबक्सेको विशेष योगदान पनि स्मरणयोग्य छ। यसैकारण आज पनि सार्कलाई लिएर "SAARC is the Brain Child of H.M. Birendra (of Nepal) and that of Late president Ziaul Rahaman of Bangaladesh" भन्ने गरिन्छ र यो पनि नेपालका निम्ति गौरवको विषय हो।

नेपालको इतिहासमा शाहवंशीय परम्पराको अर्को एउटा विशेषता हो - लोकसम्मति र भावनाको सम्मान गर्नु। यस परम्पराका प्रवर्तक बडामहाराज पृथ्वीनारायण शाहले आफ्नो दिव्यउपदेशमा भनेका थिए - "..... दुनिया जसदेखि राजि रहन्छन् उसैलाई कजाइ दिनु भन्ने शास्त्रमा पनि कहेको छ .... दुनियाबाट पनि कालु पाँडेको चाह रहेछ ..... मेरा मनमा त विराज वषेतिलाई कजाइ दिन आटेको थियो ......तर ज्यादा बुद्धि कालु पाँडेको ठहऱ्यो र कालु पाँडेलाई कजाइ भयाको हो ......।" र यस परम्परालाई कुनै न कुनै रूपमा उनी पछिका राजाहरूले पनि पालना गरिआएका थिए। यसमा श्री ५ त्रिभुवन त विशेष उदाहरणीय नै थिए। श्री ५ वीरेन्द्र पनि यस परम्परामा अपवाद होइबक्सेन र मौसुफबाट पनि यसलाई निरन्तरता प्रदान गरिबक्स्यो। संवत् २०३६ सालमा मौसुफबाट 'जनमतसङ्ग्रह'को जुन घोषणा गरिबक्सेको थियो त्यो यसै परम्परालाई निरन्तरता प्रदान गर्ने कार्यको एउटा नमुना थियो भने संवत् २०४६ सालमा कुनै ठूलो हिंसात्मक प्रतिरोधबिना मौसुफबाट संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्थालाई सहज रूपमा स्वीकार गरिबक्सनु पनि यसै परम्परालाई अक्षुण्ण राख्ने कार्यको अनुपम उदाहरण थियो, लोकसम्मति र भावनाको कदर थियो। मौसुफको धारणा थियो - 'सार्वभौमसत्ता नेपाली जनताको हो, नेपाली जनता रहेमात्र राजसंस्थाको अस्तित्व कायम रहनेछ।'

२०५९ कार्तिक २५

स्रोत ग्रन्थहरू –

१. श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको दिव्यउपदेश।
- श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्व विभाग।
२. श्री ५ त्रिभुवन स्मृतिग्रन्थ - त्रिभुवन स्मारक समिति - सं २०२९।
३. श्री ५ महेन्द्र अभिनन्दनग्रन्थ - नेपाली साहित्य संस्थान- सं २०२१।
४. प्रगति-द्वैमासिक साहित्य सङ्कलन सम्पादक नारायण प्रसाद बाँस्कोटा - पूर्णाङ्क १४।
५. रूपरेखा - मासिक - सम्पादक - उत्तम कुँवर - पूर्णाङ्क २५३ सं- २०३९
६. श्री ५ वीरेन्द्र बहुआयामिक व्यक्तित्व (स्वर्ण जन्मोत्सव) - सम्पादक - रविचरण श्रेष्ठ, केदार शाक्य, हरि लम्साल - सं - २०५२
७. हाम्रो राजसंस्था - लेखक- जीवन थापा - सं - २०५२

◆

श्री ५ वीरेन्द्र र कृषि विकास

● *जगदीशचन्द्र गौतम*

श्री ५ वीरेन्द्रको असामयिक एवम् अकथनीय परिस्थितिबाट स्वर्गारोहण भयो । स्वर्गारोहणपछिका घटनाले नेपाली मानसपटलमा जुन उद्वेग र शोक विह्वलताले छायो –त्यसले मौसुफ नेपाली मात्रको हृदयको सम्राट् भएको तथ्यलाई प्रदर्शन गऱ्यो । नेपाली मात्रले यसरी व्यक्त गरेको श्रद्धासागर मौसुफको व्यक्तित्व बहुआयामिक रहेको र आफूले अङ्गीकार गरेको कुनै पनि कार्य एवम् सिद्धान्तप्रति आफू समग्र रूपमा समर्पित भएर कार्यक्षेत्रमा उत्रने प्रवृत्तिको द्योतक रहेको सूचक पनि थियो । समष्टिगत रूपमा चित्रण गर्नुपर्दा मौसुफको चिन्तन र कार्यशैली पूर्णता हासिल गर्न सक्दैन । मौसुफको व्यक्तित्वको यस्तो पक्ष राष्ट्र विकासका निमित्त पञ्चायतकालमा प्रत्येक क्षेत्रको विकास कार्यमा अथक संलग्नता रहेको देखि लिएर २०४६ सालपछिको संवैधानिक राजाको हैसियतबाट बिना विचलन पालना गरेको मर्यादा निर्विवादपूर्ण रहेको तथ्यबाट छर्लङ्गिन्छ । मौसुफको शासनकालमा कृषिक्षेत्रको विकास र यसका लागि अङ्गीकार गरिएका सैद्धान्तिक आधारहरू बहु-आयामिक एवम् सर्वाङ्गीण प्रकारका (Multi Dimensional and Wholistic Approach) का रहेका छन् । मौसुफको तीनदशकको शासनकालमा अन्य कतिपय क्षेत्रहरूमा जस्तै कृषि क्षेत्रमा पनि चिन्तनका हिसाबले कार्यगत र नीतिगत विषयमा नेपालको वास्तविक धरातलअनुरूप केही मौलिकताको प्रादुर्भाव पनि भएको छ । त्यसैगरी पशुपंक्षी र वागबानी (तरकारी एवम् फलफूल)को उत्पादनतर्फ व्यापक परिवर्तनको अनुभव गरिएको छ भने खाद्यान्न बालीको हकमा वाञ्छित स्तरमा उत्पादकत्व वृद्धि हुन सकेको छैन । यस्तो कमी-कमजोरीको खास कारण कार्यान्वयन पक्षका निकायहरूका शिथिलता र कटिबद्धताको निरन्तरतामा कमी हुन गएकाले नै हो ।

नेपालको सन्दर्भमा आर्थिक विकासका लागि कृषिक्षेत्रको विकासको अपरिहार्यतालाई दृष्टिगत गरी विगतका कमीकमजोरीलाई निराकरण गरी मौसुफबाट निर्दिष्ट दूरगामी नीति रणनीतिअनुकूल कार्यान्वयनलाई तीब्रता दिन सके देशबाट भोक र गरिबी हटाउन मौसुफले सुरु गरेको अभियान फलदायी हुनेछ र यो नै मौसुफप्रति सम्पूर्ण देशवासीको श्रद्धासुमन हुनेछ ।

पृष्ठभूमि

ऐतिहासिक पृष्ठभूमिलाई आधार लिई हेर्दा अठारौं एवम् उन्नाइसौं शताब्दीमा पश्चिमी युरोपको औद्योगिक क्रान्तिका कारण बीसौं शताब्दीको मध्यतिर उपनिवेशबाट स्वतन्त्रता प्राप्त दक्षिण अमेरिकादेखि लिएर अफ्रिका एवम् एसिया महादेशका देशहरूले आर्थिक विकासको सुरुवातमा औद्योगिक विकासलाई प्राथमिकता दिने नीति अपनाएको देखिन्छ । साथै दोस्रो विश्वयुद्धपछि पश्चिम युरोपको पुनर्निर्माण र तत्कालीन रुसी महासङ्घको पञ्चवर्षीय आवधिक योजनाका प्रणालीमा पनि औद्योगिक विकासलाई नै प्राथमिकता दिइएको हुँदा आर्थिक विकासमा योजनाबद्ध पद्धति अपनाउने औपनिवेसिक शासनबाट मुक्त कतिपय राष्ट्रहरूले प्रायः सुरुवातमा औद्योगिक क्षेत्रको विकासलाई प्राथमिकता दिएको पाइन्छ । स्वतन्त्रता प्राप्त भएपछि छिमेकी मित्रराष्ट्र भारतले पनि

प्रथम पञ्चवर्षीय योजना कालमा ठूला-ठूला उद्योगधन्दाको विकासलाई प्राथमिकता दिएको पाइन्छ। तर स्वतन्त्र भारतको यस्तो नीतिले गरिबी र भोकको समस्या सुल्झाउने दिशामा आवश्यक प्रगति हासिल गर्न सकेन –भोकमरी, गरिबी एवम् शिक्षा विस्तारका समस्या झन् जटिल हुन गयो। तेस्रो योजना कालमा आइपुग्दा त ग्रामीण आर्थिक क्रियाकलापको प्राधान्यता भएको भारत जस्तो देशहरूका लागि कृषि एवम् ग्रामीण क्षेत्रको विकासलाई नै प्राथमिकता दिनुपर्ने सैद्धान्तिक एवम् व्यवहारिक अनुभवबाट पनि आवश्यक देखिन आयो। आर्थिक विकासका लागि यस्तो रणनीति विश्वका प्रायः सबै जसो ठूलो ग्रामीण अर्थ व्यवस्थामा आधारित देशहरूले अपनाउनुपर्ने देखियो। वास्तवमा सोभियत रुसको अनुभवमा पनि कृषि क्षेत्रलाई उचित प्राथमिकता प्रदान नभएका कारण भोकमरीले पटकपटक कम्युनिष्ट राजनीतिसमेतलाई नै खलबलाएको थियो, अहिले त सोभियत सङ्घ नै भङ्ग भइसकेको छ। अर्को छिमेकी मित्र राष्ट्र चीनको साम्यवादी पद्धतिले राष्ट्रको विकासको सुरुवातमा ग्रामीण क्षेत्रको विकासलाई नै प्राथमिकता दिएको फलस्वरूप गरिबी निवारणका साथै सम्पूर्ण जनसंख्यालाई साक्षर तुल्याउनुका साथै सुरक्षित खाद्य स्थितिको जगमा हाल आएर व्यापक औद्योगिक क्रान्तिमा अग्रसर भएको देखिन्छ। त्यस्तै गरी नेपालसँगै आर्थिक विकासको क्रम सुरु गरेको दक्षिण कोरियाले अहिलेभन्दा करिब १५ वर्षअघि नै ग्रामीण क्षेत्रको रूपान्तरण गरी व्यापक आर्थिक परिवर्तन भएको फलस्वरूप विकासको दौडमा नेपाललाई धेरै पछाडि छाडेर विकसित राष्ट्रको दर्जामा आफूलाई प्रतिस्थापित गरिसकेको छ। पश्चिमी युरोपको औद्योगिक क्रान्तिको सफलताको कारण पनि सोअघि यी देशका ग्रामीण क्षेत्रको विकासको स्तर आवश्यकतानुकूल बढिसकेको हुँदा नै औद्योगिक विकासको स्वभावतः परिपूरक रूपमा हुन आएको भन्ने अर्थशास्त्रीहरूको मत रहेको छ। यस पृष्ठभूमिमा कृषिक्षेत्रका विकासलाई प्रमुख रूपमा निम्न कारणबाट प्राथमिकता दिनुपर्ने हुन्छ

(१) विकासको प्रथम चरणमा रहेका विकासशील देशको अर्थतन्त्रको अधिकांश भार ग्रामीण क्षेत्रका कृषिजन्य वस्तुमा आधारित हुने हुँदा यस क्षेत्रको विकासबाट नै अर्थतन्त्रको ठूलो भागमा योगदान पुग्दछ।

(२) ग्रामीण क्षेत्रमै अधिकांश अर्थात् ५०-६० प्रतिशतभन्दा पनि वढी जनसंख्या आश्रित रहने हुँदा कृषि विकासको माध्यमबाट नै वहुसंख्यक जनसंख्यालाई समेट्न सकिने हुन्छ।

(३) यी बहुसंख्यक जनसमुदायको समुन्नतिबाट नै औद्योगिक उत्पादनका लागि बजार उपलब्ध हुन्छ।

(४) विकासको प्रारम्भिक अवस्थामा कृषिजन्य उद्योगको विस्तारका लागि आवश्यक कच्चापदार्थ स्वदेशमै उत्पादन गर्दा रोजगारी र आयआर्जनका लागि थप अवसर उपलब्ध हुने गर्दछ।

(५) थप आयबाट वचतको सृजना भई औद्योगिक विकासका लागि थप पूँजी उपलब्ध हुन सक्दछ।

(६) उपयुक्त प्रविधि, पूँजी र श्रमको उचित संमिश्रणबाट उत्पादकत्व वृद्धि गरी यस क्षेत्रको सम्भाव्यताअनुकूल व्यापारिक दृष्टिबाट तुलनात्मक लाभ लिन सकिने हुन्छ।

(७) कृषिक्षेत्रका आधुनीकरण हुँदै गएपछि यस क्षेत्रबाट औद्योगिक क्षेत्रका लागि आवश्यक जनश्रम उपलब्ध हुन जाने हुँदा कृषि र औद्योगिक क्षेत्रको सन्तुलित विकास हुन गई समतामूलक विकासमा योगदान हुन जान्छ।

(८) गरिबी र अशिक्षाको भार ग्रामीण क्षेत्रमै अत्यधिक हुने हुँदा गरिबी निवारण र शिक्षाको विस्तारका लागि पनि यस क्षेत्रको विकासमा प्राथमिकता दिन आवश्यक हुन आउँछ।

२. नेपालको सन्दर्भ

नेपालको सन्दर्भमा पनि विचार गर्दा विक्रम सम्वत् २०१३ सालमा सुरु गरिएको प्रथम पञ्चवर्षीय योजना (२०१३-१८) खास गरी विकासका लागि आवश्यक पूर्वाधार एवम् प्रशासनिक अवयव लगभग शून्यस्तरबाटै प्रारम्भ गर्नुपरेको हुँदा यस्ता संरचनाको सृजनामा नै बढी केन्द्रित रहनु स्वाभाविक र बाध्य रह्यो। वि.सं. २०१९ सालको पञ्चायती व्यवस्थामा आधारित संविधान लागू भएपछि आन्तरिक समायोजनका लागि तीनवर्षे योजना(वि.सं. २०१९-२०२२) कार्यान्वयनमा आयो। पञ्चायती प्रणालीले घोषणा गरेअनुसार शोषणरहित समाजको सृजनाका लागि केही परीक्षण/अध्ययनपछि भूमि ऐन-२०२१ लागू गरी भूमि सुधार कार्यक्रम सञ्चालन गरियो। भू-स्वामित्वमा हदबन्दी र जग्गा कमाउनेलाई मोहीयानी हक प्रदान गरिएकाले जग्गाका स्वामीहरूको संख्या वृद्धि हुन गएको र अधिकांश मोहीलाई हक प्राप्त भएको हुँदा केही हदसम्म भए पनि यी दिशामा सकारात्मक प्रभाव परेको पाइन्छ तर कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि भने दरिलो र आवश्यकताअनुरूप प्रविधि, उत्पादन उपकरण, सिंचाई, ऋणसुविधा र बजार सेवासम्बन्धी पूर्ण कार्यक्रमको तर्जुमा नभएकाले कृषिक्षेत्रको विकास क्रान्तिकारी रूपमा अघि बढ्न सकेन।

यसै सन्दर्भमा देश विकासको तेस्रो योजना (वि.सं. २०२२-२०२७) लागू गरियो। यस योजनाले नेपालको आर्थिक विकासमा कृषि क्षेत्रलाई प्राथमिकता दिने नीतिको घोषणा गरेको

थियो । कृषि विकास एवम् उत्पादन वृद्धिका लागि कुन-कुन क्षेत्रमा के-कस्तो कार्यक्रम सञ्चालन गरिने हुन् भन्ने जस्ता रणनीति स्पष्ट रूपमा किटानी हुन सकेको देखिदैन । यसको मुख्य नीति भूमिसुधार कार्यक्रम सञ्चालन गरिने जिल्लाहरूमा क्रमशः कृषि विकासका समन्वयात्मक कार्यक्रम पनि सञ्चालन गरिने भन्ने वार्षिक कार्यक्रममा अपनाइयो । समन्वयात्मक कृषि विकास कार्यक्रमप्रति सम्बन्धित सहभागी संस्थाहरूको प्रतिबद्धतामा कमी र कार्यान्वयन पक्षमा गम्भीरताका अभावमा कृषि र कृषकको विकास एवम् उत्थानमा अपेक्षित प्रगति हुन सकेको देखिदैन ।

३. श्री ५ वीरेन्द्रको शासनकालको सन्दर्भ

चौथो विकास योजना (वि.सं. २०२७-२०३२) कार्यान्वयनकै अवधिमा नै श्री ५ वीरेन्द्रको राज्यारोहण विक्रम सम्वत् २०२८ माघ १७ गते भएको थियो । त्यसपछि तत्कालीन राष्ट्रिय पञ्चायतको बीसौं अधिवेशनलाई मौसुफको राज्यारोहणपछिको पहिलो सम्वोधन २०२९ आषाढ १३ गतेमा कृषि विकासका स्थलगत आधारहरू पहिचान गरी कार्यक्रमलाई ठोस दिशा निर्दिष्ट गरियो । यस सम्बोधनमा देशको आर्थिक विकासका मुलभूत उद्देश्य किटान गरिनुका साथै यी उद्देश्य प्राप्तिका लागि कृषिक्षेत्रका विकासको प्रक्रियालाई पनि मूहूर्त रूपमा दिशानिर्दिष्ट गर्नुमा मौसुफको अतुलनीय देन रहेको छ । बेलायतको ईटन कलेज पछि अमेरिकाको हावर्ड र जापानको टोकियो विश्वविद्यालयहरू जस्ता विश्वप्रसिद्ध शिक्षणसंस्थाहरूबाट हासिल हुन आएका अर्थ एवम् राजनीतिशास्त्रसम्बन्धीका आधुनिक शिक्षा र त्यसपछि अधिराज्यका कुनाकाप्चा एवम् दुर्गम क्षेत्रहरूको अध्ययनभ्रमणका कारणले श्री ५ वीरेन्द्रमा सैद्धान्तिक ज्ञानका साथै व्यावहारिक वास्तविकताबाट देशविकासका लागि अभिप्रेरणा प्राप्त भएको उक्त सम्बोधनमा निम्न स्पष्टोक्तिबाट छर्लङ्गिन्छ :

> **देश विकासको मुख्य लक्ष्य**
>
> देशबाट भोक र रोग हटाउनु आर्थिक विकासको मुख्य लक्ष्य हो ।
>
> **नीति**
>
> यस क्रममा कृषि प्रणालीलाई आधुनिकीकरण गरी क्षेत्रीय आधारमा कृषि विकास गर्ने नीति अपनाउने ।
>
> **रणनीति**
>
> मुलुकको हावापानी र भौगोलिक स्थितिमा मिल्ने गरी उत्तरी भेगमा पशुपालन, मध्यवर्ती पहाडी क्षेत्रमा फलफूल खेतीको विकास र तराईमा खाद्यान्न तथा नगदे बालीमा जोड दिने । यसरी क्रमशः तराई, पहाड र उच्च पहाडी भागको अर्थ व्यवस्था एकअर्काको पूरक हुन सक्ने गरी अधिराज्यको कृषि विकासका प्राथमिकताको क्रममा विशेष जोड दिइनेछ ।

यसअघि कृषि विकास कार्यक्रमलाई प्राथमिकता दिने नीति कायम गरिएतापनि उत्पादन थलोको पहिचान नहुँदा यी लक्ष्यहरू निकै हदमा अमूर्त नै थिए । यसपछि मौसुफको विकास क्षेत्रहरूमा विकास आयोजनाको अध्ययनभ्रमणको क्रम नियमित रूपमा जारी रह्यो । यस्तो क्रममा पूर्वाञ्चलका मध्य पहाडी क्षेत्रलाई चिया विकास, अलैंची विकास तथा पश्चिमाञ्चलका मध्य पहाडी क्षेत्रमा कफी विकास कार्यक्रम सञ्चालनका लागि केन्द्रित गरी व्यवसायमुखी बनाउन पटकपटक निर्देशनसेत बक्स भएको थियो ।

मौसुफ युवराजाधिराज रहँदा जाँचबुझ केन्द्र सिधै मौसुफकै निर्देशनमा कार्यरत थियो । यस केन्द्रमार्फत १० वर्षे कृषि विकास योजना २०३० तर्जुमा भयो । पाँचौं योजना काल (वि.सं. २०३२-३७) देखि यो योजना लागू गरियो । कृषिक्षेत्रको समष्टिगत विकासका नीति एवम् रणनीति तथा सङ्गठनात्मक स्वरूपको अवधारणा र संस्थागत व्यवस्थामा यस योजनाले दीर्घकालीन प्रभाव पारेको छ । १० वर्षे कृषि योजना लागू गर्नु अघि नयाँ शिक्षा नीति ल्याइएको थियो । नयाँ शिक्षाको उद्देश्य देशको जनसंख्यालाई राष्ट्रनिर्माणका निम्ति जनशक्तिको रूपमा परिणत गरी विकासका निमित्त लगानीको रूपमा प्रयोग गर्नु र रोजगारमूलक तुल्याउनु रहेको थियो । साथै राष्ट्रको आर्थिक एवम् सामाजिक विकासका विभिन्न अङ्गहरू जस्तै शिक्षा, कृषि, सञ्चार, स्वास्थ्य आदि एक आपसमा आबद्धित छन् र कुनै एक अङ्गको विकासबाट मात्रै राष्ट्रको विकास सम्भव छैन भन्ने मौसुफको अभियान आरम्भ भएको थियो । यो समष्टिगत विकासले अधिकांश जनसंख्या आश्रित रहेको ग्रामीण क्षेत्रलाई लक्षित गर्न अभिप्रेरित गरेअनुरूप कार्यान्वयन पक्ष पनि सुदृढ हुन सकेको भए अहिलेसम्ममा दक्षिण कोरियामा जस्तै आर्थिक क्षेत्रमा संरचनात्मक परिवर्तन (Structural Change) भइसकेको हुने थियो ।

दश वर्षे कृषि योजनाको प्रमुख मान्यता

नेपालको सन्दर्भमा कृषि आफैंमा एउटा बृहत् आर्थिक क्षेत्र भएको र यस क्षेत्रको उत्पादन वृद्धि ग्रामीण क्षेत्रका नब्बे प्रतिशत परिवारको उपयुक्त निर्णयबाट मात्र सम्भव हुने हुँदा यसको विकासका लागि आवश्यक कारक तँवहरू जस्तै प्रविधि, प्रसार, सिँचाइ, उत्पादन सामग्रीहरू, ऋण सुविधा, बजार व्यवस्था एवम् उपयुक्त मूल्य प्रणाली एकीकृत र समन्वयात्मक रूपमा उपलब्ध हुन सके मात्रै कृषकहरू प्रोत्साहित हुन सक्दछन् ।

तसर्थ यी उत्पादन सामग्री एवम् बजार प्रणालीमा आधारित सेवाटेवा कृषकको आवश्यकताअनुरूप आवश्यक स्थल र उपयुक्त समयमा उपलब्ध हुन सके मात्रै वाञ्छित प्रतिफल उपलब्ध हुन सक्दछ । यीमध्ये कुनै पनि तत्त्व आवश्यकताअनुरूप उपलब्ध हुन नसकेमा अपेक्षित उपलब्धि पाउन सकिदैन । यसै वास्तविकतालाई मनन गरी कृषि प्रविधि, प्रसार, सिँचाइ, कृषि ऋण, कृषि उपजको खरिदबिक्री व्यवस्था, बजार मूल्यसम्बन्धी अनुगमन व्यवस्थासमेत एकै छानामुनिबाट सञ्चालित गर्ने संस्थागत व्यवस्था मिलाई “खँद्य, कृषि तथा सिँचाइ मन्त्रालय”मा पुनर्गठन गरिएको थियो । नेपालको सन्दर्भमा कृषिको उत्पादकत्व वृद्धि नै उत्पादन वृद्धिको वास्तविक दिगो आधार हुन सक्ने तथ्यलाई दृष्टि गरी उन्नत प्रविधि र सिंचाइको अपरिहार्यतालाई मनन गरी कृषि विकास र सिँचाइको नीति स्पष्टतः “सबै सिँचाइ आयोजना कृषि विकासमा उचित योगदान पुऱ्याउने दृष्टिले तयार गरिनेछन् र उत्पादनमूलक हुनेछन् ।” भनी किटान गरिएको छ । यस्ता आयोजनालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने रणनीति “सिँचाइ आयोजना तर्जुमा गर्नुभन्दा अगाडि सिँचाइ र कृषिका विशेषज्ञहरूले सिँचाइ गरिने क्षेत्रमा के-कस्ता बाली प्रथा, कृषि प्रणाली अथवा व्यवसायमा लामो अवधिसम्म बढी लाभ पुऱ्याउन सकिन्छ, यकीन गरेर सुहाउँदो सिँचाइ आयोजनाको व्यवस्था गरिनेछ” भन्ने कायम गरिएको थियो । त्यस्तै गरी उत्पादनका अन्य पक्षहरू जस्तै कृषिप्रसार, कृषिअनुसन्धान, कृषिऋण आदिको नीति, संस्थागत सुधार र अनुसन्धानलाई विषयगत र बालीवस्तुको आधारमा सङ्गठनात्मक पुर्नगठन गरी अनुसृत एवम् समस्यामा आधारित अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने व्यवस्थासमेत गरिएको थियो । तर १० वर्षे कृषियोजनाले परिचालन गरेको सङ्गठनात्मक र एकीकृत कार्य व्यवस्था पहिलो पाँच वर्षभित्र नै सिँचाइ, खाद्य एवम् ऋण सेवाहरू अलग निकायअन्तर्गत सञ्चालन हुनेगरी खण्डित गरिए । फलस्वरूप, दसवर्षे योजनाले सुसङ्गठित गरेको कृषि विकासको समन्वयात्मक कार्य व्यवस्था शिथिल हुन गयो । कार्यान्वयनमा प्रभावकारिता हुन सक्ने सम्भावना क्षीण भयो । कृषि विकासलाई ठोस रूपमा अगाडि बढाउने क्रममा पाँचौं योजनाको प्रारम्भमै पहिलो वर्षलाई कृषि वर्षको रूपमा मनाउने सन्दर्भमा श्री ५ बाट २०३२ साउन १ गते यसप्रकारको सन्देश बक्स भएको थियो, “..... कृषिप्रधान देशमा यस वर्षलाई कृषि वर्षको रूपमा मनाइन लागेकामा हामीलाई खुसी लागेको छ । कुनै योजना वा कार्यक्रमको तर्जुमा गर्न जति सजिलो हुन्छ, त्यसलाई कार्यक्षेत्रमा सफल रूपले उतार्न उत्तिकै कठिन पर्दछ । त्यसैले यो कृषि वर्ष सफल पार्न पञ्चहरू जाँगर देखाऊन्, किसानहरू परिश्रमी होऊन्, कर्मचारीहरू आफ्नो दायित्व बुझी कर्मठ सेवा भावबाट काम गरून् र तमाम देशवासीहरू सहयोगी बनून् –यही मेरो आह्वान छ, मेरो शुभकामना छ ।” हेर्दा यो छोटो मन्तव्य छ तर यस वक्तव्यले वास्तवमा मौसुफको गहन दूरदृष्टि दर्शाउँछ –विविध आयाम समेट्ने । कृषिक्षेत्रका वास्तविक विकास गर्ने हो भने सम्पूर्ण राष्ट्रको अठोट चाहिन्छ र यसमा के राजनीतिक, के सरकारी संयन्त्र अथवा के सम्पूर्ण लाभान्वितवर्ग सबैको महत्त्वपूर्ण संलग्नताको आवश्यकता रहेको तथ्यलाई दर्शाउँदछ । यस्तो समन्वयात्मक प्रयासबिना कृषिक्षेत्रका वान्छनीय द्रुततर विकास सम्भव छैन । यो कटुसत्य नेपालको आफ्नै अनुभवबाट पनि सिद्ध भएको छ ।

वास्तवमा देशवासीप्रति मौसुफले आफ्नो गहन जिम्मेवारी रहेको गम्भीरता शुभराज्याभिषेकका अवसरमा मिति २०३१ साल फाल्गुन १२ गतेका दिन, टुँडिखेलमा आयोजित दरबार मन्दिरमा राष्ट्रका नाममा बक्सेको सम्बोधनबाट यसप्रकार व्यक्त भएको छ– “..... हामी चाहन्छौं, हाम्रो देशमा कोही भोका, नाङ्गा नरहून्, ओखतीमूलोको अभावमा कसैले पनि दुःख झेल्न नपरोस् .... । हामी चाहन्छौं यातायात, कृषि, उद्योग सबै क्षेत्रमा विकास होस् र देशका कुनाकाप्चामा बसेका सबै नेपाली बढ्दो मात्रामा सुखसमृद्धिको भागी हुन पाऊन् ।”

विकसित अथवा विकासोन्मुख कुनै पनि देशले आर्थिक विकासका लागि निरन्तर प्रयत्न गरिरहेकै हुनुपर्दछ र समयसापेक्ष र समकालीन राष्ट्रहरूका बीचमा सापेक्षित रूपले तुलनात्मक आधारमा प्रगति हासिल गरिएको हुनु आवश्यक छ । देश र देशवासीका आवश्यकता परिपूर्तिका साथै अन्तर्राष्ट्रिय आधारमा स्तरीयता कायम राख्न पनि आर्थिक विकासका लागि प्रत्येक राष्ट्रको चाहना, आकांक्षा एवम् प्रयास हुन आवश्यक छ । मौसुफबाट पञ्चायतकालको रजत जयन्तीको कार्यक्रममा यस दृष्टिलाई २०४२ पौष १ गते यसप्रकार व्यक्त भएको छ– “पन्ध्र वर्षपछि इस्वी सम्वत्ले बीसौं शताब्दी पार गरी एक्काइसौं शताब्दीमा प्रवेश गर्नेछ । .... त्यसो हुनाले नेपालको अल्पविकसित अवस्थालाई बीसौं अवस्थालाई बीसौं शताब्दीमा नै बिसाई सन् २००० सम्ममा एसियाली मापदण्डमा उपयुक्त मानवोचित जीवनस्तर हासिल गर्न आजको दिनमा हामी सबैले अठोट गर्नु आवश्यक भएको छ । सम्पूर्ण नेपालीका लागि खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता आधारभूत आवश्यकता पुऱ्याउन ... कार्यक्रमको तर्जुमा र त्यसको प्रभावकारी अनुगमनका निम्त राष्ट्रिय योजना आयोगले ... व्यवस्था गर्नेछ ।”

यी सबै अभिव्यक्तिमा नेपाली मात्रको खाद्य सुरक्षाप्रति मौसुफको प्रत्यक्ष सर्वोपरि चासो रहेको देखिन्छ । यसै सन्दर्भलाई मध्यनजर गरेर सातौं योजनालाई मुख्यतया आधारभूत आवश्यकता पूर्तिका निम्ति केन्द्रित गरिएको थियो र सन् २००० सम्मा खाद्यान्नतर्फ कम्तीमा पनि २२५० क्यालोरी प्रतिव्यक्ति प्रतिदिन पुऱ्याउने लक्ष्य कायम गरिएको थियो । यसपछि यसै सन्दर्भमा आठौं योजना (२०४९-५४) को एउटा मुख्य उद्देश्य गरिबी निवारण पनि रहेको हुँदा कृषि क्षेत्रले यस सन्दर्भमा अगुवा क्षेत्रको भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता महसुस गरियो । यसका लागि दिगो विकासको अवधारणाअनुरूप दूरगामी राष्ट्रिय आवश्यकता एवम् सम्भाव्यतानुकूल अन्तर क्षेत्रीय सम्बन्धलाई समेटेर अर्थ व्यवस्थामा संरचनात्मक परिवर्तन (Structural Change) का लागि दीर्घकालीन सम्भाव्यताका आधारमा दीर्घकालीन कृषि योजना तर्जुमा एवम् सञ्चालन गर्न आवश्यक महसुस गरी यस्तो योजना निर्माण गर्ने लक्ष्य पनि आठौं योजनामा रहेको देखिन्छ ।

दीर्घकालीन कृषि योजना

आठौं योजना कालमा २० वर्षे दीर्घकालीन कृषि योजना (20 Year Agricultural Perspective Plan) तर्जुमा गरियो र नवौं योजनाको प्रथम वर्षदेखि नै दीघकालीन अवधारणाअनुरूप कृषि क्षेत्रमा यो योजना लागू गरियो । यस सन्दर्भमा विगतमा कृषि विकासको उपलब्धिका मुख्यमुख्य सूचक यसप्रकार रहेको दीर्घकालीन कृषि योजनामा उल्लेख गरिएको छ :

(१) विगतमा कृषि क्षेत्रमा भएको विभिन्न प्रयासको बाबजुद पनि सन् १९७४/७५ देखि १९९१/९२ सम्ममा प्रतिव्यक्ति उपलब्ध खाद्यान्न ३७६ किलोग्रामबाट घटेर २७७ किलोग्राममा झरेको छ ।

(२) विगतमा कृषिक्षेत्रका वार्षिक वृद्धिदर सालाखाला ३ प्रतिशत प्रतिवर्ष रहेको छ भने जनसंख्या वृद्धिदर २.५ प्रतिशत रहेको छ । यसरी जनसंख्याको दाँजोमा खुद वृद्धिदर ०.५ प्रतिशत मात्र रहेको छ ।

(३) सन् १९७६/७७ मा गरिबीको रेखामुनिका जनसंख्याको अनुपात ४४ प्रतिशत रहेकामा सन् १९९१/९२ मा यो बढेर ४९ प्रतिशत पुगेको छ ।

नेपालमा खास गरी धान, मकै, गहुं जस्ता खाद्यान्न बालीहरूले खेती गरिएको जग्गाको ७० प्रतिशत क्षेत्र ओगटेको हुन्छ र कृषि गार्हस्थ उत्पादन (AGDP) मा ३५ प्रतिशतले योगदान गर्दछ । सन् १९६० मा नेपालमा धान र गहुँको प्रति इकाई क्षेत्र जमिनको उत्पादकत्व दक्षिण एसियाका देशहरूको दाँजोमा बढी थियो भने १९९० को दशकमा निकै घटेको पाइयो । विगतमा कृषि क्षेत्रमा भएको लगानी र प्रयासबाट जनशक्ति र प्रविधि विकास एवम् प्रसारका पूर्वाधार सृजना भएका छन् तापनि कृषिक्षेत्रका उत्पादन वृद्धि (Growth) का लागि आवश्यक प्राथमिकता र उपयुक्त रणनीतिको अभावका कारण यस क्षेत्रले आशानुकूल योगदान दिन सकेको देखिएन । यस परिप्रेक्ष्यलाई मध्यनजर गरी दीर्घकालीन कृषि योजनाका मुख्य रणनीति निम्न रहेका छन् ।

(१) कृषिक्षेत्रका दीर्घकालीन उत्पादन वृद्धिलाई तीन प्रतिशतबाट बढाई पाँच प्रतिशत प्रतिवर्ष पुऱ्याउने र जनसंख्या वृद्धिदर २.५ प्रतिशतबाट २ प्रतिशतमा घट्दा विगतको प्रतिव्यक्ति खुद वृद्धिदर ०.५ बाट बढी तीन प्रतिशतमा पुग्दा ६ गुणा खुद आयमा वृद्धि हुने । कृषिक्षेत्रका उत्पादन वृद्धिको गुणन प्रभाव (Multiplier Effect) गैह्रकृषि क्षेत्रमा करिव १.४ गुणा हुने हुँदा कृषिक्षेत्रका ५ प्रतिशत वृद्धिबाट लगभग ७ प्रतिशत जति गैह्रकृषिक्षेत्रका वृद्धिदर हुने गरी योगदान पुग्न जाने ।

(२) उत्पादकत्त्व वृद्धिबाट कृषिक्षेत्रका उत्पादन वृद्धि गर्न सिँचाइ, प्रविधि, प्रसार, उत्पादन सामग्रीको सुलभता, बजारमुखी व्यवसायिक कृषिको विविधिकरण जस्ता आवश्यक वस्तु एवम् सेवा टेवालाई एउटै प्याकेज (Package) को रूपमा उपलब्ध एवम् उपयोग गराउन खाद्यान्नलगायत उच्च मूल्यका कृषिवस्तु उत्पादन गर्न प्रोत्साहित गर्ने ।

(३) पहाडी क्षेत्रमा उच्च मूल्यका एवम् बेमौसमी कृषि पैदावर र तराई क्षेत्रमा खाद्यान्न तथा औद्योगिक नगदेबाली उत्पादन कार्यक्रम सञ्चालन गरी तुलनात्मक र भौगोलिक विविधताबाट कृषि उत्पादनमा हुन सक्ने लाभ हासिल गर्ने ।

(४) उपलब्ध पूर्वाधारको सदुपयोग गर्दै जाने र क्रमिक रूपमा आवश्यक थप पूर्वाधारको निर्माण पनि गर्ने । योजनाको अवधिमा कूल ६३०० कि.मि. कृषि सडक निर्माण गरी उत्पादनलाई बजारसम्म पुऱ्याउने सुविधा दिलाउने, ग्रामीण क्षेत्रमा करिब ६०० मेगावाट विद्युत् प्रसारण गरी कृषि-उद्योग एवम् व्यापारको लागि आवश्यक ऊर्जा उपलब्ध गराउनुका साथै शिक्षा, स्वास्थ्य जस्ता अन्य सेवा सुविधा ग्रामीण स्तरमा विस्तारका लागि परोक्ष रूपमा प्रोत्साहित गर्ने । यसरी अधिराज्यका विभिन्न पायक पर्ने ग्रामीण क्षेत्रका स्थलमा मोफसल उत्पादन क्षेत्र (Urbanized Growth Centres) को विकास गराई विकेन्द्रीकरणको सिद्धान्तअनुरूप ग्रामीण क्षेत्रलाई सुविधासम्पन्न बनाई बढ्दो जनसंख्यालाई

स्थलगत रूपमा रोजगारीमूलक व्यवसायहरूको विस्तार गर्ने । खेती गरिएको जमिनको उत्पादकत्व वृद्धि र उत्पादनको सुनिश्चतताका लागि सिँचाइ सेवाको ठूलो योगदान हुने हुँदा खेती गरिने जग्गाको सम्भव भएसम्मको जग्गा गरिब १६ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउने । यसरी नेपालको ग्रामीण क्षेत्रमा व्यापक परिवर्तन ल्याई सन्तुलित विकासमा जोड दिई नेपालको सामाजिक आर्थिक विकासमा क्रान्तिकारी परिवर्तन हासिल गर्ने यस दीर्घकालीन योजनाको अवधारणा रहेको छ । यसरी ग्रामीण क्षेत्रलाई आधुनिकीकरण गर्दै लग्नु नै कृषि विकासको लक्ष्य पनि हो र नतिजा पनि हो । दीर्घकालीन कृषि योजनाले यस्ता सयौँ केन्द्रहरू नेपालको ग्रामीण क्षेत्रमा विकास गरिने परिकल्पना गरेको छ । यसरी आर्थिक विकासको प्रारम्भिक लक्षणहरू ग्रामीण क्षेत्रमा देखिने र प्रत्यक्ष अनुभव गर्न सकिनेछ ।

(५) दीर्घकालीन योजनाकालमा खाद्यान्न उत्पादन २७६ के.जी. प्रतिव्यक्तिबाट बढाई ४२६ के.जी. प्रतिव्यक्ति पुर्‍याई खाद्य सुरक्षालाई दरिलो वनाउने लक्ष्य रहेको छ । त्यस्तै गरी गरिवीको रेखामुनि रहेको जनसंख्याको अनुपात ४९ प्रतिशतबाट घटाई १४ प्रतिशतमा ल्याई यसको अनुपात तथा संख्या ९३ लाखवाट ३८ लाखमा घटाउने समेत उद्देश्य रहेको छ ।

(६) कृषिक्षेत्रका यसप्रकारको रूपान्तरणवाट कृषिजन्य उद्योग एवम् व्यवसायको विस्तारबाट देशको आर्थिक विकासमा आमूल परिवर्तन ल्याउने यस दीर्घकालीन योजनाले परिकल्पना गरेको छ ।

दीर्घकालीन कृषियोजनाअन्तर्गत नवौँ योजना अवधिको कार्यान्वयन स्थिति ।

नवौँ योजनादेखि दीर्घकालीन कृषि योजनाको अवधारणाअनुरूपको कृषि क्षेत्रको कार्यक्रम सञ्चालन गरिएका छन् । दसौँ योजना तर्जुमाका सिलसिलामा नवौँ योजनाको समीक्षा राष्ट्रिय योजना आयोगबाट नै गरिएको छ । यसको उपलब्धि तथा कार्यान्वयन पक्षबारे निम्न टिप्पणी प्रस्तुत गरिएको छ :

(१) नवौँ योजनामा गरिबीको रेखामुनिको जनसंख्या ३२ प्रतिशतमा झार्न कृषि क्षेत्रले महत्त्वपूर्ण योगदान दिने भएकाले यस क्षेत्रको वार्षिक वृद्धिदर ५.३३ प्रतिशतले पुर्‍याउने (गर्ने) लक्ष्य राखिए पनि योजना अवधिमा वार्षिक औसत २.९१ प्रतिशतले मात्र वृद्धि भएको छ ।

(२) नवौँ योजना अवधिमा कृषि तथा सहकारी कार्यक्रममा लागि २१ अर्व ५२ करोड रूपैयाँ विकास खर्च प्रक्षेपण गरिएकामा (२०५३।५४ को मूल्यमा) ११ अर्ब ६१ करोड ८७ लाख विनियोजन भई ९ अर्व ४२ करोड ८७ लाख रूपैयाँ (२०५३।५४) को मूल्यमा) खर्च भएको छ । यसअनुसार प्रक्षेपणको ५४ प्रतिशत विनियोजन र यसको ८१ प्रतिशत खर्च भएको छ । कूल खर्च प्रक्षेपणको ४४ प्रतिशत मात्र भएको देखिन्छ । यसबाट प्रक्षेपित रकम विनियोजन हुन नसकेको र भएको विनियोजनको खर्चमा पनि समस्या रहेको देखिन्छ ।

(३) प्रमुख खाद्यान्न बालीहरूको वार्षिक औसत उत्पादन ५.१८ प्रतिशतले वृद्धि गरी योजना अवधिमा १८ लाख ४७ हजार मे.ट. थप खँद्यान्न उत्पादन गर्ने लक्ष्य राखिएकामा ८ लाख ५२ हजार मे.ट. थप भएको छ । नगदे बालीतर्फ तेलहन, जुट, सुर्ती बालीको लक्ष्य पनि अपेक्षित रूपमा हासिल हुन सकेन । आलु उत्पादनको स्थिति भने सन्तोषजनक देखिन्छ । अलैँची, मसला, मह, च्याउ जस्ता विशेष बालीहरूको उत्पादनमा लक्ष्यभन्दा बढी प्रगति भएको छ । तरकारी र सुन्तला जातका फलफूलको उत्पादन तथा क्षेत्रफल विस्तार सन्तोषजनक छ तर स्याउको व्यावसायिक क्षेत्र विस्तारको लक्ष्यअनुरूप प्रगति भएन । रेशम क्षेत्र विस्तार र कोया उत्पादन सुधार भएको छैन । चिया क्षेत्र विस्तार र उत्पादन दुवै तर्फ राम्रो प्रगति भएको छ ।

(४) उत्पादन साधनहरूको आपूर्ति स्थिति समष्टिमा उत्साहप्रद रहेन । रासायनिक मलको आपूर्ति लक्ष्यको तुलनामा ४२.२५ प्रतिशत भई प्रति हेक्टर उपयोग ३१ के.जी. रह्यो ।

(५) निजी क्षेत्रबाट प्रतिवर्ष ३२ हजार मे.ट.दूध सङ्कलन एवम् प्रशोधन भइरहेकामा हाल ४२ हजार मे.ट. दूध सङ्कलन एवम् प्रशोधन भएको छ र क्षमता उपयोग ४४ प्रतिशतसम्म पुगेको छ । योजना अवधिमा दुग्ध विकास संस्थानको दुग्ध सङ्कलन ५८ हजार मे.ट. र प्रशोधन क्षमता उपयोग १८२ प्रतिशत पुगेको छ । तर पनि कृषक स्तरमा दुध, मासु र फूलको उत्पादन वृद्धिदर क्रमश: ५.५६, ६.२२ र ७.२२ लक्ष्य रहेकामा क्रमश: २.७२, २.७५ र ५.०२ मात्र प्रगती भएको छ ।

खास गरी योजनाबाट लक्षित लक्ष्यहरू प्रायजसो हासिल हुन नसकेको देखिन्छ भने केही बजारमुखी कृषि पैदायस जस्तै अलैँची, चिया, मह जस्ता वस्तुको उत्पादनमा उत्साहवर्द्धक प्रगति देखिन आउँदछ ।

नवौँ योजना अवधिमा सिँचाइ जस्तो अत्यावश्यक उत्पादन सामग्री (Input) नयाँ तथा निर्माणाधीन आयोजनाहरूबाट

१,४२,४०० हेक्टर र कृषक प्रणाली सुधारबाट १,०७,००० हेक्टर गरी कूल २,४९,४०० हेक्टर क्षेत्रमा व्यवस्थित सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य गरेको थियो । यसमा नयाँ क्षेत्रतर्फ ४८५ र कृषक प्रणालीतर्फ ७९% उपलब्धि हुने अनुमान रहेको छ । यसै अवधिमा कृषि सडक जस्तो महत्त्वपूर्ण पूर्वाधार विकासतर्फ कूल ४४८ कि.मि. मात्र निर्माण हुन सकेको छ । दीर्घकालीन कृषि योजनाबाट परिलक्षित अर्को पूर्वाधार ग्रामीण क्षेत्रमा गरिने विद्युत्को विस्तार पनि अपेक्षानुकूल हुन नसकेको अनुमान गर्न सकिन्छ ।

विगत बीस वर्ष अवधिको खाद्यान्न उत्पादकत्वको तुलनात्मक विवरण

श्री ५ वीरेन्द्रको राज्यरोहणपछि कृषिक्षेत्रका विकासका निमित्त तर्जुमा गरिएको दशवर्षे कृषि विकास योजना नै एक दूरगामी र कृषिको समष्टिगत क्षेत्रहरू समावेश गरी निर्दिष्ट दिशा बोध गराउने कार्यक्रम रहेको दस्तावेज मानिएको छ । विगतमा भएको कृषि विकासको एक झलकको रूपमा खास गरी खाद्य सुरक्षाको दृष्टिकोणले तुलनात्मक विवेचनाको लागि निम्न तालिका प्रस्तुत गरिएको छ ।

दशवर्षे योजनाकालमा परिलक्षित खाद्यान्न बालीहरूको उत्पादकत्व र दुई दशकपछिको वास्तविक स्थिति
(प्रति हेक्टर उत्पादन के.जी.मा)

क्र.सं.	बाली	आधार वर्ष	तत्कालीन दश वर्षे योजनामा प्रस्ताविक		२० वर्ष पछिको वास्तविक स्थिति
		(२०३१/३२)	पहिलो पाँच वर्ष (२०३६/३७)	दोस्रो पाँच वर्ष (२०४१/४२)	२०५६/५७
१.	धान	१९५५	२१४३	२३३४	२५९८
२.	मकै	१८१५	१९९३	२२६३	१७६५
३.	गहुँ	११८९	१३३७	१५१८	१७९३
४.	कोदो	११२७	११२७	१३१५	११२१
५.	जौ	९२५	९८५	१३३५	१०९३

स्रोत :
१. कृषि विकास योजना २०३०, खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय
२. Statistical Information on Nepalese Agriculture (1999/2000), Ministry of Agriculture and Cooperation, December 2000.

मुख्य खाद्यान्न बालीहरूमा धान र गहुँको उत्पादकत्व वृद्धि दश वर्षअघि पूरा गर्नुपर्ने दश वर्षे योजनाले परिलक्षित गरेभन्दा धेरै परिमाणमा बढेको छैन, जबकि मकै र कोदो जस्ता पहाडी क्षेत्रको र खास गरी गरिब परिवारका निमित्त बढी महत्त्वपूर्ण रूपमा खाद्यान्न सुरक्षमा योगदान पुऱ्याउने अन्नबालीहरूको उत्पादकत्व भने ह्रासोन्मुख भएको देखिन्छ । जौको उत्पादकत्वमा पनि उल्लेखनीय रूपमा वृद्धि हुन सकेको छैन । विगत केही वर्षदेखि खास गरी दुर्गम पहाडी क्षेत्रमा खाद्यान्न अभाव एवम् बढ्दो गरिबीका कारण विभिन्न सामाजिक समस्या चर्को रूपमा देखा परेको समेत छ ।

४. विगतका योजना तथा कार्यक्रम कार्यान्वयनमा देखापरेका कमीकमजोरीहरू

(१) योजनाहरू एवम् दीर्घकालीन विकासको अवधारणाबाट उल्लेख गरिएका कार्यक्रमहरू सञ्चालन गर्ने थलोको किटानी गर्ने नगरिएको हुँदा कार्यक्रमहरू यत्रतत्र छरिने र अमूर्त रहने एवम् यस्ता कार्यक्रमहरूमा पनि प्राथमिकता र क्षेत्रगत आवश्यकताअनुरूप स्रोत र साधनको एकीकृत एवम् समन्वयात्मक रूपमा उपयोग हुन नसक्नु ।

(२) कृषि क्षेत्रलाई व्यवसायीकरण गर्न आवश्यक संस्थागत एवम् पूर्वाधारहरूको विकास एवम् उपयोगमा समन्वयन, कटिबद्धता एवम् निरन्तरता हुन नसक्नु ।

(३) सरकारी सङ्गठन ढाँचा र कार्यक्रम सञ्चालनमा संलग्न कर्मचारीहरूको तीव्र गतिमा फेरबदल भई कार्यक्रम कार्यान्वयनमा अनवरत अस्थिरता रहने ।

(४) उत्पादनका लागि आवश्यक उपकरणहरू आवश्यकताअनुरूप परिमाण र एकीकृत रूपमा (Package) मा उपलब्ध गराउन नसक्नु ।

(५) कृषिमा आधारित व्यवसाय तथा उद्योगहरूको विकासमा आवश्यकताअनुकूल नीतिगत एवम् कार्यगत समन्वय हुन नसक्नु ।

(६) उत्पादनका साथै उत्पादनोपरान्तका आवश्यक कृयाकलाप जस्तै भण्डारण, ढुवानी, प्रशोधन एवम् बजार व्यवस्थामा यथेष्ट प्रयत्न नहुनु । यी कार्यमा संलग्न निकायहरूले सहजकर्ताको सट्टा कतिपय स्थितिमा अवरोध खडा गर्ने गरेको ।

(७) सरकारी क्षेत्र र निजी क्षेत्रको दायित्वका सम्बन्धमा समयोचित सन्तुलन नहुनु ।

५. उपसंहार

श्री ५ वीरेन्द्र नेपाली हृदयका सम्राट हुनुका साथै नेपालको भूपरिस्थितीय (Geo-ecological) सम्भाव्यता र विशिष्टताअनुरूप द्रुत गतिमा आर्थिक समुन्नति हासिल गर्न सकिन्छ भन्ने अवधारणा राख्ने र सोका लागि निरन्तर समर्पित रहेको राजनेता होइबक्सिन्थ्यो । नेपालको आफ्नो विशिष्टता, उपलब्ध स्रोत र अद्वितीय प्राकृतिक सौन्दर्यका कारण जनताको जीवनस्तर उठाउन कृषि, जलस्रोत र पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिन मौसुफबाट पटकपटक

निर्देशन बक्स भएको पाइन्छ। देशबाट भोक, रोग र गरिबी हटाउने एवम् शिक्षाको न्यानो घाम सर्वसुलभ तुल्याउने प्रयत्नमै मौसुफको जीवन समर्पित रह्यो । विभिन्न कृषि पैदायसको लागि नेपालको कृषि परिस्थितिकीय (Agro-ecological) क्षेत्रअनुरूप विभिन्न क्षेत्रहरू पहिचान गरी कृषिविकासका कार्यक्रम सञ्चालनलाई बढी व्यावहारिकता एवम् मूर्तता प्रदान गर्ने नीतिनिर्देशन श्री ५ वीरेन्द्रको सुशासनकालदेखि प्रारम्भ भएको हो । फलस्वरूप नेपालको विभिन्न धरातलको लागि उपयुक्त कृषि बाली वस्तु विकास गरी बढी तुलनात्मक लाभ लिने तथा खाली रहेका नाङ्गा डाँडा-काँडाहरूलाई समेत हराभरा गराई आयआर्जनको स्रोतको रूपमा परिणत गर्न सकिने सम्भाव्यता उजागर भएको छ । कार्यान्वयन पक्षमा प्रतिबद्धता र दरिलो अनुगमनको व्यवस्था मिलाई व्यापक जनसहभागिता मौसुफले दर्शाएका दूरदृष्टिअनुकूल जुटाएर कृषि विकास कार्यक्रम सञ्चालन गरी गरिबी निवारण र आर्थिक विकासको प्रारम्भिक चरणलाई अघि बढाउनुका अतिरिक्त हाल नेपालको आर्थिक विकासको प्रयत्नको सन्दर्भमा अर्को सहज विकल्प देखिँदैन ।

सन्दर्भ सामग्रीहरू

१) श्री ५ वीरेन्द्र र चौतर्फी विकास, सम्पादक : ज्ञानेन्द्रराज पोखेल, दीपज्योति साप्ताहिक कार्यालय, २०४४ ।

२) श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू, २०२८-०३८ र २०३८-०४३, सूचना विभाग ।

३) श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव, संक्षिप्त जीवनी, सूचना विभाग, २०५६ ।

४) विभिन्न पञ्चवर्षीय योजनाहरू, राष्ट्रिय योजना आयोग ।

५) Nepal Agriculture Perspective Plan, National Planning Commission, 1995

६) कृषि विकास योजना, २०३० खाद्य, कृषि तथा सिँचाइ मन्त्रालय, २०३० ।

७) Statistical Information of Nepalese Agriculture, 1999/2000, Ministry of Agriculture and Cooperative, 2000

८) Agricultural sector Performance Review: Prepared for MOAC and ASDB by ANZDEC Limited, New Zealand, January 2002

●

श्री ५ वीरेन्द्र : एक संस्मरण

● *डा. जगदीश शर्मा*

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवसँग मेरो पहिलो दर्शनभेट सन् १९६८ को जुलाई महिनामा बर्कली क्यालिफोर्नियामा भएको हो । त्यसबेला मौसुफ हार्बर्ड युनिभर्सिटीमा अध्ययनरत होइबक्सन्थ्यो भने म पी.एच.डी.का लागि आवश्यक शोधग्रन्थ (Dissertation) समापन गरी स्वदेश फर्कने क्रममा थिएँ । मौसुफ सरकार बर्कली सवारी भएको बेला मृगेन्द्र शम्शेर ज.ब.रा., कुन्जर शर्मा लगायत बर्कलीमा रहेका हामी नेपालीहरूले मौसुफ सरकारको सम्मानमा आयोजना गरेको स्वागत समारोहमा मैले यो दर्शनभेट पाएको हुँ ।

यसकै भोलिपल्ट यूनिभर्सिटी अफ क्यालिफोर्निया, बर्कली (University of California, Berkeley) को इन्स्टिच्यूट अफ इन्टरनेसनल स्टडिज् (Institute of International Studies) अन्तर्गत हिमालयन बोर्डर एरियाज स्टडिज् प्रोजेक्ट (Himalyan Border Area Studies Project) को म आफैं कार्यरत भएको कार्यालयमा मौसुफ सवारी हुँदै नेपालसम्बन्धी अनुसन्धानका लागि सङ्कलित सामग्रीहरू नजर गराउने सौभाग्य डा. लियो रोज (Dr. Leo Rose) को सान्निध्यमा मैले प्राप्त गरेको हुँ । मौसुफको अध्ययन एवम् आगामी विवाहका सम्बन्धमा तत्कालीन परराष्ट्रमन्त्री श्री कीर्तिनिधि विष्टले केही समय अधिमात्र गर्नुभएको अभिव्यक्तिको प्रेस क्लिपिंग मौसुफ सरकारबाट अभिरुचिपूर्वक नजर गर्नुका साथसाथै नेपालसम्बन्धी अनुसन्धान कार्यलाई अझ प्रभावकारी रूपमा अघि बढाउन स्वदेश फर्की नेपालबाट नै आवश्यक प्रयास हुनुपर्नेबारे मलाई स्पष्ट रूपमा सङ्केत गरिबक्सेको थियो ।

बर्कलीको त्यस घटनाको एक महिना जतिपछि वासिङ्गटन डि.सी. मा तत्कालीन शाही नेपाली राजदूत पदमबहादुर खत्रीले आयोजना गर्नुभएको रात्रिभोजमा पाएको अर्को पटकको दर्शनभेटमा म नेपाल जान लागेकामा मौसुफ सरकारबाट खुसी व्यक्त गरिबक्सँदै पढेलेखेका मजस्ताले नेपालमा नै फर्किगएर धेरै काम गर्नुपर्ने आवश्यकताबारे मलाई फेरि अर्को सङ्केत आफ्नो सहज, सकारात्मक एवम् निस्संकोच शैलीमा बक्सेको थियो ।

म नेपाल फर्केको लगत्तै मौसुफ सरकारको पनि फिर्ती सवारी भएको हो र फिर्ती सवारीपछि मौसुफ सरकारको शुभविवाह सम्पन्न हुनुका साथसाथै नेपालको विकासकार्यमा सक्रिय रूपमा योगदान हुन थाल्यो । यसै क्रममा शिक्षा र सञ्चारक्षेत्रको योजनाबद्ध विकास गर्ने उद्देश्यले दुईवटा कार्य टोली गठन भए । सञ्चारक्षेत्रको योजना बनाउने कामका लागि म खटिएँ ।

मेरो संयोजकत्वमा गठन भएको कार्यटोलीले राष्ट्रिय विकास योजना "विकासका लागि सञ्चार" झण्डै एक वर्षको अथक परिश्रममा तयार पारेको हो । योजना तयार गर्ने कामका लागिं राजदरबारभित्रै एउटा कार्यालय स्थापना गरिएको थियो । आवश्यक सूचना एवम् सामग्री जुटाउनका लागि म र मेरा सहयोगी श्री मनरञ्जन जोशी श्री ५ को सरकारका उच्च पदाधिकारीहरूको कार्यालयमा जान्थ्यौं । प्राप्त सामग्री र परामर्शका आधारमा तयार पारेको मन्तव्य एवम् तदनुकूल उद्देश्य, नीति तथा कार्यक्रम श्री ५ वीरेन्द्रमा जाहेर गरी प्राप्त निर्देशनका आधारमा योजना तर्जुमा हुने काम गरिन्थ्यो ।

सञ्चारयोजनाले तत्कालीन सूचना तथा प्रसार मन्त्रालय एवम् निर्माण, यातायात तथा सञ्चार मन्त्रालयमा रहेका इकाइहरूको पुनर्गठन गरी सञ्चारकार्य एकीकृत रूपमा सञ्चालित गर्ने प्रणाली बसालेको हो । सूचना तथा प्रसार मन्त्रालयले गर्ने गरेको सफ्टवेर (Software) कार्य निर्माण यातायातः तथा सञ्चार मन्त्रालयमा रहेका हुलाक विभाग एवम् दूरसञ्चार संस्थान जस्ता हार्डवेयर (Hardware) सम्बन्धी कार्य गर्ने संस्थाहरूलाई एकीकृत गरी एउटै मन्त्रालयअन्तर्गत राख्दा सञ्चारकार्य योजनाबद्ध रूपमा प्रभावकारी तरिकाले सञ्चालन गर्न सजिलो हुने भएकाले त्यसो गरिएको हो । यसरी एकीकृत गर्ने काम क्यानडा (Canada) जस्ता विकसित देशले पनि नेपालले गरेको दश वर्षपछि सन् १९८० को दशकमा मात्र सम्पन्न गरेको कुरा यहाँ उल्लेखनीय छ ।

सूचना प्रविधिको युग शुरु हुनुभन्दा झण्डै २५ वर्षअघि नेपालमा शुरु गरिएको "विकासका लागि सञ्चार" योजनाले खुम्चिदै गएको विश्व एउटा सानो गाउँमा परिणत हुने तथ्यलाई दृष्टिगत नगरी सकेको भएतापनि यसतर्फ विकसित हुँदै गएको क्रमलाई भने आत्मसात् गरेको हो । मार्सल म्याकलुहन (Marshall Mcluhan) को "साधन नै सन्देश हो" (Medium is the massage) एवम् ग्लोवल भिलेज (Global village) को परिकल्पना त्यसबेला मुखरित हुन लागिसकेको थियो । यसै अनुरूप अमेरिकी वजारलाई समेत ध्यानमा राखी शाही नेपाल चलचित्र संस्थान स्थापना गरिएको हो । कालिदासको मेघदूत एवम् जयदेवको गीतगोविन्द जस्ता कृतिहरूलाई उत्कृष्ट चलचित्रको रूपमा निर्माण गरी अमेरिकामा समेत प्रदर्शन गर्न सकेको खण्डमा नेपालजस्तो अविकसित देशको विकासकार्यका लागि आवश्यक पूँजी/धनराशिसमेत जुटाउन सकिने सम्भावनालाई दृष्टिगत गरी "विकासका लागि सञ्चार" को उद्देश्य अपनाइएको हो ।

सञ्चार योजना तर्जुमा कार्य पूरा भएपछि श्री ५ महाराजाधिराज महेन्द्रसमक्ष जाहेर भई योजनामा अन्तर्निहित राष्ट्रिय भावनाअनुरूप तत्काल कार्यान्वयन गर्ने क्रम शुरु भयो । त्यसैबेला शुरु भएको शिक्षा योजनाको कार्यान्वयनका लागि छुट्टै राष्ट्रिय शिक्षँ समिति गठन भएकामा सञ्चार योजनाको कार्यान्वयनको काम भने श्री ५ को सरकारको स्थापित संरचनाभित्रै रहेर गर्नु बुद्धिमानी हुने ठहर भएबमोजिम सञ्चारमन्त्रीको अध्यक्षतामा सम्बन्धित सवै निकायका प्रमुखहरू पदेन सदस्य रहने गरी समन्वय समितिको व्यवस्था गरिएको थियो ।

सोहीवमोजिम योजना कार्यान्वयन शुरु हुने बेलामा नै सञ्चारयोजनाको समन्वयन कार्यका लागि जिम्मेवार दरवारका सचिव श्री चिरनशम्शेर थापा अध्ययन विदामा अमेरिकातर्फ जानुभएकाले वहाँले गर्दै आउनुभएको कार्य शिक्षा योजनाका समन्वयकार निजीसचिव श्री नारायणप्रसाद श्रेष्ठको जिम्मा लाग्यो । शिक्षा र सञ्चार योजनाको तर्जुमा हुँदाको शुरुका समयमा दुई योजनामा कुन बढी राम्रो भन्ने आन्तरिक प्रतिस्पर्धा हुनु स्वाभाविक रूपले सकारात्मक भएको थियो तर कार्यान्वयनका क्रममा भने यही प्रतिस्पर्धाबाट अनेक समस्या उत्पन्न हुन थाल्यो । अनेकथरीको विलम्वपछि मात्र सञ्चार मन्त्रालयका सचिवको नियुक्ति भयो भने योजनाको कार्यान्वयनका लागि जिम्मा दिइएको समन्वय समितिले प्रभावकारी भूमिका निर्वाह गर्ने काममा कठिनाइ उत्पन्न हुन थाल्यो । योजना कार्यान्वयनका लागि आवश्यक समन्वयको कार्य हुन छोडेपछि शाही नेपाल चलचित्र संस्थानको कार्यकारी अध्यक्ष पदबाट बाध्यतावश अन्ततोगत्वा मैले राजिनामा दिनुपर्‍यो ।

श्री ५ वीरेन्द्रबाट मेरो राजिनामाको कारण जान्न मसँग प्रश्न गर्ने क्रममा अनुकूल वातावरण एवम् आवश्यक समय जुटाउनु नै त्यसबखत मेरा लागि एउटा विकट समस्या बनिसकेको थियो भने राजिनामा पेश भएको महिना दिनभित्रै हुन गएको श्री ५ महेन्द्रको देहावसानले त व्यवधानका रूपमा नै परिणत भई झन् जटिलता थप्ने काम गर्‍यो । श्री ५ वीरेन्द्रको राज्यारोहणपश्चात् सञ्चार योजनाको कार्यान्वयनका लागि आवश्यक समन्वयको काम ठप्प हुन पुग्यो । अन्ततः मेरो राजिनामा विवशतापूर्वक स्वीकृत गराउनुपर्ने स्थिति पैदा भई सञ्चारयोजनाबाट म अलग्गिनु पर्‍यो ।

यसरी सञ्चारयोजनाबाट विवशतापूर्वक अलग्गिनु परेतापनि श्री ५ वीरेन्द्रको कृपादृष्टि भने मप्रति कायम रहिरह्यो र राज्यारोहणपछि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको योजनाबद्ध रूपमा पुनर्गठन गर्ने कामको जिम्मा मलाई बक्स्यो । यसकै फलस्वरूप ने.रा.प्र.प्र.मा ठूला धनराशिका रकम राखिएका विभिन्न पुरस्कारहरू प्रज्ञाक्षेत्रको विकासका लागि प्रोत्साहनस्वरूप व्यवस्थित गरिएको हो ।

ने.रा.प्र.प्र. को प्रशासनिक कार्यमा मेरो कुनै खास रुचि नभएकाले त्यसपछि त्रिभुवन विश्वविद्यालयअन्तर्गत राजनीतिशास्त्रको प्राध्यापन कार्यमा म संलग्न भएँ । प्राध्यापन कार्य शुरु गरेको लगत्तै संयुक्त राष्ट्र संघको महाधिवेशनमा नेपालका तर्फबाट भाग लिन जाने प्रतिनिधि मण्डलमा म खटिन पुगेँ ।

संयुक्त राष्ट्र संघको नेपालको प्रतिनिधिमण्डलको सदस्यका हैसियतले काम गर्न पाउनु आफूले हासिल गरेको शिक्षा एवम् अनुभवअनुरूप भएकाले. समेत यो मेरो जीवनको सबभन्दा उपलब्धिमूलक अध्याय हुन पुग्यो । त्यतिखेर संयुक्त राष्ट्र संघको साधारण सभामा नेपालका तर्फबाट पेश भएको प्रस्तावले नेपालसमेत सयभन्दा बढी तथाकथित "दरिद्र" (Floor) राष्ट्रले संयुक्त राष्ट्र संघ एवम् सोसँग सम्बद्ध युनेस्को (UNESCO),

डब्लु. एच. ओ. (WHO) लगायत अनेकन् निकायमा सदस्यता शुल्कस्वरूप तिर्नुपर्ने रकमको ०.०२ प्रतिशतबाट ०.०१ प्रतिशतको दररेट कायम हुन आएको हो.। नेपालले सो प्रस्ताव प्रस्तुत गरेको वर्ष सन् १९७६ मा संयुक्त राष्ट्र संघको वार्षिक एक अर्ब अमेरिकी डलरको बजेटका लागि नेपाल अधिराज्यले एक लाख अमेरिकी डलर तिर्नुपर्दथ्यो भने हाल त्यो बजेट रकम संयुक्त राष्ट्र संघसँग सम्बद्ध सबै निकायमा तीन दोब्बरले बढेको छ । नेपालले राखेको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएपश्चात् नेपाललगायत यसभन्दा बढी तथाकथित "दरिद्र" (Floor) राष्ट्रहरूलाई उपलब्ध पचास प्रतिशतको छुटद्वारा करोडौं डलरको बचत भई आजसम्म पनि लाभान्वित हुने क्रम जारी भएबाट नेपाल अधिराज्यको गौरव अन्तर्राष्ट्रिय क्षेत्रमा बढेको तथ्य यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्दछु।

यस कामबाट प्रसन्न भई श्री ५ वीरेन्द्रबाट बक्स भएको अपार निगाहले संयुक्त राष्ट्र संघमा नेपालका तर्फबाट भाग लिन जाने प्रतिनिधि मण्डलमा लगातार तीनपटक संलग्न हुने एकमात्र नेपालीको रूपमा परिचित हुने सौभाग्य मैले पाएको हुँ ।

यसपश्चात् फेरि त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन कार्यमा संलग्न रहेकै बेला पशुपति क्षेत्र विकास कोषलाई योजनाबद्ध रूपमा स्थापना गर्ने कार्यको जिम्मा अर्कोपटक श्री ५ वीरेन्द्रबाट मैले पाएको हुँ । विश्वका सम्पूर्ण हिन्दूका लागि श्रद्धाको केन्द्र आराध्यदेव श्री पशुपतिनाथको क्षेत्रलाई योजनाबद्ध रूपमा आकर्षक रूपले मनोरम बनाउने मौसुफको आकांक्षाअनुरूप त्यस कोषको सञ्चालक परिषद्को सदस्यसचिवको हैसियतले पाँच वर्षको कार्यकाल पूरा गरेको हुँ । यस क्रममा मौसुफका साथसाथै कोषका अध्यक्ष श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहको प्रत्यक्ष मातहतमा रही काम गर्ने अवसरसमेत पाएको कुरा मेरा लागि अविस्मरणीय भएको छ ।

यसरी श्री ५ वीरेन्द्रबाट मेरो कामप्रति दर्शाइबक्सेको विश्वास एवम् तदनुकूल निगाह भएका अवसरहरू मेरा जीवनका अभिन्न अङ्ग बन्न पुगेका छन् । मौसुफको सरल प्रकृति, प्रसन्न मुद्रा एवम् रोचक कार्यशैलीले मेरो हृदयमा पारेको छाप अमिट रूपमा जीवनपर्यन्त रहिरहनेछ ।

●

नेपाली मुद्रामा श्री ५ वीरेन्द्र

● जयहरि झा

नेपालको मुद्राको प्रचलन भएदेखिनै नेपाली मुद्रासँग नेपालका शासकहरूको नाम साथसाथै जोडिदै आएको हामी पाउँछौं। कुनै पनि मुद्रा पहिचानको माध्यमका रूपमा उल्लेख्य हुन आउँछ। इतिहास लेखनदेखि लिएर तत्कालीन सभ्यता अध्ययन गर्ने क्रममा मुद्रा एक अद्वितीय वस्तुको रूपमा लिइन्छ भने मुद्राले नै देशको सांस्कृतिक पक्षको पहिचान दिलाउँछ। यसै क्रममा नेपाली मुद्राको विषयमा कुरा गर्नुपर्दा मुद्रा के हो, मुद्राको विकास कहिलेदेखि भएको छ भन्ने विषयमा पनि विवेचना गर्नु उचित नै हुनेछ।

आर्थिक तथा वित्तीय कारोबारका निमित्त संसारभरि नै मुद्रालाई एउटा साधनले रूपमा लिन सकिन्छ। यसले आर्थिकक्षेत्रमा महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ। संसारमा कागजी मुद्रा जति अरू कुनै पनि साधनले लोकप्रियता पाएको देखिदैन। त्यसैले पनि होला चेक (Cheque), क्रेडिट कार्ड आदिले अझसम्म पनि कागजी मुद्रालाई पूर्ण रूपमा प्रतिस्थापन गर्न सकेको छैन। विशेष गरी नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने कागजी मुद्राको उच्चतासम्म अरू कुनै पनि मौद्रिक साधन पुगेको पाइँदैन तर आजभन्दा ६० वर्ष अघिसम्म पनि स्थिति हालको जस्तो सहज र सरल थिएन। त्यतिबेलाको कागजी मुद्राको इतिहासलाई खोतल्ने हो भने, सर्वप्रथम विश्व समुदायमा मौद्रिक साधनको विकासक्रमले कस्तो र कुन गति लिएका थियो भन्ने ज्ञान हुन आवश्यक देखिन्छ। अन्यथा नेपाली कागजी मुद्रासम्बन्धी ज्ञान अपूर्ण हुन्छ भन्दा अतिशयोक्ति नहोला।

आदिकालमा वस्तुविनिमयको आधारमा आर्थिक कारोबारहरू सञ्चालन हुने गरेको उदाहरण र यसले निम्त्याएको असहजताको कारण नै सिक्काको विकास क्रमको थालनी भएको मानिन्छ तर सिक्काले आर्थिक तथा वित्तीय क्षेत्रमा केही राहत दिलाए पनि त्यसपछि पुनः यसका कमीकमजोरीहरू सच्याउने क्रममा कागजी मुद्रा लाई प्रचलनको रूपमा ल्याइएको पाइन्छ। कागजी मुद्रा र सिक्का दुवैको शुरुवात सर्वप्रथम चीनबाट भएको देखिन्छ।

नेपालको प्रसङ्ग कोटयाउँदा लिच्छविकालीन राजा मानदेवद्वारा प्रचलनमा ल्याइएको पहिलो सिक्का मानाङ्कलाई नै नेपाली मौद्रिक इतिहासको पहिलो खुड्किलो मान्न सकिन्छ। लिच्छविकालीन सिक्काहरू सबै जसो तामाका थिए। मल्लकाल नेपाली मौद्रिक क्षेत्रका लागि उपलब्धिमूलक रह्यो किनभने यसै समयमा नेपाली कला संस्कृतिले फल्ने फुल्ने मौका पाउनुका साथै नेपाली मुद्राहरूको विकासक्रमले पनि गति लिन थाल्यो। सुन र चाँदीका सिक्काहरू प्रचलित हुन थाले तर यी सिक्काहरूको निश्चित आकार र दर भने थिएन। आकार र तौल अनुसार नै दर कायम गरिन्थ्यो र कारोबारमा प्रयोग गरिन्थ्यो। नेपालमा प्रथमपटक कागजी मुद्रा निष्काशन भएदेखि नै नेपाली कागजी मुद्रामा तत्कालीन शासनहरूको रूपमा राजमुकुटको प्रतीक श्री ५ महा-राजाधिराजहरूको तस्वीर छापिने गरिएको छ। सर्वप्रथम वि.सं. २००२ साल असोज महिनाको १ गते पहिलो नेपाली कागजी मुद्रा प्रचलनमा आएको पाइन्छ। कागजी मुद्राको निष्काशन सरकारी

निकाय, सदर मुलुकीखानाद्वारा गरिएको हो । त्यसबेला ५, १० र १०० दरका नोटहरू निष्काशन गरिएको थियो र यसलाई नेपालीमा मोरु नामकरण गरिएको थियो । उक्त नोटहरूमा श्री ५ त्रिभुवनको तस्वीर अङ्कित छ ।

तत्कालीन प्रधानमन्त्री जुद्ध शम्शेरद्वारा नेपाली कागजी मुद्राको निष्काशन गर्दा सबै जनताहरूलाई उक्त मुद्राको प्रयोग दैनिक कार्यका लागि सहज रूपमा प्रयोग गर्नू भनी एक लिखित इस्तिहार पनि जारी गरियो ।

प्रथम नेपाली कागजी मुद्राको बारेमा एउटा रोचक कुरा के छ भने, त्यतिबेला सदर मुलुकीखानाको प्रमुखको पदमा खजाञ्ची भरतराज पाण्डे (वि.सं. देखि २००८/१०/०७) आसीन हुनुभए पनि यी नोटहरूमा जनक राजद्वारा खजाञ्चीको रूपमा दस्तखत गरिएको छ ।

वि.सं. २००८ साल माघ ८ गते नरेन्द्रराज पाण्डेले सदर मुलुकीखानाको खजाञ्चीको पदभार ग्रहण गरे । वि.सं. २००९ सालमा नेपालको पहिलो रूपैयाँ १ दरका नोट निष्काशित भए ।

केन्द्रीय बैंकको अभाव खट्किरहेको र नेपाली मुद्राको मूल्य भारतीय मुद्राको तुलनामा घटिरहेको हुँदा नेपालमा पनि एउटा केन्द्रीय बैंक स्थापनाको लागि पहल थालियो । वि.सं. २०१३/०१/१४ गते (सन् १९५६-०४-२६) नेपालको पनि एउटा केन्द्रीय बैंकको रूपमा नेपाल राष्ट्र बैंकको स्थापना, नेपाल राष्ट्र बैंक ऐन वि.सं. २०१२ अनुरूप गरियो र हिमालय शम्शेर जबरा ने.रा.बैं.को संस्थापक गभर्नरको रूपमा नियुक्त हुनुभयो ।

ने.रा.बैं. को स्थापनासँगै सदरमुलुकीखाना- अन्तर्गत रहेको नोट विभागका कर्मचारीहरूको दरबन्दी खारेज गरियो र जनशक्तिलाई (Working force) ने.रा.बैं. मा हस्तान्तरण गरियो । तर नेपाल राष्ट्र बैंकले आफ्नो नोटहरू निष्काशित गर्नु पूर्व सदर मुलुकीखानाद्वारा निष्काशित नोटहरूलाई नै अन्तरिम समयका लागि परिचालन (circulation) गरिरह्यो । उक्त नोटहरू बराबरको सुरक्षण पनि ने. रा. बैं. लाई हस्तान्तरण गरिएको थियो ।

तत्कालीन समयमा नेपाल राष्ट्र बैंकको पहिलो कर्तव्य भन्नु नै भारतीय मुद्राको तुलनामा यसलाई बलियो र दरिलो बनाउँदै सम्पूर्ण जनतालाई नेपाली नोट नै प्रयोग गर्ने बानी बसाउनु थियो ।

त्यही प्राथमिक उद्देश्यलाई मध्यनजर गर्दै ने.रा.बैं.ले वि.सं. २०१६/११/०७ गते प्रथम गभर्नर हिमालय शम्शेर जबराको दस्तखतयुक्त पहिलो नोट निष्काशित गऱ्यो । उक्त नोटहरूमा पनि मोरु भन्ने शब्दलाई उल्लेख गरिएको र सो समयमा मोरु १, ५, १० र १०० दरका नोटहरू प्रचलनमा ल्याइएको थियो । उक्त नोटहरूमा श्री ५ महेन्द्रको तस्वीर छापिएको छ ।

श्री ५ वीरेन्द्रको तस्वीर अङ्कित नोटहरू सर्वप्रथम २०३१/०१/१४ मा रूपैयाँ १ र १०० दरका नोटहरू निष्काशन गरियो । त्यसपछि क्रमश विभिन्न मितिमा अरू दरका नोटहरू निष्काशन हुँदै गयो । रूपैयाँ २, २०, २५, ५०, २५० दरका नोटहरू श्री ५ वीरेन्द्रको तस्वीरसहित प्रथम पटक निष्काशन भएका नोटहरू मध्ये पर्दछन् । त्यस्ता जम्मा ११ दरका नोटहरूमा मौसुफका तस्वीर छापिएको छ । यो एक विशेषताकै रूपमा लिन सकिन्छ ।

त्यसपछि नेपाल राष्ट्र बैंकले विभिन्न दरका धेरै नोटहरू निष्काशन गरेको छ । ती हुन्:-

क.सं.	दर	मिति(वि.सं)	दस्तखत	
१	रू. १०००	२०२६	यादवप्रसाद पन्त-	श्री ५ महेन्द्रको तस्वीर
२	रू. ५००	२०२८	यादवप्रसाद पन्त-	श्री ५ महेन्द्रको तस्वीर
३	रू. ५०	२०३४	कुलेशेखर शर्मा-	श्री ५ वीरेन्द्र
४	रू. २	२०३८	कल्याणविक्रम अधिकारी -	" "
५	रू. २०	२०३९	कल्याणविक्रम अधिकारी-	" "
६	रू. २५०	२०५३	सत्येन्द्रप्यारा श्रेष्ठ -	" "
७	रू. २५	२०५३	सत्येन्द्रप्यारा श्रेष्ठ -	" "

माथि उल्लेखित नोटहरूमध्ये रूपैयाँ २५० दरका नोट श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारको गद्दीआरोहण रजत महोत्सवको शुभउपलक्ष्यमा संस्मरणात्मक नोट निष्काशन गरिएको हो । ने.रा.बैं.को सूचना अनुसार यो लगायत रूपैयाँ १, २ र २५ दरका नोटहरू पनि आगामी दिनहरूमा पुनः निष्काशन नहुने जनाएको छ । रूपैयाँ २, २५ र २५० को नोट अब उप्रान्त निष्काशन नहुने हुँदा हालसम्म निष्काशित भएका नोटहरू मध्ये यी नोटहरूमा श्री ५ वीरेन्द्रको मात्र तस्वीर अङ्कित छ, जुन नोट निष्काशनको इतिहासमा एक विशेषताकै रूपमा लिन सकिन्छ । त्यसै गरी मौसुफको शासनकालमा नै विभिन्न ११ दरका नोटमा पटकपटक डिजाइनहरू परिवर्तन हुँदै जम्मा ६५ थरीका नोटहरू निष्काशन भै प्रचलनमा रहेको पाउँछौं भने सङ्कलनका दृष्टिकोणले कतिपय नोटहरू दुर्लभ पनि भै सकेका छन् । ती सबै खालका कागजी मुद्राका चित्र यस लेखको परिशिष्ठमा हेर्न सकिन्छ ।

●

नेपाल राष्ट्र बैंक
रुपैयाँ एक सय
रुपैयाँ पचास
रुपैयाँ पाँच सय
SPECIMEN

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. १ दरका नोटहरू

यी नोटहरूको अग्र भागमा नीलो रङको पृष्ठभूमिमा श्री ५ विरेन्द्रको राजकीय जङ्गी पोसाक पहिरिवक्सेको तस्विरका साथै आराध्य देव श्री पशुपतिनाथको मन्दिर तथा बसाहा चित्र अङ्कित छ। पृष्ठभागमा आमाडव्लम हिमाल, पृष्ठभूमिमा कस्तूरी मृगको भाले पोथी दौडेको चित्र अङ्कित छ। यी नोटहरूको साइज १०७X७० मि.मि. छ।



क्रमिक नं. : क/१ देखि क/७१
दस्तखत : कुलशेखर शर्मा



क्रमिक नं. : क/७२ देखि ख/२४
दस्तखत : कल्याणविक्रम अधिकारी



क्रमिक नं. : क/७२ र क/२५ देखि ग/४
दस्तखत : गणेशवहादुर थापा



क्रमिक नं. : क/७२ र ग/५ देखि ग/४४
दस्तखत : हरिशंकर त्रिपाठी

तलका दुई नोटहरूमा श्री ५ वीरेन्द्रको राजकीय जङ्गी पोसाकसहितको तस्विरको वदलामा
श्रीपेच पहिरिवक्सेको तस्बिर अङ्कित छ।



क्रमिक नं. : ग/४५ देखि ग/८५
दस्तखत : हरिशंकर त्रिपाठी



क्रमिक नं. : ग/८६ देखि घ/१००
क/१ देखि क/३८
दस्तखत : सत्येन्द्र प्यारा श्रेष्ठ

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. २ दरका नोटहरू

यी नोटहरूको अग्र भागमा हरियो रङ्को पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको राजकीय पोसाक पहिरिबक्सेको तस्विरका साथमा साँखुको बज्रयोगिनी मन्दिरको साथै कलात्मक वुट्टाहरू अङ्कित छन् । पृष्ठभागमा ढड्डीको (घाँसे) पृष्ठभूमिमा कालो रङको टाटेपाटे चितुवाको चित्र अङ्कित छन् । यी नोटहरूको साइज ११५X७० मि.मि. छ ।


श्री नेपाल राष्ट्र बैंक
२
रूपैयाँ दुइ
तुरुन्त पाइनेछ
गभर्नर
७२४५४८

क्रमिक नं. : क/१ देखि क/३१
दस्तखत : कल्याणविक्रम अधिकारी


श्री नेपाल राष्ट्र बैंक
२
रूपैयाँ दुइ
तुरुन्त पाइनेछ
गभर्नर
७३५१३५

क्रमिक नं. : क/३१ देखि क/६१
दस्तखत : कल्याणविक्रम अधिकारी

यस नोटदेखि रुपैयाँ लेखेको अङ्क २ लाई परिवर्तन गरी दाहिनेतिर सारेर जालिदार वुट्टामाथि सारिएको छ ।


श्री नेपाल राष्ट्र बैंक
२
रूपैयाँ दुइ
तुरुन्त पाइनेछ
गभर्नर
२७६६३३

क्रमिक नं. : क/३१ र क/६२ देखि ख/३१
दस्तखत : गणेशबहादुर थापा


श्री नेपाल राष्ट्र बैंक
२
रूपैयाँ दुइ
तुरुन्त पाइनेछ
गभर्नर
५०३६२६

क्रमिक नं. : ख/३२ देखि ख/९२
दस्तखत : हरिशंकर त्रिपाठी


श्री नेपाल राष्ट्र बैंक
२
रूपैयाँ दुइ
गभर्नर

क्रमिक नं. : ख/९२ देखि घ/२३
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


श्री नेपाल राष्ट्र बैंक
२
रूपैयाँ दुइ
गभर्नर
६५५०१७

क्रमिक नं. : घ/२५ देखि घ/४४
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. ५ दरका नोटहरू

यी नोटहरूको अग्र भागमा कलेजी रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको राजकीय जङ्गी पोसाक पहिरिवक्सेको तस्विरका साथै काठमाडौंको तलेजु भवानी मन्दिरको साथै कलात्मक बुट्टाहरू अङ्कित छ। पृष्ठभागमा आमाडव्लम हिमालको पृष्ठभूमिमा एकजोडी चौंरी चरिरहेको चित्र अङ्कित छ। यी नोटहरूको साइज १२२X७० मि.मि. छ।


५
नेपाल राष्ट्र बैंक
5
रुपैयाँ पाँच

क्रमिक नं. : क/१ देखि क/५०
दस्तखत : कुलशेखर शर्मा


५
नेपाल राष्ट्र बैंक
5
रुपैयाँ पाँच

क्रमिक नं. : क/५१ देखि क/९०
दस्तखत : कल्याणविक्रम अधिकारी


५
नेपाल राष्ट्र बैंक
5
रुपैयाँ पाँच

क्रमिक नं. : क/९१ देखि ख/१०
दस्तखत : गणेशबहादुर थापा

तलका नोटहरूमा श्री ५ वीरेन्द्रको राजकीय जङ्गी पोसाकसहितको तस्विरको वदलामा श्रीपेच पहिरिवक्सेको तस्विर अङ्कित छ। चौंरीको सट्टामा याकको चित्र अङ्कित छ।


५
नेपाल राष्ट्र बैंक
5
रुपैयाँ पाँच

क्रमिक नं. : ख/११ देखि ग/१
दस्तखत : गणेशबहादुर थापा


५
नेपाल राष्ट्र बैंक
5
रुपैयाँ पाँच

क्रमिक नं. : ग/२ देखि ग/४१
दस्तखत : हरिशंकर त्रिपाठी


५
नेपाल राष्ट्र बैंक
5
रुपैयाँ पाँच

क्रमिक नं. : ग/४३ देखि घ/९६
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


५
नेपाल राष्ट्र बैंक
5
रुपैयाँ पाँच

क्रमिक नं. : घ/९७ देखि ङ/१७
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. १० दरका नोटहरू

यी नोटहरूको अग्रभागमा खैरो र हरियो रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको राजकीय जङ्गी पोसाक पहिरिवक्सेको तस्विरका साथै चाँगुनारायण मन्दिर परिसरभित्रको गरुडको मूर्तिको चित्र अङ्कित छ। पृष्ठभागमा कृष्णसार मृगको जोडी चरिरहेको चित्र अङ्कित छ। यी नोटहरूको साइज १३५X७० मि.मि. छ।


१०
नेपाल राष्ट्र बैंक
10
रुपैयाँ दश

क्रमिक नं. : क/१ देखि क/७५
दस्तखत : कुलशेखर शर्मा


१०
नेपाल राष्ट्र बैंक
10
रुपैयाँ दश

क्रमिक नं. : क/७६ देखि ख/१५
दस्तखत : कल्याणविक्रम अधिकारी


१०
नेपाल राष्ट्र बैंक
10
रुपैयाँ दश

क्रमिक नं. : ख/१६ देखि ख/२५
दस्तखत : गणेशवहादुर थापा

तलका नोटहरूमा श्री ५ वीरेन्द्रको राजकीय जङ्गी पोसाकसहितको तस्विरको वदलामा श्रीपेच पहिरिवक्सेको तस्विर अङ्कित छ। एकजोडी कृष्णसारको सट्टामा दुइवटा उभिएका र एउटा वसेको गरी जम्मा तीनवटा कृष्णसारको चित्र अङ्कित छ।


१०
नेपाल राष्ट्र बैंक
10
रुपैयाँ दश

क्रमिक न. : ख/२६ देखि ग/३५
दस्तखत : गणेशवहादुर थापा


१०
नेपाल राष्ट्र बैंक
10
रुपैयाँ दश

क्रमिक नं. : ग/३६ देखि ग/८६
दस्तखत : हरिशंकर त्रिपाठी


१०
नेपाल राष्ट्र बैंक
10
रुपैयाँ दश

क्रमिक नं. : ग/८७ देखि ङ/९
दस्तखत : सत्यन्द्रप्यारा श्रेष्ठ


१०
नेपाल राष्ट्र बैंक
10
रुपैयाँ दश

क्रमिक नं. : ङ/१० देखि ङ/२९
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. २० दरका नोटहरू

यी नोटहरूको अग्रभागमा सुन्तला रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको श्रीपेचसहितको राजकीय पोसाक पहिरिवक्सेको तस्विरका साथमा पाटनस्थित कृष्णमन्दिरको साथै कलात्मक बुट्टाहरू अङ्कित छन् । पृष्ठभागमा घाँसमा उभिएको जरायो (बान्ह सिङ्गा) को चित्र अङ्कित छ । यी नोटहरूको साइज १३८X७० मि.मि. छ ।


२०
20
श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ बीस

क्रमिक नं. : क/१ देखि क/३०
दस्तखत : कल्याणविक्रम अधिकारी


२०
20
श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ बीस

क्रमिक नं. : क/३१ देखि क/४०
दस्तखत : गणेशवहादुर थापा

तलका नोटहरूमा सेतो किनाराको बदलामा जालीदार बुट्टा रहेको छ । पृष्ठभूमिसमेत सेतोको सट्टा कलात्मक बनाइएको छ ।


२०
20
श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ बीस

क्रमिक नं. : क/४१ देखि क/७१
दस्तखत : गणेशवहादुर थापा


२०
20
श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ बीस
००००४२०

क्रमिक नं. : क/७२ देखि ख/१२
दस्तखत : हरिशंकर त्रिपाठी


२०
20
श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ बीस

क्रमिक नं. : ख/१३ देखि ख/९४
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


२०
20
श्री
नेपाल राष्ट्र बैंक
SPECIMEN
000000

क्रमिक नं. : ख/९५ देखिं ग/१४
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. २५ दरको नोट

यो नोटको अग्रभागमा हल्का खैरो, हरियो र रातो रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको श्रीपेच पहिरिवक्सेको गद्दी आरोहणको अवसरको तस्विर, प्रतिनिधिसभा भवन, हनुमान ढोका दरवारका साथै कलात्मक चित्र अङ्कित छ । पृष्ठभागमा भौगोलिक स्थिति प्रतिबिम्वित हुने गरी माछापुच्छ्रे हिमाल, पहाड र तराईको समतल मैदानमा उभिइरहेको गाईको चित्र अङ्कित छ । यो नोटको साइज १३८X७० मि.मि. छ ।


नेपाल राष्ट्र बैंक
रुपैयाँ पच्चीस

क्रमिक नं. : क/१ देखि क/४१
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. ५० दरका नोटहरू

यी नोटहरूको अग्रभागमा हल्का वैजनी रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको राजकीय जङ्गी पोसाक पहिरिवक्सेको तस्विरका साथमा जनकपुरधामको रामजानकी मन्दिरको चित्रका साथै कलात्मक बुट्टाहरू अङ्कित छन् । पृष्ठभागमा हिमालयको पृष्ठभूमिमा उभिएको खैरो रङको भाले थारको चित्र अङ्कित छ । यी नोटहरूको साइज १४२X७० मि.मि. छ ।


५०
श्री
नेपाल राष्ट्र बैंक
50
रूपैयाँ पचास
गभर्नर

क्रमिक नं. : क/१ देखि क/१२
दस्तखत : कुलशेखर शर्मा

तलका नोटहरूमा हल्का वैजनी रङको पृष्ठभूमिको सट्टामा नीलो र हरियो पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको राजकीय जङ्गी पोसाकको बदलामा श्रीपेचसहितको राजकीय पोसाक पहिरिवक्सेको तस्विर अङ्कित छ ।


५०
श्री
नेपाल राष्ट्र बैंक
50
रूपैयाँ पचास
गभर्नर

क्रमिक नं. : क/१ देखि क/२०
दस्तखत : कल्याणविक्रम अधिकारी


५०
श्री
नेपाल राष्ट्र बैंक
50
रूपैयाँ पचास
००००0१

क्रमिक नं. : क/२१ देखि क/५१
दस्तखत : गणेशवहादुर थापा


५०
श्री
नेपाल राष्ट्र बैंक
50
रूपैयाँ पचास

क्रमिक नं. : क/५१ देखि क/८१
दस्तखत : हरिशंकर त्रिपाठी


५०
श्री
नेपाल राष्ट्र बैंक
50
रूपैयाँ पचास

क्रमिक नं. : क/८२ देखि ख/५२
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


५०
श्री
नेपाल राष्ट्र बैंक
50
रूपैयाँ पचास

क्रमिक नं. : ख/५४ देखि ख/७३
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. १०० दरका नोटहरू

यी नोटहरूको अग्रभागमा हरियो रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको जङ्गी पोसाक पहिरिबक्सेको तस्विरका साथै सगरमाथा, ल्होत्से र नुप्से हिमशिखरको चित्र र भक्तपुरस्थित पाँचतले मन्दिरको साथै कलात्मक बुट्टाहरू अङ्कित छ। पृष्ठभागमा घाँसे पृष्ठभूमिमा एकसिङ्गे गैंडाको चित्र अङ्कित छ। यी नोटहरूको साइज १४६X७० मि.मि. छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक शय

क्रमिक नं. : क/१ देखि क/१३
दस्तखत : कुलशेखर शर्मा

तलका नोटहरूमा श्री ५ वीरेन्द्रको जङ्गी पोसाक पहिरिबक्सेको तस्विरको बदलामा श्रीपेचसहितको राजकीय पोसाक पहिरिबक्सेको तस्विर अङ्कित छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक शय

क्रमिक नं. : अ/१ देखि अ/१०
दस्तखत : कल्याणविक्रम अधिकारी


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक शय

क्रमिक नं. : अ/११ देखि अ/३०
दस्तखत : कल्याणविक्रम अधिकारी

नोटको नम्बर श्री ५ को तस्विरमाथि रहेकोमा यस नोटदेखि जालीमाथि नम्बर छापी परिवर्तन गरिएको छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक शय

क्रमिक नं. : अ/३१ देखि अ/९१
दस्तखत : गणेशबहादुर थापा


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक शय

क्रमिक नं. : अ/९२ देखि आ/३२
दस्तखत : हरिशंकर त्रिपाठी


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक शय

क्रमिक नं. : आ/३३ देखि इ/२४
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक शय

क्रमिक नं. : इ/२५ देखि इ/४५
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. २५० दरको नोट

यो नोटको अग्रभागमा हल्का नीलो, रातो, हरियो रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको श्रीपेच पहिरिवक्सेको गद्दी आरोहणको अवसरको तस्विर प्रतिनिधिसभा भवन, हनुमान ढोका दरबारका साथै कलात्मक चित्र अङ्कित छ। पृष्ठभागमा भौगोलिक स्थिति प्रतिविम्बित हुने गरी माछापुच्छ्रे हिमाल, पहाड र तराईको समतल मैदानमा उभिइरहेको गाईको चित्र अङ्कित छ। यो नोटको साइज १३८X७० मि.मि. छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ दुई सय पचास
२२८१२५
२२८१२५

क्रमिक नं. : क/१ (पाँच लाखप्रति)
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. ५०० दरका नोटहरू

यी नोटहरूको अग्रभागमा खैरो र प्याजी रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको जङ्गी पोसाक पहिरिवक्सेको तस्विरका साथै आमाडव्लम हिमशिखर र थ्याङबोचे गुम्वा, इन्द्रको मूर्तिका साथै कलात्मक बुट्टाहरू अङ्कित छन्। पृष्ठभागमा एक जोडी बाघको चित्र अङ्कित छ। यी नोटहरूको साइज १५९X७० मि.मि. छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच सय

क्रमिक नं. : क/१
दस्तखत : कुलशेखर शर्मा


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच सय

क्रमिक नं. : क/१
दस्तखत : कल्याणविक्रम अधिकारी

तलका नोटहरूमा श्री ५ वीरेन्द्रको जङ्गी पोसाक पहिरिवक्सेको तस्विरको बदलामा श्रीपेचसहितको राजकीय पोसाक पहिरिवक्सेको तस्विर अङ्कित छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच सय

क्रमिक नं. : क/१ देखि क/२
दस्तखत : कल्याणविक्रम अधिकारी


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच सय

क्रमिक नं. : क/२ देखि क/४
दस्तखत : कल्याणविक्रम अधिकारी

नोटको नम्बर श्री ५ को तस्वीरमाथि रहेकोमा यस नोटदेखि जालीमाथि नम्बर छापी परिवर्तन गरिएको छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच शय

क्रमिक नं. : क/४ देखि क/१४
दस्तखत : गणेशबहादुर थापा


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच शय

क्रमिक नं. : क/१४ देखि क/२९
दस्तखत : हरिशंकर त्रिपाठी


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच शय

क्रमिक नं. : क/२९ देखि क/४९
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच शय
५००
500

क्रमिक नं. : क/४९ देखि क/७९
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ पाँच शय
५००
500

क्रमिक नं. : क/७९ देखि क/९४
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

श्री ५ वीरेन्द्रको तस्बिर अङ्कित रू. १००० दरका नोटहरू

यी नोटहरूको अग्रभागमा हल्का प्याजी, हरियो, खैरो र सुन्तला रङको पृष्ठभूमिमा श्री ५ वीरेन्द्रको जङ्गी पोसाक पहिरिवक्सेको तस्विर र स्वयम्भूनाथको स्तूप, हारती माताको मन्दिर, स-साना स्तूपहरूको चित्र तथा कलात्मक बुट्टाहरू अङ्कित छन्। पृष्ठभागमा रूख र घाँसहरूको पृष्ठभूमिमा मत्ता हात्तीको चित्र अङ्कित छ। यी नोटहरूको साइज १७२X७० मि.मि. छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक हजार
१०००
1000

क्रमिक नं. : क/१ देखि क/६
दस्तखत : कुलशेखर शर्मा

यसमा प्रत्येक क्रमिक नम्बरअन्तर्गत एक लाखप्रति मात्र निष्कासन भएको छ।


श्री
नेपाल राष्ट्र बैंक
रुपैयाँ एक हजार
१०००
1000

क्रमिक नं. : क/६ (एक लाखप्रति मात्र)
दस्तखत : कल्याणविक्रम अधिकारी

तलका नोटहरूमा श्री ५ वीरेन्द्रको जङ्गी पोसाक पहिरिवक्सेको तस्विरको बदलामा श्रीपेचसहितको राजकीय पोसाक पहिरिवक्सेको तस्विर अङ्कित छ ।


श्री
नेपाल राष्ट्र बैंक
रूपैयाँ एक हजार
१000
1000

क्रमिक नं. : क/६ देखि क/७
दस्तखत : कल्याणविक्रम अधिकारी


श्री
नेपाल राष्ट्र बैंक
रूपैयाँ एक हजार
१000
1000

क्रमिक नं. : क/७ देखि क/९
दस्तखत : कल्याणविक्रम अधिकारी

नोटको नम्वर श्री ५ को तस्विर माथि रहेकोमा यस नोटदेखि जालीमाथि नम्वर छापी परिवर्तन गरिएको छ ।


श्री
नेपाल राष्ट्र बैंक
रूपैयाँ एक हजार
१000
1000

क्रमिक न. : क/९ देखि क/१९
दस्तखत : गणेशवहादुर थापा


श्री
नेपाल राष्ट्र बैंक
रूपैयाँ एक हजार
१000
1000

क्रमिक्र नं. : क/१९ देखि क/३४
दस्तखत : हरिशंकर त्रिपाठी


श्री
नेपाल राष्ट्र बैंक
रूपैयाँ एक हजार
१000
1000

क्रमिक नं. : क/३४ देखि क/५४
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


नेपाल राष्ट्र बैंक
एक हजार
१000
२००००००
1000

क्रमिक नं. : क/५४ देखि क/९४
दस्तखत : सत्येन्द्रप्यारा श्रेष्ठ


नेपाल राष्ट्र बैंक
रूपैयाँ एक हजार
१000
1000

क्रमिक नं. : क/९४ देखि ख/९
दस्तखत : दीपेन्द्रपुरुष ढकाल

२०४६ सालको जनआन्दोलन र श्री ५ वीरेन्द्र

● उपप्रा. ज्ञानबहादुर कार्की

विश्व मानचित्रमा सानो ठाउँ ओगटेर विश्वकै सर्वोच्च हिमालयको काखमा आसीन नेपाल प्राचीनकालदेखि नै राजतन्त्रात्मक देशका रूपमा रहँदै आएको छ। यो सानो र मनोरम भूमिमा किरात, लिच्छवि, मल्ल आदि वंशका राजाहरूले शासन गरे। शाहवंशीय राजाहरूले पनि आधुनिक नेपालको निर्माणपूर्वदेखि नै शासन सञ्चालन गर्दै आइरहेका छन्। आधुनिक नेपालको निर्माणमा शाह राजाहरूको विशेष योगदान रहेको छ। यस क्रममा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नाम अग्रस्थानमा आउँछ। यही वंशमा श्री ५ महेन्द्रको राजउत्तराधिकारीका रूपमा २०२८ सालमा गद्दीनसीन होइबक्सेका राजा श्री ५ वीरेन्द्रको नेपालको प्रजातान्त्रिक इतिहासमा अत्यन्त महत्त्वपूर्ण स्थान रहेको छ। मौसुफ सरकारको राज्यकालमा नेपालको इतिहासमै सबैभन्दा ठूलो जनआन्दोलन २०४६ सालमा भएको थियो। प्रस्तुत लेखमा निर्दलीय पञ्चायत व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनःस्थापनाको लक्ष्य लिई २०४६ साल फागुन ७ गतेदेखि अगाडि बढाइएको जनआन्दोलनका सन्दर्भमा राजा श्री ५ वीरेन्द्रको दृष्टिकोण कस्तो थियो भन्ने बारेमा सङ्क्षेपमा प्रकाश पार्ने प्रयास गरिएको छ।

२०१७ साल पौष १ गते तत्कालीन निर्वाचित संसद् र मन्त्रीमण्डल श्री ५ महेन्द्रबाट विघटन भएपछि नेपालमा दलविहीन राजनीतिक व्यवस्थाका रूपमा पञ्चायत व्यवस्थाको स्थापना भएको थियो। विशेषतः नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका विभिन्न समूहहरू सो व्यवस्थाका विरुद्धमा पञ्चायत व्यवस्था विद्यमान रहेसम्म नै क्रियाशील रहिरहे। त्यस व्यवस्थाका विरुद्धमा भएका अनेकौं सशस्त्र तथा निशस्त्र संघर्षहरू असफल सावित भएका थिए। यिनै संघर्षहरूका क्रममा २०३६ सालको विद्यार्थीआन्दोलन पनि एउटा बहुचर्चित आन्दोलनको रूपमा रहेको थियो। विद्यार्थीआन्दोलन राजनीतिक आन्दोलनका रूपमा विकसित हुने सम्भावनालाई मध्यनजर गरी राजनीतिक व्यवस्थाका सन्दर्भमा जनचाहना बुझ्ने उद्देश्यले २०३६ साल जेष्ठ १० गते "के हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ? अथवा त्यसको बदला बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ?" भनी श्री ५ वीरेन्द्रबाट जनमतसङ्ग्रहको घोषणा गरिबक्सेको थियो।[1] यस घोषणाबाट जनमतसङ्ग्रहको दौरानमा बहुमत जनताले पञ्चायत व्यवस्थाको विरुद्धमा मतदान गरेको अवस्थामा पञ्चायत व्यवस्थाको विकल्पमा बहुदलीय व्यवस्था स्थापना हुनसक्ने निश्चित थियो। यसर्थ सामान्य आन्दोलनकै क्रममा राजनीतिक व्यवस्थाका सन्दर्भमा जनचाहना बुझ्न खोज्नु वास्तवमा श्री ५ वीरेन्द्रको ठूलो उदारवादी राजनीतिक कदम थियो। राजनीतिक व्यवस्थाको परिवर्तन जनमतसङ्ग्रहमार्फत गर्न पाइने व्यवस्था संसारमै विरलै उपलब्ध हुन्छ, जुन श्री ५ वीरेन्द्रको २०३६ जेष्ठ १० गतेको घोषणाले नेपालमा उपलब्ध भएको थियो। जनमतसङ्ग्रहको परिणामअनुसार बहुदलवादी शक्ति पराजित भयो यद्यपि बहुदलीय व्यवस्थाका हिमायतीहरू पञ्चायत व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनःस्थापना गर्ने लक्ष्य केन्द्रित गरी अगाडि बढ्दै गए। यसै क्रममा २०४६ साल माघ ५-७ सम्म भएको नेपाली

कांग्रेसको राष्ट्रिय सम्मेलनको निष्कर्षस्वरूप २०४६ साल फागुन ७ गतेदेखि पञ्चायत व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको पुनःस्थापनाका लागि जनआन्दोलन आरम्भ गरिनेछ र यो नेपाली कांग्रेसको निर्णायक र अन्तिम आन्दोलन हुनेछ भनी आन्दोलनको घोषणा गरियो ।[२] जनआन्दोलनको घोषणालाई सातवटा कम्युनिष्ट पार्टीका समूहहरूबाट गठन भएको 'संयुक्त वाममोर्चा' ले पनि स्वीकार गर्‍यो र निश्चित कार्यक्रमहरूका साथ २०४६ साल फागुन ७ गतेदेखि चैत्र २६ गतेसम्म ५० दिन पञ्चायत व्यवस्थाका विरुद्धमा आन्दोलन भयो । चैत्र २६ गते राति राजा श्री ५ वीरेन्द्र र आन्दोलनकारी नेताहरूका बीचमा विचारविमर्श भयो र राजनीतिक दलहरूमाथि २०१७ सालदेखि लागिरहेको प्रतिबन्ध हटाइएको घोषणा भयो । यसरी मुलुकमा बहुदलीय व्यवस्थाको पुनःस्थापना भएको थियो ।

२०४६ सालको जनआन्दोलनका सन्दर्भमा श्री ५ वीरेन्द्रको दृष्टिकोणलाई प्रस्तुत गर्ने क्रममा मौसुफबाट व्यक्त विचारहरूलाई यहाँ प्रस्तुत गरिएको छ । जनआन्दोलनको घडीमा मौसुफबाट तत्कालीन व्यवस्थाको विश्लेषण गर्दै २०४६ साल फागुन ७ गतेको सन्देश, चैत्र ३ गतेको सम्बोधन, चैत्र २४ गतेको शाही घोषणा र चैत्र २६ गतेको राजदरबारको विज्ञप्ति गरी चार पटकसम्म आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरिबक्सेको थियो, जुन निम्नानुसार छन्-

२०४६ साल फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा श्री ५ वीरेन्द्रबाट बक्सेको सन्देशमा हुकुम भएको थियो-

"…..राष्ट्रिय जनमतसङ्ग्रहबाट अनुमोदित देशको आवश्यकताअनुरूप यो व्यवस्था निश्चय पनि जन इच्छाअनुकूल भएको कुरा प्रमाणित भइसकेको छ । बहुमतको कदर गर्ने परम्परा प्रजातान्त्रिक संस्कार हो । प्रजातान्त्रिक परिपाटीअनुसार राजनीतिक व्यक्तिहरूले अधिकारको सदुपयोग गर्ने र जिम्मेवारी बोक्दै बहुमतको कदर गर्ने आचरणको पनि विकास गर्दै जानुपर्दछ ।"[३]

यस्तै गरी श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट पश्चिमाञ्चल क्षेत्रको अनौपचारिक भ्रमणको सिलसिलामा २०४६ चैत्र ३ गते पोखरामा आयोजित क्षेत्रीय पञ्चयालीमा बक्सेको सम्बोधनमा हुकुम भएको थियो- "…..हाम्रो राजनीतिक परम्परामा लोकसम्मति नै राजनीतिक प्रणालीको आधार मानिएकाले राष्ट्रिय जनमतसङ्ग्रहद्वारा जनताको निर्णयअनुरूप पञ्चायत व्यवस्था कायम रहेको तथ्य सबैलाई थाहै छ । लोकसम्मति अनुरूप विगतका अनुभवहरू सँगाली आगामी दिनहरूमा जनताको इच्छा र आकांक्षा पूरा गर्न सक्षम हुँदै जान सक्नु नै पञ्चायत व्यवस्थाको गतिशीलता हो । त्यसैले बितेका तीन दशकभित्र हामीले यस व्यवस्थामा समयोचित सुधार गर्दै आएका छौं र आउँदा दिनहरूमा पनि नेपालीका चाहना अनुकूल सुधार गर्ने क्रम जारी नै रहनेछ ।"[४]

२०४६ साल फागुन ७ गतेको श्री ५ वीरेन्द्रको सन्देश र चैत्र ३ गतेको सम्बोधनमा जनमत सङ्ग्रहद्वारा अनुमोदित पञ्चायत व्यवस्था भएकाले बहुमतको कदर गर्नुपर्ने तथा त्यस व्यवस्थामा समयोचित तथा जनचाहना अनुकूलको सुधार गर्ने कुरा उल्लेख गरिएको थियो । अर्कातिर २०४६ साल फागुन ७ गतेदेखि नै पञ्चायत व्यवस्थाका विरुद्ध पूर्वघोषित तथा बहुप्रचारित जनआन्दोलन शुरु भएको र त्यो पूर्वघोषित तथा बहुप्रचारित आन्दोलन भए तापनि आन्दोलनका क्रममा बहुसंख्यक जनता सडकमा उत्रिएको अवस्था भने थिएन । यसको अर्थ आन्दोलन भएको थिएन भन्ने होइन । काठमाडौं उपत्यका, चितवन, जनकपुर, झापा आदि क्षेत्रहरू विशेष आन्दोलित भए तापनि आन्दोलनको शुरुवातको तुलनामा पछिल्ला दिनहरूमा ती क्षेत्रहरूमा समेत बिस्तारै आन्दोलन शिथिल हुँदै गइरहेको थियो । ग्रामीण क्षेत्रहरूमा आन्दोलनको असर खासै देखिएको थिएन र विशेषतः आन्दोलन कतिपय शहरी स्थानहरूमा मात्रै केन्द्रित थियो । मानसिक रूपमा जनआन्दोलन निकै अगाडि बढेको भए तापनि सडकमा प्रदर्शनका क्रममा त्यस रूपमा प्रस्तुत हुन सकेन ।

जनआन्दोलन सरकारी नियन्त्रणभन्दा बाहिर जान सकेको पनि थिएन । यस्तो अवस्थामा तत्काल राजा श्री ५ वीरेन्द्रलाई बहुदलीय व्यवस्थाको घोषणा गरिहाल्ने स्थितिको विकास भएको महसुस भएन । फेरि विपक्षी शक्तिहरू विद्यमान राजनीतिक व्यवस्थाको अन्त्यको माग लिएर सडकमा उत्रनासाथ तत्कालै व्यवस्था परिवर्तन गरिहाल्ने भन्ने कुरा पनि भएन, यद्यपि आन्दोलन भने सानोठूलो रूपमा निरन्तर नै चलिरहेको थियो । २०४६ सालको चैत्रको तेस्रो हप्तासँगसँगै विशेषतः काठमाडौं उपत्यकामा आन्दोलनको असर देखिन थाल्यो । स्कुल, क्याम्पसहरू अधिकांश रूपमा बन्द हुन थाले ।[५] श्री ५ को सरकारले डाँक तथा तार वा टेलिफोन, यातायात सेवा, हवाइअड्डा आदि सेवाका कर्मचारीहरूले हडताल गर्न नपाउने निर्देशन जारी गर्‍यो ।[६] श्री ५ को सरकारबाट जारी गरिएको यो विशेष निर्देशनले आन्दोलनको प्रभाव अति विस्तारित अवस्थामा पुग्न लागेको आभास भयो । २०४६ चैत्र २० सम्म पुग्दा पाटन र कीर्तिपुरका जनताले आ-आफ्ना स्थानलाई मुक्त क्षेत्रसमेत घोषणा गरेका थिए[७] भने अर्कातिर ती क्षेत्रहरूमा प्रहरीको नियन्त्रण नै प्रायः शून्य भएको थियो ।[८]

काठमाडौं उपत्यकामा जनआन्दोलन विस्तारै विकसित हुँदै अगाडि बढेपछि मोफसलका क्षेत्रहरूमा पनि आन्दोलनको प्रभाव बढ्न थाल्यो । अन्तर्राष्ट्रिय परिवेश पनि बहुदलीय व्यवस्थाको पक्षधर भएको कारण श्री ५ को सरकारले आफ्नो पक्षमा अन्तर्राष्ट्रिय समर्थन जुटाउन सकेको पनि थिएन । परराष्ट्रमन्त्री शैलेन्द्रकमार उपाध्याय, राजसभाका सदस्य केदारमान व्यथित, रा. पं. स. डी. पी. अधिकारी आदि व्यक्तिहरूले सरकारी नीतिप्रति असहमति जनाउँदै आ-आफ्नो पदबाट राजीनामा पनि चढाइसकेका थिए भने सहायक मन्त्री केशवकुमार बुढाथोकीलाई पदको मर्यादाविपरीत काम गरेको आरोपमा बर्खास्त गरिएको थियो ।[९] पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसहित ४० जना रा.पं. स. हरूले जनआन्दोलनको शुरुवातसँगै "हिंसा र मुठभेडको स्थितिबाट कुनै उपलब्धि हासिल हुन सक्दैन, राजनीतिक समस्याको समाधान राजनीतिक तरिकाबाट नै खोजिनुपर्छ, हामी प्रजातन्त्रविकासका लागि प्रतिबद्ध छौं"[१०] भनी सरकारी नीतिसँग असहमति जनाइसकेका थिए । पञ्चायती व्यवस्थामा सुधार हुनुपर्छ भनी व्यक्त गरेका पञ्चहरूको भावनालाई श्री ५ को सरकारले वास्ता नगरेको हुनाले आजको स्थितिको विकास भएको हो भन्ने विचारहरू पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाले व्यक्त गर्दै आएका थिए ।[११] अर्कातिर मरिचमान सिंहको नेतृत्वमा रहेको सत्ताधारी पक्ष आन्दोलनकारीहरूलाई राजनीतिक शक्ति मान्न तयार नै थिएन र 'मुट्ठीभर तत्त्व' तथा 'अराष्ट्रिय तत्त्व' को संज्ञा दिँदै आन्दोलन दमन गर्न नै केन्द्रित थियो । यस्तो स्थितिमा परिस्थिति गम्भीर बनिसकेको आत्मबोध राजालाई भयो । त्यो स्वाभाविकै पनि थियो किनभने आन्दोलनका क्रममा मरिचमानसिंह श्रेष्ठको नेतृत्वमा रहेको सरकारले जनविश्वास गुमाइसकेको थियो र त्यसलाई जनसहानुभूति भने पटक्कै थिएन । अतः यस सरकारले समस्याको उपयुक्त निकास दिन सक्दैन भन्ने कुरा राजा श्री ५ वीरेन्द्रले महसुस गरिबक्स्यो र चैत्र २४, २०४६ मा राष्ट्रका नाममा शाही घोषणा बक्स भयो ।

"....देशमा शान्ति सुरक्षा र अमनचैन कायम राख्नुपर्नेमा सो कुरा वर्तमान मन्त्रिपरिषद्ले गर्न नसकी जनधनको क्षति भएकाले नेपालको संविधानबमोजिम वर्तमान मन्त्रिपरिषद्लाई विघटन गरिबक्सेका छौं । देशमा उत्पन्न भएको यस विशेष परिस्थितिको सन्दर्भमा ... माननीय श्री लोकेन्द्रबहादुर चन्दलाई मन्त्रिपरिषद्को गठन गर्न अह्राइबक्सेका छौं । यस मन्त्रिपरिषद्ले विभिन्न राजनीतिक विचारधारा राख्ने व्यक्तिहरूसँग वार्ता पनि गर्नेछ । राष्ट्रिय पञ्चायतको अधिवेशन पनि बोलाइनेछ । कुनै पनि राजनीतिक व्यवस्था स्वयंमा साध्य नभई जनताको हक, हित र उन्नतिका लागि स्थापित साधनमात्र हुने भएको र जनइच्छालाई नै हाम्रो राजनीतिक प्रणालीको आधार मान्ने परम्परा भएकाले नेपालीको चाहनाअनुसार के कस्तो राजनीतिक सुधारहरू हुनुपर्छ भन्ने कुराको सुझाव हाम्रा हजुरमा पेश गर्नका लागि हामीबाट छिट्टै एक संविधान सुधार आयोग गठन गरिबक्सने भएका छौं । विगत केही समय यता देशका विभिन्न भागमा घटेका घटनाबाट हुन गएको जनधनको क्षतिबारे छानविन गरी प्रतिवेदन पेश गर्न एक जाँच आयोगको पनि गठन गरिनेछ ।"[१२]

शाहीघोषणामा मरिचमान सिंह श्रेष्ठको नेतृत्वमा रहेको मन्त्रिपरिषद् विघटन गरी लोकेन्द्रबहादुर चन्दलाई मन्त्रिपरिषद् गठन गर्न हुकुम भएको, विभिन्न राजनीतिक विचारधारा राख्ने व्यक्तिहरूसँग पनि वार्ता गर्ने जिम्मा लोकेन्द्रबहादुर चन्दलाई दिइबक्सेको, राष्ट्रिय पञ्चायतको अधिवेशन बोलाउने तथा नेपालीको चाहनाअनुसार के कस्तो राजनीतिक सुधार गर्ने भन्ने सन्दर्भमा संविधान सुधार सुझाव आयोग गठन गर्ने जस्ता कुराहरू उल्लेख गरिएका थिए । यस शाहीघोषणामा तत्काल समसामयिक स्थितिमा महत्त्वपूर्ण कुराहरू उल्लेख गरिएका भए तापनि आन्दोलनकारी शक्ति र जनताले समेत सो शाहीघोषणालाई सकारात्मक रूपमा लिएनन् । आन्दोलनकारी शक्तिको प्रभाववृद्धिको कारण जनता पनि बहुदलीय व्यवस्था घोषणाको प्रतीक्षामा थिए । अतः यो शाहीघोषणा सत्तापक्षको हारको सूचक हो भन्ने भावना जनतामा आयो । परिणामस्वरूप काठमाडौं उपत्यका, जनकपुर, बुटवल आदि ठाउँहरूमा बहुदलीय व्यवस्थाको पक्षमा विशाल जनप्रदर्शनहरू भए । भनिन्छ, त्यस दिन काठमाडौंमा लगभग तीन लाख मानिसहरू सडकमा उत्रिएका थिए ।[१३] जनआन्दोलन शुरु भएदेखि देशका विभिन्न भागहरूमा करिब ४० जना मानिसहरू मारिइसकेका, प्रहरीलगायत करिब २४०० मानिसहरू जनआन्दोलनको क्रममा घाइते भइसकेका[१४] तथा हजारौं मानिसहरू गिरफ्तार भइसकेका थिए । चैत्र २४ को काठमाडौंको विशाल जनप्रदर्शनपश्चात् स्थितिको गाम्भीर्यलाई महसुस गरी चैत्र २५ गते बिहानबाटै सरकारले 'कर्फ्यू' लगायो र नेपाली कांग्रेस तथा संयुक्त वाममोर्चाका नेताहरूसँग भेटघाट गरी आपसी समझदारीको वातावरण बनाई चैत्र २६ गते बेलुका श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह तथा आन्दोलनकारी नेताका चार जना प्रतिनिधिहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, साहना प्रधान र राधाकृष्ण मैनालीका बीचमा राजदरबारमा सौहार्दपूर्ण वातावरणमा वार्ता सम्पन्न भयो र राति ११:१० बजेतिर राजदरबारको विज्ञप्ति रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रसारित भयो । यो विज्ञप्ति नेपालको राजनीतिक इतिहासमा एक ऐतिहासिक महत्त्व बोकेको विज्ञप्ति थियो । सो ऐतिहासिक विज्ञप्ति यस प्रकार छ-

“श्री ५ महाराजाधिराजबाट लोकसम्मतिमा आधारित राजनीतिक परम्परा र प्रजातन्त्रको आदर्शलाई नै व्यवस्थाको मूल आधार मानी समयसमयमा राजनीतिक सुधार गरिबक्सँदै आएको कुरा सबैमा विदितै छ । आजको अन्तर्राष्ट्रिय वातावरण र नेपालीहरूको एकतालाई समेत विचार गरी नेपालीहरूकै वर्तमान चाहनाअनुसार नेपालको संविधान २०१९ मा रहेको ‘दलविहीन’ शब्दलाई हटाई तदनुसार समाजका विभिन्न विचारधारा प्रतिविम्बित हुने गरी “संविधान सुधार सुझाव आयोग” ले सुझाव लिई मौसुफका हजुरमा प्रतिवेदन जाहेर गर्नेछ । साथै नेपालमा हाल लागिरहेको दलमाथिको प्रतिबन्ध पनि हटाइबक्सेको छ ।”[१५]

२०४६ साल चैत्र २६ को वार्तापूर्व श्री ५ वीरेन्द्रको निकटस्थहरूसँग कुराकानीका क्रममा उनीहरू र राजाको दृष्टिकोण यस्तो भएको पाइन्छ-

२०४६ सालमा बहुदलीय प्रजातन्त्रको घोषणा हुनुअघि जनमतसङ्ग्रहले निर्णय गरेको व्यवस्थालाई काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्र भएको विरोधलाई हेरेर व्यवस्था नै परिवर्तन गर्न उपयुक्त हुँदैन कि भन्ने विचार मौसुफमा जाहेर भइरहेका थिए । मौसुफबाट त्यसबेला “हाम्रो शासनपद्धतिको विशेषता नै लोक सम्मतिलाई लिएर समयअनुसार चल्नु हो । जनताको अहिलेको चाहना बहुदलीय प्रजातन्त्रमा छ भने के भो त ? संसारका धेरै देशमा यो व्यवस्था चलेको छ । नेताहरूले देश र जनताको विकास र भलाइ बहुदलीय व्यवस्थाबाटै गर्छन् भने गरून् । नेपालीहरू आपसमा झगडा गरी मर्नुहुँदैन” भनी आफ्नो धारणा राखिबक्स्यो ।[१६]

यसरी २०४६ सालको जनआन्दोलन र श्री ५ वीरेन्द्रको दृष्टिकोणको सन्दर्भमा चर्चा गर्दा स्पष्ट रूपमा उपर्युक्त आधारहरूमा के अनुभूति गर्न सकिन्छ भने जबसम्म जनताको सानो स्वरले निर्दलीय पञ्चायत व्यवस्थाको विकल्पमा बहुदलीय व्यवस्थाको खोजी गरिरहेको थियो तबसम्म राजाले जनअनुमोदित भनिएको बहुमत जनताको मौन समर्थन देखिएको पञ्चायत व्यवस्थालाई नै साथ दिइबक्सेको थियो तर जब काठमाडौं उपत्यकालगायत देशका विविध स्थानहरूमा बहुदलीय व्यवस्थाको पक्षमा विशाल जनसमर्थनको लहर देखा पर्‍यो तब राजाले त्यस जनचाहनालाई कदर गरिबक्सियो । राजा वीरेन्द्रको महानता तथा उदारता त्यस घडीमा प्रष्ट भयो । अन्यथा तत्कालीन परिस्थितिको विकास कुन रूपले अगाडि बद्दथ्यो त्यसको अहिले कल्पना नगरौं । यति हुँदाहुँदै पनि पञ्चायत व्यवस्थाको अन्त्य भने भएको थिएन । यस्तो अवस्थामा आन्दोलनकारी शक्तिले राष्ट्रिय पञ्चायत, मन्त्रिपरिषद्, जिल्लादेखि गाउँ तहसम्मका पञ्चायतका निकायहरू विघटन गर्ने माग गरेको[१७] र प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको सिफारिसका आधारमा २०४७ वैशाख ३ गते पुनः अर्को शाहीघोषणामार्फत राष्ट्रिय पञ्चायत, पञ्चायत नीति तथा जाँचबुझ समिति र वर्गीय सङ्गठनहरूसमेत विघटन गरी प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको राजीनामा स्वीकार गरिबक्सी अर्को व्यवस्था नभएसम्म मुलुकको दैनिक कार्यभार सम्हाल्न यसै मन्त्रिपरिषद्लाई तोकिबक्सेका छौं[१८] भनी पञ्चायत व्यवस्थाको पूर्ण अन्त्य भएको स्पष्ट पारियो । आन्दोलनकारी शक्तिको चाहनाअनुसार नै २०४७ वैशाख ६ गते श्री ५ वीरेन्द्रबाट नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा अन्तरिम मन्त्रिमण्डलको पनि गठन गरिबक्सेको घोषणा भयो ।[१९] यसरी पञ्चायत व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाको साथै अन्तरिम मन्त्रिमण्डलको पनि गठन हुन पुग्यो ।

निष्कर्षमा भन्नुपर्दा तत्कालीन निर्दलीय पञ्चायत व्यवस्था परिवर्तनको क्रममा श्री ५ वीरेन्द्रबाट परिस्थितिको गाम्भीर्यलाई महसुस गरी जनचाहनालाई आत्मसात् गरेर उदारवादी प्रजातान्त्रिक दृष्टिकोण अवलम्बन गरिबक्सी पञ्चायत व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनःस्थापना भएको घोषणा गरिबक्सेको हो । बहुदलीय व्यवस्थाको स्थापनापछि तत्कालीन प्रधानन्यायाधीशको अध्यक्षतामा विभिन्न राजनीतिक व्यक्तित्वहरूबाट नयाँ संविधान निर्माणको क्रम शुरु भयो र २०४७ साल कार्तिक २३ गते श्री ५ वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा भयो । त्यस परिवर्तित परिस्थितिमा मौसुफले सर्वशक्तिसम्पन्न राजतन्त्रबाट संवैधानिक राजतन्त्र पनि स्वीकार गरिबक्सियो र सोही आधारमा जीवनपर्यन्त आफूलाई राखिबक्स्यो । यसर्थ श्री ५ वीरेन्द्रवीरविक्रम शाह जनचाहनाअनुकूल शासन गर्ने राजा होइबक्सन्थ्यो भन्ने प्रमाणित हुन्छ । श्री ५ वीरेन्द्रको मूल्याङ्कन गर्दै एक राजनीतिक नेताले भनेका छन्- “२०४६ सालको जनआन्दोलनबाट राजनीतिक क्षेत्रमा ठूलो उपलब्धि हासिल भयो । यस क्रममा श्री ५ वीरेन्द्रको उच्च मूल्याङ्कन गर्नुपर्छ । त्यसबेला श्री ५ वीरेन्द्रबाट जनताको भावनाको कदर गरिबक्सेको हो”[२०] जुन अत्यन्त यथार्थपरक छ । विडम्बना भनौं मौसुफ सरकार आज हाम्रो बीचमा होइबक्सन्न । २०५८ जेष्ठ १९ गते नारायणहिटी राजदरबारमा भएको दुःखद घटनामा मौसुफ सरकारको स्वर्गारोहण भयो । नेपालको प्रजातान्त्रिक इतिहासमा नेपाली जनताका बीचमा राजा वीरेन्द्र सदा स्मरणीय रहिबक्सनेछ ।

इतिहास तथा संस्कृति विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

सन्दर्भ-सूची

१. श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू(२०२८-२०३८) खण्ड १, काठमाडौं : श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग २०५३, पृ.३०७ ।
२. घनेन्द्रपुरुष ढकाल, जनआन्दोलन: २०४६, ललितपुर, भूपेन्द्रपुरुष ढकाल २०४९, पृ. ४४ ।
३. श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू (२०४४-५३) खण्ड ३, काठमाडौं : श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग २०५३, पृ.११० ।
४. ऐजन, पृ. ११२ ।
५. डा. सूर्यमणि अधिकारी, नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास, नयाँ दिल्ली : निराला पब्लिकेसन २०५५, पृ. ३६५ ।
६. गोरखापत्र, २०४६ चैत्र १८ ।
७. अधिकारी, पूर्ववत्, पादटिप्पणी नं. ५, पृ. ३६६-६९ ।
८. ऐजन ।
९. ऐजन, पृ. ३५१ ।
१०. गोरखापत्र, २०५६ फागुन ११ ।
११. गोरखापत्र, २०४६ चैत्र २ ।
१२. श्री ५..., पूर्ववत्, पादटिप्पणी नं. ३, पृ.११३ ।
१३. ऋषिकेश शाह, पोलिटिक्स इन नेपाल (१९८०-९१), न्यू दिल्ली : मनोहर पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स १९९३, पृ.२०८ ।
१४. मल्लिक आयोगको प्रतिवेदन र अन्य सामग्रीहरू, काठमाडौं : इन्हुरेड इन्टरनेसनल, अन्तर्राष्ट्रिय मानव अधिकार, वातावरण तथा विकास प्रतिष्ठान २०५१, पृ. अनुसूचीहरू ।
१५. श्री ५ ....पूर्ववत्, पादटिप्पणी नं. ३, पृ. ११४ ।
१६. रेवतीरमण खनाल, "देश शोकमा डुबेको बेला स्व. राजाको सम्झना", गोरखापत्र, २०५८, असार २ ।
१७. अन्तर्राष्ट्रिय मञ्च, नेपालसम्बन्धी वार्षिक अङ्क २०४७, वर्ष ६, अङ्क ४५, पृ. २७ ।
१८ गोरखापत्र, २०४६ वैशाख ४ ।
१९ अधिकारी, पूर्ववत् पादटिप्पणी नं. ५, पृ. ३९३ ।
२०. माधवकुमार नेपाल "नेपालमा संवैधानिक राजतन्त्र र श्री ५ वीरेन्द्र" बुधबार साप्ताहिक, २०५८ जेष्ठ २४ ।

शान्तिकामी राजाको अवसान र शान्तिक्षेत्रमा व्यवधान

● *ज्ञानमणि नेपाल*

इतिहासको अध्ययन गर्दै आउँदा विभिन्न कालखण्डमा अनेक किसिमका अनौठा अप्रत्याशित घटनाहरू पढ्न, सुन्न पाइन्छन् । ती घटनाहरूमा कति अतिसुमधुर मनमा उत्साह दिने खालका हुन्छन् भने, कति चाहिँ दारुण क्रूर बीभत्स हुने हुँदा अतिकटु, पीडाकष्ट दिने, मन दुखाइरहने रुवाउने खालका हुन्छन् । यस्तै एउटा अति क्रूर बीभत्स घटना गत वि.सं. २०५८ जेठ १९ गते शुक्रबार राति घट्न आयो, जुन घटना बिर्सन पनि नसकिने सम्झँदा पनि सहन नसकिने मनलाई चसक्क नदुखाई नछोड्ने थियो । त्यसले नेपालीलाई त के भनौं सुन्ने जति सबै अरूलाई पनि नझस्काई छोडेन, नरुवाइ छाडेन । यो थियो गद्दीनसीन राजा वीरेन्द्र र उनको परिवार र वंशै उच्छेद गर्ने नारायणहिटी राजदरवारमा घटेको क्रूर हत्याकाण्ड । यस कालरात्रिमा घटेको दारुण नारायणहिटी पर्वमा परी देहान्त हुने राजासहित राजपरिवारका सदस्यहरूको संख्या दश थियो ।

युद्धमा, विद्रोहमा, षड्यन्त्रमा, परी राजाको अन्त्य छत्रभङ्ग भएको घटना त विश्वमा कति हो कति छन् । तिनको लेखाजोखा गर्नु कता हो कता परिभ्राट नै पर्छ । नेपालको इतिहासकै परिप्रेक्ष्यमा पनि अन्यान्य वंशका राजाहरू राज्यच्यूत भएका, निर्वासित भएका र प्राण हरिएका घटना पनि नभएका होइनन् । कति युद्धमा, कति गृहकलहमा, कति षड्यन्त्रमै परी गद्दीनसीन राजाहरूको विनाशको कथा कैयौं इतिहासका पानामा अङ्कित नभएका होइनन्, परन्तु गोर्खाली शाहवंशको करिब चार सय वर्षको इतिहासमा चाहिँ गद्दीनसीन राजा र राजपरिवार एकैधाम पारेर निर्मम हत्या भएको अनन्य असाधारण यो घटना पहिलो नै हो । यसभन्दा अघि गोरखाली शाह राजा गद्दीनसीन अवस्थामा यसरी अकस्मात् काटिएका गोली ठोकेर मारिएका थिएनन् । अघि वि.सं. १८६३ मा स्वामी राजा रणबहादुर शाह गृहकलहमा आफ्नै भाइ शेरबहादुरको हातबाट मारिएका थिए । यिनी राजगद्दीमा सानो नाबालक छोरालाई राखेर आफू जोगी भएर बसेका थिए । जोगी राजाको निर्मम हत्यापर्वमा धेरै भाइ भारदारले, महिलापुरुषहरूले ज्यान गुमाउनु पर्‍यो । पाल्पाका राजा भाइसमेत यसै पर्वमा मुछेर मारिए । यस पर्वले नेपालअधिराज्यको अत्यन्त क्षति पुर्‍यायो । त्यसको पीडा अहिलेसम्म नेपाली जनताले भोगिरहनुपरेको छ । यस भन्दा पहिले नेपाल राष्ट्रको एकीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याउने अर्थात् गोरखादेखि यमुनासम्म नेपालराज्य बनाउने काम गरेका नेपालका सपूत राष्ट्रियविभूति राजकुमार बहादुर शाह पनि यस्तै रातको समयमा थुनामै मारिएका थिए । अघि गोरखाराज्यमै छँदा दाजुभाइमा ठटचाक ठुटुक पर्दा विरक्तिएका राजकुमार रणदुर्लभ शाहले आफ्नै कोठामा आफैं पासो लागेर झुण्डिएर प्राण छोडेका थिए । (उनी मरेको दरबारको लङ अहिलेसम्म बन्दा बन्दी गरेर राखिएको छ ।) यी थिए शाहवंशको गोरखाली नायब मुख्तियार राजकुमारहरू मारिएका र मरेका घटना । अरू राजाका भाइ छोराहरू कति तलमाथि कुरो पर्दा निकालिएका, थुनिएका घटना नभएका होइनन् तापनि गद्दीनसीन राजा मारिएकै घटना चाहिँ यही नारायणहिटीपर्वको नै सर्वप्रथम हो । हुन त नेपालको इतिहास रक्तरञ्जित नै छ भन्दा हुन्छ । नायव बहादुर शाह विशेष गरेर नायब स्वामी रणबहादुर

शाह मारिएर थापावंशको शासन शुरु भएपछि नेपालका दुर्दिन प्रारम्भ भएका हुन् । सुगौली सन्धिपछि त नेपालको इतिहासमा 'सत्ययुग' सकिएर 'कलियुग' लागेसरह हुँदै भयो । पछि कोतपर्वमा थापाकालमा घटेका घटना पाँडेपर्वमा परी बचेका पुराना भाइभारदारलाई निमासाङली पारेर जङ्गबहादुरले राणाशासनको सूत्रपात गरे । राणाशासनमा राजालाई श्री ५ को रूपमा सिंहासनमै सीमित पारेर र जनतालाई राजकाजको कुराबाट अलग्याएर स्वयम् राणाजीहरूले नै श्री ३ को चाँद पहिरेर सर्वेसर्वा भएर शासन गर्न लागे तापनि यिनमा आपसमै भित्रभित्र राजसत्ताका लागि लुछाचुँडी चाहिँ कम भएन ।

यही नारायणहिटी राजदरबारमा श्री ३ महाराज रणोद्दीप सिंह राज भएको बेला श्री ३ का विरुद्धमा श्री ५ सरकारतर्फ लागेर विद्रोह गर्न लागे भनेर पुराना भारदारका छोराहरू दर्जनौंका संख्यामा काटेर मारिएका थिए । यो २०३८ सालपर्वका नामले चिनिन्छ । हाल नारायणहिटी पर्व घटेको ११६ वर्ष पहिले यसै दरबारमा २०४२ साल पर्व पर्‍यो । यसमा श्री ३ रणोद्दीप सिंह उनकै भतिजाहरूद्वारा गोली ठोकेर मारिएका थिए । अरू कैयौं दाजुभाइ भतिजाहरू मारिए, देश निकाला गरिए ।

यो २०४२ सालपर्वपछि जङ्गबहादुरले स्थापना गरेको राणाराज्यमा उनैका सन्तान र अरू भाइका सन्तान पनि पाखा लागे, कान्छाभाइ धीरशम्शेरका सन्तानहरूकै एकलौटी शासन सत्ता हात लाग्यो । त्यसपछि भने विश्वपरिस्थितिले गर्दा भाइभारदार आपसमा काटिहाल्ने मारिहाल्ने जस्ता घटना त कम भए, परन्तु सत्ताका लागि भित्रभित्रै सङ्घर्ष चाहिँ रोकिएनन् । यसैले दाजु वीरशम्शेरले श्री ३ कै रोलमा आउन लागेका भाइ खड्गशम्शेरलाई निकालिदिएर श्री ३ को गद्दीमै आसीन दाजु देवशम्शेरलाई चन्द्रशम्शेरले बलैले सत्ताच्यूत गरिदिए । यसको बत्तीसवर्षपछि राणावंशमै कुलीनताको आधार लिई श्री ३ को गद्दीको हकदारहरूमा बखेडा उठाई रोलवाला राणाजीहरू बिनारक्तपात निर्वासित गरिए । सन्तानब्बे साल, सात साल र सत्रसाल त्यसपछि पनि विद्रोहमा आन्दोलनमा परी धेरै जनताका छोराहरू नमारिएका होइनन् मारिदै छन् तापनि नेपालको आधुनिक शाहवंशको इतिहासमा गद्दीनसीन श्री ५ महाराजाधिराजको वंश नै उच्छेद हुने गरी मारिएको यो घटना पहिलो भने पनि अनौठो भने पनि एकमात्र हो भन्दा हुन्छ ।

जेसुकै भए पनि जन्मेपछि प्राणीमात्रले मरेर जानैपर्छ । यो ध्रुव सत्य हो । असामयिक निधन हुनु, अकारण मारिनु, व्यर्थहिंसा हुनु यो चाहिँ शोकको विषय हो र कहिल्यै नबिर्सने पीडा पनि हो । मरेर जाने मानिसको पाञ्चभौतिक शरीर त रहँदैन नै, तर उसका सद्गुण सुविचार, परोपकारी कर्मले गर्दा कीर्तिचाहिँ कालान्तरसम्म रहिरहन्छ । संसारमा मानिसको रहने कुराचाहिँ कुकर्मको फल अपकीर्ति र सत्कर्मको फल सुकीर्ति नै हो ।

बितेर गएका महापुरूषहरूको स्मरण गर्नु, श्रद्धा गर्नु भनेको उनले गरेर गएका दुर्गुणको परित्याग र सद्गुण सद्विचारको ग्रहण गर्नु नै हो । इतिहासबाट पाठ सिक्नु भनेकै यही हो । जसले अथवा जुन देशले इतिहासबाट पाठ सिक्दैन, त्यस देशको उन्नति, समृद्धि पनि हुन गाह्रो छ । यसैले बितेका असल वा खराब घटनाबाट असल पुरुषका चरित्रबाट मानिसले पाठ सिक्नै पर्छ । दिवङ्गत व्यक्तिको स्मरण गर्नु भनेको नै त्यसका लागि हो । पाठ नसिक्ने हो भने यसको केही अर्थ रहँदैन ।

राजा वीरेन्द्रको सम्झना गर्दा सौम्य, सुशिक्षित, मृदुभाषी, भलाद्मी, उदारमना, प्रजातन्त्र- प्रेमी, विशेषतः शान्तिकामी राजाका रूपमा नेपाली जनताले झुराइरहेका छन् र रहनेछन् । पञ्चायतकालमा प्रमाण परिबन्दले राजा वीरन्द्रको छवि विशेष प्रकारले धमिलोपन छाएको थियो तापनि जनआकांक्षालाई अनुगमन गरी देशमा प्रजातन्त्रको बहाली गरेर संवैधानिक राजाको रूपमा रहेपछि भने बितेका एघार वर्षमा राजाको छवि स्वराष्ट्रमा र सार्वलौकिक क्षेत्रमा पनि धेरै राम्रोसँग उजेलिदै आएको थियो । राजसंस्थाको गरिमा बढिरहेको थियो । देशको शासनमा जनता नै सर्वोपरि हो भन्ने सिद्धान्तको स्थापना गरी राजसंस्थालाई संवैधानिक बनाउनु राजा वीरेन्द्रको सर्वोत्तम देन थियो । आफ्नो राज्याभिषेकको उपलक्ष्यमा आमन्त्रित भएर आएका पचासौं विदेशी पाहुनाहरूका समक्ष नेपाललाई शान्तिक्षेत्र बनाइराख्ने उद्देश्यले प्रस्ताव राख्नु स्वर्गीय राजाको अर्को विशिष्ट देन थियो । यो सुझबुझपूर्ण कार्य थियो । नेपाललाई सार्वभौम स्वतन्त्र राष्ट्रको रूपमा बनाइराख्न पनि यो प्रस्ताव अनिवार्य र आवश्यक पनि थियो । यहाँ नेपाललाई सधैं शान्तिक्षेत्र बनाइराख्न यस प्रस्तावको आवश्यक र अनिवार्यताको बारेका विचार गर्न डेढ सय वर्ष अघिदेखिको नेपालको इतिहासमा विदेशनीतिको सिंहावलोकन गर्नु उपयुक्त हुन्छ ।

नेपाल राष्ट्रनिर्माता पृथ्वीनारायण शाह, राजकुमार बहादुर शाह र दामोदर पाँडे, अमरसिंह थापाजस्ता भारदारहरूको कथनी र करणीको अनुसरण गर्न छाडेका एकीकरणको अनुभवविहीन आलाकाँचा नवयुवकको हातमा विशाल नेपालको शासन भार आएको हुनाले षाड्गुण्यको चाल चल्न नजान्दा विदेशी नीतिमा खलल पर्‍यो । बलवान् हुँदै आएको ब्रिटिस शक्तिसँग युद्ध भयो । युद्धमा नराम्रोसँग हार हुँदा ७० वर्ष लगाएर गोर्खाली राजाप्रजाको ठूलो परिश्रमले आर्जेको विशाल नेपालको अङ्गभङ्गमात्र भएन, हीनसन्धिमा जकडिनु पनि पर्‍यो । एक्कासि देशवासीको उत्साह उमङ्गमा ठेस लाग्यो, जोस जाँगर सेलाउन थाल्यो, खुला आकाशमा

कावा खाँदै उडिरहने पंक्षीका प्वाँख लुछिएर उचाइमा उड्न अशक्त गराइयो । नेपाललाई कहिल्यै निको नहुने ठूलो चोट लाग्न आयो । अहिले दुई सय वर्ष हुन लाग्यो, तैपनि यस चोटले दुःख दिइरहेछ ।

नेपाल हिमाल, पहाड र समतल भूमियुक्त सुन्दर शान्त देश भनिए पनि समुद्रसँग जाने मार्ग नभएको भूपरिवेष्ठित राष्ट्र हुँदा यसको अन्यान्य देशसँग सम्बन्ध बाँड्न ब्रिटिस भारतकै स्थलमार्ग उपयोग गर्नुपर्थ्यो । अब त्यसमा पनि ब्रिटिस सरकारका पनि बिना बुझै अरू देशसँग सम्बन्ध बाँध्न पनि नपाइने, विदेशीसँग सम्पर्क गर्न पनि नहुने भयो र अङ्ग्रेज रेजिडेन्स राजधानीमै आएर बसेपछि र नेपालको अघि बढ्ने अभिलाषामा पनि तुषारापात भयो । उत्तरतर्फ भोटचीनसँग नेपालको परापूर्व- कालदेखि सम्बन्ध थियो, व्यापारव्यवहार चलेको थियो । त्यसमा अङ्ग्रेज सरकारका गृद्धदृष्टि परिरहेको थियो । भोटसँग व्यापार आफ्नो हात पार्न उसले हरतरहको प्रयास जारी राखेको थियो । भोटसँगको व्यापारबाट नेपाललाई ठूलो समृद्धि मिलेको थियो । त्यसैले यस व्यापारमा अङ्ग्रेजको हात पर्न नदिन नेपाल पनि सदासचेत रहेको थियो । भोट चीनसँग सहायता लिएर अङ्ग्रेजले लिएको आफ्नो जमिन फिर्ता लिने उद्योग गरिरहेको थियो । चीनसँग नेपालको पुरानो सम्बन्धलाई ब्रिटिस सरकारले कहिल्यै राम्रो दृष्टिले हेरेन । यस सम्बन्धलाई छुटाउन पनि उसले भित्रभित्रै प्रयास गरिरह्यो ।

भीमसेन थापाको पतनपछि नेपालले यस कुरामा तीव्रता ल्यायो । त्यस सिलसिलामा एकपटक राम नगरमा आक्रमण गर्दा उल्टै गङ्गापारका राजा रजौटासँग पनि नेपालले सम्बन्ध बाँध्न चिठीपत्र पठाउन पनि अङ्ग्रेजका बिना अनुमति नपाउने भयो तैपनि नेपालले हार मानेको थिएन । कहिले मुस्ताङ राज्य भोटलाई दिने र ताक्लाखार साट्ने त्यसबाट नेपालको समृद्धि बढाउने कुरा सोच्यो, कहिले सुखीम र भुटानको उत्तरतर्फको भोटको जग्गा जग्गै दिएर साटेर अङ्ग्रेजलाई उत्तरतर्फ बाटो खोल्न अप्ठ्यारो पारेर भोटव्यापारमा आँच आउन नदिने कुरा सोच्यो । पहिले सुखीमले र भोटको मानेका अर्ति मान्ने र त्यसमा नेपालको प्रभुता कायम गर्न अङ्ग्रेज सरकारसँगै अनुरोध गर्थ्यो तर यी कुनै कुरामा सफलता नमिलेपछि जङ्गबहादुरले अङ्ग्रेज र चीन बादशाहसँग सन्तुलन मिलाई भोटसँग युद्ध गरी आफ्ना सर्त स्वीकार गराई व्यापारको एकाधिकारलाई अझ खम्बीर गराएर उता अङ्ग्रेज सरकारसँग द्वैधनीति अख्तियार गरी ऊसँग मिलेर उसैलाई मद्दत दिएरै भीमसेन थापाकै पालामा गुमेका केही जग्गा फिर्ता गराएर देशमा लागेको चोटमा अलिकति मलम लगाइदिएँ । अङ्ग्रेजसँग परै बस्नु भन्ने पृथ्वीनारायण शाहको नीतिमा जङ्गबहादुरले न समर्पण न विरोधको नीति अपनाए र द्वैधीभावले काम लिए । उनका सेखपछि विशेषतः वीरशम्शेरको उदय भएपछि भने नेपालको विदेशनीति सर्वात्मना ब्रिटिस समर्थनमा चल्न लाग्यो । बडाबाबुलाई मारेर जङ्गबहादुरहरूका सन्तानलाई जबरजस्तीसँग पन्छाएर राज्य आर्जेका हुनाले शम्शेरखलकलाई ब्रिटिसकै विशेष अनुसरण गर्नु आवश्यक पर्न आयो । जङ्गबहादुरले देशको धन विदेस्याउनुहुन्न भनेर आफैँ देशमा थन्क्याएको र थन्क्याउन लागेको धनसम्पत्ति वीरशम्शेरहरूले धमाधम विदेशी बैङ्कमा लगेर बचत बनाए । जङ्गबहादुरले भित्रभित्र रोक्ने बाहिर बाहिर दिए जस्तो देखाउने द्वैधभावले नै अङ्ग्रेजी पल्टनमा नेपाली जवान भरना गर्न नदिइराखेकामा वीरशम्शेरले सम्झौता गरेरै त्यस कुरालाई नियमित गरिदिए । सुखीमबाट आएका शरणार्थीहरूलाई ब्रिटिस सरकारकहाँ सुपुर्दगी गरिदिएर 'शरणको मरण गर्नुहुन्न' भन्ने सामान्य नियमको पनि पालना गर्न सकेनन् । जङ्गबहादुरका पालामा पाइराखेको सम्मान सलामीसम्म पनि अङ्ग्रेज सरकारबाट वीरशम्शेरले पाउन सकेनन् । 'मेरा दाजु अङ्ग्रेजसरकारले गरेको अपमान बोधले गर्दा नै चाँडै परलोकवासी बनेका हुन्' भनेर स्वयम् चन्द्रशम्शेरले बोलेका थिए । चन्द्रशम्शेरले पनि नेपाललाई भारतीय रजौटाहरूको दर्जामा राखेकामा त विरोध जनाएका थिए । स्वतन्त्र सार्वभौम सत्तासम्पन्न राष्ट्राध्यक्षलाई दर्जामा सुहाउँदो सम्मान नेपालका श्री ५ लाई दिन नचाहेको, नेपालमा रहने अङ्ग्रेजप्रतिनिधिलाई राजदूत (एम्ब्यासडर) को दर्जा दिन नमानेको, नेपालले अरू राष्ट्रसँग दौत्यसम्बन्ध बाँध्न प्रतिबन्ध लाएको, व्यापारमा एकाधिकार पाएको आफ्ना आश्रयमा रहेको भोटमा बलैले चढाइ गरी सुखीमतर्फबाट व्यापार खुलाएको आदि अङ्ग्रेजका कारवाहीले चन्द्रशम्शेर विचलित त बनेका थिए, खिन्नता जाहेर गरेका थिए तापनि अङ्ग्रेजको सहायता गर्न चुकेका पनि थिएनन् । प्रथमविश्वयुद्धमा अङ्ग्रेजको सहायता यङ्गहज्बैण्डको भोट अभियानमा उनले सेनाबाहेक अरू सबै सहयोग दिएका थिए । खातिर पठाएको नेपाली जवानहरूको धेरै रगत बगेपछि सल्लैले चन्द्रशम्शेरले सन्धि फेर्ने चेष्टामा प्रमुखता दिए । धेरै वर्षको प्रयासपछि र उता भारतमा स्वतन्त्रता अन्दोलनको प्रभाव बढेपछि ब्रिटिस सरकार नेपालसँगको सन्धि संशोधन गर्न सहमत भयो । १९८० मा गरिएको संशोधनबाट नेपालले सम्प्रभुतासम्पन्न स्वतन्त्र राष्ट्रको सम्मान पायो र अन्यान्य देशसँग सन्धिसम्झौता गर्न पनि सक्ने भयो, परन्तु सुरक्षासाधन सम्बन्धलाई चाहिँ भारतसँग परामर्श लिनुपर्ने प्रावधानचाहिँ यथावत् कायम रह्यो ।

वि.सं. २००४ मा भारत स्वतन्त्र भयो । अङ्ग्रेजी शासनबाट भारतमुक्त भएपछि नेपालका राणाशासनको पनि

आधारशिला हल्लियो । राणाशासन अङ्ग्रेज साम्राज्यको आडमा नै टिकेको थियो । अब उसले स्वतन्त्र भारतसँग पनि उस्तै सम्बन्ध कायम गरेर टिकिरहने योजना अनुरूप भारतसँग सन्धि पुनःनवीकरण गर्न सहमत भयो । परन्तु सन्धि गरेको छ महिनाभित्रै नेपालमा राजाप्रजा सम्मिलित आन्दोलनबाट राणाशासन समाप्त भयो र प्रजातान्त्रिक शासनको प्रादुर्भाव भयो । जे भए पनि नेपालसँगको सम्बन्ध ब्रिटिससरकारले कायम गरिआएको लिकबाट पर गएन । फरक कति पर्‍यो भने राणाकालमा एकजना प्राइम्मिनिष्टरसँग सम्बन्ध बाँध्दा आफ्नै अनुकूल कार्य पर्थ्यो भने अब भारतसरकारले नेपालका शासनमा रहेका र बाहिर विरोधमा रहेका नेतासँग पनि राम्रो सम्वन्ध कायम गर्नुपर्ने भयो । यसले गर्दा विदेशी हस्तक्षेप बढी हुन लाग्यो । ७ सालपछिको भारतसँगको सम्बन्ध हेर्दा कोतपर्व अघिको इतिहासको सम्झना हुन आउँछ । उसबेला राजारानी, युवराज तथा भाइभारदारहरूमा पनि एक आपसमा जुध्न र एकपक्षलाई गिराउने अर्को पक्षलाई उचाल्ने खेल अङ्ग्रेज रेजिडेन्टले खेलेका थिए । अहिले पनि त्यही रोगले सताउन लाग्यो । २००७ सालपछि स्थायी सरकार नबन्नुमा उक्त कूटनीति नै कारण थियो भनिन्छ, र सरकार टिकाउ हुनलाई दिल्लीको सुदृष्टि पर्नुपर्छ भन्ने भावना फैलिएको थियो । प्रथम आमचुनावपछिको सरकार सुस्थिर हुन्छ भन्ने सम्झिएको थियो, परन्तु सो पनि डेढ वर्षमै बलैले भङ्ग गरियो र २००४ सालमा पद्मशम्शेरले लागू गर्न खोजिएको पञ्चायती शासन कायम गरियो ।

भारतमा निर्वासित प्रजातान्त्रिक नेताहरूको आह्वानमा पञ्चायतविरोधी भावना प्रबल हुँदै थियो, उता चीनसँग भारतको सीमाविवादले उग्ररूप लिइरहेको थियो । यस्तै परिस्थितिमा प्रजातान्त्रिक शासन चलेदेखि नै २००७ सालको मोहनशम्शेरले गरेको भारतसँगको शान्ति मैत्री सन्धि संशोधन हुनुपर्छ भन्ने आवाज उठिरहेकामा उल्टै पञ्चायती शासनलाई सुस्थिर पार्न भारतको सुदृष्टि लिन वि.सं. २०२२ मा ऊसँग २००७ सालको सन्धिलाई अझ खम्बीर पार्ने खालको सम्झौता गरियो ।

राजा वीरेन्द्र सिंहासनारूढ भएताका विशाल भारतको राजनीतिक हस्तक्षेप छिमेकी देशमा प्रबल रूपले बढिरहेको थियो । पश्चिम पाकिस्तानबाट पूर्वी पाकिस्तान छुट्याएर स्वतन्त्र बङ्गलादेश बनाउनमा भारतले प्रमुख भूमिका खेलेको थियो भने सानो हिमाली राज्य सुखिमलाई भारतीय सङ्घीय शासनअन्तर्गत पारिदै थियो । यस्तो अवस्थामा सार्वभौम स्वतन्त्रतासम्पन्न नेपालले पनि आफ्नो अस्तित्व, अस्मिता बचाइराख्न केही न केही कार्य नगरी नहुने अनुभव हुन लागिरहेको थियो । यही परिप्रेक्ष्यलाई हृदयङ्गम गरेपछिमात्र राजा वीरेन्द्रको शान्तिक्षेत्र प्रस्तावको मर्म र महिमा बुझिन सक्छ । यस प्रस्तावमा राजा वीरेन्द्रको राजनीतिक चातुर्य लुकेको पाइन्छ । नेपालका लागि यो अतिआवश्यक पनि छ । यो प्रस्ताव स्वीकृत भएको खण्डमा नेपाल भारत सन्धिका परम्परागत मान्यता र सानो ठूलोको भावनालाई पनि मेटाई सर्वतन्त्र स्वतन्त्रताको परिधिस्थितिको सिर्जना हुने थियो । यसरी हेर्दा सुझबुझपूर्ण यस प्रस्तावले नेपालको सम्प्रभूतायुक्त अस्तित्वलाई जोगाइराख्ने र अस्मिता पनि बढाइराख्ने थियो ।

नेपालको यस प्रस्तावलाई विश्वका एकसय सोह्र राष्ट्रहरूले क्रमशः समर्थन जनाइदिए । भारतले यस प्रस्तावलाई कुनै महत्त्वै राखेन र समर्थन पनि जनाएन । प्रत्युत समर्थन जनाइसकेको त्यसबेला महाशक्तिको रूपमा चिनिएको रुस सरकारले आफ्नो समर्थन भारतको आग्रहलाई हार्न नसकी फिर्ता लियो । यसबाट भारतको नेपालप्रतिको हेर्ने दृष्टि नियत पनि स्पष्ट जाहेर हुन्छ किनभने यो शान्तिक्षेत्र प्रस्ताव स्वीकृत गरिदिएको खण्डमा ७ सालको शान्ति मैत्री नामको सन्धि, २२ सालको सम्झौता पनि स्वतः निष्क्रिय भइजाने र नेपालसँग पञ्चशीलको आधारमा शक्तिराष्ट्र सरहको सन्धिसम्झौता गर्नुपर्ने स्थिति सिर्जना हुने थियो । यही रहस्य बुझेर नै उसले यस प्रस्तावमा ध्यान दिएन, आलेटाले गरेरै टारिदियो । आफ्ना छिमेकीलाई आफ्नो समर्थक बनाइराख्ने, प्रतिकूल हुन लागेमा आफूखुसी चल्न थालेमा विभिन्न बाधाव्यवधान खडा गरिदिने उसको भित्री चाल करिब दुई सय वर्ष अघिदेखि नै चलिआएको छ । आफ्नो छिमेकी विपन्न राष्ट्रप्रति सम्पन्न ठूलो राष्ट्रले उदारता देखाउनुपर्नेमा त्यस्तो गन्ध पनि आएको भान हुन्न । २००७ सालदेखिकै इतिहास हेर्दा पनि यही कुरा प्रत्यक्ष देखिन आउँछ । कोशीसम्झौता गण्डकी सम्झौता प्रत्यक्ष उदाहरण छन्, जसबाट नेपालको भन्दा कैयौं गुण बढी फाइदा भारतले लिइराखेको छ ।

पछि पनि नेपालका असीमित अमूल्य प्राकृतिक स्रोत साधनमा जलसम्पदामा भारतले आफै हकदैया चल्छ जस्तो व्यवहार देखाएको छ । आफ्नो हात माथि पर्ने आफूलाई बढी लाभ हुने विकास कार्यमा मात्र उसले चासो बढ्ता देखाएको कुराको प्रमाण अरुणयोजनालाई निस्फल तुल्याई अनेक परिपञ्च मिलाएर नेपाललाई बढी लाभ नहुने महाकाली नदीको बाँधसम्बन्धी सन्धि गराएकोबाट पनि स्पष्ट हुन्छ ।

भूपरिवेष्ठित नेपालले समुद्रसँगको मार्ग अब्याहत गतिले भोग गर्न पाउनुपर्नेमा सो मार्ग दिएजस्तो, उपयोग गरेजस्तो गरेपनि अहिलेसम्म त्यसबाट नेपालले लाभ लिन सकेको छैन । व्यापार सन्धिको खिचलो कहिल्यै समाप्त हुँदैन । बीचबीचमा आइपरिरहने यस्ता बाधा व्यवधानहरूले नेपालको व्यापार घाटा

दिन प्रतिदिन बढिरहेकै छ । मेचीको सिमाना विवाद ब्रिटिसकै पालामा वि.सं. १८९६ मै गभर्नर जनरलले टुङ्गो लाइदिएर लट्ठा गाडिएकामा डेढसय वर्षपछि अहिले विवाद उठाएर नेपालको भूमि अतिक्रमण गर्ने काम भइरहेछ । कृत्रिम महाकाली नदी नामकरण गरेर वास्तव मूल महाकाली नदीवारिको जग्गा हड्पेर लाने काम भइरहेछ । पशुपति नगरदेखि महाकाली नदीसम्म सयौं ठाउँमा सीमा विवाद उठाइराखेका छन् । जनस्तरमा जतिसुकै सुमधुर स्नेह सम्बन्ध भए पनि मुखले जतिसुकै असल हितैषी छिमेकी भनेर बखानेपनि राजनीतिक रूपले शासकीय सम्बन्ध व्यवहार नेपालसँग भारतको राम्रो समीचीन युग सुहाउँदो हुन सकेको छैन । शान्तिक्षेत्रको प्रस्ताव स्वीकार नगर्नु त यही भित्री रहस्य थियो भने असमान सुगौली सन्धि बलवान् शक्तिराष्ट्रको रूपमा उदाएको अङ्ग्रेजी साम्राज्यले नेपाललाई सकसमा पारेर उसका अङ्गभङ्ग गरेर गरिएको र त्यसैका आधारमा नवीकरण हुँदै आएको २००७ सालको सन्धिलाई संशोधन गरी पञ्चशीलको आधारमा समानताको भावनाले सौहार्दपूर्वक भारतसँग सन्धि गर्ने दिन खोइ कहिले आउला ? प्रत्युत त्यसमा अनेक वाधाव्यवधान नै खडा गराइराखेको छ ।

शान्तिक्षेत्रकै कुरा गर्दा यहाँ एउटा कुरा उल्लेख गरिनै पर्नेछ । त्यसबेला यो प्रस्ताव अति ठूलो हाउभाउले प्रचारप्रसार गरियो । सानाठूला गरी ११६ राष्ट्रले समर्थन पनि दिए । समर्थक राष्ट्रहरूले यो उपयुक्त रहस्य बुझेरै दिए होलान् । यो रहस्य बुझेरै भारतले यस शान्तिक्षेत्र प्रस्तावमा समर्थन नजनाएको हो भन्ने कुरामा त शङ्कै छैन । यो त उसले आफ्नै स्वार्थ हेरेर कदम चाल्यो । इतिहासमा कुन चाहिँ परराष्ट्रको राष्ट्रको भलो हुने कुरा निःस्वार्थ भावनाले गरेको छ र ? उसले पनि गरिदेओस् भनेर हामीले आशा गर्ने र गरिदिएन भनेर मन दुखाउने ? यो ऐतिहासिक रहस्य बुझ्नु पर्ने कुरामात्र हो ।

परन्तु कुरो भइदियो यहाँ बिल्कुल उल्टो । श्री ५ वीरेन्द्रबाट राखेको यो शान्तिक्षेत्र प्रस्ताव प्रजातन्त्रवादीहरूलाई दबाएर पञ्चायती व्यवस्थालाई सदाका लागि सुस्थिर र सुदृढ पार्ने भित्री अभिप्रायले पञ्चनेताकै सरसल्लाहबाट ल्याइएको हो, यो प्रस्ताव स्वीकृत भइदियो भने कालान्तरसम्म पञ्चायती व्यवस्था कायम रहिरहनेछ र प्रजातन्त्र सदाका लागि विस्थापित भइरहनेछ भन्ने प्रचार तीव्र गतिले भइदियो । यसमा भारतीय कुटनीतिज्ञहरूको पनि ठूलो हात थियो । उसले प्रयोग गरिएका कतिपय सन्नीपुरूषहरूले पनि यसलाई बढाइचढाइ गरेर प्रचार गरिदिएका थिए । यसबाट भारतीय शासकलाई पनि खुदै भयो । आफूले शान्तिक्षेत्रको प्रस्ताव स्वीकार नगरेकामा वैधानिकता इमान्दारिता र नेपालप्रतिको सदाशयता नै जनियो । यो अर्घेलो भयो वा गऱ्यो भन्ने कुरा कतैबाट जनिएन, सूचित पनि भएन । वास्तवमा यहाँका शासकवर्गमा परेका नेपालको शासनभार सम्हालेका पञ्चनेताले बुझ्नुपर्ने कुरा थियो । दुर्भाग्य जनतासँग नभिजेका अलोकप्रिय बनेको त्यसबेलाका पञ्चनेताले यो रहस्य कुरा बुझाउन सक्नुपर्थ्यो । यसबाट देशमा हुने लाभको व्याख्या गर्न सक्नुपर्थ्यो, त्यो उनीहरूले गर्न सकेनन्, गोलबोली पाँडेकुराको व्याख्या प्रस्तावको जतिसुकै प्रचार गरेर पनि प्रशंसा गरेर पनि भएन । कि उनीहरूले शान्तिप्रस्तावको रहस्य बुझ्दै बुझेनन् कि बुझेर पनि ठूलै आशत्रासले गर्दा जनतामा यो खुलेर प्रकट गर्न, प्रचार गर्न असमर्थ भए । समर्थक राष्ट्रहरूले पनि परराष्ट्र सम्बन्ध बिग्रने हुँदा भारतले समर्थन नगरेको रहस्य बुझेर नै होला प्रकट गर्न, प्रचार गर्न हिचकिचाए । अब स्वयम् प्रस्तावक श्री ५ महाराजाधिराजले पनि मैले यो शान्तिक्षेत्र प्रस्ताव हाम्रा देशको विदशी नीति यसरी चल्दै आएको यस्तोयस्तो अप्ठ्यारा पार गर्न परेको हुँदा नयाँ परिवेशमा यस प्रस्तावको यो यो महत्त्व छ भनी रहस्य खुलाई व्याख्या गरी प्रचार गर्दै हिड्नु पनि भएन । यस्तै यस्तै व्यवधानले उल्टो बुझाइले गर्दा परिपञ्चमा परी यो प्रस्ताव त्यसै तुहेर गयो । वरिष्ठ केही परराष्ट्रविद्हरूले यस रहस्यलाई हृदयङ्गम गर्न सकेका थिए होलान् तापनि जनताका मन भित्र नपसेको नभित्रेको यो प्रस्ताव संशोधित पञ्चायती संविधानको निर्देशक सिद्धान्तमा राखिएको भएतापनि २०४७ सालको नयाँ संविधानमा यसले स्थान पाएन ।

नेपालमा शान्तिक्षेत्र प्रस्तावको महत्त्व आवश्यक उपयोगिता रहेछ भन्ने कुरा अहिले जनजनका मनमा अनुभव भइरहेको छ । राजादेखि रङ्कसम्म अर्थात् राजाप्रजा सबै अहिले आतङ्क अशान्तिको भूमरीमा पिल्सिरहेका छन् । अरू त के स्वयम् शान्तिक्षेत्रका प्रस्तावक शान्तिकामी राजा वीरेन्द्र, रानी, छोरा, परिवारसहित शान्तिप्रस्ताव राखेको २६ वर्षपछि आएर नेपालको अशान्तिमय वातावरणमा नारायणहिटीको नृशंस बीभत्स हत्याकाण्डमा परी दिवङ्गत भए । जनता पनि अशान्तिको आतङ्करूपी अग्निको ज्वालामा परी पिल्सिरहेका छन् । राजनीतिक प्रतिशोधको भावनाले दिनहुँ मानिसका ज्यान गएका र लुटपिट, कुटपिट, जवरजस्ती बलात्कारका घटनाले कान दुखाइरहेको छ । धेरैजसो स्कुल पाठशाला बन्द छन् । कति त ध्वस्त छन् । विकासको चिह्न मेटिँदा छन् र विकासको गति अवरुद्ध छ । गाउँका युवकहरू लाखौं विदेसिदै छन् । गाउँका गाउँ रित्तिदै छन् । देशमा यस्तो आन्तरिक अव्यवस्था अशान्ति व्याप्त छ । शान्ति सुरक्षाको अभाव छ । उता विदेशबाट शरणार्थीको समूह पनि लाखौंको संख्यामा

ओइरिएर नेपालमिभत्र पसाइदिएको छ। नेपालका लागि साँप्रो माथि पिँडो थपिदिए जस्तो भइरहेको छ। अहिलेको आतङ्कको विद्रोहको मारमा कुनै न कुनै रूपले नपरेका नेपाली कमै होलान्।

यसरी नेपालको आन्तरिक शक्तिलाई कमजोर बनाएर यसको अस्मितामा पनि आँच पार्न र राष्ट्रियतामा खलल पार्न खोज्ने विदेशी शक्तिको दुराशयको छनक पाएरै त्यो वेला हिमालको काखमा रहेको शान्त, सुन्दर यस देशको अवस्थालाई यथावत् बचाइराख्ने सदाशयले नै शान्तिक्षेत्रको परिकल्पना गरिएको रहेछ भन्ने कुरा वर्तमान देशको घटनाले छर्लङ्ग देखाइदिएको छ। यसबेला शान्तिकामी राजाको स्मरण भइरहेछ र शान्तिक्षेत्रको व्यवधान खट्किरहेछ।

जबसम्म देशी विदेशी शक्तिलाई उनका विविध चलखेल गतिविधिलाई पनि राम्रोसँग पहिचान गरी नेपालको सबै राष्ट्रिय शक्ति जुरमुराएर उठ्दैन, जबसम्म अत्मवल सङ्घटितरूपले एक भएर यस्ता तत्त्वलाई दुत्कारेर जनसामु ल्याउँदैन र जड पहिल्याएर निमिट्यान्न पारेर फाल्ने प्रयत्न गरिदैन तबसम्म त्यस्ता तत्त्वले बढाएको विषवृक्ष मुना निमोठे पनि हाँगा छिमले पनि सुकेर मासिएर निमिट्यान्न भएर जाँदैन र फेरि फेरि पलाइरहन्छ। जबसम्म त्यस्ता तत्त्वले फैलाएको जालो प्रभावलाई राष्ट्रिय शक्तिले देखेपनि नदेखेजस्तो सुने पनि नसुनेजस्तो गरिरहन्छ, त्यसबेलासम्म सो जालो सो प्रभाव फैलिरहन्छ, सो विषवृक्ष पनि मौलाइरहन्छ। त्यसमा मल हाल्ने गोडमेल गर्ने, संरक्षण गर्ने शक्ति मौजुद रहुन्जेल कसैको केही लाग्दैन।

नेपालको आन्तरिक शक्ति क्षीण पारेर राष्ट्रियतामा आँच पारेर स्वार्थ पट्याउन माहिर पराइ शक्तिको कुचाललाई बेलैमा बुझ्रेर मूल कारण फैलाएर जडै मास्न नसकुन्जेल नेपालीले अनेक किसिमका विखण्डनकारी क्षेत्रीयताका साम्प्रदायि- कताका भ्यौला र विध्वंशकारी आतङ्कका दारुण व्यथा कति हो कति बेहोरिरहनु पर्नेछ। यसकारण राष्ट्रिय मामलामा, परराष्ट्रनीतिका पनि विभिन्न खेमाका विभिन्न सङ्घ सङ्गठनमा आवद्ध नेपालीजनले एकमत भई एकताबद्ध हुनु अत्यन्त जरुरी हुन आउँछ। त्यसो नहुने हो भने त्यस्ता तत्त्वको वढोत्तरी भइरहन्छ। अन्त्यमा एउटा प्रासङ्गिक वैदिक वाङ्मयको सूक्तिको सद्भाव समुद्धृत गरी यस निवन्धको अन्त्य गर्न चाहन्छु। धेरै टाढाबाट एउटा कताको हो कता ठूलो गड्गडाहटको आवाज घन्किएर आइरहेछ। सुन्ने सबैको कानको जाली फुट्ला जस्तो भएको छ। त्यस गड्गडाहटको आवाजले अरू थोक गर्ने देख्ने, सुन्ने, बुझ्ने सबै शक्ति क्षीण पारिराखेको छ। त्यसबेला घन्केको ठूलो सो वज्रध्वनिलाई न समाउन सकिन्छ, न रोक्न नै सकिन्छ। त्यस गड्गडाहटको कडा आवाजबाट बच्न कि त ढ्याम्म दुवै कान थुनेर किंकर्तव्यविमूढ वनेर इन्तुनचिन्तु भएर बस्नुपर्‍यो, कि त भाग्दै गएर त्यो घन्केको आवाज नपुग्ने ठाउँमा पुगेर वा लुकेर वस्नुपर्‍यो। यी दुवै उपाय काम लाग्ने हुँदैनन्। साँच्चै सो डरलाग्दा गड्गडाहटको आवाज कहाँबाट उठेको हो? कुन तत्त्वले उठाएको हो भन्ने रहस्य राम्रोसँग पहिचान गरेर त्यसलाई ठावैमा पुगेर च्याप्पै समाउन सक्न पर्‍यो, अथवा मूल जरै निमोठेर घाँटी नै अँठ्याएर आवाज निकाल्नै वन्द गर्नुपर्‍यो, अथवा त्यो कोलाहल मच्चाउने साधनलाई समातेर तहसनहस पारेर ताड्न सक्नुपर्‍यो र मात्रै निचुलो भएर सुखसँग रहन पाइएला, शान्तिसँग रहन बस्न काम गर्न पनि सकिएला।

अहिले हामीले शान्तिको यस मन्त्रलाई अन्तर्मनमा लिनेमात्र होइन, व्यवहारमा कार्यान्वयनमा पनि उतार्नु परमावश्यक भएको छ–

द्यौः शान्तिरन्तरिक्षम् शान्तिः पृथिवी शान्तिः आपः शान्तिः
ओषधयः शान्तिः सर्वम् शान्तिः……सामा शान्तिरेधि शान्तिः।

शिक्षाक्षेत्रको उत्थानमा श्री ५ वीरेन्द्रको योगदान

● डा. टीकाराम पन्थी

"शिक्षाक्षेत्रको उत्थान" भनेको शिक्षाक्षेत्रलाई उठाउने काम हो । स्वयम् उठेकाले अरूलाई उठाउन सक्छ, शिक्षित प्रतिभाशाली विद्वान् नै अरूलाई विद्वान् तुल्याउन समर्थ हुन्छ, अरूको प्रतिभा चिन्न सक्छ । आफूले अत्यधिक अङ्क प्राप्त गरी परीक्षणमा उत्तीर्ण भएको विद्वान् परीक्षक परीक्षार्थीको यथार्थ मूल्याङ्कन गर्न समर्थ हुन्छ । यस्तै- यस्ता परीक्षकद्वारा जाँचिने उत्तरपुस्तिका यथार्थ मूल्याङ्कनभित्र पर्दछन् । यो अनुभवसिद्ध कुरा हो । श्री ५ वीरेन्द्र पूर्णतया शिक्षित, मनीषी, प्रतिभावान् र शिक्षाविद्व्यक्तित्व होइ- बक्सेकाले मौसुफबाट नेपालको शैक्षिक जगत्लाई समुत्थित, विकसित, समुन्नत र समृद्ध तुल्याउने लाघनीय सत्प्रयास हुनु नैसर्गिक कुरा हो । शिक्षाक्षेत्रको समुत्थान विकासको सन्दर्भमा नेपालका विशिष्ट प्राज्ञिक शिक्षित व्यक्तिको परिचय र यथायोग्य कदर मौसुफबाट हुनु पनि स्वाभाविक कुरा हो । वि.सं. २००२ पौष १४ गते राजप्रासादमा उदित श्री ५ वीरेन्द्रको प्रारम्भिक शिक्षा दार्जलिङ्को सेन्ट जोसेफ स्कुलमा सम्पन्न भएको थियो । २०१२ देखि २०१६ सम्म त्यहाँ विद्यालयीय शिक्षा ग्रहणपछि श्री ५ वीरेन्द्र २०१६ सालमा संयुक्त अधिराज्य बेलायतको इटन कलेज सवारी होइबक्स्यो । त्यहाँ पाँच वर्षसम्म अध्ययन गरिबक्सी आधुनिक विज्ञान र प्रविधि विकास, प्राचीन आधुनिक इतिहास आदि शिक्षाको अध्ययन पूरा भएपछि, २०२१ साउनमा त्यहाँबाट फिर्ती सवारी होइबक्सेको थियो । इटन कलेजको अध्ययनकालमा समयसमयमा मौसुफबाट फ्रान्स, जर्मनी, इटली आदि अनेक मुलुकमा भ्रमण गरिबक्सी आफ्नो स्थानीय क्षेत्रलाई विकसित तुल्याइबक्सेको थियो । त्यसपछि २०२४ को वैशाखमा जापानको टोकियो विश्वविद्यालयमा भर्ना होइबक्सी जापानको आधुनिकीकरण तथा समाजकल्याणसम्बन्धी विषयमा चार महिना अध्ययन गरिबक्सी त्यो विश्वविद्यालय छोडिबक्स्यो । त्यसपछि २०२४ सालको भदौमा अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा सवारी होइबक्सी ११ महिना त्यहाँ अध्ययन गरिबक्सेको थियो । त्यहाँ, त्यस अवधिभर मौसुफलाई हेनरी किसिन्जर, डिन प्राइस, कार्ल डचेच, ई. राईसआवर, जोन केनेथ ग्याल्बे जस्ता विख्यात विद्वान् प्राध्यापकहरूबाट सामाजिक शास्त्र, अर्थशास्त्र, जनप्रशासन, विश्वराजनीति आदि विभिन्न विषयको अध्ययन गर्ने सुअवसर प्राप्त भएको थियो । त्यहाँको बसाइपछि मौसुफबाट ल्याटिन अमेरिका, क्यानडा, युरोप, एसिया र अफ्रिकाका धेरै देशहरूको भ्रमण गरिबक्सी लगभग सम्पूर्ण विश्वको राजनीतिक, आर्थिक, सामाजिक अवस्थाबारे यथेष्ट ज्ञान हासिल गरिबक्सेको थियो । त्यसबेला ती भ्रमण गरिएका मुलुकहरूका राष्ट्राध्यक्ष, शासकप्रमुख, विशिष्ट नेता र वरिष्ठ विद्वान्हरूसँग भेटघाट, परिचय गरिबक्सेको थियो । यसप्रकार नेपालका शाहवंश महीपतिहरूमा श्री ५ वीरेन्द्र नै उच्च शिक्षा हासिल गर्ने प्रथम राजा होइबक्सिन्छ । तसर्थ श्री ५ वीरेन्द्र राज्यारूढ होइबक्सेपछि मौसुफको हृदयमा नेपालको शैक्षिक धारालाई समुन्नत, विकसित र समृद्ध तुल्याउने भावना जागृत हुनु नैसर्गिक कुरा हो । श्री ५ वीरेन्द्रको राज्यारोहण कालमा नेपालमा एक मात्र उच्च शिक्षण संस्था त्रिभुवन विश्वविद्यालय थियो । वि.सं. २००५ सालमा राणा प्रधानमन्त्री मोहन शमशेरले 'राष्ट्रिय विश्वविद्यालय' स्थापित

गर्ने घोषणा गरी *"विश्वविद्यालय योजना परिषद्"* को गठन गरे तर त्यो सफल भएन । श्री ५ त्रिभुवनबाट पनि नेपालमा एक "उच्चशिक्षा केन्द्र" स्थापित गर्ने चाहना गरिबक्सेको थियो, परन्तु मौसुफको राज्यकालमा सो कृत्य पूरा हुन सकेन । वि.सं. २०१६ मा नेपालको प्रथम उच्च शिक्षण संस्था "त्रिभुवन विश्वविद्यालय" स्थापित भयो । प्रथमतः श्री ५ कान्तिराज्यलक्ष्मीदेवी शाहबाट कुलपति पद तथा श्री ५ ईश्वरीराज्य- लक्ष्मीदेवी शाहबाट सहकुलपति पद ग्रहण गरिबक्सेको थियो । वि.सं. २०१७ मा मुमा बडामहारानी सरकारहरूको इच्छाअनुसार श्री ५ महेन्द्रबाट कुलपति पद ग्रहण गरिबक्स्यो । मौसुफको जीवनअवधिभर, २०२८ माघसम्म मौसुफकै कुलपतित्वमा त्रिभुवन विश्वविद्यालय सञ्चालित भयो ।

वि.सं. २०२८ माघ १७ गतेमा राज्यारोहण गरिबक्सेका महाराजाधिराज श्री ५ वीरेन्द्रबाट एक महिनापछि फागुन २६ गते त्रि.वि. को कुलपति पद ग्रहण गरिबक्स्यो । यसरी स्थापनाकालको १२ औं वर्षमा त्रि.वि. को कुलपतित्व ग्रहण गरिबक्सेका श्री ५ वीरेन्द्र आफ्नो जीवनअवधिभर २९ वर्ष चार महिना कुलपतिकै हैसियतले निरन्तर रूपमा नेपालमा उच्च शिक्षाको समुन्नति र विकासका लागि मनसा, वचसा, कर्मणा समर्पित रहिबक्स्यो । श्री ५ वीरेन्द्र कुलपति होइबक्सेको १६ महिनापछि वि.सं. २०३० साउनमा त्रि.वि.मा सेमेस्टर प्रणाली लागू भयो । त्यसको ठीक १६ महिनापछि क्याम्पस प्रमुखको हैसियतले मौसुफसँग दर्शनभेटको सुअवसर मलाई प्राप्त भएको थियो । वि.सं. २०३१ को मङ्सिरमा श्री ५ वीरेन्द्र बागलुङ सवारी होइबक्सेको बेला धौलागिरीका अञ्चललाधीश सत्यनारायण झाले महेन्द्र क्याम्पस बागलुङको क्याम्पस प्रमुखपदमा रहेको हैसियतले मेरो नाम पनि मौसुफसँग दर्शनभेट गर्नेहरूको सूचीमा राख्नुभयो । फलस्वरूप एकान्त कोठामा मौसुफसँग ५ मिनेट कुराकानी गर्ने सुअवसर मलाई प्राप्त भयो । क्याम्पसको स्थितिबारे मौसुफबाट सोधनी गरिएका प्रश्नहरूको यथार्थ उत्तर मैले दिएँ । त्रि.वि.डिन कार्यालय पाल्पा, पोखरा, काठमाडौँबाट सरुवा गरिएका कुनै पनि शिक्षक बागुलङ जस्तो विकट दुर्गम ठाउँमा जान नमान्ने हुँदा शिक्षककै समस्या भएको कुरा मैले श्री ५ मा बिन्ती चढाएको थिएँ । केही दिनपछि त्रि.वि. का उपकुलपति सूर्यबहादुर शाक्यले आवश्यक शिक्षकहरू काठमाडौँ बाट बागलुङ पठाइदिनु भएकाले शिक्षकको समस्या रहेन ।

श्री ५ वीरेन्द्र कुलपति होइबक्सेको १६ महिनामा सिमेस्टर प्रणाली लागू भयो । नयाँ शिक्षा योजना अन्तर्गत त्रि.वि. मा लागू गरिएको सिमेस्टर प्रणालीबाट उच्चशिक्षा प्राप्त स्तरीय जनशक्ति पैदा भई राष्ट्र लाभान्वित हुनेछ भन्ने श्री ५ वीरेन्द्रको पावन धारणा सफल हुन सकेन । सातै वर्षमा त्यसलाई हटाएर पुनः वार्षिक प्रणाली लागू गरियो । मूल्याङ्कनको असफलता नै सिमेस्टर प्रणालीका असफलताको मूल जरो थियो । एक जना कवि भन्दछन्-

"नानारूपाः परीक्षाः कतिपयरसदः पीठकेन्द्राधिकारे स्वातन्त्र्येणैव चाल्याः सदृशमतिमतः साधयन्तिस्म सर्वान् । तीक्ष्णां मन्दां च मेधां न हि समजगणन् सर्वकारात्सुरक्षाप्रत्याभूतिप्रहीणा विगालितहृदयः शिक्षाका मूल्यनाथे ।"

(सुधर्मा, तृतीयद्वार, श्लो. ४७, पृ. ५०, संवत्सर प्रकाशन २०५४)

"सिमेस्टर प्रणाली लागू भएपछि त्यसका अनेक किसिमका परीक्षाहरू केही वर्षसम्म क्याम्पसहरूलाई केन्द्र तुल्याएर स्वेच्छया क्याम्पसको सर्वाधिकारभित्र सञ्चालन गरिए, ती क्याम्पसहरूले सम्पूर्ण विद्यार्थीहरूलाई समानबुद्धि तुल्याए किनभने मूल्याङ्कन कर्ता प्राध्यापकहरूले सरकारबाट सुरक्षाको ग्यारेण्टी पाएनन्, उनीहरूको हृदय खिन्न भयो, ज्यूधनको सुरक्षानिमित्त तीक्ष्णबुद्धि र मन्दबुद्धि छात्र छुट्याई यथार्थ मूल्याङ्कन गर्न असमर्थ भए, बिना भेदभाव सबैलाई अधिकतम अङ्क दिने काम भयो ।"

श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक वि.सं. २०३१ फागुन १२ गते (सन् १९७५ फरवरी २४) का दिन वैदिक विधिअनुसार सुसम्पन्न भएको थियो । त्यसै अवसरमा नेपालमा प्राथमिक शिक्षा निःशुल्क गराउने घोषणा गरिबक्सँदै मौसुफबाट हुकुम भयो- "शिक्षाको उज्यालो घामबाट हाम्रा कुनै पनि बालबालिकालाई वञ्चित हुन नपरोस् र प्रत्येक नेपालीले उपयोगी सीप र इलम सिकी आफ्ना पाखुराको बलमा आत्मसम्मानका साथ स्वतन्त्र जीवन यापन गर्न सकून् । देश विकासको मूल आधार शिक्षा नै भएकाले यस क्षेत्रमा के पुरुष के महिला सबैले समान रूपले अवसर पाउन सकून् भन्ने उद्देश्यले हामीले हाम्रो सरकारलाई देशभर निःशुल्क रूपमा प्राथमिक शिक्षाको व्यवस्था मिलाउन अह्राएका छौं ।"

यस घोषणाबाट देशविदेशमा बसेका समस्त नेपालीको हृदय हर्षोल्लासपूर्ण भयो, नतमस्तकतासाथ सम्पूर्ण नेपाली मौसुफप्रति आभारी बने । भनिन्छ मौसुफको यही घोषणाअनुसारको कार्यक्रम विस्तारित हुँदै पछि माध्यमिक स्तरसम्म पुगेको छ । यसै घोषणाको स्मृतिमा नेपालको शिक्षा क्षेत्रले प्रतिवर्ष फागुन १२ गतेको दिनलाई राष्ट्रिय चाडको रूपमा हर्षोल्लासपूर्वक शिक्षा दिवस मनाउने गरेको छ । श्री ५ वीरेन्द्रबाट अन्तर्राष्ट्रिय बाल वर्ष १९७९ को उपलक्ष्यमा प्राथमिक कक्षाका विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने घोषणा गरिबक्सेको थियो ।

सिमेस्टर प्रणाली वि.सं. २०३७ मा फेल भएपछि पुनः उच्चशिक्षामा वार्षिक प्रणाली लागू भयो अनि श्री ५ वीरेन्द्र

आफ्नो दायित्वतर्फ अग्रसरतासाथ गम्भीरतापूर्वक जागरित र चिन्तनशील होइबक्स्यो । बेलायत, जापान र अमेरिकाका विख्यात प्रतिष्ठित विश्वविद्यालयबाट शिक्षादीक्षा प्राप्त श्री ५ वीरेन्द्रको समुत्साह, विकासप्रेम र अग्रणी शिक्षाविद् व्यक्तित्व शिखरतर्फ उन्मुख भयो । मौसुफको चिन्तन थियो - अधिकतम विद्यार्थीहरूलाई प्राविधिक शिक्षा दिनुपर्छ, शिक्षा रोजगारीमूलक राष्ट्रमुखी, जनमुखी र व्यावसायिक बन्नुपर्छ, प्राथमिकस्तरदेखि उच्चस्तर- सम्म स्तरअनुसार शिक्षा दिने शैली अपनाउनुपर्छ । नेपालको शैक्षिक समस्या र विकासको यथार्थ वस्तुतथ्य अनुकूल अनुसन्धान हुनुपर्छ भन्ने लक्ष्यले श्री ५ वीरेन्द्रबाट वि.सं. २०३९ मा "शाही उच्चशिक्षा आयोग" गठन गरिबक्स्यो । उच्च शिक्षालाई देशको माटो, संस्कृति र आवश्यकताप्रति जिम्मेदार बनाउनुपर्छ, अन्तर्राष्ट्रिय दृष्टिबाट यसलाई सार्थक र उपादेय बनाउनुपर्छ, देशका मौलिक विशेषताहरूसँग संबद्ध विषयहरूमा आबद्ध रहेरै अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा अगाडि बढ्न सक्नुपर्छ भन्ने लक्ष्य लिएर राजा वीरेन्द्र त्रि.वि. का कुलपति उच्च शिक्षाका यथार्थ द्रष्टा निर्देशक रहिबक्सेको थियो ।

बहुविश्वविद्यालयको राष्ट्रिय अवधारणा र नीतिअनुसार नयाँ विश्वविद्यालय स्थापित गर्ने सन्दर्भमा त्रिभुवन विश्वविद्यालयपछिको दोस्रो विश्व- विद्यालय "महेन्द्र संस्कृत विश्वविद्यालय" स्थापित भयो । सनातन वैदिक धर्मको उद्गमस्थल यो हिमाली क्षेत्र प्राचीन ऋषि-महर्षिहरूको तपोभूमि, विद्याप्राप्ति र विद्याप्रसारण स्थल हो । वैदिकधर्मी राजा महाराजाहरूमा आश्रित संरक्षित र तपःस्थल पनि भएको नेपाल संस्कृतवाङ्मयको शीर्षस्थक्षेत्र हो । यहाँ लिच्छविकाल र मल्लकालमा संस्कृत भाषा र साहित्यको उल्लेख्य उन्नति भएको थियो । पृथ्वी- नारायण शाहदेखि अहिलेसम्मका शाहवंशीय भूपालहरू संस्कृतवाङ्मय र वैदिक धर्मप्रति निष्ठावान् र आस्थावान् रहेका छन् । राणाकालमा स्थापित संस्कृत पाठशालाहरू २००७ पछि महाविद्यालयका रूपमा परिणत भए । श्री ५ त्रिभुवनबाट २००८ मा धरानस्थित पिण्डेश्वर संस्कृत महाविद्यालयको र २००८ मा काठमाडौँमा राजकीय संस्कृत महा- विद्यालयको उद्घाटन गरिबक्सेको हो । २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापित हुँदा संस्कृत महाविद्यालयहरू त्यसैमा गाभिए । २०30 मा नयाँ शिक्षा योजना लागू गरिदा त्रि.वि. अन्तर्गतका संस्कृत अध्ययन संस्थानको डीन कार्यालय बेलुभ्कुण्डी दाङमा राखियो । संस्कृत उच्चशिक्षाको सन्दर्भमा दाङको विशिष्ट इतिहास छ ।

संस्कृत शिक्षाको समुन्नति र विकासनिमित्त वैदिक संस्कृत प्रणयी दङ्गाली जमीनदारहरूले तीन हजार बिघा जमीन प्रदान गरेका थिए । संस्कृत वाङ्मय र वैदिक संस्कृतिप्रति अगाध आस्था, श्रद्धा र निष्ठा राखिबक्सने राजा महेन्द्रबाट दाङमै संस्कृत विश्वविद्यालय स्थापित गर्ने उद्देश्यमा त्रि.वि. स्थापनापछिको आठौं वर्षमा २०२४ सालमा, स्वामी करपात्रीजीलगायत भारतका अनेक ख्यातिप्राप्त विद्वान्हरू र स्वदेशी विशिष्ट विद्वानहरूको उपस्थितिमा विद्वत्सम्मेलनको समुद्घाटन गरिबक्स्यो । दाङमा सम्पन्न त्यस विद्वत्सम्मेलनमा राजा महेन्द्रबाट "नेपाल संस्कृत विश्वविद्यालय" भन्ने नामको प्रस्ताव राखिबक्सँदा भारतीय विद्वान्हरूले "महेन्द्र संस्कृत विश्वविद्यालय" भन्ने नाम प्रकाशित गरेका थिए । रेडियो नेपाल र समाचारपत्रहरूले दाङमा संस्कृत विश्वविद्यालय स्थापित भयो भन्ने व्यापक प्रचारप्रसार गरे; तर केही संस्कृतसंस्कृति विरोधी पदाधिकारस्थ नेपालीले भित्रभित्रै बाधाविरोधका कुरा उठाए र त्यसबेला संस्कृत विश्वविद्यालय स्थापित भएन । त्यसको १९ वर्षपछि २०४३ साल मंसिर २५ गतेका दिन श्री ५ वीरेन्द्रबाट दाङमा "महेन्द्र संस्कृत विश्वविद्यालय" स्थापित गरिबक्स्यो र त्यस विश्वविद्यालयको कुलपति पद ग्रहण गरिबक्स्यो । यसरी बहुविश्वविद्यालयको राष्ट्रिय अवधारणा अनुरूप दोस्रो विश्वविद्यालय स्थापित भएपछि त्रि.वि. तथा म.सं.वि. दुवै विश्वविद्यालयको कुलपति पदमा विराजित श्री ५ वीरेन्द्रबाट राष्ट्रिय उच्च शिक्षाको क्षेत्रमा अग्रणी भूमिकाको निर्वाह गरिबक्सेको थियो ।

म. सं. वि. सभाको प्रथम बैठक २०४४ साल असार ७ गते कुलपति श्री ५ वीरेन्द्रको अध्यक्षतामा सम्पन्न भएको थियो । त्यस सभालाई सम्बोधन गर्ने क्रममा मौसुफबाट नौ बुँदे निर्देशन बक्स भएको थियो । ती बुँदा यी हुन्-

१. महेन्द्र संस्कृत विश्वविद्यालयले हाल प्रचलित संस्कृतको अध्ययन-अध्यापनलाई सुव्यवस्थित गरी एक निश्चित समयभित्र देशको आवश्यकतानुसार विशिष्ट शास्त्रीय विद्वान् तयार पार्ने क्रममा अगाडि बढ्नुपर्छ ।

२. आजको यस वैज्ञानिक युगमा ज्ञानको पनि ठूलो आवश्यकता भएकाले विश्वविद्यालयले ज्ञान र विज्ञानको समन्वयात्मक अध्ययन र अनुसन्धान गराउनु पर्छ ।

३. यस विश्वविद्यालयले संस्कृत वाङ्मयमा निहित ज्यौतिष, आयुर्वेद, योगविज्ञान, कला- कौशल आदि प्रयोगप्रधान प्राविधिक विद्याको विकासमा उचित ध्यान दिनु आवश्यक छ ।

४. विश्वविद्यालयले स्वतन्त्र रूपमा आर्थिक स्रोत पनि बढाउँदै र जुटाउँदै जानुपर्छ ।

५. दाताले दिएका चलअचल सम्पत्तिको संरक्षण तथा सुव्यवस्थित रूपमा परिचालन गर्ने व्यवस्था विश्वविद्यालयले गर्नु आवश्यक छ ।

६. संस्कृतका विद्यार्थीहरू जुनसुकै कार्यक्षेत्रमा गएपनि आफ्नो राष्ट्रिय संस्कार बोकेर जाऊन् र अरूलाई पनि त्यससँग

परिचित गराउन सक्षम हुनुका साथै त्यसबाट प्रभावितसमेत पार्न सकून् भन्ने उद्देश्य राखेर आफ्ना शैक्षिक कार्यक्रमहरूको तर्जुमा गर्नुपर्छ ।

७. संस्कृतका विद्यार्थीहरू आफ्ना संस्कृतिको गौरवमय परम्परामा निष्ठावान् नैतिक, अनुशासित र राष्ट्रभक्त बनेर समस्त देशका उदाहरण बन्न सकून्, संस्कृतका शिक्षक स्वयम् उनीहरूको प्रत्यक्ष मार्गदर्शक बनून्, यसका निम्ति प्रयास गर्नु पर्छ ।

८. संस्कृत विद्यालाई सम्पूर्ण रूपमा हासिल गर्न अन्य राष्ट्रका विद्वान्हरू पनि नेपालप्रति आकृष्ट होऊन् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृत विद्या अध्ययनको विशिष्ट केन्द्रका रूपमा विकसित गर्न विश्वविद्यालयले प्रयास गर्नु आवश्यक छ ।

९. संस्कृतमा रहेका शास्त्रीय चिन्तनहरूलाई मानवमात्रको हित र कल्याणका लागि व्यावहारिक ढङ्गले सदुपयोग गर्न विश्व- विद्यालयले शोधकार्य गराउनु पर्छ ।

उपर्युक्त निर्देशनबाट संस्कृतानुरागी र वैदिक संस्कृतिप्रणामी ज्यादैनै प्रभावित भयो । ज्ञानविज्ञान समन्वय, समाजसम्बन्धी उक्त दास्रो निर्देशनबाट नेपालका संस्कृत शिक्षित आधुनिक शिक्षाप्राप्त विद्वान्हरूका साथै विदेशी विद्वान्हरू पनि निकै प्रभावित भएका थिए । त्यस सम्बन्धमा भावविह्वल हुँदै कवि हरिप्रसाद आचार्य भन्दछन्-

> *"विद्यावृद्धो ऽअपरिणतवमा ज्ञानविज्ञानयोग-*
> *काङ्क्षी स्नेहादवति जनता भूप- वीरेन्द्र-वीरः ।*
> (श्री ५ वीरेन्द शुभराज्याभिषेकम्, श्लो. १८, २०५३)

त्यसपछि त "विदेशमा बसी आधुनिक शिक्षा प्राप्त गर्ने श्री ५ वीरेन्द्रको आफ्ना पूर्वपुरूषहरूको जस्तै संस्कृत वाङ्मयप्रति आस्था छैन कि ?" भनी शङ्का गर्नेहरूले वस्तुतथ्य बुझे, चूप लागेर श्री ५ प्रति आस्थावान् बने ।

२०४३ सालमा स्थापित महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन २०४५ माघ १९ गतेका दिन श्री ५ वीरेन्द्रको बाहुलीबाट दाङको बेलझुण्डीमा सुसम्पन्न भएको थियो । समुद्घाटन सम्बोधनमा श्री ५ बाट अभिव्यक्त उद्गारको मुख्य अंश यस्तो छ-

"हाम्रो देशमा ऐतिहासिक कालदेखि नै संस्कृत भाषाले राजकीय तथा सामान्य जनजीवनमा समेत महत्त्वपूर्ण स्थान पाएको कुरा प्राचीन शिलापत्र एवम् संस्कृत भाषाका हस्तलिखित ग्रन्थहरूबाट प्रष्ट हुन्छ । त्यसै गरी तन्त्र, कर्मकाण्ड तथा साहित्य एवम् दर्शन सम्बन्धी विभिन्न विषयहरूमा लेखिएका संस्कृतका पुस्तकहरूले नेपालको प्राज्ञिक परम्परालाई कायम राख्ने दिशामा सहयोग पुऱ्याएका छन् भन्ने हामीलाई लाग्छ ।

हाम्रो धर्म, दर्शन र संस्कृतिको अमूल्य ज्ञानको भण्डारलाई हाम्रो समाजको आवश्यकता अनुसार उपभोग र प्रवर्द्धन गर्दै लैजान महेन्द्र संस्कृत विश्वविद्यालयको गतिशील भूमिका हुनपर्ने देखिएको छ । यस विश्वविद्यालयले उच्चतम अनुसन्धान र शोधकार्यका सँगसँगै सर्वसाधारणलाई नैतिक मर्यादा र परम्परागत मूल्य एवम् मान्यताअनुरूप निष्ठावान् नागरिक बन्न सहयोग पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौँ । त्यस्तै राष्ट्रको सर्वतोमुखी विकासका लागि व्यावहारिक कार्यक्रमहरूको तर्जुमा गरी सक्रियतापूर्वक कार्यान्वयन गर्नगराउन यो विश्व- विद्यालय पनि कटिबद्ध हुनेछ भन्ने हामीले आशा लिएका छौँ ।"

महेन्द्र संस्कृत विश्वविद्यालयको प्रथम दीक्षान्त समारोह २०५४ मार्ग महिनाको १३ गते दाङमा आयोजित भयो । कुलपति श्री ५ वीरेन्द्रबाट त्यस समारोहको अध्यक्षता ग्रहण गरिबक्स्यो । त्यहाँ काठमाडौँलगायत देशका विभिन्न ठाउँहरूबाट विशिष्ट विद्वान्हरू उपस्थित भए, विद्यार्थीहरूको उपस्थिति त छँदै थियो । त्यसपछिका वर्षहरूमा त मौसुफको हृदयमा संस्कृत शिक्षाप्रति गम्भीर अनुराग, अगाध आस्था र स्वच्छ अभिरुचि रहको हामी पाउँछौँ । २०५६ सालको भाद्र महिनामा पोखरास्थित विन्दवासिनी संस्कृत विद्यापीठ र गुल्मी रिडीको रूरू संस्कृत विद्यापीठको समुद्घाटनद्वारा मौसुफबाट संस्कृतानुरागीहरूलाई कृतार्थ तुल्याइबक्सेको थियो ।

वि.सं.२०२३ चैत्र १७ मा भारतको मदुराईमा आयोजित धर्म, दर्शन, संस्कृतिसम्बन्धी सम्मेलनमा अभिव्यक्त श्री ५ वीरेन्द्रको उद्गार यस्तो छ– "विश्वमा महान् दर्शनहरूले अविरल रूपमा ज्ञानको सञ्चार गरिआएका छन् । यस्तै विभिन्न संस्कृतिहरूले शान्ति र ज्ञानलाई व्यवहारमा उतारेका छन् ।" सर्वव्यापी रूपमा ज्ञानको विस्तार गर्नु नै विश्वविद्यालयको उद्देश्य हुनुपर्छ भन्ने अभिप्राय श्री ५ वीरेन्द्रबाट वि.सं.२०३५ जेठ ४ मा टोकियो विश्वविद्यालयद्वारा आयोजित समारोहमा आफ्नो उद्गार व्यक्त गरिबक्सेको थियो– "कुनै पनि शिक्षण संस्थालाई विश्वविद्यालयको संज्ञा त्यसै बखत दिन सकिन्छ, जब त्यसले व्यक्तिको नभई समष्टिको र समष्टिको नभई प्रत्येक राष्ट्रकै कल्याण र सुख दिलाउने कुरामा मद्दत पुऱ्याउँछ ।"

उपचर्चित ज्ञानविज्ञान-समन्वय जस्तै श्री ५ वीरेन्द्रबाट साहित्य र विज्ञानको समन्वय हुनुपर्छ भन्ने उद्गार अभिव्यक्त भएको पाइन्छ । वि.सं २०३४ आषाढ ९ मा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा आयोजित बृहत् साहित्य भेलाको समुद्घाटन

सम्बोधनमा मौसुफबाट व्यक्त उद्गार यस्तो छ– “हाम्रो जस्तो विकासोन्मुख देशमा साहित्यमा भन्दा विज्ञानमा नै जोडदिनु पर्छ भन्ने एक थरिको भनाइ छ भने अर्काथरीको भनाइमा विज्ञान भन्दा साहित्य जेठो हुनुपर्छ भन्ने पनि सुनिन्छ । शायद विज्ञानको थालनी साहित्यमा अन्तर्निहित कल्पनाशक्तिबाट हुन्छ भने साहित्यभित्रको परिकल्पनालाई विपनामा उतार्ने जादु विज्ञानमा नै निहित हुन्छ। त्यसैले साहित्यपछि विज्ञान वा विज्ञानपछि साहित्यको विकास हुन्छ भन्ने कुरो होइन। साहित्य र विज्ञान दुवैलाई जोड्न सकेमात्र सिर्जना प्रस्फुरणले ठोस रूप लिन सक्छ।”

महेन्द्र संस्कृत विश्वविद्यालयले ज्ञानविज्ञानको समन्वयात्मक अध्ययन अनुसन्धान गर्नुपर्छ भन्ने अभिव्यक्ति प्रस्तुत गरिबक्सने श्री ५ वीरेन्द्रबाट यस विश्वविद्यालयले बाह्य राष्ट्रहरू र राष्ट्रान्तरीय सङ्घ-संस्थाको सहयोग प्राप्त गरिरहेको वा प्राप्त गर्ने अपेक्षा भएको उद्गार वि.सं. २०४४ चैत्र १२ मा विश्वहिन्दू महासम्मेलनको समुद्घाटन सम्बोधनमा व्यक्त गरिबक्सेको थियो– “हामीले हाम्रा पुज्य बुबाज्यूको सम्झनामा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना गरी हिन्दूधर्म र दर्शन, संस्कृत वाङ्मयको पठनपाठन तथा अनुसन्धानका क्षेत्रमा विशेष प्रयास गर्न लागिरहेका छौं। हाम्रा यी प्रयासहरूमा सघाउ पुऱ्याउने मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय सङ्घ संस्था एवम् व्यक्तिविशेषप्रति आभारी छन्।”

वि.सं. २०५४ कार्तिक ४ मा हरिद्वारमा आयोजित विराट हिन्दू सम्मेलनलाई बक्सेको सम्बोधनमा श्री ५ वीरेन्द्रबाट संस्कृत वाङ्मयप्रति बाह्य राष्ट्रका निवासीहरूको आकर्षण बढ्दै गरेको कुरा अभिव्यक्त गरिबक्सेको थियो–“हाम्रो क्षेत्रमा मात्र होइन, विदेशमा पनि हाम्रा पवित्र ग्रन्थहरू- वेद, उपनिषद् तथा पुराणका साथै रामायण तथा महाभारत जस्तो महाकाव्यहरूप्रति युवा, प्रौढ सबैको अभिरुचि बढ्दै गएको हामी पाउँछौं।”

श्री ५ वीरेन्द्रबाट यत्रतत्र शिक्षाक्षेत्रको उन्नति, पर्याप्तता र परिपूर्णताको सन्दर्भमा विज्ञान र प्रविधिको उल्लेख गरिबक्सेको पाइन्छ। भौतिक उन्नतिले मात्र मानवले यथेष्ट शान्ति र सुखको अनुभूति पाउँदैन। शान्ति र सुखको चाहना पूरा गर्न वैज्ञानिक प्रगति पनि त्यत्तिकै अपरिहार्य छ। उत्पादन र त्यसलाई सही रूपमा प्रयोगमा ल्याउने शैक्षिक धारा आवश्यक छ। दिसम्बर १३, १९८४ मा, बैङ्कको माहिडोल विश्वविद्यालयले श्री ५ वीरेन्द्रलाई मानार्थ विद्यावारिधि उपाधि प्रदान गर्ने दीक्षान्त समारोहमा मौसुफबाट अभिव्यक्त कुरा यस्तो थियो–

“व्यापक शान्ति र सुखको परिकल्पनालाई यथार्थमा परिणत गर्ने उपायको रूपमा अब हामी विज्ञान र प्रविधिलाई पाउँछौं। मानव समाजका थुप्रै अभावहरूबाट मुक्ति पाउन विशेष गरी आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्नामा उत्पादनको पर्याप्त वृद्धि र तिनको सही प्रयोगबाट ठूलो बल मिन्नेछ। यसरी द्वन्द्व र युद्धको सम्भावनाबाट उत्पन्न हुने चिन्तालाई कम पार्नमा यो सहयोगी सिद्ध हुनेछ। मानिसले सदियौंदेखिको पसिना, कठिन परिश्रम, उपयोग र बचतबाट प्राप्त ज्ञानबाट आधुनिक उन्नयनको व्यापक अभिवृद्धि भएको छ र यस वैज्ञानिक संस्कारको प्रयासका लागि शिक्षाले नै प्रारम्भिक भूमिका खेल्नुपर्ने छ।”

श्री ५ वीरेन्द्र नेपालका राजा, नेपालीहरूका सम्मानित, विश्वस्त, संरक्षक नराधिप होइबक्सन्थ्यो– *नराणां च नराधिपः*। मानव समाजमा राजाको आवश्यकता किन कुन अवस्थामा के कामका लागि राजाको व्यवस्था भयो ? यस सम्बन्धमा पौरस्त्य धर्मशास्त्रसम्बन्धी सबै प्रबन्धमा पाइने व्यवस्था हो- मत्स्यन्यायबाट मानव समाजको सुरक्षा। समुद्रमा ठूला माछाले साना निर्बल माछालाई मार्ने निल्ने गरे झैं बलिया मान्छेले निर्बल मान्छेलाई लुट्ने कुट्ने मार्ने, धनहरण गर्ने प्रवृत्ति बढ्यो। आक्रमक अपराधीलाई दण्ड सजायँ दिएर आक्रान्त दुर्बललाई संरक्षण दिन राज्यव्यवस्था लागू भयो। राजालाई दण्डिक वा दण्डधर भनियो। राजनीतिलाई दण्डनीति भनियो। राज्यव्यवस्थालाई दण्डव्यवस्था भनियो। दण्डव्यवस्थाबाटै समाजमा शान्ति स्थापना गरियो भनिएको छ :

सर्वो दण्डजितो लोको दुर्लभो हि शुचिर्नरः
दण्डस्य हि भयात् सर्वं जगद् भोगाय कल्पते।

(मनुस्मृति ७।२२)

दण्डबाटै मान्छेलाई वशमा ल्याउनुपर्छ, पवित्र मान्छे पाइन्न। दण्डकै डरले मान्छे सही बाटोमा आउँछ।

शास्त्रले भन्छ- दुःखीहरूको संरक्षण नै राजाको प्रथम धाम हो।

आततायीलाई मृत्युदण्ड जस्तो कठोर दण्ड दिएर पनि राजाले आक्रान्त पीडितहरूको सुरक्षा गर्नुपर्छ-

“राज्ञो हि परमोधर्म आर्त्तानामर्तिनिग्रहः
उत्पथानां बधश्येत्थमाततायी वधार्हणः।”

(गर्गसंहिता, विश्वजित्खण्ड, अ.४ श्लो. ४)

आततायी छ भने राजाले आफ्नै भाइ, छोरा, सामान्य मानिस, ससुरा, मामा इत्यादि जुनसुकैलाई पनि कठोरतम सजाय दिनुपर्छ, मृत्युदण्डसम्मको सजाय दिनु पनि कर्तव्यभित्रै पर्छ –

“ अपि भ्राता सुतो ऽर्ध्यो वा श्वसुरो मातुलो ऽवपि वा
नाऽदण्ड्यो नाम राज्ञोऽस्ति धर्माद् विचालितः स्वकात्”

(याज्ञवल्क्य स्मृति, आचाराध्याय ३५८)

प्रकोपबाट प्रभावित सबैमा हाम्रो गहिरो समवेदना र सहानुभूति छ । श्री ५ को सरकारबाट उद्धार कार्य शुरु भइसकेको छ । यस अवस्थामा सबै नेपालीले धैर्यधारण गरी आ-आफ्नो क्षेत्रबाट उद्धार कार्यमा सहयोग गर्नेछन् भन्ने हामीले विश्वास लिएका छौं ।[३]

मुलुक तथा मुलुकवासीहरूको सर्वाङ्ग समुन्नति र समृद्धिप्रति प्रतिबद्ध तथा त्यतिकै सम्वेदनशील राजा वीरेन्द्रकै शासनकालमा नेपाली राजमुकट जनताका लागि र नेपाली जनता राजाका लागि भन्ने शास्वत मान्यता प्रगाढ रूपमा स्थापित हुन सक्यो ।

मौसुफ सरकारको मुलुक तथा मुलुकबासीहरूको हित तथा उन्नतिप्रति रहेको प्रतिबद्धता र त्यसलाई व्यवहारमा उतारिबक्सेको यथार्थबारे डा. रत्नकमल वैद्य लेख्दछन् "..... देश र जनताको सर्वाङ्गीण विकासका निमित्त मौसुफको योगदान अद्वितीय देखिन्छ र कुनै पनि नेपाली नेतृत्व एवम् उनको प्रभावशाली अवधारणालाई मौसुफबाट समयसमयमा प्रोत्साहन एवम् प्रेरणा प्रदान गरिबक्सने प्रकृति हो ।"[४] मौसुफ सरकार विकास प्रशासनमा पनि दक्ष होइबक्सन्थ्यो । वि.सं. २०२९ सालमा राष्ट्रिय विकास परिषद्को स्थापना गरी राष्ट्रिय विकास प्रयासमा विकेन्द्रित प्रशासनिक आधारशिलाको स्वरूपबाट मुलुकलाई योजनाबद्ध विकासको आधुनिक सङ्गठित स्वरूप प्रदान गरिबक्स्यो ।

मुलुक तथा मुलुकवासीकै समुन्नति एवम् विकासले अग्रगति लिन सकोस्, जनताहरू अन्याय तथा कुनै किसिमको दबाव एवम् मारमा पर्न नपरोस् भन्ने चाहना तथा मुलुकको भौगोलिक स्वरूप, अवस्था र मुलुकवासीहरूको यथार्थ अवस्था, आफ्नै आँखाले देखी स्पष्ट अनुभूत गर्न सकियोस् जसले गर्दा आवश्यक सुधार तथा विकास निर्माणका पूर्वाधारहरू तय गर्न सहज तथा सरल होस् भन्ने उद्देश्यले क्षेत्रीय भ्रमणको महान् अभियानलाई सशक्त बनाइबक्स्यो । यस सन्दर्भमा डा. मोहनमान सैंजु लेख्दछन्– "युवराज भएकै समयमा आफूलाई युवराज भनी नचिनाइबक्सी देशको कुनाकाप्चा घुमेर पाटी पौवा र स्कुलमा वास बसी सर्वसाधारण नेपाली जनताको अवस्था, अनुभव, विचार, इच्छा र आकाङ्क्षा बुझ्ने अवसर पाएका राजारानीलाई काठमाडौंको सिंहदरबारको भरमा काम हुँदैन भन्ने कुराको ठोकुवा थियो । समीक्षालयमा विकास र निर्माणका कार्यहरूका सम्बन्धमा व्यवस्थित रूपमा प्रगति विवरण तथा चार्टहरूबाट स्पष्ट प्रदर्शन गर्नेगराउने कुरा महत्त्वपूर्ण तथा उपयोगी छ भन्ने विश्वास राख्ने राजालाई ती आयोजना तथा तिनका विवरणहरूबारे स्थलगत तहमा अनुगमन र जाँच हुनु अत्यन्त आवश्यक छ भन्ने अनुभूति थियो । त्यसकारण भनिएका र देखाइएका कुराहरू स्थलगत तहमा वास्तवमा भए गरेका छन् या छैनन् भन्ने जिज्ञासा राजाका मनमा सदैव रहने गर्दथ्यो ।"[५]

मौसुफ सरकारका क्षेत्रीय भ्रमणहरूमा स्वयम् सहभागी बन्ने अवसर पाएका तत्कालीन योजना आयोगका उपाध्यक्ष जस्तो गहन जिम्मेवारी समेत सम्हाली सकेका डा. सैंजू अझै अगाडि लेख्छन् "दलविहीन व्यवस्था भएकाले तथा प्रत्यक्ष विरोधको संस्थागत व्यवस्था नभएकाले पनि होला क्षेत्रीय भ्रमणका सिलसिलामा जिल्लाको वा गाउँघरको भ्रमणमा सवारी हुँदा राजारानीलाई अप्ठ्यारा प्रश्नहरू गर्न पनि मन लाग्थ्यो । के यहाँको प्रशासनले तिमीहरूको समस्या बुझ्ने गर्छ ? के प्रहरी प्रशासन र अड्डा अदालतहरूले न्याय दिन सकिरहेका छन् ? के आयोजनाहरूमा काम राम्ररी भइरहेको छ ? आदि आदि प्रश्नहरूका साथै जनताका आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरूको आपूर्ति कसरी भइरहेको छ ? कृषकहरूले गर्ने उत्पादनको उचित मोल प्राप्त भइरहेको छ कि छैन ? सर्वसधारण जनता राज्यव्यवस्था तथा अधिकारीहरूसित भय, डर, त्रासमा रहेका हुन्छन् भन्ने अनुभूति भएर पनि होला सरकारबाट यहाँ तिमीहरूलाई के कुराको समस्या छ ? तिमीहरू के चाहन्छौ ? आफ्नो क्षेत्र र गाउँगाउँको विकासका लागि के कुराको खाँचो छ ? आदि प्रश्नहरूबाट सर्वसाधारण जनतालाई राज्य व्यवस्थासित आफूलाई लागेका कुरा भन्ने, माग्ने र त्यसका लागि आवाज उठाइराख्ने खाँचोतर्फ कुतकुत्याई बक्सन्थ्यो ।"[६] स्वर्गवासी राजा वीरेन्द्र मुलुकको विकास तथा जनताको यथार्थ स्थितिलाई आत्मसात् गर्ने सिलसिलामा मौसुफको क्षेत्रीय भ्रमणको सन्दर्भमा विनोदकुमार नेपाल लेख्छन्– "नेपालको सन्तुलित विकासका लागि नेपाललाई पाँच विकास क्षेत्रमा विभाजित गरिबक्सेको र प्रत्येक वर्ष कुनै विकास क्षेत्रको क्षेत्रीय भ्रमण गरिबक्सी जनताका सुखदुःखसँग प्रत्यक्ष परिचित हुने गरेको कुरालाई बिर्सन मिल्दैन । यो यात्रा केवल समय बिताउने वा विश्रामका लागि थिएन भन्ने कुरा हामीले नै अनुभव गरेको कुरा हो । राजाका चाहनालाई यथार्थमा परिणत गरिदिने जिम्मेवारीमा बसेकाहरूले आ-आफ्ना तर्फबाट मुलुक र मुलुकवासीप्रतिको राजाको सदिच्छालाई साकार पार्न थोरै मात्र पनि ध्यान दिएका भए नेपाल र नेपालीको मुहार निकै नै फेरिइसकेको हुने थियो ।"[७]

यथार्थमा मौसुफ सरकारको सोचाइ, चिन्तन, उद्देश्य एवम् चाहनालाई आत्मसात् गरी व्यवहारमा बढीभन्दा बढी मात्रामा रूपान्तरण गर्न सकेको भए मुलुक तथा मुलुकवासीको अवश्यै हित तथा कल्याण हुने थियो ।

मौसुफ सरकार आफ्ना जनताप्रति कति दयालु र सम्वेदनशील होइबक्सन्थ्यो भने सदा कुनै पनि व्यक्ति भोको, नाङ्गो देख्न नपरोस् भन्ने भावना र चाहना मौसुफमा थियो । आफू क्षेत्रीय भ्रमणमा निस्कनुका कारण मध्ये जनताको यथार्थ अवस्था बुझ्नु पनि एक माथि नै पनि उल्लेख गरिसकिएको छ । मौसुफ सरकारको दृष्टि आफ्ना जनता गरिबीले पिल्सिएका छन् कि भनी त्यसैतर्फ लगाइबक्सन्थ्यो– भ्रमणको क्रममा पनि । गरिब तथा दीनहीन अवस्थाको कुनै नागरिकलाई देख्नेबित्तिकै मौसुफ सरकार बडो सम्वेदनशील भई उसको न्यूनतम आवश्यकता जस्तो शिक्षा, रोजगार तथा उपचारको व्यवस्थाका लागि तुरुन्त आदेश दिइबक्सन्थ्यो । यस्ता सैयौँ उदाहरणहरू छन्– मौसुफबाट गरिएका । यसै सन्दर्भमा लामो समयसम्म मौसुफ सरकारको शाही पार्श्ववर्तीका हैसियतले सान्निध्यमा रहेका ताराबहादुर थापा लेख्छन्– "एकचोटिको कुरा हो । पूर्वाञ्चल सवारीको दौरानमा ओखलढुङ्गाको गाउँमा एउटी विधवाको टुहुरो बालकलाई देखेर मौसुफको मन पग्लिन पुग्यो । सो बालकलाई काठमाडौँ ल्याएर पढाउने इच्छा राखिबक्स्यो । धनबहादुर नामक त्यो केटो स्वाभाविक रूपले प्रसन्न भयो र तत्काल मौसुफका साथ हिड्न तयार भयो । श्री ५ वीरेन्द्रले धनबहादुरलाई दरबारमा नै राखेर पढाउने इच्छा व्यक्त गरिबक्स्यो । धनबहादुरकी आमा एउटी गरिब विधवा प्रसन्नताले गद्‌गद् भइन् । खुसीले गहभरि आँसु बोकेर धनबहादुरलाई विदा गरिन् । केवल बोराको भाङ्गो लगाएको धनबहादुर आफ्ना राजासँग राजदरबार आयो र त्यहीँ बसी पढ्न थाल्यो ।"[८]

मौसुफ सरकारको जनप्रेम तथा त्यसलाई व्यवहारमा समेत रूपान्तरण गरिबक्सने स्वभावका बारेमा थापा अझै अगाडि लेख्छन्– "करुणा मौसुफको जीवनको महत्त्वपूर्ण आधार थियो । धेरै गाउँहरूबाट गरिब निमुखा र रोगीहरूलाई ल्याएर भ्याएसम्म औषधि उपचार पढाइ वा रोजगारको व्यवस्था मिलाइबक्सन्थ्यो । गोसाइँकुण्डमा एकदिन एउटा मानिस आफू आधामुख छोपेर सरकारको दर्शन गर्न आयो । किन मुख छोपेको भन्दा जवाफ दिएन । पछि थाहा भयो भालुले उसको मुखको आधा भागमा चिथोरेर खानासमेत खान नहुने गरी कुरूप बनाइदिएको थियो । मुखभरि घाउ थिए । सरकारबाट त्यसलाई तत्काल हेलिकोप्टरमा काठमाडौँ ल्याएर सबै उपचारको प्रवन्ध मिलाइदिइबक्स्यो । वर्षौंपछि एक दिन त्यस मानिसलाई नारायणहिटी राजदरबारको मूलढोकामा घोप्टेर ढोगिरहेको दृश्य देख्न पुगेको थिएँ ।"[९] क्षेत्रीय भ्रमणका क्रममा मौसुफबाट दर्शाइबक्सेको प्रजावत्सल्यता र त्यसलाई व्यवहारमा रूपान्तरण गरिबक्सेको यथार्थताका सन्दर्भमा मौसुफकै भ्रमण दलमा रहनुभएका तत्कालीन दरबारसम्बन्धी सचिव रेवतीरमण खनाल लेख्दछन्– "न्यायप्रेमी श्री ५ वीरेन्द्रको क्षेत्रीय भ्रमणका समयमा भएका कतिपय अनौठा घटना मेरो स्मृतिमा ताजै छन् । २०३४ सालको सुर्खेत सवारीको समय एक दिन विहान बाजुराको कार्यक्रम सकेर मङ्गलसेनको खानेपानी उद्घाटन सम्पन्न गरेपछि निर्जन चौरमा दिउँसो त्यहीँ लगेका लञ्च प्याकेटका खाना खाएर डोटीको सदरमुकाम सिलगडीको कार्यक्रममा सवारी हुने थियो । सो खानेपानी समुद्घाटनपछि निर्धारित ठाउँमा जाँदा पूरा हिउँ परेकाले सो ठाउँ छाडी खप्तडको लेकको चौरमा खाना खान सवारी साथ गएका सबै उत्रियौँ । एक ठाउँमा श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्य, अर्को ठाउँमा सवारीमन्त्री र अन्य कर्मचारी थियौँ । त्यसबेला घाँस दाउरा लिन र गोठाला गएका केही किसानहरू पनि त्यहाँ आए । श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानीबाट उनीहरूसँग धेरबेर सहज रूपमा त्यहाँका वस्तुस्थितिको जानकारी लिइबक्स्यो । त्यसमध्ये सरकारमा बिन्ती गर्ने एक किसानले सरकारलाई चिनेको त के कल्पनासमेत पनि गरेको थिएन । त्यसले किसानहरूलाई स्थानीय शोषकले भूमिसम्बन्धी मुद्दा लगाएर साठी घरको बास उठाउन लागेको र त्यसमा आफू पनि परेको कुरा बिन्ती गऱ्यो । श्री ५ वीरेन्द्रबाट न्यायाधीश र मलाई बोलाएर उनीहरूको कुरा बुझ्न हुकुम भयो । समय थोरै भएको र उसले आफ्ना कुरा नै राम्ररी भन्न नसकेकाले सिलगडी गएपछि भूमिसुधारमा परेका मुद्दा हेरी बिन्ती गर्ने जाहेर गऱ्यौँ । सरकारलाई साह्रै दया लागेछ । उसलाई पनि साथै लगेर उसको मुद्दा हेरी जाहेर गर्न हुकुम भयो र त्यो निरीह किसानलाई मौसुफ चढेको पुमा हेलिकोप्टरमा साथै लगिबक्स्यो । सिलगडीमा उत्रेपछि सो किसानले राजारानीसँग आएको कुरा थाहा पायो र छक्क पऱ्यो । मुद्दामा पनि ती गाउँलेहरूले न्याय पाए ।"[१०]

विकासप्रेमी राजाका रूपमा मूल्याङ्कन गर्ने सन्दर्भमा निर्दलीय तथा बहुदलीय व्यवस्था पुनर्स्थापनापश्चात् समेत प्रधानमन्त्री भैसकेका सूर्यबहादुर थापा लेख्छन्– "राष्ट्रको सन्तुलित एवम् समानुपातिक विकास मौसुफको प्रमुख लक्ष्य थियो । जनताको जीवनस्तरलाई कसरी उठाउन सकिन्छ भनेर मौसुफ दिनरात चिन्तित र क्रियाशील होइबक्सिन्थ्यो । विकासका हरपक्षमा जानकारी र अभिव्यक्ति थियो । जनताको स्थिति र भावना बुझ्न तथा विकास आयोजनाहरूको निरीक्षण गर्न मौसुफ नियमित रूपमा अधिराज्यका विभिन्न भागको भ्रमणमा निक्लिबक्सिन्थ्यो । सबै क्षेत्रको समानुपातिक विकासमा मौसुफको विशेष जोड थियो । देशको भूबनौट, साधन र स्रोतको अवस्था, भौतिक र मानसिक पूर्वाधार जस्ता कुरालाई ध्यानमा राखेर तत्काल सम्पन्न गर्न सकिने र जनतालाई अल्पसमयमै प्रत्यक्ष फाइदा पुऱ्याउने किसिमका

साना योजनाहरूमा मौसुफ विशेष जोड दिइबक्सन्थ्यो । ठूलाठूला योजनामा पनि मौसुफको अभिरुचि थियो तर देशको स्रोत साधन र आवश्यकताका आधारमा पहिले साना योजनालाई प्राथमिकता दिनुपर्छ भन्ने मौसुफको मान्यता रहेको मेरो अनुभव छ ।"[११]

मुलुकको सन्तुलित विकासका लागि सर्वप्रथम नेपाली जनताका आधारभूत आवश्यकता पूरा हुन नितान्त आवश्यक हुन्छ भन्ने यथार्थ तथा दृढ सोचाइ मौसुफ सरकारमा थियो । अतः मौसुफबाट उक्त अवधारणालाई उच्च प्राथमिकता दिई बक्सेको थियो । यस सन्दर्भमा शिवकुमार भट्टराई लेख्छन् "जनताको जीवनस्तर एसियाली मापदण्ड पुऱ्याउने एउटा अभियान नै सञ्चालन भएको थियो । यस क्रममा देशले एउटा ठूलै फड्को मारिसकेको थियो । आधारभूत आवश्यकता परिपूर्ति कार्यक्रममार्फत गरिबी निवारण गर्ने नीति र कार्यक्रम मौसुफको महत्त्वपूर्ण विचार र अवधारणा थियो । गरिबीको रेखामुनि रहेका अधिकांश नेपाली जनताका आधारभूत आवश्यकता पूरा नभएसम्म देशको सन्तुलित विकास असम्भव रहेको विचार तथा अवधारणा थियो । यसै कारण मौसुफबाट जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्ने अवधारणालाई उच्च प्राथमिकता प्रदान गरिबक्सेको हो ।"[१२]

मौसुफ सरकारको प्रजावात्सल्य र जनउत्तरदायित्वको प्रगाढ भावना तथा चिन्तनप्रति यो पंक्तिकार पनि केही जानकारी राख्दछ । त्रिभुवन विश्वविद्यालयमा नियुक्ति पाई खटाइएको क्याम्पस सुप्रिङ बहुमुखी क्याम्पस भीमफेदी मकवानपुर पुगेकै भोलिपल्ट सबेरै राजा वीरेन्द्र सरकार उक्त क्याम्पसको निरीक्षणका लागि आफैं हेलिकोप्टर हाँकी सवारी भएकाले दर्शन गर्ने सौभाग्य मिलेको थियो । तत्पश्चात् उक्त क्याम्पस २०४२ सालमा भक्तपुर सल्लाघारी सरी वीरेन्द्र सैनिक क्याम्पसमा परिणत भयो । त्यहाँ पनि मेरो लामो समयसम्म प्राध्यापन तथा होस्टलको वार्डेनसमेतको दायित्व वहन गर्ने सन्दर्भमा मौसुफ सरकार उक्त क्याम्पस निरीक्षण गरिबक्सन सवारी हुँदा, छात्रावास निरीक्षण गराउँदा तथा अन्य समयमा पनि सामूहिक दर्शन गर्ने अवसरहरू प्राप्त भएको थियो । त्यति बेलै पनि अर्थात् सामूहिक भेट तथा दर्शनकै अवसरमा पनि मौसुफ सरकारको शालीनता र बडो दूरगामी चिन्तन तथा दृष्टिकोणबाट यो पंक्तिकार ज्यादै प्रभावित भएको थियो । यो पंक्तिकारले २०५४ सालमा मौसुफ सरकार पोखरा सवारी भएको अवसरमा एकल साक्षात्कार गर्ने सुवर्ण अवसर तथा सौभाग्य पनि पायो । करिब ४५ मिनेट लामो समयसम्म मौसुफ सरकारसँगको साक्षात्कारमा मौसुफ सरकारले मुलुक तथा मुलुकवासीप्रति गरिबक्सेको चिन्ता कस्तो मार्मिक तथा यथार्थपरक थियो भने सबै यहाँ उल्लेख गर्न सम्भव छैन । मुलुकमा विद्यमान माओवादी समस्या र त्यसैको नाममा जनताले आत्मोत्सर्ग गर्नुपरेको संख्यालाई सङ्केत गर्दै मौसुफबाट हुकुम भएको थियो–

> *"यो ज्यादै ठूलो विडम्बना हो , हाम्रो चाहना कुनै पनि नेपालीले कुनै नाउँ र बहानामा मर्न र मारिनु नपरोस् । जनताको खति हुन्छ भनेरै २०४६ सालमा जनचाहनालाई कदर गरी त्यत्तिकै छिट्टै बहुदलीय व्यवस्था पुनःस्थापित गरिएको हो हामीबाट । यो सबैले बुझ्नु पर्ने हो । एउटा व्यवस्था नै परिवर्तन गर्ने आन्दोलनमा कति मान्छे त्यसैमा पनि कति स्पष्ट आन्दोलनकारी मरे र आज मुलुकमा प्रजातान्त्रिक शासन व्यवस्था पुनःस्थापित भएको अवस्थामा छ । मुलुक तथा जनताको अवस्था के हुँदै छ ? विद्वान् बुज्रुकहरूले विश्लेषण गर्नुपर्दछ र मुलुकलाई प्रजातन्त्रको मूल्य र मान्यताअनुरूप सञ्चालन गर्न सबैतिरबाट पहल र इमान्दारीताको आवश्यकता छ भन्ने बुझ्नुपर्दछ ।"*

–भनी भएको हुकुम अहिले जस्तै लाग्छ । कति मार्मिक तथा सम्वेदनशील थिए ती वाणी ।[१३] माथि उल्लिखित केही यथार्थपरक दृष्टान्तहरूले नै पनि स्वर्गवासी राजा एक सच्चा विकासप्रेमी यथार्थवादी तथा प्रजावत्सल होइबक्सिन्थ्यो भन्ने स्पष्ट हुन्छ । त्यतिमात्र नभई मौसुफ सरकारजस्तो मुलुक तथा मुलुकवासीहरूको हित उन्नति र कल्याणका लागि राजनीतिक दलहरूका नेता, कार्यकर्ताहरू, नागरिक समाज सरकार एवम् विद्वान्वर्ग सम्वेदनशील भई आ-आफ्नो क्षेत्रमा निष्ठावान् रहन सके यो मुलुकले विकासको क्षेत्रमा अग्रगति लिने र जनजीवनमा व्यापक सुधार आउने निश्चितै थियो भन्ने समेत स्पष्ट हुन्छ ।

प्रजातन्त्रप्रति प्रतिबद्ध राजा

प्रजातन्त्रलाई जनताको हितमा उपयोग गरेर स्वाभिमानी नेपालीहरूको शिर ठाडो राख्ने माध्यम बनाई मुलुकभित्र र बाहिर जनविश्वासका आधारहरूलाई सबल राखेमा नै प्रजातन्त्रको संस्थागत सुदृढीकरण हुन सक्छ ।

–श्री ५ वीरेन्द्र

बेलायत, अमेरिका तथा जापानजस्ता मुलुकहरूका विश्वविख्यात विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरिबक्सेका स्वर्गवासी राजा आफैँमा एक विद्वान होइबक्सेकाले मौसुफ सरकारलाई स्वच्छ प्रजातन्त्रको मूल्य र मान्यताबारे राम्रो ज्ञान हुनु स्वाभाविकै थियो । त्यसैले मौसुफ सरकार सम्पर्क, सम्वाद,

सम्प्रेषण, सहमति एवम् सहअस्तित्वप्रति पूरा विश्वास, आस्था र भरोसा राखिबक्सन्थ्यो । स्वच्छ प्रजातन्त्रमा हुने यिनै गुणहरू हुन् जुन यथार्थतामा मौसुफ सरकारमा पनि थिए । यस सन्दर्भमा वरिष्ठ वामपन्थी नेता श्री राधाकृष्ण मैनाली मौसुफ सरकारसँगको आफ्नो पहिलो भेटमै भएको अनुभूतिबारे यसरी लेख्छन्– "मौसुफ सरकार सरल तरिकाबाट छलफल र बहस गर्दै तथ्यलाई आत्मसात् गर्ने जीवनशैली अपनाएर निर्णय गर्ने तरिकामा होइबक्सेको जानकारीको व्यावहारिक अनुभूति भइरहेथ्यो ।"[१४] प्रजातन्त्रप्रति मौसुफ सरकारको प्रतिबद्धताका सन्दर्भमा विश्वम्भर घिमिरे लेख्छन्– "चाहे २०३६ को जनमतको घोषणाले होस् या २०४६ को बहुदलीय व्यवस्थाको पुनःस्थापनाको घोषणामा यी दुवै घटनालाई मौसुफको प्रजातन्त्रप्रतिको आस्था र प्रतिबद्धता मान्नै पर्दछ । अन्यथा जहाँ जसले जेसुकै भने पनि मौसुफको विचार कन्जरभेटिभ नै हुँदो हो त नेपालको इतिहासमा यी कुनै घटना त्यति चाँडै हुने थिएनन् ।"[१५] यसै सन्दर्भमा पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट लेख्दछन्– "२०४६ सालको जनआन्दोलनलाई जनताको आवाज हो, परिवर्तन गर्नुपर्छ भन्ने सोचाइ राखेर प्रजातन्त्र दिइबक्स्यो र प्रजातान्त्रिक संविधानअनुसार संवैधानिक राजाको स्थानमा मर्यादित भएर रहिबक्स्यो । प्रजातन्त्रलाई सुदृढ बनाएर लिएर जाने सवालमा सबैलाई सचेत भएर हिड्नुपर्छ भन्ने सुझाव समयसमयमा बक्स हुन्थ्यो । प्रजातान्त्रिक आन्दोलनका प्रवर्तक बी.पी. कोइराला बिरामी पर्दा मौसुफबाट उपचारका लागि देखाइबक्सेको अभिरुचि आजै जस्तो लाग्छ ।"[१६] प्रजातन्त्रप्रति मौसुफको प्रतिबद्धतालाई प्रकाश पार्ने सन्दर्भमा दरबारका पूर्वसचिव रेवतीरमण खनाल लेख्छन्– "बहुदलीय प्रजातन्त्र पुनःस्थापनादेखि अन्तिम अवस्थासम्म कति विचलित नभई प्रजातन्त्रलाई सुदृढ गरी त्यसैको माध्यमबाट देशको विकास गर्ने, नेपाल र नेपालीको गौरव बढाउने पक्षमा नै मौसुफको योगदान रहेको थियो । त्यसको पुष्टि सो अवधिमा मौसुफबाट बक्सेको शाही घोषणा सन्देश र भाषणहरूमा व्यक्त भएका विचारबाट स्पष्ट हुन्छ ।"[१७] मौसुफ सरकारको प्रजातन्त्रप्रतिको प्रतिबद्धताका सन्दर्भमा नेपाली कांग्रेसका एक सशक्त युवानेता रामचन्द्र पोखरेल लेख्छन्– "उन्तीस वर्ष लामो राज्यकालमा श्री ५ वीरेन्द्रबाट मुलुकलाई क्रमिक रूपमा प्रजातन्त्रीकरणतर्फ अग्रसर गराउँदै अन्ततः २०४६ सालमा देशमा बहुदलीय संसदीय प्रजातन्त्रको घोषणा गरी आफू पनि संवैधानिक राजा बनेर एउटा उत्कृष्ट उदाहरण प्रस्तुत गरिबक्स्यो । शाहवंशको इतिहासमा संवैधानिक राजतन्त्रको मर्यादाभित्र बस्ने पहिलो राजा वीरेन्द्र नै भएको कुरा स्वर्णाक्षरले लेखिनेछ । बहुदलीय प्रजातान्त्रिक प्रणालीमा सबैका आ-आफ्नो कर्तव्य, मर्यादा र हैसियत रहेको हुन्छ । राजाले निर्वाह गर्नुपर्ने संवैधानिक राजाको भूमिकामा कुनै खोट लगाउनु पर्ने अवस्था आएन । त्यो राजतन्त्रको एउटा उज्ज्वल पक्ष हो । यसले संवैधानिक राजा कस्तो हुनुपर्छ भनेर एउटा उत्कृष्ट उदाहरण कायम भएको छ जसको पूर्ण श्रेय राजा वीरेन्द्रलाई नै जान्छ ।[१८]

उपर्युक्त अभिव्यक्तिहरूको विश्लेषणबाटै पनि कुन कुरा स्पष्ट हुन्छ भने मौसुफ सरकार प्रजातन्त्रप्रति कुन हदसम्म प्रतिबद्ध होइबक्सन्थ्यो । हिजो मौसुफ सरकार जीवितावस्थामा हुँदा र मौसुफबाट प्रजातान्त्रिक मूल्य र मान्यतालाई नै आत्मसात् गरी मुलुकलाई संवैधानिक राजाका रूपमा हाँकिबक्सँदाबक्सँदै पनि प्रजातन्त्रको खतरा देख्ने नेताहरू समेतको मौसुफ सरकारको देहावसनपश्चात् नै भए पनि उनीहरूको आँखा खुल्न गई वास्तविकतालाई मनन गर्न पुगेकामा एकातिर सन्तोषै मान्नुपर्दछ भने अर्कातिर सत्य जोसुकैले पनि अन्ततः स्वीकार गर्नै पर्दछ भन्ने मान्यता पनि स्पष्ट हुन्छ ।

संविधानसम्मत राजाका रूपमा श्री ५ वीरेन्द्र

> *संविधान कुनै व्यक्ति वा समूह विशेषको मात्र नभई राष्ट्रिय हितको संरक्षण तथा सम्वर्द्धनका लागि बनेको हुनाले यसको मर्यादापूर्ण पालनबाट मात्र प्रजातन्त्रको विकास हुन्छ । प्रजातन्त्रका लागि कुनै प्रश्नको समाधान भित्रैबाट खोज्नुपर्छ ।*
>
> –श्री ५ वीरेन्द्र

लोकसम्मति र जनचाहनालाई शिरोधार्य गरी शासन गर्ने, जनताको पक्षमा राजपाटलाई बाजी लगाउन नहिच्किचाउने, समाजिक तथा आर्थिक क्षेत्रमा क्रान्तिकारी कदम चाल्न पछि नपर्ने विश्व मानचित्रमा नेपाललाई चिनाउने र गणतन्त्रका अनुयायी र राजाकै विरुद्ध प्रलाप गर्नेहरूलाई समेत खुला हृदयले राज्यसञ्चालनको सपथग्रहण गराउने हाम्रो शाहवंशीय राजपरम्परा विश्व इतिहासमै चर्चित छ र यसको यस मानेमा आफ्नै विशेष पहिचान पनि छ । मुलुकलाई जनचाहनाअनुरूप नै लोककल्याणकारी शासनपद्धतिलाई आत्मसात् गरी हाँक्नुपर्दछ भन्ने मूल्य र मान्यताकै कारण श्री ५ वीरेन्द्रबाट २०४६ सालमा निर्दलीय व्यवस्थालाई हटाई बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापना गरिबक्स्यो । मुलुकलाई कानूनसम्मत रूपले हाँक्नुपर्ने हुनाले यसैलाई आत्मसात् गरी मौसुफ सरकारबाट २०४७ सालको प्रजातान्त्रिक संविधान दिइबक्स्यो र आफू पनि संवैधानिक राजाका रूपमा रहने प्रतिबद्धता जाहेर गरिबक्स्यो ।

मौसुफ स्वयम् एक विद्वान् र प्रजातन्त्रप्रति प्रतिबद्ध होइबक्सेकाले मुलुकलाई विधिद्वारा सञ्चालन गर्नुपर्दछ नकि

यसै रीतिले वैदिक धर्मका व्याख्याता स्मृतिहरू तथा महाभारतादि ग्रन्थमा राजाको कामका दुई वटा धार छन्–

१. शान्तिसुरक्षा, न्यायव्यवस्था, आततायीबाट संरक्षण ।
२. शिक्षा, गास, बास, कपास आदि शान्ति- सुरक्षाका दुई पक्ष छन्–
    (क) स्वदेशकै आततायीबाट आक्रान्त पीडितको संरक्षण ।
    (ख) वैदेशिक आक्रमणबाट राष्ट्र र राष्ट्र- वासीहरूको संरक्षण ।

जनताले खान पाउनुपर्छ, शिक्षा पाउनुपर्छ भन्ने कुरा दोस्रो सोपानमा पर्दछन्, किनभने कुनै आततायीहरूले सम्पन्न परिवारको धन लुट्यो, त्यस परिवारको सदस्यहरूलाई माऱ्यो भने ती मरेका मानिसहरूले खानै परेन, पढ्नै परेन । ज्यान बाँचेपछिमात्र खाने र पढ्ने कुरा आउँछन् । तसर्थ जनताको जीउज्यान बचाउनु, सुरक्षा दिनु नै राजाको प्रथम कर्तव्य हो । गोर्खाका राजा राम शाहले प्रजालाई न्याय दिन्थे, “न्याय नपाए गोर्खा जानू” भन्ने सूक्ति प्रचलित भयो । यो चाहिँ राम शाहको प्रथम कर्तव्य थियो । राम शाहले कुनै प्रजाको घर- धुरीबाट धूवाँ निस्केन भने शङ्का गर्दथे- त्यहाँ खानाका लागि अन्न नभएर आगो बलेन कि ? यो उनको द्वितीय कर्तव्य थियो ।

श्री ५ वीरेन्द्रबाट शुभराज्याभिषेकको अवसरमा “नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस्” भनी प्रस्ताव राखिबक्स्यो, जसलाई ११६ राष्ट्रहरूले समर्थन गरेका थिए । त्यसबेला नेपालीहरूले शान्तिपूर्ण जीवन बिताइरहेका थिए । यहाँ स्वदेशी आततायीहरूको आक्रमण थिएन । तसर्थ यो प्रस्ताव मित्रराष्ट्रहरूसँग मैत्रीसम्बन्ध सुदृढ पार्न वा शान्तिप्रिय असंलग्न नीतिको स्थिरीकरणका लागि थियो । यो प्रस्ताव मौसुफको पहिलो काम अन्तर्गत पर्दछ । देश र देशवासीलाई बचाउनु राजाको प्रथम कर्तव्य हो । श्री ५ वीरेन्द्रबाट शुभराज्याभिषेकको अवसरमा नेपाल अधिराज्यमा निःशुल्क प्राथमिक शिक्षाको घोषणा गरिबक्स्यो । यो चाहिँ राजाको दोस्रो कार्यअन्तर्गत पर्दछ । यसप्रकार शान्तिसुरक्षा (न्याय दण्डव्यवस्था) राजाको अनिवार्य पहिलो कार्य मानिन्छ भने शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार आदिको उन्नयन गर्ने काम दोस्रो कार्य अन्तर्गत पर्दछन् । दोस्रो कार्यको अर्थात् विकासमूलक कार्यको प्रथम चरण, शुरुवातमा आधारभूत प्राथमिक शिक्षा अर्थात् प्रजालाई साक्षर तुल्याउने काम पर्दछन् । यसरी विकासप्रणयी राजा वीरेन्द्रको निःशुल्क प्राथमिक शिक्षाको घोषणा विकासरूपी भऱ्याङको पहिलो सोपान हो । नेपालको दरिद्रता, पछौटेपन, बेरोजगारीजस्ता कुरामा शुभराज्या भिषेकभन्दा पूर्वकालीन अभिव्यक्तिबाट पनि श्री ५ वीरेन्द्र चिन्तित होइबक्सेको हामी पाउँछौँ । वि.सं. २०२९ भाद्र २४ मा साक्षरता दिवसको उपलक्ष्यमा बक्सेको सन्देशमा मौसुफबाट अभिव्यक्त कुरा यस्तो छ–

“देशवासीको दरिद्रता हटाउनु आजको प्रयोजन हो, देशका पहाड र पखेराहरूमा बौद्धिक जागरण ल्याउनु आजको खाँचो हो, कृषिविकासका साथै औद्योगिक विकास गर्नु आजको आवश्यकता हो, शिक्षित र अशिक्षित बेकारी हटाउनु आजको माग हो ।”

बहुविश्वविद्यालय स्थापनाको राष्ट्रिय अवधारणा श्री ५ वीरेन्द्रकै राज्यकालमा फलीभूत भयो । नेपालका राजाहरूमा श्री ५ वीरेन्द्र नै दुईवटा विश्वविद्यालय (त्रि.वि. तथा म.सं.वि.) को कुलपतित्व ग्रहण गर्ने प्रथम राजा होइबक्सिन्छ । त्रि.वि. र म.सं.वि. भन्दा पछि स्थापित गरिएका विश्व- विद्यालयहरूले देशको प्रधानमन्त्रीलाई कुलपति पदमा राख्ने व्यवस्था गरे । विश्वविद्यालयहरूका आआफ्ना विशेषता हुन्छन् । तिनीहरू आ-आफ्नो लक्ष्यअनुरूपको बौद्धिक जनशक्ति तयार पार्ने कामका प्रवृत्त हुन्छन् । तथापि यिनीहरूको आपसी आदानप्रदानमा घनिष्ठ सम्बन्ध रहेको देखिन्छ । म.सं.वि.को मध्यमा र शास्त्री तहमा निर्धारित आधुनिक विषय- नेपाली, अङ्ग्रेजी, हिन्दी, मैथिली, गणित, राजनीति, अर्थशास्त्र- को पाठ्यक्रम त्रि.वि.को मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानको अनुरूप छ; किनभने यी विषयहरूमा शास्त्री (स्नातक) तह पार गर्ने विद्यार्थीहरू एम.ए तहको अध्ययननार्थ त्रि.वि. तर्फ जान्छन् । यी विषयका प्राज्ञिक परीक्षक विषयसमिति सदस्य प्रायः त्रि.वि. कै शिक्षक हुन्छन् ।

माध्यमिक तथा उच्च शिक्षाको सन्दर्भमा दीक्षान्त समारोहलगायतका विभिन्न समारोहहरूमा बक्सेका सम्बोधन वक्तव्य तथा क्रियाकलापहरूबाट श्री ५ वीरेन्द्रको स्पष्ट धारणा बुझ्न सकिन्छ । मौसुफको चिन्तन थियो- शिक्षा, राष्ट्रिय आवश्यकता अनुरूप राष्ट्रमुखी र जनमुखी हुनुपर्छ, रोजगारीमूलक, व्यावसायिक र व्यावहारिक हुनुपर्छ, युग परिस्थिति अनुकूल हुनुपर्छ, धेरै विद्यार्थीहरूलाई प्राविधिक शिक्षा दिएर देशलाई आत्मनिर्भर तुल्याउनुपर्छ । शिक्षण संस्थाहरूले सावधानीपूर्वक प्रयत्नशील बनेर बौद्धिक जागरित जनशक्ति पैदा गर्नुपर्छ, बौद्धिक समुदायले युगीय आवश्यकताअनुसार राष्ट्रनिर्माणको उत्तरदायित्व लिनुपर्दछ र राष्ट्रलाई सर्वतोमुखी विकासले परिपूर्ण, समुन्नत र समृद्ध तुल्याउनुपर्छ ।

अन्ततः शाश्वतशान्तिकामी, शिक्षानुरागी, विकासप्रेमी, प्रजावत्सल, ज्ञानविज्ञान-समन्वयवादी, शिष्टसंमान्य, मृदुभाषी, आदर्शपुरुष स्वर्गवासी श्री ५ वीरेन्द्रको आत्माले चिरशान्ति प्राप्त गरोस् भनी अघटितघटनापटु भगवान् पशुपतिसँग प्रार्थना गर्दै विश्रान्ति लिन चाहन्छु ।

●

श्री ५ वीरेन्द्र : स्मृति र अनुभूति

● *सहप्रा. डा. डि.बी. क्षेत्री*

राष्ट्र, राष्ट्रियता एवम् राष्ट्रवासीहरूप्रति आत्मैदेखि सम्वेदनशील मात्र नभई यिनीहरूको अस्तित्वरक्षा तथा संरक्षणमा आफ्नो परम कर्तव्य एवम् दायित्वलाई अन्तरात्मादेखि नै आत्मसात् गरी व्यवहारमा समेत खरो रूपमा आफूहरूलाई उतार्दै आएका राजा तथा व्यक्तित्वका रूपमा समेत शाहवंशीय राजाहरू पाइएका यथार्थताहरू इतिहासमै स्थापित भएका छन् । मुलुकको अस्मिता नै राष्ट्र तथा राष्ट्रवासीको अस्तित्व भएको शास्वत सत्यका स्पष्ट मर्मज्ञ शाहवंशीय राजाहरूको छिन्नभिन्न अझै स्पष्ट शब्दमा भन्नु पर्दा नेपाल एक भौगोलिक अभिव्यक्तिमा मात्रै सीमित रहन पुगेको अवस्थालाई मध्यनजर राख्दै विखण्डित मुलुकको एकीकरण अभियानको थालनी र यसलाई मूर्तरूप दिलाउने कार्यदेखि एकीकृत मुलुकलाई एक स्वतन्त्र एवम् सार्वभौमसत्तासम्पन्न राष्ट्रका रूपमा स्पष्ट पहिचान गराउने तथा प्रजातान्त्रिक शासनपद्धतिबाट शासनसञ्चालन गर्ने महान् अभियान र त्यसलाई व्यवहारमा उतार्ने कार्य समेतमा महत्त्वपूर्ण योगदान रहेको वास्तविकता सबैको सामु स्पष्ट नै छ ।

राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहकै दूरदर्शी, राष्ट्रवादी चिन्तन, सोच र सम्वेदनशीलतालाई आत्मसात् गरी यी सम्वेदनशील तथा दूरदर्शी सोचाइ एवम् चिन्तनलाई अझै खरो रूपमा व्यवहारमा उतार्ने दूरगामी चिन्तक एवम् प्रखर राष्ट्रवादी राजा श्री ५ महेन्द्रका सपूत राजा श्री ५ वीरेन्द्रले लोकसम्मति र जनचाहनालाई आत्मसात् गरी शासन गर्ने शाही परम्परालाई अझै व्यावहारिक तथा परिस्कृत रूपमा व्यवहारमा उतारिबक्स्यो । त्यतिमात्रै नभई राजा श्री ५ वीरेन्द्र आफूलाई विश्वमै एक उच्च आदर्शवादी व्यक्तित्व, प्रजावत्सल, प्रखर राष्ट्रवादी, दूरदर्शी एवम् कुशल शासकका साथै एक सच्चा प्रजातन्त्रवादी राजनेताका रूपमा समेत स्थापित गर्न सकिबक्स्यो । मुलुकलाई सही एवम् समयसापेक्ष मार्गनिर्देश गर्न सकिबक्सेकै कारण मौसुफ सरकारको शासनकाल मुलुकको स्पष्ट भविष्यका लागि एक मार्गनिर्देश बन्न पुग्यो । अझै स्पष्ट तथा खुलस्त रूपमा भन्ने हो भने मौसुफको राज्यकाल (वि.सं. २०२८-०५८) मुलुकको समग्रमा सर्वाङ्गीण विकासकै लागि ज्यादै महत्वपूर्ण भयो । त्यसैले मौसुफको राज्यकाल नेपालको इतिहासमा लिच्छविकाल पछिको दोस्रो स्वर्णकालका रूपमा स्मरण गर्न सकिन्छ । विद्वान्, अत्यन्त भद्र, शालीन, दूरगामी सोचाइ राख्ने, एक प्रखर सच्चा राष्ट्रवादी, प्रजावत्सल तथा प्रजातन्त्रवादी राजाका रूपमा मुलुकभित्र मात्र नभई विश्वमै आफ्नो तथा एक स्वतन्त्र अविभाज्य शान्तिकामी एवम् एक स्वाभिमान राष्ट्र पहिचान गराउन सफल राजा वीरेन्द्र आज हाम्रा सामु होइबक्सिन्न । मौसुफ सरकार हामीबाट विछोड होइबक्सेको एक वर्ष पुगिसकेको छ । मौसुफ सरकारको विछोडबाट विह्वल भएका हामी सम्पूर्ण नेपालीहरू अकल्पनीय तथा दुःखान्त क्षणलाई दैवकै खेल र लीला मानी धैर्य धारणा गर्दै वर्तमान राष्ट्रनायक सरकार श्री ५ ज्ञानेन्द्रको नेतृत्वमा मुलुक तथा हामी सबै नेपालीहरूको स्वर्णिम भविष्यको आशा, भरोसा र विश्वासमा बाँच्दै छौं ।

लोकसम्मति र जनचाहनाअनुरूप शासन गर्ने शाही परम्पराको दृढ अनुयायी राजाः

आफ्ना पूर्वजहरूद्वारा स्थापित लोकसम्मति र जनइच्छालाई अँत्मसात् एवम् कदर गर्दै मुलुक तथा लोककल्याणकारी शासन गर्ने मान्यता र त्यसलाई व्यवहारमा उतार्दै आएको यथार्थतालाई हृदयदेखि नै आत्मसात् गर्दै उक्त मान्यता र प्रतिबद्धतालाई अझै स्पष्ट तथा परिष्कृत रूपमा व्यवहारमा श्री ५ वीरेन्द्रले उतारिबक्सेको वास्तविकता ऐना जस्तै छर्लङ्ग छ । मौसुफ सरकार स्वयम्को अभिव्यक्ति लोकसम्मतिद्वारा प्रदर्शित "जनइच्छालाई हामीले सदा कदर गर्नेछौं" ले र यस किसिमका अभिव्यक्तिले लोकसम्मति र जनइच्छालाई कदर तथा आत्मसात् गरी शासन गर्ने शाही परम्परा र त्यसलाई वीरेन्द्रले गरेको आत्मसात् स्पष्ट हुन्छ । मौसुफ सरकारबाट उक्त शाही परम्परालाई आत्मसात् गरिमात्र बक्सेन त्यसलाई स्पष्टतः व्यवहारमा उतारिबक्स्यो ।

मौसुफबाट लोकसम्मति र जनचाहनाअनुरूप शासन गर्ने शाही परम्पराको पालनाको स्पष्ट उदाहरण २०३६ साल जेष्ठ १० गते भएको घोषणालाई लिन सकिन्छ । त्यसमा उल्लेख भएको छ :

..... जनआकाङ्क्षाअनुकूल देशको शासनव्यवस्था चलाउनु हाम्रो परम्परा र कर्तव्य रहिआएको छ । त्यसैले देशको विद्यमान परिप्रेक्ष्यमा हाम्रा देशवासीहरूले के कस्तो परिवर्तनको चाहना गरेका छन् सो कुरा स्पष्ट रूपमा बुझी उचित कदम चाल्नका लागि हामीले नेपाल अधिराज्यभर वालिग मताधिकारका आधारमा सम्पूर्ण नेपालीको गोप्य जनमत लिने व्यवस्था गरिने कुराको घोषणा गरिबक्सेका छौं । यस्तो राष्ट्रिय जनमत लिइँदा दुई मुलभूत प्रश्नहरू गरिनेछन् । पहिलो के हालैको पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ? अथवा, त्यसको बदला बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ?[1]

पाकिस्तानका तत्कालीन राष्ट्रपति जुल्फिकर अलि भुट्टोलाई त्यहाँको सैनिक सरकारले फाँसी दिने फैसला गरेकाले त्यसको विरोधमा नेपालमा मूलतः विद्यार्थीहरू सडकमा उत्रे । विभिन्न पार्टीका (प्रतिबन्धित अवस्थामै भए पनि) नेताहरूको समर्थन तथा निर्देशनमा भएको उक्त विद्यार्थीआन्दोलनले त्यसबेलाको परिवेशलाई दृष्टिगत गर्दा चर्को रूप लिएको महसुस गर्दै यस आन्दोलनको पछाडि एकखाले अर्थात् व्यवस्थाकै विरुद्ध जनआक्रोश तथा चाहना हो कि भन्ने महसुस मौसुफ सरकारलाई भयो र यसलाई शान्तिपूर्ण निकास दिनुपर्दछ भन्ने सोचिबक्स्यो । यसको फलस्वरूप उक्त घोषणा भयो । जे जसरी होस् पञ्चायती व्यवस्थाकै सामयिक सुधारको पक्षमा बहुमत जनताको अभिमत जाहेर भयो– २०३७ साल वैशाख २० गते भएको जनमत सङ्ग्रहमा ।

यसरी बहुमत पञ्चायती व्यवस्थाकै देखिएकाले उक्त शासनव्यवस्था कायमै राखिबक्स्यो । तर, अन्ततः उक्त व्यवस्थाको विपक्षमा २०३७ साल वैशाख २० गतेको जनमत सङ्ग्रहको बहुदलीय व्यवस्थाप्रति देखिएको अल्पमतले यथार्थतामा ठूलो फड्को मार्‍यो । २०४६ सालसम्म पुग्दा मुलुक पञ्चायती व्यवस्था विरुद्ध झनै आन्दोलित हुन पुग्यो । केही मानिसहरूले बहुदलीय व्यवस्थाकै नाउँमा आत्मोत्सर्ग गर्नुपर्‍यो । यो परिस्थिति र परिवेशले मौसुफ सरकारलाई फेरि सम्वेदनशील बनायो । जनता मारेर हैन उनीहरूकै संरक्षण गरेर शासन गर्नुपर्दछ र शासन जनचाहनाअनुरूप नै हुनुपर्दछ भन्ने धारणाका प्रखर पक्षपाती राजा श्री ५ वीरेन्द्रले २०४६ साल चैत्र २६ गते राति मुलुकमा बहुदलीय प्रजातान्त्रिक शासनव्यवस्थालाई पुनर्स्थापित गरिएको घोषणा गरिबक्स्यो ।

२०३६ तथा २०४६ सालका ऐतिहासिक घोषणाले मात्रै पनि मौसुफ सरकार लोकसम्मति तथा जनचाहनाप्रति कुन हदसम्म प्रतिबद्ध एवम् सम्वेदनशील होइबक्सन्थ्यो भन्ने स्पष्ट हुन्छ । कुनै पनि सचेत र यथार्थवादी नेपाली नागरिकका मनमा दिवङ्गत राजा श्री ५ वीरेन्द्रबाट लोक सम्मतिलाई कदर गरेका धेरै घटना आज पनि ताजै छन् । २०३६ साल जेठमा जनमत सङ्ग्रहको घोषणा गर्नु, २०४६ सालको ऐतिहासिक जनआन्दोलनको मागलाई कदर एवम् पालना गर्नु, देशमा उत्पन्न जटिलतम समस्यालाई समेत राजनीतिक वार्ता र बहसबाट समाधान गर्न खोज्नु त्यस्ता केही ज्वलन्त उदाहरण हुन्"[2] ।

विकासप्रेमी तथा प्रजावत्सल राजा

"…. हाम्रो प्रत्येक चाहना, प्रत्येक प्रयास र प्रत्येक क्रियाकलाप देश र देशवासीको निरन्तर हित र कल्याणद्वारा सदैव निर्देशित रहनेछ । राजा र प्रजाको निःस्वार्थ र संयुक्त प्रयास नै यस देशको राज्य सञ्चालनको विशेषता हो र भविष्यमा रहनेछ । नेपालीको रगत-पसिनाले संरक्षित नेपालमा राजमुकुट पनि प्रबल रूपले नै रहनेछ र सधैं नेपाली जनहितकै संरक्षण र संवर्द्धन गर्दै अगाडि बढ्नेछ ।

– श्री ५ वीरेन्द्र

मुलुकको समुन्नति र विकासप्रति मौसुफ युवराजाधिराज होइबक्सेको अवस्थादेखि नै सचेत होइबक्सन्थ्यो र सरकारद्वारा यसप्रति ज्यादै गहन चिन्तन गरिबक्सन्थ्यो भन्ने स्पष्ट प्रमाण मौसुफ सरकार आफ्नो राज्यारोहणको १ महिना नपुग्दै प्रजातन्त्र दिवसको उपलक्ष्यमा २०२८ फागुन ७ गते देशवासीका नाममा बक्सेको सन्देशमा उल्लिखित अभिव्यक्तिले पनि स्पष्ट हुन्छ । मौसुफको अभिव्यक्ति यस्तो रहेको छ :

> *.....स्वर्गीय हाम्रा परमपूज्य बुबाज्यूबाट शुरु गरिबक्सेको विकासको उकालो बाटोमा अघि बढ्न देशको भौतिक साधन मात्र भएर नपुग्ने हुँदा यसका साथै देशको जनशक्तिलाई अनुशासित ढङ्गले परिचालन गर्न पुराना प्रवृत्तिलाई बदली नयाँ युगको मागलाई पूरा गर्न नयाँ भावना र दक्षताको साथै देशभक्ति, इमान्दारी र परिकल्पना गर्न सक्ने सूक्ष्म बुद्धिको खाँचोलाई पूरा गर्न परेको छ। देश विकासजस्तो गहकिलो काम एक दुई जनाको प्रयासले मात्र पूरा हुँदैन, यसमा सबैको सक्रिय सहयोग र समाजका विभिन्न वर्गका तथ्यलाई ध्यानमा राखी शङ्का उपशङ्का मात्र गर्ने बानीलाई छाडी देश निर्माणको काममा पसिना बगाउन सिकौं। यही समयको माग हो।*

स्वर्गवासी राजा श्री ५ वीरेन्द्र मुलुक तथा मुलुकवासीको विकास र हितप्रति ज्यादै सम्वेदनशील एवम् चिन्तित होइबक्सन्थ्यो। राष्ट्रको सन्तुलित तथा समानुपातिक विकास मौसुफ सरकारको प्रमुख लक्ष्य थियो। मौसुफ जस्तो विद्वान् राजालाई कुन कुरा स्पष्ट थाहा थियो भने मुलुकको समग्र विकासबिना जनताको जीवनस्तर उठ्न सक्तैनस मुलुक स्वयम्ले अग्रगति लिन सक्दैन जसको कारण दुवै मुलुक तथा मुलुकवासी विकास तथा उन्नतिबिना आफ्नो स्पष्ट छवि एवम् पहिचान गराउन अन्तर्राष्ट्रिय जगतमा सक्दैनन्। त्यतिमात्र नभै समुचित विकासबिना मुलुक तथा मुलुकवासीको अस्मितामै पनि आँच पुग्न सक्ने यथार्थतालाई मध्येनजर गरी मौसुफ सरकार आफ्नो राज्यारोहणको लगत्तैदेखि मुलुक तथा मुलुकवासीको विकास एवम् हितका लागि बडो सम्वेदनशील हुँदै आफ्नो दृष्टि सोही तर्फ केन्द्रित गरिबक्स्यो। मौसुफले मुलुकको विकासको पूर्वाधार एवम् स्पष्ट गोरेटो निर्माण गर्ने उद्देश्यले राष्ट्रलाई पाँच विकासक्षेत्रमा विभक्त गरिबक्स्यो जसले अन्तर्राष्ट्रिय जगत्बाट पनि सराहना पायो। मौसुफ सरकारको विकासप्रेमी भावना, प्रतिबद्धता एवम् स्पष्ट चिन्तन तथा अवधारणाबाट प्रभावित भएरै दातृराष्ट्रहरू नेपालको विकास कार्यक्रमप्रति बढी इच्छुक देखिए। यसको फलस्वरूप उनीहरूले नेपाललाई पुऱ्याउँदै आएको आर्थिक सद्भावमा झनै वृद्धि हुन पुग्यो। यसैको फलस्वरूप मुलुकले सडक, जलविद्युत्, वन, शिक्षा, स्वास्थ्य, सञ्चार, पर्यटन, कृषि, उद्योग, विज्ञान तथा प्रविधिको क्षेत्रमा निकै फड्को मार्न सक्यो। बाह्य मुलुकहरूबाट नेपालको विकासनिर्माण कार्यमा मौसुफ सरकारकै बहुआयामिक व्यक्तित्व एवम् स्पष्ट सोचाइ र चिन्तनको कारण ठूलो सहयोग भयो भने मुलुकभित्रैको साधन र स्रोतको परिचालन पनि यथोचित रूपमा हुन सकोस् एवम् विकासको प्रतिफल जनताले पाउन सकून् तथा जनतालाई पनि मुलुकको विकास निर्माणमा सहभागी बनाई मुलुक तथा उनीहरूको हित उन्नति हुन सकोस् भन्ने ध्येय राखी मौसुफ सरकारले क्षेत्रीय भ्रमणको आवधारणालाई अझै बढी प्रभावकारी बनाइबक्स्यो। मौसुफ सरकारलाई कुन कुरा स्पष्ट अवगत थियो भने क्षेत्रीय भ्रमण गरी जनतासँग साक्षात्कार गर्दा मुलुकको विकासको अवधारणा र स्थिति एवम् उनीहरूको यथार्थ जीवनशैली र अवस्थाका बारेमा जानकारी हासिल गर्न सकिन्छ जुन जानकारी बडो यथार्थपरक तथा प्रभावकारी पनि हुन्छ। यही यथार्थतालाई आत्मसात् गरी मौसुफ सरकारले आफ्नो राज्यकाल खासगरी राज्यारोहणपश्चात् बहुदलीय व्यवस्था पुनःस्थापित गरिबक्सनु पूर्व क्षेत्रीय भ्रमणको दौरानमा पाँचै विकास क्षेत्रका कुना काप्चासम्म पुगी मुलुकवासीहरूको यथार्थस्थितिको जानकारी लिइबक्स्यो। क्षेत्रीय भ्रमण वास्तवमा पाँचै विकास क्षेत्रको विकास तथा सर्वसाधारण जनताका लागि न्याय एवम् राहत सावित भएको स्पष्ट नै छ।

मौसुफ सरकार एक प्रजावत्सल तथा त्यतिकै जनप्रेमी होईबक्सिन्थ्यो। अझै स्पष्ट शब्दमा भन्ने हो भने जनसेवी पनि। "जनताको सेवा नै प्रजातन्त्रको मूल मन्त्र हो भन्ने कुरा चरितार्थ गर्न विकासको फल गाउँगाउँमा पुऱ्याउन सक्नु परेको छ"– मौसुफ सरकारको अन्तरहृदयदेखि नै निस्केका यी अभिव्यक्तिले पनि मौसुफ सरकारको जनसेवी तथा जनप्रेमी भावनालाई स्पष्ट निर्देश गर्दछ। अझै यी अभिव्यक्तिले प्रजातन्त्रको मूल मर्मको उजागर गर्दै यसलाई व्यवहारमा उतार्न सक्नुपर्दछ भन्ने अभिमत पनि जाहेर गर्दछन्। मौसुफ सरकारबाट अभिव्यक्त अभिव्यक्ति "आम जनताको चाहना पूरा गर्न र उनीहरूले भोग्नु परेका कठिनाइहरू कम गर्नमा हामी सबैको ध्यान केन्द्रित हुनु परेको छ" ले मात्र पनि कुन कुरा स्पष्ट हुन्छ भने मौसुफ सरकारको जनउत्तरदायित्व तथा प्रेम कस्तो रहेछ।

मुलुकवासीहरू चाहे बाढीबाट होस् वा अन्य दैवीप्रकोपबाट पीडित हुन् सबै अवस्थामा मौसुफ सरकार ज्यादै चिन्तित तथा सम्वेदनशील होइबक्सन्थ्यो। २०५० साल साउन ७ गते मौसुफ सरकारबाट देशवासीहरूको नाममा बक्सेको यो सम्बोधनबाटै पनि त्यो कुरा स्पष्ट हुन्छ :

> *केही दिनको अविरल वर्षाको कारण देशका विभिन्न भागमा आएको बाढीपहिराले भइरहेको जनधनको क्षतिबाट हामीलाई दुःख लागेको छ। राजमार्गमा पर्ने पुल र बाटाहरूको नोक्सानीबाट आवागमन अवरोध पुग्न गई दैनिक जनजीवनमा कठिनाइ पर्न गएको छ। यस प्राकृतिक*

व्यक्तिको इच्छा र आडम्बरले भन्ने कुरामा दृढ होइबक्सिन्थ्यो । उक्त यथार्थता मौसुफ सरकार स्वयम्ले २०४९ साल कार्तिक २३ गते संविधान दिवसको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश– " संविधानका आधारभूत प्रावधानहरूको सबैले आ-आफ्नो क्षेत्रबाट इमान्दारीपूर्वक पालन गर्नुपर्ने दायित्वलाई राष्ट्रिय कर्तव्यको रूपमा लिइनु पर्दछ"[१९] ले स्पष्ट पार्दछ ।

सदासर्वदा विधिको शासनमा जोड दिने र त्यसैमा प्रतिबद्ध रहिबक्सेको वीरेन्द्रका बारेमा शिवप्रसाद भट्टराई लेख्छन्– "व्यक्तिले हैन विधिले शासन गर्नुपर्ने प्रजातान्त्रिक सिद्धान्त मौसुफको कार्यकालमै कार्यान्वित हुन सकेको थियो ।"[२०] यसै सन्दर्भमा मौसुफका तत्कालीन पार्श्ववर्ती तारावहादुर थापा लेख्छन् -"[२१] २०५४ साल चैत्र २४ गते साँझ ५:३० बजे मैले स्वर्गवासी श्री ५ वीरेन्द्रको शाही पार्श्ववर्तीका रूपमा अन्तिम पटक बिदाइ दर्शन भेट पाएँ । मेरो अवकाशको बेला आइसकेको थियो । सेवा गर्ने सौभाग्य बक्सेकामा मौसुफप्रति कृतज्ञता जाहेर गर्दै भएका गल्ती त्रुटिहरूका निम्ति क्षमा बिन्ती गरें । सरकारबाट हुकुम भयो– "हेर, रिटायर हुनु पनि प्रक्रिया (प्रोसेस)कै एक अङ्ग हो । प्रक्रियाभन्दा ठूलो केही र कोही छैन ।" जीवन नै प्रक्रियाबद्ध थियो, मौसुफको सार्वजनिक जीवन सोच्ने कार्य गर्ने र निर्णय गर्ने तरिका पनि त्यतिकै अनुशासित र प्रक्रियाबद्ध थियो । विषय चाहे सार्वजनिक समारोहमा उपस्थित हुने होस् हरेक अवस्थामा कार्य र निर्णय अनुशासित र प्रक्रियाबद्ध तरिकाबाट मात्र हुन सक्थ्यो । हतारमा निर्णय गर्ने बानी थिएन । सबै पक्ष, सबै निकाय, कानुन र निर्णयको प्रभाव विचार गरेर मात्र निर्णय गरिबक्सन्थ्यो ।"[२२] संवैधानिक राजाका रूपमा मौसुफ सरकारलाई पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापा यसरी मूल्याङ्कन गर्दछन्– "राष्ट्रको जिम्मेवारी वहन गरेको संस्था र नेताहरूले मौसुफबाट सिक्नुपर्ने सबभन्दा ठूलो पाठ भनेको संविधानको सम्मान, आदर र पालन हो । सक्रिय राजाको भूमिकामा र संवैधानिक राजाको भूमिकामा पनि मौसुफबाट संविधानको अक्षरशः पालनामा जोड दिइबक्स्यो । मौसुफको पछिल्लो कार्यकालमा पनि अनेकौं चाप नपरेका थिएनन् घेराबन्दी नभएको थिएन, मौसुफले चाहिबक्सेको भए वातावरण पनि अपेक्षाकृत उपयुक्त र अनुकूल थियो तैपनि मौसुफमा कहिल्यै कुनै किसिमको विचलन आएन, संवैधानिक बाटोबाट अलिकति पनि दायाँबायाँ गरिबक्सेन । प्रजातन्त्र र संविधानलाई निरन्तरता दिन मौसुफ आफ्नो जीवनको अन्तिम क्षणसम्म सक्रिय, संघर्षरत र कटिबद्ध रहिबक्स्यो ।"[२३]

संविधानप्रति मौसुफको प्रतिबद्धताको बारेमा नेपाली कांग्रेसका युवा तथा प्रखर नेता रामचन्द्र पोखरेल लेख्छन्– "राजाले निर्वाह गर्नुपर्ने संवैधानिक राजाको भूमिकामा कुनै खोट लगाउनु पर्ने अवस्था आएन । त्यो राजतन्त्रको एउटा उज्ज्वल पक्ष हो । यसले संवैधानिक राजा कस्तो हुनुपर्छ भनेर एउटा उत्कृष्ट उदाहरण कायम भएको छ जसको पूर्ण श्रेय राजा वीरेन्द्रलाई नै जान्छ ।"[२४] यी नै उद्धृत अभिमतहरूबाट नै कुन कुरा स्पष्ट हुन्छ भने मौसुफ सरकार संविधानको मर्म तथा विधिको शासनप्रति कुन हदसम्म सम्वेदनशील होइबक्सिन्थ्यो र अरूलाई पनि अनुशासन एवम् विधिको शासनको मूल्य र मान्यताको पाठ सिकाइबक्सेको थियो । मौसुफ सर्वोच्च न्यायिक निकायको समेत रायसल्लाह लिइबक्सी निर्णय लिनुपर्दा संविधानसम्मत छ छैन भनी बडो सम्वेदनशीलता तथा होसियारीपूर्वक आवश्यकताअनुसार सर्वोच्च न्यायिक निकायको समेत राय सल्लाह लिइबक्सी निर्णय गरिबक्सन्थ्यो– एक संवैधानिक राजाको मर्यादा र परिधिभित्र रहेर । राजा यसरी संविधानसम्मत तथा विधिको शासनको मूल्य र मान्यतालाई आत्मसात् गरी संवैधानिक राजाको समेत परिधि, हैसियत तथा मर्यादाप्रति ज्यादै सम्वेदनशील रही मुलुक तथा मुलुकवासीको भविष्य र अस्मिता रक्षामा हृदयदेखि नै दत्तचित्त रही बक्सदस्ँदाबक्सँदै पनि हाम्रा विभिन्न दलका नेताहरूको द्वैध चरित्र र व्यवहार भने नदेखिएको हैन । उनीहरू आ-आफ्नै स्वार्थलिप्सामा बढी रुमलिन नपुगेका हैनन् र संविधान तथा विधिको शासनको मर्म र मान्यताभन्दा पनि आफ्नै दलगत तथा व्यक्तिगत अभीष्ट पूरा गर्न लागे तर मुलुकको समग्र विकास र अग्रगतिको बाधक भएको र हुन सक्ने यथार्थतालाई गहिरिएर सोचेनन् । मौसुफ स्वयम् स्पष्ट तथा सच्चा प्रजातन्त्रवादी, एक धैर्यवान् तथा दूरगामी सोचाइ र दृष्टि भएको व्यक्तित्व भएकाले र सदासर्वदा संवैधानिक राजाको मर्यादा परिधि र अनुशासनलाई आत्मसात् गरी राज्यसञ्चालन गरी बक्सेकाले मौसुफको शासनकालमा नेपाल विश्वसामु एक स्वतन्त्र सार्वभौमसत्ता एवम् प्रजातान्त्रिक मुलुकका रूपमा अझै व्यापक तथा स्पष्ट रूपमा पहिचान कायम गर्न सक्यो । हिजो आफ्नो अभीष्टमा मात्र लीन भै प्रजातन्त्रमा खतरा देख्नेहरू आज मौसुफ सरकारको स्पष्ट नीति संविधानसम्मत विधिको शासनको मुक्त कण्ठले प्रशंसा गर्दै छन् । अझ बढी सबैले बुझ्नुपर्ने यथार्थता के हो भने मौसुफ सरकार जस्तो संविधानसम्मत सबैले हुन सकेर व्यवहारमा उतार्न सके मुलुकको भविष्य अवश्य उज्ज्वल हुनेछ ।

दृढसोच, चिन्तन, संयम एवम् उदारवादी व्यक्तित्वका रूपमा श्री ५ वीरेन्द्र

मौसुफ सरकार एक अनुशासित, दृढसोचाइ, अटल विश्वास र संयम एवम् धैर्यशाली व्यक्तित्व होइबक्सिन्थ्यो । विपत्तिमा आत्तिने

र सहजतामा मात्तिने स्वभावको अलिकति सङ्केतसम्म पनि मौसुफमा पाइएन । माथि नै के उल्लेख गरिसकिएको छ भने मौसुफ सरकार कुनै पनि निर्णय परिपक्व तथा सोचविचार, विश्लेषण गरी बडो धैर्य तथा संयमपूर्वक प्रक्रियागत आधारमा गरिबक्सन्थ्यो । संसारका दिग्गज विद्वान्, ख्यातिप्राप्त शासक प्रशासकहरू मध्ये धेरैजसो स्वभाव निश्चल नभएको पनि नभेटिएका हैनन् तर हाम्रा राष्ट्रनायक स्वर्गीय श्री ५ वीरेन्द्र संसारकै थोरै धैर्यशाली आफ्नो सोचाइ चिन्तनमा स्पष्ट तथा आत्मनिर्णय गर्न सक्ने दृढ व्यक्तिहरूमध्ये परिबक्सन्छ । जस्तोसुकै जटिल तथा विषम परिस्थिति तथा परिवेशलाई पनि सहज रूपमा लिई यथोचित निर्णय गर्न सक्ने क्षमता मौसुफ सरकारमा थियो । यसै सन्दर्भमा शिवप्रसाद भट्टराई लेख्छन्– "राष्ट्रको प्रत्येक उथलपुथलमा धैर्य र संयमताको परिचय दिई सही निर्णय गर्ने, जनइच्छाको सधैँ कदर गर्ने र यसलाई नै आफ्नो जीवनशैलीका रूपमा आत्मसात् गर्ने राजा वीरेन्द्रप्रति जनताको ठूलो आस्था र विश्वास थियो ।"[२५] यसै सन्दर्भमा सूर्यबहादुर थापा लेख्छन्– "जस्तोसुकै कठिन र चुनौतीका घडीमा पनि मौसुफ शान्त धैर्य र संयमित रहिबक्सन्थ्यो । अरूका कुरालाई अत्यन्त चाखपूर्वक ध्यान दिएर सुन्ने, गहिराइसम्म पुगेर बुझ्ने प्रयास गर्ने तथा कुरा, काम र व्यवहार गर्दा कसैसँग पनि पूर्वाग्रह नराखी खुला र उदार भएर गर्ने मौसुफको विशिष्ट एवम् अनुकरणीय व्यक्तित्व थियो ।"[२६] मौसुफ सरकारको संयम, दृढ एवम् निश्चल स्वभावका सन्दर्भमा मौसुफ सरकार नै तत्कालीन पार्श्ववर्ती ताराबहादुर थापा लेख्छन्– "मानिसहरू सोध्छन्– संवैधानिक राजा भएपछि श्री ५ वीरेन्द्रको स्वभावमा के कस्ता परिवर्तन आए ? मौसुफमा रत्तिभर परिवर्तन आएको मैले महसुस गरिन । जसरी जुन शालीनता र अनुशासन राखेर पञ्चायत व्यवस्थाका अन्तरिम प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दसँग व्यवहार गरिबक्सन्थ्यो ठीक त्यही व्यवहार कांग्रेस वा कम्युनिष्ट प्रधानमन्त्रीसँग पनि गरिबक्स्यो ।"[२७]

कुशल शासक तथा विशारद व्यक्तित्वका रूपमा श्री ५ वीरेन्द्र

मौसुफ सरकार एक दूरगामी दृष्टि, चिन्तन एवम् सोचका साथै कुशल शासक एवम् स्वच्छ छवि र उच्च आदर्शले युक्त व्यक्तित्व होइबक्सिन्थ्यो । मौसुफको आचारण व्यवहार प्रजातन्त्रप्रति प्रतिबद्धता एवम् दूरदर्शी सोचाइ र चिन्तनबाट विश्वमै नेपालको स्पष्ट तथा निर्मल छवि कायम हुन सकेको छ । मौसुफको व्यक्तित्व कस्तो आकर्षक र गरिमामय थियो भने जोकोही पनि मौसुफलाई एक पटक भेटेपछि मौसुफप्रति आकर्षित एवम् मुक्तकण्ठले प्रशंसा गर्दथ्यो र त्यतिकै रूपमा मौसुफको व्यक्तित्वबाट प्रभावित पनि हुन्थ्यो नै । यसको ज्वलन्त उदाहरणका लागि केही दृष्टान्तहरू यहाँ प्रस्तुत गरिन्छ । यसै सन्दर्भमा रुसी जर्मनी विश्वविद्यालयका तर्फबाट मौसुफमा मानार्थ विद्यावारिधिको उपाधि प्रदान गर्दा सो विश्वविद्यालयको प्रिन्सिपलको उद्‌गार यहाँ उल्लेख गर्न सान्दर्भिक देखिन्छ जसमा व्यक्त गरिएको छ– "मौसुफको नेतृत्वमा एकातिर नेपालले अन्तर्राष्ट्रिय प्रतिष्ठा प्राप्त गऱ्यो भने अर्कातिर मौसुफ सरकार एक असल र विलक्षण प्रतिभाका कुटनीतिज्ञ भइबक्सन्छ भन्ने कुरालाई विश्व समाजद्वारा स्वीकार गरियो । मौसुफ युगौंदेखि चलिआएको परम्परा र संस्कृतिको पालनकर्ता होइबक्सन्छ । यसको साथै नेपाली राष्ट्रियताको प्रतीक पनि होइबक्सन्छ ।"[२८]

मौसुफ सरकारलाई २३ मई १९९४ का दिन काठमाडौंमा मानार्थ विद्यावारिधिको उपाधि प्रदान गर्ने सन्दर्भमा वेष्ट भर्जिनिया विज्ञान तथा प्रविधि अध्ययन संस्थानका अध्यक्ष जोन पि. क्यारियर पी.एच.डी. का उद्‌गारहरू पनि त्यतिकै ओजस्वी छन् सरकारको व्यक्तित्व चित्रणमा, जसको केही अंश यस प्रकार छन्– "श्री ५ महाराजाधिराज सरकार यस किसिमको आदर्श व्यक्तित्व र उल्लेखनीय व्यवहारका अनुपम उदाहरणीय होइबक्सन्छ जसको जीवनको आदर्श मूलतः "विद्या नै छ महाशक्ति कर्म नै छ सुपूजन" भन्ने रहेको छ । मौसुफको सम्पूर्ण जीवन नै आफ्नो मुलुकमा मानव अधिकार र प्रजातन्त्रको संस्थागत विकास तथा स्वास्थ्य शिक्षा र जनकल्याणका साथै नेपाल र नेपाली जनताप्रति पूर्णतः समर्पित रहिआएको छ ।"[२९] भारतका पूर्व राष्ट्रपति शङ्करदयाल शर्मा मौसुफ सरकारको व्यक्तित्वको चित्रण यसरी गर्दछन् "मौसुफ श्री ५ वीरेन्द्रबाट नेपालको उन्नति र खुसहालीका निम्ति एवम् हाम्रा दुई देशबीचको सम्बन्धको विकासका निम्ति जुन नेतृत्व प्रदान गरिबक्सेको छ त्यसका लागि भारत सरकार र भारतीय जनता मौसुफप्रति अत्यन्त सम्मान व्यक्त गर्दछौँ र मौसुफको मुरीमुरी प्रशंसा गर्दछौँ । मौसुफको अत्यन्त बुद्धिमत्तापूर्ण एवम् दूरदर्शी नेतृत्वमा नेपाल प्रगति तथा सम्पन्नताको दिशामा अग्रसर भइरहेको छ ।[३०] यसै सन्दर्भमा सन् १९५६ मा आफ्नो काठमाडौँ यात्राको क्रममा भारतकै अर्का पूर्वराष्ट्रपति स्वर्गीय डा. राजेन्द्रप्रसादको गरिमामय तथा ओजस्वी उद्‌गार यस्तो रहेको छ– "लोकसम्मतिलाई शासनको पमुख आधारका रूपमा आत्मसात् गर्ने राजाहरूको नेतृत्व गरी जनताको पक्षमा राजपाटलाई बाजी लगाउन नहिच्किचाउने राजाको देश, सामाजिक र आर्थिक क्षेत्रमा क्रान्तिकारी कदम चाल्ने राजाको देश, विश्वमानचित्रमा नेपाललाई चिनाउने र सधैँ जनताको इच्छामुताबिक शासन सञ्चालन गर्ने राजाको देश, गणतन्त्रका अनुयायी र राजाकै विरुद्ध प्रलाप

गर्नेहरूलाई प्रजावत्सल रूपमा निःसङ्कोच हँसमुख मुद्रामा राज्य सञ्चालनको शपथग्रहण गराउने राजाको देश नेपालको आफ्नै विशिष्टता र गौरवमय परम्परा छ । त्यसैले राजा सबैको साझा भन्ने धारणा र मान्यता प्रबल छ । राजा कुनै व्यक्ति विशेष वा समूहको मात्र नभई समस्त नेपालीको आधार हो ।[३१] मौसुफ सरकार वि.सं. २०४० सालमा अमेरिका भ्रमणमा सवारी हुँदा एटलान्टाका मेयर तथा अश्वेत नेता एन्ड्र्यू योङ्गले एक समारोहमा आफू बोलिसकेर मौसुफ सरकारको अभिव्यक्ति सुनिसकेपछि पुनः बोल्दै भन्नुभएका अभिव्यक्तिलाई ताराबहादुर थापा उल्लेख गर्दछन्– "मैले आफूलाई नियन्त्रण गर्न सकिन केही कुरा बोल्न उभिएको छु । यो सर्वसम्मत कुरो हो अमेरिकीहरू गणतन्त्रवादी हुन् तर श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको भाषण सुनेपछि अमेरिकीहरू राजतन्त्र मन पराउन थालेका छन् ।"[३२] मौसुफ सरकारको कुशल तथा विशारद व्यक्तिकै सन्दर्भमा पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट लेख्छन्– "चाहे सार्कलाई दिइबक्सेको नेतृत्व होस् वा अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई चिनाउने प्रयास सारा विश्वले प्रेमपूर्वक हेर्‍यो । कहिल्यै नेपालप्रति भेदभाव गर्न सकेन, त्यो मौसुफको कुशल नेतृत्वको उपज थियो ।"[३३]

यसरी मौसुफ सरकारको कारिगरी, कुशलता तथा कुशाग्रबुद्धि र विद्वत्ताकै प्रतिफल स्वरूप अन्तर्राष्ट्रिय जगत्मा नेपालको स्वतन्त्र अस्तित्वको पहिचान अझै स्पष्ट तथा प्रगाढ रूपमा सम्भव रह्यो ।

दूरदर्शी तथा शान्तिप्रिय राजा श्री ५ वीरेन्द्र

राजा जनक, सीता, भृकुटी तथा शान्तिका अग्रदूत एसियाकै तारा गौतम बुद्धको जन्मभूमि यो देश यथार्थतामा यसको अस्तित्वकालदेखि नै एक स्वतन्त्र अविभाज्य एवम् शान्तिको प्रतीकका रूपमा विश्वसामु आफ्नो पहिचान गराउँदै आउन सकेको छ । जातजाति, जनजाति, भाषाभाषिका, संस्कारसंस्कृति, रीतिरिवाज आदिले भिन्नता भएर पनि अनेकतामा एकता समग्रतामा समता भएको यस देशले शाहवंशीय राजाहरूको सबल तथा कुशल नेतृत्वमा अग्रगति लिँदै आएको पनि स्पष्ट नै छ । श्री ५ वीरेन्द्रले लोकसम्मति र जनचाहनालाई शिरोधार्य गर्दै शान्तिपूर्ण सहअस्तित्वको मूल्य र मान्यतालाई आत्मसात् गरी शासन गर्ने शाहवंशीय परम्परालाई अझै खरो रूपमा व्यवहारमूलक तथा समयसापेक्ष श्री ५ वीरेन्द्रले बनाइबक्सी मुलुकलाई स्पष्ट प्रजातान्त्रिक परिपाटीका आधारमा हाँकिबक्स्यो ।

राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको यथार्थपरक अभिव्यक्ति "यो राज्य दुई ढुङ्गाको तरुल हो" लाई हृदयदेखि नै आत्मसात् मात्र हैन उत्तरमा विशाल मित्रराष्ट चीन तथा दक्षिणमा त्यतिकै विशाल राष्ट्र भारतबीच अवस्थित यस मुलुकको अस्मिता रक्षा आफ्नै किसिमको सन्तुलित परराष्ट्र नीति र सोचाइ एवम् व्यवहारबाट मात्र हुन्छ भन्ने मूल मन्त्रलाई अझै बढी व्यवहारपरक बनाइबक्स्यो मौसुफ सरकारबाट । अझै यो मुलुकको अस्मितामा कहिल्यै आँच आउन नपाओस् र यसले विश्वलाई नै शान्ति एवम् अमनचयनको पाठ सिकाउन सकोस् भनी दूरदर्शी विद्वान् राजा श्री ५ वीरेन्द्रले आफ्नो राज्याभिषेकको पावनअवसरमा पाल्नु भएका संसारका विभिन्न मुलुकका राष्ट्राध्यक्ष एवम् सरकार प्रमुखहरू समक्ष वि.सं. २०३१ फागुन १३ गते नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्स्यो । नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने सन्तुलित यथार्थपरक जिकिर मौसुफले यस प्रकार प्रस्तुत गरिबक्सेको थियो–

> *"असंलग्नताको नीतिलाई हामीले अँगालेको कारण नै विश्वशान्तिको सम्भावना त्यसैमा देखेर हो । हामी आफ्नो सुरक्षाका लागि शान्ति चाहन्छौँ भने आफ्नो स्वतन्त्रता र विकासका लागि शान्ति नै चाहन्छौँ । वास्तवमा हो भने नेपालले आफ्ना दुवै छिमेकी मित्रराष्ट्रहरूसँग शान्ति र मैत्रीको सन्धिमा औपचारिक रूपले नै हस्ताक्षर गरिसकेको थियो । हाम्रा जनता आफ्नो मुलुकमा, छरछिमेकमा र विश्वमा जताततै हृदयदेखि शान्ति चाहने भएकाले हामीले शान्तिलाई सर्वोपरि स्थान दिएका छौँ । त्यसैले शान्तिलाई संस्थागत गर्ने त्यही उत्कृष्ट अभिलाषाले प्रेरित भएरै म मेरो मुलुक नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राख्दै छु ।"*[३४]

मौसुफ सरकारबाट राखिबक्सेको यस प्रस्तावलाई माथि नै उल्लेख गरिसकिए जस्तै बडो सन्तुलित तथा नेपालको स्पष्ट एवम् हार्दिक चाहनालाई स्पष्ट निर्देश गर्दथ्यो नै, यसभन्दा पनि बढी यसको सकारात्मक प्रभाव मानव जगत्मै पर्ने वास्तविकतालाई आत्मसात् गरी संसारभर नै यो चर्चाको विषय मात्र बनेन २०४६ सालभन्दा पूर्व मित्रराष्ट भारतबाहेक संसारका ११६ राष्ट्रहरूले हार्दिक समर्थन समेत गरे । मौसुफबाट राखिबक्सेको यस प्रस्तावले नेपालको छविलाई नै विश्वसामु ज्यादै उज्ज्वल बनायो । यसै सन्दर्भमा वेष्ट भर्जिनिया विज्ञान तथा प्रविधि अध्ययन संस्थानका अध्यक्ष जोन.पी. क्यारियर, पी एच.डी. लेख्छन्- "शान्ति र स्थिरताको प्रयासप्रति तथा नेपालमा शान्तिको संस्थागत विकास र क्षेत्रीय सन्तुलनप्रति मौसुफबाट खेलिबक्सेको भूमिका तथा विकासोन्मुख राष्ट्रप्रतिको सहयोग र विश्वका विभिन्न मुलुकका जनतासितको सांस्कृतिक तथा धार्मिक समन्वयमा मौसुफबाट प्रदान गरिबक्सेको

हार्दिक समर्थनले अन्तर्राष्ट्रिय स्तरमा उल्लेखनीय महत्त्व रहिआएको छ ।"[३५] यसै सन्दर्भमा मुर्धन्य साहित्यकार रमेश विकल लेख्छन्– "…..सौम्य, शालीन र भद्र राजालाई जसले आफ्नो देशमा चिर शान्ति स्थापनाका लागि धेरै अगाडि (२०३१) सालमा नै आफ्नो मुलुकलाई शान्तिक्षेत्र बनाउने प्रस्ताव लिएर विश्वसामु खडा भएका थिए छिमेकी मुलुकले बाहेक विश्वका प्रायः सबै मुलुकबाट त्यस प्रस्तावलाई अनुमोदनसमेत भइसकेको थियो, यस्ता शान्तिप्रिय राजालाई पनि हामीले गुमाउनु पऱ्यो ।"[३६]

मौसुफ सरकारको दूरदर्शी सोचाइ, चिन्तन यथार्थवादी दृष्टिकोण एवम् वरद नेतृत्वकै कारण मौसुफ सरकारबाट राखिबक्सेको 'शान्तिक्षेत्र' प्रस्ताव विश्वका ११६ मुलुकहरूले ससम्मान समर्थन गरेका हुन् । यसरी ११६ मुलुकहरूले ससम्मान स्वीकृत प्रस्तावप्रति हाम्रो ज्यादै निकट रहेको मित्रराष्ट्र भारतको सुदृष्टि पुगेन अर्थात् स्पष्ट शब्दमा "नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस्" भनी मौसुफ सरकारबाट राखिबक्सेको प्रस्ताव उसका लागि एक किसिमले अभिशाप ठहऱ्यो जसले गर्दा त्यसप्रति उसले कुनै दृष्टि नै दिएन । शान्तिक्षेत्र प्रस्तावलाई भारतबाट अनुमोदन हुन तथा गराउन सकेको भए हाम्रो अविभाज्य अखण्डता र शान्तिप्रिय अस्मितताप्रति कसैको कुदृष्टि पर्न सक्ने थिएन । यो यथार्थता सबैलाई थाहा भएकै कुरा हो । यथार्थतामा मातृभूमि र नेपालीहरू स्वयम्को शान्तिपूर्ण सुन्दर भविष्य र अटल अस्मितालाई आत्मसात् गर्ने जोसुकै राष्ट्रवादी नेपाली नागरिकका लागि पनि मौसुफ सरकारको दूरगामी सोचाइ र चिन्तनको यो उपज शान्तिक्षेत्रको प्रस्तावले सहज रूपमा छिमेकी मित्रराष्ट्र भारतबाट समर्थन पाउनै पर्दछ भन्ने जिकिर हुनुपर्दछ । यसका लागि नागरिक समाज एवम् विद्वत्वर्गको काँधमा ठूलो दायित्व आएको छ– उक्त प्रस्तावलाई मूर्तरूप दिलाउने सवालमा सरकारलाई सक्रिय पहलकदमी गर्न दबाव दिन ।

वीरेन्द्रको अन्तर्राष्ट्रिय व्यक्तित्व र मुलुकको उज्यालो छवि

स्वर्गवासी राजा श्री ५ वीरेन्द्र स्वयम्मा विश्वका स्थापित विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गरिबक्सेका एक विद्वान् एवम् दूरगामी सोचाइ तथा चिन्तन राख्ने व्यक्तित्व होइबक्सेकाले र मौसुफको आफ्नै मौलिक सोचाइ तथा चिन्तनसाथ अँर्न्राष्ट्रिय मञ्चमा प्रस्तुतिले मौसुफलाई विश्वकै प्रख्यात राजनेताहरूको श्रेणीमा पुऱ्याएको थियो । मौसुफ सरकार आफ्नो काँधमा मुलुकको शासनभारको बागडोर सम्हाली बक्सेपछि औपचारिक तथा अनौपचारिक दुवै रूपमा विश्वका सयौं महत्त्वपूर्ण राष्ट्रहरूको भ्रमण गरिबक्स्यो । भ्रमण तथा अध्ययनकै सिलसिलामा पनि विश्वका ठूला राजनीतिज्ञहरू, राजनेता तथा प्रबुद्ध व्यक्ति एवम् सरकार प्रमुखहरूसँगको भेटघाट, विचारको आदानप्रदान र औपचारिक समारोहमा प्रस्तुत मौलिक चिन्तन तथा राष्ट्रप्रतिको दायित्वबोधको स्पष्ट अनुभूति गराउन सकिबक्सेकाले मौसुफको व्यक्तित्व एवम् दूरगामी सोचाइ र राष्ट्रवादी भावनाबाट संसारका नेता, राष्ट्राध्यक्ष एवम् सरकार प्रमुखहरू ज्यादै प्रभावित भएका स्पष्ट उदाहरणहरू पाइन्छन् । यस सन्दर्भमा दरबारका पूर्व सचिव रेवतीमरण खनाल लेख्छन्– "अन्तर्राष्ट्रिय रङ्गमञ्चमा पनि श्री ५ वीरेन्द्रबाट मित्रराष्ट्रहरूको भ्रमण र अनेक विश्वसम्मेलनमा भाग लिई नेपाललाई माथि उठाइबक्सेको थियो । सार्कका संस्थापकमध्ये प्रमुख रहिबक्सेकाले मौसुफबाट दक्षिण पूर्वी एसियाका मुलुकहरूको सङ्गठन सार्कको अध्यक्षका हैसियतमा यस क्षेत्रका देशहरूमा आपसी सद्भाव र मैत्री सम्बन्धलाई मजबुत बनाउन योगदान बक्सेको हो । विश्व रङ्गमञ्चमा पनि मौसुफको शासनकालमा नेपालको व्यक्तित्व बढेको थियो ।"[३७] मौसुफ सरकारको ओजस्वीपूर्ण व्यक्तित्व, गहन तथा मौलिक चिन्तन एवम् एक प्रजातन्त्रप्रति प्रतिबद्ध राष्ट्रवादी व्यक्तित्वलाई मुक्तकण्ठले प्रशंसा गर्दै विश्वका महत्त्वपूर्ण मुलुकहरूका राजनेता, राष्ट्राध्यक्ष एवम् सरकारप्रमुखहरूले बडो ओजस्वीपूर्ण अभिव्यक्ति व्यक्त गरेका छन् जसको प्रमाणका रूपमा केही त्यस्ता सारगर्भित अभिव्यक्तिहरू यसै लेखको माथि नै उल्लेख गरिसकिएकाले यहाँ दोहोऱ्याउन आवश्यक छैन ।

मौसुफ सरकारको विशारद तथा ओजस्वी अन्तर्राष्ट्रिय व्यक्तित्व र त्यसको अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई चिनाउन पुगेको योगदानबारे नेपाली कुटनीतिज्ञहरूको अभिमत पनि यहाँ उल्लेख गर्नु प्रासाङ्गिक हुन्छ नै । त्यसैले केही अभिमतहरूलाई सङ्क्षेपमा राख्ने जमर्को गरिन्छ । यसै सन्दर्भमा भारतका लागि पूर्वराजदूत प्राध्यापक हर्षनारायण धौभडेलको अभिमत यस्तो छ– "विश्वशान्ति, असंलग्न नीति, भूपरिवेष्ठित मुलुकहरूका समस्या केलाउने नेताका रूपमा श्री ५ वीरेन्द्रको अन्तर्राष्ट्रिय व्यक्तित्व निकै प्रभावशाली रहेको छ । मौसुफबाट विश्वमञ्चहरूमा उठाइने गरेका साना मुलुकका विकाससम्बन्धी समस्या तथा जनताका आधारभूत आवश्यकता परिपूर्तिसन्दर्भबारेको भूमिका पनि निकै उल्लेखनीय छन् । आफ्नो मुलुकमा शान्ति स्थापना गरेर विश्वशान्तिको चाहना मौसुफका विशेषता हुन् । सम्राटप्रति व्यक्त गरिने जस्तो सम्मान कसैलाई दिइँदैन तर हाम्रो राजाप्रति उनीहरू अगाध श्रद्धा राख्दछन् । यो सबै मौसुफकै प्रखर अन्तर्राष्ट्रिय छविका कारण हो जस्तो मलाई लाग्दछ ।"[३८] यसै सन्दर्भमा पूर्वपरराष्ट्रमन्त्री के.बी. शाही आफ्नो अभिमत जाहेर यसरी गर्दछन्- "राजा महेन्द्रले जुन असंलग्न

वैदेशिक सम्बन्धको सूत्रपात गरिबक्सेको थियो त्यसलाई वर्तमान महाराजले सक्रिय भूमिका खेलेर मूर्तरूप दिइबक्सेको छ । आफ्नो शान्त र सौम्य व्यवहारबाट विश्वलाई प्रभावित पार्ने मौसुफको विशिष्ट गुण हुन् । अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा श्री ५ को भूमिका पूर्ण परिपक्व एवम् प्रशंसनीय छ ।”[३९]

मौसुफ सरकारको व्यक्तित्वलाई प्रकाश पार्दै पूर्व राजदूत एवम् योजना आयोगका पूर्व उपाध्यक्ष मोहनमान सैंजू लेख्छन्– “......श्री ५ महेन्द्रकै शासनकालमा पनि असंलग्न राष्ट्रहरूको सम्मेलनलगायत विभिन्न विश्वका महाशक्तिहरू लगायत ११६ वटा मुलुकहरूले समर्थन गर्नुबाट पनि मौसुफको अन्तर्राष्ट्रिय व्यक्तित्व निकै सुझबुझपूर्ण एवम् परिपक्व छ । मौसुफद्वारा प्रतिपादित नेपाललाई शान्तिक्षेत्र घोषणाको प्रस्ताव विश्वका महाशक्तिहरू लगायत ११६ वटा मुलुकहरूले समर्थन गर्नुबाट पनि मौसुफको अन्तर्राष्ट्रिय छवि कति सबल एवम् सक्षम रहेछ भन्ने तथ्य स्पष्ट हुन्छ ।”[४०] यसै सन्दर्भमा पूर्वराजदूत श्री भरतप्रसाद धितालको अभिमत यस्तो छ- “श्री ५ को अन्तर्राष्ट्रिय व्यक्तित्व निकै असाधारण एवम् प्रभावशाली छ । विदेशमा नेपाललाई चिनाउन वा मौसुफको जति भूमिका शायदै अरू कसैको होला । विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरू, असंलग्न राष्ट्रहरूको शिखर बैठक र सार्क सम्मेलनमा मौसुफको परिपक्व अन्तर्राष्ट्रिय छविको उपस्थितिमा नेपालको प्रतिष्ठा निकै वृद्धि भएको छ ।”[४१] पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट मौसुफको अन्तर्राष्ट्रिय छवि एवम् व्यक्तित्वका सन्दर्भमा लेख्छन्– “... सार्कको सम्मेलन होस् या अन्तर्राष्ट्रिय सम्मेलनमा मौसुफ एउटा मात्र मुद्दा उठाइबक्सन्थ्यो– गरिबी निवारणको, आज विश्व त्यही एकसूत्रीय माग लिएर हिँडेको छ । मौसुफको स्वर्गारोहण हुँदा विश्वले जुन सद्भाव देखाएको थियो, त्यसले स्पष्ट पार्दछ– मौसुफको गरिबी निवारणको मुद्दा विश्वले मार्गनिर्देशको रूपमा आज पनि लिएको छ ।”[४२] यथार्थतामा मुलुकलाई हाँक्ने नेतृत्वकै स्पष्ट, ओजस्वी एवम् अरूका लागि पनि अनुकरणीय हुन सक्ने चिन्तन तथा व्यक्तित्वको स्पष्ट प्रभाव अर्थात् यस किसिमको नेतृत्वको छवि र व्यक्तित्व कुनै पनि मुलुक स्वयम्कै लागि पनि पहिचानको माध्यम तथा आधार बन्दछ । यस मानेमा स्वर्गवासी विद्वान्, कुटनीतिज्ञ एवम् ओजस्वी र मौलिक चिन्तनले युक्त राजा श्री ५ वीरेन्द्रको शासनकाल नेपालकै अन्तर्राष्ट्रिय छवि उजिल्याउन तथा स्पष्ट पहिचान गराउन सफल रह्यो । यस सन्दर्भमा पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाको अभिमतले यथार्थतालाई अझै स्पष्ट पार्दछ जुन यस प्रकार छ– “नेपालको पहिचान र छविलाई अन्तर्राष्ट्रिय क्षेत्रमा उन्नत र उज्यालो तुल्याउन मौसुफको अतुलनीय योगदान रहेको छ । विश्व शान्ति, गरिबी निवारण, असंलग्नता जस्ता विश्वका साथसाथै नेपालको हित र स्वार्थका लागि अघि सारिएको प्रस्तावप्रति विश्वसमुदायले देखाएको चासो र न्यानो समर्थनका कारण अन्तर्राष्ट्रिय समुदायमा मौसुफ उल्लेखनीय एवम् अनुकरणीय व्यक्तित्वका रूपमा स्थापित भइबक्सेको थियो । मौसुफबाट विश्वको व्यापक भ्रमण भएको थियो । ख्यातिप्राप्त अन्तर्राष्ट्रिय नेता, सरकार प्रमुखहरू, अन्तर्राष्ट्रिय संघ-संस्थाका प्रमुखहरूसँग मौसुफको व्यापक रूपमा व्यक्तिगत सम्पर्क र मित्रतासमेत थियो । जसरी मौसुफ राष्ट्रिय विषयहरूमा गहिरो अभिरुचिपूर्वक अध्ययन, चिन्तन, मनन र विश्लेषण गरिबक्सन्थ्यो, अन्तर्राष्ट्रिय मामलामा पनि त्यत्तिकै अभिरुचिका साथ जानकारी हासिल गरिबक्सिन्थ्यो । उल्लिखित कारण र व्यवहारले गर्दा नै नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्व सफा र चहकपूर्ण रहिआएको छ ।”[४३]

कला तथा संस्कृतिप्रेमी राजा श्री ५ वीरेन्द्र

हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्छ अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं ।

–श्री ५ वीरेन्द्र

मौसुफ सरकारका यी अभिव्यक्ति नै मात्र पनि प्रशस्त छन् मौसुफ मुलुकको मौलिक धर्मसंस्कृतिप्रति कति सम्वेदनशील होइबक्सन्थ्यो भन्ने सन्दर्भमा । यथार्थतामा मौलिक धर्म र संस्कृति नै कुनै पनि मुलुक तथा मुलुकवासीहरूको स्पष्ट पहिचानको मूलाधार हो । अझै स्पष्ट पार्दा मौलिक धर्मसंस्कृति कुनै पनि जाति विशेष एवम् राष्ट्र विशेषको अस्मिताको मूलाधार हो । संसारमा साम्राज्यवादीहरू कुनै पनि कमजोर मुलुकको अस्मिता माथि नै प्रश्नचिन्ह खडा गराउन अझै उसको अस्मिता नै खत्तम गरी आफ्नो प्रभाव जमाउन उसको जातीय एवम् राष्ट्रिय मौलिक धर्मसंस्कृतिमाथि प्रत्यक्षअप्रत्यक्ष रूपमा लागिपरेका उदाहरणहरूको कमी हामीसँग छैन । समग्रमा हाम्रो मौलिक धर्मसंस्कृतिलाई संरक्षण एवम् सम्वर्द्धन गरी आफ्नै किसिमको अर्थात् नेपालीको मौलिक पहिचान कायम गराउन शाहवंशीय राजाहरू सबै नै प्रतिबद्ध रहेको यथार्थता सबैलाई छर्लङ्ग नै छ । यस मानेमा स्वर्गवासी राजा श्री ५ वीरेन्द्र अझै सम्वेदनशील रहिबक्स्यो । मौसुफ धर्म, संस्कृति मात्रै हैन नेपाल तथा नेपालीको स्पष्ट पहिचान र नेपालीको धार्मिक एवम् लौकिक परम्परा र संस्कृति जगेर्नामा मौलिक कलाको पनि त्यत्तिकै गरिमामय भूमिका र योगदान रहेको हुन्छ भन्ने शाश्वत यथार्थताको विज्ञ पनि होइबक्सिन्थ्यो । त्यतिमात्र नभई मौसुफ सरकार स्वयम् एक

कलाकार होइबक्सिन्थ्यो । मौसुफ सरकारको कलाप्रतिको प्रेम तथा कलाका क्षेत्रमा रहेको दक्षताका सन्दर्भमा मूर्धन्य कलाकार लैनसिंह वाङ्देल लेख्छन्– "मोतीलाई हेरिरह्हेमा मलाई कता-कता मनमा लाग्छ, यस्तै चित्रको सिर्जना भइरहे म सधैँ विभोर हुने थिएँ, सधैँ यस्तै चित्रहरूलाई हेरिरहन पाउने थिएँ ।"[४४] यसै सन्दर्भमा कलाकार विजय थापा आफ्नो अभिमत यस्तो राख्दछन्– "कला स्वान्तःसुखाय नभई समाजहितका निम्ति पनि भन्ने धारणास्वरूप श्री शाहको तूलिकाले जीवनको मार्मिक पक्षमाथि केही सशक्त अध्ययन गर्न खोजेको छ ।"[४५] यसै सन्दर्भमा भीम खरेल लेख्छन्– "कलाकार वीरेन्द्र शाहका कलासम्बन्धी कृतिहरू संख्यात्मक रूपमा त्यति धेरै छैनन् । प्रकाशमा आएकामध्ये 'मोती', 'झरना', नारायणस्थान' रेखाचित्र उहाँका सशक्त कृतिहरू मानिन्छन् । ....वीरेन्द्र शाहका यी कृतिहरू निकै सफल र चर्चितसमेत रहेका छन् । प्रथमतः उहाँका यी कृतिहरू भावगतरूपमा र मनोवैज्ञानिक रूपमा अध्ययन गर्दा तिनमा भेटिने सरल, सहज भावगत आकृति, मनोवैज्ञानिक रूपमा रङ्गहरूको प्रयोग जस्ता विविध प्रकृतिहरू टड्कारो रूपमा पाउन सकिन्छ ।"[४६] मौसुफ सरकार स्वयम् कलाका प्रेमी मात्र नभई एक कलाकारसमेत होइबक्सेकाले पनि सरकारको स्वभाव पनि एक कलाकारका जस्तै भावुक र सरल थियो । सरकार स्वयम् नै एक कलाकार भएकाले पनि कला संस्कृतिको यथार्थ मूल्य, मान्यता र गरिमाको महत्त्व बढी महसुस हुनु स्वाभाविकै थियो । यसै सन्दर्भमा साफल्य अमात्य लेख्छन्– "... जुनसुकै जातजातिको धर्म र संस्कृतिलाई उत्तिकै माया र सम्मान गरिवक्सन्थ्यो । हिन्दूहरूको कोटीहोम होस् वा शिवरात्रि, बौद्धहरूको सम्यक होस् वा बुद्धजयन्ती जुनसुकै समुदायको महान् चाडपर्वहरूमा मौसुफहरू (राजारानी) उत्तिकै श्रद्धा र भक्तिका साथ सवारी होइवक्सिन्थ्यो । नेपाल र नेपालीलाई धर्म र संस्कृतिको डोरीले एक सूत्रमा बाँधिराखिवक्सन स्वर्गीय सरकारहरूबाट सधैँ हाम्रा आराध्यदेव, देवीहरूलाई प्रार्थना गरिवक्सन्थ्यो । फलस्वरूप हाम्रो राष्ट्र, राष्ट्रियता, सार्वभौमसत्ता, स्वतन्त्रता आजसम्म चोखो, पवित्र र अखण्ड रहेको छ । मौसुफ सरकारहरूको नेपाली र संस्कृतिप्रतिको अगाध श्रद्धा, भक्ति र विश्वासले नेपाल र नेपालीको सधैँ भलो हुन्छ ।"[४७]

एकताको प्रतीकका रूपमा श्री ५ वीरेन्द्र

मध्यकालको उत्तरार्द्धतिर पुग्दा एक सबल राष्ट्र ससाना राष्ट्रहरूमा विभक्त हुनपुगी विशाल नेपाल एक भौगोलिक अभिव्यक्तिमा मात्र सीमित हुनपुगी अस्मिताकै प्रश्नचिन्ह खडा हुन लागेको अवस्थामा रहेको वास्तविकतालाई आत्मसात् गरी प्रखर राष्ट्रवादी तथा दूरदर्शी राजा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले थालनी गरेको एकीकरण अभियानलाई उहाँका सन्ततिहरूले मूर्त रूप दिई विशाल नेपाल राष्ट्रको निर्माण हुन सक्यो । यसरी विखण्डित मुलुकलाई एकीकृत गरी शाहवंशीय राजाहरूले आफूहरूलाई राष्ट्रिय अखण्डताको संरक्षक र एकताका प्रतीकका रूपमा उभ्याई मुलुकलाई सबल नेतृत्व प्रदान गर्दै आएको प्रसङ्ग पनि ऐना जस्तै छर्लङ्ग छ । आफ्ना पूर्वजहरूले स्थापित गरेको मूल्य र मान्यतालाई हृदयदेखि नै आत्मसात् मात्र नगरी त्यसलाई मूलमन्त्रका रूपमा व्यवहारमा झनै खरो रूपमा श्री ५ वीरेन्द्रले उतारिबक्स्यो ।

मौसुफ सरकारले लोकसम्मति र जनइच्छालाई शिरोधार्य गरी शासन गर्ने शाही परम्परा र यथार्थतालाई मनन गरी सुधारिएको पञ्चायत व्यवस्थाविरुद्ध पनि जनस्वर उर्लँदै गई अन्ततः २०४६ सालमा मुलुक आन्दोलित हुनपुगेको अवस्थाको शान्तिपूर्ण निकास निर्दलीय पञ्चायत व्यवस्थाको अन्त्य गरी बहुदलीय प्रजातान्त्रिक शासनव्यवस्था मुलुकमा पुनःस्थापित गरिबक्स्यो । विश्वमै उत्कृष्ट मानिएको बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थालाई त्यसको मूल्य र मान्यताअनुरूप सञ्चालन गर्न वि.सं. २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ बक्स भयो । उक्त संविधानको धारा २ मा जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकाङ्क्षा र नेपाली राष्ट्रिय स्वतन्त्रता र अखण्डता आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिरूपमा एक राष्ट्र हो भन्ने व्यवस्था भएबाट नेपालको स्वतन्त्रता र अखण्डताका प्रति विश्वास राख्ने सम्पूर्ण नेपाली दाजुभाइ चाहे हिन्दू वा मुसलमान हुन् चाहे बुद्ध वा क्रिश्चियन हुन् अर्थात् काला, गोरा, ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र जोसुकै भए पनि यिनीहरूको ढुकढुकीबाट एउटा नेपाल राष्ट्रको जन्म भएको कुरा उल्लेख भएको छ । समग्रमा नेपाल अधिराज्यको संविधान २०४७ ले हाम्रो राजसंस्थालाई नेपाली मात्रको एकताको प्रतीक र नेपालको राष्ट्रियता अखण्डताको संरक्षक मानेको छ । उक्त यथार्थता संविधानको भाग ५ धारा २७ मा 'श्री ५ नेपालको राष्ट्रिय एवम् नेपाली जनताको एकताको प्रतीक होइबक्सनेछ' भनी स्पष्ट उल्लेखले नै स्पष्ट पार्दछ । संविधानमा उल्लेखमात्र नभई त्यसलाई मुलुक सञ्चालनको मूल धार मान्नुपर्ने र सही रूपमा आत्मसात् गरी त्यसलाई अक्षरशः पालना गरी व्यवहारमा रूपान्तरण गर्नुपर्दछ भन्ने दृढधारणा राख्ने तथा व्यवहारपरक राजा श्री ५ वीरेन्द्र होइबक्सिन्थ्यो ।

नेपालको राजसंस्था नेपाली मात्रको एकताको प्रतीक एवम् मूलाधार र राष्ट्रिय अखण्डताको संरक्षक भएको स्पष्ट अनुभूति

सबैलाई झनै टड्कारो रूपमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुन:स्थापनापश्चात् भएको सत्य पनि यहाँ उल्लेख गरिरहनु पर्दछ जस्तो लाग्दैन । बहुदलीय व्यवस्था संसारकै एक उत्कृष्ट व्यवस्था हुँदाहुँदै पनि हाम्रा विभिन्न दलहरूका नेताहरू, मुलुकका विद्वान् भनिनेहरू तथा सचेत कहलाउने वर्ग समेत दलगत तथा राष्ट्रिय हितभन्दा पनि आ-आफ्नै निहित स्वार्थपूर्ति र पदलिप्सामै लीन भएका कारण अनेकौं धर्म, संस्कृति, जातजाति, जनजाति, क्षेत्रीयता आदिवासीको नाउँमा अखण्ड मुलुकलाई विखण्डनतिर धकेलिँदै गएको पनि स्पष्ट नै छ । यसरी मुलुक विभिन्न नाउँ र बहानामा रुमलिन पुगी कतै राष्ट्रिय अस्मिता नै पो खतरामा पर्दछ कि भन्ने अवस्थाको निराकरण र त्यस किसिमको विकराल समस्याको समाधानको एकमात्र उपाय संवैधानिक राजा र राजसंस्था नै भएको अनुभूति टड्कारो रूपमा सबै राष्ट्रवादी नेपालीहरूलाई हुन आएको छ । यस सन्दर्भमा मौसुफ सरकारले आफूलाई एक प्रखर राष्ट्रवादी एवम् उदार प्रजातन्त्रवादी राजाका रूपमा राष्ट्रिय अस्मिता र नेपालको मौलिक संस्कृतिको जगेर्ना गर्न हृदयदेखि नै प्रतिबद्ध रहिबक्स्यो । त्यतिमात्र नभई हाम्रा राजनीतिक दलहरूबीच राष्ट्रिय स्वार्थभन्दा पनि उनीहरूको आ-आफ्नो निहित स्वार्थका कारण सृजित मुलुकको राजनीतिक समस्याको निराकरणको समेत एक मात्र आधार मौसुफ सरकारलाई बनाई गुहार्न पुगेका यथार्थताहरू पनि सबैका सामु स्पष्ट नै छ । “राष्ट्र रहे सबै खाले राजनीति रहन्छ र राष्ट्रवासीहरूको स्पष्ट पहिचान रहन्छ । त्यसैले राष्ट्र एवम् राष्ट्रिय अस्मितामा आँच पुग्ने कुनै किसिमको स्वार्थले प्रेरित सोचाइ, चिन्तन र अभिमतले स्थान पाउनुहुन्न” भन्ने मौसुफको स्पष्ट अभिमत थियो । त्यसैले स्वर्गवासी राजा श्री ५ वीरेन्द्रले नेपाली जनतालाई एकताको सूत्रमा बाँधी मौलिक संस्कृतिको संरक्षण एवम् राष्ट्रिय अस्मिताको रक्षा केवल राजसंस्थाबाट मात्रै सम्भव हुन्छ भन्ने स्पष्ट अनुभूति र विश्वास दिलाउन सकिबक्स्यो ।

मुलुक तथा मुलुकवासीलाई मात्र नभई अन्तर्राष्ट्रिय क्षेत्रमा समेत मौसुफ सरकारको व्यवहार, आचरण एवम् राष्ट्रप्रतिको प्रतिबद्धताको कारण नेपालको राष्ट्रिय अखण्डताको संरक्षण एवम् नेपाली मात्रको एकतालाई अक्षुण्ण राख्न सक्षम संस्था एक मात्र राजसंस्था भएको अनुभूति सबैले अनुभूत गरेको तथ्यबाट पनि स्पष्ट हुन्छ ।

सारांशमा भन्नु पर्दा राजा श्री ५ वीरेन्द्र एक विशारद तथा वहुआयामिक व्यक्तित्व, कुशल शासक, दूरदर्शी राजनेता एवम् एक सच्चा प्रजातन्त्रवादी र राष्ट्रवादी राजा होइबक्सन्थ्यो । मौसुफ सरकारको शासनकाल मुलुकको चौतर्फी विकास तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत झनै व्यापकरूपमा आफ्नो पहिचान कायम गर्न सफल रह्यो । समग्रमा मौसुफ सरकारको सफल नेतृत्व यस मुलुकको अस्मिता र भविष्य उज्ज्वलका लागि एक ओजस्वी मार्गनिर्देश बन्न पुगेको छ । मौसुफको जीवनकालमा सरकारको विशारद व्यक्तित्व र प्रखर राष्ट्रवादी सोचाइ, चिन्तन र त्यसलाई त्यही रूपमा जनचाहना एवम् मुलुकको भविष्यलाई राम्रो मनन गर्दै व्यवहारमा उत्रिबक्सँदाबक्सँदै पनि आफ्नो दलगत भन्दा पनि निहित व्यक्तिगत अभीष्टलोलुप दलका नेताहरू, बुद्धिजीवी भनाउँदाहरूसमेतले नकारात्मक प्रलाप नगरेका हैनन् । मौसुफ सरकारको बिछोडमा भने उनीहरूसमेत सरकारको यथार्थ मूल्याङ्कन गर्दै छन् । मुलुक तथा मुलुकवासीको उज्ज्वल भविष्य र अस्मिता रक्षाका लागि नेता, कार्यकर्ता, बुद्धिजीवी तथा नागरिक समाजले समयलाई बुझी समयमै सकारात्मक दृष्टिकोणका साथ आ-आफ्नो क्षेत्रबाट राष्ट्रोत्थानको अभियानमा एक भई लागिपर्नु पर्ने खाँचोलाई मात्र यहाँ निर्देश गर्न खोजिएको हो ।

आज हाम्रा सामु स्वर्गवासी राजा श्री ५ वीरेन्द्र होइबक्सन्न । अब हामीसँग मौसुफ सरकारको दूरगामी तथा राष्ट्रवादी सोचाइ, चिन्तन तथा सरकारले आफ्नो जीवनकालमा मुलुक तथा मुलुकवासीको हित र उन्नतिका लागि पुऱ्याइबक्सेको योगदान मात्र सम्झना तथा अनुकरणका लागि बाँकी रहेका छन् । मौसुफको विछोडको यस दु:खद घडीमा हामी सबैले मौसुफको राष्ट्रवादी तथा दूरगामी सोचाइ, चिन्तन एवम् सरकारबाट मुलुक तथा मुलुकवासीको स्वर्णिम भविष्यका लागि जाहेर भएका यथार्थताहरूलाई मार्गनिर्देशका रूपमा आत्मसात् गरी वर्तमान राष्ट्रनायक श्री ५ ज्ञानेन्द्रलाई प्रत्यक्ष, अप्रत्यक्ष, मन वचन र कर्मले सहयोग एवम् मौसुफ सरकारबाट पनि जाहेर भएका राष्ट्रवादी प्रतिबद्धता र चिन्तनलाई व्यवहारमा रूपान्तरण गर्न सम्पूर्ण नेपालीहरू प्रतिबद्ध रहनुपर्ने समयको माग हुन आएको छ । यसरी हामी सबै आ-आफ्नो क्षेत्र र तहबाट विशुद्ध राष्ट्रवादी भावनाले मुलुकमा विद्यमान विसङ्गति एवम् सबै खाले विकृतिलाई निमिट्यान्न पारी शान्ति, अमन-चयनकायम गर्न लागिपर्नसक्यौं भने मात्र स्वर्गवासी राजा श्री ५ वीरेन्द्रको मृतात्माले एकातिर शान्ति पाउनेछ भने अर्कातिर यसो गर्न सकिएमा मात्र मौसुफ सरकारप्रति सच्चा श्रद्धाञ्जली अर्पण गरेको ठहर्नेछ ।

पादटिप्पणी

१. श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू (२०२८-३८) खण्ड

१, (काठमाडौं : श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग २०५३) पृ. ३०७ ।

२. सी.पी. मैनाली, “लोक-सम्मतिमा काम गर्ने सुन्दर परम्परा” श्री आस्थान, श्री ५ युवराजाधिराज सरकारको ३१ औं शुभजन्मोत्सव विशेषाङ्क (काठमाडौं, नेपाल विद्वत् परिषद् युवा समूह, २०५८), पृ. ३३ ।

३. पादटिप्पणी नं. १ (२०४४-५३) खण्ड ३ पृ. १८५ ।

४. रत्नकमल वैद्य “श्री ५ को बहुआयामिक व्यक्तित्व एवम् देश विकास प्रक्रियामा योगदान” गोरखापत्र पौष १४, २०५३, श्री ५ वीरेन्द्र शुभजन्मोत्सव विशेषाङ्क ।

५. मोहनमान सैंजू, “गाउँ र घर दैलो पुग्ने राजा रानीको सम्झना” गोरखापत्र, १९ जेठ २०५९ ।

६. ऐजन ।

७. विनोदकुमार नेपाल, “स्मृतिका पानामा स्वर्गीय राष्ट्रनायक वीरेन्द्र” गोरखापत्र, १९, जेठ २०५९ ।

८. तारावहादुर थापा, “श्री ५ वीरेन्द्रको सम्झनामा” नेपाल १६-३१, जेठ २०५९, वर्ष २ अङ्क २० पृ. ११ ।

९. ऐजन ।

१०. रेवतीरमण खनाल, “देश शोकमा डुबेको बेला स्व. राजाको सम्झना” गोरखापत्र २ असार २०५८ श्रद्धाञ्जली विशेष ।

११. सूर्यवहादुर थापा, “मेरो अनुभवमा श्री ५ वीरेन्द्र” राजधानी ३२ जेठ २०५८ ।

१२. शिवकुमार भट्टराई, “समानुपातिक विकास अवधारणा र स्व. श्री ५ वीरेन्द्र” गोरखापत्र २८, जेठ २०५८ ।

१३. मौसुफ सरकारसँग यो पंक्तिकारको साक्षात्कार २०५४ ।

१४. राधाकृष्ण मैनाली, “श्री ५ सँगको त्यो मेरो पहिलो भेट थियो” स्पेसटाइम दैनिक २४ जेठ २०५८ ।

१५. विश्वम्भर घिमिरे, “श्री ५ वीरेन्द्र विदेशीको आँखामा” स्पेसटाइम दैनिक, २० असार २०५८ ।

१६. कीर्तिनिधि विष्ट, “स्वर्गवासी राजालाई सम्झँदा आँखाबाट आँसु झर्दछ” राजधानी १९, जेठ २०५९ ।

१७. रेवतीरमण खनाल, पूर्ववत् टिप्पणी नं. १० ।

१८. रामचन्द्र पोखरेल, “राजा वीरेन्द्र र बी.पी.को आभारमा नेपाली राजनीति” गोरखापत्र २८ जेठ २०५८ ।

१९. टिप्पणी नं. १, (२०४४-२०५३) खण्ड ३ पृ. १६७ ।

२०. शिवप्रसाद भट्टाराई, “स्वर्गीय राजा वीरेन्द्रको लोकमङ्गलकारी चिन्तन” गोरखापत्र, २३ जेठ २०५८ ।

२१. ताराबहादुर थापा पूर्ववत् टिप्पणी नं. ८, पृ. १२ ।

२२. ऐजन पृ. १०-११ ।

२३. सूर्यबहादुर थापा, पूर्ववत्, टिप्पणी नं. ११।

२४. रामचन्द्र पोखरेल, पूर्ववत्, टिप्पणी नं. १८ ।

२५. शिवप्रसाद भट्टराई, पूर्ववत्, टिप्पणी नं. २० ।

२६ सूर्यबहादुर थापा, पूर्ववत्, टिप्पणी नं. ११ ।

२७. ताराबहादुर थापा, टिप्पणी नं. ८, पृ. ११ ।

२८. रामचन्द्र न्यौपाने, “२१ औं शताब्दीतर्फ लम्केको नेपालको संवैधानिक राजतन्त्र” गोरखापत्र, १४ पुस, २०५४ ।

२९. गोरखा एक्स्प्रेस, श्री ५ वीरेन्द्र शुभजन्मोत्सव विशेषाङ्क, २०५१, पृ. ११ ।

३०. पूर्ववत् टिप्पणी नं. २८ ।

३१. ऐजन ।

३२. ताराबहादुर थापा, पूर्ववत्, टिप्पणी नं. ८, पृ. १२ ।

३३. विष्ट, पूर्ववत्, टिप्पणी नं. १६ ।

३४. पूर्ववत टिप्पणी नं. १, पृ. १२७ ।

३५. गोरखा एक्स्प्रेस २०५१, पृ. ११ ।

३६. रमेश विकल, “स्व.राजा वीरेन्द्र र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान” गोरखापत्र, १९ जेठ २०५९

३७. खनाल, पूर्ववत् टिप्पणी नं. १० ।

३८. राधाप्रसाद जोशी, “अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा श्री ५ वीरेन्द्र” गोरखापत्र, १४ पुस, २०५४ ।

३९. ऐजन ।

४०. ऐजन ।

४१. ऐजन ।

४२. विष्ट, पूर्ववत् टिप्पणी नं. १६ ।

४३. सूर्यबहादुर थापा, पूर्ववत् टिप्पणी ११ ।

४४. रामदयाल राकेश, “कलाकार राजा श्री ५ वीरेन्द्र” गोरखापत्र, १४ पुस २०५४ ।

४५. ऐजन ।

४६. भीम खरेल, “स्व. श्री ५ वीरेन्द्रको कलाप्रेम र कलाकारिता” गोरखापत्र २ असार २०५८ श्रद्धाञ्जली विशेष ।

४७. साफल्य अमात्य, “कला र संस्कृतिका प्रेमी स्वर्गीय राजारानी” गोरखापत्र, १९ जेठ २०५९ ।

●

नेपालका शाहवंशीय राजाहरूको ऐतिहासिक शृंखला

• *डिल्लीराम मिश्र*

नेपालको ऐतिहासिक संरचनाभित्र राष्ट्र- निर्माण र जनजाति समुदायहरूको गौरवमय पहिचानलाई जीवन्त राख्न वंशावलीको प्रमुख स्थान रहन्छ । त्यसैले 'इतिहासपुराणानि पञ्चमो वेद उच्यते' भन्ने पुराणको वचनअनुसार हाम्रो प्राचीन परम्परामा इतिहास शृङ्खलालाई वैदिक श्रेणीसरह सम्मान गरिदै आएको छ। हिमवत्खण्डको वनउपवनमा वर्णित आर्य जातिमा इतिहासको अत्यन्तै महत्त्व रहेको छ । नेपालले जहिले पनि आफ्नो जातीय गौरवका साथ इतिहास निर्माणको महत्त्वतर्फ सचेतता राख्दै आएकाले आधुनिक युगमा समेत विश्वको एकमात्र स्वतन्त्र हिन्दू अधिराज्य नेपालको चन्द्रसूर्य अङ्कित वैजयन्ति फर्फराउँदै विश्वमा हिन्दुत्वको प्रतिनिधित्व गरिरहेको छ, जुन सदियौं वर्षपूर्वको आत्मसम्मान र आत्मगौरवको प्रतीक पनि हो । त्यसैले अनेकतामा एकता राजसंस्थाको विशेषतामात्र होइन, परन्तु सिङ्गो राष्ट्र निर्माण गरी नेपाललाई सदा परतन्त्र हुनबाट बचाई आफ्नो स्वाधीनता अक्षुण्ण राख्न सफल नेपालका शाहवंशीय राजाहरूको ऐतिहासिक वृत्तान्तलाई यस पुनीत अवसरमा उपयुक्त सन्दर्भ प्रस्तुत गर्नु समयसापेक्षताको द्योतक पनि हो ।

नेपालमा राजतन्त्रको इतिहास हजारौं वर्ष पुरानो छ । नेपाली समाज अनेकौं विविधतापूर्ण जनजाति एवम् समुदायहरूको संयोगात्मक स्थिति रहँदै आएको विश्वको एकमात्र स्वतन्त्र हिन्दू अधिराज्य हो । यस स्वतन्त्र सुन्दर हिमाली अधिराज्य नेपालमा राज्यसञ्चालन शासनाधिकारीका रूपमा सर्वप्रथम गोपालवंशीहरू आगमन हुन्छ । तत्पश्चात् महिषपाल, किरात, लिच्छवी, मल्ल र कालान्तरमा गोरखाका शाहवंशीय राजाहरूले एकछत्र शासनाधिकार लिदैआएका छन् । समग्रमा उत्तरी भूभागबाट प्रवेश गरेका मङ्गोलियनहरू र दक्षिणतिरबाट आएका आर्यहरूको सङ्गमभूमि नै आधुनिक नेपाल हो र मुलुकको विकाससंरचनामा यी सबैको समान योगदान रहेको छ ।

लम्जुङे राजा यशोब्रह्म शाहका छोरामध्ये जेठा नरहरि शाह लम्जुङका राजा भए भने द्रव्य शाहले लम्जुङबाट अलगग भएर गोर्खाको लिग- लिगकोटमा आफ्नो स्वतन्त्र राजवंश चलाए । लम्जुङको पूर्वी सीमावर्ती क्षेत्र चेपेनदी वारिको लिगलिगकोटमा सम्वत् १६१६ भाद्र २५ गते द्रव्य शाहले आफ्नो बुद्धि, विवेक, पराक्रम र गोर्खाली जनताको समेत सहयोग लिई विजय प्राप्त गरी गोरखाधिपति बने । सम्वत् १६२७ मा उनको निधनपश्चात् द्रव्य शाहका छोरा नातिका क्रमले सुन्दर शाह र छत्र शाह गोरखाका राजा भए ।

अन्ततोगत्वा द्रव्य शाहका नाति छत्र शाह निःसन्तान भई परलोक भएकाले उनको शेषपछि उनका भाइराम शाह गोरखाका राजा भए । अपूर्व देशभक्ति भावनाका धनीराम शाहको संस्मरण नेपालको इतिहासमा समाजसुधारकका रूपमा स्वर्णाक्षरले लेखिएको छ । न्यायप्रेमी राजाराम शाहले आफ्नो शासनकालमा गोरखा राज्यलाई समृद्ध र सम्पन्न बनाएका थिए । 'न्याय नपाए गोरखा जानू' भन्ने प्रख्यात उक्तिका हिमायती गोरखाका गद्दीनसीन राम शाहको शासनकालमा छिमेकी राज्यहरूसँगको सम्बन्ध राम्रो भएबाट सामाजिक सुधार र जनहितको पक्षमा निकै कार्यहरू भए । यस्ता

समाजप्रेमी राम शाहको मृत्युपश्चात् गोरखाको राजसिंहासनमा उनका उत्तराधिकारी डम्बर शाह राजा भए । तत्पश्चात् उनका छोरा कृष्ण शाह गोरखाका राजा भए । त्यसपछि उनका छोरा रुद्र शाह र नाति पृथ्वीपति शाहले क्रमशः शासन गरेका थिए । लामो कालसम्म शासन गर्ने अवसर पाएका पृथ्वीपतिका जेठा छोरा वीरभद्रशाहको निधन भएबाट पृथ्वीपतिपछि उनका नाति नरभूपाल शाह गोरखाको राजगद्दीमा बसे । राम शाहले आरम्भ गरे पनि महत्वाकांक्षी र सुरा नरभूपाल शाहले नेपाल एकीकरण गर्ने अभियानमा नुवाकोटमाथि आक्रमण गरे । सम्वत् १७९९ मा नरभूपाल शाहको निधनपछि उनका जेठा युवराज पृथ्वीनारायण शाह गोरखाको राजसिंहासनमा बसे । अत्यन्त चतुर, कुटनीतिज्ञ, निपुण, बुद्धिमान एवम् महत्वाकांक्षी राजा पृथ्वीनारायण शाह गोरखाका राजा भएपछि तत्काल चौबिसी, बाइसी र उपत्यकाका राज्यहरूभित्र चिन्ताको बादल मडारिन थाल्यो ।

आधुनिक नेपाल एकीकरण अभियानका महानायक श्री ५ पृथ्वीनारायण शाह राष्ट्रनिर्माता हुन् । हिमशिखरसँगै पहाड, उपत्यका, तराई एवम् पूर्वपश्चिम लमतन्न भई बीचोबीचमा अवस्थित भञ्ज्याङ्ग र थुम्काजस्तै चौबिसी, बाइसी तथा उपत्यकालगायत पूर्वी इलाकामा समेत गरी पच्चन्नवटाभन्दा बढी पृथक्पृथक् साना राज्यहरूमा विभक्त थियो तत्कालीन नेपाल । नेपालको यस्तो विशृङ्खलित विविध जनजाति एवम् समुदायका अतिरिक्त साँस्कृतिक एकताको भावनामा आबद्ध गरी एकीकरणको सफल अभियानद्वारा आधुनिक नेपालको सिङ्गो रचना गर्ने वीरयोद्धा पृथ्वीनारायण शाह राष्ट्रिय एकताका प्रतीक हुन् । नेपाल एकीकरणका आरोहअवरोहहरूको युद्धकौशलभित्र आफ्नो जीवनकालमा घटित घटना आदि इत्यादिको व्यापक अनुभवबाट खारिएर निकालिएका दूरदर्शिताका अनुयायी पृथ्वीनारायण शाहका दिव्योपदेशहरू युगयुगान्तसम्म पनि राष्ट्रिय चेतनाको मूलप्रवाहमा प्रथमतः प्रेरणादायी स्रोत बनेका छन् र बनिरहनेछन् ।

नेपालको इतिहासमा शाहवंशीय राजाहरूले आफ्नो सर्वोपरि हितलाई त्यागेर राष्ट्र र समाजका खातिर निःस्वार्थ पसिना बगाउने पृथ्वीनारायण शाह त्यस्ता तपस्वी हुन् जसको तुलना कसैसँग पनि हुनसक्दैन । राजसी सुखसयलभन्दा नेपाली राष्ट्र, राष्ट्रियता र आफ्ना प्रजाप्रति सदा चिन्तनशील रहने पृथ्वीनारायण शाहको दिव्योपदेशले जुनजुन विषयवस्तुलाई आत्मसात् गरेको छ त्यसले समग्र देशको आत्मालाई अँगालेको छ । पृथ्वीनारायण शाहको दिव्योपदेशको मर्मलाई मात्र चिन्तन गर्ने हो भने पनि मुलुकमा कहिल्यै विचलनको स्थिति आउँदैन । पृथ्वीनारायण शाहले नेपाल एकीकरण नगरिदिएको भए, नेपालको स्वतन्त्रता सुरक्षामा चनाखो भएर एउटा निश्चित मार्ग नदेखाई दिएको भए शायद आज यही रूपमा नेपाल र नेपालीको अस्तित्व रहने थिएन होला । यसैले आधुनिक नेपालको इतिहासमा पृथ्वीनारायण शाह जर्मनका विस्मार्क जस्तै नेपालका अद्वितीय युगपुरूष हुन् । यस अर्थमा नेपालको सार्वभौमसत्ता जोगाउने कार्यमा होस्, सुरक्षासम्बन्धी मामिलामा होस् वा आन्तरिक सवालमा होस् उनी अतुलनीय कुटनीतिज्ञ र योद्धा थिए । तत्कालीन नेपाल एकीकरण समयको माग थियो भने यसको मूल प्रेरणा पनि एकीकरण थियो, विजय थिएन ।

आधुनिक नेपालका भाग्यविधाता पृथ्वीनारायण शाहको ५२ वर्षको उमेरमा सम्वत् १८३१ माघे संक्रान्तिका दिन नुवाकोटको देवीघाटमा स्वर्गारोहणपछि उनका उत्तराधिकारी प्रतापसिंह शाह नेपालका राजा भए । अल्प समयको शासनकाल भएकाले उनको कार्यकालमा खासै उल्लेखनीय घटना भने घटेनन् । सम्वत् १८३४ मा प्रतापसिंहको निधनपछि उनका छोरा रणबहादुर शाह राजा भए, जसको उमेर तीन वर्षको पनि थिएन । प्रतापसिंह शाहको शासनकालमा बेतिया निर्वासित भएका उनका भाइ बहादुर शाह दाजुको मृत्युपछि बालक भतिजा रणबहादुर शाहलाई राजगद्दीमा विराजमान गराएर स्वयम् उनको नायव बनी नेपालको राजकाज चलाउन लागे भने कालान्तरमा राजामाता राजेन्द्रलक्ष्मी देवीको नायवीले समेत नेपालको विस्तार गर्नमा ठूलो योगदान गरेका छन् । उनीहरूले पृथ्वीनारायण शाहले एकीकरण गर्न बाँकी रहेको सम्पूर्ण भू-भागलाई नेपाल अधिराज्यमा मिलाए ।

नेपालको एकीकरण अभियानमा अत्यन्तै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने राजमाता राजेन्द्रलक्ष्मी नेपालको इतिहासमा वीराङ्गनाको रूपमा परिचित छिन् । यिनले छोरा रणबहादुर शाहको नायवी भई कुशलताका साथ नेपालको शासनसञ्चालन गरेकी थिइन् । रणबहादुर शाहको शासनपछि डेढवर्षका युवराज गीर्वाणयुद्ध-वीरविक्रम शाहले नेपालको बागडोर सम्हाले । यिनको शासनकालमा नेपालको सीमाना विस्तार, रणबहादुर शाहको हत्या र सुगौलीसन्धी भएको थियो । बीस वर्षको उमेरमा सम्वत् १८७३ मा गीर्वाणयुद्ध-वीरविक्रम शाहको निधनपश्चात् तीन वर्षका युवराज राजेन्द्र-वीरविक्रम शाह नेपालको राजसिंहासनमा बसे । उनको शासनकालमा सत्ताप्राप्तिका लागि सङ्घर्षको स्थिति चरमोत्कर्षमा पुगेको थियो । जनरल भीमसेन थापाले आत्महत्या गर्नुपर्ने बाध्यता, माथवरसिंह थापा र गगनसिंहको हत्या बाहेक कोतपर्व, भण्डार-खालपर्व र अलौपर्व जस्ता इतिहासमा कारुणिक घटनाहरू उनकै पालामा भए । प्रवासमा निर्वासित रहँदा जङ्गबहादुर राणाको विरोधी क्रियाकलाप गरेवापत राज्यच्यूत हुनुका अतिरिक्त संवत् १९०४ देखि १९३८ सम्म हनुमानढोकामा शाहीबन्दीको रूपमा रही सोही अवस्थामा राजेन्द्रविक्रम शाहको निधन भयो ।

नेपाली राष्ट्रियता र राष्ट्रिय एकताका प्रतीकमात्र होइन हिमाली अधिराज्य नेपालको जीवन्त सम्पदाको रूपमा रहँदै आएको राजसंस्थाले अनेकन् षड्यन्त्र र निर्मम हत्याका बेर्होन पऱ्यो राजा र भाइभारदारहरूमा सन्तुलित भएर रहेको नेपालको शक्तिलाई जङ्गबहादुर राणाले आफू र आफ्नो परिवारमा सीमित गराए। नेपालको शासनाधिकार आफ्नो कब्जामा लिएपछि सुरेन्द्रवीरविक्रम शाह, पृथ्वीवीरविक्रम शाह र त्रिभुवनवीरविक्रम शाहदेवहरू एक शताब्दीसम्म अधिकारविहीन राजा भएर रहे।

२००७ सालको परिवर्तनपछि राष्ट्रको एकीकरण, प्रजातन्त्रको स्थापना र जनआकांक्षाअनुरूप राजनीतिका शासनप्रणालीलाई स्वीकार्दै आधुनिकी- करण, प्रजातन्त्रीकरण गर्दै देशको संरक्षण, संवर्द्धन र विकास गर्ने श्रेय पुनः राजनेतृत्वलाई दिन सकिन्छ। भाइभारदारहरूका बीच कमीकमजोरी र षड्यन्त्रको कारण १०४ वर्षसम्म जहानियाँ राणाशासनबाट दबिएर बसेका नेपालीहरूले २००७ सालमा राजाकै नेतृत्वमा भएको जनक्रान्तिबाट स्वतन्त्रता प्राप्त गरे भने ५० वर्ष नपुग्दै राष्ट्रपिता श्री ५ त्रिभुवनको २०११ सालमा असामयिक स्वर्गारोहण भयो। श्री ५ त्रिभुवनको निधनपछि श्री ५ महन्द्रेवीरविक्रम शाहले नेपालको राजगद्दी सम्हालिबक्स्यो। स्वदेशी वन स्वदेशी मन सम्हाल जस्ता उद्गारलाई आत्मसात् गर्दै देशभक्ति र राष्ट्रप्रेमले ओतप्रोत रहँदै नेपाली जनताको चौतर्फी कल्याण चाहने श्री ५ महेन्द्रको पनि ५१ वर्षको उमेरमै स्वर्गारोहण भयो। नेपाली राष्ट्र र जनताका लागि श्री ५ महेन्द्रजस्ता सपूत राजा अरू बढी बाँचेको भए नेपालको स्वरूप नै अर्कै हुनेथियो, तर त्यो सम्भव भएन। अन्ततः श्री ५ महेन्द्रको स्वर्गारोहणपश्चात् विकासप्रेमी राजा श्री ५ वीरेन्द्रवीर विक्रम शाहदेवबाट देशको राजकाज चलाइबक्स्यो।

यसरी शाहवंशीय राजाहरूको योगदानलाई हेर्दा द्रव्य शाहबाट गोरखा राज्यको निर्माण, राम शाहबाट न्यायिक र सामाजिक पक्षको सुधार, नरभूपाल शाहबाट नेपाल एकीकरणको प्रारम्भ, पृथ्वीनारायण शाहबाट आधुनिक नेपालको निर्माण, बहादुर शाह र राजेन्द्रलक्ष्मीबाट पृथ्वीनारायण शाहका अधुरा कार्य पूरा, त्रिभुवनबाट प्रजातन्त्रको युगमा प्रवेश, श्री ५ महेन्द्रबाट नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा परिचित गराउनु, राष्ट्रियताको भावना उजागर गर्नु, स्वदेशमा दिगो विकासको पूर्वाधार निर्माण गर्नुका साथै श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट आम नेपाली जनताको जनभावना र जनआकांक्षाअनुरूप लोकसम्मतिको आधारशिला प्रजातन्त्रको उदार पक्षमा खेलिबक्सेको भूमिका महत्त्वपूर्ण रहेका छन्। यसैले नेपाल राष्ट्रको निर्माण र बचावटमा शाहवंशीय राजाहरूको अतुलनीय योगदान रहेको छ। आज नेपाली जनताले जुन स्वतन्त्र सार्वभौम राष्ट्र प्राप्त गरेका छन् त्यो शाहवंशीय राजाहरूकै देनको प्रतिफल हो।

अन्त्यमा, राष्ट्रिय एकताका प्रतीक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशाधिकारीहरूप्रति स्वभावतः नेपालीहरू परम्परादेखि नै राजसंस्थाप्रति कट्टर हिमायती रहँदै आएका छन्। नेपाली समाजमा राजा र प्रजाका बीच इतिहासले स्थापित गरेको सुमधुर सम्बन्ध विद्यमान रहेको छ जुन राष्ट्रियताको एकाधिकारमात्र होइन, प्रजातन्त्रको सुनिश्चितता पनि हो। लामो जनसङ्घर्षपश्चात् प्राप्त संसदीय प्रजातन्त्रप्रति स्वर्गवासी राजा श्री ५ वीरेन्द्रबाट विगत वर्षहरूमा यसको संरक्षण र संवर्द्धनमा जुन दायित्वपूर्ण भूमिका निर्वाह गरिबक्स्यो, त्यसबाट स्वदेशीहरूमात्र होइन विदेशीहरूसमेत सन्तुष्ट थिए। एक संवैधानिक राजाबाट बहुदलीय प्रजातन्त्रको पक्षमा खेलिबक्सेको भूमिका अत्यन्तै सफल रहन गयो भने श्री ५ वीरेन्द्रको देन आधुनिक नेपालको इतिहास शृङ्खलामा चिरस्मरणीय भएर रहनेछ। तर संवत् २०५८ साल जेठ १८ गतेको अकल्पनीय राजदरबार बीभत्स हत्याकाण्डमा सर्वाधिक प्रियराजा श्री ५ वीरेन्द्र सहित वंश नै समाप्त भएकामा नेपालीहरू यति दुःखित छन् जसका बारेमा कल्पनासम्म पनि गर्न सकिदैन।

०५९-८-१८

●

विज्ञान र प्रविधिको विकासमा श्री ५ वीरेन्द्रको योगदान

• *प्रा. डा. दयानन्द बज्राचार्य*

नेपालको आधुनिकीकरण तथा आर्थिक विकासमा विज्ञान र प्रविधिको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने श्री ५ वीरेन्द्रको अटल विश्वास थियो । विज्ञान र प्रविधिको विकासको लागि श्री ५ वीरेन्द्रबाट मौसुफको राज्यकालमा भएका प्रयासहरूबाट यस तथ्यलाई प्रमाणित गरेको हामी पाउँदछौं । श्री ५ वीरेन्द्रको प्रत्यक्ष निर्देशनमा हाम्रो मुलुकमा कैयौं महत्त्वपूर्ण विज्ञान तथा प्रविधिका पूर्वाधारहरू एवम् संस्थाहरू स्थापित भए र यी संस्थाहरूले आजपनि विज्ञान प्रविधि क्षेत्रमा ठूलो योगदान पुऱ्याउँदै आएका छन् ।

नेपालमा उच्च शिक्षाको सुरुवात सन १९५९ मा त्रिभुवन विश्वविद्यालयको स्थापनापश्चात् भएको भएता पनि सन् १९७० को दशकसम्म पनि हाम्रो मुलुक भित्र चिकित्सा, इन्जिनियरिङ्ग, कृषि, वन विज्ञान जस्ता प्राविधिक विषयमा उच्च शिक्षाको अवसर थिएनन् र यी विषयहरूको अध्ययन गर्न नेपालीहरू विदेशमा, विशेष गरी भारतमा, जाने गर्दथे र हरेक वर्ष केही व्यक्तिहरूले मात्र यस्ता अवसर पाउने गर्दथे । फलस्वरुप हाम्रो मुलुकमा आवश्यक मात्रामा प्रविधिक जनशक्ति उपलव्ध हुन सकेको थिएन । यसैकुरालाई ध्यानमा राखिबक्सी श्री ५ वीरेन्द्रबाट सन् १९७२ मा त्रिभुवन विश्वविद्यालय- अर्न्तगत चिकित्सा अध्ययन संस्थान, इन्जिनियरिङ्ग अध्ययन संस्थान, कृषि अध्ययन संस्थान तथा वन विज्ञान अध्ययन संस्थानको स्थापना गरिबक्सियो । मुलुकलाई आवश्यक उच्च प्राविधिक जनशक्ति उत्पादन गर्नमा यी प्राविधिक संस्थानहरूको स्थापना एक ऐतिहासिक कदम थियो । उच्च गुणस्तरयुक्त जनशक्ति उत्पादन होस् भन्ने सोचाइले यी सबै संस्थानहरूमा अध्ययन अध्यापनको लागि आवश्यक पूर्वाधारहरूको उचित व्यवस्था गर्न दातृ मुलुकको सहयोगमा ठूलो लगानी गरिएको थियो र यी संस्थानहरूबाट उत्पादन भएका जनशक्तिको गुणस्तर दक्षिण एशियामा कुनै पनि मुलुकको गुणस्तर भन्दा कम छैन । यिनै प्रविधिक संस्थानहरूको अनुभवको आधारमा निजी क्षेत्रमा समेत कैयौं यस्ता उच्च प्राविधिक जनशक्ति उत्पादन गर्न नेपाल निकै हदसम्म आत्मर्निभर भैसकेको छ ।

२००७ सालमा प्रजातन्त्र स्थापना भए पश्चात् नेपालमा विज्ञान तथा प्रविधिसँग सम्बन्धित गतिविधिमा ठूलो वृद्धि भएको हामी पाउँदछौ । श्री ५ को सरकार अन्तरगत कैयौं विज्ञान तथा प्रविधिसँग सम्बन्धित विभागहरू खुल्न थाले । यसरी देशमा बढ्दै गएको विज्ञान तथा प्रविधिसँग सम्बन्धित गति विधिहरूको समन्वय गर्न एक राष्ट्रियस्तरको निकायको आवश्यकता विज्ञान तथा प्रविधि समुदायले सन् १९६० को दशकदेखि नै महसुस गर्दै आएको थियो । यसै आवश्यकतालाई ध्यानमा राखिबक्सी श्री ५ वीरेन्द्रबाट सन् १९७६ मा राष्ट्रिय विज्ञान तथा प्रविधि परिषद्को गठन गरिबक्सियो । यसैगरी विज्ञान तथा प्रविधिको उपयोगमार्फत देशको सर्वाङ्गीण विकास गर्ने उद्देश्य अनुरुप श्री ५ वीरेन्द्रबाट सन् १९८२ मा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (रोनास्ट) को स्थापना गरिबक्सियो । स्वयम् मौसुफ आफैंले प्रज्ञा-प्रतिष्ठानको कुलपनित्व ग्रहण गरिबक्सी श्री ५ वीरेन्द्रबाट विज्ञान र प्रविधिको विकासमा प्रत्यक्ष योगदान पुऱ्याइबक्सियो । प्रज्ञा-प्रतिष्ठानलाई खुमलटारमा १२० रोपनी जगाको बन्दोवस्त गर्न

योगदान गरिबक्सियो र दीर्घकालीन योजनासहितको गुरु योजनासमेत श्री ५ वीरेन्द्र कै प्रत्यक्ष निर्देशनमा तयार पारियो। खुमलटारस्थित नवनिर्मित रोनास्ट कार्यालय भवन सोही गुरु योजनाबमोजिम नै निर्माण गरिएको हो र मौसुफ सरकारबाट नै सन् २००० मा उक्त भवनको समुद्घाटन गरिबक्सिएको थियो। विज्ञान र प्रविधिको विकासमा रोनास्टको भूमिका बारे श्री ५ वीरेन्द्रबाट स्पष्ट निर्देशन हुने गर्दथ्यो। श्री ५ वीरेन्द्रको राज्यकालमा वैज्ञानिकहरू एवम् प्राविधिज्ञहरूलाई उचित कदर एवम् प्रोत्साहन गर्न रोनास्टमा विभिन्न पुरस्कारहरूको स्थापना गरिएको थियो। आजपनि नियमित रूपमा वैज्ञानिक एवम् प्राविधिज्ञहरूलाई उच्चतम पुरस्कारहरू प्रदान गरिने एक मात्र राष्ट्रिय संस्था रोनास्ट नै रहिआएको छ। यसैगरी देशको अमूल्य वनस्पति र वन्यजन्तु संरक्षण गर्ने उद्देश्य अनुरुप श्री ५ वीरेन्द्रबाट सन् १९८२ मा श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको स्थापना गरिबक्सी प्रकृति संरक्षण क्षेत्रमा अद्वितीय योगदान पुऱ्याइबक्सियो। कोषको अध्यक्षमा तत्कालीन अधिराजकुमार एवम् वर्तमान् श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव नियुक्ति गरिबक्सी श्री ५ वीरेन्द्रबाट उक्त कोषका गतिविधिहरूलाई गहन महत्त्व प्रदान गरिबक्सेको थियो। कोष अन्तरगत चितवन राष्ट्रिय निकुञ्ज, वर्दिया राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण संरक्षण परियोजनाले प्रकृति संरक्षण क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदानले अन्तर्राष्ट्रिय जगतमा समेत ठूलो मान्यता प्राप्त गरिसकेको छ।

सन् १९८५ मा श्री ५ वीरेन्द्रको सङ्घीय गणतन्त्र जर्मनीको राजकीय भ्रमणको अवसरमा त्रिभुवन विश्वविद्यालय अन्तरगत आधारभूत विज्ञानको अध्ययन अनुसन्धानमा जर्मनीको सहयोग प्राप्त गर्ने उद्देश्य अनुरुप श्री ५ वीरेन्द्रबाट त्रिभुवन विश्वविद्यालयलाई १५ वर्षे विकास परियोजनाको प्रस्ताव तयार पारी पेश गर्ने निर्देशन बक्सेको थियो। सोही निर्देशन अनुरुप त्रिभुवन विश्वविद्यालयका वरिष्ठ वैज्ञानिकहरूले १५ वर्षे कार्य योजना तयार पारी पेश गरेका थिए र जर्मनीबाट सो योजना कार्यान्वयन गर्न सहमति जनाएअनुसार जर्मनीबाट आएका अध्ययन टोलीले त्रिभुवन विश्वविद्यालयका पदाधिकारीहरू एवम् वैज्ञानिकहरूसँग परामर्श गरी एक प्रनिवेदन तयार पारिएको थियो र उक्त प्रतिवेदन लागू गर्नेतर्फ आवश्यक कार्यवाही अगाडि समेत बढिसकेको थियो। त्यस प्रयोजनको लागि केही रकमसमेत जर्मन सरकारबाट प्राप्त भएको थियो। तर २०४६ सालको जनआन्दोलनपश्चात् त्रिभुवन विश्वविद्यालयका पदा धिकारीहरूको परिवर्तन भयो र के कति कारणले हो सो परियोजना लागू हुन पाएन। सो परियोजना सफलतापूर्वक लागू हुन पाएको भए त्रिभुवन विश्वविद्यालय अन्तरगत आधारभूत विज्ञानको क्षेत्रमा ठूलो योगदान पुग्ने त्रिभुवन विश्व विद्यालयका वैज्ञानिकहरूले अनुमान गरेका थिए। यसरी श्री ५ वीरेन्द्रबाट प्राविधिक विज्ञानमा मात्र नभई आधारभूत विज्ञानको विकासमा समेत ठूलो चासो लिइबक्सेको थियो। मुलुकमा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सन् १९८९ मा श्री ५ वीरेन्द्रबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी) नामक संस्थाको स्थापना गरिबक्सिएको थियो। सो संस्थाले मुलुकका विभिन्न भागमा तालिम केन्द्रहरूको स्थापना गरी कृषि, चिकित्सा, मेकानिक, इलेक्ट्रोनिक आदि विषयमा मध्यमस्तरीय जनशक्ति उत्पादन गर्दै आएका छन्।

श्री ५ वीरेन्द्रबाट विज्ञान तथा प्रविधिसँग सम्बद्ध पेशागत सङ्घ संस्थाहरूलाई ठूलो हौसला प्रदान गरिबक्सेको थियो। श्री ५ वीरेन्द्रबाट समय समयमा मुलुकमा सम्पन्न भएका कतिपय अन्तर्राष्ट्रिय सम्मेलनहरूको समुद्घाटन गरिबक्सी विज्ञान र प्रविधिको क्षेत्रमा कार्यरत समुदायलाई ठूलो हौसला प्रदान गरिबक्सिन्थ्यो। उदाहरण स्वरुप श्री ५ वीरेन्द्रबाट सन् १९८६ मा रोनास्ट, त्रिभुवन विश्वविद्यालय र इटालीस्थित International Centre for Theoretical Physics का संयुक्त आयोजनामा काठमाडौँमा सम्पन्न भएको अन्तर्राष्ट्रिय समर स्कुल अफ फिजिक्स (International Summer School of Physics) को समुद्घाटन गरिबक्सेको थियो। उक्त कार्यक्रममा नोवेल पुरस्कार विजेता लगायत विश्वका कैयौँ प्रतिष्ठित भौतिकशास्त्रीहरूको सहभागिता थियो। हाम्रो देशमा यतिका विश्व प्रख्यात भौतिक शास्त्रीहरूको जमघट भएको आजसम्मको त्यो पहिलो अवसर हो। सोही अवसरमा नोवेल पुरस्कार विजेता भौतिकशास्त्री स्वर्गीय अब्दस सलामको सुझाव अनुरुप श्री ५ वीरेन्द्रबाट नेपालमा अन्तर्राष्ट्रियस्तरको एक वैज्ञानिक केन्द्रको स्थापना गर्न एक कार्य योजना तयार पार्न तत्कालीन राष्ट्रिय शिक्षा समितिलाई निर्देशन बक्सेको थियो। उक्त निर्देशन अनुरुप रोनास्ट र त्रिभुवन विश्व विद्यालयका वैज्ञानिकहरूले एक प्रस्ताव तयार पारी श्री ५ को सरकारलाई पेश पनि गरेको थियो। उक्त परियोजना लागू गर्न अब्दुस सलामबाट आवश्यक आर्थिक एवम् अन्य सहयोग जुटाउन वचन प्राप्त भएको थियो। शायद त्यतिबेला मुलुकमा राजनीतिक परिवर्तनको समय भएको हुँदा सो परियोजना कार्यान्वयन हुन पाएन। उक्त केन्द्रको स्थापना हुन पाएको भए पक्कै पनि यसले नेपालमा विज्ञान प्रविधिको विकासमा ठूलो योगदान पुऱ्याउने थियो।

श्री ५ वीरेन्द्रबाट समयसमयमा देश भित्र र बाहिरका वैज्ञानिकहरूलाई दर्शनभेट बक्सी हौसला प्रदान गरिबक्सनुको साथै नेपालमा विज्ञान र प्रविधिको विकास गर्ने विषयमा गम्भीर

विचार विमर्श गरिबक्सिन्थ्यो । यस लेखका लेखकद्वारा लिखित एवम् सन् २००१ मा रोनास्टद्वारा प्रकाशित "नेपालमा विज्ञान र प्रविधि" (Science and Technology in Nepal) शीर्षकको पुस्तकको लागि बक्सेको सन्देशमा श्री ५ वीरेन्द्रबाट हुकुम भएको थियो– "विज्ञान र प्रविधिको उपयोग नेपाली जनताको आर्थिक उन्नतिको लागि एक महत्त्वपूर्ण माध्यम हुनसक्छ ।" देशको आर्थिक विकासमा विज्ञान र प्रविधिको महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने श्री ५ वीरेन्द्रको विश्वास यस सन्देसमार्फत पनि प्रमाणित भएको हामी पाउँदछौँ । श्री ५ वीरेन्द्रबाट नेपालमा विज्ञान र प्रविधिको विकासमा पुऱ्याइबक्सेको अमूल्य योगदान वैज्ञानिक समुदायले कहिल्यै विर्सन सक्नेछैनन् ।

उपकुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान

●

श्री ५ वीरेन्द्र– राज्यकालका मुद्राहरू

• *दुर्गाभक्त छुचुँ*

विश्वको इतिहासमा मुद्राको विकास हुनुपूर्व वस्तुविनिमयको आधारमा आर्थिक कारोबार हुनेगरेको कुरा सर्वविदितै छ। यसरी वस्तुविनिमयको आधारमा गरिने कारोबार असहज महसुस गरी विनिमयलाई व्यवस्थित पार्न मुद्रा (सिक्का) को विकास भएको पाइन्छ। मुद्राको विकासलाई हेर्ने हो भने यसको आविष्कार चीनबाट भएको पाइन्छ।

नेपालको इतिहासमा प्रामाणिक मुद्रा पाँचौं शताब्दीमा लिच्छविकालीन राजा मानदेवको आफ्नो शासनकालमा धातुका मुद्रा बनाई प्रचलनमा ल्याएका थिए। यस मुद्राको अग्रभागमा सिंहको मूर्ति र राजाको नामबाट "मानाङ्क" भनी उल्लेख गरिएको "गुप्त लिपि" बाट लेखिएको पृष्ठ भागमा कमलको फूलमा आसन गरेका देवीको मूर्ति र माथिल्लो भागमा भोगिनी भनी उल्लेख गरेको अभिलेख पाइन्छ। मानदेवका विभिन्न मुद्राहरू अध्ययन गर्ने क्रममा सिंहको अगाडि झण्डा राखेको, सिंहको अगाडि कमलको फूल राखेको पाइएको छ।

यस्तै अंशुवर्माको शासनकालका मुद्राहरू पनि अध्ययन गरिहेर्दा अग्र भाग र पृष्ठ भागमा सिंहको नै चित्राङ्कित गरेको अग्र भागमा सिंह, पृष्ठ भागमा कामधेनु गाईको चित्राङ्कित गरिनु र उसैका अरू मुद्राका अग्र भागमा महाराजाधिराजस्य भनी महाराज पद पनि उल्लेख गरेको पाइन्छ। लिच्छवि कालपछि मध्यकालतिरको समय केही सुन, चाँदी र तामाको मुद्रा पनि देखा परेका छन्। त्यसपछि मुद्रा इतिहासमा धेरै वर्ष शून्य देखिन आयो। त्यसपछि मल्लकालमा आएर राजा महेन्द्र मल्लको शासनकालदेखि प्रामाणिक रूपमा मुद्रा निकाल्न थालेपछि भने निरन्तरता पाइरहेको छ। मल्लकालको मुद्रामा (नेपाल सम्वत्) बाट साल उल्लेख हुनुका साथै आफ्नो नामसँगै इष्टदेवता, कुलदेवता, चन्द्र, सूर्य, अष्टमङ्गल शुभ चिह्न आफ्नो उपाधिमा नेपालेश्वर, नेपाल चूडामणि, राजेन्द्र, गिरीन्द्र, कवीन्द्र जस्ता उपाधि राखेको पाइन्छ। यस्तो क्रमले काठमाडौं र ललितपुरका मल्लराजाहरूले आफ्नो नामको पछाडि रानीहरूको नाम समेत राखी मुद्रा प्रचलनमा ल्याएको पाइएका छन् भने छुट्टै रानीहरूको नामले पनि मुद्राहरू प्रचलनमा ल्याइएको पाइन्छ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवले विक्रम संवत् १८२५ (नेपाल संवत् ८८८, शाके संवत् १६९०) मा काठमाडौंमा अधिकार जमाउनुभन्दा अघि नै छुट्टै किसिमले आफ्नै इष्ट देवता, कुल देवताको नाम राखिकन मुद्रा प्रचलनमा ल्याएका थिए। पृथ्वीनारायण शाहदेवका भाइ दलमर्दन शाहदेव पाटनको राजा भएका बेलामा आफ्नै नामबाट पनि मुद्रा प्रचलनमा ल्याएका थिए। त्यस मुद्राको अग्र भागमा राजाको नाम "दलमर्दन शाहदेव ८८४" लेखिएको र पृष्ठ भागमा पाटनका इष्ट देवता लोकेश्वरको नाम "श्री श्री श्री करुणामय" भनी लेखिएको अभिलेख पाइन्छ। पृथ्वीनारायण शाहले आफ्नो नामबाट पनि मुद्रा प्रचलनमा ल्याई अग्रभागमा "श्री श्री पृथ्वीनारायण शाहदेव १६८५", पृष्ठ भागमा "श्री श्री श्री लोकनाथ" लेखेको पाइएको छ। पछि विक्रम संवत् १८२५ (शाके सम्वत् १६९०, नेपाल संवत् ८८८) मा देशलाई एकीकरण गरिसकेपछि आफ्नै तरिकाले आफ्नै इष्ट देवता र कुल

देवताको नामले श्री भवानी, श्री गोरखनाथ भनी नामको अभिलेख राखी मुद्राको प्रचलन ल्याएका थिए । श्री ५ प्रतापसिंह शाहदेवको मुद्रामा श्री गोरखनाथ, श्री गुह्येश्वरी अङ्कित गरेको पाइन्छ । त्यस्तै रानीहरूका मुद्राहरू पनि पृथ्वीनारायणको रानीदेखि क्रमशः निरन्तर रूपमा प्रचलनमा आइरहेको पाइन्छ तर बीचमा राष्ट्रपिता श्री ५ त्रिभुवन- वीरविक्रम शाहदेवको रानीको मुद्रा भने प्रचलनमा आएको देखिएन ।

श्री ५ पृथ्वीनारायण शाहदेवको शासनकालदेखि श्री ५ पृथ्वीवीरविक्रम शाहदेवको मुद्रामा १८१० शाके संवत् सम्म उल्लेख भई सोही राजा पृथ्वीवीरविक्रम शाहदेवकै समयदेखि तामाको मुद्रामा विक्रम संवत्को उल्लेख शुरु भई १९४५ सालदेखि निरन्तर रुपले हालसम्मको मुद्रामा वि.सं. नै उल्लेख भएको पाइएको छ ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको मुद्रामा विक्रम संवत् २०२८ देखि २०४७ सालको तीस वर्षका शासन अवधि भरमा धेरै दर, प्रकारका उत्सव उपलक्ष्यको बेलामा पनि मुद्राहरू प्रचलनमा आएको पाइन्छ । जस्तै शुभराज्याभिषेक (Coronation) २०३१ पर्वमा राजमुकुट चिह्न चित्राङ्कित भएको, वन्यजन्तु संरक्षण पर्वमा राजाको आवक्ष्य चित्राङ्कित गरी पृष्ठ भागमा राष्ट्रिय चरा डाँफेको, जङ्गली पाण्डा, (रातो भालु), जङ्गली जनावर गैंडासमेत चित्राङ्कित भएको पनि पाइन्छ । अन्तर्राष्ट्रिय नारी वर्ष (International Women Year) २०३२ मा राजा र रानीका अवक्ष्य चित्राङ्कित भएको, कृषि वर्षको (Agriculture Development) २०३३, अपाङ्ग वर्ष (IYDP) २०३८, विश्व खाद्यदिवस (World Food Day) २०३८, बाल वर्ष (International Year of the Child) २०३६, जनसंख्या वर्ष २०४१ नेपाल, रेडक्रम सोसाइटीको रजत महोत्सव २०४५, महालेखा परीक्षक रजत जयन्ती २०४१, नेपाल राष्ट्र बैंक रजत जयन्ती (२०१३- २०३८), पञ्चायत रजत जयन्ती (२०१७ - २०४२), नेपाल बैंक स्वर्ण जयन्ती (१९९४-२०४४), टक्सार विभागको स्वर्ण जयन्ती (१९८९-२०३९), सेन्ट जेभियर्स स्कुलको स्वर्ण जयन्ती, रेडियो नेपाल स्वर्ण जयन्ती जस्ता उपलक्ष्यका नामबाट पनि मुद्रा प्रचलनमा ल्याइएका थिए ।

श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेवको शुभउपनयनको शुभउपलक्ष्यमा प्रचलन भएका मुद्राको अग्रभागमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव २०४४, पृष्ठभागमा श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेव भनी अभिलेख लेखी बीचमा अन्नपूर्ण चिह्नसमेत राखेका छन् । श्री ५ मुमाबडामहारानी सरकारको साठी वर्ष पुगिबक्सेको उपलक्ष्यमा पनि हीरक जयन्ती मनाई मुद्रा प्रचलनमा ल्याएका थिए । त्यस मुद्राको अग्रभागमा "श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव २०४५", पृष्ठ भागमा "श्री ५ मुमाबडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाह रू. ६००।- शुभ हीरक जन्मोत्सव नेपाल" भनी अभिलेख लेख्नुका साथै आबक्ष्य चित्राङ्कित गरेको पाइन्छ । श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेवको उमेर पुगिबक्सेको उपलक्ष्यमा रू. ५००।- दरका चाँदीका मुद्रा पनि प्रचलनमा आएका थिए । यसको अग्रभागमा "श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव २०४६" भई पृष्ठ भागमा श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेव नेपाल रू. ५००।- भनी अङ्कित गरी पूर्ण कलशको शुभ चिह्न चित्राङ्कित भएको र तलतिर "उमेर पुगिबक्सेको उपलक्ष्य" भनी लेखिएको अभिलेख पाइन्छ । श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको स्वर्ण शुभजन्मोत्सवको उपलक्ष्यमा आबक्ष्य चित्राङ्कित गरी रूपैयाँ २५०० दरका चाँदी मुद्रा प्रचलनमा आउनुका साथै २०५३ सालमा गद्दीआरोहण रजत महोत्सवको उपलक्ष्यमा पनि २५ रूपैयाँ, २००० रूपैयाँ र सबैभन्दा ठूलो तथा धेरै दरको ५००० रूपैयाँको मुद्रा पनि प्रचलनमा आएको छ यसै गरी अन्य विभिन्न प्रकारका हरेक उत्सवमा पनि स्वर्ण मुद्राहरू प्रचलनमा ल्याउनुका साथै २०३१ सालमा रानी श्री ५ ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहको नाममा पनि छुट्टै किसिमको ५० पैसा र १ रूपैयाँ दरका मुद्राहरू प्रचलनमा आएका छन् ।

यस्तै किसिमले मुद्राहरू धेरै दर र प्रकारका भएका कारण मसँग सङ्कलित भएका, देखेका र थाहा भएसम्मका मुद्राहरूको नमूना राखेको छु ।



श्री ५ वीरेन्द्र वीर विक्रम शाह देवका शासन कालमा प्रचलनमा आएका मुद्राहरू

१ पैसा ३ किसिम



२०२८ देखि २०३६ सम्म



२०३१ साल



२०३९ साल

२ पैसा १ किसिम



२०२८ देखि २०३५ सम्म

५ पैसा ४ किसिम



२०२८ देखि २०३९ सम्म



२०३१ साल



२०३१ साल



२०३९ देखि २०४७ सम्म

१० पैसा ९ किसिम


२०२८ साल


२०२९ देखि २०३० सम्म


२०३१ साल


२०३२ साल


२०३३ साल


२०३६ साल


२०३६ साल


२०३९ देखि २०५० सम्म


२०५१ देखि २०५७ सम्म

२० पैसा २ किसिम


२०३५ साल


२०३६ साल

२५ पैसा ६ किसिम


२०२८ देखि २०२९ सम्म


२०३१ साल


२०३८ साल


२०३८ साल


२०३९ देखि २०५० सम्म


२०५१ देखि २०५७ सम्म

५० पैसा ८ किसिम



२०२८ देखि २०२९ सम्म



२०३१ साल



२०३८ साल



२०३८ साल



२०३९ देखि २०४० सम्म



२०४१ साल



२०४४ देखि २०४९ सम्म



२०५१ देखि २०५७ सम्म

१ रुपैंया १२ किसिम


२०२८ देखि २०३० सम्म


२०३१ साल

२०३२ साल

२०३३ देखि २०३६ सम्म


२०३९ साल


२०४१ साल


२०४५, २०४८ र २०४९ साल

२०५१ देखि २०५२ सम्म


२०५२ साल


२०५३ देखि २०५७ सम्म


२०५४ साल


२०५७ साल

२ रुपैँया ५ किसिम



२०३८ साल



२०३९ साल



२०४१ साल



२०५१ देखि २०५७ सम्म



२०५४ साल

५ रुपैँया १६ किसिम



२०३७ साल



२०३८ साल



२०३९ देखि २०४० सम्म



२०४१ साल



२०४२ साल

२०४३ साल



२०४४ साल



२०४७ साल



२०४८ साल

२०५३ साल



२०४२ साल



२०४३ साल


THIRD SUMMIT
SAARC
KATHMANDU 1987

२०४४ साल



२०४७ साल



२०५१ साल

२०५४ साल

१० रुपैंया ५ किसिम


२०३१ साल


२०५१ साल


२०५१ साल


२०५२ साल


२०५४ साल

२० रुपैंया २ किसिम


२०३२ साल


२०३६ साल

२५ रुपैंया ६ किसिम


२०३१ साल


२०३१ साल


२०४१ साल


२०४२ साल


२०५३ साल


२०५५ साल

५० रुपैंया ४ किसिम


२०३१ साल


२०३६ साल


२०३८ साल


२०५७ साल

१०० रुपैंया २ किसिम


१०० रुपैयाँ
NEPAL

२०३८ साल


१००
एक सय रुपैयाँ
नेपाल २०४२
IYY 1985
NEPAL

२०४२ साल

२५० रुपैंया ३ किसिम


श्री भवानी
२५०
रुपैयाँ
नेपाल २०३८

२०३८ साल


श्री भवानी
नेपाल
रु २५०
YEAR OF THE SCOUT 1982-1983
NEPAL

२०३९ साल

२०४५ साल

३०० रुपैंया २ किसिम

२०४३ साल

श्री भवानी
Rs 300
NEPAL

२०४७ साल

३५० रुपैंया १ किसिम



२०४४ साल

५०० रुपैंया २ किसिम


श्री श्री
श्री५ वीरेन्द्र
वीर विक्रम
शाह देव
२० ४६
रु ५००
Rs 500
नेपाल

२०४६ साल


NEPAL
50TH ANNIVERSARY
Rs 500
1994

२०५१ साल

६०० रुपैंया १ किसिम


श्री श्री
श्री५ वीरेन्द्र
वीर विक्रम
शाह देव
२० ४५
रु ६००
Rs 600
नेपाल

२०४५ साल

२५०० रुपैंया १ किसिम


श्री श्री
श्री५ वीरेन्द्र
वीर विक्रम
शाह देव
२० ५२
H.M.KING BIRENDRA BIR BIKRAM SHAH DEV
रु २५००
Rs 2500
स्वर्ण शुभजन्मोत्सव २०५२
GOLDEN JUBILEE BIRTHDAY 1995
NEPAL

२०५२ साल

५००० रुपैंया १ किसिम


श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव
रु. ५०००
नेपाल
२०२८ – २०५३
गद्दी आरोहणको रजत महोत्सव
श्री श्री
श्री ५ वीरेन्द्र
वीर विक्रम
शाह देव
२० ५३

२०५३ साल

श्री ५ वीरेन्द्र वीर विक्रम शाह देवका राज्याभिषेकको उपलक्ष्यमा निष्कासन गरिएका मुद्राहरु ।


पचीस रुपैयाँ
नेपाल
एक रुपैयाँ
नेपाल

२०३१ साल



अन्तरराष्ट्रिय नारी वर्ष
२०३२ साल



अन्तरराष्ट्रिय बाल वर्ष
२०३६ साल



ग्रामिण नारी शिक्षा दिवस
२०३६ साल



अन्तरराष्ट्रिय अपाङ्ग वर्ष

२०३८ साल



विश्व खाद्य दिवस

२०३८ साल

नेपाल परिवार नियोजन
रजत जयन्ती
२०४१ साल



राष्ट्रिय जनसंख्या वर्ष
२०४१ साल

श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव
१००
एक सय रुपैयाँ
नेपाल २०४२
1985

अन्तरराष्ट्रिय युवा वर्ष
२०४२ साल

भिजिट नेपाल वर्ष
२०५४ साल


श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव
नेपाल • २०३१
श्री श्री श्री गोरखनाथ
श्री भवानी
पचास रुपैयाँ
पच्चीस रुपैयाँ

वन्य जन्तु संरक्षण कोष
२०३१ साल

श्री ५ ऐश्वर्यका नामका मुद्राहरू


श्री श्री
२० ३१
एक रुपैयाँ
नेपाल
पचास पैसा

२०३१ साल

देखेका, चिनेका र सुनेका राजा वीरेन्द्र

● *द्वारिकानाथ ढुङ्गेल*

विषयप्रवेश

जुन बखतमा राजधानीको सबभन्दा सुरक्षित भनी ठानिएको नारायणहिटी राजदरबारमा राजा वीरेन्द्रको वंशनाश भयो, म त्यसबखत सात समुन्द्र पार संयुक्त राज्य अमेरिकाको म्यासाच्युसेट्स राज्यको बोस्टन शहरमा जेठो छोरासँग थिएँ। शायद काठमाडौँमा रातको दुई बजेको र वोस्टन समय अनुसार साँझ ४ : ४५ बजेको थियो होला, हाम्रो घरको टेलिफोन बज्यो। उठाएर हेलो भन्दा त लुजियाना राज्यको श्रीपोर्टस्थित अस्पालमा काम गर्ने मेरा साला डाक्टर कञ्चन उपाध्यायले एकै सासमा “भिनाजु नेपालमा सर्वस्व भएछ, राजा वीरेन्द्रको परिवारका सबै सदस्य सखाप भएछन्” भने। पहिले त विश्वास नै लागेन। दोस्रो, सो खबरले मलगायत मेरी श्रीमतीलाई स्तब्ध गरायो। तेस्रो, माओवादीले त्यसबखत काठमाडौँका विभिन्न ठाउँमा तुलबमहरू पड्काउदै गरेकाले, तिनले नै नारायणहिटी दरबारमा आक्रमण गरेछन् कि भन्ने लाग्यो। वास्तविकता के रहेछ भनी घरमा रहेको कम्प्यूटरमा नेपाल न्यूज डट कम खोल्दा अधिराजकुमारी शान्तिको देहावसान भयो भनेर पढ्दा शायद तिनको मृत्यु स्वाभाविक होला भनी ठानैं। तर वी.वी.सी. अनलाइन खोल्दा त ताजा खबर (Breaking News) भनेर राजदरबार हत्याकाण्डका बारेमा संसारलाई हरेक घटनाको खबर दिन थाल्यो, सी. एन. एन. ले पनि खबर दिन थाल्यो। हेर्दाहेर्दै, कञ्चनको टेलिफोनको एक घण्टापछि सबै कुरा स्पष्ट भइहाल्यो। संसारभर सो घटनाको परिवेशमा नेपालीहरूले आफ्नो देश, नेपाली राजपरिवार, श्री ५ को सरकारका बारेमा तयार भएका सयौं पृष्ट खबर, लेख, डिस्प्याचहरू एकपछि अर्का वेभसाइटहरूमा पढें।

राजदरबार घटनाको केही दिनसम्म, त्यसमा पनि काठमाडौँमा भएको रुवावासीको जीवन्त वर्णन (Live) र खबरहरू टि. भी. च्यानलहरूले देखाएका थिए। तिनले शायदै कुनै नेपाली र विदेशीहरूको मनलाई छुन बाँकी राखेका थिए होलान्। हुनत श्री ५ को सरकारभित्र २८ वर्षसम्म स्थापित कार्यसम्बन्धी सेवाअवधि पुग्नु अगावै २०५५ वैशाखमा तोडेर हिडेपछि नेपालको सरकारको गतिविधिबाट आफूलाई पूर्णरूपमा अलग राखेको मात्र थिइन, राज्यतन्त्र सञ्चालनमा संलग्न हुनेहरूसँग कुनै पनि प्रकारको सम्पर्कमा थिइन। त्यसैले त्यसबखत मुलुकको सार्वजनिक पद धारणा गरेका जुनसुकैलाई, जे भनेपनि, त्यो मेरो सरोकारको विषय हुने भएन। तर, राजा वीरेन्द्रको उवंशनाश भएको खबरले ममा रहेको मानवीय संवेदना अनायास जागृत हुन पुगेछ र निधन भएका राजाप्रति अनायासमा श्रद्धा-सम्वेदना भाव जाग्यो। कठै नराम्रो भयो, एक शालीन व्यक्तिको असामयिक निधन भयो भन्ने लाग्यो र ज्यादै दु:खित हुन पुगैं। आफ्नो तीन दशक लामो सरकारी जीवनमा राजा वीरेन्द्रले मलाई व्यक्तिगत रूपमा नचिनेका भए पनि मैले त उनलाई चिन्ने नै भएँ। त्यसै क्रममा पहिले सक्रिय र पछि संवैधानिक राजाको रूपमा उनको राष्ट्रप्रमुखकत्व कालमा चालिएका अनेक नीतिगत कुराहरू र कार्यक्रमहरू बेहोंने र केहीबाट लाभान्वित हुने अवसर प्राप्त भएका थिए। त्यसैले, ममा जागेको मानवीय र राष्ट्रियताको भावनाको प्रतिफल एक

शोकसन्देश वासिङटन डि.सी. स्थित शाही नेपाली राजदूतावासमा फ्याक्समार्फत पठाइदिएको थिएँ । त्यस बखत मेरा मानस पटलमा उनलाई देखेका बखतका घटनाहरू, चिन्ह पाउँदाका क्षणहरू तथा उनका समयमा चालिएका कदमहरूबाट प्राप्त फाइदाहरू र उनका बारेमा सुनेका कुराहरू चलचित्रका दृश्यहरू झैँ एकपछि आउँदैजाँदै गरेका थिए । तिनैलाई राजा वीरेन्द्रलाई देख्न, चिन्न र सुन्न पाउँदाका संस्मरणका रूपमा यहाँ प्रस्तुत गर्न पुगिएको छ ।

२. देखेका राजा

उमेरको दृष्टिकोणबाट राजा वीरेन्द्र र मेरा बीच खासै फरक छैन । उनी साधारण परिवारमा जन्मेका भए अन्य शाह र राणा परिवारका सदस्य झैँ शायद उनी र म जुद्धोदय पब्लिक हाईस्कुल (जे.पि. स्कुल) मा सहपाठी हुनेथियौँ होला । तर उनी राजाका छोरा भएकाले नेपालमा पढेनन् । मुलुकबाहिर पढ्ने भएकाले मैले उनलाई पहिलोपटक युवराजाधिराजका रूपमा जे.पी. स्कूलको एक्काईसौँ जन्मजयन्ती समारोह (२०१५ साल चैत्र २६) को अवसरमा नजिकबाट देख्ने मौका पाएको थिएँ । उनले अङ्ग्रेजीमा बोलेको सुनेको थिएँ । सो अवसरमा भाषण दिदै उनले भनेका थिए–'म एक अङ्ग्रेजी स्कुलमा पढिरहेको छु । त्यसकारण मेरो नेपाली उत्तिको राम्रो छैन । आशा छ, मैले तपाईंहरूसँग अङ्ग्रेजीमा बोलेकामा केही ठान्ने हुनेछैन'.....गुरुका बारेमा भनेका थिएँ– उनीहरूलाई आदर गर्नुपर्छ । उहाँहरूबाट हामीले आज्ञाकारिता, अनुशासन, कर्तव्य परायणता तथा आत्म सहायको पाठ सिक्दछौँ (जुद्धोदय पव्लिक हाईस्कुल पत्रिका २०१६) ।

२०२४ फागुनमा त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्र विषयमा स्नाकोत्तर तहको पढाइ सकी त्यस बखतको शब्दमा जागिरे जिन्दगी सुरु गरेपछि, विशेष गरी २०२७ साल असार महिनाको अन्त्यमा निजामती सेवामा प्रवेश गरी २०५५ साल वैशाखसम्म सरकारी नोकरीमा संलग्न रहँदा विद्यालयको विद्यार्थी जीवनपछि मलाई अनेकपटक उनलाई देख्ने मौका प्राप्त भएको थियो । त्यस्तो मौका उनको विवाहको अवसरमा निम्तालु भएर राजदरबारको दक्षिणपट्टिको पटाङ्गिनीमा टाँगिएको पालमा बसेर भोज खाँदा प्राप्त भएको थियो । त्यसबखत म त्रिचन्द्र कलेजको राजनीतिशास्त्र विभागमा व्याख्याताको रूपमा काम गर्दै थिएँ । उनको विवाहमा भोज खान निम्ता पाएको कर्मचारी (तृतीय श्रेणीको अधिकृत) पक्कै पनि २०३१ फागुनमा त उमेरमा पाको भइसकेको थियो नै, तर त्यसबखतसम्म आफ्नो पदको स्तरको अवमूल्यन भइसकेको रहेछ । त्यस सालको उक्त महिनामा सम्पन्न उनको शुभराज्याभिषेकमा हाम्रो स्तरका कर्मचारीलाई समारोहमा निम्ता गरिनुको सट्टा भोज खान भनी गृह मन्त्रालयको आन्तरिक प्रशासन शाखाबाट दिइएको रु १०।- बेलाइतबाट झिकाइएर सस्तोमा उपलब्ध गराइएको कोटको ऊनी कालो कपडा, लवेदा सुरुवालको सेतो टेरलिनको कपडा र सबैले प्राप्त गरेको शुभराज्याभिषेक व्याच (पदक), जो मैले पनि पाएको थिएँ र जसलाई सेवा अवधिमा औपचारिक पोशाक लगाउँदा कोटको बायाँपट्टि ढल्काउने गर्दथेँ, मा नै सन्तोष गराइयो । राज्याभिषेकका कार्यक्रमहरू टुडिखेलको दक्षिणपट्टिको कुना र दरबारमार्गको पेटीमा उभिएर रमाइलो हेर्ने मध्यको हुन पुगेँ । त्यसबखत प्राप्त उक्त वस्तुहरू अझै मसँग छन् ।

क. शालीन व्यक्तित्व

सक्रिय राजा भएको बखत उनलाई नजिकबाट देख्ने अवसर भने दुई चोटि प्राप्त भएको थियो । उनको विकास क्षेत्रको नियमित भ्रमणको क्रममा २०३२ मा मध्यमाञ्चल विकास क्षेत्रको भ्रमणमा । त्यसबखत म पञ्चायत विकास प्रशिक्षण केन्द्र जनकपुरमा उच्च अनुदेशकको रूपमा काम गर्दै थिएँ । राजाको सवारीको समयमा प्रशिक्षण केन्द्रका प्राचार्य नोकरीकै क्रममा मुलुकबाहिर हुनुभएकोले आफ्नो संस्थाको बारेमा जाहेरी गर्दा प्रत्यक्ष हेर्ने अवसर पाएको थिएँ । दोश्रो पटक, दार्चुला जिल्लामा प्रमुख जिल्ला अधिकारीका रूपमा काम गर्दा । २०३७ श्रावण महिनामा गएको भूकम्पले सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको दार्चुला, बैतडी र बझाङ जिल्लामा धनजनको क्षति भएको थियो । त्यस क्षेती एवम् राहतको जानकारी लिने सिलसिलामा बैतडी पाटनस्थित सवारीसिविरबाट राजा वीरेन्द्रद्वारा दार्चुला जिल्लाको सदरमुकामको भ्रमण भएको थियो । सो अवसरमा जिल्लाको प्रमुख जिल्ला अधिकारीका रूपमा राजाको स्वागत गर्ने र भूकम्पबाट पुग्न गएको क्षतिका बारेमा जाहेर गर्ने अवसर जिल्लाका त्यसबखतका सभापति मीनवहादुर पालका साथ मलाई पनि प्राप्त भएको थियो । यी दुवै अवसरमा राजासँग संक्षिप्त कुराकानी हुँदा पनि उनीभित्रको शालीनताको छनक पाएको थिएँ । ती दुई अवसरबाहेक, त्यसबखतको प्रचलनअनुसार राजाको औपचारिक र राजकीय भ्रमणमा देशबाहिर जाँदा र फिर्ता हुँदा शाही नेपाल वायु सेवा निगम (RNAC) वा भृकुटीमण्डप अगाडिको पेटीमा उभिएर त्रिभुवन विमानस्थलको अतिविशिष्ट व्यक्तिहरूको आगमन र बिदाइका लागि तोकिएको क्षेत्रमा उभिएर गरियो । यी अवसरमा उनलाई जुन रूपमा मैले देखेँ त्यसबाट उनमा सौम्य स्वभाव थियो भन्ने मलाई लाग्दछ । यस्ता व्यक्ति सुरक्षा र केही सीमित व्यक्तिका घेराबाट अझ बढी बाहिर आएको भए उनको लोकप्रियता

पनि थपिने थियो जस्तो लाग्दथ्यो । राजपरिषद्द्वारा बहादुरभवनस्थित आफ्नो सचिवालयको दोस्रो तलामा राजाको सम्मानमा २०५३ फागुनको पहिलो हप्तामा आयोजना गरिएको रात्रिभोजको कार्यक्रममा सबभन्दा पछिल्लो पटक मैले उनलाई अत्यन्त नजिकबाट देख्ने अवसर पाएको थिएँ । त्यस अवसरमा हामीहरू झुण्डझुण्ड रूपमा कुरा गर्दै थियौं । त्यस्तै एक झुण्डमा म पनि थिएँ र मेरो नजिकमा राजप्रसाद सेवाका काजी हंसमान सिंह, पूर्वमुख्यसचिव कृष्णबहादुर मानन्धर आदि हुनुहुन्थ्यो । हामी भएका ठाउँमा राजा युवराजाधिराज दिपेन्द्रका साथ घुम्दै आए । मेरो अगाडि पुगेपछि एकछिन अडिए र मैले उनलाई "सरकार २०३७ सालको भूकम्पबाट क्षति भएका जिल्लाहरूको भ्रमणको अवसरमा प्रमुख जिल्ला अधिकारीका हैसियतमा दार्चुला जिल्लाको क्षति र उद्दारको जाहेरी गर्ने अवसर पाएको थिएँ भनी" आत्मपरिचय दिएको कुरा अहिले जस्तो लाग्दछ । दार्चुलामा देखेको कर्मचारी मै हुँ कि भनेर मेरा अगाडि सरकार एकछिन उभिएको हो कि जस्तो लाग्दछ ।

३. चिनेका राजा

मलाई उनीसँग व्यक्तिगत रूपमा चिन्ने अवसर २०३३ सालमा राजदरवारको जाँचबुझ केन्द्रमा विशेष अधिकृत भई काम गर्दा एकपटक आएको थियो, तर त्यो फलीभूत भने हुन सकेन । कारण, त्यस केन्द्रबाट पश्चिमाञ्चल विकास क्षेत्रको अर्घाखाँची र कपिलवस्तु जिल्लामा विकास निर्माण कार्यहरू स्थलगत अध्ययन भ्रमण सकेर प्रतिवेदन पेश गरेपछि मलाई पुनः पूर्वाञ्चलको कुनै पहाडी जिल्लामा जान भनिएको थियो तर बाबु बिरामी हुनाले घर छोड्ने स्थिति थिएन । दोस्रो, जाँचबुझ केन्द्रका हाकिमले मेरो कामप्रति कसैले कुरा लगाएका कारणबाट वा अन्य केले हो चित्त नबुझाएको जस्तो लागेर त्यहाँबाट आफ्नै पदमा फर्किने सोचाइ लिएँ । श्री ५ को सरकारमा रहेको आफ्नो पदमा फर्किएँ । यी कारणले गर्दा मैले आफूलाई राजा वीरेन्द्रले चिनेको वा उनको नजिकमा बसेर काम गरेको व्यक्तिको रूपमा प्रस्तुत गर्न मिल्दैन । यद्यपि उनको सक्रिय शासनकालको १८ वर्ष कनिष्ट तहको अधिकृतदेखि सहसचिव स्तरको पदमा र उनकै संवैधानिक राजतन्त्रत्वमा सचिव भएर काम गर्ने मौका पएको थिएँ ।

राजा वीरेन्द्रको सक्रिय शासनकालमा प्रशासन सुधारसम्बन्धी अनेक काम भएका थिए । तीमध्ये आफू प्रत्यक्ष लाभान्वित हुन पुगेको उल्लेख गर्न बढुवा पद्धति, जिल्ला प्रशासन योजना, क्षेत्रीय विकासको अवधारणा, स्थानीय विकास विकेन्द्रीकरण र जिल्लामा कार्य गर्नेलाई बढुवाका लागि दिइने ग्राह्यता आदि पर्न आउँछ ।

(क) एकीकृत प्रशासकीय सङ्गठन र विकेन्द्रीकरण कार्यक्रमको सुरुवात

मुलुकको स्थानीय प्रशासनमा सुधार गर्ने क्रममा २०१८ साल वैशाख १ गते नव वर्षको उपलक्ष्यमा राजा महेन्द्रबाट नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजित हुने घोषणा भई विकास जिल्ला एवम् अञ्चल विभाजन समितिद्वारा सो सम्बन्धमा अध्ययन भई सिफारिश भएअनुसार श्री ५ को सरकारबाट तत्कालीन पैंतीस जिल्लाको संख्यामा वृद्धि गरी ७५ विकास जिल्लामा कायम हुन पुग्यो । त्यसबखतदेखि नै प्रत्येक जिल्ला प्रशासनिक र विकास दुवै दृष्टिकोणबाट केन्द्रबिन्दु मानिदै आएका छन् । यसै सन्दर्भमा राजा महेन्द्रकै शासनकालमै २०२२ सालमा विकेन्द्रीकरणबाट केन्द्रबिन्दु मानिदै आएका छन् । यसै सन्दर्भमा राजा महेन्द्रकै शासन कालमै २०२२ सालमा विकेन्द्रीकरणको योजना लागू भएको पनि थियो । जिल्ला जिल्लामा प्रशासकीय र विकासका काम समन्वयात्मक रूपमा सञ्चालन र व्यवस्थापन गर्न तथा सरकारको तर्फबाट स्थानीय निकायहरूको काममा सेवा, टेवा, सहयोग पुऱ्याउने उद्देश्यसहित २०३१ सालमा जिल्ला प्रशासन योजना लागू हुन पुग्यो । यसअन्तर्गत प्रत्येक जिल्लामा एकीकृत प्रशासकीय सङ्गठन (Unified and Integrated District Administrative Structure) को स्थापना गरी त्यसको प्रमुखमा प्रमुख जिल्ला अधिकारीलाई नियुक्त गरी तिनलाई जिल्लाको प्रशासकीय प्रमुख, विकाससम्बन्धी कार्यालयहरूको समन्वयकर्ता एवम् जिल्ला विकास अधिकारी र तत्कालीन जिल्ला पञ्चायतको प्रमुख कार्यकारी अधिकृतको रूपमा स्थापित गरियो । यसरी बडाहाकिम प्रथापछि पहिलोपल्ट जिल्लाको प्रमुखका रूपमा प्रमुख जिल्ला अधिकारी स्थापित हुन पुगेको थियो । यो व्यवस्था २०३७ सालसम्म कायम रहेको थियो ।

२०२२ सालपछि २०३९ सालमा विकेन्द्रकरण ऐन र २०४२ मा विकेन्द्रीकरण नियमावली तर्जुमा भई जिल्ला स्तरमा सञ्चालन हुने विकास निर्माण कार्यक्रम जिल्लाद्वारा नै तर्जुमा गरी सम्बन्धित जिल्ला सभाबाट पारित गरी जिल्ला पञ्चायत सचिवालयका विभिन्न शाखाहरूद्वारा स्थानीय विकास अधिकारी (स्था.वि.अ.) को प्रशासकीय नेतृत्वमा सञ्चालन, कार्यान्वयन र अनुगमन गराउने प्रयास राजा वीरेन्द्रबाट भएको थियो । तथापि साना मसिना विषयका लागि पनि सिंहदरबार र राजदरबारलाई सोध्नु पर्ने अवस्था रहन पुग्यो । यस्तो हुँदाहुँदै पनि २०४६ सालपछि त्यसबखतमा विकेन्द्रीकरणका बारेमा भए गरेका काम र तत्सम्बन्धमा उत्पन्न समस्याको विश्लेषणसहित बहुदलीय शासन व्यवस्थाको परिवेशमा तत्कालीन विकेन्द्रीकरण ऐन, २०३९ र

नियम, २०४२ परिमार्जन गरिएको भए विकेन्द्रीकरणको सम्बन्धमा कुमालेको चक्र पुनः घुमाउनुपर्ने थिएन । अर्थात् स्थानीय स्वायत्त शासन ऐन, २०५५ अन्तर्गत जिल्ला विकास समितिमा कसरी विषयगत शाखा खोल्न सकिन्छ भनेर विदेशी परामर्शदाता ल्याएर तिनबाट खोजाइ रहनुपर्ने थिएन । त्यसबखतको विकेन्द्रीकरण ऐन र नियमलाई तत्काल मृत अवस्थामा छाडी २०५५ सालमा नयाँ आवृत्त स्थानीय स्वायत्त शासन ऐन ल्याउनुपर्ने थिएन ।

(ख) स्थानीय विकास कार्यक्रमको थालनी

मुलुकको ग्रामीण क्षेत्रमा व्याप्त भौतिक, आर्थिक, सामाजिक, दरिद्रताको समस्या निराकरण गर्नका लागि १९५० को सुरुको दशकमा नै (अर्थात् २००८ वि.सं.) ग्रामीण विकास– त्रिभुवन ग्रामीण विकास कार्यक्रम सञ्चालन भएको थियो । पञ्चायत व्यवस्थाको सुरुवातपछि २०१८/१९ सम्ममा राष्ट्रव्यापी रूपमा स्थानीय निकायहरू गाउँ पञ्चायत र जिल्ला पञ्चायतहरू स्थापना भए । यिनको स्थापनापछि उक्त कार्यक्रम यिनैमार्फत् सञ्चालन गरिन थालियो र ग्रामीण विकासको बेग्लै अस्तित्व हरायो । निश्चय पनि स्थानीय स्तरमा निर्वाचित निकाय गठन भएपछि तिनैमार्फत स्थानीय ग्रामीण विकास कार्यक्रम सञ्चालन हुनु राम्रो हो तर, त्यसबखतका स्थानीय निकायहरू मुलतः राजनीतिक परिचालन गर्नेका माध्यम थिए । फेरि सरकारको ध्यान त्यसबखतका गाउँ पञ्चायत, नगर पञ्चायत र जिल्ला पञ्चायतबाहेक अन्य स्थानीय संघ-संस्थाहरूको संवर्द्धन र विकासतर्फ पटक्कै नगएको मात्र होइन पञ्चायतका स्थानीय निकायलगायत अन्य संघ-संस्था पञ्चायतविरोधी पक्षले आफ्नो पक्षमा परिचालन गर्लान् भन्ने डरले सरकारलाई ग्रसित पारेको थियो । त्यसैले त्यसबखतको स्थानीय निकाय विषय हेर्ने मन्त्रालय– गृहपञ्चायत मन्त्रालयको ध्यान पनि मूलतः राजनीतिक परिचालन र व्यवस्थाको जोगावटतर्फ केन्द्रित रहेकाले २०२८ सालमा मन्त्रालयअन्तर्गत स्थानीय निकाय हेर्नको लागि एक विभाग, स्थानीय विकास विभागको गठन भएपनि त्यसबखत स्थानीय विकासले महत्त्व पाएको थियो भन्न सकिदैन । यसै कारणले होला २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा भएपछि स्थानीय विकासलाई गति दिने दृष्टिबाट राजा वीरेन्द्रद्वारा गृह पञ्चायत मन्त्रालय फुटाएर गृह मन्त्रालय र स्थानीय विकासका कार्यक्रमका लागि नयाँ मन्त्रालय पञ्चायत तथा स्थानीय विकास मन्त्रालय गठन गर्न पुगेको देखिन्छ । नयाँ मन्त्रालय बनेपछि जिल्ला जिल्लामा प्रमुख जिल्ला अधिकारी समानको अर्को पद– स्थानीय विकास अधिकारीको पद सृजना गरी, त्यसलाई सम्बन्धित जिल्ला पञ्चायतको सचिव बनाइयो । नयाँ व्यवस्था गर्दा जिल्ला विकास योजना, २०३१ ले सुरु गरेको एकीकृत जिल्ला प्रशासनको अवधारणा (Unified and Integrated District Administration) लाई सैद्धान्तिक रूपमा नखलबल्याई, जुन कुरा सजिलो त होइन, स्थानीय विकास अधिकारी र प्रमुख जिल्ला अधिकारीका बीच संस्थागत सम्वन्ध कायम गर्न सकेको भए, जिल्ला प्रशासन योजनाले सुरु गरेको उपरोक्त अवधारणाअनुरूप प्रशासकीय इकाई सम्बन्ध परिमार्जन भएर जाने थियो र जिल्ला जिल्लामा देखिएको समन्वयको अभावको समस्या देखिने थिएन होला । यस बारेमा त्यसबेलाका सल्लाहकारहरूले व्यापक दृष्टिकोणबाट विचार गरी राजालाई सल्लाह दिएको भए उनले जिल्ला प्रशासन योजनाले गरेको व्यवस्थालाई च्वाट्टै बिर्सने थिएनन् होला ।

(ग) जनशक्ति प्रशिक्षणमा विशेष तदारुकता

स्थानीय प्रशासनमा संलग्न हुनेहरूलाई तिनले सम्पादन गर्नुपर्ने काम, कर्तव्य र दायित्वअनुरूप उनलाई प्रशिक्षित र अनुशिक्षण गरिनुपर्दछ भन्ने कुरा वीरेन्द्रमा परेको लाग्दछ । त्यसको प्रतिविम्ब जिल्ला प्रशासन योजनामा परेको स्पष्ट देखिन्छ र त्यस योजनाले स्थानीय प्रशासनमा संलग्न हुनेका लागि तालिम र वृत्तिविकासको व्यवस्था गर्न पुगेको छ । त्यस योजनाअनुरूप पञ्चायत तथा विकास अधिकारी (प.वि.अ.) र प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) हरूलाई पदस्थापना गर्नुअगावै तालिममा समावेश गराइन थालियो । तालिम कार्यक्रम सञ्चालनको जिम्मेवारी पञ्चायत तथा विकास अधिकारीको हकमा त्यसबखतका पञ्चायत विकास प्रशिक्षण केन्द्र, शाही नेपाली सेना र प्रहरीमा थियो भने प्र.जि.अ. तालिमको पञ्चायत प्रशिक्षण केन्द्र, आर्थिक विकास तथा प्रशासन केन्द्र (सेडा), शाही नेपाली सेना र प्रहरीमा थियो । प्रत्येक तालिम अवधि तीन महिनाको थियो । यिनको लागि सेवा तालिम कार्यक्रम सञ्चालन गरिनुको अतिरिक्त केन्द्रीय स्तर, क्षेत्रीय स्तर र त्यसबखत अञ्चल स्तरमा विकास निर्माण कार्यमा संलग्न निकायमा संलग्न कर्मचारीहरूका लागि पनि जिल्ला प्रशासन योजनाले अघि सारेको अवधारणा र जिल्ला विकास योजनासम्बन्धी प्रणालीबारेमा जानकारी दिन पनि अनेक अनुशिक्षण कार्यक्रम सञ्चालन भएका थिए ।

सोही योजनाअन्तर्गत पञ्चायत तथा स्थानीय विकास अधिकारीहरूमध्ये बढुवा भएकामध्ये केहीलाई प्रमुख जिल्ला अधिकारीपदमा यस पदका लागि आवश्यक तालिम दिएर पदस्थापना गरिएका थिए । यसैको प्रावधानअनुसार भएका हुन वा होइनन् त्यो त भन्न सकिदैन, यद्यपि केही प्रमुख जिल्ला अधिकारीहरू अञ्चलाधीश पदमा नियुक्त हुन पुगेका पनि हुन् ।

राजा वीरेन्द्रमा स्थानीय प्रशासनमा संलग्न हुनेलाई मात्र प्रशिक्षित गराएर पुग्दैन प्रशिक्षित जनशक्ति समग्र राज्य सञ्चालनका लागि आवश्यक पर्दछ भन्ने कुराले डेरा जमाएको पाइन्छ । त्यसैको प्रतिफल जाँचबुझ केन्द्रमा प्रशिक्षणसम्बन्धी समग्र अध्ययन गराइएको पाइन्छ र पछि गएर त्यसबखतको सामान्य प्रशासन मन्त्रालय र सेडाद्वारा सञ्चालित तालिम कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गराउन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) स्थापना गराउन पुग्दछन् । यसको लागि बेलायत सरकारबाट प्रशस्त सहायता प्राप्त हुन पुगेको थियो, हामी जस्ता पुरानो प्रशिक्षक पनि त्यसका कार्यक्रममा आगन्तुक प्रशिक्षण हुन पुगेका छौं ।

जिल्ला प्रशासन योजनाद्वारा सुरु गरेको पञ्चायत तथा विकास अधिकारी (प.वि.अ.), २०३७ सालपछि स्थानीय विकास अधिकारी (स्था.वि.अ.) र प्रमुख जिल्ला अधिकारी तालिम कार्यक्रमपछि गएर नेपाल प्रशासनिक प्रशिक्षण केन्द्रको संयोजकत्वमा सञ्चालन हुन पुग्यो । तर जुन रूपमा त्यस योजनाले जिल्ला प्रशासनमा संलग्न हुनेलाई सेवा प्रवेशको अभिन्न अङ्गका रूपमा तालिम सञ्चालन गरेको थियो, त्यसमा सुधार गरी अघि बढाउनु पर्नेमा सो गरिएको लाग्दैन । पछि गएर तालिम पाएका नपाएका जोसुकै पनि स्थानीय प्रशासनको लागि ग्राह्य बनाई पदस्थापना हुँदै गए र स्थानीय प्रशासनको आवश्यकता, महत्त्व र तदनुरूप कर्मचारी तयार गरिनुपर्ने कुरालाई बिर्सियो ।

माथि नै के उल्लेख गरिसकियो भने दोस्रो योजना (२०१९-२०२२) को सुरु हुँदासम्म गाउँस्तरमा गाउँ पञ्चायत– हालको गाउँ विकास समिति गठन भइसकेका थिए । यद्यपि तिनको संस्थागत विकासको भरपर्दो व्यवस्थापकीय व्यवस्था-सचिवको व्यवस्था, जिल्ला प्रशासन योजना २०३१ लागू नहुन्जेल हुन सकेको थिएन । प्रत्येक गाउँ पञ्चायतले (त्यस बेलाको संख्या ३९१४) आ-आफ्नै श्रोतका आधारमा आ-आफ्ना रूपमा नै सचिव नियुक्त गर्ने गर्दथ्यो जसले गर्दा एक त सचिवहरूको स्तर र कार्य क्षमतामा भिन्नता हुनु स्वाभाविक थियो भने, अर्कोतर्फ तिनको कार्यक्षमतामा सहायक हुने गरी तालिमसम्बन्धी कुरा व्यवस्थित रूपमा चलेको थिएन । यस्तैगरी तलब भत्ताका दृष्टिकोणबाट पनि तिनमा एकरूपता थिएन । पञ्चायत विकास तथा जग्गा कर लागेका झापा जिल्लाका बुधवारे जस्तो गाउँ पञ्चायतका सचिवको तलब र भत्ता अन्य गाउँ पञ्चायतका सचिवको तुलनामा राम्रो थियो भनेर भन्दा अतिशयोक्ति हुँदैन । गाउँ पञ्चायतहरूमा रहेको यस्तो विभिन्नता हटाउनका लागि राजा वीरेन्द्रबाट जिल्ला प्रशासन योजनामार्फत् प्रत्येक तत्कालीन गाउँ पञ्चायतलाई सचिवको व्यवस्था हुन पुग्यो । तिनीहरूबाट गाउँ घरमा गरिने विकास तथा निर्माणसम्बन्धी कार्यको समन्वय गराउने गरी तिनलाई गाउँ पञ्चायत सचिव स्थानीय बहुमुखी विकास कार्यकर्ता भनिने प्रथा सुरु गरियो । तिनलाई तालिम दिई सचिव एवम् स्थानीय बहुमुखी विकास कार्यकर्ताको भूमिका खेलाउने गरी सबै गाउँ पञ्चायतहरूमा ५ वर्षभित्र सचिवको व्यवस्था गरिने प्रतिबद्धता श्री ५ को सरकारद्वारा व्यक्त गरियो । तदनुरूप गाउँ पञ्चायत सचिवको नियुक्ति र तालिम दिने प्रथा सुरु भएको हो । यिनको नियुक्तिका लागि जिल्ला-जिल्लाबाट उम्मेदवार छनौट गरी तालिम दिने र सफल भएकालाई नियुक्ति दिने कामको जिम्मेवारी पञ्चायत प्रशिक्षण केन्द्रहरूलाई दिइएको थियो । त्यस जिम्मेवारीलाई पूरा गर्ने क्रममा अधिराज्यको विभिन्न भागमा अवस्थित पञ्चायत प्रशिक्षण केन्द्रहरूले ६ महिने तालिम सञ्चालन गरेका थिए ।

(घ) विकास क्षेत्रको अवधारणाको सुरुवात र क्षेत्रीय भ्रमणको प्रथा

योजनाबद्ध विकासको सुरुवात भएको झण्डै आधा शताब्दीपछि पनि अहिले कोही व्यक्ति तराईको फाँटबाट उकालो चढेर पहाड हुँदै उत्तरतर्फ लाग्यो वा पूर्वबाट पश्चिमतर्फ लाग्दै हुम्ला, बाजुरा, बझाङ हुँदै दार्चुलातर्फ लाग्यो भने उसले मुलुकको तीन भौगोलिक क्षेत्र– तराई, मध्य र उत्तरी पहाडी भागका बीच र यस्तैगरी पूर्वका जिल्लाभन्दा पश्चिमका जिल्लाहरू अविकसित र पिछडिएको अवस्थामा पाउनेछ । साथै उसलाई यी सबै मेरो देशको भाग हुन् र ? भनेर सोच्नुपर्ने अवस्था आउन सक्दछ । प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट अत्यन्त सुन्दर तर आर्थिक, सामाजिक रूपमा त्यत्तिकै पछि परेको कर्णाली अञ्चलले अहिलेसम्म मोटरबाटो पाउन सकेको छैन । आर्थिक-सामाजिक रूपमा यस्तो विविधतामा रहेको मुलुकका सबै भागको समानुपातिक विकासमा सिंहदरबारको दृष्टिकोण पर्न सकोस् भनेर नै राजा वीरेन्द्रबाट मुलुकलाई पहिले चार र पछि एक थप सहित पाँच विकास क्षेत्र पूर्वाञ्चल विकास क्षेत्र, मध्यमाञ्चल विकास क्षेत्र, पश्चिमाञ्चल विकास क्षेत्र, मध्यपश्चिमाञ्चल विकास क्षेत्र र सुदूर पश्चिमाञ्चल विकास क्षेत्र (पछि सृजना गरिएको)मा विभाजन गरेका थिए । यसरी विकास क्षेत्रको अवधारणालाई अघि सारिनुलाई देशको विकासप्रतिको लगनशीलता र सकारात्मक दृष्टिकोणको ज्वलन्त उदाहरण मान्नै पर्दछ । उनको यसै देनको प्रतिफल आज विकासका कुरा हुँदा वा राष्ट्रिय श्रोतमाथिको पहुँचका बारेमा सिंहदरबारसँग बहस गरिदा सम्बन्धित व्यक्तिहरूले आ-आफ्ना विकास क्षेत्रका माग र आवश्यकतालाई अघि सार्ने गरेका छन् । वास्तवमा नै

सिंहदरबारभित्रका कुर्सी ओगट्नेहरूले अन्य कुराका अतिरिक्त मुलुकको सबै विकास क्षेत्रको विकासमा समानुपातिक धारणाबाट काम गरिदिएको भए आज कर्णाली अञ्चलमा पनि मोटर गुडिसकेको हुन्थ्यो । पूर्वका जिल्लाहरूको तुलनामा पश्चिमका जिल्ला पछाडि पर्ने थिएनन् ।

राजा वीरेन्द्रबाट मुलुकलाई विभिन्न विकासक्षेत्रमा विभाजन गरिएको मात्र होइन, उनले प्रत्येक विकास क्षेत्रका लागि एक एक प्रशासकीय केन्द्र– धनकुटा, हेटौँडा, पोखरा, वीरेन्द्रनगर (सुर्खेत) र दिपायल-डोटी स्थापना गरी, तिनमा न्यायपालिका, प्रहरी र विकाससम्बन्धी निकायका क्षेत्रीय स्तरका कार्यालय स्थापना गराउने कार्यसमेत गरेका थिए । साथै उनले प्रत्येक वर्ष हिउँदमा केही महिना पालैपालो यी विकास क्षेत्रमा नै सवारी सिविर लगाउने गर्दथे । पहिले जिल्लामा काम गर्दा तत् जिल्लाका र पछि तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको समन्वय तथा एकीकृत महाशाखाका प्रमुखका नाताले मध्यपश्चिमाञ्चल र पूर्वाञ्चल विकासक्षेत्रको भ्रमणका अवसरमा कायम भएका सवारी शिविरबाट सोधिएका वा स्वयम् उपस्थित भएर ती क्षेत्रमा सञ्चालित ग्रामीण विकास परियोजनाहरूका बारेका विषयमा यथार्थ स्थिति बोध गराउनु पनि परेको थियो ।

क्षेत्रीय भ्रमणको सकारात्मक पक्षलाई विचार गर्दा यस्ता भ्रमण कार्यक्रमलाई राम्रोसँग प्रयोग गरिएको भए, त्यसबाट राष्ट्रको समानुपातिक विकासमा राम्रो योगदान हुनसक्थ्यो । सम्बन्धित विकास क्षेत्रका कुना-कन्दरा, तिनका समस्या र सम्भावना उजागर गर्नमा सहायता पुऱ्याउन सक्दथ्यो । राजाले चाहेर नै त होइन होला तर पनि क्षेत्रीय भ्रमणको पूरै अवधि साधारणतया वर्षको ४-५ महिना सिंहदरबारको ध्यान त्यतैतिर केन्द्रित हुन पुग्दथ्यो । सवारी मन्त्रालय, एकप्रकारले भन्ने हो भने राजदरबार सचिवालय, यसको जाँचबुझ केन्द्र, राष्ट्रिय योजना आयोग र पञ्चायत नीति तथा जाँचबुझ समितिको संयुक्त कार्यालयको कामकारबाहीबाट सबै निकाय ज्यादै नै प्रभावित हुन पुग्दथ्यो ।

क्षेत्रीय भ्रमणको अवसरमा राजाको आँखामा छारो हाल्नका लागि रातारात अन्नबाली पाक्दथे, बाटाघाटा चिल्ला हुन्थे । यसबाट जिल्ला जिल्लाका कर्मचारीको जीवनमा हैरानी ल्याएकै हो । अनेकले धेरै गाली खाएका नै हुन् । कतिले पुरस्कार पाए पनि कति जागिरबाट हात धुनुपरेको नै हो । महिनौं लगाएर र सोची-सोची विचार पुऱ्याएर तर्जुमा गरिनुपर्ने नीति तथा योजना सवारी शिबिरमा केन्द्रबाट कर्मचारी बोलाएर केही दिनमा नै तर्जुमा गर्न वा बनाउन बाध्य गराइएको अनुभव यसै लेखकलाई छ । यस्तैमा एकपटक एकदुई जोर लुगा लिएर सुर्खेत पुगेकामा झण्डै १० दिन बस्नुपरी घरबाट थप लुगा झिकाउने र विदेशमा प्रतिनिधि गर्न जानुपर्ने कार्यक्रम रद्द गरी वीरेन्द्रनगरको होटलको भात खाएर बस्नुपरेको थियो । यस्ता उदाहरण हुँदाहुँदै पनि मलाई के लाग्दछ भने राज्य सञ्चालन गर्नेका लागि जनतासँगको सम्पर्क अत्यन्त महत्त्वपूर्ण हुन्छ र हुनुपर्दछ । तिनले सम्बन्धित ठाउँका समस्या र अवसरलाई आत्मसात् गरी त्यसका आधारमा निर्णय गर्न र गराउन सक्नुपर्दछ । यस दृष्टिकोणबाट विचार गर्दा राम्रोसँग सञ्चालन गरिएको भए क्षेत्रीय भ्रमणको प्रतिफल राम्रो नै हुन्थ्यो ।

(ङ) बढुवा पद्धतिमा सुधार

कुनै पनि पेशामा प्रवृत्त व्यक्तिलाई आफ्नो पेशागत योगदानद्वारा अस्मिता आर्जन गरी उच्च स्तरमा पुग्ने अभिलाषा हुनु स्वाभाविक नै हो । म सेवामा छँदा नै २०२८ को कार्तिकमा कोलम्बो प्लानअन्तर्गत भारतको नागपुर विश्वविद्यालयमा असाधारण बिदा लिएर उच्च अध्ययन गर्ने अवसर अँगालें । त्यस असाधारण बिदाले पछि आएर निवृत्तिभरण रकम कम पाऱ्यो । त्यस्तैगरी अध्ययन बिदामा भारतमा हुँदाको बखतको कार्य सम्पादन मूल्याङ्कनबापतको नम्बर मूल्य पाएको भए र उच्च शिक्षा उपाधिबापत थप अतिरिक्त नम्बर नपाएको भए पि.एच्.डी. गर्दागर्दै पनि कुचुक्क तृतीय श्रेणीमा पन्ध्रौं वर्ष थच्चिने थिएँ । राजा वीरेन्द्रद्वारा जाँचबुझ केन्द्रमार्फत बढुवा पद्धतिमा सुधारको अध्ययन गराई त्यसबखतको निजामती सेवा नियमावली, २०२१ मा गराइएको सुधार मेरा लागि खुदो भयो, सातै वर्षमा द्वितीय श्रेणीमा बढुवा हुन सक्यो । त्यस्तै गरी द्वितीय र प्रथम श्रेणीका केही प्रतिशत पदपूर्तिका लागि सेवाको सम्बन्धित पदमा न्यूनतम अवधि पूरा गरेकाबाट लोक सेवा आयोगमार्फत प्रतिस्पर्धात्मक परीक्षा लिने व्यवस्था वृत्तिविकासका प्रावधान नगरिएको भए प्रथम श्रेणीका लागि २०४४ सालमा लिइएको जाँचमा प्रथम भएर सफल भई आफ्ना अन्य सहयोगीको तुलनामा चाँडै वरिष्ठ पदमा पुग्न पाउने थिइन । राजा वीरेन्द्रबाट मुलुकको प्रशासनमा उच्च अध्ययन हासिल गरी क्षमता बढाएका व्यक्तिले नेतृत्व लिन सकून् भन्ने उद्देश्यद्वारा निजामती सेवामा गरिएको सुधारको सम्झना एवम् उनीप्रति आभारी छु । तर, यथार्थमा राजा वीरेन्द्रले अध्ययनशील प्रवृत्ति जगाउने त्यस प्रथा थालनी नगराइएको भए कैयौंले छिटो माथि पुगेर खुबी प्रदर्शन गर्न पाउने थिएनन् ।

४. सुनेका राजा

छोटो साक्षात्कार र सुनेकै आधारमा व्यक्तिका व्यक्तित्व कस्तो थियो भनेर टिप्पणी गर्नु उचित र न्यायसङ्गत हुँदैन ।

जेजति भोगेको छु, सुनेको छु र जजसले उनलाई भेट्ने अवसर पाए, चाहे ती पुराना व्यवस्थाका हुन् वा नयाँ व्यवस्थासँग सम्बन्धित हुन्, उनका बारेमा लेखिएका पढ्दा राजा वीरेन्द्र एक भलाद्मी र सज्जन व्यक्ति थिए भन्ने लाग्दछ । २०३६ मा जनमत सङ्ग्रह घोषणा भयो । २०३७ श्रावणमा सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको बझाङ, बैतडी र दार्चुलालाई भूकम्पले नराम्रोसँग हल्लाइदियो । त्यसै साल जनमत सङ्ग्रह सम्पन्न भयो । भूकम्पमा झण्डै आफ्नै ज्यान गएको थियो । भूकम्पबाट प्रभावितलाई रातदिन गरेर राहत पुऱ्याउने काममा लाग्नुपर्नाका अतिरिक्त जिल्लामा आएका सम्पूर्ण मान्यजन तथा आगन्तुकलाई सन्तोष पुऱ्याउनेमा लाग्नु परेर मानसिक र शारीरिक रूपमा थाकेका थिए । त्यसमा पनि जनमत सङ्ग्रह कुनै विघ्नबाधा नभई सम्पन्न होस् भनेर अहोरात्र लाग्नुपरेको पनि थियो । २०३७ सालको यी कार्यमा लागेका कदर गर्न लायक व्यक्तिहरूको सूचीमा त्यसबखतको गृह पञ्चायत मन्त्रालयले मलाई नपारेकाले ठूलो तक्मा पाउनेको सूचीमा परिन तर सेवा पदक पाउनेको सूचीमा मेरो नाम पनि रहेछ । शाही आरक्ष शुक्ला फाँटमा कायम रहेको राजा वीरेन्द्रको मुकामको बखत महेन्द्रनगरमा (२०३७) मा त्यो पदक पाएको हुँ । पदक थापेर अपराह्न महाकाली अञ्चलाधीशको निवासको प्राङ्गणमा अञ्चलका राजनीतिकर्मी, समाजसेवी र कर्मचारीलाई दर्शनभेटका लागि उभिएकामध्ये म पनि थिएँ । राजा मेरो अगाडि आउँदा त्यसबखतको प्रचलनअनुसार दर्शन गरेँ । उनबाट नितान्त भलाद्मी पाराले सोधनी भएको थियो– *'कुन बाटो आयौ वा कताबाट आयौ'* । मैले जवाफमा भनेँ– 'सरकार पिथौरागढको बाटो हुँदै' । तर उनको आसय के थियो मेरो जवाफबाट त्यो आसय पूरा भयो भएन थाहा भएन ।

(क) राजाको भलाद्मीपनामा अरूले उठाएको लाभ

२०३६ सालमा विद्यार्थी आन्दोलनपछि तत्कालीन निर्दलीय पञ्चायत व्यवस्था वा बहुदलीय व्यवस्थामध्ये एक रोज्न उनीबाट जुन रूपमा जनमत सङ्ग्रह गराउने घोषणा भयो, त्यसबाट उनी भलाद्मी व्यक्ति मात्र नभई प्रजातन्त्रप्रति प्रतिबद्ध रहेकै जस्तो लाग्दछ । तर, ०३६ सालको जनमत सङ्ग्रहको घोषणा गर्दा जुन प्रगतिशीलता उनले देखाएका थिए, त्यसलाई जनमत सङ्ग्रह गराउँदाको अवस्थासम्म त्यसबखतको सरकारले जसरी पुऱ्यायो आफ्नो पक्षमा मत प्राप्त गर्न मुलुकको वनजङ्गलको ठाडो दुरुपयोग भएको कुरा सुनिएको थियो । त्यसबाट उनको भलाद्मीपनलाई उनका आसेपासेहरूले व्यक्तिगत लाभ गरेको जस्तो लाग्यो । म कार्यरत जिल्लामा कर्मचारीलाई भने जनमत सङ्ग्रहमा निष्पक्ष रहन छुट थियो । त्यस्तै सबै जिल्लामा थियो वा थिएन थाहा छैन । यद्यपि जसरी पनि पञ्चायत जित्नै पर्दछ भन्ने कठोर रूपमा बढ्दै गयो । भारतसँगको सम्बन्धबाट अप्ठ्यारो परेको मुलुकलाई निकास दिन उनले दलीय राजनीतिक प्रतिबद्धता भएकाहरूसँग सम्वाद बढाएर व्यवस्थामा परिवर्तन गर्न मुलुकमा भित्रभित्रै सल्किएको राजनीतिक आगोलाई बुझ्न सके जस्तो लाग्दैन । जुनबेला बुझे त्यसबखतसम्म सबै छरपष्ट भइसकेको थियो ।

५. समग्र

समग्रमा पञ्चायत व्यवस्थाको विरोधमा उर्लिएका स्वर र लहरलाई उनले समय छँदै बुझ्न सकेको भए राजा वीरेन्द्रको व्यक्तित्व अझ उजागर हुने थियो । जेहोस् आफ्नो सक्रिय नेतृत्व बचाउनु र विदेशीको दबाब र सर्त मान्नु सट्टा आफ्ना जनतासँग मेलमिलाप गरी बहुदलीय शासन व्यवस्थाको पुनःस्थापना गरिदिएर संवैधानिक राजाका रूपमा एघार वर्ष मुलुकमा राष्ट्रिय एकताका प्रतीक भएर रहेका कारणबाट २०४७ सालपछि राजा वीरेन्द्र लोकप्रिय राष्ट्रप्रमुखको रूपमा रहनुलाई उनको विशेषता मान्नु पर्दछ ।

●

श्री ५ वीरेन्द्र र प्रशासनसुधारका विभिन्न प्रयास

● *धरणीधर खतिवडा*

भूमिका

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकार प्रजातान्त्रिक शासनप्रणालीका माध्यमबाट एउटा सुन्दर, शान्त र विकसित नेपालको सिर्जनाका लागि सदासर्वदा प्रयत्नशील रहिबक्सेको कुरा विकास- प्रशासनमा चासो राख्ने विद्यार्थीले सहज रूपमा स्वीकार गर्नुपर्ने हुन्छ। त्यो सहज स्वीकारोक्तिका लागि प्रशासनसुधारका पक्षमा विक्रम संवत् २०२८ पश्चात् भएगरेका प्रयासहरूलाई वस्तुगत ढङ्गमा प्रस्तुत गर्ने उद्देश्य यो लेखले राख्दछ। यद्यपि २०२८ सालपछि यस सम्बन्धमा भएका सकारात्मक प्रयासहरूको संक्षिप्त रूपकै प्रस्तुतिका लागि पनि नेपालको निजामती प्रशासनले २००७ सालको राजनीतिक परिवर्तनपछि २०२८ सालसम्म तय गरेको यात्राको विकासक्रमलाई प्रस्तुत गर्नुपर्ने हुन्छ। प्रशासकीय पद्धति र त्यसको ऊर्ध्वगामी यात्रालाई तत्तत् समयको राजनीतिक घटनाक्रमहरूले अनुकूल वा प्रतिकूल रूपमा प्रभाव पार्ने र प्रशासकीय पद्धति सम्पूर्ण पद्धतिकै एउटा उपपद्धतिमात्र भएकाले वस्तुगत विश्लेषणका लागि त्यस पूर्व भएका प्रयासहरूको संक्षिप्तीकरण आवश्यक हुन जान्छ।

प्रशासनसुधारका प्रयासहरू

जहानियाँ राणा शासनको अन्त र प्रजातन्त्रको स्थापनासँगै प्रशासनलाई प्रजातान्त्रीकरण गर्ने र विधिसम्मत बाटोमा हिडाउने आवश्यकता महसुस भयो। आधुनिक प्रशासनिक प्रणालीको स्थापना गर्ने त्यसबेलाको आवश्यकता पूरा गर्न २००९ सालमा एन.एम. बुचको अध्यक्षतामा भारतबाट एउटा प्रशासन सुधार टोली झिकाइयो। २००८ सालमा स्थापित लोक सेवा आयोग प्रशासन सुधारको पक्षमा भएको एउटा उल्लेखनीय कदम थियो तर प्रजातन्त्र स्थापनाको ५।७ वर्षसम्म तत्कालीन राजनीतिमा देखिएको अस्थिरताले दीर्घकालीन दृष्टिकोण राखी प्रशासनलाई समयानुकूल पार्ने विषयमा ठोस सहयोग पुऱ्याएन। अल्पकालकै प्रधानमन्त्री भएतापनि तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यले निजामती प्रशासनमा सुधार ल्याउने विषयमा निकै ठूलो योगदान पुऱ्याए। निजकै अध्यक्षतामा गठित प्रशासकीय पुनर्गठन योजना आयोगको निर्णयअनुसार निजामती सेवा ऐन, निजामती सेवा नियमहरू, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, विकास समिति ऐन, अख्तियारी सुम्पने नियम इत्यादि तर्जुमा भई लागू गरिए। प्रशासनिक प्रणालीमा सुधार ल्याउने उद्देश्यले इ बलम : शाखाको स्थापना र कर्मचारीलाई तालीम दिने कर्मचारी तालीम केन्द्रको स्थापना भयो। यसका साथै आवधिक योजनाहरूमार्फत नेपालको विकास- प्रयास अघि बढाउने कार्यको प्रारम्भ पनि त्यसै समयदेखि शुरु भयो। हिजोसम्म राजस्व सङ्कलन र शान्तिसुरक्षाको मात्र जिम्मेदारी बोकिरहेको प्रशासनलाई विकासनिर्माणको कार्यको जिम्मेदारी दिने उद्देश्यले नै प्रशासनलाई ऐन एवम् नियमसङ्गत ढङ्गबाट परिचालन गर्ने सोचाइ अघि ल्याइएको हो। त्यसैले प्रशासनलाई स्वेच्छाचारी ढङ्गबाट होइन, विधिको बाटोबाट अघि बढाउने अत्यन्तै महत्त्वपूर्ण प्रजातान्त्रिक कार्य त्यसबेला शुरु भयो। त्यसपछि विश्वेश्वरप्रसाद कोइरालाको प्रधानमन्त्रित्वकालमा

राजारजौटा उन्मूलन, मोहियानी प्रथाको शुरुवात तथा ग्रामीण विकास केन्द्रको स्थापनाजस्ता कार्यहरू भए तर यी प्रयासहरूले निरन्तरता पाउँदानपाउँदै वि.सं. २०१७ को राजनीतिक परिवर्तनले मुलुकमा निर्दलीय पञ्चायती व्यवस्थाको शुरुवात गरियो । यो राजनीतिक परिवर्तन किन भयो, कसरी भयो भन्ने विषयमा प्रवेश गरेर त्यसलाई राजनीतिक बहसको विषय बनाउने उद्देश्य यस लेखले राख्दैन तर माथि भूमिकाको प्रकरणमा पंक्तिकारले उल्लेख गरेझैं राजनीतिक व्यवस्थामा आउने परिवर्तनको प्रत्यक्ष प्रभाव प्रशासनमा पर्ने भएकाले तत्कालीन अवस्थाको परिवर्तित राजनीतिक परिदृश्यले आफ्नो अनुकूल हुने प्रकारको प्रशासकीय संयन्त्र र कार्यशैलीको अपेक्षा राख्दछ ।

प्रशासन सुधारका पक्षमा भएका कामहरू

एउटा खुल्ला र प्रतिस्पर्धात्मक राजनीतिक व्यवस्थाले आफ्नो किशोर अवस्था पार गर्न नपाउँदै मुलुकमा सक्रिय राजतन्त्र अन्तर्गतको निर्दलीय व्यवस्था आयो । त्यस्तो राजनीतिक व्यवस्थाले २०१३ सालदेखि बल्लबल्ल हिड्न थालेको प्रशासकीय संयन्त्रमा पूरापूर भर गर्न नसक्ने अवस्था देख्यो । त्यसैले २०१७ सालभन्दा अघि कायम भएका ३५ जिल्ला र त्यसमा कायम रहेको बडाहाकिमको पद खारेज गरिए । मुलुकलाई ७५ जिल्ला १४ अञ्चलमा विभाजित गरेर एउटा छुट्टै प्रशासकीय पहिचान प्रदान गरियो । जिल्लाको प्रशासकीय नेतृत्वलाई अञ्चलमा रहने अञ्चलाधीशप्रति सोझो रूपमा जिम्मेवार बनाएर अञ्चलाधीशको पदलाई अञ्चलको सम्पूर्ण विकास प्रशासन एवम् राजनीतिको समन्वयकर्ताको रूपमा प्रतिस्थापित गरियो । अञ्चलाधीशको नियुक्ति र बर्खास्ती राजाबाट हुने व्यवस्था भयो । जिल्लाको स्थानीय प्रशासन प्रमुखले सिंहदरबार सचिवालय र अञ्चलाधीशप्रतिको दोहोरो दायित्व निर्वाह गर्नुपर्ने भयो भने सिंहदरवार सचिवालयअन्तर्गत रहेका अन्य जिल्ला एवम् अञ्चलस्थित कार्यालयहरूले अञ्चला- धीशको समेत निर्देशन र नियन्त्रणमा रही कार्य गर्ने जिम्मेदारी आयो । स्थानीय प्रशासन ऐनको तर्जुमा र त्यसमा पटकपटक भएका संशोधनले जिल्ला, अञ्चल र केन्द्र गरी तीन तहको नियन्त्रण निर्देश र (Control and command) को पद्धतिलाई स्वीकारियो ।

मुलुकी प्रशासन मुलुकले अख्तियार गरेको राजनीतिक पद्धतिप्रति अनिवार्य रूपमा वफादार रही जनतालाई राज्यले प्रदान गर्ने सेवाको कुशल संवाहक हुनुपर्छ भन्ने मान्यता प्रबल हुँदै गएकाले प्रशासन सुधारले निरन्तरता पायो । २०२५ सालमा वेदानन्द झाको अध्यक्षतामा गठित प्रशासनसुधार आयोगले मन्त्रालयहरूको संख्या १६ बाट घटाएर १२ पार्ने, अञ्चल र जिल्लाप्रशासनलाई स्थानीय प्रशासनको रूपमा मान्ने, निजामती सेवालाई दर्जामूलक प्रणालीबाट कार्यमूलक प्रणालीमा रूपान्तरण गरी पदवर्गीकरण योजना लागू गर्ने, सार्वजनिक संस्थानहरूलाई व्यवस्थापिकाप्रति उत्तरदायी बनाएर परिणाम मुखी पार्ने, पदोन्नतिका आधारहरूलाई यथासम्भव बढी वस्तुगत बनाई ज्येष्ठतालाई भन्दा योग्यतालाई ध्यान दिने, कार्यक्रम बजेट प्रणाली लागू गर्ने, राजनीतिक नियुक्ति हुने परम्परालाई रोक्नेजस्ता महत्त्वपूर्ण सुझावहरू दिएको थियो । यसरी यस आयोगले प्रशासनिक सङ्गठनको संरचना, कर्मचारी प्रशासन, आर्थिक प्रशासन, प्रशासनिक योजनाहरूको सङ्गठनजस्ता पक्षहरूमा विस्तृत र व्यापक दृष्टि ओगटेतापनि तत्कालीन राष्ट्रिय पञ्चायत, मन्त्रिपरिषद्ले प्रशासनसुधारको विषयमा आफ्नो स्पष्ट राजनीतिक दृष्टिकोण र प्रतिबद्धता अघि ल्याएनन् । उपयुक्त ठाउँमा उपयुक्त मान्छे राखेर प्रशासनको कार्यसम्पादनको स्तर बढाउने र समान कामका लागि समान वेतनमानको सिद्धान्त लागू गर्ने उद्देश्यले आएको पदवर्गीकरण योजना २०२७ समेत उच्चस्तरीय राजनीतिक प्रतिबद्धताको अभावमा लागू भएन ।

प्रशासन सुधारका प्रयासहरू :

श्री ५ वीरेन्द्रको राज्यारोहणपश्चात् प्रशासन सुधारका विषयलाई सर्वाङ्ग रूपमा हेरी तदनुरूप सुधारहरू गर्दै लैजाने प्रयासहरू भएका छन् । ती प्रयासहरूलाई क्रमबद्ध ढङ्गमा प्रस्तुत गर्न सकेको अवस्थामा मात्रै सुधारका शृंखलाहरूको पारस्परिकतालाई र अन्तर्सम्बन्धलाई जाँच गर्न सकिन्छ । ७५ जिल्ला र १४ अञ्चलमा विभाजित मुलुकलाई प्रथमतः चार विकास क्षेत्रमा र केही समयपश्चात् पाँच विकास क्षेत्रमा विभाजन गर्ने मौसुफ सरकारको घोषणाले केन्द्रीय सचिवालयको रूपमा सिंहदरबारमा केन्द्रित प्रशासकीय सङ्गठनलाई विकास_क्षेत्रमा विकेन्द्रित गर्ने दूरगामी दृष्टिकोण राख्यो । प्रशासनसुधार भनेको नियम, कानुन र प्रशासकीय सङ्गठनको मात्र फेरबदल होइन । त्यस्तो सुधारले हाम्रो जस्तो एकात्मक राज्यव्यवस्था अँगालेको बहुभाषिक, बहुधार्मिक, बहुजातीय एवम् विकट भौगोलिक बनावटले उब्जाउने बाध्यतालाई समेट्न सक्नुपर्दछ भन्ने प्रजातान्त्रिक सोचाइकै कारण मौसुफ सरकारबाट नियमित क्षेत्रीय भ्रमणको शुरुवात गरिबक्सियो । जनतासँग प्रत्यक्ष रूपमा एकाकार भएर प्रशासन कार्य, लक्ष्य र परिणामप्रति उन्मुख हुन सकेको छ, छैन भन्ने प्रत्यक्ष अनुभूति आफैँले बटुल्ने प्रयासका रूपमा यसलाई लिनुपर्ने हुन्छ । मौसुफ सरकारकै प्रत्यक्ष निर्देशनमा त्यस समयमा कार्यरत जाँचबुझ

केन्द्रले निजामती प्रशासनलाई जनताप्रति उत्तरदायी बनाउने सवालमा श्री ५ को सरकारलाई बेलाबेलामा सुझाव दिएकै हो ।

समयको गतिशीलतासितै जनआकांक्षामा पनि परिर्वतनहरू आउँछन् । जनताको बढ्दो अपेक्षा एवं आकांक्षालाई राज्यले प्रशासकीय सङ्गठन र त्यसमा कार्यरत जन_शक्तिमार्फत पूरा गर्नुपर्ने हुन्छ । त्यो गर्न नसक्नेबित्तिकै जनताको असन्तोष विद्रोहका रूपमा मुखरित हुन्छ । उदात्त प्रजातान्त्रिक मूल्य र मान्यतालाई अङ्गीकार गरिबक्सने श्री ५ वीरेन्द्रमा आफ्ना जनताप्रतिको उत्तरदायित्व एवम् जिम्मेदारीको बोध गहिरो रूपमा थियो । त्यसैले सम्पूर्ण प्रशासनयन्त्रलाई अझ बढी अग्रगामी बनाई समग्र रूपमै प्रशासनको कार्य सम्पादनको तात्कालिक स्तरलाई कसरी उँभो उठाउने भन्नेबारेमा मौसुफ चिन्तित होइबक्सन्थ्यो । यसै अनुरूप श्री ५ वीरेन्द्र सरकारबाट शुरु गरिबक्सेको नियमित क्षेत्रीय भ्रमणले तात्कालिक सम्पूर्ण प्रशासकीय संयन्त्रलाई आआफ्नो क्षेत्रमा प्रजातान्त्रिक एवम् विवेकपूर्ण ढङ्गले क्रियाशील रहन ऊर्जा प्रदान गरेको थियो । क्षेत्रअन्तर्गतका जिल्लाका राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक आदि सबै क्षेत्रको गतिविधि त्यहाँका जनताबाट प्रत्यक्षरूपमा बुझ्ने उदात्त प्रजातान्त्रिक चरित्रका त्यस्ता राजा आफ्ना सामुन्ने पाउँदा फटाहा र भ्रष्ट कर्मचारीमा डर र त्रास उत्पन्न हुन्थ्यो । फटाहाले सजाय पाएका र इमान्दारहरू पुरस्कृत भएकाले विधिको शासनको अनुभूति जनतालाई हुन्थ्यो । राजालाई विष्णुको अवतार मान्ने हामी आम नेपालीले राजा हुन्जेल अन्याय हुँदैन भन्ने कुराको प्रत्यक्ष उदाहरण त्यो क्षेत्रीय भ्रमणबाट पाएका थियौँ । २०४६ सालको राजनीतिक परिर्वतनपछि त्यस्तो भ्रमण संवैधानिक राजाले गरिरहनु पर्दैन भनेर होला क्षेत्रीय भ्रमणमा पूर्णविराम लाग्यो ।

शान्तिप्रिय देश नेपालको शान्तिप्रतिको शास्वत मूल्यलाई दिगो रूपमा प्रतिस्थापित गर्दै राष्ट्रिय विकासको गतिलाई तीव्रता प्रदान गर्न २०३१ सालमा शुभराज्याभिषेकको सुखद अवसरमा मौसुफ सरकारबाट राखिबक्सेको शान्तिक्षेत्रको प्रस्तावले छिमेकी मित्रराष्ट्र भारतबाहेक अन्य ११६ राष्ट्रबाट समर्थन प्राप्त गरेको थियो । पञ्चशील र असंलग्न नीतिप्रति प्रतिबद्ध हाम्रो जस्तो भूपरिवेष्ठित मुलुक आज घरभित्रकै अशान्ति, द्वन्द्व र भीषण आन्तरिक कलहमा डुबेको अवस्थामा मौसुफको त्यो दूरदृष्टिलाई कार्य रूपमा परिणत गरेर दीर्घकालीन शान्ति र विकासप्रतिको भविष्य सुनिश्चित गर्ने दिशामा हामी सबैले अघि बढ्नुपरेको छ ।

२०३२ सालमा तत्कालीन सामान्य प्रशासनमन्त्री श्री भेषबहादुर थापाको अध्यक्षतामा प्रशासन सुधार आयोग गठन गरी प्रशासनमा सुधार ल्याउने जिम्मा दिइयो । करिब ४ वर्ष लगाएर त्यस आयोगले २०३६ साल श्रावण ४ गते पेश गरेको प्रतिवेदनले महत्त्वपूर्ण सिफारिसहरू गऱ्यो । राष्ट्रिय योजना आयोगको सचिवालयका योजना एकाइहरूको सुदृढीकरण गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवम् मूल्याङ्कनको पद्धतिलाई सुदृढ गर्ने मन्त्रालयहरूको कामलाई एकीकृत गरी मन्त्रालयको संख्या घटाउने, राजपत्राङ्कित र राजपत्र अनङ्कित कर्मचारीहरूको विभेद समाप्त गर्ने, प्रशासन सुधारलाई पटके सुधारका रूपमा नलिई प्रशासन सुधार समितिको माध्यमबाट निरन्तरता दिने, अधिकृतमूलक कार्यविधि अपनाई निर्णय परिपाटीलाई छिटोछरितो बनाउने, लोकसेवा आयोगलाई सुदृढ र प्रभावकारी बनाउने, मूल्य वृद्धिको आधारमा कर्मचारीहरूको तलबमानमा वृद्धि गर्दै लैजाने, संस्थानसमन्वय परिषद् स्थापना गर्ने, जिल्लास्तरीय आयोजना छनौट, सञ्चालन र रेखदेख सम्बन्धी अधिकार स्थानीय निर्वाचित निकायलाई प्रत्यायोजन गर्नेजस्ता महत्त्वपूर्ण सिफारिसहरू त्यस आयोगले सरकार समक्ष पेश गऱ्यो ।

यसै समयमा श्री ५ वीरेन्द्रबाट जनतासमक्ष बहुदलीय व्यवस्था रोज्ने वा बालिग मताधिकारको आधारसहितको सुधारिएको पञ्चायती व्यवस्था रोज्ने भन्ने विषयमा जनताको अभिमत बुझ्ने उद्देश्यले ऐतिहासिक जनमतसङ्ग्रह घोषणा गरिबक्सियो । पञ्चायती व्यवस्थाप्रति जनताको असन्तोषलाई बुझेर मुलुकलाई प्रजातान्त्रिक निकास दिने राजपरम्परालाई मौसुफको प्रजातन्त्र, लोककल्याणप्रतिको प्रतिबद्धताको रूपमा लिन उपयुक्त हुन्छ । यस राजनीतिक विकासक्रमले प्रशासन सुधार पक्षलाई ओझेलमा नपारेतापनि आयोगका सिफरिसहरू पूर्ण रूपमा लागू भएनन् । जिल्लाजिल्लामा कोष तथा लेखा नियन्त्रणको व्यवस्था, नेपाल प्रशासनिक प्रशिक्षण- केन्द्रको स्थापना, स्थायी प्रशासनसुधार समितिको स्थापनाजस्ता केही कामहरू भएतापनि आयोगका सिफारिसहरूको सर्वपक्षीय कार्यान्वयनमा पुनः राजनीतिक तहमा स्पष्टता र प्रतिबद्धता देखिएन । लोकसम्मतिअनुकूल प्रशासनव्यवस्था सञ्चालन गर्न शासनको प्रत्येक तहमा जनप्रतिनिधिहरूलाई सहभागी गराउन राजनीतिक एवम् प्रशासनिक विकेन्द्रीकरणको आवश्यकता महसुस गरी श्री ५ वीरेन्द्रबाट तत्सम्बन्धी ऐननियम जारी गरिबक्सी उच्चस्तरीय आयोगसमेत गठन गरिबक्सेको हो । यति हुँदाहुँदै पनि दशकौंदेखि केन्द्रीकृत मानसिकतामा हुर्केको सिंहदरबारको केन्द्रीय सचिवालयले विकेन्द्रीकरणको मर्मलाई आत्मसात् गर्न सकेन । प्रशासनसुधारका यी प्रयासहरू भइरहेता पनि सरकारी प्रशासनयन्त्रलाई निहित राजनीतिक स्वार्थपूर्तिका लागि हतियारका रूपमा प्रयोग गरिएबाट प्रशासनले जनताप्रतिको जिम्मेदारी र उत्तरदायित्वलाई राम्ररी

बहन गर्न सकेन । जनताका अपेक्षा र आकांक्षाको परिपूर्तिमा प्रशासन संयन्त्रले प्रभावकारी भूमिका खेल्न सकेन ।

त्यही जनअसन्तोषले २०४६ सालको जनआन्दोलनलाई बल प्रदान गऱ्यो । २०४६ सालको जनआन्दोलनपछि नयाँ राजनीतिक मूल्य र मान्यताको स्थापना भयो । लामो समयसम्म निर्दलीय र निर्देशित वातावरणमा अघिबढेको सम्पूर्ण प्रशासनयन्त्रलाई परिवर्तित राजनीतिक परिप्रेक्ष्यमा परिचालन गर्ने ठूलो राजनीतिक जिम्मेवारी कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा गठित अन्तरिम सरकारको काँधमा आइपरेको थियो तर त्यस अन्तरिम सरकारले आफूले उत्तराधिकारमा प्राप्त गरेको प्रशासनका सबल र कमजोर पक्षहरूको अध्ययनकार्यलाई भन्दा संविधानको निर्माणमा बढी समय दिनुपर्ने राजनीतिक आवश्यकता अघि आइपऱ्यो, यद्यपि परिवर्तित राजनीतिक परिवेशले एउटा जनमुखी, उत्तरदायी, क्षमतावान् र सक्षम, उत्पादनशील अनि प्रजातान्त्रिक संस्कारयुक्त प्रशासनिक प्रणालीको अपेक्षा गरेको थियो । श्री ५ वीरेन्द्रबाट जनभावनाअनुकूल प्रस्तुत संविधानलाई स्वीकृति बक्स भएपछि मुलुकमा प्रतिस्पर्धात्मक र खुला राजनीतिक परिपाटीको शुरुवात भयो । संवैधानिक राजतन्त्र, संसदीय प्रशासनप्रणाली, बहुदलीय प्रजातन्त्रजस्ता मूलभूत मान्यता बोकेको प्रजातान्त्रिक संविधानअन्तर्गत रहेर भएको पहिलो आमचुनावमा नेपाली कांग्रेसले बहुमत प्राप्त गऱ्यो भने एकीकृत मार्क्सवादी लेनिनवादी दलले प्रमुख प्रतिपक्षको रूपमा आफ्नो भूमिका निर्वाह गर्नुपर्ने भयो । गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठित त्यसबेलाको पहिलो निर्वाचित सरकारद्वारा २०४८ श्रावण महिनामा उच्चस्तरीय प्रशासनसुधार आयोग गठन गऱ्यो । प्रधानमन्त्री आफैँ अध्यक्ष रहेको त्यस्तो आयोग हाम्रो प्रशासन इतिहासमै पहिलो हो । आयोगलाई दिइएको Terms of Reference निम्न थिए ।

क) श्री ५ को सरकारद्वारा जनतामा पुऱ्याउने गरिएका सेवाहरूलाई परिवर्तित सन्दर्भमा बढी दक्ष, उपयोगी र कम खर्चिलो बनाउने प्रयासहरू सिफारिस गर्ने ।

ख) उपयुक्त उद्देश्यहरूको प्राप्तिका लागि सरकारी संयन्त्र र सरकारी संस्थाहरूको संरचनामा गर्नुपर्ने आवश्यक परिवर्तनहरू ।

ग) सरकारी कार्यप्रणाली र कार्यविधि सरल उपलब्धिमूलक बनाउने प्रयासहरू ।

घ) निजामती सेवालाई बढी सक्षम, उत्प्रेरित र उपलब्धिमूलक बनाउने प्रयासहरू ।

ङ) आयोगको सिफारिसलाई कार्यान्वित गर्ने प्रयास र तरिकाहरू ।

उक्त आयोगले कार्य प्रारम्भ गर्नासाथ तत्कालीन कार्यकारी प्रमुखसित नीतिगत मतभेत देखाउँदै वरिष्ठ प्रशासक कुलशेखर शर्माले आयोगबाट आफू हटेको जानकारी दिएका थिए । आयोगले आफ्ना सुझावहरू जनसमक्ष नल्याउँदै तत्कालीन सरकारले बीसवर्षे अनिवार्य अवकाशको हतियार प्रयोग गरी प्रशासन एवम् प्राविधिक सेवाका कैयन प्रशासकहरूलाई सेवाबाट बर्खास्त गऱ्यो । एकातिर निश्चित कार्यसीमा दिएको आयोग कार्यरत थियो भने अर्कातिर मन्त्रिपरिषद्को निर्णयबाट अवकाश दिइयो । सहायक सचिवहरूको पदलाई स्वतः उपसचिवमा रूपान्तर गर्ने अर्को निर्णय पनि यसैबेला गरियो । यस्तै अवस्थामा उपर्युक्त आयोगले २०४८ चैत्र २३ गते आफ्नो प्रतिवेदन पेश गऱ्यो । त्यस प्रतिवेदनले अल्पकालीन र दीर्घकालीन सुझाव प्रस्तुत गरेको थियो । अल्पकालीन सुझावहरूअन्तर्गत थप समूहको व्यवस्था गर्ने, सेवाको स्तर विभाजन गर्ने, राजपत्राङ्कित सेवाहरूमा श्रेणीगत, तहगत व्यवस्था गर्ने, उच्च व्यवस्थापनमा रहने पद र नियुक्तिको निश्चित व्यवस्था गर्नेजस्ता विषयहरू थिए भने दीर्घकालीन सुझाव अन्तर्गत एकीकृत निजामती सेवाको स्थापना गर्ने, विभिन्न तहको शृंखला तयार गर्ने, पद वर्गीकरण गर्ने, पदको आधार दिने, विषेशज्ञताको आधारमा समूह गठन गर्ने विषयहरू अघि सारिएका थिए । यसरी प्रतिवेदन पेश गरिएपछि तर्जुमा गरिएको निजामती सेवा ऐन २०४९ र निजामती सेवा नियमावली २०५० मा आयोगका सुझावहरू प्रतिबिम्बित गर्ने महत्त्वपूर्ण कार्यप्रति विधायिकाले ध्यान पुऱ्याउन सकेन । उदाहरणको रूपमा त्यो ऐन र नियमावलीले स्वेच्छिक अवकाशको व्यवस्थालाई बढी आर्कषक बनाउने, तहगत शृङ्खला घटाउने, सेवासमूहमा सेवाका सर्त र सुविधासहितको अलगअलग ऐननियम तर्जुमा गर्ने, श्री ५ को सरकारको बोझिलो प्रशासनिक संरचनालाई सानो, छरितो, प्रभावकारी एवम् मितव्ययी बनाउन मन्त्रालयको संख्या २१ बाट घटाई १८ कायम गर्ने, सरकारी कर्मचारीको संख्यालाई २५ प्रतिशतले कटौती गरी ७७ हजारमा ओराल्ने जस्ता कुराहरूका विषयलाई उक्त ऐननियमले समेत समेटेन । सचिव र मन्त्रीको कार्यगत सम्बन्धलाई परिभाषित गरिएन ।

प्रशासनसुधार अयोग २०४८ ले दिएका सुझावहरूको कार्यान्वयनको अनुगमन गर्ने गठित प्रशासनसुधार अनुगमन समिति गठन भएको केही समयपछि (२०५२ आषाढ मसान्त) विघटन भएपछि पुनः २०५५ पुसमा प्रशासनसुधार समन्वय तथा अनुगमन समिति र प्रशासनसुधार समिति गठन भयो । प्रशासन- सुधारको प्रयासको निरन्तरता कायम गर्ने गठित त्यस समितिले २०५५।१०।०२ मा गरेको निर्णयकै आधारमा प्रशासनसुधार कार्य

टोलीको गठन, कार्यपद्धति र प्रक्रिया एवम् सीमाहरू निर्धारित गरिए तर सरकार आफैंले सैद्धान्तिक रूपमा स्वीकृति दिई गठन भएको आयोग र त्यसको सुझाव कार्यान्वयनका लागि गठन भएका दुईवटै समितिहरूद्वारा अघि बढाइएका सुझावहरूको विपरीत प्रशासन, निजामती सेवा, प्रहरी सेवा, न्यायसेवा लगायत अन्य क्षेत्रहरूमा बिनाविश्लेषण गठन र जनशक्तिको विस्तार त्यसै बेला शुरु भयो। सत्ताधारी दल र अन्य राजनीतिक दलहरूबीच देखिएको राजनीतिक अन्तर्द्वन्द्व, प्रशासनको क्षेत्रमा गरिएको राजनीतिकरणले गर्दा उच्चस्तरीय प्रशासनसुधार आयोगको प्रतिवेदन सफल रूपमा कार्यान्वयन हुन सकेन। यस असफलताका बारेमा अत्यन्त शालीनतापूर्वक श्री ५ वीरेन्द्रले संसदको अधिवेशनको शाहीसम्बोधनमार्फत अभिव्यक्त गरिबक्सेको कुरा अभिलेखबाट प्रष्ट छ। मौसुफ सरकारको २०४८ सालदेखिका प्रत्येक शाही सम्बोधनमा मुलुकको शान्तिसुरक्षा र विकासप्रतिको प्रतिबद्धता स्पष्ट रूपमा प्रतिबिम्बित भएको पाइन्छ। संवैधानिक राजतन्त्रको मर्यादित सीमाभित्र रहेको राष्ट्रिय एकताको प्रतीक राजसंस्थाबाट निःसृत भएका महत्त्वपूर्ण अभिव्यक्तिहरूलाई गम्भीरतापूर्वक ग्रहण गरेर सम्पूर्ण प्रशासनिक संयन्त्रलाई विधिको प्रशासनअनुरूप सञ्चालन गर्ने प्रतिबद्धता भने हामीले देखाउन सकेनौं।

आजको आवश्यकता भनेको श्री ५ वीरेन्द्रको सदिच्छाअनुसार बहुआयामिक नेतृत्वबाट प्रस्फुटित विकासप्रतिको चिन्तनलाई मूर्तरूप दिने स्वच्छ र मर्यादित प्रशासनिक प्रतिबद्धता नै हो।

सन्दर्भसामग्री

क) श्री ५ वीरेन्द्रका घोषणा, भाषण र सन्देशहरू २०२८, २०३६, २०४६, २०४८, २०५२ , २०५६

ख) प्रशासनसुधार आयोगको प्रतिवेदन– २०२५,२०३२ २०४८।

ग) प्रशासनसुधार कार्यटोली २०५५ को मस्यौदा प्रतिवेदन।

●

अनन्त अक्षर श्री ५ वीरेन्द

● *नरेन्द्रराज प्रसाईं*

नेपालको ऐतिहासिक परिप्रेक्ष्य कोटचाउँदै जाँदा परापूर्वकालदेखि नै यस अधिराज्यको राजमुकुट र नेपाली जनताको अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ । त्यसैको जराले आजसम्म नेपाली जाति र नेपालको अस्तित्वको पहरेदारका रूपमा राजाको अनमोल भूमिकालाई झनै बलियो बनाएको छ । वास्तवमा दुई ढुङ्गावीचको तरुलका रूपमा विराजमान भएको नेपाल अधिराज्य आफ्नो सीमा, आफ्नो हैसियत र आफ्नो बाध्यताबाट विश्वसामु जेजति उठेको छ त्यसको कारक तत्त्व नै राजमुकुट हो, अर्थात् राजसंस्था नै हो । राजसंस्थाकै गहकिलो नेतृत्वका कारण नेपालीले आफ्नो स्वाभिमानलाई कहीँ कतै बन्धक राख्न पनि परेको छैन ।

राजा भन्नु नेपालीहरूको एउटा गौरव हो । राजालाई नेपालीले आफ्नो गौरवमय संस्थाका रूपमा पूजा, पाठ र अर्चना गर्दै आएका छन् । राजसंस्था नै नेपालीको एउटा अपरिहार्य जीवनपद्धति भएको छ । वास्तवमा राजाको न्यानो छहारीका कारण नेपालीहरूले कहिले पनि कसैको दास बन्नुपरेको छैन । राजाकै छत्रछायाँमा आवद्ध भएर नेपालीले राजनीतिक उतारचढावका धेरै शृङ्खलाहरूमा आफ्ना सुखदुःख जोडेको पाइन्छ । त्यसैले नेपाली जनताहरू राजालाई आफ्नो पितृतुल्य अभिभावक मान्ने गर्छन् ।

नेपाल अधिराज्यका प्रवर्तक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशपुरुषहरूबाट नै यस मुलुकको समयोचित रक्षा हुँदै आएको छ । आधुनिक नेपालको प्रतिष्ठापनदेखि आजको नेपालको नवनिर्माणसम्म नै शाहवंशीय राजाहरूबाट प्रत्यक्ष रूपमा योगदान भएको छ । देशको जस्तोसुकै अवस्थामा पनि हाम्रा राजाहरूले देश अत्यन्तै होसियारपूर्वक परिचालन गरेको तथ्य इतिहासका पानामा नै छर्लङ्ग देखिन्छ । पृथ्वीनारायण शाहको चार वर्ण छत्तीस जातको फूलबारी नेपाल अधिराज्य शाहवंशीय राजाहरूकै छत्रछायाँमा अक्षुण्ण रहिआएको छ । आधुनिक नेपालको श्रीगणेश भएपछि नै नेपाल अधिराज्यको विकासका विभिन्न चरणहरू पनि उभिएका छन् ।

नेपालको इतिहासमा राजा श्री ५ वीरेन्द्र एउटा भद्र महापुरुषमा गणित हुने शुभनाम हो । शाहवंशीय राजाहरूमा मौसुफ एउटा जनप्रेमी राजाका रूपमा प्रतिष्ठापित होइबक्सेको छ । आफ्नो ३० वर्षीय शासनकालमा मौसुफबाट जसरी पञ्चायती व्यवस्थाको परिचालन गरिबक्सेको थियो त्यसरी नै जनताको चाहनालाई पनि शिरोधार्य गरिबक्सेर उल्लेखनीय कार्य गरिबक्सेको थियो । वास्तवमा जनचाहना नै मौसुफको सुशासनको मूलमन्त्र थियो ।

नेपालको शाहवंशीय पद्धतिबाट, नेपालको संवैधानिक प्रक्रियाबाट र नेपाली जनजीवनको आस्थाका कारणबाट राजा नेपाली राष्ट्रिय एकताका प्रतीकका रूपमा रहँदै आएको पाइन्छ । हाम्रा शाहवंशीय राजाहरूका आआफ्नै व्यक्तित्व र विशेषताहरू थिए । राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार करुणा, त्याग र विवेकका धनी होइबक्सन्थ्यो । मौसुफ नेपाल अधिराज्यको चौतर्फी विकास र नेपाली जनताको सुखसमृद्धिका लागि सदैव चिन्तनशील होइबक्सन्थ्यो । राष्ट्रियताको जगेर्ना गर्न तथा राष्ट्रवासीहरूको जीवनपद्धतिलाई उकास्न र

सुरक्षा प्रदान गर्न मौसुफबाट उत्तिकै महत्त्वपूर्ण भूमिकाका निर्वाह गरिबक्सेको थियो । यसै क्रममा मौसुफबाट राष्ट्रका विभिन्न सुगमदुर्गम भूभागको नियमित भ्रमणद्वारा आफ्ना जनताको सुखदुःखलाई हृदयङ्गम गरिबक्सेको थियो । मौसुफबाट प्रदत्त ती प्रेरक तथ्यहरू नेपाली माटोमा अविस्मरणीय छन् ।

नेपाल एउटा विकासोन्मुख र गरिब देशका रूपमा परिचित छ । आफ्नो देशको भविष्य उज्ज्वल पार्न रातदिन उत्सर्गशील श्री ५ वीरेन्द्रको सुशासनको समय जनकल्याणमा आबद्ध भएको व्यहोरा इतिहासमा शृङ्खलाबद्ध भई उभिएको छ । राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट निर्मित नेपालको अखण्डताको सुरक्षा गरिबक्सँदै, युगनायक श्री ५ महेन्द्रका जनहित, राष्ट्रियता र असंलग्नताका पाठहरूबाट ओतप्रोत होइबक्सँदै र समयानुसार नयाँ युगको ढाँचालाई पनि हृदयङ्गम गरिबक्सँदै श्री ५ वीरेन्द्रबाट राष्ट्रनिर्माणका विविध उपलब्धिको सूत्रपात गरिबक्सेको थियो । मौसुफबाट सधैँ नेपालको सर्वाङ्गीण हितमा आफ्नो जीवन उत्सर्गित गरिबक्स्यो ।

श्री ५ वीरेन्द्र राष्ट्रिय परिप्रेक्ष्यका प्रत्येक बिन्दुहरूसँग परिचित होइबक्सन्थ्यो । नेपालको विकास गर्न मौसुफबाट नेपाल अधिराज्यलाई पाँच विकास क्षेत्रमा विभाजन गरिबक्सेको थियो । नेपालको हरेक भूभाग मौसुफका लागि सुपरिचित थिए । जनताअनुसारको बोली, ठाउँअनुसारको व्यवहार गर्न सक्ने मौसुफमा विलक्षण प्रतिभाले प्रशस्तै ठाउँ ढाकेको थियो । त्यतिमात्र होइन अन्तर्राष्ट्रिय सुझबुझ राखिबक्सने मौसुफ नेपालीका एकमात्र अभिभावक होइबक्सन्थ्यो । मौसुफको वात्सल्यपूर्ण संरक्षण पाएर हामी नेपालीहरूले आफ्नो नेपालीत्वको रक्षा गर्न पाएका थियौँ । वास्तवमा ३० वर्षसम्म हामी हाम्रा राजाको न्यानो ओतमा रहेर हाम्रो राष्ट्रिय हित तथा अन्तर्राष्ट्रिय समझदारीमा क्रियाशील थियौँ । मौसुफको विवेकशील नेतृत्वको प्रतिफलस्वरूप नै हामी नेपालीहरू निर्धक्क भएर राष्ट्रियताको गीत गाइरहेका थियौँ ।

विश्वमा नौलो सैद्धान्तिक परिपाटीमा डुबेर मौसुफबाट शान्तिक्षेत्रप्रस्ताव तथा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको स्थापना गरिबक्सेका तथ्यहरू नेपाली धरातलमा सदासर्वदा अक्षय निधिका रूपमा रहनेछन् । विश्वको बदलिँदो राजनीतिक धरातलमा उभिएर श्री ५ वीरेन्द्र नेपालीको इज्जतको बढोत्तरी गर्ने दिशातर्फ निरन्तर उन्मुख होइबक्सेको थियो । श्री ५ वीरेन्द्रबाट सबै वर्ग, समुदाय, जाति र लिङ्गलाई एउटै रथमा जुटाएर प्रत्येक नेपालीको बराबर कदर गरी विश्वसमुदायमा नै एउटा नमूनाको सूत्रपात गरिबक्सेका कैयौँ घटनाहरू अविस्मरणीय रहेका छन् ।

श्री ५ वीरेन्द्रको व्यक्तित्वका थुप्रै पाटाहरू थिए । मौसुफको जीवनको हरेक क्षणको मूल्याङ्कन गर्ने हो भने श्री ५ वीरेन्द्र मुख्यतः मानवतावादी राजा होइबक्सन्थ्यो । मौसुफका लागि नेपाली जनता र नेपाल अधिराज्य सर्वाधिक प्रिय थिए । नेपालको सुरक्षार्थ तथा नेपालीहरूको स्वाभिमानका लागि मौसुफले आफू युवराजाधिराज भएदेखि नै देशविदेशमा खेलिबक्सेका भूमिकाहरू हाम्रा माझ टड्कारा नै छन् । मौसुफबाट खास गरेर नेपालको विकासका लागि हरेक अन्तर्राष्ट्रिय सभासम्मेलन र सहभागितामा नेपालको उन्नतिका लागि आफ्नो अडान जारी गरिबक्सन्थ्यो । श्री ५ वीरेन्द्रद्वारा राष्ट्रनिर्माणको महायज्ञमा चालिबक्सेका विभिन्न राष्ट्रिय कदमहरूका दस्तावेजहरूलाई सग्लासग्लै राख्ने हो भने पनि तिनले कैयौँ डोका, थुन्से र डालाहरू भरिन जान्छन् । श्री ५ वीरेन्द्रबाट सुसम्पन्न कार्यहरूका दस्तावेजहरूका आधारमा भन्ने हो भने पनि मौसुफ एउटा चिन्तनशील राजा होइबक्सन्थ्यो ।

श्री ५ वीरेन्द्र नेपाली भावनाका साझा धुकधुकी होइबक्सन्थ्यो । मौसुफबाट नेपाल र नेपालीप्रति रचना गरिबक्सेका धारणाहरू, कार्यहरू र विजयहरू युगौंयुगसम्म सुरक्षित हुनेछन् । मौसुफ एउटा आदर्शवादी राजा भएका कारण पनि नेपाली पृष्ठभूमिमा अत्यधिक लोकप्रिय होइबक्सेको थियो । वास्तवमा राजा श्री ५ वीरेन्द्रको इमान्दारीको चारैतिरबाट स्वागत, अभिवादन र प्रशंसाहरू भएका थिए । मौसुफको सुशासनकालको सबैभन्दा महत्त्वपूर्ण विषय नै मौसुफको सादा जीवन र उच्च विचार हो ।

श्री ५ वीरेन्द्रको जीवनका उत्तरार्द्धमा मौसुफका शासनकालका विविध पक्षलाई अध्ययन, चिन्तन र विश्लेषण गर्दै श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व नामक बृहत् ग्रन्थको प्रकाशन भएको छ ।[१] सो ग्रन्थमा मौसुफको संक्षिप्त जीवनीलगायत मौसुफको सुशासनकालमा सम्पादित (क) राजनीति र प्रशासन (ख) अर्थतन्त्र र विकास (ग) हिन्दूधर्म तथा संस्कृति (घ) साहित्य, कला तथा सञ्चार (ङ) स्वास्थ्य, शिक्षा तथा समाजसेवा (च) परराष्ट्रनीति तथा शान्तिक्षेत्र प्रस्ताव आदि स्वरूपको विभाजन गरी व्याख्या गरिएको छ । उक्त ग्रन्थका राष्ट्रिय जीवनका ६३ जना आआफ्ना विधाका ख्यातिप्राप्त व्यक्तित्वहरूद्वारा मौसुफको व्यक्तित्व र मौसुफका योगदानप्रति आआफ्ना धारणा लेखिएका छन् । वास्तवमा मौसुफको योगदानका विषयमा मौसुफकै जीवनकालमा प्रकाशित भएको सो ग्रन्थ नै प्रथम र अन्तिम पनि मानियो ।

२०५८ साल जेठ १९ गते राति नेपालीका शिरमा चट्याङ परेको थियो । त्यस घडी नेपालको काखमा वेदना, शोक र पीडाको रगतको आहाल जमेको दिन थियो । त्यस दिन हाम्रा प्राणप्रिय

राजा गोलीको सिकार होइबक्सेको दिन थियो। सोही काण्डमा राष्ट्रमाता श्री ५ बडामहारानी ऐश्वर्य, श्री ५ दीपेन्द्र, श्री ५ अधिराजकुमार नीराजन र श्री ५ अधिराजकुमारी श्रुतिको पनि स्वर्गारोहण भएको थियो। मौसुफहरूको त्यो दुःखद, अकल्पनीय र कहालीलाग्दो स्वर्गारोहणले सारा नेपाल रोएको थियो। वास्तवमा त्यो बीभत्स दुर्घटनाले कैयौं दिन नेपालीको मस्तिष्कले राम्ररी काम गर्न पनि सकिरहेको थिएन। त्यस घटनापछि नेपाल अधिराज्यका नेपालीले एकैपटक टाउको मुण्डन गरेका थिए। त्यस घटनाबाट सारा नेपालीले आफ्ना बाबुआमा दिवङ्गत भएसरिको वेदना पोखेका थिए। वास्तवमा त्यस घटनालाई सुन्दा त्यसबेला नरुने नेपाली नै थिएनन्। त्यसबेला कति मान्छे पागल पनि भएका थिए। कतिले त त्यस शोकलाई सहन नसकी आत्महत्यासमेत गरेका थिए। एउटा वंशको इहलीला समाप्त भएको त्यस घटनाले विश्वासको सङ्कटलाई पुनर्मूल्याङ्कन गर्नुपरेको थियो। नेपालको इतिहासमा मात्र होइन विश्व मानवइतिहासमा त्यो दुःखद घटना सधैं आलो घाउका रूपमा प्रस्तुत भइरहनेछ।

राष्ट्रनायक श्री ५ वीरेन्द्र र राष्ट्रमाता श्री ५ बडामहारानी ऐश्वर्य तथा श्री ५ अधिराजकुमार नीराजन र श्री ५ अधिराजकुमारी श्रुतिको शवयात्रा एक्कैचोटि चलाइएको थियो। काठमाडौंको छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालबाट आरम्भ भएको सो शवयात्रामा लाखौं शोकाकुल नरनारीले भाग लिएका थिए। सम्भवतः नेपालको इतिहासका कुनैपनि घटनामा त्यति मान्छेहरूको ताँती देखिएको थिएन। वास्तवमा राजभक्तिको एउटा परिचय नै त्यो शवयात्रा थियो। त्यतिमात्र होइन; त्यसबेला जतातताबाट मौसुफहरूको शवयात्रा चलाइएको थियो, त्यतात्यताका बाटाहरू र बाटामा पर्ने घरहरूको झ्याल बार्दली र छतहरूमा मानिसहरूको त्यत्तिकै भीड देखिन्थ्यो। त्यसबेला आफ्ना प्यारा राजारानी र मौसुफहरूका सुपुत्र, सुपुत्रीको अन्तिम दर्शन गर्दै पुष्पगुच्छा चढाउने प्रायः नरनारी भक्कानिएर रोएका देखिन्थे। चाहे राजपरिवारको शवयात्रामा समाविष्ट मलामीहरूको भीडमा होस्, चाहे बाटाघाटामा उभिएर मौसुफहरूको अन्तिम बिदा गर्ने जनजनमा होस्, चाहे त्यो बीभत्स घटनाको नेपाल टेलिभिजनको प्रसारण हेर्ने दर्शकमा होस् र चाहे ती बेहोरा अङ्कित पत्रपत्रिका पढ्ने पाठकमा होस् - सबैका अनुहारमा शोक, वेदना र पीडा भरिएको थियो। त्यतिखेर तमाम नागरिकहरू आँखाबाट आँसु बगाई राजपरिवारको अन्तिम बिदाइ गरिरहेका देखिन्थे।

(Footnotes)

[१] सम्पादक, नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाई : श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व, नइ प्रकाशन (२०५७)।

राजा र जनताबीच सांस्कृतिक सम्बन्ध

● उपप्रा. नवराज कट्टेल

पूर्वपीठिका

बिहान सबेरै ५.३० बजेतिर राजा रानी र परिवारका अन्य सदस्य सरकारहरू रहेनन् भन्ने कुरा खासखुस सुन्दा मैले विश्वास नै गरिन । वाहियात कुरा भनी नित्य क्रिया सम्पन्न गरी बाहिर प्रस्थान गरें । १९ गते दिउँसो संस्कृत कवि सम्मेलनको आयोजना *'जयतु संस्कृतम्'*ले गरेको थियो । सो कवि सम्मेलनमा भारतबाट पनि विद्वान् मनुदेव भट्टाचार्य आउनुभएको थियो । वहाँको बिदाइका लागि गौशाला प्रस्थान गरें । नभन्दै शहर पस्ने नाकाहरू बन्द थिए, हल्ला अनेकथरिका चलिरहेका थिए । विदेशी पाहुनालाई बिदा गरेर कुरा बुझ्न प्रयास गरें, कतैबाट पनि स्पष्ट भएन । घर गई टी.भी.मा फोन गरें, रमा सिंहसँग भेट भयो । वहाँहरू पनि अस्पष्ट अवस्थामा हुनुहुन्थ्यो । विदेशी च्यानलले निरन्तर प्रसारण गरिरहेका थिए । तर नेपाल रेडियो र टी.भी. मौन थिए । राजसभा बस्ने सूचना जारी भएपछि बल्ल दरबारमा केही भएको हो भन्ने पक्का भयो । राजसभाको विज्ञप्ति र निर्णय आएपछि हामी छाँगाबाट खसेजस्तै भयौं । अझै यो असत्य भइदिए हुन्थ्यो भन्ने लागिरह्यो ।

तर राजपरिवारको असामयिक मृत्यु सत्य रहेछ । २ बजेबाट अन्त्येष्टिसम्बन्धी कार्य अगाडि बढ्यो । टेलिभिजनले प्रत्यक्ष प्रसारण सुरु गऱ्यो । छाउनीको श्रद्धाञ्जली सम्पन्न भएपछि शवयात्रा शुरु भयो, त्यसलाई टी.भी.को क्यामराले आतमसात् गरी प्रसारण गर्दै थियो । शवयात्रामा सम्मिलित हुन म पनि प्रस्थान गरें । मानिसहरूको अपार भीड, मानौं एउटा मानव-समुद्र मडारिइरहेको थियो । सबैको हातहातमा फूलमाला अबीर, धूप थिए । राजारानीको फोटो थियो, प्लेटकार्डहरू लिएका थिए । नाराहरू घन्किरहेका थिए– 'हत्यारालाई फाँसी दे, राजारानी अमर रहून्, हाम्रो राजा-हाम्रो देश प्राणभन्दा प्यारो छ' आदि । तत्कालीन प्रधानमन्त्री गिरिजाबाबुका विरुद्ध पनि नारा लागेका थिए । टोलटोलबाट नारा लगाउँदै जुलुस निस्किएको थियो । जुलुसका नरनारी, युवायुवतीहरू 'पागल' बनेर नारा भट्टचाइरहेका थिए । म द्रवीभूत भएँ, आँसु चुहाएँ, स्तब्ध बनें, शोकमा डुबें ।

विभिन्न जातजातिमा राजाप्रतिको श्रद्धा

सडक-सडकमा, चोक-चोकमा काठमाडौंका नेवारहरू-नेवार्नीहरू रुँदै, चिच्याउँदै सडकमा आएका थिए । ज्यापू-ज्यापुनीको बस्तीका बस्ती नै रुँदै-कराउँदै, चिच्च्याउँदै सडकमा उर्लिएको मैले देखें । काठमाडौंका नेवारहरूले राजारानीलाई कति माया र सम्मान गर्दा रहेछन्, मैले बुझें । तामाङ-तामाङ्नीको भीड र जुलुसलाई पनि मैले भेटें । तिनीहरू कराउँदै र चिच्याउँदै थिए, डाँको छाडेर रोइरहेका थिए, पागल र बेहोस बनेका थिए । मलाई लाग्यो राजारानी त तामाङ-तमाङनीहरूका रहेछन्, नेवार-नेवार्नीहरूका रहेछन् ।'

मैले अर्को ठाउँमा गुरुङ-गुरुङ्नीहरूको भीड देखें । उनीहरू पनि रुँदै चिच्च्याउँदै थिए, डाँको छोडेर रुँदै थिए, हातमा अबीर-माला, धूप लिएर रुँदै अगाडि बढिरहेका थिए । मानौं उनीहरूको बाबू मरिरहेका छन्, आत्मीयजन मरिरहेका छन् । मलाई लाग्यो राजारानी त गुरुङका पो रहेछन् । त्यसै गरी राई, किराँतहरूको

भीड देखें, उसैगरी रोएका र डाँको छोडेका पागल र बेहोस जस्तै। मलाई लाग्यो राजा त राई किरातका पो रहेछन्। अनि कतै मैले मगरहरूको भीडलाई देखें। उनीहरू त्यसै गरी रोइरहेका थिए। लाज, अप्ठ्यारो पचाएर डाँको छोडेर रोएका, अनि मलाई लाग्यो राजारानी त मगरहरूका पो रहेछन्।

मगर र गुरुङहरू जसले पृथ्वीनारायण शाहको दाहिने र देब्रे हात भएर नेपालको निर्माण गरे तिनलाई चोट नलाग्ने कुरै थिएन, बाहुन र क्षेत्री जसले पृथ्वीनारायण शाहको दिमाग र छाती भएर नेपाल निर्माण गरे, तिनलाई आघात नपर्ने कुरै थिएन –ती सब रोए, डाँको छोडेर रोए। चार वर्ण रोयो, छत्तीस जात रोयो, तराई रोयो, उपत्यका रोयो, पहाड रोयो, हिमाल रोयो। यो के रहस्य हो, म सोचाइमा परें। कहींको राष्ट्रपति मर्दा, प्रधानमन्त्री मर्दा त्यस्तो हुँदैन। यसरी रुनुको रहस्य के हो ? शासक र शासितका बीच यस्तो सम्बन्ध हुँदैन, तर यहाँ त बाबुछोराको सम्बन्ध, छोरा-बुहारीको सम्बन्ध। राजा-रानी मर्दा यस्तो पीडा, वेदना, छटपटी हुन्छ भन्ने मलाई लागेको थिएन, तर अचम्म भयो, न सोचेको भयो, कल्पना बाहिरको कुरा भयो।

विभिन्न जातजातिमा राजाप्रतिको सच्चा भाव मैले देखें। त्यो अपार भीड, मानवसागर कहाँ अटाउने! पशुपतिक्षेत्र, मृगस्थली सर्वत्र भीड थियो। सर्वत्र नारा घन्किरहेको थियो। हरेक व्यक्तिको आँखा र अनुहारमा आफ्ना आमा र बाबु गुमाएको वेदना थियो, छटपटी थियो, असहज पीडा थियो। अनेक नाराका बीच शवयात्रा वाग्मती पुगी राती १० बजे अन्त्येष्टि क्रिया सम्पन्न भयो र नेपालको राजतन्त्रको एउटा अध्यायको पटाक्षेप भयो।

पछि नारायणहिटी दरबारमा श्रद्धाञ्जली दिने र शोक पुस्तिकामा हस्ताक्षर गर्ने क्रम सुरु भयो। म पनि गएँ। त्यहाँ मानिसहरू रोइरहेका, डाँको छोडेर रोइरहेका भेटिन्थे। म आफू गोर्खाली। गोर्खा दरबारमा कट्टेलहरूको भाग छ, दशैंको कन्या पूजामा एकदिन कट्टेलहरूकै छोरीको पूजा हुन्छ। मेरा एघारौं पुस्ताका लक्ष्मीधर नेपाल निर्माण गर्न खुकुरी भिरेर पृथ्वीनारायणसँग हिंडी काठमाडौं पूर्वको सीमा सुरक्षामा जीवन बिताएका थिए भन्ने कहानी पिता हरिकृष्ण कट्टेलबाट सुन्दै आएको हुँ। उनका सन्तति धरान-धनकुटामा अहिलेसम्म छन् पनि। त्यसैले मलाई राजा त 'हाम्रो' जस्तो लागेको थियो, तर त्यो भ्रम रहेछ।

मैले राजदरवार मूलद्वारमा नेवार, तामाङ, गुरुङ, मगर, राई किरातका युवकहरू चिच्याइरहेको 'हत्यारालाई फाँसी दे', 'हत्यारालाई पत्ता लगा', 'हाम्रो देश हाम्रो राजा, प्राणभन्दा प्यारो छ', 'राजा वीरेन्द्र अमर रहून्' भनेर नारा लगाइरहेका सुनें। ती विभिन्न युवायुवती रोइरहेको देखें, सारा जातका युवकहरूले कपाल खौरिएको देखें। निर्लज्ज डाँको छोडेर रोएको देखें– तिनीहरू पागल जस्तै थिए। यस्तो क्रम धेरै दिनसम्म चल्यो। हनुमान ढोकामा "विचार" बुझाउन आउँदाको दृश्य झन् कारुणिक छ, मार्मिक छ र असह्य मर्मस्पर्शी छ। उपस्थित हुनेहरू, विचार बुझाउनेहरू, रोएका थिए, छाति पिटेर रोएका थिए। नेवार महिलाहरू डाँको छोडेर रोएका थिए, परस्पर छाँद हालेर रोएका थिए, छाति पिटिपिटी रोएका थिए। त्यो रोदन, त्यो क्रन्दन, त्यो चिच्याहट सुन्दा मन थाम्न सकिँदैनथ्यो, डाँको छोडेर अझ पनि सकिदैनथ्यो।

अर्को कुरा काठमाडौंका चोक-चोकमा नेपाली तरुणहरूले राजा-रानीको फोटो सजाएर फूलमाला चढाउने, शोक पुस्तिकामा हस्ताक्षर गर्ने व्यवस्था मिलाएको देखेर छक्क परें। त्यसको गणना नै गर्न सकिन। काठमाडौं, भक्तपुर, पाटन सर्वत्र सयौं चोकमा टोलबासीहरूले राजा-रानीको फोटोमा श्रद्धाञ्जलि व्यक्त गर्ने व्यवस्था मिलाएका थिए। नेपालीमा उखान नै छ 'रानु हराएको मौरी जस्तो' भन्ने। नेपालीहरूको अवस्था त्यस्तै भयो। काठमाडौं बाहिर पनि त्यस्तै भयो। यस्ता घटनाबाट मैले अनेक विचार गरें, किन यस्तो! अनि म निष्कर्षमा पुगें। नेपालीका राजा र जनताको सम्बन्ध शासकीय होइन, सांस्कृतिक सम्बन्ध रहिआएको छ। राजा र जनताको सम्बन्धलाई संस्कृतिले बाँधेको छ। त्यसैले यो अपार स्नेह, आत्मीय सम्मान, हृदयसम्म पुगेको अन्तःपीडा।

मेरो दैनिकीको टिपोट

२० गते पछिको मेरो दैनिकीमा मैले अनेक कुराहरूको टिपोट गरेको छु। राजा वीरेन्द्रको अवसानपछि नेपालको राजनीतिमा कस्तो प्रभाव पर्ला अनुमान गरेको थिएँ। ती अनेक टिपोटहरूमध्ये जेठ ३२ गतेको दैनिकीमा यस्तो टिपोट रहेछ– "नेपालीहरूले कल्पना नै नगरेको घटना घटित भयो। नारायणहिटी राजदरबारमा हत्याकाण्ड भयो। यसलाई इतिहासले 'नारायणहिटी पर्वका' रूपमा लिनेछ। यो एउटा इतिहासको 'कालोदिन'का रूपमा रहनेछ। राजतन्त्र विनाको समाज र राज्यको हामी परिकल्पना गर्न सक्तैनौं। हामी व्यक्तिव्यक्तिमा राजाको उपस्थिति रहेछ, हाम्रो परिवार-परिवारमा राजाको उपस्थिति रहेछ, समाज-समाजमा राजाको उपस्थिति रहेछ र राज्यमा सर्वत्र राजाको उपस्थिति रहेछ। हरेक मान्छेको मनमा राजाको उपस्थिति रहेछ। राजा मरे, राजपरिवार नै समाप्त भयो भन्दा ठूलो झड्का लाग्दो रहेछ हामीलाई। राजा हाम्रो विश्वास हो, राजा हाम्रो मिथक हो। राजा हाम्रो परम्परा, संस्कृति हो, राजा एकता र विश्वासका प्रतीक पनि हुन्। राजा र राजतन्त्रको भविष्यका बारेमा सोचेको थिएँ, माओवादी हिंसा र

नेपालको शान्तिका बारेमा अड्कल काटेको थिएँ । राजपरिवार समाप्त भएको दिन हामीले थाहा पायौं, राजतन्त्रको महत्त्व । सारा जातजातिलाई समेट्ने चिज रहेछ राजतन्त्र । विभिन्न धर्माबलम्बीहरूलाई जोड्ने, समन्वय र सामन्जस्य कायम गर्ने तत्त्व रहेछ राजतन्त्र । राजा एकता र विश्वासका धरोहर रहेछन् । देशमा जति गडबडी भए पनि अन्तिममा 'राजा' त छन् नि भन्ने भावना सबैमा थियो । राजा विश्वासको प्रतीक र बिम्ब रहेछन् । त्यो हामीले हरायौं, गुमायौं ।

अब शाह वंशका मूल धारका खास व्यक्ति ज्ञानेन्द्र र उनका छोरा पारस बाँकी छन् । अब हामीसँग अर्को विकल्प छैन । शाह वंशको बिरुवालाई रक्षा गर्दै अगाडि बढ्नुपर्छ । हाम्रो जीवनमा क्षति र पीडा बाँकी रहेपनि भावी पुस्तालाई फाइदा हुन सक्छ । इतिहासमा पनि यस्ता घटना पाइन्छ । द्रव्य शाहका नाति छत्र शाह सात महिना राजा भएर मृत्यु भएपछि उनका भाइ राम शाह गोरखाका राजा भए । उनी माहिला थिए । त्यस्तै पृथ्वीपतिका जेठा छोराको अकालमा मृत्यु भयो । रणशार्दूलले दाजुले आफूमाथि अनावश्यक शङ्का गरेकाले आत्म हत्या गरे । माहिला दल शाह काना भएकाले राजा बनाइएन । अतः कान्छीरानीका ३ महिने बच्चा नरभूपाललाई तनहुँबाट ल्याई राजा बनाइयो । यिनकै छोरा पृथ्वीनारायण शाहले नेपाल राष्ट्रको निर्माण गरे । पछि रणबहादुर शाहले माहिली रानी क्षेत्रीबाट जन्मेका रणोद्धत्तलाई राज्य नदिई तिरहुते ब्राह्मणी रानीबाट जन्मेका बच्चा गीर्वाणलाई राज्य दिए । अहिले महेन्द्रका जेठा छोरा वीरेन्द्रका शाखा सन्तान नै निर्मूल भएकाले महेन्द्रका माहिला छोरा ज्ञानेन्द्रमा राज्य सर्‍यो भन्ने मानेर चित्त बुझाउन सिवाय हामीसँग अरू उपाय छैन ।"

मैले मेरो दैनिकीको उक्त अंश किन उद्धृत गरेको हुँ भने इतिहासमा राज्य सर्ने अवस्था आएको छ र पनि जनताले शाहवंशलाई राजा मान्न आपत्ति गरेको छैन । हामीलाई राजा चाहिएको हो, राजतन्त्र चाहिएको हो । शाहवंशीय राजा र नेपाली जनताका बीच शासकीय सम्बन्ध नभई सांस्कृतिक, धार्मिक, र परम्परागत सम्बन्ध भएकाले राजाप्रति, राजतन्त्रप्रति यत्रो ठूलो आस्था र विश्वास रहेको हो भन्ने मलाई लाग्यो । पश्चिमी मुलुकको राजतन्त्र र नेपालको राजतन्त्रका बीचको तात्त्विक अन्तर नै यही हो । हाम्रो सांस्कृतिक र धार्मिक सम्बन्ध छ, उनीहरूको त्यस्तो छैन ।

अर्को कुरा बागबजार कम्प्युटर केन्द्रमा ६० वर्षे च्यामिनी बूढी शौचालय सफा गर्न आउँथिन् । तिनीसँग एकदिन सोही ठाउँमा भेट भयो । राजा बितेकै नवौं दिन भएको थियो । राजाका विषयलाई लिएर तिनी कसरी डाँको छोडेर रोइन् भने त्यहाँ उपस्थित हामीहरूको आखाँबाट आँसु नझरी रहनै सकेन । '९ दिनसम्म एक छाक, चोखो र अलिनो खाएर बसेकी छु, रातभरि निद्रा पनि लाग्दैन, त्यस्तो देउता जस्तो राजारानी कहाँ पाउने, मेरो लोग्ने मर्दा पनि यस्तो पीडा भएको थिएन,' भनी चिच्याई-चिच्याई तिनी रोइन् । मेरो सानु ६ वर्षको छोरा पनि रोएको थियो, छोरी पनि रोएकी थिई, उनीहरूकै करमा वीरेन्द्रको परिवारको सामूहिक फोटो किनेर घरमा सजाईएको छु । हाम्रो टोलमा हामीले र अरू धेरैले कपाल खौरिएका थियौं । राजाप्रति यत्रो श्रद्धा, स्वाभाविक श्रद्धा किन ? मेरो मनमा अनेक विचार आइरहे ।

तेह्रौं दिनमा जनताको श्रद्धा

तेह्रौं दिनका अवसरमा काठमाडौं उपत्यकामा जनताले राजारानीको उत्तम गतिका लागि कैवल्यका लागि अनेक मठमन्दिरहरूमा पूजा लगाए, भागवत पाठ गरियो, लक्षदीप प्रज्वलन गरियो । गीता, रुद्री, चण्डी, वेद, पुराण, पितृसूक्त आदिको पारायण भयो । संस्कृत छात्रावासमा आयोजित कार्यक्रममा म पनि सहभागी थिएँ । स्व.वि.यू.ले पाठको आयोजना र '*जयतुं संस्कृतम्*' ले लाखबत्ती प्रज्वलन गरेको थियो । देशभर अनेक मठमन्दिरमा पूजापाठ भएका अनेक समाचारहरू पनि प्रसारण भए । भारतमा र अन्य मुलुकमा बसेका नेपालीहरूले पनि परम्परागत रूपमा राजाको मृत्युमा शोक र श्रद्धान्जली व्यक्त गरेका अनेक समाचार प्रसारण भए । यी सब घटनालाई मैले नजिकैबाट हेरिरहेको थिएँ, अनुभव गरिरहेको थिएँ । मनमा अनेक तर्क-वितर्क उठिरहेका थिए । जनमानसमा एउटा शासकप्रति यस्तो अपार प्रेम, स्नेह र आस्था किन ? यस्तो हुनुमा के कारण छ ? यसको उत्तर खोज्ने प्रयास गरें । यसको निष्कर्षमा नेपालका राजा र प्रजाका बीचको सम्बन्धलाई राजनीतिक शास्त्र र समाज शास्त्रले मात्र व्याख्या गर्न सक्दैन भन्ने लाग्यो । राजा र जनताका बीचको सम्बन्ध साँस्कृतिक छ, धार्मिक छ र परम्परागत छ, घर बूढो र घरपरिवारको जस्तो आत्मीय सम्बन्ध छ । हिन्दू धर्म, बौद्ध धर्म, जैन र शिख धर्ममा राजालाई कसरी लिइएको छ त ? भन्ने बारेमा पनि अध्ययन गर्न मन लाग्यो ।

वैदिक साहित्यमा राजाको स्थान

हिन्दू धर्म वर्णाश्रम व्यवस्थामा आधारित छ । हिन्दु अथवा सनातन वैदिक धर्मको मूल ग्रन्थ वेद हो । चार वेद, चार उपवेद, छ वेदाङ्ग, षड्दर्शन, ब्राह्मण, आख्यान, उपनिषद्, रामायण, महाभारत, पुराण, तन्त्र, स्मृति आदि फैलिएर विशाल बनेको, संस्कृतमा लेखिएका करिब पाँच लाख सुरभारती भाषामा निबद्धध

ग्रन्थमा आर्य दर्शन, धर्म, संस्कृति, रीतिरिवाज र अनेक ज्ञान विज्ञानका कुरा निबद्धध छन् । त्यहाँ राजाको अनिवार्य र उच्चस्थान देखाएको छ ।

पूर्वीय चिन्तनमा वेद नै प्रमाण हो, वेद ईश्वरको मूर्ति हो, वेद ईश्वरवचन हो । *'वेदाः प्रमाणम्' 'अपौरुषेयो वेदः' 'वेदोऽखिलो धर्ममूलम्'* आदि सूक्तिहरू भेटिन्छन् । वेदमा राजालाई नित्य तत्त्वको रूपमा लिइएको छ, *'ध्रुवो राजा'* भनेर । वेदका मन्त्रहरूले नै 'राजालाई' राष्ट्र र जनताको कल्याण र सुरक्षा गर्ने बन भन्ने भावना व्यक्त गरेको पाइन्छ । वेद पछि ब्राह्मण र उपनिषद्मा पनि राजाको मर्यादित स्थान रहेको भेटिन्छ । बृहद् आरण्यक उपनिषद्मा राजा जनकको मर्यादित स्थानको चर्चा भेटिन्छ । वेदाङ्गहरू (ज्यौतिष, व्याकरण, कल्प, शिक्षा, निरुक्त, छन्द) मा पनि राजाका विषयमा कतै विस्तृत र कतै स्वल्प भए पनि मर्यादापूर्ण स्थानको सङ्केत भेटिन्छ भने चार उपवेदमा पनि राजा अनुल्लेख्य छैनन् ।

स्मृतिग्रन्थका राजा

वैदिककालपछि विकसित स्मृतिकालमा राजा, राज्य र राजाका कर्तव्याकर्तव्यका विषयमा, विधिनिषेधका सम्बन्धमा विस्तृत चर्चा परिचर्चा भेटिन्छ । त्यस्तै कल्प शास्त्र अर्न्तगत श्रौतसूत्र, धर्मसूत्र, गृह्यसूत्र, शूल्बसूत्रमा पनि कतै धेरै र कतै सङ्केत रूपमा राजाको चर्चा भेटिन्छ । स्मृतिग्रन्थमा जेठो मानिएको मनुस्मृतिको सातौं अध्यायमा राजधर्मको विस्तृत विवरण भेटिन्छ । मनुस्मृतिका अनुसार इन्द्र, वायु, यम, सूर्य, चन्द्र, अग्नि, बरुण तथा कुबेर आठ देवताको अंश लिएर ब्रह्माजीले राजाको उत्पत्ति गरेका हुन् । (अ.७-को ३) त्यसैले बालक नै भए पनि राजालाई सामान्य मनुष्य सरह अवहेलना गर्नुहुँदैन, यी महान् देव हुन्, नर रूपमा उपस्थित छन् (७.अ.७.-८) भन्ने निर्देश पनि वर्णित छ । राजाका कर्तव्याकर्तव्यको विस्तृत निरूपण मनस्मृतिमा छ । त्यस्तै याज्ञवल्क्यस्मृति, पराशरस्मृति, हारित स्मृति आदि प्रमुख १८ स्मृतिसमेत १०८ स्मृति ग्रन्थमा, धर्मशास्त्रका निबन्ध ग्रन्थमा राजाको धर्म, कर्म, दिनचर्या, राज्यव्यवस्था, न्याय प्रणाली, दण्डप्रणाली, जनतालाई पुत्रवत् पालन पोषण गर्नुपर्ने आदिका सम्बन्धमा विस्तृत विवरण पाउन सकिन्छ । प्रायःजसो यी स्मृतिग्रन्थहरू दुई हजार वर्ष पूर्वका छन् । त्यस्तै नेपाल भारतमा दुई हजार वर्षभन्दा पुराना राजतन्त्रको इतिहास र परम्परा रहिआएको पाइन्छ ।

यी स्मृतिग्रन्थकै आधारमा राज्य, राजा र जनताको कर्तव्य र सम्बन्धको निरूपण हुदै आएको पाइन्छ । महाभारतका अनुसार राजाको व्यवस्था हुनुपूर्व राज्य, राजा, दण्डव्यवस्था दण्डकर्ता केही पनि थिएन । धर्मद्वारा नै समाज व्यवस्थित थियो । (शान्ति प. ३५९) भगवान् विष्णु तपस्याद्वारा नै राजामा प्रवेश गर्नुभयो भन्ने महाभारतकै भनाइ र मात्स्यन्यायबाट पीडित प्रजाले वैवश्वत मनुलाई राजा बनाए भन्ने कौटिल्यको अनुसार राजोत्पत्तिको दैवी सिद्धान्तको आधारमा प्राचीनकालदेखि भनौं अथवा लिच्छवीकालदेखि शाहकालसम्म नै नेपाली जनता, राजा र राजतन्त्रको सम्बन्ध शासकीय नभएर धार्मिक सांस्कृतिक र ऐतिहासिक धाराबाट निर्धारित, निर्देशित रहदै आएको बुझिन्छ ।

लौकिक साहित्य र पुराणमा राजाको स्थान

वैदिक साहित्यपछि विकसित रामायण, महाभारत र पुराण जस्ता लौकिक साहित्यमा पनि राजाका सम्बन्धमा विस्तृत विवरण पाइन्छ । रामायणमा भगवान् रामचन्द्रको कथा, जीवनी, राज्यव्यवस्था, धर्म, अर्थ, काम, मोक्ष जस्ता पुरुषार्थ चतुष्टयको कुरा, आदर्श राजा, आदर्शपुत्र, आदर्शदाजु, आदर्श पतिका अवधारणा विद्यमान छन् । रामराज्यका बारेमा अद्यापि अनेक चर्चा परिचर्चा भइरहेको पाइन्छ । महाभारतमा हस्तिनापुर राज्य, युधिष्ठिरादि राजा, अन्य अनेक राजाका सम्बन्धमा अनेक विवरण उपलब्ध छ ।

रामायण र महाभारत नेपाल र भारतमा विकसित, संस्कृत, नेपाली, हिन्दी, बङ्गाली, मैथिली अनेकौं साहित्यका उपजीव्य ग्रन्थ हुन् । पालि र प्राकृत भाषाका पनि यी ग्रन्थ उपजीव्य काव्य हुन् । पालि र प्राकृत भाषाका साहित्यमा पनि राजाको उच्च स्थानको चर्चा भेटिन्छन् । रामायण र महाभारतमा राजकर्तव्य राजधर्मका बारेमा पर्याप्त सामग्री भेटिन्छ । ती सामग्रीले हिन्दू राजा र जनताको साँस्कृतिक र धार्मिक सम्बन्धलाई प्रकाश पार्दछन् ।

१८ पुराण, १८ उपपुराण र १८ औपपुराणहरूमा पनि राजाका सम्बन्धमा अनेक रोचक प्रसङ्गहरू आएका छन् । पुराणमा

> *"सर्गश्च प्रतिसर्गश्च वंशो मन्वताराणि च*
> *वंशानुचरितं चैव पुराणं पञ्चलक्षणम् ।"*

सर्ग, प्रतिसर्ग वशं, मन्वन्तर, वंशानुचरित जस्ता पाँच लक्षण पुराणमा विद्यमान हुन्छन् । वंशानुचरित भनेको सूर्यवंशी र चन्द्रवंशी राजाहरूको वंशविस्तार र चरित्रको कथन हो । सबै पुराणमा उपर्युक्त पाँच विषय आएका छन् । श्रीमद्भागवत्, देवी भागवत्, हरिवंश पुराण, विष्णुपुराण, गरुड पुराण, रामायण र महाभारत आधुनिक नेपालको निर्माण हुनुअघि र आधुनिक नेपाल निर्माण भएपछि पनि यो हिमाली भूखण्डमा पवित्र धार्मिक ग्रन्थका रूपमा घरघरमा, गाउँवस्तीमा पठनपाठन हुदै आएको, पारायण र

प्रवचन हुदै आएको बुझिन्छ। यी ग्रन्थहरूकै माध्यमबाट पूर्वीय चिन्तनमा आएका राजा, राज्य र जनता सम्बन्धी कुरा हस्तान्तरित हुदै आएको र जनताले राजालाई देवांशका रूपमा स्वीकार्दै आएको देखिन्छ। गीतामा आएको *'नराणं च नराधिपः'* 'मानिसमा राजा नै म हुँ' भन्ने श्रीकृष्णको भनाइ यिनै ग्रन्थबाट प्राप्त भएका हुन्।

विभिन्न पुराणहरूमध्ये श्रीमद्भागवत नेपालमा अत्यधिक प्रचलनमा रहेको छ। हरेक घरमा, गाउँवस्तीमा आफ्ना पितृको उद्धारको निमित्त कमसेकम जीवनमा एकपटक मात्रै भएपनि श्रीमद्भागवत लगाउने चलन अद्यापि जीवित छ। भागवतको नवमस्कन्धमा चन्द्रवंशी र सूर्यवंशी राजाहरूको विवरण र उनीहरूका उत्तम चरित्रको कथन उपलब्ध छ। द्वादशस्कन्धमा पनि कलिका राजा र कलि धर्मको उल्लेख छ। इक्ष्वाकु, नृग, शर्याति, नरिस्यन्त, नभग, आदि राजाहरूको अमरीष, मान्धाता, खट्वाङ्ग, दीर्घबाहु रघु, अज, दशरथ, रामचन्द्र आदि प्रतापी राजाहरूको असल कर्मको वर्णन गरी राजा र राजपरम्पराप्रति समादकर भाव व्यक्त गरिएको छ। हरेक दिन बेलुका पुराणान्तमा देवदेवी, भागवतको, पशुपति, गुह्येश्वरी, गोरखकाली, मनकामना आदिको जयजयकार गरेपछि राजारानीको पनि जयजयकार गर्ने प्रचलन अद्यापि विद्यमान छ। यी पुराण र यस प्रक्रियाले नेपाल नरेश र जनताका बीचको सम्बन्ध धार्मिक र सांस्कृतिक रूपमा सुदृढ हुन गएको बुझिन्छ।

नीति शास्त्रमा राजा

आर्य वैदिक संस्कारमा राजाको उपस्थिति सर्वत्र छ। नीतिमा *'पृथिव्या भूषणं राजा'* भनिएको छ भने 'राजा कालस्य कारणम्' भनेर शुक्र नीतिमा राजाको सर्वशक्तिमत्तालाई देखाइएको पाइन्छ। राजाको मुख्य काम नै रक्षा, भरण र न्यायबाट जनतालाई प्रसन्न र सुखी तुल्याउनु हो। महाकवि कालिदासले *'राजा प्रकृतिरञ्जनात्'* भनेका छन्। राजाको आफ्नु भनेकै देश र जनता हुन्। राजाको व्यक्तिगत सुख र उन्नति भन्ने कुरा नै जनता हुन्। (कौटिल्यको अर्थशास्त्र प्र १६-१९) मा :

प्रजा सुखै सुखं राज्ञः प्रजानो च हिते रतम्।
नात्मप्रिये हितं राज्ञः प्रजानां तु प्रियं हितम्॥

भनिएको पाइन्छ। महाभारतमा राजा र जनताको अभेद्य सम्बन्ध देखाइएको पाइन्छ।

राजा प्रजानो प्रथमं शरीर प्रजा च राज्ञो प्रतिमं शरीरम्।
राजा विहीना न भवन्ति देशा, देशैर्विहीना न नृपाः भवन्ति॥

राजाको प्रथम शरीर नै प्रजा हो भने प्रजाको शरीर पनि राजा हो, राजा विना देश हुँदैन र देश विना राजा पनि हुँदैन भन्ने आशय हो। चाणक्य नीति दर्पणमा- धनी, वेदविज्ञता-विद्वान्, राजा, नदी र वैद्य यी पाँच कुरा नभएको ठाउँमा एक रात पनि नबस्नु भनेर राजाको अनिवार्यलाई देखाइएको छ। शुक्राचार्यले शुक्रनीतिमा राजा, मन्त्री, मित्र, ढुकुटी, देश, किल्ला र सेना यी ७ चिजलाई राज्यको अङ्ग मान्दै राजा राज्यको शिर हो भनेका छन्।

स्वाम्यमात्यसुहृत्-कोश-राष्ट्र दुर्गबलानि च।
सप्ताङ्गमुच्यते राज्यं तत्र मूर्धा नृपः स्मृतः॥१-६१॥

कौटिल्यले आफ्नो अर्थशास्त्रमा राजाको महत्त्व राजाको कर्तव्य, राजाको दिनचर्या र राज्यव्यवस्थाका विविध पक्षमाथि विस्तृत प्रतिपादन गरेका छन्। राजाले काम क्रोधादि षड् शत्रुलाई जितेर धर्म, अर्थ काम सेवा गर्नु, आफू मर्यादामा बसेर अरूलाई पनि मर्यादामा राख्नु भनेका छन्। उनी आर्थिक शुद्धतालाई निकै जोड दिन्छन् र भन्छन् *"योर्थ सुचिः स शुचिः*। -धर्म, संस्कृति र वर्णाश्रमको रक्षा गर्नु राजाको परम कर्तव्य हो" भनेका छन् कौटिल्यले।

नेपालमा साना र ठूला गरी करीब एकसय छत्तीस धार्मिक सम्प्रदाय छन् भन्ने धारणा स्वामी प्रपन्नाचार्यले राख्नुभएको पाइन्छ। ती विभिन्न सम्प्रदायले नेपालीहरूलाई विभिन्न संस्कृतिमा बाँधेको छ र ती सम्प्रदायभित्र कुनै न कुनै रूपमा राजाको उपस्थिति, स्थान र संस्मरण भेटिन्छ। अनेकतामा एकता हिन्दु धर्मको विशेषता हो भने अनेक सम्प्रदायलाई दर्शनले समन्वय गर्दछ। हिन्दु धर्ममा सर्वत्र राजालाई सम्झनु पर्ने ठाउँहरू छन्। खाना खाँदाखेरि बलि दिइन्छ। त्यसमा सबभन्दा पहिला *'भूपतये स्वाहा'* भनेर राजालाई नै सम्झिइन्छ। त्यसपछि बल्ल भुवनपतिको पालो आउँछ। हरेक नेपालीको घरमा हरेक वर्षजस्तो रुद्री, चण्डी, सत्यनारायण, स्वस्थानी व्रत कथाहरू हुन्छन्। त्यसमा पनि राजालाई सम्झिइन्छ। पूजा आजा सिद्धिएपछि प्रसाद वितरण गर्नु पूर्व देवता, कुलदेवता, पितृ र राजाको भाग छुट्याएर मात्र प्रसाद वितरण गरिन्छ। *'राजाधिराय प्रसह्य साहिने नमो वयं वैश्रवणाय कुर्महेः'* आदि भनेर राजभाग छुट्याइन्छ। राजालाई बाबुको रूपमा र देवांश एवं विष्णु अवतारका रूपमा ग्रहण गरिन्छ। राजा बाबु हुन् :–

प्रजानं विनयाधान्याद्रक्षणाद् भरणादपि।
स पिता, पितरस्तासां केवलं जन्महेतवः॥

समस्त नेपालीहरूले राजालाई पिता र देवांशका रूपमा सम्मान गर्छन्। त्यति मात्र होइन विश्वभर छरिएर रहेका दुई अरब हिन्दुहरूले समेत नेपाल नरेशलाई हिन्दु सम्राट् भनेर सम्मान गर्दछन्। यसरी विवेचना गर्दा राजा र प्रजाको सम्बन्ध शासकीय नभएर साँस्कृतिक देखिन्छ। त्यसैले गर्दा नेपालमा ठूलठूला राजनीतिक परिवर्तनमा ठूलो विप्लव र नरसंहारका घटना भएनन्।

मठमन्दिरको जीर्णोद्धार र व्यवस्थापनद्वारा साँस्कृतिक सम्बन्धमा विस्तार

राजा र प्रजाको साँस्कृतिक सम्बन्धको सेतुलाई अगाडि बढाउने थुप्रै कार्यहरू वीरेन्द्रयुगमा भएका छन् । मठमन्दिरहरूको जीर्णोद्धार, पुननिर्माण र व्यवस्थापनमा सुधारका अनेक प्रयासहरू भएका छन् । पशुपति क्षेत्र विकास कोष, बुडानिलकण्ठ विकास समिति आदि समिति गठन भई जीर्णोद्धार र व्यवस्थापनका कार्य अगाडि बढेको पाइन्छ । हनुमान ढोका दरबारको जीर्णोद्धार, पशुपति क्षेत्रमा निर्माण सुधार, गोरखा दरबार, नुवाकोट दरबार, चण्डेश्वरी, वराहक्षेत्र, वैद्यनाथ धाम आदि सयौं मठमन्दिरका विकास निर्माणका कार्य गराएर राजा वीरेन्द्रले जनताका मनमा गरिमामय स्थान प्राप्त गरेको बुझिन्छ ।

संस्कृत विद्यालय, विश्वविद्यालयका माध्यमबाट सांस्कृतिक सम्बन्धमा विस्तार

राजा र प्रजाको सम्बन्धको सेतु भएको, राजा प्रजाबीच सांस्कृतिक सम्बन्ध कायम गर्ने गराउन हिन्दु धर्म, दर्शन र संस्कृतिको मूल धरोहर संस्कृत वाङ्मयलाई अगाडि बढाउने कार्य पनि वीरेन्द्रयुगमा भएको देखिन्छ । २०२८ सालमा चौधवटा मात्र संस्कृत विद्यालय भएकोमा वीरेन्द्रको शासनकालमा पैतालिस वटा संस्कृत विद्यालय, नेपाल वेद विद्याश्रमको स्थापना र महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना जस्ता कार्य वीरेन्द्र युगमा भएका छन् । संस्कृत विश्वविद्यालयको स्थापनामा वीरेन्द्र सरकारको विशेष योगदान रहेको छ । वीरेन्द्र सरकारकै समयमा सत्ताइस वटा वेदविद्याश्रम सञ्चालनमा रहेको बुझिन्छ, भने चौधवटा संस्कृत क्याम्पस सञ्चालनमा रहेको पाइन्छ ।

बुद्ध संस्कृतिमा राजा

नेपालमा हिन्दु धर्म, संस्कृति पछि दोस्रो ठूलो धर्म संस्कृति वौद्धधर्म संस्कृति हो । बुद्धधर्ममा पनि राजा अभिन्न अङ्गत्वेन स्थापित छन्, बुद्ध धर्मका प्रवर्तक नै राजकुमार सुद्धोदन हुन् । उनको धर्म दर्शनलाई अगाडि बढाउन अशोक आदि गरिएका राजाहरूको ठूलो योगदान रहेको छ । जातक ग्रन्थहरूका अनुसार बुद्धका धेरै पूर्वजन्महरू राजा र ब्राह्मणका रूपमा भएको पाइन्छ । राजा विम्विसारले बुद्धलाई प्रत्यक्ष सहयोग, दान र बिहार बनाइदिएका कथाहरू आज पनि छँदैछन् । बुद्ध हुन– क्षत्रिय र राजपुत्र हुनुपर्दछ त्रिपिटकका अनुसार । वैशाख पूर्णिमालगायत वौद्धधर्मका विभिन्न उत्सव एवं समारोहहरूमा राजाको उपस्थिति नियमित देखिन्छ । सम्यक् पूजामा राजाको पूजा गरिन्छ, सम्मान गरिन्छ । नेपालका बौद्ध गुम्बाहरूको संरक्षण, संवर्द्धन र जीर्णोद्धारमा नेपालका राजाहरूले ठूलो योगदान दिएका छन् । तिब्बतमा, जापानमा र अरू कतिपय मुलुकमा बुद्ध धर्मको प्रचार प्रसार संरक्षणमा राजाकै योगदान देखिन्छ । तिब्बतका दलाईलामाको परम्परामा धर्मगुरु र शासक एउटैलाई मानेको पाइन्छ । राजालाई पचास-पचास वर्षमा गरिने विशेष पूजाको प्रचलन अद्यापि नेपालमा छँदैछ । २००७ सालमा पनि सो पूजा श्री ५ ज्ञानेन्द्रले ग्रहण गरिबक्सेको थियो भने २०५८ मा पनि सो पूजा श्री ५ ज्ञानेन्द्रबाट नै ग्रहण गर्ने अवसर मिल्यो । नेपाल भारतका अनेक राजाहरूले बुद्ध धर्मको अनुयायी बनेका, समर्थक, संरक्षक र प्रचारक बनेको इतिहास पाइन्छ । नेपालमा लिच्छविकालदेखि शाहकालसम्म नै राजा र बौद्ध धर्मका बीच सुमधुर सम्बन्ध, धार्मिक साँस्कृतिक सम्बन्ध रहँदै आएको पाइन्छ ।

जैनधर्ममा राजा

जैन धर्म र बुद्ध धर्मको प्रारम्भविन्दु त्यति धेरै टाढा छैनन् । जैन धर्मका प्रवर्तक योगाचार्य भगवान् ऋषम देव हुन् । श्रीमद् भागवत्को पञ्चमस्कन्धका अनुसार भगवान् ऋषम देव स्वायम्भुव मनुका चारौं पुस्ताका खनाति परेछन् । स्वायम्भुव मनुका छोरा प्रियव्रत, प्रियव्रतका छोरा अग्नीध्र, अग्नीधका छोरा नामि र नामिका छोरा ऋषमदेव हुन् । ऋषमका सय भाई छोरा थिए । राज्यभोग गरेपछि जेठाछोरा भरतलाई राज्यदिएर पारमहंस्थ धर्म । मुक्ति मागेमा ऋषमदेव लागे । उनी निवस्त्र विचरण गदर्थे । अद्यापि जैन धर्मका श्वेताम्वर र दिगम्वरको दुई शाखा विद्यमान छन् । ऋषमदेव पछि महावीर सम्म आइपुग्दा २४ तीर्थङ्कर हुन्छन् । ती तीर्थङ्करको उत्पत्ति । देवावतार राज खानदानमा नै भएको पाइन्छ । आज पूर्वजन्म र परजन्म समेत राजकुलमा नै भएको उल्लेख जैन ग्रन्थमा पाइन्छ । तीर्थङ्कर भनेको हिन्दु धर्मको २४ अवतार जस्तै हो । भगवान्कै अवतारका रूपमा मानिन्छ । ती यस प्रकार छन्– ऋषमदेव, अजितनाथ, भिवनाथ, अभिनन्दन, सुमतिनाथ, पद्यमप्रमव, सुपाश्र्वनाथ, चन्द्रप्रमव, पुस्पदन्त, भीतलनाथ, श्रोमोनाथ, बापूज्य, विमलनाथ, अनन्तनाथ, धर्मनाथ, शान्तिनाथ, कुम्भनाथ, अरनाथ, मल्लिनाथ, मुनिसव्रत, नागीनाथ, नेमिनाथ, पाश्र्वनाथ, र महावीर रहेका छन् । यी चौवीसै तीर्थङ्करहरूको अवतार राज कुलमा भएको छ । अतः जैन धर्म दर्शनको प्रवर्तक संरक्षण र प्रचारप्रसारमा राजाको भूमिका सर्वोपरि रहदै आएको बुझिन्छ । १८औं शताब्दीतिर नेपालमा जैन धर्मको प्रवेश भएपनि पछिल्लो आधा शताब्दीमा नेपालमा जैन धर्मको संरक्षण सवर्द्धनमा राजारानीको योगदान महनीय रहेको छ । अतः जैन धर्मावलम्वीले राजामा दवंश देख्नु

राजालाई सम्मान गर्नु, स्वभाविक क्रिया ठहर्दछ। अतः राजा रानीको असामयिक निधनमा जैन धर्मावलम्वीहरूलाई ठूलो चोट लाग्नु स्वभाविक नै हुन्छ, किनभने जैन धर्म संस्कृतिमा पनि राजा र प्रजाको सम्बन्ध अभिन्न छ, परस्परित र सांस्कृतिक सम्बन्ध छ।

त्यस्तै नेपालमा पछिल्लो आधा शताब्दी देखि शिरव धर्मले पनि राम्रै संरक्षण पारेको छ। हिन्दु, बौद्ध, जैन, शिरव आदि १० सम्प्रदाय र त्यसभित्रका साना साना १०० उपसम्प्रदाय ऊँकार परिवार भित्र समेटिन्छन्। ऊँकार परिवारभित्र राजाको स्थान सांस्कृतिक अङ्गत्वेन संरक्षित भई समादृत देखिन्छ। गुरु गोविन्द सिंहदेखि १६ औं शताब्दीबाट शुरु भएको शिरवीव संप्रदायमा पनि राजा प्रति सांस्कृतिक रूपमै समादरको भाव पाइन्छ।

लोक संस्कृतिमा राजाको उपस्थिति

नेपाली लोक संस्कृतिमा अनेक किसिमका प्रचलन रहेका छन्। लोक संस्कृतिमा अनेक धारा उपधारा रहेका छन्। लोक संस्कृतिमा अनेक किसिमका चालचलन रीतिरिवाज, पर्वमेला, जात्रा, उत्सव आदि छन् भने अर्को समृद्ध लोक संस्कृति र लोक साहित्यको भण्डार रहेको छ।

नेपाली लोकसंस्कृतिमा अनेक परम्परा विद्यमान् छन्। मेचीदेखि महाकालीसम्म अनेक समयका अनेक बस्तीमा, अनेक मठमन्दिरमा विभिन्न किसिमका जात्रा, पर्व, उत्सवहरू हुन्छन्। तिनमा कतै प्रत्यक्ष र कतै परोक्षरूपमा राजाको उपस्थिति रहन्छ। काठमाडौंमा सम्पन्न हुने इन्द्रजात्रा, दशै, तिहार, शिवरात्री, कृष्णाष्टमी, रामनवमी, घोडेजात्रा, जनैपूर्णिमा, बुद्धपूर्णिमा जस्ता जात्रा, पर्व र उत्सवमा प्रत्यक्षँ उपस्थिति र सहभागीता रहेको पाइन्छ। यसले राजा र जनताबीचको सम्वन्ध-सेतुलाई सांस्कृतिक धरातलमा उतारी सुदृढ सम्बन्ध कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बुझिन्छ। उपत्यकाबाहिर गोर्खा, नुवाकोट, धादिङ, रसुवा, पोखरा, बैतडी, जुम्ला, रिडी स्वर्गद्वारी आदि र पूर्वमा चण्डेश्वरी, धनेश्वरी, पलाञ्चोकभगवती, किरञ्चोक भगवती, भीमेश्वर, चरीकोट, रामेछाप, बराहक्षेत्र, दन्तकाली, बुढसुब्बा, विराटनगर, झापा, जनकपूर, वीरगञ्ज, आदि क्षेत्रमा अनेक समयमा अनेक मठमन्दिरमा अनेक किसिमका जात्रा, पर्व, उत्सव हुन्छन् तिनमा पनि राजाको उपस्थिति कतै प्रत्यक्ष र कतै परोक्ष रूपमा हुने गरेको पाइन्छ। नेपाल भारतमा भएका अनेक धार्मिक सभा, भागवतपूराण रामायण वाचन, कोटी होम, आदिमा पनि राजाको उपस्थिति देखिन्छ। देशका विभिन्न भागमा रहेका मन्दिरहरूमा राजाको तर्फबाट हुने पूजाआजा पनि छन्। मन्दिरहरूको संरक्षण संवर्द्धनमा राजाको भूमिका रहेको पनि पाइन्छ। यी कृत्यहरूले नेपाल नरेश र नेपाली जनतालाई शासकीय सम्बन्धभन्दा माथि उठेर सांस्कृतिक सम्बन्धका रूपमा रूपान्तरण गरेको छ।

नेपाली लोक साहित्यमा राजा

नेपाली लोक साहित्य अत्यन्त समृद्ध छ। त्यसको विस्तृत चर्चा यहाँ सम्भव छैन, खालि चन्चु प्रवेश मात्रै गर्न खोजिएको हो। लोक साहित्यभित्र उखान, टुक्का, गाउँ खाने कथा, दन्त्यकथा, लोकगीत, मागल, भजन, लोककाव्य, लोकसङ्गीत, लोकनाटक आदि पर्छन्। लोक साहित्यका यी सबै विधामा राजाको उपस्थिति रहेको पाइन्छ।

उखान टुक्कामा ‘राजा देख्दैन, देउता बोल्दैन, राजाको काम कहिले जाला घाम, आफू मरे डुमै राजा, राजाका सय आँखा हुन्छन्, राजाको अगाडि बाबुको दुहाई, नविराउनु नडराउनु-राजा नभएको मुलुक हो र ?, राजा सबका साझा’ जस्ता अनेक उखान टुक्का पाउन सकिन्छ।

यसरी विभिन्न ढङ्ग र शैलीमा उखान टुक्कामा राजा मिथकीय रूपमा, शासकीय र अभिभावकीय रूपमा व्यक्तिएको पाइन्छ भने गाउँ खाने कथामा कुनै न कुनै रूपमा राजाको उपस्थिति पाउन सकिन्छ। त्यस्तै अधिकाशं दन्त्यकथामा राजा, रानी, राजकुमार, राजकुमारीको उपस्थिति, प्रमुख चरित्र र भूमिका रहेको पाइन्छ। शिशिर वसन्तदेखि वज्रठिँका कथासम्म राजाको मिथकीय भूमिका रहेका अनेक लोककथा नेपालीमा छन् र तिनले बच्चैदेखि राजाको अद्भुत शक्ति, चमत्कार, क्षमताप्रति विश्वास र आस्था पैदा गराउँछन्।

त्यस्तै लोक गीत, मागल, भजन, पैकेलो, कानुन, लोककाव्य, लोकसङ्गीत र लोकनाटक आदिमा समेत कहीं न कहीं, कुनै न कुनै रूपमा राजाको उपस्थिति रहेको पाइन्छ। यसरी लोकसाहित्यले राजालाई विभिन्न रूपमा प्रस्तुत गरेर राजालाई शासक र दण्डधरभन्दा माथि पिता स्थानमा, अभिभावक स्थानमा, मिथकीय चरित्रको स्थानमा, देवांश र आदरणीय समादृत स्थानमा बोध गराएको छ र सांस्कृतिक सम्बन्धको सेतुलाई अगाडि सुदृढ तुल्याउन मद्दत पुऱ्याएको छ।

षोडश संस्कार र देवपितृकार्यमा राजा

षोडश संस्कारमै राजा उपस्थित हुन्छन्, स्मरणीय हुन्छन् भन्ने होइन तर कतै न कतै कुनै न कुनै रूपमा हिन्दू संस्कारमा राजा अनुस्यूत हुन्छन्। जुन जुन संस्कार याज्ञीय विधिका साथ सम्पन्न हुन्छन्, हवन पूजन हुन्छ, त्यहाँ राजा कतै न कतै जोडिएका

हुन्छन् । अन्त कतै नजोडिए पनि प्रसाद वितरण गर्दा कुलदेवता, पितृ देवता, देवांश स्वरूप राजालाई छुट्ट्याएर मात्र वितरण गर्ने परम्परा पाइन्छ । व्रतबन्ध संस्कारसँगै 'भूपतये स्वाहा' सिकाइन्छ । विभिन्न किसिमका देवकार्यमा राजा कतै न कतै स्मरणीय बन्छन् । पितृकार्यमा पनि राजा स्मरणीय छन् । राजालाई नित्य तर्पण गर्नेले र श्राध्दका दिन तर्पण गर्नेले पनि अन्तिमको दिवङ्गत राजालाई तर्पण दिन्छन् । मेरा पिताजी हाल पनि वीरेन्द्र राजा छउन्जेल राजा महेन्द्रलाई र वीरेन्द्रको देहावसान पछि वीरेन्द्रलाई तर्पण गरी श्रद्धाभाव व्यक्त गर्नुहुन्छ । राज्यभिषेकको विधिद्वारा अभिषिक्त राजाको देहावसान हुँदा छाक छोड्ने, नुन बार्ने, कपाल खौरने परम्परा यद्यापि जीवित नै छ । नेपालको कानुनले यसो गर्नु भन्दैन, तर साँस्कृतिक परम्पराबाट नै यी सब कामहरू स्वतः स्फूर्त रूपमा भैरहेकै छन् । दीपेन्द्र अभिषिक्त न भएको हुनाले धर्मशास्त्रले तर्पण दिनुपर्छ भन्दैन । यी विचारहरूबाट के बुझिन्छ भने नेपालको राजा र राजतन्त्रको सम्बन्ध राजनीतिक भन्दा धेरै बढी साँस्कृतिक छ । संस्कार र धार्मिक परम्परामा गाँसिएको छ ।

त्यसैले नेपालको राजाले र नेपाल राज्यले नेपाली धर्म र संस्कृतिले राजा र राजतन्त्रको रक्षा गर्न सके भने त्यो सुरक्षित धर्म र संस्कृतिले राजा र राजतन्त्रको रक्षा गर्नेछ । नेपालमा जहिले हिन्दुधर्म र संस्कृतिको नाश भएर जानेछ, त्यतिखेर नेपालको 'राजा' र 'राजतन्त्र' पनि समाप्त भएर जानेछ । नेपालको राजनीतिले राजालाई टिकाएको होइन, नेपाली संस्कृतिले टिकाएको हो । तर नेपाल राज्यले नेपाली संस्कृतिको संरक्षण गरेको छैन, परम्परामा आफै संरक्षित छ । यदि यस्तै निरपेक्ष नीति रहेमा नेपाली धर्म र संस्कृति लोप भएर जानेछ । राष्ट्रको योजनाकारहरू देशीविदेशी षड्यन्त्रकारीहरूको जुत्ताको तलुवा चाटेर नेपाली धर्म र संस्कृति के के गर्दा आमूल नष्ट हुन्छ त्यही त्यही गरिरहेका छन् । धर्म र संस्कृतिको चेतनालाई उजागर गर्न, धर्म र संस्कृतिका गहन कुरालाई शिक्षाको मूल धारमा समावेश नगरीकन हुँदै हुँदैन तर 'नेपाल'को शिक्षा नीति वेलायत र अमेरिकामा तयार हुन्छ ।

त्यति मात्र होइन आउदो सय डेडसय वर्ष पछि नेपालका नेपाली लगायत सम्पूर्ण राष्ट्रिय भाषाहरूलाई आमूल नष्ट गरिने योजना लागू गरिएको छ । त्यो योजना हो– लोक सेवामा अनिवार्य अङ्ग्रेजी राखी नेपाली भाषालाई हटाइनु । यसको परिणाम सम्पूर्ण संघसंस्थामा जागिर खान अनिवार्य अङ्ग्रेजीमा जाँच दिनुपर्ने हुँदैछ, ३/४ वर्षका सम्पूर्ण नेपाली बच्चाहरूले अङ्ग्रेजीबाटै अक्षरारम्भ गर्नु पर्ने बाध्यकारी नियम लागू गरिएको छ । शिक्षाको माध्यम अङ्ग्रेजी वनाउन थालिएको छ । विदेशी शैक्षिक संस्थालाई नेपालमा अन्धाधुन्द प्रवेश गर्न दिएको छ । क्रिस्तानहरू हरिया नोटका बीटा लिएर घरघर पुगेका छन् । नेपालमा राजाको होइन 'पोप'को आदेश लागु हुन थालेको छ । साँस्कृतिक साम्राज्यवादको विस्तार गर्न प्राणपणले अगाडि उर्लिएको कृस्तानी ज्वालामुखीको विरुद्ध कसैले बोल्यो भने इराकमा झैँ बेलायती र अमेरिकी बम वर्षन बेर लाग्दैन ।

सर्वाधिक तीर्थ भ्रमण गर्ने राजा

बडामहाराजाधिराज पृथ्वीनारायण शाहले काशीको तीर्थाटन गरेको कुरा इतिहासमा पाइन्छ । शाह वंशका केही राजाहरूले आफू जीवित छँदै छोरालाई राज्य सुम्पी तापस जीवन बिताएको र प्राचीन आर्ष सभ्यतालाई स्मरण गराएको पाइन्छ । यसै धर्म-प्राण कुलमा जन्मिएका राजा वीरेन्द्र, रानी ऐश्वर्य र दीपेन्द्रमा धर्म संस्कृतिप्रति अगाध श्रद्धा र विश्वास थियो भन्ने कुराका अनेक साक्ष्य छन् । राजा वीरेन्द्र रानी ऐश्वर्यले नेपाल र भारतका महत्त्वपूर्ण तीर्थको भ्रमण गरेको पाइन्छ । त्यस्तै कालिन्चोक भगवती, बराह क्षेत्र, दन्तकाली, जनकपुर, भीमेश्वर, पलान्चोक भगवती, गोसाइकुण्ड, नुवाकोट, गोरखकाली, मनकामना, विन्दवासिनी, मुक्तिक्षेत्र, खप्तडलेख, लुम्बिनी बडिमालिका, स्वर्गद्वारी आदि उपत्यकाबाहिर र उपत्यकाका सबैजसो मन्दिरहरूको भ्रमण, पूजआज गरिबक्सेको पाइन्छ । यस किसिमको भ्रमण, पूजाआजाले राजा र जनताबीचको संस्कृतिक सम्बन्धलाई सुदृढ तुल्याउन महत्त्वपूर्ण योगदान पुग्न गएको देखिन्छ । त्यस्तै विभिन्न समयमा, विभिन्न जिल्लामा भएका कोटीहोमहरूमा पनि राजाको उपस्थिति भएको पाइन्छ । तर अग्निहोत्री तीर्थराज आचार्यले ०५१/०५२ तिर आयोजना गरेको, नेपालमा सयवर्षपछि सम्पन्न भएको 'सोमयाग'मा राजा वीरेन्द्रको सवारी नहुँदा सबैले खल्लो मानेका थिए । गलत सल्लाहबाट त्यसो हुन गएको हो भन्ने कुरा पछि सुन्नमा आएको थियो । संवैधानिक राजा, बहुल संस्कृतिका राजा त्यस्ता कार्यमा जानु आलोच्य हुन सक्छ भन्ने भनाइबाट सवारी रोकियो भन्ने गाइगुइँ सुनियो । तर जेहोस् राजा वीरेन्द्र सर्वाधिक तीर्थभ्रमण गर्ने राजाका रूपमा स्थापित होइबक्सन्छ र यस कृत्यले संस्कृतिक सम्बन्धको सेतुलाई सुदृढ नै तुल्याएको छ ।

राजा र राजतन्त्रविरोधीहरू के भन्छन्

नेपालमा हाल राजतन्त्र विरोधी जमात बढ्न थालेको छ । यसमा तीन विचार प्रमुख छन्– राजतन्त्र पूरै नष्ट गर्नुपर्छ भन्ने कम्युनिष्टहरू, निरङ्कुश राजा होइन संवैधानिक राजतन्त्र हुनुपर्छ भन्ने नेपाली कांग्रेस र राजा शक्ति एवं पूर्ण अधिकार सम्पन्न र सक्रिय हुनुपर्छ भन्नेहरू । नेपाली कांग्रेस 'संवैधानिक

राजतन्त्रवादी' पार्टी हो र ऊ आफ्ना विचारमा अत्यन्त स्पष्ट र अडिग छ। सक्रिय राजाका पक्षपातीहरूको सशक्त पार्टी छैन। नेपाली कांग्रेस नेपालको सबैभन्दा ठूलो, लामो इतिहास भएको सशक्त पार्टी हो। नेपाली कांग्रेसले पटक-पटक चुनाव जित्नुको कारण नै ऊ संवैधानिक राजतन्त्रवादी भएर हो। राम्रो काम गरेर होइन।

नेपाली कांग्रेसले पाएको अन्तर्राष्ट्रिय समर्थन पनि संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रतिको स्पष्ट दृष्टिकोण र अडान भएर नै हो। यदि नेपाली कांग्रेसले 'संवैधानिक राजतन्त्र' आफ्नो अपरिवर्तनीय नीतिमा परिवर्तन गऱ्यो भने राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै क्षेत्रबाट उसको समर्थनमा ठूलो ह्रास आउनेछ। नेपालको राजतन्त्र बचाउने, बचाउन सक्ने पार्टी नेपाली कांग्रेस मात्रै हो। सम्पूर्ण कम्युनिष्ट पार्टीहरू सैद्धान्तिक रूपमा नै राजतन्त्र विरोधी हुन्। सक्रिय राजावादीहरू सङ्गठित छैनन्।

राजतन्त्रविरोधीहरू राजतन्त्रलाई पुरानो सत्ता, सामन्तवादी सत्ता, निरङ्कुश सत्ता, नोकरशाही सत्ता भन्दछन्। राजतन्त्र नफाली नेपाल र नेपालीको विकास हुँदैन भन्छन्। सेतो हात्ती किन पाल्ने भन्छन्। राजाले दलाल पूँजीपतिहरूको रक्षा गर्दछन् भन्दछन्। देश-विदेशी षड्यन्त्रकारीहरूको राजाले संरक्षण गर्दछन् भन्दछन्। राष्ट्रिय र अन्तर्राष्ट्रिय तस्करहरूलाई र मूर्तिचोर र सूर्तीचोरहरूलाई राजाले संरक्षण दिएका हुन्छन् भन्ने उनीहरूको आरोप छ। केन्द्रदेखि गाउँसम्मका सामन्त, शोषक र दलाल पूँजीपतिहरूलाई राजतन्त्रले नै आडभरोसा दिएको हुन्छ भन्ने अर्को दोषारोपण छ। राजाले आफ्नै मोजमज्जालाई ध्यान दिन्छन्, जनसेवा, राष्ट्र-विकासलाई ध्यान दिएका हुँदैनन्, राजा राष्ट्रवादी पनि हुँदैनन्, क्रुर हुन्छन्, दमन गर्छन् गर्छन् र नसकेका दिन हेलिकोप्टरबाट भाग्छन् भन्ने आरोप लगाएको पाइन्छ। सामन्ती सत्ताको धरोहर राजतन्त्र खत्तम नगरी जनताको जनवाद आउँदैन भन्छन्।

यी अरोपहरूप्रति म सहमत छैन। एकाध आरोपमा आंशिक सत्य रहे पनि ती पूर्ण सत्य छैनन्। नेपालको राजतन्त्र र रुस, चीन, फ्रान्स आदि देशका राजतन्त्रलाई एउटै तुलामा जोख्नु मूर्खतापूर्ण हुन्छ। नेपालको राजतन्त्र वैदिक राजतन्त्रको आर्दशबाट अनुप्राणित छ, स्मृतिको आदर्श राजतन्त्रको धारणाबाट प्रभावित छ, पौराणिक कालमा आदर्श राजाका चरित्रको अनुगामी पनि देखिन्छ। राजतन्त्र असल कुरा हो तर राजतन्त्रको प्रवाहमा आएका 'व्यक्ति राजा' बेलाबखत कमसल पनि हुन सक्छन्। त्यसलाई इतिहासले मूल्याङ्कन गर्दछ।

प्राचीन प्रशासन प्रणालीमा चक्रवर्ती राजा, त्यसका निर्देशनमा चल्ने राजा रजौटाहरू र राजा रजौटाका निर्देशनमा चल्ने क्षेत्रगत, ग्रामगत सामन्त सञ्चालित व्यवस्था, नीतिनियम रहन्थ्यो तर आज यस्तो प्रणाली छैन। वडादेखि गाउँ र जिल्ला एवं संसदसम्म निर्वाचन प्रणाली लागू छ। आर्य वंशीय राजाको आदर्श निरङ्कुशता हुन सक्तैन। वैदिक कालमा राजा र पौराणिक कालका राजधर्मको जनआकांक्षाको पालना नगर्दा ती राजाहरूलाई सत्ताबाट पदच्युत गरेको इतिहास छ। आर्य सिद्धान्तमा राजा निरङ्कुश बन्नै सक्तैन। विज्ञको सल्लाह र जनताको इच्छा बेगर आर्यवंशीय राजाले केही गर्नै सक्तैन। राजाका निर्णय गलत भए भने, दण्डनीय अदण्डच, दण्डच अदण्य भयो भने राजाले रौरवादी नरकको घोर यातना भोग्नुपर्छ भन्ने कुरा पनि प्राचीन सिद्धान्तमा पाइन्छ। राजा क्रुर पनि हुन सक्तैन पुत्रवत जनताको पालन पोषण गर्नु राजाको धर्म हो।

राजतन्त्र समाप्त नगरी देश र जनताको विकास हुदैन भन्नेहरू, चालीस पेजे किताबको दर्शन र विचारलाई मानव चिन्तनको अन्तिम सार र सत्ता ठान्नेहरूले सञ्चालन गरेका राज्यप्रणालीको गुणदोष पनि हेर्नुपर्ने हुन्छ। रुसको राजतन्त्र समाप्त भएपछि लेलिन र स्टालिनले कतिलाख निर्दोष मानिस मारे त्यो हेर्नुपर्छ। त्यस्तै माओत्सेतुङ्ले साँस्कृतिक क्रान्तिमा कतिलाख मानिस मरे त्यसको हिसाब पनि गर्नुपर्छ। थाइलेण्डको स्थिरता र कम्युचिपाको सर्वविनाशलाई पनि तुलना गरेर हेर्नुपर्छ। कम्युचिपालाई धर्तीको स्वर्ग बनाउन राजतन्त्र समाप्त गरियो, तर स्वर्ग बनेन, उल्टो साठीलाख मानिस मारिए, देश खरानी भयो, सर्वविनाश भयो, मानवता ध्वस्त भयो, राज्य नष्ट भयो, स्वाहा भयो। अतः कम्युचियामा शान्ति स्थापना गर्न भौगोलिक सीमा र मान्छेलाई राष्ट्रका रूपमा उभ्याउन त्यहाँ राजा चाहियो। अहिले राजा र जनता मिलेर खरानीको डल्लो माथि देश खोजिरहेका छन्। यो हाम्रै जीवनकालमा देखेको र घटेको घटना हो, धेरै टाढा जानुपर्दैन।

हाम्रै जीवनकालमा देखेको र घटेको अर्को घटना अफगानिस्तानको हो। ४० पेजें कम्युनिष्ट मेनोफेस्टोलाई मानव सभ्यताको अन्तिम सार मान्नेहरूले अफग़ानिस्तानबाट राजालाई लखेटे। राजा लखेटिएपछि त्यहाँ राज्य हरायो, नरसंहार भयो, धार्मिक कट्टरपन्थीहरूले देशलाई रसातलमा पुऱ्याए। शासन कसले चलाएको छ पत्तो भएन। वर्षौंवर्ष युद्धमय रह्यो, विद्यालय, विश्व विद्यालय बन्द रहे। इरानमा पनि यस्तै देखियो। नेपालमा राजाले प्रत्यक्ष शासन गरेको पञ्चायती व्यवस्थामा भन्दा प्रजातान्त्रिक व्यवस्थामा धेरै मान्छे मारिए। ५० जना मर्दा राजा वीरेन्द्रले बहुदल दिए तर आज आठहजार निर्दोष जनता मारिएका छन्। सक्रिय राजा भएका बेलामा भन्दा बहुदलीय व्यवस्थामा ठूलो

भ्रष्टाचार भयो । सर्वत्र अनुशासन भङ्ग भयो । बहुदलमा जति मानिस मारिए सायद नेपाल एकीकरण गर्दा पनि त्यति मानिस मारिएनन् । नेपालको २/३ हजार वर्षको इतिहासमा त्यति धेरै निर्दोष मानिस मारिएनन होला । त्यस्तै जनवादी राज्यका राष्ट्रपति चाउचेस्कुको कथा पनि नजिकैबाट हाम्रै युगमा देखिएकै हो ।

यसो भनेर मैले निरङ्कुश मर्यादा एवं अनुशासन भ्रष्ट राजतन्त्रको समर्थन गर्न खोजेको होइन र बहुदलीय प्रजातन्त्रको विरोध पनि गरेको होइन । संवैधानिक राजतन्त्र र संसदीय प्रजातन्त्रका हामी समर्थक हौँ । नेपालको ऐतिहासिक, साँस्कृतिक, राजनीतिक, भाषिक र जातीय सन्तुलनका दृष्टिले राजतन्त्र नेपालका लागि अनिवार्य तत्त्व बन्न पुगेको छ भन्ने निष्कर्ष निकाल्न खोजिएको मात्रै हो ।

राजतन्त्रका गुन बैगुन छन्, राजाका पनि गुन बैगुन हुन्छन्, पञ्चायत व्यवस्थाको पनि गुन बैगुन थियो, बैगुन बढ्ता भएको हुनाले त्यो उखेलियो । त्यस्तै बहुदलका पनि गुन बैगुन छन्, अर्को कुरा व्यवस्था आफैँ अचिति हो । चितिबाट नै सम्पूर्ण व्यवस्था सञ्चालित हुन्छन् । व्यवस्था आफैमा खराब पनि हुँदैन । बहुदल आफैमा खराब नहुँदा नहुँदै पनि व्यक्ति खराब हुँदा बहुदलीय व्यवस्थाको दुर्नाम भयो । व्यक्तिको आचरण ठिक नभएर यस्तो भएको हो ।

राजा विकासप्रेमी हुदैनन् भन्ने कुरा होइन, राजा वीरेन्द्र विकासप्रेमी राजा हुन । राजा राष्ट्रवादी हुदैन भन्ने कुरा अत्यन्तअसत्य छ । राजाभन्दा बढी राष्ट्रवादी कोही हुदैन भन्ने मेरो धारणा छ । राष्ट्र नरहे, जनता नरहे कहाँ राजा हुने, कस्को राजा हुने ! त्यसैले राजा आफ्नै र आफ्ना सन्ततिको स्वार्थका लागि पनि अत्यन्त राष्ट्रवादी हुन्छन् । राष्ट्र र जनताको सुरक्षामा ध्यान दिन्छन् भन्ने मलाई लाग्छ । रुस, फ्रान्स आदि युरोपका राजाको चरित्रलाई लिएर बनाइएको अवधारणालाई लिएर गरिएको आलोचना नेपालको राजतन्त्रका सम्बन्धमा मिल्न सक्दैन । त्यो कुरा पश्चिमी राजतन्त्रको सिद्धान्त, परम्परा र राजशास्त्र र आर्य परम्परामा राजा, वेद, स्मृति पुराण, रामायण, महाभारत र नीतिशास्त्र एवं पौरस्त्य चिन्तनको तुलनात्मक अध्ययन गर्दा के कति अन्तर छ, स्पष्ट हुन्छ ।

राजा र जनताबीचको सांस्कृतिक सम्बन्ध सुदृढ राख्न के गर्नुपर्ला !

राजा र जनताबीचको सांस्कृतिक सम्बन्ध सुदृढ राख्न संस्कृतिको रक्षा हुनुपर्दछ । धर्म, संस्कृति र पारस्परिक सम्बन्धबाट नेपालको राजतन्त्र सुरक्षित र सम्मानित छ । धर्म संस्कृति र परम्परा नष्ट भएका दिन राजतन्त्र सङ्कटमा पर्दछ । नेपालको राजनीतिले राजालाई बचाउन सक्दैन । नेपालको राजनीति राजतन्त्रविरोधी ध्रुवमा विकसित हुदैछ । राजतन्त्र विरोधीहरूलाई राजतन्त्रले भरण पोषण गरेको देखिन्छ । तर संवैधानिक राजतन्त्रका कट्टर समर्थक नेपाली कांग्रेस राजतन्त्रको आँखी बन्दै आएको देखिन्छ । कम्युनिष्टहरूको समर्थनमा २०१७ सालमा कांग्रेसको सरकारलाई अपदस्त गरी कम्युनिष्ट राजाविरोधी नर्सरीको गोडमेल राजाले नै गरेका थिए । त्यो नर्सरी आज हुर्किएको छ, भ्याङ्गिएको छ । ठुला ठुला नेता दरबारकै नियन्त्रणमा भएपनि साना कार्यकर्ता राजविरोधी छन । कम्युनिष्टहरूको द्वैध चरित्र छ । वी.पी.ले भनेझैँ 'अडिट फर्मुला' लागू छ । कम्युनिष्टहरू आफ्नो निहित स्वार्थ र साध्यमा जस्तो सुकै साधनको र बाटोको अवलम्बन गर्नहुन्छ भन्ने धारणा राख्दछन् । विधर्मीहरू जातीय संस्कारमा पसेर राजा विरोधी भावना विकसित गर्न उद्यत छन् । त्यस्तै कम्युनिष्ट मेनोफेस्टोलाई संसारको अन्तिम सत्य भन्नेहरू राजाविरोधी अभियानमा सक्रिय छन् । आर्य धर्म संस्कृतिलाई अफिम भन्दछन र मार्क्सवादको यहा अफिम पान गरेर लठ्ठ छन् । मार्क्सवादी घोट्टाबाट ब्युँझाएर संसारमा अरू अनेक चिन्तन छन् भन्ने कुरा बुझाउनुपरेको छ ।

नेपालमा धर्म संस्कृति र परम्पराको रक्षा हुनुपर्दछ । त्यसका लागि धर्म, संस्कृति र परम्पराका महत्त्वपूर्ण कुराहरू शिक्षाको मूलधारमा समाविष्ट नगरी यसको रक्षा हुनै सक्तैन । संस्कृत वाङ्मयको रक्षा प्रचार प्रसार अध्ययन अध्यापनका जोडदिनुपर्छ र यसलाई पनि शिक्षाको मूल धारमा ल्याउनुपर्छ । पाटीपौवा मठमन्दिर तीर्थ, साधुसन्त तपस्वी आदिको संरक्षण हुनुपर्छ । नयाँ नयाँ बस्तीका मठ मन्दिरको स्थापना जात्रा पर्व उत्सव आदिको आयोजना हुनुपर्छ । श्री ५ वीरेन्द्रको सम्पति राष्ट्रनिर्माण र धर्म संस्कृति र परम्पराको रक्षामा खर्च गरिदिनुपर्छ, राम्रा राम्रा मठ मन्दिर धर्मशाला गोशाला बनाइदिनु पर्छ । विदेशी विधर्मीहरूको हुरी तूफान र झञ्झावात रोक्न नेपाल ब्युझनुपर्दछ । यस मामलामा नेपाल निदाइ रहेको छ । नेपाली भाषा, साहित्य, संस्कृति, धर्म, परम्परा समूल नष्ट गर्न सयवर्षे योजना नेपालमा लागू भएको छ । त्यसलाई श्री ५ को सरकारले कार्यान्वयन गर्न दिनुहुँदैन ।

अन्तमा

नेपालको राजा, राजतन्त्र र नेपाली जनताबीचको सम्बन्ध राजनीति निर्धारण गरेको सम्बन्ध होइन । शासकशासितबीचको सम्बन्ध यति मधुर हुदैन, जुन मधुर सम्बन्ध श्री ५ वीरेन्द्र सरकारको देहावसान हुँदा प्रकट भएथ्यो । मेरो राजासँग व्यक्तिगत रूपमा

भेटभएको छैन र मेरो बाँकी जीवनमा पनि ९९ प्रतिशत राजासँग भेट हुने सम्भावना पनि छैन तर पनि म नेपालको भूराजनीति बहुभाषा, बहुजाति बहुधर्म आदिलाई हेर्दा र बहुदलका नेता र बहुदलीय राजनीतिलाई हेर्दा नेपालमा संवैधानिक राजतन्त्र अपरिहार्य छ भन्ने विश्वास गर्दछु । नेपालको धर्म, संस्कृति र परम्पराबाट नेपाल नरेश र राजतन्त्र एवं जनताको सम्बन्ध निरुपित छ । त्यसले जनता र राजा राष्ट्रलाई एकताको सूत्रमा बाँधेको छ । संवैधानिक राजतन्त्र नेपालको मोडेलको हुन सक्छ । 'एक्काइसौं शताब्दीको राजतन्त्र प्रजातन्त्रका लागि र प्रजातन्त्र जनताका लागि, राजतन्त्र र प्रजातन्त्र नेपाल र नेपालीको समग्र विकासका लागि' भन्ने भावनाबाट नेपाली मन अगाडि बढ्नुपर्छ । श्री ५ वीरेन्द्रको देहावसानका हुँदा समग्र नेपालीमा वेदना पैदागऱ्यो । त्यो परस्पर साँस्कृतिक, धार्मिक र परम्परित सम्बन्ध भएको हुनाले नै हो भन्ने मलाई लाग्दछ ।

●

श्री ५ वीरेन्द्र एक शब्दचित्र

● *आचार्य नारायणप्रसाद सुवेदी*

१. परिचय स्वरूप

'अर्चन् ननु स्वराष्यम्' भनेझैँ राष्ट्रनिर्माणको महायज्ञमा अनेकौँ महान् आत्माहरूको आगमन हुन्छ। यी महात्माहरूको जीवन काँडामा फुलेको गुलाबको फूलझैँ सुगन्धमय र सौन्दर्यपूर्ण हुन्छ। विश्वको सर्वोच्च शिखर सगरमाथाझैँ उच्च र विशाल समुद्रझैँ गम्भीर व्यक्तित्व बन्नका लागि सुन्दर प्रगति र सुन्दर संस्कृतिको अपूर्व योगदान हुन्छ। यिनै सन्दर्भमा म श्री ५ वीरेन्द्रको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन गर्न रुचाउँछु। *'चिरनिरूपणियो हि व्यक्तिस्वभावः।'* व्यक्तिको बाह्यस्वभाव केही थाहा पाए पनि आन्तरिक स्वभाव बुझ्न चिरकाल पनि लाग्न सक्दछ। हाम्रो राष्ट्र सानो भए पनि सबै संस्कृति र मानवीय प्रकृतिको उद्गमभूमि भएको हुनाले यसको स्वभाव ऋषिमुनिझैँ त्यागी, तपस्वी प्रकृतिको छ। अरूमाथि दया र प्रेम गर्ने, पवित्रता, शान्ति र विवेकलाई रुचाउने, सत्य, धर्म, शान्ति, प्रेम, र अहिंसामा विश्वास गर्ने यस राष्ट्रको मूल स्वभाव र संस्कृति हो। हिमालबाट बग्ने झरना झैँ पवित्र र निर्मल करुणामय व्यक्तित्व श्री ५ वीरेन्द्रमा रहेको रहेछ भन्ने प्रमाण जीवनीभित्रको व्यक्तित्वले प्रमाणित गर्दछ। श्री ५ वीरेन्द्रको आगमन नेमुनि वंश परम्पराकै धर्म परम्परामा व्यक्ति प्रतिभाको रूपमा देखापर्दछ। राम शाह, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, श्री ५ त्रिभुवन, श्री ५ महेन्द्र आदिका समग्र व्यक्तित्वलाई मूल्याङ्कन गर्ने हो भने श्री ५ पृथ्वीनारायणबाट दूरदर्शीपन, रामशाहबाट अध्यात्मप्रेरित निष्ठा र श्री ५ त्रिभुवनबाट दया र करुणा र श्री ५ महेन्द्रबाट कूटनीतिक चातुर्य परम्पराबाट नै ज्ञानको रूपमा प्राप्त भएको पाइन्छ। यही कारणले गर्दा राज्याभिषेक अवसरलाई शुभयोग बनाई निःशुल्क प्राथमिक शिक्षाको उद्बोधन गरिएको पाइन्छ श्री ५ वीरेन्द्रले। २०२९ साल असार १३ गते नेपाल अधिराज्यलाई चार विकास क्षेत्रमा वर्गीकरण गरिएको देखिन्छ। यसैलाई अझ वस्तुगत बनाई २०३८ सालमा पाँच विकास क्षेत्रमा विभाजन गरी प्रशासनिक दृष्टिकोण र व्यावहारिक दृष्टिकोणले राज्यको आन्तरिक स्वरूपलाई व्यवस्थित बनाउन भगीरथ प्रयत्न गरेको देखिन्छ। पाँच विकास क्षेत्र नै नेपालको सर्वाङ्गीण विकासका लागि शिलान्यास-सूत्रधार हो भन्ने प्रमाणित भइसकेको छ। प्रत्यक्षप्रमाणलाई अर्को प्रमाण प्रस्तुत गर्नुपर्दैन भन्ने कुरा विद्वान्हरूलाई थाहा नै छँदैछ।

वि.सं. २०३१ साल फागुन १३ गते श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट शान्तिक्षेत्रको घोषणा गरिबक्सेको पाइन्छ जुन घोषणा मेरो विचारमा बुद्ध पछि नेपाली आमाका छोराले दिएको चिरनवीन विश्व दृष्टिकोण हो। यो शान्तिक्षेत्रको घोषणा नै हाम्रो देशको मूल बीज हो, जसलाई ११६ राष्ट्रले

शुभचिन्तनसहित समर्थन गरेको देखिन्छ । श्री ५ वीरेन्द्रका बहुआयामिक अन्य कृतिहरूमध्ये पाँच विकास क्षेत्र खण्डकाव्य हो भने यो शान्तिक्षेत्र विश्वस्तरको महाकाव्य नै हो । कृतित्वको दृष्टिकोणले यो महाकाव्य विस्तृत र शाश्वत छ किनभने यो विश्वजनीनता राज्य र राजनीतिक चिन्तन गर्नेमा अन्यहरूको प्रेरणामूलक छ । सिद्धार्थ गौतमबुद्धको अन्तर्दर्शनलाई पक्रेर यसलाई कृतिको रूपमा प्रस्तुत गरिएको छ, जुन सन्तुलित परराष्ट्रनीतिको (Balanced Foreign Policy) लाई प्रतिबिम्बित गर्दछ भने आन्तरिक रूपमा राष्ट्रिय सार्वभौमिकता (National Sovereignity) को प्रकटीकरण गर्दछ । मानवाधिकार (Human Rights) को मानव आत्मा नै सम्पूर्ण जीवात्मालाई नै शान्ति प्रदान गर्नु हो । यसलाई यस शान्तिक्षेत्रको दिव्यमन्त्रले दिव्य आलोक प्रदान गर्दछ । प्रजातान्त्रिक संस्कृतिका लागि मनोदशा (State of mind) को पनि कार्य गर्दछ । सम्पूर्ण चिन्तनका बीजहरू सत्‌बीज छरे झैं शान्तिक्षेत्रका बीजबाट विश्वशान्तिका लागि छर्न सकिने प्रेरणस्रोत प्राप्त हुन्छ । यसका सत्रसूत्रीय मन्त्रहरूले सप्तर्षिको प्रतीक झैं हाम्रो राष्ट्रको चिरन्तन नीतिलाई अवलम्बन गर्ने प्रेरणास्रोत कोसेढुङ्गो झैं स्थितप्रज्ञ नीति बन्न पुग्दछ जुन नीतिलाई प्रमुखरूपमा निम्न रूपमा लिन सकिन्छ :

१. नेपालले शान्ति, असंलग्नता र शान्तिपूर्ण सह-अस्तित्वको नीति अवलम्वन गर्नेछ । समानता, स्वतन्त्रता र सार्वभौमिकताका आधारमा पारस्परिक सम्मान गर्ने गरी संसारका जुनसुकै सामाजिक र राजनीतिक व्यवस्था व्यवस्थित भएका राष्ट्रहरू खासगरी छिमेकी मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध विकास गर्न नेपाल सदा प्रयत्न गर्नेछ ।

२. नेपालले अर्को देशको शान्ति र सुरक्षामा आँच आउने कुनै किसिमको कार्यवाही अथवा धम्कीको आश्रय लिनेछैन ।

३. नेपाल र अन्य राष्ट्र वा राष्ट्रहरूबीच विवाद उत्पन्न भएका विवादहरूको शान्तिपूर्ण समाधान खोज्नेछ ।

४. अरू राष्ट्रको आन्तरिक मामलामा हस्तक्षेप गर्नेछैन ।

५. यस प्रस्तावप्रति समर्थन जनाउने कुनै पनि राष्ट्रका विरुद्ध आफ्नो भूमिबाट अवाञ्छनीय कारवाही हुन नदिने र यसै गरी पारस्परिकताको आधारमा ती राष्ट्रहरूले पनि आफ्नो भूमिबाट नेपाल विरोधी क्रियाकलाप हुन दिने छैनन् भन्ने चाहना राख्नेछ ।

६. अरू देशहरूसँग सम्पन्न भएका सबै सन्धि सम्झौताहरू वैध रहेसम्म नेपालले कदरसाथ अवलम्वन गर्नेछ ।

७. शान्ति र असंलग्नताको आफ्नो नीति अनुरूप नेपाल कसैसँग पनि सैनिक गठबन्धनमा लाग्ने छैन । न त नेपालले आफ्नो भूमिमा कुनै विदेशी सैनिक अखडा स्थापना गर्न अनुमति दिनेछ । त्यसै अनुरूप यस प्रस्तावप्रति समर्थन जनाउने देशहरू पनि पारस्परिकताका आधारमा कसैसँग नेपाल विरोधी सैनिक गठबन्धनमा सामेल हुनेछैनन् न त आफ्नो भूमि नेपालका विरुद्ध कुनै सैनिक अखडा स्थापना गर्न दिनेछन् ।

उपर्युक्त शान्तिक्षेत्रको प्रस्तावले यसको औचित्य र स्वाधीन राष्ट्रको सार्वभौम चिन्तनलाई प्रकटीकरण गर्दछ । यसका सबै पक्षमा सफा नियत र सफा दृष्टिकोण राखिएको देखिन्छ । यसभित्र देखापर्ने असंलग्न परराष्ट्रनीतिले हाम्रो दर्शन 'सर्वात्मवादीदर्शन' लाई कार्यरूप प्रदान गर्दछन् भने संयुक्तराष्ट्रसंघप्रति हाम्रो निष्ठा र प्रतिष्ठालाई पनि यसले प्रमाणित गर्दछ । प्रत्येक राष्ट्रको आफ्नै स्वाभिमान र आफ्नै प्रकारको मौलिक संस्कृति हुन्छ भन्ने कुरा यसबाट प्रदर्शित हुन्छ । यस महाकाव्यीय स्वरूप कृतिबाट नै श्री ५ वीरेन्द्रको शालीन मधुर र स्पष्ट व्यक्तित्वको परिचय पाइन्छ । यसै कृतिका अनेक सर्गका रूपमा अन्तर्राष्ट्रिय सभासम्मेलन गोष्ठीहरूमा दिएका प्रवचनहरूलाई यसैको सूत्रात्मक भाष्य व्याख्या ठान्नुपर्दछ । यदि यसलाई श्री ५ वीरेन्दको राजनीतिक महाकाव्य समकक्ष कृति मान्ने हो भन्ने सबै भाषण प्रवचन आदिबाट समग्र कृतित्वको मूल्याङ्कन गर्न सकिन्छ । मेरो विचारमा यो कृति सर्वोच्च कृति हो । यही कृतिका आधारमा विश्लेषण गर्दा पृथ्वीनारायण शाहको दिव्योपदेश झैं यस कृतिले दिव्योपदेशका सारभूत नीतिलाई विश्वसन्दर्भमा पक्री

आफ्नो परम्परामा आधुनिकता ल्याउँदै चिरनवीन सत्य प्रकट गरिएको पाइन्छ । यसैकारण मैले महाकाव्यस्तरीय कृति भनेको हुँ । यसको शक्ति त सम्पूर्ण विश्वको शान्तिका लागि नेपालले गरेको स्वस्तिवाचन हो भने यसको सीमा प्रत्येक राष्ट्रको स्वाधीनता र सार्वभौमसत्ता सम्पन्न संप्रभुता हो । यसै अन्तर्गत हाम्रा शान्तिपूर्ण चिन्तनहरू पनि प्रवाहित भएका हुन् । मानवको व्यक्तित्वको निर्माणमा देश, काल, वातावरण, संस्कृति, प्रकृति, जेनेटिक, केनेटिक आदि सबै चिन्तनहरूको सारपूर्ण भूमिका हुन्छ । यसैकारण यस चिन्तनमा हिमाली स्वच्छता प्रकट हुन्छ । पहाडको सौन्दर्य र दृढनिष्ठा अभिव्यक्त हुन्छ । तराई झैँ यसको *'रसभाव निरन्तरम्'* भनेझैँ शान्तिपूर्ण संस्कृतिका लागि हाम्रो देश वैदिककालदेखि नै सनातन स्वरूपमा बगिरहेको छ भन्ने घाम झैँ छर्लङ्ग हुन्छ । यसैकारण यो कृति अमोघ कृति हो भनी मान्नु पर्दछ । यस कृतिसँगै यसैको व्याख्यास्वरूप वि.स. २०३१ भदौ १ गते श्री ५ बाट कोलम्बोमा आयोजित असंलग्न राष्ट्रको पाँचौ शिखरसम्मेलनलाई सगरमाथाबाट शिखर व्यक्तित्वस्वरूप गरेको सम्बोधन गहन, गम्भीर र व्यावहारिक दर्शनको प्रतिविम्व बन्न पुग्दछ । वि.सं. २०३३ सालमा फागुन २ गते श्री ५ बाट गरिएको सामाजिक सेवा समन्वय परिषद्ले सामाजिक व्यक्तित्व र कृतित्वको प्रकटीकरण हुन्छ भने वि.सं. २०३६ साल जेठ १० गते राष्ट्रिय जनमत सङ्ग्रहको घोषणाले श्री ५ वीरेन्द्रको प्रजातान्त्रिक संस्कृतिप्रति आफ्नो उदार लचकता रहेको प्रमाणित हुन्छ ।

वि.सं. २०३४ साल माघ २ गते काठमाडौँमा स्थापना भएको सार्कको स्थायी सचिवालयले श्री ५ वीरेन्द्रको चिन्तन सार्कराष्ट्रमा स्थायी बन्दै गएको र जसले जसरी जुन रूपमा स्वीकृति प्रदान नगरे पनि छिमेकी राष्ट्रलाई आफ्नो व्यक्तिबाट प्रभावित र उत्प्रेरित गर्नसक्ने माधुर्य गुण, ओजगुण र प्रसादगुणले भरिएको व्यक्तित्त्व प्रकट हुन्छ । सार्क सम्बन्धी चिन्तन पनि श्री ५ वीरेन्द्रकै चिन्तन थियो भन्ने कुरा पनि बुझिराख्नु पर्दछ ।

वि.सं. २०३४ साल पुस १ गते गरिएको पशुपति क्षेत्र विकास कोषको स्थापनाले अध्यात्मप्रेरित भावनाप्रतिको आफ्नो आकर्षणलाई यस परिषद्को स्थापनाले प्रमाणित गर्दछ ।

वि.सं. २०४६ साल चैत्र २६ गते श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट निर्दलीय व्यवस्थाको अन्य गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्था (संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र) प्रदान गर्नुबाट मौसुफको उदार व्यक्तित्व अझ थप दया र प्रेमको भावनासहित प्रकट हुन्छ । नेपाली जनताको चाहना र आफ्नो राष्ट्रको स्वाधीनताका सम्बन्धमा गहन चिन्तन गरी निष्कर्ष दिने परम्परा पनि श्री ५ वीरेन्द्रमा प्रकट हुन्छ । वि.सं. २०४७ साल कार्तिक २३ गते श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान २०४७ सम्मको यात्रालाई संक्षिप्त रूपमा सिंहावलोकन गर्ने हो भने मौसुफको व्यक्तित्व गतिशील, प्रगतिशील, प्रजातान्त्रिक, मौलिक, जनअनुमोदित परम्परामा व्यापक बन्दै प्रवाहित भएको देखिन्छ । नेपालको भूबनोट र भू-राजनीतिअनुरूप ठूलाठूला दुई शक्तिशाली राष्ट्रहरूको बीचमा संवैधानिक राजतन्त्र र बहुदलीय लोकतन्त्र सन्तुलित नीतिको रूपमा राजाबाट पनि अनुमोदित भएको तथ्य सबभन्दा दरिलो तथ्य हो । यसका लागि श्री ५ वीरेन्द्रको देनलाई अपूर्व र अविस्मरणीय ठान्नुपर्दछ । यसै सन्दर्भमा आचार्य चाणक्यको भनाइ राख्दा अझ राम्रो हुने ठान्दछु :

'प्रजाको हित नै राजाको हित हो' ।

२. स्वरूप

श्री ५ वीरेन्द्रको समग्र व्यक्तित्वको सिंहावलोकन गर्दा पनि लेख-निबन्ध विस्तृत हुने 'त्रास र करुणा' मनमा विद्यमान नै छ तर श्री ५ प्रति आफ्नो व्यक्तिगतरूपमा अपार श्रद्धा र विश्वास रहेको कुरालाई पनि मनन गर्नु जरुरी छ । नेपालका सन्दर्भमा राजा र प्रजाका बीचमा नङ्मासुझैँ अन्योन्याश्रित सम्बन्ध रहेको यथार्थ सबैलाई अवगत नै छ । २००७ सालको परिवर्तन, २०१५ सालको नयाँ मोड, २०४६ सालको अर्को मोडको सन्दर्भमा विश्लेषण गर्दा श्री ५ को व्यक्तित्व झन् झन् क्रमिक र भविष्यदृष्टिले भरिएको रहेछ भन्ने कुरा अब नेपाली जनमानसलाई थाहा हुँदैछ । अब कुनै भ्रम छैन । विश्वको विश्वचिन्तन परम्परामा संस्कृति र प्रकृतिको अपूर्ण सङ्गम भएको हिन्दूराष्ट्र अथवा भनौँ, एकमात्र हिन्दूराष्ट्रलाई श्री ५ वीरेन्द्रले स्वाधीनता र स्वतन्त्रताका साथ जोगाएको नासो हो भनी मान्नुपर्दछ । स्वाधीनता, अनुशासन र मर्यादाबाट नै राष्ट्रको शिर ठाडो उच्च हुन्छ । यसका लागि अठारौँ र उन्नाइसौँ शताब्दीमा देखापरेका साम्राज्यवादी विस्तारवादी नीतिका परिप्रेक्ष्यमा नेपालको एउटा सानो स्वतन्त्र मुलुकलाई गौरवपूर्ण रूपमा जोगाउनु कुनै चानचुने कुरा होइन भन्ने पक्ष

पनि गम्भीररूपमा चिन्तन गर्नु जरुरी हुन जान्छ । नेपाल राष्ट्रको एकीकरण गर्दा कित दुःख, त्याग, तपस्या, बलिदान, प्रतिबद्धता र गौरवशाली परम्परामा भएको हो भन्ने कुरा पनि आजका चिन्तकहरूले गहनरूपमा बुझ्नु जरुरी छ । अठारौँ, उन्नाइसौँ शताब्दीभन्दा पनि बीसौँ, एक्काइसौँ शताब्दीका पनि आ-आफ्नै प्रकारका समाधानहरू खोजिएलान् तर, श्री ५ वीरेन्द्रको व्यक्तित्व र कृतित्वलाई विश्लेषण गर्दा गुण-दोषका आधारमा केलाउँदा मौसुफको गतिशील (Dynamic) व्यक्तित्व रहेको कुरा उपर्युक्त प्रमाणहरूबाट प्रमाणित हुन्छ ।

हाम्रो राष्ट्रमा गरीबी, रोग, कलह, अज्ञानले जरा गाडेको तथ्य यस राष्ट्रको सर्वाङ्गीण विकासको आधार हेर्दा थाहा हुन्छ । यो देश मन्दिरैमन्दिरहरूको देश पनि हो, जहाँ मठ, मन्दिर, स्तुप, विहार, चैत्यहरू छन् भने चाड, पर्व, उत्सव, पाटी, पौवा, चौतारा, ढुङ्गेधारा, इनार र कुवा आदिको अवस्था पनि आजको सन्दर्भमा चिन्तनीय देखापर्दछ । यसको कारण छ, एकातिर लोकगीतका नाममा फोहर श्रृङ्गारिक संस्कृतिलाई सम्वर्द्धन गर्नु अर्कोतिर आधुनिक संस्कृतिका नाममा उपभोक्तावादी संस्कृतिलाई बढाउँदै लैजानु नै दुःख र अज्ञानका बलिया प्रमाण हुन् । हाम्रा पुर्खाले वीररसप्रधान संस्कृति जसको मूलभाव उत्साह हुन्छ, करुण रसप्रधान संस्कृति जसको मूलभाव निर्वेद अथवा शम हुन्छ, यी त्रिपक्षीय संस्कृतिको पूर्णयोग ६६५ प्रतिशत हुन्छ र अन्य भावहरू ३३५ प्रतिशतमा रहन्छन् । यो चिन्तनलाई श्री ५ वीरेन्द्रको कार्यकालमा हेर्ने हो भने 'गरिमा' जस्ता पत्रिकाद्वारा राष्ट्रको गरिमा देखाइन्थ्यो । सूचना क्षेत्रबाट धार्मिक पुस्तक प्रकाशन हुन्थे । यी सबै पक्षमा 'कविसम्मेलन' आदिका सन्दर्भमा चित्रकला, मूर्तिकला, उद्यान, उपवन आदि निर्माणका सन्दर्भमा श्री ५ को देनलाई झलझली स्मृतिपटलमा राख्नु नै पर्ने हुन्छ । विशेषगरी शिक्षालयहरूको स्थापना, अस्पतालहरूको सञ्चालन, पुलनिर्माण, भूकम्प क्षेत्रको पुनःस्थापना, पुनर्निर्माण, प्राविधिक कार्यहरूप्रति अभिरुचि, आवधिक योजना आदिलाई मनन गर्दा साँच्चै नै श्रद्धा जाग्दछ र आँखाबाट आँसु पनि बग्दछ । अशिक्षा, रोग, भोक, गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर उकास्न श्री ५ ले गरेको अथक् योगदानलाई बिर्सन मिल्ला जस्तो मेरो विचारमा लाग्दैन ।

नेपालको सन्दर्भमा विकट, दुर्गम, पिछडिएका क्षेत्रलाई प्राथमिकताका आधारमा प्राथमिकता दिनु, शिक्षा, स्वास्थ्य, समाजसेवा, विद्युतीकरण, यातायात, उद्योगव्यवसाय आदिका क्षेत्रमा गरिएका नेतृत्वपूर्ण चिन्तनहरू अझै पनि सारभूत र गहन छन् भन्ने मेरो दृष्टिकोण छ । २०४७ साल पछि श्री ५ वीरेन्द्रको सुन्दर, शान्त, विशाल संवैधानिक व्यक्तित्व साँच्चै नै अनुकरणीय बन्न पुग्दछ जसका कारण नेपाली जनताले श्री ५ वीरेन्द्रलाई मर्यादा पुरुषोत्तम रामचन्द्रसँग तुलना गर्न पुग्दछन् । हुनसक्छ, यो नेपाली जनताको भावुकता र प्रेम पनि हो । तर यथार्थ के हो भने नेपाली जनता श्री ५ वीरेन्द्र प्रति अपार, असीम श्रद्धा प्रकट गर्दा रहेछन् । एकातिर श्री ५ वीरेन्द्रमा अतुलनीय परिपक्व चिन्तन, अन्तर्राष्ट्रिय प्रवचन, सम्मेलन आदिमा प्रकट हुन्छ भने जनताको घर आँगनमा पुगेर दुःख, पीरमर्का बुझ्ने प्रकृतिले आफ्नै कार्यबाट आफ्नो लोकिप्रयता स्थिर गरेको देखिन्छ ।

श्री ५ वीरेन्द्रका बहुआयामिक व्यक्तित्वहरूलाई समेट्दा के देखिन्छ भने सही नीति, सही नेतृत्व, सही अनुगमन, सही कार्यान्वयन र सही व्यवस्थापनका आधारमा राज्यशासन गर्ने प्रणालीको विकास गरेको देखिन्छ । त्यसलाई परिवर्तनकामी शक्तिहरूले भोगाएनन् भन्नुपर्दा दुःख लाग्दछ । श्री ५ वीरेन्द्रमा पितृप्रसाद परम्पराबाट प्राप्त राज्यशासनप्रति भक्ति, श्री ५ प्रतिको प्रतीक स्वरूप श्रीपेचप्रति एकात्मक सम्मान, देशभक्ति, राजभक्ति र जनभक्तिको अपूर्व सम्मिश्रण पाइन्छ । राष्ट्रिय एकताप्रति अपूर्व चेतना, लोकतन्त्रको सुदृढीकरणप्रति स्पष्ट, स्वच्छ, निर्मल निष्ठा, जनताका पीरमर्का बुझ्ने सतत् प्रयत्न श्री ५ वीरेन्द्रका धैर्यशाली गुण हुन् भनी मान्नुपर्दछ ।

राजालाई *'राजा मे प्राणः'* मान्ने संस्कृति हाम्रो संस्कृति हो । *'विशोमेऽङ्गनि सर्वशः'* भनेझैँ जनता राजाका अभिन्न अङ्ग हुन् भन्ने सिद्धान्त वैदिक परम्पराद्वारा अनुप्रेरित सिद्धान्त हो । मनुस्मृतिको सिद्धान्त आजको सन्दर्भमा अक्षरशः प्रमाणित भइरहेको छ जुन निम्न रूपमा छ :

"अराज केहि लोकेऽस्मिन् सर्वतो विद्रुतो भयात् ।
रक्षामर्थस्य सर्वस्य राजनमसृजत् प्रभुः ।

मनुको विश्लेषणमा भनिएको देखिन्छ– राज्यमा अराजकता फैलिएमा जनता भयभीत भएमा, लोकजीवनको रक्षाका लागि ईश्वरीय व्यवस्थाअन्तर्गत राजाको जन्म हुन्छ । एक सय चार वर्षको दुःख पीडालाई अन्त्य गर्ने त्रिभुवन,

राष्ट्रको पहिचान संयुक्त राष्ट्रसम्म र विश्वसम्म पुऱ्याउने, नयाँ मुलुकि ऐन, भूमिसुधार, गाउँ फर्क, आदि श्री महेन्द्रका अविस्मरणीय देन हुन् । गुण दोष त सबैमा हुन्छ नै । हामी गुणग्राही बन्नुपर्दछ । राज्यशक्तिका स्रोत जनता नै हुन् भने जनता पनि परिपक्व, स्थिर, कर्तव्यनिष्ठ, लालचरहित, घृणा र द्वेषरहित बन्नुपर्दछ । 'आफ्नो राष्ट्रको निर्माण आफैँ गर्नुपर्दछ'– यही हाम्रो देशको मूल गायत्री हो ।

श्री ५ वीरेन्द्रको व्यक्तित्वलाई हेर्दा धीरललित नायकमा हुने गुणझैँ चित्रकला, साहित्य, कला, संस्कृति, धर्मप्रति अगाध आस्था भएको पाइन्छ । मुसुक्क मुस्कुराउने, मीठो बोल्ने, सबै धर्म, सबै वर्ण, सबै लिङ्ग, सबै जनसमुदायप्रति समान दृष्टिकोणसहित समभाव राख्ने, न्यायप्रिय, उदार, वक्तृत्वकला निपुण, कूटनीतिक चातुर्य, व्यक्तित्वको माधुर्य आदि जस्ता गुणहरू श्री ५ वीरेन्द्रमा थियो भन्नु भन्दा पनि मौसुफको जीवन समग्रमा आदर्शोन्मुखी यथार्थवादी व्यक्तित्व थियो भनी मान्नुपर्दछ र प्रेरणा लिनुपर्दछ ।

३. व्याख्या

'राजन्' शब्द अथवा 'राजा शब्द' 'रञ्ज्' धातुबाट बन्दछ जसको अर्थ प्रजालाई प्रसन्न पार्नु भन्ने गूढ अर्थ निस्कन्छ । हाम्रो देशको भौगोलिक विकटता र निकटताबाट आफ्नो देशको शब्दचित्र बनेको छ । हाम्रो देशको सम्बन्ध उत्तर-दक्षिण दुवैतर्फसित छ । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले हाम्रो देशको समग्र प्रकृतिलाई बुझी 'यो राज्ये दुई ढुंगाबीचको तरुल'झैँ भनेर उपमा/रूपक अलङ्कारबाट बुझाइबक्सेको थियो । यसको प्रमुख कारण राष्ट्रको सम्वेदनशील पक्षमा अत्यन्त सन्तुलित र दूरदर्शी नीति लिनुपर्दछ भन्ने सङ्कथन थियो । दुवै राष्ट्रसँग तटस्थतापूर्वक रहने नीति रहे पनि आत्मीय/मैत्रीभाव, करुणा, मुदिता, प्रसन्नताको भाव सबैसँग राख्ने हाम्रो बुद्ध नीति नै थियो । यस सन्दर्भमा श्री ५ महेन्द्रबाट सन् १९५५ अगस्त ३१ जनवादी गणतन्त्र चीनसित दौत्य सम्बन्ध कायम हुनुका साथै सन् १९५६ मा पञ्चशीलका आधारमा कूटनीतिक मैत्री सम्वन्ध कायम भएको थियो । १९६१ मा गणतन्त्र चीनको राजकीय भ्रमण श्री ५ महेन्द्रबाट भएको थियो । यसैलाई अझ दरिलो बनाउन श्री ५ वीरेन्द्रबाट डिसेम्वर १९७३ मा जनवादी गणतन्त्र चीनको पहिलो राजकीय भ्रमण भएको थियो । शान्तिक्षेत्रको कूटनीतिक प्रस्तावलाई प्रबल समर्थन गर्ने राष्ट्रको रूपमा पहिलो छिमेकी राष्ट्रको रूपमा चीन रहेको हो । श्री ५ वीरेन्द्रबाट जुन १९७६, मई १९७८, १९७९, १९८७ का जनवादी गणतन्त्र चीनको औपचारिक/अनौपचारिक भ्रमणले श्री ५ वीरेन्द्रको चीनप्रतिको अपूर्व प्रेम प्रदर्शित हुन्छ । अर्को छिमेकी राष्ट्र इन्डिया हिन्दुस्तानप्रति पनि हिन्दूराष्ट्रको एकमात्र हिन्दू राजा भएका कारण हिन्दू जनताका लागि प्रेरणा प्रोत्साहनस्वरूप हिन्दुस्तानको भ्रमण पटकपटक गरिबक्सेको थियो । श्री ५ वीरेन्द्र विज्ञान् प्रविधिप्रति पनि उत्तिकै रुचि लिने राजा होइबक्सन्थ्यो । यसैका कारण वि.सं. २०३९ साल मार्ग २० गते 'नेपाल राजकिय विज्ञान तथा प्रविधि प्रतिष्ठान'को प्रेरणामूलक संस्थापकत्वसँगै संरक्षकत्व ग्रहण गरिबक्सेको थियो । त्रिभुवन विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको संरक्षकत्व ग्रहण गरिबक्सी शिक्षाप्रेमी राजाको रूपमा बौद्धिक/प्राज्ञिक राजाको रूपमा आफूलाई आफ्नै असल कार्यले उभ्याइबक्सेको थियो ।

महामञ्जुश्रीले प्रथम बस्ती बसालेको, राजा सुधन्वाले त्रेतायुगमा अन्तिम समयमा राज्य गरेको, यसपछि विविध राजपरम्परामा हामीहरूले थाहा पाएसम्मको गोपालवंश कृष्णकै साथी ग्वालाहरूले राज्य गरेको यस नेमुनि पालित राज्य नेपालमा श्री ५ वीरेन्द्रबाट आफ्नै वैदिक परम्परा र आधुनिक परम्पराका बीचमा सन्तुलनलाई सन्तुलित परम्परामा रही कुलमण्डनीय परम्परामा रही १८३१ को पृथ्वीनारायण शाहको वैदिक परम्परामा आधारित नासोलाई आफ्ना उत्तराधिकारीहरूका हस्तान्तरण गर्ने कार्य भएको देखिन्छ ।

उत्तराधिकारीलाई वैदिक संस्कृतिअनुरूप वि.सं. २०४४ साल चैत्र १५ गते श्री ५ युवराजाधिराजको शुभउपनयन सुसम्पन्न गरिएको देखिन्छ । वैदिक कालदेखि नै राजाहरूमा काव्यचेतनाप्रति अपूर्व रुचि रहेको पाइन्छ । व्याकरणका प्रकाण्ड विद्वान् 'वाक्यपदीयम्'का रचनाकार राजा भर्तृहरि स्वयम् महान् कवि र 'नीति शतकम्'का स्रष्टा भएको यथार्थ संस्कृत भाषाका प्रेमीहरू र वैदिक वाङ्मयप्रति आस्था राख्ने प्रज्ञाप्रतिष्ठानका विद्वान्/विदुषीहरू कवि, लेखक, साहित्यकार, पत्रकार प्राध्यापक विद्वत्वर्गमा अवगत नै छ । २५० वर्षभन्दा बढी भएको यस वंशको परम्परालाई विश्लेषण गर्ने हो भने काव्य परम्पराको लामो परम्परा देखिन्छ । यसै परम्परामा श्री ५ वीरेन्द्रबाट आफ्ना काव्यप्रेमी बुबाको परम्परालाई अझ विकसित गर्ने

प्रज्ञा-प्रतिष्ठानबाट कविगोष्ठीको परम्परा चलाएको गरेको पाइन्छ । २०३२ सालमा लोकसंस्कृति गोष्ठी, बृहद् साहित्यिक गोष्ठी २०३४, नेपाली व्याकरण अधिगोष्ठी २०४१, बालसाहित्य लेखक कार्यशाला गोष्ठी २०४४, कलाकार कार्यशाला गोष्ठी २०४४, नाट्य महोत्सव २०३३ आदि परम्पराद्वारा साहित्य, कला, संस्कृतिप्रति आफ्नो अनुपम अभिरुचि प्रकट गरेको देखिन्छ । आफ्नो छोरी श्रुतिलाई चित्रकलामा आफ्ना छोरा दीपेन्द्रलाई लोकगीतको कलामा, आफ्नी बडामहारानी श्री ५ ऐश्वर्यलाई काव्यकलामा, अन्य पुत्रलाई व्यवस्थापनशास्त्रमा लगाई आफ्नो परिवारप्रतिको उत्तरदायित्वसँगै सबैलाई राष्ट्रको आराधना गर्न विभिन्न विधामा लगाएको पाइन्छ । आफूले पनि चित्रकलामा रुचि लिदै खप्तड स्वामी जस्ता महान् विभूति महात्माहरूका विचार दर्शनलाई 'विचार विज्ञान'का रूपमा प्रकाशन गर्न लगाएको देखिन्छ । यो माहेन्द्री परम्परामा श्री ५ वीरेन्द्रले अझ उत्कर्ष योगदान दिएको यथार्थ बिर्सन मिल्दैन । अझ साहित्य, संस्कृति, धर्मका सन्दर्भमा बोलिएको महान् उद्गारहरू काव्य कृतिका रूपमा हेर्दा गद्य-महाकाव्य सर्गविहीन महाकाव्य अथवा आधुनिक सन्दर्भमा सङ्कलित 'प्रवचन महाकाव्य' भन्न सकिने स्थिति बन्दछ । यो पक्ष निकै गहन र उत्तरदायित्वपूर्ण छ । यसै सन्दर्भमा श्री ५ वीरेन्द्रबाट २०३३ सालमा नाटकका सम्बन्धमा गरिएको गहन टिप्पणी/समालोचनात्मक प्रकृतिको छ । "समाजको कुरीति हटाउँदै देशमा विकास र निर्माणको एक लहर ल्याउने नाटकको अहिले निकै खाँचो छ" भन्ने टिप्पणीमा देखापरेका शब्द 'कुरीति', 'विकास', 'निर्माण', 'लहर', 'नाटक', 'खाँचो' शब्दले सबै कुराको यथार्थ साक्षी बक्दछ र राष्ट्रको प्रमुख समस्यालाई केन्द्रमा राखी नाटक लेखिनु पर्दछ भन्ने ज्ञान हृदयङ्गम गर्न सकिन्छ । आजका प्रगतिशीलभन्दा पनि अझ प्रगतिशील र आजका प्रजातान्त्रिकभन्दा पनि अझ प्रजातान्त्रिक स्वरमा साहित्यिक चिन्तन गर्दा श्री ५ वीरेन्द्रको आत्माभिव्यक्ति यसरी प्रकट भएको पाइन्छ :

> "साहित्यमा राजनीति मात्र होइन मानव जीवनका सबै पक्षहरूसँग सम्बन्धित कुराहरू समावेश हुनु स्वाभाविकै हो ।"
>
> "सक्कली साहित्य जनताको मुटुको स्पन्दनबाट निस्केको हुन्छ । यस्तो साहित्यमा माटोको बास्ना आएको हुन्छ, ढुङ्गा पनि बोलेको हुन्छ, पहाड रसाएको हुन्छ र प्रत्येक व्यक्तिले आफूलाई पूर्ण रूपले पोखेको हुन्छ ।"

मौसुफको यो उद्गार निकै भावात्मक/रसात्मक र आचार्य विश्वनाथ, आचार्य जगन्नाथसँगै कार्लमार्क्स एङ्गेल्स, लेनिन, जर्ज लुकाच् आदिका समाजवादी प्रणालीसँगै र रसात्मक प्रणालीका भरतमुनिसँगै काव्य परिभाषाका अन्य रसवादी विद्वान्हरूसँग तुलनीय देखिन्छ । भाषा, साहित्य, कला, राष्ट्रका जीवन्त प्राण शक्ति हुन् र राष्ट्रको आत्मा सुरक्षित राख्ने हो भने भाषा, साहित्य, कला, संस्कृति, धर्मको रक्षा राज्यस्तरबाट हुनुपर्दछ भन्ने कुरासँग श्री ५ पूर्ण रूपमा अवगत होइबक्सन्छ भन्ने कुरा यथार्थ सत्य हो भनी ठान्नुपर्दछ । आजभोलिका राजनेताहरूले यसबाट प्रेरणा/प्रोत्साहन र ठीकसँग बोली ज्ञान लिन सिक्नुपर्दछ । यस सन्दर्भमा संयुक्त राष्ट्रसंघको आह्वानमा अन्तर्राष्ट्रिय युवा वर्ष १९८५ को उपलक्ष्यमा राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट हुकुम बक्सेको पाइन्छ :

"आज युवाहरूले एकातिर अन्धविश्वास र सामाजिक विकृतिहरूका विरुद्ध सशक्त अभियान चलाउनु परेको छ भने अर्कोतर्फ श्रम, सिप र सदाचारको उत्कृष्ट उदाहरण प्रस्तुत गरी आफ्नो खुट्टामा उभिन सक्नुपरेको छ । यस युवा वर्षको शीर्षक मूलमन्त्र नै 'सहभागिता, विकास र शान्ति' थियो जुन शान्तिको मूलमन्त्र श्री ५ वीरेन्द्रको अपूर्व देनको मूल मन्त्र हो भन्ने यथार्थ आफैँ बोल्दछ । यस सन्दर्भमा डा. भीम राव रामजी आम्बेडकरको भनाइ राख्दा राम्रो हुनेछ– 'संसारमा सबै धर्मराज्य बनाउन चाहन्छन्' । 'स्वर्गको राज्य' पहिलो, 'पृथ्वीको राज्य' दोस्रो, 'नर्कको राज्य' तेस्रो हुन्छ । स्वर्गका राज्यमा ईश्वरको शासन हुन्छ भनिन्छ, नर्कको राज्यमा दुष्टको एकाधिकार भएको मानिन्छ, पृथ्वीको राज्यमा भने झगडा छ । यस सन्दर्भमा सिद्धार्थ गौतम बुद्ध भन्नुहुन्छ : 'धर्मराज्य यस पृथ्वीमा नै छ र त्यसलाई धर्मपथमा अग्रसर भएर प्राप्त गर्न सकिन्छ ।' 'धर्मको काम उपदेश दिने मात्र होइन बरु, सर्वोच्च आवश्यकता त सदाचारी बन्नु हो भन्ने धारणा मानिसको मनमा जगाउनु हो ।' एउटा प्रसङ्गमा बुद्ध भन्नुहुन्छ : "तिमी विनम्र स्वभावको हुनुपर्छ ।" यसलाई हाम्रा चरित्रनायक श्री ५ वीरेन्द्रको स्वभाव र प्रवृत्तिसँग तुलना गर्ने हो भने मौसुफ निकै विनम्र स्वभावको होइबक्सन्थ्यो भन्ने कुरा त मौसुफको धैर्यशील बानी र विनम्र स्वभावबाट नै विश्वभरिका

राजनीतिज्ञहरूले एकमतले श्री ५ वीरेन्द्रको उच्च प्रशंसा गरेकोबाट प्रमाणित हुन्छ । खप्तड स्वामीले 'म र मेरो कर्तव्य' नामक पुस्तकमा लेख्नुभएको छ : 'ईश्वर', आमाबाबु,गाई, गुरु र शास्त्र यी पञ्चतत्त्वस्वरूप चिन्तनबाट नै उपकार गर्नुपर्दछ । यस सन्दर्भमा तुलनात्मक रूपमा यथायोग्य सबैप्रति उच्च आदरभाव रहेको पाइन्छ । विश्व इतिहासमा आधुनिक संवैधानिक प्रजातन्त्रको बौद्धिक आधार अङ्ग्रेज दार्शनिक जोन लक र अर्का फ्रान्सका विधिवेत्ता तथा दार्शनिक मोण्टेस्क्यू आदिद्वारा चिन्तन गरिएका सन्दर्भ आफ्नै ऐतिहासिकतामा सुन्दर प्रतीत हुन्छन् भने श्री ५ वीरेन्द्रका चिन्तनहरूलाई गम्भीर रूपमा अध्ययन/ सिंहावलोकन गर्दा भविष्यदृष्टिका रेखाहरू संक्षिप्त रूपमा विश्वशान्तिका लागि नै मार्ग-दर्शक प्रेरणास्रोत बन्न सक्ने स्थिति बन्दछ । यी सबै कृतिहरूको प्रकाशन, वर्गीकरण र व्यवस्थित रूपमा नै चेतनामूलक प्रचार गर्न सकिने हो भने आफ्नै पूर्वीय दर्शनभित्रबाट चिरनवीन दर्शन जन्मन सक्दछ । आफ्नो दर्शनलाई अङ्गी र अन्य विश्व समाजवादी, साम्यवादी, समन्वयवादी, प्रजातान्त्रिक अथवा अन्य दर्शनलाई अङ्ग बनाई देशको युग निर्माण गर्न सकिन्छ ।

युवा सम्बन्धमा श्री ५ वीरेन्द्रका अवधारणालाई यसरी हेर्न सकिन्छ :

> *" ... युवावर्गको परिश्रम, लगन र समर्पणको देशले अपेक्षा गरेकै छ ।"* यसबाट युवावर्गप्रति श्री ५ वीरेन्द्रको युवाशक्तिले पूर्ण हिमाली बाँधलाई बाँधेझैँ बाँधिएका धैर्यशाली विचार प्रकट गरिएको पाइन्छ । अझ धर्मप्रति श्री ५ वीरेन्द्रबाट प्रकट गरिएको विचार निकै महत्त्वपूर्ण छ :
>
> 'हाम्रो विचारमा हाम्रो धर्म मेटिए, हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्तछ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौँ ।" यी विचारहरू आजका ती युवाहरूका लागि अझ महत्त्वपूर्ण बन्न पुग्दछन् ।

४. निचोड

पं. श्रीराम शर्मा आचार्य भन्नुहुन्छ : *"मनुष्य जन्मतः* सेतो कागजझैँ सफा हुन्छ, जसमा परिस्थिति र वातावरणको संस्कार लेखिन्छन्" यसरी नै भर्तृहरि भन्नुहुन्छ : *'न मूर्ख जनसम्पर्कः'* प्रजाको रञ्जन गर्नेलाई विद्वान् राजा भन्दछन् खप्तड स्वामी । *'विचारं परमं ज्ञानम्" 'प्रज्ञानं ब्रह्म' 'प्रज्ञा लोकः'* आदि जस्ता महान् विचारहरूबाट अनुप्रेरित श्री ५ वीरेन्द्रको व्यक्तित्व शालीन, गम्भीर, परिपक्व, दूरदर्शी, दयालु, परोपकारी, जिज्ञासु, प्रकृतिमुखी, देशभक्तिपूर्ण, माता, पिता, गुरु, अतिथि, प्रजाप्रेमी स्वच्छ, पवित्र जनप्रेमी व्यक्तित्वका रूपमा हेर्न सकिन्छ ।

प्रत्येक राष्ट्रको आफ्नै भूगोल हुन्छ । यही भूगोलभित्र बाँधिएर उसले बस्नुपर्दछ । ५६००० वर्ग मील भूभाग ओगटेको यो सानो राष्ट्रले आफ्नो व्यक्तित्वको निर्माण आफ्नै मातृभूमि टेकेर मात्र हुन सक्दछ । राष्ट्रको दिगो विकास (Sustainable Development) का लागि सही नीति, सही नेतृत्व, सही व्यवस्थापन, सही कार्यान्वयन र सही अनुगमन नामक 'सम्पूर्ण सन्तुलनवाद'बाट मात्र हुनसक्दछ । Power (शक्ति)को पछि लाग्ने प्रवृत्तिले आत्मघाती कार्य हुनपुग्दछ र श्री ५ वीरेन्द्रका कुनै पनि नीतिसँग मेल खाँदैन । राजालाई *'नराणां च नराधिपः' 'अष्टानां लोकपालानां मात्राभिर्निर्मितो नृपः'* भनेर मौखिक श्रद्धा गरेर पुग्दैन । श्री ५ वीरेन्द्रका सम्पूर्ण कार्यहरूको वर्गीकरण/विश्लेषण गरी स्वीडेन, ब्रिटेन, जापान, नर्वे होलेण्ड, बेल्जियम, स्पेन आदि संवैधानिक राजतन्त्रप्रेमी राष्ट्रहरूबाट उचित प्रेरणा र आफ्नै पूर्वीय दर्शनबाट नै मूल्याङ्कनको सही निचोड निकाल्न सिक्नुपर्दछ । यही नै संवैधानिक राजतन्त्रको मेरुदण्ड हुनसक्दछ । समग्रमा श्री ५ वीरेन्द्रप्रति सही श्रद्धाको सुमन अर्पण हुनसक्दछ । आफ्नो तर्फबाट, देश र जनताको तर्फबाट श्रद्धापुष्प अर्पण गर्दछु ।

सन्दर्भग्रन्थ विवरण

१. श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको गद्दीआरोहण रजत-महोत्सव २०५३ स्मारिका, प्रकाशक : नेपाल चेम्बर अफ कमर्श, काठ., सन्दर्भ : विविध ।

२. अभिलाषा, युवा विशेषाङ्क, जाएन्टस इन्टरनेशनल राष्ट्रिय समिति नेपाल, प्रथम संस्करण वि.सं. २०४२, आंशिक मात्र ।

३. पं. श्रीराम शर्मा आचार्य, राष्ट्र चिन्तन, प्रकाशक : युगनिर्माण योजना, गायत्री तपोभूमि मथुरा द्वितीयबार– १९६२ (आंशिक विवरण)

४. श्री आस्था, वर्ष १ अङ्क-५, प्रकाशक : नेपाल विद्वत् परिषद् काठ. वि.सं. २०५१ साल वैशाख विवरण (आंशिक मात्र)

५. आस्था (विशेषाङ्क) वर्ष १, अङ्क-३, प्रकाशक : ऐजन, विक्रम सं. २०५० साल पौष विवरण (आंशिक मात्र)

६. खप्तड स्वामी विचार विज्ञान, प्रकाशक : श्री ५ को सकार सञ्चार मन्त्रालय, सूचना विभाग सं. २०३९ (आंशिक)

७. श्री भर्तृहरि विरचितं, 'नीति शतकम्' प्रकाशक, चौखम्बा सुरभारती प्रकाशन पुनर्मुद्रित– १९९९ ।

८. प्रा. चूडानाथ भट्टराय, प्रज्ञा त्रैमासिक पत्रिका, प्रकाशक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, काठ. २०३३ पौष, शुभजन्मोत्सव विशेषाङ्क ।

९. प्रजातन्त्र के हो ? अमेरिकि सूचना एजेन्सी अक्टुबर १९९१ ।

१०. पूर्वीय/पाश्चात्य स्मृति चिन्तन सन्दर्भ ।

११. विविध विद्वान्हरूबाट लिखित सामग्री विवरण ।

●

सर्वाधिक लोकप्रिय राजा- श्री ५ वीरेन्द्र

● पद्यराज जोशी "प्रभात"

पृथिव्या भूषणं राजा- राजा मुलुककै गहना हुन् ।

भूः स्वामी- राजा पृथ्वीका अधिपति हुन् ।

ॐ भूः स्वाहा, भूपतये स्वाहा । देवपितृ-कार्य गर्नुपर्दा सर्वप्रथम भूमि र भूपतिलाई आह्वान गर्नुपर्दछ । *ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम्* । हात्तीहरूमा मलाई ऐरावत हात्ती र मानिसहरूमा मलाई श्रेष्ठ राजा भन्ने जान-भगवान् श्रीकृष्ण । राजाका बारेमा यस्तै किसिमका थुप्रै शास्त्रसम्मत अभिव्यक्तिहरू सुन्न र पढ्न पाइन्छन् ।

राजा सबैभन्दा ठूला मानिस हुन् । राजा भगवान् विष्णुका अवतार हुन् । राजा पापी भएपछि मुलुकमा सुक्खा र खडेरी पर्दछ । खेतीपाती हुँदैन । फलफूलहरू ऋतु अनुकूल फल्दैनन् । राजाले जनतालाई आफ्नै सन्तानसमान माया गर्दछन् । कुनै मानिसको सन्तान पनि छैनन्, उसका कृयाकाज गर्ने मानिस पनि छैनन् भने त्यस्ता मानिसको कृया गर्ने व्यवस्था राजाले मिलाई दिनुपर्छ वा आफैं पनि गर्नुपर्छ । राजाले कृयाकाज गरिदिंदा प्रेत मुक्त हुन्छ । नयाँ अन्न चाख्दा देवता, पितृ र राजालाई पहिला छुट्याउनु पर्दछ । राजाको मुखमा सोझोसँग हेर्नुहुँदैन । देउ (देवता) राजा सबैका साझा अः तैत होई (त्यतै होनि) यै ठाउँको (यस ठाउँको) पाँच सरकार (श्री ५) कसैलाई व्यङ्ग्य गर्दा वा कुनैको तेजोवध गर्दा प्रयोग गरिने व्यङ्ग्यात्मक शब्द । आका कति रामणो छ राजाका रौत्याला जसो (आहा, कति राम्रो छ राजाका छोरा युवराज (राजकुमार जस्तो) । धन, जीउ, राजाको । रानी धेके पाप वामनी छोय पाप ।रानीलाई देख्नु नै पाप हुन्छ तर ब्राह्मणी यानी गुरु आमालाई छोएमा मात्रै पाप लाग्छ ।)

पाण्डवको राज्य गयो जुवाका खाल्सित ।
राजा होत बिन्ती चढाउ क्याहरू काल्सित ॥

डोट्याली देउडा

राजाद्वारा गरिएको कुनै कार्यबाट ज्यान जान लागेको भए वा कुनै कार्य सुधार गर्दा हुने भए त्यस्तो अवस्थामा राजासँग बिन्ती गर्न सकिन्थ्यो तर यो निरङ्कुश, रुष्ट निर्दयी कालसँग के गर्ने । यसले जे चाह्यो त्यही हुन्छ । यो कालसँग कसैको बिन्ती लाग्दैन । त्यसको निर्णयलाई स्वीकार्नुबाहेक दोस्रो विकल्प छैन ।

मैले मेरो बाल्यकालमा गाउँघरमा यस्ता अनगन्ती लोकोक्ति सुनेको थिएँ राजाका सम्बन्धमा । साथै राजाले एउटा औंलाले यो घरलाई जुरुक्क उठाइदिन सक्छन्; उ : त्यो पारि मेलाको ठूलो ढुङ्गोलाई एउटै लात हानेर राजाले त्यो भिरमा खसालिदिन सक्छन्; राजा रुख जस्तै ठूला हुन्छन्; उ : त्यो राजाको बस्ने घर हो (साँझ पख आकाशका तारा देखाउँदै) जस्ता तर्क-वितर्कहरू मेरो बालमस्तिष्कमा खेल्ने गर्दथे । यी मेरा तर्क-वितर्कहरूले निकास पाए जब २०२९ सालमा राजालाई प्रत्यक्ष देख्ने अवसर पाएँ । त्यसताका गाउँ-घरमा राजाको सवारी हुने भयो भन्ने खबर फैलियो । त्यो खबर पाए पछि एकदिनको बाटो हिडेर म पनि पाँच दिन अघि नै डोटी जिल्लाको सदरमुकाम सिलगढी पुगेको थिएँ । त्यसबेला १२/१३ वर्षको उमेर थियो मेरो । राजाको

सवारी हुने समय जति निकट हुँदै थियो सिलगढी बजार पनि त्यति नै स्वागतद्वारले झिलिमिली बन्दै थियो । टुँडिखेलमा रहेको मञ्च विशेष तवरले श्रृङ्गारपटार गरिएको थियो । टुँडिखेल चारैतिर बाँसको बुट्टेदार बार लगाई त्यसलाई बाहिरबाट झ्याउको आवरण दिँदा बारको प्राकृतिक शोभा अत्यन्तै मनमोहक थियो । त्यस बारको बाहिर मानिसहरू हातमा फूलका गुच्छा र माला लिएर राजाको स्वागतार्थ तैनाथ थिए । म पनि एकजना आफन्तको आडमा बारको एक कुनामा निकै बेरदेखि उभिइरहेको थिएँ । पहिलोपटक एउटा हेलिकोप्टर अवतरण भयो । त्यसपछि दुईवटा हेलिकोप्टरहरू अवतरण भए । हेलिकोप्टर अवतरण हुने बित्तिकै जय जयकारको ध्वनि गुञ्जायमान भयो । श्री ५ वीरेन्द्र र तत्कालीन अधिराजकुमार ज्ञानेन्द्र सैनिक पोशाकमा होइबक्सिन्थ्यो । श्री ५ बडामहारानी ऐश्वर्य गुलाबी सारीमा र तत्कालीन श्री ५ अधिराजकुमारी कोमल हरियो नीलो रङ्गको सारीमा होइबक्सन्थ्यो । मञ्चको अग्रभागमा राजारानी, राजकुमार-राजकुमारीहरू राज भयो । मञ्चमा अभिनन्दन वाचन गरियो । सबैले राजारानीको दर्शन पायौँ । धेरैले कुरा गर्थे- आहा ! राजाका दुई भाइ, रानीकी दुई बहिनी । मानिसले राजारानीलाई खुबै हेरे तर कुनै पनि मानिसका आँखा राजारानी वा अधिराजकुमार अधिराज कुमारीहरूलाई देखेर तृप्त हुन सकेनन् । जति हेर्‍यो त्यति हेरौँ हेरौँ लाग्ने ।

हाम्रो डोटी क्षेत्रमा देवीदेवताहरूको जाँत मनाउने परम्परा छ । यस जाँतमा देवीको प्रतीक गाँज (झाँकी) निकाल्ने परम्परा छ । यसरी जाँतको गाँज निकाल्ने र विसर्जन गर्ने बेला उक्त गाँजलाई कोरा अक्षता र फूल छर्ने परम्परा छ । विशेष गरेर मेलामा आएका सबै महिलाहरूले पोल्टामा फूलअक्षता बोकेर ल्याउने गर्दछन् । राजाको सवारीमा पनि त्यस्तै अवस्था देखियो । जब हेलिकोप्टर अवतरण भयो, सबै महिलाहरूले हाँस्दैहाँस्दै श्रद्धाले गद्गद् भएर जो जहाँ छन् त्यतैबाट हेलिकोप्टरतिर फूलअक्षता छरे ।

मञ्चको कार्यक्रमपश्चात् राजाको सवारी समीक्षालयतिर बढ्यो । त्यस क्रममा शैलेश्वरी मन्दिर भएर सवारी सञ्चालन गर्ने कार्यक्रम तय भएको रहेछ । त्यो कुरो थाहा पाएपछि हामी फुच्चे केटाहरू अर्को छोटो बाटोबाट शैलेश्वरी मन्दिरअगाडि गएर उभियौँ । राजाको सवारी शैलेश्वरी मन्दिरतिर भयो । अलिअलि सम्झना जस्तो लाग्छ । राजा र अधिराजकुमार बाहिरबाटै परिक्रमा गरिबक्स्यो । बडामहारानी र अधिराजकुमारी मन्दिरभित्र प्रवेश गरिबक्सेको जस्तो लाग्छ । राजाको सवारी समीक्षालयतिर हुने सङ्केत पाएपछि हामी त्यहाँबाट अझै अगाडि गई चन्द्र पाठशालाको सामुन्नेमा गएर उभियौँ । अगाडि राजारानी र अधिराजकुमार, अधिराजकुमारी, पछिपछि जयजयकार गर्ने मानिसहरूको ठूलो हुल थियो । त्यतिबेला राजारानीलाई एकदमै नजिकबाट देख्ने अवसर मिल्यो । हृदय गद्गद् भयो । रानी र राजकुमारीले पहिरिएको मालाबाट चमक आएको जस्तो आभास हुन्थ्यो । त्यसबेला श्रद्धाले हृदय नै सिरिङ्गसिरिङ्ग हुन्थ्यो । हामी साना फुच्चे हुनाले हाम्रो माने कसैले राखेन, सानो मुसो फुत्केझैँ हामी फुत्कने गर्थ्यौँ राजारानी हेर्नका लागि । राजाको सवारी जिल्ला कार्यालयमा रहेको समीक्षालयतिर भयो । हामी टुँडिखेल जाने बाटोतिर लाग्यौँ । राजाको टुँडिखेलतिर सवारी सञ्चालन गरिने बाटो त्यही थियो । छात्रावास र कृषिकार्यालयको बीचमा रहेको सेतो घर सामुन्नेमा हामी फेरि उभियौँ । हामीहरू मध्येकै एक फुच्चेले पाइन्टको खल्तीमा हात हालेको थियो । राजाको अगि-अगि आएको आर्मीले ए हात बाहिर झिक भनेर आदेश दियो । उसले पनि हात बाहिर झिक्यो । एकैछिनमा राजाको सवारी हेलिकोप्टरतिर भयो । हामी माथि चढेर हाइ स्कुलको किनारातिर उभियौँ । त्यहाँबाट हेलिकोप्टर उडेको राम्रोसँग देखिन्थ्यो । राजा हेलिकोप्टरभित्र सवारी भइ बक्स्यो । त्यसबेलाका सभापति पद्मराज उपाध्यायले राजा र अधिराजकुमारलाई बिदाइ गरे । गणेशकुमारी जोशीले रानी र अधिराजकुमारीलाई बिदाइ अभिवादन गर्नुभयो । राजाले हेलिकोप्टर स्वयम् चलाइबक्स्यो । राजारानी एक हेलिकोप्टरमा र अधिराजकुमार र अधिराजकुमारी अर्को हेलिकोप्टरमा फिर्ती सवारी भयो । गाउँबाट आएका धेरै महिलाहरूले राजा उड्ने बेला फूल र अक्षता हेलिकोप्टरतिर छर्दै रुन थाले । राजा आउँदाखेरि जुन हाँसो, उत्साह र उमङ्ग थियो राजाको हेलिकोप्टर उड्ने बित्तिकै त्यो निराशामा परिणत भयो । कतिपय महिलाहरू त घ्वाँ-घ्वाँ रुन थाले । सबै निस्याइलो मुख लगाएर फिर्ता भए । कसैले कुनै कुरा चुँडेर लिएजस्तो, कुनै प्रियवस्तु हराएजस्तो आभास भयो । त्यतिखेर हात खुट्टा शिथिल भए । त्यो राती सिलगडीमा नै बास बसियो र दोस्रो दिन घरतिर गइयो । गाउँघरमा धेरै दिनसम्म राजारानी, अधिराजकुमार, अधिराज कुमारीबारे मैले पनि आफ्ना दौंतरीसँग खुबै फूर्ती लगाएँ । राजाका सन्दर्भमा मेरा प्रारम्भिक अनुभव र स्मृति यिनै हुन् ।

क्षेत्रीय भ्रमणको सिलसिलामा २०३४ सालमा पुनः राजाको सवारी भयो । त्यसताका सुर्खेतमा सवारीशिविर रहेको थियो । डोटी जिल्ला भ्रमणको सिलसिलामा मौसुफ सरकारहरू बिहानीपख खप्तडतिर लागिबक्सिएछ । त्यसक्रममा खप्तड जाने बाटोको बीचमा पर्ने बगलेक मन्दिर (माण्डु) को चौरमा अकस्मात् अवतरण भएछ । त्यहाँ नजिकै गाईबस्तु चराइरहेका ग्वालाहरू नजिकै

आएछन् । राजा सैनिक पोशाकमा सवारी होइबक्सेको रहेछ । साथमा श्री ५ बडामहारानीसहित भ्रमण दलका अन्य सदस्यहरू पनि रहेछन् । त्यसबेला श्री ५ महाराजाधिराज सरकारबाट चुरोट पिइबक्सिएछ । राजालाई चुरोट पिइरहेको देखेपछि ती ग्वालाहरूलाई पनि तमाखु पिउने इच्छा जागृत भएछ । एकजनाले राजाको नजिकै गएर भनेछ “सिपाही सा'प हामी तमाखु खान्थ्यो रे आगो दिलाइहाल”, आफ्नै डोटीभाषामा (सीपाही साहेब आगो दिनुहोस्, हामी तमाखु पिउने थियौं) । निर्धक्क र निर्भयपूर्वक श्री ५ लाई सैनिक पोशाकमा आइबक्सेको हुँदा सिपाही सापको सम्बोधन गरेछन् । त्यसताका खप्तड स्वामीलाई भेट्न शाही नेपाली सेना त्यस बाटोबाट आवागमन गर्ने हुँदा उनीहरूलाई सैनिक पोशाकमा आउनेजति सबै सिपाही हुन् भन्ने लागेर होला । तमामै पटक सिपाइ साप भनेछन् । सिपाइ साप भनेको सुनेर राजा प्रफुल्ल मुद्रामा हाँसिबक्सेछ र सोधि बक्सेछ । “के तिमी चुरोट पिउँछौ ? लेऊ चुरोट” भन्दै त्यहाँ भएका ग्वाला गोठालाहरूलाई चुरोट दिइबक्सेछ । ग्वालाहरूले आनन्द पूर्वक चुरोट पिएछन् । राजाले बाँसुरी बजाउन भनेपछि ग्वालाहरूले राजाको आज्ञाअनुसार बाँसुरी बजाएछन् । त्यस क्रममा राजाबाट गाउँघरको सबै हालखबर बुझिबक्सिएछ । गाउँका मानिसहरू के गर्छन्, गाउँका अरू मानिसहरू आज कहाँ छन् ? भनी सोधिबक्सिएछ । “यस गाउँको नाम रिखडा हो” गोठालाहरूले उत्तर दिएछन् । आज सिलगढी राजाको सवारी हुनेरे । राजालाई बिन्तीपत्र चढाउन सबै गण्यमान्य मानिसहरू सिलगढी गए । हामीलाई गाईभैंसी हेर्न भनी जिम्मा लगाएका छन् । राजाबाट बिन्तीपत्रको बारेमा जानकारी लिइबक्सेछ । त्यस क्रममा राजाबाट तिमीहरूलाई के मर्का पर्‍यो र केका लागि बिन्तीपत्र दिन गाउँका मानिसहरू राजाकहाँ गए भनेर एकएक कुरा सोधिवक्सेछ । ती गोठालाहरूले पनि फुलौट गाउँको र रिखाडाको जग्गासम्वन्धी मुद्दा परेको र फुलौटीले जितेमा रिखडाको गाउँ नै उठ्नुपर्ने, पैसा तिर्नुपर्ने जस्ता कुरा राखेछन् । तिनीहरूबाट गाउँलेका मर्का सबै बुझिबक्सेछ । अन्तमा तिमीहरू राजारानी हेर्न किन गएनौ भनेर सोधिबक्सेछ । हामी कसरी जाऊँ हजुर, राजारानी आइसके होलान् हामीलाई गाइभैंसी हेर्न किन भनियो, राजारानीलाई हेर्ने मन त हाम्रो पनि थियो भनेछन् । तिमी सिलगढी पुगिसकेपछि आफ्नो गाउँको मानिसहरूलाई भेटाउन सक्छौ ? भनेर सोधिबक्सेछ । उनीहरूले भेटाउन सक्ने तत्परता देखाएछन् । राजाबाट आज्ञा भएछ “लौ हिड, राजा हेर्न जाने भए हामी लगिदिन्छौं । हामी पनि राजारानी नै हेर्न जाने हो ।” राजाको आज्ञा पाएपछि त्यहाँ भएका २ वटा ठूला ग्वालामध्ये एक जना गोरु हेर्न त्यहीं बसेछन्, एकजना राजासँग जान तयार भएछन् । भाङ्ग्राको गादो, कम्मरमा खुर्पा र माथि गर्दनभन्दा तल बाँसुरी घुसारिएको थियो- ती ग्वालाको । त्यस्तै भेषभूषामा उनी राजारानीसँगै हेलिकोप्टर भित्र पसेछन् ।

हेलिकोप्टर उडिसकेपछि माथिबाट तल ओर्लंदा तिनी निकै डराएछन् । राजारानीले डराएको थाहा पाएपछि केही हुँदैन नडराऊ भनेर आश्वस्त पारिबक्सेछ । हेलिकोप्टर टुँडिखेलमा अवतरण हुने बित्तिकै बाहिरबाट जय जयकारको ध्वनि गुञ्जायमान भएपछि सिपाही साप भनेको त तिनै राजा रहेछन् भन्ने थाहा पाएर उनी निकै डराएछन् । राजालाई पटकपटक सिपाही साप भनेको र राजा हाँसिबक्सेको कुरा उनका मनमा खेल्न थालेछ । उनी निकै भयभीत भएछन् । राजारानीको साथमा हेलिकोप्टरबाट झर्दा ती ग्वालालाई खुर्पा, गादो, बाँसुरीसमेत आएको देख्दा सबैलाई आश्चर्य लागेछ(। कति प्रशासनिक पदाधिकारीहरू डराएछन् । ती ग्वालालाई डोटीका मानिसहरूले त्यसताका भाग्यमानीको संज्ञा दिन्थे । राजाबाट त्यो मुद्दा शुरुबाट सुनुवाई गर्नु भन्ने हुकुम प्रमाङ्गी भएछ । ती गाउँका मानिसहरूले न्याय पनि पाए र आज पनि त्यही गाउँमा बसिरहेछन् । यी मेरा आफ्ना अनुभव होइनन् । डोटी जिल्लावासीमा चलेको चर्चा-परिचर्चा सुनेको र पछि २०३५ सालमा तिनै व्यक्ति जिल्ला कार्यालय डोटीमा खाद्यको चामल लिन आउँदा हामीहरूले त्यस घटनाको विवरण सोधनी गर्दा सबै विवरण उनीहरूले सुनाएका थिए । तिनको नाम अहिले सम्झना छैन । म त्यतिखेर जिल्ला कार्यालयमा जागिर खान्थें तर राजाको डोटी सवारीका क्रममा म बैतडी जिल्लामा थिएँ । बैतडीमा राजारानीको सवारी सतबाँझमा भयो । पछि केवल बडामहारानी सरकारको सवारी बैतडी जिल्लाको सदरमुकाम खलङ्गामा भयो । त्यस क्रममा श्री ५ बडामहारानी सरकारबाट बैतडीस्थित बालमन्दिर भवनको समुद्घाटन पनि गरिबक्स्यो । सवारीका क्रममा श्री ५ अधिराजकुमारी शारदा शाह तथा कुमार खड्गविक्रम शाह पनि हुनुहुन्थ्यो ।

त्यसपछि २०३८ सालमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको अलग्गै गठन भएपछि २०३९ सालमा राजाको सवारी शिविर दिपायलमा नै रह्यो । त्यस वर्ष राजाको शुभजन्मोत्सव दिपायलमा नै मनाइयो । एयरपोर्टको सामुन्नेमा निर्मित मञ्चमा राजा र रानी दिनभरि राज भयो । त्यस बेला राजारानीलाई लगातार ४ घण्टासम्म सामुन्नेमा हेर्न पाइयो । जति हेर्‍यो हेरौं हेरौं लाग्ने, तृप्ति नहुने । एक महिनाभन्दा बढी देशकै राजधानी बन्यो दिपायल । त्यसताका गाउँघरका मानिसहरूले राजाका समक्ष बिन्तीपत्रमार्फत वा दर्शनभेटमार्फत आफ्ना कुराहरू राख्न पाउँथे । त्यसताका एउटा प्रसङ्ग पनि डोटीमा निकै समयसम्म चर्चा परिचर्चामा रह्यो । श्री

५ महाराजाधिराज गुप्त रूपमा सामान्य जनताका घर प्रवेश गरिबक्सँदो रहेछ। कञ्चनपुर जिल्लाको बाइसे बिछवा गाविसमा एक राना थारुका घरमा अप्रत्याशित रूपले प्रवेश गरेर बाढीपीडितको बारेमा जानकारी हासिल गरिबक्सेछ।

त्यस्तै दिपायलमा पनि एकदिन बिहानको समयमा एउटी महिलाको घरमा गई उनलाई सोधिबक्सेछ "के छ तपाईंको हाल खबर ? यहाँ राजाको सवारी भएको छ। तपाईंले राजालाई देख्नुभयो कि भएन" । बूढीआमाले पनि निर्धक्कपूर्वक उत्तर दिइछन्। "राजा त आया भन्नाछन् हजुर राजा आउनु त निको हो। हाम्रो भन्या उठाबास लाग्ने भयो। यो जग्गा जति सबै राजा लैजान्या भन्यो। हाम्रो त कई मुग्लान पो मरु हुन्या हो। हामी क्या अरुँ यही विकासले। बरु हाम्रो उठाबास नलगाइदिया पछि त कति निको हुन्याथ्यो। (राजाको सवारी भयो भन्छन् हजुर। राजा आउनु त धेरै राम्रो कुरा हो। हामीले भने बसाइँ सराइ नै गर्नुपर्ने भयो। यो जमिन जति सबै राजाले लिने रे। हामीले भने कुन प्रदेशमा गएर मर्नुपर्छ। हामी के गरौं हजुर यो विकासले। बरु हाम्रो उठाबास नलागे कति राम्रो हुने थियो।) यसरी बूढी महिलाका कुराकानी सकेपछि राजाले दिपायल उपत्यकाको उर्वर भूमिलाई अतिक्रमण गर्ने कार्यलाई स्थगित गरी राजपुरको बाँझो डाँडामा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम सारेको हो भन्ने चर्चा डोटीक्षेत्रमा व्यापक रूपमा फैलिएको थियो। यसरी एउटा ग्वाला वा गोठालालाई बोक्नु, उनीहरूको अभिव्यक्ति सुनेर त्यसलाई कार्यान्वयन गर्न लगाउनु, एउटी बूढी महिलाको कुरा सुनेर सदरमुकाम नै सार्नु, सामान्य किसानको घरभित्र पसेर दुःखसुख बुझिबक्सनु, के यो राम राज्यको परिकल्पना होइन र ? । राजासँग हाम्रो शासकीय सम्बन्धमात्र नभैकन एउटा सांस्कृतिक सम्बन्ध रहँदै आएको छ। यस्ता परम दयालु राजा श्री ५ वीरेन्द्रका सम्बन्धमा शब्दहरू सङ्कलन गर्दा हजारौंको हिसाबमा प्राप्त हुन सक्छन्। कुनै वस्तुको मूल्य त्यतिखेर थाहा हुँदो रहेछ जतिबेला त्यो अप्राप्य हुन्छ। श्वास-प्रश्वासको मूल्य मान्छेलाई त्यतिखेर थाहा हुन्छ, जब श्वास-प्रश्वास रोकिन्छ। त्यसको परिणाम उसले मृत्यु ग्रहण गर्नुपर्छ। त्यही अवस्था आज नेपालीमाझमा छ।

यी सम्पूर्ण घटनाक्रमले राजा वीरेन्द्रलाई पटकपटक सम्झन प्रेरित गर्दछ। नेपाली जनताको माझमा अति लोकप्रिय राजाको रूपमा श्री ५ वीरेन्द्रलाई लिन सकिन्छ। अन्त्यमा राजा श्री ५ वीरेन्द्रले स्थापित गरेका मूल्य र मान्यतालाई आत्मसात् गर्दै, आ-आफ्नो निजी स्वार्थ र सत्ताहोडबाजीलाई त्याग गर्दै, मुलुकलाई पूर्ववत् अवस्थामा ल्याई नेपालीनेपालीबीचमा रहेको सुमधुर भाइचाराको सम्बन्ध पुनः स्थापित गरी राष्ट्र र राष्ट्रियताको संरक्षण गर्नु नै श्री ५ वीरेन्द्रप्रतिको सच्चा श्रद्धाञ्जली।

●

प्रशिक्षणका मर्मज्ञ : श्री ५ वीरेन्द्र

● *पुरुषोत्तमप्रसाद सापकोटा*

श्री ५ वीरेन्द्रको स्मृति गर्दा मलाई २०२८ सालदेखि राजाको निधन नभएसम्मको पूरा समय मानसपटलमा घुमिरहन्छ । युवक राजादेखि परिपक्व हुँदासम्मको समयमा गरेका, गराइएका विभिन्न क्रियाकलापहरू चलचित्रमा देखिने फ्ल्यास ब्याक झैं आजसम्म आफ्नो मानसपटलमा प्रस्ट रूपमा उत्रिन्छ । बहुआयामिक प्रतिभा भएका श्री ५ वीरेन्द्रका विभिन्न क्रियाकलापमध्ये 'विकास र विकासका निम्ति अपरिहार्य मानव साधन'को परिकल्पनामात्र प्रस्तुत गर्ने जमर्को यस लेखमा गरिएको छ ।

विकासप्रेमी श्री ५ वीरेन्द्र

नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालमा भएको हो तापनि विकासको गतिले तीव्रतम फड्को मार्न थालेको २०३१ सालपछि मात्र देखिन्छ । पाँचवर्षे विकास योजनालाई द्रुतगतिमा अगाडि बढाउन र त्यसको प्रतिफल आम नेपाली नागरिकले पाउनुपर्दछ भन्ने अवधारणा श्री ५ वीरेन्द्रमा रहेको पाइन्छ । यसै परिप्रेक्ष्यमा राजावाट देशवासीका नाउँमा 'विकासको मूल फुटाऊँ' भन्ने आह्वानमात्र भएन, आफ्नो आह्वानलाई सार्थकता दिन आम नेपाली जनताको घरदैलोमा विकासको फल आ-आफ्नो मेहनत र कर्मअनुसार पुऱ्याउन नेपाल अधिराज्यलाई पाँच विकासक्षेत्रमा वर्गीकरण गरी क्षेत्रगत विकासको अवधारणालाई कार्यान्वयन गराइ बक्स्यो ।

विकास भनेको भौतिक सुविधामा वृद्धि र देशवासीको आर्थिक क्रियाकलापको उन्नतिमा मात्र सीमित गरिनुहुन्न । विकाससँगै एक नागरिकको गाँस, वास र कपासको अतिरिक्त चेतनशीलता पनि गाँसिनुपर्दछ भन्ने अवधारणालाई आत्मसात् गरी शैक्षिक जागरण, सामुदायिक विकासजस्ता विषयहरू पनि विकासका क्रियाकलापमा समाहित हुन पुगे ।

योजनाबद्ध विकासको थालनी भएपछि आफ्नो सोचाइ अनुरूपको परिवर्तन नेपाली जनजीवनमा आउन नसकेको महसुस गरी श्री ५ वीरेन्द्रबाट विकासलाई मूर्तरूप दिन, विकासको प्रतिफल आम जनताले प्राप्त गरेको प्रत्यक्ष अवलोकन गर्न र विकासकार्यको गतिलाई निरन्तर अनुगमन गर्नका लागि राज्यारोहणपछि स्वयम् श्री ५ बाटै प्रत्येक वर्ष विभिन्न विकासक्षेत्र मुकाम गरिबक्सँदै विकास- योजनाको निरीक्षण तथा अनुगमन गरी विकासकार्यलाई अगाडि बढाउने काम भयो । पाँच विकासक्षेत्रको संरचनामा उत्तर हिमालदेखि दक्षिण तराईको भूभाग, अन्तर्राष्ट्रिय सीमाना तथा मुख्य नदी तथा अन्य भौगोलिक विकटतालाई समेत मध्येनजर गरी विकासक्षेत्रको केन्द्र तोकिएको सबैलाई जानकारी नै छ ।

विकासक्षेत्रको निरन्तर भ्रमणबाट त्यस क्षेत्रअन्तर्गत चरणबद्ध रूपमा गरिने आयोजना, प्रायोजना, नियमित कार्यहरू, तोकिएका कार्यहरूको प्रगतिविवरण, प्रगतिको मूल्याङ्कन र यावत् विकासकार्यको लेखाजोखा जस्ता महत्त्वपूर्ण कार्यहरू राजा र सम्बन्धित कार्यरत मानव साधनका संयुक्त सह- भागितामा गर्ने गराउने कार्य भएबाट राजाको विकासप्रतिको चाहना र धारणा आफैं छर्लङ्ग हुन्छ ।

जनसेवामुखी निजामती सेवाको चाहना र श्री ५ वीरेन्द्र

राष्ट्रको कुनै पनि महत्त्वपूर्ण कार्य एक ठूलो चुनौती हो । विकास भनेको जादुको छडी पनि होइन । बनाउन समय लाग्दछ तर बिगार्न र भत्काउनलाई समय चाहिदैन । विकास भनेको एकातर्फ भौतिक पूर्वाधार खडा गर्ने हो भने अर्कोतर्फ विकासका विभिन्न आर्थिक, प्रशासनिक, सांस्कृतिक पक्षहरूको संरचना, वृद्धि र अन्य आवश्यक वस्तुहरूको बढोत्तरी गर्दै लैजानु पनि हो । विकास आफैँमा परिपूर्ण हुँदैन । भौतिक पर्याप्तताबाट मात्र पनि विकास अपूरो हुन्छ । विकासलाई सोचाइ व्यवहारमा मूर्तरूप दिई यस कार्यप्रति प्रतिबद्ध, कटिबद्ध र समर्पित जनशक्तिको खाँचो भएको महसुस गरी नेपाल जस्तो भौगोलिक र सामाजिक संरचना भएको मुलुकका लागि विकासलाई हाँक्न सक्ने संवाहकको रूपमा, राष्ट्रसेवकको रूपमा खरो उतारिएका निजामती सेवाका कर्मचारीहरूको सक्रिय भूमिका हुने देखेर श्री ५ वीरेन्द्रको चिन्तन यसतर्फ पनि केन्द्रित थियो ।

जनसेवाका निमित्त राष्ट्रसेवकको रूपमा प्रतिस्पर्धाबाट छनौट भई कार्यरत निजामती सेवकको भूमिका अहम् हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरी उनीहरूबाट नै विकासमुखी प्रशासन सञ्चालन हुन्छ भन्ने श्री ५ को चाहनाअनुरूप निजहरूमा भएको कार्यक्षमता, ज्ञान, सीप र मूलतः उत्तरदायित्व बहन गर्न सक्ने क्षमताविकासको निमित्त एक उच्चस्तरीय प्रशिक्षण प्रतिष्ठानको परिकल्पना भयो ।

श्री ५ को सरकारको नीतिनिर्माण, कार्यक्रम तर्जुमा, विश्लेषण र अनुगमन गर्ने कार्यहरूलाई समेत टेवा दिन श्री ५ को सरकारको बौद्धिक वैचारिक मन्चन (थिङ्क टयाङ्क) को रूपमा संस्थाको संरचना गरी नीतिनिर्माण, कार्यान्वयन र अन्वेषण जस्ता बहुपक्षीय क्रियाकलापको बौद्धिक चलखेल गर्ने थलोको रूपमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको परिकल्पना श्री ५ बाट नै भयो ।

संयुक्त अधिराज्यको श्री ५ बाट भएको राजकीय भ्रमणका अवसरमा श्री ५ को चाहना अनुरूप संयुक्त तल्लो तहका कर्मचारीसमेतको क्षमताविकास र नयाँनयाँ पद्धतिको खोजमेल गर्ने जिज्ञासु प्रवृत्तिको विकासका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान २०३९ सालमा स्थापना भयो । त्यस बखतमा प्रतिष्ठानका मूलतः दुई कार्यहरू देखिए-

१. प्रशिक्षणको माध्यमबाट जनसेवामा कार्यरत राष्ट्र सेवकको क्षमतावृद्धि
२. विकासोन्मुख व्यवस्थापनका लागि नयाँ कार्यनीति, विधि, शैलीको खोजकार्य

श्री ५ वीरेन्द्रको प्रशासनिक प्रशिक्षणप्रति अभिरुचि

श्री ५ को संयुक्त अधिराज्यको भ्रमणपछाडि नेपाल अधिराज्यमा 'नेपाली जनसेवामुखी कर्मचारीको क्षमताविकास'–लाई मूर्तरूप दिन स्थापना भएको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले श्री ५ वीरेन्द्रको 'निजामती सेवा तथा सार्वजनिक प्रशासनमा कार्यरत जनशक्ति विकासका संवाहक हुन् र उनीहरूको कार्यक्षमता, प्रतिबद्धता र सकारात्मक धारणाबाट मात्र विकासको प्रतिफल जनसमक्ष पुग्न सक्दछ' भन्ने आकाङ्क्षालाई साकार गर्न आफ्ना तदनुरूप कार्यक्रमहरू उच्च प्राविधिक ढङ्गले तर्जुमा गर्न थालियो । यसका साथै क्षमतावृद्धि र विकासकार्यलाई संस्थागत रूप दिई निरन्तरता प्रदान गर्नुका साथै नेपाल अधिराज्यभर छरिएर रहेका प्रशिक्षण संस्थालाई समन्वयात्मक ढङ्गले एकीकृत रूपमा परिमार्जन गर्न राष्ट्रिय तालिम नीतिसमेत शुरुवात भयो ।

प्रक्रियागत कामकारवाही पूरा भएपछि प्रतिष्ठानले 'मानिस र काम' अर्थात् विकासका यावत् कार्यक्रमलाई आम जनतासमक्ष पुऱ्याउनका निमित्त अत्यन्त महत्त्वपूर्ण मानव साधनलाई क्षमतावान्, प्रतिबद्ध, कार्यमूलक, नतिजामुखी र कटिबद्ध बनाउने विभिन्न कार्यक्रमको थालनी गऱ्यो । फलतः प्रशिक्षणको माध्यमबाट मानव साधनको 'व्यवहारगत परिवर्तन' का लागि समेत बेग्लाबैग्लै उच्च प्राविधिक स्तरका प्रशिक्षण कार्यक्रमहरू धमाधम कार्यान्वयन हुन लागे । तत्कालीन श्री ५ को सरकारले प्रतिष्ठानलाई व्यावहारिक रूपमा 'बौद्धिक मन्थनको स्थल' (थिङ्क टयाङ्क) को रूपमा लियो ।

फलतः उपल्ला तहमा कतिपय निर्णय गर्ने विषयलाई उच्चस्तरीय वैचारिक मन्थन (ब्रेन स्टोर्मिङ्ग) को थलोका रूपमा प्रतिष्ठानलाई प्रयोग गरियो । निजामती सेवाका सचिव र सचिवस्तरीय पदाधिकारीहरूका लागि पनि त्यो कार्यक्रम त्यसैको नमूना हो ।

केही वर्षभित्र नेपाल प्रशासनिक प्रशिक्षणले देखाएको कार्य प्रभावकारिताबाट विकासमा टेवा पुग्नगएको तथ्यलाई श्री ५ को सरकारले मनन गरी मौसुफको विकासक्षेत्रको भ्रमणको सिलसिलामा (मध्यमाञ्चल विकासक्षेत्र भ्रमणको क्रममा) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा भइरहेको कार्य श्री ५ समक्ष प्रत्यक्ष रूपमा जानकारी गराउनका लागि भ्रमण तालिकामा 'प्रतिष्ठान अवलोकन'– लाई समावेश गरियो । मिति र समयको निर्धारण भयो ।

श्री ५ को विकासक्षेत्रको भ्रमण एक निरन्तर प्रक्रिया भएकाले उक्त भ्रमणका लागि प्रतिष्ठानस्थलको सरसफाइ र विशेष तयारी गरिरहनु नै परेन किनभने एउटा प्रशिक्षण दिने संस्थानको लागि भौतिक तथा बाहिरी सरसफाइ बौद्धिक स्वच्छताको निमित्त अपरिहार्य

विषय मानिएकाले त्यसका लागि प्रतिष्ठान तयारै थियो तर पनि राष्ट्रनायकको पहिलोपल्ट सवारी भ्रमण हुने भएकाले विशेष सतर्कता त अपनाइएको थियो नै। अन्य विषयका अतिरिक्त प्रशिक्षण कार्यक्रम सञ्चालन भई नै रहेको अवस्थामा श्री ५ बाट इच्छा गरिबक्सेमा प्रशिक्षण कार्यक्रम (सेसन इन मोशन) अवलोकन गराउने व्यवस्था मिलाइएको थियो। यसका लागि पूर्ववत् तयारी गरिरहनुपर्ने थिएन किनभने प्रतिष्ठानले आफ्नो नियमित अभ्यासको प्रक्रियालाई सदैव मौलिक र व्यवहारमूलक गराउँदै आएको थियो तर पनि आवश्यकतानुकूल कुनकुन कार्यक्रममा मौसुफको सवारी चलाउने भन्ने ठहर गर्न तत्कालीन कार्यकारी निर्देशकलाई छोडिएको थियो। निर्दिष्ट समयभन्दा केही अगाडि श्री ५ अधिराजकुमार तथा सम्बन्धित निकायका उच्च पदाधिकारीहरूबाट श्री ५ को सवारीका लागि भएका तयारी सम्बन्धमा आवश्यक निरीक्षण भएको थियो।

प्रतिष्ठानको प्राङ्गणमा श्री ५ वीरेन्द्र

निश्चित तिथि र समयमा वि.स. २०४२ साल फाल्गुण २९ प्रात ११:१० मा श्री ५ को सवारी भयो। मौसुफका साथमा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह, श्री ५ अधिराजकुमार धीरेन्द्रवीरविक्रम शाह र अन्य उच्च पदा- धिकारीहरूको पनि उपस्थिति थियो। मौसुफलाई प्रतिष्ठानका भौतिक पूर्वाधारहरू नजर गराइयो। भवन, बाटिका, खेलकूदस्थल, दोश्रो चरणको प्रतिष्ठानको विस्तारकार्यक्रम र प्रशिक्षण सामग्रीहरूको अवलोकनपछि श्री ५ को सवारी मौसुफको चाहनाअनुरूप प्रशिक्षण कक्षमा चलाइयो। श्री ५ बाट अवलोकन भएका कक्षहरूमध्ये यो कृतिका लेखकबाट सञ्चालन भइरहेको प्रशिक्षण कार्यक्रम पनि परेको थियो।

श्री ५ लाई अवलोकन गराउनुपर्ने अवस्थामा विषयवस्तुको चयन, प्रशिक्षण कक्ष व्यवस्थापन, प्रशिक्षण सामग्रीको उचित प्रबन्ध, प्रशिक्षणविधि र प्रविधि तथा मूलतः प्रशिक्षार्थीहरूको सहज सहभागिता कस्तो र कसरी होला भन्ने पूर्वसोचाइ र त्यसको निष्कर्षको अनुभूति प्रशिक्षक स्वयम् पनि यथार्थ ढङ्गले लेखेर व्यक्त गर्न सक्दैन होला। त्यसबेलामा लेखकको मनमा उठेका तरङ्गलाई भाषामा रूपान्तर गर्न अत्यन्त कठिन हुन्छ। साथै प्रशिक्षकको मानसिक सोचाइको अभिव्यक्ति लेखेर पूर्णरूपमा उत्रनै सक्दैन। तर पनि एक प्रशिक्षकको हैसियतले मस्तिष्कको एक कुनामा श्री ५ बाट प्रशिक्षणविधि सम्बन्धमा कुनै जिज्ञासा राखिवक्सनेछैन भन्ने ठहर गरेको थियो तर त्यसो भइहालेमा पनि सरकारमा जाहेर गर्नुपर्ने विषयलाई पनि मनमनै गुनिएको थियो।

प्रशिक्षण कक्षमा श्री ५ वीरेन्द्र

प्रतिष्ठानको प्रशिक्षण कक्षमा तत्कालीन कार्यकारी निर्देशक श्रीमान् गोरक्षबहादुर न्हुच्छे प्रधानले श्री ५ को सवारी चलाउनुभयो। सो समय प्रशिक्षण कार्यक्रम पूर्ण रूपमा (फुल स्विङ्ग) सञ्चालन भइरहेको थियो। त्यस सत्रको प्रशिक्षणको विषय 'श्री ५ को सरकारका अधिकृतबाट जनसम्पर्कमा रहँदा खेलिनुपर्ने भूमिका' रहेको थियो। सहभागितामूलक पद्धति अनुरूप भिडियोमा उनीहरूको भूमिकालाई अवतरण गराई प्रत्येकको भूमिकालाई बेग्लाबेग्लै समालोचनात्मक विश्लेषणमा छलफल भइरहेको थियो। अर्थात् श्री ५ को सवारी कक्षभित्र हुँदा प्रशिक्षार्थीहरू टी.भी. को पर्दामा आफूले निर्वाह गरेको भूमिकाको स्वयम् आलोचना गर्दै सहभागी साथीहरूलाई त्यसमा देखिएका कमीकमजोरीहरू र त्यसमा गरिनुपर्ने सुधारका विषयमा छलफल गरिरहेका थिए। प्रशिक्षकको भूमिका उनीहरूलाई विषयान्तर हुन नदिन अर्थात् फासिलिटेटरको रूपमा मात्र सीमित थियो। व्याख्या विधि (लेक्चर मेथड) बिल्कुलै प्रयोगमा थिएन।

श्री ५ को सवारी प्रशिक्षणकक्षमा हुनासाथ सबैले सरकारमा अभिनन्दन चढाएपछि प्रशिक्षकबाट प्रशिक्षणको विषयवस्तु, प्रशिक्षणपद्धति, प्रशिक्षार्थीहरूको तहबारे छोटकरीमा श्री ५ लाई अवगत गराइयो। श्री ५ को उज्यालो चेहरा, शान्त आकृति तथा ज्यादै नै अनौपचारिक ढङ्गको नजरबाट प्रशिक्षकलाई पूर्ण आत्मसन्तुष्टिको अनुभूति भइरहेको थियो। केही समय अगाडि कता कता लुकेको डर त स्वतः बिलायो। त्यसपछि मौसुफबाट अत्यन्त प्राविधिक र प्रशिक्षण मर्मज्ञले मात्र सोध्नसक्ने केही सवालहरू सोधनी भयो।

प्रशिक्षणका मर्मज्ञ श्री ५ वीरेन्द्र

'विषयवस्तुको छनौटमा के कस्तो विधि अपनाउने गरिएको छ ? यो मौसुफको पहिलो प्रश्न थियो। प्रशिक्षण कार्यक्रमको तयारी आवश्यकता पहिचान (निड आसेसमेन्ट) बाट प्रारम्भ हुने तथ्य प्रशिक्षणको मर्मज्ञले मात्र जान्दछन् र राजाबाट त्यही प्रश्न आयो। प्रशिक्षकले त्यस विषयमा आफ्नो धारणा व्यक्त गरेपछि विषयवस्तुको उपादेयता र प्रशिक्षार्थीको पद र तहबारे जिज्ञासा राखिबक्स्यो। तत्पश्चात् टि.भी. स्क्रिनतर्फ औंल्याई 'कसरी यो तयार गरियो ?' भन्ने सोधनी भयो। प्रशिक्षण कार्यक्रमको अवधि (एक सेसनका लागि) सरकारमा जाहेर गरेपछि यस्तो कार्यक्रमका लागि बीचमा केही क्षणको विश्रान्तिपछि मौसुफबाट अङ्ग्रेजीमा अर्को प्रश्न थपिबक्स्यो, जो अत्यन्त महत्त्वपूर्ण र उच्च प्राविधिक पक्षको थियो। मौसुफबाट प्रशिक्षकतर्फ फर्की सोधनी भएको

प्रश्न थियो- 'Induction approach मा Participative method द्वारा प्रशिक्षार्थीहरूमा देखिने Behavioral change कसरी assess' गर्दछौ ? यस्तो उच्च प्राविधिक प्रश्न सारै नरम र मृदु स्वरमा राजाबाट आएपछि प्रशिक्षकले यस बारेमा प्रतिष्ठानको निर्देशनमा प्रशिक्षकले प्रयोग गर्ने विधि, व्यवहारगत परिवर्तनको मूल्याङ्कन तरिकाबारे छोटो जानकारी टक्र्याउँदै त्यही सेसनमा सोही सम्बन्धित टि.भी. स्क्रिनबाट भएको अभ्यास तथा क्रियाकलाप श्री ५ मा जानकारी गराइयो । तत्पश्चात् श्री ५ बाट प्रशिक्षार्थीहरूले उनीहरूले खेल्नुपर्ने भूमिकाबारे प्रश्न गरिबक्स्यो । सरकारबाट प्रश्न गरिएका प्रशिक्षाथीहरूले मौसुफमा उत्तर टक्र्याएपछि सवारी कक्षबाट बाहिर निस्कने क्रममा प्रशिक्षकतर्फ नजर भई हुकुम भयो- This method is quite interesting. I like it.

श्री ५ को यस प्रकारको वाणीबाट प्रशिक्षकले एउटै कुरो बुझ्यो- 'श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव राजनेता मात्र नभई प्रशिक्षणको मर्मज्ञसमेत होइबक्सँदो रहेछ ।

२०५९ मार्ग १८ गते

●

कलाका स्रष्टा श्री ५ वीरेन्द्र

● प्रचण्ड मल्ल

राष्ट्रको उत्थानको लागि नभई नहुने विविध विषयमध्ये एउटा अनिवार्य विषय साहित्य, सङ्गीत, कला पनि हो । कला राष्ट्रको सुशोभन शृङ्गारमात्र होइन राष्ट्रको अस्तित्व नै यसको अस्तित्वमा अडेको हुन्छ । त्यसैले राष्ट्रिय साहित्य, सङ्गीत र कलाको जगेर्ना गर्न हाम्रा पूर्वजहरूले समयअनुसार नवीन कुराहरू हामीलाई दिएर राष्ट्रको मान, मर्यादा, इज्जत राखिदिएका छन् ।

नाट्यकला, सङ्गीतकला, ललितकला तथा वास्तुकलाले भरिएको काठमाडौं उपत्यका कलाको खुला भण्डारको रूपमा प्राचीनकालदेखि विश्वसामु आफ्नो गौरव प्रदर्शन गर्दै आएको छ । यसका लागि हामी हाम्रा पुर्खाहरूप्रति गर्व गर्दै नतमस्तक हुन्छौं । विश्वका सुसंस्कृत मुलुकहरू आफ्नै देशमा स्थापित यस्तै सुकार्यहरूबाट आफ्नो गौरव बढाउँदै सुसंस्कृत जनताको रूपमा शिर ठाडो पारेर आफ्नो साहित्य, सङ्गीत र कलाको प्रचारप्रसार गर्दछन् ।

हामी पनि विश्वका नाट्यकलाका ज्ञाता, नाट्यमर्मज्ञ तथा नाट्यकलाप्रेमीहरूलाई हाम्रो नाट्यकला प्राचीनकालदेखि अविच्छिन्न रूपमा प्रदर्शित हुँदै आएको कुरा गर्न पाउँदा हामीलाई गर्वको अनुभूति हुन्छ । यो स्वाभाविक कुरा हो । यस कुराको प्रमाण हाम्रो प्रसिद्ध नाच 'हरसिद्धि' ले दिएको छ । हाम्रो नाट्यकलाको विकासक्रमवारे विभिन्न विद्वान्हरू तथा अनुसन्धानकर्ताहरूले आ-आफ्ना विचारहरू व्यक्त गरिदिएबाट हामी यस क्षेत्रमा निकै धनी छौं भन्ने गर्वको अनुभव गर्छौं । हाम्रो नाट्यकलाको इतिहासमा हाम्रा राजाहरू स्वयम् पनि साहित्यकार, नाटककार, कवि, गीतकार, वाद्यवादक, वाद्यप्रेमी तथा अभिनेता भइदिनाले यस कालमा सबैको रूचि बढी यसको विकासमा सर्वसाधारण पनि संलग्न हुनु स्वाभाविक कुरा हो । राजाहरूले आफ्नो दरबारमा मुलुकका साहित्यकार, नाटककार, कवि गीतकार तथा रङ्गकर्मीहरूलाई ससम्मान आश्रय दिने हाम्रो प्राचीन परम्परा रहिआएको छ । कवि कलाकार श्री ५ महाराजाधिराज महेन्द्रवीरवीरविक्रम शाह सरकारबाट २०१४ सालमा स्थापित रोयल नेपाल एकडेमीमा एकडेमी शब्दको गरिमाअनुरूपका विद्वान्हरूलाई सदस्यमा नियुक्ति गरी आफ्नै निजी कोषबाट तलबभत्ता बक्स भई एकडेमी सुचारु रूपले सञ्चालन गराइबक्स्यो ।

मौसुफका सुयोग्य सुपुत्र श्री ५ महा राजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकार पनि कलामर्मज्ञ, कलापारखी र कलास्रष्टा होइबक्सन्थ्यो । मौसुफको ओजस्वी तथा अनुपम गरिमामय नेतृत्व पाई नेपाल राज्यले सन्मार्ग पहिल्याउने जमर्को गरिरहेको थियो ।

मौसुफ स्वयम् विशिष्ट कलाकार तथा कलासंरक्षक होइबक्सेकाले नेपाली कलाजगत्ले फस्टाउने शुभअवसर पायो । कलाजगत्का प्रेरणास्रोत मौसुफ साहित्य, सङ्गीत, कला तथा स्रष्टाहरूप्रति अगाध स्नेह राखिबक्सन्थ्यो र साहित्य, सङ्गीत, कलाको विकासका लागि समय-समयमा गौरवपूर्ण मार्गदर्शन बक्स हुन्थ्यो ।

कलासंरक्षक मौसुफ कला विधाका राष्ट्रिय कला-संस्कृतिलाई गतिशीलतातिर अग्रसर गराउँदै कलाफाँटलाई समृद्धशाली बनाउने मर्मज्ञहरूबाट हरसम्भव प्रयासमा लागिबक्स्यो । नेपाल ललित

संस्थाको प्रथम मुखपत्रलाई मौसुफबाट बक्सेको सन्देशमा कलाक्षेत्रका सबै विधालाई समेटी हुकुम भएको थियो- "कलाले मनोरञ्जनमात्र होइन यसले देशोत्थानमा सहायता गर्नुका साथै हाम्रो संस्कृतिको पनि प्रचार गर्छ । अतः तमाम नेपाली कलाकारहरूले पनि देशको स्वार्थ नै आफ्नो स्वार्थ सम्झी आ-आफ्नै कलाकौशलद्वारा देशनिर्माण गर्ने काममा सकेको योगदान दिने बेला आएको छ ।"

यसरी मौसुफ सरकारबाट विविध कलासित सम्बद्ध हामीलाई मुलुकको विकासार्थ व्यक्तिगत स्वार्थ त्यागी राष्ट्रिय स्वार्थलाई आत्मसात् गरेर देशनिर्माणमा लाग्न आह्वान गरिबक्सेको थियो ।

२०२६ साल फागुन १९ गते श्री ५ युवराजाधिराज वीरेन्द्रवीर विक्रम शाह सरकारको शुभविवाहको मङ्गलमय उपलक्ष्यमा राष्ट्रिय सभागृहको रङ्गमञ्चमा नाट्यसम्राट बालकृष्ण समद्वारा लिखित गीतिनाटक 'शुभविवाह' को मञ्चनमा श्री ५ युवराजाधिराज तथा श्री ५ युवराज्ञी सरकारहरू स्वयम् समुपस्थित भई बहुतै रूचिसाथ नजर गरेर लेखक, निर्देशक तथा कलाकारहरूलाई प्रोत्साहन बक्सेको थियो ।

२०२९ साल आषाढ १० गते श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको जन्मजयन्ती समारोहमा नेपालका नाट्यसम्राट् बालकृष्ण समलाई साहित्य, कला र संस्कृतिको विकासमा योगदान दिएवापत 'त्रिभुवन प्रज्ञा-पुरस्कार' प्रदान गरी नेपाली वाङ्मय एवं नाट्य, सङ्गीत र कलाका साधकहरूलाई प्रोत्साहन बक्स्यो ।

यसै साल नाफाका अध्यक्ष मौसुफको हुकुमबमोजिम बसेको कार्यसमितिको बैठकले नेपाल ललितकला संस्थाको सट्टा 'नेपाल एकडेमी अफ फाइन आर्टस' अथवा 'नेपाल ललितकला एकडेमी' नामकरण गर्न जाहेर गरेको थियो तर कामलाई सर्वोपरि मान्यता दिदै मौसुफबाट हुकुम भयो- "हामीहरूलाई नामसँग होइन कामसँग मतलब छ" । यसरी मौसुफबाट नाममा भन्दा काममा बढी जोड दिदै आ-आफ्नो कलाकौशल र व्यक्तित्वमा अझै निखार ल्याउन प्रेरित गरिबक्सेको थियो ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका संरक्षक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारबाट राज्या- भिषेकको शुभअवसरमा टुडिखेलमा संयोजित दरबार मन्दिरबाट राष्ट्रको नाममा यस्तो उद्‌गार गरिबक्स्यो–

"हामी चाहन्छौं हाम्रो मुलुकमा ज्ञान, विज्ञान, प्रविधि, कला र कौशल तथा साहित्यका क्षेत्रमा एउटा क्षितिज उघ्रन सकोस् र हामी यस देशको माटामा हाम्रो आफ्नै सभ्यता र संस्कृतिलाई फुलाई फलाई जुग-जुगमा स्वतन्त्र रूपमा बाँच्न सकौं ।" यो अमर उद्‌गारले नेपालका वैज्ञानिक, प्राविधिक, कलाकौशलकार र साहित्यकारहरूलाई आ-आफ्नो क्षेत्रको विकासमा दिलोज्यान दिई लाग्न ठूलो प्रेरणा मिल्यो । मौसुफको यस महावाक्यबाट सबै नेपाली कलाकौशल, ज्ञान-विज्ञान, साहित्य जगत्मात्र हैन पूरै नेपाली गौरवान्वित भएका छन् ।

२०३१ साल फागुन ११ गते श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारको शुभराज्याभिषेकको उपलक्ष्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको भव्य नाट्यशालामा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र सांस्कृतिक संस्थानद्वारा आयोजित कार्यक्रममा प्रा. चूडानाथ भट्टरायको लेखन तथा प्रचण्ड मल्लको निर्देशनमा 'श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह' को मञ्चन भएको थियो । सो अवसरमा मित्रराष्ट्रहरूका प्रतिनिधिहरूको गौरवमय उपस्थिति थियो । यस नाटकको मञ्चन हेरेपछि फिल्टन केलेग (अमेरिकन इन्स्टिच्यूट अफ पाकिस्तान स्टडिज, अफिस अफ दि ट्रिजरर्स डिफिन्स कलेज, पेन्सिलभानिया) ले नाटककार, निर्देशक र कलाकारहरूको प्रशंसा गर्दै लेख्नुभएको थियो- "त्यस उत्कृष्ट प्रदर्शनको निमित्त तपाईं नाटककार चूडानाथ भट्टराय, निर्देशक प्रचण्ड मल्ल तथा अभिनय, नृत्य र सङ्गीतका सबै सहभागीहरू धन्यवादका पात्र हुनुहुन्छ । वास्तवमा हामीले हेरेको यो प्रदर्शन युरोप र अमेरिकामा हेरिएका प्रदर्शनहरूको दाँजोमा पुगेको छ र कुनै अंशमा त यसले उछिनेको पनि छ"। प्रज्ञा-प्रतिष्ठानका कुलपतिलाई लेखिएको पत्रमा उक्त उल्लेख पाइन्छ । यस नाटकमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह हुने प्रमुख पात्र थिए- हरिबहादुर थापा । उनले श्री ५ बडामहाराजाधिराजको पाठ सफलतापूर्वक गरेर आफ्नो अभिनय कौशल दर्साएका थिए । आमन्त्रित दर्शकहरूबाट उक्त नाटकले निकै प्रशंसा पाएको थियो ।



ऐतिहासिक नाटक भएको हुनाले यसको वेशभूषामा विशेष ध्यान दिइएको थियो र देश विदेशका आमन्त्रित दर्शकहरूले नेपालका २५० वर्ष अघिका शाही वेशभूषा तथा गरगहनासम्बन्धी ज्ञान हासिल गरे ।

कथानकअनुरूप रङ्गमञ्चीय साजसज्जा, प्रकाश, नेपथ्य, ध्वनि आदिको नवीन प्रयोगले नाटकको कथावस्तुलाई चरमसीमामा पुग्न ठूलो मद्दत गरेका थिए ।

नाटकमञ्चन सफल भएकाले अभिनय गर्ने सम्पूर्ण कलाकारहरू तथा नाटकसँग सम्बद्ध व्यक्तिहरूलाई श्री ५ महाराजाधिराज सरकारबाट शुभराज्याभिषेक पदक बक्स भएको थियो ।

२०३१ साल वैशाख १८ गते श्री ५ महाराजाधिराज सरकारबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नवगठित सदस्यहरूलाई यस्तो उद्‌गार बक्स भयो- "प्रज्ञा-प्रतिष्ठान देशको वैभव र गहना हो । यसका सदस्यहरू कर्मचारी नभई राष्ट्र, भाषा, संस्कृति, साहित्य, कला, ज्ञान, विज्ञान र सङ्गीतका उपासक हुन् भन्ने कुराको छाप जनमानसमा समेत पार्न कार्यरत रहने ।"

यसरी मौसुफ सरकारबाट प्रज्ञा-प्रतिष्ठानका सदस्यहरूलाई प्रज्ञा-प्रतिष्ठानको मर्यादालाई ध्यानमा राखी आफ्नो चरित्र र कृतित्वको विकास गरेर साधनारत रहन निर्देश बक्सेको थियो ।

यसै वर्ष मौसुफ सरकारबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको गरिमा बढाउन नेपाल राष्ट्रको सर्वोच्च विद्वत् संस्था प्रज्ञा-प्रतिष्ठानको संरक्षक हुन मञ्जुर गरेर साहित्य, सङ्गीत र कलाको गरिमा अझ बढाइबक्स्यो ।

श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाह सरकारबाट २०१६ सालमा साहित्य, सङ्गीत, कला, ज्ञान, विज्ञानका मर्मज्ञ विद्वान्‌विदुषीहरूलाई प्रोत्साहन बक्सन त्रिभुवन पुरस्कार र इन्द्रराज्यलक्ष्मी पुरस्कारको व्यवस्था गरिबक्स्यो । त्यतिबेला यो पुरस्कार क्रमशः रू. १००००।- (दश हजार) र रू. ५०००।- (पाँच हजार) को थियो । २०३१ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारबाट थप अन्य तीन पुरस्कारको व्यवस्था गरी 'प्रज्ञा' शब्द जोडेर पुरस्कृत हुने व्यक्तिको मानमर्यादा बढाइबक्स्यो र त्रिभुवन- प्रज्ञा- पुरस्कार र इन्द्रराज्यलक्ष्मी- प्रज्ञा-पुरस्कारको रकम पनि बढाइबक्स्यो । यसअनुसार पृथ्वी-प्रज्ञापुरस्कार रू. १०००००।- (एक लाख), त्रिभुवन- प्रज्ञापुरस्कार रू. ५००००।- (पचास हजार), महेन्द्र-प्रज्ञापुरस्कार रू. २५०००।- (पच्चीस हजार), इन्द्रराज्यलक्ष्मी- प्रज्ञापुरस्कार रू. १५०००।- (पन्ध्र हजार) र वीरेन्द्र-प्रज्ञालङ्कार पुरस्कार (विदेशीहरूका लागि) को व्यवस्था गरी स्वदेशी र विदेशी विद्वान्‌हरूलाई आ-आफ्नो विधामा अझ बढी संलग्न भई लाग्न प्रोत्साहन बक्स भयो ।

२०१६ सालमा त्रिभुवन-पुरस्कारबाट सर्वप्रथम विभूषित हुने वैज्ञानिक थिए- नरबहादुर भारती । यसै साल सर्वप्रथम इन्द्रराज्यलक्ष्मी-पुरस्कारबाट विभूषित हुने सङ्गीतकार थिए- उस्ताद गणेशलाल श्रेष्ठ ।

२०३२ सालमा महेन्द्र-प्रज्ञापुरस्कारबाट विभूषित हुने साहित्यकार भए दौलत विक्रम विष्ट । यो पुरस्कार पाउने उनी प्रथम व्यक्ति हुन् ।

यसै वर्ष नृत्यमा विशेष योगदान पुऱ्याएबापत इन्द्रराज्यलक्ष्मी-पुरस्कारबाट पुरस्कृत हुने सर्वप्रथम महिला व्यक्तित्व भइन्- श्रीमती नारायणदेवी प्रधान ।

२०३२ साल फागुन ७ गतेदेखि १३ गतेसम्म दार्जिलिङ्गबाट नाटककार मनबहादुर मुखियाको लेखन, निर्देशनमा 'अनि घौराली रुन्छ' नाटक गोरखा दुःख निवारक सम्मेलनको तर्फबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा प्रदर्शित भएको थियो । उक्त नाटकमा मनबहादुर मुखियाले पनि अभिनय गरेका थिए । यो नाटक नजर गर्न श्री ५ महाराजाधिराज सरकारको सवारी फागुन १७ गते भएको थियो । प्रवासमा रहेर पनि नेपाली भाषाको विकासमा अग्रसर रहेका नेपालीहरू अझ बढी यस क्षेत्रको विकासमा प्रोत्साहित होऊन् भनी यस नाटकमा लेखकदेखि कलाकारहरूसम्म सबैलाई एक मुष्ट रू. १०००००।- (एक लाख) पुरस्कार स्वरूप बक्स भयो ।

२०३३ सालको नयाँ वर्षमा श्री ५ महा- राजाधिराज सरकारको सदिच्छानुसार नाटक महोत्सवको आयोजना गरियो । यस सुकार्यबाट मुलुकमा नवीन नाटककार, निर्देशक तथा अभिनेताहरू देखापरी यस क्षेत्रको विकासमा ठूलो योगदान मिल्यो । यसलाई मौसुफ सरकारको राज्यकालमा नाट्य साहित्यले पाएको विशेष उपलब्धि मान्नुपर्छ । यसबाट मुलुकमा नवीन नाटककार, निर्देशक तथा कलाकारहरू देखापर्न थाले । यसै साल नाटककार सत्यमोहन जोशीद्वारा लिखित तथा प्रचण्ड मल्लद्वारा निर्देशित नाटक 'फर्केर हेर्दा' मञ्चन गरिएको थियो । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठाद्वारा प्रस्तुत यस नाटकको अवलोकनपछि श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट यस नाटकका निर्देशक तथा कलाकारहरूलाई पुरस्कारस्वरूप रू. १०००००।-(एक लाख) बक्स भयो । यस नाटकका वरिष्ठ कलाकारहरू थिए- हरिहर शर्मा, शकुन्तला शर्मा, शान्ति मास्के, हरिबहादुर थापा, कुमार विष्ट, लक्ष्मी श्रेष्ठ आदि । नृत्य निर्देशक थिए- वसन्त श्रेष्ठ ।

यसैसाल श्री ५ महाराजाधिराज सरकार पूर्वाञ्चल विकास क्षेत्र धनकुटा सवारी भएको अवसरमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले मौसुफ सरकारमा कविता श्रवण गराउन सवारी शिविरमा कवि सम्मेलनको आयोजना गरेको थियो र यसै समयमा धनकुटाको टुडिखेलमा यस नाटकको मञ्चन गर्ने व्यवस्था गरिएको थियो। यो नाटक लोकजीवनमा आधारित भएको हुनाले यस नाटकको मञ्चसज्जा पनि लोक-जीवनअनुरूप नै रहने व्यवस्था गरियो। यस अनुसार टुँडिखेलको तीन फिटमाथि अग्लो ठाउँमा रहेका वरको रुख र दुई घरलाई नाटकको कथा अनुरूप रङ्गमञ्चीय साजसज्जाले सजाई प्रयोगमा ल्याएर लोकजीवनको वास्तविकता झल्काइएको थियो।

खुला रङ्गमञ्चमा प्रकाशव्यवस्था विशेष प्रभावकारी हुने हुनाले त्यसबेला एक हजार वाटका चार वटा स्पटलाइटको प्रयोग गरिएको थियो र नाटकको दृश्यअनुसार जुनजुन दृश्यमा अभिनय गरिन्थ्यो, त्यसत्यस दृश्यमा प्रकाशको अवतरण गराइन्थ्यो र अरू दृश्य अन्धकारमा रहन्थे। अन्धकारमा रहेका दृश्यमा रङ्गसज्जा गरी अभिनय गर्ने तयार गर्ने क्रम चलिरहन्थ्यो र दृश्यअनुसार अभिनय हेर्न पर्खनुपर्दैनथ्यो। खुला रङ्गमञ्चसज्जासम्बन्धी परिकल्पना निर्देशक प्रचण्ड मल्लबाट भएको थियो। खुला रङ्गमञ्चमा नयाँ तरिकाको प्रयोग गरी मञ्चित यो नाटक सहज र स्वाभाविक भइदिनाले त्यहाँ उपस्थित दर्शकको अपार भीडले यस नाटकलाई आत्मसात् गरी रसास्वादन गर्न पाए। फागुन ६ र ७ गते मञ्चित यस नाटकको मुक्तकण्ठले प्रशंसा भएको थियो।

यतिबेला रङ्गमञ्चीय कलाको लहर मुलुकभरि धुमधामसँग फैलिरहेको थियो। मुलुकका सांस्कृतिक सङ्घ संस्थाहरू सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्न उद्यत रहेका थिए। यसै समयमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका संरक्षक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारका बाहुलीबाट २०३४ साल आषाढ ९ गते नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको बीसौं जन्मजयन्तीको उद्घाटन भव्य समारोहबीच भएको थियो। त्यस भेलालाई सारगर्भित सम्बोधन बक्स हुँदै मुलुकको बौद्धिक समाज र कलाका क्षेत्रमा समर्पित व्यक्तिहरूलाई यस्तो निर्देश बक्स भयो-

"नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको बीसौं जन्मजयन्ती-समारोहको उपलक्ष्यमा हुनलागेको यो बृहत् साहित्य भेलाको उद्घाटन गर्न पाउँदा हामीलाई हर्ष लागेको छ। राष्ट्रिय-स्तरमा आयोजित यस साहित्य-भेलाले देशको बौद्धिक र कलात्मक क्षेत्रमा दिशाबोध गर्नमा मद्दत गर्नेछ भन्ने हामीले आशा राखेका छौं। नेपाली-साहित्यमा काव्यको परम्परा जनप्रिय रहिआएको छ। गद्यसाहित्यमा पनि हामी नौला आयाम थप्दै छौं। यी दुवै खुसीका कुरा हुन्, तर सोचनीय कुरा के छ भने काव्य वा गद्यसाहित्य पढेर राम्रोसँग बुझ्न सक्ने नेपाली जनसंख्या अझै ज्यादै थोरै छ। हाम्रो आम जनताको धेरै ठूलो भाग अहिले पनि शिक्षाबाट वञ्चित छँदै छ। बीस प्रतिशतभन्दा पनि कम साक्षर भएको हाम्रो जस्तो मुलुकमा कस्तो साहित्यको खाँचो होला यसबारे साहित्यकारहरूले दिशाबोध गर्नु आजको स्पष्ट आवश्यकता हो।

श्रवण-परम्परा नै मुख्य भएको हाम्रो जस्तो नेपाली समाजमा गद्य, पद्य अथवा लिखित साहित्यभन्दा नाटकजस्तो दृश्य साहित्य नै बढी जनप्रिय देखिन्छ। अपठित व्यक्तिले पनि नाटक हेरेर, बुझेर आनन्द लिन सक्छ। त्यसो हुनाले समाजको कुरीति हटाउँदै देशमा विकास र निर्माणको एक नयाँ लहर ल्याउने नाटकको अहिले निकै खाँचो छ। यसबाट मनोरञ्जन हुने, स्वदेशको नगद स्वदेशमै रहने र नेपाली आमजनता पनि साहित्यमा सहभागी हुने जस्तो पुनीत काममा नेपाली साहित्यकारले आफ्नो कलम चलाउनुपरेको छ। यसको अर्थ उच्च कोटिको साहित्यिक गुणलाई उपेक्षा गर्ने पनि होइन।

"मेरो विचारमा उत्कृष्ट साहित्य जहिले पनि सक्कली हुन्छ। त्यस्तो सक्कली साहित्य जनताको मुटुको स्पन्दनबाट निक्लेको हुन्छ............"। मौसुफबाट साहित्यकारहरूलाई बक्स भएको उपर्युक्त निर्देश अत्यन्त महत्त्वपूर्ण रहेको छ, किनभने श्रव्यकाव्यभन्दा दृश्यकाव्यले जनमानसमा चिर- कालसम्म छाप पार्ने हुन्छ। यसैले काव्यहरूमा दृश्यकाव्य सर्वश्रेष्ठ मानिएको हो।

त्यस अर्थमा दृश्यकाव्यको विकासहेतु नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले मौसुफ सरकारको सदिच्छानुरूप २०३३ सालदेखि नाटक महोत्सवको आयोजना गर्दै आएको छ।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारको ३३ औं शुभजन्मोत्सवको उपलक्ष्यमा प्रकाशित रूपरेखा २०० (विशेषाङ्क) २०३४, पुस वर्ष १८, पूर्णाङ्क २००, अङ्क ८ मा मौसुफबाट रूपरेखाका सम्पादक उत्तम कुँवरले चढाउनु भएका साहित्यसम्बन्धी प्रश्नहरूलाई बक्सेको शिक्षाप्रद उत्तर यस्तो छ-

प्रश्न : नेपाली-साहित्य जीवनमूलक हुन सकेको छैन। त्यसका लागि नाटक विधामा बढी जोड दिनुपर्ने कुरामा मौसुफ सरकारबाट हुकुम भएको हो, तर मञ्चको व्यवस्था काठमाडौं बाहेक नेपालको अन्य भागमा नभएकाले त्यस कार्यमा व्यवधान आउने देखिन्छ। यसबाहेक जनरुचिस्तरमा जाँदा नाटकीय विधामा हाम्रो साहित्यले पाइसकेको उच्चतामा ह्रास आउने डर छ। यसबारे मौसुफ सरकारबाट केही धारणा व्यक्त गरिबक्सन्छ कि!

उत्तर : साहित्य जीवनमूलक हुनुपर्छ भन्ने मेरो पनि धारणा छ। यसैले राजकीय प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको साहित्य भेलाको उद्घाटनमा मैले यसतर्फ जोड दिएको हुँ। नाटक देखाउन हाम्रो जस्तो मुलुकमा सुसज्जित मञ्च हुनैपर्छ भन्ने धारणा गलत हुन्न र ? शायद नाटक खुलामञ्चमा देखाउन सकिन्छ। यसमा गाउँ र नगरपञ्चायतले पनि योगदान गर्ने ठाउँ छ। जहाँसम्म नाटकको स्तरको प्रश्न छ, प्राचीन ग्रीसमा र बेलायतकी महारानी एलिजावेथ (प्रथम) को पालामा लेखिएका नाटकहरूमा सरलता र स्तरको सम्मिश्रण छ भन्ने म सुन्छु। भारतको गुप्तकालीन नाटकहरूमा पनि त्यस्तै संयोग छ भन्ने कुरा पनि सुनिन्छ। नेपाली-साहित्यमा देवकोटाको मुनामदनमा सरलता र भावात्मक गहनता दुवै छन्। त्यसो हुनाले सरलता र गहनता परस्पर विरोधी होइनन् सँगै बस्न सक्छन्। अर्को कुरा, राजनीतिमा जस्तै साहित्यमा पनि जनसहभागिता खोज्ने हो भने साहित्यिक कृतिमा जनताको मन र जनताको भावना लिने प्रयास हुनै पर्छ।"

त्यसैवर्ष नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले श्री ५ महाराजाधिराज सरकारको सदिच्छानुसार गाईजात्रा-महोत्सवको अवसरमा अभिनयपक्षको सशक्त विधा हास्यव्यङग्य-कार्यक्रमको मञ्चन गर्ने निर्णय गऱ्यो।

त्यसले आफ्नै किसिमको पारम्परिक विशेषता अँगालेको काठमाडौं उपत्यकाको त्यस महोत्सवको महत्त्व बढाउन विशेष बल दियो र त्यसको विकासमा टेवा मिल्यो। नेपाल राजकीय प्रतिष्ठानले नेपाल राजकीय प्रज्ञा - प्रतिष्ठानको

भव्य नाट्यशालामा मञ्चन गर्न विशेष तयारी गऱ्यो। त्यो कार्यक्रम नजर गरिबक्सन श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको सवारी भएको थियो।

त्यस दिन बहुरङ्गी रूपधारण गरी धक फुकाएर समाज तथा सरकारका कुकृत्यमाथि व्यङ्ग्य गर्न छुट दिइँदै आएको परम्पराअनुसार त्यस कार्यक्रममा त्यति बेलाको समाज तथा सरकारबाट भएका त्रुटिहरूमाथि खुलेर व्यङ्ग्य गरिएको थियो कविता, प्यारोडी तथा अभिनयको माध्यमबाट।

त्यो कार्यक्रम मौसुफ सारकारबाट खुबै अभिरुचिसाथ नजर गरिबक्स्यो। सो कार्यक्रम आठ दिनसम्म जारी रहेको थियो र प्रत्येक वर्ष हुने त्यो कार्यक्रम नजर गरिबक्सन त्यसपछि पछाडि सवारी हुन्थ्यो।

त्यो कार्यक्रम प्रत्येक वर्ष मञ्चन गर्दा यस विधाका साहित्य, चित्रकला, अभिनय, हास्यव्यङ्ग्य सम्मेलन, हास्य कवि गोष्ठी, गाईजात्रे पत्रपत्रिका, गाईजात्रे विशेषाङ्क, कार्टुन आदिका प्रतियोगिता गराई पुरस्कार पनि दिन थालिएको थियो। प्रत्येक वर्ष प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित त्यो कार्यक्रम नजर गरिबक्सी कार्यक्रमका आयोजकलाई हौसला बक्स भएअनुरूप यस क्षेत्रको विकासमा प्रभावकारी गतिशीलता आएको प्रष्ट देखापर्न थाल्यो। यो ठूलो उपलब्धि हो।

२०३९ साल आषाढ १० गते बिहीबार नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको रजत जयन्तीको उपलक्ष्यमा नाट्यसम्राट् बालकृष्ण समद्वारा लिखित नाटक 'मुटुको व्यथा' नजर गरिबक्सन श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकार एवम् राजपरिवारका श्रद्धेय सरकारहरू सवारी भएको थियो। यस नाटकका निर्देशक थिए हरिहर शर्मा र यसमा अभिनय गर्ने वरिष्ठ कलाकारहरू थिए- नीर शाह, हरिहर शर्मा, शकुन्तला शर्मा, सुनील पोखरेल, लक्ष्मी श्रेष्ठ, कुमार विष्ट, शैलेन्द्र सिंखडा आदि।

२०४२ साल वैशाखमा कविवर माधव प्रसाद घिमिरेद्वारा लिखित तथा वसन्त श्रेष्ठद्वारा निर्देशित गीतिनाटक 'मालती मङ्गले' नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको भव्य नाट्य शालाको रङ्गमञ्चमा र मुलुकका विभिन्न ठाउँमा देखाइएको थियो। विदेशमा पनि भव्य मञ्चन गरी दर्शकहरूमा चिरप्रभाव पार्न यो सफल भयो। यस गीतिनाटकमा अभिनय गर्ने वरिष्ठ कलाकारहरू थिए- हरिबहादुर थापा, लक्ष्मी श्रेष्ठ, लीलाराज सिंह सुवाल, गिरिजा श्रेष्ठ, केशचन्द्र श्रेष्ठ, कृष्णमान तुलाधर, श्री हरि श्रेष्ठ आदि।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको जन्मजयन्तीको उपलक्ष्यमा प्रदर्शित यो गीतिनाटक नजर गरिबक्सन त्यसै साल श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको सवारी आषाढ ३० गते भएको थियो। यसको सफल मञ्चनबाट सन्तुष्ट श्रद्धेय मौसुफ सरकारबाट यसका लेखक, निर्देशक, सङ्गीत-निर्देशक, रङ्गमञ्च निर्देशक, अभिनेता, अभिनेत्री र यससित सम्बद्ध व्यक्तिहरूलाई पुरस्कारस्वरूप (रू. १ लाख) बक्स भएको थियो। यो 'मालती मङ्गले' गीतिनाटकको प्रदर्शन नेपालको नाट्यप्रदर्शनमा महाकवि लक्ष्मी प्रसाद देवकोटाको 'मुनामदन' पछिको अर्को प्रभावकारी प्रदर्शन थियो। यो लोकप्रिय त भयो नै साथै देशका कतिपय मानकहरूमा अग्रगामी पनि रह्यो। यथार्थमा यसले दर्शकहरूको मनमा कहिल्यै नमेटिने छाप पाऱ्यो। यसले गर्दा नेपाली रङ्गमञ्चीय कलाको इतिहासमा यो प्रस्तुति सुवर्णाक्षरले अङ्कन गर्न योग्य हुन पुगेको छ।

साहित्य, सङ्गीत, कलाका मर्मज्ञ श्री ५ महाराजाधिराज सरकारबाट आफ्ना श्रद्धेय पिताबाट स्थापित नेपाल राष्ट्रको एक मात्र सर्वोच्च विद्वत् संस्था नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको प्रज्ञाभवनको नाट्यशालाको संरक्षण तथा संवर्द्धनका लागि समय-

समयमा निर्देशन बक्स हुन्थ्यो । यसै सिलसिलामा २०४० साल भाद्र ९ गते राजदरबारबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका कुलपतिलाई लेखिएको पत्रमा यस्तो उल्लेख पाइन्छ-

१. प्रज्ञा भवनभित्रको रङ्गमञ्च र अन्य ठाउँहरूमा राखिएका विभिन्न किसिमका पर्दाहरू धेरै पुरानो भई अशोभनीय देखिएकाले काम नलाग्ने पर्दाहरू तुरुन्तै फेर्न लगाउने र यी पर्दाहरू कतिकति वर्षमा फेर्ने भन्नेबारे एउटा व्यवस्था मिलाउने ।
२. प्रज्ञा भवनको हल बहालमा दिएबापत आउने बहालको रकमको २५ प्रतिशतबाट उक्त हलको मर्मत तथा सम्भार गर्ने व्यवस्था मिलाउने ।
३. यसरी जम्मा हुन आएको रकमबाट नियमित रूपमा प्रत्येक वर्ष हलको मर्मत तथा सम्भार गर्ने र मर्मत तथा सम्भार अवधिभरको लागि हल प्रयोगमा ल्याउन नदिने ।
४. हलभित्रको बिजुलीका वायरिङ्गहरू पुराना देखिनाका साथै हलको सिलिङ्गमा राखिएका बिजुली बल्ने झाडहरू (Chandelier) बिनासफाइ निकै फोहोर र मैलो देखिएकाले उक्त झाडहरू तुरुन्त सफा गराउने व्यवस्था मिलाउने । उक्त कामको निमित्त आवश्यक पर्ने विशेष किसिमको भऱ्याङ्ग त्यहाँ उपलब्ध नभए राजदरबारमा भएको भऱ्याङ्गबाट काम लिन सकिन्छ कि ? उक्त भऱ्याङ्गबाट पनि नहुने भए के - कस्तो किसिमको भऱ्याङ्ग आवश्यक पर्ने हो तुरुन्त बनाउन लगाउने ।

यस पत्रबाट प्रज्ञाभवनको नाट्यशालाको व्यवस्थामा मौसुफ कति चिन्तनशील होइबक्सन्थ्यो भन्ने कुरो छर्लङ्ग हुन्छ । यस दृष्टिले विचार गर्दा यो प्रतिष्ठान मौसुफ सरकारको संरक्षकत्वबाट वञ्चित हुनु ठूलो क्षति र दुर्भाग्यकै कुरो हो भन्ने कुरामा सन्देह गर्ने कुनै ठाउँ देखिदैन ।

२०३१ सालमा विविध पुरस्कार थपिबक्सेकामा २०४४ साल ज्येष्ठ १९ गते ती प्रज्ञा-पुरस्कारहरूको रकम बढाउने व्यवस्था गरिबक्सेको कुरा पनि कम महत्त्वपूर्ण छैन । साहित्य, सङ्गीत, कलाका साधकहरूलाई प्रोत्साहन बक्सन मौसुफबाट समय-समयमा पुरस्कारको रकममा वृद्धि पनि गर्ने गरिबक्सेकाले गर्दा यी प्रज्ञा-पुरस्कारहरूको उपयोगिता र राष्ट्रिय गरिमाको तुलनात्मक रूपमा वृद्धि हुँदै गइरहेको देखिन्थ्यो । मौसुफबाट पृथ्वी-प्रज्ञा-पुरस्कार रू. १००,००० (एक लाख) बाट रू. २००,००० (दुई लाख) त्रिभुवन-प्रज्ञा-पुरस्कार रू. ५०,०० (पचास हजार) बाट रू. १५०,००० (एक लाख पचास हजार) महेन्द्र-प्रज्ञा-पुरस्कार रू. २५,००० (पच्चीस हजार) बाट रू. १००,००० (एक लाख) र इन्द्रराज्य लक्ष्मी-प्रज्ञा-पुरस्कार रू. १५,००० (पन्ध्र हजार) बाट रू. ५०,००० (पचास हजार) सम्म वृद्धि गर्न प्रज्ञा-प्रतिष्ठानलाई निर्देशन बक्स भएको थियो । यसरी पुरस्कारहरूको धनराशिमा वृद्धि गरिबक्सेर साहित्य, सङ्गीत र कलाक्षेत्रका गतिशील यात्रीहरूलाई आफ्नो कार्यक्षेत्रमा निरन्तर अघि बढ्न प्रभावकारी प्रेरणा बक्सेकामा मौसुफ सरकारप्रति राष्ट्र कृतज्ञ हुनैपर्छ ।

मरीचमान सिंहको प्रधानमन्त्रित्वकाल (२०४५साल) मा नेपालको सांस्कृतिक गतिविधिको प्रचारप्रसार गर्न श्री ५ को सरकारले राज्यका विभिन्न जिल्ला अञ्चलहरूमा सांस्कृतिक कार्यक्रमहरूको सञ्चालन गर्ने व्यवस्था गरेको थियो । त्यसै सिलसिलामा काठमाडौंबाट वरिष्ठ कलाकारहरूको टोली सल्यान र सुर्खेत गएको थियो । त्यस सांस्कृतिक टोलीमा ५०।६० जना वरिष्ठ जवान कलाकारहरू थिए । यसरी एउटै कार्यक्रममा एउटै लक्ष्य लिई यत्रो ठूलो कलाकार टोली भ्रमणमा गएको त्यो पहिलो पटक थियो । त्यस सांस्कृतिक टोलीका टोली नेता थिए- वरिष्ठ गायक तथा सङ्गीतकार नातिकाजी । उनका साथ थिए- प्रख्यात गायक तथा सङ्गीतकारहरू शिवशङ्कर मानन्धर, नारायण गोपाल गुरुवाचार्य, प्रेमध्वज प्रधान, अम्बर गुरुङ, तारादेवी, मीरा राणा, भक्तराज आचार्य, दीप श्रेष्ठ, शम्भु राई, ज्ञानु राणा, लोचन भट्टराई, इन्द्रनारायण आदि । त्यसैगरी नृत्यमा थिए- नारायणदेवी प्रधान, राधेश्याम प्रधान, केशवचन्द्र श्रेष्ठ, सङ्गीता श्रेष्ठ, खेलबहादुर, मेनुका, अग्नि गुरुङ, नरेन्द्र आले आदि । त्यस कार्यक्रममा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, रेडियो नेपाल र सांस्कृतिक संस्थानका कलाकारहरू वाद्यवादकहरू र सम्बद्ध प्रविधिकहरूले पनि भाग लिएका थिए ।

काठमाडौंबाट सल्यानका लागि प्रस्थित कलाकारहरूको बस सल्यान नपुग्दै कम चौडाइ भएको घुम्ती बाटोमा पुगेपछि गाडी केही ब्याक गर्नुपर्ने भयो । त्यसरी ब्याक गर्दा गाडीको पछाडिको एउटा चक्काले बाटो छोड्यो । भाग्यवश त्यसैक्षण गाडी रोकियो । पहाडी बाटोमा ५०।६० जना कलाकारहरू, कार्यक्रम गर्दा प्रयोग गरिने साधनहरू र व्यक्तिगत सामानहरू लादिएको बसको त्यो अवस्था देखेर सबै कलाकारहरू सुस्तरी एक एक गरी गाडीबाट ओर्ले । भर्खर बन्दाबन्दैको कच्ची बाटाका ढुङ्गाहरू पन्छाएर बहुतै मेहनतपछि गाडीको चक्का बाटोमाथि उकालियो र गाडी कलाकारहरूको साथमा सुस्तरी रातको १० बजे सल्यान बजार पुगियो । भोलिपल्ट महाराजाधिराज सरकारको सवारी सल्यानको सवारी-शिविरमा भयो । बस दुर्घटनाबाट बचेको खबर पाएपछि मौसुफ सरकारबाट सम्बद्ध अधिकारीहरूलाई हुकुम भयो- "नेपाली

राष्ट्रिय कलाकारहरूलाई केही भइदिएको भए राष्ट्रको ठूलो क्षति हुने थियो । यसरी एउटै बसमा ५०।६० जना कलाकारहरूलाई कोचेर त्यस्तो विकट बाटोबाट ल्याउन हुँदैनथ्यो । कला- कारहरूले निकै दुःख पाए । अब फर्कंदा एउटा बसमा नपठाई ५।६ जना बस्न हुने कार वा जीपमा पठाउने व्यवस्था गर्नू ।" कलाका संरक्षक श्री ५ महाराजाधिराज सरकारप्रति कलाकारहरू भावविभोर भए । सल्यानको कार्यक्रम सकी कलाकारहरू त्यहाँबाट सुर्खेततिर लागे । त्यहाँ मौसुफ सरकारलाई सांस्कृतिक कार्यक्रम नजर गराए । नाच र गीतको कार्यक्रमले वातावरण निकै रमाइलो भएको अनुभव गर्दै सबै कलाकारहरू रमाई-रमाई नाच्न थाले । नाचगान झन् झन् जम्दै गइरहेको थियो । यसैबीच कलास्रष्टा, कलामर्मज्ञ, मौसुफहरू पनि अनायास भावविभोर भई रमाउँदै कलाकारहरूसँगै नाचेर आनन्द लिन थालिबक्स्यो । कलाकारहरूका लागि त्यो क्षण अविस्मरणीय हुन पुग्यो ।

२०४८ साल आषाढ १७ गते श्री ५ महाराजाधिराज सरकारबाट संसदको पहिलो अधिवेशनका दुवै सदनको संयुक्त बैठकमा बक्सेको सम्बोधनमा हुकुम भयो- "...देशको सांस्कृतिक एवं धार्मिक धरोहरको संरक्षण तथा विभिन्न जातजातिका नृत्य, सङ्गीत, कला, संस्कृति, भाषा र साहित्यलाई संवर्द्धन र विकास गर्न मेरो सरकारले विशेष प्रयत्न गर्नेछ ।" संसदको पहिलो अधिवेशनका दुवै सदनको संयुक्त, बैठकमा समेत यसरी देशको सांस्कृतिक एवं धार्मिक धरोहरको संरक्षण तथा विभिन्न जातजातिका नृत्य, सङ्गीत, कला, संस्कृति, भाषा र साहित्यको संवर्द्धन, विकास गर्न मेरो सरकार विशेष प्रयत्नशील रहनेछ भन्ने हुकुम भएबाट मौसुफ उक्त विधाहरूको विकासका लागि कति चिन्तनशील होइबक्सन्थ्यो भन्ने प्रष्ट हुन्छ । यसबाट यी विधाहरूको विशेष उन्नतिको लागि मौसुफ बारम्बार सरकारलाई घचघच्याइरहने गरिबक्सन्थ्यो भन्ने कुरो पनि छर्लङ्ग हुन्छ ।

श्री ५ महाराजाधिराज सरकारबाट राज्यारोहण गरिबक्सेपछि विविध सांस्कृतिक संघ संस्थाहरूबाट आयोजित नाटक, गीतिनाटक, व्याले अरू सांस्कृतिक कार्यक्रमहरूमध्ये मौसुफबाट नजर भएका केही यी पनि हुन्-

श्री ५ रणबहादुर शाह, हाम्रो पनि कथा छ, अमर सिंह, राजकुमार बिसन्तर, जब घाम लाग्छ, पहाड चिच्याइरहेछ, भित्तेघडी, स्मृतिको पटलभित्र, सन्त्रास र जिन्दगी, हामी बाँच्न सक्छौं आदि नाटक हुन् । कुमारी (ब्याले), मुटुको व्यथा, विकासको मूल फुटाऊँ, पृथ्वी नारायण शाहको चार पक्ष, शकुन्तला, संरक्षण, मुनामदन, भृकुटी, स्वतन्त्रताको सम्मान, देउकी आदि गीतिनाटक हुन् । तीवाहेक अन्य धेरै कार्यक्रमहरू पनि नजर गरिबक्सेको कुरो माथिका प्रसङ्गहरूबाट विदित भइसकेकै छ । अत्यन्त व्यस्त जीवनमा समेत समय निकालिबक्सी ती कार्यक्रमहरूमा समुपस्थित भइबक्सी प्रस्तुत कार्यक्रम शुरुदेखि अन्तसम्म नजर गरिबक्सनुबाट मौसुफ सरकार भित्री आत्मादेखि नै यी विधाहरूको विकासका लागि व्यग्र होइबक्सन्थ्यो भन्ने स्पष्ट हुन्छ । उपर्युक्त नाटक तथा गीतिनाटकका लेखकहरू हुनुहुन्छ- नाट्यसम्राट् बालकृष्ण सम महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविवर माधवप्रसाद घिमिरे, विजयबहादुर मल्ल, सत्यमोहन जोशी, लक्ष्मण लोहनी, श्यामदास वैष्णव, गणेशप्रसाद श्रेष्ठ, जीतेन्द्र महत 'अभिलाषी' आदि ।

मौसुफ सरकार शाही रक्षक गणहरूको वार्षिकोत्सवमा दरबारभित्र रहेको शाही रङ्गमञ्चमा सांस्कृतिक कार्यक्रमहरू नजर गरिबक्सन वर्षको दुई पटक सवारी होइबक्सन्थ्यो र बहुतै अभिरुचिसाथ नजर गरिबक्सन्थ्यो । त्यहाँ प्रदर्शन गरिने नाटकहरूको लेखन तथा निर्देशन गरी नजर गराउने सौभाग्य सोह्र सत्र वर्षदेखि यस लेखकले पाउँदै आएको थियो ।

मौसुफ सरकारबाट २०५७ साल मङ्सिर महिनामा पनि श्री पुरानो गोरखगण, शाही रक्षक गणको २३९ औं वार्षिकोत्सवमा नाटक नजर गरिबक्सेको थियो । यसमा प्रस्तुत नाटक 'नालापानीको युद्ध' बहुतै अभिरुचिसाथ नजर गरि- बक्स्यो ।

शाही नेपाली जङ्गीअड्डाले नयाँ वर्ष २०५८ सालको उपलक्ष्यमा मौसुफ सरकारमा विविध सांस्कृतिक कार्यक्रम नजर गराउन प्रधान सेनापतिलगायत सम्बद्ध सबै अफिसरहरू कार्यक्रम सफल पार्न दिलोज्यान दिई लाग्नुभएको थियो । त्यसका लागि नयाँ नाट्यशाला तयार गर्न सबै रातो दिन लागिपरेका थिए । नौ सय पचास सिटको क्षमता भएको त्यस नाट्यशालालाई वैज्ञानिक साधनले सम्पन्न बनाउने जमर्को हुँदै थियो । त्यसै रङ्गमञ्चमा एउटा ऐतिहासिक नाटक पनि नजर गराउने निर्णय भएअनुसार शाही नेपाली जङ्गी अड्डाबाट सो नाटकको लेख्ने र निर्देशन गर्ने अभिभारा मलाई सुम्पियो । म उत्साहसाथ त्यसको तयारीमा लागें । नयाँ वर्षको उपलक्ष्यमा नयाँ नाट्यशालामा श्री ५ महाराजाधिराज सरकारमा नाटक नजर गराउन पाउनु मेरो अहोभाग्य थियो । ऐतिहासिक एकाङ्की नाटक 'श्री ५ राजेन्द्रलक्ष्मी'–को मञ्चन गर्ने निर्णय भएको थियो । शाही नेपाली जङ्गी अड्डाबाट तोकिएको अवधिभित्र नाटक तयार गरी बुझाएँ । केही समयपछि नाटक पास भएको खबर पाएँ । शाही नेपाली सैनिक अधिकृत श्रीमती संघका सदस्यहरू तथा सैनिक अधिकृतहरूबाट पात्र-पात्रीहरूको चयन गरियो । पात्रहरूमा मेजरसाहेबहरू, मेजर्नी साहेबहरू, क्याप्टेनसाहेब र लप्टनसाहेबहरूका अतिरिक्त अरू जवानहरूले पनि त्यस नाटकमा भाग लिनेभएका थिए । पाठ

कण्ठ गरी प्राभ्यास गर्ने क्रमसँगै नाटक तयार हुँदै गयो । नाटकमा कतै त्रुटि नहोस् भन्ने हेतुले समय-समयमा प्रधान सेनापति र उहाँकी श्रीमतीको अतिरिक्त वरिष्ठ अधिकृतहरू पनि विशेष चासो लिई प्राभ्यास हेर्न आउनुहुन्थ्यो । नयाँ नाट्यशालाको निर्माण कार्य सकिएपछि हामी नवनिर्मित नाट्यशालाको रङ्गमञ्चमा प्राभ्यास गर्न थाल्यौं । तोकिएको दिन ग्र्यान्ड रिहर्सल शुरु भयो । नाटक सकिएपछि प्रधान सेनापति तथा अरू वरिष्ठ अधिकृतहरूले नाटक निकै राम्रो भयो भनी प्रशंशा गर्नुभयो । पात्रहरूमा खुसीको लहर व्याप्त भयो ।

मलाई भने श्री ५ महाराजाधिराज सरकारहरूमा नजर गराउँदा त्रुटि भइदिए के गर्ने, के हुने हो भन्ने चिन्ता लागि रह्यो । यसर्थ प्राभ्यासमा अझ बढी ध्यान दिन थालें । सबै पात्रहरूमा उत्साह भर्न थालें । पात्रहरू मौसुफ सरकारहरूमा अभिनय नजर गराउन पाइने अवसर पाएकाले सम्पूर्ण शक्ति लगाएर मिहेनत गर्न थाले । २०५८ साल वैशाख १ गते श्री ५ महाराजाधिराज सरकार, श्री ५ बडामहारानी सरकार तथा राजपरिवारका श्रद्धेय सरकारहरू एवम् प्रधानमन्त्री, मन्त्रिगण, विद्वान्, विदुषीहरू र कूटनीतिज्ञहरूको उपस्थितिमा त्यो नाटक देखाइने तय थियो ।

कार्यक्रम शुरु भयो । विविध सांस्कृतिक कार्यक्रम र नाटक पनि सकियो । पर्दा लाग्दै जाँदा प्रेक्षालय तालीले गुन्ज्यो । नाटकको प्रस्तुति राम्रो भयो भन्ने पूर्ण विश्वास गरें र मनमनै नाट्येश्वर प्रभुको सम्झना गरें । प्रेक्षालयबाट दर्शकहरू निस्कन थाले । म पनि दर्शकहरू सँगै बाहिर निस्कें । सबैले नाटकको प्रशंसा गरेको सुनें । दर्शकहरूबाट धेरै बधाइ पाएँ । मेरो हर्षको सीमा रहेन, अनि लाग्यो- शाही नेपाली जङ्गी अड्डाबाट मैले पाएको अभिभारा सफलतापूर्वक पूर्ण गर्न सफल भएँ । मन हर्षित भयो । नयाँ वर्षको शुभारम्भले मलाई गरेको प्रशंसाले म निकै हर्ष विभोर भएको थिएँ र नव वर्षलाई धन्यवाद दिएको थिएँ । मैले विचार गरें - यो वर्ष मेरा लागि शुभ हुनेछ । हर्षै-हर्षले वर्ष बित्नेछ । तर त्यो सबै मेरो कोरा कल्पनामात्र सावित भयो । दुर्भाग्यले छोयो ।

अकल्पनीय हृदयविदारक घटनामा कला क्षेत्रलाई ओजस्वी अनुपम नेतृत्व बक्सने कलास्रष्टा श्री ५ महा राजाधिराज सरकार र श्री ५ बडामहारानी सरकारको ससन्तति स्वर्गवास भयो भन्ने कुरा एकाएक सुनें । मेरो दुःखको सीमा रहेन । नेपालमा महाप्रलय भए झैं लाग्यो । वास्तवमा यो महाप्रलय नै थियो । आज जबजब नाटक लेख्ने र प्रदर्शन गर्ने कुरा चल्छ तबतब मेरो मस्तिष्कलाई कताकता एक किसिमको रित्तोपनले छोप्छ र विचारशक्ति नै हराए झैं लाग्छ । नाटक लेख्न बस्यो त्यसै त्यसै मन गल्छ, हात गलेझैं अनुभव हुन्छ अनि विचलित मन भन्न थाल्छ-मैले नाटक लेखी, निर्देशन गरी मौसुफ सरकारमा नजर गराएर सभक्ति सेवा गर्ने दिन सधैंका लागि समाप्त भयो ।

●

शान्तिका पुजारी प्रजावत्सल राजा श्री ५ वीरेन्द्र

● *डा. प्रभा बस्नेत*

नेपालको राष्ट्रिय एकीकरण गरी नेपाल राष्ट्रलाई अक्षुण्ण राख्ने शाहवंशीय राजसंस्था एक अविच्छिन्न राजपरम्पराका रूपमा विश्वप्रसिद्ध रहेको छ । यस गौरवमय राजपरम्परालाई अविच्छिन्न रूपमा अगाडि बढाउने क्रममा वर्तमान राष्ट्रनायक श्री ५ ज्ञानेन्द्रवीरविक्रम शाहदेव सरकारको पुस्तासम्म आइपुग्दा थुप्रै प्रतापी राजाहरूको छत्रछाँया नेपाल अधिराज्य र नेपाली जनताले पाउँदै आएका छन् । जीवनको बाजी लगाएर नेपाललाई राष्ट्रिय एकीकरणको सूत्रमा आबद्ध गरिबक्सने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, राजगद्दी दाउमा लगाएर प्रजातन्त्रका निम्ति कृतसंकल्पित राष्ट्रपिता श्री ५ त्रिभुवन, राष्ट्र, राष्ट्रियता र नेपाली कलासाहित्यको पूजा गरिबक्सने श्री ५ महेन्द्र र जनताको इच्छाअनुसार शासन गरिबक्सने प्रजावत्सल राजा श्री ५ वीरेन्द्र, यी राजाहरूको यही उच्च राजपरम्परा र गौरवगाथाले नेपालमा राजा र प्रजाबीच सदैव एक आदर्श अन्योन्याश्रित सम्बन्ध स्थापित हुँदै आएको छ ।

राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको अविच्छिन्न उत्तराधिकारीका रूपमा शाहवंशीय राजपरम्पराको ११ औं पुस्तामा एक प्रजावत्सल राजाका रूपमा श्री ५ वीरेन्द्रलाई नेपाल राष्ट्र र नेपाली जनताले पाउन सके । वि.सं. २०२८ सालदेखि वि.सं. २०५८ सालसम्मको झण्डै तीन दशक नेपालको राजगद्दी समालिबक्सेका श्री ५ वीरेन्द्रको शासनकालमा नेपालभित्र लोकसम्मतिका आधारमा शासन गर्ने शाहवंशी राजपरम्परालाई निर्वाह गर्ने क्रममा अनेकौं रचनात्मक विकासका प्रयोगहरू भएका छन् भने अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपाललाई शान्तिक्षेत्रको रूपमा प्रस्तुत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह भएको छ । मौसुफ सरकारको शान्तिप्रतिको प्रतिबद्धता र त्यसलाई अभियानकै रूपमा अगाडि बढाउने कृतसङ्कल्पका कारण विश्वका ११६ राष्ट्रहरूले नेपाललाई शान्तिक्षेत्रका रूपमा अनुमोदन गरे । यसबाट के पुष्टि हुन्छ भने शान्तिक्षेत्रका रूपमा आफ्नो राष्ट्रलाई प्रक्षेपण गर्ने मौसुफ सरकारको दूरदर्शी सोचाइ र कूटनीतिक सफलताको विश्वव्यापी रूपमा प्रशंसा भएको थियो, अनुमोदन भएको थियो ।

श्री ५ वीरेन्द्रबाट आफ्नो जीवनभरि नै सदैव राष्ट्र, राष्ट्रियता र लोकसम्मतिका आधारमा शासनपद्धति भन्ने कुरालाई आत्मसात् गरिबक्स्यो । मौसुफको शासन कालको शुरुदेखि नै यस कुरालाई हामी उदाहरणका रूपमा पाउन सक्छौं । यस्तै एउटा उदाहरण वि.सं. २०३३ सालमा निर्वासित जीवन बिताइरहेका नेपाली कांग्रेसका नेता बी.पी. कोइराला राष्ट्रिय मेलमिलाप नीतिलाई अङ्गीकार गरी स्वदेश फर्कनु पनि हो । त्यतिबेला दक्षिण एसियामै प्रजातन्त्र अप्ठ्यारो स्थितिमा गुज्रिरहेको थियो । यसलाई आत्मसात् गरी स्वदेश फर्केका कांग्रेसका नेता बी.पी. कोइरालालाई जुन किसिमको सद्भाव प्रकट गरिबक्स्यो त्यसले वर्षौंदेखि संस्थापन पक्षसँग टकरावको राजनीति गर्दै आएको नेपाली कांग्रेसको नेतृत्वले सोच्न बाध्य हुनुपर्ने स्थिति सिर्जना भयो । फलतः स्वदेश फर्कने बित्तिकै तत्कालीन व्यवस्थाका विपक्षी नेता बी.पी. कोइरालाले राष्ट्रियताको सन्दर्भमा राजासँग आफ्नो घाँटी जोडिएको भनी

सार्वजनिक गर्नुपरेको थियो। यसलाई श्री ५ राजा वीरेन्द्रको राष्ट्रियताप्रतिको प्रतिबद्धताको जीत र वैचारिक असहमत रहेको पक्षलाई समेत राष्ट्र र राष्ट्रियताप्रति सहमत गराएर सँगै लैजान सक्ने विशिष्ट राजकीय गुणका रूपमा स्वीकार्नुपर्छ। त्यसको केही वर्षपछि वि.सं. २०३५ सालमा दक्षिण एसियाकै अर्को राष्ट्र पाकिस्तानमा जुल्फिकर अलि भुट्टोलाई फाँसी दिइयो। यस प्रकरणबाट विश्वमै दक्षिण एसियाको प्रजातन्त्रप्रति प्रश्न उठ्यो र त्यसको प्रभाव नेपालमा पनि केही हदसम्म देखापर्‍यो। त्यसको प्रभावलाई लोकसम्मतिकै आधारमा समाधान गर्न श्री ५ वीरेन्द्रबाट जनमत सङ्ग्रहको घोषणा गरिबक्स्यो। इतिहास साक्षी छ, त्यतिबेलाको नेपाली जनमत सुधारिएको निर्दलीय व्यवस्थाको पक्षमा गयो र राजा वीरेन्द्रबाट त्यही जनअनुमोदित व्यवस्थालाई अगाडि बढाइबक्स्यो। राजा श्री ५ वीरेन्द्र सदैव लोकसम्मतिमा आधारमा शासनव्यवस्था चल्नुपर्छ भन्ने पक्षमा होइबक्सन्थ्यो भन्ने कुराको यो अर्को प्रमाण थियो। त्यसपछि विश्वराजनीतिमा ९० को दशक आयो। यस दशकले सोभियत रुसलगायत पूर्वी युरोपका साम्यवादी राष्ट्रहरूबाट कम्युनिज्म ढल्यो, विश्वजनमत नै बहुदलीय शासनव्यवस्थाको पक्षमा जाने सङ्केत देखायो। त्यसैको प्रभावका रूपमा फेरि नेपालमा २०४६ साल आइपुग्यो। यस दशकमा भएको युगान्तकारी परिवर्तनमा नै बल प्रयोगभन्दा पनि शान्तिपूर्वक शासनव्यवस्था परिवर्तन भइरहेको थियो। शान्तिप्रेमी, प्रजावत्सल राजा वीरेन्द्रबाट पुनः एकपटक शान्तिपूर्वक बहुदलीय व्यवस्थालाई स्वीकार गर्ने प्रक्रियालाई मार्गप्रशस्त गरिबक्स्यो र पुनः एकपटक लोकसम्मति नै शासन सञ्चालनको आफ्नो जीवनपद्धति हो भन्ने कुरालाई पुष्टि गरिबक्स्यो। वि.सं. २०४७ सालपछि सक्रिय राजतन्त्रलाई संवैधानिक राजतन्त्रका रूपमा परिणत गर्ने नेपाल अधिराज्यको संविधान २०४७ बक्स भई त्यसपछि १० वर्ष जुन किसिमले लोकसम्मतिका आधारमा आफ्नो संवैधानिक भूमिका निर्वाह गरिबक्स्यो, त्यसबाट मौसुफ सरकार सदैव राष्ट्र, राष्ट्रियता र जनताप्रतिको आफ्नो जवाफदेहिताप्रति प्रतिबद्ध होइबक्सन्थ्यो भन्ने कुरा पुनःपुष्टि भएको छ।

विश्वराजनीति नै अत्यन्त तरल अवस्थामा रहेको बेला श्री ५ वीरेन्द्रबाट नेपाल अधिराज्यमा झण्डै तीन दशक जुन प्रयोग र पद्धतिका साथ शासन गरिबक्स्यो, त्यसको आधार राष्ट्र, राष्ट्रियता, लोकसम्मति र जनताको सर्वोत्तम हित नै थियो भन्न सकिन्छ। प्रजातन्त्रको आदर्शलाई शासनव्यवस्थाको मूल आधारका रूपमा ग्रहण गरिबक्सने प्रजावत्सल राजा वीरेन्द्रको सोचाइ थियो। प्रजातन्त्रको जग दिगो र बलियो बनाउन आर्थिक विकासको प्रतिफल गरिब र निमुखा जनतासम्म पुर्‍याउनुपर्छ अनि मात्र प्रजातन्त्र साँचो मानेमा बहुजन हिताय हुनसक्छ। यही अभीष्टका साथ मौसुफ सरकार विकास नपुगेका मुलुकका विभिन्न विकट जिल्लाका गाउँघरको समेत भ्रमणमा हरेक वर्ष निस्किबक्सन्थ्यो र उनीहरूका दुःखसुखसँग साथ दिँदै राष्ट्रनिर्माणमा दत्तचित्त र हिबक्सन्थ्यो। मौसुफ जनतामाझ सदैव लोकप्रिय रहनुको मूल आधार पनि त्यही नै हो भन्न सकिन्छ।

शान्तिप्रेमी श्री ५ वीरेन्द्रको दोस्रो महत्त्वपूर्ण सोचाइ भनेको शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मभूमि नेपाललाई शान्तिक्षेत्रका रूपमा अनुमोदन गराउन खोज्नु हो। यही निर्दिष्ट सोचाइका साथ मौसुफ सरकारबाट तीसको दशकको शुरुदेखि नै शान्तिप्रतिको प्रतिबद्धतालाई अभियानका रूपमा अगाडि बढाइबक्स्यो। चाहे असंलग्न राष्ट्रहरूको सम्मेलनमा होस् या अन्य कुनै अन्तर्राष्ट्रिय मञ्चहरूमा होस्, ती सबै मञ्चहरूको उपयोग गरिबक्सँदै झण्डै दुई दशकको अवधिसम्म मौसुफबाट त्यस अभियानलाई नेतृत्व प्राप्त भयो र विश्वका एकसय सोह्र राष्ट्रहरूले औपचारिक रूपमा त्यस प्रस्तावलाई समर्थन गरे। नेपालजस्तो भूगोलमा सानो र खासै अन्तर्राष्ट्रिय पहुँच नभएको मुलुकले शान्तिका दिशामा प्राप्त गरेको यस उपलब्धिलाई विश्वले नै उच्च मूल्याङ्कन गरेको छ र यसको श्रेय एक मुष्ट रूपमा श्री ५ वीरेन्द्रलाई जान्छ। यही नै वास्तविक इतिहास पनि हो।

शान्तिका पुजारी प्रजावत्सल राजा श्री ५ वीरेन्द्र हामीमाझ नरहिबक्सेको पनि झण्डै दुईवर्ष हुन लाग्यो। मौसुफको देहावसान जुन अकल्पनीय किसिमबाट भयो, इतिहास भइसकेको त्यो घटना नेपाल र नेपालीका लागि सदैव अत्यन्तै अप्रिय-हृदयविदारक सम्झनाका रूपमा रहिरहनेछ। हामी यस सम्झनाका साथ श्री ५ वीरेन्द्र भन्ने बित्तिकै शान्ति क्षेत्र अभियानका प्रणेता तथा राष्ट्र, राष्ट्रियता र जनताको सार्वभौमिकताका लागि सदैव चिन्तित प्रजावत्सल राजाका रूपमा श्रद्धापूर्वक नतमस्तक भएर स्मरण गरिरहनेछौं।

●

श्री ५ वीरेन्द्र र राष्ट्रिय विकास परिषद्

● *प्रेमलाल चित्रकार*

(१) पृष्ठभूमि

श्री ५ वीरेन्द्र सरकारबाट नेपालको योजनाबद्ध विकास प्रक्रियालाई जनसहभागितामूलक र गतिशील बनाउन मौसुफ स्वयम्कै अध्यक्षतामा एउटा राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सेको थियो । यो राष्ट्रिय विकास परिषद्को गठन प्रक्रिया योजना सङ्गठन २०२९ सालमा व्यवस्था भएबमोजिम गर्ने गरी गठन गरिबक्सेको थियो ।

नेपालको योजनाबद्ध विकास प्रक्रियाको गतिलाई अरू प्रभावकारी हुने कुरालाई महसुस गरी देशका विभिन्न वर्गहरू र क्षेत्रहरूको जनताका प्रतिनिधित्व हुने गरी २०२९ साल जेठ २७ गते राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सेको थियो । यो पनि देश विकासको क्षेत्रमा श्री ५ वीरेन्द्रको ठूलो योगदानको रूपमा लिनुपर्ने देखिन्छ । यसरी देशको योजना तर्जुमा प्रक्रियालाई जनसहभागितामूलक बनाई राष्ट्रिय विकास परिषद्को महत्त्वपूर्ण भूमिकालाई निरन्तरता दिइराख्नु नै श्री ५ वीरेन्द्र सरकारप्रति सही श्रद्धाञ्जली हुनेमा कसैको दुई मत हुनसक्दैन ।

(२) राष्ट्रिय विकास परिषद्को गठन

श्री ५ वीरेन्द्रबाट २०२९ साल वैशाख १ गते नव वर्षारम्भको शुभ-उपलक्ष्यमा राष्ट्रका नाममा बक्सेको सन्देशमा देश विकासका लागि अपनाइने कुनै पनि योजना समस्त नेपाली जनताको भलाइका निमित्त बन्नुपर्ने हुनाले योजना बनाउँदा वास्तविक जनआकांक्षाको प्रतिनिधित्व होस् भन्ने उद्देश्यले विकास गतिलाई अझै तिव्र पार्न एउटा राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सने भएको कुरो हुकुम बक्सेअनुरूप मौसुफबाट मौसुफ स्वयम्को अध्यक्षतामा २०२९ साल जेष्ठ २७ गते राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सेको थियो ।

यसरी विगत ३० वर्षदेखि नेपालको योजनाबद्ध तरिकाबाट देश विकास गर्ने प्रक्रियामा राष्ट्रिय विकास परिषद्ले महत्त्वपूर्ण भूमिका खेलिआएको पाइन्छ । यो एउटा अपरिहार्य कुरो पनि भएकोले यसलाई निरन्तरता दिइरहनुपर्छ ।

(३) राष्ट्रिय विकास परिषद्का सदस्यहरू

राष्ट्रिय विकास परिषद्को बैठकहरूमा सक्रिय रूपमा सहभागी भई देशविकासको कार्यमा योगदान पुऱ्याउन श्री ५ को सरकारका विभिन्न निकायहरूलाई प्रतिनिधित्व गर्ने सङ्घ र संस्थाहरूका साथै विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरूलाई समेत राष्ट्रिय विकास परिषद्को सदस्यका रूपमा मनोनयन गर्ने व्यवस्था मिलाइएको देखिन्छ ।

पञ्चायतकालमा श्री ५ वीरेन्द्रको अध्यक्षतामा गठित राष्ट्रिय विकास परिषद्का सदस्यकहरूको स्वरूप निम्नानुसार भएको पाइएको छ ।

(क) मन्त्रिपरिषद्का सदस्यहरू- राज्यमन्त्री तथा मन्त्रीहरू- सदस्य,

(ख) राजसभा स्थायी समितिका सभापति- सदस्य,

(ग) भूतपूर्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का अध्यक्षहरू मध्येबाट श्री ५ बाट मनोनीत गरिबक्सेका ३ देखि ५ जना व्यक्तिहरू- सदस्य,

(घ) नेपालको संविधान (२०१९) को धारा ४१ क. को उपधारा

(१) र (२) बमोजिमका राष्ट्रिय पञ्चायतका पाँच समितिका सभापतिहरू- सदस्य,

(ङ) राष्ट्रिय योजना आयोगका सदस्यहरू- सदस्य,

(च) वर्गीय र व्यावसायिक सङ्गठनका केन्द्रीय सभापतिहरू- सदस्य,

(छ) नेपाल अधिराज्यका ७५ जिल्ला पञ्चायतहरू मध्येबाट तराई, पहाड र दुर्गम जिल्लाहरू मिलाई १/१ वर्षको पालो गरी चौध अञ्चलको प्रतिनिधित्व हुने किसिमले १४ जिल्ला पञ्चायतका सभापतिहरू-सदस्य,

(ज) उद्योग वाणिज्य सङ्घका अध्यक्ष- सदस्य र

(झ) श्री ५ बाट समयसमयमा विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरू मध्येबाट मनोनीत गरिबक्सेको ३ देखि ५ जना अन्य व्यक्तिहरू- सदस्यका रूपमा भएको पाइएको छ । (हाल अवस्थित राष्ट्रिय विकास परिषद्का सदस्यहरूको स्वरूप माथि लेखिएको आकारभन्दा केहीकेहीमा फरक भएको पाइएको छ ।)

(४) राष्ट्रिय विकास परिषद्का कार्यहरू

(क) आवधिक एवम् वार्षिक योजनाअन्तर्गत अपनाउनुपर्ने मूलभूत उद्देश्य एवम् नीतिहरूबारे राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने ।

(ख) राष्ट्रिय योजनालाई वास्तविक जनआकांक्षा र स्थानीय आवश्यकतामा आधारित गर्न, देशका विभिन्न क्षेत्रको वास्तविक परिस्थिति र आवश्यकताबारे राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने ।

(ग) विकासको गतिलाई तीव्र बनाउन आवधिक योजनाअन्तर्गत प्रत्येक वर्षको प्रगतिको समीक्षा र मूल्याङ्कन गरी यसका आधारमा योजनाको उद्देश्य र लक्ष्यअनुरूप विकास कार्यक्रमको सही कार्यान्वयनका लागि आवश्यक कदम उठाउन राष्ट्रिय योजना आयोगलाई निर्देशन दिने ।

(घ) श्री ५ बाट हुकुम बक्सेमा राष्ट्रिय योजना आयोगले मौसुफका हजुरमा चढाउने अर्धवार्षिक-वार्षिक प्रगतिमूल्याङ्कन प्रतिवेदनका आधारमा विस्तृत जाँचपडताल गरी योजना कार्यान्वयनमा ढिलासुस्ती, लापरवाही, भ्रष्टाचार, बदनियत वा अवाञ्छनीय कारणहरूले गर्दा लक्ष्यमुताविक उपलब्धि हासिल गर्न नसकेकामा तथ्य पत्ता लगाई सम्बन्धित पदाधिकारी वा व्यक्तिमाथि सजाय गर्नुपर्ने देखिएमा सो र कदर गर्नलायक काम गरेको भए यथोचित पुरस्कारसमेतका लागि श्री ५ का हजुरमा सिफारिससहितको प्रतिवेदन चढाउने ।

(ङ) राष्ट्रिय विकास परिषद्का सदस्यहरूमार्फत योजना कार्यान्वयन स्थलको निरीक्षणसमेत गराई कार्यान्वयनको देखदेख र बाधाअड्चन फुकाउने कार्यमा राष्ट्रिय योजना आयोगलाई बढी अग्रसर एवम् प्रभावकारी तुल्याउने र

(च) श्री ५ बाट समयसमयमा हुकुम बक्सेबमोजिम विकाससम्बन्धी अन्य कार्यहरू गर्ने ।

(५) राष्ट्रिय विकास परिषद्का कार्यविधिहरू

राष्ट्रिय योजना आयोगले राष्ट्रिय विकास परिषद्को सचिवालयको काम गर्ने गरी व्यवस्था मिलाइएको छ । यसरी राष्ट्रिय योजना आयोगले गर्ने कार्यहरूमध्ये निम्न कार्यहरू अति महत्त्वपूर्ण भएको पाइन्छ ।

(क) राष्ट्रिय विकास परिषद्को सचिवालयको काम राष्ट्रिय योजना आयोगको सचिवालयले गर्नेछ ।

(ख) प्रत्येक वर्षको प्रगतिमूल्याङ्कन गरी आगामी वर्षका लागि राष्ट्रिय योजना आयोगलाई नीतिनिर्देशन दिन सुविधा पर्ने गरी राष्ट्रिय विकास परिषद्को बैठक कम्तीमा वर्षको एकपटक साधारणतया आर्थिक वर्षको मध्यतिर बस्नेछ ।

(ग) राष्ट्रिय योजना आयोगले राष्ट्रिय विकास परिषद्को बैठकमा आवधिक तथा वार्षिक योजनाका लागि अपनाउनुपर्ने उद्देश्यहरू तथा नीतिसम्बन्धी मूल्याङ्कनसहितको प्रतिवेदन र तत्सम्बन्धमा उठाउनुपर्ने कदमसम्बन्धी सिफारिसहरू पेश गर्ने । परिषद्ले यसरी पेश हुन आएका सिफारिसहरूमा छलफल गरी निष्कर्षमा पुग्नेछ र तदनुरूप राष्ट्रिय योजना आयोगलाई निर्देशन दिनेछ ।

(घ) परिषद्को प्रत्येक बैठकमा छलफलका लागि कार्यसूची राष्ट्रिय योजना आयोगको सचिवालयले तयार गरी

वितरण गर्नेछ र कार्यसूचीका साथै माथि दफा (३) अनुसार तयार हुने मस्यौदाहरू (वर्किंग पेपरहरू) पनि वितरण गर्नेछ ।

(च) श्री ५ बाट अन्यथा हुकुम बक्सेमा बाहेक राष्ट्रिय विकास परिषद्का मनोनीत सदस्यहरूको कार्यावधि साधारणतः ४ वर्षको हुनेछ ।

(६) राष्ट्रिय विकास परिषद्को अध्यक्षको फेरबदल

श्री ५ वीरेन्द्रले मौसुफको अध्यक्षतामा गठित राष्ट्रिय विकास परिषद्को माध्यमद्वारा देशको योजनाबद्ध तरिकाबाट विकास गर्दै जाने प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्दै आइबक्सेको थियो तर राष्ट्रिय विकास परिषद्का अध्यक्षतालाई मौसुफबाट निरन्तरता दिने मौका पाइबक्सेन ।

२०४६ सालको जनआन्दोलनले नेपालमा पुनः प्रजातन्त्रको बहाली गराइएको थियो । संयोगवश यस लेखका लेखकको अङ्ग्रेजीमा लिखित "Planning Agriculture and Farmers: Strategy for Nepal, 1990" नामक पुस्तकमा "हालको देशको परिवर्तित परिस्थितिमा राष्ट्रिय विकास परिषद्को अध्यक्षको पदमा देशका सम्माननीय प्रधानमन्त्रीलाई आसीन गर्नुपर्नेबारे सुझावका रूपमा आफ्नो अभिव्यक्ति व्यक्त गरेको पाइएको छ ।"

यसै गरी २०४७ सालमा तयार भएको नेपालको नयाँ संविधानअनुसार नेपालमा संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको शासन व्यवस्था लागू भएको पाइएको छ तर देशको चौतर्फी रूपमा विकास गर्दै लाने प्रक्रियामा राष्ट्रिय विकास परिषद्को भूमिकामा आँच आउन दिइएको पाइएन । जनसहभागिताको आधारमा देशको विकासप्रक्रियालाई अघि बढाउने उद्देश्यले गठित राष्ट्रिय विकास परिषद्का अध्यक्षमा सम्माननीय प्रधानमन्त्रीलाई आसीन गराइयो । यसरी देशको परिवर्तित परिस्थितिमा यो एक किसिमबाट स्वाभाविक प्रक्रिया थियो । यसरी राष्ट्रिय विकास परिषद्को अध्यक्षमा फेरबदल भएको पाइन्छ ।

(८) उपसंहार

श्री ५ वीरेन्द्रले राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सेर योजनाबद्ध तरिकाबाट देश विकास गर्ने प्रक्रियामा मौसुफ स्वयम्बाट प्रत्यक्ष रूपमा सरीक हुनु वा सहभागी हुनसक्ने खाले वातावरणको विकास गरिबक्सेको थियो । यो मौसुफको एउटा ठूलो योगदानका रूपमा लिनुपर्दछ ।

राष्ट्रिय विकास परिषद्को विकास हुनुभन्दा पहिले नेपालका आवधिक योजनाहरूको तर्जुमा गर्ने प्रक्रियमा देशका विभिन्न भौगोलिक क्षेत्रहरूका जिल्लाहरूका सभापतिहरूले सहभागी हुनु मौका पाएका थिएनन् । राष्ट्रिय विकास परिषद्को गठनपश्चात् देशका विभिन्न जिल्लाहरूका जिल्ला सभापतिहरूले पनि आवधिक योजनाहरूको तर्जुमा गर्ने प्रक्रियामा आफूहरू पनि प्रत्यक्षरूपमा सहभागी भई आफ्ना धारणाहरू समावेश गर्नेगराउने मौका पाएका थिए । यस किसिमको मौका राष्ट्रिय विकास परिषद्को गठनपश्चात् मात्र जिल्लाका सभापतिहरूले पाएका हुन् । यसको सबै श्रेय श्री ५ वीरेन्द्रलाई नै दिनुपर्ने देखिन्छ ।

नेपालमा विकासका सम्भावनाहरू अथाह भएको पाइन्छ । यी विकासका सम्भावनाहरू नेपालको विभिन्न भौगोलिक क्षेत्रहरूमा छरिएर रहेका पाइन्छन् । त्यसकारण नेपालको योजनाबद्ध विकासको प्रक्रियामा राष्ट्रिय विकास परिषद्ले महत्त्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ, खेल्नुपर्छ र सक्रिय भूमिका निर्वाह गर्न सक्नुपर्छ । यो यस देशको वास्तविकता र आवश्यकता हो । त्यसकारण राष्ट्रिय विकास परिषद्लाई बढी प्रभावकारी बनाउनेतर्फ नेतृत्व दिनेहरूबाट आगामी दिनहरूमा सही प्रयास हुनुपर्ने देखिन्छ । यसरी राष्ट्रिय विकास परिषद्लाई सबल बनाउन सकेमा यही नै श्री ५ वीरेन्द्रप्रतिको हाम्रो सही श्रद्धाञ्जली हुनेछ ।

●

संवैधानिक राजतन्त्रका आदर्श आलोक श्री ५ वीरेन्द्र

• *बद्री दाहाल 'भस्मासुर'*

संसारको राजतन्त्रको इतिहासमा पाँचौं शताब्दीदेखि सोह्रौं शताब्दीसम्म राजतन्त्र बलशाली बनेर शासन सञ्चालनमा शक्तिकेन्द्र बन्न पुग्यो । 'Divine Right Theory' को सिद्धान्तलाई चरमरूपमा उपयोग गर्दै *'अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्, रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः'* जस्ता सूक्तिबाहुल्यमा राजालाई भगवान्को प्रतिनिधि बनाएको पूर्वीय एवम् पाश्चात्य इतिहास जीवन्त छ । फ्रान्सको लुई चोधौं, इंग्लैण्डका जेम्स प्रथमले 'राजामा ईश्वरीय अवतार अवतरण हुन्छ' भनी 'Sun of Heaven' को अवधारणा विकसित गराउन कोशिस गरे । आदर्श आवरणमा क्षयीकरण हुन थालेपछि अर्थात् राजाको निरङ्कुशता, अनैतिकता र शोषण प्रत्यक्ष रूपमा जनताले अनुभूत गर्न परेपछि युगौंदेखि सबल राजतन्त्रको सत्ता विश्वराजनीतिक रङ्गशालामा जनक्रान्तिको माध्यमबाट क्रमशः धराशायी बन्न पुगे । राजतन्त्रको असीमित अधिकारलाई सीमित अधिकारयुक्त राजतन्त्रमा बदल्ने अभ्यास कतै शुरु भयो भने कतै राजतन्त्रलाई नै नामेट बनाएर जननिर्वाचित प्रतिनिधिलाई राज्यको सम्प्रभु बनाउने सिद्धान्तहरू सलबलाए ।

नेपालको इतिहास हालसम्म राजतन्त्रात्मक छ, भावी दूरदूरान्तसम्म पनि राजतन्त्रात्मक रहनेछ तर लोकप्रिय एवम् जनसम्मतिअनुकूल बनाउने प्रयासमा अत्यन्त ठूलो फड्को मार्ने काम श्री ५ वीरेन्द्रबाट भएको पाउँछौं । विशेषतः नेपालमा राजतन्त्र जनइच्छानुकूल स्थापना भएको कुराको प्रमाण यहाँका प्राचीन अभिलेख, शिलापत्र, ताम्रपत्र, विधि र व्यवहार हुन् । गोर्खाको लिगलिगमा राज्य गरिरहेका राजाबाट जनहित नहुने देखेपछि द्रव्यशाहलाई अभिषेक गरी राजा बनाइएको हो । यसै वंशमा रामशाह जस्ता न्यायप्रेमी, श्री ५ पृथ्वीनारायण शाहजस्ता जनरायलाई कदर गर्ने र राष्ट्रियताको चुरोलाई बुझ्ने दूरदर्शी राजाहरू जन्मँदै गए । शासनक्रममा श्री ५ त्रिभुवनलाई जनताले दिएको अपार श्रद्धा तथा मौसुफबाट घोषित २००७ सालको प्रजातन्त्र नेपालका जनइच्छा बुझ्ने राजाहरूको स्वर्णिम आलोक हो । २० औं शताब्दीको नेपालमा जनइच्छा एवम् लोकसम्मतिलाई कदर गर्ने आदर्श राजा श्री ५ वीरेन्द्र थिए ।

शाहवंशका सम्पूर्ण राजामा सबैभन्दा बढी पढेका विद्वान् राजा उनै थिए । मूलतः अन्य राजाहरूको शिक्षादीक्षा पूर्वीय राज्यसिद्धान्तको परिवेशमा भएको थियो भने श्री ५ वीरेन्द्रको पाश्चात्य प्रभावमा । बेलायतको इटन कलेजमा उच्च शिक्षा लिएर जापान र अमेरिकाको विश्वविद्यालयमा समेत ज्ञानको क्षितिज फराकिलो बनाउन पुगेका श्री ५ वीरेन्द्रमा बेलायत र जापानको राजतन्त्रको इतिहास, त्यसमा सल्किएको जनविद्रोह, अनि राजतन्त्रप्रतिका जनआस्था आदि पूरै अवगत थियो ।

आफ्ना पूर्वज, विशेषतः श्री ५ पृथ्वीनारायणका दिव्यउपदेश, श्री ५ त्रिभुवनका प्रजातान्त्रिक धारणा एवम् पाश्चात्य राज्यव्यवस्थाको जनइच्छा मुखरित हुने प्रजातान्त्रिक प्रणालीलाई आत्मसात् गर्दै देशको सर्वाङ्गीण विकासमा आफ्नो भूमिकालाई

युवराजाधिराज हुँदादेखि नै उजागर गरेका हुन् । नेपाललाई शान्त, संभ्रान्त स्वीटजरल्याण्ड बनाउने प्रबल इच्छा उनको थियो । यसका लागि विकासको मूल फुटाउन जनसहभागिता अपरिहार्य हुन्छ भन्ने मान्यता थियो । जनसहभागितालाई देशको सर्वाङ्गीण विकासमा यथार्थपूर्वक प्रस्तुत गर्न राज्य शासनको दायित्व बिस्तारै उनीहरूलाई सुम्पनुपर्छ भन्ने शाश्वतालाई पनि उनले चिन्तन गरेका थिए । यसै सन्दर्भमा ५ विकासक्षेत्रको क्षेत्रीय विकासको सन्तुलन, निःशुल्क प्राथमिक शिक्षाको घोषणा, संविधानको दोश्रो संशोधन, २०३६ को जनमतसङ्ग्रहको प्रजातान्त्रिक अभ्यास, नेपाली जनतालाई एसियाली मापदण्डमा पुऱ्याउने दूरदृष्टि, बी.पी. लगायतका प्रजातन्त्रवादी नेताहरूको प्रत्यागमन र उनीहरूका विचार जनसमक्ष पुऱ्याउने वातावरण ०४६ अघिका प्रजातान्त्रिक आदर्शका प्रारूप थिए ।

२०४६ साल चैत्र २६ गते निर्दलीय पञ्चायती व्यवस्थाको अवसान गराई बहुदलीय व्यवस्थाको पुनःस्थापना श्री ५ वीरेन्द्रको वैधानिक राजतन्त्रको आदर्श आलोक बाल्ने अर्को फड्को थियो, लोकसम्मतिको सम्मान र बदलिँदो जनचेतनाको इच्छाको कदर थियो । श्री ५ वीरेन्द्रले दृढ साहस देखाएकै परिणामस्वरूप २०४६ सालको नेपाल अधिराज्यको संविधान (जो हाल मृत्युशैय्यामा छ भन्छन्) आएको हो । श्री ५ वीरेन्द्र संवैधानिक राजतन्त्रको प्रबल पक्षपाती र विकासका संवाहक थिए । "भोक, रोग र शोकले पीडित मेरा जनताप्रति मेरो उत्तरदायित्व छ" भनेर राजाको गुरुदायित्व एवम् जनताको आर्थिकस्तर उचाल्ने दृढता देखाएका थिए । ०४६ पछि राजतन्त्रमा रहेर जनताद्वारा निर्वाचित प्रतिनिधिमा राज्यसत्ता सुम्पियो । यसरी 'संविधान सबैभन्दा माथि हुन्छ' भन्ने राजाले प्रजातन्त्रमा विधिको शासनलाई आत्मसात् गरे । यसरी नेपालको राजसंस्था प्रतीकात्मक र आकर्षात्मक रूपमा रहन पुग्यो ।

आधुनिक युगको शासनप्रणालीमा राष्ट्राध्यक्षको जुन स्थान हुन्छ त्यही स्थान श्री ५ वीरेन्द्रले ग्रहण गरे । श्री ५ वीरेन्द्र दलगत राजनीतिभन्दा माथिल्लो विवेकी बिन्दुको प्रतीक थिए । यसरी राष्ट्रिय एकताका प्रतीक पुरुष राजाले संसारमा बढ्दो आतङ्क र हिंसालाई बुझेर ११६ भन्दा बढी देशहरूसित शान्तिक्षेत्रको समर्थन जुटाएर साँच्चै बुद्धको चिन्तन र गाथालाई सच्चा रूपमा उघारेका थिए । नेपाल जस्तो परम्परावादीको विचार प्रधान भएको देशमा वैधानिक राजतन्त्रको आदर्शलाई आत्मसात् गरेर कला, विज्ञान, साहित्य एवम् सर्वाङ्गीण विकासको पथमा नवनेपालको निर्माणार्थ उनको देन, युगौँसम्म अविस्मरणीय हुन पुगेको छ । नेपाली धर्तीमा मर्यादित राजतन्त्रका दीप्त आलोक श्री ५ वीरेन्द्र हुन् । इतिहासमा यो सत्य अमिट रूपमा रहिरहनेछ ।

नीलकण्ठ उच्चमाध्यमिक विद्यालय
धादिङबेसी

राजा वीरेन्द्र र उनको प्रजातान्त्रिक सन्देश

● बालकृष्ण पोखरेल

हाम्रा स्वर्गवासी प्यारा राजाको सर्वाधिक उल्लेखनीय सन्देश उनको प्रजातान्त्रिक उद्गार भएको कुरो हामीले अझै राम्ररी बुझेको झैँ मलाई लाग्दैन । मलाई लाग्छ, जति यथार्थमा उनी प्रजातन्त्रप्रेमी थिए त्यति बिरलै नेपालीहरू थिए होलान् । मेरो यो धारणाको आधार हो सम्वत् २०३६ सालको जनमतसङ्ग्रह र त्यसको झण्डै १० वर्षपछिको प्रजातन्त्र पुनर्बहालीका बेला जनतालाई संवैधानिक राजतन्त्रले युक्त दुई सदनात्मक संसदीय व्यवस्था प्रदान गर्दा उनका मुखारबिन्दबाट उनले निकालेका ऐतिहासिक उद्गार ।

मलाई उनले नेपाललाई बहुदलीय व्यवस्था प्रदान गर्दा उनका मुखारबिन्दबाट उच्चारण भएका शब्दहरू कण्ठस्थ छैनन् । यदि ती शब्दहरू जस्ताको तस्तै कसैलाई चाहिएमा 'गोरखापत्र' लगायत तत्कालीन प्रमुख दैनिक पल्टाए उपलब्ध नहुने प्रश्नै उठ्दैन । प्रस्तुत लेखकलाई धेरै प्रभावित गरेको तर हाल अक्षरशः स्मरण नभएको उक्त ऐतिहासिक शाहीसन्देशको भावार्थ यस्तो थियो- "म नेपालमा संवैधानिक राजसंस्थाले विभूषित प्रजातन्त्र जनभावनालाई कदर गर्दै यसै सन्देशमार्फत बहुदलीय व्यवस्था प्रदान गर्दै छु, तर प्रजातन्त्रको माग गर्नेहरूले के बुझ्नु आवश्यक छ भने प्रजातन्त्रको आधार व्यक्ति हो ।" धेरै छोटो थियो उक्त ऐतिहासिक सन्देश, तथापि त्यसमा प्रजातन्त्रको आधार व्यक्ति हुन्छ, भनी अमर युगपुरुष वीरेन्द्रले भन्नुको गहन अर्थ थियो, जतातिर आजसम्म पनि न प्रजातन्त्रवादी हौं भन्नेले ध्यान दिएका छन्, न अरूले नै, न नेताज्यूहरूले ध्यान दिएका छन्, न त अर्थशास्त्रीहरूले नै । राजाले गरेको परिभाषामुताबिक कुनै पनि प्रजातान्त्रिक समाजमा जन, गण, जनसमूह, वर्ग, समिति, सरकार, संसद आदि अधिनायक हुनुहुँदैन । प्रजातन्त्रमा कुनै व्यक्तिले गरेको कसुरप्रति उसको परिवार, पत्नी अथवा नातेदार जिम्मेदार हुन्छ भन्ने नियम बन्नु अपराधी मान्नैपर्छ भन्ने बाध्यता राणा तन्त्रकालीन ऐन-कानुनमा पनि थिएन । त्यसै गरी वीरेन्द्रले गुण-दोष दुवै पक्षमा सम्बन्धित व्यक्तिमात्र उत्तरदायी हुने ज्यादै गहिरो कटुसत्य सूत्रात्मक रूपमा हामीलाई बताएर गएका थिए । अझै यसको व्याख्या हुन बाँकी नै छ ।

भर्खरै हामीले न्यायपालिका किंवा अख्तियारमा दुरुपयोग निवारण आयोगले अमूक कर्मचारी, अमूक मन्त्री अथवा अमूक व्यवसायीले अकूत सम्पत्ति आर्जन गरेको अभियोगमा निजउपर कारवाही गरिएको देख्न पढ्न र सुन्न पाइरहेका छौं । यस्तो कार्बाही जब अपराधीमा मात्र सीमित रहन्छ अत्यन्त सराहनीय ठहरिन्छ, तर जब उसका नातेदार जम्मैलाई यसमा मुछिन लाग्छ यो श्री ५ वीरेन्द्रको उपर्युक्त 'परिभाषा' अनुसार अप्रजातान्त्रिक हुनपुग्छ, किनभने प्रजातन्त्रमा सजाय र पुरस्कार दुवैको आधार परिवार नभई व्यक्ति हुन्छ ।

पञ्चायती युगमा भूमिको हदबन्दी परिवारको आधारमा गरिनु कुनै अनौठो कुरो थिएन, तर हालै निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले पनि भूमिको हदबन्दी परिवारको आधारमा गर्ने जुन प्रयास गरे त्यो श्री ५ वीरेन्द्रको परिभाषाअनुसार हास्यास्पद ठहरिन्छ । यसको कारण के हो भने प्रजातन्त्रमा लोग्ने, स्वास्नी या

छोराछोरी चाहे एकै भान्सामा खाऊन् वा अलग, हदबन्दीको आधार व्यक्तिलाई नबनाई परिवारलाई बनाउनु सरासर अक्षम्य भूल हुन जानेछ। त्यसै गरी आयकर अथवा अन्यकरमा पनि व्यक्ति, व्यक्ति-समूह अथवा व्यक्ति कम्पनीका आधारमा मात्र वासलात गरेको उचित भनिन्छ। यो नगरी यदि यस पुनीत कार्यमा परिवारलाई आधार मानिन्छ भने त्यो सराहनीय ठहरिन्न।

कर उठाउने कार्य सरकारको हो, अतः उठाउनु गलत होइन। यसै गरी आवश्यकता परे हदबन्दी पनि सरकारले गर्नु अनुचित होइन। यो काम अनुचित तब मात्र हुन पुग्छ जब यिनको आधार व्यक्ति नभई परिवार हुन्छ। प्रत्येक व्यक्तिको अस्तित्व समाजमा आधारित हुन्छ भन्दैमा हामी प्रजातन्त्रको आधार परिवार मान्दछौं र व्यक्तिलाई अङ्ग र परिवारलाई अङ्गी मान्दछौं भने त्यो श्री ५ वीरेन्द्रको परिभाषाअनुरूप प्रजातान्त्रिक ठहरिन्न।

ठीक यही कुरो प्रस्तुत पंक्तिका लेखकले 'वसन्त' उपनामले लेखेर २०४४ तिर छपाएको उपन्यास "खोलावारि खोलापारि" मा पनि व्यक्त गरेको थियो। त्यहाँ पञ्चायती कालमा भूमिसुधारको नाममा गरिएको हदबन्दी आदि झैँ अतिक्रमणलाई घोर विरोध गरिएको थियो। त्यहाँ भनिएको थियो, व्यक्ति पनि अणु आकारको राष्ट्र हो र त्यसको इलाकामा यदि शक्तिशाली हुँ भन्दैमा सरकारले हस्तक्षेप गर्नु नैतिक कार्य हो भने शक्तिशाली देशको सरकारले दुब्ला देशको निजी मामिलामा हस्तक्षेप गर्नु पनि अनैतिक ठहरिन्न। उक्त उपन्यासले सशक्त आवाजमा घोर विरोध गरेको थियो– त्यसबेलाको एक व्यक्तिको धन खोसेर अर्को व्यक्ति समूहलाई बाँड्ने गलत संस्कारको। तथापि समाजको कल्याण हुन्छ भने वैयक्तिक आधारमा हदबन्दी गरिन न्यायसङ्गत छ, तर पारिवारिक आधारमा यसो गरिनु भने प्रजातन्त्रसम्मत छैन भन्ने कुरामा स्वर्गवासी श्री ५ वीरेन्द्रसित सहमति ज्ञापन गर्नुपर्ने कुरामा म अचेल स्पष्ट छु। यद्यपि जोन स्टुअर्ट मिलको परिभाषा- अनुसार व्यक्ति पनि आकारको राष्ट्र हो भनी ढ्वाङ् फुक्ता हामीलाई प्रजातन्त्र धेरै सम्मानित भएको अनुभव होला तर सम्भवतः मिल महोदय प्रजातन्त्रका सपनापक्षमात्र ठहरिन्छन्। प्रजातन्त्रको विपनाको व्यावहारिक पक्ष स्वर्गवासी राजाको सन्देश प्रजातन्त्रको मूल आधार व्यक्ति हो भन्ने भनाइमा अभिव्यक्त भएको पाइन्छ।

मेरा विचारमा मात्र होइन आज प्रत्येक प्रबुद्ध मस्तिष्कको विचारमा प्रजातन्त्रको उपस्थिति संविधानका अक्षरहरूमा होइन ती अक्षरको कार्यान्वयनमा आधारित हुन्छ। संविधानको ठेली जति नै मोटो भए पनि व्यवहारमा त्यसको आभास पाइँदैन भने त्यसले प्रजातन्त्रको प्रत्याभूति दिनसक्दैन। राणाकालमा भन्दा धेर विकास पञ्चायतकालमा हुनु र त्यो भन्दा धेर विकास २०४६ पछिको संसदीय व्यवस्थाको पुर्नबहाली हुनुमा प्रजातन्त्रका लक्षण होइनन। यदि नीलो रङ्ग (बहुदलीय व्यवस्था) का पक्षहरूले आरा [illegible] राज्य गर्न दिएको भए पहेँलो रङ्ग (निर्दलीय व्यवस्था) ले पनि अवश्य विकास गर्ने थियो भन्ने कुरो हाल नेपालको तुलनामा निरङ्कुश राजतन्त्र भएको भुटानको अर्थतन्त्र दह्रो भएको आधारमा सत्य साबित हुन्छ। आज निर्दलीय व्यवस्थालाई मान्ने माओवादीहरूले संसदमा सहभागी भएर पनि रोष्ट्रम घेर्ने संस्कारका पक्षधरहरूले काम गर्ने हात नबाँधेका भए आजको सत्तापक्ष (ने.का.) ले पनि केही विकास गरेर देखाउँथ्यो कि त ? तर माथि भनिएझैं विकास हुँदै जानुनै प्रजातन्त्रको परिचायक होइन। प्रजातन्त्रमा बुथ क्याप्चर, जनभावनाको अनादर र भोटव्याङ्कको स्थापना नितान्त अधिनायकवादी अथवा माफिया प्रवृत्ति ठहरिन्छन्। लाखौंको खर्चको लगानी गरेर चुनाव जित्ने संस्कार र त्यसरी लगानी गर्न नसक्नेले टिकट पाए पनि चुनावमा असफल हुने वातावरणको विकास आदि यस्ता सङ्केत हुन् जसले मान्छेलाई प्रजातन्त्रप्रति नै वितृष्णा जगाउछ। परन्तु व्यक्ति नेता, कार्यकर्ता र व्यक्ति प्रशासक कुप्रवृत्तिका आधारमा प्रजातन्त्र अफाप भयो भन्नु स्वतः भूल हो कारण प्रजातन्त्र कुनै वाद नभई तन्त्रमात्र हो। यो मङ्गलतन्त्र हो। दिन कहिल्यै रात नठहरिए झैं प्रजातन्त्र पनि अमङ्गल ठहरिन सक्दैन। काम गर्न नजानेर अथवा पुरातन संस्कारको दास भएर कसैले देखाएको कुशासनलाई नै प्रजातन्त्रको भन्न मिल्दैन। स्वर्गवासी राजाले हामीलाई प्रजातन्त्र दिए तापनि हामीले त्यसको सदुपयोग गर्न सकेनौं अथवा प्रजातन्त्रलाई गर्भदेखि रोगी तुल्याउन व्यक्तिहरूलाई त्याग, तपस्या र पारदर्शिताको सहायताले परास्त गर्नतिर लागेनौं। यही हाम्रो दोष हुन पुग्यो। यसमा हामी स्वर्गवासी राजालाई दोषी मान्न सक्दैनौं।

म कतिपय विचारकहरूझैं राजा वा राजतन्त्रलाई प्रजातन्त्रको विपर्यय मान्दिन। संस्कृतको अमर महाकाव्य "रामायण" मा राजतन्त्रका मङ्गलपक्ष र अमङ्गलपक्ष दुवैका दृष्टान्त पाइन्छन्। रामराज्य प्रजातन्त्रको प्रतीक हो भने रावणराज्य अधिनायकतन्त्रको प्रतीक हो। यथार्थ जीवनमा शतप्रतिशत रामराज्य अथवा शतप्रतिशत रावण- राज्यको उपलब्धि आकाशकुसुम मात्र ठहरिन्छ। तथापि थुप्रै देशहरूसित घनिष्ठ भएर, खास गरी बेलायत र जापानको सादृश्यमा, वीरेन्द्रले राजतन्त्रको रामराज्य प्रकरणलाई बिपन्याउन चाहेका थिए। पुनर्बहालीका बहुदलवादी कर्णधारहरूले गम्भीर भएर उदारमना स्वर्गवासी नरेशको आकाङ्क्षाअनुरूप मङ्गलतन्त्रलाई बिपनाको रेखाङ्कनको वस्तु बनाउन चाहेनन्। त्यो बिपना हुने सम्भावना

टाढा हुँदै गयो । हाम्रा प्यारा राजा सपना पूरा नभई हामीबाट बिदा भएर गए ।

हामी के भ्रममा छौं भने निर्वाचनमा जितेर आउनु नै प्रजातन्त्रको आत्मपक्ष हो । संस्कृत पुराणमा राजा ययातिका पाँच भाइ छोरामध्ये राजासँग उमेर साट्न तयार हुने पुरुका सन्तानले मात्र राजा हुन पाउने वरदान पाए । यदुलगायत बाँकी चार भाइ छोराले पिताको इच्छा पूरा नगरेको अपराधमा तिनका सन्तानले राजा हुन नपाउने सराप पाए तापनि यदुकुलमा जन्मका उग्रसेन, कंस आदि सरदार (जनप्रतिनिधि) लाई पनि उहिले राजा नै भन्ने चलन थियो । शाक्यहरूका तथाकथित राजा 'शुद्धोदन' फगत निर्वाचित सरदार थिए । त्यसै गरी लिगलिगका सरदारको चयन शस्त्रयुद्ध, मल्लयुद्ध आदिबाट हुन्थ्यो । भन्नाले आमनिर्वाचन नै प्रजातन्त्र भन्ने मान्दा लिगलिग, कपिलवस्तु, मथुरा आदिमा उहिले प्रजातन्त्र रहेछ भन्ने मान्नुपर्छ । घायल हाँसलाई लिएर सिद्धार्थ र देवदत्तबीच भएको दाबीप्रकरणले शाक्य समाजमा आंशिक रूपमा प्रजातन्त्र भएको छनक मिल्छ । परन्तु मथुरामा, खास गरी कंसको मथुरामा, केवल हामी अधिनायकतन्त्र मात्र पाउँछौं । त्यहाँ निर्वाचित प्रतिनिधि कंससुलभ अधिनायक बनेका छन् । त्यहाँ आमनिर्वाचनले कुर्सीमा जनप्रतिनिधिलाई बसाल्ने साटो अधिनायकहरूलाई बसालेको छ । भविष्यले बताउला प्रजातन्त्रको नाउँमा कंसतन्त्रलाई रोजेर स्वर्गवासी राजा वीरेन्द्रको प्रजातन्त्रको सपनालाई साकार हुन नदिने कार्यमा हाम्रो कंसतन्त्रीय संस्कारको के कति हात छ ।

केही दोष होलान् वीरेन्द्रका पनि, तर मैले दोषको खोजी यहाँ गरिन । सं. २०५९ को ऋषितर्पणीमा श्राद्ध गर्दा मैले उनलाई पनि तर्पण दिएँ । लाखौं अन्य नेपालीले पनि दिए होलान् । अतः म अहिले उनका गुणमात्र देख्दै छु । एक भावुक चित्रकार थिए उनी । उनी सं. २०५७ मा नेपाललाई एसियाली मापदण्डमा पुऱ्याउन चाहन्थे । उनी देशमा विकासको मूल फुटाउन चाहन्थे । उनी नेपाललाई शान्तिक्षेत्र बनाउन चाहन्थे तर उनका धेरै सपनाहरू अपूर्ण नै रहे । तथापि जबसम्म यो नेपाल देश रहिरहनेछ उनको नाम श्री ५ पृथ्वी र श्री ५ त्रिभुवनको हाराहारीमा आइरहनेछ । अरू पनि योग्य र दूरदर्शी राजा भए नेपालको शाहवंशकालीन अतीतमा, तर जनताको दृष्टिमा अतिनै लोकप्रिय र आत्मीय भएका यी तीन राजा भन्न सकिन्छ ।

श्री ५ वीरन्द्रले देखाएको बाटोमा जबसम्म जनता र राजा एकजुट भएर अघि बढ्ने कार्यमा अवरोध आउनेछैन तबसम्म नेपाल, महापुरुष विश्वेश्वरप्रसादले भने झैं, अजातशत्रु रहिरहनेछ । जनताले बुझ्नुछ- "नेपालको अस्तित्व मेटिए नेपालीको अस्तित्व मेटिनेछ" भन्ने म. वी. वि. शाहको उद्गारलाई- राजाले बुझ्नु छ । नेपाली नेपालमा अल्पसङ्ख्यक हुन पुगे नेपाल नाम मात्रको नेपाल हुन पुग्नेछ भन्ने कटुसत्यलाई ।

●

श्री ५ वीरेन्द्र र चिकित्सा शास्त्र शिक्षाको विकास

● *डा. भीष्मराज प्रसाई*

प्रस्तुत लेख स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेंन्द्रवीरविक्रम शाह सरकारको बहुआयामिक व्यक्तित्व र देशको सर्वाङ्गीण विकासअन्तर्गत चिकित्सा क्षेत्रको शिक्षामा देशले पाएको नेतृत्वको छोटो परिचय मात्र हो ।

इतिहासको त्यस काल खण्डमा श्री ५ बाट पाएको मार्गनिर्देशन र शिक्षायोजनाको थालनीले चिकित्साक्षेत्रमा नयाँ मोड ल्यायो । त्यस मोडले दक्षिण एसियामध्ये नेपालमा चिकित्साशिक्षा (Medical Education) मा भएका नयाँ प्रयोगले २१ औं शताब्दी लाग्दासम्म यो नयाँ सूचक नवीनतम प्रयोगसमेत बन्न गयो । यो देशले गर्व गर्ने विषयवस्तु बन्न गएको छ । Innovative Medical Education को प्रयोग सार्क क्षेत्रमा नेपालमै पहिलो पटक भएको थियो र यसले हामी सबै गौरवान्वित भएका छौं ।

नयाँ शिक्षा योजनामा देशभित्रै मध्यम तहको विविध स्वास्थ्य जनशक्ति– नर्स, अहेव, हेल्थ असिटेन्ट, फर्मासिष्ट, रेडियोग्राफर तथा प्रयोगशाला टेक्निसियन तालिम व्यापक बनाई सो जनशक्ति उत्पादनमा आत्मनिर्भर बन्ने र सो जनशक्तिमध्यबाट उच्च शिक्षा दिलाई चिकित्सकसमेत बनाई देशको सेवा देशमै बसी ती चिकित्सकले गर्नसक्ने, उच्च तहको चिकित्सक बनाउने, चिकित्साशास्त्र शिक्षा (मेडिकल एडुकेसन) को तर्जुमा गर्ने नीति तय भयो । यस नयाँ शिक्षा नीतिमा विश्वभरि प्राप्त हुन सक्ने शिक्षाको नयाँ प्रयोगसमेत समावेश गर्ने नीति श्री ५ वीरेन्द्रबाट निर्देशित भएको थियो । स्मरणीय छ, महेन्द्र सरकारबाट २०२७/२०२८ सालमै नयाँ शिक्षा नीति तर्जुमा गर्ने कार्यको जिम्मेवारी श्री ५ वीरेन्द्र त्यसबखत युवराजाधिराज रहेकै बखत सरकारलाई बक्स भएको थियो । उल्लिखित शिक्षा नीति आफ्नो राज्यारोहणपश्चात् टेक्निकल शिक्षाका निमित्त चिकित्सालगायत विविध अध्ययन संस्थानहरूको स्थापना तथा सञ्चालन शुरु भए । यस देशको निर्माणमा चाहिने सम्पूर्ण जनशक्ति देशमै निर्माण गर्ने बहुआयामिक विकासमूलक महत्त्वपूर्ण कदम थियो र त्यही शिक्षा योजना देशको विकासको आधारशिला बनेको छ, आज पनि । अन्य सङ्घायमा धेरै परिवर्तन भएको भए पनि चिकित्सा शिक्षामा ती प्रतिपादित सिद्धान्त एकाध छोडेर आज पर्यन्त कायमै छन् ।

स्वास्थ्य क्षेत्रकै मात्र कुरा गर्दा पनि अस्पताल, हेल्थसेन्टर, हेल्थपोष्ट आदिमा काम गर्ने सामान्य जनशक्तिका निमित्त पनि विदेशीको मुख ताक्ने समय थियो, नेपालको त्यस बखतमा ।

त्यो दुःखद परिस्थितिबाट नेपाललाई अग्रगामी बाटो पक्रने मार्गदर्शन भैरहेकै बेला यो लेखक त्यस कार्यमा संलग्न हुन ०३३ सालतिर नयाँ शिक्षा नीतिलाई चिकित्साको (मेडिकल शिक्षा) क्षेत्रमा कार्यान्वयन गराउनेहरूको सानो समूहमा दाखेल भएको हो ।

२०२९ सालमा लागू गरिएको शिक्षा नीतिअनुरूप स्थापना गरिएका चिकित्सा क्षेत्रका क्याम्पसहरूबाट तयार पारिएका अहेव, अनमी, नर्स, हे.अ. रेडियोग्राफर, फर्मासिष्ट, डाक्टरहरू देशको विकासमा संलग्न रहेका छन् र नेतृत्वतहसम्म पुगेका छन् आज ।

विकास निरन्तर गतिशील हुन्छ नै । हाम्रो चिकित्साशास्त्रको शिक्षा पनि विविध मोड भई आजको रूपमा खडा भएको छ तर विकासको क्रममा यसको थालनी हुँदा २०३० को दशकमा र त्यसपछि पनि यसमाथि अनेक प्रहार र कठिनाइ नपरेका होइनन् ।

त्यस बखत श्री ५ वीरेन्द्रबाट ठीक समयमा ठीक नीति बक्स नभएको भए चिकित्साशास्त्र शिक्षा आजको रूपमा आइपुग्न सक्ने थिएन ।

पाकेको फल मीठो हुन्छ तर बोट-बिरुवा लगाउने, हुर्काउने र बढाउने काम भने बहुतै कठिन हुन्छ । अरू देशले टिठ लागेर २/४ जना नेपालीलाई चिकित्सक बनाउन दिएको छात्रवृत्तिले नेपालको स्वास्थ्य सेवा चल्न सक्तैनथ्यो । हामीलाई हजारौंका संख्यामा स्वास्थ्यकर्मी चाहिएको थियो ।

हुन ता आजभन्दा भण्डै ११० वर्षदेखि यता स्वास्थ्य क्षेत्रमा अस्पताल स्थापना हुन थालेको भए तापनि ५० वर्ष अघिसम्म हाम्रा त्यस बखतका सीमित अस्पतालहरूमा बङ्गाली डाक्टरहरूले नै अस्पतालहरू सञ्चालन गर्ने गर्दथे ।

नेपालको इतिहासमा आधुनिक चिकित्सापद्धति श्री ३ वीर शमसेरले वीर अस्पताल स्थापना गरी भित्र्याएका हुन् सन् १८८० को दशकतिर । सो सेवा नेपालीले व्यापक रूपमा पाएनन् । काठमाडौं उपत्यकाबाहिर जर्नेली र अन्य महत्त्वपूर्ण गौंडाहरूमै सीमित रह्यो चिकित्सा सेवा । ती सेवा बङ्गाली डाक्टरले नै चलाउने गर्दथे । सन् १९३० को दशकमा मात्र बल्लतल्ल एकाध नेपाली डाक्टर निस्कन शुरु गरेका हुन् ।

सन् १९५१ को परिवर्तनपछि भने यो स्थिर परिस्थितिलाई द्रुततर गति प्रदान गऱ्यो नयाँ व्यवस्थाले ।

गरिब देश नेपाल अशिक्षाको अन्धकारमा लपेटिएरै रह्यो धेरै कालसम्म । यो क्रान्तिकारी परिवर्तनपछि चिकित्सकको आगमनमा केही वृद्धि भएको भए पनि व्यापक सेवाका निमित्त चाहिने विविध जनशक्ति भने सन् १९६० को अन्त्यसम्म नै अत्यन्तै कम थियो हाम्रो देशमा । नयाँ शिक्षा नीतिको तर्जुमा श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहबाट यही परिप्रेक्ष्यमा भएको हो । नेपालले सन् १९७० को दशकमा प्रवेश गर्दा सम्ममा चौतर्फी एवं द्रुत विकासको परिकल्पना हुन थालेको सर्वविदितै छ ।

त्यसै कारण आवश्यक जनशक्ति तयार गर्न चिकित्साशास्त्र, वनशास्त्र, इञ्जिनियरिङ्ग, कृषि जस्ता अत्यन्तै महत्त्वपूर्ण सेवालाई चाहिने जनशक्ति सानोतिनो प्रयासबाट सम्भव थिएन । योजनाबद्ध रूपले जानुपर्ने थियो यो कार्य सम्पन्न गर्न । यही परिप्रेक्ष्यमा नयाँ शिक्षा नीतिलाई हामीले हेर्नुपर्दछ ।

जागरण, विकास, र सम्पन्नता केवल उपयुक्त शिक्षाले मात्र निर्देशित गर्न सक्तछ । देशको यथार्थ आवश्यकताको पहिचान नगरी सञ्चालन गरिएका कार्यक्रमको उपादेयता राम्रो हुँदैन ।

नयाँ शिक्षा नीतिले नेपाललाई विकासका निमित्त चाहिने मध्यमदेखि उच्चतहको जनशक्ति देशमै उत्पादन गर्न सक्ने विश्वास श्री ५ वीरेन्द्रले गरिबक्सेको सजिलै अनुमान गर्न सकिन्छ ।

श्री ५ वीरेन्द्र युवराज रहँदा सरकारको नेतृत्वमा तर्जुमा गरिएको योजना अन्ततोगत्वा मौसुफ गद्दीआरोहण भएपछि लगत्तै पूर्णरूपले लागू गरियो ।

नेपालको टेक्निकल जनशक्ति विकासको मूलस्तम्भ श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट यसरी पहिलोपल्ट राखिबक्सेको हो ।

समस्याहरू धेरै थिए । आर्थिक अभाव, उच्चस्तरका टेक्निकल शिक्षाविद्हरूको अभाव नखट्किएको होइन । यथासम्भव आर्थिक दृष्टिले सम्पन्न देशहरूबाट खोजिने आर्थिक सहयोग वा अनुदानहरू लिंदा विविध विषयका शिक्षायोजनाहरू विकास र सञ्चालन गर्न प्राथमिकता दिने नीतिनिर्देशन श्री ५ वीरेन्द्रबाट कायम गरिबक्स्यो । यही नीतिअनुरूप नै विविध शिक्षा क्षेत्रमध्ये कृषिमा अमेरिकन सहयोग, बृटिस सहयोग वन शिक्षामा, जापानी सहयोग चिकित्सा शिक्षाको विकासमा तथा इञ्जिनियरिङ्ग शिक्षामा विविध धनराशि विविध निकायबाट सहयोग जुटाई सेवा विस्तार गराउने नीति भएअनुसार नै कार्यक्रम सञ्चालन भए ।

विगत ३० वर्षभित्र नेपालमा भएका टेक्निकल शिक्षाको विकास, व्यापकता र आत्मनिर्भरतामुखी शिक्षालाई हेर्दा श्री ५ वीरेन्द्रको दूरदर्शिताको मुक्तकण्ठले प्रशंसा नगरी रहन सकिन्न तथा सरकारको यस योगदानबाट नेपालीहरू युगौंयुग कृत्य-कृत्य रहनेछन् ।

दक्ष जनशक्ति र त्यसको दक्षतापूर्ण सञ्चालन नभै कहीं कसैले कुनै विकास गर्न सक्तैन भन्ने कटुसत्य श्री ५ वीरेन्द्र सरकारलाई ज्ञान थियो । तसर्थ देश निर्माणकै क्रमलाई मध्यनजर गरिबक्सी यी विषयहरूमा सरकारको ध्यान केन्द्रित थियो । मेरो श्री ५ वीरेन्द्र सरकारसँगको सम्पर्क धेरै घनिष्ट होइन । १९७० को दशकतिर म वीर अस्पतालको प्याथोलजी विषयको प्रमुख रहँदा यदाकदा रक्तपरीक्षण तथा अन्य यस्तै कारणवश दरबारमा प्रवेश गर्ने मौका मलाई आइरहन्थ्यो तर ती मौकाहरू केवल पेशेवर चिकित्सकको रूपमै सीमित थिए ।

समयका साथै चिकित्साशास्त्रको नेतृत्वको केही भार मेरो काँधमा पर्न लागेपछि भने सम्पर्क अलि बाक्लो भएको थियो तर पनि धेरै बाक्लो सम्पर्क भन्न मिल्दैन ।

वि.सं. २०४३ सालमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा शिक्षण अस्पताल प्राङ्गणमा रहेको उद्यानलाई मेरै नाममा “भीष्म उद्यान” नामकरण गर्न त्रि.वि.लाई स्वीकृति प्रदान गरी एक साधारण नेपाली पनि कार्यकुशलता प्रदर्शन गर्न सक्षम भए स्थायी कदरयोग्य हुन्छ भन्ने राजाबाट पथप्रदर्शन भएको मैले महसुस गरें । यो मेरा निमित्त सरकारबाट प्राप्त ठूलो कदर, सम्मान थियो ।

मेरो कार्यक्षमता र दक्षताको विषयमा सरकार अनभिज्ञ होइबक्सन्नथ्यो ।

थुप्रै पुराना स्मृतिहरूमध्ये केही यहाँ लेख्न योग्य ठान्दछु सरकारको स्मरण गर्दा । सन् १९७८ को कुरा हो । चिकित्साशास्त्र अध्ययन संस्थानमा हामीले एम.बी.बी.एस.को पठनपाठन शुरु

गर्न तयारी गर्दै थियौं । म सो कार्यक्रमको कोअर्डिनेटर थिएँ । पठनपाठन गराउने आफ्नो अस्पताल थिएन । कान्ति बाल अस्पताललाई पठनपाठन थलो बनाउने हाम्रो प्रयास स्वास्थ्य मन्त्रालयले खारेज गरिसकेको थियो । वीर अस्पतालबाट पूर्ण सहयोग पाउन कठिन थियो तिनताका हामीलाई ।

सरकारबाट क्याम्पस निरीक्षण हुने भयो । सरकार सवारी हुँदा हामीले तनमन दिएर स्वागत गर्‍यौं । सरकारको सवारी फर्कने बेलामा हाम्रो सहायक डीन डा.डी.एन. रेग्मीले अगाडि वढेर सरकारमा बिन्ती चढाए– "सरकार ! एम.बी.बी.एस्.को पठनपाठन गराउन विश्वविद्यालयको आफ्नो अस्पताल नभई हुँदैन, जग्गा पनि नजिक छैन, यो अगाडिको जग्गा मिलिटरीको हो, तारले बेरेर धान लगाएको छ, हामीले पाए शिक्षणअस्पताल बन्ने थियो यहाँ !"

"हुन्छ, चाहिनेजति लिनू" भन्ने हुकुम भयो तत्काल । कति दूरदर्शी निर्देशन थियो सरकारको । त्यो त्यही ६२ रोपनी धान खेतको थलो महाराजगञ्जमा आज टिचिङ अस्पताल छ । आज, चिकित्सा क्षेत्रको अगुवा, अनुसन्धान सेवा र शिक्षाको अग्रगामी मन्दिर भएको छ, त्यो स्थल । हजारौं स्वास्थ्यकर्मी तयार भइसके त्यहाँबाट । तर पनि त्यसबखत शाही सेनाको कब्जामा रहेको ६२ रोपनी धानखेत सेनाबाट छुटाई विश्वविद्यालयलाई चिकित्साशास्त्रको पठनपाठन र सेवाको थलो बनाउन सरकारबाट खास निर्देशन बक्स नभएको भए सम्भव थिएन भन्दा अतिशयोक्ति हुँदैन ।

अलि पछिको कुरा हो । जापान सरकारद्वारा शिक्षणअस्पतालको निर्माण योजना स्वीकृत भइसकेपछि जब सम्झौता सम्पन्न गर्ने बेला भयो तत्कालीन स्वास्थ्यमन्त्री श्री नवराज सुवेदी एवम् स्वास्थ्य सचिवले बखेडा निकालेर सम्झौता गर्न स्वीकृति दिने अर्थ मन्त्रालयलाई पत्र लेखी यो सम्झौता विश्वविद्यालयसँग नगरी जापानी सहयोगमा बन्ने शिक्षण अस्पताल स्वास्थ्य मन्त्रालयअन्तर्गत गरी हस्ताक्षर गर्न अनुरोध गरे । यो कुरो हामीलाई थाहा लागेपछि तत्कालीन डीन डा. हेमाङ्ग दीक्षित र मैले हाम्रा आफ्ना श्रोतमार्फत राजामा जाहेर गरायौं । फलतः आज पनि शिक्षण अस्पताल शिक्षाको थलो विश्वविद्यालय अन्तर्गत नै कायम रहिरहेको छ ।

सन् १९८५ तिरको कुरो हो, त्रिवि शिक्षणअस्पताल सञ्चालित भैसकेको थियो । त्यो अस्पताल अत्यन्तै स्वच्छ र क्रियाशील अवस्थामा थियो । त्यो अस्पताल सञ्चालन गर्ने जिम्मेवारी मेरो काँधमा परेको थियो । फूल बगैंचाले सजिएको स्वच्छ अस्पताल प्राङ्गण त्यति बेला नेपालमा एउटा नमूना जस्तै मर्यादित रूपमा रहेको थियो र त्यसले अग्रगामी स्वास्थ्य क्षेत्रको शिक्षा तथा सेवा स्थलको ख्याति पाइसकेको थियो । त्यसैबेला पुस १४ गते श्री ५ महाराजाधिराज वीरेन्द्रको शुभजन्मोत्सवको समारोह धुमधामसँग भैरहेको थियो । राजदरवारमा श्री ५ लाई फूलगुच्छा चढाई श्रद्धा व्यक्त गर्नेको ताँती ९-१० बजेदेखि १२-१ बजेसम्म नै लाम लागिरहेको थियो । दिउँसो ३-४ बजेतिर मलाई घरमा फोन आयो अस्पतालबाट । मेरा ड्युटीमा भएका अफिसरले भने– "सर, राजदरबारबाट एक ट्रक फूल अस्पताल पठाइँदै छ भनी खबर आएको छ, के गर्ने ?" म एकै क्षण स्तब्ध भएँ । 'एक ट्रक फूल' 'किन, के का लागि ?' 'के निर्देशन हो ?' अनेक कौतूहलपूर्ण प्रश्न मेरा मनमा खेलिरहे । ती ट्रकभरि फूलहरू, शिक्षण अस्पतालसम्म पुर्‍याउँदा के उपलब्धि हुने थियो ? उत्तर मेरो मनमा आएको थिएन । त्यस दिन बिदाको दिन भएकाले दरबारका नियमित कार्यालयमा फोन गरी निर्देशन लिन पनि मलाई बाटो खुला थिएन ।

म तुरुन्तै अस्पताल पुगें । जनताले राजाका जुनाफमा चढाएका फूलका गुच्छाहरू, माला तथा सुन्दर 'बुके'हरूको थुप्रो बगैंचाको प्राङ्गणमा ट्रकले खन्याई फर्किसकेको रहेछ । फूलगुच्छाको सानो पहाड थियो, त्यो दृश्य ।

एकै क्षण चिन्तनमा डुबेपछि मैले यी फूल तत्काल सदुपयोग गर्ने निर्णय गरें । मेरा क्रियाशील कर्मचारीको टोलीलाई तुरुन्त यी फूलको पहाडबाट सग्ला र राम्रा गुच्छाहरू छुट्ट्याउन लगाएँ । १५-२० ओटा डालाहरूमा सजाएर राख्न लगाएँ, यो काम गर्न १/२ घण्टा लागिसकेको थियो । झण्डै ४०० गुच्छाहरू छुट्ट्याइसकिएको थियो । तत्पश्चात् करिब ६ बजेतिर मेट्रन र अन्य स्टाफलाई बोलाई मैले यो फूलको पूर्ण उपयोग गर्ने योजना सुनाएँ । त्यस साँझ शिक्षण अस्पतालका बिस्तराहरूमा करिब २७० रोगीहरू थिए । मैले अस्पतालकी मेट्रोन सुश्री गीता पाण्डेलाई साथ लिएर प्रत्येक रोगीलाई उनीहरूको 'बेड' छेउ गएर एकएक फूल गुच्छा दिएर भनें– "आज श्री ५ वीरेन्द्र सरकारको जन्मदिन हो, अस्पतालमा उपचारका निमित्त रहनुभएका तपाईंहरूको सुस्वास्थ्यको कामना गर्दै सरकारबाट एक एक फूलगुच्छा राजदरबारबाट पठाइएको छ ।" यसो भन्दै एकएक फूल दिएँ, उनीहरूलाई ।

ती बिरामीहरूको मुखाकृतिमा उम्लेका प्रसन्नताले तिनीहरूको जिऊ नै फूलको थुँगा झैं फुलेको त्यो स्मरण आज पनि मेरो मनभित्र कतै टल्किरहेछ । आफ्ना राजाले सामान्य रोगीप्रति दर्शाएको सम्झनाले ती रोगीहरूलाई सम्मोहित बनायो । तिनीहरूको मुखमा कस्तो खुसी झल्केको थियो, त्यस घडी झलझल देखापर्दछ सम्झनाको पलपलमा । बाँकी फूल गुच्छाहरूले अस्पतालका सम्पूर्ण टेबल, डेक्सहरू झण्डै १ हप्ता नै सम्मोहक बनिरहे । सम्भवतः त्यो नजानिने किसिमको मेरो क्षमताको परीक्षण पो भएको थियो कि ? कहिलेकाहीँ मेरा मनमा यस्ता प्रश्न कताकता उठ्तछन्, त्यस घटनालाई सम्झँदा ।

अर्को एक प्रसङ्ग पनि यहाँ उल्लेख गर्न योग्य ठान्दछु– २०४० को शुरुमा मैले शिक्षण-अस्पतालको

संस्थापकनिर्देशक बन्ने मौका पाएँ । २०४२ सालमा सो अस्पतालको समुद्घाटन हुने भयो । श्री ५ वीरेन्द्रबाट हाम्रो आकांक्षा पूर्ण गरिबक्स्यो सरकारहरू अस्पताल सवारी भएर । पूर्वनिर्धारित एक घण्टाको कार्यक्रम साढे दुई घण्टा लम्ब्याएर राज भयो प्रत्येक कोठाचोटा, बेडबिस्तरा र उपकरण नजर हुँदै । अन्तमा फिर्ती सवारी हुने बखत मैले सरकारमा छोटो बिन्ती गरेँ– "सरकारहरूको सवारीको यस अवसरलाई हामी एक ऐतिहासिक घटना बनाउन चहान्छौँ, बाहुली दस्तखत पाए हुन्थ्यो ।" सरकारबाट 'हुन्छ' हुकुम भयो । मैले एक विशेष कलम त्यस प्रयोजनका निम्ति राखेको थिएँ र मैले मौसुफ सरकारमा कलम चढाएँ । सरकारबाट नयाँ पुस्तिकामा बाहुली दस्तखत बक्स भयो । त्यसपछि श्री ५ बडामहारानीबाट दस्तखत गर्न आफ्नो कलम के निकालिबक्सेथ्यो सरकारबाट हुकुम भयो– 'यो कलमले सही गर्ने, यिनी एउटा इतिहास राख्न चान्छन् ।' त्यसपछि मौसुफबाट श्री ५ बडामहारानीका बाहुलीमा सो कलम बक्स्यो । श्री ५ बडामहारानीबाट पनि दस्तखत बक्स्यो । त्यसपछि श्री ५ वीरेन्द्रबाट मपट्टि फर्केर मुसुक्क हाँस्तै हुकुम भयो– "इतिहास यसै गरी बन्दछ ।" यो बिर्सिनसक्नु घटना थियो । त्यसताका शिक्षणअस्पतालको स्थापनाकालका सामग्री कलम, फोटो दस्तावेज, सरकारबाट समुद्घाटनको बेला प्रयोगमा आएका कलम र पुस्तिकासमेतको एक ऐतिहासिक सङ्ग्रह मैले शिक्षणअस्पतालमा स्थापना गरेँ, शिक्षण अस्पतालको खुला पुस्तकालयमा जो अद्यापि संरक्षित छ ।

आज नेपालका चार विकासक्षेत्रमा मेडिकल कलेजको स्थापना भई मेडिकल कलेजको संख्या आठ पुगेको छ । नेपालभरमा दर्जनौं नर्सिङ क्याम्पस, इन्जिनियरिङ कलेजहरू र विश्वविद्यालयहरू खुलिसकेका छन् । श्री ५ वीरेन्द्रबाट चालिबक्सेको कदमले विकासका लागि जनशक्ति तयार गर्ने क्षमता अब देशले हासिल गरिसकेको छ ।

सरकारबाट नयाँ शिक्षाको जग राखिबक्सेको थियो । त्यही शिक्षा नीतिको प्रत्यक्ष प्रतिफल शिक्षणअस्पताल हो । त्यो संस्था त्यही नीतिको आधारमा उभिएको हो, एक अजङ्गको हिमालय झैं बनेर । अझै विशिष्टता कायम छ त्यस संस्थाको ।

नेपालमा चिकित्साशिक्षाको इतिहासको लेखाजोखा हुँदा यी घटनाहरू उभिइरहन्छन् कालान्तरसम्म । श्री ५ वीरेन्द्र सरकारको यसै योगदानका कारण नेपालको चि.शा.अ. संस्थान अन्तर्गतको एम.बी.बी.एस.को पढाइ अत्यन्तै आधुनिकतम, प्रयोगात्मक, नवीनतम धाराको कसीमा खरो उत्रेको छ । त्यही संस्था आज चिकित्साका उच्च विशेषज्ञसमेत तयार गर्न सक्षम भएको छ ।

चिकित्सा शिक्षा संस्थाको विकासमा प्रारम्भका करिब-करिब २० वर्ष म कार्यरत रहँदा श्री ५ वीरेन्द्र सरकारबाट निर्देशन लिने मौका यदाकदा मिलेका हुन् र त्यसै क्रममा घटेको २/४ घटनाको स्मरण यहाँ गर्दा यो मन आल्हादित हुन्छ र स्वर्गीय राजाप्रति श्रद्धाका सुमनअर्पण गर्न मन लाग्दछ गदगद हुँदै । सरकार आज हाम्रा सामु होइबक्सन्न तर सरकारबाट यस क्षेत्रले पाएको माया र नीतिनिर्देशनले युगौंयुग अगुवाइ गरिरहनेछ चिकित्सा शिक्षालाई ।

–श्री ५ वीरेन्द्र "बहुआयामिक व्यक्तित्व" नामक पुस्तकबाट साभार ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवसँग सम्बद्ध केही तस्वीरहरू :



श्री ५ महाराजाधिराज वीरेन्द्र तथा श्री ५ बडामहारानीको शिक्षण अस्पताल सवारी हुँदा स्वागत गर्दै हुनुहुन्छ अस्पतालनिर्देशक प्राध्यापक डा. भष्मिराज प्रसाई (सेतो एप्रोनमा) ।



श्री ५ महाराजाधिराज तत्कालीन कार्यरत अर्थोपेडिक विषयका सह-प्राध्यापक डा. विहारीलाल श्रेष्ठसँग केही जानकारी लिदै होइबक्सन्छ ।

राजा र राजसंस्थाको संक्षिप्त परिचय तथा श्री ५ वीरेन्द्र

● *मदनमणि दीक्षित*

'राज्य', 'द्वैराज्य', 'वैराज्य' र 'भोज' भनी वैदिक वाङ्मयले चार थरीका राज्य व्यवस्थाबारे चर्चा गरेका छन्। ती चार थरीमा 'भोज' भनी दक्षिणमा रहेको राज्य व्यवस्थालाई मान्ने गरिन्थ्यो। द्वैराज्य भनेको राजा र पुरेतहरू तथा मन्त्री प्रमुख रहेका अतः द्वैध शासन युक्त (प्राचीन नेपालको लिच्छविकाल सरह) राज्य व्यवस्थालाई भन्ने गरियो। 'वैराज्य' भनेको जनराज्य वा गणराज्य थिए। 'राज्य' भनेको त स्पष्ट नै छ। योबाहेक राज्य व्यवस्थाको रूपमा 'विराट' भन्ने शब्द पनि पाइन्छ। हिमालयभन्दा उत्तरतिरको व्यवस्थालाई 'विराट' भन्ने गरिन्थ्यो। राज्य व्यवस्थाको रूपमा 'भोज' जसरी अपरिभाषित रह्यो त्यस्तै 'विराट' पनि अपरिभाषित नै रह्यो। वैदिक आर्यहरू उत्तरपश्चिमबाट नै यो हिमाली उपमहादेशमा प्रवेश गरेका हुन् तथापि इरान बलुचिस्तान भएर अथवा खैबर घाटीको बाटो आएका र विन्ध्यपर्वतमालाबाट दक्षिण नगएका वैदिक आर्यले आफैंले प्रत्यक्ष अनुभव नगरेका हिमाल उत्तर र विन्ध्य दक्षिणका विराट र भोज राज्य व्यवस्थाबारे नाउँ दिनुबाहेक व्याख्या गरेनन्। सिन्धु सभ्यता वैराज्यको थियो। आफूले विजय प्राप्त गरेका हुँदा र वैदिक राजाहरूको मुख्य क्षेत्रमा पनि जनराज्य कायम रहेको हुँदा वैराज्य शब्द प्रयोग गर्नु तिनका अनुभवभन्दा बाहिरका कुरा थिएनन्। द्वैराज्यको स्थितिमा स्वयम् वैदिक राज्यहरू थिए किनभने तिनीहरूमा पुरेतहरू आफैं पनि सेनापति र शासक तथा राजाहरू पुरेत र सेनापतिमा समयानुसार परिणत हुने गर्थे।

वैदिक वाङ्मयमा राजा र सम्राट् शब्द पाइन्छन् तथापि त्यस युगमा राजतन्त्रात्मक राज्य व्यवस्थाको विकास भने भइसकेको थिएन। ती राजाहरूका स्थायी भौगोलिक राज्यभेद थिएनन्। कृषि अर्थतन्त्र आधारित स्थायी भौगोलिक क्षेत्रमा राज्य व्यवस्थाको प्रारम्भ भारतको मगधमा बुद्धकालीन राजा अजातशत्रुका पिता विम्बिसारको समयदेखि शुरु भयो भन्नेमा अचेलका ठूला भारतीय विद्वान्, इतिहासशास्त्री र समाजशास्त्रीहरूमा प्रायः एक मत रहेको पाइन्छ।

महाभारत र पुराण आदिले तिनमा पनि विशेष गरी महाभारतले वैदिक संहिताहरूमा चर्चा नभएका भएता पनि वैदिक समय र त्योभन्दा पनि अति प्राचीन ऐतिहासिक घटनाहरूबारे गाथा र आख्यानका रूपमा तर जनश्रुतिका आधारमा चर्चाहरू गरेका छन्। महाभारतको शान्तिपर्वमा युधिष्ठरका प्रश्नहरूलाई जवाफ दिँदै शरशैय्यामा रहेका देवव्रत भीष्मले पहिले वेन र तिनकी सासू मृत्युका र सन्तान पृथुलाई यो पृथ्वीको पहिलो ध्वजवाही राजा भने। त्यस कथनलगत्तै केही अध्यायपछि वैवस्वत मनुलाई भीष्मले पृथ्वीका पहिलो राजा भनेको देखिन्छ।

ऋग्वेदमा मित्र र वरुणलाई राजा भनिएको छ (ऋ.वे ७, ६४, २, १, २४, १२-१३, ८ र १०।७१।५) ऋ.वे. ८.२१.१२ ले भनेअनुसार "त्यो चित्र जसले सहस्र वा दस सहस्र दिए केवल त्यही राजा हो। सरस्वती तटका अरूहरू सामन्त मात्र हुन्।" यसमा भनिएको सामन्तको चित्त बुझ्दो परिभाषा छैन। राजा शब्दको अर्थ हो 'क्षत्रिय' अर्थात् क्षत्र धारण गर्ने। त्यस पुराण र

पछि बुद्धको समयसम्म राजन्य शब्दले शस्त्रधारी वडाद्भि प्रमुख व्यक्ति र क्षत्रिय (जातिवाचक शब्द) लाई बोध गराउँथ्यो । ऋ.वे. ले ६।६८.१ र ८.१६.१ मा वरुण र इन्द्रलाई चाहिँ सम्राट् भनेको छ यद्यपि सम्राट् भन्ने त्यहाँ प्रयुक्त शब्द उपाधिको रूपमा आएको छ । साथै ऋ.वे. ८.३७.३ ले इन्द्रलाई 'एकराट्' समेत भनेको छ ।

ऋक् संहिताको अन्तिम समयमा प्रणयन गरिएको भनी ऋ.वे. को दसौँ मण्डललाई आधुनिक विद्वान्हरूले स्वीकार गरेका छन् । यो अन्तिम भने सम्भवतः विक्रम पूर्व १३००-११०० लाई मानिन्छ । दसौँ मण्डलको १७३ औँ सूक्तलाई राज्याभिषेक सूक्त (राज्ञः स्तुति) भनिएको छ । यो सूक्त द्रष्टा ध्रुव आङ्गिरस ऋषि हुन् । राहुल सांकृत्यायनका अनुसार (सम्भवतः यो सूक्तका ऋचाहरूको पाठ गरेर ऋषि भारद्वाजले तृत्सुजनका दिवोदासको राज्याभिषेक गरेका हुँदा राहुलले राज्याभिषेक पाउने प्रथम राजा भनेर दिवोदासको उल्लेख गरेका छन् ।

ध्रुव आङ्गिरसको यो राज्याभिषेक सूक्तको सरल अर्थ यस प्रकार छ–

"हेर, तिमी राष्ट्रका अधिपति बनाइएका छौ, तिमी यो राष्ट्रको स्वामी बन ! तिमी स्थिरमति, अटल विचारयुक्त, दृढ काम गर्ने व्यक्ति हुने गर । तिम्रा विश् (प्रजा) तिमीप्रति अनुरक्त रहून्, तिम्रो राष्ट्रको अमङ्गल नहोओस्" ॥१॥

"हरे, पर्वत झैँ अटल भएर, तिमी यहीँ बस, यो राष्ट्रबाट तिमी अन्यत्र नजानू । जसरी इन्द्र सधैँ अविचल रहन्छन् त्यसै गरी तिमी निश्चल होऊ । आफ्नो राष्ट्रलाई सुदृढ बनाउने होऊ" ॥२॥

"इन्द्रले अक्षय यज्ञसम्बन्धी सामान पाए र यी अभिषिक्त सम्राट्लाई आफ्नो आश्रय दिए, ब्रह्मणस्पतिले पनि यी राजालाई आशिर्वाद दिए" ॥३॥

"पृथिवी आकाश सबै पर्वत र यो सम्पूर्ण जगत् जसरी अविचल छन् त्यसै गरी यी राजा पनि प्रजाहरूको मध्य-भागमा दृढ भएर रहुन्" ॥४॥

"हेर वरुणले तिम्रो राष्ट्रलाई दृढ गराऊन्, बृहस्पति यसलाई अविचलित गरून् । इन्द्र र अग्निले पनि यो राष्ट्रलाई सुदृढ बनाऊन्" ॥५॥

"यो हवि अक्षय छ, यो सोमरस कहिल्यै तीक्ष्ण हुँदैन । यिनलाई हामी एकत्र गर्छौं । ए राजा, इन्द्रले पनि तिम्रा प्रजालाई एउटै शासनमा रहने र काम गर्दै जाने बनाएका छन्" ॥६॥

यो वैदिक सूक्तलाई लिएर गम्भीर समाजशास्त्रीय र तत्कालीन सामाजिक व्यवस्थाबारे विवेचना र विश्लेषण गर्न सकिन्छ जसको यहाँ आवश्यकता छैन ।

राजाको सन्दर्भमा सामवेद अन्तर्गतको छान्दोग्योपनिषद् (५.११.५) मा केकयराज अश्वपतिले आफ्नो राज्यबारे ज्ञानप्राप्ति निम्ति आफूछेउ आएका ६ जना विद्वान् जिज्ञासुलाई भनेका कुरा यहाँ रोचक ठहरिनेछ ।

आत्माबारे ज्ञान प्राप्त गर्न महाश्रोत्रिय (ठूला वेदाध्यायी) प्राचीनशाल, सप्तयज्ञ इन्द्रसुम्न जन र बुदिल पहिले उद्दालकछेउ गए । विश्वका प्रथम वैज्ञानिक मानिनुपर्ने ती प्रकाण्ड विद्वान् उद्दालकले आफ्नो स्वाभाविक नम्रतावश आत्माबारे केकयराज अश्वपतिमा बढी राम्रो ज्ञान छ, हामी सबै अश्वपतिछेउ गएर तिनैसित सोधौँ भनी सबैलाई लिएर केकयराजछेउ पुगे ।

केकयराजले ती सबै जनाको पूरै आदर सत्कार गरेर दोस्रो बिहान दक्षिणादान गरेपछि भने– "मेरो राज्यमा चोर छैन, लोभी कन्जुस छैनन्, द्विजाति भएर रक्सी खाने कोही छैन, अग्नि होम नगर्ने कोही छैन, विद्या नपढेको कोही छैन, परस्त्रीकामी कोही छैन भने व्यभिचारिणी त झन् कहाँ हुनु ?"

तिनको राज्य त्यस्तै थियो भने त्यो "सत्ययुग"मा राजाको आवश्यकता नै किन पर्थ्यो होला ? महाभारत शान्ति पर्वका भीष्म पितामहसामु युधिष्ठिरले राजन् राजा भन्ने जुन शब्द प्रचलित छ त्यो राजा र राज्यको उत्पत्तिबारे बताउनुहोस् भनी प्रश्न गरे । भीष्म पितामहले केकयराजले भन्दा पृथक र समाजविकास विज्ञानअनुरूप जवाफ दिँदै भने–

"अति प्राचीन कालमा न राज्य थियो न राजा नै । सबै मानव स्वधर्ममा आश्रित रहेर सुखी जीवन बिताउने गर्थे । परन्तु कालान्तरमा जनतामा लोभ र मोह बढ्यो जसले गर्दा ऋषिहरूका गुनासा सुनेर भगवान्ले दण्डनीति, राजधर्म र वेनपुत्र पृथुलाई पृथिवीको पहिलो राजा बनाएर मानव समाजमा सु-व्यवस्थालाई पुनः स्थापित गरे" (म.भा. शान्ति पर्व अध्याय ५६ को १४-११३ सम्मका श्लोकहरू) ।

झण्डै यिनै कुरा अध्याय ५६ को १२ अध्यायपछि अध्याय ६७ मा दोहोरिएको छ तर केही भेदका साथ । यो ६७ औँ अध्यायमा भनिएअनुसार ब्रह्माले पृथुलाई होइन कि मनुलाई प्रथम राजा घोषित गरे । परन्तु "यो पापी संसारमा दुष्टहरूबीच आफू राजा हुन मनुले इन्कार गरेपछि जनताले त्यस्ता पापीहरू आफ्ना बाटा लागून्, हामीहरू तपाईंलाई स्वीकार गर्छौं र धर्मार्जनले चौथो भाग राज्यसञ्चालन निम्ति तपाईंलाई दिन्छौँ भने । मनुले मानेनन् परन्तु मनुपछि तिनका छोरा इक्ष्वाकु राजा भए । राजा इक्ष्वाकु सूर्यवंशी र मनु पत्नी इलाका छोरा पुराना चन्द्रवंशी राजाहरूको वंश प्रवर्तक भए ।

महाभारत शान्तिपर्वमा राजधर्मबारे शृङ्खलाबद्ध र उत्तिकै पठनीय, मननीय अध्यायहरू छन् । यो हिमाली उपमहादेशमा राजसंस्थाको चरित्र, सञ्चालन र दायित्वसम्बन्धी प्राचीन श्रोतबारे यहाँ अति नै संक्षेपमा केही सामान्य कुराहरू प्रस्तुत गरियो । विक्रमपूर्व चौथो शताब्दीतिरका विष्णुगुप्त कौटिल्य (चाणक्य)ले राजधर्म तथा राज्यसञ्चालन पद्धतिबारे लामै र आधुनिक कालका निम्ति पनि आधारभूत तथा अनुसरण गर्न सकिने सिद्धान्तको प्रतिपादन गरेका छन् यद्यपि समाज र राज्य व्यवस्थाको विकास हुँदै जाँदा बितेका सहस्राब्दीहरूमा राजधर्म र राजतन्त्रसामु नयाँनयाँ हाँक उपस्थित भए तथा तिनका समाधान पनि नकारात्मक सकारात्मक दुवै पक्षमा प्राप्त हुँदै गए ।

यो गम्भीर विषयमा उपयोगी, रुचिकर र वैज्ञानिक तर संक्षेपमा अध्ययन गर्ने हो भने डाक्टर ए.एस. अल्तेकर (मेरासमेत आचार्य रहेका)को STATE AND GOVERNMENT IN ANCIENT INDIA तथा प्राध्यापक A.L. BASHAM को WONDER THAT WAS INDIA नामक दुई महान् ग्रन्थ निकै सहायक हुनेछ । ती परम्परामा नै भारतमा अशोक र हर्षवर्द्धन, दक्षिण भारतका केही राजाहरू तथा नेपालमा रामशाह (यद्यपि रामशाहको सम्बन्धमा पूर्ण अध्ययन भएको छैन) मानदेव, अंशुवर्मा, भूपतीन्द्र मल्ल तथा पृथ्वीनारायण (दिव्योपदेशका प्रवर्तक) हरू भएर गए ।

आधुनिक नेपालका श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहको शासनकालपछि अचेलका केही राजनेताहरू "कालरात्रि" भन्ने अनुपयुक्त उद्गार प्रयोग गर्ने गरिरहेका छन् । कालरात्रि भनिएको त्यो सम्वत् २०१७ देखि सं. २०४६ को चैत्रसम्मको दलविहीन व्यवस्थालाई मैले कुनै अंशमा पनि कहिल्यै समर्थन गरिन । त्यस मान्यताले गर्दा त्यस अवधिभरि आफ्ना स्थापनामा अडिग रहेर मैले मौसुफसित दर्शनभेटनिम्ति कहिल्यै प्रयास गरिन । यद्यपि सोका निम्ति युगका उच्च पदासीनहरूले ममाथि निकै र बारम्बार दबाब दिएका थिए ।

दलविहीनताको कुराबाहेक मौसुफ श्री ५ महेन्द्रको शासनअवधिले नेपाललाई आधुनिकता र राष्ट्रिय स्वतन्त्रताको नयाँ दिशामा युगान्तकारी परिवर्तनहरूको सूत्रपात गरी जग खन्ने कामसमेत गऱ्यो भन्नेमा कुनै पनि शङ्का छैन ।

यो सम्वत् २०५९ को शुरु भदौतिर मेरो कोठामा केही मित्रहरूबीच सामान्य कुराकानी चलिरहेको थियो । श्री ५ महेन्द्रको उपर्युक्त मूल दिशामा हामी सहमत थियौं र त्यो दिन फेरि भयौं । त्यसै क्रममा श्री ५ वीरेन्द्रबारे चर्चा सुरु भए । मेरा एक सम्मानित मित्रले "श्री ५ वीरेन्द्र राजाभन्दा पनि महात्मा होइबक्सिन्थ्यो" भनी आफ्नो विचार प्रकट गरे ।

राजनीतिको सञ्चालन र महात्माका व्यवहार दुई पूर्णतया पृथक् विषय हुन् । राजनीतिले अपेक्षा गर्ने छलकपट, जनविरोधिता र विलासिता श्री ५ वीरेन्द्रमा थिएनन् । १९ जेठ २०५८ को महादुर्घटनाका निम्ति मौसुफमा रहेको त्यो अभाव पनि एउटा कारक थियो कि ? आफूले पूर्ण विश्वास गर्नुपर्ने गरी मैले एकपटक सुनेअनुसार विदेश सवारीमा रहिबक्सँदा वासगृहमा रातको स्नानपछि आफ्नो मोजा र भित्री सामान्य पोशाक मौसुफ आफैं धोइबक्सेर मात्र विश्राम गरिबक्सिन्थ्यो । यति उल्लेख गर्नु नै पर्याप्त होला ।

मैले सके दसपटक मौसुफको दर्शनभेट पाएँ– नेराप्रप्रमा म रहँदा ६ पटक र त्यो संस्थामा जानुभन्दा पहिले चारपटक । ती दर्शनभेटहरूबारे मैले पटकपटक लेखिसकेको हुँदा यहाँ दोहोऱ्याउनु आवश्यक छैन । तथापि ती दशपटकका दर्शनभेटमा मौसुफमा रहेका आधारभूत एक समानताबारे यहाँ उल्लेख गरौं ।

सं. २०४७ असोज २३ मा पहिलोपटक र सं. २०५५ को २९ असारसम्म मैले मौसुफको दर्शनभेट पाएँ । ७ वर्ष र चानचुन नौ महिनाभित्रका विभिन्न चरित्रका ती पृथक दर्शन भेटमा मैले बोली, वचन वा मनोभावनामा मौसुफमा कुनै अवसरमा पनि पार्थक्य पाइन । सधैं प्रसन्न र जिज्ञासु मुहार, ३-४ शब्दका वाक्यद्वारा गम्भीर जिज्ञासाका प्रस्तुति, उत्तिकै कोमल र मनोहारिता, प्रदर्शनादिविमुख चित्तवृत्ति म आफू श्री ५ सामु छु भन्ने अनुभव व्यक्तिमा कदापि पनि उत्पन्न हुन नदिने तर अदृश्य मनोवृत्ति, सम्बन्धित कार्यक्षेत्र (मेरो पत्रकारिता वा पछि म नेराप्रप्रमा रहँदाका) वा व्यवस्था र स्थितिप्रति सरल शब्दावलीमा गम्भीर जिज्ञासा आदि मौसुफका व्यक्तित्वका केही पक्षले ममा गहिरा छाप छोडेका छन् ।

महान् व्यक्तिहरूका बारे लेख्नेहरू तिनका महावाणी र महान् कार्यहरूका उल्लेख गर्ने गर्छन् । मेरो विचारमा साना कुराहरूमा व्यक्तित्वको महानता बढी प्रष्ट र प्रभावकारी हुने गर्छ । कसैले पनि नेपालका श्री ५ को गाथलाई छुने चलन छैन । मैले पटक-पटक के अनुभवहरू गरें भने डफ्फाका साथ दर्शनभेटपछि अवसरअनुसारको सामूहिक तस्वीर खिँच्दा भने मौसुफका दुईतिर उभिनेहरूलाई बाहुलीद्वारा छोएर यता अलि नजिकै भन्दै दुवैतिरकालाई झण्डै कुम नै जोडिने गरी उभिन आग्रह गरिबक्सेको देख्ने गरें ।

९ वैशाख २०५० मा एउटा सामान्य नेपालीको हैसियत लिएर म मौसुफको दर्शनभेटमा उपस्थित भएको थिएँ ।

२०४६ सालको जनआन्दोलन, २०४७ मा संविधान सुधार आयोगका सदस्यहरूका पहिलोपटक मनोनयन हुँदाको विषय,

२०४७ पुस-कार्तिकको संविधानको दोस्रो मस्यौदाको आदिआदिलाई लिएर जनआन्दोलनको नेतृत्व पक्षले श्री ५ माथि भाषण र सञ्चार माध्यमद्वारा आलोचना गर्ने काम सेलाइसकेको थिएन। त्यसैबेला २०४९ को माघ (?) मा अंग्रेजी साप्ताहिक THE INDEPENDENT मा सम्पादक मनरञ्जन जोशीले श्री ५ सितको लामो अन्तर्वार्ता सो प्रकाशनमा प्रकाशित गर्नुभएपछि राजाले पनि प्रेस अन्तर्वार्ता दिने भन्ने विषय उठाएर नेपालका राजनीतिक क्षेत्रले श्री ५ वीरेन्द्रविरुद्ध नयाँ चलाएको अभियान समाप्त भएको थिएन।

त्यस्तैमा, केही महिनापछि अर्थात् ९ वैशाख सं. २०५० मा मैले मौसुफसित दर्शनभेटको अवसर पाएँ।

सम्वत् २०४८ को महानिर्वाचनको क्रम चलिरहेको समयमा २२ वैशाखमा प्रमुख सचिवले मलाई फोन गरेर "मदनमणिसित सोध्नु भनी हुकुम भयो। राष्ट्रिय सभामा श्री ५ बाट मनोनीत गरिबक्सने १० सदस्यमा तपाईंको पनि मनोनयन भएमा तपाईलाई स्वीकार्य हुनेछ कि के ?" भनी प्रश्न गर्दा मैले "श्री ५ बाट जुनसुकै काम लगाइबक्से पनि मलाई स्वीकार छ भनी जाहेर गर्नुहोस्" भनी उत्तर दिएको थिएँ।

"एकपटक फेरि सोध्नु भन्ने हुकुम भयो", भनी ती अधिकृतले (राधा रमण ?) १२ जेठमा मलाई फेरि फोनमा भने र मैले पुनः २२ वैशाखको कुरा दोहोऱ्याएको थिएँ तर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मेरो नाउँ खारेज गर्नुभएछ।

यस पृष्ठभूमिमा मैले २०५० सालको ९ वैशाखमा मौसुफको दर्शनभेटको अवसर पाएको थिएँ। उक्त अवसरमा राष्ट्रिय सभासम्बन्धी कुराबाहेक मेरा लेखन र अध्ययनका विषयमा नै मैले बिन्ती चढाएँ। विश्वस्तरमा संस्कृतिको उत्थान पहिले ग्रिस अनि रोमबाट भएकोबारे बेलायत र अमेरिकामा अध्ययन गर्दा मौसुफमा ज्ञान भएकोबारे मौसुफबाट हुकुम भयो। मैले त्यसो होइन, बरु आर्य जातिको मूल उद्‌गमस्थल रहेको अरब सागरमा वंक्षु र वस्त्र भद्रसोमाको फाँट र सोको पश्चिममा रहेको हिमाच्छादित गन्धमादन पर्वतमा रहेका आर्यहरूबाट शुरु भई तत्कालीन आर्यावर्तमा प्रवेश गरी सिन्धु सभ्यताका निर्माताहरू तथा त्यसपछिका वैदिक आर्यहरूबाट सो कार्य भएको हो भन्ने बिन्ती चढाएर सो विषयमा आफूले "विश्वामित्र" भन्ने शीर्षक राखी (संवत् २०५० को फागुनमा उक्त शीर्षकलाई छाडेर "भूमिसूक्त" भन्ने नाउँ राखेको पुस्तक) नयाँ उपन्यास लेख्ने काम गरिराखेको बारे बिन्ती चढाएँ।

सो विषयपछि, उक्त दर्शनभेटका क्रममा सम्वत् २०४७ मा संविधानमा लालमोहर लागेपछिको राष्ट्रिय राजनीतिको विषय उठ्यो। उक्त संविधानमा रहेका मुख्य कमजोरीबारे मैले मौसुफलाई आफ्नो कुरा जाहेर गरें। बृटिस संवैधानिक दार्शनिक प्रणाली नेपाली माटो निम्ति असजिलो हुने कुरा बिन्ती चढाएँ। एक मिनेटजतिको मौन धारणापछि मौसुफबाट हुकुम भयो–

"मदनमणिजी, भन्नुहोस् त, मैले संवैधानिक राजाको भूमिका सम्पन्न गर्न पाउनुपर्छ भनी यो सडकमा जुलुस लिएर नारा लगाउँदै हिड्ने र ?"

मौसुफको त्यस्तो उद्‌गार सुनेर म आकाशबाट खसेजस्तो भएँ र मैले देशमा बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था शुरु हुनासाथ केन्द्रीयस्तरमा सरकारी प्रशासनिक कर्मचारी हड्ताल जस्ता महादुर्घटनाहरू हुनु र प्रशासनिक यन्त्र र पार्टी नेतृत्वबीच असामञ्जस्य उत्पन्न हुनुका पछाडि आफूले बुझेको विविधता, महत्त्वपूर्ण कारणहरूबारे बिन्ती चढाएर "श्री ५ बाट जुलुसको नेतृत्व गरिबक्सने कुरा होइन कि पार्टीहरूबीच तथा पार्टीका नेताहरूबीच प्रजातन्त्रका आधारभूत नीतिका क्षेत्रमा मतभेदलाई तिनीहरूले नै मेट्नुपर्ने हो र पार्टी नेताहरूमा नैतिक अधिकारित्व (MORAL AUTHORITY) वृद्धि निम्ति तिनीहरूले नै समर्पित र सर्वतोमुखी प्रयास गर्नुपर्ने हो" भनी बिन्ती चढाएँ।

●

श्री ५ वीरेन्द्र र नेपालको जलस्रोत विकास

● *महेन्द्र गुरुङ*

विषयप्रवेश

राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाह नेपालको सर्वाङ्गीण विकास र समुन्नतिका लागि अत्यन्त चिन्तनशील होइबक्सन्थ्यो । देशमा व्याप्त भोक, रोग र पछौटेपनको यथार्थता मौसुफबाट ओझेलमा थिएन किनभने मौसुफको किशोर र युवाकाल दरबारको पर्खालभन्दा बाहिर जनताको सुखदुःखमाझ पनि त्यतिकै गहिरोसँग वितेको थियो । त्यसैले त्यस पछौटेपनका विरुद्ध कसरी युद्ध छेड्ने भन्ने प्रश्नको आँधी मौसुफभित्र गुम्सिरहेको थियो ।

वि.सं. २०२८ माघ १७ गते राज्यारोहण भएपछि नेपालमा एउटा क्रियाशील र गतिशील युगको प्रारम्भ भयो । २०२९ सालको नयाँ वर्षको शुभारम्भमा मौसुफको हृदयभित्र रहेको त्यो गुम्फन एउटा संरक्षक संकल्पको रूपमा यसरी प्रकट भयो– "जसरी मलाई मेरो देश र जनताप्रति ममता छ, त्यसैगरी भोक र रोगले पीडित जनताप्रति मेरो जिम्मेदारी छ ।" शाहवंशीय राजाहरूको इतिहासमा राजावाट जनताका लागि यस्तो मर्मस्पर्शी उद्गार व्यक्त भएको यो एउटा विशिष्ट घटना थियो जो नेपालीहरू विर्सन सक्तैनन् ।

विभिन्न अध्ययनपश्चात् नेपाल अधिराज्यका लागि प्रकृतिप्रदत्त जलस्रोत नै समस्त विकास र समृद्धिको मेरुदण्ड हुन सक्छ भन्ने ठम्याइ श्री ५ वीरेन्द्रको थियो । अतः आफ्नो शासनकालको प्रारम्भदेखि नै देशमा उपलब्ध जलस्रोतको विकासका लागि एक अथक उत्प्रेरकका रूपमा मौसुफ लागिवक्स्यो । वि.सं. २०३३ जेठ ८ गते राष्ट्रिय विकास परिषद्को पाचौँ वैठकलाई सम्बोधन गर्दै मौसुफबाट हुकुम भएको थियो– "हाम्रो देशको मुख्य आर्थिक स्रोत पानी नै भएकाले अब हामीले जलस्रोतको बढी उपयोग गर्नेतर्फ बिस्तारै कदम चाल्दै जानुपरेको छ ।" मुलुकका विद्वत्वर्गलाई मार्गदर्शन र प्रेरणा बक्सँदै मौसुफबाट अगाडि हुकुम भएको थियो– "यसलाई राम्रोसँग उपयोग गर्न सकेको खण्डमा हाम्रो मुलुकको सर्वतोमुखी विकास गर्नमा यो एक अद्भूत साधन सिद्ध हुन सक्छ ।" अर्थात् जलस्रोत जीवनदायिनी शक्ति हो र यसको समुचित उपयोग हुनसके नेपाल र नेपालीका लागि यो एक प्राकृतिक वरदान सिद्ध हुन सक्छ ।

मौसुफको राज्यारोहण हुँदा देशमा चौथो पञ्चवर्षीय योजना (२०२७-०३२) लागू थियो । त्यति बेलासम्म विकासका विभिन्न पक्षमा देश प्रयत्नशील रहेको भएतापनि जलस्रोत विकासको पक्ष त्यति सुस्पष्ट हुन सकेको थिएन । मौसुफको पथप्रदर्शन पाएर पाचौँ योजनाकालदेखि जलस्रोतले राष्ट्रिय महत्त्व पाउन थाल्यो भने छैठौँ योजनादेखि यसको विकासका लागि स्पष्ट नीतिको तर्जुमा भई त्यसको अवलम्वन शुरु भयो । फलतः मुलुकमा विशेषतः जलविद्युत् र त्यसपछि सिँचाइलगायत जलस्रोतका अन्य पक्षहरूमा एकपछि अर्को गर्दै विकासका कदमहरू क्षितिजमा प्रकट हुँदै गए ।

जलविद्युत् विकास

जलस्रोतलाई देशको आर्थिक विकासको आधार मान्नुको प्रमुख कारण हो विशाल परिमाणमा जलविद्युत् उत्पादन गर्नसक्ने यसको सम्भाव्य क्षमता । एक अध्ययनअनुसार करिब १ लाख ४५

हजार वर्गमिटर क्षेत्रमा फैलिएको जलप्रभाव क्षेत्र(बेसीन)बाट वर्षभरिमा औसत २०२ अर्ब घनमिटर पानी प्रवाह हुन्छ । करिब ६ हजार नदीनालाहरूबाट बग्ने यो जल परिमाण र सतहअन्तरलाई प्राविधिक विवेचना गर्दा ८ करोड तीस लाख किलोवाट (८३ हजार मेगावाट) जलविद्युत् उत्पादन हुनसक्ने देखिन्छ ।

वि.सं. १९८६ मा फर्पिङको ५०० किलोवाट विद्युत उत्पादनबाट शुरु भएको जलविद्युत् विकास चौथो योजना (२०२७-०३२) सम्म करिब ४३ मेगावाटमा पुगेको थियो । छैठौं योजना पूरा हुँदानहुँदै जलविद्युत् विकासले ३ गुनाभन्दा पनि बढी फड्को मारेर १३६ मेगावाट पुग्यो । यसको पाँच वर्षमा अर्थात् सातौं योजना (२०४२-०४७) को अन्त्यमा अर्को १०० मेगावाट थपिएर जडित उत्पादन क्षमता २३९ मेगावाटमा पुग्यो ।

नेपालको आधुनिक इतिहासमा २०४७ साल विशेष महत्त्व राख्तछ किनभने यहाँनिर समयले राजनीतिक विभाजनको रेखा कोरेर गयो । यसअघि श्री ५ महाराजाधिराजको सक्रिय नेतृत्वमा पञ्चायती राज थियो भने समयको यस बिसौनीपछि देशको राजनीतिक पद्धतिमा परिवर्तन आयो । बहुदलीय आधारमा संसदीय व्यवस्थाको पुनःस्थापना र सम्वैधानिक राजतन्त्रको श्रीगणेश भयो । अर्को अर्थमा, विकासका अन्य पक्षहरूमा झैं जलस्रोत विकासको क्षेत्रमा पनि अब राजनीतिक दलहरूको सक्रिय भूमिका रहन शुरु भयो ।

मूलतः श्री ५ वीरेन्द्रको दूरदृष्टि र कुशल शासनमा जलविद्युत् विकासले स्पष्ट दिशा र गति लिइसकेको र व्यवस्था परिवर्तनपछि संवैधानिक राजाका रूपमा रहन मौसुफबाट सहजता एवम् इमान्दारीका साथ रुचाइबक्सेकाले जलविद्युत्को विकासले अगाडि बढिरहने मौका पायो । फलतः नवौं योजनाको अन्त्य (२०५४-०५९) सम्ममा जलविद्युत्को जडित उत्पादन क्षमता ५०० मेगावाटको सीमारेखा पार गरेर देश विद्युत् जगेडा गर्ने स्थितिमा पुगेको छ । अब विद्युत् निर्यातको स्थिति सम्भावनामात्र होइन सम्भाव्य नै बनेको छ ।

श्री ५ वीरेन्द्रको कार्यकालमा जलविद्युत् क्षेत्रलाई गतिशील र उत्पादनशील बनाउन विभिन्न नीति एवम् रणनीतिको तर्जुमा गरिएको थियो । आ.व. २०४४-०४५– २०५४/०५५ सम्मका लागि दशवर्षे उत्पादन कार्यक्रम बनाइएको थियो । त्यसैगरी राष्ट्रव्यापी विद्युत् प्रसारण र ग्रामीण विद्युत् वितरणसम्बन्धी एउटा अर्को दशवर्षे कार्यक्रम पनि लागू गरिएको थियो । यसै अनुरूप महेन्द्र राजमार्गमा २३२ के.भि.ए. को केन्द्रीय विद्युत् प्रसारण तार तान्ने कार्य पूरा गरी राष्ट्रिय एकताको गहकिलो चरण पूरा गरिएको थियो ।

जलविद्युत् विकास गर्ने काम आकर्षक भए पनि नेपालजस्तो गरिब मुलुकले एक्लै गर्न सक्ने काम नभएकाले फर्पिङ, सुन्दरीजल, सुनकोशी, देवीघाट आदिबाट द्विपक्षीय सहयोग तथा कुलेखानी, मर्स्याङ्दी आदिबाट बहुराष्ट्रिय एवम् अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको सहयोग जुटाउने रणनीति अपनाउन शुरु गरिएको थियो । क्यानाडा सरकारको सहयोगमा विभिन्न सम्भाव्यता अध्ययनहरूलाई अगाडि बढाइएको थियो, जसको फलस्वरूप अरूण तेस्रो (४०२ मेगावाट) को सम्भाव्यता तथा कालीगण्डकी 'ए' (१४४ मेगावाट) को निर्माण सम्भव हुन सकेको हो ।

२०५८ जेठ १९ गते नारायणहिटी राजदरबारको अकल्पनीय घटनाबाट राष्ट्रनायक श्री ५ वीरेन्द्रको असामयिक एवम् हृदयविदारक देहावसान हुनअघिसम्म जलस्रोत विकासमा मौसुफको नेतृत्वदायी योगदान जारी थियो । मौसुफको गहन चिन्तन, अथक प्रयास र प्रेरणाप्रसाद नै थियो जसका कारण अहिले भारत, जापान, जर्मनी, कोरिया तथा अष्ट्रेलियासमेत एकल रूपमा जलविद्युत आयोजना निर्माण गर्न चासो देखाइरहेछन् । अहिले ८१० मेगावाटका ७ वटा योजनाहरूको सम्भाव्यता अध्ययन पूरा भएको छ भने उच्च बाँध र ठूला जलाशययुक्त गरी १० वटा योजनाहरूको सम्भाव्यता अध्ययन पूरा भएको छ जसबाट भविष्यमा २२,९४५ मेगावाट जलविद्युत् उत्पादन हुन सक्नेछ ।

सिँचाइ विकास

देशमा उपलब्ध जलस्रोतको भण्डारलाई सिँचाइका लागि समेत उपयोग गर्न सकिन्छ, गर्नुपर्छ । प्रतिहेक्टर १ लिटर प्रतिसेकेण्डको जलआवश्यकताको सामान्य आधारमा विचार गर्दा यस जलराशिबाट कुल ६३ लाख ४० हजार हेक्टर भूमिमा सतह सिँचाइ सुविधा पुऱ्याउन सकिन्छ । देशमा कृषियोग्य भूमि भनेको २६ लाख ८० हजार हेक्टरमात्रै हो । भूमिगत जलस्रोतलाई मात्र परिचालन गर्ने हो भने पनि नेपालको भूगर्भमा रहेको जलराशिबाट अधिराज्यका सम्पूर्ण तराई फाँटलाई दुईदेखि तीन वर्षसम्म सिँचाइ सुविधा पुऱ्याउन सकिने देखिएको छ ।

नेपालको आर्थिक विकासमा क्रान्ति ल्याउन सक्षम देखिने यी वास्तविकतालाई हृदयङ्गम गरी श्री ५ वीरेन्द्रबाट हुकुम भएको थियो– "हाम्रा नदीहरूबाट विद्युतशक्ति उत्पादनमात्र नभई जमिनको सिँचाइ पनि प्रशस्त हुन सक्छ ।" मौसुफको अभिप्रेरणाका फलस्वरूप जलस्रोतलाई सिँचाइमा उपयोग गर्दै देशमा हरितक्रान्ति कसरी ल्याउन सकिन्छ भन्ने सम्बन्धमा अनेकन् नीतिगत एवम् संस्थागत सोचाइ दृष्टिकोण एवम् योजनाहरूको सूत्रपात भयो ।

राणाकालमा वि.सं. १९८२ मा चन्द्र नहर, जुद्ध नहरबाट शुरु भएको संस्थागत सिँचाइ विकासको इतिहास वि.सं. २०१३ मा योजनाबद्ध विकासको थालनी हुँदा वा २०२८ मा श्री ५ वीरेन्द्रबाट राज्यारोहण हुँदासम्म पनि करिबकरिब टिपनटापन योजनाको स्थितिमा थियो। अर्थात् त्यतिबेलासम्म सिँचाइ विकासलाई खाद्यान्न उत्पादन, जनताको जीवनस्तर र मुलुकको समग्रताको परिप्रेक्ष्यमा हेर्न सकेको पाइँदैन। मौसुफको गहन दृष्टि र नेतृत्वकारी प्रयासको फलस्वरूप त्यसपछि मुलुकमा योजनाबद्ध र कालक्रमिक रूपमा सिँचाइ विकासको शुरुवात भयो।

महाकाली एकीकृत, सगरमाथा एकीकृत, कर्णालीभेरी एकीकृत जस्ता दुर्गम गाउँहरूको समग्र जीवनस्तर उकास्न एकीकृत योजनाहरूमा सिँचाइ प्रथम पहाडी (पश्चिमाञ्चल) सिँचाइ तथा दोस्रो सेती (सुदूरपश्चिम) पहाडी सिँचाइ जस्ता दुर्गम पहाडी क्षेत्रलाई केन्द्रबिन्दु बनाई तर्जुमा गरिएका कार्यक्रमहरू त्यस समयका विशिष्ट कार्यक्रमहरू हुन्। वाग्मती सिँचाइ, कमला सिँचाइ जस्ता आफ्नै पौरखबाट शुरु गरिएका राष्ट्रिय महत्त्वका आयोजनाहरू हुन् भने महाकाली सिँचाइ, सुनसरीमोरङ सिँचाइ, गण्डक पश्चिम नहर तथा नारायणी जस्ता द्विपक्षीय सम्झौताबाट प्राप्त सीमित जलराशिलाई उच्चतम उपयोग गर्न अन्तर्राष्ट्रिय दातृसंस्थाहरूलाई आकर्षण गरिएको त्यसै बेलादेखि हो। यसरी सिँचाइको संस्थागत एवम् योजनाबद्ध विकासमा नयाँ गतिका साथसाथै व्यापकता पनि आएको थियो।

श्री ५ वीरेन्द्रको शासनकालमा २०४२ सालले विशेष महत्त्व राख्दछ। त्यस सालमा जनताका छः वटा आधारभूत आवश्यकताहरू (खाद्यान्न, लत्ताकपडा, आवास, स्वास्थ्य, शिक्षा र सुरक्षँ) पूरा गर्न र जनताको जीवनस्तरलाई मानवोचित दृष्टिले सम्मानित तहमा पुऱ्याउन आह्वान गरिबक्स्यो। त्यो ऐतिहासिक आह्वानको एउटा सशक्त अङ्ग थियो– २०५७ सम्म ८६ लाख ५१ हजार मेट्रिक टन खाद्यान्न उत्पादन गर्ने र त्यो लक्ष्य हासिल गर्न सिँचाइ सुविधालाई बढाएर १२ लाख ५० हजार हेक्टरमा पुऱ्याउने। सम्भवतः त्यस समयका लागि यो एउटा उच्च महत्वाकांक्षी लक्ष्य थियो तर राष्ट्र प्रमुखको त्यो संकल्प र आह्वानले देशविकासको वातावरणमा अपूर्व हलचल सिर्जना गऱ्यो र देशले लिइरहेको अग्रगतिले नव ऊर्जा प्राप्त गऱ्यो।

२०४५ सालमा सिँचाइका संस्थागत संरचनालाई पचहत्तर वटै जिल्लामा व्यापक पारियो। यसबाट सिँचाइसँग सम्बन्धित निकाय जनताको घरदैलोमा पुग्ने पूर्वाधार तयार भयो। अर्कातिर जनसहभागितात्मक रूपमा सिँचाइ आयोजना निर्माण गर्न त्यसै सालमा पहिलोपल्ट सिँचाइ कार्यनीति तयार भई अनुकूल वातावरण तयार भयो। त्यसैको फलस्वरूप पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सिँचाइ विकासका लागि विश्वबैंक तथा पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रमा एसियाली विकास बैंक आकर्षित भए जो सिँचाइ सेक्टर कार्यक्रमका साथ अहिले पनि निरन्तर सहकार्य गरिरहेछन्।

यसरी तेस्रो योजनाको अन्त्यसम्म कुल ७०,७६० हे. मा मात्र रहेको सिँचाइ सुविधा पाँचौं योजनाको अन्त्यमा दोब्बरभन्दा बढी अर्थात् १ लाख ९८ हजार ४ सय हेक्टरमा पुगेको थियो। यो विकास जनआन्दोलन वर्ष २०४७ (सातौं योजना) सम्म अर्को दोब्बर फड्को लगाएर ४ लाख ६७ हजार ४ सय हेक्टरमा पुगेको थियो भने त्यसपछि कृषक कुलो सुधारसमेत समावेश भई २०५८ सम्म कुल ११ लाख ८९ हजार हेक्टरमा त्यो सुविधा विस्तार भयो। कुल कृषियोग्य भूमिको तुलनामा यो ४४ प्रतिशत हुन आउँछ।

क्षेत्रीय दृष्टिकोण

नेपालको प्रचुर जलस्रोत भण्डारका कारण दक्षिण एसियाली क्षेत्रमा अन्य देशसँग यस देशको पारस्परिक सहयोगको भरपर्दो सम्भावना देखापरेको छ। विशेषगरी भारत र बङ्गलादेशका निम्ति जलविद्युत्का लागि होस् वा नदीनियन्त्रणका लागि होस् नेपालको जलस्रोत आकर्षण र छलफलको विषय बनेको छ। एक प्रकारले सम्भावनाको नयाँ क्षितिज उघ्रिएको छ।

नेपालको जलस्रोतको महत्त्वलाई दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्कको मञ्चमा लैजाने र व्याख्यासहित प्रस्तुत गर्ने नेतृत्वदायी भूमिका श्री ५ वीरेन्द्रबाट नै निर्वाह गरिबक्सेको थियो। यथार्थमा, मौसुफबाट आफ्नो राज्यारोहणको लगत्तै यो अभियानलाई वैचारिक रूपमा गति बक्सेको थियो।

वि.सं. २०३४ साल मङ्सिर महिनामा काठमाडौंमा भएको कोलम्बो योजनाको २६ औं परामर्शदातृ समितिको पूर्ण बैठकलाई समुद्घाटन सम्बोधन बक्सँदा मौसुफबाट हुकुम भएको थियो– "जलस्रोत नेपालको आर्थिक विकासका निम्ति एउटा महत्त्वपूर्ण साधन हुन सक्छ, तापनि त्यसलाई आफ्नो राष्ट्रिय स्वार्थको दृष्टिले मात्र हेर्ने हाम्रो अभिप्राय रहेको छैन।" यसरी उदात्त भावले राष्ट्रनायकबाट अन्तर्राष्ट्रिय जगत्लाई आफ्नो राष्ट्रको प्राकृतिक सम्पदाको साझा सदुपयोग गर्न आह्वान गरिबक्सेको थियो।

ढाकाको प्रथम शिखर सम्मेलनदेखि २०४६ सालसम्म प्रत्यक्षँ रूपमा र त्यसपछि संवैधानिक राजतन्त्रअन्तर्गत पनि आफ्नो

अन्तिम सास र रगतको अन्तिम थोपा रहँदासम्म राष्ट्रको जलस्रोतको अधिकतम उपयोगका लागि उच्चतम रूपमा मौसुफ सतत प्रयत्नरत रहिबक्स्यो । सार्कको अध्यक्ष रहँदामात्र होइन जुनसुकै देशमा शिखरसम्मेलन हुँदा पनि जलस्रोतको साझा उपयोगका लागि निरन्तर जोड गरिबक्स्यो । पाकिस्तानमा चौथो शिखर सम्मेलन (२०४५ साल) लाई सम्बोधन बक्स हुँदा मौसुफबाट हुकुम भएको थियो– "यस क्षेत्रका जनताको पारस्परिक हितका लागि द्विपक्षीय, त्रिपक्षीय वा बहुपक्षीय रूपमा आफ्ना जलस्रोतहरूको बहुउद्देश्यीय विकासका लागि हुने कुनै पनि प्रयासमा सहयोग गर्न नेपाल इच्छुक रहेको कुरा हामी पुनः घोषणा गर्न चाहन्छौं ।" यी बहस र वकालतहरूमा आफ्नो देश र जनताप्रति मौसुफको हृदयमा रहेको प्रेम र राष्ट्रियता अन्तर्निहित रहेको स्पष्ट देखिन्छ ।

अन्य विविध

जलस्रोत आयोजना निर्माण गर्दा हुनसक्ने वातावरणीय ह्रास र त्यस सम्बन्धमा उठिरहेको विश्वव्यापी चासोप्रति पनि मौसुफ अत्यन्त सजग होइबक्सन्थ्यो । कुनै पनि आयोजना निर्माणको नाममा प्राकृतिक वातावरणलाई अनियन्त्रित ढङ्गले विनाश गरियो भने सम्पूर्ण मानवसभ्यताको सुरक्षा कवच जोखिममा पर्नेछ भन्ने विज्ञानका बारेमा मौसुफ जानकारी राखिबक्सन्थ्यो । श्री ५ वीरेन्द्रबाट राष्ट्रिय विकास परिषद्को १३ औं बैठकमा (२०४१ मा) योजना तर्जुमा गर्दा वातावरणीय पक्षलाई समावेश गर्न निर्देशन बक्स भएर जलस्रोत विकासको यस पक्षलाई पनि समाहित गरिबक्स्यो ।

ठूलाठूला नदीनालाहरूलाई जलमार्गका रूपमा उपयोग गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न पनि मौसुफ सरकारको शासनकालमा पहल गरिएको थियो । अरूण, सुनकोशी, सप्तकोशी, कालीगण्डकी, नारायणी र कर्णाली गरी ६ वटा नदीहरूका १६ सम्भाव्य स्थानहरूमा जलमार्गसम्बन्धी कार्य अगाडि बढाउन २०४५ सालतिर नै एउटा पाँचवर्षे कार्यक्रम तर्जुमा गरिएको थियो ।

उपसंहार

निःसन्देश नेपाल अधिराज्यका लागि जलस्रोत अजस्र र अक्षय रूपमा प्राप्त छ र यो प्राकृतिक स्रोत अविरल रूपमा बगिरहेछ । तर यसको सदुपयोग गर्ने विधि, प्रविधि र संयोजन सोचेजस्तो सजिलो छैन । त्यसैले यसलाई वरदानको रूपमा परिणत गर्न सकिएको छैन ।

वर्षका १२ महिनामा जलप्रवाहको असमान वितरण यसको प्राकृतिक समस्या हो । आयोजना निर्माणको उच्च लागत र महँगो विद्युत् महसुल सम्भवतः मानवजनित समस्या हो । अर्कातिर जलस्रोतमा मित्रराष्ट्र भारतको आफ्नै स्वार्थ, चासो र दृष्टिकोणका कारण पनि जलस्रोतको यस विपुल राशिको समुचित दोहन हुन सकिराखेको छैन । यी सबका कारण नेपालको जलस्रोत एउटा सर्वपक्षीय सम्वेदनशील विषय हुन पुगेको छ । अझ भनौं जलस्रोत पानीसँग सम्बन्धित विषय भए पनि व्यवहारले यो अत्यधिक प्रज्वलनशील वस्तुझैं भएको छ ।

यी सबै अप्ठ्याराहरूमाझ श्री ५ वीरेन्द्र मुलुकको जलस्रोतविकासलाई अग्रगति दिन सधैं चिन्तनशील र क्रियाशील रहिबक्स्यो । नेपाल र नेपालीको समृद्धिको एउटै बृहद प्राकृतिक आधारका रूपमा पहिल्याइबक्सेको जलस्रोतको समुचित विकासका लागि मौसुफबाट आफ्नो जीवन नै उत्सर्ग गरिबक्स्यो । आफ्नो व्यक्तिगत स्वार्थ सुख र ऐसको रत्तिभर ख्याल नराखी सधैं राष्ट्र र राष्ट्रवासीको हितका बारेमा चिन्तनशील र क्रियाशील रहने सच्चा राष्ट्रभक्त राजा सबै नेपालीका हृदयहृदयमा प्यारो भएर बाँचिबक्सनेछ, अमर रहिबक्सनेछ । मौसुफबाट धरोहरका रूपमा छाडिबक्सेका राष्ट्रिय जिम्मेवारीहरूलाई सजगतापूर्वक पूरा गर्दै अगाडि बढाउनु हामी सबैको कर्तव्य भएको छ ।

●

भाषा साहित्यको सम्वर्द्धनमा श्री ५ वीरेन्द्रको अन्तरप्रेरणा

● *माधवलाल कर्माचार्य*

नेपाली साहित्य संसार आज अनेक वीच प्रयोग, परम्परा र प्रक्रियाबाट उनुप्रेरित छ। अधिराज्यभर आज हरेक दिन जसो कुनै न कुनै ठाउँमा एक न एक गोष्ठी, अन्तर्क्रिया, ग्रन्थ विमोचन, मानसम्मान अर्पण, जयन्ती आदि कार्यक्रम हुने गरिरहेको छ। स्पष्टतः यी सबैको अभीष्ट भाषा साहित्यको अग्रगति हो, र यी सबै प्रायः जनस्तरबाट सञ्चालित छन्।

यस्तो अभिष्टले अभिप्रेरित जनस्तरबाट सञ्चालित यस्ता कार्यक्रमको थालनी सम्भवतः एकसय वर्ष जति अगाडि मोतीराम भट्ट (१९२३-१९२९) को सक्रियतामा चलेको समस्या पूर्तिबाट भएको हो। तत्कालको साक्षरताको स्थिति साह्रै निम्न रहेको र शैक्षिक तथा साहित्यिक चेतनाप्रति समाजको धारण नकारात्मक रहेको अवस्थामा पनि त्यस्तो कार्यक्रमले साहित्यको प्रचार-प्रसारमा निकै योगदान पुऱ्याएको थियो। यो कुरा तत्कालका काव्य साधक हरूबाट सिर्जना भएका साहित्यिक कृतिहरूबाट पनि स्पष्ट हुन्छ।

तर लेखिए अनुसारको नकारात्मक धारणा साह्रै बलवती थियो। साहित्यक चेतना पनि अग्रगामी मानव समाजको प्रकृतिगत स्वभाव हो भनी मान्न नचाहने अनि साहित्यिक जागरण तथा जनस्तरमा हुने कुनै पनि साहित्यिक गतिविधि कुनै न कुनै अन्यथा ईप्सित लक्ष्य अभिप्रेरित हो भनी सम्झने प्रकृतिको कारणले गर्दा यस्तो कार्यक्रमले परम्पराको रुप लिन सकेन। व्यक्तिगत तवरले स्वस्फूर्त रुपले हुने गरेका गतिविधिले पनि प्रोत्साहन पाउन सकेन, र "मकैको खेती" नामक पुस्तकको प्रकाशनपछि यसले उब्जाएको राजनीतिक तहल्काको साहित्यिक सिर्जनाहरू पाठकसमक्ष राख्ने 'गोरखापत्र' समाचार पत्रको अभिरुचि पनि प्रभावित हुन पुग्नु यसको प्रमाण मान्न सकिन्छ।

तर मानव प्राणी एउटा यस्तो जीव हो, जो जन्मजात अगाडि बढ्ने र प्रगति गर्ने स्वभावले युक्त हुन्छ र केही काल बाहिरी कारणले कुण्ठित भएर दबिएर रहे पनि अन्ततोगत्वा केही नलागे फुटेर भए पनि आफ्नो स्वाभाविक गतिशील हुन खोजिरहन्छ। यसै अनुसार ज्यादै दबाव पर्न थालेपछि १९९० सालतिर तत्कालीन श्री ३ महाराज जुद्ध शमशेरले साहित्यिक मासिक पत्रिका प्रकाशन गर्न दिने प्रस्ताव प्रस्तुत गर्नेहरूलाई "छपाउन त छपा, तर यसो उसो जथाभावी लेखाउन लाइस् भने पर्लास्" भनी चेतावनी दिएका थिए। यस सन्दर्भमा बृटिश राजदूत कर्णेल सी.टी. डक्सले "यहाँ एउटा गोरखापत्र छँदै थियो, त्यसले पुगिहालेकै थियो, फेरि अर्को मासिक पत्र निस्कन लागेको भन्ने सुन्छु, त्यो त मलाई बेस होला जस्तो लागेन, हिन्दूस्थानमा हामीले धेरै पत्रिका चलाउन, खुला गरिदिदा आज यस्तो आपद् आइरहेछ, यहाँ यति शान्तसित चलिरहेको नेपालमा पनि किन फेरि अरु पत्रिका चलाएर आपत्तिलाई निम्त्याउनु ?" भने भनी बालकृष्ण समले आफ्नो जीवन वृत्तान्तमा एउटा रोचक प्रसङ्ग दिएका छन्।

तर छिमेकी भारत स्वतन्त्र भएपछि तथा १९९७ साल पूर्वका केही राजवन्दीहरू जेलबाट छुटेपछि केही उत्साहप्रद वातावरणको सिर्जना भयो, र "प्रत्येक नेपालीलाई नेपाली भाषा र साहित्यको अभिरुचि बढाउन साधारण तवरमा भए पनि अनिवार्यतः साहित्यिक बन्नुपर्ने प्रेरणा दिने र साहित्यिक महानुभावहरूलाई

परस्परमा चिनाजानी र मेलको सम्बन्ध बढाउन लाउने" भन्ने खुलस्त उद्देश्य राखी २००३/०४ सालतिर 'नेपाली साहित्य परिषद्' नामको एक साहित्यिक संस्था खडा भै क्रियाशील भयो। २००४ सालमा देशकै राजधानी काठमाडौंमा यसले बृहत् कवि सम्मेलनको आयोजना गऱ्यो।

त्यसो भए तापनि तीव्र रूपले अग्रगति लिंदै जान प्रेरणाप्रद वातावरण पाउन नेपाली भाषा साहित्यले अझ केही वर्ष पर्खनुपऱ्यो। २०१४ सालमा नेपाल एकेडेमी ऐन लागू भएपछि यस वातावरणको सिर्जना भयो, र नेपाली कला, साहित्य र संस्कृतिको अधिक मात्रामा सिर्जना, प्रोत्साहन, प्रकाशन र प्रचार गर्न तथा विज्ञापनसम्बन्धी अनुसन्धान तथा त्यस सम्बन्धमा अरु कार्य सम्पादन गर्ने उद्देश्यले एकेडेमी गठन भै सञ्चालित भयो।

वास्तवमा २०१७ सालपछिको श्री ५ महेन्द्र वीरविक्रम शाहदेवको राज्यकाल नेपाली साहित्यको विकासको लागि एउटा अभूतपूर्वरुपको महत्त्वपूर्ण काल सावित रह्यो। आफै कविताको रचना गर्ने काव्य नुरागी तथा साहित्यानुरागी हुनुको साथै साहित्यकारहरूलाई प्रेरणा तथा उत्साह प्रदान गर्ने उद्गार तथा सन्देशहरू मौसुफबाट बेलाबखतमा जुन बक्सेको हो त्यसले पनि देशको साहित्यिक गतिविधि तथा क्रियाकलापमा एउटा क्रमबद्ध व्यवस्था कायम रहन गै भाषा साहित्यको संवर्द्धन र सुदृढीकरणको पुनीत उद्देश्यले संस्थाहरूले विकास हुनुका साथै पुरस्कार र सम्मानको परम्पराको थालनी भै भाषा साहित्यको संवर्द्धनलाई प्रेरित गर्ने वातावरण तयार भयो। जनस्तरबाट स्थापना भएको नेपाली साहित्य संस्थानको समुद्घाटनको अवसरमा २०२७ सालमा मौसुफबाट स्पष्ट शब्दमा हुकुम भएको थियो– "आजको नेपालको यो नवयुगमा परिस्थिति सुहाउँदो प्रगति र विकासतर्फ मोडिएको साहित्य-कलाको निर्माण गर्नु लेखक-कलाकारको कर्तव्य हुन आएको छ। आज हामी एउटा यस्तो युगमा बाँचिरहेका छौं जब सारा नेपाली मात्र एक भई देशलाई प्राणदानले युगसुहाउँदो प्रगतिपथमा लम्काउनुपरेको छ। हामी सबैको साझा उद्देश्य आज नेपाली मात्रको लागि सुखी जिन्दगीको वातावरण तयार गरिदिनु हो। हामी नयाँ नेपाली समाजको निर्माण कार्यमा जुटेका छौं। यस्तो बेला, यस्तो पवित्र उद्देश्यको पूर्तिको लागि कुनै पनि मुलुकलाई सुहाउँदो शिक्षादीक्षा, साहित्य र बौद्धिक दर्शनको के कति महत्व हुन्छ, भनिरहनुपर्ने कुरा होइन। अरु, हाम्रो जस्तो भर्खरै कोल्टे फर्कन लागेको देशको लागि यो अति नै जरुरत हुन्छ भन्ने कुरा त स्वतः स्पष्ट छ। स्वदेशी साहित्यकारहरूको जिम्मामा आज यसैले ठूलो जवाफदेही आइपरेको छ। हाम्रो एकता, राष्ट्रियता र सार्वभौमिकतालाई हाम्रो स्वदेशी साहित्यले पनि यथेष्ट बल प्रदान गरी जनसमुदायको सुखसमृद्धिको लागि आफ्नो सारा शक्ति लगाउने भावना र दृढ निश्चय सबैमा जगाइदिनु परेको छ।"

यही सन्दर्भमा श्री ५ वीरेन्द्रको स्मरण गर्दा मौसुफको राज्यकालमा भाषा साहित्यको संवर्द्धनमा भएका कुराहरूको स्मरण हुन्छ। मौसुफ वस्तुतः बुवा महाराजाधिराज जस्तै काव्य साधक वा साहित्य साधक होइबक्सन्नथ्यो तापनि समान कल्पना शक्ति, समान संवेग तथा समान हार्दिकताको गुण क्रियाशील भएमा हुनजाने कलासाधक होइबक्सेको हुनाले काव्य वा साहित्यहरूसँग मौसुफको निकटको अन्तरसम्बन्ध थियो। यस उसले मौसुफ भाषा-साहित्यको मर्मज्ञ हुनुको साथै यसको महत्त्वको ज्ञाता पनि होइबक्सन्थ्यो। उसमाथि राष्ट्रनायकको हैसियत ले पनि राष्ट्र तथा राष्ट्रिय समाजको विकासमा भाषा साहित्यबाट कस्तो योगदान हुन्छ र कसरी हुनुपर्छ भन्नेमा मौसुफको सोचाइ स्पष्ट, पारदर्शी र यथार्थ वादी थियो। यो कुरा मौसुफबाट बेलाबखतमा अभिव्यक्त गरिबक्सेका उद्गार, सम्बोधन आदिबाट स्पष्ट हुन्छ।

यसप्रकार देशको सर्वाङ्गीण विकासमा भाषा-साहित्यको महत्वपूर्ण भूमिका रहने तथ्य स्पष्ट पारिबक्सँदै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट २०३४ सालमा आयोजना गरिएको 'बृहत् साहित्य भेला' को उद्घाटन भाषणको राष्ट्रिय स्तरमा हुने यस्तो भेलाबाट देशको बौद्धिक तथा कलात्मक क्षेत्रमा दिशाबोध गर्नमा मद्दत पुग्न जाने विचार प्रकट गरिबक्सँदै देशको वर्तमान अवस्थामा बहुसंख्यक जनताको लागि बोधगम्य हुने, पढेरभन्दा हेरेर बुझिने अनि राष्ट्रियताको जगेर्ना गर्ने साहित्यको खाँचो रहेको कुरा औँल्याइबक्सेको थियो।

साथै, सोही साल 'रुपरेखा दुईसय' विशेषाङ्कमा प्रकाशित अन्तरवार्तामा मौसुफबाट साहित्य जीवनमूलक हुनुपर्ने, परम्परावादी मात्र हुन नहुने र राजनीतिलगायत मानवजीवनका सबै पक्षहरूसँग सम्बन्धित कुराहरू समावेश हुनु स्वाभाविक हुने धारणा व्यक्त गरिबक्सेको थियो।

यी यस्ता कुरा थिए जुन भाषा-साहित्यक्षेत्रका कर्मी तथा सेवीको लागि मात्र होइन यस क्षेत्रका अनुरागी तथा साधक र प्रेमीहरू लागि पनि प्रेरणाप्रद र मार्गदर्शक थिए। यी नै प्रेरणाप्रद र मार्गदर्शक सन्देश र धारणाबाट देशको भाषा-साहित्य संसार अझ बढी अनुप्रेरित हुनु स्वाभाविकै थियो, र भाषा-साहित्यको संवर्द्धनमा योगदान हुने गरी साधना, प्रचार-प्रसार तथा पठन-पाठनमा बढी तीव्रता आएको र आइरहेको परिस्थिति हुनुको कारण पनि यही नै हो।

सन्दर्भः

१. बाल मुकुन्ददेव पाण्डेः उत्तम कुवँर, रुपरेखा वर्ष १८, अ.प. रुपायन प्रकाशन, काठमाडौं । पुस, २०३४ ।

२. केदारमान व्यथित (प्रधान सम्पादक), हिमानी, वर्ष १ आषाढ-श्रावण-भाद्र, २०२०, अङ्क ४ ।

३. बालकृष्ण सम, मेरो कविताको आराधना । साझा प्रकाशन, पुलचोक, २०५४

५. नेपाली साहित्य परिषद्को विवरण पत्र । नेपाली साहित्य परिषद्, नेपाल ।

६. डा. दयाराम श्रेष्ठ, नेपाली भाषा र साहित्यको विकासमा शाहवंशको देव, श्री ५ सरकार, सूचना मन्त्रालय, सूचना विभाग, काठमाडौं, २०४४ ।

७. नेपाल एकेडेमी ऐन, २०१४ ।

श्री ५ वीरेन्द्र र सञ्चारक्षेत्रको विकास

● मुकुन्दप्रसाद आचार्य

श्री ५ वीरेन्द्रलाई नेपालको इतिहासले प्रजातन्त्रप्रति प्रतिबद्ध र जनचाहनाको कदर गर्ने राजाको रूपमा नभई मुलुकको बृहत्तर हित र समग्र विकासका लागि सदा चिन्तित रहने नरेशका रूपमा पनि सदा स्मरण गरिरहनेछ। युवराज हुँदादेखि नै राजा वीरेन्द्रबाट नेपालको आर्थिक, सामाजिक विकासमा अभिरुचि राखी देशका विभिन्न भागको पैदल भ्रमण गर्नुका साथै राजधानीमा रहँदासमेत मुलुकका विविध क्षेत्रमा भएगरेका विकास प्रयासहरूबाट सूचित हुनका लागि मौसुफकै अग्रसरतामा "जाँचबुझ केन्द्र" नामक कार्यालयको स्थापना भयो। यस कार्यालयको माध्यमबाट देशका प्रशासनिकलगायत सबै क्षेत्रमा भैरहेका गतिविधिहरूको जानकारी प्राप्त गर्नुका साथै अग्रगामी परिवर्तनका लागि आवश्यक चिन्तन एवम् योजनाहरूको निर्माण गरिन थाल्यो। सम्बन्धित क्षेत्रका वरिष्ठ विद्वान्हरूलाई संलग्न गराएर कार्यक्रमहरूको खाका तयार गरियो र त्यसलाई कार्यान्वयनका लागि श्री ५ को सरकारमा जिम्मा लगाउने गरियो। यसरी तयार गरिएका कार्यक्रम र योजनाहरूको कार्यान्वयन पक्षको नियमित अनुगमन एवम् मूल्याङ्कन हुने व्यवस्था थियो। यसै क्रममा राष्ट्रिय सञ्चार योजना २०२८ तर्जुमा भै २०२८ असार १ गतेदेखि लागू गरियो।

सञ्चारक्षेत्रको स्थिति

राष्ट्रिय सञ्चार योजना २०२८ लागू हुनुअघि नेपालमा सञ्चारक्षेत्रको विकासका लागि भएका प्रयासहरू यस्तो रहेको पाइन्छ :

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट सानासाना राज्यरजौटाको रूपमा टुक्रिएको नेपाललाई एउटै सूत्रमा बाँधी आजको विशाल नेपाल खडा गरेपछि देशको शान्ति, सुरक्षा र प्रशासन सुदृढ राख्नका लागि चिठी-पत्र र समाचार आदानप्रदानका निमित्त आवश्यक हुलाकको व्यवस्था भयो।

त्यसपछिको लगभग १०० वर्षसम्म सञ्चार व्यवस्थामा कुनै विकास वा परिवर्तन भएको पाइन्न। सम्वत् १९३८ मा गोश्वारा हुलाकको स्थापना भई ४, ८ र १६ पैसे टिकटको प्रकाशनपछि सञ्चार व्यवस्थामा निरन्तरता आउन थालेको देखिन्छ।

वि.सं. १९५८ मा समाचारपत्रको रूपमा गोरखापत्र प्रकाशन भएर सर्वसाधारण जनतालाई विभिन्न समाचारको बोध हुन थाल्यो। समाचार आदानप्रदानमा द्रुतता ल्याउनका लागि सम्वत् १९७० मा दूरसञ्चार (टेली कम्युनिकेसन) नेपालको स्थापना भई सम्वत् १९७१ मा काठमाडौंदेखि रक्सौलसम्म ट्रङ्कटेलिफोन लाइनको पनि व्यवस्था भयो। सम्वत् १९७० मा गोरखाभाषा प्रकाशिनी समितिको स्थापनाद्वारा प्रकाशनको क्षेत्र विकसित हुन थाल्यो। नेपालमा बैंकको व्यवस्था सुरु नहुँदै सं. १९९० सालमै हुलाकद्वारा धनादेश सेवाको प्रायोगिक सञ्चालन भयो। काठमाडौंमा तत्कालीन राणा प्रशासकहरूको प्रयोगका लागि सं. १९९२ मा २५ लाइनको अटोमेटिक टेलिफोनको जडान गरियो। त्यसपछि सं. २००६ सालमा आकाशवाणीको स्थापना भयो। प्रजातन्त्रपछि सं. २००७ सालमा रेडियो नेपाल (तत्कालीन नेपाल रेडियो) को स्थापना भै नेपाली सञ्चार जगत्मा क्रान्तिको बिगुल बज्न थाल्यो। २० वर्ष

अगाडिदेखि प्रयास गर्दै रहेको नेपालले सं. २०१३ सालमा आएर विश्व हुलाक सङ्घको सदस्यता प्राप्त गऱ्यो । २०१४ मा राजदरबारमा जनसम्पर्क अफिसको स्थापना भयो । विश्व हुलाक सङ्घको सदस्यताको फलस्वरूप २०१६ देखि नेपाली टिकट टाँसिएका चिठी-पत्रहरू विश्वका विभिन्न मुलुकहरूमा भ्रमण गर्न थाले ।

सं. २०१८ (सन् १९६१) साल :

(क) दुई वर्ष अगाडि स्थापना भएको टेलिकम्युनिकेसन विभागको मातहतमा टेलिफोन र आकाशवाणी दुवै क्षेत्रमा विकास भई एक हजार टेलिफोन लाइन, ५० स्याटेलाइट स्टेसन तथा सात एरिया कन्ट्रोल अफिसको पनि स्थापना भयो ।

(ख) समाचार एजेन्सीको रूपमा राष्ट्रिय सम्वाद समितिको स्थापना भयो ।

(ग) नेपाली लोकगीत तथा गायकहरूलाई हौसला दिनका लागि श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मी शाहको निजी कोषबाट श्री रत्न रेकर्डिङ ट्रष्टको स्थापना भयो ।

(घ) सं. २०२० सालमा प्रचार (हालको सूचना) तथा प्रसार (रेडियो नेपाल) नामक बेग्लाबेग्लै विभागको स्थापना गरियो ।



सं. २०२२ (सन् १९६५) साल :

(क) त्यसबेला सम्म गृहपञ्चायत मन्त्रालयले हेर्ने गरिरहेको प्रचार तथा प्रसारसम्बन्धी कामका लागि प्रचार तथा प्रसार (हालको सूचना तथा प्रसार) नामको एउटै छुट्टै मन्त्रालयको गठन भयो ।

(ख) त्यसअघिसम्म शिक्षामन्त्रालयद्वारा सञ्चालन गर्दै आएको संस्कृतिसम्बन्धी कामका लागि संस्कृति विभाग नामक एक छुट्टै विभागको सिर्जना गरी विभागलाई प्रचार तथा प्रसार मन्त्रालयअन्तर्गत राखियो ।

(ग) सं. २०२५ देखि रेडियो नेपालबाट व्यावसायिक कार्यक्रम शुरु गरियो । सम्वत् २०२६ सालमा काठमाडौं रक्सौल ट्रङ्कलाइनबाट श्री ५ युवराजाधिराज सरकारको शुभविवाहको शुभअवसरमा फोटो प्रसारणको कार्य गरियो ।

(घ) सं. २०२७ मा काठमाडौं र हङकङका बीचमा सोझै दूरमुद्रण सेवा (TELE PRINTER) को स्थापना भै सञ्चारक्षेत्र अरू बढी विकसित भयो ।

विकासका लागि सञ्चार

सञ्चारका क्षेत्रमा योजनाबद्ध ढङ्गले स्पष्ट नीति र योजना निर्माण गरी विकास गर्ने उद्देश्यले "विकासका लागि सञ्चार" भन्ने मूल नारासहित राष्ट्रिय सञ्चार योजना २०२८ लागू गरियो ।

२०२८ साल असार मसान्तसम्मको नेपाल अधिराज्यमा उपलब्ध सञ्चार सेवाको आकलन गरी तयार पारिएको यस सञ्चारयोजनाले यो क्षेत्र व्यापक तथा विशाल भएको र मुलुकको सामाजिक गतिविधिको सञ्चालन उपयुक्त सञ्चार व्यवस्थाबाट मात्र सम्भव हुन्छ भन्ने वास्तविकतालाई आत्मसात् गरेको पाइन्छ । सम्बन्धित सामाजिक व्यवस्थाको विकास एवम् गति सञ्चारव्यवस्थामा नै आधारित हुन्छ भन्ने कुरामा दुई मत हुन सक्दैन । मानवसम्पर्कको प्रमुख आधार नै सञ्चार हुने हुनाले कुनै पनि समाजको भविष्य सञ्चारव्यवस्थाको विकास एवम् गतिमा भर पर्दछ । परिवार, समाज वा सरकार सबैका लागि यो तथ्य समान रूपमा लागू हुन्छ ।

"सञ्चारका विभिन्न माध्यमहरूद्वारा मात्र विकास सम्बन्धी आधुनिक विचारको बोध जनमानसमा हुन्छ" भन्ने स्पिडिङ मार्चका लेखक ह्यारोल्ड मून्थ क्यासको भनाइबाट उत्प्रेरित भई तयार गरिएको राष्ट्रिय सञ्चार योजना २०२८ ले आर्थिक दशक मनाउन कटिबद्ध श्री ५ को सरकारका निम्ति सुव्यवस्थित एवम् शक्तिशाली सञ्चारव्यवस्थाको महत्त्व प्रत्यक्ष हुन्छ भन्ने अवधारणाका साथ देहायका कुराहरूमा ध्यान केन्द्रित गरेको पाइन्छ ।

१. विकासका लागि उपयुक्त वातावरणको सिर्जना गर्न योजनाबद्ध सञ्चार व्यवस्थाले निकै ठूलो सघाउ पुऱ्याउन सक्छ ।

२. प्रतिद्वन्द्वी विचार तथा दृष्टिकोण अँगाली राष्ट्रिय एकतामा समेत खलल पार्न नहिचकिचाउने व्यक्तिहरूको क्रियाकलापबाट जनसाधारणमा पर्ने

असरलाई गतिलो सञ्चार व्यवस्थाद्वारा कम हानिकारक बनाउन सकिन्छ ।

३. योजनाबद्ध तरिकाको सञ्चारव्यवस्थाद्वारा निर्दलीय पञ्चायत प्रजातन्त्रमा परिकल्पना गरिएको शोषणरहित समाजको सिर्जनामा जनसाधारणलाई अझ बढी सक्रिय बनाउन सकिन्छ ।

उक्त कार्यलाई निम्नलिखित रूपमा विभाजन गरिएको छ :

(क) विकाससम्बन्धी अभियानमा जनसाधारणको सहयोग हासिल गर्नु ।

(ख) अधिराज्यको परम्परागत राष्ट्रिय एकताको अरू बढी सुदृढीकरण गर्नु ।

(ग) निरन्तर एवम् अविछिन्न रूपमा व्यवस्थाप्रतिको धारणा एवम् विश्वासलाई सुदृढीकरणगर्नु ।

(घ) विरोधाभासी राजनीतिक विचार धारा हरूको हानिकारक असरलाई कम गर्नु ।

(ङ) अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रिय मान एवम् प्रतिष्ठाको अरू बढी विस्तार गर्नु ।

(च) अधिराज्यप्रति छिमेकी एवम् असंलग्न राष्ट्रहरूको श्रद्धा बढाउनु ।

(छ) विश्वशान्तिका निमित्त देशवासीमा चाहिँदो आस्था र विश्वास बढाउनु ।

सुव्यवस्थित एवम् शक्तिशाली सञ्चार- पद्धतिको स्थापनाका निमित्त निम्नलिखित तथ्य ध्यानमा राख्नु युक्तिसङ्गत हुनेछ :

१. सञ्चारव्यवस्था यथाशक्य राष्ट्रिय एवम् व्यापक हुनु पर्छ । सञ्चारका विभिन्न माध्यमहरूद्वारा सम्पन्न हुने क्रियाकलाप बढी से बढी जनतामा पुऱ्याइएको हुनुपर्दछ ।

२. अधिराज्यका अधिकांश जनता ग्रामीण भएको तथ्यलाई ध्यानमा राखी नयाँ र पुराना विचारको रचनात्मक सम्मिश्रणद्वारा जन- भावनालाई विकासको मार्गतर्फ मोड्न सचेष्ट रहनुपर्दछ ।

३. सञ्चारका माध्यमद्वारा प्रयोग हुने भाषा सकभर सरल र सबैले बुझ्न सक्ने हुनु पर्दछ ।

४. सञ्चार व्यवस्थाद्वारा जनसाधारणमा पुऱ्याइने सन्देशमा नेपालीपन हुनुपर्दछ ।

५. सञ्चार गरिने सामग्री सकेसम्म समयानुकूल हुनुपर्छ ।

६. वस्तुवादी एवम् यथार्थ दृष्टिकोण अँगाली राष्ट्रिय सञ्चार सेवाप्रति विश्वास एवम् श्रद्धा जगाउनु र बढाउनु पर्छ ।

७. सञ्चारका विभिन्न माध्यमहरूबीच समन्वय र एकरूपता हुनुपर्दछ ।

सङ्गठनात्मक सुधार

धेरैसम्म गृह मन्त्रालयले हेर्ने गरिरहेको प्रचारप्रसार सम्बन्धी काम हेर्नका लागि वि.सं. २०२२ सालमा प्रचारप्रसार मन्त्रालयको गठन गरियो र पछि यसलाई सूचना तथा प्रसार मन्त्रालयको रूपमा परिवर्तन गरिएतापनि २०२८ आषाढसम्म गृह मन्त्रालयका सचिवले नै यस मन्त्रालयको काम हेर्ने व्यवस्था थियो । राष्ट्रिय सञ्चार योजना २०२८ ले सञ्चार मन्त्रालयको स्थापना गरी सञ्चार क्षेत्रको समग्र कार्यक्रमलाई एकीकृत र समन्वयात्मक रूपमा सञ्चालन र विकास गर्नका लागि आवश्यक उद्देश्य र नीति तय गर्नुका साथै यसका लागि आवश्यक संरचनाको पनि खाका तयार गऱ्यो ।

राष्ट्रिय सञ्चार योजना २०२८ उद्देश्य र नीति

उद्देश्य:

(क) अधिराज्यको सर्वाङ्गीण विकासका निमित्त आवश्यक सञ्चारसेवा पर्याप्तमात्रामा उपलब्ध गराउने । सारांशमा भन्ने हो भने, "विकासका लागि सञ्चार नै सञ्चार सेवाको मूलमन्त्र हुनेछ ।"

(ख) नेपाल तथा नेपालीको मान एवम् प्रतिष्ठा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा कायम राख्ने र विस्तार गर्ने ।

(ग) नेपाल अधिराज्यको आधारभूत एकतामाथि जोड दिने ।

(घ) राष्ट्रिय एकताका प्रतीक श्री ५ महाराजाधिराज तथा राजमुकुटको वर्तमान एवम् ऐतिहासिक नेतृत्वको बोध जनसाधारणमा गराउने । यस सन्दर्भमा, श्री ५ महाराजाधिराजबाट बक्सेको महावाणी तथा सन्देशहरू जनसाधारणसमक्ष पुऱ्याउने ।

(ङ) निर्दलीय पञ्चायत प्रजातन्त्रबारे जन- साधारणलाई अरू बढी सैद्धान्तिक र व्यावहारिक बोध गराउने ।

नीति :

(क) राष्ट्रको सर्वाङ्गीण विकासका लागि आवश्यक सञ्चारनीति निर्धारण गर्ने ।

(ख) सञ्चार सेवाको आधुनिकीकरण तथा विकासका लागि आवश्यक नीति निर्धारण गर्ने ।

(ग) नेपाल तथा नेपालीको मान तथा प्रतिष्ठा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा अरू बढी विस्तार गर्नका लागि आवश्यक नीति निर्धारण गर्ने ।

(घ) अधिराज्यको आधारभूत एकतालाई अरू बढी सुदृढीकरण गर्नका लागि आवश्यक नीति निर्धारण गर्ने ।

(ङ) सञ्चारका विभिन्न माध्यमहरूका बीच समन्वय कायम राख्नका लागि आवश्यक नीति निर्धारण गर्ने ।

(च) मातहतका विभागहरूको रेखदेख तथा नियन्त्रण गर्ने ।

(छ) सम्बन्धित क्षेत्रभित्र पर्ने स्वशासित संस्थानहरूलाई मूलभूत उद्देश्य प्राप्तिका लागि नीतिसम्बन्धी निर्देशन तथा आवश्यक सहयोग प्रदान गर्ने ।

(ज) श्री ५ महाराजाधिराजबाट बक्सेका महावाणी तथा सन्देशहरू, नेपाल अधिराज्यको संविधान, प्रचलित ऐनकानून र श्री ५ को सरकारद्वारा प्रतिपादित नीति सञ्चार सेवाको आधार हुने ।

सङ्गठनात्मक पक्ष

नवगठित सञ्चार मन्त्रालयअन्तर्गत देहायका विभाग र संस्थानहरू रहने व्यवस्था गरियो ।

(क) सूचना विभाग
(ख) प्रसार विभाग (रेडियो नेपाल)
(ग) हुलाक सेवा विभाग
(घ) श्री ५ को सरकारको छापाखाना
(ङ) प्रेस काउन्सिल
(च) दूरसञ्चार संस्थान
(छ) शाही नेपाल चलचित्र संस्थान
(ज) गोरखापत्र संस्थान
(झ) राष्ट्रिय समाचार समिति
(ञ) सांस्कृतिक संस्थान
(ट) श्री रत्न रेकर्डिङ संस्थान

साथै योजनामा मन्त्रालयलगायत मातहतका सबै विभाग एवम् संस्थानहरूको उद्देश्य, नीति, योजना र सङ्गठनात्मक पक्षका बारेमा विस्तृत कार्य योजना तयार पारेको पाइन्छ ।

राष्ट्रिय सञ्चार योजना २०२८ लागू भएपछि यसअघि निर्माण तथा यातायात मन्त्रालय र प्रचारप्रसार मन्त्रालय अन्तर्गत रहेका सञ्चारसँग सम्वद्ध सबै निकायहरूलाई एकै मन्त्रालयअन्तर्गत रहने व्यवस्था गरिएपछि नेपालमा सञ्चार क्षेत्रको विकासले निकै फड्को मारेको पाइन्छ । देशव्यापी रूपमा हुलाक सेवाको विस्तार, दूरसञ्चार सेवामा अटोमेटिक डिजिटल एक्सचेन्जको स्थापना तथा विस्तारका साथै नयाँ प्रविधि र सेवाहरूको प्रयोग र प्रारम्भ, रेडियो नेपालको प्रसारण क्षमतामा सुधार विस्तारका साथै प्रसारणको समयमा वृद्धि, पत्रकारिता क्षेत्रमा भएको विकास, टेलिभिजन प्रसारणको प्रारम्भ आदि सूचनासञ्चारका फाँटमा भएका प्रगतिले निश्चय नै मुलुकको समग्र विकासमा महत्त्वपूर्ण योगदान गर्न सकेको पाइन्छ ।

राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम, २०४५

राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रमको प्रस्तावनामा राष्ट्रिय सञ्चार योजना लागू भएदेखि सञ्चार क्षेत्रमा भएका प्रगतिहरूको समीक्षा यसरी गरिएको छ :

वि.सं. २०२८ सालमा "राष्ट्रिय सञ्चार योजना" लागू भएदेखि यता देशमा सञ्चार क्षेत्रमा उल्लेखनीय रूपमा प्रगति भएको छ । सञ्चारका विभिन्न माध्यमहरूको विकास र विस्तारमा आधुनिकतम प्रविधिको प्रयोगमा जोड दिई यसलाई सुगम एवम् भरपर्दो बनाउने निरन्तर प्रयास भएको छ ।

हुलाक सेवामा सङ्गठनात्मक सुधार तथा विस्तारका साथै धनादेश तथा बचत बैंकजस्ता वित्तीय सेवाहरू उपलब्ध गराइसकिएको छ । दूरसञ्चारको क्षेत्रमा टेलिफोन सेवामा संख्यात्मक एवम् गुणात्मक वृद्धि भएको छ । भूउपग्रह केन्द्रको स्थापनाद्वारा अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा उपलब्ध भैसकेको छ । साथै टेलिफोनको क्षेत्रमा एस.टी.डी. (Subscriber Trunk Dialing) र आई.एस.डि. (International Subscriber Dialing) सुविधा प्रदान गरिसकिएको छ ।

रेडियो नेपालको प्रसारणलाई देशका कुनाकाप्चासम्म सफा र स्पष्टसित सुन्न सकिने गराउन मिडियमवेभ प्रणालीको विस्तारमा जोड दिइएको छ । २०२८ सालमा १० किलोवाट क्षमताको मिडियमवेभ प्रणाली ट्रान्समिटर मात्र भएकामा हालसम्म मध्यमाञ्चल विकासक्षेत्रको केन्द्र काठमाडौं र पश्चिमाञ्चल विकास क्षेत्रको केन्द्र पोखरामा १००/१०० किलोवाट क्षमताका ट्रान्समिटरहरू स्थापना गरी देशको कूल जनसंख्याको ५५ प्रतिशत जनतालाई प्रसारण सेवा उपलब्ध गराइएको छ । सञ्चारक्षेत्रको आधुनिकतम तथा सशक्त माध्यम टेलिभिजनको स्थापना हुनाको साथै यसको प्रसारणलाई उपत्यकाबाहिरका केही जिल्लाहरूमा समेत पुऱ्याइसकिएको छ । वृत्तचित्र एवम् समाचारचित्रका साथै कथानक चलचित्रको निर्माण उत्साहजनक रूपमा भइरहेको छ ।

प्रेसक्षेत्रमा पनि उल्लेखनीय विकास भएको छ । एकातिर पत्रपत्रिकाको प्रकाशन संख्याको साथै पाठक संख्यामा वृद्धि भएको

छ भने अर्कातिर व्यवसायिकपनमा पनि तुलनात्मक रूपले सुधार आएको छ ।

उपर्युक्त गतिविधिहरूलाई समष्टि रूपमा दृष्टिगत गर्दा निम्न तथ्यहरू देखा पर्दछन्:

१. सञ्चारको क्षेत्रमा आधुनिकतम प्रविधिको प्रवेश भइसकेको छ । भविष्यमा पनि यस प्रकारको प्रक्रिया जारी रहने देखिन्छ ।
२. पत्रपत्रिकाको क्षेत्रमा व्यापक विकास भएको छ ।
३. अत्यन्तै प्रभावशाली आम सञ्चारमाध्यम टेलिभिजनको स्थापना भई यसको विस्तारको प्रक्रियासमेत प्रारम्भ भइसकेको छ ।
४. सूचनाप्रवाहको परिमाणमा प्रशस्त वृद्धि भएको छ ।

उपर्युक्त तथ्यहरूको परिप्रेक्ष्यमा विचार गर्दा सञ्चार मन्त्रालय र यसअन्तर्गत कतिपय निकाय नै गठन नभएको समयमा तर्जुमा भई लागू भएको "राष्ट्रिय सञ्चार योजना, २०२८"लाई अद्यावधिक बनाउनु आवश्यक देखिन्छ । साथै, विकास-गतिविधिहरूमा व्यापक विस्तार तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको बढ्दो सम्पर्क र भूमिकाअनुरूप एकातिर सङ्गठनात्मक सुधार वाञ्छनीय छ भने अर्कातिर नीति तथा कार्यक्रममा पनि तदनुरूप परिवर्तन गर्नुपर्ने आवश्यकता देखापर्दछ ।

अतः २०२८ सालमा लागू भएको "राष्ट्रिय सञ्चार योजना" लाई समयानुकूल अद्यावधिक बनाई "राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम २०४५" को रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम २०४५ का मुख्यमुख्य विशेषताहरू निम्न अनुसार छन्

१. पत्रपत्रिकाको क्षेत्रमा भएको विकास तथा सूचना प्रवाहमा भएको वृद्धिलाई ध्यानमा राखी प्रेस सूचना विभाग गठन गर्ने ।
२. विभिन्न श्रव्यदृश्य सूचना सामग्रीहरूको बढ्दो माग र आवश्यकतालाई दृष्टिगत गरी मुद्रण, प्रकाशन र वितरण प्रक्रियालाई प्रभावकारी बनाउन मुद्रण तथा प्रकाशन विभागको स्थापना गर्ने ।
३. श्री ५ को सरकारको नीतिभित्र रही गोरखापत्र संस्थानलाई समाचार एवम् विचारको प्रस्तुतिमा स्वायत्तता प्रदान गर्ने ।
४. जिल्लाका हरेक इलाकामा एक इलाका हुलाक र हरेक पञ्चायतमा एक गाउँ पञ्चायत हुलाक स्थापना गर्ने ।
५. रेडियो तथा टेलिभिजन प्रसारणलाई अझ बढी व्यापक र प्रभावकरी बनाउने ।
६. चलचित्र क्षेत्रमा भएको आधुनिकतम प्रविधिको विकास तथा निजी क्षेत्रको अभिरुचि समेतलाई दृष्टिगत गरी चलचित्रसम्बन्धी नीतिनियम तर्जुमा गर्ने ।
७. सन् २००० सम्ममा प्रति १०० व्यक्ति एक टेलिफोन सेवा पुऱ्याउने र अधिराज्यका जिल्ला सदरमुकाम, गाउँपञ्चायत तथा औद्योगिक, व्यापारिक एवम् राष्ट्रिय दृष्टिकोणबाट महत्त्वपूर्ण स्थानहरूमा आवश्यक सञ्चार माध्यम पुऱ्याउने उद्देश्य लिई विभिन्न दूरसञ्चार सेवा तथा तत्सम्बन्धी जनशक्तिको विकास एवम् विस्तार गर्ने ।

राष्ट्रिय सञ्चार नीति, २०४९

प्रजातन्त्रप्राप्तिका लागि नेपाली जनताले गरेको लामो संघर्ष र २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप प्राप्त नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूति गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा प्रत्येक नागरिकलाई सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको मूल मर्मलाई हृदयङ्गम गरी सूचना र सञ्चारका सम्पूर्ण माध्यमहरूलाई विश्वसनीय, प्रभावकारी एवम् सुदृढ बनाई यस क्षेत्रमा उपलब्ध आधुनिकतम प्रविधिको प्रयोग गरी निजी क्षेत्रको सहभागितामा अझ सशक्त, सरल र सुलभ तुल्याउन परिवर्तित सन्दर्भमा समयसापेक्ष नीतिनिर्माणको क्रममा राष्ट्रिय सञ्चार नीति २०४९ तर्जुमा गरी लागू गरियो । यसका उद्देश्य र नीतिहरू देहायबमोजिम रहेका छन् :

१. उद्देश्य

१.१. नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवम् सम्वर्द्धन गर्ने नेपाल अधिराज्यको सार्वभौमिकता, भौगोलिक अखण्डता तथा राष्ट्रिय स्वतन्त्रता एवम् स्वाभिमानलाई अक्षुण्ण राखी प्रजातन्त्रको संस्थागत विकास गर्न मुलुकको आर्थिक, सामाजिक क्रियाकलापलाई जनसमक्ष पुऱ्याउने र प्रजातान्त्रिक संस्कारको संवर्द्धन गर्ने ।

१.२. विभिन्न जाति, भाषा, वर्ग र धार्मिक सम्प्रदायका बीच समानता, आपसी सद्भावना र सामञ्जस्यको वातावरण सिर्जना गरी कानुनी राज्यसिद्धान्तको आधारमा सम्पूर्ण

जनताले शान्तिपूर्वक प्रजातन्त्रका लाभहरूको उपभोग गर्नसक्ने गरी नागरिकहरूलाई चेतनशील तुल्याउन सञ्चारमाध्यमलाई प्रभावकारी बनाउने ।

१.३. राष्ट्रिय हितलाई सर्वोपरि राखी संवैधानिक राजतन्त्र एवम् बहुदलीय प्रजातन्त्रका आधारभूत मूल्य र मान्यता, राष्ट्रिय एकताको संरक्षण एवम् सुदृढीकरण गर्ने कार्यमा सघाउ पुऱ्याउन सञ्चारमाध्यमहरूलाई क्रियाशील तुल्याउने ।

१.४. राष्ट्रिय सम्पदाहरूको संरक्षण र राष्ट्रिय चिनारी एवम् महत्त्वका विभिन्न पक्षको जगेर्ना तथा सम्वर्द्धन गर्न जनचेतना जाग्रत गरी राष्ट्रको चौतर्फी विकासकार्यमा जनसहभागिता, अन्तर्राष्ट्रिय सहयोग एवम् सद्भावना जुटाउन सूचना एवम् सञ्चारक्षेत्रलाई सक्रिय बनाउने ।

२. नीति

२.१. पत्रपत्रिकासम्बन्धी नीति

२.१.१. संविधानद्वारा प्रत्याभूत जनताको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई उपभोग गर्न नेपाली नागरिकले कुनै पनि भाषामा पत्रपत्रिका प्रकाशन गर्न पाउने ।

२.१.२. पत्रपत्रिकाको संस्थागत विकास गर्न पत्रपत्रिका व्यवसायलाई उद्योगको रूपमा मान्यता दिने ।

२.१.३. पत्रकारिता क्षेत्रलाई स्वतन्त्र, मर्यादित र उत्तरदायित्वपूर्ण तुल्याउँदै प्रतिस्पर्धात्मक रूपमा निजी क्षेत्रको पत्र कारिताको विकास गरी आर्थिक एवम् भौतिक रूपमा आत्मनिर्भर हुने वातावरण सृजना गर्ने ।

२.१.४. पत्रपत्रिकाको वितरणस्थिति र नियमितताको आधारमा वर्गीकरण गरी न्युजप्रिन्ट र अन्य सामग्रीहरू सुपथ र सुलभ तरिकाले उपलब्ध गराउने ।

२.१.५. सरकारी सूचना र सार्वजनिक सेवाका विज्ञापनहरू श्री ५ को सरकारले निजी क्षेत्रका पत्रपत्रिकालाई समेत वितरणस्थिति, स्तरीयता र नियमितताका आधारमा वर्गीकरण गरी उपलब्ध गराउने ।

२.१.६. सरकारी एवम् अर्धसरकारी क्षेत्रका उद्योग व्यवसायबाट निजी क्षेत्रका पत्रपत्रिकालाई वर्गीकरणको आधारमा विज्ञापन उपलब्ध हुन सक्ने वातावरण सिर्जना गर्ने ।

२.१.७. कानुनअन्तर्गत रही निर्बाध समाचार सङ्कलन गर्न पाउने अधिकार पत्रपत्रिकालाई प्रदान गर्ने ।

२.१.८. पत्रपत्रिका ढुवानीलगायत समाचारको आदानप्रदानमा सहुलियत उपलब्ध गराउने ।

२.१.९. निश्चित आधारमा पत्रपत्रिकाहरूलाई प्रेस राख्न सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउन प्रयास गर्ने ।

२.१.१०. मासिक, दुई मासिक र त्रैमासिक रूपमा प्रकाशित भइरहेका साहित्यिक तथा विषयगत पत्रपत्रिकाहरूलाई पनि अन्य पत्रपत्रिकाहरू सरह वर्गीकरणको आधारमा विज्ञापन एवम् अन्य सहुलियतहरू प्रदान गर्ने ।

२.१.११. उद्योगसरह मान्यताप्राप्त प्रकाशन संस्थामा काम गर्ने श्रमजीवी पत्रकारहरूको हक, हित र अधिकारको संरक्षण गर्ने सम्बन्धी ऐननियमको तर्जुमा गरी यस पेशालाई सुरक्षा प्रदान गर्ने ।

२.१.१२. अश्लील, उत्तेजनात्मक र समाजमा विकृति फैलाउने खालका पत्रपत्रिकाहरूको प्रकाशन, आयात एवम् विक्रीवितरणमा रोक लगाउने ।

२.२ प्रसारणसम्बन्धी नीति

२.२.१. प्रसारणसम्बन्धी छुट्टै ऐनको तर्जुमा गरी रेडियो तथा टेलिभिजनप्रसारणलाई व्यवस्थित गर्ने ।

२.२.२. स्याटेलाइट एवम् केबुलटेलिभिजनसम्बन्धी ऐननियम हरूको तर्जुमा गरी यसलाई नियमित गरी व्यवस्थित गराउने ।

२.२.३. सरकारी स्वामित्वमा सञ्चालित प्रसारण-संस्थाहरूबाट प्रसारण गरिने कार्यक्रमहरू राष्ट्रिय सेवा र व्यापारिक सेवा गरी २ सेवामा सञ्चालन गर्ने ।

२.२.४. क्षेत्रीय प्रसारणको अवधारणा लिई क्रमिक रूपले विभिन्न राष्ट्रिय भाषाहरूमा कार्यक्रम प्रसारण गर्ने ।

२.२.५. रेडियो र टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमहरूको उत्पादनमा निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने ।

२.२.६. शिक्षाप्रद एवम् मनोरञ्जनात्मक कार्यक्रमहरूको प्रसारण रेडियो र टेलिभिजनबाट गर्न चाहेमा निश्चित मापदण्डका आधारमा निजी क्षेत्रलाई प्रसारण समय उपलब्ध गराउन सक्ने ।

२.२.७. राष्ट्रिय हितको प्रतिकूल नहुने गरी निश्चित सर्त र प्रक्रियाहरूका आधारमा विदेशी सञ्चारमाध्यमहरूले

कार्यक्रम प्रसारण गर्न चाहेमा शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न समय उपलब्ध गराउन सक्ने ।

२.२.८. प्रसारण ऐनअन्तर्गत रही निजी क्षेत्रका सङ्गठित संस्थालाई पनि निश्चित क्षेत्रमा फ्रिक्वेन्सी मोडुलेशन (एफ.एम.) प्रसारणप्रणाली स्थापना गरी शिक्षाप्रद र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्न दिने ।

२.२.९. नेपाल टेलिभिजन र रेडियो नेपालको प्रसारण विस्तारका लागि सहयोग उपलब्ध गराउने ।

२.३. सूचनासम्बन्धी नीति

२.३.१. संविधानद्वारा प्रत्याभूत जनताको सुसूचित हुन पाउने अधिकारको संरक्षण गर्न श्री ५ को सरकारले प्रचलित कानुनले निषेध गरेका कुराहरूबाहेक सबै किसिमका सूचनाहरू सञ्चारमाध्यमलाई उपलब्ध गराउने ।

२.३.२. सञ्चारमाध्यमहरूलाई सूचना उपलब्ध गराउँदा सरकारी तथा निजी क्षेत्रमा रहेका स्वदेशी सञ्चारमाध्यमलाई प्राथमिकता दिने ।

२.३.३. श्री ५ को सरकारका विभिन्न मन्त्रालयमा रहेका प्रवक्ताहरूलाई सूचना प्रसार गर्ने कार्यमा प्रभावकारी तुल्याई नियमित रूपमा सूचना उपलब्ध गराउने व्यवस्था मिलाउने ।

२.४. सरकारी क्षेत्रमा रहेका सञ्चार माध्यमहरूको समाचारसम्बन्धी नीति

२.४.१. पदीय मर्यादाक्रमलाई मात्र आधार नबनाई समाचारसँग सम्बन्धित विषयगत महत्त्वका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय घटनाप्रधान समाचारहरूको प्रकाशन एवं प्रसारणमा प्राथमिकता दिने ।

२.४.२. निष्पक्ष, वस्तुगत एवम् विश्वसनीय समाचारहरूको सङ्कलन, प्रकाशन र प्रसारण गर्नका साथै महत्त्वपूर्ण ग्रामीण विकाससम्बन्धी समाचारहरूलाई उपयुक्त स्थान दिने ।

२.४.३. धार्मिक असहिष्णुतालाई बढावा दिने तथा धर्म, वर्ग, लिङ्ग, समुदाय, जाति आदिमा आपसी वैमनष्य बढाउने र उत्तेजित भावना जगाउने खालका समाचारलाई प्रश्रय नदिने ।

२.५. हुलाकसम्बन्धी नीति

२.५.१. हुलाक सेवालाई छिटो, भरपर्दो र प्रभावकरी बनाई जिल्लाका प्रत्येक इलाकामा इलाका हुलाक र हरेक गाउँ विकास समितिमा अतिरिक्त हुलाक स्थापना गरी गाउँस्तरसम्म हुलाक सेवा उपलब्ध गराउने ।

२.५.२. हुलाक वस्तुहरू ढुवानीमा नियमितता ल्याउन यातायात व्यवसायीहरू र सम्बन्धित निकायबाट प्रथमिकता दिलाउने ।

२.५.३. आन्तरिक एवम् बाह्य द्रुत डाँकसेवा (Expedited Mail Service) लाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

२.५.४. हुलाक सेवाद्वारा गर्ने प्रकृतिका कार्यक्रमहरूमा संलग्न निजी क्षेत्रका संस्थाहरूलाई नियमित र व्यवस्थित गराउने ।

२.५.५. नेपालको कला, संस्कृति, राष्ट्रियता झल्किने एवम् भौगोलिक वैशिष्टच, जैविक विविधता, ऐतिहासिक महत्त्वका घटना र कार्य तथा राष्ट्रियस्तरका ठूला निर्माणकार्यहरू सम्बन्धी हुलाक टिकटहरूको प्रकाशन गरी यी कुराहरूलाई जीवन्त राख्ने ।

२.५.६. महत्त्वपूर्ण अन्तर्राष्ट्रिय विषयसम्बन्धी हुलाक टिकटको प्रकाशन गर्ने ।

२.६. चलचित्रसम्बन्धी नीति

२.६.१. नेपाली चलचित्र उद्योगको समुचित विकासका लागि चलचित्र निर्माण, प्रदर्शन र वितरण तीनै क्षेत्रमा संलग्न उद्यमीहरूलाई लगानीका नयाँ सम्भावनाहरू खोल्न प्रोत्साहन दिने ।

२.६.२. नेपाली चलचित्रहरूको निर्माण एवम् प्रशोधन कार्य स्वदेशमै हुन सक्ने स्थितिको सृजना गरी चलचित्र उद्योगमा संलग्न कलाकार एवम् प्राविधिक जनशक्तिले आवश्यक प्रशिक्षण तथा प्रोत्साहन पाउनसक्ने वातावरण तयार गर्ने ।

२.६.३. राष्ट्रभाषा नेपाली र नेपालका राष्ट्रिय भाषामा निर्माण गरिने चलचित्रहरूको निर्माण एवम् प्रदर्शन क्षेत्रमा संलग्न सबै पक्षलाई विशेष प्रोत्साहन दिने ।

२.६.४. नेपाली कला, संस्कृति एवम् गीत र सङ्गीतको उत्थान हुने यस क्षेत्रमा संलग्न कलाकार-हरूको व्यावसायिक दक्षता अभिवृद्धि हुने किसिमको वातावरण सिर्जना गर्ने ।

२.६.५. चलचित्र जाँच समितिको जिम्मेवारी एवम् आधारहरू किटान गरी नेपाल अधिराज्यमा प्रदर्शन गरिने सबै प्रकारका चलचित्रहरूको जाँच (सेन्सर) गर्ने ।

२.६.६. नेपालमा खिचेर बाह्य मुलुकमा प्रदर्शन गरिने चलचित्रहरूको पनि निश्चित आधार बनाई जाँच (सेन्सर) गर्ने व्यवस्था मिलाउने ।

२.७. दूरसञ्चारसम्बन्धी नीति

२.७.१. राष्ट्रिय विकासको पूर्वाधारको रूपमा दूरसञ्चार सेवाको विकास गर्न यस सेवालाई अत्यावश्यक सेवाको रूपमा विकसित एवम् विस्तार गर्दै जाने

२.७.२. दूरसञ्चार सेवाको विकास र सञ्चालनमा निजी क्षेत्रलाई पनि प्रोत्साहित एवम् संलग्न गराउँदै जाने ।

२.७.३. दूरसञ्चार सेवाको प्रयोजनका लागि नेपाल अधिराज्यलाई अतिदुर्गम, दुर्गम र सुगम तीन क्षेत्रमा विभाजन गरी अतिदुर्गम क्षेत्रमा सरदर ६ घण्टाभन्दा बढी पैदलयात्रा गर्न नपर्ने दुरीमा उपयुक्त दूरसञ्चार प्रणाली स्थापना गर्ने ।

२.७.४. आम जनतालाई उपयोगी, दक्ष, भरपर्दो र निर्बाध सञ्चार सेवा उपलब्ध गराउन उपयुक्त अत्याधुनिक सञ्चार प्रविधिको प्रयोग गर्दै जाने ।

२.७.५. अत्याधुनिक सञ्चारउपकरणको उत्पादन तथा जडान स्वदेशमै गर्न निजी क्षेत्रलाई प्रोत्साहन दिने ।

२.८. विभागहरूको व्यवस्थापनसम्बन्धी नीति

२.८.१. हुलाक सेवालाई अत्याधुनिक प्रविधि एवम् सुविधा उपलब्ध गराई यस सेवाको सुदृढीकरण गर्न हुलाक सेवा विभागलाई स्वशासित प्रकृतिको प्रशासनिक संरचनाको रूपमा विकसित गर्ने ।

२.८.२. मुद्रण तथा प्रकाशन विभागलाई मुद्रण विभाग नामकरण गरी मूलतः गोपनीयता कायम राख्नुपर्ने प्रकाशनहरू र सुरक्षण मुद्रणका सामग्रीहरू मुद्रण गर्ने सुरक्षण छापाखानाको रूपमा मुद्रण विभागको छापाखानालाई विकास, विस्तार र सुदृढ गर्ने ।

२.८.३. सुरक्षण मुद्रणका रूपमा विकसित गरिने श्री ५ को सरकारको छापाखानाबाहेक श्री ५ को सरकारले व्यावसायिक रूपमा अन्य छापाखानाहरू सञ्चालन नगर्ने ।

२.८.४. प्रेस सूचना विभागलाई सूचना विभाग नामकरण गरी सूचनासेवालाई सशक्त तुल्याउनाका साथै मर्यादित एवम् संस्थागत पत्रपत्रिकाको विकासमा उल्लेखनीय भूमिका निर्वाह गर्न सक्ने विभागको रूपमा सञ्चालन गर्ने ।

२.८.५. प्रभावकारी सूचनाप्रवाहका लागि सञ्चार केन्द्रहरूको स्थापना गरी सञ्चार माध्यमहरूलाई सेवा उपलब्ध गराउने ।

२.९. संस्थानहरूको व्यवस्थासम्बन्धी नीति

२.९.१. शाही नेपाल चलचित्र संस्थालाई "नेपाल चलचित्र विकास संस्थान" नामकरण गरी नेपाली चलचित्र उद्योगको विकासमा योगदान पुऱ्याउने संस्थानका रूपमा सञ्चालन गर्ने र निजीकरण गर्ने सिलसिलामा यसका शेयरहरू निजी क्षेत्रमा प्रवाहित गर्ने ।

२.९.२. राष्ट्रिय समाचार समिति र गोरखापत्र संस्थानको सञ्चालनमा सरकारी स्वामित्वको अन्त्य गर्दै लैजाने उद्देश्यले कुनै एक व्यक्तिले एकमुष्ट (ब्लक) शेयर खरिद गर्न नसक्ने गरी निजी क्षेत्रमा शेयर प्रवाहित गर्न तदनुकूल व्यवस्थापन प्रणालीमा परिवर्तन गर्ने ।

२.९.३. नेपाल दूरसञ्चार संस्थानको व्यवस्थापनलाई स्वायत्तता प्रदान गर्ने र निजी क्षेत्रसमेतको सहभागितामा यसको विस्तार गर्ने ।

२.९.४. रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रशासकीय संरचनालाई नेपाल राष्ट्रिय प्रसारण प्राधिकरणका रूपमा विकसित गर्ने ।

२.९.५. रेडियो नेपाल र नेपाल टेलिभिजनजस्ता सरकारी स्वामित्वमा रहेका व्यवस्थापनलाई स्वायत्त रूपमा विकसित गर्ने ।

२.९.६. सरकारी स्वामित्वमा रहेका संस्थानहरूको सञ्चालक समितिमा सरकारी कर्मचारीहरूको पदेन प्रतिनिधित्व कम गरिने र पेशागत एवम् व्यवस्थापन क्षमता भएका व्यक्तिहरू राख्ने ।

श्री ५ महाराजाधिराज वीरेन्द्रको शासनकालको अन्त्यसम्म नेपालमा सञ्चार क्षेत्रको स्थिति निम्नानुसार रहेको पाइन्छः

१. हुलाक सेवा

सूचना तथा सञ्चारप्रणालीमा मुलुकको जेठो र अग्रणी माध्यम रहेको हुलाक सेवाको विस्तार र गुणस्तर वृद्धिमा क्रमशः सुधार हुँदै आएको छ । आर्थिक वर्ष २०५७/०५८ को अन्त्यसम्ममा अधिराज्यभर गोश्वारा हुलाक-१, क्षेत्रीय हुलाक-५, जिल्ला हुलाक-७०, इलाका हुलाक-८२७, र अतिरिक्त हुलाक-३१३० गरी ४०३३ हुलाकबाट हुलाक सेवा उपलब्ध भएको छ । ५१९ हुलाकबाट धनादेश सेवा र ११६ हुलाकबाट हुलाक बचत बैंक सेवा सञ्चालन भएको छ । यस्तै अधिराज्यका विभिन्न नगरपालिकाका ४३ वटा शहरी क्षेत्रमा सञ्चालन भएको र २६ वटा राष्ट्रहरूमा वैदेशिक द्रुत डाँक सेवा (Expedited Mail Service-EMS) सञ्चालन भएको छ । हुलाक सेवा विभागले १७ हजार ५ सयभन्दा बढी

हुलाक मञ्जुषा (पोष्ट बक्स) को स्थापना गरी सेवा उपलब्ध गराएको छ । सबै नगरपालिका र गा.वि.स. हरूमा सेवा पुऱ्याउने श्री ५ को सरकारको नीतिअनुरूप केही गा.वि.सबाहेक प्रायः सबैमा हुलाकको सञ्जाल विस्तार भएको छ ।

२. दूरसञ्चार सेवा

श्री ५ को सरकारले लिएको आर्थिक उदारीकरणको नीतिअनुरूप दूरसञ्चार क्षेत्रको विकास प्रतिस्पर्धात्मक रूपमा गर्ने अवधारणा लिई सोसम्बन्धी आवश्यक वातावरण तयार गर्न नियामक निकायका रूपमा कार्य गर्ने गरी नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना भएको र केही दूरसञ्चार सेवाहरूलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गराउन थालिएअनुरूप उक्त प्राधिकरणबाट निजी क्षेत्रलाई इन्टर्नेट (इ-मेल सहित) १५ वटा, भीस्याट सेवाप्रदायक ७ वटा तथा सेवा प्रयोगकर्ता २४ वटा, रेडियो पेजिङ्ग नेटवर्क ८ वटा, भिडियो कन्फरेन्सिङ्ग एउटा र फ्याक्स मेल सेवा ६ वटा र सेलुलर मोबाइल सेवा १ गरी जम्मा ६१ वटा इजाजतपत्र प्रदान भएको छ ।

२०५८ आषाढसम्म नेपाल दूरसञ्चार संस्थानबाट अधिराज्यका ३९१३ गा. वि. स. मध्ये १७६१ गा.वि.स.हरूमा टेलिफोन सेवा उपलब्ध भएको छ । अधिराज्यका कूल १४५ वटा स्वचालित डिजिटल एक्सचेन्जहरूबाट टेलिफोन सेवा सञ्चालन भएको छ । यी एक्सचेन्जहरूमा कूल ३ लाख ३६ हजार ४७४ लाइन क्षमता रहेकामा यसमध्ये करिब २ लाख ८८ हजार ३६ लाइन टेलिफोन वितरण भै सेवा सञ्चालनमा रहेको छ । काडमाडौं उपत्यका, विराटनगर, वीरगञ्ज र पोखरामा सेलुलर मोवाइल सेवा सञ्चालन गरी १४ हजार ३५ लाइन वितरण गरिएको छ । १३१ राष्ट्रहरूसँग सिधा अन्तर्राष्ट्रिय दूरसञ्चार सम्पर्क कायम हुन सक्ने गरी कूल सर्किट क्षमता १०१३ पुऱ्याइएको छ । टेलिफोन लाइन प्राप्त गर्न निवेदन दिई प्रतीक्षा सूचीमा बस्ने ग्राहकहरूको संख्या करिब २ लाख ८६ हजार ३५ रहेको छ ।

३. पत्रपत्रिकाहरू

२०५७ चैत मसान्तसम्ममा नेपाल अधिराज्यका विभिन्न जिल्लाहरूमा दर्ता भएका पत्रपत्रिकाहरूको संख्या २८७० पुगेको छ । यसमध्ये १९३ दैनिक, ९ अर्धसाप्ताहिक, १००८ साप्ताहिक, २२० पाक्षिक, ७८७ मासिक, २०५ द्वैमासिक, ३३४ त्रैमासिक, १५ चौमासिक, ४९ अर्धवार्षिक र ५० वार्षिक पत्रपत्रिकाहरू रहेका छन् ।

४. टेलिभिजन प्रसारण सेवा

विद्युतीय सञ्चारको अत्यन्त सशक्त र प्रभावकारी माध्यमको रूपमा रहेको टेलिभिजन प्रसारण सेवा नेपालमा २०४२ सालदेखि नियमित रूपमा सञ्चालनमा रहेको छ । सीमित साधन र स्रोतबाट प्रारम्भ भएको टेलिभिजन प्रसारण सेवा नेपाल टेलिभिजनका तीनवटा स्टुडियो, बाँकेको कोहलपुरमा क्षेत्रीय कार्यक्रम उत्पादन तथा प्रसारण केन्द र मूर्तिडाँडा (इलाम), नाम्जेडाँडा भैंडेटार (धनकुटा), जलेश्वर (महोत्तरी), हेटौंडा(मकवानपुर), दाउन्ने (नवलपरासी), फुल्चोकी (ललितपुर), ककनी (नुवाकोट) सराङ्कोट (कास्की) तानसेन (पाल्पा), बुटवल(रूपन्देही), हर्रे (सुर्खेत) समेत अधिराज्यका ११ स्थानमा रहेका प्रसारण केन्द्रमार्फत प्रतिदिन १६.३० घण्टा सञ्चालनमा रहेको छ । अधिराज्यको ३२ प्रतिशत भूभागका करिब ४२ प्रतिशत जनसंख्याले नेपाल टेलिभिजनको कार्यक्रम हेर्न सक्ने अनुमान गरिएको र प्रसारणक्षमता वृद्धि गर्ने तथा क्षेत्र विस्तार गर्ने कार्य जारी राखिएको छ । नेपाल टेलिभिजनको प्रसारणलाई अधिराज्यव्यापी बनाउन भूउपग्रह माध्यमको प्रयोग गर्ने अवधारणा राखिएअनुरूप नेपाल दूरसञ्चार संस्थानको सगरमाथा अर्थस्टेशनको प्रयोग गर्ने व्यवस्था मिलाइएको र उक्त अर्थ स्टेशनमा आवश्यक उपकरणको व्यवस्था गर्ने कार्य भैरहेको र भूउपग्रह भाडामा लिने कार्यसम्पन्न भएको छ ।

केबुल टेलिभिजन प्रसारणमा निजी क्षेत्रको सहभागिता उत्साहजनक रूपमा हुन थालेको र १६५ वटा केबुल टेलिभिजन सञ्चालकहरूलाई सो सेवा सञ्चालन गर्न इजाजत पत्र प्रदान गरिएको छ ।

५. रेडियो प्रसारण सेवा

२००७ साल चैत्र २८ गते स्थापना भएको रेडियो नेपाल व्यापक पहुँच भएको देशको पुरानो सञ्चार माध्यममध्ये एक हो । सर्टवेभ प्रसारण प्रणालीमा रेडियो नेपालको प्रसारण सेवा अधिराज्यभर तथा मिडियमवेभ प्रसारण ८० प्रतिशत जनतासम्म पुगेको र मिडियमवेभ प्रसारणले ढाक्न नसकेका क्षेत्रहरूमा स्थानीय सहभागितासमेत परिचालन गरी क्रमिक रूपमा फ्रिक्वेन्सी मोडुलेसन प्रणालीमार्फत सेवा विस्तार गर्ने कार्य भइरहेको छ । अधिराज्यभर रेडियो प्रसारण स्पष्ट सुन्न सकियोस् भन्ने उद्देश्यले भिस्याट प्रविधिको समेत प्रयोग गरिएको छ । अ.व. २०५१/५२ देखि पाचौं विकास क्षेत्रमा स्थापित आफ्ना मिडियमवेभ प्रसारण केन्द्रहरूबाट विभिन्न राष्ट्रिय भाषामा गीतसङ्गीत कार्यक्रम प्रसारण गर्नाका अतिरिक्त रेडियो नेपालबाट नेपाली, अङ्ग्रेजी, संस्कृत, हिन्दी, मैथिली, भोजपुरी, थारू, तामाङ्ग, नेवारी, राई-बान्तवा, गुरूङ,

अवधी, लिम्बु, मगर, शेर्पा र उर्दूलगायतका भाषाहरूमा समाचार प्रसारण गर्ने गरिएको छ ।

निजी क्षेत्रमा पनि मनोरञ्जनात्मक एवम् सूचनामूलक कार्यक्रमहरू प्रसारण गर्ने उद्देश्यले फ्रिक्वेन्सी मोडुलेसन (FM) प्रणालीमा रेडियो प्रसारण केन्द्र सञ्चालन गर्न २० निजी क्षेत्रका संस्थालाई इजाजतपत्र प्रदान गरिएकामा १५ चालु भैसकेको छ ।

६. मुद्रण सेवा

श्री ५ को सरकारको सम्पूर्ण मुद्रण कार्य गर्नका लागि मुद्रण विभागको छापाखानालाई क्रमशः सुरक्षण मुद्रणालयका रूपमा विकास, विस्तार र सुदृढ गर्दै लैजाने उद्देश्यअनुरूप केही मुद्रण यन्त्रहरूको व्यवस्था गरी राष्ट्र बैंक तथा सहकारी बैंकहरूको चेक, राजस्व स्टिकर जस्ता सुरक्षण सामग्रीहरूको छपाइ कार्य भैरहेको छ ।

७. चलचित्र

चलचित्र क्षेत्रको समन्वयात्मक विकास एवम् विस्तारका लागि श्री ५ को सरकारले चलचित्र विकास बोर्ड गठन गरी सो क्षेत्रसँग सम्बन्धित विज्ञहरूको सहभागिताका साथ समन्वयात्मक कार्यको थालनी गरेको छ । स्वदेशी चलचित्रको विकास, विस्तार र प्रवर्द्धनमा यस कार्यबाट सकारात्मक उपलब्धि हासिल हुने विश्वास लिइएको छ । नेपालमा चलचित्र क्षेत्रका विकासको क्रममा हालसम्म ५०० नेपाली कथानक चलचित्र र १५० भिडियो चलचित्र निर्माण भएको छ । त्यस्तै सेलुलाइड चलचित्र भवनको संख्या २८१ र हाइभिजन हलको संख्या १०० पुगेको छ ।

उपसंहार

श्री ५ वीरेन्द्रलाई नेपाली जनताले "विकासप्रेमी" राजाको रूपमा लिने गर्दछन् । मुलुकको चौतर्फी विकासका लागि के कस्ता आयोजनाहरू सञ्चालन भैरहेका छन् र देशको विभिन्न भागका जनताको जनजीवनको स्थितिको समेत आकलन गरी भावी रणनीति तयारीका सिलसिलामा मौसुफबाट नियमित रूपमा देशका विभिन्न भागको भ्रमण गरिबक्सने गरेबाट मौसुफको विकासप्रतिको चाहना र चिन्तन स्पष्ट हुन्छ । खासगरी नेपालमा सञ्चार क्षेत्रमा मौसुफको शासनकालमा जेजति विकास, प्रगति र प्रयोगहरू भए त्यो जगजाहेर नै छ । रेडियो नेपालले आफ्नो प्रसारण सम्पर्क (link) का लागि V-Sat प्रविधिको प्रयोगको शुभारम्भका अवसरमा मौसुफ सरकारबाट रेडियो नेपालको विद्यमान अवस्था र भावी कार्यक्रमका बारेमा लेखकसँग जुन जिज्ञासाहरू राखिबक्सी जानकारीहरू लिइबक्सियो त्यसबाट यो लेखक निकै प्रभावित भएको थियो । मौसुफ सरकार मुलुकको विकासका लागि, प्रजातन्त्रको संरक्षण र सम्वर्द्धनका लागि तथा समग्र नेपालको उन्नतिका लागि सदा चिन्तनशील रहिबक्सने राजनेता होइ- बक्सन्थ्यो भन्ने कुरामा दुई मत होओइन ।

सन्दर्भसूची

१. राष्ट्रिय सञ्चार योजना, २०२८
२. राष्ट्रिय सञ्चार नीति तथा कार्यक्रम, २०४५
३. राष्ट्रिय सञ्चार नीति, २०४९
४. आर्थिक सर्वेक्षण, २०५८

सूचना तथा सञ्चार मन्त्रालय

●

श्री ५ वीरेन्द्रको कुण्डली यस्तो थियो !

● *ज्यो. रत्ननिधि रेग्मी "शुक्राचार्य"*

लग्न ११।६। १



-नवांश-



नेपालको प्रजातान्त्रिक इतिहासमा श्री ५ वीरेन्द्र एक अविस्मरणीय नाम हो । विशिष्ट व्यक्तित्वका कारण उदार एवम् सहिष्णु नरेशका रूपमा पनि श्री ५ वीरेन्द्र चर्चित होइबक्सन्छ । श्री ५ वीरेन्द्रको कार्यकाल प्रजातन्त्र एवम् नेपाली स्वाधीनताको उर्वरकाल थियो भनेमा फरक नपर्ला । प्रजातन्त्रबिना देशको विकास सम्भव छैन भन्ने सोच राखिबक्सने श्री ५ वीरेन्द्रबाट २०२९ मा चार विकास क्षेत्रको घोषणा, २०३१ मा शान्तिक्षेत्रको प्रस्तावको घोषणा, २०३६ मा जनमतसङ्ग्रहको घोषणा, २०४२ मा एसियाली मापदण्डको घोषणा, २०४६ चैत्र २६ गते बहुदलीय प्रजातन्त्रको घोषणा एवम् २०४७ कात्तिकमा प्रजातान्त्रिक संविधान बक्स भएको कुराले नै पुष्टि गर्दछ । श्री ५ वीरेन्द्र दक्षिण एसियाली मुलुकहरूको साझा सङ्गठन सार्कका संस्थापकमध्ये एक होइबक्सन्थ्यो । मौसुफबाट जन चाहनाअनुरूप गाउँ फर्क र राष्ट्रवादी विद्यार्थी मण्डल खारेज गरिबक्सनुका साथै आफूलाई प्रजातन्त्रको अग्रगामी पथमा समर्पित गरिबक्सेको तथ्य मौसुफका पछिल्ला कदमहरूले प्रष्ट पार्दछन् । मौसुफबाट २०१६ मा इटन कलेज बेलायतमा भर्ना भई २०२१ मा अध्ययन पूरा गरिबक्सेको, २०१९ मा शुभउपनयन, २०२१ मा पृथुलाधीश, २०२६ फागुनमा कवि चाँदनी शाहसित शुभ-विवाह, २०२४ मा टोकियो युनिभर्सिटीमा भर्ना, पछि अमेरिकाको हर्बर्ड युनिभर्सिटीमा उच्चशिक्षा हासिल गरिबक्सेको थियो । २०२८ माघ १७ मा नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज भई २०३१ मा शुभराज्याभिषेक सुसम्पन्न भएको थियो । श्री ५ वीरेन्द्रबाट युवराजाधिराज श्री ५ दीपेन्द्र, अधिराजकुमारी श्री ५ श्रुति एवम् अधिराजकुमार श्री ५ निराजन सन्तानका रूपमा पैदा भएका थिए ।

श्री ५ वीरेन्द्रको जन्म वि.सं.२००२ साल पुस महिनाको १४ गते शुक्रबार तदनुसार सन् १९४५ डिसेम्बर २८ तारिख, पौषकृष्ण दशमी तिथि बिहान ११।३४ बजे नारायणहिटी राजदरबारमा श्री ५ महेन्द्र एवम् तात्कालिक युवराज्ञी श्री ५ इन्द्रराज्यलक्ष्मीदेवी शाह सरकारको ज्येष्ठ सुपुत्रका रूपमा भएको थियो । त्यसबेला अतिगण्ड योग, बवकरण, इष्टकाल ११।२७ मीन लग्नको ६ अंश ५९ कला चलिरहेको थियो । जन्मकालमा सूर्य ८।१२।५६, चन्द्रमा ६।३।२९, मंगल ३।६।४९, बुध ७।२०।१९, बृहस्पति ६।२।४२, शुक्र ८।५।२८, शनि ३।१।२७ एवम् राहु २।६।५७ मा रहेका छन् । जन्मकालमा शनि-मंगल बक्री रही केन्द्र त्रिकोण बसेका थिए । जन्मकालमा चित्रा नक्षत्रको अन्तिम पाउ एवम् चन्द्रमा तुला राशिमा थिए । मौसुफको जन्मको नाम रिपुमर्दन शाह हो । मौसुफको जन्मकालमा सिंह नवांश, तुला सप्तांश, वृष द्वादशांश, कन्या

त्रिशांश, मीन द्रेष्काण एवम् चन्द्र होरा चलिरहेको थियो। २०५८। जेठ १९ गते शुक्रवार दरबारकाण्डमा श्री ५ को सपरिवार इहलीला समाप्त भयो। यसप्रकार श्री ५ वीरेन्द्र ५५ वर्ष ५ महिना ४ दिन ५६ घडी ४८ पला जीवित रहिबक्सेको देखिन्छ। श्री ५ वीरेन्द्र २९ वर्ष ४ महिना २ दिन नेपाल अधिराज्यको राजा होइबक्सेको छ। यसमा जन्मकालिक ग्रहहरूको कस्तो प्रभाव रह्यो, ज्योतिर्विज्ञानका जिज्ञासुहरूका लागि पनि पठनीय होस् भनी कुण्डली प्रस्तुत गरेको छु। वराहमिहिराचार्य, सत्याचार्य, जीव शर्मा, जस्ता ज्योतिर्विज्ञानका प्रणेता एवम् सूर्य सिद्धान्तअनुसार प्रष्ट ग्रहबाट साधित नवमांशतुल्य वा विंशोत्तरीय मतानुसार श्री ५ वीरेन्द्रलाई ५५ वर्ष, ५ महिना ९ दिन, ५८ घडी, २८ पला पूर्णायु प्राप्त भएको देखिन्छ। वराहाचार्यको मतमा क्रूर ग्रह (शनि-मङ्गल) द्वादश भावमा सबै एकादशमा आधा, दशममा एक तिहाइ, नवममा सप्तमांश, अष्ठममा अष्ठांश, एवम् सप्तममा भए पंचमांश भाग हरण हुन्छ। त्यस्तै शुभग्रह द्वादश भए आधा, एकादश भए चौथाइ, दशममा भए षष्ठांश, नवममा भए सप्तमांश, अष्टममा भए अष्टमांश एवम्

सप्तममा भए दशमांश भाग हरण हुन्छ। राशिबाट हेर्दा शनि-मङ्गलको धेरै ठूलो हिस्सा हरण भएको एवम् लग्नबाट चन्द्र, बुध, गुरु, शुक्र, सूर्यको ठूलो हिस्सा कटौती भएको देखिन्छ। सूर्य स्पष्ट ८।१२।५६ को जम्मा ९ वर्ष ७ महिना ६ दिन ३९ घडी ० पला चन्द्रमा स्पष्ट ६।३।२९ को वर्ष ११, ३ महिना २५ दिन ४१ घडी १९ पला, मङ्गल स्पष्ट ३।६।४९ को २ वर्ष ५ महिना १४ दिन २३ घडी १३ पला, बुध स्पष्ट ७।२०।१९ को ८ वर्ष ७ महिना १२ दिन ५८ घडी ४४ पला, बृहस्पति स्पष्ट ६।२।४२ को ९ वर्ष १० महिना १९ दिन २६ घडी २७ पला, शुक्र स्पष्ट ८।५।२८ को १० वर्ष ४ महिना ७ दिन ० घडी पला, शनि स्पष्ट ३।१।२७ को ३ वर्ष २ महिना १३ दिन ४९ घडी ४५ पला मात्र भोगवर्ष देखिन आएको छ। जम्मा लग्न पुग नपुग २ वर्ष प्राप्त भएकामा लग्नबाट अष्टमांश, मंगलको पूर्ण दृष्टि रहेकाले २ वर्ष भित्र मातालाई कष्ट दिएको देखिन्छ। लग्नेश शुरु नवांशमा तृतीय-जस्लाई विद्ध स्थान पनि भनिन्छ, मा वस्न गएको छ। यसप्रकार श्री ५ लाई लग्नफल चौथाइ पनि प्राप्त नभएको देखिन्छ। राशिबाट चन्द्र बृहस्पति गजकेशरी योग १, तृतीय धनुको सूर्य १, राज्यस्थान (दशमभाव) मा शनि १, वाणी स्थानमा बुध १, राज्येश चन्द्रमा गुरुका साथ १, धनु राशिको शुक्र १ गरी ५ प्रकारका राजयोग वनेको भए पनि नीच मंगल केन्द्रवर्ती रही चन्द्रमा र गुरुमाथि पूर्ण दृष्टि रहेकाले व्यवधान खडा गराएको देखिन्छ। लग्नबाट पञ्चम शनि-मंगलको बक्री भएकाले युवराजलाई राज्यप्रतिको योग नरहेको योग स्वतः सिद्ध छ। लग्नबाट केन्द्रमा सूर्य-शुक्र एवम् भाग्यस्थानमा बुध भएकाले लोकप्रिय राजा बनाएको देखिन्छ। मौसुफको कुण्डलीमा मंगल सर्वथा खराब देखिएको छ। राशिबाट भातृस्थानको गुरु लग्नबाट अष्टम र भातृस्थानस्थ सूर्य लग्नबाट षष्ठेश भई राज्यभावमा भएकाले वर्तमान श्री ५ महाराजाधिराज सरकारलाई राज्य प्राप्त भएको देखिन्छ। नवांशमा मङ्गल सिंहको भई लग्नमा बस्नु, सूर्य १२ औँमा बक्री शनिसाथ बस्नु, छैटौँमा बुध एवम् चतुर्थ चन्द्रमा माथि मङ्गलको दृष्टि पर्नुले सपरिवार सखाप बनाएको देखिन्छ। श्री ५ लाई गोचरवश २०५८ जेष्ठमा मङ्गल स्वगृही (वृश्चिक) मा रही सूर्य-गुरु-शनि एवम् बुधमाथि पूर्ण दृष्टि पर्दा उक्त काण्ड घटाएको हो। त्यसबेला मङ्गल र बुध बक्री, गुरु शनि अस्त, सूर्य अष्टम (मृत्यु) भावमा रहेका थिए। शायद जेठ महिनामा श्री ५ ले परिवारसाथ राज नभइबक्सेको भए त्यस्तो दुर्दान्त घटना घट्ने नै थिएन।

पराशरको विंशोत्तरीय दशा वर्षअनुसार मौसुफलाई ६० वर्षतक शनि महादशा ५४ देखि ५७ वर्ष ५ महिना १८ दिनतक शनिका राहुको अन्तर चलिरहेको थियो। त्रिभागी दशा क्रममा केतु महादशा ५७ वर्षतक रहेको तथा ५५ वर्ष, ४ महिना, २ दिन अर्थात् जेठ २० गतेसम्म केतुमा शनिको अन्तर चलिरहेको थियो। योगिनी दशातर्फ ५७ वर्षतक उल्कादशा एवम् ५५ वर्ष, ६ महिना ० दिनतक उल्का (शनि) मा धान्य (गुरु) अन्तर चलिरहेको देखिन्छ। वराहमिहिर, सत्याचार्य, जीव शर्माको मतमा बक्री, क्रूर अस्त वा खराब दशाको पालामा मृत्युको सम्भावना रहन्छ। यसरी हेर्दा चन्द्रमा ११ वर्ष, गुरु १० वर्ष, बुधको ८ वर्ष गरी २९ वर्ष राज गरिबक्सेको देखिन्छ। राज्यकारक ग्रह सर्वथा शुभ ग्रहहरू नै हुन्छन् भनी स्पष्ट लेखिएको छ। यसप्रकार श्री ५ लाई राज्य गर्ने अरू १० वर्षको अवधि नाश भएको देखिन्छ। बक्री वा अस्त ग्रहको पालामा राज्य भङ्ग पनि गराउन सक्छ। यसप्रकार श्री ५ को शुक्रसमेत अस्त भएकाले उक्त १० वर्षको अधिकार प्राप्त नभएको देखिन्छ। तुला राशिमा शनि सर्वोत्कृष्ट कारक एवम् शुक्र कारकेश मानिन्छन्। बुध भाग्येश, व्ययेश भएकाले समभाव, सूर्य लाभेश भएकाले अकारक, गुरु त्रिषडायेश भएकाले अकारक एवम् मङ्गल मारकेश प्रबल मारकेश मानिन्छ। मारकेश कारक ग्रहको राज्यभावमा युति, पुत्रकारक शनि एवम् पत्नीकारक मङ्गल रहेकाले वंश विनाशमा सहायक भएको देखिन्छ। मीन लग्नमा सूर्य षष्ठेश, शुक्र त्रिषडायेश, मङ्गल र बुध मारकेश, शनि सर्वथा अकारक, गुरु प्रबल कारक एवम् चन्द्रमा कारकेश मानिन्छन्। अकारक ग्रहको राज्य भावना उपस्थित, पञ्चममा अकारक, शनि-मारकेश र मङ्गलसाथ, सप्तमेश वा पत्नीकारक बुध भाग्यभावमा

मारकेशका रूपमा उपस्थिति छ । यसरी हेर्दा पनि एउटै मंगल खराब हुनाले श्री ५ को दुःखद अवसान भएको देखिन्छ । २ कारक ग्रहहरू मृत्युभावमा रहेका छन् । मात्र गजकेशरी योगका कारण त्यति लामो समय राज्य दिएको हो भन्न सकिन्छ । केन्द्रफलअनुसार केन्द्रमा रहेको ग्रहको ६० कला पणफरमा बसेका ग्रहको ३० कला एवम् आपोक्लिममा बसेका ग्रहहरूको १५ कला बल प्राप्त हुन्छ । दुवैतर्फबाट हेर्दा कुनै पनि ग्रहले आफ्नो पूर्ण बल प्राप्त गरेको देखिन्न ।

पृथ्वीका प्रत्येक मानिस वा प्राणीले धन, आयु, र राज्य आफैँले पहिल्यै ल्याएको हुन्छ, जो पछि थपघट गर्न सकिदैन भन्ने ज्योतिष सिद्धान्तको मान्यता छ । शनि मंगल बक्री भई केन्द्रवर्ती भएमा अकाल मृत्यु अवश्य हुन्छ, तर त्यसलाई छिटो वा ढिलो गर्ने मात्र हाम्रो हातमा रहेको देखिन्छ । गुरु ६।८।१२ भावमा भए त्यसको शक्ति दुर्बल हुन पुग्छ । लग्नमाथि शुभ ग्रहको दृष्टि नभए पूर्णायु प्राप्त हुँदैन । श्री ५ वीरेन्द्रले लग्नसहित ६३ वर्ष, ५ महिना, ३ दिन, ५८ घडी, १ पला आयु प्राप्त गरिबक्सेकामा ज्योतिषीय सल्लाह प्राप्त नहुँदा उक्त दुर्घटना भएको देखिन्छ । केन्द्र पणफर आपोक्लिमको हिसाब गर्दा श्री ५ लाई अझ कम आयु प्राप्त भएको हो । श्री ५ राशीश अस्तु पुत्रेश-पत्नीश, बक्री, लग्नेश अष्टम रहेकाले राजदरबारकाण्ड भएको हो । श्री ५ बाट मङ्गलको अरिष्टमाथि साधना गर्न पाइबक्सेको भए श्री ५ लाई हामीले अकालमा गुमाउनु पर्ने थिएन । जे भए पनि प्रजातन्त्रका हिमायती, बहुगुण वा प्रतिभाशाली श्री ५ महाराजाधिराज वीरेन्द्र नेपाली राजनीतिक वाङमयमा सदा अमर रहिबक्सनेछ । मौसुफप्रति हार्दिक श्रद्धाञ्जली ।

महाकवि देवकोटा आश्रम काठमाडौ ।

साहित्यप्रेमी राजा वीरेन्द्र

● *रमा शर्मा*

साहित्य, कला, संस्कृतिमा सम्पन्न हामी नेपालीहरू के कुरामा अझ गौरवान्वित हुन पाएका छौं भने हाम्रो राज- दरबारको पनि यस क्षेत्रमा अझ प्रेरणादायी भूमिका रहन गएको छ र स्वर्गीय श्री ५ महेन्द्र कविराजा होइबक्सन्थ्यो जसबाट पुस्तककाकार कृति ('उसैका लागि' र 'फेरि उसैका लागि') नै नेपाली साहित्य जगत्ले पायो । आफूलाई 'म.वि.वि. शाह' का रूपमा सामान्यीकरण गरेर कवि राजाबाट विभिन्न भावभूमिका मार्मिक कविताहरू रचिए ।

श्री ५ वीरेन्द्रचाहिँ कलाकार राजा भइबक्सियो । सरकारको सिर्जनात्मक प्रतिभा अक्षर-अक्षरसँग खेल्नमा भन्दा कुचीसँग रमाउन पुग्यो । फलस्वरूप सिर्जना भयो चित्रात्मक 'मोती' जुन कालाकारिताका क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण हुन पुगेको छ । नेपालका सुप्रसिद्ध विद्वान्, साहित्यकार तथा कूटनीतिक व्यक्तित्व श्रद्धेय श्री यदुनाथ खनालज्यूका निवासमा केही वर्षअघि यी पंक्तिकार पुगेका बखत उहाँले आफ्नो टेवलमा सजाएर राखेको एउटा तस्वीर देखाउनु भएको थियो । सीसाकलमले रेखाङ्कन गरिएको आफ्नो चेहराको उक्त चित्र देखाउँदै उहाँले भन्नुभएको थियो "यो राजा वीरेन्द्रले बनाइबक्सेको हो" भनेर । विदेशमा साथै गएका बखत कुनै समयमा खनालज्यूलाई हेर्दै सरकारबाट सो चित्र बनाइबक्सेको रहेछ । चित्रकलातर्फ सरकारको अभिरुचिको यो अर्को ज्वलन्त उदाहरण हो ।

श्री ५ वीरेन्द्रले साहित्यतर्फ कलम चलाइबक्सेको त हामीले देखेनौं, तर यसक्षेत्रतर्फ सरकारको सुदृष्टि भने अपार परेको छ । साहित्य साधकको सम्मान कार्यमा मौसुफबाट ठूलो अभिरुचि लिइबक्सेको हामीले पाएका छौं । नेपाली साहित्य जगत्का निमित्त यो गौरवको कुरा हो । स्वर्गीय श्री ५ वीरेन्द्रबाट भएका स्रष्टाको सम्मान बढाउने कार्यमध्ये दुई सन्दर्भ यहाँ उल्लेख गर्नु उचित ठान्दछु ।

१. नेपाली शिक्षा परिषद्ले राष्ट्रिय विभूति भानुका सम्मानमा जन्मस्थल रम्घामा भानु स्मृतिभवन र अतिथिभवन निर्माण गराउने प्रयत्न गरी सो निर्माण हुँदैगएको क्रममा अर्को राष्ट्रिय विभूति युवाकवि मोतीराम भट्टको सम्मानमा धरानमा 'मोती स्मृतिभवन' निर्माण गरी त्यहाँ मोतीरामको प्रतिमा स्थापना गर्ने कार्यक्रम पनि तय भयो । राष्ट्रमा पहिलोपटक मोतीरामको स्मारक धरानमा राख्ने योजना बन्यो । स्थानीय साहित्यकार, राजनीतिज्ञ सबैमा अपार उत्साह बढ्यो यो सत्कार्य हुन लागेकामा । भवन उद्घाटन र प्रतिमा अनावरणका लागि परिषद्का संस्थापक तथा तत्कालीन सचिव गोपाल पाँडे असीमले श्री ५ महाराजाधिराज वीरेन्द्रमा जाहेर गर्नुभयो । पूर्वाञ्चल भ्रमणका बेला सरकारबाट सो हुने जानकारी प्राप्त भयो । पूर्वनिर्धारित कार्यक्रमअनुसार २०२३ साल फागुन १० गते श्री ५ वीरेन्द्र मुकाम धनकुटाबाट धरान सवारी भइबक्सी भव्य समारोहबीच तत्कालीन नगरपञ्चायत परिसरभित्र निर्मित मोती स्मृति भवनको समुद्घाटन गरिबक्सनाका साथै मोती प्रतिमाको अनावरण तथा मोतीरामको प्रतिमामा माल्यार्पण गरिबक्स्यो । यसअघि परिषद्का सचिव श्री असीमसँग मौसुफबाट भवन र प्रतिमा निर्माणबारे निकै अभिरुचिपूर्वक जानकारी लिइबक्सियो ।

धरानका र काठमाडौंबाट गएका परिषद्भित्र र बाहिरका हामी केही सदस्यका साथै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपटी श्री सूर्यविक्रम ज्ञवालीलगायत त्यहाँ सबै प्राज्ञहरूको उपस्थिति थियो । सरकार राज हुने धनकुटामा कविसम्मेलनका निमित्त पुगेका कुलपतिलगायत सबै प्राज्ञलाई पनि श्री ५ वीरेन्द्रबाट धरानको यो साहित्यिक कार्यक्रममा उपस्थित रहन हुकुम भएको रहेछ । यो कुरा मैले त्यतिखेर धनकुटा जाने ने.रा.प्र.प्र.का प्रशासन प्रमुख केदारलालजीबाट सुनेकी हुँ । सरकारले साहित्यको कति मर्यादा बढाइबक्सेको ! साहित्यकारको सम्मानमा सरकार कति दत्तचित्त भइबक्सेको ! सरकारमा साहित्यप्रति कति ठूलो प्रेम !

२. २०५३ सालमा श्री ५ वीरेन्द्रको गद्दीआरोहण रजत महोत्सव वर्षव्यापी कार्यक्रमको आयोजना गरी राष्ट्रले मनायो । यस अवसरमा राजदरबारबाट आदिकवि भानुभक्त- रचित रामायणको सुन्दर 'विशेष आवृत्ति' प्रकाशित भयो । राजदरबारबाट यो कृति छापिन पुग्नु रामायणको पुस्तक अभाव भएको कारणले होइन । साझा प्रकाशनले केही वर्षदेखि निरन्तर रूपमा यो छाप्दै आइरहेकै छ । आफ्नो गद्दीआरोहण रजत महोत्सव जस्तो ऐतिहासिक पर्वमा राजा नेपाली साहित्यका आदिकविको सम्झना गर्न पुगिबक्सियो । यसरी नेपाली भाषा र साहित्यमा भानुले लगाएको गुन संझेर नेपाली मात्रमा अत्यन्त लोकप्रिय रहेको रामायणको प्रकाशनलाई सरकारबाट महत्त्व दिइबक्सेको हामी देख्तछौं ।

राजदरबारबाट प्रकाशित 'भानुभक्तको रामायण' मा "भानुभक्तद्वारा लिखित यो पुस्तक जुनसकै युगमा पनि उपयोगी र सङ्कलन गर्नलायक सिद्ध रहेको कुरा आज भानुभक्त यस संसारमा नरहेपनि उनलाई स्मृति गराउने यस पुस्तकको चाहना सर्वत्र रहेबाट स्पष्ट हुन्छ । नेपाली साहित्यको यो अमूल्य सम्पत्ति हो......" लेखिएबाट भानुभक्त र उनका कृतिको उच्चस्तरीय सम्मान हुन पुगेको छ । अर्को शब्दमा नेपाली साहित्यको नै ठूलो सम्मान यस कार्यबाट भएको छ

●

मेरो सम्झनामा – श्री ५ वीरेन्द्र

• राधाकृष्ण मैनाली

श्री ५ वीरेन्द्र अहिले हामीबीच होइबक्सन्न तर पनि मलाई अतीत सम्झँदा सरकार यतै कतै होइबक्सन्छ कि जस्तो लागिरहन्छ। देखेको, चिनेको व्यक्तित्व र आफूसमेत धेरै नेपालीहरूले श्रद्धा र माया गरेको श्री ५ वीरेन्द्रको त्यो शालीन व्यक्तित्वको अन्तिम दर्शन पनि कतै सपना हो कि भन्ने लागिरहन्छ। मेरो बास बस्ने ठाउँ अहिले सीतापाइलामा छ। यसैको पूर्वपट्टि तल छाउनीको सैनिक अस्पतालमा मौसुफ सरकारको अन्तिम दर्शन मैले ०५८ ज्येष्ठ २० गते दिउसो पाएको थिएँ। अनुहार चिनिन्थ्यो तर हेरिसक्नु थिएन। त्यो बेला त्यो दृश्य नजिकैबाट हेर्नेहरूमध्ये कति भक्कानिएका थिए, कति मूर्छित भएका थिए र देशभरिनै यस्तै अवस्था थियो। आजकाल मैले प्रायः बिहान हिड्ने नियमितता बनाएको छु। अहिले पनि म स्वयंभूको टुप्पोमा पुगेर वीरेन्द्र सैनिक अस्पतालको त्यो चौर देख्छु, जहाँ श्री ५ वीरेन्द्रलाई अन्तिम दर्शनको लागि भुइँमा राखिएको थियो र देशका विभिन्न व्यक्तित्वहरूका लाममा म पनि फूलगुच्छा अर्पण गर्दै श्रद्धाञ्जली अर्पणस्वरूप मौन रूपमा भावविह्वल भएर खडा भएको थिएँ। अहिले पनि स्वयंभूमा पुगेपछि तल अस्पतालको चौर देख्दा सम्झना हुने त्यस दृश्यले जतिपटक त्यहाँ पुगे पनि मलाई त्यही अतीततिर तानिरहन्छ। श्री ५ वीरेन्द्रको शालीन व्यक्तित्वका गम्भीर अभिव्यक्तिहरू र सरल व्यवहारले नेपाली राजनीतिमा सकारात्मक प्रभाव पारेको तथ्यलाई सम्झाइरहन्छ।

२०४६ साल चैत्र २६ गते राति आन्दोलनकारीहरूको प्रतिनिधिका रूपमा नारायणहिटी राजदरबारमा मैले श्री ५ वीरेन्द्रको पहिलो दर्शनभेट पाएको थिएँ। त्यसदिन हामी आन्दोलनकारीहरूका प्रतिनिधिहरू कृष्णप्रसाद भट्टराई, गिरिजा प्रसाद कोइराला, साहना प्रधान र म गरी चारजना थियौँ र हामीहरूले त्यो दिन श्री ५ सँग करिब १/२ घण्टाभन्दा बेसी वार्तालाप गर्ने मौका पाएका थियौँ। मैले श्री ५ वीरेन्द्रको शासनकाल शुरु भएपछि नै झापामा किसान आन्दोलनमा सहभागिता गरेबापत १६ वर्षको कठोर कारावास भुक्तान गरेको थिएँ भने त्यसैकालमा कृष्णप्रसाद भट्टराई पनि पटकपटक गरी १० वर्षभन्दा बेसी नै आफ्नो जीवनकाललाई थुनुवा जीवनको रूपमा बिताउन बाध्य हुनुभएको थियो। हामीमध्येका केही श्री ५ वीरेन्द्रको प्रत्यक्ष नेतृत्वमा सञ्चालित निर्दलीय पञ्चायती व्यवस्थालाई समाप्त पार्नका लागि कहिले हिंसात्मक रूपबाट त कहिले शान्तिपूर्ण रूपबाट बारम्बार आन्दोलनरत थियौँ। त्यस्तो अवस्थामा २०४६ साल फाल्गुण ७ गतेबाट देशका दलीय गतिविधि रुचाउने हामी सबै शक्तिहरू प्रत्यक्ष र परोक्षरूपमा एउटै मञ्चबाट निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध एकजुट भएका थियौँ। एकजुट भएकामात्र होइन फाल्गुण ७ गतेदेखि देशव्यापी रूपमा राष्ट्रिय आन्दोलन सञ्चालनसमेत गरिरहेका थियौँ। यस्तो अवस्थामा देशको यो आन्दोलनमय अवस्थालाई नयाँ मोड दिन यो वार्ता मौसुफ सरकारकै पहलमा शुरु भएको थियो। हाम्रो आन्दोलनलाई देशबाहिरको पनि समर्थन थियो। त्यसमा पनि भारतीय समर्थन हामी आन्दोलनकारीहरूका लागि महत्त्वपूर्ण थियो भने सत्तापक्षका लागि महङ्गो परिरहेको थियो। तर त्यस आन्दोलनको रूप शान्तिपूर्ण

थियो । विदेशी समर्थन पनि नैतिक रूपको र खुलारूपबाटै पारदर्शिताका साथ नै राजकीय रूपबाटै व्यक्त भएको थियो । यस्तो जटिल अवस्थामा हामीले पाएको मौसुफ सरकारसँगको दर्शनभेट र छलफल प्रक्रिया शान्त थियो, शिष्ट थियो, आत्मीय थियो र सौहार्दपूर्ण थियो । त्यसैले महत्त्वपूर्ण परिणाम निकाल्न पनि सफल भयो । निर्दलीयताको अन्त्य गरी मौसुफ सरकारबाट त्यसैदिन बहुदलीय व्यवस्थाको प्रादुर्भाव गर्न घोषणा गरिबक्स्यो ।

म अहिले पनि सम्झन्छु- हामी त्यही दिन पनि दिनभरि निर्दलीय व्यवस्था र व्यवस्था सञ्चालकहरूको आलोचना गर्न सक्रिय रहिरहेकै बेलामा नेताहरूसँगको मौसुफको शिष्टताले कमसेकम मलाई निकै सकारात्मक प्रभाव पाऱ्यो । त्यतिमात्र होइन, मौसुफ देशमा शासन गर्दा दमन होइन, सुधारात्मक प्रक्रियालाई प्राथमिकता दिइबक्सँदो रहेछ भन्ने अनुभूति सबैमा भै रहेथ्यो । त्यसबेला हामी कांग्रेस र कम्युनिष्ट मिलेर २०४६साल फाल्गुण ७ गतेबाट शुरु गरिएको राष्ट्रिय जनआन्दोलनले देश बाहिरका शक्तिकेन्द्रहरू र सचेत जनसमुदायसम्मको नैतिक समर्थन पाएको थियो भने देशभित्र खास गरी शहरिया क्षेत्रमा र बुद्धिजीवी क्षेत्रबाट मात्र यो समर्थन केन्द्रित थियो । यो शहरिया क्षेत्रबाट जनआन्दोलन बिस्तारै ग्रामीण तहका केही स्थानहरूमा प्रवेश गर्दै थियो भने शहरिया क्षेत्रमा दोहोरिएर वा तेहोरो वा चौथो पटकको आन्दोलन हुने स्थानहरूको सङ्ख्या क्रमशः घटिरहेको थियो । यस्तो अवस्थामा चैत्र १८ गते पछिको काठमाडौं उपत्यकाभित्रको हलचल नै आन्दोलनको निर्णयात्मक प्रभाव पार्नमा सफल भएको थियो । त्यस अवस्थामा पेशागत बुद्धिजीवीहरूले पेशा छोडेर, लेखकहरूले लेख लेखेर र कर्मचारीहरूले सडकमा उत्रेर काठमाडौंको आन्दोलनलाई समर्थन गरे । आन्दोलनकारीहरूले सञ्चयकर्ताहरूको बैंक पूँजी सरकारले दुरुपयोग गर्दैछ भनेर चलाएको प्रचारले बैंकबाट नगद विचलन हुन शुरु भयो । यस प्रचारले सरकारलाई सङ्कटमा पार्न थाल्यो । यस्तो अवस्थामा श्री ५ बाट अब निर्णायक भूमिका खेल्ने दुईवटा बाटा थिए दमनको बाटो अख्तियार गर्ने वा वार्ता र छलफलको बाटो समाउने । मलाई लाग्छ, दमनको बाटोले रक्तपात निम्त्याउँथ्यो तर तत्कालमा नियन्त्रण गर्न असम्भव चाहिँ थिएन, तर मौसुफ सरकारले वार्ता र छलफलको बाटो समाउन सहज ठानिबक्स्यो । त्यसताका मौसुफ सरकारको यो सहज बाटो समाउने उदार चिन्तनलाई कति नेताहरूले अहिले पनि सही रूपबाट विश्लेषण गर्नसकेका छैनन् र आफ्नै बुताको मात्र वर्णन गरेर इतिहासको तथ्य लुकाउन चाहिरहेछन् । मलाई लाग्छ, मौसुफ सरकार सँगको त्यो पहिलो दर्शनभेटपछिका अनगिन्ती दर्शनभेटमा मौसुफबाट व्यक्त विचारलाई सम्झँदा मौसुफ सरकारको चिन्तनशैली उदार थियो, र निर्णयमा पुग्नुभन्दा पहिले धेरै विचार गरिबक्सन्थ्यो र निर्णयपछि त्यसलाई पालना गर्न दृढ होइबक्सन्थ्यो भन्ने तथ्यलाई मौसुफको त्यसपछिको क्रिया कलापबाट पनि पुष्टि भएको छ ।

मैले श्री ५ वीरेन्द्र सरकारसँग थुप्रैचोटि आफ्नो विचार राख्ने मौका पाएको थिएँ । त्यसबेला मैले मौसुफ सरकारबाट देशको विकासनिर्माण र प्रजातान्त्रिक प्रक्रिया र त्यसको संस्थागत विकासबारेका परिमार्जित चिन्तनलाई बुझ्न र सिक्न मौका पाएको थिएँ । त्यस्तै प्रसङ्गमा मौसुफ सरकारले बारम्बार दोहोऱ्याउने शब्दबारे म अहिले पनि सम्झन्छु । त्यो हो 'राष्ट्रिय रणनीति' । यो शब्दको व्याख्या र त्यसमा निहित उद्देश्यबारे मौसुफसँग दर्शनभेट पाउनेहरूमध्ये कतिले मौसुफको आशय बुझे होलान् भन्न गाह्रो छ । जिम्मेवारी पाएकाहरूले मौसुफ सरकारको राष्ट्रिय रणनीतिभित्र निर्माण गरिनुपर्ने आवश्यकतालाई र राष्ट्रिय रणनीति भित्र समेटिनु पर्ने विषय वस्तुलाई गम्भीरतापूर्वक बुझेर राष्ट्रिय योजनामा समावेश गर्न सकेको भए आज देशले यो दुर्दशा भोग्नुपर्ने थिएन । आज पनि केही नेताहरू आफ्नो अयोग्यतालाई छोप्नका लागि प्रजातन्त्रको पुनःस्थापनासँगसँगै यसलाई असफल बनाउन "ग्र्याण्ड डिजाइन" पनि बनेको थियो भन्न पछि पर्दैनन् । तर त्यसो भन्नेहरूले त्यस्तै "ग्र्याण्ड डिजाइन" लाई असफल बनाउन अझ सोचेर जनसमर्थन आफ्नो पक्षमा बनाइरहन जनहितकारी ठोस योजनाहरूलाई कार्यान्वयन गर्नतिर किन नलागेका होलान् ? कुरा प्रष्टै छ- नेताहरूमा सत्तामोहबाहेक देश निर्माणको चिन्तन नै भएन । आफ्ना गल्तीको ढाकछोप अरूमाथि शङ्का गर्नुमात्र हो । पञ्चायतकालमा पनि श्री ५ ले पञ्चहरूलाई एउटा रेखामा उभ्याएर आफ्नो राष्ट्रिय योजना कार्यान्वयन गराउन सकिबक्सेन । मानवशक्तिको राजनीतिक परिचालन एउटा साच्चीकै कठिन कार्य हुन्छ । दिनभरिका खेतालाहरूलाई परिचालन गर्नु र राजनीतिक

रूपले जनशक्ति परिचालन गर्नु फरक कुरा हो । त्यस बेला त्यही भयो । जब देशमा बहुदलीय व्यवस्था आयो, पार्टीहरूले जनशक्ति परिचालन गर्न सक्थे तर नेताहरूमा त्यस किसिमको राष्ट्रिय रणनीति नै थिएन । नेताहरू आफू पनि नजान्ने र अरूका कुरा पनि नसुन्ने प्रकृतिका भए । त्यसैले श्री ५ वीरेन्द्रको राष्ट्रिय चिन्तन अनुरूपको राष्ट्रिय रणनीति तय गरेर सबै पार्टीहरू, सबै पार्टीका सरकारहरू एउटै राष्ट्रिय रणनीतिमातहत परिचालन हुनुपर्छ भन्ने सोचलाई कार्यान्वयन त परै जाओस्, बुझ्ने कोशिस पनि भएन ।

मेरो मूल्याङ्कनमा श्री ५ वीरेन्द्र उदार स्वभावका राजा होइबक्सन्थ्यो । मौसुफ सरकार तर्कमाथि भरोसा राखि बक्सन्थ्यो । सुधारिएको पञ्चायतले ०३६ सालको जनमत सङ्ग्रहमा विजय पाएपछि सुधारिएको भए पनि पञ्चायत भनेको निर्दलीयता हो भन्ने तर्क निर्दलवादीहरूको आएपछि मौसुफ तर्ककै पछि लागिबक्स्यो । त्यस्तै २०४६ सालको आन्दोलनपछि निर्दलीयताको अन्त्य र पार्टीमाथिको प्रतिबन्ध हटेपछि निर्दलीय पञ्चायती व्यवस्थाका अङ्गहरू राष्ट्रिय पञ्चायत- जनवर्गीय सङ्गठन लगायत निर्दलीय खम्बाहरू किन ? भन्ने प्रश्न २०४७ साल वैशाखको पहिलो हप्तामा राजकीय प्रज्ञा-प्रतिष्ठानमा भएको सरकार र बहुदलवादी बीचको वार्तामा उठेपछि त्यसको प्रतिउत्तरमा मौसुफ सरकारबाट पञ्चायती निकायहरू भोलिपल्टै विघटन गरिबक्सनुले के पुष्टि गर्छ भने मौसुफ सरकार तर्क र तार्किकतामा विश्वास गर्ने व्यक्तित्व होइ- बक्सन्थ्यो । मौसुफ सरकार सबै दलहरूभन्दा माथि उठेर राष्ट्रिय छहारी बन्न सक्ने सोचाइको राजनीतिक आग्रहहीन व्यक्तित्व होइबक्सेको तथ्य मौसुफको शासनकालको संवैधानिक राजा भएको अवधिमा सबै पार्टीहरूका सरकारहरूप्रति समान भाव राखेर गरिएका व्यवहार साक्षी छन् । मौसुफ सरकारको पार्टीहरू र व्यक्तिहरूप्रतिको मूल्याङ्कन अलगअलग भएपनि व्यवहार समान थियो र समान पाइन्थ्यो । मौसुफ सरकारलाई नेपाली धर्तीको असल फूल, नेपाली आमाका असल छोराको रूपमा र राष्ट्रिय स्वार्थलाई आफ्नो स्वार्थ मान्ने राजनेताको रूपमा मैले महसुस गरेको छु र नेपाली इतिहासले मौसुफ सरकारको व्यक्तित्वलाई यसरी नै इतिहासका पानामा अङ्कित गरिरहनेछ भन्ने लाग्छ ।

सीतापाइला -५ काठमाडौं
२०५९।८।८

धर्मशास्त्रमा राजा वीरेन्द्रको स्थान

● *प्रा. डा. रामचन्द्र गौतम*

प्रारम्भिक युगमा आ-आफ्नो कर्ममा निष्ठ, सदाचरणमा प्रतिबद्ध, स्वकर्तव्यप्रति उन्मुख, परस्परको सहयोगमा प्रवृत्त, परोपकारमा निरत, समन्वयात्मक दृष्टि राख्ने, मेलमिलापको भावनाबाट प्रेरित, धर्ममर्मज्ञजनहरूको प्राचूर्य थियो । त्यसोहुँदा जनसमाजमा उत्पन्न जुनसुकै पनि समस्याको समाधान उनीहरू आफैं गरी सुव्यवस्था स्थापना गर्दथे । एकतामा निबद्ध धर्मानुरागीहरूको विपुलताले गर्दा धर्मकर्मको, त्यसका विविध पक्षको, धार्मिक एवम् सामाजिक महत्त्वको पनि व्यापक प्रचारप्रसार थियो । त्यसबाट सर्वसाधारणले पनि आफ्नो दायित्वबोध गर्ने सुअवसर पाएका थिए । त्यसैले सबैमा उत्कृष्ट भाव जगाएको थियो । मानवमात्रमा जागृत यस्तो उदात्त भाव, उन्च विचारले गर्दा मनुष्य समाज स्वतः मर्यादित एवम् नियन्त्रित थियो । सर्वत्र शान्ति प्रसारित थियो । सबै आनन्दनिमग्न थिए । सामाजिक स्थिति पूर्णतामा प्राप्त थियो । यिनै र यस्तै अन्य विविध कारणले गर्दा त्यसबखतको जनमानसले जनरक्षणका साधन, राज्य, दण्ड एवम् दाण्डिक कुनै तत्त्वको पनि आवश्यकताको अनुभव गरेको थिएन । त्यसैले ती तत्त्वको व्यवस्था गरिएको पनि थिएन । शास्त्रले यसको पुष्टि गरेको छ ।[१] यसरी पूर्णता प्राप्त गरी चलिरहेको आदर्श जन समाजभित्र क्रमशः दुर्वृत्तहरूको वृद्धि हुँदै गयो । अनेक विकृति एवम् विसङ्गति देखापर्न लागे । सनातन धर्म, संस्कृति र मर्यादामा आघात पुग्ने अवस्था आयो । हत्या, हिंसा आदि उपद्रवले गर्दा स्थिति भयावह हुँदै गयो । यसबाट सन्त्रस्त देवता एवम् ऋषिहरू दुष्टजनको नियन्त्रण र सज्जनको रक्षार्थ राजाको नितान्त आवश्यकता अनुभव गरी सो तत्त्वको प्राप्तिका लागि विधाताको शरणमा गए र लोकमा उत्पन्न वास्तविक स्थिति निवेदन गरे । लोकमर्मज्ञ विधाताले पनि विधिशास्त्र (ऐन) निर्माण गरी सो प्रयोग गर्ने अधिकारयुक्त शासक नियुक्तिका निम्ति देवादिलाई विष्णुका अगाडि उपस्थित गराए । आफ्नो आश्रयमा समागत देवादिको आशय अनुरूप विष्णुले राजपद प्रदान गर्न विरजा नामक मानसपुत्र उत्पत्ति गरे । किन्तु विरजाबाट सो पद स्वीकार नहुँदा उनका सातौं पुस्ताका वेनले सो स्वीकार गरी शासन चलाए । वेनबाट सुशासन हुन नसकेकाले उनी ऋषिहरूको मन्त्रपूत कुशद्वारा मारिन्छन् । मृतक वेनको बाहु मन्थन गरी देवता तथा ऋषिहरू राजगुण सम्पन्न पृथुको उत्पत्ति गर्छन् र उनैलाई राजपद प्रदान गरी राजत्वोत्पादक अभिषेक समेत गरी राजसिंहासनारूढ गराउँछन् ।[२]

राजसिंहासनमा आसीन हुने बित्तिकै राजा पृथु सपथ ग्रहण गर्छन् । उनी यस्तो वाचा गर्छन्- जनचाहनाअनुकूल राज्य सञ्चालन गर्नु, मानवमात्रमा समान व्यवहार गर्नु, परम्परागत धर्मसंस्कृतिको संरक्षण गर्नु, असन्मार्गमा प्रवृत्तहरूलाई सन्मार्ग प्रदर्शन गर्नु, अनियन्त्रित जनलाई नियन्त्रण गर्नु, सर्वत्र शान्ति व्यवस्थापन गर्नु र व्यसन त्याग गर्नु आदि कार्य मेरो कर्तव्यभित्र पर्नेछन् । कर्तव्यपालनबाट म विचलित हुनेछैन । राजाको यस्तो दृढप्रतिज्ञा सुनेपछि "राजाज्ञाको विरोधमा कहिल्यै कोही जान सक्नेछैन" भन्दै भगवान् विष्णु आफ्नो तपोबलद्वारा उनै पृथुमा लीन हुनुभयो ।[३]

भगवान् विष्णु राजामा लीन हुनुभएकाले राजालाई साक्षात् विष्णुकै अवतार मानिन्छ। त्यसैले राजाप्रति सबैले नतमस्तक हुनुपर्छ, प्रायः सबै हुन्छन् पनि। देवताले उत्पत्ति गर्नु देवताकै समक्ष शपथ लिनु, भगवान् विष्णु लीन हुनु, आदि कारणले गर्दा राजाको उत्पत्ति लौकिक होइन सर्वथा दैवी मानिन्छ।

राजा वीरेन्द्र पनि राजा पृथु जस्तै अभिषिक्त होइबक्सन्थ्यो। राज्याभिषेक राजामा राजत्व पैदा गरी पूर्णराज्य सञ्चालनाधिकार प्रदान गर्ने उच्चतम संस्कार हो। यो संस्कार बिना राजत्व उत्पत्ति हुन नसक्ने र राजत्वविहीन राजालाई वास्तविक राजा मान्न नसकिने कडा शास्त्रीय मर्यादाअनुरूप अभिषेक मण्डपमा स्थापित देवताद्वारा राजा वीरेन्द्रमा राजत्व रूप गुणको आधान गरिएको थियो। पुनः मौसुफले सोही मण्डपमा संस्थापित एवम् संपूजित वरुण, बृहस्पति, इन्द्र र अग्निदेवको समक्ष शपथग्रहण पनि गरिबक्सेको थियो। सम्पन्न यी कृत्यले राजा वीरेन्द्रको उत्पत्ति पनि पूर्ण दैवी नै सिद्ध गर्दछन्।

यसरी राजोत्पत्तिको प्रथम वृत्तान्तमा राजा पृथुको उत्पत्ति वर्णन गरिएको छ भने दोस्रोमा राजा मनुको। मत्स्यन्यायद्वारा पीडितजनहरूको प्रार्थनाबाट प्रभावित प्रजापति मनुलाई राजपद प्रदान गर्दछन्। तर मनु दुष्टदमन, मत्स्यन्याय निराकरण, प्रजारक्षण आदि कार्य अति कठिन भएकाले यस्ता कार्य गरी राज्य चलाउन आफू असमर्थ रहेको कुरा गर्दछन्। मनुको अभिव्यक्तिबाट दुःखित तथा आकुलित जनहरू राज्य शासन कार्यमा राजालाई पूर्ण सहयोग गर्ने वचन दिन्छन्। प्रजाहरूको यस्तो दृढवचन पाएपछि प्रदत्त राजपद स्वीकार गरी राजा मनु अनियन्त्रितलाई नियन्त्रण गरी प्रजारक्षण गर्ने उद्देश्य राखी लोकपरिभ्रमणका निम्ति प्रस्थान गर्दछन्। राजाको भ्रमणबाट त्रस्त दुर्जनहरू शास्त्र समादिष्ट आ-आफ्नो धर्म, कर्म, कर्तव्यप्रति उन्मुख हुन्छन्। वातावरण सर्वत्र शान्त हुन्छ। मत्स्यन्यायजन्य पीडाबाट पीडित जनहरू सुख र शान्तिको अनुभव गर्दछन्। राजाको महत्त्वपूर्ण भ्रमणको सराहना गर्दछन्।[४]

राजा वीरेन्द्रबाट पनि राज्यसञ्चालन कार्यमा मनुले जस्तै आफ्ना प्रजाहरूको सहयोगको अपेक्षा बराबर राखिबक्सेको कुरा मौसुफको विभिन्न समयका घोषणा, सन्देश, सम्बोधन आदिबाट स्पष्ट हुन आउँछ। पुनः देशका अनेक स्थलको भ्रमण गरी जनतामा आइपरेका विविध समस्याको सहज ढङ्गबाट समाधान गरी उनीहरूलाई सुख एवम् शान्तिको अनुभूति गराउने पुनीत कार्यमा राजा वीरेन्द्रबाट सर्वथा राजा मनुकै अनुसरण भएको पाइन्छ। अतः राजा वीरेन्द्र राजा मनु जस्तै समादरार्ह रहिबक्सेको तथ्यलाई कसैले नकार्न मिल्दैन। मनुस्मृतिप्रतिपादित राजोत्पत्तिसिद्धान्तअनुसार जगत् अराजक स्थितिमा हुँदा बलवान्ले निर्बललाई दबाउने, दुर्जनहरूको प्रभुत्व रहने, अनेक उपद्रव हुने, अशान्ति फैलिने, सर्वत्र असुरक्षाको स्थिति उत्पन्न हुने प्रबल सम्भावना हुन्छ। यस्तो स्थितिबाट जगत्लाई जोगाउनु अत्यन्त जरुरी हुन्छ। यही तथ्यलाई आत्मसात् गरी जगत्कर्ता जगदीश्वरले इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र र कुबेर यी देवश्रेष्ठहरूको सारभूत अंश समाहित गरी राजाको उत्पत्ति गरिएको कुरो स्पष्ट छ।

यसरी मनुस्मृतिले पनि राजाको उत्पत्ति दैवी नै सिद्ध गरेको छ। उत्पत्ति दैवी भएकाले राजामा शक्ति पनि दैवी नै रहन्छ। दैवी शक्तियुक्त राजा नै सर्वशक्तिसम्पन्न हुन्छ। यस्तो राजा नै देशमा उपस्थित जस्तोसुकै पनि समस्या समाधान गरी प्रजारञ्जनका साथै देशको सार्वत्रिक विकास गर्न सतत सक्षम हुन्छ भन्ने कुरामा शास्त्रप्रवर्तकहरू देखिन्छन्।

अराजकेहि लोकेऽस्मिन्सर्वतो विद्रुते भयात्।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत्प्रभुः॥
इन्द्रानिलयमार्काणामग्नेश्च वरूणस्य च।
चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हृत्य शाश्वतीः॥[५]

मनुलाई राजा प्रजाहरूले बनाएका हुन्, विधाताले होइन भन्ने धारणा आचार्य कौटिल्यको छ।[६] राजा जसले जसलाई बनाए तापनि राजा बन्ने व्यक्तिमा अग्न्यादि विशिष्ट देवताको अंश निश्चित रूपमा अन्तर्निहित हुन्छ। देवताको अंश नभएको मान्छेले राजपद प्राप्त गर्न नसक्ने कुराको ठोकुवा शास्त्रले गरेको छ।[७] राजामा ठूलाठूला धेरै देवताहरूको अवस्थिति हुन्छ। अतः ऊ बालक अवस्थाकै भएपनि उसलाई कसैले पनि उपेक्षा तथा अनास्था गर्न मिल्दैन।[८] यदि कसैले गर्छ भने उसैले निश्चित रूपमा दैवी आपद् भोग्नुपर्ने हुन्छ अर्थात् त्यसो गर्ने व्यक्ति दण्डभागी हुन्छ।

विशेषतः राजामा इन्द्रादि विशिष्ट आठ लोकपालहरूको अंश अन्तर्निहित हुने हुँदा उनीहरूद्वारा आचरित आचरण अनुरूपै

काम लोकमा राजाबाट हुनु अनिवार्य हुन्छ । देवराज इन्द्र जलादि अभिवर्षण गरी जसरी सबैलाई सन्तुष्टि प्रदान गर्दछन् त्यसरी नै राजाले पनि आफ्ना प्रजाहरूका निम्ति आवश्यक सबै वस्तु जुटाई उनीहरूलाई सन्तुष्ट तुल्याउनुपर्छ । वायुले सर्वत्र विचरण गरी सबै कुरा ज्ञान गरेजस्तै राजाले पनि गुप्तचरहरू र राजदूतहरूद्वारा स्वदेश र विदेशको पनि वास्तविक स्थिति ज्ञान गरी सुशासन गर्नुपर्छ । यमले जस्तै दण्डनीयलाई उचित दण्ड दिनुपर्छ । चन्द्रमाले जसरी संसारलाई आनन्दित तुल्याउँछन् त्यसरी नै राजाले आफ्ना प्रजाहरूलाई खुसी तुल्याउनुपर्छ । दुष्कर्मीहरूका निम्ति राजा सूर्य एवम् अग्निजस्तै प्रचण्ड पनि हुनुपर्छ । दुर्वृत्तहरूलाई वरुणले वरुणपाशले आबद्ध गरेजस्तै राजाले त्यस्तालाई जेलनेलको सजायँ दिनुपर्छ । पृथ्वीले जस्तै राजाले पनि आफ्ना समस्त प्रजाजनहरूलाई समान व्यवहार गर्नुपर्छ । यसरी जुन राजा इन्द्रादि देवताहरूले गरेअनुरूपको कार्यको अनुकरण गरी शासन गर्दछ त्यसलाई नै आदर्श राजा मान्न सकिने शास्त्रको अठोट रहेको छ ।[९] राजा वीरेन्द्रबाट देवताहरूद्वारा गरिएअनुरूपका कार्य भएको देखिन्छ । अतः मौसुफलाई सर्वथा आदर्श राजाका रूपमा लिन सकिने कुरामा कुनै द्विविधा लिइरहनुपर्दैन ।

आफ्नो उत्कृष्ट कार्य वा प्रतापद्वारा सुख, शान्ति, सन्तुष्टि प्रदान गरी प्रजारञ्जन गर्न (खुसी तुल्याउन) समर्थ हुने हुँदा राज्ञ शब्द सदा सार्थक हुन्छ ।[१०] यस्तो सतत सार्थकतामा आपन्न राजा राज्यका सात तत्त्वहरूमा मूर्धन्य मानिन्छ ।[११] यो महिष्ठ तत्त्व क्षत्रियवर्णको, उपनयनादि शास्त्रविहित ब्राह्म संस्कारद्वारा सुसंस्कृत,[१२] सवर्णा विवाहिता धर्मपत्नीयुक्त, राज्याभिषेक गरी राजत्व उपार्जन गरेको, सबै अङ्गप्रत्यङ्ग र इन्द्रियहरू सबल एवम् सक्षम भएको हुनपर्छ । राजा वीरेन्द्रमा यी कुनै कुराको पनि कमी देखिदैन । अतः मौसुफलाई शास्त्रीय मर्यादामा आबद्ध राजा मानिन्छ ।

पुनः देश र जनताको सार्वत्रिक समुन्नतिको निम्ति राजामा अनिवार्य रूपमा हुनुपर्ने गुणहरूको प्रतिपादन शास्त्रप्रयोजकहरूले गरेका छन् । ती यस प्रकार छन् :

राजा महान् उत्साह एवम् उच्च लक्ष्य राख्ने हुनुपर्छ । त्यस्तै अप्राप्तिमा चिन्तित र असंस्थितिमा निरुत्साहित नहुने, विकार विकृति र विसङ्गतिमा र असामञ्जस्य परिस्थितिमा पनि कत्ति पनि विचलित नहुने, अरूद्वारा गरिएको दयामाया वा उपकार नबिर्सने, जनताको सुख दुःखमा सहभागी हुन सक्ने, विद्वान, वृद्ध आदिको कदर गर्न पछि नपर्ने, जनभावनाअनुकूल कार्य गर्ने, कुलीन, सत्य वचनशील, विनीत, कायिक र मानसिक शुद्धिमा ध्यान पुऱ्याउने, परम्परा धर्म संस्कृतिको संरक्षणमा यत्न गर्ने, व्यसननिवृत्त, जितेन्द्रिय, अलोलुप, प्रभावशाली, गोपनीय विषय गोपनकुशल, दण्डनीतिमा निपुण, विद्याध्ययनशील, आफ्नो कर्तव्यप्रति सदा सचेत र राजनीतिज्ञ पनि हुनपर्छ ।[१३]

जुन राजामा यस्ता विशिष्ट गुण अन्तर्निहित हुन्छन् त्यो नै असल शासन गर्न सक्ने वास्तविक राजा बन्न पुग्छ । राजा वीरेन्द्रमा मौसुफद्वारा गरिएका क्रियाकलाप दृष्टिगत गर्दा यी सबै गुण समुदित देखिन्छन् । त्यसैले मौसुफलाई वास्तविक राजाको रूपमा लिन सकिन्छ ।

वास्तविकको अर्थ हो- आदर्श, सच्चा, असल, समर्थ, सारपूर्ण, विशुद्ध, यथार्थ । यस्ता गरिमामय विशेषण रूप गुणका उपार्जक, समस्त नेपालीका एकताका प्रतीक, आशाका पुञ्ज, आस्थाका केन्द्र राजा वीरेन्द्रबाट मौसुफको शासनकालमा देशको द्रुततर विकासका लागि शान्ति अपरिहार्य हुने तथ्यलाई ध्यानमा राखी नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी प्रस्ताव राख्नु र सो को ११६ राष्ट्रहरूबाट समर्थन प्राप्त गर्नु, राजाले लोकसम्मतिको आधारमा राज्य गर्नुपर्ने शास्त्रीय व्यवस्थाअनुरूप जनमतसङ्ग्रह गराउनु, देशमा बहुदलीय प्रजातन्त्रको स्थापना गर्नु, मुलुकका विभिन्न भागको भ्रमण गरी जनताको वास्तविक जीवनसँग परिचित हुनु, ग्रामीणजनको जीवनपद्धति ज्ञान गर्न गाउँ-गाउँमा पैदल यात्रा गर्नु, विकास कार्यमा तीव्रता प्रदान गर्ने हेतुले शुरु गरिएका कार्य स्वयम् निरीक्षण गरी तत्सम्बन्धमा उचित मार्गनिर्देशन गर्नु, बाढीपहिरो आदि दैवी प्रकोपबाट क्षतिग्रस्त स्थलहरूको अवलोकन गरी उचित सहयोग पुऱ्याउन निर्देशन प्रदान गर्नु, देशको सार्वभौमिकता, अखण्डता र स्वतन्त्रताको रक्षाका लागि यत्नशील रहनु, धर्म, संस्कृति, परम्पराको संरक्षणमा दत्तचित्त हुनु, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको स्थापना र यसको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु, मित्रताको सम्बन्ध वृद्धि गर्ने उद्देश्यले विभिन्न देशको भ्रमण गर्नु आदि थुप्रै कार्य भएका छन् । यी सबै काम राजाको अवश्य पालनीय कर्तव्यभित्र पर्दछन् । त्यसैले शास्त्रसम्मत छन् । देश र जनताका हितका निम्ति यस्ता शास्त्र समादिष्ट सराहनीय कार्य निष्पन्न गर्न सतत यत्नशील रहिबक्सने हुँदा धर्मशास्त्रीय दृष्टिकोणले राजा वीरेन्द्रको स्थान गौरवपूर्ण, सर्वश्रेष्ठ, महिमामय एवम् अति उच्च रहेको पाइन्छ ।

अस्तु

१. क) विराट् वा इदम् अग्रआसीत् । अथर्ववेद ८।१०।१
ख) नैव राज्यं न राजाऽऽसीन्न दण्डो न च दाण्डिकः ।
धर्मेणैव प्रजाः सर्वा धरन्ति स्म परस्परम् ॥ शान्ति प.अ. ५९
२. क) श्रीमद्भागवत् स्कन्ध ४, अध्याय १५।१७
ख) शान्तिपर्व अध्याय, ५९
३. तपसा भगवान् विष्णुराविवेश च भूमिपम् । शान्ति प. ५९।१३०
४. शान्तिपर्व अध्याय ६७

५. मनुस्मृति ७।३-४
६. मात्स्यान्यायाभिभूताः प्रजा मनुं वैवश्वतं राजानं चक्रिरे ।
कौटिल्य अर्थशास्त्र १।१२
७. मनुस्मृति ७।४-७
८. मनुस्मृति ७।८
९. इन्द्रस्यार्कस्य वायोश्च यमस्य वरुणस्य च ।
चन्द्रस्याग्नेः पृथिव्याश्च तेजोवृत्तं नृपश्चरेत् ॥
मनुस्मृति ९।३०३-३११
१०. क) शान्तिपर्व ५९।१२५
ख) रघुवंश ४।१२
११. अमरकोष २।१७
१२. मनुस्मृति ७।२

मठ-मन्दिरका संरक्षक- श्री ५ वीरेन्द्र

● *रामप्रसाद दाहाल*

"मुटु मेरो खाली नै छ यहीँ बास बसिदिनू
हेर्न खोज्छन् आँखाहरू यिनै भित्र पसिदिनू
संझना यो टाढा छैन नजीकैमा आइदिनू
विश्वासको बाटो हुन्छ मायाप्रीति लाइदिनू"

कवि दैवज्ञराज न्यौपानेको यो गीति- कविताभित्र नेपालका मठ-मन्दिरहरूले राजा वीरेन्द्रलाई खोजिरहेझैँ लाग्छ। नेपालका मठ-मन्दिरको संरक्षण र सम्वर्द्धनमा श्री ५ वीरेन्द्रले पुऱ्याएको योगदान नेपालको धार्मिक इतिहासको पाटोमा अत्यन्तै उच्चकोटिको रूपमा रहेको पाइन्छ। २०३७ साल चैत्र ३० गते वीरगञ्जमा आयोजित हिन्दूधर्मसम्मेलनको उद्घाटन गरिबक्सँदा व्यक्त विचारले पनि श्री ५ वीरेन्द्र मठ-मन्दिरका संरक्षक रहिबक्सेको पुष्टि हुन्छ। मौसुफबाट हुकुम भएको थियो- "नेपाली समाजमा धर्मको प्रधानता भएको कुरा प्रत्येक नगर र गाउँहरूको कुनाकुनाबाट हजारौं मन्दिर, चैत्य र देवालयहरूले उद्घोष गरिरहेका छन्। वास्तवमा नेपालीले जताततै देवत्वको खोज गरेको छ। दैवी शक्तिबाटै ब्रह्माण्डको नाटक सञ्चालन भएको कुरामा अटल आस्था राख्दै हामी र पूर्वजहरूले अनादिकालदेखि नै पर्वतका हिमचुली, पहाडका थुम्का, डाँडाका भन्ज्याङ्ग, देउराली, गौंडा, गुठी, कोट र नाकाहरूका साथै नदीतट, पोखरी, शालिग्राम र ढुङ्गाहरूमा समेत देवत्वको खोजीमा हजारौँहजार देवालय, मठ, मन्दिर, स्तूप, गुम्बा, विहार, धर्मशाला, सत्तल, पाटी, पौवा, चौतारो, इनार, कुवा र धाराहरूको निर्माणमा आफ्नो सर्वोच्च सिर्जनात्मक प्रतिभाको परिचय दिई आएका छौं अनि धर्मकै भावनाले ओतप्रोत भई हामीहरू बाटामा वर, पीपल, समी, अमला र आँपका बोटहरू लगाउँछौं र प्रत्येक वर्ष घर-आँगनमा महिमाका साथ तुलसीका बेर्ना रोप्ने गर्छौं। संक्षेपमा धार्मिक भावनाबाटै नेपालले देवभूमि, तपोभूमि भन्ने पवित्र नाम पाएको छ। यही धार्मिक संस्कारले हाम्रो संस्कृति फुलेको, फलेको छ, नेपाली सभ्यताले विकास र विस्तार पाएको छ। यसैबाट हाम्रो मूर्तिकला, काष्ठकला र वास्तुकलाले उत्कृष्ट स्थान लिनथालेका छन्।" यसप्रकार देशका मठ-मन्दिरलाई पन्छाएमा वा विस्थापित गरेमा देशको विकास कदापि सम्भव हुँदैन भन्ने कुरा मौसुफले बुझिबक्सेको थियो भन्ने कुरा स्पष्ट हुन्छ। मानिसको आध्यात्मिक र आधिभौतिक विकासलाई प्रतिबिम्बित गरिरहेका नेपालका देवालय र शिवालयलाई हेर्दा सिङ्गो नेपाल नै स्वयम् आफैँमा सङ्ग्रहालय जस्तो लाग्दछ। कलैकला र मन्दिरै- मन्दिरको देश नेपाल भनेर चिनिएको यस भूमिमा बसेका ललितकलाका विविध पक्षहरूमा हाम्रो मूल आदर्श, मान्यता र आस्थाहरू समाहित भएका पाइन्छन्। यस पक्षलाई हामीले नदीको पानी जस्तै निरन्तर बगिरहन दिनुपर्छ र एक पछिको अर्को पुस्तामा हस्तान्तरण गर्दै जानका लागि मठ-मन्दिरको संरक्षण गर्नु नितान्त जरुरी छ भन्ने कुरा राजा वीरेन्द्रले अत्यन्तै बुझेको अनुभूति हुन्छ। कवि ठाकुर शर्माले भनेझैँ -

"भव-अञ्जलीले परिपूर्ण भई
नवजीवनको सुप्रभात त्यहीँ

शिवको शितत्त्व जहाँ भरियो
हर मानवको भव-मुक्ति भयो"

यसरी भव-मुक्तिको साधनास्थल र चिन्तनमनन र मन्थनको स्थल हाम्रा पाटीपौवा, देवालय र शिवालयको अमरत्वतिर निरन्तर लागिरहने राजा वीरेन्द्रको संरक्षकत्वमा मठ-मन्दिरहरूले आफ्नो गति लिइरहेको पाइन्छ। आफूलाई सानो ठानेर सहनशील हुँदै, अरूको सम्मान गर्दै, आफू स्वयम् सम्मानबाट टाढा रही विनीत भएर उनै भोले बाबाको वा हरिको कीर्तन गर्ने हाम्रा पूर्वजहरूको तपःस्थल, मठ-मन्दिर, पाटीपौवा र सत्तलको संरक्षण गर्नु राष्ट्रको संरक्षण गर्नु हो। यी धरोहरहरूको संरक्षण नगर्नु भनेको आफू र आफ्नो सन्तानलाई समाप्त गर्नु हो भन्ने कुरा सबैलाई थाहा हुनुपर्ने कुरा हो। कवि भरतराज पन्तले भन्नुभएको छ -

"देहीमात्रै हुन्छ ज्यूँदै मरेको
जन्मेकाले मृत्यु भोग्नै परेको
यस्तो चर्चा लोकमा मात्र पर्छ
आत्मा त्यो हो न जन्मन्छ, न मर्छ"

उल्लिखित कवितामा झैं जन्म र मृत्युको बन्धनबाट मुक्त भएका नेपाली आत्माका धरोहर धार्मिक स्थल, मठ-मन्दिर, पाटीपौवाको वर्णन गर्न नसकिने अवस्थामा हाम्रा प्राचीन सम्पदाहरू रहेका छन्। चाहे मुक्तिक्षेत्र होस् वा वराहक्षेत्र, पशुपतिक्षेत्र होस् वा रुरुक्षेत्र हलेसीक्षेत्र होस् वा लुम्बिनीक्षेत्र, जानकीमन्दिर होस् वा बिन्दुवासिनी, वत्सलेश्वरी हुन् वा मनकामना, पलाञ्चोक भगवती हुन्, वा दक्षिणकाली यी शक्तिपीठहरू हुन् वा शिवालय, जहाँ जुन रूपमा रहेका भएपनि नेपालीहरूका धरोहर, ज्ञानका पुञ्ज र शक्तिका स्वरूप हुन्, जसको संरक्षण र पूजाअर्चनाबेगर नेपालीहरूको भोगाइ र सोचाइ अपूरो र अधुरो नै हुन्छ। मानिसको प्रकाश स्पष्ट छैन। लाग्छ मानिसको प्रकाश भनेकै यिनै मठ-मन्दिरहरू हुन्। मठ-मन्दिरको महत्त्व र प्रकाश पार्ने क्रममा उल्लिखित कुराहरू चर्चा गर्नु सान्दर्भिक हुन्छ। अतः महर्षि याज्ञवल्क्य राजा जनकको दरबार गएको बेलामा एकदिन राजाले उनलाई सोधे-

जनक- महर्षि मानिसलाई केले प्रकाश दिन्छ ?

याज्ञवल्क्य- सूर्यले प्रकाश दिन्छ, राजन्। सूर्यको प्रकाशले मानिसले देख्छ।

जनक- सूर्य अस्त भएको बेला मानिसको प्रकाश के हो ?

याज्ञवल्क्य- अँध्यारामा मानिसको प्रकाश चन्द्रमा हुन्छ।

जनक- सूर्य र चन्द्र अस्त भएको बेला मानिसको प्रकाश के हो ?

याज्ञवल्क्य- त्यस्तो बेला आगो प्रकाश बन्दछ।

जनक- अग्नि पनि निभेको बेला उसको प्रकाश के बन्छ ?

याज्ञवल्क्य- उसलाई आत्माले प्रकाश दिन्छ। आत्माकै प्रकाशबाट उसले देख्छ।

जनक- आत्माले प्रकाश देखेको बेला मानिसले के गर्न रुचाउँछ ?

याज्ञवल्क्य- सत्कर्म, शुभकाम र दान गर्न मन पराउँछ। अनि इहलोक र परलोक दुवै सुधार्न मठ-मन्दिर, पाटीपौवा, सत्तल सबैका लागि काम लाग्ने वस्तु निर्माण गर्दछ। त्यसैले राजन् ज्ञानको स्थिति, विवेक, ख्याति आदि भनेको नै आत्मसाक्षात्कारको अवस्थाको नाम हो।

कति गहन र मार्मिक अभिव्यक्ति व्यक्त भएको छ, बृहदारण्यक उपनिषद्मा। समाजको उन्नति र अवनतिको अङ्कन उसको आचार र विचारबाट हुन्छ। व्यक्ति समाजको घटक हो। त्यो जति नैतिक र आचारनिष्ठ होला समाज पनि उत्तिकै उन्नत र समृद्ध होला। नैतिक उन्नतिको आधार नैतिक विचार हो। त्यो विचारको पवित्रताको प्रतीक हाम्रा प्राचीन स्मारकहरू हुन्। यिनै स्मारकहरूको संरक्षण र सम्वर्द्धनमा मात्र हामी फष्टाउँछौं, हामी जुगौंजुगसम्म निरन्तर जीवित रहन्छौं। हामीमा त्यो भावना जाग्नै पर्छ। विश्वभरको सम्पदा, अतुल बल, प्रतिष्ठित पद, र असीम विद्या पाएर पनि मानिस सुखी हुन सक्तैन किनभने त्यसभित्र अपनत्व प्राप्त नभइरहेको हुनसक्छ। आफ्नो तुलना गर्दा अर्को व्यक्तिसँग गर्नुको सट्टा आफ्नै विगत र वर्तमानलाई तुलना गरौं र विगतभन्दा असल हुन नित्य प्रयत्न गरेमा हाम्रा पुर्खाहरूद्वारा निर्मित स्मारकहरू सदैव अक्षुण्ण रहनेछन्। यसमा द्विविधा छैन। उल्लिखित कुराहरूमा मौसुफ सजग होइबक्सन्थ्यो भन्ने कुरा मौसुफबाट व्यक्त विचारबाट पनि पुष्टि हुन्छ। "जन्मदेखि मरणसम्म, सूर्योदयदेखि सूर्यास्तसम्म, इहलोकदेखि परलोकसम्म, जीवनका प्रत्येक क्षणका हाम्रा सम्पूर्ण क्रियाकलापलाई धर्मले निर्देशित गरेको हुन्छ। जन्मजन्मान्तरको पीडा जीवनमा भोग्नुपर्ने भएकाले अनेक कष्टबाट मुक्त भई मोक्ष प्राप्त गर्नुलाई नै धर्मले हामीलाई जीवनको सम्पूर्ण लक्ष्य देखाएको छ।"

यसरी जीवनको लक्ष्य नै धर्ममा देख्ने राजा वीरेन्द्रले जीवनको कर्तव्यबोध न्याय र निष्ठाको प्रतीकका रूपमा हाम्रा मठ-मन्दिरलाई लिएको आभास पाइन्छ। नेपालका अनगिन्ती मठ-मन्दिरहरू

गौरवशाली धरोहर हुन् । मौसुफबाट मानव मात्रको कल्याण गर्ने कामनाका रूपमा मठ-मन्दिरहरूलाई लिएको देखिन्छ, जसको फलस्वरूप श्री ५ बाट आफ्नो सम्बोधनको अन्तमा "श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्" भन्ने वाणी व्यक्त गरिबक्सन्छ ।

श्री ५ संरक्षक होइबक्सेको पशुपतिक्षेत्रको मठ-मन्दिर, पाटीपौवा र सत्तलहरूलाई नै केन्द्रित गरी हेर्ने हो भने पनि पर्याप्त हुन्छ । "शिवपुराण वायुसंहिता" मा उल्लेख भएको "सबै क्षेत्रमा वास गर्ने, सबै आत्माको अधिष्ठान स्वरूप तथा पशुको पाश छेदन गर्ने पशुपतिनाथको मूर्तिको साक्षात्कार गर्नुपर्छ" भन्ने भनाइलाई स्वर्गवासी राजा वीरेन्द्रले स्वीकार गरिबक्सेको थियो, जसमा महाशिवरात्री- लगायत विभिन्न पर्वमा सवारी भई पूजाअर्चना गर्ने परिपाटीबाट पुष्टि भएको देखिन्छ । नेपालका अनेकन् सम्पदामध्ये उल्लेखनीय सम्पदाहरू काठमाडौं उपत्यकामा नै केन्द्रित रहेको देखिन्छ, जसमध्ये स्वयम्भूनाथ र पशुपतिनाथक्षेत्रभित्र रहेका विशिष्ट कलात्मक मठ-मन्दिरहरू प्रमुख हुन् । काठमाडौं शहरको केन्द्रबिन्दुमा रहेको मच्छिन्द्र बहाल अर्को विशिष्ट कलात्मकताले परिपूर्ण स्थल हो । यी अनमोल सम्पदाको राम्ररी व्यवस्थापन गर्न सके नेपालको कायापलट हुनसक्छ भन्ने कुरा निश्चित छ । पशुपतिनाथलाई आधार लिएर अगाडि बढ्ने हो भने पनि नेपालका मठ-मन्दिर संरक्षण गर्ने भावना जागृत हुन्छ । पशुपतिनाथक्षेत्रका मठ-मन्दिरलाई संरक्षण गर्न श्री ५ बाट पशुपतिक्षेत्र विकासकोष गठन गरी त्यसको संरक्षक स्वयम् आफैं बसी श्री ५ बडामहारानीलाई अध्यक्ष बनाई कार्य प्रारम्भ गरिबक्स्यो, जो ज्यादै महत्त्वपूर्ण छ । पुरातात्त्विक सम्पदा, मन्दिर, पाटीपौवा, धर्मशाला, सत्तल, बाटाघाटोको जीर्णोद्धार र दैनिक सरसफाइको व्यवस्था हुनुपर्नेमा मौसुफको जोड रहेको थियो ।

नेपाललाई संवैधानिक रूपले एकमात्र हिन्दू अधिराज्यको घोषणा गरेबमोजिम देशभरका सबै देवस्थलहरूको यथोचित व्यवस्था गर्ने कर्तव्य पनि सरकारलाई आउँछ र सांस्कृतिक नैतिकताको कारणले पनि धार्मिक सम्पदाको संरक्षण आवश्यक हुन जान्छ । विश्वसम्पदा सूचीमा समाविष्ट पशुपतिनाथक्षेत्रको धार्मिक सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाहरूको संरक्षण संवर्द्धन गर्नु हामी सबैको नैतिक दायित्व हो भन्ने कुरा मौसुफले राम्ररी बुझिबक्सेको थियो । नेपालका राष्ट्रदेव तथा समस्त हिन्दूहरूका आराध्यदेव पशुपतिनाथ देवका देव महादेव हुनुहुन्छ । पाशुपत क्षेत्र विभिन्न देवीदेवताहरूका मन्दिरैमन्दिरहरूले भरिपूर्ण क्षेत्र हो । यस क्षेत्रमा श्री पशुपतिनाथ मन्दिर, गुह्येश्वरी, वत्सलेश्वरी, वासुकी, जय- वागीश्वरी, किरातेश्वर, भगवान्स्थान, विश्वरूपा, गोरखनाथ, त्रिविक्रमवामन, चन्द्रविनायक, श्रीराममन्दिर, वज्रेश्वरी, लोकेश्वर, भण्डारेश्वर, दक्षिणामूर्ति, ताम्रेश्वर, भुवनेश्वरी, वनकाली, अनन्तनारायण, राजराजेश्वरी जस्ता अनेक देव- मन्दिरले गुल्जार रहेको यो पावन क्षेत्र सनातन तीर्थस्थलका रूपमा रहिआएको छ । यस तीर्थस्थलको विकास गर्न मौसुफ दत्तचित्त होइबक्सन्थ्यो भन्ने कुरा पुष्टि हुन्छ । पशुपतिक्षेत्रको गुरुयोजना तयार गरी कार्यान्वयनको क्रममा अगाडि बढाउन बडामहारानी सरकारको उत्तिकै महत्त्व रहेको पाइन्छ । यसरी नेपालका मठ-मन्दिरहरूको संरक्षण गर्नुपर्छ भन्ने कुरामा राजपरिवार सदैव सक्रिय रहेको स्पष्ट देखिन्छ । कवि कृष्ण बाउसेले भनै झैं-

"उम्रिएर वरपीपल त्यस चौतारीमा
ह्वात्तै बढेर संयाल दिन पाए
साँच्चै कस्तो सार्थक हुँदो हो यो जिन्दगानी
अझ चटक्क मिलेका शब्द अनि लय बनेर
मान्छेका धड्कन-धड्कनमा गाँसिने
मान्छेका ओठ-ओठमा हाँसिने
एउटा मिठो लोकगीत बनेर चट्ट गाइन पाए"

कविताले उद्घोष गरेको वरपीपल, चौतारी, लेक, बेसी र भन्ज्याङ्गमा फस्टाउन सके लहरा, पहरा र छहराको देश कति रमणीय हुन्थ्यो होला भन्ने कल्पनामा रमाउने आकांक्षाहरू प्रत्येक नेपालीमा आउनुपर्छ, प्रत्येकको मुटुको धड्कनमा मेरो देशको मठ-मन्दिरको जीर्णोद्धार कुँदिनुपर्छ तबमात्र हाम्रा धर्मका धरोहर मठ-मन्दिरहरू सदैव जीवन्त बन्नेछन् । श्री ५ वीरेन्द्रको समयमा थुप्रै कलात्मक मठ-मन्दिरहरू निर्माण भएका छन् वास्तुकलाका सुन्दर नमूनाहरू निर्माण भएका पाइन्छन् । वीरगञ्जको द्वारदेखि काठमाडौं उपत्यकाका थुप्रै द्वार र मठ-मन्दिरको जीर्णोद्धारले मौसुफको मठ-मन्दिरप्रतिको आस्था झल्केको पाइन्छ । कवयित्री चाँदनी शाहले व्यक्त गरेका :

"परमात्मासँग आत्माको सम्बन्ध रहेझैं
मेरो मन अर्चनामा डुबिरहोस्
अज्ञानलाई सधैं ज्ञानको खोज रहेझैं
मेरो आराधना सधैं तिम्रो रहिरहोस्"

यी पंक्तिहरूले पनि हिन्दू संस्कृतिमा पतिभक्तिको कति महत्त्व छ भन्ने कुरा पुष्टि हुन्छ । आत्मा र परमात्माको सम्बन्ध जस्तै पतिपत्नीको प्रेम रहेझैं देवत्व प्राप्तिको लागि पुजिने स्थल

मठ-मन्दिर बनेको कुरा निश्चित छ । श्री ५ वीरेन्द्रभित्र रहेको देशभक्तिको प्रगाढ भावना राष्ट्रिय पृष्ठभूमिका विविध पक्षमा उत्रेको पाइन्छ । राष्ट्रका कुनाकाप्चामा पुगिबक्सेर त्यहाँका विविध पक्षहरूको अवलोकन गरी यथार्थ अनुभूति गर्ने श्री ५ मा आत्मबलबिना सामर्थ्यको सृजना हुन सक्दैन भन्ने भावना विकसित रूपमा फस्टाएको देखिन्छ । चाँदनी शाहले मौसुफको भावनालाई प्रतिबिम्बित गरी कविता कोरेजस्तो लाग्छ-

"यो मातृभूमिको भूगोलका रेखा-रेखालाई कोरेर
पहाडका गर्खा अनि खेतका गरा टेक्दै जाऊ तिमी
यो जन्मभूमिको इतिहास शब्द-शब्दपिच्छे रचेर
संसारका कुना-कुना शान्तिको ध्वनि छर्दै जाऊ तिमी ।"

श्री ५ वीरेन्द्रबाट हुकुम भएको थियो- "एसिया विश्वका विभिन्न महत्त्वपूर्ण धर्महरूको महत्त्वपूर्ण उद्‌गम स्थल हो । यहाँको मानिसहरूको धार्मिक आस्था र प्रतिबद्धता कम महत्त्वपूर्ण साधन होइन, त्यसैले इतिहासबाट शिक्षा लिएर धर्मलाई संघर्ष र विवादको कारण बन्न नदिई आफ्नो धार्मिक आस्था र विश्वासमा भरोसा गर्दै वार्ता र सहयोगद्वारा मानवीय मूल्यको सम्मान हुने नयाँ युगतर्फ अघि बढ्न प्रयत्नशील रहौँ ।" उल्लिखित अभिव्यक्तिले पनि मौसुफको धार्मिक आस्था र प्रतिबद्धताको परिचय दिन्छ । मौसुफ कुमारी, भैरव र गणेशलाई भेटी चढाई टीका ग्रहण गरिबक्सने परम्परादेखि थुप्रै मठ-मन्दिरहरूमा सरीक भई पूजाअर्चना गरिबक्सन्थ्यो । भावनात्मक रूपमा हामी एउटै छौँ भन्ने सन्देश सबै नेपालीहरूलाई दिन मौसुफ सचेत होइबक्सन्थ्यो । मौसुफ देश बुझ्न हिडिबक्सेको प्रसङ्गलाई चर्चा गर्दा कवि प्रह्लाद पोखरेलको उल्लिखित पंक्ति प्रस्तुत गर्नु सान्दर्भिक होला :

"झोला बोकेर हिड्थ्यो विकट पथहरू चढ्न सक्थ्यो उकाली
चौतारी चिन्नलाई वर-पीपल लिई पुग्दथ्यो देउराली
पीडामा दुःख मान्थ्यो विचलित जनको सुन्न सक्थ्यो पुकार
आफ्नै सन्तान ठान्दै प्रियतम जनता चुम्दथ्यो बार-बार ।"

समग्रमा भन्दा राजा वीरेन्द्रको बहुआयामिक व्यक्तित्वको एक पाटो प्राचीन स्मारकहरूको संरक्षण गर्नमा पनि रुचि रहेको स्पष्ट देखिन्छ जसको प्रमाण पशुपतिक्षेत्रको संरक्षक बनेबाट पुष्टि हुन्छ । मठ-मन्दिर वास्तवमा हाम्रा पूर्वजहरूको अन्तर्हृदयको शाश्वत अभिव्यक्ति हो । यसलाई प्राप्त गर्न र संरक्षण गर्न प्रत्येकको आस्था र अनुभूतिको दीर्घ तपस्या चाहिन्छ । यस्ता बौद्धिक बोझहरू बोक्ने भावना सबैमा हुन गाह्रो हुन्छ तर मौसुफले बालकको जस्तै निश्चल हाँसो, फूलको जस्तै सहज सौन्दर्य र जीवनको जस्तै असीम गतिमा आफ्नो संरक्षकत्व प्रदान गरिबक्सेको थियो । दर्शनले खार्नु र कलाले भर्नुभन्दा आन्तरिक सहज अभिव्यक्तिभित्र मूर्तिएको कला झनै सुन्दर र शाश्वत हुन्छ भन्ने कुरा मौसुफको व्यक्तित्वबाट थाहा पाउन सकिन्छ । मौकामा गुन लगाउनेहरू सँधै महान् हुन्छन् भनेझैँ मठ-मन्दिरको संरक्षणमा स्वर्गवासी राजा वीरेन्द्रको संरक्षकत्व सधैँ महान् बनेको छ । अन्त्यमा मौसुफको देश भक्ति र देशप्रेमलाई देख्दा कवि दैवज्ञराज न्यौपानेको कविता सम्झँदै यो हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

"बाँसुरीमा बैँस बोल्छन् न्याउली पीर बोल्छन्
घिन्ताङ् गर्ने मादलुले मनका भाका बोल्छन्
चौतै राम्रो चौरालीमा चौतारीको छायाँ
जहाँ जाऊँ मसँगै छ मेरो देशको माया ।"

पशुपतिक्षेत्र विकासकोष

सन्दर्भ सामग्री

१. श्री ५ महाराजाधिराजबाट बक्सेका घोषणा, सम्बोधन तथा सन्देशहरू (२०२८-२०३८, २०४४-२०४५) सूचना विभाग
२. श्री ५ वीरेन्द्र स्मृतिग्रन्थ- नेपाल कला प्रतिष्ठान - २०५९
३. जोरमुरली- दैवज्ञराज न्यौपाने (२०४६- ने.रा.प्र.प्र.)
४. समुदय- वर्ष- एक, अङ्क- ४
५. आफ्नै आकाश आफ्नै परिवेश - चाँदनी शाह -नरेन्द्रराज प्रसाईं (२०४४)
६. यस्तो उद्‌घोष गर्छु- कृष्ण बाउसे
७. ध्येय चिन्तन- विश्वहिन्दू महासम्मेलन विशेषाङ्क (२०४४)
८. परमात्माको दर्शन- नरेन्द्रराज भट्टराई (२०४४, सूचना विभाग)
९. पशुपतिक्षेत्र -पशुपतिक्षेत्र विकास कोष
१०. नेपाली संस्कृति विविध पक्ष - सूचना विभाग
११. नेपालको सांस्कृतिक परम्परा र राजमुकुट कुलचन्द्र कोइराला

●

सङ्गीत र संस्कृतिका प्रेरणास्रोत : श्री ५ वीरेन्द्र

● रामशरण दर्नाल

श्री ५ वीरेन्द्रको विराट् व्यक्तित्वबारे पुस्तक-पुस्तिका र पत्र-पत्रिकामा प्रशस्त प्रकाश परिसकेको छ। मौसुफ सरकारको विकासवादी चिन्तनबाट हामी सबै परिचित नै हौं। बहुआयामिक र प्रभावशाली व्यक्तित्वका धनी श्री ५ वीरेन्द्र राष्ट्र र अन्तर्राष्ट्रमा समेत लोकप्रिय होइबक्सन्छ। मौसुफको प्रेरणादायी आदर्शले सबैमा ऊर्जा थप्ने काम गरेको छ। यहाँ म मौसुफको जीवनवृत्ततिर नलागी आफूले आर्जन गरेका केही अनुभवलाई संस्मरणका रूपमा अभिव्यक्त गर्ने जमर्को गर्दै छु।

नेपाली साङ्गीतिक र सांस्कृतिक जागरणमा शाहवंशको पृष्ठभूमि विचार गर्दा श्री ५ महेन्द्रको शुभराज्याभिषेक (२०१३) देखि प्रारम्भ भएको सम्झना हुन्छ। यसै वर्षदेखि देशले सङ्गीत र संस्कृतिको विकासको जग बसाल्दै जान थालेको थाहा हुन्छ। २०१४ सालमा नेपाल एकडेमी (नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान) को स्थापना, २०१६ सालमा संस्कृति विभाग(सांस्कृतिक संस्थान) को गठन, राष्ट्रिय नाचघरको उद्घाटन, राष्ट्रिय सभागृहको निर्माण, सांस्कृतिक संस्थाहरूको स्थापना आदिले श्री ५ महेन्द्रको शुभराज्याभिषेकले विशेष महत्त्व राख्दछ। २०१६ सालमै प्रथमपटक नेपाल एकडेमीको भव्य जन्मजयन्ती तीनदिनसम्म राजदरबारमै आयोजना गरिएको थियो। प्रथमपटक एकडेमीका पुस्तकहरू पनि मौसुफका बाहुलीबाट प्रदान गरिएको थियो। नेपाली वैज्ञानिक नरबहादुर भारतीलाई रू. दस हजारको त्रिभुवन पुरस्कार र उ.गणेशलाल श्रेष्ठलाई रू. पाँच हजारको इन्द्रराज्यलक्ष्मी पुरस्कार प्रदान गरिएको थियो। पछिल्ला वर्षहरूमा यी दुवै पुरस्कारहरू २०३० सम्म वर्षेनी प्रदान गरिन्थ्यो। २०३१ सालपछि त्रिभुवन प्रज्ञापुरस्कार प्रत्येक तीनवर्षमा प्रदान गर्ने गरिएको छ। इन्द्रराज्यलक्ष्मी प्रज्ञा-पुरस्कार भने हालसम्म पनि बर्षेनी प्रदान गरिन्छ। मौसुफकै प्रेरणा र प्रोत्साहनले सङ्गीतशिरोमणि पं. यज्ञराज शर्मा (अर्याल) ले इँटद्वारा निर्मित दुई गजाले ठोकेर बजाइने घनबाजा "इष्टका तरङ्ग" निर्माण गर्नुभएको थियो। श्री ५ महेन्द्रबाट शास्त्रीय सङ्गीतका गायक नरराज ढकाललाई "सङ्गीत प्रवीण" र उस्ताद गणेशलाल श्रेष्ठलाई "वाद्यशिरोमणि" ले विभूषित गरिबक्सेको थियो। २०२७ सालमा राष्ट्रले सङ्गीत- संस्कृतिको विकासका लागि अनिवार्य मानिएको भव्य प्रज्ञा-भवन पायो। यस भवनमा प्रज्ञा-प्रतिष्ठानका संस्थापक कुलपति (चान्सलर) श्री ५ महेन्द्रको प्रतिमासमेत रहेको छ।

शाहवंशको त्यही परम्पराअनुसार २०३१ सालमा श्री ५ वीरेन्द्रको शुभराज्याभिषेक राजधानीमा भव्य समारोहहरूका बीच सम्पन्न भयो। यस पुनीत अवसरमा प्रज्ञा-प्रतिष्ठानले "पृथ्वीनारायण शाह" नाटक र सांस्कृतिक संस्थानले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए, प्रज्ञाभवनमा यो शुभ- राज्याभिषेकपछि नेपाली सङ्गीतसंस्कृतिले आफ्नो गति बढाउँदै गयो। यसै वर्ष प्रज्ञा-प्रतिष्ठानको व्यवस्था गर्न नयाँ अध्यादेश आयो। यसअनुसार इतिहासकार सूर्यविक्रम ज्ञवालीको कुलपतित्वमा नयाँ प्राज्ञ-परिषद् गठन भयो।

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यबाट दार्जिलिङ्गबाट काठमाडौं आएको नाटक "अनि चौराली रुन्छ" प्रज्ञा-भवनमा नजर भयो।

नाटककार मनबहादुर मुखियाद्वारा लिखित तथा अभिनीत यो नाटक राजधानीमा ज्यादै भीडका साथ चल्यो । काठमाडौंका चलचित्रहरू (सिनेमाहल) यसबेला मन्द रहेका थिए । नाटकको अन्तमा कलाकारहरूका साथ फोटो खिचाइ बक्सेपछि कलाकारहरूलाई रू. एक लाख प्रोत्साहनस्वरूप निगाहा भयो । केही वर्षपछि कवि माधव घिमिरेद्वारा रचित गीतिनाटक "मालती-मङ्गले" प्रज्ञाभवनमा मञ्चन भयो । श्री ५ वीरेन्द्र तथा ऐश्वर्य र राजपरिवारका सदस्यहरूबाट पनि सो नाटक निकै अभिरुचिका साथ नजर भयो । नाटकको अन्तमा श्री ५ वीरेन्द्रबाट कलाकारहरूलाई रू. एक लाख बक्स भयो । यसपछि त "मालती-मङ्गले" झन् चर्तित हुन पुग्यो । दर्शकहरूले यो गीति नाटक ज्यादै मन पराए । धेरै दिनसम्म हाउसफुल रहेको यो गीतिनाटक नेपालका अरू शहरहरूमा पनि लोकप्रिय रह्यो । गीतिनाटकको आम्दानीले मोफसलका कतिपय साङ्गीतिक संस्थाहरूको स्थापना भयो । उदाहरणका लागि नारायणगढ र पोखरालाई लिन सकिन्छ । प्रज्ञारङ्गमञ्चमा केही महिना गीति नाटक रोकिन पुगेपनि पछि यो पुनः प्रदर्शित भयो । पछिल्ला प्रदर्शनहरू पनि त्यतिकै लोकप्रिय थिए, जतिको पहिला प्रदर्शनहरूमा सफल भएको थियो । यसरी प्रज्ञाभवनमा प्रदर्शन गरिने साङ्गीतिक र सांस्कृतिक कार्यक्रम होऊन् वा महोत्सवहरू होस् प्रायः सबै कार्यक्रमहरूमा प्रज्ञा-प्रतिष्ठानका संरक्षक श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यको गरिमामय उपस्थिति रहन्थ्यो । कलाकारहरू प्रेरित र प्रोत्साहित हुन्थे । आफ्ना प्रिय संरक्षक राजारानीबाट राजधानीका कलाकारहरू मात्र होइन, देशका कुनाकाप्चाका कला प्रतिभासमेत प्रोत्साहित हुनेगर्थे । विकासक्षेत्रको भ्रमणका अवसरमा मोफसलका कलाकारहरूले आफ्नो कलाप्रतिभा मौसुफ समक्ष प्रत्यक्ष देखाउने सुअवसर पाउने गर्थे । कलाकारहरूलाई कति माया गरिबक्सन्थ्यो भन्ने कुरा शास्त्रीय सङ्गीतका सरोदवादक मोहनसुन्दर श्रेष्ठलाई राजदरबार सेवामै अधिकृत दर्जा निगाह हुनुले मौसुफ सरकारको कोमल हृदय मानवताले कति ओतप्रोत रहेछ भन्ने थाहा हुन्छ ।

सङ्गीतानुरागी श्री ५ महेन्द्रको स्वर्गारोहणपछि नेपाली कलाकारहरूले आफूलाई एक किसिमले टुहुरा भएको अनुभव गर्न थालेका थिए तर श्री ५ वीरेन्द्रको उदयपछि मौसुफबाट कलाकारहरूमा एउटा नयाँ आशा र विश्वास पैदा गरिबक्सियो । सबै साङ्गीतिक र सांस्कृतिक विधाका कलाप्रतिभाहरू प्रोत्साहित हुने व्यवस्था मौसुफबाट गरिबक्सेको थियो । यसो त श्री ५ वीरेन्द्र युवाराजाधिराज होइबक्सँदा नै देशका कुनाकाप्चा र दुर्गम क्षेत्रमा सवारी भई देशको वास्तविक अवस्था, भौगोलिक विकटता, विकासका पूर्वाधार र कला प्रतिभाहरूको अवस्था अवगत गरिबक्सेको थियो । यस्तो कठोर जीवनमा पनि कलाकारहरूले कसरी आफ्नो कला प्रतिभालाई अघि बढाइरहेका होलान् भन्ने भावना बुझिबक्सेका मौसुफ प्रतिभाहरूको व्यक्तिगत परिचय पनि हासिल गरिबक्सन्थ्यो । उनीहरूलाई सकभर प्रोत्साहित गरिबक्सन्थ्यो । एकपटक प्रत्यक्ष दर्शन पाएको कलाकार मौसुफका नजरबाट कहिल्यै विस्मृत हुँदैनथ्यो । धेरै वर्ष पछिको दर्शनभेटमा पनि उसको क्षेमकुशल सोधि बक्सन्थ्यो । कलासाधकहरू मौसुफको उदात्त र प्रभावशाली व्यक्तित्वबाट ज्यादै प्रभावित थिए ।

राजपरिवार लोकबागीना(सङ्गीत)बाट कति प्रभावित रहेछ भन्ने कुरा कान्तिपुरको कोसेलीमा हालै प्रकाशित फोटोग्राफर मङ्गल श्रेष्ठको अनुभव सुनाउँदै देवेन्द्र भट्टराईले लेखेका छन्- "मादल बजाउनमा राजा वीरेन्द्र र अधिराजकुमार (तात्कालिक) धीरेन्द्र खप्पिस होइबक्सन्थ्यो । एकपटक श्री ५ वीरेन्द्रले मादल बजाएको सुरमा वर्तमान राजा श्री ५ ज्ञानेन्द्रले गीत नै गाइबक्सेको थियो ।" कान्तिपुरको कोसेलीमा श्री ५ वीरेन्द्रबाट मादल बजाइबक्सेको उदाहरणले मौसुफ र राजपरिवार नेपाली लोकसङ्गीतमा अत्यधिक सौख राखिबक्सन्थ्यो भन्ने बुझिन्छ ।

२०२८ सालमा गद्दीआरोहण गरेपछि मौसुफको शासनकालमा केही ऐतिहासिक कदमहरू चालिबक्सेको थियो । २०३१ सालको शुभराज्याभिषेककै विशेष समारोहमा मौसुफबाट नेपाल र विश्वशान्तिका लागि नेपाललाई "शान्तिक्षेत्रको प्रस्ताव" राखिबक्सेको थियो । प्रस्तावलाई ११६ मित्रराष्ट्रहरूले समर्थन जनाइसकेका थिए । त्यसै सालको नयाँ अध्यादेश अनुसार मौसुफबाट स्रष्टाहरूको उत्साहवर्द्धन गर्न भइरहेका पुरस्कारहरूमा तीनवटा नयाँ पुरस्कार थप गरिबक्स्यो । यिनमा प्रत्येक पाँच वर्षमा प्रदान गरिने "पृथ्वी प्रज्ञा-पुरस्कार" प्रत्येक दुई वर्षमा प्रदान गरिने "महेन्द्र प्रज्ञा-पुरस्कार" र विदेशी विद्वान्हरूलाई नेपाल- सम्बन्धी अनुसन्धान गरेबापत कदर स्वरूप प्रदान गरिने "वीरेन्द्र प्रज्ञा-लङ्कार" रहेका छन् । "पृथ्वी प्रज्ञा-पुरस्कार" को रकम रू. दुई

लाख छ भने महेन्द्र प्रज्ञा-पुरस्कारको रकम रू. एक लाखको छ । नयाँ व्यवस्थाअनुसार विविध विधामा अनुसन्धान गराउने विद्वत्वृत्तिको व्यवस्थासमेत गरिबक्सेको थियो । कुन्नि के कारणले हो आजकल विद्वत्वृत्ति योजना बन्द गरिएको छ ।

२०३४ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले सबै अञ्चलको प्रतिनिधित्व हुने गरी बृहत् साहित्य भेलाको आयोजना गरेको थियो । यस अवसरमा मौसुफबाट सारगर्भित सम्बोधन भएको थियो । साहित्यबारे मौसुफबाट व्यक्त उद्गार यस्तो थियो– “मेरो विचारमा उत्कृष्ट साहित्य जहिले पनि सक्कली हुन्छ । यस्तो सक्कली साहित्य जनताको मुटुको स्पन्दनबाट निक्लेको हुन्छ । यस्तो साहित्यमा माटाको बास आएको हुन्छ, ढुङ्गा पनि बोलेको हुन्छ, पहाड रसाएको हुन्छ र प्रत्येक व्यक्तिले आफूलाई पूर्णरूपमा पोखेको हुन्छ ।”

यस अवसरमा मौसुफबाट नेपाली बाजासङ्ग्रहालय, पुस्तकप्रदर्शनी र विज्ञानप्रदर्शनीको पनि समुद्घाटन गरिबक्सेको थियो । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका संरक्षक मौसुफबाट प्रत्येक वर्ष प्राज्ञ-सभाको अध्यक्षता गरिबक्सन्थ्यो । सभालाई आवश्यक निर्देशन पनि बक्स हुन्थ्यो । हिजो आज नेपाली बाजासङ्ग्रहालय भण्डारमा थन्किएको छ । यसले हालसम्म पनि प्रदर्शित अवस्थामा रहने सौभाग्य पाएको छैन ।

राजारानी र राजपरिवारका सदस्यहरू साहित्य, सङ्गीत र कलासँग कुनै न कुनै रूपमा आबद्ध रहिबक्सेको छ । कविराजा श्री म.वी.वि. शाहको नाममा काव्य जगत्मा प्रसिद्ध होइबक्सन्थ्यो । श्री ५ मुमा बडामहारानी कविता र सङ्गीतमा अभिरुचि राखिबक्सन्छ । श्री ५ ऐश्वर्य काव्यजगत्मा चाँदनी शाहको नामले प्रख्यात होइबक्सन्थ्यो । श्री ५ महाराजाधिराज ज्ञानेन्द्र गीतकारका रूपमा जी. शाहको नामले प्रसिद्ध होइबक्सिन्छ । श्री ५ वीरेन्द्र स्वयम् कलाकार होइबक्सन्थ्यो । मौसुफको ‘मोती’ र ‘झरना’ प्रसिद्ध कृति हुन् । यसैगरी प्रारम्भमा राजदरबारबाट प्रकाशित ‘रमझम’ का सम्पादक- मण्डलको अध्यक्षता गरिबक्सेर पत्रकारितामा पनि कदम चालिबक्सेको थाहा हुन्छ । पछि श्री ५ ज्ञानेन्द्रबाट ‘रमझम’को सम्पादकत्व सम्हालिबक्सेको थियो ।

श्री ५ वीरेन्द्र सवारी भएको कार्यक्रम र समारोहहरूको रौनक नै अलग हुने गर्थ्यो । मौसुफ जहाँ सवारी हुन्थ्यो, त्यहाँको कार्यक्रम ठिकैको भए पनि कार्यक्रमको अन्त्यसम्म पनि राज भई कलाकारहरूलाई उत्साहित पारिबक्सन्थ्यो । यो आदर्श मौसुफका लागि सदा लागू भएजस्तो अनुभव हुन्छ । स्वदेशी वा विदेशी कलाकारहरूद्वारा प्रस्तुत कार्यक्रमलाई अभिरुचिपूर्वक नजर भई कलाकारहरूसँग भेट गरी उत्साहित पारिबक्सन्थ्यो । विदेश भ्रमणमा सहभागी हुँदा पनि प्रतिभाहरूलाई आदर गरिबक्सन चुकिबक्सन्नथ्यो । साल्जवर्ग सवारी हुँदा विश्वप्रसिद्ध सङ्गीतकार उल्फाङ् अमादियस मुत्सार्ट (सन् १७५६-१७९१) को सङ्ग्रहालय सवारी भई मुत्सार्टप्रति सम्मान जनाइबक्सेको थियो । साल्जवर्ग सङ्गीतजगत्का लागि एउटा पवित्र तीर्थस्थलको रूपमा प्रख्यात छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्रको दर्शन पाउने अवसर विभिन्न सभा र समारोहमा बराबर नपाइएको त होइन तर मौसुफको दर्शन नजिकबाट पाउने अवसर चाहिँ राजदरबारमा आयोजित २०४९ को सुशोभन समारोह नै थियो । त्यस समारोहमा यस पंक्तिका पंक्तिकारलाई गोरखा दक्षिणबाहुद्वारा विभूषित गरिबक्सेको थियो । त्यस अपूर्व सुखद क्षणलाई जीवनमा कहिल्यै बिर्सन नसकिने घटनाका रूपमा लिएको छु । त्यसबेला मलाई सगरमाथाभन्दा माथिको एउटा विराट व्यक्तित्व र प्रकाशपुञ्जको साक्षात् दर्शन पाए झैँ लाग्यो । त्यसबेला आफूमात्र होइन यस क्षेत्रमा कार्यरत सबै प्रतिभाहरू पनि आफूसँग धन्य भएझैँ लाग्यो ।

अन्त्यमा नेपालीले सपनामा पनि नसोचेको एक अकल्पनीय, दुखःद, त्रासदीपूर्ण घटनाको सामना गर्नुपर्‍यो । वि.सं २०५८ जेठ १९ गते शुक्रबार राजदरबारमा घटित त्यो महाकालरात्रि नेपालीले आफ्नो प्यारा राजारानी अधिराजकुमार अधिराजकुमारीसहित राजपरिवारका अन्य सदस्यहरू- समेत सदाका लागि गुमाउनुपर्‍यो । नेपाली सङ्गीत, संस्कृति र कलाजगत् शोकले विह्वल बन्यो । पूरा देश शोकमा डुब्यो । देशवासीहरूले अविरल आँसु बहाउँदै आफ्नो प्राणभन्दा प्यारा राजारानीको अन्तिम दर्शन गरे ।

आफ्नो हृदयसम्राट्लाई यसरी अचानक गुमाउनु पर्दा नेपाली सङ्गीत, संस्कृति ज्यादै मर्माहत भयो । श्री ५ वीरेन्द्रको पार्थिव शरीर हामीबीच नरहेतापनि मौसुफद्वारा स्थापित वृत्तिहरूले हामीलाई चेतना प्रदान गरिरहनेछ । श्री ५ वीरेन्द्रको स्वर्गारोहणमा अत्यन्त शोकविह्वल भएका थिए नेपाली प्रतिभाहरू । रानो हराएको मौरी जस्ता भएका थिए उनीहरू । तर वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव जस्ता मानवीय हृदयका सङ्गीतमर्मज्ञ, गीतकार राजा पाएर यो क्षेत्र धन्य भएको अनुभव गरिदैछ । यस क्षेत्रले केही ढाढस र सान्त्वना फेरि नपाउला भन्न सकिदैन ।

श्री ५ वीरेन्द्रको आत्माको चिरशान्तिका लागि ईश्वरसँग प्रार्थना गर्दै हार्दिक सङ्गीताञ्जली र श्रद्धाञ्जली अर्पण गर्दछु ।

महेन्द्र-संस्कृत-विश्वविद्यालयका संस्थापक : श्री ५ वीरेन्द्र

● डा. ऋषिप्रसाद शर्मा

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव विकासप्रेमी राजा होइबक्सन्थ्यो । मौसुफ सरकारको सुशासनकालमा अन्य क्षेत्रहरूमा विकास भएझैं संस्कृत क्षेत्रमा पनि श्री ५ वीरेन्द्रबाट 'महेन्द्र संस्कृत विश्वविद्यालय' स्थापना गरिबक्सी संस्कृतको विकास, विस्तार र प्रकर्षमा उत्कृष्ट एवम् अविस्मरणीय योगदान पुऱ्याइबक्सेको छ । प्रस्तुत लेखमा श्री ५ वीरेन्द्रको कीर्तिकायलाई अमर र अजर तुल्याउने महेन्द्र संस्कृत विश्वविद्यालय स्थापनाको प्रासङ्गिकता तथा महेन्द्र संस्कृत विश्वविद्यालय नामकरणको औचित्यबारे मौसुफबाट उक्त विश्व विद्यालयलाई बक्स भएका सम्बोधन र निर्देशनहरूलाई आधार बनाई प्रकाश पारिएको छ ।

महेन्द्र-संस्कृत-विश्वविद्यालय स्थापनाको प्रासङ्गिकता

कुनै पनि देशमा उपभोग्य-वस्तुहरूको उत्पादनमा कलकारखानाहरूको भूमिका रहेझैं ज्ञान-विज्ञान आदि सम्पदाको उत्पत्ति, अभिवृद्धि तथा परिपुष्टिमा विश्वविद्यालयको भूमिका हुन्छ । तसर्थ कुनै पनि राष्ट्रमा जुन विद्याबाट आफ्नो इतिहास, संस्कृति, सभ्यता तथा गौरव-गरिमाको बोधका साथै ज्ञान-विज्ञानको विकास एवम् राष्ट्रिय हित हुन्छ, त्यसको प्रयोग संरक्षण, संवर्द्धन, प्रसारका निम्ति विश्वविद्यालयको स्थापना हुन्छ । प्राकृतिक सम्पदा- सम्पन्न हिमाली देश नेपालका लागि पाश्चात्य ज्ञान र वैज्ञानिक प्रणालीभन्दा संस्कृतका सुरक्षित ज्ञान, विज्ञान र प्रविधि नै बढी उपयोगी हुने भएकाले सोको अनुशीलन गरी नयाँ सिर्जना गर्ने अवसर उपलब्ध गराउने अभिलाषाले श्री ५ वीरेन्द्रबाट महेन्द्र-संस्कृत-विश्वविद्यालय स्थापना गरिबक्सेको हो । महेन्द्र-संस्कृत-विश्वविद्यालयका संस्थापक तथा तत्कालीन कुलपति श्री ५ महाराजाधिराज सरकारबाट संस्कृत-विश्वविद्यालयलाई वि.सं. २०४४ साल असार ७ गते बक्स भएका नौ सूत्रीय निर्देशनहरूबाट पनि यस कुराको पुष्टि हुन आउँछ । उदाहरणका लागि चार वटा (क्र.स.२,३,९,६) निर्देशनहरूलाई तल उल्लेख गरिन्छ ।

२. "आजको यस वैज्ञानिक युगमा ज्ञानको पनि ठूलो आवश्यकता भएकाले ज्ञान र विज्ञानको समन्वयात्मक अध्ययन र अनुसन्धान गराउनुपर्दछ ।"

३. "यस विश्वविद्यालयले संस्कृतवाङ्मयमा निहित ज्योतिष, आयुर्वेद, योगविज्ञान, कलाकौशल आदी योगप्रधान प्राविधिक विद्याको विकासमा उचित ध्यान दिनु आवश्यक छ ।"

९. "संस्कृतमा रहेका शास्त्रीय चिन्तनलाई मानवमात्रको हित र कल्याणका लागि व्यावहारिक ढङ्गले सदुपयोग गर्न विश्व-विद्यालयले शोधकार्य गराउनुपर्दछ ।"

६. "संस्कृतका छात्र जुनसुकै कार्यक्षेत्रमा गए पनि आफ्नो राष्ट्रिय संस्कार बोकेर जाऊन् र अरूलाई पनि त्यससँग परिचित गराउन सक्षम हुनुका साथै यसबाट प्रभावितसमेत पार्न सकून् भन्ने उद्देश्य राखेर विश्व- विद्यालयले आफ्ना शैक्षिक कार्यक्रमहरूको तर्जुमा गर्नुपर्दछ ।"

प्राचीनकालदेखि नै संस्कृतविद्याको र नेपाली-संस्कृतिको अन्योन्याश्रित सम्बन्ध रहिआएको तथ्यलाई "नेपाली संस्कृतिको

आधार हिन्दू संस्कृति हो, हिन्दू संस्कृतिको भण्डार संस्कृत वाङ्मय हो" जस्ता महान् वाणीहरूले पनि पुष्टि गर्दछन् । वस्तुतः हाम्रो देशको इतिहासमा याज्ञवल्क्य, विश्वामित्र आदि मन्त्रद्रष्टा ऋषिहरूको अध्ययन, चिन्तन, मनन र पूजनको माध्यममात्र होइन शुक्रराज शास्त्रीजस्ता प्रजातन्त्रप्रेमी, क्रान्तिकारी हुतात्माहरूको क्रान्तिको संवाहकको माध्यम पनि संस्कृत भाषा नै रहँदै आएको कुरालाई राष्ट्रिय प्राचीन ग्रन्थ, शिलापत्र, ताम्रपत्र, आदि अभिलेख, 'जयतु संस्कृतम्' आदि अभियानले समेत प्रमाणित गरेका छन् । एतदर्थ तत्कालीन राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट माघ १९ गते २०४५ सालमा दाङमा महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन समारोहका अवसरमा हुकुम भएको थियो :

"हाम्रो देशमा ऐतिहासिक कालदेखि नै संस्कृत भाषाले राजकीय तथा सामान्य जनजीवनमा समेत महत्त्वपूर्ण स्थान पाएको कुरा प्राचीन शिलापत्रमा एवं संस्कृत भाषाका ग्रन्थहरूबाट प्रष्ट हुन्छ । त्यसै गरी तन्त्र, कर्मकाण्ड तथा साहित्य एवम् दर्शनसम्बन्धी विभिन्न विषयहरूमा लेखिएका संस्कृतका पुस्तकहरूले नेपालको प्राज्ञिक परम्परालाई कायम राख्ने दिशामा सहयोग पुऱ्याएका छन् भन्ने हामीलाई लाग्दछ । "

यसरी संस्कृतमा हाम्रो धर्म, इतिहास, संस्कृति तथा क्रान्तिमात्र सन्निहित छैन अपितु विश्वशान्ति, विश्वमैत्री, विश्वकल्याणको अक्षयस्रोतका साथै ज्ञान-विज्ञानको अमूल्यनिधि निहित रहेको छ । फेरि संस्कृतले नेपाली, नेवारी, हिन्दी आदि आधुनिक भाषाहरूलाई मात्र होइन मध्यकालीन पालि, प्राकृत तथा प्राचीन ग्रीक, ल्याटिन भाषाहरूलाई समेत पनि गति प्रदान गरेको छ । सबै भाषाहरूलाई उछिनेर सुसांख्य (कम्प्युटर) मा समेत प्रथम रहने संस्कृत भाषाले सबै दृष्टिबाट संसारका विभिन्न भाषाहरूमा विशिष्ट ठाउँ ओगटेको छ । वर्तमान शताब्दीमा त संस्कृतप्रति विश्वको विशेष रूपमा ध्यानाकर्षण भएको छ । तसर्थ आज युरोप, अमेरिकाका विश्वविद्यालयहरूमा समेत संस्कृतलाई विशेष स्थान प्राप्त छ । आर्य संस्कृतिका धनी हामी नेपालीहरूको प्राचीन भाषा संस्कृत भएकाले नै हाम्रो देश संस्कृत तथा आर्यसंस्कृतिको उद्गमस्थल हुनाका साथै संवैधानिक रूपबाट घोषित विश्वको एकमात्र हिन्दू अधिराज्य हुन गएको छ । अतः आर्यसंस्कृतिको मूलस्रोत संस्कृत भाषाको बढीभन्दा बढी प्रयोग र प्रचार गर्नु यस देशको नैतिक दायित्व हो । तसर्थ हाम्रो अस्तित्वबोध गराउने छुट्टै विश्वविद्यालय "महेन्द्र संस्कृत विश्वविद्यालय" नाउँबाट दाङ जिल्लाको बेलझुण्डीमा वि.सं २०४३ साल माघ २५ गते श्री ५ वीरेन्द्र सरकारबाट स्थापना गरिबक्सेको हो ।

"संस्कृतमा रहेको ज्ञानभण्डारलाई आधुनिक खोज र अनुसन्धानको साँचाले खोल्नु परेको छ" जस्ता महान् वाणीबाट सम्पूर्ण संस्कृत जगत्लाई दिग्दर्शन बक्सने संस्कृततत्त्व मर्मज्ञ श्री ५ महेन्द्रप्रति नेपालको मात्र होइन, भारतको पनि संस्कृतको विकासका सम्बन्धमा विशेष विश्वास र आस्था रहेको थियो । यसैकारण श्री ५ महेन्द्रबाट भारतको राजधानी दिल्लीमा २७ नोभेम्बर १९६५ मा संस्कृत विद्यापीठ भवनको शिलान्यास सुसम्पन्न गरिबक्सेको थियो । तसर्थ संस्कृतजगत्का दिशानिर्देशक श्री ५ महेन्द्रको पुण्यस्मृतिमा संस्कृत विश्वविद्यालय स्थापित हुनु प्रासङ्गिक हुन आउँछ । वस्तुतः नेपालमा लामो समयदेखि संस्कृत विश्वविद्यालय स्थापनाको चाहना र प्रतीक्षा थियो । यसैकारण, २०२१ सालमा दाङमा आयोजित बृहत् आध्यात्मिक सम्मेलनमा "नेपालमा संस्कृत विश्वविद्यालय हुनुपर्छ" भन्ने सङ्गठित आवाज उठेको थियो । २०२४ साल चैत्र १ गते बृहस्पतिबार श्री ५ महेन्द्रबाट समुद्घाटित, दाङमा आयोजित अन्तर्राष्ट्रिय विद्वत् सम्मेलनमा देशविदेशका विशिष्ट विद्वानहरूबाट पनि नेपालमा संस्कृत विश्वविद्यालय अपरिहार्य रूपमा हुनुपर्ने कुरामा जोड दिइएको थियो । यसै पृष्ठभूमिमा संस्कृतजगत्का वरद मार्गदर्शक श्री ५ महेन्द्रका नामबाट श्री ५ वीरेन्द्र सरकारबाट "महेन्द्र संस्कृत विश्वविद्यालय' स्थापित गरिबक्सी कुलपतित्व ग्रहण गरिबक्सेबाट नेपालमा संस्कृत विकासको सुनौलो बिहानी उदायो । यस सन्दर्भमा श्री ५ वीरेन्द्रबाट विश्वविद्यालयको समुद्घाटन समारोहमा बक्स भएका सम्बोधनका दुईवटा अंश मननीय छन् :

१. "यस विश्वविद्यालयमा आइपुग्दा हामीलाई हाम्रा परमपूज्य स्व. बुबाज्यूबाट २०२४ सालमा बिजौरीमा संस्कृतजगत्का विद्वान्हरू सम्मिलित विद्वत् सम्मेलनको समुद्घाटन गरिबक्सेको सम्झना आउनु स्वाभाविकै हो । प्रातःस्मरणीय पूज्य बुबाज्यूबाट संस्कृतवाङ्मयको विकासमा भएको योगदानको सम्झना गर्दै सर्वप्रथम हामी मौसुफमा श्रद्धाञ्जली अर्पण गर्दछौं ।"

२. "हाम्रो धर्म, दर्शन र संस्कृतिको अमूल्य ज्ञान हाम्रो समाजको आवश्यकताअनुसार उपयोग र प्रवर्द्धन गर्दै लैजान महेन्द्र संस्कृत विश्वविद्यालयको गतिशील भूमिका हुनुपर्ने देखिएको छ । यस विश्वविद्यालयले उच्चतम अनुसन्धान र शोधकार्यका सँगसँगै सर्वसाधारणलाई नैतिक मर्यादा र परम्परागत मूल्य र मान्यताअनुरूप निष्ठावान् नागरिक बन्न सघाउ पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं । त्यस्तै राष्ट्रको सर्वतोमुखी विकासका लागि व्यावहारिक कार्यक्रमको तर्जुमा गरी सक्रियतापूर्वक कार्यान्वयन गर्नगराउन यो

विश्वविद्यालय पनि कटिबद्ध हुनेछ भन्ने हामीले आशा लिएका छौं ।"

यसप्रकार संक्षेपमा भन्नु पर्दा बेलायतको इटन कलेज, अमेरिकाको हार्बर्ड विश्वविद्यालय र जापानको टोकियो विश्वविद्यालयजस्ता विश्वप्रतिष्ठित शैक्षणिक संस्थाहरूबाट सुशिक्षित, संस्कृत विश्वविद्यालयका संस्थापक श्री ५ वीरेन्द्रमा संस्कृतको अन्तर्राष्ट्रिय प्रभाव अज्ञात थिएन । तसर्थ मौसुफबाट विश्व- संस्कृतिको आधारभूत नेपाली मूल्य, मान्यता, ज्ञान, विज्ञान र विचारदर्शनहरूको विशिष्ट परम्परा बोकेको संस्कृतवाङ्मयलाई विश्वपरिवेशको वर्तमान प्रसङ्गमा नेपाललाई अन्तर्राष्ट्रिय केन्द्रका रूपमा विकास गर्न "महेन्द्र संस्कृत विश्वविद्यालय" स्थापना गरिबक्सेको कुरा मौसुफबाट सो विश्वविद्यालयलाई बक्सभएको प्रस्तुत निर्देशनबाट पनि स्पष्ट हुन्छ :

"संस्कृतविद्यालाई सम्पूर्ण रूपमा हासिल गर्ने अन्य राष्ट्रका विद्वान्हरू पनि नेपालप्रति आकृष्ट होऊन् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृतविद्या अध्ययनको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न विश्वविद्यालयले प्रयास गर्नु आवश्यक छ ।"

यसरी नेपालको इतिहासमा लामो समयदेखि वाञ्छित र प्रतीक्षित संस्कृत विश्वविद्यालय श्री ५ वीरेन्द्रबाट स्थापना गरिबक्सी संस्कृतज्ञहरूलाई संस्कृतको स्रोत र विकास गर्ने स्वर्णिम अवसर मात्र बक्सभएन अपितु संस्कृतका सूत्रधारहरूमाथि संस्कृतमा निहित ज्ञान-विज्ञानलाई विश्वमा पुऱ्याउने जिम्मेदारीसमेत बक्स भयो । अर्को शब्दावलीमा भन्नुपर्दा श्री ५ वीरेन्द्रबाट संस्कृत विश्वविद्यालय स्थापना गरिबक्सी संस्कृतज्ञ नेपालीहरूलाई राष्ट्रिय विकासमात्र होइन अन्तर्राष्ट्रिय सेवा गर्ने अवसरसमेत उपलब्ध गराइबक्सेको छ ।

अन्त्यमा, नेपालमा अनौपचारिक रूपमा प्राचीन कालदेखि नै प्रचलित संस्कृत शिक्षाको औपचारिक पठनपाठन पनि वि.सं. १९३४ भन्दा अघिदेखि नै भएको पाइन्छ । त्रिभुवन विश्वविद्यालयको स्थापनापछि पनि संस्कृतको अध्ययन- अध्यापन हुँदै गयो भने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएपछि अरू अध्ययन संस्थान जस्तै संस्कृत अध्ययन संस्थान पनि स्थापित भयो । त्यसबेलादेखि मानविकी र संस्कृत अध्ययन संस्थान दुवैतिर संस्कृतको पठनपाठन हुन थाल्यो ।

यसप्रकार प्राचीनकालदेखि नै समादृत संस्कृतशिक्षाको गुरुकुलपरम्परा, पाठशाला, विद्यालय, महाविद्यालय र संस्थान हुँदै श्री ५ वीरेन्द्र सरकारको सुशासनकालमा स्वतन्त्र विश्वविद्यालयका रूपमा पूर्ण विस्तार र प्रतिष्ठा प्राप्त गऱ्यो जसबाट संस्कृतको विकासको स्वर्णकाल दृढ हुनगई महेन्द्र संस्कृत विश्वविद्यालयका संस्थापक श्री ५ वीरेन्द्रवीरविक्रम शाहको नाम नेपालको इतिहासमा चन्द्रकान्त मणिझैँ चम्किएर मौसुफको कीर्तिकाय अजर र अमर हुन गएको छ । अतएव संस्कृतमा भनिएको छ-

"जयन्ति ते सुकृतिनः लोकसेवापरायणाः ।
नास्ति तेषां यशः काये जरामरणजं भयम् ॥

●

जनकल्याणमा समर्पित राजा वीरेन्द्र

• *विदुर के.सी.*

नेपालका शाहवंशीय राजाहरूबाट यस मुलुकमा लोकसम्मतिको अनुकूल शासनव्यवस्था सञ्चालन गरिबक्सेको ऐतिहासिक तथ्य जीवन्त छ। देश र देशवासीको समृद्धिको लक्ष्यसहित राजा र प्रजाका बीच अन्योन्याश्रित सुसम्बन्धलाई सदैव दरिलो बनाइराख्न राजसंस्थाबाट अथक प्रयास भएका छन्। राजाहरूबाट जनताका पीरमर्का बुझ्रेर निराकरण गरिदिन उपयुक्त उपायहरू अवलम्बन गरिएका छन्। उल्लिखित क्रममा श्री ५ वीरेन्द्रको विशिष्ट स्थान र नाम अङ्कित रहिरहनेछ।

श्री ५ वीरेन्द्रबाट २०२८ माघ १७ गते गद्दीआरोहण गरिबक्सेदेखि नै जनकल्याणकारी कार्यमा ज्यादै समर्पित होइबक्सियो। मौसुफबाट गरिबक्सेका योगदान र त्याग अविस्मरणीय छन्। मौसुफका सम्मानमा २०२९ साल वैशाख १ गते आयोजित अभिनन्दनसमारोहमा सारगर्भित सम्बोधन बक्सहुँदै हुकुम भएका यी वाणीबाट नवोदित राजाको दृष्टिकोण स्पष्ट हुन्थ्यो- "जसरी मलाई मेरो देश र जनताको ममता छ, उसैगरी भोक र रोगले पीडित मेरा जनताप्रति मेरो जिम्मेदारी छ।' सोही दिन नयाँ वर्षको उपलक्ष्यमा देशवासीको नाममा बक्सेको यस सन्देशबाट योजनाको सम्बन्धमा मौसुफको धारणा बुझ्न सकिन्थ्यो- 'देश विकासका लागि अपनाइने कुनै पनि योजना समस्त नेपाली जनताको भलाइका निम्ति बनाइने योजना हो। त्यस्तो योजना बनाउँदा वास्तविक जनआकांक्षाको प्रतिनिधित्व होस् भन्ने उद्देश्य लिई विकासको गतिलाई अझै तीव्र बनाउन मैले एउटा राष्ट्रिय विकास परिषद्को गठन गर्नुका साथै राष्ट्रिय योजना आयोगलाई अरू बढी सक्रिय र सुसङ्गठित बनाउने व्यवस्था पनि मिलाउन लागेको छु।" यसअनुसार गठित राष्ट्रिय विकास परिषद्को अध्यक्षता बहुदलीय व्यवस्थाको पुनर्बहाली हुनुअघिसम्म मौसुफ स्वयंबाट गरिबक्सन्थ्यो। उक्त विकास परिषद्को पहिलो बैठकमा अध्यक्षको आसनबाट २०२९ फागुन १७ गते बक्सेको निर्देशनमा उल्लेख छ- "जहिले पनि सम्झिनुपर्ने कुरा यहाँ काम गरेको कसका लागि भने जनताकै लागि हो। जनतालाई शोषण गर्ने र झुक्याउने प्रवृत्ति अब हटाउनुपरेको छ।" वस्तुतः श्री ५ वीरेन्द्रबाट नेपालको विकास र योजनाको क्षेत्रमा नयाँ आयाम प्रदान गरिबक्सेको थियो। मौसुफ "रोग, भोक, महङ्गी, अभाव र अशिक्षा हाम्रो पछौटेपनका अभिशापहरू हुन्" भन्ने हुकुम हुँदै यिनका विरुद्ध सङ्घर्षमा लाग्न आह्वान गरिबक्सन्थ्यो। विकासका गतिमा तीव्रता ल्याउने र जनताका पीरमर्का बुझी समाधान गरिदिने सिलसिलामा मौसुफबाट चालिएका अनेकौं कदमहरूमध्ये यहाँ दुई विषयको चर्चा गरिएको छ।

जाँचबुझ केन्द्रमार्फत रेखदेख

श्री ५ महेन्द्रबाट २०२७ साल पुस २७ गते श्री ५ युवराजाधिराज वीरेन्द्रको प्रत्यक्ष रेखदेखमा रहने गरी जाँचबुझ केन्द्रको स्थापना गरिबक्सियो। यो केन्द्र खडा गर्नुको मुख्य ध्येयमा जनकल्याणको निम्ति बनाइने नीति एवम् योजनाहरू देश सुहाउँदो होस्, हाम्रा प्रशासक/व्यवस्थापकमा तिनको कार्यान्वयन गर्नसक्ने क्षमता बनोस् र प्रशासनिक ढिलासुस्ती तथा कमजोरीहरूबाट

जनतामा पर्नसक्ने पीरमर्का हटाउन प्रशासनलाई सक्षम, उत्तरदायी एवम् जनताप्रति संवेदनशील तुल्याउन सकियोस् भन्ने रहेको थियो । जाँचबुझ केन्द्रमा स्वदेशका विभिन्न क्षेत्रका दक्ष तथा प्रतिभासम्पन्न, समस्यासँग पूर्ण परिचित विषयवेत्ताहरूलाई एकत्रित गरी काम लगाइयो । केन्द्रले विज्ञहरूको चिन्तन समूह (Think Tank) तथा पीरमर्का बुझ्ने निरीक्षण निकाय (Ombudsman) दुवैको भूमिका प्रशंसनीय तवरमा पूरा गऱ्यो । केन्द्रका क्रियाकलाप अघि बढाउन स्वयम् श्री ५ वीरेन्द्रबाट गहिरो चासो राखिबक्सी कुशलतापूर्वक निर्देशन दिइबक्सन्थ्यो । केन्द्रमा कार्यरत योग्य जनशक्तिले सम्बन्धित क्षेत्रको वस्तुस्थिति बुझेर, सत्यासत्यको छानविन र विश्लेषणद्वारा व्यवस्थित अनुसन्धानमूलक प्रतिवेदनहरू तयार पाऱ्यो । तिनलाई नीति र योजनाको रूपमा क्रमशः कार्यान्वयनमा ल्याइए, जसबाट नेपालको प्रशासनिक क्षेत्रमा दीर्घकालसम्म सकारात्मक असर पाऱ्यो । केन्द्रले तयार पारेका यस्ता प्रतिवेदनकै आधारमा योजना सङ्गठनको संस्थागत सुधार, लोकसेवा आयोगको सुदृढीकरण, निजामती सेवाको नयाँ स्वरूप, जिल्ला प्रशासन योजना, विकेन्द्रीकरण योजना, दीर्घकालीन कृषि योजना, स्वास्थ्य योजना, वन योजना आदि लागू गरिए । साथै केन्द्रले तयार पारी २०३१ चैत्रमा प्रकाशमा ल्याएको 'मेचीदेखि महाकाली' नामक चार भागको बृहत् ग्रन्थले नेपालको पचहत्तरै जिल्लाहरूको भौगोलिक, आर्थिक तथा सामाजिक परिस्थितिको स्पष्ट जानकारी दिन्छ । बहुदलीय व्यवस्थाको पुनःस्थापनापश्चात् यस केन्द्रलाई विघटन गरिएपनि आफ्नो कार्यकालको दुई दशकको अवधिमा सम्पादित कार्यहरूको विश्लेषण गर्दा यसलाई एक संस्थागत नवसिर्जना (Institutional Innovation) का रूपमा स्मरण गरिरहिनेछ । यसको श्रेय श्री ५ वीरेन्द्रलाई जान्छ ।

स्वदेश भ्रमण

श्री ५ वीरेन्द्रबाट युवराजाधिराज होइबक्सँदादेखि नै अर्थात् २०२१ सालदेखि देशका विकट स्थानहरूमा पैदल भ्रमणमा सवारी होइवक्सी मुलुकको यथार्थस्थितिसँग परिचित होइवक्सने क्रम प्रारम्भ गरिबक्सियो । यस्तो स्वदेश भ्रमणको प्रयोजनका सम्बन्धमा श्री ५ महेन्द्रबाट हुकुम भएको थियो- 'जुन राजाले जनता र देश चिनेको छैन, आफ्नो धर्ती चिनेको छैन र देशको परिस्थिति थाहा पाएको छैन, त्यो कसरी राजा हुन्छ ? योग्य राजा त्यही हुन्छ, जसले जनताको अवस्थालाई नजिकबाट नियालेको हुन्छ । योग्य राजा त्यही हुन्छ, जसले देशका कुनाकाप्चामा पुगेर देशको वास्तविकता बुझेको हुन्छ । मैले पनि नेपालका अधिकांश जिल्लाको पैदल भ्रमण गरेको छु । म चाहन्छु, नेपाललाई बुझ्न युवराज वीरेन्द्रले देशका कुनाकुनाको भ्रमण गर्नैपर्छ । त्यसैले मैले उनलाई देश बुझ्न पठाएको हुँ ।' (वेदानन्द झा : 'श्री ५ वीरेन्द्रको अधुरो सपना,' श्री ५ वीरेन्द्र स्मृति ग्रन्थ, पृष्ठ ३४४, २०५९ असार) ।

स्वदेशभ्रमणको क्रमलाई श्री ५ वीरेन्द्रले राज्यारोहण गरेपछि पनि निरन्तरतामात्र दिइबक्सेन, यसलाई उद्देश्यमूलक र व्यवस्थित गरिबक्स्यो । नेपाल अधिराज्यको सन्तुलित विकासको दृष्टिबाट विकास- क्षेत्रको अवधारणा प्रतिपादन गरिबक्सेपछि प्रत्येक वर्ष विकास क्षेत्रहरूको आलोपालो भ्रमणमा सवारी होइबक्सन्थ्यो । २०२९ सालमा पूर्वाञ्चल विकासक्षेत्रको धनकुटा सवारी होइबक्सेको अवसरमा २०२९ साल चैत्र १६ गते स्थानीय जनताद्वारा आयोजित नागरिक अभिनन्दन समारोहमा बक्सेको यस सन्देशले भ्रमणको औचित्य पुष्टि हुन्छ- "यस भ्रमणबाट हामीले विकासको वातावरण तयार पार्न आइपर्ने बाधा र समस्याहरूबारे अरू बढी जानकारी हासिल गर्ने मौका पायौँ । यातायात र सञ्चारको दृष्टिले यसको पहाडी भाग अझै पिछडिएको छ । श्री ५ को सरकारलाई धरानदेखि धनकुटासम्म मोटर चल्ने सडक बनाउनुपर्ने कुराको निर्देशन दिएका छौं ।"

प्रजावत्सल तथा विकासप्रेमी श्री ५ वीरेन्द्र राष्ट्र र राष्ट्रोत्थानका लागि कति चिन्तित होइबक्सन्थ्यो भन्ने कुरा मौसुफको शुभराज्याभिषेकको अवसरमा २०३१ फागुन १२ गते राष्ट्रका नाममा बक्सेको यस सन्देशबाट अवगत हुन्छ- "तीन वर्षअघि हामीले राज्यारोहण गरिबक्सेदेखि हामीलाई एउटै चिन्ताले पिरोलेको छ- यो देशको सार्वभौमिक स्वतन्त्रता, जसबाट मात्र प्रत्येक नेपालीको व्यक्तिगत स्वतन्त्रता प्रादुर्भाव हुन सक्छ- यो सार्वभौमिक स्वतन्त्रतालाई कसरी रक्षा गर्ने, कसरी हाम्रा प्यारा प्रजाको परिपालन र कल्याण गर्ने, कसरी हाम्रा देशवासीलाई सच्चा निशाफ दिलाई सुख, शान्ति र स्वतन्त्रताको बाटोमा अग्रसर तुल्याउने यिनै उद्देश्यबाट प्रेरित भएर हामीले स्वदेश भ्रमणको क्रम चलायौं, हाम्रा देशवासीहरूसँग सुख, दुःखका कुरा गऱ्यौं र नेपाल र नेपालीको विकासको प्रश्न नै आधारभूत समस्या भएको बुझी आर्थिक विकास गर्ने कुरामा सर्वोपरि जोड दिंदै आयौं ।"

राजदरबारको सुखसयलबाट टाढा रही प्रत्येक वर्ष कुनै विकासक्षेत्रको सदरमुकाममा करिब एक महिना शिविर खडा गरी सो अवधिमा उक्त विकासक्षेत्रअन्तर्गत पर्ने सबै जिल्लाहरूको भ्रमण गरिबक्सने प्रचलन २०४६ सम्म कायम राखिबक्स्यो । यसरी भ्रमणमा सवारी होइबक्सनुअघि भ्रमण गरिबक्सने विकासक्षेत्रमा सञ्चालित विकासनिर्माणका गतिविधि हरूबारे सम्बन्धित मन्त्री र सचिवबाट विस्तृत जाहेरी सुनि बक्सन्थ्यो । सवारी शिविरमा सवारी होइबक्सेपछि भ्रमणदलका सवारी मन्त्री,

उच्च पदस्थ कर्मचारी र अन्य पदाधिकारीहरूले निश्चित दैनिक-क्रिया (रुटिन) अनुसार खाने, बस्ने र निर्धारित जिम्मेवारी निर्वाह गर्नुपर्दथ्यो । मौसुफ स्वयंबाट सम्बन्धित कर्मचारीहरूलाई राखेर समीक्षाबैठकमा प्रगतिको विवरण सुन्ने, लक्ष्यअनुसार काम हुन नसकेका भए, के कस्ता समस्या आइपरेका छन् र तिनलाई समाधान गर्न कस्ता उपाय गरिनुपर्दछ भन्ने छलफल गराई निष्कर्ष पहिल्याइबक्सन्थ्यो । छानिएका विकासनिर्माणसम्बन्धी आयोजनाहरूको समुद्घाटन वा निरीक्षणका लागि मौसुफ सवारी होइबक्सन्थ्यो । सवारीशिविरमा विभिन्न पेशा र वर्गका जनतालाई दर्शनभेट बक्सी तिनका गुनासा, उजुरी र सुझावहरू/बिन्तीपत्रहरू लिइबक्सन्थ्यो । राजाबाट भ्रमणको अन्त्यमा श्री ५ को सरकारलाई मार्ग-दर्शन तथा निर्देशन बक्सहुन्थ्यो ।

तिनको कार्यान्वयनका लागि सरकारले तत्काल निर्णय गर्दथ्यो । मौसुफबाट बक्स भएका निर्देशनहरू अवलोकन गर्दा बहुआयामिक पक्षलाई समेटिएको देखिन्थ्यो । तिनमा मुख्यतः सम्बन्धित विकासक्षेत्रको उत्थानमा गतिशीलता ल्याउने, जनसाधारणका आधारभूत आवश्यकता परिपूर्ति गर्ने कार्यक्रमलाई प्राथमिकता दिने, उपलब्ध पूर्वाधारको सदुपयोग गर्ने, स्थानीय सीप, साधन र श्रोतमा आधारित आयोजनाहरू कार्यान्वयनमा ल्याउने, आयोजनाहरू समयमै सम्पन्न गर्ने, शान्ति सुरक्षा र अमनचयन कायम राख्ने आदि सूक्ष्म विषयहरूलाई पनि उल्लेख गरेको पाइन्थ्यो । श्री ५ बाट बक्सेका यस्ता निर्देशनको कार्यान्वयन तथा अनुगमनका लागि मन्त्रिपरिषद् सचिवालयमा प्रत्येक विकासक्षेत्रका लागि छुट्टाछुट्टै समिति खडा गरिएका थिए । सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगमा कार्यान्वयन स्थितिको समीक्षा गरिन्थ्यो । प्रधानमन्त्रीको अध्यक्षतामा हुने बैठकबाट कार्यान्वयन मूल्याङ्कनको सारांश तयार पारी श्री ५ को जुनाफमा चढाउने परिपाटी अपनाइएको थियो ।

श्री ५ वीरेन्द्रबाट हुने गरेको स्वदेशभ्रमणको प्रभाव ज्यादै प्रभावोत्पादक र गरिमामय थियो । श्री ५ को सरकारको एउटा पूर्वकर्मचारीको हैसियतले म के अनुभव गर्दछु भने यस्तो भ्रमणलाई अनुत्पादक भनेर कसैले आलोचना गरेकामा त्यो अनाहक र आरिसे संस्कार थियो । भ्रमणको उपलब्धिको गहिराइसम्म नपुगेर सतहमा फैलाइएको दुराशय थियो । राजालाई कुनै कर्मचारी वा नेताबाट दुष्प्रयास भए तापनि कर्तूत पत्ता लाग्दा लज्जित हुन्थे । यसप्रकार, राजाबाट भ्रमण हुने थाहा पाएर प्रशासन जुर्मुराउँदथ्यो । विकासनिर्माणको गतिमा शीघ्रता ल्याउन मद्दत पुगेको थियो । शान्तिसुरक्षाको स्थिति मजबुत पार्न योगदान मिलेको थियो । प्रशासनिक संयन्त्र अनुशासित र मर्यादित ढङ्गले परिचालित हुन्थ्यो । मौसुफबाट प्रशंसनीय ढङ्गले कर्तव्य पूरा गर्ने कर्मचारीलाई पुरस्कृत र लापरवाही गर्ने कर्मचारीलाई दण्डित गर्न निर्देशन हुने गरेबाट कर्मचारीमा आश र त्रासको वातावरण सृजना हुन्थ्यो । मौसुफको दर्शन-भेटको अवसर पाउने राजनीतिक कार्यकर्ता तथा जनताले आफ्ना गुनासा, बिन्ती चढाउन पाएबाट समाधानको विश्वासमा उत्साहित हुन्थे । देशका पिछडिएका तथा अनकन्टार भेगका जनताले समेत आफ्ना राजा, रानीलाई घर-आँगनका छेउ वा नजिक भञ्ज्याङचौतारीमा दर्शन पाउँदा आत्मसन्तोष लिन्थे । यसबाट राजा र जनताबीच अटुट सुसम्बन्ध कायम राख्न र राजतन्त्रमाथि अगाध आस्था व्यक्त गर्नसमेत सघाउ पुगेको थियो ।

२०५९, मंसिर १६, सोमबार
स्यूचाटार गा.वि.स. ४, काठमाडौँ

●

संस्कृत वाङ्मयको विकासमा श्री ५ वीरेन्द्रको योगदान

● *प्रा. विद्यानाथ उपाध्याय*

नेपाल अधिराज्यमा अति प्राचीन समयदेखि नै राजसंस्थाबाट संस्कृतविद्या(वाङ्मय) को विकासमा अत्यन्त महत्त्वपूर्ण र गौरवशाली योगदान गर्ने भूमिका निर्वाह हुँदै आएको तथ्य सुस्पष्ट छ। वास्तवमा भन्ने हो भने राजसंस्था त संस्कृतविद्याको संरक्षण र संवर्द्धनको प्रोज्ज्वल प्रतीक नै बनिसकेको छ।

वेद, पुराण, इतिहास, धर्मशास्त्र आदि अनेकौं विधाका संस्कृत भाषाका निबद्ध ग्रन्थरत्नहरूले मानवसमाजको रचना र यसको सुव्यवस्थापनमा राजाको स्थान अत्यन्त उत्कृष्ट र परम श्रद्धास्पद एवम् गरिमामय मानेका छन्। राजाबिना समाजको रचना नै सुदृढ हुँदैन; खुकुलो समाज रचना भएमा यसको सञ्चालन सुव्यवस्थित हुने प्रश्न नै छैन र अव्यवस्थित समाज सुखी र समृद्ध हुन सम्भव छैन। त्यसैले राजाबिनाको समाज विशृंखलित भएर दिगो नहुने हुनाले मनिषीहरू राजाको नेतृत्व र नियन्त्रण समाजमा निरन्तर रहिरहनुपर्ने तथ्यलाई अपरिहार्य मान्दछन्।

यसै परिप्रेक्ष्यमा नेपालमा राजाको मान्यता लिच्छवि, मल्ल एवम् शाह तीनै कालमा अपरिहार्य र सर्वमान्य रहिआएको हो। नेपालको राजपरम्परा पनि राजा स्वयम् संस्कृतका ज्ञाता, संस्कृत वाङ्मयका संरक्षक, संवर्द्धक, शास्त्रीय मर्यादाका परिपालकसमेत रहिआएको तथ्य पनि इतिहासप्रसिद्ध छ। यसै परम्परामा तत्कालीन राजा श्री ५ महेन्द्रबाट २०२४ सालमा दाङमा संस्कृतका उत्कृष्ट विद्वान्हरूको अभूतपूर्व सम्मेलनमा बक्सभएको भाषणका मर्महरू संस्कृत वाङ्मयको नेपालमा आजसम्म भएको विकासका आधार हुन्। स्वर्गीय श्री ५ महेन्द्रबाट उक्त भाषणमा-

- संसारको सभ्यताको इतिहासको विकासमा संस्कृतको महत्त्वपूर्ण देन छ।
- संस्कृतको लाभ नभै हामीले आफ्नै आचार-विचारको मर्म पनि बुझ्न सक्तैनौं।
- पुरातनकालदेखिनै नेपालले संस्कृतमा दिलचस्पी लिएको बुझिन्छ र तरक्की पनि गर्दै आएको हो।
- हाम्रो सगरमाथाजस्तो संसारको सबभन्दा अग्लो चुचुरो भएको हिमवत्खण्डको माहात्म्य पनि संस्कृतमै पाइन्छ।
- (हामीले) समयलाई चिनेर सुहाउँदो ज्ञान र विज्ञानका समन्वयले प्राचीन इतिहास र परम्पराको जग नखल्बल्याई, तर आधुनिक व्यावहारिक कर्म र चरित्रमा कसरी आवश्यक सुधार गनुपर्दछ। आज म यसै विद्वत् सम्मेलनद्वारा संसारका सम्पूर्ण संस्कृतका अनुयायी, लेखक, कवि, विद्वान्, पण्डित, विशेषज्ञ सबैछेउ हार्दिक अनुरोध गर्दछु, अपिल गर्दछु। अव यस कुरामा ठोस अनुसन्धान र व्यावहारिक कार्यान्वियन हुनु नितान्त आवश्यक भएको छ, हुनुपर्छ।

हुकुम भई संस्कृत वाङ्मयको वर्तमानकालीन विकासमा लिनुपर्ने नीतिको मार्गदर्शन सरकारबाट बक्सभएको हो। त्यसबेला उपस्थित सम्पूर्ण मनिषी विद्वान्हरू भूरिभूरिले प्रशंसा गरेर मौसुफलाई भावपूर्ण आशीष प्रदान गरे।

उनै महान् राजाका सुयोग्य उत्तराधिकारी सुपुत्र श्री ५ वीरेन्द्रबाट नेपालमा संस्कृत विद्याको विकासका लागि २०४३ सालमा महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना गरिबक्स्यो।

यसका निमित्त बनेको ऐनमा प्रस्तावना भागमा उल्लेख छ-"नेपाल अधिराज्यमा संस्कृत शिक्षालाई उच्चतम तहसम्म सुव्यवस्थित गर्न, संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका विशेष उपलब्धिहरूलाई समयानुसार अध्ययन, अनुसन्धान, संरक्षण र संवर्द्धन गर्न, परम्परागत धर्म र नैतिक मान्यता, सदाचार र सच्चरित्रताको परिपालन गर्दै नेपाल अधिराज्यलाई संस्कृत विद्याको ज्ञान र प्रेरणा प्राप्त गर्ने केन्द्रका रूपमा विकास गर्न र नेपाल अधिराज्यमा अति प्राचीन समय देखि नै राजसंस्थाबाट प्राप्त हुँदै आएको संस्कृत विद्याको गौरवमय संरक्षण प्रतीक स्वरूप स्वर्गीय श्री ५ महेन्द्रवीरविक्रम शाहदेवका पुण्यस्मृतिमा संस्कृत विश्वविद्यालय स्थापना गर्न वान्छनीय भएकाले श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र समितिले यो ऐन बनाइबक्सेको छ।"

महेन्द्र संस्कृत विश्वविद्यालयको २०४३ सालमा भएको स्थापना संस्कृत वाङ्मयको वर्तमानकालिक विकासमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवबाट भएको उत्कृष्ट योगदान हो। मौसुफको प्रज्वलकीर्ति हो। यो विश्वविद्यालय एउटा यस्तो प्रकाशस्तम्भ हो जसबाट निस्केको आलोकका सहायताले आज नेपालमा संस्कृत विद्याको विकासअभियान सञ्चालित हुँदै आएका छन्।

यस विश्वविद्यालय सभाको पहिलो बैठकको अध्यक्षता श्री ५ वीरेन्द्रबाट स्वयम् गरिबक्सँदा सरकारबाट संस्कृत विद्यालाई युगसुहाउँदो बनाउँदै यसको समुचित विकास गर्न विश्वविद्यालयका पदाधिकारीहरूलाई मार्गदर्शन गरिबक्सेको थियो।

श्री ५ वीरेन्द्र महेन्द्र संस्कृत विश्वविद्यालयका कुलपतिको गरिमामय पदमा स्वयम् राज भएर नेपालमा संस्कृत विद्याको संरक्षण र संवर्द्धनसम्बन्धी नीतिनिर्धारण, कार्यक्रम निर्माण एवम् कार्यान्वयनमा सबल नेतृत्व प्रदान गरिबक्सन्थ्यो। संस्कृत उत्कृष्ट विद्या हो। यसको समृद्ध वाङ्मयले नेपाली संस्कृतिको संरक्षण र प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ। नेपाली संस्कृतिलाई व्यापक अर्थमा लिदा समग्रमा नेपाली संस्कृतिको पोषक र उपकारकका रूपमा संस्कृत वाङ्मयलाई लिन सकिने हुनाले यसको आधुनिकतम विकास वर्तमान युगमा हुनु पर्दछ। यो वाङ्मय अतीतको गौरवका रूपमा मात्र मान्य नभई यसको साथसाथै वर्तमान युगका लागि पनि अत्यन्त ग्राह्य र उपयोगी हुन सकोस् भन्ने सरकारको सदिच्छा रहेको सरकारको समयसमयमा हुने दर्शनभेटहरूमा व्यक्त भएका भावनाहरू र सरकारबाट बक्स भएका निर्देशनहरूबाट बुझिने गर्दथ्यो।

वि.सं. २०४४ असारमा श्री ५ वीरेन्द्र सरकारबाट संस्कृत विश्वविद्यालयलाई नौसूत्रीय निर्देशन भयो। यी नौवटा सरकारबाट प्राप्त निर्देशन संस्कृत वाङ्मयको सर्वतोमुखी विकासका आधारका रूपमा स्थापित भए।

बक्स भएका निर्देशनहरू :

१. देशमा विभिन्न शास्त्रीय विषयहरूमा आधिकारिक विद्वानहरूको खाँचो छ। महेन्द्र संस्कृत विश्वविद्यालयले हाल प्रचलित संस्कृतको अध्ययन अध्यापनलाई सुव्यवस्थित गरी एक निश्चित समयभित्र देशको आवश्यकताअनुसार विशेष शास्त्रीय विद्वान् तयार पार्ने काममा अगाडि बढ्नुपर्दछ।

२. आफ्नो यस वैज्ञानिक युगमा ज्ञानको पनि ठूलो आवश्यकता भएकाले विश्वविद्यालयले ज्ञान र विज्ञानको समन्वयात्मक अध्ययन र अनुसन्धान गराउनुपर्दछ।

३. यस विश्वविद्यालयले संस्कृत वाङ्मयमा निहित ज्योतिष, आयुर्वेद, योगविज्ञान, कलाकौशल आदि प्रयोगप्रधान प्राविधिक विद्याको विकासमा उचित ध्यान दिन आवश्यक छ।

४. विश्वविद्यालयले स्वतन्त्ररूपमा आफ्नै आर्थिक स्रोत पनि बढाउँदै र जुटाउँदै जानुपर्दछ।

५. दाताले दिएका चलअचल सम्पत्तिको संरक्षण तथा सुव्यवस्थित रूपमा परिचालन गर्ने व्यवस्था विश्व विद्यालयले गर्नुपर्दछ।

६. संस्कृतका छात्र जुनसुकै कार्यक्षेत्रमा गए पनि आफ्नो राष्ट्रिय संस्कार बोकेर जाऊन् र अरूलाई पनि त्यससँग परिचित गराउन सक्षम हुनुका साथै यसबाट प्रभावितसमेत पार्न सकून् भन्ने उद्देश्य राखेर विश्व विद्यालयले आफ्ना शैक्षिक कार्यक्रमहरूको तर्जुमा गर्नुपर्दछ।

७. संस्कृतका छात्रहरू आफ्नो संस्कृतिको गौरवमय परम्परा, निष्ठावान्, नैतिक, अनुशासित र राष्ट्रभक्त बनेर समस्त देशमा उदाहरण बन्न सकून्, संस्कृतका शिक्षक स्वयम् उनीहरूको प्रत्यक्ष मार्गदर्शक बनून्, यसका निमित्त विश्वविद्यालयले प्रयास गर्नुपर्दछ।

८. संस्कृत विद्यालाई सम्पूर्ण रूपमा हासिल गर्न अन्य राष्ट्रका विद्वान्हरू पनि नेपालप्रति आकृष्ट होऊन् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृत विद्या अध्ययनको केन्द्रको रूपमा विकसित गर्न विश्वविद्यालयले प्रयास गर्नु आवश्यक छ।

९. संस्कृतमा रहेका शास्त्रीय चिन्तनहरूलाई मानवमात्रको हित र कल्याणका लागि व्यावहारिक ढङ्गले सदुपयोग गर्न विश्वविद्यालयले शोधकार्य गराउनुपर्दछ।

श्री ५ वीरेन्द्रबाट वि.सं. २०४४ आषाढ ७ गते कुलपतिका हैसियतले महेन्द्र संस्कृत विश्वविद्यालय सभाको प्रथम बैठकको अध्यक्षता ग्रहण बस्सँदा बक्स भएका उपर्युक्त नौसूत्रीय निर्देशनहरू

संस्कृत विद्या/वाङ्मयको सर्वतोमुखी विकास गर्ने प्रयोजनका लागि कार्यनीति, योजना, कार्यक्रमहरूको निर्माण एवम् कार्यान्वयनमा समुज्ज्वल मार्गदर्शक भएका छन् ।

श्री ५ वीरेन्द्र सबभन्दा ठूलो जोड योजनाबद्ध विकासमा प्रदान गरिबक्सन्थ्यो । अनियोजित कार्यक्रमहरूको सम्पादन मौसुफलाई मन पर्दैनथ्यो । यो तथ्य सरकारबाट व्यक्त वाणीहरूबाट स्पष्ट हुने गर्दथ्यो । देशको आवश्यकताअनुसार सक्षम जनशक्ति निर्माण, ज्ञान र विज्ञानको समन्वय, प्राविधिक विद्यामा विशेष जोड, आर्थिक स्वावलम्बन, सम्पत्तिको सदुपयोग र सुव्यवस्था मौसुफका मार्गदर्शक निर्देशकसिद्धान्त हुन् । यसै बाटोबाट संस्कृतका अभियन्ताहरू निरन्तर हिडून् र आफ्नो गन्तव्य बिन्दु-संस्कृत विद्याको समग्र विकास प्राप्त गर्न सफल होऊन् भन्ने मौसुफको सदिच्छा थियो ।

संस्कृतका ज्ञाताहरू, छात्रशिक्षक सबै नै आत्महीनताको भावनाले ग्रस्त नबनून्, राष्ट्र विकासको अभियानमा सबैसरह काँधमा काँध मिलाई जुटून् भन्ने मौसुफ सरकार सधैँ चाहिबक्सन्थ्यो । त्यतिमात्र होइन, संस्कृतका छात्र त स्वयम् नैतिक, अनुशासित, राष्ट्रभक्त बनेर अरूका निमित्त पनि उदाहरण बन्न सकून् भन्ने सरकारको ठूलो चाहना थियो । कत्रो अपेक्षा ! कत्रो विश्वास ! संस्कृतक्षेत्रले श्री ५ वीरेन्द्र पाएको थियो । त्यो सम्झँदा हृदय आज पनि गद्गद् भएर आउँछ, नेत्र रसाएर आउँछ ।

राजनीति, अर्थनीति, सामाजिक स्थिति आदिआदि क्षेत्रका भौतिक विकासमा त नेपालले अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्न प्रायः सजिलो पर्दैन, तैपनि यौटा यस्तो क्षेत्र छ, जसको विकासले नेपाल अन्तर्राष्ट्रिय क्षेत्रमा पनि आफ्नो विशिष्ट परिचय स्थापित गर्न सक्तछ । त्यो हो-संस्कृतविद्याबाट प्राप्त हुनसक्ने आध्यात्मिक विकास । भौतिक क्षेत्रमा भएको वैज्ञानिक विकासको परिणाम उन्नति पनि हो र ध्वंस पनि, तर आत्मिक विकासको परिणाम विश्वबन्धुत्व, सौहार्दता, शान्ति, भाइचारा र प्रेम हो भन्ने तथ्यप्रति श्री ५ मा पूर्ण विश्वास थियो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । त्यसैले त संस्कृत विद्याअध्ययनको विशिष्ट केन्द्र बनाउन प्रयास गर्नुपर्ने जोड सरकारबाट बक्सेको थियो । संस्कृत विद्याबाट प्राप्त हुने चिन्तनको मूल ध्येय मानव मात्रको हित र कल्याण हो भन्ने प्रबल विश्वास मौसुफको थियो । त्यसैले सरकारबाट जहिले पनि संस्कृत विद्याबाट प्रदान हुने सैद्धान्तिक कल्याणकारी चिन्तनको सदुपयोग कसरी हुन सक्तछ भन्ने विषयमा अनुसन्धान गर्न निर्देशन बक्स हुन्थ्यो ।

संस्कृत सिद्धान्तमा मात्र सीमित नहोस्, कार्यमूलक बनोस्, युगीन बनोस् र संस्कृत विद्याको अमृतफलरस सबैले आज पनि चाख्न पाऊन् भन्ने आकांक्षा सरकारबाट राखिबक्सन्थ्यो । त्यही आकांक्षालाई क्रियान्वित तुल्याउन, मूर्त बनाउन चाहिबक्सेर नै हो- सरकारबाट महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना गरिबक्सेर, त्यसको मूल नेतृत्व पनि स्वयम् नै ग्रहण गरिबक्सेको ।

श्री ५ वीरेन्द्र, बडामहारानी ऐश्वर्यका साथ महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन निगाह हुन पुनः केन्द्रीय कार्यालय बेलझुण्डी दाङ सवारी भैबक्स्यो । त्यहाँ सरकारको कार्यक्रम केबल बीस मिनेटमात्र थियो । श्री ५ ऐश्वर्य स्थानीय भ्रमण गरिबक्सी बीस मिनेटमा फिर्ती सवारी हुने, श्री ५ वीरेन्द्र विश्वविद्यालय सभाको अध्यक्षता गरिबक्सी सँगै फिर्ती सवारी हुने योजना थियो । तर सभाको बैठकमै सरकारबाट करिब डेढ घण्टा विभिन्न पक्षहरूमा विभिन्न समस्याहरूमा छलफल गरिबक्सी निर्देशन निगाह भएर बडो विलम्ब भए पनि केही आपत्ति गरिबक्सेन र पछि फिर्ती सवारी हुँदा योजनाबद्ध ढङ्गबाट राम्ररी विचार पुऱ्याएर काम गर्नू भन्ने निर्देशन बक्स भयो । त्यसबेलाको सरकारको प्रेम, सद्भावना विचार गर्दा गहभरि आँसु भरिआउँदछ र धन्यधन्य भन्न मन लाग्दछ ।

महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन निगाह हुँदा श्री ५ वीरेन्द्रबाट हुकुम बक्सेको भाषण आज पनि हिजोजस्तो लाग्छ, कानमा गुञ्जिरहेको छ :

१. आज महेन्द्र संस्कृत विश्वविद्यालयको समुद्घाटन गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।
२. यस विश्वविद्यालयमा आइपुग्दा हामीलाई हाम्रा परमपूज्य बुवाज्यूबाट २०२४ सालमा दाङ बिजौरीमा संस्कृत जगत्का विद्वान्हरू सम्मिलित विद्वत्सम्मेलनको समुद्घाटन गरिबक्सेको सम्झना आउनु स्वाभाविकै हो । प्रातःस्मरणीय पूज्य बुवाज्यूबाट संस्कृत वाङ्मयको विकासमा भएको योगदानको सम्झना गर्दै सर्वप्रथम हामी मौसुफमा श्रद्धाञ्जली अर्पण गर्दछौं ।
३. हाम्रो देशमा ऐतिहासिक कालदेखिनै संस्कृत भाषाले राजकीय तथा सामान्य जनजीवनमा समेत महत्त्वपूर्ण स्थान पाएको कुरा प्राचीन शीलापत्र एवम् संस्कृत भाषाका हस्तलिखित ग्रन्थहरूबाट प्रष्ट हुन्छ । त्यसै गरी तन्त्र, कर्मकाण्ड तथा साहित्य एवम् दर्शनसम्बन्धी विभिन्न विषयहरूमा लेखिएका संस्कृतका पुस्तकहरूले नेपालको प्राज्ञिक परम्परालाई कायम राख्ने दिशामा सहयोग पुऱ्याएका छन् भन्ने हामीलाई लाग्दछ ।
४. हाम्रो धर्म दर्शन र संस्कृतिको अमूल्य ज्ञानको भण्डारलाई हाम्रो समाजको आवश्यकताअनुसार उपयोग र प्रवर्द्धन गर्दै लैजान महेन्द्र संस्कृत विश्वविद्यालयको गतिशील भूमिका

हुनुपर्ने देखिएको छ। यस विश्वविद्यालयले उच्चतम अनुसन्धान र शोधकार्यका सँगसँगै सर्वसाधारणलाई नैतिक मर्यादा र परम्परागत मूल्य एवम् मान्यताअनुरूप निष्ठावान् नागरिक बन्न सघाउ पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। त्यस्तै राष्ट्रको सर्वतोमुखी विकासका लागि व्यावहारिक कार्यक्रमहरूको तर्जुमा गरी सक्रियतापूर्वक कार्यान्वयन गर्नगराउन यस विश्व विद्यालय पनि कटिबद्ध हुनेछ भन्ने हामीले आशा लिएका छौं।

५. अन्त्यमा, महेन्द्र संस्कृत विश्वविद्यालयको चौतर्फी सफलताको कामना गर्दै यस समारोहका आयोजकहरू सबैलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं।

श्री ५ पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

“जय नेपाल”

माघ १९, २०४५ बुधबार, दाङ।

श्री ५ वीरेन्द्रबाट आफ्नो भाषणमा हुकुम भएका उपर्युक्त शब्दहरूले श्री ५ महेन्द्रजस्ता योग्य बुवाको सदिच्छा पूरा गर्नु नै आफ्नो पनि इच्छा भएको तथ्य व्यक्त गरिबक्सनु र आफ्नो हार्दिक प्रसन्नता यसमा स्पष्ट हुनुले मौसुफको संस्कृत विद्याप्रतिको निष्ठा द्योतित हुन्छ। देशको प्राज्ञिक परम्परा कायम राख्ने काममा संस्कृत वाङ्मयको महत्त्वपूर्ण भूमिका रहेको तथ्य श्री ५ वीरेन्द्रलाई पूर्णरूपले अवगत थियो। हाम्रो संस्कृति, धर्म, परम्परा वहन गर्ने क्षमता एवम् प्राच्यज्ञानको भण्डारलाई संरक्षित र प्रवर्द्धित गर्ने सामर्थ्य पनि महेन्द्र संस्कृत विश्वविद्यालयकै रहेको हुँदा यसले उक्त दिशातर्फ सक्रिय कदम बढाउनु आवश्यक भएकाले तदनुरूप ज्ञानप्रसार गर्नका साथै नयाँ शोधकार्यको पनि सञ्चालन गर्ने सद्विचार मौसुफबाट राखिबक्सेको थियो□। मौसुफ संस्कृत क्षेत्रलाई यसै दिशातर्फ प्रेरित, प्रोत्साहित गरिबक्सन्थ्यो। त्यसपछि पनि वि.सं. २०४५ माघमा श्री ५ वीरेन्द्रबाट गरिबक्सेको मध्यपश्चिमाञ्चल विकास क्षेत्र भ्रमणको क्रममा श्री ५ को सरकारलाई महेन्द्र संस्कृत विश्वविद्यालयको प्राज्ञिक, प्रशासनिक र व्यवस्थापन पक्षको सुदृढीकरण तथा विकासका लागि कार्यक्रम बनाई लागू गर्दै जाने निर्देशन बक्सभयो। तदनुरूप श्री ५ को सरकारले तत्कालीन राष्ट्रिय समितिका सदस्य सचिवको संयोजकत्वमा शिक्षा तथा संस्कृति मन्त्रालय, त्रिभुवन विश्वविद्यालय तथा महेन्द्र विश्वविद्यालयका प्रतिनिधिहरू सम्मिलित भएको समिति बनाई यसले ६ महिनाभित्र सिफारिस पेश गर्ने र त्यसैका आधारमा निर्णय लिई कार्यक्रम क्रियान्वित गर्दै जाने निर्णय लिएर समिति सङ्घटित भई संस्कृत शिक्षाको गुणात्मक विकासको पक्षलाई बढावा दिन मौजुदा प्राज्ञिक, प्रशासनिक र व्यवस्थापन पक्षको सुदृढीकरण तथा विकासका लागि कार्यक्रम तयार पाऱ्यो।

यसै गरी महेन्द्र संस्कृत विश्व- विद्यालयअन्तर्गत आयुर्वेद शिक्षा सञ्चालन गर्नेबारे पनि श्री ५ वीरेन्द्रकै सदिच्छा र निर्देशनअनुसार श्री ५ को सरकारले सम्बद्ध दक्षहरूको समिति सङ्घटित गरी उनीहरूको रायबमोजिम कार्यक्रमहरू तयार पाऱ्यो।

श्री ५ वीरेन्द्र संस्कृतशिक्षाले नेपालमा आफ्नो प्राचीन मौलिकता नगुमाइकन नै अत्याधुनिक रूपमा विकसित होस् र सर्वजनहिताय यसको सदुपयोग होस् भन्ने सद्भावना राखिबक्सन्थ्यो। सरकारको चाख यसतर्फ रहेको देखेर प्रशासनयन्त्र पनि त्यतिखेर संस्कृतको विकासतर्फ उदासीन रहन पाउँदैनथ्यो। विश्वविद्यालय संयन्त्र पनि मौसुफको सद्दृष्टिले गर्दा ज्यादै प्रोत्साहित थियो र उमङ्गका साथ आफ्नो लक्ष्यतर्फ बढ्न सम्बल पाएको अनुभव गर्दथ्यो।

त्यतिमात्र होइन श्री ५ वीरेन्द्र संस्कृतका विद्वान् पनि विदेश जाऊन्, त्यहाँ हुने सभासम्मेलनमा भाग लिई सम्बद्ध विद्वान्हरूसँग विचारविमर्श गरून्, उनीहरूको विचार आधुनिक र परिष्कृत बनोस् भन्ने चाहिबक्सन्थ्यो। त्यसरी सरकारबाट तत्कालीन उपकुलपति हरदेव मिश्र र शिक्षाध्यक्ष प्राध्यापक विद्यानाथ उपाध्यायलाई ग्लोवल फोरम अफ स्पीरिच्युएल एण्ड पार्लियामेण्टरी लिडर्स् अन ह्युमन सर्वाइवल (Global Forum of Spiritual and Parliamentary Leaders on Human survival) भन्ने संस्थाद्वारा बेलायतको अक्सफोर्ड विश्व विद्यालयमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन पठाइबक्स्यो। यसबाट संस्कृतका पदाधिकारीहरूले अन्य राष्ट्रका गतिविधिहरूबाट पनि नयाँ कुराहरू सिक्ने र आफूकहाँ त्यसको प्रयोग गर्ने अवसर पाए।

यसैगरी मौसुफबाटै पुनः संस्कृत अध्ययनअध्यापन र अनुसन्धान भइरहने अर्को राष्ट्र जर्मनीका विश्वविद्यालयहरू, जहाँ नेपाली राष्ट्रिय अभिलेखालयमा रहेका सबै नै जस्ता ग्रन्थहरू र व्यक्तिगत सङ्ग्रहमा रहेका अभिलेखहरूको सूक्ष्मचित्र (Microfilm) विद्यमान छन्, तिनीहरूको संरक्षण र अनुसन्धान हुन्छन्, संस्कृतका विशिष्ट प्राध्यापकहरू कार्यरत हुन्छन् तिनीहरूका कार्यविधिहरूको अध्ययन भ्रमणका लागि उनै उपकुलपति डा.हरदेव मिश्र र शिक्षाध्यक्ष विद्यानाथ उपाध्यायलाई पठाइबक्स्यो। त्यस अध्ययनभ्रमणबाट पनि महेन्द्र संस्कृत विश्वविद्यालयको शैक्षिक गतिविधिमा नयाँपन ल्याउने र परिष्कार गर्ने अवसरहरू आउन पाए।

श्री ५ वीरेन्द्रबाट संस्कृत विद्याको अध्ययनअध्यापन एवम् शोधकार्यमा आधुनिक परिष्कार ल्याउने कार्यमा नयाँ क्षितिज उद्घाटित गर्ने अवसर प्रदान गरिबक्सियो।

त्यसपछि पनि श्री ५ वीरेन्द्र महेन्द्र संस्कृत विश्वविद्यालयले आफ्ना प्राज्ञिक गतिविधिहरूमा केकस्ता सुधार, परिष्कार ल्याएको छ, सोधखोज गरिरहिबक्सन्थ्यो र अझ त्यस क्षेत्रमा नयाँनयाँ खोज गर्दै जाने प्रेरणा बक्सिरहन्थ्यो । त्यसैक्रममा देशमा वर्तमान राजनीति असजिलाहरू हुँदाहुँदै पनि सुरक्षाको स्थिति त्यति निश्चित नरहँदा पनि संस्कृतका प्रेमले मौसुफ पुनः यसै दशकको पूर्वार्धमा पुनः दाङ सवारी भई विश्वविद्यालयका गतिविधिहरूको निरीक्षण राम्ररी गरिबक्सी यस क्षेत्रलाई हौसला बक्स्यो ।

यहाँ एउटा कुरा अर्को पनि उल्लेख नगरी नहुने प्रसङ्ग सम्झना आउँदछ- आजभन्दा तीन दशकअघि देशमा राष्ट्रिय शिक्षा पद्धतिको योजना बनिसकेर लागू गर्नुभन्दा पहिले केही विद्वान्हरूबाट प्रतिक्रिया लिने क्रममा राजदरबारमै एउटा बैठकको आयोजना गरियो । त्यस बैठकको गतिविधिको नियन्त्रण, निरीक्षणका साथै विद्वान्वर्गको मत बुझिबक्सन श्री ५ वीरेन्द्र स्वयम् त्यहाँ उपस्थित होइबक्सन्थ्यो । त्यसबेला मौसुफ युवराजाधिराज होइबक्सन्थ्यो । त्यस बैठकमा करिब तीसपैंतीस जनामात्र विविध विषयका विद्वान् आमन्त्रित थिए र संस्कृत क्षेत्रबाट यसै पंक्तिका लेखक विद्यानाथ उपाध्याय पनि उपस्थित थियो । त्यसबेला राष्ट्रिय शिक्षा पद्धतिको मूलधारमा समाविष्ट समेत पनि नगरी उपेक्षित अवस्थामा छोड्ने शुरुदेखि संस्कृत विकासका लागि गरिआएको व्यवस्था हटाउने, सुविधा कटाउने आदि षड्यन्त्र नै गरेका रहेछन् भन्ने बुझियो । त्यसबेला सबैको पालैसित राय बुझ्ने क्रममा श्री ५ वीरेन्द्रबाट यस पंक्तिका लेखकसँग पनि संस्कृत शिक्षासम्बन्धी हुन लागेको व्यवस्था सम्बन्धमा आफ्नो राय व्यक्त गर्न हुकुम बक्स्यो । त्यहाँ यस लेखकले आफ्नो राय मौसुफमा चढाउँदा तत्कालीन योजनामा भएको व्यवस्थाको विरोध गरी हुनुपर्ने कुराको सुझावसमेत चढाउने अवसर पायो । तर संस्कृत विद्या स्वयम् आफू नपढी त्यसका भित्री कुरा नबुझेका, नजानेका र संस्कृतलाई महत्त्व नदिइकन पूर्वव्यवस्थालाई खल्बल्याउन चाहने तथाकथित केही विद्वान् भनाउँदाहरूले यतिसमेत भने- 'संस्कृत कपोलकल्पित कथाहरूका आधारमा खडा भएको विद्या हो, यसको वर्तमानयुगमा आवश्यकता नै छैन, प्राचीन पुस्तक पढ्न सक्ने दुईचार जना जनशक्ति तयार गर्न सामान्य छात्रवृत्ति दिई भारत पठाए हुन्छ, त्यसैबाट काम चल्छ, नेपालमा संस्कृतलाई राष्ट्रिय शिक्षाको मूलधारमा समाविष्ट गर्नुपर्ने आवश्यकता नै छैन । यस्तो अनर्गल कुरासमेत श्री ५ युवराजका अगाडि प्रस्तुत हुनआए । सुन्नुपर्दा ज्यादै लाज लाग्यो र यसमा विवादसमेत उठ्यो तर श्री ५ युवराज वीरेन्द्रले त्यसबेला बडो बुद्धिमानी र संयमतापूर्वक त्यो विवादलाई शान्त बनाइबक्सी यस पंक्तिका लेखककै कुरा सुनिबक्सी संस्कृतलाई चाहिने उच्चतम व्यवस्था गरिबक्स्यो र संस्कृत शिक्षा पनि राष्ट्रिय शिक्षाको मूलधारमा समाविष्ट भयो । षड्यन्त्र समाप्त भयो । मौसुफको यो गुन संस्कृत क्षेत्रले बिर्सन सक्तैन र कदापि बिर्सन हुँदैन पनि । नेपालका शाहवंशीय राजाहरू प्रायः सबै नै स्वयम् संस्कृत वाङ्मयबाट निर्दिष्ट आचारमा रहने, आर्यसंस्कृतिका अनुयायी, संस्कृतका शास्त्रीय परम्परामा निष्ठा राख्ने हुनाले संस्कृत विद्याका परिपोषक नै रहेका देखिन्छन् । श्री ५ बडामहाराज पृथ्वीनाराण शाहबाट *'प्रतार्णव'* श्री ५ प्रतापसिंह शाहबाट *'पुरश्चर्यार्णव'* श्री ५ गीर्वाणयुद्धविक्रमशाहबाट *'सत्कर्मरत्नावली'* को रचना भएको र श्री ५ महेन्द्रबाट *'पुरश्चर्यार्णव'* को परिष्कार एवम् नेपाल संस्कृत विश्वविद्यालयको स्थापना आदि तथ्यहरू यसका साक्षी हुन् । श्री ५ महेन्द्र संस्कृत नाटकहरू स्वयम् पढिबक्सन्थ्यो र कतिपय पंक्तिहरू पनि सरकारलाई कण्ठस्थ थियो । कालिदासको अभिज्ञान शाकुन्तलम् र भासको स्वप्नवासवदत्तम् मौसुफका प्रिय नाटक थिए । सरकारको शासनकालमा संस्कृत नाटक समितिको स्थापना भई दर्जनौं संस्कृत नाटकहरूको अभिनय पनि गरियो र बडो चाखपूर्वक सरकारबाट नजर पनि भयो । मौसुफका सुयोग्य सुपुत्र श्री ५ वीरेन्द्रबाट पनि सुर्खेत सवारी क्याम्पमा यसै पंक्तिका लेखकको निर्देशकत्वमा स्वयम् अभिनयसमेत गरी प्रस्तुत कालिदासको *'मेघदूतम्'* को भावाभिनय र *'भगवत्कज्जुकम्'* को हास्याभिनय पनि नजर भै धेरै प्रसंशा गरिबक्सियो ।

यस्ता अनेकौं घटनाहरूले श्री ५ वीरेन्द्रसँग सम्बन्धित छन् । संस्कृत विद्या 'वाङ्मय' सँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका यी प्रसङ्गहरूले श्री ५ वीरेन्द्र आर्यसंस्कृतिका अनुयायी, धर्मपरायण, संस्कृत विद्याका परिपोषक, चिन्तक एवम् संस्कृतक्षेत्रका नयाँनयाँ क्षेत्रमा शोधकार्य भैरहून् यसका उपलब्धिहरूको आस्वादन सम्पूर्ण नेपालीले गर्न सकून् भनी सदिच्छा राखिबक्सने राजा होइबक्सन्थ्यो भन्ने तथ्य प्रमाणित गर्दछन् ।

आज झन् धेरै चुनौतीहरू छन् संस्कृत विद्याका लागि । संस्कृत वाङ्मयका निःसृत चिन्तनका आलोकमा फस्टाएका आर्यसंस्कृतिको अनुयायी भएर पनि आफ्नो जीवन दर्शनको, मान्यता र मर्यादाको, सामाजिक संरचनाको आफ्नो परिचयको आधार संस्कृत वाङ्मय भएर पनि आफूलाई अत्याधुनिक भनाउन चाहनेहरू संस्कृतविद्यालाई बाहुनवादी विद्या भनेर साम्प्रदायिकताको लाञ्छना लगाएर उपेक्षाको टोकरीमा फालिदिने मानिसहरू आज कम छैनन् । संस्कृतका विद्यालयहरूको स्रोतको दुरुपयोग गर्ने, संस्कृतविद्यालयलाई साधारण विद्यालयमा परिणत गर्दै लैजाने, संस्कृतका शिक्षक छात्रलाई घृणा गर्ने, दुःख दिने, संस्कृतका प्रश्नपत्र

जलाइदिने, संस्कृत पढ्नबाट रोक्ने, विमुख गराउने जस्ता कुकृत्यहरू आज पनि हुँदै छन् । तर सधैँ कालो बादलले सूर्यलाई ढाकिरहन सक्तैन । एकदिन तीव्र हावा आउँनेछ, त्यस्ता बादललाई उडाएर लैजानेछ र पुनः संस्कृतविद्याको प्रकाश छरिएर सबैलाई विश्वजनित *'वसुधैव कुटुम्वकम्' 'ॐ शान्तिः, पृथ्वी शान्तिः, अन्तरिक्ष शान्तिः, सहनाववतु'* आदि मानव हितकारी भावनाले प्रश्रय पाउनेछ, यस कार्यमा संस्कृत क्षेत्र त सक्रिय रही नै रहनेछ, यसको नेतृत्व पुनः नेपालको समादृत र आस्थाको राजसंस्थाले पूर्ववत् परम्परागत रूपमा ग्रहण गर्नेछ, शाहवंशीय राजपरम्पराका सुयोग्य राजा श्री ५ ज्ञानेन्द्र वीरविक्रमको उदयमा मौसुफको बुद्धिमत्तापूर्ण निर्देशन पाएर संस्कृत विद्याले पुनः पल्लवित, पुष्पित र फलित हुने अवसर पाउनेछ भन्ने आशा र भरोसा संस्कृत क्षेत्रले लिएको छ ।

२०५९/६/३१

●

श्री ५ वीरेन्द्र : केही अमिट सम्झनाहरू

● *विष्णुप्रताप शाह*

श्री ५ वीरेन्द्र शाहवंशीय राजाहरूमा आफ्ना जनताहरूबीच सर्वाधिक सुपरिचित र लोकप्रिय रहिबक्सेको तथ्य त मौसुफको देहावसानपछि जनताले देखाएको अपार शोकविह्वलताले नै पुष्टि गरेको छ। मौसुफको देहावसान अत्यन्त क्रूर तथा त्रासदीपूर्ण परिस्थितिमा हुनुमात्र उक्त शोकविह्वलताको कारण होइन। यसमा मौसुफबाट राष्ट्रलाई बक्सेको योगदान र मौसुफको व्यक्तित्वका विविध पक्षहरूको पनि योगदान रहेको छ। केवल ५८ वर्षकै आयुमा अत्यन्त दुःखदायी परिस्थितिमा स्वर्गारोहण भैबक्सेका श्री ५ वीरेन्द्रलाई सम्झँदा सबैको मनस्थिति विचलित हुन्छ। मौसुफका देनहरू सम्झने तथा मुस्कानयुक्त आकृति र सौम्य व्यवहार भोग्नेहरूका मुटुमा भक्कानु पर्नु अस्वाभाविक हुँदैन।

विकासकार्यलाई महत्त्व प्रदान गर्न र यसलाई राष्ट्रिय गतिविधिका सन्दर्भमा अग्रस्थान दिलाउनमा मौसुफको योगदान उल्लेखनीय छ। यस परिप्रेक्ष्यमा विकासको गतिलाई तीव्र तथा अर्थपूर्ण बनाउन मौसुफबाट घोषित पाँच विकासक्षेत्रहरूले विशेष महत्त्व राख्दछन्। वास्तवमा भन्ने हो भने हाम्रो देशको लामो योजनाबद्ध विकासको इतिहासमा यही नै एकमात्र आफ्नोदेशको परिवेशमा रचित र स्थायी प्रभाव पार्ने सफल रणनीति हो भनेमा अत्युक्ति हुनेछैन। त्यस्तै प्रजातन्त्रका निमित्त २०४६ सालमा भएको आन्दोलनमा मौसुफबाट सहजताका साथ प्रजातन्त्र बक्सेर आसन्न रक्तपातपूर्ण मुठभेडबाट राष्ट्रलाई बचाई अविस्मरणीय गुन लगाइबक्सेको त इतिहासमै अङ्कित भै सकेकाले यहाँ थप विवेचना गरिरहनु आवश्यक छैन। २०३६ सालमा नै पनि २।३ जनाभन्दा बढी मानवीय क्षति नहुँदै र गोरखापत्र र शाही नेपाल वायुसेवा भवनहरूमा आंशिक भौतिक क्षतिमात्र हुनासाथ सो सङ्घर्षमा निहित जनचाहना बुझेर मौसुफबाट जनमतसङ्ग्रहको घोषणा गरिबक्सेकाले मौसुफ जनइच्छा कदर गर्ने स्वभावको होइबक्सिन्छ भन्ने आभास नेपाली जनताले पाएका थिए। प्रजातान्त्रिक आन्दोलनका शीर्षस्थ नेता बी.पी. कोइरालाले पनि मौसुफको यस कार्यको प्रशंसा गर्नुभएको त्यसपछिका पत्रपत्रिकामा प्रकाशित उद्धरणहरूबाट ज्ञात हुन्छ। 'राष्ट्र पुकार' साप्ताहिकले जनमतसङ्ग्रहको घोषणाको समाचार दिदा ठूला ब्यानरमा 'श्री ५ वीरेन्द्र जिन्दावाद' भन्ने हेडलाइन दिएको थियो। सो ब्यानर हेडलाइन बी.पी. कोइरालाकै भावनाअनुसार छापिएको भनेर प्रजातन्त्रको पक्षधर उक्त साप्ताहिकका सम्पादक होमनाथ दाहालले सो प्रकाशनको तत्कालै यस लेखकलाई बताउनुभएको थियो।

२०३६ साल र २०४६ सालका मौसुफका कदमहरू जनआन्दोलनले ल्याएको बाध्यता र राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिका दबावबाट आएका हुन् भन्ने पनि एकथरि भनाइ छ। यसलाई बिल्कुलै नकार्न पनि आवश्यक छैन। परम्परालाई बदल्दै आउने कुनै पनि ऐतिहासिक तथा प्रगतिशील नयाँ कार्यका पछाडि युग, परिवेश र परिस्थितिको दबाव हुँदै नहुने होइन तर युग र परिस्थितिको दबाव घातक बिन्दुमा नपुग्दै सुगमताका साथ नयाँ कदम चालिनुमा प्रमुख पात्रको स्वभाव र विचारशैलीले प्रभाव पारेको इतिहासमा पढ्न पाइन्छ। वस्तु वा पदार्थले नै सबै निश्चित गर्छ वा इतिहास

भनेकै तिनीहरूको भौतिक सम्बन्धको विकास हो भनी इतिहासको विश्लेषण गर्ने मार्क्सवादी दृष्टिकोणमा पनि व्यक्तिको केही भूमिका त स्विकारिएकै हुन्छ । श्री ५ वीरेन्द्रमा अरूको कुरा सुन्नसक्ने शक्ति थियो । मौसुफ मन्दमुस्कानका साथ विपक्षीका कुराहरू पनि सुनिरहन सकिबक्सन्थ्यो । प्रशासनिक कुराहरूमा निकै लामो तथा सम्बन्धित सबैको सहभागितायुक्त छलफल गराइबक्सन्थ्यो र तर्कयुक्त भएमा आफ्नो विचारको विपरीत रायमा प्रस्तुत रायलाई पनि सहजताका साथ ग्रहण गरिबक्सन्थ्यो । विपक्षी राजनीतिक व्यक्तित्वहरू पनि मौसुफको व्यक्तित्वको सौम्य र शालीन पक्षबाट प्रभावित भएका अभिव्यक्तिहरू सुन्न र पढ्न पाइएकै पनि छ । मौसुफको व्यक्तित्वको मानवीय पक्ष पनि स्मरणयोग्य थियो भन्न सकिन्छ । श्री ५ वीरेन्द्रसित सम्पर्क र सहवासमा आएका सबैलाई यस कुराको बोध भएको छ । उच्च पदमा पुगेपछि पदीय दायित्व पालना गर्ने सिलसिलामा यस लेखकलाई पनि मौसुफसित पटकपटक त्यस्तो बोध गर्ने सौभाग्य प्राप्त भएको छ । यसबारे लेखकको अनुभव अन्य स्मृतिग्रन्थ वा मौसुफका स्मृति प्रकाशित पत्रपत्रिकामा प्रकाशित पनि भएकाले यहाँ तिनको उल्लेख गरिएको छैन तर कुनैकुनै घटनाले कति प्रभाव पारेको हुन्छ भने मौसुफबारे लेख्दा त्यो उल्लेख नगरिकन मन मान्दैन । त्यस्ता १।२ घटनाको उल्लेख पुनः यस लेखमा भएकाले प्रसङ्गले यस्तो पुनरावृत्ति क्षम्य नै ठहर्ला ।

२०३८ सालको हिउँदमा भएको मौसुफको सुदूर पश्चिमाञ्चलको भ्रमणको समाप्तिपछि मौसुफ दिपायल क्याम्पबाट विश्रामका निमित्त बर्दिया ठाकुरद्वारा आरक्ष क्याम्पमा सवारी भएको थियो । लेखक पनि सुदूर पश्चिमाञ्चल भ्रमणमा सवारी मन्त्रालयको सचिव (गृह सचिव पनि) का हैसियतमा दिपायल सवारी क्याम्पमा सम्मिलित थियो । उक्त भ्रमणमा मौसुफबाट गरिबक्सेको परिश्रम देखेर म प्रभावित भएको थिएँ । बिहानै स्वल्पाहारपश्चात् मौसुफ सो क्षेत्रका विभिन्न स्थानहरूमा भ्रमण गरिबक्सन्थ्यो । उक्त भ्रमणमा मौसुफको अत्यन्त व्यस्तता रहन्थ्यो । हेलिकोप्टरमा उडुन्जेल र दिवाभोजको समयमा मात्र औपचारिक कार्यक्रमको व्यस्तता रहँदैन थियो । साँझ सवारी क्याम्प फर्कँदा हामी पदाधिकारीहरू सबै थकित र क्लान्त भैसकेका हुन्थ्यौं । सबैमा पालमा गएर सुत्ने अत्यन्त लालसा रहन्थ्यो तर मौसुफबाट क्याम्प फिरिबक्सेपछि मन्त्रीहरू, योजनाविद्हरू र उच्च पदाधिकारी हरूसित दिनभरिको भ्रमणबाट प्राप्त जानकारी, देखिएका समस्याहरू र उठेका प्रश्नहरूबारे छलफल हुँदाहुँदै राति ११।१२ बज्दथ्यो । मौसुफबाट निर्देशन बक्सनु अगाडि सम्बन्धितहरूबीच अझ विस्तृत छलफलको आवश्यकता भए तत्काल छलफल गरेर पुनः आउन निर्देशन बक्सहुँदै राति १।२ बजेसम्म पनि प्रतीक्षा गरिबक्सन्थ्यो । यस अवधिमा पनि बिहानको पोशाक बदलिएको हुँदैनथ्यो । यो प्रतिदिनको (बिदाबाहेक) नियम थियो । बर्दिया क्याम्पमा केही स्थानीय व्यक्तिहरूलाई दर्शनभेटबाहेक अरू औपचारिक कार्यक्रमको व्यस्तता थिएन । मनोरञ्जनात्मक कार्यक्रममै मौसुफको व्यस्तता सीमित थियो । सवारीसचिव पनि अब वनसचिव नै भएकाले यस लेखकलाई पनि मौसुफको कार्यक्रममा (जस्तै सिकार) पर्यवेक्षकजस्तो भएर भाग लिनेबाहेक अरू व्यस्तता नभएकाले बिहान केही अबेरसम्म पालमा सुत्न पाइन्थ्यो । एकदिन बिहान सबेरै सैनिक अधिकृत आएर अनौपचारिक पोशाकमा तुरुन्त हेलिप्याडमा जान सूचित गरेकाले हतपतमा त्यहाँ पुगेको थिएँ । तत्कालै मौसुफ पनि सवारी भैहाल्यो । मौसुफबाट हाँकिएको हेलिकोप्टर श्री ५ ऐश्वर्य, प्रमुख सैनिक सचिव, अञ्चलाधीश, एकजना एडीसी र यो लेखक समेतलाई लिएर अज्ञात गन्तव्यतर्फ लाग्यो र केही बेरपछि एउटा अपरिचित अग्लो डाँडाको टुप्पामा गएर रोकियो । मौसुफहरूसहित हामीहरू सबै त्यहाँ उत्रिसकेपछि मौसुफ त्यहाँ गाईबस्तु चराइरहेका १०।१२ वर्षे गोठालाहरूलाई देखी त्यसतर्फ सवारी भयो र टाढा देखिने उपत्यकातर्फ देखाई त्यहाँ के भइरहेको भनेर सोधिबक्सियो । त्यो देखिने उपत्यका सुर्खेत उपत्यका रहेछ । कत्ति पनि नहडबडाई ती गोठालाहरूले राजा आउँदा विकास गरेको देखाउँछन्, राजा फर्केपछि केही पनि गर्दैनन् भन्ने आशय शायद बाबुआमाबाट सुनेको तथ्यलाई त्यहाँ व्यक्त गरे । केही कुरा भएपछि मौसुफबाट मलाई चिनेका छौ भनी प्रश्न गरिदा चिनेका छौँ, राजा त हौ नि भनी फुर्तिलो जवाफ दिए । कसरी चिन्यौ भन्ने मौसुफको अर्को प्रश्नमा लकेट र पोष्टरबाट चिनेको भन्ने उस्तै फुर्तिलो जवाफ दिए । त्यसपछि मौसुफबाट एडीसीलाई हेलिकोप्टरमा राखिएको स्वल्पाहार ल्याउन अह्राइबक्सियो र मौसुफसहित सबै मिलेर त्यस शिखरमा स्वल्पाहार गऱ्यौं, जस्मा ती गोठालाहरूलाई पनि सम्मिलित गराइबक्सियो । यसरी सुदूर कुनामा ती ग्रामीण बालकहरूले पनि आफ्नो राजासित बसेर त्यो खाना खाए । मौसुफको सहवास पाउनेहरूले यस्ता धेरै मानवीय सम्बन्धका उदाहरणहरू उल्लेख गर्दछन् ।

श्री ५ वीरेन्द्रका उपर्युक्त व्यवहारहरू कुनै दन्त्यकथाका राजाजस्तै तत्काल उब्जेको लहडबाट आएको होइन । ज्यादै विकसित समाजको सुविधायुक्त शिक्षण संस्थाहरूबाट शिक्षा प्राप्त गरिबक्सेतापनि त्यताबाट फर्किबक्सनासाथ आफूलाई आफ्नो देशको गरिबी र पछौटेपनसित परिचित गराउन मौसुफबाट देशभ्रमण गरिबक्सियो । नेपालको एकीकरणपछि शाहवंशमा राजा वा युवराजमध्ये भव्य महल छाडेर देश भ्रमण भयो । यसरी भ्रमणमा

निस्कने श्री ५ महेन्द्र पहिलो राजा होइबक्सिन्थ्यो, जसबाट पूर्वपश्चिमका पहाडी जिल्लाहरूमा पनि भ्रमण भयो। श्री ५ वीरेन्द्र दोस्रो उदाहरणीय राजा होइबक्सन्थ्यो तर श्री ५ महेन्द्र र वीरेन्द्रको भ्रमणको भिन्नतालाई विचार गर्ने हो भने श्री ५ वीरेन्द्रलाई यस्तो राजा मान्न सकिन्छ। श्री ५ महेन्द्र राजाजस्तै भएर राजकीय तामझामसहित भ्रमणमा सवारी भएको हो तर श्री ५ वीरेन्द्र युवराजाधिराज हुँदै विकसित र सुविधायुक्त देशको लामो पढाइ समाप्त गरी फर्किबक्सनासाथ अपरिचित रूपमै आफ्नो सामान आफैं बोकेर पैदलै जिल्लाभ्रमणमा सवारी भएको र अरू यात्रीहरू जस्तै उनीहरू बस्नेखाने ठाउँमै बस्दै, खाँदै भ्रमणमा सवारी भएको हो। मौसुफबाट अरू यात्रुहरूसरह चियापान र भोजन गर्नुका साथै रात बिताइबक्सेको कुरा सडकछेउका पसलेहरू पछिसम्म पनि श्रद्धा र गर्वका साथ उक्त कुरा बताउँथे। विकसित देशहरूको प्रतिष्ठित शिक्षालयबाट प्राप्त औपचारिक शिक्षा र आफ्नो देशमा भएको भ्रमणबाट प्राप्त अनुभवको छाप मौसुफका माथि उल्लिखित कार्यशैलीमा प्रतिबिम्बित भएको हो। मौसुफबाट निर्णय लिदा विस्तृत छलफल गराउने र सो छलफलमा कार्यान्वयनसित सम्बन्धित सबै निर्णायक पक्षहरूको सहभागिता गराउने कार्यशैली र जनताको पीरमर्काप्रति सम्वेदनशील पनि होइबक्सने स्वभाव यसको उदाहरणहरूका रूपमा लेखकको अनुभवमा छ। प्रजातन्त्रका जननिर्वाचित प्रशासकहरूले मौसुफबाट सिक्नसक्ने गुणहरू धेरै थिए। के कति ग्रहण गर्न सके, त्यो बेग्लै कुरा हो। यस प्रसंङ्गमा, त्रिशूली जलविद्युत् आयोजनाको दोस्रो चरणको उद्घाटनको पनि एक सम्झना लेखकलाई ताजै छ। सो उद्घाटनका निमित्त मौसुफ श्री ५ बडामहारानीसहित हेलिकोप्टरबाट देवीघाट सवारी भएको थियो। सम्बन्धित पदाधिकारीहरूको हैसियतमा लेखक पनि भारतीय राजदूत र सम्वन्धित सचिवसहित अघिल्लै दिन त्रिशूली पुगेको थियो र उद्घाटन कार्य समाप्त भएपछि मात्र काठमाडौं फर्कने कार्यक्रम थियो। उद्घाटनपछि श्री ५ को समुपस्थितिमा राजदरबारमा लेखक पनि सहभागी हुनुपर्ने एक बैठक हुने तय भएको रहेछ जसको सूचना सवारीसाथै आउनुभएका श्री ५ का एक सचिवले यस लेखकलाई उद्घाटनस्थलमा कार्यक्रम सञ्चालन हुँदाहुँदै जानकारी दिनुभयो। मोटरबाट फर्कंदा कार्यक्रमको २।३ घण्टापछि मात्र राजदरबार पुग्ने भएकाले बैठकमा सहभागी हुन सम्भव नभएको व्यहोरा निज सचिवलाई बताएपछि उक्त समस्याका साथै मेरो उपस्थिति एकदमै आवश्यक नभएको कुरासमेत आफ्नो तर्फबाट थपेर पछाडि उभिइरहेको एडीसीमार्फत् उनले तत्काल मौसुफमा जाहेर गरे। मौसुफबाट उपस्थित हुनुपर्छ र यसको निमित्त मेरो हेलिकोप्टरमा साथै गए हुन्छ, त्रिभुवन विमानस्थलमा निजलाई छोडेरमात्र दरबार जान्छु र कागजपत्र लिएर आउनुपर्ने भए अफिस गएर आउन भ्याइहालिन्छ भन्ने हुकुम भएको बेहोरा निजले मलाई जानकारी दिए। २।३ घण्टाको झर्को लाग्दो घुमाउरो बाटोबाट मुक्ति पाउनुका साथै स्वयम् राजाबाट हाँकिएको हेलिकोप्टरमा जान पाउनु र सिधै दरबारतर्फ सवारी नभै मेरै लागि मात्र त्रिभुवन विमानस्थलको हेलिप्याडसम्मको लागि लाग्ने अतिरिक्त समयको ख्याल नराखिबक्सनु मेरा लागि त सौभाग्यको कुरा भै नै हाल्यो, यसबाट निष्ठा र गम्भीरता पनि प्रकट हुन्छ। मौसुफको दुःखद स्वर्गारोहणको समाचार सुन्नासाथ यही उदारताको उदाहरणबाटै सर्वप्रथम मेरो मस्तिष्कमा मौसुफको व्यक्तित्वको सम्झना तथा हृदय र नयन सजल हुने शृङ्खला भएको थियो।

श्री ५ वीरेन्द्रलाई मैले निकटबाट नियाल्ने अवसर सर्वप्रथम म योजना आयोगको सहसचिवमा कार्यरत हुँदा प्राप्त भएको हो। उसो त उक्त पद मौसुफको निकट सम्पर्कमा रहेर काम गर्ने अवसर प्राप्त पदमध्येको होइन। विदेशमा शिक्षा प्राप्त गरिबक्सेका मौसुफलाई स्वदेशको विकास गतिविधि, आर्थिक समस्याहरू र प्रशासन सुधार प्रक्रियासित परिचित गराउन श्री ५ को निजी सचिवालयअन्तर्गत खोलिएको कार्यालय जाँचबुझ केन्द्रमा मैले काम गर्न पाएकाले मात्र मलाई उक्त सौभाग्य प्राप्त भएको हो। जाँचबुझ केन्द्र प्रारम्भमा राष्ट्रिय गतिविधिका विविध पक्षहरूबारे अध्ययन गरी मौसुफलाई परिचित गराउने अध्ययन र अनुसन्धानात्मक प्रकृतिको कार्य गर्ने कार्यालय थियो। उक्त कार्यालयले निजामती सेवा ऐन र नियमावलीमा गरेको पहिलो र दोस्रो बृहत् संशोधन, मेचीमहाकाली शीर्षकको पुस्तक प्रकाशन र विकेन्द्रीकरणसित सम्बन्धित जिल्लायोजनाको तर्जुमाजस्ता कतिपय कार्यहरू सम्पन्न गरेको छ। यो संस्था र उल्लिखितजस्ता विशेष उपयोगी कार्यहरू श्री ५ वीरेन्द्रको शासनको प्रारम्भकालका देनहरू थिए।

प्रारम्भिक चरणमा जाँचबुझ केन्द्रको जनशक्तिमा प्राज्ञिक ज्ञान, सम्बन्धित क्षेत्रको विशेषज्ञता र प्रशासनिक अनुभवको विशिष्टताका आधारमा छनोट गरिएका व्यक्तिहरू तोकिएको कार्यका निमित्त काजमा झिकाइन्थे। यो लेखक पनि निजामती सेवा ऐन र नियमावली बढुवा सम्बन्धित पहिलो संशोधनको पुनरावलोकनअध्ययन गरी त्यसका कमजोरीहरू सुधार गर्ने सुझाव मौसुफमा टक्र्याउने ३ सदस्यीय टोलीको सदस्य थियो। एक सदस्य पूर्वसचिव रामचन्द्र मलहोत्रा १ महिनाभित्रै अन्तर्राष्ट्रिय काम पाएर बाहिरिनु भएकाले सामान्य प्रशासन मन्त्रालयका शा.अ. वज्रनारायण श्रेष्ठ र यो लेखक २ जनामात्र त्यस टोलीमा थियौं। बीचबीचमा श्री ५ समक्ष सबै विषयका टोलीहरूको बेग्लाबेग्लै

कार्यप्रगतिको समीक्षा हुन्थ्यो जसमा मन्त्रीहरू, दरबारका सबै सचिवहरू तथा श्री ५ को सरकारका मुख्य सचिव र सम्बन्धित सचिवहरू पनि सहभागी हुन्थे । यस्तै समीक्षाबैठक नै लेखकको मौसुफसितको पहिलो साक्षात्कारको अवसर पनि थियो । यसै बीचमा कैयौँपटक श्री ५ को समुपस्थितिमा बैठकहरू भए । मौसुफबाट प्रस्तुत सुझावहरूमा सबैलाई बोल्न लगाइन्थ्यो र मौसुफ स्वयम् पनि विविध मस्तिष्कभेदी जिज्ञासा र प्रश्नहरू राखिबक्सन्थ्यो । राजालगायत उच्च पदाधिकारीहरूसमेतका राय र प्रश्नहरूको हामीहरूले कठघरामा उभिएकोजस्तो गरी जवाफ दिनुपर्ने हुनाले निकै तयारीका साथै आधारयुक्त सुझावहरूमात्र प्रस्तुत गर्नुपर्दथ्यो । अन्तमा हुने मौसुफको निर्देशनअनुसार पुनः अध्ययन र सुझावसाथ अर्को समीक्षाबैठकमा उपस्थित हुन्थ्यौं । यस क्रमले दोस्रो बढुवा नियमावली संशोधनसम्बन्धी अन्तिम प्रतिवेदन तयार पार्न हाम्रो टोलीलाई २ वर्ष जति लागेको थियो । २०३३-२०३४ सालको निसेनि संशोधन यही प्रतिवेदनको प्रतिफल हो र यसमा बढुवाका आधारहरू बढीभन्दा बढी वस्तुगत कार्यमूलक होस् भन्ने मौसुफका चाहना र बुँदागत निर्देशनहरू निहित छन् । यसभन्दा अगाडि भएको पहिलो संशोधनका आधारहरू पनि बढुवा प्रक्रियालाई वस्तुगत र कार्यमूलक बनाउन मौसुफकै चाहनाअनुरूप जाँचबुझ केन्द्रबाट तयार पारिएको होवअस् । यी २ संशोधन श्री ५ वीरेन्द्रको राज्यकालको प्रारम्भिक चरणका महत्त्वपूर्ण देनहरू हुन् र निजामती सेवाको इतिहासमा (विशेष गरेर बढुवा प्रक्रियालाई वस्तुगत बनाउनमा) महत्त्वपूर्ण स्थान राख्दछन् । मेचीदेखि महाकालीसम्म शीर्षकको नेपाल अधिराज्यलाई समग्रतामा चित्रण गर्ने ग्रन्थहरू पनि सोही समयमा जाँचबुझ केन्द्रबाट प्रकाशित मौसुफको देन हो । उक्त ग्रन्थहरू भारतदत्त कोइराला (म्यागसेसे पुरस्कारविजेता प्रसिद्ध पत्रकार) विहारीकृष्ण श्रेष्ठ (मदन पुरस्कार विजयी प्रसिद्ध सामाजिक खोजकर्ता) र तीर्थबहादुर श्रेष्ठ (प्रख्यात वनस्पतिविज्ञ, प्रज्ञाप्रतिष्ठानका आजीवन सदस्य) जस्ता अन्य कतिपय विद्वान् व्यक्तिहरूबाट श्री ५ वीरेन्द्रको निर्देशनमा नेपाल अधिराज्यको कुनाकाप्चा भ्रमण गरी सङ्कलित तथ्यहरू तथा त्यसमा विभिन्न क्षेत्रका विद्वान् महानुभावहरूबाट प्राप्त सुझावहरू र मौसुफकै समुपस्थितिमा भएका कतिपय छलफलमा प्राप्त रायहरूलाई समेत उपयोग गरी तयार भएको कुरा सो समयमा जाँचबुझ केन्द्रमै भएकाले लेखकलाई पनि ज्ञात भएको हो ।

सुदूर पश्चिमाञ्चल विकासक्षेत्रको सदरमुकाम दिपायल क्षेत्रमा सरकारी कार्यालयहरू रहने स्थानको चयन पनि मौसुफबाटै भएको हो । २०३८ सालमा सुदूर पश्चिमाञ्चल भ्रमणको अवसरमा सवारी शिविरमा रहेका सवारी मन्त्रालयका मन्त्री, योजना आयोगका उपाध्यक्ष, प्रमुख सैनिक सचिव र लेखक (गृह तथा सवारी मन्त्रालय-सचिव) समेतको टोलीले मौसुफकै निर्देशानुसार विभिन्न सम्भावित स्थलहरूको अवलोकन गरी छनोट गरेको वैकल्पिक स्थानहरूलाई मौसुफबाट स्वयम् हवाइ अवलोकन भएर प्रस्तावित वैकल्पिक स्थानहरूमध्येबाट राजापुरलाई उक्त कार्यका निमित्त अन्तिम चयन गरिबक्सेको हो । यस्तै सार्क सङ्गठनको सचिवालयको निमित्त पनि प्रस्तावित विभिन्न स्थान र भवनहरू मध्येबाट स्वयम् मौसुफबाटै हालको सचिवालय भवन रहेको स्थान चयन गरिबक्सेको हो । यस कार्यका निमित्त आफैँले चलाइबक्सेको मिनिबसमा प्रधानमन्त्रीलगायत सम्बन्धित मन्त्रीहरू र यो लेखकलगायत सचिवहरू तथा दोस्रो बसमा प्राविधिकहरूसमेत राखेर प्रस्तावित विभिन्न ठाउँहरूको मध्यान्हअगाडि अवलोकन भ्रमण गरिबक्सेको र सोही दिन अपरान्हमा राजदरबारमा भएको छलफलपश्चात् पर्यटन केन्द्र वा विभागका निमित्त भनी बनाइएको त्रिदेवीमार्गस्थित एक अर्धनिर्मित भवनलाई अन्तिम छनोट गरिबक्सेको हो ।

विभिन्न समयमा मौसुफबाट उच्च पदाधिकारीहरूलाई बक्सने रात्रीभोज वा क्याम्पफाएरहरूमा (आगोवरिपरि बसेर) गरिने अनौपचारिक कुराकानीमा मौसुफबाट बीचबीचमा अड्डाखानाप्रति जनविश्वास बढाउन सकिएको छ छैन, कत्तिको छिटोछरितो काम कुरो भएको छ, जग्गाको उचित मुआब्जा पाउँछन्, पाउँदैनन् जस्ता प्रश्नहरूमा प्रत्येकबाट विचार लिइबक्सने गरेको त यस्ता केही अवसरहरूमा उपस्थित हुन पाएकाले लेखकलाई प्रत्यक्ष जानकारी छ तर त्यसअवसरमा मौसुफमा टक्र्याउने उत्तरहरू भने वास्तविकतासित मेल नखाने पनि हुने गरेको मेरो अनुभव छ । २०३६ सालको जनमतसङ्ग्रहपछि काठमाडौं ठमेलमा प्रजातन्त्रका सेनानी गणेशमान सिंहको निवासमा भएको नेपाली कांग्रेसको पहिलो देशव्यापी भेला र नेपाली कांग्रेसका नेता सूर्यप्रसाद उपाध्यायको देहावसानपछि वहाँको तेह्र दिनको तिथिमा राष्ट्रिय सभागृहमा भएको स्मृतिसभा मौसुफकै प्रत्यक्ष हस्तक्षेपबाट नै सम्भव भएको हो । श्री ५ वीरेन्द्रबाट भएको त्यस उदार हस्तक्षेपको माध्यमकै रूपमा काम गरेकाले लेखकलाई तथ्यको राम्रै जानकारी छ । यो तथा अन्य विषयहरूमा विभिन्न पत्रपत्रिकाहरूमा लेखकले लेखहरू प्रकाशित गरिसकेकाले यहाँ विस्तृत रूपमा उल्लेख गरिरहनु आवश्यक छैन । तर प्रथमपटक प्रमुख निर्वाचन आयुक्तको शपथ ग्रहण सकेर बिदा हुने बेलामा प्रजातन्त्रमा निर्वाचनको महत्त्व हुन्छ, निर्वाचनलाई निष्पक्ष पारेर प्रजातन्त्रलाई बलियो पार भन्ने छोटो तर सारगर्भित निर्देशन भएर प्रजातन्त्रप्रति दर्शाइबक्सेको निष्ठालाई भने पुनः उल्लेख गर्नु उपयुक्त हुनेछ ।

उपर्युक्त प्रसङ्गहरूबाट मौसुफको राष्ट्र र जिम्मेवारीप्रतिको निष्ठा, गम्भीरता र कार्य शैलीको बोध हुन्छ । जनताका हृदयमा रहेका श्री ५ वीरेन्द्रमा हार्दिक श्रद्धाञ्जली !

●

श्री ५ वीरेन्द्र र रा.वि.से. कार्यक्रम

● *सहप्रा.डा. वीणा पौड्याल*

पृष्ठभूमि :

देशलाई विकासको मार्गमा अघि बढाउन विभिन्न योजना र कार्यक्रमहरूको तर्जुमा गर्नुपर्ने हुन्छ। बिनायोजना अथवा कार्यक्रम कुनै पनि विकास कार्यक्रमहरू व्यवस्थित र नियमबद्ध रूपमा अघि बढ्न सक्दैनन्। त्यसैले व्यवस्थित रूपमा देशको सर्वाङ्गीण विकास गर्ने ध्येयले देशमा पञ्चवर्षीय योजना लागू भएका हुन्छन् भने हरेक वर्ष संसदमा वर्षे अधिवेशन बसेपछि अर्थमन्त्रीले वार्षिक कार्यक्रमका रूपमा बजेट प्रस्तुत गर्दछन्। यसरी वार्षिक रूपमा बजेट प्रस्तुत गर्ने परम्परा नेपालमा मात्र होइन, विश्वका जुनसुकै देशमा पनि रहेको हुन्छ। सामान्यतः एउटा घरलाई व्यवस्थित रूपमा सञ्चालन गर्न पनि योजना र कार्यक्रमको तर्जुमा आवश्यक पर्छ भने सिङ्गो राष्ट्रको विकासका निम्ति बिनायोजना कुनै पनि कार्यक्रमहरूको तर्जुमा गरी सफलतासाथ सम्पन्न गर्नसक्छु भन्नु हावामा ढुङ्गो अडाउन सक्छु भन्नुजस्तै हो। देशमा नेता र प्रशासकहरूबाट देशको सर्वाङ्गीण विकासमा राम्रो सहयोग नपुगेकै कारण २०२८ सालमा नयाँ शिक्षा योजना कार्यक्रम तर्जुमा गर्दैखेरि उच्च शिक्षामा दसमहिने राष्ट्रिय विकास सेवा कार्यक्रमलाई अनिवार्य कार्यक्रमका रूपमा तय गरिएको थियो। म पनि उच्च शिक्षा हासिल गरिरहेकी विद्यार्थी भएकी हुनाले दसमहिने सो कार्यक्रममा अनिवार्य रूपमा सहभागी हुन आवश्यक थियो। त्यसैले प्रारम्भका दिनहरूमा राष्ट्रिय विकास सेवा कार्यक्रममा सहभागी हुन केही सङ्कोच, केही डरको अनुभूति जागेको भए पनि कार्यक्रम अगाडि बढ्ने नै निश्चित भएपछि डर, सङ्कोच आदि दुर्गुणहरू पन्छाएर दसमहिने राष्ट्रिय विकास सेवा कार्यक्रममा सहभागी हुने निश्चित गरिसकेकी थिएँ। वास्तवमा यो कार्यक्रम केही सिक्ने, आफूले सिकेका कुरा अरूलाई दिने उपयोगी, अत्यन्त उपयोगी, नेपालको सर्वाङ्गीण विकासका निम्ति अनिवार्य आवश्यकता र

औचित्यका निम्ति सो कार्यक्रम अगाडि बढ्नुपर्छ भन्ने लाग्यो। एकताका त्यही पवित्र उद्देश्य लिएर यसको प्रारम्भ र विस्तार भएको कुरो म आज निर्धक्कसँग अभिव्यक्त गर्न सक्छु।

राष्ट्रिय विकास सेवा कार्यक्रम र उच्च शिक्षा

विद्यार्थी देशका खम्बा हुन् र गहना हुन्। उनीहरू देशलाई जता लान चाहन्छन्, देश उतै जान्छ। शुरुमा राष्ट्रिय विकास सेवा कार्यक्रम लागू गर्दा विद्यार्थी वर्गबाटै कडा विरोधको स्वर गुञ्जिएको थियो तर विद्यार्थीहरूले विरोध गर्दागर्दै पनि त्रिभुवन विश्वविद्यालयले राष्ट्रिय विकास सेवा कार्यक्रम लागू गरेरै छाडेको थियो। वास्तवमा देशको चातुर्दिक् विकासका निम्ति राष्ट्रिय विकास सेवाको सर्वोपरि भूमिका हुने गर्दछ किनभने देशका नेता र प्रशासकहरूभन्दा विद्यार्थीहरू नै मनमा कुनै तुस नराखिकन देशको सेवा गर्छन्। नेतालाई आफ्नो पार्टीको मात्र चिन्ता हुन्छ, प्रतिपक्षी या विरोधी खेमाको मान्छे देख्ने बित्तिकै नेताले खोइरो खन्न थाल्छ भने प्रशासकहरू पनि मोटो रकम नपाइने ठाउँमा जान चाहँदैनन् र गइहाले पनि आलेटाले गरेर दिन बिताउँछन्। राम्रो काम गर्दैनन् वा टी.ए.डि.ए. जस्ता सङ्कुचित सुविधामा अल्मलिएर देशका

लागि गर्नुपर्ने कामहरू पनि लथालिङ्ग पारिरहेका हुन्छन् तर विद्यार्थीमा त्यस्ता सङ्कुचित धारणा हुँदैन । त्यसैले राष्ट्रिय विकास सेवा कार्यक्रममा विद्यार्थीहरूलाई प्रत्यक्षरूपमा संलग्न गराउँदा गाउँको सर्वाङ्गीण विकासमा ठोस योगदान पुग्ने निश्चित थियो र त्यसमा पनि मुख्य रूपमा देशको शैक्षिक समुन्नतिमा राष्ट्रिय विकास सेवा कार्यक्रमअन्तर्गत सम्बन्धित जिल्ला वा गाउँका विद्यालयहरूमा दस महिना सम्म बसेर उनीहरू नै अध्यापन कार्यमा सरीक हुँदा निश्चित नै दुर्गम क्षेत्रका विद्यार्थीहरू, जो योग्य शिक्षकको अभावमा पीडित भइरहेका थिए, उनीहरूलाई सुविधा पुग्ने निश्चित थियो । यिनै-यिनै कुरालाई मनन गरी त्रिभुवन विश्व विद्यालयले स्नातकोत्तर तह पूरा गर्न चाहने जुन कुनै विद्यार्थीहरूका निमित्त राष्ट्रिय विकास सेवाको दसमहिने कार्यक्रम अनिवार्य गरेको हो । यसलाई २०२८ सालमा लागू भएको राष्ट्रिय शिक्षा पद्धति योजनामा नै त्रिभुवन विश्व विद्यालयको प्रमुख कार्यक्रमका रूपमा उल्लेख गरिएको थियो । वास्तवमा नेता र प्रशासकहरूले मनसा, वचसा, कर्मणा देशको चातुर्दिक् विकासमा आफूलाई समर्पित गरिदिएका भए देश विकासको चरम चुलीमा पुगिसक्ने थियो । देशका सबै वर्गलाई समेटेर चातुर्दिक् समुन्नतिमा आफू पनि सहभागी हुनका निम्ति राजा वीरेन्द्रले युवराजाधिराज हुँदाखेरि देशभ्रमण कार्यक्रम शुरु गरेका थिए । २०२८ साल माघ १७ गते राजगद्दीमा बसेपछि देशका जनताहरूको सुख-दुःखसँग सहभागी हुँदै त्यसलाई कसरी हटाउन सकिन्छ भनेर उनी रातदिन लागिपरेका थिए । यसरी राजदरबारको सुख-सयलमा रहेका राजा वीरेन्द्र पनि उकाली-ओराली हिड्दै, भीर-पहरा नाघ्दै, खोला-जँघार तर्दै, टाढाभन्दा टाढा रहेका जनताहरूसँग भेटघाट गरेर उनीहरूका के कस्ता समस्याहरू छन् ती समस्याहरूको समाधानार्थ स्थानीय जनतालाई सरीक गराउने र आफू पनि प्रत्यक्ष रूपमा सरीक हुने अभियानमा लागिपरेका बेला राष्ट्रको सर्वाङ्गीण विकासको महत्त्वपूर्ण कार्यक्रम राष्ट्रिय विकास सेवामा विद्यार्थीका हैसियतले सहभागी हुन पाउनु महत्त्वपूर्ण कुरो हो र त्यसलाई मैले राष्ट्रको विकासमा आफूबाट हुनसक्ने र भएको एक थोपो योगदान रूपमा लिएकी छु ।

प्रथमतः साउँअक्षर चिनेदेखि स्नातकोत्तर तहको प्रथम वर्ष अध्ययन गर्दासम्म विद्यार्थी एउटै विषयमा केन्द्रित रहेको हुन्छ- के कसरी अध्ययन गरी राम्रो नम्बर ल्याएर परीक्षा उत्तीर्ण गर्ने र थुप्रै पैसा आउने ठाउँमा जागिर खाने । राष्ट्रिय विकास सेवा कार्यक्रमले विद्यार्थीहरूको उपर्युक्त योजनामा बाधा ल्याउन खोजेको जस्तो पनि देखिन्थ्यो, किनभने स्नातकोत्तर तह पहिलो वर्ष परीक्षा दिइसकेको विद्यार्थी अर्को वर्ष दोस्रो खण्ड पढेर परीक्षा दिई समुत्तीर्ण भइसक्नु पर्नेमा बीचमा एकवर्ष गाउँमा गएर अल्मलिनु पर्दा शुरु-शुरुमा विद्यार्थीहरूका मनमा अमिलो अनुभूति हुनु स्वाभाविकै हो तर त्यो अमिलो अनुभूति क्रमिक रूपमा पखालिदै जाँदो रहेछ, माझिदै जाँदो रहेछ र अमिलोले माझेको तामाको भाँडो झैं विद्यार्थीको मन टलक्क टल्किने रहेछ । उच्च शिक्षा पार गरिसकेपछि विद्यार्थीहरू आ-आफ्नो इलमअनुसारको धन्दामा लागिपर्छन् । त्यसैले विद्यार्थीका हातमा ट्रान्सक्रिप्ट परिसकेपछि उनीहरूलाई सेवा भावले राष्ट्रको विकासमा सहभागी बन भनेर अभिप्रेरित गर्न शायद कसैले पनि नसक्ला । त्यही कारण विश्वविद्यालयले पनि पहिलो वर्ष दिइसकेको र दोस्रो वर्षको अध्ययन प्रारम्भ नगरेको बीचको दसमहिनाको समय राष्ट्रिय विकास सेवामा विद्यार्थीहरूलाई अधिराज्यभरिका विद्यालयहरूमा संलग्न गराउन खोजेको कुरो प्रष्ट हुन्छ ।

राष्ट्रिय विकास सेवा कार्यक्रममा मेरो संलग्नता

आजभोलि गर्दै राष्ट्रिय विकास सेवा कार्यक्रममा भाग लिनुपर्ने दिन पनि नजिकै आइपुगिसकेछ । आहा ! कति रमाइला दिन थिए विद्यार्थी अवस्थाका । मनमा पीरपिराउ केही थिएन । कोहीसँग डराउनुपर्दैनथ्यो, कसैले आफूलाई हेप्न खोज्यो भने अर्को पटकदेखि नजिकै आएर बोल्नै नसक्ने पार्न सकिन्थ्यो । कहीं जानु पर्‍यो भने अभिभावकहरूसँग भन्यो, कञ्चट कन्यायो, हात पसार्‍यो, दड्यायो, घुर्क्यायो, पैसा हात पार्‍यो अनि कहिले घुम्न गयो, केही मीठो चिज खान मन लागे, किन्यो, खायो आफ्नो मन मिल्ने साथीसँग गफ गर्‍यो, कहिले हा...हा... गर्‍यो, कहिले सिरियस भयो आदि इत्यादि । आफ्नो काँधमा केही बोझ थिएन । कक्षामा गयो गुरुहरूले पढाएको सुन्यो, कापीमा नोट टिप्यो, नबुझेका कुरा सोध्यो, कुरो बुझ्यो भने चुप लाग्यो, बस्यो । गुरुले पढाएको बुझिएन, विद्यार्थीलाई उनले पढाउन र बुझाउन सकेनन् भने फलानो सरले पढाएको भएन, सर फेर्नु पर्‍यो भन्यो । क्याम्पसचिफकहाँ गयो, करायो तर पछि आफू पनि यसरी कक्षामा आउँदा र कुनै दिन कुनै पाठको प्रसङ्ग विद्यार्थीहरूलाई खुलस्तसँग बुझाउन नसक्दा आफ्नो के हविगत होला भन्ने कुरो त्यतिबेला सोचिदैनथ्यो र कसैले सोच्दैनथे । मनमा उब्जिएको कुरा फ्याट्ट व्यक्त गरिहाल्नुपर्ने, सोचेर वा गम खाएर आफूले बोलेको कुराले सकारात्मक र नकारात्मक के प्रभाव पार्ने हो त्यसको ख्यालै नगरी बोलिहाल्ने बानी विद्यार्थीको हुन्छ । यसरी खुलस्त रूपमा हिडेको, डुलेको, खाएको अवस्थामा अकस्मात् राष्ट्रिय विकास सेवा कार्यक्रममा भाग लिनुपर्दा शुरुमा त नरमाइलो पनि लागेको थियो । किनभने पक्कै पनि सो कार्यक्रममा संलग्न रहेर गाउँ-

गाउँमा गएपछि कुनै विद्यालयमा पढाउनु पर्ने हो वा होइन, कहिले काहीं अप्ठ्यारा पाठहरू कोठामा पढेर पनि जानु पर्ने होला, गाउँका जनताहरू कुन स्तरका छन्, कति पढेका छन्, उनीहरूको चाहनाहरू केके होलान्, ती पूर्ण गर्नेतर्फ आफू सक्षम हुने हो वा होइन, आफ्नो ब्यागबाट पैसा झिकेर पक्कै पनि गाउँ-गाउँलेका चाहनाहरू परिपूर्ति गर्न सकिँदैन होला, अनुनयविनय गर्दा कुनै निकायले सहयोग गर्ने हो वा होइन, यदि सहयोग गरेन भने आफ्नो मूल्याङ्कनमा कालो दाग लाग्ने पो हो कि आदि इत्यादि कुरा मनमा खेलाइरहेकी थिएँ । *वास्तवमा आमाको गर्भबाट धर्तीमा प्रवेश गरेदेखि नै मानिस अनेकौं समस्याहरूबाट जेलिएको हुन्छ । जालो काटेर फुत्किन जो कोहीलाई हम्मे-कम्मे नै हुन्छ । जन्मेदेखि चोला नफेरुन्जेल मनमा अनेकौं तरङ्गहरू चलिरहेकै हुन्छन् । गीताले बताएअनुसार पुराना अथवा जीर्ण लुगा फेरेर मानिसले नयाँ लुगा फेरेजस्तै हो-* आत्माले जर्जरै बनेको पुरानो देहलाई त्यागेर नयाँ शरीर प्रवेश गरेको वा प्रवेश गर्न खोजेको । कहिलेकाहीं यसो सम्झन्थेँ– अब म बन्धनमा पर्न लागेँ नि त ! अहिले जस्तो फुक्का सोचाइ पक्कै नहोला । केही न केही झन्झट आइलाग्ला । त्यसको समाधानार्थ लागिपर्नुपर्ने होला । कुनै समस्याहरू समाधान होलान्, कुनै नहोलान् आदि इत्यादि ।

हामीलाई राष्ट्रिय विकास सेवा कार्यक्रममा सहभागी हुनैपर्ने भयो । विश्वविद्यालयले यस कार्यक्रमलाई विद्यार्थीहरूका बीच अनिवार्य कार्यक्रमकै रूपमा लागू गर्ने नै भयो, गऱ्यो । साँच्चै भन्ने हो भने देशका राष्ट्रप्रमुख राजा वीरेन्द्रले समेत राष्ट्रिय विकासमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहभागिता जनाइरहेको बेला म एउटी फुच्ची विद्यार्थी गाउँको कुनै एउटा विद्यालयमा गएर अध्यापन गर्नु कुन ठूलो कुरो होला र ? गाउँका जनताहरूलाई म प्रभाव पार्न सक्तिन होला र ? पढाउनका अतिरिक्त गाउँमा भैपरि आउने अन्य विकासका कामहरूमा गाउँले जनतालाई नै अभिप्रेरित गर्न के म नसकुँला र ?

यस्ता साहसी कुरा पनि मभित्र उब्जिदै जान थाले । त्यसपछि मलाई सजिलो अनुभव भयो । राष्ट्रिय विकास सेवा कार्यक्रममा मनसा, वचसा, कर्मणा सहभागी हुन म उत्साहित हुँदै गएँ ।

गाउँमा गएर के गर्ने ? विद्यालयमा कसरी पढाउने ? गाउँका भोला-भाला जनतालाई विकासनिर्माण कार्यक्रममा कसरी सहभागी गराउने ? स्वास्थ्यशिक्षा आदि कार्यक्रमहरू हाम्रै समुन्नतिका निम्ति साझा कार्यक्रम हुन् भन्ने कसरी बोध गराउने र गाउँका जनताहरूसँग कसरी घुलमिल गर्ने भन्ने सम्बन्धमा परिचयकार्यक्रमको आयोजना भएको थियो । त्यसपछि विद्यार्थीहरूलाई जिल्ला-जिल्लामा दसमहिनासम्म रहेर गर्नुपर्ने कार्यहरूको निर्देशिका वितरणका साथै जिल्लामा जाने विद्यार्थीहरूको छनौट गरिएको थियो । त्यस छनौट कार्यक्रममा सहभागी हुँदा म काभ्रेपलाञ्चोक जिल्लामा परेकी थिएँ । मलाई मेरो बुबा नेपालका प्रसिद्ध पत्रकार रामराजा पौडचालले “मौकामा हो, अघिपछि कहिले घुम्न पाइन्छ र ! सकभर टाढै जानु राम्रो” भन्नुभयो । एकजना साथी लमजुङका निम्ति छनौट भएका थिए । उनलाई त्यो ठाउँ टाढा परेको थियो । मलाई लमजुङ जिल्लामा गएर दसमहिना बिताउने उत्साह जाग्यो । त्यसैले लमजुङमा परेको साथीलाई म खटिएको ठाउँ काभ्रेपलाञ्चोक पठाएर म चाँहि लमजुङमा जाने भएँ । लमजुङमा खटिएका मेरा अन्तरङ्ग साथीहरूमध्ये रुक्मिणी वन्त, सुमित्रा मानन्धर, चिती र सरला, ज्वाला, दुर्गा तार्कुघाटमा बसे भने प्रेमहीरा ताम्राकार, जगतदेवी रञ्जित र म (वीणा पौडचाल) चाँहि भोटे ओडारमा बस्यौँ । हामीलाई त्यहाँ पुऱ्याउने एक जना प्राध्यापक अभिभावकका रूपमा प्रा.डा. शङ्करराज पन्त संलग्न हुनुहुन्थ्यो । हामीलाई उहाँले सहज तरिकाले लमजुङ पुऱ्याउनुभयो र हामी सम्बन्धित विद्यालयमा खटिएर व्यवस्थित रूपमा विद्यालयस्तरीय अध्यापनका साथै गाउँका समस्याहरू बुझ्ने, स्थानीय तहबाटै समाधान हुनसक्ने कतिपय समस्याहरू जनसहभागिता जुटाएर समाधान गर्नेगराउने, आफूभन्दा माथिल्लो निकायमा प्रस्तुत गर्नुपर्ने कतिपय समस्याहरू प्रस्तुत गर्ने र तिनीहरूको निराकरणका लागि अभिप्रेरित गर्ने आदि इत्यादि कार्य गर्न लाग्यौँ ।

वास्तवमा गाउँमा हामी राष्ट्रिय विकास सेवा कार्यक्रमअन्तर्गत गएका विद्यार्थीहरूलाई शुरु-शुरुमा नबुझेका गाउँका दाजु-भाइ, दिदी-बहिनीहरूले विकासे मास्टर भनेर सम्बोधन गर्ने गरेका थिए । पछि उनीहरूले बुझ्दै गए । हामी कुन प्रयोजनका निम्ति गाउँमा गएका रहेछौं भन्ने थाहा पाउँदै गए । त्यसपछि गाउँले जनताहरूले सहयोग पुऱ्याउँदै गए । हाम्रा कार्यक्रमहरूमा सहभागिता जनाउँदै गए । अहिले म यसो सोच्छु- राजा वीरेन्द्रको देशव्यापी भ्रमण कार्यक्रम तथा त्रिभुवन विश्वविद्यालयले लागू गरेको दसमहिने राष्ट्रिय विकास सेवा कार्यक्रम अहिलेसम्म निरन्तर चलिरहेको भए हाम्रो देश नेपाल निश्चय नै विकासको शिखरमा पुग्नपुग्न आँटिसक्थ्यो । यो देशलाई एसियाली मापदण्डमा पुऱ्याउने राजा वीरेन्द्रको इच्छा साकार हुन लागिसक्थ्यो । युवराजाधिराज हुँदाखेरि देशका जनताहरू सुख-दुःखमा सहभागी हुँदै आएका श्री ५ वीरेन्द्रको चिन्तनको परिणाम हो- राष्ट्रिय विकास सेवा कार्यक्रम । यो कार्यक्रम केही समय दसमहिने कार्यक्रमकै रूपमा लागू भयो भने, केही वर्ष तीन महिने कार्यक्रमको रूपमा मात्र लागू भयो । हाल यो कार्यक्रम स्थगित भएको छ र मेचीदेखि महाकाली-

सम्मका गाउँघरका विद्यालयमा अध्यापन कार्यक्रमका साथै गाउँका कतिपय विकास कार्यक्रम पनि स्थगित भएका छन् । राष्ट्रिय विकास सेवा कार्यक्रम सफल भएको भए नेपालको मुहार फेरिने थियो । राजा वीरेन्द्रको देशभ्रमण कार्यक्रम जसरी फलदायी हुँदै गएको थियो, त्यसैगरी राष्ट्रिय विकास सेवा कार्यक्रम पनि उपलब्धिमूलक हुँदै गएको थियो । यही राष्ट्रिय विकास सेवा कार्यक्रमकै सिलसिलामा मैले राजा श्री ५ वीरेन्द्रसँग दर्शनभेट पाएकी थिएँ । त्यस दर्शनभेटको सम्झना यतिका वर्षसम्म पनि मस्तिष्कमा ताजै छ । त्यही संस्मरणलाई म यहाँ लिपिबद्ध गर्न लागेकी छु ।

नेपालका राजपरम्परा

नेपालको प्रामाणिक इतिहासको थालनी सम्वत् ३८६ (ई.सं.४६४) बाट भएको हो । लिच्छविवंशका राजा मानदेव प्रथम प्रमाणित राजा हुन् । प्राचीनकालदेखि नै यहाँ राजा-रजौटाहरूले शासन गर्दै आएको कुरा इतिहासका विभिन्न प्रमाणहरूले प्रष्ट पारेका छन् । वंशानुगत राजपरम्पराले नेपाल र नेपालीको अस्तित्व जोगाउन आफ्नो गद्दीसमेत दाउमा लगाएका उदाहरण पनि थुप्रै छन् । त्यसैले नेपालको राजा र प्रजाको सम्बन्धको कुरो उठाउँदा बाबु र छोराको उदाहरण दिइन्छ । १०४ वर्षसम्म टिकेको एकतन्त्रीय राणाशासनको समयमा नेपाल राज्यमा प्रजा र राजाबीचमा एउटा गहिरो खाडल र ठूलो पर्खाल तेर्सिएको थियो । २००७ सालको ऐतिहासिक क्रान्तिपछि त्यो खाडल क्रमिक रूपमा पुरिँदै र पर्खाल सानो हुँदै गयो । नेपालको इतिहासका विविध निर्णायक कदमहरूमा राजवंशको प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान रहेको छ ।

वि.सं. २०३१ फागुन १२ गते सम्पन्न भएको राज्याभिषेकसमारोहमा राष्ट्रको नाममा श्री ५ वीरेन्द्रद्वारा व्यक्त गरिएको उद्‌गारबाट मौसुफको शुभेच्छा, उच्च विचार र जनताप्रतिको जिम्मेवारी प्रष्ट हुन्छ । "हामी चाहन्छौँ, हाम्रो देशमा कोही भोका नाङ्गा नरहून्, ओखतीमूलोको अभावमा कसैले दुःख झेल्न नपरोस्, शिक्षाको उज्यालो घामबाट हाम्रा कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् र प्रत्येक नेपालीले उपयोगी सीप र इलम सिकी आफ्नो पाखुराको बलमा आत्मसम्मानका साथ स्वतन्त्र जीवनयापन गर्न सकून् ।" आजको सन्दर्भमा पनि यी उद्‌गार मननयोग्य र व्यावहारिक छन् ।

एकीकृत नेपाल राज्यको शाहवंशीय एघारौँ राजाका रूपमा श्री ५ वीरेन्द्रको वि.सं. २०२८ मा राज्यारोहण भएको थियो । वि.सं. २००२ मा जन्मिएका वीरेन्द्रको उच्च शिक्षा बेलायतमा पूरा भएकाले प्रजातान्त्रिक पद्धति र विचारधाराबाट मौसुफ प्रभावित होइबक्सिन्थ्यो । त्यसैले राजतन्त्रात्मक शासनपद्धति भए पनि मौसुफले सधैँ जनताको भावना र प्रजातन्त्रको कदर गरिबक्स्यो । प्रजाको घरदैलोमा पुगेर दुःखसुख बाँड्ने र उनीहरूको प्रजातान्त्रिक विचार धारालाई महत्त्व दिने राजाका रूपमा श्री ५ वीरेन्द्र परिचित होइबक्सिन्छ । युवराजाधिराज हुँदा नै आफ्नो सामान आफ्नै पिठ्युँमा भिर्ने झोलामा (रूफ्‌ ज्याक) हालेर गाउँगाउँ पैदलयात्रा गरेर एउटा लोकप्रिय राजनेताको छवि बनाउन वीरेन्द्र सफल भइबक्सेको थियो । शहरी क्षेत्रका जनताका माझमा मात्रै उपस्थित नभएर अनकन्टार गाउँठाउँका घरघरका आँगन टेक्ने जनप्रिय राजाका रूपमा श्री ५ वीरेन्द्रको ख्याति छ । श्री ५ वीरेन्द्र युवराज छँदा नै शुरु भएको देशदर्शन र पैदलभ्रमण कार्यक्रम राजा भएपछि पनि कायमै रह्यो । नेपालका अधिकांश जिल्लाको विभिन्न जानकारी प्राप्त गर्न र विविध कार्यक्रममा भाग लिन श्री ५ वीरेन्द्र राजा भइसकेपछि पनि पैदल र हेलिकोप्टरद्वारा दुर्गम क्षेत्रमा पुगेका घटना थुप्रै छन् । यस्तै घटनामध्ये गण्डकी अञ्चलको हाडेटारको सिँचाइ योजना निरीक्षण पनि एउटा हो । नेपालको राजपरम्परामा श्री ५ वीरेन्द्रको आफ्नो छुट्टै पहिचान छ । नेपाललाई विकासको शिखरमा पुऱ्याउन श्री ५ वीरेन्द्रबाट भएको प्रयत्न अविस्मरणीय छ । मैले माथि नै उल्लेख गरेजस्तै श्री ५ वीरेन्द्रको विकास क्षेत्रहरूको भ्रमण क्रम र राष्ट्रिय विकास सेवा कार्यक्रम एकअर्काका पूरकजस्तै देखिएका थिए । किनभने देशलाई सन्तुलित रूपमा विकास गर्नका निम्ति राजाले देशभ्रमणको कार्यक्रम तर्जुमा गरी अगाडि बढाएका र देशको एक प्रमुख शक्तिका रूपमा विद्यार्थी समुदायलाई समयमै राष्ट्रिय विकासको मूल-धारमा लगाउन सके अशिक्षा र अन्धविश्वासले जकडिएको नेपालका गाउँ-ठाउँका जनताहरूको आभ्यन्तरिक समुत्थानमा टेवा पुग्नुका साथै गाउँको समग्र क्षेत्रको विकासमा पनि महत्त्वपूर्ण सहयोग पुग्ने दृष्टिले नै राष्ट्रिय विकास सेवा कार्यक्रमको तर्जुमा गरिएको हुन सक्छ । विकास क्षेत्रको भ्रमणका क्रममा राजाबाट सम्बन्धित विकास क्षेत्रमा कार्यरत राष्ट्रिय विकास सेवा कार्यक्रमअन्तर्गत गाउँगाउँमा पुगेका उत्साहित विद्यार्थीहरूसँग भेटघाट गरी यथासम्भव स्थानीय स्रोत र साधनको परिचालन गरी विकास निर्माणका कार्यक्रमहरू कार्यान्वयन गर्ने र अपुग हुन आएमा मात्र माथिल्लो निकायसँग सहयोगको याचना गर्ने भन्ने विषयमा पनि राजाबाट बारम्बार हुकुम हुन्थ्यो । राष्ट्रिय विकास सेवा कार्यक्रमका विद्यार्थीहरू राजाको अभिव्यक्तिबाट धेरै नै प्रभावित भएका थिए ।

२०५८ साल जेठ १९ गतेको कहालीलाग्दो रात हामी सबै नेपालीसामु ताजै छ । देशलाई विकासको पथमा अगाडि लैजान हरक्षण प्रयत्न गर्ने राजा वीरेन्द्रलाई जेठ १९ गतेको त्यस क्रूर

कालरात्रीले कसरी सर्लक्क निल्यो होला, अहिले सम्झँदा पनि आङ सिरिङ्ग हुन्छ । राष्ट्रका परमज्योति राष्ट्रनायक श्री ५ वीरेन्द्र धर्तीको प्राङ्गणमा जीवित नरहेपनि उनले छोडेर गएका कार्यहरू अहिलेसम्म पनि जस्ताको तस्तै छन् र पछिसम्म पनि रहिरहनेछन् । राजा वीरेन्द्रले जस-जसलाई भेटेर अमिट प्रभाव पारेका थिए, ती प्रभावहरू पनि सम्झनाका रूपमा जीवित छन् । समग्रमा राजपरिवारका सदस्यहरूको अमूल्य जीवन समाप्त भएको यो दिन नेपालको इतिहासमा कालो रातको नामले चिनिनेछ । यसै सन्दर्भमा श्री ५ वीरेन्द्रसँगको स्मरणीय कुराकानी यहाँ प्रस्तुत गर्न लागेकी छु ।

मेरो कार्यक्षेत्रमा राजाको अभिरुचि

उच्च शिक्षाको क्षेत्रमा त्रिभुवन विश्वविद्यालयको एउटा गरिमामय इतिहास छ । विभिन्न समयमा नयाँ-नयाँ प्रणाली लागू गरेर त्यसको नतिजा अनुसार कार्यक्रम लागू गर्ने कार्य पनि त्रि. वि. ले गर्दै आएको छ । स्नातकोत्तर तहका छात्र-छात्राहरूले कुनै जिल्लाका निर्धारित गाउँमा गई अध्यापन कार्यमा सघाउ पुऱ्याउनुका साथै ग्रामीण क्षेत्रको अध्ययन गर्ने कार्यक्रमको रूपमा रा.वि.से.(राष्ट्रिय विकास सेवा) शुरु भएको थियो । त्रि.वि. को उच्च शिक्षा (स्नातकोत्तर) को दुई वर्षको पढाइमा राष्ट्रिय विकास सेवा कार्यक्रम पनि अनिवार्य रूपमा समावेश हुनुपर्ने व्यवस्था गरेर तीन वर्ष बनाइयो । तीन वर्षे पढाइको लामो समय पनि देशको वास्तविक परिस्थिति बुझ्न, गाउँ-ठाउँ हेर्न साह्रै नै आवश्यक भएकाले विद्यार्थी र अभिभावकहरूले यसलाई उपयुक्त नै ठानेका थिए । समग्रमा राष्ट्रिय विकास सेवा एउटा उपलब्धिमूलक कार्यक्रमको रूपमा रह्यो तर पछि राजनीति र अन्य केही कारणले गर्दा यो कार्यक्रम बन्द भयो । यस कार्यक्रमलाई पुनर्जीवन दिनु आवश्यक ठानेर सम्बन्धित क्षेत्रबाट पहल पनि नभएको हैन ।

स्नातकोत्तर तहको पढाइको दोस्रो वर्ष वि.सं. २०३३ सालमा राष्ट्रिय विकास सेवा कार्यक्रम अन्तर्गत हामी ८ जना केटीहरूलाई लमजुङ जिल्लाको विभिन्न ठाउँमा पठाइयो । दुई जना चिति, ३ जना तार्कुघाट र हामी ३ जना भोटेओडारको स्कुलमा पढाउने काममा खटियौं । आ-आफ्नो क्षेत्रको पाठशालामा पढाउनुबाहेक बाटोघाटो निर्माण, प्रौढशिक्षा सञ्चालन, स्वास्थ्यसम्बन्धी आधारभूत जानकारी, वृक्षारोपण जस्ता विविध जनचेतना जगाउने कार्यक्रम पनि हामी रा.वि.से. का विद्यार्थीहरू गर्दयौं । आफू खटिएको ठाउँ दसमहिना बस्दा विविध क्षेत्रलाई समेट्ने गरी सिँचाइ योजना निरीक्षण गर्ने क्रममा श्री ५ वीरेन्द्र हेलिकोप्टरबाट सवारी भएर केही घण्टा राज भयो । त्यहाँ निरीक्षण र सोधपुछ गर्ने क्रममा मैले पनि आफूले भोगेका केही कुराकानी गरेकी थिएँ । हामी राष्ट्रिय विकास सेवाका छात्राहरू पनि श्री ५ वीरेन्द्रको दर्शन गर्न उत्सुक भएर बसेका थियौं ।

राजाबाट दर्शनभेट बक्स

हामी श्री ५ वीरेन्द्रसँग दर्शनभेटका निम्ति प्रतीक्षारत रहिरहेकै बेला आर्मीको एकजना हाकिम आएर तपाईंहरूको नेता को ? सरकारबाट बोलाइबक्सिएको छ भन्ने कुरा गरे । मैले हाम्रो नेता भनेर त्यस्तो कोही तोकिएको छैन भनें । आर्मीका ती हाकिमले मलाई देखाएर त्यसो भए तपाईं नै आउनुहोस् भनेर मलाई राजाका समीपमा लैजान खोजे । म पनि उनको पछि-पछि गएँ । मलाई ती सैनिकले राजा होइबक्सेको पालभित्र लगे । त्यस पालभित्र सैनिक पोशाकमा राजा वीरेन्द्र उभिबक्सेको थियो भने श्री ५ बडामहारानी सरकार पनि त्यहीं नजिकै राज भएको थियो । वातावरण एकदम शान्त थियो । राजा देशको चिन्तामा मग्न होइबक्सन्थ्यो । बडामहारानी राजाको योजनामा साथ दिइबक्सन राजाबाट अभिव्यक्त कुरा अभिरुचिपूर्वक सुनिबक्सँदै थियो भने दर्शनभेटका क्रममा आएका जनताहरूमध्ये कसकसले के कस्ता कुरा जाहेर गर्दा रहेछन् भन्ने कुरा पनि गम्भीर रूपमा श्रवण गरिबक्सँदै थियो । उस्तो मान्छे राजाका समीपमा पुग्दा डरले थर्थर काम्न सक्छ, उसका निधारबाट चिटचिट पसिना आउन सक्छ र राजाका अगाडि पुगेर गाउँ-ठाउँका समस्याहरू यसरी जाहेर गर्दछु भनेर सोचेको मानिस अवाक भएका घटनाहरू पनि थुप्रै सुनिएका छन् तर मलाई त्यस्तो कुनै सङ्कोचको अनुभूति भएन । किन डराउने ? नेपालका प्रिय राजा, ग्रामीण जनताका सुखदुःखसँग सहभागी हुन हाम्रै समीपमा सवारी भएका राजासँग केको डर ? म निर्धक्कसँग उभिएँ तर अनुशासित भएर, गम्भीर भएर । त्यहाँ ५-६ जना अरू हाकिमहरू थिए । अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारी, एडिसी आदि पनि त्यहीं थिए ।

राजा सामुन्ने मलाई "सरकार रा.वि.से." भनेर परिचय गराइयो, राजाबाट विभिन्न प्रश्नहरू गरिबक्स्यो । छात्रावास सिमेन्टेड बनाउने हो ? रा.वि.से. का छात्रा तपाईंहरू बस्ने घरको भाडा तिर्नुपर्छ कि भन्ने प्रश्न गरिबक्स्यो । मैले हामी रा.वि.से. छात्राहरू बस्ने घरको भाडा तिर्न नपर्ने कुरो जाहेर गरेर फेरि एकपल्ट स्थानीय सामग्री नै प्रयोग गरेर छात्रावास निर्माण गर्ने कुरो बताएँ । सरकारले पालभित्र भएका हाकिम र जिल्ला शिक्षा अधिकारीलाई छात्रावास आवश्यक छ ? भन्ने प्रश्न सोधनी भयो । सबैबाट सकारात्मक जवाफ आएपछि मलाई ठीक छ । विचार

गरौँला भन्ने हुकुम भयो । राजा वीरेन्द्र र अरू हाकिमहरूलाई नमस्कार गरेर पालबाट निस्किएँ । राजासँग कुराकानी भएको एक महिनापछि मेरो नाममा दरबारबाट एउटा पत्र आयो, जसमा रू. पच्चीस हजारको चेक छात्रावासका लागि पठाइएको थियो । हामी सबै अत्यन्त खुशी भयौँ । राजा श्री ५ वीरेन्द्रको राष्ट्रनिर्माण र जनताको भावनाप्रतिको कदर देख्दा हामी सबै प्रभावित भयौँ । जग्गा किनेर निर्माण शुरु गरी नमूना माध्यमिक विद्यालयको छात्रावास तयार भयो । तीन चार घण्टा टाढाबाट आउने विद्यार्थीको समस्या केही हदसम्म समाधान भयो । आज छब्बीस वर्षपछि पनि त्यो घटना सम्झँदा साह्रै रमाइलो लाग्दछ । जीवनयात्राको क्रममा विभिन्न क्षेत्रमा विविध कार्यको सन्दर्भमा अनगिन्ती मानिसहरूसँग भेटघाट हुन्छ । तीमध्ये केही भेटघाट, कुराकानी भने जीवनभर नै स्मरणीय हुन्छन् । त्यसैले जीवनको नयाँ मोड, नयाँ चिन्तन, केही उपलब्धि त्यस्तै व्यक्तित्वसँगको दर्शन, कुराकानीबाट प्राप्त हुन्छन् ।

अतीतका ती घटना, रमाइलो क्षण सरकारको राष्ट्रमा केही गर्ने चाहना, त्रिभुवन विश्वविद्यालयको रा.वि.से कार्यक्रमप्रति सकारात्मक भावना सम्झँदा राजा श्री ५ वीरेन्द्रप्रति श्रद्धा लाग्दछ, श्रद्धाले शिर नतमस्तक हुन्छ । अन्त्यमा मौसुफको आत्माको शान्तिको कामना गर्दै कलम बन्द गर्दछु ।

नेपाली इतिहास, संस्कृति केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर ।

●

स्रोतको समान वितरणव्यवस्था : श्री ५ वीरेन्द्र

● डा. शास्त्रदत्त पन्त

नेपालको शाह राजकुल पूर्वीय शासनव्यवस्थाको धरोहर हो । जनचाहनाअनुसार शासन सञ्चालन गर्नुपर्दछ भन्ने वैदिक मान्यतालाई यस कुलले निरन्तरता दिदै आएको छ । अध्यात्म चिन्तनबाट प्रेरित भएर जनहितका लागि मात्र सरकार प्रतिबद्ध र समर्पित हुनुपर्ने विद्यमान मान्यतालाई जहानियाँ राणाशासनले निरन्तरता दिन सकेन । त्यसकारणले गदा नै त्यस शासनपद्धतिलाई हुत्याउने काम पनि त्यही वंशबाट भयो र जनअधिकार संरक्षित गरियो । देशलाई कस्तो हालतमा राखेका रहेछन् भनेर श्री ५ महेन्द्रले मेची–काली, हिमाल–तराई घरदैलो कार्यक्रम राखिबक्सियो । त्यसपछि मात्र राजा र जनताबीच प्रत्यक्ष सम्बन्ध गाँसियो ।

श्री ५ वीरेन्द्रमा विलक्षण प्रतिभा थियो । मौसुफमा पूर्वीय आध्यात्मशैलीको शासन प्रणाली र पाश्चात्य पद्धतिको शासनशैलीमा बेजोड दखखल थियो । बेलायत, अमेरिका र जापान भित्रै पसेर त्यहाँको अत्याधुनिक शासनशैली र विकासप्रक्रियाको गहनतम अध्ययन गरेर त्यसलाई पूर्वीय पद्धतिको चास्नीमा डुबाएर जनआस्वादअनुसारको मसला छर्केर नेपालीको प्रत्येक घरमा विकासको फल पुऱ्याउने मौसुफको अंठोट थियो । श्रोत र साधनको असमान बाँडफाँड नै जनअसन्तुष्टि र द्वन्द्वको प्रमुख कारण हो भन्ने मौसुफको निर्क्योल थियो । असमान वितरण प्रणालीले द्वन्द्व निम्त्याउँछ र द्वन्द्वले पुनः विपन्न र झन् असमान बनाउनेतिर समाजलाई धकेल्दछ । त्यसकारण जनताको अमनचैन र शान्तिसुरक्षाले पहिलो प्राथमिकता पाउनुपर्दछ भन्ने अवधारणा थियो । शान्तिबिना विकासले गति लिनै नसक्ने भएकाले नेपाल र यस क्षेत्रकै विकासका लागि शान्तिक्षेत्र प्रस्ताव राखिबक्सेको थियो । त्यसलाई हृदयङ्गम गरेर गम्भीरतापूर्वक लागू गरिएको भए शायद यस क्षेत्रले आतङ्कवाद र गरिबीको सामना गर्नुपर्ने थिएन । सबैले मानव अधिकारको पूरापूरा उपभोग गर्न पाउने थिए ।

सन् २००० सम्ममा नेपाललाई एसियाली मापदण्डमा पुऱ्याउने मौसुफको अठोटको मूल आधार श्रोतको विनियोजन, सेवा र अवसरको समानुपातिक बाँडफाँड थियो ।

आज पनि हिमाल, पहाड र तराई क्षेत्रमा समानता छैन । पूर्वी नेपाल र पशिचमी नेपालका बीचमा समानता छैन । महिला र पुरुषबीचमा समानता छैन । आदिवासी, जनजाति, दलित र टाठाहरूबीच समानता छैन । शहर र गाउँहरूबीच समानता छैन । शिक्षा, स्वास्थ्य, खानेपानी, ऊर्जा, उद्योग र रोजगारका अवसरहरूको वितरणप्रणाली समानुपातिक छैन । शहरमा बस्नेले गुणस्तरीय शिक्षा पाउँछन् भने गाउँमा बस्नेले घर नजिकै शिक्षालयसम्म पनि पाउन सक्तैनन् । स्वास्थ्यको स्थिति त झनै नाजुक छ । फलतः दुर्गम गाउँका मानिसको सरदर आयु आधाभन्दा कम छ भने मातृशिशुमृत्युदर दोब्बरभन्दा बढी छ । आयआर्जन र रोजगारका अवसरहरू पनि जति दुर्गम भयो उति कम छन् । काम गर्ने सीप र क्षमता पनि धेरै फरक छ ।

यसरी सामाजिक क्षेत्रमा विकासको गति असन्तुलित भएका कारण क्षेत्रगत रूपमा अवसर र श्रोतबीच व्यापक असमानता भएको हो । कसैले अवसर पाउने कसैले नपाउने, कसैले सेवा

पाउने कसैले नपाउने भएकाले हुने र नहुने बीच तथा पाउने र नपाउने बीच स्वाभाविक रूपमा तनाव सिर्जना हुन्छ भन्ने कुरा मौसुफलाई राम्ररी थाहा थियो । त्यसकारण त्यसलाई सन्तुलित बनाउन प्रशासनिक र राजनीतिक विभाजनमा समेत चासो राखिबक्सियो ।

राजधानीबाट अरू सदरमुकाम र सदरमुकामबाट गाउँतिर विकास गति हिड्ने क्रम २००७ सालदेखि नै जारी थियो तर त्यसमा कसैले सूक्ष्म अध्ययन गरेको थिएन । त्यसको पहिलो अध्ययन श्री ५ वीरेन्द्रबाट भएको थियो । त्यसबखत विकासगतिविधिको उद्‌गम थलो राजधानीमात्र थियो । त्यहाँबाट हिड्ने सेवाहरू सुदूर दुर्गममा पुग्न निकै लामो समय लाग्ने भएकाले त्यस्तै उद्‌गम बिन्दुलाई राजधानीमा मात्र सीमित नगरी देशका अन्य चार बिन्दूबाट पनि एकै साथ गर्ने परिपाटिको थालनी गरिबक्सियो । त्यसलाई विकास क्षेत्र भनेर नामकरण गरियो । सुदूर पश्चिम सबैभन्दा कम विकसित भएकाले त्यसलाई पुनः दुईटा पारियो । तिनीहरूलाई विकासक्षेत्र भनिन्छ । त्यस्ता क्षेत्र पाँचवटा छन् । प्रत्येक क्षेत्रले हिमाल, पहाड र तराई ओगट्‌दछ तथा उत्तर दक्षिणका नदी प्रवाहपद्धतिलाई विकासको प्रवाहलाई आबद्ध गरेर प्राकृतिक मूलप्रवाहलाई समेटेर वितरणप्रणालीलाई त्राण दिने व्यवस्था गरिएको थियो । त्यसै अनुसार सबैजसो विभागलाई राजधानीबाट पाँचवटै क्षेत्रमा लगेर सेवा क्षेत्रलाई क्षेत्रैबाट विस्तार गर्न थालिएको थियो । औद्योगिक क्षेत्रहरू पनि सबै क्षेत्रबाट थालिएकाले स्थानीय स्तरमै रोजगारको अवसर र रोजगारलाई चाहिने सीप र क्षमताको पनि विकास गर्ने गरिएको थियो । प्रत्येक घर र व्यक्तिलाई पुऱ्याउने आसयले जनप्रतिनिधिको प्राधान्य रहने गरी गाउँ एकाइलाई वडा एकाइसम्म सशक्त पारिएको थियो जसमा एउटा वडा प्रतिनिधिले ५०-१०० वटा घरलाई चाहिने सुविधासेवा हेर्नपर्ने हुन्थ्यो । तर राज्यले दिने सेवा जिल्लास्तरीय कार्यालयसम्म मात्र सीमित थिए । त्यहाँबाट एउटा कार्यालयले आफ्नो क्षेत्रलाई प्रत्येक गाउँसम्म पुऱ्याउन, अनुगमन गर्नसमेत सम्भव थिएन । त्यसकारण त्यसलाई 'इलाका' नाम गरेको उपजिल्लाको अवधारणा बनाई कार्यान्वयन गरियो । इलाकालाई स्थानीय निर्वाचन र जनप्रतिनिधित्वसँग आबद्ध गरियो, लाइन एजेन्सी र प्रतिनिधिमूलक पद्धतिबीच सामञ्जस्य आउन सकोस् भनेर ।

राष्ट्रियस्तरमा विकासक्षेत्रको झैं स्थानीयस्तरमा इलाकाको अवधारणा अत्यन्त महत्त्वपूर्ण थियो । त्यसैकारण इलाकाको सदरमुकाम रहने ठाउँलाई सेवा केन्द्र (Service center) भनिने गरिएको थियो । श्री ५ वीरेन्द्रको सेवाकेन्द्रको अवधारणा अत्यन्त उँचो थियो । सैद्धान्तिक र कोरा ज्ञान गाउँ एकाइबाट दिन सकिथ्यो भने त्यसलाई मूर्तरूप दिन चाहिने मध्यमस्तरको प्राविधिक जनशक्ति र आवश्यक सेवा सेवाकेन्द्रका ओभरसियर, जिल्लामा रहने मेडिकल डाक्टरका मातहतमा रहने सेवा केन्द्रमा एउटा हेल्थ एसिस्टेन्ट र त्यसै गरेर शिक्षा, कृषि, वन, प्रशासन, न्याय आदि सबैको सेवा उपलब्ध गराउने गरी सो अवधारणालाई मूर्त रूप दिइएको थियो । सामग्री तर्फ इलाकामा एउटा एक्सरे र स्वास्थ्य प्रयोगशाला, निर्माणतर्फ निर्माण सामग्री आदिको सेवा सहज उपलब्धताको आधारमा विकसित गरिएको थियो ।

सेवालाई नाफानोक्सानमा हिसाब गर्नुहुँदैन भन्ने मौसुफको धारणा थियो । प्रशासन सुलभ, न्याय सस्तो र विकासकार्य तीव्र हुन पर्दछ भन्ने मौसुफको सोचाइअनुसार नयाँ अवधारणाको विकास गरिएको थियो । तृतीय श्रेणीलाई स्वाभाविक रूपमा द्वितीय श्रेणीस्तरमा उचालिएको थियो । द्वितीय श्रेणी उक्लेकोउक्ल्यै भए तर इलाकामा सेवा पुग्न सकेन । तिनताक जिल्ला न्यायाधीश तृतीय श्रेणीस्तरका थिए । त्यो स्तरलाई इलाकामा लैजानपर्ने भएकाले सबै जिल्ला न्यायाधीश द्वितीय श्रेणीका बनाइए । द्वितीय तुरुन्त बने तर तृतीय बन्ने आएनन् । न्याय सस्तो, छिटो र सहज रूपमा पाउनुपर्दछ । पाँच रूपैयाँको रकममा पनि न्याय पाउनुपर्दछ । दमन, शोषण र अपशब्द तथा प्रत्येक दुर्व्यवहारमा पनि न्याय पाउनुपर्दछ भन्ने मौसुफको अवधारणा थियो । गाउँ एकाइलाई दिइएको न्यायिक अधिकारको पुनरावेदनको अन्य इलाकामा हुने र साना सबै झगडाको त्यहाँ सुनुवाई हुनुपर्ने तथा न्यायिक प्रक्रियामा सुधार गरेर आफैंले लेखेको, आफैंले वकालत गरेको ठाडो उजुरीसरह उजुर गरेर निःशुल्क न्याय पाउने पद्धतिको विकास गराउने मौसुफको सूक्ष्म अवलोकनको निचोड थियो । तर आज यी सबै कुरा हुन पाएनन् । सेवावाट जनता फेरि वञ्चित भएका छन् । सबै सेवा महङ्गो भएका छन्, न्याय त सबैभन्दा महङ्गो भएको छ । यो एक प्रकारको व्यापार भएको छ । पाँच रूपैयाँको कुरै छाडौं अब पाँच लाखभन्दा कम मूल्यको कुरामा न्याय माग्न जाँदा पाइँदैन ।

नेपालमा सबै जाति र जनजातिहरू, दलित र पीडित दुर्गमवासीहरू तथा महिलाहरूको सबै सेवाक्षेत्रहरूमा समानुपातिक प्रतिनिधित्व पनि भएको छैन । यी सबैको सहभागिताबिना देशलाई अग्रगतिमा लैजान सकिदैन भन्ने मौसुफको दृढता थियो । सहभागितामूलक विकासलाई अगाडि बढाउन प्रतिनिधिमूलक पद्धतिमा सामयिक सुधारको खाँचो थियो । राजनीति विकासका लागि परिलक्षित हुनुपर्दछ र विकासको पछिल्लो पंक्तिमा रहेकालाई अघिल्लो पंक्तिमा सारेर गर्नु पर्दछ भन्ने मौसुफको अवधारणाअनुरूप प्रतिनिधित्वको व्यवस्था मिलाइएको थियो । जुन व्यक्ति जुन वडाको

वासिन्दा हो त्यो त्यही वडाबाट, जुन गाउँको हो त्यही गाउँबाट, जुन जिल्लाको हो त्यही जिल्लाबाट र जुन निर्वाचनक्षेत्रको हो त्यही क्षेत्रबाट मात्र चुनाव लड्न पाउने अनिवार्य व्यवस्थाले दुर्गम र सुगमको प्रतिनिधित्व, हिमाल र तराईको प्रतिनिधित्व, दुर्गम र जनजातिको प्रतिनिधित्व तथा दलित र पीडितको प्रतिनिधित्व हुने गरेको थियो। त्यस पद्धतिले आरक्षणले व्यवस्थाको विकल्पको प्रतिनिधित्व गरेको थियो। त्यसबाट समानुपातिक रूपमा प्रतिनिधित्व हुन नसकेका महिला र उत्पीडित जाति र जनजातिहरूलाई मनोनयन गरेर आनुपातिक रूपमा प्रतिनिधित्व गराइबक्सेको थियो। निर्वाचित दलित जनजाति, महिला प्रतिनिधिको संख्याभन्दा मनोनित महिलाको/दलित/जन जातिको संख्या बढी थियो। समानुपातिक प्रतिनिधित्वको थालनी श्री ५ वीरेन्द्रबाटै भएको हो भन्नुपर्दछ।राजनीतिक नियुक्ति हुने सबै पदमा नेपालका सबै भूभाग र जनजातिको जनसंख्याको अनुपातमा गर्ने गरिएको थियो। त्यसमा पनि पिछडिएकाहरूलाई पहिलो प्राथमिकता दिने गरिएको थियो तर आजको प्रतिनिधित्व पद्धति बिल्कुल उल्टो छ। काठमाडौंको मानिसले रौतहटबाट प्रतिनिधित्व गर्दछ। विराटनगरको मानिसले स्याङबोचेको शेर्पागाउँको प्रतिनिधित्व गर्दछ जसले स्थानीयत्व र जातित्व दुवैलाई बर्वाद गर्दछ। यो विकासलाई केन्द्रीकरण गर्ने राजनीति अप्रजातान्त्रिक पनि हो।

नेपालमा आरक्षण व्यवस्था फलदायी हुन सक्दैन किनभने जातजातिको जनसंख्याको अनुपातमा सबैलाई समेट्न सम्भव नै छैन। उदाहरणका लागि केवल ३ प्रतिशतको हाराहारीमा जनसंख्या भएको नेवार समुदायभित्रका अन्तरजात र वर्णहरू एक हजारभन्दा बढी छन्। दोस्रो कुरा यसले साम्प्रदायिक सद्भावनालाई बिथोल्दछ। तेस्रो कुरा आरक्षण पद्धतिले त्यो जात वा समुदायको गुणस्तर बढाएर प्रतिस्पर्द्धी बनाउन सहयोग पुग्दैन।

आरक्षणकै क्रममा एउटा छुट्टै उपाय पनि अवलम्बन गरिबक्सेको थियो। प्रत्येक वर्ष एउटा जिल्लाबाट एकजना इन्जिनियर र एकजना मेडिकल डाक्टरको चयन गरी छात्रवृत्तिमा पढाएर सम्वन्धित जिल्लाको सेवाको खाँचो परिपूर्ति गर्ने त्यसरी राजधानी र शहरमा मात्र केन्द्रित सेवालाई खास गरेर स्वास्थ्यसेवालाई गाउँमा विस्तार गर्ने, त्यसबाहेक दुर्गम छात्रवृत्ति, दुर्गम विकास समिति, देशदर्शन कार्यक्रम, खल्ती (पकेट) विकास तथा एकीकृत विकास जस्ता कार्यक्रम लागू गरेर नेपालको सर्वाङ्गीण वितरणव्यवस्थामा सन्तुलन ल्याउने चेष्टा गरिबक्सेको थियो।

वितरणप्रणालीको सन्तुलनका लागि मानवश्रोत विकासको क्षमता अभिवृद्धिको नितान्त आवश्यकता पर्दछ। सुदुर पश्चिमाञ्चलको मानवस्रोत विकास सूचकाङ्क मध्यमाञ्चल र काठमाडौंको भन्दा ज्यादै कम छ। मानवअधिकार र मानवविकास चाहिँ यथार्थको धरातलमा रहेर हेर्ने हो भने एउटै सिक्काका दुईपाटा हुन्। स्वतन्त्र प्रजातान्त्रिक सहभागिता र मानवअधिकार प्रमुख केन्द्रबिन्दु हुन्। मानवविकासको मूल आशय सुशासनबाट प्रजातन्त्रीकरण हो। यसको अभावमा काममा क्षमता बढ्दैन। क्षमता नभए छिटो छरितो र प्रतिस्पर्द्धी हुनसक्तैन। सीप नभए विकासले प्रविधि ल्याउन सक्तैन, आधुनिकीकरण गर्न सक्तैन। जापानी व्यवस्थापन प्रविधिबाट प्रभावित श्री ५ बाट असल, क्षमतावान् तर पलायन भएका व्यक्तित्व- हरूलाई समेटेर नेपाल भित्र्याइबक्सिएको थियो। राष्ट्रिय योजनाका उपाध्यक्ष भरत धिताल र मुस्ताङ–कर्णाली क्षेत्रमा फलफूलले लटरम्म पार्ने पासाङ क्रमशः व्यवस्थापन र प्रविधियुक्त व्यक्तिको खोजीको उदाहरण मान्न सकिन्छ। यसक्रममा मानवश्रोत विकास गर्न नेपाल प्रशासनिक प्रशिक्षण, सिटिभिटिजस्ता झण्डै ४ दर्जन संस्थाको नाम लिन सकिन्छ। यस संस्थाले ज्ञान, सीप क्षमता र व्यवस्थापकीय पक्षमा सुधार गर्न ठूलो टेवा मात्रै दिएका छैनन् अब जनशक्ति विकास गर्न विदेश धाइरहनुपर्ने अवस्थाको पनि अन्त्य भएको छ।

सामाजिक क्षेत्रमा लगानी नबढाई स्थानीय श्रोत साधनको विकास सम्भव नहुने टड्कारो खाँचो श्री ५ वीरेन्द्रले राम्ररी महसुस गरिबक्सेको थियो। त्यस्तै चपेटामा रहेको श्रीलङ्काले स्रोतको ४ प्रतिशत र त्यस्तै अवस्थाको फिलिपिन्सले २० प्रतिशतसम्म मानवश्रोत विकासमा खर्च गर्ने गरेका छन्। नेपाल पनि त्यस क्षेत्रको विकासमा तल ओर्लेर जिल्ला- स्तरसम्म जानुपर्ने महसुस गरी त्यस्ता प्रतिष्ठानलाई तल झार्दै लैजाने नीति अवलम्वन गरिबक्सेको थियो। क्षेत्रगत रूपमा विद्यमान सबै किसिमको असमानता हटाउने, प्रत्येक वर्ष स्रोतको मात्रा स्थानीयस्तरमा बढाउँदै लाने नीति अवलम्बन गरिबक्सेको थियो। प्रतिव्यक्ति आय र कूल गार्हस्थ्य उत्पादन बढाउने अवधारणालाई कार्यान्वयन गरिदै गएको थियो। स्वास्थ्य, शिक्षा लैङ्गिक समानताजस्ता मानवविकासका सूचकाङ्क आधारभूत लक्ष्य हासिल गर्ने अनुगमनप्रथालाई पनि निकै प्राथमिकता दिदै आइएको थियो। मौसुफको क्षेत्रीय भ्रमण त्यसैको एक अङ्ग थियो। गरिबीले व्याप्त क्षेत्रमा श्रोत विनियोजन गर्ने, एउटा कोष बनाउने, त्यसलाई जनसहभागितामूलक सहकारीबाट परिचालन गर्ने, कामअनुसार कोष बढाउँदै जाने तथा गै.स.स (NGOs) र सामुदायिक संस्था (CBOs) लाई स्थान उपलब्ध गराउँदै जाने नीति बनाई कार्यक्रम लागू गराइएको थियो। त्यसरी नेपाललाई दिगो मानवविकासका लागि मनग्गे सुधार ल्याउन विभिन्न दातृसंस्था र अन्तर्राष्ट्रिय गैरसरकारी सहयोग खोज्न प्रशिक्षणमा केन्द्रित गर्ने गरिदै आएको

थियो । मौसुफको क्षेत्रीय भ्रमणका क्रममा मैले बुझेअनुसार मौसुफ सकभर हुकुमप्रमाङ्गी गर्न चाहि- बक्सदैनथ्यो । ऐननियम नै संशोधन गर्नुपर्दछ, हु.प्र. गर्ने प्रथाले प्रजातान्त्रिक अभ्यासलाई अघि बढाउन गाह्रो हुन्छ भन्ने धारणा राखिबक्सन्थ्यो । तर पण्डालमा बस्नेहरूले भने हु.प्र. लाउनमा नै कोशिस गर्दथे । बढी विलासी रूपले अफिस सजाउने कार्यालयप्रति त्यति सन्तुष्ट होइबक्सन्नथ्यो । काम चल्ने अवस्थासम्म सामानको मर्मत गरेर उपयोग गर्नुपर्दछ भन्ने धारणा राखिबक्सन्थ्यो । ज्यादै महत्वाकांक्षी र गर्नै नसकिने योजना हुनुहुँदैन भन्ने धारणा राखिबक्सन्थ्यो । सन् २००० सम्म एसियाली- स्तरको विषयवस्तु निर्धारण गर्दा सबैले प्रत्येक नागरिकलाई वर्षको दुईजोर जुत्ता भनेर सहमत भएका थिए तर नेपालको यथार्थ बुझिबक्सेका श्री ५ वीरेन्द्रले त्यो कुरा गर्न सकिदैन भनेर दुईजोर जुत्ताको ठाउँमा दुईजोर चप्पल प्रस्ताव पस्किबक्सेको थियो । पछि त्यही नै सत्य साबित भयो । प्रतिजोडा २० रूपैयाँसम्ममा चप्पल उत्पादन भएर आज पनि त्यो सफलीभूत भएकै छ ।

मौसुफको हरितक्रान्तिका लहरले हिउँदभरि प्रायः बाँझो रहने नेपाल भरिका जग्गा आज तरकारीले ढाकिएका छन् । पशुपालन, फलफूल खेती र अन्नभण्डारको हिमाल, पहाड, तराईको नीति लगभग फलदायी भएको छ । मद्यपान हटाऊ, दूधको मात्रा बढाऊ भन्ने नाराका साथ गरिएको श्वेतक्रान्ति कति धेरै सफल भयो भने आज मिल्क पाउडर बनाउने कारखानालाई पुगेर दूध निर्यात हुँदा पनि मिल्कहोलिडे मनाउने गरिएको छ । माछा विकास एउटा नमूना नै बनेको छ । रेसम, महखेतीदेखि केसरखेतीसम्म, आवश्यक वस्तु उत्पादनका उद्योगदेखि गलैंचा र तयारी पोशाक उद्योगसम्मको सफलतामा मौसुफको दूरदर्शी सफल सोचाइ नै हो भन्नु पर्दछ । खाद्यान्नको माग हुने दुर्गम थलोले पनि केही उत्पादन गरेर निर्यात गर्नुपर्दछ भन्ने अवधारणा राखिबक्सन्थ्यो । सामान ओसार्ने ट्रक दुवैतिर भरीभरी हिड्नु पर्दछ भन्ने सोचाइ थियो मौसुफको । सुशासन, कानुनी राज्य, प्रजातान्त्रीकरण, राष्ट्रिय एकता, विकासका लागि राजनीति, पूर्ण रोजगारसहित सन्तुलित वितरण व्यवस्था नै राष्ट्रिय स्वाधीनता र राष्ट्रिय गौरव बढाउने कुरा भएकाले सबै नेपालीको सशक्त सहभागिता चाहिन्छ, त्यसैबाट मात्र देशलाई अगाडि बढाउन सकिन्छ भन्ने दृढता थियो श्री ५ वीरेन्द्रमा ।

●

एक संस्मरण

● सुन्दरप्रसाद शाह

वि.सं. २०२५ सालतिरको कुरा हो, याम हेमन्त ऋतु। त्यसताका सम्बन्धित मन्त्री, मुख्यसचिव, मन्त्रालयको सचिव सहितको बैठक श्री ५ महेन्द्रको अध्यक्षतामा बस्ने र त्यस्तो बैठकमा श्री ५ युवराजाधिराज वीरेन्द्र पनि राज हुने परिपाटी चलेको थियो। श्री ५ महेन्द्रको मुकाम रत्नमन्दिर, पोखरामा मन्त्री, मुख्यसचिव र म राजदरबारका केही पदाधिकारीलाई लिएर दुई इन्जिनको हवाईजहाज श्री ५ युवराजाधिराजले क्याप्टेन जयसिंहलाई साथमा राखेर काठमाडौंबाट पोखरासम्म उडाएर लगिबक्स्यो।

त्यस बखत डेन्मार्ककी युवराज्ञी मार्गरिट (हाल महारानी) को नेपालको केही दिनको औपचारिक भ्रमण श्री ५ युवराजाधिराजको निमन्त्रणामा हुने कार्यक्रम थियो। श्री ५ को अध्यक्षतामा बैठक बस्यो, डेन्मार्ककी युवराज्ञीलाई कुनै आदर्श गाउँपञ्चायत अवलोकन गराउने चर्चा चल्यो, म त्यसबखत गृहपञ्चायत सचिव थिएँ। कुन आदर्श गाउँ पञ्चायत देखाउने, के के विवरण प्रस्तुत गर्ने भन्ने चर्चा चल्यो। केहीबेर छलफल भयो। कुन आदर्श पञ्चायत देखाउने हो, त्यसको अभिभारा श्री ५ बाट मलाई बक्स्यो। मैले नै आदर्श गाउँ पञ्चायत छानेर विशिष्ट पाहुनाको स्वागत समितिमा दिनुपर्ने र सोहीअनुसार कार्यक्रममा राख्न सूचित गर्नुपर्ने निर्देशन श्री ५ बाट बक्सभयो। यसै बखत छलफल भएर गाउँ पञ्चायत तय होस् भन्ने श्री ५ युवराजाधिराजको मनसाय हुँदो हो जस्तो मलाई लागेको थियो। श्री ५ को निर्देशनद्वारा छलफल टुङ्गियो। त्यसपछि अन्य प्रस्तावहरू पेश भए। टुङ्गो लाग्दै गयो, बैठक समाप्त भयो। रत्नमन्दिरकै प्राङ्गणमा चियाचमेनाको व्यवस्था गरिएको थियो। हामी चिया खानपट्टि लाग्यौं। श्री ५ महेन्द्र, श्री ५ बडामहारानी रत्न र श्री ५ युवराजाधिराज वीरेन्द्र अलि छुट्टै सानो समियानाभित्र होइबक्सन्थ्यो। श्री ५ बाट मलाई बोलावट भएको अङ्गरक्षकद्वारा खबर भयो अनि म खाँदाखाँदैको प्लेट बिसाएर श्री ५ समक्ष पुगें।

"सुन्दरप्रसाद ! युवराजलाई पञ्चायत विषयमा सबै कुरा बताइदेऊ !" श्री ५ को एकाएक वाक्यले म एकछिन असजिलो एवम् असामञ्जस्यमा पर्न गएँ। हात जोडेर श्री ५ युवराजाधिराजतिर हेरें अनि श्री ५ तर्फ मोडिएर "हस् सरकार !" स्वतः मुखबाट शब्दहरू निस्के। "अहिले त युवराज्ञीको आगमनले फुर्सद छैन !" श्री ५ युवराजाधिराजबाट मलाई र त्यसपछि श्री ५ तर्फ नजर फिराई हुकुम भयो। मैले केही बोल्ने कुरा आएन। चुप लागेर उभिइरहें, अलि गम खाएर "मार्गरिट फर्केपछि बोलाएर भेट्नू"- श्री ५ बाट पुनः हुकुम भयो। श्री ५ युवराजाधिराजबाट "हवस् !" आज्ञापालनको शिर हल्लाएर सङ्केत गरिबक्स्यो।

बाबुछोराको बीच के कुरा छलफल भयो अनि मलाई श्री ५ बाट अह्राइबक्स्यो होला, मनमनै गुनें अनि श्री ५ हरूलाई दर्शन गर्दै आफ्नो स्थलमा पुगें। मनमा कुरा खेलाउँदै गरें, पेट त्यसै भरिएर आयो, मनको वहलाई साम्य पार्न एक कप चियामात्र खाएँ। डेनिस युवराज्ञीले चाबहिल भगवानस्थान आदर्श गाउँ पञ्चायत निरीक्षण हुने व्यवस्था भयो। साथमा श्री ५ युवराजाधिराज पनि अतिथिसाथ सवारी भएको थियो।

प्रधानपञ्च, स्थानीय विकास अधिकारीद्वारा युवराज्ञीको स्वागत भयो । म पनि स्वागत गर्नेमध्ये उभिएको थिएँ । स्थानीय पञ्चवर्गीय सङ्गठनका पदाधिकारी, सदस्यहरूको परिचयपछि गाउँ-पञ्चायतको गठनविधि, भूभाग, जनसंख्या, विकासनिर्माणका कार्य; काम, कर्तव्य, अधिकार र शिक्षा आदि इत्यादि चार्टद्वारा प्रस्तुत भए । त्यसपछि भवनको निरीक्षण गरेर कार्यक्रम समाप्त गरियो । पाहुना फिरेपछि श्री ५ युवराजा धिराजलाई पनि कार्यक्रम सन्तोषजनक रूपले सञ्चालन भएको महसुस भएको जस्तो मलाई अनुभूति भयो । श्री ५ युवराजाधिराजबाट हामी सबैलाई "लौ ! धन्यवाद !" हुकुम भएर सवारी फिऱ्यो ।

श्री ५ युवराजाधिराजलाई पञ्चायत विषय बताउनु पर्ने अभिभारा आफ्नो काँधमा आएकाले म त्यसका लागि तयारीमा बसिसकेको थिएँ । केवल कुन दिनको लागि बोलावट हुन्छ, त्यसैको प्रतीक्षामा मात्र थिएँ । दिनहरू बिते, हप्ता बिते, महिना बित्यो मलाई बोलावट भएन । मैले मनमनै गुन्न, जोड्न र घटाउन थालेँ ।

करिब करिब डेढ महिना बितिसकेपछि मौसुफको निजी सचिवको फोन आयो, "भोलि श्री ५ युवराजाधिराजसमक्ष पञ्चायतविषयमा वक्तव्य दिन श्रीसदनमा बिहान १० बजे पाल्नुहोला ।" मैले स्वीकार गरेँ । अनि मनमनै "वक्तव्य" भन्ने शब्दलाई केलाउन थालेँ । अनि भोलिको लागि आफू तयार हुनुपर्ने चाँजोपाँजो मिलाउन तरखर गरेँ ।

भोलिपल्ट बिहान ९:४५ बजे श्रीसदन पुगेँ । मलाई एउटा हलभित्र पुऱ्याइयो । चाइनिज ईंटा कारखानाद्वारा उत्पादित ईंटाले चिनेको सामान्य हल, भूँइमा सुकुल, त्यसमाथि रूम्जाटारे राडी बिछ्याइएको, हल्का खाले मेच र टेबल, ब्ल्याकबोर्ड, चक, डस्टर राखिएको । मेरा लागि स्कुलको शिक्षकलाई राखिएको झैँ एउटा मेच, त्यसअगाडि सानो टेबल । अगाडिपट्टिका तीन मेचहरू अगाडि तीन टेबल, त्यसपछि मेचहरू राखिएका थिए ।

मलाई मनमनै लाग्यो- अब मैले क्लासमा पढाएको जस्तो गर्नुपर्ने स्थिति आयो । म पुगेको केही मिनेटपछि मौसुफको निजी सचिव आएर "जम्मा एक घण्टा समय बक्सभएको छ, आधा घण्टा व्याख्यामा र आधा घण्टा प्रश्नउत्तरलाई समय मिलाउनुभए उपयुक्त हुन्छ" भनी बडो शिष्टतासाथ भनेर हलबाट बाहिरिए । म एक्लै विषय वस्तुप्रस्तुतिको जोहो गरिरहेँ । ठीक १०:१५ बजे मौसुफको सवारीको पदचाप सुनेँ । चपटे सेन्ट्रीले बन्दुकद्वारा सलाम गरेको आवाज पनि आयो । म आफ्नो सीटबाट अभिवादन गर्न जुरुक्क उठेँ ।

श्री ५ युवराजाधिराज, दुई अधिराजकुमारहरू अनि त्यसपछि श्री ५ युवराजाधिराजका निजी सचिव, सहसचिव, सहायकसचिव र दुई पार्श्ववर्ती अङ्गरक्षकहरू जम्मा आठजना हलभित्र प्रवेश भई यथायथा स्थानमा विराजित भए । मौसुफहरू सबै मोफति पोशाकमा होइबक्सन्थ्यो । अनि श्री ५ युवराजाधिराजबाट मलाई नजर भएर मुस्कुराई बक्स्यो र दाहिने बाहुले इशारा गर्दै शुरु गर्ने निर्देश भयो ।

मैले विभिन्न तहको पञ्चायत र राष्ट्रिय पञ्चायतको गठनविधि, तिनीहरूको काम कर्तव्य, अधिकार, तिनीहरूको अर्न्तसम्बन्ध आदि कुराहरू ब्ल्याक बोर्डमा चकले लेखेर तालिकाद्वारा व्याख्या गर्दागर्दै आधा घण्टाको समय गइहाल्यो अनि प्रश्नउत्तरको लागि तयार रहेँ ।

श्री ५ युवराजाधिराज सरकारको अनुमति लिएर विभिन्न प्रश्नहरू सोधिन थाल्यो । मैले एकएक गरी सटीक जवाफ दिदै गएँ । मलाई लाग्यो, आफूलाई लागेका प्रश्नहरू निःसंकोच सोध्नू भन्ने निर्देशन भएको हुनुपर्छ वा यो यो प्रश्न सोध्नु भन्ने पूर्व तयारी पनि भएको हुनुपर्छ ।

"पञ्चायती व्यवस्थामा प्रजातन्त्रको पक्ष- अर्थात् यो प्रजातान्त्रिक व्यवस्था हो भन्ने प्रमाणित गर्नुपर्दा के तर्क दिन्छौ ?

श्री ५ युवराजाधिराजबाट प्रश्न गरिबक्स्यो । म यस प्रश्नको उत्तर दिन पूरा तयारीमा थिएँ । यो प्रश्न उठ्छ भन्नेमा मलाई पूर्वअनुमान थियो ।

मैले प्रजातन्त्र शब्दको व्याख्या गरेँ । बहुदल भएर पनि प्रजातन्त्र हुन नसक्ने, बहुदल व्यवस्थाका अवगुणहरू पनि बिन्ती चढाएँ र निर्दलको उपादेयता पनि प्रस्तुत गरेँ ।

मेरो उत्तर सुनिबक्सेर मौसुफ केहीबेर गम खाइ- बक्स्यो । त्यसपछि राष्ट्रिय पञ्चायत र हाउस अफ कमन्स एवम् हाउस अफ लर्डसका प्रश्नहरू निजी सचिवबाट सोधियो । म बेलायतको हाउस अफ कमन्स र लर्डसमा अध्ययन अवलोकन गरिसकेको व्यक्ति हुँदा सरल तरिकाबाट बोधगम्यरूपले उत्तर दिएँ ।

समय डेढ घण्टा पनि नाधिसकेको थियो । श्री ५ युवराजाधिराजबाट धन्यवादका साथै "यस्तै छलफल फेरि गरौँला" भन्ने हुकुम भयो । लामो समयदेखि पिठ्युँमा बोकेको भारी बोझ बिसाएर थान्को लगाउने मौका पाएकामा हलुङ्गो मन लिएर म अभिवादन गर्दै सिंहदरबार कार्यालयतिर लागेँ ।

●

केही महत्त्वपूर्ण अभिव्यक्ति

विषय–सूची

लोकेन्द्रबहादुर चन्द	राजमुकुटको अपरिहार्यता	३४१
मरीचमानसिंह	हाम्रा राजा र राष्ट्रिय जीवन	३४३
सहायकरथी भूपालमानसिंह कार्की	श्री ५ वीरेन्द्र : नेपालीका भाग्यनिर्माता	३४४
मातृकाप्रसाद कोइराला	श्री ५ वीरेन्द्र र एक संस्मरण	३४७
भरतराज पन्त	राजा– एक परिचर्चा	३४८
टङ्कप्रसाद आचार्य	श्री ५ वीरेन्द्र : एक संस्मरण	३५०
भुवनलाल प्रधान	सम्यक् र राजा	३५१
डा. तुलसी गिरी	श्री ५ वीरेन्द्र मेरो दृष्टिमा	३५५
राजेश्वर देवकोटा	आकस्मिक दर्शन भेट : एक संस्मरण	३५७
प्रा. माणिकलाल श्रेष्ठ	नेपालको शान्तिक्षेत्र प्रस्ताव	३५८
खड्गमान सिंह	राजा सबैको साझा	३६२
वीरेन्द्रबहादुर सिंह	विकास र प्रगतिका प्रदर्शक श्री ५ वीरेन्द	३६४
डी.पी. अधिकारी	श्री ५ वीरेन्द्र र एक दशक	३६६
डा. मोहम्मद मोहसिन	नेपालको राजपरम्परामा श्री ५ वीरेन्द्र	३६८
बलबहादुर कुँवर	जागौँ यस देशका युवा	३७०
टी. आर. विश्वकर्मा	नेपाली दलितनिम्ति श्री ५ वीरेन्द्र आशाका केन्द्र	३७२
प्रह्लाद प्रसाईं	आजको सामयिक सन्दर्भ : शान्ति प्रस्ताव	३७४
सुवर्ण शाक्य	नेपाली संस्कृतिमा राजाको अक्षुण्णता	३७६
डा. दयाराम श्रेष्ठ	श्री ५ वीरेन्द्र र नेपाली वाङ्मय	३७८
खड्गमान मल्ल	प्रजातन्त्रका तीन राजा	३८०
यादवप्रसाद ढुङ्गाना	राजपरम्परा र खेलकूद	३८३
मदनबहादुर प्रधान	श्री ५ महाराजाधिराज सरकारको सामीप्य एवं सान्निध्यमा रहँदाका केही अनुभूतिहरू	३८५
शिवचन्द्र श्रेष्ठ	श्री ५ वीरेन्द्रका जनसंख्यासम्बन्धी मार्गनिर्देशन	३८८
मुरारिराज शर्मा	विकासबारे केही कुरा	३९०

(श्री रविचरण श्रेष्ठको सम्पादकत्वमा प्रकाशित श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवाङ्क, २०४० बाट साभार गरिएका रचना)

राजमुकुटको अपरिहार्यता

• लोकेन्द्रबहादुर चन्द

नेपालको इतिहासमा शाहवंशीय राजाहरूको गरिमा विशिष्ट र अतुलनीय रहिआएको छ। राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहको अथक प्रयास र पराक्रमबाट वर्तमान नेपालको एकीकरण भयो र हामी नेपाली कहलाउन समर्थ भयौं। प्रजातन्त्रका प्रवर्तक राष्ट्रपिता श्री ५ त्रिभुवनले देशलाई जहानियाँ निरङ्कुश राणा शासनबाट मुक्त गरी प्रजातन्त्र बक्स्यो। फलस्वरूप हामी नेपाली भई बाँच्न समर्थ भयौं। स्वर्गीय श्री ५ महेन्द्रबाट देश सुहाउँदो पञ्चायती व्यवस्थाको प्रादुर्भाव भयो। हामीले तल्लोभन्दा तल्लो जनस्तरदेखि राज्य सञ्चालनमा सहभागी हुन पायौं। वर्तमान राजा श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवले यस व्यवस्थालाई मलजल हाली यसमा समयानुकूल परिवर्तन ल्याई यसको सुवास विश्वभरि नै फैलाउने क्रम जारी गरिबक्स्यो र आज हामी राष्ट्रको बहुमुखी विकास, समृद्धि र शान्तिको इच्छा राख्ने भयौं। यी सम्पूर्ण तथ्यहरूबाट हामी सहजै कुन निष्कर्षमा पुग्दछौं भने राजमुकुट जति भूतमा अपरिहार्य थियो त्यति नै अथवा अझ त्यसभन्दा पनि बढी वर्तमान र भविष्यमा अपरिहार्य छ।

डेढ करोड मुटुलाई एउटै स्पन्दनभित्र लुकाइराख्ने र लुकाउन समर्थ राजमुकुट हो। अर्को शब्दमा राजमुकुट मात्र यस्तो हो जसले हामी डेढ करोड नेपालीलाई एकै सूत्रमा आबद्ध गर्न सक्दछ। म राजमुकुटलाई कल्पबृक्षको संज्ञा दिन बढी उपयुक्त ठान्दछु, किनभने यसले हामीलाई छहारी, आश्रय र संरक्षण दिंदै आएको छ, यसले हामीलाई गतिशीलता र जीवन प्रदान गर्दैआएको छ, यसले हामीले चाहेका र चिताएका सम्पूर्ण कुराहरूउपलब्ध गराउँदै आएको छ।

राजा र प्रजाबीचको अन्तर्सम्बन्ध पिता र पुत्रको छ। त्यसैले हामी राजालाई राष्ट्रपिता पनि भन्ने गर्छौं। पुत्रलाई दुःख पर्दा पितालाई पीर परे झैँ प्रजावत्सल राजालाई पनि आफ्ना जनतालाई दुःख पर्दा असह्य बेदना हुन्छ। आफ्ना प्रजालाई हुकुमी शासनमा पिल्सिनु परेका बखत ज्यान र गद्दीको बाजी लगाई देखाएको उत्सर्ग शाहवंशीय राजामै पाइन्छ। राजमुकुटको स्थिति दर्दनाक र नाजूक हुँदा प्रजाले अत्याचार र दमनको मार खप्नु परेको दृष्टान्त पनि नेपालकै इतिहासमा पाइन्छ। त्यस्तै राजाको निम्ति आहुत भएका शहीदहरूको गाथा पनि यसै देशमा सुन्न र पढ्न पाइन्छ। यसरी यी उपर्युक्त दृष्टान्तहरूले के प्रमाणित गर्दछन् भने राजा र प्रजाको भाग्य साथै गाँसिएको छ र यो सम्बन्ध अटुट रहने छ– अनन्त अनन्तसम्म।

शाहवंशीय राजाहरूका उत्सर्ग, पराक्रम र व्यक्तित्वको चर्चा गर्दा वर्तमान राजा श्री ५ वीरेन्द्रको व्यक्तित्व र कृयाकलापमा यहाँ संक्षेपमा भए पनि प्रकाश पार्नु सान्दर्भिक ठान्दछु। मौसुफ आफ्ना पूर्वजहरूको गौरवमय परम्परालाई कायम मात्र नराखी यसलाई अझ बढी सशक्त बनाउन प्रयत्नशील होइबक्सन्छ। प्रजातन्त्रका हिमायती नेपाली मात्रका प्रतिपालक मौसूफ आफ्ना प्रजालाई सदैव सुखी, समृद्ध र स्वाभिमानी देख्न चाहिबक्सन्छ। भूपरिवेष्टितता, असमान भू-धरातल र गरिबीको चपेटामा परेको

यस राष्ट्रलाई भोक, रोग र अशिक्षाको अन्धकारबाट मुक्त गर्ने मौसुफको उत्कण्ठा रहिआएको छ। देशभित्र तथा बाहिर शान्ति नभएमा यस उत्कण्ठालाई साकार रूप दिन नसकिने कुरामा विश्वस्त भई मौसूफबाट नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भन्ने सामयिक प्रस्ताव विश्वसमक्ष राखिबक्सेको छ। मौसुफबाट यी सम्पूर्ण कृयाकलापहरूले मौसुफको समष्टि व्यक्तित्वको टड्कारो रूपमा परिचय दिन्छन्।

शान्ति क्षेत्र प्रस्तावका प्रणेता नराधिपतिको व्यक्तित्वबाट प्रभावित र सञ्चालित भएर नेपालले आफ्नो अस्तित्व र सम्मानको जगेर्ना गरेको छ र आउँदा दिनहरू र वर्षहरूमा मौसुफको छत्रछायामा देशले अझ द्रुततर गतिले विकास गर्दै जानेछ भन्ने कुरामा म विश्वस्त छु।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

हाम्रा राजा र राष्ट्रिय जीवन

• मरीचमान सिंह

नेपाल राष्ट्र र नेपाली राष्ट्रियताको निर्माण समयदेखि नै राजनेतृत्व सबै वैयक्तिक चिन्तनहरू र सबै विभिन्नताको मूल राष्ट्रिय सन्धिस्थल रहिआएको छ । राजनेतृत्वबाटै इतिहासको हर अप्ठचारो-सप्ठचारो सन्दर्भमा हामी नेपाली भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक विविधताका बीच एकता कायम गर्दै राष्ट्रिय जीवनको एउटै मूलधारामा प्रवाहित भई राष्ट्र र राष्ट्रियताको संरक्षण र सम्वर्द्धन गर्दै आएका छौं । राजाको उपस्थितिको अनुभूतिले हामीलाई हाम्रा सङ्कीर्णता र विभिन्नताबाट माथि उठी हामी नेपाली हौं, नेपाल हाम्रो हो भन्ने समग्रताको राष्ट्रिय चिन्तन र राष्ट्रिय एकताको धारणाबाट अभिप्रेरित भएर हिडाउँछ । राजाबाट समान संरक्षण, न्याय र अभ्युत्थानको भरोसाबाट नै नेपालीलाई नेपालीबाट फुटाउने, विभाजन गर्ने शक्ति निस्तेज हुन्छ र राष्ट्रियता, राष्ट्रिय एकता तथा राष्ट्रिय शक्ति प्रखर हुन्छ । राजाको निर्णय गर्ने प्रकृयामा कुनै वर्ग, क्षेत्रको सङ्कीर्ण स्वार्थले प्रभाव पार्दैन र समस्त देशको हित, कल्याण एवं राष्ट्रिय दृष्टिकोणबाट नै प्रवाहित हुन्छ । समस्त प्रजा 'नराणांच नराधिपम्'को भावनाले आफ्नो सम्पूर्ण श्रद्धा, भक्ति र विश्वास राजामा ओछ्याउने र 'प्रजा सुखे सुखं राज्ञः' तथा 'जसरी मलाई मेरो देश र जनताको ममता छ, उसैगरी भोक र रोगले पीडित मेरो जनताप्रति मेरो जिम्मेदारी छ'को उदात्त भावनाले राजाले प्रजाको सुख, दुखमा सहानुभूति राखी प्रजाको कल्याण र उन्नतिको लागि अहोरात्र संलग्न र समर्पित रहने यही नै हाम्रो राष्ट्रिय जीवनपद्धति हो, गौरवमय परम्परा हो, हाम्रो संस्कृति हो, हाम्रो इतिहास हो ।

हामीले हाम्रा राजालाई राष्ट्रको संरक्षण, प्रजावर्गको जीवनको सुरक्षा र पालन मात्र नभई प्रजालाई मार्गदर्शनका लागि सदा दायित्वबोधबाट चिन्तित पाएका छौं ।

यद्‌वृता सन्ति राजनः तद्‌वृता सन्ति हि प्रजा' अर्थात् राजाबाट हुने शुभाशुभ कर्मको प्रत्यक्ष प्रभाव प्रजाजनमा पर्दछ । नेपाली प्रजाका लागि राजाले सहनु परेको दुःखकष्ट प्रजाका आकाङ्क्षा र चाहनाअनुरूप प्रजालाई सदा सही मार्गदर्शनका लागि बक्सने निर्देशनहरूबाट नै हाम्रो जोश र जाँगर अभिप्रेरित रहेको छ ।

नेपाली इतिहासका प्रत्येक महत्वपूर्ण घडी र घटनामा राजाको सबल र सशक्त नेतृत्वबाट नै नेपाली जनताले मार्गदर्शन पाएका छन् । नेपाली जनताले आफ्नो शक्तिको स्रोत राजालाई पाएका छन् भने राजाको शक्ति स्रोत पनि जनता भएका छन् । राजा र जनताबीचको यो परम्परागत अगाध आस्था र विश्वासको अन्तर्सम्बन्ध नै हाम्रो राज्यसञ्चालनको सिद्धान्त बनेको छ । यही सिद्धान्तबाट नै हाम्रा विचार, विश्वास, व्यवहार र कार्यशैली जन्मेका छन् । यही सिद्धान्त र व्यवहारद्वारा राष्ट्रिय शक्ति सँगाली नेपाल बाँचेको छ, हामी नेपाली बाँचेका छौं ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

•

श्री ५ वीरेन्द्र : नेपालीका भाग्यनिर्माता

• *सहायकरथी भूपालमानसिंह कार्की*

'नेपालमा राजसंस्थाले एकताको भूमिका खेलेको छ र यस प्रकारको भूमिका खेल्न निर्वाचित राष्ट्रपतिलाई पनि अपठेरो हुन्छ। प्रत्येक समाजको लागि एकता बनाउनेकार्यको आवश्यकता हुन्छ र हाम्रो देशकोसंस्कृति, परम्परा तथा यथार्थताको कारणले गर्दा राजसंस्थाले उक्त भूमिका खेल्दछ' भनी हाल मात्र विश्वको सर्वाधिक सम्पन्न र उन्नतिशील मूलुक संयुक्त राज्य अमेरिकाको भ्रमण कालमा कोलम्बिया ब्रोडकास्टिङ्ग सेवाका अन्तर्वार्ताकार जर्ज हर्मोन क्वेरिगको 'राजसंस्था कहीं अराजकताको कुनै अर्थ त होइन ?' भन्ने प्रश्नको जवाफमा व्यक्त गरिबक्सेको उद्गारमा हुकुम हुने हाम्रा प्रिय राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारबाट नेपालमा राजसंस्थाले खेलिरहेको भूमिकाको यथार्थतालाई छोटकरीमा मात्र दर्शाउने प्रयास गरिबकसेको हो। स्वयं राजसंस्थालाई प्रतिनिधित्व गरिबक्सने राजाबाट त्यसभन्दा बढी हुकुम हुनलाई आत्मश्लाघाको लाञ्छना लाग्ने सम्भावनाबाट सङ्कोचसाथ हुकुम भएको कुरा प्रत्येक नेपालीको हृदयले महसूस गरिरहेको र व्यवहारबाट उपभोग गरिरहेका राजसंस्थाका अनन्त उदारता र उपादेयताको यथार्थताबाट अनुभूत भैरहेको स्पष्ट छ।

आधुनिक नेपालको जग बसाइबकसने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह सरकारका पालादेखि वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारका पालासम्मका इतिहासका पानाले नेपाल र नेपालीको सर्वतोमुखी उन्नति र हित चिताई समयानुकूल परिवर्तन, परिशोधन र युगानुकूल नेतृत्व दिनमा राजगद्दीको अग्रसारिताले नै प्रमुख भूमिका खेलेका हुँदा प्रत्येक नेपालीमा हाम्रो राजसंस्थाप्रति अमिट आस्था, अकाट्य भरोसा र महान् समर्पणको भावनाको सदैव प्रस्फुटन भैरहेको हुन्छ। समयको विडम्वनाबाट जनताले झेल्नुपरेको एकतन्त्री शासनको मारबाट त्राण दिलाउँदा, अराजकता र उद्दण्डताबाट त्रसित प्रजावर्गलाई नयाँ प्रजातान्त्रिक मार्गमा डोऱ्याई नयाँ क्षितिजको अवलोकन गराई देशको हावापानी र माटो सुहाउँदो व्यवस्थाको सूत्रपात गरिबक्सँदा एवं देशमा बहुमुखी विकासका सबै सम्भव द्वार उघारी साधन, शक्ति र क्षमताले भ्याएसम्म त्यसमा अग्रसर हुने प्रेरणा बक्सी निरन्तर विकास कार्य सम्पन्न गर्न मार्ग निर्देशन, अवलोकन र साधन सङ्कलनतर्फ अभिमुख गराइबक्सँदा पनि राजसंस्थाकै उदाहरणीय कदमबाट नेपालीहरू अनुप्राणित भैरहेको तथ्य सबैको सामुन्ने छ।

हाम्रो राजसस्थाले समयको गतिसँगै अथवा सोभन्दा पनि अगाडि बढी जनतालाई यथाशक्य नयाँ मार्गदर्शन गराइरहेको तथ्यबाट के प्रमाणित हुन्छ भने हाम्रा वर्तमान राष्ट्रनायकबाट व्यक्त गरिबक्सेको 'हाम्रो प्रत्येक चाहना, प्रत्येक प्रयास र प्रत्येक कृयाकलाप देश र देशवासीको निरन्तर हित र कल्याणद्वारा सदैव निर्देशित रहनेछ। राजा र प्रजाको निःस्वार्थ र संयुक्त प्रयास नै यस देशको राजसञ्चालनको विशेषता हो र भविष्यमा रहनेछ' भन्ने वाक्यांश शतप्रतिशत सत्य र सप्रमाण रहिआएको छ।

विश्वभरिमा हिन्दू धर्मावलम्बी एक मात्र हिन्दू राष्ट्र नेपालमा हिन्दू धर्मको संस्कार अनुसार ईश्वरको विभूतिसम्पन्न

राजाबाट शासित रहनाले र यस राजसंस्थाबाट अद्यापि प्रदर्शित भावना र प्रकटित कृयाकलापबाट त्यसमा यथार्थता रही आएकोले ‘चार जात छत्तीस वर्णको फूलबारी’का मालीको रूपमा प्रत्येक नेपालीले मानी आदर गरिआएका छन् । यहाँ जनतामा राजाप्रति समर्पण छ भने राजामा जनताप्रति स्नेह र सद्भावना छ । त्यसमा न क्यै खोट छ न क्यै सम्मिश्रणले प्रवेश पाउन सकेको छ । स्नेह र समर्पणको पवित्र बन्धनलाई समयको कुनै प्रवाहले पनि कसी लगाई हेर्दा यो सदैव प्रखर रहिआएको छ र युग युगान्तसम्म रहिरहने छ भन्ने अटल विश्वासले सबैको हृदयमा गहिरो जरा गाडिसकेको छ ।

सौभाग्यवश यस राजसंस्थाको ३ पुस्तासम्म मैले सेवारत रही सामीप्यको प्रसाद पाउने सौभाग्य पाएको छु । स्वर्गीय राष्ट्रपिता श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव सरकार, स्वर्गीय युगद्रष्टा श्री ५ महेन्द्र वीरविक्रम शाहदेव सरकार एवं श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकार प्रत्येक राजामा एउटै सर्वमान्य स्वभाव के रहेको मैले पाएँ भने जनताको उन्नति, देशको प्रगति र देशलाई यथाशीघ्र अगाडि बढाई प्रत्येक नेपालीको जीवनस्तरलाई कसरी माथि उकाल्ने भन्ने चिन्तनशीलता । यसै स्वभावले गर्दा राष्ट्रपिताबाट राजगद्दीकै बाजी लगाइबक्सियो । यसै स्वभावले युगद्रष्टा श्री ५ महेन्द्रबाट नवीन व्यवस्थाको सूत्रपात गर्ने दृढता प्रदर्शित भयो र यसै स्वभावले गर्दा श्री ५ वीरेन्द्रबाट देशको चप्पा चप्पासम्म मौसुफ श्री ५ युवराजाधिराज रहिबक्सँदादेखि नै भ्रमण गर्दै आइबक्सेको छ भने देश विकासका बाटामा नवीनता, प्रखरता र प्रचूरता ल्याउने अठोटसाथ साधन र सहयोगको खोजीमा विश्वभरिका मित्रहरूको दैलादैलोमा नेपाल र नेपालीको अवस्थाको परिचय बोकी सवारी भैबक्सेको छ । मौसुफका हृदयपटलमा नवीन नेपालको उन्नतिशील अवस्थाको जुन चित्र अङ्कित रहेको छ त्यसको निर्माणतूलिकामा विश्वको कुन कुनाको कुन रङ्ग चोपी भर्दा बढी चहकिलो, बढी आकर्षक र बढी प्रभावोत्पादक पार्न सकिएला भन्ने छटपटाहटबाट भैरहेका भ्रमणहरूबाट देशको सर्वोत्कृष्ट कलात्मक निर्माण अवश्य पनि हुन सक्नेछ भन्ने प्रत्येक नेपालीले आशापूर्ण नजरले कलाकारका प्रत्येक तूलिका सञ्चालनलाई नियालिरहेको छ ।

देशको सर्वतोमुखि विकासलाई नै आफ्नो लक्ष बनाइबक्सी अशान्त वातावरणमा विकास सम्भव नहुने प्रत्यक्ष नजर भै शुभराज्याभिषेकको पुनीत पर्वदेखि नै नेपाललाई शान्ति क्षेत्र घोषित गरियोस् भनी सबै समक्ष आफ्नो सर्वहितकारी प्रस्ताव राखिबक्सेको छ र यसलाई र यसभित्र समाविष्ट यथार्थ भावनालाई बुझिदिने विश्वका ठूला साना ३८ राष्ट्रबाट यसको सहर्ष समर्थन भैसकेको र क्रमशः समर्थनको दायरा विश्वभरि नै फैलिँदै जाने आशा लिन सकिन्छ । विश्वको सर्वाधिक सम्पन्न र विकसित संयुक्त राज्य अमेरिकाबाट यसको समर्थन हुनुबाट पनि यस प्रस्तावको गरिमा र दूरदर्शितालाई स्पष्ट निर्देशन गर्दछ ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकार एक विलक्षण प्रतिभाशाली राष्ट्रनायक होइबक्सिन्छ भन्ने कुरा मौसुफको सान्निध्य पाएका प्रत्येक व्यक्तिले सहजै अनुमान गर्न र भन्न सक्तछ । कतिपय विचारहरूको पोको बोकी मौसुफको दर्शनार्थ उपस्थित हुने व्यक्तिबाट १/२ कुराको थालनी गर्न नपाउँदै मौसुफबाट निजका अन्तरङ्गसम्म रहेका भावनालाई छर्लङ्ग बुझिबक्सी यस्ता कुराहरू हुकुम हुन्छ जसबाट निजले बोकी लगेको सम्पूर्ण कुराको समाधन अनायास हुन पुगेको निजलाई आभास भई कृतार्थ भई फर्किन्छ ।

त्यस्तै विकास कार्यहरूको निरीक्षणका लागि प्रत्येक वर्षजसो देशको क्षेत्रक्षेत्रमा सवारी भइबक्सँदा मौसुफमा नजर गराइने विकास कार्यका प्रगतिसम्बन्धी चार्ट र यथार्थ स्थलमा मौसुफबाट गरिबक्सने सवाल र त्यसमा बक्सने निर्देशनहरूबाट प्रत्येक विकास कार्यको यथार्थता र त्रुटिहरूसँग मौसुफ कति गहिरो रूपबाट परिचित रहिबक्सिन्छ भन्ने कुरा छर्लङ्ग हुन पुग्दछ । यसरी आफ्नो देशको सीमित स्रोत र साधनहरूबाट यथाशक्य बढी लाभ बटुल्ने प्रयासमा मौसुफका निर्देशनहरू साँच्चिकै प्रभावकारी र यथार्थ मार्गप्रदर्शक हुन पुग्दछन् ।

साधनको मुल्याङ्कनमा पनि मौसुफमा रहेको विलक्षणता हाम्रा अपार जलस्रोतलाई देश विकासको मूल आधार बनाउने निर्देशन बक्स हुनुबाट स्पष्ट झल्किरहेको. छ । सृष्टिको थालनीदेखि अविरल गतिमा बगिरहेका अनन्त जलराशिलाई देशोन्नतिको कार्यमा मात्र हैन कि अनन्त कालसम्म देशको मूल आयस्रोतको रूपमा प्रयोगमा ल्याउन सकिने विलक्षण भावना मौसुफबाट सर्वप्रथम उद्घोषित गरिबक्सेको तथ्य यसको प्रत्यक्ष प्रमाण हो ।

नेपाल जस्तो अविकसित र पिछडिएको राष्ट्रको राष्ट्राध्यक्ष रहिबक्सेर पनि आधुनिक सुख सुविधा र उन्नतिले सुसम्पन्न राष्ट्रहरूको भ्रमण गरिबक्सँदा व्यक्त गरिबक्सने भावना र विचारबाट त्यहाँका विश्वप्रसिद्ध विद्वान् नेताहरू पनि मन्त्रमुग्ध र प्रभावित भएको कुरा बराबर रेडियो र पत्रपत्रिकाहरूका माध्यमबाट हामीले पढ्न र सुन्न पाइरहेका छौं । अविकसित राष्ट्रहरूको त मौसुफबाट नेतृत्व नै लिइबक्सेको विगत सम्मेलनको घटनाले हाम्रो नाक ठाडो पारिसकेकै छ । ‘सुयोग्य पिताका सुयोग्य पुत्र’ भन्ने तत्कालीन विश्वप्रसिद्ध नेता मार्शल टीटोबाट मौसुफ युवराजाधिराज रहिबक्सँदा नै व्यक्त हुन पुगेको उद्गारले मौसुफमा रहेको विलक्षणतालाई निर्देश गरिसकेको छ ।

यस्ता राष्ट्रनायकलाई आफ्नो भाग्य विधाताका रूपमा पाउंदा आज नेपाल र यसका वासिन्दा प्रत्येक नेपाली आफूलाई गौरवान्वित महसुस गर्दछन् । यस्तो सुन्दर बेलामा हामीले आपसी सानातिना भेदभाव र वैमनस्यलाई बिर्सी एक जुट र एक मत भई देशोन्नतिको पवित्र कार्यमा राजाको आह्वानलाई आदर्श बनाई अगाडि बढ्नुपर्ने देशको माग छ । सबै जात, जाति, वर्ग, वर्ण आदिमा भेदभावरहित ममता बक्सने राजाको छत्रछायामा हामी सबैको पवित्र उद्देश्यलाई सुरक्षित र संरक्षित सम्झी हामीले देश विकासको अभियानमा राजालाई बल प्रदान गर्‍यौं भने देश र देशवासिको उन्नतिका लागि अहर्निश चेतनशील रहिबक्सन राजाका पाखुरीमा जाँगर थपिन्छ, मौसुफको भावनामा उत्साह भरिन्छ र मौसुफका क्रियाकलापमा अदम्य साहसको सञ्चारले उद्बोधन पाइरहन्छ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

श्री ५ वीरेन्द्र र एक संस्मरण

● *मातृकाप्रसाद कोइराला*

सरल आकृति; स्मित हास्यबाट प्रस्फुटित अधर, जिज्ञासु नजर,, सुनाउनुभन्दा सुन्न मन पराइबक्सने– यही नै छाप मेरा मनमा दर्शन पाउँदा पर्दछ।

दर्शन गर्न पङ्क्तिबद्ध लाममा उभिएका व्यक्तिहरू एकएक गरी जब दर्शन गरी फर्किएका व्यक्तिहरूको अनुहार पढ्दछन्– त्यहाँ उनीहरू प्रत्येकमा सन्तुष्टिको प्रफुल्लता भेटदछन्। यस्ता अवसरमा सयभन्दा बढी नै मानिस दर्शन गर्ने अवसर पाउँदछन्, तर सबै सन्तुष्ट भएर नै फर्कन्छन्। के त सबैको समस्याको समाधन २।४ मिनेटका वार्तालापबाटै भइहाल्दो होला त ? सहज रूपमा सम्भव पनि त कसरी हुन सक्तछ। तथापि सन्तुष्टिको कारण के होला भन्ने जिज्ञासा पनि उत्तिकै स्वाभाविक हुन आउँदछ।

मलाई लाग्दछ, दर्शन पाउने प्रत्येक व्यक्तिको मनोवैज्ञानिकतासित मौसुफ परिचित होइबक्सिन्छ। साथै सरल व्यवहारबाट प्रभावित मन २।४ मृदु भाषणबाटै सन्तुष्टि लाभ गर्दछ। दर्शन गर्ने व्यक्तिले यसो बिन्ती गरौंला, उसो बिन्ती गरौंला भन्ने जमर्कोको अठोट गरी अग्रसर भए तापनि दर्शन पाउँदा ती कुरा बिर्सन्छ, मात्र मृदुलताको मौन रसास्वादन गरी फर्कन बाध्य हुन्छ।

मौसुफको अर्को प्रवृत्ति हो भ्रमणशीलता– जसको उत्प्रेरक भाव हो जिज्ञासा, आफैँ पुगेर, आफैले बुझेर जान्नुपर्ने उत्कट अभिलाषा। त्यसैले युवराजाधिराज रहिबक्सँदा पैदल नै देशदर्शन गरिबक्स्यो र आज पनि प्रत्येक वर्ष देशका विभिन्न विकास क्षेत्रको यात्रा त्यसै भावनाका आधारक्रममा जारी नै छ। जिज्ञासा मानवको स्वाभाविक प्रवृत्ति हो र त्यसैले मानिसलाई अगाडि बढ्ने सतत प्रेरणा दिइरहन्छ पनि– "चरैवैति चरैवैति" रूपमा।

राष्ट्रपिता श्री ५ त्रिभुवनको स्वर्गारोहणपछि १३ दिने संस्कार समाप्त भएको थियो। दरबारमा हाजिर हुने सबैलाई स्वर्गबासी श्री ५ महेन्द्रबाट बिदा बक्सेको थियो र म पनि बिदा भएर केही अगाडि बढिसकेको थिएँ। यस्तैमा एक पार्श्ववर्त्ती आएर हुकुम भएको छ भनी सुनाउँदा फेरि सम्मुख उपस्थित भएँ। स्वर्गवासी महाराजाधिराज श्री ५ महेन्द्र र वर्तमान महाराजाधिराज श्री ५ वीरेन्द्र दुवै साथै राज भएको थियो। मलाई देखाई श्री ५ वीरेन्द्रलाई सोधनी भयो– "चिनेको छ ?" श्री ५ वीरेन्द्रबाट अस्वीकारात्मक उत्तरमा माथ हल्लाइबक्सियो र वर्तमान नरेशलाई सेन्ट जोजेफमा पढ्न राज भएको बेलाको मैले पाएको दर्शनको स्मरण गराइबक्सियो। त्यतिका मानिसका बीचमा बिदा पाएर हिंडेको मलाई फेरि डाकी परिचित गराउनुपर्ने आवश्यकता के थियो आज पनि सो प्रश्नको उत्तर मैले पाउन सकेको छैन।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

राजा– एक परिचर्चा

● *भरतराज पन्त*

अनेकथरी वाद र सिद्धान्तले विवादग्रस्त देखिन थालेको प्रतीत हुन्छ– वर्तमान सन्दर्भमा विश्वको राजनीति । जहाँसम्म आफ्नो राष्ट्रिय परिवेशको प्रश्न छ– हामी नेपाली, हाम्रो नेपाल, हाम्रा राजा नेपाली, नेपाली राजाका हामी, राजा र प्रजाको अन्योन्याश्रित सम्बन्धका आधारमा सञ्चालित प्रशासन व्यवस्थाद्वारा विश्वका विकसित राष्ट्रहरूसँग कुम जोड्न उत्सुक भएको स्रयुक्त राष्ट्र सङ्घको सदस्य हाम्रो नेपालको गरिमा हिमालय जस्तै उज्ज्वल र उन्नत हुन खोजिरहेको छ । यही नै राजा र प्रजाको सुमधुर सम्बन्धको द्योतक हो ।

विश्वमा विभिन्न राष्ट्रमा अनगिन्ती राजनैतिक सिद्धान्तका आधारमा समाजवाद, साम्यवाद, गणतन्त्र, प्रजातन्त्र, राजतन्त्र सबैका उदाहरण पाइन्छन् । तीमध्ये हाम्रो नेपाल परम्परादेखि नै राजतन्त्र हो र आज पनि संवैधानिक अधिनायकत्वको आधारमा राजतन्त्रले पनि प्रजातन्त्रको रूप लिएर प्रजातान्त्रिक अभ्यासको प्रक्रिया चल्न थालेको कुरा सर्वविदितै छ ।

राजा केवल वंश परम्पराको आधारमा मात्र हामीले मानेका होइनौं । यो त सांस्कृतिक, ऐतिहासिक, भौगोलिक तथा आध्यात्मिक भावको आधारमा समेत नेपाली जनता राजाप्रति स्वभावतः श्रद्धालु छन् । हाम्रो संस्कृतिको स्रोत ज्यादै पुरानो र सनातन छ । सूर्यवंशी र चन्द्रवंशी राजाहरू केवल राजामात्र नभएर राजर्षि, त्यागी, दानी तथा जीवनमुक्त योगी पनि थिए भन्ने कुराको उदाहरणका रूपमा राम, जनक जस्ता राजाहरूको रोचक कथा पुराणहरूमा पनि पाइन्छ । नेपालको इतिहास शाहकाल, मल्लकाल, लिच्छविकाल तथा किरातकालमा पनि राजतन्त्रलाई ज्वलन्त उदाहरण तथा रोचक प्रसङ्गहरू पाइन्छन् । हाम्रो देश समुद्रपरिवेष्ठित नभएर भूपरिवेष्ठित छ । यहाँका पहाडहरू, रुखहरू, नदीनालाहरू, ताल पोखरीहरू सबैमा श्रेष्ठताको आधारमा राजा मान्ने चलन छ । त्यस्तै आध्यात्मिकतिर विचार गरौं । आत्मा राजा हो, मन मन्त्री हो तथा इन्द्रियहरू प्रजा हुन् । बुद्धि चाहिँ शक्ति हो । त्यसको निमित्त मन्त्री असल, ईमान्दार, कर्तव्यनिष्ठ, चरित्रवान् र संयमी हुनुपर्छ जो मनसित सम्बन्धित छ । मन खराब भएमा बुद्धि क्षीण हुन्छ, इन्द्रियहरू उच्छृङ्खल भएर जता पायो उतै विभिण्डिन थाल्छन्, कर्तव्याकर्तव्यको बोध हराउँदै जान्छ र आत्मालाई ग्लानि हुन थाल्छ । यसरी केलाएर हेर्दा 'राजा' कति माथिल्लो, सार्वभौमिक, व्यापक, सर्वोच्च व्यक्तित्व रहेछ त्यो स्वतः स्पष्ट हुन्छ ।

श्री पशुपतिनाथ मन्दिर वरिपरि पागल छाँटमा हिँडिरहने एक जना ब्राह्मण थिए । उनी पूर्व १ नं. पलाञ्चोकका शालिवाण थर भएका ब्राह्मण र महात्मा पनि हुनाले उनलाई कोही सिद्ध भन्थे, कोही सज्जन भन्थे, कोही महात्मा भन्थे, धेरैले पण्डित भन्थे । शीलवान पण्डित भन्ने नामले उनी नेपालभर प्रसिद्ध थिए । सु. ऋद्धिबहादुर मल्लके सम्पादनमा निस्कने 'शारदा' नेपाली मासिक पत्रिकामा उनको एउटा लेख छापिएको थियो– 'वेदान्त विवादको मिसिल' । त्यही लेखलाई उद्धरण गरेर प्रो. ईश्वर बरालजीले 'सयपत्री' गद्य लेख सङ्ग्रहमा समावेश पनि गरेका थिए । उक्त लेख खोजेर पढी राम्ररी चिन्तन तथा विचार गर्ने हो भने 'राजा' शब्दको आध्यात्मिक विश्लेषण तथा सर्वोच्च व्यक्तित्वबारे

प्रकाश पार्ने धेरै बुँदाहरू प्राप्त हुन सक्छन् । यसरी केलाएर हेर्दै जाँदा उदारवादी हिन्दू धर्म सापेक्ष मानिएको हाम्रो देश नेपालमा शैव, वैष्णव, शाक्त, बौद्ध, जैन, इस्लाम जति पनि धर्मावलम्बीहरू छन् ती सबैले आ-आफ्नो किसिम अथवा माध्यमबाट राजाको अस्तित्व स्वीकारेका मात्र होइनन् व्यावहारिक पनि तुल्याएका छन् । बुद्धत्व प्राप्त गर्ने सिद्धार्थ राजाकै छोरा थिए भने जीवनमुक्त योगीका रूपमा परिचित भएका व्यक्ति जनक स्वयं राजा नै थिए । त्यागी हरिश्चन्द्र राजा, दाता रन्तिदेव राजा, शिवि राजा, नल राजा कवि र जीवनयुक्त योगीका रूपमा परिचित भर्तृहरि राजा, अर्का कवि भोज राजा, कवि शूद्रक राजा इत्यादि । यसरी केलाएर हेर्ने हो भने वीरता, कविता, विद्वता, योग, वेदान्त, दर्शन, ज्ञान, विज्ञान विभिन्न क्षेत्रमा ख्यातिप्राप्त धेरै राजाहरूको बयान गरेर 'राजतरङ्गिणी' भन्ने ग्रन्थ लेख्ने विद्वान कवि 'कल्हण'को नाम सम्झन सकिन्छ जसले आफ्नो राजतरङ्गिणीमा नेपालका राजाको समेत चर्चा गरेका छन् । त्यस्तै महाकवि श्रीहर्षले आफ्नो काव्य नैषधीय चरितमा विदर्भ देशकी राजकुमारी दमयन्तीको स्वयम्बरमा आएका राजाहरूमध्ये नेपालका राजाको चरित्रलाई पनि विश्लेषण गरेका छन् । यसबाट राजा सबै विषयको साझा भन्ने प्रष्ट हुन्छ ।

हाम्रो परम्परा, संस्कृति, धर्म, प्रचलन, रीतिरिवाज, धारणा, मान्यता, सिद्धान्त जे भने पनि यस्तै छ । व्यापक तत्वको रूपमा राजालाई मान्ने देवता, गुरू र जन्मदाता बाबुको समेत पङ्क्तिमा राखेर राजाप्रति सद्भावना व्यक्त गर्ने मात्र होइन तदनुरूप कार्यसमेत गरेर देखाउने र आफूलाई प्रत्येक नागरिकले कर्तव्यनिष्ठ रही प्रगतिको बाटोमा दरिलो कदम चलाउने प्रेरणा,प्रोत्साहन र हौसला पाउने आशासमेत गर्ने ।

हेरौं, हामी त हिमालयलाई पर्वतको राजा, समुद्रलाई सारा जलाशयको राजा, पिपल वृक्षलाई सम्पूर्ण वृक्षको राजा, तुलसीलाई सम्पूर्ण घाँसको राजा, केशलाई सम्पूर्ण झारहरूको राजा, शालिग्रामलाई सम्पूर्ण ढुङ्गाहरूको राजा, सिंहलाई सम्पूर्ण जनावरहरूको राजा, टाउकोलाई शरीरको राजा, आँखालाई इन्द्रियहरूको राजा, वेदलाई शास्त्रको राजा, सूर्यलाई ग्रहको राजा, चन्द्रमालाई ब्राह्मणको राजा, यमलाई प्राणीको राजा, वरुणलाई जलको राजा, कुवेरलाई धनको राजा, धन्वन्तरिलाई वनस्पतिको राजा, संसारका यावत् पदार्थ र तत्वहरू नेतृत्व, श्रेष्ठत्व, नियामकत्व, निर्देशकत्व र प्रशासकत्व आदि तत्वको आधारमा एक न एक रूपमा स्वभावत: राजा मान्नै पर्छ । यो कुनै कल्पना, अतिरञ्जना, अत्युक्ति वा अतिशयोक्ति नभएर स्वाभाविक, वास्तविक, युक्तिसङ्गत व्यावहारिक र सर्वकालिक बन्न पुगेको विषय हो जसलाई नस्वीकारेर कोही पनि यस दुनियाँमा अथवा अर्को दुनियाँमा पनि आधार पाउन सकिँदैन ।

स्व. श्री ५ महेन्द्रको महाबाणी थियो– "पहिले आफूलाई चिन" त्यही अनुसार अझै हामीले स्वयम्लाई चिन्नुपरेको छ । मभित्र मेरो राजा छ, मेरो शरीरभित्र मेरो राजा छ । मेरो परिवारभित्र मेरो राजा छ, मेरो टोल वा गाउँभित्र मेरो राजा छ, मेरो देश वा मुलुकभित्र मेरो राजा छ, मेरो राष्ट्रभित्र मेरो राजा छ, मेरो विश्वभित्र मेरो राजा छ, म र मेरो राजाको अन्योन्याश्रित सम्बन्ध उत्तरोत्तर चहकिलो तुल्याउँदै लैजान मैले मेरो योग्यता र क्षमता अनुसारको कर्म गर्नको निमित्त सदा सत्य सङ्कल्प रहन परेको छ भन्ने नैतिक भावना स्वयम्ले स्वयम्बाट जगाउन परेको छ । मेरो राजा स्वाभिमान हो, गौरव र गरिमा हो, आदर्श र नैतिकता हो, सिद्धान्त र अटल निष्ठा हो । हावाले हल्लेका वन जङ्गल, रूख लहराहरू, धानका बालाहरू, फलेका वृक्षका हाँगाहरू झुकेर नतमस्तक भएर विश्वका समस्त प्रकृतिका उपासकलाई प्रेरणाको सङ्केत दिइरहलान् तर राष्ट्रको झण्डा, हिमालयको उज्ज्वल गरिमा, स्वाभिमान नेपाली राष्ट्रिय मौलिकता, असंलग्न परराष्ट्र नीतिका आधारमा कसैसित नझुकेर आफ्नै पन र पौरखमा अडेर स्वतन्त्रताको तापिलो हावामा सूर्य चन्द्रको उच्च ध्वजा आकर्षक ढङ्गले फरफर गरिरहने छ, इतिहास प्रेरक बनिरहने छ, वर्तमान भविष्य द्योतक भइरहने छ, भविष्य प्रतिपल चहकिलो देखिइरहने छ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

श्री ५ वीरेन्द्र : एक संस्मरण

● *टङ्कप्रसाद आचार्य*

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारसँग दर्शन भेट हुँदा कुराकानीवाट मौसूफ देशको कल्याण र विकासप्रति ठूलो दिलचस्पी राखिबक्सिन्छ भन्ने कुराको अनुभव हुन्छ। मौसुफका क्रियाकलापमा पनि सो कुरा स्पष्टै झल्किन्छ।

मौसुफ सरकार युवराजाधिराज होइबक्सँदा दर्शन भेटमा मैले "बुवा कैदीको छोरा होइबक्सिन्थ्यो; सरकार राजाको छोरा होइबक्सिन्छ" भन्ने बिन्ती गर्दा पहिले त अलमलिबक्स्यो– बुझिबक्सेपछि 'मुसुक्क' हाँसिबक्सेको अहिले पनि सम्झिरहेको छु। भनाइको तात्पर्य के हो भने स्व. श्री ५ त्रिभुवन र स्व. श्री ५ महेन्द्रलाई राणाकालमा राणाहरूले राजदरबारमै कैदीका रूपमा राखेका थिए। १९९७ साल माघ महिनाको कुरा हो। म लगायत अरू सबैलाई जेल लगियो। चार जना शहीद भए। मौसुफ सरकारहरूलाई दरवारमा नै कैद गरेका थिए। स्व. श्री ५ त्रिभुवनलाई हप्ताको एक पटक जुद्धशमशेरको महफिलमा हाजिर दिन पर्थ्यो। ०९७ सालको मङ्सीर २० गते श्री ५ त्रिभुवनलाई गोरखा धपाउन सिंहदरबारमा नै नजरवन्द राखिएको थियो। त्यतिवेला रातको ९ बजे ब्रिटिश 'इनभ्वाय' आएर जुद्ध शमशेरलाई सो कार्य गर्नबाट रोकियो।

कसैले अप्रिय कुरा गर्दा पनि श्री ५ वीरेन्द्र सरकारमा रिसानी भएका चिह्नहरू कत्ति पनि पाइँदैनन्। यस्तो गम्भीर, धीर स्वभाव मौसुफ सरकारको ठूलो गुण हो; यसको अनुभव मलाई राम्रोसँग भएको छ।

साभार– ४० सौँ वार्षिकोत्सवाङ्क

●

सम्यक् र राजा

• भुवनलाल प्रधान

'सम्यक्' समारोह हाम्रो देशमा बौद्धहरूको, विशेष गरेर महायानी बौद्धहरूको, एउटा महत्वपूर्ण पर्व हो। श्री ५ महाराजाधिराजलाई समेत यसमा सहभागी बनाउनुपर्ने परम्पराले यसको महत्वलाई अरू बढाएको छ। प्राचीन कालदेखि बौद्ध धर्म मानिआएको हाम्रो देशमा यस्ता पर्वहरूको धार्मिक र ऐतिहासिकको साथै सांस्कृतिक गरिमा पनि हुन्छ। हुन त हाम्रा परम्पराहरू कैयन् यस्ता पनि छन् जुन धर्म, इतिहास र संस्कृतिको दीर्घकालीन सम्मिश्रणबाट राष्ट्रिय गौरवमा परिणत वा विकसित भइसकेका छन् तथा जसलाई अलगअलग छुट्टाएर विश्लेषण गर्नु दुःसाध्य भइसकेको छ। तर पनि सम्यक् परम्परासम्बन्धी खुलदुली केही हटाउन यहाँ यसलाई खोतल्ने हल्का जमर्को गरिन्छ।

त्यसो गर्नुभन्दा अगाडि यो पर्व राजधानीमा कसरी मनाइन्छ भन्नेबारे केही हरफ कोर्नु अनुपयुक्त नहोला। यो पर्व उपत्यकामा महायानी बौद्धहरूले मनाउने नवदान, पञ्चदानभन्दा बढी भव्य र धेरै मानिसहरूको जमघट हुने अवसर हो। साथै बौद्ध देउता (मुर्ति)हरूलाई र गुरुहरूलाई दाताहरूले दान प्रदान गर्ने ठूलो अवसर पनि हो। यो खुब खर्चिलो समारोह हो जसको लागि दाताहरूले प्रशस्त खर्च व्यहोर्नु पर्दछ।

सम्यक् समारोह बाह्र वर्षमा एकचोटि माघे सङ्क्रान्ति अर्थात् घ्यूचाकू सङ्क्रान्तिको दिन स्वयम्भू डाँडोको पूर्वीदक्षिणी फेदी भूइँखेलमा मनाइन्छ। यो बाह्र वर्षे सम्यक् मनाउन एउटा पुरानो गुठी नै गठन गरिएको छ, जसको थकाली (पहिलो स्थान पाउने व्यक्ति) वटु वाहालका नाइके शाक्य, नोकु (दोस्रो स्थान पाउने व्यक्ति) इटु) बहालका नाइके शाक्य र सोकु (तेस्रो स्थान पाउने व्यक्ति) लगन बहालका नाइके शाक्य हुन्छन्। यो गुठीअन्तर्गत प्रत्येक बाह्रबाह्र वर्षमा मनाइने सम्यक्बाहेक दाताहरूले आफूखुशी पनि बाह्रवर्षे मेला नपरेको जुनसुकै सालमा मनाउन पाउँछन्, तर त्यसको लागि इच्छुक दाताहरूले एक वर्षअगाडि नै अनुमति लिनु पर्दछ र श्री ५ महाराजाधिराजका हजुरमा गोय-दाँ (सुपारी दाम) राखिसक्नु पर्दछ अर्थात् अर्को साल माघ १ गते मनाइने सम्यक्मा मौसुफको सवारी होइबक्सिने इजाजत प्राप्त गरिसक्नु पर्दछ। तर बाह्रवर्षे वा फर्माइशी जुनसुकै सम्यक मनाए पनि ठाउँ र दिन भने भइँखेल र माघे सङ्क्रान्ति नै हुनुपर्दछ।

सम्यक् समारोहमा काठमाडौंमा भएभरका बाहालहरूका बज्राचार्य, शाक्य आदि वौद्धहरूले भाग लिनु पर्दछ। तुलाधर, महर्जन, मानन्धर आदि अरू जातका बौद्धहरूलाई पनि यसमा सहभागी बन्न विभिन्न अभिभाराहरू सुम्पिएका हुन्छन्। उपत्यका र त्यसभन्दा बाहिरका पनि बाहाल, बहिका बुद्ध, बोधिसत्व, मञ्जुश्री, योगिनी आदिका बौद्ध मुर्तिहरू सम्यक् मनाइने ठाउँ भूइँखेलमा निम्त्याइन्छन्। यी देउता अर्थात् मुर्तिहरू आ-आफ्ना ठाउँबाट गाजाबाजासहित जात्रा गरेर अघिल्लो दिन नै हनुमानढोका पुऱ्याइन्छन् र त्यहीं रातभर राखिन्छन्। भोलिपल्ट त्यस्तै जात्रा गरेर यिनीहरू भूइँखेल लगिन्छन्। यहाँ यी मुर्तिहरू परम्परागत क्रमअनुसार तोकिएका ठाउँमा विराजमान गराइन्छन्। श्री ५ महाराजाधिराजको निम्ति परम्परागत शैलीमा एउटा विशेष मञ्च तयार गरिएको हुन्छ र त्यसमा सिंहासन राखिन्छ। श्री ५

महाराजाधिराज भूइँखेल सवारी भएर त्यही गद्दीमा राज हुन्छ। समारोहमा दर्शकको रूपमा निम्त्याइएकाहरूको लागि अलग्गै बन्दोबस्त गरिएको हुन्छ। सम्यक्का सहभागीहरूको लागि पनि ठाउँ तोकिएका हुन्छन्। सम्यक् देउताहरू अर्थात् विभिन्न मूर्तिहरूका हकवालाहरू, दान लिने अरू बज्राचार्य, शाक्यहरूको पनि लामालामा ताँती लाग्छन्। दान दिने दाताहरू, दाल, भात, व्यञ्जन र भोजनका अरू परिकार राख्नेहरू पनि त्यस्तै लामालामा ताँतीमा उभिन्छन्। समारोहको लागि बेरिएको घेराबाहिर वरिपरि अपार भीड लागेको हुन्छ।

सर्वप्रथम यी सम्यक् देउताहरूको सम्यक्का आयोजक नाइके-नाइकेनीहरूबाट परम्परागत विधिअनुसार पूजा-आजा, ढोग-भेट, दैदस्तुर वा फर्मायसी दान, भेटीहरू चढाइन्छन्। यस अवसरमा श्री ५ महाराजाधिराजको पनि देउतासरहकै पूजा सम्मान हुन्छ। बौद्ध त्रिपिटकमा तीन थरी मानिसलाई देउता भनिएअनुसार देशको राजा सम्मुति देवता मानिन्छन्। बुद्ध युगमा वा त्यसपछि पनि सेठहरूले भिक्षुसङ्घलाई ठूल्ठूलो दान, उपस्थान गर्दा सम्भवत: राजाहरू पनि निम्त्याइन्थे। राजाा, महाराजाहरू उपस्थित भएपछि उनीहरूको पनि राजोचित स्वागत सम्मान हुने नै भयो। शायद यही चलन कालान्तरमा परम्परा बन्यो तथा सम्यक् समारोहमा राजाको उपस्थिति अनिवार्य भयो। अनि अवदान कथाहरू लेखिएको वेलासम्ममा दीपङ्कर बुद्धको समयमा पनि राजाको उपस्थितिमा सेठहरूले सङ्घलाई सम्यक् उपस्थान गरेका अवदान कथाहरूको कल्पना भयो।

सम्यक् समारोहमा पनि दान दिँदालिँदा महायानी गुरु बज्राचार्य, शाक्यहरूले परम्परागत दानगाथा पढेर दान लिने गर्छन्।

पूजा-आजा, दान-दक्षिणाको क्रम सकिएपछि भोजन वितरण गर्ने काम शुरु हुन्छ। सम्यक् भोजनमा भात, दाल, व्यञ्जनलगायत अरू अनेक थरीका खाद्य परिकारहरू हुन्छन्। यस अवसरमा सबै सहभागीहरूको बीचमा जातपात, छुवाछुतको भेदभाव राखिन्न। सम्यक्को यो दालभातसहितको भोज्य पदार्थ शुद्ध प्रसाद मानिन्छ। निमन्त्रित व्यक्तिहरूले आ-आफ्ना भागबाट एक दुई टुक्रामात्र झिकेर त्यहीं थलोमा खान्छन् र सिङ्गै भाग प्रसादको रूपमा अरूहरूलाई पनि बाँड्न घरमा लैजान्छन्। दालभातसम्मको छुवाछुतको भेदभाव नराख्नु अहिले त कुनै उल्लेखनीय कुरा होइन तर ०७ अगाडिको जमानामा यो भेदभाव उपेक्षनीय विलकुल थिएन। तर त्यस जमानामा पनि सम्यक् समारोहमा दालभातसम्मको भेदभाव राखिन्नथ्यो। श्री ५ महाराजाधिराजवाट पनि उपरोक्त भोज्य पदार्थवाट कुनै थोक ज्यूनार गरिबक्सनुपर्दछ। सम्यक्को यो एउटा उल्लेखनीय विशेषता हो।

उपरोक्त विशेषता मानिसमानिसबीच छुवाछुतको भेदभाव नमान्ने भगवान् बुद्धका उपदेशहरूमा आधारित बौद्ध परम्पराअनुकूल छ। यस्तै बौद्ध परम्पराको अनुकरण गरेर पुरी जगन्नाथ थानमा पनि भात भोजनको छुवाछुत नमान्ने चलन चलिआएको हो भनिएको छ।

भोलिपल्ट पनि यस ठाउँमा अवसान अर्थात् साङ्गे समारोह गरिन्छ जसमा मुख्यतया शाक्य, बज्राचार्य आदि बौद्ध महिलाहरूले भाग लिन्छन् र बोधिज्ञानको प्रतीक जननी सम्झिइने प्रज्ञा पारमिता' मूर्ति र ग्रन्थहरू जात्रा गरेर त्यहाँ ल्याइन्छन्। यी जात्राहरू काठमाडौंका विभिन्न बहिबाहालहरूबाट शुरु गरिन्छ। त्यसै दिन स्वयम्भू डाँडामाथिबाट हारती माताको मूर्ति पनि यहाँ ल्याइन्छ। त्यस दिन भूइँखेलमा यी ग्रन्थ, मूर्ति र हारती माईको परम्परागत विधिअनुसार पूजा हुन्छ र भेटीहरू चढाइन्छन्। त्यस दिन पनि दालभातसहितको भोज्य पदार्थ चढाइन्छ र बाँडिन्छ, विशेष गरेर महिलाहरूमा। बौद्ध महिलाहरूले प्रमुख रूपमा भाग लिने सम्यक् हुनाले यसलाई 'मिसा सम्ये' भन्ने गरिन्छ।

सम्यक् प्रथा यहाँको महायानी बौद्ध परम्परानुसार ज्यादै प्राचीन, अझ भन्ने नै हो भने दीपङ्कर (ऐतिहासिक गौतम बुद्धभन्दा अगाडि भएका भनिएका २७ जना बुद्धमध्ये आदिम) बुद्धकै पौराणिक समयदेखि प्रचलित भएको मानिन्छ। यी आदिम मानिएका दीपङ्करको समयमा उनलाई र उनका अनुयायी भिक्षुहरूलाई उपस्थान (आतिथ्य सत्कार दान) गर्ने कुरामा खुद राजा र सेठहरूको बीचमा ठूलो प्रतिस्पर्धा चलेको, राजाले आफूले गरेको उपस्थानलाई सेठहरूले उछिन्न नसकून् भनेर उनीहरूले दिपङ्कर बुद्धलाई निमन्त्रित गरेको दिन बजारमा दाउरा, घिउ, तेल आदिसम्म पनि बेच्न नपाउने हुकुम जारी गरेको, तर सेठहरूले त्यस्तो बाधा, अडचन हुँदाहुँदै पनि खुद राजाकै उपस्थितिमा दिपङ्कर बुद्धलगायत भिक्षु सङ्घलाई अभूतपूर्व दान, उपस्थान आदि गरेको सम्यक् अवदान कथा पनि प्रचलित छ। हाम्रा महायानी बौद्धहरू सम्यक् त्यसैवेलादेखि चलिआएको भनेर पनि विश्वास गर्दछन्।

तर यस्ता 'अर्थ' कथा वा 'अतीत'का कथाहरूतिर नलागी ऐतिहासिक तवरले विचार गर्ने हो भने भगवान् गौतम बुद्धका उपदेशहरूको मूल आधार 'आर्य अष्टाङ्गिक मार्ग'मा नै 'सम्यक्' शब्द मनग्ये प्रयोग भएको पाउँदछौं। भगवान् बुद्ध र उहाँको सङ्घलाई निम्तो दिने कुरामा एकातिर राजगृहका सेठ, अनाथपिण्डक, चित्र गृहपति आदि सेठ, अम्बपाली गणिका, लिच्छवी राजकुमारहरूको बीचमा प्रतिस्पर्धा चल्दथ्यो भने अर्कोतिर मगधराज सेनीय बिम्बिसार, कोशलराज प्रसेनजित, वत्सराज उदेन आदि राजाहरूले पनि भगवान् बुद्ध र उहाँका सङ्घलाई उदार दिलले दान, उपस्थान गर्दथे।

'सम्यक्' पनि ठूल्ठूला दान प्रदान गर्ने अवसर भएकोले यसको सामञ्जस्य बुद्धाकालीन सङ्घलाई दिइने उपरोक्त असदृश दानसँग देखिन्छ ।

जहाँसम्म हाम्रो देशमा मनाइने सम्यक् समारोह छ त्यसमा सम्यक् देउता भनेर ल्याइने र पूजिने मूर्तिहरू दीपङ्करका भनिन्छन् । 'दीपङ्कर' भन्ने बित्तिकै एकजना त माथि चर्चा गरिएका पौराणिक बुद्ध दीपङ्कर र अर्को दीपङ्कर श्रीज्ञान (वा अतिशा दीपङ्कर ई. सन् ८९२-१०५५)को याद हुन्छ । दीपङ्कर बुद्ध बौद्ध ग्रन्थहरूमा उल्लिखित गौतम बुद्धभन्दा अगाडिका भनिएका २७ बुद्धमध्ये पहिलो मानिन्छन् र यिनी अनैतिहासिक भएकाले यिनको चर्चा यहाँ गरिन्न । अतिशा दीपङ्कर श्रीज्ञान एघारौं शताब्दीका बजयानी आचार्य थिए र तिब्बत जानुअगाडि उनी ई. सन् १०४०–१ सालमा यहाँ केही दिन बसेका थिए ।

यहीं बस्दा यिनले एकातिर त्यसवेला नेपाल उपत्यकामा प्रचलित तान्त्रिक पद्धतिको भर्त्सना गरेका थिए भने अर्कोतिर कालचक्रयान सम्प्रदायको स्थापना गरेका थिए भनेर पि. थोमस र ए.अ. चट्टोपाध्यायले लेखेका छन् । यिनले यहीं बस्दा नेपाली बौद्धहरूको लागि 'चर्यासङ्ग्रहदीप' शीर्षक ग्रन्थ लेखेका थिए । यिनी बसेताका यहाँ बज्रयाती बौद्ध सम्प्रदाय मजबूत भइसकेको भए पनि शङ्कराचार्य र गोरखनाथका प्रभावहरू पनि पसिसकेका थिए । त्यसवेला देखिएको धार्मिक समन्वयको आवश्यकताको पूर्ति गर्नेतिर यी अतिशा दीपङ्करले चेष्टा गरेको देखिन्छ । यहाँ बसुन्जेल उनले आफ्नो समय धार्मिक सम्मेलन, विहार र भिक्षुभिक्षुनीहरूको व्यवस्था आदि गर्नमा बिताएका थिए । यहाँका बौद्धहरूलाई सप्ताङ्ग पूजाको ध्यानविधि सिकाउने पनि उनी नै थिए । यिनले आफ्ना अनुयायीहरूलाई अरू धर्मप्रति सम्मान देखाउन पनि जोड गरेका थिए । गौडका तत्कालीन राजा नय पाल (ई. सन् १०३८-१०५३) को राज्याभिषेकको अवसर (ई.सन् १०४०) मा उनलाई पठाएको शुभेच्छा पत्र 'विमलरत्न लेखनाम' अतिशाले यहीं बस्दा लेखेका थिए ।

दीपङ्कर श्रीज्ञानले यहाँ बसुन्जेल गरेका उपरोक्त गतिविधिहरूबाट उनैले यो सम्यक् प्रथाको प्रारम्भ गरेको सम्भावना देखिन्छ तथा यस पर्वमा प्रदर्शित गरिने मूर्ति सम्भवत: यिनकै हुन सक्छन् । यहाँनिर दीपङ्कर श्रीज्ञान यहाँ आउनु करीब तीन सय वर्षअगाडि नै तिब्बतमा बज्रयानी गुरु पद्मसम्भव र शान्तरक्षितले 'सम्ये' विहार खडा गरिसकेको (ई. ७६२-७८७) तथा यो 'सम्ये' शब्द बौद्ध सम्यक्सित नै सम्बद्ध भएको तथ्य पनि विचारणीय हुन्छ ।

यो कुरा जस्तो भए पनि ऐतिहासिक तवरले यहाँ सम्यक् पर्व पन्ध्रौं वा सोह्रौ शताब्दीअगाडि मनाइएको लिखत भेटिएको देखिन्न । काठमाडौंका बौद्धहरूले सोह्रौ, सत्रौं शताब्दीमा सम्यक् मनाएको लिखत भेटिएका छन् । वटु बाहाल, इटुं बाहाल र लगन बाहालहरूको तत्वावधानमा मनाइने बाह्रवर्षे सम्यक् गुठीचाहिं सं. १७५० ताकादेखि आजसम्मै कायमै छ ।

सम्यक् सम्भवत: भगवान् बुद्ध र उहाँको सङ्घलाई ठाउँठाउँका साहूमहाजनहरूबाट जुन उपस्थान हुन्थ्यो, धर्म देशना र छलफल हुन्थे त्यसैबाट विकसित हुँदै आएको सम्मेलन वा समारोह देखिन्छ । भगवान् बुद्धको निर्वाणपछि पनि भिक्षु सङ्घको यस्तो उपस्थान भएको उल्लेख इतिहासमा छँदैछ । पछि भिक्षु सङ्घको ह्रास र महायान, बज्रायानको प्रादुर्भाव भयो । नेपाल उपत्यकामा चौथो-पाँचौं शताब्दीमा नैम हायान प्रभावशाली भएको र सातौं-आठौं शताब्दीमा वज्रयानी सम्प्रदाय मजबूत भएको इतिहासबाट सिद्ध छ । तिब्बतमा सम्ये बिहारको स्थापना पनि यही ताका भएको हो । दीपङ्कर श्रीज्ञान आउँदा यहाँ वज्रयानी सम्प्रदाय बलियो भइसकेको थियो । त्यसैले उनी यहाँ रहँदा यहाँ सम्यक् जस्ता ठूलठूला वज्रयानी सम्मेलनको आयोजना हुनु विलकुल सम्भव छ । तर पन्ध्रौं शताब्दीमा राजा जयस्थिति मल्लको समय (वि.सं. १४३७–५२) पछि यहाँ स्थविरवादी भिक्षु सङ्घ लोप हुन लाग्यो अनि क्रमश: भिक्षुहरूको ठाउँ मूर्ति र वज्रयानी आचार्यहरूले लिन लागे । यथा समयमा सम्यक्मा यताउति बाहालबहिहरूमा राखिएका ऐतिहासिक गौतम बुद्ध, अनेक बोधिसत्व, मञ्जुश्री, दीपङ्कर (बुद्ध वा श्रीज्ञान), प्रज्ञा पारमिता आदि बौद्ध मूर्तिहरूको पूजा गर्ने र तिनलाई दानप्रदानगर्ने, भोजन चढाउने आदि प्रचलनहरूको विकास भएको हुनुपर्दछ । हुँदाहुँदा बाह्रबाह्र वर्षमा एक चोटि सम्यक् मनाउनैपर्ने गुठी पनि बन्यो होला । विस्तारविस्तारै सम्यक् स्थविरवादी भिक्षुहरूको सम्मेलन हुनुको सट्टा बौद्ध मूर्तिहरू र वज्रयानी गुरुहरू, प्रव्रजित जीवन त्यागेर फेरि गृहस्थी बनेकाहरूले समारोहमा परिणत भयो जुन रूपमा आजसम्म चल्दै आएको छ । शाक्यहरूले आजसम्म पनि पञ्चदानको दिन दानगाथा पढेर दान थाप्छन् ।

जेहोस्, सम्यक् पर्व आजकाल उपत्यकामा मनाइने परम्परागत वज्रयानी बौद्ध पर्वहरूमा सबभन्दा ठूलो भेला देखिन्छ । यो सम्यक् पर्व मानिसमानिसको बीचमा, विशेष गरेर बौद्ध धर्मावलम्बीहरूको बीचमा जात, दर्जा, रोजगार, आर्थिक, सामाजिक स्थिति आदि कुने पनि भेदभावलाई पन्छाएर शुद्ध बौद्ध भावमा मनाइने धार्मिक समारोह हो । समारोह चालु रहुन्जेल सहभागीहरू सबैले समान रूपले काम गर्छन् र आपस्तमा समान व्यवहार गर्छन् । यस्तै समान र सहयोगको भावनामा आधारित भएको हुनाले सयौं मुर्ति र तिनका हकवाला, दान लिने अरू हज्जारौं

वज्रयानी गुरुहरूलगायत आयोजक, दाता, भोजनका परिकारहरूले सहयोगीहरू गरी धेरै हजार मानिसहरूको जमघट भए पनि एक पल्ट पनि कोही ठूलो स्वरले कराउनु नपर्ने गरी रमाइलो वातावरणमा आश्चर्यजनक रूपले थोरै समयमा सबै काम एकपछि अर्को खटाखट सम्पन्न हुन्छन्– यो एउटा पनि सम्यक् समारोहको टड्कारै देखिने विशेषता हो ।

पच्चीस सय वर्षअगाडि भगवान् बुद्धले मानिसमानिसको बीच शान्ति, मैत्री, समानता, बहुजनहितका भावनाहरूको जुन उपदेश दिनुभएको थियो ती आज पनि कमसेकम सम्यक् समारोहमा कायम रहिआएको देख्न पाउनु हाम्रो लागि सन्तोषको मात्र होइन गौरवको पनि कुरा हो ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

श्री ५ वीरेन्द्र मेरो दृष्टिमा

• डा. तुलसी गिरी

मलाई श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवसँग साक्षात्कार र सहवासको सौभाग्य धेरै कम मात्रामा प्राप्त भएको छ भन्दा धेरैलाई आश्चर्य लाग्ला तर यो सत्य हो । तथापि म दृढ विश्वासका साथ कुन कुरा अवश्य भन्न सक्छु भने म मौसुफलाई अति नै राम्ररी र धेरै निकटबाट चिन्दछु– मौसुफका विविध राष्ट्रिय तथा अन्तरराष्ट्रिय दृष्टिकोणहरूबाट, मौसुफका अनेक राजनैतिक, आर्थिक तथा सामाजिक क्रियाकलापहरूबाट । मेरो यसो भन्नुको अर्थ हो : मौसुफको समष्टि व्यक्तित्वको परिचायक मौसुफका यावत् क्रियाकलापहरू र मानवतावादी दृष्टिकोणहरू नै हुन् जुन मैले मेरो वुद्धिले भ्याएसम्म विगत वर्षहरूमा विश्लेषण गर्ने चेष्टा गरेको छु ।

एक युवकमा प्रकृतिज अनेक यौवनका तृष्णाहरू हुन्छन् । कुनै पनि युवकको सुख सयल तथा नानाथरिका मनोरञ्जन र भोगविलासका साधनप्रति स्वभावतः सहजै आकृष्ट हुने प्रवल सम्भावना रहन्छ । तर हाम्रा राजा एक युवक भइबक्सेर पनि यी समस्त भौतिक आकर्षणहरूबाट पूर्णतया मुक्त होइबक्सन्छ । मौसुफ बढीभन्दा बढी समय राज्य सञ्चालनमा लाउनु आफ्नो दायित्व र परम कर्तव्य सम्झिबक्सन्छ । मौसुफको मुख्य चिन्तन र अठोट छ, हाम्रो राष्ट्रका सामु विद्यमान आर्थिक चुनौतीहरूलाई हाँक दिँदै यसलाई गरीबी र पछौटेपनबाट सदाका लागि मुक्त गर्ने । एवम् प्रकारले राष्ट्रको बहुमुखी उत्थान गर्न दृढ सङ्कल्पित मौसुफलाई हाम्रो नेताको रूपमा पाउनु हाम्रा लागि अवश्य नै गर्व र खुशीको कुरो हो ।

एकाध शहरी क्षेत्रको विकास हुँदैमा देश विकसित भएको अथवा विकासपथमा लम्किरहेको मान्न सकिँदैन । जबसम्म विकास देशका कुनाकाप्चाहरूमा पुग्दैन, जबसम्म झुपडीमा बस्नेहरू, जसलाई हरेक बिहानको छाक जेनतेन टार्नेवित्तिकै हरेक बेलुकीको छाक कसरी टार्ने भन्ने त्रासले सदैव पिरोलिरहेको हुन्छ, –को आर्थिक स्तर उकास्न सकिँदैन तबसम्म देशको विकास भएको कदापि मान्न सकिँदैन । विकास समानुपातिक ढङ्गले देशभरि नै छरिएको हुनुपर्छ र यही नै सामाजिक न्याय हो । यी उपर्युक्त विचारहरू मौसुफका हुन् जुनसँग म अक्षरशः सहमत छु । मौसुफले यी उपर्युक्त भावनाहरूलाई भावनामै मात्र सीमित नराखी कार्यरूपमा ल्याउनसमेत अनेक कदमहरू चालिबक्सेको छ । मौसुफ जनताको घरदैलोमा गई उनीहरूका पीरमर्का प्रत्यक्षतः स्वयं महसुस गर्ने कोशिश गरिबक्सन्छ । आफैँ स्थलगत भ्रमण गरिबक्सी विभिन्न विकास प्रायोजनाहरूको अवलोकन गरी थलोमै आवश्यक निर्देशन दिँदै आइबक्सेको छ । यसै सन्दर्भमा क्षेत्रीय विकासको नीति पनि लागु गरिबक्सेको छ ।

मौसुफ एक अति नै प्रजातन्त्रवादी र उदारवादी राजा होइबक्सन्छ । मौसुफका अनगिन्ती क्रियाकलापहरू यसका ज्वलन्त प्रमाणस्वरूप विश्वसमक्ष छन् । उदाहरणस्वरूप यहाँ जनमत सङ्ग्रह प्रस्तुत गर्न सकिन्छ । जनताले आफूले चाहेको शासनपद्धति आफैँ रोजुन् भनी जनमत सङ्ग्रह जनसमक्ष ल्याइनु राजाको प्रजातन्त्रप्रतिको आस्थाको द्योतक हो । यति मात्र नभई कुनै पनि राष्ट्रिय महत्वका प्रश्नहरूमा हरेक तहमा विचार विमर्श

गरिबक्सन्छ । आफ्नो एकतर्फी निर्णय जनतामाथि लाद्नुको सट्टा छलफलबाट निक्लेको निष्कर्षलाई महत्व दिइबक्सन्छ । यति मात्र नभई मौसुफ यस व्यवस्थामा समयानुकूल परिवर्तन ल्याई यसलाई प्रजातन्त्रीकरण गर्दै लैजाने अठोट राखिबक्सन्छ । मौसुफमा निहित यी सम्पूर्ण गुणहरू मौसुफको अति नै प्रजातान्त्रिक व्यक्तित्वको प्रष्ट रूपमा परिचय दिन्छन् ।

समाजका सबै पक्षको चित्त बुझाउन सकिँदैन । यो प्रायः एक असम्भव कार्य हो । कुनै पनि राजा वा राष्ट्राध्यक्षले आफ्ना सम्पूर्ण जनतालाई सन्तुष्ट पार्न सकेको विश्वको इतिहासमा समेत कहीँ पाइँदैन । त्यस्तै मौसुफप्रति असन्तुष्ट पक्ष पनि होलान् । तर यो एक अति नै सामान्य कुरा हो । वास्तवमा हामीले मौसुफ जस्ता एक कुशल, उद्यमी, उदार तथा प्रजातन्त्रवादी राजा पाउनु हाम्रा लागि अहोभाग्यको कुरा हो ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

आकस्मिक दर्शन भेट : एक संस्मरण

● *राजेश्वर देवकोटा*

सरकारका पाउमा घाउ धेरै थिए, यत्रतत्र टेप टाँसेको थियो । मध्याह्न बितिसकेको थियो, ज्यूनार भएको थिएन, अधिल्लो दिन बेलुका पनि राशनको प्रबन्ध मिल्न सकेको रहेनछ, त्यो त मलाई भोलिपल्ट थाहा लाग्यो । त्यतिवेला सरकार बिहानभरमा निकै लामो बाटो पार गरेर भोजपुर पुगिबक्सेको रहेछ । म आफूलाई खूब हिँड्ने भन्ने सम्झन्थेँ, पाखामा जन्मिएर जीवनभर भीरपहरा चाहार्ने बानी र बाध्यता भएको मैले हिँड्नुमा के खुबी ? मनमा सङ्कल्प भएपछि कोमल पदतलले पनि कंकड र प्रस्तरका धारिला उकाला र भिराला ओह्रालाहरू पार हुने रहेछ । साधन र साधनाभन्दा सङ्कल्प ठूलो रहेछ । त्यसै दिन त्यहाँबट प्रस्थान गरेर बिहान हिँडेकै जति बाटो पार गर्ने कार्यक्रम रहेछ । म धेरै दिनदेखि पहाडमा पैदल हिँडिरहेको हुनाले लुगाधुलो र मैलोले विरूप भएको थियो, भादगाउँले टोपी ढाकर बोक्नेको जस्तो बनेको थियो, सरकारका समक्ष कसरी उपस्थित हुने ? सङ्कोचसाथ दर्शनको लागि उपस्थित भएँ । सरकारबाट तत्कालीन समस्याहरूको छोटो समयमा धेरै प्रश्न र आफ्नो अध्ययनको अनुभव बताइबक्स्यो । मौसुफ सरकाबाट त्यो दिन पार गरिबक्सेको बाटो मैले भोलिपल्ट हिडेँ, निकै नै टाढा थियो । यात्राको वर्णन गाउँलेहरूका मुखबाट सुन्दै गएँ, 'राजाको छोरा' 'राजा हुने छोरा' भन्ने कुरा त ती गाउँलेहरूले सरकारले डाँडो काटिसकिबक्सेपछि पो त थाहा पाएछन् । बाटोको धूलोको टीका लगाउँदै कोही आश्चर्य गर्दै थिए, कोही पश्चाताप गर्दै थिए– जसले वास दिन र राशन दिन अन्कनाएका थिए । खाकीको लुगा लगाउने सिपाहीहरू मूल बाटोमा कत्ति हिडिरहन्छन्, गाउँलेहरूले कसको कति खातिरदारी गरुन् ? गाउँलेहरूले बिराको त केही होइन तैपनि पश्चात्ताप गर्नुपर्‍यो– यही हो संस्कार ! यसैलाई प्रेम र आस्था भनिन्छ ।

सरकारले युवराजाधिराज होइबक्सिँदा धेरैधेरै पैदल हिँडिबकस्यो, मैले विनापूर्वनिर्धारित कार्यक्रम अकस्मात् भोजपुरमा दर्शन गरेको छु, त्यस्तै रूपले गोर्खामा, नुवाकोटमा । भोक र थकाइको भीर कन्दराको अभाव र गरीबीको अनुभव सरकारले जसरी गरिबक्सेको छ त्यो वस्तुतः अनुभव हो । जन्मजात नै गरीबलाई त गरीबीको अनुभव नै के हुन्छ ! कन्दरामा हुर्केकालाई वास र गाँसको अभावको अनुभव नै के हुन्छ ? उसले ती गरीबी र अभाव हटाउन के कल्पना गर्न सक्छ ? त्यसकारण त्यही अनुभव कसैको उपचारको लागि हुन्छ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

नेपालको शान्तिक्षेत्र प्रस्ताव

● *प्रो माणिकलाल श्रेष्ठ*

यी शब्दहरू मैले लेखिरहेको बेलामा श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको सवारी अमेरिकामा भइरहेको छ र त्यस भ्रमणका अवसरमा संयुक्त राज्य अमेरिकाले नेपालको शान्तिक्षेत्र प्रस्तावलाई समर्थन गरेको समाचार निस्केको छ। त्यस समाचारलाई नेपालको परराष्ट्र मन्त्रालय र सञ्चारमाध्यमहरूले प्रचारप्रसार गरेको विज्ञप्ति, समाचारहरूको भाषाले नेपालका अधिकारीहरूले शान्तिक्षेत्रको प्रस्तावलाई कुन दृष्टिले हेरिरहेका छन् भन्ने कुरा स्पष्ट हुन्छ। यसपालि प्रकाशित समाचारको मुख्य सार यस प्रकार छ, "संयुक्त राज्य अमेरिकाले नेपाललाई शान्तिक्षेत्रको रूपमा मान्यता दिइयोस् भन्ने प्रस्तावलाई औपचारिक रूपले समर्थन र अनुमोदन गरेको छ र नेपालको शान्तिक्षेत्रको प्रस्तावलाई समर्थन गर्ने ३८ औं राष्ट्र अमेरिका हो।"

यसप्रकार नेपालको प्रस्तावलाई अहिलेसम्म कति राष्ट्रले समर्थन गरिसके भनी संख्यामा खास जोड दिने र प्रस्ताव तथा प्रस्तावको समर्थनलाई प्रचारको रूपमा लिने धारणा हामीकहाँ देखिन्छ। हुन त यो प्रस्ताव साकार पार्न विश्वका बढीभन्दा बढी देशहरूको समर्थन निकै आवश्यक छ, तर शायद अझ बढी महत्वपूर्ण रूपमा आवश्यक कुरा यस प्रस्तावलाई साकार पार्न नेपालले आफूले तयार गर्नुपर्ने राष्ट्रिय वातावरण र शान्तिक्षेत्रको अनुकूल गर्नुपर्ने व्यवहारतिर नेपाली अधिकारीहरूले ध्यान दिएको देखिँदैन।

साथै यस प्रस्तावमा अमेरिकी समर्थनबारे पनि ध्यान दिन योग्य एउटा कुरा छ। निश्चय पनि नेपालको शान्तिक्षेत्र प्रस्तावको लागि अमेरिका जस्तो एक विश्व-शक्ति राष्ट्रको समर्थन निकै महत्वपूर्ण छ। तैपनि ३६ वर्ष लामो दौत्य सम्बन्धको इतिहास भएको र नेपालको विकासको प्रत्येक पक्षमा सहयोग गर्दै आएको देश अमेरिकाले यो प्रस्ताव श्री ५ वीरेन्द्र सरकारबाट प्रस्तुत गरिबक्सेको ९ वर्षसम्म समर्थन नजनाई पछि मात्र समर्थन जनाएको छ। निश्चय पनि अमेरिकाले नेपालको यस आकाङ्क्षालाई समर्थन गर्ने कुरालाई आफ्नो भारतसितको सम्बन्धको हेतुभन्दा गौण पारेको छ वा त्यस सम्बन्धभन्दा भिन्न स्वाधीन रूपले लिएको छैन। ठीक यही कारणले अर्को महाशक्ति राष्ट्र *सोभियत सङ्घले नेपालको शान्तिक्षेत्रको प्रस्तावलाई अहिलेसम्म औपचारिक समर्थन जनाएको छैन।* भारतले अहिलेसम्म पनि यस प्रस्तावको सक्रिय विरोध गरिरहेको सन्दर्भमा सोभियत सङ्घले नेपालको प्रस्तावप्रति औपचिारिक समर्थन जनाउन हटिरहेको र अमेरिकी समर्थन झण्डै ९ वर्षसम्म बिलम्ब भएको कुरालाई विचार गर्नुपर्दछ।

मेरो विचारमा त श्री ५ महाराजाधिराज सरकाबाट शान्तिक्षेत्रको प्रस्ताव प्रस्तुत गरिबक्सेको लगत्तैपछिदेखि त्यस प्रस्तावलाई साकार हुन नदिने प्रयत्न हाम्रो देशभित्र पनि व्यापक रूपले गरियो, र अझ भनौं भने यस प्रस्तावलाई "कोपिलाको स्थितिमै थिची मार्ने प्रयत्न" श्री ५ को सरकारका उच्चपदस्थ अधिकारीहरूले शुरु गरे। प्रस्ताव प्रस्तुत भएको वेला तत्कालीन कुनै मन्त्रीले शान्तिक्षेत्र प्रस्तावलाई "स्टि्जरल्याण्डको स्थितिमा वा तटस्थीकरणको स्थितिमा" राख्ने जस्तो व्याख्या गरेकोमा अर्कोले यो प्रस्तावको अर्थ स्टि्जरल्याण्डको जस्तो स्थितिमा नेपाललाइ राख्ने होइन भनी किटानीसाथ खण्डन गरिहिँडे। स्पष्टै रूपमा त्यसवेलाको मन्त्रीमण्डलले यो प्रस्ताव साकार पार्न आफूले पालन

गर्नुपर्ने कर्तव्य पूरा गर्नेतर्फ प्रयत्नसम्म पर्नि गरेन। श्री ५ महाराजाधिराजबाट यो प्रस्ताव नै अन्तर्राष्ट्रिय प्रतिनिधिहरू उपस्थित भएको भेलामा राखिबक्सेको र प्रस्तावको स्वरूपबाट नै अन्तर्राष्ट्रिय मान्यता र समर्थन अनिवार्य हुने कुराको विपरीत तत्कालीन प्रधानमन्त्री डा. तुलसी गिरीले "शान्तिक्षेत्र प्रस्तावलाई अन्तर्राष्ट्रियकरण गर्ने नेपालको मनसाय छैन" भनी भन्नुभयो। डा. गिरीले त्यस्तो भन्नुभएको केही दिनपछि नै नेपालमा भएको कोलोम्बो योजनाका राष्ट्रहरूको बैठकलाई श्री ५ महाराजाधिराजको सन्देशमा शान्तिक्षेत्रको प्रस्तावको उद्देश्य स्पष्ट गरिएको कुराबाट त्यसवेलाको स्थिति स्पष्ट हुन्छ।

त्यसैगरी केही समयपछि तत्कालीन परराष्ट्र मन्त्री कृष्णराज अर्यालले भारतका तत्कालीन विदेश मन्त्री अटल बिहारी वाजपेयीको नेपाल भ्रमणको समयमा उहाँसित कुराकानीमा "शान्तिक्षेत्रको प्रस्ताव स्वीकृत भइसकेपछि सन् १९५० को नेपाल-भारत सन्धीलाई यथावत् राख्न नेपाललाई मञ्जूर छ" भनी भन्नुभयो, जबकि शान्तिक्षेत्रको प्रस्ताव ल्याउनुभन्दा पहिले नै नेपालका तत्कालीन परराष्ट्र मन्त्री गेहेन्द्रबहादुर राजभण्डारीले भारतका तत्कालीन विदश मन्त्री दिनेश सिंहको नेपाल भ्रमणको समयमा सन् १९५० को सन्धि मृत-सन्धि हो, अब विद्यमान छैन" भनी भनिसक्नुभएको थियो। शान्ति-क्षेत्रको प्रस्तावको स्पष्टै विपरीत पर्ने सन् १९५० को सन्धि आफूले पहिले नै नामञ्जुर गरिसकेको सन्धिप्रति फेरि नेपालको वचनबद्धता व्यक्त गर्ने तत्कालीन परराष्ट्र मन्त्रीको कार्य निश्चय पनि हाम्रो शान्तिक्षेत्र प्रस्तावको विपरीत थियो।

नेपालको शान्तिक्षेत्र प्रस्तावलाई समर्थन गरेका अधिकाश विदेशी सरकारका नेताहरूले सामान्य रूपमा उक्त 'धारणालाई समर्थन', प्रस्तावलाई स्वागत', 'प्रस्तावको अनुमोदन' वा 'प्रस्तावप्रति समझदारी र प्रशंसा' आदि वाक्यांशहरूद्वारा प्रस्तावको 'सराहना' व्यक्त गरेका छन्, तर विचारणीय कुरा के हो भने यो प्रस्ताव नेपालले आफूलाई शान्तिक्षेत्र घोषित गरेको प्रस्ताव भए अरूले त्यसको समर्थन व्यक्त गर्नेबित्तिकै पुग्दछ, तर प्रस्ताव 'नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस्' भन्ने छ। यसको अर्थ प्रस्तावको समर्थन गर्नेले प्रस्ताव साकार पार्न सहयोग र प्रस्तावमा निहित दायित्व पूरा गर्न पनि सहमत हुनुपर्दछ। यस विषयमा स्पष्ट र किटानी समर्थन चीनबाट मिलेको छ। प्रस्ताव प्रस्तुत गरिएको वेला तत्कालीन चीनियाँ प्रधानमन्त्रीले नेपालको शान्तिक्षेत्र प्रस्तावको समर्थन गर्नुहुँदा 'त्यसबाट उत्पन्न हुने आवश्यक दायित्व पूरा गर्न तत्पर' रहेको कुराको घोषणा पनि गर्नुभएको थियो। नेपाल शान्तिक्षेत्रमा परिणत भएमा आफ्नो देशको विरुद्ध नेपाल अखाडा नबन्ने ग्यारन्टी आफूले पाउने र साथै आफूले पनि नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने प्रतिज्ञा व्यक्त गर्ने चीनको मनसाय यस घोषणामा स्पष्ट छ।

शान्ति-क्षेत्रको प्रस्तावको समर्थन गर्ने बित्तिकै त्यसबाट आफूमा जिम्मेवारी आउने कुराको महसुस बेलायत र अमेरिकाको समर्थनको भाषामा पनि देखिन्छ। त्यसकारण नै बेलायतले समर्थन जनाउँदा नेपालको प्रस्ताव शान्तिको उद्देश्यले प्रेरित राम्रो प्रस्ताव भनी सैद्धान्तिक समर्थन जनाएर यस प्रस्तावलाई साकार पार्न त्यस क्षेत्रका सबै राष्ट्रहरूको विरोध नभए बेलायतले पनि सहयोग गर्ने कुरा व्यक्त गर्‍यो। साथै अमेरिकी राष्ट्रपतिले पनि समर्थन जनाउँदा नेपालको शान्तिक्षेत्रको प्रस्तावप्रति अमेरिकी 'समर्थन' र 'अनुमोदन' जनाउनको साथै प्रस्ताव साकार पानृ 'छिमेकी देशहरूसित मिलेर काम गर्ने' सल्लाह दिनुभयो।

यस स्थितिमा नेपालको शान्तिक्षेत्रको प्रस्तावको अर्थ के हुन्छ भन्नेबारे केही लेख्नु उपयुक्त हुन्छ। हुन त शान्तिक्षेत्रको सुझाव वर्तमान अन्तर्राष्ट्रिय परिप्रेक्षमा अरू ठाउँमा पनि उठाइएको पाइन्छ, तर नेपालको शान्तिक्षेत्रको प्रस्ताव अरू सबैभन्दा भिन्न जस्तो मलाई लाग्दछ। श्रीलङ्काले हिन्द महासागरलाई 'शान्तिक्षेत्र बनाउने' प्रस्ताव राखेको छ, हिन्द महासागर अन्तर्राष्ट्रिय समुद्र हो, कसेको प्रादेशिक भूमि वा प्रादेशिक समुद्र होइन। यो प्रस्तावको उद्देश्य हिन्द महासागरलाई महाशक्ति राष्ट्रहरूको प्रतिद्वन्दिताबाट जोगाउने र त्यहाँ घातक हतियारहरू राख्न नदिने देखिन्छ। तर नेपालको शान्तिक्षेत्रको प्रस्तावमा एक स्वाधीन सार्वभौम देशले आफ्नो मुलुकलाई शान्तिक्षेत्रको रूपमा मान्यता प्राप्त गर्ने उद्देश्य छ। यसको सही अर्थ आफ्नो सार्वभौमिकता सुदृढ पार्ने, सार्वभौमिकतामाथि हस्तक्षेप वा दखल कतैबाट नहुने ग्यारन्टी खोज्ने हो। तब शान्तिक्षेत्रको सच्चा अर्थ लिने हो भने एक सार्वभौम राज्यको स्थितिको प्रतिकूल पर्ने सबै सन्धि, सम्झौता, प्रतिबद्धतालाई अन्त गर्ने, आफूले कहीँ विशेषाधिार नखोज्ने र आफूले कसैलाई पनि विशेषाधिकार नदिने सङ्कल्प पनि नेपालले गर्नुपर्दछ, नत्र शान्तिक्षेत्रको प्रस्ताव एक नारा मात्र हुनेछ।

त्यसैगरी आशियान (ASEAN) राष्ट्रहरूको शान्तिक्षेत्रको घोषणा पनि नेपालको प्रस्तावभन्दा भिन्न प्रकारको छ। आशियान प्रस्तावमा एक खास क्षेत्रका ती मुलुकहरूलाई सामूहिक रूपमा शान्तिक्षेत्र घोषणा गराउने कुरा छ। यसको अर्थ त्यस क्षेत्रका राष्ट्रहरूमा अहिलेको अमेरिकासित संलग्न 'सुरक्षा गठबन्धन'को ठाउँमा त्यहीँका राष्ट्रहरूले सामूहिक रूपले सुरक्षाको अभिभारा बोक्ने र त्यसबापत विश्व महाशक्ति राष्ट्रहरू र त्यस क्षेत्रका प्रभावशाली राष्ट्रहरूद्वारा हस्तक्षेप नगरिने ग्यारन्टी माग्ने हो। यसको अर्थ आशियान 'शान्तिक्षेत्र प्रस्ताव'को एक महत्वपूर्ण पक्ष त्यस क्षेत्रलाई तटस्थ बनाउने ग्यारन्टी खोज्ने छ। चीन र अमेरिकाको बीचको सम्बन्धमा सुधार भएपछि त्यस सम्बन्धलाई विकसित पार्न अमेरिकाले SEATO को माध्यमद्वारा त्यस क्षेत्रमा नियन्त्रण गर्नु चीनलाई मान्य नहुने र साथै त्यस क्षेत्रमा

भियतनामको वा भियतनामको माध्यमबाट सोभियत सङ्घको प्रभाव बढ्ने कुरा अमेरिकाले हेर्न नसक्ने हुनाले आशियान शान्तिक्षेत्रको धारणाले बल पायो । नेपालको शान्तिक्षेत्र प्रस्ताव आशियान प्रस्ताव झैं केही राष्ट्रहरूको सामूहिक शान्तिक्षेत्रको धारणा होइन, 'तटस्थता'को घोषणा माग्ने होइन, नेपाली प्रस्ताव एक्लो आफ्नो मुलुकलाई शान्तिक्षेत्रको रूपमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने प्रयत्न हो ।

नेपाली शान्तिक्षेत्रको प्रस्तावका विभिन्न उद्देश्यहरूमध्ये दुई विशाल मुलुकहरू र एशियाका दुई ठूला शक्ति ठहरिएका दुई छिमेकीको बीच अवस्थित हाम्रो देशमा दुईमध्ये एकको प्रभाव क्षेत्र नबन्ने र कुनैको विरुद्ध पनि अर्कोले यसलाई अखाडा बनाउन नपाउने वातावरण खडा गर्ने उद्देश्य पनि छ । भारत स्वतन्त्र भएपछि स्वतन्त्र भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले 'केही महत्वपूर्ण कुराहरूमा नेपाल र भारतको स्वार्थ अभिन्न रूपमा गाँसिएको छ' (१७ मार्च १९५० मा भारतीय संसदमा भाषण) भन्ने तथा "परापूर्व कालदेखि नै हाम्रो मुलुकको भव्य सीमानाको रूपमा हिमालय पर्वत रहेको छ" र "हिमालय नेपालको पारिपट्टि पर्दछ, हाम्रोतिर होइन" (६ डिसेम्बर १९५० मा भारतीय संसदमा भाषण) भन्ने शब्दहरूद्वारा नेपाललाई भारतको सुरक्षा पङ्क्तिभित्र, अर्थात् नेपाललाई भारतीय प्रभावक्षेत्र भनी स्पष्टै दावी गरेको र त्यही नीतिअन्तर्गत भारतीय प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धीको समयमा अझ स्पष्ट शब्दमा "नेपालमा भारतको विशेष स्थिति छ" "नेपालसित भारतको विशेष सम्बन्ध छ" र "नेपालमा भारतको विशेष स्वार्थको विपरीत पर्ने हुनाले शान्ति प्रस्ताव भारतले स्वीकार गर्न सक्दैन ।" भन्ने आशयका कुराहरू भारततर्फवाट व्यक्त गरिएका छन् । यस्तो स्थितिमा नेपालको तर्फवाट कुनै एक देशको 'विशेष हित' वा कुनै एक देशसित 'विशेष सम्बन्ध' को कुरा किटानीसाथ नामञ्जुर गर्नुपर्दछ । तर श्री ५ को सरकारको तर्फबाट यस्तो नगरी "शान्तिक्षेत्रको प्रस्ताव कार्यान्वित गरिए पनि नेपालमा भारतको हितलाई कुनै प्रभाव पर्दैन" र "त्यसपछि पनि नेपालले भारतसितका सबै सन्धि र सम्झौताहरूका बचनबद्धतालाई मानिनैरहनेछ" भनी भारतीय नेताहरूलाई आश्वासन दिनतिर लागिरहेको छ ।

हाम्रोभन्दा निकै ठूलो र बलियो छिमेकी देशको यस्तो दृष्टिकोण भएकोले पनि शान्तिक्षेत्र प्रस्तावको विशेष महत्व छ । वास्तवमा शान्तिक्षत्रे धारणाको, नेपालको असंलग्नताको र अझ नेपाली स्वाधीन परराष्ट्र नीतिको मूलभूत रूप नै दुवै छिमेकी देशहरूको 'प्रभाव' वा 'विशेष सम्बन्ध'बाट पूर्ण रूपले मुक्त रहनु हो । नेपालको यो मूलभूत आवश्यकता र आकाङ्क्षालाई २००७ सालको परिवर्तनपछिदेखि नै महसुस गरिएको हो । २००७ सालको परिवर्तनको लगत्तैपछि २००७ चैत्र १२ गते विदेशी प्रेस प्रतिनिधिहरूलाई दिइएको अन्तर्वार्तामा नेपालले अपनाउनुपर्ने विदेश नीतिबारे स्व. श्री ५ त्रिभुवनबाट हुकुम भएको थियो– "नेपालको परराष्ट्र विषयमा नेपालले कुनै पनि राष्ट्रको गुटबन्दीमा नफँसी मध्यस्थ रहने निश्चय गरेको छ । नेपालको निम्ति जति भारत मित्र हो उत्तिकै चीन पनि मित्र हो ।" नेपालको भू-राजनैतिक विशेषताको यथार्थता र नेपालीको आकाङ्क्षालाई महसुस गरी एक जना प्रमुख भारतीय राजनैतिक नेता स्व. राम मनोहर लोहियाले भन्नुभएको थियो– "भारत र नेपाल दुवैको परराष्ट्र नीति असंलग्नता भए तापनि त्यसका रूप भिन्न छन् । भारतका लागि असंलग्नताको अर्थ विश्वका दुई सैनिक शिविर– सोभियत शिविर र अमेरिकी शिविरबाट अलग रहने हो, तर नेपालको लागि असंलग्नताको अर्थ अमेरिका र रुस दुईका बीचमा असंलग्नताको साथै दुई छिमेकी चीन र भारतका बीचमा पनि असंलग्नता कायम गर्नु हो ।"

हाम्रो असंलग्नताको यो मूलभूत आवश्यकता क्षेत्रीय सामूहिक शान्तिक्षेत्रको धारणाले पूरा गनृ सक्दैन । हिमालयबाट दक्षिणका मुलुकहरू वा दक्षिण एशियाका मुलुकहरूलाई वा दक्षिण एशियाको उपमहाद्वीपलाई शान्तिक्षेत्र घोषणा गर्ने भन्ने भारतमा प्रधानमन्त्री मोरारजी देशाई छँदा भारतको सुझावअनुसार त दक्षिण एशियाका मुलकुहरूमा त्यस क्षेत्रबाहिरका मुलुकहरूको प्रभाव मात्र हट्छ, तर क्षेत्रभित्रका मुलुकहरूमध्ये ठूलो देशको प्रभाव र अझ नेतृत्व रहन जान्छ । आशियान क्षेत्रका झैं झन्डैझन्डै समान आकार र बलका राष्ट्रहरूको सामूहिक सुरक्षा वा सामूहिक शान्तिक्षेत्रको कुनै अर्थ हुन सक्दछ, तर एउटा विशाल देश र अरू सानासाना छिमेकीहरूको समूहमा "सामूहिक शान्ति क्षेत्र" वा "क्षेत्रीय साझा सुरक्षा" ती क्षेत्रमा त्यस विशाल देशको प्रभावको एधिकार मात्र बन्दछ । आशियान मुलुकहरूको 'शान्तिक्षेत्र' धारणा नेपालको लागि उपयोगी छैन र नेपालको शान्तिक्षेत्र प्रस्ताव भिन्नै खालको पनि छ ।

यहाँनिर अर्को एउटा कुरा पनि ध्यान दिनु जरुरी छ । नेपाललाई दक्षिण एशियाको देश वा उपमहाद्वीपको देश भन्न मिल्दैन, किनभने नेपालको प्रादेशिक क्षेत्र हिमालयको दक्षिणतिर वा उपमहाद्वीपमा मात्र नभएर कमै भए पनि हिमालयको उत्तरतिर वा मध्यएशिया क्षेत्रमा पनि पर्दछ । त्यसैले नेपाललाई भारतीय उपमहाद्वीपको क्षेत्रीय सुरक्षाको गठबन्धनमा बाँध्न खोज्नु नेपाललाई नै खण्डित पार्ने प्रयत्न हुनेछ ।

कुनै एक खास मुलुकलाई शान्तिक्षेत्र घोषणा गर्ने सम्बन्धमा अहिलेसम्म राम्ररी परिभाषा गरिएको कुनै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता वा कन्भेन्सनबाट स्वीकृत गरिएको परम्परा वा नजीर पाइँदैन । तैपनि शान्तिक्षेत्र भन्नेबित्तिकै त्यसमा निहित केही कुराहरू निर्विवाद रूपले अगाडि आउँछन् । ती हुन्–

आफ्नो इलाकालाई शान्तिक्षेत्र घोषणा गरियोस् भनी प्रस्ताव राख्ने देशले आफ्नो इलाकाभित्र कुनै वाहिरी सैनिक शक्ति, प्रभाव वा विशेषाधिकार कायम गर्न खोज्ने प्रयत्न नगरियोस् भन्ने वचनबद्धता अरूबाट प्राप्त गर्ने घोषणा गराइन्छ । साथै आफूले पनि आफ्नो देशलाई कुनै देशको विरुद्ध अखाडा बन्न नदिने प्रतिज्ञा गर्दछ । यसरी शान्तिक्षेत्र भन्नुको अर्थ कुनै पनि राज्यको विरुद्ध निर्देशित नीति होइन, कसैलाई धम्की होइन । शान्तिक्षेत्र घोषणा गराउन चाहने राज्यले कुनै पनि राज्यसित सैनिक गठबधन कायम नगर्ने, आफ्नो भूमिमा सैनिक उद्देश्यका अखाडा, भर्तीकेन्द्र आदि राख्न नदिने, अरू देशहरूका बीचका लडाईं झैझगडामा आफ्नो सेना वा आफ्ना नागरिकहरू संलग्न हुने सन्धि सम्झौताहरू खारेज गर्ने प्रण गर्नुपर्दछ ।

यस परिप्रेक्षमा हेर्दा श्री ५ को सरकारले शान्तिक्षेत्रको ७ सूत्रीय व्याख्या गरी विद्यमान असमान सन्धिहरू र सैनिक रूपका सम्झौताहरू कायम राख्ने प्रयत्न शान्तिक्षेत्रको मूलभूत धारणाको विपरीत पर्दछ ।

अर्को विचारणीय कुरा के छ भने श्री ५ महाराजाधिराज सरकारबाट प्रस्तुत गरिबक्सेको शान्तिक्षेत्र प्रस्तावलाई साकार पार्न श्री ५ को सरकारद्वारा कैयौं विदेशी मुलुकहरूलाई भनसुन गरेर मान्न लगाउने र अझ केही हदसम्म सौदावाजी गरेर यो प्रस्तावप्रति समर्थन व्यक्त गराउन लगाउने नीतिले काम गर्दैन, शान्तिक्षेत्र प्रस्ताव देशका सम्पूर्ण जनताको सामूहिक प्रयत्नले मात्र सफल पार्न सकिन्छ। सारा जनतालाई परिचालन गरेर जनताको संयुक्त शक्तिको भरमा सार्वभौकिता सुदृढ पार्ने नीति नलिईकन आफू आफ्ना जनतावाट अलगिगन खोज्ने र अरू देशहरूसित भनसुन गरेर शान्तिक्षेत्रको प्रस्ताव साकार पार्न खोज्ने प्रशासनले शान्तिक्षेत्रको आकाङ्क्षालाई साकार पार्न सक्दैन र त्यस्तो प्रशासनलाई शान्तिक्षेत्रको सच्चा हिमायती भन्न पनि सकिँदैन । नेपाली जनताको राष्ट्रिय र प्रजातान्त्रिक सङ्घर्षलाई अगाडि बढाउने हेतुको लागि पनि शान्तिक्षेत्रको प्रस्तावलाई सच्चा अर्थमा साकार पार्नु जरुरी छ । हाम्रो विगत इतिहास र विश्वका कैयौं देशहरूको मुक्ति-सङ्घर्षको इतिहासबाट स्पष्ट देखिएको कुरा के हो भने जनताले आफ्नो राष्ट्रिय मुक्ति र प्रजातान्त्रिक अधिकारको निम्ति सङ्घर्ष गर्दा सधैं नै जनविरोधी शासकहरूको पक्ष लिएर जनसङ्घर्षलाई दमन गर्न साम्राज्यवादी र विस्तारवादी शक्तिहरू हस्तक्षेप पर्न पुगिहाल्छन् । यस्तो वाह्य हस्तक्षेपलाई रोक्न पनि शान्तिक्षेत्रको प्रस्तावको उपयोगिता छ ।

यहाँनिर एउटा प्रश्न उठ्दछ । वास्तवमा सैनिक गठबन्धनको रूपमा वा “साझा सुरक्षा”का सन्धिहरू विद्यमान भए पनि वा नभए पनि जनताको प्रगतिशील आन्दोलन बढ्दै गएर आफ्नो स्वार्थमा धक्का पर्न गएमा विदेशी साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले हस्तक्षेप, दमन र खुल्लमखुल्ला आक्रमण गर्न पनि पछि हट्दैनन् । शायद शान्तिक्षेत्रको प्रस्तावलाई समर्थन गरिसकेपछि पनि विदेशी साम्राज्यवादी र विस्तारवादी शक्तिहरूले नेपालबाट हात झिक्नेछन् र नेपालो प्रगतिशील आन्दोलनलाई दमन गर्न तिनीहरूले हस्तक्षेप गर्दैनन् भन्न सकिँदैन । तैपनि नेपाललाई शान्तिक्षेत्र भनी घोषणा गरिसकेपछि त्यस प्रस्तावलाई समर्थन गरेका विदेशी शक्तिले नेपालमा हस्तक्षेप गरेमा कमसेकम अन्तर्राष्ट्रिय कानुनको दृष्टिले गैरकानुनी ठहरिने छ र देशभित्रका प्रतिक्रियावादीहरूले विदेशी हस्तक्षेपको लागि आह्वान गर्नु पनि उस्तै गैरकानुनी ठहरिने छ । यस्तो स्थितिमा गरिने हस्तक्षेपलाई हस्तक्षेपकारी आक्रामकले कानुनी आधार देखाउन सक्दैन र हाकाहाकी नाङ्गो आक्रमणको बाटो लिनुपर्ने छ । त्यस कुकार्यको अन्तर्राष्ट्रिय स्तरमा निन्दा हुनेछ र त्यसको प्रतिरोधमा हामीले गर्ने सङ्घर्षलाई अन्तर्राष्ट्रिय समर्थन नदिई यस क्षेत्रमा ठूला शक्तिहरूले आफ्ना कठपुतलीहरू प्रयोग गरी कतै गडबड गराई उनीहरूलाई सत्तामा ल्याउन र उनीहरूको माध्यमबाट त्यस देशलाई नै आफ्नो प्रभावक्षेत्रमा ल्याउन खोज्छन् । यस्तो कुत्सित प्रयासको प्रतिरोध गर्ने विभिन्न कदममध्ये “शान्तिक्षेत्र” साकार पार्ने काम पनि एक प्रभावकारी कदम हो र यो कदम देशका शासकहरूको हितको मात्र कुरा होइन, राज्यका तमाम जनताको लागि पनि आवश्यक कुरा हो ।

श्री ५ वीरेन्द्रबाट प्रस्तुत गरिबक्सेको शान्तिक्षेत्रको प्रस्तावलाई साकार पार्ने काम गर्ने उत्तरदायित्व बोकेको सत्ता पक्षले त्यस काममा इमान्दारीपूर्वक लागेन वा लाग्दैन भन्ने आधारमा शान्ति क्षेत्र प्रस्ताव अर्थहीन भन्नु ठीक छैन । सीमित स्वार्थ भएकाहरूबाट राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको लागि दरो कदमको आशा गर्न सकिँदैन, तर जनताको शक्तिको लागि कार्यरत रहेका मानिसहरूले नै सच्चा शान्तिक्षेत्रको धारणा सुदृढ पार्न र नेपाललाई ‘शान्तिक्षेत्र’ बनाउने प्रस्तावलाई साकार पार्न प्रयत्न गर्नुपर्दछ, सारतः यही नै नेपाली जनआन्दोलनको हित र विश्वका शान्तिप्रिय जनताको हितअनुकूल छ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

राजा सबैको साझा

● *खड्गमान सिंह*

जुनसुकै देशको होस उखानमा गहिरो अर्थ हुन्छ, उखानले गाह्रो साँग्रोमा सल्लाह दिन्छ, कुराकानीमा रस भरिदिन्छ र जीवनका कैयन् मोडमा बाटो देखाइदिन्छ। यसैकारण उखानले जनताबाट मान्यता पाइआएको हुन्छ।

हाम्रो शास्त्रानुसार प्रत्येक व्यक्तिमा उसको बाबुको भन्दा आमाको बढ्ता अधिकार हुन्छ। आमाको भन्दा बढी गुरुको र सबभन्दा बढी अधिकार राजाको हुन्छ। अन्य मुलुकमा राजाहरू रहेको अन्य कारण होला र त्यहाँ राजाप्रजाको सम्बन्ध पनि वेग्लै होला तर हाम्रो देशमा राजाको ठूलो महत्व छ।

मनुस्मृतिमा लेखेको छ– बलवानहरूले अनर्थ गर्छन् भनेर चराचरको रक्षा गर्नको लागि राजालाई सृष्टि गरेको हो। यसकारण हाम्रो नेपालमा लोक-कल्याणको लागि राजा कटिबद्ध रहनुपर्छ। घरका जहान वच्चाप्रति घरको माउको जस्तो, राजाको कर्तव्य प्रजाको रक्षा र परिपालन गर्नु हो। यसै सिद्धान्तानुसार राजसिंहासनमा बस्नअघि राजाले "प्रजाको परिपालन गर्छु" भन्ने प्रतिज्ञा गर्नु (अर्को शब्दमा शपथ लिनु) पर्छ। यहाँ राजा र प्रजा शासक र शासित जस्ता छैनन्, अपितु बाबु र सन्तान जस्ता छन्। 'प्रजा'को अर्थ सन्तान हो। राजाले प्रजालाई आफ्नै सन्तान सम्झिने र प्रजाले पनि राजालाई बाबुसमान ठान्दछन्। श्रद्धा गर्दा राजालाई पनि तर्पण दिइन्छ तथा ठूलठूला धार्मिक अनुष्ठान गर्दा राजालाई पनि प्रसाद चढाइन्छ। यस्तै परम्परा र सिद्धान्तमा आधारित हाम्रो उखान छ 'राजा सबैको साझा।' माथि भनिए झैं, यस उखानमा गहिरो अर्थ छ। जसरी प्रत्येक नागरिकमा सबभन्दा बढी अधिकार राजाको हुन्छ, त्यसैगरी प्रत्येक प्रजाको पनि राजाउपर अधिकार रहेको यस उखानले जनाएको छ। यसबाट के प्रष्ट हुन्छ भने नेपालमा राजा र प्रजाबीच पूरापूर एकात्मता विद्यमान रहेको छ, एउटै सिक्काको दुईतर्फ (Side) जस्तो। सारांशमा, सारा प्रजाको जोड जम्मा (Total) हो राजा।

'राजा सबैको साझा' भन्नाको अर्थ हो राजाबाट सदासर्वदा जे जस्तो काम हुन्छ त्यो प्रत्येक नागरिकको हितलाई ध्यानमा राखेर गरिएको हुन्छ। सबैको समान रूपले भलो हुने र राज्यको ख्याति बढ्ने क्रियालाई नै वास्तविक 'राजनीति' भनिन्छ। हाम्रा श्रद्धेय राजाबाट नै जनआकाङ्क्षा पूरा गर्न, जनताको न्यायोचित अधिकार सौंपिन गाथगादीको बाजी लगाई यहाँ प्रजातान्त्रिक प्रणाली प्रचलित गरियो। राजाबाट नै विदेशी नक्कलबाजीबाट हामीमा परेको कुप्रभाव पन्छाई आफ्नै देशको माटो सुहाउँदो, परम्परा र संस्कृतिमा आधारित, प्रत्येक बालिग नागरिकले सजिलै र सिधै भाग लिन पाउने नयाँ व्यवस्था कायम गरियो तथा राजाबाट नै विकास कार्यहरू सञ्चालन गराई देशबाट गरीबी हटाउने प्रक्रिया चालु गरियो।

हामी सबैले सधैंभरि ध्यानमा राख्नुपर्ने कुरा के छ त भने जुनसुकै देशमा पनि त्यहाँका नेता जतिसुकै योग्य, समर्थवान र परिपक्व भए पनि राष्ट्रको भार एक्लै वहन गर्न असम्भव हुन्छ। अतः श्री ५ वीरेन्द्रबाट देखाइबक्सेको बाटो लागेर मौसुफबाट चाहिबक्सेबमोजिम हामी सबैले आ-आफ्नो स्थानबाट आ-आफ्नो योग्यतानुसार विकास कार्यमा लाग्न अत्यावश्यक छ। हामीहरू

नै लागे मात्र हाम्रो सही रूपमा कल्याण हुनेछ। जुन मात्रामा हामीहरू लागिपर्ने छौं, त्यही मात्रामा हाम्रो उन्नति, समृद्धिमा वृद्धि हुनेछ। विकास कार्यको लागि बारम्बार आग्रह गरिएको किन हो भने जीवन यापन गर्न अत्यावश्यक सरसामान नजुटुन्ज्याल हाम्रो शारीरिक तथा मानसिक स्वास्थ्य र स्वाधीनता रहन सक्तैनन्। हाम्रो राष्ट्रका अङ्ग लाखौँ बच्चा नरनारी भोकभोकै मर्दछन् र उनीहरूको दुर्दशालाई उपेक्षा गर्नु कानूनी अपराध त मानिदैन तर आध्यात्मिक दृष्टिले भने जरुर पाप हो। अनः विकास कार्यमा झटपट लागिहाल्नु हाम्रो आजको परम कर्तव्य हो।

व्यवस्था विषय लिएर वादविवादको बखेडा निकाल्नु बहुमूल्य वेला बर्बाद गर्नुसिवाय अरू केही होइन। हाम्रो नियत साफ हुनुपर्छ, आचरण निस्वार्थ र जनसेवाले प्रेरित कर्म हुनुपर्छ, अनि यस व्यवस्थामा पनि हामी देशोन्नति गर्न सफल हुनेछौँ। अतः अहिलेलाई व्यवस्थाबारे आपसी वादविवाद झैझगडा त्यागेर भोका नाङ्गा आबालवृद्धलाई आवश्यक अन्न वस्त्र जुटाउने काममा हामी सबै लागौँ। यसो गर्नु नै देशभक्ति हो, जनताको लागि गरिने सच्चा सेवा हो।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

विकास र प्रगतिका प्रदर्शक श्री ५ वीरेन्द्र

● *वीरेन्द्रबहादुर सिंह*

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट देशको शासन अभिभारा ग्रहण गरिबक्सेदेखि नै देशलाई विकासको द्रुततर गतिमा लैजानका निम्ति विभिन्न योगदानहरू गर्दै आइबक्सेको छ ।

देश विकास छिटोभन्दा छिटो होस् भन्ने हेतुले नै मौसुफ सरकारबाट मुलुकलाई पाँच विकास क्षेत्रमा विभाजन गरिबक्सनुका साथै ती क्षेत्रका कुनाकाप्चाका जिल्लाहरूमा समेत वर्षेनी भ्रमण गर्ने क्रमको थालनी गरिबक्स्यो जसबाट विकासको ज्योति नेपालका अति दुर्गम र अनकन्टार क्षेत्रहरूमा पनि पुऱ्याउन सघाउ पुगेको छ ।

मौसुफ सरकारवाट “जसरी मलाई मेरो देश र जनताको ममता छ उसै गरी भोक, रोग र शोकले पीडित जनताप्रति मेरो जिम्मेदारी छ” भन्ने कुरा हुकुम भई त्यसअनुरूप व्यवहारमा पनि आफ्ना प्यारा प्रजाहरूको पीर, मर्का, दुःख, दर्द हटाउनका लागि र भएका विकास योजनाहरूको प्रत्यक्ष नजर गरिबक्सन देशका पहाड, कन्दरा, जङ्गल, तराई सवारी भई उचित निर्देशनहरू बरोबर बक्सिनाले तमाम नेपाली प्रजाहरू आफ्ना महान् राष्ट्रनायकप्रति नतमस्तक भई देश विकास हुने कुरामा विश्वस्त छन् ।

राजमहलको सुख सयललाई त्यागी ठण्डी र शीतको केही पर्वाह नगरी आफ्ना प्यारा प्रजाहरूको सुख, शान्तिका लागि सदा समर्पण भाव दर्शाइबक्सी जनताको देलोदैलोसम्म पुगी ती असहाय जनतालाई सान्त्वना बक्सिने सक्रिय राजा पाउनु नेपाल र नेपालीका लागि ठूलो सौभाग्य र गौरवको विषय हो । अतः नेपाली जनता आफ्ना श्रद्धेय महान् राजारानीको दर्शन भेट पाई आफ्ना दुःखका समस्याहरू बिन्ती चढाउन पाउँदा कृतार्थ हुनुका साथै मौसुफ सरकारको महान् नेतृत्वमा सदा समर्पित छन् ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको देशदर्शनको नियमित कार्यक्रम हुनुपर्दछ । हामी नेपालीका लागि राजाको दर्शन प्रत्येक बिहानीमा सूर्यदर्शन जस्तै हो । राजाको नियमित भ्रमण हाम्रा लागि नयाँ प्रभात हो । जसरी सूर्यको उदयपछि अन्धकार समाप्त हुन्छ, त्यसैगरी राजाको नियमित भ्रमणले त्यस क्षेत्रको अशिक्षा, अन्धकार, भ्रष्टाचार, अनियमितता समाप्त हुन्छन् र सीधासादा जनतामा नयाँ आशाका किरणहरू जागृत हुन्छन् । राजनेतृत्वबाट जन्मेका हुर्केका नेपालीहरू राजाको आह्वान र निर्देशनलाई एक जुट भई निर्विवाद रूपमा शिरोपर गर्न पाउँदा आफूमा गौरवको अनुभव गर्दछन् भने राजाबाट पनि नेपाल र नेपाली जनताले त्यत्तिकै माया, ममता र जिम्मेवारीको शीतल छहारी पाउने सौभाग्य पाएका छन् ।

मौसुफ सरकारको सक्रिय एवं गतिशील नेतृत्वमा आज नेपालले नयाँ काँचुली फेर्दै गरेको तथ्यलाई कुनै पनि स्वाभिमानी राष्ट्रवादी नेपालीले नकार्न सक्दैन । प्रकृतिले नै मिहिनेत गरी तयार पारेको नेपाली भूभागको हिमाली पर्वत-शृङ्खला, नागबेली नदी, झर्ना, ताल, मलिला फाँटहरू आफै नै विश्वलाई लोभ्याउने गुण बोकेर बसेका भए तापनि युगौंदेखि दासत्वका साङ्लामा बेरिएर अज्ञान र गरीबीको कहालीलाग्दो पर्खालभित्र अन्धपरम्परा एवं रुढीवादलाई संस्कार नै सम्झेर निदाएका नेपालीलाई विकासको

शङ्ख फुकेर ब्यूँझाइदिने महान् राजाबाट प्राप्त प्रेरणाले आज देशका सबै क्षेत्रमा विकास भइरहेको छ ।

कुराभन्दा कामलाई, चाप्लुसीभन्दा अनुशासन र दक्षतालाई, प्रशंसाभन्दा वास्तविकतालाई रुचाइबक्सने हाम्रा श्रद्धेय सम्राट्को स्वभाव छ । गाम्भीर्य, मृदुभाव र सकेसम्म छोटो महावाणी बक्सी जनतामा बढीसे बढी प्रभाव पार्ने स्वभाव पनि त्यत्तिकै मौसुफको व्यक्तित्वका अनुकरणीय उदाहरणहरू छन् ।

नेपाली राष्ट्रियताका अमर ज्योति सरकारको गरिमामय व्यक्तित्वबाट राष्ट्रमा विकास युगको नै उत्साहप्रद थालनी भएको छ । समयको हाँकलाई नियाल्न सक्ने, जनताको मनोभावनालाई पढ्न सक्ने मात्र हैन कि भविष्यलाई स्पष्ट रूपले देखी देशको समुत्थानको निम्ति आवश्यक पर्ने समुचित कदम चाल्न सक्ने विलक्षण प्रतिभा मौसुफमा प्रस्फुटित भएको पाइएको छ ।

प्रत्येक नेपालीको सुख र दुःखलाई आफ्नै सुख र दुःख सम्झिबक्सने, नेपालीको कल्याण र नेपालको चातुर्दिक प्रगतिबारे सधैँ चिन्तन गरिबक्सने "हाम्रो प्रत्येक चाहना, प्रत्येक प्रयास, प्रत्येक क्रियाकलाप, देश र देशवासीको निरन्तर हित र कल्याणद्वारा निर्देशित रहनेछ" भन्ने अभ्यन्तरदेखिको कामना प्रकट गरिबक्सी नेपाल र नेपालीकै लागि अहोरात्र तल्लीन भइबक्सने नेपालीका परम श्रद्धेय सम्राटप्रति अगाध श्रद्धा र अमिट भरोसा जागी सम्पूर्ण जनमानसमा आश्वस्तता छाएको पाइन्छ ।

मौसुफ सरकार सदैव जनपक्षीय दृष्टिकोणबाट सोचिबक्सन्छ । मौसुफ विकासको कुरामा देशको कुनै पनि क्षेत्रलाई उपेक्षित हुन नदिन निरन्तर प्रयत्नशील होइबक्सिने कुरामा कसैको पनि दुईमत हुन सक्तैन ।

आज विश्वमा हाम्रो देशले जुन प्रतिष्ठा बढाएको छ र जसबाट विश्वको मानचित्रमा नेपालको नक्सा चम्किलो भई अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको इज्जत बढेको छ त्यो मौसुफ सरकारको कुशल मार्ग दर्शनबाट, नेतृत्वबाट नै सम्भव भएको छ ।

मौसुफ सरकारको कुशल नेतृत्व र दूरदर्शी नीतिको अनुसरणबाट आज देशको दुर्गम क्षेत्रहरूमा मोटर दौडदैँछन्, जलप्रपातहरू विद्युत शक्तिमा परिणत हुँदा छन्, सुख्खा टारमा जलधारा बग्दैछन्, ठाउँठाउँमा नयाँ औद्योगिक क्षेत्रको सूत्रपात भइरहेछ ।

"शिक्षा नै देश विकासको मूल द्वार हो" भन्ने मौसुफ सरकारको ध्रुवसत्य उद्गार चरितार्थ गर्न मौसुफ सरकारबाट देशका भावी कर्णधारहरूलाई जुन निःशुल्क प्राथमिक शिक्षा दिने घोषणा गरिबक्स्यो र शैक्षिक क्षेत्रमा बदलिँदो परिस्थितिअनुरूप आवश्यक सुधार गर्दै लैजाने जुन निर्देशन बक्स भएको छ यसबाट सुषुप्त, पिल्सिएका र शोषिएका गरीब जनताहरूले निश्चय पनि आफ्नो व्यक्तित्व विकास गर्ने सुनौला मौका पाएका छन् ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

श्री ५ वीरेन्द्र र एक दशक

● डी.पी. अधिकारी

श्री ५ वीरेन्द्रवाट राज्यारोहण गरिवक्सनुको साथै देशको अर्थतन्त्रमा नयाँ गति प्रदान गर्ने महान् जिम्मेदारी आइपरेका हो । मौसुफको राज्यारोहण पहिलेको एक दशक देशमा शिक्षा, स्वास्थ्य र यातायात जस्ता निम्न आधारशीलाको प्रसार र स्थापनामा देश संलग्न रहँदै आएको थियो । नेपाल आफूसँग रहेको सीमित स्रोत र साधनले आफूमा छाएको गरीबी र पछौटेपनको विरुद्धमा देशवासीलाई यथासक्य वलिदान गर्ने आह्वान गर्दै आएको हो । देश विकासको नारामा देशवासीले लामो धैर्यसाथ जेजति योगदान गर्दैरहे त्यसको परिणामस्वरूप नै आधुनिक विकासको लागि देशमा कतिपय आवश्यक आधारशीलाहरूको स्थापना हुन सक्यो । आफ्नो र देशको आर्थिक जीवनमा सुधारको आशाले लामो समयदेखि धैर्यसाथ पर्खेका नेपाली जनता राष्ट्रिय क्षेत्रमा स्थापित हुने गरेका कतिपय भौतिक र अन्य सुविधाहरूलाई आशाको आँखाले हेर्दै आएका छन् । श्री ५ वीरेन्द्रको राज्यारोहण यस्तै एउटा महान् जिम्मेदारीको समयमा सुसम्पन्न हुन्छ ।

देशको उत्पादन प्रकृयालाई नयाँ ढाँचामा ढाल्नु देशको लागि नौलो अनुभव थियो । राज्यारोहणपछि देशको अर्थतन्त्रको नवनिर्माणको जिम्मेदारी हातमा लिइवक्सेपछि आफ्नो नेतृत्वले देशको नवनिर्माणमा कटिबद्ध तथा ईमान्दार व्यक्तिहरूको छनौट गर्नु मौसुफ समक्ष अर्को एउटा पारखको सवाल उपस्थित हुन गयो । देशमा निर्धारित ६ ओटा पञ्चवर्षीय योजना समाप्त भैसक्दा र अरबौं धनराशी खर्चपछि पनि देशको अर्थतन्त्रमा गति आउन नसक्नु र सर्वसाधारण जनताको जीवन स्तरमा सुधार हुन नसक्नुले मौसुफ सरकारलाई आज बढी चिन्तित बनाएको कुरा सरकारबाट मौकामौकामा शाही सन्देशमार्फत् कार्यकर्ता र जनतालाई आफ्नो जिम्मेदारीप्रति होशियार गराइबक्सेकोबाट प्रष्ट हुन्छ । तर राष्ट्रनिर्माणको महान् जिम्मेदारीको लगातारको प्रयासमा देशको एकमात्र सर्वोच्च नेतृत्वमा रहिबक्सेको मौसुफ सरकारलाई कटिबद्ध ईमान्दार तथा समर्पित कार्यकर्ताको छनौटमा यथेष्ट अनुभव प्राप्त हुन सकेको सर्वत्र जनमानसमा बोध हुन सकेको छ । जनसंख्याको अत्यधिक विस्फोटको समक्षमा उत्पादन क्षेत्रमा रहेको बराबरको अकर्मण्यताले देशलाई अति सङ्कटको स्थितिमा पुऱ्याएको छ, तापनि मौसुफ सरकारमा विकास हुँदो अनुभवयुक्त कुशल नेतृत्वप्रति सम्पूर्ण देशले आफ्नो विश्वास यथावत् राखेको छ ।

हाम्रो जस्तो धेरै पछि परेको कृषिप्रधान देशको विकासमा जलस्रोतको सर्वोपरि महत्व छ । नेपालका विभिन्न ठाउँमा जलविद्युतका कतिपय साना ठूला आयोजनाहरू वैदेशिक सहयोगमा सञ्चालन भैरहेका भए पनि नेपालको जलस्रोतको भण्डारमा यो एउटा सानो प्रयास बराबर छ । नेपालका पहाडी शृङ्खलाबाट निस्कने सहस्र सानासाना नदीनाला र झरनाहरूलाई ग्रामीण स्तरमा उपयोग हुने गरेर सानासाना जलविद्युत आयोजनाहरू जनसहभागिताको आधारमा सञ्चालन गर्न सक्दा मात्र नेपालो जलसम्पदाको राष्ट्रिय उत्थानमा व्यापक रूपले परिचालन हुन सक्नेछ । नेपाल आफ्ना प्राकृतिक स्रोतको परिचालन गर्नमा प्राविधिक ज्ञान र क्षमताले आज धेरै सक्षम देखिए पनि देशभित्र यथेष्ट रूपमा पूँजीगत साधनको अभावले गर्दा जलस्रोत लगायत आफ्ना

गाउँघरको विकासमा जनश्रमलाई परिचालन गर्नमा ज्यादै जोड दिँदै आएको छ। नेपालको राष्ट्रिय हितलाई सर्वोपरी ध्यानमा राखी नेपालको जलसम्पदाको अत्यधिक परिचालनको लागि क्षेत्रीय आपसी सहयोगको सिद्धान्तलाई सर्वप्रथम श्री ५ महाराजाधिराजबाट आह्वान गरिबक्सेर दक्षिण एशियाका देशहरूको ध्यान यतापट्टि आकृष्ट गराइबक्सेको छ। श्री ५ को उक्त आह्वानमा अन्तर्राष्ट्रिय सहयोगका वित्तीय संस्थाहरू नेपालको जलसम्पदाको क्षेत्रीय आपसी सहयोगको लागि आवश्यक धनराशि जुटाउन तत्पर देखिएका छन्।

नेपालभित्रको गरीबी र पछौटेपनलाई पन्छाउने आजको हाम्रो समस्या छ। तर यो गरीबी र पछौटेपनलाई हटाई आजका अरू देशहरूको समान नेपाल र नेपालीलाई उत्थानको बाटोमा अग्रसर गराउन सक्ने क्षमता र बुद्धिविवेक नेपालले एक हदतक उपलब्ध गर्न सकेको छ। राष्ट्रिय क्षेत्रका तमाम उपलब्धिहरू व्यापक राष्ट्रिय एकताभित्रबाट देश र जनताको उत्थानमा परिचालन गराउन सक्ने नेतृत्वकारी क्षमता आज एकमात्र श्री ५ मा निहित छ। राष्ट्रिय क्षेत्रमा स्थापित भौतिकी र अरू कतिपय सुविधाहरूलाई राष्ट्रिय उत्पादनको क्षेत्रमा परिचालन गर्नमा यता हाम्रा प्रयासहरू विफल बन्ने गरेकाले हाम्रो राष्ट्रिय विकासको समस्यालाई ज्यादा जटिल बनाउँदै ल्याएको छ। उत्पादन क्षेत्रमा रहेको बराबरको शून्यताको साथै प्रशासनिक खर्चको सालाना बढ्दो बोझ र वैदेशिक व्यापारको भुक्तानी सन्तुलनमा देखिने ठूलो फरकले गर्दा स्थितिलाई अरू सङ्गीन बनाउँदै ल्याएको छ। देशमा स्थापित सुविधाहरूलाई उत्पादनलाई अग्रसर गराउन परिचालन गर्ने काम कर्मचारीयन्त्रसँगको सरोकारको हुनुका साथै त्यसभन्दा पनि राजनैतिक सञ्चालनमाथि बढी रूपले निर्भर रहने गर्दछ। वर्तमान स्थितिमा व्यवस्थाभित्र कडा अनुशासन कायम गर्ने र कटिबद्ध तथा ईमान्दार व्यक्तिलाई विकासको जिम्मेदारी अगाडि बढाउने अबको प्रमुख काम हुन गएको छ। आजको राष्ट्रिय स्वार्थको संरक्षण र समृद्धिको लागि व्यवस्थालगायत तमाम राजनैतिक क्षेत्रभित्र कडा अनुशासन गराउन सक्ने व्यक्तित्व आज श्री ५ मा मात्र छ।

अरू विकासशील देशहरूसरह नेपाल पनि आफ्ना देशवासीका कठोर परिश्रमसाथ आफ्नो देश र जनताको आर्थिक नवनिर्माणको युगबाट गुज्रिरहेको हुनाले जनताको विगत एक दशकदेखि नेतृत्व गरिबक्सँदै आइबक्सेको श्री ५ वीरेन्द्रबाट नै देशको अर्थतन्त्रमा यता उत्पन्न गतिरोधलाई पन्छाई यसलाई एउटा दिशाबोधको साथ अग्रसर गराउने महान जिम्मेदारी पनि इतिहासले मौसुफ सरकारमै सुम्पेको छ। राष्ट्रिय क्षेत्रमा उपलव्ध सुविधाहरूलाई कम गरेर हेर्ने देशभित्रका केही राजनैतिक अङ्गहरू देशको वस्तुस्थितिदेखि अज्ञात र जनताको विश्वासबाट टाढा छन् भन्ने कुरा दिनदिनैको व्यवहारले देखाउँदैछ। आजको हाम्रो राष्ट्रिय स्वार्थका सबैभन्दा विश्वासी पहरेदारको रूपमा रहेको देशका सजग र जाग्रत बहुसङ्ख्यक मध्यमवर्गको जमात श्री ५ वीरेन्द्रमाथि नै राष्ट्रिय स्वार्थको संरक्षक र उत्थानका एकमात्र नेताको रूपमा हेर्दैछन्।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

नेपालको राजपरम्परामा श्री ५ वीरेन्द्र

● डा. मोहम्मद मोहसिन

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवको जीवनदर्शनबाट प्रत्येक नेपालीले पाएको सत्प्रेरणा सरह नै प्रत्येक नेपालीले मौसुफको सदिच्छा साकार पार्ने महायज्ञमा आफूलाई समर्पित गर्न सकेमा नै राजाको शुभजन्मोत्सव राष्ट्रिय चाडको रूपमा मनाउने गौरवमय परम्परा अझ सार्थक हुन सक्ने कुरामा शङ्का छैन । बाइसे र चौबिसे राज्यमा बिखण्डित अवस्थामा एउटै नेपाल निर्माण गर्ने, प्रजातन्त्रको चरित्र विलुप्त भएको अवस्थामा प्रजातान्त्रिक नेपालको निर्माण गर्ने र स्वयम् प्रजातन्त्र पनि प्रबल राष्ट्रियताको अभावले कुण्ठित भएको वेलामा राष्ट्रिय प्रजातन्त्रको प्रतिनिधित्व हुने दलबिहीन पञ्चायती प्रजातन्त्रको सूत्रपात गर्ने चरित्र र गुण अन्तर्निहित रहेको नेपालको राजपरम्परामा श्री ५ वीरेन्द्रवाट नेपालीलाई विकास र आधुनिकीकरणतिर डोऱ्याउने दूरदर्शी आयाम थपिवक्सेको छ । त्यसबाट हामी मात्र हैनौं, विश्वकै जनता र नेताहरू पनि परिचित र प्रभावित भइरहेको कुरा प्रष्ट छ ।

चेतना र जागरण नै विकासको पूर्वाधार मानिबक्सेर श्री ५ महाराजाधिराज सरकारवाट साक्षरता र शिक्षाको व्यापक प्रसार गर्ने पुनीत उद्देश्य साकार पार्न निःशुल्क प्राथमिक शिक्षाको व्यवस्था गरिवक्सेको थियो भने विकासमा विविध अवस्थामा विद्यमान नेपालको प्रत्येक कुनामा समानुपातिक ढङ्गले विकासको लहर फैलाउन विकास क्षेत्रको परिकल्पना गरिबक्सनुको साथै ती विकास क्षेत्रहरूमा निरन्तर भ्रमण गरिबक्सी विकास र जागरणको प्रेरक ज्योति छरिवक्सेको छ । राष्ट्रियता, राष्ट्रिय एकता र राष्ट्रिय स्वतन्त्रता अक्षुण्ण राखी समस्त नेपालीको, बुद्धि र वर्कत राष्ट्रकै हितको लागि प्रयोग गराउन श्री ५ महाराजाधिराज सरकारबाट नेपालको राजनीतिलाई समेत विकासको लागि समर्पित गराइबक्सेको थियो भने विकास कार्यलाई सुनिश्चित र स्थिर तुल्याउने उद्देश्यले नेपाललाई नै शान्तिक्षेत्र घोषित गर्ने प्रस्ताव पनि विश्वसमक्ष राखिबक्स्यो । सदा लोकसम्मतिलाई सर्वोच्च प्राथमिता दिने नेपालको राजपरम्पराअनुरूप नेपाल र नेपालीको भलाइको लागि प्रतिपादित राजनैतिक व्यवस्था, दलविहीन पञ्चायती व्यवस्थालाई पनि लोकसम्मतिकै मर्यादा र प्रतिष्ठा गर्ने उद्देश्यले श्री ५ बाट राष्ट्रिय जनमत सङ्ग्रह जस्तो प्रजातान्त्रिक कसी जुन रूपले लगाइबक्स्यो, त्यसले गर्दा मौसुफको जनता र जनमतप्रति रहेको अगाध आस्था विश्वव्यापी रूपमा प्रतिबिम्बित हुन पुग्नु स्वाभाविकै हो ।

आन्तरिक नीतिको दृष्टिकोणले राष्ट्रिय प्रजातान्त्रिक प्रक्रियामार्फत मुलुकको शान्ति र सुव्यवस्था कायम गरी राष्ट्रको सर्वाङ्गीण विकास गर्नमा तथा बाह्य नीतिको दृष्टिकोणले विशुद्ध असंलग्न परराष्ट्र नीतिको सञ्चालन गरी आफ्नो मुलुकलाई नै शान्ति क्षेत्रको रूपमा प्रतिस्थापित गरी आफ्नो क्षेत्र एवं विश्वकै शान्ति एवं प्रगतिको लागि श्री ५ बाट बक्सेको सक्रिय, दूरदर्शी एवं बुद्धिमत्तापूर्ण नेतृत्वले गर्दा नै आज विश्वमानचित्रमा नेपालको राजनेतृत्व अतुलनीय रूपमा प्रतिष्ठित हुन पुगेको छ र सँगसँगै एउटा स्वतन्त्र राष्ट्रको रूपमा नेपालको छवि पनि निरन्तर उज्यालो र चहकिलो भइरहेको छ ।

राजाको निरन्तर चासो, चिन्ता र सक्रियतावाट देखा परेका यी सबै सकारात्मक पक्षहरू एक प्रकारले नेपालीले भाग्यले

नै पाएको मान्नुपर्दछ । भाग्यले दिएको कुराको संवर्द्धन र संरक्षण गर्ने कार्य कर्मको हो । राजनेतृत्वअन्तर्गत हामीले नेपाल र नेपालीको रूपमा जे पनि उपलब्ध गरेका छौं, त्यो उपलब्धिलाई एक क्षणको लागि पनि हामीले आफूबाट पृथक् राख्नु हुन्न । राजनैतिक, आर्थिक एवम् अन्य सिद्धान्तको बहानामा राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकतामा नै आँच पुऱ्याउन नहिच्किचाउने प्रवृत्तिहरू झनझन आकर्षक रूपमा देखा पर्न थालेको पृष्ठभूमिमा हामी नेपाली आफूलाई बचाएर विकास र आधुनिकीकरणतिर लाग्न सक्ने सक्षम माध्यम मात्र राजनेतृत्वको छहारी हो र यही छहारी चिरस्थायी हुने वातावरण सुदृढ गर्नु नै आफ्नो परम कर्तव्य हो भनी सोहीअनुरूप आचरण गरेमा मात्रै श्री ५ महाराजाधिराज सरकारको शुभजन्मोत्सव मनाएको अर्थ हुन सक्ने कुरा बिर्सनु हुन्न ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

जागौँ यस देशका युवा

• *बलबहादुर कुँवर*

सपनाका आकाशभन्दा हामी जन्मेको आँगन राम्रो। हाम्रा लागि हामी जन्मेको हुर्केको थलो यो "विश्वभित्रको सानो विश्व" नेपाल नै औधी राम्रो। हावाको झोक्कामा सलबलाउँदै आफैसँग लुकामारी खेलिरहेका यहाँका नागबेली पहाडपर्वतहरू, सङ्गीतमय सुसेली हाल्दै निरन्तर उर्लिरहेका कन्चन झरना, खोला र खहरेहरू अनि यहाँका हराभरा मनोहारी, गलैँचे खेतहरूको हामीलाई चौपट्टै माया छ। हामीले आत्मसात् गरिसकेका छौँ यिनलाई किनभने यो हाम्रो जन्मभुमि हो, यो हाम्रो कर्मभूमि हो।

हामी हाम्रा रगत र पसिनाले सिंची यस देशको उज्ज्वल भविष्य निर्माण गर्न चाहन्छौँ। हामी आफ्ना पौरख, परिश्रम र उत्सर्गले यसलाई समृद्ध र सुन्दरतम बनाउन चाहन्छौँ। हाम्रो देशको स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ता हाम्रो लागि प्राणभन्दा प्यारो छ। त्यसैले यसलाई अक्षुण्ण राख्न हामी ज्यानको बाजी पनि लाउन सक्छौँ किनभने 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी'मा हाम्रो आदर्शको ज्यूँदो स्वरूप खिचिएको छ। यसैमा हामी बाँच्नुको उद्देश्य र अर्थ अन्तर्निहित छ।

जब हामी केही समयको लागि विदेशको भूमिमा हुन्छौँ, त्यहाँ हामीलाई उकुसमुकुस महसुस भइरहेको हुन्छ हर पल। ऐश, आराम, मनोरञ्जन र भोगविलासका कुनै वस्तुले हामीलाई मुग्ध पार्न सक्तैनन्। समयको गतिसँग हाम्रो वेचैनी बढिरहेकै हुन्छ। सपना र विपनाको भूमरीमा हामी आफ्नै अनुभूतिहरूमाथि शङ्का गर्न थाल्दछौँ। कहिले आफ्नो दृष्टिलाई दोष दिन पुग्छौँ भने कहिले आफ्नो श्रव्यशक्तिलाई। तर जब हाम्रा यी पादले हाम्रो देशको धूलो स्पर्श गर्दछन्, हामी एकाएक लामो सपनाबाट बिउँझेको महसुस गर्छौं। रोमाञ्चित भएर आउँछन् हाम्रा अङ्गप्रत्यङ्ग। हो, हामीले बल्ल के थाहा पाउँछौँ भने हामीलाई त हाम्रो जननीको बिछोडले विव्हल पो बनाएको रहेछ।

सुन्न सक्दैनौँ हामी कसैले हाम्रो देशको आलोचना गरेको। हाम्रा कन्सिरीका रौँ ठाडा हुन्छन् जब कसैले हाम्रा अगाडि हाम्रो देश सानो छ भन्ने धृष्टता र दुस्साहस गर्दछ। हामी तत्क्षण मुखभरीकै जवाफ दिन तम्सिन्छौँ महाकवि देवकोटाका यी शब्दमा– "हीरा सानो हुन्छ; मणि सानो हुन्छ; आँखाको नानी सानो हुन्छ; हृदयको केन्द्रविन्दुको झल्का अझ सानो हुन्छ।" हो, त्यस्तै हाम्रो देश सानो छ, तर पनि विशाल छ।

हामी नेपाली प्रकृतिले नै शान्तिप्रिय छौँ। हामी कसैमाथि जाइलाग्दैनौँ, तर आइलाग्नेलाई बाँकी पनि राख्तैनौ। इतिहास साक्षी छ हामी उपर जबजब वाह्य आक्रमण भो, तब तब हामीले ज्यानको बाजी लगाएर हजारौँ लाखौँ सपुतहरूको बलिदान दिएर पनि यस राष्ट्रको स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्तामा कहिल्यै आँच आउन दिएनौँ। हामीले कसैको गुलाम बन्न जानेनौँ, कहिल्यै पराधीन भएनौँ। हाम्रा पूर्वजहरूले देखाएको यो पुरुषार्थ देशभक्तिको एक सबल तथा ज्वलन्त उदाहरण हो।

नतमस्तक हुन्छौँ हामी ती ज्यूँदा वीरहरूप्रति जसले यस राष्ट्रलाई ज्यूँदो राखे। ऋणी छौँ हामी उनीहरूका र ऋणी रहन्छौँ युग युगान्तरसम्म यस राष्ट्रको अस्तित्व रहेसम्म र एकमात्र नेपाली जीवित रहेसम्म। आज हामीले स्वतन्त्र आकाशमुनि स्वच्छन्द

रूपले स्वतन्त्रताको सास फेर्न पाएका छौं, उनीहरूकै पराक्रम र त्यागको फलस्वरूप । हाम्रो स्वतन्त्रताका एकेक सास फेराइमा उनीहरूको बलिदान र त्याग लुकेको छ । सिंचिएको छ हाम्रो देश नेपाल उनीहरूको रगतले । जब हामीलाई स्मरण हुन्छ वीर भक्ति थापाका, वीर अमरसिंहका अनि वीर बलभद्रका गाथाहरूको कताकता कहिलेकाहीँ आत्मग्लानि पनि हुन्छ आफैप्रति । एकाएक हेय भावना उर्लिएर आउँछ साउनको भेल जस्तै । हुन त हामी देशद्रोहीको पङ्क्तिमा पनि पर्दैनौं किनभने हामीलाई हाम्रो देशको चौपट्टै माया छ । हामी आफूलाई भोलिको राम्रो मान्छे बन्ने सजीव बालक सम्झिन पनि पछि परेका छैनौं । शायद हाम्रा आकाङ्क्षालाई हामीले मूर्तरूप दिन नसकेकोमा आफैप्रति हीनताबोध भएको होला ।

हुन त आज यहाँ सही मार्गनिर्देशन, सही शिक्षा नदिई बुद्ध, लेनिन, गान्धी, पृथ्वीनारायण, बलभद्र जन्माउनुको सट्टा नवजात शिशुभरि कुत्सित विचार र घीनलाग्दा व्यवहार भरी व्यभिचारी स्वार्थीहरू निर्माण हुन्छ । यहाँ गर्भदेखि नै समाजका मान्यताहरू तथा देशको सर्वोपरि हितमा कुठाराघात गर्ने कपूतहरू जन्माइन्छन् । एक राष्ट्र-नेता, एक समाजसेवी, एक अर्थशास्त्रीको निर्माण गर्नुको सट्टा यहाँ कालाबजारिया, घुसखोर र समाजका मान्यता तोड्ने उच्छ्रङ्खलहरूको सिर्जना गरिन्छ । फलस्वरूप आज नेपालको आर्थिक, सामाजिक तथा राजनैतिक आदि विविध पक्षहरू जर्जर भइरहेछन् । यहाँको राजनीति कुर्सी ओगट्ने होडबाजीमा सीमित रहेको छ । विकासमूलक राजनीतिको सिर्जना हुनसकेको छैन । सामाजिक पक्षमा हामी हाम्रो संस्कृतिको अवमूल्यन गरी पश्चिमेलीहरूद्वारा परित्यक्त सभ्यता अवलम्बन गर्न गर्व सम्झन्छौं । यी सस्ता नक्कलबाजीले आर्यसभ्यताको गला निमोठ्ने कुचेष्टा गरिरहेको छ । यो एक अर्को दुर्भाग्यपूर्ण कटुसत्य हुन पुगेको छ । आर्थिक पक्षमा हामी बढी परमुखापेक्षी भएका छौं । रातारात मालामाल कसरी हुने भन्ने नै आज बहुसङ्ख्यक व्यक्तिहरूको धुन छ । यस परिप्रेक्ष्यमा देशको वर्तमान अवस्थाउपर दृष्टिगोचर गर्दा एक विदीर्ण चित्र हाम्रो अगाडि देखापर्दछ । के यो स्थिति ल्याउनमा हाम्रै हात छैन र ?

यी उपयुक्त मुटु हल्लाउने वर्तमान र वास्तविकताको बावजुद पनि समाजका हरेक पक्षबाट त्यत्तिकै त्याग, निःस्वार्थ, स्वावलम्बन, अनुशासन तथा परस्परमा सहयोग, सद्भावना र प्रेम जागृत गर्नसकेमा अवश्यमेव राष्ट्रको बहुमुखी उत्थानको आशा राख्न सकिन्छ । अझ मूख्यतया आजका युवा तथा भोलि हुने युवामा नै हामी हाम्रा भोलिका आशाहरू फलिभूत भएको परिकल्पना गर्न सक्छौं । अतः यस जनशक्तिलाई सही शिक्षा, चाहे त्यो घरको चार पर्खालभित्र होस् अथवा शिक्षण संस्थाहरूमा– को अति नै खाँचो छ ।

आजको बदलिंदो र दिन परदिन बिग्रँदो तथा जटिल हुँदै गइरहेको अन्तर्राष्ट्रिय तनावपूर्ण स्थितिमा नेपाललाई बाह्य प्रभावबाट बचाई एक समृद्धशाली, स्वतन्त्र तथा सार्वभौमसत्तासम्पन्न राष्ट्रको रूपमा अक्षुण्ण राख्न सम्पूर्ण नेपालीमा अति प्रबल राष्ट्रिय भावनाको विकास गर्नु आजको परम आवश्यकता हुन गएको छ । हामी जसरी बाह्य सैनिक आक्रमणविरुद्ध लड्न सजग रहिआएका छौं त्यसैगरी आजको विकृत राष्ट्रिय आन्तरिक स्थितिविरुद्ध एक सामाजिक अभियान शुरु गर्नु आजको अपरिहार्यता भइसकेको छ ।

समष्टिमा हाम्रा राष्ट्र नेपाललाई सम्पन्नतातिर डोऱ्याउने अथवा विपन्नतातिर धकेल्ने हाम्रै हातमा छ । अतः हाम्रा राजाको शुभजन्मोत्सवको यस पुनीत घडीमा व्यक्तिगत स्वार्थभन्दा माथि उठी हामी त्याग र मेहनतले हाम्रो देशलाई एक सुसंस्कृत, समृद्ध र शक्तिशाली राष्ट्रमा परिणत गर्ने प्रण गरौं । जागौं ! यस देशका युवा रत्तिभर समय खेर नफाली जागौं ! हामीले यस देशको निम्ति केही गर्नुछ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

नेपाली दलितनिम्ति श्री ५ वीरेन्द्र आशाका केन्द्र

● *टी. आर. विश्वकर्मा*

नेपालको राष्ट्रनिर्माण र प्रजातान्त्रीकरणको अभियानकै एक अङ्गका रूपमा छुवाछूत विरोधी आन्दोलनलाई लिइनु पर्दछ। यसै अभियानको क्रममा छुवाछूत र अन्य सामाजिक रुढीवाद मेटिँदै जाने तथ्य पनि एक हदसम्म सत्य हो।

नेपालको छुवाछूत विरोधी आन्दोलन या नेपालमा छुवाछुत प्रथाको अस्तित्व दुवै यथार्थ हुन्। राणाकालमा झैँ आज पनि अछूतहरूसँग पशुको भन्दा पनि तल्लो स्तरमा व्यवहार गरिएको तथ्य सुदूर पशिचमाञ्चलमा प्रशस्त मात्रामा पाइन्छ। अछूतलाई सिकुवामा समेत बस्न नदिने, अछूतसँग स्कूलमा पढ्दा छुवाछूत भएको भनी आफ्ना केटाकेटीलाई सुनपानी छर्की चोख्याउने चलन पनि छ। यस अवस्थाले नेपालमा छुवाछूतको प्रथा अझै भएको तथ्यलाई पुष्टि गर्दछ। यस प्रथालाई पूर्ण रूपले उन्मूलन गर्न मुलुकी ऐनबाहेक अन्य अभियान र पाइला पनि चाल्न श्री ५ को सरकार अग्रसर हुनुपर्ने हो, तर त्यसो भएको छैन।

मुलुकी ऐन र छुवाछुत

स्वर्गीय श्री ५ महेन्द्रबाट २०२० साल भाद्र १ गते मुलुकी ऐन बक्सेर नेपाली समाजमा समानताको शङ्खघोष गरिबक्सेको हो। तर कानुनको यस घोषणाले मात्र नेपाली समाजबाट छुवाछूत मेटिन सकेन, यो आजकोतथ्य हो। २०२० सालको मुलुकी ऐनले नेपाली मात्रलाई समान मानेको हो तर त्यही अदलको १० नम्बरमा वैयक्तिक स्वतन्त्रताका नाममा छुवाछूतलाई मान्न सकिने किसिमको व्यवस्था भएको र अन्य सामाजिक कुरीति, बालविवाह, बहुविवाहलाई झैँ दण्डनीय करार नगरिनुले पनि यो यथावत् रहेको छ। श्री ५ को सरकार मुलुकी ऐन दिएकै छ भनेर छुवाछूतबारे मौन छ भने दलितहरू मुलुकी ऐनले दिएको अधिकार उपयोग गर्न नसकी र नपाई पशुको भन्दा पनि तल्लो स्तरको जीवन बिताउन पनि ठाउँठाउँमा बाध्य छन्।

छुवाछूत उन्मूलन हुँदैन त ?

छुवाछूत उन्मूलन हुन सक्दैन त ? अवश्य सक्तछ। सामन्तवाद र पूँजीवादको देन छुवाछूत हो भनेर समाजशास्त्रीहरूले भनेका छन्, जुन सही पनि हो। सामाजिक असमानता र आर्थिक विषमतामा यस्ता सामाजिक कलङ्क कायम रहन्छन्। यसैले सामाजिक असमानता र आर्थिक विषमता विरुद्धको अभियान या आन्दोलनको नै एक अङ्ग नेपालका दलित आन्दोलन हो। मुलुकी ऐन लागू भएपछि त्यसको स्वागत गर्दै नेपालको दलित परिगणित जातिसमूहको एकमात्र सङ्गठन नेपाल राष्ट्रिय दलित जन विकास परिषद्ले मुलुकी ऐनको प्रचार गर्न टोलीहरूको गठन र देशव्यापी अभियान चलाउन माग गरेको हो तर त्यो सुनिएन। भएन। यसरी नै सबै संवैधानिक अङ्गमा प्रतिनिधित्व तथा शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रमा विशेष अवसर र सुविधाको माग दलित वर्गको रहेको छ। त्यसमा पनि ध्यान दिइएन। आज आएर दलित वर्गको अवस्थामा परिवर्तन भएन। छुवाछूत झण्डै ज्यूँका त्यूँ अवस्थामै रह्यो। तर माथिका माग पूरा हुने हो, जनमत सङ्ग्रहको बेला दलित वर्गलाई दिइएको आश्वासन पूरा हुने हो, मुलुकी

ऐनको कडाइका साथ कार्यान्वयन हुने हो र छुवाछूतलाई दण्डनीय करार गरिने हो भने छुवाछूत धेरै हदसम्म मेटिने कुरामा कुनै शङ्का छैन ।

समाज सुधार अभियान र छुवाछूत

अहिले यहाँ सामाजिक सुधार (व्यवहार) अभियान प्रारम्भ गरिएको छ । २०३३ सालमा लागु भएको समाज सुधार (व्यवहार) ऐनलाई सक्रिय पारी यो अभियान थालिँदा यसको स्वागत भएको छ । अनावश्यक तडकभडक, बढी खर्च, नचाहिँदा व्यवहार या आडम्बर सामाजिक कुरीति हुन् र यी कुरीति विरुद्धको हालको अभियान अघि बढाएर श्री ५ को सरकारले स्वागतयोग्य काम गरेको छ। तर सामाजिक कुरीतिका कुरा गर्दा समाजको र राष्ट्रको कलङ्कका रूपमा रहेको छुवाछूतको पहिलो स्थानमा आउँछ । यस अवस्थामा छुवाछूत विरुद्धको पनि अभियान चलाउने र समाज सुधार अभियानमै किन नगाँस्ने ? यस सम्बन्धी माँग पनि हामीले गरेका छौं । तर यसको पनि सुनवाइ भएको छैन । यस स्थितिमा दलितले सङ्गठित भई एक बन्नु पहिलो आवश्यकता भएको छ ।

श्री ५ वीरेन्द्र आशाको केन्द्र

यस्तो स्थितिमा नेपालका दलित वर्गका निम्ति आशाको केन्द्र श्री ५ महाराजाधिराज सरकार मात्र रहिबक्सेको छ । श्री ५ का दृष्टिमा नेपालीमात्र समान छन् र सबै वर्ग र स्तरका नेपालीको उत्थानमा मौसूफको अभिरुचि रहेको छ । अतः श्री ५ महाराजाधिराज सरकारको विवेकशील एवं सुयोग्य शासनअन्तर्गत छुवाछूत प्रथाको अन्त्य भई नेपालका दलित वर्गको उत्थान हुने विश्वास लिइएको छ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

आजको सामयिक सन्दर्भ : शान्ति प्रस्ताव

● प्रह्लाद प्रसाई

विशाल नेपालको एकीकरण गर्दै यो देशलाई 'दुई ढुङ्गाबीचको तरुल जस्तो' संज्ञा दिने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह यस देशको भौगोलिक अवस्थाको सही विश्लेषक र परराष्ट्रनीतिको स्रष्टा होइबक्सन्थ्यो । उत्तर र दक्षिणतर्फ राखिनुपर्ने सन्तुलित सम्वन्धबारेको 'दिव्योपदेश' नै वास्तवमा हाम्रो भूराजनैतिक, सामयिक र शाश्वत चित्र थियो । जब यी दिव्योपदेशहरूको पालनामा शिथिलता आयो, नेपालले निकै ठूलो क्षति बेहोर्नुपऱ्यो । यसको साक्षी इतिहास छ । नेपाल-अङ्ग्रेज युद्ध र नेपाल-चीन युद्धका परिणामहरू हाम्रा निम्ति प्रतिकूल रहेका तथ्यहरू मनन गर्दा मूर्त या अमूर्त रूपमा पनि 'असंलग्नता' नै हाम्रो एकमात्र विकल्प देखिन आएको तथ्य स्पष्ट छ ।

२००७ को क्रान्तिपछिको वैदेशिक सबन्धलाई फड्का मारेर अघि बढ्दा हामी बाँड्डुंङ् र बेलग्रेडमा पुग्छौं । शान्तिपूर्ण सहअस्तित्व र असंलग्नतालाई अँगालेको नेपालले अब आफ्नो सही बाटो पुनः पहिल्याउन सेकेको महसुस हुन्छ ।

दोस्रो विश्वयुद्धको व्यापक साधन, धन र जनको संहारपछिको विकल्प असंलग्नता थियो । हुनत शक्ति राष्ट्रहरूको गुट सृजना नभएको होइन तर एशियाई, अफ्रिकी र ल्याटिन अमेरिकी विकासोन्मुख मुलुकहरूको आस्था असंलग्नता र संयुक्त राष्ट्रसंघको बडापत्रमा केन्द्रित हुन गयो । सातौं शिखर सम्मेलन (दिल्ली १९८३) मा आएर २५ संस्थापक सदस्य भएको असंलग्न आन्दोलन, १०१ राष्ट्रहरूको बृहद् परिवार बन्न पुग्नु यो सिद्धान्तको बढ्दो लोकप्रियता भन्नु उपयुक्त नै ठहर्ने छ ।

तर यसैबीचमा कताकता उकुसमुकुस र शीतयुद्धको चीसोपनले यस आन्दोलनलाई पुनः उद्वेलित गर्ने सचेतकको खाँचो महसुस गर्न थालिएको थियो । सन् १९७० को दशकका अघि र पछिका घटनाहरूले तीव्रतर रूपमा असंलग्न आन्दोलनमा पुनः प्राणसञ्चार खोजेको छ भन्न हिच्किचाउनु पर्दैन । यसै पृष्ठभूमिमा असंलग्नताका सिद्धान्तहरूको कदर गर्दै विश्व शान्तिको निम्ति सामयिक आयामकाँ रूपमा आयो 'शान्तिक्षेत्र' प्रस्ताव ।

श्री ५ महाराजाधिराज सरकारबाट २०३१ साल फागुन १३ गते विश्वसमक्ष नेपाललाई 'शान्तिक्षेत्र' घोषित गरियोस् भनी प्रस्ताव गरिबक्सेको हो । त्यसपछिका घटनाहरूले पनि यसको सार्थकतालाई अझ उजिल्याउन मद्दत गरेका छन् । शीतयुद्धको तीव्र लहरमा असंलग्न आन्दोलन र शान्ति अभियानले त्राण पाएको महसुस हुन्छ– यो प्रस्तावको आगमन भएर ।

यस प्रस्तावका अघि र पछि गरी क्षेत्रीय स्तरमा यस्तै प्रस्तावहरू अरू पनि देखा परे तर एउटा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रलाई शान्तिक्षेत्र घोषित गरी त्यहाँबाट नै शान्तिको अभियान क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा लैजाने कार्यक्रमसहितको उद्देश्य लिएर देखा परेको यो आफ्नै किसिमको पहिलो प्रस्ताव हो । यो चाहनामा समस्त नेपालीको आकाङ्क्षा प्रतिबिम्बित भएको देखिन्छ । शान्तिको कामना इतिहासका साक्षी बनेका शुभ्र हिमालयहरूको चाहना हो, डेढ करोड मस्तिष्कहरूको धूपी र सल्लाका स्वस्थ हावामुनि बाँच्न चाहने भावना हो र 'बाँच र

बाँच्न देउ'को सिद्धान्तमा आधारित सङ्लो वातावरण युद्ध र हिंसाको गन्धले धमिलिन नपाओस् भन्ने भावना हो ।

विश्वका विभिन्न भेगका शान्तिप्रिय मुलुकहरूको बढ्दा समर्थनले यस प्रस्तावको सार्थकता र महत्वलाई स्पष्ट गरेको छ । हालसम्म ३८ मित्रराष्ट्रहरूले यस प्रस्तावलाई समर्थन गरिसकेका छन् । शान्तिक्षेत्रको प्रस्तावको स्रष्टा र द्रष्टा श्री ५ महाराजाधिराज सरकारबाट शान्तिको आवश्यकताबारे हुकुम हुन्छ– "देशको स्थिरताको निम्ति मात्र होइन, सामाजिक र आर्थिक विकासको लागि समेत नेपालमा हामीलाई शान्ति चाहिएको छ ।"

अरू देशको दाँजोमा पुग्न कटिबद्ध नेपालको निम्ति राष्ट्रिय एकता, अखण्डता र स्थिरता ज्यादै महत्वपूर्ण हुन आउँछन् । हाम्रो सीमित आर्थिक स्रोतलाई दुरूपयोग हुन नदिन र आन्तरिक र बाह्य गडबडीको समस्या समाधान गर्न उपयोग गर्नुपर्ने साधनलाई विकासमा लगाउन शान्ति क्षेत्रभन्दा अर्को उपयुक्त विकल्प हुन सक्तैन । त्यसैले शान्ति क्षेत्र प्रस्ताव विकासको गति तीव्रतर रूपमा बढाउन आवश्यक पूर्वाधार हो ।

नेपाल संयुक्त राष्ट्रसङ्घलाई सानाराष्ट्रहरूको संरक्षकको रूपमा ठान्दछ । शान्तिक्षेत्रको प्रस्ताव संयुक्त राष्ट्रसङ्घको बडापत्र अनुकूल छ र यसले बडापत्रको आदर गर्दै राष्ट्रसङ्घलाई अझ जीवन्त र सक्रिय गराउन मद्दत पुऱ्याउने छ । एक क्षेत्रमा शान्ति स्थापना गरी क्रमशः त्यसलाई अन्य भागमा फैलाउँदै जाने हाम्रो लक्ष्यले अन्ततोगत्वा विश्वशान्तिलाई नै योगदान पुऱ्याउन यस प्रस्तावलाई अभीष्ट मानेको छ ।

नौ वर्षको उमेर पुग्न लागेको यो प्रस्तावले अहिलेतक प्राप्त गरेको विश्व समर्थन ज्यादै उत्साहप्रद छ । राष्ट्रको इतिहासमा ९ वर्ष लामो समय होइन । विश्वका सबै राष्ट्रहरू विशेषतः छिमेकी राष्ट्रहरूको सद्भावना जित्न प्रयत्नशील शान्तिक्षेत्रको प्रस्तावले छिटै नै मित्रराष्ट्र भारतलगायत अन्य मुलुकहरूबाट समर्थन प्राप्त गर्नेछ भन्ने विश्वास लिनु ज्यादै सामयिक हुनेछ । प्रस्ताव कसैतर्फ लक्षित छैन न त यसले कसैलाई हानि नै गर्छ । बरु क्षेत्रीय वा विश्वशान्तिका कुनै पनि प्रयासलाई यो एउटा योगदान नै साबित हुनेछ । श्री ५ महाराजाधिराजबाट समयसमयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बोधन बक्स हुँदा यसको औचित्यवारे स्पष्ट गरिबक्सेको र यस प्रस्तावका व्याख्याहरूसमेत स्पष्ट भइसकेकोले कसैले पनि अनावश्यक विवादहरू उठाउनु बुद्धिमानी ठहर्दैन । यसका व्याख्याहरूमा यो आफै स्पष्ट र निर्मल छ । श्री ५ महाराजाधिराज एवं श्री ५ बडामहारानी सरकारहरूको हालको संयुक्त राज्य अमेरिकाको राजकीय भ्रमणका अवसरमा संयुक्त राज्य अमेरिकाले यस प्रस्तावप्रति देखाएको हार्दिक समर्थन र अनुमोदनले प्रस्तावको सामयिक महत्व बढ्नुको साथै नेपाल-अमेरिकी मित्रता अझ गहिरिएको महसुस गरिएको छ ।

शान्ति विवादरहित विषय हो । कसैले शान्तिको कुरा गर्दा 'शान्ति किन ?' भन्ने प्रश्न नै रहँदैन भन्ने मेरो धारणा छ । शान्तिको अर्थ 'जीवन' हो भन्दा अत्युक्ति नहोला । जीवनको आवश्यकतामा तर्क नै हुँदैन, प्रश्न नै उठ्दैन, त्यस्तै शान्तिको आवश्यकतामा पनि । शान्तिको खोजीमा भ्रम नभएकोले कसैलाई भ्रम नहुनुपर्ने विश्वास लिनुपर्ने नै हुन्छ । आजको परिप्रेक्ष्यमा मात्र नभएर आउने दिनहरूमा समेत, चाहे त्यो दक्षिण एशियाली क्षेत्र होस्, चाहे हिन्द महासागरीय क्षेत्र होस्, चाहे दक्षिण पूर्वी एशिया होस् वा युरोप वा अफ्रिका होस्, सबैतिर शान्ति अपरिहार्य छ । यस सन्दर्भमा नेपालको शान्तिक्षेत्र प्रस्ताव विश्व शान्ति आन्दोलन र असंलग्न अभियानमा सामयिक आयामको रूपमा महत्वपूर्ण स्तम्भ हुनु हाम्रो निम्ति गौरवको विषय र भावी पुस्ताको निम्ति उज्यालो सङ्केत हो ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

नेपाली संस्कृतिमा राजाको अक्षुण्णता

• सुवर्ण शाक्य

नेपाल राजाद्वारा रक्षित एउटा सांस्कृतिक देश हो। नेपालको इतिहास जुन वेलादेखि स्पष्ट भएको छ, राजाको स्नेहले प्रजाको संरक्षण र सम्वर्धन भइआएको निर्विवाद छ। राजाको सृष्टिबारेमा मनुले भनेका कुरा नेपालीहरू व्यवहारतः सत्य मान्दछन्। मनुस्मृतिको सप्तम अध्याय, राजधर्म निरूपणको चौथो र सातौं श्लोकमा भनिएको छ– राजाको सृष्टिका निमित्त इन्द्र, वायु, यम, सूर्य, अग्नि र चन्द्रमा देवताहरूका अविनाशी अंशहरू झिकिएका छन् अर्थात् यी देवताहरूका अंश रहेका हुन्छन्। राजा आफ्नो प्रभावले गर्दा मौकाअनुसार अग्नि, वायु, सूर्य,चन्द्र, यम, कुवेर, वरुण र इन्द्रको स्वरूप धारण गर्दछन्।

आजको भौतिकवादी दुनियाँमा राजालाई देवताहरूको अंश भनी मान्दा चकित हुने धेरै हुन्छन् तर देवता शक्तिको प्रतीक हो भनी नसोचेमा नै यस्तो भ्रम पर्न जाने हुन्छन्। नेपालमा राजालाई दण्डको भयले मात्र मानिइरहेको छैन न त केही पाउने आशाले नै मानिइराखेको छ किन्तु श्रद्धा, भक्ति र परम विश्वासले आत्मसात् गरी मानिइआएको छ। संसारमा सबैभन्तदा प्राप्त गर्न गाह्रो कुरा एउटै छ, त्यो हो विश्वास। नेपाली राजाले नेपाली प्रजाको विश्वास पाएको छ। प्रजाहरूलाई रमाउन सक्नेलाई नै राजा भनिन्छ भनी राजाशब्दको व्युत्पत्ति गरी अर्थ लगाइएको छ। यो अर्थ नेपाली जनतामा सत्यतः घटेको छ।

नेपालमा प्रजातन्त्र वि.सं. २००७ सालमा प्रवेश गरेको भन्ने कुरा आधुनिक नेपालको कुरा मात्र हो। नेपालमा राज्यव्यवस्था शुरु भएदेखि सदा प्रजातन्त्र थियो। प्रजाको दुःखमा दुःख र सुखमा सुख मानी प्रजाहितको लागि तन, मन, धन अर्पी शासनभार ग्रहण गरिआएका राजाहरूको क्रम अक्षुण्ण भई नेपाली जनजीवनमा समयानुसार सुख समृद्धि बढ्दै आएको कुरा इतिहासको पानाले बताउँदै आएको छ। २००७ सालमा भएको प्रजातन्त्र राजाकै अदम्य साहस र प्रजावात्सल्यको फलस्वरूप भएको जहानियाँ शासनको अन्त्य मात्र हो। राजाको विरुद्ध जनता उठी प्रजाले अधिकार पाएको प्रजातन्त्र यो होइन। यो त राजा र प्रजाको सुमधुर सम्बन्ध हो। श्रद्धा र स्नेहको उदाहरण हो।

शान्तिकामी धर्मप्राण नेपालीहरू मानवता नै धर्म मान्दछन्। धर्म, अर्थ, काम, मोक्ष नै उनीहरू जीवनको सार सम्झन्छन्। जीवनका अभिन्न अङ्ग साहित्य, सङ्गीत र कलामा नेपालीहरूले चुर्लुम्म डुबेर आफ्नो जीवनरथ समाज व्यवहारमा गुडाइआएका छन्। स्त्री र पुरुष समाजका दुई अङ्ग मानिन्छ भने राजा र प्रजा राष्ट्रका दुई अङ्ग हुन् भन्नेमा नेपालीहरूको एक मत छ।

नेपाली परम्परामा राजा र प्रजाका बीच रहेको सम्बन्ध यसको सांस्कृतिक परम्पराले स्पष्ट पारिदिन्छ। देवदेवीको शक्तिसँग राजाको तुलना गरी भद्रकाली र पचली भैरवी गणसहितको नृत्ययात्रामा राजाले देवदेवीसँग आफ्नो खड्ग साटेर प्रजा संरक्षण गर्ने शक्ति र जिम्मेदारी ग्रहण गर्ने परम्परा अद्यापि छँदैछ। महायानी नेपाली बौद्ध परम्परा अनुसार मनाइने 'सम्यक् दान' कार्यक्रममा अधिराज्यभरका देवीदेवतासहित हजारौंको संख्यालाई दिइने सम्यक्-दान कार्यक्रममा देवतासरह राजाको अग्रगण्य स्थान रहेको छ।

राजाविना त्यो दान अपूर्ण नै बन्छ। पदार्ध्यसमेत गरेर राजाको सम्यक- पूजा हुन्छ।मलाई मान, मलाई पूजा गर भनी नेपाली राजाले भनेको आजसम्मको नेपाली इतिहासमा छैन। बरु छ, राजाविना नेपाल रहँदैन, नेपालको र नेपालीको अस्तित्व रहँदैन भन्ने अटल विश्वास। जस्तो राष्ट्रिय झण्डा, उस्तै राजा नेपालीको लागि। चूडाकर्म गर्दासम्म पनि पान सुपारी चढाई राजदरबारसम्म गई अभिषेक लिने नेपालीहरूको परम्परा छ। श्राद्ध गर्दापर्यन्त स्वर्गीय राजाहरूको नाम लिई श्राद्ध गर्ने परम्परा पनि नेपालीमा अद्यापि छँदैछ। मानवदेवीको रूपमा नेपाली प्रजापुत्रीलाई कुमारीको रूपमा श्रद्धा राखी राजाले प्रजासँग स्थापना गरेको सम्बन्ध कुनै पनि देशमा नपाइने उदाहरण नेपालमा ज्वलन्त रूपमा रहेको छ। इन्द्रजात्रा आदि समारोहमा जनताको अगाडि गद्दीमा बसेर एकताको प्रतीक सबैको सामू घुलमिल भएर जिम्मेदारी प्रदर्शन गर्ने परम्परा ज्यादै विचारणीय सम्बन्धको कुरा हो। घोडेजात्रा होस्, बडादशैंको फूलपाती होस्, शिवरात्रीको बढाई होस् वा वसन्तपञ्चमीको वसन्तश्रावण नै किन नहोस् निजामती र जङ्गी देशसेवकहरूका साथ घुलमिल भई समारोहमा भाग लिने कुरा आजको मात्र गौरवको कुरो होइन, यो उहिलेदेखि प्रजाहरूसँग देखाइने अक्षुण्ण सांस्कृतिक कुरा हुन आएको छ।

हाम्रा धर्मशास्त्रहरूमा प्रजाले कमाएको अन्न, धन, द्रव्य सम्पत्तिको छैटौं भाग राजाको हुन्छ भनिए झैं नेपाली प्रजाहरू आफ्नो सर्वस्व नै राजाकै ठान्दछन्। प्रजाको राजासँग कुनै कुराको विरोध रहँदैन। यो नेपालीको मूर्खता वा अन्धभक्ति कदापि होइन। यो त राजाद्वारा प्रजाप्रति देखाएको स्नेह सद्भावनाको बदलामा दिएको कृतज्ञता हो। राजा यथार्थ रूपमा बाबु, आमा र गुरुको रूपमा छ भने प्रजा वास्तविक रूपमा सन्तानको रूपमा रहेको कुरा नेपाली जनधारणा रहेको छ।

संसारमा विभिन्न किसिमको राज्यव्यवस्था छन्। त्यसमध्ये नेपालमा पनि आफ्नै व्यवस्था छ। नेपालमा प्रजापालनको लागि विभिन्न व्यवस्था अपनाइ सकिएका छन्। यसोभन्दा आजका विभिन्न वाद हुन् कि भन्ने हामीलाई लाग्न सक्दछ तर त्यसो होइन। राज्यशासनको पद्धति मात्र फरक भएको हो। वास्तवमा राज्यव्यवस्था वा राजाको छत्रछायामा चल्ने व्यवस्था नै आजसम्म नेपालमा चल्दै आएको छ। यो परम्परा नेपालको साँस्कृतिक परम्परा हो। आज हाम्रो सामू साहसिला राजा श्री ५ वीरेद्र वीरविक्रम शाहदेव होइबक्सिन्छ। मौसुफको राजसी जीवन र कार्यपद्धति नै हाम्रो राजपरम्परालाई अक्षुण्ण राख्ने व्यवहार हो भनी हामी प्रत्यक्ष रूपमा उदाहरण प्रस्तुत गर्न सक्छौं। एउटा एउटा विषयमा कोटचाउनुभन्दा सर्वाङ्गीण विकासको क्रममा नेपाल र नेपालीप्रतिको जिम्मेदारी श्री ५ वीरेन्द्रबाट लिइबक्सेको हामीले आफ्नै आँखाले देखिराखेका छौं। आफ्नो देशको हावा, पानी र माटोअनुरूप प्रजाका लागि आफूलाई अर्पण गरिबक्सेको कुरामा श्री ५ वीरेन्द्रलाई नेपाली साँस्कृतिक परम्पराका महान् संरक्षक एवं सांस्कृतिक प्रतिनिधिको रूपमा प्रत्यक्ष देखिराखेका छौं।

नेपाली राजाहरूले आफ्नो राष्ट्र र राष्ट्रियता लागि योगदान र बलिदान दिँदै आएको कुराले नेपाली जनता ज्यादै भाग्यमानी रूपमा नेपालको फूलबारीमा रमाउन पाइराखेको साँच्चै नै सांसारिक सौभाग्यको कुरा हो। आजको नेपालका राजाको भावनाले, नेपालीले आफ्नो साँस्कृतिक अक्षुण्णतालाई सदासर्वदा कायम रहने कुरामा दृढ विश्वास एवं पूर्ण आशा लिन सक्नेमा कुनै शङ्का छैन। यस परम्पराले नै नेपालीलाई भाग्यमानी बनाएको छ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

श्री ५ वीरेन्द्र र नेपाली वाङ्मय

● *डा. दयाराम श्रेष्ठ*

नेपाली वाङ्मयको विकास तथा सम्बर्द्धनमा शाहवंशीय राजाहरूको विशेष योगदान रहँदै आएको छ। श्री ५ वीरेन्द्र विकासप्रेमी राजा तथा कलाकार होइबक्सेको हुनाले मौसुफबाट नेपाली वाङ्मयले विशेष स्नेह पाएको छ। विकास सम्बन्धी मौसुफको धारणा व्यापक छ। मौसुफवाट हुकुम भएको छ– “मानिसको आर्थिक वा भौतिक विकास नैतिक, बौद्धिक वा आध्यात्मिक विकासविना सम्भव हुँदैन” (२०३७ चैत्र ३०)। यसबाट मौसुफ आन्तरिक विकासमा जोड दिइबक्सन्छ भन्ने कुरो स्पष्ट हुन्छ। यस सम्बन्धमा मौसुफबाट हुकुम भएकै पनि छ– “वास्तवमा विकास भन्नु नै मानिसको नैतिक तथा चारित्रिक उत्थान हो” (२०३० भदौ ५)। अब के कुरो स्पष्ट हुन्छ भने मानिसको नैतिक तथा चारित्रिक उत्थानका निम्ति वाङ्मयको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ। वाङ्मयमा मानिसका ज्ञान तथा भावना, समय र युगका सत्यहरू व्यक्त हुने भएको हुँदा यो मानवोपयोगी हुन्छ। यस परिप्रेक्षबाट हेर्दा मौसुफ स्वयम् कला-सर्जक हुनाको नाताले हार्दिक भावनाका धनी होइबक्सेको हुनाले मौसुफबाट नेपाली वाङ्मयलाई ममता प्रदान गरिबक्सेको मात्र होइन, दिशा-निर्देशसमेत दिइबक्सेको छ। यस संक्षिप्त लेखमा यिनै तथ्यहरूको चर्चा बुँदागत रूपमा गरिएको छ।

१. नेपाली वाङ्मयको सम्वर्द्धन तथा समृद्धिका निम्ति श्री ५ वीरेन्द्रबाट “नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान अध्यादेश २०३०” जारी गरिबक्स्यो। त्यस अध्यादेशमा नेपाली भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानसम्बन्धी विषयको अध्ययन तथा अनुसन्धान, तद्विषयक गोष्ठी, सम्मेलन आदिको आयोजना, तद्विषयमा योगदान दिने विद्वान् एवं कलाकारको सम्मान गर्ने तथा अन्य महत्वपूर्ण कुराहरूको उल्लेख छ जुन नेपाली वाङ्मयका विकासहेतु ज्यादै महत्वपूर्ण छ।

२. श्री ५ वीरेन्द्रबाट नेपाली वाङ्मयका विभिन्न ग्रन्थ तथा पत्रपत्रिकाहरूलाई शुभकामना सन्देश बक्स भएबाट नेपाली वाङ्मयले मौसुफबाट पाएको स्नेह तथा ममता अविस्मरणीय हुन आएको छ। ग्रन्थहरूमा “महेन्द्र स्मृति ग्रन्थ”, “मेचीदेखि महाकाली”, “नेपालका चराहरू”, “नेपाली शब्द-परिचय”, “बुद्धकालीन ब्राह्मण” र “मोती स्मृति ग्रन्थ” तथा पत्रपत्रिकाहरूमा क्रमशः “हेमवती” र “लुम्बिनी”लाई मौसुफबाट बक्स भएका शुभकामना सन्देशहरू प्रेरणादायी तथा सारगर्भित छन्।

३. श्री ५ वीरेन्द्रबाट नेपाली भाषा-साहित्यसम्बन्धी शाश्वत मूल्यका उद्गारहरू व्यक्त गरिबक्सेको छ। भानुजयन्तीका अवसरमा मौसुफबाट बक्सेको सन्देशमा “कुनै पनि देशको राष्ट्रियताको विकासमा त्यस देशको भाषा र साहित्यले ठूलो बल पुऱ्याएको हुन्छ” (२०३३ असार २९) भन्ने कुराको उल्लेख छ। “नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित बृहत् साहित्य भेलामा मौसुफबाट बक्सेको उद्घाटन-भाषण विशेष महत्वको छ, किनभने मौसुफबाट हुकुम भएको छ–

– “साहित्य र विज्ञान दुवैलाई जोड्न सकेमात्र सिर्जना प्रस्फुरणले ठोस रूप लिन सक्छ।”

- "उत्कृष्ठ साहित्य जहिले पनि सक्कली हुन्छ। यस्तो सक्कली साहित्य जनताको मुटुको स्पन्दनबाट निक्लेको हुन्छ। यस्तो साहित्यमा माटोको बास आएको हुन्छ, ढुङ्गा पनि बोलेको हुन्छ, पहाड रसाएको हुन्छ र प्रत्येक व्यक्तिले आफूलाई पूर्ण रूपमा पोखेको हुन्छ" (२०४० असार ९)।

मौसुफबाट "रूपरेखा" पत्रिकाका सम्पादकलाई बकसेको अन्तर्वार्तामा पनि सारभूत कुराहरू हुकुम भएको छ–

- "साहित्यक कृतिमा जनताको मन र जनताको भावना लिने प्रयास हुनै पर्छ।"
- "राष्ट्रको भौतिक विकासमा साहित्य र संस्कृतिको आधारभूत भूमिका रहन्छ भन्ने कुरा मलाई ठिक लाग्छ। विकास भनेको भौतिक विकास मात्र होइन, यो एक मानसिक, नैतिक, आध्यात्मिक लगायत सम्पूर्ण मानवीय विकास हो। साहित्यले मानव जातिको सम्पूर्ण वैचारिक पक्षलाई समेट्ने भएकोले यसको विकासविना भौतिक विकास दिगो रहन गाहारै पर्छ" (२०३४ पौष)।

४. श्री ५ वीरेन्द्रबाट नेपाली वाङ्मयका साधकहरूलाई उचित सम्मान प्रदान गरिबक्सेको छ। मौसुफबाट हुकुम भएको छ–

"आदिकवि भानुभक्त हामी नेपाली मात्रको निम्ति एक अमूल्य राष्ट्रिय निधि हुन गएका छन्" (२०३३ असार २९)। मौसुफबाट भानुभक्तलाई "नेपाली भाषाका वाणीपुत्र" हुकुम भएको छ। मौसुफबाट नाटककार बालकृष्ण समलाई "नेपाली साहित्यका एक उज्ज्वल नक्षत्र" हुकुम भएको छ। समको दुःखद् निधनमा मौसुफबाट पठाइबक्सेको सन्देशमा "आफ्नो युगको प्रतिनिधित्व गर्ने बालकृष्ण सम एकबहुमुखी प्रतिभा थिए" (२०३८ साउन ६) भन्ने कुराको उल्लेख छ। यसरी नै मौसुफबाट मोतीराम भट्टलाई "छोटो आयुमा धेरै योगदान दिने भाषासेवी" हुकुम भएको छ।

माथि उल्लिखित केही आधारभूत तथ्यहरूको निश्कर्ष के हो भने श्री ५ वीरेन्द्रबाट देशमा विकास कार्यको सञ्चालनका लागि भाषा-साहित्यको विकासमा पनि जोड दिइबक्सेको छ। मौसुफ नेपाली वाङ्मयप्रति स्नेहशील होइबक्सन्छ। नेपाली वाङ्मयका साधकहरू वाङ्मयको सम्वर्द्धन र विकासका लागि उचित वातावरण पाइरहेका छन्। मौसुफबाट प्रेरणा पाई ती साधकहरू निरन्तर साधनामा लाग्न अभिप्रेरित भई नै रहेका छन्। नेपाली वाङ्मयको यो अझ उज्ज्वल भविष्यको द्योतक हो।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

प्रजातन्त्रका तीन राजा

● **खड्गमान मल्ल**

श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव पाँच वर्षको उमेरमा नेपालका राजा होइबक्स्यो । नारायणहिटी दरबार राणा प्रधानमन्त्रीका छोरा र तिनकै विश्वासपात्रहरूद्वारा सुरक्षित थियो । श्री ५ लाई ऐश आराम, भोग-विलासका सबै सामान सुलभ थिए । तर प्रजातन्त्र ल्याई प्रजागणको सुखसमृद्धिको सदिच्छा गरिबक्सने राजाको ऐश आराममा मन थिएन । सुनिन्छ, त्यस धुनले गर्दा जीवनमा जस्तोसुकै परिआउँदा पनि बेहोर्न सक्ने गरी दरबारभित्र समेत आफ्ना धेरैजसो काम आफै गरिबक्सन मौसुफ बानी लगाउने पक्षमा होइबक्सिन्थ्यो ।

श्री ५ त्रिभुवनको समयमा नेपाली प्रजाले राजा र प्रजाको बीच रहेको पारिवारिक शासनलाई समाप्त गरी प्रजातन्त्र स्थापित गर्ने प्रयास २००७ सालअघि पनि नगरेको होइनन् । तर जनक्रान्तिमा अविभक्त शक्तिका लागि एउटा योग्य नेतृत्वको अभाव थियो, यसको पूर्ति स्वयं श्री ५ त्रिभुवनबाट गरिबक्स्यो । तत्कालीन भारतीय राजदूतसित आफ्नो लक्षबारे सबै कुरा गरी मिलाई मौसुफ २००७ कार्तिक २१ गते काठमाडौंस्थित भारतीय राजदूतावासमा प्रवेश गरी पाँच दिनपछि भाइटीकाको शुभमुहूर्तमा सपरिवार दिल्ली सवारी भयो ।

राजनीतिज्ञ श्री जवाहरलाल नेहरूले मार्ग १८ गते श्री रवर्टस र श्री इस्टर डेनिङलाई नेपाली जनताको स्थिति बुझ्न काठमाडौं पठाएका थिए । विशाल जुलुसको जनसमूह एक गठ भएर देश र नरेशको निमित्त मरिमेट्न तयार भएको थियो । जनतामा पूर्ण जागृति देखेर ती फर्के । २००७ साल फागुन ४ गते श्री ५ त्रिभुवन नेपाल फिर्ती सवारी भई ७ गते नेपालमा प्रजातन्त्र घोषित गरी संयुक्त मन्त्रिमण्डलस्थापित गरिबक्सियो । नेपालमा राजा र प्रजाको यो संयुक्त सफल प्रयास विश्वमा अभूतपूर्व एवं अनुपम घटना थियो ।

श्री ५ त्रिभुवन नेपालमा प्रजातन्त्र ल्याउने आफ्नो सत्सङ्कल्प पूरा गरी ४ वर्षपछि २०११ फागुन ३० गते स्वर्गे होइबक्स्यो । मौसुफलाई कृतज्ञ नेपालीले युगयुगान्तरसम्म सम्झिरहने छन् ।

श्री ५ युवराजाधिराज महेन्द्रबाट श्री ५ त्रिभुवनलाई भरपर्दो दरिलो सहयोग पुऱ्याइबक्सेकोले नै २०११ आश्विन १६ गते राष्ट्रको नाममा सन्देश बक्सँदा श्री ५ त्रिभुवनबाट हुकुम भएको थियो, “मलाई विश्वास छ, उनको नेतृत्वमा गठित यो राजकीय परिषद्ले झन् दृढताका साथ देशको उपस्थित समस्याको समाधान गर्नेछ ।” छोरामाथि बुबाज्यूको यस विश्वासको प्रमाण भारतबाट प्रकाशित स्टेट्स्म्यानले अङ्कित गरेको थियो– “श्री ५ महाराजाधिराजको अनुपस्थितिमा कार्यभार श्री ५ युवराजाधिराजबाट सम्हालिबक्सेको छ । मौसुफमा उत्तम प्रयासको फलस्वरूप नेपाल अधिराज्यको प्रशासनमा सुदृढता आएको छ ।

यसरी शासनको अभिभारा युवराजाधिराज होइबक्सँदै सुचारु रूपले चलाइसकिबक्सेकाले सिंहासनारुयढ भइबक्सेपछि श्री ५ महेन्द्रलाई देशको अवस्था बुझ्न अलमलिइरहन परेन । श्री ५ महेन्द्रसँग उर्वरा मस्तिष्क, तीक्ष्ण बुद्धि, गहन स्मरण शक्ति र सहृदयताका गुणहरू बालककालदेखि नै मौजुद थिए । त्यसको आधारमा मौसुफलाई पर्याप्त मात्रामा आधुनिक शिक्षा हासिल गरिबक्सन धेरै समय लागेन । ...खास गरी साहित्य, दर्शन, राजनीति

र धर्मशास्त्र मौसुफका निजी रुचिका विषय थिए । मौसुफका जीवनको मूलमन्त्र थियो “ज्ञान नै शक्ति, काम नै भक्ति ।”

जनताको सुख समृद्धिका निमित्त ल्याइएको प्रजातन्त्र दलगत राजनीतिको दलदलमा फस्यो । पार्टीलाई विशेष महत्व दिने दलगत राजनीतिले पार्टीकै स्वार्थको घेरामा पारी समस्त समाजको सेवा चिताउनै सकेन । रक्षादलको सशस्त्र विद्रोह; खुकुरीदल काण्ड; विराटनगर, राजापुर, वीरगञ्जमा गोलीकाण्ड; रक्षादलबाट कुटपीट जस्ता अशोभनीय तथा अपमानजनक घटनाहरू घटिसकेका थिए ।

स्वभावैले तीव्रचेतनशील श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाह देशको कल्याण कसरी हुन्छ भन्ने विषयमा गम्भीरतापूर्वक विचार गर्न लागिबक्सियो । शासनमा राजनैतिक स्थिरता नहोउन्जेल देशकल्याणको उपलब्धि हुन नसक्ने देखेर शासनको कार्यभार एकएक गरी कतिपय पार्टीलाई सुम्पिबक्सियो, तर कुने पार्टीले पनि राजनैतिक स्थिरता ल्याउन सकेन । स्वार्थान्धता, सङ्कीर्णता, ईर्ष्या र वैमनस्य पार्टीबाट हटाउन श्री ५ महेन्द्रबाट राजनैतिक सम्मेलन गराइबक्सियो । मौसुफबाट देशका महत्वपूर्ण समस्याहरूमा आ-आफ्ना सुझाव व्यक्त गर्न सबैलाई अवसर बक्सियो ।

पछिल्लो पटक २०१४ मार्ग २० को राजनैतिक नेताहरूको सम्मेलनमा एउटा मुख्य विषय थियो– छिटोमा कतिन्जेलसम्ममा निर्वाचनको काम सम्पन्न हुन सक्तछ । तीन पार्टीबाहेक अरू सबै राजनैतिक पार्टीले २०१५ साल फागुन १ गते आम निर्वाचन गर्ने भनी जाहेर गरेकामा श्री ५ महेन्द्रबाट फागुन १ को सट्टा ऐतिहासिक महत्वको दिन फागुन ७ देखि निर्वाचन थाल्ने हुकुम बक्सेअनुसार २०१५ फागुन ७ गतेदेखि २०१६ वैशाख २१ गतेसम्ममा निर्वाचन पूरा भयो । विजयी नेपाली काङ्ग्रेसका नेता श्री विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री भए ।

तर व्यक्तिगत स्वार्थ त्यागी समस्त जनताको कल्याणलाई लक्ष्य गरी काम हुन सकेन । ठाउँठाउँमा अशान्ति मच्चियो । शान्ति सुरक्षा हुन नसकेकोले जनतामा असन्तोष फैलियो । तैपनि धैर्यपूर्वक श्री ५ बाट निर्वाचित सरकारलाई सुधार्न अनेक अवसर बक्सियो । तर अवस्था झनझन बिग्रँदै गई देशै डुब्ने शङ्का देखिएकोले २०१७ पौष १ गते सरकार तथा संसद् दुवै विघटन गरी केही दिनपछि नै नेपाललाई पञ्चायत शासन बक्सियो । पञ्चायत शब्द नौलो थिएन । श्री ५ महेन्द्रबाट बडो सोचविचारपछि नेपाललाई बक्सेको यो एक दर्शन हो । यसले नेपालको कल्याण गर्ने चिताई सर्वतोमुखी विकासका लागि यसैलाई माध्यम तुल्याउन आह्वान गरिबक्सियो । मौसुफको यो अत्यन्त महत्वपूर्ण देन हो ।

श्री ५ महेन्द्रबाट आफ्नो राज्यकालभरि स्वदेशमा अनेकौँ जनहितकारी कार्यमा सफलता हासिल गरिबक्सियो । विदेशमा नेपालको नाउँ उन्नत गरिबक्सियो । स्वदेशभित्र योजनाबद्ध विकासका कार्य गरी एवम् विदेशका वेलग्रेड इत्यादि स्थानमा भएका तटस्थ मुलुकहरूका शिखर सम्मेलनमा भाग लिई आर्जन गरिबक्सेको सुयशले गर्दा मौसुफको मधुर र गौरववूर्ण स्मृतिले नेपाली जातिलाई सदैव सत्प्रेरणा दिइरहने छ ।

स्वर्गीय श्री ५ महेन्द्र दूरदर्शी कर्मठ राजा होइबक्सिन्थ्यो । ‘म मरे पनि मेरो देश बाँचिरहोस्’ भन्ने श्री ५ महेन्द्रले नेपालकै हितका लागि आफ्नो जीवन समर्पण गरिबक्सियो । आफ्ना उत्तराधिकारी युवराजाधिराज श्री ५ वीरेन्द्रलाई राजोचित योग्यता प्राप्त गर्न यथायोग्य सुशिक्षाको प्रबन्ध भयो । प्रारम्भिक शिक्षा दार्जिलिङ्मा पाई श्री ५ युवराजाधिराजबाट वेलायतको इटन कलेज, अमेरिकाको हार्बर्ड विश्वविद्यालय र जापानको टोकियो विश्वविद्यालयमा आधुनिक उच्च शिक्षा आर्जन गरिबक्सियो । स्वदेशमा शास्त्रोक्त सबै विधाका शिक्षा मोसुफबाट प्राप्त गरिबक्सियो । पेन्टिङ्को सौख, पौडिनु, हेलिकप्टर चलाउनु इत्यादि थप गुण पनि मौसुफमा छन् ।

श्री ५ युवराजाधिराज वीरेन्द्रको शुभविवाह श्री ५ ऐश्वर्य राजयलक्ष्मी देवीसँग २०२६ मा भयो ।

२०२८ मा श्री ५ महेन्द्रको स्वर्गवास भएपछि श्री ५ युवराजाधिराज नेपालाधिपति श्री ५ महाराजाधिराज भइबक्सियो । श्री ५ युवराजाधिराज होइबक्सँदै आफ्ना प्रजाको अवस्था बुझ्न पूज्य बुबाज्यूको अनुशरण गरी पश्चिमदेखि पूर्वसम्म नेपाल अधिराज्यभर साधारण नेपालीको रूपमा पैदल भ्रमण गरिबक्सिएको थियो । शासनसम्बन्धी कामकाजमा पनि बुबाज्यूलाई सघाउ पुऱ्याइबक्सने श्री ५ वीरेन्द्रलाई राज्यारोहणपछि एक कुशल राजनीतिज्ञ भई शासन चलाइबक्सन गाह्रो परेन ।

देश-विकासका लागि श्री ५ वीरेन्द्रबाट विभिन्न कदमहरू चालिबक्स्यो । सबभन्दा पहिले २०२९ सालमा राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सियो । अधिराज्यमा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल कायम भए । पछि सुगमतापूर्वक काम हुनाका निमित्त मध्यपश्चिमाञ्चल विकासक्षेत्र सीमाङ्कित भयो ।

२०३२ मा राष्ट्रिय विकासमा टेवा दिन पञ्चायत व्यवस्थाका लक्ष्य प्राप्तिको साधनस्वरूप साझा कार्यक्रम बक्सियो । २०३२-३३ को वर्ष कृषिवर्ष घोषित भएकोले मानिस कृषि उत्पादन बढाउने काममा लागे । सन् २००० सम्ममा समस्त नेपालीका लागि आधारभूत स्वास्थ्य सेवा सुलभ गराउन २० वर्षे स्वास्थ्य-

योजनाको शुभारम्भ भयो । २०३१ सालमा न्याय प्रशासन सुधार अध्यादेश जारी भयो ।

देश विकासका निमित्त शान्ति व्यवस्था अत्यावश्यक हुन्छ ! अतः २०३१ मा भएको शुभराज्याभिषेकका अवसरमा श्री ५ वीरेन्द्रबाट नेपाललाई शान्तिक्षेत्र घोषणा गर्न प्रस्ताव राखिबक्सियो । प्रस्तावको समर्थन चीनसमेत ३६ राष्ट्रले गरिसकेका थिए । हाल श्री ५ दम्पतीको विदेश भ्रमणमा लग्जेम्बर्ग तथा शक्तिशाली अमेरिकाले पनि यस प्रस्तावमा समर्थन जनाएका छन् । यसका साथै मौसुफबाट विश्वमा असंलग्न राष्ट्रहरूका शिखर सम्मेलनहरूमा आफ्नो देशको असंलग्न नीति रहेको परिचय गराउँदै नेपालको इज्जत बढाइबक्सेको छ ।

राजनीति विकासको निमित्त हुनुपर्ने हुनाले स्वदेशमा 'विकासका निम्ति राजनीति' घोषणा गरिबक्सेको छ । अनुचित काम देशमा कतै नहोस् भन्ने मनसायले 'अख्तियार दुरूपयोग निवारण आयोग'को व्यवस्था गरिबक्सेको छ । सामाजिक सेवा सुचारु रूपले सम्पन्न हुन श्री ५ बडामहारानीको अध्यक्षतामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् गठन भएको छ ।

२०२६ साल जेठ २० गते राष्ट्रिय जनमत सङ्ग्रहको घोषणा भयो । सुधारसहितको पञ्चायती प्रणाली नै कायम राख्ने वा बहुदलीय व्यवस्था अपनाउने भन्ने कुरामा जनमत सङ्ग्रह गर्नु थियो । २०३७ साल वैशाख २० गते राष्ट्रिय जनमत सङ्ग्रहको कार्य सम्पन्न भयो । २०३७ पौष १ मा संविधानको तेस्रो संशोधन जारी भयो । तदनुसार प्रधानमन्त्री छनोट व्यवस्थापिकाबाट हुने, मन्त्रीमण्डल व्यवस्थापिकाप्रति उत्तरदायी हुने भनी श्री ५ वीरेन्द्रबाट घोषणा भयो ।

राष्ट्रपिता श्री ५ त्रिभुवनबाट नेपालमा प्रजातन्त्रात्मक शासन ल्याइबक्सियो । श्री ५ महेन्द्रबाट त्यस प्रजातन्त्रात्मक शासनलाई फस्टाउन निर्दलीय पञ्चायत प्रणालीद्वारा शासन गर्ने नयाँ दर्शन बक्सियो । वर्तमान श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट प्रजाको इच्छानुसार शासन बक्सिन जनमत सङ्ग्रह गर्दा जनताले मतदान गरी स्वीकारेको सुधारसहितको पञ्चायत प्रणाली अनुसार नै देशको शासन चलेको छ । यसरी तीन पीँढीका तीन सुशासक राजाबाट प्रजातन्त्रको प्रवर्तन, परिपालन र परिपोषण भएको छ ।

हाम्रो जस्तो देशमा सबैका साझा राजाको महत्ववारे केही भनिरहनु पर्दैन । ४ वर्ण ३६ जातको फूलबारीमा राजाले नै एक मात्र सूत्रको रूपमा समस्त जातिलाई समभावले शासन गर्न सक्तछन् । मनुस्मृतिमा भनिएको छ :

अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुतेभयात् ।
रक्षार्थमस्य सर्वस्य राजानमसृजत् प्रभुः ॥

(अ. ७ श्लोक.३)

यस लोकमा राजा नभए सबैतिरबाट हाहाकार मच्चिने भय हुन्छ । त्यसैले सबैको रक्षाका लागि ईश्वरले राजाको सिर्जना गरे भनिएको छ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

राजपरम्परा र खेलकूद

● यादवप्रसाद ढुङ्गाना

नेपालमा प्राचीन कालदेखि नै खेलकूदको आफ्नै मौलिक परम्परा र कथा छ। गोपाल, किरात, लिच्छविकालमा मनाइने विभिन्न सामाजिक र सांस्कृतिक चाडपर्वहरूका यात्रा, उत्सव र नाचगानले खेलकूदलाई समाहित पारेको हुन्थ्यो। मल्लकालमा मल्ल राजाहरू 'बुद्धिचाल' खेल खेल्थे भनिन्छ। प्राचीन मल्ल क्रीडाहरू (कुश्ती र मुष्टि)मा आजभोलिका 'बक्सिङ्ग' खेलको आभास पाइन्छ। यसबाट के थाहा हुन आउँछ भने नेपालका राजाहरू पहिलेदेखि नै खेलकूदमा विशेष रुचि राख्थे। यति मात्र नभएर नेपालको राजपरम्परामा 'दौडखेल' झनै महत्वपूर्ण एव्र गौरवशाली छ; किनभने 'लिगलिग'का मगरहरू 'दौड'मा पहिला हुनेलाई राजा तुल्याउँथे। यस्तै दौडमा पहिला भएर यशोबह्म शाहका कान्छा छोरा द्रव्य शाहले लिगलिग आफ्नो हात पारेका हुन् भनिन्छ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह विदेशी नाटकहरूको रङ्गमञ्चन गर्न निषेध गरिबक्सन्थ्यो। मौसुफबाट आफ्नो मुलुकमा विकसित हुँदै आएका नाटकहरूलाई रङ्गमञ्चन गर्न निर्देशन बक्सन्थ्यो। यसरी शाहवंशी राजाहरू अतिरिक्त क्रियाकलाप र खेलकूदमा गहिरो रुचि राख्दै त्यसको सञ्चालनमा चनाखिलो पनि हुनुपर्ने कुरामा सङ्केत गर्थे।

प्रजातन्त्र र स्वतन्त्रताप्रेमी राष्ट्रपिता स्व. श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव खेलकूदमा विशेष रुचि राखिबक्सिन्थ्यो। त्यसताक नारायणहिटी राजदरबारको आफ्नै एउटा फूटबल टीम थियो। त्यस टीमका प्रमुख खेलाडीहरूमा तत्कालीन श्री ५ युवराजाधिराज स्व. श्री ५ महेन्द्र र स्व. श्री ५ अधिराजकुमार हिमालय तथा स्व. श्री ५ अधिराजकुमार वसुन्धरा सरकारहरू होइबक्सिन्थ्यो। त्यसपछि २०१६ साल कार्तिक १५ मा नरेश एघार र प्रधानमन्त्री एकारका बीच भएको फूटबल खेलमा स्व. श्री ५ महेन्द्र सरकारबाट 'क्याप्टेनशीप' ग्रहण गरिबक्सी नेपाली खेल जगतलाई नयाँ प्रेरणा प्रदान गरिबक्सेको थियो। यसरी नेपाली खेल जगतको प्रवर्द्धन र विकासमा राजपरिवारका सदस्यहरूको सक्रिय भूमिका रहँदै आएको देखिन्छ।

हाम्रो पवित्र राजसंस्थाको संरक्षण र न्यानो मायाबाट नै नेपाल र नेपालीको भाग्यनिर्माण, कल्याण र उन्नति हुँदै आएकोले यसै परम्परा र वास्तविकतालाई हृदयङ्गम गरिबक्सँदै, राष्ट्रको सर्वाङ्गीण विकास चाहिबक्सने श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारद्वारा खेलकूद जगतमा असीम निगाह र माया बकस हुँदै आएको छ। मौसुफ सरकारको सदिच्छालाई साकार रूप दिन श्री ५ अधिराजकुमार धीरेन्द्र वीरविक्रम शाह खेलकूद जगतका संरक्षक होइबक्सेर खेल जगतमा झन् ठूलो प्रेरणा र हौसला थपी क्रियाशील तुल्याइबक्सिँदैछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकार देशमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिताहरू नजर गरिबक्सन्छ। मौसुफ २०३८ सालमा आयोजित प्रथम राष्ट्रिय खेलकूदको उद्घाटन् र नजर गरिबक्सी नेपाली खेलकूदको इतिहासमा राष्ट्रिय स्तरको खेलकूद उद्घाटन गर्ने पहिलो शाहवंशी राजा होइबक्सेको छ। साथै मौसुफ सरकारद्वारा काठमाडौँमा भएको २३ औं एशियाली युवा फुटबल प्रतियोगिता (समूह १) को

समुद्घाटन गरिबक्सी नेपाली खेल जगतलाई अन्तर्राष्ट्रिय जगतमा विस्तारित पारिबक्सेको छ। मौसुफबाट बाढी पीडितहरूको सहयोगार्थ आयोजित प्रधानमन्त्री ११ र राष्ट्रिय पञ्चायत अध्यक्ष ११ का बीचमा भएको 'फूटबल' खेल नजर गरिबक्सी खेलकूदद्वारा राष्ट्रका विविध पक्षमा सहयोग पुऱ्याउन सकिन्छ भन्ने सम्भावनातर्फ समेत सङ्केत गरिबक्सेको छ। यसरी खेलकूदमा श्री ५ महाराजाधिराज सरकार स्वयम्ले गहिरो रुचि राखिबक्सँदै विभिन्न खेलकूदको समुद्घाटन र नजर गरिबक्सेबाट नेपाली खेल जगतमा ठूलो प्रेरणा मिली 'खेलकूद खेलेर समय खेर फाल्नु हुँदैन' भन्ने रुढीबूढी परम्परागत धारणामा समेत भावनात्मक परिवर्तन आउन थालेको अनुभव हुन्छ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको प्रत्येक वर्ष हर्षोल्लासका साथ मनाइने शुभजन्मोत्सव-महोत्सव पनि खेलाडीहरूका लागि नयाँ प्रेरणा, नयाँ उत्साह र उमङ्गको स्रोत बन्न आएको छ, किनभने विद्यालय स्तरदेखि नै 'वीरेन्द्र च्यालेन्ज शील्ड' प्रतियोगिताहरू हुनु, त्रि.वि.वि. अन्तर्गत क्याम्पस तहमा विभिन्न खेलकूद प्रतियोगिताहरू हुनु, अखिल नेपाल फूटबल सङ्घ जस्ता संस्थाहरूले शुभजन्मोत्सव कप फूटबल प्रतियोगिताहरू सञ्चालन गर्नु, पञ्चायतका विभिन्न निकाय एवं सङ्घ सङ्गठनहरूद्वारा पनि विभिन्न खेलकूद प्रतियोगिताहरू सञ्चालन हुनु र राष्ट्रिय खेलकूद परिषद्ले विभिन्न खेलकूदको आयोजना गर्नु नै यस कुराका उदाहरणहरू हुन् भन्न सकिन्छ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

श्री ५ महाराजाधिराज सरकारको सामीप्य एवं सान्निध्यमा रहँदाका केही अनुभूतिहरू

● *मदनबहादुर प्रधान*

संसारका महान् व्यक्तित्व र विभूतिहरूको सम्झना एवं सम्मानमा श्रद्धाका पुष्पाञ्जलि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा नै चढाइन्छ । हाम्रा राष्ट्रिय विभूतिहरू भगवान् गौतम बुद्ध, अंशुवर्मा, नेपाल राष्ट्रका जन्मदाता श्री ५ पृथ्वीनारायण शाह, प्रजातन्त्रका प्रवर्तक राष्ट्रपिता श्री ५ त्रिभुवन, निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्थाका संस्थापक श्री ५ महेन्द्रका अनुभूतिहरू र परम्परालाई समष्टिरूपमा सँगालेर राष्ट्रिय सावैभौमिकता एवं असंलग्नताको रक्षा गर्दै, विश्व शान्ति, राष्ट्रिय एकता र विश्वबाटै निर्धनता उन्मूलन गर्ने अभियानमा नेतृत्व बक्सने प्रजावत्सल सम्राटको प्रत्यक्ष सान्निध्य र सामीप्यको शीतल छहारीमुनि शान्ति तथा आनन्दपूर्वक जीवन बिताएको झन्डै बाह्र वर्ष पुग्दैछ । बाँकी जीवन पनि राजमुकुट, जनता र राष्ट्रकै सेवा गरेर व्यतीत हुन अटल विश्वास लिएको छु ।

श्री ५ महाराजाधिराज सरकारको राज्यारोहणपश्चात् राष्ट्रको द्रुततर विकासको क्रममा क्षेत्रीय विकास केन्द्रहरूको गठन गरी प्रत्येक क्षेत्रका अञ्चल, जिल्ला र गाउँगाउँमा सञ्चालित विकास र निर्माण केन्द्रहरू, सम्भावित परियोजनाहरूबारे प्रत्यक्ष जानकारी लिन एव प्रजाहरूको सुखदुःख बुझ्ने गरी घरदैलोमा समेत पुग्ने राष्ट्रिय अभियानको थालनी मौसुफ सरकाबाट भएपछि पोखरा क्षेत्रीय सदरमुकाममा क्षेत्रभरिका बुद्धिजीवी, समाजसेवी आदिले दर्शनभेट पाएसरह मैले पनि प्रत्येक क्षेत्रीय भ्रमणको अवसरमा दर्शनभेट पाई राष्ट्रिय राजनीति र चिन्तन, क्षेत्रीय विकासका गतिविधि तथा किसानहरूका मौलिक समस्याहरूबारे बिन्ती चढाउने गर्दथे । २०३१ सालमा नवलपरासीको सदरमुकाममा शाही सवारी हुँदा दर्शन पाउनेमध्ये पङ्क्तिबद्ध भई म पनि उभिइरहेको थिएँ । मेरो पालो आयो । मैले शाही दम्पतिको अगाडि नतमस्तक भई दुवै हात जोडेर अभिवादन चढाएँ । सरकारबाट “म मदनलाई राम्ररी चिन्दछु । मदन, तिमीले यहाँ अहिले केही नभन । पर्सि पोखरामा तिमीलाई मैले भेट्ने छु ।” हुकुम भयो । हेलिकप्टर उड्ने बेलामा पुनः नारायणप्रसाद श्रेष्ठज्यूलाई हुकुम भएछ, उहाँ हेलिकप्टरबाट उत्री दौडेर म नजिक आई पुनः मलाई समयभित्रै पोखरा आइपुग्ने हुकम भएको व्यहोरा सुनाउनुभयो । दर्शनभेटको सुखद अवसरमा मैले विभिन्न समस्या एवं सुझावहरू बिन्ती चढाएपछि हुकुम भयो– “तिमीले जहिले पनि किसानहरूबारे कुरा गर्दा उखडा समस्याको विषयमा कुरा गर्दथ्यौ । यसको समाधान के कसरी गर्न सकिन्छ, तत्कालीन र दीर्घकालीन रूपमा अनि परिश्रम गरेर एउटा प्रतिवेदन तयार पारी मकहाँ पठाऊ ।” “जो हुकुम सरकार” भनी विदा भई हिडेँ ।

श्री ५ महाराजाधिराज सरकारबाट ठूलो जिम्मेवारी बक्स भएको कुरा महसुस गरी सवारी शिविरबाट बाहिर निस्कँदा निश्चय पनि म अति गम्भीर भएँ । नवलपरासी, रूपन्देही र कपिलवस्तुका हजारौँ उखडेदार रैती, जग्गाधनीहरू र सरकारबीचको कचिङ्गल सदैवको लागि समाधान गर्ने निश्चय गरिबक्सेको दृढ विश्वास भयो । बाहिर निस्किरहेकै अवस्थामा उपस्थित हुने एकजना ए.डि.सी.ले तपाईं पोखरामा कहाँ बस्नुभएको छ भनी सोध्नुहुँदा पादी माछापुच्छ्रे प्रेसनजिक भनेको थिएँ । क्षेत्रीय भ्रमणको प्रारम्भ

भएपछि क्षेत्रका पञ्च, सङ्गठनकर्ता, समाजसेवीहरूको क्षेत्रीय स्तरमा सम्पर्क बढ्न थाल्यो । लुम्बिनी, धवलागिरी र गण्डकी तीनै अञ्चलका समस्याहरूलाई आफ्नै समस्या सम्झी क्षेत्रीय रूपमा विश्लेषण एवं समाधानको बाटो पहिल्याउन थालियो र निर्दल पक्षका पञ्चहरूमा अझ बढी एकता र सामन्जस्य बढाउन थालियो। गोर्खा, सुस्ता, मुस्ताङ र कृष्णनगरसम्मका पञ्च कार्यकर्ताहरूमा एउटा नयाँ जोश र हौसला एवं जाँगर थपिएर आएको थियो । पीताम्बरध्वज खाती, कृष्णबहादुर पहारी, कमल राज रेग्मी, खगेन्द्रप्रसाद कोइराला, मङ्गलप्रसाद गुप्ता, के.बी. शाही, मुनीन्द्र गुरुङ, प्रभाकर सिंह थापा आदि पचासौं साथीहरू एउटा डेरामा आगोको रापवरिपरि बसी खैंजडीमा चुट्का, मादलमा झ्याउरे आदि गाउने र नाच्ने कार्यक्रम चल्दै थियो । त्यसै राति १२ बजे डा. सच्चे पहारी त्यसै हुलभित्र आई बाहिर सरकारका ए.डि.सि. मलाई भेट्न आएको कुरा बताए । म आत्तिएर ढोकाबाहिर निस्कें । दिउँसो मेरो डेरा सोध्ने मेजर साहबलाई देख्ता म जिल्ल परें । “हजूर, मत राति डुङ्गा तरेर होटेल फिशटेल पुगें ।” मेजर साहवको मुखबाट यस्तो निस्किँदा म झन् अकमक्क परें । “यति राति किन कष्ट गर्नुभएको ?” मेरो प्रश्नको उत्तरमा मेजर साहबले भन्नुभयो, “दिउँसो सरकारबाट हुकुम भएको ‘टास्क’ अति इम्पोर्टेन्ट छ । मलाई केही बेर पहिले पुनः हुकम भयो, एक महिनाभित्रै त्यो काम सिध्याउनुपर्नेछ । यति भन्न आएको हुँ ।” “मेजर साहव, मौसुफको हुकुम शिरोधार्य ।” मेजर र डाक्टर पहारी हिंड्नु भयो ।

अनि मलाई लाग्यो हामी आफूलाई राष्ट्रसेवक र समाजसेवी भन्नेहरू बडो घ्वाँके स्वरमा आफू मपाई भई भाषणमात्र गर्दछौं । श्री ५ वीरेन्द्र सरकार भने सम्राट् भएर पनि राति १२।१ बजेसम्म आरामसम्म नगरी प्रजाको कल्याणका लागि कार्यरत रहिबक्सन्छ ?

०३५ सालमा मौसुफ सरकारको क्षेत्रीय भ्रमणको कार्यक्रम पूर्वाञ्चलको धनकुटा केन्द्रमा थियो । म त्यस बखत राष्ट्रिय पञ्चायतको आर्थिक समितिमा थिएँ । समितिको बैठकपछि डेरामा आइपुग्दा तत्कालीन गृह-सहसचिव श्री वीरबहादुर शाहीले मलाई केही दिन बस्ने गरी धनकुटा सवारी शिविरको लागि जान पर्ने सरकारबाट हुकुम बक्स भएकोले विराटनगरसम्मको हवाई टिकट लिइसकेको र विराटनगरबाट धनकुटासम्म हेलिकप्टरले पुऱ्याउने कुरा बताउनुभयो । म सहित मा. नरेन्द्रबहादुर चन्द र मा. ढकाल तीन जना रा.प.स.लाई डाकिएको रहेछ । हुकुमअनुसार तीनैजना विराटनगर र त्यहाँबाट धनकुटा शाही सवारी शिविरमा पुग्यौं ।

४५०० फीटमाथि रहेको पूर्वाञ्चलको रमणीय पर्यटन केन्द्र र पुरानो शहर धनकुटाको टाकुरामा शिविर र हेलिप्याड थियो । मङ्सीरको अन्तिम साता हिलेतिरबाट आउने अति चीसो हिमाली बतास । सवारी शिविर तम्बु र कनातको अति चहकिलो र रमणीय उपनगर जस्तो लाग्थ्यो । धनकुटा शाही सवारी शिविरमा सवारी भित्रिने दिन शुक्रवार परेको रहेछ । हामीलाई के सूचित गरियो भने साँझ सिनेमाको प्रदर्शनहुनेछ, श्री ५ महाराजाधिराज सरकार र श्री ५ बडामहारानी सरकारको पनि सवारी हुनेछ । साँझ शिविर घुम्दाघुम्दै तत्कालीन गृहसचिव शेरबहादुर शाहीज्यूसँग भेट भयो । सरकारबाट विश्वासपूर्वक ठूलो जिम्मेवारी बक्सनका लागि हुकुम भएर बोलाइएको जानकारी दिँदै उहाँले मलाई बधाई दिनुभयो । केन्टिनमा खाना खाइसकेपछि सांस्कृतिक कार्यक्रम हुने पण्डालतिर लाग्यौं । शाही सवारी शिविरभित्र प्रवेश गरेको प्रथम दिन मौसुफको नजिक बसी सांस्कृतिक कार्यक्रम हेर्ने सौभाग्य प्राप्त भयो । प्रोटोकल अनुसार सरकारहरू राज हुने सोफा सेटको पछाडि सवारी मन्त्री, सवारी अतिथि, माननीय रा.पं.स.ज्यूहरू र हामी तीन जना नवागन्तुकहरू परियो । सरकारहरूको सवारी भयो । सोफामा राज हुनेवित्तिकै मतिर फर्किबक्सी हुकुम भयो– “तिमीहरू आइपुग्यौ, राम्रो भयो । तिमीहरूलाई जरुरी कामले बोलाएको छु । बडो परिश्रमसाथ काम सम्पन्न गर्नेछौं । भोलि शनिवार भए पनि तिमीहरू आफ्नो कामको लागि हिँडिहाल । अरू कुरा नारायणप्रसादसँग सम्पर्क राख्नु ।” उठेर दुवै हात जोडेर मैले भनें– “जो हुकुम सरकार । हामीले आफ्नो सम्पूर्ण बुद्धिविवेक लगाई बक्स भएको जिम्मेवारी पालन गरी प्रतिवेदन मौसुफ सरकारका जुनाफमा जाहेर गर्नेछौं ।” सिनेमा प्रारम्भ भएपछि केही मिनेटभित्रै पुनः हुकुम भयो– “तिमीहरूलाई छेकिन त छेकिएन, “केही अप्ठ्यारो त भएन ?” “छैन सरकार”– मेरो जवाफ थियो । डेढ करोड नेपालीको मुटुको वात्सल्य कस्तो !

राष्ट्रनायक सरकारबाट बक्स भएका जिम्मेवारी र टर्मस् अफ रेफरेन्स प्रमुख निजी सचिव श्री नारायणप्रसाद श्रेष्ठज्यूबाट थाहा पाइयो । साथीहरूले टोलीप्रमुख मलाई बनाएका थिए । हेलिकप्टरले हामीलाई राजविराज पुयायो । एक साताजति राष्ट्रनायकबाट बक्स भएका निर्देशन र गर्न पर्ने कर्तव्यअनुसार सप्तरी, सिराहा, उदयपुर तीन जिल्लामा केन्द्र बनाई काम गरी फर्किइयो र राष्ट्रनायकका जुनाफमा प्रतिवेदन चढाउने कार्यक्रम भयो । शिविरमा मन्त्रीगण, माननीयज्यूहरू, राजदरबारका पदाधिकारीहरू, सचिवज्यूहरू, अञ्चलाधीशज्यूहरू, कमाण्डर-इन-चीफ, आई.जी.पी. आदि अति वरिष्ठ व्यक्तिहरूको उपस्थिति थियो । श्री ५ महाराजाधिराज राज होइबक्सेको सर्वोच्च सभामा हाम्रो प्रतिवेदनमा खुला निर्णय र छलफल हुने भएकोले हामीले सो प्रतिवेदनलाई तीन खण्डमा विभाजित गरी राजनैतिक र

सामाजिक पक्ष मैले, कानूनी पक्ष मा. नरेन्द्रबहादुर चन्दले र कार्यान्वयन सुझाव र प्रतिवेदनमा ठहर पक्षबारेमा मा. ढकालजीले सरकारका हजुरमा जाहेर गर्ने निधो गरेका थियौँ । श्री ५ महाराजाधिराज सरकारको सवारी हुनेबित्तिकै प्रमुख निजी सचिव श्री नारायणप्रसादजी डायसमा पाल्नुभयो । राष्ट्रनायक सरकारबाट हुकुम भएअनुसार प्रतिवेदन चढाउने भई सर्वप्रथम मलाई आमन्त्रित गर्नुभयो ।

यसभन्दा पहिले एक पटक पोखरामा 'राष्ट्रको आर्थिक व्यवस्था एक खोज' भन्ने शीर्षकमा भाषण गर्दागर्दै मौसुफ सरकारको आकस्मिक सवारी हलभित्र हुँदा टक्क अडिई सरकारबाट दाहिने हात उठाइबक्सी भाषण जारी राख्न हुकुम हुँदा पुनः आफ्नो भाषण जारी राखेको थिएँ र त्यस भाषणमा निकै प्रशंसा पाएको थिएँ । आज पुनः राष्ट्रनायक सरकारको उपस्थितिमा सर्वोच्च सभामा आफ्ना विचार राख्न पाउँदा बडो गौरवान्वित भएको महसुस गरें । हुन पनि त्यो दिन मेरो भविष्य निर्धारण गर्ने दिन थियो । हामीले गरेको कामको मुल्याङ्कन राष्ट्रनायकबाट हुने दिवस थियो । श्री ५ महाराजाधिराज सरकारबाट चाखपूवृक हाम्रो प्रतिवेदन सुनिबक्स्यो ।

मौसुफ सुर्खेत, पोखरा, हेटौँडा, धनकुटा, नारायणहिटी, स्वदेश र विदेशको कुनै कुनाकाप्चामा राजहोइबक्सिँदा एवं अल्पविकसित राष्ट्रहरूको विकाससम्वन्धी पेरिसमा आयोजित सम्मेलनमा एशिया तथा प्रशान्त क्षेत्रका प्रमुख वक्ताको रूपमा समेत नेपाल तथा विश्वका अरू विकासोन्मुख राष्ट्रहरूको उत्थान र भलाइका लागि चिन्तित होइबक्सिन्छ । दार्चुला, मुस्ताङ, जुम्ला, मनाङ, पाँचथर, झापा, सप्तरी, रौतहट, नवलपरासी, बाँके, बर्दिया जुनसुकै जिल्लामा दुःखको जीवन विरुद्धको युद्धमा आफ्ना पसिनाका थोपा चुहाइरहने प्रजावर्गको सुन्दर भविष्यको लागि मौसुफ कति चिन्तित होइबक्सिन्छ यो त दयाका सागर सम्राट्लाई नजिकबाट अध्ययन गरिरहेकाहरूलाई धेरै थाहा हुन्छ । तसर्थः आजको पुनीत घडीमा आफ्ना सम्पूर्ण मतमतान्तर बिर्सी एक जुट भई श्री ५ महाराजाधिराज सरकारको सक्रिय एवं सुदृढ नेतृत्वमा नेपालबाट निर्धनता हटाउन प्रत्येक नेपालीको अनुहार हँसिलो पार्ने गरी राष्ट्रिय निर्माण र विकासको अभियानमा एउटा कर्मठ कार्यकर्ता बनी आ-आफ्नो ठाउँबाट योगदान दिए अवश्य पनि देशले काँचुली फेर्दै जाने भएकोले यस अभियानमा सबै तत्पर रहने प्रतिज्ञा दोहोऱ्याउँदै राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको सभक्ति चिरायुको कामना गरौँ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

श्री ५ वीरेन्द्रका जनसंख्यासम्बन्धी मार्गनिर्देशन

● *शिवचन्द्र श्रेष्ठ*

विकासोन्मुख राष्ट्रहरू राजनैतिक स्थिरतापछि आर्थिक विकासको चुनौती जत्तिको महत्वपूर्ण विषय शायद अर्को नहुन सक्दछ। गरीब राष्ट्रहरूमा यस विषयमा केही व्यक्तिहरूमा मात्र चेतना आएको हुन्छ। अधिकांश जनमानसमा जनसंख्याको नियन्त्रण, जनशक्तिको गुणात्मक अभिवृद्धिबारे सोचिए पनि व्यवहारमा स्पष्ट दिशाबोध नभई अनेकानेक धारणाहरूले प्रश्रय पाइरहेका हुन्छन्। ती धारणाहरूको शिकार पनि ती गरीब जनता नै भइरहेका हुन्छन्। नेपालमा वि.सं. २०२८ सालमा ११५ लाख जनसंख्या थियो भने हाल त्यो संख्या बढेर करीब ११५ लाख पुगेको अनुमान गरिन्छ। वि.सं. २०१८ सालदेखि वि.सं. २०२८ सालसम्मको एक दशकमा जनसंख्या वृद्धिदर २.०७% थियो भने वि.सं. २०३७ सालको मध्यतिर जनसंख्या वृद्धिदर २.५२% पुगेको थियो। हाल वि.सं. २०४० सालमा आएर जनसंख्या वृद्धिदर २.६१% भएको अनुमान छ। एकातिर नेपालको जनसङ्ख्या २(६% ले बृद्धि भइरहेको पाइन्छ भने अर्कोतिर राष्ट्रिय उत्पादन प्रतिवर्ष २% भन्दा पनि कम वृद्धि भइरहेको अनुमान छ। जनसंख्यामा वृद्धि हुनु अनेक समस्याहरूमाथि विजय प्राप्त गरी बाँच्न सक्ने क्षमताको ज्वलन्त उदाहरणको रूपमा दावी गर्ने एकपक्ष छ भने अर्को पक्षले मुस्किलले जीवित मात्र रहनाले अमूल्य जीवनको उद्देश्य परिपुर्तिमा कुनै योगदान नभएको गुनासो गर्ने गरेको छ। बसाइँसराइको कारणले जनसंख्यामा कटौती वा वृद्धि हुन सक्ने पनि छ। जनसंख्या वृद्धिमा नियन्त्रण गरी जनशक्तिको गुणात्मक स्तर अभिवृद्धि गर्ने व्यवस्थाले नै नेपाली मात्रको हित सुरक्षित हुन सक्ने तथ्यबारे श्री ५ वीरेन्द्रबाट राष्ट्रिय सर्वोच्च विधायिकाका अधिवेशनहरूमा भएका निर्देशनहरूको एक परिचर्चा यहाँ गरिन्छ।

वि.सं. २०३३।३।१० का दिन राष्ट्रिय पञ्चायतलाई बक्सेको शाही सम्बोधनमा राष्ट्रिय जनसंख्या नीतिसम्बन्धी निर्देशन देहाय वमोजिम भएको पाइन्छ।

"कुनै पनि देशको लागि जनशक्ति एक प्रबल पूँजीको रुमपा रहे तापनि देशको साधनले धान्न नसक्ने जनसंख्याको चापबाट जनसाधारणको स्थितिमा सम्पन्नता आउनुसट्टा ह्रास हुन सक्ने भएकोले राष्ट्रिय उत्पादन र जनसंख्याबीचको वृद्धिमा असन्तुलन रोक्नु आवश्यक मात्र होइन, जरुरी पनि भएको छ। यस कुरालाई ध्यानमा राखी उपयुक्त नीति एवं समन्वयात्मक उपायहरूद्वारा यस असन्तुलनलाई हटाउँदै लैजान मेरो सरकार सचेष्ट रहने छ।"

विकाससम्बन्धी सारा प्रयासहरू यिनै आधारभूत समस्याहरू समाधानतर्फ केन्द्रित हुनुपर्ने तथ्य माथिको सम्बोधनबाट स्पष्ट भैसकेकोले राज्यव्यवस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले सहभागी हुने जनप्रतिनिधिहरूले निरन्तर अथक परिश्रम गर्नुपर्ने वास्तविकता स्पष्ट हुनआएको छ। उत्पादन र जनसंख्या वृद्धिमा देखापरेका असन्तुलनहरू रोक्न जरुरी भैसकेको छ। के कति रूपमा सो प्रयासले सफलता हासिल गरेको छ त्यसबारे परिचित हुनुपर्ने छ।

श्री ५ वीरेन्द्रबाट राष्ट्रिय पञ्चायतको अधिवेशनमा मिति ०३५।३।१ का दिन जनसंख्यासम्बन्धी निर्देशन भएको निम्न वमोजिम छ:

" ... परिवार नियोजन कार्यक्रम सञ्चालन गरिएको एक दशक पूरा भएको उपलक्ष्यमा जनसङ्ख्या वृद्धि र आर्थिक विकासमा सन्तुलन ल्याउन मेरो सरकारले विशेष कार्यक्रम तर्जुमा गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने छ।"

श्री ५ वीरेन्द्रबाट रा.पं.को अधिवेशनमा ०३६।३।१ का दिन जनसङ्ख्यासम्बन्धी निर्देशनमा प्रस्ट हुकुम भएको छ।

"जनसंख्याको बढ्दो चापलाई दृष्टिगत गरी राष्ट्रिय जनसंख्या आयोगबाट जनसंख्या नीति निर्धारण गर्नको साथसाथै प्रभावकारी कार्यक्रमको तर्जुमाद्वारा परिवार नियोजन सेवालाई स्थानीय पञ्चायतहरूको माध्यमद्वारा गाउँगाउँसम्म पुऱ्याउन विशेष व्यवस्था पनि गरिने छ।"

यस निर्देशनअनुसार जनसंख्या नियन्त्रणमा स्थानीय पञ्चायतहरूको भूमिका रहनुपर्ने तथ्यप्रति विशेष ध्यान दिइनुपर्नेछ। त्यस कामको लागि स्थानीय पञ्चायतहरूमा पनि दक्ष र लगनशील कार्यकर्ताहरूको खाँचो छ।

श्री ५ वीरेन्द्रबाट रा.पं. को अधिवेशनमा ०३९।३।११ का दिन जनसंख्यासम्बन्धी समस्याबारे निम्न वमोजिम हुकुम भएको छ :

"हाम्रो जस्तो विकासोन्मुख देशमा विकासका समस्याहरू पहिलेदेखि नै रहँदै आएका छन् भने बढ्दो जनसंख्याको चापले अरू कतिपय समस्याहरू पनि थपिन थालेका छन्, जसले विकास प्रक्रियालाई झन् जटिल तुल्याएको छ।"

त्यही अवसरमा जनसंख्याको चाप वृद्धि हुँदै गई कृषि व्यवसायबाट मात्र रोजगारीको व्यवस्था गर्न सकिने स्थिति नभएकोले देशको पहाडी र ग्रामीण क्षेत्रमा पनि रोजगारीको व्यवस्था गर्न अन्य उपायहरूको खोजी गरेर मात्र आर्थिक विकास गर्न सकिनेबारे श्री ५ वीरेन्द्रबाट निम्न वमोजिम मार्गदर्शन भएको पाइन्छ :

"जनसंख्याको समस्या चर्को हुँदै गइरहेकोले यसतर्फ पनि मेरो सरकार सचेत रहेको छ। व्यापक राष्ट्रिय दृष्टिकोणबाट यस समस्याको समाधानका उपायहरू पत्ता लगाउने उद्देश्यले राष्ट्रिय जनसंख्या आयोग गठन भइसकेको छ। तत्काल देखिएका समस्या अब कृषिले मात्र बढ्दो जनसंख्याको आवश्यकताको पूर्ति हुन नसक्ने भएकोले खास गरेर पहाडी र सबै ग्रामीण क्षेत्रमा रोजगारीका अन्य विकल्पहरू पत्ता लगाउन आवश्यक भएको छ।"

श्री ५ वीरेन्द्रबाट राष्ट्रिय पञ्चायतको अधिवेशनमा ०४०।३।७ का दिनमा रा.पं.का अध्यक्ष तथा सदस्यहरूलाई बक्स भएको निर्देशनमा जनसंख्यासम्बन्धी नीतिमा हुकुम भएको छ :

"राष्ट्रिय जनसंख्या आयोगले तयार गरेको जनसंख्यासम्बन्धी लक्ष्य र नीति मेरो सरकारले स्वीकृत गरेको छ र तदनुरूप आवश्यक कदमहरू उठाइने छन्।"

यस सम्बन्धमा जनसंख्या शिक्षा र तालीमको महत्वपूर्ण भूमिका रहनेछ। विभिन्न संस्थाहरूको अतिरिक्त स्थानीय पञ्चायतको माध्यमबाट गाउँगाउँसम्म जनसंख्यासम्बन्धी जानकारी र जनसंख्या वृद्धि भै उत्पादनमा तदनुरूप वृद्धि गराउन सकिएन भने आइपर्न सक्ने अनावश्यक समस्याहरूको बोध हुनु नितान्त जरुरी छ। जनसंख्या वृद्धि र विकासको गतिमा सन्तुलन ल्याउनुपर्ने आवश्यकतालाई महसुस गरी नेपालमा परिवार नियोजन कार्यक्रम सञ्चालन भैरहेका हो। आर्थिक विकासको सन्दर्भमा जनसंख्या वृद्धिको दर र खास गरी कृषि क्षेत्रको उत्पादन वृद्धिमा उचित सन्तुलन ल्याउन सकिएन भने हाम्रो विकासका प्रयासहरूले दरिद्रंता, अभाव ल्याई वन सम्पदाको विनाश, भूक्षय आदि जस्ता समस्याहरूले सोच्दै नसोचेको ढङ्गबाट हाम्रो जीवनमा नकारात्मक असर पार्न सक्ने स्थिति पैदा हुन सक्दछ। अर्को शब्दमा भन्ने हो भने जनसंख्या वृद्धिले आर्थिक क्षेत्रका विभिन्न पक्षहरूलाई समेटेको हुन्छ। खाद्यान्न आवास सुविधा, खानेपानी जस्ता जीवनको लागि नभै नहुने आवश्यकतामा जनसंख्या वृद्धिले ठूलो चुनौती दिन्छ। यी आवश्यकताहरूो परिपूर्तिमा नै बढी खर्च हुनासाथ राष्ट्रिय बचतमा ह्रास आउने सम्भावना हुन्छ। परिणामस्वरूप राष्ट्रिय विकासको लागि पूँजीको अभाव हुने समेत हुन जान्छ। तसर्थ राष्ट्रिय लगानीको अभिवृद्धि गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी जनसंख्या नियन्त्रण हुनुपर्ने र भएका जनशक्तिको दक्षतामा पनि वृद्धि गर्नुपर्ने आजको आवश्यकता हो।

यस प्रकार श्री ५ वीरेन्द्रबाट समय समयमा देशको नीति निर्माण गर्ने सर्वोच्च विधायिकामा जनसंख्यासम्बन्धमा बक्स भएका निर्देशनहरूले वास्तवमा देशमा विद्यमान आधारभूत समस्या समाधानतर्फ निर्देश गरेको स्पष्ट हुन आउँछ। अतएव सम्बन्धित सबैले जनसंख्या नियन्त्रणको आवश्यकतालाई बुझी उक्त निर्देशनहरूलाई राष्ट्रनिर्माणमा सही ढङ्गबाट उतार्न दत्तचित्त रहनु नै राष्ट्रिय विकासको पक्षमा अर्पित हुनु हुनेछ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

●

विकासबारे केही कुरा

• *मुरारिराज शर्मा*

रोस्तोले विकास-प्रक्रियालाई पाँच तहहरूमा बाँडिदिएकोले हामीलाई विकासबारे कुरा गर्न सजिलो भएको छ। उनले उल्लेख गरेका विकासका ५ तहहरू, परम्परागत अवस्था, विकासका पूर्वाधारहरू खडा भइरहेको अवस्था, विकासगति प्राप्त अवस्था, विकासको प्रौढता प्राप्त भइरहेको अवस्था र बृहद् सामूहिक उपभोगको अवस्थामध्ये हामीहरू अहिले दोस्रो तह अर्थात् विकासका पूर्वाधारहरू खडा भइरहेको अवस्थामा भएको मानी आफै ढुक्क परिरहेका छौं, तर यो दोस्रो तह कति लामो अवधिसम्म कायम हुने हो भन्नेबारे हामीले अझै सोचेका छैनौं।

केही एशियाली तथा अफ्रिकाली मुलुकहरूको विकासक्रम हेर्ने हो भने नेपाल दोस्रो तहको विकासक्रममा भएकोमा सन्तोष मान्ने ठाउँ छैन। उदाहरणका लागि, दक्षिण कोरिया १९५० को दशकसम्म परम्परागत अवस्थामा थियो। १९६० को दशकमा यो विकासका पूर्वाधारहरू खडा गर्ने अवस्थाबाट गुज्रिरहेको थियो भने १९७० को दशकदेखि विकासको तीव्रतम गति प्राप्त गरेको थियो। त्यस्तै उदाहरण मलेशिया वा आइभोरी कोस्टको पनि दिन सकिन्छ। नेपालले पनि योजनाबद्ध विकासको थालनी १९५० को उत्तरार्द्धदेखि गरेको हो तर हामी अझै दोस्रो तहबाट पार हुन सकेका छैनौं। यो दोस्रो तहबाट तेस्रो तहमा कसरी जाने भन्नेबारे विभिन्न विशेषज्ञवर्गहरूले आ-आफ्नो राय दिएका छन्।

राजनीतिशास्त्रवेत्ताहरू विकासको थालनी राजनैतिक सुधारमा देख्तछन्। गैरसमाजवादीहरू राजनैतिक प्रजातन्त्रीकरण र व्यापक जनसहभागितालाई विकासको पहिलो पूर्वाधार मान्दछन्। समाजवादीहरू शक्तिको केन्द्रीकरण गरी नियन्त्रण जनसहभागिताको परिचालनलाई विकासको शुरु खुड्किलो मान्दछन् तर तेस्रो विश्वका सबभन्दा प्रजातान्त्रिक मानिएका र समाजवादी मुलुकहरूको बीच खास विकासको हिसावले कुनै उल्लेखनीय भिन्नता देखिँदैन।

अर्थशास्त्रीहरू विकासका लागि लगानी बढाउनुपर्ने आवश्यकतामाथि जोड दिन्छन्। हालसम्म विकाससम्बन्धी कार्यक्रमहरूको तर्जुमा यसै वर्गबाट धेरै हदसम्म नियन्त्रित वा निर्देशित छ। अतएव विकासोन्मुख मुलुकहरू सकीनसकी तथा सहायता मागेर भए पनि बढीभन्दा बढी लगानी गर्दैआएका छन् तर विकासको गति केही मुलुकहरूले मात्र समात्न सकेका छन्। अरू सबै मुलुकहरू विकासको पहाडको फेदीमा नै अल्मलिइरहेका छन्। फेरि बजेट ठूलो बनाएर मात्र पनि त विकास हुने होइन, त्यसको उत्पादनशील किसिमले सदुपयोग हुनुपर्‍यो जुन अर्थशास्त्रीहरूको नियन्त्तणबाहिरको कुरा हो।

समाजशास्त्रीहरू समाजका प्रवृत्ति, धारणा तथा सामूहिक व्यक्तित्व जस्ता कुराहरूमा सकारात्मक परिवर्तनलाई विकासको शुरुआत सम्झिन्छन् तर यो पक्ष पनि व्यावहारिक रूपमा स्थापित हुनसकेको छैन। सामाजिक रूपले निकै अगाडि बढिसकेका श्रीलङ्का जस्ता मुलुकहरू पनि समष्टिगत विकासको हिसाबले सिकारु पाइला नै चालिरहेका छन्। बरु धेरैजसो नयाँ सामाजिक प्रवृत्तिहरू "हिड्न नसक्ने कुद्नका दाउ" भने जस्तो समय असापेक्ष वा साधनले नभ्याउने किसिमले विकासमूलक प्रवृत्तिहरूबाट टाढिएका छन्।

अतएव यी विभिन्न विशेषज्ञवर्गहरूमध्ये कुनै एक वा अर्को वर्गद्वारा मुलरूपमा नियन्त्रित गरिएका विकासोन्मुख मूलुकहरूले अपनाइ आएका विकाससम्बन्धी प्राथमिकता एवं नीतिहरू एकलकाटे र दोषपूर्ण छन् ।

यसो भनेर विकासबारे निराशाजनक स्थितिको परिकल्पना गरिएको होइन । कुरो खालि हाम्रा अहिलेसम्मका विकासगत धारणाहरूमा परिवर्तन गर्नुपर्ने आवश्यकताको हो । विकास भनेको वास्तवमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरूमा एकैसाथ प्राप्त भएको गतिशीलता र सुध्रिएको स्थिति हो । अर्को शब्दमा भन्दा विकास भनेको राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरूको प्रतिनिधित्व भएको एउटा प्रतिनिधि मण्डलको कार्यकलाप जस्तै हो जसको सफलता सबै पक्षको सहभागिता र सहयोगमा भर पर्दछ ।

त्यसैले विकास योजनाहरूमा राजनैतिक, आर्थिक तथा सामाजिक कार्यक्रमहरूलाई सामञ्जस्यपूर्ण ढङ्गले समावेश गर्नुपर्ने आवश्यकता हुन्छ । त्यसको लागि विकास कार्यहरूको तर्जुमा गर्दा राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रहरूको प्रतिनिधित्व हुनु जरुरी छ । यस्तो प्रतिनिधित्वकै लागि राष्ट्रिय योजना आयोगमा आवश्यक सुधार एवं परिवर्तन गर्नुको साथै आयोगको तत्वावधानमा विभिन्न सेक्टरले योजना समितिहरू गठन गरी ती समितिहरूमा आवश्यकताअनुसार राजनैतिक, आर्थिक, सामाजिक, प्राविधिक एवं प्रशासनिक क्षेत्रहरूको सक्रिय सहभागिता हुने व्यवस्था मिलाउनु आवश्यक हुन्छ । यसो गरेको खण्डमा योजनाको असफलतामा एकले अर्कोलाई दोषी औंल्याई आफू चोखो हुने परम्परालाई निरुत्साहित पार्नुको साथै एउटा उत्तरदायित्वपूर्ण एवं बृहद् सहभागितासम्पन्न विकासको थालनी हुनेछ ।

साभार– ४० सौं वार्षिकोत्सवाङ्क

व्यक्ति एक : द्रष्टा अनेक

विषय–सूची

अच्युतरमण अधिकारी	हामीले चिनेका श्री ५ वीरेन्द्र	३९५
ईश्वरी अधिकारी	मुलुकको विकासमा राजा वीरेन्द्र	३९७
उपप्रा. उमानाथ भट्ट "अचल"	शाहवंशका उज्ज्वल ताराको अस्त	४००
एकराज शर्मा	हुनेहार दैव नटार	४०३
एस. पी. आसा	वीरेन्द्र सरकारको शान्तिक्षेत्र प्रस्तावप्रतिको देन र सम्झना	४०५
खेमकोपिला खरेल	श्री ५ वीरेन्द्र : स्मृतिको पानामा	४०९
गणेशबहादुर बस्नेत "दिङ्लाली"	हार्दिक श्रद्धासुमन	४११
गोकुल पोखरेल	महान् मानवतावादी र सुधारक राजा वीरेन्द्र	४१४
गोपालप्रसाद दाहाल	श्री ५ वीरेन्द्र	४१६
गोपीकृष्ण खनाल	श्री ५ वीरेन्द्रमा भावपूर्ण श्रद्धासुमन	४१९
चूडामणि काफ्ले	आदर्श राजा वीरेन्द्रको स्मृतिमा	४२१
डा. चेतबहादुर कुंवर	श्री ५ वीरेन्द्रको स्वदेश भ्रमण : राष्ट्रिय विकासको एक महत्त्वपूर्ण आधारशिला	४२३
जी.पी. शर्मा	शान्तिका अग्रदूत	४२८
जीवनाथ धमला	श्री ५ वीरेन्द्रको अन्तर्राष्ट्रिय व्यक्तित्व	४३१
ज्ञानेश्वर शर्मा रेग्मी	श्री ५ वीरेन्द्र	४३३
दीनबन्धु अर्याल	नैतिकताका प्रतिरूप श्री ५ वीरेन्द्र	४३५
दीर्घराज प्रसाई	नेपालको सार्वभौमस्वतन्त्रतासँग गाँसिएको राजतन्त्र	४३८
प्रा. डा. दुर्गादत्त शर्मा उपाध्याय	श्री ५ वीरेन्द्रको व्यक्तित्व - एक संस्मरण	४४१
डा. दुर्गाप्रसाद दवाडी	श्री ५ को धार्मिक आस्था	४४४
प्रा. देवी शर्मा	अहिंसा र शान्तिका पक्षपाती श्री ५ वीरेन्द्र	४४८
धनमणि आचार्य	श्री ५ वीरेन्द्र एक सम्झना	४५०
नारायणप्रसाद पौडेल	जनताका राजा वीरेन्द्र	४५२
पुण्यप्रताप राणा	श्री ५ वीरेन्द्र	४५४
उपप्रा. पुष्पकुमार खनाल	रामराज्यको परिकल्पनामा श्री ५ वीरेन्द्र	४५७
प्रकाश एराज	राजा वीरेन्द्रको विकासप्रति अभिरुचि	४६१
सं. डा. स्वामी प्रपन्नाचार्य	धार्मिक सहिष्णुता र समन्वयका प्रतीक श्री ५ वीरेन्द्र	४६४
भक्तिप्रसाद खतिवडा	शान्तिक्षेत्र नेपाल र श्री ५ वीरेन्द्र	४६७
भद्रकुमारी घले	श्री ५ वीरेन्द्रको विशिष्ट व्यक्तित्व	४७१
भानुभक्त भारती	श्री ५ वीरेन्द्र र अन्तर्राष्ट्रिय जगत्	४७४
भीमनाथ कोइराला	अद्वितीय आवाजका धनी श्री ५ वीरेन्द्र	४७६
मदनराज पाण्डेय	श्री ५ वीरेन्द्र र शान्ति	४७८
मिलन आफन्त	श्री ५ वीरेन्द्र : प्रजातन्त्रप्रतिको दृष्टिकोण	४८०
मुकुन्द शर्मा पौडेल	श्री ५ वीरेन्द्र : निश्छल व्यक्तित्व	४८२
मुक्तिनाथ घिमिरे	श्री ५ वीरेन्द्र र शान्तिक्षेत्र नेपाल	४८४
यज्ञराज रताला	प्रजातन्त्रप्रेमी राजा श्री ५ वीरेन्द्र	४८६
डा. यादवप्रसाद पन्त	श्री ५ वीरेन्द्रको आर्थिक विकासको अवधारणा	४८८
डा. रत्नकमल वैद्य	बहुआयामिक व्यक्तित्वका धनी श्री ५ वीरेन्द्र	४९०
राजेशमान के.सी.	नेपाल र नेपालीका गौरव : श्री ५ वीरेन्द्र	४९४
डा. रामदयाल राकेश	श्री ५ वीरेन्द्रको साँस्कृतिक योगदान	४९६
ऋषिप्रसाद थानी	राजा वीरेन्द्र : एक संस्मरण	४९९
लक्ष्मीप्रसाद रिजाल	श्री ५ वीरेन्द्र र तीर्थस्थल	५०१
लीलाराज पौडेल	समानुपातिक विकासका प्रेरक : श्री ५ वीरेन्द्र	५०५
वासुपासा	सम्झनाका फूलहरू	५०७
प्रा. डा. विष्णुराज आत्रेय	शान्ति र विकासका दोभान - श्री ५ वीरेन्द्र	५०८
वेदबहादुर के.सी.	श्री ५ वीरेन्द्रको व्यक्तित्व, घटनाक्रम र कार्यकुशलता	५१०
शिवप्रसाद पुडासैनी	श्री ५ वीरेन्द्रसँगको दर्शनभेट	५१२
श्यामकृष्ण शर्मा खनाल	राजा वीरेन्द्र- वीरेन्द्र नै थिए	५१३
प्रा. सिद्धिनाथ गौतम	मर्त्य शरीरमा अमर्त्य व्यक्तित्व श्री ५ वीरेन्द्र	५१५
सूर्य सुवेदी	राष्ट्रिय एकताका लागि राजालाई सहयोग गर्नुपर्छ	५१८
सुशीला थापा	श्रद्धाका पात्र-श्री ५ वीरेन्द्र	५२०
हरिगोपाल प्रधान	श्री ५ वीरेन्द्र : इतिहासलाई प्रभावित पार्ने राजा	५२२
हरि लम्साल	श्री ५ वीरेन्द्रको स्मृति : केही अनुभव केही विश्लेषण	५२५
हर्षनाथ भट्टराई	श्री ५ वीरेन्द्रको सम्झनामा	५२७

हामीले चिनेका श्री ५ वीरेन्द्र

• अच्युतरमण अधिकारी

शान्ति र संयम सभ्य जीवनको पहिचान हो । आज, भोलि र पर्सिसम्मलाई राम्ररी हेरी विचार गरी काम गर्ने मानिस शान्त र संयमयुक्त हुन्छ । शान्ति जीवनको सौभाग्य हो । शान्तिमा भ्रान्ति आएन भने जीवन सौभाग्यको लहरमा लहरिदै जानसक्छ । आत्मसंयम आत्मनिष्ठामा पलाउँछ । आज, भोलि र पर्सिसम्मको सौभाग्य लहरमा लहराउँछ । जीवन एक हुन्छ र अनेकमा जान्छ । एक आफू, अनेक आफ्ना वरपरका हितैषी र सहयोगी । पारिवारिक सहयोगी र सामाजिक सहयोगी मुख्य सहयोगी हुन्छन् । सभ्य, सहयोग, संयम र सन्तुलनको मुख्य सञ्चालनमार्ग हो भने असभ्य सहयोग विनाशमार्ग हो । पारिवारिक सहयोगीले सभ्य सहयोग नै बढी गरेका हुन्छन् तर सन्त राजा वीरेन्द्र ठीक उल्टोमा परे । समाजमा राम्रो छवि भएका वीरेन्द्र परिवारबाटै समाप्त भए । अब उही चर्चा, उही प्रसङ्ग भएका सन्त राजा वीरेन्द्रकै चर्चा गर्छु है त !

राजाको दृष्टि साझा संयममा हुन्छ । सबैभन्दा परतन्त्र राजा हुन्छ किनभने राजाले स्वतन्त्र भएर हिड्ने अवसरै नपाई बिदा हुन्छन् । साह्रै संयमी, शान्त र ज्यादै नै उदार भएर सञ्चालित हुँदा पनि आफ्नै परिवारले स्वाहा पार्दोरहेछ । संयमित राजा नियमित हुन नपाई नै मरे, गए । नेपालमा असलको नै अति खराब हुने त होइन ? आफैँमा असन्तुलित भएको जीवन परहितका लागि कामै लाग्दैन । नेपाल नरेश वीरेन्द्र यस्ता कुराहरू अलि बढी विचार गर्थे कि जस्तो लाग्छ । त्यसैले वीरेन्द्रले जनसञ्चालनको मार्ग जसरी सञ्चालन गरे त्यो उनी र उनको परिवारका लागि ज्यादै नै अफाप सिद्ध भयो । यस्तो किन ? यो किन ? निकै राम्रो प्रश्न खडा हुन्छ । हामी प्रश्नै गरिरहौं तर वीरेन्द्र जस्तो राजा अब त असम्भवै होला कि ? जसोहोला, नचलाऊ त्यो झोला, त्यहाँभित्र जे होला, त्यै होला । अब बरु वीरेन्द्रका राजधैर्य र राजसंयमको व्याख्या गरौं न केही !

श्री ५ वीरेन्द्रले २०२८ साल माघदेखि यस देशको राजभार ग्रहण गरिबक्सेको हो । मौसुफका कार्यकालमा विभिन्न किसिमका परिवर्तनहरू आए । पहिलो परिवर्तन ज्यादै षड्यन्त्रकारी थियो र त्यो नेपालको हित विपरीत जानेहरूको षड्यन्त्र थियो । शासकहरू बेला बखत षड्यन्त्रमा फस्छन् र कति त त्यसैबाट डुब्छन् पनि । त्यसैले केही निर्णय लिँदा राम्रो विचार पुऱ्याएर लिनु शासकको पहिलो धर्म हो । सबैभन्दा खराब निर्णयमा फसेका राजाले त्यसबेला जे जसरी त्यसलाई पार लगाए त्यो ज्यादै महत्त्वपूर्ण कुरा हो । पञ्चायतकालको सबैभन्दा महत्त्वपूर्ण अभियान "गाउँफर्क-राष्ट्रिय अभियान" हो । श्री ५ महेन्द्रबाट देश, प्रकृति, परिस्थिति इत्यादिलाई हेरी, सोंची, विचार गरी त्यस अभियानलाई लागु गरिबक्सेको थियो । त्यसले जिल्लाजिल्ला र गाउँगाउँमा जसरी प्रभाव दियो र मनोवैज्ञानिक रूपमा जनसक्रियता प्रदान गऱ्यो यो निकै महत्त्वपूर्ण थियो । हरेक गाउँ र हरेक ठाउँमा "आफ्नो गाउँ आफैँ बनाऔं" को चेतना सञ्चालित भैसकेको थियो । धेरै ठाउँमा बाटा-घाटा, स्कुल, कलेज आदिको निर्माण गर्न, सानातिना पुलपुलेसाहरू बनाउन सजिलै जनसहभागिता जुट्ने गर्दथ्यो । अप्रत्यक्ष रूपमा सरकारी सहभागिता र प्रत्यक्ष रूपमा जनसहभागिता जुट्नेगर्थ्यो ।

त्यसप्रकारको जनसहभागिता जुटाई निरन्तर अघि बढे देशको गति निकै नै तीव्र भएर जाने सम्भावना थियो तर सो अभियानलाई परिवर्तन गरेर जनसहभागितालाई निष्क्रिय राख्ने

योजनाअनुसार षड्यन्त्र भयो र “गाउँफर्क-राष्ट्रिय अभियान” लाई राजनीतीकरण नै गरियो । त्यसपछि त्यो स्वच्छ समाजमुखी अभियान राजनीतिमा गयो । अनेकौं षड्यन्त्रहरू भए, पञ्चायतलाई एक सीमित र अति साँघुरो बनाएर प्रयोग गर्न र केही सीमित किसिमका निगाहमा केन्द्रित राख्न यो अभियान एक प्रबल माध्यम बन्यो । त्यसपछि देखिएको विरोधी र विद्रोही अभियानले पञ्चायती व्यवस्थालाई नै फ्याँक्न बहुतै ठूलो प्रयास गऱ्यो । २०३६ सालको “जनमतसङ्ग्रह” बचाउने ठूलो माध्यम बन्यो ।

जनमतसङ्ग्रह पञ्चायतकै पक्षमा गयो । आवेशी र आक्रोशीहरूले अस्वीकारको नारा दिए । त्यही बखत त्यस निर्णयलाई सजिलै र सहज स्वीकार गर्न विश्वेश्वरप्रसाद कोइराला अघि सरे, किन ? अव्यावहारिकतामा आक्रोशमात्र ज्यादा हुन्छ तर व्यावहारिक ज्ञानले आफ्नो राष्ट्र र राष्ट्रिय अस्तित्वलाई नै विशेष महत्त्व दिन्छ । त्यस वास्तविकताका एक सबल ज्ञाता कोइराला आवेशी निर्णयभन्दा राष्ट्रिय चिन्तनमा ज्यादा थिए । गाउँफर्कलाई राजनीतीकरण गरेर ल्याएको विकृति र विसङ्गतिले ‘जनमतसङ्ग्रह’ को निर्णयमा पुऱ्यायो । त्यहाँ त्यसबखत सचेत र सतर्क भई यथार्थ देखिएको निर्णयलाई स्वीकार नगरिदिएको हुँदो हो त शायद हामीले राजमुकुटको परम्परा पनि त्यसैबखत टुङ्गो लगाउनै पर्ने सम्भावना थियो । गाउँफर्क राष्ट्रिय अभियान उज्ज्वल भविष्यको सचेत मार्ग थियो । त्यसलाई बङ्ग्याउन र नङ्ग्याउन जसरी षड्यन्त्र भयो र प्रयोग भयो त्यो ठूलो गलत निर्णय थियो तर २०३६ सालको जनमतसङ्ग्रहको घोषणाले केही अल्मल्यायो अनि खल्बल्यायो नै । त्यसपछि त्यस गलत अभियानको प्रभाव पार्न सकेन षड्यन्त्रले । षड्यन्त्र षड्यन्त्रै रह्यो, बाङ्गियो अनि नाङ्गियो नै पनि ।

जनआधार, जनआक्रोश अलिअलि लम्बियो अनि दस वर्षको समय लाग्यो । तर दस वर्षले श्री ५ वीरेन्द्रलाई निकै परिपक्व बनाइसकेको रहेछ । बेलाबखतका आवेश, आक्रोश र त्यस व्यवस्था सञ्चालनको विकृतिलाई राम्ररी बुझी पञ्चायत विरुद्धको अन्तिम आन्दोलनमा अर्कै कदम सञ्चालन भयो । राजपरम्पराको इतिहास हेर्दा राजपद, मर्यादा र राजाको जनप्रियताका लागि त्यो कदम अति नै महत्त्वपूर्ण थियो । पञ्चायती पाँसुला झारेर यो बहुदलीय नशामा रक्तसञ्चालन गर्न राजा जब अघि सरे त्यसपछि करिब-करिब सर्वसम्मतै भएर राजपदप्रतिको आस्था बढ्यो । इतिहासले राजाको खुबी र कूटनीतिलाई राम्ररी स्वीकार गर्नेछ । अधिकार धान्ने हैसियत जनताको हो तर राजाले आफूसँग भएको शक्ति त दिएरै देखाए नि होइन त ? राजा वीरेन्द्रले नेपाली राजाहरूको परम्परागत मर्यादामा सर्वौषधि छर्केर गएका छन् । औषधि प्रयोग गर्दाको निर्दुक्कताले विष प्रयोग गऱ्यो तर सन्त राजा वीरेन्द्रको इतिहास त सर्वोच्च छ नि, होइन र !

जे भएपनि राजतन्त्रात्मक परम्परा भएका देशमा राजाको भूमिका नै निर्णयात्मक र जिम्मेवार हुन्छ । आज, भोलि र पर्सिसम्मको मुख्य कुराप्रति ध्यान दिएर श्री ५ वीरेन्द्र सरकारबाट जनतालाई पूर्ण अधिकार बक्सेको हो । २०४६ सालको जनआन्दोलनले राजपरम्परालाई जसरी बचायो त्यसमा नेपाली कांग्रेसको साह्रै महत्त्वपूर्ण भूमिका छ । राजाबाट जुन उदारतासाथ यो संविधान बक्स्यो- त्यो इतिहासको साह्रै उदारपूर्ण कदम हो । उदारता र जनअधिकारलाई सहन नसक्नेहरूका लागि सह्य भएन, त्यो अर्को कुरा हो तर ब्रिटेन लगायत जापान आदि देशलाई हेरेर यस्ता कुरामा दृष्टि पुऱ्याउनुपर्छ । उदारताले सहभागिता र संयोजनमा लैजान्छ तर अनुदारताले सधैँ त्रसित बनाउँछ र परपरै राख्छ । राजाप्रति भ्रातृ सहृदयता भए जनता पनि विश्वस्त हुन्छ र राज्यशक्ति दह्रो हुन्छ । सधैँ त्रासपूर्ण अनमेलको वातावरणले राष्ट्रिय विकासमा ठूलो क्षति पुगिरहेको हुन्छ । राजा शक्तिको प्रतीक र दण्डधारीमात्र होइन, मुख्य आस्थाको प्रतीक मानिन्छ र मान्नुपर्छ ।

यस्ता धेरै आधारभूत सत्य र तथ्यलाई लक्ष्य गरेर हेर्दा राजा वीरेन्द्रको अत्यन्त उदार सद्भावलाई हेरी विचार गर्दा श्री ५ वीरेन्द्रलाई एक लक्षित सही राजा मान्नैपर्छ । भोलि र भोलिको भाग्य राजाकै उदारताबाट सहज गन्तव्यमा पुग्दछ नै । हामी भोलिका लागि विश्वासिला र सफल अनि सबल नागरिक तयार गर्न पनि सफल हुँदै जानेथियौं नै । जनता दण्डले होइन, प्रेमले प्रयोगमा आउँछ । श्री ५ वीरेन्द्रले सञ्चालन गर्दै गएका कदमले त्यस्ता कुराको सङ्केत गरेको कुरा प्रष्ट नै देखिन्छ । वीरेन्द्रमार्गबाट भविष्य सञ्चालित भए भोलि दह्रा, सफल र सहृदयी नागरिक प्रशस्तै बन्दैजानेछन् । यसैले श्री ५ वीरेन्द्रको आत्माले शान्ति पाओस् भन्छु म ।

यो कलमलाई टुङ्गो लगाउँछु ।

२०५९।८।१७

●

मुलुकको विकासमा राजा वीरेन्द्र

● *ईश्वरी अधिकारी*

राजा शुद्धोदनका प्रियपुत्र नेपाल आमाका अमर सन्तति अहिंसाका पूजारी भगवान् गौतम बुद्धपछि शान्तिको ज्योति फैलाउने वीर नेपालीका प्राणतुल्य प्रिय राजा वीरेन्द्रको शान्ति क्षेत्र नेपाल आज अशान्तिले ढाकेको छ, सर्वत्र कोलाहल मच्चिएको छ त्राहित्राहि फैलिएको छ, गोली र बारुदको दुर्गन्धले रङमगिएको छ । किन ? यसको उत्तर कसैसँग छैन । ओम् शान्तिः, द्यौ शान्तिः, आप शान्तिः, सर्वे शान्तिः, जस्ता हाम्रा धर्मशास्त्रका महान् मूलमन्त्रका कर्मनिष्ठ राजा वीरेन्द्र स्वयम् र उनको समूल वंशको अन्तसमेत गोलीकै मोरीबाट भयो, जुन खबरले नेपाल आमा रोइन् नेपाली जनताले छाती फोरे, विश्वका समस्त हिन्दूका आँखा रसाए, परन्तु दैवका अगाडि कसैको केही लागेन; यी समस्त अलापविलाप निरर्थक तुल्य नै भए । दुई करोड ३४ लाख नेपालीको संरक्षण र सम्वर्द्धनको, आस्था केन्द्रको संरक्षण गर्ने साहस र हिम्मत हामी कसैसँग रहेन, रह्यो त केवल अब स्वर्गवासी राजाको अनन्त स्मरणमात्र हामीमाझ ।

विश्वका सामु परम वीर गोर्खाली भनेर चिनिएका नेपाल आमाका सपूत सन्तति आइपरेका बेला जाइ लाग्न सक्नेमात्र होइन विश्व भातृत्वका लागि शान्त स्वभावका कर्मवीर पनि छन् भनेर चिनाउने महान् सदिच्छाका धनी राजा वीरेन्द्रले यस पवित्र धर्तीलाई शान्तिक्षेत्र बनाउने ठूलो धोको राखिबक्सियो, मौसुफबाट यही धोको पूर्तिका लागि आफ्नो राज्यारोहणको दिन २०३१ साल फागुन १२ गते नै उपयुक्त मुहूर्त ठानिबक्सेछ । राज्याभिषेकको महान् क्षणमा गरिएको यस घोषणालाई पूर्णता दिन मौसुफबाट जुन अथक प्रयास गरिबक्सेको थियो, विश्वका करिब ११६ राष्ट्रले जनाएको यो प्रस्तावको समर्थनले पुष्टि गर्दछ । शान्तिक्षेत्रको प्रस्तावलाई विश्वबाट समर्थन जुटाउन मौसुफ स्वयंबाट लिइबक्सेको तीव्रता र त्यस ताकाका वर्षहरूमा विभिन्न मित्र राष्ट्रहरूले मौसुफप्रति गरिएको सराहनाले यस प्रस्तावको महत्त्वलाई अझ उचाइमा पुऱ्याएको छ । संसारमा कुन त्यस्तो प्राणी होला जसले शान्ति र सुरक्षा जस्तो महत्त्वपूर्ण अंशलाई नचाहेको होस् । नेपालको परराष्ट्र नीतिको केन्द्रीय प्रश्नसमेत भएको यो शान्तिक्षेत्रको प्रस्तावलाई दक्षिण एसियाका भारत र भुटानबाहेक र संसारका ११६ देशहरूले त्यस प्रस्तावलाई स-सम्मान समर्थन जनाइसकेका थिए जसमा रुसबाहेक सुरक्षा परिषद्का अन्य सबै सदस्य राष्ट्रहरू पनि समर्थकको सूचीमा समावेश भएका छन् । श्री ५ वीरेन्द्रको यस कदमलाई उनीहरूले शान्तिको आकाङ्क्षाको प्रतीकका रूपमा पनि स्वीकार गरिआएको देखिन्छ । नेपाललाई शान्तिक्षेत्र बनाउने प्रयत्न गर्नु र नेपालको अन्तर्राष्ट्रिय नीतिलाई कुनै एक मुलुकसँग मात्र आबद्ध नभई सबैसँग मित्रवत् अर्थात् असंलग्नताको सिद्धान्तलाई अवलम्बन गर्दै लग्नुथियो ।

श्री ५ वीरेन्द्रबाट २०३१ सालमा नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी राखिएको प्रस्तावलाई संसारका ११६ मुलुकले समर्थन जनाइसकेका थिए, परन्तु मुलुकमा भएको राजनीतिक परिवर्तनले यस कदमलाई ओझेल पाऱ्यो । लोकसम्मतिको आधारमा मुलुकको शासनव्यवस्था सञ्चालन गर्ने प्रतिबद्धतालाई आफ्नो शासनको मूलमन्त्र सम्झने शान्तिप्रिय राजा वीरेन्द्रले जननिर्वाचित

सरकारका हरेक कुरालाई समर्थन सहयोग गर्दै गइबक्स्यो । २०३६ सालको विद्यार्थी आन्दोलनलाई रक्तपात हुन नदिन प्रहरी र आन्दोलनकारीबीचको सामान्य झडप भएको भोलिपल्टै अर्थात् २०३६ साल जेठ १० गते बिहान सबेरै ६:४५ बजे जनमतको घोषणा गर्न पुगिबक्स्यो । राजा वीरेन्द्रको शान्तिप्रतिको यो अविस्मरणीय शर्त थियो । त्यसै गरी ०४६ सालमा प्रजातन्त्रको पुनर्बहालीका लागि ४९ दिनसम्म चलेको आन्दोलनले नरहत्याको रूप धारण गर्न नपरोस् भनी त्रिपक्षीय सम्झौताको आधारमा झण्डै तीस वर्ष लामो अवधि भोगेको शासनव्यवस्थालाई एकाएक भङ्ग गरी मुलुकलाई बहुलवादी शासनमा रूपान्तरण गरिबक्सियो ।

शान्तिक्षेत्रप्रस्तावलाई स्पष्ट पार्दै श्री ५ वीरेन्द्रबाट अमेरिका भ्रमणका अवसरमा हुकुम भएको थियो- “शान्तिक्षेत्रको प्रस्तावले एक स्वतन्त्र राज्यले उपभोग गर्न पाउने स्थितिको सृजना गर्दछ, र त्यसलाई अन्य राज्यहरूबाट गरिने समर्थनले कानुनी रूप प्रदान गराउँछ । यसबाट सो राष्ट्रको स्वतन्त्रता र राष्ट्रियता मजबुत पार्ने पहिलो सर्त पूरा हुन आउँदछ । यस प्रस्तावले शान्तिप्रतिको नेपालको कटिबद्धता र आफ्नो भू-राजनीतिक स्थिति विश्वलाई प्रदर्शन गरी नेपालीहरूको आकाङ्क्षाप्रति सहानुभूति सङ्कलन गर्न प्रभावकारी भूमिका सिर्जना भएको छ । शान्तिक्षेत्र प्रस्तावपश्चात्का वर्षहरूमा नेपाल र नेपालीलाई विश्वमा बढी परिचित गराउन सद्भावना, सहयोग जुटाउन समर्थ भइएको छ । शान्ति विकासको अत्यन्त महत्त्वपूर्ण पूर्वसर्त हो, शान्ति र विकास आपसमा अन्योन्याश्रित छन्, निर्बाध शान्तमय वातावरण विकासकार्यको निमित्त आधारभूत पूर्वाधार हो भन्ने तथ्य सर्वमान्य छ ।” भोकरोग जस्ता सर्वसाधारण जनताका वास्तविक समस्या समाधानका लागि ग्रामीण विकासको परिकल्पना गरिएतापनि अधिकारको विकेन्द्रीकरण नगरी व्यापक रूपमा सो हुन कठिन देखिएकाले विकासका निमित्त अनिवार्य पूर्वाधारको रूपमा विकेन्द्रीकरणको सिद्धान्त कार्यान्वयन गर्न नितान्त जरुरी हुन्छ । राजा वीरेन्द्र अत्यन्त सशक्त, सचेत र हरेक विषयप्रति अत्यन्त होशियार होइबस्सन्थ्यो र त राष्ट्रिय विकास परिषद्को एघारौं बैठकमा श्री ५ बाट हुकुम भएको थियो- “हामीले बिर्सन नहुने कुरा के छ भने जनताको उत्थानका लागि गरिने कुनै पनि काम जनताकै सक्रियता र सहयोगबाट मात्र पूरा हुन्छ । त्यसो हुनाले हाम्रो गाउँ र नगरका साथै जिल्लालाई सक्रिय बनाउनु, उनीहरूको भूमिका, काम, कर्तव्य र अधिकारलाई स्पष्ट पार्नु आवश्यक छ । यस दृष्टिकोणले हाम्रा योजनाहरूमा विकेन्द्रीकरणको सिद्धान्तलाई प्रतिबिम्बित गर्नुपरेको छ । साथै योजना तर्जुमा गर्दा भौगोलिक र प्राकृतिक वातावरणलाई पनि राम्ररी ध्यान दिनुपर्दछ । कहाँ के गर्ने भन्ने कुराको निधो गर्दा हाम्रो भू-बनोट र त्यसमा के कुरा हुन सक्छ, के कुरा हुन सक्तैन भन्ने कुरामा विशेष ध्यान पुऱ्याउनु पनि त्यतिकै जरुरी हुन्छ ।” उल्लिखित उद्गारले राजा वीरेन्द्र शान्ति, विकास र प्रजातन्त्रका हिमायती होइबक्सिन्थ्यो भन्ने यथार्थलाई पुष्टि गर्दछ ।

नेपालमा राजा र प्रजा दुवैको पारस्परिक सम्बन्धले सदैव अनुपम आदर्श कायम गर्दै आएको छ । श्री ५ वीरेन्द्र नेपाल राष्ट्रको सर्वाङ्गीण विकास एवम् जनताको सुखसुविधाका लागि चिन्तनशील र जिम्मेवार राजा होइबक्सिन्थ्यो भन्ने तथ्यलाई मौसुफबाट बक्सेको अर्को उद्‌गार, “जसरी मलाई मेरो देश र जनताको माया छ त्यसै गरी भोक र रोगले पीडित मेरा जनताप्रति मेरो दायित्व छ” भन्ने भनाइले प्रमाणित गर्दछ । त्यसैगरी श्री ५ वीरेन्द्रबाट कोलम्बो योजनाको २६ औं परामर्शदातृ समितिको ०३४।८।२० मा काठमाडौँमा भएको पूर्ण बैठकको समुद्घाटनका अवसरमा बक्सेको सम्बोधन भाषणमा “नेपालका प्रमुख सम्पदाहरूमध्ये जलश्रोत पनि एक हो । यसलाई राम्रोसँग उपयोग गर्न सकेको खण्डमा हाम्रा मुलुकको सर्वतोमुखी विकास गर्नमा यो एक अद्‌भूत साधन सिद्ध हुन सक्छ । हाम्रा नदीहरूबाट विद्युत्शक्ति उत्पादनमात्र नभई जमिनको सिँचाइ पनि प्रशस्त मात्रामा हुन सक्छ । यसभन्दा पनि बढी हाम्रो जलश्रोत वनसम्पदाको विकल्पको रूप मात्र नभई बहुमुखी विकासको ऊर्जाशक्तिको रूपमा समेत काम लाग्न सक्तछ” हुकुम भएको थियो । यसबाट के स्पष्ट हुन्छ भने मौसुफ सरकार मुलुकका यावत् क्षेत्रमा चिन्तनशील र जानकार होइबक्सन्थ्यो ।

धर्म, विकास र शान्ति एकार्काका निष्ठा हुन् भन्नेतर्फ सङ्केत गर्दै राजा वीरेन्द्रबाट हुकुम भएको छ– “सच्चा धर्म विकासको बाधक होइन साधक हो, हामीले आधुनिकताको लक्ष्यतिर अगाडि बढ्दा नेपालीले आफ्नोपनबाट कतै बाटो नभुली आफ्नो परम्पराको

महान् आदर्श र नेपाली आत्मालाई दह्रो पार्दै अगाडि बढ्नुपर्दछ । नेपालीले आफ्नो धर्मको आदर्श बाटोमा हिड्दा हाम्रो शान्तिपूर्ण नीतिको जगेर्ना गर्न सकिन्छ । यो नै नेपालीको मौलिकपन हो र यसलाई सधैँ कायम राख्न सकिन्छ । हाम्रो विचारमा हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिनेछ, र हाम्रो संस्कृति मेटिएमा हाम्रो सभ्यताको मूल नै सुक्दछ । अनि हाम्रो संस्कृति र सभ्यता मेटिए, हामी पनि मेटिनेछौँ । हाम्रो आफ्नोपन र आफ्नो विलक्षणताको चिनारी हाम्रो धर्मले दिएको छ ।"

राष्ट्रको अखण्डता, अक्षुण्णता राख्दै अन्तर्राष्ट्रिय सद्भावना र सहयोग जुटाउने क्रममा क्षेत्रीय समझदारीको सङ्गठनात्मक प्राप्ति एउटा अतिरिक्त आयाम हुनसक्ने कुरा नेपालले महसुस गर्दै आएको थियो । नेपाली आत्माको यो अव्यक्त अवधारणाले असंलग्नताप्रतिको प्रतिबद्धता गतिशील नेतृत्वको फलस्वरूप सशक्त अभिव्यक्ति पाएको थियो, जुन अभिव्यक्तिले नेपाललगायत दक्षिण एसियाली सात राष्ट्रको एउटै साझा चौतारीको निर्माण गर्नसमेत सफलता प्राप्त गऱ्यो ।

जनप्रिय राजा वीरेन्द्रबाट २०४६ साल पुष १ गतेको शाही घोषणामा जनताका प्रति एक अर्को प्रतिबद्धता बक्सिदै सन् २००० सम्म एसियाली मापदण्डबाट मानवोचित जीवनस्तर हासिल गर्न नेपालीको आधारभूत आवश्यकताको रूपमा रहेका खाद्यान्न, आवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य सुरक्षा जस्ता आधारभूत कुरा पुऱ्याउन राजनीतिक प्रतिबद्धता अनुरूपको योजनाबद्ध विकासप्रयास र कार्यान्वयन तर्जुमा गर्न मार्गनिर्देशन भएको थियो । यसरी मुलुक र मुलुकवासीका निमित्त सदैव चिन्तनशील रहने राजा वीरेन्द्रको असामयिक अन्त्यले आज तमाम नेपाली जनमानसमा ठूलो आघात पुऱ्याएको छ, समस्त मुलुकवासीले यस पीडालाई आँसुको रूपमा बहाइरहेका छन्, र कालान्तरसम्म हरेक नेपाली मस्तिष्कमा राजा वीरेन्द्रको सम्झना ताजै रहिरहनेछ ।

●

शाहवंशका उज्ज्वल ताराको अस्त

● उपप्रा. उमानाथ भट्टराई "अचल"

नेपाली राजा प्रजाका लागि, नेपाली प्रजा राजाका लागि, नेपाली राजा र प्रजा दुवै नेपालका लागि, रहेको तथ्य स्वीकार्य तत्त्व हो । नेपाल आमा नै नेपाली राजा र प्रजाको संयुक्त जननी हुन् । नेपाल रहेमात्र हामी नेपालीहरू रहन सक्तछौं । बिना नेपाल नेपाली रहँदैनौं । यो नेपाल भनेको के कति भूभाग हो त ? यसलाई चिन्नु अत्यावश्यक छ । यस प्रसङ्गमा यसको महत्त्व धेरै ऋषिमुनिहरूले गाएका प्रमाणहरू यत्रतत्र छरिएका छन् । यहाँ हामीले विनापूर्वाग्रह बुझ्नु पर्ने कुरा महर्षि वेदव्यासले लेखेको स्कन्दपुराणभित्र रहेको, नेपाल महात्म्य र भृगुतन्त्रको निम्न श्लोक स्मरणीय रहेका छन् ।

> जटेश्वरं समारभ्य योगेशान्तं महेश्वरि
> नेपालदेशो देवेशि स्ववंशस्यैव पालकः ॥

जल्पाइगढीदेखि शुरु भएर योगेश्वर भगवान्का मन्दिरमा योगमायादेवीको मन्दिरको बीच के कति हो र कहाँसम्म हो त्यति नै विशाल लम्बाइ र उत्तर हिमालदेखि दक्षिण पश्चिम गङ्गानदीको बीचको भूभागभित्र नेपाल रहेको कुरा पछि आएर बडामहाराजाधिराज पृथ्वीनारायण शाहको आफ्नो दिव्योपदेशमा गङ्गामा पुगेर खाडो पखाल्ने प्रसङ्गले पनि अनुमान लगाउन सकिन्छ । भृगुतन्त्रमा केही पर गएर-"सत्ये सत्यवती ज्ञेया त्रेतायां तु तपोवनम् । द्वापरे मुक्तिसोपानः कलौ नेपालका पुरी ॥" भनेर युगानुसार नेपालका अलग-अलग नामकरण गरिएको पाइन्छ । यसपछि महाभारत कालमा पनि नेपालको प्रसङ्ग उत्तम भूमिको रूपमा उभ्याइएको देखिन्छ ।

> "उत्तरे हिमवत्पार्श्वे पूज्ये सर्वगुणान्विते ।
> पुण्यक्षेत्र्याश्च कामश्च सः परो लोक उच्यते ॥"

यसो भनेर यस देशलाई पवित्र, सर्वगुण- सम्पन्न, शान्त, परलोक अर्थात् स्वर्गको रूपमा मानिएको छ । यस देशमा बहने कौशिकी, गण्डकी, भेरी, राप्ती, महाकाली, काली आदि नदीहरू र यहाँका गुफा मन्दिर, आश्रम आदिले पनि देवको प्राचीन भूमिकै रूपमा नेपालको नाम आउँछ । त्यस्तै जनक, जानकी, व्यास, वाल्मीकि, गण्डक, कौशिक आदि ऋषिमुनिका साथै राजा विराट्, राजा हरिश्चन्द्र जस्ता धेरै ऋषिमुनि र राजा महाराजाका पुरातन प्रसङ्गहरू यस देशको गौरव बढाउने प्रेरणाका स्रोत बनेका छन् । यस्ता विराट र व्यापकताभित्र बसेका नेपालीहरूमा गोपाल, किराँत, लिच्छवी, मल्ल र शाहहरूका सानाठूला थुप्रै ऐतिहासिक प्रमाणहरू पनि हामीकहाँ पाइन्छन् । तत्कालीन समयमा पनि अन्य थुप्रै आदिवासी जातिहरूसँग घुलमिल भएर बसेका हिन्दूधर्म संस्कृति ॐकार परिवारभित्रका धेरै जातिहरू बिनाअहङ्कार यस भूभागमा दानधर्म, न्यासध्यान, व्रततीर्थ जस्ता पुण्यकर्म गरेर बस्थे भन्ने प्रमाणहरू हाम्रा प्राचीन धर्म शास्त्रले दिएका छन् । अहिले पनि यदाकदा पुराना शिलामूर्ति आदि फेला पर्ने गर्दछन् । त्यसैले यो भूमि साझा जातिले संयुक्तरूपमा उपभोग गर्दै आएको शान्त र

पुण्य भूमि हो भन्दा अत्युक्ति नहुनु पर्ने हो । यो प्राचीन नेपाल माध्यमिक कालमा आएर कसरी छिन्नभिन्न भयो भने यहाँ त अनेकौं सानाठूला राज्यहरूमा टुक्रिँदा टुक्रिँदै काठमाडौं उपत्यकाभित्र पनि भाइअंश लाग्दा कान्तिपुर, ललितपुर र भक्तपुरजस्ता राज्यहरू जन्मन पुगे । अब त त्यति विशाल नेपाल खालि काठमाडौंमा मात्र सीमित हुन पुग्दा नेपाल शब्दले काठमाडौंलाई मात्र बुझाउन सक्ने भयो । यही हो माध्यमिक नेपाल । अब यसको आधुनिक नेपाल स्वरूप निर्माण गर्ने साहसी, आँटी, वीर र उत्साही युगपुरुष श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह जसको १० पुस्तामा आइ पुग्दाका राज्य उत्तराधिकारी शाहवंशका उज्ज्वल तारा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको अन्त्यभन्दा पनि कसरी कुन वंशबाट यो वंश यहाँ आइपुग्यो र प्रजाप्रति यस वंशको पुर्ख्यौली कसरी मरिमेट्थ्यो भन्ने ऐतिहासिक झलकको साथ यस वंशमा जन्मेका शाहवंशका उज्ज्वल ताराका रूपमा नेपाली माटो र मुटुमा विराजमान भइबक्सने श्री ५ वीरेन्द्रको स्मृतिग्रन्थमा सानै भएपनि लुकेर बसाउने हेतुले यो विवेचनात्मक ऐतिहासिक लेख तयार पारेको र यसै लेखको माध्यमबाट मौसुफहरूमा श्रद्धाञ्जलीसमेत अर्पण गरिएको हो ।

कुलमण्डन शाहका सात भाइ छोरामा कान्छा यशोब्रह्म शाहले लमजुङमा राज्य गरेको र गणेश पाण्डे, भगीरथ पन्त, गङ्गाराम राना आदि थरघरको सहयोगबाट सर्वप्रथम लिगलिग कोट र त्यसको वर्षदिनपछि उनका पुत्र द्रव्यशाहले गोर्खामा आफ्नो आधिपत्य कायम गरी गोर्खाराज्यको शुरुवात भएको प्रमाण पाइन्छ । यो क्रम वि.सं १६१६ बाट भएको छ । १६१६ बाट १६२७ तक उनले गोर्खामा राज्य गरे । द्रव्यको निधनपछि छोरा पूर्ण शाह र नाति छत्रशाहले क्रमशः राज्य गरेपछि छत्र अपुत्र हुँदा उनका कान्छा भाइ राम शाहले गोर्खाको शासन चलाए । राम शाह न्यायी, धार्मिक, वीर र सुधारक एवम् उदारवादी राजा भएकाले उनलाई सबैले मान्दथे । उनले २७ वर्षतक राज्य गरी छोरा डम्बरलाई राज्य दिएर वानप्रस्थी भए । राम शाहपछि क्रमशः डम्बर शाह, कृष्ण शाह र रुद्र शाहले राज्य गरे । राजा रुद्र शाहपछि रुद्र शाहका पुत्र पृथ्वीपति शाह राजा भए । उनका पुत्र वीरभद्र युवराज छँदै स्वर्गे भएकाले गर्भे टुहुरा उनका नाति नरभूपाल शाह राजा भए । नरभूपाल शाहका रानीहरू धेरै थिए । नरभूपालले वि.सं. १७७३ बाट १७९९ तक राज्य गरे । यसपछि मात्र आधुनिक नेपालका निर्माता श्री ५ पृथ्वीनारायण शाहको राज्यकाल शुरु भएको हो ।

श्री ५ बडामहाराजाधिराज गोर्खाका राजा भइबक्सेपछि नेपालको एकीकरण र आधुनिक नेपालमात्र होइन नेपाली भाषाको भाषिक एकता तथा राष्ट्रभाषाको रूपमा प्रयोग हुने अझ दरिलो आधार तयार भयो र नेपाललाई चारवर्ण छत्तीस जातको फूलबारीका रूपमा उन्नतशील बनाउने सुवर्ण मौका पनि मिल्यो । बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहका उत्तराधिकारीहरूमा श्री ५ महाराजाधिराज प्रतापसिंह शाह, श्री ५ रणबहादुर शाह, श्री ५ गीर्वाणयुद्धविक्रम शाह, श्री ५ राजेन्द्रविक्रम शाह, श्री ५ सुरेन्द्रवीरविक्रम शाह, श्री ५ त्रैलोक्यवीरविक्रम शाह, श्री ५ पृथ्वीवीरविक्रम शाह, राष्ट्रपिता श्री ५ त्रिभुवनवीरविक्रम शाह, श्री ५ महेन्द्रवीरविक्रम शाह र श्री ५ वीरेन्द्रवीरविक्रम शाहसम्ममा आइपुग्दा स्वतन्त्र नेपालको नागरिक भएर धेरै देशभक्त र प्रजाभक्त वा प्रजावत्सल, सामाजिक, धार्मिक, कुटनीतिक, राजनीतिक, बौद्धिक, व्यावहारिक आदि विविध पक्षमा उच्च दक्षता बोकेको राजपरम्पराको छत्रछायाँमा नेपालीहरूले जीवननिर्वाह गर्न पाएका थिए । राजा शब्द नेपालीको लागि कति प्यारो भयो भने कसैबाट अन्याय र अत्याचारमा परी दुःख पाए पनि राजाले चाहिँ प्रजालाई दुःख दिदैनन् भन्ने भावना स्वतः जागृत हुने गर्दछ । हिन्दू संस्कृतिमा राजाका प्रजाप्रति र प्रजाका राजाप्रति उत्तिकै दायित्वहरू रहेको हामी पाउँछौं, जो उपर्युक्त राजाहरूबाट निरन्तर पाएको उपलब्धि नै हो भन्दा अत्युक्ति नहोला । यसैबीच यति लामो इतिहासमा कहिले भारदारीहरूको उतारचढाव त कहिले सामन्तीहरूबाट स्वघोषित रूपमा कोत र भण्डारखाल आदिबाट सत्ता हत्याई १०४ वर्षसम्म स्वयम् राजालाई पनि बन्दीसरह जीवन यापन गर्न बाध्य पारिएका घटनाहरू हाम्रा सामु आइपुगे । राजा र प्रजाको संयुक्त प्रयासको फलस्वरूप २००७ सालको क्रान्ति सफल भएपनि २०१५ तक अन्योल नै रह्यो । २०१६ बाट २०१७ को आधा बित्ने बित्तिकै संवैधानिक राजतन्त्रमा पनि संसदीय व्यवस्थालाई समाप्त पारी श्री ५ महेन्द्रबाट पञ्चायती प्रजातन्त्रको स्थापना भयो । यसको लक्ष्य जे जस्तो भएपनि कार्यान्वयन पक्षको इतर र भितरको भेद मच्चिन लागेकाले नेपाली जनमानसमा विद्रोहको राँको सल्किदा २०३६ को जनमतसङ्ग्रह र २०४२ को सत्याग्रह आन्दोलनको साथै २०४६ को संयुक्त जनआन्दोलनको स्वागत साथ स्वयम् श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट संवैधानिक राजाको रूपमा आफूलाई स्थापित गरिबक्सी देशमा बहुदलीय व्यवस्थाको पुनःस्थापनामात्र गराइबक्सेन, मौसुफबाट त आफूमा निहित सम्पूर्ण अधिकार जनतामा सुम्पेर अभूतपूर्व उदारताका साथ जनतालाई सार्वभौमसत्ता सम्पन्न गराइबक्सियो । त्यतिमात्र होइन, यस पछिका दिनहरूमा हरेक काम जनताको रायबिना मौसुफबाट भएन । आज मौसुफको संस्मरण गर्नुपर्दा लेखकको आँखा तिरमिर हुनु एक सपना जस्तो विषयको कारणले नै हो, जो कसैले नसोचेको, नसुनेको, नदेखेको,

नभोगेको सपनामा पनि कल्पना गर्न नसकिने र अत्यन्तै अकल्पनीय नारायणहिटी राजदरबारहत्याकाण्ड २०५८।२।१९ गते शुक्रवार राति ९।१५ बजे घट्न पुग्यो । सारा नेपाली रोयौँ तर रोएर पो के गर्ने ? आखिर गीताको कर्मयोगलाई नसम्झी भएन । त्यसैले-

> नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
> न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥

भन्ने सम्झेर मौसुफ सरकारहरूको आत्माको चिरशान्तिको कामना गरी आफैँले आफूलाई नै बुझाएर बस्नुबाहेक अर्को विकल्प जनतामा थिएन, त्यस्तै भयो । उक्त हत्याकाण्डमा तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्र, मातृममताका प्रतीक श्री ५ बडामहारानी ऐश्वर्य, युवाहरूका अनन्त प्रेरणाका श्रोत श्री ५ युवराजाधिराज दीपेन्द्र, श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी राणा, श्री ५ अधिराजकुमार नीराजनलगायत अन्य धेरै राजपविारका सदस्य सरकारहरूको एकपछि अर्को गर्दै तीन दिन भित्रमा स्वर्गारोहण भइसकेको थियो । अचेत अवस्थाका श्री ५ अधिराजकुमार दीपेन्द्रलाई श्री ५ महा राजाधिराज घोषित गरेपनि मौसुफ सिकिस्त भइबक्सेकाले कुनै अर्थ रहेन, खाली आशाको त्यान्द्रोमात्र जनतामा आइपुग्यो । आखिर शाहवंशको परम्परामा श्री ५ वीरेन्द्रको सम्पूर्ण वंश नै लोप भइसकेपछि सो परम्परा अविच्छिन्न राख्न श्री ५ महेन्द्रका माहिला सुपुत्र श्री ५ वीरेन्द्रका माहिला भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाहदेव सरकारलाई श्री ५ महाराजाधिराज घोषित गरी नेपालको अस्तित्व जोगाउन नेपालीहरूले लाग्नु पऱ्यो । त्यस्तो दुर्दान्त घटना घटित भयो तापनि नेपाली जनताले श्री ५ वीरेन्द्रका निम्न कार्यक्रमलाई सदाकाल सम्झिरहने छन् । राजाको सुख नै प्रजाको सुख प्रजाको हित नै राजाको हित सम्झी बक्सने मौसुफका कार्यहरूमा प्रमुख रूपमा नेपाललाई शान्तिक्षेत्रको प्रस्ताव राखी ११६ वटा देशबाट समर्थन जुटाउनु, प्राथमिक शिक्षा निःशुल्क गराउनु, देशको समानुपातिक विकासका लागि पाँच विकास क्षेत्रमा देशलाई विभाजन गर्नु र चिया, अलैँची, अम्लिसो आदि उन्नत कृषिजन्य वस्तुका लागि देशका उपयोगी ठाउँलाई घोषणा गर्नुको साथै दक्षिण एसियाली राष्ट्रहरूको सङ्गठनको निर्माण गरेर विश्वमा नेपालको नाम उच्च पार्नु जस्ता धेरै कार्यहरूले मौसुफहरूप्रति नेपाली सँधै ऋणी भएका छौँ ।

२०५८ साल ज्येष्ठ १९ गते शुक्रबारको परम्परागत रात्रीभोज, त्यो दिन यमराजका दूतहरूको साथमा आएछ । उक्त दिन राति ९ बजेर १५ मिनेट जाँदा शुरु भएको हत्याकाण्ड स्वयम् देशका प्रधानमन्त्रीलाई केही समयपछि मात्र थाहा हुनु र त्यतिबेलासम्ममा त्यो बीभत्स हत्याकाण्ड समाप्त भई सैनिक छाउनीमा पुगेरमात्र बिरामी हेर्न प्रधानमन्त्री पुग्नुबाट नेपालका प्रधानमन्त्री र राजदरबारसँगको अन्तरसम्बन्धमा समेत प्रश्न चिन्ह खडा हुन पुग्यो । नेपालीहरूले नेपाल र विश्वमा नै नसुनेको र नदेखेको घटना देख्नुपर्दा र इतिहास लेख्नुपर्दा कस्ता भए भन्ने कुरा पनि यहाँ उल्लेख गर्न सकिन्न । यो दर्दनाक रहस्यमय दैवीप्रकोपको आगमनले विश्व जनमानसलाई नै किंकर्तव्यविमूढ बनाइदियो । यता नेपालीलाई चाहिँ कहिल्यै बिर्सन नसकिने र कहिल्यै निस्कन नरोकिने आँसुले समुद्रमा डुबायो । आँखाको नानी नै निस्की सकेपछि आँखाले के देख्ने ? मनले कति सोच्ने र हातले के लेख्ने ? तैपनि मनमा आएको तुलबुल र चिन्तालाई नपोखी मन शान्त नहुँदा यो प्राचीनकालदेखि नै प्रजापालक सनातन धर्मका संरक्षक हिन्दूसम्राट्, वैदिक धर्मका अनुयायी राजवंशको इतिहासमा परेको भवितव्य र परम्पराको क्षति भई महाराजाधिराज वीरेन्द्रको समूल निःसन्तान भएको देख्ता मन थाम्न नसकी यस लेखकले यो सानो लेख प्रस्तुत गरेको हो । मानसिक व्यथा निको पार्न शाहवंशका उज्ज्वल ताराको बारेमा केही प्रकाश पार्ने काम भएको छ । जसले प्रत्येक नेपालीलाई निष्पक्ष रूपमा देखिबक्सन्थ्यो, जसले पैदलै भ्रमण गरी देशका कुनाकन्दरामा रहेका जनताको दुःखसुखमा सहभागी भइबक्स्यो र जो देशका उद्योगधन्दा, कृषि, पशुपालन, चिया, अलैँची, अम्लिसो जस्ता आयआर्जन योग्य वस्तुको उत्पादनमा आफ्ना प्रजालाई निरन्तर प्रेरणा दिइबक्सन्थ्यो । त्यो आत्मा आज अवश्य पनि अमर हुनुपर्दछ । त्यो आत्माले यी नेपालीको आफ्नो अनुपस्थितिमा रहेको अवस्थालाई प्रत्येक कुना- कन्दरामा पुगी सूक्ष्म रूपमा पक्कै पनि निरीक्षण गरेकै हुनुपर्छ भन्ने अन्तरविश्वासले मौसुफ र अन्य स्वर्गीय आत्माप्रति चिर शान्तिको कामनाको साथ ईश्वरसँग प्रार्थना गर्दछु ।

म्याग्लुङ्ग क्याम्पस, तेह्रथुम
२०५९।८।१३

हुनेहार दैव नटार

● एकराज शर्मा

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवकै वैयक्तिक स्वभाव र मौसुफमा अन्तर्निहित प्रजावत्सलताप्रति यो पंक्तिकार पनि द्रवित बनेको थियो ।

राज्यसत्ता सञ्चालनका क्रममा सधैँ आफूले थाहा पाएको वा आफनो ब्रह्मले ठीक ठानेको कुरालाई मात्र प्रयोग गर्ने राजा वीरेन्द्र बहुमखी प्रतिभा भएका मानिसका रूपमा स्थापित देखिन्थे । उनका कार्ययोजनाहरूलाई हेर्ने वा बेहोर्ने जो कोहीले पनि उनी समयभन्दा अग्रगतिमा वा समयको प्रवाहसँगै गतिशील हुन खोज्ने व्यक्तित्व थिए भन्ने ।

राजाको हैसियतले राज्यसत्ता सञ्चालनप्रति प्रमुख उत्तरदायी बन्नु उनको दिनचर्या नै बनेको हुन्थ्यो । राज्यसञ्चालनको अभिभारा पाएकाहरूबाट समयसापेक्ष ढङ्गले चुस्त, दुरुस्त र जनमुखी काम हुन नसकेको बोझ श्री ५ वीरेन्द्रको थाप्लोमा पर्नु स्वाभाविकै थियो, जसले गर्दा मौसुफको स्वास्थ्यमा समेत यदाकदा प्रतिकूल असर पर्न गएको त होइन भन्ने भान हुन्थ्यो । सम्पूर्ण जीवन राष्ट्र वा राष्ट्रवासीको उन्नति र प्रगतिका निमित्त समर्पण गर्ने राजाले त्यसरी क्रूर नियतिको सिकार बन्नु हुनेहार दैव नटार होइन र ? वा क्रूर दुर्नियति नै होइन र ?

मेरो मन एकतमासले त्यतिबेला घोरियो, जतिबेला मैले एकजना छिमेकीबाट श्री ५ वीरेन्द्रको वंशविनाशको मर्मभेदी हृदयविदारक घटना सुनेँ । त्यतिखेर म बिहानको घरधन्दामा लागेको थिएँ, जतिखेर बिहानको ५.५० बज्दै दरबार घटना सुनेपछि म अधैर्य भएँ । दुहुँदा-दुहुँदैको दूध त्यही छोडेँ, अव्यवस्थित लवाइमा छिमेकीकहाँ गएँ । त्यहाँ मैले कोसँग के सोधेँ या सोधिन याद आउँदैन । फेरि फर्केर घर आएँ । अर्को छिमेकीकहाँ गएर आफ्ना मित्रबन्धुहरूलाई घटनाबारे जिज्ञासा लिँदै फोन गरेँ । कतैबाट पनि हैन भन्ने खबर आएन । म झनै हतास भएँ, अब के हुन्छको अन्योल ममा पनि व्याप्त भयो । त्यति बेला बिहानको ७.०० बजिसकेको थियो । रेडियो खोलेँ समाचारमा केही कुरा आउला भन्ने लागेको थियो तर शोक धुनबाहेक केही आएन । सडकमा हेर्छु, गाडी चल्दै चलेन भनिदिए पनि हुन्छ । आकाशमा हेर्छु, सूर्य किरण नै मधुरो जस्तो लाग्छ, वनस्पतितिर हेर्छु पंक्षीहरू उडेका हुँदैनन् वा उडेर पनि बोल्दैनन्, मौसुफलाई यसो नियाल्छु कस्तोकस्तो धुम्म परेझैँ लाग्छ, गोठमा आएर हेर्छु वस्तुले घाँस खानै छोडेर टोलाइरहेजस्तो देख्छु । हिजोअस्ति खुब सुन्दर देखिने टलकदार हिमाललाई फिका देख्न थालें । बगैंचाका फूलहरूले रङ्ग फेरेझैँ लाग्यो । शालीनदी बगिनन् भनेझैँ प्रकृति स्थिर रहेजस्तो लाग्यो र म पनि के साँच्चै राजा वीरेन्द्रको वंश विनास भएकै हो त ? यदि हो भने किन ? कुन पृष्ठिभूमिमा ? कसबाट ? के प्रयोजनका निमित्त ककस्को रोलमा आदि विषयलाई लिएर घोरिन थालेँ । समय ३ घण्टा बितेछ, मलाई थाहा भएन ।

घटना घटेको केही दिनपछि विभिन्न पत्रपत्रिकाहरूमा प्रसन्न मुद्रा परेका राजा वीरेन्द्रको परिवारसहितको फोटोतस्वीर र श्रद्धाञ्जली आउन थाल्यो । फरक के थियो भने श्रद्धेय राजपरिवारको फोटो-तस्वीर प्रसन्न मुद्राको देखिन्थे भने श्रद्धाभाव व्यक्त गर्नेहरूको मुख मुद्रा मलिन देखिन्थे । म सधैँ श्री ५ वीरेन्द्रको मुख मुद्रामा

अभिभावकीय बोझ व्याप्त भएकै देख्दथें । पंक्तिकारको यो अड्कल कति ठीक थियो त्यो कुराको निर्क्योल प्रत्येक फोटो द्रष्टाले गर्न सक्ने नै भयो । प्रायः सधैँ मन्द मुस्कानमा देखिने राजा वीरेन्द्रको दुःखद अवसानपछि देशको तमाम खाले व्यवसायीहरूको व्यवसायमा आर्थिक मन्दी आएको कुरा सुनिन थाले । धर्ममा आस्था राख्नेहरू विष्णुअंशीय राजा स्वर्गवास भएपछि अब नेपालमा अनिष्टता छाउने भयो भन्न थाले । सर्वसाधारणहरू चाहिँ माओवादी समस्या झनै बढेर गएको स्वर सुसेल्न थाले, यात्रुहरूले दिनानुदिन अत्याधिक परिवहनदुर्घटनाहरू बेहोर्न थाल्नुपर्‍यो । साक्षर, निरक्षर, विद्वान् सबैमा एक प्रकारको नैराश्यको भावहरू देखिन थाले । श्री ५ वीरेन्द्रको शासकीय कार्यकुशलता देख्ने वा बेहोर्नेहरूमा एक प्रकारको टोलाहटपूर्ण स्थिति पैदा भयो । कसले सोचेको थियो वीरका द्वन्द्वले नै त्यसरी कसैको सनक वा क्रूर कर्तुतको सिकार बन्नुपर्छ भनेर । इतिहास निर्भय हुन्छ भन्थे, ठिकै रहेछ । यदि इतिहार त्यस्तो नहुँदो हो त राष्ट्रको सर्वोच्च शक्तिकेन्द्रभित्र त्यस्तो भयावह घटना घट्दा पनि कसले रोक्न सक्यो वा बोल्यो त ? 'बार बारे तिल बच्छ' भन्ने उक्तिले खै त सार्थकता पाएको ? दरबारभित्रका त्यत्रा सैन्य शक्ति, त्रिकालदर्शीहरू, ग्रहगोचरको स्वस्तिशान्ति गर्नेहरू, कसैले पनि त्यो दिनको दुःखद घटना थाहा पाएनछन् ? के सबै कृष्ण जन्मँदाका पाले पहरा बनेछन् ? हैन भने, के भएको त राजदरबारमा २०५८ जेठ १९ मा ? घटनाहरूको यथार्थविवरणको दस्तावेज मानिने इतिहासमा पनि कयौँ यस्ता अनुत्तरित प्रसङ्ग वा सन्दर्भहरू हुँदा रहेछन् जसका बारेमा स्पष्ट चर्चा गरिएको होस् । सृष्टिको प्रारम्भदेखि नै विश्वमा कैयौं यस्ता प्रलयकारी घटनाहरू घट्दैआइरहेका छन्, जसलाई बिर्सन खोजेर पनि सम्भव हुँदो रहेनछ । विगत वर्षको राजदरबार घटनाकाण्ड पनि यस्तै मध्येको भयजन्य विष्मयकारी घटना थियो ।

'हुनेहार दैव नटार' भनेझैं अप्रिय घटना घट्छ कि भनेर मानिसहरू सतर्क रहनु उसको अपेक्षित पक्ष हो भने दुःखद घटना घट्नु वा उसले त्यसलाई बेहोर्न पर्नु या त्यसको सिकार हुनुचाहिँ उसको नियतिमै भरपर्दो रहेछ । भारतीय प्रधानमन्त्री राजीव गान्धीको हत्याकाण्ड होस् वा मदन भण्डारीको दुःखद देहावसान होस् या पेण्टागनकाण्ड होस् अथवा चेचेनहरूद्वारा गरिएको नाचघर कब्जाकाण्ड नै किन नहोस्- के त यी सबै घटनाहरू शान्ति, सुरक्षा र सतर्कताको अभावले नै घट्न गएका हुन् त ? यथार्थचाहिँ यो होइन । घटना घट्छ कि भनेर सतर्क रहनु मानवीय कुरा हो भने घटना घट्नु र मानिस त्यसको सिकार हुनुचाहिँ उस्को नियति नै हो । हुनुहार दैव नटार भनेर मानिसले सतर्क वा सचेतता अपनाउनै पर्दैन भन्नु पनि सही विश्लेषण नहुन सक्छ । मानिस हदैसम्मको जिज्ञासु प्राणी हो तापनि उसका कैयौँ जिज्ञासाहरूले निकास पाएका हुँदा रहेनछन्, किनभने नेपालीहरू के जान्न चाहन्थे भने नारायणहिटी राजदरबार काण्डको पृष्ठभूमि के कस्तो थियो, कसको मिलिमतोमा क-कसले केका लागि त्यत्रो जघन्य घटना घटाए ? आखिर खै त नेपालीहरूको तीव्रतम जिज्ञासाको अन्त्य भएको ? सधैं स्वादिष्ट, शीतल जल पिउन अभ्यासरत लेकालीहरूले वैशाखे गर्मीमा इनारको पानी पिएसरह दरबार हत्याकाण्डको विवरण पाए । नौनीसरीका श्री ५ वीरेन्द्रमा ढुङ्गो पगाल्ने सामर्थ्य रहेछ भन्नुपर्‍यो । जीवनभन्दा मृत्यु रोज्ने वर्गले पनि उनको देहावसानमा शोकपुस्तिकाको प्रयोग गरेछन् र उनलाई राष्ट्रवादी चिन्तनको निर्क्यौल पनि गरिदिएका छन् । प्रत्येक व्यवसायीहरूले हप्तौँसम्म आफ्ना व्यवसायहरू सञ्चालन नगर्नु, कैयौं श्रद्धालुहरूबाट सामूहिक र वैयक्तिक तवरले श्री ५ वीरेन्द्रप्रति लाखबत्ती बाल्नु, पुराण लगाउनु, केशमुण्डन गर्नु र छाक छोड्नु जस्ता काम-कुराहरूले जनताबाट राष्ट्रनायकप्रति व्यक्त श्रद्धाभावको सङ्केत गर्दछ ।

राजा वीरेन्द्र प्रत्येक विवेकशील नेपालीका श्रद्धेय पात्र हुन् भने प्रत्येक सिर्जनशीलहरूका विधागत वा क्षेत्रगत सिर्जनाका स्रोत हुन् । उनी प्रत्येक चित्रकारहरूको छनौटमा परून्, प्रत्येक कवि, कथाकार र उपन्यासकारहरूको विधागत नायक बनून् र प्रत्येक गीतकारहरूको गीतका पंक्तिहरूमा छिरून् र गुन्जिऊन् अनि प्रत्येक धार्मिक तथा बूढापाकाहरूले गर्ने तर्पणमा 'तर्पेय पितृ' बनून् र अन्त्यमा प्रत्येक भावी सन्ततिले समेत उनको नाम र कामलाई सम्झने मौका पाऊन् । यही हाम्रो उनीप्रतिको सच्चा श्रद्धा वा श्रद्धाञ्जली हुनेछ ।

जिन्दगीभर कलाक्षेत्रमा लाग्नेहरूको कलाले पनि सबैलाई सधैँ उत्तिकै ढङ्गले आकर्षण गर्छ नै भन्न सकिँदैन तर श्री ५ वीरेन्द्रको पनि कला क्षेत्रमा जुन रुचि र सफलता थियो त्यो कुनै चर्चित कलाकर्मीको भन्दा कम थिएन । २०२२ सालमा गठित ललित कला संस्थामा १२ वर्षसम्म अध्यक्षको भूमिका निभाएको कुरालाई कुन कलाकर्मीले बिर्सिएको होला र ?

श्री ५ वीरेन्द्रको भौतिक शरीर देख्न नपाए पनि सानो र ठूलो पर्दामा नै भएपनि उनी र उनका वंश तथा उनका जीवन लीलालाई देख्न पाइयोस् यही नै तमाम नेपालीहरूको प्रमुख अपेक्षा हो ।

दारेचोक गा.वि.स.वडा नं. ७,
चितवन, चुम्लिङटार

●

वीरेन्द्र सरकारको शान्तिक्षेत्र प्रस्तावप्रतिको देन र सम्झना

• एस.पी. आसा

विषयप्रवेश

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको पत्र प्राप्त भएपछि फेरि एकपटक अत्यन्त नरमाइलो अवस्था पार गरिसकेको अपत्यारिलो अत्यन्त हृदयविदारक बीभत्स घटनाको संस्मरण गर्नै पऱ्यो । यस्तो संस्मरण मैले यसभन्दा पहिले चारपटक गरिसकेको छु । त्यसबेला कुनै संस्मरण अरूहरूको अनुरोधमा र कुनै संस्मरण आफ्नो हार्दिक स्वेच्छाबाट निस्किएका थिए । ऐले पाँचौं पटक यो लेखनीलाई आँसुको भेल बगेका अकल्पनीय घटनाको विषयमा लेख्न बाध्य पारिरहेको छ । २०५८ साल जेठ १९ गतेको कालरात्रिमा जुन घटना राजदरबारमा घट्यो, त्यो घटनाको विवरण सुनेर को रोएन होला ? करोडौं आँखाबाट बगेको आँसुको भेलमा राजा वीरेन्द्र प्यारा वीरेन्द्र, नेपाल सदासर्वदा शान्तिको अनुयायी होस् भन्ने कामना राखी “शान्तिक्षेत्र प्रस्ताव” विश्वसामु राख्ने साहस, प्रजातन्त्रका प्रवर्तक जनताका लोकप्रिय राजाको शरीरका साथै अन्य नौ जनाको नश्वर देह पनि खरानी भयो । त्यसबेला बगेको सबै आँसु एकै ठाउँमा जम्मा भएको भए चिताको खरानी पखाल्न वागमतीको पानीको आवश्यकता पर्देन थियो होला । त्यसबेला हामी नेपालीमात्र होइन संसारका सारा मानिसहरू बीभत्स ह्दयविदारक घटना सुनेर रोए । हामी नेपाली त धेरै दिनसम्म विरहवेदनामा डुबिरह्यौं र शोक ऐलेसम्म पनि गरिनै रहेका छौं । तर के गर्ने विधिको विधानका अगाडि कस्को के लाग्दो रहेछ र ? “मम इच्छा गतिर्नास्ति दैवइच्छा प्रवर्तते” “दैव इच्छाअगाडि मेरो इच्छाको गति हुँदैन” भन्ने ती वचनको संस्मरण गरेर भगवान्को यस्तै सदिच्छा रहेछ भनेर मन बुझाउँदै गयौं । त्यसबेला मैले अत्यन्त भावनात्मक प्रेरणाबाट केही लेखहरू प्रकाशित गराएँ । जनताहरू सत्य जानकारी चाहन्छन् । नेपाल समाचारपत्र ०५८/२/२८ ‘शाहवंशीय दफा र गोरखनाथको आशीर्वाद’ नेपाल समाचारपत्र ०५८/३/९ हिन्दूराज्यमा दैवी प्रभाव “हिन्दू संस्कृतिको वैज्ञानिक र व्यावहारिक प्रयोग श्री ५ वीरेन्द्र सम्झना श्रद्धाञ्जली स्मृतिग्रन्थमा “प्यारा राजाप्रति शब्दार्चना” मा व्याख्या गरी नै सकिएकाले ती विषयतिर नलागेर हाम्रा प्यारा राजा कस्ता थिए र कसरी लोकप्रिय भए भन्ने विषयमा छोटो प्रकाशन पार्ने प्रयत्न गर्नेछु । मौसुफ सरकारको वैदेशिक नीति, शान्तिक्षेत्र प्रस्ताव र संसारका समग्र हिन्दूहरूको हिन्दू सम्राट्का रूपमा अवस्थित व्यक्तित्व र जनचाहनाअनुरूप प्रजातन्त्रका साथै वैदिक राजधर्मसमेतका सा-सानु विवरणात्मक व्याख्या गरेर मौसुफको व्यक्तित्वमा प्रकाश पार्ने प्रयत्न गर्नेछु ।

वैदिक मान्यताअनुसारको विश्व हिन्दू महासंघको राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा जाँदा हाम्रा राजाको फोटोमा माल्यार्पण गरी समस्त हिन्दूहरूका हिन्दू सम्राट् श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको जय जय भनी जयजयकार गरेका धेरै ठाउँहरूमा यो लेखकले देखेको सुनेको र भाग लिएको छ । विदेशको भूमिमा हाल स्वर्गीय राजा वीरेन्द्रको त्यस्तो जयजयकार गुञ्जिएको सुन्न पाउँदा मेरो मन हर्षविभोर भएको थियो । यो प्रसंग यतिमात्रै अरू विशेष अर्को लेखमा विस्तृत व्याख्या गरुँला अहिलेलाई अर्के प्रसंगतिर लागूँ ।

शान्तिक्षेत्र प्रस्ताव

हामी वैदिक संस्कृतिमा विश्वास राख्नेहरू हौं । वेदमा उल्लेखित कयौं आदर्श संस्कार, संस्कृति र दर्शनको आज ठाउँठाउँमा अनुसन्धान र व्याख्या भइरहेका छन् । यस्तो दर्शनमा शान्तिको ठूलो महत्त्वको कुरा भनिएको छ र शान्तिकै प्रसङ्गमा एक ठाउँमा “शान्तिरेव शान्ति” भनिएको छ अर्थात् शान्तिको पनि शान्ति होस् भन्ने भनाइ हो । हामी विचार गरौं शान्तिपछिको शान्तिमा कस्तो आनन्दानुभूति होला । हाम्रा दर्शनउपनिषदहरूमा “चिदानन्द रूपं शिवोऽहं शिवोऽहं” भन्ने छ । सत् चित् आनन्द प्राप्त भएपछि आफूले आफैंमा विश्वस्वरूपको अनुभव गरिन्छ रे । जब यस्तो अनुभव गरिन्छ ईश्वरको साक्षात्कारको चरमावस्थामा पुगिन्छ भनिएको छ । यस्तो उपलब्धि शान्तिबाट मात्र प्राप्त गर्न सकिन्छ । यस्तो महत्त्वपूर्ण शान्तिलाई आत्मसात् गरी श्री ५ वीरेन्द्र सरकारले यस देशलाई शान्तिक्षेत्र घोषित गरियोस् भनी विश्वसामु प्रस्ताव राखिबक्सेको हो । नीतिमा एक ठाउँमा यस्तो भनिएको छ :–

दण्ड नीतियर्दा सम्यक् शास्तारमधितिष्ठति
तदा विद्याविदः शेषरविद्या सम्यगुपासते ।

जहाँ राज्यव्यवस्था कि हुन्छ त्यहीँ विद्वान्हरूको र विद्याको राम्रो उन्नति हुन्छ । दण्डनीति शासनव्यवस्था तबमात्र ठिक हुन्छ जब देशमा शान्ति कायम हुन्छ । शान्ति कायम नभएको अवस्थामा देशमा कुनै कुराहरूको पनि विकास सम्भव हुँदैन । त्यो विकास चाँडै भौतिक, मानसिक, आध्यात्मिक, शैक्षिक, राजनीतिक कुनै पनि विषयको होस् विकास सम्भव हुँदैन । अहिले हामीले भोगिरहेको लथालिङ्ग अवस्थामा त विकासको संभावना छैन किनभने विकासका लागि शान्ति अपरिहार्य छ । अहिलेको राजनीतिक अवस्थाले हामीलाई २०११ सालको राजनीतिक अवस्थाको सम्झना गराउँछ । त्यसवेलाका साहित्यहरूको अध्ययन गर्नुभयो भने यस्तै अवस्था पाउनुहुन्छ । “चुनाव चाँडो गराउनु” भन्ने नारामा त्यसबेला जुलुसको आयोजना गरिन्थ्यो । अहिले हामी ११/१२ सालको राजनीतिक अवस्थामा मात आएनौं जस्तो लाग्छ । सोचनीय विषय छ आज संसर कता पुगिसक्यो हामी अलमलिएको अलमलिएकै छौं । यो १२ वर्षे प्रजातन्त्रमा पहिलेपहिले जस्तो शान्ति भइदिएको भए निश्चय पनि कैयौं कुराहरूको विकास हामीले गरिसक्ने थियौं । तर दुर्भाग्यले त्यसो भएन । यो १२ वर्षमा शान्तिको नाउँ नै कसैले लिएन भने शान्तिक्षेत्र प्रस्तावको कुरा कता गयो, गयो ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारले आफ्नो राज्यारोहणको समय २०३१ साल फाल्गुण तदनुसार (२५ फरवरी १९७५) का दिन धेरै देशका विशिष्ट पाहुनाहरूको सुखद उपस्थितिको समयमा यो प्रस्ताव प्रस्तुत गरिबक्सेको थियो । त्यसबेलाको सुखद समारोहमा यस्तो महत्त्वपूर्ण प्रस्ताव सरकारले पेश गरिबक्सँदा हामी नेपाली गौरवान्वित भएका थियौं भने अधिकांश कूटनीतिक प्रतिनिधिहरूले सकारात्मक रूपमा लिएका थिए । यसै भएर क्रमशः समर्थन प्राप्त हुँदै गयो र ११६ वटा देशहरूले शान्तिक्षेत्र प्रस्तावको समर्थन गरे । शान्तिक्षेत्रको विषयमा तत्कालीन महाराजाधिराज सरकारले स्वदेशका र विदेशका प्रेसहरूलाई बक्सेको अन्तर्वार्तामा शान्ति भनेको के हो भन्ने कुरामा अत्यन्त सारगर्भित तरिकाबाट विद्वत्तापूर्ण अन्तर्वार्ता बक्सेको छ । त्यस्तै अरू नै विषयमा प्रवेशसँग कुरा गर्दा पनि शान्ति क्षेत्रको कुरा समय, समयमा उठाइबक्सेको छ । त्यसमध्ये विदेशी प्रेससँग कुरा भएका केही प्रसङ्ग यहाँ जानकारीका लागि प्रस्तुत गरिएको छ ।

२०३३ सालमा युगोस्लाभियाको ताङ्जुङ भन्ने पत्रिकालाई २०३४ सालमा, फार इष्टर्न इकोनोभिक रिभ्यु २०३७ सालमा, अरब-यूज जेद्दा ०३९ सालमा, पाकिस्तानी प्रेस पी.वी.ए. अमेरिकन नेशनल क्लब भ्वाइस अफ अमेरिकालाई र न्यूजविकलाई २०३९ सालमा, चिनियाँ पत्रकारलाई २०३९ सालमा एफ.इ.इ.आर. र ए.एफ.पी.लाई सारगर्भित अन्तर्वार्ता कुराकानीहरू गरिबक्सेको छ जस्मा शान्तिक्षेत्रको विषयमा राम्रा राम्रा अभिव्यक्ति सरकारबाट प्रस्तुत भएको छ । यस्ता उच्चस्तरीय अन्तर्राष्ट्रिय पत्रपत्रिका, रेडियो टेलिभिजनहरूमा बक्सभएका अभिव्यक्तिमा राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, अखण्डता र शान्तिप्रस्तावको विषयमा सारगर्भित उल्लेखनीय अभिव्यक्ति बक्सेको छ । मौसुफबाट हुकुम भएको छ–

“नेपालको दुस्मन अर्को छैन, यस्ले कुनै अर्को देश वा क्षेत्रबाट उत्पन्न डर वा धम्कीको कारणले नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी प्रस्ताव राखिएको होइन ।”

“हाम्रो देशमा मात्र होइन यस क्षेत्र र विश्वमा शान्तिहोस् भन्ने हामी चाहन्छौं शान्तिको खोजी जस्तो सच्चा खोजी अरू केही हुन सक्दैन र शान्तिको चाहना जस्तो अरू केही हुन सक्दैन ।”

“शान्तिको काममा नेपालीहरू समावेश नभएको कुनै क्षेत्र छैन, शान्तिक्षेत्रको प्रस्ताव संयुक्त राष्ट्रसँगको वडापत्र, पञ्चशीलका सिद्धान्त, शान्तिपूर्ण सह-अस्तित्व र हाम्रो आफ्नै विकास र शान्तिको प्रतिबद्धतामा आधारित छ ।”

२०३८ साल भाद्र १४ गते पेरिस सम्मेलनमा श्री ५ वीरेन्द्रबाट अत्यन्त सारगर्भित भाषण बक्स हुँदा हुकुम भएको थियो “विश्वका गरिबहरूको पक्षमा मैले बोलिरहेको बेला दालभातका लागि कराइरहेको एउटा बालकको आवाज म सुन्दछु । हामी उसलाई दाल, भात, तरकारीको बदलामा बम दिन्छौं । ऊ

दयाको भीक मागेर हामीलाई हेरिरहेको हुन्छ । तर हामी उसलाई निर्दयताको तिरस्कार दिन्छौं जब ऊ शान्तिको तयारी गर्छ, हामी युद्दको तयारी गर्छौं ।" राजाको भाषण सुनेपछि त्यही अमेरिकनले बडो खुसी भएर भन्थ्यो रे । "अमेरिकीहरू गणतन्त्रवादी हुन्, तर श्री ५ को भाषण सुनेपछि अमेरिकीहरू राजतन्त्र मन पराउन थालेका छन् ।"

यस्ता धेरै कुराहरू छन् तर यहाँ लेख लामो हुँने हुँदा नमूनाका रूपमा मात्र केही प्रस्तुत गरेको छु । तर यहाँ एउटा महावाणी उल्लेख नगरी मनले मान्दै मानेन । सरकारका धेरै महावाणीमध्ये यो एउटा हेरौं त –"जहाँ जति मात्रामा शान्ति खलबलिन्छ, त्यहाँ त्यति नै मात्रामा विकासको गति अलमलिन जान्छ ।" राजा वीरेन्द्रले शान्ति प्रस्ताव एक्कासि ल्याइबक्सेको होइन । यस विषयमा सरकारले धेरै समयको सोच र अध्ययनपछि राज्याभिषेकको समयमा नेपालीलाई र विश्वको जनमानसमा के दृष्टिकोण दिने भन्ने सन्दर्भमा अत्यन्त उल्लेखनीय सराहनीय प्रस्ताव राखिबक्सेको हो । हुन पनि शान्ति भनेको नेपालीलाई मात्र चाहिने होइन । यो त प्रत्येक मानवलाई अझ भनौं प्रत्येक प्राणीलाई अत्यन्त आवश्यक विषय हो । हाम्रै धर्म, संस्कृति, नीति सबैमा शान्तिको अति ठूलो महत्त्व छ । शान्तिबिना कोही हुँदैन भन्ने सरकारबाट पहिले नै महशुस गरिबक्सेको हो । यी कुराहरू २०३० साल जेठमा नर्वेजियम ब्रोडकाष्टिङ करपोरेशनलाई बक्सेको अन्तर्वार्ता, २०३० साल भाद्रमा न्युजविकलाई, २०३० साल भाद्रमै भारतीय पत्रकार समूहलाई, २०३० साल भाद्रमै फाल्गुणमा नेपालका पत्रकारलाई दिएको अर्न्तर्वाताहरूबाट कुराकानीहरूबाट अवगत गर्न सकिन्छ । यसै भेटघाटका क्रममा नेपालको विषयमा सरकार कति चिन्तित होइबक्सेको रहेछ भन्ने कुराको अनुमान लगाउन सकिन्छ ।

"नेपालका निम्ति सबभन्दा ठूलो कुरा यसको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्नु हो ।"

"नेपाल उपमहाद्विपको भाग होइन, चीन भारतलाई छुने एसियाको भू-भाग हो । म नेपाली जन-जीवनलाई माथि उठाउने कार्यलाई बढी प्राथमिकता दिन्छु ।"

"नेपालले समुद्र पारसम्मको पारवहन अधिकार पाउनुपर्छ ।"

"नेपालीहरू कोशी र गण्डकी जस्ता योजनाहरूको विषयमा चिन्तित हुन लागे, नेपालीहरू आफू ठगिएको महशुस गर्न लागेका छन् , यी अप्रिय कुराहरू हुन् जसलाई हामीले दोहोरिन दिनुहुँदैन ।"

"नेपाली माटोको रक्षा, नेपाली जनताको प्रगति तथा विश्वशान्ति र सम्बन्धमै केन्द्रित रहेका छन् ।"

२०३० साल देखिका यस्ता अभिव्यक्तिबाट मौसुफ नेपाल र नेपालीप्रति कति धेरै चिन्तित होइबक्सिदो रहेछ भन्ने बुझिन्छ र यस्ता सम्पूर्ण समस्याहरू शान्ति कायम भएपछि स्वतः हुँदै आउने विषय हुन् भन्ने कुरामा सरकार अडिग होइबक्सिदो रहेछ भन्ने कुरा हामीलाई अवगत हुन्छ । श्री ५ महाराजाधिराज सरकार शान्तिको चाहना मनमा मात्र राखेर नेपालमा मात्र भाषण गरेर चुपचाप राज भएन । यसको समर्थन जुटाउनका लागि देशभरका वैदेशिक कूटनीतिज्ञसँग भेटघाट कुराकानी मात्र गरिबक्सेन, त्यसमाथि विदेशमा सवारी भएर आफूले राखेको प्रस्ताव विश्वसामु पुऱ्याएर, उहाँहरूसँग छलफल गरेर, उहाँहरूको मन जितेर विभिन्न देशबाट शान्तिक्षेत्र प्रस्तावको समर्थन जुटाइबक्सियो । फलस्वरूप विभिन्न देशका राष्ट्राध्यक्षहरूबाट समर्थन हुँदै गयो र ११६ राष्ट्रका राष्ट्र प्रमुखहरूले समर्थन गरे । तर यस्तो विश्वजनमत प्राप्त गरिसकेको शान्ति प्रस्तावलाई ०४६ सालपछिको सरकारले नै समर्थन गरेन । शान्तिक्षेत्र प्रस्ताव भनेको खराब कुरा होइन भन्ने अभिव्यक्तिसम्म आएन । मानौं निर्वाचित सरकार अशान्ति आउँदैन र शान्तिका लागि कुनै काम गर्नु नै आवश्यक छैन जस्तो गरी मौन बस्यो । त्यसैको फल आज हामीले भोगिरहेका छौं । २०४८ सालपछि हामी सारा नेपालीहरूलाई प्रजातन्त्र भनेको मनचिन्ते झोला हो जसबाट जे कुरा पनि पूरा हुन्छ भन्ने भयो । त्यसैको फलस्वरूप स्वतन्त्रताको दुरूपयोग गरी भित्र्याइएको घातक पदार्थबाट हामी घरघरै त्राहिमाम् त्राहिमाम् अवस्थामा पुगेका छौं ।

जसरी महाभारतको लडाइँ हुनुभन्दा केही अगाडि भगवान् कृष्ण कौरवहरूको निवासमा शान्तिप्रस्ताव लिएर जानुभएको थियो त्यसबेला शान्तिप्रस्तावको अपहेलना गरी कृष्णलाई फर्काउँदा महाभारतको लडाइँ भएको थियो ठिक त्यस्तै प्रजातन्त्रप्राप्ति पछिका सरकारहरूले शान्तिप्रस्तावको बेवास्ता गर्दा आज नेपालीहरूको यो दुर्दशा भएको छ । यदि राजा वीरेन्द्रवीरविक्रम सरकारको शान्तिप्रस्तावलाई जीवन्तता प्रदान गरिएको भए आज हामीले यो अवस्था देख्नपर्दैन थियो होला । नीतिमा भनिएको छ–

राजा प्रजानाम् प्रथमम् शरीरम् प्रजाश्च राज्ञः प्रतिमम् शरीरम् ।
राजाविहीना नभवन्ति देशा देशैर्विहीना न नृपा भवन्ति ।

राजा प्रजाहरूको शरीर हो र प्रजा नै राजाको शरीर । राजा नभए देश पनि हुँदैन र देश नभए राजा पनि हुँदैन । धर्मनीतिमा राजाप्रजाको प्रगाढ सम्बन्धको यस्तो किसिमसँग व्याख्या गरिएको छ । नीतिगत राजा र जनताको सम्बन्धअनुसार राजा वीरेन्द्रले हामी नेपालीप्रति यस्तो उद्गार व्यक्त गरिबक्सेको छ– "हामी नेपाली आपसमा फुटे हामीलाई होइन अरूलाई नै फाइदा

हुन्छ ।" "देशको स्वतन्त्रतालाई हामी नेपाली आफ्नो प्राणभन्दा प्यारो गौरव ठान्छौं ।" सरकारका यस्ता उद्‌गारहरू जसले राष्ट्रिय जागरणमा ऊर्जा थप्ने कार्य गर्दछ, यस्ता महावाणीहरू धेरै छन् तर लेख लामो हुने भएकाले समावेश गर्न सकिएन । हामीले मौसुफका गरिमामय महावाणीको अनुसरण गरी अगाडि बढ्ने परिस्थिति सृजना गर्न सकेको भए गरेको भए हामीले पनि आज विश्वमा उल्लेखनीय हुन्थ्यो होला । तर हामीले त्यसो गरेनौं । २०४७ सालपछि कसरी हुन्छ राजाको अधिकार कैद गर्ने कार्यलाई नै हामीले मुख्य अंगका रूपमा सञ्चालन गर्‍यौं । हुँदा हुँदा सरकारहरूको पनि त्यस्तो बीभत्स अवसान भयो ।

संस्मरणात्मक उपसंहार

२०४७ सालपछि मेरो अध्यक्षतामा बी.पी. स्मृतिग्रन्थ प्रकाशन गरेर विमोचन गरिसकेपछि श्री ५ महाराजाधिराज सरकारको स्वर्ण शुभजन्मोत्सवको अवसरमा हाम्रो समितिले अभिनन्दनपत्र चढाउने निर्णय गर्‍यो । त्यसपछि सरकारको शुभजन्मोत्सवको दिन मेरो अध्यक्षतामा १५० जना जतिको जुलुस लिएर राजदरबार गएर लाइनमा भित्र प्रवेश गरियो । भित्र सरकार राज भएको ठाउँमा पुष्पगुच्छा अर्पण गर्ने अवसर पाइयो । यसभन्दा अगाडि म सरकारको त्यति नजिक पुग्ने अवसर पाएको थिइन । त्यो दिन पुष्पगुच्छा अर्पण गर्न सरकारको नजिक पुग्दा के भयो कुन्नि सरकारलाई अर्पण गर्न ल्याएको फूल सरकारकै नजिक टेबुलमै मेरो हातबाट खस्यो । म बडो अप्ठारोमा परेँ । पछाडिबाट मिल्टरीको ए. डि.सि. हो क्यार आउनुभयो । अर्को एक जना मयलपोस सुरुवालकोट लगाएको मानिस पनि आउनुभयो । एकै छिन अडिएर तुरुन्त पुष्पगुच्छा टिप्न मेरो हात अगाडि बढ्यो । त्यसैबेला सरकारले पनि हात बढाएर पुष्प गुच्छा उठाएर अरू फूल भएको ठाउँमा राखिबक्सियो । मैले नमस्कार गरेर फर्किएँ । सरकारले म हडबडाएको देखेर आफैं पुष्पगुच्छा उठाएर राखिबक्सिएकाले मेरो समस्या समाधान भयो । यस्तो अत्यन्त विचारशील व्यक्तित्वका धनी श्री ५ महाराजाधिराज सरकारको ०५८ जेठ १९ गतेको त्यो बीभत्स हृदयविदारक, अकल्पनीय, अमानवीय घटनामा आफू, आफ्ना परिवार सबैको दुःखद निधन भयो ।

मैले पृथ्वीनारायणशाह जीवनीपरक उपन्यास तयार गरेपछि प्रबुद्ध व्यक्तिहरूको परामर्शमा श्री ५ महाराजाधिराज सरकारको शुभ-कामना मन्तव्यका लागि दरबारमा अनुरोध गरेँ । केही समयपछि डाक्टर चेतबहादुर कुँवर र सौजन्य जोशीको दस्तखत भएको धन्यवाद पत्र प्राप्त भयो । मैले त्यो दुवै छापिदिएँ । पुस्तकको इतिहासमा श्री ५ महाराजाधिराज र श्री ५ युवराजाधिराज सरकारको धन्यवाद ज्ञापन सँगसँगै भएको पुस्तक मलाई लाग्छ त्यही मात्र हो । त्यो पनि एउटा संयोगै भयो । बौद्धिक क्षेत्रमा पुस्तकको अत्यन्त प्रशंसा भएपछि सरकारहरूमा उक्त पुस्तक टक्र्याउने विचारमै थिएँ कि श्री ५ त्रिभुवन वीरविक्रम शाहदेव सरकारको जीवनीमा आधारित हामीले कसरी प्रजातन्त्र ल्यायौं भन्ने पुस्तक लेख्न लागें । यो दुवै पुस्तक सरकारमा एकै पटक समर्पण गर्ने इच्छा राखेर म निरन्तर अभियानमा लागि नै रहें । पुस्तक ०५७ साल फाल्गुण ७ गते सम्ममा छापिइसकेको थियो । विमोचनको क्रम मिलाउँदा मिलाउँदैमा जेठमा त्यस्तो दुर्भाग्यपूर्ण बीभत्स घटना भइहाल्यो । सारा मानिसको मन मर्मतक ठिक भएन । यस्तो अवस्थामा मैले विमोचनको कार्यक्रम गरिन र हामी सबै मानसिक रूपबाट अलिकति समालिइसकेपछि भाद्र महिनामा पुस्तक विमोचन गरियो । तर दुईवटा नै पुस्तक राजा वीरेन्द्रवीरविक्रम शाहमा अर्पण गर्ने मेरो आन्तरिक अभिलाषा मनभित्र नै त्यसै दबिएर बस्यो । मनमा दुःख लागेका र आफ्नो इच्छाहरू अपुरै रहेका धेरै कुराहरू छन् । त्यस्तै तपाईसँग पनि त्यस्ता असंख्य कुराहरू होलान् । तर यहाँ यतिमा म बिन्ती बिसाई प्यारा राजा र राजपरिवारको यस्तो दुःखदायी मरणप्रति अफशोच जनाउँदै उहाँहरूको सद्‌गति प्राप्त होस् भन्ने भगवान्‌समक्ष प्रार्थना गर्दै यो सानो लेख यहीं विसर्जन गर्दछु ।

●

श्री ५ वीरेन्द्र : स्मृतिको पानामा

• *खेम कोपिला खरेल*

राजसंस्थालाई आफ्नो सर्वोच्च आस्थाको पुञ्ज मान्ने नेपाली परम्परा हो । गीतामा भनिएको छ- मानिस मध्येका देवता नरेश हुन् । त्यसैले राजाको अनुपस्थितिमा मुलुक अनाथ हुन्छ भन्ने मानसिकता बोकेका नेपालीहरूले राजसंस्थालाई आदर्शको प्रतिमूर्ति र एकताको प्रतीक मान्दछन् । ममा पनि एउटा पवित्र हिन्दू ब्राह्मणपुत्र भएकाले होला त्यो अटल आस्था स्वभावैले जीवन्त छ र हजूरबुबा र बुबाले पञ्चपितामध्येका एक पिता राजा भएको हुँदा स्वर्गीय राजालाई तर्पण र श्राद्ध गर्ने गरेको परम्पराले, झन् प्रभावित भएको हुँ । त्यही आस्था, त्यही श्रद्धा, र त्यही विश्वासले मलाई राजाको दर्शन पाउने लालसाले घचघचाइरहन्थ्यो । प्रसङ्गवश मैले पनि श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको प्रत्यक्ष दर्शन गर्ने सौभाग्य १-२ चोटि प्राप्त गरेको थिएँ । तीमध्ये २०४६ साल फागुन १० गते स्वागतदर्शनको क्षण मेरो मनमस्तिष्कमा तरोताजा रहेकाले संक्षेपमा यहाँ राख्न कोशिस गरेको छु ।

२०४६ को जनआन्दोलनका कार्यक्रमहरू धमाधम अग्रगतिमा गइरहेका थिए । म गुल्मी जिल्लाको आँपचौर गाउँ पञ्चायतको निर्वाचित प्रधानपञ्च थिएँ । नेपालमा कफी खेतीको प्रादुर्भाव भएको ऐतिहासिक गा. पं. भएको र नौलो खेती कफीप्रति श्री ५ को अत्यन्त सकारात्मक चिन्तन र जिज्ञासा भएकाले क्षेत्रीय भ्रमणको सिलसिलामा पशिचमाञ्चल क्षेत्रको मेरो गाउँमा २०४६ साल फागुन १० गते सवारी हुने कार्यक्रम भयो । राजाले एकपटक कुल्चेको माटो मस्तकमा लगाउने नेपालीको छोराले आफ्नै आँगनमा प्यारा राजाको स्वागतदर्शन गर्न पाउनु, मेरा लागि त्योभन्दा अर्को सौभाग्य के नै हुन सक्थ्यो र ! हर्षले उन्मादित भएँ, रोमाञ्चित भएँ र त्यो दिनको पर्खाइमा अहोरात्र स्वागत व्यवस्थाका लागि खटिरहेँ !

राजालाई यथार्थदेखि टाढा राख्ने तत्कालीन प्रवृत्तिले गर्दा मलाई ३ दिन अधिमात्र सैनिकहरू गाउँमा पुगेपछि आधिकारिक जानकारी भयो । प्रधानपञ्च भएको नाताले सुरक्षा बाहेकका अन्य जिम्मेदारीहरू ममाथि नै थिए । कसरी राजरानीलाई खुसी पार्ने ? भन्ने महत्त्वाकांक्षाले मलाई अझ बढी क्रियाशील बनायो र रचनात्मक, जिम्मेवार र कर्मठ व्यक्तित्व प्रस्तुत गर्ने अवसरको सदुपयोगका लागि भरमग्दुर लागिरहेँ । तत्कालीन जिल्ला प्रशासकसँग स्वागत व्यवस्थाबारेमा मतभेद भएपनि मेरो आफ्नो इच्छालाई प्रतिबिम्बित गराइछोडेँ । हेलिप्याड र सरकारहरूलाई सवारी चलाउनु पर्ने कफी फर्मको दूरी झण्डै ५०० मिटरको थियो । सवारी चलाउने म नै भएको हुँदा त्यस दुरीमा श्री ५ सँग भलाकुसारीहरू पनि भए । “मुलुकको राजनीति कस्तो छ ?” हुकुम भयो । “सरकार, राजसंस्था राजगाथप्रति नेपालीहरूको अगाध श्रद्धा र विश्वास छ तर व्यवस्थाप्रति जनता उदासीन छन्, सरकार !” भन्ने बिन्ती बिसाएँ । सरकार मुस्कुराइबक्स्यो । विकेन्द्रीकरण बारेको सरकारको जिज्ञासामा, कागज मै सीमित छ, तल्लो तहसम्म विकेन्द्रीकरण नआएको कुरा राखेँ । त्यसपछि कफी र श्री ५ कै निगाहाबाट सञ्चालनमा रहेको झण्डै १ करोडको आँपचौर कफी सिँचाइ आयोजनाका बारेमा सोधनी भयो । त्यसका बारेमा पनि सापेक्षित बिन्ती बिसाएँ । अँ, मेरो जिल्ला प्रशासनसँगको मतभिन्नता

खास गरेर सवारी मार्गमा तुल बिछ्याउने र स्वागतमञ्च सजावटका विषयमा भएको थियो ! मैले दुवै कुरा बजेटको अभाव र यथार्थ कुरा सरकारमा जाहेर गर्ने हिसावले अस्वीकार गरेको थिएँ– । सौभाग्यवश स्वागतमञ्चको स्थानीय सीप, साधन र श्रोतको अधिकतम प्रयोग गरेर बनाइएको थियो । सरकारहरू मञ्चमा सवारी हुने बित्तिकै महारानीसँग Oh ! nice stage हुकुम हुँदै मतर्फ नजर लगाउँदै मुस्कुराएको मलाई भखरै जस्तो लागिरहेछ । सरकार स्वर्गवास होइबक्स्यो र शव यात्रामा हिडेर दाहसँस्कारसम्म सँगै रहँदा पनि विश्वास लागेन मौसुफहरू यस संसारमा होइबक्सिन्न भनेर !

मेरो गाउँबाट फिर्ती सवारी हुने क्रममा म हेलिप्याडसम्म पुगें । सरकारहरूको बिदाइ दर्शनमा । सिंहावलोकन गर्दै सरकारबाट मर्जी भयो "प्रधान ! तिमी फर्क, हेलिकोप्टरको हावाले असजिलो हुन्छ । अँ, कफी विकासका लागि तिमीलाई द्विविधा भयो वा केही समस्या रह्यो भने तिम्रा लागि नारायणहिटी दरबारका चारै ढोका खुल्ला रहनेछन् ।" हुकुम हुँदै मुस्कुराउँदै बिदा गर्दा म एक छिन टोलाइरहें । श्री ५ वीरेन्द्रसँग त्यसपूर्व सामूहिक र व्यक्तिगत रूपमा एक दुईचोटि दर्शन पाएको थिएँ तर मेरो जिम्मेवारी र त्यो भ्रमण मेरो अर्को जुनीसम्म पनि स्मृतिका पानामा रहनेछ । त्यो वात्सल्य, त्यो स्नेह अब अतीतकै पानामा रहे । राजसंस्थाप्रतिको दृष्टिकोण अझ अरू सकारात्मक रहन थालेको छ ।

२०५८ जेष्ठ २० गते काठमाडौंका सडकभरि आँसु पोखिए, थाम्नै सकिएन र भावुक हुँदै अब अनन्तसम्म आफू अविभावकविहीन भएको महसुस गरिरहेको छु ।

आँपचौर, गुल्मी

●

हार्दिक श्रद्धासुमन

● *गणेशबहादुर बस्नेत (दिङ्लाली)*

प्रकृतिको नियम हो- संसारमा प्राणीको जन्म भएपछि एक न एक दिन मर्नै पर्दछ । यो संसार एउटा नाटचशाला हो । प्रत्येक व्यक्ति आ-आफ्नो भूमिका निर्वाह गर्दछन् र दुनियाँलाई त्यसपछि छोडेर जान्छन् । मृत्युबाट कोही बच्न सक्तैन । यसले धनी, गरिब, ठूला, साना कुनै भेद गर्दैन भन्छन् तर अप्राकृतिक अशोभनीय घटना घट्यो २०५८।२।१९ साँझ नारायणहिटी राज दरबारमा । लोकका जनप्रिय राजारानी कुशल मातापिताका कुशल सुपुत्रद्वय, सुपुत्री राजपरिवारका अन्य सदस्यहरूको नश्वर शरीर पञ्चतत्त्वमा मिल्यो ।

सो घटनाले देशवासीको मात्र नभै विश्वका नागरिकको समेत मुटुमा ठूलो चोट पुऱ्यायो, देशवासीलाई धुरुगस्-धुरु रुवायो । दुनियाँमा कति जन्मन्छन् कति मर्दछन्, पर्वाह हुँदैन तर देश र नागरिकको हितमा जसको जीवन बित्दछ त्यसको स्मरण चिरकालसम्म रहन्छ । इतिहासको पानामा ठूलो सुनौलाक्षर कोरिएको हुन्छ । वास्तवमा मानिसहरूलाई आफ्नो कर्तव्यको कारणले याद गरिन्छ नकि लामो उमेरका कारण ।

त्यस्तै हाम्रो देशको इतिहासमा विभिन्न वंशका राजाहरूले राज्यसञ्चालन गरेका पाइन्छन् तर उल्लेखनीय भने थोरै पाइन्छन् । थोरै मध्येका राजा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव तथा श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह उल्लेखनीय र प्रिय होइबक्सन्छ । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारको जीवनमा लोकहितका थुप्रै काम भएका छन् । आफ्नो देशका प्रजाहरूको जनइच्छा र आकांक्षाअनुरूप मुलुकको शासनप्रणालीलाई विकास गरेर प्रजातान्त्रिक प्रक्रियालाई अगाडि बढाउने कार्यमा श्री ५ बाट अतुलनीय योगदान बक्सेको थियो । बहुदलीय व्यवस्थाको पुनःस्थापना र प्रजातान्त्रिक संविधानको निर्माणमा राष्ट्रिय एकताका प्रतीक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारले बुद्धिमत्तापूर्वक खेलिबक्सेको भूमिकाको सबैले स्वागत गरेका थिए । मौसुफको पालामा निम्नस्तरका गरिबदुःखीका पनि छोरा-छोरी पढ्न पाऊन् र आँखा देखून् भनेर निःशुल्क शिक्षाको व्यवस्थाको लागि घोषणा गरियो ।

देश र जनताको भलाइका लागि अथक परिश्रम गरिबक्सने जनप्रिय राजाबाट नागरिकको व्यक्तित्वको विकास नै राष्ट्रको विकास हो भन्ने भावना अङ्गीकार गरिबक्सी नेपाल अधिराज्यको संविधान २०४७ जारी गरिबक्सेर मौसुफ सरकारबाट महान् प्रजातान्त्रिक कदम उठाइबक्सेको थियो । राष्ट्र र जनताको हितमा काम गर्दै जाँदा कहिलेकाहीँ कतैबाट आक्षेप आए भने त्यस्ता कुराको खोजी गर्नेतर्फ नलागी सहज रूपमा पचाइबक्सिन्थ्यो । बेला-बेलामा सर्वसाधारण जनताले पनि सहज र निस्फिक्री कुरा राख्न सकून् भनी सर्वसाधारण जस्तै पैदल सवारी होइबक्सी ज-जसलाई भेटे पनि साधारण मानिस भएर नेपाली जनतासामु गएर आफ्नो विचार साटासाट गरिबक्सिन्थ्यो । यस्ता दयावान् आदर्श राजालाई हरेक नेपालीका मन-मस्तिष्कमा घुसी आफ्नो विचार बाँडी एउटा मनैभित्र सारा नेपालीलाई अटाउन सफल भएकाले नेपाली जनताले औधी माया गरेका हुन् । मौसुफले छोडेर गएको देन अटल भएर बसिरहनेछ कहिल्यै मर्नेछैन ।

राजा भनेको जहिले पनि प्रजाको हित चाहने हुनुपर्छ भन्ने दूरदर्शी सोचाइ बोक्ने राजा श्री ५ बाट प्रत्येक नेपालीको ढुकढुकीमा प्रवेश गरी सानो, ठूलो, गरिब, धनी कोही केही भेदभाव नगरी काँधमा-काँध मिलाएर पुर्खाको त्याग र तपस्याबाट आर्जेको नेपाललाई विश्वमा चिनाउन चाहिबक्सिन्थ्यो र नेपाललाई विश्वभरिको शान्तिक्षेत्रको नमुनाका रूपमा चिनाउन अथक प्रयास गरिबक्सेको थियो ।



श्री ५ बाट बेला-बेलामा राजा र प्रजाको सम्बन्ध सुमधुर रहोस् भनेर धेरै कार्यक्रममा संलग्न भई विचार साटासाट गरिबक्सिन्थ्यो । यस्तो जनताको मर्म बुझ्ने सरल र स्वच्छ विचार बोकिबक्सने राजा आज हाम्रा सामु होइबक्सिन्न, हामी नेपालीलाई चटक्क छोडी स्वर्गवास भइबक्सेको छ । यस्तो दुःखद घडीमा आँसु नझार्ने नेपाली जनता बिरलै पाइन्छन् । दिल त त्यसै पग्लिने नै भयो । आज मुलुकले अपूरणीय क्षति बेहोर्नुपरेको छ । श्री ५ वीरेन्द्रको स्वर्गवास भए पनि मौसुफको देन कहिल्यै मर्नेछैन ।

श्री ५ महाराजाधिराजलाई पल-पलमा साथ दिइबक्सने श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारबाट प्रत्येक नेपाली महिलाको सर्वोपरि हितलाई छानी उनीहरूको पीडालाई बुझेर महिलाजागरणसम्बन्धी हरेक कार्यक्रममा सहभागी भई दुःखसुख साटासाट गर्न चाहिबक्सिन्थ्यो, नारी हितका लागि पल-पलमा सोचाइ राखिबक्सिन्थ्यो । मौसुफले घरायसी कामहरूको थालनी गराइबक्स्यो । महिला पनि सक्षम र इमान्दार हुनुपर्छ र सधैँ खुम्चेर घरमा अर्काको दवावमा बस्नुभन्दा आफ्नो क्षमता प्रदर्शन गर्न पाउनुपर्छ भनी उनीहरूको हक र अधिकारलाई कुण्ठित नगरी अधिकार दिलाइबक्स्यो । संस्कृति र मनोरञ्जन पक्षलाई पनि अग्ररूपमा बाटो देखाइबक्सेको थियो । आफ्नो धर्म-कर्मलाई नत्यागी असल गुणी बन्नुपर्छ भनी चेतनामूलक कामको थालनीका रूपमा प्रस्तुत होइबक्सन्थ्यो । त्यस्तो उत्कृष्ट कार्यक्रममा भाग लिइबक्सी रायसल्लाह वा सुझाव दिइबक्सिन्थ्यो ।

नेपाल प्रहरी सङ्गठनलाई राष्ट्रको पाखुरा सम्झी दरिलो बनाउन चाहिबक्सिन्थ्यो । पाखुरा दरिलो भयो भने कुनै पनि काममा पछि हट्नुपर्दैन । देश र जनताको हितमा राम्रोसँग काम गर्न, सेवा गर्न सकिन्छ । त्यसैले हरतरह सङ्गठन सुधार गरी असहायहरूको सेवामूलक काम गर्न, देश बनाउन र निरीह व्यक्तिहरूलाई निष्पक्ष न्याय दिलाउने सोच राखी पटकपटक निरीक्षण र सुझावसल्लाह राखिबक्सिन्थ्यो । नेपाली बाल बालिकाको हितलाई सर्वोपरि ठानी आफूसँग भएको प्रतिभा लुकाउनछिपाउन हुँदैन भनेर सानासाना बच्चाहरूसँग पनि घुलमेल भई, हरेक बालकार्यक्रमहरू र उनीहरूलाई प्रोत्साहन मिल्ने कार्यहरूमा सहजरूपले गाह्रो-अप्ठेरो नमानी जहाँ पनि कार्यक्रम राखेको ठाउँमा सवारी होइबक्सी, यस्ता सानासाना बालक पछि राष्ट्र बनाउने महान् व्यक्तित्व हुन सक्छन्, हेलाँ गर्नु हुँदैन, प्रोत्साहन गर्दै गर्नुपर्छ, शिक्षादीक्षा हरेक कुरामा साथमासाथ दिनपछि हट्नुहुन्न सहयोग पुऱ्याउँदै गर्नुपर्छ भन्ने सुझाव दिइबक्सिन्थ्यो, चिन्तनमनन गरिबक्सिन्थ्यो । यसै गरी कुशल मातापिताका कुशल छोरा श्री ५ दीपेन्द्रवीरविक्रम शाहदेव सरकारद्वारा आधुनिक नेपालको सिर्जना गर्ने सोचाइ राखी हरेक क्षेत्रमा प्रवेश गरी, हरेक कुरामा अग्रसरता लिई आधुनिक ढंगमा नयाँ नेपाल बनाउन चाहिबक्सिन्थ्यो । नेपालको युवा पिढीलाई अग्रगतिमा बढाउने र खेलकूदमा प्रगतिको बाटो देखाउने चाख लिएर आफैँ खेलमैदानमा खटी हौसला दिइबक्सिन्थ्यो । त्यस्तै श्री ५ अधिराजकुमार निराजनवीरविक्रम शाहबाट पनि दाजुले गर्दै आएको कार्यमा सानै उमेरदेखि होस्टेमा हैँसे गरेर सहयोग गरिबक्सिन्थ्यो र एउटा इमान्दार व्यक्तित्व भएर जिउन सिक्नुपर्छ भनेर नेपाली युवाहरू वा युवा जगत्लाई चिनारी दिन चाहिबक्सिन्थ्यो ।

श्री ५ अधिराजकुमारी श्रुतिले आफ्नो कलिलो उमेरमा तीक्ष्ण बुद्धि र विवेकको प्रयोग ल्याई विभिन्न कलाक्षेत्रमा अभिरुचि राखेर नेपाली महिलालाई विश्वमा पहिचान गराउन र अझ जागरुक र कलामा प्रतिस्पर्धा गराउन रुचि राखिबक्सी बेलाबेलामा काममा सहभागी भइबक्सिन्थ्यो । यस्तो उत्साह जनक कार्यले नेपाली महिलालाई प्रोत्साहन मिल्थ्यो । यसरी युग बमोजिमको ज्ञानको ज्योति छर्न अग्रसर हुने कुनै पनि काम आइपर्दा सकुशल कार्य सम्पन्न गर्न योग्य होइबक्सेका श्री ५ अधिराजकुमारी श्रुतिराज्यलक्ष्मी राणा, श्री ५ दीपेन्द्र, श्री ५ अधिराजकुमार निराजनको असामयिक निधन हुनु दुःख हुन् तर बगेको खोला फर्केर आउँदैन । यस घडीमा हामी मौसुफहरूको दिवङ्गत आत्माको चिर शान्तिका

निम्ति परमेश्वरसँग प्रार्थना गर्दछौं । साथै श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह र श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारबाट यस राष्ट्रलाई फूलको थुँगा जस्तो बनाई नेपाली जनतासामु स्काउटको रूपमा अग्रज भै राम्रो कामको बाटो देखाउने नमुना बनी विश्वासिलो काम गरी देखाइबक्सेकाले अत्यधिक मात्रामा गुणैको भारी बोकाई नेपाली जनतालाई छोडी प्राणत्याग गर्न परेकाले अति मर्माहत बनाएको छ । प्रचुर मात्रामा पानी पर्दा ओत लाग्ने छहारीका रूपमा जनप्रिय राजा, रानी र राजपरिवारका अन्य सदस्यको दुःखान्त निधन भएको घटनाबाट सारा नेपाल स्तब्ध भएको छ । प्यारा राजारानीको स्वर्गारोहण भएको अत्यन्त दुःखद, वेदनापूर्ण र अकल्पनीय घटना आइ लाग्यो । हामी मौसुफहरूका दिवङ्गत आत्माको चिरशान्तिको निमित्त परमेश्वरसँग प्रार्थना गर्दछौं ।

हाम्रा प्यारा प्रजावत्सल र परम आदरणीय राजा श्री महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह, श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी शाह श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाह, श्री ५ अधिराजकुमार नीराजनवीरविक्रम शाह, श्री ५ अधिराजकुमारी श्रुति राणा सहित राजपरिवारका अन्य सदस्यहरूको अत्यन्त हृदयविदारक वेदनापूर्ण स्वर्गारोहणले हामी स्तब्ध र मर्माहत भएका छौं । शाही परिवार र सिङ्गो नेपाल अधिराज्य असहनीय शोकमा डुबेको त्यस दुःखद घडीको सम्झनामा परमपिता ईश्वरसँग मौसुफहरूको आत्माको चिरशान्तिका लागि प्रार्थना गर्दै स-भक्ति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

सप्तरी, नमूना गाउँ फत्तेपुर-३
खोरियाटोल, सगरमाथा अञ्चल

●

महान् मानवतावादी र सुधारक राजा वीरेन्द्र

• *गोकुल पोखरेल*

गत जेठ १९ गते शुक्रबार राति राजदरबारमा भएको आमहत्याकाण्डले सन् १९१७ मा रुसमा भएको क्रान्तिमा वोल्सेभिकहरूले सम्राट जारलगायत सबै परिवारलाई सखाप पारेको हत्याकाण्डलाई बिर्साइदिएको छ। फरक यत्ति हो कि नेपालको हत्याकाण्ड स्वयम् राजपरिवारकै सदस्यमध्येबाट भएको भन्ने अनुमान लगाइएको छ।

कारणहरू जे भए तापनि एकै घटनामा परेर श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानीलगायत राजपरिवारका आठ जनाको दाह संस्कार भयो। त्यसको तीन दिनपछि श्री ५दीपेन्द्रको नामसमेत जोड्दा नौ जना पुग्दछन्। अति विशिष्टको पंक्तिका बाहेक अरू कतिजना मरेका छन् घटनाको पूर्णविवरण पाउन जनता व्याकुल छन्।

यसैबीच सोमबार जेठ २२ गते श्री ५ महाराजाधिराज घोषित भएपछि राष्ट्रनायक श्री ५ ज्ञानेन्द्रबाट आफ्नो पहिलो कर्तव्यको रूपमा प्रधानन्यायाधीश केशवप्रसाद उपाध्यायको अध्यक्षतामा तीन सदस्यीय न्यायिक समिति गठनका साथै घटनाबारे प्रतिवेदन पेश गर्न तीन दिनको म्यादसमेत तोकिबक्सेको छ। यस कदमबाट देशवासीमात्रै होइन विश्व समुदायका जिज्ञासासमेत शान्त हुने गरी तहकिकातका सबै विधिहरू अपनाइएको यथार्थ विवरण प्राप्त हुने सबै नेपालीले भरोसा राखेका छन्।

नारायणहिटी राजदरबारमा भएको हत्याकाण्डपछि पृथ्वीनारायण शाहदेखि ज्येष्ठताका आधारमा चलिआएको उत्तराधिकार टुट्न गई दोस्रो पंक्तिमा गाँसिन पुगेको छ। भाग्यको कुरा हो वंश परम्परा मेटिनबाट जोगियो, राज्य उत्तराधिकारको निरन्तरता कायम रहन गयो र श्री ५ ज्ञानेन्द्र राजा होइबक्स्यो। मौसुफ र श्री ५ वीरेन्द्रबीच उमेरको अन्तर पनि धेरै नभएकाले श्री ५ वीरेन्द्रको लामो शासनकालमा श्री ५ ज्ञानेन्द्रबाट राज्य मामिलामा कुशल सल्लाहकारका रूपमा काम गरिबक्सेको एक अनुभवी राजनीतिज्ञ होइबक्सिन्छ। मुलुकमा देखापरेको एक अनुभवी राजनीतिक गतिरोध, अस्थिरता र जनताका नैराश्यबाट श्री ५ ज्ञानेन्द्र राम्ररी परिचित होइबक्सिन्छ। यसैले यस महान् दुःखको घडीमा जनतामा लागेको घाउलाई निको पार्नेतर्फ नयाँ राजालगायत सबै राजनीतिक पक्षको ध्यान जानेछ भन्ने बौद्धिक समुदायले आशा राखेका छन्।

श्री ५ वीरेन्द्रको नेपालको राजनीतिमा र विश्वसम्बन्धमा पनि ठूलो प्रभाव परेको छ। ३० वर्षको शासनकालमा श्री ५ महेन्द्रबाट ल्याइबक्सेको निर्दलीय पञ्चायत व्यवस्थाको परिधिभित्र बसेर मुलुकको विकास मानचित्र फेर्न सुरुका वर्षहरूमा मौसुफ अग्रसर होइबक्स्यो। अहिले हामी जेजति विकासका पूर्वाधार र योजनाहरू लागू गर्दै छौं तिनको रूपरेखा २०३० देखि २०३५ सालभित्र कोरिएका हुन् र तिनकै हामी अनुसरण गर्दै छौं। तर पछिका वर्षहरूमा पञ्चायती व्यवस्थाप्रति जनताको विरोध भइरहेको अनुभव गरिबक्सेपछि श्री ५ वीरेन्द्रबाट सामयिक सुधारका लागि लचिलो नीति अपनाउन पहल गरिबक्स्यो। २०३७ सालमा भएको जनमत सङ्ग्रह र २०४६ सालको जनआन्दोलनपछि मौसुफबाट संवैधानिक राजतन्त्रको सीमामा रहन स्विकार गरिबक्सेर

समयअनुसार आफूलाई परिणत गर्ने राजनीतिक सुझबुझ देखाइबक्स्यो । यस्तो साहसको विश्वभर सह्राहना भयो । एउटा असीमित शक्ति रहेका राजाले जनभावनालाई बुझेर आफ्नो शक्तिलाई सीमित गर्न राजी हुँदै लोकतान्त्रिक पद्धति स्थापना गर्न देखाएको अगुवाइ नेपालमा मात्र होइन विश्वमै अनुपम दृष्टान्त बनेको छ । मौसुफको विदेशी शक्तिसामु झुक्नभन्दा राष्ट्रिय शक्तिहरूसित मेलजोल गरेर राजसंस्था र जनताबीच सामञ्जस्य राख्ने दूरदर्शिताको सबैले सह्राहना गरेका छन् ।

नयाँ महाराजाधिराज सरकार ज्ञानेन्द्रबाट स्वर्गवासी श्री ५ वीरेन्द्रबाट मुलुक, राष्ट्रिय राजनीति र वैदेशिक नीतिमा अपनाइबक्सेका नीतिहरूको अनुसरण गर्ने अठोट व्यक्त गरिबक्सेर राष्ट्रलाई आश्वस्त गराइबक्सनु सामयिक महत्त्व राख्दछ । यसबाट सत्ता परिवर्तन भएतापनि राष्ट्रिय नीतिमा निरन्तरता एवम् स्थायित्व दिने प्रयास गरिएको स्पष्ट हुन्छ । नेपालको वैदेशिक नीतिमा सन्तुलन हुनु सदा आवश्यक तत्त्व हुन आउँदछ । आफ्नो सीमा जोडिएका दुई ठूला आणविक हतियारयुक्त राष्ट्रहरू चीन र भारत दुवैसित मैत्री र सद्भाव राष्ट्रिय स्थायित्व, सुरक्षा र विकास तीनै दृष्टिले ठूलो महत्त्व राख्दछन् । अलिकति पनि असावधानीवश कुनै एकप्रति हुने झुकाव वा अनायास एउटालाई बढी खुसी पार्न देखाइने आचरण मुलुकका लागि आत्मघाती हुनसक्नेछ भन्ने कटु यथार्थलाई कुनै समयमा भारतीय नेताहरूले नबुझी दिदा सम्बन्धमा तनाव आएको थियो तर अब भारतीय नेताहरूले पनि नेपालको विदेशनीतिको सीमा र विवशताहरू बुझेका छन् । यस्तो समझदारीलाई हाम्रा राजनेताहरूले पनि बुझेर विदेशनीतिलाई ठिक ढंगले सञ्चालन गर्ने कौशल दृढतापूर्वक देखाउँदा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालका मित्रहरूबाट नेपाललाई प्राप्त हुने सहयोगमा वृद्धिमात्र हुने होइन सह्राहना र सद्भाव अरू बढ्नेछ ।

श्री ५ वीरेन्द्रका राज्यसञ्चालनका हालका वर्षहरूमा राजनीतिक पार्टीहरू कार्यक्षमतामा देखापरेको ह्रास, जनतामा आएको वितृष्णा र नैराश्य तथा भ्रष्टाचार बढेकाले अशान्ति विग्रह र विचलन बढ्दै गएको थियो । यस क्रममा राजसंस्थाको मर्यादा पालन गर्न प्रतिबद्ध राजामाथि विभिन्न दलहरू, जनता तथा सरकारका तर्फबाट अनेकौं दबावहरू बढ्दै गएको सबैको अनुमान थियो । मौसुफबाट संवैधानिक मर्यादा नाघेर राजगद्दीलाई जोखिममा पार्ने काम गरिबक्सेन भने अर्कातिर सरकारी दबाव वा गुटजन्य राजनीतिक दबावबाट अलग रहँदै राष्ट्रिय महत्त्वका प्रश्नहरू (जस्तो नागरिकता ऐनबारे सर्वोच्च अदालतबाट राय मागिबक्सेको) मा सम्बन्धित पक्षले बाटो बिराएकामा सचेत गराउने, सच्याउने, साहसिलो कदमसमेत चालिबक्स्यो । राजा भएपछि सबैको चित्त बुझाउन नसकिने यथार्थ मौसुफलाई राम्ररी थाहा थियो । कति प्रश्नहरूमा मौसुफ र राजपरिवारका सदस्यबीच मतैक्य नभएका चर्चा सुनिनु अस्वाभाविक थिएन । राज्यसञ्चालनमा जति समस्या बढ्दै जान्थे, सर्वसाधारणले राजसंस्थालाई जिम्मेदार ठहऱ्याउने मनोदशा बढ्दै गएको यथार्थ पनि थियो । मुकुट पहिरिनेको शिर भारी रहन्छ भन्ने उक्ति जस्तै श्री ५ वीरेन्द्र यस्तो विशाल ह्दयका व्यक्तित्व होइबक्सिन्थ्यो कि भगवान् शिवले कालकुट विषपान गरेर लोकको रक्षा गरेजस्तै राजा वीरेन्द्रबाट कति विचलित नभई दबावहरूका बाबजुद आफ्नो राजकीय मर्यादा र दायित्व पूरा गर्दै रहिबक्स्यो । यस्ता वीरोचित गुणहरू केवल आदर्श राजाहरूमा मात्र पाइन्छ ।

राज वीरेन्द्रको जनसम्पर्क ज्यादै आत्मीय र विशिष्ट प्रकृतिको थियो । मौसुफमा आफ्नो सम्पर्कमा आउने जस्तोसुकै आलोचक र विरोधीलाई पनि मत्था गराएर सहानुभूति पैदा गराउने अद्भूत र विलक्षण क्षमता थियो । आफ्ना धारणाहरू अरूमाथि थोपर्नभन्दा अरूको कुरा बढी सुन्ने, आलोचनालाई सहर्ष स्वीकार गर्ने, बहसमा सहभागी हुने र सकभर अरूको चित्त नदुखाउने धेरै वीरोचित गुण थिए राजा वीरेन्द्रमा । राजा वीरेन्द्र सर्वशक्तिमान् हुँदाहँदै पनि अरू राजाहरूले गर्नेजस्तो कसैलाई जंगल बाँड्ने, जग्गा दिने गरेको थाहा छैन । राष्ट्रिय सम्पत्तिको वितरणमा मौसुफलाई अनुदार नै भन्नुपर्दछ तर क्षमता हुने व्यक्तिहरूले स्वाभाविक प्रक्रियाबाट काम गर्ने जिम्मेवारी पाएकामा अन्यथा मान्नुपर्ने कारण छैनन् । समष्टिमा गुणदोषका आधारमा लेखाजोखा गर्दा श्री ५ वीरेन्द्र व्यक्तिगत व्यवहारमा उच्चकोटीका प्रजातान्त्रिक स्वभावका मानवतावादी, शासनमा कुशल नरमपन्थी, समन्वयकर्ता र विकासमा एक सक्षम उत्प्रेरक होइबक्सिन्थ्यो भन्नु अत्युक्ति हुनेछैन ।

श्री ५ वीरेन्द्र र समस्त राजपरिवार आज मुलुकको स्वाभिमान र राष्ट्रियता एवम् सार्वभौमिकताको रक्षा गर्दागर्दै शहीद हुन पुगेको छ । यत्रो ठूलो बलिदान नेपाल र नेपालीहरूका लागि धेरै महंगो भएको छ, यो बलिदान केका लागि कसरी भयो सबै नेपालीहरूले आत्मचिन्तन गर्नुपर्ने भएको छ । श्री ५ वीरेन्द्रको अवसानपछिको नेपाल कस्तो हुनुपर्दछ, कसरी बन्नुपर्दछ सोबारे राजनीतिक पार्टी, सरकार र बौद्धिक समुदायको चिन्तन हुनु समयोचित हुनेछ । अब पनि पार्टीहरूले आफ्ना संकीर्ण स्वार्थरक्षाका लागि मात्र लडिरहने हो र वादका नाममा मारकाट भइरहने हो भने राजा वीरेन्द्र र राजपरिवारको बलिदानप्रति सच्चा श्रद्धाञ्जली भएको मानिनेछैन । यसैले म भन्छु सोचौं बेलैमा चेतौं र सत्कर्ममा लागौं ।

साभार : नेपाल समाचारपत्र, जेठ २५·२०५८

●

श्री ५ वीरेन्द्र

• *गोपालप्रसाद दाहाल*

श्री ५ वीरेन्द्रको जन्म वि.सं २००२ साल पौष १४ गते शुक्रवार दशमी तिथिका दिन नारायणहिटी राजदरबार काठमाडौँमा भएको थियो । मौसुफ श्री ५ महेन्द्र तथा श्री ५ इन्द्रराज्यलक्ष्मीदेवी शाहको जेष्ठ सुपुत्र होइबक्सिन्थ्यो । मौसुफको बाल्यावस्थामा पालन-पोषणको कार्य शुरुमा मुमाज्यूबाट र पछि श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाहबाट भएको थियो ।

मौसुफको प्रारम्भिक शिक्षा भारतस्थित दार्जिलिङको सेन्ट जोसेफ स्कुलमा सुसम्पन्न भएको थियो । "हुने बिरुवाको चिल्लो पात" भनेझैं मौसुफ सानै उमेरदेखि उच्च किसिमको शिक्षा, अनुशासित र सुव्यवस्थित जीवनशैलीको तालिम, शारीरिक खेलहरू, विज्ञानसम्बन्धी ज्ञान, भाषा, कला, गणित तथा चित्रकला आदिको ज्ञान हासिल गर्न गहिरो अभिरुचि देखाइबक्सिन्थ्यो । मौसुफ स्कुलमा लामो बिदा हुँदासमेत स्वदेशमा नै फिरिबक्सेर स्वदेशका विभिन्न स्थानहरूको भ्रमण गरिबक्सी जनताका घर-आँगनमा पुगिबक्सेर जनताका विभिन्न कार्यहरू, भाषा, कला तथा सांस्कृतिक परम्परा र रहनसहन जस्ता विषयहरूमा विशेष ज्ञान हासिल गरिबक्सन्थ्यो । मौसुफले २०१६ सालपछि इटन कलेजमा ५ वर्ष बिताइबक्सी उच्च शिक्षा समेतहासिल गरिबक्सेको थियो । फेरि पछि २०२४ सालमा जापानको टोकियो विश्व-विद्यालय र सोही वर्ष भाद्र १६ गते हार्वर्ड विश्वविद्यालय गई एक शैक्षिक वर्षसमेत बिताइबक्सेको थियो ।

मौसुफ वि.सं. २०११ साल चैत्र १ गते सोमबार षष्ठी तिथिका दिन नेपाल अधिराज्यको राजगद्दीको उत्तराधिकारी होइबक्सेको थियो । मौसुफको शुभ-उपनयन वि.सं. २०१९ साल चैत्र २९ गते बिहीबार भयो भने उमेर पुगिबक्सेको समारोह वि.सं २०२१ साल आश्विन १ गते बुधवार हनुमानढोका दरबार गद्दीबैठकमा सुसम्पन्न भएको थियो । सोही समारोहमा मौसुफलाई बुबाज्यू श्री ५ महेन्द्रबाट 'पृथुलाधीश' तथा शाही नेपाली सेनाको सर्वोच्च महासेनानीको पदवी प्रदान गरिबक्सेको थियो ।

मौसुफको शुभ-विवाह श्री ५ ऐश्वर्यराज्य- लक्ष्मीदेवी शाहका साथ वि.सं. २०२६ साल फाल्गुण महिनाको १६ गते सुसम्पन्न भएको थियो । मौसुफ वि.सं २०२८ साल माघ १७ गतेको दिन नेपाल अधिराज्यको राजगद्दी आरोहण गरिबक्सी शाहवंशका ११ औं राजा होइबक्सेको थियो । वि.सं. २०३१ साल फाल्गुण १२ गतेका दिन मौसुफको शुभ-राज्याभिषेक सुसम्पन्न भएको थियो । मौसुफको विशेष रूचि प्रकृतिसंरक्षण, लेखन र चित्रकलामा थियो ।

श्री ५ वीरेन्द्रको राज्यारोहणपछिको ऐतिहासिक प्रकरणमा नेपालमा योजनाबद्ध सन्तुलित क्षेत्रीय विकासको शुभारम्भ भयो, जसअनुसार मौसुफले देशमा समानुपातिक ढङ्गले विकास गर्नका लागि वि. सं. २०२९ सालमा देशलाई ४ वटा विकास क्षेत्रमा विभाजन गरिबक्स्यो । तर नेपालको सुदूर पश्चिमी भू-भागमा विकासको गति कम भएको महसुस गरी मौसुफले वि.सं. २०३८ सालमा ५ वटा विकासक्षेत्र बनाई सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको विकास गरिबक्स्यो । नेपालका दुर्गम र अत्यन्त ठण्डी पहाडी हिमाली भेगहरूमा तथा तराईका विभिन्न स्थानहरूमा अनेकन् दुःखकष्टहरू सहन गर्दै प्रजाका घर-आँगनमा चाहारेर

प्यारा प्रजाहरूको दुःखकष्टलाई स्वयम् प्रत्यक्ष रूपमा अवलोकन गरिबक्सन्थ्यो । 'प्रजाप्रेम' लाई नै राजधर्म मान्ने ऐतिहासिक परम्पराका पक्षधर श्री ५ वीरेन्द्र विकासलाई एक मानवीय समस्या ठानिबक्सन्थ्यो । मौसुफले यस युगमा पदार्पण गरिबक्सेपछि हामी नेपाली जनताले आफ्नो अस्तित्व तथा सार्वभौमिकताको संरक्षणका साथै नेतृत्वको मार्गदर्शन र पिताको स्नेह प्राप्त गरेका थियौं । हिमाल, पहाड, तराई सबै ठाउँका नेपालीले मौसुफ सरकारको सामीप्य र ममता पाएका थियौं । मौसुफको लगभग ३० वर्षे शासनकालमा शक्तिको विकेन्द्रीकरणका पाइलाहरू प्रजातान्त्रिक बाटोमा नमेटिने र अनुकरणीय पद चिह्नको रूपमा देखिएका छन् । 'जसरी मलाई मेरो देश र जनताको ममता छ, उसैगरी भोक र रोगले पीडित मेरा जनताप्रति मेरो जिम्मेवारी छ' भन्ने मौसुफको उद्गारबाट पनि हामी नेपाली जनता आभारी र आश्वस्त रहेका छौं । यसरी मौसुफको चिन्ता देशको वास्तविक अवस्था र आवश्यकतातिर केन्द्रित रहेको तथ्य प्रमाणित हुन्छ । मौसुफ नेपालको इतिहासमै विकास-प्रेमी राजाको रूपमा अङ्कित होइबक्सिन्छ । मौसुफको शासनकालमा देशका सडक-यातायात, हवाई-यातायात, सञ्चारजगत्को विकास, पहाडी र हिमालीभेगका दुर्गम स्थानहरूमा झोलुङ्गे पुलहरूको निर्माण, उद्योगवाणिज्य क्षेत्रको विकास, पचहत्तरै जिल्ला सदर मुकामहरूमा मोटरबाटो पुऱ्याउने कदम चालिबक्सेको थियो । त्यसैगरी ग्रामीण क्षेत्रमा छरिएर रहेका घरेलु तथा साना उद्योगहरूको संरक्षण सम्वर्द्धन गराई विकास र विस्तारमा जोड दिइबक्सेको थियो । पूर्वी नेपालमा अलैंची र चिया खेतीको विकास तथा विस्तार, पश्चिमी नेपालमा स्याउ तथा अङ्गुर खेतीको विकास तथा विस्तार मत्स्यपालन, पशुपालन, कुखुरापालन, बङ्गुरपालन आदिमा जोड दिँदै सम्वन्धित उद्यमी र व्यवसायीहरूलाई सस्तो तथा सुलभ ढङ्गले आवश्यक पूँजी उपलब्ध गराई राष्ट्रिय उत्पादनमा अभिवृद्धि गराउने र नागरिक हरूको आर्थिक जीवनस्तर उकासी समग्र रूपमा राष्ट्रकै आर्थिक जीवन मजबुत पार्ने नीति अवलम्बन गरिबक्सेको थियो ।

'शिक्षाको उज्यालो ज्योतिबाट कुनै बालबालिका वञ्चित हुन नपरोस्' भन्ने उद्गार व्यक्त गरिबक्सँदै मौसुफको शासनकालमा देशका कुना-कन्दरासम्म विद्यालय तथा महा विद्यालयहरूको विकास र विस्तार गरिएको छ, जसको परिणाम आज समस्त नेपालीले स्वदेशमै उच्च शिक्षासम्म अध्ययन गर्ने र सुयोग्य नागरिक बन्ने सुअवसर प्राप्त गरेका छन् ।

श्री ५ वीरेन्द्र प्रजातान्त्रिक चिन्तन र लोकसम्मतिमा ओतप्रोत होइबक्सिन्थ्यो, जुनकुरा मौसुफले तत्कालीन 'पञ्चायती व्यवस्था' लाई जनताले रुचाएका छन् वा छैनन् भनी बुझिबक्सन वि.सं २०३६ साल जेष्ठ १० गते बिहीवारको दिन जनमतसङ्ग्रहको घोषणा गरी व्यवस्थाको नै परीक्षण गरिबक्सेको घटनाबाट प्रमाणित हुन्छ । त्यसैगरी समय-सापेक्ष देशको संविधान संशोधन जस्ता महत्त्वपूर्ण कदमहरू उठाउन पनि पछि परिबक्सेन । एवम् क्रमले वि.सं. २०४६ सालमा त जनताको आशय बुझिबक्सी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको समेत घोषणा गरिबक्स्यो र देशमा नेपाल अधिराज्यको संविधान २०४७ लागू गरिबक्सी संवैधानिक राजतन्त्रको परम्पराको थालनी गरिबक्सँदै जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाई सिङ्गो राष्ट्रलाई ऐतिहासिक मोड दिन सफलता हासिल गरिबक्सेको थियो । यसरी मौसुफको व्यक्तित्वलाई हरेक कोणबाट हेर्दा र मूल्याङ्कन गर्दा राष्ट्र र जनताको बृहत्तर हित र सोचाइबाट अलग्याएर मूल्याङ्कन गर्न सकिदैन । मौसुफको जीवनको एकमात्र लक्ष्य जनताको हित र राष्ट्रिय संवर्द्धन रहेको तथ्य आज सम्पूर्ण देशवासीका सामु छ ।

नेपाललाई विश्वसामु शान्तिक्षेत्र स्थापित गर्न मौसुफले वि.सं २०३१ सालमा "नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस्" भनी प्रस्ताव राखिबक्सेको थियो, जुन प्रस्तावउपर विश्वका लगभग ११६ मित्रराष्ट्रहरूले समर्थनसमेत जनाइसकेका थिए । यो मौसुफको कुशल सुशासनको सफलताको परिणाम थियो । नेपालको परराष्ट्र नीति असंलग्नता र तटस्थतामा आधारित भएकाले मौसुफले यस नीतिलाई अझै प्रभावशाली बनाउन यसका विभिन्न समयमा भएका शिखर सम्मेलनहरूमा भाग लिइबक्सी सम्बोधन गरिबक्सँदै असंलग्नताका सिद्धान्तहरूको व्याख्या गरिबक्सी विश्वका सम्पूर्ण असंलग्न राष्ट्रहरूको ध्यान र अभिरुचि नेपालतर्फ आकर्षित गरिबक्सेको थियो । यसरी महान् राजा श्री ५ वीरेन्द्रले नेपाल र नेपालीका अतिरिक्त सम्पूर्ण विश्वकै मानव समुदायको हित र विकासको सदिच्छा राखिबक्सन्थ्यो ।

वि.सं. २०५८ साल जेष्ठ १९ गते राति नेपाली आस्थाको आकाशमाथि अकस्मात् तुषारापात हुनगई अकल्पनीय ढङ्गबाट मौसुफ सरकार, बडामहारानी सरकार, युवराजाधिराज सरकार तथा केही राजपरिवारजनसमेतको दुःखद देहावसान हुनगयो जुन घटना नेपाली आत्माले सम्झँदा मात्र पनि कहाली लाग्छ र भक्कानिएर जति अश्रुधारा बहाएपनि कम नै हुन्छ । यसरी सम्पूर्ण नेपालका जातजाति, भाषाभाषी, धर्म, संस्कृति र सम्प्रदायको संरक्षण र सम्वर्द्धन गर्दै प्रगतिको मार्ग प्रशस्त गर्न चाहने तथा विश्वमानव समुदायकै हित र कल्याणमा मरिमेट्दै चम्किलो ज्योति छर्ने उज्ज्वल नक्षत्रको अस्त भयो । साथै हिन्दूराष्ट्र नेपालमा शाहवंशीय परम्पराको दृढसंस्कार बोकेको राजसंस्था तथा विश्वका

डेढ अरब हिन्दूहरूको आस्थाको केन्द्रको एक युग समाप्त भयो र अर्को युगको शुभारम्भ भयो ।

श्री ५ वीरेन्द्र आज हाम्रा सामु होइबक्सिन्न तर मौसुफले नेपाल र नेपालीलाई लगाएको गुन ताजा छ । मौसुफप्रति हामी ऋणी छौं । मौसुफ नेपाल र नेपालीको हृदयमा सदा सर्वदा युगयुगसम्म होइबक्सिनेछ । राजा र राजसंस्थाप्रतिको अमिट छाप नेपाल र नेपालीको हृदयमा अविस्मरणीय रहिरहने छ ।

धरमपुर गा.वि.स.
वडा नं ८, झापा

श्री ५ वीरेन्द्रमा भावपूर्ण श्रद्धासुमन

● *गोपीकृष्ण खनाल*

“भञ्ज्याङ्मा राजा भेटिए, चौतारीमा रानी भेटिइन्”

श्री ५ वीरेन्द्रवीरविक्रम शाह नेपालीका घरदैलोमा पुग्ने इच्छा राखिबक्सी, प्यारा जनताको स्थितिबोध गर्ने क्रममा पहाडी भेगमा पैदलयात्रा गरिबक्सी, थकाइ मेटाउन चौतारी र भञ्ज्याङ्मा राज भई जनताले आफ्ना प्यारा राजाको दर्शन र मुस्कान पाएका यथार्थतालाई मूर्तरूप दिने शब्द र सङ्गीत लहरी हुन्- माथिका पंक्ति । मौसुफ आधुनिक नेपालको मुहार हँसिलो पार्न निरन्तर लागिपरेका उदाहरण वर्णनातीत र अनुकरणीय छन् । इतिहासका पाना पल्टाउँदा बडामहाराज श्री ५ पृथ्वीनारायण शाहबाट एकीकरण गरिबक्सेपछिको शाहवंशीय इतिहासले फड्को मार्दै राष्ट्रपिता श्री ५ त्रिभुवन र जनताबीच नङ र मासुको सम्बन्ध रहेको प्रतिबिम्बित हुन्छ । समय र परिस्थितिअनुसार “दुई ढुङ्गाको तरुल” लाई नेपाल र नेपालीको संरक्षण र हितका निम्ति श्री ५ महेन्द्रबाट नयाँ कदम चालिबक्सी पञ्चायती व्यवस्थाको प्रादुर्भाव हुनुलाई पनि समयसापेक्ष हो भन्दा फरक पर्दैन ।

श्री ५ वीरेन्द्रबाट चालिबक्सेका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय महत्त्वपूर्ण कदम कुनै नेपालीले पनि बिर्सन सक्तैन । श्री ५ वीरेन्द्र युवराजाधिराज हुँदा देशदर्शन भ्रमणको कार्यक्रम बनाई साधारण नागरिकसरह पहाड र तराईका झुपडीमा वास बसी जनजीवनको सूक्ष्म अध्ययन गरिबक्सने महान् एवम् श्रद्धेय राजा श्री ५ वीरेन्द्र र मौसुफका परिवारसमेत २०५८ साल जेठ १९ गते गुमाएका छौँ । मौसुफको पार्थिव शरीर अहिले हाम्रा सामु छैन, तर मौसुफबाट चालिबक्सेका अनुकरणीय कार्य हाम्रा लागि प्रेरणाका स्रोत बनेका छन् । “देशलाई सङ्कट परेका बेला समस्त नेपालीले फुटेर होइन एकजुट भई मिलेर काम गर्न सकेमा नेपालको हित र नेपालीको सुन्दर भविष्यको संरचना पूरा हुन सक्दछ” भन्ने चाहना राखिबक्सने राजा हामीमाझ नभएकाले पुस १४ गते नेपाली जनताले हर्षविभोरका साथ मनाएको ५६ औँ शुभजन्मोत्सवको सुखद अनुभवपछि मौसुफको ५७ वर्ष मनाउने अभिलाषा पूरा हुन नपाई सधैँ श्रद्धाञ्जलीका रूपमा संस्मरण गर्न बाध्य भएका छौँ । जेठ १९ गतेको दुर्घटनाले राजाप्रति भक्तिभाव दर्शाउने प्रजा शोकविह्वलमात्र भएनन् अपितु सो घटनाबाट नेपाली जनतामा राजसंस्थाप्रतिको श्रद्धा उर्लियो । सारा प्रजा रोए, कराए, आत्महत्या गरे, बौलाए । त्यो क्षण वेदनापूर्ण र सहन नसकिने थियो । परिणामतः पुस १४ गते मनाइने मौसुफको शुभजन्मोन्सव आकस्मिक एवम् अकल्पनीय रूपमा सधैँ-सधैँका लागि “जयन्ती”मा परिणत भएको छ ।

विश्वशान्ति र मानवमात्रको कल्याणका निम्ति मौसुफबाट “नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस्”- भन्ने प्रस्ताव राखिबक्सी ११६ राष्ट्रले समर्थन जनाउनु नेपाल र नेपालीका निम्ति दूरदर्शी अभियान र सही मार्ग थियो । भगवान् गौतमबुद्धको शान्तिसन्देश र मौसुफबाट पञ्चशीलको सैद्धान्तिक आदर्श संयुक्त राष्ट्रसङ्घमा समेत पेश भई विश्वमा शान्तिपूर्ण सहअस्तित्व कायम गर्न ठूलो सहयोग प्राप्त भएको प्रष्ट छ । श्री ५ वीरेन्द्र नेपालीका मात्र विश्वासिला नभई एसियाली मुलुकका निम्ति पनि दूरदृष्टि राख्ने राष्ट्रनायकका रूपमा परिचित होइबक्सन्थ्यो भन्ने तथ्य मौसुफबाट

अन्तर्राष्ट्रिय सभासम्मेलनमा राखिबक्सेका सारगर्भित अभिव्यक्तिबाट स्पष्ट हुन्छ । युद्ध र अशान्तिबाट राष्ट्र अघि बढ्न सक्दैन, विकास हुन सक्दैन भन्ने मौसुफको भनाइ वर्तमानमा देखिएको अशान्तिबाट झन् छर्लङ्ग भएको छ । भोक, रोग, अशिक्षा, अन्याय, अत्याचार, भ्रष्टाचार, असमानता र भेदभाव हटेर जाऊन्, आम नेपालीले न्याय, शान्ति, समृद्धि पाऊन् भन्ने सदिच्छा राखिबक्सेर २०३६ सालमा जनचाहना बुझ्न राष्ट्रिय जनमतसङ्ग्रहको घोषणा र २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना गरिबक्सी २०४७ सालमा संविधान बक्सने राजा हामीले सधैँका लागि गुमायौं, अब स्मृतिमात्र बाँकी छ ।

विश्वमा भय, त्रास, आतङ्क, हात-हतियारको होडबाजी र तनावग्रस्त वर्तमानमा शान्तिक्षेत्रको प्रस्ताव राखिबक्सने युगपारखी श्री ५ वीरेन्द्र परिवारको अकल्पनीय दुःखद स्वर्गारोहणले “नयाँ कामना साप्ताहिक” परिवार मर्माहत भएको छ । अहिलेको परिस्थितिमा प्रजातन्त्रको सुदृढीकरण तथा नेपालको राष्ट्रियता, राष्ट्रिय अखण्डता, राजमुकुट, राजसंस्था, जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय स्वाभिमान सबै बचाएर युगौँदेखिको राजा-प्रजाबीचका सम्बन्धद्वारा विश्वमानचित्रमा नेपाललाई प्रस्तुत गर्ने राजालाई राजाप्रेमी प्रजाले कहिल्यै बिर्सने छैनन् । हाम्रा प्यारा राजाद्वारा प्राप्त सत्प्रेरणा संस्मरण गर्दै भावपूर्ण आभ्यन्तरिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

आदर्श राजा वीरेन्द्रको स्मृतिमा

• चूडामणि काफ्ले

असल राजा जनताको हृदयमा रहन्छन् । जनताको सुखमा खुसीको अनुभव गर्ने र दुःखमा दुःखी बन्ने राजा देशवासीको मुटुका धड्कन सरह हुन्छन् । वस्तुतः तिनै राजा जनताका विचारमा हुन्छन्; भावनामा हुन्छन् र मनमस्तिष्कमा हुन्छन् । तिनै राजा गाउँघर, डाँडापाखा, देउरालीचौतारी अनि सहरबजारमा पुग्छन् । जनताहरूमा उनैको चर्चा- परिचर्चा हुने गर्दछ । तिनै राजाले राष्ट्रको मर्यादा सगरमाथाझैँ उच्च पार्दछन् र प्रतिष्ठा वृद्धि गराउँदछन् । त्यस्ता राजाको आह्वानमा जनताले आफू मरिमेटेको पत्तो पाउँदैनन् । राजाज्ञालाई साकार बनाउन जनताले वैयक्तिक रूपमा आफूलाई आस्थाका धरोहर स्वीकार गरेर विश्वासको श्रीपेच पहिराएका हुन्छन् । जनमतमा त्यस्ता राजाको मृत्यु हुँदैन; शाश्वत र आदर्श गुण-गरिमाले उनी युगौँसम्म अमर नै रहन्छन् र उनको गौरवले राष्ट्र पुलकित बन्दछ र विश्वमा उनको कीर्तिपताका अहर्निश फरफराइरहन्छ । नेपालको इतिहासमा यस्ता राजाको दृष्टान्तमा राष्ट्रनायक वीरेन्द्रको नाम नेपाल राष्ट्र, समस्त नेपाली जनता र विश्वसमुदायले गौरवपूर्ण रूपमा लिँदै आएका छन् र सम्झिँदै आएका छन् ।

पहिलो भेटघाटमा नै मृदुमुस्कानयुक्त सौम्य व्यवहार र वार्तालापबाट व्यक्तिका हृदयमा आफ्नो स्थान सुरक्षित गर्ने राजा वीरेन्द्रमा जोसुकैसँग पनि तत्काल घुलमिल हुन सक्ने अनुपम वैशिष्ट्यहरू विद्यमान थिए । मन्दिरमा दर्शन गर्न जाँदा पुजारीसँग, खेतबारीमा पुग्दा किसानसँग, चियाबगानमा पुग्दा काम गर्ने कामदारहरूसँग, उद्योगधन्दा निरीक्षणमा जाँदा सञ्चालक तथा संस्थापकसँग, विद्यालय-महाविद्यालय-विश्वविद्यालयमा पुग्दा शिक्षक-विद्यार्थीहरूसँग उनीहरूको पेशागत उपयोगिता महत्त्व, उपलब्धि र समस्याहरूसँग परिचित भई अभिरुचिपूर्वक बातचित गर्ने, उनीहरूको पेशागत समृद्धिका लागि सक्दो भरथेग, आडभरोसा र सरसहयोगको हात बढाउने राजा वीरेन्द्र नेपाली जनमानसमा एक आदर्श राष्ट्रनायकका रूपमा सुपरिचित रहेका छन् । संसारकै प्रतिष्ठित शैक्षिक संस्थाबाट उच्च बौद्धिक तथा प्राज्ञिक संज्ञान र निरन्तर अध्ययनले उनका वैचारिक उच्चताका आयामहरू स्पष्ट देखिन्थे । यसै हुनाले देशको बौद्धिक समुदाय, मित्रराष्ट्रका राष्ट्राध्यक्ष र सरकार प्रमुखहरूसँग उच्चस्तरीय सुसम्बन्ध तथा प्रगाढ मैत्रीभाव कायम हुन सकेको तथ्य स्पष्ट हुन आउँछ । राजाको बौद्धिक व्यक्तित्वबाट नै नेपालको छवि अन्तर्राष्ट्रिय जगत्मा समुज्ज्वल बनेको यथार्थता सबैका सामु छर्लङ्ग छ । राजा वीरेन्द्रबाट सहभागिता भएका असंलग्न शिखर सम्मेलनहरू, दक्षिण एसियाली मुलुकहरूको शिखर सम्मेलन र अल्पविकसित मुलुकहरूको पेरिस सम्मेलनबाट नेपालको छवि प्रशंसनीय बन्न पुगेको वास्तविकता इतिहासले बिर्सनेछैन । यसअतिरिक्त राजाबाट भएका विभिन्न मित्रराष्ट्रहरूको राजकीय, औपचारिक, अनौपचारिक र निजी भ्रमणले पनि विश्वमञ्चमा नेपालको गौरव उच्च बनाउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

राजा वीरेन्द्रको व्यक्तित्व वैचारिक आदर्श र दूरदर्शिताजस्ता महिमामय गुणहरूबाट आलोकित थियो । २०२८ सालदेखि २०५८ सालसम्मको शासनावधिका विभिन्न गतिविधिहरूले यसको पुष्टि गरेका छन् । भूपरिवेष्ठित र अल्पविकसित मुलुक नेपालको

भौगोलिक, सामाजिक, आर्थिक आदि वस्तुस्थितिको आकलन र अनुभव गरी समानुपातिक विकासका लागि देशलाई विभिन्न विकासक्षेत्रमा विभाजन गर्ने र जनताको सुखदुःख प्रत्यक्ष अवलोकन तथा विकास निर्माणका गतिविधिको निरीक्षणका लागि जनताकै घरदैलोमा पुग्ने राजा वीरेन्द्रको प्रजा- वात्सल्ययुक्त व्यक्तित्वको तस्वीर जनताको मन- मन्दिरमा प्रतिष्ठित र पूजित छ । नेपालका राजा र यहाँको राजसंस्था लोकसम्मतिकै जगमा स्थापित र प्रतिष्ठित रहनसक्छ भन्ने वास्तविकतालाई मनन गर्ने राजा वीरेन्द्रको दूरदर्शितापूर्ण व्यवहारबाट नेपाल राष्ट्र र नेपाली जनताले उनलाई आँखाका नानी, हृदयका सम्राट् र वैचारिक आदर्शका स्तम्भका रूपमा स्वीकार गर्दै आएका छन् ।

राजा वीरेन्द्रले जनभावनाको सदैव कदर गरेको पाइन्छ । २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा र २०४६ सालको जनआन्दोलनको भावनालाई आत्मसात् गरी प्रजातन्त्रको पुनःस्थापना गराउनुबाट राजाको लोकसम्मतिअनुरूप नै राजसंस्था क्रियाशील हुनुपर्छ भन्ने विश्वास प्रतिबिम्बित भएको देखिन्छ । जापान तथा बेलायतजस्ता विश्वकै सम्मानित राजसंस्थाबाट सुपरिचित राजाले जनभावनाअनुरूप परिवर्तित राजनीतिक परिदृश्य- अनुसार संवैधानिक राजतन्त्रात्मक पद्धतिलाई अङ्गीकार गर्नु राजा वीरेन्द्रको गतिशील व्यक्तित्वको ज्वलन्त उदाहरण मान्न सकिन्छ । राजाबाट आफू संवैधानिक दायरामा आबद्ध भई संविधानको अक्षरशः परिपालन हुनुबाट नेपालको राजसंस्थाको गरिमा अझ उच्च र सम्मानित बन्न पुगेको हो । देशको समुन्नति र जनताको समृद्धि नै राजसंस्थाको एकमात्र लक्ष्य ठान्ने राजाले जनभावनाको तिरष्कार गरी आफू निरङ्कुश बन्ने कल्पनासम्म गरेनन् । निरङ्कुशतामा जनभावनाको दमन हुन्छ, यसले राष्ट्रका उन्नतिका मार्गमा तगारो तेर्स्याउँछ, देशको अन्तर्राष्ट्रिय छवि धमिलो हुन पुग्छ र नेपाल तथा नेपालीको इज्जत, मान र प्रतिष्ठामा आँच आउन सक्छ भन्ने वास्तविकता दूरदर्शी राजामा अवगत थिएन भन्न सकिदैन । बरु देशका राजनीतिक दल, संसद मन्त्रीमण्डलजस्ता सङ्गठन र निकायहरूलाई समेत सङ्कटका घडीमा उपयुक्त निकासका लागि संवैधानिक मार्ग नै अवलम्बन गर्न राजाले प्रेरित र प्रोत्साहित गरेका दृष्टान्तहरू नेपालमा धेरै छन् । यसैले नेपालमा बहुदलीय व्यवस्थाको पुनःस्थापना पछिका दश वर्षका अवधिमा यहाँका राजनीतिक दल र संवैधानिक निकायहरूले विभिन्न किसिमका राजनीतिक र संवैधानिक अभ्यासहरू गर्ने मौका पाएका हुन् । राजाको यस किसिमको उदार तथा संवैधानिक मर्यादाप्रतिको प्रतिबद्धताको स्वदेश तथा विदेशका उच्च राजनीतिक व्यक्तित्वहरूबाट प्रशंसा भइआएको छ ।

यसरी देश र जनताको समुन्नति नै आफ्नो आदर्श ठान्ने राजा वीरेन्द्रको बहुआयामिक व्यक्तित्व दक्षिण एसियाकै एक आदर्श राष्ट्रप्रमुखका रूपमा प्रतिष्ठित बनेको पाइन्छ । यसबाहेक विश्वकै राष्ट्राध्यक्ष र सरकार प्रमुखहरूसमेत राष्ट्रनायक वीरेन्द्रको उज्ज्वल व्यक्तित्वबाट उत्साहित बनेको तथ्य यहाँ उल्लेखनीय छ । देश तथा विदेशमा यसरी लोकप्रियता हासिल गरेका राजा वीरेन्द्रको २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा घटेको अकल्पनीय दुर्घटनाबाट सपरिवारको निधन हुनु नेपाल तथा नेपाली जनताकै निम्ति दुर्भाग्य बन्न पुगेको छ । यस किसिमको दुर्दान्त परिस्थितिबाट नेपाली जनता मर्माहत हुनु स्वाभाविकै हो । दुर्घटनावश जनप्रेमी राजाको भौतिक अस्तित्व वा सामीप्य हामीसँग नरहे पनि उनका आदर्श विचार, धारणा र सद्भावहरूलाई अङ्गीकार गरी समस्त देशवासीले आगामी दिनहरूमा आफ्ना पाइलाहरू अघि सार्नु नै दिवङ्गत राजाप्रति जनताले वास्तविक अर्थमा श्रद्धाञ्जली अर्पण गरेको ठहरिनेछ ।

अन्त्यमा, यिनै शब्दसुमनका साथ स्वर्गवासी राजा श्री ५ वीरेन्द्रप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

●

श्री ५ वीरेन्द्रको स्वदेश भ्रमण : राष्ट्रिय विकासको एक महत्त्वपूर्ण आधारशिला

- डा. चेतबहादुर कुँवर

देश विकासको मूल फुटाउने अभियान लिएर राष्ट्रिय विकासमा अग्रसर होइबक्सने राष्ट्रनायक श्री ५ वीरेन्द्रको तीस वर्षको शासनकाल मूलभूत रूपमा भन्ने हो भने राष्ट्रिय विकासका अवधारणालाई मूर्तरूप दिन अघि बढ्दै गइरहेको हो भनी ठोकुवा गर्न सकिन्छ। विकास भन्ने विषय एकै दिनमा हुने होइन। यसको केही सीमा हुँदैन र एक निरन्तर प्रक्रिया पनि हो। सामाजिक, आर्थिक तथा राजनीतिक आदि विविध क्षेत्रको विकास नै समष्टिगत रूपमा राष्ट्रको विकास हो। देशको विद्यमा स्थितिलाई विश्लेषण गरी तिनमा भएका कमीकमजोरीहरूलाई औँल्याई सुधारका साथ प्रगति गर्दै जानु नै अर्को अर्थमा विकास हो भन्न सकिन्छ। २०४६ सालपछि स्थापित बहुदलीय व्यवस्था पनि राजनैतिक विकासकै एउटा क्रम हो। राष्ट्रको विकासको स्वरूपलाई जाचाहनाअनुसार समयानुकूल परिवर्तन गर्न चाहिबक्सने श्री ५ वीरेन्द्रको सदिच्छाको परिणति पनि हो बहुदलीय व्यवस्थाको पुनःर्स्थापना। सैद्धान्तिक रूपको यो परिकल्पना कति सार्थक भयो वा भइरहेको छ र यसमा संलग्न बहुदलवादी जनताका सपनालाई पूरा गर्नमा कति सक्षम भइरहेका छन्, हामीलाई अनुभव गराइरहेकै र समयले मूल्यांकन गर्दै जाने पनि छ। यसै क्रममा आएको श्री ५ वीरेन्द्रको स्वदेश भ्रमणको कार्यक्रम राष्ट्रिय विकासको एक महत्त्वपूर्ण आधारशिला हो। यसैबाट राष्ट्रको सर्वाङ्गीण प्रगतिका लागि एक महत्त्वपूर्ण अभियान राष्ट्रिय मूल नीति, राष्ट्रिय शिक्षा नीति, सञ्चार नीति, सुरक्षा नीति, स्वास्थ्य नीति जस्ता राष्ट्रका अनिवार्य र ऐच्छिक कार्यहरूलाई कार्यान्वयनमा परिणत गर्ने कार्य प्रारम्भ भएको हो यसमा कसैको दुईमत होओइन।

कुनै पनि ठाउँको वस्तुस्थितिलाई नियालेर हेरी त्यसको वास्तविकता बुझ्नु नै जुनसुकै भ्रमणको पनि वास्तविक उद्देश्य हुन जान्छ। त्यस्तो भ्रमण वास्तवमा उपयोगी र लाभप्रद पनि सिद्ध हुन्छ। श्री ५ वीरेन्द्रवीरविक्रम शाह, श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहका साथ २०२८ साल माघमा राज्यारोहण गरिबक्सेपश्चात् मौसुफ सरकारको स्वदेश भ्रमण कार्यक्रम प्रारम्भ भएको हामी देख्दछौँ। हुन त मौसुफ सरकारबाट श्री ५ युवराजाधिराज होइबक्सँदाका बखत नै औपचारिक तथा अनौपचारिक दुवै रूपमा अधिराज्यभित्रका गोरखा, पोखरा, स्याङ्जा, पाल्पा, नुवाकोट, इलाम, झापा आदि विभिन्न जिल्लाका विकट कुना-काप्चामा पुगी आफ्ना प्यारा जनताको पिरमर्का र वास्तविक स्थितिबारे जान्ने-बुझ्ने मौका प्राप्त नगरिबक्सेको होइन। श्री ५ महेन्द्रको कुशल अभिभावकत्व र निर्देशनमा रहिबक्सी मौसुफ सरकारलाई सानै उमेरबाट राष्ट्रिय जनजीवनसँग सुपरिचित हुने क्रम चलाइबक्सेको हो तापनि नेपालको सर्वाङ्गीण विकास गर्न सदैव रत रहिबक्सी नेपाल र नेपालीको आँसु र हाँसो बुझ्नका लागि स्वदेश भ्रमण वर्षेपिच्छे नियमित रूपमा गरिबक्सने कार्यक्रम राज्यारोहणपछि नै तत्कालै सुरु भएको हो भन्न सकिन्छ।

अधिराज्यको सबै भागको सन्तुलित विकास गर्ने लक्ष्यले यसै क्रममा २०२९ सालदेखि क्षेत्रीय विकास केन्द्रका रूपमा

पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल गरी चार विकास क्षेत्रको स्थापना भयो जसको केन्द्र क्रमशः धनकुटा, काठमाडौं, पोखरा र सुर्खेत रहन गए । २०३८ सालदेखि सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा सेती र महाकाली दुई अञ्चल मात्र रही राप्ती, भेरी र कर्णाली अञ्चलसहितको क्षेत्र मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा परिणत हुन गयो । यिनै विकास क्षेत्रलाई आधार मानी सन्तुलित रूपमा विविध विकास कार्य गर्ने परम्पराको थालनी भएको हो । श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी ऐश्वर्यको यिनै पाँच क्षेत्र अन्तर्गत पर्ने चौध अञ्चल पचहत्तर जिल्लाको वर्षेपिच्छे भ्रमण गरिबक्सने परम्पराबाट मौसुफहरू देश विकास कार्यमा कत्तिको दत्तचित्त होइबक्सँदो रहेछ र आफ्ना प्यारा जनताप्रति कत्तिको ममता राखिबक्सिँदो रहेछ भन्ने कुरा स्वतः प्रमाणित गरिदिएको छ भन्न सकिन्छ । वास्तवमा भन्ने हो भने क्षेत्रीय विकास केन्द्रमा हुने मौसुफहरूको स्वदेश भ्रमणको कार्यक्रम २०२९ सालदेखि नै प्रारम्भ भएको हो । “कसरी नेपाल र नेपालीको मुहार हँसिलो पार्न सकिएला भन्ने हाम्रो आकांक्षा भएको छ” भन्ने मौसुफको सदिच्छास्वरूप सवारी भ्रमणको दैनिक कार्यक्रमले गर्दा मौसुफहरू सदा विकास अभियानमा कार्यरत रहेको देखिइबक्सिन्थ्यो । औपचारिक वा अनौपचारिक भ्रमणबाट अधिराज्यका विभिन्न विषयवस्तुको प्रत्यक्ष ज्ञान हासिल गरिबक्सन्थ्यो जसले राष्ट्रको चौतर्फी हाँकलाई स्विकार्न ठूलो मद्दत पुऱ्याएको थियो भन्ने हुन्छ ।

अधिराज्यका कुनाकाप्चामा अवस्थित स्कुल, कलेज, अस्पताल, बाटोघाटो, उद्योगधन्दा, सिँचाइ योजना तथा अधिराज्यका विभिन्न जिल्लामा रहेका देवदेवी जस्तै त्रिपुरासुन्दरी, मनकामना, ऋषिकेशव, हलेसी महादेव, मुक्तिनाथ जस्ता मन्दिरहरूमा पूजापाठ गरिबक्सिई तथा धार्मिक र सांस्कृतिक महत्त्वको कार्यक्रम सञ्चालन भइरहेका जस्तै लुम्बिनी, काँक्रेबिहार (सुर्खेत) आदि स्थानमा भइरहेका उत्खनन कार्यक्रमहरूमा स्वयम् सरीक होइबक्सिई नेपालको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई उजागर गराउने कार्यमा ठूलो प्रोत्साहन बक्सेको थियो भने तिनको संरक्षण तथा सम्वर्द्धन गर्नका लागि विभिन्न मार्गदर्शन बक्सिई कार्यान्वयनमा तीव्रता आएको कुरा पनि हामी सबैका सामू स्पष्ट नै छ। अधिराज्यका विभिन्न कुनाकाप्चामा सञ्चालन भइरहेका विविध विकास कार्यहरू तथा स्थलहरूको अवलोकन र निरीक्षण गरिबक्सिई ती आयोजनाहरूप्रति देखाइबक्सेको अभिरुचि मौसुफको विकासको मूल फुटाउने सदिच्छाको सैद्धान्तिक रूपमात्र नभई व्यावहारिक रूप पनि हो भन्ने कुरा स्पष्ट हुन गएको हो । विविध विकास योजनाको व्यावहारिक क्षेत्रमा आइपर्ने बाधा तथा कठिनाइहरूलाई राष्ट्रिय योजना आयोग र सम्बन्धित क्षेत्रका प्रशासन, प्राविधिज्ञ, योजनाकारहरूसँग छलफल गरी क्षत्रीय भ्रमणमै मार्गदर्शन बक्सने परम्पराले देश विकास कार्यक्रममा संलग्न के पञ्च, के वर्गीय सङ्गठनका सदस्यहरू, के प्रशासक, के सामाजिक कार्यकर्ता, के बुद्धिजीवी, के व्यापारी सम्पूर्ण नेपाली जनतामा ठूलो हौसला, उत्साह र प्रेरणा जाग्रत हुन थालेकाले मौसुफहरूको स्वदेश भ्रमण कार्यक्रम देश निर्माणको अभियानमा प्रेरणाको अत्यन्त समसामयिक स्रोत बन्न गएको थियो भन्न सकिन्छ ।

देश निर्माण कार्यको सम्पूर्ण क्षेत्रमा समन्वय र सामञ्जस्यताको आवश्यकता पर्दछ । बिना समन्वय र सामञ्जस्यता कुनै पनि कार्य अधुरो रहन जान्छ । त्यसका लागि देशको ऐतिहासिक, भौगोलिक, आर्थिक, राजनीतिक आदि अवस्थाको यथार्थ ज्ञान प्रत्येक विकास कार्यमा संलग्न हुने प्रशासनिक, सामाजिक वा राजनीतिक जस्ता विविध क्षेत्रका व्यक्तिहरूमा हुनु आवश्यक छ । तब मात्र ठीक समयमा ठीक ठाउँमा कुनै पनि योजना योजनाको रूपमा लागू हुन र सफल हुन सक्दछ । यही महान् उद्देश्य लिएर श्री ५ वीरेन्द्रबाट भ्रमणलाई व्यापक बनाइबक्सी यसलाई क्षेत्रीय भ्रमणको स्वरूप दिइबक्सेको थियो । सात वर्षको लामो अनुभवका कमीकमजोरीहरूलाई सुधार गरी २०३८ सालदेखि नयाँ स्वरूपमा क्षेत्रीय भ्रमण प्रारम्भ हुन थालेको थियो । त्यसपछि वर्षमा एकपटक एक क्षेत्रमा सवारी हुने, दर्शनभेट प्रक्रियालाई सरल र विकासमूलक बनाउने, राजदरबारका पाँचओटै सचिवालयको प्रतिनिधित्व हुने गरी Task Force बनाउने र सवारी सचिवालयको नामबाट एउटा राजदरबार सचिवालयबाट सवारी मन्त्रालयसँग समन्वय गरी सवारीसम्बन्धी कार्य गर्ने, सवारी मन्त्रालयलाई बढी जनमुखी र जिम्मेवारपूर्ण बनाउने आदि कार्यहरू हुन थाले । फलस्वरूप पाँचै विकास क्षेत्रका विभिन्न स्थलको सवारी भ्रमणबाट मेचीदेखि महाकालीसम्मका सम्पूर्ण नेपाली जसरी मलाई मेरो देश र जनताको ममता छ उसैगरी भोक र रोगले पीडित मेरा जनताप्रति मेरो जिम्मेवारी छ' भनी हुकुम बक्सने आफ्ना जनताको दुःखमा दुःखी हुने र सुखमा सुखी हुने आफ्ना प्यारा राजारानीको आफ्ना घर-दैलोमा भक्तिपूर्ण स्वागत गर्न पाएकामा अति हर्षित र प्रफुल्लित भएको हामीले पाएका हौं ।

विभिन्न क्षेत्रमा संलग्न व्यक्तिहरू चाहे पञ्चायत वा वर्गीय सङ्गठनका होऊन् चाहे सन्त, महन्त, शिक्षक विद्यार्थी आदि इच्छुक सबैलाई गाउँ, जिल्ला, अञ्चल, क्षेत्रीय र राष्ट्रिय स्तरका समस्याबारे आआफ्ना विचार मौसुफहरूमा सुनाउने अवसर मौसुफ सरकारवाट बक्सँहदै आएको कुरा पनि हाम्रो सामु छ । यसले गर्दा राजा र प्रजाबीचको परम्परागत आत्मीयताको भावना दिनानुदिन

अझ दृढतर हुनुको साथै राजा सबैको साझा हो भन्ने भावना व्यापक रूपमा सुदृढ हुन गएको हो भन्न सकिन्छ। फलस्वरूप राष्ट्रको निर्माणको अभियानमा सबैको सहयोग र समन्वय जुटाई समुचित वातावरण सिर्जना पनि भ्रमणको कम महत्त्व थिएन भन्न सकिन्छ।

भ्रमण खालि भ्रमणको रूपमा मात्र हुनु कुनै आश्चर्य लाग्दो कुरा होइन। तर भ्रमण यस अर्थमा मात्र नभई स्वेच्छित विषयवस्तुको अध्ययन, मनन तथा विश्लेषण गर्नका साथै आदर्श बाटो पहिल्याउनका लागि गरिन्छ भने त्यो अवश्यमेव महत्त्वपूर्ण हुन जान्छ। यो कुरा मौसुफको विविध क्षेत्रको अध्ययनभ्रमण र विभिन्न विषयप्रतिको अभिरुचिले स्पष्ट पार्दछ। देशमा कतैकतै देखापर्ने सामाजिक, धार्मिक आदि कुरीति, भ्रष्टाचार, अन्याय तथा अत्याचारलाई निराकरण गरी बफादारीलाई कदर गर्न तत् तत् क्षेत्रमा नै दण्ड र पुरस्कारको व्यवस्था भएको हुँदा इमानदारी तथा बफादारीसाथ कार्य क्षेत्रमा उत्रिने व्यक्तिले चाहे त्यो जनप्रतिनिधि होस्, चाहे त्यो राष्ट्रसेवक होस्, चाहे त्यो बुद्धिजीवी वा कुनै पनि क्षेत्रको कार्यकर्ता किन नहोओस्, कुनै धक मान्नुपर्ने आवश्यकता थिएन। निर्धक्कसाथ आफ्नो कार्यक्षेत्रमा उत्रन सक्दथ्यो। यसका अतिरिक्त ऊ अरू सक्रिय र लगनशील हुन जान्थ्यो। यसमा कुनै शंका थिएन। यसको विपरीत गलत बाटोमा हिँडी पथभ्रष्ट भइरहेको व्यक्ति सधैँ भयभित र सामाजिक मर्यादाबाट तल ओर्लनपर्ने हुन जान्थ्यो। इमान्दारीसाथ कार्यरत व्यक्तिको मनमा सधैँ स्वच्छ र पवित्र भावनाले काम गरिरहेको महसुस सबैलाई हुन जान्थ्यो।

मेचीदेखि महाकालीसम्मका कुनै न कुनै क्षेत्रका नेपालीले आफ्ना जनताको सुखदुःखमा यसरी बराबर सहभागी होइबक्सने आफ्ना प्यारा राजाको साथै राजमहिषीको हार्दिक तथा भक्तिपूर्ण स्वागत गर्ने सौभाग्य पाउने परम्पराले सबै नेपाली अति गौरवशाली र भाग्यशाली भएको अनुभव गरिरहेका थिए। यस्तो स्वर्ण अवसर हरवर्ष हरमहिना र हरसमय आइरहोस् भन्ने भक्तिपूर्ण कामना सम्पूर्ण नेपालीले जुगानुजुग गरिरहेको अनुभव हामी सबैलाई हुन्थ्यो। यी उपरोक्त विषयहरूलाई केलाई हेर्दा देश र देशवासीको हित र कल्याणलाई साथ दिन स्थानीय विकास कार्यलाई सन्तुलित रूपमा तीव्र गति प्रदान गर्नका लागि क्षेत्रीय विकास केन्द्रमा हुने विचार, विमर्श, मार्गदर्शन तथा श्री ५ को सरकारले निर्णय लिई कार्यक्रम प्रारम्भ गर्ने एउटा सशक्त माध्यम राष्ट्रनायकको सन्देश भ्रमण बन्न गएको थियो भन्न सकिन्छ। वर्तमान सन्दर्भमा त यसको खाँचो अरू बढी महशुस गरेको सबै देशवासीले अनुभव गरिरहेकै छन्।

शुभविवाह

हिन्दू परम्परा अनुसार मनुष्य जीवनको चार आयाम मध्ये गृहस्थ आश्रम पनि एक हो। प्रत्येक आश्रमलाई २५/२५ वर्षको उमेरमा विभाजन गरी मनुष्यको उमेर औसतमा १०० वर्ष भएको अनुमान गरिएको छ। पहिलो २५ वर्ष ब्रास्ह्मचर्य आश्रममा बिताउनु पर्ने हुँदा यसपछि मनुष्य गृहस्थ आश्रममा प्रवेश गर्दछ। गृहस्थ आश्रमको सामान्य अर्थ हुन्छ मनुष्यले गृहस्थ जीवन बिताउनु अर्थात् विवाह सम्पन्न गर्नु, विवाहपछि भएका र रहेका आफ्ना परिवारजनको हेरविचार गर्नु तथा स्वस्थ र आदर्श पारिवारिक जीवन निर्वाह गर्नु आदि। यसै क्रममा नेपालका शाहवंशको राजपरम्परामा पनि गृहस्थ जीवन निर्वाह गर्ने परम्परा कायमै छ। यस अनुरूप तत्कालीन श्री ३ युवराजाधिराज श्री ५ वीरेन्द्रको शुभविवाह वैदिक विधि विधान अनुसार २०२६ साल फागुन १७ गते (तदअनुसार २८ फेब्रुअरी १९७०) का दिन तत्कालीन श्री ५ युवराज्ञी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहका साथ सुसम्पन्न भएको थियो। हिन्दू परम्परा अनुसार ११ गते फागुन (तद्अनुसार २२ फेब्रुअरी १९७०) का दिन स्वयम्बरको कार्यक्रम सुसम्पन्न भएको भियो भने फागुन १६ गतेका दिन नारायणहिटी राजरबारबाट सिंहदरबारका लागि वरयात्रा प्रस्थान गरेको थियो। वरयात्राका दिन श्री ५ वीरेन्द्र सीतारा भरिएको नेपाली ढाकाको विशेष मयलपोसको पहिरनमा सिंगारिएको हात्तिमा राजुभई सवारी भएको थियो। वरयात्रामा गुरु पुरोहित, पञ्चै बाजा, शाही नेपाली सेनाको ब्याग, नेपाल प्रहरी, संवैधानिक पदाधिकारीहरू, मन्त्रीगण, श्री ५ को सरकार र राजप्रासाद सेवाका विशिष्ट कर्मचारीहरू र अन्य विशेष महानुभावहरू सम्मिलत हुनु हुन्थ्यो। यसले राजकीय वरयात्राको महत्त्वलाई उजागर गरेको थियो। यस अवसरमा विभिन्न मित्र राष्ट्र र छिमेकी मुलुकका ५० भन्दा बढी प्रतिनिधिहरू सम्मिलित भई राजकीय शोभा बढाएको कुरा स्मरण योग्य छ। नेपालको राजपरम्परामा राजकीय शुभवीवाहलाई महत्वपूर्ण समारोहका रूपमा मानिन्छ। त्यसमा पनि भावी राजा रानी बन्ने श्री ५ युवराजाधिराज र श्री ५ युवराज्ञीको शुभविवाह सफलतापूर्वक सम्पन्न भएको देख्न पाउनु नेपाली जनताको निम्ति अपार हर्षको कुरा हुनु स्वभाविक नै मान्नु पर्दछ र यो ऐतिहासिक ध्रुवसत्य पनि हो भन्नुमा अत्युक्ति होओइन।

नेपालमा प्रचलित शुभविवाहको हन्दू सँस्कृतिका विषयमा यहाँ केहि कुरा उल्लेख गर्नु म सान्दर्भिक ठान्दछु। हिन्दू सँस्कृति अनुसार शुभविवाहको प्रारम्भमा सुयोग्य वर र वधुको निश्चय भएपछि निश्चित दिनमा वर र वधु दुवै पक्षका विशेष व्यक्तिहरू नव वधुको धरमा भेला भई कुरा छिन्ने काम वा टीको टालो वा

दाम राख्ने चलन छ । त्यसपछि शुभविवाहको तैयारीको कार्यक्रम दुवै पक्षबाट सुरु गरिन्छ । दोस्रो कार्यक्रम स्वयम्वर हुन्छ । स्वयम्वरकालागि केहि दिन वा समय पहिले वधुपक्षबाट वरलाई निमन्त्रणा टुक्राउने चलन छ । मिति, समय र स्थान तोकी पठाइएको निमन्त्रणा बमोजिम वरपक्षकाहरू वधु कहाँ निश्चित दिनमा आफ्ना इष्टमित्रहरूसहित जाने चलन छ । स्वयम्वरका शुभ साहतमा वर वधु दुवैले एक अर्कोलाई वैदिक मन्त्रोच्चारणका साथ स्वयम्वरको माला लगाई र औंठी लगाई ढोक भेट गर्ने चलन छ । स्वयम्वरको कार्यक्रम सकिएपछि वर तर्फबाट वर्षका घरमा साहपाटा पठाउने चलन छ । त्यसदिन दुलाहाले विधि विधान अनुसार सेतो कपडामा दुवै हातको रातो पन्जा छाप लगाई सो कपडा र उपहारहरू सहितका किस्तिहरू दुलही कहाँ पठाउने गरिन्छ । दुलहि कहाँ पुगेपछि सोही बमोजिम दुलाहाकहाँ फिर्ता पठाउने परम्परा छ । त्यसपछि वरयात्रा दुलाहाको घरबाट प्रारम्भ हुन्छ । वरयात्रामा आफ्ना इष्टमित्र बन्धस बान्धव सबैलाई लग्ने चलन छ । वरयात्राका दिन वरलाई सबेरै दिदी बहिनीहरूले विशेष स्नान गराउनु पर्ने चलन छ र वरयात्रा सुरु हुनु भन्दा अघि दुलाहकी आमाले नव वधुलाई सकुशल घरमा भित्र्याउनु भनी आर्शिवाद दिएकी हुन्छिन । यसै बमोजिम वरयात्रा वा जन्ती नववधु अर्थात दुलहीको घरमा पुगेपछि दुलहि पक्षका बाबु, काका, मामा, भतिजा आदिबाट जन्ती पर्सने काम हुन्छ र विधि विधान बमोजिमको कार्यका लागि वरलाई यज्ञमण्डपमा लगिन्छ । यसै बीचमा दुलहीतर्फ कन्यादानको कार्यक्रम प्रारम्भ हुन्छ । दुलहीका बुबा आमाबाट कन्यादान गरिन्छ भने त्यसपछि आआफ्ना नातेदारहरूबाट कन्याको गोडा धुने कार्य मन्त्रोच्चारणका साथ गरिन्छ । गोडा धुँदा विशेष विछ्यौनामा दुलाहा दुलहीलाई राखिन्छ र सामान्यतया तामाको खड्कुलो वा ताउलोमा विशेष जलवहाली गोडाधुने कार्य गरिन्छ , गोडाधुने कार्य समाप्त भएपछि वर र कन्याको जग्गेमा बाँकि कामहरू सम्पन्न गरिन्छ । दुलही अन्माउने काम भएपछि जन्तिलाई विदाइ गर्ने कार्य गरिन्छ । यसपछि जन्ती वर र वधुकासाथमा दुलाहाका धरमा पुगी विधि पूर्वक वधु प्रवेश गराइन्छ र शुभविवाहको कार्य सुसम्पन्न गरिन्छ ।

पारिवारिक जीवन

मौसुफको आफ्नो पारिवारिक जीवन रथी स्व. केन्द्रशमसेर ज.ब.रा. तथा श्रीमती श्रीराज्यलक्ष्मी राणाकी जेष्ठ सुपुत्री तत्कालीन श्री ५ युवराज्ञी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहका साथ सुसम्पन्न भएपछि प्रारम्भ भएको हो । मौसुफका जेष्ठ पुत्र रत्नका रूपमा २०२८ साल असार १३ गते तत्कालीन श्री ५ युवराजधिराज दीपेन्द्र वीर विक्रम शाहको शुभ जन्म भएको थियो भने पसत्री रत्नको रूपमा २०३३ सालमा तत्कालीन श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी शाहको जन्म भएको थियो । कान्छा पुत्र रत्नको रूपमा तत्कालीन श्री ५ अधिराजकुमार निराजन वीर विक्रम शाहको शुभ जन्म २०३५ सालमा भएको थियो । सुयोग्य माता पिताको आफ्ना पुत्ररत्न तथा पुत्रीरत्नको अध्यापन र प्रशिक्षणमा विशेष अभिरुचि देखिन्थ्यो । स्व. श्री ५ वीरेन्द्रको सानैदेखिको अभिरुचि कलातर्फ भएकोले मौसुफका अनुपम कलाकृति मोति र झरनाले नेपाली कलाकारिताको क्षेत्रका विशेष प्रभाव पारेका थिए । भने यसै स्वभावको छाप तत्कालीन श्री ५ अधिराजकुमारी श्रुतिराज्यलक्ष्मी देवी शाहमा स्पष्ट परेको देखिन्थ्यो । फलस्वरूप श्री ५ अधिराजकुमारी श्रुति पनि एक कलाकारको रूपमा देखा परि बक्सियो । यसैगरि स्व. श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहमा साहित्य, र संगीत प्रति विशेष अभिरुचि देखिन्थ्यो । मौसुफका हृदयस्पर्सी कविता र गीतले नेपाली हृदय नछोएको कसैको छैन भने हुन्छ । यसको स्पष्ट प्रभा तत्कालीन श्री ५ युवराजधिराज दीपेन्द्र वीर विक्रम शाहमा परेको थियो । अर्कोतिर तत्कालीन श्री ५ धिरेन्द्र वीर विक्रम शाहमा पनि खेलकुद प्रतिको चाख उत्कट थियो नै । यसरी राजपरिवारबाट के साहित्य, के संगीत, के कला, के खेलकुद सबै क्षेत्रमा संलग्न होइबक्सेको उदाहरणले के नेपाली साहित्यकार, के कलाकार, के संगीतकार, के गीतकार र के खेलाडी सबै उत्साहित हुन गएको मात्र नभई यी सबै क्षेत्रलाई अघि बढाउनमा यसलाई ठूलो योगदान हुन गएको थियो भन्न सकिन्छ ।

राजपाट सम्बन्धि अनुभव

तत्कालीन श्री ५ युवराजधिराज वीरेन्द्र वीर विक्रम शाहबाट उमेर पुगीवक्सेको समारोह पश्चात २०२१ सालदेखि २०२८ सालको ८ वर्षको अवधिसम्म राजपाट सम्बन्धि विभिन्न व्यवहारिक ज्ञान हासिल गरिबक्सेको थियो । बुबा स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहको विदेश भ्रमणमा सवारी होइबक्सदा मौसुफबाट राजकीय परिषद वा राजप्रतिनिधि परिषद्को अध्यक्षको हैसियतले कार्य गरिबक्सेको थियो । २०२१ साल असोज महिनामा कायरोमा सम्पन्न असंलग्न राष्ट्रहरूको दोस्रो शिखर सम्मेलनमा स्व. श्री ५ महेन्द्र सवारी होइबक्सदाका बखतको पहिलो अनुभव मौसुफको थियो । स्व. श्री ५ महेन्द्रकै प्रेरणाबाट तत्कालीन श्री ५ युवराजाधिराजका हैसियतमा स्व. श्री ५ वीरेन्द्रबाट झापाको लामो अनौपचारिक सवारी भ्रमणबाट र समय समयका पूर्व र पश्चिम नेपालका ठाउँ ठाउँमा स्थलगत भ्रमणहरूबाट स्वदेशको

ऐतिहासिक, भौगोलिक, सामाजिक, आर्थिक तथा राजनैतिक आदि विषयको राम्रो अनुभव प्राप्त गरि बक्सिएको थियो । जाँचबुझ केन्द्रको स्थापना भएपछि सोको पर्यवेक्षणको अनुभव र राष्ट्रिय शिक्षा विषयका सम्बन्धमा विशेष अनुभव प्राप्त हुन गएको थियो । परिणाम स्वरूप राज्यारोहण पश्चात देश विकासको मूल फुटाउने अभियान प्रारम्भ गर्नमा यसले मौसुफलाई ठूलो प्रेरण मिल्न गएको देखिन्छ ।

गद्दी आरोहण

राष्ट्र र राष्ट्रियताका प्रखर प्रवर्तक, शोषण रहित समाज, वर्ग समन्वय र विकेन्द्रित शासन प्रणालीमा आधारित विश्वमा निर्दलीय शासन व्यवस्थाका दार्शनिक राष्ट्रनायक स्व. श्री ५ महेन्द्रको आकस्मिक स्वर्गारोहण पश्चात मौसूफका जेष्ठ सुपुत्र स्व. श्री ५ वीरेन्द्रबाट २०२८ साल माघ १७ गतेका दिन नेपाल अधिराज्यको राजसिंहासनमा गद्दि आरोहण गरिबक्सिएको हो । शाहवंशीय राजाहरूमा गद्दि आरोहण गर्ने मौसुफ दशौ राजा श्री ५ महाराजाधिराज होइबक्सिन्छ । राज्यारोहण कालागि सो दिन मौसुफ नारायणहिटी राजदरबारबाट राजकीय सम्मानका साथ हनुमान ढोका सवारी होइबक्सेको थियो । शाही नेपाली सेनाको ब्याण्ड, मन्त्रीगण, संवैधानिक पदाधिकारीहरू, गुरूपुरोहितहरू राजाप्रसाद सेवा र श्री ५ को सरकारका विशिष्ट पदाधिकारीहरू गण्यमान्य र अन्य सम्बन्धित व्यक्तिहरू सवारी साथ हुनुहुन्थ्यो । वैदिक विधि विधान अनुसार हनुमान ढोका स्थित नासल चोकमा मौसुफबाट राजमुकुट पहिरिबक्सिई विधिपूर्वक श्री ५ महाराजाधिराजको कार्यभार सम्हाली बक्सिएको थियो ।

यसरि स्व. श्री ५ वीरेन्द्रको २००२ सालदेखि २०२८ साल सम्मको करिब तीन दशकको बाल्यकाल देखि युवा उमेरसम्मको जीवन विभिन्न तहको अध्ययन, स्वदेश र विदेशका विभिन्न ठाउँको भ्रमण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका विशिष्ट व्यक्तित्वसँगको भेटघाट, मित्रता, पहिचान, उनीहरूसँगको आपसी विचारको आदान-प्रदान र अनुभवमा व्यतित हुन गएको देखिन्छ । देश विदेशका अनुभव, उमेर उमेरका अनुभव, बेला बेलाका शिक्षादीक्षा, विविध तालीम, अध्ययन भ्रमण, स्वदेश भ्रमण र राजपाट सम्बन्धि व्यावहारिक अनुभवले राज्यारोहण पश्चात मौसुफलाई एक कुशल राजा, एक कुशल राष्ट्रनायक, एक कुशल राजनीतिज्ञ, एक कुशल कूटनीतिज्ञ, एक कुशल बुद्धिजीवि र यी सबै क्षेत्रमा सह्यम बनाएको अनुभव विश्व समुदाय समेत सबैले गरेका छन् । साथै २०२८ सालदेखि २०५७ सालसम्मको मौसुफको तीन दशकको सुशासनकाल पछि समस्त नेपालीले आफूलाई गौरवशाली ठान्दै मौसुफप्रति कृत्य कृत्य भइरहेका छन् ।

●

शान्तिका अग्रदूत

● *जीपि शर्मा*

नेपालमा राजसंस्थाको शासनको लामो इतिहासमा शासन गर्ने राजाहरूको राज्यसञ्चालनका प्रक्रियाहरू इतिहासमा बहुरूपकै हामी पाउँछौँ तापनि सार्वभौमसत्तासम्पन्न स्वतन्त्र राज्यको रूपमा यो देश अक्षुण्ण रहिआएको छ। गौरवशाली इतिहास विद्यमान छ। यसै इतिहासको निरन्तरतामा उदीयमान राजा वीरेन्द्रले २०२८ साल माघ १७ गतेबाट यस राष्ट्रको राजगद्दी सम्हालेपछिका ३० वर्षको राज्याशासनमा चालिएको प्रत्येक पाइलालाई लोकसम्मति र शान्तिको सङ्गम पथलाई जनाधारसम्म पुऱ्याई राज्यसञ्चालन गरिबक्स्यो।

मौसुफको राज्याभिषेक २०३१ सालको शुभअवसरमा निमन्त्रणामा जम्मा हुनुभएका विश्वका राष्ट्रप्रमुख र प्रतिनिधिहरूको विशाल जमघटमा “नेपाललाई शान्तिक्षेत्र” घोषित गरियोस् भनी संसारका कुनै पनि राष्ट्रले कल्पना नगरेको तर अति गहनतम विषयवस्तुले ओतप्रोत प्रस्ताव प्रस्तुत गरी संसारसामु गौतमबुद्धको देश भनी परिचित गराउनमा सफल होइबक्स्यो। यस महान् प्रस्तावमा विश्वका ११६ राष्ट्रहरूले समर्थन जनाई मौसुफको शान्तिकामी प्रयासलाई सफलतामा परिणत गराइदिएका थिए।

देशको राजनीतिक विचारधारामा मतभेद आई राष्ट्रभित्र सानो अन्तर्कलह हुँदा मौसुफबाट जनचाहना के हो त ? भनी संसारमै नभएको भन्दा पनि अत्युक्ति नहुने जनमतसङ्ग्रह जस्तो अग्निपरीक्षाको घोषणा गरी २०३६ सालमा लोक- सम्मति बुझ्ने काम गरी जनाधारको बलियो बाटो अवलम्बन गरिबक्सेको थियो।

बग्दो समयको अन्तरालमा समाजमा जन्मने विचारहरू, कल्पनाहरू, काम गर्ने तौरतरिकाहरू उर्लिएर परिवर्तनको सम्वाहक बनेर विद्रोहको रूप लिई सडकमा उत्रन्छन्। यस्तै विद्रोहको शुरुवात २०४६ सालमा नेपालमा भयो। सीमित परिवर्तनका सम्वाहकहरूको चाहनाहरूलाई मध्यनजर राखी विश्व- परिवेशको परिस्थितिलाई बुझेर कुनै किसिमको रक्तपात र जनआहुतीबिना बहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्र आफैँले दिई संविधानलाई नै परिवर्तन गरिबक्स्यो। यस किसिमले समय र परिस्थितिलाई मूल्याङ्कन गरी जुन समयमा जसले जे माग्यो त्यहीसमेत दिएर पनि सदासर्वदा शान्तिको सुमार्गमा देशलाई हिडाई मौसुफ स्वयम् शक्ति विहीन भएर बस्न पनि तयार होइबक्सन्थ्यो।

जनप्रतिनिधिहरूलाई शक्ति सुम्पी संविधानले दिएको अधिकारभित्र अडिग रहेर राष्ट्रको विकास र जनसुरक्षाको तीव्र आकांक्षा लिइबक्सेका प्रजाप्रेमी राजाले जनप्रतिनिधिहरूको प्रत्येक पाइलालाई अति अनुशासित भै सहयोग गरेर एक आदर्श राजाको सम्मानपूर्ण ओजस्विता लिइबक्स्यो तर सीमित व्यक्तिहरूको चाहनालाई पूरा गर्न त्यसैलाई जनचाहनाको पगरी सम्झी कार्यविधि सुम्पिएका १२ वर्षका दिनहरू प्रतिघातबाट सृष्टि भै देशमा भएको विकासका संरचनाहरू दिनानुदिन ध्वस्त गरिदैजानु र साधारणभन्दा साधारण नागरिकहरू मारिन पुगी देशमा दिनहुँ रक्तपातको अवस्था देख्न पर्नुले मौसुफलाई सधैं नै छटपटीमा पुऱ्याएको थियो। पूर्वव्यवस्थामा राज्यको जसअपजस आफैँमाथि पर्ने सन्त्रासमा मौसुफ सधैँ सचेत होइबक्स्यो। त्यसैले साधारणभन्दा साधारण

घटनामा पनि सतर्क भई जनचाहनाको माग सम्झी उथलपुथल हुनबाट राष्ट्रलाई जोगाई परिवर्तनको अगुवा बनिबक्सेको थियो । संवैधानिक राजतन्त्रको प्रावधानले राष्ट्र र जनताका प्रतिनिधिप्रति प्रतिबद्ध बनाएकाले संविधानप्रति अनुशासित राजालाई राष्ट्रमा फैलिरहेको असह्य विकृतिलाई निरीह बनी हेरिरहनु परेको थियो तर पनि मौसुफ यो समस्या जन- प्रतिनिधिहरूका माध्यमबाट नै हल हुनुपर्दछ भन्ने विचारमा दृढ होइबक्सेको थियो ।

जनप्रतिनिधिमा शक्ति निहित यस अवधिमा राजाको अठोट र प्रबल इच्छा "शान्तिक्षेत्र नेपाल" र राष्ट्रको सर्वाङ्गीण विकास गर्ने कार्यमा देशमा स्थापित सबै राष्ट्रिय दलका प्रतिनिधिहरूले सरकार चलाए तर हिजोको संविधानमा नै समावेश गरिएको "शान्तिक्षेत्र नेपाल" लाई त्यही संविधान अन्तर्गत रही राज्य सञ्चालनमा अग्रणी भूमिका खेल्ने व्यक्तिहरूको दलले पनि राजाको यस महान् आकांक्षालाई आफ्नो नीतिमा समावेश गर्न सकेन मात्र होइन उच्चारण गर्नसम्म पनि चाहेन भने अरू दलका नाइकेहरूले त झन सम्झन सक्ने सम्म पनि कुरा आएन किनभने उनीहरू आफूलाई शान्ति होइन क्रान्तिद्वारा स्थापित जनबलको आधार सम्झन्थे । शान्तिको भाषा उनीहरूका लागि हुतिहाराको भाषा लाग्ने भएकाले देशमा बाह्य देशको क्रान्तिको लडाइँ नभै नागरिकबीचको गृहक्रान्तिको आगो दन्काउनमा सफल भए । साथमा भ्रष्टाचारको सङ्गठित शासन गर्नमा पनि संसारका राष्ट्रहरूलाई नै उछिनेर अग्रणी स्थानमा राजालाई उभ्याउन निःसंकोच सफल भएका थिए । राज्यमा हावी भएका जन प्रतिनिधिहरूका यस्ता किसिमका असहयोग र कुकार्यबाट मौसुफको सदिच्छामा असह्य पीडादायी ठेस पुगेको थियो र देशको दुर्दशाप्रति सारै चिन्तित होइबक्सिन्थ्यो । शान्तिक्षेत्र प्रस्ताव र ११६ राष्ट्रहरूको समर्थन प्राप्त नेपालप्रतिको न्यानो मायालाई संसदीय संविधान र दलको बीचमा कसरी सामञ्जस्यता स्थापित गरी सर्मथन प्राप्त राष्ट्रहरूको आत्मादेखि न्यानो मायाको ऋण चुकाऊँ र जीवनको एकमात्र चाहना "शान्तिक्षेत्र नेपाल" को सफलता यस तपोभूमि राज्यमा स्थापित गरूँ भन्ने चिन्ता मौसुफको अन्तस्करणमा गुम्सिएर रहेको थियो । यही कारण मौसुफबाट प्रत्यक्ष राज्य गर्दाका समयमा रक्तपात र विकासबाधक तत्त्वहरूलाई कहिल्यै उठ्न दिइबक्सेन । यो मौसुफको अद्वितीय गुण थियो ।

नेपालको धर्तीमा मात्र नभएर सारा संसारको कुनै पनि कुनामा श्री ५ वीरेन्द्र पुगिबक्सन्थ्यो, त्यहाँ शान्तिको सन्देश, विकासका भावपूर्ण मन्त्र र भाइचाराको अभियान दिइबक्सन्थ्यो । मौसुफको मधुर मुस्कान र भावपूर्ण अभिवादन अनि नम्र बोलीले संसारभरका जनमानसलाई मुग्ध पारेको थियो । यही सुमधुर र अति मिलनसार व्यवहारले नेपालले संसारका कुनै पनि राष्ट्रलाई शत्रुताका रूपमा र सम्बन्धविच्छेदको अवस्था व्यहोर्नु परेन । संसारमा नेपाललाई मन नपराउने र आत्मादेखि नचाहने भन्ने देश कुनै देखा परेन । यो मौसुफको नितान्त व्यक्तिगत देन थियो ।

राजप्रासाद सुरक्षाप्रणालीमा पनि मौसुफको उदार अनुभूति प्रतिबिम्बित हुन पुग्यो । सैकडौं सैकडौं सुरक्षाकर्मीहरू तैनाथ भएर पनि प्रासादको अन्तरआवाज र घटित क्रियाकलापबाट अनभिज्ञ रहेको २०५८ साल जेठ १९ गतेको घटनाले पुष्टि दियो । अनभिज्ञमात्र होइन आधुनिक सुरक्षा पद्धतिको उदाहरणमा अति शून्यताको पराकाष्ठा नै सावित भयो त्यो कुरा मौसुफको प्रकृतिको पूर्ण विपरीत थियो । यसले राजा वीरेन्द्रको शासनप्रणालीमा अवरोधका जटिलभन्दा जटिल कारणहरू बाधक बनी तेर्सिएका थिए भन्ने स्पष्ट हुन आउँछ । आधुनिक वैज्ञानिक पद्धतिबाट प्रमाणित सुरक्षार्थीहरूको सुरक्षाबीच राजपरिवार रहनु आजको समयको विश्वास हो सुरक्षाकर्मीहरूको मात्र अधिकार रहेको हतियार उद्देश्यरहित भनाइमा दरबारको सम्वेदनशील खोपीमा दाखिला हुन पुग्नुले संस्थागत सुरक्षा नियन्त्रणमा आधुनिकताको गतिशील किरणको प्रवेश- शून्यता मै विलीन रहेको घटनाले प्रमाणित गरायो । त्यसको परिणामको वज्र चतुर्मुखी आधुनिकताका पारखी मौसुफमै बज्रिन पुग्यो । यस्ता आरोहअवरोहका अप्राकृतिक चोटले मौसुफलाई सताइरहेको थियो । यसैको कारण अस्वस्थताको महसुस भै मौसुफ बेलायत सवारी भयो । त्यहाँका चिकित्सकहरूको परीक्षणअनुसार शल्यक्रिया गर्नुपर्ने देखियो र सो गरी मौसुफ केही समयको अस्पताल बसाइपछि सिधै नेपाल फिर्ती सवारी भई राज्यसञ्चालनमा सरीक होइबक्स्यो । शल्यक्रियाजस्तो गहन उपचार गरेर फर्केको अवस्था, गाथमा आरामको आवश्यकता भइकन पनि त्यसलाई पन्छाएर समयको महत्त्वको पूर्ण पारखी मौसुफबाट देशमा जटिल रूपमा विकसित भइरहेको समस्यानिराकरणखातिर साह्रै चिन्तित भएर शासनप्रणालीप्रति समर्पित होइबक्सेको थियो । कसलाई के थाहा जीवनको अन्तिम दिन भनेर । सारा देशवासी र राष्ट्रलाई नै रुवाएर जाने दिन पनि रातको आठबजेसम्म कार्यलयमा रही दैनिक कार्यको साथै भेटघाट कार्यमा तल्लीन भई कार्य गरिरहिबक्सेको थियो ।

प्रकृतिका चट्टानजस्ता नैतिकता, शालीन सहन शीलताका धनी श्री ५ वीरेन्द्र राति अबेरसम्म कार्यालयको काम सकी पारिवारिक जमघटको रात्रिभोजमा सरीक हुन गन्तव्य स्थान सवारी भयो । केही समयको अन्तरालमै मौसुफको इहलीला समाप्त भयो । राजामात्र रहेनन् रानी, कलिला अधिराजकुमार,

अधिराजकुमारी पाहुना मान्न आएका ज्येष्ठ सदस्यहरूको समेत एकै चिहान हुन पुग्यो । नेपाली वीरगाथाले भरिएको राजदरबार सुरक्षार्थ खटिएका सैनिकहरूलाई पत्तै भएन । शाही अङ्गरक्षकहरू पनि त्यहीँ थिए र पनि चालै पाएनन् । राजपरिवारको मात्र लाश पर्दा पनि त्यो क्रूर पाशविक काललाई कसैले छेकबार गर्ने मौका पाएनन् । राजदरबार परिसरमा कस्तो शून्यताको अवस्था होला त्यतिबेला ? सुरक्षा व्यवस्था प्रणालीको आधुनिक युगमा रहेर पनि संसारको इतिहासमा नघटेको पाशविक घटना नेपालको राजपरिवारमा घट्न पुग्यो । रक्तपातको त्रासदीदेखि सधैँ टाढा रहने शान्तिका अग्रदूत राजाले गोलीको वर्षा शरीरमा थापेर प्राण त्याग्नु पर्‍यो । आफूमात्र नभई सम्पूर्ण वंशलाई नै उजाड पारेर जानुपर्‍यो । यो अवस्थाको अन्तिम घडीमा मौसुफमा कस्तो सकस भयो होला कल्पना गर्न सकिदैन । अहिंसाका पुजारी महात्मा गान्धीलाई तातो गोलीको सिकार हुनु परेको थियो भने बुद्धरुपी वीरेन्द्रलाई सोही सहन गर्नु पर्‍यो ।

सारा संसारलाई माया बाँड्न सक्ने राजालाई गोली हानी मार्नुपर्ने कारण के थियो ? कसलाई दुस्मन बनाइबक्सेको थियो राजाले ? राजामात्र होइन सम्पूर्ण परिवारले त्यो शत्रुता व्यहोर्नु पर्‍यो । भावीले लेखेको मेटेर मेटिदो रहेनछ । यही सम्झनु पर्‍यो सारा नेपालीले । नेपालको इतिहासमा मौसुफको देन स्वर्णाक्षरले लेखिनेछ । सारा नेपालीको तर्फबाट वीरेन्द्रको मुटुबाट सिधा मातृभूमिका प्रवाहित भई सिंञ्चित रगतले यस धर्तीलाई “शान्तिक्षेत्र नेपाल” देशको रूपमा अमर बनाएर राखोस् । यही श्रद्धाञ्जलीसुमन छ ।

●

श्री ५ वीरेन्द्रको अन्तर्राष्ट्रिय व्यक्तित्व

• *जीवनाथ धमला*

नेपालको इतिहासमा शाह राजवंशले आफ्नो देशको स्वतन्त्रतालाई अक्षुण्ण राख्नका लागि सर्वोपरि भूमिका राख्दै आएको तथ्य सर्वविदितै छ । राष्ट्रिय एकीकरणकालदेखि नै शुरु भएको यस अपरिहार्य दायित्वलाई सबै राजाहरूले सर्वोच्च प्राथमिकताका साथ पूरा गर्दै आएका छन् । यदि नेपाल राष्ट्रले राजतन्त्रको शीर्षस्थ छहारी नपाउँदो हो त, यहाँको स्वतन्त्रता र राष्ट्रियतामाथि बाह्य शक्तिले उहिल्यै हस्तक्षेपका नङ्ग्रा गाडिसक्ने थियो । यसमा कसैको दुई मत छैन ।

राष्ट्रको अविच्छिन्न स्वतन्त्रतालाई जीवित राख्दै बाह्य जगत्मा राष्ट्रिय प्रतिष्ठा अभिवृद्धि गर्न नेपालका ऐतिहासिक राजाहरू सदा सक्रिय रहँदै आए ।

यस परिप्रेक्ष्यमा स्वर्गवासी राजा श्री ५ वीरेन्द्रबाट नेपालको अन्तर्राष्ट्रिय ख्याति विस्तार गर्न पुऱ्याइबक्सेको योगदान चिरस्मरणीय छ ।

श्री ५ वीरेन्द्रको व्यक्तित्व स्वयंमा एक सम्मानित अन्तर्राष्ट्रिय राजनेताको हैसियतमा रह्यो । मौसुफबाट अन्तर्राष्ट्रिय राजनीति एवम् विश्वमामिलाहरूको गहिरो अध्ययन गरिबक्सेका कारण मौसुफका दृष्टिकोण र विचारहरू स्वदेशको सीमित भूगोलको परिधिभित्र मात्र केन्द्रित रहेन । स्वदेशको आवश्यकता, देशवासीका चाहनालाई विचार शृङ्खलाका केन्द्रबिन्दुमा राखेर अनेकौं समयमा मौसुफबाट अभिव्यक्त विचारहरूले अन्तर्राष्ट्रिय प्रशंसा प्राप्त गरे । कैयौं विश्व मञ्चहरूमा होस् वा क्षेत्रीय मञ्चहरूमा व्यक्त भएका सारगर्भित सम्बोधन भाषणहरू नेपाल र नेपालीको चाहनाका अभिव्यक्तिमात्र नभई बाह्य अनेकौं राष्ट्रका जनताहरूका साझा अभिव्यक्तिका रूपमा रहे । विभिन्न समयमा सम्पन्न भएका असंलग्न राष्ट्रहरूका शिखर सम्मेलनहरूमा नेपालको असंलग्न परराष्ट्रनीतिको सुदृढता र निरन्तरतामा जोड दिदै विश्वमा तत्काल विद्यमान शीतयुद्धको परिस्थितिले उब्जाएका अन्तर्राष्ट्रिय तनावबाट विकासशील राष्ट्रहरूमाथि पर्न सक्ने खतरा, शस्त्रअस्त्रको होडबाजी आदि अति गम्भीर साझा चासोका विषयहरूमाथि गहन चिन्ता व्यक्त गरिबक्स्यो । विश्वमा रङ्गभेद, जातिभेद, पृथकतावाद, नवउपनिवेशवाद जस्ता गैरमानवतावादी एवम् गैरराजनीतिक क्रियाकलापहरूप्रतिका साझा चिन्ता र सरोकारका विषयहरूप्रति उच्च जिम्मेवारीपूर्ण दृष्टिकोणहरू श्री ५ वीरन्द्रबाट व्यक्त भए ।

असंलग्न राष्ट्रको शिखरसम्मेलनहरूमा श्री ५ वीरन्द्रबाट नेपाल र नेपालजस्तै भू-परिवेष्ठित राष्ट्रहरूका साझा समस्याहरूलाई अन्तर्राष्ट्रियकरण गरी बाह्य जगत्को ध्यानाकर्षण गम्भीर रूपमा गराउन महत्त्वपूर्ण भूमिका खेलिबक्स्यो । एसिया तथा विश्वकै भू-परिवेष्ठित राष्ट्रहरूले नेपाललाई भू-परिवेष्ठित राष्ट्रहरूको जिम्मेवार प्रवक्ताका रूपमा मूल्याङ्कन गरे । यस विषयमा नेपालको यसरी उच्च मूल्याङ्कन हुनुमा श्री ५ वीरेन्द्रको यस्ता विषयप्रतिको गहन र जिम्मेवारीपूर्ण दृष्टिकोणकै उपलब्धिका रूपमा समेत रहेको छ । सन् १९८१ मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न अल्पविकसित राष्ट्रहरूको विश्वसम्मेलनमा एसिया तथा प्रशान्त क्षेत्रका अति गरिब राष्ट्रहरूको तर्फबाट प्रतिनिधित्व गरिबक्सँदै श्री ५ वीरेन्द्रबाट प्रस्तुत सम्बोधन भाषणमा विश्वमा

अति सम्पन्न र अति गरिब राष्ट्रका जनताबीच रहेको भिन्नता सम्बन्धी सूक्ष्म विश्लेषणसहितको मार्मिक प्रस्तुतिले विश्वकै ध्यान मौसुफप्रति आकृष्ट गराएको थियो । गरिब राष्ट्रका जनता र त्यहाँका बालबालिकाहरूको कारुणिक चित्रण र सम्पन्न राष्ट्रहरूले शक्तिप्रवर्द्धनका लागि अपार धनराशिको व्यय गरिरहेको स्थितिको तुलनात्मक अन्तर्विरोधाभासपूर्ण विश्व मानवीय परिस्थितिको यथार्थ अवस्थाप्रति श्री ५ वीरेन्द्रबाट जुन चिन्ता सो सम्बोधनभाषणमा व्यक्त गरिबक्सेको थियो, त्यसलाई विश्व सञ्चारमाध्यमहरूले उच्च महत्त्व र प्राथमिकताका साथ प्रकाशन र प्रसारण गरेका थिए ।



अर्कातिर, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्क (SAARC) का एक संस्थापक राष्ट्राध्यक्षका हैसियतमा रहिबक्सी सार्कको आधारशिला बलियो बनाउन श्री ५ वीरेन्द्रबाट विशेष योगदान पुऱ्याइबक्स्यो । दक्षिण एसियाली क्षेत्रीय विकासलाई सामूहिक प्रतिबद्धताका साथ गतिशील बनाउन र यस क्षेत्रका जनताका साझा समस्याहरूलाई साझा दृष्टिकोणका साथ समाधान गर्दै दक्षिण एसियालाई नै आधुनिक विकास र सम्पन्नतातर्फ विश्वस्तरमा प्रतिस्पर्धी बनाउन श्री ५ वीरेन्द्रबाट आधारभूत अवधारणाको यथार्थवादी खोज गरि बक्स्यो । सार्कलाई उद्देश्यपूर्ण अग्रसरतातर्फ धकेल्न श्री ५ वीरन्द्रको सार्थक प्रतिबद्धता रह्यो । मौसुफका क्षेत्रीय विकासप्रतिका व्यावहारिक सोचाइहरू र तिनलाई कार्यान्वयन गर्न देखाइबक्सेको सक्रियताबाट यस क्षेत्रकै राष्ट्रप्रमुख वा सरकार प्रमुखहरू प्रभावित रहे ।

श्री ५ वीरेन्द्रको अन्तर्राष्ट्रिय व्यक्तित्वको अति नै गम्भीर र महत्त्वपूर्ण पक्ष हो- शान्तिप्रति मौसुफको प्रतिबद्धता ।

वि. सं. २०३१ सालमा मौसुफको शुभराज्याभिषेकका अवसरमा संसारका अधिकांश मुलुकहरूबाट आएका मित्र राष्ट्रहरूका विशिष्ट पाहुनाहरू समक्ष नेपालको शान्तिप्रतिको चाहनालाई वाणी दिइबक्सँदै नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्स्यो । मौसुफबाट प्रस्तावित नेपालको शान्तिक्षेत्रको प्रस्तावले क्रमशः विश्वव्यापी मान्यता प्राप्त गऱ्यो । विश्वका ११६ वटा राष्ट्रहरूद्वारा यस प्रस्तावलाई समर्थन प्राप्त हुनु नेपालका लागि कम सफलताको विषय रहेन । मौसुफबाट प्रस्तुत गरिबक्सेको शान्तिक्षेत्रको अवधारणा तत्कालका लागि मात्र नभएर वर्तमान तथा भविष्यका लागि पनि उत्तिकै सान्दर्भिक रहेको कुरा राजनीतिक वृत्तमा र बौद्धिक जगत्मा महसुस गरिँदै छ । मौसुफको शान्तिक्षेत्रको प्रस्तावको औचित्य झन् बढिरहेको छ । यसरी श्री ५ वीरेन्द्रबाट नेपालको ख्यातिलाई अन्तर्राष्ट्रिय स्तरमा सुपरिचित गराउन अत्यन्तै ठूलो र सार्थक भूमिका निर्वाह भयो जसबाट मौसुफलाई एक अन्तर्राष्ट्रिय राजनेताको सम्मान प्राप्त भयो । नेपाल मौसुफका यी गुणहरूको सदा ऋणी रहनेछ ।

●

श्री ५ वीरेन्द्र

● *ज्ञानेश्वर शर्मा रेग्मी*

मेरा दुई शब्द :

आदरणीय सज्जनवृन्द ! २०५८ साल जेष्ठ १९ गते राजदरबारभित्र जुन घटना घट्यो, त्यो घटना अत्यन्त दुःखदायी र हाम्रो इतिहासमा ज्यादै नौलो घटना हो भन्नुमा कुनै अत्युक्ति हुनेछैन । साँच्चि नै भन्नुपर्दा हाम्रा पूर्वीय धर्मग्रन्थ पुराणहरूमा यस्तो व्याख्यान आउँछ कि कुनै ठूला देवताको प्रार्थना गर्दा उपासकले भनेको पाइन्छ । हजुरको स्तुति गर्न त हज्जार जिब्रा भएका शेषनागले सक्दैनन् : त्यस्तै वाणी नै भएकी सरस्वतीले पनि सक्दिनन् । चारमुख भएका ब्रह्माजीले र सनकादिले पनि सक्दैनन् भने मैले कसरी सकुँला भन्छन् । त्यस्तै यो हत्याको पनि वर्णन गरेर सकिदैन । त्यो दृश्यावली सम्झदा यसो भन्न मनलाग्छः

झण्डा रोयो असाध्यै छटफट गरदै
चन्द्रमा सूर्य रोए
रोयो दर्बार ज्यादै पवनजल अहो
धर्ति आकास रोए
स्वदेशी मात्र हैन कसरी किन अहो
धेर संसार रोयो
संझी संझी विछट्टै नयन मिचि मिची
देश नेपाल रोयो ।

हाम्रो इतिहासमा शाहवंशको जनताप्रति सकारात्मक प्रवृत्ति पाइन्छ । यदाकदा आफ्ना अधिकारका लागि वादविवाद भएपनि जनताप्रति राजाको सद्भावै रह्यो । त्यसमा पनि श्री ५ वीरेन्द्र सरकार त साँच्चै नै प्रजावत्सल होइबक्सन्थ्यो । राजा वीरेन्द्रको देश र जनताप्रति अगाध प्रेम थियो जसको ज्वलन्त उदाहरण मृत्यु भएपछि प्रत्यक्ष देखियो । प्रजाका लागि राजा भनेको पिता बराबर हुन्छ किनकि "प्रजापुत्रानिवौरसान्" भनेर प्रत्येक धर्मग्रन्थमा पाइन्छ । त्यस्तै "रञ्जयते प्रजाइति राजा" आदि आदि ... पुत्रवत् प्रजा भएको हुँदा राजाको मृत्युमा प्रजाले पनि राजाप्रति पुत्रभाव देखाउनु पर्छ केशमुण्डन गरेर, सद्भाव देखाएर आशौच बारेर उनका नाममा दान पुण्य गरेर, हरिकीर्तन लगाएर, गरीबमा केही बाँडेर, आफ्नो शक्तिअनुसार राजऋणबाट मुक्त हुनुपर्छ जस्तो मलाई लाग्छ । यिनै कुरालाई मनन गरेर मैले पनि राजाप्रति केही शब्दपुष्प अर्पण गरेको हुँ । राजा विष्णुअंश भएको हुँदा राजाप्रति लेखेको लेख अवश्य भगवान् विष्णुप्रति नै अर्पण हो भन्ने ठानेको छु । अन्तमा हाम्रा राजा श्री ५ वीरेन्द्र भगवान् मर्यादा पुरुष श्री रामचन्द्रले दिएको उपदेशअनुसार चलेको मैले मानेको छु ।

भूयो भूयो भाविनो भूमिपालान्
नत्वा नत्वा याचते रामचन्द्रः ।
सामान्योऽयं धर्मसेतुर्नराणाम्
काले-काले पालनीयो भवद्भिः ॥
फेरी फेरी आउने हे नरेन्द्र
ढोगी ढोगी भन्छ यो रामचन्द्र ।
सामान्यै यो धर्म सेतु सबैको
हे राजा हो पालना गर्नु राम्रो ॥

भन्ने श्रीरामको दिव्योपदेश पृथ्वीनारायण शाहको पालादेखि आजसम्म हिन्दू सम्राट्को नाममा रहिरह्यो । गाई जस्ता पवित्र जनावरलाई राष्ट्रिय चिह्नमा राखियो । यस्ता अनेकौं काम र धर्मको संरक्षण र वैदिक यज्ञ यज्ञादि ठूलाठूला राजाबाटै आरम्भ र समापन भयो । तसर्थ राजा वीरेन्द्र हिन्दू सम्राट् होइबक्सिन्थ्यो ।

आशा छ, अब पनि पृथ्वीनारायण शाहका वंशज धर्म सम्राट्का भाइ श्री ५ ज्ञानेन्द्र वर्तमान सरकार भएको हुनाले हाम्रो परम्परा धर्ममा कुनै कमी आउनेछैन किनकि जस्तोसुकै शक्ति सम्पन्न देशले पनि आफ्नो परम्परा, धर्म, संस्कृतिको नाश गरायो अथवा गऱ्यो भने नष्ट हुन्छ । मनु भन्छन् :

"धर्मोरक्षति रक्षित"

●

वालिङ नगरपालिका -७, सिरुबारे ।

नैतिकताका प्रतिरूप : श्री ५ वीरेन्द्र

● *दीनबन्धु अर्याल*

श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सहृदयी भएका कारण कलाकार, साहित्यमर्मज्ञ, चित्रकलामा निपुण र ललितकलाका संरक्षक रहेको एउटा पक्ष चिन्तनपक्ष हो भने युवराज रहँदा जनसाधारणको जीवनलाई नजिकबाट हेर्ने गरी पैदल देशभ्रमण गरेका कुरामा देशभक्ति, राष्ट्रभक्तिका सम्वेदनशीलताका अरु पक्षलाई पनि हार्दिकताबाट प्रभावित भन्नुपर्छ। यसरी श्री ५ वीरेन्द्र सबल हृदय एवम् विशाल हृदयका धनी भएको आचरणका तथ्यले सिद्ध गर्दछन् ।

शिक्षा प्राप्त गर्ने उद्देश्यले जापान र ब्रिटेन पुगेपनि नेपाल र नेपालीको भाग्यप्रति चिन्तित र मननशील भएका हुँदा २०२८ सालमा राज्यारोहण अवसरमा इतिहासका ती हार्दिकताका पक्ष राजा र जनताको संयुक्त प्रयासले २००७ सालमा स्थापित युगान्तकारी, आमूल परिवर्तनकारी जन उत्तरदायी प्रजातान्त्रिक व्यवस्थाको समयको सम्झना श्री ५ वीरेन्द्रले सार्वजनिक गरेका कुरा जनताले बडो चाखसँग चर्चामा ल्याए□ । २०३१ सालमा राज्याभिषेकका अवसरमा व्यक्त वाणी मर्मस्पर्शी, हृदयस्पर्शी देखिन्छन् । राजा जनताका लागि हाम्रो सारा तन, मन, धन नेपाल र नेपालीका लागि भन्ने आशयमा राजमुकुट जनताका लागि र जनता राजमुकुटका लागि भन्ने 'परस्परं भावयन्तः' भएर राजशक्ति र जनशक्ति दुवैको एकतामा दुवै पक्षले श्रेय प्राप्त गर्ने कामले मुलुकको पनि सर्वोत्तम हित हुने उज्ज्वल कल्पना श्री ५ वीरेन्द्रको दिल-दिमागमा रहेको हुनुपर्छ। यही उज्यालाको स्रोत श्री ५ वीरेन्द्र भएबाट शिक्षाको न्यानो प्रकाशबाट कुनै पनि नेपाली वञ्चित हुन नपरोस् भनेर प्राथमिक शिक्षा निःशुल्क गराउने प्रण राजाबाट भयो र लागू पनि गरियो । अन्धकारबाट उज्यालोमा पुऱ्याएपछि, अल्पकालमा मर्नुपर्ने स्थिति पनि रहँदैन र मनको उज्यालाले असत्यलाई वरण गर्न पनि दिदैन ।

श्री ५ वीरेन्द्र शान्तिप्रिय राजामात्र भएको कुरा गर्नुमात्र पर्याप्त छैन। अशान्तिका कारक तत्त्व असमानता, गरिबी र खराबप्रवृत्ति हुन् भन्ने कुरा पनि श्री ५ वीरेन्द्रलाई थाहा थियो। अन्यायले अशान्ति ल्याउँछ। उत्पादनशीलता र न्यायोचित वितरण, निर्मल बानी स्वच्छ पानी अर्थात् पर्यावरणको शुद्धीकरण, विभिन्न जातजाति, संस्कृति, समुदाय, सम्प्रदायका बीचमा सद्भावको सिर्जनाबाट शान्ति प्राप्त गर्न सकिन्छ। चाटुकारहरूले राजालाई अनावश्यक प्रशंसा गरेर आफ्नो निजी क्षुद्र स्वार्थलाभ गर्दछन्। राजाको नेतृत्व भन्दै आफ्नो दुनो सोझ्याउने, आफूले भने शोषणमूलक सामाजिक जीवन, मोजमजाको समय व्यतीत गर्ने गरेबाट सीमान्तमा रहेका विपन्न र निमुखा जनताको हालत गएगुज्रेको स्थितिको अनुभव श्री ५ वीरेन्द्रलाई हुन पुग्यो। यसैले पञ्चायत पद्धतिको आलोचना हुने गरी २००७ साल फागुन ७ गतेको उपलब्धिको रक्षाको सोचाइ सार्वजनिक रूपमा श्री ५ बाट व्यक्त हुँदा कट्टर पञ्चहरू हैरान परेका थिए। श्री ५ वीरेन्द्रले नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राख्दा यही हार्दिकता र मानवमूल्यको गहिराइलाई भेटेको सिद्ध हुन्छ। सक्रिय देवत्व जागृत महापुरुष वीरेन्द्र दैवीसम्पत्ति आर्जन गर्ने तयारीमा थिए। त्यसैले अन्तस्करण जागृत गराउन सफल पनि थिए।

विकास भौतिक परिवर्तन मात्रले सिद्ध हुँदैन । यो मानवीय समस्या पनि हो भन्ने मत श्री ५ वीरेन्द्रको रहेको तथ्य इतिहासबाट छर्लङ्ग भएको छ । जनक र गौतमबुद्धका भूमिमा विचारको अवतरण वीरेन्द्रमा आएर अहिंसा र शान्तिले मार्ग पाउन थाले ।

सार्क अवधारणाका पिता श्री ५ वीरेन्द्र थिए भन्ने कुरा सार्क राष्ट्रका सरकार प्रमुखहरूले स्वीकार गरे, प्रशंसा गरे, नतमस्तक बने एवम् स्वर्गीय आत्माको चिरशान्तिको प्रार्थना भगवान्सँग गरेर श्री ५ वीरेन्द्रप्रतिको स्नेह आदरजन्य कृतज्ञता व्यक्त गरे । दक्षिण एसियाली राष्ट्रहरूको परस्पर समझदारी, सहयोग, सहमति र सम्वादको वातावरण हुँदा त यो क्षेत्र यस्तो भाँति अशान्त छ । श्री ५ वीरेन्द्रले सार्क अवधारणाका कुरा नजन्माएको भए हिंसा कति चर्कँदो हो, कति अशान्तिका ज्वाला दन्कने थिए । अरूलाई उज्यालो दिए नैतिकताका प्रतिरूप श्री ५ वीरेन्द्रले । श्री ५ वीरेन्द्रले नेपालमा राष्ट्रियता र प्रजातन्त्रको जग नखल्बलियोस्, म त मरेर जाउँला राष्ट्रियता र प्रजातन्त्र सँगसँगै हुर्कन, बढ्न, पुष्पित र पल्लवित होऊन भनेका थिए । "बूढा मरै भाषा सरै" भन्ने पृथ्वीनारायण शाह महाराजका हृदयका पुकार श्री ५ वीरेन्द्रले सुनेका थिए । इतिहासलाई आँखा बनाएर अनुभूति सँगालेका थिए ।

दिव्योपदेशबाट गन्तव्य निर्धारित गरेका थिए, मार्गनिर्माण गरेका थिए- सन्मार्ग नीतिशास्त्रसम्मत मार्ग, हृदयनिर्मित मार्ग । नेपाली नेपालीका बीचमा कुनै विद्रोह नउठोस्, प्रेम जागृत रहिरहोस्, सद्भाव भातृत्वको भाव बाँचिरहोस् भन्ने प्रबल धारणा श्री ५ वीरेन्द्रमा थियो । ती धारणा वक्तव्यसारमा आए । वक्तव्यसारभन्दा पनि आचरणमा प्रकट भए ।

नीतिवचन, गुरुवचन, शास्त्रवचनबाट हृदय फराकिलो बनाउने अभ्यासमा लागेका श्री ५ वीरेन्द्रले गरिब देशहरूका जनताको मर्का बुझ्ने, सम्पन्न र उन्नत राष्ट्रका नेताहरूको हृदय पनि फराकिलो बनाउनुपर्छ भन्ने कर्तव्यबोधले प्रेरित भएर गरिब मुलुकहरूका प्रतिनिधिका हैसियतले पेरिस सम्मेलनमा 'रोटी मागेको भोको मानिसलाई गोली हान्ने सोच नबनाऊ' भनेर क्रान्तिकारी एवम् जनताको हृदयको पुकार आफ्ना श्रीमुखबाट निःसृत गराए ।

राजधानीमा मात्रै सबै सुविधा केन्द्रित गर्दा वा विकासका पूर्वाधार काठमाडौँमा मात्र केन्द्रित गर्दा पूरा नेपाल समेटिदैन, न्याय पर्दैन । राजधानीका लागि अनिवार्य आवश्यकताका कुरा साझा हुन् तर काठमाडौँको खानेपानी र सडकविस्तारको ऋण दुर्गम क्षेत्रका जनतालाई बोकाउनु न्याय पर्दैन भनेर नेपाललाई ५ विकास क्षेत्रमा बाँडे । समयसमयमा आफ्नो भ्रमणबाट विकासका गतिविधिको निरीक्षण, मूल्याङ्कन र अनुगमन गर्ने काममा तदारुकता देखाए । विकासप्रति जनरुचि र जनचेतना जागृत गराउने, विकासको जनमुखी प्रावधानसँगै जनताको खटनपटनलाई मान्यता दिने श्री ५ वीरेन्द्रको अठोट भएका कारणले नै २०३६ ज्येष्ठ १० गते वैकल्पिक शासन व्यवस्था रोज्न पाउने गरी जनमत सङ्ग्रहको घोषणा गरिदिएर व्यवस्थाका विरोधमा संघर्ष गरिआएका बी.पी. कोइरालाजस्ता नेताहरूको दिल पनि जित्न सफल भए । वीरेन्द्र धर्मनिष्ठ थिए, त्यो आर्यधर्म मानवतावादी धर्म थियो र 'वान्धावा मानवाः सर्वे' भन्ने भावयुक्त थियो । सम्वाद, समझदारी र सहमतिको मनस्थिति बनाएका श्री ५ वीरेन्द्रजस्ता सरल स्वभावका मुदुभाषी राजा भएका कारणले २०४६ सालको जनआन्दोलनले सफल अवतरण पायो । राजा भएर पनि कुलवंशको घमण्ड लिएनन् श्री ५ वीरेन्द्रले, बरु पृथक् विचार बोक्नेहरूका कुरा पनि धैर्य र संयमपूर्वक सुन्ने, मनन गर्ने र अन्तष्करणग्राह्य भए मान्य गर्ने साहस पनि देखाए । सत्यको सम्मान गर्ने आफ्नो मनस्थिति र आचरण निर्माण गर्नसके । मन, वचन र कर्ममा श्री ५ वीरेन्द्रको एकता थियो । श्री ५ वीरेन्द्र जोशजाँगर सहितका व्यक्ति थिए । पञ्चायतकालमा कीर्तिनिधि विष्ट प्रधानमन्त्री हुँदा सिंहदरबारमा आगलागी भएको खबर पाउँदा बिहान ४ बजे आगो निभाउन र सिंहदरबार निरीक्षण गर्न श्री ५ वीरेन्द्र सिंहदरवार पुगे । श्री ५ वीरेन्द्रमा दैवी गुण देखेर हामीहरू मर्यादा पुरुषोत्तम रामचन्द्रको गुणसँग सादृश्य पनि हेर्न सक्छौँ । शाहवंशलाई रघुवंशसँग केही गुणमा समानता भएको वंश मान्न सक्छौँ । दुवै वंश सामाजिक प्राणीका हितरक्षक, आर्यधर्मका अनुयायी, दुवै दया, करुणा र स्नेहस्रोत । ऋषि विश्वामित्रसँग राक्षस मार्न राम लक्ष्मण वन गएसरह युवराज वीरेन्द्र मानवमा रहेका राक्षसी प्रवृत्ति मेट्न पैदल घुमेको कुरा, दशरथले दिएका दुई वरदानको लागि राम वनवास गएसरह जिज्यू बुबाले नेपाली जनतालाई दिएका राष्ट्रियता प्रजातन्त्ररूपी दुई वरदान श्री ५ वीरेन्द्रले पूरा गरिदिएका छन् । श्री रामका गुह, अङ्गद, नील, सुग्रीव जस्ता व्यक्ति साधारण व्यक्तिसँग पनि सम्बद्ध सहमति भएसरह बडामहाराजाधिराज पृथ्वीनारायण शाहले बिसे नगर्ची, विराज बखेती र कालु पाण्डेसँग सम्बन्धसूत्र जोडेका थिए । श्री ५ वीरेन्द्रले दलित जनजातिका व्यक्ति र उपेक्षित वर्ग समुदायका व्यक्तिलाई पनि अवसर दिएर उन्नति गर्ने मौका प्रदान गरे । महापुरुषहरू मर्यादापालन गर्दा आफ्नो सुखसुविधाको खोजी गर्दैनन् । राज्याभिषेकमा श्री ५ वीरेन्द्रले आफ्नो सारा तन, मन, धन राज्य नेपालका लागि, नेपाली नेपालका लागि भनेका थिए । उनको अकल्पनीय एवम् दुःखद मृत्यु भएको छ ।

श्री ५ वीरेन्द्रलाई मृत्युको पराविज्ञानबाट थाहा हुँदो हो, आभास मिलेको हुँदो हो र म भरे मरे पनि फरक पर्दैन मेरा भाइ ज्ञानेन्द्र छन् प्रजातन्त्र बाँच्छ, भन्ने अभिव्यक्ति दिएका थिए । भारतका प्रधानमन्त्री इन्दिरा गान्धीलाई पञ्जावी सुरक्षागार्डबाट खतरा छ हटाऊ भन्ने सङ्केत दिँदा पनि म मरेर के हुन्छ र प्रान्तीय सङ्कुचित भाव देखाउन्न भनिन् । उनलाई पनि मृत्युको आभास थियो, मर्यादा छोडिनन् । सीता पृथ्वीमाताका शरणमा पुगिन्, प्रकृतिकी पुत्री सीता वनमा पनि पुगेसरह प्रकृतिका कोमलकान्त पदावली रानी ऐश्वर्यका रचना थिए र सीता पृथ्वीका उदरस्थ भएसरह रानी ऐश्वर्यको पनि अन्तिम गति भयो । आफ्नो छाँयासरह सेवामा रहेका भाइ लक्ष्मणलाई रामले अन्तिम अवस्थामा कडा दण्ड दिएसरह मर्यादा पुरुष वीरेन्द्रले श्री ५ धीरेन्द्रलाई दण्ड दिन पुगे । कलियुगी संस्करणको रामायणको प्रतिविम्ब देखियो । श्री ५ वीरेन्द्रको अन्तिम संस्कारका बेला आर्यघाटमा मात्रै आकाशबाट केही क्षण आँसुसरह अल्पजल बर्षियो. प्रकृति रोएको जस्तो सरल र सहज अनुभूति सबैले पाए । श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्यका तस्वीरमा फूल पैसाहरू अपार भक्तिपूर्वक जनताले बर्षाए । सबै क्षेत्रवर्गका मानिस रोए । वीरेन्द्रमा देवत्वका झल्का पाए ।

●

नेपालको सार्वभौमस्वतन्त्रतासँग गाँसिएको राजतन्त्र

• *दीर्घराज प्रसाई*

श्री ५ पृथ्वीनारायण शाहले यस हिमवत्खण्डमा विभिन्न साना टुक्राहरूमा छरिएर रहेका स-साना राज्यहरूको एकीकरण गरेपछि नेपाल अधिराज्यको सिर्जना भयो । हिमवत्खण्डको पृष्ठभूमि हेर्दा तीन किसिमको– (१) पृथ्वीनारायण शाहले एकीकरण गर्नुभन्दा अगाडिका टुक्रा-टुक्रामा विभाजित-पूर्वमा ब्रह्मपुत्रदेखि पश्चिम हिन्दुकुश र उत्तरमा हिमालयदेखि दक्षिणमा गंगासम्मका टुक्रा-टुक्रामा विभाजित साना-साना हिन्दू राज्यहरू, (२) पृथ्वीनारायण शाहले एकीकरण गरेपछिको पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्मको "विशाल नेपाल" र (३) सन् १९१६ को सुगौली सन्धिदेखि आजसम्मको राष्ट्रियताबाट पीडित आधुनिक नेपाल हो ।

श्री ५ पृथ्वीनारायण शाहले विशाल नेपालको एकीकरण गर्नुभन्दा अगाडि हिमत्खण्डका साना राज्यका जनताहरू अत्यन्त निरंकुश शासनमा जकडिएका थिए । जब पृथ्वीनारायण शाहले साम, दाम, दण्ड, भेदको नीति अख्तियार गरेर नेपालको एकीकरण गर्ने काम भयो, साना राज्यका रैती र जातजातिहरू सबैले स्वतन्त्रता प्राप्त गरेको महशुस गरे । नेपालको राष्ट्रिय एकीकरणपछि सबै जात-जातिहरूको रीति-थिति, भाषा, धर्म, संस्कृति र भेषभूषालाई नेपालकै साझा सम्पत्तिको रूपमा ग्रहण गराइयो, खुला समाज र उदार जीवनपद्धति पृथ्वीनारायण शाहको एकीकरणपछि नेपाल अधिराज्यभित्र कायम भए तापनि विदेशीहरूको चलखेल र षड्यन्त्रबाट माथिल्लो स्तरका राज्य सञ्चालकहरूमा अन्यौल र आपसी तानातान कायम रहिरहेकै थियो । राजदरबार र शासनसत्ताभित्र अनेकौँ षड्यन्त्र रचेर विदेशी जासुसहरूले नेपाललाई दुःख दिइरहेको परिणाम अनेकौँ वीर सपूतहरूको बिनाकारण हत्या र अनेकौँ सजाय गरिने काम भएकाले बहादुर शाहको हत्यापछाडि रणबहादुर शाहको हत्या, भीमसेन थापा, माथवरसिंह थापा, गगनसिंह र त्यसपछि कोतपर्व हत्याकाण्डको परिणाम नेपाल निरंकुश जहानिया शासनको पकडमा पर्न गयो । विक्रम सम्वत् २००७ सालमा नेपालमा प्रजातन्त्र त आयो तर विदेशी षड्यन्त्रबाट नेपाल मुक्त हुन सकेन । यसको खास कारण नेपालीहरूले नेपालको सम्वेदनशीलता बुझ्न नसकेर नै हो । दुःखको कुरा अहिलेसम्म पनि यस्तो परिस्थिति यदाकदा कायमै छ ।

दुई ठूला राष्ट्रहरूको च्यापोमा रहेको नेपाललाई हुर्काउन सजिलो छैन । यही हिसाबले हामी नेपालीहरू राष्ट्रियताका पीडित छौँ । दुई ठूला राष्ट्रहरूका बीचमा अवस्थित नेपालीहरूले बुझ्नुपर्ने एउटै मात्र कुरा छ– उत्तर र दक्षिणका दुई ठूला राज्यहरूको बीचमा सधैँ सन्तुलित र सुमधुर व्यावहारिक कूटनीति अपनाएर स्वाभिमानपूर्वक हिड्न सक्नु । राष्ट्र बलियो भयो भने मात्र देशको धर्म, भाषा, संस्कृति, उद्योगधन्दाको विकास र सामाजिक, आर्थिक जीवनपद्धति समृद्धशाली हुन जान्छ । यसरी नेपाल जस्तो भूपरिवेष्ठित राष्ट्रलाई संरक्षण गर्न सक्ने स्थायी संस्था नभई देशको अस्तित्व कायम हुन सक्तैन । यस अर्थमा नेपालका लागि राजसंस्था नै हो । यो कुरा बुझेर विदेशीहरूले नेपाललाई आफ्नो कब्जामा लिन राजसंस्थालाई कमजोर पार्ने र राजसंस्थालाई सौदाबाजी गरेर नेपालको अधोगति बनाउन पटकपटक षड्यन्त्र नगरेका पनि होइनन् । तथापि अनेकौँ षड्यन्त्रका बाबजुद नेपालको

स्वतन्त्र सार्वभौमसत्तामा कुनै खलल हुन नपाएकाले हामी नेपालीहरूले अब चाहिँ नेपालको राष्ट्रिय स्वतन्त्रता विरुद्धको विदेशी षड्यन्त्रहरूलाई बुझेर परास्त गर्न सक्नुपर्दछ ।

नेपालमा पृथ्वीनारायण शाहपछि श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्र राष्ट्रिय स्वाभिमान र नेपालको सुदृढ राष्ट्रियताका द्योतक मानिन्छन् । राजा वीरेन्द्रको सन्दर्भमा कुरा उठाउँदा राजा वीरेन्द्रबाट राष्ट्रिय स्वाभिमान र जनताको इच्छाको प्रतिकूल कदापि कसैसँग हात मिलाइबक्सेन । राजा वीरेन्द्रबाट नेपाललाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन आफ्नो समयकालमा अथक प्रयत्न गरिबक्सेको थियो । श्री ५ वीरेन्द्रबाट राज्यारोहण गरिबक्सेका बेलादेखि नै राष्ट्रनिर्माणमा गरिबक्सेका योगदानहरूमध्ये बाटोघाटोको नवनिर्माण, क्षेत्रीय विकास, फलफूलखेती, उद्योगधन्दाहरूको विकासमा जनतालाई परिचालन गराएर विश्व राजनीतिक रङ्गमञ्चमा नेपाललाई शान्तिक्षेत्र घोषणा गराएर ठूलो समर्थन प्राप्त गरिबक्स्यो । श्री ५ वीरेन्द्र युवराज हुँदैको बेलादेखि नेपाल अधिराज्यका विभिन्न स्थलहरूको भ्रमण गरिबक्सेर देशभित्रको भौगोलिक अवस्था र जनजीवनको यथार्थ अध्ययन गबिक्सेकाले देशभित्रका हर क्षेत्रमा राजनीतिकभन्दा विकास कार्यक्रममा नेपाली जनतालाई अभिप्रेरित गराउन सजिलो भएको थियो । राजा वीरेन्द्रलाई नेपालको सम्पूर्ण क्षेत्रको राम्रो अध्ययन थियो । कुनै ठाउँको कुरा उठ्नेबित्तिकै त्यस ठाउँका बारेमा मौसुफलाई राम्रो ज्ञान भइसकेको पाउँदा हरेक क्षेत्रका जनताहरू राजा वीरेन्द्रबाट देश विकासमा ठूलो अभिरुचि राखिबक्सेकाले ठूलो भरोसा राखेका थिए ।

तर समयपरिस्थितिअनुसार २०३६ सालमा निर्दल र बहुदलका पक्षधरहरूको राजनीतिक झगडालाई एउटा टुङ्गोमा पुऱ्याउन जनमत सङ्ग्रहको घोषणा गरिबक्स्यो । यसबाट जनताको इच्छाअनुसार शासन व्यवस्थाको जग बसाल्न चाहिबक्सेतापनि निर्दल र बहुदलको बीचमा समझदारी बढ्न नसकेको परिणाम, निर्दलीय पक्षधरहरूको पनि अनुहार र सत्तामोह बढ्दै गएकाले बहुदलीय व्यवस्थाका समर्थक र त्यसभित्रका उच्छृङ्खल तत्त्वको मिलेमतोमा विदेशीहरूको चलखेल र षड्यन्त्रको दाउपेचबाट देशभित्र आन्दोलनले उग्ररूप लिएकाले श्री ५ वीरेन्द्रकै सदासयताबाट राजदरबारभित्रै विभिन्न राजनीतिक पक्षका आन्दोलनकारीहरूलाई बोलाएर छलफल गराएर बहुदलीय व्यवस्था घोषणा गरिबक्स्यो । यो श्री ५ बाट घोषणा गरिएको ऐतिहासिक घटना थियो तर विदेशी षड्यन्त्र र उग्रवादी राजनीतिक नेताहरूको असहिष्णु व्यवहार र प्रतिशोधपूर्ण व्यवहारले श्री ५ वीरेन्द्रको सदासयतामाथि कुठाराघात गर्ने काम भयो । २०४६ सालको परिवर्तनपछिको सबैभन्दा ठूलो त्रुटि यही भयो ।

राजसंस्थाबाटै आर्जेर संरक्षित भएको नेपालमा श्री ५ लाई होच्याउने काम गरेर राजा र जनता बीच अन्यौल सिर्जना गर्ने काम भएकाले गर्दा नेपालमा पुनःस्थापित बहुदलीय व्यवस्थाले सन्तुलन र नियन्त्रण कायम राख्न सकेन । राजा र जनताको संयुक्त प्रयास र संरक्षणबाट मात्रै नेपाल बाँच्न सक्छ । राजा र राजनीतिक सङ्गठनहरूको आपसी सद्भाव र मेलबाट मात्र नेपालमा संसदीय व्यवस्था परिचालन हुन सक्छ तर संवैधानिक राजतन्त्रको नाममा नेपालमा राजसंस्थालाई अधिकारविहीन बनाएर राख्न जुन काम भयो त्यही नै हाम्रो दुर्भाग्य थियो । राजालाई कमजोर बनाएर नेपालमा कुनै समूह वा कुनै राजनीतिक दलहरूले आफ्नो स्वार्थसिद्धि गर्न खोज्छन् भने देशको अस्तित्वमाथि ठूलो खतरा आउन सक्छ । २०४६ सालको परिवर्तनपछाडि नेपालका राजनीतिक दलका नेताहरूले यो वास्तविकता बुझ्न नसकेकाले श्री ५ वीरेन्द्र अत्यन्त चिन्तित होइबक्सेको थियो । राजा वीरेन्द्र जस्तो उदार राजा र देशका हरक्षेत्रका ज्ञाता राजाको अनुभवलाई २०४७ सालपछि शासन सत्तामा बसेका नेताहरूले ग्रहण गर्न सकेको र श्री ५ वीरेन्द्रसँग समझदारी राखेर काम गर्न सकेको भए नेपालको अवस्थामा ठूलो परिवर्तन र उपलब्धिहरू हासिल भइसक्थ्यो । निर्दल र बहुदल हामी नेपालीहरूको मुद्दा नै होइन, खास कुरा त समझदारीको हो । राजा र देशका राजनीतिक समूहबीच समझदारी कायम हुन नसक्नु नै हाम्रो दुर्भाग्य हो । यस कुरालाई सबैले महशुस गर्न सक्नुपऱ्यो ।

नेपालको राजतन्त्र र नेपाली जनतालाई चाहिने प्रजातन्त्रबीच कुनै पनि प्रकारको अवरोध आउनु हुँदैन । नेपाल र नेपाली प्रजातन्त्रको संरक्षणको मियोका रूपमा नेपालमा राजसंस्था कायम भएन भने नेपालका अस्तित्व पनि कायम हुनसक्तैन । राजनीतिक दलहरूको सौदाबाजीको रूपमा नेपालमा राजसंस्थालाई प्रयोग गरियो भने नेपालमा सन्तुलन र नियन्त्रणको नीति कहिल्यै कायम हुन सक्तैन र विदेशी हस्तक्षेप बढ्न गई राष्ट्रको स्वतः अधोगति हुन जान्छ । त्यसो भएकाले जस्तोसुकै अवस्थामा पनि नेपालमा राजाको अहम् भूमिका कायम हुनुपर्दछ । नेपालमा राष्ट्रियता, राजतन्त्र र प्रजातन्त्रका बीच सन्तुलन र समन्वय कायम गरेर शासनसत्ता सञ्चालन भयो भने नेपालको मौलिक अस्तित्वमाथि कहिले पनि खेलवाड हुन सक्तैन । नेपालमा सुदृढ राष्ट्रियताको नाममा प्रजातन्त्र कमजोर हुनहुन्न भने संवैधानिक राजतन्त्रको नाममा राजा अधिकारविहीन हुन र सक्रिय राजतन्त्रको नाममा प्रजातन्त्र कमजोर हुनुहुन्न । त्यसो भएकाले राष्ट्रियता, राजतन्त्र र संसदीय प्रजातन्त्रको बीच समन्वय र सन्तुलन कायम राख्नसक्ने संविधान र त्यस्तै व्यवस्था कायम हुन सक्यो भने

नेपालभित्र कहिल्यै पनि कुनै प्रकारका पीडा र अवरोधहरू आउन सक्तैनन् । राष्ट्रियताका मामलामा श्री ५ वीरेन्द्र अत्यन्त चिन्तित होइबक्सन्थ्यो । नेपालमा बहुदलीय व्यवस्था आएपछि ११६ वटा राष्ट्रहरूले स्वस्फूर्त रूपमा समर्थन गरिएको नेपालको शान्तिक्षेत्रको प्रस्तावलाई हटाइएको कुराले पनि श्री ५ वीरेन्द्रलाई ठूलो चिन्ता लागेको थियो ।

मैले श्री ५ वीरेन्द्रको २०२९ साल ज्येष्ठ १ गते सर्वप्रथम दर्शनभेट पाएको थिएँ । पहिलोचोटिको दर्शनभेटमा लगभग १ घण्टा ४५ मिनेटसम्म भेट हुँदा मैले श्री ५ मा चढाएका लगभग सबै सुझावहरू लागू भए । त्यसपछि पटकपटक दर्शनभेट पाइरहें । मौसुफबाट सर्वोच्च व्यवस्थापिका राष्ट्रिय पञ्चायतमा मलाई दुईपटक मनोनीत गरिबक्स्यो । बहुदलीय व्यवस्था आएपछि पनि मौसुफसँग दर्शनभेट पाइरहें । मैले बहुदलीय व्यवस्था आएपछि श्री ५ वीरेन्द्रमा विन्ती बिसाएको थिएँ– "सरकारलाई बहुदलीय व्यवस्था मन परेको छैन ?" मौसुफबाट हुकुम भयो, "बहुदल व्यवस्था रहेर पनि देश बनाउन सकिन्छ तर व्यवस्थाभित्र देखापरेका त्रुटिहरूमा सुधार गरेर अगाडि बढ्न सक्नुपर्दछ । तर अहिलेकै वर्तमान परिपाटीबाट देश चल्न सक्तैन ।" मौसुफको राष्ट्रियता र प्रजातन्त्रप्रति दृढ आस्था र विश्वास थियो । श्री ५ वीरेन्द्र आज हाम्रासामु नभए तापनि मौसुफका विचारहरू हाम्रा मनमस्तिष्कमा बाँचिरहेका छन् ।

श्री ५ वीरेन्द्रको व्यक्तित्व - एक संस्मरण

● प्रा. डा. दुर्गादत्त शर्मा उपाध्याय

श्री ५ वीरेन्द्र प्रजावात्सल्य, औदार्य, दूरदर्शिता, गाम्भीर्य, क्षमा आदि सद्‌गुणका सागर होइबक्सन्थ्यो, यौटा मूर्धाभिषिक्त सम्राट्‌को आफ्ना प्रजाप्रति कस्तो उत्तरदायित्व हुनुपर्छ भन्ने सम्यक्‌ज्ञान मौसुफमा थियो र तदनुसार आचरण गर्न सतत प्रयत्नशील होइबक्सन्थ्यो ।

२०४६ सालको आन्दोलनमा जनहत्या हुन नदिइकन नै सहर्ष जनतामा सत्ता हस्तान्तरण गरेर आफू संवैधानिक राजा हुन स्वीकृति प्रदान गर्नुबाट मौसुफको प्रजातन्त्रप्रति आस्था, प्रजावात्सल्य, औदार्य र दूरदर्शिता परिलक्षित हुन्छ ।

मौसुफले संवैधानिक राजतन्त्र भएपछि वा पहिले कहिल्यै पनि संविधानको मर्यादाको उल्लङ्घन वा जनताको हित विपरीत आचरण गरिबक्सेन । यसबाट मौसुफको नैतिकता, नैष्ठिकता र महनीयता उद्‌भावित हुन्छ ।

मौसुफको प्राच्यधर्म र सनातन संस्कृतिमा अगाध आस्था र श्रद्धा थियो । हिन्दूधर्ममा अत्यन्त श्रद्धा राख्ने विश्वका एक आदर्श राजा सम्झेर काञ्चीकामकोटिपीठाधिपति शङ्कराचार्य स्वामी श्रीजयेन्द्र सरस्वतीले मौसुफमा विश्वहिन्दू सम्राट्‌को उपाधि चढाएका थिए ।

मौसुफको विचार

मौसुफ विश्वभरिका हिन्दूधर्मानुयायी जनताको गौरव बढाउने सम्बन्धमा महत्त्वपूर्ण सोचाइ राखिबक्सन्थ्यो भन्ने कुरा मौसुफका तात्कालिक महावाणीहरूबाट स्पष्ट हुन्छ ।

पुनश्च, नेपाल राष्ट्र एवम् राष्ट्रियताको दिगो विकासका निमित्त प्रतिपल चिन्तनशील होइबक्सन्थ्यो भन्ने कुरा पनि मौसुफका घोषणापत्र एवम् श्री ५ को सरकारलाई बक्स हुने निर्देशन आदिबाट अवगत हुन्छ ।

नेपालको वातावरण कस्तो छ ? अति प्रचुर दुर्गम गाउँहरूमा सामान्य जनजीवन कस्तो छ ? ग्रामीण जनताहरू कस्तो आवासमा बस्छन् ? के खान्छन् ? उनीहरूले दैनिक आयआर्जन गर्ने व्यवसाय के छ ? अन्य देशको तुलनामा यहाँको जनजीवनमा कति अन्तर छ ? दैनिक आधारभूत आवश्यकता पूर्ति हुन नसक्ने गरिब जनताको आयस्रोत बढाउने खालका उपायहरू यहाँ के हुन सक्छन् ? नेपालमा कुनकुन नयाँ उद्योगहरू खोल्न सकिएला ? यी प्रश्नहरू र यस्तै अरू प्रश्नहरू मौसुफका मस्तिष्कमा उब्जन्थे । यही मौसुफको चिन्तन र दर्शन थियो भन्ने कुरा पनि मौसुफका भाषणमा निहित महावाणीहरूबाट अभिव्यक्त हुन्छ ।

महत्त्वपूर्ण कार्यहरू

मौसुफको हृदयमा नेपाललाई सत्य, शिव र सुन्दर बनाउने सदिच्छा थियो । यही सदिच्छाले अभिप्रेरित भएर नै मौसुफबाट आफ्नो राज्याभिषेकको समयमा विभिन्न देशबाट आएका राजा, राष्ट्राध्यक्ष, राष्ट्रप्रमुख आदि विशिष्ट अतिथिहरूका समक्षमा नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्सेको थियो र त्यस प्रस्तावको चीन आदि ११६ राष्ट्रले समर्थन पनि गरिसकेका थिए । दुई विशाल राष्ट्रका बीचमा रहेको यो सानो

नेपालका निमित्त त्यो प्रस्ताव महत्त्वपूर्ण हो र मौसुफको दूरदर्शितापूर्ण चिन्तनको उपज हो भन्न सकिन्छ ।

अर्को कुरा देशको समान अनुपातमा विकास होस् भन्ने भावनाले नेपाललाई पाँच विकासक्षेत्रमा विभाजन गरी प्रतिवर्ष पालैपालोसँग ती क्षेत्रमा सवारी भै विकासकार्यको निरीक्षण स्वयम् मौसुफबाट नै गरिबक्सनाले मौसुफको विकासप्रियता र सबै जनतामा समानस्नेह परिलक्षित हुन्छ ।

मौसुफ युवराज भएकै अवस्थामा पनि अपरिचित भेषमा गाउँ-गाउँमा सवारी भएर गरिब जनताका झुपडीमा बास बसी ग्रामीण खाद्य ज्यूनार गरेर गुन्द्रीमा सुकला भै रात बिताइबक्सन्थ्यो भन्ने कुरा पनि चर्चित छ । यसरी मौसुफबाट ग्राम्यजीवनको कठिनता, विपन्नताजन्य बाध्यता, विवशता, निरीहपन आदि हृदयङ्गम गरिबक्सेको थियो । दुर्गम ग्रामवासी जनताप्रति विशेष सहानुभूति र स्नेह थियो ।

अतएव विपन्न नेपाली जनताको जीवनका न्यूनतम आधारभूत आवश्यकता क्रमशः पूर्ति गर्दैजाने लक्ष्यअनुसार मौसुफकै निर्देशनमा देशभर विकासका कार्यक्रमहरू योजनाबद्ध रूपमा सञ्चालन हुँदैआएका थिए ।

राजसंस्थाको गरिमा

मलाई प्राचीन संस्कृति नै मन पर्दछ । म त्यही संस्कारमा हुर्केको छु । राजा एवम् राजसंस्थाप्रति अत्यन्त श्रद्धा र आस्था राख्दछु । मनुस्मृतिमा भनिएको छ-

"महती देवता ह्येषा नररूपेण तिष्ठति" राजा मनुष्यका रूपमा ठूला देवता हुन् । गीतामा आफ्नो विभूतिवर्णनप्रसङ्गमा कृष्णजी भन्नुहन्छ- *"नराणां च नराधिपः"* मनुष्यमा म राजा हुँ । पुराणमा - *"नाविष्णुः पृथिवीपतिः"* 'विष्णुको अंश नभै राजा हुँदैनन् भनिएको छ । यसरी हाम्रो हिन्दू संस्कृतिमा राजाको महत्त्वपूर्ण स्थान छ अथवा राजालाई विष्णुस्वरूप नै मानिएको छ । संस्कृत भाषामा राजालाई नरदेव अथवा देव भनिन्छ । सामान्यतः हिन्दूहरू सबैले राजालाई विष्णुको अवतार मान्दछन् । नेपाली जनमानसमा यो भावना टड्कारो रूपमा देखिन्छ । अतएव नेपालीहरूले बडादशैँमा राजाको हातबाट टीका लगाएर आशीर्वाद लिने परम्परा चलेको छ । मैले श्री ५ वीरेन्द्र सरकारका बाहुलीबाट तीनवटा दशैँमा टीका ग्रहण गरेको छु । जुन जुन सालमा राजाबाट बडादशैँमा टीका लगाएको छु त्यसैत्यसै सालमा क्रमशः पदोन्नति भएको पनि छ । राजामा दिव्यशक्ति निहित हुन्छ । राजाको आशीर्वाद निष्फल हुँदैन भन्ने मेरो विश्वास छ ।

प्रथम दर्शन

म नारायणहिटी राजदरबारमा चारपटकसम्म नव दुर्गामा दुर्गासप्तशतीपाठमा बसेको छु, दुई पटक जुननाथ पण्डित बडागुरुज्यू भएको बेलामा र दुई पटक केसरिराज पाण्डे बडागुरुज्यू भएको समयमा । सर्वप्रथम म २०३८ सालको नवदुर्गामा चण्डीपाठमा बसेको थिएँ । त्यतिखेर जुननाथ पण्डित बडागुरुज्यू हुनुहुन्थ्यो । ब्राह्मणवरणको समयमा प्रत्येक ब्राह्मणलाई स्वयम् मौसुफका बाहुलीबाट नै आचमन र हस्तप्रक्षालन गर्ने र जल दिएर तत्पश्चात् वरण गरिबक्सेको थियो । त्यही वरणीको समयमा मैले सर्वप्रथम नजिकैबाट सुस्थिरतापूर्वक मौसुफको दर्शन गर्ने अवसर पाएँ । त्यतिखेर म साक्षात् विष्णु भगवान्को समीपमा छु जस्तो लाग्यो । असीम आनन्दको अनुभव भयो ।

मौसुफको प्रसन्न मृदुमुस्कानसहितको चेहरामा मनमोहक, हृदयस्पर्शी, सुशीतल दिव्य आभा थियो । असाधारण आकर्षक व्यक्तित्व र अतिशिष्टतापूर्ण व्यवहारबाट ओजस्विता, गाम्भीर्य, सौजन्य सँगसँगै उद्भासित हुन्थे । निश्छल वात्सल्य र स्नेहपूर्ण नजरबाट मानौँ अमृत नै वर्षन्थ्यो ।

भयङ्कर अवसान

ज्येष्ठ शुक्ल दशमीलाई संस्कृतमा दशहरा भनिन्छ । त्यस दिन स्नान गर्नाले दश प्रकारका पापहरू नाश हुने हुनाले दशहरा भनिएको हो भन्ने कुरा धर्मशास्त्रमा भनिएको छ । २०५८ ज्येष्ठ १९ गते त्यही दशहरा दशमीको दिनले अतर्कित भयङ्कर दुर्घटना निम्त्याएर श्री ५ वीरेन्द्रसहित राजपरिवारका दस सदस्यहरूको विनाश गरी निन्दित र क्रूर अर्थमा आफ्नो नाम सार्थक गर्‍यो । त्यो २०५८ साल ज्येष्ठ १९ गतेको रात्रि नेपालीहरूका निमित्त कालरात्रि साबित भयो । आफ्ना प्राणभन्दा प्यारा राजा वीरेन्द्रको परिवारसहित भयङ्कर अस्वाभाविक अवसान भएको खबर सुनेर सारा नेपालीको मन चेतनाशून्य भयो, मुटु फुट्ला जस्तो भयो । तत्कालमा नेपाल बत्ती निभेको घर जस्तो र देवता नभएको मन्दिर जस्तो बन्यो । मेचीदेखि महाकालीसम्म स्तब्धता, अन्योल, बेचैनी र कालो पर्दाले ढाक्यो । वेदनाजन्य करुणाक्रन्दन चारै दिशा फैलियो । कतिपय मानिस राजाको शोकले पागल भए । कतिपय मानिस वेदना सहन नसकी विष खाएर, कति नदीमा हाम्फालेर, भीरबाट लडेर आत्महत्या गरेका समाचारहरू पत्रपत्रिकामा प्रकाशित भए, सारा नेपाली रोए । विश्वका समस्त हिन्दूधर्मावलम्बीहरू आफ्ना हिन्दू सम्राट्को निधनले विह्वल बनेर रोए । काञ्चीकामकोटिपीठाधीश शङ्कराचार्य एवम् महेशयोगी एवम् अन्यान्य धेरै आध्यात्मिक योगी र

महात्माहरूले मार्मिक वेदना व्यक्त गर्दै भावुकतासँग कारुण्यपूर्ण समवेदना प्रकट गरे । भारत, अमेरिका, बेलायत, चीन, पाकिस्तान, जापान आदि देशका राष्ट्रपति, राष्ट्राध्यक्ष, राजा एवम् मन्त्रीहरूबाट शोकसन्देश प्रकाशित भए । विश्वका सम्पूर्ण मानवले श्री ५ वीरेन्द्रको निधनमा गहीरो शोक प्रकट गरे । अरूको त कुरै छाडौं माओवादीहरूले पनि मौसुफको निधनमा शोक प्रकट गरे । धन्य हो, मौसुफको निश्छल-सौहार्द, असीम वात्सल्य, गम्भीरविद्वत्ता, मिलनशील स्वभाव, असाधारण व्यक्तित्व आदि सद्‌गुणहरूको अविस्मरणीय छाप विश्वमा नै परेको रहेछ । खेदको कुरा छ, त्यस्ता राजालाई हामीले असमयमा नै गुमाउनुपऱ्यो । यहीँनेर मलाई पण्डितराज जगन्नाथको पद्य स्मरणमा आउँछ-

कस्मै हन्त फलाय सज्जन ! गुणग्रामार्जने सज्जसि
स्वात्मोपस्करणाय चेन्मम वचः पथ्यं समाकर्णय ॥
ये भावा हृदयं हरन्ति नितरां शोभाभरैः संभृता
स्तैरेवास्य कलेः कलेवरपुषो दैनन्दिनं जीवनम् ॥

यसको तात्पर्य हो कलियुगमा अतिविशिष्ट- गुणसम्पन्न व्यक्तिको असमयमा नै अवसान हुन्छ । हुन पनि इतिहासले त्यस्तै देखाउँछ । ब्रह्मसूत्र र उपनिषद्‌का व्याख्याता सनातन धर्मका स्थापक आद्यशङ्कराचार्य ३२ वर्षको उमेरमा र विशाल नेपालका निर्माता श्री ५ बडामहाराज पृथ्वीनारायण शाह ५२ वर्षको उमेरमा नै दिवङ्गत होइबक्स्यो । अनि आदिकवि भानुभक्त ५२ वर्षमा र मध्यकालीन युवाकवि मोतीराम भट्ट ३२ वर्षमा परलोक भएका थिए । त्यस्तै गुणसागर, गुणैकपक्षपाती, प्रजावत्सल श्री ५ वीरेन्द्र पनि असमयमा नै दिवङ्गत भइबक्स्यो तर मौसुफको उदात्त गुणसम्पन्न भव्य आकृति नेपाली जनताले कहिल्यै बिर्सनेछैनन् ।

दशरथ राजाले राम वनवास गएपछि वियोगमा व्याकुल भएर रामलाई सम्झँदै भन्दछन्:

हृदयान्नापयातोऽसि दिक्षु सर्वासु दृश्यसे ।
वत्स रामः गतोऽसीति सन्तापेनानुमीयसे ॥

त्यस्तै प्रसन्न मन्दमुस्कानको चाँदनीले शोभित, पूर्णचन्द्रजस्तै उज्ज्वल, स्निग्ध वात्सल्यपूर्ण दृष्टिद्वारा शीतल अमृत वर्षाउने मौसुफको दिव्य आभापूर्ण उदात्त, गम्भीर आकृति मेरो मानसपटलमा कहिल्यै नमेटिने गरी अङ्कित भएको छ । त्यही आकृति आँखाको वरिपरि घुमिरहन्छ । म मौसुफलाई कहिल्यै बिर्सन सक्तिन ।

वाल्मीकि-विद्यापीठ, काठमाडौं

श्री ५ को धार्मिक आस्था

● डा. दुर्गाप्रसाद दवाडी

"योग्यतावच्छिन्ना धर्मिणः शक्तिरेव धर्मः" जड वा चेतनामा जुन शक्ति नरहनाले पदार्थको सत्ता नै रहँदैन त्यो शक्तिको नाम धर्म हो । जस्तै- अग्निको अग्नित्व वा उष्णत्व, जलको जलत्व वा शीतत्व । यस्तै मानवको पनि मानवता नै धर्म हो । मानवता रहेमा मात्रै मनुष्य मानव पदवाच्य हुन्छ, अन्यथा त्यो दानव अथवा पशु बन्न जान्छ । धर्मको नाम धर्म यसकारणले हो, त्यसले सबैलाई धारण गर्छ, अधोगतिमा जानबाट जोगाउँछ र जीवनको रक्षा गर्छ । धर्मले नै सम्पूर्ण प्रजालाई धारण गरेको छ । त्यसो हुँदा जो धारण पोषणले युक्त छ त्यो नै धर्म हो –

धारणाद् धर्ममित्याहु धर्मणो विधृताः प्रजाः ।
यः स्याद् धारणसंयुक्तः स धर्म इति निश्चयः ॥
(महाभारत कर्ण पर्व १०९)

प्रकृतिजन्य वोधमा प्रकारीभूत भाव नै धर्म हो, जस्तै गोमा गोत्व, अश्वमा अश्वत्य । गाईमा गोत्व रहेन भने अश्वमा अश्वत्व रहेन ती दुवै गाई अथवा घोडा हुँदैनन् । त्यसै हुनाले धर्मलाई सनातन (सधैं रहिरहने) भनिएको छ । सनातनको अर्थ सधैं रहिरहने हो । हाम्रो धर्म वैदिक सनातन वर्णाश्रम धर्म भनिन्छ ।

आधुनिक युगमा आएर यसैलाई हिन्दूधर्म पनि भनिन्छ । अनादि अपौरुषेय वेदले बताएकाले यो धर्म वैदिक हो र यसमा वर्ण र आश्रमको व्यवस्था भएकाले यो धर्म वर्णाश्रम धर्म हो । साथै यो मानवधर्म पनि हो, किनभने यसमा प्रत्येक मानवले मान्नै पर्ने कुराहरूलाई धर्म भनेर कर्तव्यत्वेन निर्दिष्ट गरिएको छ ।

धृतिःक्षमो दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥
(मनुस्मृति ६।९२)

धृति अर्थात् सन्तोष (कुनै परिस्थितिमा पनि विचलित नहुनु) क्षमा (अर्काले अपकार गरे तापनि, समर्थ भएर पनि प्रतिकार नगर्नु) दम (मनले दास नबन्नु अथवा शीत, घाम आदि द्वन्द्वलाई सहन गर्नु) अस्तेय (अन्यायपूर्वक, परधन ग्रहण नगर्नु, शौच (शास्त्रानुसार माटो जल आदिले शरीरलाई पवित्र पार्नु, इन्द्रिय निग्रह (विषयमा लम्पट नहुनु, चक्षु आदि इन्द्रियलाई विषयासक्त बन्न नदिनु) धी (शास्त्रादिको तत्त्वज्ञान गर्नु) विद्या (आत्मज्ञान, म को हुँ यसको यथार्थ ज्ञान) सत्य (यथार्थ कुरा बोल्नु) अक्रोध (रिसको कारण भए पनि रिस नगर्नु) यो दस प्रकारको धर्मको स्वरूप छ । हामी यिनै धर्मका पालक हौं र यी धर्म सबै मानवले पालनीय हुन् । यी दस धर्मका स्वरूप मनुले मानवका आदि पिताले बताएका हुनाले पनि हाम्रो धर्म मानव धर्म हो भन्न सकिन्छ । यी दस कुरा मानवको निमित्त आवश्यक छन् । यसमा कुनैको मतभेद हुदैन । यो कुरो धर्मले नै भनेको छ ।

शैशवेऽभ्यस्तविधानां यौवने विषयैषिणाम् ।
वार्धक्ये मुनिवृत्तीनां योगेनान्ते तनुत्यजाम् ॥
(रघुवंश १।२०)

बाल्यावस्थामा विद्याभ्यास गर्नु, युवावस्थामा गृहस्थ धर्मको पालन गर्नु, वृद्धावस्थामा तपस्या गर्नु, अन्तमा योगले शरीर त्याग

गर्नु यो मानवको कर्तव्य हो । चाहे पनि नचाहे पनि सम्पूर्ण संसारले यो नियम पालन गर्ने गरेको छ । योगले शरीर नत्यागे पनि, इच्छाले शरीर नछोडे पनि वृद्धावस्थामा शरीर छोड्नै पर्छ, कोई अजम्बरी छैन । यसैगरी हाम्रो धर्मले राजधर्मको विषयमा भनेको छ-

प्रजानां विनयाधानाद् रक्षणाद् भारणादपि ।
स पिता पितरस्तासां केवलं जन्महेतवः ॥
(रघुवंश १।२४)

जनताको शिक्षाको व्यवस्था गर्नाले, रक्षण (भयको कारणबाट बचाउनु) ले, भरण पोषणले राजा वास्तवमा जनताका पिता नै हुन्छन् । जनताका पिता त केवल जन्म दिनेमात्र हुन्छन् । यसरी हाम्रा शास्त्रले राज्यको पनि शासनको पनि कर्तव्य तोकेको छ । यसै गरी प्रत्येक मानवको अवस्थानुसार पितृधर्म, मातृधर्म भ्रातृधर्म, पतिधर्म, पत्नीधर्म पनि हाम्रा धर्मले तोकेको छ । मानवमात्रले पालनीय धर्मको निर्देश गरेको हुनाले नै हाम्रो देश सार्वभौमसत्ता सम्पन्न हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य भनिएको छ । हाम्रो देश विश्वमा एकमात्र हिन्दूराष्ट्रका रूपमा परिचित छ । चारवर्णको व्यवस्था पनि विश्वमा छँदैछ । संसारमा सबैकाम एउटै मानिसले गर्दैन । कुनैले पढ्ने-पढाउने काम गर्छन्, कुनैले राष्ट्रको रक्षा गर्ने, पालन गर्ने काम गर्छन्, कुनैले व्यापार, कृषि, गोरक्षा आदि धर्म गर्छन्, कुनैले सेवा, शिल्प, कारिगरी आदि गर्छन् । यिनै काम गर्ने ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र भनिन्छन् । हाम्रो धर्ममा कार्यविभाजन छ । त्यस अनुसार वर्गविद्वेष र वर्गसङ्घर्ष हुँदैनथ्यो । सबै स्ववर्णोचित कार्य गरेर निरातङ्क (आतङ्करहित भएर रोगरहित भएर बस्दथे । हाम्रो हिन्दूधर्म अनुसार नै राजा नभएको देशमा नबस्नु भनेको छ- *"अराजके न वस्तव्यम् ॥* तथा राजा क्षत्रिय नै हुनुपर्छ पनि भनेको छ । -

ब्रह्मं प्राप्तेन संस्कारं क्षात्रियेण यथाविधि ।
सर्वस्यास्यमथान्यायं कर्तव्य परीक्षणम् ॥
(मनुस्मृति ७।३)

उपनयन संस्कार (व्रतबन्ध) गरिएका क्षत्रिय राजाले यस (आफ्नो) देशको शास्त्रानुसार न्यायपूर्वक रक्षा गर्नु । त्यसो हुँदा राजा क्षत्रिय नै हुनुपर्छ भन्ने कुरा पनि आउँछ । वास्तवमा भन्ने हो भने आजको युगमा राजा भएको देश केवल हाम्रो नेपाल मात्रै छ, अरू विश्वमा देशमा किङ्ग, क्वीन, बादसाह, नवाफ, डिक्टेटर (निरङ्कुश शासक) हुन सक्छन्, छन् पनि होला, तर राजा छैनन् । राजा भएको देश एकमात्र हाम्रो देश नेपाल हो । त्यसै हुनाले भारतका हिन्दूहरूले पनि नेपालका राजालाई "हाम्रो राजा" भन्दछन् ।

यस्तो देशको राजाको रूपमा रहिबक्सेका श्री ५ वीरेन्द्रको आफ्नो धर्म (कर्तव्य) प्रति पूर्णनिष्ठा थियो । राजा शब्दले नै प्रजाको अनुरञ्जन गर्नु, प्रजालाई प्रशन्न राख्नु भन्ने अर्थ बुझाउँछ । श्री ५ वीरेन्द्रको स्वभाव त्यस्तै थियो । सम्पूर्ण जनताको अत्यधिक ममता पाएको राजाको रूपमा आज सबैले मानिराखेका छन् ।

जनताको शिक्षाको विधानका लागि श्री ५ वीरेन्द्रको पालामा त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पस (विद्यार्थी) बने । रक्षाको व्यवस्था पनि अत्यन्त दृढ भयो । नेपाललाई शान्तिक्षेत्रको रूपमा विश्वका सबै देशले मान्यता दिऊन् भन्ने श्री ५ वीरेन्द्र सदिच्छालाई विश्वका बहुसङ्ख्यक राष्ट्रले मान्यता दिएका थिए र त्यसबेला नेपाल एक शान्त, सुन्दर र विशाल देशको रूपमा प्रतिष्ठित हुनै लागेको थियो । शिक्षा क्षेत्रमा प्राथमिक शिक्षालाई निःशुल्क घोषित गरेर श्री ५ वीरेन्द्रले करोडौं निर्धन जनताको हार्दिक श्रद्धा तथा प्रेमका आस्पद हुन गएको हामीलाई आज पनि स्मृति छँदैछ । राजगद्दीआरोहण केही कालपछि नै "वेदानुसार प्रजाको पालन मेरो कर्तव्य हो" भन्ने उद्गार प्रकट गरेर वैदिक धर्मप्रति र राजधर्मप्रति श्री ५ वीरेन्द्रको दृढ आस्था प्रकट भएको थियो । यसैगरी श्री ५ वीरेन्द्रका केही अन्य अभिव्यक्तिले धर्म प्रति के-कस्तो आस्था थियो भन्ने कुरा प्रकट हुन्छ । श्री ५ वीरेन्द्रको यौटा अभिव्यक्ति यस्तो छ- जन्मदेखि मरणसम्म, सूर्योदयदेखि सूर्यास्तसम्म, इहलोकदेखि परलोकसम्म जीवनको प्रत्येक क्षणमा हाम्रा क्रियाकलाप सनातन हिन्दूधर्मले निर्देशित गरेको हुन्छ । सनातन हिन्दूधर्मकै परिवेशभित्र हामी जन्मन्छौं, हिड्छौं, हुर्कन्छौं र हामीले फेर्ने सासको स्वच्छ हावाले झैं यसले हामीलाई जीवनभर घेरेको हुन्छ । (२०३७ चैत्र ३० गते) श्री ५ वीरेन्द्रलाई विकासप्रेमी राजाको रूपमा सारा जनताले पाए । सम्पूर्ण नेपालीलाई पाँच विकासक्षेत्रमा विभक्त गरेर देशमा सन्तुलित विकास ल्याउन प्रयत्न भयो त्यस बेलामा । कुनैक्षेत्र विकसित, कुनै क्षेत्र अविकसित

नरहोस् भन्ने मनसाय त्यस विकास क्षेत्रको विभाजनमा बुझिन्छ । विकास क्षेत्रमा भौतिक विकासका पूर्वाधारहरू खडा गर्ने श्री ५ वीरेन्द्रमा धार्मिकता तथा आध्यात्मिकताको पुष्टि यौटा अभिव्यक्तिमा पाइन्छ । त्यो अभिव्यक्तिको आशय हो "विकास भन्नु एउटा आर्थिक कुरामात्रै हैन यो एउटा मानवीय समस्या हो ।" त्यस अभिव्यक्तिको आशय यो बुझिन्छ- भौतिक विकासले मात्र वास्तविक विकास हुँदैन, मानवताको विकास नै वास्तविक विकास हो, मानवता अर्थात् मनुप्रोक्त मानवधर्मको पालन त्यो नै वास्तविक विकास हो । अचेल आएर यो अभिव्यक्ति अत्यधिक सान्दर्भिक हुन पुगेको छ । शान्तिक्षेत्र नेपालमा मानवताको, मानवाधिकार हननका असङ्ख्य घटना घटिरहेको बेलामा यस अभिव्यक्तिले त्यस्तो कार्य नगर्न अपिल गरेको छ, किन्तु क्रूर हृदयले त्यो सन्देश सुनेको छैन । श्री ५ वीरेन्द्रको त्यो अभिव्यक्ति त्रिपुरेश्वरको चतुष्मय (चोक)मा देख्न, पढ्न सकिन्छ । प्रजापालन रूप राजधर्ममा श्री ५ वीरेन्द्रको दृढ आस्था निम्नलिखित अभिव्यक्तिहरूद्वारा पनि प्रकट हुन गएको छ । "जसरी मलाई देश र जनताको ममता छ उसैगरी भोक र रोगले पीडित मेरो जनताप्रति मेरो दायित्व छ ।" "देशवासीको सुख-दुःख नै हाम्रो सुख-दुःख हो ।" (२०२९ माघ १८ गते)

श्री ५ वीरेन्द्रमा स्वार्थको भावना थिएन, सबै कार्य परमार्थ जनताका निमित्त नै गर्नु श्री ५ वीरेन्द्रको स्वभाव नै थियो । यो कुरा यस अभिव्यक्तिले अभिव्यक्त गर्छ-"देश र जनताको स्वार्थ नै हाम्रो एकमात्र स्वार्थ हो ।" (२०२९ माघ १८ गते) श्री ५ वीरेन्द्रको धार्मिक आस्था केवल आफूमा मात्रै सीमित थिएन, मौसुफको परिवारमा पनि त्यो आस्था रहेको देख्न बुझ्न सकिन्छ । श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारको अभिव्यक्ति छ- "हामी विश्वका सबै धर्मप्रति आदरभाव राख्दछौं, तर हाम्रा लागि हाम्रो आफ्नै सनातन धर्म, हाम्रा आफ्नै वैदिक संस्कृति, परम्परा र मर्यादा नै सर्वोपरि छन् भन्ने कुरामा हामी अटल छौं ।" (२०४० कार्त्तिक २३ गते) मानव आफ्नो मात्रै रक्षाले मानव बन्दैन, आफूमात्रै धार्मिक भएर धार्मिक हुँदैन, आ-आफ्नो जो इष्ट छ, प्रिय छ त्यसलाई पनि धार्मिक बनाए धर्मको वास्तविक धर्मको रक्षा हुन्छ- *"इष्टं धार्मिकं योजयेत्"*। इष्टलाई धर्मतिर लगाउनु पर्छ । मनुले भनेका छन्-

स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेव चास्वं च धर्मं
प्रयत्नेन जायां रक्षं हि रक्षति ॥

(मनु. ९।७)

आफ्नो सन्तान, आफ्नो चरित्र, आफ्नो कुल, आफ्नो धर्म, आफ्नो पत्नीको साथै आफूलाई पनि रक्षा गरियो भने मात्रै रक्षित भइन्छ, आफूलाई मात्रै रक्षा गरेर रक्षित भइँदैन । त्यसैहुनाले नै सम्भवतः श्री ५ वीरेन्द्रको आफ्नो परिवारलाई नै धर्मप्रति प्रेरणा गर्ने स्वाभाव थियो ।

जस्तो पूर्वमा भनियो, हाम्रो धर्मले प्रत्येक व्यक्तिको, परिवारको, समाजको, ग्रामको, देशको, राष्ट्रको धर्म (कर्तव्य) तोकेको छ । धर्म भनेर देवपूजा, पाठ, ईश्वरलाई मान्नु आदि कार्य मात्रै हैन, मानवको प्रत्येक कर्म नै धर्म (कर्तव्य) हो यदि विधिविहित छ भने । विधि-निषिद्ध कर्म-नै अधर्म हो । राज्यको पनि विधि हुन्छ र त्यसलाई हाम्रो भाषामा ऐन वा कानुन भनिन्छ । त्यसो हुँदा हाम्रो धर्म शब्दले कुनै रिलिजन वा मजहवलाई मात्रै बुझाउँदैन, धर्म शब्दको अर्थ व्यापक छ । हाम्रो धर्मले पितृधर्म, मातृधर्म, अग्रजधर्म, अनुजधर्म, पुत्रधर्म, पतिधर्म, पत्निधर्म, अतिथिधर्म, आचार्यधर्म आदि इत्यादिलाई पनि बुझाउँछ । त्यसैहुनाले वेदले पनि "मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव" (तैत्तिरियोपनिषद् १।११।२) भनेर विधिरूपले मातालाई, पितालाई, आचार्य (गुरु) लाई, अतिथिलाई, देवता (सरह) मान भनेको छ । अर्थात् आदर्श पुत्र र आदर्श शिष्य बन भनेको छ । दशरथजस्तो आदर्शपिता, रामजस्तो आदर्श पुत्र, भरत, लक्ष्मण, शत्रुघ्न जस्तो आदर्श भाइ, रामजस्तो आदर्श दाइ, रामजस्तो आदर्श पति, सीताजस्ती आदर्श पत्नी यी हाम्रा धर्मका आदर्श हुन् । वेदको "अतिथिदेवो भव" वाक्यलाई अचेल हाम्रो शासनको पर्यटन विभागले उपयोग गरेको छ र पर्यटन व्यवसायले देशको एउटा महत्त्वपूर्ण व्यवसाय भएको छ । यो पर्यटन व्यवसाय श्री ५ वीरेन्द्रको पालामा विशेष फस्टाएको हो । धर्मका यी जम्मै आदर्शको अनुकरण गर्ने प्रयत्न श्री ५ वीरेन्द्रमा देखिन्छ । महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना श्री ५ वीरेन्द्रको निगाहले नै भएको हो । संस्कृत भाषा पूर्ण विद्याको स्रोत हो, यो कुनै एक विषयको मात्रै हैन सम्पूर्ण ज्ञान विज्ञानको नै स्रोत हो । साहित्य, व्याकरण, दर्शन, भूगोल, इतिहास, अर्थशास्त्र, राजनीतिशास्त्र, वाणिज्यशास्त्र, वनस्पतिविज्ञान, गणितविज्ञान, भूगर्भविज्ञान, प्राणीविज्ञान, रसायनविज्ञान साथै पशुचिकित्सा सल्य, शालाक्य, कौमार मृत्यु आदि सम्पूर्ण विषय संस्कृतमा छन् । तिनीहरूको अध्ययनको व्यवस्था म. सं. वि. वि. ले. अद्यापि गर्न सकेको छैन किन्तु कालान्तरमा म. सं. वि. वि. को विकास हुँदै गएमा अध्ययन-अध्यापनको व्यवस्था हुन सक्छ । हाम्रो संस्कृत भाषामा निहित विद्याको अनुसन्धान हुन सक्छ । म.सं.वि.वि. को स्थापना गर्न बनेको ऐनको प्रस्तावमा नै "संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका विशेष उपलब्धिलाई समयानुसार अध्ययन, अनुसन्धान, संरक्षण र संवर्द्धन गर्न परम्परागत धर्म, नैतिक मान्यता, सदाचार

र सच्चरित्रताको पालन गर्दै नेपाल अधिराज्यलाई संस्कृत विद्याको ज्ञान र प्रेरणा प्राप्त गर्ने केन्द्रको रूपमा विकास गर्न र नेपाल अधिराज्यमा अति प्राचीन समयदेखि राजसंस्थाबाट प्राप्त हुँदै आएको संस्कृत विद्याको गौरवमय संरक्षणको प्रतीकस्वरूप..." भनेर म.सं.वि.वि. को स्थापना गर्न वाञ्छनीय भएको बताइएको छ। म.सं.वि.वि. को स्थापना श्री ५ वीरेन्द्रको अति महत्त्वपूर्ण देन हो। त्यसले पनि श्री ५ वीरेन्द्रको धर्म प्रतिको अटुट आस्था प्रकट गर्दछ।

श्री ५ वीरेन्द्रको स्मृतिको अनेक प्रसङ्ग यी पंक्तिका लेखकसँग छन्। एक दुई प्रसङ्गको उल्लेख उचित नै हुनेछ। २०२८, २०२९ सालतिरको कुरा हो। त्रि.वि.वि.को दीक्षान्त समारोहको अवसरमा श्री ५ वीरेन्द्रको पनि सवारी चलाइएको थियो। त्यसबेलामा त्रि.वि.वि.को विस्तृतीकरण भएको थिएन स्नातकोत्तरतह मात्रैमा सीमित थियो त्रि.वि.वि.। अरू कलेजहरू संबद्ध थिए, आङ्गिक थिएनन्। सीमित सङ्ख्यामा नै प्राध्यापकहरू भएकाले त्यस समारोहमा प्राध्यापकहरूलाई पनि श्री ५ वीरेन्द्रको दर्शनभेटको अवसर दिइएको थियो। नयाँ शिक्षा योजना प्रकाशमा आइसकेको र त्यस योजनाले संस्कृत शिक्षाको अनिवार्यतालाई सर्वथा समाप्त पारेकाले यी पंक्तिका लेखकको दर्शनभेटको पालोमा श्री ५ वीरेन्द्रमा बिन्ती चढाइयो- "हाम्रो देशको सभ्यता, संस्कृति र राष्ट्रभाषाको रक्षाको निमित्त संस्कृत कक्षा ४ देखि १४ सम्म अनिवार्य हुनुपर्छ सरकार।" श्री ५ वीरेन्द्रबाट सोधनी भयो- "अहिले संस्कृत कहाँसम्म छ।" लेखकको उत्तर थियो- "कहीं पनि छैन सरकार! संस्कृतको लोप नै हुन लाग्यो सरकार! यसको रक्षा होस् सरकार।" त्यसपछि निम्न माध्यमिक कक्षा ६।७८ मा अनिवार्य गर्ने निश्चय भयो र आजपनि ती कक्षाहरूमा संस्कृत अनिवार्य नै छ। यस्तै यज्ञसम्बन्धी एक घटनाको स्मृति आउँछ। वनकालीमा महारुद्रयज्ञको आयोजना पशुपतिक्षेत्र विकास कोष सञ्चालक समितिले गरेको थियो। यज्ञमा सहभागी यो पंक्तिलेखक पनि थियो। पूर्णाहुतिको निमित्त श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य सरकारको पनि सवारी चलाइएको थियो। अखण्डघृत धारा, मिश्रित चरुको प्रक्षेपले अग्निदेव प्रचण्डरूपमा प्रज्वलित थिए। आहुतिकर्ता ब्राह्मणहरूलाई पनि समीपमा बसेर आहुति प्रक्षेप गर्न धौधौ परेको थियो। राजदम्पती अग्निको समीपमा उभिएर पूर्णाहूतिको सम्पूर्ण मन्त्र पाठ नसकेसम्म स्थिर रहनु त्यो कोमल राजदम्पतीका निमित्त कठिन नै भएको थियो होला। त्यसबेलाको राजदम्पतीको त्यो धार्मिक दृढ आस्था सम्झँदा आज पनि हृदय राजसंस्थाप्रति श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यप्रति गहिरो ममतापूर्ण भावले गद्‌गद् हुन्छ। हाम्रो राजसस्था सदैव यस्तै धर्मप्रिय रहिरहोस्, स्वकर्तव्यनिष्ठ रहिरहोस्, नेपालराजसंस्था अटल रहोस्, यो कामना गर्नु उचित नै हुनेछ।

धुवा द्यौः धुवा पृथिवी धुवासः पर्वता इमे ।धुवे
विश्वमिदं जगत् धुवो राजा विशामयम् ॥

(अथर्व वेद ६।८८।१)

अहिंसा र शान्तिका पक्षपाती श्री ५ वीरेन्द्र

● प्रा. देवी शर्मा

> "रोकिने छैन रगतको आँसु नेपाली नेत्रमा
> शान्तिका प्रतीक तिमी नै ढल्यौ यो शान्ति-क्षेत्रमा"

उदारता र शान्तिका प्रतीक राजा वीरेन्द्र आज यस धर्तीमा छैनन् । अहिंसाका पक्षपाती त्यो शिष्ट व्यक्तित्व गुणैगुणको खुला पुस्तकजस्तो लाग्दथ्यो । तीन दशक लामो समयसम्म राज्य गरेका श्री ५ वीरेन्द्रको सान्निध्य सबै नेपालीलाई प्राप्त थियो । देश र जनताका लागि कर्म गरेर नथाक्ने उनी अविश्रान्त यात्री थिए । नेपालको संविधानलाई शिरोधार्य गरी आफूलाई संवैधानिक राजा मान्न उनी तयार थिए । उनी बारम्बार भन्थे- "लोकसम्मतिको आदर गर्ने र जनताको चाहनालाई पूरा गर्ने हाम्रो परम्परा रहिआएको छ ।" उनका अग्रज श्री ५ पृथ्वीनारायण शाह र श्री ५ त्रिभुवनसमान उनी दूरदर्शी र विद्वान् दुवै थिए ।

शान्तिक्षेत्रको प्रस्ताव

अहिंसा र शान्ति एउटै सिक्काका दुई पाटा हुन् । हाम्रा शान्तिप्रिय राजाले २०३० सालमा नेपाल विश्व सम्बन्ध परिषद्लाई सम्बोधन गर्दा नेपाललाई शान्तिक्षेत्र मानियोस् भन्ने प्रस्ताव राखेका थिए । "जसरी शान्तिका लागि हामी वचनबद्ध छौं, त्यसरी नै विकासको गतिलाई द्रुततम गर्नमा पनि कटिबद्ध छौं । हाम्रा लागि विकासबिना शान्ति सम्भव छैन ।" विकास र शान्तिबीच अन्योन्याश्रित सम्बन्ध रहेको कुरामा श्री ५ वीरेन्द्रलाई कुनै शङ्का थिएन । २०३१ साल फागुन १३ गते अन्तर्राष्ट्रिय समुदायसमक्ष उनले भनेका थिए- "हाम्रो सुरक्षाका लागि हामी शान्ति चाहन्छौं भने आफ्नो स्वतन्त्रता र विकासका लागि पनि शान्ति नै चाहन्छौं ।" शान्तिका पक्षधर श्री ५ वीरेन्द्रको मस्तिष्कको मौलिक सिर्जना थियो त्यो शान्तिक्षेत्रको प्रस्ताव । समस्त शान्तिका पुजारी नेपालीकै वाणी राजाबाट मुखरित भएको थियो । विश्वभरिका जनताले मन पराएको त्यो शान्ति प्रस्तावको उचाई आफ्नै थियो, सोचाइ आफ्नै थियो । ११६ राष्ट्रहरूले समर्थन जनाइसकेको त्यो प्रस्ताव एउटा युगपुरुषको युगवाणी नै बन्यो । नेपालको असंलग्न परराष्ट्रनीति, शान्तिक्षेत्रको प्रस्ताव लगभग मिल्दोजुल्दो नै थियो । श्री ५ वीरेन्द्रको शान्तिक्षेत्रको प्रस्ताव श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्योपदेशसमान गरिमापूर्ण थियो । आजको नेपालले अनेकौं दुःखपीडा सहेर बाँच्नु परिरहेको बेला ती युगपुरुषको सम्झना अझ बढिरहेको छ । अनेकौं तनावले घेरिएको आजको नेपालका जनता हत्या र हिंसाबाट आक्रान्त छन् । नेपालको भूमि रक्तरञ्जितभएको यस घडीमा राजा वीरेन्द्रको सम्झना बढी आएको छ ।

अहिंसा

नेपाल अहिंसाका अग्रदूत बुद्धको भूमि हो । यहाँका जनता छटकपटविहीन सरल स्वभावका छन् । हिंसा र प्रतिहिंसाको नग्ननृत्य विश्वमा चलेको धेरै भइसकेको छ । वर्ग, जातजाति, भाषा, धर्मसंस्कृति आदिको कारणले हिंसा जन्मने गर्छ । सामाजिक आर्थिक विषमताले हिंसा र प्रतिहिंसाको जन्म भएको पाइन्छ । विश्वमा

व्याप्त हिंसाले मानव मन- मस्तिष्कलाई अत्यन्त लाचार र कुण्ठित बनाएको छ । नेपाल त्यो हिंसाको दावानलमा नफसोस् भन्ने चाहना श्री ५ वीरेन्द्रको सधैं रह्यो । देश र जनताको उत्कर्षका उपायमात्र सोचिरहने राजाले नेपाललाई सधैं समृद्ध बनाउन प्रयास गरे । गरिबीमा भैभगडा र समृद्धिमा सौहार्दता रहन्छ भन्ने कुरा समाजका अनुभूत सत्य हुन् ।

समाज सेवा र धर्मसंस्कृतिको सम्वर्धन

बहुआयामिक व्यक्तित्वयुक्त राजा कला, साहित्य, धर्मसंस्कृति आदिको माध्यमबाट समाजसेवाका क्षेत्रमा समेत उत्तिकै रुचि राख्दथे । राजा सबैका साझा व्यक्तित्वका रूपमा स्थापित भएकाले समाजमा प्रत्येक वर्ग र समुदाय राजाका लागि समान हुनु स्वाभाविक थियो । त्यसैले सामाजिक सेवामा पनि उनको उत्तिकै रुचि थियो । कला, भाषा, साहित्यका मर्मज्ञ राजा वीरेन्द्र शिक्षा र स्वास्थ्यको विषयमा पनि उत्तिकै रुचि राख्दथे । उनले निःशुल्क प्राथमिक शिक्षा, बालिका र महिला शिक्षाको क्षेत्रमा विशेष जोड दिएको पाइन्थ्यो । त्यतिमात्र होइन असहाय, अनाथ, विकलाङ्ग आदि समुदायको भलाइ र स्वास्थ्य शिक्षाप्रति पनि उनको दृष्टि पुगेको पाइन्थ्यो शिक्षा र शान्ति नै विकासका आधार हुन् भन्ने मान्यता उनको थियो । आजको विज्ञान र प्रविधिको नवक्षितिजभित्र नेपाली युवासमूहलाई समेटी देशविकासदेखि व्यक्ति विकाससम्म गर्ने उनको अभिलाषा हुनेगर्थ्यो ।

विश्वको एकमात्र हिन्दू अधिराज्यका महाराजा वीरेन्द्र विश्वभरिका हिन्दू धर्मावलम्बीहरूका हृदयसम्राट् थिए । हिन्दूधर्म-संस्कृति, भाषासाहित्यका संरक्षक श्री ५ वीरेन्द्र अत्यन्त धर्मपरायण भएको कुरा उनका जीवनकालका धेरै घटनाबाट थाहा पाउन सकिन्छ । हिन्दू र बौद्धहरूका धर्मसंरक्षक राजा हुन्छन्; त्यो कुरा नेपालमा प्रत्यक्ष देखिएको थियो । ज्ञानविज्ञानको दुवै क्षेत्रलाई समेटेर विकास गर्न रुचाउने श्री ५ वीरेन्द्र विश्वका अत्याधुनिक विज्ञान र प्रविधिसँग पनि राम्रै परिचित थिए । शिक्षाको विकासका लागि उनको समयमा देशमा बहुविश्वविद्यालय खुलेका छन् । संस्कृत-विश्व-विद्यालय, विज्ञान प्रविधिका विश्वविद्यालयहरूको संख्या दुई चार पुगिसकेका छन् ।

आधुनिकतम शिक्षाबाट दीक्षित राजा श्री ५ वीरेन्द्रले प्राचीनदेखि आधुनिक शिक्षा पद्धतिसम्म उत्तिकै रुचि राखेको देखिन्थ्यो । देश आयुर्वेदको विकासदेखि आधुनिकतम विज्ञानका विकासमा पछि नपरोस भन्ने इच्छा थियो । युग सुहाउँदो शैक्षिक, सामाजिक, आर्थिक एवम् राजनीतिक विकास होस् भन्ने उनको उदार विचार थियो । समाजको सर्वतोमुखी विकासबिना पूर्णता आउँदैन भन्ने कुरामा उनको विश्वास थियो । मन, वचन र कर्मले देश र समाजप्रति समर्पित राजालाई गुमाएर आज पनि नेपाली दुःखी छ । शान्तिक्षेत्र भन्ने नेपाल आज युद्धको विभीषिकामा धुवाँइरहेको छ । यो कस्तो नियति हो सोझा र शान्तिप्रिय नेपालीको । बुद्धभूमि युद्धभूमि भयो । शान्ति एकाएक कता गयो कता गयो ।

– जोरपाटी ३

श्री ५ वीरेन्द्र एक सम्झना

• *धनमणि आचार्य*

वि.सं. २०२८ माघ १७ देखि २०५७ जेठ १९ सम्म नेपाल अधिराज्यको "श्री ५" रहिबक्सेका वीरेन्द्रवीरविक्रम शाह श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहका जेठा छोरा होइ बक्सन्थ्यो ।

राजपरिषद्को बैठकले राजगद्दी उत्तराधिकार- सम्बन्धी कानुन, रीत र परम्परानुसार विक्रम सम्वत् २०५८ जेष्ठ १९ गतेबाट जेष्ठ २२ तक नेपाल अधिराज्यको "श्री ५" घोषणा गरेको दीपेन्द्रवीरविक्रम शाह, श्री ५ अधिराजकुमार निराजन वीरविक्रम शाह र श्री ५ अधिराजकुमारी श्रुतिराज्यलक्ष्मीदेवी राणाको पिता श्री ५ वीरेन्द्रवीरविक्रम शाहको २०२६ फागुनमा श्री ५ युवराज्ञी ऐश्वर्यराज्यलक्ष्मीदेवी राणासँग विवाह सम्पन्न भएको थियो । श्री ५ युवराजाधिराजसँग विवाह हुने तय भएपछि नै तत्कालीन राजा श्री ५ महेन्द्रबाट रथी श्री केन्द्रशम्शेर राणाकी जेठी छोरीलाई श्री ५ युवराज्ञीको पद प्रदान गरिबक्सेको थियो ।

वि.सं. २००२ साल पुषमा तत्कालीन श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाहको कोखबाट नारायणहिटी राजदरबारमै जन्मिबक्सेका श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको कक्षा चढ्ने क्रमको पढाइ भारत दार्जिलिङस्थित सेन्ट जोसेफ स्कुल र बेलायतको इटन कलेजमा सीमित रह्यो । इटनको पढाइपछि तत्कालीन राजाले दरबारमै नेपाली साहित्य, नेपालको इतिहास, भूगोल र संस्कृतिको उच्चस्तरको अध्ययन गर्न तत्तत् विषयमा त्यसताका नाम चलेका डा. ताराप्रसाद जोशी, डा. गोकुलचन्द्र मल्होत्रा, जगतबहादुर बुढाथोकी जस्ता शिक्षकहरू जुटाई दिइबक्स्यो । जापान र अमेरिकाका विश्वविद्यालयमा क्रमशः ६/६ महिना त्यहाँको राजतन्त्र र जनप्रशासनसम्बन्धी विषयमा ज्ञान हासिल गर्ने सुअवसर पाइबक्स्यो र देशको चौधै अञ्चलको १/१ महिनाको दरले स्थलगत अध्ययनभ्रमण गर्ने कार्य मेची अञ्चलबाट शुरु गरिबक्सियो । तर मेची अञ्चलको कार्यक्रम सकेर कोशीको लागि तर्खर गर्ने सुरसार कस्दाकस्दै राजा महेन्द्रको मुटुको पीडाबाट नारायणी अञ्चल भरतपुरस्थित दियालो बङ्गलामा निधन भएकाले युवराज वीरेन्द्रवीरविक्रम शाहदेव नेपालको श्री ५ महाराजाधिराज होइबक्सियो ।

श्री ५ वीरेन्द्रको राज्यकालमा देशलाई विकासको दृष्टिबाट पाँच विकासक्षेत्रमा विभक्त गराइयो, देशको इतिहासमा पहिलोपटक जनमत सङ्ग्रह गराइयो, चारवटा सार्क शिखर सम्मेलन सम्पन्न भए, निर्धन देशहरूको प्रतिनिधित्व गरेर स्वयम् राजाबाट पेरिस सम्मेलनमा सम्बोधन गरिबक्स्यो, भारतको स्वाधीनता दिवसमा प्रधानमन्त्री अटल विहारी वाजपेयीको अनुरोधमा प्रमुख अतिथिको आसन ग्रहण गरिबक्स्यो भने चीनको बुवा कन्फ्रेन्समा प्रमुख अतिथि पनि होइबक्स्यो ।

विश्वका सबैजसो देशका राष्ट्राध्यक्ष, नेता र राजनीतिक पुरूषहरूसँगको जान पहिचान, हेलमेल र घनिष्ठ मित्रताका कारण मौसुफको सुशासनमा देश सबैतिरबाट सुरक्षित थियो । संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, संसदीय शासनप्रणाली र बालिगमताधिकारलाई आधारशिला मानेर देशको द्रुत विकासमा लम्कने राजा प्रजाको अठोट थियो । मौसुफको आनीबानी, चरित्र

र प्रजातान्त्रिक आचरणकै कारण २०१७ पौषदेखि २०४६ चैत्र तकको २९ वर्ष ४ महिनामध्ये १८ वर्ष २ महिना पञ्चायत व्यवस्थाको सर्वोच्च तहमा राज भएर पनि पञ्चायत व्यवस्था र पञ्चहरूलाई धुवाँदार आलोचना गर्नेहरूबाट मौसुफ ओभानो रहिबक्स्यो। त्यस्तै २०४७ देखि २०५८ सम्म १२ वर्ष देश सबै भन्दा बढी बिग्रिएको, धसिएको र नाश हुने दिशामा अभिमुख भएको देशीविदेशी सबैले देखे र अनुभव गरे तर मौसुफलाई त्यस अवधिमा पनि संविधानको अक्षरशः पालन गर्ने एकमात्र संस्था भनेर सराहना गरे।

सन् २००० सम्ममा नेपालीको आधारभूत आवश्यकता पूर्ति गरिसक्ने र शान्तिक्षेत्रको प्रस्ताव (११६ राष्ट्रहरूले जनाइसकेका थिए) पञ्चायतकालका मौसुफका अनुपम प्रयास थिए भने बहुदलीय प्रजातन्त्रमा मौसुफ नेपाली जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवम् राजनीतिक क्षेत्रलगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्याय कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाका लागि तल्लीन होइबक्सन्थ्यो।

सम्वत् २०५८ जेष्ठ १९ गतेको साँझले राजा वीरेन्द्रलाई एउटा सोझो राजाको रूपमा नेपालको इतिहासको पानामा सजाइदियो। आफ्नै घर परिसरमा आफ्नै वंशकै विनाश हुने कुरा मौसुफलाई आभासै भएन। त्यसै गरी २०४७ कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान जारी गरिवक्सँदा नेपालको संविधान २०१९ अन्तर्गत बनेको नागरिकता ऐन २०२० का दफाहरूले बरु संविधानमै स्थान पाए तर भाग १७ को दफा ९० मा रहेको अवशिष्ट अधिकारलाई कतै स्थानै नदिइ “नेपालको संविधान २०१९” प्रतिसंहरण गरिबक्सेका छौं भन्न लगाइयो अर्थात् मौसुफबाट नारायणहिटी राजदरबार- स्थित सिंहासन कोठाबाटै घोषणा गरिबक्स्यो। मौसुफ जनसम्मति अनुकूल चल्ने एउटा आर्दश राजा होइबक्सन्थ्यो। इतिहासमा मौसुफको नाउँ सदा सुरक्षित रहनेछ।

◆

जनताका राजा वीरेन्द्र

• *नारायणप्रसाद पौडेल*

राजा वीरेन्द्रका बारेमा भन्नुपर्दा कहाँबाट शुरु गर्ने, कता गएर अन्त गर्ने ? बहुप्रतिभाका धनी कुशल राजनेता र जनताका भावनालाई समेटेर काम गरेमात्र राष्ट्र अगाडि बढ्न सक्छ भन्ने मौसुफको विश्वास थियो । २०२८ सालमा राज्यारोहणपश्चात् २०३१ सालमा राज्याभिषेक सम्पन्न भयो । सो अवसरमा फागुन १२ गते देशवासीका नाममा बक्सेको सन्देशमा हुकुम भएको छ– “तीन वर्षअघि हामीले राज्यारोहण गरिबक्सेदेखि हामीलाई एउटै चिन्ताले पिरोलेको छ । यो देशको सार्वभौमिक स्वतन्त्रतालाई कसरी रक्षा गर्ने, कसरी प्यारा प्रजाको परिपालन र कल्याण गर्ने, कसरी हाम्रा देशवासीलाई सच्चा निसाफ दिलाई सुख, शान्ति स्वतन्त्रताको बाटोमा अग्रसर तुल्याउने । यिनै उद्देश्यबाट प्रेरित भएर हामीले स्वदेश भ्रमणको क्रम चलायौं । हाम्रा देशवासीहरूसँग सुखदुःखका कुरा गऱ्यौं । नेपाल र नेपालीको विकासको प्रश्न नै आधारभूत समस्या भएको बुझी आर्थिक विकास गर्नुपर्ने कुरामा सर्वोपरि जोड दिदै आयौं । हामी चाहन्छौं हाम्रो देशमा कोही भोकानाङ्गा नरहून्, ओखतीमुलोको अभावमा कसैले दुःख झेल्नु नपरोस् र प्रत्येक नेपालीले उपयोगी सीप र इलम सिकी आफ्नो पाखुराको बलमा आत्मसम्मानसाथ स्वतन्त्र जीवनयापन गर्न सकून् । हामी चाहन्छौं, यातायात, कृषि, उद्योग सबै क्षेत्रमा विकास होस् र देशका कुनाकाप्चामा बसेका सबै नेपाली बढ्दो मात्रामा सुखसमृद्धिको भागी हुन पाऊन् । हामी चाहन्छौं यस देशको प्रत्येक भूभागमा लुकिरहेको क्षमताको सदुपयोग भई सबैले मानवोचित जीवनयापन गर्नसकून् र देशको प्रत्येक भाग राष्ट्रिय जीवनको मूलप्रवाहमा सम्मिलित होस्, यही नै हाम्रो भित्री आकाङ्क्षा रहिआएको छ ।”

यसै क्रममा मौसुफबाट ५ कक्षासम्म निःशुल्क शिक्षा घोषणा गरिबक्स्यो र सबैभन्दा पहिले आफ्नो देश नेपाललाई शान्तिक्षेत्र प्रस्तावको घोषणा गरिबक्सेकामा मित्रराष्ट्र भारत बाहेक अरू धेरै देशहरूबाट समर्थन प्राप्त भैसकेको थियो । जनताको चाहना र इच्छालाई कहिल्यै पनि पन्छाइबक्सेन । सदैव जनचाहनाको सम्मान गरिबक्स्यो । त्यसको प्रमाण २०३५ साल चैत्रदेखि नै नेपालमा बहुदलीय व्यवस्थाको माग जनताबाट आउने क्रममा विद्यार्थीआन्दोलन हुनथाल्यो र देशका केही भागमा अशान्ति मच्चियो । विद्यार्थीआन्दोलन र जनआन्दोलन धेरै चर्केला र जनताको नचाहिँदो रगत बग्ला भन्ने सोचाइले २०३६ साल जेठ १० गते ऐतिहासिक राष्ट्रिय जनमतसङ्ग्रहको घोषणा गरिबक्सियो । यसरी जैलेसुकै पनि देशमा पर्न आएका सङ्कटलाई जनमतकै आधारमा समाधान गर्दै अगाडि बढिबक्स्यो । जनमतसङ्ग्रहका २ वटा विकल्प थिए । सुधारिएको पञ्चायती व्यवस्थामा जनताको अभिमत देखियो । सो अनुरूप २०४६ सालसम्म सक्रिय राजाका रूपमा राज्यसञ्चालन गरिबक्स्यो । समयको फेरबदल भइरहनु स्वाभाविक प्रक्रिया नै हो । त्यसमा पनि पञ्चायत व्यवस्थामा काम गर्ने नेताहरूमा एकता देखिएन । भ्रष्टाचार, अनैतिकता आदि विभिन्न विकृतिहरूले गर्दा जनतामा असन्तुष्टिहरू देखापर्दै जान थाले ।

गणेशमानसिंहजीको अध्यक्षतामा सङ्घर्ष- समिति गठन हुनु र २०४६ साल फागुन ७ गतेबाट जनआन्दोलन चर्कँदै गएर

उग्ररूप लिएपछि सारै कोमल स्वभाव र मन भएका राजा वीरेन्द्रबाट २०४६ साल चैत्र २६ गते जनताको अभिमतलाई कदर गर्दै राती नै बहुदलीय व्यवस्थाको घोषणा गरिबक्स्यो र अन्तरिम सरकार गठन गर्दै २०४७ साल कार्तिक २३ गते बहुदलीय व्यवस्थामा आधारित सार्वभौमसत्ता जनतामा निहित रहेको संविधान प्रदान गरिबक्स्यो ।



मौसुफले धार्मिक क्षेत्र, सामाजिक क्षेत्र, राजनीतिक क्षेत्र आदि सबै क्षेत्रमा योगदानको अत्यन्तै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै ३० वर्षसम्म राज्य गरिबक्स्यो । त्यसमध्ये १२ वर्षसम्म जनप्रतिनिधिका सल्लाहमा शासन गरिबक्स्यो तर १२ वर्षमा जनप्रतिनिधिको सल्लाहमा गरिएको शासन संवैधानिक राजाको हैसियतले गरिबक्स्यो ।

२०५६ साल जेठ १९ गते राति ११ बजेतिर टेलिफोनको घन्टी बज्छ, उठाउँछु मानिस बोल्दैन, स्या स्या सु.सु आवाज मात्र आइरहन्छ । म टेलिफोन राख्छु र ओच्छ्यानमा पल्टन्छु, निद्रा लाग्दैन, बल्ल बल्ल निदाउँछु । सपनामा एउटा ठूलो रुख ढलेको देख्छु र आत्तिदै ब्युँझन्छु । त्यति बेला बिहानको ४ बजेको हुन्छ । अकस्मात् छोरीको घरबाट छोरीले फोन गर्छे र राजा वीरेन्द्रसहित राजदरबारमा धेरै मान्छे मारिएको खबर सुनाउँछे । म स्तब्ध हुन्छु, बोल्न पनि सक्दिन, टेलिभिजन खोल्छु । सञ्चारमाध्यमले सम्पूर्ण परिवारको मृत्युसम्बन्धी खबर प्रसारण गरिरहेको हुन्छ । त्यो रात सम्पूर्ण नेपालीको लागि कालरात्री भएको रहेछ ।

"कालस्य वशगाः सर्वे नकालः कस्यचिद् वशे"

कालको वशमा जगत् हुन्छ जगत्को वशमा काल हुँदैन भन्ने यथार्थ नेपाली जनताले भोग्नुपऱ्यो । नेपालीको मात्र होइन विश्वकै इतिहासमा यस प्रकारको एकै रातमा एकै क्षणमा सबै राजपरिवारको संहार भएको छैन । जनता राजालाई देवताझैं मानिरहेका थिए, सम्मान गरिरहेका थिए । त्यस्तो बेलामा राजपरिवारको हत्या भयो, जनताले पत्याउन सकेनन् । विडम्बना नपत्याई सुखै थिएन । सम्पूर्ण जनताले राजपरिवारलाई आर्यघाटमा गएर श्रद्धाञ्जली दिएर जबर्जस्ती मन बाँधेर बस्न बाध्य हुनुपऱ्यो ।

रुनलाई आँसु छैन सबै रित्तियो
बोल्नलाई वाक्य छैन कसो गरी हो ।

यसरी नेपालभूमिमा यौटा होनहार राजाको अवसान भयो । त्यसैले मैले पहिल्यै भनेको थिएँ कहाँबाट लेख्न थाल्ने, कहाँबाट अन्त्य गर्ने । त्यसबेला अमर आत्मा श्री ५ वीरेन्द्रमा श्रद्धासुमन साथै राजपरिवारका अन्य सदस्यको चिरशान्तिको कामना गर्नुभन्दा बाँकी नै के छ र !

बौद्ध, महांकाल

श्री ५ वीरेन्द्र

● *पुण्यप्रताप राणा*

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका दसौं पुस्ताका राजा राष्ट्रनायक श्री ५ वीरेन्द्र एक आधुनिक, उदार, प्रजातन्त्रप्रेमी व्यक्तित्व होइबक्सन्थ्यो । मौसुफ श्री ५ महेन्द्रवीरविक्रम शाहले प्रतिपादन गरिबक्सेको निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको उत्तराधिकारीराजा होइ- बक्सन्थ्यो । श्री ५ महेन्द्रपछि २०२८ सालमा राजगद्दी समालिबक्सेको थियो । श्री ५ वीरेन्द्र सरकारले पश्चिम बङ्गालको दार्जिलिङ्स्थित सेन्ट जोसेफ स्कुलबाट अध्ययन शुरु गरिबक्सी बेलायतको इटन कलेजमा अध्ययन गरिबक्सेको थियो । जापान र अमेरिकाका विश्वविद्यालयबाट इतिहास, राजनीति, कला, आदिको पनि अध्ययन गरिबक्सेको थियो । मौसुफ चित्रकलामा पनि विशेष रुचि राखिबक्सन्थ्यो भने तन्त्रविद्यामा पनि गहिरो अध्ययन गरिबक्सेको थियो । मौसुफले युवराज होइबक्सँदा नै पूरा देशको पैदल भ्रमण गरिबक्सी आर्थिक तथा सामाजिक स्थितिको अध्ययन गरिबक्सेको थियो । देशको अशिक्षा, गरिबी, अस्वस्थ वातावरण आदिबाट साह्रै चिन्तित होइबक्सन्थ्यो । श्री ५ वीरेन्द्र सरकारको राज्याभिषेक २०३१ सालमा सुसम्पन्न भएको थियो । राज्याभिषेकको शुभउपलक्ष्यमा नेपाली जनतासमक्ष प्रतिबद्धता जाहेर गरिबक्सेको सन्देशमा हुकुम भएको थियो- "हाम्रो प्रत्येक चाहना, प्रत्येक प्रयास र प्रत्येक क्रियाकलाप देश र देशवासीको निरन्तर हित र कल्याणद्वारा सदैव निर्देशित रहेको छस । राजा र प्रजाको निःस्वार्थ र संयुक्त प्रयास नै यस देशको राज्यसञ्चालनको विशेषता हो र भविष्यमा भै रहनेछ । नेपालीको रगत र पसिनाले संरक्षित नेपालमा राजमुकुट पनि प्रबल रूपले नेपाली रहनेछ र सधैं नेपाली जनहितकै संरक्षण र संवर्द्धन गर्दै अगाडि बढ्नेछ । हाम्रो इतिहासको प्रत्येक घडी चुनौतीको घडी रहनेछ । त्यसैले नेपाली राजमुकुट प्रजाका निम्ति, नेपाली प्रजा राजमुकुटका निम्ति, राजा र प्रजा दुवै नेपाल र नेपालीको निमित्त, हाम्रो सारा तन, मन, धन नेपालीको निम्ति, यही प्रखर र त्यागले मात्रै यस हिमाली राष्ट्रको गौरव सगरमाथासँग दाँजिएर रहनसक्नेछ ।"

विश्वका सामु "शान्तिक्षेत्र" को प्रस्ताव, निःशुल्क अनिवार्य प्राथमिक शिक्षा लागू गर्ने योजना, राष्ट्रिय शिक्षानीतिको तर्जुमा, पाँच विकासक्षेत्रको विभाजन, आदि सारगर्भित घोषणाहरू भएका थिए । शान्तिबिना विकास सम्भव छैन भन्ने कुरामा श्री ५ वीरेन्द्र विश्वस्त होइबक्सन्थ्यो । त्यसैले आफ्नो देशमा "शान्तिक्षेत्र" कायम गरेर यस देशलाई विश्वका सामु नमुनाको राष्ट्र कायम गर्ने मौसुफको ठूलो आकांक्षा भएको पाइन्थ्यो । प्रशासनका बारेमा देशका सम्पूर्ण जनतालाई विकासमा सहभागी नगराएसम्म वास्तविक विकास हुन सक्दैन भन्ने सोचाइ राखिबक्सेर प्रशासनलाई विकेन्द्रीकरणमा लैजाने स्पष्ट धारणा राखिबक्सन्थ्यो । श्री ५ वीरेन्द्रले विकेन्द्रीकरण सम्बन्धी धारणा यस्तो राखिबक्सन्थ्यो- "हामीले बिर्सन नहुने कुरा के छ भने जनताको उत्थानका लागि गरिने कुनै पनि काम जनताकै सक्रियता र सहभागिताबाट मात्र पूरा हुन्छ । त्यसो हुनाले हाम्रा गाउँ र नगर पञ्चायतहरूका साथै जिल्ला पञ्चायतलाई सक्रिय तुल्याउनु र उनीहरूको भूमिका, काम, कर्तव्य र अधिकार स्पष्ट पार्नु आवश्यक छ । यस दृष्टिकोणले

हाम्रा योजनाहरूमा विकेन्द्रीकरणको सिद्धान्तलाई राम्ररी प्रतिबिम्बित पार्नुपरेको छ । साथै योजना तर्जुमा गर्दा हामीले आफ्नो भौगोलिक र प्राकृतिक वातावरणलाई पनि राम्ररी ध्यान दिनुपर्छ, कहाँ के गर्ने भन्ने कुराको निधो गर्दा हामीले हाम्रो भू-बनोट र त्यसमा के कुरा हुन सक्छन् र के कुरा हुन सक्दैनन् भन्ने कुरामा विशेष ध्यान पुऱ्याउनु जरुरी छ ।"



२०३८ सालतिर पेरिसमा भएको प्रशान्त महासागरका अल्पविकसित देशहरूको सम्मेलनमा श्री ५ वीरेन्द्र सरकारलाई सम्बोधन गरिबक्सन निमन्त्रणा आएकामा स्वीकार गरिबक्सी सम्बोधित सन्देशमा देशको वास्तविक आर्थिक स्थितिको सही चित्रण मार्मिक तथा दार्शनिक रूपमा गरिबक्सेबाट सरकारको बहुमुखी व्यक्तित्वको विश्वका धेरै देशहरूबाट प्रशंसा भएको थियो । त्यसबाट पनि राजा आफ्नो देश र जनताको आर्थिक विपन्नताप्रति कति चिन्तित होइबक्सन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । श्री ५ वीरेन्द्र परराष्ट्रनीति असंलग्न र पञ्चशीलको सिद्धान्तमुताबिक हुनुपर्दछ भन्ने कुरामा स्पष्ट होइबक्सन्थ्यो । त्यसैले नेपालको असंलग्न परराष्ट्रनीतिको किटान पञ्चायती व्यवस्थाको संविधानमा नै उल्लिखित थियो ।

२०१७ सालको परिवर्तनपछि नेपाली कांग्रेस पार्टीले निर्दलीय पञ्चायती व्यवस्थालाई समाप्त पारी बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था पुनःस्थापनाको लागि सशस्त्र आन्दोलन भारतको प्रवासबाट शुरु गरेको थियो । त्यस आन्दोलनलाई भारत सरकारको पूर्ण सहयोग भएकाले ने.का. को आन्दोलन सशक्त नै थियो । सशस्त्र आन्दोलनको दौरानमा श्री ५ महेन्द्रलाई जनकपुरमा र श्री ५ वीरेन्द्रलाई विराटनगरमा बम प्रहारको घटना ने.का.ले घटाएको थियो । विराटनगरबाट काठमाडौं लगिदै राष्ट्रबैंकको ३२ लाख रुपैयाँ हवाईजहाज अपहरण गरी विहारको फर्वेसगञ्जको हवाइअड्डामा उतार्न लगाई सो रकम लुटिएको पनि थियो । चितवन र ओखलढुङ्गा जिल्लाहरूमा सशस्त्र आन्दोलनका ठूला-ठूला घटनाहरू पनि ने.का.ले गराएको थियो रि । यी सबै घटनाहरूमा ने.का. पार्टीका कार्यकर्ताहरूको नोक्सान भएको थियो । यी सबै घटनाहरू पश्चात् पनि देशमा बहुदलीय व्यवस्था स्थापना हुन नसक्दा पुर्व प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाले देशको वास्तविक राजनीतिलाई सिंहावलोकन गर्नुभई पारदर्शी निर्णय लिई २०३३ सालमा भारतको प्रवासलाई त्यागेर "राष्ट्रिय मेलमिलाप" को महत्त्वपूर्ण नारा लिएर स्वदेश फर्कनुभयो । श्री ५ वीरेन्द्रले त्यस कदमलाई राष्ट्रहितका लागि सकारात्मक ठानिबक्सी निर्दलीय पञ्चायती व्यवस्थालाई समाप्त पारी बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने आन्दोलनमा लागेका व्यक्तिहरूबाट गरिएका सम्पूर्ण अपराधको जिम्मेवारी श्री विश्वेश्वरप्रसादले स्वीकार्नु भएकाले सम्पूर्ण राजनीतिक मुद्दाहरू समाप्त पारी बक्सन राजाबाट आममाफीको घोषणा बक्स्यो । देशमा सञ्चालित पञ्चायती व्यवस्था समाप्त पार्ने सशक्त आन्दोलनका प्रमुख नेता श्री विश्वेश्वरप्रसाद कोइरालालाई क्यान्सर जस्तो खतरनाक रोगको निदानको लागि आफ्नो निजी खर्चबाट औषधोपचारार्थ अमेरिका पठाइबक्सनु अनुकरणीय प्रजातान्त्रिक उदारता थियो । देशको प्रचलित कानुनलाई सोझै नमिची व्यवस्था विरोधी पार्टीहरूलाई पनि भूमिगत रूपमा रही, पार्टी सङ्गठनगर्नेहरूप्रति पनि त्यति कडाइका साथ दबाउने प्रक्रिया गर्न नदिनुमा पनि राजाको प्रजातन्त्रप्रतिको उदारताले ठूलो भूमिका खेलेको थियो ।

निर्दलीय पञ्चायती व्यवस्था जनचाहना- विपरीत श्री ५ महेन्द्रबाट शक्तिको भरमा लादिएको व्यवस्था हो भन्ने विरोधी पार्टीहरूबाट देशविदेशमा प्रचार हुन थालेपछि "सुधारिएको निर्दलीय पञ्चायती व्यवस्था वा बहुदलीय प्रजातान्त्रिक व्यवस्था" बीच व्यवस्था रोज्न पाउनु जस्तो ऐतिहासिक जनमतसङ्ग्रह २०३६ सालमा वीरेन्द्र राजाबाट भएको थियो । विश्वको राजनीतिक इतिहासमा यो पनि प्रजातान्त्रिक अभ्यास थियो । जनमतसङ्ग्रहमा वालिगमतबाट निर्दलीय पञ्चायती व्यवस्थाले बहुमत ल्याएर जनअनुमोदित व्यवस्था भएको थियो । त्यसपछि संविधानमा संशोधन भएपछि राष्ट्रिय पञ्चायतप्रति उत्तरदायी हुने व्यवस्था भएर प्रजातान्त्रिक प्रक्रिया शुरुवात भएको थियो । सदनलाई अविश्वास भएमा प्रधानमन्त्रीलाई अविश्वास प्रस्ताव राखी हटाउन पाइने प्रक्रिया पनि शुरु भएको थियो । यसरी जनमतपछि पञ्चायती व्यवस्थामा पनि प्रजातन्त्रीकरण गर्नेतर्फ राजा श्री ५ वीरेन्द्रको सदिच्छा थियो ।

निर्दलीय पञ्चायती व्यवस्थालाई समाप्त पारी बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनःस्थापना गर्न नेपाली कांग्रेस र कम्युनिष्ट

पार्टीहरू आन्दोलन चर्काउने संयुक्त प्रयासलाई अघि बढाउन अन्तर्राष्ट्रिय प्रजातान्त्रिक शक्ति राष्ट्रहरूको सहयोग प्राप्त गरेर २०४६ सालको जनआन्दोलन शुरु गरेका थिए । नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीहरूको संयुक्त नेतृत्वले ने.का. वरिष्ठ नेता स्व. श्री गणेशमान सिंहको घर क्षेत्रपाटीको चाक्सीबारीमा भारतीय नेताहरूबाट साधारण कुटनीतिको पनि मर्यादा- पालनासम्म नगरी देशको अस्मितामा नाङ्गो हस्तक्षेप गराइएको थियो । यतिले मात्र नपुगी भारत सरकारबाट अन्तर्राष्ट्रिय कानुनविपरीत चौध महिनासम्म हाम्रो सीमामा नाकाबन्दी गराइयो । यही मौका छोपेर हाम्रो धर्म र संस्कृतिमा हस्तक्षेप गर्न चाहने अन्तर्राष्ट्रिय क्रिश्चियन प्रचारका संस्थाका एजेण्टहरूबाट र नेपालका वामपन्थीहरूलाई सहयोग पुऱ्याउन चाहने भारतका कम्युनिष्ट पार्टीहरूले नेपालीमूलका भुटानीहरूलाई भाडामा किनेर नेपालका वामपन्थीहरूको नेतृत्वलाई सघाउन नेपाल पठाएका थिए । जनआन्दोलन चर्काउन यतिका चाँजोपाँजो मिलेर पनि देशमा भने यति ठूलो रूपमा जनता देशव्यापी रूपमा उत्रिसकेका थिएनन् । देशका प्रमुख पार्टीहरू विद्यार्थी, युवक, कर्मचारी, बुद्धिजीवीहरू, बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था पुनःस्थापना भएमा देशमा प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरण र चौतर्फी विकास हुन्छ भन्नेमा विश्वस्त थिए । निर्दलीय पञ्चायती व्यवस्था फ्याँकेर बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुनःस्थापना भएमा सम्पूर्ण नेपाली जनता र राष्ट्रको कल्याण हुन्छ भन्नेमा देशका जिम्मेदार पार्टीहरू तथा बुद्धिजीवीवर्ग विश्वस्त देखेर जनताहरूलाई कदर गर्ने उदार प्रजातन्त्रप्रेमी राजाले आफ्ना लाखौँलाख पञ्चकार्यकर्ताहरूलाई एक वचनसम्म नसोधिबक्सी श्री लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वमा मन्त्रिमण्डल बनाइबक्सी आन्दोलनका पार्टी नेताहरूलाई राजदरबारमा भेटिबक्सी पञ्चायत, पञ्चायतनीति तथा जाँचबुझ खारेज गरी तथा पार्टीहरूको प्रतिबन्ध फुकाई र अन्तरिम सरकारको घोषणा गरिबक्सी तत्कालीन अन्तरिम सरकारको प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईलाई श्री लोकेन्द्रबहादुर चन्दले हस्तान्तरण गर्नुभएको थियो ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाह राष्ट्रप्रेमी, जनप्रेमी तथा उदार प्रजातन्त्रप्रेमी भइबक्सेकाले जनआन्दोलनलाई सहज तरिकाले स्वीकारी आन्दोलनकारी पार्टीका नेताहरूले सोचेको भन्दा पनि हदैसम्मको अधिकार दिई, २०४७ सालको नेपाल अधिराज्यको संविधानद्वारा नेपाली वालिग नागरिकलाई सार्वभौमिक सत्ताका मालिक गराई अधिकार सुम्पिबक्स्यो, जसअनुसार बहुदलीय संसदीय प्रजातान्त्रिक व्यवस्था र संवैधानिक राजतन्त्र कायम भयो । त्यसैले नेपालको राजनीतिक इतिहासमा यस्ता जनप्रेमी तथा उदार प्रजातन्त्रप्रेमी राजा श्री ५ वीरेन्द्रलाई हामीले पाएका थियौँ । हाम्रा त्यस्ता ऐतिहासिक राजाको दुःखद अविस्मरणीय घटनाबाट अवसान हुन गयो तापनि असल कर्मका कारण उहाँको स्मृति हामी नेपालीको मानसपटलमा सदा रहिनै रहनेछ ।

चितवन

●

रामराज्यको परिकल्पनामा श्री ५ वीरेन्द्र

● *उपप्रा. पुष्पकुमार खनाल*

श्री ५ वीरेन्द्रको बारेमा संस्मरण गर्दा, कलम चलाउँदा मलाई इलामको चियाबारी र नागवेली खोलाहरूले सुसेली हाल्दै सुखी र आनन्दित बनाएको याद आउँदछ, जुन स्थानमा म स्नातकतहको अध्ययन गर्ने सिलसिलामा गएको थिएँ । पूर्वाञ्चलको भ्रमण गर्न श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य राज्यलक्ष्मीको आगमनमा म पनि पंक्तिबद्ध भएर स्वागतार्थ उभिएको थिएँ र प्यारा राजारानी दुवै दम्पतीको नजिकबाट दर्शनभेट गर्ने सुनौलो अवसर पाएको थिएँ । त्यसबेला मलाई पनि एक किसिमको स्वर्गीय आनन्द प्राप्त भएको थियो भने स्नातकोत्तरतहको अध्ययनको सिलसिलामा काठमाडौं गएको बखत शुभजन्मोत्सवको अवसरमा नारायणहिटी राजदरबारमा भएको दर्शनभेटले अर्को आनन्द दिलाएको थियो । अब यो दर्शनभेट संस्मरणमा मात्र सीमित हुन पुग्यो र सपना जस्तो बन्न पुग्यो । खोइ ती प्यारा राजारानी ? खोइ त्यो मनमोहक दृश्य ? खोइ त्यो समय ?

मलाई त राजा वीरेन्द्र भन्नासाथ प्राचीन कालको रामराज्यको परिकल्पना आउँदछ, जुन समयमा हरेक कुराको सुखसुविधा थियो र सबै जनताहरू सुखी थिए । कुनै कुराको अभाव थिएन । आर्थिक, सामाजिक, राजनीतिक, बौद्धिक, नैतिक सबै कुराहरूको मूल्याङ्कन र मान्यता थियो । बौद्धिक र नैतिक आधारमा व्यक्ति र समाजको मूल्याङ्कन गरिन्थ्यो । मानवमाथि दानवीय व्यवहार हुँदैनथ्यो । प्रजातान्त्रिक अभ्यासअनुसार शासनसञ्चालन गरिन्थ्यो र अनाचार थिएन । विद्वान् र विदुषीहरूलाई दरबारमा सम्मान दिएर राखिन्थ्यो र उनीहरूका रायसल्लाह- अनुसार शासनसञ्चालन गरिन्थ्यो । जनताको पीरमर्का विचार गरी दण्ड र पुरस्कारको व्यवस्था गरिएको हुन्थ्यो । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा सुमधुर सम्बन्ध राखिएको हुन्थ्यो र त्यस्ता शासकहरूमा जनक, अंशुवर्मा, महेन्द्र मल्ल आदि आदि पर्दछन् । के राजा वीरेन्द्रको शासनकाल पनि रामराज्यकै अनुकरण थियो त ? हो, नेपाली जनताले एक किसिमको स्वर्गीय आनन्द प्राप्त गर्दै थिए । राजा वीरेन्द्र राष्ट्रिय क्षेत्रमा मात्र परिचित नभएर अन्तर्राष्ट्रिय क्षेत्रमै प्रख्यात राजाको नाम थियो । मौसुफबाट राजनीतिक, आर्थिक, सामाजिक, नैतिक, व्यावहारिक र स्थलगत अध्ययनको आधारमा ज्ञान हासिल गरिबक्सेको कारण र नेपाल, नेपाली जनता, र विश्वरङ्गमञ्चमा खेलेको भूमिका हेर्दा त साँच्चै मौसुफले रामराज्य भित्र्याउनै खोजेको हो कि जस्तो भान पर्न आउँदथ्यो । मौसुफ बाल्यकालमै २००७ सालको क्रान्तिका समयमा राष्ट्रपिता श्री ५ त्रिभुवन र पञ्चायती व्यवस्थाका प्रवर्तक श्री ५ महेन्द्रका साथ भारतीय राजदूतावासमा शरण लिई दिल्ली सवारी होइबक्सेको थियो । राणाशासनको कालरात्री अवस्थालाई मौसुफबाट नजर अन्दाज गरिबक्सेको थियो । त्यसपछिको राजनीतिक अस्थिरताको १० वर्ष पनि अध्ययन गरी पञ्चायत व्यवस्थाभित्र भएका कमीकमजोरीसमेतको अवलोकन गरी त्यसमा सुधार गर्दै अन्तमा बहुदलीय व्यवस्था जनतालाई उपलब्ध गराइबक्सेको थियो । मौसुफबाट आफ्नो अध्ययन कार्य दार्जिलिङ्को सेन्टजोसेफ स्कूलबाट शुरु गरी इङ्गलैण्डको इटन कलेज, जापानको टोकियो विश्व- विद्यालय र अमेरिकाको हार्बर्ड विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्नुका साथै अनुशासित एवम् सुव्यवस्थित जीवनको

तालिम स्वास्थ्यविज्ञानसम्बन्धी प्रारम्भिक ज्ञान, गणित, भाषण, कला, शारीरिक खेल र चित्रकला आदिको ज्ञान हासिल गर्नुका साथै आफ्ना मातापिताको २०१७ सालमा भएको संयुक्त अधिराज्यको राजकीय भ्रमणमा मौसुफ पनि सम्मिलित होइबक्सेको थियो । त्यस्तै २०१८ साल भदौमा बेलग्रेडमा भएको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा पर्यवेक्षकको रूपमा भाग लिइबक्सनुका साथै सोभियत सङ्घ र इरान हुँदै फिरिबक्सेको थियो । यसरी विदेशको भ्रमण गरी अन्तर्राष्ट्रिय क्षेत्रको भ्रमणका अवसरमा त्यहाँको हरेक वस्तु- स्थितिका बारेमा अध्ययन गर्नुका साथै स्वदेशमा पनि नेपालीहरूको जनजीवन, रहनसहन, वस्तुस्थिति, खानपान, जीवनस्तर र आन्तरिक वस्तुस्थितिको अध्ययनका निम्ति २०२१ सालको असोज र पौष महिनामा पूर्वी नेपालको र २०२२ सालको माघमा त्रिशूलीदेखि वीरगञ्जसम्म पैदलयात्रा गरिबक्सेको थियो । साधारण गाउँले जनजीवनको भेषमा जेजस्तो पायो त्यही खाने र जस्तो ठाउँमा पुगिन्छ त्यस्तैमा बस्दै, ग्रामीण जीवनको वास्तविक अध्ययन गर्दै, कहिले औपचारिक र कहिले अनौपचारिक भ्रमण गर्दै, जनताको सुख दुःख बुझिबक्सेको थियो । यसरी मौसुफ युवराज होइबक्सेकै समयमा स्वदेश र विदेशको भ्रमण गरी सबै कुराहरूको ज्ञान हासिल गर्नुका साथै विकसित र विकासशील राष्ट्रहरूले भोगेको दुःख र सुखका अवस्थाहरू, जात, जाति, भाषाभाषीका समस्याहरू, राज्यव्यवस्थासम्बन्धी र सुशासनसम्बन्धी चालिएका कदमहरू, पुँजीवादी व्यवस्था र साम्यवादी व्यवस्थामा देखिएका अप्ठ्यारा परिस्थितिहरू, अन्तर्राष्ट्रिय परिवेशमा देखिएको विनाशकारी विभीषिका, आणविक अस्त्रशस्त्र, जातजातिबीचको द्वन्द्व र झगडा, जातिभेद र रङ्गभेद विरुद्ध गरिएका आन्दोलनहरू, साम्राज्यविस्तार विरुद्ध चालिएका कदमहरू, दुई विश्वयुद्धले ल्याएका वीभत्स घटनाहरूको अध्ययन गरी नेपालमा कसो गरे सुशासन होला भन्नेतर्फ बुद्धि पुऱ्याई अन्तर्राष्ट्रिय तनावबाट नेपाललाई मुक्त बनाउन र नेपालको छवि अन्तर्राष्ट्रिय स्तरमा उच्च राख्नका निम्ति र दुई ठूला राष्ट्रहरू गणतन्त्रवादी राष्ट्र भारत र साम्यवादी राष्ट्र चीनको चपेटाबाट राष्ट्रमाथि पर्ने आँच बारे सोचविचार गरी २०३१ सालमा शुभराज्याभिषेकका अवसरमा मौसुफबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्सेको थियो भने नेपाललाई क्षेत्रीय सहयोगको आवश्यकता महसुस गरी २०३४ सालमा काठमाडौंमा कोलम्बो योजनाको परामर्शदातृ समितिको पूर्ण बैठक समुद्घाटन हुँदा उद्घाटनभाषण बक्सेको थियो :-

"हाम्रा मित्रराष्ट्रहरूका बीच खास गरी नेपाल, भारत, चीन, भुटान, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का र यस क्षेत्रका अरू सबै मुलुकहरूका बीच पारस्परिक सहयोग कायम भएमा यस्ता असङ्ख्य प्राकृतिक स्रोतहरूको यस क्षेत्रका सबै मुलुकहरूलाई लाभ पुऱ्याउने गरी उपभोग गर्न सकिन्छ भन्ने हाम्रो धारणा छ ।" यसै उद्बोधलाई मनन गर्दै बङ्गलादेशका राष्ट्रपतिले सन् १९८० मा अनौपचारिक प्रस्ताव विदेशमन्त्रीमार्फत पठाएका थिए । सन् १९८१ मा कोलम्बोमा भएको विदेश सचिवहरूको पहिलो बैठकबाट क्षेत्रीय सहयोग- लाई संस्थागतरूप दिनुका साथै सन् १९८३ मा नयाँ दिल्लीमा परराष्ट्र मन्त्रीहरूको पहिलो बैठक बसी "दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन संयुक्त घोषणापत्र" अनुमोदन गरेपछि SAARC (सार्क) को विधिवत् स्थापना भएको थियो ।

यसरी नेपाललाई विकासको गति दिन क्षेत्रीय सहयोगको आवश्यकता पर्ने भएकाले मौसुफबाट राखिबक्सेको प्रस्ताव सबैको हितका साथै नेपालका निम्ति भने अपरिहार्य नै देखिन्छ । नेपाल एक भूपरिवेष्ठित मुलुक भए पनि तीनतिरबाट भारतले छेकिएको हुनाले यसलाई भारतवेष्ठित भने पनि अत्युक्ति नहोला । यसको आफ्नो बन्दरगाह नभएको कारणले क्षेत्रीय सहयोग नेपालका निम्ति अपरिहार्य हुन गएको थियो । अन्तर्राष्ट्रिय क्षेत्र तनावयुक्त भएर प्रथम र द्वितीय विश्वयुद्धपश्चात् पूँजीवादी राष्ट्र र साम्यवादी राष्ट्र प्रतिस्पर्धामा थिए । शीतयुद्ध दुवै खेमाका बीचमा मडारिइरहेको थियो भने आणविक हतियारले विश्व तनावग्रस्त देखिन्थ्यो । यस्तो परिस्थितिमा सानो र विकासोन्मुख देश नेपाललाई बचाउनुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा विश्वसामु परिचित गराउनु विचारको विषय थियो र यो चिन्ताको पनि विषय बनेको थियो । यस्तो अवस्थामा मौसुफबाट सोचाइ बनाई नेपाललाई सुरक्षित राखी नेपाली जनतालाई चिन्तामुक्त बनाउन "सबैसँग मित्रता र कसैसँग वैरभाव नगर्ने नीति" लिई २०३१ साल फाल्गुण १३ गते शुभराज्याभिषेकको बिदाइ समारोहमा शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखेपछि सो शान्तिक्षेत्रको प्रस्तावलाई छिमेकी भारतबाहेक विश्वका विभिन्न देशहरूबाट समर्थन दिइसकिएको थियो । नेपालको संविधान २०४७ को धारा २६ को उपधारा १६ मा पनि "नेपालमा शान्तिलाई अन्तर्राष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ ।" भन्ने लेखिएकाले यसले नियमितता पाएको देखिन्छ । मौसुफ नेपाल र नेपालीहरूका निम्ति कति चिन्तित भै बक्सेको थियो भन्ने कुरा माथिका कार्यकलापले प्रष्ट पारेको छ ।

श्री ५ वीरेन्द्र नेपाल र नेपालीहरूका निम्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्र दुवैतर्फ विचार पुऱ्याइ- बक्सन्थ्यो । धरातलीय आधारमा विविधता भएको नेपालमा सबै ठाउँमा एकैचोटि विकास सम्भव थिएन । त्यसैले मौसुफबाट २०२९ सालमा नेपाल

अधिराज्यलाई चार विकास क्षेत्रमा विभाजन गर्नु र कार्यक्रम कार्यान्वयन गर्ने क्रममा अझै समस्या देखिएकाले २०३८ सालमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र बनाई आलोपालो गरी ती क्षेत्रको भ्रमण गरी कुन ठाउँमा के कुराको समस्या छ, त्यहाँको जनजीवन कस्तो छ, ती क्षेत्रमा कुन-कुन कुरा प्राप्त छन् र कुन कुन कुराको अभाव छ, त्यहाँका जनताको के माग छ आदि कुराको अवलोकन गरी प्रत्यक्ष त्यहाँका (त्यस क्षेत्रका) मानिससँग सम्पर्क राखिबक्सन्थ्यो। प्रत्येक क्षेत्रका व्यक्तिहरूलाई दर्शनभेट दिएर त्यहाँको यथार्थ जानकारी हासिल गरिबक्सन्थ्यो। राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आएको राजनीतिक सामाजिक, आर्थिक, बौद्धिक र संवैधानिक परिवर्तनलाई ख्याल गरेर नेपालमा पनि परिवर्तन गर्नु आवश्यक भएको महसुस गरेर चालिएका कदमहरू कम महत्त्वपूर्ण मानिदैनन्। राजनेतृत्व र विकासको क्रममा भए गरेका राष्ट्रिय जनमतसङ्ग्रह, बालिगमताधिकारमा आधारित आम निर्वाचनद्वारा प्रधानमन्त्रीको चयन, राष्ट्रिय विधायिकाप्रति उत्तरदायी हुने कार्यपालिका जस्ता प्रजातान्त्रिक अभ्यास शृङ्खलाले प्रजातन्त्रप्रतिको राजमुकुट र जनताको संयुक्त चाहना र प्रतिबद्धतालाई निर्देश गरेको छ। नेपालको सक्रिय असंलग्न नीतिको प्रशंसा, नेपालको शान्तिक्षेत्र प्रस्तावप्रतिको व्यापक विश्वसमर्थन, नेपालले संयुक्त राष्ट्रसङ्घ र असंलग्न राष्ट्रहरूको समूह जस्ता अन्तर्राष्ट्रिय रङ्गमञ्चमा खेल्दै आएको सक्रिय र सकारात्मक भूमिकाप्रतिको कदर, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनको स्थापना र सञ्चालनका साथै २०४६ सालमा भएको जनआन्दोलनपश्चात् संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्थापनामा विशेष प्राथमिकता दिई नेपाली जनतालाई जनअधिकारको हकदार बनाउनुका साथै नेपालको अन्तर्राष्ट्रिय क्षेत्रमा बढ्दो छविमा अर्को महत्त्वपूर्ण आयाम थपिएको छ। मौसुफका निम्न महावाणीहरूबाट नेपाल र नेपाली जनताप्रतिको माया र ममताबारे प्रष्ट थाहा पाउन सकिन्छ।

महावाणीहरू

"जसरी मलाई मेरो देश र जनताको ममता छ उसैगरी भोक, रोगले पीडित मेरा जनताप्रति मेरो जिम्मेवारी छ।" भनी नेपाली जनताको चिन्तामा चिन्तित रहने मौसुफ सरकार राष्ट्रको सामाजिक, आर्थिक एवम् राजनीतिक विकासको एक अनन्त प्रेरणास्रोत होइबक्सन्थ्यो। मौसुफ सरकारबाट 'विकासको लागि राजनीति' भन्ने आह्वान बक्सेर देशको आर्थिक विकासको लक्ष्यलाई स्पष्ट गरि- बक्सनुका साथै यस कार्यलाई गतिशीलतासमेत प्रदान गरिबक्सेको थियो।

"नेपालको विकासको मूल आधार नेपाली जनता नै हुन् र विकासको फल पनि सम्पूर्ण नेपालीले समान रूपले पाउनुपर्दछ।"

"एकातिर आर्थिक विकास आजको बाध्यता हो भने विकासको फल उपभोग गर्नमा कसैलाई काखा र कसैलाई पाखा पर्न नदिनु पनि आजको नैतिक आवश्यकता हो।"

"देश विकास गरेर नेपालीहरूको जीवनलाई सुखी, समृद्ध र सम्पन्न बनाउनु हाम्रो पहिलो कर्तव्य हो।"

"कुनै कुरा पनि इच्छा गर्नासाथ पूरा हुँदैन। इमान्दारीसाथ संलग्न भै सबैले सहयोग दिएमा देशोन्नतिको काम सफल हुँदै जानेछ।"

"आपसमा विश्वास, परस्परमा एकता, कर्तव्यमा अनुशासनपूर्वकको ध्यान रहेमा राष्ट्रलाई माथि उठाउन धेरै बेर लाग्दैन।"

"देशनिर्माणको काममा सबैको सद्भावना र सक्रिय सहयोग अति आवश्यक छ। साम्प्रदायिक कलह त प्रगतिको मार्गमा छेकबार मात्र हो।

देशलाई कलङ्कित पार्ने किसिमको कुनै पनि कुरा वा काम गर्नुहुन्न।"

"नेपाली राजमुकुट प्रजाका निमित्त, नेपाली प्रजा राजमुकुटका निमित्त, राजा र प्रजा दुवै नेपाल र नेपालीका निमित्त।" यस्तो उद्बोधका साथै मौसुफबाट गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता आधारभूत आवश्यकता हरू सन् २००० सम्ममा नेपाली जनताहरूलाई जुटाउन निर्देशन बक्सेको सन्दर्भमा राष्ट्रसेवक र राष्ट्रिय जनजीवनका विभिन्न क्षेत्रमा संलग्न व्यक्तिहरूउपर थप गहन जिम्मेवारी बक्सेको थियो।

"देशबाट भोक र रोग हटाउनु देशको आर्थिक विकासको एक मुख्य लक्ष्य हो।"

"हाम्रो उन्नतिको स्रोत हाम्रा किसान हुन्, जबसम्म किसानका हितका लागि केही गरिदैन तबसम्म कृषि उत्पादनमा वृद्धि हुँदैन। यही नै राष्ट्रिय आर्थिक मेरुदण्ड हो। त्यसैले कृषि उत्पादन बढाउनका लागि किसानकै घरदैलोमा कृषि उपकरण र सेवाहरू उपलब्ध गराउनु आवश्यक छ।"

"दया, करुणा, प्रेम, क्षमा, इमान्दारी र कर्तव्यपरायणता मात्र होइन धैर्य र शान्ति जस्ता गुणहरूको विकासबिना मानिसको विकास हुन सक्दैन।"

"देशलाई समुन्नत पारी न्यायपूर्ण, गतिशील तथा शोषणरहित नेपाली समाजको सिर्जना गर्ने अठोटमा कार्यरत रहौं।"

यी उद्गारहरूले उद्बोध गरेअनुसार धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएका राजगुणहरूले भरिपूर्ण भएको तथ्य प्रष्ट देखिन्छ।

सामाजिक सम्झौताको आधारमा नेतृत्व चयन गरेर उत्तरदायी भएजस्तै मौसुफ नेपाल र नेपालीप्रति उत्तरदायी रहिबक्सन्थ्यो । जनअधिकारप्राप्त नेपाली जनताले अब नेपालमा साँच्चै रामराज्यको परिकल्पनासमेत गर्न लागेका थिए तर नेपाल र नेपाली जनताका निम्ति कालरात्री छायो । अचानक नारायणहिटी राजदरबारमा विश्वमै नघटेको नरसंहारको घटना घटी मौसुफको वंश नै सखाप भएको खबरले देशभरि कोलाहल मच्चायो ।

२०५८ साल ज्येष्ठ महिनामा म आफ्नो कामको सिलसिलामा काठमाडौं गएको थिएँ र त्यही ज्येष्ठ १९ गतेका दिन मध्यान्ह १ बजेतिर गंगबु बसपार्कबाट बस चढी घरतर्फ फर्किएँ । हामी राती चारबजेतिर दमक आइपुग्यौं । त्यहाँ केही बसका यात्रुहरू बसबाट ओर्लने भएकाले बस रोकियो । ती बसबाट ओर्लिएका यात्रुहरूका आफन्तहरू उनी- हरूलाई लिन आएका थिए । उनीहरूको मुखबाट एक्कासि आवाज फुत्क्यो– आज राति नारायणहिटी राजदरबारमा हत्याकाण्ड भयो । राजारानी सिद्धिएको खबर विदेशी सञ्चार माध्यमले प्रचार गरेको छ भने काठमाडौंमा अस्तव्यस्तता छाएको छ । टेलिफोनबाट पनि यस्तै खबर सुनिन्छ । हामी सबै स्तब्ध भयौं । होशहवास केही भएन । दरबारहत्याकाण्डको कालरात्रीको असरले बीच बाटोमै अलपत्र परिने हो कि भनी ड्राइभरलाई गाडी नरोक्नु भनी हामी अगाडि बढ्यौं । बिर्तामोड पुग्दा हत्याकाण्डको बीभत्स अवस्था झन् प्रष्ट हुँदै गयो । हामी अगाडि बढ्दै गयौं । फिक्कलमा पुग्दा त्यहाँ मानिसहरू भीड लागिरहेका थिए । म पनि भारतीय अखबारले के भन्छ भन्दै रेडियो सुन्न व्यस्त भएँ । नभन्दै नेपालका राजारानी र युवराजहरू लगायत सबै राजपरिवारको कत्लेआम भएको खबर सुनें । सबैका आँखाहरू रसाइरहेका थिए । सम्पूर्ण पसलहरू बन्द थिए । मानिसहरू अब के हुने हो भन्ने चिन्तामा व्यस्त थिए । आठ बज्यो अनि हाम्रो गाडीको ड्राइभरले गाडीको हर्न लगायो । हामी सबै गाडीमा चढ्यौं र इलाम खस्रे हुँदै राँकेमा आएर गाडी रोकियो । अब हामीले फेरि न त अर्को गाडी पायौं न त त्यही गाडी पाँचथर फिदिम जानसक्यो । अब हामी पैदल हिँडेर राती आठ बजे फिदिम बजार पुगी वास बस्यौं । हाम्रो मनमस्तिष्क सबै कताकता हराए जस्तो भैरहेको थियो- त्यस रातको घटनाको समाचारले ।

धार्मिक ग्रन्थहरूमा राजालाई विष्णुको अवतार भनेर देखाइएको छ र नेपालमा पनि धेरै नेपालीहरूले बुझेर वा नबुझी राजालाई विष्णुकै अवतार मान्दथे । जुन समयमा नेपालमा प्रथम बस्ती बसाइयो त्यही समयदेखि नै राज्य स्थापना भई राजाको नेतृत्व चल्दै आएको पाइन्छ । प्राचीनकाल, मध्यकाल, र आधुनिककालमा नेपालमा धेरै राजाहरूले राज्यसञ्चालन गरेको पाइन्छ । लिच्छवीकालभन्दा अगाडिको समय किराँतकाल, महिषपाल र गोपालकालको समय भरपर्दो इतिहासको स्रोतको अभावमा यकिन गर्न नसकिने अवस्थामा रहेको पाइन्छ, तापनि प्राप्त ऐतिहासिक सामग्रीहरूको आधार लिदा शुरुदेखि नै नेपाल राजतन्त्रात्मक मुलुकको रूपमा रहेको प्रष्ट हुन्छ ।

नेपालको इतिहासमा धार्मिक, राजनीतिक, बौद्धिक र नैतिक रूपले विश्वका प्रभावशाली नेताहरूको हाराहारीमा शारीरिक र मानसिक रूपले प्रतिस्पर्धाका रूपमा रहन सक्ने व्यक्तित्व भएका श्री ५ वीरेन्द्र अति नै लोकप्रिय भइबक्सेको थियो । यस्तो अवस्था नेपालमा कसैले नसोचेको यस्तो दुःखान्त घटनामा मौसुफ र मौसुफका परिवारको निधन भयो । मौसुफहरूको आत्माले शान्ति प्राप्त गर्न सकोस् भन्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

●

राजा वीरेन्द्रको विकासप्रति अभिरुचि

• *प्रकाश एराज*

मैले राजा वीरेन्द्रको विकासप्रति अभिरुचिबारे २०२८ साल मङ्सिरदेखि नै परिचित हुने मौका पाएको थिएँ । त्यसबेला मौसुफको उमेर २६ वर्षको मात्र थियो र राजगद्दीमा बस्ने अवसर मिलेको थिएन । मेची अञ्चलमा युवराजाधिराज वीरेन्द्रको विकास योजनाहरूको अध्ययनभ्रमण गर्ने कार्यक्रम बन्यो । राजदरबारको अङ्ग जाँचबुझ केन्द्रको स्थापना भएको एक वर्ष मात्र भएको थियो । हामी तीनजना अधिकृतहरू सवारीसाथ जाने गरी छानियौँ । हामीमध्ये एक जना ध्रुववरसिंह थापा तत्काल सर्वोच्च अदालतमा रजिष्टार थिए, अर्को युगेश्वरप्रसाद बर्मा विश्वविद्यालयमा अङ्ग्रेजीका प्राध्यापक थिए र तेस्रो म थिएँ । राष्ट्रिय योजना आयोगको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत/हामी तीनै जनालाई काजमा जाँचबुझ केन्द्रमा लगिएको थियो । नौसिन्दा पदमा जागिर खाएर रजिष्ट्रारसम्म पुगेकाले होला ध्रुवलाई लगिएको, फेरि उनी कानूनका ज्ञाता थिए । बर्माचाहिँ पहिले एक राजनीतिक दल (गोर्खा परिषद्) सँग सम्बद्ध रहेछन् । म छानिएको कारण चाहिँ केही महिनाअघि मुक्तिनाथ यात्रामा गएको थिएँ, फर्केपछि त्यसको विवरण "द राइजिङ्ग नेपाल" मा लेखेको थिएँ, त्यसै भएर । मेरो पारिवारिक पृष्ठभूमिबारे राजा वीरेन्द्रलाई त्यसबेला थाहा थिएन । त्यसकारणले म जाँचबुझ केन्द्रमा छानिएको पनि थिइन । इलाम बस्दाखेरि मैले सो कुरा उल्लेख गरेको थिइन । नरभूपाल शाहदेखि महेन्द्रसम्मका नेपालका राजाहरूले मेरा पुर्खाहरूलाई चिनेका थिए ।

त्यसताका नेपालमा पञ्चायतकाल मध्यकालमा थियो । राजा महेन्द्रको सक्रिय शासनकालको बेला थियो । राजा महेन्द्रको आकांक्षा थियो आफ्ना उत्तराधिकारी युवराजाधिराज वीरेन्द्रले काम सिकून् भन्ने । मेची अञ्चलको सवारी मौसुफको पहिलो सवारी थियो । हुन त २०२८ अगाडि पनि मौसुफबाट पदयात्रा गरिबक्सेको थियो तर यस पटक इलाममा सवारी शिविर बन्दैथियो, राजदरबार र श्री ५ को सरकारबाट र सर्वोच्च अदालतबाट समेत न्यायाधीश जाँदैथिए । एक महिनाको अवधिमा मेची अञ्चलका चारै जिल्लामा हेलिकप्टरबाट यात्रा भयो । जाँचबुझ केन्द्रबाट आएका हामीहरूले एकएक जिल्लामा जान पायौँ । मेरो पालोमा पाँचथर जिल्ला परेको थियो । विभिन्न जिल्लाबाट आएका जनप्रतिनिधि र जनताले पनि इलाममा दर्शनभेट पाए । "हेबा खोलामा पुल बनेन", "इलाममा अलैँची खेतीले प्रोत्साहन पाउनुपर्‍यो" जस्ता बिन्तीपत्रहरू पनि आए । जाँचबुझ केन्द्रका अधिकृतहरूको एक टोलीले चारै जिल्ला घुमी त्यहाँको विकास योजनासम्बन्धी प्रतिवेदन तयार गरिसकेको थियो । पछिल्ला वर्षहरूमा ७५ वटै जिल्लाहरूको यस्तो प्रतिवेदन तयार भएर "मेचीदेखि महाकाली" जस्तो नेपालको परिचयात्मक विवरण भएको चार खण्डको ग्रन्थ तयार भयो, जुन आज लगभग तीन दशकपछि पनि धेरैमात्रामा सान्दर्भिक छ । यस्तो प्रतिवेदन तयार भएको हेर्न पाउनु हामी सवारीसाथ गई जाहेर गर्ने काम भएका अधिकृतलाई पनि ज्यादै उपयोगी थियो । युवराजाधिराजबाट ती प्रतिवेदनको पहिले नै अध्ययन भइसकेको हुन्थ्यो । त्यसताका जाँचबुझ केन्द्रका सम्बद्ध सचिव नारायणप्रसाद श्रेष्ठ हुनुहुन्थ्यो । उहाँले भन्नुभएको म सम्झन्छु- "म, तपाइँहरूलाई भन्दा जिल्लाहरूका बढी कुरा

वीरेन्द्र सरकारलाई थाहा छ, धेरै अध्ययन छ, कतै पैदल, कतै हेलिकप्टरबाट घुमिबक्सेको छ ।"

मेची अञ्चलको एक महिने भ्रमणको अन्तमा एक महत्त्वपूर्ण घटना घट्यो, जसको चर्चा यहाँ सान्दर्भिक होला । युवराजाधिराजले मेची अञ्चलको तराईको झापा प्रशस्त सम्पन्न भएको कुरा बुझिबक्सेको थियो । त्यहाँ त विकास गर्ने साधन पनि छ, त्यसै विकास भइहाल्छ तर मेची अञ्चलमा ताप्लेजुङ र पाँचथर जस्ता पहाडी जिल्लामा कसरी विकास गरेर जनताको जीवनस्तर बढाउन सकिन्छ भन्ने कुरामा मौसुफलाई चिन्ता थियो । तराईबाट पहाडतर्फ निर्यात हुने सामान अनेकौं थिए तर पहाडबाट तराईतर्फ निर्यात हुने कुरामा जनसाधन मानिसजस्ता केही कुरामात्र थिए । पहाडी क्षेत्रमा फलफूल, अलैंची र पर्यटनको विकास भएमा त्यसक्षेत्रको विकास हुन सजिलो हुनेछ भन्ने कुरा बुझिबक्सेको थियो । पूर्वपश्चिम राजमार्गको सिल- सिलामा काँकडभित्तामा मेची नदीमा पुल बनिसकेको थियो । काँकडभित्ताबाट १२ कि.मि. दक्षिण भद्रपुरका मेची नदीमा अर्को पुल बनाउने भनी भद्रपुरमा व्यापारीहरूले चन्दा र करको रूपमा २० लाख रूपैयाँ जम्मा गरेका थिए । त्यसबेला सो रकम धेरै थियो । मेची अञ्चलको विकासका निमित्त भनी सो रकम वीरेन्द्र सरकारमा चढाइयो । सो रकमबाट मेची अञ्चलको पहाडी जिल्लामा पुल बनाउने, अलैंची खेतीको निमित्त कृषि विकास बैङ्कमार्फत ऋण दिने कामका निमित्त "मेची अञ्चल विकास कोष" बनाइयो । सचिव नारायणप्रसाद श्रेष्ठले त्यसताका भनेको सम्झन्छु- "त्यसैबेला मेची पुलबारे इलामको सवारी क्याम्पमा धेरै छलफल भएको थियो । यस्तो गम्भीर छलफल त कहिले भएको थिएन । उक्त छलफलमा तत्कालीन युवराज्ञी श्री ५ ऐश्वर्यबाट पनि भाग लिइबक्सेको थियो । त्यसबेला मलाई लागेको थियो युवराज्ञी कति जेहन्दार होइबक्सन्छ । भविष्यमा पनि मौसुफको धेरै भूमिका होला नभन्दै पछि गएर त्यसै भयो ।"

मेचीपछि कोशी अञ्चलको धनकुटामा सवारीशिविर राखी कोशी अञ्चलमात्र भ्रमण गर्ने कार्यक्रम थियो । त्यसपछि सगरमाथा अञ्चलमा सवारीशिविर राखी सगरमाथा अञ्चलका सबै जिल्लाहरूको भ्रमण गरिने भएको थियो । नेपालका सबै अञ्चलको भ्रमण त्यसै गरी हुन्थ्यो होला । २०२८ साल माघमा श्री ५ महेन्द्रको स्वर्गारोहण भएपछि श्री ५ वीरेन्द्र राजा भइबक्सियो । समयाभावले प्रत्येक अञ्चलमा सवारी शिविर बनाएर भ्रमण गर्ने कार्यक्रम स्थगित भयो । नेपाललाई चार विकास क्षेत्रमा विभाजित गरी धनकुटा, काठमाडौं, पोखरा र सुर्खेतबाट भ्रमण हुने परम्परा २०३० सालपछि बस्न गयो । पछि सुदूर-पश्चिमाञ्चलक्षेत्र ज्यादै ठूलो भएकाले मध्य पश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चल छुट्याइयो । २०३० सालमा पोखराबाट पश्चिमाञ्चलको भ्रमण हुने र सुर्खेतबाट तत्कालको सुदूर-पश्चिमाञ्चलको सवारीमा जाँचबुझ केन्द्रको तर्फबाट म फेरि सम्मिलित हुन पुगें ।

२०३० माघमा राप्ती अञ्चलका विभिन्न जिल्ला भ्रमण गर्ने सन्दर्भमा रुकुम जिल्लाको चौरजहारी सिँचाइ योजनामा पनि भ्रमण गरिबक्सन जाँचबुझ केन्द्रबाट सुझाव गएको थियो । आयोजनाको कार्यान्वयन हुँदै थियो । (आज त्यही रुकुम जिल्ला र छिमेकी रोल्पा जिल्लाबाट माओवादीको जन्म भएको छ) । प्रत्येक भ्रमण सिद्धिएपछि "डिब्रिफिङ" हुन्थ्यो जसमा भ्रमणमा देखिएका कुराबारे सहभागी हुने सबै जनाले आफ्नो मन्तव्य प्रकट गर्दथे र छलफल हुन्थ्यो । छलफलमा श्री ५ वीरेन्द्रबाट पनि भाग लिइबक्सन्थ्यो । सबभन्दा पछि श्री ५ बाट निर्देशन बक्स हुन्थ्यो । राप्ती अञ्चलको भ्रमणपछिको "डिब्रिफिङ" मा मौसुफलाई त्यस आयोजनाको कार्यान्वयन राम्ररी हुन्छ कि हुँदैन भन्ने लागेछ कि जस्तो लाग्यो । श्री ५ बाट केही चिन्तित मुद्रामा हुकुम भएको अझ सम्झन्छु- "हामी त्यहाँ गएपछि, आयोजना पूरा भएपछि पानी आएन र जनताले सिँचाइ गर्न पाएनन् भने राम्रो हुनेछैन" । म आफूले लेखेको पुरानो डायरीमा पृष्टहरू पल्टाउन थाल्दछु । २०३० माघ (२५ जनवरी १९७४) को डायरीमा यस्तो लेखिएको रहेछ- आज सुर्खेतबारे डिब्रिफिङ्ग थियो । त्यसमा श्री ५ बडामहारानी होइबक्सिदैन थियो । मन्त्रिपरिषद्का सबै सदस्य, दुई आईजीपी, अञ्चलाधीश र क्याम्पका सबै महत्त्वपूर्ण व्यक्ति थिए । जाँचबुझ केन्द्रबाट ६ जना सुर्खेत गएकामध्ये सबभन्दा पहिले बोल्ने पालो मेरो आयो । भेरी अञ्चलको परिचय र समस्याहरूबाट शुरु गरें । सुर्खेत जिल्लामा पहाडबाट बसाइ सराइ नै सबभन्दा महत्त्वपूर्ण समस्या हो भनेर भनें । देशका अन्य भागमा जस्तै यसले राजनीतिक, आर्थिक र सामाजिक प्रभाव ल्याएको छ । यति ठूलो सभामा बोल्न पाउँदा प्रसन्न भएको थिएँ । त्यसताका प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाल थिए र म थिएँ राष्ट्रिय योजना आयोगको तृतीय श्रेणीको अधिकृत जसलाई काजमा जाँचबुझ केन्द्रमा केही महिनाका निमित्त लगिएको थियो । मैले बोलेपछि आवास विभागका माधवले सुर्खेतको नगर योजनाबारे बोल्नुभयो । पछि श्री ५ बाट महत्त्पूर्ण निर्देशन बक्स भयो ।

१९ पौष २०३० (४ जनवरी १९७४)

"आज श्री ५ को सवारी सुर्खेतबाट हेलिकप्टरमा नेपालगञ्जमा भयो । हामीहरू चढेको हेलिकप्टरमा राजदरबारका सचिव चिरन थापा, विशेष जाहेरी विभागका न्यायाधीश मीनबहादुर थापा, जाँचबुझका अधिकृत इन्द्रराज मिश्र थियौं । हेलिकप्टरबाट

भेरी नदी र बबई नदीको उपत्यका बादलले ढाकेको देखिएको थियो । बिहान ९ बजे श्री ५ को हेलिकप्टर उत्रेको थियो । सबभन्दा पहिले श्री ५ को सवारी भूमिसुधार कार्यालयमा भयो । त्यहाँका प्रमुख दानबहादुर थिए । उनी, म बनारसमा २०१५ सालमा पढ्दा त्यहीँ थिए तर राजाको सवारीसाथ भएको हुनाले चिनेको जस्तो गरेनन् । समीक्षालयमा सरकारबाट प्रश्न सोध्न हुकुम बक्सेबमोजिम, “हदबन्दीभन्दा कति बढी जग्गा प्राप्त भएको छ ?” भनी सोधेँ । गैरनेपाली नागरिक पनि कोही मोही भई जमिन जोतेका छन् कि भनी पनि सोधेँ । मिश्रजीले लालपूर्जा वितरणबारे प्रश्न गरे । त्यसपछि श्री ५ को सवारी जिल्लाको समीक्षालयमा भयो । बाँके र बर्दिया जिल्लामा सघन कृषि कार्यक्रमबारे प्रश्न गरेँ । पानीपोतबारे पानी नै दिन नसक्ने भए कसरी उठ्छ, भनी प्रश्न गरेँ । श्री ५ बाट बाँके जिल्लामा केही जमिनदारहरूले डाँका पालेर राखेका छन् भन्ने कुरा सुनिन्छ, कसो हो भनी सोधिबक्सियो । अधिकृतले “पहिले राख्दथे, अब छैन” भनेर भने । सिँचाइ कार्यालयमा पनि गयौँ । त्यस ताकादेखि नै सिँचाइ क्षेत्रमा प्रगति सन्तोषजनक थिएन । करोडौँको लागतमा सिँचाइका आयोजना बन्दथे तर पूरा भएपछि पनि धेरै जसोमा पानी नै आउदैन थियो । त्यसबारे हामी कुराकानी पनि गर्दथ्यौँ । श्री ५ मा अभिनन्दन गरिने मञ्चमा पनि गयौँ । बागेश्वरीको मन्दिरमा सवारी भयो ।

२०३० सालमा नेपालमा पञ्चायती व्यवस्था थियो र श्री ५ वीरेन्द्र सक्रिय राजा होइबक्सन्थ्यो । राजा भएको दुई वर्षमात्र भएकाले श्री ५ मा पनि उत्साह थियो, विकासप्रति प्रतिबद्धता थियो, आफ्नो देशका कुनाकुनामा घुम्ने र जनताका समस्याहरू के छन् भन्ने जानकारी लिन र जनताको जीवनस्तर कसरी उठाउन सकिन्छ भन्ने बारेमा अभिरुचि थियो । यस्तो थियो २०३० सालको सुर्खेतको सवारी र राजा वीरेन्द्रबारे मेरो अनुभव । यी सब कुरा अहिले इतिहास भइसके ।

●

धार्मिक सहिष्णुता र समन्वयका प्रतीक श्री ५ वीरेन्द्र

● सम्माननीय डा. स्वामी प्रपन्नाचार्य

नेपालको इतिहासको शुरुदेखि २०५९ सम्मको यति लामो राजपरम्पराको इतिहास नेपालैमा अक्षुण्ण रूपमा रहेको पाइन्छ। *"राजा कालस्य कारणम्"* भनेर शास्त्रहरूमा स्पष्ट रूपमा लेखिएको छ भने *"नराणां च नराधिपः"* भन्ने स्मृतिवचन पनि स्पष्ट रूपमा देखिन्छ। यी उपर्युक्त शास्त्रहरूका दुईवटा वचन ज्यादै मननयोग्य छन् जसमा भूत, भविष्यत् र वर्तमान तीनै कालका कारण राजा नै हुन्छ भन्ने वचन केही व्यक्तिहरूलाई असुहाउँदिला र अपत्यारिला लाग्न सक्छ तर कसैले नपत्याइदिदैमा त्यसको अस्तित्व रहँदैन कि ? भन्ने सोचाइ भने गलत छ।

कुनै पनि देश अथवा राष्ट्रका तीनैकालको इतिहास राजा नै हुन्छ। भूतकाल र भविष्यत् यी दुवैको सन्धि वर्तमान हुन्छ। वर्तमान नभए भूत हुँदैन र भविष्य पनि हुँदैन। त्यसैले भविष्यलाई जोड्ने वर्तमान कडी राजा नै हो। वर्तमानकालिक भूत हुनसक्छ। भविष्यको स्वरूपलाई पनि बताउन सक्छ। कालज्ञानको आधारमा नै ऋग्वेदको दसौं मण्डलमा *"ध्रुवा पृथिवी ध्रुवा द्यौः ध्रुवो राजा"* भनेर स्पष्ट उल्लेख मन्त्रमा भएको छ। यद्यपि वेदान्तदर्शन यस कुरासँग सहमत छैन। तथापि वेदान्तदर्शन आफ्नो ठाउँमा छ, श्रुतिप्रमाण आफ्नै ठाउँमा छ। यिनै प्रमाणहरूको प्रमाणीकरण गरेर स्मृतिमा *"नराणां च नराधिपः"* भनेको हो। सामान्य मनुष्यहरूभन्दा नराधिप अर्थात् राजा विशेष हुन्छ। राजा धर्मको स्वरूप हुन्छ। राजा संस्कृतिको परिपालक हुन्छ तथा नररूपमा विद्यमान राजा वस्तुतः महती देवता नै हो। त्यसैले राजालाई देवस्वरूप मानिन्छ। यो भन्दा अरू विशेष शास्त्रहरूमा राजालाई विष्णु स्वरूप भनेका छन्। यसमा सन्देहको अवसर छैन। श्री ५ वीरेन्द्र राजा मात्रै थिएनन्, उनी धर्मात्मा र सर्वधर्मसमन्वयका प्रतीक पनि थिए। नेपालमा सानाठूला गरी एकसय छत्तीस सम्प्रदायहरू छन्। आचार्यभेदले केही न केही सम्प्रदायभेदले भिन्नता पनि देखिन्छन् र भिन्नता देखिनुको अर्थ अनेकता हो। अनेकतामा एकता र एकतामा अनेकता देखिनु हिन्दूधर्मको विशेषता हो। श्री ५ वीरेन्द्र हिन्दू सम्राट् थिए। त्यसैले हिन्दू धर्मको मूलरूपमा परिपालक भए तापनि समन्वयको दृष्टिकोण सरकारमा अभूतपूर्व थियो। धार्मिक ख्यालमात्र प्रचार नभएर सबैको समन्वयात्मक रूपमा।

२०३६ सालमा वीरगञ्जमा भएको विश्वहिन्दू सम्मेलनको उद्घाटन गर्न उनी पुगेका थिए। उद्घाटनका दिन एकै मञ्चमा श्री ५ वीरेन्द्रबाट जैन, बौद्ध, सिख, आर्यसमाज, कवीरपन्थी, उदासीन, नाथ, दशनामी, सन्यासी, रामानुज, निम्बार्क, प्रणामी आदि सबै धर्मावलम्बीहरूको साझा कार्यक्रमको उद्घाटन गरिएको थियो। यस उद्घाटनको परिणाम केही सालपछि आएर 'विश्वहिन्दू महासङ्घ' नाम हुन पुग्यो जसको संस्थापक योगी नरहरिनाथजी मानिन्छन्। श्री ५ वीरेन्द्र सरकारको बाहुलीबाट कालीञ्चोक बाबाको कोटिहोमको उद्घाटनको अवसर पनि सरकारको जीवनको धार्मिक पक्षमा महत्त्वपूर्ण पक्ष रहेको छ। जोसमनि सम्प्रदाय नेपालका सिद्ध र विद्वान् सन्त शशिधर दासको स्थापना हो। यसको महत्त्व र यसले राष्ट्रलाई जो योगदान दिएको छ, त्यो अवर्णनीय छ। त्यसैले श्री ५ वीरेन्द्र सरकारले बुझेर नै आफ्नो

करकमलद्वारा उद्घाटन गर्ने अमूल्य समय दिए । यी निश्चय नै इतिहासका पानाहरूमा लेखिनुपर्ने विषय हुन् ।

अर्को एउटा घटना लेखक स्वयं उपस्थित भएर देखेको घटना हो । चितवन जिल्लाको शिवघाटमा निरञ्जनी अखाडा पीठाधीश्वर महामण्डलेश्वर श्री १०८ स्वामी पुण्यानन्द गिरिजी महाराज श्रीमद्भागवत् कथाका प्रखर प्रवक्ता थिए । पौष महिनाको शीतलहरीले दिनैमा पनि ज्यादै जाडो लाग्दथ्यो । त्यस्तो अवसरमा नारायणघाट दियालो बङ्गलाबाट शिवघाटको लागि श्री ५ वीरेन्द्र सरकार तथा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी सरकार दुवै श्रद्धा र विश्वासको स्वरूप भएर दसौं हजार जनताको स्वागत स्वीकार्दै भागवत् कथापण्डपमा देखा परे । केवल सवारी मात्रै होइन, अपितु एक घण्टासम्म निश्चल भएर भागवत कथा श्रवण गरियो । बेलाबेलामा सरकार र बडामहारानी सरकार दुवैको नजर प्रफुल्लित हुन्थे भने कुनैकुनै बेला श्री ५ वीरेन्द्र सरकारको मस्तक पनि स्वीकृतिमा हल्लिने गर्थ्यो । यसप्रकार युगल सरकार भागवत् कथा सुन्न मञ्चमा बसेका आसपासका जनताले सुनेपछि दसौं हजारको जग्गेमा एक घण्टाभित्र बीसौं हजार मानिस भेला भए । भागवत् कथा श्रवण गरिसकेपछि बीसौं हजार मानिसको बीचमा स्वागतसम्मान स्वीकार गर्दै दियालो बङ्गलातिर प्रस्थान भयो । यो समय निकै वर्ष पूर्वको हो तापनि हिजो अस्तिको दिन जस्तै लेखकलाई लागिराखेको छ । दरबारकाण्ड घटित भएको घटना पनि पुरानै भैसकेको छ परन्तु स्मृति ताजै छ र श्री ५ वीरेन्द्र सरकार र श्री ५ ऐश्वर्यराज्यलक्ष्मी सरकारहरूको भेटघाट पनि हिजो अस्तिकै दिन जस्तो लागिराखेको छ । *'ते हि नो दिवसा गताः'* ती दिनहरू गैसकेका छन् । फेरि फर्केर आउँनेछैनन् तर उनका श्रद्धा, विश्वास र धर्मप्रतिको आस्था एकताको प्रतीक तथा राष्ट्रिय अस्मिताको पुञ्ज भने इतिहास बनिसकेको छ । भौतिक कलेवर शून्यमा मिलिसकेको छ, परन्तु यशोराशि चाहिँ उजागर भै राखेको छ । सनातन वैदिक हिन्दूधर्मको विश्वव्यापी चाडपर्व विजयादशमी हो । विजयादशमीको पावन टीकापर्वमा सबै धर्मावलम्बीहरू महाराजाधिराज सरकारको वरदहस्त टीका लगाउन जाने गर्छन् दरबारमा । महाराजाधिराज सरकारको बाहुलीबाट जैन, बौद्ध, सिख, आर्यसमाज, इसाई, मुसलमान आदि सबैले फूलपाती र टीका ग्रहण गर्ने गर्छन् । टीकाको दिन लेखकले मुसलमानहरू पनि त्यहाँ पुगेको देखेको छ भने लेखकका केही परिचित इसाईहरू पनि महाराजाधिराज सरकारको बाहुलीबाट प्रसाद लिन पुगेको देखियो । त्यसैले महाराजाधिराज सरकार, 'राजा सबैको साझा' र समन्वयका प्रतीक थिए भन्ने प्रष्ट प्रमाण हाम्रो सामु विद्यमान छ ।

राजाको काम राज्य चलाउनुमात्र होइन अपितु राष्ट्रमा रहेका समग्र जनताको मातापितासरह भएर सुखदुःखको भागी भएर जनताको दुःखनिवारण गर्ने काम पनि हो । त्यसैले २०४७ साल पूर्वको पञ्चायती प्रणालीलाई हटाएर जनताको कल्याण हुन्छ भने म त्यही गर्छु जो जनताले चाहेको छ भनेर श्री ५ वीरेन्द्र सरकारले बहुदलीय प्रजातन्त्र दिए । त्यो उदारता जनताप्रतिको उनको माया हो । त्यसपछि संवैधानिक राजतन्त्रको कुरा उठ्यो र श्री ५ वीरेन्द्र सरकारले जनताको भलाइ हुन्छ भने र देशको भलो हुन्छ भने म आफ्नो हात काटेर दिन्छु भनेर संवैधानिक राजतन्त्र पनि दिए । अहिले हाम्रो सामु बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको आडमा के भैराखेको छ ? त्यो देशवासी समग्र बुद्धिजीवीवर्ग र सुबुद्ध जनताले जानिराखेकै छन् । परन्तु खेदको कुरा वा विडम्बनाको कुरा के छ, भने जसले बहुदलीय प्रजातन्त्र दिएर आफ्नै हात काटेर संवैधानिक राजतन्त्र पनि दिए, ती राजा र राजपरिवार यी पंक्तिहरू लेख्दा इतिहास भैसकेका छन् । ज्येष्ठ १९ गते २०५८ को राजदरबारकाण्ड जनताका लागि भयङ्कर अविश्वसनीय थियो, तैपनि विश्वास त गर्नै पऱ्यो ।

यसरी प्रजावत्सल, धार्मिक समन्वयका प्रतीक श्री ५ वीरेन्द्रले केवल बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र मात्रै होइन, अपितु २०४७ सालको संविधानको अक्षरशः पालन गर्ने व्यक्तित्व पनि श्री ५ वीरेन्द्र सरकारनै थिए । त्यस संविधानको मसौदा गर्ने, लेख्ने र पास गर्ने आदि कसैले पनि त्यस संविधानको पालना गरेनन् । त्यसैले केही बुद्धिजीवी विद्वान्हरूले के भन्ने गरेका थिए भने यो संविधान राजालाई बाँध्ने एउटा माध्यममात्रै हो । जेहोस् आफ्नो जीवनकालमा धर्म समन्वयका प्रतीक हुनका साथै संविधानसंरक्षक र पालक आफैं श्री ५ वीरेन्द्र थिए । यहाँ यी पंक्तिहरू केवल चर्चाका रूपमा दिँदै छु, भविष्यको इतिहासमा अझ खुलस्त मूल्याङ्कन हुने नै छ । यसमा सन्देह छैन ।

इतिहास मर्दैन । यो सत्य कुरा हो । श्री ५ वीरेन्द्र सरकारको इतिहास आफ्नो पिता श्री ५ महेन्द्रको इतिहासको दाँजोमा राष्ट्रियता, राष्ट्रिय अस्मिता, प्रजावत्सलता तथा विश्वका एक मात्र हिन्दूराष्ट्र नेपालका शान्तिक्षेत्र उद्घोषक आदि विशेषता श्री ५ वीरेन्द्रमा नै थिए । अहिंसाका साक्षात् मूर्तरूप गौतम बुद्धको उपदेशलाई सान्दर्भिक मानेर आफ्नो जीवनमा शान्तिक्षेत्रको परिकल्पना मात्रै होइन, अपितु विश्वका धेरै राष्ट्रहरूको नेपाल शान्तिक्षेत्र भनेर स्वीकृति पाएको थियो । परन्तु विश्वको त्यो शान्तिक्षेत्र नेपाल हाल अशान्त क्षेत्र हुन पुगेको छ । यो नेपाल र नेपालीहरूका लागि दुर्भाग्यपूर्ण घटना भएको छ तर यसलाई पुनः शान्तिक्षेत्रमा परिणत गर्ने काम भने राजाको होइन किनभने राजा त संवैधानिक राजा भैसके । बहुदलीय प्रजातन्त्रको हातमा परेको सत्तालाई लिएर फेरि राजामाथि नै थोपर्नु यो संविधानविरुद्ध र मानवताविरुद्धको काम हो । त्यसैले दयाको सागर प्रजावत्सल श्री ५ वीरेन्द्रको आफ्नो कार्यकालमा नेपाललाई बहुदलीय प्रजातन्त्र दिएर जनतालाई नै सार्वभौमसत्ता हस्तान्तरण गरिसकेपछि पनि संवैधानिक राजतन्त्र पाएर सन्तोष नहुनु भनेको के हो ? जे भए पनि श्री ५ वीरेन्द्र सरकारको पदचिह्न धार्मिक समन्वय, स्वधर्म र स्वसंस्कृतिको संरक्षकण, मित्र राष्ट्रहरूसितको सुचारुसम्बन्ध श्री ५ वीरेन्द्रको जीवनकालमा रहेको छ । अब यस विषयमा उनको ऐतिहासिक पृष्ठभूमिमात्र शेष रहेको छ, । यसमा सन्देह गर्ने अवसर छैन ।

●

शान्तिक्षेत्र नेपाल र श्री ५ वीरेन्द्र

● *पं. भक्तिप्रसाद खतिवडा*

यही नेपालको मादी र मोदी नदीको सङ्गममा वेदव्यासको जन्म र व्यासबाट मानव कल्याणकारी अद्वैतभावयुक्त अध्यात्मग्रन्थ र वेदादि विभिन्न पौराणिक ग्रन्थहरूको रचना र विस्तार भयो । विराट राजाको राजसभाबाट शान्तिका लागि कौरव- पाण्डवयुद्ध रोक्न पाण्डवको जीविकाका निमित्त ५ गाउँ दिलाएर शान्ति सम्झौता गर्ने प्रस्ताव पारित भयो । कौरवकै घमण्डद्वारा यो प्रस्ताव अमान्य भयो तर पनि कौरवतर्फले नै पराजय भोग्नुपर्‍यो । यो एउटा शान्तिविरूद्धगामीलाई पर्न गएको पश्चात्तापको नमुना हो । लुम्बिनीमा गौतम बुद्धको जन्म र विश्वशान्तिको किरण वितरण भयो जो अद्यापि प्रशंसित र सम्मानित छ । प्राचीनकालमा कतिपय ऋषिमुनिहरूले यही पुण्यभूमि नेपालमा तपस्या गरी शान्ति आर्जन गरे । जनकजस्ता ज्ञानी राजाको जन्म र उनको मानव कल्याणकारी शान्तिमय आदर्श आदि ऐतिहासिक तथा पौराणिक तथ्यप्रमाणबाट नेपाललाई आदिकालदेखि नै शान्तिक्षेत्र भनेमा अत्युक्ति पर्नेछैन ।

राष्ट्रनायक श्री ५ वीरेन्द्र सरकारबाट वि.सं. २०३१/११/१३ मा विश्वसामु राखिबक्सेको शान्तिक्षेत्र प्रस्ताव काल्पनिक र कृत्रिम तथा राजनीतिक नभै ऐतिहासिक तथा प्राकृतिक मान्नुपर्दछ । हाम्रो वैदिक धर्मको निम्नानुसार छ :

"नोल्लङ्घनीयः कुलदेशधर्मः"

यो प्रस्ताव हाम्रो देश नेपालको धर्मानुकूल छ । यसलाई ११६ मित्रराष्ट्रले समर्थन दिइसकेका छन् । तसर्थ तपसिलका विषयहरूको अध्ययन गरी उक्त प्रस्तावलाई सार्थक बनाउनु हामी प्रत्येक नेपालीको कर्तव्य थियो र छ । *"सर्वे भवन्तु सुखिनः"* । यो वेद वाक्य हो । सुख र शान्ति एक अर्काका पूरक अङ्ग हुन् भने शान्ति र अशान्ति एक अर्काका विरुद्ध छन् । आज विश्वमा शान्ति नचाहने कुनै प्राणी छैन । सबैका लागि यो प्यारो वस्तु भै सकेको छ । सारा विश्व नै 'शान्ति शान्ति' भनेर कराइरहेको छ । तर जतिजति मानिस 'शान्ति शान्ति' भनी चिच्याउँछ, शान्ति भने त्यतित्यति टाढा भागिरहेको छ । विश्वकलह बढ्दै छ । यो दीर्घरोग भैसकेको छ । शान्तिसम्झौता गर्दा अलिकति थामिन्छ । फेरि अलिकति मनोमालिन्य बढ्यो कि बल्झिहाल्छ । यो विश्व कलहकारी अशान्तिको आमूल उपचार गर्नु नितान्त आवश्यक भै सकेको थियो र छ । यो एउटा सरुवा रोग पनि हो । दूषित पदार्थको हावा छिटोभन्दा छिटो फैलिने हुँदा नेपालमा त्यसको प्रवेश रोक्नका निमित्त नै सरकारले त्यो शान्तिक्षेत्र प्रस्ताव ल्याइबक्सेको थियो । नेपालको दुर्भाग्य आज यसको विपरीत हुन गयो । अब हामीले यसलाई सबैले आआफ्नो क्षेत्रबाट छिटोभन्दा छिटो स्थायी शान्तिको उपाय खोजी अशान्तिलाई स्थायी रूपबाट हटाउनु- परेको छ ।

प्रथमतः अशान्तिको आधारस्तम्भलाई निर्मूल नपारी स्थायी शान्ति आउँदैन । शान्तिको अङ्ग पूरा नगरेसम्म स्थायी रूपले अशान्ति पनि हट्दैन । शान्ति भन्ने वस्तु खोजेर पाइने होइन, कराएर आउने पनि होइन । त्यसको प्रत्येक अवयव पूर्ण गर्न सक्नुपर्दछ । अशान्तिका मूल आधारस्तम्भ यी हुन् -

क) भरपेट खान र लगाउन नपाएर उत्पन्न हुने अशान्तमय जीवन ।

ख) राजनीतिक द्वन्द्वबाट उत्पन्न हुने अशान्ति ।

ग) काम, क्रोध, लोभ, मोह, द्वेष, मद, मात्सर्य तथा पदलोलुपता आदिबाट उत्पन्न हुने अशान्ति ।

यी उपर्युक्त अवगुणहरू अशान्तिका मुख्य आधार हुन् ।

कको उपचारार्थ वि.सं. २०५७ सम्ममा देशवासीका लागि नभै नहुने शिक्षा, स्वास्थ्य, गाँस, बास, लत्ताकपडा र सुरक्षा जस्ता न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न राष्ट्रनायक श्री ५ वीरेन्द्र सरकारबाट जो हुकुम भएको थियो त्यो राजनीतिक द्वन्द्वका कारण कार्यान्वित हुन पाएन ।

अब बाँकी रह्यो– गको उपचार :

यो रोग त सर्वव्यापी भैसकेको छ । देशव्यापीमात्र हैन विश्वव्यापी नै भैसकेको छ । कुन राजनेता, कुन प्रशासक, कुन शिक्षक, कुन छात्र, कुन व्यापारी, कुन उद्योगपति, सर्वसाधारणदेखि लिएर माथिसम्म यत्र, तत्र, सर्वत्र ग्रसित पारिसकेको छ । छिटोभन्दा छिटो यसको उच्छेद गर्नु नितान्त आवश्यक भैसकेको छ । यो रोगको अचूक महौषधी एउटै मात्र छ- त्यो हो "काया पलट" अध्यात्म रसायन, अर्थात वेदान्तद्वारा मात्र जानिने अध्यात्म चेतना जागृत गराउनु । *"आत्मवत्सर्वभूतेषु"*। आफैं बराबर सबै प्राणीलाई देख्न सक्ने हरेक व्यक्तिलाई बनाउन सक्नु ।

आज जुन शिक्षापद्धति विश्वमा प्रचलित छ, त्यसबाट प्राणीमात्रको अति प्रियवस्तु शान्ति झन् झन् टाढा हुँदै गइरहेको छ । वास्तविकता यो छ । प्राचीन, अर्वाचीन र वर्तमान, जुनसुकै कालमा पनि जति प्रकारका ज्ञानविज्ञान बढे तापनि वास्तवमा २ मात्र छन् । ती हुन्- दृक् र दृश्य, देख्ने र देखिने, अध्यात्मिक र भौतिक । यी एक अर्काका पूरक अङ्ग हुन् । केवल दृश्यसम्बन्धी कोरा शिक्षाले मात्र कसरी त्यो सर्वाङ्गीण होला ? जसको पक्षाघातले आधा अङ्ग नै नचल्ने हुन्छ भने उसलाई शान्ति कहाँ ? जतिसुकै भौतिक पदार्थको आविष्कार भए पनि शान्तिबिना सुख कहाँ ? यसकारण यी दुवै पदार्थ या अङ्गको समान रूपले उन्नति हुनुपर्दछ । शान्ति भन्ने वस्तु कुनै बाहिरको वस्तु होइन । कुनै भौतिक विकास या सङ्घर्षबाट प्राप्त हुने गुण पनि होइन । सबैको भित्र रहेको आआफ्नो अध्यात्मगुण हो । मानवमा जतिजति अध्यात्म चेतना घुस्तै जान्छ, त्यति-त्यति दया, सरलता, सहिष्णुता, आदि गुण भरिँदै जान्छ । कमाऊ, खाऊ शिक्षाको साथै अरू प्राणीहरूसँग पनि आत्मवत् व्यवहार गर, तिमी र तिनीमा केही भेद छैन, अझ अरूको ज्यादा कदर गर्ने गर, बाहिरी चोला पन्छाएर ज्ञान दृष्टिले हेर, अरूको भित्र पनि तिमी नै छौ भन्ने आत्मज्ञान (शिक्षा) अध्यात्म प्रणालीवाट मात्र सम्भव छ । अरूको सुख नै आफ्नो सुख भन्ने ज्ञान यस्तो शिक्षापद्धतिवाट मात्र प्राप्त हुन्छ । श्रीमद्भागवत तृतीयस्कन्ध अध्याय २९ श्लोक २३ मा माता देवहुतिलाई कपिलदेवले भन्नुभएको छ-

> *"द्विषतः पर काये मां मानिनो भिन्नदर्शितः ।*
> *भूतेषु वैरस्य बद्धस्य, न मनः शान्तिमृच्छति ॥"*

अर्काको शरीरमा द्वेष गर्ने अभिमानी, भेद दृष्टिले हेर्ने तथा प्राणीहरूसँग वैरभाव राख्नेहरूको मनमा कहिल्यै शान्ति आउँदैन ।

हामी भरखर विकासको मुखमा थियौं, त्यो पनि भताभुङ्ग भै सकेको छ । अरू देशसरह हामी पनि विकासपथमा पुग्ने हाम्रो त्यो पूर्वको लक्ष्य छाड्नुहुँदैन, कायम राख्नुपर्छ । तर शान्तिको मार्ग बिरायौं भने जतिसुकै भौतिक उन्नति र विकास गरे पनि हामीलाई सुख हुनेछैन । यदि हुन्छ भने आज किन ती विकसित देशहरूलाई पनि कलह र अशान्तिको बादलले घेरिराखेको छ ? त्यो रोग आज आफ्नै शान्तिप्रिय देशमा संक्रमण गर्न आएको ज्वलन्त प्रमाण छ । अध्यात्म चेतनाविहीनका बीच भौतिक उन्नतिद्वारा आविष्कृत उपभोग्य वस्तुहरू कुकुरको माझमा फालिएको मासुको टुक्रा जस्तो कलहको केन्द्र बन्न पुग्दछ, पुगिरहेको समेत हाम्रो नेत्रगोचर भै रहेको छ । भौतिक उन्नतिबाट प्राप्त उपभोग्य वस्तुहरू सबैले समान रूपले उपभोग गर्नका लागि चाहियो अध्यात्म चेतनाद्वारा उत्पादित शान्ति ।

स्थायी शान्तिप्राप्तिका लागि सर्वप्रथम हामी आआफैं शान्तिगामी बन्नुपर्दछ जसका लागि उपर्युक्त ख र ग धारामा उल्लिखित दूषित भावलाई त्याग गर्न र नियन्त्रण गर्न सक्नु पर्दछ । जबसम्म मानिस यस्ता दूषित भावले प्रेरित भैरहला तबसम्म न उसले सुखशान्ति पाउँछ, न अरूलाई नै सुखशान्ति दिन्छ । अनैतिकतापूर्ण कार्यबाट जतिसुकै सम्पत्ति आर्जन गरे पनि उसलाई शान्ति हुँदैन । त्यो अनैतिकतापूर्ण कार्यले उसको हृदयलाई जलाइराखेको हुन्छ । जतिसुकै ठूलो ओहदामा पुगे पनि ऊ भ्रष्ट छ भने त्यसलाई शान्ति कहिल्यै आउँदैन । उसले गरेको कुकार्यले पोलेर छट्पटाइरहेको हुन्छ । क्षणिक आनन्द र शान्ति तथा निद्रा लिन नशावाल मादक पदार्थको सेवन गरी दुर्व्यसनीसमेत बन्न पुग्दछ । उसको जीवन नै बर्बाद हुन्छ ।

विश्वशान्तिलाई नै सघाउ पुऱ्याउन सक्ने खालका हाम्रा धर्मशास्त्रहरू प्रशस्त छन् । हिन्दू वैदिक दर्शनमा सर्वोच्च अध्यात्मसाहित्यको विकास भएर पनि त्यसको उपयोग नगरी यसको उत्कृष्ट लाभबाट वञ्चित भै अरूहरू जीवनदर्शनको सिद्धान्तको भिखारी भएर हिडेको देखिन्छ । यसकै फलस्वरूप आज यो शान्तिमय नेपालमा शान्ति भन्ने कुन चराको नाम हो ? भन्ने भैसक्यो । यो सारै दुर्भाग्यको कुरा हो । नेपालजस्तो राजतन्त्रको

छत्रछायामा रहेर प्राथमिक विकासको पथमा पदार्पण गरेको देशले आध्यात्मिक र भौतिक दुवै शिक्षापद्धतिलाई समान रूपमा अपनाउन सकेमा यो हिन्दूको अवशिष्ट राज्य नेपाल अवश्य पनि विश्वमा अत्युच्च आदर्श रूप बन्न सक्ने थियो । यसका लागि देशका प्रबुद्धवर्गले महत्त्वपूर्ण भूमिका खेल्नुपरेको छ । जुनसकै पदओहदामा पुगेपनि म महान् हुँ भन्ने र सेव्य भएँ भन्ने दुर्भावना बिलकुल हुनु हुँदैन । राजनेता, प्रशासक, व्यापारी, उद्योगपतिदेखि लिएर जनसाधारणसम्मका तमाम नागरिकले आफूप्रति भएको उत्तरदायित्व तथा कर्तव्यलाई शिष्टतापूर्वक वहन गर्न सक्नुपर्दछ । द्वैत भावलाई त्यागी आफ्नो उदारता र शान्तिमय आदर्शलाई देखाउनुपर्दछ । जस्तो आफ्ना लागि नगरी नहुने कुनै न्यायिक काम गर्न खोज्दा कहीं कतैबाट बाधा-विरोध आउँदा आफ्नो मन कति विचलित र अशान्तमय हुन्छ, अरूहरूको काममा पनि आफूले बाधा अड्चन, ढिलासुस्ती गरिदिदा उसको हृदय पनि त्यस्तै हुन्छ भन्ने आत्मज्ञान हुनुपर्दछ ।

तसर्थ स्थायी शान्ति प्राप्तिका लागि नेपालका प्रत्येक व्यक्तिमा आध्यात्मिक चेतना घुसाई यस कुराको ज्ञान र विश्वास दिलाउनुपरेको छ । परत्र छ, गरेको अपराध परत्रमा भोग गर्नै पर्दछ, परपीडनका अपराधहरू जप, पाठ, पूजा वा तीर्थाटनबाट मात्र मुक्त हुँदैनन्, यसबाट त मानसिक शक्ति र सिद्धि प्राप्त हुन्छ, अरिष्ट (संकटमोचन) हुन्छ । पुण्य कमाउन त परहित कार्य नै गर्नुपर्दछ । जति सुकै धन, मान, पद प्राप्त गरे पनि परहितबिनाको जीवन पशुभन्दा पनि नीच हुन्छ । पशुले त मरेपछि उसको मृत शरीरले पनि परहित काम गरेको हुन्छ । राजनेताहरूले आफ्नो चाकडी गर्ने र क्षुद्र स्वार्थपूर्ति गर्ने कार्य एकतालाई भरणपोषण गरेकामा परोपकार हुँदैन, बरु त्यस्ता दुष्ट कार्यकर्ताहरूले सत्तासीन नेताको धाकरवाफ देखाएर कैयौं निरीह जनतालाई दुःख दिएका हुन्छन् । त्यो अपराधसमेत नेताले भोग गर्नुपर्ने हुन्छ । तसर्थ सच्चा नेताहरूले धार्मिक व्यक्तिहरूलाई मात्र कार्यकर्ता बनाउनु उचित हुन्छ ।

"अष्टादशपुराणेषु, व्यासस्य वचनद्वयम् ।
परोपकार पुण्याय, पापाय परपीडनम् ॥"

व्यासजीले १८ पुराण रचना गर्नुभयो । ती सबै पुराणको मुख्य सार यी दुई छन् :-पुण्य कमाउन परोपकार = अरूलाई उपकार हुने खालका दया, क्षमा सदुपदेश गर्नु, अर्काको अपहित हुने काम कहिल्यै नगर्नु, आफूलाई अहित गर्नेलाई पनि हित गरेर देखाइदिनु इत्यादि धर्ममार्ग हुन् । पाप चाहिँ परपीडन = अर्कालाई दुःख दिनु, निर्दोषलाई दोष दिनु अपराध हो, गुणको बदलामा गुणै गर्नुपर्नेमा अवगुण गर्नेलाई कृतघ्न भनिन्छ, कृतघ्न बन्नु महाअपराध हो ।

हाम्रा हिन्दू वेददर्शनशास्त्रहरूको (परोपकारी) सारभूत तत्त्वको सरल भाषामा अनूदित ग्रन्थ तयार हुनुपर्दछ र शिक्षण संस्थामा अनिवार्य रूपले लागू गरिनुपर्दछ । यसका अतिरिक्त अन्यत्र पनि (तलदेखि माथिसम्म) सेमिनार आदि गरी प्रचारप्रसार हुनुपर्दछ । यसका प्रचारकहरू शिक्षकहरू र अन्य उच्च पदस्थ व्यक्तिहरू पनि यस नीतिको विपरीत जानु उपहासको विषय बन्न जानेछ । नेता वर्गले यस्तै द्वैत चरित्र लिदा के भैरहेछ ? पहिलेपहिले यिनले आह्वान गर्दा जसरी जनता ओहिरिएर आउँथे आज आउन छाडे । तसर्थ आफू सत्मार्गी बनेर समाजलाई त्यही मार्गतिर डोर्‍याउन सक्ने शिक्षाप्रचारको विकास हुनुपर्दछ । धनीमानी, उच्च पदस्थ र शिक्षित व्यक्तिहरूले विदेशीको नक्कल गरी शान र आडम्बरको प्रदर्शन गरिदिदा समाज पनि त्यसतर्फ उन्मुख भैरहेको छ । विद्यार्जनको उद्देश्य अर्काको नक्कल गर्नु र समाजमा शान र आडम्बर देखाउनु होइन, वास्तविकताको ज्ञान गरी समाज सुधार गर्नु हो । लोभ र लालचबाट हट्न सक्नु नै शिक्षाको सार हो । जनताको दुःख सुखमा भिज्न सक्नु, शास्त्रोक्त नियमानुसार कर्तव्यपरायण बन्नु, प्राप्त अधिकारको दुरुपयोग नगर्नु शिक्षाको फल हो । फलानाले पढेको छ त्यसैलाई भोट दिनुपर्छ भनी समाजले भोट दिन्छ, तर उसले समाजको हितका लागि पढेको छैन, आफ्नै लागि मात्र पढेको छ भने के शिक्षाको दुरुपयोग भएन ? शिक्षा नै समाजका लागि अभिशाप भएन ? महत्त्वपूर्ण शिक्षाको त्यसप्रकार दुरुपयोग गर्नेलाई कस्तो दण्ड दिनुपर्ला ?

"यावद् भ्रियेत जठरं, तावत्स्वत्वं हि देहिनाम् ।
अधिकं योऽभिमन्येत, स स्तेनो दण्डमर्हति ॥"

- श्रीमद्भागवत

आफ्नो पेट भर्नका लागि जति चाहिन्छ त्यति मात्र त्यसको हक लाग्दछ । त्यसभन्दा बढीमा जसले अधिकार जमाउँछ त्यो चोर हो, त्यसलाई दण्ड दिनु योग्य हुन्छ भनी श्रीमद्भागवत् सप्तमस्कन्धको अध्याय १४ श्लोक ८ मा नारदले युधिष्ठिरलाई भन्नुभएको हुँदा पाण्डवराज्यमा यो कानुन थियो ।

वर्तमान युगमा यस वचनअनुसार चल्नलाई आफू पालिन र सन्तानको पठनपाठन र विवाह गर्नसम्म जति सम्पत्ति चाहिन्छ त्यति मात्र अधिकार (सङ्ग्रह) गर्नु शास्त्रसम्मत हुन आउँछ । त्यसभन्दा बढी सम्पत्तिमा अधिकार जमाई राख्नुबाट राजदण्ड ग्राही नभए पनि देवदण्ड भागी अवश्य होइन्छ भन्ने कुरा बुझ्नुपर्दछ । यस्तो ज्ञान हाम्रा राजनेता र कर्मचारी वर्गमा भैदिएको भए, भ्रष्टाचारले यसरी देश डुब्ने थिएन ।

आज सारा विश्वमा भौतिक विकासको लहर दौडिरहेको छ । यो यत्तिकैमा सीमित नरही कैयौं गुणा वृद्धि भएर जानेछ । यो कहाँसम्म पुग्छ भन्नेमा हामीहरू कल्पनासम्म पनि गर्न सक्तैनौं । मानव विज्ञानको शक्तिले गर्न नसक्ने कुरा केही पनि छैन । विकसित युगमा विकासबिनाको देश पङ्गु हुन्छ, उन्नतिबिना बाँच्न पनि सकिन्न । अझ, हाम्रो जस्तो निम्न आय भएका देशहरूले त छिटोभन्दा छिटो भौतिक उन्नति गर्दै लैजानु नितान्त आवश्यक भै सकेको छ । यस्तो अवस्थामा देशको राजनीतिज्ञले भने विपरीत गति लिइराखेका छन् । त्यस्तो विपरीत गति नलिदा पनि विकासको गति विभिन्न हुन्छ जस्तै प्रगति, द्रुतगति, वक्रगति, विरुद्ध गति । यसले विनाश गर्न पनि सक्छ । विकासका साथसाथै त्यसलाई नियन्त्रण गरी संरक्षण दिने साधन अत्यावश्यक पर्दछ । यानलाई चालकले नियन्त्रण गरेर नियमित गतिमा राख्न सकेन भने दुर्घटना हुन पुग्दछ । मानवदेखि यन्त्रसम्मका प्रत्येक क्षेत्रका प्रत्येक वस्तुलाई नियन्त्रणमा राख्न सक्नुपर्दछ । विकासभित्र जेपनि छ । पृथ्वीको गर्भमा विष पनि छ अमृतपनि छ । श्री मद्भागवतमा समुन्द्रमन्थनको व्याख्या गरेको छ । भौतिक उपभोग्य पदार्थको उपलब्धिका लागि समुद्रमन्थन गर्दा अमृतादि उपभोग्य वस्तुको उत्पत्तिपूर्व विश्व विनाशकारी हलाहल विष निस्क्यो । त्यस विषलाई शिवजीले नियन्त्रण नगरिदिनुभएको भए त्यसबाट आविष्कृत उपभोग्य वस्तुहरू कसैले उपभोग गर्न पाउने पनि थिएनन् । शिवजीले त्यस विषलाई नियन्त्रण गरी घाँटीमा राखेर हामीलाई निलो घाँटी देखाएर सचेत गराइराख्नुभएको छ । विकासले उपभोग्य वस्तुका साथै संहारकारी वस्तु पनि उत्पादन गर्नेछ । संहारकारी वस्तुलाई यसप्रकार या कुनै प्रकारबाट नियन्त्रण गरेपछिमात्र भौतिक विकासबाट प्राप्त उपभोग्य वस्तु उपभोग गर्न पाइन्छ भनी नीलकण्ठले मानव समुदायलाई मार्गदर्शन गराइराख्नुभएको छ ।

श्री ५ वीरेन्द्र सरकारले जुन शान्तिक्षेत्रको प्रस्ताव विश्वसामु राखिबक्स्यो निजी स्वार्थका लागि नभई नेपाल र विश्वशान्तिका लागि समेत थियो । माथि उल्लेख भएबमोजिम नेपालमा शान्तिको अङ्ग पूरा गरी नेपालको शासनप्रशासनदेखि देशको सम्पूर्ण सामाजिक अङ्गमा समेत शान्तिमय अमनचयन कायम गराई तत्पश्चात् त्यसको समर्थनकारी मित्र राष्ट्रका प्रतिनिधिहरूलाई अवलोकन गराएर विश्वशान्तिको पाठशाला नेपाल बनाउने लक्ष्य थियो । विश्वका विकसित देशहरूमा कुनै पनि उपभोग्य वस्तुको अभाव थिएन र छैन । अभाव थियो र छ त केवल शान्तिको । त्यसैले नेपालमा शान्तिको अङ्ग पूरा गरी एक नमूना राष्ट्र बनाई, हिन्दू वैदिक दर्शन र बुद्ध दर्शनका शान्तिका दिव्यांशहरू विश्वविख्यात गरी विश्वशान्तिलाई सघाउ पुऱ्याउने सदिच्छा थियो- श्री ५ वीरेन्द्र सरकारको । सधैं देश र जनसमाजमा शान्ति र अमनचयन हेर्न चाहने शान्तिकामी श्री ५ वीरेन्द्र सरकारले शान्तिको आधारशीलासम्म देख्न नपाई २०५८ जेठ १९ गते दुःखदायी दुर्घटनाबाट सरकारको स्वर्गारोहण भए पनि सरकारबाट जनताको सुखका लागि प्रदान गरिबक्सेको शान्तिक्षेत्रप्रस्ताव पुनः मौलाएर आओस्, श्री ५ वीरेन्द्र सरकारको सदिच्छा पूरा होस् भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दछु ।

विदुर न.पा.८,
बगुवा बजार

●

श्री ५ वीरेन्द्रको विशिष्ट व्यक्तित्व

● *भद्रकुमारी घले*

राजसंस्थाको सम्बन्धमा कलम उठाउँदा अलिकति इतिहास न छुवाएमा नूनबिनाको तिहुनजस्तो लाग्दछ । नेपाल राष्ट्रनिर्माणमा शाहवंशको महत्त्वपूर्ण भूमिका रहेको छ । रामशाह सुधारवादी न्यायी तथा वीर राजा भए । राम शाहले सामाजिक, आर्थिकका साथै अनेकौं नयाँ थितिहरू बसालेका थिए । उनले नेपाल राष्ट्रमा प्रामाणिक नाप तथा तौल प्रचलन गराएका थिए । "विद्या हराए काशी जानु, न्याय हराए गोरखा जानु" भन्ने उखान उनकै पालादेखि चलेको हो भन्दछन् । राम शाहको सारगर्भित नीतिको एउटा नमूना आज हामीले पालन गर्नुपर्ने आवश्यकता छ । "बडालाई नघटाउनु, छोरालाई न बढाउनु", राजाले सदा साधु भैकन पुग्दैन, सदा क्रूर भैकन पुग्दैन, बेला जस्तो काम गर्नु अविश्वासी, पापी, कपटीको कदर राजाले कैले पनि नगर्नु भन्ने राम शाहको अर्ती थियो ।

राम शाहकै वंशमा पृथ्वीपति शाह गोर्खाका राजा भए । उनका अर्ती "आफ्ना भाइ छोराहरू सब इकठ्ठा भए आफ्नो घर बलियो हुँदो रहेछ, वैरीले पनि छिद्रो पाउन्या रहेनछ, छिद्र नपाया कसैले आँट्न पनि सक्दो रहेनछ, दुष्ट, क्रूर जन जो छन् उस्तालाई सौजन्य देखाई बुझ्दैनन्, ऊभन्दा दुई गुणा दुष्टता क्रूरता आफूले पनि गर्नु पर्दछ । पाउमा भारा विज्या काँटाले झिक्नुपर्छ । आम्दानी थोरै भया मुलुक प्वाक हुन्छ, मुलुक साक भएपछि प्रजा प्राणीलाई पनि अन्नवस्त्र कठिन हुन्छ । अन्नवस्त्र नपाया कसैको पनि बुद्धिका ठेगान रहँदैन ।"

राम शाहका सातौं पुस्तामा पृथ्वीनारायण शाह भए । नेपालको शाहवंशमा पृथ्वीनारायण शाहको इतिहास एउटा छुट्टै महत्त्व राख्तछ । एकएक गाउँका राज्य समाली बसेको पहाडी पढारिया राज्यलाई एकीकरण गराउने उदेश्य राखी पृथ्वीनारायण शाहले पश्चिमे चौबीसे र काठमाडौं उपत्यकाका तीनराज्य भक्तपुर, ललितपुर, कान्तिपुर मिलाई पच्चीस वर्षभित्र नयाँ नेपालको जग बसाले । त्यस अवस्थामा हाम्रो स्थिति कस्तो थियो होला । त्यसमाथि पनि लड्दालड्दा शारीरिक दृष्टिले कमजोर थियो होला । त्यस्तो बेलामा नि साधनसम्पन्न आधुनिक हतियारले सुसज्जित अंग्रेजहरू क्याप्टेन किनलक र मिरकासिमद्वारा गरिएको हमला पराजित गरी सफलता हासिल गरेका थिए । यस्ता बहादुरका सन्तान हामी । पृथ्वीनारायण शाहका दिव्यउपदेश यसप्रकार छ महादुःख गरी पछ्याडि शुद्ध गरी नेपाललाई मुर्वा लागाथ्या, मेरो साना दुषले आर्जेको मुलुक होइन सबै जातको फूलबारी हो, पृथ्वीनारायण शाहका उपदेशहरू आजको परिस्थितिमा पनि उत्तिकै महत्व राख्दछ । राजाका भण्डार भनेका उनका रैती हुन्, प्रजा मोटा भया दरबार बलियो रहन्छ, राज्यको सार जनता र फौज हो, त्यस बखतदेखि शाहवंशको कुशल नेतृत्व र राष्ट्रनिर्माणको कार्य आजतक चलिआएको छ ।

पृथ्वीनारायण शाह आधुनिक नेपालका संस्थापक हुन् भने वहाँका अरू वंशज नेपाल राष्ट्रनिर्माणका पूरक हुन्, यिनीहरूले उत्तरमा चीन र सतलजसम्म नेपालको सिमाना पुराएका थिए । रणबहादुर शाहले भनेका थिए, चीनमा सम्राट् शक्तिशाली छन्, ईश्वरको अनुग्रहले उनको चुनौतीको सामना गर्न सक्थ्यो । चीनका सम्राट्सित शत्रुता गर्ने नीति छैन । यसैले हामीले युद्धबन्द गर्ने निर्णय गरेका छौं ।

रणबहादुर शाहको सुधारवादी प्रवृत्ति सन् १७६८ को ताम्रपत्रबाट प्रष्ट हुन्छ, "छेमडेलले भन्या, देवल साघँपाटी, दरबार, धर्मशला, पौवा बनाउँदा कर्माइस माफिकको राम्रो बलियो परसम्म टिकन्या चाडो गरी बनाउन्या, देश बनाउन्या, आम्दानी हुन्या...... शयन जतिको कुरा सुन्न चाहिँदो जाहेरी गर्नु निमकको सोझा अकलदार मानिसलाई बढिया काम सिकाउनु कचहरीमा राख्नु।"

श्री ५ गिर्वाणयुद्धको समयमा नेपालको स्वतन्त्रतामा ठूलो खतरा देखा पर्‍यो। १८१४ मा अंग्रेजहरूले नेपालमाथि पनि मौका छोपे। त्यतिबेला मुख्तियार भीमसेन थापाले एसियाली शक्तिलाई ब्रिटिस साम्राज्यवादको विरुद्ध आह्वान गरे। "एसिया एसियालीको" भन्ने नारा नेपालले नै दिएको थियो। नेपाल, चीन, भोट, बर्मा, इरान, अफगानिस्तानमा पत्राचारसमेत गरेका थिए। साम्राज्यवादी शक्तिको साँपको विषबाट नेपालले आफ्नो राष्ट्रिय एकता र सार्वभौमिकतालाई अक्षुण्ण राख्यो।

त्यसबखत पनि विदेशी हस्तक्षेप नभएको होइन। भीमसेन थापाको पतन, माथवरसिंह थापाको हत्या सबैमा विदेशीहरूको हात थियो। १०४ वर्षको निरंकुश राणा शासन कालमा जनता मिचिए, थिचिए र पिनिए। त्यस बेला राज सम्म नजरबन्दी जीवन बिताउन परेको थियो। राजा र प्रजाको संयुक्त आन्दोलनले गर्दा नेपालमा राणा शासनको अन्त्य भयो। त्यसबेला श्री ५ त्रिभुवनबाट हुकुम भएको थियो, "हाम्रो मुलुकमा प्रजातन्त्रको स्थापना होस् हाम्रो सदिच्छा छ। हाम्रा प्रजाले शान्ति र कीर्ति यथाशीघ्र ल्याओस् रातै कारबाही तुरुन्त भएन, सबैले मेलमिलापससँग दुनियाँको हितको काम नगरेसम्म कुनै प्रकारको राजनीतिक हेरफेर लाभदायक हुन सक्दैन।"

विश्वको इतिहासमा नेपालले पहिलो अनौठो प्रकारको कीर्ति राखेको थियो। राजा-प्रजा एक भएर आन्दोलन गरेका थिए। श्री ५ त्रिभुवनको त्याग र बलिदान नेपालको इतिहासमा अमर रहेको छ। प्रजातन्त्र प्राप्तिपछि यदि श्री ५ महेन्द्रबाट बुद्धिमत्तापूर्वक हिम्मत न चालेको भए राष्ट्रको हालत आज जस्तै हुन्थ्यो होला। संघर्षपछि नेताहरू विलासी हुँदा रहेछन्। प्रजालाई बिर्सिएर चरित्रहीन, कर्तव्यहीन, भ्रष्ट विलासी हुँदाको रोदन आज हामी हेरिरहेका छौं।

श्री ५ महेन्द्रबाट पञ्चायत कालमा मुलुकी ऐन लागू भो, भूमिसुधार लागू गरियो, पूर्वपश्चिम बाटो निर्माण गरियो र राष्ट्रलाई विश्वको सामु चिनारी गराई आधुनिक दिशातर्फ बढाइएको थियो। राजाप्रजा एक भई विकासको मूल फुटाउन खाजिएको थियो।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवसरकारको गद्दीआरोहणपछि सरकारको कुशल एवम् बुद्धिमत्तापूर्ण सुशासनमा देश र देशवासीले उज्ज्वल भविष्यको बाटालाई खोजेका थिए। जनताको यथार्थलाई बुझिबक्सन मौसुफबाट समयसापेक्ष कदमहरू चालिबक्सेको थियो। देशलाई यस्तै विकासक्षेत्रमा विभाजन गरी सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य सुधारका साथै अरू भौतिक आधारहरू परिपूर्ति गर्न लागिबक्सेको थियो।

"राजा सबका साझा"लाई जनतालाई आत्मसात् गराउँदै जनताको घरदैलोमा पुगिबक्सी सक्रिय नेतृत्व दिइबक्सेको थियो। मौसुफ सरकारबाट नियमित वर्षेनि विकास क्षेत्रको भ्रमण गरिबक्सेर अधिराज्यका कुनाकाप्चामा जनताको प्रत्येक अवस्थाको अध्ययन गरी नजिकबाट बुझिबक्सी देशवासीको उज्ज्वल भविष्य बनाउनका लागि ठूलो परिश्रम गरिबक्सेको थियो। अति विकट र विपन्न ठाउँहरूमा पुगिबक्सी त्यस क्षेत्रको विकासका निम्ति मार्गदर्शन राष्ट्रलाई बक्सेको थियो। प्रत्येक विकासक्षेत्रमा हुलाक, स्कुल, स्वास्थ्य केन्द्र, खानेपानी, गोरेटो, घोरेटो, बाटो आफ्नो क्षमताले भ्याउने निष्पक्ष समानताका आधारमा राष्ट्रिय स्तरमा विकासनिर्माण गराइबक्सेको थियो। राजा वीरेन्द्रको छत्रछायाँमा नेपाली जनताले कुनै प्रकारको भेदभाव महशुस गरेका थिएनन्। प्रत्येक पिछडिएको जाति, प्रत्येक पिछडिएको क्षेत्रको प्रतिनिधित्व हुने किसिमले क्रियाकलाप अपनाउने निर्देशन समयसमयमा पाएका थिए। श्री ५ वीरेन्द्र सारै दूरदर्शी राजा होइबक्सिन्थ्यो। नेपालको संविधानअन्तर्गत रहेर राष्ट्रको गहनतम अभिभारा ग्रहण गरिबक्सेको थियो। नेपाली जनताप्रति असीम माया गरिबक्सन्थ्यो। "ज्ञान नै शक्ति हो, काम नै पूजा हो" भन्ने उद्देश्यलाई पूर्ति गर्न दत्तचित्त भइबक्सन्थ्यो। श्री ५ वीरेन्द्रबाट मुलुकको राष्ट्रिय एकताको प्रतीकको रूपमा स्थापित राजतन्त्रलाई अमर साबित गराइबक्सेको छ।

नेपाली राजनीतिमा देखा परेका उतार चढावहरूमा मौसुफ सरकारले राष्ट्र र जनताका लागि देखाइबक्सेको सम्वेदनशीलताले २०३६ को विद्यार्थी आन्दोलन २०३७ को बहुदल वा निर्दल जनमत सङ्ग्रहका साथै मौसुफबाटै राष्ट्र र जनतालाई नेपालको संविधान २०४६ बक्सेको इतिहासमै कहिल्यै बिर्सन नसक्ने अभूतपूर्व स्वर्ण गाथा भएर रहेको छ। नेपाल र नेपाली जनताप्रति असीम माया गरिबक्सने श्री ५ वीरेन्द्रको अपूर्व गाथा नेपाली जनताको हृदयमा सादा खोपिएर बस्नेछ। प्रत्येक नेपालीको मुटुको धुकधुकीमा राजा वीरेन्द्र सदा विराजमान रहनेछन्। राजा वीरेन्द्रको गहिरो माया, असीम त्याग कर्तव्यनिष्ठ नेपाल र नेपालीले कहिले पनि बिर्सन सक्दैन। राजा वीरेन्द्रको जो जिउँदो, सिो, श्रद्धासमान र विश्वास नेपालीप्रति देखाइबक्सेको छ त्यो नै इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ र नेपालीले कहिल्यै पनि बिर्सने छैन। समयले राष्ट्रमा ल्याएको परिवर्तन जहाँ जेसुकै होस्, राजसंस्था, पावन, पवित्र,

उच्च, आराध्य रहनेछ । राजमुकुट, नेपालीको शान हो, नेपालीको मान हो, सम्पूर्ण नेपालीको विश्वास हो, राजा नेपालीको प्रतीक हो, साथै स्वतन्त्रताको ढाल पनि हो । राजसंस्थाले नेपाल राष्ट्रको संरक्षण गर्ने प्रहरीको भूमिका निभाएको इतिहास राख्दै आएको छ । नेपाली जनताको आस्थाको प्रतीक आराध्यसस्था नेपाल राष्ट्रको मेरुदण्ड भएर उभिएको छ । नेपाल राष्ट्रमा राजसंस्था राजा नेपालीका साझा प्रतीक हो ।

अरू राष्ट्रका राजा र नेपालको राजामा हामी धेरै फरक पाउँदछौं । अरू राष्ट्रका राजामा राजा र प्रजाको सम्बन्धमात्र हामी पाउँदछौं । तर हाम्रो राष्ट्रमा राजा र प्रजाको सम्बन्ध भगवान र भक्त, पीता र पुत्रको जस्तो भएकाले नै आज नेपाल राष्ट्र एकमात्र स्वतन्त्र राष्ट्र भनी विश्वमा नै इतिहास यस राष्ट्रले राखिआएको छ । हाम्रो राष्ट्रमा राजा र प्रजाको सम्बन्ध अलग प्रकारको रहिआएको हामी पाउँदछौं । जस्तै घोडेजात्रा, इन्द्रजात्रा, खड्गजात्रा, भोटो देखाउने जात्राका साथै नेवार जातीले राजालाई पूजा गर्ने जात्रा यस्ता अनेकौं परम्पराले नेपाली प्रजा र राजाको सम्बन्ध र परम्परालाई दर्शाउँछ । हाम्रो नेपालमा आजतक शासन गर्ने राजाले सदा जनभावनाको कदर गरेको इतिहास हामी पाउँदछौं ।

शाहवंशीय इतिहासमा श्री ५ वीरेन्द्रको आफ्नै प्रकारको इतिहास छ । सबभन्दा सुशिक्षित राजा वीरेन्द्र रही बक्सेको थियो । विकासप्रिय राजाबाट २०३७ मा जाँचबुझ केन्द्र स्थापना गरिबक्सेको थियो । २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति र सञ्चार विकास योजना लागू गरिबक्सेको थियो । २०३० मा कृषि विकास योजना, लोकसेवा आयोग, सुदृढीकरण र पुनर्वास योजना लागू गरिबक्स्यो । २०३२ मा पर्यटन विकास योजना, २०३३ मा स्वास्थ्य योजना, २०३४ मा वनयोजना, २०३९ मा विकेन्द्रीकरण लागू गरिबक्सेको थियो । यस्तै २०३२, २०३३ मा नै श्री डा. भेषबहादुर थापाको अध्यक्षतामा प्रशासन सुधार आयोग गठन गरिबक्सेको थियो । यस प्रकारले आफ्नो शासनकालमा श्री ५ वीरेन्द्रबाट नेपाल र नेपालीलाई एउटा नयाँ आयाम थपी नयाँ नेपाल बनाउने सरकारको सदिच्छा हामी पाउँदछौं ।

विधि र जनभावनाअनुसार श्री ५ वीरेन्द्र राजाबाट २०३६ मा जनमतसङ्ग्रह गराई बक्सिएको थियो । यसप्रकारले नेपालीका लागि नेपाल राष्ट्रनिर्माण गर्न श्री ५ वीरेन्द्र सरकारबाट ठूलो संघर्ष गरिबक्सेको इतिहास हामी पाउँदछौं । यस प्रकारले देश र प्रजाको सेवा गर्दागर्दै पनि नेपालीले श्री ५ वीरेन्द्र राजाको मेहनत परिश्रम सदिच्छालाई बुझ्न सकेनन् । विश्वमा नै नयाँ लहर चलेपछि नेपालमा पनि त्यसको असर पर्ने नै भयो । २०४६ चैत्र २६ गतेमा जनतालाई अति माया गर्ने नेपाल र नेपालीका राजा वीरेन्द्रले जनचाहना अनुसार जनताको हकअधिकार जनतालाई दिएर बहुदलीय प्रजातन्त्रको घोषणा गरिबक्सेको थियो । आफू संवैधानिक राजा भएर संवैधानिक भूमिका निभाइबक्सेको थियो ।

कुखुराको माउले चल्ला सिहारे जस्तो शाहवंशीय राजाहरूले नेपाल र नेपाली जनताको लालनपालन गरी संरक्षित गरी राखेको नेपाल राष्ट्रलाई उदार ह्दय, जनप्रिय, राजा वीरेन्द्रले जनचाहनाअनुसार जनताको अधिकार जनतालाई सुम्पिबक्सेको थियो ।

यो बाह्र वर्षमा बहुदलीय प्रजातान्त्रिक नेताहरूले प्रजातन्त्रको नाममा शाहवंशीय राजाहरूले संरक्षित गरिराखेको नेपाल राष्ट्रको धज्जी उडाएर थाङ्नो पारेका छन् । श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्यबाट अथक परिश्रम गरी निर्माण गरिबक्सेको राष्ट्र आज माओ र खाओवादीले सम्पूर्ण नष्ट पारी अस्तित्व नै नरहला जस्तो संभावना भैसकेको छ । गरिबी झेल्नु परे पनि गिठा, भ्याकुर, सिस्नु खोले खाए पनि सारै सुरक्षित र शान्तिले बसेको हामी नेपाली आज आपसमा लडी हाम्रो रगतले हाम्रो धरती बगाएका छौं । हाम्रो राष्ट्र हामी आफैं चोरी गरी टाट पल्टाएका छौं । हामीले नै यस प्रकारले आज बुद्ध जन्मेको शान्तिको देशमा क्रान्तिको ताण्डव नृत्य भनेर सम्पूर्ण नष्टभ्रष्ट भएर आज राष्ट्र टाट पल्टिरहेको छ ।

यस्तैमा २०५८ साल जेठ १९ गते आपसी घरेलु विकृतिले श्री ५ वीरेन्द्रका वंशनै अपुताली परी हामी नेपाल नेपालीलाई ठूलो धक्का साथै आघात पुऱ्याएको छ । त्यो दिन नेपालका नेपालीमात्र होइन, धरती , आकाश, सम्पूर्ण राष्ट्र रोएको थियो । यस प्रकारले नेपाल, नेपालीको सदा हित गरिबक्सने श्री ५ महाराजाधिराज वीरेन्द्र सरकार र श्री ५ बडामहारानी ऐश्वर्य सरकारको सदा सदाको लागि हामीहरूले बिदाइ गरेका छौं र श्री ५ वीरेन्द्रले आफ्नो इतिहास आफ्नो सम्झना हामीमा छोडी स्वर्गारोहण गरिबक्सेको छ ।

●

श्री ५ वीरेन्द्र र अन्तर्राष्ट्रिय जगत्

• *भानुभक्त भारती*

विषयप्रवेश-

विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालको आधुनिक एवम् एकीकृत विशाल नेपालका राष्ट्र निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज, प्रजातन्त्रका प्रवर्तक श्री ५ त्रिभुवन-वीरविक्रम शाहका ज्येष्ठ नाति श्री ५ महेन्द्र वीरविक्रम शाहका जेष्ठ छोरा शाहवंशीय एघारौं राजा श्री ५ वीरेन्द्रवीरविक्रम शाह वि.सं. २००२ साल पौष १४ गते जन्म लिई २०५८ साल जेठ १९ गते साँझसम्म हाम्रा माझमा रही २०५८ साल जेठ १९ गते राति राजदरबारमा भएको हत्याकाण्डमा परी स्वर्गारोहण होइबक्सेपश्चात् नेपाली जनता बालक- देखि वृद्धसम्म सबै रोए। यो दुःखद घटना नेपालको इतिहासमा मात्र नभएर विश्वकै प्रथम घटना हो भनेर पनि लिन सकिन्छ।

वि.सं. २०२८ मा राजगद्दीमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव आसीन होइबक्सेपछि २०५८ साल अर्थात् तीन दशकका अवधिमा नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा "शान्तिको देश नेपाल" भनेर अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाइबक्सियो।

चौतर्फी विकासमा श्री ५ वीरेन्द्र

वि.सं. २०१६ सालमा स्थापना भएको उच्च शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालयको क्षेत्र विस्तार र यस्को संस्थागत विकास, महेन्द्र संस्कृत विश्वविद्यालय, काडमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र पश्चिमाञ्चल विश्वविद्यालय स्थापनाका साथै उच्चस्तरका विभिन्न प्रतिष्ठानहरूको स्थापना र त्यसको संस्थागत विकास साथै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रको विकासमा विशेष जोड दिइबक्सेको पाइन्छ। साथै जनभावनाको कदर गर्ने क्रममा २०३६ सालको विद्यार्थी आन्दोलनले लिएको मोडलाई मनन गरी २०३६ साल जेष्ठ १० गतेका दिन जनमतसङ्ग्रहको घोषणा र नेपालको संविधान २०३२ मा संशोधन गरी २०३६ साल पौष १ गते शाही घोषणा गरिबक्स्यो। निर्दलीय पञ्चायती व्यवस्थाको व्यापक विरोध गर्दै प्रजातन्त्र पुनःस्थापनाका लागि पटकपटक निरन्तर रूपमा आन्दोलनहरू भइरहेको अवस्थामा २०४६ सालको ऐतिहासिक संयुक्त जनआन्दोलनको भावनालाई बुझी वि.सं. २०४६ साल चैत्र १६ गते राति पञ्चायती व्यवस्थाको खारेजी र प्रजातन्त्रको स्थापना गरिबक्सेको उदाहरण र प्रजातान्त्रिक व्यवस्थालाई संस्थागत गर्न बनेको देशको मूल कानुन नेपाल अधिराज्यको संविधान २०४७ मा व्यवस्था गरिएको संवैधानिक राजतन्त्रको रूपमा रहन स्वीकार गरिबक्सेबमोजिम नेपाल अधिराज्यको संविधान २०४७ विगतका संविधानका तुलनामा प्रगतिशील संविधानका रूपमा हेरिएको छ। प्रजातन्त्र पुनःस्थापनापश्चात् संवैधानिक अभ्यासमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवबाट उचित संरक्षण र संस्थागत विकासमा विशेष जोडदिइबक्सेको पाइन्छ।

विकासक्षेत्र भ्रमण

राष्ट्रको सर्वाङ्गीण विकासका लागि नेपालको १४ अञ्चल ७५ जिल्लालाई पाँच विकासक्षेमा विभाजन गरी क्षेत्रीय कार्यालयको

स्थापनाको व्यवस्था गरिएपश्चात् सम्बन्धित क्षेत्रको विकासमा तीव्रता ल्याउन प्रत्येक वर्षमा विकासक्षेत्रको भ्रमण गरी जनताका पीरमर्का बुझी न्यायिक कदम पनि चालिबक्सेको पाउँछौँ भने विकासका लागि हुकुम- बक्सेको पनि पाउँछौँ । एवम् प्रकारले नेपाली जनताका माझमा श्री ५ वीरेन्द्र लोकप्रिय राजाको रूपमा पाएका थियौँ ।

शान्तिक्षेत्र नेपाल

श्री ५ वीरेन्द्रवीरविक्रम शाहको शुभराज्याभिषेकको पुनीत अवसरमा सो समारोहमा सम्मिलित हुन नेपालको राजधानी काठमाडौँमा पाल्नुभएका मित्र राष्ट्रहरूका अतिथिहरूलाई बिदाइ गर्ने सिलसिलामा वि.सं. २०३१ साल फागुन १३ गते सम्पन्न विशेष समारोहमा नेपाललाई "शान्तिक्षेत्र घोषित गरियोस्" भन्ने प्रस्ताव मौसुफबाट औपचारिक रूपमा प्रस्तुत गरिबक्स्यो । उक्त प्रस्तावमा ११६ देशको समर्थन प्राप्त भयो । सो समर्थन सबैभन्दा बढी एसियाली राष्ट्रहरूबाट प्राप्त भएको थियो भने विश्वका ठूला राष्ट्रहरूमध्ये संयुक्त अधिराज्य (बेलायत), संयुक्त राज्य अमेरिका, क्यानडा, फ्रान्स, जर्मनी र चीन आदि रहेका थिए । विश्वलाई ध्यान आकृष्ट गर्ने क्रममा नेपाललाई विश्वमा सबभन्दा पवित्र एवम् शान्तिपूर्ण तपोभूमिका रूपमा प्रतिष्ठित तुल्याउनु मुख्य उद्देश्य थियो । नेपालको यस गरिमामय विशिष्टतालाई यसै पुण्यभूमिमा जन्मेर समस्त विश्वलाई शान्ति, सहिष्णुता र मातृत्वभावको उपदेश दिने महात्मा गौतमबुद्धको बुद्धत्वले अझ गहकिलो ओज प्रदान गऱ्यो । वास्तवमा शान्ति र अहिंसाका सम्बन्धमा गौतमबुद्धले त्यस बखत प्रदर्शन गरेका मार्गहरू आजको विश्वका लागि अझबढी सत्य र शाश्वत हुन पुगेका छन् ।

नेपालमा शाहवंशको अभ्युदयपश्चात् र विशेषतः श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहद्वारा विशाल नेपालको स्वरूप स्थायी रूपले निर्माण गरिबक्सेपछि मौसुफका वंशज आर्यसंस्कृति अनुयायी हिन्दू धर्मावलम्बी शाह राजाहरूको गौरवपूर्ण राज नेतृत्वमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहलाई पाएका थियौँ ।

श्री ५ वीरेन्द्र र सार्क

संयुक्त राष्ट्रसंघको बडापत्रमा आधारित असंलग्नता, शान्तिपूर्ण सहअस्तित्व, पारस्परिक सम्मान र सहयोगको मूल आधारमा प्रतिबद्ध रहने गरी दक्षिण एसियाली भेगका सात राष्ट्रहरू नेपाल, भारत, बङ्गलादेश, श्रीलङ्का, पाकिस्तान, भुटान र मालदिभ्स यस भेगका राष्ट्रहरू बीचको सहयोग त्यस क्षेत्रका जनताको कल्याण सम्वर्द्धन गर्नुका साथै जीवनस्तर सुधार्ने एक संस्थागत ढाँचाभित्र अभिवृद्धि गर्ने दृढता राखी दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को नामबाट सन् १९८३ अगस्त २ तारिखमा संस्था स्थापना भयो । स्थापनापश्चात् सार्कराष्ट्रहरूको प्रथम शिखर सम्मेलन सन् १९८५ को डिसम्बर महिनामा बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न भएको थियो । यस शिखर सम्मेलनमा सातै राष्ट्रको प्रतिनिधित्व भएको थियो । यस सम्मेलनमा नेपालको तर्फबाट राष्ट्राध्यक्षहरूको हैसियतले श्री ५ वीरेन्द्रवीरविक्रम शाहको प्रतिनिधित्व हुनुले नेपाललाई अन्तर्राष्ट्रिय जगतमा पहिचान गराउन गरिएको प्रयास मान्नुपर्ने हुन्छ । त्यसै गरी दोस्रो सार्क सम्मेलन सन् १९८६ को नोभेम्बर १६ र १७ तारिखमा भारतको बङ्लोर, तेस्रो सार्क शिखर सम्मेलन सन् १९८७ को नोभेम्बर २ देखि ४ सम्म नेपालको राजधानी काठमाडौँस्थित राजकीय प्रज्ञाप्रतिष्ठान कमलादीमा सम्पन्न भएको थियो । उक्त सम्मेलनको अध्यक्षता श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट गरिबक्सेको थियो भने चौथो सार्क शिखर सम्मेलन सन् १९८८ को डिसेम्बर २९ देखि ३१ सम्म पाकिस्तानको राजधानी इस्लामावादमा सम्पन्न भएको थियो । एवम् प्रकारले प्रथम शिखर सम्मेलनदेखि चौथो सार्क शिखर सम्मेलनसम्म श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवबाट प्रतिनिधित्व गरिबक्सेको थियो ।

विश्व शिखरसम्मेलन

आफ्नो स्वतन्त्रतालाई सुरक्षित राख्ने पारस्परिक सहयोग र सद्भावना बढाउने उद्देश्यले सन् १९५५ मा इण्डोनेसियाको वाङडुङमा जन्म भई गठित विश्व समस्यामाथि तटस्थता अपनाउने नीति लिएको यो असंलग्न आन्दोलनको शिखर सम्मेलनहरूमा नेपालले प्रथम शिखर सम्मेलनदेखि प्रतिनिधित्व गर्दै आइरहेकामा सन् १९७० को सेप्टेम्बरमा लुसाकामा सम्पन्न तेस्रो विश्व शिखर सम्मेलनमा नेपालको तर्फबाट राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट प्रतिनिधित्व गरिबक्सेको थियो र सो पश्चात्का सम्पन्न विश्व शिखर सम्मेलनमा पनि प्रतिनिधित्व गरिबक्सेको थियो र अन्त्यमा सन् १९८९ को सेप्टेम्बरमा पुनः बेलग्रेडमा नवौँ विश्व शिखर सम्मेलनमा श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट प्रतिनिधित्व हुनाले नेपाललाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउन श्री ५ वीरेन्द्रवीरविक्रम शाहको महत्त्वपूर्ण भूमिका रहिआएको थियो भन्नसकिन्छ ।

●

अद्वितीय आवाजका धनी श्री ५ वीरेन्द्र

● *भीमनाथ कोइराला*

मानव सभ्यताको उषाकालदेखिनै राम्रा आवाजहरू प्रशंसनीय रही आएका दृष्टान्तहरू धेरै ठाउँमा पाइन्छन् । सजीव प्राणीहरूको शरीरबाट उत्पत्ति भई हावामा तरङ्गित हुने स्वर लहरी तथा बोलीबाट उत्पत्ति हुने आवाज होस् वा दुई वस्तुहरू एक आपसमा ठक्कर लाग्न पुग्दा निस्कने ध्वनि होस् सुर-तालमा आवद्ध गर्दा ती सबै कर्णप्रिय र राम्रा लाग्न पुग्छन् । चराचुरुङ्गी र प्रकृतिको आवाज झन् बिछट्टै राम्रा हुन्छन् । आवाजको पृष्ठभूमिमा कल्पनाको अनन्त सागरमा संसारका ठूला-ठूला प्रतिभावान् हस्तीहरूले अजर, अमर सङ्गीत सिर्जना गरेका छन्, नाटक लेखेका छन्, काव्य-महाकाव्य तयार गरेका छन् । यदि संसारको सृष्टिमा आवाजहीन जडता भैदिएको भए न वर्डस्वर्थले लुसिग्रेको परिकल्पना गर्थे न कोइलीले वसन्तको सन्देश सुनाउँथ्यो । आवाजमा पाइने मिठासलाई स्वर र तालमा बाँधी सङ्गीत निर्माण गरिन्छ र सृष्टिका दुई पाङ्ग्रा (नारी र पुरुष) का आवाजको माध्यमबाट श्रोताका कानमा पुग्दछ । यो भयो संक्षेपमा सङ्गीतको फाँट ।

मानवको मुखारविन्दबाट ध्वनित आवाजहरू सबैले स्वर र सङ्गीतको अपेक्षा गरेका हुँदैनन् । बोलीचाली, आपसी सम्वाद ,सम्बोधन वक्तव्य, विशिष्ट व्यक्ति, व्यक्तित्वहरूबाट समयसमयमा अभिव्यक्त विचार, राजाबाट राष्ट्रका नाममा बक्स हुने सम्वोधनहरू संगीतमा र काव्यमा हुने छन्दमय आकर्षणमा हुँदैनन् । कालान्तरमा साहित्यश्रष्टाले काव्यमा र गाइनेले सारङ्गीमा रेटेर सुनाउनुचाहिँ मूल सुवर्ण धातुलाई अलगअलग शिल्पीहरूले अलगअलग आभूषण तयार पारेसरह हो भन्नुमा अत्युक्ति नहोला । यस पृष्ठभूमिमा श्री ५ वीरेन्द्रबाट देशवासीका नाममा समयसमयमा गरिबक्सेका सम्बोधनहरू- चाहे ती शुभराज्याभिषेकका अवसरमा भएको सम्बोधन होस्, राष्ट्रिय समारोहमा बक्स हुने सम्बोधन होस्, या नेपाल अधिराज्यको संविधान २०४७ का घोषणाहरू त्यसमा तरङ्गित आवाजमा त्यो जादू थियो, जसले के बालक, के युवा, के प्रौढ, सबैको मन-मस्तिष्क नै रोमाञ्चित गरी आसन जमाएको थियो ।

हुनत राजाको आवाज हो, गोलीले गर्न नसकेको काम बोलीले गरेको दृष्टान्त नेपालकै इतिहासमा पनि नभएका होइनन् । सङ्कटमा पर्न लागेका आवस्थामा भीमसेन थापाको बुद्धिमत्तापूर्ण अनुरोधमा श्री ५ रणबहादुर शाहबाट आफूहरूका विरुद्ध उपस्थित उत्तेजित र आक्रोशित सेनाहरूलाई सम्बोधित गरिबक्सेकाले यौटै आवाजले (वाक्यले) तत्काल जादूको छडी झैं समर्थनमा ल्याएथ्यो रे । यस्तै निर्दलीयताका घेराभित्र रहिबक्सेका अवस्थामा श्री ५ वीरेन्द्रका कटुआलोचक रहने मान्छेहरू पनि मौसुफको आवाजबाट सम्मोहित हुन्थे र भन्ने गर्थे 'के गर्नु राजाको मनसाय नराम्रो छैन तर राजाले घेराको बन्दी अवस्थामा रहनुपरेको छ' आदि इत्यादि । यो पनि सबैले अनुभव गरेकै कुरा हो ।

नीति, सिद्धान्त, विषयवस्तुको गम्भीरता आदि कुराहरू त ठूला-ठूला ग्रन्थहरूमा पाइन्छन् । यौटा पाठकलाई स्वाध्ययनबाट ग्रन्थमा वर्णित विषयले पार्ने प्रभावभन्दा व्यक्ति विशेषका मुखबाट अभिव्यक्त विषयले अझ बढी मात्रामा प्रभाव पारिरहेको हुन्छ । यो आवाजकै कारणले गर्दा हुन गएको हो । जब रेडियो नेपालबाट 'प्यारा देशवासीहरू !' भन्दै श्री ५ वीरेन्द्रबाट सम्बोधन बक्स

हुन्थ्यो तब यौटी अशिक्षित नेपाली नारी दलान बढार्दै गरेको कुचो फ्यात्त भुइँमा झारेर राजाको भाषण नसकिएसम्म स्तम्भित भई सुनिरहन्थिन्। शाही सम्बोधनमा के भनियो ? त्यसबाट तिनको जीवनमा कुनै असर पर्छ/पर्दैन ? त्यो तिनको जानकारी र मतलबको कुरा हुँदैन थियो। एक मात्र मतलबको कुरा के थियो भने तिनले आफ्ना प्यारा राजाको बोली आफ्नै कानले सुन्न पाइन्। तिनका लागि आत्मसन्तुष्टिको ठूलो उपलब्धि यही थियो अर्थात् श्री ५ वीरेन्द्रको मीठो र प्यारो आवाज, अद्वितीय आवाज।

दूरसञ्चारको विकासले श्री ५ वीरेन्द्रको शासनकाल अतुलनीय रह्यो। मौसुफको राज्यारोहणताका रेडियो शहरबजारलाई छाडेर ग्रामीण क्षेत्रहरूमा एक दुई ठूलाबडा र हुनेखानेका घरको शोभा थियो। पछि यसको सर्वसुलभताका कारण राजाप्रजाबीचको सुसम्बन्धमा रेडियो नै प्रमुख माध्यम बन्न सक्यो। शुरुमा 'नेपालमा पनि टेलिभिजनको संभाव्यताका विषयमा फ्रान्सको सरकारको सहयोगमा अध्ययन हुनेछ' भनी श्री ५ वीरेन्द्रबाट सदनलाई बक्स हुने शाहीसम्बोधनमा उल्लेख गरिबक्सँदा ' ढाकर बोक्ने नेपालीहरूको बाहुल्य रहेको मुलुकमा केको टेलिभिजन ?' भनी टाठाबाठाले आलोचना पनि गरे तर तिनै आलोचकहरू नेपाल टेलिभिजनबाट प्रसारित श्रव्यदृश्य आस्वादन गर्न पाउने पहिलो पंक्तिका व्यक्तिहरू बन्न पुगेकामा चुपचाप रहे। राज्यारोहणका दशबाह्र वर्षहरू केवल रेडियो नै सर्वोपरि सञ्चार माध्यम बनिरहेकामा टेलिभिजनको प्रसारणले श्री ५ वीरेन्द्रको दर्शन पाउन विकासक्षेत्रहरूको नियमित भ्रमणको प्रतीक्षा गर्नुपर्ने बाध्यताबाट क्रमिकरूपमा ठूलो संख्यालाई मुक्ति दिलायो। श्री ५ को छवि र आवाज गतिशील रुपमा जनमानससम्म प्रचारप्रसार भयो। यस कारण पनि मौसुफको शासनकालका अन्तिम वर्षहरू राजा-प्रजाबीचको आत्मीयता बढेर गयो। मनमस्तिष्कमा मौसुफको आवाज घनीभूत हुँदै गयो।

२०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि श्री ५ वीरेन्द्र संवैधानिक राजाका रूपमा रहिबक्सने प्रतिबद्धता व्यक्त हुनु र तदनुरूप आचरण निर्वाह गरिबक्सनुले मौसुफको लोकप्रियता चरमचुलीमा पुग्न गयो। फलतः राजाको आवाज अझ प्यारो हुँदै गयो। नेपालीको दुर्भाग्य वा प्रारब्धको लेख जे भने पनि २०५८ जेष्ठ १९ गते राजदरबारमाथि हुन पुगेको अकल्पनीय वज्रपातले शाही नातेदारसहित मौसुफलाई हामी सबैबाट सदाका लागि अपहरण गरी लग्यो तर मौसुफको सौम्य छवि र अद्वितीय आवाज भने नेपाल र नेपालीहरूको अस्तित्व रहेसम्म गुञ्जिरहनेछ। मस्तिष्कमा आइरहनेछ, हृदयको सिंहासनमा, 'प्यारा प्रजाहरू...प्यारा देशवासीहरू।" अतुलनीय आवाज। अद्वितीय आवाज !

●

श्री ५ वीरेन्द्र र शान्ति

● *मदनराज पाण्डेय*

शाहवंशका सर्वाधिक जनप्रिय, देशभक्त एवम् प्रजातान्त्रिक राजा श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको जन्म वि.सं. २००२ पुष १४ गते पिता श्री ५ महेन्द्र तथा माता श्री ५ मुमा युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाहको कोखबाट भएको थियो। मौसुफबाट शिक्षा आर्जन गर्ने कार्य दार्जिलिङ्गको सेन्टजोसेफ स्कूल तथा क्याम्ब्रिज (Cambridge) विश्वविद्यालयबाट भएको थियो। मौसुफको शुभविवाह श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहसित भएको थियो। मौसुफको शुभराज्याभिषेक वि.स. २०३१ साल फाल्गुण १२ भएको थियो। मौसुफबाट सदैव नेपाली जनताको सुख दुःखमा बरोवर साथ दिई शासनभार ग्रहण गरिबक्सिएको थियो। मौसुफमा विद्यमान आफ्नो देशप्रतिको माया अनि राजामा हुनुपर्ने सम्पूर्ण गुण, जनताप्रतिको कर्तव्य सदैव नेपाली जनताले मौसुफको शासनकालमा पूर्णरूपमा अनुभव गरेका थिए।

श्री ५ वीरेन्द्र नेपालीहरूको आस्थाका प्रतीक होइबक्सन्थ्यो। मौसुफ नेपाली जनताको सुखलाई आफ्नो सुख र दुःखलाई आफ्नै दुःख ठानिबक्सन्थ्यो। मौसुफ जनताले जस्तो किसिमको शासन मन पराउँछन् त्यही शासन उचित हो र जनताको भावना विपरीत कुनै पनि कार्य शासकले गर्नुहुँदैन भन्ने धारणा राखिबक्सन्थ्यो। यसको उदाहरणको रूपमा वि.सं. २०४७ सालमा जनचाहनाबमोजिम मौसुफबाट संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको स्थापना भएबाट लिन सकिन्छ। यसका साथै मौसुफ कोमलहृदयी र कलाप्रेमी राजा होइबक्सन्थ्यो।

यसैगरी अन्तर्राष्ट्रिय समझदारी कायम गर्नमा पनि मौसुफ सरकारको शासनकालमा महत्त्वपूर्ण उपलब्धि भएका थिए। संसारमा केही मुलुकहरू धनी र शक्तिशाली छन् भने केही चाहिँ कमजोर छन्। केही मुलुकहरू सधैँ समस्यामात्र निकाल्दछन् तर केही चाहिँ समाधानका उपाय खोज्दछन्। हाम्रो देश विकासोन्मुख देश हो। विश्वमा केही शक्तिशाली र सम्पन्न देशहरू पनि छन्। हाम्रो देश नेपालजस्ता विकासोन्मुख देश गरिबी, अशिक्षा, रोग आदि विभिन्न समस्याहरूबाट पिरोलिनुपर्छ। सोहीअनुरूप मौसुफबाट नेपालको द्रुतगामी विकास तथा गरिबी निवारणको चाहनाबमोजिम दक्षिण एसियाका सातवटा राष्ट्रहरू सार्क सङ्गठनको गठन गर्न कदम चालिबक्सेअनुरूप सन् १९८७ जनवरी २६ मा काठमाडौँमा सार्क सचिवालयको स्थापना गरियो। सार्क सङ्गठनको मूल उद्देश्य दक्षिण एसियाका विकासका दृष्टिले पछि परेका नेपाल लगायत ७ वटा राष्ट्रहरूले विभिन्न क्षेत्र जस्तै व्यापार, शिक्षा, स्वास्थ्य, खेलकूद, शान्तिसुरक्षा, दुर्गमक्षेत्र विकास, विज्ञान, प्रविधि आदि क्षेत्रमा आपसी सहयोगका साथै सार्क क्षेत्रका मानिसहरूबीच सुमधुर सम्बन्ध कायम गर्नुथियो। सोहीअनुरूप यसको विकास तथा विस्तार पनि गरियो। प्रत्येक वर्ष सार्क शिखर सम्मेलन पनि आयोजना गरिन्छ। मौसुफबाट चारवटा सार्क शिखर सम्मेलनमा सफलतापूर्वक भाग लिइबक्स्यो। श्री ५ वीरेन्द्रको सार्कप्रतिको दृष्टिकोण बुझ्न मौसुफबाट प्रथम शिखर सम्मेलनलाई सम्बोधन गरिबक्सेको निम्न अंश निकै रोचक छ–

"पारस्परिक अविश्वास, शङ्का र उदासीनताको लामो शीतकालपछि दक्षिण एसियाले निश्चयनै एउटा नयाँ वंशको अपेक्षा राखेको छ, जसले प्रबुद्ध आत्महितको एउटा नौलो युगको सूत्रपात गर्नेछ । यसरी संघर्षलाई सहयोगद्वारा र मनोमालिन्यलाई मेलमिलापद्वारा विस्थापित गर्दै अन्त्यमा यो क्षेत्र आत्मपरक सोचाइबाट माथि उठेर पारस्परिकता आदान-प्रदान र 'बाँच र बाँच्न देऊ' को भावनाअनुरूप सम्पर्कको फराकिलो क्षितिजतर्फ उन्मुख हुनेछ । "

श्री ५ वीरेन्द्र र शान्ति पर्यायवाची शब्दको रूपमा लिन सकिन्छ, किनभने मौसुफबाट आफ्नो शासनकालमा चालिबक्सेका कदमहरू मौसुफभित्र विद्यमान शान्तिपूर्ण समाजको कल्पनालाई प्रष्ट्याएका छन् । हुनपनि शान्ति भन्ने कुरा कुनै पनि समाज वा राष्ट्रको विकास तथा निर्माणका निम्ति नभई नहुने कुरा हो । शान्तिबिना विकासको कल्पना गर्न सकिँदैन । उदाहरणका रूपमा एउटा कलहले ग्रस्त घरलाई लिन सकिन्छ । यदि त्यो घरमा बस्ने एक व्यक्ति र अर्को व्यक्तिमा आपसमा रिस र घृणा हुन्छ भने त्यो घरको भविष्य कस्तो होला ? निश्चय नै त्यस घरभित्र बसोबास गर्ने परिवारको भविष्य अन्धकारतिर डोरिइरहेको हुन्छ । तसर्थ घर, समाज र राष्ट्र अथवा जुनसुकै क्षेत्रको पनि उन्नतिका लागि शान्ति अत्यावश्यक कुरा हो ।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट शान्ति र विकासप्रतिको इच्छाबमोजिम मौसुफ सरकारबाट वि.सं. २०३१ फागुन १३ गते नेपाललाई शान्तिक्षेत्र घोषणाको प्रस्ताव विश्वराष्ट्रहरूसामु राखिबक्स्यो । त्यसअनुरूप वि.सं. २०४६ सालसम्म विश्वका ११६ राष्ट्रहरूले समर्थन जनाएका थिए । यसै सन्दर्भमा निम्न कुरा हुकुम गरिबक्स्यो–

"शान्ति कायम भएमा मात्र हामीले अरू कुनै मुलुकलाई कुनै अवस्थामा पनि बाधा नपर्ने गरी नेपालको राजनीतिक स्थिरता र आर्थिक सुदृढता ल्याउन सक्नेछौं । कुनै अर्को मुलुक वा क्षेत्रबाट धम्क्याएर वा तर्साएर यो शान्तिक्षेत्रको प्रस्ताव ल्याएको होइन भन्ने पनि म जनाउन चाहन्छु ।

हामी सदा स्वाधीन मुलुकका बासिन्दा रहिआएकाले समझदारीको ठाउँ भ्रमले र मेलमिलापको ठाउँ आपसमा लडाईं र झगडाले लिने गरेको वर्तमान समयको हावाले हाम्रो स्वतन्त्रता र स्वाधीनतामा कुनै आँच ल्याउन नपाओस् भन्ने हामी चाहन्छौँ । भविष्यसम्मको यस परिप्रेक्ष्यलाई ध्यानमा राखेर नै हामीले मित्रहरूको सहयोगमा शान्ति खोजेका हौँ ।

हाम्रो सुरक्षाको निमित्त हामी शान्ति चाहन्छौँ भने हाम्रो स्वतन्त्रता र विकासका लागि शान्ति नै चाहन्छौँ । हाम्रो जनता आफ्नो मुलुकमा, छरछिमेकका र विश्वमा जतातत‍ै हृदयदेखिनै शान्ति चाहने भएकाले हामीले शान्तिलाई सर्वोपरि स्थान दिएका छौँ । त्यसैले शान्तिलाई संस्थागत गर्ने त्यही उत्कट अभिलाषाले प्रेरित भएर नै म मेरो मुलुक नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राख्दछु ।

जसरी शान्तिका लागि हामी वचनबद्ध छौँ त्यसरी नै हामी विकासको गतिलाई द्रुततर गर्न पनि कटिबद्ध छौँ; हाम्रो लागि विकासबिना शान्ति सम्भव छैन ।"

मौसुफबाट राखिबक्सेको शान्तिक्षेत्र- घोषणा सम्बन्धी उद्गारहरूले मौसुफ सदैव शान्तिका पक्षधर होइबक्सन्थ्यो भनेर प्रष्ट्याएको छ ।

राजाको छहारीमुनि बसी शान्तिको गीत गाउने नेपाली सभ्यतालाई मौसुफबाट गरिबक्सेको सो कार्यले झनै प्रष्ट्याएको छ । भनिन्छ– जनताको सुख दुःख हेरिदिने राजामात्र हुन्छ । हाम्रो देश हिन्दुधर्मको देश भएको कारणले राजालाई स्वयम् विष्णुको अवतार मानिन्छ□ । त्यसैले पनि प्रत्येक नेपालीको मनमस्तिष्कमा राजसंस्थाप्रति झनै श्रद्धा र विश्वास मौलाएको पाइन्छ । हुन पनि हो, शाहवंशीय राजाहरूको इतिहासलाई हेर्दा प्रत्येक नेपालीले आफ्नो शिर गौरवसाथ उठाउने शक्ति राख्दछ । तसर्थ नेपालको निर्माण, यसको संरक्षण, संवर्द्धन कार्यमा राजाको प्रमुख स्थान रहेको पाइन्छ ।

त्यसैले त हामी भन्ने गर्छौं " हाम्रो राजा, हाम्रो देश प्राणभन्दा प्यारो छ ।" हुन पनि हो, एउटा वास्तविक नेपाली मुटुले यो कुरालाई आत्मसात् गरेको पाइन्छ । तर यहाँ भन्न खोजिएको के हो भने पछि हामीले हाम्रो राजा र देशलाई सधैँ आफूभन्दा प्यारो ठान्नुपर्छ र श्री ५ वीरेन्द्र सरकारको जीवनीले हामीलाई सधैँ शान्तिको मार्गमा कर्मठ भएर अघि बढ्ने शिक्षा दिन्छ ।

●

श्री ५ वीरेन्द्र : प्रजातन्त्रप्रतिको दृष्टिकोण

• *मिलन आफन्त*

"श्री ५ वीरेन्द्रबाट सदैव बहुदलीय व्यवस्था, वालिग मताधिकारको प्रणाली, कानूनको शासन, संविधानको सर्वोच्चता, राज्यसञ्चालनका सम्पूर्ण क्षेत्रमा जनताको सहभागिता आदि जस्ता कुरामा पटक-पटक जोड दिइबक्सेको छ । त्यसो हुनाले मुलुकलाई पछाडि धकेल्न चाहने सोचाइ कसैले पनि राख्नु उचित हुँदैन । तर यसका साथै दस वर्षको हाम्रो प्रजातान्त्रिक अभ्यासको क्रममा देखापरेका थुप्रै विकृति, विसङ्गतिहरू र द्वन्द्व तथा जनताले भोग्नुपरेका बहालीहरूलाई यथावत् राख्ने यथास्थितिवादी चिन्तन पनि कायम राख्नुहुँदैन । त्यसका साथै २०४६ सालको जनआन्दोलनबाट राजनीतिक क्षेत्रमा ठूलो उपलब्धि हासिल हुनुमा श्री ५ वीरेन्द्रको उच्च मूल्याङ्कन गर्न सहमत हुनुपर्दछ ।"

- एमाले महासचिव माधवकुमार नेपाल

"राजा वीरेन्द्र जो सामन्ती राष्ट्रवाद र सापेक्ष राजनीतिक उदारताको प्रतिनिधित्व गर्दथे हाम्रो पार्टीका अध्यक्ष प्रचण्डले एउटा अन्तर्वातामा सङ्केत गर्नुभएजस्तै धीरेन्द्रसँगको कुराकानी अघि वढेर यदि हामी वीरेन्द्रसँग वार्ता गर्ने चरणमा पुगेको भए हामी उहाँलाई नेपालको पहिलो राष्ट्रपति बन्ने प्रस्ताव राख्नेवाला थियौं । हामीलाई लाग्दछ, सिद्धान्ततः यो बिल्कुल सही कुरा हुन्थ्यो । उनले मान्थे, मान्दैनथे र घटनाक्रम कसरी अघि बढ्दथ्यो त्यो अब परिकल्पनाको विषय बनेको छ ।"

- माओवादी नेता डा. बावुराम भट्टराई

हामी नेपालीले हाम्रा प्यारा राजा श्री ५ वीरेन्द्रलाई विष्णुको अवतारका रूपमा मान्ने गर्दछौं । हुन त राजा वीरेन्द्र पञ्चायती व्यवस्थाको समर्थक, संरक्षक होइबक्सन्थ्यो तर पनि पञ्चायती व्यवस्थाको अन्त्य भए पनि राजा वीरेन्द्रको लोकप्रियतामा कमी आउनुको सट्टा झन् बढ्नुको मुख्यकारण मौसुफको संसदीय प्रजातन्त्रमा रहेको विश्वास र संवैधानिक राजतन्त्रप्रतिको आस्था नै थियो । आकर्षक शरीर र सुन्दर अनुहारका धनी श्री ५ वीरेन्द्र बौद्धिक व्यक्तित्वमा पनि कम होइबक्सन्थ्यो । मौसुफको राजनीतिक व्यक्तित्व नेपालमा मात्र होइन, विश्वका कुनाकाप्चामा पनि फिजिएको छ । राजा वीरेन्द्रको देहावसानबाट आफ्नो आत्मामा गम्भीर धक्का लागेको कुरा अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुश बताउनुहुन्छ । मौसुफ एक असल राजाको रूपमा परिचित होइबक्सन्थ्यो । अरूभन्दा पनि एउटा दुःखको कुरा त्यस्ता प्यारा राजा हाम्रो माझ होइबक्सन्न, अब मौसुफको प्रत्यक्ष दृष्टि हामी माझ पर्नेछैन र पनि आफ्नो योगदानले गर्दा सदा-सदाका लागि अमर होइबक्सन्छ । मौसुफ अमर हुनुको मूलकारण एक प्रजातन्त्रवादी राजा होइबक्सनु हो । प्रजातन्त्र र संवैधानिक राजतन्त्रका विषयमा स्वयं राजा वीरेन्द्र के भनिबक्सन्थ्यो ? प्रजातन्त्रवादी पत्रकार विरही महोदयसँगको भेटका अवसरमा श्री ५ वीरेन्द्रले प्रजातन्त्र र संवैधानिक राजतन्त्रको विषयमा व्यक्त गरिबक्सेको धारणालाई केही मात्रामा भए पनि पाठकहरूका सामु स्पष्ट पार्ने जमर्को यस लेखमा गरिएको छ ।

श्री ५ वीरेन्द्र प्रजातन्त्रको पक्षपाती होइबक्सन्थ्यो भन्ने कुरा त २०३६ सालको जनमतसङ्ग्रहको घोषणाले पुष्टि गरेको छँदै थियो । त्यसो त प्रजातन्त्रवादी महान् नेता वी.पी. कोइराला

राजासँगको भेटपछि अत्यन्तै आशावादी र प्रभावित हुनुभएको थियो । वी.पी. कोइराला वीरेन्द्र सरकारबाट प्रजातन्त्र बक्सिने कुरामा विश्वस्त हुनुहुन्थ्यो र उहाँ श्री ५ वीरेन्द्रलाई संवैधानिक राजतन्त्रका लागि उपयुक्त राजा भन्नुहुन्थ्यो । यसै कुरालाई मनन गरी प्रजातन्त्रवादी पत्रकार हरिहर विरही श्री ५ वीरेन्द्रलाई सोध्नुहुन्छ - "आन्दोलन नै नभई प्रजातन्त्र नआउने स्थिति कसरी बन्थ्यो ?" आन्दोलन हुनु अघि नै प्रजातन्त्र बक्सेको वा सहमति भएको भए राम्रो होइन र ? किन ढिलो भयो ? माथिका प्रश्नहरूलाई राजा वीरेन्द्रले अत्यन्तै रुचिका साथ लिइबक्स्यो । मौसुफले देशको भौगोलिक, आर्थिक र सामाजिक अवस्थाको व्याख्यासहित आफ्नो राजनीतिक अवधारणा प्रकट गरिबक्सियो । राजा वीरेन्द्रबाट प्रजातान्त्रिक मूल्य र मान्यताप्रति आफ्नो पूर्ण आस्था रहेको बताउँदै हुकुम भयो- "प्रजातन्त्रको मोडल एउटामात्र हुँदैन । आफ्नो परिवेश र परिस्थितिअनुसारको मोडल बनाउनुपर्दछ ।" संसारका विकसित प्रजातान्त्रिक मुलुकहरूले पनि आ-आफ्नै प्रकारको मोडेल अपनाएका छन् तर हामीकहाँ नेताहरू अध्ययन नै गर्दैनन्, प्रजातन्त्र भन्नासाथ बेलायत जस्तो भन्दछन् । के बेलायतबाहेक अन्यत्र प्रजातन्त्र छैन र ? हाम्रा नेताहरूलाई त्यति थाहा छैन । अस्ति भर्खर मैले संवैधानिक राजतन्त्र, संवैधानिक प्रजातन्त्र भनी आन्दोलन गर्ने नेताहरूलाई बोलाएर सामूहिक रूपमा पनि सोधेँ- तपाईंहरूले चाहेको संवैधानिक राजतन्त्र कस्तो हो ? बेलायतको जस्तो पुरानो संवैधानिक राजतन्त्र पो हो कि ? त्यहाँ त लिखित संविधान नै छैन, संविधानका लागि विवाद पनि हुँदैन, परम्पराको आधारमा राज्यसञ्चालन हुन्छ । अर्को प्रकारको संवैधानिक राजतन्त्र पनि छ जस्तै :- जापानको, स्पेनको । त्यस्तो बनाउने पो हो कि ? अथवा हाम्रै परिस्थितिअनुसार नयाँ मोडेल निर्माण गर्ने पो हो कि ? तर सबै नेताहरूको एउटै विचार आयो 'बेलायतको जस्तो' । मलाई लाग्छ, उनीहरूले बेलायत जस्तो पनि भने किनभने बेलायत हाम्रो नजिकै आइसकेको थियो नि । हाम्रा नेताहरू टाढाको कुरा हेर्दै हेर्दैनन् । यसबाट के स्पष्ट हुन्छ भने श्री ५ वीरेन्द्र आफ्नै देश, परिस्थितिअनुरूपको नयाँ मोडेलको बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको पक्षधर होइबक्सन्थ्यो ।



प्रजातन्त्रको पुनःस्थापना भएपछि बहुदलीय प्रजातन्त्रको पुनःस्थापना र संवैधानिक राजतन्त्रको विकासका लागि राजा वीरेन्द्रको ठूलो योगदान रहेको छ । त्यसैको आधारमा राजा वीरेन्द्रलाई प्रजातन्त्रवादी राजा भनिएको हो । श्री ५ वीरेन्द्रको बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रतिको आस्था र विश्वास भएकाले एक उदारवादी, जनप्रेमी छवि भएका कारण श्री ५ वीरेन्द्र सदा-सदाका लागि अमर होइबक्सनेछ भन्ने कुरा उल्लेख गर्दा दुईमत हुनेछैन । श्री ५ वीरेन्द्रले हाम्रो सगरमाथाको देश नेपालमा छोडेर गइबक्सेको प्रजातन्त्रवादी छविलाई जोगाउने भावना पोख्दै अन्तमा हाम्रा प्यारा राजा श्री ५ वीरेन्द्र सदा अमर होइबक्सनेछ भन्न चाहन्छु ।

●

श्री ५ वीरेन्द्र : निश्छल व्यक्तित्व

• *मुकुन्दशर्मा पौड्याल*

शाहवंशीय राजाहरूमा श्री ५ वीरेन्द्रको व्यक्तित्व आफ्नै किसिमको रहेको छ। यो व्यक्तित्व बहुआयाभिक एवम् सर्वतोमुखी भएर देशभित्र सीमित नभएर अन्तर्राष्ट्रियस्तरको उच्च मूल्याङ्कनमा रहेको छ। अन्तर्राष्ट्रिय सङ्घ-सङ्गठनबाट सम्बोधनका लागि मौसुफलाई निम्त्याइनु र मित्र राष्ट्रकै प्रसङ्गमा पनि प्रमुख आतिथ्य प्रदान गर्नुले यसलाई स्पष्ट पारेको छ। त्यसैले श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्वका बारेमा अरू तरिकाले पुष्ट्याइँ गरिराख्न आवश्यकता नै देखिदैन, त्यो स्वतस्फूर्त भएर रहेको छ। राष्ट्रको सर्वाङ्गीण पक्षमा राज्यशासनका करीब ३० वर्षका योगदानहरूबाट पनि सर्वसाधारण प्रभावित र सन्तुष्ट रहनुले तल्लो जीवनस्तरदेखि उपल्लो राजकीय जीवनचर्या एउटै तन्तुमा अनुभूत र अन्योन्याश्रित भएको छ।

श्री ५ वीरेन्द्रले युवराजाधिराज होइबक्सिएकै अवस्थादेखि देशको वस्तुस्थिति, सामाजिक अवस्था, आर्थिक स्तर, राजनीतिक पृष्ठभूमि एवम् भूगोलबारे जानकारी लिइबक्सँदै आएको हो। देशका कुना-कन्दरा, उकाली-ओराली, सम-विषमता, सम्पन्न-विपन्नता, सुख-दुःख, भौगोलिक असन्तुलन एवम् क्षेत्रीय असन्तुलन आदि सबै पक्षमा जानकारी भैसकेको थियो। त्यसैले देश विकास कसरी गर्न सकिन्छ ? जनताको जीवनस्तर कसरी उकास्न सकिन्छ ? भूबनोटको अपरिहार्यतालाई मध्यबिन्दु राखेर कसरी विकासलाई सन्तुलनमा लगाउने भनेर नै विकास क्षेत्रको अवधारणा ल्याइबक्सेको हो, जो ३० वर्षदेखि नै आफ्नै गतिमा रहेको छ।

केन्द्रीकृत शासनव्यवस्थाबाट जनताको खास गरेर राष्ट्रको विकास गतिविधि यथार्थ धरातलमा नबुझिने महसुस गरेर नै प्रत्यक्ष जानकारी लिइबक्सन जनसम्पर्कमा बराबर रहने निर्णय भएको देखिन्छ। विभिन्न पक्षबाट गरिने जाहेरीले मात्र विकास एवम् विकास सन्तुलन नहुने देखेर नै राजाबाट विकासक्षेत्रहरूको भ्रमण शुरु भएको हो। यस्ता भ्रमण र आफ्नै अनौपचारिक तवरबाट जनताको घरदैलोमा निस्केर गरिने कुराकानीले सबैलाई राजाप्रति पूर्ण भरोसा हुनु स्वाभाविक नै थियो। यस्ता भ्रमण एवम् अनौपचारिक जनतासँगका भेटघाटबाट जानकारी लिइने अवसरहरूमा राजाको निश्छल व्यक्तित्वले गहिरो आस्था र पूर्ण भरोसा जनतामा सिर्जना गरेको हो। सबैले राजालाई जाहेरी दिने, दर्शन गर्ने, बोल्ने मौका पाउन गरिरहने उत्सुकता र अठोटले यसलाई पुष्टि गरेको छ।

जनताकै चाहनाअनुसार नै शासनपद्धति चलोस् भन्ने चाहना स्वयम् राजाबाट नै राखिबक्सेर सबैका अगाडि उभिएर, कुरा सुनेर दलका नेताहरूका माझ विचार प्रदान गरेर प्रभावित पार्ने निश्छल व्यक्तित्वबाट अभिव्यक्त हुदै आएको श्री ५ वीरेन्द्रमा भएको राजासँगको भेटका संस्मरण राजनीतिक दलका सर्वमूर्धन्य सार्वजनिक समारोह र अवसरमा व्यक्तित्वबाट अभिव्यक्त हुँदै आएको छ। यसका साथसाथै २०३६ को जनमतसङ्ग्रह, २०४६ सालको प्रजातान्त्रिक पुनर्बहाली जनचाहनाकै शासनप्रणालीका उदाहरणहरू हुन्।

जनतासँगको घुलमिलमा नै रमाउने श्री ५ वीरेन्द्रको जीवनचर्या रहेको शासनकालकै पहिलो प्रारम्भिक चरणको क्षेत्रगत भ्रमणबाट थाहा पाउन सकिन्छ। २०२९ साल जेठको कुरा हो,

पश्चिमाञ्चल पोखरामा भ्रमण मुकाम रहेको अवसर थियो । श्री ५ वीरेन्द्रको धवलागिरी अञ्चलकै सदरमुकाम बागलुङ्मा सवारी भयो । बागलुङको छोटो समयको भ्रमण भएकाले सैनिक ब्यारेक परिसरमा सबै राजनीतिक, प्रशासनिक, बौद्धिक एवम् समाजका विभिन्न क्षेत्रका उच्च व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । धरातलअनुसार अलि परदेखि ठूला जनसमूहको जमघटमा पञ्चेबाजाका धेरै टोली आफ्नो धूनमा उपस्थिति जनाउँदै रहेका थिए । सीमित सवारीमञ्चबाट जनता जनार्दनको उत्कण्ठा र जय-जयकारलाई प्रत्यक्ष पूर्णता दिने स्थिति थिएन त्यस दूरीबाट । त्यसैले राजालाई त्यस माझमा सरिक हुन सदिच्छा भयो र जनसमूहपट्टि अघि बढ्दै सवारी भयो । सवारी चलाउने व्यवस्था त्यसरी व्यवस्थित भएको थिएन । मैले पनि ब्यारेक परिसरमा सरिक हुने मौका पाएको थिएँ । असुरक्षाको कुनै वास्ता नगरी लामो भूभाग पैदलबाट बागलुङ सैनिक ब्यारेकदेखि बागलुङबजारसमेत हालको जिल्ला प्रशासन कार्यालयको आसपास त्यसबेलाको खाली जग्गामा रहेको हेलिकोप्टरसम्म भ्रमण पूरा गरिबक्स्यो । यो अप्ठ्यारो यात्रा र जनजमघटमा राजाको व्यक्तित्व निश्छल रूपमा रहेको प्रत्यक्षतः अनुभव भएको हो ।

देशको भूगोलअनुसार देश विकास गर्न सकिन्छ भन्ने श्री ५ वीरेन्द्रमा अटल विश्वास थियो भन्ने कुरा देशभ्रमणका क्रममा भएका निर्देशनहरूबाट देखिएको छ । खेतीयोग्य जमिनमा खेती नै गर्ने एवम् घरबस्ती बसाल्दा यस अतिरिक्त जग्गा वा ठाउँ वा छेउछाउमा गर्ने भन्ने निर्देशनहरू पनि भएकै हुन् । पहाडी उच्च भूभागमा पशुपालनलाई महत्त्व दिने एवम् फलफूल खेती गर्ने जस्ता जलवायुअनुसारका विकासका कार्यक्रमलाई जोड दिने निर्देशनहरू पनि भएका छन् । भेडाफार्म, चौरीगोठ, बाखापालन, कृषिफार्म एवम् निकुञ्जहरू स्थापनाका प्रयास हिमाली भाग पहाडदेखि तल्लो भाग तराईसम्म पूर्वपश्चिम गरिदै जाने नीति बन्दै आएको हो ।

जनताको कदर गर्ने एवम् जनप्रेमी राजा भएका धेरै उदाहरण हुन सक्तछन् । एकदिन यो लेखक सरकारी कामकै सिलसिलामा पोखरा सवारीशिविरतिर जाँदै थियो, एकजना संम्वद्ध कर्मीसँग जाडोको दिन भएकाले घामको आनन्द लिदै पैदल यात्रालाई तीव्र बनाउँदै थियौं । श्री ५ वीरेन्द्र स्वयम् सवारी चलाएर रत्न मन्दिरतिरबाट हवाई मैदानतिर बढिरहेको पायौं । मैले पोखराको सुन्तला हातमा लिएकै अवस्थामा न्यानो अभिवादन टक्र्याएँ, मौसुफले शिर हल्लाएर स्वीकार गरिबक्सेको त्यो निश्छल व्यक्तित्वको हँसिलो मुख मलाई अहिलेपनि सम्झना आइराखेको छ ।

जनताको जीवनचर्या आफ्नै किसिमले जानकारी हासिल गर्ने राजाको सदिच्छा रहेको कुरा पटक-पटकका विकासक्षेत्रका भ्रमणका अवसरमा आकस्मिक सवारी शिविरबाट अप्रत्यक्ष तरिकाले निस्केर प्रत्यक्ष कुराकानी भएका प्रशस्त संस्मरणका अवसरहरू सर्वसाधारणले भोगेकै हुन् । राजमुहारको निश्छल व्यक्तित्वको झलक सर्वसाधारणबाट गरिएका वर्णनबाट स्पष्ट देखा परेको छ । कतिले प्रत्यक्षतः राजदर्शनलाई अनुभव गरिहाले त कतिले पछि सम्भावनाका कुराहरू बनाएका छन् । देश विकासमा राजाको चिन्ता र अठोट रहेको र वास्तविकता बुझ्न मद्दत गर्ने यस्ता कैयौं आकस्मिक र अपरिचित भ्रमण भएका हुन् । एक दिनको कुरा हो, बिहानी कालकै कुरा थियो । यो लेखक दरबार अगाडितिरबाट नै लैनचौरतिर जाँदै थियो । श्री ५ वीरेन्द्र सर्वसाधारणकै पहिरनमा जीपको अगाडि प्रशन्न मुद्रामा सवारी भै रहेको पाएको छु । कति मानिसले राजव्यक्तित्वलाई पहिचान गर्न सके, कतिले सकेनन् यो आफैंमा छँदैछ, तर यसले वस्तुस्थिति र वास्तविकताको जानकारी हासिल गर्न राजालाई असाध्य चाहना भएको स्पष्ट गर्दछ ।

राष्ट्र र राष्ट्रियताको सवालमा श्री ५ वीरेन्द्रको अक्षुण्ण आस्था, अगाध स्नेह एवम् अद्वितीय निष्ठा आपसमा ओतप्रोत भएर रहेको छ । जनचाहना र भावनाको कदर गर्ने परम्परा अटूट रूपमा रहेको र जनताबीच सम्पर्क राखिराख्न र जनताबीचमा नै रहन हमेसा सदाशयता र सदिच्छा देखाइएका घटनाक्रमले राजतन्त्रको गरिमालाई बढाएको छ । जसले श्री ५ वीरेन्द्रलाई भेटे उनीहरूले सहजता र निश्छलपन पाए, जसबाट राजाको गरिमा र प्रजावात्सल्यलाई उजागर गराउँदै एउटा अविस्मरणीय र चिरस्मरणीय स्नेहको बिन्दुलाई सिर्जना गऱ्यो, जो बाहिरी दुनियाँ र देशभित्र पनि प्रशंसनीय भयो ।

अन्तमा, सधैं हँसमुख एवम् प्रसन्न मुद्राका यी राजा राजकीय गुणलाई समातेर सर्वसाधारणको जीवनचर्यासँग पूर्ण परिचित राखेर अन्तर्राष्ट्रिय मञ्चमा नेपालको गौरव, इज्जत, प्रतिष्ठा र सार्वभौमिकता अटल रहेर देश-काल सुहाउँदो अभिव्यक्ति दिएर सबैका आदर एवम् श्रद्धाका पात्र बने । यी निश्छल गुण समेतका महान् व्यक्तित्वको संस्मरण रहिरहनेछ, रहिरहनेछ ।

सचिव, सूचना तथा सञ्चारमन्त्रालय

●

श्री ५ वीरेन्द्र र शान्तिक्षेत्र नेपाल

● *मुक्तिनाथ धिमिरे*

आधुनिक नेपालका निर्माता श्री ५ बडा- महाराजाधिराज पृथ्वीनारायण शाहले अथक् प्रयास गरी यस मुलुकको एकीकरण गरेका हुन् । अधिराज्यभरमा पृथ्वीनारायण शाहको जति ठूलो इतिहास छ, ठीक त्यस्तै उनका अग्रज नरभूपाल शाहको लमजुङमा ठूलो इतिहास छव्यास । लमजुङको गाउँशहर (रजस्थल) मा अवस्थित लमजुङ दरबारले नेपालका शाहवंशको ऐतिहासिक पृष्ठभूमिलाई झल्काउँछ । नरभूपाल शाहका जेठा छोरा नरहरि शाह लमजुङका राजा भए भने अर्का छोरा द्रव्य शाह गोरखाका राजा भए । ती दुई दाजुभाइका बीचमा मनमुटाव पनि भएको थियो । ती दुईलाई मिलाइदिनमा उनीहरूकै आमा रानी वसन्तावतीले चेपेदेखि पूर्व द्रव्य शाहको राज्य र चेपेदेखि पशिचम नरहरिको राज्य कायम गराइदिएकी थिइन् । त्यसै बेलादेखि चेपे नदीलाई शान्तिको बिन्दु मानिएको छ । सोही वंशवृक्ष नरभूपाल शाहको शाखा फैलाउँदै गोरखाबाट कान्तिपुरमा फैलिएर महाराजाधिराज श्री ५ वीरेन्द्रसम्म आइपुग्दा बाइसौं पुस्ता भएको छ ।

वि.सं २००२ साल पुस १४ गते श्री ५ महेन्द्रवीरविक्रम शाहदेव र श्री ५ बडामहारानी इन्द्रराज्यलक्ष्मीदेवी शाहबाट श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवको जन्म भएको हो । बेलायतको इटन कलेजजस्ता शिक्षण संस्थाबाट स्नातकको उपाधि लिइबक्सी मौसुफले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिको अभ्यास गरिबक्सेको थियो । विद्वान्, मृदुभाषी, शिष्ट, मेधावी, सज्जन, भलाद्मी, उच्च व्यक्तित्व झल्कने महाराजमा जुनसुकै पक्षबाट पनि सकारात्मक गुण पाइन्थ्यो । मुलुकभित्रका हरेक व्यक्तिले उन्नति गर्न सकून्, सबैले सुख र शान्तिको श्वास फेरून्, यहाँ उद्योगधन्दा कलकारखाना खुलून्, केबुलकार चलून्, बाटोघाटो, बिजुली हरेक पक्षको विकास होओस्, कुनै पनि बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित हुन नपरोस् भन्ने स्पष्ट धारणा थियो । अन्तर्राष्ट्रिय स्तरमा नेपाललाई समृद्ध र सम्पन्नशाली बनाउने चाहना थियो ।

२०२८ साल माघ २७ गतेदेखि राजगद्दीमा आरोहण गरिबक्सी नेपाल राज्यको प्रत्यक्ष शासन गरिबक्स्यो । २०३१ साल फागुन १२ गते मौसुफको शुभराज्याभिषेकको शुभसाइतमा नेपाल अधिराज्यभरका प्राथमिक विद्यालयहरूलाई निःशुल्क घोषणा गरिबक्सेको हो । यसबाट मौसुफलाई हामी शिक्षाप्रेमी महाराजका रूपमा चिन्दछौं । सोही दिनको शैक्षिक अभियानलाई हामी शिक्षा दिवसका रूपमा मान्दै आएका छौं । यो महत्त्वपूर्ण योगदान हो ।

आफ्नो शासनकालमा हरेक वर्ष नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको वार्षिकोत्सव आषाढ ९ गतेको कविता महोत्सवका लागि वैशाख १ गतेका दिन “नदी र पाखुरा हाम्रा भाग्यरेखा नेपालका ” जस्ता शीर्षक दिएर साहित्यप्रेमीहरूलाई प्रोत्साहित गराई साहित्यको विकासमा टेवा पुऱ्याइबक्सन्थ्यो । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन सार्क (SAARC) र नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (RONAST) को स्थापनामा महत्त्वपूर्ण योगदान पुऱ्याइबक्सेको थियो । असंलग्न राष्ट्रका लहरमा नेपाललाई प्रतिष्ठाका साथ स्थापित गर्नु र शक्तिशाली राष्ट्रका बीचमा नेपाललाई सन्तुलन कायम गर्नु कम योगदान होइन ।

शुभराज्याभिषेकमा आमन्त्रित अतिथि (अन्य राष्ट्रका प्रतिनिधि) हरूका माझमा 'शान्तिक्षेत्र नेपाल' को प्रस्ताव राखिबक्सेको हो । त्यस प्रस्तावको संयुक्त राज्य अमेरिका, युरोपेली देशहरू लगायत ११६ राष्ट्रहरूले समर्थनसमेत गरिसकेका थिए । यसबाट मौसुफ सरकारको र नेपालको छवि अन्तर्राष्ट्रिय जगत्मा धेरै माथि उठेको थियो ।

नेपाली जनताको चाहनाअनुरूप २०३६ साल जेष्ठ १० गतेको शाहीघोषणामार्फत नेपाली जनताले बहुदल चाहन्छन्, कि सुधारिएको पञ्चायती व्यवस्था चाहन्छन् जनताद्वारा निर्णय होस् भनी जनमतद्वारा राजनीतिक निर्णय लिइबक्स्यो । बहुमतको शासन र अल्पमतको कदर गर्ने पद्धतिको विकास श्री ५ वीरेन्द्रबाट भएको हो । कुनै पनि मुलुकको राजाले यसरी प्रजातान्त्रिक ढङ्गले शासन चलाएको अभिलेख अरू मुलुकमा छैन । त्यस्तै २०४६ सालको ऐतिहासिक जनआन्दोलनको कदर गरिबक्सँदै प्रत्यक्ष-रूपमा पार्टीमाथिको प्रतिबन्ध हटाई जनतामा प्रजातन्त्र सुम्पिबक्स्यो । २ वर्षे बालकका हातको खुकुरी जस्तो खेलौनाका रूपमा प्रजातन्त्र नहोस्, सबै जनताको सुख सुविधा र भलाइ होओस् र प्रजातन्त्रको फल सबैले चाख्न पाऊन् भन्ने मौसुफ सरकारको चाहना थियो ।

जसरी गौतम बुद्धले नेपालबाट शान्तिको सन्देश विश्वभर पुऱ्याएका थिए, ठीक त्यसैगरी मौसुफले पनि नेपालबाट उद्घोष गरेको शान्तिको सन्देशको तरङ्ग नमुनाको रूपमा विश्वभरि नै पुऱ्याउने कार्यक्रम राखिबक्सेको थियो । वर्तमान विश्वको हत्या, हिंसा, आतङ्क, सन्त्रासको वातावरण भएको बेला शान्तिको त्यति ठूलो अभियान चालिबक्सेकामा संसारले माथि फर्केर हेर्‍यो । मौसुफ राजामात्र नभई कुशल शासक र सक्षम नेता होइबक्सन्थ्यो । यदि नेपाल विधिवत् शान्तिक्षेत्र घोषित भएर मुलुकमा त्यस्तै वातावरण सिर्जना भएको भए नेपालमा 'नोबेल शान्ति पुरस्कार' आइपुग्थ्यो । त्यसो हुन नपाउनु नेपाल र नेपालीकै अभाग हो ।

जे होस, हामी श्री ५ वीरेन्द्रलाई शान्तिका प्रतीक मान्छौं । मौसुफकै प्रेरणाले नेपालमा सर्वत्र शान्ति फैलियोस् भन्ने चाहन्छौं ।

श्री शान्ति उच्च मा.वि.
कुन्छा, लमजुङ

प्रजातन्त्रप्रेमी राजा श्री ५ वीरेन्द्र

● *यज्ञराज रताला*

श्री ५ वीरेन्द्रवीरविक्रम शाहको जन्म वि.सं. २००२ साल पौष १४ गते नारायणहिटी राजदरबारमा भएको हो । मौसुफ श्री ५ महेन्द्र र युवराज्ञी श्री ५ इन्द्रराज्यलक्ष्मी देवी शाहको ज्येष्ठ सुपुत्र होइबक्सन्थ्यो । मौसुफका २ वटा भाइ र ३ वटी दिदीबहिनी होइबक्सन्थ्यो । तत्कालीन युवराज श्री ५ वीरेन्द्रवीरविक्रम शाहले मित्रराष्ट्र भारतको मनोरम दार्जिलिङ्गको सेन्ट जोसेफ स्कुलबाट प्रारम्भिक शिक्षा पूरा गरिबक्सी उच्च शिक्षा संयुक्त अधिराज्यको इटन कलेजबाट (५वर्षसम्म), जापानको टोकियो विश्वविद्यालयबाट र संयुक्तराज्य अमेरिकाको हार्वर्ड विश्वविद्यालयबाट सम्पन्न गरिवक्सेको थियो ।

मौसुफको शुभविवाह वि.सं. २०२६ साल फागुन १६ गते श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी शाहका साथ भएको थियो । मौसुफका ३ वटा सन्तान होइबक्सन्थ्यो । प्रथम सन्तान श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहको जन्म वि.सं. २०२८ साल असार १३ गतेका दिन भएको थियो । द्वितीय सन्तान श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी शाहको जन्म वि.सं २०३३ साल आश्विन २० गतेका दिन भएको थियो र मौसुफका तृतीय सन्तान श्री ५ अधिराजकुमार नीराजन वीरविक्रम शाहको जन्म वि.सं. २०३५ साल कार्तिक २० गते भएको थियो ।

वि.सं. २०२८ साल माघ १७ गते तत्कालीन महाराजाधिराज एवम् श्री ५ वीरेन्द्रवीरविक्रम शाहका पिता श्री ५ महेन्द्रवीरविक्रम शाहको निधनपछि वि.सं. २०२८ साल माघ १७ गते राजगद्दीमा आसीन होइबक्सेका मौसुफको शुभराज्याभिषेक वि.सं. २०३१ साल फागुन १२ का दिन सुसम्पन्न भएको थियो । सोही अवसरमा मौसुफबाट प्राथमिक शिक्षा निःशुल्क गरिने घोषणा गरिबक्स्यो । त्यसैले फागुन १२ गते प्रत्येक वर्ष शिक्षादिवस मनाउँदै आएका छौं । मौसुफबाट वि.सं. २०३१ साल फागुन १३ गते मौसुफको शुभराज्याभिषेकको अवसरमा नेपाल पाल्नुभएका विदेशी महानुभावहरू समक्ष नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्सेको थियो ।

वि.सं २०३४ साल मंसिर २० गते काठमाडौंमा भएको कोलम्बो योजनाको २६ औं परामर्श दातृ समितिको बैठकलाई सम्बोधन गरिबक्सने क्रममा मौसुफबाट नेपालको प्रमुख स्रोत जलस्रोतलाई बहुपक्षीय उपयोग गर्न आह्वान गरिबक्सेको थियो ।

मौसुफ एक प्रजातन्त्रप्रेमी राजा होइबक्सन्थ्यो । मौसुफबाट वि.सं. २०३६ साल जेष्ठ १० गते सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्थामध्ये एक रोज्न ऐतिहासिक जनमतसङ्ग्रहको घोषणा गरिबक्स्यो । फलस्वरूप २०३७ साल वैशाख २० गते जनमतसङ्ग्रह सम्पन्न भयो, जसको परिणामअनुसार सुधारिएको पञ्चायती व्यवस्था विजयी भयो । श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट वि.सं. २०३७ सालमा दक्षिण एसियाली क्षेत्रको विकासका लागि एउटा सङ्गठनको आवश्यकता भएकाले यस क्षेत्रमा एक सङ्गठन खडा गर्न पहल गरिबक्स्यो, जसको फलस्वरूप वि.सं २०४२ सालमा सार्कको स्थापना भई यसको सचिवालय काठमाडौंमा राख्न सहमति भएअनुरूप वि.सं. २०४४ सालमा मौसुफबाट सार्क सचिवालयको उद्घाटन गरिबक्स्यो ।

मौसुफ प्रजातन्त्रप्रेमी होइबक्सन्थ्यो भन्ने कुराको पुष्टि वि.सं २०४६ साल चैत्र २६ गते राति ११:१२ बजे रेडियो नेपाल तथा नेपाल टेलिभिजनबाट दलहरूमाथि लगाइएको प्रतिबन्ध फुकुवा गरिबक्सेबाट हुन्छ । वि.सं २०४७ साल कार्त्तिक २३ गते मौसुफबाट "नेपाल अधिराज्यको संविधान २०४७" को घोषणा गरिबक्स्यो ।

मौसुफ सरकारबाट विभिन्न समयमा मित्रराष्ट्रहरूको भ्रमण गरिबक्स्यो । मौसुफबाट मित्रराष्ट्र भारतको ५ पटक, मित्रराष्ट्र चीनको ७ पटक, बेलायतको ४ पटक, सोभियत सङ्घको १ पटक, संयुक्तराज्य अमेरिकाको १ पटक, बङ्गलादेशको २ पटक, पाकिस्तानको २ पटक, जापानको ३ पटक, स्पेनको १ पटक भ्रमण गरिबक्सेको थियो । यसरी नै श्री ५ वीरेन्द्रबाट अरू पनि राष्ट्रहरूको भ्रमण गरिबक्सेको थियो ।

मौसुफको स्वर्गारोहण वि.सं. २०५८ साल जेष्ठ १९ गते राति ९:१५ बजे मौसुफकै निवासमा सपरिवार पारिवारिक जमघट भएकै बेला बडामहारानी श्री ५ ऐश्वर्य, अधिराजकुमारी श्री ५ श्रुति र अधिराजकुमार श्री ५ निराजनका साथ भएको थियो ।

सुबेडा वार्ड नं २ रताली
भोजपुर, बभ्फाङ्ग
२०५९।८।९

श्री ५ वीरेन्द्रको आर्थिक विकासको अवधारणा

● *डा. यादवप्रसाद पन्त*

श्री ५ वीरेन्द्र सरकारले नेपालको सर्वाङ्गीण विकासका निम्ति महत्त्वपूर्ण भूमिका खेलिबक्सेको थियो । जुन बखत मौसुफ युवराजाधिराज होइबक्सन्थ्यो त्यस समयदेखिनै देशका विभिन्न क्षेत्रहरूमा गोप्य किसिमबाट समेत भ्रमण गरी साधारण जनताले खाने खानेकुरा खाई र झोपडीहरूमा समेत निवास गरिबक्सेको थियो ।

ग्रामीण जनताले साधारणतया सरकारलाई चिन्न सक्दैनथे; तर पनि आफ्ना समस्याहरू स्वस्थ तथा स्वतन्त्ररूपले मौसुफको सामुन्ने राख्ने गर्दथे । यस्ता समस्याहरूको अवधारणा वास्तवमा सरकारबाट पछिसम्म पनि मनन भैरहन्थ्यो । यसरी सरकारलाई नेपालको जनजीवनको खास गरेर गरिबीको रेखामुनि रहेका जनताका समस्याहरू राम्ररी अध्ययन गर्न ठूलो सहयोग पुग्न गयो । श्री ५ वीरेन्द्रको अप्रिल १९७२ देखि डिसम्बर २००१ सम्मको शासनकालमा यस पंक्तिका लेखकले मौसुफको सामीप्यमा रही निकट सम्बन्ध राख्ने ठूलो अवसर पायो जसका आधारमा सरकारमा रहेका बहुआयामिक प्रतिभाको विश्लेषण गर्ने मौकासमेत मिल्यो । लेखकको राष्ट्र बैंकको गभर्नर, जापानको राजदूत तथा पछि गएर अर्थमन्त्रीलगायत विभिन्न मन्त्रालयको मन्त्री हुँदाखेरि समेत सरकारसित पटकपटक निकट रूपले सम्बन्ध स्थापित भएको थियो जसले गर्दा सरकारको विकासप्रतिको धारणालाई केही न केही रूपबाट अध्ययन गर्ने मौका लेखकले पायो । त्यसै अनुभवको आधारमा यस लेखमा केही विषयहरूमाथि प्रकाश पार्ने प्रयत्न गरिएको छ,- खास गरेर विकाससम्बन्धी ।

गद्दीआरोहण गरिबक्सेपछि श्री ५ वीरेन्द्र अरू कुराहरूका अतिरिक्त मुख्य रूपले देशको विकास- सम्बन्धी कामहरूमा तल्लीन होइबक्सन्थ्यो । १९७२ अप्रिलमा सरकारको अध्यक्षतामा राष्ट्रिय विकास परिषद् (National Development Council) को स्थापना भयो र राष्ट्रिय योजना आयोगलाई पनि नयाँ किसिमले सङ्गठन गरियो । राष्ट्रिय विकास परिषद्मा राष्ट्रिय योजना आयोगका सबै सदस्यहरू, मन्त्रिपरिषद्का सबै सदस्यहरू, पूर्व प्रधानमन्त्रीहरू र संसदको माथिल्लो तथा तल्लो सदनका सबै सदस्यहरू, जिल्लाका क्षेत्रीय प्रतिनिधिहरू र अरू दलका प्रतिष्ठित तथा विद्वान्हरूलाई पनि सम्मिलित गराइयो । सरकारको अध्यक्षतामै परिषद्को बैठक हुन्थ्यो र सबै समस्याहरूले छलफल गरी विभिन्न योजनाहरू कसरी कार्यान्वयन गर्ने भन्नेबारेमा नीतिनिर्देशन पनि निर्धारित हुन्थ्यो ।

ई.सं. १९७४ मा देशको पर्यटन विकासका निम्ति एउटा गुरुयोजना २ भागमा प्रारम्भ गर्ने किसिमबाट शुभारम्भ गरियो, जसमा पर्यटनसम्बन्धी विभिन्न आयोजनाहरूलाई सम्मिश्रण गरेर कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुराहरू पनि सम्मिलित थिए । त्यस्तै किसिमबाट कृषिको विकासका निम्ति एउटा १० वर्षीय कृषि विकास योजना पनि प्रारम्भ गरियो । स्मरणीय छ, नेपाल कृषिप्रधान देश हो र देशको विकासका निम्ति प्राथमिकता कृषि विकासले पाउनु पर्दछ । १९७४ मा एउटा दीर्घ-कालीन कृषि योजनाको मस्यौदा गरियो र त्यसैको आधारमा आर्थिक वर्ष १९७५/७६ लाई कृषि क्षेत्रको विकासका निम्ति एउटा योजनाबद्ध

दृष्टिकोण ठराखियो । खास गरेर प्रारम्भदेखि नै श्री ५ वीरेन्द्रले देशको विकासका निम्ति जति पनि अवधारणा राखिबक्सेको थियो त्यो गरिबी हटाउने र खास गरेर पिछडिएका जातिको जीवनस्तर कसरी सुधार्न सकिन्छ भन्नेमा केन्द्रित थियो । यस सम्बन्धमा अप्रिल १९७६ मा सरकारबाट बक्सेको सन्देश सान्दर्भिक छ । "वास्तवमा जबसम्म साना किसानहरूको जीवनस्तर उठाउने आयोजनाहरू लागू गरिन्न तबसम्म देशको विकास हुन सक्दैन । यसैले मैले सरकारलाई विस्तृत कृषि योजनाको कार्यक्रम जसमा कृषिका निम्ति चाहिने आवश्यक पूर्वाधार र बिऊ जल, मलको व्यवस्था होस् र कृषिजन्य वस्तुको विकासका निम्ति कृषकहरूले आफ्नो उत्पादन गरेका वस्तुहरूको उचित मूल्य पाउनसकून् भन्नेमा व्यवस्था गर्न निर्देशन दिएको छु" । यसै सम्बन्धमा साझा (Cooperative) कार्यक्रमको पनि करिबकरिब सबै जिल्लाहरूमा शुरुवात गरियो । कुनै पनि देशको औद्योगिक विकास नभई देशको सर्वाङ्गीण विकास हुन सक्दैन । यद्यपि नेपालमा १० प्रतिशतभन्दा बढी राष्ट्रिय आयमा उद्योगधन्दाले योगदान गर्न सकेको छैन । कृषिको विकास गरेर र उद्योगधन्दाको विकासमा पनि बढी ध्यान दिएर यसलाई माथि नउठाई देशको कल्याण छैन भन्ने कुरामा श्री ५ वीरेन्द्र स्पष्ट होइबक्सन्थ्यो । सरकारी, गैरसरकारी र सरकार तथा निजी क्षेत्रसमेतको संलग्नतामा उद्योगधन्दाको विकास हुनुपर्छ भन्ने धारणा मौसुफको थियो । नयाँ औद्योगिक नीतिमा निजी क्षेत्रको विकासको उद्देश्य रहेको थियो । एवम् प्रकारले ई.सं. १९७६ मा जमिनको उर्वराशक्ति बढाउने र वनसम्पदाको अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय वन विकास योजना प्रारम्भ गरियो । विभिन्न व्यावहारिक समस्याहरू भएतापनि वृक्षरोपण एउटा प्रमुख राष्ट्रिय कार्यक्रमको रूपमा आजसम्म देखापरेको छ । त्यसैगरी २० वर्षीय स्वास्थ्य योजना पनि प्रारम्भ गरियो जसको सकारात्मक परिणामहरू देखिन थालेका छन् ।

शिक्षित नागरिकविना देशको विकास हुन सक्दैन । विश्वका विकसित देशहरूको अनुभवले देखाएको छ । शिक्षाको विकासले नै आर्थिक विकास सम्पन्न गर्न सकिन्छ । यस कुरालाई राम्ररी मनन गरी खास गरेर हाम्रो जस्तो अविकसित देशमा श्री ५ वीरेन्द्रले विभिन्न किसिमका समस्याहरू हल गर्न शिक्षा व्यवस्थालाई सुधार गर्न एउटा नयाँ शिक्षा योजना प्रारम्भ गरिबक्सियो । कार्यमुखी शैक्षिक योजना प्रारम्भ गरियो ।

देशको आवधिक योजनामा पनि श्री ५ वीरेन्द्रको निर्देशन समयसमयमा हुन्थ्यो । मौसुफबाट गद्दीआरोहण गर्दा नेपाल चौथो आवधिक योजनाको चौथो वर्षमा थियो । पाचौँ, छैटौँ र सातौँ, आठौँ तथा नवौँ योजना समाप्त गरिए र दशौँ योजनाको पूर्वकालमा हामी अहिले छौँ । यस अवधिमा बखतबखतमा सरकारको निर्देशन, सल्लाह र सरकारबाट विभिन्न आयोजनाहरूमा गर्नुपर्ने क्रियाकलापहरूको बारेमा सन्देश बक्सन्थ्यो । देशलाई ५ विकास क्षेत्रमा विभाजन गरी सरकारको प्रत्येक वर्ष एकपटक पालोपालोसित एकएक क्षेत्रमा करिब एक महिना जति त्यहाँका समस्याहरू समाधान गर्ने उद्देश्यले भ्रमण हुने परम्परा थियो ।

यद्यपि नयाँ संविधानअनुसार नेपालको संवैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थाअनुरूप श्री ५ महाराजाधिराज सरकारको प्रत्यक्ष योगदान नरहे तापनि संविधानभित्रै रहेर पनि समयसमयमा निर्देशन तथा मन्त्रिपरिषद्लाई सुझाव दिने परम्पराको थालनी गरिबक्सेको थियो । देशको विकास कसरी गर्नुपर्छ भन्ने विषयमा सरकारको दृष्टिकोण अत्यन्त नै परिपक्व र व्यावहारिक थियो भन्नुमा कुनै अत्युक्ति हुनेछैन । तर दुर्भाग्यको कुरा के छ भने श्री ५ का सदिच्छाहरू परिपूर्ति गर्नेतिर नलागी विभिन्न राजनीतिक दलहरूले आफ्नो स्वार्थ, पार्टीको स्वार्थ र व्यक्तिगत स्वार्थतिर लाग्न गएकाले देशविकासको गति अगाडि बढ्न सकेन । आज देश आर्थिक, राजनीतिक तथा सामाजिक क्षेत्रहरूमा अधोगतिमा गैरहेको कुरा सबैले महसुस गर्दै आएका छौँ । त्यसकारणले आज खास गरेर मुलुकका करिब ३० वर्षको विकाससम्बन्धी अनुभवको आधारमा हामी प्रत्येक नेपालीले राजा वीरेन्द्रको निर्देशनको आधारमा तथा श्री ५ महाराजाधिराज सरकार ज्ञानेन्द्रवीरविक्रम शाहदेवको छत्रछायामा देशको दीर्घकालीन विकासको निम्ति प्रण गर्ने बेला आएको छ । आज राष्ट्रिय जनजीवन सुधार्ने, गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर उठाउने, जीवनका वास्तविक समस्याहरूसित जुध्ने अठोट लिई हामी सबै एकजुट भएर २१ औं शताब्दीमा देशको दिगो विकासका निम्ति चिन्तित भई अगाडि बढ्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखापरेको छ ।

●

बहुआयामिक व्यक्तित्वका धनी श्री ५ वीरेन्द्र

● *प्रा.डा. रत्नकमल वैद्य*

लोकसम्मतिको सर्वोपरिता र राजसंस्थाको वैधानिक संरक्षकत्वको निरन्तरतामा समय अनुसारको परिवर्तनलाई आत्मसात् गर्नसक्ने सुदृढ र लोकप्रियपरम्परा नेपाली संविधानको मूल चरित्र रहिआएको छ । नेपालको राजनीतिक संस्कृतिमा आबद्ध राजतन्त्र नेपाली जनजाति एवम् धार्मिक परम्पराको साझा आस्था एवम् विश्वास हो र नेपालमा राजसंस्थाबिना राष्ट्रियता र प्रजातन्त्रको परम्परा हुर्कन सक्दैन । नेपाल अधिराज्यको संविधान २०४७ को धारा २७ उपधारा (२) ले राजालाई नेपालको राष्ट्रियता एवम् नेपाली जनताको एकताको प्रतीक घोषित गरेको छ ।

नेपालमा प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थाका लागि २००७ सालमा तत्पश्चात् २०१५ साल र २०४६ सालमा पनि त्यस पद्धतिको विकासमा अनेक प्रकारबाट राजनीतिक एवम् प्रशासनिक परिवर्तनहरू वास्तवमा देशका नागरिकहरूको चाहनाअनुरूपनै भएको प्रमाण नेपालको राजनीतिक, ऐतिहासिक पृष्ठभूमिमा प्रष्ट भएको छ ।

यही सन्दर्भमा नेपाल अधिराज्यका लागि नेपालीहरूलाई समुन्नतिको मार्गमा अग्रसर गराउन राजसंस्थाको अद्वितीय भूमिका रहेको प्रष्टै देखिन्छ । यसरी प्रशासनिक संस्कृति एवम् राजनीतिक संस्कार ऐतिहासिक कालदेखि राजा र जनताबीच सुमधुर र आत्मीय सङ्गम कायम हुँदै आएको छ ।

शाहवंशको इतिहासमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारको बहुआयामिक व्यक्तित्वबारे विवेचना गर्दा नेपालको पृष्ठभूमिमा मौसुफ उदारवादी, प्रजातन्त्रका प्रतीक होइबक्सन्थ्यो । तीस वर्षको राजनीतिक गतिविधिमा मौसुफ कुशल, निपुण, दक्ष प्रशासक, राजनीतिक विश्लेषक, अन्वेषक, शिक्षाका द्योतक, आर्थिक विकासका सन्दर्भमा आधारभूत आवश्यकताका प्रतिपादक एवम् देशको आधुनिकीकरणका सूत्रधार होइबक्सन्थ्यो । यसका साथै मौसुफ असंलग्न परराष्ट्रनीतिका मूल खम्बा, शान्तिका क्षेत्रमा अगुवा होइबक्सिन्थ्यो । यसरी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रबाट मौसुफको बहुआयामिक व्यक्तित्वको अध्ययन, अध्यापन एवम् अनुसन्धान गर्नु अत्यन्त सराहनीय रहेको प्रष्ट रूपले देखिन्छ ।

(क) राजनीतिक विकासमा कीर्तिमान

श्री ५ महाराजाधिराज सरकारको तीस वर्षे शासनकालमा नेपालको राजनीतिक पृष्ठभूमिको सबैभन्दा उपलब्धिपूर्ण प्रशासकीय शासनकाल रहेको छ । नेपालीमात्रका लागि कल्याण, भलाइ, समृद्धिको कामना गरिबक्सने हाम्रो राजाको सर्वसम्मत मान्यताभित्र सर्वाङ्गीण विकासका निमित्त मौसुफको योगदान अद्वितीय देखिन्छ र कुनै पनि नेपाली नेतृत्व एवम् उनको प्रभावशाली व्यक्तित्वप्रति प्रोत्साहन एवम् प्रेरणा प्रदान गरिबक्सने मौसुफको प्रकृति थियो । प्रजातान्त्रिक आस्था एवम् विश्वासबारे छलफलद्वारा निष्कर्षको नयाँ अध्यायको सूत्रपात गर्ने हाम्रा राजाबाट सदासर्वदा नेपाली जनभावनालाई कदर गर्ने परिपाटी बसालिबक्स्यो । देशको राजनीतिक परिपाटीप्रति सचेत तथा जागरुक नागरिकहरूको रुचि कमजोर भएको तथ्यको जानकारी हुनासाथ मौसुफबाट

सापेक्षतानुसार परिवर्तनको यथाशीघ्र उचित कदम उठाइबक्सियो । यसरी मौसुफको यसप्रकारको गरिमामय बहुआयामिक व्यक्तित्व र अनुभवजन्य कार्यकुशलताको फलस्वरूप देशमा राजनीतिक उच्छृङ्खलता र प्रतिशोध समाप्त हुनु, शान्ति र सुरक्षा कायम हुनु आदि मौसुफको उदारवादी प्रजातान्त्रिक मूल्यप्रतिको निष्ठा एवम् खारिएको व्यक्तित्वकै प्रतिफल हो भन्नु युक्तिसङ्गत देखिन्छ । हिन्दू संस्कृतिमा वेद नमान्ने, ईश्वर नमान्ने, परलोक पुर्वजन्म, नमान्ने, आत्मा नमान्ने, जस्ता दर्शनहरू छन्, तर राजसंस्था नमान्ने दर्शन चाहिँ पाइँदैन ।

संवैधानिक राजतन्त्रको स्थितिलाई स्वीकार गरिसकेपछि राजाबाट त्यसलाई बिथोल्ने काम कहीँ, कतै भएको छैन भनी वर्तमान संविधान लागू भइसकेपछि सत्ताधारी र विरोधी दलका प्रमुख नेताहरूसमेतको सहमति बेलाबखतमा प्रकट हुनुले राजाका रूपमा सम्पन्न गरेका भूमिकाको मात्र नभई नेपाली राजसंस्थाको पनि असाधारण कीर्तिमान कायम भएको थियो र अहिले पनि उत्तिकै कायम रहेको पाइन्छ । यसरी जनइच्छा नै राजइच्छा भनी जनभावनालाई सदासर्वदा कदर गर्ने मौसुफको चारित्रिक एवम् प्रभावशाली व्यक्तित्वले नेपाली राष्ट्रियताको जगेर्ना, प्रजातन्त्रको सुदृढीकरण एवम् मुलुकको प्रशासनिक गतिविधिलाई सही ढङ्गमा परिचालन गराउन महत्त्वपूर्ण योगदान प्रदान गरेको तथ्यलाई कसैले पनि नकार्न सक्दैन ।

(ख) आर्थिक विकासमा योगदान

मौसुफ सरकारको राज्यारोहणपछि नेपालको आर्थिक विकासको प्रक्रियामा राष्ट्रिय विकासको मूल उद्देश्य देशभित्र बसोबास गर्ने सम्पूर्ण जनतालाई विकास कार्यमा सलग्न गराई उनीहरूलाई उपलब्ध साधन र श्रोत प्रयोग गरी सही ढङ्गमा सहभागी बनाउनु रहेको थियो । उपरोक्त पृष्ठभूमिमा राष्ट्रले अङ्गीकार गरेका विभिन्न आर्थिक विकासका अवधारणाहरूमा मौसुफ सरकारको प्रत्यक्ष योगदान रहेको पाइन्छ । यस सन्दर्भमा क्षेत्रीय भ्रमणको माध्यमबाट विकासको गतिमा योगदान, आधारभूत आवश्यकताको परिपूर्तिद्वारा गरिबी निवारण आदि उल्लेखनीय पक्ष देखिन्छ । नेपाल अधिराज्यका पाँच विकासक्षेत्रहरूको नियमित भ्रमण, निरीक्षण, पर्यवेक्षणको माध्यमबाट श्री ५ महाराजाधिराज सरकार र जनताको बीचको सम्बन्ध प्रगाढ बनाउनमात्र मद्दत गरेको नभई यसले देशविकास र निर्माणका कार्यहरूमा सही दिशाबोधको गति ल्याउन र कार्यान्वयन पक्षलाई समेत महत्त्व प्रदान गर्न एवम् गराउन अति सहयोगी सिद्ध भएको पाइन्छ । समग्र रूपमा देशको आर्थिक विकासमा गरिबी निवारणको पक्ष र जनताको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्तिको सन्दर्भमा अत्यन्त महत्त्वपूर्ण भएको पृष्ठभूमिमा मौसुफ सरकारको तीस वर्षे शासनकालमा भएको योगदानलाई ऐतिहासिक मान्नुपर्ने प्रष्ट रूपले प्रमाणित भएको छ ।

(ग) शिक्षा विकासमा योगदान

श्री ५ को तीस वर्षको शासनकालमा शिक्षाक्षेत्रमा बहुपक्षीय दिशातर्फ सकारात्मक एवम् अपेक्षित विकासका कार्यहरूले गति लिएको हो । नेपालको शिक्षा विकासको पृष्ठभूमिमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरिबक्स्यो । सम्पूर्ण देशमा शैक्षिक पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा एकरूपता, शिक्षानीति, शिक्षणकलामा एकात्मकता र राष्ट्रिय स्वरूप कायम गर्न महत्त्वपूर्ण योगदान पुऱ्याइबक्स्यो । शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिको प्राथमिक क्रम निर्धारण गरी शिक्षा एवम् यसको स्तरमा मूल्य र मान्यताअनुरूप समानान्तर ल्याउने र शिक्षाको अवसर सबैलाई दिने लक्ष्य राखेर प्राथमिक शिक्षण संस्थादेखि लिएर विश्वविद्यालयहरूसमेतका राष्ट्रिय उद्देश्यहरू निर्धारण गरियो । राष्ट्र र राष्ट्रियताप्रति बफादार रही अधिराज्यव्यापी नेपाली एकता, सार्वभौमसत्ता, राजसंस्था र प्रजातन्त्रको रक्षा गर्ने, नैतिक, परिश्रमी र स्वावलम्बी भई सृजनात्मक प्रवृत्तिको विकास गर्ने, राष्ट्रभाषा, संस्कृति, साहित्य, कलाको विकास संरक्षण एवम् संवर्द्धन गर्ने आदि कार्य गरी कार्यान्वयनसमेत गर्न र गराउन राष्ट्रिय शिक्षा समितिको गठन समेत भएको थियो । यसबाट वर्तमान शिक्षा विकासको प्रक्रियामा बृहत् प्रभाव परेको स्पष्ट देखिन्छ ।

(घ) परराष्ट्रनीतिमा योगदान

नेपालको परराष्ट्र नीतिको सफलतामा मौसुफ सरकारबाट भएको योगदान अद्वितीय छ । नेपालको परराष्ट्र नीति मूलतः असंलग्न आन्दोलनको सिद्धान्त र उद्देश्यमा आधारित छ । नेपाल अनाक्रमण, अहस्तक्षेप, राष्ट्रको सार्वभौमिकता एवम् प्रादेशिक अखण्डताप्रति सम्मान, जातिभेद, रङ्गभेद, अन्तर्राष्ट्रिय समस्याबारे गुण र दोषको आधारमा दृष्टिकोण एवम् विवेकपूर्ण निर्णयजस्ता नीति र सिद्धान्तमा आस्था एवम् विश्वास गर्दछ । यसरी नेपालको परराष्ट्र नीतिलाई सही दिशाबोध गरी कार्यान्वयन पक्षलाई बलियो पार्न मौसुफं सरकारको योगदान अत्यन्त सराहनीय भएको तथ्यलाई सर्वत्र स्वीकारिएको छ । साथै मौसुफबाट दक्षिण एसियामा क्षेत्रीय सङ्गठनको स्थापना र यसको विकासमा गहकिलो योगदान प्रदान गरिबक्सेको थियो । दक्षिण एसियामा शान्ति, स्थिरता, विकास र समृद्धिका लागि आपसी सहयोग नै एकमात्र विकल्प हो । यसरी

मौसुफ सरकारबाट तीस वर्ष अवधिमा नेपालको परराष्ट्र सम्बन्धमा ठोस नीतिनिर्धारण गर्न महत्त्वपूर्ण योगदान प्रदान गरिबक्सेको थियो । मौसुफबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी विश्वसमक्ष प्रस्ताव राखिबक्सेको थियो । विश्वशान्तिलाई दरिलो पार्न जनचाहना अनुरूप नै यो प्रस्ताव राखिएको थियो र विश्वका ११६ राष्ट्रहरूबाट समर्थन प्राप्त भएको थियो । यो राष्ट्रसङ्घ तथा असंलग्नताको सिद्धान्तमाथि रहेको नेपालको आस्थाको पूर्ण अभिव्यक्ति थियो । साथै शान्तिबिना विकास सम्भव छैन भन्ने कुरामा मौसुफको दृढ विश्वास रहेको सत्यतथ्य नेपालको इतिहासको पानामा स्वर्णाक्षरले अङ्कित रहने नै छ ।

वर्तमान नेपालको संरचनामा राष्ट्रलाई आधुनिकीकरण र आर्थिक विकासतर्फ उन्मुख गराउन राजाको व्यक्तित्व एवम् संवैधानिक दायित्वले महत्त्वपूर्ण भूमिकाले खेलेको पाइन्छ । मौसुफबाट प्रजातान्त्रिक मूल्य र मान्यताप्रति सदैव अडिग रहिबक्सिदै संवैधानिक दायित्वका निर्वाहमा पटकपटक देखाइबक्सेको सामयिक एवम् ऐतिहासिक भूमिकाबाट मौसुफ सरकारको ओजपूर्ण व्यक्तित्वको श्रीवृद्धिले निरन्तरता पाइरहेको तथ्य पनि राजनीतिक नेपालको ऐतिहासिक कृतित्वहरूबाट पनि पुष्टचाइँ हुन्छ ।

राजनीतिशास्त्रको मौलिक सिद्धान्तअनुसार यस प्रकारको प्रणालीलाई संवैधानिक राजतन्त्र भनिन्छ । यस संवैधानिक राजतन्त्रअन्तर्गतको बहुदलीय शासन प्रणालीमा हाम्रो देशका राजमुकुटलाई आस्था एवम् विश्वासको केन्द्रबिन्दु मानिएको छ किनभने राजाले स्वयम् राष्ट्रहितका लागि सही दिशाबोध गर्न प्रजातन्त्रप्रति समर्पित हुने अभिलाषा प्रकट गरिबक्सेको थियो । नेपालको यस प्रकारको संवैधानिक राजतन्त्रलाई संसदीय प्रजातन्त्रको प्रतीक हो भन्नु युक्तिसङ्गत देखिन्छ ।

बेलायतको झैं नेपालको राजा पनि कार्यपालिकाको प्रमुख, तर व्यवहारमा देशको प्रधानमन्त्रीलाई मन्त्रिपरिषद्को नेताको नाताबाट सरकारको प्रमुखको रूप ग्रहण गराएको पाइन्छ । यसरी राजा नेपाल अधिराज्यको प्रमुख होइबक्सिन्छ भने प्रधानमन्त्री सरकारको प्रमुख । "राजासहित संसद" भन्ने संवैधानिक व्यवस्थाअनुरूप विधि- निर्माणमा सहभागी होइबक्सिन्छ ।

आधुनिक नेपालको राजनीतिक रङ्गमञ्चमा राष्ट्रिय एकताको मूल जरो नै राजमुकुट हो । यस राष्ट्रिय एकता र अखण्डताको जरो बलियो पार्नका लागि श्री ५ संविधानको पालक र संरक्षक पनि होइबक्सन्छ । यसैले नेपालको राजनीतिक व्यवस्थाअन्तर्गत बहुदलीय संसदीय प्रजातन्त्रको केन्द्रविन्दु नै राजमुकुट हो भन्नु युक्तिसङ्गत देखिन्छ । यसरी श्री ५ महाराजाधिराज राष्ट्रिय सम्मानको एकमात्र गरिमामय स्रोत होइबक्सिन्छ । राजाको यस शक्तिस्रोतलाई राजमुकुटको परमाधिकार भनिन्छ जसलाई श्री ५ ले धारण गरिबक्सेको हुन्छ । परमाधिकार राजाको त्यो वास्तविक अधिकार हो जो राजालाई देशको ऐनकानुनद्वारा होइन राजाको आफ्नै राजकीय महत्त्वका कारणहरूबाट प्राप्त शक्ति र अधिकार हुन् । यी परमाधिकारहरू राजाको नाममा 'सर्वजन हिताय, सर्वजन सुखाय' को उक्तिमा प्रयोजन गर्ने चलन प्रचलित छ ।

यसरी माथि उल्लिखित तथ्यहरूबाट कुन कुरा प्रष्ट हुन्छ भने संवैधानिक दायित्वको निर्वाहमा श्री ५ वीरेन्द्रबाट संवैधानिक राजतन्त्र अँगालेर बहुदलीय संसदीय प्रजातन्त्रलाई फलाउन फुलाउन दत्तचित्त होइबक्स्यो । यसबाट कुन कुरा प्रष्ट हुन्छ भने राजा नेपाल अधिराज्यको राष्ट्रिय एकताको प्रतीक होइबक्सिन्छ । यसका लागि जननेताहरूले देशको संविधान अनुरूप संसदीय प्रजातान्त्रिक मूल्य र मान्यता प्रदान गरेर राष्ट्रलाई सही दिशाबोध गर्न सकेमा नेपाली जनतालाई श्रेयस्कर सिद्ध हुनेछ । त्यस्तै प्रकारले बहुदलीय प्रजातान्त्रिक मान्यतालाई आत्मसात् गर्ने सम्पूर्ण राष्ट्रिय पार्टीहरूले पनि आ-आफ्नो राजनीतिक दायित्वबाट संवैधानिक राजतन्त्रप्रति राष्ट्रिय एकताको प्रतीक र संविधानको संरक्षकको रूपमा निष्ठाभाव राख्नाले नै हामी नेपालीहरूको कल्याण, भलाइ र हित हुन्छ भन्ने तथ्यलाई बिर्सन हुँदैन ।

प्रजातन्त्रको सुदृढीकरणको परिप्रेक्ष्यमा नेपालस्थित कुटनीतिक समुदायका तर्फबाट गत २०४६ साल पौष २ गते आयोजित कार्यक्रममा श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारबाट जिम्मेवारीपूर्ण पदमा बस्नेहरूले आ-आफ्नो पदीय दायित्व निष्ठापूर्वक बहन गरेर सबै नेपालीलाई संविधानको छहारी समान रूपमा सुनिश्चित गराउन सकेमा मात्र प्रजातन्त्रप्रति जनताहरूको विश्वास अभिवृद्धि हुनसक्ने विचार व्यक्त गरिबक्सेको थियो र यसका लागि संविधानद्वारा स्थापित सम्पूर्ण संवैधानिक अङ्गहरूलाई सबल एवम् प्रभावकारी बनाउँदै लैजान आवश्यक रहेको तथ्य औंल्याइबक्सँदै जनताका हित र कल्याणलाई सर्वोपरि मान्दै आएको र यसै अनुरूप संवत् २०४७ मा जनचाहनाअनुसार नेपाल अधिराज्यको संविधान जारी गरिबक्सेको र नेपाली जनताले पनि प्रजातन्त्रप्रति सदैव आफ्नो आस्था प्रकट गर्दै आएकाले सबैले यस आस्थालाई कायम राख्न सक्नु परेको विचार व्यक्त गरिबक्स्यो । एकातिर विकासशील राष्ट्रहरूले प्रजातन्त्रको संवर्द्धन गर्ने कार्यमा सुशासन, संस्थागत विकास र जनताका आधारभूत आवश्यकताहरू परिपूर्ति गर्ने जस्ता समान प्रकारका सामाजिक तथा आर्थिक चुनौतीहरूको सामना गर्नु परिरहेको छ भने अन्य शताब्दी झैं अहिलेको शताब्दीमा पनि एकातिर फेरि अमानवीयताको पराकाष्ठा

देखियो भने अर्कातिर मानवलाई फाइदा पुग्ने उल्लेखनीय आविष्कारहरू पनि भए । यदि भावनाको मान्यता एकमात्र छ भने स्वतन्त्रता, शान्ति, समानता तथा समृद्धिको लक्ष्य पनि एउटै हुनुपर्दछ । तसर्थ नयाँ शताब्दीमा प्रवेश गर्ने क्रममा हामीले हाम्रा भावी सन्ततिको हितका लागि सबै मुलुकहरूबाट समानतामूलक पारस्परिक सम्बन्धको अपेक्षा राखेको विषयवस्तुमाथि पूर्णरूपमा मौसुफबाट विश्लेषण गरिबक्स्यो । यसरी नेपालको राष्ट्रियता जगेर्ना र प्रजातन्त्रको सुदृढीकरण गर्न नेपाली जनताहरूको सुख, शान्ति एवम् आधारभूत आवश्यकता परिपूर्ति गर्न मौसुफ सरकारबाट व्यक्त विचारधाराबाट पूर्व मेचीदेखि महाकालीतकका बुद्धिजीवीहरू एवम् सर्वसाधारण जनताहरू प्रभावित भई सर्वत्र स्वागत भएको थियो । हुन पनि नेपालमा वर्तमान राजनीतिक गतिविधि, सामाजिक परिपाटी, आर्थिक स्थिति एवम् सांस्कृतिक अवस्थाको परिप्रेक्ष्यमा सम्पूर्ण शासक एवम् प्रशासकहरू मेरो देश र मेरो राष्ट्र भन्ने भावनामा भन्दा पनि आ-आफ्नो व्यक्तिगत स्वार्थपूर्तिमा तल्लीन भई सम्पूर्ण देश अस्तव्यस्त भई जनताहरू अन्योलको वातावरणमा परिहेको तथ्यलाई आज कसैले पनि नकार्न सकिने अवस्था भएन । प्रजातान्त्रिक मूल्य र मान्यताको आधारभूत स्तम्भमा आज देशमा विद्यमान सामाजिक अन्याय एवम् भ्रष्टाचारको पराकाष्ठाले शान्तिक्षेत्र नेपालका सहनशील, धैर्यवान् एवम् सज्जन जनताहरू दुःखदायी दुर्घटनाबाट पीडित भएका छन् । यस परिस्थितिको सामना गरिरहनुपरेको नेपाली जनताहरूको हित, कल्याण, समृद्धिका लागि श्री ५ वीरेन्द्रबाट व्यक्त गरिबक्सेको उद्गार यस देशको समय, परिस्थिति एवम् वातावरणअनुरूप अत्यन्त सान्दर्भिक एवम् सराहनीय देखिएको तथ्यमाथि टीकाटिप्पणी भएको प्रष्ट रूपले अङ्कित गर्न सकिन्छ ।

●

नेपाल र नेपालीका गौरव : श्री ५ वीरेन्द्र

● *राजेशमान के.सी.*

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको आज (वि.सं. २०५९ साल पौष १४ गते) ५८ औं जन्मजयन्ती । मौसुफको शुभजन्म वि.सं. २००२ साल पौष १४ गते भएको थियो भने गद्दीआरोहण वि.सं. २०२८ साल माघ १७ गतेका दिन भएको थियो । मौसुफको ५८ औं जन्मजयन्तीको पवित्र अवसर पारी प्रकाशित हुने यस स्मृतिग्रन्थमा श्री ५ वीरेन्द्रको योगदान एवम् राजा र प्रजाबीचको अन्तरसम्बन्धका बारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

नेपालमा राजा र प्रजाबीचको सम्बन्ध नङ र मासु जत्तिकै गाढा रहेको छ, शरीर र आत्मा जत्तिकै अविच्छिन्न रहेको छ। त्यसैले राजाविनाको मुलुक हामी कल्पना पनि गर्न सक्तैनौं। नेपाली राजा राष्ट्रिय एकताका प्रतीक होइबक्सन्छ र राजमुकुटप्रति समस्त नेपाली जनताको अटल आस्था, विश्वास र भरोसा रहिआएको छ। यस यथार्थलाई नेपाल अधिराज्यको संविधान, २०४७ ले पनि आत्मसात् गरेको छ ।

यसरी राजसंस्थाप्रति नेपाली जनताको अटुट आस्था र विश्वास त्यत्तिकै गाँसिएको होइन। नेपालको एकीकरण, प्रजातान्त्रीकरण र आधुनिकीकरण जस्ता महान् कार्यक्रमहरूमा हाम्रा शाहवंशीय राजाहरूको जुन अतुलनीय योगदान रहिआएको छ, त्यस ऐतिहासिक तथ्यप्रति आज कुनै पनि नेपाली अनभिज्ञ छैनन् । बडामहाराज श्री ५ पृथ्वीनारायण शाहबाट सानासाना खण्डमा टुक्रिएर रहेका राज्यहरूलाई एक सूत्रमा गाँसी एउटा सिङ्गो राष्ट्रको निर्माण नगरेका भए आज हामीले नेपाली भनेर विश्वसामु गर्व गर्न पाउने थियौं वा थिएनौं, त्यो प्रत्येक नेपालीले आत्मविश्लेषण गर्नुपर्ने कुरा हो । राष्ट्रपिता श्री ५ त्रिभुवनबाट वि.सं. २००७ सालमा नेपाली जनतालाई १०४ वर्षे लामो एकतन्त्रीय जहानियाँ राणाशासनको पञ्जाबाट मुक्त पार्न आफ्नो राजगद्दीको समेत बाजी लगाइबक्सेको घटनाको इतिहास साक्षी छ । जनताको स्वतन्त्रता सङ्ग्राममा स्वयं राजाबाट नेतृत्व प्रदान गरिएको घटनालाई विश्वमै एक अनुपम उदाहरण मानिएको छ । त्यसैगरी श्री ५ महेन्द्र एक कुशल राजनेता हुनाका साथै कलाप्रेमी राजाका रूपमा पनि परिचित होइबक्सन्थ्यो । मौसुफबाट मुलुकको चौतर्फी विकासमा (खासगरी कला-संस्कृतिको विकास र विस्तारमा) पुऱ्याइबक्सेको योगदान एवम् विश्व- रङ्गमञ्चमा नेपाललाई चिनाउन निर्वाह गरिबक्सेको भूमिकालाई नेपालमा सबैजसो बुद्धिजीवी एवम् विद्वत्वर्गले अत्यन्त प्रशंसा गरेका छन् । नेपालमा पहिलोपटक योजनाबद्ध विकासको थालनी बाह्य सहयोगबिना आफ्नै मुलुकको प्रयासबाट पूर्व-पश्चिम राजमार्गको निर्माण, मुलुकमा साहित्य, संस्कृति र कला क्षेत्रको संस्थागत विकासका लागि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान जस्तो स्वायत्त निकायको स्थापना एवम् संयुक्त राष्ट्रसङ्घमा नेपालको सदस्यता जस्ता उल्लेखनीय कार्यहरू श्री ५ महेन्द्रकै शासनकालमा भएका हुन् । मौसुफ स्वयम् एक कुशल गीतकार एवम् कवि होइबक्सन्थ्यो । मौसुफबाट म.वि.वि.शाहको नामले रचिबक्सेको प्रेम र राष्ट्रियताको भावनाले ओतप्रोत काव्यात्मक रचनाहरू हामीले पढ्ने र सुन्ने अवसर पाएका छौं । मौसुफको वि.सं. २०२८ साल माघ १७ गते ५२ वर्षको उमेरमा मुटुको रोगबाट स्वर्गारोहण भयो ।

श्री ५ महेन्द्रको स्वर्गारोहणपछि बडामहाराज पृथ्वीनारायण शाहको एघारौं उत्तराधिकारीका रूपमा श्री ५ वीरेन्द्रबाट मुलुकको शासनभार सम्हालिबक्स्यो । मुलुकको शासनभार ग्रहण गरिबक्सेपछि मौसुफबाट पनि लोकसम्मति अनुरूप शासन सञ्चालन गर्ने आफ्ना पूर्वजहरूको शासनशैलीको अनुसरण गर्दै नेपाल र नेपाली जनताको भावना बुझिबक्सी समयसमयमा विभिन्न ऐतिहासिक कदमहरू चालिबक्सेको कुरा हामी सबैमा विदितै छ । चाहे त्यो २०३६ सालमा भएको जनमतसङ्ग्रहको घोषणा होस्, चाहे जनमतसङ्ग्रहको परिणाम पछिको घोषणा होस् अथवा २०४६ सालमा भएको बहुदलीय शासन व्यवस्थाको घोषणा । मौसुफबाट चालिबक्सेका यी सबै ऐतिहासिक कदमहरूमा नेपाली जनमतको इच्छा र आकांक्षा स्पष्ट रूपमा प्रतिबिम्बित रहेको हामी पाउँछौं । निश्चित रूपमा २०४६ सालको परिवर्तन जनआन्दोलनकै प्रतिफल थियो तर परिवर्तित विश्वसन्दर्भमा नेपाली जनताको राजनीतिक आकांक्षालाई हृदयङ्गम गरी मौसुफ सरकारबाट जुन साहसिक कदम चालिबक्स्यो, त्यसको प्रशंसा अन्तर्राष्ट्रिय जगत्मा समेत भएको छ । वास्तवमा शाहवंशीय राजाहरूको यिनै गौरवमय परम्पराले गर्दा नेपाली जनता मुलुकमा कुनै पनि राजनीतिक सङ्कटको स्थिति आइपर्दा राजाकै शरण पर्ने गर्दछन् । यो परम्परा हिजो थियो, आज छ र भोलि पनि रहनेछ । छयालीस सालकै परिवर्तनपछि पनि मुलुकमा यदाकदा राजनीतिक अन्यौलको स्थिति आइपर्दा राजनीतिक दलका वरिष्ठदेखि कनिष्ठसम्मका नेताहरू राजदरबारकै ढोका घच्घच्याउन पुगेको घटना हामीले प्रत्यक्ष अनुभूत गरेकै कुरा हो । श्री ५ वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान, २०४७ को अक्षरशः पालना गरी पूर्ण रूपमा संवैधानिक राजाको भूमिका निर्वाहमा समेत कुनै कसर बाँकी नराखिबक्सेको कुरा स्वयं राजनीतिक दलका नेताहरूले मुक्तकण्ठले प्रशंसा गरेका छन् ।



त्यसो त श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहबाट बक्सेको देनलाई राजनीतिक तहसम्म मात्र सीमित रहेर हेर्न मिल्दैन । मौसुफबाट चातुर्दिक् विकासद्वारा मुलुकलाई आधुनिकीकरणको दिशातर्फ अग्रसर तुल्याउन अथक प्रयत्न गरिबक्सेको थियो । मौसुफबाट राज्यरोहण भएको लगत्तैपछि वि.सं. २०२९ सालमा देशलाई चार विकास क्षेत्र र पछि वि.सं. २०३८ सालमा थप एकसमेत पाँच विकास क्षेत्रमा विभाजन गरी ती विकास क्षेत्रहरूको नियमित भ्रमणसमेत गरिबक्स्यो । मुलुकको कुनै पनि भागमा रहेका नेपाली जनताले सामाजिक न्यायको आधारमा समान रूपमा विकासको फल उपभोग गर्ने अवसर पाऊन् भन्ने नै भ्रमणको मुख्य अभिप्राय थियो । साथै श्री ५ वीरेन्द्रबाट शिक्षाको उज्यालो घामबाट कुनै पनि नेपाली बालबालिका वञ्चित हुन नपरोस् भन्ने सदाशय राखिबक्सी २०३१ साल फागुन १२ गते मौसुफको शुभराज्याभिषेकको अवसरमा प्राथमिक शिक्षासम्म निःशुल्क गर्ने घोषणासहित क्रमशः दस कक्षासम्म निःशुल्क गर्दै जान हुकुम बक्स भएको थियो । आजको युग विज्ञान र प्रविधिको युग हो र विज्ञान प्रविधिको समुचित विकासबिना कुनै पनि राष्ट्रको सर्वाङ्गीण विकास सम्भव हुन्न भन्ने महसुस गरिबक्सेर मौसुफबाट वि.सं. २०३९ साल मार्ग २० गते नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (रोनाष्ट) जस्तो छुट्टै निकायको गठन गरी सो को संरक्षकत्वसमेत ग्रहण गरिबक्सेको थियो । त्यसैगरी श्री ५ वीरेन्द्रबाट त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालयको कुलपतित्व एवम् नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको संरक्षकत्व ग्रहण गरिबक्सी प्रकृति, कला, संस्कृति र शिक्षाको संरक्षण र विकासमा उल्लेखनीय योगदान पुऱ्याइबक्सेको थियो ।

यसरी नेपाल र नेपाली जनताको बृहत्तर हितका लागि सदैव चिन्तनशील र प्रयत्नशील रहिबक्सने श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको वि.सं. २०५८ साल जेठ १९ गते शुक्रबार राति भएको अप्रत्याशित घटनामा परी अत्यन्त दुःखद एवम् पीडादायी ढङ्गबाट स्वर्गारोहण भयो । मौसुफको यति हृदयविदारक ढङ्गबाट स्वर्गारोहण होला भन्ने कसैले पनि सोचेका थिएनन् तर यथार्थ भनेको यथार्थ नै हुँदो रहेछ । मौसुफका साथमा श्री ५ बडामहारानी, श्री ५ दीपेन्द्र, श्री ५ अधिराजकुमार नीराजन, श्री ५ अधिराजकुमारी श्रुति एवम् राजपरिवारका अन्य केही आदरणीय सदस्यहरूको समेत उक्त दुर्घटनामा परी दुःखद स्वर्गारोहण भयो । मौसुफको भौतिक शरीर हामीमाझ विलीन भएर गएको आज डेढ वर्षभन्दा पनि बढी भइसकेको छ तर मौसुफ भौतिक रूपमा विलीन भएपनि मौसुफबाट नेपाली समाज, राष्ट्र र सिङ्गो विश्वका लागि पुऱ्याइबक्सेको देन विश्व रङ्गमञ्चमा कहिल्यै ननिभ्ने दियोका रूपमा प्रज्वलित भएर रहनेछ ।

रोनास्ट

●

श्री ५ वीरेन्द्रको सांस्कृतिक योगदान

● डा. रामदयाल राकेश

"हाम्रो विचारमा हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्दछ अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं। हाम्रो आफ्नोपन र हाम्रो विलक्षणताको चिनारी हाम्रो धर्मले दिइआएको छ।"

श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट उद्घोषित यो महावाणी धर्म तथा संस्कृतिको महत्त्व बुझ्नका लागि मूलमन्त्र भएको छ। मौसुफको धर्म र संस्कृतिप्रति असीम आस्था र अगाध विश्वासको प्रतीक हो उक्त वाणी। धर्म र संस्कृतिप्रति गहिरो आस्था अभिव्यक्त गरिबक्सने श्री ५ वीरेन्द्र वास्तवमा गौतम बुद्धपछिको अर्को वन्दनीय व्यक्तित्व होइबक्सन्थ्यो। एसियाका प्रकाश स्तम्भ र शान्तिका अग्रदूत बुद्धको शान्तिभूमि, ऋषिमुनिहरूको पुण्यभूमि, जगद्जननी जानकीको जन्मभूमि, देवाधिदेव महादेवको क्रीडाभूमि, विश्वविश्रुत अरनिकोको कलाभूमि, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको चार वर्ण छत्तीस जातको सुरक्षित बगैंचा, आदिकवि भानुभक्तको अलकापुरी, राजशिरोमणी जनकको मातृभूमि नेपाल एउटा वहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक देशको रूपमा विश्वमानचित्रमा आफ्नो अस्तित्व सदियौंदेखि सुरक्षित राख्दै आएको तथ्य अद्यापि सर्वविदित छ। हाम्रो देश नेपाल विभिन्न संस्कृतिको त सङ्गमस्थल नै हो। धार्मिक र सांस्कृतिक सहिष्णुता हाम्रो देशको मौलिक पहिचान नै हो भन्न सकिन्छ। विश्वको मानचित्रमा एकमात्र हिन्दू राष्ट्र भए तापनि यहाँ विभिन्न धर्म र संस्कृतिको समन्वय सहजै हेर्न सकिन्छ। यहाँ हिन्दू, बौद्ध, जैन, इस्लाम, इसाई, किरात, वहाई आर्य धर्मको बाहुल्य र वर्चस्व साह्रै सराहनीय र प्रशंसनीय छ भन्न सकिन्छ। यहाँ कहिले पनि विजातीय र विधर्मीय शासकले शासन गर्न सकेन। यहाँ धर्मको नाममा कहिले पनि रक्तपात नभएको इतिहास पाइन्छ।

नेपालको प्रामाणिक सांस्कृतिक इतिहासलाई पछ्याउने हो भने लिच्छविकालको गौरवशाली इतिहास भेटिन्छ। नेपालको ऐतिहासिक पृष्ठभूमि अत्यन्तै गौरवशाली, वैभवशाली र महिमाशाली रहँदै आएको कुरो सर्वविदित छ। हुन त यसभन्दा पूर्व गोपाल, अहिर र किराती वंशको वर्णन पाइन्छ। गोपाल राजवंशावलीमा त नेपालका सर्वप्रथम गोपालवंशीय राजा भूमिगुप्तको उल्लेख पाइन्छ। गोपालवंशीय राजापछि महिषपाल र किरात राजाहरूपछि सूर्यवंशीय लिच्छवि राजाको वर्णन गरिएको छ जसले नेपालमण्डलमाथि विजय प्राप्त गरेका थिए। यसरी नेपालको इतिहासको अध्ययन अन्वेषण र अनुसन्धान हुँदै गएपछि यस नेपालमण्डलमा लिच्छवि मल्ल र शाह आदि आर्यवंशका राजाहरूले राज्य गर्दै आइरहेको कुरा प्रमाणित हुँदै आएको छ। यसप्रकार इतिहासले नेपालमा राज्यसत्ता नै ऐतिहासिक, मौलिक र प्रामाणिक हो भन्ने कुरो स्पष्ट हुन आउँछ। यी राजवंशहरूले नेपालमा शासनमात्र गरेनन् अपितु नेपाली संस्कृतिको आधारशिला पनि स्थापित गरेको साबित हुन्छ। लिच्छविकालबाट नै नेपाली सांस्कृतिक सुरसरिता प्रवाहित हुँदै गएको प्रमाणित हुन्छ। राज्यसंस्थाबाट संयोजित नेपाली संस्कृतिको दिनानुदिन विकास हुँदै गएको छ। राजमुकुटलाई राष्ट्रिय संस्कृतिको सम्वाहक मान्न सकिन्छ। राजमुकुट नै राष्ट्रिय संस्कृतिको केन्द्रबिन्दु हो। नेपालको

संविधानसमेतले श्री ५ लाई विशिष्ट स्थान दिँदै आएको लामो परम्परा हाम्रो अगाडि छँदै छ । नेपाल अधिराज्यको भू-राजनीतिक स्थिति, धार्मिक मान्यता, सांस्कृतिक परम्परा, सामाजिक ढाँचा, ऐतिहासिक पृष्ठभूमि र लोकप्रियताको आधारमा राजसंस्थालाई संस्कृतिको संरक्षक मान्नुलाई अतिशयोक्ति भन्न मिल्दैन । नेपाली संस्कृतिका असीम प्रेमी श्री ५ वीरेन्द्रको संस्कृतिसम्बन्धी महावाणी कति सराहनीय र प्रसंशनीय तथा सान्दर्भिक छ हेरौं । "यस देशको माटोमा हाम्रो सभ्यता र संस्कृतिलाई फलाईफुलाई युग-युगसम्म स्वतन्त्र रूपले बाँच्न सकौं ।" नेपालको प्राचीन संस्कृतिको प्रतीकका रूपमा अवस्थित देशका असंख्य मठ-मन्दिर, विहार, चैत्य, गुम्बा, सांस्कृतिक स्थलहरू, राजप्रासादहरू, आदि प्राचीन सम्पदालाई राजसंस्थाबाट संरक्षण र संवर्द्धन हुँदै आएको कुरो सर्वविदित छ । राष्ट्रिय सङ्ग्रहालय, मुद्रासङ्ग्रहालय, चित्रसङ्ग्रहालय र कलासङ्ग्रहालय आदिको स्थापना र त्यसको समुचित सञ्चार र सुव्यवस्थाका लागि समयसमयमा निर्देशन बक्सेर नेपाली संस्कृतिमा असीम अभिरुचि अभिव्यक्त गरिबक्सनु मौसुफको सहृदयता भन्न सकिन्छ । श्री ५ वीरेन्द्र समन्वयात्मक संस्कृतिका प्रबल र असल संरक्षक होइबक्सन्थ्यो ।

संस्कृतिप्रेमी श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकको सुअवसरमा मौसुफको सांस्कृतिक अभिरुचिअनुरूप नेपालका धेरै मठ-मन्दिरहरू, पाटीपौवाहरू र गुम्बाहरूको जीर्णोद्धार भएको ज्वलन्त उदाहरण आँखाअगाडि छन् । यस सत्प्रयासबाट एकातिर कलात्मक सम्पदाहरूको संरक्षण हुनगयो भने अर्कातिर प्रस्तर, धातु र काष्ठकलाले पुनः कायापलट गर्ने अवसर पाए । पाटन औद्योगिक क्षेत्रभित्र काष्ठकला र धातुकला उद्योगहरू स्थापनामा मौसुफबाट पहल भयो । यी कलाहरूले आज विश्वबजारमा प्रवेश पाएको छ र देशलाई विदेशी मुद्रा आर्जन गर्नमा अभिवृद्धि भइरहेको छ । हाम्रो राष्ट्रिय सम्पदाको रूपमा रहेका अनुपम र अतुलनीय कलाको संरक्षणतर्फ मौसुफको गहिरो अभिरुचि थियो । फलतः मौसुफबाट यस्तो महावाणी निस्क्यो- "नयाँ मन्दिरहरूको निर्माण गर्नुभन्दा परापूर्वकालदेखि पुजिँदै आएका हाम्रा देवस्थलहरू बनाई हाम्रो आभ्यन्तरिक दैवीभाव र भक्तिको बाहिरी रूप सुहाउँदो किसिमको सम्भार गरी राख्नु हाम्रो आजको कर्तव्य हो ।"

श्री ५ वीरेन्द्रको संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले भाषा, साहित्य, कला, संस्कृति र ज्ञान-विज्ञानको क्षेत्रमा अभूतपूर्व प्रगति गर्दै आएको उदाहरण हामीहरूसमक्ष छ । विभिन्न क्षेत्रमा अनुसन्धान र अन्वेषणका लागि विद्वत्वृत्तिको व्यवस्था र देश, विदेशका विद्वान् र विदुषीहरूका सर्वोत्कृष्ट रचनात्मक कृतिहरूका लागि पुरस्कार र सम्मानको व्यवस्था गरिएको छ । यस प्रतिष्ठानबाट प्रदान गरिने महत्त्वपूर्ण पुरस्कारहरूमध्येबाट पृथ्वी प्रज्ञापुरस्कार, महेन्द्र प्रज्ञापुरस्कार, इन्द्रराज्यलक्ष्मी प्रज्ञापुरस्कार र वीरेन्द्र प्रज्ञालङ्कार आदि हुन् । ने.रा.प्र.प्र. को उत्तरोत्तर प्रगतिका लागि मौसुफबाट बक्स भएको १५ सूत्रीय निर्देशनमा हुकुम भएको- "प्रज्ञाको हरेक विषयमा शिक्षाक्षेत्रमा समेत समन्वय राखी उच्चस्तरका कृति र रचनाहरू सकेसम्म बढी संख्यामा प्रकाशित गरी प्रज्ञाको क्षेत्रमा प्रज्ञाप्रतिष्ठान एक सर्वोत्तम संस्था हो भन्ने कुरा कामैले प्रमाणित गर्न अविरल प्रयास गर्ने" अनुसार आज पनि नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान मौसुफको आकांक्षा र अभिलाषाअनुसार सृजनात्मक लेखन र अनुसन्धान कार्यमा अग्रसर भएर काम गर्दै आएको छ ।

नेपाल सांस्कृतिक संस्थानको माध्यमबाट सांस्कृतिक गतिविधिहरू र कार्यक्रमहरू विभिन्न समयमा सम्पादन भइराखेका छन् । नेपाली सभ्यता र संस्कृतिका अमूल्य निधिहरूलाई संरक्षण र संवर्द्धन गर्नका लागि पुरातत्त्व विभाग, गुठीसंस्थान र राष्ट्रिय सङ्ग्रहालयको भूमिका सराहनीय छ । मौसुफ सरकारको विवाहोत्सवको उपलक्ष्यमा ललितपुर दरबारको एक लङमा धातुकला सङ्ग्रहालय पनि खोलियो । मौसुफबाट हाम्रो सांस्कृतिक परम्परालाई जीवन्त बनाई राख्नका लागि मुख्य चाडपर्व र जात्राहरूमा स्वयम् सवारी भई प्रत्यक्ष रूपमा अवलोकन गरिबक्सी धर्मप्रिय मानिसहरूलाई प्रेरणा र प्रोत्साहन बक्स भएका अनेकानेक उदाहरणहरू छन् ।

हामीहरू विभिन्न भाषा, धर्म, जात, जाति र संस्कृतिमा विभाजित नभई चार वर्ण छत्तीस जातिहरूको एउटै सिङ्गो सुगन्धित फूलबारी भई बस्नका लागि मौसुफको सदिच्छा सराहनीय भन्न सकिन्छ । साम्प्रदायिक सद्भाव र धार्मिक सहिष्णुतामा श्री ५ वीरेन्द्रको योगदान प्रशंसनीय भन्न सकिन्छ । प्राचीनकालदेखिनै हाम्रो हिन्दू परम्परामा धार्मिक आस्था र विश्वासका साथ शान्तिपूर्ण जीवन व्यतीत गर्नु एउटा उद्देश्यको रूपमा रहँदै आएको छ । कुनै पनि धर्म हत्या र हिंसालाई प्रश्रय र प्रोत्साहन दिदैन । यसबाट व्यक्ति दृढसंकल्पित भएर, संयमित भएर आफ्नो विकासप्रक्रियालाई अग्रसारित गर्छ । यो मानवीय विकासमा बाधा, व्यवधान र अड्चन ल्याउँदैन, बरु यसबाट मानवीय विकासको मार्ग प्रशस्त हुन्छ । यसबाट मानवीय सम्वेदना जस्तो प्रेम, स्नेह, करुणा, दया र माया पलाउँछ । मानव दानवीय दुर्गुणबाट धेरैधेरै टाढा बस्छ । हामी नेपालीहरू धर्मपरायण प्राणी उषाकालदेखि नै छौं । हामी सृष्टिको शुरुदेखि शान्तिप्रिय प्राणी छौं । हाम्रो धर्मले हामीलाई सम्वेदनशील र भावुक बनाउँदै आएको छ । हामी अन्धविश्वासमा कहिले पनि विश्वास गर्दैनौं । धार्मिक आस्थाले गर्दा आशावादी छौं, आस्थावादी

छौं । धर्मका प्रति मौसुफको महावाणी यसरी अग्रसारित भएको हामी पाउँछौं-

"सच्चा धर्म विश्वासको बाधक होइन साधक हो । हामीले आधुनिकताको लक्ष्यतिर अगाडि बढ्दा नेपालीले आफ्नोपनबाट कतै बाटो नभुली आफ्नो परम्पराको महान् आदर्श र नेपाली आत्मालाई दह्रो पार्दै अग्रसर हुनुपर्दछ ।"

हामी नेपालीहरू धर्मको आदर्शमय बाटोमा हिडेपछि आफ्नो गन्तव्यस्थानमा पुग्न सक्दछौं भन्ने कुरामा विश्वस्त हुन सक्दछौं । यसै परिप्रेक्ष्यमा मौसुफबाट अगाडि हुकुम भएको छ- "नेपाली जनताले धर्मको माध्यमबाट मनुष्यहरूलाई दया र सहानुभूतिको भावनाका साथै सामाजिक सामञ्जस्य र सहअस्तित्वको बोध गराएर शान्ति हासिल गर्ने प्रयास गरेका छन् ।"

मौसुफको राज्यकालमा विश्वहिन्दू सम्मेलन, विश्वबौद्ध सम्मेलनजस्ता बृहत् सम्मेलनहरू धेरै चोटि भए किनभने 'जीवनको अर्थ र लक्ष्यबोध गराउने माध्यमका' रूपमा ती आयोजित भएका थिए । 'श्री ५ वीरेन्द्रले धर्मबिना संस्कृति र संस्कृतिबिना सभ्यता जीवित रहन नसक्ने तथ्यलाई हृदयङ्गम गरी नेपाली धर्म, संस्कृति, भाषा, साहित्य, कला र ज्ञानविज्ञानको क्षेत्रमा संरक्षण र विकास गरिबक्सियो ।

कला संस्कृतिको मूर्तरूप हो । कुनै पनि देशको कलासंस्कृतिको विकासमा राज्य र राज्यप्रमुखको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालको इतिहासमा सबै कालका राजाहरूले कला र संस्कृतिको विकासमा यथोचित योगदान गर्दैआएको कुरा भनिराख्नु पर्दैन । यस अर्थ र सन्दर्भमा श्री ५ वीरेन्द्रबाट पनि यसको सर्वाङ्गीण विकासमा सराहनीय भूमिका खेलिबक्सेका थुप्रै उदाहरणहरू छन् । श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव वीरेन्द्र शाहको नाउँमा कला कोरिबक्सन्थ्यो । मौसुफ स्वयम् कलाकार र कलापारखी होइबक्सन्थ्यो । फलस्वरूप श्री ५ वीरेन्द्र युवराज छँदै आधुनिक र परम्परागत कलाको समुचित विकासका लागि आफ्नो अध्यक्षतामा २०२२ सालमा 'नेपाल ललितकला संस्था' नाफाको स्थापना गरिबक्सियो । यो संस्था स्थापना हुनासाथ देशमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न स्तरका कला -प्रदर्शनीहरू आयोजना हुन थाल्यो र यो क्रम अद्यापि जारी छ । कलाक्षेत्रको क्षिप्रगतिमा विकास र विस्तार हुँदै गएको छ । मौसुफ रेखाचित्र (Quick sketch) मा पारङ्गत होइबक्सन्थ्यो । मौसुफद्वारा कोरिएका 'मोती र झर्ना' कलाकृतिहरू धेरै प्रशंसनीय र प्रसिद्ध मानिन्छन् । अतः मौसुफको सांस्कृतिक योगदान धेरै महत्त्वपूर्ण ठानिएको छ ।

●

राजा वीरेन्द्र : एक संस्मरण

• ऋषिप्रसाद थानी

श्री ५ वीरेन्द्र नेपालको भाग्यनिर्माता अरू कोही होइन, हामी नेपाली नै हौं जस्ता हजारौं महान् वाणीहरू धर्तीलाई उपहार दिई हरघडी धर्ती, प्रीति र कीर्तिका लागि एवं विकासनिर्माण र शान्तिका लागि तल्लीन व्यक्तित्वका धनी होइबक्सेको प्रमाणित हुन्छ। मौसुफले समयसमयमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सभासम्मेलन, गोष्ठीहरू र पर्वहरूमा दिइबक्सेका उद्‌गारहरूले मौसुफ केवल नेपाल र नेपाली नभई क्षेत्रीय र अन्तर्राष्ट्रिय एवं विश्वव्यापीस्तरका महान् मानवीय परिवर्तनका समेत प्रवर्तक भइबक्सेको तथ्य कहीं कतै कसैबाट लुकेको छैन।

योग्य पिताका सुयोग्य पुत्रको रूपमा स्वदेश तथा विदेशबाट शिक्षा प्राप्त गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय एवम् विश्वराजनीतिका ज्ञाता राजा वीरेन्द्रमा राजनीतिशास्त्रको गहन अध्ययन, मनन, चिन्तन एवम् प्रयोग थियो। त्यसअनुसार मौसुफले राज्यारोहणपछि शुभराज्याभिषेकको अवसर पारी नेपाललाई शान्तिक्षेत्रको प्रस्ताव राख्दा विश्वका एक सय सोह्र मुलुकले सोको समर्थन जनाएका थिए। विश्वका विभिन्न राजनीतिक, आर्थिक, शैक्षिक, धार्मिक, सामाजिक, औद्योगिक, व्यापारिक सङ्गठनहरूद्वारा क्षेत्रीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अवधारणा परिपूर्ण भएको र दक्षिण एसियामा समेत यसको आवश्यकताका प्रयोगकर्ताहरूमध्ये मौसुफ सरकारको महत्त्वपूर्ण योगदान थियो।

देश र देशवासीहरूको हितका लागि विकास नभई नहुने विषय हो र विकासबिना शान्ति र शान्तिबिना विकास सम्भव छैन भनी आफ्नोअडान लिने राजा श्री ५ वीरेन्द्रबाट देशको सन्तुलित विकासका लागि देशलाई पाँच विकासक्षेत्रमा विभाजित गरी आफैँ ती क्षेत्रहरूमा सवारी भई जनताको मनोभावना बुझ्रेर विकासलाई अग्रगति दिने काम भएको छ। जुन आयामले युगौंदेखि गरिबी, पछौटेपन, रोग, भोग र अशिक्षाको अन्यौलमा जकडिएका पाखापखेरा, खोलाखोल्सा, गाउँठाउँ र कन्दराहरूले पनि बुझ्ने अवसर पाउन सफल भएका छन्। जनताको चाहनाअनुसार शासन गर्ने शाहवंशीय परम्पराका महान् अनुयायी श्री ५ महाराजाधिराज वीरेन्द्रबाट जनमतसङ्ग्रह गराइबक्सनु एवं बहुदलीय शासन व्यवस्थालाई अग्रगति दिई संवैधानिक राजतन्त्रको शुरुवात गरी जनतालाई सार्वभौमसत्तासम्पन्न नेपाली नागरिकको अधिकार दिनु मौसुफको अगाध जनप्रेम, राष्ट्रप्रेम र विकासनिर्माण एवं ज्ञान-विज्ञान र प्रविधिप्रतिको तथा धर्मकर्म र प्रतिष्ठाको पहिचानका रूपमा स्वीकार गर्न सकिन्छ। मौसुफले सबै जनतालाई समानस्तरमा ल्याई सबैको सहभागिताबाट सहअस्तित्वको विकास गरी देशलाई विकसित मुलुकहरूको तुलनामा पुऱ्याउनका लागि "A World of its own" को नारालाई पनि सर्वव्यापक बनाइबक्सेको कुरा कहीं कतै कसैबाट लुकेको छैन।

स्मरणीय छ- राजाको महान् चाहनालाई परिपूर्ण बनाउनका लागि सबै राजनीतिक पदमा आसीन एवम् राष्ट्रको ढुकुटीबाट जीवननिर्वाह गर्ने राष्ट्रसेवकहरूबाट पनि त्यति नै तल्लीनता एवम् इमान्दारीता, सही सल्लाह, सुझाव र सहयोगको आवश्यकता पर्ने कुरा कसैबाट लुकेको छैन। यसै गरी उद्योगपति, व्यापारी, किसान, मजदूर, विद्वान्, बुद्धिजीवी र सर्वसाधारण जनताको समेत

सरसल्लाह र सहयोगको अपेक्षा हुन्छ । राष्ट्रले र यी सबै राष्ट्रिय परिवारहरूले उचित काम गरेमा राष्ट्रको उत्थान हुने र यी तत्त्वहरूमा शिथिलता र लोभ पलाइदिएमा राष्ट्र डुब्छ । उदाहरणका लागि जापानका राजा हिरोहितोको 'जापानको प्रत्येक जन : जापानको अमूल्य धन' भन्ने महान् वाणीलाई जापानीहरूले व्यावहारिक रूपमा अङ्गीकार गरेकै कारण आज जापान राजाकै नेतृत्वमा विश्वका विकसित मुलुकहरूमा अग्रणीहरूमध्ये एक बन्न पुगेको छ ।

राजा वीरेन्द्र ईश्वर होइन, परमेश्वर होइबक्सन्थ्यो । मौसुफले नेपालीको हितका लागि नेपालीहरूमा जिम्मेवारी दिई आफू तटस्थ रहिबक्सेकै अवस्थामा नेपालको अखण्ड अविभाज्य अजर, अमर, अविरल शान्ति सुव्यवस्था अमनचयनलाई समेत चुनौती आउन थाले । यही भुमरीको फलस्वरूप हो, वा दैवको इच्छै यस्तै हो स्वर्गवासी श्री ५ वीरेन्द्र सरकारको सपरिवार दुःखद राजदरबारकाण्डमा शारीरिक इतिश्री हुन पुग्यो । यो नेपालीका लागि ज्यादै ठूलो आघात हो ।

उत्तरगङ्गा १, सुर्खेत
२०५९।८।८।१

श्री ५ वीरेन्द्र र तीर्थस्थल

• *लक्ष्मीप्रसाद रिजाल*

पूर्वजन्मको कर्मअनुसार मानिसले यस पृथ्वीमा पार्थिव शरीर लिएर जन्मिएका हुन्छन् । श्री ५ वीरेन्द्र सरकार देवता भएर वैकुण्ठको परमपद प्राप्ति गर्नुपर्नेमा कर्मको क्षेत्रमा लाग्दा नजरसम्ममा आएको प्रकाशमा तलमाथि हुन गएकाले राजाको प्रतिनिधित्व गर्ने पार्थिव शरीर लिएर जन्मिबक्सियो । २००२ साल पौष १४ गते नेपाललाई आफ्नो कर्मभूमि बनाई गर्नुपर्ने सम्पूर्ण कर्तव्य पूरा गरी २०२८ साल माघ १७ गते नेपाल अधिराज्यको राजगद्दीमा आरोहण गरी विश्वका हिन्दूमा एक मात्र हिन्दू राजा होइबक्स्यो । मौसुफ सरकारले देशमा बिग्रँदै गएका धार्मिक क्रियाकलाप र विधिव्यवहारमा विज्ञानसम्मत भएका यथार्थतालाई जोगाएर पैतृक सम्पत्तिमात्र होइन मद्रिशाको धरोहरलाई अजरअमर बनाउनु पर्दछ भन्ने कुराको सोच हनुमानढोकाभित्रकै यथार्थतामा डुबेर अठोट गरिबक्सिएको भाषण र विचारहरूबाट प्रष्ट हुन्छ ।

इतिहासमा उल्लेख भएअनुसार नेपालको शाहवंश धर्मको आधारमा ईश्वरको देन अनुसार चल्दै आएको कुरालाई हामीले बिल्कुलै भुल्नुहुँदैन । जनभावना र जनताको सहयोगले राजकुमार द्रव्य शाहलाई गोरखाको राजा तुल्याएको कुराले पनि नेपालले हरेक ११।१२ पुस्ता पछिका लागि समयदेखिनै विचार गरेर भूमिका खेल्दै र कार्य चलाउँदै जानुपर्ने देखिन्छ । ब्रह्माण्डबाट आएको तत्त्वमा ईश्वरीय खेललाई विचार गरी सिद्धान्त अनुसार सिर्जनाको बाटो पैल्याउन सकेमा नेपालीको आशाको केन्द्रबिन्दु अकण्टक हुने कुराको सङ्केत मिल्दै आएको छ । द्रव्य शाहदेखि पृथ्वीनारायणसम्म ११ पुस्ताको शासनपछि पृथ्वीनारायण शाहलाई गोरखनाथले मलाई दही खान मन लाग्यो आमासँग मागेर ल्याऊ भनी ल्याएको दही खाएर लौ तिमी खाऊ हात थाप भनी दुई हात थाप्न लगाई अञ्जुलीमा वमन गरी दिँदा पृथ्वीनारायण शाहले घिनाई हात झिक्दा त्यो दही पाउमा परेकाले खाएको भए बोलेका कुरा पूरा हुन्थ्यो अब पाउमा परेकाले तिमीले टेकेको ठाउँजतिको राजा हुनेछौ र ११ पुस्तालाई तिम्रो राज्य अकण्टक होस् भनी वरदान दिएर अलप भएको कुरा कैयौं वर्षअघिकै इतिहासले प्रष्ट गरिसकेको छ ।

यस देशलाई जनताको इच्छाअनुसार समेट्दै जाने क्रममा बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहले भ्रमण गरिबक्सियो । त्यसपछि श्री ५ महेन्द्रवीरविक्रम शाहले भ्रमण गरिबक्सेको छ । श्री ५ वीरेन्द्रवीरविक्रम शाहले ११ पुस्ते परम्परालाई आफ्नो जिम्मेवारीमा आएको दायित्वलाई भुलिबक्सेको थिएन भन्ने कुरा श्री ५ हरू मध्येमा सबैभन्दा वढी तीर्थको भ्रमण गर्ने राजाको क्रम कायम गरेको र गोरखकाली, गोरखनाथलगायत नेपाली अधिराज्यका देवीदेवताको दर्शन र पुकारबाट अर्को क्रमलाई जसरी पृथ्वीनारायण शाहले कायम राखिबक्सियो त्यसै गरी कायम राखेर नेपाली मात्रको संरक्षण गरेकोबाट प्रष्ट हुनेनै छ । यदि मौसुफ सरकारबाट समयमा नै आध्यात्मिक भूमिका नखेलिबक्सेको हो र जिल्ला- जिल्लाको कुनाकुनाका तीर्थस्थल (मठ मन्दिर गुम्बा, स्तुप, गुफा, चौतारी, नदी, पीठ, क्षेत्र आदि) को भ्रमण पूजाआजा र दर्शन नगरी बक्सेको भए नेपालीहरू १५।२० वर्ष अगाडि नै बाटो बिराएर भौतारिने थिए ।

मौसुफ सरकारहरूबाट दर्शन, पूजाआजा गरेका तीर्थस्थलहरूको एकएक नाम दिएर व्याख्या र विवरण प्रस्तुत गर्न चाहन्न तर मौसुफहरूले देशदर्शनका क्रममा नेपालमा देखिएको गरिबी, अशिक्षा, रोगव्याधि आदिलाई आफ्नो जिम्मा लिएर अगाडि बढ्दा पनि नेपाली युवायुवतीमा चारित्रिक विशृङ्खलता आउला र देशमा अनावश्यक अशान्ति मच्चिएला भन्ने धारणालाई लिएर हरेक ठाउँमा आफू पुग्दा स्थानीय संरक्षक र राष्ट्रिय रूपले संरक्षक बनेर बसेको देखी देवताका साथै कुण्ड आदिको दर्शन गरेर अन्तर्राष्ट्रिय भएका मन्दिर, गुम्बा, कुण्ड र जन्मस्थलहरूमा पूजाआजाको साथै चिन्तन, मनन र युवाशक्तिबाट अध्यात्मभावनामा सिर्जना गरिदै आएको नकारात्मक भावनालाई बिस्तारै बिस्तारै गरेर पूरै रूपले मेटाइबक्सेको व्यहोरा, खानै नपाउने हालतमा पुगेका नेपालीहरूको धैर्यले प्रष्ट पारेको व्यहोरा यो पाँच सातवर्षको भूमिकाले प्रष्ट पारेको छ । जब मौसुफ सरकारले त्यस्ता मार्गहरूलाई प्रभावकारिता प्रदान गर्न सकिबक्सेन तब देशको उर्लंदो युवाजोश र जाँगरलाई अर्कै समूहले देश र जनताको विरुद्धमा प्रयोग गरेर वैकुण्ठ बराबरको शिवभूमिलाई दयनीय अवस्थामा पुऱ्याएर छाडेकोबाट प्रष्ट हुन्छ ।



श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकारले जति तीर्थयात्रा गरिबक्सियो त्यो सबै नेपाली जनसाधारणको भलाइ र नेपालको भलाइका लागि गरिबक्सेको सम्बन्धमा इतिहासले दीर्घकालीन इतिहासकै लागि अनुसन्धान गरेर यथार्थ विवरण तयार पार्नु पर्छ । आजको भौतिकताबाट दिग्दार भएर अध्यात्मतिर लागेका मानिसका लागि कति उपयोगी छ भन्नेतर्फ लानु पर्दछ । नेपालका सम्पूर्ण तीर्थस्थलहरू नेपाल र नेपालीको मात्र होइन विश्वको जीवन्त इतिहास हो । कताकता केही व्यक्तिगत स्वार्थ प्रयोग भएका बाहेक अरू सम्पूर्ण क्रम र क्रियाकलापका साथ निर्माण समेत प्रकृतिसम्मत तरिकाले सबैको दैनिक जीवनका लागि अत्यधिक आनन्द प्राप्त गर्ने स्रोतका रूपमा रहेको छ । यस्तो विषय हो कि होइन भन्ने यकीन गर्नका लागि राम्रोसँग चिन्तन, मनन गरेरै निर्णय लिनुपर्दछ । आफ्नो हातको तत्त्व र हृदयको ईश्वरको स्रोतलाई अलग्याएर अगाडि बढेर बहादुरी कमाउनु आकाशको बादलजस्तो हुनु हो । आकाशको बादल एक क्षण हावा आए पनि समाप्त हुन्छ र वर्षा भए पनि अस्तित्वविहीन भएर फेरि प्राकृतिक रूपले समुद्रबाट उँभो नलागेसम्म कुनै झझल्को नै हुँदैन ।

जसले विषयवस्तुको यथार्थ चिन्तन, मनन र अध्ययन गरेको छ त्यसले यस विषयको मर्मसमेत जानेको र बुझेको हुन्छ । त्यस्तै युवराजाधिराज हुँदैमा श्री ५ वीरेन्द्रले इतिहासविद् इतिहासशिरोमणिहरूबाट यर्थाथता, इतिहासको सङ्कलन र सञ्चरण गर्ने कार्यमा संरक्षक श्री ५ महेन्द्रद्वारा युवराजाधिराजलाई अध्यक्ष बनाएर ठूलो योगको जिम्मेवारी सुम्पिएको विषयले नेपालमा ठूलो उपलब्धि प्राप्त भएको छ । यदि मौसुफ सरकारले श्री ५ वीरेन्द्रलाई योग गर्न माला र एक कुना बक्सेको भए त्यो कुरै नबुझेको एक पट्यार लाग्दो ब्रह्मप्राप्त हुने उपाय भए पनि समयअनुकूल हुने थिएन तर इतिहासको उतार, इतिहासको अध्ययन र इतिहासको सृजनाको रूपले आएको चिन्तन, मनन, अध्ययन र अवलोकनले गर्दा त्यो विषयले स्वर्गवासी सरकारको मनमा कस्तो तपस्या हुनपुग्यो भने सम्पूर्ण क्षेत्रलाई सँगालेर प्रमाण भएको र ज्वलन्ततालाई मात्रै कर्मक्षेत्रमा ल्याई अनुमानित र किंवदन्तीलाई प्रमाणले घेर्न नसकेकालाई समावेश नगर्ने निरुपणमा सबैलाई पुऱ्याएर ज्वलन्त प्रकाशलाई मात्रै उजागर गरिबक्सियो । त्यस्तो अध्ययनको अध्यक्षताकार्य सरकारको हृदयमा कस्तो योग बन्न पुग्यो भने त्यसले सरकारलाई सूर्यको किरण बराबरको कार्यको उपलब्धि प्राप्त भयो । केवल बिहानदेखि बेलुकासम्मको क्रियाकलापको आफ्नैआफ्नै अध्ययनले मात्रै त मानिसमा दैवी ज्योति प्रकट हुन थाल्दछ भने सरकारको यथार्थ प्रमाणको चिन्तन, मनन र अध्ययन निरुपणले पूर्ण ज्ञान भरियो । त्यसैले २०२८ माघ १७ गते देखि २०५८ जेष्ठ १९ गतेसम्म सरकारले कुनै पनि मानिसलाई कडा आदेश नदिई, विषयवस्तुलाई उसको हृदयभित्र अध्ययनका लागि मात्र सुझाव गरिबक्सियो ।

कर्म नै धर्म हो भन्ने कुरालाई विभिन्न तरिकाले बङ्ग्याउने होच्याउने आदिआदि गरेर झण्डै २००५।६ सालदेखि नै कर्म छुट्टै हो र धर्म छुट्टै हो भन्ने भावनाले विजय प्राप्त गर्दै आएको थियो र धर्मकार्यलाई बिलकुल परम्परागत अन्ध विश्वासको ढोङ हो भन्ने पार्दै ल्याएका थिए । त्यस स्थितिबाट विकृतितिर लागेका युवाशक्तिलाई स्वयम् हामी आँफै पनि बिग्रिई भविष्यलाई सुधार गर्दै जानु नै अर्को ठूलो योग हो । जस्ता बाबुको त्यस्तै छोरा । श्री

५ वीरेन्द्रवीरविक्रम शाहले आफू राजा भएपछि पहिले आफूले कर्मक्षेत्रलाई योगको रूपमा हृदयमा जमाइबक्सेर देश र सर्वसाधारण जनताको भलाइका लागि मात्र लगाउने उद्देश्यले सञ्चालन गरिबक्सेको क्षेत्रीय भ्रमणको क्रमलाई केहीतर्फ फिँजाइबक्सेर सबै भन्दा विकृतिहरू आएको क्षेत्र धर्मक्षेत्रलाई बढी जोड दिई बक्सेर सम्पूर्ण तीर्थस्थलहरूको स्वयम् आँफै गई त्यस स्थलका देवीदेवताको परम्पराअनुसार र विधिअनुसार पूजाअर्चना गरेर धर्म केही पनि होइन केवल अन्धविश्वाश मात्र हो भन्नेलाई पूजाआजाका लागि अनिवार्य रूपले जागृत हुनुपर्ने स्थिति नैतिक रूपले सिर्जना गरी अधिराज्यभरका नेपालीलाई जागृत गराई प्रेरणा बक्सियो । अति सरल किसिमबाट तीर्थहरूको दर्शन गरी नेपालीको बिग्रन गएको पूर्वभावनालाई विज्ञानको तरिकाले समस्याहरू प्रस्तुत गरी उत्तर आँफैलाई आँफैले दिएर आँफैले आत्मसन्तुष्टि लिने क्रमको थालनी गरेर सबै नेपालीलाई नेपाल शान्तसँग बस्न र बाँच्नका लागि विश्वको आत्मामा पनि शान्तिकै प्रभाव छोडिबक्स्यो ।

सरकारले नेपालमा बसेदेखि नै पूर्व मेचीदेखि पश्चिम महाकालीसम्ममा उत्तर दक्षिण समेतको यथार्थतामा घुलमिल गर्न पाएका कारणले गरिबी, अशिक्षा र भोकमरीले सताएका नेपालीलाई शान्तिपूर्वक खुवाउने, पियाउने र शिक्षा दिने काम मेरो आफ्नो काँधमा छ भनेर जिम्मा लिने राजाले सोझा र अल्छी नेपालीलाई कसरी सुमार्गमा ल्याएर हिडाउने भन्ने चिन्तालाई सहनशीलताका साथ कार्यमा लगाउनका लागि हरेक तीर्थस्थलमा समस्या समाधान गर्न सक्ने उपाय र समस्यामात्र राखेर स्वतन्त्र विचारमा मन्थन मात्रै गराइबक्सियो । त्यसैले गर्दा सरकारबाट यसमा यसो गर्नु भनी बुझ्दै नबुझी दिएको आदेश पालना गर्न लाग्दा विचार पुग्न नसकी धेरै नोक्सानी हुन सक्ने हुँदा स्वयम् सर्वसाधारणले तत्पर गरेका कार्यहरू कार्यान्वयन हुँदै जाँदा देशमा कार्यक्रमको थालनी अति विस्तारसँग हुन थाल्यो । राजाको हैसियत निकालेर कुनै पनि जनताको माझको कामलाई यसरी यतिबेला सम्पन्न गरिसकेर नतिजा जाहेर गर्नु भनी जनताको इच्छाविरुद्ध गरेर वा जनताका भावनामा बाध्यताको ठक्कर राख्ने गरी अगाडि बढाइबक्सेन । यस्तो विस्तारनै पहिले जनतालाई जनताद्वारा नै सिपालु र विज्ञ बनाउने उद्देश्य हो ।

कोतपर्व यता १०४ वर्ष दबेर बसे वा दबाइयो । त्यसपछि १९९७ वि.सं. देखि नेपालमा स्वीकृतिको लागि खेलेको भूमिकामा धार्मिक र नैतिक क्षेत्रमा कस्तो विकृति आयो भने धार्मिक कार्यमा तीर्थस्थलहरूमा जाने व्यवहार गर्ने र संरक्षण गर्ने कार्य र आ-आफ्नो शुद्ध जात र थर बताउने कार्यमा कस्तो विकृति आयो भने त्यस विकृतिलाई हटाउने उद्देश्यले श्री ५ महेन्द्रवीरविक्रम शाह सरकारले चाहिबक्सेअनुरूप त्यसबेलाका श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवले नेपालको यथार्थ इतिहास, वंशावली, पुराण, उपनिषद्, नेपालमहात्म्य आदिलाई गुरु मानी त्यसबाट उब्जिएका नेपालसम्मत कार्यलाई कर्मयोग मानेर अगाडि बढाइबक्सेकाले शर्मा, उपाध्याय, सिंह, परियार, थापा आदिआदिबाट यथार्थतामा परिणत हुँदै हुँदै आएर जनगणना २०५८मा झण्डै १२।१५ जाति थपिएका र अर्को विकृतितिर धकेलेर आकाश जस्तो हिन्दू धर्ममा रहेको बौद्धधर्मलाई अर्को आकाश बनाउने संकीर्ण प्रयासले गर्दा घटाकाशमा परिणत गरी स्वयं जिल्लिन पुगेका छन् । बौद्ध, जैन, किराती, वैष्णव आदि धर्मले आकाशलाई छाडेर आफ्नै आकाश सिर्जना गर्न खोज्नु पनि केवल मरिच आफै चाउरेको जस्तो चाउरिनु मात्र हो भन्दा चित्त नदुखाईकन ब्रह्मत्वमा नै लीन भएर यथार्थता देखाउन सक्नु मात्र बुद्धिमत्तापूर्ण कार्य हुनेछ । त्यस्तो स्थितिलाई आठ दश वर्ष चिन्तन, मनन, अध्ययन र अनुसन्धान गरी यसबाट यथार्थ अमृतको मुहान पत्ता लगाई मौसुफ सरकारले क्षेत्रीय भ्रमणको सिलसिलामा सबै नेपालीलाई हलुका तरिकाले मार्गदर्शन गर्दै तीर्थाटन गराइबक्सेर आफ्नोपनमा ल्याएर नैतिक रूपले राखिबक्सियो ।

मानिसलाई धर्मक्षेत्रमा नलगाइकन र धार्मिक मार्ग नदेखाइकन केही पनि गर्न सकिदैन भन्ने कुरामा कति उच्च अध्ययन गरिबक्सेको रहेछ भन्ने कुराको ज्वलन्त प्रमाण भारतको बालाजी तिरुपतिमा स्वयम् एक दुई हप्ता राज भई यथार्थ चिन्तन, मनन र मूल्याङ्कन गरेर नेपाल फिर्ती सवारी भएपछि विज्ञहरूसँगको छलफलबाट आराध्यदेव श्री पशुपतिनाथको जति उचाइ छ सोही अनुरूप विश्वमानवमा प्रभाव पार्न र विकास गर्न पशुपतिक्षेत्र विकासकोषको आफू संरक्षक भएर श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारलाई अध्यक्षमा नियुक्त गरिबक्सियोतयस । सरकारको त्यत्रो सदिच्छामा सबै कर्ताको ध्यान अर्काले गाँस हाल्न आँटेको गाँस उचाल्दाको पाखुरी समात्नमा मात्र बढी सक्रिय रहेकाले अहिलेसम्म ठोस काम हुन सकेको छैन भनेपनि हुन्छ । अर्कोतर्फ सरकारहरूले हरेक भ्रमणमा स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरका जुनसुकै पनि तीर्थमा स्वयम् भाग लिइबक्सी यथार्थतामा पुर्‍याई पूजाआजा र आराधना गरी विकृतितिर लागेका सबैलाई उचित मार्गमा ल्याउने कार्य गरिबक्सेको कुरा चालीस वर्षको उतारचढाव र चिन्तनमनन गरेमात्र प्रष्ट हुन आउँदछ । त्यसैले अहिलेसम्म देशदर्शनमा बढी भ्रमण गर्ने राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवदेखि हालसम्ममा सबै भन्दा बढी तीर्थस्थलको भ्रमण गर्ने राजामा श्री

५ वीरेन्द्रवीरविक्रम शाह सरकार नै प्रथम क्रममा उभिन पुगिबक्सिन्छ होला ।

सरकारले स्वदेश, विदेशका साथै भारतका तीर्थस्थलहरूको भ्रमण र दर्शन गर्दा प्राणीमात्रको भलाइ र शान्तिको कामना गरिबक्सेको पाइन्छ । भारतको कुनै पनि धाम, मन्दिर वा तीर्थस्थलमा पूजारीबाहेक अरू कोही पनि भित्र गएर दर्शन गर्न नमिल्ने स्थानमा पनि सरकारलाई पूरापूर द्वार खुला छ । यसले पनि हिन्दूमात्रको ब्रह्मत्व प्राप्त व्यक्तित्वमा श्री हरिका रूपले नेपाल अधिराज्यका श्री ५ महाराजाधिराज सरकारलाई छ । यस्तो तीर्थयात्रामा सरीक भई सम्पूर्ण प्राणीमात्रलाई कर्मयोग नै ब्रह्मत्व प्राप्त गर्ने उपाय हो र आत्माको कुनै जात, रूप दुविधा छैन, केवल शान्त वातावरणमात्र हो भन्ने कुरालाई प्रष्ट पारिबक्सेको छ । शान्तिक्षेत्र प्रस्तावनामा कुनै शक्ति लुकेको थिएन केवल यो विश्वको एउटै ब्रह्माण्डको एउटै ब्रह्मत्वमात्र लुकेको थियो जसले गर्दा आत्माको प्रस्तावलाई आत्माले महसुस गरेर समर्थनमा घुइँचो बढ्न पुग्यो । जसले यस्तो पवित्र र आत्मीय कार्यलाई हिमवत् खण्डको देन र उपज नमानी राजनीतिको गन्ध दिए ती सबैलाई आज त्यही ज्वालाले पोलेर खिन्न तुल्याइरहेको छ । मौसुफ सरकार ईश्वर भनेपछि जहाँ जसको जस्तो भएपनि आफूजस्तै मानेर पुजिबक्सिन्थ्यो । विष्णुकै रूप भएका कारणले कुनै पनि हिन्दू-मन्दिरमा सरकारको निमित्त हृदयको ढोका खुला थियो । छिमेकी मुलुकहरू भारत र चीनका तीर्थस्थलहरूको दर्शन र भ्रमण गर्दा प्राचीनतालाई जागृत गराउने किसिमको मौसुफको अनौठो स्वभाव पाउँदा बूढाबूढी भन्दा पनि युवायुवतीहरू बढी प्रेरणा प्राप्त गरी लगनशील हुन पुग्दथे । नेपालका राजा विश्वका १ अर्ब १२ करोड ६८ लाख हिन्दूका प्रेरणाका स्रोत भएका कारणले उत्पत्ति स्थलमा आउनु नपर्ने कुनै पनि धर्मा- वलम्बीलाई छैन । श्री ५ वीरेन्द्रवीरविक्रम शाहले त्यसरी स्थानीय स्तरका हुन् कि राष्ट्रिय स्तरका हुन अन्तर्राष्ट्रिय स्तरका हुन् कि वैदिक हुन्, पुरातात्त्विक हुन् कि कलात्मक हुन्, जस्तो भएपनि हृदयसम्मत भएको कारणले तुरुन्त आफ्नो हृदयलाई लगेर गाँसेर जीवन्त बनाई आउँदो पीढीको नैतिकता र चारित्रिक क्रियाकलापमा अदृश्य रूपले सुधार गरिबक्सेको थियो । त्यसले गर्दा कुनै पनि कुनाका नेपालीमा अनावश्यक किसिमको उच्छृङ्खलता उर्लेर बाहिर आउन सकेको थिएन । दैवी तत्त्वमा केही नभए राजाले किन स्वयम् उकालीओराली गरी न्यासध्यानका साथ अनिवार्य रूपले पूजाअर्चना हुन्थ्यो भन्ने ठूलो हौसला र आत्मविश्वास थियो । जब सरकारबाट स्थानीय तहका मठ-मन्दिर, गुम्बा, नदी, तलाउमा सवारी हुन छोडिबक्स्यो र सबै युवालाई आकाशबाट सम्पूर्ण आवश्यक तत्त्व मुखमा बर्सेर आउने किसिमको झुठा आश्वासन वितरण गरियो तब सम्पूर्ण क्षेत्रमा त्यसको अप्राप्ति भएपछि र दिव्यज्ञानको लहर पनि छुटेपछि एकले अर्कालाई झुक्याउने, ठग्ने, मार्ने आदि अनावश्यक क्रियाकलाप शुरु भयो । त्यसैले पाठपूजा जपतप आदिद्वारा आत्मज्ञानको मार्गको उपलब्धिका लागि तीर्थयात्रा कत्तिको फाइदाजनक रहेछ भन्ने कुराको ज्वलन्तता मौसुफको तीर्थस्थलहरूको दर्शनले अपार प्रेरणा र हौसलाका साथै आत्मविश्वास मिलिरहेको थियो ।

●

समानुपातिक विकासका प्रेरक : श्री ५ वीरेन्द्र

• *लीलाराज पौडेल*

"नेपालको विकासको मूल आधार नेपाली जनता नै हुन् र विकासको फल पनि सम्पूर्ण नेपालीले समान रूपमा पाउनुपर्दछ ....।"

– श्री ५ वीरेन्द्र

श्री ५ वीरेन्द्रको उपर्युक्त सदिच्छालाई अन्तस्करणबाट प्रत्येक नेपालीले हृदयङ्गम गर्ने हो भने नेपाल र नेपालीको मुहार फेर्ने अजस्र प्रेरणाको स्रोतको रूपमा श्री ५ वीरेन्द्रलाई लिन सकिन्छ। कुनैपनि मुलुकलाई सही ढङ्गले पहिचान गर्नका लागि सम्बद्ध मुलुकमा शासनपद्धति र विकासको समानु- पातिक प्रवाहलाई प्रमुखताका साथ हेरिएको हुनुपर्दछ। विकासका समानुपातिक क्रमलाई निरन्तर रूपमा अगाडि बढाउनका लागि भौतिक संरचनाको विकास मात्र नभएर विकासका विभिन्न पक्षहरूलाई गतिशीलता दिनका लागि आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक एवम् अन्य विषयवस्तुलाई समन्वयात्मक रूपमा कार्यान्वयन पक्षलाई निरन्तरता दिई समयसापेक्ष अगाडि बढ्नुपर्ने हुन्छ। यसै भावनाको मर्मलाई आत्मसात् गरी श्री ५ वीरेन्द्र सरकारबाट वि.सं. २०२९ साल असार १३ गते आम जनताको हित र समुन्नत भलाइका लागि असन्तुलित रूपमा रहेको विकासको प्रक्रियालाई गतिशील चुस्त एवम् समयसापेक्ष बनाउन सन्तुलित विकास नै राष्ट्रको सर्वोत्तम विकल्पको रूपमा लिइबक्सियो। देशकै केन्द्रबिन्दु मध्यमाञ्चलमा मात्र विकासको हाँगा फिँजाउने मात्र नभै हिमाल, पहाड र तराईलाई समेट्ने गरी मुलुकलाई चार विकासक्षेत्रमा विभाजित गर्ने दूरदृष्टिपूर्ण सोचाइको शुरुआत गरिबक्स्यो। त्यसअनुरूप विकासको फल आम जनतामा पुऱ्याउन सकियोस् भन्ने भावनाले पूर्वाञ्चल विकासक्षेत्र, मध्यमाञ्चल विकासक्षेत्र, पशिचमाञ्चल विकासक्षेत्र र सुदूरपशिचमाञ्चल विकास क्षेत्रहरूमा विभाजन गरिबक्स्यो। यसपछि वि.सं. २०३८ सालमा मध्यपशिचमाञ्चल विकासक्षेत्रको स्थापना गरी ५ विकासक्षेत्रमा विभाजन गरी मुलुकको शासन व्यवस्थामा सहजता एवम् सर्वसुलभता ल्याई विकासको कार्यका क्षेत्रीय भावनाअनुरूप समानुपातिक ढङ्गले बहुउद्देश्यीय अभियानको थालनी गरिबक्स्यो। त्यसबाट प्रशासनिक संरचनामा पनि कार्य विभाजन गरी कार्यान्वयन प्रक्रियामा सुगमता ल्याउने वातावरणको सृजना भयो।

विकास कार्यमा निरन्तरता दिने उद्देश्यले निशिचत नीति, निशिचत मापदण्ड, रणनीति एवम् मार्गनिर्देशनअनुरूप चलाउनका निम्ति कार्यान्वयन प्रक्रियामा सहयोग पुऱ्याउन सकियोस् भन्ने हेतुले तत्कालीन परिवेशमा विद्यमान राष्ट्रिय योजना आयोगलाई पुनर्सरचना गरी सोही आयोजनालाई निर्देशन एवम् मार्गदर्शन गर्ने उद्देश्यले वि.सं. २०२९ सालमा नै राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सी मौसुफ स्वयम्कै अध्यक्षतामा उक्तपरिषद्लाई अग्रगामी एवम् ओजएवी निर्देशन बक्स भई समयसापेक्ष राष्ट्रिय आवश्यकता र जनचाहनालाई मध्येनजर गरी सापेक्ष एवम् निरपेक्ष विकासको क्रमलाई सकारात्मक गतितर्फ धकेल्न मौसुफ अनवरत लागिबक्स्यो। सरकारबाट स्वयम् क्षेत्रीय भ्रमण गर्ने क्रममा वि.सं. २०३५ सालसम्म हरेक वर्ष कम्तीमा दुई वा तीनपटक विकास

क्षेत्रको नियमित रूपमा भ्रमण गरिबक्स्यो भने वि.सं. २०३८ देखि २०४६ सालसम्म हरेक वर्ष पालैपालो कुनै पनि विकासक्षेत्र अन्तर्गत रहेका जिल्लाहरूको विकट एवम् दुर्गम क्षेत्रमा पनि विभिन्न कार्यहरूको निरीक्षण तथा मार्गनिर्देशन प्रदान गरिबक्सी मुलुकभित्रको यथार्थ अवस्थालाई ख्याल राखी अन्तर्राष्ट्रिय सम्बन्ध, नीतिनियम, असंलग्न परराष्ट्रनीति, छिमेकी राष्ट्र भारत र चीनको समदुरीको नीति एवम् अन्य विश्व राजनीतिक परिवेशलाईसमेत ध्यानमा राखी राष्ट्रिय मूल नीतिका रूपमा विकासका चौतर्फी पथलाई आम जनसमक्ष ल्याउने कार्यलाई क्रमिकता दिइबक्स्यो ।

देशको सर्वाङ्गीण विकास हाम्रो सामूहिक लक्ष्य हो भन्ने मौसुफ स्वयम्को सदिच्छालाई साकार पार्ने उद्देश्यले सबै देशवासीको विचार, भावना, सुझावलाई औपचारिक एवम् अनौपचारिक रूपमा समेटेर योजनाबद्ध विकासको प्रारूप तयार गरी मुलुकमा विकासको मूल फुटाउन असफल तुल्याउने बाधक तत्त्वहरू तथा चुनौतीहरू पत्ता लगाई राष्ट्रिय दायित्व र जिम्मेवारीलाई पूरा गरिबक्सन सम्पूर्ण जातजाति, वर्ण, लिङ्ग, असहाय, महिला, बाल, वृद्ध आदि क्षेत्रमा देखापरेको पछौटेपन हटाउने र अनेकतामा एकता छाउने अभियानको थालनी गरी राजा र प्रजाबीचको निकटम सम्बन्धलाई अझै प्रगाढ र दीगो राख्न श्री ५ वीरेन्द्र अडिग रहिबक्सियो । आम जनचाहना अनुसार मात्र नभएर विश्वको बदलिँदो परिवेशअनुरूप शिक्षा क्षेत्रमा गरिएको विकास नै आम विकासको पूर्वाधार हो भन्ने मूलमन्त्रका साथ मौसुफबाट विकासको नियमिततालाई जारी राख्ने प्रयास स्वरूप मुलुकका विभिन्न क्षेत्रको भ्रमणक्रममा स्थानीय जनता, विभिन्न सङ्घसंस्थाका पदाधिकारी, सामाजिक व्यक्तित्व, सरकारी कर्मचारी, राजनीतिक व्यक्तित्वहरू एवम् अन्य जिम्मेवार व्यक्तिहरूको भावना र मर्मलाई बुझी देश र देशवासीलाई सुखशान्तिका साथै स्वतन्त्रताको बाटोमा अग्रसर गराउन र न्यूनतम आधारभूत समस्याहरूको निराकरणका निम्ति जुनसुकै कदम चाल्न पनि विविध पक्षलाई मौसुफ सरकारबाट जोड दिइबक्स्यो । अज्ञानता र अशिक्षा नै विकासको बाधक तत्त्व हो भन्ने भावनाको मूल मन्त्रलाई यथार्थमा ल्याउन "शिक्षाको उज्यालो घामबाट हाम्रा कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् र प्रत्येक नेपालीले उपयोगी सीप र इलम सिकी आफ्ना पाखुराको बलमा आत्मसम्मानका साथ स्वतन्त्र जीवन यापन गर्न सकून्, कोही भोकानाङ्गा नरहून् यातायात कृषि, उद्योग जस्ता सबै क्षेत्रमा समान विकास भएमा मात्र देशको चौतर्फी विकास फस्टाउन सक्छ र सबैले सुखसमृद्धिको भागीदारीमा समान अवसर पाउन सकिन्छ" भन्ने मौसुफ सरकारको तीव्र सदिच्छा सदैव अविस्मरणीय रहिरहने कुरामा अहिले पनि शायद कोही कसैको दुईमत छैन । यस्तो सदिच्छाबमोजिम आम नेपालीले भावी पिढीलाई समेत दीर्घसोचाइका निमित्त व्यवहारमा ल्याउन सकियो भने मात्र विकासप्रतिको सच्चा चिन्तन ठहर्नेछ । जसरी श्री ५ वीरेन्द्रबाट सन्तुलित विकासप्रति जागरूक रही देशमा सुशासन, भ्रष्टाचार उन्मूलन, गरिबी निवारण, दीगो विकास, शान्ति र अमनचयन कायम गर्ने कार्यमा सामूहिक अठोटबाट मात्र सम्भव हुन्छ भन्ने भावनात्मक सोचाइलाई नेपालीमात्रको एकतामा अडेको छ भन्ने कुरालाई मौसुफ सरकारको निम्न उद्गारलाई पनि आम नेपालीहरूले थप ऊर्जाको स्रोतका रूपमा अहिलेको अवस्थामा मात्र नभएर भावी दिनहरूमा पनि उत्तिकै सान्दर्भिक रूपमा लिन सकिन्छ- "हामीले आफ्नो देशभित्रै राम्रो व्यवस्था मिलाउन सक्यौं भने सम्पूर्ण नेपालीहरूमा मेलमिलाप र एकता ल्याई सही दिशामा बढी जनशक्ति परिचालन गर्न सकिन्छ ।"

यसरी विश्वमा एकमात्र हिन्दूराजा भएको देश नेपाल विश्वमा हिन्दूहरूको आस्थाको केन्द्रबिन्दु रहेकाले राजपरम्परा र हिन्दूत्वको मर्मले गहिरो आस्था एवम् प्रगाढ भाव कायम राख्न सफल भैरहेको छ । धार्मिक आस्थाले मात्र नभएर भौगोलिक विषमतायुक्त नेपाल र नेपालीको संस्कृति एवम् हिन्दू अस्तित्वलाई सदासर्वदा जगेर्ना राख्ने क्रममा नेपालमा राजतन्त्रात्मक शासन व्यवस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यही व्यवस्थाभित्र रहेर मुलुकमा प्रजातान्त्रिक शासनपद्धति अनुरूप सबै क्षेत्रमा समान विकास हुनुपर्दछ भन्ने आम चाहनाअनुरूप देशमा समग्र विकास गरी रोजगारमा वृद्धि गर्नका लागि मात्र केन्द्रबिन्दु नबनाई विद्यमान स्रोत र साधनको समुचित प्रयोग गरेर देशलाई आधारभूत तहदेखि नै आत्मनिर्भर बन्ने वातावरण बनाउनुपर्ने आवश्यकता ठानी तत्कालीन परिवेशमा श्री ५ वीरेन्द्रबाट महत्त्वपूर्ण कदम चालिबक्सेको थियो । मौसुफबाट प्रारम्भ गरिबक्सेको विकासको क्षेत्रीय सन्तुलनको गतिलाई भावी पिढीसम्म दीगो रूपले उत्कृष्ट नमूनाको रूपमा तीव्रता दिनु आजको अपरिहार्यता भएको छ । यही अपरिहार्यतालाई वास्तविकतामा साकार पार्न श्री ५ वीरेन्द्रप्रतिको स्मृतिलाई निरन्तरता दिई सबै नेपालीलाई एउटा प्रेरणाको स्रोत बन्ने साहसिलो कदमको रूपमा लिई वर्तमान आवश्यकता र भावी सम्भावित आकांक्षालाई मध्येनजर गरी सबैले एउटै कदम चाल्नु परेको छ ।

– शाखा अधिकृत, सूचना विभाग

●

सम्झनाका फूलहरू

• *वासुपासा*

मानिसहरूले जन्मँदाखेरि नै आफ्नो भाग्य साथै लिएर आएका हुन्छन् । भाग्यमा कसैको पहुँच हुँदैन । बगैंचामा फूलेको फूल कुन दैवको पाउमा पुग्ने हो, त्यो चढाउने मान्छेको हातमा हुन्छ, त्यस्तै मान्छेको जन्म कुन कुलमा हुने हो त्यो ईश्वरको हातमा हुन्छ । यसरी नै राजदरबारमा राजाको कुलबाट जन्मने प्रथम पुत्र जन्मनासाथ युवराज अर्थात् राजाको उत्तराधिकारी हुन्छ । त्यसरी नै नारायणहिटी राजदरबारमा नवराज वीरेन्द्रको जन्म भएको थियो । हिन्दूराष्ट्रका राजकुमार गुरुकुलमा गई शिक्षा आर्जन गर्ने गर्दथे तर हाम्रा नवराजले गुरुकुलमा हैन, विदेशमा शिक्षा प्राप्त गरे । अति विकसित राष्ट्रबाट शिक्षा आर्जन गरेर पनि आफ्नो देशलाई समृद्धशाली बनाउने सपना देख्नु सकारात्मक कुरा नै हो ।

त्यहाँबाट फर्केपछि देशका दुर्गम स्थानहरूका बारेमा जानकारी लिनका लागि त्यसतर्फको भ्रमण पनि भयो । गधापचीसे उमेरमा सबै मान्छेहरूबाट अलि उच्छृङ्खल कार्य हुने हामी सबैले सुनेका नै कुराहरू हुन् तर वीरेन्द्रबाट कुनै समयमा पनि यस्तो कार्य भएको हामीले कहिले पनि सुनेनौं ।

म रसुवामा भूमिसुधार अधिकारी भएको समयमा एकपल्ट घर फर्किनका लागि ओरालो लाग्दैथिएँ । त्यस समयमा युवराज वीरेन्द्र रसुवाको लामो उकालो चढ्दै थिए । त्यो समय म ओरालो लाग्दै थिएँ । अङ्ग्रेजी बोल्ने विदेशी युवाहरू लाम्टाङ हिमालतिर लाग्दै होलान् भन्ने ठानेर यसो बाटो छली म राम्चेको ओरालो झरें । मैले सोचेको पनि थिइन, त्यस्तो दुर्गम स्थानमा दर्शन होला भनेर । पछि मनमा केही शङ्का त लागेर आएको थियो तर हैन होला भनेको थिएँ । पछि थाहा पाउँदा जिल्ल परें । सायद विदेशको अध्ययन गरेर फर्केकाले होला मैले मौसुफलाई विदेशी नै भन्ठानेको थिएँ । त्यस समयमा उच्च घरानियाँ वा अर्के पोशाकमा देखिएका प्रायः नेपालीले त्यसलाई विदेशी नै सम्झन्थे । राजा हुनुभन्दा पहिले मौसुफको सम्झना त्यति मात्र हो ।

२०२८ साल माघ महिनामा मौसुफलाई नेपाली जनताले राजाको रूपमा पाए । राजा भएपछि नेपाललाई शान्तिक्षेत्रको रूपमा स्थापना गर्न विश्वसामु प्रस्ताव राख्दा म अति प्रभावित भएको थिएँ तर हिजोको त्यो कुरा आज सपना झैं लाग्छ । संसारका अधिकांश देशले शान्तिक्षेत्रलाई मान्यता दिएका थिए । २०३७ सालमा जनमतसङ्ग्रहको घोषणाबाट पनि समयसमयमा जनताको इच्छा बुझ्न मौसुफले चाह राखेको प्रष्ट हुन्छ । २०४६ सालमा केवल ५०।६० जनाले ज्यान गुमाउँदा श्री ५ वीरेन्द्रबाट नेपालको सार्वभौमिक सत्ता जनतालाई सुम्पिने कार्य भयो । ती क्षणहरूलाई सम्झँदा आज पनि आफूलाई भाग्यमानी सम्झन्छु ।

●

शान्ति र विकासका दोभान - श्री ५ वीरेन्द्र

● *प्रा. डा. विष्णुराज आत्रेय*

श्रुति गरून् स्तुतिपाठ दीप नीराजन
ऐश्वर्यले समृद्ध होस् स्वर्गको आँगन
नेपालीका मुटु थियौ नेपालभूपति
सधैं सधैं अमर रहू वीरेन्द्र दम्पती ॥

गोरक्ष शाहवंशका चिरस्मरणीय राजाहरूमा आदिराजा द्रव्य शाह, नेपाल एकीकरण गर्ने राजा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, राष्ट्रपिता श्री ५ त्रिभुवन, कविराजा श्री ५ महेन्द्र एवम् शान्ति र प्रगतिका प्रतिमूर्ति राजा श्री ५ वीरेन्द्रलाई यस राष्ट्रले कहिल्यै बिर्सन सक्तैन ।

गएको वर्ष अर्थात् २०५८ साल जेठ १९ गते शुक्रबार राति श्री ५ वीरेन्द्रको सपरिवार स्वर्गारोहणको अकल्पनीय घटनाले राष्ट्रमात्र होइन, एकपल्ट समस्त विश्व नै स्तब्ध एवम् किंकर्तव्यविमूढ भयो । भय, शून्यता र अन्योलको वातावरणले नेपाली जनमानस आतङ्कित हुन पुग्यो । त्यस विपत्तिको घडीमा कोटि कोटि नेपालीका आहत मनमस्तिष्कमा मौसुफका माहिला भाइ वर्तमान महाराजाधिराज श्री ५ ज्ञानेन्द्रका वरद आश्वासन र कोमल स्नेह पाएरमात्र नेपाली जनता दु:खपीडाबाट बिस्तारै बिउँतिएको थियो ।

श्री ५ वीरेन्द्रमा प्रत्येक उदात्त गुण थिए । वीर भएर पनि युद्ध मन नपराउने, समर्थ भएर पनि क्षमाशील, सार्वभौमशक्ति सम्पन्न राजा भएर पनि वैधानिक राजतन्त्रभित्र आफूलाई सीमित राख्ने, जस्तै आपद्विपद् पर्दा पनि सौम्य, शिष्ट र प्रसन्न मुद्रामा नै देखिनेजस्ता थुप्रै विशेष गुण श्री ५ वीरेन्द्रमा थिए । यस्ता उदार र उत्कृष्ट गुणहरूको समन्वय एउटै व्यक्तिमा बिरलै पाउन सकिन्छ ।

राजा वीरेन्द्र वास्तविक रूपमा प्रजावत्सल राजा होइबक्सिन्थ्यो । नेपाल र नेपाली जनताका सुखशान्तिसमृद्धिका मात्र होइन अशिक्षा, गरिबी र विकासको टुकीसम्म नबालेका अविकसित र भर्खर विकासको वामे सराइ सर्न लागेका विकासोन्मुख राष्ट्रको समृद्धि र सुखका विषयमा पनि मौसुफ सधैं चिन्तित होइबक्सिन्थ्यो । त्यसै हुनाले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (दक्षेस) को संस्थापक सदस्य राष्ट्रप्रमुखहरूमा हाम्रा श्री ५ वीरेन्द्रको विशेष भूमिका थियो भन्ने कुरामा दुईमत छैन । यसैको फलस्वरूप नेपालमै दक्षेस (सार्क) को केन्द्रीय कार्यालय रहन सकेको हो ।

श्री ५ वीरेन्द्रको परिकल्पना यस राष्ट्रलाई शान्तिक्षेत्र बनाउने थियो । तदनुरूप मौसुफबाट यसको प्रस्ताव विश्वसामु राखिबक्सेको हो । विश्वका ११६ राष्ट्रले यसमा आफ्नो समर्थन पनि जनाएकै थिए । हामी नेपालीका लागि यो सानो उपलब्धि थिएन तर ०४६ सालको प्रजातन्त्र पुन:प्राप्तिको उमङ्ग र जोशमा हामीले यस अभियानलाई निरन्तरता दिन सकेनौं । आज देश गोली, बारुद, एम्बुस, आक्रमण र प्रत्याक्रमणको पेलाइमा पिल्सिएको छ । शान्तिक्षेत्रको प्रस्तावको अनुगमन गर्न नसक्नुकै यो प्रतिफल हो भन्दा नमिल्ने जस्तो यस पंक्तिकारलाई लाग्दैन ।

पद, कुर्सी, अधिकार प्राप्ति र प्राप्त अधिकारको निरन्तरताको लालसा कसमा हुँदैन ! को त्यस्तो व्यक्ति होला जो यसबाट उदासीन वा परितृप्त होला ! यसको अपवाद स्वरूप श्री ५ वीरेन्द्रबाट आफ्ना बाबुबराज्यूका पालादेखि नै उत्तराधिकारमा प्राप्त र स्वयम् उपयुक्त आफ्नो सार्वभौमशक्तिको अधिकारलाई

जनतामा सुम्पेर आफू संवैधानिक राजतन्त्रको परिधिभित्र रहन स्वीकार गरी युगानुकूल जनचाहनाको कदर गरिबक्स्यो । यस उत्कृष्ट औदार्यले गर्दा श्री ५ वीरेन्द्रको स्थान नेपालको शाहवंशीय राजपरम्परामा आदर्श र अद्वितीय रहेको छ ।

श्री ५ वीरेन्द्र आफैंमात्र समृद्ध हुँ, अन्य राष्ट्रमाथि हाम्रै वर्चस्व रहोस् हाम्रैमात्र हात माथि परोस् भन्ने धारणा राखिबक्सिन्नथ्यो । मौसुफ प्राकृतिक सम्पदाको धनी नेपाल अरू भौतिक साधनका दृष्टिले गरिब भए पनि यस सम्बन्धमा धनी छ र यसको अपार जलसम्पदाको सदुपयोग अन्य छिमेकी राष्ट्रले पनि गर्न सक्तछन् भन्ने उदार धारणा राखिबक्सिन्थ्यो । यो श्री ५ वीरेन्द्रको आफ्ना छिमेकी मुलुकप्रतिको उदारता सर्वजनप्रशंसनीय रहेको कुरामा अतिशयोक्ति छैन ।

नेपाली भाषा वाङ्मयको कुरा होस् वा नेपालको धर्म, संस्कृति र परम्पराको, ज्ञानको क्षेत्र होस् वा विज्ञानको, दुर्गम हिमाली र पहाडी क्षेत्रको होस् वा सुगम तराईको, सबैको समन्वयात्मक समानुपातिक विकास हुनुपर्छ भन्ने विषयमा श्री ५ वीरेन्द्र दृढ होइबक्सिन्थ्यो । यतिमात्र होइन शासनअवधिभर मौसुफका कति चाहनाहरू कार्य- रूपमा परिणत पनि भएको पाइने गर्दथ्यो ।

प्रजातन्त्रको माध्यमले नै यस देशको विकास सम्भव छ भन्ने कुरामा श्री ५ वीरेन्द्र पूर्णविश्वस्त भइबक्सन्थ्यो । त्यसै भएर मौसुफबाट २०३६ सालमा निर्दल र बहुदलबीच जनमतसङ्ग्रह गराइबक्स्यो । त्यसको ठिक दश वर्षपछि जनचाहनाअनुरूप बहुदलीय प्रजातन्त्रको पुन:बहालीसाथ संवैधानिक राजतन्त्रको अवधारणालाई क्रियान्वयन गरिबक्स्यो । मौसुफको यस महनीय कृत्यको अनुपम उदाहरण नेपाली इतिहासमा स्वर्णाक्षरले लेखिने कुरामा कुनै शङ्का छैन ।

राजधानी र राजधानीबाहिरका समारोहहरूमा मौसुफ दम्पतीको धेरैपल्ट पंक्तिबद्ध भएर दर्शन पाएको छ यस पंक्तिकारले । मौसुफको पश्चिमाञ्चल भ्रमणका अवसरमा एकपल्ट सुर्खेतमा धेरैबेरसम्म सान्निध्यको अवसर यसलाई उपलब्ध भयो । त्यसबेला पंक्तिकार ने.टी.भी.को पाक्षिक संस्कृतम् कार्यक्रमका तर्फबाट सुर्खेत क्याम्पमा मौसुफमा नजर गराइने संस्कृत नाटक भगवद् कञ्जुकम्को प्रदर्शन र अभिनय छायाङ्कन गराउन खटिएको थियो र ती दुवैको सहनिर्देशक पनि थियो ।

अभिनयमञ्चन सकिएपछि मौसुफबाट निगाहा भएको दर्शनभेटमा नाटक र अभिनयप्रति बडो चाख राखिबक्सी मौसुफबाट विभिन्न प्रश्नहरू गरिबक्सेको थियो । संस्कृत र यसमा भएका लोकोपयोगी ज्ञान-विज्ञानका सत्यतथ्यहरूलाई जनजनमा भिजाउँदै लैजानेतर्फ मौसुफको दिशा- निर्देशन पंक्तिकार र अन्य मित्रहरूले समेत पाएका थिए । संस्कृतको संरक्षणका प्रतिको यस्तो चाखकै प्रतिफल हो महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना जसले आज आफ्नो विकास समुत्थानको एक दशकभन्दा बढी समय पार गरिसकेको छ । श्री ५ वीरेन्द्रलाई आफूमाथि आइपर्ने सुखदु:ख, आपत-विपतको स्थितिको त्यति सारो चिन्ता थिएन तर अरूको सुखदु:खको भने मौसुफ सधैं खोजखबर लिइबक्सिन्थ्यो । उदाहरणका लागि २०५७ सालको उत्तरार्धको घटना अघि सार्न सकिन्छ–

दशौंपल्ट सगरमाथाको सफल आरोहण गरेर फर्केका बाबुछिरी शेर्पाले श्री ५ वीरेन्द्रको दर्शनभेट पाए । उनले मौसुफसमक्ष दुईपटक आरोहण गरेर सो संख्या १२ पुऱ्याउने अठोट व्यक्त गरेका थिए । दूरदर्शी राजा श्री ५ वीरेन्द्रबाट 'अति सर्वत्र वर्जयेत्' को नीतिअनुसार बाबुछिरीलाई 'अब भो जानुपर्दैन' हुकुम भएको थियो । मौसुफको यो वाक्य स्नेहको पनि थियो, हप्काइको पनि । बाबुछिरीले यो कुरा बुझेनन् । सगरमाथा आरोहण गर्न गए उनी २०५७ साल चैत्र २० गतेका दिन । बाबुछिरी आफ्नो ११ औं आरोहणक्रममा २०५८ वैशाख १६ गते पहिलो आधारशिविरबाट दोस्रो आधार शिविरका लागि प्रस्थान गरेकामात्र थिए अचानक खुट्टा चिप्लेर ३० मिटर गहिरो हिउँको खरपसभित्र परे र अकालमै उनको मृत्यु भयो । यसलाई बडाको अर्ति उपदेशको अवज्ञा गरेको प्रतिफल हो पनि भन्न सकिन्छ । उन्नति र महत्वाकांक्षामा व्यक्तिले धेरै हौसिनुहुँदैन । शान्ति र धैर्य लिई प्राप्त वस्तुमा सन्तुष्ट पनि हुनसक्नुपर्दछ भन्ने मौसुफको सिद्धान्तको प्रतिबिम्ब थियो, त्यो अर्तीउपदेश बाबुछिरीलाई, तर उनले राजाज्ञाप्रति प्रमाद गरे । उनको अमरतामा यस अकालमृत्युले केही विघ्न पारेको भने छैन ।

यहाँ स्मरणीय के कुरा छ भने ठिक यसको लगभग एक महिनाभित्र श्री ५ वीरेन्द्र स्वयम् पनि स्वर्गीय होइबक्स्यो । तिनताका श्री ५ वीरेन्द्र जीवनको क्षणभङ्गुरता, निस्सारताबारे सोच्न थालिबक्सेको रहेछ कि नत्र बाबुछिरीलाई 'अब यो पर्दैन' किन हुकुम हुन्थ्यो होला र ! आफ्नो सन्निकट मृत्युको पनि मौसुफलाई पूर्वाभास थियो कि ? चिन्तनक्रममा नभए पनि देखियो या काकताली थियो त्यसबेलाको । नेपाल र नेपालीको सर्वाङ्गीण विकासको अगुवाइ गर्ने, सदैव हँसमुख, सदा चिन्तनशील, सदा परोपकारी- आँखामा राख्दा पनि नबिझाउने राजा श्री ५ वीरेन्द्र मौसुफकी अर्धाङ्गिनी कवयित्री एवम् गीतकार श्री ५ ऐश्वर्य (चाँदनी शाह) को सुयश र आदर्शको गान नेपालीले पछिसम्म पनि गरिरहनेछ । श्री ५ वीरेन्द्रदम्पतीको आस्था र धारणा आदर्श राजारानीका रूपमा नेपाली इतिहासमा स्वर्णाक्षरले लेखिनेछ भन्दै मौसुफप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

अजो नित्य: शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ।

– वाल्मीकि विद्यापीठ

●

श्री ५ वीरेन्द्रको व्यक्तित्व, घटनाक्रम र कार्यकुशलता

● *वेदबहादुर के.सी.*

नेपाल राष्ट्रको निर्माणको इतिहासमा शाहवंशका राजाहरूको ठूलो भूमिका र महत्त्व रहेको छ। शाहवंशका राजालाई एकातर्फ हिन्दू सम्राट्का रूपमा श्रद्धा गरिन्छ भने अर्कातर्फ नेपाल राष्ट्रको एकताको प्रतीकका रूपमा सम्मानित गरिदै आएको छ।

यही परम्परा बोकेका श्री ५ वीरेन्द्रवीरविक्रम शाहको जन्म वि.सं. २००२ साल पौष १४ गते नारायणहिटी राजदरबारमा भएको थियो। मौसुफ सरकारले प्रारम्भिक शिक्षा दार्जलिङ्गको सेन्ट जोसेफ स्कुलमा र उच्च शिक्षा बेलायतको ईटन कलेज, जापानको टोकियो विश्वविद्यालय र अमेरिकाको हार्बर्ड विश्वविद्यालयबाट हासिल गरिबक्स्यो। श्री ५ वीरेन्द्रवीरविक्रम शाह उच्च शिक्षाप्राप्त बहु- आयामिक व्यक्तिका धनी एवम् दूरदर्शी राजा होइबक्सन्थ्यो। मौसुफको विवाह वि.सं. २०२६ साल फागुन १७ गते श्री ५ ऐश्वर्यका साथ सम्पन्न भएको थियो। वि.सं. २०२८ साल असार १३ गते प्रथम पुत्ररत्नको रूपमा श्री ५ दीपेन्द्र प्राप्त गरिबक्स्यो। मौसुफ दुई छोरा र एक छोरीको बुबा होइबक्सन्थ्यो।

वि.सं. २०२८ साल माघ १७ गते श्री ५ महेन्द्रवीरविक्रम शाह स्वर्गारोहण होइबक्सेपछि सोही दिन श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको राज्यारोहण भएको थियो। त्यसपछि मौसुफ सरकार नेपालको मेची, वाग्मती र नारायणी अञ्चलका विभिन्न स्थलहरूमा पैदल भ्रमण गरिबक्सियो। मौसुफ सरकार नेपाल र नेपालीको उन्नति र प्रगतिका लागि चिन्तित होइबक्सिन्थ्यो। यी कुराहरू मौसुफबाट त्यस समयमा व्यक्त अभिव्यक्तिहरूबाट थाहा हुन्छ। जसरी मलाई मेरो देश र जनताको माया छ उसैगरी भोक र रोगले पीडित मेरा जनताप्रति मेरो जिम्मेदारी छ भन्ने उद्‌गारसहित मुलुकको शासनव्यवस्था अघि बढाउने संकल्प गरिबक्सियो। त्यसै क्रममा प्रत्यक्ष, सक्षम र सक्रिय नेतृत्व प्रदान गरिबक्सी मुलुकको सर्वाङ्गीण विकासका लागि शासनव्यवस्थामा सुधार ल्याउन विभिन्न कदमहरू चालिबक्सेको थियो। यसरी मुलुकको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, साहित्यिक एवम् पर्यावरणीय संरक्षणमा बल पुगेको थियो। यसै क्रममा मौसुफ सरकारबाट वि.सं. २०२९ साल असार १३ गते नेपाल अधिराज्यलाई ४ विकासक्षेत्रमा विभाजन गरिबक्स्यो। मौसुफकै अध्यक्षतामा राष्ट्रिय विकास परिषद्को गठन गरियो। प्रत्येक विकासक्षेत्रको विकास र विस्तारको अवलोकन मौसुफ स्वयंबाट आलोपालो गरी प्रत्येक विकास- क्षेत्रको भ्रमण गरिबक्सी जनताको घरदैलोसम्म पुगी जनताका पीरमर्का र विकासका पूर्वाधारहरूलाई बढी अभिरुचिका साथ नजर गरिबक्सी आवश्यक निर्देशनसमेत भयो। यसरी मौसुफ सरकार नेपाल र नेपालीको उन्नति र प्रगतिमा सदैव चासो र चिन्ता राखिबक्सन्थ्यो भन्ने कुरा कतै लुकाएर लुक्न सक्दैन र यो कुरा कसैले बिर्सन सक्दैन।

मौसुफबाट २०३० सालमा महेन्द्र प्रकृति संरक्षणकोषको स्थापना गरिबक्सियो। २०३१ साल फागुन १२ गते मौसुफ सरकारको शुभराज्याभिषेक समारोहमा पाल्नुभएका विभिन्न राष्ट्रका प्रमुख, सरकारप्रमुखसमक्ष नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राखिबक्सियो र सोही समारोह- मार्फत् निःशुल्क

प्राथमिक शिक्षाको घोषणासमेत गरिबक्सियो । सोही घोषणाअनुरूप विश्वका ११६ राष्ट्रहरूले नेपालको शान्तिक्षेत्रको प्रस्तावलाई समर्थन दिइसकेका थिए ।

श्री ५ वीरेन्द्र सरकारबाट वि.सं. २०३२ मा नेपालको संविधान २०१९ को तेस्रो संशोधन गरिबक्सियो । श्री ५ वीरेन्द्र सरकारबाट २०३० सालमा अल्जियर्समा सम्पन्न असंलग्न राष्ट्रको चौथो शिखर सम्मेलन, २०३३ मा कोलम्बोमा सम्पन्न पाचौँ शिखर सम्मेलन, २०३६ मा हवानामा सम्पन्न छैटौँ शिखर सम्मेलन, २०२९ मा नयाँ दिल्लीमा सम्पन्न सातौँ शिखर सम्मेलन, २०४३ मा हरारेमा सम्पन्न आठौँ सम्मेलन र २०४६ मा बेलग्रेडमा सम्पन्न नवौँ शिखर सम्मेलनमा नेपाली टोलीको नेतृत्व गर्नुका साथै सम्बोधन गरिबक्सी नेपाल र नेपालीको पहिचान तथा गौरव बढाउने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याइबक्स्यो ।

यसै सन्दर्भमा मौसुफ सरकारबाट भारत, चीन, फ्रान्स, युगोस्लाभिया, रुस, बङ्गलादेश, जापान, श्रीलङ्का, बेलायत, इजिप्ट, स्पेन, अमेरिका, थाइल्याण्ड, अष्ट्रेलिया, जर्मनी, फिनल्याण्ड, डेनमार्क आदि देशहरूको राजकीय, औपचारिक र अनौपचारिक मैत्रीपूर्ण तथा निजी भ्रमण गरिबक्सियो । विश्वसामु नेपाल र नेपालीको पहिचान गराउनुका साथै नेपालको विकासमा सहयोग उपलब्ध गराउने कार्य गरि बक्सियो ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकारबाट २०३६ साल जेठ १० गते ऐतिहासिक राष्ट्रिय जनमतसङ्ग्रहको घोषणा गरी नेपालमा जनमतसङ्ग्रह सम्पन्न गराइबक्सियो । वि.सं. २०४२ साल पुस १ गतेका दिन वि.सं. २०५७ सालसम्ममा नेपाललाई एसियाली मापदण्डमा पुऱ्याउने घोषणा गरिबक्सियो ।

२०४६ साल चैत्र २६ गते निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी देशमा बहुदलीय शासनव्यवस्थाको पुनःस्थापनाको घोषणा गरी देशमा प्रजातन्त्रको स्थापना पनि गरिबक्सियो । श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकारबाट २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा गरिबक्सियो ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकारको ३० वर्षे शासनकार्यकालमा मुलुक र जनताका लागि गरिबक्सेका यिनै कार्यहरू ज्वलन्त उदाहरण हुन् । मौसुफ सरकारको कार्यकालमा यहाँ कीर्तिनिधि विष्ट, डा. तुलसी गिरी, नगेन्द्रप्रसाद रिजाल, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, मरीचमान सिंह श्रेष्ठ, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी र शेरबहादुर देउवा आदि व्यक्तिहरूले प्रधानमन्त्री भई आआफ्नो कार्यकाल सम्पन्न गरे । मौसुफ सरकारको ५७ वर्षको अवधिमा मुलुकले धेरै अप्ठ्यारा खुड्किलाहरू पार गरी उन्नतिको पथमा पुगेकाले मौसुफ सरकारको बुद्धिमत्ता, दूरदर्शी, कार्यकुशलता, साहस र वीरताको महत्त्वपूर्ण कदम मान्नुपर्छ । हिमालझैँ स्वच्छ र पवित्र र घामझैँ उज्यालो रहिबक्सेका यस्ता प्रजावत्सल राजा श्री ५ वीरेन्द्रवीरविक्रम शाह २०५८ साल जेठ १९ गतेको कालरात्रिका दिन राजदरबारमा भएको कहालीलाग्दो अकल्पनीय एवम् दुर्भाग्यपूर्ण घटना घट्न जाँदा श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकार स्वर्गारोहण होइबक्सियो र यस समाचारले नेपाली जनतामा वज्रपात हुनगयो । यस्ता प्रजावत्सल, न्यायप्रेमी, बहुमुखी प्रतिभाशाली राजालाई गुमाउनु नेपालीलाई दुर्भाग्यपूर्ण घटना तथा अपूरणीय क्षति हो । यस्ता राजाको जति वर्णन तथा गुणगान गरे पनि कमै हुनेछ र श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकारको नाम इतिहासमा सदैव स्वर्णाक्षरमा अङ्कित रहिरहनेछ ।

विश्वभाषा क्याम्पस

●

श्री ५ वीरेन्द्रसँगको दर्शनभेट

● *शिवप्रसाद पुडासैनी*

यन्त्रीको यन्त्रमा विश्व पुतली झैं नचाउँछ
तालको चलमा चुके माया जाल फिँजाउँछ
न चुके तलामा उसले गोलोकनै दिलाउँछ
मायापति बनी आफू अच्यूत कहलाउँछ ॥

मेरा आफ्ना अनुभव र विद्या, बुद्धि , विचारले भ्याएसम्म जननी नेपाल आमाको २०४५ आश्विनसम्मको अवस्था र राजा, राष्ट्र, राष्ट्रियता, सत्य, धर्म, शान्तिका साथै त्यतिबेलाको शक्तिशाली राष्ट्रको वैज्ञानिक शक्तिको होडबाजी र एसिया,. अफ्रिका, युथोपिया आदि साना राष्ट्रहरूको भोकमरी अवस्थालाई दृष्टिगत गरी शान्तिको श्रोत विश्वदृष्टिको नाताले गरिबी निवारण गराई विश्वमा शान्तिको स्थापना गराउन, प्रजाकै खुशीमा रमाउने शान्तिप्रेमी युगनायक प्रजावत्सल श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका बाहुलीमा २०४५ कार्तिक शुभविजया र २०४६ भाद्र कृष्णाष्टमीमा लेखिएको बिन्तीपत्र जाहेर भएपछि भूपालबाट असीम निगाहा राखिबक्सी २०४७ श्रावण २ गते मूलबार मूलसदनमा प्याराराजाका सामुन्नेमा वस्न पाउँदा आनन्दले मग्न भै भक्तको पाउको धूलो, तृणलाई पनि शिरमा राख्ने पर्वतराज सगरमाथालाई सम्झी खुशीले गद्गद् हुँदै आसनमा बसैं ।

"शक्तिको देश हो मेरो गंगा गौरी र जानुकी ।
विश्वमा टिक्न सक्दैनन् अहंकारी अमानवी ॥
हिमाली राष्ट्र हो मेरो विश्वकै फूलबारीको ।
माली, पाले म आफैं नै, विश्वरूप विराटको" ॥

भूपालका सामुन्नेमा ज्येष्ठ, श्रेष्ठ, उच्च, सर्वोच्च विश्वद्रष्टी, सर्वसाक्षी शक्तिको देश हिन्दूराष्ट्र तपोभूमि नेपालले पावनी भारत वर्ष भरतखण्ड यो जम्बू द्विपलाई पवित्र बनाई अमानवी अहंकारी प्रकृतिका विकृतिलाई धर्तीबाटै निर्मूल पारी विश्वमा शान्तिको स्थापना गराउन, भगीरथ तपस्याबाट उर्लेर आएकी भागिरथी गूाका पतितपावनी धारा, राष्ट्रिय स्वाभिमानी नेपाल र नेपालीको विश्वलाई परिचय गराउन, भक्ति, शक्ति, युक्ति, पुष्प र "मेरो राष्ट्र र म" आदि कवितासहित विश्वशान्ति मानव, भातृत्व प्रेम राजा, राष्ट्र राष्ट्रियता सत्य, धर्म, शान्तिका धारा बहाएर छताछुल्ल भै राजा प्रसन्न भएको बेलामा आफूलाई व्यक्तिगत लिने, दिने, खाने, घरगौंडे सानातिना कुरालाई छाडी नेपाल आमाको पीडादायी सम्वेदनशील मर्मस्थानमा बाह्यकुदृष्टिको बदला लिन जुरुक्क उठेर तनक्क आङ् तानेपछि, राजा प्रसन्न भै हाँसिबक्सेको अहिलेपनि म झल्-झली देख्तछु । राजाबाट मलाई नेपाल र नेपालीको हित हुने कुरामा लागिरहून् भन्ने सदिच्छापत्र प्राप्त भएको थियो ।

के गर्नु ? समय नै बलवान् हुँदो रहेछ । आफ्नो देशमा प्रजातन्त्रबाटै रामराज्य गराई दुःखीलाई सुखी बनाएर खुशी गराउन खोज्ने, प्रजावत्सल शान्तिका अग्रदूत राम समानका राजा पाएर पनि पक्षविपक्षको शक्ति, कुर्ची, भ्रष्टाचारीहरूको स्वार्थी खिचातानीमा नेपाल आमा र नेपाली भाइबन्धुहरूको हेर्नै, सुन्नै, देख्नै नसकिने यो दुर्दशा भीष्मपितामह, द्रोणाचार्य जस्तो भएर शक्ति छँदाछँदै पनि टुलुटुलु हेरेर बस्नुपर्ने भएकाले भो, अब म बढी लेख्न सक्तिन ।

निष्पक्ष निस्वार्थी खाँटी राजा र देशभक्तको ।
सत्यतथ्य पष्टवक्ता, निस्कलङ्क स्वाभिमानीको ॥
अध्यात्म नित्या सूक्ष्मद्रष्टी संयमी र तपस्वीको ।
विश्वले मान्नु पर्नेछ, यो नै शास्वत सत्य हो ॥

●

राजा वीरेन्द्र- वीरेन्द्र नै थिए

• श्यामकृष्ण शर्मा खनाल

राजा वीरेन्द्रको सम्झना गर्दा मलाई अरू केही महत्त्वपूर्ण व्यक्तिहरूको समेत सम्झना आउँछ । कथामा गुरूप्रसाद मैनाली, उपन्यासमा रुद्रराज पाण्डे, नाटकमा बालकृष्ण सम, कविता र निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, इतिहास जान्नेमा बाबुराम आचार्य, कांग्रेसमा विश्वेश्वरप्रसाद कोइराला, कम्युनिष्टमा पुष्पलाल, गीतगायनमा नारायण गोपाल, महिला पर्वतारोहीमा पासाङ् ल्हामु शेर्पा आदि । मनमा अङ्कित भएझैँ राजा भन्ने शब्द सुन्नेबित्तिकै श्री ५ वीरेन्द्रकै अनुहारको सम्झना हुन्छ । मेरो जीवनको अति नै महत्त्वपूर्ण उमेरमा अर्थात् १९ वर्षदेखि ४९ वर्षसम्मको तीस वर्षको अवधिमा मैले राजा पदमा श्री ५ वीरेन्द्रलाई नै जान्ने मौका पाएँ भने मेरो ३७ वर्षको उमेरमा २०४६ साल फागुन ५ गते तानसेनमा पाँचै मिनेटका लागि भए पनि राजाको दर्शन पाउन सफल भएँ । आफ्नो त्यतिञ्जेलसम्मको जीवनकालमा भेट्न पाएका व्यक्तित्वमा सबैभन्दा ठूलो मान्छे राजा वीरेन्द्र नै थिए । आजसम्म पनि उनीभन्दा ठूलो मान्छेलाई भेट्न र बोल्न मैले पाएको छैन । त्यसैकारण पनि राजा वीरेन्द्रप्रति एउटा सद्भाव पलाउनु स्वाभाविकै हो । राजाको दर्शन- भेटपछि केही पुस्तकहरू दिने चलन रहेछ । त्यतिबेला प्राप्त भएका भानुभक्तीय रामायण, खप्तडस्वामी रचित स्वास्थ्यविज्ञान, विचारविज्ञान, म र मेरो कर्तव्य आदि पुस्तकहरू मसँग अझै सुरक्षित छन् र बेलाबखत ती पुस्तक पढ्ने गर्छु र घरपरिवारमा चर्चा गर्ने गर्छु तथा पढेर सुनाउने एवम् साथीभाइलाई पढ्न दिने समेत गर्दछु । हामी शिक्षाप्रेमी र शिक्षासेवीलाई पुस्तक भन्ने वस्तु सबैभन्दा ठूलो धन हुँदो रहेछ । यसैगरी मलाई अझ पुरानो कुराको सम्झना छ । राजा वीरेन्द्रको शुभराज्याभिषेकको उपलक्ष्यमा बुटवलमा आयोजित कविगोष्ठी थियो जसमा केही कविहरू पुरस्कृत भएका थिए । म पनि नगद पुरस्कारद्वारा पुरस्कृत भएको थिएँ । मेरो उमेर त्यतिखेर २२ वर्षको मात्र थियो । कविगोष्ठीको मिति थियो २०३१ साल फागुन १६ गते । फागुन १२ गते भएको शुभराज्याभिषेकका अवसरमा विभिन्न मितिमा विभिन्न कार्यक्रमहरू गरिएका थिए । सोही राज्याभिषेकको सम्झनामा फागुन १२ गतेलाई राष्ट्रिय शिक्षादिवसका रूपमा मान्दै आउनुबाट राजा वीरेन्द्रमा शिक्षाक्षेत्रप्रति विशेष मोह रहेको कुरा बुझिन्छ । हुन पनि आफ्ना बाबु राजा महेन्द्रबाट चालिएको राष्ट्रिय शिक्षा नीति (जसलाई राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ भनिन्छ) को मध्यावधि र पूर्णावधि मूल्याङ्कन गर्ने, संशोधन र परिमार्जन ल्याउने र शिक्षालाई वर्तमान अवस्थामा पुऱ्याउने श्रेय श्री ५ वीरेन्द्रलाई नै छ । चित्रकारितामा विशेष अभिरुचि भएका राजा वीरेन्द्रको अन्य बहुआयामिक व्यक्तित्वको अध्ययन गर्दा मैले देहायका बुँदाहरूमा श्री ५ वीरेन्द्रलाई आफ्नै विशुद्ध विशेषता भएको राजा मानेको छु ।

१. नेपालका १४ अञ्चललाई विकासक्षेत्रमा विभाजन गर्ने कामको शुरुवात राजा महेन्द्रकै पालादेखि चलेको हो, तर हालको पाँच विकासक्षेत्रको स्वरूप राजा वीरेन्द्रकै पालामा भएको हो । पञ्चायतकालमा राजाले नै जनताका घरदैलोमा गई विकासका पूर्वाधारहरू बुझ्ने, विकासका कार्यक्रम तर्जुमा गर्ने तथा विभिन्न तहका व्यक्तिलाई दर्शनभेट दिने र राम्रो काम गर्ने नेता, कर्मचारी, शिक्षक, प्राध्यापक र जनतालाई औपचारिक

समारोह पारी पुरस्कार, सम्मान र विभूषण आदि दिने प्रचलन थियो ।

२. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट साहित्य, सङ्गीत एवम् कलाका पारखी र स्वदेशी तथा विदेशी विद्वान्हरूलाई समेत दिइने विभिन्न प्राज्ञिक पुरस्कारहरूको स्थापना र स्थापना भइसकेको पुरस्कारको रकम बढाउने काम राजा वीरेन्द्रबाट भयो । ती हुन् इन्द्रराज्यलक्ष्मी, महेन्द्र, त्रिभुवन, पृथ्वी प्रज्ञापुरस्कार र वीरेन्द्रालङ्कार । यसै प्रेरणाले अन्य निकायले पनि ठूलाठूला रकमराशिका पुरस्कारहरू राख्न शुरु गरेका छन् । स्वदेश तथा विदेशमा गएर स्वर्ण, रजत, काँस्य आदि पदक जितेर आउने खेलाडीलाई पनि अब ठूलो रकमको पुरस्कार र सम्मान प्राप्त हुन थालेको छ । यी कार्यहरू खेलप्रेमी राजा श्री ५ वीरेन्द्रकै कार्यकालमा भएका हुन् ।

३. त्रिभुवन विश्वविद्यालयले प्राइभेट परीक्षा दिन पाउने पद्धतिको घोषणा गर्‍यो । एकमात्र विश्वविद्यालय भएको मुलुकमा थप महेन्द्र संस्कृत, काठमाडौं, पोखरा, पूर्वाञ्चल आदि धेरै विश्वविद्यालयको स्थापना भयो । प्राविधिक शिक्षालयहरू धेरै खुले, प्रस्तावित प्रा. वि. देखि मा. वि. सम्म हजारौं विद्यालयहरू थप हुँदै गए । शिक्षाप्रेमी राजाको यस कार्यको सराहना गर्न करै लाग्छ ।

४. दक्षिण एसियाली राष्ट्रको सङ्गठन सार्कको स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्नेमा राजा वीरेन्द्रको नाम अग्र पंक्तिमा आउँछ । एसियालीका सात विकासोन्मुख राष्ट्रहरूका आआफ्ना समस्या र तिनका निराकरणका उपायबारे यस सङ्गठनमा छलफल भइरहन्छ ।

५. जनमतसङ्ग्रहपछि पनि फेरि देशमा सत्याग्रह आदि आन्दोलन भए, विभिन्न राजनीतिक दलहरूले प्रतिबन्धित अवस्थामा पनि आन्दोलन गर्दै रहे । जिउज्यानको वास्ता गरेनन्, जेलनेलको कुनै परवाह गरेनन्, कैयौंले शहादत प्राप्त गरे । यसरी जनआकाङ्क्षा राम्रोसँग बुझेका राजा वीरेन्द्रले २०४६ सालको अन्त्यमा देशमा बहुदलको अभ्युदय गराइदिए जसबाट राजा पनि प्रजातन्त्र- प्रेमी रहेछन् भन्ने कुराको सच्चा पहिचान सम्पूर्ण नेपाली जनतालाई भयो र राजाप्रति आदर, सम्मान र भक्तिभाव बढ्दै गयो ।

६. राजा वीरेन्द्रकै पालामा नेपालमा शिक्षक आन्दोलन निकै बढेर गयो तर यस समस्याको निराकरण पनि भयो । कर्मचारीसरह शिक्षकहरूले पनि आफ्नो स्तर र योग्यतानुरूप वेतन पाउने, सञ्चयकोष काटिने, पेन्सन, उपादान हुने, औषधीभत्ता र सञ्चित बिरामी बिदाको रकम पाउने आदि निर्णय राजा वीरेन्द्रकै पालामा भए ।

७. कर्मचारीलगायत सबै जागीरदारको आम्दानीको पैसाले परिवार पाल्न धौधौ भएका बखत २०५७ सालमा छिमेकी मुलुक खास गरेर सार्कराष्ट्रका मुलुककै हाराहारीमा पुग्न सक्ने खालको तलबदर राजा वीरेन्द्रकै पालामा बढाइयो । यसले गर्दा जागीरदारको क्रयशक्ति आजभोलि केही बढेको छ ।

८. विश्वका प्रायः सबै मुलुकको भ्रमण गरेका र नेपालभित्र पनि कतै घुम्न बाँकी नराखेका राजा वीरेन्द्रमा नेपाली जनताप्रति निकै नै माया थियो । जनताको उत्थान र राष्ट्रको विकासप्रति राजामा सधैं चिन्ता रहन्थ्यो । हिन्दूधर्ममा राजालाई विष्णु मान्ने भएरमात्र हैन, नेपालको इतिहासमा राजसंस्थाको गरिमा र महत्ता आफ्नै किसिमको र एक मौलिक पाराको भएको हुँदा जनताको विश्वास र सम्मान राजा वीरेन्द्रलाई प्राप्त भएको थियो । यसमा कुनै शङ्का छैन ।

सबै क्षेत्रमा विकास भयो, अब केही बाँकी छैन भन्न त सकिन्न किनभने देश नै रोग, गरिबी, अशिक्षा र प्राविधिक समस्याबाट गुज्रेको छ र अझ यता केही वर्षदेखि अकल्पनीय वज्रपातले देशलाई अभिशापै पारेको छ । यस्ता दैवी, प्राकृतिक र आकस्मिक चपेटालाई लिएर राजालाई दोष दिन मिल्दैन । जुनसुकै शासन आए पनि यस्ता विडम्बना परी नै हाल्छन् र जस्तोसुकै मुलुकमा पनि यस्ता कठिन परिस्थितिको सिर्जना भइ नै रहन्छ । मुख्य कुरो शासनको विचार कस्तो छ ? त्यसअनुरुप जनताले माया गर्ने र नगर्ने कुरा निहित रहन्छ । देशका लागि केही गरौं भन्ने शासकको विचार छ भने त्यसलाई सबैले माया त गर्छन् नै । देशका लागि केही गर्ने चाहना हुँदाहुँदै पनि परिस्थितिवश काम बिग्रेर देश विकास हुन सकेन भने पनि जनताले कुरो बुझेको हुन्छ । तर देशका लागि केही गर्न नचाहने र बाहानामात्र पारेर जनताको आँखामा छारो हाल्न खोज्ने शासकलाई जनताले माया गर्ने कुरै आउँदैन । जे होस्, विकासप्रेमी भएकै कारणले राजा वीरेन्द्रले नेपाली जनताको माया पाएका हुन् । यस्ता राजाको दुःखद निधनमा नेपाली जनता मर्माहत भएका छन् । यस्ता न्यायप्रेमी र प्रतिभाशाली राजालाई खै कससँग तुलना गर्ने हो र ? त्यसैले मलाई भन्न मन लाग्छ, "राजा वीरेन्द्रजस्ता त राजा वीरेन्द्र नै थिए ।"

संस्थापक एवं आजीवन सदस्य
वाङ्मय प्रज्ञाप्रतिष्ठान - पाल्या

●

मर्त्य शरीरमा अमर्त्य व्यक्तित्व श्री ५ वीरेन्द्र

● *प्रा. सिद्धिनाथ गौतम*

प्रतिबध्नाति हि श्रेयः पूज्यपूजाव्यतिक्रमः। कुनै पनि पूज्य आदरणीय व्यक्तित्वको समुचित सम्मान एवम् पुरस्कार हुन सकेन भने देश, जनता कसैको पनि भलो हुन सक्दैन । श्री ५ वीरेन्द्रका सम्बन्धमा त झन् यो अति नै उपादेय हुन जान्छ र श्री ५ को सरकारबाट श्री ५ वीरेन्द्र शान्ति पुरस्कार स्थापना गर्ने र श्री ५ वीरेन्द्रको स्मृतिग्रन्थ प्रकाशित गर्ने भन्ने वार्षिक पुण्यतिथिको अवसरमा जुन निर्णय भएको छ, त्यो स्वागतयोग्य कुरा हो ।

नाशवान् मर्त्य शरीरमा भइकन पनि अमर्त्य व्यक्तित्व श्री ५ वीरेन्द्रलाई अत्यन्त लोकप्रिय, प्रजावत्सल अनुपम राजाका रूपमा सबैले विशेष सम्मान, आदर एवम् भक्तिश्रद्धा समर्पण गर्दै आइरहेका हुन् । त्यस्ता विशिष्ट राजदार्शनिक आदर्श राजाको २०५८ जेठ १९ मा नारायणहिटी राजदरबारमा अकल्पनीय, अप्रत्याशित हत्याकाण्ड भई दर्दनाक, शर्मनाक, बीभत्स, हृदयविदारक किसिमबाट स्वर्गारोहण हुन जाँदा सम्पूर्ण नेपाली जनता स्तब्ध र शोकाकूल हुन पुग्यो । सारा विश्वनै चकित र क्षुब्ध बन्न गयो । श्री ५ बडामहारानी ऐश्वर्य, श्री ५ दीपेन्द्र, श्री ५ अधिराजकुमार निराजन, श्री ५ अधिराजकुमारी श्रुतिलगायत राजपरिवारका दश सदस्यको एकैसाथ स्वर्गारोहण हुनु आकाशै खस्नु र धर्ती नै फाट्नु जस्तै *"न भूतो न भविष्यति"* घटना हो । *दैवो विचित्रागति, दैव इच्छा बलीयसी* भोग्न, सहनै पर्‍यो ।

२०३१ साल फागुन १२ गते आफ्नो शुभराज्याभिषेकको सुअवसरमा विभिन्न राष्ट्रका राष्ट्रप्रमुख सरकारप्रमुख लगायत विशिष्ट पाहुनाहरूको उपस्थितिमा नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी श्री ५ वीरेन्द्रबाट अत्यन्त दूरगामी परिणामको प्रस्ताव राखिबक्सेको हो । उक्त प्रस्तावलाई विश्वका ११६ भन्दा बढी राष्ट्रले स्वागत गरी समर्थन जनाएका हुन् । आकाश, अन्तरिक्ष, पृथ्वी, जल, औषधी वनस्पतिलगायत सर्वत्र नै शान्ति कामना गर्दै *'शान्तिरेव शान्तिः'* शान्तिमा पनि शान्तिको चाहना गर्ने सनातन वैदिक संस्कार उद्घोषलाई मूर्तरूप दिन चाहने क्रान्तदर्शी राजा वीरेन्द्रको शान्तिप्रेम विश्वशान्तिका सन्दर्भमा, नेपालको परिवेशमा अत्यन्त सार्थक, प्रशंसनीय एवम् सर्वथा उदाहरणीय भइरहेको छ ।

वर्तमान संसार कसरी हिडिरहेको छ, राजनीतिक जनमतसङ्ग्रह, विधिव्यवस्थाहरू कहाँ किन कसरी चल्दैछन्, तिनका प्रवाह कुन बाटो कता बढ्दै छन्, युगबोधका साथ सम्पूर्ण विवेचन गरी देश र जनताको हितमा साहसका साथ कदम चाल्दै प्रजातान्त्रिक निष्ठा, धैर्य एवम् संयमका साथ देश हाँक्ने प्रजावत्सल राजा वीरेन्द्र बहुआयामिक व्यक्तित्वका धनी होइबक्सन्थ्यो ।

देशको शिक्षा व्यवस्था राष्ट्रिय आवश्यकताअनुरूप हुनुपर्ने यथार्थलाई स्वीकार्दै राष्ट्रिय शिक्षापद्धतिको योजना तर्जुमा भई कार्यान्वित हुनु, देशको

सन्तुलित विकास गर्न विभिन्न क्षेत्रमा विभाजित गरी अनुगमन, सुपरिवेक्षण स्वयं आफैँबाट सम्पन्न गर्न पालैपालो विकासक्षेत्रको भ्रमण हुनु निश्चय नै श्री ५ वीरेन्द्रको देश र जनताप्रतिको अगाध माया, ममता र दायित्व निर्वाह हो, जुन अति नै स्तुत्य छन् ।

श्री ५ वीरेन्द्रको सुशासन एवम् अथक प्रयासबाट नेपालले अन्तर्राष्ट्रिय जगत्‌बाट महान् प्रतिष्ठा र गौरव प्राप्त गरी विश्वसामु सुपरिचित हुने सुअवसर प्राप्त गरेको हो । यो ज्यादै ठूलो उपलब्धि र नेपाल अधिराज्यको अस्मिता र व्यक्तित्वको असाधारण सम्मान हो ।

"देवः पृथिवीपतिः, महती देवता ह्येशा नररूपेण तिष्ठति"। यस्तो संस्कार र विश्वासलाई सर्वथा परिपोषण गर्ने उदात्त चरित्र, उत्कृष्ट गुण एवम् उदार व्यक्तित्वका धनी र राजकीय सर्वगुण सम्पन्न होइबक्सन्थ्यो राजा वीरेन्द्र । राजा र प्रजाको परस्परको भक्ति र वात्सल्य जुन यथार्थ र सुस्पष्ट रूपमा रहेको थियो, त्यो हेर्दा *"प्रजानां विनयाधान्याद्रक्षणाद् भरणादपि । स पिता पितरस्तासां केवलं जन्महेतवः"* नै सर्वात्मना चरितार्थ भइरहेको थियो ।

सौम्य मुहार, शान्त प्रकृति, सहिष्णु स्वभाव जस्ता गुणहरूबाट सुपरिष्कृत जुन धैर्यशीलता मौसुफमा विद्यमान थियो । त्यसैले *"विकारहेतोरतिविक्रियन्ते येषां न चेतांसि त एव धीराः"* "कस्तै विकृति र विसङ्गति हुँदा पनि विकारका कारणहरू हुँदा पनि जो विचलित हुँदैन त्यो नै धीर हो"- महाकवि कालिदासको यो सूक्ति सार्थक पारिरहेको थियो । साथै

प्रजासुखे सुखं राज्ञः प्रजानां च हिते हितम् ।
नात्मप्रियं सुखं राज्ञः प्रजानां तु प्रियं सुखम् ॥

महान् राजदार्शनिक आचार्य कौटिल्यको यो उद्घोष नै स्वर्गवासी राजा वीरेन्द्रबाट राजधर्म र जीवनपद्धतिको रूपमा स्वीकारिएको सुस्पष्ट भइरहेको थियो ।

विद्वद्वर सम्राट् श्री ५ वीरेन्द्रका कुशलता, अनुभव, मधुर विनय, प्रिय व्यवहार, कल्याणकारी चिन्तन जस्ता सबै स्तुत्य व्यक्तित्व परिचयलाई केलाई साररूपमा चित्रण गर्न खोज्दा *"उत्तररामचरिते भवभूतिविशिष्यते"* को सम्मान पाएका विशिष्ट विभूति भवभूतिका निम्नाङ्कित पद्य नै पर्याप्त हुने ठानी समुद्धृत गरेको छु :

"प्रियं प्रायावृत्तिर्विनयमधुरो वाचि नियमः
प्रकृत्या कल्याणीमतिरनवगीतः परिचयः ।
पुरो वा पश्चाद् वा तदिदमविपर्यासित रसं
रहस्यं साधूनामनपधि विशुद्धं विजयते ॥

"साधु सज्जनहरूको रहस्य चरित्र निश्छल र विशुद्ध हुन्छ र नै सर्वत्र विजयी हुन्छ ।" यसैकारण नतमस्तक भई स्वीकार्नु पर्ने हुन जान्छ साधुसज्जनको जीवनदर्शन । व्यक्तिगत सेवा सम्पर्क र स्मृतिका विषयमा भन्नु पर्दा नारायणहिटी राजदरबारमा विजयादशमी, रक्षाबन्धन, शुभजन्मोत्सव जस्ता चाडपर्व, धार्मिक कृत्य र पुण्य तिथिहरूमा आमन्त्रणअनुसार उपस्थिति भई निरन्तर तीस वर्षसम्म दर्शनभेट, सेवा, सान्निध्य रहने अवसर मिलेको हुँदा सरकारका उक्त अनुसारका गुणचरित्रहरू थोरबहुत अवगत गर्न पाएको विषय निवेदन गर्दछु । साथै तात्कालिक बडागुरुज्यू अम्बिकाप्रसाद अधिकारी र महेन्द्र संस्कृत विश्वविद्यालयका तात्कालिक उपकुलपति डा. हरदेव मिश्रका साथ २०४५ चैत्रमा दिल्लीमा भएको संस्कृतसम्मेलनमा श्री ५ वीरेन्द्र सरकारको अगाध सदिच्छाअनुसार सहभागी बन्न पाएको हुँदा, सम्झना ताजै छ । साथै विशेष श्री ५ वीरेन्द्रको सदिच्छाअनुसार महेन्द्र संस्कृत विश्वविद्यालय विकास तथा सुदृढीकरणका सम्बन्धमा समितिमा रही सेवा गर्दाको र त्यसअघि दाङ्ग तुलसीपुरमा तात्कालिक अम्बिकाप्रसाद अधिकारीका साथ दर्शनभेट पाउँदा श्री ५ वीरेन्द्र समक्ष, संस्कृतसम्बन्धी बिन्ती चढाउँदाका समयका स्मृति अनुभवहरू समेतका आधारमा सरकारका सम्बन्धमा केही कोर्ने धृष्टता गरेको हुँ, भक्तिपूर्वक श्रद्धासुमन अर्पण गरेको हुँ । उचनीच केही भए क्षमाशील महानुभावहरूमा विनम्र निवेदन गर्दछु ।

अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात् ।
रक्षार्थमस्य लोकस्य राजानमसृजत् प्रभुः ॥

शास्त्रले बताएको छ- सबैतिर डर, त्रास, हत्याहिंसाबाट लोक आत्तिएको अराजक स्थितिमा लोकरक्षाका लागि भगवान् प्रभुले राजाको सृष्टि गर्नुभयो । इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्रमा कुवेरहरूको शक्ति खिचेर राजामा समाहित गरिएको हुन्छ । यस्तो दैवीसिद्धान्त शास्त्रकारहरूले प्रतिपादन गरेका छन् । "नराणां च नराधिपः" भगवान् श्री कृष्णको यस्तो उद्घोष पनि यसै अनुसार भएको हो । अझ अगाडि वैदिक कालमा दृष्टि दिदा यस्ता उद्गार पनि पाइन्छन्-

ध्रुवा द्यौ ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे ।
ध्रुवं विश्वमिदं जगद् ध्रुवो राजा विशामयम् ॥

यसरी राजतन्त्रलाई आकाश, पृथ्वी, पर्वत, समग्र विश्वजगत् जस्तै नित्य सनातन रूपमा प्रतिष्ठापित गरिएको पाइन्छ अर्थात् राजमुकुटको सर्वोच्चता एवम् अपरिहार्यता सिद्ध गरिएको छ । वर्तमान श्री ५ महाराजधिराधिराज ज्ञानेन्द्र वीरविक्रम शाहदेव सरकारबाट पनि उपर्युक्त यिनै यस्तै गुण, आदर्श, शास्त्रीय मर्यादाअनुरूप उदात्तचरित्र आचरणहरू आत्मसात् गरिबक्सिई राजधर्म परिचालनका साथ आफ्ना स्वर्गवासी पुज्य दाज्यू श्री ५ वीरेन्द्रलाई प्रेरणास्रोतका रूपमा अङ्गीकार गर्दै राजपाठ सम्पादन

गरिबक्सँदै छ। *"चचार पूर्वाच्चरितम् रघूत्तमो राजर्षिवर्यैरभिशोभितं यथा"* भगवान् श्री रामचन्द्रले आफ्ना श्रेष्ठ पूर्वज राजर्षिहरूद्वारा आचरित दर्शन व्यवस्था सम्पादन गर्दै राजकाज चलाउनुभयो। साथै धर्मसेतु परिपालनका लागि भावी राजाहरूप्रति निम्नांकित पद्यानुसार अभ्यर्थना गर्नुभएको पनि यस प्रसङ्गमा उद्धरण गर्न चाहन्छु।

भूयो भूयो भाविनो भूमिपालान् नत्वानत्वा याचते रामचन्द्रः।
सामान्योऽयम् धर्मसेतुर्नराणां काले काले पालनीयो भवद्भिः॥

आदर्श राज्यव्यवस्था राज्यको सर्वत्र चर्चा भइरहने र राजधर्म दर्शनमा अभ्यासयोग्य एवम् संस्मरणीय हुँदा शास्त्रीय प्रमाणका रूपमा उपस्थापन गरिएको हो।

तस्माच्छास्त्रं प्रमाणंते कार्याकार्ये व्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तम् कर्मकर्तुमिहार्हसि॥
(श्रीमद्भगवद् गीता)

शास्त्रै प्रमाण छन् सारा कार्याकार्य बुझाउन।
तस्मात् शास्त्रविधानैका कार्यमा चल अर्जुन॥
(कोमलगीता)

श्री ५ वीरेन्द्रको भौतिक उपस्थिति दर्शन सान्निध्यबाट वञ्चित हुनु परे तापनि आत्मा चिन्ने आत्मवादीहरू शोकमा पर्दैनन्, त्यसबाट पार भई अझ बढी सक्रिय हुन्छन्। यस्तो विचारमननबाट विधिको विडम्बना नियतिको खेल कसैले टार्न नसक्ने हुँदा *'गतं नशोचामि'* अनुसार चित्त बुझाउँदै अझ शक्ति बढाई आ-आफ्ना कर्ममा दत्तचित्त हुनुपर्दछ।

पूर्वजन्ममा योगसाधनामा श्रद्धासाथ लाग्दालाग्दै पनि संयम बर्तिन नसकी योगभ्रष्ट भएकाहरूको के गति हुन्छ ? यस्तो अर्जुनको प्रश्नमा श्री कृष्णले भन्नुभएको छ *"नहि कल्याणकृत् कश्चित् दुर्गतिमधि गच्छति"* बाबु अर्जुन असल गर्नेको दुर्गति हुँदैन। गरेको त्यसै खेर पनि जाँदैन। *'शुचीनां धीमतां गेहे योगभ्रष्टोऽभि जायते'* अथवा *योगिनामेव कुले भवति धीमताम्।* यो हेर्दा श्री ५ वीरेन्द्रको पनि यस्तै स्थिति पर्न गई केही समय पृथ्वीमा राजखानदानमा रही पुनः योगसाधनामा सम्मिलित भई योग संसिद्धि प्राप्त गर्नुपर्ने भएर पो हो कि ? सपरिवार छिट्टै स्वर्गारोहण भइबक्स्यो। यो पनि श्रीमद्भगवद् गीता दर्शन शास्त्रकै एक पक्ष हो कि कसो हो ? अन्यथा हामीहरू के भन्न सक्तछौं र *'सर्वं सर्वेश्वरो वेत्ति'* यत्तिकैमा लेखनीलाई विश्राम दिन्छु।

२०५९ माघ २ गते
ताहाचल छाउनी, काठमाडौं

●

राष्ट्रिय एकताका लागि राजालाई सहयोग गर्नुपर्छ

● *सूर्य सुवेदी*

जेठ १९ गते राजदरबारमा भएको त्रासदीपूर्ण घटनाले नेपाली जनताको शिर विश्वव्यापी रूपमा निहुरिएको छ र त्यस त्रासदीपूर्ण घटनाबाट भएको क्षतिपूर्ति गर्न नेपाली स्वाभिमान र राष्ट्रियतालाई आउँदा सयौँ वर्ष पर्खनु पर्नेछ ।

नेपाली राजनीतिका अहिलेका प्रमुख पार्टीहरू नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपा माले र सद्भावनालगायतका पार्टीहरूले आगामी दिनहरूमा पनि स्थायित्व, राष्ट्रियता र विकासका लागि संवैधानिक राजतन्त्रलाई साथ दिने प्रतिबद्धता जाहेर गर्नुले पनि राजसंस्था हाम्रो जीवनपद्धतिको अङ्ग भइसकेको कुरा जिउँदो वास्तविकता हो ।

गत जेठ २० गतेदेखि देशव्यापी रूपमा आमजनताले जसरी राजदरबारमा भएको घटनाको विरोधमा र श्री ५ वीरेन्द्रलगायत राजसंस्थाका स्वर्गीय सदस्यहरूको सम्मानमा जसरी धर्ना, र्‍याली, जुलुस र शोकसभाहरू गरेका छन् त्यसबाट नेपाली राजसंस्था हाम्रो जीवनपद्धतिको अङ्गको रूपमा अत्यन्त प्रिय संस्थाको रूपमा विकास भइसकेको अनुभूत हुन्छ । विश्वव्यापी रूपमा आमसञ्चार माध्यमहरूले १९ गते राति भएको राजपरिवारका सदस्यहरूको नृशंस हत्या र त्यसपछिका घटनाहरूको विषयमा जसरी चासो राखी प्रचार-प्रसार गरिराखेका छन् त्यसबाट पनि हाम्रो राजसंस्थाको विश्वव्यापी रूपमा गरिमामय लोकप्रियता रहेको पुष्टि हुन्छ । श्री ५ महाराजाधिराज ज्ञानेन्द्रबाट राज्यसहायकका रूपमा जेठ २१ गते देशवासीका नाममा बक्सेको सन्देशमा यस राष्ट्रिय विपत्मा सबैको सहयोग पाउने विश्वास व्यक्त गर्दै हुकुम भयो "हामी आफ्नो कर्तव्य नभुली सदाझैँ यस विपत्को बेलामा हामी सबै नेपाली एक भई पारस्परिक सहयोग, सद्भावना र मेलमिलाप राखी यस देशको प्रतिष्ठा अक्षुण्ण राख्ने मौसुफको सपनालाई (श्री ५ वीरेन्द्रको) साकार पार्न प्रयत्नशील हुनेछौँ । यस कार्यमा सबैको सहयोग पाउनेछु भन्ने कुरामा म विश्वस्त छु ।" यसरी राजाले जनतासँग एकताका लागि अपिल गरिबक्सेको छ । जनताले अपेक्षा नगरेको १९ जेठको अप्रिय घटना अब इतिहासको कालखण्ड भइसकेको छ । विगत २५० वर्षदेखि श्री ५ पृथ्वीनारायण शाहका वंशज राजाहरूको प्रत्यक्ष र अप्रत्यक्ष नेतृत्व र संरक्षकत्वमा यस देशको निर्माण र नेपाली राष्ट्रियताका सम्वर्द्धन र संरक्षण हुँदै आएको ऐतिहासिक तथ्य नेपाल देशको निर्माण र नेपाली राष्ट्रियताको पहिचान नै हुन् । नेपालको राष्ट्रिय सार्वभौम सत्ता र हाम्रो राष्ट्रिय अखण्डता जोगाइराख्न आम नेपाली जनताले अहिलेको वास्तविकतासँग बाँच्नु जरुरी छ । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र अहिलेको नेपाली वास्तविकता हो, नेपाल देश रहेको कारणले नै इतिहासको गर्तमा हिजो राणातन्त्र, पञ्चायतीतन्त्र र आज बहुदलीय व्यवस्था यस देशमा भए, रहेका हुन् । वर्तमान नेपालको वास्तविकतामा राजसंस्था ऐतिहासिक सत्य र वर्तमानको आवश्यकता रहेको छ । नेपालको स्थिरता, राष्ट्रिय पहिचान र हाम्रो सार्वभौम सत्ता र प्रतिष्ठालाई अक्षुण्ण राख्नका लागि राजसंस्थालाई बलियो र लोकप्रिय बनाउन सबैले सहयोग गर्नु नितान्त जरुरी छ । जुनसुकै राष्ट्रले अहिलेको जस्तो राष्ट्रिय

विपत् र शोकको घडीमा शोकलाई शक्तिमा बदल्नुपर्ने हुन्छ । यस शोकको घडीमा हामी सबै नेपाली एक भई पारस्परिक सहयोग, सद्भावना र मेलमिलाप राखी यस गम्भीर राष्ट्रिय त्रासदीवाट मुक्त भई पुनः राष्ट्रिय एकता देखाउने बेला आएको छ ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्रबाट २२ गते सोमबार साँझ देशवासीका नाममा बक्सेको शाही घोषणामा दुइटा अति महत्त्वपूर्ण कुरा उठाइवक्सेको छ । सो घोषणामा राष्ट्रिय एकतामा जोड दिँदै मौसुफबाट हुकुम भएको छ "नेपालको इतिहासमा आइपरेको यस अकल्पनीय अवस्थाको अनुचित फाइदा लिई हाम्रो राष्ट्रिय एकता, स्वतन्त्रता र राष्ट्रियतालाई समेत कमजोर पर्न प्रयास हुनसक्ने भएकाले हामी सबै नेपाली सचेत हुँदै एकजुट हुनुपरेको छ ।" त्यस्तै श्री ५ बाट शाहवंशको परम्परालाई कायम गर्दै लोकसम्मतिलाई आफ्नो शासनको आधार बनाइने बताउँदै हुकुम भएको छ "लोकसम्मति र जनआकांक्षाको कदर गरी राज्यसञ्चालन गर्ने शाहवंशको परम्परा रहिआएको छ । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको निष्ठापूर्ण अभ्यासद्वारा नेपाली जनतालाई समुन्नत भविष्यतिर उन्मुख गराइबक्सन श्रद्धेय दाजु स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको सदिच्छा हामी सबैका लागि सधैंका लागि प्रेरणादायी रहनेछ ।"

यसरी श्री ५ बाट राष्ट्रिय एकता, प्रजातन्त्र र संवैधानिक राजतन्त्र तथा लोकसम्मतिको कदर गर्ने जुन ऐतिहासिक प्रतिबद्धता वक्सेको छ त्यसबाट पनि आउँदा दिनहरूमा राजसंस्था हाम्रो जीवनपद्धतिको आधार रहिरहने सङ्केत मिलेको छ । अहिले नेपालको राष्ट्रियता, प्रजातन्त्र र संवैधानिक राजतन्त्रलाई संस्थागत रूपमा बचाइराख्न राष्ट्रिय एकता जरुरी छ । राष्ट्रिय एकताको प्रतीकका रूपमा रहेको राजसंस्थालाई बलियो र लोकप्रिय राख्न सबै पार्टीहरू र आम जनता एकजुट हुनु जरुरी छ ।

२० जेठदेखि देशव्यापी रूपमा स्वस्फूर्त रूपमा आम देशवासीले श्री ५ वीरेन्द्र र अरू स्वर्गवासी राजपरिवारका सदस्यहरूप्रति जुन स्नेह, सद्भाव र प्रेम दर्साए त्यसवाट पनि राजसंस्था र नेपाली जनताबीच प्रगाढ स्नेह र सद्भावना भएको पुष्टि हुन्छ ।

जनताप्रति प्रिय र प्रतिबद्ध राजसंस्था हाम्रो अहिलेको आवश्यकता हो । त्यस्तै लोकसम्मति, राष्ट्रियता र प्रजातन्त्र हाम्रो राजसंस्थाका लागि आवश्यक सर्तहरू हुन् । नयाँ राजालाई साथ दिन सबै पार्टीहरू र देशवासीहरू पार्टी स्वार्थ र सङ्कीर्णताभन्दा माथि उठ्नुपर्छ र सबै देशवासी नेपालीहरूले राजसंस्थामा आइपरेको यस दुःखद र विपत्को घडीलाई सहन गर्न सद्भाव र सहयोग गर्नुपर्छ । विगत बाह्र वर्षमा राजसंस्था जसरी जनप्रिय भएर गएको छ वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवाट पनि सो परम्परालाई कायमै राखिवक्सने सङ्केतले धेरै देशवासीहरू मौसुफप्रति आश्वस्त देखिएका छन् ।

श्री ५ वीरेन्द्रबाट पृथ्वीनारायण शाहद्वारा स्थापित भएको र स्वर्गीय श्री ५ त्रिभुवनबाट संस्थागत गर्न खोजिएको राजपरम्पराको गरिमालाई उचाइमा पुर्‍याइबक्सियो । आगामी दिनमा श्री ५ ज्ञानेन्द्रबाट पनि विगतको उच्चतम राजपरम्परा र लोकसम्मतिलाई नेपाल र नेपालीको हितमा राजसंस्थालाई प्रयोग गरिबक्सने आशा गर्दै हामी सबैले राजसंस्थालाई अहिलेको घडीमा सहयोग गर्नुपर्छ । नेपालको सार्वभौमिकता, राष्ट्रिय एकता, विकास र स्थिरता स्थिर राजसंस्था भएको स्थितिमा मात्र सम्भव छ ।

साभार : स्पेसटाइम, २०५८।२।२५

श्रद्धाका पात्र-श्री ५ वीरेन्द्र

● *श्रीमती सुशीला थापा*

इतिहासको कुनै पनि घडीमा पराधीन हुन नपरेको गौरवमय स्वतन्त्रता र सदैव अक्षुण्ण रहेको सार्वभौमसत्ता सम्पन्नताप्रति हामी नेपालीले सधैँभरि गौरव गर्ने गर्छौं । हाम्रा निम्ति सबैभन्दा प्यारो चिज पनि यही हो । इतिहासका विभिन्नखाले मोडहरूमा ज्यादै शक्तिशाली र सम्पन्न मुलुकहरू पनि पराधीन हुन पुगे । त्यसरी गुमेको स्वतन्त्रता पुनःप्राप्तिका निम्ति उनीहरूले ठूलो सङ्घर्ष गर्नुपऱ्यो र ठूलो मूल्य पनि चुकाउनुपऱ्यो । त्यस किसिमको दुर्भाग्य बेहोर्नुबाट हामीहरू कसरी जोगिनसक्यौं भन्ने विषयमा गहन अध्ययन गर्दै जाने हो भने एउटा महत्त्वपूर्ण निचोडमा पुग्न सकिन्छ । त्यो निचोड हो- राजसंस्था र जनताबीचको अन्योन्याश्रित सम्बन्ध, आपसी विश्वास र सहकार्यबाट यो सबै सम्भव हुन गएको हो ।

राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट नेपाल अधिराज्यको एकीकरण नभएको भए सबैले बुझ्नेकै कुरा हो- टुक्राटाक्रीमा विभाजित नेपाल त्यतिबेलै पराधीन भै सक्नेथियो । एकपटक पराधीन भइसकेपछि पुनः स्वतन्त्र अस्तित्व प्राप्त गर्ने कुरा हाम्रा निम्ति असम्भव जस्तै हुनेथियो । त्यसैले नेपाली जनतालाई सधैँका लागि स्वतन्त्रताको प्रत्याभूति दिने श्रेय नै श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई जान्छ ।

हाम्रो सिङ्गो इतिहासको निरन्तरता यस्तो छ, जहाँ नेपाली जनताको चाहना र समयको आवश्यकतालाई नेतृत्व प्रदान गर्ने काम हाम्रो राजसंस्थाबाट भएको छ । राष्ट्र एकीकरणको सन्दर्भमा केही अधुरा रहन गएका कार्यहरू समयक्रममा बडामहाराजाधिराजका उत्तराधिकारीहरूबाट पूरा भए । त्यसरी नै इतिहासको एउटा कालखण्डमा आएर १०४ वर्षसम्म मुलुकले राणाशासन बेहोर्नुपऱ्यो । अन्ततः त्यस किसिमको निरङ्कुश राणाशासनबाट मुलुकलाई मुक्त गरी देशमा प्रजातन्त्र ल्याउने कार्यको नेतृत्व पनि राष्ट्रपिता श्री ५ त्रिभुवनले नै गर्नुपऱ्यो । भन्न सकिन्न, राष्ट्रपिताबाट गाथ र गादीको बाजी राखी नेपाली जनतालाई प्रजातन्त्रको उज्यालोमा लैजाने सङ्कल्प नभएको भए यहाँ प्रजातन्त्र आउन अझै लामो समय पर्खनुपर्ने पनि हुनसक्थ्यो । अथवा, नेपाल र नेपालीले त्यसका निम्ति अनपेक्षित मूल्य चुकाउनु पनि पर्न सक्थ्यो ।

इतिहासको विवेचना र मूल्याङ्कन गर्ने सिलसिलामा हामी कहिल्यै पनि पूर्वाग्रही बन्नुहुँदैन । यो मुलुकको राष्ट्रियताको पहिचान र संरक्षण गर्ने महान् कार्यमा श्री ५ महेन्द्रको योगदानलाई देशभक्त नेपाली जनताले कदापि भुल्न सक्दैनन्, भुल्नुहुँदैन । त्यसबेलाको कठिन परिस्थितिमा मुलुकको अन्तर्राष्ट्रिय पहिचान र प्रतिष्ठा बढाउनेदेखि यहाँको विकास निर्माणका आधारभूत रेखा कोर्ने कार्य श्री ५ महेन्द्रबाट भएको हो । यसका निम्ति श्री ५ महेन्द्रप्रति नेपाली जनता कृतज्ञ हुनैपर्छ । आम नेपाली जनताको ढुकढुकीमा समेटिएको र मुलुकको इतिहासले सुरक्षित गरिसकेको विषय हो योब्गर । यस किसिमको गौरवमय राजपरम्परामा हुर्कँदैआएको नेपाली समाजले कहिलेकाहीँ ज्यादै दुःखद र अकल्पनीय घटनाहरूको पनि सामना गर्नुपरेको छ । वि.सं २०५८ साल जेठ १९ गतेको रात हाम्रा निम्ति त्यस्ता दुःखद क्षणहरूमध्ये सबैभन्दा

दुःखद क्षण रहन गयो । त्यो रातमा हामीले ज्यादै अकल्पनीय ढङ्गबाट नेपाल अधिराज्यका राजा श्री ५ वीरेन्द्र लगायत मौसुफको सिङ्गो परिवार नै सदाका निम्ति गुमाउनुपर्‍यो ।

नेपाल अधिराज्यमा राजा वीरेन्द्रको शासनकालको अवधि ३० वर्षको रहन गयो । त्यस अवधिमा विश्वपरिवेश र हाम्रै सन्दर्भका कैयौँ उतारचढावका श्रृङ्खलाहरू खडा भए । त्यसबेला तत्कालीन राष्ट्र प्रमुखका नाताले श्री ५ वीरेन्द्रको ज्यादै गहन र महत्त्वपूर्ण भूमिका रहन गयो । ती यावत् प्रकारका विषय र सन्दर्भहरूमा विभिन्न विद्वान् र लेखकहरूले लेखिसक्नुभएको छ । स्वयम् यो पंक्तिकारबाट पनि यसअघि लेखिएका कुराहरू यहाँ दोहोर्‍याउनु उचित हुँदैन । साथै यति सानो लेखमा श्री ५ वीरेन्द्रको व्यक्तित्व र तीसवर्षे शासनकालका कुराहरू उल्लेख गर्न सम्भव हुने कुरा पनि होइन ।

ठूलो सौभाग्यको कुरा हो, श्री ५ वीरेन्द्रको छत्रछायाँमा लामो समयसम्म विभिन्न महत्त्वपूर्ण ओहदाहरूमा रहेर मुलुकको सेवा गर्ने अवसर मलाई पनि मिल्यो । काम गर्न चाहनेहरूलाई छानी-छानी मौका दिने, देश र जनताको भलाइ हुने काममा लागिरहन सधैं प्रेरित गर्ने, सार्वजनिक जीवन बाँच्नेहरू अझ बढी इमान्दार र नैतिकवान् हुनुपर्छ भनेर सजग गराइरहने र जनताका सुखदुःखलाई आफ्नै सुखदुःख सम्झेर त्यसमा समाहित हुन आफैं उदाहरण बनेर प्रस्तुत हुने श्री ५ वीरेन्द्रका अद्‌भुत विशेषताहरू थिए । त्यसैले गर्दा ती दिनहरूमा देश र जनताका सेवामा काम गर्दा कहिल्यै निराश हुनपरेन । कुनै दिनपनि थकाइको अनुभव भएन । नैतिकता गुमाइएन र देशका कुनाकुनामा पुगेर त्यहाँका दाजुभाइ, दिदीबहिनीहरूको जीवनसँग आत्मसात् हुन सकियो । देशभक्ति र राजभक्तिको इमान्दारीपूर्वक जयगान गर्दै मातृभूमिको सेवा गर्न सकेका ती कुराहरूले आज पनि गौरवान्वित गराउँछन् । समयको आवश्यकतालाई बुझेर त्यसअनुसारको कदम चाल्नसक्ने ठूलो गुण थियो, श्री ५ वीरेन्द्रमा ।

श्री ५ वीरेन्द्रको सिङ्गो जीवनकाल शासन अधिका घटनाक्रमलाई केलाएर हेर्ने हो भने यस्ता उदाहरणहरू थुप्रै पाइन्छन् जसको समुचित व्याख्या गर्दा एउटा ठूलो किताब तयार हुन सक्छ । अन्तर्राष्ट्रिय घटना र सन्दर्भहरूको गहिरो अध्ययन, विश्लेषण गरी त्यसले हाम्रो मुलुक र जनजीवनमा पार्ने असरहरूबारे चिन्तन र तदनुरूपको व्यवहार गर्ने राजाको व्यक्तित्वबाट हामीमात्र नभई विदेशी मित्रहरू पनि प्रभावित भइसकेका थिए । विषयहरू थुप्रै छन् । छोटकरीमा हामी श्री ५ वीरेन्द्रको शासनकाल पनि शाहवंशीय राजपरम्परामा हाम्रो निम्ति गौरवपूर्ण रह्यो भन्ने निचोडमा पुग्छौं, यस निम्ति तत्कालीन बडामहारानी ऐश्वर्यको भूमिका र योगदान पनि त्यत्तिकै महत्त्वपूर्ण रहन गयो । हाम्रो समाज र खासगरी नेपाली नारीहरूका निम्ति श्री ५ ऐश्वर्यको व्यक्तित्व अझ प्रेरणास्रोतका रूपमा रहनगयो ।

स्वर्गवासी श्री ५ वीरेन्द्रको सम्झना र श्रद्धा हाम्रो मनमस्तिष्कको एक कुनामा सधैं रहिरहनेछ । यस स्मृतिग्रन्थमार्फत् स्वर्गवासी राजा श्री ५ वीरेन्द्र, रानी श्री ५ ऐश्वर्य र उक्त दुःखद घटनामा स्वर्गारोहण होइबक्सेका राजपरिवारका सदस्य तथा शाही नातेदारहरूको आत्मालाई चिरशान्ति मिलोस् भनी भगवान्सँग प्रार्थना गर्दछु ।

●

श्री ५ वीरेन्द्र : इतिहासलाई प्रभावित पार्ने राजा

● *हरिगोपाल प्रधान*

नेपालको इतिहासमा शाहवंशीय राजाहरूले आफ्नो कीर्तिगाथा सर्वत्र फैलाएका छन् । जुनसुकै पनि शाहवंशीय राजा आफ्नै मौलिक कार्यले गर्दा अफ्नो बेग्लै र विशिष्ट व्यक्तित्व राख्न सफल भएका छन् । तत्कालीन राजा कुलमण्डन शाहको पालादेखि चलिआएको यो विशिष्ट परम्परा आजसम्म पनि कायम नै रहेको छ । द्रव्य शाहले आफ्नै पौरखले गोरखामा शाहवंशको बीजारोपण गरेपछि शाहवंशले जनप्रियताको अनुपम उदारहण प्रस्तुत गरेको थियो । 'न्याय नपाए गोर्खा जानु' भन्ने प्रचलित नेपाली उखान राम शाहको पालादेखि चलेको थियो । त्यसै बेलादेखि शाहवंशीय राजाहरू न्यायका निम्ति विख्यात बनेका थिए । त्यसै वंशमा पैदा भएका नरभूपाल शाहका छोरा पृथ्वीनारायण शाहले आधुनिक नेपालको एकीकरण गरी पश्चिमका बाईसे, चौबिसे र पूर्वका चौदण्डीलगायत राज्यहरूलाई एउटै सूत्रमा बाँधेका थिए । आजको नेपाल उनै पृथ्वीनारायण शाहको देन हो ।

पृथ्वीनारायण शाहका दुई छोराहरूमध्ये कान्छा बहादुर शाहले भतिजा रणवहादुर शाहको पालामा नेपालको सिमाना पश्चिम र पुर्वतर्फ धेरै नै परसम्म पुऱ्याइसकेका थिए । इतिहासको एउटा कालखण्डले नेपालको सिमानालाई नखुम्च्याइदिएको भए हाम्रो नेपाल अहिलेको नेपालभन्दा दोब्बर ठूलो थियो । वि.सं. १८७२ मा भएको सुगौली सन्धिले गर्दा नेपालको झण्डै तीनखण्ड भूभाग (पूर्वमा मेची नदीपारि टिस्टासम्म र पश्चिममा सतलजसम्म) भारतमा पर्न गयो । हिजोआज त महाकाली नदीलाई 'शारदा' भन्ने नाम दिई त्यहाँदेखि पश्चिमको लिम्पियाधुरासमेत नेपालको हुनुपर्नेमा 'शारदा' नदीको बीचमा टापुका रूपमा रहेका 'चाँदनी' र 'दोधारा' गाउँलाई मात्र नेपालको सिमाना हो भन्न थालिएको छ ।

राजा त्रिभुवनलाई 'नेपालको प्रजातन्त्रका पिता' भन्ने गरिन्छ । जङ्गबहादुर कुँवरले स्थापना गरेका राणाशक्तिको १०४ वर्षसम्मको एकतन्त्रीय शासनप्रणालीलाई हटाएर नेपालमा प्रजातान्त्रिक पद्धतिको स्थापना गराउन शाहवंशीय राजा त्रिभुवनले खेलेको भूमिका अत्यन्त महत्त्वको मानिन्छ । राजा र प्रजाका बीचमा पर्खाल बनेर ठडिने जुनसुकै शक्ति पनि राजा र जनताको एकताबाट धराशायी हुन जान्छ भन्ने अनुपम उदाहरण प्रस्तुत गर्न सफल राजा त्रिभुवनले नेपालको राजनीतिलाई विश्वको बदलिँदो परिप्रेक्ष्यअनुरूप ढालेका थिए । विश्वका विभिन्न राष्ट्रहरूसँग असंलग्न परराष्ट्र नीतिका आधारमा समानस्तरमा दौत्य सम्बन्ध कायम राखी नेपाललाई विश्वसामु सुपरिचित गराउन राजा महेन्द्रको अविस्मरणीय योगदान रहेको थियो । दुई विपरीत सिद्धान्त र आदर्शमा रहेका छिमेकी मुलुक उत्तरतर्फको चीन र पूर्व, पश्चिम र दक्षिणतर्फको भारतलाई समदूरीमा राखेर नेपालको मौलिक अस्तित्व बचाउन राजा महेन्द्रबाट गरिएका योगदान नेपालको इतिहासमा सदैव स्मरणीय रहने छ ।

श्री ५ वीरेन्द्र पनि नेपालको इतिहासलाई प्रभावित पार्ने राजा होइबक्सन्थ्यो । विभिन्न समयमा मौसुफ सरकारबाट गरिवक्सेका विभिन्न कार्यहरू नेपालको इतिहासमा जीवन्त रूपले उभिएका छन् । मौसुफ सरकारको जन्म हुँदा नेपालको राणाकालीन

अन्धकार व्याप्त थियो । मौसुफ सरकारका ५ वर्षसम्मका दिनहरू नारायणहिटी राजदरबारभित्र कैदीको जस्तै गरी बितेका थिए । वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछिका दिनहरूको स्मृति पनि मौसुफ सरकारमा थियो । मौसुफ सरकारको शुभविवाह सम्पन्न हुँदा देशमा पञ्चायत व्यवस्था लागू भइसकेको थियो ।

वि.सं. २०२८ सालमा मौसुफ सरकारबाट राज्यारोहण गरिबक्सँदा पञ्चायत व्यवस्थाले लामो फड्को मारिसकेको थियो । त्यस बखत दलीय व्यवस्थाको स्थापना हुनुपर्छ भन्ने राजनीतिक शक्तिहरू देशभित्र र देशबाहिर बसेर सङ्घर्ष गर्दै थिए । मौसुफ पनि प्रजातन्त्रको स्थापना हुनुपर्छ भन्ने पक्षमा नै होइवक्सन्थ्यो । त्यसैले नेपालको संविधान २०१९ मा मौसुफ सरकारको सदिच्छाबमोजिम २०४६ सालको परिवर्तित परिस्थितिअनुरूप संशोधन गरियो । विश्वको राजनीतिक प्रवाहअनुरूप नेपाललाई पनि गतिशील बनाउने उदार सोचाइबाट अभिप्रेरित भई मौसुफ सरकारबाट ती कार्यहरू भएका थिए । नेपालको इतिहासमा त्यस्ता कार्यहरूले ठूलो महत्त्व राखेका छन् ।

जनताको चाहनालाई नै आफ्ना चाहना ठानी प्रजातान्त्रिक शक्तिको विश्वव्यापी महत्त्वदायी व्यक्तित्व बी.पी. कोइरालालाई औषधोपचारका निम्ति सहयोग गरिबक्सेको थियो । समयको गतिअनुरूप आफूलाई हिडाउन सक्ने खुबी भएकै कारणले मौसुफ सरकारबाट वि.सं. २०३६ सालमा ऐतिहासिक महत्त्वको जनमतसङ्ग्रहको घोषणा गराइबक्सेको थियो । राजा र प्रजाका बीचमा पर्खाल बनेर कुनै शक्तिले आफ्नो निहित राजनीतिक स्वार्थपूर्ति गरिरहेको कुरा त्यस बेलाको विद्यार्थीआन्दोलनको माध्यमबाट जानकारी प्राप्त गरिबक्सेपछि मौसुफ सरकारबाट उक्त ऐतिहासिक कदम चालिबक्सेको थियो । सुधारिएको पञ्चायत व्यवस्था र बहुदलीय व्यवस्थाका बीचमा मतदान हुँदा केवल चार लाख मतको अन्तरबाट बहुदलीय व्यवस्था पराजित भयो । त्यसपछि मौसुफ सरकारबाट संविधान सुधार सुझाव आयोग गठन गरी नेपालको संविधान २०१९ को तेस्रो संशोधन गराइबक्स्यो । प्रजातन्त्रका मूलभूत विशेषताहरूलाई संविधानमार्फत मुलुकमा प्रवेश गराउन मौसुफ सरकारबाट खेलिबक्सेको त्यस भूमिकाले नेपालको इतिहासलाई अत्यन्त सकारात्मक प्रभाव पोरेको कुरामा दुई मत हुन सक्तैन ।

वि.सं. २०४२ सालमा भएको सत्याग्रह र बमकाण्डका सिलसिलामा धेरै जना नेपालीले अनाहकमा दुःख पाउन सक्थे परन्तु मौसुफ सरकारको प्रजावत्सलताको कारणबाट अप्रिय घटनाहरू घट्न सकेनन् । मौसुफ सरकार बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पक्षमा होइबक्सन्थ्यो र बहुदलीय व्यवस्था प्रदान गर्ने उचित अवसरको प्रतीक्षामा होइबक्सन्थ्यो । नागरिक अधिकारहरू बिस्तारबिस्तार हस्तान्तरण गर्दै गए प्रजातन्त्रप्रति जनता अभ्यस्त हुदै जान्छन् र संसदीय प्रणाली पुनः अफाप हुने छैन भन्ने कुरामा मौसुफ सरकार विश्वस्त होइबक्सन्थ्यो ।

नेपाललाई त्यसभन्दा अगाडि नै पाँच विकासक्षेत्रमा बाँडिएको थियो र मौसुफ सरकार प्रत्येक वर्ष पालैपालो गरी विभिन्न विकासक्षेत्रहरूको भ्रमणमा सवारी होइबक्सन्थ्यो । बाहिरबाट हेर्दा त्यस्ता भ्रमणहरूको उद्देश्य बेग्लै थियो- जनताको समस्या प्रत्यक्ष समाधान गर्ने, विकासनिर्माणका कार्यहरू गर्ने, न्यायलाई सर्वसुलभ गराउने आदि तर आन्तरिक उद्देश्य भने बेग्लै थियो । जनता प्रजातन्त्रप्रति कत्तिको सचेत छन्, राणाकालीन कुसंस्कारबाट जनता मुक्त भइसकेका छन् कि छैनन्, बहुदलीय व्यवस्था प्रदान गरिदिदा त्यसलाई जोगाउन र त्यसको उपभोग गर्न जनतासक्षम बनिसकेका छन् कि छैनन्, अब कति समय कुरेपछि जनतालाई प्रजातन्त्रको अनुभूति गराउन सकिएला आदिआदि कुराहरूले जानकारी लिन मौसुफ सरकारको भ्रमण हुने गरेको थियो । जनता प्रजातन्त्रप्रति क्रमशः आशक्त हुँदै गएको दृश्य मौसुफ सरकारबाट त्यस्ता भ्रमणहरूमा देखिबक्सेको थियो ।

नेपाली जनतामाथि पञ्चायत व्यवस्थाका नेता तथा कार्यकर्ताहरूले गरेको ज्यादतीको विरोध गर्दै नेपाली जनता वि.सं. २०४६ सालमा सङ्घर्षमा उत्रिए । प्रारम्भमा सङ्घर्षको नेतृत्व 'नेपाली कांग्रेस' र 'संयुक्त वाममोर्चा' ले गरेका थिए भने त्यसप्रति 'संयुक्त राष्ट्रिय जनआन्दोलन' ले ऐक्यबद्धता जनाएको थियो । पञ्चायत व्यवस्थाका विरुद्ध उर्लिएको जनसमूहलाई नियन्त्रणमा राखिरहन त्यसबेलाका प्रतिबन्धित पार्टीहरूले सकेनन् । पञ्चनेताहरूले पनि जनसमूहविरुद्ध सेना र प्रहरीलाई सडकमा उतारे । त्यसका फलस्वरूप केही नागरिकहरूले ज्यान गुमाए । नेपाली जीउधनको अरू नाश नहोस् र जनआन्दोलनलाई समर्थन गर्ने निहुँमा विदेशीहरूले नेपालभित्र चलखेल गर्न नपाऊन् भन्ने विचार गर्दै बहुदलीय व्यवस्था प्रदान गर्ने उपयुक्त अवसर यही हो भन्ने निष्कर्षमा मौसुफ सरकार पुगिबक्स्यो र बहुदलीय व्यवस्था प्रदान गरी पार्टीहरूमाथि लागेको प्रतिबन्ध फुकुवा गरिबक्स्यो । नेपाली जनताले मौसुफ सरकारको जयजयकार गरे । अन्तर्राष्ट्रिय क्षेत्रमा मौसुफ सरकारको छवि उज्ज्वल बन्यो, चम्कियो । आफ्नो हातमा रहेको अधिकार आफ्नै खुसीले र कुनै दबावबिना नै जनताका हातमा सुम्पने राजा यसअघि न कुनै देशको इतिहासमा पढिएको थियो, न त भविष्यमा सुनिने सम्भावना नै छ । नेपालको इतिहासलाई मात्र होइन, यो दृष्टान्तले विश्वकै इतिहास र राजनीतिक प्रवाहलाई प्रभावित तुल्याएको छ ।

बहुदलीय व्यवस्था देशलाई प्रदान गरिबक्सेपछि मौसुफ सरकारबाट प्रजातान्त्रिक संविधानको निर्माण गर्न एउटा आयोगको गठन गरिबक्स्यो र त्यही आयोगले निर्माण गरेको संविधान मौसुफ सरकारबाट जारी गरिबक्स्यो ।

बहुदलीय व्यवस्था प्राप्तिपछि नेपालका सम्पूर्ण राजनीतिक दलहरू र तिनका नेताहरूले नेपाल अधिराज्यको संविधान २०४७ लाई आफ्नै स्वार्थको अनुकूल व्याख्या र विश्लेषण गर्दै गए, संविधानको उल्लङ्घन पनि गर्दै गए । २०४७ सालपछिको बहुदलीय व्यवस्थाको इतिहासमा संविधानलाई पूर्णतः पालना गर्ने र संविधानको मूल्य, मान्यता तथा मर्मलाई पूर्णतः आत्मसात् गरी जनताप्रति उत्तरदायी हुने राजनीतिक शक्तिका रूपमा एउटा राजा मात्र देखिए ।

वि.सं. २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा भएको अकल्पनीय, जघन्य र नृशंस गोलीकाण्डमा परी सपरिवार मौसुफ सरकारको निधन भयो । आफ्नो अधिकार कसैको दबाबबिना आफ्नै खुसीले जनतालाई हस्तान्तरण गर्ने आदर्श र अनुकरणीय राजा मौसुफ सरकारबाहेक विश्वइतिहासमा अरू कोही नेदेखिएझैं राजालाई पूरै परिवारसहित नस्ट गर्ने राजदरबारभित्रको गोलीकाण्ड पनि विश्वइतिहासमा कहीं देखिएन । मौसुफ सरकारको भौतिक देह यस असार संसारमा नरहे तापनि इतिहासलाई प्रभावित पार्ने मौसुफ सरकारको कीर्तिगाथा यो विश्व रहेसम्म रहिरहने कुरामा कुनै शङ्का छैन ।

विशालनगर, काठमाडौं

श्री ५ वीरेन्द्रको स्मृति : केही अनुभव केही विश्लेषण

• *हरि लम्साल*

'नेपाल' शब्दले इतिहासको उषाकालदेखि नै यस हिमवत् खण्डको राजनीतिक एकताको मात्र प्रतिनिधित्व गरेको छैन, अपितु चार वर्ण छत्तीस जातको आचार-विचार, रहन-सहन, रीति-स्थिति, धार्मिक परम्परा, मान्यता आदि जति पनि सांस्कृतिक निधिहरू छन्, तिनलाई पनि आत्मसात् गरेको छ। यसरी नेपाल शब्द राजनीतिक शक्तिको प्रतीक र सांस्कृतिक एकताको पर्यायवाची हुन गएको छ। स्वनामधन्य तथा प्रातःस्मरणीय बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहबाट यस ऐतिहासिक तथ्यलाई सर्वप्रथम सैद्धान्तिक रूपमा हृदयङ्गम गरी 'नेपाल' शब्दको प्रतिष्ठा पुनःस्थापित गर्ने प्रण गरेर विशाल नेपालको निर्माण गर्ने परिकल्पना भयो र राष्ट्रिय एकीकरण अभियान यज्ञको शुभारम्भ भयो।

नेपाल अधिराज्यको भू-राजनीतिक स्थिति, धार्मिक भावना, सांस्कृतिक परम्परा, सामाजिक संरचना, ऐतिहासिक पृष्ठभूमि तथा लोकप्रियताका आधारमा 'राजसंस्था' नेपालका निम्ति अपरिहार्य प्रमाणित भएको छ। विविधतामा एकताको सामञ्जस्य कायम गर्न, प्रजातन्त्रीकरणतर्फ राष्ट्रलाई उन्मुख गर्न, आधुनिकीकरणका लागि राष्ट्रलाई उद्वेलित पार्न र अन्तर्राष्ट्रिय जगत्मा नेपाल र नेपालीको आत्मसम्मान अभिवृद्धि गर्न नेपालको राजसंस्था सङ्कल्पित रहेको सत्यलाई व्याख्याको प्रयोजन छैन। एक वाक्यमा भन्ने हो भने 'राजसंस्था' नेपाल राष्ट्रको सर्वोपरि संरक्षक, राष्ट्रिय एकताको प्रतीक, राजनीतिक स्थिरताको स्तम्भ, राष्ट्रिय सहमतिको केन्द्रबिन्दु र बदलिँदो अन्तर्राष्ट्रिय परिस्थितिअनुरूप गतिशील निरन्तरताको कारक तत्त्वका रूपमा आफ्नो दायित्व र भूमिकाको निर्वाहमा सतत सचेष्ट रहेको तथ्य प्रमाणित छ। त्यसैले हामी हर्षातिरेक भएर भन्ने गर्छौं- जङ्गलको फूल ओइलाउन सक्छ, तर राजाप्रति, राजसंस्थाप्रति नेपाली हृदयको श्रद्धासुमन कहिल्यै ओइलिनेछैन।"

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको व्यक्तित्व विषयमा कलम चलाउँदा निकै अप्ठ्यारो अनुभव हुन्छ। नेपालको राजनीतिक इतिहासमा खासगरी शाहवंशको कालखण्डलाई केलाउने हो भने श्री ५ वीरेन्द्रको शासनकाल निकै नै उतारचढावपूर्ण रहेको छ। मौसुफ सबैभन्दा शिक्षित, सूक्ष्मतम विश्लेषक र नेपालको आधुनिकीकरणको सूत्रधारका साथै अत्यन्त खारिएका अनुभवसिद्ध पुरुष होइबक्सन्थ्यो। मौसुफलाई नजिकबाट चिन्ने र गहिरिएर अध्ययन गर्नेहरू मौसुफको व्यक्तित्वबाट सधैं प्रभावित भएका छन्।

देश र जनताको सर्वाङ्गीण विकासका लागि श्री ५ वीरेन्द्रबाट निर्धारण भएका प्राथमिकताको चयन र निर्माणको पूर्वाधार नै आजको नेपालको विकास र निर्माणको रेखाचित्र हो र त्यसभित्र कुरा खोज्नु अहिलेलाई असम्भव छ। श्री ५ वीरेन्द्रबाट नेपाली जनताको र तिनको नेतृत्वदायी कुनै पनि व्यक्तित्वलाई कहिल्यै निराश पारिबक्सेन। पञ्चायतको कुरै छोडौं तत्कालीन अवस्थामा विरोधीहरूलाई पनि मौसुफबाट उनीहरूको मान्यता, धारणा, जनसमर्थनको अर्थबोध दिन प्रेरणा र उत्साहमात्र बक्सिएन प्रशस्त अवसर पनि प्रदान गरिबक्स्यो। राष्ट्रिय जनमतसङ्ग्रहले नेपाली जनताको चेतनाको स्तरलाई मात्र विस्तार गरेन, उनीहरूको विश्लेषणात्मक शक्तिलाई पनि बढाइदिएको कुरो यथार्थ हो।

आयु सबैले भोग गर्छन् तर, श्री ५ वीरेन्द्रको जीवन सार्थक भएको छ । हाम्रो विचारमा मौसुफ प्रथमतः एक सच्चा राष्ट्रिय चेतनाको अभिव्यक्ति होइबक्सन्छ । नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नति नै मौसुफको जीवनलक्ष्य रहेको थियो । साँच्चै भन्ने हो भने मान, अपमान, जय-पराजय, सफलता-असफलताको कुनै अहङ्कार वा चोटबाट मौसुफ कत्ति पनि विचलित होइबक्सन्नथ्यो भन्ने तथ्य पनि विगतका अनुभूत तथ्य र सत्य हो । मुलुक र मुलुकवासीका स-साना सम्वेग र भावनालाई पनि मौसुफ पूर्णतः कदर गरिबक्सन्थ्यो । नेपाल राष्ट्रको हितलाई रक्षा गर्दै नेपाललाई विश्वको राजनीतिक, आर्थिक एवम् सामाजिक परिवेशसँग हिमचिम गराउन र विश्वरङ्गमञ्चमा नेपालको प्रतिष्ठा स्थापित गराउनमा मौसुफको योगदान इतिहासको महत्त्वपूर्ण कालखण्ड हो ।

श्री ५ वीरेन्द्र प्रजावत्सलमात्र होइन, प्रजातन्त्रको रक्षक पनि होइबक्सन्थ्यो । देशको ढुकढुकी, समयको पदचाप र बदलिदो परिस्थितिको सूक्ष्मतम अध्ययन गरेर मौसुफबाट आफ्ना गहन कार्यहरू भएका छन् । सम्पर्क, सम्वाद र सहमतिका प्रजातान्त्रिक अभ्यासहरू मौसुफका कार्यशैलीका मूल बुँदा हुन् । राष्ट्रिय एकता र अखण्डतालाई एक सूत्रमा बाँधेर देशको राजनीतिक सन्तुलन कायम गर्नमा मौसुफको अत्यन्त ठूलो भूमिका रहिआएको छ । नेपाली जनताले राजमुकुटभिन्न नेपालको अस्तित्वको कल्पना गर्न सक्दैन । यो संस्था नेपाली पहाड, कन्दरा, मैदानमा स्पन्दित हुने भावनात्मक ढुकढुकी हो भन्ने कुरामा कसैले विमति जाहेर गर्न नसक्नु नै नेपाली राज मुकुटको गरिमा र महिमाको उज्ज्वल एवम् ज्वलन्त पक्ष हो ।

मुलुकको सार्वभौमसत्ता राजसंस्थामा निहित रहने वा जनतामा निहित रहने भन्ने विवादका सम्बन्धमा श्री ५ वीरेन्द्रबाट पंक्तिकारको दर्शनभेटको अवसरमा स्पष्ट पारिबक्सँदै हुकुम भएको थियो- "नेपाली जनताको चाहनाअनुसार नेपाली राजसंस्था रहने हो र नेपाल मुलुक पनि । नेपाली जनता नै वस्तुगत रूपमा सर्वोपरि कारक तत्त्व हो । मैले त नेपाली जनताको नासोमात्र बोकेको हुँ । यसकारण अन्ततोगत्वा मुलुकको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको सत्यलाई बिर्सन मिल्दैन र यसमा असहमति हुनुपर्ने देखिन्न । तसर्थ संविधान यसै यथार्थको आधारशिला हुनेछ ।" यस सदा शयतापूर्ण उद्गारलाई वर्तमान संविधानले चरितार्थ पारेकामा अन्यथा मान्नुपर्ने कारण छैन । मौसुफबाट पंक्तिकारसँगको कुराकानीमा गणतन्त्र वा अन्य किसिमका सरकारहरूको तुलनामा राजतन्त्रात्मक व्यवस्थाका फाइदाबारे हुकुम भयो- "हरेक देशले आफ्ना आवश्यकताहरू पूर्ति गर्ने सबैभन्दा उपयुक्त राजनीतिक व्यवस्था 'इभल्भ' गर्नुपर्छ । नेपालमा राजतन्त्र सधैँ लोकप्रिय चाहनाबाट निर्देशित रहँदै आएको छ र राजतन्त्र र जनताबीचको सम्बन्ध परम्परागत रूपले आपसी विश्वासमा आधारित छ ।’

विश्वका हरेक राज्यहरू सत्ता र प्रतिपक्षबीचको मतान्तर र भिन्नताको खेलमा नेपालमा पनि भिन्न चरित्र रहने कुरा थिएन । प्रजातान्त्रिक विश्वास, छलफल र निष्कर्षको नयाँ विश्वास जागृत गर्न श्री ५ वीरन्द्रबाट सधैं जनताको भावनाको कदर गर्ने परिपाटी बसालिबक्स्यो । चाहे स्वार्थवश होस्, चाहे निःस्वार्थ रूपमा, बहुपक्षीय नेपालीको आवाज भिन्न भएर एक्लै आफ्नो कुरा लाद्ने श्री ५ वीरेन्द्रको स्वभाव नै थिएन । यसैले कुनै पनि राजनीतिक व्यवस्थाको लामो अन्तरालमा जन्मने विकृतिहरू देखापरे । यस्तो विकृतिको अनुभव हुनेबित्तिकै र एउटा व्यवस्थाप्रति सचेत एवम् जागरुक नागरिकहरूको रुचि कमजोर भएको महसुस गर्नासाथ मौसुफबाट समयोचित परिवर्तनको अविलम्ब कदम उठाइबक्सियो । यो मौसुफको समयसापेक्ष भएर कत्ति पनि कठोरता नदेखाई जनभावनाको कदर गर्ने गुणवत्ताकै परिचायक रहेको छ ।

नेपालमा मात्र होइन, विश्वकै इतिहासमा २०४६ सालपछिको नेपाली राजनीतिक विकासक्रमको घटना हेर्‍यौँ भने हामी के पाउँछौँ भने, यति शान्त र यति मर्यादित संक्रमणकाल *'न भूतो न भविष्यति'* देखिन्छ । मौसुफको गरिमामय व्यक्तित्व र अनुभवजन्य कार्यकुशलताको परिणाम के हो भने यहाँ राजनीतिक उच्छृङ्खलता र प्रतिशोध कत्ति पनि हुन पाएन । एउटा स्थापित सत्ताबाट अर्कोमा परिवर्तित हुँदा अन्य मुलुकमा रक्तपातपूर्ण जीवन भोग्न मानिसहरू बाध्य भएका छन् तर नेपालले एउटा उदाहरण प्रस्तुत गर्‍यो । विश्व छक्क पर्‍यो । यस्तो शान्ति र शासनमा जनताको सहभागितामा कुनै व्यवधान नआउनु मौसुफको प्रजातान्त्रिक मूल्यप्रतिको निष्ठा र खारिएको व्यक्तित्वकै प्रतिफल हो । जनताको इच्छा र भावनालाई सदा कदर गर्ने मौसुफको चारित्रिक विशेषता र व्यक्तित्वले नेपालको स्थायित्व, विकास र प्रजातन्त्रको सुदृढीकरणमा प्रभावी भूमिका खेलेको कुरालाई अक्षरशः स्वीकार गर्नुपर्छ । जनताको राजाप्रतिको मोह र प्रेम नै मौसुफको चिनारी हो ।

◆

श्री ५ वीरेन्द्रको सम्झनामा

● *हर्षनाथ भट्टराई*

सारा नेपालीहरूले गत २०५८ साल ज्येष्ठ १९ गतेको त्रासदीपूर्ण रात अति कष्टका साथ बिताउन बाध्य हुनुपरेको थियो । नेपालको इतिहासमा यस्तो घटना न कहिल्यै भयो, अब न कहिल्यै होला । नेपालको प्रजातान्त्रिक इतिहासमा श्री ५ त्रिभुवनबाट राणाशाही र तिनबाट पोषितहरू चिढिएका थिए । त्यस्तै श्री ५ महेन्द्रबाट प्रजातन्त्रवादी नेता हुँ भन्नेहरू चिढिएका थिए तर श्री ५ वीरेन्द्रवीरविक्रमबाट सम्पूर्ण नेपालीहरू अत्यन्त खुसी तथा आह्लादित थिए । यस परिप्रेक्ष्यमा विदेशीहरू पनि खुसी नै देखिन्थे । अझ नेपालका साहित्यिक बन्धुहरूले त राजाप्रजाको बीचमा भएको सम्बन्ध चन्द्र-चकोरको जस्तो देखाएका थिए । परस्पर अत्यन्त गाढ भावनाले आबद्ध थिए भन्नेमा कत्ति पनि अतिशयोक्ति हुनेछैन होला । यस्ता साहित्यिक चेतनाका धनी राजा नेपालीले पुनः पाउलान् वा नपाउलान् भन्न असम्भव छ, तैपनि स्वर्गीय राजाको गुणगाथाको गरिमा सम्झेर नै आकुल-व्याकुल भएको चित्त शान्त पार्नुपरेको छ ।

राष्ट्र जीवन्त हुन्छ तर ऊ केही गर्दैन, आफ्ना अनन्त सन्ततिबाट गतिशील हुन्छ, चलायमान हुन्छ । आफ्ना सन्ततिबाट कर्मठ हुन्छ । यस्तै नेपालको नेपाली साहित्यकलाको महान् मन्दिरमा पूजित भएर आफू भावनात्मक रूपमा गहिरिएर रहने, बाहिर भने कुनै निर्मित नदेखाउने यस्ता अग्रगण्य महापुरुषमा हाम्रा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रमको स्वभाव व्यक्त हुन्थ्यो । मौसुफको आकृतिबाट साहित्यिक रसास्वादन गर्ने गम्भीर आन्तरिक भावना थियो भन्ने झझल्को कुनै वरिष्ठ साहित्यिकको भन्दा कम थिएन अर्थात् बढी मात्रामा झल्कन्थ्यो । यस प्रक्रियालाई बुझेर नै श्री ५ वीरेन्द्रका सदिच्छाबमोजिम साहित्यका गतिविधि अविरल तरिकाले समसामयिक रूपमा भई नै रहन्थ्यो । सबै चिन्तनशील साहित्यका पुजारीहरू आआफ्नो शक्ति, सामर्थ्यअनुसार साहित्यिक पुष्पोपहार अर्पण गरिरहेका देखिन्थे । यसरी राजा र साहित्यिकहरूको वा पूज्य-पूजकहरूको गहिरो नाताले ज्यादै निकटता प्राप्त गरेको थियो । कुनै पूजकले पनि आफ्नो अभ्यर्चन सामग्रीहरूमा कुनै एक वस्तुको पनि कमी हुन दिएका थिएनन् । भन्नाको तात्पर्य हो कला, संस्कृति, काव्यमा भावगुम्फन, छन्द, रस, अलङ्कार आदि सबै सामग्री जुटे-जुटाएका हुन्थे । नेपाली साहित्यिक जगत्मा राजाको साहित्य भन्नु नै सर्वाङ्गपूर्ण नेपाली साहित्य हो र नेपाली साहित्य भन्नु नै राजाको साहित्य हो भन्ने वास्तविक तथ्य सम्पूर्ण नेपाली साहित्यसाधकले मानेका थिए । हरेक वर्ष साहित्य मन्दिर “नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान” बाट सञ्चालन हुने कविता महोत्सवमा राजाको हार्दिक संलग्नता थियो । त्यही महोत्सवको समयमा नेपाली साहित्य साधकहरूले राजाको बाहुलीबाटै विभिन्न पुरस्कारहरू पाउँथे । पुरस्कार प्राप्तकर्ताहरू पनि उक्त पुरस्कार पाउँदा ठूलो गर्वको अनुभव गर्दथे । श्री ५ महाराजाधिराज पनि आफ्ना प्रजाको विद्वत्ताको कदरका साथै खुसीको अनुभव उद्गार गरि- बक्सिन्थ्यो । यसरी नै राजा र साहित्यिक साधकहरूको सम्बन्ध गाढा भएको देखिन्थ्यो ।

नेपालका कवि, कलाकार, साहित्य- साधकहरूको स्थिति २०५८ जेष्ठ १९ गतेदेखि टुहुरा र अनाथ बालबच्चाहरूको जस्तो

भयो। श्री ५ वीरेन्द्रबाट साहित्यिकहरूका साथ क्रियात्मक र भावात्मक सबै तरहका सम्बन्ध कायम राखिबक्सेको थियो। श्री ५ वीरेन्द्रबाट यस्तो असीम क्रियाकलापबाट सबै साधकहरू सन्तुष्ट देखिन्थे। अब श्री ५ वीरेन्द्रको स्वर्गवास भएपछि ती पारस्परिक सम्बन्ध आदि केवल संस्थागत देखौवा वा औपचारिकतामा मात्र सीमित भयो।

नेपाली कवि, कलाकार, साहित्यकार, लेखकहरूको स्थिति कस्तो देखिन लाग्यो भने नेपाली साहित्यिक परम्पराका निम्ति आजन्म साधानारत सरस्वतीपुत्रहरू आफ्नो साधना कार्यमा अहोरात्र, सप्ताह, मास, वर्ष आदि अनवरत रूपमा बिताइरहेका छन्, तर आफ्ना निम्ति भने आँसु र मसी पिएर दिन बिताउनु परेको छ। यस हालतमा कति छन् कति। कति यस्ता साधकहरू यिनको आफ्नै नियतिले गर्दा पहिलेपनि यस्तै थिए, आश्रयको अभावमा अब झन् पीडित होलान् कि भन्ने भय पैदा नहोला भन्न सकिन्न।

हाम्रा टुहुरा साहित्यिक बन्धुहरू जतिसुकै पीडित भए पनि आफ्नो मूल कर्तव्य नछोडिकन कुनै बेला साहित्यिक आस्थाका आश्रयस्वरूपको केन्द्र बनेका श्री ५ वीरेन्द्रवीरविक्रमको साहित्यिक पूजासामग्रीका साथै साहित्यिक ऊर्जाको दीपावलीले आरती उतार्नु सम्पूर्ण नेपाली साहित्यिक बन्धुहरूको परम कर्तव्य हुनेछ र राजा वीरेन्द्रबाट प्राप्त भएको ऋणभारबाट मुक्त पनि हुन सकिनेछ।

नेपाल अधिराज्यका वर्तमान महाराजाधिराज श्री ५ ज्ञानेन्द्र वीरविक्रम सरकारमा पनि साहित्यिक चेतना तथा मर्मज्ञता अतुलनीय रूपमा रहेको पाउँछौं। अतः नेपाली साहित्यिक बन्धुहरूले आफूलाई टुहुरो नठानी वर्तमान श्री ५ ज्ञानेन्द्रको छत्रछायामा रही आफ्नो साहित्यिक पुष्पप्रवाहलाई अक्षुण्ण पार्दै फलाउने फुलाउने र आफूपनि फुल्ने हुनु नै समयको महत्त्वपूर्ण उद्देश्य हुनेछ।

●

सम्झनाभित्र श्री ५ वीरेन्द्र

विषय–सूची

अनुराधा थापा	श्री ५ वीरेन्द्रको स्मरण र श्रद्धाञ्जली	५३१
इन्द्रबहादुर गुरुङ "गिलुङ"	श्री ५ वीरेन्द्रका आकांक्षा र इच्छा	५३४
इन्दिरा प्रसाई	सन्तराजा : श्री ५ वीरेन्द्र	५३७
इल्या भट्टराई	राजा, अब त मेरा सम्झनामा मात्र छौ तिमी	५३९
ॐ भक्त धर्मदत्तनाथ कस्यप	वैदिक सनातन धर्म र श्री ५ वीरेन्द्र	५४२
कालीप्रसाद रिजाल	मैले देखेका बुझेका राजा वीरेन्द्र	५४५
केदारनाथ खनाल	श्री ५ वीरेन्द्रसँगको कालजयी क्षण	५४८
केशवराज राजभण्डारी	शान्तिक्षेत्रका पक्षधर श्री ५ वीरेन्द्र : अविस्मरणीय क्षण	५५२
डा. कृष्णचन्द्र पौडेल	राजा वीरेन्द्र वैज्ञानिक सोचाइ पनि राख्दथे	५५४
कृष्णप्रसाद खनाल	एकलाख पार्थिव शिवलिङ्गको पूजन	५५७
सप्रा. गणेशराज जोशी	के लेखूँ यस्तो पऱ्यो !	५५९
गणेश राई	गाउँघरको सम्झनाभित्र : श्री ५ वीरेन्द्र	५६३
डा. गेहेन्द्रमान उदास "पोखेली"	मेरो सम्झनामा राजा वीरेन्द्र	५६५
गोपाल अस्क	प्रजान्त्रका हिमायती श्री ५ वीरेन्द्र	५६७
गोपालकुमार बस्नेत	मनका राजा चौतारीमा फेरि भेटिएला !	५६९
डा. गोविन्दप्रसाद थापा	श्री ५ वीरेन्द्रप्रति भावपूर्ण श्रद्धासुमन	५७१
डा. जनकलाल वैद्य	चार संस्मरण !	५७४
उपप्रा. जयराज पन्त	प्रचण्ड प्रतापी भूपति	५७७
टीकाराम ढकाल	त्यो दिन	५८६
टेकबहादुर खत्री	श्री ५ वीरेन्द्र र सञ्चार क्षेत्र	५८७
ठाकुरप्रसाद कोइराला	स्थानीय समस्याका मर्मज्ञ राजा वीरेन्द्र	५८९
तुलसीराम पोखरेल	एउटा अविस्मरणीय क्षण	५९१
प्रा. डा. तुलसीराम वैद्य	राष्ट्र र विकासप्रेमी श्री ५ वीरेन्द्र	५९३
तेजेश्वरबाबु ग्वंग	स्मृतिको अनुभूतिभरि - राजा वीरेन्द्र	५९७
दीपा मैनाली	राजा वीरेन्द्रको मृत्यु र अभागी जनता	६०३
देवकुमारी थापा	सम्झनाका मोतीहरू	६०५
* नारायण तिमल्सिना	राजा वीरेन्द्रसँगको त्यो क्षण	६०८
नारायणप्रसाद शर्मा तिम्सिना "मधुप"	राजा वीरेन्द्रलाई भेट्न नपाएको दुर्भाग्य	६०९
नारायणप्रसाद लम्साल	श्री ५ वीरेन्द्र र नेपालको क्षेत्रीय विकास	६११
निरङ्गी निरशिला	श्री ५ वीरेन्द्रको स्मृतिमा	६१३
नीर शाह	मैले गाएँ राजा वीरेन्द्र नाचिबक्स्यो	६१४
पासाङ गोपर्मा	श्री ५ वीरेन्द्र- एक संस्मरण	६१६
पूर्णप्रकाश नेपाल यात्री	स्मृतिपटलका अविस्मृतिहरू	६२०
पूर्णवहादुर थापा	राजा वीरेन्द्रको संस्मरण	६२५
प्रकाशगम्भीरसिंह रायमाझी	राजा वीरेन्द्रसँगका अविस्मरणीय क्षणहरू	६२९
प्रा.डा. बल्लभमणि दाहाल	राष्ट्रियताको जगेर्ना गर्ने प्रश्न	६३०
वालकृष्ण शर्मा रेग्मी	उदारवादी राजा श्री ५ वीरेन्द्रको निधनको क्षण	६३३
वुलु मुकारुङ	राजा-रानीको निम्तो	६३५
भगवान्मान श्रेष्ठ	गाउँघर घुम्ने राजालाई सम्झँदा	६३८
भीमवरसिंह थापा	कलाकार राजासँग कलासंरक्षणविद्को भेट	६४०
डा. भूपहरि पौडेल	राजा पनि हामीले जस्तै खादारहेछन्	६४३
उपप्रा. मुकुन्द आचार्य	स्मृतिका पानामा राजा वीरेन्द्र	६४८
सहप्रा. रघु घिमिरे	एउटा सुखद अनि प्रेरक सस्मरण	६५१
रजनीश वासकोटा	मेरो स्मृतिमा श्री ५ वीरेन्द्र	६५३
रत्नाकर देवकोटा	त्रिकोणात्मक राजा श्री ५ वीरेन्द्र	६५५
रमेश गोर्खाली	शान्तिका प्रणेता श्री ५ वीरेन्द्र र नेपाली राजतन्त्र	६७३
रमेशप्रसाद गौतम	श्री ५ वीरेन्द्र र अनुग्रहित शैक्षिक क्षेत्र	६७५
रविकिरण "निर्जीव"	श्री ५ वीरेन्द्रको वार्षिकी र पाप्रो उप्किएको घाउ	६७८
रविचरण श्रेष्ठ	श्री ५ वीरेन्द्र : मेरो स्मृतिपटलमा	६८०
प्रा.डा. राजाराम सुवेदी	स्वर्णिम संयोगको संस्मरण	६८३
डा.प. रामचन्द्र भट्ट	श्री ५ वीरेन्द्रको व्यक्तित्व : मेरो संस्मरणमा	६८८
रामप्रसाद पन्त	आस्था जलेको त्यो दिन	६९०
लभविक्रम शाह	श्री ५ वीरेन्द्रबाट सम्पन्न नेपाल अधिराज्यका केही भ्रमण	६९३
डा. शम्भुप्रसाद कोइराला	ती मेरा नृप गै गए..........	६९८
शिवहरि रिमाल	शान्ति र सरलताका अवतार : स्वर्गीय श्री ५ वीरेन्द्र	७०१
शैलेश खनाल	श्री ५ वीरेन्द्र म बालकको स्मृतिमा	७०४
सहप्रा. श्याम दाहाल	हाम्रा आदर्श राजा : श्री ५ वीरेन्द्र	७०५
सुन्दरप्रताप राना	वीरेन्द्रस्मृतिका पानाहरू	७०८
सुमन कट्टेल	सम्झना	७१७
सुरतबहादुर शाह	धर्म र संस्कृतिका संरक्षक : श्री ५ वीरेन्द्र	७२०
सुरेन्द्रविक्रम शाह (सुवि शाह)	श्री ५ वीरेन्द्रको सङ्गीतप्रति अभिरुचि	७२३
हरिकृष्ण बन्जरा	यो पनि एउटा स्मृतिको श्रृङ्खला हो	७२६
हरिप्रसाद आचार्य	सत्वगुणी राजा श्री ५ वीरेन्द्र	७२८
हरिप्रसाद ढुङ्गाना	प्रजावत्सल राजा वीरेन्द्र	७३०
प्रा. हरिश्चन्द्र न्यौपाने	श्री ५ वीरेन्द्रसँग मेरो सान्निध्य	७३२
डा. हर्षबहादुर बूढामगर	मेरो स्मृतिपटलमा राजा वीरेन्द्र	७३५
होमनाथ घिमिरे	श्री ५ वीरेन्द्रको गोरखा भ्रमणको क्षण	७३८
* डा. देवीप्रसाद ओझा	राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्तिका अग्रदूत श्री ५ वीरेन्द्र	७४०

श्री ५ वीरेन्द्रको स्मरण र श्रद्धाञ्जली

• *श्रीमती अनुराधा थापा*

श्री ५ वीरेन्द्र एक शालीन, शान्तिप्रिय, हँसमुख व्यक्तित्वका धनी राजा होइबक्सन्थ्यो, सम्पूर्ण जनतालाई आफ्नै सन्तानसरह माया गरिबक्सने राजा आज हामी जनताका बीच नभइबक्सँदा मौसुफका यशगाथा गाई मनलाई सान्त्वना दिने क्रममा आज तमाम नेपाली हृदयका भावहरू छचल्किन्छन्– कतै आँसु भएर, कतै मसी भएर । त्यो १९ गतेको राति सम्झँदा अझै पनि सपनाझैं लाग्ने त्यस बिहानीले सारा देश नै रुवायो, सारा देशवासीलाई नै व्यथित बनायो । श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेवका जीवन र शासनकालका असंख्य प्रयास सम्झँदा त्यो १९ गतेले सारा संसार स्तब्ध भएझैं भयो । प्रकृतिको नियम तोडिएझैं विपरीत हावा चल्न थाल्यो, नदीहरू बग्न बिर्सिएर ठप्प भएझैं लाग्यो, प्रकृतिले सिर्जिएका ईश्वरका सन्तान प्राणीमा यसको प्रभाव पर्‍यो । मानिसहरू आँखा भएर पनि देख्न छाडे, कान भएर पनि सुन्न छाडे, मुटु भएर पनि चल्न बिर्सिएकोझैं भयो । त्यो बिहानी कस्तो बिहानी ? यस बिहानीले सारा शहर, गाउँ, बस्ती देश नै स्तब्ध भयो, जताततै उदासीनता छायो । चन्द्रमा रोए, सूर्य नउदाउँदै अस्ताए, सात समुद्र छचल्किए, नदी विपरीत दिशा बग्न थाले, घोर अन्धकारमय वातावरणमा गल्ली-गल्ली, शहर-शहर उदासीनताले छायो । कैयन्ले १९ गते रातिकै निद्रा ननिदाए पनि धेरैजसो मानिसहरूलाई २० गतेको बिहानीपख पाँचौं प्रहरको मिरमिरे उज्यालोमा निन्द्राभित्रै नमीठो र कहालीलाग्दो अविश्वसनीय हृदयविदारक घटनाले मर्माहत बनाउनुका साथै विक्षिप्त अवस्थामा पुर्‍यायो । मानिसहरूले खान बिर्सिए, लगाउन बिर्सिए यहाँसम्म कि बोल्न बिर्सिए र टुहुराझैं ट्वाल्ल हेरिमात्र रहे ।

संयमी, शान्तिप्रेमी, एकताका प्रतीक, भगवान् विष्णुका अवतार, शुभमङ्गल श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार, ममतामयी, करुणाकी खानी, लक्ष्मीअवतार, मृदुभाषिणी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवीशाह सरकारको स्वर्गारोहणको दुःखद समाचारले सारा नेपाली जनता अर्धबेहोसीको हालतमा पुगे ।

कल्पनाभन्दा पर सपनामा पनि नदेखेको मर्मस्पर्शी घटनाले केही अर्धबेहोसीमा बर्बराउन थाले, कसैले यो सपना हो, ब्युँझिएपछि ठीक हुन्छ भन्न लागे ।

मौसुफ सरकारहरूको स्वर्गारोहणको १६ घण्टापछि जनमानसमा केही होस आएजस्तो भयो, आफ्ना प्यारा राजारानीको यश र सुकीर्ति सम्झँदै यथार्थताको धरातलमा ओर्लिएको महशुस गर्दै रुन लागे । यो नमीठो अप्रिय घटनालाई धैर्य र संयम जुटाई आफ्ना प्यारा राजारानीको अन्तिमदर्शन गर्नको लागि लाखौं जनसमुदाय सडकमा पुगे भने बालवृद्ध र अशक्तहरू टि.भी.मा प्रत्यक्षप्रसारण हेर्दै आँसु झारिरहे ।

शोकाकुल जनता लाखौंको सङ्ख्यामा अनुशासित भएर पंक्तिबद्ध हुँदै सडकका दुवै किनारामा उभिएका थिए भने कैयन् "हाम्रो राजा हाम्रो देश प्राणभन्दा प्यारो छ," भन्दै सडकका बीचबाट हिडिरहेका देखिन्थे । कोही सरकारको पार्थिव शरीरमाथि रोएर घोप्टिएका देखिन्थे, कोही लावाफूल बसाईरहेका, धूप, मैनबत्ती बालेर हिडिरहेका देखिन्थे । त्यस कहालीलाग्दो सत्यता प्रकट गर्नका लागि शब्दकोशमा नै शब्द भेटिदैन । यी जनलहर आफूलाई नितान्त टुहुरो भएको महसुस गरी राजालाई पितासरह मान्दै मुण्डन गरिरहेका देखिन्थे ।

२०५८।२।१९ गतेको यो कालरात्रिले नेपालकै अपूरणीय क्षति हुन पुगी नेपालीलाई टुहुरो बनाएको छ । नेपाली जनताको पुण्य सकिएझैं यस्तो दुःखदायी घटनाको सामना गर्नुपरेको छ । दैव के हो ? यो गति कुन नियम र कानुन लगाई चट्ट चुडी लगिदियौ ! सवा दुई करोड नेपालीको ढुकढुकी । यस्तै विपत्ति भोगिरहेकै बेला फेरि २०५८।२।२२ मा अर्को ठूलो विपत्ति थपियो । नेपालीका सामु यो दुःखद समाचारले नेपालीहरू मेरुदण्ड भाँचिएझैं हुन पुगे, नेपाली सारा । श्री ५ महाराजाधिराज दीपेन्द्रवीरविक्रम शाह देव सरकार उपचारकै क्रममा सैनिक अस्पताल छाउनीमा स्वर्गारोहण भएको अपत्यारिलो समाचारको सामना गर्नुपरेको थियो ।

राष्ट्रनायक श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकार, नारी जगत्का अग्रणी, दयाकी खानी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवीशाह सरकार, अवोध निर्दोष बालकझैं भरखरमात्र किशोर अवस्था पार गरी युवा अवस्थाको पहिलो खुड्किलोमा नै विधाताले मन पराएका श्री ५ अधिराजकुमार निराजनवीरविक्रम शाहदेव, समाजसेवा एवम् खेल जगत्मा छाइबक्सी लोकप्रिय हुन पुगिबक्सेका दुई सन्तानका जन्मदातृ श्री ५ अधिराजकुमारी श्रुतिराज्यलक्ष्मी राणाको स्वर्गारोहणपछि संयम अपनाई धैर्य धारण गरेका जनताले अर्को चोट पचाउन नसकी केही देशवासीले उच्छृङ्खलता देखाएकाले देशमा कर्फ्यू लागू गर्नुपर्ने स्थिति सृजना भयो । मौसुफ सरकारहरूको श्रद्धासुमनसहित दिवङ्गत आत्माको चिरशान्तिको हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै श्री तेजेश्वर महादेव श्री पशुपतिनाथसँग प्रार्थना गर्दै राजपरिवारका अन्य सदस्य सरकारहरूको दिवङ्गत आत्माको चिरशान्तिका लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शान्तिप्रेमी राजा श्री ५ महाराजाधिराज वीरेन्द्रको सदिच्छाअनुरूप हामी नेपाली जनताले संयमतापूर्वक धैर्यधारण गरी वर्तमान महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव सरकारमा सहयोग पुऱ्याई शान्ति कायम राख्न सकेको खण्डमा मौसुफ सरकारप्रति सच्चा श्रद्धाञ्जली हुनेछ । आज मानिसहरूले श्री ५ वीरेन्द्र भाग्यशाली होइबक्सँदोरहेछ, किनभने परलोकमा समेत सकल परिवारसहित सवारी होइबक्स्यो, अन्तिम क्षण पनि धेरै दुःखदायी नभएर क्षणिक कष्टमा मात्र परलोक सवारी भयो, भनेको सुनिन्छ । यो विभिन्न कोणको हेराइ हो ।

राजसंस्था सदैव नेपालीका लागि पूजनीय रहिआएको छ । हामी नेपालीहरूले गर्व गर्ने एउटा कुरा राजा र राजसंस्था पनि हो । राजसंस्थाबाट सद्प्रेरणा र हौसला अनवरत पाइरहनु नेपालीमात्रको सौभाग्य हो । त्यसैले देश सानो र गरिब भएतापनि हामीहरू सुखी छौं । शान्तिप्रिय, प्रजातन्त्रप्रेमी, जनताको सुख नै आफ्नो सुख सम्झने त्यागी राजा पाउनु पनि हामी नेपालीको अर्को सौभाग्य हो । श्री ५ महाराजाधिराज वीरेन्द्र तत्काल युवराजाधिराज होइबक्सँदादेखि अधिराज्यका विभिन्न भागको जनजीवनको यथार्थतासित स्वयम् परिचित हुने सदिच्छाबाट २०२१ सालको आश्विन र पौष महिनामा पूर्वी नेपालको र फेरि २०२२ सालको माघमा त्रिशूलीदेखि बुटवलसम्म पैदलयात्रा गरिबक्स्यो । यी यात्राहरूका अवसरमा मौसुफबाट साधारण यात्रुहरूले जे खान्थे सोही ज्यूनार भएर छाप्रो, सामान्य घर, मामुली स्कुलहरू कहिलेकाहीँ बाहिर खुल्ला ठाउँमा पनि सुकला गरिबक्सन्थ्यो । गाउँलेहरू मौसुफलाई नचिनी आफ्ना सुख-दुःखका कुराहरू मौसुफमा बिन्ती गर्दथे । त्यसबाट ग्रामीण जीवनको वास्तविकता बुझ्न मौसुफ समर्थ होइबक्सन्थ्यो । त्यसैगरी पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म अति दुर्गम पहाड तथा तराईका जनताको घरदैलोमा पुगिबक्सी जनताको दुःख-सुखमा सरीक भइबक्सी पिछडिएका वर्गको उत्थानका लागि क्रियाशील रही शिक्षाको उज्यालो घामले सिञ्ची सक्षम बनाई, हरमहत्त्वपूर्ण क्षेत्रमा काम गर्ने हौसला र प्रेरणासहितको संरक्षण बक्सेको थियो । श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवीशाहबाट पनि मौसुफको काँधमा काँध मिलाई पाँचै विकास क्षेत्रमा सवारी होइबक्सन्थ्यो । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट २०२८ साल माघ १७ गतेका दिन राज्यारोहण गरिबक्सी जनताको दुःख-सुखमा सरीक होइबक्सी सर्वप्रथम विकासक्रममा देखापरेका विविध क्षेत्रीय असन्तुलन हटाएर विकासको फल तमाम नेपालीले पाऊन् भन्ने सदिच्छाबमोजिम २०२९ सालमा पाँच विकास क्षेत्र खडा गरी विकासको मूल फुटाइबक्सेको हो । २०३३ साल भाद्र महिनामा राष्ट्रिय विकास परिषद्को पुनर्गठन गरिबक्स्यो । यसबाट देशको त्यो महत्त्वपूर्ण संस्थाको सङ्गठनात्मक स्वरूप झन् गठिलो भएको थियो । श्री ५ महाराजाधिराजकै सतत् प्रेरणा र प्रयासको फलस्वरूप २०३० सालमा देशमा सर्वप्रथम पर्यटन गुरुयोजना लागू गरियो । दुई तहमा विभाजन गरी लागू गरिएको योजनाअन्तर्गत बढ्दो जनसंख्यामा नेपालभ्रमण गर्न आउने पर्यटकका लागि होटेल र सेवाका सुविधाहरू सृजना गरिए । मौसुफ सरकारबाट देशको प्राकृतिक सम्पदाको सुरक्षा गर्नेतर्फ पनि महत्त्वपूर्ण पाइलाहरू चालिबक्सेको थियो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणको योजनाबद्ध तरिकाबाट स्थापना गरेर उचित व्यवस्था गर्नका निम्ति श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको स्थापना गरिएको थियो । उक्त श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अध्यक्षता तत्कालीन अधिराजकुमार श्री ५ ज्ञानेन्द्रवीरविक्रम शाहदेवबाट ग्रहण गरिबक्सेको थियो । तत्कालीन महाराजाधिराज श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट प्रकृतिसंरक्षण र आर्थिक विकास एक अर्काका पूरक हुन् भन्ने हुकुम भएको थियो ।

श्री ५ महाराजाधिराज सरकारबाट समसामयिक न्यायिक व्यवस्थाको सुधार गर्न २०३९ साल आश्विन महिनामा शाही न्याय सुधार आयोगको गठन गरिबक्स्यो । उक्त आयोगले प्रतिवेदन

तयार गरेको सोही प्रतिवेदनअनुसार न्यायिक व्यवस्थामा सुधार गर्दै लैजान श्री ५ को सरकारलाई मौसुफबाट निर्देशन भयो। असंलग्नता र सह-अस्तित्वमा आधारित परराष्ट्र नीति श्री ५ महाराजाधिराज वीरेन्द्रको नेतृत्वमा अझ बढी विकसित र प्रस्फुटित भएको थियो। २०३० सालमा अल्जियर्समा भएको असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरिबक्सी मौसुफबाट शान्ति, सह-अस्तित्व र असंलग्नताको सिद्धान्तमा नेपाल अटल रहेको स्पष्ट पारिबक्स्यो। आज बढ्दो जनसंख्यामा विश्वमा विभिन्न राष्ट्रहरूसँग दौत्य सम्बन्धको रूपमा नेपालले मित्रताका हात बढाएको छ र यी देशहरूबाट नेपालले मित्रताको भावनामात्र होइन पारस्परिकताको आधारमा विकासका लागि ठोस सहयोग पनि पाएको छ। नेपालसँग दौत्य सम्बन्ध भएका मुलुकहरूको संख्या १११ पुगिसकेको थियो। नेपालको शान्तिप्रिय असंलग्न नीतिहरूलाई नयाँ गति प्रदान गर्न २०३१ सालमा सु-सम्पन्न भएको शुभराज्याभिषेकका अवसरमा मौसुफ सरकारबाट नेपाललाई "शान्तिक्षेत्र" घोषित गरियोस् भनी प्रस्ताव राखिबक्स्यो। देशको द्रुततर विकासका लागि शान्ति अनिवार्य हुन्छ भन्ने तथ्यले अभिप्रेरित उक्त शान्तिक्षेत्रको प्रस्तावलाई मित्रराष्ट्रहरूबाट उत्साहवर्द्धक समर्थन मिल्दै गयो र संसारका ११६ राष्ट्रहरूले नेपालको शान्तिक्षेत्र प्रस्तावलाई समर्थन गरेका थिए तथा थुप्रै शान्तिकामी राष्ट्रहरूले यसप्रति सकारात्मक दृष्टिकोण राखेका थिए। श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट २०३६ सालमा बालिग मताधिकारका आधारमा राष्ट्रिय जनमतसङ्ग्रह गरिने घोषणा गरिबक्सी आफ्नो त्याग र महानताको परिचय दिइबक्सियो भने २०४६ सालमा बहुदल घोषणा गरिबक्स्यो। प्रजातन्त्रप्रेमी राजाले यसरी प्रजातन्त्रको पुनःस्थापना गरिबक्सँदा जनताको राजाप्रतिको आस्था अझ बढ्न गई गरिमामय भएको थियो।

त्यसो त मौसुफ सरकार महिला, बाल, वृद्ध र अशक्त-असहायको उत्थान र विकासका लागि सदैव चिन्तित तथा क्रियाशील रहदै आइबक्सेको सर्वविदितै छ। कसैबाट छिपेको छैन। त्यो सबै हामी नेपाली जनताको राजभक्तिकै प्रतिफल हो। त्यसैले विश्वमा हामी नेपाली जनता राजभक्त, देशप्रेमी, इमान्दार, बहादुर हुन्छन् भनेर चिनिन्छौँ। राजा र राजसंस्थाबिना हामी सम्पूर्ण नेपाली बाँच्ने कल्पना पनि गर्न सक्दैनौँ। यही हाम्रो राजभक्ति नै इमान्दारिताको प्रमाण हो।

श्री ५ वीरेन्द्र- तत्कालीन युवराजाधिराज श्री ५ महेन्द्रवीरविक्रम शाहदेव तथा श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मीदेवी शाहका प्रथम सुपुत्र होइबक्सन्थ्यो। मौसुफ सानै उमेरबाट शालीन, शान्त र हँसमुख तथा दयालु प्रवृत्तिका होइबक्सन्थ्यो। मौसुफको प्रारम्भिक शिक्षा दार्जिलिङको सेन्ट जोसेफ आवासीय माध्यमिक विद्यालयबाट शुभारम्भ भएको थियो भने लण्डन सवारी भई उच्च शिक्षा हासिल गरिबक्सेको थियो।

“राजमहिषी” श्री ५ ऐश्वर्यराज्यलक्ष्मी देवीशाह सरकारको स्वर्ण शुभजन्मोत्सवको शुभउपलक्ष्यमा दरबारभित्र छिर्ने अवसर प्राप्त हुँदा हर्ष लाग्नु स्वाभाविकै हो। श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार, श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवीशाह सरकार, श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेव सरकारहरूमा फूलका गुच्छाहरू चढाउने शुभ-अवसर त धेरै पटक प्राप्त भएको थियो तर जलपानमा सरीक हुने अवसर पहिलो पटक नै थियो। त्यहाँको मनोरम दृश्य देखेर मनमुग्ध भइरहेको समयमा त्यहाँ श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य मन्दमुस्कानका साथै राजपरिवारका अन्य सदस्य सरकारहरूसमेतको सवारी भयो। सबै जर्‍याकजुरुक उठेर दर्शनभेट गर्‍यौँ र मौसुफ सरकारहरू अर्को पालतिर सवारी भएपछि त्यहाँ सजाइएको जलपानमा हामीहरू सरीक भयौँ। जब सबैको खानपिन सकिएकोमात्र थियो राजमाता श्री ५ ऐश्वर्य हामी भएको पालमा सवारी भई प्रत्येकलाई दर्शनभेट बक्सँदै थियो। हामीहरू खुसी हुँदै मौसुफमा दर्शन चढाउँदै थियौँ। केही महिलाहरू असर्फी राख्दै दर्शन गर्न पाउतिर झुकिरहेका देखिन्थे। हर्षले विभोर हुँदै सबै खुसी थिए। राजमाता मधुर मुस्कानका साथ प्रत्येक व्यक्ति भएका ठाउँमा पुगेर दर्शन दिने क्रममा वातावरण कस्तो सुगन्धित थियो भने एक राजमहिषी हामीहरू जस्ता साधारण व्यक्तिलाई असीम निगाहा बक्स भई दर्शनभेट बक्सँदै अगाडि बढ्दै होइबक्सन्थ्यो।

दर्शनभेट सकिएपछि राजमहिषीको फिर्ती सवारी भयो भने केही समयपछि मौसुफ सरकारहरू अतिथिहरूलाई बिदाइ दर्शनभेटका लागि पुनः हामीहरू भएतर्फ सवारी भइबक्स्यो। पंक्तिमा उभिएका हामीहरू सबैमा मौसुफहरूले बिदाइ दर्शनभेट बक्सी फिर्ती सवारी भयो।

श्री ५ ऐश्वर्य जनताहरूको मातामात्र नभएर एक दूरदर्शी बहुआयामिक बहु प्रतिभाशाली लेखिका, कवयित्रीमात्र नभएर कुशल गृहिणी, एक कुशल धर्मपत्नी, एक सफल आमा र धार्मिक विचारधाराले सुशोभित होइबक्सन्थ्यो। मौसुफ सरकारमा दयाका साथै कोमल भावहरू थिए। मौसुफ सरकार कोमल भएर पनि कठिन परिश्रम गर्ने क्षमता राखिबिक्सन्थ्यो। उदाहरणका लागि मौसुफका लेखहरू प्रतीक छन्। लेखनजस्तो कठिन कार्यमा पनि मौसुफबाट कविता र गीतहरू प्रदान गरी आफूलाई स्वावलम्बी बनाइबक्सेको देखिन्छ। यस्तो जीवनसंगिनी पाई श्री ५ वीरेन्द्र सदा सुखी रही जनताको सुखदुःखको ख्याल राख्न सफल होइबक्सन्थ्यो।

बानेश्वर, काठमाडौं
२०५९।८।१६

●

श्री ५ वीरेन्द्रका आकांक्षा र इच्छा

• *इन्द्रबहादुर गुरुङ (गिलुङ)*

श्री ५ वीरेन्दको देन र जनताप्रतिको मायाममताबारे जति लेखे पनि कमै हुन्छ। जनताले राजा वीरेन्द्रलाई राजाको रूपमा मात्र नभई पिताका रूपमा पुज्दथे, सम्झन्थे र आदर गर्दथे। के धनी, के गरिब, के साधुसन्त वा भिखारी सबैलाई समान रूपमा माया गरिबक्सन्थ्यो। राजा वीरेन्द्रको अनुपम कार्यदक्षता कार्यकुशलताको प्रशंसा सबै नागरिकहरूले गर्दथे। हुने बिरुवाको चिल्लो पात भनेझैं मौसुफ सरकार युवराजाधिराज होइबक्सेको २० वर्षको कलिलो उमेरबाट नै जनताको आकांक्षा बुझिबक्सन र पीरमर्काको अध्ययन र देशको वस्तुस्थितिको परिचय लिइबक्सन २०२२ सालमा त्रिशूलीदेखि बुटवलसम्म पैदल यात्रा गरिबक्सेको थियो। जनताको जनजीवनसँग प्रत्यक्ष परिचित हुन मौसुफबाट पाटीपौवा र स्कुलमा वास बस्दै, रूखमुनि खुल्ला ठाउँमा सुत्दै, यही क्रममा २-४ कप चिया पिउँदै बाटोमा हिड्ने भारी बोक्ने भरिया र भरिनीहरूको पसिना र सुसेलीसँग आफ्ना सुसेली मिलाउँदै, साधारण अनुभव बटुल्दै लमजुङ्ग जिल्लाका, राजाका पूर्वज कालु शाहलाई कास्कीबाट बोकेर ल्याउने खजे दुराका गाउँ, खजे गाउँमा तुर्लुङ्गका दुरादुरेनी, गुरुङका युवकयुवतीहरूसँग सुकिलो टकटकाउँदो जूनका रोटेपिङ खेलीबक्सी राति त्यहाँकै प्राइमरी स्कुलको कक्षामा सुकुला होइबक्सेको थियो। गाउँलेले चिन्दैनथे। आन्तरिक पर्यटक सम्झी आफ्ना मनका कुराहरू निर्धक्कसँग सरकारलाई सुनाउँदथे। त्यही रोटेपिङको सम्झनामा मौसुफको राज्यारोहणको अवसरमा रू. १ को रोटेपिङ अङ्कित नोट निकालियो।

युवराजाधिराज सरकार पोखरातर्फ सवारी होइबक्सेको क्रममा सादा पोशाकमा आफ्ना सहयात्रीहरूका साथ लमजुङको तत्कालीन जिल्ला सदरमुकाम कुन्छा भञ्ज्याङ्गमा बिहान नौ बजेतिर पिठ्युँमा भारी बोकिबक्सी सवारी होइबक्स्यो। सरकार सवारी होइबक्सँदै छ भन्ने जनतालाई थाहा थिएन। जि.पं.का.वा. सभापतिका नातामा ठानेदार इमानसिंह गुरुङले मलाई मात्र अवगत गराएका थिए। कुन्छा भञ्ज्याङ्गमा माहिला बाजे भन्ने एक ब्राह्मणको चिया पसल थियो, टेबुल, कुर्सी, बेन्च केही हुँदैनथ्यो। चिया खानेले बाटोमा वा आँगनमा उभिएर पिउनु पर्दथ्यो। सरकार सवारी होइबक्सी पिठ्युँको भारी पर्खालको पेटीमा बिसाई रुमालले पसिना पुछी कालो चिया पिइबक्स्यो। चिया पिउँदा भञ्ज्याङ्गको उकालो चढ्दै तीन जना लोर्के गुरुङहरू काँधमा भेडाको ऊन बख्खु राखी भञ्ज्याङ्गमा सरकार नजिक आएर उभिई चिया मागे। सरकारद्वारा हुकुम भयो "तिमीहरू कहाँ जान आएको ?" तीनै जनाको भनाइ थियो कुनाराघाटमा भर्ती हुन जाने। सरकारद्वारा नेपालमा जागिर पाए खान्नौ ? भन्ने हुकुम हुँदा तीनै जना अवाक रहे। पछि एक जनाले आफ्नो देशमा पाए किन नखाने भन्यो। तत्कालै एकजनालाई सङ्केत गरी उसको नाम ठेगाना टिप्न लगाइबक्स्यो। सरकार सवारी हुने र उनीहरू जाने बाटो एकै हुँदा दुवै थरी भञ्ज्याङ्गबाट ओरालो झरी पोखरातर्फ लागे। पछि लमजुङको एकजना युवकलाई युवराजाधिराज सरकारले पोखरामा देखी हवाइजहाजद्वारा काठमाडौं पठाइबक्स्यो भन्ने हल्ला आयो।

श्री ५ वीरेन्द्र सरकारबाट विकासको फल जनताले समानुपातिक हिसाबले पाऊन् भन्ने अभिप्राय राखिबक्सी वि.सं. २०२९ साल आषाढ १३ गते देशलाई ४ विकासक्षेत्रमा विभाजित गरिबक्स्यो। २०३७ सालमा एक विकासक्षेत्र थप गरी ५

विकासक्षेत्रमा विभाजित गरियो। क्षेत्रका विकास निर्माणका आयोजनाहरूलाई तीव्रता र निरन्तरता दिन जनतासँग प्रत्यक्ष सम्पर्क गरी जनताको पीरमर्का बुझी समस्यासमाधान गर्ने अभिलाषा लिई २०२९ सालबाट नै प्रत्येक विकासक्षेत्रमा पालैपालो गरी प्रति वर्ष भ्रमण गरी एकमहिने सवारीशिविर खडा गरिबक्सने कार्यक्रमअनुसार राजा वीरेन्द्र २०२९ सालको कार्तिकमा पोखरा सवारी होइबक्सेको थियो। मैले सरकारले प्रथम दर्शनभेट बक्सने ठाउँ, हाल मलाई नाम आएन, ताल माथिको सानो दरबारमा दर्शन बक्सेको थियो।

वीरेन्द्रको शुभराज्याभिषेक सम्वत् २०३१ साल फाल्गुण १२ गतेका दिन वैदिक विधिविधान तथा परम्पराअनुसार विशेष समारोहका साथ सु-सम्पन्न भएको थियो। समारोहस्थल विशेष मञ्च सदर टुँडिखेलमा भव्यताका साथ सजाइएको थियो। समारोहमा विश्वका ६० भन्दा बढी देशका विशिष्ट अतिथिहरू, राजा, राजपरिषद्का सदस्य, राष्ट्राध्यक्ष, सरकारप्रमुखहरू उपस्थित थिए। मौसुफको शुभ राज्याभिषेककालमा विश्वमा शीतयुद्धको लहर प्रबल रूपमा चलिरहेको थियो। त्यसैले मौसुफद्वारा शान्ति र सुरक्षाबिना विकास सम्भव छैन, देशमा जबसम्म शान्ति हुँदैन तबसम्म विकासमा अवरोध हुन्छ भन्ने महान् उद्गार व्यक्त गरिबक्सी अतिथिहरूका सामु नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भनी शान्तिप्रस्ताव राखिबक्स्यो। फलस्वरूप ११६ राष्ट्रले मौसुफको प्रस्तावलाई समर्थन जनाए तर भारत र भुटानले समर्थन जनाएनन्। सोही शुभराज्याभिषेकको अवसरमा नेपाल अधिराज्यका बालबालिकाहरू शिक्षाको उज्यालो घामबाट पछि पर्न नपरोस् भन्ने अभिप्रायले प्राथमिक कक्षाका बालबालिकालाई पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने घोषणा गरिबक्स्यो।

सरकारबाट नेपालमात्र नभई दक्षिण एसियाक्षेत्र नै शान्तिक्षेत्र हुनुपर्छ भन्ने हुकुम भएको थियो। सरकार दक्षिण एसियाली राष्ट्रको जनताको आर्थिक, सामाजिक उत्थान समान रूपले विकास होस् भन्ने धारणा राखिबक्सन्थ्यो र सार्कराष्ट्रको सम्मेलनको संस्थापकमध्येका प्रमुख सदस्य होइबक्सेको थियो।

२०३१ सालको फाल्गुण १२ गतेको राज्याभिषेकको समारोहमा लमजुङ्ग जिल्लाको तर्फबाट मौसुफमा अभिनन्दन र उपहार चढाउने शुभावसर जि. पं. उपसभापतिको नाताले मैले पाएको थिएँ। हामीहरू काठमाडौं आउँदा बस्दा ढल्को क्षेत्रपाटी, ऋषिकुमार पाण्डेका घरमा डेरा गरी बस्ने रा. पं. स. मुनीन्द्रजङ्ग गुरुङ्गको डेरामा राजनीतिक कार्यकर्ताहरूको जमघट हुने थलो थियो। शुभराज्याभिषेक सम्पन्नपश्चात् निर्विघ्न राज्याभिषेक सु-सम्पन्न र सरकारद्वारा शान्तिक्षेत्र प्रस्तावको खुसियालीको गफ हुँदै थियो। उक्त अवसरमा स्याङ्जा जिल्लाका रा. पं. स. खगेन्द्र कोइराला आइपुग्नुभयो। बी.बी.सी. ले सरकारको राज्याभिषेकमञ्चको झन्डा फुकेन भन्ने खबर सुनाए। हामी सबै मुखामुख हेराहेर भयौं। राज्याभिषेकको समयमा राष्ट्रिय झण्डा नफुक्नु समर्थक राष्ट्रले शान्तिक्षेत्रको प्रस्ताव फिर्ता लिने अशुभको सङ्केत थियो।

विकासप्रेमी राजा श्री ५ वीरेन्द्रले राजनीतिको लागि विकास नगरी विकासका लागि राजनीति गर भन्ने हुकुम बक्स्यो। अर्काले सय वर्षमा गरेको विकास हामीले १० वर्षमा गरेर स्वदेशी वस्तुको उपयोग गरी निर्यात बढी गर्नुपर्छ भन्ने हुकुम भएको थियो। २०२४ सालमा गठन भएको गाउँ फर्क राष्ट्रिय अभियानलाई २०३३ सालमा नियमावली संशोधन गरी पचहत्तरवटै जिल्लामा गाउँफर्क समिति गठन गरिने व्यवस्था अनुसार २०३३ सालमा सरकारबाट मलाई गा.फ.रा. अञ्चल सदस्य जिल्ला समिति अध्यक्षमा नियुक्त गरिबक्सियो। २०३४ साल पौष १७ गतेबाट ३ दिने पञ्चभेला पोखरामा भएको थियो। सरकार पनि पोखरामै होइबक्सेको थियो। दोश्रो दिन १८ पौषमा सञ्चालित सभास्थलमा अकस्मात् राजा सवारी होइबक्सियो। सभाकक्षमा आसनग्रहण भएपछि श्री भद्र शर्माले सभाको कार्यक्रमबारे संक्षिप्त विवरण प्रस्तुत गर्नुभयो। तत्पश्चात् सरकारबाट माइक समाइबक्सियो।

१. "हाम्रो समाजका टाठाबाठा भनाउँदा सम्पन्न केही व्यक्तिको होहल्ला नै जनआकांक्षा भनेर मान्ने गल्ती अघिअघि जो भयो त्यस्तो गल्ती अब नदोहोरियोस् भन्न चाहन्छु।

२. जनताको आकांक्षा र इच्छा के हो भन्ने कुरा तराई, पहाड र दुर्गम क्षेत्रहरू समेतको भ्रमणको अनुभवबाट मैले पनि बुझेको छु। आइपरेका समस्याको समाधान हामी आफैंले गर्न सक्ने क्षमता बढ्दै गएको पनि छ। अझ यसलाई बढाउँदै लैजानु परेको छ"

मैले लमजुङ्ग जिल्लामा ३ पटक जि.पं उपसभापति २ पटक जि.पं.का.वा. सभापति र १ पटक गा.फ.रा. सदस्य भई देश, नरेश र जनताको सेवा गर्ने शुभअवसर पाएको थिएँ। सरकारसँग ३ पटक दर्शनभेट भएको थियो।

सरकारको दर्शनभेट २०३२ सालको जि.पं. का. वा. सभापति कालको महत्त्वपूर्ण भेट थियो। महिना गते मलाई याद आएन। प्रमुख जिल्ला अधिकारी पुरुषोत्तम भट्टराई राजदरबारको पत्र लिएर मेरो कोठामा आउनुभयो। पत्रमा जि. पं. सभापतिलाई काठमाडौं पठाइदिनु भन्ने रहेछ। म आएर राजदरबारको पश्चिम ढोकामा

पुग्दा बाग्लुङ्ग जिल्लाका जि. पं. सभापति अमृतप्रसाद शेरचनसँग भेट भयो। वहाँ ने. काँ. का कर्मठ कार्यकर्ताको रूपमा चिनिनुहुन्थ्यो। भित्रबाट एकजना ढोकामा आई हामीलाई राजदरबारभित्र लग्यो। म वेटिङ्ग रूममा राजदरबारमै राखेको चुरोट पिउँदै थिएँ, राजाका स्वकीय सचिव रञ्जनराज खनाल हस्याङ्गफस्याङ्ग गर्दै रुमालले पसिना पुछ्दै आइपुग्नुभयो। वहाँको भनाइ थियो "सरकारको सवारी भइसक्यो, तपाईंहरू मैले भनेको कोठामा हुनुहुँदो रहेनछ, म तपाईंहरूलाई खोज्न आत्तिएँ"। वास्तवमा हामीलाई लिएर जाने मानिसले गल्ती गरेर अर्कै कोठामा राखेका रहेछन्। वर्णानुक्रमले अमृत शेरचन दर्शनका लागि अगाडि जानुभयो। वहाँ ५ मिनेटपछि कोटको गोजीमा हात घुसार्दै आत्तिएर आउनुभयो। जि. पं. बाग्लुङ्गले महेन्द्र सरकारको प्रतिमा स्थापनाको फोटो टक्र्याउन भ्याएनछन्। मसँग लगेर चढाउन भन्नुभो। मैले स्वीकारिन। सरकारको दर्शनमा जाँदा मलाई देखेपछि मुसुक्क हाँसिबक्स्यो। मैले ४५ मिनेटजति बिन्ती चढाउने मौका पाएँ। मैले सरकारमा बहुदलको विपक्षमा बिन्ती जाहेर गरें। बहुदल नाममात्रको हुन्छ। अल्पमतको सरकार बन्छ, निष्पक्ष बन्न सक्दैन। पञ्चायतलाई फराकिलो पारी राजाको सक्रिय नेतृत्व चाहिन्छ, भन्ने बिन्ती गर्दा हाँसिबक्सेको सम्झना मलाई भैरहन्छ।

●

सन्तराजा : श्री ५ वीरेन्द्र

• इन्दिरा प्रसाई

विश्वमानचित्रमा हेर्दा दुई विशाल मुलुक उत्तरतिर चीन र दक्षिणपट्टि भारतको चेपमा एउटा सानो देश देखिन्छ। वास्तवमा दुई ठूला राष्ट्रका साँधसाँधको यो सानो मुलुकलाई निक्कै ध्यान दिएर हेर्दामात्र फेला पार्न सकिन्छ। हामी नेपालीका अभ्यस्त आँखाले भने सहजै फेला पार्न सकिने त्यही देश हाम्रो प्यारो नेपाल हो। यति सानो भएर पनि सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रूपमा विश्वअघि उभिन पाउनु नेपालको अर्को गौरव हो। यही हाम्रो गौरव रक्षार्थ समर्पित शाहवंशीय परम्पराका राजाका रूपमा हामी श्री ५ वीरेन्द्रलाई पाउँछौं।

समय बलवान् हुन्छ, समय क्रूर हुन्छ र समय नै इतिहास बन्छ भन्ने कुराको वास्तविक अर्थ समय बितेपछि मात्र खुल्दो रहेछ। श्री ५ वीरेन्द्रलाई इतिहासका पानाहरूमा मात्रै सम्झने दिन पनि यति छिट्टै आउला भन्ने मैले कहिल्यै सोचेको थिइन तर भविष्य भनेकै अनिश्चित र अघोषित पनि हुँदो रहेछ। त्यसैले म यसबेला श्री ५ वीरेन्द्रसँग गाँसिएका अतीतलाई सम्झने प्रयत्न गर्दै छु। मेरा स्मृतिपट उघार्दै जाँदा म श्री ५ वीरेन्द्रसँगको मेरो मानसको परिचयको तिथिमिति त भेट्न सक्तिन तर त्यसबेला 'युवराजाधिराजले फलानो पहाडको, फलानो गाउँमा, सामान्य नागरिकहरूसँग सामान्य जसरी नै व्यवहार गरेको पाइयो;' 'युवराजाधिराजले कुनै चिया पसल्नी आमैसँग उनका दुःखसुखका कुरा गरेको पाइयो;' 'युवराजा धिराज वीरेन्द्र सामान्य नागरिकजस्तै भएर जहींतहीं घुम्ने र जनताका वास्तविक सुखःदुख बुझ्ने गरिबक्सन्छ;' त्यसरी चासो राखेर कुरा गर्ने व्यक्ति को होला भनेर उक्त व्यक्ति फर्किसकेपछि मात्रै स्थानीय वासिन्दा युवराजलाई चिन्न नसकेकामा चुक्चुकाउँथे; त्यसताका यस्तैउस्तै खबरहरू धेरै नै सुनिन्थ्यो। त्यसबेला मेरा वरिपरिका सबै जसो मानिसहरू यी कुरा सुनेर धुमधाम खुसी हुन्थे। त्यससमय ती कुरा र ती मानिसहरू खुसी हुनुको अर्थ बुझ्ने मेरो क्षमता भइसकेको थिएन तर म मेरा सामुन्ने पनि कुनै दिन युवराजाधिराज अप्रत्याशित रूपले आइपुग्न सक्ने कौतुहलका कारण रमाउथें। यसरी मेरो देशको युवराजाधिराज अर्थात् भावी राजाप्रति रमाउँदारमाउँदै म किशोर अवस्थामा प्रवेश गरेकी थिएँ र त्यसैताका श्री ५ महेन्द्रको स्वर्गारोहण भएको थियो।

श्री ५ महेन्द्रजस्ता देशभक्त राजाको असामयिक निधनले राष्ट्र शोकाकुल भएको थियो तर पनि सुयोग्य पिताद्वारा प्रशिक्षित तथा बेलायतजस्तो देशबाट उच्चशिक्षा प्राप्त गरिबक्सेका राजा पाएर बुद्धिजीवीवर्गदेखि सामान्य नागरिकमा आशासमेत पलाएको थियो। युवराजाधिराज भएकै अवस्थामा विभिन्न रूपरङ्गमा देशदर्शन गरिसकेका राजा पाउँदा त्यसघडी पहाड, तराई, हिमाल र फाँट सबै हाँसेका थिए। श्री ५ बडामहारानी ऐश्वर्य सरकारको पनि बौद्धिकता जनसमक्ष पुग्न थालेपछि जनतामा थप खुसीको लहर उर्लेको थियो। बौद्धिक कलाका र राजाकी बौद्धिक कवयित्री रानी-नेपाली जनता धन्य भएका थिए। हाम्रोजस्तो अशिक्षित र गरिब जनताहरूका पीरमर्का बुझ्नका लागि विद्वान् राजारानी मात्र होइन सम्वेदनशील हृदय भएका कलाकार राजा र कवयित्री रानी पाउनु भनेको हाम्रा लागि ठूलो गौरवको कुरा पनि थियो।

राष्ट्रको सर्वाङ्गीण विकासका लागि राजारानीले हरेक वर्ष एकएक विकासक्षेत्रमा नै पुगेर जनताको सुखदुःख बुझ्ने कार्यक्रम राखिनुले गर्दा जनता थप उत्साहित भएका थिए। नेपालजस्तो आर्थिक रूपले गरिबीको रेखामुनि भएको देश र यहाँका जनताले राजाको सबल नेतृत्वबाट राष्ट्रको सर्वोपरि विकासको चाहना गर्नु अनौठो पनि थिएन। त्यसैले यहाँका जनता राष्ट्रको अशिक्षा र गरिबी हट्ने दिनको प्रतीक्षामा औंला भाच्नेगर्थे।

श्री ५ वीरेन्द्रसँग दर्शनभेट पाउने हरेक सर्व साधारणदेखि प्रत्येक बुद्धिजीवीसमेत मौसुफको सौम्य र शिष्ट व्यक्तित्वबाट प्रभावित हुने गर्थे। 'कस्तो सौम्य व्यक्तित्व, कति नम्र विचार, कति मधुरवाणी' हरेकको मूल्याङ्कन हुने गर्थ्यो। श्री ५ वीरेन्द्रको शिरदेखि पाउसम्म विनम्रतासिवाय केही थिएन जस्तो लाग्थ्यो। कसैकसैले श्री ५ वीरेन्द्रलाई 'सन्तराजा' भनेर पनि सम्बोधन गर्थे।

म आफ्नो मूल्याङ्कनमा पनि श्री ५ वीरेन्द्रलाई 'सन्तराजा' कै वर्गमा राख्न रुचाउँछु। कसैलाई कहिल्यै कुनै कुरामा चित्त दुखाउन नचाहने मौसुफको स्वभाव देखिन्थ्यो। जनताले चाहेको कुरा जनताले पाउनुपर्छ, यो देश शान्तिक्षेत्र हुनुपर्छ, राष्ट्रको सर्वाङ्गीण विकास हुनुपर्छ, श्री ५ वीरेन्द्र अर्थात् सन्तराजाको चाहना यतिमात्र थियो। आफू शिक्षित, परिष्कृत र सौम्य सन्तराजा आफ्ना जनतालाई पनि त्यस्तै सम्झि बक्सिन्थ्यो। राष्ट्रप्रेमले सदा ओतप्रोत रहने सन्तराजाले आफ्ना जनतामाथि अत्यन्तै विश्वास गरिबक्सेको थियो।

इतिहासको सूक्ष्म विश्लेषण गरेर हेर्दा श्री ५ वीरेन्द्रले सदासर्वदा जनविश्वासप्रति समर्पित रहेर जनचाहनाको कदर गरिबक्सेको पाइन्छ। २०३६ सालको जनमतसङ्ग्रह र २०४६ सालको बहुदलीय व्यवस्था मौसुफको जनताप्रतिको चरम उदारताका नमुना थिए तर दाताले दिएका कुरा भोक्ताले संङ्ग्रह गर्न नसके त्यो दानको दुरुपयोग भएको मानिन्छ, अर्थात् भनिन्छ। 'दान प्राप्त गर्ने व्यक्ति पनि योग्य हुनुपर्छ, अयोग्यलाई गरिएको दान निष्फल हुन्छ।' यसको तात्पर्य दातामात्रै योग्य हुँदैमा दानको महात्म्य सफल हुन सक्तैन। यसै कुराको सही उदाहरणका रूपमा २०३६ साल र २०४६ सालको श्री ५ को उदारता र नेपाली राजनेताको भूमिकालाई लिन सकिन्छ।

श्री ५ वीरेन्द्र सरकारको प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने अवसर दैवले मलाई जुराएनन् तर २०५७ सालको श्री ५ वीरेन्द्र सरकारको शुभजन्मोत्सवका अवसरमा मौसुफको बहुआयामिक व्यक्तित्वका बारेमा नेपाली बौद्धिक जगत्मा विशिष्ट व्यक्तित्वको लेखनीलाई सङ्ग्रहित गरेर मेरो सहयात्री नरेन्द्रराज प्रसाईं र मेरो सम्पादनमा 'श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व' नामक ग्रन्थ तयार भयो। नइ प्रकाशनबाट प्रकाशित उक्त ग्रन्थ प्रकाशनार्थ वाणिज्यकर्मी सुरबहादुर श्रेष्ठको भूमिकालाई म सधैं सम्झन चाहन्छु। मौसुफको जीवनकालमा नै मौसुफका जुनाफमा उक्त ग्रन्थ समर्पण गर्न पाउँदा हामी अपार सन्तुष्ट भएका थियौं।

सारांशमा भन्नुपर्दा श्री ५ वीरेन्द्रलाई राष्ट्रनायकका रूपमा नेपाली जनताले पाउनु भनेको नेपाली जनताका लागि ज्यादै ठूलो सौभाग्यको अवसर थियो तर मलाई लाग्छ, शिक्षित, शालीन, सम्वेदनशील र विशिष्ट व्यक्तित्व हामी नेपाली जनताका नै राजा हुनु मौसुफको चाहिँ दुर्भाग्य थियो। श्री ५ वीरेन्द्रद्वारा प्रदत्त विश्वासलाई मौसुफ सरकारका वरिपरि रहने व्यक्तित्वहरूद्वारा नै कुण्ठित तुल्याइएको थियो। श्री ५ वीरेन्द्रको नम्रता, उदारता, शिष्टता र विद्वत्ताको कदर हामी नेपाली जनताले कहिल्यै गर्न सकेनौं। जनताको सुखदुःखप्रति सचेत राजाबाट प्राप्त अधिकारको दुरुपयोग गरियो। आजको रक्तरञ्जित नेपाल त्यसैको परिणति हुन गयो। मौसुफबाट कहिल्यै पनि संविधानको सीमा नाघिबक्सेन।

नेपाली जनताको एकथोपो रगत चुहुँदा पनि मौसुफलाई दुख्थ्यो, मौसुफ आहत भइबक्सन्थ्यो। मानवतालाई मूलमन्त्रको रूपमा अङ्गीकार गरिबक्सने मौसुफको चोला भने अमानवीय र क्रूरका पञ्जामा विसर्जन हुन पुग्यो। शान्तिका पुजारी श्री ५ वीरेन्द्रको निधन तथा मौसुफको वंश नै हिंसाको दारुण चपेटामा विलीन हुन पुग्दा ईश्वरीय लीलालाई समेत धिक्कार्न मन लाग्छ तर संसारका ठूलाठूला सन्तहरूको जीवनी अध्ययन गर्दा चाहिँ श्री ५ वीरेन्द्रको अन्त्यले पनि मौसुफ सन्तराजा नै होइबक्सन्थ्यो भन्ने प्रमाणसमेत पेश गर्छ।

सुकरात, महात्मागान्धी, जोन एफ केनेडी, जुल्फिकर अली भुट्टो, इन्दिरा गान्धीलगायत विश्वका थुप्रै सन्तपुरुष र महिलाको अन्त्य पनि हिंसाकै चपेटामा गएको देखिन्छ। त्यसैले हाम्रा श्री ५ वीरेन्द्रको महाप्रयाणले पनि मौसुफलाई सन्तराजाकै कोटीमा स्थापित गरेको अनुभूति मैले गरेकी छु। वास्तवमा राजा वीरेन्द्रको देहत्याग भए तापनि संसारको इतिहासमा मौसुफको नाउँ स्वर्णाङ्कित भएको छ। यस भूगोलमा मौसुफको नाउँ मानवतावादी राजा, शान्तिका पुजारी राजा र सन्तराजाका रूपमा सधैं चिरञ्जीवी रहनेछ।

●

राजा, अब त मेरा सम्झनामा मात्र छौ तिमी

• इल्या भट्टराई

राजा ! आज किन किन तिम्रो अति सम्झना आयो। आँखामा जेठ उन्नाइस गतेको त्यो डरलाग्दो हुण्डरीपछिका दृश्यहरू नाचे, मन एक तमासको भयो। त्यस्तो भयानक दुर्भाग्यलाई हामीले खेपेको पनि बीसौँ महिनाभन्दा बढी भै सकेको रहेछ।

भान्सामा रातिको खाना पकाउँदै सुनेको समाचारमा आज श्री ५ महाराजाधिराजबाट राजपरिवारका सदस्यहरूका साथै अन्य महानुभाव हरूलाई विभिन्न मान पदकले सुशोभन गरेको सामाचार सुनेँ। राति आठ बजे टि.भी.मा त्यो कार्यक्रम हेर्नुपर्ला जस्तो लाग्यो, तर समयको हेक्का हुँदा हुँदै पनि टि.भी. हेर्न जान कसो कसो लाग्यो।

राति दस बजेको समाचारसँगै टि.भी.को पर्दामा उही पुरानै दृश्य आयो। दृश्य उही तर मानिसहरू फरक। प्रसन्न मुद्रामा पदवीको पट्टा लगाइदिने व्यक्ति तिमी थिएनौ, न त तिमीसँगै प्रसन्नचित उभिएकी थिइन तिम्रो महारानी। खै दीपेन्द्र, श्रुति, निराजन कोही पनि त थिएनन्। मनै खल्लो भयो। दिमागले केहि रित्तो मान्यो, हृदयले कसैलाई खोजिरह्यो। यो दृश्य हटेर पुरानै दृश्य पो आइहाल्छ कि भनि मनले आश गरिरह्यो, तर छायालाई समात्छु भनेर समात्न सकिँदो रहेछ र ? दिन त बितिनै रहेको छ। दैनन्दिनीहरू यथावत चलिनै रहेको छ। हामीले आफ्नो जीवनको क्रूरतम क्षणलाई भोगेको केही समय मात्र बितेको छ भन्ने कुरो अहिले लाग्दै लाग्दैन।

समय कति बलवान हुँदो रहेछ। मुटुमै लागेको त्यस्तो भयङ्कर घाउलाई पनि त्यसले कसरी बिस्तारै मलम लाउँदै निको पार्दै लग्दो रहेछ। सइन पल्टिन्छ कि भने ठानिएको घाउ पनि अहिले खाटा उप्किएर पहिले त्यहाँ घाउनै थिएन कि जस्तो हुँदो रहेछ।

जतिखेर सारा देशलाई, सारा नेपालीलाई बज्रपात परेको थियो, त्यतिखेर यत्ति चाँडै त्यो पीडाबाट हामी उम्कन सक्छौ भन्ने लाग्दैनथ्यो तर बलवान समयले कसरी हामीलाई आफूसँग पत्तै नदिइकन बगाउँदै लगेछ र आफूले बेहोरेको त्यस्तो दुर्दान्त घटना पनि एउटा भयानक सपना जस्तो मात्र बन्न पुगेछ।

के गर्ने सत्य त यही रहेछ, भगवानले कति लचिलो बनाइदिएको रहेछ मानिसको मनलाई। दुःख पर्दा अहिलेनै टुक्रा टुक्रा भएर यो फुटिहाल्छ कि जस्तो, तर जस्तो सुकै दुःखलाई पनि बिस्तारै आफूमा समाहित गर्न सक्ने।

यसो सोच्दा अचम्म लाग्छ, तिमी कुन सड्को पत्तै नदिई आफ्ना सारा देशवासीका अन्तरहृदयमा सुटुक्क बास बस्न पुगेका रहेछौ। तिमी मुटुको कत्ति गहिराइमा पुगेका रहेछौ। हामीलाई थाहै थिएन। तर जब हामीले थाहा पायौँ, कस्तो क्रूरतम क्षण थियो त्यो। भो त्यो अकल्पनीय क्षण भोगेर आफ्नो मनमा रहेको तिमीप्रतिको माया थाहा पाउनुभन्दा बरु त्यो मायाको गरिराइ थाहै नपाएको भए हुन्थ्यो नि। कमसेकम तिमी हाम्रो आँखा अगाडि त हुन्थ्यो कि।

तिम्रा उमेरले पचास काट्यो तिमीलाई मुटुको व्यथा लाग्यो। तिम्रो मुटुमा एन.जि.ओ. प्लास्टी गरियो। मनमा ढुक्क लाग्यो, लौ, एउटा ठूलो खड्गो टऱ्यो। पचासको दशक नकाटेका तिम्रा

पिता पुर्खाकै वंशानुगत कारक भई त्यस व्यथाले तिम्रो पनि जीवन हर्थ्यो होला तर धन्य आधुनिक युगमा विकसित भएको चिकित्सा विज्ञानले तिम्रो सम्भावित मृत्यलाई टारेको थियो ।

तिम्रो आयु लम्बियो भनेर यो मनले आफ्ना दुश्चिन्ता फालेर शान्ति र आनन्दको लामो सास फेरेको थियो । के गर्नु दैवको लेखा अर्कै रहेछ । एक वर्ष अघिमात्र हामीलाई आश्वस्त पारेका दैवले जेठ १९ गते कस्तो विनाशकारी ताण्डवलीला मच्चाए । कठै ! केही सुइँको मात्र पाएका भए पनि त उम्कने कोशिस गर्थ्यौ होला, तर आफ्नै रगत कालको रूपमा अगाडि आउला भन्ने तिमीले कदाचित सपनामा पनि सोचेका थिएनौ होला ।

पोहोरकै कुरा त थियो नि कृष्ण अष्टमीको दिन, कृष्ण मन्दिरको त्यो भीडमा सम्सम्ती पसेको देख्दा टि.भी.सामु बसेका हामीलाई दुश्चिन्ता भएको थियो । हरे ! राजाले के गऱ्या यस्तो । ए.डि.सी. पनि कता छन् आफू खुइँखुइँ भीडमा अघिअघि हिँड्या छन्, लौ न यै बेला कसैले केही गरिदियो भने । तिम्रो सुरक्षाप्रति हामी चिन्तित थियौं, तर तिमी आफ्नो सुरक्षाप्रति रत्तिभर चिन्तित थिएनौ । आफ्ना जनता र तिनका मायाप्रति तिमी त्यतिविधि विश्वस्त रहेछौ । हाम्रो मनको अन्तरमा लुकेको माया तिमीले पहिल्याएका रहेछौ । बरु हामीले पो आफ्नो अन्तरमन छाम्न सकेका रहेनछौं ।

त्यही विश्वासले त तिमीलाई आफ्नी रानीलाई साथ लिई एउटा सामान्य मान्छे झैं खुरुखुरु पैदल हिँडी छोरी भेट्न, उनको घर जान प्रेरित गर्थ्यो ।

हामीले त तिमीलाई आफ्नो मुटुमै राखेका थियौं, तर के गर्नु आफ्नै आफन्तहरूका लागि तिमी त्यतिविधि अप्रिय भएछौ भने तिमीले आफ्नो मात्र ज्यान गुमाउनु परेन, तिम्रो वंशले नै त्यस अप्रियताको सिकार भई आफ्नो जीवनलीला सखाप पार्नु पऱ्यो ।

राजा ! अकालमा तिम्रो ज्यान गयो । त्यतिले नपुगी तिमीले कलङ्कको कालो टीका पनि लगाउनु पऱ्यो । त्यस्तो दुदर्मनीय कुलघाती सन्तानरुपी बीउ त पहिला तिमीले नै उत्पादन गरेका थियौ । तिमीजस्तो भद्रपुरुषको बीउ त्यस्तो धुन्धुकारी । आखिर सम्वाहक जीनले तिम्रो भद्रता तिम्रो सन्तानमा किन सारेन ? हुन त त्यहि जीनको सिद्धान्त प्रतिपादन गर्ने अनुवांसिक सिद्धान्तका प्रतिपादक मेण्डलले आफ्ना माता पिताका नौ/दस पुस्तासम्मका गुणहरू जीन मार्फत सन्तानमा जान्छन् भनेका थिए, त्यसैकारण तिम्रा तिनै पुर्खाको त्यस उपद्रबी गुण पो तिम्रो सन्तानमा सकृय भएको हो कि ।

कठै रानी ! भविष्यले अब तिम्रो कोखलाई पो सराप्ने भो त । सन्तान राम्रा भए, योग्य भए, सफल भए कुलको महत्ता गाइन्छ, तर सन्तानको अयोग्यतामा आमाको कोख र उनको पालनपोषणलाई धिक्कारिन्छ । राज परम्पराको विपरीत तिमीले आफ्ना सन्तानलाई धाइको साटो आफ्नै दूध खुवाई आफ्नै हातले हुर्काएकी थियौ ।

आमाको नाताले शिक्षा र संस्कार दिँदा दिँदै पनि कहाँनिर तिमी चुक्यौ र तिम्रै आफ्नै अंशले तिमीलाई पीडाको आहालमा डुबाउन आनन्द मान्यो ।

संसारमा नारी जातिलाई आमा हुनु जति गौरवको कुरो हो, आमाको कर्तव्य निर्वाह गर्नु त्यत्तिकै कठिनतम कुरो रहेछ । लोग्ने, छोरा, छोरी सबैको आत्मसम्मान उराल्दा-उराल्दै आफ्नो आत्मसम्मान भूमिमा मिलाउनु पर्ने । बिचरी !

रानी ! आफ्नो देश, आफ्नो कुल, आफ्नो परिवारको हित चिताउँदा चिताउँदै र त्यही हित विपरीत जान लागेको आफ्नो सन्तानलाई सुबाटोमा ल्याउन खोज्दा-खोज्दै निष्ठुरी समयले पत्तै नदिई तिम्रो सन्तानलाई तिम्रो बैरी बनाइदिएछ । आफूले जन्माएको सन्तानलाई, आफ्नो देश, कुल, परिवारको विपरीत नजान दिन तिमीले लिएको सही अडान बुझ्न नसक्नु तिम्रो सन्तानकै कमजोरी तुल्याई रहने भयो ।

त्यो साँझ सम्झिदा अहिले पनि चित्त निमोठिएर आउँछ । म आफ्नो घरमा, आफ्नो आफन्तहरूको बीच कत्ति हाँसीखुसी आनन्दित भई रमाइलो गरिरहेकी थिएँ । सबैलाई मीठो-मीठो खानेकुराहरू खवाइरहेकी थिएँ । गफ गरिरहेकी थिएँ र तल माथि गरिरहेकी थिएँ । म आनन्दित थिएँ । हामी सबै आनन्दित थियौं र हाम्रा पाहुनाहरू पनि आनन्दित थिए । तर त्यहाँ तिमीकहाँ भने ? हुनत, शुरुमा तिमीहरू पनि खुशी नै थियौ, आफ्ना परिवारजनहरूका बीच आनन्दपूर्ण साँझ बिताउँदा । बिचरा तिमीहरूलाई के थाहा, त्यो निमेष भरको आनन्दी साँझपछि कस्तो भयानक रात आउँदैछ भन्ने कुरो ।

राजा ! तिमीलाई कस्तो लागेको थियो होला, जब त्यो हातले तिमीतर्फ बन्दुक सोझ्याएको थियो । तिमी छक्क परेका थियौ होला । हैन आज यसलाई के भएछ । यसले के उट्पट्याङ काम गर्दैछ'। त्यो पनि मसँग । यस्तै भावना तिम्रा दिमागमा आएका थिए होलान् । त्यो हातले तिम्रो प्राणहरण गर्न खौज्दैछ भन्ने कुरोको शङ्का त तिम्रो दिमागको कुनै एउटा सानो कुनोमा पनि थिएन होला तर के गर्ने ? जुन कुरो अकल्पनीय थियो, त्यो भै नै हाल्यो । त्यसबेला तिमी कत्ति आत्तिएका थियौ, कत्ति पीडामा थियौ होला, तर त्यही समय यहाँ हामी आनन्दले नाचिरहेका थियौं । अहिले सम्झदा पनि साह्रै नरमाइलो लाग्छ ।

हामी आनन्दको माझ नाचिरहेका थियौं, गाइरहेका थियौं, खाइरहेका थियौं । हामी ढुक्क र सुरक्षित थियौं । रानी ! तिमी पनि

त सुरक्षित ठानी, आफ्ना लोग्ने, बालबच्चाहरूसहित ढुक्क भएर बसेकी थियौ । बिचरी, तिमीलाई के थाहा, काल आएर त्यो रात तिम्रो आफन्तको रूपमा बसेको थियो । आफ्नो लोग्नेको, छोरीको अवस्था देखेर छोरोसहित ज्यान बचाउन तिमी भागेकी थियौ । साक्षात् कालले आफू र आफ्नो काललाई लखेटेको देख्ता, तिमी कत्ति आत्तिएकी थियौ होली । तिम्रो त्यो अवस्था कल्पना गर्दा पनि मुटुमा गाँठो पर्छ ।

दुई करोड नेपालीकी साम्राज्ञी, बडामहारानी त्यतिखेर कति असहाय भएकी थियौ होला । हामीलाई कल्पना गर्दा पनि गाऱ्हो लाग्छ । तर त्यो निष्ठुरी कालले तिम्रो र तिम्रा छोराहरूको ज्यान लिइछाड्यो । तिमीले त्योसित आफू र आफ्ना सन्तानलाई नमार्न कत्ति अनुनय विनय गऱ्यौ हौली, तर निष्ठुरी काल ! त्यसले तिम्रो झन् बीभत्स तरिकाले हत्या गऱ्यो । अत्यासमा रानी तिमीले पशुपतिनाथको पुकारा गऱ्यौ हौली, तिमीले साईबाबा माथि सम्पूर्ण आस्था पोखेर उनलाई पनि पुकाऱ्यौ हौली, तर खै कसैले चमत्कार देखाएनन् । आखिर तिमीले त्यो बीभत्स मृत्युलाई बरण गर्नै पऱ्यो ।

के आफ्नो राजारानीको त्यस्तै मृत्युको पीडा सहनु परेको रहेछ सारा देशवासीले ? आफ्ना राजारानी मरे । उनीहरूको वंश समाप्त भयो । त्यो मृत्यु स्वाभाविक मृत्यु भएको भए भवितव्यको के जान्थ्यो र ?

राजा मरे, रानी मरिन, सारा देश शोकको समुद्रमा डुब्यो तर सारा संसारको सामु नेपालीहरूको त्यो पीडा कस्तो कलङ्कित रूपमा पुग्यो । तिमीले त नेपाल बुद्धको देश भएकोले यो देशलाई संसारकै शान्तिक्षेत्रको रूपमा संसारलाई चिनाउन खोजेका थियौ तर...... । संसारका शाक्तिशाली सञ्चार यन्त्रहरूले तिम्रो कलङ्कित पारिएको कथालाई दिनरात फुकेर संसारमा यस्तो कहीँ यस्तो हुँदैन तर नेपाल भन्ने एउटा अविकसित र पिछडिएको देशमा यस्तो पनि भयो रे भन्ने कुरो विश्वभरि फैलाए ।

तिमीले नेपालीलाई आफू नेपाली भएकोमा गर्व गर्ने बनाउन खोजेका थियौ, तर आज विश्वसामु आफू नेपाली भनिदा लज्जाले शिर झुकाई एउटा कुलघातीको देशको बासिन्दा भनी हामीले आफूलाई चिनाउनु परेको छ । आफू नेपाली हुनाको गर्व त खै कता हरायो कता ।।।

●

वैदिक सनातन धर्म र श्री ५ वीरेन्द्र

● *ॐ भक्त धर्मदत्तनाथ कश्यप*

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह विश्वको एकमात्र (हिन्दू) वैदिक सम्राट् होइबक्सन्थ्यो । वैदिक सनातन धर्मको यजुर्वेदअन्तर्गत व्याख्या गरिएका पराक्रमी, वीर, साहस, शीलस्वभाव आदिबाट विभूषित होइबक्सन्थ्यो । हाम्रो देश नेपाल विश्वमा एकमात्र हिन्दू राष्ट्र भएको कारणले विश्वमा हिन्दूधर्म र संस्कृतिको रक्षा गर्ने दायित्व आफूमाथि परेकाले श्री ५ महाराजाधिराजबाट हरिद्वारको विश्व- हिन्दूसम्मेलनमा वैदिकत्व अभ्यास कस्तो हुनुपर्छ भन्ने व्यावहारिक उदाहरण बक्स भएको थियो । हाम्रो राष्ट्र नेपाल वैद्धिक सनातन राष्ट्र ऋषिमुनिको तपोभूमि हो । यसका लागि राजसंस्था भनेको भावुक भावनामात्र होइन, राष्ट्रको अस्तित्वबोध पनि हो । वैदिकत्व र वैदिक राजसंस्था नेपाली राष्ट्रियताको उर्वर वसुन्धरा हो । हामीले मान्दै आउने गरेको धर्मसंस्कृति वैदिक संस्कृति हो । वैदिक संस्कृति भनेको ईश्वरले रचना गरेको संस्कृति हो । यो संस्कृतिको रचना हुँदा नै राजाले कस्तो आचरण गर्ने, प्रजाले कस्तो व्यवहार गर्ने, मन्त्रीले कस्तो आचरण गर्ने, व्यापारीले कस्तो आचरण गर्ने यी सबै कुराहरू वैदिक ग्रन्थमा पाइन्छ । राज्यमा राजाले के कस्तो व्यवस्था गर्नुपर्छ र राज्यमा वस्ने प्रजाहरूको राज्यप्रति के कस्तो उत्तरदायित्व वहन गर्नुपर्छ भन्ने कुराको मार्गदर्शन वैदिक ग्रन्थहरूमा व्याख्या गरिएको छ । हाम्रा वेद, उपनिषद् पुराणहरूमा राजाहरूले पालना गर्नुपर्ने दायित्व र प्रजाहरूले वहन गर्नुपर्ने दायित्व निर्वाहको विषयमा राम्रोसँग व्याख्या गरिएको छ । हाम्रो पूर्वीय राजनीतिमा ठूला-ठूला राजनीतिक दर्शन वनेनन् । सदा सबैद्वारा स्मरणीय महत्त्वपूर्ण कुरा के हो भने संस्कृतिस्वाधीनता नै यथार्थ स्वाधीनता हो, राजनीतिक स्वाधीनतामात्र स्वाधीनता होइन । आर्य समाजले दीर्घकालसम्म संस्कृति र धार्मिक स्वतन्त्रता अँगालेको हुँदा यथार्थ रूपमा उक्त स्वाधीनता कहिल्यै पनि छोडेन । राजनीतिक स्वाधीनता एकपटक गुमेपछि पुनः एकजुट भएर कुनै पनि समयमा फर्काउन सकिन्छ तर धर्मसंस्कृतिलाई गुमाएपछि कुनै पनि जातिले फर्काउन सकेको इतिहास भेटिदैन ।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह नेपालको इतिहासमा एक अमर ध्रुवताराका रूपमा चम्किरहिबक्सनेछ । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट शुरु भएको नेपाल एकीकरण अभियानमा श्री ५ अधिराजकुमार बहादुर शाह, श्री ५ रणबहादुर शाह, श्री ५ राजेन्द्रविक्रम शाह, भीमसेन थापादेखि जङ्गबहादुरसम्मले सम्हालेको देखिन्छ । भीमसेन थापा प्रधानमन्त्री हुँदा भएको सुगौली सन्धिबाट हाम्रो देश नेपाल खुम्चन गएको तथ्य सर्वविदितै छ । नेपालमा शाहवंशको इतिहास हेर्ने हो भने श्री गोरखनाथ, मनकामना, गोरखकाली आदि अनेकौं देवदेवीका आशिर्वादले अडेको सत्य सबैले मनन गर्नुपर्छ । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको बहुआयामिक व्यक्तित्वको व्याख्या गर्नु भनेको अँधेरी रातमा आकाशको तारा गन्नु भनेजस्तै भएकाले यहाँ मेरो जीवनमा आफूले प्रत्यक्ष हुँदा देखेका र सुनेका एक दुई कुरा गर्ने जमर्को गरेको छु । धर्मले मानिसलाई दुष्कर्मबाट सुकर्मतिर, अन्धकारबाट उज्यालोतिर, असत्य मिथ्याबाट शाश्वत सत्यतिर अघि बढ्न सधैं घचघच्याएका हुन्छ भन्ने श्री ५ वीरेन्द्रका महावाणी छन् ।

श्री ५ वीरेन्द्रबाट २०३१ सालमा श्री १००८ ब्रह्मवित्तयोगी सचिदानन्द सरस्वतीलाई खप्तडबाबाको आश्रममा गएर भेट्नु, केही दिन आश्रममा बसी बाबाद्वारा प्रणीत लेखहरू नेपालीमा उल्था गराई प्रकाशन गराउने अभिभारा लिई सो कार्यको निमित्त राजकीय प्रज्ञा-प्रतिष्ठानबाट डा. चूडानाथ भट्टाराय, शम्भुनाथ प्याकुर्‍याल अम्बिका प्याकुर्‍याल, जस्ता केही विद्वान्हरूलाई सोही ठाउँमा खटाई कार्य सम्पादन गराइबक्सेको थियो । श्री ५ वीरेन्द्रले १००८ ब्रह्मवित्त सचिदानन्द सरस्वतीद्वारा प्रणीत स्वास्थ्यविज्ञान, विचारविज्ञान, धर्मविज्ञान १,२,३,४ धर्मविज्ञान सार संक्षेपमा म र मेरो कर्तव्य, नारीधर्म र पुरूषधर्म, आत्मज्ञानजस्ता अनमोल ग्रन्थहरूलाई नेपाली भाषामा प्रकाशन गराई बौद्धिक सनातन धर्मको रक्षामा ठूलो योगदान पुर्‍याइबक्सेको छ । श्री १००८ ब्रह्मवित्त योगी सचिदानन्द सरस्वतीसँग श्री ५ वीरेन्द्र तथा राजपरिवारको अति नै घनिष्ठ सम्बन्ध रहेको पाइन्छ । हिन्दू बौद्ध, जैन, इस्लाम, क्रिस्चियन जुनसुकै मत भएपनि ईश्वर र धर्म एक हुन्छ भन्ने कुरा मौसुफलाई राम्रो ज्ञान भएको कारणले नै सम्पूर्ण धर्म गुरुहरूलाई समान व्यवहार गरिबक्सन्थ्यो । मौसुफको राज्याभिषेक २०३१ साल फागुन १८ गते सन् १९७५ फेब्रुअरी २४ तारिखका दिन वैदिक विधि तथा राजपरम्परा अनुसार विशेष सार्वजनिक समारोहका बीच सम्पन्न भएको थियो । २०३१ साल फागुन १२ गते राज्याभिषेकको सुअवसरका दिन श्री ५ महाराजाधिराजबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्सेको थियो र सो प्रस्तावलाई विश्वका ११६ मुलुकबाट समर्थन प्राप्त भएको तथ्य सर्वविदितै छ ।

हाम्रो राष्ट्र नेपाललाई विश्वसामु चिनाउने कार्यमा श्री ५ वीरेन्द्रको महत्त्वपूर्ण भूमिका रहेको तथ्य कसैबाट लुकेको छैन । मौसुफबाट थालनी गरिएका समग्र कार्यहरूलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु सच्चा नेपालीको दायित्व हो । आज हाम्रो राष्ट्र नेपालमाथि महान् संस्कृतिको प्रतिपालन गर्ने दायित्व आइपरेको छ । यस्तो अवस्थामा मौसुफबाट एकातिर सांस्कृतिक आक्रमणबाट आफ्नो संस्कृतिलाई बचाउने कार्य भयो भने हाम्रो जस्तो भूपरिवेष्ठित मुलुकहरूका समस्या र समाधानको विषयमा संयुक्त राष्ट्र सङ्घमा प्रस्ताव पनि प्रस्तुत गरिबक्स्यो ।

श्री ५ वीरेन्द्रले २०२१ र २०२२ सालमा पूर्वी नेपालको तथा त्रिशूलीदेखि बुटवलसम्म र २०४८ सालमा मेची अञ्चलको महिनाव्यापी भ्रमण र त्यही वर्ष काठमाडौंदेखि रसुवास्थित नेपाल चीन सीमानासम्म र काठमाडौंदेखि चन्द्र गिरि कुलेखानी, भीमफेदी हुँदै नेपालभारत सीमानासम्मको पैदल यात्रा गरिबक्सेको थियो । ती यात्राहरूका अवसरमा मौसुफबाट साधारणयात्रुहरूले जे खान्थे, सोही ज्यूनार हुन्थ्यो र सामान्य घर, गोठ, कटेराका साथै साधारण स्कुलभवन र कहिलेकाहीँ बाहिर खुला चौरमा समेत रात बिताइबक्सिएको थियो । २०३६ सालको कुरो हो । श्री ५ महाराजाधिराज दियालो बङ्गला भरतपुरमा सवारी भइबक्सेको बेला एकदिन बिहान ७:३० बजे मौसुफ एक्लै गणेशस्थान भरतपुर गइबक्सेको थियो । त्यसबेला हाम्रो टि.सि.एन. को क्याम्प त्यहीँ थियो । टि.सि.एन. का कर्मचारीहरू बाहिर खुलाचौरमा चुलो बनाएर खाना पकाउने कार्य शुरु गरिरहेका थियौँ । मौसुफबाट सोही बाटो मुसुमुसु हाँसी एकै भान्सामा पकाए हुँदैन किन यति धेरै चुलो बनाएको भनेर सोधिबक्स्यो । त्यसबेला हामी केही बोल्न सकेनौँ, मूकदर्शक भएर हेरिरह्यौँ । मौसुफ मुसुमुसु हाँस्दै 'ठिक छ ठिक छ' भन्दै मन्दिर परिक्रमा गरी दियालो बङ्गलातर्फ सवारी भइबक्सियो । सोही दिन दिउँसो हामी रुख कटान गर्न जङ्गलमा गयौँ । चेन्सले रुख काटेको आवाज सुनेर श्री ५ युवराजाधिराज दीपेन्द्रको सवारी भयो । त्यस बेलाको युवराजको बालक्रीडाले हामी सबैको मन मोहित गर्‍यो । युवराजबाट ठाडो हुकुम भयो । हामीले पनि कानुनको वास्ता नगरी तुरुन्त युवराजको आज्ञा पालना गर्ने निर्णय लियौँ । चेन्स अपरेटर जयबहादुर घलान र दावी तामाङ्ले उक्त रुख काटेर नियमअनुसार गोलिया बनाए । उक्त कार्यका निमित्त श्री ५ युवराजाधिराज ४ घण्टा हामीसँगै कहिले चेन्स समाउने, कहिले यहाँ काट, यो काट भन्ने हुकुम हुँदै हामीलाई मनोरञ्जन दिइबक्सेको थियो ।

त्यसबेला जङ्गलमा काम भएको हेर्न युवराजले ए.डि.सी. लाई नटेरेका कारण श्री ५ वीरेन्द्र श्री ५ ऐश्वर्यसमेत जङ्गलमा सवारी भई हाँस्दै युवराजलाई लिएर दियालो बङ्गलातर्फ सवारी भइबक्सेको थियो । श्री ५ वीरेन्द्रले त्यसबेला देवघाट सवारी भै हरिहर सन्यास आश्रमको समुद्घाटन समारोहमा हुकुम भएको थियो– "हामीले आफ्नो राष्ट्रको निर्माण नैतिक अनुबन्धमा गरेका छौँ । नैतिकताले चरित्रनिर्माण गर्छ र सद्विचारले कर्म र धर्म दुवै कुरालाई शुद्ध हुन्छ, राख्दछ जसले गर्दा समाज र राष्ट्र पनि स्वभावतः शुद्ध हुन्छ नै । यसरी नैतिकता, सामाजिक र राष्ट्रिय प्रणाली अनुबन्धित तत्त्व हो । यस तत्त्वसँग सम्बन्धविच्छेद हुने बित्तिकै राष्ट्र र समाज सङ्कटमा पर्दछ ।"

हाम्रो राजनीतिमा राजा, राज्य र राष्ट्र धर्मअनुरूप एक अर्कासँग सम्बन्धित छन् । हाम्रो जीवनदर्शनमा राजनीति एउटा साधनमात्र हो, साध्य होइन । जीवन आफैँमा एउटा उद्देश्य प्रयोजन र अर्थ हो । राजनीति भनेको एक कृत्रिम कार्यपद्धति हो भने धर्म नैसर्गिक मानवीय गुण हो । यसरी श्री ५ वीरेन्द्र व्यक्त गरिएका विचारहरूलाई कार्यान्वयनमा ल्याउन हामीलाई आधुनिक वैज्ञानिक

भौतिक युगको आवश्यकता र प्रभावलाई पनि सँगसँगै विकास गर्नुपर्छ भन्ने मान्यता राखिबक्सन्थ्यो । संसारको एउटामात्र वैदिक अधिराज्य नेपाल हुनुबाट नेपालको मौलिक अस्तित्व तथा प्रतिष्ठा स्थापित भएको छ । श्री ५ वीरेन्द्रबाट २०२८ साल फागुन ७ गते प्रजातन्त्र दिवसको उपलक्ष्यमा देशवासीका नाममा बक्स भएको शाही घोषणामा हुकुम भएको थियो– "हाम्रो कसैसँग वैरभाव छैन हाम्रा सबै मित्र छन् भन्ने हामीले ठानेको छौँ र मित्रहरूसँग मित्रता र सहयोगको गाँठोलाई अझै बलियो पार्न हामी सधैँ प्रयत्नशील रहनेछौँ । आज देशलाई आपसी कटुताभन्दा एकता चाहिएको छ । कुरा र भाषणभन्दा काम र माम चाहिएको छ । कपोलकल्पित इच्छाभन्दा रचनात्मक प्रतिभा चाहिएको छ । जसरी २००७ सालमा राजा र प्रजा एक भई देशको प्रजातन्त्रका लागि अघि बढ्यौं त्यसै गरी आज पनि हामी एक भै देशमा विकासको मूल फुटाई गरिबी निवारण गर्नुपरेको छ । विकासको बाटोमा अघि बढ्न देशको भौतिक साधनमात्र भएर नपुग्ने हुँदा यसका साथै देशको जनशक्तिलाई अनुशासित ढङ्गले परिचालन गर्न पुराना प्रवृत्तिलाई बदली नयाँ युगको मागलाई पूरा गर्न नयाँ भावना र दक्षताका साथै देशभक्ति इमान्दारी र परिकल्पना गर्नसक्ने सूक्ष्म बुद्धिको खाँचोलाई पुरा गर्नुपरेको छ । देश विकास जस्तो गहकिलो काम एक दुई जनाको प्रयासले मात्र पूरा हुँदैन । यसमा सबैको सक्रिय सहयोग र समाजका विभिन्न वर्गका बीच समन्वयको खाँचो पर्दछ । यी सबै तथ्यहरूलाई ध्यानमा राखी शङ्काउपशङ्कामात्र गर्ने बानीलाई छाडी देश निर्माणको काममा पसिना बगाउन सिकौं । यही नै समयको माग पनि हो ।"

यस्ता महावाणी र श्री ५ वीरेन्द्रले आफ्ना जीवन कालमा गरेका कार्यहरूबाट आफैँमा मौसुफ एक सुयोग्य हिन्दू सम्राट् होइबक्सन्थ्यो भन्नमा कुनै अत्युक्ति नहोला । मौसुफको भलाद्मीपना र बुद्धिमत्ताको कारण श्री ५ वीरेन्द्रको लोकप्रियता अनेकौं पक्ष खुलेका छन् र सबभन्दा महत्त्वपूर्ण पक्ष भनेको मौसुफको उदार स्वभाव र जनतामा सार्वभौमसत्ता हस्तान्तरण हुँदा बाधक नबन्ने विचार नै हो ।

२०५९।९।३, हे.न.पा. ११, कृष्णमन्दिर रोड

●

मैले देखेका बुझेका राजा वीरेन्द्र

● कालीप्रसाद रिजाल

नेपालमा श्री ५ वीरेन्द्रको अभ्युदयपछि एउटा आधुनिकताको चरण प्रारम्भ भएको देखिन्छ। स्वदेश र विदेशका शैक्षिक संस्थाहरूमा गएर औपचारिक शिक्षा हासिल गर्ने श्री ५ वीरेन्द्र पहिलो राजा होइबक्सन्थ्यो। त्यसैगरी श्री ५ बडामहारानी ऐश्वर्यलाई पनि औपचारिक उच्चशिक्षा प्राप्त गर्ने प्रथम राजमहिषी भन्न सकिन्छ। यसभन्दा पहिले राजपरिवारका सदस्यलाई दरबारभित्रै गुरुहरूद्वारा शिक्षा दिलाउने प्रचलन थियो। उच्चशिक्षा प्राप्त राजा भएको कारण राजा वीरेन्द्रको चालचलन, व्यवहार र दृष्टिकोणमा पनि शिष्टता र आधुनिकता झल्किएको पाइन्छ। एकपल्ट राजा वीरेन्द्रबाट कुनै समारोहमा संबोधन गर्दा "म र मेरी श्रीमतीका तर्फबाट ...." भन्ने वाक्य हुकुम हुँदा दरबारका पुराना भारदारहरूमा निकै खलबली मच्चिएको थियो तर जस्तोसुकै बाधाविरोध तेर्स्याइए तापनि राजा वीरेन्द्रबाट राजदरबारको कतिपय पुराना चलन र परम्पराहरूमा सुधार एवम् परिस्कार ल्याइबक्स्यो। यसै क्रममा नेपालको इतिहासमा सर्वप्रथम बडामहारानीबाट आम व्यक्ति सरह बाहिर निस्किबक्सेर सामाजिक संघसंस्थामा काम गर्ने परम्पराको शुरुवात गरिबक्स्यो। श्री ५ बडामहारानी ऐश्वर्यबाट तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को अध्यक्षता ग्रहण गरिबक्सेर खुला रूपमा सामाजिक काममा सहभागी होइबक्सेको घटनाले पनि यस्तै आधुनिक दृष्टिकोणको आभाष दिन्छ।

श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यको कुरा गर्दा एउटा अर्को संयोग पनि गाँसिएको हामी पाउँछौं। राजा वीरेन्द्र एक सफल कलाकार होइबक्सन्थ्यो। मौसुफबाट रचना गरिबक्सेका केही कलाकृति उच्चस्तरको भएको भनी कलाकारहरूले मूल्याङ्कन गरेका छन्। त्यसैगरी श्री ५ बडामहारानी ऐश्वर्य एक अत्यन्त प्रतिभाशाली कवयित्री तथा गीतकार होइबक्सन्थ्यो। मौसुफबाट रचना गरिबक्सेका गीतहरू आज पनि नेपालीहरूमा अत्यन्त लोकप्रिय भएर रहेका छन्। राजारानी दुवै साहित्य, कला र संस्कृति प्रति विशेष रुचि राखिबक्सने भएकाले सरकारहरूको शासनकालमा कवि, कलाकार एवम् संस्कृतिविदहरूले विशेष प्रोत्साहन पाएको देखिन्छ। मौसुफहरूको शासनकालमा नेपाली साहित्य, गीत, सङ्गीत र कलाक्षेत्रले उल्लेखनीय रूपमा विकास गरेको हामी पाउँछौ। श्री ५ वीरेन्द्रबाट सर्वप्रथम 'नाफा' को गठन गरी अध्यक्षता ग्रहण गरिबक्सेको घटनालाई नेपाली कलाक्षेत्रमा लाग्ने सबैले ऐतिहासिक महत्त्व दिँदै आएका छन्।

श्री ५ वीरेन्द्रको शासनकाललाई विकासको युग भनेर धेरैले चित्रण गरेको पाइन्छ, मौसुफकै कार्यकालमा विकासक्षेत्रको अवधारणाको शुरुवात भएको हो। विकासक्षेत्रको अवधारण मुख्य रूपले सन्तुलित एवम् समन्वयात्मक विकासतर्फ अभिमुख भएको पाइन्छ। मौसुफ सरकारबाट शुरु गरिबक्सेको क्षेत्रीय भ्रमणको उद्देश्य पनि यसै लक्ष्यतर्फ प्रतिलक्षित भएको पाउँछौं। परियोजना र विकास कार्यहरूको स्थलगत निरीक्षण, अनुगमन, आवधिक समीक्षा र प्रगतिं मूल्याङ्कन गर्ने परम्परा पनि मौसुफकै कार्यकालमा शुरु भएको हो। विकास एउटा आर्थिक प्रकृया मात्र नभएर मानवीय समस्या पनि हो भन्ने मौसुफको धारणा रहेको हामी

पाउँछौं । मौसुफको शासनकालमा खास गरेर यातायात, सञ्चार र शिक्षाको क्षेत्रमा मुलुकले उल्लेखनीय प्रगति हाशिल गरेको पाइन्छ । नेपालमा भू-उपग्रहको माध्यमबाट मुलुकभरि सञ्चारको पहुँच गराउने कार्य यही अवधिमा सम्पन्न भएको हो ।

राजा वीरेन्द्रको शासनकालमा धेरै राजनीतिक सुधार भएको पाइन्छ । जनमत सङ्ग्रह पछि बालिग मताधिकार अनुसारको चुनाव गर्ने प्रक्रियालाई प्रजातन्त्रको दिशामा चालिएको कदम मान्न सकिन्छ । यसै क्रममा २०४६ सालको जनआन्दोलनपछि बहुदलीय प्रजातन्त्रको पुनःस्थापना गरी मौसुफबाट २०४७ सालमा मुलुकलाई नयाँ संविधान प्रदान गरिबक्स्यो । यसै संविधान अन्तर्गत जनतालाई सार्वभौम तुल्याएर बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रलाई अपरिवर्तनीय स्वरूप प्रदान गरिएको हो । २०४६ सालको आन्दोलनताका छिमेकी राष्ट्रका प्रतिनिधि आएर केही सर्तको अनुमोदन भएमा आन्दोलन फिर्ता गराइदिने प्रलोभन दिइएको कुरा पनि यता आएर सार्वजनिक भैसकेको छ तर राष्ट्रियता, स्वाधीनता र सार्वभौमिकतालाई खुम्च्याएर कुनै पनि प्रकारको सम्झौता गर्ने कुरा मौसुफलाई स्वीकार्य भएन बरु देशवासीहरूलाई थप अधिकार र स्वतन्त्रता प्रदान गरेर संवैधानिक राजा हुनमा मौसुफले गौरवको अनुभव गरिबक्स्यो । नेपालको राजसंस्था कतिसम्म जनमुखी र स्वाभिमानी छ भन्ने कुराको ज्वलन्त उदाहरण मौसुफबाटै प्रस्तुत गरिबक्स्यो । श्री ५ वीरेन्द्रलाई इतिहासले एक उदारवादी, प्रजातन्त्रप्रेमी र स्वाभिमानी राजाको रूपमा सधैं स्मरण गर्नेछ ।

राजा वीरेन्द्र एक उत्तम राजामात्र होइन एक असल व्यक्ति पनि होइबक्सन्थ्यो । मौसुफको सामीप्य पाउने सबै स्वदेशी, विदेशी महानुभावहरूले राजा वीरेन्द्रलाई एक सहृदयी, भद्र, शिष्ट र असल व्यक्तिको रूपमा चित्रण गरेको पाइन्छ । जनताको घरदैलोसम्म पुगेर प्रत्यक्ष सम्पर्क स्थापित गर्ने मौसुफ पहिलो राजा होइबक्सन्थ्यो । मौसुफ युवराजाधिराज होइबक्सेकै समयदेखि देशदर्शनको अभियान शुरु गरेर मुलुकको प्रायः सबै भागमा पैदल सवारी होइबक्सेको थियो मौसुफ नेपाली जनजीवनलाई कसरी माथि उकाल्न सकिन्छ भन्ने कुराको व्यावहारिक ज्ञान राखिबक्सन्थ्यो ।

राजा वीरेन्द्र अन्तर्राष्ट्रिय जगत्मा पनि निकै लोकप्रिय र सम्मानित होइबक्सन्थ्यो । गुटनिरपेक्ष नीतिको अनुसरण गरेर अन्तर्राष्ट्रिय रङ्गमञ्चमा नेपालको विशिष्ट पहिचान र दृष्टिकोण स्थापित गराउने कुरामा पनि मौसुफको महत्त्वपूर्ण योगदान रहेको छ । मौसुफबाट बक्सेका सम्बोधन र विचारोत्तेजक धारणाहरूबाट अन्तर्राष्ट्रिय जगत प्रभावित नभई रहनसक्दैनथ्यो । मौसुफको कार्यकालमा नेपालले एक स्वतन्त्र राष्ट्रका रूपमा महत्त्वपूर्ण सम्मान, प्रतिष्ठा र मान्यता हासिल गर्नसकेको कुरा सबैका लागि प्रेरणा रहिआएको छ । क्षेत्रीय सहयोगको धारणाअनुसार दक्षिण एसिया क्षेत्रीय सहयोग संस्था सार्कको संस्थापनामा मौसुफको विशेष योगदान रहेको छ । राजा वीरेन्द्रलाई सार्कको संस्थापक सदस्यका रूपमा अन्तर्राष्ट्रिय जगत्ले मूल्याङ्कन गरेको छ । मौसुफबाट नेपाललाई शान्तिक्षेत्र घोषित गर्ने प्रस्ताव राखिबक्सेर शान्तिको चाहनालाई संस्थागत गराउने प्रयास गरिबक्सेको थियो । राजा वीरेन्द्रले २०४७ सालको संविधान प्रदान गरिबक्सेको मात्र नभै यसको अक्षरश पालन गरेर सबैका लागि उदाहरण पनि प्रस्तुत गरिबक्सेको छ । संविधानले न्याय सेवालाई विशेष दायित्व र अधिकार प्रदान गरेअनुसार कतिपय प्रश्नहरूमा अदालतको सल्लाह एवम् सम्मति लिइबक्सेर संवैधानिक प्रक्रियालाई न्यायसङ्गत बनाइबक्सेको कुरालाई पनि सकारात्मक रूपमा लिनु युक्तिसङ्गत हुन आउँछ । राजनीतिक नेताहरूले पनि यस अवधिमा राजाबाट मात्र संविधानको पालना भएको कुरालाई स्वीकार गर्दै आएको पाइन्छ ।

मेरो अनुभवमा राजा वीरेन्द्र एक उदार र प्रजातन्त्रवादी राजा होइबक्सन्थ्यो । जस्तोसुकै कुरालाई पनि धैर्य र एकाग्रताका साथ सुन्ने मौसुफको स्वभाव थियो । मौसुफ खुला छलफल र विचारविमर्शमा विश्वास राखिबक्सन्थ्यो । चित्त नबुझेको कुरा स्पष्ट रूपमा प्रकट गरेको मौसुफलाई मन पर्थ्यो । मौसुफ कवि, कलाकार र लेखकहरूलाई विशेष रूपमा सम्मान गरिबक्सन्थ्यो । मौसुफको व्यवहार र आचरणमा शिष्टता, सरलता र आत्मीयता झल्किन्थ्यो ।

अन्त्यमा आफ्नो एउटा स्यानो संस्मरण प्रस्तुत गरेर यस लेखलाई टुङ्ग्याउन चाहन्छु । कुरा २०३७ तिरको हो । मैले राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा गाइजात्रा उत्सवको उलक्ष्यमा आयोजित हास्यव्यङ्ग्य समारोहमा एउटा व्यङ्ग्यात्मक कविता सुनाएको थिएँ । परम्परा अनुसार त्यस समारोहमा राजा, रानी, राजपरिवारका सदस्य, प्रधानमन्त्री, र अन्य गण्यमान्य व्यक्तिहरूको उपस्थिति थियो । व्यङ्ग्यात्मक कविता सुनाएको आधारमा मलाई त्यसबेलाका मन्त्रिपरिषदले अवकाश दिने निर्णय गरी पुर्जी काट्यो । म त्यसबेला सूचना विभागको निर्देशकमा कार्यरत थिएँ । मैले पूर्जी आउनुभन्दा पहिले नै राजिनामा पेश गरिदिएँ र बिदा लिएर घर बसें । राजिनामा पेश गरेपछि त्यस प्रकरणले चर्चा पाउनु स्वाभाविकै थियो । त्यसबेला सबैले मलाई अपराधीको रूपमा व्यवहार गरिरहेका थिए । सँगै काम गर्ने कर्मचारीहरू मसित बोल्न समेत हिचकिचाउँथे । आफ्नै विभागका कर्मचारी पनि मसित तर्केर हिड्ने भएका थिए । दशैंको मुखमा मलाई तलबबाट समेत वञ्चित गरियो । मैले झण्डै दुई महिना नितान्त उपेक्षित भएर एक्लो रूपमा बिताएँ । म कर्मचारी हुनुभन्दा पहिलेदेखि साहित्य रचना गर्ने व्यक्ति थिएँ । मेरो एउटा साहित्यिक व्यक्तित्व पनि थियो तर मैले साहित्यकारका रूपमा

कविता पाठ गरेको विषयलाई त्यसबेलाका नेता, मन्त्री र राजनीतिज्ञहरूले जघन्य अपराधका रूपमा लिए । राजिनामा स्वीकृत भएको भए आफ्नो सञ्चयकोष लिएर म घर फर्किने थिएँ तर अनिश्चितताको स्थितिमा राखेर मलाई मानसिक पीडा दिइयो । यस्तै तनाव र अनिश्चिततामा अल्झिएर बसिरहेको बेला मलाई दरबारबाट तुरुन्त आफ्नो कार्यालयमा गएर जिम्मेवारी बहन गर्न भनेर फोनबाट खबर गरियो । पछि बुझ्दा थाहा भयो श्री ५ वीरेन्द्रबाट यसप्रकारको निर्देशन बक्स भएको रहेछ ।

श्री ५ वीरेन्द्रबाट मेरो जागिर थामिदिबक्सेको मात्र होइन त्यसको लगतै सरकारबाट गठित शाही प्रेस आयोगमा मलाई सदस्य-सचिवको रूपमा मनोनीत गरिबक्स्यो । अहिले त्यसवेला कविता सुनाएको भरमा ठाडो टिप्पणी उठाउन लगाएर जागिर खोस्ने पुर्जी पठाउनेहरू आज महान् प्रजातन्त्रवादी एवम् उदार कहलाइएका छन्, प्रजातन्त्र र वाक्स्वतन्त्रताका पक्षधर भएर भाषण गरिहेका छन् तर मेरो विचारमा त श्री ५ वीरेन्द्र यिनीहरू भन्दा धेरै प्रजातान्त्रिक, सहिष्णु र उदार होइबक्सन्थ्यो । मेरो अनुभवले त यही भन्छ ।

कालान्तरमा २०४६ सालपछि जननिर्वाचित सरकार सत्तामा आयो । म त्यसबेला सञ्चार मन्त्रालयको का.मु. सचिवको रूपमा कार्यरत थिएँ । कुनै बेला मन्त्री परिषद्को निर्णयअनुसार मलाई बडामहारानी श्री ५ ऐश्वर्य अध्यक्ष रहिबक्सेको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्मा काम गर्न काजमा खटाइएको थियो । मैले सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्मा चारवर्ष सदस्यसचिवको रूपमा काम गरेको थिएँ । सदस्यसचिवको रूपमा तत्कालीन बडामहारानीअन्तर्गत रही काम गरेकै आधारमा मलाई जननिर्वाचित सरकारले २०४८ सालमा दशैंको ठीक अगाडि अवकाश दियो । मैले त्यसबेला मुद्दा दायर गर्नु आवश्यक पनि ठानिन । अरू मसित अवकाश पाउनेहरूले मुद्दा गरे र पछि पुनर्बहाली पनि पाए । मैले अवकाशलाई पुरस्कार ठानेर शेषजीवन साहित्य साधनामा व्यतीत गर्ने अठोट गरें र त्यही अनुसार म साहित्य साधनामा लाग्दै आएको छु । अवकाशपछि मेरो माहिलो छोराको विवाहको अवसरमा मैले श्री ५ वीरेन्द्र र रानी ऐश्वर्यको आफ्नो घरमा स्वागत गर्ने अवसर पाएको थिएँ । भर्खर अवकाश पाएकाले मेरो मनस्थिति अलि उदासपूर्ण थियो । कर्मचारीको रूपमा निश्चित जीवन बाँचिरहेको व्यक्तिलाई एकाएक अप्रत्याशित रूपमा अनिश्चितताको सामना गर्नुपर्दा केही समय अप्ठ्यारो पर्दो रहेछ । श्री ५ वीरेन्द्रले मेरो परिवार, भविष्यको योजना र गतिविधिबारे धेरै कुरा सोधिबक्स्यो । सान्त्वना पनि दिइबक्स्यो । मेरो स्वास्थ्यबारे पनि जानकारी लिइबक्स्यो । परिषद्मा कार्यरत रहेको बेला म एकाएक अस्वस्थ भएको थिएँ । डाक्टरहरूले मेरो हृदयको गति ठीक नभएको कारण तत्काल बाहिर गएर उपचार गराउनु पर्ने सल्लाह दिएका थिए । राजा वीरेन्द्र र बडामहारानी ऐश्वर्यको सहृदयता र अनुग्रहअनुसार मैले विदेश गएर हृदयरोगको उपचार गराउने अवसर पनि प्राप्त गरेको थिएँ । त्यसबेला विदेशका डाक्टरहरूले तत्काल हृदयको शल्यक्रिया गर्न नपर्ने, पछि आवश्यकताअनुसार विचार गर्ने सल्लाह दिएका थिए । मेरो उदास अनुहार देखेर त्यसबेला श्री ५ वीरेन्द्रबाट मलाई हरप्रकारले उत्साहित गराउने प्रयास गरिबक्स्यो । श्री ५ ऐश्वर्यबाट पनि निश्चिन्त भएर साहित्य साधनामा लाग्ने सल्लाह बक्स्यो । तर श्री ५ बडामहारानी ऐश्वर्यबाट एकाएक मेरो कारण तपाईंले अवकाश पाउनु पऱ्यो भनेर हुकुम हुँदा मलाई सारै नरमाइलो लाग्यो । मैले आँसु रोक्न सकिन । केही बेर पछि आफूलाई सम्हालेर मैले बिन्ती चढाएँ – "त्यस्तो हुकुम नहोस् सरकार ! त्यस्तो कुरा मनमा नराखिबक्स्योस् । एकदिन अवकाश हुने नै थियो, भयो । मेरो जागिर जाने कारण अरू केही होइन । नेताहरूको संकीर्ण दृष्टिकोण अविवेक र अविश्वास हो ।" वातावरणको असहजतालाई बुझेर श्री ५ वीरेन्द्रबाट कुरालाई अर्कैतिर मोडिबक्स्यो र हुकुम भयो - तपाईंलाई जागिर खानु छैन । साहित्य साधनामा शेषजीवन बिताउने भन्नुहुन्छ । अनि फेरि चिन्ता किन ? के चिन्ता छ तपाईंलाई ?" मैले हात जोडर बिन्ती चढाएँ - मलाई डाक्टरहरूले पछि कुनै बेला हृदयको शल्यक्रिया गर्नुपर्ने हुनसक्छ भनेर भनेका थिए । जागिर नभएपछि कसरी गर्ने के गर्ने, भन्ने कुराले मलाई बेलाबेलामा विचलित गराउँछ सरकार । श्री ५ वीरेन्द्रबाट त्यसबेला यही चिन्ता हो भने तपाईं निश्चिन्त भएर आफ्नो काम गर्नोस् भनेर हुकुम भएको सुन्दा म हर्षविभोर भएको थिएँ । अहिले सम्झँदा ती सबै सपना जस्तो लाग्छ । श्री ५ वीरेन्द्र एक मानवीय सम्वेदना भएको महान् व्यक्ति होइबक्सन्थ्यो । मौसुफभित्र एउटा कलाकारको कोमल हृदय थियो । सबै नेपालीले हाँसी, खुशी बाँच्न सक्ने अवस्थाको सृजना होस्, शिक्षाको उज्यालो घामबाट कुनै गाउँ कुनै छाप्रो कुनै बालक बालिका पनि वञ्चित नहोऊन् भन्ने मौसुफको आन्तरिक सदिच्छा थियो । मौसुफ विकास र शान्तिलाई एक अर्काको परिपूरक ठानिबक्सन्थ्यो । आज श्री ५ वीरेन्द्र हामीबीच होइबक्सन्न तर मौसुफका विचार, सदिच्छा र व्यक्तित्वले हामीलाई सधैं प्रेरणा दिइरहनेछ, आफ्नो देश र माटोप्रति इमान्दार भएर एउटा स्वाभिमानको जीवन बाँच्ने प्रेरणा दिइरहनेछ । म त्यस महान् आत्माको चिर शान्तिको कामना गर्दछु ।

●

श्री ५ वीरेन्द्रसँगको कालजयी क्षण

● *केदारनाथ खनाल*

राजारानीप्रतिको जिज्ञासा र कौतूहलता बाल्यकालदेखि मेरो हृदयमा अङ्कुराएको थियो । म नजानिदो पाराले राजाप्रति आस्थावान् हुँदै गएको थिएँ । हामी आफ्नो बालवयका खेल र प्रतिस्पर्धामा पनि राजाको अदम्य शक्ति र क्षमताको दुहाई दिदै कुनै सुरिलो अग्लो रुख देखाएर 'त्यो रुख चढ्न राजाले पनि सक्तैन वा यति विघ्न पीरो त राजाले पनि खान सक्दैनन्' भन्ने उदाहरण दिन्थ्यौं । अर्थात् सामान्य जनताले गर्न नसक्ने कठिन र साहसिक कार्य राजाले मात्र गर्न सक्छन् भन्ने धारणा ममा वज्रलेप भैसकेको थियो । यसो हुनुको मूलकारण मेरो हजुरबुवा हरिकृष्ण उपाध्याय हुनुहुन्थ्यो । वहाँ संस्कृत शिक्षाका विद्वान् आफ्नो वैदिक संस्कृतिका अनुयायी, हिन्दू धर्मका पक्षधर र परम्पराप्रति निष्ठावान् हुनुहुन्थ्यो । हामीलाई सोहीअनुरूप आचरण गर्न कडा निर्देशन र हार्दिक प्रेरणा दिनुहुन्थ्यो । भगीरथ, परीक्षित, दशरथ, गोरखनाथ शिष्य पृथ्वीनारायण शाह आदि अनेकौं पौराणिक र ऐतिहासिक राजाहरूको गाथा र अलौकिक कार्य त्यतिबेलै सुनाइसक्नुभएकाले मेरो बालहृदयमा राजाप्रति श्रद्धाको भाव उम्रेको हुनसक्छ ।

मेरो स्मृतिपटमा एउटा दृश्य नाचिरहेको छ, त्यो हो २०१५ सालतिरको । त्यतिबेला मेरो उमेर १३-१४ वर्षको हुँदो हो । श्री ५ महेन्द्रको स्वदेशदर्शन कार्यक्रमअन्तर्गत पशिचमाञ्चलको पैदल भ्रमणका क्रममा धादिङ मैदी हुँदै दर्बुङ्गाटको सवारी क्याम्पबाट हाम्रो पुर्ख्यौली गाउँ ताकलुङमाथि लेकको बाटोबाट मनकामना सवारी हुने तय भएछ । बूढापाकाहरू अर्थ-बर्थ लगाउनमा र बलियाबाङ्गाहरू मुण्डाठाँटीमा आकर्षक ढोका बनाउन जुटे । हाम्रो गाउँको बाटो भएर राजा आउने हुनाले सबैले हेर्न र दर्शनभेट गर्न जाने मेहरो चल्यो । कृष्णदाइ र म चाहिँ राजालाई चिनेर माला लगाइदिने मन्सुवा राखेर राम्राराम्रा फूलको माला उन्ने धुनमा जुट्यौं । त्यो दिन बिहान १० बजेदेखि नै गाउँका बूढावूढी, केटाकेटीहरूको लरकन लाग्यो । राजालाई हेर्न तन्मयतासाथ तीव्र प्रतीक्षामा बस्दाबस्दै घाम ओरालो लागेपछि बल्ल भीडमा हलचल आयो । सरकारहरूको सवारीको हल्ला सुन्ने बित्तिकै बाटोमाथि कान्लामा चढेर हातमा माला लिएर उभियौं । घोडा चढेर गुटुटु मानिसको हुल आयो । मौरीको गोलोमा रानो छोपिएझैं राजा छोपिए । कोही टोप लगाएका, कोही टोपी लगाएका, कोही कपालदाह्री पालेका, मोटा, दुब्ला, गोरा, काला, खैरा र सेता लुगा लगाएका, अघोरीबाबासहितका मानिसहरूको हूल आयो । हेर्दाहेर्दै आँखा झिलिमिली भएर तिर्मिरायो । राजालाई चिन्नै सकेनौं, हामी जिल्लियौं । सवारी गइसकेपछि मात्र थाहा भयो, राजा त कालो तारे घोडामा सवारी भएको रहेछ । 'हिस्स बूढी हरिया दाँत' भनेर कसैले भीडबाट गिज्यायो । मन ज्यादै खिन्न भयो ।

अन्तर्हृदयले चाहेको कुरा नपुगेपछि खल्लो लाग्नु स्वाभाविकै हो । दिनभरिको उफ्रीपाफ्रीले थकाइ लागे पनि रातभरि निद्रा लागेन । असल्टिइरहेँ, राजालाई चिनेर माला दिन नसकेकामा मन दुःखिरह्यो । भोलिपल्ट बिहान कुखुराको डाकसँगै कृष्णदाइको ढोका ढकढक्याउन पुगेँ । अघिल्लो दिन असफल भए पनि हरेस खाइएन, हिम्मत झिक्यौं । मनकामनाबाट गोरखा सवारी हुँदा तीनमानेको बाटो भएर जानुपर्ने भएकाले फिर्ती सवारी हुने बाटो

वक्रेश्वरीमा गएर दर्शन गर्ने सल्लाह भयो । योजनाअनुसार चाँडै खाना खाएर तिउरी भञ्ज्याङबाट उकालो लागेर वक्रेश्वरीनेरको गौडामा बस्यौं राजाको दर्शनका लागि । खाकी रङ्गको सैनिक पोशाकमा कालो तारे घोडामा राजा सवारी हुने अघिल्लो दिनको ताजा ज्ञान र अनुभव हुँदा मलाई राजा ठम्याउन गाऱ्हो परेन । पहिलो रातो र त्यसपछि सेता दुई घोडापछि तेस्रो कालो, फुर्तिलो, तारे घोडामा राजा सवारी भएको देख्नेबित्तिकै हातैमा माला टक्र्याएँ । बिचरा कृष्णदाइ त नर्भस भएछन् क्यार ! सरकार भनेर अस्वाभाविक ढङ्गले ठूलो स्वरले चिच्याए । घोडाले ठिँ गऱ्यो । एकछिन सवारी रोकियो, के हो ? भन्दै अगाडिपछाडिका मान्छे घोडाबाट ओर्लेर सोध्न आए । कृष्णदाइको मुखबाट वाक्य फुटेन, ट्वाल्ल परेर हेरिरहे । उनको हातमा माला देखेर अङ्गरक्षकहरूले बुझेछन् क्यारे । केही हैन सरकारको दर्शन गर्न आएका ठिटाहरू रहेछन् भनेर सवारीको लर्कन अगाडि बढ्यो । आजभन्दा ४४, ४५ वर्ष अगाडिको त्यो अविस्मरणीय घटना मेरो मस्तिष्कमा अद्यापि ताजै छ ।

त्यसो त २०१८ सालमा पूर्व-पश्चिम राजमार्गको शिलान्यास गर्न आउँदा नारायणीको तीरमा टाँगिएको ठूलो समियानमा फौजी पोशाकमा कालो चस्मा लगाएका श्री ५ महेन्द्रले रातो रिबन कैँचीले काटेर अमेरिकी सहयोगमा निर्मित फेरीको उद्‌घाटन गरी त्यसैमा चढेर पारी गैँडाकोटमा कोदालाले खनेको दृश्य वारिपट्टि जम्मा भएका दर्शकहरूको भीडबाट पनि देखेको हुँ ।

राजा वीरेन्द्रको विद्वत्ता, दूरदर्शिता, उदारता, प्रजावत्सलताको बारेमा धेरै सुनेको, पढेको भएतापनि साक्षात्कार हुने अवसर प्राप्त भएको थिएन । कुनै घटनाले न घच्घच्याएसम्म प्रभावित हुने कुरो पनि आएन । २०४२ साल माघ २० गते मेरा निम्ति सम्पूर्ण जीवनको सबैभन्दा ठूलो सौभाग्यको दिन रह्यो । त्यो कालजयी क्षण मेरो मनमस्तिष्कमा कहिल्यै नमेटिने गरी स्वर्णाक्षरले लेखिएको छ । त्यो दिन मैले आफूलाई धन्य सम्झेको दिन थियो ।

माघको कठ्याङ्ग्रिने जाडो, उसमाथि अघिल्लो दिन पानी परेकाले निखारिएको वातावरण, मुटु नै छेड्ने चिसो । डम्म लागेको बाक्लो कुहिरोले ६ बजेसम्म बाहिरपट्टि निस्पट्ट अँध्यारो । सडकका दायाँबायाँका मर्करी र भेपरल्याम्प पनि जुनकिरीसँग प्रतिस्पर्धा गर्न नसकेर हात उठाइरहेको जस्तो लाग्ने । टिनिन्न टिनिन्न टिनिन्न ३ पटक टेलिफोनको घण्टी बजेपछि सिरकबाट बाहिरिएर रिसिभर उठाउँछु । 'हेल्लो, केदार सर हुनुहुन्छ ? म सि.डि.ओ. बोलेको । आज तपाईंलाई श्री ५ महाराजाधिराज सरकारबाट दर्शनभेट बक्सहुने भएको छ । बिहान ९.३० बजेसम्म हेटौँडा सवारी क्याम्प पुग्ने गरी जानुहोला । हवस् त, धन्यवाद' रिसिभर राखेर एक छिन घोरिन्छु । बाहिरी रूपमा शरीर स्थिर भएपनि भित्रभित्र हलचल पैदा हुन्छ । विभिन्न शङ्का, उपशङ्का, उत्साह, कौतूहलताका छालहरू भित्रभित्रै तरङ्गित हुन्छन् । न जाऊँ, राजाको दर्शनभेट हुने अवसर प्राप्त भएको छ, प्र.जि.अ. को टेलिफोनमा प्रत्यक्ष सम्पर्कद्वारा आदेश छ । तत्कालीन सि.डि.ओ. र अञ्चलाधीशको आदेश अवज्ञा गर्नु साधारण कुरो होइन । जाऊँ केका लागि ? गएर के भन्ने ? राजाको अगाडि उभिएर केही बोल्ने पूर्वानुभव पनि छैन । यो दुविधा मनभित्रै साँचेर शौचादिबाट निवृत्त भएपछि चिया खाँदै कुराको पोको श्रीमतीसमक्ष फुकाएँ । उत्साहित हुँदै तुरुन्त तयार हुन उनले प्रेरित गरिन् । मन अलि हल्का भयो । आफूले पनि १५ वर्षसम्म सेवा गरेको नारायणी माध्यमिक विद्यालयको जग्गा दर्ता हुन नसकेको समस्या सरकारमा जाहेर गर्ने अठोट गरेँ । बिन्तीपत्र तयारीमा जुटेँ । विगत २०/२१ वर्षदेखि कहिले वन मन्त्रालय, कहिले शिक्षा मन्त्रालय, कहिले भूमिसुधार मन्त्रालय त कहिले विद्यालय सम्पत्ति सुरक्षण केन्द्रीय समिति, अनि कहिले यस्तै अनेकौँ सङ्घ-संस्था वा विद्यालय सम्पत्ति सुरक्षण स्थानीय समिति, अव्यवस्थित जग्गा समस्यासमाधान समिति, सुकुम्बासी आयोग आदि विभिन्न निकाय मन्त्रीहरूको टुर, मुकाम र दैलो चाहार्दा, कुर्दा र धाउँदा पनि समस्या ज्यूँका त्यूँ रहेकोमात्र होइन झन्झन् जटिल भइरहेको थियो । अँधिया-बटैयामा विद्यालयको जग्गा कमाउनेले आयस्ता बुझाउन छाडिसकेका थिए । केही सोझा सिधाले प्रत्येक वर्ष बाली राम्रो नभएकाले मिनाहा पाउन निवेदन दिन्थे भने जर्राहरू चाहिँ उल्टो जग्गा विद्यालयको हो भन्ने के प्रमाण, 'चितवनको जग्गा जस्को जोत उसैको पोत' भन्दै समस्या उल्झाउन थालेका थिए । स्थानीय जनप्रतिनिधिहरू चुनावताका तिनैलाई उक्साएर भोट लिन्थे पनि । स्कुलको जग्गा नक्सामा मात्र वनसीमाको डिमार्केसनभित्र भएकाले सरकारी स्तरबाट केही हुन सकिरहेको थिएन । सि.डि.ओ.को यस सन्देशले ममा प्राणसञ्चार भयो, हौसला जाग्यो । ईश्वरलाई धन्यवाद दिएँ । १५ वर्षदेखिको मेरो अथक प्रयासलाई सार्थक तुल्याउन पक्कै पनि ईश्वरले संयोग जुटाएको हुनुपर्छ भन्ने ठानेँ । जीवनको ठूलो धोको पूरा हुने भयो भन्ने मभित्र आत्मविश्वास पलायो । विद्यालयमा पसेर बिन्तीपत्रको खेस्रा तयार गरेपछि बजारबाट टाइप गराएर आउँदा खाना तयार भइसकेको रहेछ । खुसीले फुरुकफुरुक भएका छोरीहरू कविता र कल्पनाले सरकारमा चढाउन तयार पारेको फूलका गुच्छा र निश्छल मुस्कानयुक्त यात्राको शुभकामना लिएर घरबाट प्रस्थान

गर्छु। काठमाडौंतर्फबाट हुनहुनाउँदै आएको टेङ्करको फ्रन्ट सिटमा चढेर चौबीस कोठीबाट निर्धारित समयभन्दा १५ मिनेट ढिलो गरी सवारी शिविर हेटौंडा पुग्दा मेरो नाम माइकबाट प्रसारित भइरहेको सुन्छु।

'सर तपाईंको नाम बोलावट भएको तेस्रोपटक भइसक्यो र अब छिट्टै लाइनमा बसिहाल्नुस्' भन्छन् तत्कालीन भरतपुर नगर पञ्चायत वार्ड नं. १२ का अध्यक्ष श्री मधुसूदन शर्मा। लाइनमा बसेपछि सुरक्षा गार्डहरूले नाम, काम र ठेगाना सोध्दै विभिन्न संयन्त्रद्वारा मेरो परीक्षण गर्छन्। यता छाम्ने, उता छाम्ने, जाँच पडताल गर्ने, यता सार्ने, उता सार्ने चक्कु, सलाई, लाइटर आदि नराख्न निर्देशन दिने क्रम एकपछि अर्को जारी रहन्छ। जाँचबुझकै क्रममा एउटा टोपी मिलाइदिने अर्को दौराको फेर तान्ने, कोटको कलर तानतुन गर्ने प्रक्रियाद्वारा सुरक्षा जाँचबुझ गरिरहन्छन्। त्रिपालभित्र बनाइएको क्याम्पको एकपछि अर्को ढोका पार गर्दै मूलढोकानेर पुग्दा करिब १ बजिसकेको हुन्छ। ४ घण्टा लागेको उक्त लाइनको रमरम खुसी र अलिअलि काउकुतीको सम्मिश्रणको अनुभूति भैरहेकामा अचानक जाँच्ने यन्त्र किर्र कराएकाले सुरक्षा गार्डहरू विशेष सतर्क हुन्छन्। के हो ? भन्दै अरू सिविल ड्रेसवालाहरू पनि आएर शरीरका विभिन्न भाग खोजतलास गर्दछन्। आफूसँग केही नभएको र यन्त्र कराउनका कारणबारे अनभिज्ञता जाहेर गरे पनि उनीहरू चुप लाग्दैनन्। अझ बढी सर्तकता अपनाउँदै र दौराको तुना खोल्न लगाएर आवाज आउनाको कारण भित्र लगाएको कमीजको खल्तीमा भएको चाइनिज कलमको बिर्को भएको नतिजा प्रमाणित भएपछि सुरक्षा गार्डहरू र म ढुक्क हुन्छौं। सरकारलाई लिखित रूपमा केही नदिने, व्यक्तिगत कुरा केही नभन्ने, विशेष केही भएमा बाहिर जाहेरी विभागमा निवेदन दिने आदि सुझाव दिन्छन्। 'सरकार थाकिवक्सेकाले विशेष केही नभन्नू, नाम र काममात्र भनेर निस्कनू' भन्ने आदेश हुन्छ। अर्थात् यो भन्नु, त्यो नभन्नु, यसो गर्नु, उसो नगर्नु आदिइत्यादि आदेश, आग्रह आदि नानातरहका मानसिक ताडना र हतोत्साही बनाउने काम एकपछि अर्को ढोकामा पुग्दा भई नै रहन्छ।

अन्तिम ढोकाबाट प्रवेश गरेपछि गोलाकार, रातो रङ्गको झल्लरयुक्त चँदुवा जस्तो समियानको बीचमा सोफामा राज भएको र भुइँमा कार्पेटमाथि ओछ्याइएको बाघको छालामा गोडा टेकेर एउटा हातमा कलम र अर्को हातमा नोटबुक लिएका राष्ट्रिय पोशाकमा देदीप्यमान सौम्यमूर्ति श्री ५ वीरेन्द्र सरकारलाई देख्नेवित्तिकै मभित्र उर्लिरहेको उत्कण्ठा र जिज्ञासा शान्त हुन्छ। नदीमा छाल हराउँदै गएजस्तै म भित्रभित्रै पैदा भएको हताशा र घबराहट पनि बिस्तारै सेलाउँदै गएको महसुस हुन्छ। आफूलाई पूर्ण संयमित भएको अनुभव गर्छु। स्वागतका निम्ति पंक्तिबद्ध भएर राजालाई एकदुईपटक फूल गुच्छा टक्र्याउन पाएतापनि एक्लै उभिएर राजाको सामीप्यमा कुरा गर्ने सौभाग्य पहिलोपटक प्राप्त भएकामा आफूलाई भाग्यमानी सम्झन्छु। अभिवादनका साथ अफ्नो नाम र कामको परिचय दिइसकेपछि सरकारमा स्कुलको समस्या बिन्ती चढाउँछु। २०२० सालमा स्थापना भएको (चितवन जिल्लाको एकमात्र नारायणी रात्रि हाइस्कूल) २०३२ सालपछि नारायणी माध्यमिक विद्यालय हालसम्म पनि वनसीमानाभित्र पर्छ भनिन्छ। नाममात्रको वनसीमा नक्साबाट हटाई विद्यालयले चर्चेको जग्गा यसै विद्यालयको नाममा दर्ता गराई पाऊँ।" मेरो बिन्ती बिसाइपछि प्रश्नसूचक दृष्टिसहित सवारीसाथ आएका तत्कालीन निजी सचिव श्री नारायणप्रसाद श्रेष्ठपट्टि फर्किबक्सिन्छ। संयोग नै भनौं, पाटन कलेजमा दुई दशकअघि आफ्नै गुरु रहिसक्नुभएका पूर्व परिचित श्री नारायणप्रसाद श्रेष्ठप्रति मनमनै श्रद्धाले झुक्छु र स्वतः आश्वस्त भैसकेको हुन्छु, गुरुचेलाको प्रगाढ सम्बन्धको आडमा दुवै हात जोडेर नमस्कार गर्छु। भुइँमा चक्लामा पलेटी कसेर बसी घुँडामा नोटबुक राखेर के के लेखिरहेका नारायणप्रसाद श्रेष्ठज्यू जुरुक्क उठेर ' सरकार ! त्यो क्षेत्र वनसीमाभित्र पर्छ।' भनेपछि म झसङ्ग हुन्छु, छाँगाबाट खसेजस्तो, सरकार मतर्फ हेरिबक्सन्छ। ईश्वरलाई धन्यवाद झट्ट सरस्वती खुल्छ, 'सरकार २०११ सालको बाढीपहिराले आहत भएका जनतालाई राहत पुऱ्याउन स्वर्गवासी बुवा राजाबाट पुनर्वास गराइनुभन्दा पहिले केही पुरानो आवादी जग्गाबाहेक चितवनको अधिकांश भू-भाग राप्ती दून आयोजना कार्यान्वयन हुनुभन्दा पहिले जंगल नै थियो। त्यस क्षेत्रको जग्गालगायत महेन्द्र आदर्श अस्पताल, चितवन हाइस्कुल, जिल्ला प्रहरी कार्यालय आदि सबै ठाउँमा पहिले वन थियो। सरकारी निर्णयअनुसार पछि वनसीमा हटाई विकासनिर्माण हुँदै आएको हो। विद्यालयले चर्चेको जग्गामा यथार्थमा जंगलको आभाससम्म पनि छैन, सरकार ! हो - त्यो स्कुलको जग्गाभन्दा उत्तरतर्फका केही जग्गा अझै ऐलानी छन्', साहस बटुलेर अदबसाथ भनेपछि नक्सा पल्टाएर नारायणप्रसादजीसँग सोध्दै पेन्सिलले चिनो लगाइबक्सन्छ। यत्तिकैमा ए.डी.सी. शान्तकुमार मल्ल मलाई पाखुरामा समातेर 'सकियो ? तपाईं जानुस्' भनेर तान्ने काम हुन्छ तर म डेक चल्दिनँ। त्यो शालीन व्यक्तित्व सहजभावले मेरो अनुहारमा हेरेर टाउको हल्लाउँदै प्रसन्न मुद्रामा 'केही लेखेर ल्याएका छौ ?' भनेर सोधनी हुन्छ। शिक्षाप्रेमी प्रजावत्सल राजामा आफूले लेखेर लगेको बिन्तीपत्र टक्र्याउँछु। सो पत्र हातमा लिएपछि मतिर पुनः हेरेर 'हाम्रो शिक्षासम्वन्धमा तिम्रो केही भन्नु छ ?' भनी सोधिएको प्रश्नको जवाफमा एउटा चेलाले अर्को

शिक्षकको अगाडि अघिल्लो दिन पढेको पाठ बुझाएजस्तै निर्धक्क भएर आफूले तत्काल देखेका र अनुभव गरेका शिक्षासम्बन्धी नीतिगत विसङ्गति, कार्यक्रमका कमी, कमजोरी, त्रुटि र प्रतिबद्धताको अभाव आदिका साथै सुधार्न सकिने सुझाव बिस्तारै जाहेर गर्छु। राष्ट्रका निम्ति आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रिय शिक्षापद्धति २०२८ ले मा.वि. स्तरसम्मको शिक्षामा व्यावसायिक विषयलाई महत्त्व दिएर लागू गरिएको शैक्षिक सुधारको अभियान कार्यान्वयन हुन सकेको भए मुलुकको लागि वरदान सिद्ध हुन्थ्यो। २०३७ सालको पूर्णावधि मूल्याङ्कनपछि व्यावसायिक अवधारणा सेलायो। शिक्षामा गुणस्तर कायम गर्न पाठ्यक्रम संशोधन गर्ने बहानामा फलामको ढोका मानिने एस.एस.सी. सम्मको कोर्षलाई ९०० बाट घटाएर ७०० पूर्णाङ्कको बनाइयो। १९९० सालदेखि अनिवार्य विषयका रूपमा समावेश गरिँदै आएको विज्ञान विषयलाई २१ औं शताब्दीको पूर्वसन्ध्यामा आएर ऐच्छिक बनाइयो। जम्मा ७०० पूर्णाङ्कमध्ये अनिवार्य गणित, ऐच्छिक गणित र वाणिज्य गणितसमेत गरेर गणितमात्र ३०० पूर्णाङ्क राखियो। सामाजिक र मानवीय सम्वेदनाका विषयलाई उपेक्षा गरियो। पाठ्यक्रम संशोधन गरेर दुई ब्याचले जाँच दिइसक्दा पनि पाठचपुस्तक लेखिँदैन र पाठचपुस्तक लेखिएर बजारमा आउँदा नआउँदा कसैको लहडमा पाठचक्रम परिवर्तन भइसक्छ। यसप्रकारको अस्थिर र फितलो शिक्षा नीति रहिरहे विदेशी वा छिमेकी मुलुकको मात्र होइन हाम्रै अभिभावक र बुद्धिजीवीले पनि हाम्रो शिक्षा नीतिप्रति विश्वास गर्नेछैनन्। शैक्षिक क्षेत्रमा अराजकता छ, कार्यान्वयन पक्ष ज्यादै फितलो छ र नीतिनिर्माताामा प्रतिबद्धता छैन। जनसहभागिताबिना एक्लो सरकार र त्रिभुवन विश्वविद्यालयले अपेक्षित शैक्षिक विकास गर्न सक्दैनन्। यस कारण शिक्षालाई प्रतिस्पर्द्धात्मक बनाउन बहुविश्वविद्यालयको अवधारणा ल्याउनुपर्छ र साधारण शिक्षाको सट्टा प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिनुपर्ने कुरा बिन्ती जाहेर गर्छु। 'सुधारका सम्बन्धमा केही लिखित सुझाव ल्याएका छौ ?' भन्ने सहज थप प्रश्नको जवाफमा लिखित रूपमा केही न भएको र मौखिक रूपमा जाहेर गरिसकेको बिन्ती गरेपछि 'हुन्छ भेट्दै गर्नु' भन्ने हुकुम हुन्छ। आफ्नो कुरा बढीमा ३ मिनेटमा राखिसक्ने अङ्गरक्षकहरूको निर्देशन भएकामा १७ मिनेटसम्म राजाका सामु उभिएर निर्धक्कसाथ मनमा लागेका कुराहरू राख्दा ज्यादै चाख लिएर प्रश्नोत्तरमा समेत सहभागी हुने मौसुफ सरकारको सरल व्यवहारले गर्दा आफूलाई राजासँग कुराकानी गरिरहेको छु भन्ने आभासै हुँदैन। मजस्तो सामान्य शिक्षकसँग पनि ज्यादै सरल, सहजढङ्गबाट सहृदयतापूर्वक, वात्सल्यपूर्ण र शिक्षाप्रतिको गहिरो अभिरुचि तथा समस्याप्रति गम्भीर रूपमा संवेद्य हुने स्वभाव ज्यादै सरल र हार्दिक व्यवहारले भेट पाउने जो कोहीलाई पनि मन्त्रमुग्ध पार्दो रहेछ। त्यो शालीन एवम् भद्र व्यक्तित्वको दर्शन पाउने को प्रभावित नभएको होला र ?

श्री ५ वीरेन्द्रको दर्शनभेट पाएको दुई दिनपछि नै तत्कालीन नारायणी अञ्चलाधीश कार्यालय वीरगञ्ज र जिल्ला प्रशासन कार्यालय चितवनबाट स्थलगत निरीक्षण एवम् त्यसको अर्को हप्तापछि वन कार्यालय र मालपोत कार्यालय, मेन्टेनेन्स र नापी शाखासमेत भएर जग्गाको नाप, नक्सा गरी सवारीशिविरमा जाहेर भएछ। श्री ५ महाराजाधिराज सरकारको प्रमुख र निजी सचिवालयको २०४३ साल श्रावण २८ गतेको प्राप्त पत्रबमोजिम नारायणी माध्यमिक विद्यालय, भरतपुरको नाममा ६ विघा १५ कठ्ठा जग्गा हुकुम प्रमाङ्गीबाट प्राप्त भएको हो।

मेरो स्मृतिमा झल्झली आइरहेछ, शान्तिका सारथी श्री ५ वीरेन्द्रबाट आफ्नो ऐतिहासिक शुभराज्याभिषेकको अवसरमा अन्तर्राष्ट्रिय जगत्का सामु 'नेपाललाई शान्तिको क्षेत्र घोषित गरियोस्' भनी राखिबक्सिएको प्रस्तावमा विश्वका ११६ वटा राष्ट्रहरूले समर्थन जनाउनु कति दूरदर्शिता थियो। नेपालअधिराज्यको सन्तुलित एवम् न्यायोचित विकासका लागि पाँच विकास क्षेत्रको अवधारणा ल्याउनु, २०३६ साल ऐतिहासिक जनमतसङ्ग्रह घोषणा हुनु, राष्ट्रिय स्वाभिमान र जातीय गौरव बचाई राख्न विदेशीको सामने घुँडा टेक्नुभन्दा आफ्नै प्यारो जनतासित निहुरिनु कति महान् र राष्ट्रिय दृष्टिकोण थियो। राजा वीरेन्द्रको राष्ट्रप्रेम पूर्खाको इतिहासबाट अनुप्राणित नभएर जनताको विश्वासबाट उठेको थियो। प्रजातन्त्रप्रेमी श्री ५ वीरेन्द्र युगबोधक, प्रजावत्सल र अजातशत्रु होइबक्सन्थ्यो भने सार्क सङ्गठनका संस्थापक एवम् भूपरिवेष्ठित साना र गरिब राष्ट्रहरूका प्रेरणाको स्रोत एवम् अन्तर्राष्ट्रिय जगत्का एक दूरदर्शी राजनेता होइबक्सन्थ्यो।

राष्ट्रियताका पहरेदार, राष्ट्रिय एकताका प्रतीक र सम्पूर्ण नेपालीका संरक्षक, युगबोधक, प्रजावत्सल राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार तथा ममतामयी राजमहिषी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह लगायत राजपरिवारका विशिष्ट दस जना सदस्यहरूको २०५८ साल ज्येष्ठ १९ गते राति अकल्पनीय, हृदयविदारक र बीभत्स हत्याकाण्डबाट स्वर्गवासी होइबक्सेकामा श्री पशुपतिनाथसँग चिरशान्तिको कामना गर्दै संस्मरणका यी शब्दश्रद्धाञ्जली समर्पण गर्दछु।

भरतपुर नगरपालिका -१०, चितवन

●

शान्तिक्षेत्रका पक्षधर श्री ५ वीरेन्द्र : अविस्मरणीय क्षण

● *केशवराज राजभण्डारी*

"जानु छ एकदिन सबैलाई त्यागी, केको झगडा केका लागि ।" श्री ५ वीरेन्द्र गीतकार रानी र कलाकार छोरीसमेतलाई साथै लिई प्यारा देशवासीलाई शोकाकुल तुल्याई स्वधाममा फर्किबक्सेको पनि डेढ वर्ष भइसकेछ । २०५८ साल २० जेठका दिन असङ्ख्य जनता पछिपछि लागी पशुपति आर्यघाटमा पुगे, जब शवलाई अग्निले आफ्नो पासोमा बाँधे तब ती शोकाकुल नेपालीले विश्वास गरे मौसुफहरूको मृत्युमा । "आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।"

२०५७ फागुन २९ गते स्वर्गीय राजारानी लेखककी छोरीको विवाहको उपलक्ष्यमा नव- दम्पतिलाई आशीर्वाद बक्सिन मेरो निवास सवारी भएको दिनको सम्झना हाम्रो परिवारको मानसपटलमा अविस्मरणीय रहेको छ । मेरो घर आउने बाटो साँघुरो र ओरालो पर्दछ । आफैं गाडी हाँकेर सवारी भएका मौसुफले गाडीबाट निस्केर त्यो ठाडो ओरालो बाटोलाई हेरिबक्सेको दृश्य दर्शनार्थी टोलवासीहरू आजभोलि पनि चर्चा गर्दछन् ।

ठूलो आत्मीय सम्मानका साथ स्वागत गऱ्यौं राजारानीलाई । नवदम्पती लगायत हामी सबैले दाम राखी दर्शन गऱ्यौं । परिचय बिन्ती टक्र्याउने क्रममा हाम्री बुहारीले बोकी ल्याएको बेलायतमा जन्मेको मेरो एकवर्षे नातिलाई औंल्याउँदै "बेलायती नाति" भनी बिन्ती चढाउँदा राजारानी दुवै मुस्कुराइबक्स्यो । परिचय टक्र्याउने क्रममा श्री ५ बाट नवदम्पतीलाई "तिमीहरू एउटै कलेजमा पढेका हौ ?" भनी मन्दमुस्कानका साथ सोधिबक्स्यो, प्रत्युत्तरमा दुवैले "हो" बिन्ती गरे ।

सल्यान जिल्ला र पर्सा जिल्लामा प्रमुख जिल्ला अधिकारी भै कार्यरत रहँदा लेखेको क्रमशः "वादी जाति एक परिचय" र "कछाड जाति एक परिचय" पुस्तक राजारानी दुवैमा चढाएँ । सरकारले मुस्कुराई किताब लिइबक्स्यो । राजारानीको बाहुली निशान भएको फोटो कोठामा राख्ने इच्छा थियो । दुवै सरकारको फोटाहरूको व्यवस्था मिलाइएको थियो । सोही बखत किस्तीमा दुवै सरकारहरूको फोटो राखी "सरकार, बाहुली निशानी बक्स हुन्छ कि !" भनी बिन्ती चढाएँ । सरकारहरूले बिनाहिचकिचाहट फोटोमा बाहुली निशान बक्स्यो, हामीहरूले मौसुफहरूप्रति सगौरव सम्मान व्यक्त गऱ्यौं ।

ज्यूनार कार्यक्रममा श्री ५ बाट कालो चिया ज्यूनार गरिबक्स्यो भने श्री ५ बडामहारानीबाट सेलरोटी र आलुको चुकौनीको अचार ज्यूनार भयो । मौसुफ सरकारबाट "तिमी पनि चिया खाऊ" हुकुम भयो । सरकारको सरल व्यवहारले मलाई कस्तो लठ्याएछ भने सरकारलाई ज्यूनार गराउने काममा छु भन्ने नै बिर्सी सरकारहरूको छेउमै बसी मैले पनि चिया खाएछु । सवारी चलाई सकेपछि त्यो कुरा सम्झी आनन्दित भएँ ।

दरबारबाट सवारी कार्यक्रमका लागि केवल आधा घण्टाको समय पाएको थिएँ, तर सरकारहरू ४५ मिनेट राज भयो । सवारी फिर्ती हुने बेलामा "लक्ष्मीनारायण झैं आज मेरो निवासमा सवारी भयो, कृतज्ञ छु सरकार !" भनी बिन्ती चढाएँ । राजारानीले मुस्कुराई "धन्यवाद" बक्स भयो । आज पनि ती मनका ढुकढुकी राजारानीको सम्झनामा हाम्रा मन मस्तिष्कमा र कोठामा तस्वीरहरू

सजिएका छन् । मौसुफहरूको सम्झना हुँदा भावुक भइन्छ । जेठ २० का दिन स्वर्गीय राजारानीको शवयात्रामा सम्मिलित हुन छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा उर्दी थियो । तत्कालीन राष्ट्रिय योजना आयोगका सचिव श्री श्रीमान श्रेष्ठले फोनबाट भेला हुने ठाउँमा सँगै जाऔं भन्नुभएको थियो, भावुक भइएछ र अचानक रुद्ध आवाज मुखबाट छुटिहालेछ । यस्तै हो भगवान्को लीला ।

शान्तिप्रिय राजा श्री ५ वीरेन्द्रको राज्याभिषेकको अवसर २५ फेब्रुअरी १९७५ का दिन उपस्थित राष्ट्रप्रमुख, सरकारप्रमुख लगायतका विशिष्ट पाहुनाहरूलाई सम्बोधन गर्ने क्रममा मौसुफले शैवभूमि एवम् बुद्धभूमि नेपाललाई शान्तिक्षेत्र घोषणा गर्ने प्रस्ताव राखिबक्स्यो, आजभन्दा २७ वर्ष अगाडिको आह्वान हो त्यो । कालान्तरमा विभिन्न ११६ वटा राष्ट्रहरूबाट उक्त प्रस्तावलाई महत्त्व दिई समर्थन भएको हो । आज विश्व-परिस्थिति हेर्दा 'शान्ति' कस्तो विषय भएको छ भने बिनाशान्ति संसारको अस्तित्व मेटिने अवस्थाको कल्पना हुन थालिसकेको छ । अशान्तिले विश्वमा हाहाकार छाइसक्यो, गरिबको खानाका लागि खर्चिनुपर्ने बजेट बम र हतियार उत्पादनमा लगाइएको छ । आज विश्वका विभिन्न मुलुकमा भएको नरसंहार र नेपालको अशान्तिको वातावरणलाई नियाल्दा २७ वर्ष अगाडिको शान्ति- क्षेत्रको प्रस्तावलाई अवलम्बन गर्नु अति उपयुक्त मार्ग देखिन्छ । यस विषयमा श्री ५ को सरकार र जनप्रतिनिधिबीच अन्तर्क्रिया हुनु बेस हुनेछ । अतएव नेपालको नेतृत्व पंक्तिबाट शान्तिक्षेत्रको प्रस्तावलाई पुनर्जीवित गर्न सक्रिय हुनु वाञ्छनीयका साथै बुद्धिमानी ठहरिनेछ ।

नेपालको सन्तुलित विकास हुनु अति आवश्यक छ । जनताको पीरमर्का, अनियमितता र भ्रष्टाचारका क्रियाकलाप हटाउने र जनचाहना बुझ्ने उद्देश्य समेतलाई समेट्न श्री ५ वीरेन्द्रबाट क्षेत्रीय विकास भ्रमण कार्यक्रम शुरु भएको थियो र सोही कार्यक्रमको विकसित रूपमा नेपाललाई ५ विकास क्षेत्रमा विभाजन गरियो- पूर्वाञ्चल, मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल । देशविकास गर्ने, भ्रष्टाचार निवारण गर्ने जस्ता कार्य सरकार र जनताका बीचको सम्बन्ध विकसित गर्ने अन्तर्क्रिया कार्यक्रमहरूबाट महत्त्वपूर्ण उपलब्धि हासिल भएका कारणबाट उक्त कार्यक्रम लोकप्रिय भएको थियो । आजको परिवर्तित परिवेशमा साविकको कार्यक्रम सञ्चालन परिपाटीमा निश्चित रूपमा परिवर्तन हुनुपर्दछ । तर के कस्ता परिमार्जन र परिष्कृति गर्ने हो भन्ने विषय श्री ५ को सरकार र राजनीतिक गतिविधिहरूको अन्तर्क्रियाबाट निस्कने निष्कर्षले दिशानिर्देशन गर्न सक्छ र यसबारे सोचाइ हुनु वान्छनीय देखिन्छ ।

नेपाल र नेपालीलाई प्राणभन्दा प्यारो ठान्ने, जनताको घरदैलोमा गई समस्या समाधान गर्न रुचाउने, अति सरल तर विशाल हृदय भएका ती न्यायप्रेमी स्वर्गीय राजाले क्षेत्रीय भ्रमणको सिलसिलामा २०४२ सालमा दोलखा जिल्लामा सवारी हुँदा हुकुम भएको थियो- "कानुन, नियम मिची काम नगर्नु, विद्यमान ऐन कानुन कार्यान्वयन गर्दा जनतालाई दुःख पीरमर्का पर्ने भएमा ती कानुनलाई संशोधन गराउनुपर्दछ । दुनियाँको दुःख पीरमर्कालाई ख्याल राख्नु ।" यस्तै यस्तै जनताका बारेमा कुरा गर्ने न्यायप्रेमी राजारानीको सम्झना नेपालीहरूको मानसपटलमा अविस्मरणीय रूपमा रहिरहनेछ । मौसुफहरूको सम्झनामा फुरेको यो कविता नै हेरौं:

१. अनुहार तिम्रो कुनै ऋषिको झैं
व्यवहार चाहिँ कुनै मुनिको झैं
मुस्कान कुनै अबोध बालकको झैं
देखिन्थ्यौ नृप, आज्ञापालक राम झैं

२. देशलाई शिरमा जनतालाई साथमा
मित्रतालाई अँगालामा, परिवारलाई काखमा
बोक्दै हिड्थ्यौ हे राजन्, जिम्मेवारी काँधमा

३. भन्थ्यौ तिमी, राजाको, कडारूप, हुनै पर्ने
संरक्षक भैकन नरम बोली बोल्नैपर्ने
अधिकारलाई कर्तव्यले बाँध्नै पर्ने
प्रजातन्त्रलाई व्यवहारमा उतार्नै पर्ने

४. चम्किलो तारा देख्दा तिमी नै झैं लाग्छ
कविता लेख्दा चाँदनीशाह सम्झन मन लाग्छ
नाफाहलमा पस्दा श्रुति हाँसेझैं लाग्छ
कति लेखौं राजन्, कलम रुन्छ परेली भिज्दै जान्छ ।

ताहाचल, वडा नं. १३, ग १-१३०

●

राजा वीरेन्द्र वैज्ञानिक सोचाइ पनि राख्दथे

● *डा. कृष्णचन्द्र पौडेल*

असल व्यक्ति सबैलाई मन पर्छ र त्यस्ताको अवसान हुँदा सबैलाई दुःख लाग्दो रहेछ । कुरा २०५७ साल असार (जुलाई सन् २००१) को हो जतिबेला श्री ५ वीरेन्द्र मौसुफको स्वास्थ्य परीक्षणका लागि श्री ५ ऐश्वर्य र अधिराजकुमार निराजनका साथ बेलायत सवारी भएको थियो । मौसुफ सरकारको स्वास्थ्य परीक्षणको खबर इन्टरनेटमार्फत पढ्न पाइन्थ्यो । तिनताका म अष्ट्रियाको भियनामा अध्ययन गर्दै थिएँ । एक वर्ष अगाडि बेलायतको क्रमवेल अस्पतालमा गरिएको मौसुफको अपरेसनको फलोअप परीक्षणपश्चात् मौसुफ सरकार स्वदेश फिर्ती सवारी हुने क्रममा भियना भएर फर्किबक्सँदै छ रे भन्ने खबर सुनेपछि बिरामी भएर उपचार गराई स्वदेश फर्कन लागिबक्सेका प्यारा राजाको एकपटक दर्शन पाउन सकिन्थ्यो कि भन्ने कुरा दिनभरि जसो मनमा खेलिरह्यो । मनमा यो तरङ्ग चल्नुका पछाडि एउटा घटनाको झझल्को पनि ताजै थियो । त्यस समयको झण्डै एक वर्ष अघि जब श्री ५ वीरेन्द्र अस्वस्थ्य होइबक्सेर उपचारका लागि बेलायत सवारी हुँदै थियो नारायणहिटीदेखि त्रिभुवन विमान स्थलसम्म दोहोरो सडक किनारामा जल भरेर सिंगारिएका घडा राखेर मौसुफको सुस्वास्थ्य र दीर्घायुको कामना लेखिएका तूल, पताका टाँसेर सवारी कुरिरहेका नेपालीहरूको माझमा मीनभवननेर मैले पनि लाइनमा उभिएर राजाको दर्शन र सुस्वास्थ्यको कामना गरेको थिएँ । मौसुफ सरकार गाडी भित्रबाटै आफ्ना प्यारा जनतालाई हात हल्लाउँदै बिस्तारै विमानस्थलतिर लाग्दा "राजाको झुलुक्क दर्शन पाउँदा राजा छिटै सञ्चो भएर फर्किआऊ है" भनेको थियो मेरो मनले । त्यो क्षण कस्तो भावपूर्ण र सोचनीय थियो भने एकातिर त्यसरी नै उपचार गराउन गएका राजा त्रिभुवनले स्विटजरल्याण्डमै देहत्याग गरिबक्सेको दुःखद इतिहासको सम्झना गराउन बाध्य गराउँदथ्यो भने अर्कातिर नेपाली जनता राजा भन्दा कति हिरिक्क हुँदा रहेछन् र जनतामाझ राजा कति प्यारा र प्रख्यात रहेछन् भन्ने कुराको जीवन्त उदाहरण पनि प्रतिबिम्बित हुन्थ्यो । जनताको शुभकामना बोकेर अस्पताल पसेका राजा सौभाग्यवश सफलतापूर्वक स्वास्थ्योपचार गराइबक्सी केही हप्तामै स्वदेश फिर्ती सवारी हुँदा त्यसैगरी झन् भव्यताका साथ हर्षविभोर भएर जनताले आफ्ना दृराजालाई स्वागत गरेको दृश्य मेरो मनमा अझै ताजै थियो ।

राजारानीको भियना सवारी हुने कार्यक्रमबारे बुझ्दै जाँदा मौसुफ सरकारहरू भियना भएरै स्वदेश फिर्ती सवारी हुँदैछ भन्ने निधो भएपछि म र मेरा २, ३ जना अन्य नेपाली साथीहरू गएर शाही नेपाली राजदूत श्री बलरामसिंह मल्लज्यूलाई भेटी सरकारको दर्शनभेटका लागि प्रस्ताव राख्यौं । करिब दुई महिना अगाडिमात्र तत्कालीन युवराज श्री ५ दीपेन्द्र भियना सवारी भएको रहेछ तर त्यसबखत त्यहाँ बस्ने २, ४ जना टाठाबाठा नेपालीहरूले मात्र दर्शनभेट मिलाएछन् । हामीले उक्त कुरा सवारी फर्केपछि मात्र थाहा पायौं । धेरै साथीहरूले यसबारे दुःख मनाउ पनि गरे । विस्तृत जानकारी लिएपछि वहाँले हाम्रो अनुरोधलाई स्वीकार गरी श्री ५ महा राजाधिराजसमक्ष हाम्रो रहरबारे बिन्ती जाहेर गरिदिने वचन दिनुभयो । हामी ढुक्क भयौं । १५ जुलाईका दिन श्री ५

महाराजाधिराजको भियना सवारी भएपछि १७ जुलाईको साँझ ६:१५ बजेका लागि हामीले दर्शनभेट पाउने भयौँ । राजा सबैका साझा भनेर थाहा भएजति नेपालीहरूलाई दर्शनभेटका लागि खबर गऱ्यौँ र अधिकांश दर्शनभेटका लागि आए पनि । दर्शनभेटको समयभन्दा एकाध घण्टा अगाडिदेखि नै आफ्ना प्यारा राजारानीलाई भेट्ने कौतूहल बोकेर झण्डै ८०।८५ जना नेपालीहरू दर्शनकक्षमा पुगेका थिए । दर्शनभेटको समय नगिचिदै गयो । राजासँग के भन्ने, कसरी भन्ने, केके सोध्लान् भन्ने प्रश्न प्रायः सबैका मनमा तरङ्गित हुँदै थिए । यसै बीच नेपाली नै नेपालीले भरिएको बैठक कक्षमा मौसुफहरूको सवारी भयो तब अँध्यारोलाई चिर्दै झुल्केको घाम झैँ हामीलाई साह्रै ठूलो आनन्दको अनुभूति भयो ।

मौसुफ सरकार मृदु मुस्कान, ओजस्वी अनुहार र आफ्ना जनताको अभिवादनलाई दुई हात जोडेर स्वीकार गरिबक्सँदै हामीतिर लम्किदा मौसुफले हामी सबैको मन जितिबक्स्यो । त्यो अपूर्व क्षणमा मौसुफका साथमा रानी ऐश्वर्य र अधिराजकुमार निराजनलाई समेत पाउँदा त हर्ष र आनन्दको सीमा नै रहेन । लाग्यो दिनको सूर्य, रातको चन्द्र र ध्रुवतारा सबै एकैपटक उदाएका थिए- हाम्रासामु त्यतिखेर । मौसुफ सरकारहरूले पंक्तिबद्ध भएर उभिएका प्रत्येक नेपालीसँग क्रमैसँग भेट्दै अगाडि बढिबक्स्यो । नेपालको कहाँबाट आएका, के गर्छौ, नेपाल कहिले फर्कन्छौ, अध्ययन गर्दा अप्ठेरो त पर्दैन जस्ता विषयमा जिज्ञासा राखिबक्सेर दर्शनभेटको वातावरण बहुतै सरल र सहज बनाइबक्सेको थियो । फूलका गुच्छा चढाएर सर्वप्रथम मौसुफको सुस्वास्थ्यको कामना गर्दै आफ्नो परिचय टक्र्याएँ मैले पनि । यौटा राष्ट्रसेवक प्राविधिकको हैसियतले स्वदेशको पहाडी भेगमा बसोबास गर्ने कृषक समुदायलाई कृषिवनका माध्यमले थप आय आर्जन र रोजगारीको अवसर प्रदान गरी उनीहरूको जीवनयापनमा सुधार ल्याउनमा केही टेवा पुऱ्याउन सकिन्छ कि भनेर नेपालको मौलिक वनस्पति लप्सीको विकास गर्ने सम्बन्धी आफ्नो अनुसन्धानकै बारेमा छोटो जानकारी बिन्ती चढाएँ । मौसुफबाट थप जिज्ञासा राखिबक्सेअनुरूप लप्सीको सामाजिक, आर्थिक र पौराणिक महत्त्व र यस्को व्यवसायीकरण गर्नमा कृषकले भोगेका प्राविधिक समस्या र तिनका समाधानका लागि आफूले गरेका अनुसन्धान, प्रविधिविकास र त्यसको उपादेयताका बारेमा बताएँ । मौसुफ सरकारले बहुत चाखपूर्वक सुनिबक्स्यो । मौसुफ सरकार ज्यादै नै खुसी होइबक्स्यो । त्यतिखेर बडामहारानीलाई इसारा गर्दै यो "तिम्रो विषय, यहाँ पनि लप्सीको बारेमा अनुसन्धान भइरहेको छ" हुकुम भयो । त्यो सुनिबक्सेर महारानीले पनि बडो अभिरुचिपूर्वक थप जिज्ञासा राखिबक्स्यो । मौसुफ सरकारहरूले प्रसन्नता व्यक्त गरिबक्सँदै "साह्रै राम्रो" हुकुम हुँदै "नेपाल फर्केपछि भेट्न आउ न" हुकुम बक्स भएको थियो ।

यसरी दर्शनभेटको क्रम सकिएपछि आफ्ना प्यारा राजारानीका साथ तस्वीर खिचाउने हाम्रो रहरलाई सहर्ष स्वीकार गरिबक्सी मौसुफ सरकारहरूसँग समूहसमूहमा गरी अनगिन्ती तस्वीरहरू खिचिए । फोटो सेसनको अन्तमा राजाबाटै सबैको रहर पुग्यो त भनेर सोधिबक्सँदा एक बालकले आफ्नो बाबासँग राजासँग फोटो खिचाइदिनुस् भनेर भन्दै गरेको देखिबक्सेछ । त्यसपछि मौसुफ सरकार स्वयंले उक्त ६।७ वर्षे ढकाल थरका बालकलाई साथैमा लिएर उसको रहर पूरा गरिदिइबक्सेको देख्दा हामी सबैलाई मौसुफ कति करुण हृदयको होइबक्सँदो रहेछ भन्ने प्रतीत भयो । ४५ मिनेटका लागि भनी तय गरिएको दर्शनभेट कार्यक्रम झण्डै डेढ घण्टासम्म चलेछ । सबैसँग बिदा भएर सरकारको सवारी बैठक कक्षबाट बाहिर के चलेको थियो, मौसुफका सचिव शेखर ढुङ्गानाजीले मलाई बोलाउँदै सरकारले बोलाइबक्सेको छ भन्नुभयो । म हत्तारिदै उहाँसँगै लम्कें, राजा उभिएर पर्खिबक्सेको रहेछ । मेरो हतारलाई देखेर मौसुफ ३।४ कदम मतिरै फर्किबक्स्यो । क्रमैले बडामहारानी सरकार र अधिराजकुमार सरकारहरू पनि महाराजाधिराजतर्फ लम्किबक्स्यो । राजाले बडो प्रसन्न मुद्रामा पुनः लप्सीकै बारेमा त्यसको मौलिक ज्ञान र प्रविधिको पेटेण्ट राइट सम्बन्धमा जिज्ञासा राखिबक्स्यो त्यसबखत । केही बेरको छलफलपश्चात् यससम्बन्धी अनुसन्धानलाई निरन्तरता दिन हुकुम हुँदै थप कार्यक्रमका लागि नेपाल फर्केपछि भेट्न आउ न हुकुम भएर बिदा होइबक्स्यो । मौसुफ सरकारहरूबाट आफ्नो कामप्रति दर्शाइबक्सेको अभिरुचि र प्रसन्नताले आफू अति नै गौरवान्वित भएको र थप प्रेरणा मिलेको महसुस गर्दै मौसुफ सरकारहरूप्रति हार्दिक कृतज्ञता जाहेर गर्दै नेपाल फर्कनासाथ मौसुफहरूबाट पुनः दर्शन पाउने आकांक्षा बोकेर मैले आफ्नाअध्ययन अगाडि बढाएँ ।

राजासँगको साह्रै छोटो भेटघाटकै सन्दर्भमा पनि मौसुफ सरकार साँची नै मृदुभाषी, शिष्ट, भद्र र निर्विकल्प विशिष्ट व्यक्तित्वको ज्वलन्त प्रतीक होइबक्सँदो रहेछ, मौसुफ जस्तै हाम्रा नेताजीहरू पनि शिष्ट, सौम्य र अनुशासित भैदिएको भए देश कस्तो राम्रो हुन्थ्यो होला भनी सोचें । एउटा ओझेलमा परेको वनस्पतिका बारेमा पनि यत्ति धेरै चाख र ज्ञान शायदै नेपालका सबै कृषि र वन विज्ञहरूमा होला जति स्वर्गवासी राजा वीरेन्द्रमा मैले पाएँ । यस अर्थमा राजा वीरेन्द्र एक चिन्तनशील वैज्ञानिक पनि होइबक्सन्थ्यो भन्नुमा अन्यथा नहोला ।

भियनामा मैले पाएको राजारानीको दर्शनभेट मेरो अध्ययनकालको सबैभन्दा प्रेरणादायी र आत्मसन्तुष्टिको क्षण बन्यो ।

आफ्नो कामको वृत्तान्त सुनाएर राजारानीबाट प्रशंसा पाउनु भनेको जो सुकैका लागि पनि आनन्दको विषय हुन्छ नै तर मैले जतिसुकै जाँगर र मेहनत गरेर अध्ययन पूरा गरेपनि नेपाल फर्कन नपाउँदै मुलुकमा आएको समयको भयानक कालचक्रले जनप्रेमी राजारानीलाई कसरी चुडिलगेछ भने त्यसपछि मैले हृदयका राजारानीलाई कहिल्यै भेट्न पाइन ।

आफ्ना राजारानीको अकल्पनीय र दर्दनाक स्वर्गारोहणको खबरले विदेशमै हुंदा म ज्यादै मर्माहत भएँ । समाचार सुन्दा पनि नपत्याएर नेपालमा फोन गरें । कतै सपना भएर बिउँझिन पाइन्छ कि भन्नेसमेत कल्पना गरें । एकपछि अर्को समाचारले स्वदेशविदेशका सब नेपालीलाई विह्वल बनायो । साक्षात् भेटेका राजारानीको तस्वीरमा माल्यार्पण गरी श्रद्धाञ्जली दिनुपर्दा प्रायः सबै नेपाली रोए । कपाल काटेका र रोइरहेका नेपाली देख्दा विदेशीहरूका आँखा पनि रसाए । राजारानीलाई पुनः भेट्ने रहरलाई तिलाञ्जली दिएर मौसुफको स्वर्गारोहण भएको दुई महिनापछि नेपाल फर्कँदा झन् विरक्त लाग्यो । भित्तामा टाँसिएका स्वर्गवासी राजारानीका तस्वीरमा आँखा पर्दा पनि मनमा कताकता केके खोसिएजस्तो लाग्छ । समय बितेको थाहै नहुँदो रहेछ । जनताका हृदयका राजारानी र राजपरिवारका अन्य सदस्यहरूको स्वर्गारोहण भएको आज डेढ वर्ष बितिसकेछ तर नेपालको आकाश अझै फाटेको छैन । झन् दुर्भाग्यको बादल र पीडादायी दिनले मात्र पछ्याइरहेको छ । *"शान्तिबिना विकास सम्भव छैन र विकासबिना जनताको चेहरामा सुखचयन पनि सम्भव छैन"* भन्ने मूलमन्त्रलाई आत्मसात् गरी आज सबै नेपालीले आ-आफ्नो क्षेत्रबाट नेपाली-नेपाली बीचको विश्वास र आपसी सहयोगको भावना जगाउन सकेमात्र स्वर्गवासी राजारानीप्रति सच्चा श्रद्धाञ्जली ठहरिनेछ र मातृभूमिको ऋण तिर्न सकिनेछ ।

उपमहानिर्देशक
वन अनुसन्धान तथा सर्भेक्षण विभाग,
काठमाडौ

●

एकलाख पार्थिव शिवलिङ्गको पूजन

● *कृष्णप्रसाद खनाल*

२०५७ साल श्रावण महिनामा ललितपुर उपमहा नगरपालिका २२ नं. वडा स्थित कुम्भेश्वर महादेव र माता बगलामुखीको प्राङ्गणमा शिव-शक्ति महायज्ञको आयोजना भएको थियो । सो यज्ञमा ११ जवान देवज्ञ ब्राह्मणहरूद्वारा एघार दिनसम्म रुद्राभिषेक-षडङ्ग रुद्रीपाठ, देवीभागवत्-पारायण, चण्डीपाठ एवम् एकलाख पार्थिव शिवलिङ्गपूजन र त्यस यज्ञको औचित्यबारे विभिन्न विशिष्ट विद्वान्हरूद्वारा प्रवचन र भजनकीर्तन पनि भएको थियो ।

त्यस बखत नेपाली जनमानसमा धार्मिक लहर उर्लेको देखिएको थियो । आगन्तुक दर्शक, पूजक, भक्तजनहरूलाई सुविधा दिन सयौं स्वयंसेवकलाई पनि धौ-धौ परेको थियो । यस्तो जनप्रवाहसँगै जननायक नरेश श्री ५ वीरेन्द्र एवम् श्री ५ बडामहारानी ऐश्वर्यको पनि सवारी भएको थियो । हुन त त्यहाँ पूजाका निम्ति आवश्यक सरसामग्रीहरू हामीले तयार पारेका थियौं तापनि आसनीदेखि आवश्यक सम्पूर्ण सामान राज दरबारबाटै ल्याइएको थियो । राजा-रानीले चित्त संयम गरेर करिब डेढ घण्टा बसी पार्थिव शिवलिङ्गको पूजन गरिबक्सेको देख्दासुन्दा ललितपुरका जनताहरूको राजाप्रति अति श्रद्धा जागेर आएको अनुभव हुन्थ्यो ।

पार्थिव शिवलिङ्गको र देवीभागवत्को मण्डप कुम्भेश्वरको बगैंचामा थियो । पूजा समाप्त गरी मण्डप प्रदक्षिणा गर्दै बगलामुखी दर्शन गरेर कुम्भेश्वरको दर्शन-पूजन गरिबक्सियो । कुम्भेश्वरको पश्चिम ढोकानिर म (कृष्णप्रसाद खनाल) र मेरी श्रीमती भवानी खनाल शिव–शक्ति महायज्ञको चिह्न अङ्कित चित्रपट र धर्म संस्कृति संरक्षण तथा वातावरण सुधार परिषद्ले प्रकाशित गरेको "सन्ध्योपासना" नामक पुस्तिका उपहारस्वरूप टक्र्याउन उभिरहेका थियौं । त्यसबखत राजा र रानी हँसिलो अनुहारसाथ प्रसन्न मुद्रामा होइबक्सन्थ्यो । उपर्युक्त उपहार हामीले राजारानीमा टक्र्यायौं र सो उपहार ग्रहण गर्दै हुकुम भयो- "आज म साह्रै खुसी छु । अँ, यत्रो यज्ञ यति सानो ठाउँमा किन गरेको ?" म अकमक्क परें । फेरि हुकुम भयो "उतै पशुपति वा टुँडिखेलतिर फराकिलो ठाउँमा गर्दा हुन्नथ्यो र ?" मैले बिन्ती चढाएँ "सरकार ! हुन त हुने थियो । यो यज्ञ शिवशक्ति अर्थात् कुम्भेश्वर र बगलामुखीको कृपाले सफलतापूर्वक सम्पन्न हुन्छ भन्ने दृढविश्वासले यहाँ गरिएको हो । यो यज्ञ सम्पन्न गर्न करिब करिब १७–१८ लाख रूपैयाँ आवश्यकता पर्ने अनुमान गरिएको थियो तर यस यज्ञको आह्वानकर्ता "धर्मसंस्कृति संरक्षण तथा वातावरण सुधार परिषद्" सँग त्यस बखत १७–१८ हजार पनि थिएन । तैपनि कुम्भेश्वर र बगलामुखीले नै पुर्‍याइदिनुहुन्छ भन्ने दृढविश्वास थियो । त्यसका निमित्त हामी दम्पतीले यस श्रावण महिनामा गरिने छुट्टै एक धार्मिक अनुष्ठान पनि गरेका छौं । अर्को कुरा, यस ठाउँमा पोडे, च्यामे, कसाही आदि (दलित) वर्गको बाहुल्य छ । समाजको दृष्टिमा भेद छ तापनि शिवशक्तिको दृष्टिमा सबै समान छन् भन्ने यस यज्ञले देखाइदिएको छ । अर्को कुरा एकै देश वा ठाउँमा बसोबास गर्दै आएका धर्मकर्ममा लागेका तर कहिल्यै एक ठाउँमा धार्मिक कर्म गरेको इतिहास नदेखिएका उपाध्याय ब्राह्मण (पूर्विया–कुमाई) राजोपाध्याय (जुजुबाजे), झा (मैथली),

वज्राचार्य (बौद्धहरू) समेत ललितपुर, काठमाडौं, भक्तपुर तीनै शहरका यहाँ सम्मिलित भएका छन्। त्यसैले यो ऐतिहासिक घटना हो। यसले धार्मिक एकतालाई प्रष्ट पारेको छ।"

मेरो कुरा सरकारले बढी ध्यान दिएर सुनिबक्स्यो र मुसुमुसु हाँस्दै हुकुम भयो "धन्यवाद ! धन्यवाद !! अबदेखि यस्तो कार्य गर्दा हामीलाई पनि खबर गर्नू।" मैले बिन्ती चढाएँ "सरकार ! जो हुकुम।" यसरी श्री ५ वीरेन्द्र एवम् श्री ५ ऐश्वर्यको धार्मिक छवि ललितपुरवासीहरूको हृदयमा सदाका लागि अङ्कित भइरहेको छ। यस घटनाले 'यथा राजा तथा प्रजा' भन्ने वाक्यलाई पुष्टि गरेको छ। यसबाट जनमनमा धर्मप्रति अझ बढी आस्था जागेको देखिन्थ्यो। त्यस शिवशक्ति महायज्ञमा राजाप्रजा अर्थात् राजादेखि तात्कालिक प्रधानमन्त्री, मन्त्री र सानाठूला सबैजसो दर्जाका मानिसहरूले औपचारिक अनौपचारिक रूपमा आआफ्ना किसिमले भाग लिई शिवशक्तिमा भक्तिभाव अर्पण गरे। श्री ५ ऐश्वर्य स्वयम् उपस्थित भई विधिपूर्वक पूजा गरिबक्सेको, अतिरथि प्रज्ज्वल शम्शेर जबराले दम्पतीसहित बसी पूजा गरेको, प्रहरीमहानिरीक्षक प्रदीप शम्शेरले पूजामा अभिरुचि लिएको र श्री ५ एवम् श्री ५ को सरकारका उच्चपदस्थ व्यक्तिहरूले धर्मकर्मप्रति पूर्ण आस्थावान् भई एउटै पूजास्थलमा बसी पूजा गरेको जस्तो कुरा अविस्मरणीय छ। राजा वीरेन्द्रमा मुसुक्क हाँसेर बोल्ने प्राकृतिक स्वभाव थियो भने धर्मकर्ममा दृढ आस्था पनि थियो। फलस्वरूप मौसुफ देशवासी प्रजाका निमित्त सर्वोच्च शासकभन्दा बढी सर्वोच्च संरक्षक देखिइबक्सन्थ्यो। यसैले जनमानसमा राजसंस्थाप्रति आस्था बढ्दै आएको थियो। उच्चतम उदारता र अति विश्वासले गर्दा मौसुफको सांसारिक लीला असमयमै समाप्त भयो।

मौसुफ सरकारको स्नेह र वात्सल्यपूर्ण मुद्रा हाम्रो हृदयमा सदाका लागि अङ्कित रहन पुगेको छ। नेपाली जनमानसमा मौसुफको प्रभाव अङ्कित रहन पुगेको छ। नेपाली जनमानसमा मौसुफप्रतिको प्रभाव अमिट रूपमा परेको छ। मौसुफलाई कुनै पनि नेपालीले कहिल्यै बिर्सन नसक्ने कुरा निर्विवाद छ।

●

के लेख्नु यस्तो पऱ्यो !

• सप्रा. गणेशराज जोशी

जन्मने मर्छ र मर्ने जन्मन्छ। त्यसैले दार्शनिक रूपमा जन्म र मृत्यु जीवनका प्रक्रियाभित्रै पर्ने घटना मानिन्छन्। श्री मद्भागवत गीतामा पनि जन्म र मृत्युको चक्रबारे *'जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च'* भनेर यी दुईका बारे उल्लेख गरिएको पाइन्छ तर जीवनका सम्बन्धमा जेजस्तोसुकै दार्शनिक व्याख्या र सैद्धान्तिक दृष्टिकोण प्रस्तुत गर्न खोजिए पनि व्यावहारिक रूपमा जन्म र मृत्यु मानवीय जीवनलाई नै प्रभावित गर्ने महत्त्वपूर्ण घटनाका रूपमा देखिन्छन्। जन्मभन्दा पनि मृत्युको घटनाले सामाजिक र वैयक्तिक जीवनमा ठूलो छाप छोड्ने गरेको पाइन्छ। हुन त गीतामा *'सुखदु:खे समे कृत्वा लाभालाभौ जयाजयौ'*▯ भनेर अनुकूलता र प्रतिकूलतालाई समान ठान्दै कर्तव्यप्रति नै दत्तचित्त रहन प्रेरित गरिएको पाइन्छ तापनि ठूलठूला पण्डितहरूले समेत सुखदु:ख जस्ता परिस्थितिहरूलाई सम वा समान रूपमा आत्मसात् गर्न सकेको देखिँदैन भने सर्वसाधारणको के कुरा ! हो, मानिस आफूलाई सान्त्वना दिन, संयमी बन्न र सहन गर्न दर्शनको प्रतिपादन गर्छ, सिद्धान्तको आविष्कार गर्छ र शिक्षित बन्छ र मानिसभित्र नै सम्वेदना, भावना र चाहनाको तीव्रता पनि छ। यदि मानिस दर्शनमा मात्र बाँच्ने भए अथवा सिद्धान्तमा मात्र हिड्डुल गर्न सक्ने भए शरीरको, इन्द्रियहरूको आधाभन्दा बढी बोझ हलुको हुने थियो। सम्वेदना नभएको भए आँखाले हेरेमात्र पुग्थ्यो, आँसु चुहाउनु पर्दैनथ्यो। छालाले शरीरको आवरणको काम गरे पुग्थ्यो, चिसोन्यानोमा खुम्चिनुफैलिनु पर्ने थिएन। भावना नभएको भए मनको अवस्था एकैनासको हुने थियो र अनुकूलप्रतिकूल जस्ता याममा समविषम हुने थिएन। चाहना नभएको भए मानिसका लागि जीवनको गति नै एकपक्षीय हुने थियो। मानिस शुरुदेखि नै सम्वेदना, भावना, चाहना र व्यावहारिकतामा बाँच्दै आएको हुनाले यी जीवनका सर्व शक्तिमान् शक्ति मानिन्छन्। सम्वेदना प्रचुर हुनाले माया, वात्सल्य, स्नेह र ममताले पालिएकी धर्मपुत्री शकुन्तलाको बिदाइमा कण्वजस्ता मुनिसमेत शोकाकुल बन्न पुगे। भावनाप्रबल हुनाले राजा वीरेन्द्र र राजपरिवारका अन्य सदस्यहरूको अकल्पनीय, अशोभनीय, अप्रत्याशित र अमानवीय मृत्युमा प्रजाजन विस्मित, विह्वल र विदीर्ण बन्न पुगे।

खाना मानिसको पहिलो आवश्यकता र आधार हो तर खानाले मात्र मानिसको आवश्यकता र आधार पूरा हुँदैन। धेरैजसो प्राणीहरू यस्ता हुन्छन्, जो आफ्नो जाति र समुदायका आवश्यकता तथा अस्तित्वहरूको मिलेर रक्षा गर्छन्। तब मानिसको के कुरा ! ऊ जीवमध्ये सर्वश्रेष्ठ छ र त दया, स्नेह, ममता, माया, सम्वेदना छ। सबभन्दा ठूलो कुरा मानिससित हृदय र मस्तिष्क छ। मनले गर्नुपर्ने काममा मस्तिष्कले सघाउँछ, मस्तिष्कले गर्नुपर्ने काममा हृदयले र मिलेर गर्नुपर्ने ठाउँमा दुवै जोडिन्छन् जुवाका गोरुझैँ; ढुक्कुरका जोडीझैँ। मानिस भन्ने प्राणी नै विस्मयको छ, अनौठो छ र उत्तम श्रेणीको छ। आफूले नखाई अरूलाई खुवाउँछ। अरूलाई लोभ्याई आफू एक्लाएक्लै हसुर्छ। कोदाको रोटी र सिस्नाको साग खानेले सपनामा दाल भात, तरकारी डकार्छ। झोपडीमा बस्ने र थाङनाथरा लाउने महलमा बसेको र महङ्ग कपडा लगाएको कल्पनामा उड्छ। चौरासी व्यञ्जन पुगेकालाई मकै, कोदो, र

ढिँडाको स्वादले लोभ्याउँछ । महलमा बसेको र राम्रो लगाएकाबाट ऊ दिक्किन्छ, वाक्किन्छ र राजकुमार सिद्धार्थको बाटो समात्छ । मानिस सत्ता नपाए आत्तिन्छ, सत्ता पाए मात्तिन्छ । परिश्रमले ऊ सुदामाबाट कुबेर बन्छ, बुद्धिले रत्नाकरबाट वाल्मीकि र शक्तिले तानाशाही हिटलर ! फूलजस्तो कोमल मान्छे काँढाजस्तो कठोर बन्छ । गुब्बारा जस्तो हलुको मान्छे फलाम जस्तो गहुँगो बन्छ । कसैलाई संयम, संस्कार, सभ्यता, सौन्दर्य र सिर्जनाको शिक्षा दिनै पर्दैन, कसैलाई भने शिक्षालय र शिक्षकहरू पनि सुधार्न सक्दैनन् । एकै विद्यालय र गुरुबाट दीक्षित शिष्यहरू कोही पाण्डव बनेर निस्कन्छन् कोही कौरव बनेर । मानिस नै आश्चर्य छ र मानिसभित्रै आश्चर्य लुकेको छ तर कहिलेकाहीँ मानवीय मेधा, सिर्जना र संरचना बहुलट्ठीपनाको पराकाष्ठामा समेत पुग्ने हुनाले मानव समुदायमा मानिस विवादरहित छैन । उसको विद्वत्ता, विवेक, हार्दिकता आदि सबकासब तुच्छ, असन्तुलित, निन्दनीय र अस्वस्थताको होडबाजी गर्छन् । मानिस र मानवता एकअर्काका विरोधी हुन् कि परिपूरक ? प्रश्न तेर्स्याएर के गरूँ ! हृदय चुहाएर के पोखूँ ! मानिसबाट मानवता हराएको युगमा मानिससित मानवीय भावनाको दुहाई माग्नु अरण्यरोदन हुनेछ किनभने मानिसको यही मायावी मेधाले, कपटी लहडले, विद्रूप सौन्दर्यले र विकृत सिर्जनाले हामीलाई आँसुको भेलमा बगाएको छ । शोकको समुद्रमा डुबाएको छ र प्यारा राजा वीरेन्द्रलाई निर्ममता-नृशंसतापूर्वक उडाएको छ ।

वीरेन्द्र राम थिएनन्, न त कृष्ण नै थिए । राजपरिवारमा जन्मेका हुनाले उनले पनि राजकुमार र राजाले प्राप्त गर्ने सुखशयल, ऐश्वर्य र विलास प्राप्त गरे होलान् । द्रुतगामी परिवर्तनको समयमा राजा, राजपरिवार र राजसंस्थाप्रति बदलिँदै गइरहेको विश्वजनमतका समयमा उनले एकप्रकारले परम्परागत राजवंशको बिँडो थाम्ने काम गरेका हुन् । यति हुँदाहुदै पनि हुने बिरुवाको चिल्लोपात भनेजस्तै राजामा विद्यमान हुनुपर्ने परम्परागत आदर्शहरू उनमा थिए । हिन्दू सभ्यतामा दिवोदासबाट राजपरम्परा कायम भएको मानिन्छ र राजाले जनताको मालिकका रूपमा होइन, सेवकका रूपमा काम गरुञ्जेलसम्म मात्रै राजाको, राजपरिवारको र राजसंस्थाको गरिमा र महिमा रहन्छ भन्ने मर्मलाई वीरेन्द्रले आत्मसात् गरेको महसुस हुन्छ । दिवोदासदेखि शुरु भएको राजतन्त्रको परम्परा राम, जनकहरूका पालामा आएर विकासको चरममा पुगेको हो । त्यसैले रामचन्द्रको राज्यकाल र राज्यव्यवस्था "रामराज्य" भनिएको हो । राजाका हैसियतले कलियुगमा रामराज्यजस्तै वीरेन्द्रराज्य उनको परिकल्पना नहुन पनि सक्छ तर आजीवन रामराज्यको अनुसरण र अनुगमन गरिरहनु वीरेन्द्रको व्यक्तित्वको परिचायक हो । जनइच्छा, जनमत र जनचाहनालाई सधैँ आत्मसात् गर्न खोज्नु पुरुषार्थ हो । जनमतसङ्ग्रह र बहुदलीय व्यवस्थाको घोषणा राजा वीरेन्द्रको जनचाहनाको कदर गर्ने प्रमुख र युगान्तकारी कदम थिए । राजतन्त्र विरासतमा मिलेको सत्ता प्राप्त हुने तन्त्र मानिन्छ तर वीरेन्द्रले आफ्नै किसिमले विरासतमा मिलेका सत्ता, शक्ति र सामर्थ्यलाई सधैँ विकास निर्माण र विद्याका लागि सदुपयोग गरेको देखिन्छ । आजको अहङ्कारले गाँजेको युगमा, अभिमानले मात्तिएको समयमा र अत्याचारले लादेको बेलामा राजनीति गर्नेहरूले राजनीतिलाई नै विकृति, विसङ्गति र विनाशका लागि उपयोग गरिरहेको देखेर होला वीरेन्द्रभित्रको सचेत द्रष्टाले आफ्नो बाल्यकालमै 'राजनीतिलाई फोहोरी खेल' भनेर आलोचना गरिसकेको थियो । कसैको रिङ्गो नबिराउने र आँखामा हाले पनि नबिझाउने प्यारा राजाको प्राणपखेरु त्यसरी नै उड्यो, जसरी प्रचण्ड हुरीद्वारा सद्दे रुख जरासहित उखेलिन्छ । विश्वका जघन्य हत्याकाण्डका शृङ्खलामा नारायणहिटी काण्डको नाम पनि कालो इतिहास बनेर समावेश भयो । राजा ! तिम्रो हत्याकाण्डको घटनाले कहिलेकाहीँ नियतिवादी पनि हुन मन लाग्छ । भीम मल्लकी श्रीमतीले नेपाल दरबारमा कसैको पनि विवेक नरहोस् भनेर सरापेको साँचो जस्तो लाग्छ । नत्र "नियाँ नपाए गोरखा जानु" भन्ने उखान नै प्रचलित रहेको देशमा भीमसेनले सेरिएर मर्नुपर्ने थिएन, देवशमशेरले लखेटिएर धनकुटा पुग्नु पर्ने थिएन र श्री ५ वीरेन्द्रले अकालमा कालका मुखमा पुग्नुपर्ने थिएन ।

कहिलेकाहीँ आफैँदेखि उदेक लाग्छ । तिमीमा के थियो त्यस्तो आकर्षण ? तिमी अब यस धर्तीमा छैनौ । २०५८ साल ज्येष्ठ १९ गतेको पौने ९ बजेदेखि तिम्रो आत्मा अनन्तको यात्रामा हिँडिरहेको छ र तिमीले तीस वर्ष लामो शासनसमेत गरिसकेका छौ । राजाका रूपमा तिमीले पनि सुख, सयल, भोग र विलास गर्‍यौ होला । आमोदप्रमोद गर्‍यौ होला, तिम्रा पनि अवगुण र कमजोरीहरू थिए होलान् तर *'दबिन्छ गुणीको दोष गुणका रासमा परी'* भने जस्तै तिम्रो शालीन, भद्र, शिष्ट, सभ्य र सौम्य रूप, आचरण र व्यवहार देखेको, पाएको, सुनेको र जानेको छु । शायद तिम्रा यिनै गुणहरूले म आकाशको फल भुँइतिर झरेजस्तै वा भनौँ भक्तिनी मीरा स्वामी मोहनप्रति एकाकार र तन्मय भएजस्तै तिमीतिर तानिएको छु । शासन गर्नेहरू धरैजसो विधान, संविधान, आसन र सिंहासनका सम्राट् हुन्छन् तर तिमी जनताको मनका राजा थियौ, प्यारा सम्राट् थियौ र साझा राजा थियौ । राजा भएर पनि तिमी मात्तिएनौ, बरु आत्तियौ कि ? सत्ता र शासनलाई सुखसौखका लागि प्रयोग नगरी विकासका लागि उपयोग गर्‍यौ । शिक्षालाई विकासको पूर्वाधारका रूपमा लियौ र 'शिक्षाको उज्यालो

घामबाट कुनै पनि बालबालिकाले वञ्चित हुनु नपरोस्' भन्ने महावाणी निकाल्यौ । सत्य, न्याय, शान्ति, सहिष्णुता र सद्भावका लागि तिम्रो व्यक्तित्वको राष्ट्रभरि, एसियाभरि र सिङ्गो विश्वभरि सराहना भएको थियो, भइरहेछ र भइरहनेछ । तिमीले आफ्नो एक पाटोलाई जहिले पनि छोपेर राख्यौ । त्यसैले राजा कम र मानिस बढी भयौ । आक्रोश, आग्रह र पूर्वाग्रहबाट सधैँ जोगिएर राजतन्त्रको गरिमालाई मात्र बढाएनौ अपितु मानवीय भावनालाई नै उदाहरणीय तुल्यायौ । भन राजा ! तिमीभित्र राम आई बसेका थिए कि ? गौतम बुद्ध लुकेका थिए कि ? जनक र बुद्धको देशमा नै "जनकबुद्ध" भएर तिमी कसरी जन्मियौ हँ ? हेर्दा राम्रो लाग्ने, बोल्दा मिठो बोल्ने तिमीमात्र हौ कि अरू पनि छन् ? फुर्सदमा राजनीति गरेर एकान्तमा सिर्जना गर्ने तिम्रो *मोती* अब फुल्दैन, *झरना* अब बग्दैन । तिमीलाई थाहा छ ? तिमी यहाँबाट हिँडेपछि धर्ती एकछिन अडेको थियो, आकाश रोएको थियो । तिम्रो हत्याको अशोभनीय, अकल्पनीय घटनाले उर्लेको अथाह जनप्रवाहले तिम्रो अन्तिम विदाइदर्शन र चिर शान्तिका लागि हलचल नगरी आँसु आत्माको सलाम र मौनधारणा गरेको थियो । तिमीले त्यहाँ पनि छल गर्‍यौ । त्यो के भने प्रियजन, आफन्तजन र मान्यजनसमेत बाँचुन्जेल मात्र राम्रा लाग्छन् तर तिमी त अनन्तको यात्रामा समेत राम्रो र सुन्दर देखियौ । निश्चय नै यो पापी युग थियो । कलियुग थियो । तर यस्तो लाग्थ्यो मानौँ तिमी सशरीर सपरिवार स्वर्गारोहण गर्न आर्यघाट जाँदै छौ जहाँबाट पुष्पक विमानमा चढेर तिमी सोझै स्वर्गका लागि प्रस्थान गर्नेछौ । तिम्रो सौम्य, सुन्दर र कोमल शरीरलाई दाहा गर्न क्रव्याग्निलाई पनि कर्तव्याकर्तव्य छुट्याउन गाह्रो भइरहेको थियो । खबर सुनाउनेहरूलाई यो खबर सुनाउनु परेकामा र सुन्नेहरूले सुन्नपरेकामा पश्चात्ताप भइरहेको थियो तर सबै विवश थिए र हतप्रभ थिए । सुन्नेसुनाउने सबैका आँखामा आँसु, कण्ठमा भक्कानो, हृदयमा विषाद र मस्तिष्कमा तनाव थियो । सबभन्दा ठूलो कुरा त के भने यो सबै सत्य थियो । विषादको त्योभन्दा अर्को उदाहरण देख्न सकिदैन । वियोगको त्योभन्दा अर्को स्थिति हुनै सक्दैन । शोकको त्योभन्दा चरम सीमा देखिएको नै छैन ।

तिमीलाई भाग्यमानी भनूँ कि अभागी ? *'धनानि भूमौ पशवश्च गोष्ठे, भार्या गृहद्वारी जनाः श्मशाने । देहश्चितायां परलोकमार्गे, कर्मानुगो गच्छति जीव एकः'*-को कथनलाई तिमीले झुठा सिद्ध गरिदियौ । मानिस मानिसबाट दुईपटक एक्लिन्छ भन्थे तर तिमी त एकपटक मात्रै एक्लियौ । हुन त, कालले त्यसो रचेको थिएन, क्रूर आततायीले देखाएको छल थियो त्यो तर पनि पत्नी र परिवारका साथ स्वर्ग जाने तिमी एक्ला मानिस हौ । जनता र जीवनबाट कहिल्यै नअलग्गिएका तिमी एक्लै जानुपर्ने ठाउँमा समेत एक्लिएनौ । फलतः विकट यात्रा गर्दाको दुःख एक्लै भोग्नु परेन, ऐकान्तिकताले नियास्रो मान्नु परेन र स्वाभिमानसित सम्झौता गर्नुपरेन । राजा युधिष्ठिर स्वर्ग जाँदा उनका साथमा कुकुरसिवाय भाइ, पत्नी र आफन्तहरू कोही पनि थिएनन् रे ! तिमी त महात्मा युधिष्ठिरभन्दा पनि धर्मात्मा रहेछौ र त पत्नी, सन्तान, भाइबहिनी र मित्रगणलाई समेत सँगै लिएर जाने सौभाग्य प्राप्त गर्‍यौ । बाँचुन्जेल सिंहासनमा बसी शासन गरेर मरणोपरान्त जनमनको आसनमा विराजमान भयौ । तिमीलाई भाग्यमानी पो कसरी मानूँ ? नखाएको विष तिमीलाई लाग्यो । तिम्रो अवसानसँगै वीरेन्द्र युगको मात्र अन्त्य भएन, अपितु वीरेन्द्रवंशकै विनाशसमेत भएको क्रूर इतिहास बनेर रह्यो । बत्तीमुनि अँध्यारो भनेजस्तो अरूलाई न्याय दिने तिमी आफू अन्यायका सिकार भयौ, अरूका लागि उदार तिमी आफूभने अनुदारताका निशाना बन्यौ, अरूका निम्ति दया र करुणाका मूर्ति तिमी आफूभने निर्दयता र नृशंसताका अभियुक्त बन्यौ । नेपाललाई शान्तिक्षेत्र बनाउन खोज्ने तिम्रो दरबारमा अशान्तिको दावानल भड्क्यो । तिम्रो युग त बलात् बन्द भयो, भयो तर तिम्रा परिजनको समेत बाँच्ने अधिकार खोसियो । मरण जेजस्तोसुकै भए पनि जनताको माया, ममता र मन तिमीले जितेका छौ । जनता सधैँ आफ्नो हृदयको फ्रेममा तिम्रो सम्झनाको तस्वीर सजाएर राख्नेछन् । जन्मेर मर्ने सबै हुन्छन् तर मरेर बाँच्ने थोरै हुन्छन् । ती थोरैमध्ये तिमी पनि एक हौ ।

यस लोकमा तिम्रो र मेरो सम्बन्ध राजा र जनताको मात्रै रह्यो । परलोकमा पनि पुस्ताको अन्तरालले भेट हुने सम्भावना कमै छ । कथंकदाचित् धर्तीको आवाज तिमीसम्म पुग्ने भए राजन् ! म सोध्न चाहन्छु के पुनर्जन्म पायौ भने अझ यसै देशमा जन्मिन्छौ ? स्वचालित हतियारबाट छातीमाथि गोलीका वर्षा हुँदा अपरेसन गरेको तिम्रो मुटु कति दुख्यो हँ ? तिम्रा लागि पत्नी तर देशकी महारानीका अतिरिक्त कुशल शब्दशिल्पीसमेत रहेकी चाँदनी शाह पनि तिम्रा पछिपछि आएको चाल पायौ कि पाएनौ ? भन न राजा ! आफूले राज्य गरिआएको भूगोलबारे तिम्रो नयाँ धारणा के छ हँ ? त्यहाँ पनि तिमी यहाँजस्तै शान्त, सौम्य र सुन्दर मुद्रामा छौ कि शिवको जस्तो उग्ररूप धारण गरेका छौ ? तिमी त निमेषमै अनन्तको यात्रामा लम्क्यौ, साथमा बन्धुवान्धव र परिजन लिएर । तर तिमीलाई के थाहा ? तिम्रा प्यारा प्रज्ञा र मायालु जनताहरू तिमी छैनौ र सपरिवार छैनौको वास्तविकताले कति छटपटिए, तड्पिए र कहालिए ! साँचो भन्दै छु, नेपाली झोपडीमा धेरै दिनसम्म मीठो पाकेन, भोजन रुचेन, मन बुझेन । बालक,

युवक, वृद्ध, आमा, बहिनी र छोरीहरू रोए र सँगै रोयो आकाश, अन्तरिक्ष, सागर, धर्ती र प्रकृति पनि । स्तब्धता छायो, नैराश्यता जगमगायो, अन्योल, अनिश्चय र कुण्ठा व्याप्त भयो । यस्तो लाग्यो मानौं तिमी मरेनौ, देशको भाग्य, भविष्य, भद्रता र भलाद्मीपन नै मर्‍यो । तिमी राजा भयौ र राजा छँदै महायात्रामा निस्कियौ ।

हामीलाई थाहा छ, दुई करोड नेपाली फकाउन आए पनि तिमी अब फर्केर आउँदैनौ । त्यसैले अबको शोक, सुस्केरा र सुँक्कसुँक्क व्यर्थ छ तापनि स्मृतिको पानामा खिचिएको तिम्रो तस्वीरको मुखमुद्रा, मुस्कान र मृदुता सम्झिँदा भने विकासवादी, उदारवादी, प्रजातन्त्रवादी, भद्र, भव्य र जनप्रिय राजाको अनपेक्षित अन्त्यको घटनाले हृदयको व्यग्रता बढ्छ, शोकको सागर उर्लिन्छ, भावनाको मुहान सुक्छ र कलमको गति थामिन्छ । कल्पना नै गर्न नसकिने घटना तथा दृश्यलाई नियतिले यथार्थ बनाएर पस्किदियो । के लेखु ? यस्तो पर्‍यो !

धाप- १ काँकडा, दार्चुला

●

गाउँघरको सम्झनाभित्र : श्री ५ वीरेन्द्र

● *गणेश राई*

थाहा छ नानी ! यो ठाउँ त ज्यादै पवित्र छ। हाम्रा राजा वीरेन्द्र सानो छँदा घुम्दै यहाँ आइपुगेका थिए। के गर्नु र ! हामीले त्यतिखेर चिनेनौं। छोटो हाफपेन्ट र कमेज अनि कालो टोपी लगाएका थिए। उनको साथमा एकदुईजना अरू पनि थिए। त्यतिबेला राजाका छोरा वीरेन्द्र भनेर कसैले भनेनन्। चिनेको भए यसो केही खुवाएर पठाउँथ्यौं। अहिले राजा भएका छन्। त्यसैले यो वनपाखा रसिलो छ। राजाको लच्छिनले गर्दा अहिलेसम्म यो ठाउँमा कर्म गर्न पाएका छौं।

यो दुई दशकअघि एउटी बूढी आमाले भनेको कथन हो। आजको सन्दर्भमा एउटा एकादेशको कथा जस्तो लाग्ने यी वास्तविक स्मृतिअनुभूति सुनाउने पूर्वी पहाडी जिल्ला ओखलढुङ्गाको मानेभञ्ज्याङ्गवासी बूढी बोजुले कुराकानीका क्रममा भनेका कुरा यतिखेर पनि स्मृतिपटलमा ताजा छ, जुन म सम्झिरहेको छु। त्यतिखेर म नौ/दस वर्षको फुच्चे थिएँ। गाउँदेखि निक्कै टाढा सानो बजार मानेभञ्ज्याङ्गमा रहेको श्री भगवती माध्यमिक विद्यालयमा सामलतुमल लिएर गइएको थियो। त्यो प्रसङ्ग त्यतिखेर उठ्यो, जतिखेर हामीले स्काउटमा भाग लिएका थियौं। हामीले खाकीको हाफ सर्ट र पेन्ट अनि कालो टोपी लगाएका थियौं भने हाम्रा गुरुले लेफ्ट राइट गराउन सिकाउनुभएको थियो। त्यसरी फुच्चे विद्यार्थीलाई स्काउटको तालिम दिन शुरु गरिएको पहिलोपटक भएकैले हुन सक्छ, हामी स्काउट टोली सबैको रमिता भएका थियौं। त्यतिखेर ती बूढी बोजुले आफ्नो संस्मरण हाम्रा गुरुहरूसामु गर्नुभएको सुनेको हुँ।

मैले सुनेको छु -तात्कालिक युवराजाधिराज श्री ५ वीरेन्द्र नेपालको पचहत्तरै जिल्लाका गाउँघर डुलेका थिए। युवराजले स्काउटको पोशाक लगाएका थिए, खाकीको हाफपेन्ट, कमिज र भादगाउँले कालो टोपी। मेरो बालस्मृतिमा श्री ५ वीरेन्द्र युवराज रहँदै पैदल यात्रा गरी मुलुकको भूगोल, जनजीवन, बाटोघाटो, प्रकृति आदिको अवलोकन गरिसकेका थिए। त्यसैले गर्दा ती बूढी बोजुको मुखारविन्दबाट सुनौला वाक्य हामीले सुन्न पायौं।

स्काउट गुरु रामकृष्ण कर्माचार्य भन्नुहन्छ - देश, नरेश र जनताप्रति समर्पित भई समाजसेवा गर्न तीन औंला ठड्याई कान्छीऔंलालाई बूढीऔंलाले थिची प्रण लिई मैले स्काउट प्रवेश गर्दा श्री ५ वीरेन्द्र युवराज होइबक्सन्थ्यो, मौसुफको समुपस्थितिमा थुप्रै कार्यक्रममा सहभागी हुने मौका मैले पाएको थिएँ। उहाँ थप्नुहुन्छ, स्काउट शिक्षालाई जनमुखी र उपयोगी बनाउन देशका कुनाकाप्चा, बिराना पहाडहरूको पैदलभ्रमणको अनुभवसमेतलाई उल्लेख गरिबक्सी थुप्रै मार्ग निर्देशन दिइबक्सिन्थ्यो, त्यसबाट हामीले प्रेरणा पायौं।

नेपालमा १५ प्रतिशत हिमाल, ६८ प्रतिशत पहाड, १७ प्रतिशत तराई रहेको छ। विकासोन्मुख राष्ट्र भएकाले यस देशको अधिकांश भाग ग्रामीण जनजीवनमा आधारित छ। राजा र राजसंस्थाप्रति पंक्तिकारको बाल्यस्मृति एकातिर छ भने अर्कातर्फ समृद्ध व्यक्तित्वहरूका अनुभव अनि नागरिकहरूको वास्तविक मूल्याङ्कन पनि यसमा समावेश गर्नु सान्दर्भिक ठहर गरिएको छ। तात्कालिक श्री ५ महेन्द्र सरकारको सहायक सचिवको रूपमा

२०११ सालमा दरबारी सेवामा प्रवेश गरी २०५० सालसम्म सेवा गर्नुभएका सुरेन्द्रमान जोशीको स्मृति ज्यादै मननीय छ । उहाँ श्री ५ वीरेन्द्रले युवावस्थामा पनि मोजमज्जा गरिबक्सेन भन्नुहुन्छ ।

उहाँ भन्नुहुन्छ- क्षेत्रीय भ्रमण र देशदर्शनका बेला मैले थुप्रैपटक मौसुफको सहयात्री हुन पाएको छु । देशदर्शनमा मौसुफ सैनिक पोशाकमा र हामी सादा पोशाकमा हुन्थ्यौँ । युवराज वीरेन्द्र भनेर सितिमिति कसैले चिन्दैनथे । ठाउँ-ठाउँमा मानिसले चिनेर घेरा हाल्थे, हामीलाई अप्ठ्यारो पर्थ्यो । त्यसैले हामी दिनभरि हिड्थ्यौँ, वेलुका जहाँ पुगिन्छ, त्यहीँ बास बस्थ्यौँ र बिहान सबेरै उठेर हिडिहाल्थ्यौँ । बास बस्ने ठाउँ सधैँभरि भनेजस्तो मिल्दैनथ्यो । कहिले झुप्रोमा त कहिले गोठमा बस्नुपर्थ्यो, भुइँसमेत समतल हुँदैनथ्यो । त्यस्तो खाल्डाखुल्डीमा पनि मौसुफ स्लिपिङ ब्यागको भरमा मस्तसँग सुतिबक्सन्थ्यो । राम्रो ठाउँ भएन भनेर केही सिकायत गरिबक्सन्नथ्यो । बरु हामीलाई अप्ठ्यायस्रो लाग्थ्यो ।

उहाँ अगाडि भन्नुहुन्छ- हामी असुविधाको कुरा पनि गर्थ्यौँ तर सरकारबाट कहिल्यै सुविधा नपुगेको गुनासो गरिबक्सेन । दिनभरिको थकाइ पनि हुन्थ्यो होला, राम्ररी निदाइबक्सन्थ्यो । मौसुफ खानको पनि कुनै पर्वाह राखिबक्सन्नथ्यो । जुन ठाउँमा जे उपलब्ध छ, त्यही खानेकुरा खुशीसाथ ग्रहण गरिबक्सन्थ्यो । कहीँ मकै-भटमास, कहीँ ढिँडो, कहिले उसिनेको आलु जे पाएपनि मौसुफ मीठो मानेर खाइबक्सन्थ्यो । बास बसेको ठाउँमा कहिलेकाहीँ त उपियाँ, उडुस र लामखुट्टेले हैरान पार्थे । हामी सकसले रात काट्थ्यौँ, मौसुफ भने केही भनिबक्सन्नथ्यो । एक ठाउँमा त बाटो भुलेर मौसुफसहित हामी सबैले खुल्ला भागमा रात काटेका छौँ । दिउँसो हिड्दा पनि लत्ताकपडा र सामानको झोला मौसुफ आफैँ बोकिबक्सन्थ्यो । अरूले छुन पनि पाउँदैनथे । गीत, ठट्टा र विभिन्न विषयका गफ गर्दै बाटो काटिन्थ्यो । देशका विभिन्न ठाउँको जनजीवनको यथार्थ बुझ्न, प्रशासनप्रति जनताको गुनासो बुझ्न र जनताका लागि के कस्तो कार्यक्रम आवश्यक छन्, जान्नका लागि मौसुफ त्यस्तो भ्रमणमा सरीक होइबक्सेको थियो ।

वरिष्ठ कलाकार लैनसिंह बाङदेलले श्री ५ वीरेन्द्र स्मृति ग्रन्थमा लेख्नुभएको छ – राजा वीरन्द्र देउताजस्तै लाग्छ मलाई त । कहिल्यै नरिसाउने, केही पऱ्यो भने "बुझेरमात्र भन्नु" हुकुम हुन्थ्यो । हामीले भनेपछि मौसुफले इन्कार गरेको, बेवास्ता गरेको मलाई थाहा छैन । हामी कला, साहित्यमा खर्च गर्नुपर्छ भन्थ्यौँ, सरकार मानिबक्सन्थ्यो । सबभन्दा ठूलो कुरा हाम्रो पालामा पृथ्वीप्रज्ञा पुरस्कार लगायतका थुप्रै पुरस्कार स्थापना गरायौँ ।

जनमानसभित्र श्री ५ वीरेन्द्र शीर्षकमा डा. तुलसी भट्टराईले लेख्नुभएको छ - "नेपाली जनजीवनले आफ्नो केटाकेटी बेलामा सुनेजानेका राजालाई आजीवन त्यस्तै रूपमा विश्वास गर्दै आएका हुन्छन् । त्यसैले एकछाक मिठो खान चाडपर्व पर्खिनु पर्ने, राम्रो लाउन र राम्रो ओत दिने घरबारेमा सुनेरै चित्त बुझाउनुपर्ने बाध्यता भोग्न विवश नेपाली जनजीवन नै यथार्थमा राजभक्ति र राजआस्था राख्ने गर्छन्, राजासम्बन्धी कथा सुनेकै भरमा राजालाई देउताका स्थानमा राखेर ढुक्क हुने गर्छन् । आफूलाई पनि सुरक्षित ठान्छन् ।

यी वाक्य वास्तवमै जनमानसबाट लिइएका हुन् । मभित्र त्यही छाप परेको हो, जुन स्मरण गरिरहेको छु । नेपाललाई शान्तिक्षेत्र घोषणा र २०३६ सालको जनमतसङ्ग्रह, २०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि प्रजातन्त्रप्रतिको ऐतिहासिक मोड मानवतावादी राजा वीरेन्द्रले सफल अवतरण गराएका हुन् । आधुनिक नयाँ शिक्षा योजना उनै राजाको सराहनीय प्रयास भएको सबैको ठहर छ ।

पूर्वप्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठले श्री ५ वीरेन्द्रलाई राष्ट्रियता र विकासप्रति प्रतिबद्ध राजाका रूपमा लिनुभएको छ । उहाँ भन्नुहुन्छ– देशका कुनाकाप्चाको भ्रमण गरिबक्सेका श्री ५ वीरेन्द्रलाई जनताको अवस्थाबारेमा राम्रो जानकारी थियो । दरिद्रता, अभाव, अशिक्षा र बेरोजगारीजस्ता समस्याहरूका कारण मुलुकमा माओवादी समस्या उत्पन्न भएको हो र समस्याको समाधान विकासबाट मात्र सम्भव छ भन्ने मौसुफको धारणा थियो । राजालाई साक्षात् विष्णुको अवतार मान्ने हिन्दूराज्य नेपालमा हिन्दूइतर बौद्ध, किरात क्रिश्चियन, जैन आदि सबैखाले धर्मावलम्बीहरूका निम्ति आस्थाका केन्द्रबिन्दु राजा अर्थात् राजसंस्था हो । आर्य, अनार्य, आदिवासी, जनजाति, दलित, गैरदलित सबैका निम्ति राजा वीरेन्द्र चिरस्मरणीय छन् ।

२०५९ कार्तिक, हिलेपानी, ओखलढुङ्गा ।
हालः ललितपुर उपमहानगरपलिका-१४ तिखेदेवल ।

●

मेरो सम्झनामा राजा वीरेन्द्र

● *डा. गेहेन्द्रमान उदास "पोखरेली"*

संसारको कुनै कुनामा पनि चाहे सानो होस् वा ठूलो राज्यको स्थापना गर्नमा राजाहरूले नै भूमिका खेलेको देखिन्छ। यद्यपि राज्यको एकमात्र प्रमुख आधार जनता नै हो तापनि राज्यसत्ताको सुदृढीकरण गर्नमा राजाहरूले खेलेका भूमिका र गरिमा अतुलनीय छ। उदाहरणका लागि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपालको भौगोलिक र राजनीतिक एकीकरण गरेको र त्यसलाई सुदृढ बनाउन "सबैको साझा फूलबारीको" रूपमा अनेकतामा एकता कायम गरी खेलेको भूमिकालाई प्रस्तुत गर्न सकिन्छ। अविकसित समाजमा राजा एउटा कविलाको नेताको अस्तित्वमा रहन्छ भने विकसित सभ्य समाजमा र राष्ट्रमा जनमुखी, सामाजिक चेतना र संस्कार-संस्कृतियुक्त राजा राष्ट्रिय एकतालाई सुदृढ गर्ने निरन्तरता र प्रेरणा दिने महत्त्वपूर्ण स्रोतको रूपमा रहँदै आएको देखिन्छ।

आजको आधुनिक युगमा गणतन्त्रात्मक देशका राष्ट्र पतिहरूले राष्ट्रहरूमा जसरी विविधतामा एकताको भूमिका खेलिरहेका छन्, त्यसरी नै राजतन्त्रात्मक राष्ट्रहरूमा राजाहरूले पहिलेदेखि नै त्यो भूमिका पूरा गर्दै आइरहेछन्। लोकको इच्छा र चाहना अर्थात् आधुनिक युगको शब्दावलीमा सार्वभौमिक शक्तियुक्त जनताको भावना र चेतनाअनुरूप देश र जनताको भविष्य र अधिकारको उज्ज्वलतातिर अग्रसर भइरहेको हुन्छ।

यी कुराहरूको समष्टि स्वरूपलाई मैले श्री ५ वीरेन्द्रको व्यक्तित्व, व्यवहार र विचारमा उपस्थित रहेको अनुभव गर्न पाएको छु भन्ने मलाई लागेको छ। यद्यपि मौसुफसँग कुरा गर्ने सुअवसर मैले जीवनमा पाउन सकिन; तर मेरो दशवर्षसम्मको बूढानीलकण्ठ स्कुल(आवासीय शिक्षालय) काठमाडौँमा स्कूलको एक संस्थापक शिक्षक र पछि सहायक प्राध्यापक (प्राज्ञिक) को रूपमा समेत काम गर्दा श्री ५ दीपेन्द्र सरकारलाई पढाउने सिलसिलामा मैले श्री ५ वीरेन्द्रको व्यक्तित्व, व्यवहार, विचार र भावनालाई नजिकैबाट अनुभूत गर्न पाएको थिएँ भन्ने मलाई विश्वास भएको छ।

९ वर्षका बालक श्री ५ दीपेन्द्र सरकारलाई बूढानीलकण्ठ स्कुलमा, त्यो पनि आवासीय शिक्षार्थीका रूपमा राख्ने श्री ५ वीरेन्द्रको सदिच्छा अद्वितीय लाग्यो। प्रत्येक जिल्लाबाट छात्रवृत्ति पाएर आएका बालकहरू शुल्क तिरेर पढ्ने अभिजातवर्ग, वर्ण र सभ्य समाजका बालकहरूभन्दा विकास र सभ्यताको स्तरमा धेरै पछि परेका पनि थिए। साँच्चै भनौँ भने शौचालय कहिल्यै देख्न नपाएका, दालभात कहिल्यै खान नपाएका, स्कुलमा आउँदा झुत्रेझाम्रे लुगा लाएका, मयल कट्कटिएका पनि थिए। परम्पराले मान्दै आएको छोइछिटो लिनु पर्ने तथाकथित अछुत जातका बालकहरू पनि थिए। त्यस्ता निरीह बालकहरूसँग बसेर पढ्ने, अध्ययन गर्ने, खेल्ने गरेर युवराजाधिराज दीपेन्द्रलाई आवासीय शिक्षार्थीका रूपमा त्यस स्कुलमा भर्ना गर्नुमा श्री ५ वीरेन्द्रको अद्वितीय भावना, अद्वितीय साहस र अद्वितीय उदारता मैले अनुभव गरेँ। त्यसैले मलाई लाग्यो मौसुफमा जनताप्रतिको कति महान् प्रेम, सद्भावना र समानताको दर्शन विद्यमान रहेछ।

जब बालक युवराजाधिराज स्कुलमा आवासीय शिक्षार्थीको रूपमा भर्ना भइबक्स्यो, त्यतिबेला स्कुलमा प्रधानाध्यापक श्री केन

जोन्स्ले शिक्षकहरूलाई बोलाएर यसो भन्नुभयो- "श्री ५ वीरेन्द्र के चहिबक्सन्छ भने युव राजाधिराजलाई कसैले पनि औपचारिक सम्बोधन,·व्यवहार र विशेष प्रबन्ध नदेखाओस् । अरू बालकहरूलाई जस्तै सम्बोधन र व्यवहार गर्ने र माया-ममता देखाइयोस् भन्ने चाहिबक्सिन्छ । त्यसैले हामी सबैले मौसुफको सदिच्छाबमोजिम युवराजप्रति व्यवहार गर्नुपर्छ ।"

यस्तो निर्देशन सुनेर ममात्र होइन सबै छक्क परे । मैले त त्यस घडीमा श्री ५ वीरेन्द्रप्रति भावविह्वल भएर हर्षले आँखामा हर्षाश्रुको अनुभव पनि गरें । "कस्तो महान् ! कस्तो उदार ! कस्तो समता र ममतामय हाम्रा राजा !" त्यही समयतिर अनौपचारिक रूपले यस्तो पनि सुनियो, " श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारले बालक युवराजाधिराज दीपेन्द्रलाई देशका कुना-काप्चाका जनताका जीवन, तिनीहरूको स्थिति, भावना सम्प्रेषित गर्न चाहिबक्सिन्छ परिमाणतः आफ्नो समयमा युवक राजा श्री ५ दीपेन्द्र जनतासँगसँगै जान सक्ने भावना र अवधारणाले युक्त राजा हुनसकून् ।" यो कुरा मलाई साँच्चै लाग्यो, विश्वास भयो अनि सम्पूर्ण हृदयबाट एउटा उज्ज्वल उद्गार फेरि प्रस्फुटित भयो- "कस्ता जनमुखी राजा ! नेपाली जनताप्रति, जनताको मूल्य र मान्यता राख्ने कति महान् राजा !"

पृथ्वीनारायण क्याम्पस, पोखरा

●

प्रजान्तत्रका हिमायती श्री ५ वीरेन्द्र

● गोपाल 'अश्क'

राजाको शाब्दिक अर्थ, कर्तव्य एवम् अधिकारको बारेमा म केही लेख्न चाहँदिन किनभने म कुनै सिद्धान्तप्रवर्तक होइन, मेरो कुनै खास व्यक्तित्व पनि छैन । म एउटा आम नेपाली हुँ । हो, आफ्नो जीवनमा अनुभव गरेको, भोगेको दुःखसुख, आशा-निराशा, सन्तोष-असन्तोष अर्थात् सामाजिक यथार्थलाई कहिलेकाँही लेखेर सामाजिकीकरण गर्ने गर्दछु । मैले आफ्नो देश नेपालको माटोमा प्रथम पटक आँखा खोलेको ४० वर्ष बितिसकेको छ । यस ४० वर्षका कालखण्डमा मैले निर्दल तथा बहुदल दुइटै व्यवस्थाको क्षण भोग्ने अवसर पाएको छु ।

श्री ५ वीरेन्द्रसँग प्रत्यक्ष भेट गर्ने मौका नपाए पनि अलि टाढाबाट भए पनि दर्शन गर्ने मौका पाएको छु । मौसुफसँग एक भावनात्मक सम्बन्ध रहेको अनुभूति गरेको छु, मैले । सबैका प्यारा, संस्कृतिका सम्वाहक, कलाका पुजारी एवम् प्रजातन्त्रका हिमायती राजा श्री ५ वीरेन्द्रको दुई छवि मेरो मनमस्तिष्कमा अङ्कित रहेको छ र म मौसुफसँग निकै प्रभावित पनि रहेको छु ।

म किशोरावस्थामा थिएँ । निम्नमाध्यमिक स्तरको विद्यार्थी । वीरगञ्जमा राजा श्री ५ वीरेन्द्र तथा रानी श्री ५ ऐश्वर्यराज्यलक्ष्मीको सवारी भएको थियो । महेन्द्र आरोग्य भवन (अहिले नारायणी उपक्षेत्रीय अस्पताल) मा कार्यक्रम थियो । म पनि आफ्ना विद्यार्थी साथीहरूसँग जुलुसमा सहभागी थिएँ । त्यस आरोग्य भवनको प्राङ्गणमा उभिएर राजारानीको दर्शन पाएको थिएँ । मौसुफहरूको बाह्य सौन्दर्यबाट निकै प्रभावित भएको थिएँ । हाम्रा राजा अति सुन्दर शरीरधारी होइबक्सन्थ्यो यसमा कुनै दुईमत छैन ।

राजाहरूको बारेमा अनेकानेक कथा हामीले सुनेका हुन्छौं । मैले पनि राजाहरूको बारेमा आफ्नो आमाबुवाबाट कथा सुनेको छु । किशोरावस्थासम्म मेरो मस्तिष्कमा राजाको बारेमा जुन छवि अङ्कित थियो, त्यसअनुसार राजा देवताका अवतार हुन्छन् र आफ्नो देश र प्रजाहरूको वास्तविक स्थितिको जानकारी लिनको लागि भेष बदलेर घुम्ने गर्छन् तथा पुरस्कारादि पनि दिन्छन् भन्ने खालका धारणाहरू प्रतिस्थापित थिए ।

मैले आफ्नो धारणाको जीवित रूप पनि देख्ने अवसर पाएको छु, राजा श्री ५ वीरेन्द्रको माध्यमबाट । कुरा किशोराअवस्थाकै हो । एकदिन घरमा बुवाको मुखबाट सुने- *“कहल गइल बा राजा लोक देवता के अवतार होइल । ऊ लोग आपन राज्यमें भेष बदलबदल के रात-विरात घुमेला । आ ओहलोग के क्या कब, कहाँ कबुसे आ केकरा पर होजाई, कहल ना जासके । एगो बात जानऽताकऽलोगन- कलकी ए रात हमनी के राजा वीरेन्द्र वीरगञ्जमें आइल रहले । ब्यारकतरफसे इनरवा चेक पोष्टतक एगो रिक्सा पर चढके गइले आ फेरू धुमधामके व्यारकतक आइले । रिक्सा वालाके खुव इनाम देहले । बादमे ऊ रिक्सावाला चिन्ह गइल तब जाके हल्ला हो गइल जे राजा आइल रहले हैं, राजा आइल रहले हैं ।”*

दन्त्य एवम् लोक्कथामा चित्रित राजहरूको जीवन चरितार्थ भएको थियो, त्यो दिन ! त्यसरी मेरो किशारावस्था निकै प्रभावित थियो र कुन कुरा भन्नमा अलिकता पनि हिचकिचाहट छैन भने

मेरो मनमस्तिष्कमा राजा श्री ५ वीरेन्द्र एउटा देवताको अवतारका रूपमा नै अङ्कित होइबक्सिन्थ्यो ।

समय परिवर्तशील छ भन्ने कुरा, हामी सबैलाई थाहा छ ! समयको साथसाथै नेपालको राजनीतिक वातावरण पनि परिवर्तित हुँदै गयो । देशमा स्वतन्त्रताको इच्छा राख्ने जनताहरूको बहुलतामा वृद्धि हुन थाल्यो । प्रजातन्त्रको पुनर्बहालीका लागि, अर्को शब्दमा भन्ने हो भने जनताहरूद्वारा शासित शासनका लागि जनआन्दोलनको शुरुआत भयो । राजा वीरेन्द्र जनताको चाहनाको कदर गर्ने राजा हुनुहुन्थ्यो, यसमा कुनै दुईमत छैन । हिंसाका विरोधी होइबक्सिन्थ्यो अहिंसाको सम्वाहक होइबक्सिन्थ्यो । क्रूर राजाको सिद्धान्त I am the king and my voice is the law को भर्त्सना गर्दै २०३६ सालमा बहुदल-निर्दलको चुनावको घोषणा गरिबक्स्यो । यो मौसुफको आन्तरिक सौहार्द थियो ।

हाम्रा प्यारा राजा श्री ५ वीरेन्द्रको भनाइ “प्रत्येक नेपाली जन्मदेखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्ना पुर्खाको रगत र पसिनाले रक्षा गरेको राष्ट्रिय स्वतन्त्रताको माया उसको मुटुभन्दा प्यारो छ” अक्षरशः प्रमाणित भयो- २०४६ सालको जनआन्दोलनमा देखाएको सहृदयता र गरेको कर्तव्य निर्वाहबाट । वास्तवमा नेपाली जनताले दलगत राजनीतिको माग लिएर सुधारको चाहना बोकेर र आ-आफ्नो पार्टीको झण्डा बोकेर राजनीति गर्नका लागि सडकमा उत्रेका थिए । त्यसक्रममा आक्रोशित जनताको एक जमातद्वारा नारायणहिटी राजदरबार घेरेको देख्नासाथ र त्यहाँ भएको हिंसात्मक क्रियाकलापको अनुभूति गर्नासाथ श्री ५ वीरेन्द्रले देशका राजनीतिक पार्टी एवम् दलहरूलाई स्वतन्त्रता प्रदान गरिबक्स्यो र पछि अन्तरिम सरकारको गठन गर्न लगाई जनताकै इच्छानुकूल संवैधानिक राजतन्त्रको परिधिभित्र बस्न खुसीसाथ स्वीकार गरिबक्स्यो । २०४६ सालमा राजाबाट देखाइएको उदारतालाई नेपाली जनताले कहिल्यै बिर्सन सक्दैनन् । २०४६ सालदेखि आफ्नो जीवनको अन्तिम क्षणसम्म राजा श्री ५ वीरेन्द्रले आफूलाई प्रजातन्त्रको हिमायती र देश र जनताप्रेमी, अधिक सम्वेदनशीलता देखाइबक्सेका निकै प्रमाणहरू हाम्रा सामु रहेका छन् ।

वास्तवमा भन्ने हो भने श्री ५ वीरेन्द्रको दैहिक अनुपस्थिति सिङ्गो देशकै लागि अपूरणीय क्षति हो । कतिपय मनलाई राजा वीरेन्द्रको देहावसानप्रति अझै विश्वास लाग्दैन तर विश्वास गरे पनि नगरे पनि सत्य सत्य नै हो । हाम्रा प्यारा राजा, अनुभवी राजा, जनता एवम् प्रजातन्त्रको हिमायती राजा एवम् एक शाश्वत कलाकृतिका स्रष्टा श्री ५ वीरेन्द्र आज हाम्रा बीच होइबक्सन्न । मात्र मौसुफको सम्झना र देखाएको सही बाटो मात्र छ ।

श्री ५ वीरेन्द्रप्रति म आफ्नो यही भावनाहरू राख्दै श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु !

श्रद्धाञ्जली ! श्रद्धाञ्जली !! श्रद्धाञ्जली !!!

●

मनका राजा चौतारीमा फेरि भेटिएला !

● *गोपालकुमार बस्नेत*

चौतारीमा राजा भेटियो,
भन्ज्याङमा रानी भेटियो ।

गत केही घन्टादेखि यो शब्द-गीत मेरो माथमा चढेको छ, निरन्तर यो गीत माथाबाट धुन बनेर मुखमा आइरहेछ, गीत बनेर कन्काई झैं सलल बगिरहेछ । गीतको आदि पनि छैन अन्त्य पनि तर गीत निरन्तर बजिरहेछ ।

यौटा अपत्यारिलो समाचार बनेर आधारातदेखि आएको हल्ला आखिरमा पत्याउनै पर्ने भयो । राजा रहेनन्, रानी रहिनन्, अरू पनि थुप्रै रहेनन् । लाखौं नेपालीले युग-युग बाँचून् यस्ता राजा भनेर गरेको प्रार्थना पनि आखिर भगवान्ले सुनेनन् । आफ्नो प्राणभन्दा प्यारो मानेको राजा आखिर भावनाको भ्रम जस्तो मात्र भयो । यौटा लामो अन्तरालपछि जनता आफ्नो मनमष्तिस्कबाट राजाको पुनःमूल्याङ्कन गर्दै अब्बल दर्जाको राजाको ठहर भै रहेको अवस्थामा राजालाई हेरेर अब नेपालीले आँखाको भोक मेट्न नसक्ने भएका छन् । राजा रहेनन् । षड्यन्त्रले राजा लग्यो या नियतिले राजा लग्यो, साँच्चै अब मनले मानेका राजा रहेनन् । समयको कसीले साँच्चै लोकप्रिय ठहर गरेको राजा पनि आखिर षड्यन्त्र या सनकको भुबँरीमा परे र निस्कन सकेनन् । राजवंशको इतिहासमा नै नभएको यौटा पत्याउनै नसक्ने घटना हामी आफैं बाँचेको घडीमा घट्यो । हामी इतिहासमै नभएको कुरा सुनी जान्ने भयौं ।

मुलुकभरि यस्ता मान्छे थुप्रै छन् जो भन्दैछन् पोहोरपरार हाम्रा गाउँमा आउने राजा मारिएछन्, शनिस्चरे हाटमा खसी किन्ने रानी मारिइछन् । इलामको चुरेघाँटीमा झुप्रे पसलमा चिया खाने राजारानी मारिएछन् । वीरगन्जको बजारमा रिक्सामा चढेर बजार घुम्ने राजारानी मारिएछन् । धनकुटा हिले वसन्तपुर पैदल हिडेर घुम्ने राजारानी मारिएछन् । साँच्चै ओराली, उकाली, चौतारी, भञ्ज्याँग, खोलानाला, पाखापखेरा कहीं यस्तो ठाउँ छैन जहाँ राजारानी नपुगेको होओस् । धेरै गाउँघर पधेराको पानी अञ्जुलीमा थापेर राजारानीले पिएका छन् । दरबारबाट पैदल बजारबीच खुला सडकबाट अगिअगि राजा र पछि पछि अलिकति कुराउनी झोलामा पोको पारेर छोरीको घरमा कोसेली बोकेर जाने रानी मारिइछन् । इतिहासमा पढेको भए पत्याउन सजिलो हुने थियो । दन्त्यकथामा सुनेको भए पत्याउन सजिलो हुने थियो, तर आफैं बाँचेको यस घडीमा यो कथा हो या यथार्थ पत्याउन गाह्रो परिरहेको छ । केचनाका आदिवासीसँग फोटो खिचाउने राजा, बर्ने, टोकला, कन्याम र माईपोखरीमा बतासिएर हिड्ने राजा शायद कल्पनाका राजा हुन् कि, मन दोधारमा छ ।

ससंदीय बहुदलीय व्यवस्था आएको बाह्र वर्ष भयो, कानुनी राज्य स्थापना भएको एक युग भएको छ । सबै निकायहरू आफ्ना-आफ्ना जिम्मेवारी निर्बाहमा कर्तव्यनिष्ठ भै राष्ट्र र जनताको हितमा समर्पित भएर काम गर्नुपर्ने हो तर इमान्दार भएर भन्ने हो भने कानुनी राज्यको जिम्मेवारी कसैले पूरा गरेको छ भने राजाले या राजसंस्थाले मात्र पूरा गरेको छ । अन्य निकायहरू आफ्नो अनुकूलताको व्याख्या र पदको आजीवन सुरक्षामा लागेका छन् । पदको सुरक्षाका लागि अनियमितताको पहाड खडा गरेका छन् ।

यौटा अनियमितताको ढाकछोपमा अनेकौं अनियमित काम भएका छन् । अनियमितताको खेतीमा देश लथालिङ्ग र बरबाद भएको छ । के अहिले राष्ट्रको बर्बादीमा राजसंस्थालाई जिम्मा लगाएर हाम्रा राजनेताहरू पन्छिन सक्छन् ? आफ्नो पदको सुरक्षा भए राष्ट्र या प्रजातन्त्र बलियो हुने र आफ्नो पदको असुरक्षा भए प्रजातन्त्र र राष्ट्रियता दुवै खतरामा पर्ने व्याख्यामा पदमा आसीनहरू अभ्यस्त रहिआएका छन्, इमान्दार अनुयायीहरूलाई नेतृत्व तहले दास ठानेका छन् ।

एउटा सानो कुनाको जनआवाजलाई कदर गर्न जनमतको घोषणा गर्दा आफ्नै सल्लाहकार र सहयोगीको आलोचना खप्ने राजा, बीपीलाई फाँसीदेऊ भन्दै नारा लाउने आफ्नै राजनीतिकर्मी महापञ्चको मागका विरुद्ध बीपीलाई उपचारका लागि खर्चसहित अमेरिका पठाउने पनि उही राजा हुनसक्छ, पञ्चायतको पनि नेता बनिदिनुपर्ने राजा जनताले चाहे पञ्चायत छान्नून् या बहुदल अब आउने व्यवस्था बालिग मतदानबाट छानिएका जनप्रतिनिधिले वहुमतद्वारा सरकार बनाउनेछन् भन्ने राजाबाट मुलुकलाई प्रजातन्त्रीकरण गर्दै लाने प्रक्रियालाई जनताको हतारले सजिलै विना ठूलो हिंसा प्रारम्भिक चरणमा नै संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको प्रस्ताव स्वीकृत हुनसक्छ । जनअधिकारका मागहरू सजिलै पूरा गरिदिने कमलो मनका राजा जब आफ्नो राष्ट्रिय अभिमानमा धक्का पुगेको महसुस गर्छन् या नेपालको शान्तिक्षेत्रको प्रस्ताव विश्वमै स्वीकृत र सर्वमान्य भए पनि जब भारतद्वारा अस्वीकृत हुन्छ या भारत नेपाललाई नाकाबन्दीमार्फत तह लगाउन उद्यत हुन्छ, देश मर्माहत हुन्छ । जस्तोसुकै परिस्थिति आइपरे पनि राष्ट्रियताको भावले कहिले झुक्न नमान्ने यस्तो राजा नेपालको मात्र हुन सक्छ ।

हुन त राजतन्त्रमा नै सत्ता प्राप्तिका ठूला-ठूला षड्यन्त्र हुन्छन्, हत्याहरू हुन्छन् । करिब तीन शताब्दीको नेपालको राजतन्त्रको इतिहासमा रणबहादुर शाह पनि षड्यन्त्रका शिकार भए र गिर्वाणयुद्धविक्रम पनि । बङ्गलादेशमा शेख मुजिबुर रहमानको परिवार नै समाप्त भएको थियो । विदेशमा भएको कारण शेख हसिना बाँचेकी थिइन् । ई.सं. १९१८ मा जार निकोलसको परिवारको पनि यस्तै सामूहिक हत्या भए पनि यिनीहरूमा सबैभन्दा ठूलो कहालीलाग्दो हत्या यो नै हो । दक्षिण एसियाका मुलुकमा सत्ताप्राप्तिका लागि या राजनीतिक कारणले हत्या नभएको त मुलुक नै छैन । बङ्गलादेश, श्रीलङ्का, पाकिस्तान, भारत त यस्ता हत्याकाण्डबाट अभ्यस्त भइसकेका छन् । तैपनि यस्तो क्रूर, अमानवीय, कहालीलाग्दो वंश नै समाप्त पार्ने हत्यामा यसपल्ट नेपालको राजतन्त्र नै प्रथम भएको छ । नेपाली मन यस घटनालाई दुर्घटना मानेर चित्त बुझाउन तयार छैन ।

मुलुक हत्या, हिंसा र आतङ्कको चपेटामा छ । धेरै काम गर्छु भनेर फलाक्नेहरू जनतालाई काम केही नगरेर ढाँटिरहेका छन्, कम बोल्छु भन्नेहरू खाली बोलीमात्र रहेका छन् । काम गर्नेले केही नदेखिने तर बोल्नेले बोलेर सबै काम गरेको ठहर्ने मुलुक नेपाल मात्र भएको छ । प्रजातन्त्रको डिङ हाँकेर नथाक्ने हाम्रा नेतागणहरूले यस घडीमा राजा वीरेन्द्रको हाम्रा अभ्यास, संस्कार, व्यवहार प्रजातान्त्रिक बनाऔं राष्ट्रिय सरोकारका विषयमा दलगत स्वार्थभन्दा माथि उठौं हामी नेपाली हौं र नेपाल हाम्रो हो भन्ने नबिर्सौं भन्ने सानो भनाइ सुनिदिएमात्रै पनि राष्ट्रिय सहमतिको एउटा आधार तयार पार्न सजिलो हुने थियो कि ?

आखिर राजा रहेनन् आँखामा राख्दा नबिझाउने राजा रहेनन् । म एक प्रजातान्त्रिक पक्षधर क्रियाशील मतदाता हुँ र भनिरहेको छु कि राजा वीरेन्द्र एक अब्बल दर्जाका महान् प्रजातन्त्रवादी थिए । मुलुकमा उनी बराबर कोही प्रजातन्त्रवादी रहेन । उनले गरेका हरक्रियाकलाप प्रजातन्त्रलाई बल पुग्ने रह्यो, राज्यसञ्चालनमा उनको तर्फबाट कुनै त्रुटि रहेनन्, बरु कैयौं नजिर स्थापित गरेर गए । उनी यस्तो बेलामा गए, जब प्रजातन्त्रलाई बचाउन राजा वीरेन्द्र जस्तो राजाको आवश्यकता थियो । संवैधानिक राजतन्त्रलाई बलियो बनाउन प्रजातन्त्रको खाँचो परेजस्तै प्रजातन्त्र बलियो बनाउन नेपालजस्तो मुलुकमा विवेकी राजाको खाँचो पर्दोरहेछ । यस्तो खाँचो पारेर दुई करोड नेपालीको मुटुको धड्कनमा वास गरेका राजा गए ।

मलाई लाग्छ– राजा गएका छैनन् र यस्ता राजा जान पनि सक्दैनन् । यस्ता असाध्यै राष्ट्रवादी राजा, लोकप्रिय राजा गाउँघर देउसीभैली खेलिहिड्ने राजा, हाटबजार लेकबेंसी डुलिहिड्ने राजा, हेर्दै जानुहोस् कुनै दिन कुनै टाकुरामा रानीसँगै भेटिन सक्छ या कुनै तराईको खोँचमा, या मूलघाटबाट धनकुटा जाने पैदल उकालो बाटाको चौतारीमा, होइन भने माघको मधुरो घाममा कन्यामको डाँडाबाट पारिपट्टि दार्जिलिङ्गको आफूले बालापन बिताएको स्कुलतर्फ दूरबीन मिलाएर देखाउँदै गरेको एकजोडी परदेशीलाई देखिन सक्छ । विश्वास गर्नुहोस्– एकदिन तपाईं भेट्न सक्नुहुन्छ अनि फेरि एउटा गीत तपाईंको पनि मनमा गुनगुनिन सक्छ–

चौतारीमा राजा भेटियो, भन्ज्याङमा रानी ... ।

●

श्री ५ वीरेन्द्रप्रति भावपूर्ण श्रद्धासुमन

● *डा. गोविन्दप्रसाद थापा*

२०५८ साल जेठ १९ गते शुक्रबार राति अचानक र एकोहोरो फोनको घण्टी बज्छ । फोन उठाउँदा "सर जय नेपाल ! दरबारमा गोली चल्यो रे, महाराजाधिराज सरकारलाई पनि चोट लागेको छ रे, सबैलाई स्टचाण्डबाई (Stand By) को आदेश छ सर"– आफैँलाई विश्वास लागेन । तुरुन्तै यताउति बुझ्दा यो घटना भएको शङ्का रहेन । श्री ५ महाराजाधिराज वीरेन्द्र, बडामहारानी सरकार ऐश्वर्यलगायत राजपरिवारका धेरै सदस्यहरूलाई गम्भीर चोट लागी वीरेन्द्र सैनिक अस्पतालमा उपचार हुँदै गरेको बुझियो । विधिको विधान चिकित्सकहरूको कति प्रयासबाट पनि श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, श्री ५ दीपेन्द्र, श्री ५ अधिराजकुमार निराजन, श्री ५ अधिराजकुमारी श्रुतिलगायत अन्य शाही नातेदारहरूको जीवनरक्षा गर्न नसकिएको कुरा थाहा लाग्यो। हरे ! कति क्रूर र भयावह क्षणहरूको साक्षी बन्नु पर्‍यो हामीले ?

२०५८ जेठ २० गते सबेरैदेखि सारा नेपाली स्तब्ध भए । प्यारा राजारानी तथा राजपरिवारका अन्य सदस्यहरूको दुःखद, अविश्वसनीय तथा कहालीलाग्दो घटनाबाट मृत्युको पीडाको अश्रुको भेल बग्न थालिसकेको थियो । आखिर नियतिलाई सबैले भोग्नै पर्छ । जेठ २० गते अपरान्ह सारा नेपालीका प्राणभन्दा प्रिय राजारानी र परिवारजनको अन्तिम महायात्रामा छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालदेखि पशुपतिनाथको काखमा अवस्थित आर्यघाटसम्म लामबद्ध भई बसेका लाखौं अनाथ र अवलासमान भएका नेपाली जनताले भावपूर्ण अन्तिम दर्शन र श्रद्धाञ्जली अर्पण गरे ।

स्वर्गवासी राजा श्री ५ वीरेन्द्र तथा राजदरबारप्रति भएको नेपाली जनताको अपार माया, श्रद्धा, आस्था र एकताको भावनालाई नेपाली जनताले खुल्ला हृदयले उच्च सम्मानका साथ स्पष्ट अभिव्यक्ति प्रकट गरे । के नारी, के पुरुष, के बालक, के वृद्ध सबैले सम्मानस्वरूप केश मुण्डन गर्ने, आशौच बार्ने, समवेदना पुस्तिका राख्ने, शान्तिदीप बाल्ने, लाखबत्ती बाल्ने तथा भजनकीर्तन गर्ने जस्ता क्रियाकलापहरूबाट स्वर्गवासी राजारानी एवम् राजपरिवारको मृतात्माको चिर शान्तिको कामना गरेको कुरा हामी सबैलाई छर्लङ्ग छ ।

आम जनताको मन जित्ने जनप्रेमी, जननायक, प्रजावत्सल राजा तथा राजपरिवारको देहावसानमा अतिपीडा, शून्यता एवम् कारुणिक वेदनाको सागर गहिरिनु अस्वाभाविक होइन । आफ्ना प्रिय राजा, कुशल राजनेता, प्रेरणा र पथप्रदर्शकको पर्यायवाची राजा वीरेन्द्रको स्वर्गारोहण भएको वर्ष दिन बितिसक्दा पनि सारा नेपालीको मुटुमा लागेंको गहिरो घाउ पुरिएको छैन । शुक्रबारको सो हृदयविदारक घटनाले सारा नेपालीहरूलाई एउटै व्यथा, एउटै अनुभूति र वेदनाले पिरोलिरहेको छ । आज पनि त्यो दुर्घटना सत्य होइन बरु एउटा दुःस्वप्न हो जस्तो लागिरहेछ । दुःस्वप्नबाट उठेर विपनामा राजारानीलाई भेट्न पाए हुन्थ्यो भन्ने भएको छ ।

मैले नेपाल प्रहरीमा सेवाप्रवेश गरिसकेपछि ६/७ वर्षको सेवाअवधिमा विभिन्न स्थानहरूमा पेशागत अनुभव प्राप्त गरेपश्चात् २०३८ सालमा मौसुफ सरकारको शाही पार्श्ववर्तीको रूपमा सेवा गर्ने गौरवपूर्ण जिम्मेवारीको सुअवसर पाएँ । मेरो जीवनमा पहिलोपटक राजप्रासादमा राजाको दर्शन गर्न पाएकामा भित्रैबाट

असीम हर्ष, अप्ठेरो, कताकता डर र अनौठो अनुभव भैरहेको थियो । मोहर राखी मौसुफको दर्शन गरेपछि मौसुफबाट मलाई हुकुम भयो, “काम राम्ररी गर्नू, नडराउनू, नजानेको र नबुझेको कुरा नहिचकिचाइकन पटक-पटक सोध्नू ।”

मेरो २ वर्षको दरबारसेवाबाट मैले एउटा राष्ट्रसेवकमा हुनुपर्ने गुणहरूको थप विकास गर्ने मौकाहरू पाएको महसुस गरेको छु । दुईवर्षे सेवाकालमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको शाही पार्श्ववर्तीका नाताले स्वदेश तथा विदेशका विभिन्न स्थानहरूमा साथ लागी सेवा गर्ने अवसरहरू पाएको कुरा आज पनि मेरो स्मृतिमा ताजै छ । २०३९ सालमा घोषणा भएको पाँचौं विकासक्षेत्रको सदरमुकाम दिपायलको प्रथम क्षेत्रीय भ्रमणको सिलसिलामा राजसी सुखसयलको कुनै पर्वाह नगरी एक महिनासम्म साधारण टेन्ट लगाई सेती नदीको किनारमा मौसुफ सरकारहरू राज होइबक्सेको थियो । सुदूर पश्चिमाञ्चल क्षेत्रअन्तर्गत दूरदराजका विकट गाउँहरूमा समेत पैदलयात्रा गरी जनताले भोग्नुपरेको दुःख, कष्ट र आवश्यकताको जानकारी लिइबक्सेको थियो । सवारी शिविरहरूमा रहँदा विभिन्न विषयहरूमा मौसुफ सरकार बढीभन्दा बढी आफैँले जानकारी लिइबक्सन र आफ्ना प्रजाहरूको बीच रहन रुचाइबक्सन्थ्यो । दर्शनभेटका लागि आएका सबै कर्मचारी तथा महानुभावहरूको बारेमा को, कहाँ र कसरी बसेका छन् ? खानापिना, आराम र औषधि आदिको व्यवस्था के छ ? भन्ने जानकारी लिन शिविरमा पटक-पटक पैदल सवारी भै निरीक्षण गरिवक्सन्थ्यो । त्यसै गरी मौसुफ सरकारबाट बेलाबखतमा सवारीशिविरमा रहेका उच्चपदस्थ कर्मचारीहरूलाई भोजमा निम्तो बक्सन्थ्यो र त्यस भोजमा उच्चपदस्थ अधिकारीहरूलाई भात, कुनैलाई दाल, कुनैलाई अचार र कुनैलाई तरकारी पकाउने जिम्मा दिइबक्सन्थ्यो र भोजमा उनीहरूले पकाएको खाना बढो स्वाद मानीमानी ठट्टा, हाँसो र खुशीको बीचमा ज्यूनार गरिवक्सन्थ्यो ।

यसरी हेर्दा मौसुफ सरकार जनसाधारणसँग घुलमिल गरिवक्सन र उनीहरूकै सुख-दुःखमा साथ दिन रुचाइबक्सन्थ्यो । वि.सं. २०३९ सालतिरको कुरा हो, मेरो जेठो छोरा बिरामी भई उसलाई उपचारको सिलसिलामा भारतको भेलोरमा लैजाँदा मौसुफ सरकारवाट मेरो छोराको उपचार खर्चमा सहयोगस्वरूप रु. १५,०००।- (पन्ध्र हजार) बक्स भएको थियो । सो बक्स भएको सहयोग रकमबाट त्यसबखत मलाई मेरो छोराको उपचार कार्यमा अतुलनीय सहयोग मिलेको थियो । मौसुफ सरकारको सो अमूल्य सहयोगका लागि म र मेरो छोरा निश्चल दुवैले हाम्रो जीवनपर्यन्त कृतज्ञतापूर्वक सम्मान गरिरहनेछौं ।

विदेश भ्रमणमा रहँदासमेत आफूसँग भएका सकल दर्जाका कर्मचारीहरूको स्वास्थ्य, खानपिन र आरामका बारेमा जानकारी लिइबक्सन्थ्यो । भ्रमण भएको देशका बारेमा सूक्ष्म रूपले पूर्व जानकारी लिइबक्सन्थ्यो र भ्रमणदलमा रहने सम्पूर्ण सदस्यहरूलाई सो मित्रराष्ट्रको धर्म, संस्कृति, रीतिरिवाज र खानपान इत्यादिको बारेमा पूर्व जानकारी गराइबक्सन्थ्यो । मेरो दरबारसेवाको अवधिमा मौसुफ सरकारका साथ लागी मित्रराष्ट्र चीनको भ्रमण गर्ने मौका पाएको थिएँ । यसै भ्रमणको सिलसिलामा केही अविस्मरणीय क्षणहरूको सम्झना अझै पनि ताजै छन् । होटलमा बस्दा, खाना खाँदा र अरू विदेशी पाहुनाहरूसँग व्यवहार गर्दा विभिन्न संस्कारहरूका बारेमा मौसुफबाट हामीलाई जानकारी गराइबक्सेको थियो । होटलका कतिपय ढोकाहरू स्वचालित रूपमा बन्द हुन्छन् र बाहिरबाट खोल्न मिल्दैन, त्यसैले बाहिर जाँदा र भित्र आउँदा ख्याल गर्नु हुकुम भएको थियो । यति हुँदाहुँदै पनि हाम्रो भ्रमण दलका एकजना पार्श्ववर्ती हामी बस्ने होटलको साततल्ला माथिको पोर्टीको बाहिर गई ढोका बन्द भएर तीन घण्टासम्म बाहिरै रहेको र पछि रिसेप्सनबाट मास्टर कि ल्याएर पोर्टीकोको ढोका खोली उनको उद्धार गरिएको क्षण सम्झिँदा रमाइलो लाग्छ ।

उक्त चीन भ्रमणको सिलसिलामा भौगालिक रूपले विकट र भौतिक सुविधाको हिसाबले सामान्य स्थल भएतापनि ऐतिहासिक दृष्टिकोणले महत्त्व राख्ने स्थल सिगात्सेको भ्रमण गरी सो स्थानमा ४ दिन बिताइबक्स्यो । चीन भ्रमणको सिलसिलामा मौसुफ सरकारको सरल जीवनशैली, कुशल कुटनीति तथा प्रभावशाली व्यक्तित्वबाट चीनका नागरिकहरू अत्यन्त प्रभावित भएका थिए ।

शाही पार्श्ववर्तीका रूपमा कर्तव्यपालन गर्ने क्रममा स्वर्गवासी महाराजाधिराज वीरेन्द्रको सान्निध्यमा रही मौसुफ सरकारको व्यक्तित्व, खुल्ला हृदय, उच्च विद्वत्ता, मानवता तथा दूरदर्शिताको सानो अंश मात्र देख्ने सुअवसर पाए पनि मौसुफ सरकारको सो गुणहरू मेरो मनमस्तिष्कमा चिरप्रभावी भएर रहेका छन् । शाही पार्श्ववर्तीको दुईवर्षे कार्यकाल सन्तोषजनक रूपले पूरा गरी २०४० सालमा दरबारबाट प्रहरी प्रधान कार्यालय फर्कने बेलामा मौसुफबाट मलाई पुनः दर्शनभेट बक्सेको थियो । सोही अवसरमा मौसुफ सरकारबाट उपहारस्वरूप बक्स भएको नाडी घडी आज पनि मेरो नाडीमा छ । आज सत्र वर्षको अवधिसम्म पनि सो घडी अनवरत रूपमा चलिरहेको छ, साथै यस नाडी घडीले मलाई घरिघरि मौसुफ सरकारको सम्झना दिलाई आफ्नो कर्तव्यबोध गराइरहनेछ । उक्त दर्शनभेटका अवसरमा मौसुफ सरकारबाट “केही परेमा मैले तिमीलाई सम्झनेछु, दरबारमा दुईवर्षसम्म राम्रो काम गरेकामा धन्यवाद, ... भविष्यमा पनि

राम्रो काम गर्नू” भनी हुकुम भै कदरपत्र बक्सेको कुरा अझै सम्झनामा ताजा छ । म जस्ता सयौँ सेवक र जनताको सुख-दुःखमा साथ दिई अरूलाई सङ्कटबाट पार लगाउने प्रिय राजा स्वयम्माथि यत्रो बज्रपात हुँदा मैले केही गर्न सकिन, हे ईश्वर ! कस्तो विडम्बना ?

विभागीय कर्तव्यपालनको सिलसिलामा विभिन्न स्थान र जिम्मेवारीका पदहरूमा देश र नरेशका लागि सेवा समर्पण गर्दै क्षेत्रीय प्रहरी कार्यालय पोखराको कार्यालय प्रमुखको रूपमा कार्यरत रहँदा मौसुफ सरकारको सवारी पोखरास्थित रत्न मन्दिरमा भएको थियो । सोही सिलसिलामा एक रात्रिभोजका लागि पोखरास्थित केही विशिष्ट पाहुनाहरू र प्रबुद्ध नेपाली कवि, साहित्यकारहरूका साथमा मैले समेत निमन्त्रणा पाएको थिएँ । सो रात्रिभोजको कार्यक्रममा विभिन्न विशिष्ट व्यक्तित्वहरूसँग देशको समसामयिक विषयहरूमा भलाकुसारी गरिबक्सेको थियो भने कविहरूबाट वाचन गरिएको देशभक्तिपूर्ण कविताहरू विशेष अभिरुचिका साथ श्रवण गरिबक्सेको थियो । यसैगरी अर्को अवसरमा मैले प्रहरीको काँधमा आइपरेको चुनौती र सुझावहरूका बारेमा आफ्नो विचार स्पष्ट रूपमा बिन्ती जाहेर गरेको थिएँ । उक्त अवसरमा मौसुफ सरकारबाट विशेष गरी अन्तर्राष्ट्रिय सीमानास्थित सीमास्तम्भहरूको वर्तमान अवस्था, हाम्रो सम्वेदनशीलता र रणनीति एवम् अन्तर्राष्ट्रिय विमानस्थल तथा स्थलमार्गबाट हुने अवैध कारोबारप्रति चिन्ता गरिबक्सेको थियो । यसबाट पनि मौसुफ सरकार आफ्नो फुर्सदको बेलामा पनि देश र देशवासीका बारेमा ज्यादै चिन्तनशील होइबक्सिन्थ्यो भन्ने कुरा छर्लङ्ग हुन्छ ।

विभिन्न कालखण्डहरूमा भएका विकासकार्यहरू तथा जनचाहनाका कदरस्वरूप चालिएका विभिन्न पाइलाहरूमा मौसुफ सरकारको निर्णायक भूमिका र सक्रिय सहभागिता यसका ज्वलन्त उदाहरणहरू हुन् । अथक परिश्रमी, शालीन, दूरदर्शी, अध्ययनशील, एवम् प्रजावात्सल्य गुणहरूले युक्त कुशल राजनेताको रूपमा के रात, के दिन, के झरी, के खडेरी, के पहाड, के तराई, नेपाल र नेपालीका लागि जीवनपर्यन्त निःश्वार्थ भावनाले समर्पित रहिबक्सने राजा आज हामीबाट कहिल्यै नफर्कने गरी टाढा होइबक्सेको छ ।

यस घडीमा आज सारा नेपाली एउटै घाउ र दुखाइबाट पीडाबोध गरिरहेका छन् । सारा नेपालीको एउटै व्यथा एउटै खालको छ । आज पीर र व्यथा बोकेर विरह वेदनामात्र पोख्नुको कुनै अर्थ नहोला बरु सारा नेपालीमात्रको हितकारी कार्यमा आ-आफ्नो जिम्मेवारीलाई नभुली होस्टेमा हैँसे गर्दै राष्ट्रिय एकता र अखण्डताको जगेर्ना गर्दै भाइचारा र आपसी सद्भावनाको अभिवृद्धि गर्दै अगाडि बढ्नु समय सान्दर्भिक हुनेछ । यही नै स्वर्गवासी राजा, रानी र अन्य स्वर्गवासी राजपरिवारका दिवङ्गत आत्मांहरूप्रति श्रद्धाञ्जली हुनेछ ।

◆

चार संस्मरण !

● डा. जनकलाल वैद्य

१. वि.सं. २०३२ सालको आषाढ शुक्ल दशमी तिथि, त्रिभुवन विश्वविद्यालयको वार्षिक दिवस, कीर्तिपुर अवस्थित त्रिभुवन विश्वविद्यालयको नवनिर्मित भवन परिसरको रमणीय, प्रेरक र चहलहल भएको वातावरण । सो दिन त्रिभुवन विश्वविद्यालयको कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस र त्यस त्रिभुवन विश्वविद्यालय-अन्तर्गतका मानविकी, विज्ञान, कानुन, वाणिज्य संकायका क्याम्पसहरूमा प्राध्यापनमा कार्यरत प्रत्येक प्राध्यापकलाई एकएक गरी दर्शनभेट बक्सभएको थियो । प्राध्यापकप्राध्यापिकाहरू त्रिभुवन विश्वविद्यालयद्वारा निर्देशित औपचारिक पोशाकमा उपस्थित भई पंक्तिबद्ध भई आआफ्नो पालो आएपछि कक्षभित्र प्रवेश गरी कुलपति श्री ५ वीरेन्द्रको दर्शन, अभिवादन र परिचय बिन्ती चढाई फर्कंदै थिए । कक्षभित्र श्री ५ बडामहारानी, राजपरिवारका अन्य सदस्यहरू, त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपकुलपति प्राध्यापक सूर्यबहादुर शाक्यलाई देखें । म पनि आफ्नो पालो आएपछि कक्षभित्र पसें । कुलपति श्री ५ वीरेन्द्रमा अभिवादन गरें र आफ्नो नाम, पढाउने क्याम्पसको नाम र पढाउने विषयबारे संक्षिप्त परिचय बिन्ती चढाएँ । म सो कक्षबाट बाहिर निस्कनै लागेको बेलामा उपकुलपतिज्यूले मेरो पाखुरामा समाई कुलपति श्री ५ बाट केही जानकारी चाहि बक्सेको छ भनी मलाई मौसुफको नजिक उपस्थित गराउनुभएको थियो । त्यसबेला मौसुफ सरकारबाट मलाई सोधिबक्सियो :

– "क्याम्पसमा पढाउने नेवारी साहित्य विषयमा कहिले देखिका साहित्य पाइन्छन् ?"

– "कुनकुन विषयका प्राचीन साहित्य सुलभ छन् ?"

– "आफूले पढाउने विषयका धेरैलाई जानकारी मिल्ने किताबलेखहरू पाइन्छन् ? ती किताब र लेख नेपालीभाषामा पनि लेखी प्रकाश गरेमा नेवारी साहित्यबारे धेरैले थाहा पाउँछन् हैन ?"

– "यहाँले लेख्ने गर्नुहुन्छ त ?"

त्यसबेला मैले ने.सं. ५०० अर्थात् वि.सं. १४३७ देखिका वाङ्मय, काव्य, अभिलेख ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा भएका, तिनीहरूका अनुसन्धान गर्ने इच्छा भएको, त्यस बेलासम्म मैले आफूले पढाउने विषयमा समीक्षा लेखहरू केही कथा र नाटक लेखी प्रकाश गरिसकेको, नेपालीमा उसैका लागि काव्यको समीक्षा लेख गोरखापत्रमा प्रवाह गरिसकेको, तथा नेवारी साहित्य प्राचीन, आधुनिक दुवै क्षेत्रमा अनुसन्धान गरिकन तथ्यप्रकाशनमा ल्याउने उम्मिद छ भनी बिन्ती चढाई सो कक्षबाट निस्कें । बाहिर निस्कँदा पंक्तिबद्ध उभिरहनु भएका वरिष्ठ प्राध्यापक मिश्रनाथ देवकोटाले "कुलपति श्री ५ सित धेरैबेर कुरा गर्न पाउनुभएकामा बधाइ छ" भन्नुभयो । अप्रत्याशित सो भेटदर्शन र संवादले मलाई अन्तःप्रेरणा मिल्यो । नेवारीमा प्राचीन आधुनिक काव्यसम्बन्धी समीक्षात्मक र अनुसन्धानात्मक लेखहरू नेपालीमा पनि लेखिकन प्रकाशित गराउँदै आएको छु– गोरखापत्र दैनिकको (शनिबारीय अङ्कहरूमा) रोलम्ब मासिकमा, राष्ट्रिय अभिलेखालयको वार्षिक पत्रिका अभिलेखालयमा, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्रज्ञामा तथा राष्ट्रिय अभिलेखालयस्थित नेपालभाषा नेवारी अभिलेख ग्रन्थ सूची पुस्तक

'आशा सफू कुथि' सङ्ग्रहालयका अभिलेख ग्रन्थहरूका बारेमा नेपाल भाषा र अंग्रेजी भाषा माध्यममा नेवारी भाषाका प्राचीन, माध्यमिक वाङ्मय र विविध विधा विषयबारे तथ्यप्रकाशमा ल्याएको थिएँ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित साहित्य कोश ग्रन्थमा (वि.सं. २०५५, पृ ४४८-४६५) नेवारीभाषाको इतिहास शीर्षकको खोजपूर्ण लेख, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानकै सयपत्री पूर्णाङ्क ११ कथा अंकमा अतिथि सम्पादका हैसियतले नेपालभाषाका विहार इतिहास (कथा विधाको) र नेवारीभाषा कथाहरूका नेपाली रूपान्तर प्रकाशन गरिसकेको विदितै होला । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सामाजिक शास्त्र र इतिहास विभागबाट भक्तपुरको प्रख्यात पाँचतले मन्दिरबारेको प्राचीन अभिलेख ग्रन्थको सम्पादन अनुवाद नेपालीभाषामा कम्प्युटर लेजरप्रिन्ट नै तयार गरी बुझाइसकेको थिएँ वि.सं. २०५८ आषाढ महिनाभित्र । नेपाल भाषा साहित्येतिहास (उत्तर मध्यकालीन र शाहकालीन) ग्रन्थ पाण्डुलिपि (टाइप) करिब एक दशक अगावै बुझाइराखेको थिएँ । यी लेखहरू र ग्रन्थहरू नेपालीभाषामा तयार गर्नुमा मौसुफ सरकारसितको उपर्युक्त दर्शनभेट सम्वादबाट मलाई अन्तःप्रेरणा मिलिरहन्थ्यो । ती लेखहरू र पुस्तकहरूबाट नेपालका विज्ञजन समुदायलाई नेपालभाषा वाङ्मय, साहित्यबारेमा उपयोगी तथ्यहरू सुलभ भइरहँदो होला भन्ठान्दछु ।

२. दोस्रोपल्ट श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारसित भेटदर्शन गर्ने सुअवसर वि.सं. २०४९ मा मिल्यो । मौसुफ सरकारको शुभजन्मोत्सवका दिन श्री ५ का सरकारका विभिन्न कार्यालय निकायका राष्ट्रसेवक कर्मचारीहरू मध्ये मेरो माहिला छोरा ज्ञानेश्वर वैद्यलाई पनि प्रबल गो.द.बा. (चौथो) मानपदवी तक्मा (मरणोपरान्त) प्रदान हुने समाचार रेडियो नेपाल र गोरखापत्र (दैनिकबाट) ज्ञात भयो । सुशोभन समारोहका दिन म आफ्नो छोराको अभिभावकका नाताले श्री ५ को सरकार गृह मन्त्रालयबाट प्राप्त परिपत्र र छोराको फोटोसहित नायरायणहिटी राजदरबारमा उपस्थित भएँ । त्यसबेला त्यहाँ श्री ५ सरकारका विभिन्न दर्जाका कर्मचारीहरू र राष्ट्रका विभिन्न क्षेत्रमा विशेष योगदान दिएका महानुभावहरू आ-आफ्ना परिचयपत्रसाथ लिई पंक्तिबद्ध भई उभिइरहेका थिए । त्यहाँ खटिएका राजदरबारका कर्मचारी अधिकृतहरू पंक्तिबद्ध भई उभिरहेका मानपदवी भागीहरूका परिचयपत्र परिपत्र भिडाई हेर्ने र आवश्यक निर्देशन दिदै थिए । मलाई पनि छोराको नामको मानपदवी, तक्मा हात थापी लिनुपर्छ भनी निर्देशन गरियो । नाम बोलाएपछि श्री ५ महाराजाधिराज, श्री ५ युवराजाधिराज राज भइरहेको कक्षमा प्रवेश गरें । राजभक्तिपूर्वक सम्मानआदरभावयुक्त अभिवादन गरें –शिर निहुर्‍याई । मैले आफ्ना हत्केलामा श्री ५ को सरकारको गृह मन्त्रालयको परिपत्र त्यसमाथि स्व. ज्ञानेश्वर वैद्य पूर्व प्र.नि.को अटोसाइजको रंगीन फोटो राखिकन मौसुफ सरकारलाई नजर गराएँ । मौसुफ सरकारबाट यो के हो ? को हो ? भनी सोधिबक्स्यो । मैले गृहमन्त्रालयको परिपत्र र २०४८ माघ १ गते वीरगति पाएको मेरो माहिलो छोरा ज्ञानेश्वर वैद्यको फोटो भनी परिचय बिन्ती चढाउँदै थिएँ मौसुफ सरकारबाट 'ए........ बागलुङको प्रहरी इन्सपेक्टर ?' भनी प्रश्न गरिबक्सँदै मौसुफ अलिवर सवारी भई सहानुभूतिपूर्वक फोटो नजर गरिबक्स्यो र छोराको नाउँमा प्राप्त तक्मा मेरो हातमा राखिबक्स्यो । मौसुफ सरकारहरूमा राजभक्तिपूर्वक अभिवादन गरी त्यस कक्षबाट निस्कैं । शोकसन्तप्त मेरो हृदयलाई त्यस अवसरमा श्री ५ महाराजाधिराज र युवराज सरकारहरूको दर्शनभेटबाट सञ्जीवनी सर्रोवरको सान्त्वना मिलेको अनुभव गर्दै हर्षविभोर भई त्यहाँबाट घर फर्कें ।

३. मौसुफ श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको दर्शन साक्षात्कारको तेस्रो सुअवसर २०५० भाद्र ५ गतेका दिन त्रिचन्द्र कलेजको ७५ औं जयन्ती समारोहको सुखद अवसरमा प्राप्त भयो । त्रिभुवन विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारबाट सो ७५ औं जयन्ती समारोहको प्रमुख आतिथ्य ग्रहण गरिबक्सेको थियो । सोही क्याम्पसबाट स्नातक तहमा विशिष्ट श्रेणीमा उच्चतम प्राप्ताङ्कसाथ उत्तीर्ण भइबक्सेका तत्कालीन श्री ५ युवराजाधिराज दीपेन्द्रवीरविक्रम शाहदेवलाई उक्त त्रिचन्द्रकलेजको ७५ औं जयन्ती समारोहमा त्रिभुवन विश्वविद्यालयका कुलपति श्री ५ महाराजाधिराज सरकारबाट सर्वप्रथम सम्मानित गराइबक्सियो । त्यसपछि दीर्घकालसम्म सेवा गरी योगदान पुर्‍याएका वरिष्ठ-कनिष्ठ तहका प्राध्यापकहरू र प्रशासकीय कर्मचारीहरू प्रत्येकलाई किस्तीभरि दोसल्ला र प्रमाणपत्र कदरपत्र बक्सेको थियो । कैयन् वर्षपछि त्रिभुवन विश्वविद्यालयका कुलपति तथा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका बाहुलीबाट सम्मानित हुन पाएका त्रिचन्द्र कलेजका प्राध्यापकहरू, विद्यार्थीहरू, र प्रशासकीय कर्मचारीहरू गौरवान्वित र आनन्दित भएका थिए । त्यस दिन त्यस समारोहमा त्रिचन्द्र क्याम्पसको शान्त वातावरण अपूर्वको थियो । त्यस समारोहमा मैले पनि मौसुफ सरकारको बहुलीबाट दोसल्ला र कदरपत्रसहितको उपहार पाएकामा मेरो हृदय हर्षविभोर थियो । त्यस बेला मौसुफ सरकार मधुर मुस्कानयुक्त प्रसन्न मुद्रामा घण्टौं उभिइबक्सेर सयौं प्राध्यापक, कर्मचारी, र विद्यार्थीहरूलाई सम्मानित गरिबक्सेका दृश्य प्रेरक र उत्साहवर्द्धक लागदथ्यो । मौसुफ सरकारको प्रमुख आतिथ्य तथा सहभागिता

भएको त्रिचन्द्र कलेजको ७५ औं जयन्ती महोत्सव त्रिचन्द्र कलेजको इतिहासमै अपूर्ण किसिमको स्मरणीय र गौरवमय सुखद घटना थियो।

४. चौथो पटकको भेटदर्शन मैले वि.सं. २०५१ फागुन १२ गते शुक्रबारका दिन त्रिभुवन विश्वविद्यालयका कुलपति तथा श्री ५ महाराजाधिराज वीरेन्द्रविरविक्रम शाहदेव सरकारबाट विद्यावारिधि उपाधि पाएकाले प्राप्त गर्ने महेन्द्र विद्याभूषण 'क' श्रेणीको मानपदवी मौसुफकै वरद बाहुलीबाट बक्सँदाको शुभ अवसरमा पाएको थिएँ। त्यसबखत पनि म अत्यन्तै गौरवान्वित र हर्षविभोर भएको थिएँ।

हुन ता उपर्युक्त संस्मरणहरू व्यक्तिगत अनुभूति र संस्मरण हुन्। प्रत्येक देशभक्त र राजभक्त नागरिकलाई यस्ता प्रत्यक्ष दर्शनभेट अवसर अप्रत्याशित/प्रत्याशित प्राप्त हुँदा गौरवान्वित, अनुप्रेरित, हर्षविभोर हुने नै हुन्छ। "राजा सबैका साझा" भन्ने आहानलाई यस्तो भेटदर्शन सुखलाभ संस्मरण लेखले सत्य सावित गरिरहला भन्ने मलाई लाग्छ। श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह र २०५८ जेष्ठ १९ गतेको अकल्पनीय हत्याकाण्डमा परी स्वर्गारोहण भएका राजपरिवारका अन्य सदस्यहरूप्रति हार्दिक शाब्दिक श्रद्धासुमन स्वरूप यो संस्मरण लेख अर्पित छ।

२०५९।८।१६

●

प्रचण्ड प्रतापी भूपति

● उपप्रा. जयराज पन्त

वंशजको नाता वा अन्य विधिसम्मत प्रक्रिया पूरा गरी कुनै पनि राष्ट्रको राजा वा रङ्क हुनु महत्त्वपूर्ण कुरा होइन । महत्त्व त तब हुन्छ, जब कसैले त्यो हुनुको अर्थ सार्थक तुल्याउँछ । आजसम्मको इतिहासमा कति राजा र कति जनता जन्मे, कति मरे, तर तिनमा न्यूनतम केहीको नाममात्र चर्चामा आउँछ । बाँकी सबै समयको परिवर्तनसँगै कालकवलित भएका छन् । सोक्रेटस, गौतम बुद्ध, क्राइस्ट, मोहम्मद, पृथ्वीनारायण शाह, अब्राहम लिङ्कन, महात्मा गान्धी, आइन्स्टाइन, कार्ल मार्क्स वा यस्तै औँलामा गन्न संकिने केहीको मात्र जन्म भएको छ अहिलेसम्मको सृष्टियात्रामा । अरू सबै 'साक्षात् पशुः पुच्छविषाणहीनः' अर्थात् सिङ्पुच्छर नभएका साक्षात् पशुमात्र जन्मेका हुन् । मान्छेको संख्या पृथ्वीले धान्न नसक्ने अवस्थामा पुगे पनि साँचो अर्थमा मान्छे पाउन गाह्रो पर्नाको कारण यही हो Water water every where, but not a drop to drink[1] भनेझैँ ।

आफ्ना असामान्य चरित्रले विश्वविख्यात र कालजयी बनेका महामनाहरूको सूचीमा आउने एउटा नाम स्वर्गवासी नेपालनरेश श्री ५ वीरेन्द्र पनि हो । नृशंस हत्याको सिकार बनेका र आलो घाउजस्तो घटनाका सम्झनामा रहेकाले राजा वीरेन्द्र विश्वइतिहासमा केही दिनका लागि मात्र चर्चामा रहेका होइनन् । राजा भएका कारणले मात्र पनि यिनको यति ज्यादा नाम चलेको होइन । यिनका कुरा गर्दा शान्त, संयमित, धैर्यशाली, उदार, प्रजातन्त्रप्रेमी, सहनशील, सज्जन र राष्ट्रभक्त, त्यस्तो व्यक्तिको चित्र मनमन्दिरमा प्रकट हुन्छ, जसका गुणका प्रकाशले हृदय आलोकित बन्दछ । सोक्रेटस, क्राइस्ट, अब्राहम लिङ्कन र महात्मा गान्धीका झैँ यिनका कथाको चर्चा गर्दा कविवर माधव घिमिरेले गौरीमा भने झैँ 'छाडिदिऊँ कि यहीँ अगाडि कसरी मैले भनूँ यो कथा'[2]को अनुभूति हुन्छ । सत्यको बाटो समात्नेहरूले त्यसबापतको सजायसीमा कतिसम्म भोग्नु पर्दछ भन्ने कुराको उदाहरण पनि उपर्युक्त व्यक्तिहरूको दुःखद अन्त्य हो । यो युगौँदेखि चलिरहेको प्रक्रिया हो । २०५८ जेठ १९ गतेको राति यसको पुनरावृत्तिमात्र भएको हो । सोक्रेटसले पुनः विष पिउनुपरेको, जिसस क्राइस्टले पुनः झुण्डिनुपरेको महात्मा गान्धीले छातीमा पुनः गोली थाप्नुपरेको दिन थियो त्यो । त्यसलाई राजा वीरेन्द्रको हत्या भएको दिनका रूपमा मात्र हेरिनु हुँदैन । एउटा आदर्शको भारी बोक्नु पर्दा अनिवार्य रूपमा डोकोमाथि राख्नुपर्ने अर्को भारी पूर्ववर्ती मनस्वीहरूले जस्तै राजा वीरेन्द्रले पनि राखेको रात हो त्यो । आदर्शको दिव्य भारी बोकेर रातारात बेपत्ता भएका हाम्रा महानायकसँग आज सोध्ने मन छ :

> *"हिँड्दै छौ कि बस्यौ कतै मुलुक त्यो कस्तो छ यस्तै छ कि !*
> *त्यो छायामय लोकबाट कहिल्यै यो लोक देखिन्छ कि !"*[3]

राजा वीरेन्द्रसँगको सामीप्य

सामान्य जनताले आफ्नो देशको राष्ट्रप्रमुखलाई चिन्दछन्, तर राष्ट्रप्रमुखले तिनलाई एकएक गरी चिन्दैनन् । मेरा निम्ति राजा वीरेन्द्र त्यस्तै हुन् । मैले चिने पनि उनी मलाई चिन्दैनथे ।

कुनै पनि व्यक्तिसँगको बाहिरी जनपहिचान वा हिड्दाडुल्दाको हाइहलोको सामान्य शिष्टाचारलाई साँचो अर्थमा परिचय भन्न मिल्दैन । भित्री मनमा खास पहिचान कायम हुनु नै सही चिनजानी हो । मैले कुनै किसिमको बाध्यतावश या स्वार्थप्रेरित अभीप्सावश उनलाई आफ्नो मनमा स्थान दिएको होइन, न त उनले मसित आफ्ना परिचयका लागि आग्रह वा दबाब नै दिए । जबर्जस्ती मनाएर मानिएका व्यक्ति पनि उनी मेरा निम्ति होइनन्, तर पनि मैले राम्रोसँग चिनेका र मानेका व्यक्ति हुन् । उनलाई मैले हृदयका आँखाबाट देखेको हुँ । मेरो मनभित्रको आसनमा सधैं बसिरहने सुपरिचित आफन्त उनी हुन् ।

पञ्चायतकाल मात्र होइन. बहुदलीय व्यवस्थाको पुनःस्थापनापछिको अन्तरिम शासन व्यवस्थामा नयाँ सम्विधान तयार पारिएको घटनासम्म मेरा निम्ति राजा वीरेन्द्रको छवि राम्रो शासकका रूपमा स्वीकार्य थिएन । पञ्चायतका नाममा हुने मनोमानी, भ्रष्टाचार र मण्डलेतन्त्रको दोष सक्रिय नेतृत्वका साथ राजामाथि लाग्ने कुराको पक्षपाती म पनि थिएँ । त्यसैले तत्कालीन पौष १ र १४ गतेका राष्ट्रिय कार्यक्रममा दौडादौड गरेर भाषण गर्न जानेको नाम लेखाउन लाइन बस्ने अहिलेका कट्टर काँग्रेसी र वामपन्थीहरूमा म कहिल्यै परिन । त्यसो भएर पनि २०३६ को विद्यार्थी आन्दोलन र २०४६ को जनआन्दोलनबाहेक अन्य कुनै पनि बखत पञ्चायती व्यवस्था नमानेबापत मैले कहिल्यै दण्डभागी हुनुपरेन ।

वहुदलपछि चर्चामा आएका र प्रजातन्त्रको पुनर्थापनापछि यस मुलुकलाई युरोप र अमेरिकाको मापदण्डमा पुऱ्याउनेहरू एकपछि अर्को गरी चारित्रिक दृष्टिले पतन हुन थालेपछि राजा वीरेन्द्रको चरित्र दिनानुदिन उज्ज्वल हुन थालेको हो । हिमालको उचाइबाट तथाकथित नेताहरू बिस्तारै ११ वर्षभित्र समुद्री सतहभन्दा पनि चारित्रिक दृष्टिले जहाँ ओह्रालो लाग्दै गए त्यहीं यिनको चरित्र क्रमशः सगरमाथा चढ्न थाल्यो । हुँदा-हुँदा २०५८ जेठ १९ गते रातिसम्म आइपुग्दा गौतम बुद्धले बोधत्व पाएझैं यिनले ख्यातिको चुली प्राप्त गरे, जसलाई पृथ्वीनारायण शाहपछि कसैले हासिल गर्नसकेका थिएनन् ।

वहुदल आउँदा दरबार र दरबारियाहरूको भण्डाफोर गर्नेहरूका कुरा क्रमैसँग कपोलकल्पित मानिन थालिए । राष्ट्रिय हितका मामिलामा राजा वीरेन्द्रले कसैसित सम्झौता गरेनन् भन्ने कुरा सूर्यको प्रकाशजत्तिकै छर्लङ्ग भयो । वरिपरि बसेर प्रत्यक्ष रूपमा एक-एक क्रियाकलापको चियोचर्चा गर्न नपाए पनि एउटा सचेत नागरिकका नाताले यिनीवाट प्राप्त भएको परिचयको आधार मेरो मानसिक धरातल हो भन्ने कुरा पाठकले बुझ्नुपर्दछ ।

मैले बुझेका राजा वीरेन्द्र

कामभन्दा बढी कुरा र चाहिने कुराभन्दा अनावश्यक टिकाटिप्पणी गर्ने बानीका हामी नेपालीहरूमा सर्वसाधारणका विषयमा अघिल्तिर वा पछाडिबाट कुरा काट्ने चलन छ भने राज्यसत्ताका सर्वोच्च शिखरमा बसेका राजा वीरेन्द्रसम्बन्धी कुरा नहुने त प्रश्नै उठ्दैन । चर्चा वा टिप्पणी त्यसको हुन्छ जो केही गर्दछ । हार वा विजय त्यसको हुन्छ जो रणमैदानमा लड्दछ । यिनको बारेमा उठ्ने केही कुरा टाढैबाटा बुझ्ने मजस्ता सामान्य व्यक्तिले पनि सहजै भन्न सक्तछ ।

यिनले राजी-खुसीका साथ प्रजातन्त्रको पुनःस्थापनामा मद्दत पुऱ्याएका हुन् । लोकतन्त्र अएपछि हिजोआज दैनिक रूपमा जति नेपालीहरू मारिदै छन् २०४६ को सो जनआन्दोलमा त्यति मारिएका थिएनन् । आफ्ना नागरिक अनाहकमा मरेको हेर्न नसकी जनप्रतिनिधिले रोजेकोजस्तो व्यवस्था र सम्विधान सजिलैसित दिने राजा आजका प्रजातान्त्रिक कुनै पनि नेताभन्दा कम लोकतान्त्रिक होइनन् । यहाँनेर प्रश्न उठ्न सक्तछ त्यसो भए पञ्चायती व्यवस्था टिकाउने प्रयास राजाबाट किन भयो ? उत्तर स्पष्ट छ, त्यसबेला पनि इतरपक्षका नेताहरूसँग भेट्दा भीष्म पितामहले आफ्नो अन्त्यको रहस्य बताएझैं यिनले पनि प्रजातन्त्र स्थापनाका लागि केही नकेही गर्न र जनतालाई आन्दोलित पार्न आवश्यक भएको सल्लाह बेलाबखत दिएका कुरा चर्चामा आएकै हुन् । त्यागबिना त्यत्तिकै उपलब्धि हासिल गर्दा मूल्यहीन मानिने र सशक्त राजनीतिक शक्ति बनिसकेको पञ्चायतलाई ढाल्न सामर्थ्यको प्रयोग गर्नैपर्ने कुरा यिनले बारम्बार उठाएका थिए । आफ्नो स्वार्थमात्र हेरेका भए भूटानी नरेशजस्तै भारतसँग मिलेर अकण्टक राज बनाउन सक्थे, तर त्यसो नगरी जनताका चाहनामुताबिक निर्णय दिए ।

पञ्चायती व्यवस्था यिनले बिरासतका रूपमा पाएका हुन् । राज्यको सर्वसत्ताका अधिपति पनि यिनलाई बिरासतले नै बनाएको हो । राजसी सुखसुविधामा बढेकाहरू झुक्न जान्दैनन् । घरमा आगो लाग्दा पनि जुत्ता नलगाइदिएसम्म ओछ्यान नछोड्ने लखनउका नबावका कथा हामीले सुनेका छौं । सबैजसो नबाबहरू त्यस्तै हुन्छन् । इच्छाविपरीतका काम त्यस्ता व्यक्ति गर्दैनन्, बरु देश छोडिदिन्छन् । हिजोसम्म फाटेका चप्पल घिसारेर हिड्ने आजका हाम्रा नेताहरूलाई कुर्सीको मोह देश र आफ्नो ज्यानभन्दा बढी भइरहेको घटना प्रत्यक्ष देखिरहेका हामीहरूले खाइपाइ आएको सारा सुविधा हाँसी-खुसी हरि ॐ तत्सत् गर्नु यिनले गरेको सामान्य त्याग ठान्नुहुँदैन ।

आमाकै घेराभित्र बस्नुपर्ने बेलामा मातृस्नेहबाट वञ्चित हुनु सबभन्दा ठूलो कमी वा अभाव हो । भौतिक सुविधा हेर्ने हो

भने सबै छ, तर छैन लडिबुडी खेलेर जससँग रुन, कराउन पाइनु पर्ने हो त्यो नै नपाएपछि अरू वस्तुलाई के पाएको भन्ने ? सानैमा मातृवियोग सहेका यिनले संयमित हुन, धैर्य गर्न र सहनशील बन्न बाध्यतावश सिकेका थिए । जापान र बेलायतजस्ता मुलुकमा अध्ययन गरेकाले पनि यिनमा प्रजातन्त्रप्रतिको आस्था बढेको हो । लोकतन्त्रको गूढ अर्थ टोकियो र लन्डनमा रहँदा बस्दा व्यवहारमा उत्रेको देखेका यिनले आफ्नो मुलुकलाई पनि विश्वमा प्रजातान्त्रिक मूल्य र मान्यताको सशक्त पक्षधर बनाउन खोजे, परन्तु बाँदरका हातको नरिबलजस्तै बनाइदिए यसलाई हाम्रा राजनेताहरूले । म विशेष जोर दिएर भन्न चाहन्छु – 'तिम्रो पाप थिएन, चार दिनका चोला थियो कञ्चन'[४] ।

राजा वीरेन्द्र हाम्रो सम्पदा

श्री ५ वीरेन्द्र नेपालीहरूका राजा हुँदै हुन् । यिनको निधन सुनेर संसार नै स्तब्ध बनेको थियो । त्यस्तो स्तब्धता सामान्य घटनाले छाउँदैन । दुनियाँभरिका हिन्दूहरूका एकमात्र राजा हुनु, मानवताका पुजारी हुनु, क्षेत्रीय सहयोग र समभ्रूदारीका संस्थापक हुनु, शान्तिप्रिय हुनु, गरिबका उद्धारक हुनु तथा निर्माण र मेलमिलापका अन्तर्राष्ट्रिय नेता हुनुजस्ता अनेकौं कारणले यिनको अन्त्य सुन्दा विश्वजनसमुदायको सास निकै बेर रोकिएको थियो- त्यो राति सबको हृदयमा पहाड राखेसरी भनेभ्रैँ । हामी नेपालीहरूका निम्ति उनी के थिए भन्ने कुरा त अभिभावक गुमाएको कुनै बालकले ठूलो भएपछि अभिभावक हुनु र नहुनुको अर्थ बुझेझैँ हो । यिनको अभाव बिस्तारै झन्-झन् खट्कँदै जानेछ ।

देश-विदेशको भ्रमण, अन्तर्राष्ट्रिय सम्बन्ध, संसारकै स्वनामधन्यहरूसँगको परिचय एवम् घनिष्टता, विविध घटनाको प्रत्यक्ष अवलोकन र ती सबै अनुभवबाट उत्पन्न व्यक्तिगत चिन्तनमनन तथा सुझबुझजस्ता कुराको लामो शृङ्खला हो श्री ५ वीरेन्द्रको जीवन । यिनको भौतिक शरीर हामीमाझ नरहनु त्यति पीडादायी घटना होइन, जति यी सबै कुराको जोरजामबाट तयार भएको कुनै व्यक्तित्वको परिपक्वता प्राप्त् नहुनु हो । यिनीसँगै भस्मीभूत प्रस्तुत कुराले हाम्रो अमूल्य सम्पति लोप भएको छ । अध्ययन-अध्यापन क्षेत्रको व्यक्ति भएकाले मलाई बेला-बखत यिनका निजी अनुभवविषयमा प्रवचन सुन्न, सुनाउन पाए कति गहकिलो कुरा थाहा पाइन्थ्यो झैँ भइरहन्थ्यो । कसरी त्यस्तो वातावरण तयार पार्ने हो भन्ने विषयमा म सोचिरहन्थेँ । कतिपटक त निकट सम्बन्ध स्थापित गरी लेखेर वा रेकर्ड गरेरै राख्न पाएझैँ पनि हुन्थ्यो झैँ लागेर उपाय सोच्ने क्रममा मैले नसुतेरै रात बिताएको पनि छु । यो कुरा त प्रत्येक ठूला व्यक्तिका लागि लागू हुन्छ । यिनीसँग भएको व्यक्तिपरिचय, राजनीतिक परिपक्वता, व्यावहारिक सुझबुझ, प्रशासकीय अनुभव, राष्ट्रनिर्माणको रूपरेखा, दूरदर्शी चिन्तन र प्रजातान्त्रिक मान्यता यिनीसँगै गए । हामी सबैको साझा सम्पति भनेका तिनै कुरा हुन् । हामीले न यिनलाई बचाउन सक्यौँ न त यिनमा रहेको हाम्रो उपर्युक्त विपुल सम्पदाको संरक्षण गर्न सक्यौँ । यहाँनेर यो भन्न आवश्यक ठान्दछु- 'बैरीलाई समेत लेख्न नपरोस् यस्तो अरू के भनूँ ।'[६]

शहीद श्री ५ वीरेन्द्र

राजनीतिका नाममा अस्वीकार्य क्रियाकलाप गरेर जेलनेल भोग्नु, सिपाहीको कुटाइ वा गोली खाएर मर्नु र सधैँभरि ज्यान हत्केलामा राखेर हिड्नेमात्र शहीद हुनुका आवश्यक सर्त होइनन् । सही अर्थमा शहीद भनेको के हो भन्ने कुराको उदाहरण बनेर यिनी हाम्रासामु देखिए । राष्ट्रिय अखण्डता यिनलाई आफूभन्दा पनि अधिक प्रिय रह्यो । त्यँस्ता कुरामा यिनी कसैसँग झुकेनन् र कुनै सम्झौता गरेनन् । दुई ढुङ्गाका बीचको तरुलजस्तो अवस्थामा रहेको यस मुलुकको स्वतन्त्र अस्तित्व र जातीय स्वाभिमान कायम गर्न यिनले अनवरत सङ्घर्ष गरे ।

भारत र चीनसँगको सम्बन्धबाट यिनले सधैं मिठास थप्न खोजे । दुवैसित समान मैत्री कायम गर्ने प्रयास यिनको रह्यो । एउटाको उक्साहटमा अर्कासँग कटुता पैदा गर्ने काम यिनबाट कहिल्यै भएन । छलकपट नजान्ने र सबैमा सहजै विश्वास गर्ने ज्यादै सुधोपन यिनको राजनीतिक चरित्र रह्यो । त्यसकै लाभ उठाएर नाकाबन्दी, धम्की, दबाव र असहज परिस्थितिको सिर्जना छिमेकीले गरे । त्यस्तो विकटमा पनि यिनी विचलित भएनन् । आखिर छिमेकीको मनोमालिन्य पखालेरै छोडे ।

मुलुकको संरक्षक भएका नाताले लोभलालचका प्रपञ्च यिनीसमक्ष सबैतिरबाट कति रचिँदा हुन् ! ती विकट घडीमा मनमनै पिउनु परेका विषका प्याला यिनले कति पिए होलान् ! एक्लो बृहस्पति झूटो हुँदाको तितो अनुभवले बारम्बार कति पोल्दो हो ! भित्री मनका आवेग वा चिथोरूँ कि चिमोठूँ लाग्ने प्रतिक्रियामूलक रोष मनभित्रै दबाएर बाहिरी हाँसोका साथ देखाउनुपर्ने बाध्य शिष्टाचारले हृदय कति जल्दो हो ! भ्रष्टै-भ्रष्ट चरित्रका जमातलाई सही बाटोमा लगाउन खोज्दाको अप्ठेरोले रुनु न कराउनु पारेको पनि हुँदो हो ! ती सबै छटपटीलाई सजिलै पचाएर जटिल अवस्थामा रहेको यस मुलुकको अस्मितामा आँच आउन नदिनु सामान्य पहरेदारी होइन । आफ्नै ढङ्गको सोझोपन, सहनशीलता र मिलनसारिताबाट नेपाल र नेपालीको इज्जत यिनले जेजसरी जोगाए त्यो आफैंमा अनुकरणीय उपाय बनेको

छ । शस्त्रास्त्रको होडबाजीले शान्ति पाइँदैन, त्यसका लागि त पारस्परिक प्रेम, सहयोग, समझदारीजस्ता सौजन्यको आवश्यकता पर्दछ भन्ने कुरा यिनले आफ्नै चरित्र अघि सारेर प्रमाणित गरिदिए ।

निश्चित पूर्वाग्रह बोकेर जसले जतिसुकै नकारात्मक धारणा राखेपनि शहीदको परिभाषा बुझ्ने हो र निष्पक्ष मूल्याङ्कन गर्ने हो भने हाम्रा घोषित राष्ट्रिय विभूति र अमर शहीदका जति पनि योगदान छन् तिनका तुलनामा यिनको त्याग, तपस्या कम देखिँदैन । राष्ट्रिय स्वार्थसँग व्यक्तिगत लाभ जुद्धाको दुर्नियति हो यिनको अन्त्य भनेर मूल्याङ्कन गर्नेहरूको सङ्ख्या पनि यस एक वर्षको अवधिमा निकै बढेको छ । नेपालको इतिहास हेर्दा राज्यको जीवनमा दूरवर्ती प्रभाव पार्ने शाह राजाहरूमा पृथ्वीनारायण शाहपछि यिनीमात्र देखिन्छन् । त्यसैले यिनको परिचय नेपाली जनसमुदायमा ऐश्वर्यभोगी राजाका रूपमा भन्दा पनि त्याग र तपस्याका धनी राष्ट्रभक्त एवम् प्रजातन्त्रका महासेनानी वीर शहीदका रूपमा हुनुपर्दछ भन्ने विचार मेरो छ ।

"यी राजा हुन् भईकन बडा प्रजाकातन्त्रवादी यी नेताका
पनि गजुर हुन् क्रान्तिका सिंहनादी ।
आफ्नो प्यारो मुटुतक दिई के गरेनन् खरीद” वेदीमा नै
भइदिए यी त हाम्रा सच्चा शहीद ॥"[७]

सम्वेदनाका धनी राजा वीरेन्द्र

मुनामदनमा महाकवि देवकोटाले मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन भनेझैँ[८] यिनलाई ठूलो बनाउने विभिन्न तत्त्वमध्ये यिनको कोमल दिल एक हो । त्यसो त संसारमा महामानव भनिने सबैजसोमा कोमल हृदय भएकै कारण त्यस्तो व्यक्तित्व प्राप्त भएको कुरा उल्लेख गरिन्छ । प्रेमको सन्देश दिएकाले क्राइस्ट भएका हुन् । निर्धन, वृद्ध, रोगी र मरणशीलता देख्नु पर्दा भावुक बनेकाले गौतम बुद्ध चर्चामा आएका हुन् । अधिकतर मान्छेले लुगा लगाउन नपाएको परिप्रेक्ष्यमा आफूले लुगा पहिरनुको औचित्य नदेख्ने महात्मा गान्धीको वैचारिक उचाइ कमलो मनकै परिणति हो । एउटा मृग मार्दा उसका निरीह आँखाले आफूलाई धिक्कारेको अनुभव गरी सिकार खेल्न छोडेको जवाहरलाल नेहरूको कथा ठूलो मनको परिचय हो । अरिङ्गालको गोलो आफैँले पोल्न लगाए पनि अर्को दिन तिनको झुण्ड नदेख्दा पिरोलिएका विश्वेश्वरप्रसाद कोइराला हार्दिक कमनीयताकै कारण महान् बनेका हुन् । फेहरिस्त दिने हो भने कुरा लम्बिन सक्तछ । तसर्थ संक्षेपमा निष्कर्ष निकाल्दा यिनी उपर्युक्त व्यक्तिका श्रेणीमा आउने अर्का मनस्वी हुन् भन्ने कुरा स्पष्ट शब्दमा व्यक्त गर्नै पर्दछ ।

पूर्वजहरूले जस्तो आखेटमा रुचि राखेको र त्यसका निम्ति समय, श्रम, साधन एवम् शक्ति खर्च गरेको घटना यिनका सन्दर्भमा ज्यादै न्यून मात्रामा प्रकाशमा आउँथ्यो । वन्यजन्तु संरक्षण र राष्ट्रिय निकुञ्जको स्थापनामा विशेष दिलचस्पी दिनु यसको अर्को उदाहरण हो । २०३६ सालमा जनमत सङ्ग्रहको घोषणा गर्नु र २०४६ मा बहुदलीय व्यवस्था प्रतिस्थापन गर्नु यिनको हार्दिक सम्वेदनाका स्वरूप प्रकट गर्ने थप घटना हुन् ।

पोखराको क्षेत्रीय भ्रमणबीचमै छोडेर २०४६ को जनआन्दोलनको दृश्य प्रत्यक्ष रूपमा देखेका यिनले केही नेपालीहरू मरेको लगत्तै आन्दोलनकारी नेतालाई बोलाएर तत्काल समस्याको समाधान गराउन खोजेको कुरा आज उदाहरण बनेको छ । राज्यसञ्चालनमा जसलाई अवसर दिए पनि व्यक्तिगत स्वार्थबाहेक अन्य कुराप्रति खास रुचि नदेखाउँदा यिनले समय-समयमा हप्काउने गरेको कुरा पनि तत्कालीन सत्तासीनहरू बताउँछन् । कसैको मुखबाट पनि यिनी क्रूर शासक थिए भन्ने कुरा निस्कँदैन । सबैलाई सधैँभरि रिझाउन सकिँदैन । सही बाटोमा हिड्नेहरू स्वभावतः बढी दुस्मन कमाउँछन् । राज्यका प्रमुख शासक भएपनि यिनले कसैलाई बिझाएनन् र केही समयका लागि दुश्मन मान्नेहरूले समेत यिनलाई सज्जन भने । यिनीभित्रको यही गुण जन-जनका मनमा यिनलाई सम्झाउने तत्त्व बन्यो । फलस्वरूप यिनको निधन हुँदा सबैले साखै आमाबाबु, दाजुभाइ र छोराछोरी वा आफन्तको देहान्तमा भन्दा बढी दुःख अनुभव गरे । महिनौं दिनसम्म यिनका तस्वीरको पूजा गरी आ-आफ्ना घरमा झुण्ड्याए । सम्भवतः यिनको जति चित्र नेपालमा अहिलेसम्म कसैको बिक्री भएको छैन । यिनीप्रति देखाइएका श्रद्धाभक्ति यिनको सम्वेदनशीलताकै कारण त हो । स्वयम् यो लेखक यिनीसँग श्रद्धावनत बनेको कारण यिनमा देखिने कोमल हृदयको प्रभाव हो । मेरा आफ्नै आमाबाबुको निधनमा भन्दा ज्यादा दुःख मलाई यिनको देहान्तमा लागेको थियो । मैले आफ्ना बाबुआमालाई बिर्सन सके पनि यिनलाई स्मृतिपटबाट टाढा राख्नसकेको छैन ।

"जानेलाइ छ सुक्ख आज उसका लेखा यहाँ के छ र
बस्नेलाइ छ पीर रातदिन नै छन् सम्झना निष्ठुर ।"[९]

दैवो दुर्बलघातक

सज्जनताको अर्को नाम कमजोरी पनि हो । भनेको ठाउँमा गएर पूर्ण आज्ञापालनका साथ इमान्दार हुने बयल हाम्रा लागि जति सहायक हुन्छ त्यति अर्को प्राणी हुन सक्तैन । त्यसैलाई हामी मूर्ख, गोरु, बुद्धिहीन भनेर गाली गर्दछौँ र मन लागेजति हेप्दछौँ, चुट्छौँ । मौका पाएमा हामीलाई नै आहार बनाउने अर्को पशु बाघलाई चाहिँ

वीर, साहसी र वनराज भनेर सम्मान गर्छौं। कतिसम्म भने देवीदेवताका लागि पनि बलिका रूपमा बोका नै ग्राह्य हुन्छ। शेर, बाघ, हात्ती, स्याल, गैंडा आदि बलिया र चलाक जनावरको बलि स्वीकार्य हुँदैन :

"सिंह नैव गजं नैव व्याघ्रं नैव च नैव च
अजापुत्रो बलिर्यस्य दैवो दुर्बलघातक : ॥"[१०]

राजा वीरेन्द्रको अन्त्यले पनि यही सत्य दोहोऱ्याएको छ। साँच्ची भन्ने हो भने कठोर शासक र क्रूर व्यक्ति बन्न नसकेकै कारण यिनले त्यो दिन देख्नु परेको हो। पञ्चायत कालभरि तानाशाह भनेर यिनीप्रति धारे हात लाउनेहरूसमेत यति छोटो समयमै बहुदल दिनुपर्ने बेला भइनसकेको र बुद्धि पुऱ्याउन नसकेको भनेर अचेल यिनैको टिप्पणी गर्दछन्।

भीमसेन थापा, सन यात्सेन, जोन अफ केनेडी, शेख मुजिबुर्रहमान र मार्सल टिटोजस्तै यिनी पनि धूर्तता र क्रूरता नजानेर दु:ख भोग्न बाध्य भएका शासक हुन्। त्यस्तो प्रकृतिका व्यक्तिका भाग्यमा राजयोग कसरी परेछ कुन्नि ? महान् दार्शनिक, विख्यात कवि र ठूलो विचारक हुनुपर्ने गुण बोकेको व्यक्ति शासनसत्ताका खेलमा अलमलियो भने राजा वीरेन्द्र बन्दछ भन्ने नयाँ उखान यिनको जीवनलीलाले उत्पन्न गरेको छ। राणा प्रधानमन्त्री रणोद्दीप सिंहको अन्त्य र देव शमशेरको अपदस्थता दोहोरिएको हो भनेर यिनको उदाहरण दिदै 'इतिहास दोहोरिन्छ' भन्नेहरू आफ्नो अभिमत पुष्ट गर्न खोजिरहेका पनि देखिन्छन्। सतीको श्राप परेको देश भन्नका निम्ति प्रमाण खोजी हिड्नेहरूले यिनको अवसानबाट एउटा थप उदाहरण जोड्ने आधार भेट्टाएका छन्।

राजा वीरेन्द्रको जीवनले सिकाएका केही पाठ

महापुरुष जन्माउन सृष्टिलाई पनि धौधौ पर्दछ र तिनलाई बचाउन झनै गाह्रो हुन्छ। पोल्नसम्म पोलेर, ताड्नसम्म ताडेर, पगाल्नसम्म पगालेर, माझ्नसम्म माझेर खरो उत्रेको धातुमात्र सुन बन्दछ। प्रत्येक पहेंलो वस्तु सुन हुँदैन। ध्रुव, प्रह्लाद, हरिश्चन्द्र, महारानी सीताप्रभृति जति पनि ख्यातनामा चरित्रहरू छन् ती सबैका पछाडि कठोर तपस्या र सतत सङ्कष्टका डरलाग्दा कथाहरूले कसीको काम गरेका छन्। धूर्तहरू सबै कुरा गुमाएर भए पनि तुच्छ वस्तु पाउन खोज्दछन् र त्यस्तो प्राप्ति नै तिनका निम्ति सर्वोत्कृष्ट उपलब्धि हुन्छ, परन्तु सज्जनहरू सर्वस्व गुमाएर सौजन्य बचाउँछन्। एउटा सत्य बचाउन हाँसी-खुसी आत्मोत्सर्ग गर्न सक्नु तिनको विशेषता हुन्छ। सही अर्थमा बाँच्ने बाँचेका वा बाँच्न जान्ने भनेका तिनै व्यक्ति हुन्। बाँच्न नजान्नेले जिन्दगी नै पाउँदैन। प्रतिपल त्यस्ताको मृत्यु भइरहन्छ लगातार। अमर हुनेहरूले बाँच्न जान्दछन्। आत्मबलिदान त्यस्ताका लागि अति सामान्य मूल्य चुकाइ हुन्छ। त्यसैले सच्चा जीवन प्राप्त गर्न पनि तिनै सक्तछन्। राजा वीरेन्द्र पनि बाँच्न जान्ने केही धर्तीपुत्रमध्येका एक देखिन्छन्। आदर्शको दृष्टान्त बनाएरै छोडे यिनले आफ्नो जीवनलाई।

सूर्यचन्द्र, धर्तीआकाश, हावापानी, वृक्षवनस्पति आदिले निरन्तर आफूलाई नै उदाहरण बनाउँछन्। उनीहरूबाट कसैले केही सिक्छ भने ठीक छ, सिक्दैन भने पनि उनीहरू दिक्क हुँदैनन्। आफ्नो कर्तव्य जस्तै प्रतिकूलतामा पनि छोड्दैनन्। उनीहरूले अधिकारको खोजी कहिल्यै गर्दैनन्। यिनको जीवनचरित्र यस्तै समानान्तरमा रहेको बुझिन्छ। छोटकरीमा पढ्न खोज्ने हो भने भीमनिधि तिवारीले 'यशस्वी शव'मा राजा त्रिभुवनको वर्णन क्रममा भनेका कुरा यिनको जीवनकथाबाट पनि बुझ्न सकिन्छ। यथा :

"अग्लो सेवा, परहित तथा त्याग आदर्श अग्लो
अग्लो कीर्ति, स्मृति-निपुणता औ परामर्श अग्लो।"[११]

* * *

"आफ्नो चेष्टा प्रचलित गरी वायु जस्तै बहे ती
ठण्डा पारी जल, थल दुवै बाफ जस्तै भए ती
सन्ध्या आयो किरण बटुली सूर्य जस्तै गए ती
जाँदा जाँदै पनि गजब हो ! सत्य जस्तै रहे ती ॥"[१२]

* * *

"देखिन्थ्यो रे अनुपम दया क्वै दयाशील भन्छन्
आफ्नो आफ्नो फरक मत हो क्वै क्षमाशील भन्छन्
अर्का यस्ता सुजन पनि छन् भन्दछन् धैर्यशील,
आदर्शैका अनुपम कथा हुन् प्रजातन्त्रशील ॥"[१३]

एक्काइसौं क्रिस्टाब्दीको पहिलो दशकको प्रथम चरणमा विश्वइतिहासको पानामा स्वर्णाक्षरले अङ्कित श्री ५ वीरेन्द्रको नाम कहिल्यै धूमिल नहुने गरी कुँदिएको छ। अतिशयोक्ति होइन, यो नाम सधैंभरि ध्रुवताराझैं चम्किरहनेछ। यिनको जीवन 'शाकुन्तल महाकाव्य'मा देवकोटाले "यो शिक्षालय हो सबै कुसुम छन् रङ्गीन अध्यापक[१४]" भनेजस्तै आफैंमा पूर्ण एउटा पाठशाला वा शैक्षिक संस्था बनेको छ।

"हामी सारा उडुगण त हौं यी त नेपाल इन्दु
हामी घेरा परिधितक, यी जातिका केन्द्रबिन्दु
हामी थोपा अगणित भयौं यी बने शीतसिन्धु
हाम्रा प्यारा तनयसम यी राजराजेन्द्र हिन्दू ॥"[१५]

राष्ट्रप्रमुख र वंशप्रमुख भएका नाताले स्वभावत: उपलब्ध धनदौलत, घरजग्गा, साधनसुविधा, ऐसआराम र मोजमस्ती कति

मात्रामा यिनले आफूसँग लगे वा त्यस्ता कुराले कति हदसम्म यिनको साथ दिए भन्ने कुरा प्रत्यक्षतः सारा संसारले टेलिभिजन वा सामुन्ने देखेका हुन् । रित्तो हात अलबिदा गर्ने भिक्षु र यिनमा केही फरक देखिएन । हाम्रा नेताहरू धनसञ्चयकै उद्देश्य बोकेर राजनीति गर्छन्, म्युजिकल चियरको खेल खेल्छन् र लामो समय, श्रम, साधना र त्यागबाट मुस्किलले बनेको चरित्र क्षुद्र धनसँग सजिलैसित साँट्न तयार हुन्छन् । २०५८ जेठ १९ को कहालीलाग्दो दुर्घटनाले सिकाएका विभिन्न पाठमध्ये एउटा मुख्य पाठ यो पनि होइन र ?

"नातागोता, परिजन तथा खास आफ्नो शरीर
शाही गद्दी, मुकुट, ढुकुटी, राज्य औ शूर, वीर
सच्चा ठान्थें विषयसुख यी, हा ! सिनेमा रहेछन्
फोटोग्राफी अब त चिनियो तुच्छ छाया रहेछन् ॥"[१६]

अब त्यस्तो दिन कहिल्यै देख्न नपरोस्

मलाई भेट्न आएका एकजना घनिष्ट मित्रसँग लामो अन्तरालपछिको कुशलक्षेम आदानप्रदान गर्दा राति १२ बजेको थाहा भएन । शुभरात्रि भनेर मित्रलाई सुत्ने व्यवस्था गरी म पनि सुत्न गएँ । एमालेको आह्वानमा लगातार तीन दिनसम्म चलेको नेपाल बन्दको प्रभावबाट हाम्रो राजनीतिक वातावरणप्रति कसो-कसो अरूचि पैदा हुँदै गएको चिन्तनले छटपटाउँदै कोल्टो फेर्दै गरिरहेको थिएँ । त्यसैबेला करिब १ बजेतिर एकजना साथीले टेलिफोन गरी राजा वीरेन्द्रसहित राजपरिवारका १२ जना सदस्यको नृशंस हत्या भएको र राज्यमा अकल्पनीय सङ्कट आइपरेको कुरा सुनाए । निजलाई मैले बेसमारी डाँटें । आपत्तिजनक कुरामा ठट्टा गर्न नसुहाउने कुरा भनें । निजले ज्यादै विश्वसनीय सूत्रबाट थाहा भएको र सबैतिर सम्पर्क गर्दा समाचार पुष्ट भएको कुरा धृतधर्मका साथ सुनाए । मरिकाटे पत्यार लागेन । जानेबुझेका ठाउँमा सम्पर्क गर्दा सबैले 'सत्य हो' भने । शरीरको सारा रक्तसञ्चार र श्वासप्रश्वास रोकिएलाजस्तो भयो । सर्वाङ्ग चिसो भएर रिङटा आउन थाल्यो । ओछ्यानबाट उठ्न सकिएन । पल्टिरहन पनि मन मानेन । आङमै दिसापिसाब होलाझैं भयो । आँखाअगाडि तारा चम्कन थाले । श्रीमती पनि उत्तिकै छटपटाउन थालिन् । कसैले कसैलाई सम्भाल्ने अवस्था रहेन । त्यस रातको स्तब्धता शब्दमा समेट्नु मजस्तो अल्पज्ञका लागि सम्भव छैन ।

"सारा भन्छन् कठिनतममा मुख्य ढुङ्गा कठोर
ढुङ्गा फुट्ने बरु घन, छिनाबाट लोहा कठोर
लोहा पग्ल्यो अतिशय दिदा आँच, हीरा कठोर
हीराभन्दा पनि दशगुना मृत्यु भो झन् कठोर ॥"[१७]

कवि तिवारीले यस्तो भने पनि कठोरभन्दा कठोर मानिने मृत्युभन्दा पनि अझै कठोर स्वजनको मृत्युसन्देश सुन्नु हुँदोरहेछ भन्ने कुरा मलाई त्यो रात अनुभव भयो । त्यो घडी सम्झँदा आज पनि मलाई कलम समात्ने हिम्मत हुँदैन । मनका कुरा मनभित्रै अड्किन्छन् र भावना शून्य भई यस्तो हुन्छ :

"लेखूँ केले अब म ? चपला लेखनी बन्द हुन्छ
बाढी आई दुइ नयनको बाँध नै खल्बलिन्छ
पूरा गर्ने सकिन अहिले आखिरी एक पाउ
लेख्ता लेख्तै मति जड भयो भावनामा छ घाउ ॥"[१८]

वास्तवमा म नढाँटेर भन्छु, त्यस दिन त के अहिले पनि कसैले मलाई राजा वीरेन्द्रलाई बचाउने ग्यारेन्टीका साथ मेरो जीवन बदलामा मागेमा म सहर्ष आत्मोत्सर्ग गर्न तत्पर छु । यसभन्दा बढी के भनूँ : यिनीप्रति जनसमुदायको यतिबिघ्न भक्ति स्वस्फूर्त हुनु यिनको सामान्य ख्याति होइन ।

राष्ट्रका लागि जो सदा समर्पित रह्यो र जसले आफ्नो स्वास्थ्य त के जीवनको समेत ख्याल नगरी देशकै भलो गर्‍यो, त्यस्तो व्यक्तिको हत्या गरिनु कहाँसम्मको न्यायसङ्गत घटना हो ? अझ घाँसमा त्यस्तो यशस्वी शव पल्टाएर मुखमा झिंगा भन्कँदासम्मको स्थितिमा उपेक्षित गर्नु कति उचित हो ? त्यसमा पनि हामी सारा नेपालीहरूको आस्थाकेन्द्र राजदरबारभित्रको कुरा जे जसरी जुन स्वरूपमा सार्वजनिक गरिए त्यसको परिणामको विचार नगर्नु कहाँसम्मको बुद्धिमानी हो ? त्यो दुर्घटनाभन्दा पनि बढी हृदयविदारक क्रियाकलाप त्यसपछि देखिएकाले मन झनै कुँडिन्छ र भीमनिधि तिवारीको स्वरमा स्वर मिलाएर यस्तो भन्न बाध्य भइन्छ :

"भै गो छोडूँ अधिक लहरो भो न तानूँ अगाडि
थर्की थर्की हृदयपहरो गर्जला विघ्न भारी ॥"[१९]

त्यो दिन स्मृतिपटमा आउँदा अझ पनि हृदयको गति बन्द हुन खोज्दछ । नेपालीहरूको मान, मर्यादा, चरित्र र जातीय पहिचानको इतिहासमा कहिल्यै नपुछिने गरी लागेको त्यस दिनको दाग खै केले कसरी धुने हो ? सोझा, इमान्दार, सहृदयी र मिलनसार भनेर संसारले चिनेको यस जातिले के गरेर त्यो कलङ्क दुनियाँको मनमस्तिष्कबाट हटाउने हो ? हामीले गम्भीर भएर सोच्नु छ । यस प्रकारका विचारहरूले बारम्बार आहत पार्दा माधव घिमिरेले 'गौरी'मा प्रयोग गरेका शब्द टिपेर भन्न मन लाग्छ :

"हामी छौं सुखमा कि आज दुःखमा के भन्नु के भन्नु खै
आफैं मर्न सकिन्न बाँच्नु कसरी के गर्नु के गर्नु खै ??"[२०]

हृदयबाट बाहिर आउन लाग्दा वाक्य नफुट्ने कुरा कसरी यस लेखमा राख्नु र ? त्यसैले छोटकरीमा फेरि भन्न चाहन्छु, अब

त्यस्तो दिन कहिल्यै देख्न नपरोस् । त्यस दिन राजा वीरेन्द्रको भौतिक शरीरमा नेपाली जनताले यसरी आफन्तका मृत शरीर एकाकार भएको देखे :

"बूढाबूढी गलितहरूले पुत्रको लाश देखे
केटाकेटी ललितहरूले बाबुको लाश देखे
ऐभाँतीका नयनहरूले मर्दको लाश देखे
देख्ने सारा जन-जनहरूले मीतको लाश देखे ॥"[२१]

राजा वीरेन्द्रप्रतिको मेरो आस्था

मैले यो लेख कसैको करकाप, दबाव, आग्रह, कुनै प्राप्त्याशा वा लोभ-लालचबाट प्रेरित भई लेखेको होइन । न त आत्मविज्ञापनका लागि यो लेखिएको हो । भजाउने उद्देश्यले थुपारिएका पदावलीका चाटुकारितापूर्ण फूलभन्डी पनि यो होइन । यिनीबाट कहिल्यै कतै स्वार्थ पूरा भएको होइन । तसर्थ पाठकवृन्दले यसलाई कृतज्ञताज्ञापन पनि ठान्नुहुँदैन । भित्री हृदयबाट स्वस्फूर्त रूपमा निस्केको अगाध श्रद्धाका आग्रहविहीन शब्दपुष्पको माला हो यो लेख ।

वास्तवमा यिनको व्यक्तित्व मेरा निम्ति विभिन्न दृष्टिले निकै ठूलो आदर्श रह्यो । यस राष्ट्रको उत्थान र समुन्नति, दक्षिण एसियामा शान्ति, सहयोग, समभदारी र भ्रातृत्वस्थापना तथा विश्वमै शान्ति तथा मानवताका लागि यिनले गरेको योगदानको मूल्य बहुतै ज्यादा छ । त्यसका अतिरिक्त जस्तोसुकै विरोधीलाई पनि सहजै आफ्नो प्रभावमा ल्याउन सक्ने जादुगरी वा चमत्कारी व्यक्तित्व यिनले पाएको बुभिन्छ । निश्चित समयावधिका खास केही कार्यक्रम र निर्णय वा घोषणालाई लिएर यिनको बारेमा नकारात्मक प्रचारप्रसार वा टीकाटिप्पणी गरिए पनि यिनको सिङ्गो जीवनको लेखाजोखा गर्दा कसैले पनि खोट लाउने ठाउँ पाउँदैन र छिः भन्नुपर्ने अवस्था आउँदैन । आफ्ना उत्तराधिकारीलाई मात्र होइन प्रत्येक शासकलाई 'वीरेन्द्रजस्तो हुन पाए पो' भन्ने तिर्सना राख्न यिनले सके ।

"गङ्गा जस्तो दिल कपटको नाम केही थिएन
दाता उस्तै शिवसरि थिए लोभ रत्ती थिएन ॥"[२२]

२०३६ को जनमत सङ्ग्रहपछि सुधारिएको पञ्चायती व्यवस्थाले बहुदलका तुलनामा बढी लोकप्रियता पाए उपरान्तको कुरा हो । म त्रिचन्द्र क्याम्पसमा पढाउँथें । कक्षा सिध्याएर घर फर्कने क्रममा क्याम्पसबाहिरको सडकमा सुनसान वातावरण देखें । ट्राफिक कन्ट्रोल गरिएको रहेछ । एकैछिनमा राजा वीरेन्द्रले रानी ऐश्वर्यलाई अगाडिको सिटमा राखेर स्वयम् हाँकेको मोटर मेराअघिबाट दगुऱ्यो । मतिर राजारानीले हेरे । 'चिन्नु न जान्नुको यो मान्छे यहाँनेर कसरी देखिएको होला' भन्ने सोचेभैँ राजारानीले मेरो उपस्थितिबारे टिप्पणी गरे होलान् को सोच मभित्र पलायो । साँच्ची भन्छु, त्यसबखत म राजालाई मन पराउँदिनथें । 'निरङ्कुश तानाशाही व्यवस्थालाई वैधानिक बनाएर यस मुलुकको उन्नति अभ पछाडि लाने भए' भन्ने लागेर यिनीप्रति आन्तरिक रूपमा आक्रोशित भइरहन्थें र पटक्क श्रद्धा लाग्दैनथ्यो । त्यसो भएर पनि प्रत्यक्ष रूपमा आँखाअगाडि पर्दा मभित्रको मन नपराइ, आक्रोश र अश्रद्धा कुन्नि कता हरायो । मैले सनम्र अभिवादन गरें । यिनले देखे कि देखेनन्, प्रतिक्रिया जनाए कि जनाएनन् थाहा भएन । निहुरेको शिर ठाडो पार्दासम्म मोटर निकै पर पुगिसकेको थियो । पछि आफैंले आफूलाई प्रश्न गरें खै त, तँभित्रको राजा नमान्ने विचार, क्रान्तिकारी आक्रोश र विरोधको प्रतिक्रिया ? उत्तर पाइन । त्यस दिनको घटनाले अभै पनि मलाई घचघच्याइरहन्छ । राजा वीरेन्द्रको चमत्कारी व्यक्तित्व, मेरो आलोकाँचो विचार, मभित्रको हिन्दूमान्यता, मैले बोकेको पारिवारिक र सामाजिक संस्कारजस्ता सम्पूर्ण कुरा एकैचोटि खनिएर मलाई त्यस्तो गर्न लगाएको हुनसक्छ भनी म त्यस घटनाको समीक्षा गर्दछु । प्रजातन्त्रको पुनःस्थापनापछि त यिनको चित्र मेरा हृदयपटमा एउटा सुधो गाई, निश्छल हरिण र निष्पक्ष शिशुमा छुट्याउन नसकिने गरी अङ्कित भएको छ ।

"साभा राजा भव पर गए ! चेतना हंस छैन
छाला, हड्डी, रगत र नसा अङ्गको अंश छैन
नेपालीको नयनपुतलीभित्र त्यो चेहरा छ
छाया जस्तो हृदयपटमा चित्र आफैँ खडा छ ॥"[२३]

यिनीप्रतिको आस्थाका कारण र त्यसको मात्राका विषयमा विविध प्रसङ्गमा मैले माथि नै धेरै कुरा भनिसकेको छु । तिनकै सार खिचेर भीमनिधिका शब्द समाती यहाँनेर संक्षेपमा यतिमात्र भन्न चाहन्छु :

"बाँचीराको किन पनि यसै आयुको काम छैन
सट्टामा मै मरिदिन सके हुन्छ आनन्द चैन ॥"[२४]

नारायणहिटी आँखाअघि पर्दा

परिजनको मृत्यु हुँदा बत्ती निभेजस्तो र महामनाहरूको मृत्यु हुँदा सूर्य अस्ताएजस्तो लाग्नु स्वाभाविक हो, परन्तु हाम्रा हृदयसम्राट् वीरेन्द्रको निधनले यति लामो समयसम्म सूर्य अस्ताएर निष्पट्ट अन्धकार छाएको अनुभवलाई निरन्तरता दिइरहेछ । आफ्नै आँखाले महाप्रलयभैँ त्यति ठूलो दुर्घटना देखे पनि 'राजा वीरेन्द्र रहेनन्' भन्ने कुरामा अभै पत्यार लाग्दैन । नारायणहिटीको भण्डाले यिनकै उपस्थिति जनाएको हो कि भैँ लाग्छ । त्यसो त निकटतम सँगी, साथी, इष्टमित्र र बन्धुबान्धवजस्तै हरबखत सम्पर्कमा रहेका

व्यक्ति यी होइनन्, तैपनि यिनलाई आफूभन्दा धेरै टाढा रहेका र पहुँचबाहिरका मान्छे मान्न सकिदैन ।

"सिक्रीभन्दा बहुत बलियो स्नेहको यो लठारो
पारेको हो जटिल जगमा स्नेहले नै चटारो
ज्यादै अग्लो शिखर यसको शृङ्ग झैँ उत्तरीय
नाघ्ला जस्ले यम-नियमले प्राप्त गर्ला तुरीय ॥"[२५]

मायामोहका बन्धनमा नराम्ररी जकडिएको सांसारी व्यक्ति मसमान अर्को कमै होला भन्ने भाव यसैले पनि उत्पन्न भएको हुनुपर्दछ । कतिपयले त यसरी पनि चित्त बुझाएका छन् :

"संसारैको नियम छ यही मान, उत्थान खोज्ने
पृथ्वी-स्वर्ग चयन छ भने जो पनि स्वर्ग रोज्ने
खोजे-रोजेसरि पद मिल्यो स्वर्गको राज्य पाए
जानै पर्ने तब हुन गयो त्यो सवारी चलाए ॥"[२६]

मचाहिँ यस कुरामा विश्वास गर्न सक्तिन । नारायणहिटी राजदरबारलाई नै यिनको प्रतिरूप मानेर बसेको छु । राजदरबार त यहीँनेर छ, यसलाई त्यत्तिकै छोडेर राजा वीरेन्द्र कसरी जान सक्तछन् भन्ने लागिरहन्छ । यिनको सम्झना दिलाइरहने यो ठाउँ 'वीरेन्द्र सङ्ग्रहालय'का रूपमा संरक्षित हुनुपर्दछ भन्ने मान्यता पनि मेरो छ, ताकि ताजमहल हेर्नेहरूले मुमताजका प्रियतम शाहजहाँप्रति नतमस्तक भएजस्तै नारायणहिटी हेरेर राजा वीरेन्द्रको शालीनता, उदारता र राष्ट्रभक्तिप्रति अश्रुपूर्ण आस्थापुष्प चढाउन पाऊन् ।

"छाडी याहीँ सब कुछ गए अंशुवर्मा समेत
सोही बाटो अनुगम गरी भूप मल्ल प्रताप
पृथ्वीनारायण पनि गए, मार्ग चौडा भएछ
वीरेन्द्रैले त्यही पथ लिए, जानुपर्ने रहेछ ॥"[२७]

सच्चा श्रद्धाञ्जली

छाती पिटेर रोइकराइ गर्नाले दिवङ्गत व्यक्ति फर्कँदैन । कुनै पनि समस्याको समाधान आवश्यक उपाय अपनाएर उचित उपचार गर्नाले नै हुन्छ । आँखाको पानी जतिसुकै सुकाए पनि अब राजा वीरेन्द्र फर्कने होइनन् । हाम्रो रोदन यिनको आत्माका लागि झनै पीडादायी हुन्छ । भो, अब रुन छाडौँ, बरु यिनले खोल्न चाहेका प्रशस्त मार्गहरू हाल अवरुद्ध भएका छन् । सर्वप्रथम तिनलाई नै फराकिलो पार्नु पर्दछ :

"जन्मैदेखी हुन त यिनको वंश सामन्तवादी
ढाँचाकाँचा गतिविधि भने देखिने साम्यवादी ॥"[२८]

नेपाली माताका असंख्य सन्तान आज धमाधम मारिँदा छन्, मानौँ परम्परामा मार्नको होड चलाउनुबाहेक विकास र निर्माणका अरू सबै काम पूरा भइसकेका छन् । यसबखत बुझ्नैपर्ने भएको छ र अपनाउनै पर्ने भएको छ निम्नानुसारको आचरण :

"जस्ले जस्तै गलफत गरोस् या त ठूलै कसूर
बोल्ने ह्वैनन् वचन कटुता राजसी थ्यो सऊर
ज्यादै भद्दा गलत बहुधा भो भने कान राता
हुन्थे, कल्ले अनुचित गऱ्यो हेर ऊ कान राता !"[२९]

राष्ट्रको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रताका विपरीत कहिल्यै, कसैसँग, कुनै पनि बुँदामा सम्झौता नगर्नु यिनका प्रति दिइने अर्को महत्त्वपूर्ण श्रद्धाञ्जली हो । यिनका निम्ति रुने हामीहरूले आफ्ना दिल र दिमागमा यो कुरा स्थिर गरी साँचो अर्थमा राष्ट्रसेवक हुन सकेमात्र यिनीप्रति भावुक बनेको ठहरिनेछ । आफ्नो मोजमज्जा र हैकम सजिलैसँग छोडेर देश र जनताको भलाइका लागि समयपरिस्थिति बमोजिमको सुव्यवस्था ल्याउन यिनले हदैसम्मको जुन त्याग देखाए त्यो आफैँमा अनुपम नमूना बनेको छ । त्यस्तो अवसरको नाजायज फाइदा उठाउनु र यिनका कुरा आउँदा गोहीका आँसु खसाल्नु कतिसम्मको भक्ति ठहर्ला ? तसर्थ यिनलाई हृदयबाटै श्रद्धाञ्जली दिने हो भने प्रजातन्त्र बुझौँ र यसको सदुपयोगद्वारा देश तथा देशवासीको उत्थान गर्नमा जुटौँ । त्यसो गरिए मात्र यिनको आत्माले शान्ति पाउनेछ ।

कुनै पाखण्डीले दिनभरि गर्न नहुने जति सारा दुष्कर्म गरेर साँझबिहान मन्दिरमा गई शिर ठोकी-ठोकी प्रस्तरखण्डका सामु परमेश्वरको दर्शन गरेझैँ, कुनै भ्रष्ट चरित्रले दौरा-सुरुवाल, कोट र टोपीको नेपाली परिधानमा सच्चा राष्ट्रभक्त, खरो कांग्रेसी वा खाँटी कम्युनिष्ट बन्दै जय नेपाल र लालसलाम वा जय देश, जय नरेश पाठ गरेका भरमा काला करतुतबाट जोगिन कवचधारण गरेको ठानेझैँ यिनको निधनमा अनेकौँ रक्तबीजहरूले मुण्डन गरेको र ठाउँ-ठाउँमा राखिएका यिनका तस्वीरमा फूल, अबीर चढाएको देख्दा अर्को एउटा डर मनमा उत्पन्न भएको थियो । यस्ता क्रियाकलापले अर्को कुनचाहिँ अनिष्ट थप्ने हो भन्ने त्रास र आशङ्कामा रुमलिँदा मैले त्यसबेला मनले मात्र मुण्डन गरेको थिएँ । आडम्बरी जमातमा पस्न सकेको थिइन । यो लेख त्यति बेलाको सट्टा अहिले गरिएको मेरो मुण्डन पनि हो । मैले ढकोसलावादीका कुरा उप्काएर आफूलाई दूधले धुन खोजेको होइन । मेरा कतिपय कमीकमजोरीहरू पनि त्यस्ता व्यक्तिको चरित्रका सेरोफेरोका निकट यदाकदा नरहने होइनन्, तर पनि त्यस्तो घडीमा अन्तर्हृदयले तुरुन्तै धिक्कारिहाल्ने हुनाले त्यो माहौलमा म आफूलाई धेरै बेर टिकाउन सक्तिन । अन्तर्मनबाटै यिनका सहकार्यले माधव घिमिरेद्वारा 'राजेश्वरी' खण्डमा लेखिएको अभिव्यक्तिजस्तै उत्प्रेरित भएछौँ भने पनि यिनलाई साँचो श्रद्धाञ्जली

अर्पण गरेको मानिनेछ :

"सक्छौ ता अरूलाई प्यार दिल नै खोलेर देऊ तिमी
सक्तैनौ त अलभ्य लाभ अरूको खोसी नलेऊ तिमी ॥"[३०]

राजनीति भनेको राष्ट्रिय विकासको प्रमुख आधार हो। अरू सबै आधार र उपायहरू यसकै अधीनमा रहन्छन् । लोकसेवा र देशभक्तिलाई यसैले सुदृढ पार्दछ । तसर्थ यसलाई धर्म र दर्शनका अर्थमा यो स्वीकार्य छ तर पनि जोगी बन्नु, गृहस्थी छोड्नु र खरानी घसेर कमण्डलु समाती पलायनवादी यायावर हुनु यो होइन । मह काढ्नेले हात चाट्न त यसमा पाउँछ र त्यसबापतको लोकप्रियता पनि अन्य कार्यका तुलनामा यसमा बढी उपलब्ध हुन्छ । यी सबै कुराका बाबजुद अर्थोपार्जन गर्ने र सर्वेश्वर बनाउने माध्यम भने यो होइन । यो कुरा यिनले धेरै हदसम्म बुझेका थिए, किन्तु राजनीतिलाई साधन बनाएर रातारात अकूत धन सोहोरी नवधनाढ्य बनेका नेताहरूले चाहिँ बुझिदिएनन् । यिनलाई श्रद्धाञ्जली दिदा यो सत्य अपनाउनु पनि जरुरी छ ।

नेपाली जनता मरेको देख्दा हृदय छिया-छिया भई आवश्यक उपचारका लागि शान्तिवार्ता गराउने र तुरुन्तै यथोचित निर्णय गरी सामाजिक शान्ति खल्बलिन नदिने बाटो यिनले जस्तै अपनाउन सकेमात्र यिनका निम्ति सुहाउँदो श्रद्धाञ्जली हुनेछ । महाकवि देवकोटाले 'शाकुन्तल महाकाव्य'मा "छोटो दैनिक जिन्दगी न घटना, झन् धूलिले धूसर, हामी दीन र हीन बन्नु छ भनी लेखैं पुरानू कथा"[३१] भनेझैं वर्तमान परिस्थितिमा राजा वीरेन्द्रको अभाव झन-झन् खट्केकाले पनि मलाई यो लेख तयार गर्ने हौसला बढेको हो । मनभित्रका कुरा न्यूनतम मात्रामै भए पनि कागजमा उतारेर श्री ५ वीरेन्द्रप्रतिको श्रद्धा व्यक्त गर्न पाएकामा केही न केही हदसम्म सन्तुष्टि मिलेको र हृदयको व्यथा कम भई राजभक्ति गरेको अनुभव भइरहेछ ।

शान्ति, समृद्धिका हाम्रा पुराना दिन फर्किउन्
सुध्रोस् राजनिति हाम्रो राजा वीरेन्द्र नै बनुन् ॥[३२]

पद्मकन्या बहुमुखी क्याम्पस
हाल– ८४, ढुङ्गेधारा मार्ग, कामनपा वडा नं. ५,
हाँडीगाउँ

---

१. अंग्रेजी उखान ।
२, ३, ४, ५, ६, ९,
२०. माधवप्रसाद घिमिरे, 'गौरी' खण्डकाव्य
३०. माधवप्रसाद घिमिरे, 'राजेश्वरी' खण्डकाव्य
७, ११, १२, १३, १५, १६, १७, १८, १९, २२, २३, २४, २५, २६, २७, २८ र २९. भीमनिधि तिवारी, 'यशस्वी शव' खण्डकाव्य ।
८. लक्ष्मीप्रसाद देवकोटा, 'मुनामदन' खण्डकाव्य ।
१४,
३१. लक्ष्मीप्रसाद देवकोटा, 'शाकुन्तल' महाकाव्य ।
३२. लेखक स्वयम्को रचना

टिप्पणी– उद्धरणहरूका कतिपय ठाउँ प्रसङ्गानुकूल बनाउन लेखकले सच्याएको पनि छ ।

●

त्यो दिन

● टीकाराम ढकाल

"संसारमा राजप्रथा त्यहाँ छ, जहाँ वीरेन्द्र राजा छ।" राजा र वीरेन्द्र पर्यायवाची ठान्ने म छाँगाबाट त्यो दिन खसेँ जुन दिन जेठ २० गते आयो। छाँगाबाट खसेकाले के पो सम्झन सक्छ र लेखोस्! तर सम्झने प्रयास गर्छु।

त्यतिखेर गाउँमै थिएँ, रेडियो र टी.भी. रोइरहेको देखेर कताकता बायाँ कोख "बत्तीस-छत्तिस" गर्दै थियो। म बीउ छर्न पर्ने भएकाले रेडियो भिरेर खेत जोत्न जाँदै थिएँ। अड्कल गर्न सकिएन। बाबाले भन्नुभएथ्यो- "फेरि कहाँ माओवादीले उडाए" तर होइन रहेछ। बेलाबेला राजपरिषद्को बैठकको खबरले मेरो मुटुको देवको सङ्केत गर्दा इर्ष्या जागिरहेथ्यो। बैठकको निर्णय र शवयात्राबारे जब सुनेँ, म त पागल भएछु। जोत्दै गरेको ठिटो पचास वर्षको वृद्धमा परिणत भएछु र नजिकैको बजारमा पुगेछु कछाडसँगै।

'अपत्यारिलो' 'भ्रामक' 'अनर्थ' यति भन्दै डुलिरहेको रहेछु। 'त्यो हत्यारा पिचास को हो?' "जानेर सिध्याइदिए हुने थियो।" द्वन्द्व चल्यो मनमनै तर जङ्गलको रूवाइ थियो, श्रोताबिनाको। हँसिलो तस्वीर र महान् वाणीमा नै चित्त बुझाउनुपर्ने जीवन शुरु भयो मेरो। विद्यालयको परीक्षा सञ्चालन रोकियो। मलाई चाहिँ अफिम लागेझैँ झम्म भएको थियो। रातिसम्म टी.भी. रेडियोमा जयजयकार हेरेपछि जीवनका अभागी दिन धिक्कार्दै बसिरहेँ।

आँसु, हृदय, पीडा, रोदन सबै कागजमा उतार्न सकिँदैन र सबैको रोदन कसैका लागि महत्त्वपूर्ण नहुन पनि सक्छ तर मेरो रोदन, रोदन हो, पीडा, पीडा हो। मेरो अक्षर मसीको होइन आँसुको हो।

श्री जन उच्च मा.वि. वीरेन्द्रनगर सुर्खेत
कक्षा १० स्थायी ठेगानाः- विद्यापुर २ सुर्खेत

●

श्री ५ वीरेन्द्र र सञ्चार क्षेत्र

● *टेकबहादुर खत्री*

महापुरुषको जिन्दगी नै इतिहास हो। इतिहास वीर र विद्वान्हरूको कथा हो, गाथा हो, राष्ट्रको उथलपुथलको टिपोट हो, राष्ट्रवासीको जीवन कहानी हो। महापुरुषको सम्पर्कमा आउनु, अधीनमा कार्य गर्नु वा कर्तव्य पालना गर्नु इतिहासलाई अगाडि बढाउन सहयोग गर्नु पनि हो। त्यही क्रममा केही सम्झनाका टिपोट अर्थात् वीरेन्द्र-युगको सञ्चार-क्षेत्रको गतिविधि यहाँ प्रस्तुत गरिन्छ।

संसारभरमा अमेरिकी पार्टीसिपेन्ट प्रोग्राम अन्तर्गत वि.सं. २०१७।१८ मा सञ्चार क्षेत्रको अध्ययन गर्ने दोस्रो छात्रको रूपमा फिलिपिन्समा पढ्दा ६००० (US Participants) छात्रमध्ये सर्वश्रेष्ठ छात्र भै जागीर खाएको व्यक्ति पछि कालान्तरमा श्री ५ वीरेन्द्रको न्यायपूर्ण दृष्टिबाट वि.सं २०३९ फागुन १६ गतेमा का.मु. सञ्चारसचिव हुँदा सबै क्षेत्रबाट ठिक व्यक्ति ठिक ठाउँमा परेको प्रशंसा अहिले पनि सम्झनामा ताजै छ। श्री ५ वीरेन्द्रबाट सञ्चार मन्त्रालयमा रिक्त सचिवपदमा मन्त्रालयको सिनियर मोस्ट (Senior most) लाई का.मु सचिव गर्ने कुरा हुकुम भएको सुन्न पाउँदा न्यायप्रेमी राजाको उदय भएको अनुभूति गरेको कुरा अहिले झलझल सम्झना आउँछ। शा.अ भएर सञ्चार क्षेत्र अध्ययन गरी पछि सचिव हुन पाउनु तालिम र अध्ययनको उचित प्रयोग थियो। वि.सं. २०२७।१०।७ देखि वि.सं. २०२९।४।१० सम्म म गोरखापत्र संस्थानको पहिलो महाप्रबन्धक थिएँ। राजदरबारमा सञ्चार प्रमुखहरूको एक बैठक श्री ५ वीरेन्द्र सरकारको समुपस्थितिमा भएको थियो। गोरखापत्र संस्थानलाई आत्मनिर्भरतातिर लैजान गरेका कार्यको विवरण पेश गर्दा मौसुफ सरकारबाट प्रसन्नता व्यक्त गर्दै हुकुम भएको वाक्य अझै संझन्छु- This is the spirit how one should run the co-operation"। मौसुफबाट बक्स भएको हौसलाले धर्मराएको गो.प. संस्थान त्यस बेला आत्मनिर्भर भएको रेकर्डमा छ। मौसुफबाट काम गर्ने प्रशासकलाई सदैव हौसला र प्रोत्साहन निगाह हुन्थ्यो। त्यसै सिलसिलामा सञ्चार मन्त्रालयमा सहसचिव हुँदा सञ्चारसचिव श्री तीर्थराज तुलाधरको सिफारिशमा मैले वि.सं. २०३१ मंसिर २८ गते गोरखा दक्षिण बाहु (तेश्रो) पाउँदा मौसुफबाट कामको कदर भएको स्मृतिपटमा बराबर आउँछ।

वि.सं. २०३१ सालमा श्रद्धेय श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकका अवसरमा अन्तर्राष्ट्रिय प्रेस, टिभी, रेडियोका सयौं प्रतिनिधिहरूको सहयोग, सेवा र सम्पर्क गर्न काठमाडौंको क्रिष्टल होटेलको एउटा कक्षमा प्रेस-सम्पर्क कार्यालय खडा गरिएको थियो। सो प्रेस-सम्पर्क कार्यालयमा प्रेस-लियाँजो अधिकृत म थिएँ। मैले आफ्नो बुद्धि र बर्कत लगाएर अन्तर्राष्ट्रिय पत्रकार जगत्लाई प्रसन्न पारेको थिएँ। नभन्दै सञ्चारक्षेत्रको प्रशंसनीय कार्यबापत सञ्चारसचिव विभूषित पनि भएँ।

श्री ५ वीरेन्द्र सञ्चारक्षेत्रको निरन्तर विकास र विस्तार गर्न इच्छुक होइबक्सन्थ्यो भन्ने कुरा मौसुफकै मार्गदर्शनमा राष्ट्रिय सञ्चार सेवा योजना बनेको थियो। त्यस योजनाको मूल मन्त्र थियो - "विकासको लागि सञ्चार" (Communications for Development)। सो सञ्चार योजना वि.सं. २०२८ साल साउन

१ गतेबाट लागू भएकोबाट थाहा हुन्छ । यसले भैरहेका सञ्चार सङ्गठनहरूलाई नयाँ स्वरूप, कार्यनीति र गतिशीलता प्रदान गऱ्यो भने नयाँ सञ्चारका माध्यमहरूको प्रचलन र प्रयोगमा जोड दियो । नयाँ सञ्चार योजना कार्यान्वयन द्रूत गतिमा भयो र सञ्चार क्षेत्रमा युगानुकूल परिवर्तन, परिमार्जन र परिष्कृति आयो । यसको पछाडि नयाँ सञ्चार युग अभ्युदय भयो ।

श्री ५ वीरेन्द्रको युग नेपालको अन्तर्राष्ट्रिय सम्पर्कविस्तारको युग पनि थियो । मौसुफबाट भएका बाहिरी विश्वको भ्रमणमा सञ्चार क्षेत्रका तर्फबाट नेपालबारे विविध पाठ्य सामग्री तयारी गर्ने अभिभारामा एक अकिञ्चन लेखकका रूपमा मैले पनि बेलाबखत सहयोग पुऱ्याएको थिएँ । त्यस्तै मित्रराष्ट्रहरूबाट पाल्नुहुने राष्ट्राध्यक्षका लागि सञ्चार सेवाहरूको सुव्यवस्था गरे बापत मैले बेलायतकी महारानी एलिजाबेथ द्वितीयाबाट सी.वि.ई. तक्मा पाएको थिएँ । सञ्चारसचिवको हैसियतमा वि.सं. २०४० साल वैशाख २९ गते फ्रान्सका राष्ट्रपति फ्राँस्वाँ मितेराँको नेपाल भ्रमणमा सञ्चार सुव्यवस्थाबाट प्रभावित भई मलाई फ्रान्सको “नेशनल अर्डर अफ मेरिट (National Order of Merit) तक्मा प्रदान गर्नुभएको थियो । श्री ५ वीरेन्द्रको अन्तर्राष्ट्रिय भ्रमण तथा मित्रराष्ट्रहरूका राष्ट्राध्यक्षहरूको नेपाल भ्रमणका शुभअवसरमा सञ्चार क्षेत्रले गरेका सेवामा सञ्चार मन्त्रालयको सचिवको हैसियतमा केही न केही योगदान पुऱ्याउन पाएको सम्झना गर्दा गौरवान्वित भएको छु । नेपालको इज्जत, मान-सम्मान बढाउन श्री ५ वीरेन्द्रबाट भएको विश्व-भ्रमणमा सञ्चारक्षेत्रको योगदान सम्झनापटमा अझै ताजै छ ।

नेपालमा नयाँ सञ्चार युगको प्रवर्तन श्री ५ वीरेन्द्रबाट भएको कुरा इतिहासमा अङ्कित छ । वि.सं. २०२८।४।१ मा लागू भएको राष्ट्रिय सञ्चार सेवा योजनाले सञ्चार क्षेत्रमा युगानुकूल सुसङ्गठन र चुस्त व्यवस्थापनका लागि नीतिमात्र निर्माण गरेन, विभिन्न सञ्चार निकायहरूको विस्तार र विकास गर्न कार्यक्रम र कार्यविधिसमेत औँल्याएको थियो । वास्तवमा भन्ने हो भने नेपालमा सञ्चार क्षेत्रको विकास त्यही सञ्चार सेवा योजनाको देन थियो र त्यसमा श्री ५ वीरेन्द्रको “विकासका लागि सञ्चार” मूलमन्त्रको आधार थियो । नयाँ राष्ट्रिय सञ्चार-सेवा योजना लागू भएपछि रेडियो नेपालले आफ्नो प्रसारण समय बढाएर हप्ताको ८५ घण्टा पुऱ्याएको थियो । शाही नेपाल चलचित्र संस्थान गठन भएको थियो । राष्ट्रिय सञ्चार समिति, हुलाक सेवा, दूरसञ्चार, श्री ५ को सरकारको छापाखाना आदि आ-आफ्नो सेवालाई जनमुखी र जनसेवी बनाउन अग्रसर र सक्षम भए । त्यस्तै श्री ५ वीरेन्द्रबाट प्रेस-जगत्बारे स्थिति बुझ्न र विकासका लागि कदम चाल्न वि.सं. २०३७ साल फागुन ११ गते शाही प्रेस आयोग गठन भएको थियो, जसको सिफारिस अनुसार नयाँ प्रेस कानुन लागू भएको थियो, जसमा प्रेस-स्वतन्त्रताको ग्यारेण्टी गरिएको थियो । प्रेसमा प्रकाशनपूर्व कुनै बाधा अवरोध थिएन । यसरी प्रेस स्वतन्त्रता सुरक्षित भएको थियो । यी भए केही सम्झनाका टिपोट श्री ५ वीरेन्द्रका राज्यकालमा भएका सञ्चार क्षेत्रका केही गतिविधि र तिनमा सञ्चार क्षेत्रको विद्यार्थीका रूपमा आफूले गरेका काम, कर्तव्य ।

भू.पू.संचार सचिव, २०५९।८।१६

●

स्थानीय समस्याका मर्मज्ञ राजा वीरेन्द्र

● *ठाकुरप्रसाद कोइराला*

सरकारी कामको सिलसलिामा कार्यरत रहेका अवस्थामा श्री ५ वीरेन्द्रसँग देशका विभिन्न भागमा पटकपटक प्रत्यक्ष रूपमा दर्शनभेट गरी छलफल गर्ने र सुझाव पेश गर्ने अवसर मिलेको थियो भने सवारीशिविरका अनौपचारिक जमघटमा पनि नजिकैबाट राजाका जिज्ञासाहरू सुन्ने, बुझ्ने अवसर मलाई मिलेको थियो । यिनै अवसरहरू मध्येका केही अविस्मरणीय क्षणहरूको संक्षेपमा यहाँ उल्लेख गर्ने प्रयत्न गरिएको छ ।

२०३३ साल पुस ६ गते क्षेत्रीय भ्रमणको क्रममा पोखरा सवारीशिविरबाट बिहान सबेरै मनाङको सदरमुकाम चामेमा सवारी भैबक्सेको बखत समीक्षालयको अवलोकनको समयमा, स्थानीय जनतालाई दर्शन दिन मञ्चमा राज भएका बखत तथा सदरमुकाम वरपर सवारी आगमन एवम् प्रत्यागमन हुँदाका जुनसुकै अवसरमा पनि सरकारबाट मनाङ जिल्लाको विकास एवम् मनाङेहरूको आर्थिक उन्नति कसरी गर्न सकिन्छ भनी विभिन्न जिज्ञासाहरू राखिबक्सिन्थ्यो । त्यस दिनमा करिब सवासय जति जिज्ञासा (प्रश्नहरू) राखिबक्सेको थियो । ती मध्ये प्रायः सबैजसो जिज्ञासाहरू म अर्थात् त्यस जिल्लाको प्रमुख जिल्ला अधिकारीतर्फ लक्षित गरी सोधिबक्सेको थियो । “सी.डी.ओ ! तिम्रो विचारमा मनाङ जिल्लाको विकास के कसरी गर्न सकिन्छ ” ? कर्मचारीहरू कहाँ कसरी बस्दछन् ? यहाँ बिजुली भए राम्रो हुने थियो हगि ? यहाँका केटाकेटीहरू कहाँ पढ्ने गर्दछन् ? यहाँ कुन तहका विद्यालय कति छन् ? थोंचेमा रहेको मा.वि.मा कति विद्यार्थी छन् ? जिल्लाको मुख्य उब्जनी के हो ? यस जिल्लाका प्रमुख समस्याहरू के के हुन् ? आदि । जिल्लाको विकास यो यस प्रकारले गर्न सकिन्छ भनी प्रस्तुत बुँदाहरू (कार्यक्रमहरू) को बारेमा ज्यादै अभिरुचि लिइबक्सेकाले समीक्षालयमै त्यसै बखत विस्तृत छलफल गरियो । छलफलमा उपयुक्त ठहर भएका सुझावहरूलाई कार्यान्वयन गर्न तत्काल निर्देशन भयो । त्यसको एक हप्ता भित्रैमा सवारीशिविर पोखराबाट विभिन्न निकायलाई समेत तदनुरूप निर्देशन भएको थियो ।

त्यसै गरी, २०३५ सालमा लुम्बिनी अञ्चलको भ्रमणको सिलसिलामा कपिलवस्तु जिल्लाको तौलिहवामा सवारी भएका बखत जिल्ला समीक्षालयमा विभिन्न कार्यप्रगतिको प्रस्तुतीकरणपश्चात् छलफलका क्रममा राजस्वतर्फका विषयमा चर्चा हुँदै जाँदा कृष्णनगर भन्सार प्रमुखसँग सरकारबाट प्रस्तुत विषयमा अझै बढी मात्रामा प्रष्ट पार्न हुकुम भएको मात्रै के थियो सवारीसाथमा केन्द्रबाट गएका भन्सार विभागका महानिर्देशकज्यूले बीचमै दुई हात जोडी सरकार ! यसमा यसो यसो हो भन्न शुरु गर्नमात्र के भ्याउनुभएको थियो, राजाबाट ती महाशयको जाहेरी बन्द गर्न सङ्केत गर्दै “मैले तिम्रो होइन् यिनको कुरा सुन्न चाहेको” भनिबक्स्यो अनि सम्बन्धित अधिकृतबाट त्यहाँको गतिविधि र समस्याहरूका बारेमा यथार्थ कुरा ज्यादै अभिरुचिपूर्वक सुनिबक्सेको थियो । आ.व. २०३५/३६ सालतिरकै कुरा हो, श्रीलङ्काका राष्ट्रपति जयबर्धने नेपालको भ्रमणमा आएका बखत पुरातात्त्विक, धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले अति नै महत्त्वपूर्ण तिलौराकोटको पनि अवलोकनभ्रमण गर्ने कार्यक्रम रहेकाले श्री ५ वीरेन्द्रका साथ

कपिलवस्तुको तिलौराकोटमा आगमन भएको थियो । अतिविशिष्ट व्यक्तित्वहरूबाट दरबार परिसरका पश्चिम द्वार, पूर्वीद्वार (महाभिनिष्क्रमण भएको द्वार) मन्दिर तथा स्तूपहरूको अवलोकन गरिबक्सिँदाको समयमा दायाँबायाँ उपस्थित केन्द्रीय उच्च पदाधिकारीहरू, मन्त्री वा नेताहरूले जे-जस्तासुकै कुरा भटचाए तापनि सरकारबाट सो ठाउँको उत्खनन कार्यमा प्रत्यक्ष रूपले संलग्न रहेका श्री तारानन्द मिश्रजीबाटै धेरै जिज्ञासाहरूको जानकारी प्राप्त गरिबक्सेको थियो ।

सुदुर पश्चिमाञ्चल विकासक्षेत्र (पाँचौं विकासक्षेत्र) को घोषणा भएको करिब १ वर्ष भित्रैमा विकास क्षेत्रको निरीक्षण भ्रमणको सिलसिलामा क्षेत्रीय सदरमुकाम दिपायलमा २०३७ साल पौषमा श्री ५ वीरेन्द्र सवारी भयो । सवारीशिविरबाट विभिन्न जिल्लाको भ्रमणपश्चात् सोही दिन बेलुका हुने गरेका समीक्षाको समयमा तथा सवारीशिविर उठ्नुअघि अनौपचारिक भेटघाटको क्रममा ज्यादै अनौपचारिक रूपमा जम्मा भएका विभिन्न व्यक्तिहरूको सामुन्ने सरकार आफैं घुम्दै गएर परिचय माग्दै उसको विचार, सुझाव, तर्कहरू ध्यानपूर्वक सुन्ने गरिबक्सिन्थ्यो । यस्ता अवसरमा उपल्लो दर्जा वा ओहदाका, केन्द्रबाट गएका मन्त्री, सचिव वा केन्द्रीय स्तरका जनप्रतिनिधिहरूको भन्दा स्थानीय तहमा कार्यरत कर्मचारी वा स्थानीय कार्यकर्ता एवम् समाजसेवीहरूको रायसुझाव लिन मन पराइ- बक्सन्थ्यो । कहिलेकाहीँ छलफलको क्रममा मन्त्री वा माननीय सांसद सदस्यहरूको बीचको हस्तक्षेपलाई वास्तै नगरी उनीहरूतर्फ ध्यानै नदिई 'अँ तिमीले के भन्दै थियौ ? प्रष्टसँग भन त' भन्दै निजको विचार व्यक्त गर्न हौसला एवम् प्रेरणा दिँदै स्थानीय स्तरका कर्मचारी वा कार्यकर्ताहरूको कुरा सुनेर स्थानीय समस्याहरूसँग भिज्न चाहिबक्सिन्थ्यो ।

छलफलका क्रममा प्रस्तुत सुझाव, योजना वा प्रस्ताव किन र कसरी गर्ने ? औचित्य के छ ? विभिन्न दृष्टिकोणबाट हेर्ने र केलाउने गरिबक्सिन्थ्यो । औचित्य पुष्टि गर्ने खालको तर्क कुनै व्यक्तिले पेश गरेमा प्राप्त सुझावलाई पुनः छलफल गराई उचित ठहर भएकामा कारवाही अगाडि बढाउन तत्काल निर्देशन दिइबक्सिन्थ्यो ।

एवम् प्रकारले राजा वीरेन्द्रले हिमाली भेगका हुन् वा तराईका, पूर्वका हुन् अथवा सुदूर पश्चिमका पिछडिएका क्षेत्रका जनता वा सानै तहका कर्मचारी किन नहुन् तिनीहरूको मुखबाटै त्यहाँको यथार्थस्थिति बुझिबक्सने उत्सुकता सधैँ राखिबक्सिन्थ्यो र देश विकासको निमित्त स्थानीय सरोकार वालाहरूलाई सहभागी बनाई विकास निर्माणकार्य गर्नुगराउनु पर्दछ भन्ने अवधारणा सरकारबाट सदैव राखिबक्सिन्थ्यो ।

●

एउटा अविस्मरणीय क्षण

● तुलसीराम पोखरेल

मुलुक अँध्यारो अवस्थाबाट उज्यालोतर्फ उन्मुख हुँदै थियो। प्रजावत्सल श्री ५ महा- राजाधिराजको जब राज्यारोहण भयो तब श्री ५ वीरेन्द्र जनताका घरदैलोमा सवारी होइबक्सन्थ्यो। हो, विपन्न नेपालीमात्रको कल्याणको खातिर प्रजावत्सल राष्ट्रनायक वीरेन्द्र सरकार लोककल्याणको निम्ति के पहाड, के तराईका हरियाफाँट, के मध्यपहाड, पाँचै क्षेत्र सवारी होइबक्सन्थ्यो। बिहान हातमुख जोर्न समस्या, साँझ चुलो बाल्न धौ-धौ पर्ने खरका छाना झुपडीहरूमा पदार्पण गरी जनताका इच्छा, आकाङ्क्षा आत्मसात् गरिबक्सन्थ्यो।

कुरो २०४६ सालको हो। पाल्पा सदरमुकामदेखि पूर्व पूर्वीपाल्पा जहाँ आर्य भञ्ज्याङ्गबाट कच्ची बाटो ४८ किलोमिटर पर्छ त्यहाँ रामपुर उपत्यका पर्छ। रामपुर, दर्छा, खालिवन गा.वि.स. ले समेटिएको हाल रामपुर नगरविकास छ। पारि स्याङ्जा जिल्ला पर्छ। वारि पाल्पा, बीचमा शालिग्राम नदी कालीगण्डकी पर्छ। दर्छा गा.वि.स.को पूर्वमा निम्ती खोलो छ। त्यही खोलाको मुहानमा रामपुर फाँट सिँचाइ आयोजनाको बाँध छ। सो बाँध राष्ट्रनायक श्री ५ वीरेन्द्र सरकारबाट उद्घाटन गरिबक्सेको थियो। प्रजातन्त्रप्रेमी श्री ५ महाराजाधिराजको उक्त सवारीको अवसर मेरो मन, मस्तिष्कमा आजै झैँ लाग्छ। कालीगण्डकीको तटमा अवस्थित श्री राधादामोदर संस्कृत मा.वि. थियो। हामी संस्कृतका बटुहरू २५ जना थियौं। हामी प्रातः ४ वजे उठेर नित्यकर्म सकी वैदिक मङ्गलाचरण गर्थ्यौं। हाम्रा गुरु हुनुहुन्थ्यो ध्रुवशरण उपाध्याय। त्यसमा मन्दिरका व्यवस्थापक पं. छविरमण उपाध्याय हुनुहुन्थ्यो।

एक दिन गुरुले हामीलाई भन्नुभयो- "भोली नहरको उद्घाटन हुन्छ। तिमीहरू सबैले मङ्गलाचरणको स्वस्तिवाचनको तयारी गर्नुपर्‍यो।" हामीहरू छ जनाले श्री ५ को स्वागतको निम्ति स्वस्तिवाचनको तयारी गर्‍यौं। हामीलाई मन्दिरबाट पहेँलो कुर्था-सुरुवाल सिलाइयो। त्यो दिन हामी स्वस्तिवाचनको निम्ति राजघरा, बाइरेघाट अनि बाँधमा पुग्यौं। श्री ५ का निमित्त भव्य स्वागतको व्यवस्था गरिएको थियो। एकातिर महिला अर्कातिर पुरुषका सिटहरू छुट्याइएको थियो। कडा सुरक्षाव्यवस्था थियो। श्री ५ को भव्य स्वागतका निम्ति तूल र ब्यानरले सजिसजाउ पारिएको थियो। ध्वजापतङ्गहरूले उक्त स्थान रङ्गीचङ्गी पारिएको थियो। बीच भागमा हेलिप्याड थियो। ठीक त्यसैको वरिपरिबाट उद्घाटन स्थलसम्म श्री ५ को सवारी मार्ग निर्माण गरिएको थियो। तल बगरमा जनसागरको सहभागिता थियो भने त्यसभन्दा माथि खेत थियो। त्यही खेतबाट श्री ५ को भव्य स्वागतको माइक बजिरहेको थियो। वास्तवमा राजा सबका साझा भगवान् विष्णुका अवतार भएकाले सबै मौसुफका निम्ति पंक्तिबद्ध रूपमा फूलका माला, गुच्छा लिएर व्यवस्थित थिए। हामी बटुहरूलाई स्वस्तिवाचनको निमित्त उद्घोष गरियो। गुरु ध्रुवशरण उपाध्यायले हामीलाई स्वस्तिवाचनका मन्त्र पहिले नै अभ्यास गराइसक्नुभएको थियो। हामी अग्रभागमा गयौं। पिताम्बर वस्त्रधारी टाउकामा पहेँलो कपडा पहिरेका संस्कृतका वटुहरू हामीलाई सबैले हेर्थे र भन्थे- यी कहाँका वटुहरू हुन् ?" जानेकाले भन्थे- "केलादी मन्दिरबाट आएका हुन्।" राजाको स्वागतका निमित्त हामी लाइनमा उभियौं।

बिहानको ११ बजे हामी लाइनमा पंक्तिबद्ध भएर अग्रपंक्तिमा वस्यौं तर प्रतीक्षाको घडी लामो हुन्छ भने झैं मौसुफको सवारी ढिला हुन पुग्यो । चारैतिर शाहीसेना र प्रहरीले गस्ती गरिरहेका थिए । घडीमा १२ बज्यो, मौसुफ सरकारको सवारी भएन । एक्कासि आवाज आयो । अब श्री ५ को सवारी हुँदै छ । नभन्दै हेलिकोप्टर आयो, तीनवटा हेलिकोप्टर क्रमशः प्रथम, द्वितीय र तृतीय गर्दै । केही समयमै श्री ५ को सवारी हेलिकोप्टरमार्फत भयो । साथमा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहको सवारी भयो । हामीले स्वस्तिवाचनले स्वागत गर्‍यौं । बिस्तारै मौसुफ सरकार उद्घाटनस्थलतिर सवारी होइबक्स्यो । नहरको ताम्रपत्र श्री ५ द्वारा उद्घाटित भयो । बिस्तारै श्री ५ फिर्ती सवारी भयो । कसैले राजासमक्ष बिन्तीपत्र चढाए । कसैले माला फूलले स्वागत गरे । एकैछिनमा श्री ५ को फिर्ती सवारी भयो । यो हाम्रो निम्ति अविस्मरणीय क्षण भयो । यो अविस्मरणीय क्षण आज पनि उत्तिकै ताजा छ । उत्तिकै आलै छ । मौसुफ सरकारको दर्शनभेटको सुयोग प्राप्त भयो ।

विकासप्रेमी र प्रजावत्सल राजा जनताका निम्ति रातदिन चिन्तित होइबक्सन्थ्यो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सवारी होइबक्सी विकासको लहर गाउँ-गाउँमा फटाउनुपर्छ भन्ने मौसुफ सरकारको सदाशय थियो । राज्यारोहणको अवस्थादेखि विश्वसमुदायले हालसम्म नेपाललाई शान्तिक्षेत्रको प्रस्तावमा हस्ताक्षर गरेको हाम्रो सामु छर्लङ्ग छ । सार्वभौमसत्ता नेपाली जनतामा हस्तान्तरण गर्ने राजा जनचाहना, जनभावना, दुःख-सुख बुझिबक्सन्थ्यो । लोक कल्याणकारी राज्य र संवैधानिक राजतन्त्रको पक्षमा श्री ५ स्पष्ट होइबक्सन्थ्यो ।

जनता जनार्दनका निम्ति श्री ५ वीरेन्द्रले जनमतसङ्ग्रहको घोषणा गरिबक्स्यो । मुलुकमा मौसुफले बहुदल घोषणा गरिबक्स्यो । गाउँ, ठाउँ, खोला, पर्वत, पाखा, पखेरा, कुनाकाप्चा भ्रमण गरेर सबैका निम्ति शिक्षा सर्वसुलभ बनाउनुपर्छ भन्दै जनचाहनालाई सर्वोपरि ठानिबक्स्यो । मुलुकका हितका निम्ति ठूलो योगदान गरिबक्स्यो र सिँचाइयोग्य जमिनलाई सिँचाइ गर्नुपर्छ, रूखा भूमिहरू हरियो भरियो पार्नुपर्छ, राष्ट्रिय आयमा वृद्धि गरी सर्वाङ्गीण विकास गर्नुपर्छ, राष्ट्रिय शिक्षा पद्धतिलाई समयोचित पार्नुपर्छ भन्ने मौसुफ सरकारको उद्देश्य थियो ।

दातृसंस्थाको विशेष सहयोग र श्री ५ को सरकारको लगानीको फलस्वरूप पाल्पा, रामपुर उपत्यका आज हराभरा र अन्न उब्जने भएको छ । सबैका घरघरमा अन्नपात छन् । हिजो अन्न किनेर हातमुख जोर्ने किसानले आज अन्न किन्नुपर्दैन ।

प्रत्येक जिल्ला-जिल्ला, अञ्चल-अञ्चल, नगरपालिका, गाउँ-ठाउँ घुमेर जनताका पीर मर्का बुझिबक्सने प्रजावत्सल राष्ट्रनायक श्री ५ वीरेन्द्र होइबक्सन्थ्यो । श्री ५ वीरेन्द्र प्रजातन्त्रवादी राजा होइबक्सन्थ्यो, लोकतान्त्रिक मतका ज्ञाता, विश्व-शान्तिका अग्रपुरुष होइबक्सन्थ्यो । मौसुफ सरकारमा भावपूर्ण श्रद्धाञ्जली ।

पाल्पा, रामपुर, मटेरी

●

राष्ट्र र विकासप्रेमी श्री ५ वीरेन्द्र

● *प्रा. डा. तुलसीराम वैद्य*

कुनै पनि महान् व्यक्तित्वका बारेमा लेख्नु सरल कार्य होइन । इतिहासको एउटा विद्यार्थीका रूपमा कसैले कसैसँगको अनुभव वा प्रभावको बारेमा लेखेको छ भने त्यसको महत्त्व म बुझ्दछु । विशेषतः श्री ५ वीरेन्द्रजस्ता महान् व्यक्तित्वको उपलब्धिको मूल्याङ्कन यस लेखमा गर्न खोजेको होइन तर त्रिभुवन विश्वविद्यालयको "राष्ट्रिय विकास सेवा" (रा.वि.से) अध्ययन सेवा योजनाको निर्देशकका रूपमा श्री ५ वीरेन्द्रसँगको विभिन्न समयमा भएको दर्शनभेट र सो कार्यक्रमका बारेमा छलफल भएको अनुभवको आधारमा म कलम चलाउँदै छु ।

नेपालका दुर्गम ग्रामीण क्षेत्र, विशेषतः अल्पविकसित क्षेत्रको बहुपक्षीय विकास गर्ने श्री ५ को उत्कट इच्छाको परिणाम स्वरूपनै राष्ट्रिय विकास सेवा योजना लागू गरिएको थियो ।

यस लेखमा श्री ५ वीरेन्द्रप्रति भक्तिपूर्वक श्रद्धाञ्जली अपर्ण गर्दै आफूले अनुभव गरेका केही घटनाहरू यहाँ उल्लेख गर्दछु । मुलुकको विकास गर्ने कार्यमा राष्ट्रिय विकास सेवा योजनाको संरक्षकका रूपमा श्री ५ वीरेन्द्रबाट सो योजनाका सहभागी विद्यार्थीहरूप्रति राखिबक्सेको माया, ममता एवम् उदारता कहिले पनि म विर्सन सक्तिन ।

राष्ट्रिय विकास सेवाको निर्देशकका रूपमा मैले श्री ५ वीरेन्द्रसँग पटक-पटक दर्शनभेट पाउने र सो योजनाका सम्बन्धमा विचारविमर्श गर्ने सुअवसरहरू प्राप्त गरेको थिएँ । सोही दर्शनभेट र विचारविमर्शका आधारमा मौसुफ सरकारमा देहायका विचार र इच्छाहरू रहेको पाएँ :

- जोसिला, सक्रिय, लगनशील र उच्चशिक्षा हासिल गरेका युवाहरूले देशविकासको क्रियाकलापमा ग्रामीण जनतालाई अपेक्षित सहयोग गर्न सक्दछन् र गर्नुपर्दछ ।
- दुर्गम क्षेत्रका जनताहरूलाई आफ्नो क्षेत्रको विकासमा उनीहरूको भूमिकाको महत्त्व र मूल्य विश्वविद्यालयका विद्यार्थीहरूले सम्झाउन सक्दछन् ।
- विश्वविद्यालयका विद्यार्थीहरूले मनोवैज्ञानिक र नैतिक रूपमा ती ग्रामवासीहरूलाई प्रोत्साहित गर्नेछन् र आदर्श समाज बनाउन उनीहरूको भूमिकाको बारेमा महसुस गराउनेछन् ।
- उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरूले दुर्गम क्षेत्रका समुदायको उत्प्रेरक एवम् परिवर्तनका प्रतिनिधिका रूपमा काम गर्नेछन् ।
- यस योजनामा सक्रिय सहभागी भएर विश्वविद्यालयका सैद्धान्तिक ज्ञानमात्र पाइराखेका विद्यार्थीहरूले मुलुकको वास्तविकताको अनुभव र ज्ञान हासिल गर्न सक्नेछन् र ग्रामीण जनता र विद्यार्थीहरूबीच स्वस्थ्यकर अन्तर्क्रिया गर्ने मौका पाउनेछन् । यो अन्तर्क्रिया दुवै पक्षलाई अर्थात् राष्ट्रलाई लाभदायक हुनेछ ।
- धेरैजसो काठमाडौं उपत्यका वा अन्य शहरी क्षेत्रका सम्पन्न परिवारका युवाहरू जो कहिले दुर्गम क्षेत्रमा गएका थिएनन् त्यस्ता युवाविद्यार्थीहरूले मुलुकको दुर्गम क्षेत्रको जीवनको प्रत्यक्ष रूपमा अनुभव प्राप्त गर्नेछन् ।

- आफ्ना आमाबावुको संरक्षणमा हुर्केका ती विद्यार्थीहरूलाई खटाइएको गाउँका विकास- सम्बन्धी योजना बनाउने र कार्यान्वयन गर्ने कार्यबाट उनीहरूको नेतृत्वको क्षमताको विकास हुनेछ ।

राष्ट्रिय विकासयोजनाका यिनै केही प्रमुख उद्देश्यहरू थिए, जसमा स्नातकोत्तर तहमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरू एक वर्षका लागि सहभागी हुनु अनिवार्य थियो । के पनि उल्लेख गरिएको थियो भने सैद्धान्तिक र पुस्तकीय ज्ञानमात्र नदिई उच्च शिक्षाका विद्यार्थीलाई राष्ट्रिय विकास सेवाको मौका पनि दिइनुपर्दछ ता कि उनीहरूले आफ्नो भावी जीवन निर्माणका लागि व्यावहारिक ज्ञानसमेत हासिल गर्न सकून् ।

वास्तवमा श्री ५ वीरेन्द्र देशका भावी निर्णयकर्ताहरू अर्थात् विद्यार्थीहरूको शिक्षा र तालिमका बारेमा निकै सम्वेदनशील होइवक्सिन्थ्यो । यसका अतिरिक्त मौसुफ सरकार ग्रामीण, अशिक्षित एवम् अज्ञान जनता र स्नातकोत्तर तहका शिक्षित युवाहरूको बीच अन्तर्क्रिया गराएर गाउँको बहुपक्षीय विकासकार्यलाई गति दिन चाहिबक्सिन्थ्यो । प्रभावहीन वा स्थिर समुदायबाट अनुचित रूपमा फाइदा लिइरहेका स्थानीय नेता, राजनीतिज्ञ र स्वार्थी समूह र सोही स्थीर समुदायका उत्प्रेरक र परिवर्तनका सम्वाहकका रूपमा काम गर्ने निःस्वार्थ विद्यार्थीहरू- बीचमा बेमेल वा विरोध हुन सक्ने सम्भावना पनि देखिएको थियो । त्यसैकारण उनीहरूका बीच झगडा भएर सामाजिक, आर्थिक, प्रशासनिक र राजनीतिक व्यवस्थामा नै उथलपुथल हुने स्थिति सिर्जना नहोस् भन्ने कुरा सोची समस्या सुल्झाउने उपायहरू पहिलेदेखि नै अपनाइएको थियो । राजनीतिक विचारमा उग्र र सचेत विद्यार्थीहरूलाई त्यस्तो नगर्न सल्लाह दिइएको थियो । कार्यक्रममा उलेख भएका सबै कार्यहरू विद्यार्थीहरूले पूर्ण इमान्दारिताका साथ गर्छन् भन्ने पूर्ण रूपले अपेक्षा गरिएको थियो । विद्यार्थीले पूर्ण लगनशीलता र तत्परताका साथ भूमिका निर्वाह गरी छिट्टै आशातीत लक्ष्य हासिल हुने अपेक्षा पनि गरिएको थियो । वास्तवमा मुलुकका दुर्गम क्षेत्रमा बसेर विद्यार्थीहरूले वहुआयामिक विकासकार्यका उत्प्रेरक र परिवर्तनका संवाहकका रूपमा निकै सकारात्मक भूमिका निर्वाह गरे, जुन राजाको वास्तविक इच्छा एवम् अपेक्षा थियो । ती विद्यार्थीहरू स्थानीय एवम् राजधानी दुवै क्षेत्रको स्रोतपरिचालन गर्न सक्षम थिए । केन्द्रीय तह तथा स्थानीय निकायका पदाधिकारीहरूसमक्ष उनीहरूको सरल पहुँच भएका कारणले उनीहरू स्रोतपरिचालन गर्न सक्षम भएका हुन् । यो सबैको श्रेय श्री ५ वीरेन्द्रलाई जान्छ ।

मुलुकका दुर्गम क्षेत्रमा खटाइएका विद्यार्थी- हरूको भलाइ र आवश्यकताप्रति श्री ५ वीरेन्द्र नितान्त चासो राखिबक्सन्थ्यो । मौसुफ सरकारले राष्ट्रिय विकास सेवाका निर्देशकलाई भेट दिइबक्सन्थ्यो र आवश्यक निर्देशन दिनुका साथै योजना एवम् कार्यक्रमका बारेमा जानकारी लिइ बक्सन्थ्यो । प्रथम निर्देशक डा. राजेन्द्र कुमार रंगोगले लेखकलाई के भनेका थिए भने राजा विशेषतः छात्राहरूप्रति बढी सचेत होइबक्सन्थ्यो । कुनै एक छात्रा एकपटक बदनाम भई भने जीवनभर समस्याको सामना गर्नुपर्ने हुन्छ । त्यसैले राष्ट्रिय विकास सेवाका विद्यार्थी (छात्रा) कार्यरत रहँदासम्म उनीहरूको विशेष हेरचाह गर्न श्री ५ वीरेन्द्रले उनलाई आदेश दिइबक्सेको थियो । यस्तो निर्देशन हरेक निर्देशक तथा सरकारी निकायका अतिरिक्त त्यसबखत निकै प्रभावशाली र शक्तिशाली राजनीतिक सङ्गठन *"गाउँफर्क राष्ट्रिय अभियान"* समेतलाई राष्ट्रिय विकास सेवाका विद्यार्थीहरूलाई सम्भव भएसम्म सहयोग गर्न निर्देशन दिइबक्सेको थियो । खटाइएको दुर्गम क्षेत्रमा कार्यरत विद्यार्थीहरू बिरामी परेका खण्डमा हवाइजहाज चार्टर गरेर उपचारका निम्ति उनीहरूलाई काठमाडौं ल्याइन्थ्यो । आवश्यकताअनुसार कुनै बिरामी विद्यार्थीलाई स्वास्थ्यपरीक्षण एवम् उपचार गर्न भारत पनि लगिन्थ्यो । यसबाट विद्यार्थीहरूले आफूलाई सुरक्षित महसुस गरेका थिए ।

यद्यपि प्रारम्भमा राष्ट्रिय विकास सेवामा विद्यार्थीहरूले स्वयंसेवकका रूपमा विकासका कार्यहरू सञ्चालन गर्दा शङ्काका दृष्टिले हेरिएको थियो तर उनीहरूको इमान्दारिता र कार्य दक्षताले स्थानीय जनसमुदायको समर्थन र सहयोग पाउन सफल भए, स्थानीय जनता उनीहरूप्रति अति अनुग्रहित भए ।

उनीहरूले विद्यार्थीहरूलाई विकासे मास्टर, राजाको विशेष सेवक (रा.वि.से.) आदि संज्ञा दिन थाले । फिका निलो सफारी (केटाहरू) र निलो ब्लाउज र सारी (केटीहरू) लगाएका ती विद्यार्थीहरू राष्ट्रिय विकासको सम्वाहकका प्रतीक भएका थिए जसले तल्ला तहका जनतासँग बसेर काम गर्दथे । उनीहरूले स्थिर सामाजिक व्यवस्थामा गतिशीलता ल्याउने प्रयास गरे । आफ्ना क्षेत्रमा जहाँ अन्याय हुन्थ्यो तिनका विरुद्ध आवाज बुलन्द गर्थे । यस्ता सबै कार्यका निम्ति उनीहरूले श्री ५ वीरेन्द्रबाट प्रेरणा पाएका थिए । विकास क्षेत्रको वार्षिक अनौपचारिक भ्रमणका बखतमा श्री ५ वीरेन्द्रले ती विद्यार्थीहरूलाई विशेष दर्शनभेट दिइबक्सन्थ्यो साथै उनीहरूको अनुरोधमा छुट्टै दर्शनभेट पनि पाउँथे । विद्यार्थीहरू (वामपन्थी, प्रजातन्त्रवादी र पञ्चायत व्यवस्था पक्षका अर्थात् सबै राजनीतिक विचारधाराका) ले कुनै राजनीतिक रङ्गविना नै स्थानीय तहका सबै समस्याहरूका बारेमा राजासमक्ष

जाहेर गर्दथे । विद्यार्थीहरूको यस्तो बफादारिताबाट राजा कति प्रभावित भइबक्सिन्थ्यो भने राष्ट्रिय विकास सेवाका विद्यार्थीसँग ज्यादै खुसी र सन्तुष्ट होइबक्सन्थ्यो । विभिन्न राजनीतिक पृष्ठभूमिका विद्यार्थीहरूले राजासँग आफ्ना अनुभवहरू चर्चा गरेको कुरा निकै स्पष्ट रूपमा सकारात्मक ढङ्गबाट बताउँछन् ।

श्री ५ वीरेन्द्र ज्यादै सामाजिक, सरल, सहयोगी, उदार र सजिलैसँग सम्पर्क गर्न सकिने राजा भएको कुरा अहिलेसम्म पनि ममा दृढप्रभाव छ । मौसुफ सरकार समस्याहरू छिट्टै बुझिबक्सन्थ्यो । भेट पाउनु अगाडि र भेट पाएपछि राजाप्रतिको मेरो धारणामा पूर्णतः परिवर्तन भयो । समस्याहरूको समाधान गर्न कसैलाई पनि सधैं सजिलो सहयोग गर्ने प्रवल इच्छा राख्ने व्यक्तिका रूपमा मैले श्री ५ वीरेन्द्रलाई पाएँ । यसै प्रसङ्गमा यहाँ केही घटनाहरू उल्लेख गर्न चाहन्छु ।

वि.सं. २०३४/३५ शैक्षिक सत्रमा रोल्पा जिल्ला पठाइएका एक रा.वि.से. विद्यार्थी सुमन श्रेष्ठले अञ्चलाधीशको व्यवहार र दृष्टिकोणप्रति आलोचनात्मक टिप्पणी गरेका थिए । आफ्नो क्षेत्रका जिल्लाहरूको भ्रमणका बखतमा उनले ठूलो संख्यामा आफ्ना कर्मचारी एवम् अन्य व्यक्तिहरूलाई आफूसँगै लिएर हिड्थे । यसबाट स्थानीय प्रशासनमा ठूलो खर्च हुने गर्दथ्यो । उनको सो कार्यक्रम देख्दा राणाशासनको दौडाहा व्यवस्थाको पुनरावृत्ति भएको भनी सुमन श्रेष्ठले सार्वजनिक रूपमा आलोचना गरेका थिए । सो आलोचनाबाट आक्रोशित अञ्चलाधीशले विद्यार्थीमाथि कारबाही गर्ने बहाना खोज्न लागे । यस्तो सार्वजनिक टिप्पणी गरिएकामा त्यसबखतको कानुन अनुसार राजकाज मुद्दाको अभियोगसमेतमा सुमन श्रेष्ठलाई तत्काल गिरफ्तार गरी बन्दी बनाउन सकिन्थ्यो तर राष्ट्रिय विकास सेवाका विद्यार्थी भएका कारण उनलाई तत्काल गिरफ्तार गरिएन । आफ्नो सेवाका क्रममा सुमन श्रेष्ठले एउटा पत्रिकामा सर्वसाधारण जनताको दयनीय अवस्थाको वर्णन गरेर एउटा लेख लेखेका थिए । "श्री ५ वीरेन्द्रको कपडा लगाउनुपरेको छ" भन्ने कुरा श्रेष्ठले आफ्नो लेखमा लेखेका थिए । यही लेखका आधारमा ती विद्यार्थीलाई गिरफ्तार गरी स्थानीय जेलमा राखियो । सुमन श्रेष्ठलाई राजकाज मुद्दामा गिरफ्तार गरी बन्दी बनाइएको कुरा उनका साथीहरूलाई मलाई तत्कालै विस्तृत जानकारी गराउन पनि प्रशासनले दिएन । त्यस विषयमा तत्कालीन त्रि.वि.विद्यार्थी हित शाखा प्रमुख तीर्थरत्न वज्राचार्य र म आफैंले यो लेख राजनीतिक उद्देश्यबाट नलेखिएकाले कुनै कसुर नगरेका सुमन श्रेष्ठलाई रिहा गराउन प्रयास गर्‍यौं । उनलाई गिरफ्तार गरी बन्दी बनाइएको कार्यको पक्षमा रहेका हाम्रा तत्कालीन त्रि. वि. का हाकिमले हामीलाई सघाएनन् । जब सरकारी निकायबाट समेत हामीले कुनै सहयोग पाएनौं तब राजदरबारमा श्री ५ महाराजाधिराज सरकारमा सम्पर्क राख्ने प्रयास गरियो । श्री ५ वीरेन्द्रका प्रमुख निजी सचिव श्री नारायणप्रसाद श्रेष्ठमार्फत घटनाबारेमा श्री ५ मा सबैकुरा जाहेर भयो र प्रकाशित पत्रिका पनि नजर गराइयो । सबै कुरा सुनिबक्सेपछि आफैंले देखेको कुरा हो, त्यस विद्यार्थीले विरोधपूर्ण कुनै भाषा नै लेखेको छैन, उसले लेखेको यथार्थ सत्यमा आधारित कुरा हुन् जो आफ्नो भ्रमणका क्रममा हामी आफैंले देखेका थियौं भनी मौसुफ सरकारले विद्यार्थीलाई तुरुन्त रिहा गरी जानकारी दिने आदेश बक्स भयो । उक्त शाही निर्देशन गृहमन्त्रालयलाई जानकारी दिइयो जसले अञ्चलाधीश आफैं जेलमा गई श्री सुमन श्रेष्ठलाई मुक्त गरे, माफी मागेर अभिनन्दनसमेत गरे । यस प्रकार शाही घोषणाद्वारा विद्यार्थी मुक्त भए । यो एउटा उदाहरणीय प्रमाण थियो जसबाट राष्ट्रिय विकास सेवा र विद्यार्थीप्रति श्री ५ वीरेन्द्रको चासो एवम् उदारता स्पष्ट हुन्छ ।

अर्को उल्लेखनीय घटना श्री ५ वीरेन्द्रले सुर्खेतका सुकुम्वासी समस्यासम्बन्धी तथ्य जानकारी लिइबक्सन चाहिबक्सेको घटना थियो । यस सम्बन्धमा राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्नेदेखि स्थानीय तहसम्मका नेता, अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारी आदि सबैले एकै किसिमको जानकारी दिएका थिए जसमा राजालाई विश्वास लागेको थिएन । त्यसैकारण यस सम्बन्धमा यथार्थ जानकारी राष्ट्रिय विकास सेवाअन्तर्गत सो जिल्लामा कार्यरत विद्यार्थीहरूबाट लिइबक्सने विचार राजाबाट लिइबक्स्यो । सोही बमोजिम विद्यार्थीहरूले श्री ५ लाई सुकुम्वासी समस्याको वास्तविकताको जानकारी दिनुका अतिरिक्त स्थानीय स्वार्थी नेता तथा प्रशासकहरूका विरुद्ध उजुरीसमेत गरेका थिए । विद्यार्थीहरूको बफादारिता र इमान्दारिताबाट श्री ५ वीरेन्द्र कति प्रभावित भइबक्स्यो भने मौसुफ सरकारले उनीहरूलाई पुरस्कृत गरिबक्सनुका साथमा चिया पार्टीमा विद्यार्थीहरूसँग संलग्न भइबक्स्यो ।

स्थानीय प्रशासकको बेवास्ता र ज्यादतीका विरुद्ध विद्यार्थीहरूले राजासमक्ष उजुरी गरेका थुप्रै घटनाहरू थिए । ती विद्यार्थीहरू दुर्गमका अनभिज्ञ, सरल स्थानीय जनताको पक्षमा काम गर्न ज्यादै सफल भए । विद्यार्थीले दुर्गम क्षेत्रमा स्थानीय विकासको ढोकामात्र थपथपाएनन्, उनीहरूले दुर्गमका जनताको धारणा र सोचाइमा परिवर्तन ल्याउन ठूलो योगदान दिए । भावी योजनाकार एवम् निर्णयकर्ता विद्यार्थीहरू मुलुकको कठोर वास्तविकतासित परिचित हुन सफल भए । विद्यार्थीहरूमा आत्मविश्वास, नेतृत्व गर्ने क्षमता जस्ता व्यावहारिक ज्ञानको विकास भयो । यसले चरित्रनिर्माणमा उनीहरूलाई ठूलो सहयोग पुर्‍यायो ।

वास्तवमा, राष्ट्रिय विकास सेवा श्री ५ वीरेन्द्रको चिन्तनको उपज थियो। श्री ५ वीरेन्द्रबाट उच्च शिक्षा हासिल गरिरहेका युवाहरूलाई शिक्षित, मुलुकको कटु यथार्थबाट परिचित र व्यक्तिगत रूपमा ग्रामीण क्षेत्रको विकासमा संलग्न गराउन एवम् समग्रमा असल नेताको गुणको विकास गराउने आकांक्षा राखिबक्सेको थियो जस्तो मलाई लाग्दछ। उच्चशिक्षा हासिल गरिरहेका युवाहरूलाई राष्ट्रिय विकासमा संलग्न गराउने श्री ५ को दृष्टिकोण रहेको अनुभव गरेको छु। मलाई अझै पनि कस्तो लाग्छ भने श्री ५ वीरेन्द्र देशविकासका लागि अति लगनशील होइबक्सन्थ्यो। देशमा उच्च शिक्षाप्राप्त, सक्रिय, लगनशील तथा इमान्दार युवा विद्यार्थीहरू- मार्फत तल्लो तह (Grass Root level) को दुर्गमस्थलका जनताहरूलाई पनि उपयुक्त राजनीतिक संस्कृतिको जानकारी गराउने, देशविकास कार्यमा सबैलाई एकजुट गराउने, शहरिया युवाहरूलाई देशको वास्तविकतासित परिचित गराउने, सिद्धान्त र वास्तविकता बीचमा रहेको दूरी जानकारी दिने, दलविहीन व्यवस्थाका नेता र प्रशासकहरूलाई पनि सचेत र सावधानी गराउने आदि उद्देश्य राखिबक्सेको थियो।

सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक र वैचारिक राष्ट्रिय एकता ल्याउन श्री ५ वीरेन्द्र सक्रिय र दत्तचित्त होइबक्सन्थ्यो। अन्त्यमा साह्रै सरल, सहयोगी, उदार, देश र विकासप्रेमी राजा श्री ५ वीरेन्द्रप्रति सभक्तिपूर्वक श्रद्धाञ्जली अर्पण गर्दछु।

●

स्मृतिको अनुभूतिभरि - राजा वीरेन्द्र

● तेजेश्वरबाबु ग्वंगः

यतिखेर विगतको सम्झना गरिन्छ, जतिखेर श्री ५ वीरेन्द्रलाई स्मृतिपटलमा उतारिन्छ। स्वर्गवासी श्री ५ वीरेन्द्रको सम्झनाको दियो, यस्तो सम्झनाको दियो हो जसले नेपाल र आम नेपालीको मनका भित्री तहसम्म दियो बालिदियो।

२०३३ सालको वर्षा ऋतु। नवलपुरको डेढगाउँटार सिँचाइ योजना अध्ययन गर्न पुगेथैं। बूढी खोलाको पानी उपयोग गरी चलाइएको सिँचाइ योजना। पानी स्थानीय साधन, सीपश्रम, स्थानीय प्रविधि, स्थानीय विवेकको उपज। कमलो, बलौटे, गिर्खे, पर्वतीय माटोमा सिँचाइ विभागले बनाएको कुलो खसक्क भास्सियो। कुलो भत्क्यो। पानीले पहाड काट्यो। गाउँले पीरमा परे। सिँचाइले डेढगाउँटार वर्षको तीन बालीदायिनी उर्वर भूमिमा परिणत भइसकेको थियो। भत्केको कुलो निर्माण गरे। ढुङ्गे-खामो उठाए ठाउँ-ठाउँमा। त्यसमाथि ह्यूम-पाइप अड्याइए। पानी बगाए। खेत पटाए। योजना सफल बन्नु गाउँलेको जीवन सफल हुनुथियो। उत्पादन बढ्यो। आय बढ्यो। जीवनस्तर बढ्यो। बालबच्चा स्कुल जाने भए। सुकिला लुगा पाए। औषधी मूलो पाए।

श्री ५ वीरेन्द्रको सवारी भयो योजनाको थलोसम्मै, तात्कालीन प्रधानपञ्चले जाहेरी विवरण टक्र्याए। प्रसन्नतापूर्वक जिज्ञासा राखिबक्सेथ्यो–"ढुङ्गे-खामोमाथिको ह्यूम पाइपप्रविधि कताबाट ल्यायौ ?" "सरकार गाउँले जुटी साहुति गर्‍यौं। अनेक सुझावबाट यसैलाई उपयुक्त ठानी प्रयोग गर्‍यौं।" प्रधानपञ्चले बिन्ती चढाए।

"सरकार, यो प्रविधि अधिराज्यभरि फैलाउन उपयुक्त छ।" बिन्ती जाहेर गरें।

"कसरी ?"

"उपाय छ, सरकार"

"कस्तो उपाय ?"

"सरकार, इन्जिनियरिङ्ग क्याम्पसका प्रशिक्षकहरूलाई यहाँ पठाउने। योजना र प्रविधिको अध्ययन गराउने। स्थानीय पञ्च र जनतासित अन्तर्क्रिया गराउने। त्यसको टिपोट गराउने, सामग्रीलाई पूर्वपरीक्षण गराई परिमार्जन गराउने। पठन-पाठन गराउने। ओभरसियर, इन्जिनियरहरू देशभर काममा लाग्दा यही प्रविधि उपयोग गर्नेछन्। देशभर सजिलैसित फैलिनेछ,।"

"ठीक" सरकारबाट उद्‌गार व्यक्त भयो। त्यो "ठीक" स्वर अझै कानभरि गुञ्जिरहेको रह्यै छ।

रत्नमन्दिर पोखरा। २०३३ माघको एक साँझ। श्री ५ वीरेन्द्र आफ्नो कार्यकक्षमा राज होइबक्सेको। विकासकार्य विवरण जाहेरी चढाउने काम। जुत्ता खोली पालको ढोका प्रवेश गर्न लाग्दालाग्दै जिज्ञासा राखिबक्स्यो। "आज चस्मा के भयो नि !" "सरकार बिहान नुहाएर यसो झ्यालको कापमा राख्न खोजेको भुईंमा खसेर चकनाचुर भयो, !"

"काम गर्नलाई असजिलो भएन र ?"

"सरकार, अलिकति त पर्ला। हुनु नहुनुमा अलि अन्तर त पर्ने नै हुन्छ, तर काम गर्न सक्छु।"

"कसरी काम गर्छौ नि ?"

"सरकार, काम गर्न सक्छु। अलिकति ढिलो हुन्छ होला"

"यहाँ पोखरामा राख्ने ठाउँ छैन र ?"

"छन त होला, सरकार ।"

"हालिदिनु, नि !"

सबै महानुभाव टिपोट गर्दै हुनुहुन्थ्यो ।

"सरकार, प्रेस्कृप्सन छैन, प्रभु ।"

"कहाँ छ नि ?"

"सरकार, भक्तपुर घरैमा छ ।"

"चस्मा हाल्नेले नै जाँचेर प्रेस्क्रिप्सन देला नि ।"

.... पलभरको सन्नाटा........

"सरकार, अव २।३ दिनमात्र काम बाँकी छ । काठमाडौ फर्कैर राख्ने विचार छ, सेवकको"

सरकारबाट अनुकम्पापूर्ण शिर हल्लाइबक्सेको स्मृति मनमा आलै छ ।

एक बिहान । श्री ५ वीरेन्द्र सरकार आफैं ल्याण्डरोभर हाँकिबक्सेको, साथमा ए.डि.सी जरसाहेब (तत्काल कर्णेल) पनि । कार्यक्रमपूर्व नै सरकारबाट सहज रूपमा एक्कासि गाडी एउटा निमुखा किसानको झुपडीको आँगनभित्र हुलिबक्स्यो । विचरी किसान महिला के जानून्- सरकार स्वयं झुपडीको आँगनमा सवारी भइरहेको छ ।

"के गर्दै छौ ?"

"थाङनो सुकाइरहेकी ।"

"घरमा अरू कोही छैन र !"

"छन्, बूढो बारीतिर लाग्या हुन् ।"

थाङ्नो थाङ्नै थियो । बीसतिर टालेको, टालैटालाको थाङ्नो । ठुसठुस गन्हाउने । खर झुपडीको, छानो फर्सी, सिमिका लहराले पहरा दिइराखेको ।

"बजारभाउ कस्तो छ अचेल ?"

"ठीकै त भन्नु पर्ला !"

"मटितेल,चिनी पाइँदो हो बजारमा ! "

"थोर थोरै पाइन्छ नि । धेरै किन्न पैसा छैन ।"

"अड्डातिर कस्तो छ ? काम बन्छ कि बन्दैन ?"

"खोइ, लोग्नेमान्छेको काम पर्‍यो, बन्छ त होला ! यत्रा अड्डाखाना छन् ।

सरकारबाट गरिवक्सेका कुराकानी यति नै हो । यति थोरै कुराकानीभित्र विशाल विश्वकोषको खातै बनेजस्तो लाग्न थाल्छ । लाग्छ, ती सरल र शान्त शब्दहरू भित्र खचाखच व्याख्या पर्खिरहेछन् । भनिरहेछन् मानौं ती शब्दहरू, गरिब निमुखाको देशले गर्ने सेवा यिनीहरूकै लागि हुनुपर्छ । यिनकै जीवनस्तर उठाउन हामी प्रयासरत रहनुपर्छ । गर्नुपर्ने काम यिनकै लागि त हो ।"

सरकारको यत्रो अभियानको मर्म हामी प्रजाजनले बुझ्नै सक्यारहेनछौं । सरकारबाट प्रतिवर्ष क्षेत्रीय आधारमा गरिबक्सने त्यो देश र जनता दर्शन कार्यक्रम ! प्रजातन्त्र बक्स्यो । संवैधानिक राजा बनिबक्स्यो । देश र जनता दर्शन कार्यक्रम टुट्यो । जनताले आफ्नो वास्तविक स्थिति दर्शाउने निकाय बन्द भयो । गाउँगाउँले राजा-रानी पाउन नसक्ने भयो । साना-ठूला विकास-योजना गाउँलेकै मागअनुसार पाउँथे । बन्द भए ।

अचाक्ली छ, अचेल गाउँमा देश नभाजस्तो के भयो, के भयो ? देशबाट गाउँ बिरानो बनेजस्तो, के भयो, के भयो ? गाउँमा गाउँले छैन । मान्छेमा ज्यान छैन । ज्यानभित्र मान्छे छैन । क्षेत्रमा शान्ति छैन । शान्ति सबै भ्रान्ति भएछ । भ्रान्ति नै भ्रान्तिमात्र नेपाल भएछ । विगतको सम्झनाले घच्घच्याइरहेछ ।

एक साँझ रत्नमन्दिरमा । रमझम साँझको बेला । सरकार आफैं सवारी होइबक्स्यो । रमझम साँझलाई अनुप्राणित गरिबक्सदै आग्रहपूर्ण प्रसन्नता छरिबक्स्यो, "Won't you give we one ?"

सरकारबाट एक ग्लास कोकाकोला लिइबक्स्यो । ताजा छ सम्झना त्यसबेलाको । रमझममा रमझम थपिबक्सने प्यारा राजाको सुलभ शानका ओजको सम्झना सुन्दर छ, मीठो छ ।

वनराज्यमन्त्री भोलानाथ झा शिष्ट हास्य-व्यङ्ग्यका सर्जक थिए क्यार । ठट्टैमा मार्मिक हाँसोको मूल फुटाउनुभयो ।

"सरकार, मुलुकमा विकासको क्रम तीव्रगतिले बढेको छ । यसका ज्यलन्त उदाहरण छन् । विकासको प्रभाव मानिसबाहेक अरू वन्यजन्तुमा पनि पर्न थालेको छ । बङ्गुर प्रजातिको प्रवेश बढेको छ । वनबाट जङ्गली बनेल भाग्दैछन् । बङ्गुर र बनेलको वर्णशङ्कर प्रजातिको घाँटीमा सेतो माला जस्तो रेखा देखिन थालेको छ । त्यो देख्दा भन्न मन लाग्छ, "सरकार, बङ्गुरले पनि जनै लगाइसकेछ । गजबसित गललल हाँसो उपस्थित समूहबाट निस्क्यो । हाँसो हाँसो नै थियो । हाँसो भित्रको व्यङ्ग्यात्मक मर्म घुइरो घुइरो नै थियो । तागाधारी सबै बङ्गुरकै पर्यायवाची बनाइएको थियो । भनूँ बङ्गुरले पनि जनै पाएर उच्च वैदिक वर्ण धारण गर्न पाए जस्तो । साँच्चै नै हास्यमा व्यङ्ग्यमा हाँसो मिसिएर कत्रो मार्मिक प्रहार पनि रसिलो आहार बनेथ्यो त्यस क्षण ।

मानिसले मानिसको कुरा काट्नु, खिसी गर्नु स्वभावजन्य हुन्छ । एकपटक कसैले कसैको प्रसङ्ग जोड्दैथियो सरकारबाट हुकुम भएथ्यो, "काट्न सजिलो, रोप्न पो गाह्रो । असल लिने न असल छाड्ने । त्यही त हो । He is a good man ."

राजा हुन समदर्शी उदारता चाहिँदो रहेछ, सरकारबाटै सिकैं, जानेको अझै उज्यालोझैं चहकिलो छ । बाणगङ्गा सिँचाइ आयोजना, कपिलवस्तु । सरकारबाट समुद्घाटन गरिबक्सेथ्यो ।

२०३३ सालको कुरो, हेलिकोप्टरबाट सम्पूर्ण क्षेत्रको विहङ्गम दृश्यावलोकन गरिबक्सेथ्यो । उद्घाटन समारोह सरकारको बाहुलीबाट सुसम्पन्न भयो । समुद्घाटन सकिनेबित्तिकै सरकारबाट आयोजना प्रमुखहरूसित जिज्ञासाहरू पसारिबक्सेथ्यो । त्यसैबेला आयोजना प्रमुखसित आग्रह गरेको सम्झना आउँछ ।

"इन्जिनियर साहेब, यसपालिको वर्षात्मा बगाएको तटबन्धखण्ड कता परेछ ? सरकारमा बिन्ती चढाउनुहुन्छ कि ?"

"सरकार, उही त्यो बुल्डोजर भएको ठाउँमा हो," उहाँले बिन्ती चढाउनुभएको स्मृतिपटमा जस्ताको तस्तै छ ।

" अब भेट्नु पर्ने सबैलाई भेट्नु नि," सरकारबाट निर्देशन बक्सेथ्यो । एकोहोरिएर भेटघाट र भलाकुसारी गर्दागर्दै समय बितेको चालै पाइनछु । सरकार हेलिप्याड सवारी भइसकेको थियो । कुद्दै एकजना शाही सैनिक जवान अगाडि आइरहेको देखें । "के गर्नु भाको यो .... तपाईंले, सरकार हेलिप्याड सवारी भइबक्स्यो । यस्तो नि......!"

हस्याङ्गफस्याङ्ग गर्दै सरकारको सामु के पुगेथें सरकारबाट सोधनी भयो, "सबैलाई भेट्न भ्यायौ त ?"

"सरकार, धेरै जसोलाई भेट्न पाएँ, निगाहले । "सरकारको शालीन सौम्य व्यक्तित्व बिर्सनै नसकिने गरी प्रगाढ रहेको छ स्मृतिका रेसारेसामा । हुकुम भयो, "बस, अब त जाने वेला भयो ।"

अञ्चल समीक्षालय, बुटवल, धानचामल खाद्यान्नसम्बन्धी प्रस्तुतीकरण । प्रस्तुतीकरणलाई पुष्टि दिन सरकारबाट किसानसित भेटेर बुझ्ने हुकुम हुन्छ । किसानबाट बुझ्ने प्रत्यक्ष चासो अगाडि बढाइबक्सन्छ । बहुपक्षीय दृष्टिकोण बटुलेर मात्र निर्णय गर्नुपर्ने दीक्षा पाएको सम्झना कसरी पो मेटिन्छ, जुन सदा सर्वकालिक संस्कार बन्नुपर्छ ।

हरियो वन नेपालको धन । वनीकरण गरिएन भने यो भनाइ मर्छ । वनलाई धन बनाउन प्रयत्न हुनुपर्छ । वन काठको खानी । वन जीव-जन्तुहरूको आश्रयस्थल । वन अजस्र पानीको स्रोत र मुहान । वन जडीबुटीकी रानी । यसलाई बचाउनुपर्छ, बढाउनुपर्छ । वनविनाश भए प्रदूषण बढ्छ । प्राणीको प्राणमा अल्पायु हुन्छ । नवीकरण दुई आधारशीलामा हुनु आवश्यक छ । दीर्घकालिक वन, जसमा साल सिसौ जस्ता दीर्घकालमा हुर्कने लामो अवधिको वृक्षारोपण गर्नु । अर्को अल्पकालीन अवधिमा हुर्कने दाउरा र साधारण प्रयोगका लागि रोप्नु । सरकार, राजाभन्दा आचार्य भइबक्सन्छ । मुहूर्त मुहूर्तमा । सम्झना उसैउसै उर्लिन्छ । वन अधिकृतले आफ्नो प्रस्तुतीकरणमा, "सरकार ७० हजार सालको बिरुवा, ६० हजार सिसौको बोट रोपिसकेको छ" भन्दै गर्दा सरकारबाट जिज्ञासा सारी बक्सिएथ्यो, "जर्नाको लागि के गर्ने योजना छ नि ?"

कत्रो जनमुखी चेत । बिर्सनै नसकिने सम्झना ।

२०३४ साल । रानीवन । बेलुकी । श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी ऐश्वर्य अनि राजपरिवार । रात्रिभोज मनोरञ्जनात्मक कविगोष्ठी पालैपालो । प्रस्तुतीकरण । प्रभावोत्पादक वातावरण । राम वनवासका लागि काउण्टर म्याप तयार गर्ने भूगोलका प्राध्यापक । उनी पनि भादगाउँले डा.चन्द्रबहादुर श्रेष्ठ ।

"सरकार, सेवक त भादगाउँले, प्रभु । भादगाउँमा सबै नै पुरातन छ । नयाँको नाम निशाना नै छैन, "ठट्टाभावमा विन्ती चढाएँ ।

"नयाँ केही नै छैन त ?"

"सरकार, एउटा छ ।"

"के हो त्यो ?"

"सरकार, नवदुर्गा चित्रमन्दिर । स्वर्गवासी श्री ५ महेन्द्रको बाहुलीबाट २०१३ सालमा समुद्घाटन भएको । किसानैकिसानको नगर, प्रभु । टिकट किनेर चलचित्र हेर्ने नै छैनन् ।"

"कसरी हेर्छन् नि ?"

" बिन्ती चढाउन नै लाज मर्दो !"

"भन न भन !"

"आलुप्याज दिएर टिकट साट्छन्, प्रभु ।" गललल........ हाँसो । हलै गुञ्जियो ।

एउटा कविता बिन्ती गरेथें । मेरो भक्तपुर कविताका केही अंश ।

"........ पचपन्न झ्याल, सुवर्णद्वार,
दत्तात्रेयधाम, मङ्गलतीर्थस्थान,
कामकाजमा जाम, पदैपिच्छे रोकथाम
मेरो भक्तपुर शहरको-
'भादगाउँ' प्राचीन नाम ।
चराको गुँडझैं मेरो शहर छ,
नहुर्केसम्म यहाँ बस्छ
हुर्केपछि भुर्र उँड्छ,
नउँडे फेरि भुतुक्कै हुन्छ,
तैपनि यसको नाम छँदैछ,
जुजुधौ यसको उपहारै छ,
केटाकेटीको खेलडबू यो-
मेरो प्यारो भक्तपुर शहर हो ।......
"अनि, अनि ।"

सरकार कविता त लामै छ तर, सेवकलाई सबै कण्ठस्थ छैन। सरकारबाट स्वीकृतिसूचक शिर हल्लाइबक्स्यो। श्री ५ वीरेन्द्रको प्रजावात्सल्य उत्साह, प्रेरणा र उच्च मनोबल जाग्दथ्यो। राजा बन्नुको विशाल वैभव यस्तो अनुभूत गरेथेँ मौसुफ सरकारबाट।

२०४६ साल। धनकुटा सवारीशिविर। बेलाबेलामा सरकार कार्यालयका कोठाहरू चाहारिबक्सन्थ्यो। दर्शन पाइन्थ्यो त्यसरी। सवारी शिविरको अन्तिम साँझ। सांस्कृतिक कार्यक्रमसितै साहित्यिक कार्यक्रम पनि सम्मिश्रण भएथ्यो। रमाइलो समय। राजा-रानीको सहवास र समुपस्थिति। उल्लासमय वातावरणले मानिसलाई प्रेरणा दिँदोरहेछ। आफ्नो परिवेश बनाउन तराना बोकी कविताका मुक्तक गाएथेँ यसरी कि मदहोश थिएँ म आफैँ।

इसारा

लोलाएका आँखाका रहरलाग्दा हेराइहरू
यी दृष्टिहरूसित मेलापात गर्छन् जब-
हिलोको गर्भबाट बिस्तारै उठी
शान्त तलाउको पानीको सतहमाथि
मानौँ रजहाँसले कण्ठ तन्काएर -
टाढा-टाढा आफ्नै जोडीलाई चहारे जस्तै
चोखो कमलका सुकुमार हाँसोले
मौन भाषाका अनन्त इसारा लाए झैँ लाग्छ !

मुटु प्रतिस्थापन

हो त नि अहो
पाइलाविना नै
आँखाहरूले अनन्त यात्रा भर्दा रैछन्।
त्यसैले कोलाहलमय भीडभाड छिचोलेर,
निस्पट्ट अन्धकार चिरेर
शल्यक्रियाबिना नै
मुटु नै प्रत्यारोपण गरिदिँदा रैछन्
मुटु नै प्रतिस्थापन गरिदिँदा रैछन्

आँखाको पुल

साँच्चै आँखाका हेराइबीच पनि
आँखैले नभ्याइने पुल बाँधिएकै हुँदा रैछन्
नत्र आँखाहरू-
सप्तकोशी र गण्डकीमुनि
झर्लम-झर्लम चुर्लम्म हुँदा पो रैछन्
लोलाएका आँखाका हेराइले
मुटुमा स्पन्दन भर्दा रैछन्
साँच्चै आँखाका हेराइबीच पनि
आँखाले नभ्याउने पुल बाँधिएकै हुँदारैछन्

बिदाइ

आएकै बाटो फर्कन,
शुभेच्छा चाहिन्छ बिदाइको
लाएकै माया प्रगाढ पार्न
एक स्पन्दन चाहिन्छ मुटुको।
फक्रेको ओठलाई जीवन्त बनाउन,
एक कलेटी हाँसो ओठभरि चाहिन्छ।
शुभेच्छापूर्ण यात्रा भर्न,
बिदाइ आलिङ्गन छातिभरि चाहिन्छ।

साहित्यिक सांस्कृतिक कार्यक्रमको समापनपछि सरकारबाट रसपान र सायंकालिक भोजन बक्सन्छ। शिविरको पटाङ्गिनीमा रमाउँदै गर्दा ताराबहादुर जर्नेलसितको सङ्गम। "ए ग्वंग:जी खै तपाईंको हात त रित्तै छ ?"

"मात्रा पुऱ्याइसकेँ जरसाब मैले।"

"सरकारबाट यत्रो निगाहा भएको बेला पनि। एउटा लिऊँ न!"

"रमाउन पुगेँ मात्रा पुऱ्याइसकेँ, जर्साब।"

भन्दाभन्दै एक पेग आइनै पुग्यो। हातले के लिएथेँ, श्री ५ वीरेन्द्रसाथै श्री ५ बडामहारानी ऐश्वर्य टहल्दै सवारी होइबक्स्यो। हुकुम भयो,

"बस्ने भयौ होइन र ?"

"सरकार, निगाहा भएछ। बस्ने भएँ, प्रभु।"

"एक्लै बस्ने कि साथीहरू पनि ?"

"सरकार, साथीहरूलाई पनि निगाहा भएको छ।"

"साथीहरू कहाँ छन् नि ?"

"सरकार, यतै कतै रमाइरहेका होलान्।"

पशुपति महर्जन पछिपछि हुनुहुन्थ्यो। सरकारबाट साथीहरू कहाँ छन् नि भनी सोधनी हुनासाथ उहाँले गोपेन्द्रबहादुर पाण्डे र हरिहर रेग्मीजीलाई खोज्न थाल्नुभयो। सरकारहरूको समुपस्थितिमै बोलाएँ, "गोपेन्द्रजी, हरिहरजी, सरकारबाट ... सरकारबाट...।"

उत्तिनैखेर साथीहरू आइपुग्नुभयो। सवारीसंयोजक प्रमुख संवादसचिव चिरनशमशेर थापा पनि टुप्लुकिनुभयो। संयोगको सङ्गम। सङ्गम-संयोग। बिन्ती चढाउनुभयो, "सरकार यसपालि

उहाँहरूले रातरातभर पनि काम गरेर सबै काम बेलैमा पूरा गरी सघाउनुभयो ।"

"अब अलिकति आराम गर्नु " सरकारबाट हुकुम भयो । सखारै घर फर्कने बेला । एकसाता पछि एकजना मानिस एउटा खाम लिएर आउँछन् । हातमा सुम्पदै भन्छन्; "सरकारबाट निगाहा भएको ।"

घर पुगेर जस्ताको तस्तै बन्द खाम सासुकी छोरीको हात थमाएँ; "सरकारबाट बक्सेको धनकुटामा । "

मनभित्र कमल फक्राउँदै उनले त शिलाको कछुवा पो बनाइन् । निष्ठाघरको निष्ठा जग हाल्न ।

२०५५ साल कोजाग्रत पूर्णिमा । प्र.जि.अ. हेमराज सापकोटाले श्री ५ वीरेन्द्र सरकारमा परिचय टक्राउनुभएथ्यो "वहाँ तेजेश्वरवाबु ग्वंग: । साहित्यकार ।" "अहिले कहाँ नि ?"

"सरकार, अब त सेवानिवृत्त भइसकें, प्रभु ।"

"अनि...........?"

"सरकार, अलिअलि साहित्यिक अध्ययन, अलिअलि लेखन गर्छु ।"

"अनि.............?"

"अलिकति समाजसेवा गर्छु, प्रभु... रेडक्रस, रेयुकाई, सिद्धिस्मृति बाल स्वास्थ्य केन्द्र.........सरकार ।"

"अनि...........?"

"सरकार, अलिकति पढाउँछु, प्रभु ! जेसीज स्कुलमा ।"

"अनि...........?"

"सरकार, अलिअलि सांस्कृतिक अध्ययन, लेखन र विदेशीलाई पढाउँछु पनि......।"

"अनि..........?"

"सरकार, कतै बोलाउँदा सानुतिनु कन्सल्ट्यान्सी पनि गर्छु ।"

"ल, ठीक छ । "

श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्य फिर्ती सवारी होइवक्सन्छ । साथमा ए.डि.सी जर्नेल विवेक शाह रहनुभएथ्यो ।

२०५६ कोजाग्रत पूर्णिमा । श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्य नवदुर्गा भवानीको दर्शनमा सवारी । सरकारमा नवदुर्गा भवानी र नवदुर्गा द्योछेंसम्बन्धमा बिन्ती जाहेर गरेथें ।

"सरकार, मूल द्योछें जहाँ नवदुर्गा भवानी विराजमान गराइएको ६,३०० सय वर्ष पुरानो छ । भूपतीन्द्र मल्लको शासनकालमा निर्माण भएको । मूल देवी सिफ:द्योको सिंहासन टालटुल गर्दै काम चलाइरहेको छ । नवदुर्गा भवानीको मुकुण्डो बनाउन सरकारकै सदिच्छाबाट वार्षिक रु ५०००।- पाँच हजारबाट रु १२,५००।- बाह्र हजार पाँच सयमा वृद्धि भएको छ । नपुग रकम स्थानीय श्रद्धालु जनबाट सालबसाली बटुली कार्य सम्पन्न गरिँदै आएको बिन्ती चढाउँछु, प्रभु । राजपरम्पराअनुसार सरकारबाट गद्दीआरोहणपश्चात् नवदुर्गा भवानीको पूरा गहना, पोशाक फेरिबक्सेको थियो । त्यसपछि श्रद्धालु भक्तजनहरूबाट इच्छानुसार फेर्दै आएको व्यहोरा जाहेर गर्छु, सरकार ।"

"मन्दिरको परिसर यत्तिकै कि अरू पनि छ ?"

"सरकार, मूल मन्दिरको परिसर यो चोक र मन्दिर घरहरू हुन् । यसको पश्चिममा अर्को एउटा चोक पनि छ ।"

"खै कता छ ?"

"सरकार, त्यो झ्यालबाट नजर गरिबक्सनुपर्ने हुन्छ, प्रभु ।"

सरकार अगाडि सवारी होइबक्सिन्छ । श्री ५ बडामहारानी ऐश्वर्यमा सवारी हुन बिन्ती चढाउँछु । "सरकारसित तपाईं जानुस् " हुकुम भयो ।

"केही आयस्ता छ कि ?"

"सरकार, केही जग्गाजमिन र बाली आयस्ता छ । सेवकलाई सबै यथार्थ जानकारी छैन, प्रभु । खोजिनीति गर्दा भेटिंदो हो सरकार ।"

"जानकारी हुन सक्ला ....?"

"सरकार, केही समय लाग्ला, सकिन्छ, प्रभु ।"

"यससम्बन्धी काम गर्ने कुनै समिति या गुठी छ कि ?"

"समिति नै त गठन भएको छैन, सरकार । गुठीमाना त हुनसक्छन् ।"

"सबै जना मिलिजुली समितिको माध्यमबाट पुन:स्थापना गर्न सकिन्न र !"

"सरकार, सदिच्छा पूरा गर्न प्रयासरत रहनेछु ।"

विधिवत् समिति गठन विधान तर्जुमा भयो । कामले गति लियो । नवदुर्गा भवानीको द्योछें र परिसरको नाप नक्सा र डिजाइन तयार भयो ।

२०५७ विजयाटीका । श्री ५ वीरेन्द्रबाट टीका बक्सँदै हुकुम भयो-

"नवदुर्गा भवानीको काम कस्तो छ ....?"

"सरकार, मूल मन्दिर र परिसरको नाप, नक्सा, डिजाइन गर्ने काम पूरा भइसकेको छ । जग्गाजमिनको आयस्तरको लागत पनि फेला परेको छ । सरकार, नवदुर्गा भवानी द्योछें पुन:स्थापना समितिका अध्यक्ष जिल्ला विकास समितिका सभापति गोविन्द दुवालले पाउमा सम्पूर्ण नक्सा, डिजाइन र आयस्ता लगत विवरण सरकार कोजाग्रत पूर्णिमाको अवसरमा भक्तपुर सवारी होइबक्सने

वेला चढाउनुहुनेछ, ।" प्रसन्नतासाथ सरकारबाट टीका बक्स्यो । तातो निधारमा सरकारको बाहुली टीका पर्दा सिङ्गै आकाशकै शितलता छाए झैं लागेथ्यो ।

टीका थापी २५।३० पाइला हिंडिसकेको थिएँ । ए.डि.सी कर्साहिब कुद्दै, तेजेश्वरजी, सरकारबाट बोलावट भएको छ । फर्कंदै बिन्ती चढाएँ "सरकार ।"

"यसमा मेयरको इन्भल्ममेण्ट छैन र ?"

"सरकार, मेयर त समितिको पदेन सदस्यै हुन्छ प्रभु"

उहाँले कोजाग्रत पूर्णिमाका दिन सरकारको जुनाफमा बिन्ती चढाउनुहुनेछ । पुग नपुग सबै नगरपालिकाबाटै गर्ने आशय व्यक्त भएको छ, प्रभु ।" प्रसन्न मुद्रामा सरकारबाट बिदा बक्स्यो । गोपेन्द्र पाण्डेजीले टीका थाप्नुभयो । कोजाग्रत पूर्णिमाको दिन श्री ५ वीरेन्द्रका बाहुली- समक्ष गोविन्द दुवाल र मेयर प्रेम सुवालले त्यसै गर्नुभयो जस्तो टीकाको अवसर बिन्ती चढाएथें ।

२०५८ जेठ ५ अपरान्ह ५:१० । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव तथा श्री ५ बडामहारानी ऐश्वर्य-राज्यलक्ष्मीदेवी शाह सरकार दुवैबाट निष्ठाछें, सूर्यविनायक, सिपाडोल, १ भक्तपुर निगाहासाथ सवारी दर्शन बक्स्यो । गाडीको स्टेरिङ्ग छाडी धरतीमा पदार्पण हुनेबित्तिकै हुकुम भयो, - " के हाल खवर छ नि ?"

"सरकार, ! असीम निगाहा बक्स भएछ ....सबै नै राम्रो छ, प्रभु ।"

स्वागत सत्कार र परिचय टक्र्याउँदा टक्र्याउँदैमा सरकारहरू बैठक कोठामा पुगिवक्स्यो । सांस्कृतिक परम्परा र संस्कारअनुसार अभिवादन टक्र्याउँदै यी पंक्ति बिन्ती चढाएथें-

"जहाँ यहाँ टेक्छन् उत्सर्गका यी पाइलाहरू
विवेक बिछ्याएर बाटो बनिदिउँला
दुई ढुङ्गाबीचको उर्वर भूमिमा
विवेक खेती गर्न हिंडिरहुँला ।"

तथा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारमा नेवारी परम्परा र साँस्कृतिक संस्कारहरू बिन्ती चढाउँदाचढाउँदै ५० मिनेट वितेको होसै भएनछ । सबै संस्कारजन्य सांस्कृतिक रिवाज बिन्ती जाहेरीकै क्रममा श्री ५ महाराजाधिराज वीरेन्द्रबाट जिज्ञासा राखिवक्स्यो; "नवदुर्गा मन्दिरको काम कस्तो हुँदैछ ?" "सरकार सबै राम्रो भइरहेछ । जेठ ८ गते थप आर्थिक स्रोत जुटाउन नगरभित्र घुम्ने कार्यक्रम बनाएथें त्यो Stramed हुने भएछ, सरकार ।"

"सँधैका लागि Stramed हुन्छ कि ?"

"सरकार त्यो दिन धेरै भक्तपुरेको देवाली पूजा परेर मात्र स्थगित गर्नुपरेको । त्यसपछि त निरन्तरता लिँदै जान्छ, प्रभु ।"

सहजतासाथ नवदुर्गा भवानी द्योछें पुन:स्थापनाकार्य भक्तपुर नगरपालिकाद्वारा गर्ने भएकाले हस्तान्तरण भइसके पनि स्वर्गवासी सरकारको दिवंगत आत्माको चिर शान्तिको साथै नेपाली संस्कारको श्रीवृद्धिखातिर योगदान पुऱ्याउनु नै छ । फिर्ती सवारी अगाडि तीन पटक हुकुम भएथ्यो; "सबैलाई धन्यवाद दिनू है ....।" बैठकमा, भरेङमा र गाडीमा ।

५० मिनेटको समय । श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी ऐश्वर्य सरकारहरूबाट निष्ठाछें, सूर्यविनायक सिपाडोल-१, भक्तपुरमा निगाहा भएको एउटा सिङ्गो वीरेन्द्रयुग झैं लागिरहेछ । राजा वीरेन्द्र सबै नै नेपालीका हृदय-सम्राट् भन्न मन लाग्छ । एउटा यस्तो सम्राट् जस्ले नेपाली बालबच्चालाई नि:शुल्क प्राथमिक शिक्षा उपहार गरे । एउटा यस्तो नरेश जसबाट नेपालीले शान्तिक्षेत्र नेपालको सङ्कल्प पाएथे ।

२०५८ जेठ १९ गतेपछि । मेची महाकालीकै आमनेपाली हृदयले श्री ५ वीरेन्द्रलाई आफ्ना हृदय सम्राट् ठाने । कुनै अभिव्यक्ति जसका अजश्र अश्रुधारमा व्यक्त भए, कुनै करुण क्रन्दनमा सुनिए । कुनै शब्द र व्यथामा व्यक्त भए । कुनै मूर्छामा व्यक्त भए । कुनै त आत्मदेहकै उत्सर्गमा व्यक्त भए । तर निष्ठाछें टोलवासीले घुँक्क, घुँक्क, रुँदै भने; " हामीले राजा वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्य तस्वीरमा देख्ने गर्थ्यौं त कहिले टेलिभिजनमा । राजा-रानीको सवारी चलाएर तपाईंले आफ्नै घर दैलोमा हामीलाई दर्शन गराउनुभयो । प्रजावत्सल राजारानीलाई यति नजिकबाट दर्शन गर्न पाइयो । रानीसँगै वीरेन्द्रले आफैं गाडी हाँकिबक्सेथ्यो । मुस्कानसहित हात हल्लाउँदै राजा वीरेन्द्रले माया दिएथे । रानी ऐश्वर्यले नमस्कार । आँखैमा झलझली छ त्यो दृश्य, राजा वीरेन्द्र र रानी ऐश्वर्यको त्यो रूप अब पनि मुटुमै टाँस्याटाँसिएै छ राजा वीरेन्द्रबाट बक्सेको धन्यवादले हामीमा भक्तिभाव बढाएको छ । "

अन्त्यमा भनौं : श्री ५ वीरेन्द्र, श्री ५ बडामहारानी ऐश्वर्य तथा सबै दिवंगत राजपरिवारका सदस्यहरूको आत्मामा चिर शान्ति मिलोस् !!!

२०५९।७।२३
निष्ठाछें, सूर्यविनायक मार्ग, भक्तपुर ।
सिपाडोल -१

●

राजा वीरेन्द्रको मृत्यु र अभागी जनता

● *दीपा मैनाली*

०५८-०२-१९ शुक्रवारको कालो भयानक रात, जसले २ करोड ५० लाख नेपाली जनताहरूसँगै, सम्पूर्ण विश्वलाई नै एउटा कालो, नमीठो, बज्र परेको दिनको रूपमा पिल्स्याइरहेको छ । आज उक्त घटना घटेको पनि झण्डै दुई वर्ष हुन लागेको छ तर पनि सम्झँदा हिजो अस्ति झैं लाग्छ र मन अनौठो व्यथाले छोए जस्तो गरी दुख्छ । उक्त घटना असत्य, भ्रम, सपना भइदिए राम्रो हुन्थ्यो भन्ने कामना हरेक नेपालीले अझ पनि गर्न छोडेका छैनन् । तर दैवका अगाडि सबैले घुँडा टेक्नै पर्ने प्रकृतिको नियम नै भएकोले असह्य र असहज ढङ्गमै भए पनि त्यो तितो यथार्थलाई गऱ्हुङ्गो मनबाट हरेक व्यक्तिले स्वीकार्नुपर्ने बाध्यता भएको छ ।

विश्वमा गरिब र सानो राष्ट्रको रूपमा नेपाललाई हेरिए तापनि माया, ममता, स्नेह, लोकप्रियताले युक्त श्री ५ वीरेन्द्र जस्तो लोकप्रिय राजा विश्वमै अर्को पाउन गाह्रो हुन्छ भन्दा अनुचित नहोला । बडामहाराजाधिराज पृथ्वीनारायण शाहपछि नेपालमा यतिका जनताहरूको माझ, दलित वर्गदेखि उच्चवर्गसम्म, सम्मान श्रद्धाभक्तिले चिनिने राजा श्री ५ वीरेन्द्र नै हुन् भन्ने कुरा स्वीकार्य सत्य हो । उनको जन्मदेखि ०४६ सालको क्रान्तिसम्म सक्रिय राजा र त्यसपछि संवैधानिक राजाको रूपमा उनको भूमिकालाइ हेर्दा केलाउँदा हरेक नेपालीले उनको प्रशंसा र सम्मानमा श्रद्धापूर्वक स्वेच्छाले शिर झुकाउने गर्छन् ।

शायद उनको जनताबीचको लोकप्रियता र व्यवहारले गर्दा नै होला, प्रजातन्त्र प्राप्तिका लागि सबभन्दा कम शहीद भई, प्राप्त प्रजातन्त्र विश्वकै इतिहासमा नै पहिलो, हाम्रो २०४६ सालमा प्राप्त प्रजातन्त्र नै हो । प्रजातन्त्र आएको १० वर्ष बित्नै नपाउँदै "राजा आऊ देव बचाऊ" भन्ने नारा एउटा भ्रष्ट व्यक्तिबाहेक सबैको अन्तर आत्माबाट स्वतस्फूर्त रूपमा निस्कनु थाल्यो । उनले त्यही लोकप्रियता र ख्यातिले गर्दा 'यमराज' पनि मान्छेहरू माझ आफ्नो पहिचान हराउने डरले केही षड्यन्त्रकारीहरूको रूपमा आएर चालै नपाउने गरी सम्पूर्ण मानवको मुटुमा वज्र प्रहार गर्दै हाम्रो प्राणभन्दा प्यारो राजालाई चुँडेर लग्यो ।

सम्पूर्ण विश्वमा आफ्नो वीरता र बहादुरीबाट विश्वभरि ख्याति कमाउने गोर्खालीहरूले आज आफ्नै प्रिय राजाको रक्षार्थ केही गर्न नसक्दा आफ्नो स्वाभिमान तथा आत्मसम्मान गुमाएको महसुस गरी आत्मग्लानि र पीडाले पिल्सिरहेका छन् । जनताको खुशी र चाहनालाई सदैव उच्च रूपमा हेर्ने, राजा वीरेन्द्रले जनताको चाहना र इच्छाबमोजिम नै भगवान् श्री रामजस्तो राजपाठ त्यागी वनवास नपसे तापनि आजको युगमा सम्पूर्ण अधिकार जनताका प्रतिनिधिहरूलाई सुम्पिदिनुले मौसुफको उदार चरित्र र स्वच्छ छविको प्रतिनिधित्व गरेको छ ।

राजा वीरेन्द्रको राजपाठमा प्रत्येक नेपालीले आफ्नो स्वाभिमान तथा धर्मको रूपमा राष्ट्रियतालाई महत्त्व दिएका थिए र प्रत्येक नेपालीले स्वाभिमानपूर्वक हामी नेपाली हौं भन्ने गर्थे ।

२०५८-०२-१९ गनेको कालो दिन हरेक नेपालीका साथै स्वयं प्रकृतिलाई पनि स्वीकार्य थिएन । त्यसैले गर्दा नै होला हरेक

नेपाली रोएझैं प्रकृतिका आँखाबाट पनि आँसु थामिन सकेको थिएन । कस्तो कष्टपूर्ण मृत्यु पाएको ? सम्झन पनि गाह्रो हुने ! जहाँ सम्पूर्ण नेपाली रोइरहेका थिए र एउटा स्वच्छ प्रतिवेदनको बाटो पर्खी मृत्युको कारण जान्न उत्सुक थिए, त्यही प्रतिवेदन पढ्ने व्यक्तिहरूले कुनै हिन्दी फिल्मी कहानी भने झैं "भट् ट् ट् ट्" र "ऱ्या ट् ट् ट्" गरी, प्रत्यक्षदर्शी झैं अभिनयका साथ प्रतिवेदन पढिदा कतै राजाको मृत्युको उपहास त उडाएको होइन ? भन्ने भान पर्न जान्थ्यो । राजगद्दी प्राप्तिका लागि राणादेखि भाइभारदासम्मले विभिन्न समयमा विविध हत्याकाण्ड मच्चाएको कुरा इतिहासमा पढ्न पाइन्छ, जुन कुनै मकै पर्व, कोतपर्व इत्यादिका नामले चिनिन्छ, तर यस पर्वको त आयोजक, प्रायोजक वा भनौं नायक नै थाहा पाइएन भने यसलाई इतिहासमा कुन पर्वको रूपमा उल्लेख गर्ने ? यो एउटा अप्रष्ट र अनुत्तरित प्रश्न हरेक मनमस्तिष्कमा अङ्कित रहेको छ ।

●

सम्झनाका मोतीहरू

● देवकुमारी थापा

मानिसका जीवनमा घटनाहरू भइरहन्छन् । आफ्ना छापहरू, डोबहरू बसाइराख्छन् स्थायी, अस्थायी । समयको हिडाइसँगसगै कुनै डोबहरू मेटिदै जान्छन्, कुनै धमिलिएर पनि रहिरहन्छन् । घाउहरू निको भए पनि खाटा छोडिराख्छन् । त्यस्तै जीवनका अनुभवहरू, सम्झनाहरू सँगालेर मान्छेले आफ्नो जीवनयात्रा गरिरहनु पर्दोरहेछ– मुसुक्क हाँस्दै वा सुँक्कसँक्क गर्दै ! यात्रा कसरी गरिदोरहेछ । त्यो चाहिँ यात्रीमा निर्भर गर्छ- एक्लै फटाफट हिडेर आफ्ना सहयात्रीको थकाइ, भोकतिर्खा बाँडेर । यही बाँड्ने क्रिया सुम्सुम्याउने क्रिया करुणा हो, जीवनको मानिस भएर बाँच्ने कला हो ।

इतिहासका पाना पल्टाएर हेरे ठूला मानिस, साना मानिस सबैले यात्रा गरेका छन् तर कसैकसैले मात्र डोबहरू छाडेका छन् । यस्ता डोब छाड्ने मानिस ठूलैमात्र हुन्छन् भन्ने चाहिँ होइन, साना पनि थिए । मैले यस्तै एउटा महान् मागने पनि देखेकी छु तर उसको विषयमा आज होइन पछि ...।

जेठ १९ गते २०५८ को राजदरबारमा भएको बीभत्स घटनाले विश्व स्तब्ध भयो, नेपाली जनता मर्माहत भए । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको स्थान नेपाली हृदयमा कति गहिरोसँग बसेको रहेछ भन्ने कुरा नेपालीका आँखाबाट झरिरहेका आँसुबाट, उनीहरूका निन्याउरो अनुहारबाट मात्र होइन भ्यापलुङ् कपाल पालेका युवकहरूले समेत स्वेच्छाले कपाल मुडाएको हृदयविदारक दृश्य देखेर पनि नेपाली रोए । श्री ५ वीरेन्द्र नेपालका राजामात्र होइन, नेपालीका हृदयका सम्राट् पनि होइबक्सँदो रहेछ । किन यति प्रिय होइबक्स्यो ? त्यही कुरा गौरवमय सरकारसँगको दर्शनभेटमा मैले अनुभव गरेका मीठा सम्झनाका मोतीजस्ता दानाहरू टिप्ने प्रयास गरेकी छु, आकाशका ताराहरू गन्ने प्रयास जस्तै !

१. कुरा धेरै पुरानो हो । श्री ५ वीरेन्द्र दार्जिलिङको "सेन्ट जोसेफ" स्कुलको छात्र होइबक्सेको वेलाको कुरा हो । त्यस बेला प. बङ्गालकी राज्यपाल सुश्री पद्मजा नाइडू हुनुहुन्थ्यो । पद्मजा "भारत कोइली" र पं. जवाहर नेहरुकी साथी प्रसिद्ध कवयित्री सरोजिनी नाइडूकी सुपुत्री हुनुहुन्थ्यो । उहाँले नेपालका श्री ५ युवराजाधिराजको सम्मानमा दार्जिलिङ्को जिमखाना क्लबमा 'गार्डेन पार्टी' गर्नुभयो । त्यस भोजमा समाजका विशिष्ट व्यक्तिहरू निम्त्याइएका थिए । एउटाएउटा टेबुलको वरिपरि ५, ५ कुर्सीहरू राखिएको थियो र प्रत्येक मेचमा ५, ५ जना बसेका थिए । हाम्रो मेचमा प्रसिद्ध ब्यारिष्टर श्री सिद्धार्थशङ्कर राय (पछि प. बङ्गालका मुख्यमन्त्री) उहाँकी श्रीमती, उस्तै प्रसिद्ध अधिवक्ता माया राय, दार्जिलिङ्को प्रसिद्ध भोटे परिवारकी श्रीमती लेडेनला, उहाँकी बहिनी सुश्री पाँसगडोमाला र म भएको समूह थियो । श्री ५ अधिराजकुमार ज्ञानेन्द्र सरकार र अरू दुई जना युवकहरूलाई पछि लगाएर श्री ५ युवराजाधिराज वीरेन्द्र सरकार प्रत्येक मेचमा सवारी भयो र एक दुई

कुरा गरिबक्स्यो । हाम्रो मेचमा सरकार सवारी भएपछि हामीहरू जऱ्याकजुरुक उठयौं र अभिवादन गऱ्यौं । प.बङ्गालकी राज्यपाल सुश्री पद्मजा नाइडूले हाम्रो परिचय दिनुभयो । श्री ५ वीरेन्द्रबाट श्री रायसँग केही कुराकानी गरिबक्स्यो । हामी उभिरह्यौं । सरकारको नजर मेरो रिकाबीमा परेछ, अङ्ग्रेजीमा हुकुम भयो- "अरे तपाईंले त केही खानुभएको छैन !" म त गद्गद् भएँ, बोल्नै सकिन । माया रायले भनिन्- "यिनीहरू नर्भस् भएका छन्- सुश्री पासंगला र सुश्री सिंह" । हामीले निहुरिएर अभिवादन गऱ्यौं । सरकारहरू अर्को समूहको मेचमा सवारी भयो । हामी कुर्सीमा बस्यौं । माया रायले भनिन्- "कति शिष्ट तन्नेरी युवराजाधिराज भएर पनि ।"

२. दोस्रो दर्शनभेट स्वदेशमा भएको थियो । विराटनगर बालमन्दिरमा तत्कालीन वडा- महारानी श्री ५ रत्नराज्यलक्ष्मीदेवी शाहको सवारी हुनेभयो । सवारीको दिन जनता रानीको दर्शन गर्न तँछाड मछाड गर्दै फलामको फाटकमाथि चढ्न थाले । प्रहरीले लाठी चलायो, साह्रै दुःख लाग्यो । केही क्षणपछि श्री ५ वडामहारानी रत्नको सवारी फाटक अघिबाट थालियो । प्रहरीको कडा पहरा थियो । भित्रबाट हेऱ्यौं आफ्नी प्यारी मुमालाई आफ्नो बलियो युवाहातले छेकारो मार्दै श्री ५ युवराजाधिराज वीरेन्द्रबाट बालमन्दिरभित्र सवारी चलाइबक्स्यो, धीर, शान्त र गम्भीर । बाहिर हल्ला भइरहेकै थियो । सवारी फिर्ता भएपछि बालमन्दिरमा गाईजात्रा भएजस्तै देखियो । जुत्ता, चप्पलको विस्कुन !! त्यस घटनाले प्रशासनको नराम्रो वदनामी भयो । मलाई दार्जिलिङ्मा दर्शन गरेको शिष्ट तन्नेरी र ऐले देखेको शान्त, गम्भीर आफ्नी प्यारी मुमालाई छेकारो मारेर सवारी चलाउने दायित्व बोकिबक्सेको श्री ५ युवराजाधिराजसँग तुलना गर्न मन लाग्यो ।

३. श्री ५ महाराजाधिराज श्री ५ वीरेन्द्रवीरविक्रम शाह विराटनगर सवारी हुने उपलक्ष्यको कुरा हो । मेरो नाम पनि दर्शनभेट पाउनेहरूको सूचीमा परेछ तर महिला सङ्गठनको समूहमा । मेरो चित्त बुझेन र मैले ने.वा.सं मोरङ जिल्ला समितिसँग सल्लाह गरें । सदस्यसचिव नारायण चौधरीले भने- "दिदी महिला सङ्गठनको कुरा सकिनासाथ तपाईंले श्री ५ मा बिन्ती गरिहाल्नु बालमन्दिर विषयको" । मैले पनि उनको सल्लाह मान्न कम्मर कसें । दर्शनभेटको दिन हामी "कोशी अञ्चलाधीश" को बङ्गलामा गयौं । हाम्रो समूहको पालो आएपछि महिला सङ्गठनकाले आफ्नो बिन्तीमा आफ्नै गुनासामात्र पोखे, मलाई दिक्क लाग्यो । उनीहरूका कुरा सकिएपछि सचिवले हामीलाई बाहिर जाने सङ्केत गरे । मैले हत्तपत्त हात जोरेर सरकारमा बिन्ती गरेँ- सरकार म ने.बा.सं.मोरङ जिल्ला समितिकी सभापति हुँ । मेरो बालमन्दिर विषयमा बिन्ती गर्नु थियो ।"

सचिवज्यूलाई मेरो कुरा मन परेन, समूहका अरू सदस्यहरू बाहिर निस्किसक्नुभएको थियो । म उभिरहें । सरकारबाट सचिवलाई के सङ्केत गरिबक्स्यो कुन्नि उनले मलाई अरू केही भनेनन् । म भट्याउन थालें- "सरकारबाट देशविकासको यति ठूलो अभियान बक्स भएको छ । त्यसको दायित्व बोक्ने काँध आजका बालबालिकाहरूको हो तर सरकार उनीहरूलाई डोऱ्याउन उत्कृष्ट बालसाहित्य चाहिन्छ । त्यसको ठूलो अभाव छ सरकार नेपाली साहित्यमा । मैले पनि सिकन्दर महान् र वीर शिवाजीको कमिक्स (चित्रकथा) पढेर मात्र अमरसिंह थापा र वीर बलभद्रका विषयमा जान्न सकें । नेपालीमा नेपाली वीरहरू, पञ्चतन्त्रका कथामा आधारित कथाचित्र (कमिक्स) छपाउन सके हाम्रा बालकहरूले पनि आफ्ना नायक चिनेरमात्र अरूका नायक चिन्ने थिए । उनीहरूमा "इनफियारिटी कम्प्लेक्स" (लघुताभाव) आउने थिएन ।" त्यस्तै धेरै कुराहरू बिन्ती गरें । मेरो डर हराउँदै गयो । मैले आफ्नो विषयमा केही बिन्ती गरेकी भए पो डराउनु !

४. यसपछि पनि दर्शनभेटको सौभाग्य पाइरहें । सुशोभन समारोहहरू २०३४ मा, सेवा पदक, गोर्खा दक्षिण बाहु २०३८ मा, महेन्द्र रत्नभूषण २०४४, प्रबल गोर्खा दक्षिणबाहु (३) २०४८ । त्यसपछिको चियापानमा भेट गर्ने सौभाग्य पाएँ तर विशेष कुराकानी गर्ने सौभाग्य चाहिँ भएन । प्रत्येक दर्शनमा मन बडो प्रफुल्ल हुन्थ्यो । डर पटक्क लाग्दैन थियो । श्री ५ वीरेन्द्रको व्यक्तित्व शान्त, धीर, कुनै महात्माको जस्तो मुहार थियो, बोली उस्तै मधुरो । मौसुफको आँखाको सेतो भाग स्वच्छ सेतो र कालो भाग निखुर काला

थिए । हामीले देखेको श्री ५ वीरेन्द्रको तस्वीर भन्दा मौसुफ अन्यन्त आकर्षक होइबक्सिन्थ्यो ।

५. मेरो पाँचौ दर्शनभेट चाहिँ बिर्सन सक्तिन, जीवनभरि । २०५६ को महेन्द्र प्रज्ञा पुरस्कार, २०५७ मा राजदरबारको पुस्तकालयमा सुसम्पन्न भएको थियो । प्रज्ञा सदस्यहरू, कवितामहोत्सवका पुरस्कार विजेता कविहरू, पृथ्वी प्रज्ञापुरस्कार प्राप्त गर्ने कलाकार तथा साहित्यकार स्व. बाङदेल । थोरै मानिस, आत्मीय वातावरण । श्री ५ वीरेन्द्रको मुहार त्यस दिन अत्यन्त हँसिलो थियो । पुरस्कार वितरण गर्दा पनि मुसुक्क हाँसेर पुरस्कार प्रदान गरिबक्स्यो । त्यसपछि धेरै तस्वीरहरू लिने कार्यक्रम भए । उपकुलपति, सदस्य सचिवले सबैको परिचय गराउँदै तस्वीर लिने काम भए । समूहको तस्वीर, श्री ५ वीरेन्द्रसँग एक्लो तस्वीर । ती तस्वीरहरू हेर्दा आज पनि मलाई भक्कानो फुटेर आउँछ । अन्तिम दर्शनभेटको तस्वीर मेरो अमूल्य सङ्ग्रह भएको छ । सौम्य तर भव्य समारोह दर्शनको सौभाग्यपछि हामी अत्यन्त आनन्दित भएर घर फर्क्यौं ।

त्यसपछि हामीले दर्शनको सौभाग्य पाउँदैनौं भन्ने कुरा त भवितव्यलाई मात्र थाहा हुँदो हो । सरकारबाट सिर्जना गरिबक्सेको "मोती" सिर्जना जस्तै सरकारको व्यक्तित्व पनि सुन्दर मोती जस्तै स्वच्छ थियो ।

●

राजा वीरेन्द्रसँगको त्यो क्षण

● *नारायण प्रसाद तिमल्सिना*

तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव पालैपिच्छे पाँच विकास क्षेत्रको भ्रमण गरी देशका विविध अवस्था बुझिबक्सने क्रममा वि.सं. २०४५ सालमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम वीरेन्द्रनगर सुर्खेतमा सवारी भएको थियो । त्यसै सालको फाल्गुन २६ गतेदेखि चैत्र २६ गतेसम्म योगी नरहरिनाथको संयोजकत्वमा सुर्खेत जिल्लाको उत्तरगङ्गा गा.वि.स. स्थित उत्तरगङ्गा जलेश्वर महादेव मन्दिरमा कोटिहोम महायज्ञको आयोजना भएको थियो । कोटिहोम महायज्ञको पाँच हवनकुण्डहरूमध्ये मूलकुण्डमा बीसजना ब्राह्मणहरू नियुक्त गरिएका थिए जसमा एकजना म पनि थिएँ । चैत्र २३ गते शिवरात्रीको पावन अवसरमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव र श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहको सवारी भै ३० मिनेट जति लामो समय मूलकुण्डमा पूजाआजा र सायंकालीन आरतीसमेत गरिबक्सेको थियो । सो अवसरमा मौसुफ सरकारका साथमा वर्तमान श्री ५ बडामहारानी कोमलराज्यलक्ष्मीदेवी शाहको पनि समुपस्थिति रहेको थियो । ३० मिनेट लामो समयसम्म धर्मपरायण प्रजावत्सल राजा-रानीका साथ बस्दा मैले आफूलाई अत्यन्त भाग्यमानी सम्झेको थिएँ । कोटिहोम महायज्ञको समापनको दिन श्री ५ बडामहारानी ऐश्वर्य सरकार र श्री ५ युवराजाधिराज दीपेन्द्र सरकारको सवारी भै पूर्णाहुतिको कार्यक्रम गरिबक्सेको थियो । हामीहरूले स्वस्तिवाचन पाठ गरी मौसुफ सरकारको प्रत्यक्ष रूपमा अति निकट रही दर्शन गर्ने अवसर पाएको त्यो क्षण मौसुफ सरकार आज हाम्रा सामु नभए पनि मानसपटलमा तरङ्गित भइरहेको छ ।

मध्यपश्चिमाञ्चलको भ्रमण समापन गरी फिर्ती सवारी हुने क्रममा मौसुफ सरकार जीपबाट शाही बर्दिया राष्ट्रिय निकुञ्जतर्फ सवारी हुँदा पिपिराचोकदेखि धुलियाबिटसम्म दोहोरो पंक्तिमा उभिएर करतलध्वनिका साथ ताली बजाएर मौसुफको बिदाइ गर्दा मौसुफ सरकार गाडीबाट हात हल्लाउँदै बिदा होइबक्सेको थियो । त्यो दिन सधैं याद आउँछ तर प्राणप्यारा राजा हामीबाट टाढा होइबक्सेको छ । दैव परमात्मासँग बारम्बार मौसुफ सरकारको स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दछु ।

उत्तरगङ्गा गा.वि.स., वार्ड नं २ सुर्खेत

●

राजा वीरेन्द्रलाई भेट्न नपाएको दुर्भाग्य

• *नारायणप्रसाद शर्मा तिम्सिना 'मधुप'*

एउटा चम्किला तारा श्री ५ वीरेन्द्रको शासनकाल सालाखाला तीन दशक (२०२८ साल माघ १७ गतेदेखि २०५८ जेठ १९ सम्म) रह्यो तर २०५८ साल जेठ १९ गतेको शुक्रबारको कालरात्रिले एउटा इतिहासको पानालाई अकल्पनीय वियोगान्त घटनामा परिवर्तित गऱ्यो । एउटा परिवारका सबै जनालाई एकै ग्रास कसरी पाऱ्यो भन्ने प्रश्न अझैपनि निभ्न सकेको छैन । त्यो बेला म वालिङ् नगरपालिकाअन्तर्गत पर्ने वालिङ् बजारमा थिएँ । त्यसै दिन राति बुटबलतर्फ हुँदै नारायणघाट आएँ । बिहान नारायणघाट पुल्चोकनिर गाईंगुईं कुराहरू भएको सुनें । राजदरबारमा ठूलो घटना भयो, राजपरिवार रहेनन् भन्ने कुरा सुनियो, र चितवनतिर बस्ने विचार बनाएँ तापनि तुरुन्त काठमाडौं फर्कने हिसाबले त्यतै लागें । रेडियो नेपाल स्तब्ध छ, हरिकीर्तन गाइरहेछ । जब काठमाडौं पुगियो, तब सबै कुरा थाहा हुन गयो । मैले पनि त्यो २० गतेको दुर्भाग्यपूर्ण इहलीला समाप्त भएको श्री ५ वीरेन्द्रको पार्थिव शरीर, ममतामयी आमा श्री ५ बडामहारानी ऐश्वर्यको पार्थिव शरीर तथा अन्य परिवारजनको पार्थिव शरीर शवको रूपमा देख्नुपर्दा यो मुटु कति रोयो होला, कल्पना नै गर्न सकिन्न ।

श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकारलाई नजिकबाट चिन्ने प्रयास गर्दागर्दै पनि त्यस्तो मौका राम्रोसित प्राप्त हुन सकेन । दशैं (विजयादशमी) को अवसरमा चितवनबाट आएर लाइन लाग्दा ६, साढे ६ बजिसक्थ्यो । त्यस्तो बेलामा श्री ५ दीपेन्द्रको हातको टीका पनि हुन सक्थ्यो, महाराजाधिराजको पनि । त्यस्तो बेसंयोग हुँदा श्री ५ दीपेन्द्रकै हातको टीका दुईपटक लगाएको थिएँ । त्यसपछि संयोग बनाउने कोशिस गर्दा महाराजाधिराजको हातको टीका दुईपटक लगाएको थिएँ । त्यसपछि वार्षिक अवसरमा पनि दुईपटक दर्शनभेट फूलगुच्छा चढाउने रूपमा भएको थियो । श्री ५ वीरेन्द्र सरकारलाई नजिकबाट चिन्ने मौका पाइन्छ कि ? भन्ने आशा गरी भद्रकाली मन्दिरमा नवाह श्रीमद्देवीभागवत् पुराण लगाइयो । त्यस अवसरमा धन्यवाद बक्सिएको पत्र आयो । त्यसपछि दर्शनभेटका लागि बारम्बार पत्र पठाइयो, तर त्यसको उत्तर "जाहेर गर्नुपर्ने कुरा के हो" खुलस्त गरी पठाउनु भन्ने मात्र आउँथ्यो । एकपटकको कुरो, हो श्री सुशील शम्शेर ज.ब.रा. (मामाजी) लाई चिन्ने मौका भएको र बागदरबार गइराख्ने मौका भएकाले उहाँलाई अनुरोध गर्दा उहाँले ठट्टैठट्टामा लिएतापनि त्यसलाई गम्भीर रूपमा नलिने दृष्टिकोण देखेर एकजना डा. आमसन प्याकुऱ्यालजीसित सम्पर्क गरी जाहेर गर्नुपर्ने पत्र लेखी दरबार पठाइएको थियो, तर मेरै नियतिको खेल रहेछ, जसमा भेट नभई बातचित नभई सदाका लागि मौसुफ नै अस्त होइबक्सियो । मूलतः श्री ५ वीरेन्द्र सरकारलाई भेट्नुपर्ने खास कारण के थियो भने आफूले काली गण्डकीको शिर मुक्तिनाथ वा दामोदरकुण्डसाथै अन्य क्षेत्रको परिभ्रमण गर्दाखेरिका विशेष महत्त्वपूर्ण वस्तु टक्ऱ्याउनुपर्ने भएकाले दर्शनका लागि डा. चेतबहादुर कुँवरजीमार्फत् बिन्तीपत्र दिइएको थियो । त्यस सम्वन्धमा राजालाई नै भेटेर बोध गराउने मनसाय थियो । एकजना मुस्ताङ् जिल्लाका टुकुचे गाउँका ख्यातिप्राप्त मोहनमान शेरचनका छोरा शङ्करमान शेरचनजीसित धेरै उठबस भएको र उहाँकै निर्देशनमा दामोदरकुण्डको यात्रा

सुगम भएकोले जानकारी पनि धेरै भएको थियो । स्वयम् शङ्करमान शेरचनज्यू दामोदर कुण्डमा तीन चारपटक गइसक्नुभएको र महाराजाधिराजको आदेशअनुसार दामोदरकुण्डको उपल्लो तिब्बतसित जोडिने हिमालमा बस्ने 'बनभैंडा' को काँचो छाला दरबारमा पुऱ्याइदिने हुकुमबमोजिम कार्य हुन्थ्यो भन्ने जानकारी दिएकाले शङ्करमानजी पछि त्यो काम मैले गर्नुपर्ने हो कि ? भन्ने आशा लिई एकपटक दुवै मिलेर महाराजाधिराजसँग भेटौं भन्ने प्रयास हुँदाहुँदै शङ्करमान शेरचनज्यू परलोक सिधार्नुभयो । यसरी अन्यमनस्क भई बसें । त्यसपछि २०५७ साल माघ महिनामा शोभाभगवती मन्दिरमा नवाह श्री देवीभागवत्पुराण भएको थियो, अध्यक्षता श्री भरतकेशर सिंह जर्नेलजीले गर्नुभएको थियो । उहाँले नै महाराजाधिराजलाई नै ल्याउने कुरा गर्नु भएको थियो । त्यसबेला महाराजाधिराजलाई टक्रचाउनका लागि दामोदरकुण्ड, मुक्तिनाथ, गोसाईंकुण्ड, देवघाट धाम आदिका चित्रपट र शालग्राम (शालिग्राम) दिने विचारले त्यस मन्दिरमा लगिएको थियो । त्यसमा म स्वयम् प्रवक्ता थिएँ, तर दैवदुर्भाग्य त्यहाँ पनि ती कुरा तुहिए । केवल धन्यवादको पत्र आयो । यसरी समयको चक्र बितिरह्यो । मलाई "श्री ५ वीरेन्द्र : सम्झना र श्रद्धाञ्जली" भन्ने पुस्तकको याद आयो । त्यसमा नेपाल हरियाली पार्टीका अध्यक्ष श्री कुवेर शर्माजीले राजालाई भेट्न नपाएकामा अफसोच छ भन्ने शीर्षकमा लेख लेख्नुभएको छ । उहाँले लेख्नुभएको छः- नेपाली कांग्रेसका शीर्षनेता नभएकाले पार्टी अनुशासनका कारणले भेट्ने मौका परेन । नेपाली कांग्रेस छाडेर हरियाली नेपाल पार्टीको स्थापनापछि महाराजाधिराजसँग दर्शनभेटको इच्छा प्रकट गरेको थिएँ । राजालाई भेट्न पाँच छ महिना प्रतीक्षा गर्नुपर्दो रहेछ भन्ने वाक्यांश प्रकट गरिएको छ । कुवेर शर्माजस्तो नेतालाई भेट्ने ५, ६ महिना लाग्नसक्छ भने यस लेखकलाई भेट्न, ५, ६ वर्ष लाग्नु स्वाभाविकै हो ।

तर संयोग भनौं वा नियतिको खेल, २०५७ साल भदौ महिनामा रत्नपार्क टुडिखेलमा विश्वहिन्दू महासंघको आयोजना श्रीमद्भागवत महापुराण भएको थियो । त्यतिबेला राजदम्पतीको सवारी भएको र यो लेखक पनि त्यहाँ पुगेको बेला महाराजाधिराज श्री ५ वीरेन्द्र, बडामहारानी श्री ५ ऐश्वर्य सवारी भई त्यस प्रवचन हलमा बसी एक घण्टा जति कथा ग्रहण गरिबक्सेको थियो । पुराण प्रवक्ता वि.हि. महासङ्घकै अध्यक्ष पं. श्री नारायणप्रसाद हुनुहुन्थ्यो । त्यसै अवसरमा हवनकुण्डमा होम गर्ने अवसर परेको रहेछ । त्यतिबेलै राजाको हातमा देववाणी अनुसन्धानमूलक पाँचभाषा पत्रिकाको तृतीय अङ्क र चतुर्थ अङ्क दिने बेलामा राजाले बोलिबक्सेको 'मैले समातिराखेको छु' भन्ने स्पष्ट शब्द हृदयमा स्पन्दित भएर गुञ्जित भयो । त्यसबेला के बोल्ने, बोल्ने समय नै नभएको अवस्थामा के हुन्छ र ?

जे होस्, यसरी दिन बित्दै गएपनि मनमा भेटको चाहना बनेकै थियो । डा. चेतबहादुर कुँवरजीले २०५८ साल पौष महिनामा जसरी भए पनि मिलाई दिन्छु भन्ने सदाशयता देखाएतापनि दुर्भाग्यले २०५८ साले जेठ १९ गतेको कालरात्रिले मौसुफलाई चुँडालेर लगिहाल्यो । अब यो भन्दा नियतिको खेल केही देख्नुपदैन भनी मनको मुटुमा गाँठो पारी बसेको छु ।

●

श्री ५ वीरेन्द्र र नेपालको क्षेत्रीय विकास

• *नारायणप्रसाद लम्साल*

श्री ५ वीरेन्द्र समस्त नेपालीका लागि गाँस, बास, कपासको राम्रो बन्दोबस्त हुनुपर्छ भन्ने अवधारणा राखी नेपालको विकासका लागि सधैँ चिन्तन गरिबक्सन्थ्यो । त्यसै सन्दर्भमा श्री ५ वीरेन्द्रबाट राष्ट्रिय गतिविधिमात्र हैन दुर्गम क्षेत्रका अशिक्षित एवं निमुखा नरनारीहरूको हित र उन्नतिका लागि हमेसा चिन्तन गरिबक्सन्थ्यो । गरिबीको रेखामुनि रहेका नेपालीका लागि विकासका कार्यक्रमहरू सञ्चालन गरी नेपालीहरूको जीवनस्तर एसियाली मापदण्डमा पुऱ्याउने मौसुफको सोचाइ थियो । साथै सडक, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत विकासका कुरामा छिमेकी मुलुक सार्क क्षेत्रका जनताको समकक्षमा नेपालीलाई पुऱ्याउने सङ्कल्प गरी क्षेत्रीय विकासको अवधारणा अगाडि सारी त्यसको अनुगमन आफैँले गर्ने प्रक्रिया चलाइबक्सेको थियो । मौसुफ एउटा विकसित र समृद्ध नेपाल राष्ट्रको परिकल्पना साकार बनाउन कटिबद्ध भई सक्रियताका साथ अघि बढिबक्सेको थियो । क्षेत्रीय विकासको सन्दर्भमा नेपालको भौगोलिक अवस्थाबारे विशेष रूचि लिइबक्सी ४ विकास क्षेत्रमा विभाजित नेपाललाई २०३८ सालबाट अत्यन्त पिछडिएको क्षेत्र सुदूरपश्चिमाञ्चललाई दुई क्षेत्र बनाई मध्य- पश्चिमाञ्चल क्षेत्र र सुदूरपश्चिमाञ्चल क्षेत्र कायम गराइबक्सेको थियो । नयाँ क्षेत्रीय वर्गीकरणअनुसार सुदूरपश्चिमाञ्चल क्षेत्रमा ९ जिल्लामात्र राखिएको थियो । सूर्योदय सधैँ पूर्वबाट भएजस्तै नेपालमा प्रत्येक पक्षको विकासको शुरुवात पूर्वबाट मात्र भइरहेको परिप्रेक्ष्यमा त्यसपछिका दिनमा विकासको सन्दर्भमा सुदूरपश्चिमका जिल्लाबाट नयाँ कार्य शुरु गर्न श्री ५ को सरकारलाई प्रेरित गरिबक्सेको थियो जसको फलस्वरूप जनताको बढी सम्पर्क हुने कार्यालयहरूको भवन एकै पटक सुदूरपश्चिमका नौवटै जिल्लामा प्रशासकीय भवन (जिल्ला प्रशासन कार्यालय र जिल्ला पञ्चायत कार्यालय), जिल्ला अदालतको भवन, जिल्ला अस्पताल (१५ शैय्याको) भवन र जिल्ला कारागारभवन निर्माणका लागि एकै पटक आवश्यक बजेट विनियोजित गर्न निर्देशन बक्स भएको थियो । फलस्वरूप २०४०, २०४१ र २०४२ मा गरी ३ वर्षमा पूरा गर्ने गरी नवै जिल्लामा ती कार्यालय भवन निर्माणका लागि बजेट विनियोजित भई भवन निर्माण भएका थिए । उक्त ४ कार्यालयका भवन नभएका जिल्लामा ती भवन तदारुकताका साथ निर्माण भई सम्पन्न गराइएका थिए । प्रत्येक विकास क्षेत्रमा प्रत्येक ५ वर्षमा मौसुफ सरकारको विकास आयोजनाहरूको निरीक्षणका लागि क्षेत्रीय भ्रमण हुने गर्थ्यो । निर्देशन कार्यान्वयन गराउने निकायले ५ वर्ष पछि हुने अर्को सवारी भ्रमण अगावै काम सम्पन्न गराउनु एक प्रकारको बाध्यता नै भएकाले बजेट विनियोजन, निकासा, खर्च र लेखापरीक्षण सबै बिनाआलटाल समयमा नै हुने गर्थे ।

२०४१ सालमा पश्चिमाञ्चल क्षेत्रमा मौसुफको सवारी भ्रमणको कार्यक्रम हुँदा म पर्वत जिल्लाको प्रमुख जिल्ला अधिकारी पदमा कार्यरत थिएँ । २०४१।१०।१८ का दिन पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजारमा स्व. श्री ५ महेन्द्रको प्रतिमाको अनावरण, बालमन्दिरको निरीक्षण तथा बालबालिकाहरूलाई मिठाई वितरण र नेपाली कागज कारखाना तथा कागजनिर्माण प्रक्रियाको अवलोकन भ्रमणको कार्यक्रम राखिएको थियो । ती कार्यक्रममा मौसुफको

सवारी तथा निरीक्षण पूर्व-निर्धारित तिथि र समयमा सम्पन्न भएको थियो । खास गरी कुस्मामा तयार पारिएको नेपाली कागज निर्माणका विभिन्न दस चरणमा विभाजित प्रक्रियालाई सूक्ष्म ढङ्गले नजर भई सम्बन्धित किसान तथा निर्माताहरूसँग अभिरुचिपूर्वक प्रश्न गरिबक्सेको थियो ।

त्यसपछि जिल्लास्थित विभिन्न कार्यालयका प्रमुख तथा कर्मचारीहरूसँग जिल्लाको विकासका सम्वन्धमा देखापरेका बाधा अवरोधबारे प्रश्न गरिबक्सेको र आवश्यक निर्देशन बक्सेको थियो । सवारीसाथ बडामहारानी श्री ५ ऐश्वर्यको पनि सवारी भएको थियो । फिर्ती सवारी पछि क्षेत्रीय सवारी शिविर, पोखराबाट कागज निर्माणका लागि महत्त्वपूर्ण कच्चा पदार्थ लोक्ता विरुवाको संरक्षण र रेखदेख सम्वन्धमा वनविभागलाई आवश्यक निर्देशन बक्सभएको थियो ।

यसैगरी २०४३ सालमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम दिपायलबाट अछाम जिल्लाको सदरमुकाम मङ्गलसेनमा मङ्गलसेन खानेपानी योजनाको समुद्घाटनका लागि मौसुफको सवारी भएको थियो । सो समयमा अछाम जिल्लाका प्रमुख जिल्ला अधिकारीको हैसियतले मौसुफ सरकारको सवारी चलाउने सौभाग्य मैले प्राप्त गरेको थिएँ । मौसुफबाट २०४३।१०।२९ मा जिल्ला प्रशासन कार्यालयको हाताभित्र नवनिर्मित धारा खोली उक्त खानेपानी योजनाको समुद्घाटन गरिबक्सेको थियो । सो अवसरमा मौसुफबाट अछामको कला, सांस्कृतिक सम्बन्धी विविध झाँकीहरू तथा लोकलयमा आधारित गीत तथा नृत्यको अभिरुचिपूर्वक अवलोकन गरिबक्सेको थियो । साथै मौसुफबाट गीत, सङ्गीत तथा नृत्यमा भाग लिने कलाकारहरूलाई हौसला प्रदान गर्न नगद पुरस्कार बक्सेको थियो । सदरमुकामको भ्रमणको अन्तिममा सो जिल्लाका समाजसेवीहरू, कार्यकर्ताहरू र विभिन्न कार्यालयमा कार्यरत कार्यालय प्रमुखहरूलाई दर्शनभेट बक्सनुका साथै जिल्लाको विकाससम्बन्धी विभिन्न प्रश्नहरू सोधी आवश्यक निर्देशन बक्स भएको थियो । साथमा तत्कालीन बडामहारानी स्वर्गीय श्री ५ ऐश्वर्य र तत्कालीन युवराजाधिराज श्री ५ दीपेन्द्रको पनि सवारी भएको थियो । साथै वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्र तथा श्री ५ बडामहारानी कोमल सरकारको समेत सवारी भएको थियो ।

मैले प्रमुख जिल्लाअधिकारीको हैसियतबाट उक्त दुवै दुर्गम जिल्लाहरूमा मौसुफको सवारी चलाउने सौभाग्य पाउँदा मलाई मैले निकै ठूलो अभिभारा पाएको र सो सम्पन्न गर्न निकै धक लागेको थियो तर मौसुफको सान्निध्य पाउनेबित्तिकै मौसुफबाट देखाइबक्सेको सरल हावभाव र वात्सल्यबाट आफूमा साहस र आत्मविश्वास प्राप्त भएको थियो । सवारी हुनुअघि आफूबाट कुनै गल्ती हुने हो कि भन्ने भयले हातखुट्टामा एक प्रकारको कम्पन र बोली लर्बरिएकोजस्तो थियो तर मौसुफ सरकारको सन्निकटता पाएपछि ती सबै कुरा हटेर स्थानीय समस्याहरू निर्धक्क भई मौसुफसमक्ष राख्न सफल भएको थिएँ । सवारी हुने स्थल स्वतस्फूर्तरूपमा बिनाबजेट ढोका, तोरण, ध्वजा, पताका आदिद्वारा बेहुलीजस्तै सिंगारिएको हुन्थ्यो । फिर्ती सवारीपछि उक्त जिल्लाका सदरमुकामहरू दुलही अन्माएपछिको दुलहीघर जस्तो शून्य महसुस भएको थियो ।

तत्कालीन राजाबाट गरिने यस प्रकारको निरीक्षण भ्रमणबाट नेता, कार्यकर्ता र कर्मचारीमा क्षेत्रीय विकासप्रति अभिरुचि पैदा भएको र गाउँगाउँमासमेत विकासको लहर पैदा भएको थियो । प्रत्येक वर्ष कहाँ के सुविधा थपिँदै छ भन्ने कुराको चर्चा निमुखा जनताले समेत गरेको पाइन्थ्यो । जनता भोकमरीबाट नमरून् भन्ने चिन्ताले होला त्यतिबेला राजा वीरेन्द्रबाट अछाम जिल्लाको खाद्यान्नस्थितिबारे मसँग प्रश्न गरिबक्सेको थियो । त्यतिबेला म आफू जिल्लाको विकास कार्यक्रमहरूको समन्वयकर्ताको रूपमा ती जिल्लामा कार्यरत रहेको र त्यस प्रकारको सवारी भ्रमण देशका लागि अति महत्त्वपूर्ण हुनाका साथै त्यसबखत श्री ५ वीरेन्द्रको क्षेत्रीय निरीक्षण भ्रमणबाट विकासका प्रत्येक क्षेत्रमा सकारात्मक प्रभाव परेको कुरा मेरो संस्मरणमा अझै ताजा छ ।

महानिर्देशक
मुद्रण विभाग

●

श्री ५ वीरेन्द्रको स्मृतिमा

• *निरङ्गी निरशिला*

श्री ५ वीरेन्द्रका बारेमा लेख्न आह्वान थियो । लेख्न नबसी मनै मानेन, लेख्न बसेँ तर के लेख्ने ? अझै मनले चैन पाएन । म द्विविधामा परेँ । छैठौँ इन्द्रियमा ध्यान लगाउँदामात्र चाल पाएँ, उनको सम्झना मस्तिष्कले हैन, मुटुले गर्दै थियो । मुटुको मस्तिष्क, जहाँ प्राणत्व रहेको हरेक धुकधुकीले बताउँछ । उनलाई म मूर्त स्वरूपमा सम्झन सक्छु, प्रत्यक्ष देखेको छु, बोलेको सुनेको छु । उनको बारेमा धेरैधेरैसँग सुनेको छु । यी सब कारणले पनि उनका बारेमा स्पष्ट आफ्नो मनसा लेख्न बाधा पारे जस्तो लाग्छ, मलाई । अनि यस्तो पनि लाग्छ, उनका बारेमा नै मात्र लेखूँ या सर्वप्रथम नै म उनका बारेमा लेखूँ । अझ जुम्लाको विकट गाउँको कछाडमा हुर्किई गन्हाउने वर्तमानमा उकुसमुकुस भविष्य शीर्षकको शीर्षस्थानमा नै श्री ५ वीरेन्द्रको अभाव भनी केही थोरै नबुझी धेरै लेखूँ । उनको सारा पृथ्वीका चेतनशील प्राणीलाई कतै झल्को प्रतिबिम्बित गराउने हावाका झोकासँगै दगुरेको, म त्यहाँ हुँदा चाल पाउँथे र ती झोकाका उद्देश्यको बारेमा लेख्थेँ । एक कोलाहल स्थितिमा, उनको उपस्थितिले जन्माएका आशाहरूले मनाङ्गमुस्ताङ्गमा हरियालीका पक्कै छाएको बारेमा लेख्थेँ । उनी कुशल पक्कै थिए तर हतोत्साही थिएनन् । उनको धैर्य र प्रभावशीलताले पक्कै नेपाललाई एउटा मार्गतर्फ उन्मुख गराएको थियो, त्यो स्वतन्त्रताको नै थियो । उनी राजा थिए- मुटुको, आत्माको ! त्यो उनको अभावले पुष्ट्यायो । म जस्तै अरूका छातीमा खिल पल्टेको छ, ममताको, वात्सल्यको ! उनी भोका र नाङ्गाहरूका बारेमा सोच्थे ! बेलायत र अमेरिकामा हुँदा उनी रोएका थिए, न्यास्रिएर ! उनको चमक सूर्यसँग दाँज्दा हुन्थ्यो, जब उनले ती बूढी आमाको संस्कृतिमा आफू पाउँथे । पक्कै राजाहरूका राजा थिए- उनी । उनको मृदु मुस्कानले छातीमा मल्हम लगाएको छ शान्तिको । उनी प्रजातन्त्रका सारथी कृष्ण बन्न सक्थे, मन्त्रिमण्डल पाण्डवको भने कदापि भएन । सेतुको काम गरिरहन्थे उनी । उनलाई ज्ञात थियो । नेपाली संस्कृति र राजाको स्थान । उनी जतिजति प्रजा हुन खोजे, देवता हुँदै गए । ती दिनहरूका बारेमा सुन्छु- उनी नेपाली माटोलाई छातीमा लगाएर हिँड्थे, प्रजासँग खुल्ला रूपमा भेट्थे, दुःख सुखको कुरा गर्थे । म कल्पन्थेँ मैलो सिंगाने हातमा उनको स्पर्शले मलाई तेजिलो बनाएको छ, लेख्नलाई र पो लेख्दैछु । मेरो मैलोसँग पनि उनको मित्रता थियो तर यी सब कुराभन्दा पनि म अझै गहन कुरा लेख्थेँ, उनको आत्मा रोगाएको थियो । बन्दुकदेखि उनलाई डर बढिरहको थियो आखिरमा त्यसैले ज्यान लिएको थियो उनको ! तर उनको आत्मालाई अझै उनको सपनासिञ्चित भूमिमा उर्वर हुनु छ । उनी हिजोदेखि कराउँदैछन् भोलि पनि कराउँछु भनी-

> "रगतले नछोपे मेरो सपना
> म प्यासी छु शान्तिको !"

●

मैले गाएँ राजा वीरेन्द्र नाचिबक्स्यो

● *नीर शाह*

दुई वर्षअघि भएको श्री ५ वीरेन्द्रको दुःखद स्वर्गारोहण मेरो जीवनमा कहिल्यै क्षतिपूर्ति नहुने एउटा तितो घटना बनेको छ । मौसुफहरूको त्यो स्वर्गारोहणसँग मेरो पारिवारिक पीडा पनि गाँसिएको थियो । तसर्थ सो दुःखदायी घटनालाई न सम्झिन सकिन्छ न बिर्सिन ।

स्वर्गवासी राजा वीरेन्द्रसँग मैले धेरैपटक नजिकबाट भेट गर्ने अवसर पाएँ । मौसुफसँग मेरा धेरै रमाइला स्मृति छन् । जब देह रहन्न, स्मृति नै सबैभन्दा ठूलो सत्य बन्दो रहेछ । ती स्मृतिहरू मेरा जीवनका सबैभन्दा ठूला पुँजी हुन् ।

आज म नेपालको परिचित कलाकार नीर शाह बन्नुको पछाडि पनि स्वर्गवासी राजाकै प्रेरणा छ । २०३८/३९ सालतिर म शाही नेपाल चलचित्र संस्थानको उपमहाप्रबन्धक भएको थिएँ । नेपाली चलचित्रको विकासका लागि मझौला चलचित्र भवन तथा हाइभिजनहलको विकास गरिनुपर्ने, भिडियो चलचित्रहरू बनाइनुपर्ने जस्ता थुप्रै प्रभावकारी योजना तयार गरेको थिएँ मैले ।

तर, दुर्भाग्य मलाई त्यहाँ काम गर्न दिइएन र सूचना विभागमा सरुवा गरियो जहाँ मजस्तो चलचित्रकर्मीको कुनै काम थिएन । समयको सदुपयोग गर्दै मैले त्यहाँ रहँदा चलचित्र वासुदेवको स्क्रिप्ट तयार गरें र पछि वासुदेव वनाएं पनि । २०४० मा मैले सूचना विभागको आफ्नो नोकरीबाट दुई वर्ष बिदा लिएको हुँ । वासुदेव तयार गरेपछि त्यसको प्रदर्शनी थालेको भोलिपल्टै म बेलायततर्फ लागें ।

चलचित्र क्षेत्रमा काम गर्ने व्यक्तिलाई सूचना विभागमा लगेर थन्क्याइदिएका कारण बिदा लिई म बेलायततिर लागेको थिएँ । चलचित्रसम्बन्धी थप अध्ययनका लागि त्यहाँ म क्लेरियन फिल्म एन्ड टिभी स्कुलमा भर्ना भएँ । त्यतिबेला नेपाल टेलिभिजनको स्थापना गर्ने प्रसँग चलिरहेको थियो । म बेलायत गएको जानकारी भएपछि तत्कालै राजा वीरेन्द्रबाट पेरिसका तत्कालीन राजदूत कल्याणविक्रम अधिकारीमार्फत मलाई बोलावट भयो । अनि म चलचित्र अध्ययनको क्लास नै नलिई नेपाल फर्किएँ ।

मौसुफकै प्रेरणाले नेपाल टेलिभिजनको स्थापना भएको हो र नेटिभी आज यो अवस्थासम्म आइपुगनमा पनि मौसुफकै मुख्य देन छ । श्री ५ वीरेन्द्रबाट टेलिभिजन स्थापना गर्नुपर्ने जिम्मा ममा बक्स भएपछि नीर शाहजस्ता व्यक्तिले पनि नेपालमा टेलिभिजन स्थापना गर्न सक्छन् ? भनेर सरकारी उच्च ओहोदा र राजदरबारका कर्मचारीले उडाएको हाँसो आज पनि मेरो कानमा गुन्जिरहेको छ तर मैले यो काम फत्ते गर्ने कुरामा मौसुफ विश्वस्त होइबक्सन्थ्यो ।

'टेलिभिजनका लागि के-के काम भयो नीर ?' मसँग मौसुफबाट पटक-पटक सोधनी हुन्थ्यो । राजधानी दैनिकका पूर्व प्रधानसम्पादक स्वर्गीय बालमुकुन्ददेव पाण्डे दाइसँग 'नीरले टेलिभिजन सञ्चालन गर्लान् ?' भनेर मौसुफबाट सोधनी हुँदा 'उहाँबाट यो कार्य हुन्छ' भनेर पाण्डे दाइले भन्नुभएको कुरा मैले उहाँको लेखमा पढेको छु ।

अहिले नेपाल टेलिभिजनको स्टेसन भएको सिंहदरबारभित्रको जग्गा मैले उपयुक्त ठानेपछि श्री ५ वीरेन्द्र तत्कालै सवारी भई सो जग्गाको नजर गरिबक्स्यो । मौसुफबाट स्वीकृति पाएपछि मैले

मौसुफकै योजनाअनुरूप 'क्यालेन्डर अफ अप्रेसन' तयार गरें र क्यालेन्डरअनुसारको टेलिभिजनको स्टेसन स्थापना कार्य थालें।

मेरो कार्यमा प्रेरणा दिन मौसुफले युवराजाधिराज दीपेन्द्र, अधिराजकुमार धीरेन्द्र, श्री ५ नीराजनलाई पटकपटक सिंहदरबार पठाइबक्सेको थियो। मौसुफहरूको त्यो भ्रमण र जिज्ञासाले मलाई काम गर्न थप उत्साह मिल्यो। यसरी १७ माघ ०४१ मा नेपाल टेलिभिजन स्थापना भएको थियो।

स्वर्गवासी राजा श्री ५ वीरेन्द्रबाट आम सञ्चारको क्षेत्रमा दुईवटा क्रान्तिकारी कार्य भएको छ। नेपाली चलचित्रको विकासका लागि नेपाल चलचित्र संस्थानको स्थापना पनि मौसुफकै प्रेरणाले भएको हो। आज आम सञ्चारको क्षेत्रमा नेपाल टेलिभिजन र मनोरञ्जनका साथै सन्देश सम्प्रेषण कार्यमा नेपाली चलचित्र निकै विकसित भइसकेका छन्।

नेपाली जनजीवन, समाज र नेपालको हितप्रति मौसुफको स्पष्ट दृष्टिकोण थियो। कुन हिसाबले नेपाल प्रगतिको बाटोमा लम्कन्छ, नेपालीको जीवनशैली उँभो लाग्छ, एउटा शिक्षित र शान्त समाज कसरी स्थापित हुन्छ भन्ने कुरामा मौसुफको सधैं चासो रहन्थ्यो। देश र समाजको विकासमा नयाँ पुस्ताले सधैं सक्रिय भूमिका निर्वाह गर्दै जानुपर्ने विचार मौसुफबाट सम्प्रेषण हुने गर्थ्यो।

नेपाललाई शान्ति क्षेत्रको प्रस्तावसँगै सन् २००० सम्ममा गरिबीको रेखामुनि रहेका नेपालीको गास, बास र वस्त्रविहीन स्थितिलाई सुधारेर माथि उकासी मुलुकलाई एसियाली मापदण्डमा पुऱ्याउने संकल्प मौसुफले लिइबक्सेको थियो। देशमा परिवर्तित राजनीतिक परिस्थितिले गर्दा त्यो संकल्पपूर्ण नहुनु आफ्नो ठाउँमा छ।

नेपाल टेलिभिजनको स्थापनाकालमा मौसुफसँग मेरो सामीप्यता बढी भएको हो। राजा वीरेन्द्रसँग राजकीय भ्रमणमा बाहिर जाँदाका रमाइला स्मरणहरू पनि मसँग प्रशस्त छन्। त्यसभन्दा पनि सिंहदरबारभित्रको जग्गामा नजर लगाइबक्सनासाथ 'ल नीर यहीं टेलिभिजन स्टेसन स्थापना गर्ने' भन्ने निर्देशन निकै प्रफुल्लित मुद्रामा मौसुफबाट प्राप्त भएको म कहिल्यै बिर्सन सक्दिन।

स्वर्गवासी राजा श्री ५ वीरेन्द्रको राजकीय भ्रमणमा मौसुफसँग २०४२ मा म पनि अस्ट्रेलिया गएको थिएँ।

झम्के फुली नाकैमा बुलाकी
यसपाली त घरबार होला की

सोही भ्रमणको क्रममा हेमिल्टन आइल्यान्डमा पुगेपछि त्यहाँको सौन्दर्यप्रति मुग्ध भएर साथीसँग मैले गीत गाउन थालें। मौसुफ निकै पर होइबक्सन्थ्यो। थाहै नपाई त्यहाँ मौसुफको सवारी भएछ। यसो हरेको त हाम्रो गीतमा मुसुमुसु हाँस्दै मौसुफ नाचिबक्सेको। त्यतिबेला सारै रमाइलो भयो।

यस्तै २०४४ मा मौसुफसँग राजकीय भ्रमणमा जर्मन जाने अवसर पाएँ मैले। निकै लामो यात्रा भएकाले प्लेनमा बस्दा-बस्दा पट्यार लाग्यो। राजा आफ्नै धूनमा होइबक्सन्थ्यो। तीनजना साथीसँग मिलेर म तास खेल्न थालें। मौसुफबाट मैले तास खेलेको नजर भइरहेको रहेछ। 'यो नीरलाई गर्न नआउने कुरा पनि केही रहेनछ।' भन्ने टिप्पणी गरिबक्स्यो मौसुफले। अनि त लाजले अप्ठेरो मान्दै हत्तनपत्त तास बन्द गरें मैले।

जीवनयात्रामा थुप्रै उकाली-ओराली पार गरियो। कैयौं कार्यक्रममा राजा वीरेन्द्रसँग मेरो घेटघाट, कुराकानी भएका थिए, यस्ता थुप्रै संस्मरण आज पनि मेरो मस्तिष्कमा रुमलिइरहेका छन्। कहिलेकाहीं त लाग्छ साँच्चै मौसुफ जीवित नै होइबक्सन्छ तर मृत्युरूपी अन्तिम सत्यलाई म स्वीकार्न बाध्य हुन्छु र फेरि विगतका स्मृतिमा आफूलाई भुलाउँछु।

राजा वीरेन्द्र निकै मृदुभाषी, नेपालीलाई माया गर्ने र सधैं हर्षित मुद्रामा रहने सरल व्यक्तित्वका धनी होइबक्सन्थ्यो। मौसुफको प्रारम्भिक पठनपाठन दार्जिलिङस्थित सेन्ट जोसेफ स्कुलबाट भएको हो। पछि मैले पनि त्यही कलेजमा पढेको हुँ। त्यहाँका गुरुहरू जेहन्दार, सरल र मेहनती विद्यार्थीको उदाहरण दिनुपर्दा मौसुफकै नाम लिन्थे। यसरी पठनपाठनमा आफ्ना गुरु र सहपाठीहरूबीच पनि सधैं मिलनसार, जेहेन्दार र मेहनती विद्यार्थीका रूपमा चिनिनुभयो।

सिने उद्योगले नेपाली चलचित्रलाई माया गर्ने राजाको रूपमा श्री ५ वीरेन्द्रलाई लिएको छ। राजदरबारमा हुने विवाह, व्रतबन्ध तथा विभिन्न पार्टीहरूमा चलचित्रका कलाकारलाई मौसुफले धेरैपटक निमन्त्रणा गरिबक्सेको थियो। कला, साहित्य र संस्कृतिप्रति मौसुफ असाध्यै चाख राखिबक्सन्थ्यो। श्री ५ वीरेन्द्र कलाकारलाई हमेसा प्रेरणा दिइबक्सन्थ्यो।

साभार : राजधानी

●

श्री ५ वीरेन्द्र- एक संस्मरण

● *पासाङ गोपर्मा*

परस्परावलम्बी स्रोतबाट नै सबै पदार्थको सिर्जना हुन्छ, अनि तिनैमा परिसमाप्ति पनि हुन्छ । बोधिसत्त्व सम्बुद्धको शिक्षा हो । यी सारिपुत्र बोधिसत्त्व को थिए त ? राजकुमार सिद्धार्थ गौतम । कुन धर्तीका पुत्र थिए त ? वर्तमान नेपाल अधिराज्यको एउटा जिल्ला कपिलवस्तुको । तिनले उत्पत्तिका कारणहरूको मात्र खोजी गरेनन् । मानवता रक्षाका उपायहरू पनि दिए । त्यो युग शायद कृषियुग थियो । आजको युग प्लाष्टिकयुग हो । युग जुनसुकै भएपनि विधिको विधानले जोडेकै हुन्छ । तसर्थ राजकुमार सिद्धार्थ गौतम र श्री ५ वीरेन्द्रको अवतारको नाता देशसँग गाँसिएको छ । रूप र सत्ताको भ्रममा अल्झिनेहरूलाई यो कुरा बुझ्न साह्रै कठिन हुन्छ । महासागरको न त जन्म नै हुन्छ न त मृत्यु नै । वादलको मृत्यु हुन्छ, हिउँको मृत्यु हुन्छ, शीतको मृत्यु हुन्छ, छालको मृत्यु हुन्छ । श्री ५ वीरेन्द्रका अनेक रूपहरूको मृत्यु वीभत्स तरिकाले भयो तर उत्पत्तिकालदेखिको मानवताको कहाँ मृत्यु भयो ? परस्परका टेकाहरूले आफ्नाआफ्नै स्थान ग्रहण गर्दा सत्यको लोप भयो । विज्ञान र प्रविधिको बलमा व्यक्तिको सत्ताको विषयमा निकालेको सहवर्द्धनको सिद्धान्तलाई राजनीतिक शास्त्रीहरूले राष्ट्रको परिभाषा बनाए । यो एउटा सैद्धान्तिक आधारवाहेकका अन्य राज्यका सिद्धान्तहरू प्रयोगशालामा मुढा ठहरिए । श्री ५ वीरेन्द्रलाई यो ज्ञान अध्ययनद्वारा होस्, वा व्यावहारिक ज्ञानले होस् आफ्नै मनज्ञानले होस् मौसुफको शासनशैलीमा सूक्ष्म रूपमा झल्किन्छ । पारदर्शिता र सत्यको आभास नभएको भए २०४६ सालको आन्दोलनले यो राष्ट्रको सुन्दर रूप कुरूप बन्न सक्थ्यो ।

किन हो कुन्नि, श्री ५ वीरेन्द्रसम्बन्धी केही कुरा लेख्न खोज्दा कलम निष्ठुर बन्यो, हात लुला भए अनि मन कुँजो भयो । श्री ५ वीरेन्द्र स्मृतिग्रन्थ सम्पादनसमितिका संयोजक मोहन कोइरालाको पत्र र मित्र गणेशबहादुर प्रसाईंको लगातारको टेलिफोन कलका प्रत्युत्तर हुन्-यी संस्मरणका केही हरफहरू ।

पृथ्वीलगायत अन्य ग्रन्थहरू, पृथ्वीले पोषण गरेका सबै प्रकारका प्राणधारी तत्त्वहरू, तिनीहरूका उत्पत्तिका कारक तत्त्वहरू, स्वभावका, विकासका नैसर्गिक कारणहरू मानिसको अहोरात्र परिश्रम र बुद्धिको खेलमा विज्ञान र प्रविधिले सकारात्मक परिणाम दिएका छन् । अबका नागरिक चतुर काल्पनिक कथाको सेरोफेरोमा अल्झँदैन र फुर्सद पनि छैन । देश, काल, परिस्थिति र नेपाली जातिको आफ्नै सक्रियतामा पृथ्वीरूपी सानो गाउँको एउटा वडाको दर्जा यस अधिराज्यले प्राप्त गर्न सक्नु लरतरो कुरा होइन । युगअनुसारको विधिको शासन यस मुलुकले पनि अपनाउँदैआयो जसरी अन्य मुलुकहरूले अपनाउँदैआएका थिए । अरूको पाठ हामीले पढ्यौं अनि हाम्रो पाठ अरूले पढे । विकास र विनाशको कथामा आँसु झार्ने फुर्सद अब नेपालीलाई पनि छैन । मेरो २००७ सालको कलिलो उमेरदेखि अहिलेसम्मको अनुभवले व्यक्ति, समाज राष्ट्रलगायत यावत् वस्तु अनित्य र परिवर्तनशील छन् भन्ने पाठ सिकाएको छ । यसै पाठअन्तर्गत आजसम्म म जीवन्त छु र परिसमाप्तिसम्म पनि रहनेछु ।

मेरो उत्पत्ति अनकण्टार गाउँ र अकिञ्चन प्राणीका रूपमा भएपनि परिस्थितिजन्य कारणहरूले गर्दा सत्ताको छेवैमा पुग्ने

अवसर पाइयो । सत्ताको खेल भनेको सम्भावनाको खेलबाहेक अरू थोक रहेनछ भन्ने पनि बुझियो ।

श्री ५ वीरेन्द्र पारदर्शी, करुणामयी विचारधाराले पूर्ण, स्पष्टवक्ता, दूरदर्शी र यौन दुराचारी नभएकै कारणले गर्दा मैले राजकुमार गौतम बुद्ध पछिको दोस्रो व्यक्तित्व मौसुफलाई ठानेको हुँ । के राजा वीरेन्द्रले पितापुर्खाको बाहुबलले आर्जित राष्ट्रको प्रभुसत्ता २०४७ सालमा सजिलै जनतामा हस्तान्तरण गर्नु राजकुमार गौतम बुद्धले राजगद्दी त्याग गरी मानवताको कल्याणको खोजमा लाग्नुसरह होइन र ? कुरो गहिरो छ, केहीले पछि बुझ्लान् । अब श्री ५ वीरेन्द्रसँगका केही संस्मरणहरू प्रस्तुत गर्न चाहन्छु ।

मलाई श्री ५ महेन्द्र जस्ता शक्तिशाली राजाले हुप्रबाट सोझै श्री ५ को सरकारको स्थायी सह-सचिव पद नबक्सेको पनि होइन, संयुक्त राष्ट्र संघका महासचिव ऊथान्त मिच नभएको पनि होइन, भारतका शक्तिशाली प्रधानमन्त्री इन्दिरा गान्धीले दिल्ली नबोलाएको पनि होइन, तर मेरो मन, भाग्य र कर्मको समन्वय नभएको भने पक्कै हो । सानै उमेरको जङ्गलको एकान्तवासको गुफा बसाइ, बाबुको अरूको कल्याण गर्दा प्राप्त हुने फलको उपदेश र आमाको बाल्यकालकै बिछोडले होला म आफ्नै तालको व्यक्ति थिएँ । संयोग भनूँ २०२८ सालमा श्री ५ युवराज वीरेन्द्र मेची अञ्चलकै अध्ययनभ्रमणको सिलसिलामा इलाम जिल्लामा एक महिना राज होइबक्स्यो । साथमा श्री ५ युवराज्ञी पनि होइबक्सन्थ्यो । समयसमयमा राजपरिवारका अन्य सदस्यहरू पनि क्याम्पमा सवारी होइबक्सन्थ्यो । त्यसमध्येमा वर्तमान श्री ५ ज्ञानेन्द्रको पनि सवारी हुन्थ्यो । मलाई पनि विविध कार्यक्रमहरूमा संलग्न गराइन्थ्यो । म नजानिदो प्रकारले श्री ५ वीरेन्द्रतिर आकर्षित हुँदैगएँ । फिर्ती सवारीका दिनमा "तिमी काठमाडौं आऊ र मलाई भेट है" भन्ने हुकुम भयो । पछि थाहा पाएँ, मलाई रू. हजार बकस पनि भएको रहेछ । यो मेरो पहिलो राजकीय सम्मान थियो ।

काठमाडौं आइपुगेकै भोलिपल्ट श्री ५ युवराजा धिराजको निजी सचिव नारायणप्रसाद श्रेष्ठलाई फोन गरें । मलाई वहाँले त्यसै दिन सदाचारभेट बोलाउनुभयो । काम न काजको म पनि तुरुन्तै नारायणहिटी राजदरबार पुगें, पुगेको केही क्षणमै मलाई मौसुफ सरकारको अगाडि उभ्याइयो । अभिवादनको आदानप्रदान र कुशलक्षेमको कुराकानीपछि बस भन्ने हुकुम भयो । तत्कालीन युवराजाधिराज वीरेन्द्रबाट हुकुम भयो- "पासाङ, बुवा सरकारले देश काल परिस्थितिले आध्यात्मिक भौतिक रूपमा पछि परेको यस मुलुकलाई टर्कीका तानाशाह कमल पासाले झैं धेरै जनजागृतिका कदमहरू चालिबक्स्यो । कतिपय कदमहरू समयसापेक्ष छन् र कतिपय नहुन पनि सक्छन् । राष्ट्रको प्रमुख दायित्व मानवीय समस्याको निदान खोज्नु होइन र ?"

"हो सरकार ! राष्ट्र भनेको निरन्तर चलिरहने प्रक्रिया हो भने व्यक्ति अनित्य तर व्यक्तिले अनित्यताको मर्म बुझ्न नसक्दा राष्ट्रको विकासमा गतिरोध उत्पन्न हुन्छ । "

" हाम्रो प्रशासनिक संरचना, देश र जनचाहनाको बीच तालमेल छैन । त्यसैका निम्ति एउटा कडीको आवश्यकता पऱ्यो । नयाँ कुराको खोज गर्नुभन्दा बुवा सरकारले गठन गरिबक्सेको गाउँ फर्क राष्ट्रिय अभियानलाई समय सुहाउँदो सुधार गरी पञ्चकार्यकर्ताहरूलाई विकासतिर मोड्न पाए राष्ट्रको विकासमा तीव्रता आउने थियो कि ?

मलाई के लाग्यो भने मानवताको विकासको अवरोधक तत्त्व अज्ञानता हो । अज्ञानताको अन्धकारको शत्रु शिक्षा हो । कार्यकर्ता जागरण भनेको अनौपचारिक शिक्षक समूहको गठन गर्नु हो । मेरो अन्तर थियो, "यो निश्चय नै सकारात्मक कदम हुन्छ, सरकार !"

"लौ त तिमी भोलिदेखि जाँचबुझ केन्द्र आउनू ! तिमी सोच्दै गर ! एक दुई दिनमा २ जना सहायक पनि दिन्छु । विचार निष्पक्ष, देश, काल र परिस्थिति अनुकूल हुनुपर्छ ।"

श्री ५ महेन्द्रबाट "तिमीले काठमाडौं नछाड्नू । म भरतपुरबाट फर्केपछि विशेष व्यवस्था गर्नेछु" को वचनमा जाँचबुझ केन्द्रको विशेष अधिकृतमा नयाँ राजाबाट महिनावारी रू. ८ सयको जागिर पाएँ । मलाई जागिरभन्दा विषयवस्तुको आकर्षण लोभप्रद थियो । दौंतरीहरू पाएँ -डा. मोहनप्रसाद लोहनी र श्री शिवप्रसाद श्रेष्ठ । वहाँहरू अन्तैबाट काजमा आएकाले तलबभत्ताको अतिरिक्त रू. ८ सय पनि पाउथें । दरबारको काम गर्ने समय ११ देखि ६ रहेकाले पैदल ओहरदोहर ९० मिनटको मार्चपास हुन्थ्यो । जेनतेन श्रीमतीले घरखर्च चलाउँथिन् ।

एकदिन अचानक शाहीघोषणा सुनें । शाहीघोषणामा न्यायाधीश श्री ब्रह्मदत्त तिवारीको अध्यक्षतामा सर्लाही जिल्लाको उत्तरी भागको अव्यवस्थित बसोबासको व्यवस्था मिलाउन तीन सदस्यीय दौडाहा टोलीको गठन गरिबक्सेको थियो । सदस्यहरूमा मेरो र जोन्देन उक्याबको नाम थियो । काम, कर्तव्यक्षेत्र र अधिकार किटान गरिएको थियो अनि समयअवधि एक महिना । सर्लाही पुगेपछि पो थाहा पाइयो- जिलिगाँठी नै नभएको गाँठाको डल्लो भएको कुरा । उदात्त चित्तका न्यायाधीश, आधुनिक परिवेशमा हुर्केका जोन्देन र मेरो बीचको कार्यशैलीमा सामञ्जस्य ल्याउन ८।१० दिन जति लाग्यो । गाँठी कुराचाहिँ पहुँचवालाहरू (दरवार, सिंहदरबार) सबैतिरकाले जग्गा लुँडयाएका थिए । हुकुमबमोजिम

ती जग्गा खोसी वास्तविक सुकुम्वासीलाई वितरण गर्नुथियो । हामी तिनै जनाको राजाको सदिच्छा पूर्ण गर्ने दृढभावना भएकाले गर्दा पहुँचवालाहरूको खुसामदको फूलको गुच्छा, पछाडिबाटको दबाव वा धम्की सबै व्यर्थ भए । एक महिना अवधिको समयमा काम नसकिने हुँदा १५ दिनको म्याद थपको बिन्ती चढायौं र त्यो पनि निगाह भयो । काम फत्ते भएपछि सरकारको जुनाफमा यथार्थ व्यहोरा जाहेर गऱ्यौं । हाम्रो कामबाट राजा ज्यादै प्रसन्न होइबक्स्यो । हामीले महिना दिनको रकम निकासालाई १५ दिन थप गर्दा पनि उबाऱ्यौं । प्रसन्न मुद्रामा सरकारबाट "यो रकम तिमीहरू तीन जनाले बाँडी खानू" भन्ने हुकुम भयो । हाम्रो हौसला बढ्यो तर केही घण्टापछि नै निजी सचिवालयबाट "रकम खान नमिल्ने भो, सञ्चयकोषमा दाखिला गर्नू" भन्ने आदेश भयो । "देवीको दर्शनमा जाँदा देउरालीलाई पाती" उखान सत्य भएको बोध भयो । हामीले कलम नचलाएका निमुखा कर्मचारीहरूलाई हाम्रो नाममा श्री ५ को सरकारले क्याबिनेटबाट खोस्यो । "अजब नेपाल गजब चाला" को प्रमाण पनि पाइयो । अरू मेरा मित्रहरूलाई यसको असर के पऱ्यो, मैले चासो राखिन । म भने चार आर्य-सत्यको अनुयायी भएकाले फिस्स पनि मानिन ।

१७ महिना जतिको 'गाउँफर्क राष्ट्रिय अभियान' पुस्तिका संशोधन कार्य पूर्ण भयो । राजाको सदिच्छाबमोजिम नै प्रत्येक जनजाति/आदिवासी र विशेष कारणवश पछाडिएका वर्गलाई राष्ट्रिय मूलप्रवाहमा समाहित गर्ने योजनाहरूको खाका पनि कोरियो । सन्तुलित र सर्वाङ्गीण राष्ट्रिय विकासका बुँदाहरू र अवरोधक तत्त्वहरूको किटान पनि गरियो । सबैको जिब्रामा झुण्ड्यो "राजा तम्सिए अब विकासको मूल फुट्यो, फुट्यो !" पछि मैले के थाहा पाएँ भने ती जिब्रा त प्वालैप्वालका हावादारी जाल पो रहेछन् ।

शिक्षा, तालिम वा नैसर्गिक मायाममताको अभावमा स्वतः प्रभावित जीवनप्रवाहले व्यक्तिको कि त बहिर्मुखी कि त अन्तर्मुखी चरित्रको विकास हुन्छ । अहंको पोषक तत्त्व पनि वातावरण नै हो । पुष महिनाको छोटो दिनको समयमा त्यो पनि ४ बजेतिर करफोक विद्यामन्दिरको हातामा श्री ५ युवराज सवारी भयो । साथमा श्री ५ युवराज्ञी पनि होइबक्सन्थ्यो । स्वागतका लागि उभिएका गाउँलेहरूले युवराज र युवराज्ञीलाई हातले छुँदै ढोग्दा मौसुफ सरकारमा अहंको छटा कतै पनि देखिन्नथ्यो । अर्को कुरा अलैंचीको दुईचार दाना हातमा लिई "पासाङ यो कहाँ फल्छ ? मलाई देखाऊ" भन्ने हुकुम भयो । रात पर्न लागेको भए पनि म बाध्य थिएँ । कुदाएँ धारातिर । अलैंचीको बोटलाई वर्काईफर्काई हेरिवक्स्यो, फल्ने ठाउँ पत्ता लाइबक्स्यो र वातावरणको अध्ययन गरिवक्स्यो । अह्राएर होइन आफ्नै नोटबुकमा सबै कुरा टिपिसकेपछि मात्र उकालामा रहेको हेलिप्याडतिर सवारी भयो । पाइलटहरू मसँग रिसाए पनि किनभने करफोकलाई कुइराले ढाकेको थियो ।

श्री ५ बाट गाउँफर्क-राष्ट्रिय अभियानको घोषणा गरिबक्स्यो । संशोधित पुस्तक- अनुसारकै जाति, जनजाति/आदिवासीका व्यक्तिहरूको चयन गरिएको थियो । संयोगवश म योजनाकार पनि केन्द्रीय समितिमा परेँ तर मेरा दुई जना सहयोगीहरू भने परेनन् । केन्द्रीय समितिको बाह्यरूप हेर्दा राष्ट्रिय मूलप्रवाहको मार्ग तय गर्ने खालको नै देखिन्थ्यो भने सैकडौं वर्षदेखि पालित, पोषित, विखण्डित तत्त्वहरूका गुणहरू केहीकालका लागि शीतकालका जुकाजस्ता पनि भएका थिए । जाति, जनजाति/आदिवासी र पीडित समुदायहरूका बीचमा परस्परको सहयोगी भावनाले प्रोत्साहन पाएको थियो । अञ्चल अभियान र गाउँ अभियान समितिहरूको निर्माण पनि भए । मानिसमानिसको बीचको भ्रमात्मक चरणहरूमा परिवर्तनका रूपरेखा कोरिए । राजाको राष्ट्र-निर्माणको सदिच्छा साकार हुने मिमिरे उज्यालो मैले पनि देखें । तर, बिस्तारै हिंस्रक मांशपेशी, डरलाग्दा पशुहरू र सिनुको खोजमा उडिरहेका गिद्धहरूको घेराले दरबार घेर्दैलगेको मलाई अनुभव हुन थाल्यो । हाम्रो दैनिक कार्यसम्पादनको जाहेरी श्री ५ मा नै सोझै हुन्थ्यो । धेरैजसो म नै श्री ५ को कार्यालयमा ठीक १२ बजे उपस्थित हुन्थें । "Time and tide waits for no man" उखानलाई मौसुफबाट राम्ररी पालन गरेको पाउँथें । फटाफट फाइलहरूको निर्क्योल हुन्थ्यो । राजाको राष्ट्रिय मूलप्रवाहको सिर्जनाद्वारा मुलुकको चौतर्फी विकासको धारणामा दृढता पाइन्थ्यो तर कता मेरो मनको कुनामा भने 'अकेला चना भाड नहीं फोडता' ले घर गर्न थाल्यो । फाइल च्यापेर कार्यालय पुग्नेबित्तिकै पुराना सढिसकेका विचारधारा बोकेका भोका व्वाँसाहरूको चपेटामा म पर्थें । फुर्सदी तथाकथित बुद्धिजीवीको विशेष शक्तिकेन्द्रहरूमा चलेको बैठकको चर्चा चलाइन्थ्यो र चर्चा खाने मेसोको मात्र नै हुन्थ्यो । पाए खुसी हुन्थे नपाए बैठक बहिस्कार गर्थे । खाना दिएन भने आँखाको तारो मनै थिएँ । त्यसैले फ्याउराहरूको " गाउँफर्क-राष्ट्रिय अभियान" संविधानभित्र पर्नुपर्छ नारा सफल भयो । २०१९ सालको संविधानको दोस्रो संविधान सुझाव आयोगको गठन गर्न राजालाई बाध्य पाऱ्यो । यो चाल पोखरी धमिलो पारी ठूलो माछा समाउनेहरूको थियो । पारदर्शिता, क्षेत्रीय सन्तुलन, जातीय उचनीचको भावना, समानुपातिक प्रतिनिधित्व, उत्पादन र वितरण प्रणालीमा समानता, दातृ राष्ट्रहरूको सहयोगको सही उपयोग, पिछडिएका जाति, जनजाति/आदिवासी र पीडित समुदायको उत्थान आदि त शोषणका प्रक्रिया अपनाउँदै आएकाहरूका लागि जघन्य अपराध थियो ।

दोस्रो संविधान सुझाव आयोगको गठन भयो । पदेन सदस्यको रूपमा म पनि रहें । जसरीतसरी छ महिना पदेन सदस्यको रूपमा र तीन महिना विशेष निगाहाको रूपमा उक्त सुझाव आयोगको सदस्य रहें । त्यो नौ महिनाले मलाई 'पुनर्मूषिको भव' बनायो भने श्री ५ लाई मुक्तिको बाटोमा घचेट्ने वातावरणको सिर्जना गर्दैलग्यो ।

एकदिन जाहेरीको सिलसिलामा यस्तो बिन्ती गरेँ- "सरकार, व्यक्तिमा निरन्तरता हुँदैन । समाज र राष्ट्रको निरन्तरता हुन्छ । सरकार पनि व्यक्ति मात्र होइबक्सेको तर पितापुर्खाको पौरख र जनआस्थाले गर्दा प्रभुसत्ता मौसुफमा निहित छ । प्रभुसत्ता भनेको शक्तिको केन्द्रबिन्दु हो । यही बिन्दुको उपयोग गर्न नानाथरिका तत्त्वहरू सक्रिय रहन्छन् । सानो उदाहरणको रूपमा एउटा घटना प्रस्तुत गर्छु । सरकार, महाकाली अञ्चलको कञ्चनपुर जिल्लाको चाँदनी र दोधारा नामक गाउँ पञ्चायतहरूमा म पुगेँ । ती पञ्चायतहरू त टापुजस्ता रहेछन् । एकातिरबाट जोगबूढा नदी र अर्कातर्फ महाकाली नदीले घेरेको । त्यस ठाउँमा सङ्खुवाको पटेर जङ्गल थियो रे । बुवा सरकारको महाकाली अञ्चलको सवारी भ्रमणका अवसरमा काठ तस्करहरू र चित्तशुद्धि नभएका सवारीसाथका अधिकृतहरू मिली सरकार प्रसन्न मुद्रामा होइबक्सेको बेला यस्तो जाहेर गरेछन्- "सरकार, चाँदनी र दोधाराका जङ्गल यस क्षेत्रका बासिन्दाका लागि समस्याको रूपमा खडा भयो । बाघ, भालुबाट त थिएन तर डाँकाहरूको वास बन्न गएकाले हैरान पाऱ्यो । त्यो जङ्गल फाँडी सुकुम्बासीलाई जग्गा वितरण गर्न पाए साह्रै राम्रो हुनेथियो ।" झट्ट हेर्दा कुरो राम्रो देखिन्थ्यो । श्री ५ महेन्द्रबाट "ठीक छ" भन्ने हुकुम बक्सेको आधारमा जङ्गल फँडानी भयो । सबै तत्त्वहरूको क्षणिक भौतिक लाभ भयो तर अहिले त्यो क्षेत्र राष्ट्रका लागि बोझ बनेको छ । वर्षायाममा ठाउँठाउँमा जोगबूढा र महाकाली नदी मिसिन्छ र बासिन्दाहरू हाहाकारमा रहन्छन् ।"

"त्यसैले त पञ्चकार्यकर्ताहरू नै जागृत हुनुपऱ्यो । गाउँवासीहरू नै जागृत नभएसम्म यस मुलुकको विकासको गतिले सही मार्ग पहिचान गर्न सक्दैन भन्ने ठानेर नै गाउँ फर्क-राष्ट्रिय अभियानमा जोड दिएको हुँ, पासाङ !" श्री ५ बाट हुकुम भयो ।

अर्को पटकको जाहेरीमा श्री ५ समक्ष म हाजिर हुँदा मौसुफ सरकारलाई गम्भीर रूपमा पाएँ । एकै छिनपछि हुकुम भयो- "पासाङ, आजको रेडियो नेपालको खबर सुन्यौ ?" मेरो स्वाभाविक उत्तर थियो- "सुनेँ सरकार" ।

"तिमीलाई त्यो समाचार कस्तो लाग्यो ?"

मलाई नौ बजे नै कार्यालय पुग्ने हतार हुँदा बिहान ७ बजेको खबरमात्र सुन्नेगरेको थिएँ । म अकमकिएँ । श्री ५ बाट नै हुकुम भयो, "ए, तिमीले नौ बजेको खबर सुनेनछौ, सुन आज मैले राजदरबारका एक सदस्यलाई "श्री ५" बाट हटाइदिएँ । त्यसको इम्प्याक्ट सर्वसाधारणमा कस्तो परेको छ अध्ययन गर है ।" उनको नामै केतकी हो भन्ने कथा सबैलाई थाहा छ । कथाभन्दा श्री ५ जनभावनाप्रति कति जागरुक होइबक्सन्थ्यो भन्ने कुराको बोधको पुष्टि यसबाट हुन्छ ।

अब नाशको प्रवृत्तिको विजय र श्री ५ वीरेन्द्रको नागरिकप्रतिको करुणाकारका लक्षणहरू स्पष्ट रूपमा देखा पर्न थाले । भू.पू. प्रधानमन्त्री स्वच्छ छविका राष्ट्रभक्त टङ्कप्रसाद आचार्यका प्रयासहरू पनि विफल भए । उहाँका २१४ बैठकहरू भए । पदलोलुप मित्रहरू पदको आकर्षणतिर आकर्षित थिए । श्री ५ को सदिच्छा साकार पार्ने म अकिञ्चनको के पो लाग्थ्यो र ! बस, नानाथरिका दाँजाहरू "राँडी फुँडी बाहुनी बिहे गर्ने, हाम्रो गोठ सफा गर्ने, निम्नवर्गको भोटे, जात न भातको फ्याँकेको केटोलाई छोरो बनाउने । यो कसरी दरबार छिऱ्यो ?" आदि । ओरालो लागेको मृगलाई बाछाले पनि लघार्छ भन्ने उखान चरितार्थ भयो । गाउँफर्क-राष्ट्रिय अभियानले मामाको धन फुपूको श्राद्ध गर्न थाल्यो ।

श्री ५ बाट संविधान सुधार सुझाव आयोगका सातै जना सदस्यहरूलाई राष्ट्रिय पञ्चायतमा मनोनीत गरिबक्स्यो । डिजाइनअनुसार श्री कीर्तिनिधि विष्ट प्रधानमन्त्री हुनुभयो । तर मदानी, ठेकी र चालको समन्वयको अभावमा नौनी कसरी पर्थ्यो । जनजागृति र श्री ५ को सरकारको नीति र कार्यक्रममा तालमेल भएन । टालटुले कामले जसोतसो २०४६ सालसम्म त्यो पनि सुधारिएको पञ्चायतको नाममा धानियो ।

बहुदल व्यवस्थाको घोषणा पनि श्री ५ वीरेन्द्रकै नेपाली नागरिकप्रतिको असीम निगाहा हो । सत्तापरिवर्तन सहज रूपमा भएको आजसम्मको विश्व-इतिहासले देखाएको छैन । के बहुदल व्यवस्था खराब हो ? के जनताको शासन, जनताद्वारा जनताकै निम्ति शासन सत्य होइन र ? मानवीय विकासको उत्थान एकमा अनेक र अनेकमा एकबाट नै हुने होइन र ? विधिको विधानको उल्लङ्घन नै राष्ट्रद्रोह होइन र ? मानवप्रकृतिको सृष्टिद्वारा नै क्षेत्राधिकार बुद्धिको धनी प्राणतत्त्व होइन र ? राजाको क्षेत्र नेपाल अधिराज्यभन्दा बाहिर पनि हुन्छ र ? तसर्थ, यो मुलुकको आध्यात्मिक-भौतिक विकासको मूलमन्त्र नै राजा-प्रजा बीचको समन्वय हो । समन्वयको कडी खस्कँदा नै बीभत्स घटना हुन जान्छन् । तसर्थ, अब राजा र यो मुलुकको चेतनशील नागरिकको भूमिका गहन हुन पुगेको छ । श्री ५ वीरेन्द्रको स्वर्गारोहण अस्वाभाविक देखिए पनि स्वाभाविक रूपमा एकदिन त अवश्य हुने थियो । श्री ५ ज्ञानेन्द्र पनि आखिर एउटै बीउको अर्को हाँगा न हो । त्यसैले नेपाली जनताले एकातिर दुःख प्रकट गरे भने अर्कातिर खुसी नै प्रकट गरेका छन् । जताबाट पनि "खाई सार न लाई सार मरेपछि लम्पसार" का बीउहरू मासिदै गएको पाइन्छ । यस मुलुकमा न त बहुदल नै खराब छ न त राजा नै । खराब भ्रान्त धारणाहरू हुन् । लौ त अब राजा र जनता मिली भ्रान्त धारणाहरू र शोषणका प्रक्रियाहरूको अन्त गरौं ।

●

स्मृतिपटलका अविस्मृतिहरू

• *पूर्ण प्रकाश नेपाल 'यात्री'*

"शैले शैले न माणिक्यं, मौक्तिकम् न गजेगजे
साधवो नहि सर्वत्र चन्दनं न वने वने ।"

स्मृतिपटल र प्रस्तुत सन्दर्भका बीचको महत्त्व विचार गर्दा उक्त पंक्ति स्मरण हुन आउनु स्वाभाविक हो किनभने अर्थान्तर जेसुकै भए पनि राजपुरुषका महत्त्वमाथि विवेचना गर्दा योग्य राजामा उक्त सूक्तिका चारै पाउको प्रतीयमान अर्थ उपमेय हुन आउँछ । वस्तुतः राजपुरुष राष्ट्रका शैल शिखर हुन् । वनौषधियुक्त घना जङ्गलका उत्तम सुगन्धित चन्दन हुन्, सर्वत्र उपलब्ध हुन कम सम्भावना रहेका लोकोपकारी सन्त हुन् भने दिग्गज हाती जो शिरमा मौक्तिक गहनाद्वारा सुशोभित हुन्छन् त्यस्ता हाती पनि हुन् । त्यसैले विवेच्य राजपुरुषका सम्बन्धमा केही मधुरस्मृतिका पाना पल्टाउनु पहिले नै उक्त सूक्ति शिरोधार्य गर्न मन लागेको हो ।

हाम्रा राष्ट्रका मात्र नभई विश्वका शान्त, निर्मल सन्त पुरुषमा अलङ्कृत हुने बढी सम्भावना रहेका युगदर्शी राजा वीरेन्द्रवीरविक्रम शाहका जीवन दर्शनलाई असाधा स्रण राजपुरुषमा लिनुपर्ने स्पष्ट छ किनभने असाधारण राजनेतामा दस वटा विशेष गुण विद्यमान रहन्छन् भन्ने शास्त्रीय सम्मति पाइएको छ । ती सबै गुणको त आवश्यकताअनुसार यथा प्रसङ्ग विवेचना हुन सक्छ परन्तु प्रकटमा आभासित हुने एउटा सुखद संयोगको सर्वप्रथम स्मरण गर्न चाहन्छु । जस्तो सदा प्रसन्न मुखमुद्रा र प्रच्छन्न व्यक्तित्वको अद्वितीय सुखद संयोग सबै व्यक्तित्वमा अपेक्षित होला भन्न र हुन्छ कि हुँदैन भन्ने यी दुवै गुण पक्षको मलाई ठीक ठीक ज्ञान छैन यद्यपि कतिपय असाधारण व्यक्तित्वका सम्बन्धमा श्रवण मनन गर्दा भने यस्तो सहज विचार उत्पन्न हुनजान्छ । वास्तवमा साधारण व्यक्तित्व र असाधारण व्यक्तित्वका बीच अभिरेखाङ्कन गर्न सहयोग पुऱ्याउने प्रतीयमानजन्य अर्थान्तर पनि त यस्तै हुनुपर्छ भन्ने लाग्छ ।

वस्तुतः कतिपय असाधारण व्यक्तित्वका धनी राजपुरुषसँगका सामीप्य लाभका अवसरको मधुर स्मरण गर्न लाग्दा राजा वीरेन्द्रसँगका सामीप्य लाभको मधुर स्मरण सर्वोपरी रहेको कुरा व्यक्त गर्न पाउँदा स्वयंमा गौरवान्वित बनिरहेको पाउँछु । यसरी सदासर्वदा मन जित्न सक्ने विशेष गुणका सुखद संयोगहरू के कस्ता थिए ती सब कुरा हामीजस्ता अकिञ्चनले भन्न बुझ्न सक्ने प्रश्न पनि त आएन ।

कुनै कुनै समय सत्पुरुषको पावन स्मरण गर्न लाग्दा आफ्ना लागि समेत केही स्मृतिपुञ्ज जीवन्त हुँदोरहेछ अनायस । सम्भवतः यायावरीय अपूर्व संयोगका कारणले हो कि कसो भनेर हो त्यसको निराकरण अझ पाएको छैन । त्यो के भने आराध्य सत्पुरुषमा आभासित प्रत्युत्पन्नता र विलक्षणता सहितको सम्बन्धी रुचिपूर्ण वैशिष्ठ हार्दिक भाव । विवेच्य नायकसँग २०२१ देखि यसो कति पटक दूरानुभूतिजन्य साक्षात्कार भए ती सबैको लेखो गर्न साहस त म भित्र नहुन सक्छ यद्यपि २०२१ साल यसो भएका साक्षात्कारमा आभासित गुण विशेषता सम्बन्धी उपलब्धिको स्मरण यसरी गर्न उचित होला । जस्तो असाधारण पुरुषमा विद्यमान प्रतीय मान अर्थमा व्याख्या हुन सक्ने निर्दिष्ट दस गुणको उल्लेख यसरी गरिएको पाइन्छ :

१. दयान्वितता अर्थात् दयालुता
२. कठोरता
३. शालीनता
४. प्रच्छन्नता
५. प्रसन्नता
६. अप्रसन्नता
७. समर्पण भावमयता
७. न्यायिकता
९. विवेकपटुता
१०. उदारता इत्यादि ।

यतिमध्ये प्रसन्नता गुणले पारेको समयोचित प्रभावको स्मरण यसरी गर्न सकिन्छ । घटना हो- २०२१ साल हिउँदको । नेपालमा भारत सरकारका लगानीमध्ये पूर्वाञ्चलको चतरा नहर निर्माण परियोजना एक हो भन्ने बुझिएको छ । सम्भवतः दुई सरकारका बीचमा विद्यमान कतिपय आन्तरिक कारणले गर्दा परियोजनाको प्रारम्भिक कार्य त्यति सहज बनिरहेको थिएन । हामी जस्ता सर्व साधारणलाई ज्ञान हुन नसक्ने अन्योन्य कारण थिए भने त्यो बेग्लै कुरा हो तर कोशी योजनाअन्तर्गत चतरा नहर परियोजना निर्माणार्थ आउने कार्यकारी अङ्गका सुविधाका लागि भने नेपाल सरकारद्वारा कतिपय दाय वा प्रदाय वस्तुलाई बिना इजाजत बिनाशुल्क उपलब्ध गराउनु पर्ने शर्त पारिएको रहेछ । त्यसका निम्ति नेपाल सरकारका तर्फबाट स्थानीय व्यापारी तथा बौद्धिक वर्गले असहमति जनाएको हुँदा कार्यारम्भमा बाधा परेको हो भन्ने बाहिरी हल्ला सुनिन्थ्यो । बाधा व्यवधान पर्ने तत्त्वमा दहत्तर बहत्तर वनपैदावार सवारी साधनमा आवागमनमा शुल्क माफी (रोडशेष मुक्त) र स्थानीय मजदुरको नगण्य संलग्नता इत्यादि ।

यस्तैमा अब चतरा नहर निर्माण कार्य शुरु हुन्छ अरे, शिलान्यासका लागि श्री ५ युवराजाधिराज को सवारी हुने अरे भन्ने सुनियो । स्थानीय जनमानसमा अनायास उत्साह थपिएको अनुमान गरियो । दुई-तीन दिन अघिदेखि चहलपहल बढ्यो । निर्दिष्ट दिनको दस बजेतिर कतिपय मन्त्री र स्थानीय हाकिमहरू सहित युवराजाधिराजको सवारी भयो । चतरा नहरको मुहानमा पर्ने भँडारी टारमा समारोह स्थल निर्माण गरेको देखियो भने केही तल बगरमै नहरको मुहान निर्माण स्थलमा पर्ने गरी सानोतिनो सुन्दर मण्डप निर्माण गरेको देखियो ।

समारोहस्थलमा केके गरियो त्यो सर्वसाधारण जनताले देख्ने कुरा भएन तर डिलमाथि बनेको समारोहस्थलमा भने सुन्दर पण्डाल निर्मित थियो अण्डाकारमा । पण्डालमा युवराजको सवारी गराइयो । पण्डालभित्र उस्तै गोलाकारमा मेच टेबिल आदि आवश्यक वस्तु सजाइएका थिए । दुई पंक्तिमा सजाइएका मेच टेबिलका माझमा थोरै जग्गा खाली थियो । संयोग त्यस्तो परेर होला त्यस समारोहमा हामी साहित्य साधक दुईजना थियौं- कवि विभूषणले परिचित । राजपुरुषका सामुन्नेमै हाम्रै आसन थियो । तसर्थ हामीहरू विवेच्य नायकका मुखमण्डलको सौन्दर्य आस्वादन गर्न लाभान्वित थियौं । समारोहस्थल र बसेका आसनबाट नै राजदृष्टि हेडरेगुलेटर (शिलान्यास्थल) झलझली देखिँदै थियो तर मुहडा भने युवराजधिराज विराजमान हुनुभएका पंक्तितिर परेकाले शिलान्यासस्थल देख्न पाइएको थिएन । यद्यपि हाम्रो बढी लालसा भने युवराजका मुखमण्डलको सौन्दर्य अवलोकन गर्नमा आकृष्ट थियो ।

त्यस सुखद अवसरमा मैले पूर्वोक्त गुणको शाश्वत अनुभूत गरेको हुँ- सदा प्रसन्न मुखमुद्रा अर्थात् हँसमुख व्यक्तित्व । म आफू मानवशास्त्रको विद्यार्थी भएकाले श्रद्धेय सौभाग्याशाली मुखमुद्राको यद्किञ्चित अध्ययन मनन गर्दा मेरा मानसपटलमा यस्तो छाप परेको थियो । यस्तो सौभाग्यशाली मुखमुद्राको जीवनदर्शन सम्बन्धी अध्ययन गर्नुपर्‍यो भने कता जानुपर्ला त ? आल्पस पहाड र ककेसस पहाडतर्फ कि कजाकस्थानका लेकाली पाटनतर्फ ?

त्यहाँको एक घण्टाजति लामो बसाइमा कार्यकारी प्राविधिज्ञसँग मुखमुद्रासँगै हस्तमुद्राका अङ्गचालित मुद्राको अध्ययन गर्दा यस्तो अनुभूति मिलेको थियो । यस प्रच्छन्न व्यक्तित्वभित्र रहेका अगाध पूर्वानुमानहरू अपरिचित प्रविधिका पारावार संयोग रहेछन् किनभने आफूलाई मैं हुँ ठान्ने एक्जिक्युटिभ इन्जिनीयर (योजना प्रमुख) पनि अनुत्तरित अवस्थामा नतमस्तक निर्देशको पालन गरिरहेका देख्न पाएका थियौं । अतएव त्यसदिनदेखि मेरा मानसपटलमा हाम्रा श्री ५ युवराजधिराज तथा भावी श्री ५ महाराजाधिराज सरकारमा प्रच्छन्न व्यक्तित्वको अभूतपूर्व संयोग रहेछ भन्ने लाग्यो । यसरी आराध्य राजपुरुषमा उच्चस्तरका अभय गुणको सुखद संयोग रहेको आभास पाउँदा अपार आनन्दको अनुभूति भएको थियो ।

यसरी एक डेढ घण्टाका सुखद उपस्थितिमा नहर निर्माण सम्बन्धी निर्देशन; नहर योजनाले स्थानीय जनजीवनमा पार्नसक्ने राम्रा नराम्रा असरहरू प्रस्तावित परियोजनासँग प्रत्यक्ष सरोकार राख्ने वैकारिक एवम् निर्वैकारिक प्रश्नजनित समस्या सम्बन्धी निर्देशन दिएर प्रसन्न मुखमुद्रामा हात माथि पुऱ्याई सुस्त हल्लाउँदै बिदा लिइबक्सँदाका सुखद स्मृतिहरू मेरा मानसपटलमा अद्यावधि अविस्मृत रहिरहेका छन् ।

एकलव्य प्रेरणा भन्ने कि कसो भन्ने ? यो प्रश्न अझसम्म अनुत्तरित नै छ । खोटाङ जिल्ला अन्तर्गत कपासे डाँडा

गाउँपञ्चायतको एउटा गाउँमा बाटा माथिका घरमा म वास बसेको थिएँ किनभने विगत दुई हजार प्रन्ध्र सालदेखि नेपालको भाषा संस्कृति; समाज तथा जनजाति अध्ययन र मानव वंशको सैद्धान्तिक एवम् व्यवहारिक अध्ययन अन्वेषणमा अभिरुचि जागेकाले देशाटनको पूर्व तयारीमा निस्किएको थिए । तत्काल नेपालका मध्य कालीन लब्धप्रतिष्ठ कवि पण्डित रेवतीरमण न्योपानेका व्यक्तित्व र कृतित्वका खोजीमा घर छाडी गाउँ घुम्न थालेको मधुर सम्झना अहिले पनि छ । विद्वान् साथी जनकलाल शर्माले मलाई यायावरमित्र भनेर तत्काल सम्वोधन गर्नुभएको थियो । म आफू पनि आफूलाई यायावर सम्झन थालेको थिएँ । म बसेको घरको दलानैलाई स्पर्श गर्दै समथरिलो बाटो पश्चिमबाट पूर्व गैरहेको थियो । अनायास मेरा आँखा पश्चिमबाट आउँदै गरेका दुई सैनिक युवकमाथि परे । म एकाएक स्तम्भित बनें । वास्तवमा अघिल्लो युवक सैनिक थिएन । ऊ त राष्ट्रको भाग्यनिर्माता थियो । पुनः स्तम्भित बनें । हाम्रा चार आँखा एकाएक दृष्टिगित बने । कता कता मौन अभिव्यक्तिको आदानप्रदान पनि गरिएछ भन्ने दूरानुभूतिका अनमोल तानाहरू झन्नै दुई दशकपछि पोखराका दर्शनभेटमा आराध्यदेवबाट "कपासे गाउँको सम्झना छ ?" भनेर स्मरण गराउँदा झन् सामान्य स्तम्भित मात्र होइन अवाक् तर तीन छक्क परेको थिएँ । धन्य हो विधाता यसलाई तेस्रो गुण मान्नु पर्दछ । आराध्यदेवका स्मृति पुञ्जहरू कति उर्ज कति तीक्ष्ण कति अनुस्यूत रहेछन् भन्ने लाग्यो । यस्ता अद्भूत स्मरणशक्ति नेपालका दुईजना क्रान्तिपुरुषसँग मैले अनुभव गर्न पाएको छु पूर्व प्रधानमन्त्रीहरू डा. के आइ सिंह र विश्वेश्वरप्रसाद कोइराला । यसप्रकारका स्मरण शक्तिलाई आचार्य विष्णुगुप्तका मतमा स्मृतिका गगनसम्राट मानेको पाइन्छ । त्यसैदिन बाटामुनि नजिकैका घरमा विवेच्य नायकको बास परेछ । आमाछोरा दुई जनाको परिवारमा आमा आशालक्ष्मी राई घरमा निजको एकमात्र छोरो लाहुरे (ब्रिटिश सेनामा) रहेका अवस्थामा घरमा खास चहलपहल नहुनु स्वाभाविक थियो । घाम डाँडामा बस्ने बखतमा दुई युवक एकाएक आँगनमा उभिन आइपुग्दा हर्ष र विस्मयका विस्मित मुखमुद्रामा आशालक्ष्मीले सोधि छन्- "तिमीहरू को हौ ? यहाँ के भन्न आयौ ?"

उत्तर– "आमै ! पल्टनमा भर्ती हुन हिडेका रम्रुटे हौं, आजको रात बास बुस्न चाहन्छौं" "बाबु हो, बास त बस्थ्यौ मसँग खान दिने केही छैन" "हामीलाई दलानमा एउटा गुन्द्री मिले पुग्छ । खानका लागि आमैसित मकै होलान् ?

बास बसे । मकै छोडाए, भुटे, खाए, रमाइलो भो । आफ्नो छोराको सम्झना हुँदा आशालक्ष्मीले युवकद्वयलाई भित्र मझेरीमा गुन्द्री लगाइदिइन् । एकछिन बोल्ने आशय प्रकट गर्दा छेउमा बसिन् । सोधियो । उनले साँचो बताइन्- "यो घर, बारी खेतसहित मेरो भएको लटिपटि साहुले झुक्याएर खाइदियो । मेरो छोरो पनि तिमीजस्तै छ । छोरो लाहुर जाँदा साहुसँग रू. ३६०।- ऋण लिएको रहेछ । जाली साहुले त्यसमा दुई सुन्ना थपेर रू. ३६०००।- मा अड्डाबाट राजीनामा पास गराएछ रे । मलाई घर खाली गर्दे भन्यो । छोरा आएपछि खाली गरिदिउँला भनेर बसेकी छु ।"

भोली बिहान उठ्दा रमरुटे युवकहरू थिएनन् । घरमा कुचो लगाउँन गुन्द्री टक्टक्याउँदा रू. ६००।- का नम्बरी नोट र खामबन्दी एउटा पत्र देखिन् । उनलाई आश्चर्य लाग्यो । आफू निरक्षर हुनाले बाटामाथिको घरमा आइन् । घरधनी बलबहादुरले खामबाहिरका अक्षर पढेर सल्लाह दिए- "यो बन्दी खाम खोलेर हेर्न हुँदैन । प्रधानपञ्चलाई भेट ।" प्रधानपञ्चसँग भेट गर्दा प्रधानपञ्चले पत्र खोली हेरे । भित्र त अरु दुई पत्र पनि रहेछन् । उनलाई लेखेका पत्रमा "आशालक्ष्मीको सर्वस्व झुक्याएर पास गर्ने साहुलाई आशालक्ष्मीको छोराले लाहुर जाँदा लिएको कर्जा रू. ३६०।- र चलन चल्तीको ब्याज हिसाब गरी निज साहुलाई बुझाई झुक्याई पास गरेको राजीनामा बदर गरी तुरुन्त आशालक्ष्मीको भोगचलन कायम गरिदिने ।"

यो लेखाइ कसको हो ? बलबहादरले खुट्याउन सकेनन् । मैले पनि त्यसभन्दा पहिले नदेखेको हस्ताक्षर हुँदा दर्शकको भूमिका मात्र पालन गरे । जिल्ला पञ्चायत सभापति र प्रमुख जिल्ला अधिकारीका बन्दी खामसहित छ सयको नम्बरीले जिज्ञासाको उत्कण्ठालाई चरमचुलीमा नपुऱ्याएको होइन । यता मेरो अन्तस्करण बुझेजस्तो गरी बल बहादुरले मसित भन्नु भयो- "नेपालजी किराँत अस्मिता अध्ययन गर्छु भन्दै हुनुहन्थ्यो । त्यसो हो भने दुई चार दिन यही बस्नुहोस् । म यी बोजुलाई लिएर जिल्ला जान्छु । केही त गर्नै पऱ्यो ।"

लौ, लौ भन्दाभन्दै मेरा एक सप्ताह त्यहाँ बिते । त्यसबीचमा जानकारी हुन आयो आशा लक्ष्मीका कार्यबाहीले द्रुतगति लिएछ । प्रमुख जिल्ला अधिकारीले रहस्यमय कुरा बुझेपछि निर्देशन पालन र कर्तव्यपालन दुवैलाई शिरोपर गरेछन् । 'ज्यूँदाका फेला परेपछि यस्तो हुन्छ' भन्ने उखान चरितार्थ हुने आएको बुझियो । आफ्ना आफ्ना क्षेत्रबाट सबैले यथायोग्य कर्तव्य पालन पूरा गरेपछि आआफ्नो बाटो लागियो । यस घटनाले मलाई के शिक्षा दियो भने विवेच्य नायकको भविष्य आशानुकूल उज्ज्वल प्रतीत हुन्छ किनभने सामान्य अन्तस्करणका अनुभूतिका आधारमा विवेक, वात्सल्य, न्याय प्रवीणता तथा सन्तुलित व्यवहारको समायोजन गर्नु भनेको असाधारण व्यक्तित्वकै ज्वलन्त दृष्टान्त हो भन्ने सिद्ध हुन्छ ।

अतः मलाई के लाग्छ भने यस्ता वैलक्षण्य अनुभूतिका स्वर्णिम दृष्टान्तहरू सर्वत्र सुलभ होलान् नहोलान् यसै भन्न सकिँदैन ।

यस्ता संयोगका केही महिनापछि जब म आफ्नो लक्ष्य हासिल गरेर फिर्ता भएँ तब विराटनगरमा यस्ता शब्दवाक्य प्रसारित बने "तत्कालीन बडामहारानी रत्नराज्यलक्ष्मीदेवीका अगुवाइमा हवाइमार्गद्वारा श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको सवारी हुँदैछ । मनमा एकाएक सरस कौतुहल जागृत बनेर आयो । सब कोहीले प्रत्यक्ष दर्शनभेट र सामीप्य लाभको अवसर त नपाइएला किनभने सर्वसाधारण जनता विद्यमान जिल्ला प्रशासन प्रमुख र प्रहरी प्रशासन प्रमुखका रूखा बोलीव्यवहारको दिन प्रतिदिन ताडित र मर्माहित बनिरहेका थिए प्रोत्साहित वन्ने वातावरण पाएका थिएनन् । त्यसैले मैले पत्रकार साथीसँग यी कुरा राखेँ । साथीहरूले पनि निराश मनस्थितिमा मभित्र विद्यमान निराशताकै पुष्टि गर्दै भने- "प्रहरी प्रशासनले सरकार समर्थित प्रत्र कारहरूलाई अनुभूति पत्र वितरण गरि सकेको बुझिएको छ । हामी स्वतन्त्र पत्रकारहरू त्यस साँगुरो परिवेशमा अटाउँदैनौ होला ।" नभन्दै थोरै समयपछि प्रहरी प्रशासनसँग सम्पर्क राख्दा "हिजै म्याद सकियो" भन्ने रुखो उत्तर पाइएको थियो ।

विराटनगरको सहिद मैदान र त्यस वरपरका घरका छतहरूमा दर्शकहरूको घुइँचो लाग्यो । अञ्चलाधिश कार्यालयका अगाडि सहिद मैदानको उत्तर पूर्वी कोठामा निर्मित मञ्चमा बडामहारानी युव राजाधिराजका आसन लागेका थिए । वरिपरि सवै- धानिक अङ्गका प्रमुखहरू, अड्डा प्रमुखको घेरा लागेको थियो । दर्शक भिडभित्र शस्त्रधारी सुरक्षा बलका जवानहरू छप्छप्ती थिए । मञ्चबाट आयोजकले निकै पल्ट हातको इशारालेसमेत- "आदरणीय दर्शकहरू ! बस्नुहोस्, बस्नुहोस् भनेको प्रष्टै सुनिन्थ्यो तर मौन अभिव्यक्तिले युवराजधिराजको दर्शन चाहिरहेको जनाएजस्तो बुझिन्थ्यो । परन्तु सुरक्षाबलको बन्दुकको कुन्जाको प्रहार खाएर कति जना त भिडमा पसारिइसेकेका थिए । यसरी स्वयंसेवक, प्रहरी, पञ्चकार्यकर्ता र सुरक्षाबलका नियन्त्रणदेखि स्थिति बाहिर जान लागेको बुझिन्थ्यो । उपस्थित जनआवाज विपरित दिशातिर जाने होकि भन्ने जगजगीले आलकान्त आयोजक प्रमुख काजी कृष्णबहादुर थापा मलीन मुखलगाएर मञ्चका एक कोठामा निरुपाय उभिए । जनताको भीड समारोह माथि नै आक्रमण गर्ने स्थितिमा पुगेको थियो । त्यसैबेला आराध्य पुरुष उभिएर आसनदेखि दुई कदम अगाडि बढी रक्तिम आभायुक्त नेत्र कटाक्ष घुमाउँदा हजारौंको भीड यथायथा स्थानमा शान्त मुद्रामा बस्न जम्माजम्मी पाँच सेकेण्ड पनि लागेको थिएन होला । एकाएक जयघोष श्रवणगोचर गराइयो । सरकारको अविचल मूर्तिदेखि अगाडि करिब २५ फिटको दूरीमा हाम्रो समूह उभिएको थियो । यद्यपि मेरा सहकर्मीहरूका मनस्तरङ्ग कता उद्वेलित थिए ? तत्काल मेरा मनले अनुमान गर्न सकेन । तर मेरा मनले भने आचार्य विष्णु गुप्ताको मनको तन्मयता साथ अनुसरण गर्न लागेको थियो । यसरी कोशी किनाराको भूँडारी टार, खोटाङ जिल्लाको दिक्तेल कपासे हुँदै यहाँ आइपुगेका यायावरीय आवृत्तिका घुम्तीहरू स्मरण गर्दै जाँदा यस सुखद संयोगलाई आराध्य पुरुषका रक्तिम आभा सहितका नेत्र कटाक्षले जिज्ञासु जनलाई कठोरताको सन्देश दिइरहेको थियो । त्यसलाई राजनेतामा विद्यमान प्रमुख दसमुद्रामा लिइएको छ । भनाइको मतलब हो राजनेता, युगपुरुष जननेता तथा दक्ष प्रशासकका लागि आवश्यकता हेरी दयालुता र न्याय प्रवीणतापूर्ण प्रदर्शन गरिने कठोरता पनि गुण हो । फेरि पनि भन्न सकिन्छ त्यस उसले यथास्थानमा कठोरताको प्रदर्शन पनि हुनैपर्छ ।

यसरी २०२१ सालदेखि २०४६ सालपर्यन्तका यायावरीय जम्काभेट; गोष्ठी समारोह आदिमा ज्ञात अज्ञात सामीप्य लाभ तथा मेरा जीवनको अनुरणन गर्दा गर्दा स्मृतिपुन्जका मनोवादजनित उत्ताल मेरो म भित्र जुन उर्जश्चेत र अभिरेखाङ्कनको कुचिका तयार भएको छ त्यो जीवन पर्यन्त अपरिवर्तित र अविस्मरणीय रहने विश्वास लिएको छु । अतएव यहाँ मैले प्रस्तावित स्मृतिग्रन्थका कलेवरको उचाइ मापन गरी स्मृतिपटलमा रहेका चौध रत्न सोह्र कला जन्म समग्रताको अपेक्षा राख्नु न्याय हुनेछैन किनभने शेष प्रयत्नहरू अन्य स्रोतबाट पनि प्रस्फुटित हुन सक्लान् । तत्काल चीरन्तन अपेक्षा मात्र गरौं यद्यपि अन्तिम एक पुष्प भने यस प्रस्तुतिमा नजुटाई तृप्ति अनुभव सातातिरको कुरा हो जस्तो लाग्छ । त्यसबेला म धनकुटा जिल्लाको त्रिवेणीस्थित विष्णुमाया मझेनीका घरमा बसेको थिएँ । विष्णुमाया बाहिर दलानमा बसेर बाहिर आउने जाने मानिससँग कुरा गर्दै थिइन् । म लेखन कार्यमा व्यस्त थिएँ । म बसेका कक्षबाट बाहिरको दृश्य देखिन्थ्यो, बाहिरबाट भित्रको दृश्य भने देख्न सकिँदैनथ्यो । लेखनीलाई आराम गर्न दिएर बाहिर दृष्टि दिँदा मेरा दृष्टिमा उही दृश्य दोहोरियो । उही नाटक दोहोरियो । पर्दाभित्रबाट मैले बडो राम्ररी आश्वादन गरेँ । युगल युवकमध्येको सुन्दर छवि मझेनीसित भन्दै थियो- "आमै ! लाहुर जान हिँडेका, खर्चको कमी भयो, घाट तारी दिनहोस् न ।" जवाफमा विष्णुमाया मझेनीका आक्रोशपूर्ण मुख मुद्राबाट यस्ता शब्द प्रस्फटित भए जुन शब्दभित्र यी पंक्तिमा सजीव उतार्न असमर्थ होइन्छ । भनाइको आशय थियो- "यस्ता हृष्टपुष्ट युवकहरू दुनिया ठगी हिँड्ने ? भन, तिमीहरूसँग नपुग्दो केही छ ? आऊ तल बगरबाट मूढा बोकी, दाउरा चिर अनि पाउला पुर्जी ।"

ती युवकहरू फटाफट कोशी बगरतिर लागेको देखियो। उनका झोला काँधमै भिरिएका थिए। केही बेरपछि भन्दाजी तीनफूट गोलाई चारफूट जति लमाइका नदीका बाढीले खुइल्याइएका तर सुकेका मूढा काँधमा बोकेर आएको देखियो। मूढा घर अगाडि फालेर क्षणिक उपहारमा पाएका बन्चराको टाक्टाक टुक्टुक्, भाक्भुक् आवाज गुन्जिन थाल्यो। अन्दाजी छ डाकाजति दाउरा तयार भएको देखियो। बन्चरा बुझाएर युवकहरूले खेवाको पूर्जी लिए। पूर्जीमा सधैँझैँ एउटा वाक्य लेखिएको हुनुपर्छ- “घाट तारिदिनु, खेवा नलिनु।”

श्रावणको मध्यमध्यतिर काम विशेषले मझेनीसित भेट्न गएँ। भेटमा पहिले जस्तो उमङ्ग-उत्साह हाँसीखुशी र जाँगर पाइएन। मनमन निकै नौलो अनुभव गरेँ। यस परिवर्तनको कारण के होला ? भन्ने पनि मनमा लाग्यो। केही बेरको बसाइँपछि मझेनी आमाके मुखबोलीबाट यस प्रकारका उद्गारहरू रहस्योद्घाटन गरिए। त्यसदिन ती युगल युवक जसरी प्रकट भएका थिए त्यसरी ने उनले आफ्नो असाधारण व्यक्तित्व बलैशान्ति गोप्य राखेका थिए। रहस्योद्घाटनको झरिलो चिराग प्र.जि.अ कार्यालय धनकुटा र बोधार्थ- कार्यार्थ कोशी अञ्चलाधीश कार्यालयमा जल्दाबल्दा अवस्थामा पुगेछन्। अत्यन्त साराँशमा ती चिरागले उगेलेका झिल्काहरू यस प्रकार थिए–

त्रिवेणीस्थित कोशी नदीको त्रिवेणी घाट १. अरुण नदीको त्रिवेणी घाट २. अरुण नदीकै मचुवा घाट ३. तमोर नदीको घँघरू घाट ४. तमोर नदीकै त्रिवेणी घाट (मूल घाट) ५. ठेक्कामा लागेका थिए र यो ठेक्काको एकाधिकार थियो- विष्णुमाया मझेनी मा। अब तमोर नदीको त्रिवेणी (मूल घाट) घाटबाहेक अरू घाटमा रहेको विष्णुमाया मझेनीको एकाधिकार खोसी खुला बढाबढमा राखिदिने व्यवस्था गरिएछ। यसको अर्थ शतप्रतिशत रहेको आयस्रोतबाट बीस प्रतिशतमा सीमित रहन गयो भन्ने बुझियो।

विष्णुमाया मझेनीका आत्माले अन्यायको स्मरण पान गर्‍यो होला त्यो बेग्लै कुरा भयो तर प्रस्तुत पंक्तिका लेखक द्रष्टा लगाएत सर्वसाधारण जनताले एकमुखले जनताले न्याय पाएको, माथिबाट विवेक गरिएको र दुर्वल मानसिकताले दवावमुक्त अवसर अनुभव गरेको पाइयो। त यहाँबाट विवेच्य नायकमा विद्यमान प्रमुख गुण अन्तर्गतका विवेक पटुता, न्याय प्रवीणता, प्रशासनिक दक्षता तथा अधिकार सन्तुलन जस्ता उच्चस्तरीय गुणको सही निर्क्योल हुन आएको अनुभव छ। यसमा यति।

२०५९ साल मङ्सीर २१ गते

●

राजा वीरेन्द्रको संस्मरण

• *पूर्णबहादुर थापा*

सन्दर्भ आजभन्दा एकतीस वर्ष अगाडिको हो । म त्यस समयमा ललितपुर जिल्ला सभापति एवम् नेपाल युवक सङ्गठन केन्द्रीय परिषद्को सदस्य थिएँ । सोही समयमा श्री ५ युवराजाधिराज वीरेन्द्रको २१ औं शुभजन्मोत्सव प्रथमपटक भव्यताका साथ मनाउन तत्कालीन नेपाल युवक सङ्गठन नागरिक समाजका सभापति पूर्णबहादुर थापाको समयदेखि ललितपुर नगरपालिकाको क्षेत्रभित्रको पाटन टुँडिखेल वर्तमान अवस्थाको राजदल शाही सेनाको ब्यारेकभित्रको चौरमा मौसुफ स्वयम् उपस्थित होइबक्सी विभिन्न वर्गीय सङ्गठनका पदाधिकारी, तत्कालीन पञ्च कार्यकर्ता, गन्यमान्य साहुमहाजन, बुद्धिजीवी भद्रभलाद्मीलगायत सो समारोहमा उपस्थित जनताजनार्दनहरूद्वारा मौसुफ सरकारमा दीर्घायु चिरायुका लागि चढाएको शुभअभिनन्दन ग्रहण गरिबक्सी शुभारम्भ भएको कुरा अवगत गराइरहनु नपर्ला । सोही समयमा मौसुफ समारोहस्थलमा अन्दाजि १ घण्टा ५ मिनेट राज होइबक्सेको थियो ।

मेरो गाउँ सैंबुमा एकमात्र विद्यालयको रूपमा आदर्श सौल युवक मा.वि को सञ्चालन कार्य प्रथम चरणमा हुँदै थियो । सोही विद्यालयको संरक्षकत्व ग्रहण गरिबक्सनका निम्ति विद्यालयसंस्थापक तथा अध्यक्षको हैसियतले मैले श्री ५ महाराजाधिराजसमक्ष बिन्ती जाहेर गर्न उपयुक्त समयका लागि महेन्द्र युवालय जावलाखेलबाट श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारको निजी सचिवालयमा फ़ोन गरी दर्शनभेटको समय मिलाएँ ।

दर्शनभेटको क्रममा मैले श्री ५ महाराजाधिराज वीरेन्द्र सरकारको शुभविवाहको शुभ उपलक्ष्यमा २०२६ सालमा स्थापना भएको आदर्श सौल युवक मा.वि ललितपुर सैंबु भैंसेपाटी स्कुल सञ्चालक समितिको संरक्षकत्व ग्रहण गरिबक्सी सैंबु, खोकना, बुँगमती, छम्पी, डुकु आदि ग्रामीणक्षेत्रका निवासी जनताको जीवनयापन, रहनसहन तथा बालबालिकाको भविष्य सुनिश्चित पार्नुका साथै युगान्तकारी परिवर्तन ल्याउनका निमित्त श्री ५ हरूको शुभविवाहको सुखद अवसरमा यो विद्यालय नेपाल अधिराज्यभित्र एकमात्र प्रा.वि.वि.मा.विमा समेत एकै स्थान समायोजन भएको एकमात्र श्री ५ वीरेन्द्र ऐश्वर्य विद्यालय हो भनी मैले बिन्ती जाहेर गरें । मौसुफले अत्यन्त प्रसन्न मुद्रामा हुकुम बक्स्यो–"तिमीले देश तथा आफ्नो ग्रामीण इलाकाका जनताका निमित्त गर्न खोजेको यो शैक्षिक उन्नतिको चेष्टा अत्यन्तै अनुकरणीय कार्य हो । उक्त विद्यालय सुचारु ढङ्गले चल्ने नै छ, शैक्षिक विकासमा टेवा पुऱ्याउन सफल हुने नै छ तर संरक्षकत्व ग्रहण गर्न मेरो कार्यव्यस्तता तथा समय अभावका कारणले गर्दा तिमीले मेरा भाइ श्री ५ ज्ञानेन्द्रलाई संरक्षक बनाउनू ।" आवश्यक सरसल्लाहका निम्ति श्री ५ द्वारा सरकारका निजी सचिव थापालाई हुकुम हुँदा श्री ५ ज्ञानेन्द्रको पनि अन्य महत्त्वपूर्ण काम कारबाहीले गर्दा व्यस्त रहिबक्सेको बिन्ती श्री ५ वीरेन्द्रसमक्ष जाहेर भयो । पुनः श्री ५ वीरेन्द्रबाट "त्यसो भए तिमी (श्री ५ अधिराजकुमारी) जेठी दिज्यू शान्ति सिंहका निवास शान्तिकुञ्ज गएर बिन्ती चढाउनू मेरो दिज्यू, भाइ, बहिनीहरू सबै विकासप्रेमी छन् तथा आवश्यक सुझावका निम्ति सचिवहरूद्वारा कुरा हुने नै छ" भन्ने हुकुम भयो ।

श्री ५ महाराजाधिराज सरकारको पूर्वस्वीकृतिअनुरूप मैले श्री ५ अधिराजकुमारीसँग मौसुफको निवास कमलादीमा गएर बिन्ती गर्दा मौसुफ सरकारबाट मिति २०२७।२।२१ मा आदर्श सौल मा.वि. को संरक्षकत्व ग्रहण समारोहमा शिक्षा, कानुन, न्याय, स्वास्थ्य, मन्त्री नरेन्द्रकुमार प्रधान, गृह, पञ्चायत, भूमिसुधार मन्त्री शैलेन्द्र कुमार उपाध्याय, पूर्व सेनापति जनरल किरण शम्शेर जबरालगायत जि.शि.अ.ल.पु, जि.पं सभापति उक्त स्कुल संस्थापक एवम् सञ्चालक समितिका प्रथम अध्यक्ष तथा ल.पु.जि युवक सङ्गठनका सभापति पूर्णबहादुर थापा र स्थानीय सैँबु भैँसेपाटी गा.प का प्रधानपञ्च, खोकना गा.वि.स का प्रधानपञ्च तुयु डंगोल, बुँग्मती गा.प का प्रधानपञ्च पूर्णबहादुर के.सी, छम्पी गा.वि.स का प्रधानपञ्च रूपबहादुर क्षेत्री, डुकुछाप गा.पं.का प्रधानपञ्च बलबहादुर क्षेत्रीलगायत उक्त स्कुलका प्रधानाध्यापक देवरत्न कंसाकार र उपप्रधानाध्यापक घनभक्त "लुमन्ती", सञ्चालक समितिका सचिव कृष्णभक्त, शिक्षक सुर्जमणि, वैद्य, जनकरत्न, स्थानीय वरपरका गाउँ निवासी गन्यमान्य जनता एवम् बुद्धिजीवीलगायत विभिन्न जनसमुदायहरूको हर्षोल्लासपूर्ण उपस्थितिमा श्री ५ अधिराजकुमारीबाट सोही स्कुल सञ्चालक एवम् संस्थापक अध्यक्षका नाताले पूर्णबहादुर थापाको बिन्तीलाई मौसुफ सरकारबाट स्वीकार गरिबक्सँदै संरक्षकत्व ग्रहण गरिबक्सेको थियो।

यसैगरी श्री ५ अधिराजकुमारी शान्ति सिंह सरकारबाट आदर्श सौल युवक हाइस्कुलको संरक्षकत्व ग्रहण गरिबक्सेको व्यहोरा श्री ५ महा– राजाधिराज सरकारसमक्ष अवगत गराउँदा श्री ५ बाट तिमीलाई बधाइ भन्ने शब्द खुसीसाथ व्यक्त गरिबक्सेको थियो। यसै सन्दर्भमा उक्त स्कुललाई निरन्तर रूपमा अगाडि बढाउनका लागि तयार गरिएको योजनाअनुरूप यस स्कुलबाट गाउँलगायत स्वदेश तथा विदेशका समेत कुनै पनि विद्यार्थीहरूले स्वतन्त्रतापूर्वक अध्ययन गर्न पाऊन् भन्ने अभिमत मौसुफमा चढाउँदा मौसुफबाट हुकुम भयो –"यसका लागि आवश्यक शैक्षिक उपकरणहरूलाई ध्यानमा राखी अगाडि बढ्नुहोस्।" तदनुसार श्री ५ को सरकारको भौतिक तथा योजना विभाग, बबरमहलका चिफ इन्जिनियर उमेशबहादुर मल्लद्वारा नेपाल राजपत्र भाग ३ अन्तर्गत मिति २०२८ साल पौष ५ गते प्रकाशित श्री ५ को सरकार शिक्षा मन्त्रालयको सूचनाअनुरूप स्कुलभवन निर्माणका लागि अधिग्रहण गरिएको सैँबु गा.पं. वडा नं १ छयालीसकोटको २० (बीस) रोपनी जग्गामा नयाँ स्कुलभवन निर्माणको नापनक्साअनुसारको तत्कालीन लागतइष्टिमेट नौ लाख सैँतीस हजार तीन सय पचास, इष्टिमेटमध्येमा छात्रावास, बैठककोठा, प्रधानाध्यापकको कोठा, पुस्तकालय, भान्साघर, सरस्वती मन्दिर, मोटरग्यारेज, फूलबारीहरू तथा कक्षाकोठाहरूका साथै मौसुफ श्री ५ वीरेन्द्र तथा ऐश्वर्यको प्रतिमा स्थापना आदि तयार कै रूपमा सीमित रहेको छ। ढिलै गरी भए पनि हाल मात्र उच्च मा.वि. मा परिणत भई यस क्षेत्रको शैक्षिक विकासमा महत्त्वपूर्ण कडी बन्दै आउने सम्भावना देखिन्छ।

२०२१ सालको माघ महिनाको चिसो समय थियो। श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाह सरकार र राष्ट्रिय पञ्चायतका प्रथम अध्यक्ष एवम् नेपाल युवक सङ्गठनका केन्द्रीय समितिका प्रथम सभापति श्री विश्वबन्धु थापा एवम् श्री ५ महेन्द्रका अङ्गरक्षक महारथी जनरल शेरबहादुर मल्लसमेत आफू खुसीको पोशाकमा दिनको २ बजेतिर जावलाखेलस्थित महेन्द्र युवालयमा मौसुफ सरकार स्वयम् आफैँले कलेजी रङ्को कार हाँकी निरीक्षण गरिबक्सन आकस्मिक सवारी भएको रहेछ।

सोही सङ्गठनका सभापति एवम् राष्ट्रिय पञ्चायतका प्रथम अध्यक्ष विश्वबन्धु थापा पनि मौसुफ सरकारको साथमा हुनुहुँदो रहेछ। सोही समयमा म युवालयको क्याम्पबाहिरको होटेलमा चिया खान निस्कन लाग्दा मौसुफ सरकारको कार युवालयको कम्पाउण्ड चोक नजिकै रोकियो र सो कारको पछाडि सिटको पूर्वतर्फको ढोका खोली महारथी जनरल मल्लले गाडीबाट निस्की मौसुफ सरकारको अगाडिको ढोका खोलिदिनुभयो। पश्चिमतर्फको पछाडिको ढोकाबाट विश्वबन्धु थापा गाडीबाट बाहिर निस्कनुभयो।

म आफ्नो केन्द्रीय सभापति विश्वबन्धु थापालाई नमस्कार गर्नका लागि हात मात्र के उठाएको थिएँ मैले नमस्कार गर्न नभ्याउँदै विश्व- बन्धु थापाले "पूर्णबहादुरजी सरकारलाई दर्शन गर्नोस् सरकारको सवारी" भन्नुभयो। मैले सरकारलाई दर्शन गरेँ। सरकारबाट युवालय निरीक्षण गरिबक्सेपश्चात् विश्वबन्धुले श्री ५ महेन्द्रमा सम्बोधन गर्दै "सरकार, उहाँ सैँबु (भैँसेपाटी) लाई आदर्श गाउँ निर्माण गर्नेतर्फ निकै सक्रिय भएर लागिरहनुभएको छ। वहाँ यसै ललितपुर जिल्ला युवक सङ्गठनका निर्वाचित सभापति र यस युवालय निर्माण समितिका सदस्य तथा श्री ५ को सरकार ललितपुर नगर पञ्चायतका मनोनीत सदस्य साथै सैँबु (भैँसेपाटी) गाउँ निवासी पनि हुनुहुन्छ सरकार" भनेर बिन्ती चढाउनुभयो।

"हाम्रो काठमाडौँ उपत्यकामा महत्त्वपूर्ण रमणीय स्थल, सुगम हिमाली दृश्यावलोकन गर्न सकिने यसलाई आदर्श गाउँ बनाउन सम्पूर्ण चिजले साथ दिएको छ सरकार। त्यो गाउँलाई उहाँले तन, मन, धन विभिन्न अक्कल, बुद्धि, विवेक लगाएर आदर्श गाउँको निर्माणका लागि नयाँ महत्त्वपूर्ण दस्तावेजहरू युवकको तर्फवाट युवक आदर्श गाउँ बनाउने प्रबल इच्छा राखी वहाँले त्यसै गाउँमा वीरेन्द्र वाचनालयको स्थापना, एक वीरेन्द्र पत्रमञ्जुषा, वीरेन्द्र प्रौढ शिक्षा केन्द्र, वीरेन्द्र टेलिफोन ११३८८ नं., वीरेन्द्र खेलकुद क्लबजस्ता सङ्घसंस्था खोली विशेष गरी युवाविद्यार्थीहरूलाई रचनात्मक तथा सिर्जनात्मक र राज संस्थाप्रति वफादार कार्यहरूमा संगलन गराउने सोच राखी निर्माण विस्तारमा

स्वयंसेवक भई जनता र व्यवस्थाको सेवामा संलग्न हुने प्रेरणा जागृत गराउने महान् उद्देश्य राखी पथप्रदर्शकको रूपमा कार्य गर्दै हुनुहुन्छ । सरकार !"

सो अवसरमा मैले मौसुफमा बिन्ती टक्र्याएँ, "मैले सरकार राष्ट्र, राष्ट्रियता, राजमुकुट, व्यवस्था र जनताको पहिचान अन्तर्राष्ट्रिय क्षेत्रमा समेत पुऱ्याउनका लागि हामी नेपालीहरूको भविष्य-निर्माणको केन्द्रबिन्दु हाम्रा श्री ५ युवराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको प्रेरणा र देशवासी र युवा साथीहरूलाई सजग गराउनका लागि मौसुफ सरकार स्वयम् पनि युवा होइबक्सेको हुँदा हामी युवकहरूले पनि मौसुफ सरकारको शुभनामबाट नामकरण गराउने महान् आकांक्षा राखी सैंबु भैंसेपाटी गाउँलाई सर्वप्रथम सम्पूर्ण विषयको शोषण, दमनबाट मुक्त गरी सर्वश्रेष्ठ गाउँ निर्माण गर्न प्रबल इच्छा राखी आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक आदि कुराबाट विभूषित गराई शोषणरहित एक नयाँ नमूनाको आदर्श गाउँ बनाउनका लागि २०२१ श्रावण २४ गते आदर्श गाउँ विकास विस्तार आदि कार्यका लागि एक समिति गठन गरी सञ्चालन गर्दै प्रथम शुरुवाततर्फ लागेँ । यसै सैंबु आदर्श गाउँ योजना कार्यक्रम सफलतापूर्वक परीक्षण गरीगराई विज्ञहरूद्वारा मनासिव हुन गएमा क्रमिक रूपमा नेपाल अधिराज्यको १४ अञ्चल ७५ जिल्लामध्ये प्रत्येक जिल्लामा एक एक गाउँमा क्रमैसँग विस्तार गर्दै लक्ष्यअनुसार लैजाने यस सैंबु (भैंसेपाटी) गाउँलाई केन्द्रबिन्दु गाउँमा संस्थापनको कार्य सञ्चालन गर्न सकेमा सो कार्यक्रम समितिको पूर्ण सञ्चालन समन्वय गराउने योजना सक्रिय कार्यक्रम योजनाअनुसार तयार गर्नेगराउने सम्पूर्ण कार्यभारको जिम्मेवारी युवाहरूद्वारा सुम्पिएको कारण पनि म स्वयम् आफैले बहन गर्दै आएको हुँ सरकार ।" ती कार्यहरूको फलस्वरूप मलाई तत्कालीन श्री ५ युवराज युवानेता श्री ५ वीरेन्द्रबाट २०२२ सालमा चैत्र २१ गते नारायणहिटी राजदरवारको १ नं बङ्गलामा दिनको १२.०० बजेदेखि १२.५५ सम्म दर्शनभेटको सिलसिलामा देशका विविध विषयमा बेलिबिस्तातरसँग वार्तालाप गर्न बक्स भएको समय एक सेकेन्ड पनि अन्तर भएन । सेवकलाई मौसुफले आफूसँगै बैठक कोठामा सोफामा राखिबक्सियो । सरकारले पुनः हुकुम भयो तपाईं आउनुहोस् म पुनः लजाएँ । सरकारबाट हुकुम भयो- हुन्छ आउनुहोस् प्रसन्न मुद्रामा पुनः हुकुम भयो- भन्नुहोस् के छ ? सरकारमा मैले राष्ट्रिय अन्तराष्ट्रिय समस्याका बारेमा बेलिबिस्तारसँग बिन्ती चढाउँदा सरकारबाट खुसी प्रकट गरिबक्सँदै हुकुम भयो "तपाईंले देश र जनताका लागि धैरै नै अनुकरणीय कार्य गर्नुभएको रहेछ । यी सबै कार्यक्रमका लागि तपाईंलाई कसकसले सहयोग पुऱ्याएका छन् ? मैले सरकारमा बिन्ती चढाएँ-सरकार सेवकलाई तत्कालीन प्रधानमन्त्री डा. तुलसी गिरी, पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्ट, विश्वबन्धु थापालगायत युवा, बुद्धिजीवीहरूले सहयोग गरेका छन् । अन्य पञ्चायत तह र पञ्च एवम् प्रशासकहरूले सहयोगका बदला बाधाअड्चन एवम् छेकथुन गराउन पछि परेनन् । सो कार्यका लागि सरकारबाट सहयोगको वातावरण मिलाई पाऊँ" ।

सरकारबाट पुनः सोधनी भयो- तपाईंहरूको नेपाल युवक सङ्गठनले देश र जनताका लागि केकस्ता कार्यक्रमहरू गरिरहेका छन् । त्यसै अवसरमा सरकारका हजुरमा मैले बिन्ती टक्र्याएँ- सरकार, यस व्यवस्थामा ७ सङ्गठनहरू छन् । यसमध्येमा सबै सङ्गठनहरूले आ-आफ्ना वर्गीय हितका लागि वर्गीय कार्यहरू गरिरहेका नै छन्, बजेटगजेट नभए तापनि । त्यसमध्येमा अलि बढी जागरुक, शिक्षित, जोश जाँगर भएका व्यक्तिहरू युवक सङ्गठनमा समावेश छन् । त्यसकारण देश, जनता र व्यवस्थामा बढीभन्दा बढी अभिरुचि राख्ने सङ्गठनमध्येमा युवक सङ्गठन पर्दछ । त्यसकारण रचनात्मक कार्यक्रम दिन सकेमा युवकहरूबाट निःस्वार्थ एवम् निष्पक्ष रूपमा कार्य गरी देशविकासमा सफलता हासिल गर्नसक्छन् । सरकार स्वयम् युवक होइबक्सन्छ । त्यसकारण युवकहरूको नेतृत्व पनि सरकारबाट ग्रहण बक्सेमा हामी युवकहरूमा राष्ट्रनिर्माण कार्यमा अरू बढी हौसला एवम् प्रेरणा मिल्ने थियो । दर्शनभेटकै अवसरमा मैले सरकारमा टक्र्याउन स्वयम् म आफैँले सैंबु (भैंसेपाटी) आदर्शगाउँ योजना कार्यक्रम आदि साथै ल्याएको छु । सरकार हुकुम बक्स भए टक्र्याउनेछु" भनी बिन्ती टक्र्याउँदा सरकारबाट ल्याउनुभएको छ ? ल्याउनुहोस् भनी हुकुम बक्स हुँदा ल्याएको छु सरकार भनी सरकारका बाहुलीमा टक्र्याउने सौभाग्य पाएँ र मौसुफमा चढाएँ । त्यस समयमा मौसुफबाट स्वीच दबाइबक्स्यो र मौसुफका सचिव सुरेन्द्रमान जोशी सरकारसमक्ष उपस्थित हुनुभयो । उक्त योजनाको स्कीम जोशीलाई दिइबक्सियो । त्यसै अवसरमा सरकारबाट प्रसन्न मुद्रामा हुकुम भयो- "तपाईंलाई के चाहियो भन्नुहोस् मोटर, कार, धनदौलत (पैसा) या कुनै पदवी चाहिएको हो कि ?" बिन्ती चढाएँ हाललाई मेरा लागि सम्पूर्ण चिज छ सरकार, सबै गाउँलाई एक नयाँ नमूना आदर्श गाउँ निर्माण गरी देशमा भैरहेको विभिन्न किसिमका रुढीवादी, अन्याय, अत्याचार, दमन, शोषण तथा भ्रष्टाचार आदिको अन्त्य गर्न र शोषणरहित समाजको स्थापना गर्न आशिर्वाद पाऊँ सरकार भनी बिन्ती टक्र्याउँदा त्यसमा म चाँडै नै विचार गर्नेछु भनी हुकुम बक्स भएको थियो । सैंबु ग्रामीण महिला परियोजना कार्यक्रम समुद्घाटनको सिलसिलामा मौसुफबाट सो आदर्श गाउँको कार्यक्रमलाई सहयोग र टेवा पुऱ्याइबक्सन र ग्रामीण

जनसमुदायलाई उत्साह र प्रेरणा दिलाई आदर्श गाउँको कार्यक्रमलाई बढीभन्दा बढी तदारुकता प्रदान गरिबक्सन प्रत्येक जनताका परिवारको रहनसहन, वातावरण एवम् खानपान समेत के कस्तो थियो भनी रुचिका साथ जानकारी लिइबक्सेको थियो ।

सोही गाउँको महिला परियोजना कार्यक्रम- अन्तर्गत सञ्चालित ललितपुर जिल्लाको महिला परियोजनाको समुद्घाटन स्थल सैंबु (भैंसेपाटी) मा श्री ५ मुमा बडामहारानी रत्न राज्यलक्ष्मीदेवी शाह सवारी होइबक्सँदा श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य, श्री ५ ज्ञानेन्द्र, श्री ५ कोमल, श्री ५ धीरेन्द्र, श्री ५ शान्ति सिंह, श्री ५ शारदा, श्री ५ शोभा सरकार आदि सवारी होइबक्सेको थियो । मन्त्री शैलेन्द्रकुमार उपाध्याय, वाग्मती अञ्चलका मुख्य अञ्चलाधीश सरदार विष्णुमणि, श्री ५ महाराजाधिराजका दरबारका सम्माननीय सरदार हंशमानज्यू, ल.पु.जि का महिला सङ्घकी सभापति रोहिणी शाह, मौसुफ सरकारका अङ्गरक्षक जनरल दान गम्भीरसिं रायामाझी पनि साथमा हुनुहुन्थ्यो र जनताका सम्पूर्ण कुराको जानकारी लिन सैंबु (भैंसेपाटी) निवासी जगनाथ, शिब थापा, नारायण थापा आदिका घरघरमा आकस्मिक प्रवेश गरिबक्सी सम्पूर्ण चोटाकोठासमेतको अध्ययन गरिबक्सियो ।

श्री ५ अधिराजकुमारी शान्ति सिंहको बाहुलीबाट आदर्श रत्नज्योति क्लब परिवार भवनको शिलान्यास गरिबक्सेको र सो अवसरमा बाल-बालिकाहरूलाई पुरस्कार वितरण र साथै श्री ५ अधिराजकुमारी शारदा शाहबाट स्वाथ्य केन्द्र समुद्घाटन गरिबक्सेको थियो ।

२०२३ मा श्री ५ वीरेन्द्रको २२ औं शुभ- जन्मोत्सवको उपलक्ष्यमा उक्त प्रस्तावित आदर्श गाउँ सैंबुको श्री ५ वीरेन्द्र नामकरण गरी समुद्घाटन नेपाल युवक सङ्गठनका केन्द्रीय सभापति चन्द्र सिंह घलेद्वारा सम्पन्न भएको थियो । उक्त समारोहमा राष्ट्रिय समाचार समितिका सूर्यचन्द्रनन्द शर्मा र ईश्वरी श्रेष्ठसमेतको उपस्थिति थियो । यस सैंबु (भैंसेपाटी) आदर्श गाउँलाई नेपाल अधिराज्यको प्रथम आदर्श गाउँमा परिणत गरी नेपाल अधिराज्यको केन्द्रबिन्दु मानिएको यस कार्यक्रमलाई खास गरी श्री ५ को सरकारले सहयोग एवम् प्रोत्साहन गर्नुपर्नेमा उल्टै तत्कालीन श्री ५ को सरकारको नेपाल राजपत्र भाग ३ खण्ड २४ काठमाडौं फागुन १९ गते २०३१ साल संख्या ४६ श्री ५ को सरकारको गृहमन्त्रालयको सूचना भनी केन्द्रीय कारागार निर्माण गर्न आदर्श गाउँको जग्गा अधिग्रहणको सूचना प्रकाशित गरी आदर्श गाउँ सैंबु (भैंसेपाटी) मौसुफ सरकारको नामकरण गरिएको यस पवित्र गाउँलाई तत्कालीन श्री ५ को सरकारले केन्द्रीय कारागार राख्ने निर्णय गर्नु के सान्दर्भिक थियो त ? त्यो पनि मौसुफ सरकारको राज्याभिषेकको केही दिन अघिपछि, के यो श्री ५ को सरकारको विडम्बनाको कार्यक्रम होइन त ? त्यस्तो अस्वस्थ राजनीतिक द्वन्द्वको कारणले राजसंस्थाप्रति जनमानसमा अनास्था फैलिएको ठानी समितिले घोर आपत्ति प्रकट गऱ्यो । त्यसपछि क्रमशः आदर्श गाउँ निर्माण गर्ने कार्य निष्क्रिय हुँदै गयो र वर्तमान अवस्थामा लोपै भइसक्यो । उक्त गाउँमा बहुदलीय संसदीय व्यवस्थाको अन्तरिम सरकारले उल्लिखित अधिग्रहण स्थलमा दङ्गा प्रहरीको स्थान तोकियो । त्यसपछि यस कार्यक्रमलाई, उक्त कुरालाई स्थानीय जनताले स्वीकार नगरेकाले उक्त स्थानमा बहुदलीय निर्वाचित सरकारबाट सांसद क्वाटर भवन (आवास) निर्माण स्थलका लागि हाल प्रस्ताव राखिएको बुझिएको छ ।

आदर्श गाउँ बनाउने क्रममा राजाका नाउँबाट नामकरण, उद्घाटनसमेत सुसम्पन्न भैसकेको गाउँमा अहिले पनि श्री ५ वीरेन्द्र, दीपेन्द्र, श्रुति, नीराजन, ऐश्वर्यको दिवङ्गत आत्माको चिरशान्तिका लागि नीतिनियम बनाई मौसुफको प्रबल इच्छा सदिच्छाअनुरूप ट्रष्ट खडा गरी प्रतिमा (स्मारक) बनाई ऐतिहासिक महत्त्वपूर्ण कार्यको थालनी गरेमा मौसुफ सरकारको सदिच्छा पूरा भै विश्वरङ्गमञ्चमा नेपाल र नेपालीको राजसंस्थाप्रतिको छवि बढी फैलनेछ भन्ने हाम्रो मान्यता रहिआएको छ । मौसुफहरू आज हामीसँग यस पृथ्वीमा होइबक्सन्न तर मौसुफ सरकारबाट राष्ट्र र जनताका लागि गरिबक्सेका अनुकरणीय कार्यहरू यस धर्तीमा जबसम्म सूर्य, चन्द्र, पृथ्वी रहनेछन् त्यतिबेलासम्म विश्वभर मौसुफ सरकारका कृतिहरू सुनौलो अक्षरले इतिहासका पानामा कोरिनेछन् ।

●

राजा वीरेन्द्रसँगका अविस्मरणीय क्षणहरू

● *प्रकाशगम्भीरसिंह रायमाझी*

राजासँग भेट गर्ने इच्छा सबै नेपाली जनतालाई हुन्छ नै । अझ राजासँग बोल्दा मनमा हर्ष लाग्नु स्वाभाविकै हो । स्वर्गवासी राजा श्री ५ वीरेन्द्रको सम्झना गर्दा मन खिन्न हुन्छ, आङ जिरिङ्ग गर्दछ । हृदयविदारक, क्रूर, त्रासदीय त्यो जेठ १९ को रातलाई सम्झँदै मन आत्तिन्छ । नेपाली जनताका प्रिय राजा, गाउँ-गाउँ बस्ती-बस्तीमा भेटिने प्रजावत्सल श्री ५ वीरेन्द्रप्रति हार्दिक श्रद्धासुमन अर्पित गर्दै मौसुफसँग बिताएका मेरा ती अविस्मरणीय क्षणहरूको संक्षिप्त वर्णन गर्ने जमर्को गरेको छु ।

मलाई राजासँग भेट गर्ने इच्छा थियो । राजासँग भेट्दा के भन्ने, के कुरा मौसुफमा बिन्ती चढाउने, आदिबारेमा ममा परिपक्व सोचाइ बन्न नपाउँदै २०३८ सालमा मौसुफको शुभजन्मोत्सवको उपलक्ष्यमा आयोजित जलपान समारोहमा मौसुफसँग साक्षात्कार गर्ने सौभाग्य पाएको थिएँ । त्यसपछि मौसुफ सरकारसँग सम्वन्ध बढ्दै गयो । विभिन्न समारोहमा मलाई मौसुफले बोलाइबक्सन्थ्यो । धनकुटाको पूर्वाञ्चल सवारी क्याम्पमा हामीले राजासँग त्यतिबेलाको मुलुकको परिस्थितिको बारेमा कुरा उठाउँदा मौसुफले अत्यन्तै सरल रूपमा नेपालको भौगोलिक बनावट र त्यसका सकारात्मक र नकारात्मक पक्षमा करिब ४५ मिनेट शिक्षकले झैँ पढाइबक्सेको थियो । त्यस दिनको सम्झना मेरा आँखामा अझै ताजै छ । मौसुफले हुकुम हुँदा जहिले पनि "देश बनाउने काममा तिमीहरू (जनता) नै लाग्नुपर्छ । देश जनताको हो । जनता इमान्दार हुनुपर्छ" पटक-पटक हुकुम हुन्थ्यो । सिंहदरबारमा आयोजित जलपान समारोहमा मौसुफलाई मैले मुलुकको राजनीतिक विकृति र विसङ्गतिको बारेमा बिन्ती चढाउँदा एक क्षण खिन्न मानिबक्सेको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई यिनले के भन्दै छन्, राम्ररी ध्यान दिनुस् हुकुम भयो ।

एकपटक हेटौँडामा श्री ५ सँग दर्शन पाउँदा मौसुफले पहाडी क्षेत्रहरूमा फलफूलको खेतीतर्फ कृषकलाई आकर्षित गर्न सके राम्रो हुन्थ्यो, त्यसमा तिमी लाग भनेर हुकुम भयो । मैले मौसुफ सरकारलाई पत्रकारिताक्षेत्रतर्फ लागूँ कि भनेर जाहेर गर्दा त्यस क्षेत्रमा लागेर राम्रो खोजमूलक कार्य गर्न सक्छौ भने लाग भनेर मुस्काउँदै हुकुम बक्सेको थियो । ०४९ साल वैशाखतिर पशुपतिक्षेत्र र वाग्मती नदी प्रदूषणसम्बन्धमा बिन्ती जाहेर गर्दा तुरुन्तै कारवाही अगाडि बढाउन तत्कालीन प्रधानमन्त्रीलाई निर्देशन बक्सेको कुरा मेरो मानसपटलमा घुमिरहेको छ । यसरी श्री ५ वीरेन्द्रसँग थुप्रै अनौपचारिक तथा भावनात्मक सम्बन्ध बढ्दै गएको थियो ।

जगत्गुरु शङ्कराचार्य जयेन्द्रसरस्वतीसँग भेट्न वनकालीमा मौसुफ सरकार सवारी होइबक्सेको मौकामा एउटा कविता चढाएको थिएँ । त्यस कविताको बोल थियो- "दलभन्दा माथि उठेर हेर यो देश देखिन्छ...।" यो कविता भूपेन्द्र रायमाझीको सङ्गीतमा स्वदेशगान बन्यो । गीत बनेपछि जाहेर गर्दा छायाङ्कन कहिले हुन्छ ? भन्ने हुकुम भयो । तर दुर्भाग्य, उक्त स्वदेशगानको छायाङ्कित दृश्य मौसुफले देख्न पाइबक्सेन । श्री ५ वीरेन्द्र अत्यन्त सरल, सहज र हँसिलो स्वभावको होइबक्सन्थ्यो । मौसुफको भावनाभित्र नेपाललाई शान्तिक्षेत्रको रूपमा विकास गर्न सकिन्छ भन्ने दृढविश्वास थियो ।

गद्दीआरोहण रजत महोत्सवको रात्रिभोजमा मौसुफबाट "कोटमा त्यो (?) लगाएनौ ?" भनेर औँलाले सङ्केत गर्दै सोधिबक्सँदा "सरकार हुकुम होस्" भनी मैले "त्यो (?) भनेको नबुझेको सङ्केत गरेँ । तुरुन्त दरबारका एकजना कर्मचारीले "गद्दीआरोहण रजत पदक" दिएका थिए । मौसुफ सरकारसँगको मेरो साक्षात्कारको यो पनि एउटा रमाइलो र अविस्मरणीय क्षण थियो ।

अध्यक्ष, शान्ति गीत-सङ्गीत अभियान ।

●

राष्ट्रियताको जगेर्ना गर्ने प्रश्न

• प्रा. डा. बल्लभमणि दाहाल

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह हामीहरूबाट सदाका लागि बिदा भइबक्सेको छ । मौसुफ चीन सवारी हुनुभन्दा केही दिन पहिले मलाई पनि बोलाहट भएको थियो । त्यही नै मेरो उहाँसँगको अन्तिम भेट हुनगयो । त्यसबेला दरबारमा मैले श्री ५ महाराजाधिराज सरकारसँग लामो विचारविमर्श गर्ने मौका पाएको थिएँ । नेपाल चीनबीचको सम्बन्ध, विश्वसम्बन्ध र केही संक्षेपमा नेपालको राजनीतिक सम्बन्धमा कुराकानी भयो । 'हामीले राष्ट्रियताको जगेर्ना गर्न ठूलो मूल्य चुकाउनुपर्छ' यो उद्गार नागरिकतासम्बन्धी कुराको प्रसङ्गमा उहाँबाट व्यक्त भएको थियो ।

मौसुफ अब हाम्रा बीचमा नभएतापनि हामी सबै नेपालीहरूले सम्झिरहने गरी अमेट छाप छोडेर गइबक्सेको छ । विकास, शान्ति र राष्ट्रियताको संरक्षणमा अनि जनचाहनाअनुरूप समिर्पत हुनुमा उहाँको योगदानले गर्दा नै नेपालको इतिहासमा उहाँको स्थान अङ्कित भइरहनेछ । एक साधारण नागरिक प्राध्यापकको हैसियतले मौसुफसँग धेरै पटक अन्तर्क्रिया गर्ने मौका पाएको थिएँ । यसबीचमा मौसुफले भनेका र गरेका जुनजुन कुराहरूले मलाई प्रभाव पार्‍यो, ती मध्ये केही तराइली जनताप्रति उहाँको स्नेह विश्वास उहाँबाट व्यक्त धारणाले म प्रभावित भएँ । उहाँको धारणा थियो, कसले नागरिकता पाउने र कसले नपाउने यो एउटा पक्ष हो भने पाउनुपर्नेले पनि पाइराखेका छैनन्, यो मुख्य प्रश्न हो । यसै सन्दर्भमा हाम्रो राष्ट्रिय हकहितको पक्ष कमजोर हुँदै गएको विषय आयो । उहाँबाट व्यक्त उक्ति ज्यादै मर्मस्पर्शी, अविष्मरणीय थियो । त्यो हो –हामीले अङ्ग्रेजसितको लडाइँपछि राष्ट्रको सरक्षाका निम्ति कहिल्यै दुःख-कष्ट भोग्नु परेन, न त ठूलो रगत नै बगाउनु पर्‍यो । हामीले हाम्रो राष्ट्र सजिलै पाएसरह भएको छ । राष्ट्रियता सित्त्यै जोगिने होइन, राष्ट्रियताको जगेर्ना गर्न ठूलो मूल्य चुकाउनु पर्छ । मात्र संक्षेपमा म यहाँ प्रस्तुत गर्न चाहन्छु ।

पहिलो कुरा श्री ५ वीरेन्द्र हरेक काम कुराहरूलाई संस्थागत रूपमा अगाडि बढाउनुपर्छ भन्ने मान्यता राखिबक्सन्थ्यो । कुनै पनि विषयमा निर्णय हुनुभन्दा पहिले त्यो कुरा सम्बन्धित ठाउँबाट आउनुपर्ने प्रणाली कडाइसाथ लागू गरिबक्सेको थियो । यसरी आइसकेको विषयवस्तुलाई तह-तहमा छलफल गराई सबैलाई स्वीकार्य भैसकेपछि मात्र निर्णयमा लैजानुपर्छ भन्ने प्रजातान्त्रिक मान्यता राखिबक्सन्थ्यो । वास्तवमा प्रजातन्त्रमा हुनुपर्ने कुरा यही हो । सबैको विचार मन्थन गरी अन्तिम निर्णय गर्ने श्री ५ वीरेन्द्रको कार्यशैली ज्यादै राम्रो थियो । मौसुफको पश्चिमाञ्चल भ्रमणको सिलसिलामा म पनि सरीक थिएँ । त्यसबेला मैले महाराजाधिराजबाट धेरै कुरा सिक्ने अवसर पाएँ । देशको सर्वाङ्गीण विकासका लागि कसरी काम गर्नुपर्ने रहेछ भन्ने कुरा मलाई त्यतिबेला थाहा भयो । भ्रमणको क्रममा जहाँजहाँ मौसुफ पुगिबक्स्यो त्यहाँका जनताले प्रत्यक्ष रूपमा "हामीलाई धारा चाहियो बिजुली चाहियो, बाटो चाहियो", आदिआदि थुप्रैथुप्रै माग गर्थे तर सरकारले त्यसमा ज्यादै सुझबुझका साथ साधनको बाँडफाँड गर्दा कहाँ कति फाइदा हुन्छ भन्ने तथ्यलाई केलाएर दिइबक्सन्थ्यो, राजा भएको हुनाले मौसुफले आफैँ पनि स्वविवेकले त्यस्ता कार्यक्रमहरू दिन

सकिबक्सन्थ्यो । तर मौसुफले पञ्चवर्षीय बजेटमा विकासनिर्माणका कार्यक्रमलाई कसरी समावेश गरिएको छ त्यसलाई विचार पुऱ्याएर दिने गरिबक्सन्थ्यो अर्थात् साधन, स्रोत, जनशक्ति आदिमा सन्तुलन मिलाउने परिपाटी मौसुफको अत्यन्तै सह्राहनीय नीति थियो ।

दोस्रो कुरा, मौसुफ समर्पित विकासवादी होइबक्सन्थ्यो । उहाँको सपना जपना नै विकास हो । मौसुफलाई विकासको विशेषज्ञभन्दा अतिशयोक्ति हुँदैन, किनभने मौसुफ हरसमय विकासका लागि चिन्तित होइबक्सन्थ्यो । मौसुफले सबै क्षेत्रको समानुपातिक विकासका लागि क्षेत्रीय सन्तुलनको अवधारणा ल्याइबक्स्यो । यसका पछाडि डा. हर्क गुरुङजस्ता दिग्गजहरू, विकासवादीहरू श्री ५ महाराजाधिराजको विकास अभियानलाई साकार बनाउन तल्लीन भएर लागेका थिए । मौसुफलाई नेपालको लहरा, पहरा, छहरा र डाँडाकाँडा सबैको ज्ञान थियो । पश्चिमाञ्चल भ्रमणको क्रममा म ७३ वटा मिटिङमा समावेश भएँ । मलाई अचम्म लाग्यो, मौसुफ ४ बजे बिहानै उठेर राति अबेरसम्म कार्यक्रममा तल्लीन भइबक्सन्थ्यो । त्यो मौसुफको नेपाली माटोप्रति अगाध मायाको प्रतिबिम्ब थियो । मौसुफ स्थानीय विकासको माग त्यसै निकायभित्रबाट आउनुपर्छ भन्ने मान्यता राखिबक्सन्थ्यो । एकपटक भ्रमणक्रममा मुक्तिनाथ पुग्दा झुमा पूजारी भिक्षुणीहरूका विरुद्ध त्यहाँका हाकिमले यस्तो पवित्र स्थलमा मासिक हुने अवस्थामा आइमाईहरूलाई राख्नुहुँदैन भनेर सरकारसमक्ष बिन्ती चढाए तर त्यहाँ पछि निकैबेर छलफल भयो । मैले परम्परादेखि चलेको रीति बन्द गर्नु हुँदैन, सुधार उनीहरूले नै अनुभव गर्नुपर्ने धारणा राखे । त्यहाँको परम्परा त्यस्तै रहेछ । त्यसो हुनाले सरकारले यसमा ठीकै छ संस्कृति र परम्परालाई हस्तक्षेप गर्नुहुँदैन भन्ने हुकुम बक्सियो । यस्ता उदाहरणहरू थुप्रै छन् । मौसुफ पर्यावरण र वनजंगल जोगाउनुपर्छ भन्ने कुरामा प्रतिबद्ध भइबक्सन्थ्यो । मौसुफको भ्रमणका क्रममा पहिलेको फोटाहरू देखाउँदै अहिले यस्तो भएछ भनेर विश्लेषण गरिबक्सन्थ्यो । विकाससम्बन्धी उहाँको प्रयासको सबै राष्ट्रहरूबाट प्रशंसा भैरहन्थ्यो । मौसुफबाट जहिले पनि जन आकांक्षाअनुरूप शासन चलाउनुपर्छ र राष्ट्रहितलाई सर्वोपरि राख्नुपर्छ भन्ने धारणा व्यक्त हुन्थ्यो । मलाई सम्झना छ, मौसुफबाट व्यक्त भएका कुरा म विदेशीको दासत्व होइन प्रजाको चाहनालाई कदर गर्छु भनेको । मौसुफले २०४६ सालको समयमा प्रजातन्त्र माग्ने कोहीलाई पनि गोली नहान्नु र जथाभावी नपक्रनु भन्ने निरन्तर हुकुम भएको झलझली सम्झन्छु । तर के भयो म जान्दिनँ । त्यतिबेला उहाँबाट व्यक्त भएको भन्नुभएको थियो म जे गर्न पनि तयार छु तर संवैधानिक ढंगले आउनुपर्छ यसले पनि मलाई ज्यादै प्रभाव पारेको छ ।

अर्को कुरा, मौसुफबाट नेपाली जनताले कहिल्यै नभुल्ने काम गरिबक्सेको छ । त्यो काम हो, नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउनु । सन् १९५० को दशकतिर सानो मुलुक नेपालको अन्तर्राष्ट्रिय स्तरमा परिचय नै थिएन । श्री ५ वीरेन्द्रले त्यस कुरालाई मनन गरी विभिन्न अन्तर्राष्ट्रिय मुलुकहरूसँग नेपालको सम्बन्ध स्थापित गरिबक्स्यो । मौसुफको बौद्धिक दूरदृष्टि, राष्ट्रप्रतिको माया र क्षमता अपार थियो भन्ने कुरा यसले पनि प्रमाणित गर्छ ।

त्यसैगरी उहाँको अर्को योगदान थियो तेस्रो विश्वका राष्ट्रहरूलाई एक सूत्रमा बाँधी आपसी सहकार्यको आधारमा सम्बन्ध विकास गर्ने र आर्थिक, सामाजिक रूपमा ती देशहरूको विकासलाई अगाडि बढाउने । यस दक्षिण एसियाली क्षेत्रको क्षेत्रीय सहयोगका नीति मौसुफबाट एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापनामा संस्थापकको रूपमा उच्च योगदान दिइबक्स्यो । यस संस्थाको कार्यालय नै नेपालमा स्थापना गरिएको छ । उहाँबाट विश्वास विश्व रङ्गमञ्चमा तेस्रो विश्वका विकासोन्मुख राष्ट्रहरूको आवाजलाई उठाइबक्स्यो । सबै राष्ट्रहरूबीचको सम्बन्धलाई सन्तुलनमा राखेर उहाँबाट नेपाल चीन सम्बन्धलाई प्रगाढ बनाइबक्स्यो तर कहिल्यै पनि चीन विरुद्ध भारत र भारतको विरुद्ध चीनलाई घात हुनसक्ने भूमिका खेलिबक्सेन । सबै मित्र राष्ट्रहरूसँग पञ्चशीलको आधारमा सन्तुलित सम्बन्ध विकास गराइबक्स्यो । यसलाई विश्व परिवेशमै अनुपम नमूनाका रूपमा लिन सकिन्छ, उहाँ अल्पविकसित साना राष्ट्रका त विश्वमै अधिवक्ता भइबक्सन्थ्यो ।

यसै गरी श्री ५ वीरेन्द्रबाट अगाडि सारिएको असंलग्न र विश्वशान्तिको नीति उहाँको योगदानको अर्को पक्ष हो । श्री ५ महेन्द्रबाट अगाडि सारिएको असंलग्नताको नीतिलाई श्री ५ वीरेन्द्रले अत्यन्तै आत्मसात् गरी मौसुफले राष्ट्रलाई कुनै गुटउपगुटमा संलग्न नगराई नेपाललाई स्वतन्त्र र शान्तिपूर्ण देशका रूपमा अन्तर्राष्ट्रिय जगत्मा परिचय गराउने अनवरत चेष्टा उहाँबाट भयो । मौसुफले यस पक्षमा तेस्रो विश्वको नै प्रतिनिधित्व गरिबक्सियो । शान्तिक्षेत्रको प्रस्ताव यसको द्योतक हो । मौसुफ उपनिवेश, नवउपनिवेश र प्रभुत्ववादको बहुत ठूलो आलोचक होइबक्सन्थ्यो । त्यसैगरी भूमण्डलीकरणका बारेमा पनि मौसुफ स्पष्ट होइबक्सन्थ्यो । मौसुफले भुमण्डलीकरणले हाम्रैं जस्तो तेस्रो मुलुकको भाषा, संस्कृति रहनसहन र सामाजिक स्वरूपमा कस्तो प्रभाव पार्छ त्यसबारेमा बुझिबक्सेको थियो । अन्तर्राष्ट्रिय राजनीतिका ज्ञाता श्री ५ वीरेन्द्रबाट धर्मसंस्कृति, रहनसहन र मौलिकताको सदैव कदर हुन्थ्यो । बेलायत, जापान, अमेरिकाजस्ता आधुनिक मुलुकमा पढेको भए पनि मौसुफ परम्परागत मान्यता र

आधुनिक मान्यतालाई एकसाथ मिलाएर लैजानुपर्छ भन्ने मान्यता राखिबक्सन्थ्यो ।

वास्तवमा श्री ५ वीरेन्द्र अन्तर्राष्ट्रिय स्तरका नेतामात्र नभएर अन्तर्राष्ट्रिय स्तरका कूटनीतिज्ञ पनि होइबक्सन्थ्यो । तर दुर्भाग्य भनौं हाम्रो पार्टीका नेताहरूले त्यसलाई बुझेर फाइदा लिन सकेनन् । मौसुफ ज्यादै प्रजातन्त्रवादी र उदार व्यक्तित्व होइबक्सन्थ्यो । मौसुफबाट बारम्बार उद्गार हुन्थ्यो । प्रजातन्त्र बलियो भयो भने राजतन्त्र पनि बलियो हुन्छ । प्रजातन्त्रको नाममा भित्रिएको विकृतिमा उहाँ चिन्तित होइबक्सन्थ्यो । राष्ट्रियताको सम्बन्धमा राजनीतिक पार्टीहरूको फितलो नीतिप्रति उहाँ सधैं चिन्तित भइबक्सन्थ्यो । राष्ट्र, राष्ट्रियता, जनता र विकासप्रति ज्यादै चिन्तनशील भएकाले यो १० वर्षको बीचमा मौसुफ ज्यादै लोकप्रिय भइबक्स्यो । अहिले मौसुफको निधन अकल्पनीय रूपमा ज्यादै दुःखद ढंगले भयो तथापि नेपाली नयाँ पुस्ता मौसुफको श्रद्धाञ्जलीमा ठूलो संख्यामा आयो । यो मौसुफको प्रजातान्त्रिक देशभक्ति र विकासवादी अडानको सम्मानको अभिव्यक्ति हो ।

मौसुफबाट बेलायतमा शिक्षा प्राप्त गरिबक्स्यो । त्यहाँ मौसुफले प्रजातान्त्रिक संस्कार, संस्था तथा कार्यविधि सिकिबक्स्यो । उहाँ अति संयमी, सहनशील र धैर्यवान् व्यक्तित्व होइबक्सन्थ्यो । इजरायलमा पढ्दा उहाँले राष्ट्रियता के हो भन्ने बारेमा राम्ररी बुझ्ने अवसर पाइबक्स्यो । मौसुफको त्यसभन्दा पहिले पनि राष्ट्रियताप्रति ज्यादै कटिबद्ध अडान थियो । इजरायलबाट सानो मुलुक भएर पनि कसरी त्यति स्वाभिमानका साथ शक्तिशाली भएर बस्न सक्ने रहेछ भन्ने कुराको प्रत्यक्ष अनुभव गरिबक्सियो । त्यसैगरी मौसुफलाई जापानी संस्कृतिको पनि प्रभाव परेको देखिन्छ । उहाँ जापान अध्ययन गर्न जाँदा आधुनिकता र परम्परागत कुराहरू कसरी एकैसाथ अगाडि बढाउन सकिन्छ र परम्परावादी शक्तिलाई कसरी आधुनिकतामा ढाल्ने भन्ने कुराको गहिरो अध्ययन गरिबक्सेको थियो ।

अमेरिकामा पढ्दा खुलापनको अनि चीनको अनुभवबाट अनुशासन र जनताप्रति प्रतिबद्धताको भावना उहाँमा झन् प्रबल भयो । मौसुफको एउटा सपना थियो । गाउँको तल्लो तहसम्म विकासका पूर्वाधारहरू पुऱ्याउने जसरी अञ्चल सदरमुकाममा पहिले विकासका पूर्वाधारहरू पुऱ्याइयो । त्यसपछि क्रमिक रूपमा जिल्ला सदरमुकाम हुँदै इलाका केन्द्रसम्ममा पुगेको थियो । गाउँसम्म पुगिसकेको थिएन । मौसुफको गाउँको विकास गरेर समुन्नत नेपालको निर्माण गर्ने धोको थियो तर मौसुफ त्यो सपना पूरा नहुँदै हामी बीचबाट परलोक होइबक्स्यो । तथापि मौसुफप्रति नेपाली जनताको अत्यन्त सद्भाव र हृदयमा स्थान छ । मौसुफ चिरकालसम्म अमर रहिबक्सनेछ ।

यो सम्पूर्ण नेपालीहरूको निम्ति दुःखको घडी हो तथापि हामी सधैं शोक मग्न भएर बसिरहनु हुँदैन । मौसुफले मार्गनिर्देशन गरिबक्सेको विकास, शान्ति, जनकल्याण र प्रजातान्त्रिक एवम् राष्ट्रवादी अभियानलाई अगाडि बढाउन हामी लागिरहनु पर्छ ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र सरकारलाई राष्ट्रिय सार्वभौमिकता र स्वतन्त्रताको सुदृढीकरण गर्दै प्रजातान्त्रिक मूल्य र मान्यताको अझ विस्तार गरी राष्ट्रका ज्वलन्त समस्या समाधान गर्न सफलता प्राप्त होस् भन्ने कामना गर्दछु ।

●

उदारवादी राजा श्री ५ वीरेन्द्रको निधनको क्षण

• *बालकृष्ण शर्मा रेग्मी*

नेपालको शाहवंशीय राजपरम्परा र पद्धति गौरवमय छ । यो राष्ट्रको चौतर्फी विचार पनि गरिमामय बनेको देखिन्छ । राजा र राष्ट्र हाम्रा प्राण एवम् जीवनको आधार रेखा पनि हुन् । ती मध्ये नेपालका राष्ट्रनायक श्री ५ वीरेन्द्र पनि एक उदाहरणीय ध्रुवताराको रूपमा परिचित होइबक्सिन्छ ।

मलाई श्री ५ वीरेन्द्रको भावना राष्ट्रवादले भरिएको लाग्दछ । मौसुफ जनताको रुचि र चाहना- अनुरूप आफ्नो स्वभावलाई प्रस्तुत गरिबक्सिन्थ्यो । सबै जनता जस्तो अवस्थामा बसेका छन् आफू पनि त्यस्तै अवस्थामा बसेर बडो उदार स्वच्छ एवम् पवित्र भावना राखेर जनताका सामु आनन्दको दीप प्रज्वलित पारिबक्सनुहन्थ्यो जो दीपबाट हाम्रो हृदय काव्यमयी रसिलो बन्दथ्यो । सादा जीवन उच्चविचारका श्री ५ वीरेन्द्र भौतिक सुख सुबिधालाई मात्र अङ्कन नगरी बढी झुकाव चाहिँ अध्यात्मतिर परिलक्षित होइबक्सिन्थ्यो । वार्षिक एवम् मासिक पक्षमा मनाइने धर्मासँग सम्बन्धित भएर उपस्थित होइबक्सन्थ्यो । गाउँ गाउँका चिप्ला खाल्टामा होस् वा बगर र राता पाखापखेरामा होस् आफू पनि रातो माटोकै माया र ममता चुमेर त्यही परागकण खसाइबक्सनुहुन्थ्यो । आहा ! कति स्मित, सुन्दर र हँसिलो चेहरा ! जसलाई अङ्गीकार गऱ्यौं भने मौसुफको भाषा, संस्कृति, भेषभूषा एवम् गौरवमय संस्कृतिप्रति पूर्ण अनुराग राखिबक्सन्थ्यो । साहित्य, सङ्गीत कला र मनोरञ्जन पनि मानवका लागि अपरिहार्य हुन्छ भन्ने अभिव्यक्ति बक्सन्थ्यो । मानिस-मानिस बीच वैमनस्यता, हिंसा र रिसले राष्ट्र बरवाद हुन्छ भन्ने अभिव्यक्ति दिइबक्सन्थ्यो । जनता जनार्दनको एउटै विचार र अभिव्यक्तिलाई पूर्ण साक्षात्कार गर्नु र गराउनुपर्दछ भन्ने मानवीय भावना पनि श्री ५ वीरेन्द्रले दिइबक्सन्थ्यो । जनताप्रति पूर्ण समर्थन, दया, शान्ति, करुणा, उदारवादी नीति, घुलमिल, भ्रमणप्रिय जस्ता गुणहरू श्री ५ वीरेन्द्रमा खचाखच भरिएका थिए ।

श्री ५ वीरेन्द्रको निधनको त्यो क्षण

मैले २०५८ साल जेष्ठ १५ गते मेरा प्यारा श्री ५ वीरेन्द्रलाई छ, सातवटा 'महिमा-पत्र' पठाइसकेको थिएँ । भोलि बिहानै हुलाकबाट पत्र पठाउने विचारले मैले मौसुफको बासस्थानको ठेगानासहित पत्र राखेको थिएँ । आकाश रोइरहेको थियो । पानी परिरहेको थियो । म पत्र पठाउन जान लागेको थिएँ । अकस्मात् बाटोमा श्री ५ वीरेन्द्रको राजपरिवारको निधन भएको सुनियो । म रुँदै रुँदै घर फर्कें । अलिपछि सारा दुनियाँका घरमा पूर्ण सन्नाटा छाइदियो । शून्यमा शून्यनै बिलायो । उदरले भात पानी केही मागेन, केवल राजाका ती चेतन किरणहरू मागेको थियो । म कहाँ पाऊँ ? दुनियाँलाई विश्वास नै भएन हाम्रा राजाको स्वर्गे भयो भनेर ! त्यो अकल्पनीय घटना 'नेपाल आमा' ले पनि हेर्न नसकी बडो शालीन आँखाले भोलिपल्टै पुनः युवराजको निधनको भौतिक अन्त्य हेरिनुपऱ्यो । सबै अवरुद्ध भए । आराध्यदेव पशुपतिनाथ मुर्छित परे । सारा आशाका दीपहरू हराए । हामीलाई

बिस्तारै चेतना आयो- "आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ! त्यो शोकपूर्ण वातावरणमा कसैका सेता दाँत खिएपनि ती दन्तहरू कुँडिए, व्याकुल भइदिए । अझ नेपाली साहित्यकी सङ्गीत सरस्वतीको प्रतिमूर्ति ममतामयी श्री ५ ऐश्वर्यको निधनले हाम्रो मन व्याकुल भयो । तर के गर्नु ! संसार क्षणिक छ । यहाँ पूर्ण विसङ्गति छ । सच्चा, स्वच्छ र निर्दोष जन नै कताकताबाट हत्याको चक्रमा फस्न पुग्दोरहेछ । चाहे जे गरोस् तर....तर....त्यो मृत्यु पनि विजयको संज्ञा मान्नुपर्दछ । रक्तबिन्दुहरू अमृतको तप्तधारा मान्नुपर्दछ । हाम्रा बलीन्द्र आँसुका धाराहरू अटुट श्रद्धा, माया, सम्मान, गरिमामय एवम् प्रतिष्ठित बन्नुपर्दछ । अन्त्यमा श्री ५ वीरेन्द्र र सम्पूर्ण राजपरिवारमा म श्रद्धाका सुमनहरू चढाउँछु ।

सल्यान

●

राजा-रानीको निम्तो

• बुलु मुकारुङ

विक्रम संवत् २०५४ वैशाख २६ गतेको कुरा हो, नारायणहिटी राजदरबारबाट मेरो नाममा घ-पाल नं. २ लेखिएको एउटा निम्तो कार्ड मैले रेडियो नेपालमा प्राप्त गरेँ । आश्चर्य र कौतूहलताका साथ खोलेर हेरेँ । लेखिएको थियो- श्री परमेश्वरका अनुग्रहले श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव तथा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाहका सौभाग्यवती सुपुत्री श्री ५ अधिराजकुमारी श्रुति तथा आयुष्मान् कुमार श्री गोरख शमशेर जङ्गबहादुर राणाको शुभ-विवाहको उपलक्ष्यमा श्री ५ मुमाबडामहारानीबाट हुकुम बक्सेबमोजिम श्री बुलु मुकारुङलाई प्रमुख राजदरबार पदाधिकारी नारायणहिटी राजदरबारमा निमन्त्रणा गर्दछ ।

कार्यक्रम थियो- समारोह- दुलहन फर्काउने, मिति २०५४ वैशाख २८ गते, समय- १८:५० बजे, पाल नं.- २, जलपान- १९.३०-२०.३० बजे, विभूषण र पोशाक- कालो कोटसहितको सेतो नेपाली औपचारिक पोशाकमा पट्टासहित मानपदवी १ र अलङ्कारहरू । पोशाक नं. ९, प्रवेश- नारायणहिटी राजदरबार मूलढोका (कृपया कार्ड साथमा लिई पाल्नुहोला) । निम्तो कार्ड साथमा अर्को सेतो कार्डमा रातो अक्षरले लेखिएको कार्ड पनि थियो- शुभ-विवाह समारोहका निमित्त मोटर पास- दुलहन फर्काउने नं. ०५८० ।

यस प्रकारको निम्तो त्यसभन्दा पहिले मैले कहिल्यै प्राप्त गरेको थिइन, न त नारायणहिटी राजदरबारभित्र नै प्रवेश गरेको थिएँ । मनमा धेरै कुराहरू खेलिरहन्थ्यो किनभने आफूसँग दौरा-सुरुवाल त थियो, तर कालो कोट भने थिएन । कोट सिलाउन दिन दुई दिनमा सकिन्छ कि सकिँदैन, मनमा दिनभरि नै तर्कनाहरू उठिरहे । पाँच बजेपछि रेडियो नेपालबाट म सिधै नयाँ सडकतर्फ लागेँ र खोज्न थालेँ टेलरिङ्गहरू ।

भाग्यवश भोलि बेलुकासम्ममा कोट सिलाई सकिदिने 'लक्की टेलर्स' का मास्टरजीको वचनले म ढुक्क भएँ, मनमा अनेकौँ उत्सुकताहरू रहँदारहँदै पनि ।

जीवनमा अनेकौँ अकल्पनीय कुराहरू हुँदा रहेछन् । घर फर्केपछि त्यस्तो गरिमामय निम्तो कार्ड फर्काई-फर्काई हेरेँ । खुसीको सीमा नै थिएन ममा । अनि आफ्नो विगत सम्झन थालेँ । नेपालको पूर्वी पहाडी जिल्ला भोजपुरको दिल्पा गाउँ सम्झेँ । दिल्पा गाउँको नागी, अन्नपूर्ण र आफू जन्मेको 'बुलुम्पा' टोल सम्झेँ । आजै जस्तो लाग्छ, त्यो गाउँ छोडेको पनि । विगत वर्षहरू दुई दशकभन्दा अधिक भैसकेछन् । ट्याम्के पहाड जहीँको त्यहीँ छ । झगडे डाँडा, भुर्चोक र एक्ले बरहरू अझै छन् होला त्यहीँ छोडेर आएका । गोठालो जीवन चटक्क छोडेर पढ्छु र केही गर्छु भनी काठमाडौँ पसेको बीसौँ वर्षकै बेला श्री ५ अधिराजकुमारी श्रुति सरकारको शुभ-विवाहको निम्ताले मेरो हृदयमा साङ्गीतिक झन्कार नै तरङ्गित पारेको थियो त्यसबेला ।

भोलिपल्ट बिहानै गुरु गोपालनाथ योगीकहाँ पुगेँ । योगी गुरुकहाँ पनि निम्तो पुगिसकेको रहेछ । मलाई पनि निम्तो आएको र उपहार के लिएर जाने भन्नेबारे उहाँलाई सोधेँ । फूलको गुच्छा लानुपर्छ भन्ने योगी गुरुको कुरालाई नै मनासिब मानेर त्यहाँबाट

रेडियो नेपालतर्फ लागेँ। साँझपख 'लक्की टेलर्स' पुगेँ। कोट तयार थियो। त्यहाँबाट असनतर्फ लागेँ, किनभने कालो कोट त तयार भयो, तर कालो जुत्तापनि मसँग थिएन। काले कालो जुत्ता र कालो कोट किन्दा ठ्याक्कै छयालीस सय लागेको थियो।

२०५४ वैशाख २८ गते ६.३० बजे नारायणहिटी राजदरबारको मूलढोकामा सेतो दौरासुरुवाल, कालो भादगाउँले टोपी, कालो कोट लगाएर म पुगिसकेको थिएँ। त्यसरी नै अन्य कलाकारहरू पनि प्रवेश गर्दै थिए। मूलढोकाबाट भित्र प्रवेश गरेपछि सुरक्षाकर्मीहरूले डिटेक्टर लगाउँदै, छोड्दै थिए। भित्र ठूलो चौरमा चारपाँच ठाउँमा विभिन्न पालहरू सजिसजाउ थिए। घ-पाल नं.२ मा पुग्दा गोपालनाथ योगी, नरराज ढकाल, शम्भुप्रसाद मिश्र, साम्बदेव शर्मा, नातिकाजी, कोइलीदेवी, योगेश वैद्य, तारादेवी, प्रेमध्वज प्रधान, फत्तेमान, शिवशङ्कर, नारायणप्रसाद तन्डुकार आदि अग्रज कलाकारहरू बसिसक्नुभएको थियो। त्यसैगरी राम थापा, गणेश रसिक, दीपक जङ्गम, शम्भुजीत बासकोटा, ज्ञानु राणा, सन्तोष पन्त, वसुन्धरा भुसाल, मीरा राणा, शिव श्रेष्ठ, भुवन के.सी., मिथिला शर्मा, अशोक शर्मा आदि कलाकारहरू पनि आउनुभएको देखिन्थ्यो भने सबभन्दा कान्छा कलाकारमा रामकृष्ण ढकाल त्यहाँ उपस्थित थिए। कलाकारहरूको पाल नजिकै दाहिनेतर्फ मन्त्रीहरू विद्या भण्डारी, सर्वेन्द्रनाथ शुक्ला, वुद्धिमान तामाङ आदि देखिन्थे। साथै श्रुति सरकारसँगै पढेका भारतीय साथीहरू पनि त्यहाँ उपस्थित देखिन्थे। एक नम्बर पालतर्फ राजपरिवारका सदस्यहरू, विदेशी कुटनीतिज्ञहरू साथै शाही नातेदारहरू विराजमान भएको दृष्टिगोचर हुन्थ्यो।

साँझ बिस्तारै छिप्पिंदै थियो। शाही सगुन शुरु भैसकेको थियो। म शम्भुजीत बासकोटाजीको नजिक थिएँ। संयमित पाहुनाका रूपमा एकएक पेग सगुन लिई सकेका थियौँ ठीक त्यही वेला दुलहा-दुलही अगाडि लगाएर राजा-रानी सवारी होइबक्सेको थियो। बसेर सगुन लिने सबै पाहुनाहरू उठेका देखिन्थे। सबभन्दा पहिले एक नम्बर पालबाट परिचय गराउँदै कलाकारहरू भएतर्फ सरकारहरू सवारी होइबक्सेको थियो। सरकारबाट हुकुम भएको थियो- 'मेरा ज्वाइँ !' हामी सबैले अभिवादन चढाएका थियौँ। त्यसपछि सरकारहरू माननीय मन्त्रीहरूतर्फ अगाडि बढिबक्सेको थियो। त्यहाँ पनि परिचय गराइबक्सेपछि पुनः कलाकारहरू भएतर्फ फिरिबक्सेको थियो र हुकुम भएको थियो 'Enjoy yourself whatever you like' . त्यसपछि सबैसँग कुरा गर्दै, भेटघाट गर्दै र फोटो खिच्नका निम्ति पुनः कलाकारहरूलाई आह्वान गरिबक्सँदै थियो। 'Please ! Take photo once.....' दुलहा-दुलही साथै कलाकारहरूसँग हामीले सामूहिक तस्वीरहरू खिचेका थियौँ तर तारादेवी दिदी भने हिँड्न सक्नुहुन्नथ्यो। उहाँ बसेकै ठाउँमा सवारी भई बडामहारानी सरकारबाट हुकुम भएको थियो- "तारादेवी, तपाईंले फोन गरेको भए हुन्थ्यो। यस्तो दुःख गरेर नआएको भए पनि हुन्थ्यो।" त्यसबेला दिदीका आँखाबाट आँसु झरिरहेका थिए। दिदीसँग भान्जी पनि साथ आएकी थिइन्। बडामहारानी सरकारबाट तारादेवी दिदीलाई मोटरबाट घर पुऱ्याउन हुकुम बक्सेको थियो। समारोहमा तत्कालीन आई.जी.पी. ध्रुव प्रधान तथा मुद्दा खेपिरहेका निवर्तमान आई. जी. पी. अच्युत खरेलको पनि उपस्थिति थियो र दुवै जनाको घुराघुरले मलाई पनि अप्ठ्यारो महसुस भइरहेको थियो। त्यसबेला एउटा सजिसजाउ मञ्चबाट मीठो साङ्गीतिक धुन बजिरहेको थियो। त्यो साङ्गीतिक धुन सुरसुधाका तीन कलाकार प्रेम औतारी, सुरेन्द्र श्रेष्ठ, विजय वैद्यले प्रत्यक्ष रूपमा बजाइरहेका थिए।

खानपिन सकेर शाही पाहुनाहरू नारायणहिटी राजदरबारबाट बाहिरिने क्रम शुरु भएपछि म पनि राजदरबारको मूलढोका अगाडि आएको थिएँ। त्यसैबेला मेरो पछिपछि भुवन के.सी., शिव श्रेष्ठ, अशोक शर्मा र सन्तोष पन्त पनि बाहिर आएका थिए। उनीहरू पनि अधिक खुसी देखिन्थे। त्यस खुसीलाई अझ बढाउन दरबारमार्गस्थित खुसी-बिसौनीतर्फ उनीहरू लागेका थिए। म भने सोझै चाबेल घरतर्फ लागेको थिएँ। मनमा खुसीको उज्यालो, मुहारमा शुभ-विवाहका झझल्काहरू बोकेर कति बेला सुनाऊँ भन्ने हतारले घरसम्म पुगेको मैले थाहै पाएको थिइन। घर-परिवार पनि राजा-रानीको निम्तो मान्न गएको मलाई पर्खिरहेका थिए। श्री ५ अधिराजकुमारी श्रुति सरकारको शुभ-विवाहको बारेमा मैले घर-परिवारलाई सविस्तार बताएको थिएँ।

हुन त त्यहाँ मैले चिनेका कलाकारहरू पनि धेरै थिए। गीतकारहरू पनि थिए। समाजका प्रसिद्ध व्यक्ति-व्यक्तित्वहरू, समाजसेवीहरू, विद्वान्हरू तथा भू.पू. प्रधानमन्त्रीहरू पनि त्यहाँ उपस्थित देखिन्थे। ती दृश्यहरू अहिले पनि मेरो आँखामा चलचित्रझैँ आइरहन्छ, मनमा सागरको लहरझैँ उठिरहन्छ र संस्मरणमा चर्खाझैँ घुमिरहन्छ। अनि लागिरहन्छ, म जस्तो गाउँले केटो पढ्न भनी काठमाडौँ आएको थिएँ तर समय र परिस्थितिले सङ्गीतक्षेत्रमा लागेर बाँच्नुपर्ने अथवा सङ्गीत व्यवसायलाई अपनाई देशको सेवा गर्नुपर्ने अवस्थामा पुगेँ।

वास्तवमा राजा–रानीबाट कलाकारहरूलाई धेरै मायाममता गरेको महसुस र विश्वास मैले लिएको छु। कलाप्रेमी राजा श्री ५ वीरेन्द्र, कवयित्री रानी श्री ५ ऐश्वर्य सरकारको निम्तो मान्न गएपछि मात्र मैले सरकारहरू साह्रै सरल र सहज होइबक्सँदो रहेछ भन्ने थाहा पाएको थिएँ।

नेपाली कला–सङ्गीतको विकासका साथै संरक्षण–संवर्द्धनमा राजपरिवारको ठूलो योगदान रहेको कुरा हामी इतिहासका अनेकौं ग्रन्थहरूबाट थाहा पाउन सक्छौं । राजपरिवारका सदस्यहरू पनि कलाकार, सङ्गीतज्ञ र गायक रहेको तथ्य ऐतिहासिक कृतिहरूमा उल्लेख गरिएको पाइन्छ । नेपाली कलाकौशल तथा गीत–सङ्गीत क्षेत्रको विकासमा राजा र प्रजा मिलेरै अगाडि बढेको देखिन्छ । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको 'नाच–गान हेर्न परे आफ्नै देशको हेर्नु' भन्ने दिव्यउपदेशले पनि नेपाली कला–सङ्गीतलाई प्रेरणादायी योगदान पुगेको तथ्यलाई स्वीकार्नु पर्छ । गीत–सङ्गीत–साहित्य भोजपुर महोत्सव २०५८ जेष्ठ १, २, ३ मनाउन कृष्ण जोशी, शैलेन्द्र साकार, उर्मिला श्रेष्ठ, हिरण्य भोजपुरे, विप्लव ढकाल, श्रवण मुकारुङ, भूपाल राई, चेतनारायण राई, कृपासुर शेर्पा, सुमन राई, वसन्त मुकारुङ, शुभ मुकारुङ, राजन मुकारुङ, जमुना राई, नारद हार्ताम्छाली, आभा मुकारुङ, दीपा राई, भीषण मुकारुङ, डिल्ली नेपाल, पारस मुकारुङ, शशी लुमुम्वु र म पुगेका थियौं ।

भोजपुर महोत्सवका संयोजक हेमन्त मुकारुङ, शशी लुमुम्बु र पारस मुकारुङ थिए । भव्यरूपमा महोत्सव सम्पन्न गरी हामी दोस्रो हप्ता काठमाडौं फर्क्यौं । जुन उत्साह र उमङ्गका खुसीयालीहरू बोकेर काठमाडौं आयौं त्यसको ४ दिन पछि अर्थात् २०५८ जेष्ठ १९ गते दुःखद घटना घट्न गयो । त्यस घटनाले ती सम्झनाहरू, खुसीहरू र रमाइला क्षणहरू सबै कता पुऱ्यायो कता । त्यस दुर्घटनाले नेपाल रुवायो, नेपाली रुवायो र सारा विश्व रुवाएको थियो । अब यस्तो कहिल्यै नहोस् । ईश्वरसँग यही कामना छ, यही प्रार्थना छ र अनुरोध छ मेरो । दुःख र पीडाहरू त बाँच्नेले नै सहनुपर्ने रहेछ ।

चाबहिल - ७, काठमाडौं
२०५९/८/२३

●

गाउँघर घुम्ने राजालाई सम्झँदा

• *भगवानमान श्रेष्ठ*

२०५८ ज्येष्ठ २० गते बिहानै शायद ५ बजेको हुँदो हो टेलिफोनमा घण्टी आयो । तेह्रथुमबाट छोरा प्रज्वलमान श्रेष्ठले हडबढाउँदै “डचाडी सुन्नु भो ? दरबारमा राजालाई गोली लाग्यो रे !” भन्यो । मलाई विश्वास लागेन । “कसले भनेको” । “काठमाडौँबाट कान्छाबाले” । म वाक्क न व्याक्क परेर काठमाडौँमा भाइ विश्वविमोहन श्रेष्ठलाई फोन गर्दा राजधानी शोकाकुल छ, स्तब्ध छ, पुरै सन्नाटा छाएको छ भन्ने सुन्नेबित्तिकै म झस्कें, हडबढाएँ, सहारा खोजेर नपाए जस्तो मैले आफूलाई वशमा ल्याउन सकिनछु, डाँको छोडेर रोएँ, शोक विह्वल भएँ, एकान्तप्रिय भएँ, मनलाई आफैँले सम्झाउन सकिन । म यसरी नावालक छँदै मेरो एस्.एल.सी. को परीक्षाको नतिजासम्म राम्ररी सुन्न नपाई मेरो पुज्य बुवा चन्द्रमान श्रेष्ठ २०२१ सालमा र आफू दुलाहा बन्न जाने अघिल्लो दिन पूज्य मुमा मङ्गलादेवी २०३१ सालमा स्वर्गारोहण हुँदा रोएथें ।

छोरी अन्जुश्री प्यारा राजारानी तेह्रथुम सवारीताका पञ्चकन्या भई फूलमाला चढाएको याद गर्छिन् । छोरी बिन्जुश्री हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ भनी सवारीताका विद्यार्थी भै घुमेको दोहोऱ्याउँछिन् । श्रीमती मञ्जुश्री वेदना थाम्न नसकी भक्कानो छोडेर रुन्छिन् । एकोहोरिन्छिन्, फोनमा बोल्न पनि नसकी साइराम कल्याण गर भन्छिन् । म आफू भने गहभरि आँसु लिदै राष्ट्रका सर्वाधिक लोकप्रिय, राष्ट्रिय एकताका प्रतीक, महान् प्रजावत्सल, प्रजातन्त्रप्रेमी, राष्ट्रप्रेमी, शान्तिका अग्रदूत, युगपुरुष, राष्ट्रनायक परम आदरणीय श्री ५ महा राजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार र वात्सल्यकी खानी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारको तेह्रथुम जिल्लाको भ्रमणताक मूल समारोह समितिको सदस्यसचिव भई काम गर्ने सौभाग्य पाएको क्षणमा उद्घोषक भई काम गर्दा सरकारबाट इशाराले कार्यक्रम सम्पन्न भएको उद्घोषण गर्न अह्राइबक्सेको क्षण मेरो मानसपटमा नाचि रहन्छ । म यो क्षण कहिल्यै भुल्न सक्तिन । यस्तै सवारीताक दर्शनभेट पाएको अवसरमा म गाउँघरका समाचारहरू निःशुल्क सम्प्रेषण गरी राजधानी पठाउने गर्दै छु भनी सरकारमा बिन्ती गर्दा सरकारबाट मुस्कुराउँदै “गुड” भनिबक्सेको क्षण मेरो कानमा अझै ताजै छ । ममतामयी श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकारमा त्यसताका नेपाल रेडक्रस सोसाइटी जिल्लाशाखा तेह्रथुमको गतिविधि र दैवीप्रकोपउद्धार सामग्री भण्डारको अवलोकन गराउने सौभाग्य पाएको ताका मलाई राम्रो काम गर्न हौसला बक्सँदै धन्यवाद हुकुम बक्सेको स्मरण मेरो मानसपटलमा अझै झरिलै छ । राजपरिवारमा यस्तो आपत कसरी पर्न गयो, त्यसै मन, मुटु सबै गाँठो परी भक्कानो छुटिआउँछ । यस असामयिक एवम् हृदयविदारक वेदनापूर्ण र अकल्पनीय घटनाले हामी स्तब्ध र मर्माहत भएको क्षण शाहीपरिवार र सिङ्गो मुलुक असहनीय शोकमा डुबेको यस घडीमा हामी परमपिता परमेश्वरसँग मौसुफहरूको आत्माको चिरशान्तिका लागि प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्छौं ।

श्री ५ वीरेन्द्र सरकारबाट बक्सेको महावाणीहरूले प्रत्येक क्षण उत्साह, जाँगर जगाइरहेको हुन्छ । "दु:खको बेलामा नै मानिसको पहिचान हुन्छ । नेपाल सबैको भलो चिताउँछ र स्वयम् शान्तिक्षेत्र भई बाँच्न खोज्ने देश हो । प्रजातन्त्र भन्नु नै आफू र आफ्नो समाजको जिम्मा आफ्नो काँधमाथि बोक्नु हो ।" जस्ता मार्गनिर्देशनलाई इमान्दारी र साहससाथ पालन गरी देशका लागि कर्तव्यनिष्ठ हुन सक्यौं भने हाम्रा पुर्खाहरूको सपना साकार गर्न सक्छौं । हामीलाई सुमार्गमा हिड्न सदा मार्गनिर्देशन बक्सने, डाँडापाखा गाउँघर घुम्ने राजाको सम्झनाले उत्साह र जाँगर जगाएको हुन्छ ।

म्याङलुङ्ग बजार, तेह्रथुम

●

कलाकार राजासँग कलासंरक्षणविद्को भेट

• *भीमबरसिंह थापा*

कुरा २०२२ सालको हो । उपेन्द्र सापकोटा र म बि.एस्सी गरेपछि तत्कालीन पब्लिक साइन्स कलेज लैनचौरका प्रिन्सिपल अमृतप्रसाद प्रधानलाई भेट्न गयौँ । उहाँले हामीलाई खुसी भएर मैत्रीपूर्वक बधाइ दिनुभयो र सम्झाउँदै भन्नुभयो- हेर बाबु हो तिमीहरू एक दुई वर्ष बाहिर पढेर डिग्री डिप्लोमा गरेर आए पनि पाउने यही थर्डक्लास अफिसर हो । अहिले नै तिमीहरूलाई अफिसर तह दिन्छु भन्याछ । यो मेरो चिठी लिएर पुरातत्त्व विभागमा जाओ । पास गरेको तुरुन्तै जागिर पाउनु यो भन्दा अर्को खुसी के हुन सक्छ । हामी अमृत सरको चिठी लिएर पुरातत्त्व विभागमा गयौँ र तत्कालीन निर्देशक रमेशजङ्ग थापालाई दियौँ । तीन दिनपछि हाम्रो ६ महिने तालिम शुरु भयो- भक्तपुर दरबारको भित्तेचित्रमा । छ महिनाका लागि छात्रवृत्ति तत्कालीन भारतीय सहयोग मिसनले प्रदान गऱ्यो । तालिमका गुरु थिए-देहरादुन आर्कियोलोजिकल सर्भे अफ इण्डियाबाट आएका विशेषज्ञ डि.पि. पुरी ।

यो सम्पूर्ण तारतम्य तत्कालीन युवराजाधिराज श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकारले काठमाडौँ उपत्यकाको मल्लकालीन भित्तेचित्र संरक्षणमा अभिरुचि राखिबक्सेबाट मिलेको रहेछ । भक्तपुरमा काम गर्दागर्दै पटकपटक सवारी भयो तर हामीलाई नभेट्ने गरी । हाम्रो तालिम सकियो । हाम्रा प्रशिक्षक पुरी भारत फर्किए । गुठी जीर्णोद्धार एवम् निर्माण समितिमा हामी दुवैले नियुक्ति पायौँ- अधिकृत तहमा । कामको जिम्मेवारी तोकियो- कुमारी घरको भित्तेचित्र संरक्षण गर्ने । यस कामका लागि पनि वीरेन्द्र सरकारले गहिरो चाख राखिबक्सेको रहेछ । त्यस बेला भित्तेचित्र संरक्षणका लागि चाहिने रसायनहरू नेपालमा पाइँदैनथ्यो । पूर्णहर्ष माडसाब र म कलकत्ता गएर रसायनहरू ल्यायौँ र समयमै कामहरू गऱ्यौँ ।

कुमारीघर हनुमानढोकामा कुमारीको हेरचाह गर्नेमध्येमा एक जना बूढी आमा थिइन् । उनी हामीलाई देउताको काम गर्ने मान्छे भनेर असाध्यै माया गर्थिन् । खाजाको रूपमा प्रसाद खान दिइरहन्थिन् । एक दिन काम गर्दै थियौँ, बूढी आमा कोठामा पसिन् र भनिन्-सरकार सवारी भयो । हामी दुवै एक्कासी आत्तियौँ । हामी सँभालिउन्जेलसम्ममा सादा पोशाकको अङ्गरक्षकसँग कुमारीघरको माथिल्लो तलामा आइ पुगिबक्स्यो सरकार, हामी स्वागत गर्न ढोकामा पुग्यौँ । वीरेन्द्र सरकार सरासर मन्दिरको भित्र सवारी हुन लागेको थियो । बूढी आमाले भनिन- सरकार लाँकाँ । हाम्रा मुखबाट पनि एक्कासी निक्लियो- जुत्ता फुकाल्नु पर्छ सरकार ।

सरकारले घुँडासम्म आउने बुटजुत्ता पहिरिबक्सेको थियो । अङ्गरक्षक थ्याच्च भुइँमा बसे र सरकारको पाउ आफ्नो तिघ्रामाथि राखे । फासनर खोले । दुईहातले बुटजुत्ता तान्दा पनि निक्लन गाऱ्हो मान्यो । सरकार पनि झ्यालको फल्याकमा बसि- बक्सियो । खुट्टा तेर्सो भएपछि जुत्ता फुक्लियो- सजिलैसँग ।

हामीले सबै बतायौँ- भित्तेचित्रको बारेमा, बिग्रनुको कारण, कालो सफा गर्ने तरिका, संरक्षण गर्ने विधि र पछि अपनाउनु पर्ने सतर्कता । सरकार एकदमै खुसी होइबक्स्यो र हुकुम भयो- "यो काम तिमीहरू आफैँ गर्न सक्छौ होइन ?"

हामीले जबाफ दियौँ -सक्छौँ, सरकार !

“भेरी गुड” सरकारबाट हुकुम भयो- “हामीले सधैँ विदेशीको मात्रै भर पर्न हुँदैन । आफ्नो काम आफैँले गर्ने गर्नुपर्दछ ।”

‘सरकारको हुकुम शिरोपर’ हामी नतमस्तक भयौँ । सरकारको फिर्ती सवारी भो । हामी हाम्रो कामप्रति अझै सन्तुष्ट भयौँ । आफ्नो उचाइ बढेको महसुस भयो । कुमारीघरको एक वर्ष कार्यकालमा वीरेन्द्र सरकार तीनपल्ट सवारी भयो र प्रत्येकपल्ट एउटै वाक्य हुकुम भयो- “हामीले सधैँ विदेशीको भर पर्नुहुँदैन । हामी आफैँ सक्षम हुनुपर्दछ ।”

यो वाक्य मेरो कानमा अझै पनि गुञ्जिरहेछ । साँच्ची भनौँ भने मेरो जागिरे जीवनमा यो वाक्य मूलमन्त्र भएर बस्यो ।

कुमारीघरको कार्य सफलतापूर्वक सम्पन्न भएपछि पुरस्कारस्वरूप मैले इटालीको छात्रवृत्ति प्राप्त गरेँ । विभागको दरबन्दीमा नियुक्ति भयो । तालिमबाट फर्केपछि हाम्रो कार्य क्षमता, सूक्ष्म रूपमा समस्याको अध्ययन गर्ने क्षमता, अझ बढ्यो । हामी पुरातात्त्विक वस्तुहरूको संरक्षणमा तल्लीनता पूर्वक लाग्न थाल्यौँ ।

अब युवराजबाट श्री ५ महाराजाधिराज सरकार होइबक्सेको थियो -श्री ५ वीरेन्द्र । मोती र झरनाजस्ता उत्कृष्ट कलाका सर्जक राजालाई कला र संस्कृतिमा बहुतै प्रेम थियो । जसरी हुन्छ उसको संरक्षण होस् भन्ने चाहिबक्सन्थ्यो । कलाकार राजाको हृदय साँच्चै नरम थियो, विशाल थियो, सुन्दर थियो- आफ्नो कलाजस्तै ।

संरक्षण र जीर्णोद्धारको सिलसिलामा श्री ५ वीरेन्द्रसँग पटकपटक विभिन्न स्थानमा भेट भइरहन्थ्यो । काष्ठमण्डप जीर्णोद्धार, भक्तपुरको वत्सला मन्दिर जीर्णोद्धार र लुम्बिनीको मायादेवी मूर्ति संरक्षणमा सरकारसँग भेटवार्ता भएतापनि पशुपतिनाथको एउटा घटना स्मरणयोग्य छ । पशुपतिनाथको शिरमाथि चाँदीको चँदुवा छ । त्यो प्रत्येक दिनको आरतीले कालो भएछ । त्यहाँ सफा गर्ने कुरै भएन । बाहिर झिक्न कसैको आँट भएन । मूलभट्टले सरकारलाई बिन्ती चढाएपछि सरकारबाट हुकुम भएछ- “केमिष्टहरूलाई सफा गर्न लगाउनू ।” उपेन्द्र र म पशुपतिमा खटियौँ । त्यस चाँदीको चँदुवामा समयकालले एक प्रकारको पटिना (लेप) लागेको थियो । संरक्षणको सिद्धान्तअनुसार कालो सफा गरे पनि यो कालक्रमले जमेको पटिना संरक्षण गर्न आवश्यक थियो । हामीले त्यसै गऱ्यौँ तर त्यो न राजालाई, न भट्ट, न मूल पुरोहितलाई, न हाम्रो हाकिमलाई र न दरबारलाई नै मन पऱ्यो । हाम्रो दुई हप्ताको परिश्रमलाई बाँडाहरूले गोलमा पोले र रिट्ठापानीले धोएर चम्काए ।

त्यस्तै भक्तपुरको भीमसेन मन्दिर जीर्णोद्धार गर्दा त्यहाँ भित्तामा भीमसेनको भित्तेचित्र चित्राङ्कित थियो-१७ औं शताब्दीको मल्लकालको । त्यसलाई भित्ताबाट हटाएर गारो बनाइसकेपछि पुनः त्यसै ठाउँमा टाँस्न हामीलाई भनियो । मैले इटालीमा सिकेको फ्रेस्को टेक्निकमात्रै थियो । यो टेम्परा टेक्निकमा थियो । हामीले आफ्नै तरिका अपनायौँ । चार टुक्रामा भित्तेचित्रलाई काट्यौँ र बाक्लो लिउनसहित भेनेष्ट्रामा पल्टाएर झिक्यौँ । भीमसेन मन्दिरको गारो बनेपछि हामी त्यहाँ पुग्दा भिल्लको देशमा मणि मिल्किए झैँ त्यो भित्तेचित्र डकर्मीहरूले मिल्काइसकेको थिए । काटिएको पुरानो चित्र उनीहरू टाँस्न चाहँदैनथे । बरु त्यसको स्थानमा नयाँ लेखाउन चाहन्थे । यहाँ यो सन्दर्भ उल्लेख गर्नुको मतलव पुरातात्त्विक वस्तुहरूको संरक्षणमा, संवर्द्धनमा एउटा पक्षको मात्रै सजग र सचेतताले मात्रै पुग्दैन, विभिन्न तहका व्यक्तिहरू पनि त्यत्तिकै सचेत हुनपर्छ अनि मात्रै संरक्षण पूर्ण हुन्छ भन्ने हो ।

यो मेरो जागिर जीवनको एउटा पाटो थियो भने अर्को पाटो कलाकारिता थियो । रङ्गमञ्चमा पनि धेरैपटक श्री ५ वीरेन्द्रसँग मेरो भेट भयो । श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मीदेवी शाह सरकारको शुभविवाहको सुखद उपलक्ष्यमा खाँडो जगाउन दरबारमा मेरो नाम पनि सिफारिस भएर पुग्यो । तत्कालीन युवराजाधिराज दीपेन्द्र सरकारले मेरो खाँडो वाचन दरबारकै अफिसमा सुनिबक्स्यो, म छानिएँ । श्री ५ अधिराजकुमारी श्रुतिको शुभविवाहमा श्री ५ वीरेन्द्र सरकार विवाह मण्डपमा बसिबक्स्यो- खाँडो सुन्न । ब्राह्मणहरूले पाठ रोके । झण्डै १५ मिनेट जतिको खाँडो समाप्त भएपछि बैरीको टाउकोमा ठचाक । ठचाक ॥ ठचाक ॥। गरेर खुकुरीको दापमा तीनपल्ट हिर्काएँ । सरकार जग्गेबाट जुरुक्क उठिबक्स्यो र भनिबक्स्यो- भेरी गुड । मलाई ठूलो पुरस्कार पाएजस्तो भयो- सरकारबाट ।

त्यसपछि हाल श्री ५ युवराजाधिराज पारसवीरविक्रम शाहदेव सरकारको शुभविवाहमा पनि डिल्लीबजारमा खाँडो भन्ने सुअवसर पाएँ । तर त्यहाँ राजपरिवारको सदस्यहरूको उपस्थिति थिएन । दोसल्ला पनि दिइएन । ध्यान दिएर सुन्ने श्रोता पनि थिएनन् । माहोल अर्कै थियो । मन पहिलेको जति प्रफुल्ल भएन ।

२०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा अकल्पनीय घटना घटेछ । म १९ गते नै बूढानीलकण्ठ मुहान पोखरी धर्म चाङ्गमा विपश्यनाध्यानका लागि गएको थिएँ । देशभित्र मात्रै होइन देशबाहिर समेत हलचल मच्चिएको त्यो भयङ्कर घटनाको सुइँको हावाले समेत साधकसाधिकाहरूलाई दिनु पनि हुँदैनथ्यो । यदि थाहा दिएको भए कसैले ध्यान गर्न पनि सक्दैनथे कि शायद । शिविरको अन्तिम दिन क्षत्रीय आचार्य रूपज्योतिले जानकारी गराउनु भयो । सबै स्तब्ध भए । दश दिनको ध्यानसाधनाले समता पुष्ट पारिसकेका साधक- साधिकाले अनित्य बोध गरे । केही

क्षणमै नियन्त्रित भए । म भित्र तर्कवितर्क, विचार चल्यो-कलाकार राजा, जससँग मेरा कला संरक्षण र कलाकारको हैसियतले भेट भयो । सोझा, कर्तव्यनिष्ठ, प्रजातन्त्रिक र अझ भनौं संवैधानिक राजालाई पञ्चायतले जति ढाल बनाएर फाइदा लुटे, त्यो भन्दा बढ्ता बहुदलवादीहरूले चुसे । कोही कुनै संविधानको दायराभित्र बसेनन् तर राजा वीरेन्द्रले अक्षरशः संविधानको पालाना गरिबक्सियो । यस्ता प्रिय राजाको देहावसानमा न मैले अन्त्येष्टिमा भाग लिन पाएँ न अन्य कुनै कार्यक्रममा । १२ दिनपछि विपश्यनामा ध्यानबाट फर्कंदा काठमाडौं शहरको वातावरण अर्कै भइसकको रहेछ । प्रायः सबैको मुडुला टाउका थिए । मैले कपाल मुण्डन गर्न भ्याइन । मेरो लामालामा कपाल देखेर धेरैले सोधे । मैले स्पष्टीकरण दिनुपऱ्यो धेरैलाई ।

राजा वीरेन्द्रले विपश्यना ध्यानमा पनि चाख लिइबक्सेको थियो । विपश्यनाचार्य गुरु सत्यनारायण गोएन्कासँग शिविरमा भेटघाटको साथै ध्यानकेन्द्रको निरीक्षण पनि गरिबक्सेको थियो तर ध्यान भने विभिन्न कारणले गर्न पाइबक्सेन ।

जबजब राजा वीरेन्द्रको स्मरण हुन्छ त्यही शब्द बारम्बार मेरो कानमा गुन्जिन्छ- हामीले सधैं विदेशीको भर गर्न हुँदैन । यस्ता देशभक्त राजा र राजपरिवार जुनसुकै लोकमा, जुनसुकै जस्तोसुकै अवस्थामा जहाँ भए पनि मङ्गल होस् । कल्याण होस् दुःख सागरबाट मुक्ति होस् । मोक्ष होस् । पुनः यो दुःखचक्र, भवचक्र, लोकचक्रमा फस्न नपरोस् । यही नै मेरो हार्दिक श्रद्धाञ्जली स्वर्गीय राजा र अन्य स्वर्गीय राजपरिवारका सदस्यहरूलाई ।

●

राजा पनि हामीले जस्तै खादारहेछन्

● डा. भूपहरि पौडेल

म जनकपुर अञ्चल, रामेछापको सैपू रोपारुमा जन्मेको मानिस हुँ । मेरो पूर्वजन्मको कमाइको फल होला, मैले मेरी आमाको दुई दिनमात्र दूध खान पाएँ । त्यसपछि सिकिस्त बिरामी भई म दुई वर्षको छँदा मेरी आमाको देहावसान भयो । त्यसपछि बाले अर्की स्वास्नी ल्याउनुभएन । 'प्राकृतिक नियमविपरीत म स्वास्नी बटुल्दै हिड्दिन' भन्ने विचारमा बा अडिग रहनुभयो । बाले मेरो मुख हेर्नुभयो । दुःखजिलो गरेर मलाई हुर्काउन, बढाउन र पढाउनमात्र बाले समय खर्च गर्नुभयो ।

हामीलाई गाउँका भद्रभलाद्मीहरू सताइरहन्थे । शोषण गर्थे । आफ्नो गाउँबाट लघार्न खोज्थे । त्यो बेला गाउँका ठूला मान्छे भनेका मुखिया हुन्थे । मुखियाहरू गाउँका सोझाको खेतबारी लुट्थे । घरबास उठाउँथे । त्यसैले गाउँमा बस्ने सबैले मुखियालाई रिझाउनुपर्थ्यो । चाडपर्व, (दसैं-तिहार) मा मुखिया कहाँ केराका घरी, दहीको ठेकी, खसी-बोकाका टाउका, हर्पेको घ्यू कोसेलीका रूपमा लानुपर्थ्यो । यसलाई 'मुखिया मान्न गएको' भनिन्थ्यो । मेरो बा गाउँका मुखिया बटुलीबारीका बद्री पौडेललाई त्यसै गरी कोसेली लिएर 'मुखिया मान्न' जानुहुन्थ्यो । मान्न नगए अत्तो थापेर दुःख दिन्थे, घरबास लुट्थे ।

घरको अवस्थाले सानो छँदा नयाँ ठाउँ घुम्न, मान्छेको सङ्गत गर्न पाइँन । दिनहुँजसो भैंसी चराउन 'भैंसे' जान्थें । त्यो चौरबाट अलिकपर गँगरपुको डाँडामा जान्थें, हेर्थें । पारिगाउँ परसम्म फैलिएको देख्दथें, हिमगङ्गा (लिखु) नागबेली परेर परपरसम्म बगिरहेको मजा मानेर हेर्थें । गाउँमा म अरूभन्दा भिन्नै थिएँ । मलाई प्रकृति मन पर्थ्यो, खुब हेर्थें । मेरो आँखाले भ्याएको मात्र संसार हो, अर्को संसार छैन भन्ने मलाई लाग्थ्यो । थियो त्यस्तै । गाउँ नै संसार हो, गाउँका राजा मुखिया हुन्, अर्को राजा छैनन्, हुँदैनन् भन्ठान्थे । वैदिक युगमा राजा थिए, उपनिषद् युगमा पनि जनताको भलो गर्ने राजा थिए, पौराणिक युगमा थिए, त्यस्तै, लिच्छवि, मल्ल र शाहवंशका राजाहरूले नेपालमा शासन गरेका थिए र छन् भन्ने पनि मलाई थिएन । म जन्मदासम्ममा नेपालमा राजा त्रिभुवनले शासन गर्दै थिए, म जन्मेको लगत्तै महेन्द्रले शासन गर्न थानेकोको कुरो बाले सुनाउनुभएको थियो तर मेरो बाल्यकालको दिमागमा घुसेको थिएन । बा पढिरहनुहुन्थ्यो । धेरैजसो किताबमा राजाका इतिहास, कथाहरू आउँथे तर सुनाउञ्जेल सुन्यो, सुन्न छोडेपछि बिर्स्यो भनेजस्तै थियो ।

वि. सं. २०१८/०१९ सालतिर सैपूको चण्डीडाँडामा रामेछापका बडाहाकिम धर्मबहादुर पहाडी आएका थिए । गाउँमा सबैलाई उर्दी थियो जानैपर्ने । बा र म मञ्चको छेउमै बसेका थियौं । घाम ढल्कन लागेका बेला बडाहाकिम चण्डीडाँडामा आए । ऊ......परैदेखि पञ्चेबाजाको स्वरले गाउँ, वन सबै थर्केको थियो । बडाहाकिम घोडामा चढेका थिए । अगि, पछि, वरिपरि थुप्रै मानिस थिए । म एकटकले सारा दृश्य हेरिरहेको थिएँ । चण्डीडाँडामा बनाएको मञ्चमा आएर बडाहाकिम बसे । स्वागत कार्यक्रम भयो । उनको धेरैले प्रशंसा गरे । खानामा पनि चौरासी परिकार तयार गरिएको थियो । त्यसपछि मेरो मनमा लाग्यो- ए, गाउँको मुखियाभन्दा त बडाहाकिम पो ठूला रहेछन् । म पनि

बडाहाकिमजस्तै ठूलो मान्छे हुन पाए गाउँका मुखिया मासिदिन्थें । त्यसपछि घरका मीठामीठा खानेकुरा, "मुखिया मान्न" लानुपर्दैनथ्यो । आफैं खान पाइन्थ्यो । अनि, घ्याङडाँडाका टङ्कराज पौडेलले मुखिया भएकै बेला हाम्रो दाइँ रोपारु खण्डखेत सित्तैमा लुटेर खाएका थिए, त्यो पनि फिर्ता लिने थिएँ । मेरो सोचाइ फराकिलो हुँदै गयो ।

'ओरालो लागेको मृगलाई बाछाले पनि लखेट्छ' भनेझैँ हामी (बा र म) लाई गाउँलेले दुःख दिनसम्म दिने मनसाय राखेका थिए । यस्तै, यस्तै जालमा परेर तिनमुरी धान फल्ने ओखरबोटे खेत बेच्नुपर्ने स्थिति आयो । २४० रूपैयाँमा माझाघरका ईश्वरीप्रसाद र मानप्रसादले लिने भएका थिए । राजीनामा पास गर्न रामेछाप नै आउनुपर्थ्यो । मेरो घर सैपूबाट नौ कोस बाटो हिडेर रामेछाप आइपुगिन्थ्यो । बा र म रामेछाप बजार आयौँ । त्यहाँ मैले अनौठा-अनौठा मानिस देखेँ । धोक्रे जिनका सुरुवाल लगाएका, रातो थ्याच्च परेको टोपी लगाएका र घँगारुमा लौरा हल्लाउँदै गरेका मानिस देखेँ । त्यस बेला आफ्नो धान रोप्ने खेत घट्न लागेकामा सुर्ता लागेको थियो । ती अनौठा मानिसहरूका बारेमा मैले बासँग सोध्ने मौकै पाइन ।

सैपूका मानिसले हामीलाई त्यहाँ बस्न दिएनन् । लखेटे । २०२१ साल माघ २३ गते शुक्रबार बा र म मध्यरातमा सैपू छोडेर ज्यान जोगाउँदै बाटो लाग्यौँ । हामीलाई धोबीसम्म पुऱ्याउन डाँडाघरका टेकप्रसाद पौडेल आएका थिए । त्यंसपछि हामी हिँडेर मङ्गलबार माघ २७ गते दिउँसो चार बजे डिल्लीबजार आइपुग्यौँ । त्यो दिन मानभवन नरडेरास्थित कान्छा हजुरबा दाताराम शर्माकहाँ पुगिन्थ्यो होला तर मङ्गलबार भेट गर्न नहुने परम्पराअनुसार हामी डिल्लीबजार ढुङ्गेधारा अगाडिको झिँगटीको घरमा वास वस्यौँ । भोलिपल्ट बिहान धारामा मुखधुन जाँदा मोटामोटा, राताराता आँखा गरेका, धोक्रे सुरुवाल र ऊनीको सुइटर अनि रातो थ्याप्चे टोपी लगाएका घँगारुका लौरा हल्लाउँदै हिडेका मानिस देखेर मैले वासँग सोधेँ-

"बा, बा ! राजा भनेका तिनै हुन् ?

मेरा प्रश्न सुनेर बाले मुसुक्क हाँसेर जवाफ दिनुभयो-

"नानी ! ती त पुलिस हुन्, राजा होइनन् ।"

२०२५ सालमा कविराज तीर्थराज आचार्यले खोलेको र ठमेलमा रहेको वेद-वेदाङ्ग विद्यालयमा पढ्न भर्ना भएँ । मैले त्यस विद्यालयबाट वेद, रुद्री, लघुकौमुदी, अमरकोष, गणित, सामवेद, अथर्ववेद, आदि थुप्रै विषय पढ्ने मौका पाएको थिएँ । समयसमयमा विभिन्न ठाउँबाट विद्यार्थी वटुकहरूको माग हुन्थ्यो । स्वस्तिवाचन गर्न सक्ने कहीं एघार जना त कहीं ५ जना वटुकहरू आमन्त्रित हुन्थे । दुवै संख्याको मागमा म विद्यालयबाट छानिन्थें । एकपटक २०२४ मा राजदरबारमा धार्मिक कार्य परेको रहेछ । एघार जना बटुकहरू ल्याउनू भनेर श्री ५ महेन्द्रले नै भनेका रहेछन् । तीर्थराज गुरुले हामी वटुक विद्यार्थीलाई राजदरबार लिएर जानुभयो । स्वस्तिवाचन गर्‍यौं । केहीबेर त्यहीं बस्यौं । राजदरबारको धार्मिक कृत्य हेर्‍यौं । म पहिलोपटक राजदरबार प्रवेश गरेको थिएँ । चारैतर्फ आँखा डुलाएँ । बाल-मस्तिष्कले जति सक्थ्यो ग्रहण गरेँ । त्यसपछि नजिकै भान्छाघर जस्तो लाग्यो । मलाई राजाको भान्छाघर हेर्ने खुब रहर लाग्यो, तर सोध्ने र त्यहाँ जानसक्ने आँट भएन । गुरु तीर्थराजसँग सोधूँ भने गाली गर्नुहुन्छ भन्ने डर थियो । राजदरबारका सिपाही र कर्मचारीसँग सोध्नु त के नजिक जानसमेत आँट थिएन । अनि मैले सहपाठी साथी केशव लम्सालसँग सोधेँ । उनका बा राजदरबारमै सहायक पुजारी भएका हुनाले केशव बारम्बार त्यहाँ गइरहन्थे । उनले "राजा त्यही भान्छामा पकाएको खाना ज्युनार हुन्छ" भनेर बताए । त्यसपछि जेजसो होला भनेर भएभरको साहस बटुलेर भान्छाघरको ढोकाबाट यसो हेरेँ-

त्यस भान्छाघरमा कोही भुजा पकाउँदै थिए, कोही तरकारी केलाउँदै थिए, कोही अचार बनाउँदै थिए, कोही गाग्रीबाट पानी सारेर तरकारी पखाल्दै थिए । एक मिनेटभित्र हेरिभ्याएँ र आफ्ना साथीहरूको समूहमा मिसिएँ । मलाई केही साथीले गाली पनि गरे, "धत्तेरी तैँले के गरेको ? अहिले सिपाहीले देखेका भए तँलाई यहीं बाँधेर थुन्ने थिए ।" त्यसपछि मलाई डर लाग्यो र थरथर काम्न थालेँ । साथीहरूले गुरुलाई कुरा लगाइदिने हुन् कि भन्ने पनि लाग्यो तर भाग्यले बचेँ । कसैले पनि गुरुसँग मेरा बारेमा केही कुरा गरेनन् । मेरा मनमा लाग्न थाल्यो- राजाले पनि हामीले खाए जस्तै खानेकुरा पो खाने रहेछन् ।

कविराज तीर्थराज आचार्य-गुरुको विद्यालयमा पढ्दा बा र म मदनविक्रम राणाको घर धोबीचौरमा बसेका थियौँ । हामी भुँडीगणेशथानमुनिको लामो टहरामा बसेका थियौँ । पूर्वतिरको कोठामा एकजना बाजे थिए । उनी बिहान सधैँ दुईबजे उठेर पशुपति जान्थे । आर्यघाटमा वाग्मतीस्नान गर्थे । पशुपतिको दर्शन गर्थे अनि चन्दन लिएर राजदरबार जान्थे । त्यहाँ राजालाई चन्दन टक्र्याएर, राजदरबारका अरू कर्मचारीलाई चन्दन लगाइदिएर बिस्तारै अन्य इच्छुकहरूलाई पनि चन्दन लगाइदिदै कोठामा आउँथे । कोठामा आइपुग्दा कहिले नौ त कहिले दस बजिसकेको हुन्थ्यो । ती बाजेको एउटा आँखो थिएन । उनी र म एउटै भान्छामा भात खान्थ्यौँ । उनकी श्रीमती राजदरबारमा राजालाई भुजा पकाएर ख्वाउने भान्छे बज्यै थिइन् । उनी धैरै समयको अन्तरालमा श्रीमान् भेट्न आउँथिन् । गोरो वर्णकी मोटीमोटी ती

बज्यै राजदरबारको कुनै कुरा गर्दिनथिन् । उनी आएपछि राजालाई भुजा पकाएर ज्युनार गराउने बज्यै भनेर म छक्क परेर हेरिरहन्थ्यौं ।

२०२६ सालको फागुनमा युवराजाधिराज श्री ५ वीरेन्द्रको शुभविवाहको तयारी भइरहेको थियो । त्यसबेला बा र म गणबहालस्थित ऋद्धिविक्रम राणाको घरमा डेरा लिएर बसेका थियौं । उसबेला कोठाको भाडा तिर्नु पर्दैनथ्यो । त्यस समयमा बर्माका लागि शाही नेपाली राजदूतमा ज्ञानेन्द्रबहादुर कार्की थिए । उनको र घरबेटी ऋद्धिविक्रमकी जेठी श्रीमतीका छोरा दिवाकरविक्रम राणाको घनिष्ठ मित्रता थियो । बर्माबाट काठमाडौं आउँदा एयरपोर्टमा ओर्लनेबित्तिकै सरासर आफ्नो कोठामा नगई दिवाकरविक्रमकहाँ आउँथे । श्री ५ युव राजाधिराज वीरेन्द्रको शुभ-विवाह कार्यक्रममा समुपस्थित हुन राजदूत ज्ञानेन्द्रबहादुर कार्की पनि काठमाडौं आएका थिए । उनी आफ्नो घरमा भन्दा दिवाकरकै घरमा धेरैजसो समय बिताउँथे । फागुन १६ गते विवाहको दिन थियो । सबैजसो मानिसहरू युवराजाधिराज वीरेन्द्रको शुभ-विवाह हेर्न गएका थिए । मलाई पनि जान रहर लागेको थियो तर बा भने हेर्न जान दिनुहुन्थेन । त्यही घर छेउकै अर्को घरमा डेरा लिएर बस्ने एउटी बूढीले भनिन्-

"बाजे, आफू नगए पनि यी सानु नानीलाई त युवराजको बिहे हेर्न पठाउनुभए हुन्छ नि ।"

बूढीको कुरा सुनेर बाले भन्नुभयो-"देशको सबै शासन अधिकार आफ्नो हातमा लिने राजाको छोराको बिहे हेर्न के जानु र छोरालाई पनि के पठाउनू ? राजा त देशको संविधानभित्र बस्नुपर्छ । देशको शासन जनताले छानेका प्रतिनिधिले गर्ने हो, राजा त राष्ट्रको मुख्य नायक भएर रहनेमात्र हो ।"

बाका कुरा सुनेर मलाई डर लाग्थ्यो तापनि बूढो मान्छेले बोलेका हुन् कसैले केही गर्दैन भनेर अरू मानिस मलाई सम्झाउँथें । त्यसैपछि बाले मसँग भन्नुभयो-"म चाहिँ युवराजको बिहे हेर्न जान्न । तैंले रहर गरिहालिस् । जा । धेरैबेर नहेर्नू ।"

बाको आज्ञाले म खुसी भएर श्री ५ युवराज वीरेन्द्रको बिहे हेर्न गएँ । म भद्रकाली नजिकै पुग्दा जन्ती सिंहदरबारतर्फ अगि बढिरहेको थियो । युवराज तासका दौरासुरुवाल लगाएका, खुकुरी भिरेका, सिँगारेका हात्तीमाथि चढेका एकैनासका लुगा लगाएका थुप्रै मानिसहरू, राष्ट्रिय पोशाकमा सजिएका कर्मचारीहरू, हेरेर म आफ्नो डेरातर्फ गएँ । त्यसपछि मलाई लाग्यो- बा र म (हामीजस्ता अरू पनि होलान्) खान नपाएर, गतिलो डेरा नभएर, आङ पनि राम्रोसँग ढाक्न नपाएर, पढ्न किताब, कापी किन्न नसकेर र खाजा खाने ५ पैसासम्म नभएर यस्तो हविगत भइरहेछ । युवराजको त्यस्तो भव्य विवाह भइरहेछ । उता यही विवाहमा भएको खर्चमध्ये अलिकति हामीलाई दिए पनि त खान खर्च हुन्थ्यो, किताबकापी किन्थें, मिहिनेत गरेर पढ्थें, पछि गएर देशको सेवा गर्थें । मनमा यिनैयिनै कुरा खेलाएँ । बाले भन्नुभएका कुरा सम्झें । बिहे हेर्न नजाँदा जान पाइन भन्ने हुन्थ्यो भने जाँदा आफ्नो दुर्दान्त स्थिति र बिहेको रमझम देखेर झन् दिक्क लाग्यो ।

वि.सं.२०२८ साल माघ १५ गते शनिबार मेरो बा रूद्रप्रसाद पौडेल परलोक हुनुभयो भने सोही साल माघ १७ गते सोमबार राजा महेन्द्रको स्वर्गारोहण भएको थियो । जाउलाखेल, मानभवन नरडेरास्थित मेरा कान्छा हजुरबा दाताराम शर्मा (प्रसिद्ध पत्रकार) का घरमा म किरिया बसेको थिएँ । महेन्द्र गए, श्री ५ वीरेन्द्र गद्दीमा आरोहण गरे मुख्य कुरा यही थाहा पाएँ । मेरो बा परलोक हुनुभयो टेकूमा शवको दाहसंस्कार भएको थियो । बाको शवमा दागवत्ती दिएको १५ मिनेटपछि म त्यहाँबाट हिड्नुपर्ने स्थिति थियो, हिडें । मेरो बा खरानी होउञ्जेल बस्न नसक्ने दयनीय स्थिति, तर, राजा परलोकवासी हुँदा यतिविघ्न प्रचार-प्रसार, रेडियोमा महेन्द्रको स्वर्गारोहण र वीरेन्द्रको राज्यारोहणबाहेक अरू समाचारै हुँदैनथे । पत्रपत्रिकामा तिनै समाचार छापिन्थे । मेरो बा परलोक हुँदा मलाई समवेदना दिने र मेरो बाको परलोकवासी आत्माको चिरशान्तिको कामना गर्नेहरू हजुरबा दाताराम, हजुरआमा, काकाहरू, फूपूहरू, बच्चुदिदी, टेकप्रसाद घिमिरे, मोहनप्रसाद तिमिल्सिना र नारायण पोखरेलमात्र थिए । श्री ५ महेन्द्र परलोक भएकामा श्रद्धाञ्जली, चिरशान्तिको कामना, श्री ५ वीरेन्द्रमा राज्यारोहणको उपलक्ष्यमा बधाइका समाचारहरू प्रकाशमा आएका थिए । मेरो बाको १३ दिनको काम सकेपछि कान्छी हजुरआमा अन्नपूर्णादेवीले पकाएको भात खाएर म कालमोचनतिर घुम्न गएको थिएँ । त्यहाँ बेग्लै रमझम थियो तर हर्षको होइन शोकको । एकछिनपछि काट्टेबाहुनलाई हात्तीमा चढाएर जाउलाखेलको काट्टेपाटीमा लगेको दृश्य देखें । त्यसपछिका सबै कुरा समाचारका रूपमा छापिएका पत्रपत्रिका पढेर थाहा पाएँ । त्यसपछि मैले अरू केही सोचिन- म बा परलोक भएपछि नितान्त एक्लो भएँ । अब मेरो अभिभावक कोही रहेन । जन्म दिने आमा भए पनि मलाई हुर्काउने, पाल्ने, पोस्ने, पढाउने बा हुनुहुन्थ्यो । अब मेरो इतिहास निर्माणतर्फ अभिप्रेरित गर्ने कोही भएन.......। म यही चिन्ता गरिरहन्थें ।

वि.सं. २०३१ सालमा श्री ५ वीरेन्द्रको राज्याभिषेक भयो । त्यसबेला राजालाई नजिकैबाट हेर्न पाउने कार्यक्रममा त मैले जाने मौका पाइन तर राज्याभिषेकका अवसरमा प्रकाशित सबै समाचार किनेर पढ्थें । एकताका त्यसको मसँग सङ्ग्रह नै थियो । अर्को कुरा राज्याभिषेकका अवसरमा श्री ५ वीरेन्द्र विभिन्न

कार्यक्रममा भाग लिन जान्थे । उनी गएको र फर्केको म चाख मानेर तीनधारा पाठशालाको पेटीबाट हेर्थें । त्यसबेला मेरा लुगा फाटेर जीर्ण भएका थिए । कापीकलम किन्न घ्यू, चामल बेच्नुपर्ने अवस्था थियो । राज्याभिषेकमा यतिका खर्च भएको छ, त्यसमध्ये अलिकति मलाई दिए, म त्यसको सदुपयोग गर्दो हुँ, पढ्थें, लेख्थें, खर्चबिना पढाइ रोकिने थिएन, म पनि भोलिको नेपालको गहना बन्ने थिएँ होला, तर ती सबै मेरा व्यर्थका सोचाइ हुने गर्दथे । कुनै भव्य कार्यक्रम हेर्न र भित्रै गएर अध्ययन गर्ने पास वा कार्ड सम्म कसैले दिएन । अरू सुविधाको त के कुरा ?

म तीनधारा पाठशालामा बस्थें तर बाको देहावसान भएदेखि नै मेरो मनमा शान्ति थिएन । म पिरलिएको थिएँ । खासगरी दसैं, तिहारका बेला म विचलित हुन्थें । छात्रावासका सबैजसो साथीहरू घर जान्थे, म कहाँ जाने ? साथीहरू आमाबाको हातबाट टीका लगाउँथे, म कसको हातबाट टीका लाउने ? बाटाभरि, मन्दिरभरि, बसभरि मानिसहरू निधारमा राता अक्षता लगाएर कान र कन्चटमा जमथिस्रत हुँदै हिडेका देखिन्थे तर....... तर..... आफू खालि निधार लिएर हिड्नु पर्थ्यो । कुनै कुनै वर्ष यसो सुर चलेका वेला राजदरबारको दक्षिणपट्टिको गेटमा लामो जनसमूहका माझ लाम बस्न जान्थें । घण्टौंसम्म लाइनमा बसेपछि राजाले टीका लगाइदिन्थे । राजाले विजयादशमीका दिन जनतालाई टीका लगाइदिने पनि एउटा चलन हो । म चाहिँ राजाका हातको टीका लगाउनुपर्छ भन्ने विश्वासले भन्दा पनि मनलाई शान्ति दिन जान्थें, तर ...... शान्ति मिल्दैनथ्यो । लाइनमा उभिएर पनि शरीर उभिन्थ्यो, मनमा आमा, बाकै सम्झनाहरू मडारिन्थे ।

विद्यार्थी अवस्था छँदा र जागिरे जीवनमा प्रवेश गरेपछि राजाको जन्मोत्सवमा कहिले फूलका गुच्छा लिएर राजदरबार जान्थें त कहिले खाली हात गएको हुन्थें । मानिसहरूको भीडमा चेपिएर जानुको मजा अर्कै हुन्थ्यो । जागिर खाएपछि-पुस १ गतेको संविधान दिवस, फागुन ७ गतेको राष्ट्रिय प्रजातन्त्र दिवसमा भाग लिन गइन्थ्यो किनभने त्यो बेला अनिवार्य उर्दी हुन्थ्यो । सेतो दौरासुरुवाल र कालो कोटमा टुडिखेलमा गएर आ-आफ्नो कार्यालयको नाम पत्ता लगाएर हाजिर गरिन्थ्यो । कहिले फुर्सदै होइन्थ्यो, जुलुसमा गइन्थ्यो, कहिले फुर्सद होइदैनथ्यो हाजिर गरेर भागिन्थ्यो । धेरैजसो कर्मचारी हाजिर गरेर भाग्थे । राजाको जन्मोत्सवका दिन एक/दुई पटक श्रीमती माण्डवी पौडेललाई पनि फूलका गुच्छा लिन लगाएर जुलुसमा लाम लगाउँदै राजदरबार पठाएको छु । २०४६ सालमा प्रजातन्त्रको पुनः स्थापनापछि पुस १ गते कार्यक्रम हुने कुरै भएन, किनभने त्यही पुस १ गतेको विरूद्ध बहुदलवादीहरूले क्रान्ति गरेका थिए । राजाको जन्मोत्सव र प्रजातन्त्र दिवसको जुलुसमा पनि अनिवार्य रूपमा जानै पर्ने भन्ने प्रावधान रहेन, त्यसैले गइएन ।

राजा गएका कार्यक्रममा जो कोहीलाई प्रवेश दिइँदैनथ्यो । त्यसैले मैले पनि कार्यक्रमहरूमा राजालाई नजिकबाट प्रायः देखेको थिइन भन्दा अत्युक्ति नहोला । २०३४ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले साहित्यभेलाको आयोजना गरेको थियो । त्यो बेला निम्ता पाएको थिएँ, गएँ । राजाले साहित्यभेलालाई सम्बोधन गरे । त्यसपछि २०४५ सालमा हुनुपर्छ, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा एउटा नाटक देखाइएको थियो । त्यसबेला भारतले नेपालमाथि आर्थिक प्रतिबन्ध लगाएको थियो । प्रधानमन्त्री मरीचमानसिंह श्रेष्ठ थिए । नेपालले आफ्नो अडान कायम राख्नुपर्छ बरू उत्तर बाटो खोली चीनबाट सामान आयात गर्नुपर्छ भन्ने विषयमा केन्द्रित नाटक हेर्न राजपरिवारको पनि आगमन भएको थियो । अन्य, राजा गएका कार्यक्रमहरूमा मैले भाग लिन वा जान मौका पाएको थिइन ।

२०४३ साल असार मसान्तमा मैले विद्यावारिधि उपाधिका निम्ति लेखेको शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको डीनकार्यालयमा बुझाएँ । २०४७ सालमा वाक्परीक्षा भयो अनि विद्यावारिधिको उपाधि पाएँ । त्यसबेला धेरैवर्षसम्म त्रिभुवन विश्वविद्यालयले दीक्षान्त समारोहको आयोजना गरेको थिएन । दीक्षान्त समारोहमा भाग लिएर मूल प्रमाणपत्र नलिई महेन्द्र विद्याभूषण पदकमा आवेदन गर्न पाइँदैन । २०५० मा दीक्षान्त समारोह भयो । त्यसबेला सह-कुलपति तथा शिक्षामन्त्री गोविन्दराज जोशीले विद्यावारिधि उपाधिको प्रमाणपत्र प्रदान गरे अनि २०५१ को मङ्सिरमा शिक्षा मन्त्रालयमा मूल प्रमाणपत्रको प्रतिलिपिसहित आवेदन दिएँ । फागुनको पहिलो हप्तामा त्यस वर्ष महेन्द्र विद्याभूषण पदक पाउनेहरूको नामावली गोर्खापत्रमा प्रकाशित भयो अनि शिक्षामन्त्रालय गएर राजदरबार जाने पास लिएँ । २०५१ फागुन १२ गते शिक्षादिवसको दिन राष्ट्रिय पोशाक लगाएर राजदरबारको दक्षिण ढोकाबाट पास देखाएर भित्र पसें । महेन्द्र विद्याभूषण पदक लिन जानेहरूको लाम लागेको थियो । त्यसबेला शिक्षामन्त्री मोदनाथ प्रश्रित थिए । मन्दमुस्कानका साथ आफ्नो पालो आएपछि राजा वीरेन्द्रले 'क' श्रेणीको महेन्द्र विद्याभूषण पदक लगाईदिए । आफ्नो परिश्रमले पाएको पदक, कसैको चाकडी नगरी, बिनासिफारिस आफ्नै योग्यताले 'क' श्रेणीको महेन्द्र विद्याभूषण देशका प्रमुख व्यक्ति राजा वीरेन्द्रले लगाइदिँदा मलाई धेरै नै आनन्दको अनुभूति भयो । 'क' श्रेणीको महेन्द्र विद्याभूषण पदक लगाइदिइसकेपछि राजा वीरेन्द्रले भने- "स्याबास" । राजासँग नजिक परेको, राजाले मलाई स्याबासी दिएको मेरो जीवनमा यो नै पहिलो घटना हो र

राजाले मेरो कालो कोटमा 'क' श्रेणीको महेन्द्र विद्याभूषण लगाइदिएको ऐतिहासिक घटना म अझै सम्झिरहेछु, सम्झिरहनेछु ।

२०५८ साल जेठ १८ गते राति ११ बजेर २० मिनेट जाँदा मेरा जेठान मुकुन्दप्रसाद घिमिरेको देहावसान भयो । उनलाई जण्डिस भएको थियो । डाक्टरले औषधी गर्न नजानेर उल्टो औषधी दिएर र बी.एण्ड बी. हस्पिटल ग्वार्खुका डाक्टर र नर्सहरूले बिरामीप्रति सन्तोषजनक व्यवहार नगर्नाले मुकुन्द घिमिरेको देहावसान भएको हो । जेठ १९ गते जेठानको घर जोरपाटी गएँ । बेलुका अबेर घर फर्किएँ । २० गते बिहान ६ पनि नबज्दै मेरो छोरो अभिजित पौडेल कान्तिपुर पत्रिका लिन सानोठिमी बजार गए । घर आउँदा उनले मलाई अशुभ समाचार सुनाए- "बाबा, सानोठिमीमा हल्ला छ । राजदरबारमा गोलीकाण्ड भएछ राजारानी गरी थुप्रै मरेको भन्ने हल्ला फैलिएको छ ।" त्यसपछि म तुरुन्त लुगा लगाएर सानोठिमी बजार गएँ । त्यहाँ थुप्रै मानिसहरू भेला भएका रहेछन् । उमानाथ पराजुली पनि प्रातःभ्रमण गर्दै आइपुगेका रहेछन् । त्यहाँ सबैले आआफूले सुनेका कुरा बताए । युवराज दीपेन्द्रले वीरेन्द्र, ऐश्वर्य गरी थुप्रैलाई गोली हानेको कुरा सबैजसोले गरे । त्यसपछि ताजा समाचार थाहा पाउन एउटा सानो रेडियो रू. ३००।-मा किनेँ अनि घरमा गई भात खाएर कानमा रेडियो लगाउँदै जोरपाटी गएर तुरुन्त फर्किएँ । राजसभाको बैठक बसी श्री ५ युवराजाधिराज अशक्त भएकै बेला नेपाल अधिराज्यको श्री ५ महाराजाधिराज र श्री ५ वीरेन्द्रका भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्रवीरविक्रम शाहदेवलाई राज्यसहायक घोषित गरेपछि राजदरबारमा ठूलो हत्याकाण्ड भएको रहेछ भन्ने स्पष्ट भयो ।

त्यसपछि घर आएर टेलिभिजनले प्रसारण गरेको दृश्य हेरेँ । टेलिभिजनले राजा र राजपरिवारका सदस्यहरूको शवयात्राको प्रत्यक्ष प्रसारण गरेको थियो । छाउनीस्थित श्री ५ वीरेन्द्र हस्पिटलबाट शवयात्रा शुरु भई आर्यघाटमा पुऱ्याएर दागबत्ती दिँदै अन्तिम सलामी अर्पण गरुन्जेलसम्मको प्रत्यक्ष प्रसारण कार्यक्रम हेरिरहेँ । अहिले पनि म छक्क पर्दछु, सबै कुरा झल्झली भएर आउँछ र कता कता मन कटक्क काटिन्छ । त्यसबेला लाग्छ- म भित्र नेपाली सस्कार जाग्यो !

●

स्मृतिका पानामा राजा वीरेन्द्र

• उपप्रा. मुकुन्द आचार्य

महिर्षि शुक्राचार्यका मतमा श्री रामका समान नीतिमान् राजा पृथ्वीमा न कोही भयो न कुनै हुने नै छ- *"न रामसदृशो राजा पृथिव्यां नीतिमानभूत् ।"* (शुक्रनीति ५।५७) । शुक्राचार्यजीले आदर्श राजाका रूपमा भगवान राघवेन्द्रलाई प्रस्तुत गर्नुभयो ।

सबै राजा भगवान् रामजस्ता त हुँदैनन् तर प्रजाको दुःखमा दुःखी हुने र सुखमा सुखी हुने राजा पाउनु पनि अहोभाग्य हो । जो राजा प्रजाको सुखमा सुखी र दुःखमा दुःखी हुन्छन् तथा प्रजाको समुचित रूपले पालनपोषण, रक्षणवर्द्धन गर्दै प्रजालाई आफ्नो आत्मासमान सम्झेर कार्य गर्छन्, त्यस्ता धार्मिक राजाले यस लोकमा महान् सुकीर्ति प्राप्त गर्छन् तथा परलोकमा परम प्रतिष्ठा प्राप्त गर्छन् । प्रजाको दुःख नै राजाका लागि सबभन्दा ठूलो दुःख हो :

प्रजासुखे सुखी राजा तद्दुःखे यश्च दुःखितः ।
स कीर्तियुक्तो लोकेऽस्मिन् प्रेत्य स्वर्गे महीयते ॥

यस्तै राजाहरूका लागि प्रजाको कार्य नै राजाको कार्य हो, प्रजाको सुख नै राजाको सुख हो, प्रजाको प्रिय नै राजाको प्रिय हो तथा प्रजाको हितमा नै राजाको आफ्नो हित छ, प्रजाको हितका लागि नै राजाको सर्वस्व छ, आफ्ना लागि त क्यै पनि हैन भनिएको हो ।

प्रजाकार्यं तु तत्कार्यं प्रजासौख्यं तु तत्सुखम् ।
प्रजाप्रियं प्रियं तस्य रस्वहितं तु प्रजाहितम् ॥
प्रजार्थं तस्य सर्वस्वमात्मार्थं न विधीयते ॥
(महाभारत अनु. अ. १४५)

वर्णानां चापि सर्वेषां राजा बन्धुरिहोच्यते ।
गरुडपुराण, उत्तर १७३१)

अर्थात् राजाले प्रजासँग आफ्ना दाजुभाइ सरह व्यवहार गर्नुपर्छ :

अथ येषामधर्मज्ञो राजा भवति नास्तिकः ।
न ते सुखं प्रबुध्यन्ति न सुखं प्रस्वपन्ति च ॥
सदा भवन्ति चोद्विग्नास्तस्य दुश्चरितैर्नराः ॥
योगक्षेमा हि बहवो राष्ट्रं नास्याविशन्ति तत् ॥
(महाभारत अनु. ६२।४१-४२)

अधार्मिक, नास्तिक राजा भएमा प्रजाले दुःख पाउँछन् । जुन प्रजाका राजा धर्मको मर्म नजान्ने र नास्तिक हुन्छन्, ती प्रजा न त सुखपूर्वक सुत्न पाउँछन्; न त सुखले जागा बस्न पाउँछन्; अपितु त्यस्ता राजाको दुराचारले सदैव उद्विग्न भएर बस्छन् । यस्ता राजाको राज्यमा बहुधा योगक्षेम प्राप्त हुँदैन । यस्ता राजालाई शास्त्रीय निर्देशन यस प्रकार छ :

धर्मशीलः प्रजाः सर्वाः स्वधर्मनिरते नृपे ।
(महा. अनु.अ.१४५)

राजाले सदैव धर्मपूर्वक प्रजाको पालन गर्नुपर्छ र राजा स्वधर्मपरायण भएपछि त्यहाँका सारा प्रजा धर्मशील हुन्छन् किनभने धर्मले नै यदि उसको हनन गरिन्छ भने मार्दछ र धर्मले नै सुरक्षित भएपछि रक्षा गर्दछ। अतः प्रत्येक मनुष्यले विशेषतः राजाले धर्मको हनन गर्नुहुन्न-

धर्म एव हता हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद् धर्मो न हन्तव्यः पार्थिवेन विशेषतः ॥
(महा.अनु. अ. १४५)

महाभारतमा एउटा वर्णन आउँछ । एकपटक महाराज युधिष्ठिरले शर-शैय्यामा रहेका भीष्मपितामहसँग सोधे 'हे तात ! लोकमा यो जुन 'राजा' शब्द चलिरहेको छ यसको उत्पत्ति कसरी भयो ?' यो सुनेर भीष्मजीले भने- "हे भारत ! पहिले न कुनै राज्य थियो न राजा नै थिए । दण्ड पनि थिएन दण्ड दिने पनि कोही थिएनन् । समस्त प्रजा धर्मद्वारा नै एक अर्काको रक्षा गर्दथे" :

न वै राज्य न राजाऽऽसीन्न च दण्डो न दाण्डिकः ॥
धर्मेणैव प्रजाः सर्वा रक्षन्ति स्म परस्परम् ॥
(महा. शान्ति. ५९।१४)

जतिजतिखेर म राजा वीरेन्द्रवीरविक्रम शाहलाई संझन्छु, उपर्युक्त नीतिश्लोकहरूको कसीमा मौसुफलाई जाँच्ने प्रयास पनि गर्ने गर्दछु ।

दुर्दैवले हाम्रा प्यारा राजालाई असमयमै हामीमाझबाट टिपेर लग्यो । कविशिरोमणिको "आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।" भन्ने उक्ति कति नराम्ररी चरितार्थ भयो हाम्रो प्यारो राजसंस्थासँग । सम्झेर ल्याउँदा पनि आङै सिरिङ्ग हुन्छ, मुटु ढुक्क फुल्छ, आँखा रसाएर आउँदछन् ।

यस जीवनको रहस्यलाई कहिल्ये कसैले बुझ्नसकेन । भौतिकवादी चार्वाक् दर्शन मान्नेहरूकै संख्या अचेल दिनानुदिन बढ्दो छ । अध्यात्मवाद ओझेलमा परेकोजस्तो भान हुन्छ । हत्या, हिंसा, फुट, बेइमानीको साम्राज्य दिन प्रतिदिन व्यापक हुँदै छ । सर्वत्र अशान्ति, कलह, विवाद, बैमनस्यकै बोलबाला छ । यस्तो परिस्थिति नेपालमा मात्र होइन, सम्पूर्ण विश्वमै व्याप्त छ । यति हुँदाहुँदै पनि गत वर्ष जेठमा राजा वीरेन्द्रवीरविक्रम शाहदेवसरकारको स्वर्गारोहणको हृदयविदारक दुर्घटना प्रचार प्रसारमा आउँदा सिङ्गै विश्व स्तब्ध भयो । देशविदेशमा बस्ने नेपालीहरू शोकसन्तप्त भए । झट्ट पत्याउने नसकिने अवस्था थियो । सुन्नेजतिको हृदयमा हाहाकार मच्चियो ।

वि.स.. २०४२ साल पुस २७ गते राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा मकवानपुर जिल्लाको हेटौंडामा सबैका प्रिय राजा वीरेन्द्र सरकारले नारायणी अञ्चलका कवि साहित्यकारहरूसँग भलाकुसारी गरेको दृश्य मेरो मानसमा मात्र हैन, संभवतः दर्शनभेट पाउने सम्पूर्ण कविकवयित्रीका लागि नै अविस्मरणीय सुखद सम्झना रहेको छ ।

एकदिन बिहानै नेपाली साहित्यका सुप्रसिद्ध आख्यानशिल्पी विजय मल्ल मेरो कलैया वडा नं. ४ स्थित घरमा चुरोटको धुवाँ उडाउँदै आइपुग्नुभयो । मैले आफूलाई धन्य र आफ्नो रामकुटियालाई पवित्र भएको भन्ठानेँ । यति ठूला साहित्यकार अनपेक्षित रूपमा अकस्मात् घरमा आइपुग्दा मलाई त हर्ष, विस्मय, आनन्दातिरेक जस्ता भावनाहरूले एकै साथ झ्याप्प समाइहाले । के गरूँ, कसो गरूँ भयो ।

विजय मल्लको सरलता र अभिमानरहित स्वरूप देख्न पाउँदा मलाई पनि सात्त्विक खुसीको अनुभूति भयो । फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ? पुस २७ गते राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा श्री ५ महाराजाधिराज सरकारका सामु कविताबाचन गर्नुपर्छ भनी तत्कालीन प्रज्ञाका सचिव विजय मल्लले मलाई घरैमा आई निम्त्याउनुभयो । मैले आफुलाई कृतार्थ ठानेँ ।

यस्तो सुवर्णअवसरलाई मजस्तो अदना र बकम्फुसे साहित्यकारले गुमाउने त कुरै भएन तर राजालाई कविता सुनाउने कविहरू सबैले राष्ट्रिय पोशाक लाएर उपस्थित हुनपर्छ र कविताबाचन गर्नुपर्छ भन्ने सर्त थियो । बारा जिल्लाबाट म र वेदव्यासजी कविताबाचन गर्न जाने भयौँ । पर्साबाट समालोचक रमेश गोर्खालीजी र हालकी सिनेतारिका जलशाहकी माताजी प्रेमा शाह (प्रसिद्ध काव्यशिल्पी एवम् कवयित्री) जाने हुनुभयो ।

मलाई राम्ररी सम्झना छ, मैले आफ्ना पिताश्री सीताराम आचार्यको दौरासुरूवाल, कोट टोपी, पूरा राष्ट्रिय पोशाकको सेट भिरेर कविताबाचन गरेको थिएँ । हेटौंडामा हामीलाई खानपान र बसाइको व्यवस्था कुनै होटेलमा भएको थियो । व्यवस्था राम्रै थियो । सबै उत्साहित थियौँ, कतिखेर राजाको दर्शन पाइन्छ, कतिखेर कविता सुनाउन पाइन्छ भन्ने चौचौ थियो । उत्साह र उमङ्ग चरमसीमामा थियो ।

हेटौंडास्थित वनविज्ञान अध्ययनसंस्थानको उत्तरतर्फ रहेको शाही भवनमा हामीले आफ्ना प्यारा राजारानीलाई कविता सुनाउने अवसर पायौँ । ठीक समयमा कविसमूह मूल प्रवेशद्वारको बाहिर लाम लाग्यौँ । नौलो अनुभूतिको उत्सुकताले सबैको मन र मुहार चम्केको थियो ।

सुरक्षाकर्मीहरूले हाम्रो जाँच गरे । कलमको हतियार हुनेहरूसँग अरू हतियार के हुन्थ्यो र ! तैपनि विधिविधान पूरा गर्नु नै थियो । हामी आमन्त्रित कविहरू यथास्थानमा राखियौँ ।

चिर प्रतीक्षित क्षण आइपुग्यो । सुरक्षाका नयाँ नयाँ प्रविधिहरू थाहा पाइयो । हाम्रा प्यारा राजारानी रांज गरेको स्थलतिर एकैछिन प्रकाशपुञ्ज देखियो, त्यसपछि निस्पट्ट अन्धकार ! हामी कवि साहित्यकारहरूतिर प्रकाशको राम्रो व्यवस्था थियो ।

एकएक गरी कवितावाचनको कार्यक्रम अघि बढ्दै गयो। कवितावाचनको कार्यक्रमपछि प्रजावत्सल राजा स्वयम् हाम्रा सामु सवारी होइबक्स्यो। कविहरूको वासस्थान, हेटौँडामा बस्दाको व्यवस्था सबैको बारेमा श्री ५ द्वारा गम्भीरपूर्वक सोधिबक्स्यो। मैले पनि मौकाको फाइदा उठाएर राजासँग दोहोरो कुरा गरेँ। रौतहटबाट कविको प्रतिनिधित्व भएको थिएन। मैले यसैबारेमा जानकारी टक्र्याएको थिएँ।

मेरो जीवनको त्यो अविस्मरणीय क्षण थियो। यसै प्रसङ्गसँग एउटा अर्को रोचक प्रसङ्ग पनि गाँसिएको छ। विभिन्न जिल्लाबाट आमन्त्रित कविहरूलाई, मलाई सम्झना भएअनुसार, जनही दुईसय रूपैयाँ खाममा हालेर दिइएको थियो। सबैले के निष्कर्ष निकाले भने हाम्रा दयालु प्रजावत्सल राजाका तर्फबाट एक पैसा पाए पनि त्यो हाम्रा लागि ठूलो उपलब्धि हो, हामीले *पत्रंपुष्पं* शिरोधार्य गर्‍यौँ। अन्य अनेक अवसरहरूमा राजा वीरेन्द्रलाई टाढाटाढाबाट देखिएको थियो। कवि सम्मेलनपछि पनि राजाको दर्शन अनेक स्थलमा पाइयो, तर टाढैबाट !

इतिहासले श्री ५ वीरेन्द्रको वर्णन कसरी गर्छ, त्यो कुरा इतिहासकारहरूले नै जानून्। राजनीतिज्ञहरूले राजनेता श्री ५ को मूल्याङ्कन कसरी गर्दछन्, त्यो बेग्लै पक्ष हो तर गत वर्ष जेठको ठूलो दुर्घटनापछि देशविदेशमा राजारानी र राज परिवारका अन्य सदस्यहरूप्रति अगाध श्रद्धा प्रकट गरेर जनताले आफ्ना प्यारा राजनेताप्रति समुचित सम्मान र श्रद्धान्जली अर्पण गरेका थिए। कान्तिपुर समाचारदाताको नाताले घुम्ने क्रममा मैले बारा जिल्लाको सिमराजस्तो एउटा सानो बजारमा एक्काइस ठाउँमा पूजापाठ होमहवन चलेको देखेँ। निजगढमा आयोजित एउटा शोकसमारोहमा त एउटी वृद्धा महिला रोएको देखेर राजा वीरेन्द्र र राजपरिवारप्रति आस्था र श्रद्धा राख्ने सबैका आँखा रसाएर आए। झण्डै साठी वर्षको यस उमेरमा मैले आजसम्म कसैको स्वर्गारोहणमा जनमानस यति उद्वेलित र शोकसन्तप्त भएको देखेको छैन। म जस्तै धेरैले यस्तै अनुभव गरेका छन्। वास्तवमा देशमा शासन गर्नु र जनताको हृदयमा, मनमस्तिष्कमा शासन गर्नुमा ठूलो अन्तर हुन्छ।

विद्वान्, गुणीजन, कवि, साहित्यकारहरूको समुचित आदरसम्मान गर्न नजान्ने राजा महाराजाहरूलाई संस्कृत-साहित्यका रससिद्ध कवि, जो स्वयम् पहिले राजा थिए, भर्तृहरिले भनेका छन् :

हर्तुर्याति न गोचरं किमपि शं पुष्णाति यत् सर्वदा
ह्यर्थिभ्यः प्रतिपाद्यमानमनिशं प्राप्नोति वृद्धिं पराम् ।
कल्पान्तेष्वपि न प्रयाति निधनं विद्याख्यमन्तर्धनं
येषां तान् प्रति मानमुन्मत नृपाः कस्तैः सहस्पर्धते ॥

जुन धनलाई चोरले कसै गरी पनि हर्न सक्तैन, जसले सदा कल्याणमङ्गल नै गर्छ, जुन दिनाले नित्य बढ्छ तथा कल्पनामा पनि विनाश हुँदैन, यस्तो सतत वर्द्धनशील विद्याधनको आवासभूत विद्वान्हरूको समता कसैले गर्न सक्दैन। अतः हे राजाहरू ! ती विद्वान्हरूका प्रति गर्व देखाउनु उचित हुन्न।

सर्वेषां मङ्गलं भूयात् सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ॥

(गरुडपुराण २।३५।५१, भविष्यपुराण ३।२१।३५।१४)

ठा.रा. क्याम्पस, वीरगञ्ज

●

एउटा सुखद अनि प्रेरक संस्मरण

• सहप्रा. रघु घिमिरे

आफू त्रिभुवन विश्वविद्यालयको सेवामा २०३३ सालमा प्रवेश गरेदेखि नै यस विश्व- विद्यालयको तत्कालीन कुलपति श्री ५ वीरेन्द्रसँग दर्शनभेट गर्ने उत्कट अभिलाषा मनमा जागेको थियो । यसका लागि मैले धेरैवर्षसम्म प्रतीक्षा गर्नुपरेन । २०३४ सालमा अस्थायीबाट स्थायी भएको सालमा नै श्री ५ वीरेन्द्रसँग दर्शनभेटको स्वर्णअवसर त्रिभुवन विश्वविद्यालयले मिलाइदियो । त्रिभुवन विश्वविद्यालयको वार्षिकोत्सवका अवसरमा यस पंक्तिकारले थप दुईपल्ट दर्शनभेटको अवसर पाएको हो । यतिमात्र होइन, २०३५ साल असोजमा 'याक एण्ड यति' होटेलको बगैंचामा एउटा पत्रकारको हैसियतले दर्शनभेटको मौका पाइयो । यति हुँदाहुँदै पनि राजा वीरेन्द्रसँगको पहिलो दर्शनभेटले मनमा अमिट छाप पारेकोमात्र नभएर आफ्नो कर्मक्षेत्रमा अघि बढ्ने प्रेरणा यस पंक्तिकारले पायो । प्रस्तुत लेखमा यसैलाई आधार बनाएर आफ्ना कुरा राखिदै छ ।

२०३४ सालमा त्रि.वि. सेवा आयोगको परीक्षा उत्तीर्ण गरेर नेपाली विषयको सहायक प्राध्यापक हुनासाथ त्रि.वि.ले निर्धारण गरेको औपचारिक पोशाक चकलेट रङ्गको कोट र कोगिटा रङ्गको दौरासुरुवाल सिउन पनि दिइएको थियो । भविष्यमा केकस्ता अवसर आउने हुन् त्यसबेलामा पोशाकले बाधा पुऱ्यायो भने निकै नमज्जा लाग्नसक्छ भन्ने कुरा मनमा घुमिरहेको थियो । नभन्दै २०३४ साल साउन ५ गते त्रिभुवन विश्वविद्यालयको अठारौं जन्म-जयन्तीका अवसरमा १० गते साउनमा सामेल हुन निम्ता पठायो, तर औपचारिक पोशाक नभएकालाई भने निषेध गरिएको थियो । अर्को महत्त्वपूर्ण कुरा के थियो भने तत्कालीन कुलपति सरकारसँग दर्शनभेटको अवसर पनि प्राप्त हुने कुरा चल्यो । आफूले सिउन दिएको औपचारिक पोशाक नआइपुग्दा छटपटी लाग्नु स्वाभाविकै हो । भर्खरै जसो सेवामा स्थायी भएर सहायकप्राध्यापक भएको म जस्तो प्राध्यापकहरूको पद श्रेणीमा तल्लोतहको व्यक्तिले समेत आफ्नो विश्वविद्यालयको तत्कालिक कुलपति अनि राष्ट्रका अधिपतिसमेत रहेका व्यक्तित्वसँगको दर्शनभेटको स्वर्णअवसर गुम्ने पो हो कि भनेर निकै चिन्ता लाग्यो । यस्तो स्थितिमा साथीहरूसँग हारगुहार गरियो । एकजना दौरा-सुरुवालप्रेमी व्यक्तिले मेरो गर्जो टारिदिने भए । यसबाट मनमा एक प्रकारको सन्तोष लाग्यो ।

साउन ९ गते २०३४ सालमा बिहानदेखि नै घनघोर पानी पऱ्यो । यही बर्षातका कारणले चिरप्रतिक्षित दर्शनभेटको स्वर्णअवसर गुम्ने पो हो कि भन्ने आशङ्काले यस पंक्तिका लेखकलाई चिन्तित पनि बनायो तर निर्धारित दिन साउन १८ गते आफू कार्यरत भक्तपुर क्याम्पसका सहकर्मी मित्रहरूसाथ आफू पनि त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको सेडा भवनभन्दा अलि परै उभियो । सधैंभरि पाइन्ट कोटमा सजिएर हिड्ने अनेकौं मित्रहरूलाई चकलेटी कोट, कोगिटा रङ्गका दौरासुरुवाल अनि शिरमा ढाकाटोपी र खुट्टामा छालाका काला जुत्तामा सजिएर आएको देख्दा निकै रमाइलो अनुभूति भयो । काठमाडौं उपत्यकामा त्यसबेला छब्बीसवटा क्याम्पस त्रि.वि. अन्तर्गत सञ्चालित भइरहेका थिए । दर्शनभेटको व्यवस्था गर्ने त्रि.वि.मा कर्मचारीसँगै अरू व्यक्तिहरू पनि

प्राध्यापकहरूलाई आ-आफ्नो क्याम्पसको क्रमाङ्क- अनुसार लाम लाग्न सिकाइरहेका थिए । अर्कातिर पानी पनि सिमसिम परिरहेको थियो तर यसलाई कसैले वास्ता गरेको देखिँदैन थियो । आफ्नो भक्तपुर क्याम्पसले भने १७ क्रमाङ्क पाएको हुनाले आफू त्यसै अनुसार लाममा बसियो । नेपाली जनमानसमा सत्र कमाङ्कलाई भाग्यशाली मानिने हुनाले आफ्नो क्याम्पसको यही सत्र क्रमाङ्क परेकाले आफूलाई पनि भाग्यशालीको श्रेणीमा राखियो । त्रि.वि.का उपत्यकाभित्रका क्याम्पसका धेरै प्राध्यापकहरूलाई दर्शनभेट बक्सहुँदा समय आफूले सोचेभन्दा अलि बढी लाग्नु स्वाभाविकै थियो तैपनि त्यो लामो लाम बिस्तारैबिस्तारै सेडा भवनतिर अघि सरिरहेको थियो ।

मसँगै लाममा उभिएका अरू साथीभाइहरूको मनमा केकस्ता भवनाहरू खेलिरहेका थिए त्यो त मलाई थाहा भएन तर आफ्नो मनमा भने अब दर्शनभेटमा मैले कति कुरा भन्न हुने हो कि आफ्नो सामान्य परिचयमात्र दिदा राम्रो हुने हो ? अगाडि पुग्दा कतै बोली त लरबराउने होइन ? जस्ता कुराहरू मनमा आइरहेका थिए । यस्तैमा पंक्तिका लेखकको मुटुको ढुकढुकी बढ्दै गए पनि कसरी आफू प्रस्तुत हुने भन्ने कुराको निर्क्योल गरिसकेको थियो । आफ्ना राष्ट्रनायक कुलपति अनि शिक्षा तथा विकासप्रेमी प्रखर व्यक्तित्वको दर्शनभेटको यस्तो सुयोग पछि पाइने हो कि हैन, त्यसैले यसको सदुपयोग हुनुपर्छ भन्ने पनि लाग्यो । यस्तै सोचाइसँगै लाम अघि बढ्दैजाँदा नजिकैका पदाधिकारीले आफ्नो परिचयबाहेक केही पनि नभन्नु भनेर सिकाइ पनि रहेका थिए । दर्शनभेट गरेर फर्कने सबै प्राध्यापकहरूको अनुहार निकै प्रफुल्ल भएको अनुभव मैले गरेँ । यस्तो प्रफुल्लताले मेरो उत्साहलाई झन् बढायो ।

१७ औँ नम्बरमा परेको भक्तपुर क्याम्पसका प्राध्यापक मित्रहरू आफ्नो मर्यादाक्रमअनुसार एकएक गरी कुलपति सरकारलगायत राजपरिवारका अरू कतिपय सदस्यहरू राज भएको सभाको त्यस कक्षमा प्रवेश गर्दै अर्को ढोकाबाट प्रसन्नचित्त र अनुहारले बाहिर आइरहेका देखिन्थे । आफूभन्दा अग्रज प्राध्यापक मित्रहरूले दर्शनभेट पाएपछि भक्तपुर क्याम्पसको अन्तिमअन्तिममा आफ्नो पालो आयो । चिरसञ्चित प्रतीक्षाको घडी पनि सकियो । श्री ५ वीरेन्द्र त्रिभुवन विश्वविद्यालयका कुलपति राज भएको कक्षमा पस्नासाथ म त केही क्षणका लागि अवाक् भएँ । यस्तो स्थितिमा कुलपति सरकारबाट समेत पाएपछि बल्ल मैले आफ्नो परिचय अनि आफ्ना कुरा यसरी प्रस्तुत गरेँ- “सरकार, मेरो नाम रघुनाथ घिमिरे हो, म एउटा राष्ट्रप्रेमी नेपाली भएकाले नेपाली भाषा र साहित्य पढाएर नेपाल र नेपालीको सेवा भक्तपुर क्याम्पसमा कार्यरत भएर गर्दैछु । सरकारको छत्रछायाँमा नेपाली भाषा र साहित्यको श्रीवृद्धि होस् भन्ने अभिलाषा गर्दछु” इत्यादि आफ्ना अभिव्यक्ति प्रकट गर्न नपाउँदै मलाई पछाडिबाट कसैले कोटचाइसकेका थिए । तर मेरा कुराहरूलाई मृदुहास्यसहित मौसुफले ध्यान दिएर सुनिबक्सेको थियो । कुलपति सरकारले बेलाबेलामा टाउको पनि हल्लाइबक्सेको थियो । यसरी मैले चिरसञ्चित अभिलाषालाई विभिन्न शब्दका माध्यमबाट प्रत्यक्ष रूपमा प्रकट गर्न पाएकामा मलाई निकै ठूलो हर्षको अनुभूति भयो । मेरो व्यक्तिगत जीवनमा यसले गहिरो प्रभाव पार्‍यो ।

त्रिभुवन विश्वविद्यालयको सेवामा भर्खरैजसो प्रवेश गरेको एउटा सामान्य प्राध्यापकलाई पनि आफूभन्दा निकै उपल्लो श्रेणीमा पुगेका विशिष्ट श्रेणीका प्राध्यापकसरह नै कुलपति सरकारले दर्शनभेट दिइबक्सेकामा प्रेरक अनुभूति भयो । अर्को कुरा एउटा कुलपतिले आफ्ना मातहतका प्राध्यापक हरूलाई गहिरो माया अनि स्नेह बक्सन्थ्यो भन्ने कुरा स्पष्ट झल्किन्छ । २०३४ पछि पनि त्रिभुवन विश्व- विद्यालयको जन्मजयन्तीका अवसरमा दर्शनभेट बक्स हुने क्रम कुलपति श्री ५ वीरेन्द्रको सदिच्छाबाट चल्न थाल्यो । यस्ता दर्शनभेटको निर्णय नै त्रि.वि.का प्राध्यापकहरूमा एक प्रकारको ऊर्जाको काम गर्नसक्यो । त्यसैले पनि दर्शनभेट धेरैका लागि अविस्मरणीय बनेको छन् ।

रत्नराज्यलक्ष्मी क्याम्पस

●

मेरो स्मृतिमा श्री ५ वीरेन्द्र

● *रजनीश बासकोटा*

मानव मरणशील प्राणी हो । ऊ जन्मन्छ, हुर्कन्छ अनि मर्छ र यी तीनवटा समयभित्र आफूलाई कुन तह स्थापित गर्ने हो त्यसको दिशानिर्देश गर्दछ । त्यो स्थापित दिशा निर्देशले यदि सम्पूर्ण समाज मानव समुदायको हित गर्छ भने त्यसको मूल्याङ्कन त्यो समाज र मानव समुदायले अवश्य नै गर्नुपर्छ । यदि त्यसको मूल्याङ्कन हुँदैन भने त्यस योगदानलाई धुजाधुजा पारिनुसिवाय केही होइन ।

आधुनिक नेपालको निर्माण भएपछि धेरै विशिष्ट व्यक्तित्वहरूको नेपालमा जन्म भयो र प्रायः सबै व्यक्तित्वहरूको मूल्याङ्कन हामीले गर्दै आएका छौँ । ती केही व्यक्तित्वहरूमध्ये स्वर्गीय श्री वीरेन्द्र होइबक्सन्छ । मौसुफको स्मृतिमा धेरैथोरै स्मरण अनि मौसुफको नेपालप्रतिको लगावलाई मेरो ब्रह्मले भ्याएसम्मको सानो टिप्पणीलाई यहाँ उतार्ने जमर्को गरेको छु ।

मेरो स्मृतिमा मौसुफको आमुन्नेसामुन्नेमा एकमात्र स्मरण छ जुन मेरो जीवनलाई वर्तमान अवस्थामा पुऱ्याउन कोसेढुङ्गा साबित भएको छ । त्यो स्मृति मेरो जीवनको उन्नतिमा सदाका लागि प्रेरणादायी रहनेछ । त्यो प्रेरणास्पद वाक्यलाई मैले मेरो जीवनमा सधैँ अनुसरण गरिरहनुपर्छ । कुरो २०४४ साल पौष १४ मौसुफको शुभजन्मोत्सवको अवसरमा भद्रपुर नगर पञ्चायतको कार्यक्रममा श्री ५ वीरेन्द्रको सवारी भएको थियो । म त्यसबेला कक्षा २ को विद्यार्थी थिएँ । मौसुफ हेलिकप्टरबाट सवारी होइबक्सेको थियो । झापाका अधिकांश विद्यालयको मौसुफको स्वागतमा उपस्थिति थियो । त्यहाँ मलगायत मेरा विद्यालयका सहपाठीहरू मौसुफका स्वागतमा उपस्थित थिए । त्यो उपस्थितिले मेरो मन गद्‌गद् भएको थियो । मौसुफ हेलिकप्टरबाट ओर्लिएर पंक्तिबद्ध विद्यार्थीतर्फ आकर्षित होइबक्सियो अनि एकपछि अर्को पुष्पगुच्छालाई स्वीकार्दै मेरो सामु सवारी होइबक्स्यो । मैले पनि अरू विद्यार्थी सरह नै मौसुफमा पुष्पगुच्छा टक्र्याएपछि मौसुफको ध्यान मप्रति आकर्षित भयो र मेरा सामुन्ने रहनुभएका आदरणीय प्रधानाध्यापकसँग मेरा बारेमा जानकारी लिइबक्स्यो । सहायक प्रधानाध्यापकज्यूबाट मेराबारेमा जानकारी टक्र्याइएको थियो । त्यो जानकारीपछि मौसुफका चार औँलाले पोटिला गालामा ममतामयी स्पर्शले 'प्रयास गरिरहनुपर्छ भनेर हुकुम भएको थियो । शायद त्यो वाक्य मौसुफबाट मेरो शारीरिक कमजोरी नजर भएर उच्चरित भएको हुन सक्छ । त्यही वाक्यले गर्दा नै म वर्तमान अवस्थामा पुगेको छु अनि मेरो भविष्यनिर्माणमा तल्लीन छु ।

अब श्री ५ वीरेन्द्रले नेपाल र नेपालीप्रति देखाएको अगाध स्नेह अनि नेपाललाई अन्तर्राष्ट्रिय जगत्‌मा परिचित गराउन खोजेको अविस्मरणीय योगदानलाई यहाँ प्रस्तुत गर्न चाहन्छु । मौसुफ नेपाल र नेपालीलाई अगाध स्नेह र माया प्रदान गरिबक्सन्थ्यो । मौसुफले पचहत्तरै जिल्लाको भ्रमण गरी त्यस क्षेत्रका नेपालीहरूको रहनसहन, भाषा, कला, साहित्य अनि संस्कृतिका बारेमा अभिरुचिपूर्वक जानकारी लिइबक्सेको थियो । यसबाट मौसुफको नेपाल र नेपालीप्रतिको अगाध माया प्रकट हुन्छ । नेपालको महत्त्वपूर्ण पर्यटकीय स्थललाई अन्तर्राष्ट्रिय जगत्‌मा परिचित गराउन मौसुफको निकै ठूलो योगदान रहेको पाइन्छ । मौसुफले विभिन्न समयमा

दिएका वाणीहरू अहिले पनि सान्दर्भिक छन् । मौसुफबाट विविध समयमा अन्तर्राष्ट्रिय सभा-सम्मेलनहरूमा भाग लिएर नेपालको छविलाई उज्ज्वल पार्ने प्रयास भएको थियो । राज्याभिषेक समारोहमा मौसुफले नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस भन्ने जुन प्रस्ताव राखिबक्सेको थियो त्यो प्रस्ताव साकार हुन नसक्नु, प्रस्ताव अस्वीकृत हुनु नेपाल र नेपालीका लागि अत्यन्तै दुर्भाग्य थियो । ग्रामीण एवम् विकट भौगोलिक स्थानहरूमा बस्ने नेपालीहरूले भोका र नाङ्गा बस्न नपरोस् भन्ने मौसुफको ठूलो महत्त्वाकांक्षा थियो । यसरी नेपाल र नेपालीको सदा भलो चाहने श्री ५ वीरेन्द्रलाई यति चाँडै गुमाउनुपर्दा सम्पूर्ण नेपालीको गहभरि आँसु आयो जुन आँसु कहिल्यै पुछिनेछैन । श्री ५ वीरेन्द्रप्रति हार्दिक श्रद्धाञ्जली ।

चन्द्रगढी ७,
झापा, नेपाल

●

त्रिकोणात्मक राजा श्री ५ वीरेन्द्र

• रत्नाकर देवकोटा

१. प्राक्कथन

राजा आफ्नो देशको स्वयम् एक मर्यादित एवम् उच्चस्तरीय संस्था हो र राजाले प्रतिनिधित्व गर्ने संस्था राजसंस्था हो । विश्वको एक मात्र हिन्दू राष्ट्र नेपाल राजसंस्थामा आधारित राजतन्त्रात्मक राजनीतिक पद्धतिको आफ्नै मौलिक परम्परा छ । वैदिक र पौराणिक कालदेखि चल्दै आएको यो राजपरम्परा एसिया महादेशभित्रको "नेपाल" भन्ने राष्ट्रसम्म आइपुग्दा यस परम्पराले आफ्नै मौलिक संस्कार र संस्कृतिको पालना गर्दै आएको छ ।

एउटै रञ्जधातुको विस्तारबाट बनेका राजा, राष्ट्र, राजमुकुट, राजनीति, राजदूत, राजसिंहासन, राज्ञी (रानी), राजकुमार, राजदूत, (रजदूत) आदि शब्दले "रञ्ज" धातुबाट निर्मित यावत् शब्दको गौरव र महत्त्व बढाइदिएको छ । रञ्ज धातु प्रति नै यदि कसैको असहमति वा आपत्ति छ भने शब्दकोशबाट नै यस शब्दलाई झिकिदिनु पर्ने हुन्छ । राजा, राजमुकुट, राजसिंहासन, राज्ञी, राजकुमार जस्ता शब्द अप्रिय र राष्ट्र, राजनीति, राजदूत, राजपूत जस्ता शब्द प्रिय हुने कुरै उठ्दैन । आखिर यी सबै शब्दको मूल जरो रञ्ज राजा नै हो । रुखको जरो नै उखेलिदिएपछि त्यस रुखका फेद र हाँगाबिँगा रहने कुरै भएन ।

धर्मशास्त्र, नीतिशास्त्र, लोकसाहित्य एवम् संविधानद्वारा परिभाषित त्रिकोणात्मक राजा, नेपालका शाहवंशीय राजाहरूको परम्परा र देशको यथार्थ धरातलमा उत्रने राजा श्री ५ वीरेन्द्रको बारेमा थोरबहुत प्रकाश पार्नु यस आलेखको मुख्य उद्देश्य रहेको छ ।

२. नीतिशास्त्रद्वारा प्रतिपादित राजा

"राजा" शब्दको व्युत्पत्ति धेरै भए पनि सारांशमा यही हो, "राजा प्रकृति रञ्जनात् ।" अथवा "लोकान् रञ्जयति इति राजा" । अथवा "राजते वा शोभते वा प्रकाशयत इति राजा" । रञ्ज धातुको अर्थ रङ्गाउनु वा प्रकाश दिनु । अर्थात् कुनै वस्तुलाई केही तत्त्व बनेर उज्यालो हुने गराइदिनु । अँध्यारो ठाउँमा राखिएको वस्तुले पनि यदि उज्यालो (प्रकाश) दिन्छ भने त्यसैको नाम राजा ।

प्रकृति र लोक भनेको के हो ? यसतर्फ पनि अलिकति चञ्चु प्रवेश गरौँ । कृञ् करणे धातुमा भावमा क्तिन् प्रत्यय हुँदा कृति शब्दको निर्माण हुन्छ । यस कृति शब्दको अगाडि 'प्र' उपसर्ग जोड्दा 'प्रकृति' शब्द बन्दछ । प्रकृतिमा मुख्य गरी ३ किसिमका जीव हुन्छन्– ऊर्ध्वश्रोत (तृण, वृक्ष, बोट-बिरुवा, लहरा आदि सजीवन जडपदार्थ, तिर्यक्श्रोत (पशु-पंक्षी तथा कीट-पतङ्ग– धर्म र अधर्मको ज्ञान नभएको जडताप्रधान चेतनप्राणी) र अधश्रोत (विवेकपूर्ण ज्ञान भएको मनुष्य योनि) ।

यी तीन श्रोतबाहेक ढुङ्गा, माटो, कण, बालुवा, जल, खानी (सुन, चाँदी, तामा, पित्तल आदि धातु र कालो, सेतो, खैरो रङ्गको माटो) र खरानी आदि बिल्कुल जडपदार्थसहितको भूमिलाई पनि प्रकृति भनिन्छ । यसैले राजालाई भूपति, भूमिपति, महीपति, पृथ्वीपति आदि शब्दले पनि पुकारिन्छ ।

यसैले भगवान् श्रीकृष्णले गीतामा "प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः" भनी यस धर्तीमा म केही गर्दैन संसारमा जे

जति र जस्ता काम कुरा हुन्छन् ती सबै प्रकृतिकै नियमभित्र रहेर स्वतः हुने गर्दछन् । म केवल निमित्तमात्र हुँ भन्नुभएको छ ।

अर्को कुरा "राजा हि युगमुच्यते" भन्ने वाक्य पनि हिन्दूहरूको सार्वकालिक, सार्वभौमिक र सर्वदेशीय संविधान-मनुस्मृति (९।१०४) मा उल्लेख भएको छ । राजाले आफ्नो राष्ट्रको केवल भौतिक विकासको मात्र होइन आध्यात्मिक, सांस्कृतिक, जैविक, शैक्षिक, प्राज्ञिक, नैतिक, प्रशासनिक, राजनीतिक नेतृत्वको समेत जिम्मेवारी लिएको हुन्छ भन्नु वास्तवमा इतिहासको सार हो ।

राजाले राजनीति गर्नुहुन्न पनि भन्ने, राजालाई 'प्रजावत्सल' र 'प्रजापति' पनि भन्ने यो विवादित कुरा कहाँसम्म चल्ने हो शोचनीय कुरा छ । प्रजा, नागरिक वा जनताको माया गर्ने व्यक्ति राजा भएपछि राजालाई प्रजाहरूका हरकुरासँग चासो राख्न पाउने अधिकार कुनै पनि व्यवस्थाभित्रको राजनीति र नागरिकले दिनुपर्छ भन्ने मान्यता छ ।

संस्कृत शिक्षाको मान्यताअनुसार "लोके वेदे च" भन्ने पाइन्छ । लोकको अनुसन्धान गर्दै जाँदा वैदिक युगसम्म पुग्नुपर्ने हुन्छ । लोक र वेदको सामान्य परिभाषाअनुसार लोक भनेको स्वतन्त्र समाज अथवा आदिम समाज र वेद भनेको सीमित विषयमा बाँधिएको केही परिष्कृत र केही सुसज्जित समाज भन्ने बुझिन्छ । वैदिककालका वेदका ऋचा सङ्कलन गर्ने समाज पनि लोक नै हो । जे होस् लोकलाई समष्टिमा भन्नुपर्दा शहर र ग्रामीण क्षेत्रमा बस्ने सम्पूर्ण नागरिक समाज हो । त्यस समाजलाई प्रकाश दिने वस्तु वा तत्त्व भनेको राजा हो । यसरी 'राजा'को व्यापक अर्थ हुन्छ । अतः राजाले आफ्नो देशभित्रका प्रजाहरूलाई मात्र होइन, कीट-पतङ्ग, पशुपंक्षी र माटोसमेतको संरक्षणमा ध्यान दिनु पर्ने हुन्छ । यसैले हाम्रो देशको प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नका लागि श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको स्थापना गरिएको हो ।

३. लोकसाहित्यद्वारा प्रतिपादित राजा, राजपरिवार, राजसंस्था र राजमुकुट

लोकसाहित्य भन्नाले यहाँ कर्णाली सन्देश कर्णाली, भेरी, सेती, महाकाली र राप्ती अञ्चल खास गरी कर्णाली अञ्चलको भूभागमा सिर्जिएको लोकसाहित्यभित्रका लोकगीत र उखानद्वारा राजा, राजपरिवार, राजमुकुट र राजनीतिको बारेमा केही उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

वि.सं. १०५० देखि १४४८ सालसम्मका विशाल कर्णाली प्रदेशका मल्लवंशी राजा र सम्राट् एवम् वि.सं. १४४८ देखि वि.सं. १८४६ सम्मका कल्पालवंशी राजाहरूद्वारा शासित जनताका अभिव्यक्तिको उपलब्धिस्वरूप सिर्जित लोकसाहित्यद्वारा परिभाषित राजा र राजपरम्परा कस्तो हुनुपर्छ भनी केही दिशानिर्देशन गरिएको पाइन्छ ।

उत्कृष्ट विचारले युक्त कर्णाली लोकसाहित्यले पनि राजा, रानी, राजाका मन्त्री, जनता, जनसेवाबारे स्पष्ट धारणा बनाएका छन् । कर्णाली प्रदेशको मूल राजधानीको रूपमा रहेको जुम्लासँगै राज्य सञ्चालनका परम्परागत धारणा सुरक्षित छन् । मल्लकालका धेरै सम्राट्हरू बसेको जुम्लाले धेरै अनुभव बटुल्नुमा अहिले हामीलाई गौरवको अनुभूति हुन्छ । राजा र राज्य सञ्चालनसम्बन्धी केही लोकोक्ति र लोकगीत यस प्रकार छन्–

(१) राजा बुडिनु र बाज बुडिनु बेर लाग्दैन (हुँदैन) ।
(२) राजा लाग्यो काल लाग्यो ।
(३) राजा कराउनु, द्यौता नढूनु ।
(४) राजा गन्न्वा (गर्न्या) ऊबो, द्यौता गन्न्या उनो ।
(५) राजाहिः (सि) त जोडी नगन्नु ।
द्यौता स्हिः (सि)त तोडी नगन्नु ।
(६) राजा स्हिः (सि) त झूटो नकऽऽनु (नकहनु),
द्यौता (मष्टो) स्हिः (सि)त स्हँः (साँ) चोत कऽऽनु ।
(७) जोगी कैखा (कसका) पाउना, राजा कैखा गीत ।
(८) राजा हरो त सर्वस्व करो ।
(९) रेख राजा रेख पर्जा (प्रजा) ।
(१०) राजाले गऱ्याऽऽ (गरेको) इन्साप र बाबुले दियैऽऽ (दिएकी) छोरी ।
(११) शिर सुक (सुख) त शरील सुक, राजा सुक त पर्जा सुक ।
(१२) देख राजा, अदेख दुनियाँ ।
(१३) मल खेती, दल राजा ।
(१४) राजाऽऽजाऽऽचेत, दच्याराऽऽजोऽऽफेद ।
(१५) राजाऽऽजाऽऽचेत, जोगीका जोऽऽमानु ।
(१६) राजाऽऽवीन (ऐन) मुन्ना खोलाऽऽच्वीन (चयन) ठूला ।
(१७) राजाऽऽराज्य छ, रौडीको राज्य छैन ।
(१९) छोरा स्हाः (सा) उको दीन नगन्नु, टाकुऱ्या राजाऽऽसेवा नगन्नु ।
(२०) गोठालाले खान्या राजाले नखा,
गोठालाले पाउन्या दुख्ख कुकुरले नपाऽऽ ।
(२१) तो क्या राजाऽऽभाइछोरो होस् ?

४. संवैधानिक राजा

वर्तमान अर्थात् आधुनिक नेपालको थालनीदेखि कोतपर्वको समयसम्म अर्थात् वि.सं. १८२५ देखि १९०३ सम्म शाहवंशीय

राजाहरूले आफ्नो शैलीबाट राज्य चलाए भने वि.सं. १९०३ सालको रक्तपातपूर्ण 'कोतपर्व'को घटनादेखि शाहवंशीय राजाहरूबाट जहानिया राणाशासनमा देशको शासन हस्तान्तरित भएको देखिन्छ। वि.सं. १९१० मा तात्कालिक राजा श्री ५ सुरेन्द्रको पालामा एकथरी संविधान लागू भएको भएतापनि सम्पूर्ण कुरा राणा प्रधानमन्त्रीबाट लागू हुने गरिन्थ्यो। नेपालको संवैधानिक विकासक्रम क्रमशः यसरी अगाडि बढ्दै आएको पाइन्छ।

(१) नेपाल सरकार वैधानिक कानुन– २००४।८।१३ (प्रधानमन्त्री पद्मशमशेरद्वारा जारी– पहिलो संविधान)।

(२) नेपाल सरकारको संविधान– २००५।१।१ (प्रधानमन्त्री पद्मशमशेरद्वारा जारी)।

(३) नेपाल सरकारको संविधान– २००७।९।२४ (प्रधानमन्त्री मोहनशमशेरद्वारा जारी)।

(४) नेपालको अन्तरिम शासन विधान– २००७ (श्री ५ त्रिभुवनबाट जारी– नेपालको दोश्रो संविधानको रूपमा)।

(५) नेपालको अन्तरिम शासनविधान– २०१०।१०।७ (श्री ५ त्रिभुवनबाट जारी)।

(६) नेपालको अन्तरिम शासन विधान– चौथो संशोधन– २०१५।२।२ (श्री ५ महेन्द्रबाट जारी)।

(७) नेपाल अधिराज्यको संविधान (तेश्रो संविधान) २०१५।११।१ (श्री ५ महेन्द्रबाट जारी)।

(८) नेपालको संविधान– २०१९ (२०१९।९।१)– श्री ५ महेन्द्रबाट जारी)।

संशोधन

(क) पहिलो संशोधन– २०२३।१०।१४

(ख) २०३०।९।१ (केही फराकिलो)।

(ग) २०३२।८।२६ (केही जिल्लाको हेरफेर– तर श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व– पृ. ८७ मा २०३४।८।२६ गते भनी उल्लेख भएको)।

(९) नेपाल अधिराज्यको संविधान (पाँचौं संविधानको रूपमा) –२०४७ (२०४७।७।२३ श्री ५ वीरेन्द्रबाट जारी)।

वि.सं. २००४ देखि २०४७ सम्मका नेपालका वैधानिक कानुन र संविधानहरूको अध्ययन गर्दा २००४।८।१३ मा श्री ३ पद्मशमशेरले नेपाल सरकार वैधानिक कानुन र २००७।९।२४ मा श्री ३ मोहनशमशेरले नेपाल सरकारको संविधान जारी गरेको पाइन्छ।

जबकि नेपालको राज्यपरम्परामा यस देशको वैधानिक कानुन वा संविधानको घोषणा गर्ने सार्वभौम अधिकार यस देशका राजामा मात्र सीमित छ भने राणा प्रधानमन्त्रीहरूले सो अधिकार कहाँबाट कसरी प्राप्त गरे ? यो प्रश्न आजसम्म अनुत्तरित छ।

नेपालको संविधान– २०१९ र यसका ३ पटकसम्म भएका संशोधन र प्रयोगकाल (२०४६।१२।२५) सम्मको अवधिमा राजा संविधानभन्दा माथि रहन्थे तर २०४७।७।२३ गते श्री ५ वीरेन्द्रबाट जारी भएको वर्तमान संविधानले राजालाई संविधानभित्रै राखेर 'संवैधानिक राजा' बनाइदिएको छ। नेपाल अधिराज्यको संविधान-२०४७ को भाग ५ को धारा २७ (२) मा "श्री ५ नेपालको राष्ट्रियता एवम् नेपाली जनताका प्रतीक होइबक्सन्छ" र (३) मा "श्री ५ बाट नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि यस संविधानको पालन र संरक्षण गरिबक्सनेछ" भनिएको छ।

५. नेपालका शाहवंशीय राजाहरूको आयु र यिनीहरूको राज्यकाल

आधुनिक नेपालका निर्माता एवम् राष्ट्रिय एकताका प्रतीक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेखि श्री ५ दीपेन्द्रवीरविक्रम शाहसम्मका १२ ओटा राजामध्ये कसले कति वर्ष, कति महिना, कति दिन, कति घण्टा र कति मिनेटसम्म यस देशको शासन चलाएका रहेछन्, यसबारे पनि केही जान्न आवश्यक छ।

यी राजाहरूको राज्यारोहण भएको मितिदेखि स्वर्गारोहण हुँदासम्म वा परिस्थितिवश अथवा स्वेच्छाले राज्य (शासन) को बागडोरको परित्याग गर्दासम्मको अवधिमा कसको शासनकाल कतिसम्म चल्यो भन्ने कुरामा सबैभन्दा बढी शासन गर्ने राजाहरूमा श्री ५ त्रिभुवनको नाम आउँछ। मौसुफले ४३ (१९६९-२०११), श्री ५ सुरेन्द्रले ३४ (१९०४-१९३८), श्री ५ पृथ्वीनारायण शाहले ३२ (१७९९-१८३१) मध्ये श्री ५ राजेन्द्रले ३१ (१८७३-१९०४) वर्षसम्म राज्य चलाएको पाइन्छ।

यसै गरी ३०।३० वर्षसम्म राज्य चलाउने राजाहरूमा श्री ५ पृथ्वीवीरविक्रम (१९३८-१९९८) र श्री ५ वीरेन्द्र (२०२८-२०५८) होइबक्सन्थ्यो भने २१ वर्षसम्म राज्य चलाउने राजाको नाम श्री ५ रणबहादुर शाह (१८३४-१८५५) को हो। यसै गरी १८ वर्ष राज्य चलाउने राजामा श्री ५ गीर्वाणयुद्ध विक्रम शाह (१८५५-१८७३), १७ वर्ष सम्म राज्य चलाउने राजामा श्री ५ महेन्द्रवीरविक्रम शाह (२०११-२०२८) होइबक्सन्थ्यो भने केवल ३ वर्ष (१८३१-१८३४) मात्र राज्य चलाउने राजाको नाम श्री ५ प्रतापसिंह शाहको हो। सबैभन्दा थोरै समय राजाको उपाधि पाई स्वर्गे हुने राजाको नाम श्री ५ दीपेन्द्र हो। श्री ५ दीपेन्द्रले जम्मा ५४ घण्टा ३० मिनेट (२ दिन, ६ घण्टा ३० मिनेट अर्थात् २०५८

जेठ १९ देखि २०५८ जेठ २२ गते सम्म) राजा हुने अवसर पाएको इतिहासले जनाउँछ ।

नेपालका शाहवंशीय राजाहरूमा सबैभन्दा बढी श्री ५ राजेन्द्र ६८ वर्ष सम्म बाँचेको पाइन्छ भने त्यसपछि क्रमशः कम हुँदै आएर श्री ५ वीरेन्द्र ५६ (२००२-२०५८), श्री ५ पृथ्वीनारायण (१७७९-१८३१) र श्री ५ सुरेन्द्र (१८८६-१९३८) ५२ वर्ष, श्री ५ महेन्द्र (१९७७-२०२८) ५१, श्री ५ त्रिभुवन (१९६३-२०११) ४८, श्री ५ पृथ्वीवीरविक्रम (१९३२-१९६८) ३६, श्री ५ रणबहादुर (१८३४-१८६३) ३१, श्री ५ दीपेन्द्र (२०२८-२०५८) ३० वर्ष, र श्री ५ युवराज त्रैलोक्य (१९०४-१९३४) ३०, वर्ष श्री ५ प्रतापसिंह शाह (१८०६-१८३४) २८ वर्ष, श्री ५ गीर्वाणयुद्ध (१८५४-१८७३) १९ वर्षसम्म बाँचेर स्वर्गारोहण भएको हो ।

उपर्युक्त राजाहरूमध्ये कसले कति वर्षको उमेरमा राजगद्दी आरोहण गरेछन् भनी अध्ययन गर्दा वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्र ५४, श्री ५ महेन्द्र ३४, श्री ५ दीपेन्द्र ३०, श्री ५ वीरेन्द्र २६, श्री ५ प्रतापसिंह २३, श्री ५ पृथ्वीनारायण २०, श्री ५ सुरेन्द्र १८, श्री ५ पृथ्वीवीरविक्रम ६, श्री ५ त्रिभुवन ५, श्री ५ राजेन्द्र ३, श्री ५ रणबहादुर २ वर्ष र श्री ५ गीर्वाणयुद्ध १$^{१}/_{२}$ (डेढ) वर्षको उमेरमा राजगद्दी आरोहण गरी उमेरअनुसार स्वयम् आफैंले र उमेर नपुग्दासम्म आफ्ना मुख्तियारहरूबाट राज्यसञ्चालन गरेको पाइन्छ ।

यी राजाहरूमध्ये श्री ५ रणबहादुर शाह र श्री ५ राजेन्द्रले परिस्थितिवश पदत्याग गरेको पाइन्छ । जन्मेको दुई वर्ष (वि.सं. १८३४) मा राजा भएका श्री ५ रणबहादुर शाहले २१ वर्षसम्म शासन चलाई २३ वर्षको उमेर (१८५५) मा पद त्याग गरी बसेका थिए । यो त्याग गरेको ८ वर्षपछि वि.सं. १८६३ मा यिनी स्वर्गारोहण भएका थिए भने यिनको पछि श्री ५ राजेन्द्रले पनि पदत्याग गरी बसेका थिए । जन्मेको ३ वर्षको उमेर (वि.सं. १८७३) मा राजा भएका श्री ५ राजेन्द्रले ३१ वर्षसम्म शासन चलाई ३४ वर्षको उमेरमा पदत्याग गरेका थिए ।

शाहवंशीय १२ ओटा राजाको सूचीमा परेका राजाहरूमध्ये ११ ओटा राजाको शिरमा श्रीपेच छ तर श्री ५ दीपेन्द्रको शिरमा श्रीपेच नपहिरिई स्वर्गे भयो ।

वि.सं. १८३४ देखि १८८९ सालसम्म समयावधिमा राजा हुने श्री ५ रणबहादुर शाह, श्री ५ गीर्वाणयुद्धविक्रम शाह र श्री ५ राजेन्द्रविक्रम शाहका अख्तियार भई आफ्ना छोरा र भतिजाहरूलाई शासकीय सहयोग पुऱ्याउने नारी र अन्य पात्रलाई विर्सनुहुँदैन । श्री ५ राजेन्द्रलक्ष्मीदेवीले छोरा श्री ५ रणबहादुर शाहको (१८३४-१८४२), राजकुमार बहादुर शाहले भतिजा श्री ५ रणबहादुर शाहको (१८४२-१८५१), श्री ५ राजराजेश्वरीदेवीले छोरा श्री ५ गीर्वाणयुद्धको (१८५६-१८५७), रानी सुवर्णप्रभादेवीले श्री ५ गीर्वाणयुद्धको (१८५७-१८६०), श्री ५ राजराजेश्वरीदेवीले छोरा श्री ५ गीर्वाणयुद्धको (१८६०-१८६३), श्री ५ ललितत्रिपुरासुन्दरीले श्री ५ गीर्वाणयुद्धको (१८६२-१८७३), श्री ५ ललितत्रिपुरासुन्दरले श्री ५ राजेन्द्रको (१८७३-१८८८) अख्तियार भई राज्य एकीकरण र सञ्चालनमा सहयोग पुऱ्याएको पाइन्छ :

यसैगरी नेपालका शाहवंशीय राजाहरूको राज्यसञ्चालनमा ती राजाहरूका मुख्तियार भई केही व्यक्तिले सहयोग पुऱ्याएको पाइन्छ । जनताका छोरा भएर राजाको मुख्तियार हुने ती ऐतिहासिक पुरुषहरूमध्ये भीमसेन थापा (१८६३ वैशाख-१८९४ श्रावण), दयानाथ पौडेल (१८९४ श्रावण-१८९५ कार्तिक), पुष्कर शाह (१८९५ कार्तिक-१८९६ पौष), रणजङ्ग पाण्डे (१८९६ पौष-१८९७ कार्तिक) र फत्तेजङ्ग शाह (१८९७-१९०० पौष) को नाम पुऱ्याएर राज्य सञ्चालनमा सहजता कायम गर्दै आएको हाम्रो इतिहास छ ।

६. राजा र कवि एवम् शासन र साहित्यको सम्बन्ध

राजा देशको एउटा शासक हो । कवि शासित हो, गोहारगी हो र देशको एक सचेत एवम् सशक्त नागरिकले राजाद्वारा शासित हुने हुँदा राजाको अगाडि कवि एक साधारण व्यक्ति मानिन्छ । राजाको कानुनबीच कवि र विद्वान् बाँधिएको हुन्छ । कानुनलाई कविले सोझै तोड्न नसके पनि आफ्नो प्राज्ञिक, बौद्धिक, तार्किक, शास्त्रीय र विद्वत्ताको माध्यमबाट राजालाई धर्म, नियम, आचार र संस्कारको पिञ्जराभित्र पारिदिन्छ । कतिपय शासक निरङ्कुश हात्तीजस्ता हुन्छन् तिनलाई राजनीति होइन साहित्यको माध्यमबाट कवि विद्वान्हरूले समाजतिर डोऱ्याउँछन् । राजाको दण्डभन्दा कविको लेखनी बलियो हुन्छ ।

हामी अलिकति अगाडि जाऊँ । महर्षि वाल्मीकिले राजा रामचन्द्रको चरित्रमा आधारित रामायण लेखे । महर्षि वेदव्यासले राजा युधिष्ठिरको चरित्रलाई अँगालेर महाभारत लेखे । महाकवि कालिदासले राजा विक्रमादित्यको व्याख्या गरे । अनि चित्तप, विल्हणा आदि कविले राजा भोज र कवि विद्यापतिले राजा कर्णको चर्चा गरे । राजाहरू जनताका जयजयकारभन्दा कवि लेखकहरूका प्रशस्तिले प्रख्यात र चिरस्थायी हुन्छन् ।

कविहरूले राजाको वर्णन गरेको मात्र पाइँदैन, राजाले कवि र विद्वान्हरूको मर्यादा गरेको इतिहास पनि हामीसँगै छ । राजा विक्रमादित्य आफूजस्ता (विद्वान्) थिए आफ्नो सभा र मण्डलमा त्यस्तै विद्वान् र कविहरूलाई जम्मा गरेका थिए ।

धन्वन्तरि, क्षयशक, अमरसिंह, शङ्कु, बेतालभट्ट, खटखर्पर, कालिदास, वराहमिहिर र वररुचि नामका नौ ओटा कवि राजा विक्रमादित्यको सभाका नौ रत्न हुन् ।

"धन्वन्तरिक्षयशाकामरसिंहशङ्कु
बेतालभट्टटखर्पर कालिदासाः ।
ख्यातो वराहमिहिरे नृपतेः सभायां
रत्नानि नै वररुचिर्नव विक्रमस्य ॥

यी प्रत्येक कविले राजाको कर्तव्यअकर्तव्य, धर्म-अधर्म, पाप-पुण्य आदिबारे नीति-नियमको व्यवस्था गरेका छन् । यै नौ रत्नमध्ये विद्वान् वराहमिहिरको एउटा पद्यमय उक्ति यस्तो छ– "विद्वान् संसदि पाङ्क्तिः परवशो मानी दरिद्रो गृही विलाढ्यः कृष्णः सुखी परवशो वृद्धो न तीर्थाश्रमी, राजाऽशौचवप्रियः कुलभवो मूर्खो पुमान् वीजितो वेदान्ती हतसत्क्रियः किमपरं हास्यास्पदं भूतले । भर्तृहरि एउटा राजा हुन् र अर्कोतर्फ उनी कवि पनि हुन् । उनको एउटा हातमा राजदण्ड र अर्को हातमा कलम थियो । उनलाई राजदण्डले चित्त बुझेन र आखिर उनले राजदण्ड र राज्यश्रीलाई नै तिलाञ्जलि दिई अन्त्यमा उनी साधु भएर निस्के । उनका नीतिश्लोक अत्यन्तै मार्मिक छन् ।

उनका तीनओटा श्लोक यहाँ उद्धृत गर्दा राजा, कवि र विद्वान्कै सम्बन्ध एवम् समाजमा के कुरा ठीक र के कुरा बेठीक भन्ने विषयमा स्पष्ट हुनेछ ।

(१) वैद्यं पानरतं नटं कुपठितं स्वाध्यायहीनं द्विजम्
युद्धे कापुरुषं हयं गतवयं मूर्खं परिब्राजकम् ।
राजानं च कुमन्त्रकी वरिवृतं देशं च सोपद्रवं
मायौ यौवन गर्विती पररषां मुञ्चन्ति शीघ्रं बुधाः ॥
(२) पोतो उस्तरकारिराकितस्तो वीपोऽन्धकारोक्ये
निर्वाते व्यजनं मदान्धकरिणां दर्योयशान्त्यै क्षृणिाः ।
इत्थं यद्मुवि नास्ति यस विधिना नोयायचिन्ताकृता
मन्ये दुर्जन चित्तवृत्तिहसौ धातापि भग्नोद्याः ॥
(३) शान्तिश्चेत् कवचेन किं किमरिथिः क्रोधोऽस्तिचेद्र देहिनी
ज्ञातिश्रोपनलेन किं यदि सुहृद् दिव्यौषधैः किं कलम् ।
किं सर्वैर्यदि दुर्जनः किमु धेनेविद्यानवद्या यदि
शीलं चेत् किम् भूषतौः सुकवितायद्यत्मि राज्येन किम् ? ॥

यी विभिन्न नैतिक दृष्टान्त दिनुको तात्पर्य के हो भने पुराना कवि, विद्वान्हरूका नीति निर्देशनहरूबाट राजा (सर्वोच्च शासक)हरू पनि प्रभावित भएका हूँदा रहेछन् ।

यी सबै कुराबाट के बुझिन्छ भने कवि, विद्वान्हरू कोरा स्तुतिगान गर्ने भाट होइनन् राजाका मार्गदर्शक पनि हुन् । राजा र कवि दुइटैको पारस्परिक सम्बन्ध हुन्छ । श्री ५ महेन्द्र केवल राजा मात्र थिएनन् कवि पनि थिए । यसैले मौसुफले आफ्नो निजी लगानीबाट २०१४ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना गरी कवि, विद्वान्हरूको सम्मान गरिबक्सेको थियो ।

श्री ५ वीरेन्द्रबाट त्यो प्रतिष्ठानको कुलपतिको पदसमेत कवि/लेखकलाई सुम्पिबक्सेर आफू केवल संरक्षकमात्र होइबक्सन्थ्यो ।

७. काल्पनिक साहित्य र लोकसाहित्यभित्रका राजाको तुलनात्मक अध्ययन

काल्पनिक साहित्य भन्नाले भावुक, सम्वेदनशील र सिर्जनशील व्यक्तिले मनको भावनाद्वारा उठेका विचारलाई लालित्यपूर्ण ढङ्गले मनको अभिव्यक्ति कागजमा उतारी व्यक्त गरेका विचार भन्ने बुझिन्छ । लोकसाहित्य भन्नाले लोक (सामान्य नागरिक) ले सहज रूपमा मनमनै रचेर मौखिक रूपमा परम्परादेखि चल्दै आएको लालित्यपूर्ण अभिव्यक्ति भन्ने बुझिन्छ ।

हाम्रा पूर्वीय लेखक, कवि र विद्वान्हरूले राजा एवम् राजपरम्पराबारे रचेका संस्कृत भाषामा रचिएका पद्यमय कविता र लोकसाहित्यभित्रका लोकगीत, उखान र लोकोक्तिद्वारा परिभाषित राजपरम्पराको गरिमालाई एकै ठाउँमा राखेर तुलनात्मक अध्ययन गर्दा शास्त्रीय कविताभन्दा लोक कविता कम छैन भन्दा अत्युक्ति नहोला । ती दुवै थरीका कविताका केही नमूना यहाँ प्रस्तुत गरौं ।

१. प्रजासुखे सुखं राज्ञः प्रजानाञ्च हिते हितम् ।
नात्मप्रियं हितं राज्ञः प्रजानाञ्तु प्रियं हितम् ॥
२. नृपस्य परमो धर्मः प्रजानां परिपालनम् ।
३. लोकरञ्जनमेवात्र राज्ञां धर्मः सनातनः ।

– महाभारत शान्तिपर्व

४. राजा प्रकृति रञ्जनात् ।

– महाकवि कालिदास (रघुवंश महाकाव्य)

५. कालो वा कारणं यज्ञो, राजा वा कालकारणम् ।
इति ते संशको माभूत्, राजा कालस्य कारणम् ॥

– नीतिश्लोक

६. राजा बन्धुरबन्धूनी, राजा चक्षुरचक्षुषाम् ।
राजा पिता च माता च, सर्वेषां न्यायवर्त्तिनाम् ॥
७. मूर्खोऽशान्तस्तपस्वी क्षितिपतिरलसो मत्सरी धर्मशीलो,
दुष्टो मानी गृहस्थाः प्रभुरतिकृपणाः शास्त्रविद्धर्महीनः
आज्ञाहीनो नरेन्द्रः शुचिरपि सततं यः परान्नोपयोगी,
बुद्धो रोगी दरिद्रः स च युवतिपतिधिग् विडम्बप्रकाराः ॥

– विद्वान् खटखर्पर (राजा विक्रमादित्य नौ रत्नमध्ये एक) ।

८. स्वाम्यमात्यसुहृत्कोष राष्ट्रदुर्ग बलानि च ।
सप्ताङ्गमुच्यते राज्यं तत्र मूर्धा नृपः स्मृतः ॥
–शुक्रनीति ।

९. यो हि धर्मपरो राजा देवीसाऽन्यश्च रक्षसाम् ।
श्रीशभूतो धर्मलोपी प्रजापीडाकरोभवेत् ॥
–शास्त्रकार ।

१०. ध्रुवा द्यौ ध्रुवा पृथिवी ध्रुवासः पर्वता इमे ।
ध्रुवं विश्वमिदं जगद् ध्रुवो राजा विशामयम् ॥
–ऋग्वेद ।

११. राजानः शतं जीवेम शरदः ।
–वेद ।

१२. राजा हि युगमुच्यते ।
इत्यादि ।

कर्णाली अञ्चलमा प्रचलित केही उखान, लोकोक्ति र लोकगीतहरूसँग उपर्युक्त नीतिशास्त्रका भनाइसँग दाँज्न आवश्यक छ ।

१. राजा, राजधर्म, राजाको कर्तव्य, राजाको विवेक आदि कुरालाई झल्काउने उपर्युक्त नीतिशास्त्रका श्लोकसँग मेल खाने एउटा जुम्ली उखान यस्तो छ– "सुक (सुख) त शरील सुक, राजा सुक त पर्जा सुक ।"

शरीरका विभिन्न भागमध्ये आँखा, कान, नाक, मुख, घाँटी, जिब्रो, गाला, गला, निधार र मन-मस्तिष्कसहितको शिर महत्त्वपूर्ण हो । यसैभित्र पाँच ज्ञानेन्द्रियहरू पर्दछन् । यस्तो महत्त्वपूर्ण भाग नै अस्वस्थ भएमा सम्पूर्ण शरीर नै अस्वस्थ हुन्छ ।

यसै प्रसङ्गमा भन्नुपर्दा एउटा सार्वभौमिक सत्तासम्पन्न राष्ट्रका र राजपरिवारका कुनै एक सदस्य त्यसमा पनि विश्वमा एकमात्र हिन्दू राष्ट्रका प्राण समानका राजा अलिकति अस्वस्थ भएमा यस देशका राजभक्त, चिन्तनशील, जागरुक वा सामान्य नागरिक कति दुःखित होलान् सबैले स्वतः जान्ने कुरा हो । आफ्नो शरीरको महत्त्वपूर्ण रूपमा मानिएका राजा सुखी भएमा सम्पूर्ण नागरिकमा सन्तोषको लहर फैलिएको मानिन्छ । यस्तो मानसिकता बोकेका नेपाली जनताको अगाडि २०५८ साल ज्येष्ठ १९ गते राति राजदरबारमा घटेको अत्यन्तै पीडादायी र दर्दनाक घटनाले सम्पूर्ण नेपाली र खास गरी यस उखानको जन्मथलो कर्णाली अञ्चलका जनता झन् कति दुःखित भए होलान् सहजै अनुमान गर्न सकिन्छ । यहाँका जनताका लागि धर्ती नै फाटेर पातालमा पुगेको अनुभव हुन्छ । राजा, रानीसहितका राजपरिवारका १० जना सदस्य एकैसाथ चितामा जल्नु भनेको विश्वमै नघटेको घटना नेपालमा हुनपुग्यो ।

श्री ५ वीरेन्द्र नेपाललाई शान्तिक्षेत्र घोषित होस् भनी विश्वका सामु प्रस्ताव राख्ने राजा होइबक्सन्थ्यो । विडम्बनाको कुरा एसियाका शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थल र विश्वका ११६ राष्ट्रले समर्थन गरिसकेका देशको शान्तिक्षेत्रका प्रस्तावक स्वयम् राजा श्री ५ वीरेन्द्र र मौसुफका १० जना परिवारमाथि यस्तो वज्रपात हुनु विश्वमै "न भूतो न भविष्यति" जस्तै भयो ।

२. माथि दिइएका बाह्रओटा नीतिशास्त्रका श्लोक र उक्तिमध्ये नं. ५ को नीतिश्लोकले पनि २०५८ साल ज्येष्ठ १९ गतेको राजदरबारको घटनालाई उलटपुलट पारिदिएको छ ।

कालो वा कारणी राज्ञो, राजा वा कालकारणम् ।
इति ते संशयो माभूत्, राजा कालस्य कारणम् ।"

"राजा कालका कारण हुन्" भनिएकामा काल राजाको कारण हुन गयो त्यस दुःखदायी घटनालाई सम्झँदा ।

यही श्लोक र उक्त घटनालाई पल्टा खुवाई दिने जुम्लाको एउटा अर्को उखानलाई यहाँ जोड्नु सान्दर्भिक नै होला–

(२) "राजा लाग्यो काल लाग्यो ।"

अपराध गर्ने जनताका लागि राजा र आयु क्षीण भएका मानिसका लागि काल यमराज नै हुन् । वास्तवमा आयु क्षीण भएका मानिस (प्राणी)लाई लिन यमराजको प्रतिनिधित्व गरी उनका पूर्व आए भने कसैको केही नलागेजस्तै राजाले कसैलाई दण्ड दिनु पऱ्यो भने कसैको केही लाग्दैन । असलका निम्ति राजा संरक्षक र पिता हुन् भने खराबका निम्ति राजा यमराजका पूर्व र स्वयम् यमराज नै हुन् । यसैले यो उखान समाजमा चोटिलो भएर लागू भएको छ । नीति शास्त्रमा पनि भनिएको छ (उपर्युक्त नं. ६ को श्लोक) :

"राजा बन्धुरबन्धूनी, राजा चक्षुरचक्षुषाम् ।
राजा पिता च माता च सर्वेषां न्यायवर्तिनाम् ॥"

यति हुँदाहुँदै पनि खराब जनतामाथि लागू हुने "राजा लाग्यो काल लाग्यो" भन्ने उखान राजा श्री ५ वीरेन्द्रमाथि नै लागू भयो । यो पनि दैवको एउटा विडम्बना नै हो ।

३. जनताको घर, किसानको खेती र राजाको राज्य कस्तो अवस्थामा बिग्रन्छ भन्ने कुराको दिग्दर्शन जुम्लामा प्रचलित यस लोकोक्तिले दर्शाएको छ :

"घर पलायीयो कुघरीनाले, खेती पलायीयो काँस ।
राज्य पलायीयो कुमन्तरी (कुमञ्ची)ले, कौवा करायो हाँस ॥"

अर्थात् घरकी गृहिणी लच्छीनकी भइन भने घर बिग्रन्छ, खेतीपाती बिग्रियो भने जग्गामा अन्नबालीको सदा काँस (एकथरि वनस्पति) उम्रन्छ, मन्त्री खराब भएमा राज्य नै बिग्रन्छ । यस्तो

स्थितिमा हाँस र कोइली बस्ने ठाउँमा काग र काग बस्ने ठाउँमा हाँस वा कोइली आएर बस्नसक्छ ।

यसै कुरासँग मिल्दो राजा भर्तृहरिको नीतिशतकको नीतिश्लोकको एउटा पंक्ति यस्तो छ :

"राजानं च कुमन्त्रिभिः परिवृतं, देशं च सोपद्रवम् ।"

४. समाजमा बस्ने हरेक मानिसलाई मात्र होइन आकाशमा उड्ने चरा, वनजूलमा पालिने पशुवस्तु, जलभित्र पाइने प्राणीलाई पनि अनुशासनको आवश्यकता पर्दछ । हरेकले आ-आफ्नो अनुशासनमा बाँधिएर हिँडेमा त्यहाँ ऐन, कानुन, अड्डा-अदालत कसैको पनि आवश्यकता पर्दैन भनेर स्वच्छ विचार बोकेको एउटा लोकोक्ति वा लोकगीत जुम्लामा पाइन्छ । जो यसप्रकार छ :

"हात्ती बस्यो अङ्कुश्यामा, पाउटी बस्यो ध्वाजा ।
मान्ठ बस्यो मर्यादामा, चल्यो राजकाज ।"

अर्थात् ठूलो शरीर भएको हात्ती पनि एउटा सानो अङ्कुशको भरमा निश्चिन्त र अनुशासित भएर बसेको हुन्छ । आकाशमा उडेर आफ्ना तीखा नङले कोपरेर सारा चरा-चरीलाई मारेर खाने हिंस्रक "बाज" भन्ने चरा पनि सिकारीको सानो जालमा अड्किएर बन्धनमा परेको हुन्छ । यसैगरी सारा जनताले अनुशासित भई कर्तव्यको पालना गरिदिएमा त्यस देशको सम्पूर्ण राज्यशक्ति स्वतः चल्दछ । त्यहाँ कसैले कसैलई नियम-कानुन लगाइरहनै पर्दैन । यसै कुरालाई पुष्टि गर्ने राजा भर्तृहरिद्वारा रचित तीनओटा नीतिश्लोक यहाँ उद्धृत गरौं :

१) पोतो डस्तरवारिशाशि तरसो, दीपोऽन्धकारोवकाथे,
निर्वाते व्यजनं मदान्धकरिशी, दर्योयशान्तै सृष्टिः ।
इत्थं यद् थुति नास्ति यस विधिना, नोपायचिन्ता कृता ।
ग्रन्थे युर्जनचिन्तवृस्तिहरसो, धाताथि भग्नोद्यमः ॥
२) नामो भाति मदेन कं जलरुटैः पूर्योन्दुना शर्वरी,
शीलेन प्रमदा जलेन तुरयो, नित्योत्सबै र्मन्दिरम् ।
वाणी व्याकरणेन हंसमिृथुनै र्नद्य, सभा पण्डितैः
सत्युन्नेता कूलं नृपेशा बसुधा लोकन्नयी विष्णुना ॥
३) शक्नो वारपितुं जलेन हुतथुक छन्चेरा पूर्वातको
नागेन्द्रो शिशिताङ्कुशेन समेदो। पण्डेन गो गर्दभौ ।
व्याधिर्भेषण सङग्रहेश्च विविधै मन्धप्रयौगेर्शिषं
सर्वस्यौषधुमस्ति शास्त्र कथितं मूर्खस्य नासयौधषम् ॥

५) कर्णालीका लोकगीत, लोकोक्ति र उखानमा राजाको आयु धेरै लामो हुँदैन भन्ने आशय पाइन्छ । यसै विषयसँग सम्बन्धित जुम्लामा प्रचलित एउटा उखान यस्तो छ :

"राजा बुडिनु र बाज बुडिनु बेर लाग्दैन" ।

मानिस चार किसिमले वृद्ध हुन्छ । ज्ञानवृद्ध, वयोवृद्ध, रोगवृद्ध र व्यवहारवृद्ध । आजभन्दा करिब ३०० वर्ष पहिले अज्ञात कुनै अनुभवीले रचेको यस उखानको आशय के हो भने– "राज्य सञ्चालनको सिलसिलामा आर्थिक, मानसिक, शारीरिक, प्रशासनिक, सैनिक, मौद्रिक, भाषिक, बौद्धिक र राजनीतिक कुराले राजाले अहोरात्र यिनै कुराको चिन्तन-मनन गर्दागर्दै राजाको शरीर क्षीण भएको कसैलाई पत्तै हुँदैन" । राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाब र देशको परिस्थितिअनुसार शारीरिक दृष्टिले राजा हृष्टपुष्ट देखिए पनि भित्रभित्रै मानसिक दृष्टिले बृद्ध हुनु स्वाभाविकै हो । मानिसलाई शारीरिक बोझ भन्दा मानसिक बोझले बढी सताउँछ ।

यसै गरी राजाको आयुसँग बाज (वनको एक अत्यन्तै हिंस्रक चरा) को आयुलाई जोड्नुको रहस्य पनि यही हुन सक्छ । सम्पूर्ण चराको हत्या गरी मासु खाएर बाँच्नु बाजको नियति नै हो । यसैले बाज सोच्तै होला– "मैले सारा चरालाई मेरा तीखा नङ्ग्राले निर्मम हत्या गरेर आफ्नो दैनिक आहारा चलाइरहेको छु । कुनै दिन बचेका यी सारा चरा एकत्रित भएर मेरा सन्तान र म स्वयम्प्रति जाइलागे भने म र मेरा सन्तानको अवस्था त्यसबेला के होला ?" यसैले बाज सधैं सशङ्कित, भयभीत र त्रस्त हुन्छ । चिन्ताले गर्दा बाज चाँडै बुढिने गर्दछ । बाजको आयु बढीमा ८ वर्षको मात्र हुन्छ भन्ने भनाइ छ । "राजा सय वर्ष बाँचून्" भनेर जसले जति आशीर्वाद र शुभकामना दिए पनि राजाको चिन्ता कसैले मेटाउन सक्दैन । नेपालका शाहवंशीय राजाहरूमा सबैभन्दा बढी ६८ वर्षसम्म श्री ५ राजेन्द्र बाँचेका भए पछि ६० वर्षभन्दा बढी बाँच्ने राजा श्री ५ दीपेन्द्रसम्म कोही पाइँदैन । श्री ५ वीरेन्द्र ५६ वर्षसम्म बाँचे पनि मौसुफ आफ्नो कालगतिले परमधाम पुगिबक्सेको होइन । कोही कसैको कुकृत्य र षड्यन्त्रद्वारा मौसुफले त्यो डरलाग्दो स्थिति भोग्नुपरेकाले भन्नु पर्दा अहिले मुटु चिसो भएर आउँछ ।

(६) राजासँग दल (सैनिक शक्ति), किसानसँग मल, जोगी (साधु-सन्त)सँग त्याग र नारीसँग धैर्य एवम् सहनशीलता हुनै पर्छ । यदि यी कुरा उनीहरूसँग छैनन् भने यी चारै फोहोरी हुन् भनी स्पष्ट उल्लेख भएका उखान र लोकोक्ति जुम्लामा धेरै पाइन्छन् । तीमध्ये दुइटा विषय यहाँ प्रस्तुत गरौं–

(क) मल खेती दल राजा राजा (उखान) ।

(ख) राजा फोऽऽडी विना दलको
खेती फोऽऽडी विना मलको
जोगी फोऽऽडी घरबारी
नारी फोऽऽडी मुखबारी ।

अर्थात् पूरा सैनिक व्यवस्था नगरेको राजा, खेती गर्न खोज्ने तर जग्गामा मल हाल्न (प्रयोग गर्न) नरुचाउने (नसक्ने)

किसान, आफूलाई त्यागी साधु सम्भने साधुको वेश लिने तर साधुको कर्तव्य पूरा नगरी घर-परिवार एवम् सम्पत्तिलाई त्यागेर घर छोडी धेरै टाढा जान नसक्ने जोगी र आफूलाई पनि बुवा, परिवार प्रिय, आदर्श र कुलीन नारी भनिठान्ने तर आहोरात्र चाहिने-नचाहिने कुराको बहाना गरी श्रीमान्को मुखमुखै लाग्ने, श्रीमान्लाई सधैं भ्रूपारिरहने आइमाई समाजका अत्यन्तै फोहोरी मानिस हुन् । यिनै कुरालाई औंल्याउने केही नीतिश्लोकहरूमध्ये राजा विक्रमादित्यको सभाका नौ रत्नमध्येका एउटा रत्न (विद्वान्) अमरसिंहद्वारा रचित एउटा पद्य यस्तो छ :

> "नीतिभूमिभृतां नतिर्गुणवती हीरङ्गनानीधृति,
> र्दम्पत्योः शिक्षाको गृहस्य कविता बुद्धेःप्रसाकेणिम् ।
> लावण्यं वपुषः स्मृतिः सुमनसी शान्तिर्छितस्य क्षमा,
> शकस्य द्रविणी गृहाश्रमववी स्वच्छसवी भूषणम् ।"

(७) "राजा सबका साझा" भन्ने उखान नेपाल अधिराज्यभरि खुवै प्रचलित छ । वक्ताले भन्न खोजेको कुराको पूर्णता यस उखानले दिँदैन । वक्ताको आशयको उत्तराङ्गको पूर्वाङ्ग होइन यो उखान । यो उखान अधूरो भए पनि निकै प्रचलित छ । यसको पूर्वाङ्गको उखान अधिराज्यमा कतै नभएर केवल कर्णाली अञ्चलमा मात्र पाइन्छ । यस उखानको पूर्वाङ्गरूप यो हो :

> "जोगी कैरवा पाउना, राजा कैरवा मीत ? यसैले राजा सवका साझा ।"

प्रतिदिन घर-घरमा मागेर खाने जोगी एउटा कुनै व्यक्ति विशेष, स्थान विशेष वा जाति विशेषको पाहुना हुँदैन । ऊ पाहुना हो । सबैको अतिथि हो । "आफू जोगी फड्कार छाला, जाँऽऽ जाला उहीँऽऽ खाला" उखानै छ । जोगीले यो ऊ केही नभनी सवैको घरमा गई अलख जगाएर भिख मागी उदरपूर्ति गर्ने गर्दछ । यही किसिमले राजा कसैका निजी भित्र, नातेदार र बन्धु-वान्धव होइनन् । राजाको नजिकका कोही नातेदार भए पनि समष्टिमा ती नातेदार देशका नागरिक हुन् । राजाले एकपक्षीय नाता जोडी पक्ष-विपक्ष गर्न हुँदैन । राजा सबै जनताका साझा पुरुष हुन् एवम् एकताका प्रतीक हुन् । राजा कुनै व्यक्ति, वर्ग, सम्प्रदाय, धर्म, दल (राजनीतिक पार्टी) र स्थान विशेषका पेवा होइनन् । राजा आफ्नो देशभित्रका सम्पूर्ण जनताका साझा पुरुष, आस्थाका केन्द्र र एकताका प्रतीक हुन् । यसै कुरालाई पुष्टि गर्ने एउटा नीतिश्लोक छ :

> "राजा बन्धूरबन्धुनी, राजा चक्षुरचक्षुषाम् ।
> राजा पिता च माता च सर्वेषां न्यायवर्तिनाम् ॥"

(८) हिजोआज सुख-दुःख, शोषक-शोषित, सुखी-दुःखी, धनी-गरिवका कुरा धेरै चल्ने गर्दछन् । सुख के हो, दुःख केले, को सुखी हो को दुःखी हो ? यी कुराको परीक्षण लगाएर लेखेको एउटा पद्यांशलाई यहाँ अगाडि सोचौं :

> "खोज्छन् सबै सुख भनी सुख त्यो कहाँ छ ?
> आफू मिटाइ अरूलाई दिनु जहाँ छ ।"

तर आजको समाजले यस आदर्श वाक्यको के अनुसरण गरेको होला र ? यो सोचनीय छ । व्यावहारिक रूपबाट हेर्दा वास्तवमा दुःखी को हो ? त्यस कुराको निक्यौंल गरिएका तीन ओटा फोको जुम्लामा पाइन्छन् । ती यस प्रकार छन् :

(क) कि दुख्ख दरबार री ठूलो भारी
कि दुख्ख दरबारी ठूलो भाऽऽरी (आहारी)
कि दुख्ख दरबारी कर्कदा नारी
कि दुख्ख उखारी ठूलो व्यापारी ।

(ख) कि दुख्ख जाने दुख्ख दुरिवका,
कि दुख्ख जाने दुखियाकी जोई ।
कि दुख्ख जाने बाल महछेली,
और नजाने कोई ॥

(ग) सुखीले खान्या मीठो मीठो दुखीले नून खान्या ।
त्यैऽऽनून खान नपाया, बौच्याऽऽक्याको मूल ॥

(घ) वास्तवमा सुखी, समाजसेवी, अगुवा परोपकारी र सज्जन को हो ? भन्ने कुराको दिग्दर्शन गरिएको एउटा लोकोक्ति जुम्लामा पाइन्छ । जो यसप्रकार छ :

> "भलो खाया फुच्चे खाया, नव सुखिया ।
> दौडी राख्यो टोक्या राख्यो, नव मुखिया ॥

अर्थात् समाजसेवा र परोपकारको सिलसिलामा जहाँ जे जस्तो खाने कुरा पाइन्छ, आतिथ्य गर्नेले जस्तो दिन्छ प्रेम स्वर्ग जाने व्यक्ति त्यो सुखी हो । यसै गरी विधवा, अबला, अशक्त नारी र असहाय बाल-बालिका, समाजमा पीडित, शोषित र दुःखी मानिसको जसले सहयोग गर्छ उनीहरूलाई सद्भाव राख्छ । वास्तवमा त्यही समाजको अगुवा धेर सच्चा समाजसेवी हो ।

(१०) सिकारीद्वारा लखेटिएको मृग भीरमा पुगी भीरबाट तल खोलामा फाल हाल्न पनि नसकेको र आफू जताबाट आयो उतैतिर फर्कन पनि नसक्ने अवस्थामा रहेको विषम परिस्थिति जस्तै नेपालको अवस्था पनि त्यस्तै छ ।

२०४६ साल चैत्र २६ गते भन्दा अगाडिको अवस्थामा फर्कन पनि गाह्रो मान्ने र २०४६ सालपछिको उपलब्धिलाई धान्न पनि नसक्ने अवस्था वर्तमान नेपालमा छ । भीरमा पुगेको मृगले बचाऊ बचाऊ भनी गरेको आर्तनाद त्यस्तै प्रजातन्त्रको पुनर्वहाली भएको नेपालले आफूलाई बचाऊ, म भीरबाट खस्न लागें भनी

गरेको करुणक्रन्दन कम दर्दनाक छैन । लाक्षणिक अर्थ र ध्वन्योक्ति अलङ्कारले परिपूर्ण कर्णाली अञ्चलको यो लोकगीत कम मर्मस्पर्शी छैन ।

“कर्णाली कर्णालीतिर भेरी भेरीतिर ।
म एक्लो डाँडाको मिर्ग, क्वैऽऽनाई मेरातिर ।”

भीरबाट खस्न लागेको मृगरूपी नेपाल आमाको यस पुकारलाई राजा श्री ५ वीरेन्द्र आजसम्म जीवित भइबक्सेको भए एउटा केही थलो बसिसक्थ्यो कि भन्ने अनुमान अधिकांश नेपालीले आज गरिरहेका छन् ।

८. नेपालका शाहवंशीय राजाहरूमा श्री ५ वीरेन्द्रको विशेषता

नेपालको अस्तित्व कायम भएदेखि नै राजाको अस्तित्व रहँदै आएको छ । यस देशमा गोपालवंशी, महिषपालवंशी, किराँतवंशी, लिच्छविवंशी, मल्लवंशी हुँदै शाहवंशी राजाहरूको शासन चल्दै आएको छ ।

यस देशमा अनेकौं राज्य-रजौटाहरू भए पनि खास गरी कर्णाली प्रदेश, गण्डकी प्रदेश र कोशी प्रदेश मुख्य रूपमा थिए । गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको क्रम गोर्खाबाट शुरु गरी वि.सं. १८२५ मा काठमाडौं एकीकरण गरेपछि मौसुफ नेपालको श्री ५ बडामहाराजाधिराज घोषित होइबक्स्यो । यो एकीकरणको क्रम वि.सं. १८६०-६५ सम्म चालु रहेर पूरा नेपाल एकीकृत हुन गयो ।

वि.सं. अठारौं शताब्दीदेखि वर्तमान शताब्दीसम्म जम्मा १२ ओटा शाहवंशीय राजाको संख्या पुगेको छ । यी राजाहरूमध्ये विशेष उल्लेखनीय काम गर्ने राजाहरूमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह, राष्ट्रपिता श्री ५ त्रिभुवन, राष्ट्रनायक श्री ५ महेन्द्र र विकासप्रेमी राजा श्री ५ वीरेन्द्रको नाम लिन सकिन्छ ।

(क) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह

वि.सं. १७७९ मा गोर्खामा जन्मिवबक्सेका मौसुफ ५२ वर्षसम्म जीवित हुँदा गर्नुपर्ने महान् कार्य गरिबक्सेको छ । नेपाललाई एकीकरण गरी विशाल नेपाल बनाउनु नै मौसुफको उल्लेख्य कार्य हो । ‘दिव्योपदेश’को माध्यमबाट देशको औद्योगिक, व्यापारिक, आर्थिक, प्रशासनिक नीति-नियमका साथै छिमेकी दुई ठूला मित्रराष्ट्र– चीन र भारतसँगको दौत्य सम्बन्ध-सम्बन्धी नीतिको तर्जुमा गर्नु थप अर्को विशेषता हो । जनताको इच्छाविरुद्ध राजाले काम गर्न हुँदैन भन्ने दर्साउनु मौसुफको तेस्रो महत्त्वपूर्ण कार्य हो । यसको उदाहरण– “बिराज बखेतीलाई आफूले ‘काजी’ पद दिन चाहेको भए पनि दुनियाँले कालु पाँडेलाई मन पराएका हुँदा मैले उनैलाई नै सो पद दिएको छु” भन्ने कुरा दिव्योपदेशमा उल्लेख भएको छ भनेर इतिहासकारहरूले लेखेका छन् । यसबाट के स्पष्ट हुन्छ भने– मौसुफ प्रजावत्सल र प्रजातन्त्रप्रेमी राजा होइबक्सँदो रहेछ ।

(ख) राष्ट्रपिता श्री ५ त्रिभुवन

एकसय चार वर्षको निरङ्कुश राणा शासनलाई नेपालका राजा र प्रजा मिलेर खत्तम गरी २००७ साल फागुन ७ गतेका दिनमा नेपालमा प्रजातन्त्रको स्थापना भएको हो । आफ्नो देशमा प्रजातन्त्रस्थापना गर्नका लागि मौसुफबाट जीवनको बाजी लगाइबक्सेको थियो । नेपालको इतिहासमा स्वर्णाक्षरले लेखिने मौसुफको यो कार्य हो ।

निरङ्कुश र जहानिया राणाशासन खत्तम गरी २००७ सालमा नेपालमा प्रजातन्त्र स्थापनाका लागि भएका क्रान्तिहरूमा काठमाडौं उपत्यकाका विद्यार्थीहरूको सङ्गठन (नेपाल छात्र संघ) ले गरेको आन्दोलन पनि महत्त्वपूर्ण थियो ।

२००७ साल फागुन ४ गते भारतको नयाँ दिल्लीबाट काठमाडौं फर्केपछि सो सङ्घका विद्यार्थीहरूलाई पहिलोपटक दर्शनभेट दिदा मौसुफबाट यस्तो हुकुम भएको थियो– “तपाईंहरूले प्रजातन्त्र स्थापनाका लागि सङ्घर्ष गरी योगदान दिनुभएकामा म साह्रै खुसी छु र तपाईंहरूलाई धन्यवाद पनि दिन चाहन्छु । तपाईंहरूको सङ्गठनलाई आवश्यक परेको कुरामा मलाई भेट्नु परेमा योगविक्रम (?) मार्फत् खबर पठाउनुहोला ।”

देशका एक सर्वोच्च शासक (राजा)बाट विद्यार्थीहरूलाई ‘तपाईं’ शब्द प्रयोग गरी प्रजातान्त्रिक शैली दर्साउनु मौसुफको विशेषता हो ।

मौसुफकै शासनकालमा नेपालको अन्तरिम शासन विधान-२००८ लागू हुनुका साथै लोकसेवा आयोग र देशको प्रशासन यन्त्रलाई आधुनिकीकरण गर्ने जस्ता कार्यहरूको शुरुवात भएको हो भन्नु पर्दछ ।

वि.सं. १९९३ सालमा टङ्कप्रसाद आचार्यको नेतृत्वमा खुलेको नेपालको पहिलो राजनीतिक पार्टीलाई समर्थन जनाउनु र ‘जनतालाई चाहिने संविधान कस्तो हो ? त्यो आफैं तयार गर’ जस्ता उच्च र आदर्श विचार व्यक्त गर्नु मौसुफको अर्को उल्लेखनीय आदर्श हो । यस्ता त्यागी र जनप्रेमी राजा नेपालीले पाउनु अहोभाग्य हो ।

(ग) राष्ट्रनायक श्री ५ महेन्द्र

देशको राष्ट्रियता र देशको सार्वभौमिकताको संवर्द्धन कार्यमा मौसुफको महत्त्वपूर्ण योगदान रहेको छ । जम्मा १७

वर्षसम्म राज्य चलाएका श्री ५ महेन्द्र राजा मात्र होइन एउटा भावुक कवि एवम् कुशल गीतकार होइबक्सन्थ्यो । वर्तमान नेपालको विकासका हर पूर्वाधार र समाजसुधारका हरपक्ष मौसुफकै कार्यकालमा शुभारम्भ भइसकेको थिए भन्दा अत्युक्ति नहोला । देशको न्यायिक, आर्थिक, साहित्यिक, सांस्कृतिक, धार्मिक, प्रशासनिक, राजनीतिक क्षेत्रमा मौसुफको शासनकालमा भए-गरेका विशेष उल्लेखनीय कार्य सम्झे, बुझे, देखे र अनुभव गरेसम्म केही यसप्रकार छन् :

१. प्रथम पञ्चवर्षीय योजनाको प्रारम्भ– २०१३
२. नेपाल निजामती सेवा ऐन– २०१३ ।
३. निजी लगानीबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको स्थापना– २०१४ ।
४. नेपालको अन्तरिम शासनविधान (चौथो संशोधन)– २०१५।२।२ ।
५. नेपाल अधिराज्यको संविधान (तेस्रो संविधान)– २०१५।११।१ ।
६. नेपालमा संसदीय व्यवस्थाको प्रथम आमनिर्वाचन– २०१५ ।
७. स्वदेश दर्शनको सिलसिलामा पैदलयात्राको शुभारम्भ– २०१६ ।
८. त्रिभुवन विश्वविद्यालयको स्थापना– २०१६ ।
९. देशको राष्ट्रियता र सार्वभौमिकताको चिनारी– २०१७ ।
१०. नेपाल अधिराज्यका तात्कालिक ३५ जिल्लालाई विंस्तार गरी ७५ जिल्ला तथा १४ अञ्चलमा विभाजित– २०१८।१।१
११. पूर्व-पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) को शुभारम्भ– २०१९ ।
१२. नेपालको संविधान– २०१९ (२०१९।९।१) ।
१३. मुलुकी ऐन– २०२०।५।१ ।
१४. रारा दहका किनारमा एक हप्ता विराजमान– २०२०।१२।७-२०२०।१२।१४
१५. क्रान्तिकारी भूमिसुधार ऐन लागू– २०२१ ।
१६. देशका कलाकार (लोकगायक र गायिका)हरूलाई प्रतिवर्ष काठमाडाँमा भेला गराई राष्ट्रिय नाचघर र रेडियो नेपालमा लोकनृत्य प्रदर्शन– २०२१।२२ (पौष २७ गते) ।
१७. नेपालको संविधान (पहिलो संशोधन–२०२३)– २०२०।१०।१४ ।
१८. नेपालका प्रशासनिक, सैनिक, आर्थिक विषयसँग सम्बन्धित विदेशी शब्दलाई नेपाली भाषामा पारिभाषिक शब्दको निर्माण गर्न लगाई स्वदेशी शब्द प्रचलनमा ल्याउनु ।
१९. पञ्चायती व्यवस्थालाई केही फेरबदल गर्न आवश्यक छ कि छैन, यस विषयमा गम्भीर छलफल गरी राय पेश गर्ने भनी तात्कालिक राष्ट्रिय पञ्चायतको बैठकलाई सोधनी– २०२७ साल ।
२०. स्वदेशमा विदेशी मुद्राको सट्टा स्वदेशी मुद्राको प्रचलन अद्यावधिक गराउनु ।

नेपालका कवि, कलाकार (चित्रकार, मूर्तिकार, गीतकार, सङ्गीतकार) र साहित्यकारहरूले साहित्य, सङ्गीत र कलाको संवृद्धिको लागि अहोरात्र साधना गरिरहेका छन् तर यिनीहरूले आफ्ना निम्ति भने आँसु र मसी पिउनु परिरहेको छ । यस्तो स्थितिमा मौसुफले गद्दीआरोहण गरेकै $^{१}/_{२}$ वर्षमा (२०१४ मा) नेराप्रप्रको स्थापना गरिदिनुबाट यी साधकहरूका निम्ति अलिकति सन्तोषको सास फेर्ने स्थिति आएको मान्नुपर्दछ ।

मौसुफको साहित्यिक नाम मवीवी शाह हो । मौसुफबाट *उनको लागि* गीतसङ्ग्रह रचिनुको साथै *रारा कि अप्सरा* जस्ता अन्य कतिपय मार्मिक र सम्वेदनशील कविता एवम् गीत रचिबक्सेको छ । राष्ट्रियताले ओतप्रोत भएका केही कविता र गीतका थोरै पद्यांशलाई यहाँ प्रस्तुत गरौं :

(१) गर्छिन् पुकार आमा रोई कराई जोडले
होइन मेरा भन्छिन् सन्तान थरीथरीका ।
(२) बाँच्यो सधैं त्यो जसले सम्झ्यो देशको माटो
मर्‍यो ज्यूँदै त्यो जसले बिर्स्यो देशको माटो ।
(३) हे वीर ! हिंड अगि सरी, नहटाई पाउ रतीभरि
यो मातृभूमि नेपालको, भई वीर पराक्रमी सन्तति । इत्यादि ।

(घ) प्रजातन्त्रप्रेमी राजा श्री ५ वीरेन्द्र

(१) जन्म– वि.सं. २००२।९।१४
(२) पूर्वी नेपालको पैदल भ्रमण– २०२१
(३) त्रिशूली– बुटवलखण्डको पैदलयात्रा– २०२२
(४) मेची अञ्चलको एकमहिनाव्यापी पैदल भ्रमण– २०२८
(५) गद्दीनसीन– २०२८।१०।१७
(६) गद्दीनसीन पछिको अधिराज्यको एक हप्ताव्यापी पहिलो भ्रमण– कर्णाली अञ्चल (मुकाम– जुम्ला)– २०२९।१।८
(७) अधिराज्यका चौध अञ्चललाई पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल गरी चार विकास क्षेत्रमा विभाजित– २०२९।१।१

(८) जाँचबुझ केन्द्रका प्रमुख संरक्षक

(९) फराकिलो संविधानको व्यवस्था– २०३०।९।१

(१०) संविधान सुधार सुझाव आयोगको गठन– २०३१

(११) शुभराज्याभिषेकद्वारा अभिसिञ्चित– २०३१।११।१२

(१२) पाँच कक्षामुनिका बालबालिकाहरूलाई निःशुल्क शिक्षा प्रदान गर्ने घोषणा– २०३१।११।१२

(१३) पर्यटनसम्बन्धी गुरुयोजनाको व्यवस्था– २०३०

(१४) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यक्रम– २०३०

(१५) नेपाललाई शान्तिक्षेत्रको प्रस्ताव– २०३१।११।१३

(१६) संविधानको दोस्रो संशोधन (तिप्ती कोटको सट्टा कालिकोट जिल्लाको व्यवस्थासमेत भएको)– २०३१।८।२६

(१७) प्रत्येक वर्षमा कम्तीमा २ ओटा विकास क्षेत्रको भ्रमणको क्रम– २०२९-२०३५

(१८) नेपाल ललित कला संस्थानको अध्यक्षता– २०२२

(१९) नेपाल स्काउटको चिफ स्काउट– २०१४ (१९५६)

(२०) राष्ट्रिय विकास परिषद्को व्यवस्था–

(२१) राष्ट्रिय विकास सेवा (रा.वि.से.) को व्यवस्था–

(२२) चौथो योजना (२०२७।२८-२०३१।३२) को दोश्रो वर्ष (२०२८/२९ देखि दसौं योजना (२०५७/५८-२०६१/६२) को दोश्रो वर्ष (२०५८।५९) सम्मका पञ्चवर्षीय योजना

(२३) जनमत सङ्ग्रहको घोषणा– २०३६।२।१०

(२४) जनमत सङ्ग्रहको निर्णय– २०३७।१।२०

(२५) थप पाँचौं विकास क्षेत्र (मध्यपश्चिमाञ्चल)को व्यवस्था– २०३८

(२६) प्रतिवर्षमा एउटा विकास क्षेत्रको मात्र भ्रमण गर्ने व्यवस्था– २०३८ (२०३८ देखि २०४६ सम्म)

(२७) नेपालको तात्कालिक (पञ्चायती) संविधानको तेश्रो संशोधन– २०३७

(२८) विभिन्न जलविद्युत् योजना, जलविद्युत् केन्द्र, जलउपयोगबाट विद्युत् उत्पादन प्रक्रिया प्रारम्भ (२०२९-२०५७ सम्म)

  (क) सुनकोशी जलविद्युत् योजना– २०२९ (१०,००० कि.वा.)

  (ख) गण्डक जलविद्युत् केन्द्र– २०३६ (१२,००० कि.वा.)

  (ग) कुलेखानी प्रथम योजना– २०३९ (६०,००० कि.वा.)

  (घ) देवीघाट योजना– २०४० (१४,१०० कि.वा.)

  (ङ) पोखरा सेती जल उपयोग– २०४२ (१५०० कि.वा.)

  (च) कुलेखानी दोश्रो योजना– २०४३ (३२,००० कि.वा.)

  (छ) मर्स्याङ्दी योजना– २०४४ (६९,००० कि.वा.)

  (ज) आँधीखोला योजना– २०४६ (५,१०० कि.वा.)

  (झ) अधिराज्यका विभिन्न साना जल-विद्युत् योजना– २०३५-२०५५ (३,२३५ कि.वा.)

(२९) विभिन्न मित्रराष्ट्रको औपचारिक, अनौपचारिक, मैत्रीपूर्ण राजकीय भ्रमण– २०२८-२०५७।

(३०) राष्ट्रिय खेलकुद, अन्तरनगर खेलकुद र दक्षिण एसियाली खेलकुदमा विभिन्न चरण (२०३८-२०५६)

  (क) प्रथम राष्ट्रिय खेलकुद प्रतियोगिता– २०३८।५।२७-२०३८।६।४ (काठमाडौं)

  (ख) दोश्रो राष्ट्रिय खेलकुद प्रतियोगिता– २०४०।१२।१२-२०४०।१२।२० (पोखरा)

  (ग) तेश्रो राष्ट्रिय खेलकुद प्रतियोगिता– २०४२।११।२३-२०४२।१२।१ (वीरगञ्ज)

  (घ) प्रथम अन्तरनगर खेलकुद प्रतियोगिता– २०४०।१।२९ देखि (?) (हेटौंडा)

  (ङ) दोश्रो अन्तरनगर खेलकुद प्रतियोगिता– २०४१।१२।११-२०४१।१२।१६ (विराटनगर)

  (च) प्रथम दक्षिण एसियाली खेलकुद प्रतियोगिता (?)

  (छ) आठौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता– २०५६।६।८ (नेपाल)

(३१) नेपालमा थप विश्वविद्यालयमा स्थापना गर्ने क्रम (२०४३-२०५५)

  (क) महेन्द्र संस्कृत विश्वविद्यालय– २०४३

  (ख) काठमाडौं विश्वविद्यालय (२०४६ साल पछि)

  (ग) पूर्वाञ्चल विश्वविद्यालय (२०४६ सालपछि)

  (घ) पोखरा विश्वविद्यालय (२०५० सालपछि)

(३२) टेलिभिजनको स्थापना– २०४२।९।१४

(३३) बहुदलीय व्यवस्थाको पुनर्बहाली– २०४६।१२।२६

(३४) नेपालको बहुदलीय संविधान– २०४७ (२०४७।७।२३

(३५) सहकारी ऐन– २०४८ (सहकारी ऐन २०१६ र साझा संस्था ऐन– २०४१) को पछिल्लो रूप।

(३६) नेपाल भ्रमण वर्ष– सन् १९९८ (२०५५) को व्यवस्था।

(३७) जाँचबुझ केन्द्रको स्थापना– २०२७। इत्यादि।

मौसुफको तीस वर्षको शासनकालमा कति ओटा ऐन मौसुफबाट जारी गरिबक्स्यो, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, वातावरणआदि विकाससँग सम्बन्धित काम कुरा कति भए ती सबै कुरा एउटा आलेखमा आकलन गर्दा कति पो सकिएला र ?

मौसुफ बहुआयामिक व्यक्तित्व होइबक्सन्थ्यो । मौसुफबाट भएका सम्पूर्ण कुरालाई समष्टिमा मूल्याङ्कन गर्दा मौसुफलाई मुख्य गरी विकासप्रेमी प्रजातन्त्रवादी राजाको रूपमा हेर्न सकिन्छ । मौसुफ एउटा राजा मात्र नभई एउटा कुशल चित्रकार पनि होइबक्सन्थ्यो । मौसुफको *मोती* र *झरना* नामक चित्र ज्यादै चर्चित चित्र हुन् ।

हाम्रो नीतिशास्त्रमा पाइने यी श्लोकको आशय पनि राजाले जनताको चाहनाअनुसार राज्य चलाउनु पर्छ । बाँकी आफ्नु चाहनाअनुसार जनतालाई चलाउने होइन भन्ने प्रजातान्त्रिक सोचबमोजिम मौसुफले आफ्नो कार्यशैलीलाई अघि बढाएको हामी पाउँछौँ ।

१. प्रजा सुखे सुखी राज्ञः प्रजानां तु हिते हितम् ।
नाऽत्मप्रिय हितं राज्ञः प्रजानान्तु प्रियं हितम् ।
२. नृपस्य परमो धर्मः प्रजानां परिपालनम् ।
३. यो हि धर्मपरो राजादेवीशाद्रन्यश्च वक्षसाम् ।
मीशभूतो धर्मलोपी, प्रजापीडा करो भवेत् ॥
४. लोकरञ्जनमेवात्र, राज्ञां धर्मः सनातनः ।
सत्यस्य रक्षणञ्चैव, व्यवहारणमार्पवम् ॥
५. राजा बन्धुरबन्धूनी, राजा चक्षुरचक्षुषाम् ।
राजा पिता च माता च, सर्वेषां न्यायवर्तिनाम् ॥

९. श्री ५ वीरेन्द्रका विशेष उल्लेख्य सार्वजनिक केही अन्तर्वार्ता र अभिव्यक्ति

राजा धेरै बोल्दैनन्, धेरै बोल्नु पनि हुँदैन, बोलेको कुरा व्यवहारमा पूरा गरेर छोड्नु पर्छ भन्ने मान्यता छ । राजा गल्ती गर्दैनन् भन्ने पनि अर्को मान्यता छ । यस्तै कुरा दर्शाउने केही लोकोक्ति जुम्लामा पाइन्छन्–"तेरा मुख (मा) क्या छाप लागेको छ ?" र "तो (तँ) क्या राजाद्रद्रभाई-छोरा होस् ।" केही कुराको अन्तिम निर्णय दिने काम अरूको जिम्मामा नभई केवल राजालाई मात्र छ । राजाले बोलिदिए पछि त्यो अमीट छाप लगाए जस्तै हुन्छ ।

देशमा आइपरेको कठिन र जटिल कुराको निस्कर्ष निकाल्ने अधिकार र जिम्मेवारी राजामा मात्र निहित हुन्छ भन्ने नेपालीले अरूको आशा गर्नु असम्भव नै छ ।

श्री ५ वीरेन्द्रबाट स्वदेश र विदेशका पत्रकार, विद्वान्, कूटनीतिज्ञ, साहित्यकार र राजनीतिकहरूलाई दिइएका अन्तर्वार्ता र विदेशमा भ्रमणको अवसरमा व्यक्त भाषणका केही अंश सदा स्मरणीय हुँदा ती उल्लेख्य वाक्य यहाँ प्रस्तुतत गराँ ।

१. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा २०३४ सालमा काठमाडौँमा आयोजित बृहत् साहित्य सम्मेलनको समुद्घाटन गरिबक्सँदै व्यक्त भाषणको केही अंश– "साहित्य त्यही हो जसमा माटोको बास आएको हुन्छ, ढुङ्गा पनि बोलेको हुन्छ, पहाड रसाएको हुन्छ र प्रत्येक व्यक्तिले आफूलाई पूर्णरूपमा पोखेको हुन्छ । सच्चा साहित्यले मानवमात्रको अर्न्तहृदयलाई बोकेको हुन्छ, राष्ट्रिय प्रकृतिलाई चिनाएको हुन्छ, राष्ट्रको महिमा बुझाएको हुन्छ, राष्ट्रिय समस्या र समाधानबाट राष्ट्रनिर्माणको लक्ष्य-परियोजना गरिएको हुन्छ, स्रष्टा स्वयम्लाई पहिले आफू के हुँ भनी चिन्न सहयोग गर्छ । .... साहित्य जीवनमूलक हुनुपर्छ भन्ने मेरो पनि धारणा छ ।"

२. यसै परिप्रेक्ष्यमा "श्रष्टा र साहित्य"का लेखक एवम् "रूपरेखा" (मासिक)का सम्पादक उत्तम कुँवरले २०३४ सालमा लिएको अन्तर्वार्तामा मौसुफबाट व्यक्त अभिव्यक्तिको केही अंश– "राष्ट्रको भौतिक विकासमा साहित्य र संस्कृतिको आधारभूत भूमिका रहन्छ भन्ने कुरा मलाई ठीक लाग्छ । विकास भनेको भौतिक विकास मात्र होइन, यो मानसिक, नैतिक, आध्यात्मिक लगायत सम्पूर्ण मानवीय विकास हो । साहित्यको मानवजातिको सम्पूर्ण वैचारिक पक्षलाई समेट्ने भएकाले यसको विकासबिना भौतिक विकास दिगो रहन गाह्रै पर्छ ।"

एक प्रश्नको उत्तरमा मौसुफबाट व्यक्त भएको– "साहित्य यथार्थवादी र जीवनवादी हुनुपर्दछ । जुन साहित्य जीवनवादी र यथार्थवादी हुँदैन त्यसको पतन हुन्छ । यसै कारण स्वच्छन्दतावादी साहित्य चिरस्थायी हुन सकेन । जुन साहित्य कल्पनामा मात्र सीमित हुन्छ त्यो दिगो र दरिलो हुन सक्तैन ।"

साहित्य र राजनीतिको बीचको सम्बन्धबारे मौसुफको धारणा यस्तो छ– "यदि साहित्य मानव अनुभूतिको अभिव्यक्ति हो भने त्यसमा राजनीतिमात्र होइन मानवजीवनका सबै पक्षसँग सम्बन्धित कुराहरू समावेश हुनु स्वाभाविक हो । त्यसैले समाज र देशप्रति

साहित्यकारको पनि कसैको भन्दा कम जिम्मेवारी र कर्तव्य हुँदैन ।"

३. सन् १९८१ (वि.सं. २०३८)मा फ्रान्सको राजधानी पेरिसमा सम्पन्न अतिकम विकसित राष्ट्रहरूको प्रथम अन्तराष्ट्रिय सम्मेलनमा एसिया तथा प्रशान्त क्षेत्रका अल्पविकसित मुलुकहरूका तर्फबाट श्री ५ वीरेन्द्रबाट सम्बोधन गरिबक्सेको थियो । उक्त सम्बोधनमा मौसुफबाट स्वदेशी वा विदेशी कुनै एक गरिब व्यक्तिको चित्रण अत्यन्त मर्मस्पर्शी ढङ्गबाट गरिबक्सेको थियो । सो सम्बोधनमा व्यक्त शब्द-चित्रलाई सम्झँदा अहिले नै आँखाबाट आँसु आउँछ ।

४. २०२८/१०/१७ मा राजगद्दीमा आसीन भएको केही दिनपछि विभिन्न समुदायको तर्फबाट आयोजित अभिनन्दन समारोहमा मौसुफबाट बक्स भएको अभिव्यक्तिका केही अंश– "जसरी मलाई मेरो देश र जनताको ममता छ उसै गरी भोक र रोगको पीडित मेरा जनताप्रति मेरो जिम्मेदारी छ ।"

५. २०३१/९/१ मा श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसको उपलक्ष्यमा आयोजित समारोहमा मौसुफबाट बक्स भएको सम्बोधन भाषणको केही अंश– "देशवासीहरूको निमित्त गाँस, बास र लुगाकपडा जस्ता आधारभूत कुराहरू पुऱ्याउन पनि हामीले दरिला पाइला चाल्दै जान परेको छ ।"

६. २०३१/११/१२ मा मौसुफको शुभ राज्याभिषेकको सु-अवसरमा टुँडिखेलमा आयोजित दरबारमन्दिरबाट राष्ट्रका नाममा बक्सेको सम्बोधन भाषणको केही अंश– "हामी चाहन्छौं - हाम्रो देशमा कोही भोका नाङ्गा नहोऊन्, ओखतीमूलोको अभावमा कसैले दुःख झेल्न नपरोस्, शिक्षाको उज्यालो घामबाट हाम्रा कुनै पनि बालबालिकालाई वञ्चित हुन नपरोस् ।"

७. मौसुफबाट समयसमयमा बक्स भएका निर्देशन र मार्गदर्शनहरूको क्रममा व्यक्त अभिव्यक्तिको केही अंश– "विकास भन्नु एक आर्थिक कुरामात्र होइन, यो एउटा मानवीय समस्या हो । प्राकृतिक साधन, श्रम, पुँजीको परिचालन गर्ने मानिस हो । मानिसलाई उसको मनोभावना, सामाजिक प्रकृति र मान्यताले क्रियाशील बनाउँछ । ... विकासको बीजारोपण सर्वप्रथम जनमानसमा नै हुने भएकाले पर्याप्त क्षमता र उपयुक्त भावना नै विकासका सशक्त साधन र माध्यम हुन् ।"

८. २०४२/९/१ मा श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र पञ्चायती व्यवस्थाको रजत जयन्तीको उपलक्ष्यमा शाही सैनिक मञ्चमा आयोजित विशाल जनसमुदायलाई बक्स भएको सम्बोधनभाषणको केही अंश– "नेपालको अविकसित अवस्थालाई बीसौं शताब्दीमा नै बिसाई सन् २००० सम्ममा एसियाली मापदण्डबाट उपयुक्त मानवोचित जीवनस्तर हासिल गर्ने आजको दिनमा हामी सबैले अठोट गर्नु आवश्यक भएको छ । सम्पूर्ण नेपालीका लागि खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकता पुऱ्याउने यो लक्ष्य जतिसकै कठिन देखिएतापनि उपयुक्त राजनीतिक प्रतिबद्धता तथा त्यस अनुरूपको योजनाबद्ध विकासप्रक्रियाबाट मात्र सम्भव हुनेछ ।"

९. २०३१/११/१२ मा शुभराज्याभिषेकका अवसरमा मौसुफबाट व्यक्त अभिव्यक्तिको केही अंश– "नेपाली राजमुकुट प्रजाका निमित्त, नेपाली प्रजा राजमुकुटका निमित्त, राजा र प्रजा दुवै नेपाल र नेपालीका निमित्त, हाम्रो तन, मन, धन नेपालका निमित्त ।"

१०. धर्म र संस्कृतिको बारेमा मौसुफबाट बक्स सन्देशको केही अंश– "हाम्रो धर्म मेटिए हाम्रो संस्कृति पनि मेटिन्छ र संस्कृति मेटियो भने सभ्यताको मूल नै सुक्नेछ र सभ्यता र संस्कृति मेटिएमा हामी नेपाली नै मेटिन पुग्दछौं ।"

११. २०३७ सालमा वीरगञ्जमा सम्पन्न विश्वहिन्दू सम्मेलनको अवसरमा मौसुफबाट बक्स भएको भाषणको केही अंश– "हिन्दू धर्मको स्वरूप र प्रक्रिया उदार, उदात्त र व्यावहारिक छ । ....सहिष्णुता र समन्वय हिन्दू अधिराज्य नेपालको गौरवशाली परम्परा मात्र होइन, वर्तमान व्यवहार पनि हो ।"

१२. संसारकै एकमात्र हिन्दू राष्ट्रका राजाको रूपमा सम्मानित श्री ५ वीरेन्द्रबाट हरिद्वार सम्मेलनमा बक्स भएको सन्देशको केही अंश– "शान्तिपूर्ण सह-अस्तित्वका लागि अरू धर्मप्रति सहिष्णुता राख्नु नै हिन्दू धर्मको मौलिक विशेषता रहेको छ ।"

१३. २०२३ सालमा नेपाल ललितकला संस्थाद्वारा प्रकाशित वार्षिक मुखपत्रको सन्देशमा व्यक्त कला सम्बन्धी

दृष्टिकोणको एक अंश– “कलाले मनोरञ्जनमात्र होइन, यसले देशोत्थानमा सहायता गर्नुका साथै हाम्रो संस्कृतिको पनि प्रचार गर्नुपर्दछ।”

१०. दुर्गम र विकट क्षेत्रमा श्री ५ वीरेन्द्रको भ्रमण

२०२८ साल फागुनमा मैले काठमाडौँमा शास्त्री प्रथम खण्डको परीक्षा दिएर फुर्सदको अवसर पारी म आफ्नो मूल घर जुम्लामा गएको थिएँ। म त्यस बेला काठमाडौँको रानीपोखरी संस्कृत छात्रावासमा बस्तथेँ।

२०२९ साल वैशाख ८ गतेका दिनमा कर्णाली अञ्चलको भ्रमणको सन्दर्भमा जुम्ला खलङ्गा बजारमा श्री ५ वीरेन्द्र, श्री ५ वडामहारानी ऐश्वर्य, श्री ५ अधिराजकुमारी प्रिन्सेप शाह, श्री ५ अधिराजकुमारी शारदा शाह, कुमार खड्ग विक्रमसमेत राजपरिवारका केही सदस्यहरूको सवारी भएको थियो। सो दिनमा जुम्ला छिनासीम खलङ्गा बजारमा नवनिर्मित बालमन्दिरको श्री ५ वीरेन्द्रबाट समुद्घाटन गरिबक्सने कार्यक्रम थियो।

मौसुफको जुम्लामा सवारी हुनुभन्दा २/३ दिनअघि तात्कालिक मन्त्री जोगमेहर श्रेष्ठ, तात्कालिक सम्वाद सचिव चिरन शमशेर थापा, सुन्दरप्रसाद शाह (गृह-सचिव) जुम्लामा जानुभएको थियो भने सवारीसाथ मौसुफका निजीसचिव नारायणप्रसाद श्रेष्ठ हुनुहुन्थ्यो। मौसुफको सवारी हुनुभन्दा अगाडि म जुम्ला बजारमा हिँडिरहेको बेलामा सम्वादसचिव थापासमेतको समूह मैले लेखेको *जुम्लाको सामाजिक रूपरेखा* (२०२७) र कर्णाली अञ्चलसम्बन्धी अन्य प्रकाशन दिनुहोस् हामी श्री ५ मा चढाउँछौँ” भन्नुभएकाले भोलिपल्ट सो समुद्घाटन समारोहस्थलमा सचिव थापाको हातमा दिएको थिएँ। जुम्ला परिमला चौरस्थित ब्यारेकभित्र सवारीशिविर थियो। सो पुस्तक राजाको बाहुलीमा चढाइएछ र मलाई मौसुफबाट प्रोत्साहनस्वरूप रू. पाँचसय बक्सभएको थियो। यो अवसर त्यसबेला मेरा लागि संयोग र सौभाग्यको रूपमा प्राप्त भएको हो।

मौसुफहरूको सवारीशिविर जुम्ला खलङ्गा बजारमा भए पनि मौसुफहरूको सवारी कहिले हुम्ला, कहिले मुगु, कहिले तिप्तीकोट र कहिले जुम्लाका विभिन्न भागमा सवारी हुने गर्दथ्यो। दिउँसो बजारमा जाँदा सुनेको कुरा बेलुका रेडियोबाट सुनेको कुरा समाचारको भरमा धेरै कुरा टिपेर राखेको थिएँ। त्यसबेलासम्म कालीकोट जिल्ला भन्ने नै थिएन। डोल्पा जिल्ला धवलागिरि अञ्चलमा परेको थियो।

हेलिकोप्टरबाट मौसुफहरूको कर्णाली अञ्चलका विभिन्न भागको भ्रमण एक हप्तासम्म गरिबक्सेको थियो। मेरो व्यक्तिगत चाहनाअनुसार एक हप्तासम्म गरिएको भ्रमणसम्बन्धी मुख्य मुख्य कुरा सङ्कलन गरी “नवोदित राजदम्पतिको पहिलो दृष्टिमा परेको कर्णाली अञ्चल” भन्ने लेख म आफ्नै घरमा बसी तयार गर्दै थिएँ। मौसुफहरूको एक हप्तापछि काठमाडौँ फिर्ती सवारीको बेलामा जुम्ला फूलपातीचौर विमानस्थलमा सम्वाद सचिव श्री थापाले मलाई भन्नुभो– “देवकोटाजी ! राजा-रानीको कर्णाली अञ्चलको भ्रमणसम्बन्धी एउटा लेख लेख्नुभए हुन्थ्यो। तपाईं स्थानीय व्यक्ति हुनुहुन्छ, सवारीसम्बन्धी प्रभाव स्थानीयलाई जति पर्छ त्यति अरूलाई पर्दैन। स्थानीयले लेखेको जति प्रभावकारी हुन्छ त्यति अरूले लेखेकामा हुँदैन।” मैले भनेँ, “सचिवज्यू ? जानेबुझेे, देखेसुनेसम्मका कुरा बटुलेर एउटा लेख तयार गर्दै छु।”

त्यसबेला बद्रीविक्रम थापा (कर्मयोगी) कर्णाली अञ्चलाधीश हुनुहुन्थ्यो। मौसुफहरूको फिर्ती सवारी सम्भवत: वैशाख १५ गते भएको थियो। त्यसको पर्सिपल्ट श्री अधिराजकुमारी शारदा, कुमार खड्गविक्रम शाह फिर्ती सवारी हुने विमानमा म पनि काठमाडौँ आएको थिएँ।

काठमाडौँ आइपुगेको भोलिपल्ट (१८ गते) मैले सो लेख सम्वादसचिव श्री थापाको सचिवालयको ठेगानामा राजदरबारको पश्चिमपट्टिको मूलद्वारमा बुझाएको थिएँ। सो लेख बुझाएको २/३ दिनभित्रै गोरखापत्रमा एउटा अक्षर फरक नपरी जस्ताको तस्तै गरी छापिएको पाएँ। एक ठाउँमा दिएको लेख अर्को ठाउँबाट यति छिटो कसरी छापियो ? भनेर म आश्चर्यमा परेँ। मेरो सो लेखले गोरखापत्रका पूरा ३ पृष्ठ ढाकिएका थिए। “नवोदित राजदम्पतीको पहिलो दृष्टिमा परेको कर्णाली अञ्चल” शीर्षकको सो मेरो लेख छापिएको मिति– २०२९ साल वैशाख २०, २१ वा २२ गते हो (ठीक मिति अहिले याद भएन)। गोरखापत्रमा छापिएको यो लेख मेरो पहिलो हो।

यसभन्दा अघिसम्म गोर्खापत्रमा तात्कालिक सहसम्पादक र उपसम्पादकहरू– ऋषभदेव शास्त्री, भैरव अर्याल र नारायणबहादुर सिंहहरूले मेरो लेखप्रति विश्वास नगरी २/४ पटक त फ्याँकिदिने गर्नुहुन्थ्यो। मेरो लेखलाई निर्ममतासँग फ्याँकिदिँदा त्यसबेला मलाई साह्रै पीर लाग्दथ्यो। त्यसबेला गोरखापत्रमा र मधुपर्कमा लेख छपाउन साह्रै गाह्रो पर्दथ्यो। गोरखापत्रमा मेरो सो लेख छापिएदेखि यता गोरखापत्र र मधुपर्कमा लेख छपाउन मलाई खास समस्या छैन। सो लेखले मेरा लागि गोरखापत्रको ढोका खोलिदिएको मैले महसुस गरेको छु।

२०२९ साल श्रावण १६ गतेका दिनमा मैले आफ्नो योग्यताले रासमा प्रवेश गर्नुभन्दा पहिले नै मेरो विषयमा संयोगले ३ जना थापाको सिफारिस राससमा पुगिसकेको रहेछ। ती ३ थापा हुन्–

सम्वादसचिव चिरनशमशेर थापा, कर्णाली अञ्चलाधीश बद्रीविक्रम थापा र गाउँफर्क राष्ट्रिय अधिवक्ता केन्द्रीय अध्यक्ष विश्वबन्धु थापा । विश्वबन्धु थापालाई त्यसबेला मैले चिनेको थिइन । राससमा प्रवेश गर्नका लागि उहाँहरूको सिफारिस लिन म उहाँहरूसँग गएकै होइन । उहाँहरूले मप्रति त्यस्तो सद्भाव किन दर्शाउनुभएको हो मलाई थाहा छैन । कसैको सिफारिसका भरमा मैले राससमा प्रवेश गरेको होइन । आफ्नै क्षमता र योग्यताको आधारमा राससको माध्यमबाट मैले पत्रकारिता सेवा शुरु गरेको हुँ । मप्रति सद्भाव दर्शाउने ती महानुभावहरूप्रति म कृतज्ञता प्रकट गर्दछु ।

श्री ५ वीरेन्द्र युवराजाधिराज होइबक्सेकै अवसरमा अधिराज्यका हिमाल, पहाड र तराईका विभिन्न भागमा बसोबास गर्ने देशवासीहरूको जीवनसँग प्रत्यक्ष रूपमा परिचित होइबक्सनका लागि २०२१ सालदेखि स्वदेशदर्शनको क्रममा पैदलयात्रा शुरु गरिबक्सेको थियो । मौसुफबाट २०२१ सालमा पूर्वी नेपालको भ्रमण, २०२२ सालमा त्रिशूली-बुटवल खण्ड र २०२८ सालमा एक महीनाव्यापी मेची अञ्चलको भ्रमण गरिबक्सेको थियो ।

जुम्लामा एउटा उखान छ– "आँखा र कानको चार औंलाको फरक छ ।" अर्थात् केही वस्तुलाई आँखाले प्रत्यक्ष हेर्नु र देख्नु एवम् त्यही वस्तु र ठाउँको बारेमा कानले सुन्नु धेरै फरक छ । यही सिद्धान्तलाई मानेर होला मौसुफलाई स्वदेशको भ्रमण गरी स्वयम् अनुभव बटुल्नु ।

मौसुफबाट २०२९ साल (सम्भवतः वैशाख १ गते) मा अधिराज्यका १४ अञ्चललाई ४ विकास क्षेत्रमा विभाजन गरिबक्सेको हो । सो विभाजनअनुसार पूर्वाञ्चल (मेची, कोशी र सगरमाथा अञ्चल)का लागि धनकुटा, मध्यमाञ्चल (जनकपुर, नारायणी र वाग्मती अञ्चल) का लागि हेटौंडा (मकवानपुर जिल्ला), पश्चिमाञ्चल (धवलागिरी, गण्डकी र लुम्बिनी अञ्चल)का लागि पोखरा (कास्की जिल्ला) र सुदूरपश्चिमाञ्चल (राप्ती, भेरी, कर्णाली, सेती र महाकाली)का लागि वीरेन्द्रनगर (सुर्खेत जिल्ला) लाई क्षेत्रीय सदरमुकाम तोकिबक्सेको थियो ।

तात्कालिक सुदूरपश्चिमाञ्चल क्षेत्रमा ५ अञ्चलको भौगोलिक अवस्था र व्यावहारिकतालाई ध्यानमा राखी मौसुफबाट २०३८ सालमा ती ५ अञ्चलको विभाजन गरी कर्णाली, भेरी र राप्ती अञ्चलका लागि मध्यपश्चिमाञ्चल क्षेत्र र सेती एवम् महाकाली अञ्चललाई सुदूर पश्चिमाञ्चल विकासक्षेत्र तोकेर यी दुई क्षेत्रको क्षेत्रीय सदरमुकाम क्रमशः वीरेन्द्रनगर (सुर्खेत) र दिपायल (डोटी) कायम गरिबक्स्यो ।

मौसुफबाट २०२९ साल कार्तिक महिनादेखि २०३५ सालसम्म प्रत्येक वर्षमा कम्तीमा २ ओटा विकासक्षेत्रको नियमित भ्रमण गरिबक्सेको थियो । तर यो ज्यादै कठिन र बढी खर्चालु भएको देखेर होला मौसुफबाट २०३८ देखि २०४६ साल फागुनसम्म मौसुफबाट एक वर्षमा एउटा विकासक्षेत्रमा मात्र सवारी भई सम्बन्धित विकासक्षेत्र अन्तर्गतको अञ्चल तथा जिल्लाहरूको वर्षेनी नियमित भ्रमण गर्ने क्रम चलाइबक्सेको थियो ।

त्यसपछि बीचबीचका वर्षमा कतै कहीं नितान्त व्यक्तिगत इच्छाले भ्रमण गरिबक्से पनि एउटा विकासक्षेत्रको भ्रमण गर्ने पालो पाँच वर्षपछि आउने गर्दथ्यो । २०३८ देखि २०४६ साल सम्मका ८ वर्षमा कर्णाली अञ्चलले २०४० र २०४५ सालमा मौसुफको आफ्नो अञ्चलभित्र दर्शन पाउने शुभअवसर पाएको थियो ।

मैले थाहा पाएसम्म र जानकारी लिएसम्म २०२० देखि २०५४ सालसम्मका ३४ वर्षमा श्री ५ महेन्द्रदेखि श्री ५ वीरेन्द्र (तात्कालिक श्री ५ युवराजाधिराज) सम्मका राजा, रानी, युवराजाधिराज, अधिराजकुमारी र कुमारहरूले कर्णाली अञ्चलको भ्रमण गरेका वर्ष यसप्रकार छन् :

(१) श्री ५ महेन्द्र– २०२०।११।२१ (जुम्ला र मुगु जिल्लाको रारादहमा गरी १५ दिन राज भई १६ गते फिर्ती)

(२) श्री ५ अधिराजकुमार हिमालयवीरविक्रम शाह– २०२५

(३) श्री ५ अधिराजकुमारी प्रिन्सेप शाह (नेपाल रेडक्रसकी अध्यक्ष)– २०२५ मा (जुम्लामा (रेडक्रम शाखा स्थापनार्थ)

(४) श्री ५ अधिराजकुमारी प्रिन्सेप शाह– २०२८ साल वैशाखमा (नेपाल रेडक्रसको तत्त्वावधानमा जुम्ला छिनासीम खलङ्गाबजारमा एक हप्ताका लागि चक्षुदानयज्ञ सम्पन्न गर्न)

(५) श्री ५ वीरेन्द्र, श्री ५ बडामहारानी ऐश्वर्यसमेत राजपरिवारका केही सदस्य– २०२९।१।८–२०२९।१।१५ (ने. बालमन्दिर जुम्ला शाखाको समुद्घाटन र कर्णाली अञ्चलको भ्रमण)

(६) श्री ५ वीरेन्द्रविरविक्रम शाह– २०३० वा २०३१ (मुगु जिल्लाको सदरमुकाम गमगढी र प्रसिद्ध रारादह (महेन्द्रतालको अवलोकन)

(७) श्री ५ मुमाबडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाहसमेतका राजपरिवारका केही सदस्य– २०३३ साल वैशाख (जुम्ला खलंगामा राज भई कर्णाली अञ्चलका बालमन्दिरसहित केही ऐतिहासिक, सांस्कृतिक, धार्मिक र प्राकृतिक स्थलहरूको निरीक्षण भ्रमण ।

(८) श्री ५ वीरेन्द्र– २०३४।११।२३ (दुर्गम एवम् विकट डोल्पा जिल्लाको अति विकट "धोतराय" गाउँमा देशदर्शन कार्यक्रमअन्तर्गत सवारी)

(९) श्री ५ वीरेन्द्र– २०३७/३८ मा (हुम्ला र मुगु जिल्लाको भ्रमण)

(१०) श्री ५ वीरेन्द्र–२०४० सालको हिउँद (सुर्खेतको वीरेन्द्रनगरमा १ महिनाव्यापी मध्यपश्चिमाञ्चल क्षेत्रको भ्रमण गर्ने सिलसिलामा सवारीशिविर कायम गरी कर्णाली अञ्चलका हुम्ला, मुगु, डोल्पा, कालीकोट र जुम्ला जिल्लाको भ्रमण

(११) श्री ५ वीरेन्द्र– २०४२ साल माघ महिनाको श्रीपञ्चमी (वसन्तपञ्चमी)मा डोल्पा जिल्लाको चिपुराकोट गा.वि.स.-२ कोट गाउँस्थित प्रसिद्ध बालात्रिपुरासुन्दरी भगवतीको पूजा-अर्चना एवम् दर्शन

(१२) श्री ५ वीरेन्द्र– २०४५ सालको हिउँद मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणको सिलसिलामा सुर्खेत सवारीशिविरबाट कर्णाली अञ्चलका विभिन्न जिल्लाको भ्रमण-अवलोकन ।

(१३) तात्कालिक श्री ५ युवराजाधिराज दीपेन्द्र– २०५४ (भारतको कामकोटी पीठका जगद्गुरु शङ्कराचार्य सरस्वती महाराजलाई साथमा लिई डोल्पा जिल्लास्थित बालात्रिपुरासुन्दरी भगवतीको दर्शन एवम् पूजापाठ)

श्री ५ वीरेन्द्रबाट कर्णाली अञ्चलमा औपचारिक र अनौपचारिक रूपमा सवारी हुँदा स्थानीय जनतालाई स्मरण हुने सम्वेदनशील केही काम-कुरा यसप्रकार छन् :

(१) २०३० वा २०३१ सालमा मुगु जिल्लाको सदरमुकाम गमगढी र प्रसिद्ध रारादहमा मौसुफको सवारी हुँदा एउटा जिम्मेवार पत्रकारको नाताले त्यहाँ जाँदा गमगढीमा मौसुफको दर्शन गर्ने अवसर मिलेको थियो ।

(२) सम्भवतः २०३३ सालमा हो जस्तो लाग्दछ । मौसुफ डोल्पा जिल्लाको प्रसिद्ध फोक्सुम्डो (भोट भाषामा ३ कुने दह वा रिग्म-युग्मवाल) तालको अवलोकन गरिबक्सँदा यस तालले अति प्रसिद्धि पाएको हो नेपालको सबैभन्दा ठूलो ताल मुगु जिल्लाको रारा तालमा श्री ५ महेन्द्रको २०२० साल चैत्रमा सवारी हुँदा यस तालले प्रसिद्धि पाएको हो भने २०३३ सालमा श्री ५ वीरेन्द्रको रिग्मदहमा सवारी हुँदा यस फोक्सुन्डो तालले प्रसिद्धि पाउने अवसर पाएको छ । रारादह सरदर १६ माइलको वर्गाकारमा छ भने यो फोक्सुन्डो तालको गहिराइ करिब १००० मिटरको छ ।

(३) २०३४ साल फागुन २३ गते म.प.क्षे.को भ्रमणको सिलसिलामा सुर्खेत क्षेत्रीय केन्द्रबाट डोल्पाको धोताय र डोल्पाकै मध्यमोटानस्थित त्रिपुराकोट गा.वि.स. वडा नं. २ कोट गाउँस्थित माता बालात्रिपुरासुन्दरी भगवतीको मन्दिरमा मौसुफको सवारी भएको थियो । "धोराय" भन्ने गाउँ समुद्रको सतहदेखि १४ हजार फिटको उचाइमा छ । यहाँ पनि मानिसहरूको बस्ती छ। यो गाउँ डोल्पा जिल्लाको उच्च भोटक्षेत्रमा पर्दछ। बस्ती बसेका संसारका उच्च क्षेत्रमध्ये डोल्पाको "धोतराय" गाउँ पनि एक हो। डोल्पा जिल्लामा उच्च मानवबस्ती भएका गाउँ-ठाउँमध्ये "धोतराय" र "टाटा" गाउँ हुन् ।

सो दिनमा डोल्पाको जुफाल विमानस्थलमा उक्लेर पुनः धोतरायमा सवारी भएको एक घण्टापछि त्रिपुराकोटको कोट गाउँस्थित प्रसिद्ध बालात्रिपुरासुन्दरी भगवतीको मन्दिरमा सवारी भयो। त्यस दिनको कोट गाउँको भ्रमणसम्बन्धी एउटा रोचक कुरा भेटिएको छ ।

त्यस दिनमा त्यहाँ राजाको सवारी हुन्छ भनेर ठूलो जनसमूह त्रिपुराकोटमा जम्मा भएको थियो । त्यसबेला कृष्णप्रसाद अधिकारी डोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी थिए । त्रिपुराकोटमा राजाको सवारी हुने कार्यक्रम नभए पनि हेलिकोप्टरबाट ठूलो जनसमूह देखेर हेलिकोप्टर त्यहाँ ओर्ल्यो । मौसुफबाट प्र.जि.अ.लाई हुकुम भयो– "यहाँ आउने मेरो कार्यक्रम नै थिएन । यतिका जनतालाई किन दुःख दिएको, यो काम राम्रो होइन ।

त्यहाँ राजाको कार्यक्रमबिना प्र.जि.अ.बाट स्वेच्छाले जनतालाई भेला गराउने काम किन भयो ? भनेर भोलिपल्टै सुर्खेतबाट डोल्पामा छानबीन टोली गयो । पहिले त्रिपुराकोटमा सवारी हुने कार्यक्रम रहेको र पछि बदलिएको रहेछ । त्रिपुराकोटमा सवारी हुने कार्यक्रम स्थगित भएको खबर (आ.वा.) डोल्यामा आएको रहेनछ । अब मेरो नोकरी जानेभो भनेर प्र.जि.अ. अधिकारी खिङ्ग्रिङ्ग भएका थिए । मौसुफको मध्यपश्चिमाञ्चल क्षेत्रको भ्रमण सकिनासाथ पदक

र मान-सम्मानको घोषणा हुँदा प्र.जि.अ. अधिकारीले पनि गो.द.बा. पाएका थिए ।

(४) श्री ५ वीरेन्द्र र श्री ५ बडामहारानी ऐश्वर्य म.प. क्षेत्रको भ्रमणको सिलसिलामा २०४० सालको हिउँदमा सुर्खेतबाट मुगु जिल्लाको रारा दहमा सवारी भएको थियो । त्यसैबेला एकदिन राजा-रानी मुगु जिल्लाको गमदरामा पर्ने रुघा गा.वि.स.अन्तर्गत कर्राकोट नजिकको बाम गाउँमा राति राज भएको थियो । त्यसबेला राजा-रानीका साथमा सवारीसाथ जाने अरू कोही व्यक्ति थिएनन् । मुगु र हुम्ला जिल्लालाई छुट्टयाउने प्रसिद्ध मङ्खेली लेकको दक्षिणपट्टिको पाखोनेर सो कर्राकोट र वामगाउँ पर्दछन् ।

राजा-रानी ऐतिहासिक सो कर्राकोटको थुम्कोमा पुगी त्यहाँको ऐतिहासिक, भौगोलिक र वन तथा वातावरणीय स्थितिको अध्ययन गरी राति बाम गाउँमा स्थानीय गाउँलेहरूका माझमा बसी ठूलो आगो बालेर सबैसरह आलु पोली मौसुफहरूबाट ज्यूनार गरिबक्सेको कुरा गाउँलेहरूले हामीहरूलाई बताए ।

२०४२ सालमा तात्कालिक कर्णाली अञ्चलाधीश जगदीश खड्का र मैले मुगु जिल्लाको भ्रमण गर्दा चङ्खेवीहरू, कर्राकोट, बाम गाउँ र खुम गाउँसमेतको अध्ययन-भ्रमण गरी हामी जुम्लातिर फर्केका थियौं । राजा स्वयम् नारायणको अवतार भएकाले त्यहाँका जनताले राजा-रानीको त्यहाँबाट फिर्ती सवारी भएपछिका दिनमा कर्राकोटमा भगवान् नारायणको मन्दिर बनाएका छन् ।

(५) श्री ५ वीरेन्द्रबाट जुम्ला खलङ्गा बजारस्थित प्रसिद्ध चन्दननाथ र भैरवनाथ मन्दिर, जुम्ला सिज्मदरा कनलमा सुन्दरी गा.वि.स.अन्तर्गत ऐतिहासिक लामाडाँडास्थित प्रसिद्ध कनकसुन्दरी भगवतीको मन्दिर, मुगु जिल्लाको सदरमुकाम श्रमगढीस्थित कालिका-मालिका भगवती, डोल्पाको प्रसिद्ध बालात्रिपुरासुन्दरी भगवती मन्दिरका साथै हुम्ला जिल्लाका ऐतिहासिक एवम् धार्मिक हिन्दू एवम् बौद्ध मन्दिर तथा गुम्बाहरूको दर्शन गरिबक्सी धार्मिक एवम् सांस्कृतिक विकासमा केही सहयोग प्रदान गरिबक्सेको छ ।

(६) मध्यपश्चिमाञ्चल विकासक्षेत्रको भ्रमणको सिलसिलामा २०२० सालमा सुर्खेत सवारी शिविरबाट कर्णाली अञ्चलको सदरमुकाम जुम्ला खलङ्गामा सवारी हुँदा खलङ्गा बजारको टुँडिखेलमा जनताको ठूलो भीड लागेको थियो । सो अवसरमा कर्णालीबासीहरूका तर्फबाट मौसुफको अभिनन्दन गरिनुका साथै मौसुफहरूमा स्थानीय विभिन्न वस्तुको उपहार चढाइएको थियो ।

सो अवसरमा मौसुफबाट कर्णाली अञ्चलका जनताको चाहना र मागअनुसार यस्तो हुकुम भएको थियो– अबको पाँच वर्षमा सुर्खेत वीरेन्द्र नगरदेखि जुम्ला खलङ्गाबजारसम्म ट्रक चल्ने कच्ची बाटोको निर्माण हुनेछ। सो बाटोको निर्माण भएमा यहाँ उब्जने हिमाली फलफूल खास गरी स्याउ र ओखरले बजार पाउनेछन् ।

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणको सिलसिलामा २०४५ सालमा मौसुफ जुम्लामा पुनः सवारी हुँदा कर्णाली अञ्चलवासीहरूले २०४० सालमा वक्स भएको राजाको हुकुम प्रमाङ्गी कार्यान्वयन नभएको गुनासो गरेका थिए । आ.व. २०४८।४९ देखि शुरु भएको सुर्खेत-जुम्ला मोटर बाटो (कर्णाली राजमार्ग)ले आज (२०५९ साल मार्ग) सम्म पनि कर्णाली अञ्चलको कुनै भूभाग छोएको छैन ।

(७) श्री ५ वीरेन्द्रबाट २०३२।८।२६ मा तात्कालिक संविधानको दोश्रो संशोधन हुँदा १८ दरा २२ पाखा जुम्ला (हालको कर्णाली अञ्चल) कै भूभागभित्र पर्ने साविक तिप्तीकोट भोटान दए (२०१८ पछि डोल्पा जिल्ला भनिएको) धवलागिरि अञ्चलबाट कटाई उही पुरानो कर्णाली अञ्चलमा समावेश गरिएकामा कर्णाली अञ्चलवासी धेरै प्रसन्न भएका छन् ।

यस संशोधित संविधानले तथाकथित तिप्तीकोट जिल्लाको भूभागलाई जुम्ला जिल्लाभित्र र जुम्ला जिल्लाको सुदूर पश्चिमतिरका रकाल, बारबीस, कालीकोट, सान्नी, रामकोट र पलौवा दए भित्रमा गा.वि.स.हरूलाई छुट्टयाई बेग्ले कालिकोट जिल्लाको नामकरण गरी राजनीतिक सिमानालाई भौगोलिक सिमानामा गाभेर व्यावहारिकता प्रदान गरिएकामा संशोधित सो संविधानको यहाँ हार्दिक स्वागत गरिएको छ ।

(८) मौसुफ सरकारको २०४० सालको जुम्लाको भ्रमण जुम्लावासीहरूका निमित्त अर्को उपलब्धिमूलक कुरा

के भने जुम्लामा २०४३ सालदेखि स्याउ प्रशोधन केन्द्रको स्थापना हुनु ।

(९) जुम्ला जिल्लाको गोठीचौर गा.वि.स.को ठूलो गोठीचौर भन्ने ठाउँमा २८ सालमा कर्णाली भेडापालन केन्द्रको स्थापना हुनु ।

(१०) कृषिभवन निर्माण र स्वास्थ्यको क्षेत्रमा प्राथमिकस्तरका प्राविधिकहरूको उत्पादन गरी कृषि सहायक (जे.टी.) जे.टी.ए.), ओभरसियर र अहेब (सहायक स्वास्थ्य कार्यकर्ता र अ.न.मी. (असिष्टेण्ट नर्स मीड वाइफ) जस्ता पदको सिर्जना गरी लोकसेवा आयोगबाट मान्यता दिलाई स्थानीय जनतालाई तल्लो स्तरको प्रविधिको क्षेत्रमा लगाउने उद्देश्यले २०३७।४।५ मा जुम्लामा सर्वप्रथम कर्णाली प्राविधिक शिक्षालयको स्थापना भयो । प्राविधिक शिक्षा परिषद्द्वारा अधिराज्यमा सञ्चालित प्राविधिक शिक्षालयहरूमा जुम्लामा स्थापित प्राविधिक शिक्षालय सबैभन्दा जेठो हो ।

(११) श्री ५ वीरेन्द्रको ३० वर्षको शासनकालमा अधिराज्यका अरू अञ्चलले अञ्चलगत रूपमा के कति प्रगति गर्न सके त्यसको आकलन यहाँ गर्न सकिँदैन तर कर्णाली अञ्चलमा मौसुफको दृष्टि शुरुदेखि परेको हो । तथापि यो अञ्चल पछि परेको थियो । २०५९ साल कार्तिक २८ गतेको दुःखदायी घटनाले जुम्लालाई २०५७ साल असोजको घटनाले डोल्पालाई र २०५७ पौषको घटनाले कालिकोट जिल्लालाई विकास-निर्माणको क्षेत्रमा करिब १०० वर्ष पछि धकेलेको छ ।

११. उपसंहार

श्री ५ वीरेन्द्र गम्भीर, हँसिला र सम्वेदनशील राजा होइबक्सन्थ्यो । राजाले समय र परिस्थितिअनुसार नीतिशास्त्रले देखाएको बाटोको अनुसरण गरी "साम दाम दण्ड भेद"को प्रयोग कहिल्यै गरिबक्सेन । जहिले पनि मौसुफबाट आफ्ना प्रजाहरूलाई दया, माया, करुणा र क्षमाको सिद्धान्त अपनाइबक्स्यो । करुणा र विकासप्रेमी राजा पाउन नेपालीले अझै केही वर्ष पर्खनुपर्ला ।

म दुर्गम क्षेत्रको एउटा लेखक हुँ र एउटा पत्रकार हुँ । म आफ्नै परिश्रममा खान्छु कतै धाउँदिन । यही विचार गरेर होला २०५६ साल पौष १४ गते मौसुफको पचपन्नौँ शुभजन्मोत्सवको उपलक्ष्यमा मलाई पनि कृपा गरेर ("लेखक रत्नाकर देवकोटा जुम्ला" भनी) प्रबल गोरखादक्षिणबाहु तक्मा मौसुफबाट बक्सेको छ । मेरो गलामा तक्मा लगाइबक्सँदाको ठूलो तस्वीरलाई सजाएर मैले आफ्नो कोठामा राखेको छु । जनप्रेमी राजा श्री ५ वीरेन्द्रको सो तस्वीरलाई देख्दा म सधैं मौसुफप्रति आकर्षित भइरहन्छु ।

जुम्ला
हाल– दाङ, तुल्सीपुर
२०५९ मार्ग

श्रोत र सन्दर्भ सामग्री

१. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (प्रा. घटराज भट्टराई, घनश्याम न्यौपाने, डा. बद्रीप्रसाद श्रेष्ठ, डा. रामदयाल राकेश, हर्षनाथ भट्टराईसमेतका केही लेख)– २०५७
२. लेखकको निजी स्मृतिसचिव (डायरी)– २०२०-२०५९
३. मौसुफसँग सम्बन्धित कर्णाली अञ्चलका केही पत्र-पत्रिका र कृति
४. जुम्लाको सामाजिक रूपरेखा– रत्नाकर देवकोटा (२०२८)
५. अन्य विविध सामग्री ।

●

शान्तिका प्रणेता श्री ५ वीरेन्द्र र नेपाली राजतन्त्र

● *रमेश गोर्खाली*

नेपालको राजनीतिमा प्रजातन्त्रका चिन्तक, गम्भीर विचारक, अग्रणी चित्रकार र शान्तिप्रेमी स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहको महिमोज्ज्वल गाथा अङ्कित छ । सार्थक, विशिष्ट र प्रातः स्मरणीय इतिहास कसैको होस्, त्यसै बन्दैन । त्यस पछाडि तिनको त्याग, विवेक, चिन्तन, समर्पण आदि विशेषता रहेको हुन्छ । कतिपय गुणौचित्य र वैशिटचको आधिक्यले नेपालीले सज्जन र मधुराजा वीरेन्द्रलाई अनुभूत गरेका हुन् । नेपाल अधिराज्यमा राजतन्त्रको हजारौँ वर्षको परम्परागत र कालक्रमिक इतिहास भेटिन्छ । किरात, लिच्छवि, मल्ल शाह सबै कालमा राजतन्त्रात्मक परिपाटीले निरन्तरता पाएको पक्ष विस्मृत गर्न मिल्दैन । शाहवंशीय राजाहरूले शताब्दीऔँ नेपाली भूमिका राजतन्त्र र राजनीतिलाई गत्यात्मक आलोक छर्दै आएका छन् ।

एक्काइसौँ शताब्दी र तेश्रो सहस्राब्दी राजसंस्था परिवर्तित र परिष्कृत रूपमा नेपाली जनजीवनको वस्तुगत धरातलीय यथार्थ बनेको तथ्यमा दुई मत छैन । नेपालमा कुनै समयमा लिच्छवि शासन पनि रहेको हो । त्यस काललाई 'स्वर्णयुग' भनिन्थ्यो तथा तत्कालीन यशस्वी राजाहरूले उक्त कालखण्डलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक सहिष्णुता (Political Harmony) को एउटा दुर्लभ उदाहरणीय सम्बल प्रदान गरेका अध्याय छन् । शाहकालमा राजतन्त्रले नेपालको एकीकरण, सुदृढीकरण, प्रजातन्त्रीकरण, आधुनिकीकरण र जनपरिचालनको दिशा एवम् गतिमा उल्लेखनीय आधार थपेको भेटिन्छ । दार्शनिक राजनीतिज्ञ एवम् प्रजातन्त्रका मसीहा विश्वेश्वरप्रसाद कोइरालाको विचारणीय र सारगर्भित सङ्कथन छ- नेपालका लागि लोकतन्त्र र संवैधानिक राजतन्त्र दुवै अनिवार्य छन् । प्रसङ्गाधीन जाँदा आज नरहे पनि समस्त नेपालीले वैकुण्ठवासी राजा वीरेन्द्रलाई एक जना महापुरुषको रूपमा आत्मसात् गरेका छन् र राष्ट्रिय विभूतिका रूपमा मौसुफको व्यक्तित्व सुस्थापित छ । शान्तिक्षेत्र, सार्कको अवधारणा, जनमतसङ्ग्रह, अन्तरराष्ट्रिय क्षेत्रमा नेपाली संविधानको संरक्षणमा मौसुफको अद्वितीय योगदान रहन पुग्यो । भू-राजनीतिवाद, राष्ट्रवाद, शान्तिवाद, शौर्यवाद, प्रजातन्त्रवाद र राजतन्त्रवाद जस्ता अविच्छिन्न तत्त्व नेपाली राजनीतिक संस्कृति (Political Culture) का अविभाज्य आधार रहिआएका छन् । विषम, जटिलतम र चुनौतीपूर्ण स्थितिमा नेपाली राजनीतिले यी एकाइलाई परस्परमा समानान्तर ढङ्गमा अन्तर्विकसित गरेको देखिन्छ ।

कतिपय परिस्थितिमा परोक्ष दर्शन गरे पनि स्वर्गवासी राजासितका दुईवटा भेटघाट मेरा निम्ति अविस्मरणीय छन् । नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानद्वारा संवत् २०३४मा काठमाडौँमा आयोजित शाही बस्वृहत् साहित्य भेला र हेटौँडाको शिविरमा सम्पन्न विशिष्ट कवि गोष्ठीमा आमन्त्रितका रूपमा मैले राजा वीरेन्द्रसित साक्षात्कार गर्न पाएँ । नारायणी अञ्चलको साहित्यिक र बौद्धिक प्रतिनिधित्व गर्दै छात्रजीवनमा मैले राजासित भेट गर्न पाएको हुँ । राजनीतिशास्त्रका विद्यार्थी भएकाले मौसुफले मलाई त्यसबेला जनमत (Public opinion) र जनसहभागिता (People's participation) का बुँदामा प्रश्न सोधिबक्स्यो र

त्यसको मैले परिभाषा अनुकूल जवाफ फर्काएको जस्तो अहिले प्रतीत हुन्छ । प्रथम परिचयमा मौसुफले मलाई 'विद्यार्थी रहेछौ राम्ररी पढ्नु र भाषा तथा साहित्यको सेवा गर्नु' भनी आशीर्वचन बक्सेको थियो । राजनीतिशास्त्रीय लेक्चररसिपको कार्यकालमा मौसुफको प्रेरकवाणीबाट मैले समयसमयमा ऊर्जा र प्रेरणा प्राप्त गर्दै आएँ । मकवानपुरको हेटौँडामा राष्ट्रिय एकता दिवस एवम् पृथ्वी जयन्तीको उपलक्ष्यमा आजोजित मध्यमाञ्चलको कवि गोष्ठीमा मौसुफले साहित्यकारहरूको खानपिन र बसोबाससम्बन्धी कुरा झिकिबक्सेकामा सहभागीहरूले सामूहिक रूपमा प्रज्ञा प्रतिष्ठानको व्यवस्थापन प्रशंसनीय रहेको जानकारी गराएको मलाई सम्झना हुन्छ । आधुनिक नेपाली कविताको विसङ्गतिवादी अस्तित्ववादी धाराका प्रमुख कवि मोहन कोइरालालगायत अन्य वरिष्ठ स्रष्टा तथा विद्वान्हरूको समुपस्थितिले त्यो गोष्ठी साहित्यको इतिहासमा उत्कर्ष हुन पुगेको छ । केही प्रसिद्ध हस्ताक्षरमा सर्व श्री केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, उपेन्द्र श्रेष्ठ, भीम मल्ल, भरतराज पन्त, हेम हमाल र कञ्चन पुडासैनी प्रभृति हुनु हुन्थ्यो ।

नेपाल अधिराज्यको सम्वेदनशील भू-राजनीति (Geo-Political location) ले गर्दा आराध्य राष्ट्र- निर्माता पृथ्वीनारायण शाहले दिव्योपदेश अर्थात् पृथ्वीवादी सन्देशमा 'दुई ढुङ्गा बीचको तरुल र एकदिन दक्षिणवर्ती चुरेमा निक्कै काटिन्याछ भनी' छरछिमेकीप्रतिको सावधानीलाई सङ्केत गरेको पाइन्छ ।

व्यवहारिक दृष्टिले नियाल्दा आफ्नो भू-राजनीतिक बाध्यता र सांस्कृतिक मौलिकताले राजतन्त्रबिनाको नेपाल भुमरीको डुङ्गा बन्न जाने स्थिति छ र जनशक्ति र राजशक्ति दुवै नेपाली रहेकाले यसमा कुनै किसिमको आशङ्का, तर्क र विवाद गर्नु झण्डै निरर्थक समान देखिन्छ ।

विश्वको एकमात्र हिन्दू अधिराज्य नेपालमा राजतन्त्रविहीनताको सामान्य परिकल्पनासम्म गर्न सकिदैन, मिल्दैन । कसैले सीमावर्ती अध्ययनबिना यस्तो गणतान्त्रिक चिन्तन गर्दछ भने तिनलाई विश्वपरिवेश र व्यवहारसम्म ज्ञान नभएको ठान्नु पर्छ र त्यस्तो सोचाइ नेपाली सार्वभौमिक अस्तित्वका समाकलनले भयावह ठहरिन्छ । नेपालमा युगौंदेखि राजा र प्रजावीच समयसापेक्ष सूत्रहीन सम्बन्ध (Cordless Relation) रहेको यथार्थलाई सबै तहका व्यक्तिले बुझिदिनु आवश्यक छ । शान्तिका पूजारी र प्रवर्तकहरूलाई दूषित राजनीतिले न्याय दिएको भेटिदैन । विश्वमा सत्ताको इतिहास प्रायः गरी रगतका आहालमा डुबेको र रक्तरञ्जित रहेको छ । नेपालको इतिहास त्यसबाट पूर्णतः पृथक छैन र रहेन । महात्मा गौतम, काजी भीम मल्ल, भीमसेन थापा, गान्धी, अब्राहम लिङ्कन, मार्टिन लुथरकिङ्ग, जोनएफ केनेडी आदिझैँ शान्ति वादका प्रणेता र विकासप्रेमी राजा वीरेन्द्रको परिणति पनि समानुरूप अत्यन्त दुःखद रह्यो ।

विश्वमा सहस्राब्दिऔँको पूर्वकालीन समयमा नघटेको अकथनीय र अपरिकल्पनीय घटना संवत् २०५८ को जेष्ठ १९ गते (सन् २००१ को जुन १०) शुक्रबारका दिन नेपालको राजदरबारमा घट्न पुग्यो । कालक्रममा संक्षेपतया मृदु राजा श्री ५ वीरेन्द्र, राजमहिषी श्री ५ ऐश्वर्य, नवघोषित राजा श्री ५ दीपेन्द्र र राजपरिवारका अन्य केही महत्त्वपूर्ण सदस्यहरू 'पारिवारिक रक्तपातपूर्ण दुर्घटना' मा स्वर्गारोहण होइबक्सेको जाँचबुझ आयोगको निष्कर्ष नेपाली जनसमक्ष सार्वनजनिक हुन आयो ।

नेपाली कांग्रेस, एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, नेपाल मजदूर किसान पार्टी र अन्य विभिन्न प्रमुख राजनीतिक दलले यस 'शाही रक्त पर्व' लाई विविधाङ्गी दृष्टिले विश्लेषण र निरूपण गरेका छन् ।

यस ऐतिहासिक महाशोकले अत्यधिक व्यथित भई उक्त वर्ष अन्यान्य कतिपय नेपालीले झैं मैले बडादशैं र तिहारलाई शाकाहारी वा सात्विक रूपमा मात्र मनाएँ । सो वर्ष जेठ २२ गते नवराजा दीपेन्द्रको अवसान भएको दिन वीरगञ्जका छपकैयाको प्रसिद्ध स्वर्गीय साहेबज्यू झरेन्द्रविक्रम शाह (श्री ५ महाराजाधिराज त्रैलोक्यविक्रमका शाह सुपुत्र) का नाति कैप्टेन जनकबहादुर राणा वा कैप्टेन बुवा र म विदीर्ण हृदय लिएर अत्यन्त भक्कानिएर बलिन्द्र आँसु चुहाउँदै रोएका थियौं । तदुपरान्त तत्काल उहाँ आँसुले भिजेको चस्मा पुछ्दै निजी निवासतिर लम्किनुभएको थियो । त्यसबेला सम्पूर्ण नेपाल र नेपालीले अश्रुधारा बगाएको क्षण अहिले म सम्झिन्छु जुन मेरो जीवनको सर्वाधिक मर्मान्तक र अविस्मरणीय घडी हो । समयको बर्बर मार र अमिट प्रहारलाई भोग्नु तथा सहनु मानवीय बाध्यात्मक नियति हो । जतिसुकै अचिन्त्य र असह्य महापीडालाई मान्छेले बिर्सनु पर्दो रहेछ ।

●

श्री ५ वीरेन्द्र र अनुग्रहित शैक्षिक क्षेत्र

● *रमेशप्रसाद गौतम*

नेपालको प्राचीन अर्वाचीन र आधुनिक कुनै पनि इतिहासमा राष्ट्रिय गौरव र गरिमा तथा नेपाली जनताको आस्था र विश्वासका केन्द्रबिन्दु राजा नै रहँदै आएको कुरा नेपालको इतिहासमा साक्षी छ। नेपालको राजसंस्थाले युगसापेक्ष जनभावनाको कदर गर्नुका साथै राष्ट्र र राष्ट्रियताको सम्वर्द्धनमा समेत उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। आफ्ना देशवासीको उन्नति हुनुपर्छ भन्ने धारणा बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहमा थियो भने राष्ट्रपिता श्री ५ त्रिभुवनबाट राजगद्दीसमेत बाजी लगाई जनताका पक्षमा साथ दिएको इतिहास ताजै छ। यसै क्रममा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहबाट मुलुकको समग्र विकास गर्ने सिलसिलामा सर्वप्रथम शिक्षालाई नै जोड दिइबक्सियो। मौसुफको शुभराज्याभिषेक २०३१ साल फागुन १२ मा सम्पन्न भएको बेला मौसुफबाट हुकुम भएको थियो– "शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका वञ्चित नरहून्।" त्यही बेला श्री ५ वीरेन्द्रबाट प्राथमिक शिक्षालाई निःशुल्क घोषणा गरिबक्सेको थियो। २०३३ सालमा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवीशाहको अध्यक्षतामा विधिवत् सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् गठन गरी नेपालमा सामाजिक सेवाको क्षेत्रमा नयाँ जागरण र नयाँ लहर ल्याइबक्सेको थियो। श्री ५ वीरेन्द्रबाट २०३६ सालमा जनमतसङ्ग्रहको घोषणा गरिबक्सेर जनचाहनाअनुरूपको राजनैतिक पद्धति अनुसरण गरिबक्सियो भने २०४६ सालको जनआन्दोलनको माध्यमबाट नेपाली जनताको अभिव्यक्त इच्छालाई कदर गर्दै रक्तपातपूर्ण क्रान्तिको रूप लिन नपाउँदै बहुदलको घोषणा गरी २०४७ साल कार्तिक २३ गते नेपाल अधिराज्यको संविधान २०४७ घोषणा गरी जनता सार्वभौम भएको संवैधानिक राजतन्त्रात्मक प्रजातन्त्र स्थापना गरी ऐतिहासिक घोषणा गरिबक्सेबाट राजसंस्था झन् आदरणीय र सम्माननीय हुन पुगेको छ।

शिवको तपोभूमि नेपाल सर्वोच्च शिखर सगरमाथा र शान्तिका अग्रदूत भगवान् बुद्धको नामले चिनिने हाम्रो देश अनादिकालदेखि नै राजाबाट शासित हुँदै आएको कुरा इतिहासले पुष्टि गरेको छ।

ऐतिहासिक कालका मानदेव, अंशुवर्मा, जयस्थिति मल्ल, प्रतापमल्ललगायतका राजाहरूबाट शासित अनेक २२ से २४ से राज्यहरूमा टुक्रिएका नेपालका स-साना राज्यहरूलाई मिलाएर आजको सिङ्गो आधुनिक विशाल नेपाल राष्ट्रको स्वरूप निर्माण गर्ने श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको राज्यकालपछि राजतन्त्र अरू सबल, सक्षम र सुदृढ हुँदै आएको छ। नेपाली जनमानसमा राजा सबैका साझा, राजा अनेकतामा एकताका प्रतीक हुन् भन्ने जनधारणाले अमिट छाप पार्दै आएको छ।

यसरी नेपालको जन्मविकास र मुलुकको सार्वभौमसत्तासँग अनन्त कालदेखि गाँसिदै, मजबुत हुँदै आएको राजतन्त्रको जग २०५८ साल जेठ १९ गतेको हत्याकाण्डपछि इतिहासमा सबैभन्दा बढी खलबली भएको छ। यस्तो अकल्पनीय र अपत्यारिलो घटना किन भयो ? कसले गरायो ? कसरी भयो ? जस्ता अनेकौं अनुत्तरित प्रश्नहरूले मुलुकलाई आक्रोशित र आशङ्कित तुल्याई नै रहेको छ। नेपालीले १९ गतेको रात जस्तो कालरात्रि कहिल्यै आउला भन्नेसमेत सोचेका थिएनन्। तर नेपालीको दुर्भाग्य त्यस्तो घटना

घट्यो। यस किसिमको राजदरबारमा घटेको अकल्पनीय र हृदयविदारक घटनासम्बन्धमा छानबिन गर्न श्री ५ माहाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव सरकारबाट राज्यारोहण गरिबक्सेकै दिन उच्चस्तरीय एक समिति गठन गरिबक्सिएको थियो। उक्त गठित समितिले श्री ५ महाराजाधिराजसमक्ष प्रतिवेदन जाहेर गरेको तत्कालै त्यस घटनाको यथार्थविवरण सार्वजनिक समेत भै सकेको छ। उक्त प्रतिवेदनमा सार्वजनिक गरिएका घटनाको यथार्थ जानकारी प्राप्त भएको छ। यस अपूरणीय क्षतिलाई नेपालीले सहन गर्नु परेको छ। जनताका लागि राजा र राजाका लागि जनता भन्ने भावनाले ओतप्रोत हुँदै जीवनभर विकासप्रति समर्पित राजा वीरेन्द्रको असामयिक एवम् दुःखद स्वर्गारोहणले चिरकालसम्म नमेटिने गरी चोट पुऱ्याएर गएको छ। यस्तो विषम परिस्थितिमा वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव जनताको मन जित्ने प्रयासमा सफल हुने विश्वास गरिन्छ।

श्री ५ वीरेन्द्रको सान्निध्यमा रही आफ्ना उद्गारहरू मौसुफहरूमा टक्र्याउने अवसर पाउनेहरूमध्येमा यो पंक्तिकार पनि एउटा पर्दछ। २०३८ सालमा मकवानपुर जिल्लामा प्रथम अन्तरनगर खेलकुदको त्यस जिल्लाको जिल्ला शिक्षा अधिकारीको हैसियतबाट मैले श्री ५ वीरेन्द्र तथा तत्कालीन अधिराजकुमार तथा वर्तमान श्री ५ महाराजाधिराज ज्ञानेन्द्र सरकारहरूको दर्शन पाएको थिएँ। मौसुफ सरकारहरूको सरल स्वभाव र स्नेहवत् व्यवहारले म प्रभावित भएँ। केही वर्ष पछिको कुरा हो म अन्यत्र जिल्लाबाट सरुवा भई भक्तपुर जिल्लामा जिल्ला शिक्षा अधिकारीको रूपमा कार्य गर्दै थिएँ। २०४५ सालमा ठूलो भूकम्प गयो। भक्तपुरलगायत नेपालका धेरै जिल्लाहरूमा ठूलो क्षति हुन पुग्यो। भूकम्पपीडित जनताका दुःख र दर्द बुझ्न श्री ५ वीरेन्द्र तथा श्री ५ बडामहारानी ऐश्वर्य जिल्लाहरूको भ्रमणका सिलसिलामा भक्तपुरमा सवारी होइवक्सी भक्तपुर निवासीहरूको पीडा र दुःख र तिनलाई सरकारले कस्तो राहत प्रदान गरेको छ भनी बुझ्न चाहिबक्सियो। सोही क्रममा तत्कालीन भक्तपुर जिल्ला पञ्चायतको समीक्षालयमा प्रस्तुत संक्षिप्त समीक्षावैठकमा रुचिपूर्वक अवलोकन गरिवक्सियो। सोअवसरमा म समीक्षालय कोठाभन्दा बाहिर अरू कार्यालय प्रमुखहरूसँग उभिएर बसेको थिएँ। एक्कासि समीक्षालयभित्रबाट सैनिक पोशाकका जवानले शिक्षा अधिकारी को हुनुहुन्छ भनी सोधनी गरी मलाई सरकारहरूका सामु लग्नुभयो। श्री ५ वीरेन्द्रवीरविक्रम शाहदेव सरकार तथा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवीशाह सरकार, तत्कालीन मन्त्रिमण्डल, माननीय, जिल्ला पञ्चायत सभापति, प्रमुख जिल्ला अधिकारीलगायत राजप्रासादका प्रमुख सचिवहरू, अन्य वरिष्ठ कर्मचारीहरूसमेतको उपस्थितिमा मौसुफ सरकारहरूको सामीप्यमा रहने अवसर पाएँ। मौसुफ सरकारवाट जिल्लाको शैक्षिक अवस्थावारे जानकारी लिइबक्सियो। त्यसपछि ए.डि.सी. ले त्यहाँबाट जाने सङ्केत गरे। म फेरि बाहिर निस्केर साविककै ठाउँमा उभिएँ। बाहिर आएको ५ मिनेट नबित्दै फेरि सरकारबाट बोलाइबक्सेको खबर आयो र हतारिदै सरकारहरूसामु पुगेँ। त्यस अवसरमा मौसुफ सरकारबाट भूकम्पबाट भत्किएका स्कुलहरूको संख्या र तिनको मर्मत गर्न लाग्ने खर्च के कति पर्दछ सोबारे सोधनी गरिबक्सियो। मैले यथार्थ बिन्ती चढाएँ। अब मबाट जानकारी लिइबक्सने यति नै होला भन्ठानी सरकारको समीपबाट निस्कने सङ्केतका साथै म निस्कें। यसपटकचाहिँ म समीक्षालय कोठैमा बस्छु भनी बसेँ। केहीबेरपछि नै जिल्ला पञ्चायत सभापति बोल्नुहुँदै थियो बीचमा प्रमुख जिल्ला अधिकारी उठेर बिन्ती चढाउँदैको बीचमा फेरि शिक्षा अधिकारीलाई बोलावट भएको छ भनी सरकारका ए.डि.सी. ले खबर गरेपछि म पुनः सरकारका समीपमा पुगेँ र यसपटक सरकारले क्याम्पसको स्थितिबारे जानकारी मागिबक्सियो। क्याम्पस शिक्षा अधिकारीमातहत नभएतापनि सञ्चालक समितिको सदस्यको हैसियतले आफूले बुझेका कुरा बिन्ती गरेँ। अन्त्यमा श्री ५ बडामहारानी ऐश्वर्य सरकारबाट भूकम्पले भत्किएका विद्यालयभवनहरू मर्मत र निर्माणमा स्थानीय जनसहभागिता कसरी जुटाउने गरेको छ र स्थानीय जनतालाई विद्यालयप्रति ममता कसरी जाग्रत गर्न सकिन्छ भन्ने सम्बन्धमा गहिरिएर सोधनी गरिबक्सियो। मैले आफ्ना संक्षिप्त विचार बिन्ती चढाएँ। सरकारहरूबाट मित्रवत् व्यवहार र जानकारी लिइबक्सेका कुराहरूले मलाई अझ बढी आफ्नो कार्यप्रति प्रेरणा र उत्साह जाग्नुका साथै मौसुफहरूप्रति बढी आस्था बढ्दै आयो।

सरकारहरूसँगको उक्त भेटवार्तामा आफ्नो व्यक्तिगत समस्या मैले राखिन। २०४५ सालसम्ममा मलाई श्री ५ को सरकारले प्रधानाध्यापकबाट जिल्ला शिक्षा अधिकारी पदमै स्थायित्व प्रदान गर्ने सर्तमा लगेको झण्डै १० वर्ष बितिसकेको थियो। तथापि करार सेवाको माध्यमबाट काजमै झुल्याउने काममात्र भएको थियो। मौसुफ सरकारहरू व्यक्तिगत कुराप्रति भन्दा सामूहिक दृष्टिकोणका कुरा नै प्राथमिकतामा रहनुपर्दछ भन्ने विचारमा सहमत होइबक्सन्थ्यो।

स्वर्गवासी मौसुफ सरकारको विवेक र निर्णयक्षमता अतुलनीय एवम् अनुकरणीय थियो। झण्डै १३ वर्ष जिल्ला शिक्षा अधिकारी भई शैक्षिक प्रशासनबाट २०४८ साल माघ १ गतेदेखि पद्मोदय मा.वि.को प्र.अ. पदमा श्री ५ को सरकारले फर्काइदियो। धेरैले भन्ने गर्थे १३ वर्ष जिल्ला शिक्षा अधिकारी भई बसेको मानिस एउटा स्कुलको प्रधानाध्यापकमा फर्कनु राम्रो होइन। जसले जे भनेतापनि आफूले जानेको र सक्ने, क्षमताले भ्याउने जहाँसुकै काम गर्दा पनि इमान्दारीपूर्वक गर्नु ठूलो कुरा हो भन्ने जवाफ दिन्थेँ। पदले मानिस ठूलो हुँदैन जसले राम्रो कार्य गर्दछ

त्यही मात्र ठूलो हो भन्ने धारणा हामीमा आउनुपर्दछ । यसै क्रममा २०५२ सालको कुरा हो । पद्मोदयमा प्रधानाध्यापक भएर काम गरेको ५ वर्ष बितिसकेछ । विद्यालयको स्वर्णजयन्ती पनि आइसकेको रहेछ । यसै सन्दर्भमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पूर्वसभामुख दमननाथ ढुङ्गानासँग परामर्श लिई पूर्वविद्यार्थीहरूको समेत भेला लगाई स्वर्णजयन्ती मनाउने सल्लाह गरियो । पूर्वविद्यार्थीसङ्घको भेलाले तत्कालै पूर्वविद्यार्थी तथा पूर्वमन्त्री कमल थापालाई अध्यक्ष चुन्यो । विद्यालय व्यवस्थापन समितिमा पूर्वविद्यार्थी सङ्घसमेतको सरसल्लाह गरी स्वर्ण जयन्तीमा सरकारहरूलाई आमन्त्रण गर्ने निर्णयमा पुगियो र तत्कालीन सरकारहरूमा आमन्त्रण गरियो । तदनुसार २०५२ फाल्गुण २९ गते श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार तथा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मीदेवी शाह सरकार पद्मोदय सवारी भई ९० मिनेट समय विद्यालयलाई बक्स भयो । विद्यालयका तर्फबाट मैले अभिनन्दन चढाएँ । विद्यालयबाट प्रदान गरिएका उत्कृष्ट पुरस्कार सरकारका बाहुलीबाट प्रदान गरिबक्सियो । शैक्षिक प्रदर्शनी अवलोकन गरिबक्सियो । विभिन्न शैक्षिक प्रश्न राखी समीक्षालय निरीक्षण गरिबक्सी विद्यालयका विभिन्न पक्षबारे रुचिपूर्वक सोधनीसमेत गरी पद्मोदय माध्यमिक विद्यालय परिवारलाई गरिबक्सिएको वात्सल्यमय क्षणको ताजा अनुभूति हामीलाई अझै छ । यस्ता शिक्षाप्रेमी, प्रजावत्सल श्री ५ वीरेन्द्र र ममतामयी श्री ५ बडामहारानी ऐश्वर्य, स्वर्गवासी श्री ५ दीपेन्द्र, श्री ५ अधिराजकुमार नीराजन, श्री ५ अधिराजकुमारी श्रुतिराज्यलक्ष्मी देवी राणा तथा अन्य स्वर्गवासी राजपरिवारका सदस्यहरूमा पद्मोदय मा.वि. सच्चा एवम् अन्तर्हृदयदेखि श्रद्धाञ्जली टक्र्याउँदछ ।

श्री ५ वीरेन्द्र प्रजातन्त्रवादी एवम् महान् राजाका रूपमा नेपाली जनताको हृदयमा बसिबक्सेको पुष्टि मौसुफको देहावसानको समयमा जनतामा देखिएको शोकको लहरले स्पष्ट पार्दछ । नेपालको सार्वभौमिक स्वतन्त्रताको सबलीकरणका रूपमा, जनतामा देशभक्तिको सम्वर्द्धनका रूपमा यदाकदा देखापरेका राष्ट्रिय सङ्कटलाई साहसका साथ बेहोरी विजय पाउने शान्तिप्रेमी राजाका रूपमा देखिनुका साथै नेपाली राष्ट्रियताको धरोहरका रूपमा रहेको राजसंस्थामाथि भएको यस क्रूर आक्रमणले जनताको मन छियाछिया भएको छ । तीन दशक लामो शासनकालमा श्री ५ वीरेन्द्रबाट देशलाई अन्तर्राष्ट्रिय राजनीतिक मञ्चमा सक्रिय भूमिका निर्वाह गरिबक्सी असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनदेखि क्षेत्रीयस्तरका सम्मेलनहरू र मित्रराष्ट्रका भ्रमणमा एक परिपक्व राजनेताका रूपमा आफू र आफ्नो मुलुकलाई पहिचान गराइबक्सिएको थियो । यसरी हामीले एउटा महान् जनप्रिय र लोकसम्मतिलाई नै आफ्नो मूल आधार ठान्ने राजा गुमाएका छौं ।

श्री ५ वीरेन्द्रको अकस्मात् देहावसान भएर नेपालको राजगद्दीमा श्री ५ महाराजाधिराज ज्ञानेन्द्रवीरविक्रम शाहदेव आसीन होइबक्सेको छ । यसरी शाहवंशीय राजसिंहासनका तेह्रौं राजा होइबक्सेबाट ऐतिहासिक हनुमानढोकाको नासलचोकमा परम्पराअनुसार जेठ २२ गते सोमवार आयोजित विशेष समारोहबीच राज्यारोहण गरिबक्सी सोही साँझ देशवासीका नाममा बक्सेको शाही घोषणामा संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र एवम् राष्ट्रको सम्मानपूर्ण छवि अक्षुण्ण राख्न स्वर्गवासी श्री ५ वीरेन्द्रवीरविक्रम शाहको सदिच्छा प्रेरणादायी रहने हुकुम भएबाट मौसुफ सरकारको लोकसम्मतिको कदर गरी राज्यसञ्चालन गर्ने शाहवंशीय परम्पराअनुसार नेपाली जनतालाई समुन्नत भविष्यतर्फ उन्मुख गराउने प्रतिबद्धतालाई मूर्तरूप प्रदान गर्न श्री ५ ज्ञानेन्द्रवीरविक्रम शाहदेव सरकारबाट सबैको सहयोग अपेक्षा गरिबक्सेको छ । यसरी मौसुफबाट आफ्ना श्रद्धेय दाज्यू स्वर्गवासी श्री ५ वीरेन्द्रको सदिच्छा साकार पार्न प्रतिबद्धता व्यक्त गरी ती प्रतिबद्धतालाई मूर्तरूप प्रदान गर्न देशवासीको सक्रिय सहयोगका लागि गरिबक्सेको आग्रहलाई यस दुःखद घडीमा सबैले आत्मसात् गरी आ-आफ्नो ठाउँबाट इमान्दारीपूर्वक सहयोग पुऱ्याउनु नै सबैको दायित्व हो ।

हाम्रो जस्तो दुई ढुङ्गा बीचको तरुलझैं अवस्थित मुलुक र विविध जाति, जनजातिहरूको यस मुलुकमा विखण्डन ल्याउने वा सार्वभौमसत्तामा खलल पुऱ्याउनेजस्ता कुनियतप्रति पनि सर्तक रहनुपर्ने कुरालाई पनि हामीले बिर्सन हुँदैन । यसर्थ हामी नेपालीमात्रले नेपाल र नेपालीको एकताका प्रतीक राजा र राजसंस्थालाई कमजोर पार्न नहुने तथ्यलाई ख्याल गर्नुपर्दछ । यसै सङ्कटपूर्ण घडीमा हामी कसैको बहकावमा बहकिनुभन्दा राष्ट्रिय स्वार्थलाई पहिचान गरी एकजुट भएर राष्ट्रनिर्माण कार्यमा सहयोग पुऱ्याउनुपर्दछ । सबै राजनीतिक दलहरूको पनि आफ्नो दायित्व यही हुन आउँछ । हामी सबैले राम्ररी बुझ्नुपर्दछ कि नेपाल भएसम्म नेपाली हुन्छौं । यसर्थ हामीले व्यक्तिगत हित र दलगत स्वार्थको सीमित घेराभन्दा माथि उठेर संयम, धैर्य र विवेकका साथ मुलुकलाई आत्मनिर्भर र स्वाभिमानतर्फ उन्मुख गराउन सबै एकजुट हुने बेला आएको छ । यस प्रकार श्री ५ वीरेन्द्र मेरा हृदयपटलमा सदा होइबक्सन्छ, आस्थापूर्ण रूपमा । पद्मोदयको दृश्यपटलबाट र पद्मोदयको प्राङ्गणबाट श्री ५ वीरेन्द्रलाई सम्झँदा आज पनि मौसुफप्रति शैक्षिक जगत् परिवार श्रद्धावनत हुन्छ ।

●

श्री ५ वीरेन्द्रको वार्षिकी र पाप्रो उप्किएको घाउ

• *रविकिरण 'निर्जीव'*

वस्तु तथा व्यक्तिहरू निरपेक्ष रूपमा सुन्दर र उत्कृष्ट हुँदैनन् । तिनीहरूमा कुरूपता र निकृष्टताका आंशिक दुर्गुणहरू पनि विद्यमान रहन्छन् । तिनीहरूमा रहेको यो सापेक्षता तिनको आफ्नो विशेषता हो । मेरो यो सापेक्षताको सन्दर्भ राजा वीरेन्द्रसँग जोडिएको छ । मैले उनका पिताको शासनकाललाई भोगेँ तर त्यसभित्र पसेर नालीबेली बुझ्न सकिन । राजा वीरेन्द्रलाई राम्रोसित भोगेँ । उनी मेरा दामल पनि थिए । उनलाई भोग्दा उनी असल र उत्तम राजा हुन् भन्ने कुरा बुझेँ । पुराना राजाहरूमध्येका ती सर्वोत्तम राजा वीरेन्द्रका पनि केही कमसल पक्षहरू अवश्य थिए तर तिनलाई असल पक्षहरूले सधैँ छोपेर राखेका हुन्थे ।

राजाहरू धेरै गुणहरूले सम्पन्न भए पनि यथार्थतामा तिनीहरू असल हुँदैनन्, राष्ट्र र जनताको हितलाई भन्दा आफू र परिवारको हितलाई सर्वोपरि ठान्छन्- यस्तो थियो राजा हरूप्रतिको मेरो धारणा । यो मेरो परिवेश र इतिहासनिर्मित धारणा थियो । राजा वीरेन्द्रसँगको मेरो दर्शनभेट र बातचितले मेरो यो पूर्वाग्रहलाई धेरै सफा बनाएर पखालिदियो । विचार र व्यवहार दुवैमा राजा वीरेन्द्रलाई मैले धेरै उत्तम पाएँ ।

यस्ता अनुपम राजा र तिनको वंशकै विनाश भयो । यस धर्तीबाट तिनको रगत सदाका लागि सुकेर गयो । यस दुःखद र अकल्पनीय दुर्घटनाले सारा नेपाली शोक, वियोग र वेदनाले विह्वल भए । म पनि त्यो शोक र वेदनाको लपेटामा बेरिएँ । साउने झरीजस्तै मन असाध्य रोयो । एउटै मात्र सन्तान बाँचेको भए पनि मन बुझाउने बाटो रहन्थ्यो भन्ने लाग्यो । तिनको शिरमा यति ठूलो विध्वंसात्मक र निर्मम विडम्बनाको चट्याङ कसरी पर्‍यो होला भनेर मन व्याकुल भयो । अन्ठाउन्न दुई उन्नाइसको रात उनीप्रति किन त्यति क्रूर भएको होला भनी मनले मनैलाई सोध्यो । नियतिलाई तँ किन त्यति निष्ठूर भइस् नि भनेर यो विकल हृदयले सोध्यो ।

आज ठीक एक वर्षपछि, तिनको र तिनका सन्तानहरूका फोटाहरू र फोटाभित्रका निर्मल र निर्दोष भावनाहरू देखेर त्यो पुरानो घाउको पाप्रा उप्किएको छ, त्यसमा झल्झल्ती रगत बहेको छ, चहराएको छ र भतभत पोलिरहेको छ । त्यो उप्केको पाप्रा टाँसेर रगत र पीडा रोक्न खोज्छु तर त्यो न टाँसिन्छ न त रोकिन्छ । मेरो र मानिसहरूको मनलाई यसरी वेदना र सन्तापले डढाउने के त्यस्ता उच्चतम गुणहरू थिए त राजा वीरेन्द्रमा ? के उनी साँच्चै अद्वितीय र अत्युत्तम राजा थिए त ? यी सवालहरू जवाफ मागिरहेका छन् । हो, उनी नेपालका एक अद्वितीय र अत्युत्तम राजा थिए । खासगरी विचार, व्यवहार, स्वाभिमान र देशप्रेमका पक्षहरूमा यिनी महान् र उदार दुवै थिए । मलाई उनीबारे कुनै अतिरञ्जना गर्नुपर्ने खण्ड पनि छैन । यसको प्रयोगले कसैलाई फकाउन पर्ने पनि छैन ।

मैले मेरा दामल राजा वीरेन्द्रलाई जीवनमा दुईचोटि भेटेँ । २०३४ सालमा सिमिकोट, हुम्ला र २०४२ मा बरुवा, चितवनमा । त्यसबखत म क्रमशः मानसरोवर मा.वि. (प्रस्तावित) सिमिकोट र सोमेश्वर मा.वि. बरुवामा प्रधानाध्यापक पदमा कार्यरत थिएँ । राजा क्षेत्रीय भ्रमणको क्रममा बरुवा माडीमा पुग्दा र उनीसँग

भेटघाट र बातचित हुँदा म कति प्रभावित भएँ भन्ने कुरा यसपछि म वर्णन गर्न चाहन्छु ।

विद्यालयमा धमाधम पढाइ चलिरहेको अवस्थामा सैनिक अधिकारी र तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको अवतरणपछि राजा वीरेन्द्र रानी ऐश्वर्यका साथ आकस्मिक रूपमा हेलिकोप्टरद्वारा विद्यालय कम्पाउण्डमा उत्रिए । प्रधानमन्त्रीसँगको परिचय र परामर्शबमोजिम मैले आकस्मिक शैलीमै राजारानीको स्वागत गरें । उनीहरूलाई कार्यालय कक्षमा सवारी गराउने मेरो चाहनालाई राजाले कक्षा कोठातिर मोडिदिए । राजा, रानी सवारीदलका सदस्यहरू र म कक्षा दशको कोठामा गयौं । राजासँग निर्धक्क र विस्तारमा बिन्ती चढाउने कुराहरूको सूची मेरो मनले तयार पारिसकेको थियो । मेरो मनमा कुनै त्यस्तो अत्यास, तनाव र भय थिएन । समय थोरै छ, अतः धेरै कुराहरू गरिभ्याउनुपर्छ भनी म सचेष्ट थिएँ । संघ, संस्थाका प्रमुखहरू कसैलाई पनि खबर दिन भ्याइएको थिएन तर राजाको सवारीको लख काटेर हजारौं मानिसहरू भेला भइसकेका थिए ।

यस विद्यालयमा सवारी भएकामा स्थानीय जनता अत्यन्त हर्षित भएका छन् भन्दै राजाप्रति कृतज्ञता ज्ञापन गर्दै विद्यालयको समस्त स्थिति अवगत गराएँ र यसको स्थायित्व तथा जीवनदानका लागि बिन्ती चढाएँ । सवारी मन्त्रीमार्फत मेरो गृह जिल्ला सोधनी हुँदा मैले चितवनमै घर हो भन्दा जिल्लाका समस्या के के छन् त भनी मैसँग सोधनी भयो । मैले यस जिल्लामा अनगिन्ती समस्या भए पनि माडीमा एउटा अस्पताल र राप्ती नदीमा पक्की पुलको आवश्यकता भएको कुरा बताएँ । कस्तो पुल र कति लामो भनी जिज्ञासा राखिदा सबै कुरा प्रष्ट पारें । सवारीसाथ रहेका अधिकारीहरूले मेरा भनाइहरू टिपिरहेका थिए । यस कुराकानीमा राजारानी अत्यन्त प्रसन्न मुख-मुद्रामा थिए र उनीहरूको श्रवण अति गम्भीर र सचेत थियो । त्यहाँ राजा र नागरिकको भेद र भिन्नताको कुनै लक्षण थिएन । नागरिकमा सङ्कोच र डर पनि थिएन र राजामा अहम् र कृत्रिम गम्भीरता पनि थिएन । वीस मिनेटको कक्षाकोठा दर्शनभेटपश्चात् सबै बाहिर निस्की हेलिप्याडतिर लाग्यौं । सवारी मन्त्रीले मलाई राजाबाट विद्यालय बक्स भयो भने तर म सन्तुष्ट भइन । पुनः राजाको पछिपछि लागेर विद्यालयको स्थायित्वका लागि बिन्ती चढाएँ । अरू मन्त्री तथा अधिकारीहरूले रोक्न खोजे पनि राजाले मेरो कुरा सुन्ने इच्छा गरेपछि मैले राजाको जवाफ पाएँ– भयो, भयो, विद्यालय पाइयो । मेरो निर्भीकताले सहजै बोल्यो – गर्दीवासी जनताहरू सरकार र सरकारको स्नेह पाएबस्रि हर्षविभोर छन्, सरकारलाई हार्दिक धन्यवाद । राजाका ओठहरू पूरा तन्किए र दन्तलहर प्रष्ट देखिए । हात हल्लाएर राजालाई बिदा गरें ।

रविकिरणले राजासित बेअदबसित बोल्यो रे, टाउकामा टोपी पनि थिएन रे, ऊ हेडमास्टरबाट निकालियो रे आदि निराधार कुराहरू चलेको बेला भ्रमणमुकाम हेटौंडाबाट विद्यालय बक्स भएको चिठी आइसकेको थियो र मलाई त्यहाँ बोलाइएको पनि थियो । पछि गृह मन्त्रालयले सवारीको बेला मैले राजालाई सन्तष्ट तुल्याएकामा राष्ट्रियस्तरका संस्थाहरूमा काम गर भनी आमन्त्रण पनि गऱ्यो तर त्यो बेला मेरो ब्रह्मले ती संस्थाद्वारा भन्दा मैरै विद्यालयद्वारा देश र नरेशको यथेष्ट सेवा गर्न सक्छु भनेर त्यो आमन्त्रणलाई विनम्रतापूर्वक अस्वीकार गऱ्यो ।

त्यसपछि राजा वीरेन्द्रसँग भेट हुने अवसर आएन । अवसर बनाउनेतिर पनि लागिन किनभने काम पो के थियो र ! एउटा काम बनाएर भेटेको भए हुन्थ्यो भनी आज मनले पछुतो मानिरहेको छ ।

राजा वीरेन्द्रको देशभक्ति उनको जीवनको उत्तरार्द्धमा अझ सफासित खुल्यो । त्यसले नेपालीहरूको मन बलियोसित खिच्यो । दर्शनभेटको बेलाको हार्दिकताले मानिसहरू अझ उत्तिकै प्रभावित र मोहित भए । यिनै सत्यहरूले गर्दा उनको विनाशमा नेपालीहरू आँसुले भिजे, अझै ओभाएका छैनन् । मेरो पनि घाउको पाप्रो उप्किएको छ र त्यसबाट भलभल रगत आइरहेको छ ।

२०५९।२०
चितवन काटागार

●

श्री ५ वीरेन्द्र : मेरो स्मृतिपटलमा

● *रविचरण श्रेष्ठ*

नेपालको राष्ट्रिय जीवनमा अत्यन्त पीडादायी र दुःखदायी रात वि.सं. २०५८ साल जेठ १९ गते सम्पूर्ण नेपालीका आस्थाकेन्द्र श्री ५ वीरेन्द्रको देहावसान भएको दिन ! त्यो क्षण, त्यो रातलाई जति सम्झूँ त्यति दुःख र पीडाले सताउँछ । नेपालीका भाग्यनिर्माता, जनप्रिय तथा प्रजावत्सल राजालाई यहाँ शब्दमा कैद गरेर केही लेख्न मलाई असहज भइरहेको छ । दुःखविह्वल हुँदा शब्दहरू हुँदैनन् भन्ने यथार्थताबाट म गुज्रिरहेको छु तर श्रद्धासुमन केही कोर्नु नै परिरहेको छ ।

आफ्ना प्यारा जनताको सुखदुःख बुझ्न देशका पाखा पखेरा पुग्ने क्रममा वि.सं. २०३३ सालमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणमा श्री ५ महाराजाधिराज सरकारको सवारी बैतडी जिल्लामा भएको बेला मैले सर्वप्रथम श्री ५ को दर्शन गर्ने सुअवसर पाएको थिएँ । म त्यसबेला त्यहाँ राष्ट्रिय विकास सेवा कार्यक्रमअन्तर्गत एम.ए.को छात्रको हैसियतले कार्यरत थिएँ । मैले स्काउटको पोशाकमा रहेर श्री ५ मा स्वागत अभिवादन टक्र्याएको थिएँ र परिचय टक्र्याएँ । उक्त अवसरमा सरकारबाट बैतडी पनि ओखलढुङ्गा जस्तै छ हगि ! हुकुम हुँदै ओखलढुङ्गा गएका छौ कि छैनौ भनी प्रश्न गरिबक्सेको थियो । उक्त अवसरमा सरकारबाट हुकुम भएको थियो 'तिमी जस्ता युवाबाट देशले ठूलो आशा राखेको छ । यो तिम्रा लागि देशको अवस्था बुझ्ने मौका हो । राम्रोसँग काम गर्नु भन्ने हुकुम भएको थियो ।

२०३४-३५ सालतिर दिदीको शुभविवाहको अवसरमा श्री ५ महाराजाधिराज सरकारको सवारी ओमवहालस्थित हाम्रो घरमा भएको थियो । आफ्ना प्यारा राजालाई आफ्नै घर-आँगनमा पाउँदा हामी सबै परिवार हर्षले गद्गद् भएका थियौं । सरकारको फिर्ती सवारी हुँदा घरको मूल ढोकाभन्दा अलिपरबाट 'रवि ! राम्ररी पढे, बुबालेझैं देशका लागि केही गर्नुपर्छ भन्ने त्यो प्रेरणादायी क्षणलाई जीवनको अमूल्य सम्पदाको रूपमा सङ्गृहित गरिराखेको छु ।

वि.सं. २०४२ सालमा सन् २००० सम्म नेपाललाई एसियाली मानदण्डमा पुऱ्याउने श्री ५ को सदिच्छालाई साकार पार्न श्री ५ को सरकारबाट एउटा कार्यदल गठन भएको थियो जसको सदस्यको रूपमा रहेर मैले पनि काम गर्ने मौका पाएको थिएँ । यसमा रहँदा श्री ५ बाट नेपाली जनतालाई गास, बास, कपास, शिक्षा र स्वास्थ्य र रोजगार जस्ता सुविधा पुऱ्याउन कति चिन्तित होइबक्सन्छ भन्ने कुरा राम्ररी बुझ्न पाएको थिएँ ।

त्यसैगरी २०४३ सालमा श्री ५ को सरकारद्वारा गठित काठमाडौं उपत्यका नगरविकास योजना संस्थागत विकास अध्ययन प्रतिवेदनको कार्यदलमा सदस्य म रहेको बेला श्री ५ वीरेन्द्र सरकारको सवारी काठमाडौं नगरपञ्चायतमा भएको थियो । उक्त अवसरमा श्री ५ बाट काठमाडौं उपत्यकालाई एउटा स्वच्छ सुन्दर र व्यवस्थित सहर बनाउनुपर्छ र सोहीअनुरूप हाम्रा कार्यक्रम परिलक्षित हुनुपर्छ भन्ने हुकुम बक्स भएको थियो ।

वि.सं. २०४३ सालमा भएको स्थानीय निर्वाचनमा म काठमाडौं नगरपञ्चायतको प्रधानपञ्चमा उम्मेदवार भएको थिएँ तर पराजित हुन पुगें । त्यसको केही समयपछि मौसुफ सरकारबाट

'रवि ! चिन्ता लिनु पर्दैन प्रजातान्त्रिक चुनावमा हारजित त हुन्छ नै । जनताको मन जितेर काम गर्दै जानु ... हुकुम बक्सभएर मलाई ढाडस दिइबक्सेको थियो । त्यस क्षणले एक उदार र महान् राजाको प्रजातन्त्रप्रतिको दृष्टिकोण र मान्यता जाहेर भएको ठान्छु ।

२०५३ सालमा गद्दीआरोहण रजत महोत्सवको क्रममा दशरथ रङ्गशालामा नागरिक अभिनन्दन नागरिक मूलसमितिको महासचिव भएर आफ्ना प्यारा राजालाई उपहार चढाउन नागरिक मूल समितिका अध्यक्ष तथा भूपू प्रधानमन्त्री कीर्तिनिधि बिष्टका साथ पशुपतिनाथको कलात्मक प्रतिमा (मूर्ति) श्री ५ मा चढाउने मौका पाएको थिएँ । मौसुफ सरकारका बाहुलीबाट सो उपहार ग्रहण गरिबक्सेपछि पुनः त्यसलाई व्यवस्थित ढङ्गले राख्ने क्रममा मैले उठाउँदा मौसुफ सरकारबाट मधुर वाणीमा 'रवि गह्रौं छ । बिस्तारै समात लड्ला ।' भन्ने २ पटक हुकुम भएको आवाज आज पनि मेरा कानमा गुन्जिरहेको छ । त्यो हुकुमबाट म अत्यन्त प्रभावित भएको थिएँ र पितृवात्सल्यको आभास पाएको थिएँ । लाग्यो मलाई ती शब्दहरू भगवान् नारायणका हुन्, देववाणी हुन् । म अत्यन्त हर्ष र उमङ्ग लिई उक्त वाणीलाई पटकपटक गायत्री झैँ दोहऱ्याउन पुग्छु । जीवनका हरेक मोडमा ती शब्दहरू गुनगुनाउँछु र मौसुफ सरकारप्रति नतमस्तक भएर स्मरण गर्दछु । मौसुफ सरकारको जीवनमा नै ती वाणीले मलाई काम गर्ने हौसला र प्रेरणा दिएका थिए । आज मैले ती शब्दलाई विशेष रूपले सम्झिरहेको छु ।

२०५३ साल गद्दी आरोहण रजत महोत्सवकै क्रममा श्री ५ वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा नागरिक मूल समितिको आयोजनामा वर्षभरिको कार्यक्रमको समापन समारोह सोही दिन बेलुकी सांस्कृतिक कार्यक्रम एवम् जलपान कार्यक्रम गरी जलपान कार्यक्रम गरी सम्पन्न गरिएको थियो । उक्त अवसरमा मौसुफ सरकार पनि सरीक होइबक्सेको थियो । त्यहाँ मौसुफ सरकारबाट मलाई 'रवि तिम्रो परिवारलाई कस्तो छ ?' केटाकेटीहरूलाई कस्तो छ ? भनी सोधनी गरिबक्सँदै 'बिस्तारै काम गर्दै जाऊ हतार नमान भनी सम्झाइबक्सेको त्यो क्षण कसरी बिर्सूं ?

श्री ५ वीरेन्द्र सरकारसँगको अन्तिम दर्शन एवम् साक्षात्कार भने वि.सं. २०५७ साल फागुन ७ गतेको प्रजातन्त्र दिवसको दिनमा नै भयो जसमा श्री ५ को स्वागतार्थ टुँडिखेलमा पङ्क्तिबद्ध उभिएको ठाउँमा सरकारबाट 'रवि ! भन्ने उद्गार व्यक्त गरिबक्सँदै टाउको माथि उठाएर पुलुक्क मतिर हेरिबक्सेको आजै जस्तो लाग्छ । त्यसपटक पनि पहिले जस्तै श्री ५ वीरेन्द्रको दिव्य मुहारमा शिष्ट, शालीन सौम्य र परिपक्व भाव झल्किरहेको पाएँ ।

जनताको जनचाहना नै आफ्नो चाहना ठानिबक्सने राजाबाट २०४६ सालपछि संवैधानिक राजाको रूपमा सधैं निर्विवाद रही संविधानसम्मत ढङ्गबाट जनताको सुखदुःखमा सामेल रही जनताको हृदयमा राज गर्न सक्ने एक असल र लोकप्रिय राजाको रूपमा आफूलाई स्थापित गराइबक्सेको थियो ।

लोकसम्मति र जनचाहनाअनुकूल अघि बढ्न चाहने युगपुरुष राजा श्री ५ वीरेन्द्रसँग भएका सामीप्यताका अन्य अवसरका स्मरण र बक्सभएका मार्गदर्शक श्री ५ का वाणीहरू मेरो मनमथिङ्गलमा घुमिरहेकै छन्, क्रमशः तिनलाई लिपिबद्ध गर्दै ताजा राख्ने नै छु ।

स्वर्गवासी श्री ५ वीरेन्द्रवीरविक्रम शाहको जीवनदर्शनबाट प्रत्येक नेपालीले पाएको सत्प्रेरणा सरह नै प्रत्येक नेपालीले मौसुफको सदिच्छा साकार पार्ने महायज्ञमा आफूलाई समर्पित गर्न सकेमा नै प्रजावत्सल स्वर्गीय राजाको स्मृतिग्रन्थको रूपमा प्रकाशित हुने गौरवमय परम्परा अझ सार्थक हुन सक्ने कुरामा सन्देह छैन । श्री ५ वीरेन्द्रको जीवनकालमा भएका एवम् इतिहासले सधैं सम्झिरहने अनेक विषयहरूमध्ये नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्तावले अत्यन्त महत्त्व राख्तछ । त्यही कुरालाई मध्यनजर गर्दै स्वर्गवासी राजाले पढाए स्वरूप शान्ति क्षेत्र विषयवस्तु बनाएर संक्षिप्तमा चर्चा गर्ने जमर्को गरेको छु ।

नेपाली राष्ट्रियताका अमर ज्योति स्वर्गवासी राजा वीरेन्द्र शान्तिका महान् योद्धा होइबक्सन्थ्यो । शान्ति युद्धको विपरीतार्थी शब्द हो । हाम्रो समस्त नेपाल शान्तिको युद्ध गरिरहेका छौं । हाम्रो यो युद्ध राष्ट्रिय स्वतन्त्रताको, क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्तिको युद्ध हो । स्वर्गवासी राजा वीरेन्द्रबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरिबक्सेको झण्डै २८ वर्ष पुग्न लाग्यो । त्यसलाई साकार पार्न काम गर्ने उत्तरदायित्व बोकेकाहरूले त्यस काममा इमान्दारीपूर्वक लागेनन् वा लाग्दैनन् भन्ने आधारमा शान्तिक्षेत्र प्रस्ताव अर्थहीन भन्नु ठीक छैन । सीमित स्वार्थ भएकाहरूबाट राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताका लागि ठोस कदमको आशा गर्न सकिदैन तर जनताको मुक्तिका लागि कार्यरत रहेका मानिसहरूले नै सच्चा शान्तिक्षेत्रको धारणा सुदृढ पार्न र नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्तावलाई साकार पार्न प्रयत्न गर्नुपर्दछ, यही नै नेपाली जनआन्दोलनको हित र विश्व शान्तिप्रिय जनताको हितअनुकूल छ ।

युगयुगान्तरसम्म मानव सभ्यता र संस्कृतिको जगेर्ना गर्न तथा यसलाई समयसापेक्ष रूपमा बडो अर्थपूर्ण र प्रभावकारी बनाउन विश्वशान्ति जति आवश्यक तत्त्व अरू कुनै हुन सक्दैन भन्ने कुरामा दृढ आस्था राख्ने राजा वीरेन्द्रबाट विश्वशान्तिको

लामो मार्गमा प्रथम पाइलाको रूपमा नेपालको शान्तिक्षेत्र प्रस्तावलाई अगाडि ल्याइबक्सेको हो । यस क्रममा मौसुफबाट गरिबक्सेको भगीरथ प्रयत्नबारे मौसुफका जीवनकालमा भएका अगणित कार्यकलापहरूबाट छर्लङ्ग हुन्छ । के मित्रराष्ट्रहरूको भ्रमणको क्रममा, के अन्तर्राष्ट्रिय सम्मेलनहरूमा अथवा विश्व रङ्गमञ्चमा मौसुफले एउटै कुराको प्रबल आकाङ्क्षा व्यक्त गर्दै र यसका लागि समर्पित होइबक्स्यो । यो कुरो अवश्य पनि सम्पूर्ण देशप्रेमी, स्वाभिमानी ज्यूँदा नेपालीका लागि अति नै गौरवको कुरो हो ।

नेपालको शान्तिक्षेत्रको प्रस्तावले नेपालको परराष्ट्रनीतिको पनि सकारात्मक पक्षलाई पुष्टचाएको छ । नेपाल कुनै पनि राष्ट्रले आफ्नो हितका लागि छिमेकी राष्ट्रलाई अर्काको विरुद्ध लडाउने तथा आफ्नो भूमिलाई अर्काको स्वार्थका लागि प्रयोग गर्न दिनुहुन्न भन्ने कुरामा पूर्ण आस्था मात्र राखिआएको हैन अपितु सोको चिरकालदेखि पालना पनि गर्दै आएको छ भने अनन्त-अनन्तसम्म पालना गर्दै पनि रहनेछ । यस प्रस्तावले 'विकासको निम्ति राजनीति'लाई जोड दिन्छ । राजा वीरेन्द्रबाट शान्तिक्षेत्रको प्रस्तावको व्याख्या र पुष्टचाइँ गर्दै हुकुम भएको छ 'शान्ति हाम्रो विकासका लागि, हाम्रो स्वतन्त्रताका लागि तथा हाम्रो सुरक्षाका लागि अपरिहार्य छ । त्यसैले शान्तिलाई संस्थागत गर्ने यो एक सकारात्मक जमर्को हो । एक विश्वस्त र भरपर्दो शान्तिपूर्ण स्थायित्व प्रदान गर्न यसको संस्थागत रूपमा विकास हुनु आवश्यक छ । यो तब मात्र हुनसक्तछ जव आन्तरिक स्थिरता र बाहृय खतराको कुनै सम्भावना हुँदैन ।

१२५ भन्दा बढी मित्रराष्ट्रहरूले शान्तिक्षेत्रको प्रस्तावको समर्थन तथा स्वागत गरिसकेका छन् यसलाई पनि ठूलो सफलता मान्न करै लाग्छ । तथापि यत्तिकैमा चित्त बुझाउने बेला छैन । विभिन्न सङ्घ-संस्था र जनस्तरबाट पनि समर्थन प्राप्त गर्ने भगीरथ प्राप्त जारी रहनुपर्छ । जसरी जनस्तरबाट परमाणु निःशस्त्रीकरणसम्बन्धी युरोपेली आन्दोलनले युरोपेली सरकारलाई नियन्त्रण गर्न दबाब दिइरहेको छ, त्यो सराहनीय छ । त्यस्तै प्रकारले जनस्तरबाट पनि शान्तिकामी राजाको सदिच्छा पूरा गर्न प्रयत्न भएमा अवश्य पनि नेपालले विश्वसमुदायसमक्ष ठूलो इज्जत पाउनेछ । यस प्रस्तावले तब मात्र आफ्नो लक्ष्य प्राप्त गर्न सक्नेछ जब सम्पूर्ण विश्वका राष्ट्रहरूले यसमा आफ्नो नैतिक तथा व्यावहारिक समर्थन जनाउनेछन् । मुख्यतया यसमा छिमेकी राष्ट्रहरूको समर्थनले विशेष महत्त्व राख्दछ । यस क्रममा भारतको समर्थन प्राप्त गर्नेतर्फ हरसम्भव प्रयत्न हुन आवश्यक छ भने चीनले यसमा बारम्बार समर्थन र स्वागत मात्र जनाएको छैन अपितु यसमा कुनै कमि आएमा पूर्ण जिम्मेवारी वहन गर्ने वचनबद्धतासमेत व्यक्त गरेको छ, जुन हाम्रो लागि अति नै आश्वस्तताको कुरा हो । नेपालका महान् शान्तिका योद्धा स्वर्गवासी श्री ५ वीरेन्द्रको सदिच्छा साकार गर्न सबै पक्षबाट त्यत्तिकै तत्परता, दृढता र अनवरत प्रयासको पनि आवश्यकता महसुस गरिन्छ ।

सच्चा प्रजातन्त्रवादी, मानवतावादी, शान्तिप्रिय, राष्ट्रवादी चरित्रको समन्वितरूप नै श्री ५ वीरेन्द्रको व्यक्तित्व हो भन्ने कुराहरूलाई भविष्यले स्वीकार गर्नेछ भने इतिहासले स्थापित सत्यका रूपमा अङ्कित गर्नेछ भन्ने मलाई लाग्दछ ।

●

स्वर्णिम संयोगको संस्मरण

• *प्रा. डा. राजाराम सुवेदी*

नेपालको धुकधुकीसँग जोडिएको राजतन्त्र श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले बृहत् नेपालको स्थापना गरेदेखि रहिआएको हो । त्यसपछि सोही राजवंशले नेपालको उन्नतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी वर्तमान कालसम्म मुलुकको अस्तित्व बाँचेको छ । नेपालमा कुनै कर्मकाण्ड, पुराण र धार्मिक कार्यमा राजाको स्थान सुरक्षित राखी देवताहरूका पंक्तिमा जयजयकार गरिन्छ । बिहानसाँझको खाना खाँदा सर्वप्रथम "भूपतये स्वाहा" भनी राजाको भाग छुट्ट्याउने व्यावहारिकता छँदै छ । केटाकेटीहरूले अग्लो डाँडो र ठूलो रुख चढ्न "राजाले मात्र सक्छन्" भन्ने संस्कार कायमै राखेका छन् । कुनै व्यक्ति र परिवारमाथि अन्याय र अतिक्रमण भयो भने "राजा नभएको देश हो र ?" भन्ने उखान व्यक्त गरिहाल्छन् । नेपालीले कतैबाट न्याय पाउन नसकेर निराश भएपछि अन्तिममा राजाबाट पक्का न्याय मिल्छ भन्ने विश्वास गरेर बिन्तीपत्र हाल्ने परम्परा रहेकै छ । जोगी, पुरेत, लामा, भिक्षु, तापस, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, असहाय, विपन्न, पीडित तथा कुनै उपाय नरहेका नेपालीले "राजाकी दुहाई" भनी अन्तिम अस्त्र प्रयोग गर्दछन् । नेपालमा राजाको उपस्थिति राजनीतिक स्वरूपबाट र विकास निर्माणंका अगुवाका रूपमा पनि गरिँदै आएको छ । सारा नेपालीहरूले राजा आफ्नो ठान्दछन् । राजालाई पराइ ठान्ने नेपाली नै छैन । त्यसैले राजा नेपाल राष्ट्रको प्रतीक मानिन्छन् भने सकल मुलुक राजाको प्रतीक मानिन्छ ।

स-साना टुक्रे राज्यहरूलाई एकीकरण गरी नेपाललाई मुलुकको आकार दिई हिमाली साम्राज्य खडा गर्ने अभियान श्री ५ पृथ्वीनारायण शाहबाट शुरु भएदेखि राजतन्त्रप्रतिको आधुनिक अवधारणा आरम्भ भएको हो । त्यसै समयबाट राजालाई अन्याय र अत्याचार भष्म पार्नसक्ने आगो जस्तो जाज्वल्यमान तत्त्व मानिएको हो । राजाका अगाडि परेपछि अन्याय र अनैतिक कार्य गर्नेको मुटु थर्किन्छ र शिर झुक्दछ । राजाले "दूधको दूध पानीको पानी" गरेर न्याय र अन्याय छुट्याउँछन् । त्यस्तो शक्ति हुने राजालाई "राजमोह" (Majestic) भएको मानिन्छ । राजाले नै अन्याय, अत्याचार, भ्रष्ट, अनैतिक गर्नेहरूको दोहोलो काड्दछन् ।

नेपालमा १०४ वर्षे राणा शासनले राजाको अधिकारलाई कुण्ठित पारी राजामा निहित अधिकार आफूले प्रयोग गरेको थियो । वि.सं १९०३ देखि आरम्भ भएको राणा शासनको कठोर काल वि.सं २००७ सम्म कायम रह्यो । त्यस अन्तरालमा नेपालका राजा श्री ५ त्रिभुवनले राणा शासनका विरुद्ध क्रान्ति गर्न नेपाली जनतालाई साथ दिएका हुनाले राणा शासनको अन्त्य भयो । त्यसको फलस्वरूप २००७ सालमा नेपालमा प्रजातन्त्रको अरुणोदय भयो । वि.सं. २००४ सालमा नेपालको छिमेकी राज्य भारतमा वृटिस शासकविरुद्ध आन्दोलन भएकाले अङ्ग्रेज शासनबाट भारतले आफ्नो भूभाग विभाजनसाथ पाकिस्तानको सिर्जना गरी मुक्ति प्राप्त गऱ्यो । भारतीय भूगर्भ र सांस्कृतिक सान्निध्यका कारणले नेपालमा त्यसको दूततर असर पऱ्यो । नेपालका श्री ५ त्रिभुवनलाई भारतीय स्वतन्त्रता सेनानीहरूले गहिरो प्रभाव पार्न समर्थ भए । अङ्ग्रेज शक्ति गुमाएका राणा शासकहरूले पनि स्वतन्त्र भारतका नेताहरूलाई प्रसन्न पार्न वि.सं.२००६ साल (ई.सं. १९५०) को

सन्धीमा सही गरी शासनलाई निलम्बन गर्ने नै भएको बुझी भारतको दबावमा दिल्ली सम्झौता भयो । तदनुसार प्रधानमन्त्री राणासहित नेपाली कांग्रेसका पाँच जना गरी दशजनाको मन्त्री मण्डल गठन भई एक वर्षसम्म रह्यो राणा शासन भङ्ग भयो । त्यसपछि नेपालमा एकमना मन्त्रीमण्डल भई श्री ५ को अधिकार राणाबाट फिर्ता भई प्रजातान्त्रिक अधिकार जनतालाई प्रदान गर्ने वातावरणको सृजना गरियो ।

वि.सं.२०१५ साल फागुन सात गते नेपालको इतिहासमा वालिगहरूले मतदानको अधिकार उपभोग गरी आमनिर्वाचन भयो । २०१६ वैशाखमा निर्वाचनको परिणाम निस्क्यो र प्रजातान्त्रिक शासन, वैधानिक राजतन्त्रको जग आरम्भ भएको हो । प्रजातन्त्रसँगै वाग्मती नदीको स्वच्छ पानीमा फोहर मिसिए झैं अशान्ति, विकृति तथा हुलतन्त्र हावी हुँदा तत्कालीन सरकारले नियन्त्रण गरी परिस्थिति काबुमा ल्याउन सकेन । त्यसो गर्न जुन शक्ति जिम्मेवार भएपनि सरकारको कमजोरीपनालाई लुकाएर लुक्ने कुरा छैन । परिणामस्वरूप २०१७ साल पौष १ गते का दिन २००७ साल फागुन ७ गते नेपाली जनताले पाएको प्रजातान्त्रिक अधिकार नारायणहिटी राजदरबारभित्र प्रवेश गऱ्यो । त्यसपछि नेपाली जनताले राणाविहीन राजतन्त्रात्मक निरङ्कुशताको अनुभव २०४६ सालसम्म गरिरहे । त्यस अन्तरालमा सयौं नेपालीले अकालमा ज्यान गुमाए । त्यसको सम्पूर्ण जिम्मेवारी श्री ५ राजसंस्थाबाहेक अन्य कुनैले लिने ठाउँ रहेन । राजा मात्र नेपालीका भाग्यविधाता रहेकाले जनताको आवाज सुनेर काम गर्ने कुरा भन्दा बढी श्री ५ को निर्देशन, सङ्केत, आदेश, अध्यादेश, आज्ञा, सम्बोधन, हुकुम, निगाहा, तथा श्री ५ मार्फत कुनै निकायले गर्ने भई सामन्ती प्रकृति नेपालमा हावी भयो । छिमेकी मुलुकले पनि नेपालमा केही गर्न चाहे यहाँका सर्वशक्तिशाली राजालाई हात लिए, जनताको मतलव नराखे पनि पुग्ने भयो । त्यस अन्तरालमा नेपालीहरूमा भारत समर्थक र चीन समर्थक भन्ने धारणाले विभाजनको रूप लियो । राजाले बाहिर जनतालाई भारतविरोधी बनाउने भित्रभित्रै भारतसामु घुँडा टेक्ने गर्न थाले । छिमेकी चीनसँग नेपालको खासै सम्बन्ध विकसित भएन र नराम्रो पनि हुन पाएन ।

पञ्चायतकालमा नेपालमा यातायात, सञ्चार, निर्माण, व्यापार, उद्योग, शिक्षा स्वास्थ्य, सुरक्षा, शान्ति र सामाजिक न्याय राम्रै चलेको थियो । केवल जनतालाई कुनै राजनीतिक विषयमा बोल्न र मन प्रवाह गर्ने छुट थिएन । क्याम्पस र विश्वविद्यालयमा राजनीतिक छलफल र हलचल हुँदै गर्थ्यो र बेलाबेलामा प्रशासनिक हस्तक्षेप हुने गर्थ्यो । सरकार त्यस्ता हुलचालमा प्रगतिशील कम्युनिष्ट भनी चिनिनेहरूको पक्षमा वकालत गर्न तम्सिन्थ्यो । सरकारको गोप्य निर्देशनमा डाङडुङ गर्ने समूह तम्तयार भएकाले सूचीकृत व्यक्ति र समूहलाई आवश्यक परोक्ष, प्रत्यक्ष र आंशिक कार्वाही गर्ने चलन थियो । मुलुकभित्र कतै सानो घटना भएपनि घण्टा बजे झैं मुलुक बज्दथ्यो । मुलुकभरि त्यस घटनाको चर्चा-परिचर्चा र प्रतिध्वनित हुने गर्थ्यो । जनचाहनाको दुहाइ दिएर केही व्यक्तिले लाभ उठाइरहेका थिए । समयचक्र परिवर्तन भएर सञ्चारका माध्यमले ठूलो फड्को मारेको हुनाले नेपालीहरू पनि त्यसबाट लाभान्वित हुन चाहन्थे । नेपालमा जनचाहनालाई श्री ५ को भाषणमा सीमित पार्ने परम्परा पञ्चायतकालभर विद्यमान रह्यो । मुलुकको समान किसिमले चौतर्फी विकास हुन सकिरहेको थिएन । त्यसलाई समाधान गर्ने उद्देश्यले नेपाललाई पाँच विकास क्षेत्रमा विभाजन गरी क्षेत्रीय केन्द्रमा श्री ५ को भ्रमण गराउने चलन शुरु गरियो । त्यसबाट जनतालाई भन्दा जागिरेलाई बढ्ता लाभ पुग्न गयो । राजदरबारबाट बेलाबेलामा मसलाका पोका जस्तै एकएकवटा नारा फ्याकिन्थ्यो र मुलुकभर भाषण घन्कन्थ्यो । उदाहरणका लागि आधारभूत आवश्यकता, एसियाली मापदण्ड, जनशक्ति र राजशक्तिको समन्वय, सर्वाङ्गीण विकास, जनइच्छा नै राजइच्छा, राष्ट्रिय शिक्षा पद्धति, शान्तिक्षेत्रको प्रस्ताव, क्षेत्रीय विकासमा सन्तुलन, गाउँफर्क राष्ट्रिय अभियान, साझा सहकारी आन्दोलन जस्ता कुराहरूलाई लिन सकिन्छ ।

वि.सं. २०१३ सालदेखि नेपालमा योजनाबद्ध विकासको नारा शुरु भएको थियो । योजना आयोगले कागजमा खुबै वैज्ञानिक योजना तयार पार्दै २०५९ सालसम्म आएको छ । तर विकास कता, कसरी, कति, कुन स्तरको र कतिसमयसम्म टिकाउ हुने भन्ने कुरा कुनै निश्चित भएन । नेपाल विश्वमा उस्तै रह्यो, जुनबेला तेन्जिङ शेर्पाले सर्वोच्च शिखर सगरमाथा चढेका थिए । यो के भएको, के हुनका लागि र परिणति कुनैले सोचेको छ कि, कुनैको मुटु दुखेको छ की, सम्वेदना नै मऱ्यो कि, के भयो कुन्नि ? गढवालीमा एउटा उखान छ "माल्लिक्नरह्या मुल्कख्वाँर होइग्या" अर्थात् मालिक रहनुभएन मुलुक त सुँगुरको खोरसमान भएर गयो । कतिसम्म रुँदा आँसु झर्छ र कतिपछि आँसु सिद्धिन्छ ? यो सबैलाई घोच्ने प्रश्न हो, समाधान अनिर्णीत भएर हाम्रा सामु मुलुक हात पसारिरहेछ, हत्केला थापिरहेछ । अब कस्तो अवस्था आई पर्ने हो भन्ने भयभीत भविष्य मुलुकले पर्खिरहेको छ । नेपालीहरूको पहिचान हराउने हो कि भन्ने दोसाँधमा वर्तमानले पाइला टेकिसकेको छ ।

यस्तै जटिल प्रश्नले अताल्लिएर श्री ५ महा जाराधिराजको दर्शन गरी व्यक्त गर्ने इच्छा जागेर वि.सं. २०५५ सालको आश्विन महिनामा आरम्भ भयो त्रिभुवन विश्व विद्यालय इतिहास केन्द्रीय

विभागका सह-प्राध्यापक डा.राजाराम सुवेदीलाई श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवसमक्ष दर्शनभेट गर्ने अवसर मिल्यो । त्यो साक्षात्कार नै यस जीवनको उच्चतम अनुभव रह्यो । नेपालीका आस्थाका केन्द्र राजमुकुट पहिरिने व्यक्ति, संस्थासहितको क्षण व्यक्तिसँग आफ्नै सामु भेटी दोहोरो कुरा गर्नु अनौठो र रोमान्चक अनुभूतिको क्षण हो । दर्शनभेटको आरम्भ भलाकुसारीबाट हुनु एउटा निर्धारित कुरा हो । त्यस क्षणको तयारीका लागि राजप्रासादका कर्मचारीको निर्देशन पनि महत्त्वको लाग्दछ । आफ्नो परिचयपछि भेटको प्रयोजन प्रस्तुत गर्ने क्रममा आफ्नै स्रोतमा कुनैबाट चन्दा नमागी नेपालका ७१ जिल्लाका महत्त्वपूर्ण ठाउँहरूको भ्रमण गरेको बिन्ती गर्दा मुसुमुसु हाँस्दै सरकारबाट सोधिबक्स्यो "दुल्लु र मुस्ताङमा ग्याँस त छ, पेट्रोल पनि होला ?" त्यसको जवाफमा "सरकार नेपालका धेरै ठाउँमा ग्याँस, मट्टितेल, पेट्रोल, गन्धक, सोविता, तामा, सिसा, फलाम, अभ्रक खानीहरू छन् तापनि लगानी गरी प्रतिफलको आशा न्यून भएझैं लाग्छ ।" सरकारबाट मिलेका दन्तपंक्ति देखिने गरी हाँसिबक्स्यो र मर्जी भयो- "त्यै त नेपालमा खनिज स्रोत त्यस्तै हुनाले लगानी गर्न नसकिएको, एउटा जलस्रोत ज्यादै सस्तो र नेपालीको भाग्योदय गर्ने हामीलाई लाग्या ।" "हो सरकार" भनी जवाफ दिए पछि सरकारबाट "देश विकास गर्न कस्तो काम गर्नुपर्ला ?" भनी प्रश्न राखिबक्स्यो । "सरकार जो जहाँ छन्, सबैले कर्तव्यपरायण भइदिए क्रमिक रूपमा देश विकास हुन्छ भन्ने सेवकलाई लाग्छ" भन्ने जवाफ टक्र्याउँदा पुनः मुस्काइबक्स्यो । "सरकार ! इतिहासको पठनपाठनमा १९ वर्ष व्यतीत गर्दा पनि इतिहासलाई छिचोल्न गाह्रो पर्‍यो ।" "कस्तो गाह्रो ?" सरकार वर्तमानकालबाट उत्तरमध्यकाल, पूर्वमध्यकाल, प्राचीनकाल, लिच्छविकालसम्म सजिलोसँग जानकारी राख्न सकिने रहेछ । आर्य सनातनी ग्रन्थ वेद, उपनिषद्, वेदान्त, सूत्र, आख्यान, इतिहासपुराण पढ्दा तत्कालीन परिस्थिति र वंशावली अध्ययन गर्दै माथिबाट तलतिर आउँदा वर्तमानकालदेखि खोजी गर्दै गएको प्राचीनकालसँग संयोजन गर्न सकिएको छैन । बीचमा लामो काल अज्ञात र अन्धकार रहेको देखिन्छ ।" "त्यै त हाम्रा पुर्खाको पनि त्यस्तै भएर अलमल भएको छ । बढेराजा कास्कीका कुलमण्डन शाह जीजुभन्दा माथिको कुराका स्रोतहरू खोजी गर्दा खासै पाइएनन् ।" भनी सरकारबाट हुकुम भयो । त्यसपछि दुवै मौन रही सरकारले सोधिबक्स्यो । "नेपालमा शान्तिकायम गर्न हामी लागिबक्सेका छौं, तर यो अशान्ति कसरी ठीक होला ?" सरकार ! मुलुकमा शान्ति अपरिहार्य हुन्छ । समाजमा वर्गवर्गको भेद गर्ने तत्त्व कतैबाट घुसेको शङ्कै लाग्छ, त्यसको मुहान नै पहिचान गर्नुपर्ने होला जस्तो लाग्छ, सरकार !"

एकछिन दुवै मौन रहेपछि सरकारले सोधिबक्स्यो "इतिहासको खोजीका सिलसिलामा पुराना कोट र किल्लाहरू पनि भ्रमण गरियो ?" "हो सरकार ! धेरै कोट किल्लाको सेवकले भ्रमण र अध्ययन गर्ने मौका पाएको छ । आजकल त्यस्ता पुस्तौं पुराना किल्ला र कोटहरू जीर्ण र भग्नावस्थामा पुगेका छन् । अझै ता तिनका जग (Layout) रहेका छन् । कति सुरुङहरू पुरिइसकेका र कोत घरका खुँडा, खड्ग, तरबार, कटारी, पत्थरकला र तोपहरू खिया परिसकेका छन् । धेरैजसो कोटमा बडादशैं र चैतेदशैंमा नवरथाभर भेला, जात्रा, पूजा, वली, सराएँ, प्रसाद, टीका, जमरा, चारदिशी बढाई र सगुन लाने परम्परा येनकेन धानिएकै छ, सरकार ।" "खैरावाङ र डडेलधुरा उग्रतारा गइयो ?" "सरकार ! सरकारको ईश्वर शक्तिको आराधनासाथ निर्माण गर्न हुकुमवक्सेका ती मन्दिरहरू लगायत धेरै ठाउँका शक्ति पीठहरू सेवकले भ्रमण गर्ने सौभाग्य पाएको छ, सरकार !" । "ए धेरै ठाउँ घुमिएछ" सरकारले टिप्पणी गरिबक्स्यो ।

"नेपालमा छिट्टै विकास गर्न नसकिएको किन हो जस्तो लाग्छ ?" "सरकार ! नेपाल औद्योगिक रूपमा कठिन बनोट रहेको र एकठाउँमा उत्पादित वस्तु अर्को ठाउँमा पुर्‍याउन उत्पादन भन्दा ढुवानीमा बढी लाग्ने पहिलो कारण हो । अर्को कारण सीपमूलक शिक्षा व्यापक नभई महङ्गो पर्न गई श्रममूलक उत्पादन मात्र गर्न सक्ने अधिकांश जनसंख्या रहेको र बेरोजगारी बढेको देखिन्छ । छात्रवृत्ति प्राप्त गरी विदेशी प्राविधिक संस्थानमा पुगेका व्यक्ति अध्ययनउपरान्त मुलुकमा फर्कन नमान्नु पनि महत्त्वपूर्ण कारण हो । नेपालीहरूले आर्जन गरेको पूँजी उद्योगमा लगानी गर्ने वातावरण बनाउन नसक्नु र पूँजी निष्कृय रहेर पनि द्रुततर विकास नभएको हो जस्तो लाग्छ । नेपाल भूपरिवेष्ठित मुलुक भएबाट विदेशमा नेपाली वस्तु निर्यात गर्दा महङ्गो र पैठारीमा पनि महङ्गो पर्ने हुँदा विकास हुन गाह्रो परेको हो जस्तो लाग्छ ।"

"विकासका लागि सबैभन्दा महत्वपूर्ण कुरा नेपाली जनतामा आफ्नो देशको विकास गर्ने उत्साह हुनुपर्छ । एसिया महादेशको तुलनामा युरोपमा धेरै पछिमात्र सभ्यताको प्रवेश भएको कुरा प्राचीन सभ्यताको अध्ययनबाट बुझिन्छ, सरकार ! "हो र ? युरोप त पहिल्यै विकसित होइन र ? भनी सरकारले सोधिबक्स्यो" "हो सरकार ! युरोप आधुनिक कालमा अरूदेशका तुलनामा पहिल्यै विकास भयो र त्यो विकास दिगो रह्यो । त्यसरी दिगो रहनमा त्यहाँको क्रमिक रूपको अझ स्पष्टसँग बुझ्दा क्रमबद्ध विकासको चरण पछ्याएको हुनाले हो । त्यस्तो विकासको आरम्भ युरोपमा धर्मयुद्धपछि हरितक्रान्तिबाट आएर धर्मसुधार आन्दोलन, पुनर्जागरण, औद्योगिक क्रान्ति भएका थिए । त्यसपछिमात्र राजनीतिक आन्दोलन

आएकाले पूर्वाधारको ठीक तरिकाले विकास भएकाले राजनीतिक स्थिरता आउन सकेको हो जस्तो लाग्छ सरकार ।"

श्री ५ महाराजाधिराजको दर्शनभेटको क्रममा नजिकका पार्श्ववर्तीले समय सकिएको सङ्केत स्वरूप टुप्लुक्क आफ्नो मुहार देखाई तन्के, सरकारबाट पर्खनु भन्ने सङ्केत बक्सभयो । सायद अरू भेट गर्न आउने पात्रहरूको पंक्तिमा समय आयो तापनि सरकारबाट सोधिबक्स्यो "नेपालमा विकास गर्ने कुनै नयाँ उपाय देखिएको छ ?" "सरकार ! देशको विकास गर्नु भनेको जनताको सुविधा पुऱ्याउनु नै हुनाले कस्ता कामले जनताको हित हुन्छ, त्यस्ता कार्यहरू सरकारबाट गरिबक्सेकै छ । त्यसमा सारा नेपालीले आफू आफ्ना लागि विकास गर्नुपर्छ भन्ने धारणा र पदमा रहेकाले सेवा गर्ने अवधारण लिइदिए भावनात्मक रूपले विकास शुरु हुन्छ, सरकार ! जहाँसम्म भौतिक विकासको कुरा छ त्यसमा पश्चिम तराईको सिँचाइ, भेरी र बबई, बाँके, बर्दियाको समथर भूभागलाई उर्वर उत्पादनमूलक बनाउन सकिन्छ । तराईको शुरुदेखि पहाडी चुरेको पुछारबाट बाढीपहिरो छली मेचीदेखि महाकालीसम्म रेल ट्राम चलाउन सके नेपालका पहाडमा रोपवे (रज्जुमार्ग) केवलकार चलाउन सके, हिमाली मैदानमा गर्मीमा चरिचरन गराई, पर्यटकलाई आकर्षण गर्न सके जुन गाउँठाउँमा जेजस्ता स्रोत छन् त्यहाँ सघन विकास (Integrated development) गराउन सके नेपालको विकास क्रमबद्ध रूपमा हुन्छ भन्ने लाग्दछ, सरकार !"

"नेपालमा त्यस्तो स्थायी स्रोत जलस्रोत बाहेक के छ र ?" भनी सरकारबाट सोधिबक्स्यो । "सरकार ! नेपाल पहाड, चट्टान र माटोले बनेको छ । अफगानिस्थानदेखि अटुट हिमाल पसारिँदै बर्मासम्म पुगी हिन्दुकुश" पर्वतमाला बनेको छ । हिमालका चट्टानबाट अफगानिस्थानमा मणि निकालिन्छ । नेपालका हिमालमा पनि त्यसको सम्भावना देखिन्छ । पहाडकाससाना चट्टानमा पनि धेरै महत्त्वका वस्तुहरू पाइन्छन् जस्तैः सिंगमर्मर, छ्राउनेढुङ्ग(प्लेट) छपनी (स्ल्याव) गल्डेङ्, ग्रेढुङ्गा(बाउल्डर) बालुवा, गिट्टी सिमेन्ट चूना, क्रेजी, पर्खाल बनाउने लोहोरो, सिलौटो, खम्चा, कोल, पानीघट्ट, जाँतो, छत्रशिला, दर्शनढुङ्गाको आगो पार्न चकमकसँग ठोक्ने ठिन्को, शिलालेख कुँद्न मिल्ने ढुङ्गा, मूर्ति बनाउने ढुङ्गा जस्ता यावत् कुरामा पहराको उपयोग हुन्छ सरकार !" सरकारको समर्थनमा माथ हल्लियो ।

त्यस्तै माटाको पनि ठूलो मूल्य हुन्छ । काठ, कोइला, पात जडिबूटी र पशुपंक्षीको पनि कम मूल्य हुँदैन । ती वस्तुको उपयोग गर्न जान्नुपर्छ । हरेक वस्तुले विकासमा मद्दत पुऱ्याइरहेका हुन्छन् जस्तो लाग्छ । मुलुकवासीले आफ्नो मातृभूमिप्रति विश्वास राख्दै विदेशी वस्तुको उपभोग गर्ने वानी परित्याग गर्दै आफ्नो उत्पादन बढाई आत्मनिर्भर बन्ने लक्ष्य लिनु पर्ला नत्र एकपटक पक्कै डुब्ने डर रहन्छ । त्यस्तो डरबाट बच्न आफ्नो खुट्टामा आफैँ उभिन सक्ने पुरूष र नारी देशमा तयार पार्नु पर्ला जस्तो लाग्छ सरकार !"

खपतड लेकमा वि.सं २०१० सालमा ५४ वर्षको उमेरदेखि तपस्यारत रहने खप्तडस्वामी पहिले अभ्यागतका कुरा सुन्दथे, त्यसपछि आफ्नो तर्क प्रवाह गर्दथे । तर श्री ५ वीरेन्द्रको स्वभाव आगन्तुकको मन्तव्य सुन्ने र तत्कालै विचार संक्षेपमा प्रवाह गर्ने स्वभाव रहेको महसुस भयो । भनिन्थ्यो "खाए पनि बाघको मुख रातो, नखाए पनि बाघको मुख रातो" तर श्री ५ वीरेन्द्र विदेशी विश्व-विद्यालयहरूमा अध्ययनरत रहिबक्संदा विश्वका प्रजातान्त्रिक मुलुकका बारेमा बुझेका प्राध्यापकहरूले प्रशिक्षित गराएकाले श्री ५ मा त्यस संस्कारको प्रत्यक्ष छाप परेको देखिन्छ । दुवै मौन मुद्रामा सोच्दै रहेका बेलामा सरकारबाट "शासन सञ्चालनमा चुस्तता कसरी आउन सक्ला ?" भन्ने प्रश्न राखिबक्स्यो ।

"हाम्रै मित्रराष्ट्र जापानमा सम्राट्लाई यस्तै धारणाले प्रभाव पारी जनताको हित कुन तरिकाले गरेमा चाँडो र प्रभावकारी हुने होला भनी बुद्धिजीवी र प्राध्यापकहरूसमक्ष राखिबक्सँदा बुद्धिजीवीबाट यस्तो जवाफ आएको थियो । सरकार ! सर्वप्रथम आफ्नो मुलुकका कुनाकुना, गाउँसहरको ज्ञान गर्नुपर्छ, कुन ठाउँमा के सुलभ छ कुन ठाउँमा के दुर्लभ छ र त्यहाँ उपलब्ध वस्तु साटफेर गराउनुपर्ने योजना बनाउनुपर्छ । त्यस्ता क्षेत्रमा कुन बेला के कस्ता घटना, दुर्घटना भए, आपद्‌विपद् दैवी र मानवीय घटना भए कुन ठाउँका निवासीको स्वभाव कस्तो छ र त्यस्ता सोझा वा इमान्दार नागरिकहरूलाई कसले प्रभाव पारेको हो त्यो बुझ्नुपर्छ । प्रत्येक ठाउँका बारेमा यावत् कुरा बुझ्नका निम्ति पहिलेका समयमा तत्तत् क्षेत्रमा मुकाम रहेका, घुमेका, काम गरेका, रैथाने तर हालमा निवृत्त भई वृद्धावस्थामा पुगिसकेका व्यक्तिहरूलाई निश्चित अवसरमा सम्राट्को सभामा आह्वान गर्नुपर्ने हुन्छ । कुन ठाउँमा कुन नीति लागू गर्नु उपयुक्त हुन्छ त्यो कुरा ती परिपक्व व्यक्तिसामु राख्नु पर्ने हुन्छ । उनीहरूले आफू कार्यकालमा रहँदाको अनुभव व्यक्त गर्दछन् । उनीहरूका अनुभवलाई वर्तमान पदाधिकारी सामु राखेर समस्यासमाधान गर्नु बुद्धिमानी हुन्छ भन्ने निर्देशन ती जापानी विद्वान्हरूले गरे । त्यसपछि जापानी सम्राट्ले गोप्यरूपको एउटा बुद्धिजीवी समूह गठन गरेपछि त्यस समूहलाई गेनरो (Genro) भन्न थालियो । गेनरोले जापानका हरेक क्षेत्रका क्रियाकलापलाई समीक्षा गर्दै समाधान दिन क्षमता राख्दछन् सरकार ! सेवकले त्रिभुवन विश्वविद्यालयमा जापान र चीनको इतिहास पढाउने क्रममा

बुझेका कुरा बिन्ती गरेको हुँ सरकार !" यस्ता कुराहरू सुनिसकेपछि तेजिला नजरले हेरिबक्स्यो र मुस्काउँदै स्वीकृतिसूचक माथ चलाइबक्सियो । त्यो सम्वाद ३३ मिनेटका रह्यो तापनि एउटा प्राध्यापकको जीवनभरको अनुभवको निचोडको रूपमा प्रस्तत गर्न सकेको महसुस भएको थियो ।

नेपालको इतिहासमा शाहवंशीय राजाहरूमा अत्युच्च श्रद्धा आर्जन गर्ने श्री ५ वीरेन्द्रको जिज्ञासु प्रवृत्तिको सबै साक्षात्कार गर्न पाएका सज्जनहरूले गर्दै छन् । सधैँ हँसमुख, शालीन, गम्भीर तर सरल स्वभाव प्रदर्शन गर्ने निश्छल व्यक्तित्वशाली श्री ५ वीरेन्द्रलाई सबै नेपालीले आँसु चुहाई अन्तिम बिदाइ गरेका थिए । नेपालीले श्री५ वीरेन्द्रलाई त्यत्रो श्रद्धार्पण गर्नुको तुक के हो त ? भन्ने विषयमा घोत्लिन मन लाग्छ । वि.सं. २०४५ सालबाट भारत सरकारसँग नेपालको वाणिज्य र पारवहन सन्धिको नवीकरण भएको थिएन । २०४६ को आरम्भबाटै नेपालमा निर्दलीय पञ्चायत व्यवस्थाको विरोधमा जन-आन्दोलन तयारी भइरहेको थियो । २०४६ फागुन ७ गतेबाट जन-आन्दोलनको घोषणा गरिएको थियो । त्यस घोषणाले नेपाल नरेश श्री ५ वीरेन्द्रमा आफ्नो प्रहरी र सैन्यशक्तिको नेपाली निहत्था जनताका विरुद्ध प्रयोग गरी कुनै पनि मूल्यमा आफ्नो शासनको पञ्चायती निर्दलीयतालाई कायमै राख्ने, स्वदेशी शक्तिले नभेटेमा अन्य मुलुकबाट सैन्यसहयोग लिई आफ्ना जनताको हत्या गरी राजकीय ठाँटबाँट रक्षा गर्नुथियो । अर्को विकल्प नेपालमा प्रजातान्त्रिक व्यवस्था स्थापनार्थ सारा राजनीतिक दलहरू जुटी जनआन्दोलनमा जुटेका नेताहरूसँग आपसी समझदारी कायम गरी राजा र नेपाली जनताको एउटै लक्ष्यमा जुटी मुलुकको विकास गरी आफू वैधानिक श्री ५ को रूपमा रहन स्वीकार गर्नु पर्ने कुरा बाँकी रहेको थियो । त्यस्तो जटिल परिस्थितिमा दरबारिया र पञ्चहरूको असहमति रहँदारहँदै पनि श्री ५ वीरेन्द्रबाट दोश्रो विकल्प रोजिबक्सेको थियो । त्यसै उदारमनालाई नेपाली जनताले श्रद्धा गरेका हुन्, गरिरहनेछन् ।

संसारमा जन्मेका उदार र असल मानिस छिटै स्वर्ग हुन्छन् । स्वर्गमा उदार र असल मानिसको दरवन्दी खाली भएर होला । त्यहाँको दरवन्दी पूरा गर्न यहाँका त्यस्ता व्यक्ति लगिन्छन् होला । नेपालले एउटा राजा पाएको थियो, श्री ५ वीरेन्द्र । अब त्यस्तो राजा पाउनु, त्यस्तो राजाको दर्शनभेट पाउनु के सम्भव छ ? यस मुलुकमा राजाले चाहना गरे के कुरा पुग्दैन र ? भन्ने परम्परा छ । राजाको छत्रछायाँमा रहेका नेपाली सधैँ आफूलाई ढुक्क र न्यानो ठानी सुरक्षाको वातावरण फर्कने विश्वास गर्दछन् । नेपालीको मन जित्न सक्ने एउटा संस्था भनेकै राजतन्त्र वा राजा हो । त्यस पवित्र संस्थाले आफ्नो उच्च गरिमा कायम राख्दै जनकल्याण गर्नैपर्छ । राजसंस्था जनताबाट केही लिनभन्दा केही दिनमा गौरव ठान्दछ । नेपालीहरू राजसंस्था निरन्तर राख्नसकेकामा गौरव महसुस गर्दछन् । त्यो आपसी तादात्म्यता चिरकालपर्यन्त अक्षुण्ण रहोस् भन्दै स्वर्गवासी श्री ५ वीरेन्द्रमा अन्तरमनबाट श्रद्धाञ्जली ।

◆

श्री ५ वीरेन्द्रको व्यक्तित्व : मेरो संस्मरणमा

• *डा. पं. रामचन्द्र भट्ट*

श्री ५ वीरेन्द्र तथा बडामहारानी श्री ५ ऐश्वर्य आज हाम्रो सामु होइबक्सन्न । देशको राजा र रानी एकाएक हामी सबैबाट अलप होइबक्सेको कुरा अझै पनि हामी मनले विश्वास गर्न सकिरहेका छैनौं किनभने मौसुफहरू हाम्रा दृश्यपटलमा र हृदयमा अझै झलझल गरी विद्यमान होइबक्सेकै छ । राजदरबारमा अप्रत्याशित रूपबाट यस्तो वीभत्स, दुर्दान्त, दुःखद र कारुणिक घटना घट्न जाला भनेर सपनामा पनि कसैले नसोचेको, कल्पना गर्न नै नसकिने, घटना हो । यो घटना एउटा अझै पनि कसैलाई काल्पनिक घटना जस्तै सुन्नमा लाग्छ । "यस्तो पनि हुँदो रहेछ कैले..." भन्ने कुनै गीतकारका पंक्तिझैं यस्तो भएको सुनियो । घटना घटेपछिको यथार्थता देखियो । गीताको भनाइमा- *"गतासूनगतासूँश्च नानुशोचन्ति पण्डिताः"* भन्ने सदुक्ति अनुसार सांसारिक गतिविधिको कटुसत्य बुझ्ने ज्ञानीजनले जीवित प्राणी र दिवङ्गत प्राणीहरूका बारे भएका दैवी दुर्विपत्तिका कुरालाई लिएर शोकमग्न भै रहन्नन् ।

अतः हामीले पनि आज प्रकृतिको अपरिहार्यतालाई चूप लागेर भए पनि सहनुपरेको छ । यसमा कुनै परिहार छैन । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवलाई मैले साक्षात्कार गर्न पाएका धूमिल लघुक्षणहरू अझै संस्मरणमा छन् । मौसुफ सरकारको सुदूर पश्चिमाञ्चलको भ्रमणमा सवारी हुँदा, जनता र विकासप्रेमी राजाका रूपमा जनताको घरदैलोमा पुगी बक्सँदाको बखत सेती अञ्चलको डोटीको सुप्रसिद्ध भगवती शैलेश्वरी मन्दिरमा पनि दर्शनार्थ सवारी होइबक्सेको थियो । शैलेश्वरी मन्दिर पौराणिककालीन र सुविख्यात देवीको ज्योतिर्लिङ्ग हो । त्यस मन्दिरको पूजाआजाको व्यवस्था यस पंक्तिकारका पूर्वज सदाशिव भट्टका पुर्खाका पालादेखि नै चल्दै आएको हो । पूजाआजा गर्ने परम्परा र गुठीको व्यवस्था भएका पुराना अभिलेखहरू छन् । तत्कालीन अवस्थामा डोटी सिलगडीमा स्वामी सच्चिदानन्द सरस्वती (खप्तड बाबा), बुबा पण्डितप्रवर उमाकान्त भट्ट हुँदाका बखत शैलेश्वरी मन्दिरको परिसरमा ज्ञानपिपासु, सत्सङ्ग गर्ने भक्तजनहरूको भीड नै रहन्थ्यो । स्वामीजी पटकपटक पैदल, पिँठचूमा बोकिएर, सवारीसाधनबाट तथा राजदरबारकै सहयोगमा हेलिकोप्टरको साधनबाट पनि उक्त मन्दिरमा आई केही दिन सत्सङ्ग गराई जानुहुन्थ्यो । यस सत्सङ्गको संयोगमा श्री ५ वीरेन्द्रको अप्रत्यक्ष निगाह थियो, किनभने मौसुफ खेचराद्रिका बाबा र सहस्रलिङ्ग शिवजीको दर्शन गर्न पूजाआजाको समाराधनामा पनि सवारी हुन्थ्यो । त्यसबेला सेती अञ्चलका अञ्चलाधीश सत्यनारायण झालाई मौसुफको सवारी चलाउने जिम्मा थियो । मौसुफ सरकारको मन्दिरमा सवारी हुँदा बुबा पं. उमाकान्त भट्टले मन्दिरको पूजकको हैसियतले मौसुफमा मन्दिरबारे जानकारी टक्र्याइएको थियो । म पनि बुवासँगै मन्दिरका परिचर्यामा उपस्थित थिएँ । सदम्पती मौसुफ सरकारले मन्दिरको संरचनाबारे जीर्णोद्धारका प्रसङ्गमा कुराकानी चल्दा मन्दिरको भित्री भाग जस्तातस्तै राख्ने र बाहिरबाट सिमेन्टको गारो दिने, रेलिङ्ग राख्ने, मन्दिरको आन्तरिक परम्परागत ढाँचालाई नबिगार्ने भन्ने बडो राम्रो सल्लाह निर्देशन बक्सभयो । साथै, त्यसका लागि उपयुक्त आर्थिक व्यवस्थाको समेत प्रबन्ध

गरिबक्स्यो । त्यसबेला मौसुफसँगको साक्षात्कारमा, मैले मौसुफमा पाएका धार्मिक, सांस्कृतिक र शालीनतापरक व्यक्तित्वहरू निकै स्तुत्यपरक छन् । सनातन हिन्दूधर्मका संरक्षक र परिपोषक श्री ५ वीरेन्द्रमा धर्म, प्राचीन संस्कृति र मर्यादाप्रतिको आस्था सबल र सुदृढ भएको पाइन्छ । मौसुफलाई मैले हिन्दूसंस्कृति अनुरूप देवीदेवताहरूको आराधना आदि वैदिक परम्पराको अनुयायी होइबक्सेको पाएँ । देशको विविध पक्षमा मौसुफको जिज्ञासा रहन्थ्यो । राजनीतिक, आर्थिक, कूटनीतिक, प्राज्ञिक क्षेत्रमा अभिरुचि र विकासमा अग्रसरता लिइबक्सेसरह धार्मिक गतिविधिमा पनि मौसुफको मार्गदर्शन धर्म-अनुयायी नेपाली जनताका लागि प्रेरणाप्रद भएको तथ्य मौसुफको सान्निध्यबाट मैले पाएको कुरा स्मरणपथमा अद्यापि जीवन्त छ ।

यस अवसरबाहेक, २०३० तिर गाउँ फर्क राष्ट्रिय अभियानमा श्री ५ का अनुग्रहबाट पंक्तिकारले गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समितिको सदस्यमा मनोनीत भएपछि तत्कालीन गाउँफर्क राष्ट्रिय अभियानको समाजसेवाको १४ सूत्रीय कार्यक्रमअनुसार आफ्नो क्षेत्रमा सामाजिक काम गर्ने मौका पाएको थियो । मौसुफ सरकार सुदूर पश्चिमाञ्चलको भ्रमणमा सवारी हुँदा दिपायल राजापुर भन्ने ठाउँमा सरकारको राजकीय क्याम्पमा मुकाम भएको थियो । त्यहाँ समाजका प्रतिष्ठित व्यक्तिहरूलाई पनि दर्शन दिने व्यवस्था मिलाइएको थियो । गाउँ फर्कका साथीहरूका साथ उक्त अञ्चल समितिको वर्णानुक्रमिक अध्यक्षका हैसियतले मैले मौसुफको दर्शन पाएको शुभअवसर अझै संस्मरणमा विद्यमान छ । मौसुफबाट त्यसबेला गाउँ फर्कको सामाजिक सेवासम्बन्धी गतिविधिबारे बडो अभिरुचिका साथ सोधनी गरिबक्सेको थियो । त्यस बेला कार्यसमितिका हामी दर्शनार्थी साथीहरूमा क्षेमानन्द महतो, हरिप्रसाद भण्डारी, शारदा सिंह, नरसिंह गिरी र म थियौँ । मौसुफ सरकारको दर्शनबाट मौसुफको देशप्रतिको ममता, विशेषतः त्यस क्षेत्रका जनताप्रतिको आकांक्षा र जनताका चाहना र त्यसको परिपूर्तिबारे जिज्ञासा राखिबक्सेको कुरा अद्यापि सम्झनामा छ । त्यस क्षणमा मौसुफको साक्षात्कारबाट के पाएँ भने मौसुफ नरका नारायण नै होइबक्सिन्थ्यो । मौसुफमा नर (प्रजा) का लागि पितृवत् वात्सल्य र हार्दिकता पाएको थिएँ ।

मौसुफ सरकारका करकमलबाट यस पंक्तिकारले त्रि.वि.वि बाट संस्कृत विषयमा स्नातकोत्तर स्तरमा सर्वप्रथम भएका कारण महेन्द्र विद्याभूषण "ख" पदक र अर्कोपटक औपनिषद् दर्शनमा, विद्यावारिधि गर्दा महेन्द्र विद्याभूषण "क" पदकसमेत ग्रहण गर्ने सुअवसर पाएको थियो । मौसुफ देशको प्राज्ञिक क्षेत्रका विशिष्ट योग्यता हासिल गर्नेहरूलाई स्वयम् उपस्थित भई राजदरबारको यस समारोहमा विद्वान्हरूलाई हौसला र कदर बक्सन्थ्यो ।

यसरी मौसुफ सरकारका जीवनका विविध पक्षका पाटामध्ये मौसुफको धार्मिक, सांस्कृतिक र प्राज्ञिक क्षेत्रको पाटाको र नमुनाका रूपमा मौसुफको सान्निध्यमा यस पंक्तिकारले पाएको मौसुफको बहुआयामिक व्यक्तित्वको प्रभाव कहिले नमर्ने झैँ अमरधर्मा भई मेरो स्मृतिपटलमा अमिट छापको रूपमा विद्यमान छ ।

●

आस्था जलेको त्यो दिन

• रामप्रसाद पन्त

म स्तब्ध, विस्मित र विक्षिप्त मन लिएर निर्निमेष हेरिरहेको छु। चित्त असह्य दुखिरहेको छ, मन भक्कानो छोडेर रोइरहेको छ, मुटु भतभती पोलिरहेको छ, सम्पूर्ण शरीरमा कम्पन र जृम्भन भएको छ। एउटा आस्था र विश्वासको प्रतीक आँखै सामुन्ने निष्प्राण भएर ढलिरहेको छ। एकैछिनपछि त्यो आगोको ज्वालासँगसँगै दन्कनेछ र केही घण्टापछि खरानीमा परिणत हुनेछ।

म मूर्तिवत् हेरिरहेको छु- अब के हुनेछ ? के गर्नेछन् ती वरिपरि सल्बलाइरहेका सेतो धोती बेरेका ब्राह्मण-महाब्राह्मणहरूले। तर आश्चर्य! मेरा आँखाले चौकन्ना खाइरहेका छन्। मैले सुनेजस्तो, मैले किताबमा पढेजस्तो त्यस परम्पराका मानिसहरूलाई गर्नुपर्ने संस्कार, व्यवहार तिनीहरूले गरेका छैनन्, गर्न सकेका छैनन् वा त्यसै गर्ने अनुमति पाएका छन्। मलाई लागिरहेछ- त्यो साधारण पुरुष होइन, त्यो त मभन्दा/हामीभन्दा अलि माथिल्लो स्थान ग्रहण गर्न सफल भिन्न प्रकृतिको असाधारण व्यक्तित्वशाली मानिस पो त ! म त्यही देख्छु, मेरो आस्था र विश्वासमा त्यही झङ्कृत भइरहेको छ। मेरो अन्तरात्मा मान्न तयार छैन– त्यो साधारण पुरुष हो भनेर। अर्थात् त्यो म हुन सक्तैन र म त्यो हुन सक्तिन। त्यसैले त्यो असाधारण पुरुष हो भन्ने मेरो मान्यता छ। मेरो विचार र संस्कारसँग मेल खाने अपार जनसमूह मान्न तयार छैन, त्यस प्रक्रियासँग सहमत छैन। तब त्यो किन फेरि साधारण मनुष्यसरह निश्चेतन ढलिरहेको छ र बाँचेका तमासेहरूले पनि किन एउटा साधारण प्राणीसरह व्यवहार गरिरहेका छन् ? उचालेका छन्, झुण्डाएका छन्, वर र पर सारेका छन्, सपाट खाली भुइँमा लम्पसार पारेका छन्, त्यो चिसो र घिनलाग्दो फोहोर पानीले सिञ्चित गरिराखेका छन्। कहिल्यै छुनसम्म हिम्मत नभएकाहरूले घिसार्ने दुस्साहससमेत गरेका छन्।

म जे सोच्दै छु, वास्तवमा त्यो मेरो अन्तरात्माको उत्सर्जन हो– मैले आजीवन पालेको मेरो संस्कार, परम्परा र धर्मले अभिप्रेरित गरेको उत्कर्ष हो; जसलाई मैले मार्न सकेको छैन, मार्न हुन्न भन्ने भावना मेरो मनमा कसरी उर्लिरहेको छ भने कसैको भनाइ वा गराइले मलाई कुनै असर पार्दैन। मेरो यो जीवन्त आस्था हो, मेरो परम्परा हो, मेरो संस्कार हो, नेपाली जनमानसमा प्रतिस्थापित भएर हुर्कंदै गएको अमृत शाश्वत सत्य हो, जुन न मर्छ, न मारेर मार्न सकिन्छ। त्यसको निरूपण गर्न हाम्रा पुर्खाले पनि सकेनन् भने म कसरी सक्छु ! कति जीवन्त बनेर अहिले आस्था यसरी खल्बलिदै छ, भत्किदै छ। मैले यस बीभत्स घटनाका सूत्रहरूलाई, सूत्रमा उनिएका थुप्रै/उपसूत्रहरूलाई विश्वास गरूँ कि नगरूँ ? म अन्तर्द्वन्द्वलाई निष्कर्षमा पुऱ्याउने कोशिस गर्दै छु।

मेरा आँखा फुट्न सकेका छैनन् त्यसैले हेर्न बाध्य भएको छु। मैले नहेर्न पाएको भए हुन्थ्यो। मेरा कान बन्द हुन सकेका छैनन्, त्यसैले म त्यो कर्णकटु कुरा पनि सुनिरहेको छु जुन मैले नसुन्न परेको भए हुन्थ्यो।

अब म बाध्य छु। त्यो सबै मैले नहेरिहुन्न र नसुनिहुन्न। आजमात्र होइन भोलि पनि सुन्नु पर्नेछ, पर्सि पनि सुन्नुपर्नेछ, सुन्दै जानु पर्नेछ। विश्वास नगरूँ भन्दा पनि विश्वास गर्नुपर्नेछ। त्यो

भोलि इतिहास बन्नेछ र इतिहासमा वर्णित कथालाई मैले, मेरा सन्ततिले सदियौँ सदियौँसम्म सुन्दै जानुपर्नेछ । निर्दोषलाई इतिहासले अपराधी भन्छ र अपराधीलाई निर्दोष सिद्ध गर्छ भने त्यो इतिहास, इतिहास हुन्छ र त्यस इतिहासलाई हामीले मान्न कर लाग्छ ।

ममात्र होइन, मेरा वरिपरि, तलमाथि, अरू परपर र पारिपारिसम्म पनि लाखौँलाखको सङ्ख्यामा धेरैले भावविह्वल भएर त्यो कारुणिक दृश्य निर्निमेष हेरिरहेका छन्– श्रीहीन, कान्तिहीन र रुन्चे अनुहार लिएर । तर त्यही नजिकै केही कुर्सीहरू पनि ठडिएका देखिन्छन् । त्यसमाथि बसेर त्यस दैवीपुरुषलाई अपमान गर्न पनि खोज्दैछन् केही प्रमादीहरूले । लाग्छ– तिनीलाई त्यस दृश्यले कुनै असर पारेको छैन । सबभन्दा बढी असर पर्नुपर्ने तिनीहरूलाई हो, तर किन हो त्यहाँ ती खलनायकजस्ता देखिएका छन् । मानौँ औपचारिकता देखाउनु उनीहरूको नाटकमात्र हो ।

एकछेउ कतैतिरबाट यान्त्रिक आवाज ध्वनित भइरहेको छ । 'हामीलाई सुन्न र सहन मुस्किल परिरहेको छ तैपनि हामी बाध्य छौँ । हामीले यसै भौतिक शरीरबाट बृहत् कार्य र अनन्त पौरखहरूको भोग गर्न पायौँ जसको अप्रत्याशित अवसानले हामी अत्यन्त दुःखी र मर्माहत भएका छौँ र यस पीडालाई आत्मसात् गर्न बाध्य भएका छौँ ।'

मलाई त्यो भनाइ पनि नाटकमात्र लाग्छ, जसभित्र कुनै संवेदनशीलता छैन । कागतमा लेखिएका अक्षरहरूको सुगारटाइ लाग्छ । एउटा जागिरे नूनको सोझो गरेकोभन्दा बढी दर्दनाक गहिराइ केही पनि लाग्दैन । मलाई त त्यस भौतिक शरीरले पाउनुपर्ने सम्मान पाउन नसकेको, अपू□रो-अपूरो अधुरो-अधुरो क्रियाको अनुभूति भइरहेछ ।

हुन पनि त्यहाँ मैले सुनेबुझेका प्रक्रियाहरूमा धेरै कन्जुस्याइं भइरहेको थियो र अन्तरकुन्तरबाट निस्केका केही प्रश्नहरूलाई अन्तरबाटै निस्केका केही उत्तरहरूले शङ्का निवारण गरिरहेका थिए । यस सत्वरताभित्र सम्भावित रहस्यमय काला धब्बाहरू मडारिदै छन् ।

त्यहीँ नजिकै त्यसै आस्थाको एउटा अर्को परिपूरक, द्योतक सममुद्रामा पञ्चतत्त्वमा विलय हुने सान्निध्यता राख्दै छ, तर त्यतातिर मेरो दृष्टि वा ध्यान पुग्न सकेको छैन । मात्र म त्यस्तो सौम्य, शान्त एवम् प्रस्फुटित, प्रज्ज्वलित प्रसन्न र उद्दीप्त मुद्रालाई झलझली सम्झिरहेको छु जसका अझसम्म देखिएका सुन्दर दन्तपंक्ति र रामनामी पीताम्बरवेष्टित अनुहारले साक्षात् ब्रम्हलीन तपस्वी महात्माको मुखाकृतिसँग सादृश्यता राख्दछ । साँच्चै नै एउटा परम पुण्यात्मामा हुने गुण र स्वभावको अंश यहाँ प्रदर्शित भएको छ । म बुझ्न सकिरहेको छैन यस्तो वीभत्स एवम् भयानक स्थिति सिर्जना हुनुमा कुन क्रूर विधर्मीद्वारा पालित धर्मले काम गरिरहेको छ ? यसै सोचाइमा म लिप्त छु, मूक छु र अवाक्अवाक् अगाडिका प्रक्रियाहरू हेर्न प्रतीक्षारत छु ।

त्यहाँ क्रमशः त्यस पार्थिव शरीरलाई भष्मीभूत गर्ने प्रक्रिया अगाडि बढ्दै छ । शोकधुन बज्दै छ । एकजना श्वेताम्वरी प्रज्ज्वलित दण्डमुखी अग्निशिखा लिएर वरिपरि घुम्छ र अत्यन्त क्रूरता र निर्दयतासाथ मुखमा झ्वास्स आगो झोस्छ जुन उद्घाट्य अक्षरबाट देखिने मृडाल दन्तपंक्तिहरूले हर उत्सवमा, हर समारोहमा जनजनको हृदयलाई आल्हादित गर्थे । म वडो उत्कण्ठा र जिज्ञासाका साथ हेरिरहेको छु । मेरो हृदय रोइरहेको छ र भित्रैदेखि भक्कानो फुटिरहेको छ । मुटु छियाछिया भएको छ । मभित्रबाट प्रश्नका प्रश्नहरू वैरिरहेका छन् । कति सजिलैसँग त्यसले साधारण मानिसको निर्जीव शरीरमा जस्तै आगो झोस्यो ! मलाई लाग्दै थियो– यो त ठूलो मानिस पो त ! मभन्दा, हामीभन्दा धेरै ठूलो । साधारण मानवभन्दा भिन्न गुण भएको, मानवीय धरातलबाट अलिकति माथि उठेको, ऊ त मेरो धर्म, संकृति र परम्पराको अजस्र स्रोत पो हो त ! ऊ त हामी हुनुको अस्तित्व पो त ! ऊ त हाम्रो स्वाभिमानको प्रतीक पो त ! तर त्यो अहिले कति निरीह भएर लम्पसार पसारिएको छ । ऊ केही भन्न सक्तैन । केही गर्न सक्तैन । यस्तो किन भइरहेको छ, म निरुत्तर छु । म के भावनामा बगेर यो भनिरहेको छु, भावुकतावश साधारण पुरुषलाई असाधारण सम्झिरहेको छु ?

मभित्र प्रश्नमाथि प्रश्न थपिएका छन् । उसका सेवकहरू कहाँ छन् ? उसलाई अप्ठ्यारो पर्दा हरपल, हरक्षण साथ दिने र कष्ट दूर गर्ने अनुयायीहरू कहाँ छन् ? त्यो कहाँ गयो ? ती कहाँ गए र अहिले कहाँ बसेर त्यो तमासा हेरिरहेका छन् जस्लाई अभयदान दिनका लागि, निर्भय प्रदान गर्नका लागि उनीहरूले वृत्ति खाएका थिए ? अब तिनीहरू किन बाँच्दै छन् ? के अनुहार लिएर बाँच्दै छन् ? ती ज्यूँदै मरेका नराधमहरू ? कि कतै अन्यत्र अनुवाद भइसके ती सरमछाडाहरू ?

मानौँ कि जनजनका मनबाट यस्तै आक्रोशको ज्वाला दन्किरहेको छ र सँगसँगै त्यहाँ सम्वेदना र करुणाको भेल पनि बगिरहेको छ । मानिसमा पीडाको ज्वा□□स्रभाटा अतिशय मडारियो भने त्यो त्यत्तिकै दबेर रहन सक्दैन । त्यहाँ यस्तै हुँदै थियो – मानव सागरबाट कल्याङ्मल्याङ् आवाज सुनिनमा आउँदै थियो । त्यो जनजनको मनमा उर्लिरहेको पीडाको आवाज थियो । नदीतटमाथिको सिँढीमा, सिँढीमाथिको सिँढीमा, माथिमाथि पर्खालमाथि र अझ माथि उपवनको अधोरेखाबाट आवाज कसरी

ध्वनित हुन थाल्थ्यो भने जसलाई रोक्न खोजेर पनि रोकिएको थिएन। त्यो स्वाभाविक पीडा थियो। हृदयको अन्तरगहिराइबाट उद्‌गम भएको चित्कार थियो। मानौँ जनजनको मस्तिष्कमा होश गुमिसकेको थियो। होश नभएको मानिस जे पनि बोल्न सक्छ। सत्य पनि बोल्न सक्छ र अर्धसत्य पनि। त्यस अवस्थामा त्यो क्षम्य हुन्छ। त्यस पीडाको आगामा जलेकाहरूको आवाजको सत्यता थियो कि थिएन, खै ? तर त्यस आवाजले कसैको मुटुमा काँडा बिझ्न सक्थ्यो, कसैको सपना भङ्ग हुनसक्थ्यो। तर मान्नु पर्ने कुरा के हो भने त्यो आवाज विक्षिप्त मनको एउटा उच्छ्वास थियो, अन्तर्वेदना थियो।

त्यस आवाजलाई प्रतिरोध गर्ने क्रममा भिन्न स्थानबाट चर्को आवाज प्रसारित हुन थाल्थ्यो – शान्त रहिदिनुस्, हामी अत्यन्त दुःखी छौँ, हामी सबैलाई धैर्यधारण गर्ने शक्ति दिऊन् भगवान्‌ले। तर त्यहाँ भने आगोमा घिउ थपिँदै थियो, उद्दीप्त ज्वाला दन्किँदै थियो र जनजनका मनको दावाग्नि अझ भड्किँदै थियो। जनआस्थारूपी त्यस शरीरलाई प्राणान्त हुनुअघि सुरक्षा दिने अभिभारा लिएका ठेकेदारहरू जुन त्यस मृतदेहको सन्निकट भएर बसेका थिए वा उभिएका थिए तिनको मुटु पनि हल्लिन थालेको सहसा अनुमान गर्न थालियो। उनीहरू पनि अलिअलि चलमलाउन थाले। असजिलो महसुस भएको आभास दिन थाले। आँखा चनाखा देखिए। भयाक्रान्त उनीहरूले सत्वरताका प्रक्रियाहरू अगाडि सारे, मानौँ हामी शीघ्रातिशीघ्र यहाँबाट पलायन हुनुपर्छ। अग्निको ज्वालाले त्यस निष्प्राण देहलाई आफ्नो अँगालामा हाल्दै थियो र त्यस ज्वालासँगै जनआक्रोशको ज्वालाले पनि उग्र रूप लिँदै थियो। मेरो मन भन्दै थियो– के यो अगाध आस्थाको अजम्बरी शिलालाई पनि आगोले जलाउन सक्छ ? भष्म गराउन सक्छ ? के यिनीहरूले यस आस्थालाई डढाउन सक्छन् ? के यो मानवहृदयमा उठेको आस्थाको शिखालाई आगाको लप्काले खान सक्छ ?

तर, सोच्दासोच्दै मेरो त्यो सम्पूर्ण आस्था जल्दै गयो। पेशाधारी ती क्रूर निर्दयी मानवहरूले बाँसको घचेटाले घ्वाच्चघ्वाच्च घोच्दै थिए। यति मात्र कहाँ हो र ! तिनीहरूले ती दुई महान् शक्तिशाली भुजाहरूलाई भाँचेर आगाको गर्भतिर तेर्स्याइदिए। त्यसैगरी ती बलशाली पाँसुलाहरूलाई पनि सहजै भाँचेर दोब्राइदिए। मेरो आत्मा रोयो, मुटु ढक्क फुलेर आयो र मेरो सम्पूर्ण शरीर बिजुलीको झट्का लागेझैँ सिरिङ्ग भयो। म घुँडा टेकेर टुसुक्क बसेँ, मूकवत् हेरिरहेँ।

हेर्दाहेर्दै आगोको ज्वाला शान्त हुँदै गयो। आस्थाको सागर पनि सुक्दै थियो, जनआवाज पनि कम हुँदै गयो। सुरक्षा समूहमा पनि केही धैर्यको लहर बग्न थालेको आभास हुन थाल्यो। हेर्दाहेर्दै अग्निले आफ्नो रौद्ररूपलाई एकाएक घटाएर शान्तभावमा परिणत गर्न थाल्यो। क्रमशः अग्निज्वालाको मत्थरतासँगै एउटा अखण्ड आस्था पनि खण्डित हुँदै विलीन भयो अर्थात् प्रज्ज्वलित अग्निले आफ्नो रौद्ररूप शान्त गर्ने क्रममा आस्थाको त्यस बिन्दुलाई पनि भष्मीभूत तुल्यायो।

मैले हेर्न छाडेको छैन। ती निर्दयीहरूले त्यो भष्म पनि बाँकी राखेनन्। नदीको पानी उघाएर पखाले, धोए र बगाए। त्यहाँ केही पनि बाँकी नरहेर रित्तियो– मेरो आस्थाको भण्डार रित्तिए सरह-

सम्झिरहेछु अहिले आस्था जलेको त्यो दिन
भुलूँ कसोरी मैले आँसु झरेको त्यो दिन !
होशै मेरो उडेथ्यो, वाक्यै रुकेथ्यो एकछिन
थातै छोडेको मुटु धड्किरहेथ्यो छिनछिन।

●

श्री ५ वीरेन्द्रबाट सम्पन्न नेपाल अधिराज्यका केही भ्रमण

• *लभविक्रम शाह*

श्री ५ वीरेन्द्रवीरविक्रम शाहबाट नेपाल अधिराज्यका विभिन्न जिल्लामा समयसमयमा सम्पन्न गरिबक्सेका सवारी भ्रमणहरूबारे धेरै सम्झनाहरू मनमा छँदै छन् तर विशेष तथा आफू सरकारी कर्मचारीको रूपमा रहँदा वा नरहँदा पनि राष्ट्रनायकको सवारीभ्रमणबारे आफूले देखेजानेका कुरा सम्झी लेख्न चेष्टा गर्नु आफ्नो परम कर्तव्य नै सम्झेको छु। यस पृष्ठभूमिमा केही पहिलेको अनुभव पनि संक्षेपमा म यहाँ चर्चा गर्न चाहन्छु।

श्री ५ महाराजाधिराजको सवारीको अनुभव यो भन्दा पहिले मलाई नभएको होइन। मलाई के सम्झना छ भने श्री ५ महेन्द्रको २०१५ साल मार्ग २० गते मध्यपशिचमको पहाड र मधेसतर्फ सवारी हुने निर्णय भएको थियो। त्यस सवारीमा श्री ५ बडामहारानीको मावली अथवा धादिङ जिल्लाको ज्याम्रुङ भन्ने स्थानमा पनि सवारी हुने कार्यक्रम बनेछ। त्यो कुरा मेरो ठूलो बुवाबाट मेरो जिज्यूबुवालाई अवगत भएछ। उक्त सवारी कार्यक्रम शायद ठूलो बुवा र काका रङ्गविक्रम शाह दर्बारभित्र होइबक्सेकाले वहाँहरूकै प्रयासले भएको हुनसक्छ। त्यस बखत मेरो जिज्यूबुवाको उमेर ८० वर्ष भएकाले ज्याम्रुङ सवारी हुन असमर्थ होइबक्सेको थियो। काका श्री रङ्गविक्रम शाहका बुवा श्री चन्द्रविक्रम शाह ज्याम्रुङमै राज हुने गरेको, ठूलो चौ. चूडाविक्रम शाह (मामाबाबुसाहेव), वहाँको छोरा मोहनविक्रम शाह (शाही पार्श्ववर्ती) सवारीसाथ नै भएकाले मेरो बुवा चौतारिया योगविक्रम शाह, काका लीलाविक्रम शाह, म जन्मेदेखि नै मावली (राणापरिवार) मा बसेकाले सवारीको काम राम्रोसँग गर्नसक्ने अनुभवी भएको ठानेर नै होला शायद सबैले उपयुक्त ठानी मलाई पनि पठाइएको थियो। दुई रात ज्याम्रुङ राज भई गोर्खा सवारी हुने बखत श्री ५ बाट मेरो मामा प्रधान सेनापति तोरण शम्शेर ज.ब राणालाई सवारीसाथ लानू भन्ने हुकुम बक्स भएबमोजिम मलाई पनि सवारीसाथ जाने सौभाग्य मिलेको थियो। त्यसबेला हालजस्तो हवाइजहाज र हेलिकोप्टर थिएन। श्री ५ महाराजाधिराजको सवारीसाथ सवारीमन्त्री, प्रधानन्यायाधीशलगायत एक किसिमको प्रशासन र अदालत लगायत १४, १५ सयजनाको लस्कर हुने गरेको मलाई सम्झना छ। सवारीसाथ जानेलाई बिहानको चियादेखि रातको खाना र ओहदाअनुसार दैनिक तोकिए बमोजिम सिगरेट र ड्रिंक्सको व्यवस्थासमेत हुने गर्थ्यो। यो सवारीको कार्य मैले कर्मचारीको हैसियतले नभै हुकुम बक्स भएको कारण गरेको कुरा मैले माथि नै व्यक्त गरिसकेको छु।

श्री ५ महेन्द्रको २०२१ सालमा भएको झापाको केही दिनको सवारी भने गृह मन्त्रालयको शाखा अधिकृतको हैसियतले सवारी मन्त्रालय, झापाको कार्य गर्ने मौका मलाई मिलेको पहिलो भने हुन्छ।

तत्कालीन श्री युवराजाधिराज वीरेन्द्रको २०२३–२४ सालतिर जनताले नचिन्ने गरी लाहुरेको भेषमा देशको पहाडी भागतिर भ्रमण गरिबक्सने बारेमा गृह मन्त्रालयले जिल्ला प्रशासनलाई सतर्क रही शान्तिसुरक्षा कायम गर्नुका साथै गोप्यता राख्न निर्देशन दिइएको थियो। त्यस बखतमा लुम्बिनी अञ्चल शाखा नं २ गुल्मी र अर्घाखाँचीको सहायक अञ्चलाधीश पदमा कार्यरत थिएँ।

मौसुफको मेरो जिल्लामा त्यसबेला सवारी भएन । २०२३ सालमा भैरहवा हवाइमैदान र बुटवलको विद्युत्‌गृहको औपचारिक समुद्घाटन गरिबक्सन मौसुफ त्यहाँ सवारी हुने कार्यक्रममा उपस्थित हुने अञ्चलाधीशको आदेशले गुल्मी तम्घासबाट आई सवारीमा सम्मिलित हुने अवसर प्राप्त भएको विषय कर्मचारीका हैसियतमा श्री ५ वीरेन्द्रको सवारीको अर्को अनुभव थियो ।

२०२६ साल आश्विनमा मेरो गण्डकी अञ्चल, शाखा नं. २ स्याङ्जाको सहायक अञ्चलाधीशबाट पाल्पाको विशेष अधिकृत (बडा हाकिमपद खारेज भएपछि दोश्रोपटक परिवर्तित) मा सरुवा भयो । त्यस बखत पाल्पा जिल्लामा मैले पद्मोदय बहुउद्देश्यीय माध्यमिक विद्यालयका अङ्ग्रेजीका शिक्षक, स्याङ्जामा मेरो प्रयासबाट पहिलो पटक कायम गरिएको एस.एल.सी केन्द्रको पहिलो केन्द्राध्यक्ष भई आउनु भएका श्री चेतबहादुर कुवँर र डा. श्यामकृष्ण मल्ल क्रमशः जि.पं. सभापति र न.पं. का प्रधानपञ्चमा कार्यरत हुनुभएको थियो । मेरो कार्यकालमा त्यहाँ स्थापना भएको बालमन्दिरको भवननिर्माणमा र पाल्पास्थित साइन्स कलेजको स्थापना आदि जिल्लास्तरीय विकासनिर्माण कार्यमा निजहरूबाट ठूलो सहयोग भएको कुरा कुनै पाल्पालीबाट छिपेको छैन । श्री ५ मुमा बडामहारानी रत्नराज्यलक्ष्मी शाहका करकमलबाट बाल मन्दिरको समुद्घाटन र पछि श्री ५ वीरेन्द्रबाट हालको नयाँ साइन्स कलेज भवनको समुद्घाटन भएको खबर सुन्दा मलाई मनमा खुसी लाग्नु स्वाभाविकै हो । श्रीनगर डाँडामा वृक्षरोपणको प्रारम्भ, नगरमा विद्युत्‌प्रसारण प्रारम्भ, नगरसडक निर्माणको प्रारम्भ, बसस्टपको व्यवस्था आदि जिल्लास्तरीय विकासनिर्माण कार्यमा निजहरूबाट ठूलो सहयोग भएको कुरा कसैबाट छिपेको छैन ।

पाल्पा पुगेको केही दिनपछि लुम्बिनी अञ्चलाधीश श्री टेकबहादुर रायमाझी तान्सेन आउनुभयो । मलगायत सभापति, तान्सेनका प्रधानपञ्च र अन्य सम्बन्धित व्यक्तिहरूबीच श्री ५ युवराजाधिराज सरकार आफ्नो इटन कलेज (लण्डन) मा पढिबक्सँदाका साथी ग्लोसेस्टर सायरका राजकुमार श्री रिचार्डसहित तान्सेन, पाल्पा सवारी हुने हुँदा शान्तिसुरक्षा लगायत स्वागत, वास र ज्यूनार सबै व्यवस्था गर्न निर्देशन दिनुभयो । खासगरी मलाई तपाईं यस जिल्लाको प्रशासक भएकाले सबै जिम्मा तपाईंको हो, अञ्चलाधीश म भएतापनि यो जिल्ला तपाईंको हुँदा सबै जवाफदेही तपाईंमा रहन्छ भन्नुहुँदा मलाई गौरवको अनुभव भयो । मैले धेरै अञ्चलाधीश र बडाहाकिमहरूको अन्तर्गत बसी काम गरिसकेको छु । राजा, रानी, युवराजाधिराजहरूको सवारीमा आफू जस लिनका लागि अरूहरूलाई मौसुफहरूको सामु पर्न नदिने गरेको पनि देखेकाले विश्वास गर्न पनि एकछिन त गाह्रो भएको कुरा म कहिल्यै बिर्सन सक्दिन ।

त्यसपछि अञ्चलाधीशकै उपस्थितिमा सवारी व्यवस्थाबारे सरसल्लाह हुनथाल्यो । श्री ५ युवराजाधिराजको मात्र सवारी नभई मौसुफका मित्र तथा बेलायतका राजपरिवारका सदस्यको समेत सवारी भएकाले विशेष व्यवस्था गर्न आवश्यक थियो । खास गरी मौसुफलाई मिल्दोजुल्दो खानाको आवश्यकता पूरा गर्नुपर्ने भएको र त्यस्तै सामान पकिलहवा भैरहवाबाट प्राप्त हुन सक्ने भएतापनि उनीहरूकै देशबाट सवारी भएकाले हाम्रो राजपरिवारका साथै नेपालीहरू कै अतिथि हुँदा खानाको मात्र समस्या थिएन । टिसेट लगायत डिनरका लागि समेत विभिन्न सामानको जरुरत हुँदा ती सामानसहित खाने कुराहरू लखनऊबाट झिकाउने निर्णय गरियो । यी सबै कुराको निर्णय अञ्चलाधीशका अतिरिक्त म स्वयम्, जि.पं.सभापति कुवँर न.पं.का प्रधानपञ्च मल्ल र सुनौली पोखरा राजमार्गका इञ्जिनियर वीरेन्द्रप्रताप शाहका बीच भएको सरसल्लाह र निर्णयबाट भएको थियो । यसका लागि तान्सेन न.पं.का प्रधानपञ्च डाक्टर मल्लले, न.पं.का तर्फबाट रू. ५००० अनुदान दिनुभएको थियो । खाने कुराबाहेक सो कामका लागि झिकाइएका अन्य सामान तान्सेन न.पं. लाई नै दिने र नगरमा कसैले विवाहलगायत अन्य भोजका लागि लिन चाहेमा निर्धारित भाडारकम लिई भाडामा दिने निर्णय गरिएको थियो । श्री ५ युवराजाधिराज तथा मौसुफका मित्र अतिथिको ज्यूनार तैयार गर्ने कुक स्थानीयस्तरमा त्यति राम्रो स्तरको नभएकाले लखनऊबाटै मगाउन परेको कुरा मलाई आजै जस्तो लाग्छ ।

निर्धारित दिनमा आफ्ना शाही मित्रका साथ तत्कालीन श्री ५ युवराजाधिराज वीरेन्द्र दिनको करिब १ बजेतिर तान्सेन सवारी भयो । त्यस बखत तान्सेनमा उपस्थित माननीय रा.पं.सदस्य, तत्कालीन जि.पं. सभापति कुवँर र तान्सेन नगरपञ्चायतका प्रधानपञ्च डा.मल्ल शाही सेनाको गुल्मपति, प्रहरीनिरीक्षक, सुनौली राजमार्गको पाल्पा डिभिजन ई. वीरेन्द्रप्रताप शाहसमेत सबैले मौसुफहरूको स्वागतदर्शन गर्‍यौं । झण्डै डेढ दुई घण्टा अतिथिगृहमा विश्राम गरिबक्सेपछि मौसुफहरू पैदलै तानसेन बजार होइबक्सँदै प्रशासकीय कार्यालयहरू रहेको तानसेनदरबारमा पनि सवारी भएको थियो । एक डेढ घण्टा दरबार आसपासमा बिताइबक्सी पुनः अतिथिगृह सवारी फिरिबक्सियो । मौसुफहरूबाट केही क्षण विश्राम गरिबक्सेको थियो ।

पहिले नै सरकारबाट १ घण्टा सांस्कृतिक कार्यक्रम गर्न स्वीकृति बक्स भएकाले साँझ ६ बजेतिर कार्यक्रम शुरु गराइयो । श्री कुवँरको नेपाली अङ्ग्रेजी दुवै राम्रो भएको कारण जि.पं.

सभापति भएतापनि उद्घोषणबाट शाही अतिथिलाई बुझ्न सरल हुने कुरा विचार गरी उहाँबाटै सांस्कृतिक कार्यक्रमको उद्घोषण गराइएको सम्झना अझै ताजै छ । सो कार्यक्रमपछि मौसुफहरू र सवारीमा सम्मिलित अधिकृतहरू स्वागतसमारोहमा सम्मिलित होइबक्सेको थियो । स्न्याक्स साथमा उसिनेको बँदेल नजर भएर मौसुफबाट बँदेल कहाँबाट ल्यायौ भनी हुकुम हुँदा तानसेनमै व्यवस्था गरेको हुँ सरकार भनी बिन्ती गरेको थिए । सवारीसाथ आउनुभएका परराष्ट्र मन्त्रालयका उपसचिव श्री अर्जुनबहादुर सिंह मेरो स्कुल जीवनका घनिष्ट सहपाठी हुनुका साथै बहिनी ज्वाइँ पनि हुनुभएकाले तुरुन्तै सरकार धमलाहरू त बँदेलका अथरिटी नै हुन्, यिनीहरू भएको ठाउँमा बँदेल हुनु ठूलो कुरा र आश्चर्य हुँदैन भन्ने विषय जाहेर हुँदा मलाई गौरव महसुस भएको थियो । ड्रिङ्कपछि डिनरको कार्यक्रम शुरु भयो । डिनर ज्यूनार सकिएपछि श्री ५ युवराजाधिराजको श्री नारायणप्रसाद श्रेष्ठ (शायद त्यसबेला श्री ५ युवराजाधिराज सरकारको निजी सहसचिव हुनुहुन्थ्यो) को घर तानसेन ठाडो गल्लीमा भएको र त्यहाँ उहाँको परिवारलाई दर्शन बक्स हुने कार्यक्रम रहेछ । सो कुराको जानकारी सहनिजीसचिव स्वयंले केहीबेर अगाडि सूचित गर्नुभएको थियो । केहीबेरपछि शाही पार्श्ववर्ती श्री शान्तकुमार मल्लज्यूले सेक्युरिटीको राम्रो व्यवस्था हुनुपर्छ र खटिएका मानिसहरू देखिन नहुने सङ्केत मिल्यो । त्यसपछि शाहीसेना प्रमुख र प्रहरीप्रमुखलाई अह्राई अतिथिगृहदेखि ठाडो गल्लीको कुना काप्चामा सुरक्षाको व्यवस्था मिलाइएको थियो । राति ९.३० बजेतिर सरकारको सवारी सहनिजी-सचिवको घर ठाडो गल्लीतर्फ भयो । प्रहरीनिरीक्षकलाई शाही अतिथिको सुरक्षाका लागि अतिथिगृहमै राखी म र सेनानी सवारीभन्दा १५,२० गज पछाडि भई हिडेका थियौं । रातको करिब ११ बजेतिर सवारी भित्रिएपछि बिदाइदर्शन गरी इञ्जिनियर शाहको क्वाटरमा गई केही खाना खाई हामी निवासतिर लागेका थियौं ।

भोलिपल्ट बिहान ७.३० मा सरकारको श्रीनगरमा सवारी हुने कार्यक्रम भएकाले हामी बिहानै अतिथिगृह पुगेका थियौं । चिया ज्यूनार भएपछि सरकारहरूको सवारी त्यसतर्फ पैदल नै बजार बीच हुँदै चलाइयो । त्यस सवारीसाथ हामीहरूका अतिरिक्त अञ्चालाधीशज्यू, क्षेत्रीय नायब प्रहरी महानिरीक्षकलगायत सवारीसाथ पाल्नुभएका महानुभावहरू पनि हुनुहुन्थ्यो । त्यस दिन उत्तरतिर आकाश खुलेकाले श्रीनगर क्षेत्रबाट धौलागिरी र अन्नपूर्ण रेन्जको मौसुफहरूबाट राम्रो दृश्यावलोकन गरिबक्सिएपछि प्रफुल्लित होइबक्सेको हामीलाई अनुभव भएको थियो ।

करिब १ घण्टा जति श्रीनगरको दृश्यावलोकन गरिबक्सी पुनः अतिथिगृह भित्रियो । त्यसपछि मौसुफहरूमा ब्रेकफास्ट प्रस्तुत भयो । त्यसपछि करिब आधा घण्टा सबैलाई दर्शनभेट बक्सी मौसुफहरू पोखराका लागि प्रस्थान गरिबक्सिएको थियो । हामीहरू पनि बिदाइदर्शनका लागि जिल्लाको उत्तरपूर्वी सिमाना राम्दीघाटसम्म गएका थियौं । श्री ५ युवराजाधिराज सरकारबाट राम्दीघाटको फेदीमा राज होइबक्सी हामी सबैलाई आफ्नो र अतिथिको तर्फबाट धन्यवाद बक्सी पोखरातर्फ सवारी भएको र मौसुफको सहृदयताको कुरा सम्झँदा आज पनि मलाई कस्तो कस्तो अनुभव भइरहेको छ ।

तत्कालीन श्री ५ युवराजाधिराज सरकार, श्री ५ बडामहारानी रत्नराज्यलक्ष्मीदेवी शाह सरकारको लुम्बिनी अञ्चलको रुपन्देही र कपिलवस्तुको तीनवटा बालमन्दिरहरूको समुद्घाटनका लागि भएको सवारीमा पनि दर्शन गर्ने मौका प्राप्त भएको थियो । एकैपटक लुम्बिनी अञ्चलका तीनवटा बालमन्दिरहरूको समुद्घाटन भएको थियो । कपिलवस्तु तौलिहवाको बालमन्दिर स्वयम् अञ्चलाधीश टेकबहादुर रायमाझीज्यू त्यहाँको सहायक अञ्चलाधीश हुँदा आफ्नो ठूलो मिहिनेतले बनाउनुभएको थियो । हुलाक टिकटमा पनि यो फोटो पछि प्रकाशित भएको थियो । त्यसको समुद्घाटन कार्यपछि बस्नु स्वाभाविकै हो । बुटवल पनि रूपन्देहीअन्तर्गत पर्ने हुँदा अञ्चलाधीशले पाल्पा बोलाई बुटवलको बालमन्दिरको समुद्घाटनको व्यवस्था गर्न जिम्मा लगाउनुभएको थियो ।

२०२८ साल माघ २८ गते श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाह अकस्मात् चितवन जिल्लास्थित दियालो बङ्गलामा दुःखद स्वर्गारोहण होइबक्सेको औपचारिक घोषणापछि सोही दिन श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह नेपाल अधिराज्यको श्री ५ महाराजाधिराजको रूपमा राज्यारोहरण गरिबक्सेको हो । राज्यारोहणको केही महिनापछि शायद २०२९ साल वैशाखमा श्री ५ वीरेन्द्रवीरविक्रम शाह सरकार तथा श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी शाह सरकार तानसेनको टुँडिखेलमा सवारी भएको थियो । तानसेनमा त्यस बेला उपस्थित पाल्पाका रा.पं.स., जिल्ला सभापति, नगर पञ्चायतका प्रधानपञ्च तथा स्थानीय पञ्च तथा गण्यमान्य महानुभावहरूलगायत अञ्चलाधीश, स्थानीय प्रशासकको हैसियतले म लगायत अन्य सुरक्षा अधिकारीहरूले स्वागत गरी हेलिप्याडबाट तानसेन दरबार सवारी चलाएका थियौं । त्यहाँ नगरवासी र कर्मचारी मौसुफ सरकारहरूको दर्शन गरेर निकै खुसी भएको हामीले महसुस गर्‍यौं । त्यसपछि मौसुफहरूको सवारी दरबारस्थित गद्दीबैठकतर्फ चलाई त्यहीं मौसुफहरूबाट फलफूल र सफ्ट ड्रिङ्क ज्यूनार भएको थियो । त्यहाँबाट मौसुफहरू तानसेन नगरको प्रसिद्ध देवीस्थलको दर्शनका लागि रणउज्यश्वरी भगवती मन्दिर सवारी भएको थियो । श्री ५

महाराजाधिराज सैनिक पोशाकमा होइबक्सेकाले मन्दिरभित्र सवारी नभई मन्दिरको ढोकाबाट नै भगवतीको दर्शन गरिबक्सियो । श्री ५ बडामहारानी सरकार भने भगवतीको दर्शन गरिबक्सन मन्दिरभित्र सवारी भएको थियो । त्यसपछि मौसुफहरू पैदल नै स्थानीय जनतालाई दर्शन बक्सँदै हेलिप्याड पुगिबक्सी हेलिकप्टरद्वारा तानसेनबाट सवारी फिरेको थियो । उक्त सवारीसाथ तत्कालीन श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीरविक्रम शाहदेव, (वर्तमान श्री ५ महाराजाधिराज सरकार) तथा श्री ५ बडामहारानी सरकारहरू पनि सम्मिलित होइबक्सेको थियो ।

त्यस वर्ष पश्चिमाञ्चल क्षेत्रीय भ्रमणको सिलसिलामा पाल्पा जिल्ला अन्तर्गत पर्ने डेढ गाउँटार सिँचाइयोजना निरीक्षण गरिबक्सने कार्यक्रम पनि रहेछ र त्यसको जानकारी मलाई न अञ्चलाधीशबाट न सवारी मन्त्रालयबाट नै प्राप्त भएको थियो तर आफ्नो जिम्मेवारीमा सतर्क भइरहेको थिएँ । पाल्पा तानसेनस्थित शाहीसेना र प्रहरीलाई तीन दिन अगाडि उक्त स्थानको शान्तिसुरक्षा मिलाउन माथिल्लो तहबाट आदेश प्राप्त भएअनुसार त्यहाँ प्रस्थान गरिसकेका थिए । तब सम्म पनि प्रमुख जिल्ला अधिकारीलाई कतैबाट पनि कुनै सूचना नहुँदा म अन्यौलमा परेको थिएँ ।

२०२९ साल कार्तिक १६ गते ९.०० बजेतिर वरख गुल्मको गुल्मपति सेनानीले सवारी मन्त्रालयको कोड म्यासेज मलाई दिनुभयो । तुरुन्तै डिकोड गरी हेर्दा उक्त म्यासेजमा कार्तिक १७ गते श्री ५ महाराजाधिराज सरकारको डेडगाउँ सिचाइयोजनामा सवारी हुने कार्यक्रम भएकाले पाल्पाको प्र.जि.अ. रातबिहान गरी पुग्नु भन्ने सवारी मन्त्रालयको आदेश रहेछ। डेडगाउँ पाल्पा जिल्ला हुँदै गएमा चौबीस कोसको बाटो थियो। घोडा चढी गएमा चाँडै पुग्न सकिदो होला तर आफूलाई घोडचढीको अनुभव पटक्कै थिएन र यो सम्भव पनि थिएन ।

त्यसपछि जि.पं.सभापतिलाई बोलाई सरसल्लाह गर्दा कुनै उपाय नदेखेपछि मैले अफिसटेबुल माथिको नेपालको नक्शा हेरी सबैभन्दा नजिक तनहुँको खैरेनीटारबाट हुने ठहराई सभापतिसमेत साथ लिई स्याङ्जा पोखरामै जाने निधो गरियो । त्यसैबेला मेरी श्रीमतीले छिटो खाना तयार गर्दै थिइन् । उनलाई मैले खाना तिमीहरू खानू म जागीर खान गएँ भनी तुरुन्तै जिपद्वारा खैरेनीटार प्रस्थान गरी स्याङ्जा पुगेँ । जमुना थकालीकहाँ खाना खाई खैरेनीटार पुग्यौँ । ड्राइभर, जिप खैरेनीटारमै राख्ने व्यवस्था गरी हामीहरू भिमाद हुँदै रिसिङघिरिङको उकालो चढी राती ९.३० बजे बासमा पुग्यौँ । गाउँघरमा त्यतिबेला भात खान नपाइने हुँदा मकै भुट्न लगाई त्यहीँ खाई सुत्यौँ । बिहान ३ बजे उठी पुनः डेडगाउँतर्फ प्रस्थान गऱ्यौँ । कार्तिकको महिना त्यसमा पनि बाटामा सालघारी भएकाले औलोको डरले जरुरत परे प्रयोग गर्न पाल्पादेखि साथ लिई गएको ड्रिङ्कस सालको पातमा राखी पिउँदै पिउँदै बिहान ९ बजे काली किनार पुगेर नुहाइधुवाइ गरी माथि टारमा पुगी हामीले सवारीको व्यवस्था मिलाउन थाल्यौँ ।

अपरान्ह ३ बजे श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको सवारी भयो । करिब ४५ मिनेट जति मौसुफहरूबाट योजनाको निरीक्षण र योजनासम्बन्धी जानकारी लिइबक्सनुका साथै स्थानीय व्यक्तिहरूलाई समेत दर्शन बक्सी मौसुफहरू पोखरा फिर्ती सवारी होइबक्सिएको थियो ।

डेडगाउँटारको सवारी सम्पन्न गरेर तानसेन फर्किएको केही छिनपछि सवारी मन्त्रालय पोखराबाट मार्ग १ गते श्री ५ महाराजाधिराज सरकारको चितवन जिल्लाअन्तर्गत पर्ने वाल्मिकी आश्रममा सवारी हुने भएकाले पाल्पाको प्रमुख जिल्लाअधिकारीले सवारी चलाउन त्यहाँ जान आदेश आयो । आदेशअनुसार नवलपरासी जिल्लाको त्रिवेणी गई सवारी व्यवस्थामा जुट्नु पऱ्यो । हेलिप्याडका लागि एकमात्र उपयुक्त स्थान नेपाल सरहदमा तमसा नदीको बगरमात्र थियो। नदीको दक्षिण भारतभूमि र घनाजङ्गलका कारण सुरक्षाको प्रबन्ध मिलाउन निकै समस्या परेको थियो । तर भारतीय अधिकारीहरूसँग समेत सम्पर्क राखी उनीहरूबाट समेत सहयोग प्राप्त गरी सवारी सुचारुरूपले सम्पन्न गरेका थियौँ । हालका श्री ५ महाराजाधिराज श्री ५ ज्ञानेन्द्रवीरविक्रम शाहदेव (तत्कालीन श्री ५ अधिराजकुमार) तथा श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी शाह (तत्कालीन श्री ५ अधिराजकुमारी) सवारीमा सम्मिलित होइबक्सेको थियो ।

२०२९ पौषको सुरुमा मेरो पाल्पाबाट सुनसरी जिल्लामा सरुवा भयो । माघको पहिलो हप्तामा म त्यहाँ पुगेँ । २०२९ सालमा श्री ५ महाराजाधिराजबाट पूर्वाञ्चल विकास क्षेत्र धनकुटा सवारी होइबक्सँदा सुनसरी जिल्लाको तरहरा कृषि फार्ममा सवारी होइबक्सेको थियो । २०२९ सालमा श्री ५ महाराजाधिराजको सवारी चलाउन सौभाग्य पाएको मेरो यो चौथो अवसर थियो । श्री ५ महाराजाधिराजको निजी सचिव श्री नारायणप्रसाद श्रेष्ठज्यू हेलिकोप्टरबाट उत्रने बित्तिकै मलाई त्यहाँ देखी उहाँले शाहज्यू तपाईं त सवारी विशेषज्ञ हुनुभयो भन्नुहुँदा मलाई गौरवको अनुभव भएको थियो ।

२०३० सालको श्री ५ महाराजाधिराज सरकारको पूर्वाञ्चल विकासक्षेत्रको सवारी समयमा सुनसरी जिल्लामा सवारी हुने कुनै कार्यक्रम थिएन तापनि तत्कालीन अञ्चलाधीश श्री वीरेन्द्रबहादुर शाह (लव राजा) ले मलाई कोशी अञ्चलाधीश कार्यालयको समीक्षालयको व्यवस्था मिलाउने जिम्मा दिनु भएकाले सोअनुसार

कार्य गरेको थिएँ । त्यसै सवारीको बेला कोशी अञ्चल अस्पतालको आसपास भीमनारायण श्रेष्ठले बोकेको बम विस्फोटनबाट निज घाइते भएको र त्यहाँको वातावरण त्रसित रहेको कुरा अहिले पनि मनमा चसक्क चस्किन्छ ।

धनकुटा सवारीमा भरियाको व्यवस्था, सवारी शिविरमा खाद्य सामग्री, सागसब्जी, माछा आदि पकाउने, सवारीशिविर धनकुटाका लागि काठमाडौँबाट आएको सामान विराटनगर एयरपोर्टबाट बुझी धनकुटा सवारीशिविरमा पठाउने व्यवस्था मिलाउने आदि सबै सुनसरीको प्र.जि.अ को कर्तव्यभित्र परेको थियो ।

सुनसरी जिल्लाबाट गृहमन्त्रालयको उपसचिवमा सरुवा भई आएपछि तत्कालीन गृहसचिव स्वर्गीय शेरबहादुर शाहीले आफ्नो अध्यक्षतामा गठित शुभराज्याभिषेक समारोहको स्वागत तथा अभिनन्दन समारोहको उपसमितिको सदस्यसचिवको जिम्मा मलाई दिनुभएको थियो । उक्त पदमा काम गरी आफ्नो कर्तव्य पूरा गरी शुभराज्याभिषेक समारोहको कार्यक्रम सफल पार्नमा योगदान गर्ने सौभाग्य यस पंक्तिकारले पाएको थियो । गृहमन्त्रालयमा उपसचिव हुँदा २०३५ सालको श्री ५ महाराजाधिराज सरकारको पूर्वाञ्चल क्षेत्र धनकुटामा भएको क्षेत्रीय भ्रमणको सन्दर्भमा सवारी मन्त्रालयको उपसचिवका हैसियतले काम गर्ने मौका पाएको कुरा पनि यस सन्दर्भमा उल्लेख नगरिरहन सकिदैन ।

२०३६ सालमा रा.पं. द्वितीय श्रेणीबाट रा.पं. प्रथममा मेरो पदोन्नति भएपछि नारायणी अञ्चलको सहअञ्चलाधीशमा मेरो पदस्थापन भयो । प्रथम श्रेणीको यो पद भएतापनि कार्यालय प्रमुख नभएका कारण अञ्चलाधीशको सामान्य निर्देशनमा रही बारा जिल्लाअन्तर्गत सिमरन गणको स्कुल त्यहीँ निर्मित श्री ५ महेन्द्रको प्रतिमा अनावरणको व्यवस्था गर्ने र पर्सा जिल्लाको वीरगञ्जमा निर्मित गीतामन्दिर र प्रथम विश्वहिन्दूसम्मेलनको समुद्घाटन मौसुफ सरकारबाट गरिबक्सने व्यवस्था मिलाउने सौभाग्य पनि पाएको थिएँ । यसैक्रममा २०४० सालमा कोशी अञ्चलको सहअञ्चलाधीशमा विराटनगर सरुवा भयो । त्यस समयमा विराटनगरमा आयोजना गरिएको दोश्रो अन्तरनगर खेलकुदको समुद्घाटनको सिलसिलामा श्री ५ महाराजाधिराज सरकार विराटनगर सवारी हुँदा सवारी सम्बन्धमा कार्य गर्ने मौका पनि प्राप्त भएको थियो ।

२०४२ साल फागुनको कुरा हो । त्यस साल कोशी अञ्चलाधीश कार्यालयको सहअञ्चलाधीश पदबाट मोरङको प्रमुख जिल्ला अधिकारीमा मेरो सरुवा भयो । २०४४ सालको श्री ५ को पूर्वाञ्चलको क्षेत्रीय भ्रमणमा धनकुटा सवारीशिविरमै बस्ने गरी जानुभएका अञ्चलाधीश श्री बिन्दुप्रसाद नेपाली सवारीशिविरमै अस्वस्थ्य हुनु भएकाले सवारी चलाउने स्थान र

नजर हुने योजनाहरूको छनौट गर्ने काममा तत्कालीन सम्माननीय अध्यक्ष श्री नवराज सुवेदी, माननीय मन्त्री श्री पशुपतिशम्शेर ज.ब.रा, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री मोहनमान सैंजु र नूतनदेव खनालहरूका साथ मैले पनि जाने सौभाग्य पाएको थिएँ । त्यस बखत श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको सवारी मोरङको ववियाविर्ता, डागीहाट र लेटाङका साथै जिल्ला सदरमुकाम विराटनगरमा भएको थियो । श्री महाराजाधिराजबाट कोशी समीक्षालयमा राजनीतिक कार्यकर्ता र नगरका गण्यमान्य व्यक्तिहरूलाई दर्शनभेट बक्स भएको थियो भने श्री बडामहारानी सरकार परिवारनियोजन भवन र स्वास्थ्यसम्बन्धी भवनको समुद्घाटन कार्यक्रममा सवारी भएको थियो ।

दर्शनभेट र समुद्घाटन कार्य सकिएपछि मौसुफ हरूबाट लन्च लिइबक्स्यो र केही बेर राज होइबक्सी पछि धनकुटा सवारीशिविर फिर्ती सवारी भएको थियो । यसरी मेरो ३४ वर्षको लामो सरकारी सेवाकालमा श्री ५ हरूको सवारी चलाउने सौभाग्य पाई महत्त्वपूर्ण कार्य गर्ने अवसर पाएको कुरा मेरो मनमा आज पनि झलझली सम्झना भइरहेको छ ।

काठमाडौं

●

ती मेरा नृप गै गए..........

● *डा. शम्भुप्रसाद कोइराला*

म संस्कृतसाहित्यबाट शास्त्री उत्तीर्ण गरेको उच्च पण्डित परिवारको सदस्य । ब्रह्म मुहूर्तमा उठ्नु, नित्यकर्म सम्पन्न गर्नु, स्नान, ध्यान, जप, तप गरी पढ्न बस्नु मेरो बाल्यकालको बुबाको छडीको प्रहारबाट मैले प्राप्त गरेको दैनिक क्रिया । *लघुसिद्धान्तकौमुदी*को अलावा *मनुस्मृति* र *महाभारत* बुबाको अत्यन्त प्रिय ग्रन्थ ! बुवा भन्नुहुन्थ्यो *मनुस्मृति* मनुले मानव समुदायलाई दिएको प्रथम संविधान हो । ब्रह्माले स्वयंभुव र शतरूपालाई पुरुष र प्रकृतिको रूपमा सृष्टि गरी मनुको संज्ञा दिएर राजा र रानीको रूपमा राज्याभिषेक गरे । राजाको उत्पत्तिको सम्वन्धमा *मनुस्मृति*को एउटा श्लोक वहाँ भट्याउनु हुन्थ्यो-

> *"अराजके हि लोकेऽस्मिन् सर्वतो विद्रुते भयात्*
> *रक्षार्थमस्य लोकस्य राजान्मसृजत् प्रभुः ॥"*

(अर्थात् राजा नहुँदा हुने अशान्तिलाई हटाई लोकको रक्षा गर्न ब्रह्माले राजाको सृष्टि गर्नुभयो)

बुवा भन्दै जानुहुन्थ्यो - प्रजाको पहिलो शरीर राजा हुन् भने राजाको शरीर पनि प्रजा हुन् । राजाबिना देश रहन सक्दैन भने देशविनाको राजाको पनि कल्पना गर्न सकिदैन-

> *"राजा प्रजानां प्रथम शरीरं, प्रजा च राज्ञो प्रतिमं शरीरम्*
> *राजाविहीना न भवन्ति देशा, देशैर्विहीना न नृपा भवन्ति ।*

पाचौं *वेद* मानिएको *महाभारत*का राजा, राष्ट्र र जनताको अभेद्य एवम् अनिवार्य वस्तुगत यथार्थको सूक्तिमय यस कथनपछि राजाको स्थापना वंशानुगत वा प्रजाबाट गरेर दुई प्रकारले हुने कुराको पुष्टि पाण्डु, युधिष्ठिर, परीक्षित, जनमेजय आदि वंशानुगत राजाका रूपमा र राजा पृथुलाई स्वयं जनताहरूले बेनको बाहुमन्थनबाट उत्पादन गरी राज्याभिषेक गरेको पौराणिक प्रमाणबाट वहाँ गर्नुहुन्थ्यो ।

ममा खास विवेक पलाइसकेको थिएन र शास्त्रको अन्तर्कथन बुझ्ने क्षमता पनि ममा थिएन । मैले यतिमात्र बुझेको थिएँ- *नराणां च नराधिप* । बुबा प्रतिपादन गर्दै भन्नुहुन्थ्यो- ईश्वर भन्दा पनि पूजनीय हुन्छन् -राजा । राजालाई अर्पण गरेपछि मात्र ईश्वरलाई अर्पण गरिन्छ- पहिले *"भूपतये स्वाहा"*, अनि मात्र *"भुवनपतये स्वाहा"* । दशैंको पहिलो टीका राजालाई लगाउने र स्वर्गीय राजालाई तर्पण दिने कुराहरू हाम्रा अनिवार्य सांस्कृतिक पहिचानका कुराहरू हुन् ।

फलतः बुबाको राजसंस्थाप्रतिको अनन्त श्रद्धा, संस्कृतसाहित्य र वाङ्मयको अध्ययनले ममा जाग्रत राजसंस्थाप्रतिको भित्री आस्था एवम् नेपाली संस्कृतिले राजाप्रति अभिव्यक्त गरेको आदरभावले मेरो मनमस्तिष्क बाल्यकालदेखि नै राजसंस्थाप्रति अभिभूत भएको थियो ।

यही पृष्ठभूमि बोकेर युवावयमा म नेपाली कांग्रेससँग आबद्ध रहें । दाजु केशव कोइरालाले जब नेपाली कांग्रेसको राजनीतिक परिवेशमा प्रवेश गर्नुभयो र वामपन्थी' मित्रहरूसँग संवैधानिक राजतन्त्रको पक्षमा चर्को बहस गर्न थाल्नुभयो म नेपाली कांग्रेससँग नजिक भएँ तर जब दाजुलाई पञ्चायती

शासकहरूले बारम्बार जेलमा राख्दथे र शारीरिक यातना दिन्थे मेरो राजसंस्थाप्रतिको आस्था धरमराउन थाल्थ्यो । महामानव बी.पी. कोइरालालाई एकदिन मेरो उग्र सम्वादले भन्यो- "तपाईंहरू सधैँ राजाको वकालत गर्ने राजा भने तपाईंहरूलाई दुःख दिइरहने ! किन चाहियो राजा ?" सधैँ शान्त रहने वी.पी. ले त्यो दिन केही कडा स्वरमा भन्नुभएको थियो- "जोशमा होश पुऱ्याउनु पर्छ, राजा नरहे देश रहँदैन ।"

मैले राजाको दर्शनभेट डोल्पामा प्राप्त गरेको र राजालाई छोए पाप काटिने जनविश्वासलाई त्यस दिन पूर्ण गर्न नसकेको तिक्त अनुभव मैले अर्को स्मृतिग्रन्थमा उल्लेख गरिसकेको छु । बाँकी एउटामात्र घटनाको उल्लेख म यहाँ गर्न लागेको छु । त्यो हो मैले राजा वीरेन्द्रमा चढाएको बिन्तीपत्र ।

२०३७ सालमा म वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसमा अस्थायी सहायक प्राध्यापक पदमा नियुक्त भएँ । स्थायीका लागि निस्कने हरेक विज्ञापनमा म लिखितमा पास हुन्थेँ तर अन्तर्वार्तामा फेल । २०४१ सालमा मलाई मर्माहत बनाउने एउटा घटना घट्यो । लिखितमा २ नम्वरमा नाम प्रकाशित भयो, तर अन्तर्वार्तामा पुनः फेल भएँ । ममा एउटा अनौठो विद्रोह जन्म्यो, राजदरबारमा विन्तीपत्र हाल्ने । वीरगञ्ज हेटौँडा आदिमा हुने राजाको सवारीमा अभिनन्दनपत्र लेख्ने जिम्मा सबै मलाई दिन्थे । पछि थाहा पाएँ - पैसा भने आफूहरू पड्काउँथे तर मलाई ! दरबारमा प्रयोग गर्ने भाषाको लोभ यसबाट बोध भएको थियो । मैले बिन्तीपत्र हालेँ- ममाथि अन्याय पऱ्यो सरकार भन्ने मनसायको । मैले एक मित्रलाई मात्र जानकारी दिएको थिएँ । उनले खिसी गर्दै भनेका थिए "राजा सुन्दैनन् पशुपति बोल्दैनन् ।"

तर एकदिन राजदरबारको पत्र मेरो नाममा आयो । क्याम्पसमा हल्लीखल्ली मच्चियो- "शम्भुको भएको जागिर पनि गयो" आदि । साँच्चै, मेरो हंशले ठाउँ छाड्यो । मेरा हातगोडा फतक्क गले । चिठी खोल्दा म थरथर काँपेछु । तर पत्र राजाप्रतिको मेरो श्रद्धालाई अझ गाढा बनाउने भाकाको रहेछ । श्री ५ महाराजाधिराजबाट निजको बारेमा 'तु जानकारी पठाउनू' भन्ने मनसायको पत्र त्रि.वि. सेवा आयोगमा पठाइबक्सेको बोधार्थ निजी सचिवालयबाट आएको थियो । कैयौँ दिनसम्म म चर्चाको विषय रहेँ, राजाको मान्छे रहेँ । त्यसपछि खुलेको विज्ञापनमा म प्रमोसनसहित स्थायी भएँ । संयोग थियो वा राजाको आशीर्वाद, दैव जानून् ।

शाहवंशको इतिहासमा तीनओटा राजाहरूको अत्युच्च योगदान रहेको छ । खण्ड-खण्ड राष्ट्रलाई एकीकरण गरी सार्वभौम स्वतन्त्र नेपाल राष्ट्रको निर्माण गर्ने बडामहा राजाधिराज पृथ्वीनारायण शाह, एकतन्त्रीय जहानियाँ शासनको अन्त्यका र प्रजातन्त्रको बहालीका लागि गद्दी परित्याग गर्ने राष्ट्रपिता त्रिभुवन र प्रजातन्त्रको मूलबाटो बिर्सिएको मुलुकलाई पुनः संस्थागत रूपमा प्रजातन्त्र ल्याएर आफू स्वयम् संवैधानिक आदर्श राजाका रूपमा पूर्णतः अनुशासित बन्ने राजा वीरेन्द्र प्रजातन्त्रका पहरेदार, सचेतक, पथप्रदर्शक र उत्प्रेरकको रूपमा सम्मानित र चिरजीवन्त होइबक्सियो ।

संसदीय शासनप्रणालीको इतिहास हाम्रो मुलुकमा धेरै लामो छैन । शाहवंशीय राजाहरूबाट यसको अभ्यास र प्रयोगको प्रयास नभएको होइन तापनि राजतन्त्रको ऐतिहासिक क्रम र श्रृङ्खलामा श्री वीरेन्द्रको स्थान नेपालको कुण्ठित राजनीतिक क्षितिजलाई विस्तृत बनाउने र प्रजातन्त्रिक मूल्य र मान्यताअनुरूप शासन गर्न समुद्यत रहने अत्यन्त जनप्रिय, न्यायप्रिय र राष्ट्रवोधी नायकका रूपमा पहिलो पंक्तिको प्रथम स्थानमा उभिन्छ । निर्दलीय पञ्चायती व्यवस्थाको उर्वर कालखण्डमा राजा होइबक्सेर पनि चाटुकार-मण्डलीबाट प्रभावित नभै निर्वासनबाट फर्किएका महामानव वी.पी. कोइरालालाई दर्शनभेट दिनु, औषधीउपचारको लागि विदेश पठाएपश्चात् आममाफी दिनु, जनमतसङ्ग्रहको माध्यमबाट सङ्कुचित राजनीतिक क्षितिजलाई विस्तृत तुल्याउनु र अल्पमतको कदरको उद्घोष गर्नु, पूर्व प्र.म.गिरिजाप्रसाद कोइरालालाई २०४६ साल अघि जनभावना बुझ्न र तदनुरूप अग्रसर हुन अभिप्रेरित गर्नु, जनलहरको कदर गरी उच्च रक्तपात रोकी २०४६ सालमा राजनीतिक नेताहरूसँग समझदारी कायम गरी बहुदलीय संसदीय राजनीतिक व्यवस्थाको मार्ग प्रशस्त गर्नु र तत्पश्चात् असामयिक निधनपर्यन्त पूर्णतः संविधानको एकमात्र प्रतिपालकको रूपमा रहनु जस्ता घटनाहरूले राजा वीरेन्द्रले राजतन्त्र र प्रजातन्त्र एक अर्काका अभिन्न अङ्ग हुन् भन्ने बलियो प्रमाण पेश गरिबक्सियो ।

एक गरिब मुलुकको, अशिक्षित जनताको बाहुल्य भएको, राजनीतिक त्याग, मूल्य र मान्यता प्रायः स्वार्थको धमिलो पानीमा पखालिसकेका नेताहरू भएको मुलुकमा तत्काल जनताको पनि पूर्णतः मन जित्न सक्नु एक सत्ताधारी राजाका लागि अत्यन्त कठिनतम कार्य हो । बालकदेखि वृद्धसम्म, कुण्डलधारी युवा जमातदेखि मुण्डनधारी युवती जमातसम्मकाले १९ जेठको घटनामा विह्वल भएर भक्कानो फुटाएर रोएको र नेपालका इतिहासमा त्यति धेरै मान्छेले कपाल खौरेको पहिलो र शायद अन्तिम मार्मिक घटना हो । मेरा स्वर्गीय पिताजीलाई ठेस नलागोस् वहाँको मृत्युमा मैले आँसु चुहाउन सकिन, तर राजा ! तिम्रो मृत्युमा म खुब रोएँ, मेरो मन धेरै रोयो ।

मान्छेको जातलाई सामान्यभन्दा सामान्य शक्ति र अधिकारको हनन पनि मृत्युबोध जस्तो हुन्छ। सत्ताको अन्धमोहमा टाँसिएर अनेकौं सत्ताधारीको बिचल्ली भएको र अनेकौं कष्ट बेहोर्नु परेका घटनाहरू विश्वमञ्चमा जीवन्त छन्। अधिकारसम्पन्न पाण्डवहरूले मात्र पाँच गाउँ माग्दा पनि कौरवहरूले मृत्यु दिएको पौराणिक घटना स्मरणीय छ। राजा वीरेन्द्रले आफूमा निहित असीमित अधिकार सिधै जनतालाई हस्तान्तरण गर्नु चानचुने मुटुको काम होइन, विदेहको काम हो। राजा यसैगरी कहिल्यै नमरून् तर राजा यस्तै पाइरहूँ।

"प्रजा सुखे सुखं राज्ञः प्रजानां च हिते हितम्।
नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम्।"

क्याम्पस प्रमुख
स्नातकोत्तर क्याम्पस, विराटनगर

●

शान्ति र सरलताका अवतार : स्वर्गीय श्री ५ वीरेन्द्र

• *शिवहरि रिमाल*

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारका सामीप्यमा रहन पाउँदाको सम्झना गरी केही लेख्नु भनी श्री ५ वीरेन्द्र स्मृतिग्रन्थ समितिका तर्फबाट राजकीय प्रज्ञा-प्रतिष्ठानका उपकुलपतिज्यूको पत्र पाउँदा मलाई केही चुनौती, केही आनन्द र केही कर्तव्यका भावनाहरू एकसाथ आए । त्यस्ता महान् आत्माको सम्बन्धमा केही लेख्न सक्ने आफूमा योग्यता नभए पनि पहिलेका केही संस्मरण समर्पण गर्ने साहस गरेको छु ।

आफूले जीवनको विहानीदेखि राजदरबारअन्तर्गत र श्री ५ हरूकै सेवामा रही धेरै वर्ष बितिसकेको हुँदा अनेकौं सम्झनाहरू आइरहन्छन् । यस देशको इतिहासमा आएका परिवर्तनहरूलाई मौसुफ सरकारहरूबाट कसरी नजर हुन्थ्यो भन्ने कुरा केही मात्रामा भए पनि जान्न पाएको छु । मलाई विश्वास छ श्री ५ महाराजाधिराज सरकारहरूबाट यस देश र देशवासीका निमित्त अगाध प्रेम राखिबक्सन्छ जुन अटल र अखण्ड रहिआएको छ ।

यस देशको इतिहासमा २००७ सालको जुन महान् ऐतिहासिक घटना भयो त्यसमा श्री ५ महाराजाधिराज त्रिभुवनवीरविक्रम शाहदेव सरकारको ठूलो साहस अनि मानवतावादी भावनाप्रतिको प्रेम नै कारक तत्त्व हो भन्ने विश्वास मलाई लाग्दछ । यो कुरा कुनै इतिहास पढेरमात्र होइन आफैं देखेर अनि अनुभूति गरेर जान्न पाएको हुं । जुन बेला श्री ५ त्रिभुवन सरकार दिल्ली सवारी भइबक्स्यो त्यो समय श्री ५ अधिराजकुमार वसुन्धरा वीरविक्रम शाहका असीम कृपाबाट मैले पनि त्यस यात्रामा सम्मिलित हुन पाएको थिएँ । श्री ५ सरकारहरूको दिल्ली आप्रवास २००७ साल कार्तिक २६ गतेदेखि सोही साल फागुन ३ गतेसम्म रह्यो जुन समय दिल्लीमा रहँदा श्री ५ वीरेन्द्र सरकारका सान्निध्यमा पनि रहन पाएको मेरो पहिलो अनुभूति हो ।

त्यस समयमा श्री ५ वीरेन्द्र ५ वर्षमात्रका होइबक्सन्थ्यो । प्रतिदिन बेलुका ८ बजे सुकला भइबक्सने बेला एक न एक कथा बिन्ती चढाउनु पर्थ्यो । त्यसका निम्ति मलाई हुकुम भैबक्सन्थ्यो । कथा बिन्ती चढाउँदा कुनै पौराणिक अथवा ऐतिहासिक कथाको शान्त भावलाई विशेष मन पराइबक्सन्थ्यो । ध्यान बक्सेर सुनिसकेपछि सुकला भैबक्सन्थ्यो ।

यो कथा सुनिबक्सने क्रम नित्य थियो । मौसुफको बालमानसमा शान्त भावले प्रभाव पारेको देख्दा मलाई अति आनन्द लाग्दथ्यो । भोलिपल्ट बेलुका पुनः कथा प्रारम्भ हुने बेलामा अघिल्लो दिनको कथाको मञ्जुर परेका अंश सबै हुकुम भई अगाडि-अगाडिका प्रसङ्ग सुनिबक्सी सुकला भइबक्सन्थ्यो । कथाको क्रम र अन्त्य अनि त्यस कथाले लिने गतिको विषयमा सरकार विशेष रुचि राखिबक्सन्थ्यो ।

अहिले मलाई लाग्छ, सरकारका महान् स्वभावहरूमध्ये यो पनि महत्त्वपूर्ण थियो । मौसुफ सरकारबाट पछि जहाँ-जहाँ भ्रमण गरिबक्स्यो त्यहाँको स्थान, प्रकृति तथा निवासीहरूका समेत अनेकअनेक असंख्य कथाहरू सुनिबक्स्यो होला । जसजसले मौसुफ सरकारको सान्निध्य पाउनुभएको थियो वहाँहरूलाई थाहा भएकै होला ।

फेरि त्यसै बेलातिर फर्कौं । मौसुफ सरकारको प्रतिदिन दिउँसो एक घण्टा मोटरमा बाहिर घुम्न सवारी भइबक्सने नियम

थियो । तत्कालीन खर्दार श्री सूर्यमान जोशी (पछि काजी) जस्लाई श्री ५ वीरेन्द्रबाट 'ख' मात्र हुकुम भइबक्सन्थ्यो, सधैं सरकारका साथ रहनुहुन्थ्यो । यसरी बाहिर घुम्न सवारी भइबक्सँदा मलाई पनि लगिबक्सन्थ्यो । सरकारको हरेक कुरा जानिबक्सने उत्सुकताले गर्दा बाहिर कतै केही नजर भइबक्सनासाथ त्यसका विषयमा सोधखोज गरिबक्सन्थ्यो । मोटरमा अगाडि बसेका सुरक्षा अधिकृतले त्यस विषयमा उनले जानेबुझेका कुरा हिन्दीमा बिन्ती चढाउँथे । ती सबै कुरा मौसुफ सरकारबाट एकएक सम्झना राखिबक्सन्थ्यो । अरू कुनै दिन त्यही बाटोबाट सवारी भइबक्सन परेका बेलामा त्यस विषयमा पहिले सुनिबक्सेका सबै हुकुम भइबक्सन्थ्यो । मलाई यो कुरा आश्चर्य लाग्थ्यो ।

त्यस समय श्री ५ महेन्द्र सरकारबाट श्री ५ वीरेन्द्र सरकारमा अत्यन्त स्नेहपूर्वक "विनायक" नामबाट बोलाइबक्सन्थ्यो भने श्री ५ वीरेन्द्र सरकारबाट पनि आफ्ना बुबाज्यू श्री ५महेन्द्रमा अतिश्रद्धा राखी मौसुफका इच्छा अनुसारकै सबै दिनचर्या गरिबक्सन्थ्यो ।

दिल्लीमा अशोकमार्गस्थित हैदराबाद हाउस फराकिलो र आवश्यक सबै सामग्रीले परिपूर्ण थियो । त्यहाँ नै भारत सरकारको विशिष्ट अतिथिको सम्मानमा श्री ५ त्रिभुवन सरकार सपरिवार राज भइबक्सेको थियो ।

त्यस हाउसको परिसरमा राम्रा चौर तथा राम्रा राम्रा फूलहरू ढपक्क फुलेका हुन्थे । यसरी फुलका क्यारीहरूका बीचमा श्री ५ वीरेन्द्र प्रतिदिन केही खेल खेल्ने गरिबक्सन्थ्यो । त्यस्तोमा खेल खेल्दा यथोचित मर्यादापालन गरिबक्सन्थ्यो । तथापि खेल खेल नै हो । कहिलेकाहीं जितहार पनि भइरहन्थ्यो । त्यस्तोमा पनि मौसुफका मुहारमा उही शान्तपन र प्रसन्नता छाइरहेको हुन्थ्यो ।

नेपालको इतिहासमा अनेक परिवर्तनहरू भए तर २००७ सालको परिवर्तनको आफ्नै विशेषता छ । त्यसै बेलादेखि यस देशले आधुनिकताको नयाँ मोड लिएको हो विशेष गरेर उच्च शिक्षाको क्षेत्रमा पनि प्रगति हुँदै गयो । राम्रो शिक्षा प्रदान गर्ने चाहना हुँदै गयो । यसै क्रममा श्री ५ वीरेन्द्र सरकारबाट भारतको दार्जिलिङ्गमा शिक्षा प्राप्त गरिरहिबक्सेको समय २०११ साल मंसिर महिनातिर हिउँदे छुट्टीमा काठमाडौं सवारी चलाउने बेला पनि माथि लेखिएकै क्रमले सम्मिलित हुन पाएको थिएँ । सवारीसाथै बाह्रतेह्र जना विद्यार्थी दार्जिलिङ्गबाट उही सानो बसद्वारा बागडोगरा हुँदै डाकोटा प्लेनद्वारा काठमाडौं सवारी भित्री बक्सँदा तथा २०१२ साल वैशाखमा पनि दार्जिलिङ्गमा नै पुनः दर्शन पाउने अवसर पाएको हुँ । त्यस बेला विद्यार्थी समूहमा पनि मौसुफ सरकारबाट उही शान्त र मिलनसार व्यवहार गरिबक्सेको दर्शन पाएको थिएँ ।

मौसुफका बाल्यअवस्थादेखि नै मनमा रहेको शान्तपन यथोचित समयमा प्रस्फुटित भयो, २०३१ सालमा मौसुफको शुभराज्याभिषेकको पावन उपलक्ष्यमा शान्ति सन्देशस्वरूप "शान्तिक्षेत्रको प्रस्ताव" राखिबक्स्यो । महात्मा बुद्धको शान्तिज्योतिले एसिया ढाकेजस्तै महान् आत्मा श्री ५ वीरेन्द्रको शान्तिको सुगन्ध संसारभरि फैलियो । यसको महत्त्व बुझ्नेले बुझे, धेरै देशले स्वीकार गरे, समर्थन गरे । यो अत्यन्त महत्त्वपूर्ण कुरा थियो, बरु हाम्रो तपस्या पूर्ण भइनसकेकाले होला, हामीले नै त्यसको सदुपयोग गर्न जानेनौं । यो सबै इतिहासले समीक्षा गर्नेछ ।

पछिपछि पनि माथि लेखिएजस्तै क्रमले श्री ५ अधिराजकुमार वसुन्धराका कृपाबाट श्री ५ महाराजाधिराज वीरेन्द्रको सवारीमा २०३२ मा सुर्खेत तथा २०३४मा चितवनमा पनि सम्मिलित भई स्वयम् मौसुफ सरकारबाटै चलाइबक्सेको हेलिकोप्टरमा कतिपटक उड्न पाएको थिएँ । मैले मौसुफ सरकारको सान्निध्य पाएका प्रत्येक अवसरमा मौसुफ सरकारको व्यक्तित्व र स्वभावमा उही शान्तपन र गम्भीर प्रकृति थियो । सबै माथि उस्तै सरल व्यवहार गरिबक्सेको पाएको थिएँ ।

मौसुफ सरकारबाट सम्वत् २०३३ जेठ महिनामा पहिलोपटक सोझै हिमालयमाथिबाट उडान गरिबक्सी मित्र राष्ट्र चीनको सेचुवा प्रान्तको छेङ्टु तथा तिब्बतको मैत्रीपूर्ण भ्रमण गरिबक्स्यो । त्यो भ्रमण धेरै दृष्टिले अति महत्त्वपूर्ण थियो । पहिलो कुरा नेपालकै पवित्र भूमिमा पैदा भएका राजकुमारको शान्तिज्योतिको मार्गदर्शनबाट बनेका झोखाम् आदि गुम्बाको नेपालकै अर्का शान्तिप्रिय सम्राट्को स्पर्श पाउनुका साथै मौसुफ सरकारको सवारी नै बाहिरका राष्ट्राध्यक्षको पहिलो तिब्बत भ्रमण थियो । चीन र चीनको सम्बन्ध राम्रो हुनु अनि श्री ५ वीरेन्द्र सरकारको राजनीतिक व्यक्तित्वको चीनद्वारा सम्मान गरिनु जस्ता कुरा हाम्रा निम्ति महत्त्वका विषय हुन् । मौसुफ सरकारको यस भ्रमणमा खास गरी तिव्बत स्वशासित क्षेत्रको सवारीको निकै सम्झना आउँछ ।

ल्हासाको पोटाला दरबार अवलोकन गरिबक्सँदा सरकार अति प्रसन्न भइबक्सन्थ्यो । यो एक महान् दरबारमात्र नभएर एक धार्मिक भावनाको केन्द्र अनि कलाकारिताको अनुपम नमूना थियो र छ । त्यस दरबारको अवलोकनमा पनि सरकारको सान्निध्यमा हुने अवसर पाएको थिएँ । पहिलो कुरा सरकार आफैं कलाकार भइबक्सेकाले पोटाला दरबारमा मौसुफमा रुचि लाग्ने विषय त्यहाँका सम्पन्न र परम सुन्दर तिब्बती कलाका नमूना थिए ।

त्यहाँ सरकारबाट अति ध्यान बक्सेर कलाका वस्तुहरू नजर गरिबक्सेको हेर्ने अवसर पाएँ । यसरी नजर गरिबक्सँदा त्यहाँका विशिष्ट मूर्तिहरू र भव्य भित्ती चित्रहरूका बारेमा गाइडले बिन्ती चढाएको सबै सुनिबक्सेपछि सवारी साथका अरूले पनि राम्रोसँग सुनून् बुझून् भन्ने चाहनाले सबैलाई नजर भई मौका बक्सिकनमात्र प्रसन्न भई अगाडिको कक्षतिर सवारी भइबक्सन्थ्यो । यो भ्रमण अरू दृष्टिले पनि महत्त्वपूर्ण थियो । सवारीमा सिँचाइ प्रोजेक्ट, कपडा कारखाना, कृषि मेसिनरी प्लान्ट, कार्पेट फ्याक्ट्री, आदि हाम्रो देशलाई उपयोगी हुने विषयमा विशेष ध्यान बक्सी सबैलाई देख्न, बुझ्न मौसुफ सरकारबाट प्रोत्साहन बक्सेको थियो । त्यस भ्रमणका अवसरमा सांस्कृतिक विषयको अवलोकनबाट सरकारको मुहारमा जुन प्रसन्नता देखिन्थ्यो त्यसबाट मलाई सरकारको माथि सम्झना लेखेको बालककालको जिज्ञासु प्रकृति र स्वभावको सम्झना भएको थियो ।

मैले आरम्भमा नै भनैं मेरा निम्ति श्री ५ महाराजाधिराज वीरेन्द्रको सम्झना भनेको एक विशाल विषय हो । मैले सम्पूर्ण सम्झनाको सार मौसुफको शालीन व्यक्तित्वलाई बनाएँ किनकि त्यो व्यक्तित्वको मैले जहिलेजहिले दर्शन पाएँ मौसुफको मुहारमा बाल्यकालदेखि कै उही शान्त मुस्कानको रेखा, उस्तै सम्झना तथा सरलता प्रकट भइरहेकै दर्शन पाएको थिएँ । त्यो अनुभूति मौसुफ सरकारको सान्निध्य जसजसले पाए ती सबैलाई भएको हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

वालाजु
२८।१०।२०५९

●

श्री ५ वीरेन्द्र म बालकको स्मृतिमा

• *शैलेश खनाल*

मैले आफ्नो राजालाई नजिकैबाट हेर्ने मौका पाएको थिइन । फोटोमा, किताबमा देख्दा एकपटक भेट्न पाएहुन्थ्यो भन्ने मेरो मनमा लागिरहन्थ्यो तर कसरी भेट्ने मलाई थाहा थिएन । एक दिन मैले मेरो हजुरबुबालाई सोधेँ– राजालाई हामीले भेट्न पाइन्छ कि पाइँदैन ? हजुरबुबाले भन्नुभयो– "पाइन्छ । तँलाई राजा भेट्ने मन भए ल हिँड ! अहिले नै लगिदिन्छु ।" म खुसी भएँ र उहाँको पछि लागेँ । घण्टाघरनिर पुगेपछि थाहा पाएँ त्यो दिन राजाको जन्मदिन रहेछ । अरू पनि धेरै मान्छे हातमा फूलमाला लिएर आएका थिए । मैले पनि हातमा फूल लिएँ । मलाई रमाइलो लागेको थियो । राजदरबारमा पुगेपछि मैले हातको फूल राजालाई दिएँ । राजाले हाँसेर फूल लिँदै मेरो हात समाइबक्स्यो । हामीजस्ता साना बालकलाई पनि हाम्रा राजाले माया गरिबक्सँदो रहेछ भन्ने थाहा पाई मलाई साह्रै खुसी लाग्यो । त्यस दिनको सम्झना आज पनि मलाई भइरहेको छ । म राजा वीरेन्द्रलाई कहिल्यै बिर्सन्न । आशा छ, मेरो यो सम्झना छपाई हामी जस्ता बालकप्रतिको राजाको माया सबै बालकसमक्ष पुऱ्याइदिनुहुनेछ ।

सुपर लक्की इङ्लिस बोर्डिङ स्कुल
कक्षा– २
२०५९/८/१८

●

हाम्रा आदर्श राजा : श्री ५ वीरेन्द्र

● *सहप्रा. श्याम दाहाल*

हाम्रो पूर्वीय सभ्यता र संस्कृतिले राजालाई विष्णुको अंश र शिवसाधनाले सम्पन्न परशुराम जस्तै सत्य र न्यायको पक्षमा उभिने सशक्त स्वरूप ठानेको छ। त्यो उच्च मानवीय शक्ति राजामा स्वतः अन्तर्निहित गराएर जनतालाई सुरक्षित र समृद्ध बनाउने आर्य संस्कृति र हिन्दू सभ्यताको परम्परा हो। त्यस परम्पराले हाम्रो नेपाली समाजलाई प्रखर बनाएर प्राचीन कालदेखि नै समयसापेक्ष बनाउँदै लगिरहेको छ किनभने समय सबभन्दा बलवान् र परिवर्तनशील पनि छ। यसले संसारका अनेकौं गौंडागल्छेडाहरूलाई नाघ्दै गइरहेको छ। मानिसमा चेतनाभन्दा आर्थिक सम्पन्नता अवश्य पनि शक्तिशाली वस्तु चाँहि होइन किनभने आर्थिक सम्पन्नताको उन्मादले ध्वंसात्मक गति लिएर त्यस समुदायको पतन गराउन पनि सक्तछ। यसका अनेकौं उदाहरणहरू आज पनि हाम्रासामु झल्झली उभिन आइपुग्दछन्। तसर्थ भूमण्डलीय परिधिभित्रका जुनसुकै ठाउँका हुन्, सबै किसिमका बोट-बिरुवाहरूलाई आ-आफ्नै प्रकृति र भू-बनावटको वातावरण र त्यसैको प्रष्ट भूमिका, परिपोषण र सहायता गरी सहज रूपले हुर्किन दिनुपर्दछ। त्यसो भएमात्र तिनीहरूलाई स्थायित्व प्राप्त गर्न सजिलो पर्दछ। किनभने सबै किसिमका बोट-बिरूवाहरूलाई एउटै प्रकृति र वातावरण अपच भएर अफाप पनि हुन सक्तछ र बोट-बिरुवाहरू जिरिङ्ग भई नफस्टाएर सधैं मरणासन्न अवस्थामा, न गरिखाने, न मरिजाने हुन सक्तछन्। यसै परिप्रेक्ष्यलाई अघि सार्दा नेपालको अति प्राचीन आफ्नै मौलिक पहिचान र प्राकृतिक वातावरण पनि छ। अनेक जातजाति, अनेक भाषा, अनेक धर्म, अनेक संस्कृति र अनेक परम्पराका बीच एक अर्काप्रति सहिष्णुतालाई मूलमन्त्र मानेर बाँचेका नेपालीहरूको अहिलेसम्म राजमुकुटभन्दा व्यापक र लोकप्रिय अरू संस्था मौलाउन सकेको छैन। राजमुकुटले आफूलाई सधैं नेपाली जन-भावना र जन-चाहना अनुकूल बनाएर विविधता र अनेकताबीच पनि एकता गराएर सार्वभौमसम्पन्न नेपाली राष्ट्रिय एकताको प्रतीक र जनाधार बनाउँदै आइरहेको छ।

नेपाली जनचेतनामा श्री ५ वीरेन्द्र राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहपछिका सर्वाधिक लोकप्रिय राजाका रूपमा परिचित होइबक्सिन्छ। राजाले जनभावना र जनचाहना बुझेर सधैं अघि बढ्नु, नेपालको आफ्नै मौलिक परम्परा रहिआएको छ। दर्शनभेट पाउनेहरू र बारम्बार नजिक पुग्नसक्नेहरूका अनुसार श्री ५ वीरेन्द्र आफ्नै स्वभावले सहज नेपालीका रूपमा प्रस्तुत हुने र स्पष्टवादी होइबक्सिन्थ्यो। मौसुफलाई राजाका रूपमा सबैले प्रशंसा गरेपनि आफ्ना गल्ती-कमजोरीहरू जनताले सोझै भन्न सक्तैनन् भनेर जनभावना र चाहना के कस्तो छ ? बुझ्न बेला मौकामा थाहै नदिई आफैं पनि एक्कासि जनतामाझ पुग्ने मौसुफको अनौठो र अत्यन्तै साहसी बानी थियो। मूलतः म नेपाली जनताको राजा हुँ, मैले उनीहरूसँग मिलेर बस्नुपर्दछ र नेपाली जनताकै सुख-दुःखमा सहभागी बनी उनीहरूकै इच्छालाई आफ्ना कामका लक्षण बनाउनुपर्दछ भन्ने मौसुफका हरेक क्रिया-कलापहरूले देखाउने गर्दथे। जो सुकैसँग कुरा गर्दा पनि राजाको हैसियत नदेखाई साधारण नेपालीजस्तै भएर कुराकानी गर्दै छलफल गरेर

साधारण नेपालीजस्तै भएर उसको चित्त बुझाइदिने मौसुफको प्रशंसनीय बानी थियो । नेपाली जनताको पीरमर्का नजिकबाट बुझ्ने तीव्र अभिलाषाले नै मौसुफलाई नेपाली जनमानसमा बढी लोकप्रिय राजा बनाएको हो । जुन व्यक्तिसँग कुरा गर्दा पनि हामी बराबरी हौं भन्ने भाव देखाउन सक्नु मौसुफको सबभन्दा ठूलो प्रजातान्त्रिक गुणको परिचायक हो । तसर्थ, साधा रहनसहन र उच्च विचारले प्रेरित अत्यन्तै शालीन व्यक्तित्वका धनी श्री ५ वीरेन्द्र एक्काइसौं शताब्दीका जनप्रिय प्रजातान्त्रिक राजाका रूपमा शिखर व्यक्तित्व स्थापित हुन सकिबक्स्यो । जनता नै आफ्नो सर्वस्व सम्झिने श्री ५ वीरेन्द्रलाई आफ्नै जनतामाझ भिजेर उनीहरूकै भरोसा गरी सँगै मिलेर बस्नुपर्छ भन्ने प्रेरणा श्री ५ महेन्द्रबाट पनि मिलेको हुन सक्तछ किनभने श्री ५ महेन्द्रकै प्रशिक्षण र प्रेरणाले कसैलाई थाहै नदिई मौसुफबाट मुलुकका विभिन्न भागको भ्रमण गरिबक्सियो । यो भ्रमण नेपाल अधिराज्यका युवराजाधिराजको हैसियतले होइन, एउटा साधारण नेपाली जस्तै भएर कसैलाई थाहा, पत्तै नदिई, आफ्नै पीठ्युँमा झोला भिरेर केवल ३-४ जना ए.डी.सीमात्र साथ लिई मौसुफ देशभरि घुमिवक्सियो । मौसुफको भ्रमणका १-२ वटा घटनाहरू यस पंक्तिका लेखकसँग पनि जानकारीमा रहेका छन् ।

ओखलढुङ्गा जिल्लाको सदरमुकामदेखि ४-५ कोश पश्चिमको उच्च पहाड, जस्को फेदीमा औलो लाग्ने बेसी र थाप्लोमा हिउँ पर्ने चिसापानी थाम भन्ने अनेकौं नागी र पर्वत शृङ्खलाहरूले सुन्दर देखिने अत्यन्तै रमणीय ठाउँ छ । उत्तरतिर त झन् झकिझकाउ भएर बसेका हिमशृङ्खलाहरूले सबैको मन लोभ्याउने- आहा ! महाकवि कालीदासले-

> *“अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालया नाम नगाधिराजः ।*
> *पूर्वापरौ तोयनिधीवगाह्य स्थितः पृथिव्या इव मानदण्डः ॥*

त्यस मनमोहक पवित्र दृश्यलाई यहींबाट त देखेका होइनन् ! यसै रमणीय चिसापानी थाम भनिने थाप्लोनिर छोरो परदेश गएर बेपत्ता भए पनि साहसपूर्वक दश-आठवटा भैंसी पालेर सानो-तिनो खेतीसमेत गर्दै आफ्नै जाँगरिला पौरखी हातले ‘दही’ बेचेर एउटी आमै राम्ररी नै आजीविका चलाउने गर्दथिन् । उनको घरवाहेक त्यहाँ बस्नलायक अरू घरहरू थिएनन् पनि । त्यसैले त्यो मूलबाटो हिड्ने मान्छेहरू उनलाई ‘दही बूढी’ भन्ने गर्दथे । उनी आफ्ना दहीको प्रशंसामा राजाका छोराले समेत मीठो मानी अन्जानमै आफ्नो परिचय नदिई वास बसेर भोलिपल्ट सवारी भएछ । बूढीले पनि थाहा पाइनछन् । उनको छोरो चाँडै घर फर्केर आउने आशीर्वचन र केही धनराशि वकससमेत दिएको कथा सविस्तार सुनाउने गर्दथिन् ।

२०२४ सालमा म कलेजमा पढाउन लमजुङ गएँ । त्यहाँ पनि कुन्छा भञ्ज्याङ्गको एउटा चियापसलमा माहिली बज्यै त्यही बेन्चमा त्यहीं बसेर राजाका छोराले चिया खाएको हो बस्नुहोस् है सर ? भन्ने गर्दथिन् । त्यतिखेर त्यो घटना त्यहाँ आलै थियो । त्यहींको शान्ति हाईस्कूलमा बास बसेर बिहान पूर्वतिर सवारी भएछ । त्यही कुन्छा भञ्ज्याङ्गको दक्षिणतिरको भित्ते उकालो बाटो आधा घण्टा हिडेपछि ‘चौतारीमा राजा भेटियो’...... भन्ने क्षेत्रप्रताप अधिकारीको वयपानी भञ्ज्याङ्गमा घर पर्दछ । बिहान कुन्छाबाट हिडेर बास बस्न तार्कुघाट सवारी भएछ । त्यहाँ स्थानीय व्यक्ति (जि.पं.स.) पूर्णलाल श्रेष्ठले झ्यालबाट बिहान ४ बजेतिर कमेज सुरुवालमाथि सुकिलो मण्डी ओडेको मान्छे जुनको टहकमा सडकमा ओहोर-दोहोर गरिरहेको देख्नुभएछ अनि त्यहीं ४:१५ बजेतिर १०।८जना ठिटाहरूसँग उक्त व्यक्तिको जम्काभेट भयो-“ए.....दाइ !... कहाँ हिडेका ?” “गल्लावालेसँग तौलिहवा जान,” “ त्यहाँ गएर के गर्छौ ?” “छानियौं भने बृटिस आर्मीमा भर्ती भएर हङ्गकङ्ग मलाया जान पाइन्छ ।” “अहिले त हाम्रै नेपाली सेनामा पनि भर्ती लिन्छ रे नि” “अँ...हँ.... लिदैन, लिए पनि थोरै लिन्छ, पोहोर हिउँदभरि कुरेर बितायौं, पालै आउँदैन, खर्चमात्रै भयो । यसले भर्ती भए नभए पनि तौलिहवासम्म जानेआउने खर्च दिन्छ,” भनेर उनीहरू गएछन् । आधाघण्टा पछि एकजना व्यक्ति पूर्ण लालजीको घर यही हो ? हजुर तल आउनुहोस् त ?.... तपाईं तुरुन्तै दौरा, सुरुवाल, कोट लगाएर आउनुहोस् स्कूलमा श्री ५ युवराजाधिराज सवारी भएको छ ।” भन्न आइपुगेछ तुरुन्तै गएर दर्शन गर्नुभएछ । “यस ठाउँका लागि अति आवश्यक के छ ? भन एउटा कुरा म तुरुन्तै गराइदिन्छु” हुकुम भएछ । स्कूल... धारो... हुलाक... बाटो... सिंचाइ... विस्तार गर्दा-गर्दै...“ल म अहिले गएँ” हुकुम भएर गोरखातिर सवारी भएछ । पूर्णलालजी अकमक्क परेर जिल्लाराम !...। तार्कुघाटको भाग्य बिगारि दिएँ भनेर सधैं पछुतो गर्नुहुन्थ्यो ।

कहिलेकाँही राति ९-१० बजेतिर छोरी श्रुतिकहाँ मण्डी वा दोलाईं ओडेर एक्लै पैदल सवारी हुन्थ्यो रे !...एकदिन एउटा सुरक्षाकर्मीले सरकार, यसरी सवारी भइदिएर कसरी सुरक्षा हुन्छ र, हामीहरू बसेको के काम, भन्दा मलाई चिने पनि जनताले केही गर्दैनन् तिमीहरू केही गर्दैनौ होला अनि के को डर छ र मलाई हुकुम हुन्थ्यो रे भन्ने किंवदन्ती पनि छ ।

यसर्थ, देशको कुना-कन्दरामा देशको माटो कुरेर बस्ने यिनै भोका-नाङ्गा नेपालीहरूका पीर-मर्का, दुःख-दर्द, पीडा र दारिद्र्यलाई एकदमै नजिकबाट आफ्नै नजरले देख्दा-देख्दै र अनुभव गर्दा-गर्दै श्री ५ वीरेन्द्रको सम्वेदनशील हृदयमा बिझेको गहिरो चोट र किलोलाई संयुक्त राष्ट्रसंघले आयोजना गरेको अल्पविकसित

मुलुकहरूको पेरिस सम्मेलनमा मौसुफबाट बक्सेको अभिव्यक्तिले विश्वका राजनेताहरूलाई समेत अश्चर्यचकित पारेर चिन्ताको सागरमा डुबाइबक्सेको हो । त्यसको एउटा सानो अंश यहाँ यसरी प्रस्तुत गरिन्छ– “विशिष्ट प्रतिनिधिहरू, यो कुरा यस युगको सबैभन्दा ठूलो विडम्बना हो । हामीसँग एकातिर यत्रो धन, सम्पत्ति, ऐश्वर्य छ भने अर्कातिर त्यति नै अभाव, विपन्नता र हीनता छ । विश्वका गरिबहरूको पक्षमा मैले बोलिरहेको बेला दालभातका लागि कराइरहेको एउटा आवाज म सुन्छु । तर हामी उसलाई दालभात अथवा रोटीको बदला बम दिन्छौँ, ऊ दयाको भीक माग्दै हामीतिर हेर्छ, तर हामी उसलाई निर्दयताको तिरस्कार दिन्छौँ । जब ऊ शान्तिको कामना गर्दछ, हामी युद्धको तयारी गर्दछौँ । ”यसप्रकार राजदरबारभित्रको राजपरम्परामा जन्मेहुर्केको सम्भ्रान्त परिवारको एउटा राजाले संसारका धनी र गरिबको बीचको सूक्ष्म र स्थूल, अन्तर र दूरीलाई केलाउँदै सभ्य र सम्पन्नताको हाँक दिने एक्काइसौँ शताब्दीलाई उपहास गर्नसक्ने एउटा अत्यन्तै निर्धन व्यक्तिको आन्तरिक पीडाको कसरी सजीव चित्रमा प्रस्तुत गरिबक्सेको छ र वर्तमान रूपमा सामान्य गरिबीको रेखाभन्दा धेरै तल उभिएर यस युगको सभ्यता र सम्पन्नतालाई औँलो ठड्याइरहेको त्यस व्यक्तिको जिउँदो चित्रणले कहालीलाग्दो रूपमा सबैको मुटुलाई नै हल्लाइबक्सेको छ भन्ने कुरा बुझ्न सकिन्छ । मौसुफको उक्त सम्बोधनले विश्व समुदायको ध्यान आकर्षित गर्दै त्यस्ता निमुखा-निर्धनहरूका बीच रहेर पनि सम्पूर्ण साधनसुविधाहरूको आफैँमात्र उपभोग गर्ने विकसित राष्ट्रहरूलाई व्यङ्ग्यपूर्ण चुनौती र संसारको माया ममता नपाएका असहाय, निर्धन जीवनलाई मानवमात्रको हैसियतले उनीहरूकै पक्षमा उभिएर साहस र भरोसा दिलाउन सक्नु मौसुफको गम्भीर र सचेत अध्ययनशीलता र शालीन व्यक्तित्वको अनुपम नमूना हो भन्न सकिन्छ ।

राजा जनताबीचको आदरपूर्ण स्नेह-सद्भाव नेपालीमात्रको आफ्नै मौलिक परम्परा हो । सच्चा नेपाली चेतनाले राजालाई पितातुल्य मान्दछ र राजाबाट हरेक नेपालीले पुत्रवत् मायाममता पाएको अनुभव गर्दछ । त्यसैले नै “राजा सबका साझा हुन्” भनेर लोकोक्ति बनेको हो । जनभावना र चाहना बुझेर जनताको इच्छा पूरा गरिदिने हाम्रो राजपरम्परा रहिआएको छ । २०३६ सालको जनमतसङ्ग्रह र २०४६ सालको बहुदलीय व्यवस्था यसैका उदाहरणहरू हुन् । सूर्यवंशी राजा रघुले सारा सम्पत्ति दान दिएर आफूसँग केवल माटाका भाँडा मात्र बाँकी राखेझैँ- जनताको इच्छा बुझेर आफूसँग रहेको नासो (अधिकार) आफ्नै हातले नेपाली जनतालाई सुम्पिदिनसक्ने कति उदारता र महानता श्री ५ वीरेन्द्रमा रहेछ ?...त्यस्को अन्य वस्तुसँग तुलना नै हुन सक्दैन । तसर्थ, तमाम नेपाली जनताको हृदयमा श्री ५ वीरेन्द्र कति लोकप्रिय होइबक्सिन्थ्यो भन्ने २०५८ साल जेठ १९ गतेको राजदरबारको अप्रत्याशित बीभत्स, हृदयविदारक, दर्दनाक घटनापछि आवालवृद्धवनिताहरू मात्र होइन आधुनिक युगलाई हाँक्नसक्ने पढेलेखेका नवयुवकहरू समेत आफ्नो हृदयमा विराजमान आस्था र विश्वासको महान् पहाड लगलगी कामी हल्लेर डग्मगाएको देखी विचलित भएर श्रद्धापूर्वक छुराले खौरेको नाङ्गो टाउको लिई बीच सडकमै डाँको छोडेर हिडेको घटनामा देखियो । यति ठूलो आँसुको भल नेपाल अधिराज्यमा कहिले बग्यो होला र ? धन्य राजा, दुई करोड नेपालीका मुटु !...

पद्मकन्या बहुमुखी क्याम्पस

वीरेन्द्रस्मृतिका पानाहरू

● *सुन्दरप्रताप राना*

स्वतन्त्र, अविभाज्य, राजतन्त्रात्मक प्रजातान्त्रिक हिन्दू अधिराज्य नेपाल हाम्रो राष्ट्रिय उद्देश्यको शीर्षस्थ केन्द्रबिन्दु हुन् । राष्ट्रियता, देशभक्ति र राजभक्ति राष्ट्रहितका सबैभन्दा महत्त्वपूर्ण कडी हो । राष्ट्रिय एकताका प्रतीक श्री ५ महाराजाधिराजको न्यानो माया र भरोसा नेपाली मात्रमा, नेपालीको आस्था र विश्वास सदाझैं राजामा रहिरहेमा राष्ट्रिय एकताको सूत्र बलियो रहिरहनेछ । राष्ट्रहित रक्षाका लागि एकताभन्दा ठूलो बल केही हुन सक्दैन । नेपालको एकीकरण, सुदृढीकरण, प्रजातन्त्रीकरण, राजा र प्रजाको परम्परागत प्रगाढ सम्बन्ध र साझा प्रयासको प्रतिफल हो । राष्ट्र निर्माण, संरक्षण र राष्ट्रिय हित रक्षाका लागि हाम्रा विभूतिहरूले विभिन्न कालमा जीवन उत्सर्ग गर्दै आएका छन् । यस सन्दर्भमा शाहवंशका कीर्तिस्तम्भ गरिमामय शुभ्र, शान्त, सौम्य विशिष्टताले भरिपूर्ण विकासप्रेमी, प्रजातन्त्रवादी, राष्ट्र उत्थानका महान् सार्थक नक्साकार श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकारको योगदान इतिहासमा स्वर्णीम अक्षरले लेखिनेछ । सरकारलाई परिचय गराउन कुनै विशेषणले विभूषित गरिरहनुपर्दैन, शब्दहरूले सजाउनुपर्दैन, रङ्गहरूले रङ्गाउनपर्दैन, सम्झँदैमा पनि ओजस्वी व्यक्तित्वका धनी प्रजावत्सल राष्ट्रनायकको शीतल आभास र न्यानो माया मानसपटलमा स्वतस्फूर्त हुन्छ ।

एउटा राष्ट्रवादी राजनेता, एउटा आदर्श राजा, कुशल कूटनीतिज्ञ, आदर्श पति, असल पिता, राष्ट्र र राष्ट्रिय हितको लागि सधैं मिहेनतसाथ लागिपर्ने विकासका संवाहकका रूपमा सरकारको छवि सधैं प्रातस्मरणीय छ । राजा वीरेन्द्रको व्यक्तित्वका बारेमा पूरा ज्ञान राख्छु भन्नु केवल इच्छा मात्र हुनेछ । मेरा पूर्वजहरूले पवित्र सैनिक सेवामार्फत श्री ५ पृथ्वीनारायण शाहको नेपाल एकीकरणको महान् अभियानमा साथ दिँदै निरन्तर राजा र देशको सेवामा समर्पित भएकाले उहाँहरूबाट नेपाली इतिहास र राजसंस्थाको बारेमा सुन्दै आएको र शिक्षादीक्षामा पनि राजभक्ति र देशभक्तिको पाठ पढाउनु भएकाले वाल्यकालदेखि नै यी मेरा प्रिय जीवन विषय बने । पूर्वजहरूबाट पाएको यिनै परम्परालाई निरन्तरता दिँदै आफ्नै जीवनको २४ वर्षको निरन्तर सैनिक जीवन राष्ट्र सेवामा समर्पित गर्न पाएँ । तिनमा १७ वर्ष त स्वर्गवासी श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाह सरकारको निकटवर्ती सेवा गर्ने सु-अवसर पाएँ ।

सरकारको सेवामा रहँदा, सहायक स्टाफ पार्श्ववर्ती, उपप्रमुख पार्श्ववर्ती, मुख्य पार्श्ववर्ती, सुरक्षा टोली नेताको हैसियतले स्वर्गवासी श्री ५ महाराजाधिराज, श्री ५ बडामहारानी तथा तत्कालीन श्री ५ युवराजाधिराज सरकारको राजकीय, औपचारिक, अनौपचारिक, निजी तथा स्वास्थ्य परीक्षण जस्ता राष्ट्रको लागि महत्त्वपूर्ण भ्रमणहरूमा जिम्मेवारीपूर्वक विश्वका ३५ भन्दा बढी मुलुकमा सवारी चलाउने अवसर पाएँ । लामो समयसम्म स्वर्गीय श्री ५ महाराजाधिराज सरकारको घरकाजदेखि राजकाजका विभिन्न अवसरमा स्वदेश र विदेशमा नजिकै रहेर सेवा गर्ने अवसर पाएतापनि सरकारको बहुआयामिक व्यक्तित्वको यावत पक्ष बुझेको छु भन्नु मुर्खता सावित गर्नु हुनेछ ।

राज्य सञ्चालनका अवसरमा राष्ट्रनायकबाट नागरिक समाजका विभिन्न प्रतिनिधिहरू, सर्वसाधारण जनता, राष्ट्रप्रमुख,

विदेशी प्रतिनिधि मण्डलका नेताहरूसँग भेट गरिबक्सनु पर्ने हुन्छ । दर्शन भेटमा आउने देशका कुना कन्दराका वासिन्दा हुन् या सहरका सम्पन्न नागरिक हुन् सरकारबाट सदा समानताको व्यवहार गरी उनीहरूका समस्या र चाहनाहरूमा रुचि लिइबक्सी सोही समयमा आदरपूर्वक उपयुक्त प्रसङ्ग जोडी बक्सन्थ्यो । राजा सबैका साझा भन्ने उक्ति त्यसबेला श्री ५ को व्यवहारमा चरितार्थ हुन्थ्यो । सरकारको राज्यकालमा समाजका हरेक वर्गका नागरिकले दर्शनका लागि अवसर पाउने गर्दथे । राजनेताको तहबाट सरकार सबै जनतालाई समान रूपले हेरिबक्सिन्थ्यो । नेपाली जनतालाई कुनै वाद, पार्टी, समुदाय वा जातजातिको आधारमा पृथक् व्यवहार गरिबक्सेको थिएन । पिछडिएको क्षेत्र र जात जातिलाई अगाडि ल्याउन धेरै मद्दत गरी नेपालको राजनीति र प्रशासनमा मौका दिई धेरै उत्थान गरी हुर्काएका व्यक्तिहरूलाई विश्वासले व्यवहार गरिबक्सन्थ्यो । सरकारको दर्शनभेट पाएका स्वदेशी तथा विदेशी आगन्तुकहरू मन्त्रमुग्ध भएर प्रशंसाका उद्‌गारहरू व्यक्त गर्दै सरकारको कार्यकक्षबाट बाहिर निस्केको धेरै घटनाहरू छन्। २०४६ सालपछि पछि राजालाई पहिलो पटक दर्शन पाएका विभिन्न पार्टीका नेताहरूले क्या सहयोगी, मिलनसार, सरल, शालीन स्वभाव भएको राजाको रूपमा पाएका उद्‌गारहरू स्फूर्त भएको सुनेको र देखेको छु ।

सरकार नियमकानुन पालनामा सारै पक्का होइबक्सिन्थ्यो । तीस वर्षको शासनकालमा देशको चलनचल्तीको नियमकानुन र जनताको भावनालाई सर्वोपरि राखिबक्सन्थ्यो । २०४६ सालपछि संवैधानिक राजाको रूपमा सरकारबाट निर्वाह गरिबक्सेको अनुकरणीय भूमिका कसैबाट लुकेको छैन । राजदरबारमा पनि कति यस्ता पनि नियममा भएको कुरामात्र गरिबक्सिन्थ्यो । नियममा नभएको र नियमसँग बाझिने व्यावहारिक कुरामा नियम परिवर्तन गरेर मात्र लागू गरिबक्सिन्थ्यो । २०४२ सालको कुरा हो, ब्याङ्कको शाही नेपाली राजदूतावासमा राज हुन राजपरिवारको एक सदस्य सरकारबाट स्वीकृतिका लागि जाहेर हुँदा पनि पहिले के गरेको थियो ? नियममा के छ ? सोही अनुसार गर्नु, नियम छैन भने नगर्नु हुकुम भएको थियो । यसैबाट पनि सरकारको नियमकानुनप्रतिको धारणा प्रष्ट हुन्छ ।

सरकारबाट कहिले पनि आफ्नो एकतर्फी तरिकाले ठाडो निर्णय गरिबक्सेको अनुभव छैन । राज्य सञ्चालनको अवसरमा राष्ट्र र जनहितको लागि धेरै अप्ठेरो र कठिन निर्णयहरू लिनुपर्ने हुन्छ । त्यस्तो अवसरमा पनि सारै संयमपूर्वक विज्ञहरूबाट राय लिएर मात्र सही निर्णय बक्सिन्थ्यो । सानो कुरालाई पनि धेरै कोणहरूबाट विश्लेषण गरिबक्सने बानी सरकारमा थियो । निस्वार्थ भावले राष्ट्रिय हितलाई मध्यनजर राखिबक्सिई सधैँ सबैलाई सकारात्मक दिग्दर्शन बक्स हुने, नजानेकालाई सिकाई बक्सने र नजानेको कुरा विज्ञहरूबाट सिक्न रुचाईबक्सने गुण सरकारमा विद्यमान थियो ।

सरकार धैर्यवान्, साहसी र आत्मविश्वासपूर्ण होइबक्सिन्थ्यो । कामहरूमा हतार नगरी पूर्ण तयारीसाथ प्रशस्त समय लगाई बक्सेर विस्तारपूर्वक गरिबक्सिन्थ्यो । सरकारबाट अक्सर हुकुम हुने गर्थ्यो, "कुनै पनि कामको तयारीमा प्रसस्त समय दिई सही ढाँचा तयार गर्नुपर्दछ । सरल र दुरुस्त ढाँचा भएन भने पछि कार्यान्वयनमा अप्ठेरो पर्नुका साथै बढी खर्चालु हुन्छ ।" सरकार तयारी, कार्यान्वयन र प्रसिफलमा समान महत्त्व राखिबक्सिन्थ्यो । यो कुरा सरकारको कार्यशैली, व्यवहार र राज्य सञ्चालनमा अनुवादित भएको हामी सर्वत्र पाउँछौँ । विकास र समृद्धिका लागि चालिबक्सेका सरकारका कदमहरू सधैँ दूरदर्शिता, दिगोपन र मितव्ययितामा आधारित हुन्थे ।

सरकारको सादा जीवनशैली अर्को अनुकरणीय विशेषता हो । पहिरन, खानपान, बोलीव्यवहार अत्यन्त सरल र सागर जस्तै शान्त वैभवशाली थियो । ज्यूनारमा खास सौख थिएन । बिहान १० बजे एक गिलास मह र कागतीको रस, एक बजे दिउसोको ज्यूनार, बेलुका ५ बजे खाजा त्यो पनि फिका चिया मात्र, बेलुका साडे नौ बजे बेलुकाको ज्यूनार गरिबक्सिन्थ्यो । स्वीटसमा सरकार दुधमलाई खुब मन पराई बक्सिन्थ्यो । बाहिर सवारी हुँदा प्याक लंच हुकुम भयो भने दुधमलाई र श्री ५ बडामहारानीका लागि भेनिला आइसक्रिम अर्डर गर्न हामी कहिले पनि चुक्दैनथ्यौँ । सरकारको पोशाकमा हरहमेसा नेपालीपन झल्कने सबै नेपालीलाई विदितै छ । औपचारिक पोशाकबाहेक जाडोको समयमा नेपाली तानमा बुनेको सेतो खेसको कमिजसुरुवाल, नेपालमै बनेको स्वीटर र गर्मीको समयमा नैनसुतको कमिज सुरुवाल र पातलो वेष्टकोट नै दैनिक पोशाक र नेपाली कपडाको साधारण पाउपोस हुने गर्दथ्यो । कमिजहरू पनि पाइपको झिल्काले मसिना प्वाल परिसकेका हुन्थे । बीसौँ वर्ष पुगेको सुटहरू, सधैँ पहिरिबक्सने रातो र कालो छालोको ग्याटवाल पाउपोस तथा शिरपोशहरू बारम्बार प्रयोग गरिबक्सेको हामीले देखेकै हौँ । मनपरेको पोशाकहरू पुरानो भए पनि बारम्बार मरमत गरी पहिरिबक्सिन्थ्यो ।

सरकार मानव सम्वेदनशीलताले ओतप्रोत होइबक्सन्थ्यो । जनतालाई अप्रत्यक्ष रूपले मद्दत गर्न रुचाई बक्सिन्थ्यो । सर्वसाधारण जनतालाई आफ्नो मोटरमा लिफ्ट बक्सेर एक ठाउँबाट अर्को ठाउँमा पुर्‍याई बक्सेका घटना सुन्दा अचम्म लाग्छ होला ।

तर त्यस्ता घटना बेला बेलामा हुने गर्दथ्यो । यस्तै एउटा घटना उल्लेख गरूँ । दशैंको बिदा थियो । नागर्जुनबाट श्री ५ बडामहारानी सरकारका साथमा ककनीतर्फ ड्राइभिङ्गमा सवारी भएको थियो । दशैंको टीका लगाएर दुईवटा बच्चा बोक्दै मोटर नपाएर पैदल फर्किरहेका थकित दम्पतीको नजिकै मोटर रोकी तिमीहरू कहाँ जाने ? काठमाडौं जाने हो ? हामी पुऱ्याई दिन्छौं हुकुम हुँदै मलाई ईशारा गरिबक्सियो । तिनीहरू मोटरमा बसे र अति प्रसन्न भए । ती दम्पतीसँग सरकारबाट साधारण कुराकानी पनि गरिबक्स्यो । तिनीहरू दशैंको टीका लगाएर फर्केका भक्तपुर सुडाल निवासी दम्पती रहेछन् । “यहाँबाट बस पाउँछ” हुकुम भएर वालाजुमा ती दम्पतीलाई छाडिबक्स्यो । सायद ती दम्पतीलाई आजसम्म राजारानीका साथ राजाबाट हाँकिएको मोटरमा चढेको थाहा छैन होला !

यस्तै एउटा अर्को घटना उल्लेखनीय छ । श्री ५ बडामहारानीको साथमा जनकपुरको रामजानकी विवाहमण्डपको समुद्घाटन समारोहपछि फिर्ता हुने क्रममा उदयपुरगढीमा हेलिकप्टर बसालियो । त्यहाँ प्याक लंच ज्यूनार हुने कार्यक्रम थियो । जम्मा ३ जना पार्श्ववर्ती र २ जना चालक दलका सदस्यबाहेक अरू कोही थिएन । पहाडी इलाका भएकाले हेलिकप्टर आउँदा हेर्ने मानिसहरूको घुईंचो पनि थिएन । सरकारहरू दृश्य अवलोकन गरिबक्सँदै थियो । हामी ज्यूनार तयार गर्दै थियौं । एउटी अधबैंसे महिला हातमा रु. १०० को नोट लिएर के के भन्दै अघि अघि आउँदै थिई । हामीले रोक्न लाग्दा इसाराले नरोक्नु हुकुम भएकाले रोकेनौं । नजिकै मात्र बस्यौं । ती महिलासँग श्री ५ बडामहारानी साथै धेरै कुरा गरिबक्स्यो । ती पनि फरासिली रहिछिन् । निश्चल भावले कुरा गरिन् । आखिर ती महिला छोरालाई स्कुल पठाउन रू १०० को नोट साट्न आएकी रहिछिन् । लंचको एक भाग पनि तिनलाई खान बक्सियो । तिनको नोट साट्ने काम त भएकै थिएन । पछि पैसा साट्नु थियो भन्दा राजारानीले मुखामुख गरिबक्सियो । श्री ५ बडामहारानी सरकारबाट केही सय-सयको नोट बक्सँदै, “मसँग पनि यस्तै छ । तैपनि यो राख । छोरालाई पढाऊ” हुकुम भयो । सङ्कोच मान्दै तिनले लिइन् र खुसी भइन् । सायद तिनलाई आजसम्म पनि सरकारबाट खाना ख्वाइबक्सेको भनेर थाहा छैन होला । यस्ता घटनाहरू धेरै छन् । सबै लेखेर पार लाग्दैन ।

माथि नै उल्लेख गरें । कुनै पनि कामको तयारीमा जति मिहेनत गरिन्छ कार्यान्वयन पक्ष त्यति नै सजिलो भई सकारात्मक प्रतिफल पाइन्छ भन्ने कुरा सरकारबाट सिक्नै पर्दछ । मिहेनत गरेपछि फल मीठो हुन्छ भन्ने कुरा सधैं दोहोऱ्याई बक्सिन्थ्यो । त्यसैले होला जे काममा पनि सरकारबाट अति मिहेनत गरिबक्सिन्थ्यो । २०४६ सालपछि पनि त्यो सिलसिला जारी नै रहेको थियो । म अक्सर सोच्ने गर्दथें राजा भनेको कर्म गर्न यो धर्तीमा जन्मेका रहेछन् । हाम्रो त अफिस र घर छ । अफिसबाट आएपछि घरमा केही फुर्सद हुन्छ । तर सरकारको त अफिस नै घर, घर नै अफिस भएको हुँदा २४ सै घण्टा रुजु रहनु पर्ने । कहिले पनि फुर्सद हुँदैनथ्यो । आवश्यक काम गरे कुनै पनि बेला घटनाहरू जाहेर गर्नुपर्दथ्यो । कहिले पनि जाहेर गरेका कुरा गम्भीरतापूर्वक सुनिबक्सेर तुरुन्तै निर्देशन बक्स हुन्थ्यो । यस्तै सानो मसिनो कुरा जाहेर गर्ने क्रममा एउटा घटना यहाँ उल्लेख गर्नु सान्दर्भिक ठान्दछु । शाही नेपाली सेनाको परमाधिपति भई बक्सेकाले सेनासम्बन्धी घटनाहरू जाहेर गर्ने चलन छ । शान्तिसेनामा गएको एउटा प्यूटलाई बन्दुकधारीले अपहरण गरेको खबर आयो । सो कुरा जाहेर भयो । यो घटनामा विभागीय प्रमुख र गणपतिको तहबाट आवश्यक काम हुने, प्रधानसेनापतिले पनि त्यति दुःख लिनु नपर्नेमा सरकारमा जाहेर हुँदा हुकुम भयो, “ऊ को हो उसको बारेमा मलाई भन्नु । उसले शान्ति स्थापना गर्ने कार्यमा नेपाल र नेपालीका प्रतिनिधित्व गरिरहेको हुँदा प्राप्त समाचारहरू नेपाली जनताले थाहा पाउनु पर्दछ । उसलाई छुटाउन सरकारले गरिरहेको प्रयासबारे उसको परिवारलाई जानकारी गराउँदै रहनू । उताबाट आएको खबर पनि दैनिकै पठाई मलाई पनि खबर गर्नू । उसलाई छुटाउन गर्नु पर्ने जो चाहिँदो कार्य तुरुन्त गर्नु हुकुम भयो ।” राष्ट्राध्यक्षबाट एउटा सिपाहीका लागि चिन्तित भई बक्सेर यस्तो हुकुम हुनु सेनाका लागि ठूलो गौरवको विषय हो ।

पूर्वाधारविहीन मुलुकको विकास नारायणहिटी राजदरबारमा राज भएर मात्र सम्भव थिएन । स्थलगत रूपमा जनताको पीरमर्का नबुझी गरेका विकासको अनुगमन नगरी योजना बनाउन सम्भव नभएकाले श्री ५ बडामहारानीका साथ प्रत्येक वर्ष दुई महिना विकास क्षेत्रका कुनाकाप्चामा पुगिबक्सने कार्यको थालनी गरिबक्सियो । राजधानीबाट होइन पहाडको गर्खा र गोरेटोबाट नेपालको धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यता र सामाजिक आवश्यकताअनुसार जनताको सक्रिय सहभागितामा विकासको थालनी गरिबक्सियो । श्री ५ वीरेन्द्रबाट जीवनको करिब ५ वर्ष त नेपाली जनताको घरदैलोमा विकासको जरो फैलाउँदै राष्ट्र उत्थानका लागि क्षेत्रीय भ्रमणमा बिताइबक्स्यो । भ्रमण भन्ने बित्तिकै नयाँ ठाउँमा जाने रमाइलो गर्ने भन्ने विचार आउँछ होला । तर क्षेत्रीय भ्रमण हुने बेलामा श्री ५ को सरकार र दरबारमा हुने विशेष तयारी यहाँ उल्लेखनीय छ । महिना डेढ महिना अघिदेखि उक्त

क्षेत्रको विगत ५ वर्ष विकासको बहुपक्षीय समीक्षा, वस्तुस्थितिको ज्ञान, योजनापरियोजनाको जानकारी, नयाँ आएका मागहरू, रोकिएको योजनालाई गति दिने कार्यक्रमको बारेमा श्री ५ र श्री ५ बडामहारानी साथ राज भएर पूर्ण तयारी गरिबक्सिन्थ्यो । पूर्ण तयारीका साथ श्री ५ महाराजाधिराजको सानो टोली अस्थायी राजधानीको रूपमा विकास क्षेत्रमा जनताको बीचमा सवारी भई उनीहरूकै चाहनाअनुसार विकास कार्यक्रमहरू बक्सिन्थ्यो । सवारी शिविरबाट भोलि कुनै जिल्लाको भ्रमण हुनेछ भने अघिल्लो दिनसम्म गम्भीर रुचिका साथ उनीहरूको आवश्यकता र चाहनाहरू सुनिबक्सिन्थ्यो । सवारी सकेपछि साँझ शिविरमा पुनः दिनभरिको सवारीको बारेमा डिब्रिफिङ्ग गरिबक्सेर आवश्यक निर्देशन तत्कालै बक्सिन्थ्यो । धेरैजसो अबेर रातिसम्म अफिस हुने गर्दथ्यो । कहिले रातको ज्यूनार पछि पनि अफिस सुरु हुन्थ्यो । यसरी दुई महिनासम्म जनताको सुख दुःखमा सरीक भई तिनको जीवनस्तर उकास्नका लागि अहोरात्र मिहेनतसाथ काम गरी भ्रमणको अन्तमा ४/५ दिन लगाएर उक्त क्षेत्रको समीक्षा गर्नुपर्ने विषयमा आउँदो ५ वर्षका लागि सवारी शिविरमा निर्देशिका तयार गरी श्री ५ को सरकारलाई काम गर्न अह्राइबक्सिन्थ्यो । जनताको मुहार हँसिलो र रसिलो बनाउन यसरी मन, वचन र कर्मले सधैँ लागि पर्ने राजा हाम्रो लागि सधैँ मार्ग दर्शक होइबक्सिन्थ्यो ।

२०४६ सालसम्म देशविकासको एउटा खाका तयार भई गति प्रदान भइसकेको थियो । विकेन्द्रीकरणको भावनाअनुरूप शिक्षा र विकासका मौका सबै जनताले समान रूपमा पाऊन् भन्ने अभिप्रायले प्रत्येक जिल्लालाई नौ क्षेत्र र तीन क्षेत्रलाई एक सेवा केन्द्रमा विभाजित गरिएको थियो । उक्त सेवाकेन्द्रमा जिल्ला सदरमुकाममा भएका सबै अड्डाहरूका शाखा राखिने र घटीमा एउटा माध्यमिक विद्यालय रहने व्यवथा गरिएको थियो । जिल्ला भ्रमणको बेलामा रुकुमको तक्सेराको नाङाभुतुङ्ग गरिब जनताको दुःख र तराईको झुपडीको पीडा देखिबक्सेर हाम्रो भ्रमण उद्देश्य यिनै गरिबको जीवन पद्धति उठाउनु हो हुकुम हुन्थ्यो । त्यसैले सन् २००० सम्म जनताका आधारभूत आवश्यकता गास, बास, कपास, शिक्षा स्वास्थ्य र सुरक्षा पूरा गर्ने राष्ट्रिय लक्ष्य किटान गरी उक्त लक्ष्य हासिल गर्न सम्पूर्ण देशलाई कटिबद्ध गराइबक्स्यो । संसदीय शासन व्यवस्थामा ती राष्ट्रिय लक्ष्यहरूले निरन्तरता पाउन सकेनन् । परन्तु यसको आवश्यकता आज पनि अपरिहार्य नै छ ।

सरकारबाट व्यावहारिक कुरालाई ज्यादै सहजतासाथ लिइबक्सिन्थ्यो । कतिपय अप्ठेरो परिस्थितिमा ज्यादै सरलताका साथ समाधानको बाटो पहिल्याई निर्देशन बक्सिन्थ्यो । यसै सन्दर्भमा सन् २००० को फेब्रुअरि महिनामा भएको चाइनाको राजकीय भ्रमणको घटना याद आउँछ । सुरक्षा प्रमुखको हैसियतले सवारीको चाँजोपाँजो मिलाउन अग्रिम टोलीसहित चीनको राजधानी बेजिङ्ग पुगेको थिएँ । बेजिङ्ग सहर पुरै हिउँले ढाकेर जाडो माईनस २०/२५ डिग्रीसम्म पुगेको थियो । चीनमा सरकारको यो दशौँ भ्रमण थियो । उनीहरूको राजकीय भ्रमण व्यवस्थापन लिखित दस्तावेजको आधारमा हुने गर्दथ्यो । उनीहरूको परराष्ट्र मन्त्रालयमा भएको मिटिङ्ग सौहार्दपूर्ण ढङ्गले सकियो । तर एउटा कुरामा भने अड्कियो । ग्रेट हल अफ द पिपल्समा महामहिम राष्ट्रपतिबाट औपचारिक स्वागतपछि लगतै राष्ट्रपतिसँग वार्ता र त्यसपछि रात्रिभोजको कार्यक्रम थियो । हाम्रो परम्पराअनुसार स्वागत समारोहमा खैरो पोशाक र रात्रिभोजमा कालो सेतो पोशाक पहिरिबक्सनु पर्दथ्यो । व्यस्त कार्यक्रम भएकाले गेष्ट हाउसमा सवारी चलाउने समय नरहने भयो । मिटिङ्गमा चिनिया पक्षसँग विमर्श भयो । पोशाक फेर्ने गेष्ट हाउस फर्किने समय चाहिन्छ भन्ने हाम्रो आग्रह थियो । चाइनिज पक्षले पनि उनीहरूको केही वर्ष अघिदेखि चलिआएको लिखित चलन बदल्ने आँट गर्न सकेन । पछि खबर गर्छु भनी टुङ्गो नलागिकनै पोशाक बदल्ने कुरामा ठाउँ र समय नहुने कुरा विस्तारपूर्वक जाहेर गरेँ । पछि सरकारबाट ज्यादै सहज रूपमा हुकुम भयो "ग्रेट हलको कुनै कोठा तयार गर्नु । म त्यहीँ लुगा फेरिदिन्छु । तिमीहरूको पनि फेर्ने व्यवस्था मिलाउनू" । चाइनिज पक्ष र हाम्रो ठूलो समस्या सजिलै समाधान भयो । यसरी सरकारबाट व्यावहारिक कुरामा तुरुन्त समझदारी राखिबक्सिने चर्या थियो ।

नेपाल अधिराज्यको राष्ट्रिय एकताका प्रतीक भइबक्सेकाले सरकारबाट यो भूमिका ज्यादै इमान्दारी साथ निभाइबक्स्यो । "राष्ट्रिय एकताका प्रतीक श्री ५" यो शब्द नेपाल अधिराज्यको अन्तिम लक्ष्यको विषय हो । यसैमा हाम्रो राष्ट्र र राष्ट्रियता अडेको छ । यसैको आधारमा तमाम राष्ट्रिय हितका विषयको विकास र सम्वर्द्धन हुने गर्दछ । नेपालको सर्वोतोमुखी हितका लागि जीवनभर प्रयत्नशील रही नेपालको हितमा आँच आउने कुनै काम गरिबक्सेन । चाहे २०३६ साल होस्, २०४६ साल होस् वा २०५८ साल होस्, आफ्नो नीति स्वार्थलाई किञ्चित वास्ता नगरी आफ्नै जनतालाई विश्वास गरी धेरै निर्णय भएको घटना हाम्रो सामु छर्लङ्ग छ । दक्षिणतिरको राजनीतिक, सामाजिक, व्यापारिक प्रस्तावहरू स्वीकारी बक्सेको भए धेरै घटनालाई आफ्नो पक्षमा सुल्ट्याउन सकिबक्सन्थ्यो तर राष्ट्रिय हित विपरीत सानो भन्दा सानो त्यस्तो कार्य पनि गरिबक्सेन ।

कूटनीतिको पनि आफ्नोआफ्नो सीमा हुन्छ । कुन हदसम्म कूटनीतिलाई मान्यता दिने ? सानो राष्ट्र भएकै नाताले क्षेत्रीय

शक्ति राष्ट्र नेपाली अस्मितालाई अपहेलना गरिराखेका राष्ट्रघाती प्रस्तावहरू, ठाडै थिचोमिचो गर्ने कार्य योजना, राजनेतृत्वलाई आफ्नो पक्षमा पार्ने चक्रव्यूह, अन्तर्राष्ट्रिय अधिकारका हुँदाहुँदै नेपालीलाई नाकाबन्दी गरी सुकाएर तोवातोवा पार्ने व्यवहारबाट अलिकति पनि विचलित नभै नेपाल विश्वमा एउटा स्वतन्त्र सार्वभौम संयुक्त राष्ट्र सङ्घको सदस्य राष्ट्र हो, राष्ट्रिय अस्मिता जोगाउन कुनै पक्षसँग कति पनि सम्झौता वा झुक्नुहुँदैन । गरिब र साना राष्ट्रको पनि आफ्नो अहम् हुन्छ हुकुम हुँदै नेपाललाई राष्ट्रियताको मूल धुरीमा उभ्याई नेतृत्व प्रदान गरिबक्सी विश्वमा नेपालको अस्तित्व र मर्यादा उच्च राखी बक्सेकाले विश्वका तमाम राष्ट्रको ओजस्वी नेतृत्व र राष्ट्रलाई बक्सेको समयोचित व्यवस्थाले सर्वत्र सराहना र प्रशंसा पाए ।

सरकारको बारेमा धेरै लेख्नु छ र धेरै लेखिनु पर्दछ । शुक्रबार १९ जेठ २०५८ सरकारको अन्तिम समयमा सेवा गरेको हुँदा घटनाको बारेमा केही वर्णन गर्नु कर्तव्य सम्झन्छु । यो त्रासद रात सदाकाल नेपालको इतिहासका पानामा कहालीलाग्दो भएको छ । राजदरबारको पारिवारिक जमघटको सुखद अवसरमा आकस्मिक, अकल्पनीय, अप्रत्याशित र असामयिक किसिमबाट श्री ५ वीरेन्द्रको देहावसान भएको हृदयविदारक घटनाले नेपाली जनता आश्चर्यचकित र दुखद मात्र नभई प्रत्येक नेपाली हृदय फुटाउने दुर्घटना भएको छ । यो असह्य दुःखलाई नेपाली जनताले मुटुमाथि ढुङ्गा राखेझैं सहनु पर्‍यो । नेपालको इतिहासमा कालो दिनको रूपमा अङ्कित हुने त्रासदीपूर्ण दुर्घटना भएको पनि धेरै दिन बित्यो । समयले जस्तोसुकै घाउमा पनि खाटा बसाल्दै जान्छ । बाबुआमाभन्दा प्यारा र पूजनीय राजारानीको असामयिक स्वर्गारोहण भएको आफ्नै आँखासामु देख्नुपर्दा दुःख, चोट र वेदना वर्णानातीत छ । सरकारको सेवामा रहँदा कैयौं आरोहअवरोह तथा कठिनाइका काल बिते । त्यसमा कत्ति विचलित नभई संयम र धैर्यसाथ कहिले पनि नरिसाई ओठमा सधैं ममतामयी मुस्कान छर्ने राजा, नेपाली जनतालाई छोराछोरी जस्तै माया गर्ने राजाको यो कहाली लाग्दो अवस्था हुनु हाम्रो दुर्भाग्यसिवाय अरू केही थिएन । त्यो मर्माहत घटनाले पङ्क्तिकार त जिउँदो लाश नै हुन पुगेको छ ।

त्यस भयानक रातको परिदृश्य यी आँखाभरि फन्को मारिरहेको रह्यै छ । ती दृश्यहरू साँच्ची नै भयङ्कर दर्दनाक अनुभूति थियो । त्यो निष्ठुरी साँझमा यी अभागी आँखाले त्यत्रो सुरक्षा घेराभित्र सुरक्षित नेपालीमात्रको लोकप्रिय हृदयसम्राट्लाई आफ्नै छोराले घाइते बनाई रगताम्मे भएको हृदयविदारक दृश्य देख्नुपर्‍यो । सदाझैं शान्त वातावरणमा ड्युटीमा बसिरहेको बेला अचानक अकल्पनीय भयङ्कर परिस्थितिको सामना गर्नुपर्‍यो, विजुली चम्केर बज्रपात परेझैं, समुद्रको छालले किनार स्वात्तै बगाएझैं, एकै निमेषमा पृथ्वी पल्टेझैं, आकास खसेझैं सर्वनाश पार्‍यो । विलियर्ड हलको प्रलयङ्कारी दृश्य ! मेसिन गनको फाएर हुँदाहुँदै राजालाई त्यहाँबाट झिकेको क्षण ! घाइते राजाको प्राण बचाउन अस्पताल दौडाएको अवस्था ! अस्पतालमा सरकारलाई होसमा ल्याउन गरेको अथक प्रयास ! अस्पतालको ट्रमाहलको कोलाहल र हृदयविदारक अवस्था, झलझली आँखाभरी सधैं घुमिरहन्छ ! श्री ५ अधिराजकुमार नीराजन, श्री ५ अधिराजकुमारी श्रुति त सानै होइबक्सिन्थ्यो । हामीले बोकी बोकी हुर्काएकाथ्यौं । कलिलो उमेरमा बिनाकारण जीवन विसर्जन हुन पुग्यो । सम्झँदा मुटु नै कटकटी आउँछ । अधिकांश सैनिक जीवनको समय सरकारहरू नजिकै बितेका हरेक सम्झनामा म मूर्छित हुन्छु । घरभरि टाँगिएका फोटाहरू, एल्बमहरू, सजाइएका सामानहरू, तक्माहरू, युनिफर्महरूसँगै अन्तरआत्मामा जोडिएको स्मृति जीवनको यथार्थ बन्छ । सँगै बिताइएका अवसरका फोटाहरू हेरेर टोलिन्छु । मुटु चिसो भएर आउँछ । यस्तो शालीन सन्त राजाको अन्त्य त्यसरी होला भन्ने कहिल्यै कल्पनासम्म गरिएन !

स्वर्गवासी सरकारहरूको सुरक्षा सम्बन्धमा विद्यमान सुरक्षाका विभिन्न मान्यता तथा लिखित कडा आदेश बमोजिम सुरक्षाकार्य हुने गर्दछ । आन्तरिक सुरक्षामा हतियार लिई सुरक्षा गर्नेहरूलाई सो निगरानी गरिएको हुन्छ तर परिवारको सदस्यबाट सुरक्षामा आँच आउला भन्ने र त्यस्ता व्यवहार होला भन्ने कुनै, कतै र कसैबाट सुरक्षा बैठकमा सङ्केत वा आशङ्का गरिएको थिएन । सरकारहरूबाट राजदरबारभित्र देखाई बक्सने आपसी सद्व्यवहार, तौरतरिका र अनुशासनबाट त्यस्तो नृशंस घटना घट्ला भन्ने आशङ्का हुने ठाउँ नै हुन्न र थिएन । सरकारहरूलाई सोझै बाह्य सुरक्षाको धम्की (External Threat) नभएता पनि हामी सधैं सशङ्कित हुँदै अतिरिक्त सुरक्षाको राम्रो प्रबन्ध मिलाई सवारी चलाउँथ्यौं ।

त्यस दिन बेलुका १९:०० बजे मङ्गल सदनमा दिउँसोका मुख्य शाही पार्श्ववर्तीबाट ड्युटी बुझें । त्यस पारिवारिक जमघट र रात्रिभोजका लागि आवश्यक सुरक्षा व्यवस्था ठीक यकिन गरें । त्यस ठाउँमा यस्ता सयौं सवारी चलाइसकेकाले सबै कामहरू कण्ठ नै थियो । करिब २०:३५ बजेतिर अफिस सकियो । श्री ५ वीरेन्द्र पैदलै त्रिभुवन सदन सवारी होइबक्स्यो । सधैंझैं सरकारको अफिस ब्याग बोकी पछिपछि लागें । सदाझैं सरकारका ओजस्वी गाथ त्रिभुवन सदनतर्फ अघि बढ्दै थियो । शान्त पाइलाहरू शालीन थिए । तिनै पाइलाहरू जीवनका अन्तिम पाइलाहरू होलान् भनेर कसरी कल्पना गर्नु ? सरकारबाट मङ्गलसदन र त्रिभुवन

सदनको बाटोमा पर्ने खम्बाका बत्तीहरू ठाउँ ठाउँमा नबलेकाले त्रिभुवन सदनको पार्श्ववर्तीलाई हेर्न लगाउनु हुकुम भयो । आइतबार सु-सम्पन्न हुने ८ औं राष्ट्रिय खेलकुद समारोहको समुद्घाटन र बुधबार सवारी हुने रारा महोत्सव कार्यक्रमको बारेमा छोटकरी जाहेरी टक्राएँ । त्यहाँ बोल्नु पर्ने विषय सन्दर्भबारे. बुझिराख्नु भन्ने हुकुम भयो । त्यी नै मेरा लागि सरकारको अन्तिम हुकुम थियो । त्यसलाई मैले न यस जुनीमा तामेल गर्न पाएँ, न त अर्को जुनीमा नै सक्दो हुँला !

सरकारको सवारी त्रिभुवन सदनमा चलाई, हुकुम भएको आवश्यक काम पूरा गरी, मूलढोकामा सैनिक प्रहरीको पालो राखेर त्रिभुवन सदनको कार्यालयभित्र सरकारको अघिल्लो हप्ताको कार्यक्रम मिलाउँदै गरेको बेलामा अचानक केही चीज हल्ले जस्तो हल्का थरथरावट (Vibaration) भए जस्तो लाग्यो र सेनानी गजेन्द्रलाई हेर्नु भनें । गजेन्द्र बाहिर मात्र निस्केको थियो स्वचालित हतियारको फायरको आवाजको साथसाथै डाक्टर बोलाऊ भन्ने आवाज आयो । सो सुन्ने बित्तिकै मैले अनायासै (As a reflex action) मोबाइलमा डाक्टरलाई Sos call/Secutity Emenrgency बटन थिचैं । कन्ट्याक्ट हुन्जेल पर्खिने समय थिएन । उत्तर प्रतीक्षा नगरिकनै के भो भन्दै पारिवारिक मिलन स्थलतिर दौडें । कहाँ के भयो ? कसले फायर गऱ्यो ? थाहा थिएन । युवराजाधिराज त सुकला खोपीमा होइबक्सिन्थ्यो । त्यतैतिर फायर गरिबक्स्यो जस्तो लाग्यो । दरबारमा बेलाबेलामा रातको फायर हुने गर्दथ्यो । रातको फायर नौलो कुरा थिएन ।

अफिस बाहिर पुग्दा खेरि फेरि लामो लामो स्वचालित हतियार फायरको आवाज लगातार डरर आउँदै गऱ्यो । अचानक त्यस्तो अकल्पनीय अवस्था सृजना हुँदा हामी ज्यादै असमञ्जसमा पऱ्यौं । सोचेर सम्झेर केही गर्ने गराउने अवस्था थिएन । अकस्मात् विजुली चम्केर खङ्रङ्ग भएको वातावरण बन्यो । हामी बसेको अफिस बिलियर्ड हल भएको घरसँगै जोडिएको लामो टहरो जस्तोको एउटा छेउ थियो । जहाँबाट उक्त हल सिधै देखिँदैनथ्यो । बीचमा Land Scape Garden पर्छ । बाटोमा फुटलाइट मात्र भएकाले असाधारण अवस्थाका लागि पर्याप्त उज्यालो थिएन । भित्र यसै भएको छ भन्ने यकिन थिएन । स्वचालित हतियारलाई दबाउन (Nuetralize) स्वचालित हतियार नै चाहिने हुँदा अनयास नै गजेन्द्रलाई गन ल्याऊ भनेर कराएँ । तर गन ल्याउन्जेल पर्खने समय पनि थिएन । आफ्नो पेस्तोल झिक्दै दौडें ।

दौडेर सिधै हलभित्र प्रवेश गरें ! फायर कहाँ थियो थाहा थिएन ! कुनै कुनाबाट कुनै पनि बेला गोलीले शरीर छलनी हुन्छ भन्ने स्वीकारेर नै बिलियर्ड हलभित्र प्रवेश गरेको थिएँ । सरसर्ती हेर्दै जाँदा बिलियर्ड टेबल नजिकै अन्य घाइतेहरूसँग सरकारलाई घाइते अवस्थामा लडिबक्सेको देखें । कति छिटो हर्कत गर्नु परेको थियो भने केही दशांशका एक सेकेन्ड पनि कहीँ रोकिएर हेर्ने समय थिएन । त्यतिखेर राजाबाहेक कसैलाई पनि ठम्याउन सकिन । सामान्य हेर्दा महाराजाधिराज अचेत श्वासप्रश्वास चलेको अवस्थामा होइबक्सिन्थ्यो । यस अवस्थामा सरकारलाई खतरनाक स्थानबाट हटाई तुरुन्त सुरक्षित अस्पताल पुऱ्याउनु (Secure Medical Evacuation) सिवाय मेरो लागि अन्य कुनै विकल्प थिएन ।

प्रवेश गरेको ढोकाबाहेक बिलियर्ड हलमा अन्य कुनै निकास नभएकाले हलभित्र एक्लै पासोमा परिसकेको अवस्थामा थिएँ । फायर कुन कुनामा छ भन्ने थाहा थिएन । म प्रवेश गरेको ढोकै बाहिर स्वचालित हतियारको डरलाग्दो आवाज आउँदै थियो । एकमात्र पूर्व ढोकाबाट सरकारलाई बाहिर ल्याउँदा पुनः हमला हुन सक्ने टड्कारो खतरा र घुमाउरो बाटो परेकाले सुरक्षित उद्धार गर्न सो हलमा सधैं बन्द रहने ऐनाको ढोका खोल्ने प्रयास गरें । हतारमा सफल हुन सकिँन । त्यहाँ समय गुमाउनु भनेको सुरक्षित उद्धार कार्यमा बाधा पार्नु थियो । भित्र गएको बाटोबाट तुरुन्त बाहिर आई उद्धार गर्न नजिकको सुरक्षित बाटाको लागि उक्त शिशाको ढोका फोरी अन्य पार्श्ववर्तीहरूका सहायताले सरकारलाई घटनास्थलबाट बाहिर ल्याई सामान्य मेडिकल चेक गरें । सरकारलाई मोटरमा हालियो । सरकारलाई बिलियर्ड हलबाट बाहिर ल्याउने क्रममा फायरिङ्ग हुँदै थियो । कानै माथि गोली पड्किरहेको थियो । हामीहरू माथि नै आक्रमण भए जस्तो लागेको थियो । सेनानी अनन्तकेशर सिंहलाई त्रिभुवन सदनमा नै श्री ५ बडामहारानी सरकारलाई हेर भनी छाडें । सहसेनानी पवन खत्री र प्रफुल्ल शाहलाई लिएर सरकारकै जेगुयर कारबाट तुरुन्तै अस्पताल सवारी चलाएँ । सवारी पश्चिम ढोका पुग्दासम्म सैनिक प्रहरीको स्टाण्डबाई फौज दौडँदै आएको देखेर ढुक्क भएँ ।

अकल्पनीय, विश्वासै गर्न नसकिने, अति सुरक्षित ठाउँमा, सुरक्षामा अति विश्वासिलो परिवारको सबैभन्दा निकटतम सदस्यबाट दरबारको बैठकभित्रै यस्तो घटना होला भन्ने कतै, कहिल्यै, कसैबाट पनि कल्पनासम्म पनि गर्न सकिन्न । छोटो समयको फायरिङ, घटनास्थलको दुरी र दरबारभित्र सरकार प्राइभेट राज हुँदा सँगै अङ्गरक्षक रहने चलन नभएको हुँदा उक्त घटना हुनुभन्दा अगाडि नै रोक्न सक्ने कुनै अवस्था थिएन । गोली पड्किसकेपछि मात्र थाहा भयो । घटना भएको थाहा पाउनेवित्तिकै सेकेण्डको पनि बिलम्ब नगरी मानवीय शक्तिले भ्याएसम्म सुरक्षाको सिद्धान्त अनुसार सरकारलाई खतरा ठाउँबाट हटाउने काम गऱ्यौं । त्यस

अवस्थामा स्वर्गवासी महाराजाधिराजलाई प्राथमिकता दिई चाँडो भन्दा चाँडो अस्पताल पुऱ्याई उपचार गर्ने पहिलो जिम्मेवारी थियो ।

कार बेस्करी कुदाउँदै थिएँ । सह. से. प्रफुल्ल अगाडि सिटमा बसेर वायरलेसबाट आवश्यक समन्वय गर्दै थियो । सह. से. पवन पछाडि सिटमा महाराजाधिराज सरकारलाई हेर-विचार गर्दै थियो । हतार, असमञ्जस र दुःखदायी स्थिति भएको हुँदा ज्यादै हडबडमा थियौँ । हामीलाई हतार थियो, ४२०० सिसिको पावरफुल कार फुल स्पिडमा हाँक्दा पनि मलाई अस्पताल ज्यादै टाढा लागिरहेको थियो । वाकिटकीमा बाटैबाट अन्य घाइते सरकारहरूलाई चाँडो उद्धार गर्न, डाक्टर र राजदरबारका पदाधिकारीहरूलाई अस्पताल आउन समन्वय गर्न आदेश गर्न पनि आदेश गर्दै थिएँ । महाराजाधिराजलाई सुविस्ता गराउने, रक्तस्राव रोक्ने, स्वासप्रश्वास सजिलो गराउने जस्ता प्राथमिक उपचार गर्न अह्राइरहेको पनि थिएँ । परिस्थिति ज्यादै असामान्य कठिन थियो । हामीहरू आत्तिएका थियौँ । सरकार स्वर्ग हुन्छ भन्ने कतै लागेको थिएन । अस्पताल पुऱ्याउन पाए त सरकारलाई बचाउन सक्छौँ भन्ने ठूलो आत्मविश्वास र भरोसा थियो । त्यसैले मोटरको गति अति तेज थियो । मेरो बायाँ सिटमा बस्ने शाही पार्श्ववर्तीलाई मेरो हकाई देखेर "Sir cool down, control yourself everything will be all right" भनेर सम्झाएको मलाई याद आउँछ । एक एक सेकेण्ड ज्यादै बहुमूल्य थियो । त्यो महत्त्वपूर्ण घडी सवा दुई करोड नेपालीको हृदय सम्राट् श्री ५ महाराजाधिराको जीवन रक्षाका लागि समयलाई जित्न सबै बुद्धि, विवेक र शक्ति लगाएर संघर्षरत थियौँ । वनस्थली र स्वयम्भू पाउको बाटोमा हाम्रा अगाडि एउटा लहरीले ढिलाइ गर्ला जस्तो गरेको थियो । मोटरको हर्नका साथसाथै हामी तीनैजना मोटरको झ्यालबाट बाटो छोड भनी बेस्सरी चिच्यायौँ । त्यसैले होला रोकावट भएन । दरबार, नयाँबजार, बालाजुचोक, वनस्थलीबाट स्वयम्भू पाउ हुँदै सवारी अस्पताल पुऱ्यायौँ ।

अस्पतालमा सरकारलाई मोटरबाट निकाल्ने क्रममा हामी तीनै जना “स्टेचर ले सरकार घाइते भइबक्सेको छ” भन्दै बहुला जस्तै ज्यादै ठूलो ठूलो स्वरमा करायौँ । डाक्टर र उपचारकर्मीहरू तयार भइसकेका थिएनन् । ट्रमा हलसम्म हामी चिच्याउँदै सरकारलाई टेबलमा राख्यौँ । हामीले केही भनेर आदेश गर्नुभन्दा चिच्याएर नै कर्मचारीहरूको ध्यान आकर्षित गरी घटनाको गहनता प्रकट गर्न चाहन्थ्यौँ । त्यसैले हामी तीनै जना चिच्याउँदै थियौँ । सिधै ट्रमा हलमा सवारी चलाई Oxygen / Cardiac Pulmonary Resuscitation (CPR) सुरु गऱ्यौँ । ड्यूटी डाक्टर पनि आइपुग्यो । घाइते राजालाई अस्पताल लगेको थाहा पाएर हत्यारा पछिपछि लखेट्दै अस्पतालमा पनि आउँछ र पुनः आक्रमण गर्छ भन्ने मलाई लागेकाले स्टाण्ड लगाई अस्पताल हाता शिल्ड गर्न पालोका अधिकृतलाई आदेश दिएँ । सरकारको उपचारका साथै सम्भावित आक्रमणका लागि पनि हामी तयार हुँदै थियौँ ।

अस्पताल पुऱ्याएर तुरुन्त अक्सिजन चलाई हामी सबै CPR गर्दै सरकारलाई होसमा ल्याउन प्रयास गर्दा गर्दै सरकारको बायाँ कन्चटबाट गोली बाहिर निक्केको घाउ देख्दै ज्यादै भयभीत भएँ । डाक्टरहरू र हामी सुरक्षाकर्मीहरूले सरकारलाई होसमा ल्याउन लगातार कोशिस गरी रह्यौँ । त्यस्तो अथक प्रयास हुँदा हुँदै डाक्टर खगेन्द्रबहादुर श्रेष्ठ आएर जाँच गरेपछि सरकार स्वर्गारोहण भएको कुरा मलाई भन्नुभयो । होइन डाक्टर सरकारलाई के भएको ? लौन बचाउनुस् भनी कराएँ । तर दानवीय कार्य र भगवान्को इच्छाको अगाडि मानवीय शक्तिको केही सिपै लागेन । समयचक्रको यस घडीमा हामीले महासन्त, स्वाभिमानी, प्रजातन्त्रप्रेमी, अनुशासन र शालीनताको उदाहरण, सदा नेपाल र नेपालीलाई माया गर्ने महान् राजालाई गुमायौँ । एउटा युगको अन्त्य भयो । २५/३० मिनेट अगाडि कुरा गर्दै सँगै हिँडेको सरकारको स्वर्ग भएको देख्नु मेरा लागि यो ज्यादै कठिन घडी थियो । हातखुट्टा लगलग काँपेको थियो । विवश भएर सरकारको बाहुली समातेको समात्यै थुचुक्क बसेर सरकार मलाई किन छोडी बक्सेको भनेर कराएँछु ।

यो भयानक कारुणिक दृश्यको बयान कसरी गरूँ । वीरेन्द्र सैनिक अस्पतालको त्यो ट्रमा हलमा भयङ्कर कोलाहलको वातावरण थियो । त्यहाँ म एक्लै निरीह प्राणी थिएँ । नेपाली मात्रका मुटुको धड्कन श्री ५ महाराजाधिराज सरकारको पार्थिव शरीर ट्रमा हलको एउटा टेबलमा थियो । त्यहाँ मसँगै बसी टुलुटुलु सरकारलाई हेरिरहेको थिएँ । आपत्कालीन वातावरण थियो । चिकित्सा सेवाका कर्मचारीहरू दौडादौड गरिरहेका थिए । सरकार स्वर्ग भएको पनि मनले मानेको थिएन । जो जति विशेषज्ञ डाक्टर आउँछन् उसलाई पनि हेर्न लगाई होसमा ल्याउन कोशिस गरेँ । सबैले आ-आफ्नो तर्फबाट कोशिस गरे । त्यसको १०/१५ मिनेटपछि अन्य मृत र घाइते सरकारहरू भकाभक ल्याउन सुरु भयो । युवराजाधिराजको अचेत शरीर ट्रलीमा राखेर दौडाउँदै ल्याउँदै थियो । सिधै अपरेशन थियटर लैजान लिफ्टतिर डाइरेक्ट गरिदिएँ । त्यसपछि अरू घाइते र मृत शरीर ल्याउँदै गरेकामा श्री ५ बडामहारानी, श्री ५ अधिराजकुमार नीराजन र श्री ५ शाहज्यादी जयन्ती शाह सरकारको शरीर मृत अवस्थामा नै आइपुगेको थियो । एउटा ट्रलिमा कुमार खड्गलाई CPR गर्दै होसमा ल्याउन चेष्टा गर्दै थिए । अर्कोमा श्रुति सरकारलाई डाक्टरहरू हेर्दै थिए ।

ज्यादै हृदयविदारक दृश्य सामुन्ने थियो । यी सब देखेपछि लगभग काम छुट्‌यो । चारैतिर अन्धकार छायो, के गरौं ? कसो गरौं भयो ? आफूलाई सारै अभागी र जीवन नै धिक्कार लाग्यो । यस्तो दुर्दशा देख्नु भन्दा त मर्नु वेस हुने थियो जस्तो लाग्यो । लाचार थिएँ, मृत्युसँग लड्दा लड्दै हार खाएपछि लाचारै हुनुपर्दो रहेछ । ओठमुख सुकेको थियो । मेरो आत्मबल क्षीण हुँदै गइरहेको थियो । सारै विचलित थिएँ आफूमा आफ्नै नियन्त्रण हराइसकेको महसुस भइरहको थियो । आफूलाई आफैँले बिर्सिसकेको थिएँ । डाक्टरहरूले मलाई बेलाबेलामा सम्झाएको याद आउँछ । त्यसै बेला श्री ५ शाहज्यादा पारस सवारी भएर Sundar coll down and control yourself don't loose your heart tell me what is the situation right now" हुकुम भयो । त्यस बेलासम्म थाहा भएको सबै कुरा जाहेर गरें । त्यसपछि आफैँले आफूलाई संभालेर अगाडि आइपर्ने काम गर्न लागेँ । जीवित सरकारहरूलाई बचाउनु अब मेरो प्राथमिकता भएकाले घाइते युवराजाधिराज र हाल श्री ५ बडामहारानी सरकारलाई प्राथमिकता दिन डाक्टरहरूलाई आवश्यक सहयोग गर्न लागेँ । तत्कालीन युवराजाधिराज र हाल श्री ५ बडामहारानी सरकारलाई प्राथमिकता दिन डाक्टरहरूलाई अह्राएँ । डाक्टर उपेन्द्र देवकोटासहित अन्य विशेषज्ञ डाक्टरहरूको आवश्यकता सैनिक अस्पतालको डाक्टरहरूबाट थाहा पाएपछि गाडी र मानिस पठाई ल्याउन लगाएँ ।

समयमा नै सुरक्षा टोलीलाई खबर गर्न भ्याएको हुँदा स्वर्गवासी महाराजाधिराज सरकारलाई प्राथमिकता दिई अस्पताल सवारी चलाएपछि घटना भएको ३ मिनेट भित्र सैनिक प्रहरीका फाइटिङ्ग टोली र एम.टि. का मोटरहरू उद्धारका लागि आइपुगेका थिए । अन्य घाइते सरकारहरूको उद्धार (Evacuation) उत्कृष्ट ढङ्गले तुरुन्त भएको र अस्पतालमा डाक्टरहरूको समन्वयमा नै भएको कारणले धेरै चिन्ताजनक घाइतेहरूको ज्यान बच्न सक्यो ।

त्यो दर्दनाक घटनामा परिबक्सेका स्वर्गीय महाराजाधिराजको जीवनको अन्तिम घडीमा कुन विधिवश सुश्रुषासेवा पुऱ्याएथैं ! घाइते राजालाई मृत्युको मुखबाट बचाउन प्राणले भ्याएसम्म प्रयास गर्दै सुरक्षाका सिद्धान्तअनुसार अस्पताल पुऱ्यायौं । CPR गर्दा रुँदै, कराउँदै, पछारिँदै सरकारलाई कालको क्रूर हातबाट बचाउन अथक् प्रयास गर्दागर्दै सरकार रहिबक्सेन । मेरो अन्तिम सेवा त्यही थियो । सवा दुई करोड नेपालीलाई टुहुरा पारेर गइबक्स्यो श्री ५ वीरेन्द्र ! त्यो बीभत्स घटना देख्ने र अस्पतालमा राष्ट्रनायक श्री ५ महाराजाधिराज र अन्य श्रद्धेय सरकारहरूलाई अन्तिम समयसम्म बचाउन प्रयत्नरत रहेको र आफ्नै आँखाले देखेको त्यो घटनाले जस्तो ठूलो मानसिक चोट (Mental Stress) रही मर्नु न बाँच्नु भयो । तैपनि आफ्नो आफ्नो ड्यूटीका कार्यहरू जिम्मेवारी साथ गर्दै गरें ।

सरकारको आफ्नै कोखबाट जन्मे हुर्केका अत्यन्त विश्वासिलो पुत्रकै हातबाट उत्पन्न दर्दनाक घटनाको त्यस स्थितिमा त्यो भन्दा असरदार तरिकाले परिस्थिति हेण्डल गर्न सकिने अवस्था थिएन । हामीहरूले विद्यमान परिस्थितिमा आफ्नो कर्तव्य पालन गर्नमा जिउ-ज्यानले भ्याएसम्म कुनै कसर राखेनौं । त्यो छोटो, अप्रत्याशित दुःखलाई असमञ्जसको समयमा सुरक्षाको सैद्धान्तिक र व्यावहारिक दुवै रूपमा सरकारहरूलाई त्यस ठाउँबाट अस्पताल लैजानेदेखि अन्य सरकारहरूको उद्धार तथा उपचार गराउने काम सुरुदेखि अन्त्यसम्म गर्न पर्ने सबै दायित्वपूर्वक तदारुकता साथ गऱ्यौं । जस्तै सुरक्षा व्यवस्था भए पनि सबैभन्दा महत्त्वपूर्ण कुरा समय रहेछ । त्यो छोटो समयमा घटेको घटना रात्रिभोजमा सवारी भएका सरकारहरू, हमलावर र सुरक्षा टोली कसैले पनि सोचेर प्रतिवाद (Reaction) गर्न सक्ने स्थिति नै थिएन । सुरक्षालगायत सबै पक्षबाट अथक् प्रयास हुँदाहुँदै प्यारा राजा रानीलाई बचाउन सकिएन । विधिको नियतिले हामीलाई विवश बनायो । राजा राम जस्ता आदर्श, कृष्ण जस्ता दूरदर्शी र विष्णु जस्ता प्रजापालक राजाका रूपमा आफूलाई प्रतिस्थापित गरी नेपाल अधिराज्यको स्थायित्व र नेपाली जनताको सर्वतोमुखी हित र कल्याणका लागि जीवनको अन्तिम घडीसम्म संघर्षरत रहिबक्स्यो राजा वीरेन्द्र । राजाका लागि युवराजाधिराजको विवाहको सन्दर्भ केवल पारिवारिक निर्णय वा मामिला मात्र हुन सक्दैन । यसबाट भविष्यमा राष्ट्र राष्ट्रियतामा पर्नसक्ने सम्भावित दूरगामी असरको बारेमा सोचिबक्सेर नै जीवनको अन्तिम समयमा सारै द्विविधाजनक स्थितिमा राष्ट्रिय हितको लागि जीवन उत्सर्ग गरिबक्स्यो ।

स्वर्गीय श्री ५ वीरेन्द्रबाट आफैँलाई आत्मअनुशासनको घेरामा राखिबक्सी देश विकास र नेपाली जनताको मुहार हँसिलो र रसिलो बनाउन जीवनभर त्यत्तिकै जोस र जाँगरले अगुवाइ गरिबक्स्यो । रोग, भोक, भष्टाचार र असुरक्षाले पीडित जनताको पीडा सरकारमा दुख्दथ्यो । देशको नाम राख्ने काम, जनता सुखी हुने काम, कुनै श्रृजनात्मक काम कसैले गरेको देखिबक्सेमा ज्यादै खुसी होइबक्सन्थ्यो राजा वीरेन्द्र । सम्झँदै मन शीतल हुने आदर्श पुरुषको उपमा दिन सकिने सदा देश र जनताको भलाइमा लागिपर्ने कर्मवीर भन्न सुहाउने अपार धैर्यसाथ अँध्यारोमा उज्यालो छरिरहने, रिस र द्वेश फाली शान्ति खोजी रहने युगपुरुष श्री ५ वीरेन्द्र सरकारमा सच्चा श्रद्धाञ्जली चढाउन नेपालको सार्वभौमिकता, दूरगामी स्थायित्व र दिगो विकासका लागि नेपालीले

नेपालको धर्म, संस्कृति, परम्पराअनुसार संवैधानिक राजतन्त्र र सुशासन सहितको सुदृढ प्रजातन्त्र आउँदो पुस्तालाई हस्तान्तरण गर्न सक्नु पर्दछ।

हाम्रो धर्म संस्कृतिमा राजारानीलाई मातापिता समान मानिन्छ। आफ्नै सन्तानले अन्तर्घात गरेको त्यस अकल्पनीय अवस्थामा ज्यानले भ्याएसम्म कर्तव्य पालन गर्नमा केही कसर नराखी अन्तिम घडीसम्म सरकारको सेवामा रहें। स्वर्गीय राजारानीको आशीर्वाद सदासर्वदा यो शिरमा रहिरहने विश्वासको श्रद्धाञ्जली छ। सिपाही हुँ, सैनिक जीवनप्रति गौरव छ। सिपाहीले राजा र देशको लागि कहीँ न कहीँ उत्सर्ग हुनै पर्छ। यो देश, सीता र भृकुटीले योगदान दिएको देश, पृथ्वीनारायणले एकीकरण गरेको देश, अमर सिंह र वीरभद्रले बचाएको देश, राजा र प्रजाको अन्योन्याश्रित सम्बन्धले बाँचेको देश सधैँ शान्ति क्षेत्र भएर फल्नफुल्न सकोस्! नेपाली सधैँ शान्ति साथ बाँच्न सकोस्! सुन्दर, शान्त र समृद्ध नेपाल बनाउन निर्वाह गरिबक्सेको भूमिका नेपालीका लागि सदासर्वदा प्रेरकप्रसङ्ग र मार्गदर्शक बनिरहोस्। राष्ट्र भक्तिमा समर्पित स्वर्गीय राजा वीरेन्द्रप्रति मेरो अनन्य भक्ति कामना यही छ।

●

सम्झना

● सुमन कट्टेल

चेतनाको खोलभित्र थुप्रैथुप्रै सम्झनाका तहतह हुन्छन्, ज्ञानविज्ञानले भरिन्छन्, तर थाहा छैन दिमागको यस केन्द्रमा किन धेरै सम्झना थेग्रिन्छन्, थोरै भोगाइ उचालिएर, आँखामा पानी बन्छन्, ओठमा सुस्केरा बन्छन्, हृदयको केन्द्रमा खै केके नमिठो कम्पन र हलचल ल्याउँछन् । बग्नुको यौटा विश्वासमा तरलित भइरहँदा कतै केही नमिल्ने हो कि, वा जम्काभेटमा ठोक्किनु पर्ने हो यौटा आशङ्कित मन अधैर्यमा छट्पटिन्छ । हाम्रो यो छट्पटीको के औचित्य हुन्छ, यो अथाह समयको प्रवाहमा । समयको प्रवाह पो के भन्नु र यो त के हो नै थाहा छैन । गतिशीलता र स्थिरताको नापलाई मानिसले दिएको यौटा नाम त हो नि समय । थुप्रै सभ्यता ठडिएका छन्, भत्किएका छन्, माटामा खोज्न पनि गाह्रो छ यसको दूरताको सीमा र यथार्थता । अनि यसमा कसैको भनाइ र गराइको के अर्थ हुन्छ कुन्नि ! तैपनि हामी मानिस सभ्यता चुल्याउने कुरा गर्छौं, बस्ती बसाउने बात गर्छौं, नित्य नयाँ सपना सँगालेर । खियाले खाएको खुकुरीको कथा हैन गुराँसले गाउने गाउँको गीत गाउनु पर्छ इतिहासको रेखा कोर्न । बिरानो बनेको वनमा बाघका पैठाजोरी हैन मायाको मधुरीमा रोप्नुपर्छ । यो अनन्त समय खण्डमा कस्को कति मूल्य हुन्छ र त्यस्मा हाम्रो भावनाले कति अर्थ राख्छ त्यो बेग्लै कुरा हो तर पनि हामी आफूले जिएको युगअनुसार अमरताको कुरा गर्छौा, सम्झनाको कुरा गर्छौं, कसैलाई मनको सिंहासनमा सजाउँछौं, कसैलाई इतिहासको रच्छ्यानमा सडाउने कुरा गर्छौं । सागरको असारमा बिन्दुले आफूलाई कति उठाउ़ने हो । जेहोस्, मनको देशमा धेरै सम्झनाका बस्ती हुन्छन्, त्यसमा वैयक्तिक रूपले हैन राष्ट्रिय रूपले रहनेहरू थोरै हुन्छन्, जसले झस्काउने गर्छन् हाम्रा पाइलालाई, नुहुनुको बोधले भत्काउँछन् थुप्रै विश्वास अनि आस्थाका मन्दिरहरू । यहाँनिर राजा वीरेन्द्र तिमी कता कता मुटुका केन्द्रमा आइपुग्छौ र म प्रश्न गर्छु मैले तिमीलाई किन सम्झने ?

आफ्नो आस्था चोइटिएर भलभली रगत बगेको देख्दा पनि जिन्दगीको आस्था नघट्ने रहेछ, मृत्युको क्रूर त्रासदीभित्र पनि जीवनको मोह पलाउँदो रहेछ । त्यसैले इतिहासको क्रूरतालाई पढ्दै जीवन कयौं विश्वासलाई धमिलो सम्झनामा कैद गरी अगाडि बढ्न नै खोज्दो रहेछ । हावाको झोकामा कुनै परिवर्तन छैन, तिमी नभएर माटाको सुबासमा पनि कमी आएको छैन । मेचीधारबाट पानी उसरी नै बगिरहेको छ, तिमी नभएर तिनीहरूलाई के ? सगरमाथा तिम्रो अनुपस्थितिमा उसरी नै मुस्काइरहेको छ जसरी उसले टेथिस सागरबाट उठ्न थाल्दादेखि ओठ चलाउन जानेको थियो । अनि तिमीलाई म कसरी सम्झूँ ? सभ्यताको सिरसिरे हावाले मावनमनलाई उचाल्न थालेदेखिं उसले इतिहास भन्न जान्यो, त्यसभित्रका पैठाजोरीहरूलाई सन्ततिका आँखामा नचाएर खै उसले कुन इतिहास बनाउन खोज्यो कुन्नि । मानव चट्टानका तहतहमै हराउन थाल्यो । त्यस चट्टानको पत्रमा तिमीलाई खोज्न हामी सक्दैनौं किनभने तिमी खरानी बनेर पानीमा बगिसकेका छौ । अनि तिम्रो सम्झना कसरी गरुँ ?

जब म सानो थिएँ नांगो खुट्टामा टुप्पीले छेडेको टोपी लगाएर राजाको गाम छिरेको थिएँ जीवनमा केही सिक्न, केही

बन्न । यो पनि मेरो बुद्धिले हैन, अघिल्लो पुस्ताका आत्मीयहरूको सौहार्दताले । गाउँ ज्यादै टाढाको बस्ती थियो, जहाँ स्कुल थिएनन्, पिउने पानीको राम्रो व्यवस्था थिएन र त्यो गाउँ मानिसको बस्ती जस्तो थिएन । थियो मध्यकालको कुनै यौटा आध्यारो बस्ती । राजाको गाममा म छक्क पर्थे, लहरामा बत्ती बलेको देखेर खै कहाँबाट तेल हाल्छन् कुन्नि ? यौटा सिङ्गै घर खुरुरु गुडेर मलाई यहाँ ल्याएको थियो र त्यो गुड्ने वस्तु भेट्टाउन पनि एकदिनको पैदलयात्रा गर्नुपरेको थियो । त्यसको केही समयपछि नै हो, हनुमान ढोकाको आसपासको भीडमा उभिएर घन्टौं प्रतीक्षा गरेर के के हो हेरिएको थियो, लामालामा जुलुस केके बाजागाजा र त्यसैदिन यौटा फोटो खिचिएको थियो मेरो जीवनको पहिलो फोटो । धमिलो सम्झना छ– मन कुडिएको थियो– चप्पल पनि खुट्टामा नभएको र नयाँ लुगा कहिल्यै नपाएकामा । त्यो हेरेको भीड अहिले थाहा पाएँ शुभराज्याभिषेकको रहेछ । अहिले वर्षौंको अन्तरालमा तिम्रो स्मृतिमा म केही शब्दखेती गर्न लागेको छु र तिमीलाई सम्झदै छु, तिम्रो बारेमा के लेखूँ भनेर ।

तिमीलाई किन सम्झने ? जब कि संसारमा अथाह कुराहरू छन् जो मेरो जीवनको नाकैमा ठोक्किन आउँछन् । तिमी त मेरो सम्पर्कबाट कोसौं टाढा थियौ भीडमा । नजिकबाट हेर्न पनि पुलिसदाइको गाली खानुपर्थ्यो । हिन्दूसंस्कारमा सुसंस्कृत मैले जीवनका प्रत्येक संस्कारमा देवत्व रोपेको थिएँ तिम्रो बारेमा । यौटा अकिञ्चनप्राणीको हैसियतमा तिमी त इन्द्र नै थियौ । मेरो दिमागले राजनीतिको गन्ध सुँघेपछि कताकता मेरो मनमा तिमीप्रति आदर ओरालो लाग्न थालेको थियो, जब मैले जनअधिकारका लागि आवाज उठाउँदा तिम्रो संरचनाभित्रका कर्तव्यपालकहरूले मलाई सुम्ल्याएका थिए । कताकता मेरो पुर्खाले मानेको, र मैले पढेको राजामा भेद पाउँ, अनि सम्मान र आदर धर्मराउन थाल्थे । रामराज्यको कुरा पढ्थे र आफ्ना राजा त्यस्ता नभएकामा कता कता मन अमिलिन्थ्यो पनि । पढ्दै जाँदा मैले टेकेको धरातलमा तिम्रो अधिकार छ भन्ने थाहा पाएपछि झन् तिमीप्रतिको वितृष्णा बढ्न लागेको थियो । पञ्चायती निरङ्कुशताको घुम्टो फ्याल्ने अभियानले सफलता पायो र आफ्नै मर्जीका मालिक बन्न पाएकामा आकासै छुने गरेर उफ्रिएको थिएँ । तर दिनहरू बित्दै जाँदा, थाहा लाग्दै गयो, तिमीले सजिलैसँग पुर्खौंदेखिको सत्ता जनताका नाममा कति सजिलोसँग दियौ ? तर त्यसभन्दा ठूलो परिवर्तनका चाहनालाई बन्दी बनाएर र पार्टीहरूको पाउमा शिर राखेर निस्सासिनु पर्दा थाहा पाएँ तिमी त त्यो बुद्ध रहेछौ जो महाप्रयाणमा राज्य अरूलाई सुम्पिएर एकान्त चिन्तनमा रमाउँथ्यौ । मेरो आधा गाग्रो छचल्किएर पुड्को बनेकामा आज नयाँ संस्करण निकाल्न थालेको छु विचारको । संसारमा सबै ठिक हुन्छन् आफ्नो-आफ्नो स्थानमा तर समय, समाज र सामल हेरेर ठिकबेठिक छुट्याउनु पर्ने तिम्रो निष्कर्ष आज मेरो आत्माले सर्वाङ्ग स्विकारेको छ । भतभती पोल्ने वर्तमानमा गिद्धहरू आँखा ठुङ्ग्न आउँछन्, अनि परेलामा सजिएका सपना कता कता स्वर्गको सानो पुतली जस्तो हुन्छ । सपनाका लागि कुर्लेको आवाज सुटुक्क चोरेका छन् र म मौनतामा बाँच्न विवश छु किनभने संसारलाई शान्तिको तपोभूमि बनाउने तिम्रो सपना आफ्नै भूमिमा रगतको आहाल बनेर मलाई घोचिरहेछ । गिद्धहरूले मेरो कलेजाका कुन चिज लगे कुन्नि म त सगरमाथा देख्दिन, स्वयम्भूका आँखाको भाव पढ्नै सक्तिन र बाल्यकालदेखि जप्दै आएको शान्तिको मन्त्र त निरर्थक लाग्छन् । भुङ्ग्राबाट उफ्रिएर म ताबामा चैन खोजिरहेछु अनि मलाई तिम्रो सम्झना हुन्छ । तिमीले किन शान्ति खोज्यौ ? आज तिमीलाई हृदयमा राख्ने विषय यही बनेको छ । पुस्तकको प्रजातन्त्रले मन नभरिने रहेछ, सात समुद्रपारिको मोडेल आफ्नो भूसतहमा लड्खडाउँदो रहेछ, तिमीले बुझेका रहेछौ, अहिले पछुतो बोकेर पाइला पाइलामा म भोगिरहेको छु । साधनमा समाधानको सोच थियो तर होइन रहेछ समाजसापेक्षताका समाधान नै उपयुक्त रहेछन् । अनि तिमी आउँछौ, प्रत्येक मनमष्तिष्कमा । यही हो इतिहासको मूल्याङ्कन । यसैमा ठडिन्छन् सभ्यताका सोचहरू, यद्यपि समयसापेक्षतामा यी पनि कालकवलित हुनेछन् । यौटा युगसम्म जनमनमा बस्न सक्नु नै महानता हो । यो त त्यतिबेला सम्भव छ जतिबेला राजा आफ्नो निजत्व छाडेर जनताको अधरमा मुस्कान कोर्न समर्पित हुन्छन् । त्यसैले नभेटेर पनि भावना साटासाट हुनपुग्छ, मायाको सागर उर्लिएर छचल्किन्छ । तिम्रो अभावमा तिमी यसरी नै छचल्किएका छौ प्रत्येक जनताका हृदयमा अनि ममा पनि ।

बिर्सने धेरै कुरा हुन्छन् तर सम्झनामा सँगालिने कुरा ज्यादै कम । हृदयमा बस्न त हृदय जित्ने काम नै गरेको हुनुपर्छ । तिमीलाई मैले कहिल्यै भेटिन भने हुन्छ, यद्यपि चौतारीमा राजा भेटिए भन्ने गीत भने खुबै सुन्थे । मीठा लाग्थ्यो यौटा प्राचीन राजाको मिठो कहानीको साकार रूप । यौटा आदर्श मुटुका लागि, गर्व गर्नका लागि । आज जब शासनले गाउँ छाड्यो, गाउँले मान्छे छाड्यो अनि तिम्रो छाँया त्यहाँ पुगेको कल्पनाले गाउन मन लागेको छ– चौतारीमा राजा भेटिए । हिजो अँध्यारामा थियो मेरो गाउँ, आज बत्ती बलेको छ । हिजो विद्यालय थिएन अहिले छ । आज त्यही ठाउँमा टिभि पुगेको छ, घरघरमा बत्ती, पानी, जीवनको गति नै मोडिएको छ । सभ्यताका यात्रामा समय सीमा हुन्न यद्यपि तीस वर्षको शासन लामो हो र यस अवधिमा राष्ट्रमा थुप्रै परिवर्तन ल्याउन सकिन्छ तर लाग्छ यो भूगोल तिमीले मात्र

पढको थियौ, यहाँ विकास उकाल्नु कति गाह्रो थियो त्यो तिमीले मात्रै बुझ्न सकेका थियौ । त्यसैले तिम्रो अनुपस्थितिमा गाउँ बिरानो भएको छ, हृदयहरू चिसिएका छन्, भावनाहरू जमेका छन् र अवरुद्ध छ मानवता । त्यो खाल्डो पुर्न सक्ने संरचना त तिमीले दिएका थियौ, खै त देश त्यहाँ किन पुग्दैन ? तिमीलाई अतिरञ्जनाले प्रशंसा गर्नु तिमीप्रति अन्याय हुनसक्छ किनभने सिंगार त्यहाँ चाहिन्छ जहाँ यथार्थ अपुग हुन्छ र कल्पनाले सिंगार्नुपर्छ । त्यहाँनिर तिमीलाई बिर्सन खोज्दा खोन्दै पनि मनमा आइहाल्छौ शान्त, सौम्य आकर्षणको रूप लिएर ।

म कन्सर्टमा गएर उफ्रने जमातमा पर्दिन जसले मुद्रा लगाएर संस्कृतिलाई वाग्मतीमा सेलाएको छ । जीवनका उत्ताल तरङ्गहरूमा तरङ्गिएर पनि राष्ट्रलाई माया गर्ने आफ्नै तरिका हुन्छ । टुकुचा जति फोहोर बगेपनि आखिर राष्ट्र हो, मुटुमा टाँसिइहाल्छ । तर वाग्मतीको भाव त्यहाँ हुँदैन पक्कै पनि । जेहोस्, तिमी पनि त्यो जमातको शिरमा छौ, श्रद्धाका आआफ्नै तरिका हुन्छन्, पूजाका आफ्नै प्रकार । हो, तिमीलाई भेटेको छैन, सपनामा समेत । मन्दिरमा पो भगवान् कहाँ हुन्छन् ? त्यो त हाम्रो आफनै दृष्टि न हो पाषाणखण्डमा देवत्वको पूजा गर्ने, जीवनको गण्डकी सुसेल्ने । तिमीलाई मेचीले कति चिन्यो र महाकालीले कति लियो त्यो त 'ढुङ्गा बोल्दैन र राजा देख्दैन'ले नै बताउँछ । तर कुन्छाको कान्छाले भन्छ ढुङ्गा पनि बोल्दो रहेछ र सोलुको ठिटोले भन्छ राजाले पनि देख्दा रहेछन्, जब तिमी सुदामाकै घर पुग्यौ । नरनारायणको देवत्व तिमीलाई थोपर्नु स्तुति होला तर गामघरमा टेकेका तिम्रा पाइलालाई एक्काइसौं शताब्दीको कुन राजतन्त्र भन्ने हो ज्ञान अकमकिन्छ, मूकता आफैं बोली निक्लन्छ । पूजा तिमीले पायौ पक्कै पनि धेरै नै भावनाका, आदर्शका, श्रद्धाका, केही पाउने आशाका भोकाहरू र तिमी सिढी बनेर उक्लनुपर्नेहरूका तर त्यतिमात्र तिमी हैनौ, त्यतिभए ती जुम्राहरू डेरा सरिसरेका थिए, त्यो अथाह जनसागर जीवनभरका जुम्रा थिएनन्, भाकल भोग्ने भक्त पनि थिएनन्, जो रोए मुटु निचोरिएर, भक्कानिएर । अनि नमानेर पनि तिम्रो सम्झना आँखामा आँउछ जसबाट पानी बगेका थिए– माया र आदर पग्लिएर, शून्यता बाफिएर ।

लाटाका परेलीका डिलमा पनि सपनाका भाका हुन्छन्, खोस्नु हुँदैन जीवनका रहरहरू । उसका आँखाबाट सुटुक्क सपना चिप्लिए सराप लाग्छ उसको । श्रद्धाका भाका हाल्न कोइलीमात्र किन काग पनि पाउँछ । आस्थाका मन्दिरमा गुराँससँगै गन्धेफूल पनि सुहाउँछ –यौटा फूल देउरालीमा राखेजस्तो लाग्छ, हो, तिमी त्यहाँ पुगेका थियौ जहाँ तिमीलाई खोट लगाउनेहरूका पाइला कहिल्यै पुगेनन्, पुग्ने चाह पनि पलाएन । तिमीले त्यो हेरेका छौ जो तिमीमा खोट खोज्नेले कहिल्यै देखेका छैनन् । तिमीले त्यो सुन्यौ जो तिमीलाई होच्याउने कुरा गर्नेले कहिल्यै सुन्ने प्रयास गरेनन् तर आज ती पुड्किएका छन् । सगरमाथा पनि दङ्ग छ आफूभन्दा तिमीलाई अग्लो पाएर । अनि तिम्रो उच्चतामा शिर स्वतः निहुरन्छ अनि मनमा बयेली खेल्छन् तिम्रा योगदानहरू फलेर फुलेर । कुनै बेला सम्मानमा यी शिरहरू झुक्थे तर अहिले स्वाभिमानका साथ उठेका छन् र यी शिरहरूमा यो स्वाभिमान तिमीले नै भरेका हौ । सम्झिने मनका भावहरू र सल्बलाइरहने तालहरूमा तिमीलाई बिर्सन गाह्रो भएको छ, अभावको पीडा साह्रो भएको छ । अनि तिमीलाई कसरी बिर्सूँ ? आफ्नै घरको संघारमा ठेस लागेर पनि मृत्यु पीडामय बन्छ । आफ्नै परिवारको घेराको मृत्यु पनि पीडादायी नै हुन्छ तर त्यो केवल थोरै व्यक्तिहरूका लागिमात्र । आफ्नै कुवालाई सागर ठान्ने र आफ्नो आगनभन्दा पारि धर्तीको सीमा नदेख्नेहरूको मृत्युमा आँसुको खडेरी पर्छ नै तर जो व्यक्ति नबनेर राष्ट्र बनेर बाँच्छन्, स्वार्थ नभनेर समाज भन्छन् ती मर्दा पनि एक्लै मर्दैनन् । उनीहरूसँगै कलिला भावहरू पनि निष्प्राण हुन्छन्, र सयौं सपनाहरू टुहुरा हुन्छन् । अनि यौटा तारा झर्दा पनि आकाश सिङ्गै रित्तो लाग्छ, यौटा फूल मर्दा पनि सिङ्गै बगैचा रुन्छ । मृत्यु सबैको एउटै हैन, यसका स्वरूप फरक-फरक हुन्छन् । तिम्रो मृत्युमा तिमीमात्र मरेनौ, देशको यौटा सपना मरेको छ, यौटा पाकेको अनुभव गुमेको छ, पारखी हेराइ हराएको छ, र मुटुको यौटा पाटो खाली भएको छ । तिमी हुँदा टेक्ने आधार देख्थ्यो जत्रो भूकम्प पनि झेल्न सक्ने विश्वास थियो । समाउने हाँगा देख्थ्यो हुरी जत्रोसुकै आओस् पर्वाह थिएन मनमा । तर अहिले सबै शून्य छ तिम्रो शरीरजस्तै । तिमी हुँदा पनि तिमीलाई पाउँदिनथिएँ, हराउँदा पनि पाएको छैन, तर पनि मन तिमीलाई नै खोज्दछ । लाग्छ तिमीलाई बिर्सेर पनि सम्झेको छु र सम्झेर पनि सम्झेको छु । तिमी छौ यतै धर्तीमा मिठा शब्दावलीहरूमा, भन्ज्याङहरूमा, कपाल दुख्ने गर्मीहरूमा, हिमालका शीतल छायाहरूमा, खेतका गराहरूमा, मुटुका पानाहरूमा, पहाडका छाँगाहरूमा यत्रतत्र तिमीमय । जे छ त्यो नाश हुँदैन र जे छैन त्यो कहिल्यै हुँदैन अनि तिमीलाई किन नाश भएको देखुँ । त्यसैले म छु र तिमी छौ । अब यौटा नयाँ जीवनको कुरा गर्नुछ, सिर्जनाको कुरा गर्नुछ, र सपनाको इतिहास लेख्नुछ ।

–चाबहिल, कुमारीगाल

●

धर्म र संस्कृतिका संरक्षक : श्री ५ वीरेन्द्र

● *सुरतबहादुर शाह*

जनताका लागि जनताद्वारा जनशक्ति परिचालन गरी एक आत्मनिर्भर प्रजातान्त्रिक देशका रूपमा नेपाललाई चिनाउन प्रयत्नरत श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव अब भौतिक रूपमा हामी माझ रहिबक्सेन । यो नै नेपाल र नेपालीको दुर्भाग्य हो । मौसुफले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा जुन सम्झना छोडिबक्सेको छ त्यो हाम्रो प्रेरणाको श्रोतका रूपमा सदा रहिरहनेछ ।

श्री ५ वीरेन्द्रबाट आजको विश्वस्थितिका वारेमा पेरिसमा आयोजित अल्पविकसित राष्ट्रहरूको सम्मेलनमा बक्सेको मार्मिक भाषणको एक टुक्रा यस्तो थियो- "हामीसँग एकातिर यत्रो धन-सम्पत्ति, ऐश्वर्य छ भने अर्कातिर त्यति नै अभाव, विपन्नता र हीनता छ । विश्वका गरिबहरूका पक्षमा मैले बोलिरहेको यसैबेला दालभातका लागि कराइरहेको एउटा बालकको म आवाज सुन्छु । तर हामी उसलाई दालभात अथवा रोटीको बदला बम दिन्छौं र जब ऊ शान्तिको कामना गर्छ हामी युद्धको तयारी गर्छौं । यसले आजको मानव र विश्वलाई ग्रस्त पारेको छ ।" भन्ने सुनेपछि विश्वका केही चर्चित व्यक्तित्वहरू निकै प्रभावित भै व्यक्त गरेका केही उद्गार यस प्रकार छन्- "यो सर्वसम्मत कुरो हो, अमेरिकीहरू गणतन्त्रवादी हुन्, तर श्री ५ वीरेन्द्रको भाषण सुनेपछि अमेरिकीहरू राजतन्त्रलाई मन पराउन थालेका छन् ।

– एटलान्टाका लोकप्रिय मेयर एण्ड योङ्ग (अमेरिका)

"......माओत्सेतुङ जस्ता कट्टर साम्यवादीलाई पनि के विश्वास पारिदिए भने राजा पनि साम्यवादी नेताहरू जस्तै सर्वहारावर्गको ठूलो संरक्षक बन्न सक्ता रहेछन् ।"

– वाइ. वी. कृष्णमूर्ति (भारत)

यसैक्रममा मौसुफको व्यक्तित्वका सम्बन्धमा छिमेकी दुई देशका राष्ट्राध्यक्षले आफ्नो उद्गार यसरी व्यक्त गरेका थिए- श्री ५ वीरेन्द्र दक्षिण एसियाली सहयोगका दूरदृष्टियुक्त व्यक्तित्व र सम्पूर्ण एसियाका महान् राजनेता होइबक्सन्थ्यो ।

– के. आर. नारायण (भारत)

"श्री ५ वीरेन्द्रबाट मुलुकको सार्वभौमिकता र स्वतन्त्रताको संरक्षणमा आफ्नो जीवन लगाइबक्सेको र नेपाली जनताको मुटुमा सदासर्वदा जीवित रहिबक्सनेछ साथै चिनियाँ जनता मौसुफलाई निरन्तर सम्झिरहनेछन् ।"

– जियाङ जमिन, चीन

यसप्रकार राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा आफ्नो देश नेपाललाई सम्मानित स्थान दिलाउन प्रयत्नरत श्री ५ वीरेन्द्रलाई अप्रत्याशित रूपमा गुमाउनुपर्दा शोक-विह्वल नेपालीहरूका माझबाट आफ्ना केही संस्मरण शब्दमा व्यक्त गरी श्रद्धासुमन चढाउन चाहन्छु ।

सुदूर पश्चिम नेपाल सबैभन्दा पिछडिएका क्षेत्र हो भन्ने प्रत्यक्ष अनुभव गरिबक्सी मौसुफबाट यस क्षेत्रको समानुपातिक विकासको लागि पाँचौं विकासक्षेत्रको घोषणा गरी त्यसको लागि प्रयत्नशील रहिबक्स्यो । यसबाट सडक र सिँचाइमा उल्लेख्य प्रगति पनि भयो । श्री ५ वीरेन्द्र अन्यक्षेत्रमा झैं धर्म र संस्कृतिको जगेर्नाका लागि पनि उत्तिकै उत्सुक रहिबक्सेको र त्यसतर्फ सबैलाई सदैव उत्प्रेरित गरिबक्सन्थ्यो । मौसुफबाट त्यस क्षेत्रमा अवस्थित हाम्रो धर्म संस्कृतिका धरोहरको संरक्षणमा पनि दृष्टि

पुऱ्याइबक्स्यो । उदाहरणकै रूपमा डडेलधुराको उग्रतारा, डोटीको शैलेश्वरी र दिलीपेश्वर, अछामको श्री वैद्यनाथ लगायतका मन्दिरको पुनर्निर्माण र मर्मतसम्भारमा पुऱ्याइबक्सेको योगदानलाई लिन सकिन्छ । यसैको सन्दर्भमा समुद्रमा दुई थोपा झैं भएपनि आफैंले प्रत्यक्ष देखेभोगेका दुईवटा संस्मरणमात्र यहाँ उल्लेख गर्न चाहन्छु ।

१. अछाम :

वैद्यनाथक्षेत्रस्थित द्वादशज्योतिर्लिङ्गमध्येको एक मानिएको श्री वैद्यनाथमन्दिर अतीव प्राचीन र प्रख्यात मानिन्छ । वनफडानी र पहाडमा जथाभावी खोदाइ गरीगराई स्लेट निकाल्ने गरेको कारणले भूस्खलनबाट वृद्धगङ्गामा बाढी आई नदीको सतहमाथि उठ्न गएको कारणबाट नदी फैलिई जताततै कटान गरी वैद्यनाथक्षेत्रलाई समेत तहसनहस गरेको वर्षौं बित्दा पनि त्यसतर्फ ध्यान गएको पाइएन । त्यसैले यसैका लेखकद्वारा २०३० सालमा श्री वैद्यनाथमन्दिर परिसरको पुनर्निर्माणका लागि गुठी संस्थान लगायत अनेकन् निकायसँग सम्पर्क राखी योजना प्रस्तुत गरियो । यो साल, अर्को साल भन्दाभन्दै झण्डै १३ वर्ष बित्न लाग्दा पनि कतैबाट सहयोग पाउन सकिएन । यसरी सरकारी र अर्धसरकारी निकायका प्रमुखका वचनहरू कार्यक्रममा नआउने देखेर अन्तमा एकमात्र भरोसाको केन्द्रका रूपमा भएका धर्मका संरक्षक राजसंस्थामा ध्यान जानु स्वभाविकै हो । वैद्यनाथक्षेत्रको पौराणिक, ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक विशिष्टता सम्बन्धमा मैले नै खोज गरी तयार पारेको "झारखण्ड वैद्यनाथक्षेत्र-एक चिनारी" नामक पुस्तकको पाण्डुलिपिको प्रतिलिपिसहित वि.सं. २०४३ मा मौसुफ सरकारमा चढाई त्यसक्षेत्रको पुनर्निर्माणका लागि सवारी सचिवमार्फत बिन्तीपत्र चढाएको थिएँ । त्यस्तै प्रकारले जन प्रतिनिधिहरूद्वारा दिपायल सवारीमा बिन्ती चढाउन लगाइएको थियो ।

फलस्वरूप मौसुफ सरकारबाट रू. १ लाख बक्सँदै वैद्यनाथक्षेत्रको पुनर्निर्माण गर्न मार्ग दर्शन बक्स्यो । यसबाट स्थानीय प्रशासन, जनप्रतिनिधि र सर्वसाधारण जनतामा निकै हौसला आयो । यसले गर्दा २०४४ वैशाख १२ गते वैद्यनाथक्षेत्रमा जनभेलाको आयोजना गरियो । मेरै संरक्षकत्वमा 'श्री वैद्यनाथक्षेत्र विकास संस्था अछाम' नामक सामाजिक संस्था गठन भएको थियो । यसै संस्थाको सक्रियतामा अधिराज्यका पाँचै क्षेत्रका भक्तहरूबाट करिब १०।१२ लाखको सहयोग जुट्यो । यसबाट श्री वैद्यनाथ मन्दिर, देवलहरू, कीर्तनगृहको पुनर्निर्माण र मर्मत सम्भार हुन सकेको थियो । यसरी सञ्चालित हाम्रो अभियानलाई थप हौसला प्रदान गर्न समाज सेवाकी उत्प्रेरिका ममतामयी राजमहिषी श्री ५ ऐश्वर्यबाट पनि २०४६ मा तत्कालको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्बाट सुदूर पश्चिमाञ्चलमा पहिलोपटक रू. ५० हजार अनुदान पठाउन लगाइबक्सेको थियो । यसप्रकार राजारानीबाट मार्गदर्शन र सहयोग बक्सेबाट नै वैद्यनाथक्षेत्रको पुनर्निर्माणको कार्य २०४६ मा नै सम्पन्न गर्न सकिएको थियो । यसैको प्रेरणाबाट अछामभरका मन्दिर र देवालयहरूको पुनर्निर्माण र मर्मत सम्भारको लहर नै चलेको थियो ।

२. सिन्धुपाल्चोकः

म प्रहरी सेवामा प्र.ना.उ.मा कार्यरत रहँदा २०५१ चैत्रमा सरुवा भै सिन्धुपाल्चोकमा जाने मौका पाएको थिएँ । भगवान्प्रतिको आस्थाकै कारण चौतारा पुगेको भोलिपल्ट नै त्यहाँस्थित श्री गौराती भीमेश्वरको मन्दिरमा दर्शन गर्न गएँ । दर्शनपश्चात् मन्दिर र त्यस्को आसपास अवलोकन गरें । स्वर्गको आभास दिने त्यस थुम्कामा विराजमान गौराती भीमेश्वरको बारेमा पनि जानकारी पाएँ तर यो मनोरम स्थलमा स्थानीय जनताको आस्थाको प्रतीकका रूपमा रहेको गौराती भीमेश्वरको मन्दिर निकै जीर्ण र फोहर अवस्थामा पाएँ । दोलालघाट-चौतारा-मानेखर्क-पाँचपोखरी जाने पर्यटकीय मार्ग नजिकै पर्ने उक्त मन्दिरको दुरावस्थाले हिन्दूको नै उपहास भएको अनुभूति भयो । त्यस्को प्रभावकारितालाई सुनेर त्यतिनै बेला अकस्मात् मेरो मनमा एउटा भावना आयो । त्यो के भने त्यहाँ एउटा जटिल मुद्दा थियो जसको सफल अनुसन्धान हुन नसक्दा विभागबाट निकै कैफियत आइरहेको थियो र बाहिरबाट पनि प्रहरी निकै आलोचित भएको थियो । त्यो जिम्मेवारी ममा सर्न आएको थियो । त्यसैलाई सम्झेर उक्त मुद्दाको अनुसन्धानमा १ महिनाभित्र सफलता मिलोस्, म यो मन्दिरको पूर्णरूपमा पुनर्निर्माण गराउनेछु भन्ने आराधना गरी कार्यालयमा फर्केको थिएँ ।

भाकल गरेको ३० औं दिनमा मुद्दाको पर्दा उघ्रियो, क्रमशः पत्रहरू खुल्दै गए । यसबाट म निकै प्रभावित भएँ । त्यसै दिनबाट स्थानीय प्रशासक, जनप्रतिनिधि, समाजसेवीहरू, बुद्धिजीवीहरू, स्थानीय, राजनीतिक नेताहरूका विभिन्न ठाउँमा हुने जमघटमा गौराती मन्दिरको पुनर्निर्माणसम्बन्धी प्रस्तावहरू राख्न थालें । करिब ५।६ महिनामा नै सबैको विश्वास जितेर एउटा भेलाको आयोजना गरी जि.वि.स.सभापति श्री चन्द्रलाल श्रेष्ठज्यूको अध्यक्षतामा एउटा पुनर्निर्माण समिति गठन गरियो जुन पछि "गौराती विकास समाज" मा परिणत भएको थियो । त्यसैको माध्यमबाट भेटी सङ्कलन गर्ने निधो मात्र गरी श्री ५ वीरेन्द्रको स्वर्ण शुभजन्मोत्सवको शुभोपलक्ष्यमा २०५५ पौष १४ गते सबै

दलका नेताहरूद्वारा संयुक्त रूपमा मन्दिरको शिलान्यास कार्यक्रम सम्पन्न गराइयो । निर्माणकै क्रममा विभिन्न दाताहरूबाट करिब १६ लाख जम्मा हुन आएबाट मन्दिरको परिसरसहित कलात्मक दुईतले गौराती भीमेश्वरको मन्दिर पुनर्निर्माणको कार्य सम्पन्न भयो । यसप्रकार जनताद्वारा थालनी गरी सम्पन्न भएको मन्दिर परिसरको समुद्घाटन श्री ५ महाराजाधिराज सरकारका बाहुलीबाट गराउने भन्ने समितिको निर्णयअनुसार कुनै राजनीतिक व्यक्तित्वको सहयोगबिना नै हामीहरूले नै प्रमुख निजी सचिवमार्फत्, बिन्तीपत्र चढाएका थियौं ।

गद्दीआरोहण रजत महोत्सवको शुभोपलक्ष्यमा धर्मपरायण मौसुफबाट हाम्रो बिन्ती स्वीकार गरी बक्सेअनुसार २०५६ मंसिर २ गतेको ठीक १० बजे गौराती सवारी होइबक्सी "महारुद्री महायज्ञको हवनकुण्डमा पूर्णाहुति" समेत गरिबक्सी मन्दिर परिसरको समुद्घाटन गरिबक्सनाको साथै बहुदलीय प्रजातन्त्रको पुनर्बहाली पश्चात् "नागरिक अभिनन्दन" चढाउने प्रथम अवसर सिन्धुपाल्चोकलाई बक्सेको थियो । त्यसै अवसरमा पुनर्निर्माणमा रू. २५ हजार भन्दा बढी रकमको सहयोग गर्ने दातालाई दोसल्ला र प्रशंसापत्र बक्सेको थियो । त्यस अवसरमा मलाई पनि मन्दिर र परिसर पुनर्निर्माण गर्न अग्रणी भूमिका निर्वाह गरेबापत दोसल्ला सहित कदरपत्र बक्सँदै "राम्रो काम गरेका रहेछौ धन्यवाद" हुकुम भएको थियो, प्रतिउत्तरमा कृतज्ञता जाहेर गर्दै "सरकारकै निगाह र प्रेरणाबाट अछामको वैद्यनाथक्षेत्रको पुनर्निर्माण पनि भैसकेको छ, यसरी नै सवारी चलाउने जनइच्छा छ सरकार" भनी बिन्ती चढाउँदा मुसुक्क हाँसी टाउको हल्लाइबक्सँदै अर्को वर्ष कार्यक्रम मिलाउनू हुकुम भएको थियो । तर पछि प्रमुख निजी सचिवज्यूसँग सम्पर्क गर्दा ०४६ सालमा सम्पन्न योजनाको झण्डै ९ वर्ष पछि उद्घाटनका लागि बिन्ती चढाउन उपयुक्त नहोला कि भन्ने आसय व्यक्त भएकाले वैद्यनाथक्षेत्रको परिसरमा वेद विद्याश्रम सञ्चालन गर्ने र एउटा सुन्दर यज्ञशाला निर्माण गरेर सवारीको लागि बिन्ती चढाउने सल्लाह गरी वेदविद्याश्रम सञ्चालन गरेको, यज्ञशालाको निर्माण पनि यसै वर्ष सम्पन्न गरी हिउँदमा बिन्ती चढाउने लक्ष्य राखी श्री वैद्यनाथक्षेत्र विकास संस्था अछाम कार्यरत रहेको अवस्थामा जेठ १९ गतेको हृदयविदारक घटनाले गर्दा प्रजावत्सल राजा र ममतामयी रानीसहित राजपरिवारका अन्य सदस्यहरूको स्वर्गारोहणबाट हामीमाथि जुन वज्रपात पर्‍यो त्यो यहाँ व्यक्त गर्न सकिन्न ।

तोकिएको सरकारी कार्यमा कुनै बाधा नपारी अतिरिक्त क्रियाकलापका रूपमा जनताको सहयोग प्राप्त गरी सम्भवत: पहिलो पल्ट नै धर्म र संस्कृतिको धरोहरको रूपमा रहेको गौराती भीमेश्वर मन्दिरको पुननिर्माणमा एक साधारण प्र.ना.उ. सफल भएको पाइबक्सेकाले नै होला मौसुफले मलाई निकै प्रोत्साहित गरिबक्सँदै धन्यवाद बक्सेको अनुभूति भएको थियो । ममतामयी राजमहिषी श्री ५ ऐश्वर्यलाई सम्पादकको हैसियतले "गौराती" स्मारिका चढाउँदा उत्साहका साथ ग्रहण गर्दै जुन धन्यवाद बक्सेको थियो त्यो मेरो जीवनको प्रमुख सफलता मानेको छु र मौसुफ सरकारहरूका ती मधुर अमृतवाणी मेरो हृदयमा सदा ताजा रहिरहनेछन् ।

श्री ५ वीरेन्द्रबाट मार्गदर्शन गरिबक्सेका अपूरा योजना पूरा गर्नु र तदनुरूप चल्नु नै मौसुफ सरकारप्रतिको वास्तविक श्रद्धाञ्जली हुनेछ । त्यसैले मौसुफ सरकारबाट नेपालगञ्जको जनभेलामा 'धनकुटा सुर्खेत जोड्ने मध्य पहाडी पूर्व पश्चिम राजमार्ग' निर्माणका लागि आह्वान गरिबक्सेको थियो । पोखरादेखि सुर्खेतसम्मको चीन सरकारबाट र दोलालघाट धनकुटासम्मको प्रारम्भिक सर्भे भारत सरकारबाट भएको सबैलाई जानकारी भएकै हो । पूर्वतर्फ दोलालघाट जिरी सडक र पश्चिममा पोखरा, बाग्लुङ्ग सडक पनि बनिसकेका छन् । त्यसैले श्री ५ को सरकारले उक्त प्रस्तावित पहाडी राजमार्गलाई "वीरेन्द्र राजमार्ग" नामकरण गरी निर्माण गर्ने घोषणाका साथ थालनी गरी प्रजावत्सल राजामा पहिलो पुष्प चढाउने संकल्प गर्न श्री ५ को सरकारमा हार्दिक अनुरोध गर्दछु ।

अन्तमा उल्लिखित दुर्घटनाबाट श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव, श्री ५ बडामहारानी ऐश्वर्य सरकार तथा राजपरिवारका अन्य सदस्य तथा शाही नातेदारको स्वर्गारोहण भएकामा मौसुफ सरकारहरू लगायत सबैको आत्माको चिरशान्तिका लागि परमपिता परमेश्वरमा प्रार्थना गर्दै कलम रोक्दछु ।

जय वैद्यनाथ !!! जय वरदादेवी !!!

संस्थापक संरक्षक
श्री वैद्यनाथक्षेत्र विकास संस्था,
अछाम ।

●

श्री ५ वीरेन्द्रको सङ्गीतप्रति अभिरुचि

● *सुरेन्द्रविक्रम शाह (सुवि शाह)*

श्री ५ वीरेन्द्र युवराजाधिराज होइबक्सँदा दैनिक कार्यक्रमअनुसार २०१७ सालदेखि भलिबल खेलका साथै नाचगानको कार्यक्रममा समेत सरकारको सेवामा हाजिर हुने मौका पाएको थिएँ। दैनिक कार्यक्रम चार बजेदेखि कहिले फुटबल, कहिले भलिबल खेल हुन्थ्यो भने हरेक दिन ३ बजेदेखि ४ बजेसम्म सङ्गीतको कार्यक्रम चल्दथ्यो। त्यसबापत म गोरखबहादुर गणमा जम्दारको पदमा कार्यरत थिएँ। हरेक कार्यक्रममा पल्टनबाट विलअनुसार छानिएका व्यक्तिहरू जानुपर्थ्यो। खेलको कार्यक्रममा जाँदा मलाई नाचगान गर्ने कार्यक्रममा पनि आउनू भन्ने हुकुम भएकाले हरेक दिन नाचगानको कार्यक्रममा हाजिर हुनुपर्दथ्यो। नाचगानको कार्यक्रमअनुसार मादल बजाउने प्रशिक्षणका लागि २०१७ सालबाट कालीबहादुर गणको सुबेदार सनमान गुरूङ् जाने गरेकामा सुबेदार अवकास भएपछि त्यो कार्यक्रममा पनि म नै जानुपर्‍यो र म गएपछि सरकारहरूमा मादल बजाउन, नाच्न र गाउनसमेत सिकाउन पर्‍यो। सरकारहरूको मादल बजाउन र नाच्नमा बढी अभिरुचि थियो। तत्कालीन श्री ५ अधिराजकुमार ज्ञानेन्द्र सरकारमा गीत गाउन र लेख्नमा पनि अभिरुचि थियो। भलिबल र फुटबलमा पनि तीनै भाइमा रुचि थियो। तत्कालीन श्री ५ युवराजाधिराजमा चित्रकलामा विशेष रुचि थियो। सरकारहरूको दैनिक कार्यक्रमअनुसार हप्तामा एक दिन घोडा चढी बाहिर टुँडिखेलमा सवारी हुन्थ्यो। त्यस्तै एकदिन पौडीको कार्यक्रमअनुसार शितलनिवास स्वीमिङ्ग पोखरीमा सवारी हुन्थ्यो। यसरी कार्यक्रम सञ्चालन हुँदा सबै कार्यक्रमहरूमा मलाई लगिबक्सन्थ्यो। त्यसबापत नीरविक्रम प्यासी पनि सरकारको सेवामा उपस्थित हुन्थे। प्यासीलाई घोडा चढ्ने र पौडी खेल्ने कार्यक्रममा जोकर नै बनाउने गरिबक्सन्थ्यो। घोडा चढेबापत प्यासीलाई उपद्रयाहा घोडा पारिन्थ्यो जसले गर्दा प्यासीलाई सडकमा फाली घोडाचाहिँ सिंहदरबार पुग्थ्यो। पौडी खेल्दा पनि प्यासीलाई जहिले पनि ल्याएर पोखरीमा फाल्नु पर्थ्यो। यसरी फाल्नुको कारण प्यासी मुखले सिपालु छु भनी धाक लगाउने, पौडी खेल्ने बेलामा बगैँचामा लुक्ने हुँदा समातेर फ्यात्त पोखरीमा फाल्ने गरिन्थ्यो। नीरविक्रम प्यासी जेमा पनि सिपालु भन्ने बानीले नै सधैँ हण्डर खाइरहनु पर्थ्यो।

यसरी श्री ५ युवराजाधिराज तथा श्री ५ अधिराज कुमारहरूका साथमा २०२५ सालमा खेलकुद र मादल बजाउने कार्यक्रममा संलग्न रहँदा मादलबाट सोरटी, चरित्र, ख्याली, झ्याउरे तालसमेत सरकारहरू बजाउनसक्ने होइबक्स्यो। २०२५ सालदेखि खेल्ने र मादल बजाउने कार्यक्रम बन्द भयो। त्यही बेला श्री ५ युवराजाधिराजको विवाहको कुरा पनि चलेकाले सोहीअनुसार कार्यक्रमहरू बन्न थाल्यो। म यज्ञ बनाउनेमा खटिएँ। त्यसबेला सुवेदार भइसकेको थिएँ। मेरो मातहतमा कालीबहादुर गण र गोरखबहादुर गणबाट चारचारजना रेखदेख गर्ने कमाण्डरहरू पनि थिए। त्यस्तै पाइनर गणबाट पनि डकर्मी, सिकर्मी, वज्रकर्मीलगायत अरू कामदारहरू आएका थिए। पीपागोश्वाराबाट अफिस र कोते जमदार, हुद्दा पिउनलगायत पीपा जवानहरू पनि आवश्यकता अनुसार आएका थिए। राजदरबारको घरकाज अफिसबाट चाहिने

कालिगडहरू आएर २०२६ सालमा विवाहको काम क्रमानुसार शुरु भयो । यता नयाँ दरबार बनाउने काममा पनि तदारुकताका साथ हुँदै गयो । त्यस दरबारको ढोकाअगाडि सिंढीमा राख्ने हात्ती, सिंह घोडा र मयूरहरू राख्ने काम पनि हामीले नै गर्नुपरेको थियो । त्यस दरबारको हात्तीलाई ठीक ठाउँमा राख्न मेरो सल्लाहबाट पिपाहरूले सजिलोसँग उठाएर राखेका थिए । त्यसै गरी दरबारअगाडि राखिएको कलितोपको ठूलो ब्यारोललाई पाङ्ग्राको बेसमा बिजुली अड्डाबाट क्रेन ल्याएर उचाल्न कोशिस गर्दा जमिनबाट डेग चलाउन सकिएन र युवराजाधिराज सरकारबाट कसरी राख्ने भनी हुकुम हुँदा मातहतका अफिसरहरूले केही भन्न सकेनन् । मैले नै पिपाहरूद्वारा सजिलै राख्न सकिन्छ भनी जाहेर गरेपछि ब्यारोल राख्ने बेलामा मलाई खबर गर्नु भन्ने हुकुम भई तीनै भाइ भित्र सवारी भयो । त्यसै दिन पिपाको मेजर र कोतेलाई राखी मैले सबै तरिका बताएपछि सोही मुताबिक खट बाँधी ठिक पारेपछि ब्यारोल उचाल्ने काम गरी पक्का भएपछि सरकारहरूमा जाहेर गर्न पठाएँ । सरकारहरूको सवारी भयो र हामीहरूले पहिले उचालेको जस्तै उचालेर बेसमा राख्ने काम सम्पन्न गर्‍यौं । यसरी ब्यारोललाई राखेको सरकारबाट नजर भएपछि निर्देशन दिने अधिकृत राम्रो भए पीपाहरूले जे काम पनि गर्न सक्दा रहेछन् भन्ने हुकुम भयो र आजदेखि खाजा खर्च डबल दिनू भनी सरकारहरू भित्र सवारी भयो ।

त्यसपछि बिहेको कार्यक्रमअनुसार यज्ञमण्डप बनाउनका लागि राजदरबारका सम्बन्धित कार्यालय- हरूबाट जग्गेको नक्सा बनाएर सरकारमा पेश गरिएको थियो । त्यस्तै मैले पनि पुण्यकाममा खटिएको हुनाले आफूले बनाउनसक्ने र राम्रो पनि देखिने नक्सा बनाएर सरकारमा चढाएको थिएँ । श्री ५ महेन्द्रबाट राजपरिवारमा छलफल गरिबक्सेर मैले चढाएको नक्साको स्वीकृति बक्सेअनुसार जग्गेलाई चाहिने सामानहरू जुटाई विवाहमण्डप बनाउन शुरु भयो । वैदिक नियमअनुसार मण्डप तयार भएपछि सरकारहरूबाट सबै नजर गरिबक्स्यो । मुख्य जीज्यू मुमा सरकारहरू र मुमा सरकारलाई यज्ञमण्डप राम्रो लागेकाले सरकारहरूको इच्छाअनुसार बनेकाले सबै सरकारहरू खुसी होइबक्स्यो । त्यसपछि विवाहको नियमअनुसार विधिवत् दुलही भित्र्याउने कार्य सम्पन्न भएपछि श्री ५ महेन्द्र सरकारबाट बक्सेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भोज पनि सम्पन्न भयो । यसरी श्री ५ युवराजाधिराज वीरेन्द्रको विवाहको सबै कार्य समाप्त भयो ।

२०२८ सालमा श्री ५ महेन्द्रको सिकारका लागि दियालो वंङ्गला सवारी होइबक्सेका बेला स्वर्गारोहण भएपछि श्री ५ वीरेन्द्रबाट राज्यारोहण भयो । सरकारबाट वर्ष दिनको काम सकिएपछि चार विकासक्षेत्रको भ्रमण गर्ने कार्यक्रम पनि थालनी भयो । पछि चार विकास क्षेत्रको सट्टा पाँच विकास क्षेत्र हुन गयो । २०३० सालमा म पनि अधिकृत प्रमोसन कोर्स गरी सहायक सेनानी भएँ र राजदरबार सेवामा नै बस्न पाएँ । यसपछि २०३५ सालमा श्री ५ वीरेन्द्रको राज्याभिषेकको कार्यक्रम शुरु भयो र नारायणहिटी दरबारको सिंगारपटार गर्ने काममा म पुनः खटिएँ । यस बखत दरबारअगाडिको ठूलो चौरलाई खण्डखण्ड गरेर सिंगार्नु थियो । यो काममा पनि मेरो रायसल्लाहबाट विभिन्न खण्डहरूमा झ्याउ बेर्ने र बत्तीको झिलिमिलीद्वारा नयाँनयाँ बुट्टा बनाई सिंगार्ने काम सम्पन्न भएकाले श्री ५ महाराजाधिराजबाट नजर भएपछि निकै खुसी होइबक्सेको थियो ।

२०३२ साल भदौदेखि श्री ५ जिज्यूमुमा सरकारको शाही पार्श्ववर्ती भएर (पश्चिम ढोका) त्रिभुवन सदनको डिउटीमा जान पाएँ । यसै साल सहायक सेनानीबाट उपसेनानीमा पदोन्नति भएँ । गोरखा दक्षिण बाहु चौथा तक्मा पनि त्यही सालमा पाएँ । त्यसबखत जिज्यूमुमा सरकारको सवारीमा बराबर जानुपर्ने र सरकारहरूको साथ फोनबाट जाहेर गर्नुपर्ने कुराहरू भए जाहेर गर्नुपर्थ्यो । म त्रिभुवन सदनमा शाही पार्श्ववर्ती भएर जाँदा त्यहाँको चालचलन देखेर छक्क परेको थिएँ किनभने त्यहाँ हामी शाही पार्श्ववर्तीलाई जासूसको रूपमा त्यहाँका कर्मचारीहरू र द्वारेआमा लगायत नानीहरूले समेत हेर्दा रहेछन् । मैले नै बिस्तारै बिस्तारै जिज्यूमुमा सरकारको सवारीमा जाँदा हामीलाई सरकारको सुरक्षा र भैपरी आउने कामका लागि श्री ५ महाराजाधिराजबाट पठाइबक्सेको हो भनी जिज्यूमुमा सरकारमा विश्वास पार्दै गएँ । त्यसरी जिज्यूमुमा सरकारका साथ कुरा गर्न म जर्साप योगविक्रम राणा र तीर्थविक्रम राणाको नातेदार भएकाले सजिलो परेको हो र त्यहाँको चालचलन सम्हाल्दै ल्याउन सजिलो भयो ।

२०३४ सालमा मध्यमाञ्चल विकासक्षेत्र भ्रमणको सवारीशिविर हेटौंडामा परेकाले जिज्यूमुमा सरकार एक महिना अगाडि नै सरकारको कान्तीश्वरी घरको मर्मत र सरसफाइ गराउन हेटौंडा सवारी भयो । त्यसवापत शाही पार्श्ववर्तीको डचुटीमा म गएको थिएँ । त्यहाँ जिज्यूमुमा सरकारको निजी सचिवले सरसफाइ गर्न ज्यालादारी कामदारहरू लगाउने कुरा चलाएको कुरा सुनें । मैले सरकारको दरबारमा काम गर्न पिपा माग्नुपर्छ भनी जाहेर गरेपछि जिज्यूमुमा सरकारबाट पिपा माग्नु हुन्छ र ? भन्ने हुकुम भयो । म त आश्चर्य परें । त्यसभन्दा अघि जिज्यूमुमा सरकारपट्टि काम गर्न पिपा माग्ने गरेको रहेनछ । मैले सरकारको काममा पिपा नआए कसको काम गर्न बसेका हुन् त ? भनी जाहेर गरेपछि जिज्यूमुमा सरकारबाट हुन्छ भने माग्नू भनी हुकुम भयो । तुरुन्त सवारीशिविरमा पिपाको अफिसरको कोतेलाई बोलाउन गार्डको सिपाहीलाई पठाएँ । पिपाको अफिसर र कोते आएपछि मैले भित्र बोलाई जिज्यूमुमा सरकारको सवारी काजका लागि भोलिदेखिनै तपाईंहरूसँग आएका पिपाबाट एक

कमाण्डर १५ जवान पिपा पठाइदिनुहोस् भनेँ । त्यसको बदला दरबारमा फोन गरी तुरुन्त मगाई दिन्छु भनेपछि भोलिदेखि एक कमाण्डरसहित १५ जना पिपा काजमा आए । उता प्रमुख सैनिक सचिवालयमा फोन गरी कान्तीश्वरीको सरसफाइ गर्नुपर्ने भएकाले एक कमाण्डर र २० जना पिपा चाहिएको कुरा गरेपछि सैनिक सचिवालयबाट तुरुन्त खटनपटन गरी एक कमाण्डर र २० जना पिपा आर्मीको ट्रकबाट भोलिपल्टै आइपुगे र ५ जना पिपा जवान कान्तीश्वरीका घरमा राखी, एक कमाण्डर १५ जना पिपा सवारीशिविरमा सट्टा बदलाका लागि पठाइदिएँ । यसरी पिपा २१ जना काजमा आएको जिज्यूमुमा सरकारमा जाहेर भएपछि सरकार मसँग खुसी होइबक्स्यो र खाने बस्नेको बन्दोबस्त पनि भित्रबाटै भयो । त्रिभुवन सरकार स्वर्गे भएपछि कामका लागि पिपा मागेको त्यही पहिलोपटक रहेछ । यसभन्दा अघि जिज्यूमुमा सरकारको निजी खर्चबाट नै कामकाज हुँदो रहेछ । त्यसपछि सरकारको कामकाजका लागि आवश्यक परेको बखत पिपा पाइनरहरू अरू फिटिङ्गसमेत माग्न मैले नै शुरु गरेको हुँ । मध्यपश्चिमाञ्चल सवारी भ्रमणको सिलसिलामा पनि जिज्यूमुमा सरकारमा जाहेर गरेर प्रहरीबाट अधिकृत १ र प्रहरी जवान ४ जीपसहित अगुवाका लागि र सैनिकतर्फबाट अधिकृत १ र जवान ४ जीपसहित पछुवाको लागि प्रमुख सैनिक सचिवालयबाट खटनपटन गराई जिज्यूमुमा सरकारको सवारी चलाउने बन्दोबस्त मिलाई हप्ताको दुईदिन लामो सवारीमा वीरगञ्ज, विराटनगर, जनकपुर र दियालो बङ्गला नारायणगढसम्म सवारी चलाउन पर्थ्यो । यस किसिमबाट महाराजाधिराज सरकारको सवारी हुनुभन्दा १ महिना अगाडिदेखि फिर्ती सवारी पछि १ महिनासम्म कान्तीश्वरी घरमा जिज्यूमुमा सरकार राज भई काठमाडौँ फिर्ती सवारी भएको हो ।

महाराजाधिराज सरकारको सवारीभ्रमण शुरु भएपछि हरेकदिन चियाको कार्यक्रम कान्तीश्वरी घरमा हुने बन्दोबस्त भयो । डिनर चाहिँ शुक्रबार कान्तीश्वरी घरमा र सोमबार चाहिँ सवारीशिविरमा हुने प्रोग्राम बनेअनुसार शुक्रबार सबै राजपरिवार कान्तीश्वरी घरमा सवारी हुने र सोमबार नाचगानसहित डचुटीको प्रोग्राम हुनेहुँदा सबै राजपरिवार सवारीशिविरमा सवारी हुन्थ्यो । त्यस्तै लामो सवारीमा पनि शनिबारको सवारी महाराजाधिराजको साथमा सबै राजपरिवार तोकिएको ठाउँमा सवारी हुन्थ्यो । जिज्यूमुमा सरकारको मङ्गलबार हुने सवारी चाहिँ सरकारको हुकुमअनुसार मैले नै बन्दोबस्त मिलाई सवारी चलाउनुपर्थ्यो । यसरी जिज्यूमुमा सरकारको सवारी भ्रमणका लागि र कान्तीश्वरी घरको मरमत सरसफाइको समेत बन्दोबस्त मिलाइएकामा श्री ५ महाराजाधिराज तथा बडामहारानी सरकारसमेत मदेखि खुसी भइबक्सेको थियो । त्यसपछि पनि जिज्यूमुमा सरकारको शाही पार्श्ववर्तीको डचुटीमा रहँदा पश्चिमाञ्चल क्षेत्रीय भ्रमणको सिलसिलामा पोखरा आइपुगुन्जेलमा जिज्यूमुमा सरकार तीनहप्ता राजहुँदा पनि डचुटीमा खटिएर गएको थिएँ । त्यसबखत पनि विभिन्न ठाउँमा सरकारको सवारी चलाएर जानुपर्दथ्यो ।

यसरी २०४० सालसम्म जिज्यूमुमा सरकारको शाही पार्श्ववर्ती भई डचुटी गर्दा श्री ५ महाराजाधिराज वीरेन्द्र, श्री ५ बडामहारानी ऐश्वर्य तथा श्री ५ मुमाबडामहारानी रत्न सरकारहरूका साथमा बस्दा फोनबाट जाहेरी टक्र्याई रहनुपर्ने र कहिलेकाहीँ हाजिर भएर हुकुमबमोजिम कार्य सम्पन्न गर्नुपर्दथ्यो । त्यसै साल जिज्यूमुमा सरकारको गाथमा आराम नभएकाले डाक्टरी रिपोर्ट महाराजाधिराज तथा बडामहारानी सरकारमा जाहेर गर्नुपर्ने हुन्थ्यो र पछि जिज्यूमुमा सरकार स्वर्गे भइबक्सेको हुँदा दुई वर्षसम्म त्रिभुवन सदनमा नै बसी श्री ५ बडामहारानी सरकारको निर्देशनअनुसार त्यहाँका सामानहरू थन्कोमन्को लगाउने व्यवस्था मिलाई २०४२ सालमा श्री ५ महाराजाधिराजको शाही पार्श्ववर्तीको लगतमा सम्मिलित भई यी सदन र अन्नपूर्णको शाही पार्श्ववर्तीमा अफिसमा बसी डचुटी गर्न पाएकाले श्री ५ वीरेन्द्र सरकारको नजिकमा रहन पाएको हुँदा सरकारका धेरै इच्छाहरू बुझ्न पाएको थिएँ ।

यसरी २०११ साल चैत्र मसान्तदेखि २०३२ साल श्रावण मसान्तसम्म राजदरबार सेवामा रही सरकारहरूको सवारी, सिकार र नाचगानका साथै मादलप्रशिक्षणमा समेत संलग्न रही सरकारहरूबाट हुकुम भएअनुसार कार्य सम्पन्न गर्दै २०३२ साल भदौ १ गतेदेखि २०४७ साल चैत्र मसान्तसम्म शाही पार्श्ववर्ती डचुटीमा बस्दा प्रत्यक्ष रूपबाट श्री ५ जिज्यूमुमा बडामहारानी सरकार श्री ५ मुमाबडामहारानी सरकार, श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारदेखि लिएर सबै शाही परिवारको जुनाफमा फोनबाट हाजिर भई विभिन्न विषयको जाहेरी टक्र्याउनु र सरकारहरूबाट हुकुम बक्सेबमोजिम कार्यसञ्चालन गर्नुपर्दथ्यो । यो २० वर्षको राजदरबार सेवा र सोह्रवर्षको शाही पार्श्ववर्ती डचुटीबाट सम्पूर्ण राजपरिवारको मनसायका साथै श्री ५ वीरेन्द्रको भित्री मनसाय र विभिन्न विषयमा अभिरुचि लिइबक्सेका कुराहरू धेरै बुझ्न पाएको थिएँ । सरकारबाट खेलकुद, नाचगान, बजानदेखि चित्रकलामा समेत दखल हासिल गरिबक्सेको थियो । सामाजिक सेवातर्फ पनि सरकारको रुचि त्यतिकै थियो जसमा एउटा धाराको उद्घाटन गर्नसमेत सरकार सवारी होइबक्सन्थ्यो भन्ने कुरा सबैले देखेसुनेकै हो । श्री ५ वीरेन्द्र उदार हृदय, कोमल दिल, प्रजावत्सल र सर्वगुण सम्पन्न होइबक्सन्थ्यो । यसैको प्रमाण २०३६ साल र २०४६ सालको प्रजातान्त्रिक परिवर्तनबाट प्रष्ट हुन आएको छ । मौसुफको उज्ज्वल कृति चिरकालसम्म इतिहासमा अमर रहनेछ ।

●

यो पनि एउटा स्मृतिको श्रृङ्खला हो

• *हरिकृष्ण बन्जरा*

अहिले मेरो कोठामा श्री ५ वीरेन्द्र सरकारको एउटा फोटो एउटा मेरो सिङ्गल फोटो, एउटा मेरी धर्मपत्नी र मसमेतको फोटो, केही तुलसी र रूद्राक्षमाला, विभिन्न भगवान् रामसीता, राधाकृष्ण, शिवपार्वती, गायत्रीमाता, शिवलिङ्गको फोटो टाँसिएका छन् । मेरो विद्यार्थी जीवनमा पनि संवैधानिक राजतन्त्र बहुदलीय प्रजातन्त्र पक्षमा नै बितेको थियो । त्यस्तै खाले विद्यार्थी सङ्घमा आवद्ध भएर काम पनि गरेको हुँ । १९-२० वर्षको उमेरदेखि नै मलाई राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रप्रति निकै चिन्ता रहँदै आएको छ । कहींकतै मौका पाएको समयमा संवैधानिक राजा र प्रजातन्त्रका बारेमा मेरो अभिव्यक्ति हुने गर्दछ । यसरी राजाप्रति मेरो अगाध भक्ति र प्रेम भएपनि फोटो कोठामा टाँस्ने काम भने गर्दिनथेँ । जब म ३०-३२ वर्ष पुग्दै आएँ मलाई कोठामा फोटो टाँस्ने मन भनौं या रूचि अन्तरात्माबाटै उब्जियो । मेरो कोठामा राजा श्री ५ वीरेन्द्र, जननायक वि.पी. कोइराला, महात्मा गान्धी, आदिकवि भानुभक्त, कवि शिरोमणि लेखनाथका फोटोहरू (तस्वीर) टाँस्न थालेँ । यसले गर्दा मेरा ससाना केटाकेटीहरू र अन्य परिवारले निकै खुसी माने । फोटोहरूको परिचयप्रति उनीहरू उत्सुक हुन थाले । मैले राजाको बारेमा कविज्यूहरूका बारेमा, वि.पी. र गान्धीजीका बारेमा पनि उनीहरूको प्रश्नहरूको आधारमा परिचय दिन थालेँ । दिनानुदिन उनीहरू बुझ्दै गए । यस्तै क्रममा मलाई धन्यवादका पत्रहरू पनि प्राप्त भए । तिनीहरू फ्रेममा राखेर कोठामा टाँस्न खोज्दा कोठामा ठाउँको अभाव हुँदा वि.पी., गान्धीजी कविज्यूहरूको फोटो अलगै राखी धन्यवादका पत्रहरू तिनैतिनै ठाउँमा टाँसेको छु । एउटा पत्र भने ले.न.पा. स्थित लेखनाथ लायन्स क्लबमा केही समय निर्देशक पदमा रही लेखनाथ लायन्स क्लवबाट कवि शिरोमणिको (१९९९-२०००) जन्मजयन्ती मनाउनका लागि संयोजक रही काम गर्दा सराहनीय प्रशंसा-पत्र क्लबले दिएको हो भने अरू २ वटा राजा श्री ५ वीरेन्द्र सरकारको निजी सचिवालयका निजी सचिव र सहायक सचिवबाट जानकारी लेखी पठाएका श्री ५ वीरेन्द्रबाट धन्यवाद बक्स भएका पत्र हुन् । यसरी श्री ५ वीरेन्द्रबाट धन्यवाद बक्स भएका पत्रहरू प्राप्त भएका विषय हुन् पहिलो "वेगनासतालबाट उठेका केही लहरहरू" नामक कवितासङग्रह पुस्तक हो, सो पुस्तक २०५१ सालमा प्रकाशन भएको हो । पुस्तक प्रकाशनपछि श्री ५ वीरेन्द्र सरकारको जुनाफमा प्राप्त हुने गरी बिन्तीपत्र सहित श्री ५ को निजी सचिवालयमा पठाएको हुँदा सरकारबाट धन्यवाद बक्स भएको जानकारी पत्र प्राप्त भएको हो । अर्को पत्र २०५४ सालमा "जीवनजगत्" लघुउपन्यास प्रकाशन गरेको थिएँ । सो पुस्तक पनि श्री ५ वीरेन्द्रको जुनाफमा प्राप्त हुने गरी बिन्तीपत्रसहित पठाएको हुँदा सरकारबाट पुस्तकका निमित्त धन्यवाद बक्स भएका जानकारीपत्र निजी सचिवालयबाट प्राप्त भएको पत्र हो । यसरी दुवै पुस्तकहरूका प्रति सरकारबाट धन्यवाद बक्स भएको जानकारी पाउँदा श्री ५ वीरेन्द्रप्रति मेरो अटुट भक्तिपूर्वक प्रेम छँदै थियो तापनि झन् अगाध भक्तिपूर्वक प्रेम बढ्न गएको अनुभव म आफूलाई भइनै रहेको छ ।

यसरी नै मेरा परिवारजनहरू पनि ती धन्यवाद बक्स भएका पत्रबाट खुसीले अति प्रफुल्ल छन् । वेगनासतालको बाँध निर्माण भइसकेपछि मौसुफ सरकार श्री ५ वीरेन्द्रबाट समुद्घाटन

भएपछि जापान सरकारको सहयोगमा मत्स्य केन्द्र समेत बनेको हुँदा वेगनासतालबाटै श्रीवृद्धि गरी "वेगनास तालबाट उठेका केही लहरहरू" नामक कवितासङ्ग्रह पुस्तक प्रकाशन गरेको हुँदा सरकारमा रोचकता बढेको हुनुपर्छ भन्ने मेरो अनुमान छ किनभने यति शीघ्र धन्यवाद बक्सको पत्र प्राप्त भएको हो । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र मदन पुस्तकालयबाट पनि पुस्तक प्राप्त भएको पत्र निकै पछि प्राप्त भएको थियो । यसरी नै "जीवन-जगत्" लघुउपन्यासकाप्रति पनि श्री ५ वीरेन्द्र सरकारबाट धन्यवाद बक्स भएको सूचना प्राप्त भएकामा पनि काल्पनिक घटनाका पात्रहरू गाउँघरको जनजीवनमा मिल्न सक्ने घटना, बाटो घाटो, घटनास्थलहरू, यी वरिपरिबाट उठेका घटनाक्रम जीवनजगत्भित्र भएको हुँदा र मौसुफ सरकार श्री ५ वीरेन्द्र पनि यस क्षेत्रमा औपचारिक र अनौपचारिक रूपमा सवारी भई जानकारी भएको क्षेत्र भएकाले यस लघुउपन्यासप्रति पनि चाख बढेरै धन्यवाद बक्स भएको भन्ने अनुमान गरेको छु । यसरी मैरै दुवै कृतिप्रति असीम निगाहापूर्वक धन्यवाद बक्स भएको हुँदा श्री ५ वीरेन्द्रप्रति अगाध भक्तिपूर्वक प्रेम झन् झन् बढ्यो । यो स्वाभाविक पनि हो । कसैको दुःखमा सहानुभूति र सुख या प्रगतिप्रति खुसी प्रकट गरिन्छ भने उसकाप्रति कसको प्रेम हुँदैन र ? मलाई यी दुईवटा कृतिको माध्यमबाट राजासँग कुनै न कुनै बेला दर्शनभेट गरी यस क्षेत्रको विकासनिर्माणका लागि जस्तो- काव्यकुञ्ज बनाउने, पर्यटकीय क्षेत्रका आधारभूत कुराहरूको विकास गर्ने, प्राकृतिक सम्पदाको सम्बर्द्धन गर्ने, बाटोघाटो विशेष रुपले निर्माण गर्ने समेतका आदि विषयमा बिन्ती चढाउने सोचाइ बनाउँदै आएको थिएँ । त्यो सौभाग्यको अनुकूल स्थिति कहिले मिल्ला गन्दै थिएँ किन्तु श्री ५ वीरेन्द्रसँग बिन्ती चढाउने इच्छा निष्ठूर दैवले छिनाल्यो । त्यो दिन थियो- २०५८ जेष्ठ १९ गते शुक्रबार राति ९ बजेतिर जनताको माझमा पुगेर

दुःखसुख बुझेका राजाको निधन हुन पुग्यो अनि सपरिवार र अन्य नातेदारसहितको निधन । कस्तो अकल्पनीय घटना घट्यो ! कस्तो बीभत्स घटना घट्यो ! यो घटनाले त राजा र राजपरिवार जन सबैप्रति सारा नेपालीको मन विह्वल भयो । मनमस्तिष्कमा ठूलो चोट पर्‍यो । सबै नेपालीहरू मर्माहत भए । नेपाली जनजीवनको चाहे दोहारो होस् चाहे एकोहोरो होस् श्री ५ वीरेन्द्रको स्मरण गर्दा नेपाली सबैको मनमस्तिष्कमा जीवनपर्यन्त मौसुफको स्मृति अटल भएर रहने नै भयो भने आफ्ना जनताको साहित्य, कला, संस्कृति र अन्य विविध पक्षमा समेत चासो राखी, कदर गरी हौसला प्रदान गर्ने राजाको दुःखद स्वर्गारोहणबाट सदासदा जीवनपर्यन्त मन दुखित बन्यो भने स्वर्गीय राजा श्री ५ वीरेन्द्रसँग साक्षात्कार गरेर मेरो कृतिका माध्यमबाट आफ्नो घरआगन, गाउँबेसी र विश्व प्रसिद्ध स्थल वेगनासताल वरपर क्षेत्रको बदलिदो भविष्यलाई विचार गरी गरिनुपर्ने केही विषयहरूको सन्दर्भकाबारेमा बिन्ती चढाउने आकाङ्क्षा पनि भताभुङ्ग भयो ।

त्यस्तै मेरो कृति पल्टाउँदा होस शाहवंशीय राजाको बारेमा होस् वा राजा र देशकाबारेमा होस् मेरो अन्तरहृदयले चिन्तनमनन गर्ने क्रममा श्री ५ वीरेन्द्र सरकारप्रति मेरो मानसपटलमा अधुरो एकोहोरो सोचाइ स्मृतिका रूपमा कहिले पनि नहराउने, नबिर्सिने भएर रहिरहने भएको छ ।

लेखनाथ नगरपालिका
वार्ड नं. ८ शिशुवा

●

सत्त्वगुणी राजा श्री ५ वीरेन्द्र

● *हरिप्रसाद आचार्य*

"ॐ नमः श्री जगदम्बायै ॥"
श्लाध्यः स एव गुणवान् रागद्वेषबहिष्कृता ।
भूतार्थकथने यस्य स्थेयस्थेय सरस्वती ॥कल्हणः॥

यो संसार त्रिगुणात्मक छ । अर्थात् सत्त्वगुण, रजोगुण र तमोगुणको सम्मिश्रणबाट यो संसार बनेको छ । यी तीन गुणहरू आपसमा अत्यन्त विरोधी छन् तथापि परस्परमा न मिलीकन एक्लै रहन पनि सक्तैनन् । अर्थात् सत्त्वगुणमा रजोगुण र तमोगुणका अंश अलिकति मात्र भए पनि अवश्य हुन्छन् । त्यस्तै रजोगुणमा सत्त्वगुण र तमोगुणका अंश, तमोगुणमा सत्त्वगुण र रजोगुणका अंश अलिकति मात्र भएपनि अवश्य हुन्छन् । सत्त्वगुण उत्तम गुण हो । यसको उदय भएमा शरीरमा हल्कापनको अनुभव हुन्छ र स्फूर्ति आउँछ । मन शान्त रहन्छ । सोचाइ पनि राम्रो विषयको हुन्छ । बुद्धि धार्मिक कृत्य परोपकार गर्नतिर लाग्दछ । रजोगुण उत्तम पनि होइन, अधम पनि होइन, यो मझौला गुण हो । यसको उदय भएमा अरूलाई दुःख पुऱ्याउने जोस पैदा हुन्छ । क्रोध जागेर आउँछ । मनमा उद्वेग पैदा हुन्छ र बुद्धि कुकृत्य गर्नपट्टि लाग्दछ । तमोगुणको उदय भएमा शरीरमा भारीपनको अनुभव हुन्छ । मन अन्योलमा पर्छ र बुद्धिविवेक गर्न नसक्ने स्थितिमा पुग्दछ । के गर्दा हित होला, के गर्दा अहित होला भनी केलाउन सक्तैन । अतएव यो गुण अधम मानिन्छ । अतः व्यवहार जगत्मा सत्त्वगुण हुनु ज्यादै राम्रो हो । अतएव सात्त्विक पुरुषभन्दा सज्जन ज्यक्ति भन्ने बुझिन्छ । राजसी व्यक्ति भन्दा क्रोधी र तामसी व्यक्ति भन्दा विवेकहीन व्यक्ति भन्ने बुझिन्छ । तथापि कुनै पनि गुण एक्लै रहन नसक्ने हुनाले सत्त्वगुणयुक्त सात्त्विक पुरुषमा पनि केही न केही रजोगुण र तमोगुणका अंश रहेकै हुन्छन् तथा रजोगुणयुक्त राजसी व्यक्तिमा सत्त्वगुण र तमोगुणका अंश एवम् तमोगुणयुक्त तामसी व्यक्तिमा केही न केही सत्त्वगुण र रजोगुणका अंश रहेकै हुन्छन् । अतः परमार्थमा सत्त्वगुण पनि सर्वथा हितकर हो भन्न सकिँदैन । अतएव संसारबाट विरक्त भएका विवेकीहरूले संसारमा वास्तविक सुख कहीं कतैबाट पनि हुँदैहुँदैन भन्ने ठोकुवा गरेको कुरा पातञ्जल योगदर्शनमा यस प्रकार उपदेश गरिएको छ :

"परिणाम-ताप-संस्कार-दुःखैर्गुणवृत्तिविरोधाच्च दुःखमेव सर्वं विवेकिनः"

हामीले थाहा पाउन सकिने दुःखलाई त हामीले पनि दुःख हो भन्ने बुझ्दछौं, तर हामीले सुख सम्झिने सांसारिक सुखमा पनि अन्ततः दुःख हुन्छ किनभने हामीले थाहा पाइने सांसारिक सुख सत्त्वगुणको उदय भएमा हुने हो, तर कुनै पनि गुण एक्लै रहन नसक्ने हुँदा सत्त्वगुणको उदयमा पनि अति सूक्ष्मरूपमा रजोगुण र तमोगुणका अंश पनि त्यहाँ रहेकै हुन्छन् र तिनले आफूलाई गर्ने (दुःख दिने) काम गरिरहेकै हुन्छन् । यही कुरा बुझाउन उपर्युक्त सूत्रमा "गुणवृत्तिविरोधाच्च" भनिएको छ । यी तीनै गुणदेखि फरक रहने निर्गुण त अनन्तकोटि ब्रह्माण्ड सञ्चालन गर्ने परब्रह्म परमात्मामात्र हुनाले सर्वथा निर्दोष त परब्रह्म परमात्मामात्र हुनुहुन्छ । ती परब्रह्म परमात्माबाट उद्देश्यअनुरूप उपर्युक्त गुण स्वीकार गरी सांसारिक प्रपञ्च सञ्चालित हुन्छ ।

रजोजुषे जन्मनि सत्त्ववृत्तये
स्थितौ प्रजानां प्रलये तमःस्पृशे ।
अजाय सर्ग-स्थिति-नाश-हेतवे
त्रयीमयाय त्रिगुणात्मने नमः ॥

(कादम्बरी-मूलाचरण)

सांसारिक प्रपञ्चबाट छुट्कारा पाउन खोज्ने योगीहरूले पहिले सत्गुण र रजोगुणको आड लिई तमोगुणलाई पन्छाउँछन्, त्यसपछि सत्त्वगुणको आड लिई रजोगुणलाई पन्छाउँछन् र अन्तमा सत्त्वगुणलाई पनि पन्छाई निर्गुण बनी फेरि कहिल्यै पनि सांसारिक दुःखको अनुभव गर्न नपर्ने गरी ब्रम्हलीन हुन्छन् । व्यावहारिक जगत् भने उपर्युक्त गुणबाट अलग रहन नसक्ने हुनाले व्यावहारिक सुख चाहनेले सत्त्वगुणको उदय चाहन्छन् । श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवमा प्राधान्येन सत्त्वगुण थियो । अतएव उहाँ दयालु सहनशील प्रजावत्सल हुनुहुन्थ्यो । भारत, चीन, तात्कालीन युगोस्लाभिया, तात्कालीन सोभियत सङ्घ, बूलादेश, जापान, श्रीलंका, संयुक्त अधिराज्य, गणतन्त्र इजिप्ट, स्पेन, संयुक्त राज्य अमेरिका, थाइल्याण्ड, अष्ट्रेलिया, सङ्घीय गणतन्त्र जर्मनी, गणतन्त्र फिनल्याण्ड, डेनमार्क, देशहरूमा राजकीय भ्रमण गरी तत्तत् देशका गतिविधिको जानकारी हासिल गरिबक्सेको भएतापनि आफ्ना पूर्वजहरूको सच्चरित्रलाई विशेष गरेर आफ्ना पूज्य पिताज्यू युगपुरुष श्री ५ महेन्द्रबाट विकसित मार्गनिर्देशनलाई पूर्ण रूपमा पालन गरिबक्सेको थियो । तदनुसार देशका प्रत्येक क्षेत्रमा सवारी भई त्यहाँको गतिविधि बुझ्नुका साथै राष्ट्रिय चौतर्फी विकासका निमित्त विज्ञहरूका रायबुझी कार्यान्वयन गर्नेगराउने प्रवृत्ति स्वाभाविक रूपमा थियो । परम्पराबाट आएको राजा र प्रजाबीचको सुमधुर सम्बन्ध अटल थियो । हत्या-हिंसाका समाचार नेपाल बाहिरका समाचारमा मात्र सुनिन्थ्यो । श्री ५ महेन्द्रको मार्गनिर्देशनअनुसार शासनव्यवस्था अक्षुण्ण राखिएकाले देशभित्र सर्वत्र श्री ५ महेन्द्रको शासनकालमा जस्तै सुनका गहना लगाएका कुलीन महिलाहरू रातिमा पनि एक्लै निर्भयसाथ विचरण गर्नसक्ने शान्त वातावरण अटल रहँदा श्री ५ वीरेन्द्रबाट नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव बक्सँदा ११६ राष्ट्रबाट त्यसको समर्थन प्राप्त भएको थियो । प्राचीन परम्पराको मर्यादापालन गर्ने श्री ५ वीरेन्द्र सर्वाधिकार सम्पन्न रहँदा पनि जनताको इच्छाविपरीत कुनै पनि काम गरिबक्सन्नथ्यो । अतएव श्री ५ महेन्द्र स्वर्गारोहण भएको नौ वर्षपछि २०३७ सालमा “यही पञ्चायती व्यवस्था ठीक छ, वा बहुदलीय व्यवस्था ठीक हुन्छ” भन्ने कुराको निर्णयका निमित्त जनमतसङ्ग्रह गराइबक्स्यो । जनताले बहुमतद्वारा पञ्चायत व्यवस्थालाई नै ठीक ठहर गरे पछि पनि “शासन व्यवस्था बहुमत अनुसारको हुनेछ र अल्पमतको पनि कदर गरिनेछ” भनी ‘राजा सबैका साझा’ भावनालाई जीवित नै राखिबक्स्यो ।

प्रजावत्सल राजा वीरेन्द्र

● *हरिप्रसाद ढुङ्गाना*

म बालक अवस्थामा पढ्न लाग्दा मेरा बुबाले बाबु ! तिमी राम्रोसँग पढ्यौ भने राजा हुन्छौ भनी हामी पढ्न बसेका सबै बालकहरूलाई बारम्बार प्रेरणा दिनुहुन्थ्यो र हामी ज्यादै उत्सुकताका साथ पढ्ने र लेख्ने काममा कोभन्दा को कम भनी अगाडि बढिरहन्थ्यौं । समय यही क्रमले बितिरहेको थियो र दुईतीन वर्षपछि मेरा बुबाको मुखारबिन्दबाट राजा शब्दको उच्चारण बारम्बार गर्नुभै हामीलाई प्रेरणा दिई राख्नुभएकाले मलाई राजा भनेको के रहेछ र बुबाले यही शब्द दिनहुँ हामीलाई भन्नुहुन्छ भन्ने कुरामा मेरो मनमा सकसक लाग्यो र एकदिन बुबा एकान्तमा बस्नुभएको मौका पारेर बुबासँग सोधें बुबा हजुरले हामीलाई राजा हुन्छौ भनी दिनहुँ भन्नुभयो तर राजा भनेको को हो र के हो ? बुबाले मेरो कुरालाई केही छिन मनन गरी भन्नुभयो कि हेर– राजा कसलाई भनिन्छ भने जो देशका सबैभन्दा ठूला र महान् व्यक्ति हुन भगवान् विष्णुका अवतार हुन् त्यसकारण राजालाई देव भनी पुकारा पनि गरिन्छ । यिनै राजाबाट नै सारा देशको शासनलाई सुव्यवस्था कायम गरी सबैलाई शान्ति र सुरक्षा दिन्छन् । आफ्नो देशका प्रजाहरूलाई आफ्नै सन्तति हुन् भन्ने सम्झी प्रजाहरूको पालन गरेका हुन्छन् । यस्ता ममतामय राजाबाट माया पाएर देशका देशवासी प्रजाहरू आनन्दित हुन्छन् । राजा नभएको देश, रानी नभएको मौरी जस्तै विचलित हुन्छन् । यसैले राजा भनेका प्रजाका आश्रयका श्रोत हुन् भन्दै यस्ता अनेकौं उदाहरण दिएर राजाको महत्त्व र भूमिकाको विषयमा बताइदिनुभयो र हाम्रो देश नेपालको ऐतिहासिक झलकसमेत दिनुभएर राजाहरूको वंश र परम्परा आदि सबै कुरा विस्तारपूर्वक बताइदिनुभयो । त्यसपछि मलाई राजाप्रति स्नेह र श्रद्धा हृदयदेखिनै प्रस्फुरित भै राजाको दर्शन कहिले पाइएला भन्ने उत्सुकता र उमङ्ग जागेर आयो ।

पछि अध्ययनको क्रममा गाउँमा हाइस्कुल नभएको कारणले पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा गएर अध्ययन गर्दै थिएँ । यस्तैमा वि.सं. २०२५ सालमा श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव सरकार त्यस बेला युवाराजाधिराज होइबक्सिदामा नै मौसुफ सरकारको सवारी तानसेनमा भएको स्मरण अहिले पनि मेरा अगाडि नाचिरहेको छ । त्यसबेला सवारी हुने दिन बिहानैदेखि बजारमा सरकारको सवारी हुने कुरामा खासखुस चलिरहेको थियो । यी कुरा सुनेपछि मलाई स्कुल जान मन लागेन र म दरबारतर्फ लागें, सरकारको यहाँ कतिखेर सवारी हुन्छ दर्शन पाइन्छ भनेर ।

बजारभरि निकै भीड भएको थियो । त्यो दिन भीड भएको हुँदा यताउता जान र चल्नसमेत पनि निकै मुस्किल थियो । यस्तैमा दिउँसो १ या २ बजेतिर सरकारको सवारी भयो । मैले पनि केही टाढाबाट सरकारको दर्शन गर्ने मौका पाएँ । यसरी राजाको दर्शन पहिलो पटक पाएकामा मेरा परमादरणीय पिताजीका पूर्ववाक्यका पंक्तिहरू मेरा कानमा त्यतिखेर गुन्जिरहेको थियो र आफूलाई कृतार्थ सम्झें । त्यहाँ एकचोटिको दर्शनले मात्र म सन्तोष हुन सकिन । दरबारबाट सरकार पैदल नै बजार हुँदै टुँडिखेल आइबक्स्यो । त्यहाँ फराकिलो र समतल जमिन भएको हुँदा आनन्दसँग दर्शन गर्ने मौका पाएँ । सबैसँग हँसिलो अनुहारले

सबैको अनुरोध र बिन्ती ग्रहण गरिबक्स्यो । यसरी सरकारबाट अत्यन्त अभिरुचिका साथ सुनिबक्सिएको र शिरबाट पनि स्वीकारोक्ति गरिबक्सेको दृश्य मैले देख्न पाउँदा यसबाट अगाध र असीम वात्सल्यता राजाको प्रजाप्रति भएको महसुस गरेँ ।

यसै सन्दर्भमा वि.सं. २०२९ साल कार्तिक महिनामा, गतेको सम्झना मलाई भएन हाल नवलपरासी जिल्लाको दुर्गम र अति विकट पहाडी भेकमा पर्ने डेडगाउँ भन्ने ठाउँमा सिँचाइ योजना भएको र उक्त सिँचाइ कार्य सम्पन्न नभै अधुरो रही काम स्थगित रहँदाको बखतमा उक्त योजनाको कार्य अवलोकन गरिबक्सन र योजना सञ्चालन गर्न उक्त स्थानमा सवारी होइबक्स्यो । त्यहाँ सरकारको सवारी हुँदा त्यहाँका सबै जनता उल्लासमय हर्षले विभोर भएका थिए र सरकारबाट उक्त योजनाको विषयमा सबै वृत्तान्त त्यस योजनाका प्राविधिकसँग सोधिबक्स्यो र यस योजनाका लागि आवश्यक कार्य तदारुकताका साथ सम्पन्न गर्नुपर्दछ भन्ने हुकुम भयो । यसरी मैले पाएको दर्शनमा ममतामय मौसुफको वचनलाई एक उदाहरणीय र प्रजाप्रतिको स्नेह अगाध रहेको कुरा हृदयङ्गम गरे ।

मलाई पुनः स्मरण भएर आउँछ । वि.सं. २०३४ साल पौष महिनाको हो । उक्त डेड गाउँटार सिँचाइ योजना सम्पन्न हुन लागिसकेको थियो क्यार । यस्तैमा २-४ दिन पहिलेदेखि विभिन्न खबरहरूबाट थाहा पाएँ– हाम्रा प्यारा राजाको उक्त योजनाको दृश्यावलोकन गरिबक्सन यति गते सवारी हुन्छ । यो थाहा भएपछि अघिल्लै दिन पूर्वस्मृतिलाई हृदयङ्गम गर्दै त्यस ठाउँमा पुगेँ । त्यहाँको पूर्व तयारीमा म पनि संलग्न रही त्यहाँ आइपरेका आवश्यक कार्यहरू गरेँ । भोलिपल्ट मौसुफ सरकारको दर्शनमा मलाई ज्यादै उत्सुकता लागेर आयो र दर्शनका लागि लाइनमा बस्न त्यहाँ रहेका अधिकारी गणहरूसँग अनुरोध गर्दा वल्लतल्ल पुछारतिर बस भन्ने आज्ञा पाएपछि ज्यादै खुसी लाग्यो । मेरो भाग्य भएमा पछि भएतापनि केही हुँदैन भन्ने दृढता लिएर प्रतीक्षामा बसेँ । केहीबेरपछि सरकारको हेलिकप्टर नजिकमा ओर्लियो । म उत्सुक भएर हेरिरहेँ, वायुयानबाट वाहिर निस्किबक्सेर सबैले अर्पण गरेका फूलमाला ग्रहण गर्दै सबैको परिचय लिइबक्सँदा सरकारको मुहार ज्यादै हँसिलो र विश्वासमय रहेको देख्दा मलाई ज्यादै आनन्द लागेर आयो । पछि मेरो हातको माला टक्र्याउँदै म एउटा विद्यार्थी हुँ सरकारको दर्शन गर्ने प्रबल इच्छा थियो आज सफल भयो भनी निवेदन चढाएँ । सरकार मुसुक्क हाँसिबक्सियो र मेरो वाक्यलाई मन लगाई मप्रति दृष्टि दिई शिर हल्लाइबक्सियो । राजासमक्ष पहिलोचोटि यसरी आफ्नो मनोद्वेग अभिव्यक्त गर्न पाउँदा म आफूलाई धन्य सम्झिरहेको छु र योजनाका सबै वृत्तान्त नजर गरी कालीगण्डकी नदी किनारअन्तर्गतका अन्य टारहरूको सम्भाव्य सिँचाइ गर्ने साधारण जानकारी लिइबक्सेको कुरा सुन्न र देख्न पाउँदा र जनताहरूको हित एवम् कल्याण गर्न दुई-दुईपटक सवारी भै दया राखिबक्सेकामा यो अति नै उदाहरणीय अनुपम प्रेरणास्पद वात्सल्यतापूर्ण भाव बन्न गएको छ ।

सरकार अहिले हामीबीच होइबक्सिन्न । सरकारको दिवङ्गत व्यथाले मेरो हृदय विदीर्ण भएको छ । यस्ता प्रजावत्सल राजा पुनः यस पृथ्वीमा जन्म हओस् भनी उनै दयालु परमेश्वर पशुपतिनाथसँग प्रार्थना गर्दछु ।

रकुवा १ ओटाङ
नवलपरासी

●

श्री ५ वीरेन्द्रसँग मेरो सान्निध्य

• *प्रा. हरिश्चन्द्र न्यौपाने*

वि.सं २०५८ जेठ १९ गतेका दिन राति म सुतिरहेको वेला अनायासै मध्यरातमा फोन आयो । मेरा हितैषी आत्मीय जनले राजदरबारको अकल्पनीय घटनाको समाचार सुनाउँदा विश्वास नलागेतापनि मेरो विचार खल्बलियो । म झण्डै बेहोशजस्तो हुन पुगेँ । जुन बालकलाई काखमा खेलाउँदादेखि ३०-३१ वर्षको उमेरसम्म एकै रूपले देख्दै आएँ उही व्यक्तिको त्यस्तो गतिविधि र उसैवाट त्यस्तो बीभत्स मच्चिने रौद्रकर्म सुन्दा मेरो विचार खल्बलिनु र वेहोश हुनु कुनै ठूलो कुरो थिएन । तर मलाई केही अविश्वास र ठूलो चिन्ताले आक्रान्त पाऱ्यो । उज्यालो भएपछि पनि मैले नित्यकर्म स्नान, सन्ध्या, पूजापाठ आदि पनि छाडेँ । दिनभर निर्जल भई दुःख भारले मलाई थिच्यो । भोलिपल्ट सरकारी सञ्चारमाध्यमवाट श्री ५ वीरेन्द्रको स्वर्गारोहणको आधिकारिक सूचना सुनेपछि १० दिनसम्म मेरा नित्य कर्महरू स्थगित भए । आज पनि सम्झँदाखेरि म झस्कन्छु ! हो र जस्तो पनि लाग्दछ । जुन देवतातुल्य राजाको सान्निध्यले मलाई ठूलो आत्मसन्तुष्टि मिल्दथ्यो त्यसैलाई गुमाउनुपर्दा माउ मरेको बाछो जस्तो भएँ । अब जति नै स्मरण गरेर आत्मालाई रूवाए पनि बितेको कुरा र गएको व्यक्ति तलतिर बगेको जलझैँ फर्केर आउँदो रहेनछ, केवल दुःखस्मरण मात्र बाँकी रहँदो रहेछ ।

श्री ५ वीरेन्द्रसँग मेरो सान्निध्य हुनमा मूलकारण मैले अपनाएको अध्ययन-अध्यापन पेशा नै हो । वि.सं २०१९ सालमा म त्रिचन्द्र कलेज तथा सरस्वती कलेजमा अध्यापन गर्दथेँ । रातको ७:३० बजेतिर कुनै अपरिचित मानिस मलाई खोज्दै आएको र उसले रथी केन्द्रशम्शेर राणाले लिन पठाउनु भएको छ, उहाँको निवासमा जाऊँ भन्दा कलेजको कक्षा समाप्त गरी सोही ड्राइभरसँग म उहाँको निवास लाजिम्पाट पुगेँ । यो नै रथी केन्द्रशम्शेर राणासँगको मेरो प्रथम परिचय थियो । आफ्ना छोराछोरीहरूलाई नेपाली तथा संस्कृत पढाउने शिक्षकको आवश्यकता परेकाले म बोलाइएको रहेछु भन्ने मलाई जानकारी भयो । उहाँले आफ्नी छोरी चाँदनी राणा, (श्री ५ ऐश्वर्य) चन्दा राणा, (वर्तमान श्री ५ बडामहारानी कोमलराज्यलक्ष्मीदेवी शाह), सोहनी राणा (श्री ५ अधिराजकुमारी प्रेक्षा) र सुपुत्र सुरजशम्शेर राणा तथा उदयशम्शेर राणासमेतलाई क्रमैसँग अध्यापन गर्ने जिम्मेवारी दिनुभयो ।

यसै क्रममा उहाँकी सुपुत्री चाँदनी राणाको श्री ५ वीरेन्द्रका साथ वैवाहिक सम्बन्ध सुसम्पन्न भएपछि पनि राजदरबारमै श्री ५ ऐश्वर्यले आफ्नो अध्ययन यथावतै राखिबक्सियो । रघुवंश, अभिज्ञान शाकुन्तल जस्ता धेरै नाटक, महाकाव्यहरू पनि अध्ययन गरिबक्सियो ।

वि.स. २०३५ साल श्रावण महिनामा म अस्वस्थ भई उपचारका लागि शान्तभवन अस्पतालमा रोगशैय्यामा रहेकै बखत स्वयम् रथी केन्द्रशम्शेर राणा अस्पताल आई मेरो स्वास्थ्य स्थितिबारे जानकारी लिई फर्कनुभयो । म स्वास्थ्यलाभ गरी अस्पतालबाट आफ्नो घर फर्कें ।

केही समयपछि श्री ५ वीरेन्द्रबाट म राजदरबार बोलाइएँ । निर्दिष्ट समयमा राजरदबार पुग्दा सरकारबाट तत्कालीन युवराजाधिराज श्री ५ दीपेन्द्रलाई अध्यापन गर्ने हुकुम पाएँ ।

वि.सं. २०१९ सालमा जसरी रथी केन्द्रशम्शेर राणाबाट आफ्ना सन्ततिहरूलाई अध्यापनको जिम्मेवारी पाएको थिएँ सोहीबमोजिम श्री ५ वीरेन्द्रबाट बडो सरलता र प्रसन्नतापूर्वक तत्कालीन युवराजाधिराज श्री ५ दीपेन्द्रलाई "गुरु यिनलाई सुचारु रूपमा अध्ययन गराउनुहोस्" भन्ने हुकुमले म आफू साधारण शिक्षकले स्वयम् राजाबाट त्यस्तो सम्बोधन सुन्न पाउँदा मलाई कुन अनुभव भयो त्यो व्यक्त गर्ने शब्द अहिले मसँग छैन। मौसुफ सरकारको सुमधुर वाणी, मधुर मुस्कान, मप्रतिको विश्वास, सद्भावना र आस्थाले पनि मेरो त्यस क्षणमा मानसिक उल्लासले आनन्दको पारावार पाएन।

श्री ५ त्रिभुवनबाट मैले नम्बरी पण्डितको पदवी पाएकाले विजयादशमी, रक्षाबन्धन, श्री ५ का बाहुलीबाट हुने धार्मिक कार्य तथा श्री ५ को शुभजन्मोत्सवका धार्मिक पर्वहरूमा म राजदर्शन पाउँदथेँ। यसैगरी श्री ५ महेन्द्रको पनि मैले राजदर्शन पाउने गर्दथेँ र यसै अनुरूप मैले श्री ५ वीरेन्द्रको पनि धेरै पटक दर्शन गर्ने अवसर पाएको थिएँ तर माथि उल्लेख गरिएबमोजिम भएका राजदर्शन र वि.सं. २०३५ सालमा श्री ५ वीरेन्द्रबाट अध्यापनको जिम्मेवारी पाउँदाको दर्शन तथा मौसुफ सरकारसँग भएको संवाद सुसंवाद नै थियो।

मौसुफ सरकारको प्रजाप्रतिको वात्सल्यपूर्वकको व्यवहारको मैले अनुभव राम्रो गरेँ। मौसुफको सरलता र साधुपन देखेर मलाई मौसुफसँग बोल्ने साहस कतिसम्म भयो भने अध्यापनका क्रममा मौसुफमा साहसपूर्वक कत्ति पनि नहिचकिचाई बिन्ती गर्न सकेँ। शिक्षकको गतिविधि अध्ययन गर्नु अभिभावकको प्रमुख कर्तव्य भएकाले अध्यापन प्रारम्भ गरेको केही दिनमै मौसुफ सरकारबाट सोधपुछ र बालकको अध्ययनको पनि जाँच गरिबक्सियो।

यसै क्रमले महिनामा बढीमा दुईपटक र कम्तीमा एकपटक अध्यापन कक्षमा सवारी हुँदा सबै कुरा बिन्ती गर्नुपर्ने भएकाले मलाई सरकारसँग बोल्ने अभ्यास सजिलैसँग भयो। सरकारबाट बरोबर म पनि अध्यापनमा मार्गदर्शनहरू पाउँथेँ। यिनै सब कुराबाट सरकारप्रतिको मेरो सद्भावना र सान्निध्य बढ्दै गयो। मप्रति सरकारको अनुग्रह र विश्वास बढ्दै गएकाले श्री ५ अधिराजकुमारी श्रुति र श्री ५ अधिराजकुमार नीराजनलाई समेत नेपाली तथा संस्कृत अध्यापन गर्ने थप जिम्मेवारी मलाई बक्सियो।

पाठ्यपुस्तकका अतिरिक्त रामायण, महाभारत, भागवत्, जस्ता धार्मिक ग्रन्थका शास्त्रीय कथाहरू बुझाउने क्रममा शुक्राचार्यको कचको मांसभोजन, मदिरापान, महर्षि अगस्तिका आतापि वातापिजस्ता दुर्दान्त दैत्यहरूको भक्षण, नारदमुनिका सय कन्या, सय कुमारहरूको जन्ममरणका साथै पुलस्त्य रामायणका राजा सेतोको दान, (ईश्वर भक्ति र अन्नादि सानो दानको बदलामा रत्नहरू दान दिने, तर जन्म लिएपछि मनुष्यजातिको मरण अवश्यम्भावी भएकाले मरणपछि राजा ब्रह्मलोक पुगे, त्यहाँ सबै उपभोगका सामग्रीहरू भएतापनि दान नगरेको हुँदा अन्न चाहिँ नभएकाले ब्रह्माजीका आज्ञामुताविक किष्किन्धाको अगस्त्यकुण्डमा राखिएको सधैँभरि ताजा रहने आफ्नै शरीरको मासु खानु परेकाले अन्नदानको महात्म्यको महत्त्व झल्किने) कथाहरू सुनाइरहेको अवस्थामा बाहिरबाट श्री ५ वीरेन्द्रको सवारी अध्यापन कक्षमा भयो। कथाको केही अंश सुनिबक्सिएर भित्र सवारी भई त्यसै कथालाई पुनः दोहोऱ्याउन हुकुम पाएँ र कथा दोहोऱ्याइसकेपछि धार्मिक तथा दानशौण्ड राजाले हाँसेर 'गुरु सबै दानमा ठूलो दान त अन्न पो रहेछ' भन्ने हुकुम हुँदै मुस्कुराइबक्सियो।

यस्तै अध्यापनका क्रममा बालक युवराजाधिराजबाट असङ्गत अनेक चर्चापरिचर्चा गरिबक्सन्थ्यो, केही असामञ्जस्य गरिबक्सँदा एकाएक राजदम्पतीको अध्ययन कक्षमा सवारी भई त्यो चाञ्चल्य र सङ्गतिविपरीत प्रश्न सुनिबक्सिएपछि श्री ५ वीरेन्द्रबाट 'यिनीलाई गुरु तपाईंले अलि कडा गर्नुपऱ्यो' भन्ने हुकुम पाएपछि मैले हात जोडेर जो हुकुम भनी बिन्ती चढाएँ। यसैगरी केही उच्च स्वरमा श्री ५ ऐश्वर्यबाट पनि दोहोऱ्याइबक्सेकाले मैले पनि सरकारमा वास्तविक र सुमधुर शब्दमा 'यो राजसिंहको बच्चालाई म जस्तो बूढो स्यालले कडा गर्न उचित होला सरकार ?' भनी बिन्ती चढाएँ। यस्तो उक्ति प्रत्युक्ति सुनिबक्सिएर श्री ५ वीरेन्द्रबाट अति प्रसन्नता व्यक्त गरिबक्सियो। यस्तो औपहासिक र मनोविनोद प्रसङ्गका कुरा गर्ने सुअवसर पनि मैले पाएँ।

समयसमयमा भएका सरकारको दर्शनभेटमध्ये स्मरणको प्रसङ्ग यस्तै अर्को पनि छ। अभिभावकका नाताले सरकारबाट बालक पुत्रलाई देखाई 'यी अति चञ्चल छन् र खेलवाडी पनि, अतः यिनलाई शान्त गराउने प्रयास गर्नु राम्रो होला कि ?' भन्ने सरकारको हुकुममा, "बालकको चाञ्चल्य, शयनादिका नियमहरू, बालकले १२ घण्टा सुत्नुपर्दछ, चार घण्टा बिगो गर्नुपर्दछ र बाँकी समय अध्ययनलगायत अरू काममा प्रयोग गर्नु पर्दछ" भनी बिन्ती चढाउँदा राजाबाट प्रसन्न मुद्रामा हाँसिबक्सेको थियो।

मौसुफ सरकारका निगाहबाट मैले शैक्षिक क्षेत्रमा धेरै वर्षसम्म सेवा गरेबापत कदरपत्र, गोरखा दक्षिणबाहु चौथो, गोरखा दक्षिणबाहु तेस्रो तथा विख्यात त्रिशक्तिपट्ट पाएको बेला राजदरबारभित्र भएको जलपान समारोहको अवसरमा म पालभित्र एक छेउमा बसिरहेको थिएँ। सोही समयमा सरकार सवारी भई मेरो पाखुरा समातेर 'गुरु तपाईं केही खानुहुन्न ?' भन्ने हुकुम हुँदा

मैले धैर्यतापूर्वक हात जोडेर 'सरकार मैले घरबाहिर पानीसम्म पनि नखाने नियम गरेको छु, सरकार जो हुकुम' भनी बिन्ती गरें। मेरो यस्तो कुरा सुनिबक्सिएर 'गुरु बाहुनको नियम पालन गर्नुभएको रहेछ, खुसी लाग्यो, यस्ता बाहुनहरूको पनि ठूलो आवश्यकता छ' भन्ने हुकुम हुँदै हाँस्दै प्रसन्न मुद्रामा सवारी भयो।

श्री ५ वीरेन्द्र कति दयालु होइबक्सिन्थ्यो भन्ने कुरा त वि.सं २०५७ सालको रक्षाबन्धनका दिन मेरो बुढ्याइँ र कमजोरीले सरकारमा रक्षाबन्धन टक्र्याउन लाग्दा म सरकारपट्टि नै लड्न पुगेछु। दयावान् राजाबाट मेरो हात समाई उठाइबक्सिएर 'कति वर्षको हुनुभयो गुरु ?' भन्ने प्रश्न पाएँ। "सरकार आज ९३ पुगें भोलिदेखि ९४ वर्षमा प्रवेश गर्दै छु" भनी बिन्ती चढाएँ। राजाको दयालु र प्रजाप्रतिको वात्सल्य यसैबाट झल्कन्छ। मजस्तो साधारण व्यक्तिलाई दयापूर्वक उठाएर 'तपाईं सय वर्ष बाँच्नुहुन्छ' भन्ने राजाबाट वरदान पनि मैले पाएँ। यस्ता धर्मधूरीण राजाको वरदानको आज म अनुभव गरिरहेछु।

मेरो सेवाकालभरिका सान्निध्यको अनुभवबाट श्री ५ वीरेन्द्र साह्रै धार्मिक, प्रजावत्सल, जनचाहनाका मर्मज्ञ, मधुरभाषी, मृदुस्वभाववान् तथा शान्तिप्रेमी भएर नै नेपाली जनमानसमा प्यारो राजाको स्थान ओगटिबक्सियो। यी सबै स्मृतिपटभित्र रहेतापनि बाहिर सञ्चालित रूपमा देखेजस्तो अनुभव हुन्छ। श्री ५ वीरेन्द्रबाट राज्यारोहणपश्चात् देशको भौगोलिक अवस्थालाई चिन्तनमनन गरिबक्सी विकासक्षेत्रको अवधारणालाई मूर्तरूप दिन पाँच विकासक्षेत्र घोषणा गरी देश र जनताको भावना बुझ्ने क्रम जारी राखिबक्स्यो र आफ्नो राज्याभिषेकका अवसरमा देशका बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित नरहून् भन्ने अभिप्रायले देशभर प्राथमिक शिक्षा निःशुल्कसमेत गरिबक्सियो।

आफ्नो देशलाई शान्तिबिना विकास गर्न सहज नहुने देखी विश्वसामु नेपाललाई शान्तिक्षेत्रको मान्यताका लागि प्रस्ताव गरिबक्सियो। नेपाललाई शान्तिक्षेत्रको आवश्यकताबारे विश्वरङ्गमञ्चमा विश्वका राजनेतासामु आफ्ना स्पष्ट धारणा व्यक्त गरिबक्सिई शान्तिका लागि ठूलो पहल गरिबक्सियो।

श्री ५ वीरेन्द्र जनताप्रति कति दयालु र संवेदनशील होइबक्सँदो रहेछ भन्ने कुरा आफूलाई स्वयम् संवैधानिक राजा घोषित गरी, प्रजामा सन्तोष र शान्ति पैदा गर्ने राजा दयालु, धर्मनिष्ठ, प्रजावत्सल एवम् कर्तव्यपरायणसमेत होइबक्सन्थ्यो भन्ने कुरा त मौसुफका क्रियाकलापबाट स्पष्ट देखिएकै छ। मौसुफ देशभित्र मात्र नभई विदेशका ठूला राजनेताहरूको दृष्टिमा पनि लोकप्रिय प्रजातान्त्रिक राजाको स्थान ओगट्न सफल होइबक्सियो।

श्री ५ वीरेन्द्रप्रति नेपाली जनताको श्रद्धा, भक्ति के कस्तो रहेछ भन्ने कुरा त वि.सं २०५८ जेठ १९ गतेका दिन भएको मौसुफको अकल्पनीय दुःखद स्वर्गारोहणपश्चात् भएको शवयात्रामा आँसुका धारा बगाउँदै पछि लागेका शोकाकुल जनसमूहको रोदन र राजदरबारमा मौसुफप्रति श्रद्धाञ्जली व्यक्त गर्न लाम लागेको नेपाली जनताको हृदयगत रोदनले स्पष्ट व्यक्त गरेको छ।

आम नेपाली जनताले आदर्श संरक्षकको संरक्षकत्वबाट वञ्चित हुनु परेको पीडाबोध गरिरहेका छन्। यस्ता राजाको आत्माको चिरशान्तिका लागि श्री परमेश्वरसँग प्रार्थना गर्दै यिनै शब्दपुष्प चढाउँदछु।

का.म.न.पा., वडा नं. -५
मालीगाउँ, काठमाडौं

●

मेरो स्मृतिपटलमा राजा वीरेन्द्र

• *डा. हर्षबहादुर बूढामगर*

नेपाली राजतन्त्रको इतिहासमा श्री ५ वीरेन्द्रको विशिष्ट स्थान रहेको छ । गोर्खाली राजा द्रव्य शाहबाट शिलान्यास गरिएको शाहवंशीय राजाहरूको परम्परामा राष्ट्र निर्माता श्री ५ बडा-महाराजाधिराज पृथ्वीनारायण शाहबाट छरिएर रहेका सानातिना राजाहरूलाई एकीकरण गरी विशाल नेपालको स्थापना गरिबक्सेको थियो । विश्व- मानचित्रमा आफ्नै विशिष्ट पहिचान बनाउन सफल हिमाली अधिराज्य नेपाललाई प्रतिष्ठित (सामाजिक, सांस्कृतिक, आर्थिक र भौतिक रूपमा) राष्ट्र बनाउने श्रेय मौसुफमा जान्छ ।

यसरी स्थापित स्वतन्त्र अधिराज्य नेपालमा नेपाली जनताहरूको मनोभावना बुझेर राष्ट्र, राष्ट्रियता, राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्दै राजतन्त्रात्मक शासनव्यवस्थाको माध्यमबाट शासनप्रणाली सञ्चालन गर्ने र जनताका मौलिक अधिकारको संरक्षण गर्दै सरकार चलाउने उत्तरवर्ती श्री ५ महाराजाधिराजहरूको आआफ्नै किसिमको योगदान रहेको पाइन्छ । तथापि आधुनिक शिक्षाप्राप्त, युगअनुकूल ज्ञान-विज्ञानका उच्चतम उपलब्धिहरूसँग हातेमालो गर्दै विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइ र विश्वशान्तिका प्रतिपादक महात्मा बुद्धका मर्यादाहरूअनुरूप भू-मण्डलीय मानचित्रमा नेपाल र नेपालीको अझ चहकिलो, अझ फराकिलो र विकासशील पहिचान अङ्कित गर्ने राजा भने श्री ५ वीरेन्द्र नै होइबक्सेको छ ।

राज्यारोहणको लगत्तै नेपालमा माथिदेखि तलसम्म विकासचेतना फैल्याउन र मुलुकका राजनीतिक नेताहरूलाई विकासमूलक राजनीति गरी विकास अभियानलाई तीव्र पार्न घच्घच्याउने राजा भने श्री ५ वीरेन्द्र नै होइबक्सिन्छ । मौसुफको उदयकालमा नेपालमा विकास तत्- चेतनाको मूल नै फुटेको थियो । मुलुकलाई सन्तुलित रूपमा विकसित गराउँदै लैजाने अभिप्रायले मौसुफबाट पाँच विकास क्षेत्रीय अवधारणा ल्याइ-बक्सिएको यथार्थ कहिले पनि बिर्सन सकिदैन । यतिमात्र होइन, विश्वशान्तिका निम्ति सघाउ पुग्ने हेतुले बुद्धको देश नेपाललाई शान्तिक्षेत्र बनाउने मौसुफको चाहनालाई विश्वका अधिकाधिक राष्ट्रहरूले समर्थन गरेका थिए । पञ्चशीलका आदर्शअनुरूप शान्ति अभियानलाई नयाँ मान्यतामा स्थापना गरी हिमाली राज्य नेपाललाई विश्वकै शान्तिक्षेत्रको साधनास्थल बनाउने मौसुफको दूरगामी चिन्तनलाई अरूले हेलचेक्र्याइँ गर्नु बेग्लै कुरा हो तथापि मुलुकको प्रकृति, भौगोलिक बनोट, भू-राजनीतिक अवस्था, यहाँको प्राचीन समयदेखि अविरल रूपमा हस्तान्तरित हुँदै आएको सांस्कृतिक, आध्यात्मिक र मानवतावादी चेतनाका दृष्टिले शान्तिको पुनः संस्थापक श्री ५ वीरेन्द्रको यो कदम नेपालको सार्वभौम-अखण्डता, स्वतन्त्र-स्वाधीनता, वैदेशिक अहस्तक्षेप एवम् विकासमूलक वातावरणीय दृष्टिले अत्यन्त सान्दर्भिक थियो ।

नयाँ राष्ट्रिय शिक्षापद्धतिको योजनाको तर्जुमा, निःशुल्क प्राथमिक शिक्षा, अनौपचारिक र विशेष शिक्षा, प्रौढशिक्षा, उच्चमाध्यमिक शिक्षा, बहुविश्वविद्यालयको स्थापना, विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठानको स्थापनाजस्ता उल्लेखनीय शैक्षिक कदम मौसुफकै पहलमा चालिएका हुन् । प्रादेशिक क्षेत्रीय भ्रमणका नियमित अभियानले जनतासँगको प्रत्यक्ष साहचर्य एवम् भेटघाट

अन्तर्क्रिया आदिबाट मुलुकलाई गरिबी, अभाव र पछौटेपनबाट मुक्त गर्ने महान् उद्देश्य लिइएको स्पष्ट हुन्छ ।

दक्षिण एसियाली क्षेत्रीय सहयोगसङ्गठनको स्थापना मौसुफको उर्वर, चिन्तनशील मष्तिस्कको उपज थियो । अन्तर्राष्ट्रिय क्षितिजमा मौसुफको अतुलनीय व्यक्तित्व आफैँमा महान् थियो । असंलग्न राष्ट्रहरूका शिखरसम्मेलनहरूमा मौसुफबाट व्यक्त गरिएका उत्कट विचारहरूले संसारका शीर्षस्थ राष्ट्रका प्रमुखहरूलाई गम्भीर तुल्याएका ऐतिहासिक प्रसङ्ग आफैँमा प्रशंसनीय, महनीय र उल्लेखनीय छन् ।

नेपालीमात्रका महान् प्रजातन्त्रवादी, राष्ट्रवादी राजा श्री ५ वीरेन्द्रको प्रतिभाको बखान गरेर सकिँदैन । यस छोटो संस्मरणात्मक लेखमा मौसुफको जीवनकालका आफूसँग संबद्ध केही घटनाहरूलाई यहाँ छोटकरीमा उल्लेख गर्नु सान्दर्भिक सम्झेको छु ।

चिफ स्काउटका रूपमा- श्री ५ वीरेन्द्र

युवराजाधिराज होइबक्सिँदा ४ आषाढ २०२८, नेपाल व्वाय र गर्ल स्काउटको २६ औं स्थापनादिवसको अपराह्न चिफ स्काउट श्री ५ वीरेन्द्रबाट राजदरबारमा दर्शनभेट बक्सेको थियो । तत्कालिक राष्ट्रिय आयुक्त डा. त्रैलोक्यनाथ उप्रेती मलाई लुम्बिनी अञ्चल ट्रेनिङ्ग कमिसनर भनी परिचय गराउँदै हुनुहुन्थ्यो । “हामी भैरहवामा भेटिसकेको होइन र ?” हुकुम भयो । मलाई केही महिना अघिमात्र भैरहवा विमानस्थलमा सरकारका बाहुलीमा फूलमाला टक्र्याएर स्वागत गरेको सम्झना भयो ।

दृढनिश्चयी योजनाविद् श्री ५ वीरेन्द्र

२०२९ साल पौष १५ गते राजदरबारको विशेष अधिकृत पदमा नियुक्त भएको थिएँ । त्यस बेला श्री ५ वीरेन्द्र सरकार जाँचबुझ केन्द्रको अध्यक्ष होइबक्सिन्थ्यो । एक दिनको कुरो हो । नयाँ शिक्षा योजनाबारे आफ्नो धारणा प्रस्तुत गर्दै जाँदा सरकारबाट मेच ठटाएर हुकुम भयो- “यो योजना मैले बनाएको हुँ । यसलाई Drastically implementation (कार्यान्वयन) गर्नुपर्छ ।”

मेरो त सातोपुत्लो उड्यो । टक्क रोकिएँ । केही छिनपछि बिन्ती चढाएँ- “सरकार, मैले जे जति कुराहरू प्रस्तुत गरेँ ती त विषयका अँध्यारा पक्षमात्र हुन् । यसका उज्याला पक्षहरू बिन्ती चढाउन बाँकी नै छ ।" "O. K. Go Ahead" भन्ने हुकुम पाएपछि मैले आफ्नो शेष प्रस्तुति जाहेर गरेँ । सोही दिनको रात्रिभोजमा मौसुफ सरकारले मलाई डाकिबक्सेर हुकुमभयो- “दिउँसोको प्रस्तुतीकरण (Presentation) राम्रो लाग्यो ।” हृदय हर्षले गद्गद् भयो ।

प्रजावात्सल्ययुक्त श्री ५ वीरेन्द्र

२०२९ सालमा श्री ५ वीरेन्द्र पश्चिमाञ्चल- भ्रमणको सिलसिलामा लुम्बिनी अञ्चलको सदरमुकाम, बुटवल सवारी होइबक्सिदा हज्जारौं नर-नारीहरूद्वारा भव्य अभिवादन भएको बखत अन्दाजी १५०० स्काउट छात्रछात्राहरूको पनि सहभागिता थियो । त्यसबेला मौसुफबाट स्काउटिङ्ग गतिविधि सम्बन्धमा जानकारी हासिल गरिबक्स्यो । अञ्चलले तालिम आयुक्तको हैसियतले स्काउटिङ्गलाई आधुनिकीकरण गर्दै लैजानका लागि स्काउट सुदृढीकरण योजना लागू गर्न आवश्यक छ भन्ने व्यहोरा मौसुफमा बिन्ती चढाएँ । त्यसबखत मौसुफ प्रमुख संरक्षक र चिफ स्काउट होइबक्सिन्थ्यो । स्वीकारोक्ति भावमा ‘हुन्छ’ भन्ने हुकुम भयो ।

बुटवलको कार्यक्रम सम्पन्न भएपछि पोखरा फिर्ती सवारी हुने क्रममा हेलिप्याडतर्फ बढिरहेको बेला एउटा अज्ञात व्यक्ति दगुर्दै आएर मौसुफ सरकारका गोडामा छाँद हाल्नपुग्यो । शारीरिक सन्तुलनमा प्रभाव परेको देख्नासाथ मौसुफका गाथलाई आफ्ना दुवै हातले समाउन पुगेको मलाई पत्तै लागेन । गोडामा लागेको धूलो झार्दै-“म ठीक छु । यसलाई केही नगर्नू”, भन्ने स्पष्ट हुकुम भयो । त्यहाँ रहेका सुरक्षाकर्मीहरू हेरेकोहेर्‍यै भए ।

कुरा के रहेछ भने निज अभियुक्तले आफूले लेखेको बिन्तीपत्र सरकारको पाउमा नै चढाउने उद्देश्यले त्यसो गरेको थियो । धन्य छ, मौसुफ सरकारको वात्सल्यभावलाई ।

सर्वजन सुखाय श्री ५ वीरेन्द्र

त्यस्तै २०५६ साल वैशाख २३ गते राजदरबारमा बक्सेको दर्शनभेटमा श्री ५ वीरेन्द्रबाट सर्वप्रथम के हुकुम भयो भने “डाक्टर, दुई वर्षअघि दिएको तक्मा पाउनु भो ?”

“पाएको छैन, सरकार ! ”

“कस्ता छन् यी काम गर्नेहरू ?” केही आक्रोशित भाव मौसुफको मुहारमा देखापर्‍यो ।

“सरकारको अनुकम्पा सेवकमाथि छँदै छ । यति भए पुगिहाल्यो । सरकारबाट दर्शनभेट नटुटोस्, सरकारको गाथमा सँधै आराम रहोस्, यही नै सेवक हार्दिक कामना राख्दछ ।” त्यसपछि २०५६ पौष १४ गते सरकारको ५५ औं शुभजन्मोत्सवका दिन प्रबल गोरखा दक्षिण बाहु पाएको रेडियोमार्फत घोषणा भयो ।

वार्ताको क्रममा माओवादीको कुरा उठिहाल्यो । त्यस सिलसिलामा हुकुम भयो– “हो, डाक्टर ! मगरहरू धेरै मारिएका छन् ।”

"सरकार, दोषी र अपराधीहरू दण्डित हुनु राम्रै हो तर निर्दोषहरू चाहिँ मारिनुभएन। टाठा-बाठाहरू नेता बनेर शोषण गर्दछन्। सिधासाधाहरू शोषित हुन्छन्। सरकारबाट निष्पक्ष न्याय र विवेकपूर्ण अनुकम्पा बक्सनेछ भन्ने कुरामा हामी विश्वस्त छौं।" "समस्या के गर्दा समाधान हुन्छ त्यसबारे विचार भइरहेको छ। धन्दा लिनुपर्दैन" भनी बलियो आश्वासन बक्सियो।

अन्तमा नेपाल जनजाति महासङ्घको एक सल्लाह कारको हैसियतले जनजातिहरू राजनीतिक, सामाजिक र आर्थिकस्तरमा ज्यादै ह्रासोन्मुख एवम् उपेक्षित भएको गुनासो विधिवत् जाहेर गर्दा मौसुफबाट छोटकरीमा हुकुम भयो- "म नेपाल र नेपालीको सर्वोत्तम कल्याण र श्रीवृद्धिका लागि हरदम दत्तचित्त छु। यही नै मेरो परम कर्तव्य पनि हो।"

मौसुफको दृढसङ्कल्पित आश्वासनका शब्दहरू शिरोपर गरी म बिदा भएँ। कसलाई थाहा थियो- त्यही नै मेरा लागि अन्तिम दर्शनभेट थियो भन्ने कुरा।

नयाँ नेपालका निर्माता, शान्त, धीरोदात्त, युगप्रवर्तक, विचारवान् राजा श्री ५ वीरेन्द्रको जीवनकालका यस्ता अनेकौं घटना छन्। सम्पूर्ण घटनाहरूको उल्लेख यहाँ गर्न सम्भव छैन। मात्र आफूलाई बढी स्पर्श गरेका चारपाँच प्रसङ्गमात्र यहाँ चर्चा गर्ने प्रयास गरियो।

जनताका प्यारा त्यस्ता राजाको २०५८ जेठ १९ गते आततायीहरूको षड्यन्त्रबाट वंशसहित हत्या भयो। त्यो सुमधुर पारिवारिक उद्यानै सखाप भयो। सभ्यता र शालीनताका शत्रुबाट भएको त्यो अकल्पनीय बदनियतपूर्ण र कायरतापूर्ण हत्या सदैव इतिहासको एक गद्दारीपूर्ण अपराधको रूपमा विश्वले लिइरहनेछ।

अन्त्यमा, समस्त नेपालीका प्यारा आदर्श सम्राट् श्री ५ वीरेन्द्रको दिवङ्गत आत्माको चिर-शान्तिको कामना गर्दै यस चर्चालाई यहीं विश्राम दिन्छु।

●

श्री ५ वीरेन्द्रको गोरखा भ्रमणको क्षण

● *होमनाथ घिमिरे*

ऐतिहासिक महत्त्वले भरिपूर्ण गोरखा जिल्लामा रहेको गोरखादरबार र गोरखकालिकाको दर्शन एवम् भ्रमण नगर्ने राजाहरू कमै होलान्, त्यसैक्रममा श्री ५ वीरेन्द्र पनि भ्रमणको सिलसिलामा गोरखा सवारी भएको थियो । उक्त अवसरमा पञ्चायत कालको समयमा म महादेव डाँडा गाउँ पञ्चायतको (हाल मकैसिङ+ ताङ्लीचोक) प्रधानपञ्चको हैसियतले श्री ५ को स्वागत एव. दर्शन गर्नका लागि गोरखा जिल्लाको गोरखादरबार पुगेको थिएँ । त्यसैबखत कुनै पनि यातायात सुविधा नभएकाले मोसुफ दरबारमा घोडा चढी सवार भएको थियो । त्यसैबखत श्री ५ ले उत्सुकतापूर्वक तरिकाले पूजा, अर्चना र कालिकाको दर्शन गरिबक्सेको थियो । त्यही कुराले मलाई राजाले हिन्दूधर्मको मान्यता राखिबक्सेको रहेछ भन्ने भान भइरहेको थियो । म अहिले ७५ वर्षको अवसरमा पनि प्रिय स्वर्गवासी राजा श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्यलाई स्मरण गरिरहेको छु । त्यसै सिलसिलामा श्री ५ वीरेन्द्र मेरो गाउँ पञ्चायत (महादेव डाँडा) सवारी होइबक्सियो । उक्त अवसरमा श्री ५ ले विभिन्न ग्रामीण समस्या, आधारभूत आवश्यकताका विषयहरू (स्वास्थ्य, शिक्षा, पानी, आवास, खाना)का विषयमा सोधपुछ र अवलोकन गरिबक्स्यो र ती आवश्यकताहरू ग्रामीण भेगमा आवश्यकताकै रूपमा थियो । त्यसैले मौसुफले उक्त समस्या समाधान गर्ने श्री ५ को सरकारको प्रतिबद्धता रहेको बताइबक्स्यो । मौसुफको उक्त प्रतिबद्धतालाई सबैले जयजयकार गरे र सबैले सवारीको अवसरमा फूलमाला, गुच्छाहरू र अन्य शुभकामनाका उपहारहरू प्रदान गरे । मौसुफले उक्त वस्तुहरू ग्रहण गरिबक्स्यो र त्यसै अवसरमा एक व्यक्तिले ग्रामीण भाषामा नै दुनोमा गाईको कुराउनी लिई आएर *“ला ! तँलाई मेरो जहानले गाईको कुराउनी घोटिदिएकी रहिछे खा ।”* भनेर हातमा राखिदियो । हामीले श्री ५ लाई अनादर गरेको भनी त्यस व्यक्तिप्रति घृणा गर्‍यौं तर मौसुफ रिसाउनुको सट्टा उसलाई धन्यवाद दिइबक्सदैं मुसुमुसु हाँसेर कुराउनी ग्रहण गरिबक्स्यो । यो मौसुफको उदारवादी प्रवृत्ति हो भन्ने मलाई लाग्छ र जातजाति र भेषभूषाको मौसुफले सहराना गरेको जस्तो लाग्छ मलाई । श्री ५ ले ग्रामीण भाषाको कदर गरिबक्सदै खुसीसाथ मौसुफले उपस्थित व्यक्तिहरूलाई दिई आफू पनि ज्यूनार गरिबक्स्यो ।

श्री ५ वीरेन्द्र सरकारले जनताको अधिकारमाथि खेलबाड नगरी २०३६ मा गरिएको ऐतहासिक कदम पनि राजाको जनताप्रति रहेको आगाधपूर्ण स्नेह एवम् ममता थियो । ममतामयी राजाले २०३६ मा सुधारिएको पञ्चायत वा बहुदलीय प्रजातन्त्रको जनताको मत लिन जनमतसङ्ग्रह गरिबक्सेको थियो । मौसुफ त्यसबेला धैर्य र संयमित रही जनताको स्वच्छ र स्वतन्त्र मतले रोज्न पाउने अधिकार बक्सिएको थियो । जनताहरू परिवर्तन चाहने कुरामा कुनै दुईमत नभएको मौसुफलाई पूर्ण ज्ञान थियो । परिर्वतनशील जनताको लक्ष्यप्राप्ति नै मौसुफको चाहना र विश्वास थियो । परिवर्तनशील जनताको विचारलाई गौणरूपमा मनन गरि श्री ५ ले गरेको निर्णय समयसापेक्ष र समयसान्दर्भिक थियो । २०३६ पछि पनि २०४६ सालमा मौसुफले जनताको चाहनाअनुरूप बहुदलीय प्रजातन्त्रको उपहार नेपाली जनतालाई प्रदान गरिबक्स्यो

र श्री ५ संविधानको परिधिभित्र रहि तटष्थ रूपमा जनतालाई खुल्ला सत्ता शासन चलाउन दिइबक्स्यो । मौसुफको शासनकालमा सुशासनको प्रत्याभूति नेपाली जनतालाई होस् भन्ने चाहना राखिबक्सन्थ्यो । जनताले चाहेअनुसारका फल, उपहार एवम् वरदान दिने मौसुफ सरकार हाम्रो एकताका प्रतीक एवम् विष्णुको अवतारको रूपमा रहिबक्सेको थियो ।

श्री ५ वीरेन्द्र र राजपरिवारका सदस्य हाम्रा सामु नभएको समाचारले हामी भावविह्वल एवम् मर्माहत भएका छौँ । मौसुफको त्यो दिव्य मुस्कान र अटल त्यो देशलाई स्मरण गरिरहेको छु । मौसुफको भौतिक शरिर यस विश्वमा नरहे पनि मेरो अन्तस्पटलमा सदा रहिबक्सेको छ । मौसुफको अकल्पनीय स्वर्गारोहणद्वारा सबै नेपालीहरू पक्का पनि खुसी छन् जस्तो मलाई लाग्दैन । उक्त अकल्पनीय घटनाले विशेषतः नेपालीहरू लगायत विश्व नै रोइरहेछ, छट्पटाइरहेछ, ज्वलन्त अवस्थामा चिच्याइरहेछ भन्ने मलाई लाग्छ । नेपाली जनता एवम् विश्व समुदायहरू पनि भाव विह्वल भएका छन्, हुनुपर्ने अवस्था आइपरेको छ जस्तो मलाई लाग्छ । मौसुफ र अन्य राजपरिवारका सदस्यहरूको तस्वीरहरू अटल, अमर र अजर रहिरहनेछन् भन्ने विश्वास लिएको छु । अन्तमा मौसुफ सरकारहरूप्रति विशेषतः मेरो तर्फबाट र मेरो परिवारहरूको तर्फबाट भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

मकैसिङ-८, गोरखा

राष्ट्रिय र अन्तर्राष्ट्रिय शान्तिका अग्रदूत श्री ५ वीरेन्द्र

● डा. देवीप्रसाद ओझा

शीतयुद्धका कारणहरूले जन्म भएको अन्तर्राष्ट्रिय गुटबन्दी नरोकिएसम्म विश्व वन्धुवत्त्व, आपसी सहयोग सम्मान तथा सार्वभौम न्यायका स्वीकृत अन्तर्राष्ट्रिय सम्झौता र अवधारणाहरूलाई निरुत्साहित भई रहनू पर्ने स्थिति कायम नै रहन्छ भन्ने तथ्यलाई बुझेर नै नेपालले असंलग्न आन्दोलनलाई सघाउ पुऱ्याउने काममा प्रारम्भदेखि नै सक्रिय सहभागिता दिदै आएको थियो। यो कुरा आज आएर एक सर्वमान्य राष्ट्रिय यथार्थको रूपमा स्वीकृत भइसकेको देखिन्छ। श्री ५ वीरेन्द्रको राज्यारोहण पछिका दिनहरूमा असंलग्नता सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलित मान्यताहरूलाई आदर्शको रूपमा स्वीकार गरिनुका साथै आफू बाच्ने र हरूलाई बाँच्न दिने भन्ने नेपालको नीतिगत सोचाइले पनि सामावेश हुने अवसर पाएको देखिन आउँछ। यसले गर्दा विश्वको असंलग्न आन्दोलालाई स्वीकार गर्ने प्रत्येक राष्ट्रले आफ्नो छुट्टै अस्तित्वलाई जोगाएर स्वाभिमानका साथ बाँच्न सकिने स्थिति पनि महत्त्वपूर्ण हुन सक्ने सन्देश नेपालले दिदै आएको इतिहास निर्माण भएको देखिन्छ। त्यतिबेलासम्म शीतयुद्धलाई कायम राख्नमा संलग्न रहेका विश्वका दुई ठूला शक्ति रुस र अमेरिकाको कूटनैतिक नीतिहरूको प्रभावमा परी विश्व समुदाय दुई भागमा विभाजित हुन पर्ने बाध्यताको शिकार भैरहेको थियो। त्यस्तो स्थितिमा श्री ५ वीरेन्द्रले राज्यारोहरण गरिबक्से पछि २०२८ सालमा फागुन ७ गतेका दिन बक्स भएको सन्देश मार्फत नेपालले असंलग्न परराष्ट्रनीतिलाई पालना गरिरहने बचनवद्धतालाई साहसकासाथ विश्व समुदाय समक्ष प्रस्तुत गर्नुलाई नेपाली स्वाभिमानको एक अभिव्यक्ति मान्नु पर्ने देखिन्छ। परराष्ट्रनीति सम्बन्धी आफ्नो पहिलो र अन्तिम धारणालाई यतिबेला अभिव्यक्त ठानेर विश्वको मामिलामा एक शाश्वत सत्यलाई समयभन्दा पहिले नै स्वीकार गरेको नेपालले श्री ५ वीरेन्द्रको कुशल र दूरदर्शितापूर्ण नेतृत्वबाट अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाउन सक्ने आत्मविश्वास आर्जन गरेको देखिन आउँछ। आज विश्वबाट शीत युद्धको समाप्ति भइसकेको देखिने भएकोले पनि श्री ५ वीरेन्द्रले आफ्नो राज्यारोहणकालका प्रारम्भिक दिनहरूमा लिइबक्सेको अन्तर्राष्ट्रिय नीति सम्बन्धी धारणाहरूको सत्यता प्रमाणित भएको छ। यसै सन्दर्भमा आजभन्दा लगभग २७-२८ बर्ष पहिले काठमाडौंमा भएको विश्व सम्बन्ध परिषद्को सम्मेलनमा श्री ५ वीरेन्द्रले 'उपनिवेशवादी युगको अन्त भएपछि पनि केही शक्तिशाली राष्ट्रहरूले कुनै न कुनै निहुमा आ-आफ्नो प्रभाव क्षेत्र बढाउँदै लैजाने प्रयास जारी नै राखेको देखिन्छ' भन्ने कुरा हुकुम भएर विश्वका शक्तिशाली देशहरूले त्यतिबेला देखि नै शीतयुद्ध चर्काएर तथा त्यस पछिका दिनहरूमा मानवअधिकार, प्रजातन्त्र वा आर्थिक विकासको नाममा कुनै न कुनै निहुँ खोजी गरिब तथा अविकसित देशहरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै आफ्नो प्रभाव बढाउँदै लगेको आजको विश्वको स्थितिलाई चित्रण गरिबक्सेको कुराले पनि मौसुफको दूरदर्शितापूर्ण अन्तर्राष्ट्रिय सोचलाई पुष्टि गरेको छ। विश्वका अधिकांश भागको हितकालागि असंलग्नताको औचित्य एवम् ठूला राष्ट्रहरूको भूमिकालाई सही ढङ्गले पहिचान गर्नमा सफल मान्न सकिने त्यसै भविष्यवाणीले

श्री ५ वीरेन्द्रलाई अन्तर्राष्ट्रिय सम्बन्ध, गति एवम् प्रवृत्तिहरूको विषयमा सही ढङ्गले अध्ययन गर्न सक्ने ज्ञाताको रूपमा पनि नेपालको इतिहासले मान्यता दिएको देखिन्छ । आल्जेयर्समा भएको असंलग्न राष्ट्रहरूको चौथो शिखर सम्मेलनमा श्री ५ वीरेन्द्रबाट बक्स भएको सम्बोधन भाषणको एक अंशमा मौसुफले विश्वको भावी स्थितिबारे चर्चा गरिबक्सिदै 'उपनिवेशवादको ह्रास र पतनको युगमा साम्राज्यका नयाँ निर्माताहरू देखा पर्न सक्नेछन् हिजोसम्म जुन देशहरू आफै आक्रमणका शिकार थिए तिनै अरूमाथि प्रभुत्व जमाउन तम्सिन सक्ने छन्' भन्ने विचार प्रकट गरिबक्सेको कुरा आज आएर विश्वको इतिहासको एक ध्रुव सत्य नै प्रमाणित भइरहेको पाइन्छ । यस तथ्यमा पनि श्री ५ वीरेन्द्रलाई विश्व रङ्गमञ्चमा नेपालको कथनलाई भविष्य द्रष्टा आवाजको रूपमा प्रस्तुत गर्नसक्ने एक महान नेताको रूपमा मान्यता दिनु न्यायोचित नै ठहरिन्छ । मुख्यकुरा विश्व वन्धुत्वको नाममा जति पनि बाचाहरू विगतमा ठूला राष्ट्रहरूले बारम्बार गर्दै आएका थिए ती सबै फलदायी भएका छैनन्, भन्ने कुरा आज प्रमाणित भइसकेको पनि छ । अर्को शब्दमा भन्ने हो भने यी सबै बाचाहरूको बावजूद पनि अन्तर्राष्ट्रिय क्षेत्रमा राजनीतिक प्रभुत्व, जातिगत पक्षपात, आर्थिक विषमता तथा अरू देशको मामिलामा सैनिक तथा वैचारिक हस्तक्षेपका घटनाहरू आज पनि रोकिएका छैनन् । यस स्थितिमा पछाडि फर्केर हेर्दा साम्राज्यका नयाँ निर्माताहरूले औपनिवेशिक तथा साम्राज्यवादी नीतिलाई तिलाञ्जली दिन नसकेको र अरूमाथि कुनै न कुनै रूपले प्रभुत्व जमाउने लालसा त्याग्न नसकेको कुरालाई त्यतिबेला नै श्री ५ वीरेन्द्रले विश्व समुदाय समक्ष चेतावनी र सङ्केतको रूपमा प्रस्तुत गरिसकेको कुरालाई यस सन्दर्भमा एक महत्त्वपूर्ण साक्ष मान्न सकिन्छ । यी सबै स्थितिहरूबाट मुक्ति पाउन एउटा सुरक्षित र तटस्थ विश्वको निर्माण हुनुपर्ने तथ्य पनि आज सिद्ध भइसकेको छ । आजको यस यथार्थलाई त्यतिबेला धेरै महत्त्वाकांक्षी परिकल्पना मानिने गर्दथ्यो, तैपनि त्यस परिकल्पनाको सत्यतालाई पहिचान गरिबक्सेर श्री ५ वीरेन्द्रले यसलाई साकार पार्ने काममा निरन्तर आफ्नो योगदान गराउँदै आइबक्सेको थियो । मौसुफले सुरक्षित विश्व निर्माणकालागि पहिलो शर्त शान्तिलाई नै मानिबक्सेको हुँदा यस शाश्वत सत्यलाई स्वीकार गर्न विश्व समुदायलाई नेपालको तर्फबाट बारम्बार अभिप्रेरित पनि गरिबक्सिन्थ्यो । मौसुफको शुभ राज्याभिषेकको बेला नेपालमा आएका विश्वका ठूलठूला र प्रायः जसो सबै राष्ट्रहरूका प्रतिनिधिहरूको उपस्थितिको अवसर पारी २०३१ साल फागुन १३ गतेका दिन शान्तिलाई संस्थागत गर्ने उद्देश्य लिई मौसुफबाट शान्ति क्षेत्रको प्रस्ताव नमुनाको रूपमा पेश गरिबक्सेको थियो । विश्वशान्तिको औचित्य र प्रक्रियालाई समेत दिशा निर्देश दिने त्यस प्रस्तावको सबैले खुला दिलबाट स्वागत गरेका थिए । त्यतिबेला मौसुफबाट प्रस्तावित शान्ति सम्बन्धी अवधारणाले आज आएर आफ्नो उपयोगिता सिद्ध गरिसकेको छ । शान्तिले सदा नै विकासको गतिलाई तीव्रतर पार्ने कुरामा दुईमत रहेको देखिदैन । खास गरी नेपाल जस्ता विकासशील देशहरूकालागि राजनीतिक स्थिरता र शान्तिको स्थिति कायम भइरहेमात्र विकासका सम्पूर्ण राष्टिय लक्षहरू हासिल हुन सक्ने ध्रुब सत्य आज विश्व समुदायको सामुन्ने यस युगको एक यथार्थको रूपमा छर्लङ्ग भइसकेको छ । यसैकारणले श्री ५ वीरेन्द्रले आज भन्दा २८-२९ वर्ष पहिले नेपालको सन्दर्भमा र विश्व समुदायको पक्षमा शान्तिको आवश्यकता सम्बन्धी अवधारणा प्रस्तुत गरेकोलाई मौसुफ सरकारको नेतृत्वको महान उपलब्धि मान्नुपर्ने देखिन्छ । नेपालमा विगत १०-१२ वर्षदेखि भइरहने गरेको राजनीतिक अस्थिरता र अशान्तिले गर्दा राष्टको बहुमुखी विकासका सम्पूर्ण मार्ग अवरुद्ध भई जनताले हत्या, हिंसा भय र अन्धकारमय भविष्यमा जिउनु परिरहेको छ । विश्वका सबै जसो अविकसित देशहरूका साथै नेपालको विकासकोलागि शान्ति अनिवार्य भएको कुरा समान रूपले लागू हुन सक्ने देखिन्छ । यसै कारणले श्री ५ वीरेन्द्रको शान्ति प्रस्तावको अवधारणालाई यस युगको एक कालजयी सोचाइ मान्नपर्ने देखिन्छ । यस सन्दर्भमा अप्रजातान्त्रिक, आर्थिक एवम् युद्ध जन्मकारणहरूले कुनै देश आक्रान्त भएमा र अशान्त भएमा सुरक्षा प्रदान गर्ने अधिकार ठूला राष्ट्रहरूले आफ्नो मात्रै सम्झेको हुँदा अन्तर्राष्ट्रिय मामिलाहरूमा नेपालजस्ता सानादेशहरूले यथार्थ कुरा भन्ने गरेकोलाई वास्ता नगरिने विडम्बनायुक्त स्थिति अहिलेसम्म कायमै छ तापनि नेपालले भन्ने गरेको कुराको सत्यतालाई समयले प्रमाणित गर्दै गइरहेको हुँदा यसको आत्म विश्वास बढेको देखिन्थ्यो । अतः नेपालको अन्तर्राष्ट्रिय नीतिको मामिलामा तटस्थता र शान्तिको प्रतिबद्धताको जुन भूमिका छ त्यसलाई परिपक्व र प्रभावकारी बनाउनुमा श्री ५ वीरेन्द्रको राज्यकालको योगदानलाई राष्ट्रले सदा कृतज्ञतापूर्वक स्मरण गरिरहनु नै यस महान राजनेताप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।

२०३८ साल भदौ ९ गतेका दिन पेरिसमा भएको विश्वका अति गरिब ९ राष्ट्रहरूको सम्मेलनमा श्री ५ वीरेन्द्रले गरिब राष्ट्रहरूको बाध्यता, दयनीय स्थिति तथा धनीदेशहरूले गरिब देशहरूकोलागि गर्नुपर्ने सहयोगको जुन हृदयग्राही चित्रण गरिबक्सिएको थियो त्यसलाई आज एउटा राजाले मानवीय संवेदनाहरूलाई न्यायोचित ढङ्गले चित्रण गर्न सफलता प्राप्त गरेको ऐतिहासिक दस्तावेज मान्ने गरिन्छ । मौसुफले त्यति बेला

नै धनी राष्ट्रहरूले निर्धन राष्ट्रहरूलाई उदारतापूर्वक आफ्नो समृद्धिको सानो अंश दिने तत्परता न देखाएसम्म नयाँ अन्तर्राष्ट्रिय आर्थिक समस्या समाधान गर्ने नारा फलदायी नहुन सक्ने भनी भविष्यवाणी गरिबक्सेको थियो । त्यो भविष्यवाणी आजसम्म सार्थक भइरहेकै छ । यसमा मुख्य कुरा धनी राष्ट्रहरूले अन्तर्राष्ट्रिय मञ्चहरूमा बारम्बार गर्ने गरेका बाचाहरूलाई पूरा गर्न नसकेको कारण नै प्रभावी रहेको देखिन्छ । यसै सिलसिलामा अझ उल्लेखनीय कुरा के पनि देखिन्छ भने ठूलाठूला राष्ट्रहरूले विभिन्न अन्तर्राष्ट्रिय मञ्चमा अविकसित र गरिब देशहरूकालागि केही न केही गर्ने आशा र प्रतिबद्धताका भाषण त गर्दछन् तर दिनु पर्ने स्थिति आएको बेला मानवअधिकार र प्रजातन्त्र स्थापनाको शिक्षा र उपदेश मात्र बाँडेर कर्तव्य पूरा भएको मान्दछन् । आर्थिक क्षेत्रमा पनि आफ्ना हितहरूलाई संरक्षण गर्ने नीतिलाई त्यागेर गरिब देशहरूको आर्थिक उन्नतिकालागि केही त्याग गर्ने कुरा सम्झेका हुँदैनन् । आफ्नो आर्थिक समृद्धिको सानोभन्दा सानो अंशसम्म पनि गरिब देशहरूलाई निरन्तर दिइरहने कुनै पनि कार्यक्रमलाई धनी देशहरूले निस्वार्थ भई सङ्कलन गरिरहेको पनि पाइदैन । आज आएर अन्तर्राष्ट्रिय रङ्गमञ्चको इतिहासको विगत र वर्तमानका यस्ता अनेक उदाहरण तथा यथार्थहरूलाई अध्ययन गर्दा गरिब देशहरूको आर्थिक र राजनीतिक स्थितिमा सुधार आउने कुरा एक मृत मरीचिका सावित भइरहेको स्पष्ट हुन्छ । इतिहासका यी सबै यथार्थहरूलाई परीक्षण गर्दा गरिब देशहरूको स्थिति अन्तर्राष्ट्रिय प्रयत्नहरूको बाबजूद पनि खस्किदै गइरहेको देखिने हुँदा शक्तिशाली देशहरूले आफ्नो मौजुदा गरिब देशहरूप्रति लिने गरेको नीतिमा परिवर्तन गर्नु पर्छ भन्ने आवाज नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा उठाउने गरेको तथ्य सत्यापन भइरहेको पाइन्छ । यसरी के देखिन्छ भने विश्वका शक्तिशाली देशहरूले यथार्थ भन्दा आफ्ना निहित स्वार्थहरूलाई प्राथमिकता दिने गरेको हुँदा नेपाल जस्ता विश्वका अनेक आर्थिक रूपले कम विकसित देशहरूको बोलीलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा महत्त्वपूर्ण ढङ्गले नसुन्ने परम्परा अहिलेसम्म पनि सुधार भएको छैन । यी सबै निराशाजनक तथ्यहरूको बाबजुद पनि श्री ५ वीरेन्द्र जस्ता अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति तथा सन्तुलित व्यवहारका ज्ञाताहरूले नेपालको निमित्त आफ्नो उच्च नेतृत्व क्षमता प्रदान गरी निर्माण गरेको अन्तर्राष्ट्रिय नीति सम्बन्धी सोचाइ र व्यवहारहरूको सत्यता विश्व रङ्गमञ्चमा सर्व स्वीकार्य हुने स्थितिहरू क्रमशः देखिदै गइरहने हुँदा यसले राष्ट्रको मनोवल र स्वाभिमानलाई उच्च पार्नमा भने महत्त्वपूर्ण योगदान दिएको कुरा बिर्सन सकिदैन । इतिहासको आफ्नै गति, नियति र विमति हुने कुराबाट इन्कार गर्न सकिदैन । श्री ५ वीरेन्द्रलाई पनि यी सबै इतिहासका कारकतत्त्वहरूले अहिले आएर उच्च रूपमा मुल्याङ्कन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा समयानुकूल नेतृत्व दिन सक्ने महान राजनेताको रूपमा मान्यता दिइरहेको देखिने हुँदा विश्वको इतिहासमा इतिहासले न्याय गरेमात्र राजनेताको मूल्याङ्कन सही ढङ्गले हुन सक्ने कुरा पुनः दोहरिन थालेको मान्नु पर्दछ । श्री ५ वीरेन्द्रले विश्व व्यवस्था सम्बन्धमा गहन अध्ययन गरिबक्सी शान्ति, असंलग्नता र सहयोगको अभावमा विश्वले अनेक कष्ट झेल्नुपर्ने भनी बारम्बार उठाइबक्सेको आवाज आज विश्वकै आवाजको रूपमा मुखरित भइसकेको छ । यस स्थितिमा मौसुफले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा शान्ति, सद्भाव, सहयोग र एकताको महान सन्देशवाहक राजाको रूपमा जुन आफ्नो छवि बनाइबक्सेको छ त्यसबाट प्रेरणा लिएर नेपालले वर्तमानमा मौसुफका विचारहरूको अनुसरण गरी सबै विषम् परिस्थितिहरूको समाधान खोज्नु एक मात्र हितकारी उपाय देखिनु पनि स्वाभाविकै हुन आउँछ । श्री ५ वीरेन्द्रको महान् व्यक्तित्वको उज्ज्वल र गरिमामय पक्ष भनेको मौसुफको राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा शान्ति भैरहोस् भन्ने चाहना नै थियो । यस स्थितिमा नेपाली जनताको आजको चाहना भनेको पनि शान्तिको रूपमा सर्वत्र गुञ्जायमान भइरहेको हुँदा श्री ५ वीरेन्द्रप्रति राष्ट्रको श्रद्धाञ्जली पनि यसै परिवेशमा गुञ्जायमान भइरहेको छ । शान्ति सम्बन्धी मौसुफको शान्ति क्षेत्र प्रस्तावको सम्पूर्ण अवधारणाहरूलाई आज राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतले जति चाँडो कार्यान्वयन गर्न सक्यो त्यति नै कल्याण चाडै हुने देखिन्छ ।

नोट : कारणवश छुट्न गई वणानुक्रममा नपरे पनि यस लेखलाई समावेश गरिएको हुँदा क्रमाभङ्ग भएकोमा क्षमा प्रार्थना गरिन्छ ।

– सं. स.

●

केही महत्त्वपूर्ण अन्तर्वार्ता

विषय-सूची

श्री सूर्यबहादुर थापाका दृष्टिमा श्री ५ वीरेन्द्र ७४५

कीर्तिबाबुको दृष्टिमा श्री ५ वीरेन्द्र ७५१

लोकेन्द्रबहादुर चन्दको दृष्टिमा श्री ५ वीरेन्द्र ७५४

नारायणप्रसाद श्रेष्ठका दृष्टिमा श्री ५ वीरेन्द्र ७५८

साहना प्रधानका दृष्टिमा श्री ५ वीरेन्द्र ७६४

रामचन्द्र पौडेलका दृष्टिमा श्री ५ वीरेन्द्र ७६६

कलाकार मनुजबाबु मिश्रका दृष्टिमा श्री ५ वीरेन्द्र ७६९

धुस्वाँ सायमिका दृष्टिमा श्री ५ वीरेन्द्र ७७२

नातिकाजीका दृष्टिमा श्री ५ वीरेन्द्र ७७५

अन्तर्वार्ता

श्री सूर्यबहादुर थापाका दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ तपाईंको श्री ५ वीरेन्द्रसँग सर्वप्रथम कहिले साक्षात्कार भएको हो ? त्यसवेला तपाईंका मनमा मौसुफको व्यक्तित्वको कस्तो छाप पऱ्यो ।

उत्तर– सामान्य देखादेख र बोलचाल कहिले भयो त्यो कुरा यकिन गर्न र भन्न सकिँदैन तर मोसुफको व्यक्तित्वसँग सर्वप्रथम म परिचित बन्न पुगेकोचाहिँ मौसुफ पहिलोपटक राजप्रतिनिधि सभाको अध्यक्ष होइबक्सँदा हो । केही महत्वपूर्ण पदमा बसेका व्यक्तित्वहरूको पदोन्नति गर्ने समस्या आइपरेको थियो र म श्री ५ युवराजाधिराज सरकारको निर्देशन प्राप्त गर्न हाजिर भएँ । सबै समस्यालाई विस्तारपूर्वक अघि सारिसकेपछि ती समस्याका सकारात्मक र नकारात्मक दुवै पक्षमाथि गम्भीर तर्कहरू सरकारले उठाइबक्स्यो र त्यससम्बन्धमा लामै छलफल भयो भन्नुपर्छ । त्यसरी छलफल चल्दै जाँदा सहमतिका बुँदा फेला परेपछि वल्ल सरकार सन्तुष्ट होइबक्स्यो र एउटा पुस्तिका झिकेर बक्सँदै हुकुम भयो– प्रधानमन्त्री ! यस पुस्तिकामा प्रश्नावली छन् । प्रत्येक पदोन्नत गरिने व्यक्तिलाई यसबाट प्रश्नावली उपलव्ध गराएर उत्तर भर्न लगाउने, त्यसको मूल्याङ्कन गर्ने अनि पदोन्नत गर्ने नगर्ने निर्णय गर्ने । यसरी एउटा निश्चित आधारमा पदोन्नत गर्ने परिपाटि बसाल्नु उचित हुन्छ कि भन्ने मलाई लाग्यो । मौसुफले बक्सेको त्यो पुस्तिका लिई म फर्केर आएँ । सरकारसँग मेरो प्रथम साक्षात्कार त्यसरी भएको थियो र मेरो सम्झनामा त्यही दर्शन भेट अङ्कित रहेको अनुभव अहिले मलाई भइरहेछ ।

प्रश्न–२ ती समस्याप्रति सरकारको दृष्टिकोण तपाईंलाई कस्तो लाग्यो– व्यवहारिक कि काल्पनिक ? अन्ततः समस्याको निराकरण कसरी गरियो ?

उत्तर– जुन समयको कुरा म यहाँ गर्दैछु त्यसवेलामा अयोग्यहरूलाई पदोन्नत गरियो, योग्यहरूले पदोन्नति पाएनन् भन्ने जनगुनासो निकै नै बढेको थियो । त्यसैले त्यस सम्बन्धमा सरकारले देखाइबक्सेको सम्वेदनशीलताबाट म अत्यन्त प्रभावित बन्न पुगें । एउटा निश्चित मापदण्ड बनाएर पदोन्नति दिनुपर्छ भन्ने सरकारको तर्कसँग असहमत हुने त प्रश्न नै उठेन । तर जुन व्यक्तिहरूलाई पदोन्नत गर्नु थियो, ती आ-आफ्ना क्षेत्रमा स्थापित व्यक्तित्व थिए र तिनलाई प्रश्नपत्र दिएर उत्तर भर्न लगाउनु उचित पर्ला कि नपर्ला भन्ने कुराले भने मलाई ठूलै असमञ्जसमा पाऱ्यो । त्यस उहापोहबाट उम्कन नपाउँदै श्री ५ महेन्द्र सरकारको फिर्ति सवारी भइहाल्यो र अर्कै ढङ्गले ती कामकारवाही सल्टाइए ।

प्रश्न–३ अहिले त्यस प्रथम दर्शन भेटको तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ ? तपाईंको कार्यशैलीमा त्यस दर्शन भेटको कुनै प्रत्यक्ष वा परोक्ष प्रभाव पऱ्यो कि परेन ?

उत्तर– त्यस प्रथम दर्शन भेटमा मलाई एउटा त्यस्तो नौलो राजव्यक्तित्वसँग सुपरिचय भएको अनुभव भयो जो खुल्ला छलफल तर्कसङ्गत परिणति र गम्भीर गृहकार्यमा विश्वास गर्दछ अनि राज्ययन्त्रलाई हाँक्ने एउटा सुनिश्चित परिपाटिमा भर पर्न चाहन्छ । त्यस अर्थमा त्यस दर्शन भेटको मेरो जीवन एवं कार्यशैलीमा ठूलै प्रभाव परेको अनुभव म गर्दछु । कुनै टुङ्गोमा पुग्नुभन्दा अगाडि सम्बन्धित विषयवस्तुको सबै आयामलाई राम्ररी केलाउने, विशेषज्ञहरूसँग बसेर नकारात्मक एवं सकारात्मक सबै पाटाका सम्बन्धमा गम्भीर छलफल गर्ने र राष्ट्रिय आवश्यकता तथा जनताका आकाङ्क्षाप्रति सम्वेदनशील रहेर निष्कर्षमा पुग्ने बानी त्यसपछि मेरो पनि बस्यो । त्यसरी हेर्दै लैजाँदा मौसुफको व्यक्तित्वबाट म धेरै नै प्रभावित भएको रहेछु भन्ने मलाई अहिले अनुभव हुँदैछ । सद्‌गुणहरू त्यसरी चालै नपाई सर्दा रहेछन् ।

प्रश्न–४ श्री ५ वीरेन्द्रको कार्यशैलीलाई थोरै शब्दमा कसरी निरूपण गर्न सकिएला ? त्यस सम्बन्धमा केही प्रकाश पारिदिनुहुन्थ्यो कि ?

उत्तर– मौसुफको तीन दशक लामो सुशासनकालमा मैले तीन पटक प्रधानमन्त्रीको पदमा बसेर सेवा गर्ने अवसर पाएँ । मौसुफ राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा सुविज्ञ होइबक्सन्थ्यो; राष्ट्रिय स्वाभिमानलाई किञ्चित आँच आउन नदिने किसिमले हाम्रा अन्तर्राष्ट्रिय सम्बन्धहरू निर्देशित हुनुपर्दछ भन्ने दृढ सङ्कल्पयुक्त राजा होइबक्सन्थ्यो र राष्ट्रको सर्वाङ्गीण विकास गर्नुपर्दछ भन्ने कुरामा मौसुफ अत्यन्त जागरुक रहिबक्सिन्थ्यो । राष्ट्रिय विकास गर्ने कार्यमा अघि बढ्दा अन्य मित्र राष्ट्रको अलिकति पनि अहित नहोस् भन्ने कुरामा साह्रै नै ध्यान पुऱ्याइबक्सिन्थ्यो । आन्तरिक व्यवस्थापनका कार्यमा पनि मौसुफ ज्यादै नै उदार व्यवहार गरिबक्सिन्थ्यो । राज्यव्यवस्थाको सक्रिय नेतृत्व सम्हालिवक्सेको अवस्थामा पनि मौसुफमा जाहेर भएका विविध सुझाव पा प्रस्तावलाई सरकार दरबारका कर्मचारी, व्यवस्थाका महत्वपूर्ण राजनीतिक कार्यकर्ता, सम्बन्धित विषयका विशेषज्ञ र बुद्धिजीवीका अगाडि राखेर छलफल र बहस गराइबक्सन्थ्यो । त्यस्ता बहस वा छलफल गम्भीरतापूर्वक सुन्ने, वीचबीचमा प्रश्न गर्ने र स्वयं सहभागी समेत होइबक्सने मौसुफको स्वभाव थियो । त्यसरी प्रश्न गर्दा कसैले प्रतिप्रश्न राख्यो अथवा कसैले राय बझायो भने पटक्कै रिसाइबक्सन्नथ्यो, ती सबै कुरालाई सहज रूपमा ग्रहण गरिबक्सन्थ्यो । त्यसरी विश्लेषण गर्दै लैजाँदा मौसुफका व्यक्तित्वमा म दुईवटा गुण पाउँछु– एक, छलफल अर्थात् वहसलाई सरकार अत्यन्त रुचाइबक्सन्थ्यो । दुई, त्यस्ता बहस वा छदलफलद्वारा सबै पक्षको अवलोकन गरिसकियो भन्ने भएपछि मात्र त्यस्ता कार्यक्रमको कार्यान्वयन पक्षमा दृष्टिपात गर्नपट्टि लागिबक्सन्थ्यो । कल्पनाका पखेटा चालेर शून्य आकाशमा विहार गर्ने स्वभाव मौसुफका चरित्रमा विद्यमान रहेको मैले कहिल्यै अनुभव गर्न पाइनँ ।

प्रश्न–५ २०३२ सालको राज्याभिषेक समारोहको अवसर पारेर विश्वमञ्चनका अगाडि मौसुफ सरकारले शान्तिक्षेत्र नेपालको प्रस्ताव अघि सारिबक्सेको कुरा प्रख्यात छ । त्यो शान्तिक्षेत्रको प्रस्तावको पछिल्तिर कुन कुन अवधारणा सक्रिय रहेका थिए भन्ने तपाईंलाई लाग्छ ?

उत्तर– पहिलो कुरा, राष्ट्रनिर्माता श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले नेपाल अधिराज्यलाई दुई ढुङ्गाको तरुलका रूपमा हेरिबक्सेको सर्वविदित तथ्य हो । त्यसैले दुईवटा छिमेकी मुलुकको द्वन्द्व पर्दा हाम्रो मुलुक नमिचियोस् भन्ने श्री ५ वीरेन्द्रको सम्वेदनशील अवधारणा त्यस प्रस्तावका पछिल्तिर सक्रिय थियो भन्नुपर्ने हुन्छ । अर्को कुरा, ब्रिटिश इन्डियाको समयमा र पछि स्वतन्त्र भारतको समयमा पनि नेपाल अधिराज्यको सार्वभौमसत्ता एवं स्वतन्त्र अस्तित्वमाथि बारम्बार खतराका सम्भावना विकसित भएका रहेछन् भन्ने पक्षको पनि सरकारले सूक्ष्म अध्ययन गरिबक्सेको थियो । त्यस प्रकारको द्वन्द्वबाट कसरी नेपालको भविष्य सुरक्षित राख्न सकिन्छ भन्ने श्री ५ वीरेन्द्रको अवधारणा पनि त्यस प्रस्तावक पछिल्तिर त्यत्तिकै सक्रिय रहेको थियो भन्नुपर्ने हुन्छ । तेस्रो कुरा, श्री ५ वीरेन्द्र कसरी नेपालको सर्वाङ्गीण विकास गर्न गराउन सकिन्छ अनि यसलाई एउटा सार्वभौमसत्ता सम्पन्न, युगअनुसारको आत्मनिर्भर स्वतन्त्र एवं शक्तिशाली राष्ट्रमा परिवर्तित गर्न सकिन्छ भन्ने सदर्शन शक्ति (Visionary power) भएको राजा होइबक्सन्थ्यो भन्ने कुरा हामी सबैले जानेको बुझेको कुरा हो । त्यस अर्थमा राष्ट्रको निर्वाध विकास कसरी गर्न सकिन्छ भन्ने श्री ५ वीरेन्द्रको अवकधारणा पनि त्यस प्रस्तावका

पछिल्तिर सक्रिय रहेको देखिन आउँछ । मूल बुँदा यिनै हुन् ।

प्रश्न–६ *के त्यस प्रस्तावको कुनै कुनामा भारत विरोधी भावनाले प्रश्रय पाएको थियो भन्ने तपाईंलाई लाग्दैन ? अन्यथा संसारका सबैजसो मुलुकले हस्ताक्षर गरिसक्दा पनि भारतले त्यस प्रस्तावको समर्थन नगर्नाको कारण के हो भन्ने तपाईंलाई लाग्छ ?*

उत्तर– हाम्रा छिमेकी मित्रराष्ट्रहरू, त्यसमा पनि खाश गरेर भारतसँग इतिहासका क्रममा उत्पन्न भएका अप्ठ्यारा स्थिति विशेष र तिनले उत्पन्न गराएका सबै प्रकारका शङ्का उपशङ्कालाई सदैवका लागि कसरी समाधान गर्न सकिएला भन्ने श्री ५ वीरेन्द्र सरकारको सोचाइबाट आएको प्रस्ताव थियो त्यो । त्यस प्रस्तावमा भारत विरोधी अवधारणा थिएन । मौसुफले अघि सारिबक्सेको त्यस प्रस्तावप्रति भारतको सद्भावना र सद्विश्वास प्राप्त गर्न जुन प्रकारको गृहकार्य गरिनु पर्दथ्यो त्यस समयमा त्यो काम सफाइसँग गर्न सकिएन र भारत सरकारका मनमा उसलाई विश्वराजनीतिबाट अलग्याउने कूटनीति त होइन यो भन्ने खालका शङ्का-उपशङ्का दिनप्रतिदिन प्रवल बन्दै गए । विश्वमञ्चमा त्यो प्रस्ताव ल्याइनुभन्दा अगाडि नै भारतको सद्भावना र विश्वास जित्नेपट्टि आवश्यक गृहकार्य गरिएको भए त्यस्तो स्थिति उत्पन्न हुन पाउने थिएन कि भन्ने मलाई लाग्दछ ।

प्रश्न–७ *तपाईंका त्यस्ता तर्कका आधार के छन् ? खुलस्त पारिदिनुहुन्छ कि ?*

उत्तर– जुन बेलामा त्यो प्रस्ताव अघि सारियो, त्यसवेला म राजनीतिबाट केही पन्छेर बसेको थिएँ तापनि राजनीतिक मान्छे भएकाले त्यसका सकारात्मक नकारात्मक पक्ष केलाउने र कार्यविधिको सूक्ष्म अध्ययन गर्ने वृत्तिबाट अलग भने थिइँन । त्यसवेला कार्यशैलीसम्बन्धी केही प्रश्न मेरा मनमा उठेका थिए तर अभिव्यक्ति दिने माध्यम मसँग थिएन । जनमतसङ्ग्रहपछि निर्वाचित प्रधानमन्त्री बन्ने सौभाग्य मलाई प्राप्त भयो र मैले भारत सरकारको मन जित्ने प्रयत्न गरें । मेरा त्यस प्रधानमन्त्रित्व कालको अल्पावधिमै मलाई जुन प्रकारका क्रमिक सफलता प्राप्त हुँदै थिए त्यसका आधारमा मैले माथि त्यस प्रकारका तर्क प्रस्तुत गरेको हुँ ।

प्रश्न–८ *श्री ५ महेन्द्रको राज्यकालमा असंलग्न राष्ट्रहरूको सङ्गठनले ज्यादै महत्व पाउने गर्दथ्यो । श्री ५ वीरेन्द्रको राज्यकालमा त्यस सङ्गठनले त्यति महत्व पाएन भनिन्छ, तपाईलाईं कस्तो लाग्छ ?*

उत्तर– संसारका धुरी राष्ट्रहरूमा अहङ्कार बढ्न गई विश्वयुद्ध हुन नपावस्, सबै राष्ट्रहरूले आ-आफ्ना सार्वभौमसत्ता बचाएर आ-आफ्नै ढङ्गले विकास गर्न पाउन् र कुनै पनि राष्ट्रलाई कठपुतली राष्ट्र बनेर जीउने वाध्यता आइनपरोस् भन्ने उद्देश्यले त्यो सङ्गठन बनेको थियो । श्री ५ महेन्द्रका समयमा धुरी राष्ट्रहरू विश्वलाई विभाजित गर्ने र आ-आफ्ना शक्तिशाली सैनिक गुट तयार गर्ने अभियानमा जुटेका थिए । त्यसैले असंलग्न राष्टहरूको स्वर चर्को सुनिन्थ्यो । श्री ५ वीरेन्द्रका राज्यकालमा त्यस्ता चाप धेरै शिथिल बन्न पुगे र कसैका त्यस्ता चर्का स्वर सुन्न नपरेको मात्र हो । असंलग्न आन्दोलनप्रति श्री ५ वीरेन्द्र कहिल्यै उदाशिन रहिबक्सेन, रहन सम्भव पनि थिएन । त्यस्ता भ्रम कसरी उत्पन्न हुन पुग्यो मलाई छक्क लाग्यो ?

प्रश्न–९ *दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन स्थापना गर्ने काममा श्री ५ वीरेन्द्र साह्रै नै लागिबक्सेको थियो, रातदिन खटिबक्सन्थ्यो भनिन्छ । त्यसको कारण र आधार के थियो भन्ने तपाईंलाई लाग्छ ?*

उत्तर– नेपाल अधिराज्य दक्षिण एशियाको भूटान अधिराज्य जस्तै एउटा भूपरिवेष्टित मुलुक हो । भारत, पाकिस्तान, बङ्गलादेश, माल्दिभ्स, श्रीलङ्का, म्यानमार, अफगानिस्तान, भूटानसँग यस मुलुकको भाग्य गाँसिएको छ, सबै किसिमले । विश्व परिवेश र क्षेत्रीय परिवेश दुवै अनुकूल नबने नबनाएसम्म नेपालसँगसँगै दक्षिण एशियाका सबै मुलुकलाई पनि विकासका पूर्वाधार प्राप्त गर्न र विकास गर्न सजिलो पर्दैन भन्ने सरकार सोचिबक्सिन्थ्यो । त्यसैले ती सबै मुलुकलाई एउटै मञ्चमा ल्याउन पाए आपसी मतभेद शङ्का उपशङ्का मेटिँदै जान्थे, सुरक्षा खर्च घटाउन र विकासका खर्च बढाउन सकिन्थ्यो, अन्तरनिर्भरताको भावना विकसित हुँदै जान्थे अनि आपसी सहयोगका आधारमा शान्ति र विकास दुवै थोक प्राप्त गर्न सजिलो पर्थ्यो भन्ने अवधारणा मौसुफका मनमस्तिष्कमा थिए । त्यसैले त्यस कार्यमा मौसुफ त्यति ज्यादा खटिबक्सेको हो । त्यसको फलस्वरूप दक्षिण

एशियाली मुलुकहरूले एउटा साझा मञ्च पाएका छन् । त्यस मञ्चलाई माध्यम बनाएर सबैले सबै क्षेत्रमा सहयोगात्मक भावनाको अभिवृद्धि गर्ने मात्र होइन, सिङ्गै क्षेत्रको शान्ति सुरक्षा विकास र प्रगतिका सम्भावनाहरू पनि बढेका छन् । दक्षिण एशियाली राष्ट्रहरूको निसर्गसिद्ध अन्तर्निर्भर जीवनका लागि तिनका समुन्नत, समृद्ध र सुन्दर भविष्यका लागि सार्क सङ्गठनको धेरै नै ठूलो महत्व छ । यस सत्यलाई भविष्यले अझ राम्ररी बुझ्दै लैजानेछ भन्ने कुरामा म विश्वस्त छु ।

प्रश्न–१० श्री ५ वीरेन्द्रको सक्रिय नेतृत्व रहेका कालमा देशदर्शन कार्यक्रम समानुपातिक विकास कार्यक्रम, दुर्गमक्षेत्र विकास कार्यक्रम जस्ता अनेकन कार्यक्रमको नाउँ सुन्न पाइन्थ्यो । क्षेत्रीय विकास, अञ्चल विकास, जिल्ला विकास, नगर तथा गाउँ विकास जस्ता अनेकन कार्यक्रम पनि त्यसमाथि थपिन पुग्थे । के ती सबै कार्यक्रम वास्तवमा अर्थपूर्ण थिए ?

उत्तर– श्री ५ वीरेन्द्र श्री ५ महेन्द्रद्वारा राष्ट्रिय पुनर्निर्माणका निमित्त थालनी भएका सबै महत कार्यहरूसँग सुपरिचित होइबक्सन्थ्यो । मौसुफका काँधमा युगले त्यस महत् कार्यलाई सुसम्पन्न गर्नुपर्ने दायित्वमाथि विश्व एवं क्षेत्रीय इतिहासका क्रममा अत्यन्त पछि पर्न गएको यस राष्ट्रको सर्वाङ्ग विकास गर्ने दायित्व पनि वोकाएको थियो । मेचीको मान्छे महाकाली र महाकालीको मान्छे मेची नटेकीकन, तराईको मान्छेले पहाडी एवं हिमाली क्षेत्र र हिमाली पहाडी क्षेत्रका मान्छेले तराई नटेकीकन जीवन बिताउने गरेको त्यसभन्दा अगाडिको इतिहास थियो । आफू बसेका मुलुकको भौगोलिक वनावटसँग, प्राकृतिक विविधतासँग, सामाजिक, धार्मिक, आर्थिक, भाषिक, सांस्कृतिक वनावटको विविधतासँग, सुगमतासँग, दुर्गमतासँग, यस्तैयस्ता आदीत्यादि विभिन्न पक्षसँग अनभिज्ञ आफ्ना देशवासीलाई कसरी मुलुकका त्यस जटिल संरचनासँग सुपरिचित गराउने, कसरी तिनलाई घुलमिल गराएर अन्तर्निर्भरताको भावसँग आवद्ध गराउने, कसरी तिनका मनमा हामी पहिले नेपाली हौँ, त्यसपछि मात्र केही हौँ भन्ने धारणा उत्पन्न गराउने तिनलाई कसरी एकताको अझ कसिलो सूत्रमा उन्ने अनि समग्रको ऐच्छिक सहभागिताद्वारा स्थानिक, जिल्लास्तरीय, आञ्चलिक, क्षेत्रीय विकासलाई सम्भव गराएर सुगमता दुर्गमताका साँध मेटी सबैलाई समानस्तरमा खुट्टा टेकेर उभिन सक्ने तुल्याउने भन्ने खालका अनन्त प्रश्नहरू श्री ५ वीरेन्दका अगाडि थिए । ती सबै प्रश्नहरूको उत्तर निकाल्ने क्रममा ती कार्यक्रमहरू आएका हुन् । प्रत्येक कार्यक्रम कति मात्रामा सफल वा विफल भए भन्ने विषयमा विवाद उठाउन सकिएला, तर ती प्रत्येक कार्यक्रम अर्थहीन अथवा उपलब्धिविहीन सिद्ध भए भन्नचाहिँ कसैले सक्ने छैन भन्ने मलाई लाग्छ । ती सबै अन्योन्याश्रित अनेकन कार्यक्रमहरू आए र नै नेपाल राष्ट्रले आजको अनुहार पाएको हो भन्ने कुरा असंदिग्ध छ । आज दुर्गमभन्दा पनि दुर्गम क्षेत्रका कुनाकाप्चामा बस्ने मानिस (चाहे त्यो नारी होस् अथवा पुरुष)मा तपाई जुन आधुनिक चेतना अङ्कुरित भएको देख्न पाउनुहुन्छ, त्यो तिन कार्यक्रमका परिणाम हुन् । कार्यक्रम कार्यक्रम मात्र हुँदैनन्, प्रकारान्तरले ती स्वयंमा चेतनाको राँको सल्काउने आन्दोलन पनि हुन्छन् । त्यस्ता कार्यक्रम अथवा आन्दोलन निरर्थक हुँदैनन्, तिनले केही न केही उपलब्धि दिएकै हुन्छन् । निस्पक्ष विवेचना भने गर्न सक्नुपर्छ ।

प्रश्न–११सन् २००० सम्ममा नेपाललाई एशियाली मापदण्डमा पुर्‍याउने भन्ने एउटा महत्वाकाङ्क्षी कार्यक्रम पनि आएको थियो– सन् १९८५ तिर । त्यस कार्यक्रमका सम्बन्धमा तपाईंको धारणा के छ ?

उत्तर– त्यस कार्यक्रमलाई एक दृष्टिले यथार्थवादी मान्न सकिन्छ भने अर्को दृष्टिले महत्वाकाङ्क्षी पनि भन्न सकिन्छ । त्यसवेला पच्चिस वर्षको अथक प्रयत्नपछि विकासका लागि आवश्यक पूर्वाधारहरू निकै मात्रामा तयार भइसकेको अवस्था थियो– स्वास्थ्य, शिक्षा, विद्युत, सञ्चार, बाटाघाटा, यातायातका साधन र आवश्यक पर्ने दक्ष जनशक्ति निकै नै मात्रामा तयार भइसकेको थियो । हाम्रो मुलुकलाई ५ विकास क्षेत्र, १४ विकास अञ्चल, ७५ विकास जिल्ला र ४००० भन्दा केही बढी विकास गाउँ र नगरमा बाडिइसकेको थियो । मेचीदेखि महाकालीसम्मको तराई क्षेत्रलाई महेन्द्र राजमार्ग र तिनका सदरमुकामलाई त्यस राजमार्गसँग जोड्ने धेरजसो उपराजमार्ग पनि तयार भइसकेका थिए । तराईलाई पचहत्तरै विकास जिल्लाका सदरमुकामसँग जोड्ने बाटाघाटा र पुलपुलेसा पनि द्रुत गतिमा निर्माण भइरहेको

अवस्था थियो । मोटर पुऱ्याउन नसकिने दुर्गम र हिमाली क्षेत्रका जिल्लाहरूमा पनि हवाई यातायातद्वारा सम्बन्धन जोड्ने काम एक प्रकारले सम्पन्न भइसकेको थियो । त्यस्तो अवस्थामा राज्यले जनतालाई दिन सक्ने सबै प्रकारका निम्नतम सुविधा प्रत्येक क्षेत्र, प्रत्येक अञ्चल, प्रत्येक जिल्ला र प्रत्येक गाउँ/नगरमा पुऱ्याउने अवधारणाले ल्याइएको त्यस कार्यक्रमलाई महत्वाकाङ्क्षी होइन, यथार्थवादी नै मान्नुपर्ने हुन्छ । त्यसका लागि १५ वर्षको अवधिमा जुन विशाल पूँजी र दक्ष जनशक्ति लगानी गर्नुपर्ने हुन्थ्यो, त्यस कोणबाट हेर्दा भने महत्वाकाङ्क्षी भन्न पनि सकिने देखिन्छ । त्यसबाट एउटा कुराचाहिँ छर्लङ्ग हुन्छ । त्यो कुरा के हो भने केही मात्रामा त्यस्तो महत्वाकाङ्क्षा नराखी कुनै पनि राष्ट्रले विकासको गतिलाई तीव्रता दिन र लक्ष्यभन्दा केही कम नै भए पनि उपलब्धि हासिल गर्न सक्दैसक्दैन । विश्व इतिहासले हामीलाई त्यही पाठ पढाउँछ । अप्रत्याशित रूपमा विश्वराजनीति नकोल्टिएको र त्यो कार्यक्रम राजनीतिको शिकार नबनेको भए, सन् २००० सम्ममा त्यसले केही नभए पनि आधाउघी नै सही, अवश्य नै उपलब्धि हासिल गर्ने थियो र नेपाल र नेपालीको जगत र जीवनमा परिवर्तन नल्याई छोड्ने थिएन भन्ने कुरा निस्सङ्कोच स्वीकार गर्न सकिन्छ ।

प्रश्न–१२२०३६ सालको जनमत सङ्ग्रह र २०४६ सालको परिवर्तनसँगजोडेर हेर्दा श्री ५ वीरेन्द्रको व्यक्तित्वको निरूपण कसरी गर्न सकिन्छ भन्ने तपाईंलाई लाग्छ ? श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रको राजव्यक्तित्वमा कुन प्रकारको मौलिक भिन्नता थियो भन्ने तपाईंको धारणा छ ?

उत्तर– श्री ५ महेन्द्र सबैका कुरा धैर्यपूर्वक सुनिबक्सन्थ्यो तर निर्णय भने स्वयं लिइबक्सन्थ्यो । श्री ५ वीरेन्द्र पनि त्यसरी नै सबै पक्षबाट आएका कुरा धैर्यपूर्वक सुनिबक्सन्थ्यो तर निर्णय लिँदाचाहिँ अधिसंख्यक के भन्छन् भन्ने पक्षलाई महत्व प्रदान गरिबक्सन्थ्यो र त्यसैका पक्षमा निर्णय बक्सन्थ्यो । २०३३ सालको गाउँ फर्क राष्ट्रिय अभियान, २०३६ सालको जनमत सङ्ग्रह, २०४३ सालको निर्वाचनमा वहुदलवादीका सहभागिताको प्रश्न र २०४६ सालको परिवर्तनको विश्लेषण गर्न खोज्नेले सरकारको त्यस राजकीय व्यक्तित्वलाई मध्येनजरमा राख्नैपर्छ भन्ने मलाई लाग्छ । त्यसमाथि अर्को एउटा वुँदालाई पनि थप्नु र हेर्नुपर्ने हुन्छ । त्यो वुँदा के हो भने श्री ५ वीरेन्द्र राजसंस्था र राजनेतृत्व दुई अलग अलग कुरा हुन् भन्ने ठानिबक्सन्थ्यो र ती दुई थोकका बीचमा द्वन्द्वको स्थिति उत्पन्न भएको खण्डमा राजनेतृत्वलाई सहज रूपमा तिलाञ्जली दिन अग्रसर होइबक्सन्थ्यो । २०३३ सालमा अनुदारवादी शक्ति वलवान् बन्न पुगेको थियो, गाउँफर्क राष्ट्रिय अभियानले सशक्त भूमिका प्राप्त गऱ्यो, २०३६ सालताका सुधारवादी स्वर वलवान् बन्न पुगेको थियो, जनमत सङ्ग्रहमा राखिबक्स्यो । २०४३ सालमा फेरि अनुदारवादी समूह वलवान बन्न पुग्यो र चाहँदाचाहँदै पनि अल्पमतको कदर गर्न सकिबक्सेन । २०४६ सालको आन्दोलनताका भने उदारवादी वा अनुदारवादीलाई भन्दा बढ्ता महत्व राजसंस्थाको दीर्घकालिक र अल्पकालिक हितका बीचमा विकसित भएको द्वन्द्वलाई दिबक्स्यो । त्यसवेलाचाहिँ स्वयं आफैले कसैलाई नसोधी निर्णय लिइबक्सेको हो भन्ने मलाई लागदछ ।

प्रश्न–१३तपाईंले राजाको सक्रिय नेतृत्वमा रहेर पनि प्रधानमन्त्रीको अभिभारा बेहोर्नुभयो र संवैधानिक राजाको कालखण्डमा पनि । ती दुवै प्रकारका अभिभारा सम्हाल्दा राजाका कार्यशैलीमा के कस्ता भिन्नता पाउनुभयो ?

उत्तर– मैले माथि नै कुन कुरा स्पष्ट तुल्याइसकेको छु भने श्री ५ वीरेन्द्र कुनै पनि विषयवस्तुका समग्र पाटालाई राम्ररी जाँचेर नहेरीकन त्यसका सकारात्मक र नकारात्मक पक्षलाई राम्ररी नकेलाईकन र त्यसबारे स्पष्ट नभइसकेसम्म त्यसलाई कार्यमा अनुवाद गर्न लागिबक्सन्नथ्यो । त्यसैले प्रशस्त गृहकार्य गरिन्थ्यो, छलफल हुन्थे, जनआकाङ्क्षा पहिल्याइन्थ्यो र अन्ततः कार्यक्रम अघि सारिन्थे । सक्रिय राजा हुँदा र पछि संवैधानिक राजा भएपछि पनि सरकारका त्यस चरित्रमा लेसभर पनि परिवर्तन भएन, त्यो चरित्र यथावत कायमै रह्यो । फरकचाहिँ के आएको मैले अनुभव गरेँ भने सक्रिय राजा भएका वेलामा मौसुफ पूर्ण सन्तुष्ट नबनेसम्म प्रस्तावित कार्यक्रम थन्किएरै बस्दथे, तिनले घामको उज्यालो देख्न पाउँदैनथे । संवैधानिक राजा भएपछि भने प्रशस्त छलफल गरिबक्सन्थ्यो, यतियति कारणले मेरो चित्त बुझ्न भनिबक्सन्थ्यो तापनि राष्ट्र र जनताप्रति उत्तरदायी प्रधानमन्त्री हुनाले स्वीकृति प्रदान

गरे हुकुम हुन्थ्यो र स्वीकृति बक्सन्थ्यो। मैले पाएको भिन्नता त्यति मात्रै नै हो, अरू भिन्नता पाइनँ।

प्रश्न–१४श्री ५ वीरेन्द्रसँग नजिक रहेर धेरै लामो अवधिसम्म तपाईंले काम गर्नुभएको हो। मौसुफका सम्बन्धमा थप केही भन्न चाहनुहुन्छ कि ?

उत्तर– श्री वीरेन्द्र अत्यन्त जिज्ञासु, अध्ययनशील, राष्ट्र र जनताप्रति समर्पित राजा होइबक्सन्थ्यो। मौसुफमा अहङ्कारको लेस थिएन। अत्यन्त सभ्य, शिष्ट, भद्र र सबैमा माया बाँड्ने विवेकशील राजा होइबक्सन्थ्यो। यस मुलुकलाई कसरी एउटा सार्वभौमसम्पन्न, स्वतन्त्र, स्वाधीन, शक्तिशाली र समृद्ध देश बनाउन सकिन्छ भन्ने चिन्तन र चिन्तामै मौसुफले आफ्नो जीवन समर्पित गरिबक्स्यो। मौसुफ कोही अघि र कोही पछि नरहुन् यो राष्ट्र सबैको साझा फूलवारी बनोस् भन्ने सदाशय राखिबक्सन्थ्यो। राजा भईकन पनि त्यस्तो अभिमानरहित, जनसम्मतिअनुकूल चल्न मन पराउने र कस्तै प्रतिकूलता आइलाग्दा पनि राष्ट्रिय स्वाभिमानलाई झुक्न नदिने पक्षमा अडिग रहने, मौसुफ एउटा आदर्श राजव्यक्तित्व होइबक्सन्थ्यो। त्यस्ता व्यक्तित्व यस संसारमा विरलै उत्पन्न हुन्छन्। त्यस्ता व्यक्तित्वको सामीप्य एवं छहारी पाउनु हामी सबैको सौभाग्य हो भन्ने मलाई लाग्दछ।

●

अन्तर्वार्ता

कीर्तिबाबुको दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ *तपाईंले श्री ५ वीरेन्द्र सरकारसँग सर्वप्रथम कहिले निकटतम विन्दुमा रहेर काम गर्ने अवसर पाउनुभएको हो ? त्यस भेटघाटको तपाईंका मनमा के कस्तो प्रभाव परेको छ ?*

उत्तर– यो सन् १९६६।६७ तिरको कुरा हो। त्यसवेला म विदेशमन्त्रीको हैसियतले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै न्यूयोर्क जानुपर्‍यो, गएँ। श्री ५ वीरेन्द्र सरकार त्यसवेला कलिलै उमेरको विद्यार्थी होइबक्सन्थ्यो र अमेरिकाको हार्वर्डमा अध्ययनरत रहिबक्सेको थियो। मेरो नेतृत्वमा गएको त्यस प्रतिनिधिमण्डलले मौसुफसँग सम्पर्क गर्ने वा नगर्ने भन्ने कुरापट्टि ध्यान दिएकै थिएन। तर अचम्मको कुराचाहिँ के भयो भने विना सूचना नै मौसुफ स्वयं न्यूयोर्कमा सवारी भयो र हामीसँग सम्पर्क गरिबक्स्यो। त्यो भन्दा पनि मलाई कुन कुराले अचम्भित तुल्यायो भने मौसुफमा म भावी राजा हुँ भन्ने अभिमान पनि रहेनछ र प्रतिनिधिमण्डलको नेतासँग मात्र बात गर्ने र त्यतिमै चित्त बुझाउने स्वभाव पनि रहेनछ। प्रत्येक व्यक्तिलाई भेट्ने, प्रत्येकको राय लिने र सामूहिक तवरले बसी एउटा साझा निष्कर्ष निकाल्ने अनि त्यसपछि आफूसमेत सबैजना त्यही साझा निष्कर्षप्रति प्रतिवद्ध रहनुपर्छ भन्ने खालको मौसुफको स्वभाव रहेछ, कार्यशैली रहेछ। सरकारको त्यस्तो कार्यशैली देखेर, प्रथम दर्शन भेटमै मौसुफबाट म अत्यन्त प्रभावित बन्न पुगेँ। बूढापाकाले हुने विरुवाको चिल्लो पात भन्ने गरेको सुनेको मात्र थिएँ, त्यहाँ त्यो कुरा साक्षात्कृत हुन पुगेको मैले अनुभव पाएँ।

प्रश्न–२ *मौसुफसँग त्यसभन्दा पनि निकट भएर काम गर्ने अवसर तपाईलाई कहिले प्राप्त भयो ?*

उत्तर– सन् '७१ तिरको कुरा हो, श्री ५ महेन्द्र सरकार राजकीय भ्रमणमा वेलायततिर सवारी हुँदा मौसुफ राजप्रतिनिधि परिषद्‌को अध्यक्ष भइबक्स्यो। त्यसवेलामा म प्रधानमन्त्री थिएँ र मौसुफका निकट रहेर कार्य सम्पादन गर्ने अवसर पाएको हुँ।

प्रश्न–३ *मौसुफसँग काम गर्दा तपाईंलाई के कस्तो प्रभाव पर्‍यो ?*

उत्तर– हेर्नुहोस्, त्यसवेला पञ्चायत व्यवस्था थियो। त्यो व्यवस्था राजाको सक्रिय नेतृत्वमा रहेको हुनाले राजइच्छा नै सर्वोपरि हुने गर्दथ्यो। श्री ५ भनेको संविधान हुँदाहुँदै पनि शक्तिशाली हुन्छ भने त्यसवेला त अति शक्तिशाली हुनु स्वाभाविक नै हुनेभयो। तर मैले मौसुफको निकटमा रहेर काम गर्दा एक पटक पनि असजिलो अनुभव गर्नु परेन। कुनै पनि वेला शक्ति प्रदर्शन गर्नसक्ने शक्ति निहित हुँदाहुँदै पनि सरकारले कुनै प्रकारको शक्ति प्रदर्शन गर्न खोजेको मैले कहिल्यै अनुभव गर्न पाइनँ। त्यसवेला पञ्चायत

व्यवस्थाको जुन संविधान थियो सरकार त्यसैअनुसार चल्न रुचाइबक्सन्थ्यो । सरकारसँग निकटतम बिन्दुमा रहेर काम गर्न अत्यन्त सजिलो थियो ।

प्रश्न–४ *श्री ५ महेन्द्र सरकारको वि.सं. २०२८ सालमा देहावसान भयो र श्री ५ वीरेन्द्रबाट राज्यारोहण गरिबक्स्यो । राज्यारोहण गरिबक्सेपछि मौसुफको चरित्रमा केही भिन्नता आएको पाउनुभयो कि ?*

उत्तर– श्री ५ महेन्द्रले मलाई प्रधानमन्त्रीमा मनोनित गरिबक्सेको हुनाले मौसुफको विश्वास मलाई प्राप्त थियो, तर नयाँ राजाले पनि मलाई त्यसरी नै विश्वासपूर्वक व्यवहार गरिबक्सनुपर्छ भन्ने आधार मसँग थिएन । त्यसकारण, मैले श्री ५ वीरेन्द्रबाट राज्यारोहण गरिबक्सेपछि विन्ती चढाएँ– सरकार, कुनै पनि प्रधानमन्त्री राजाको विश्वास प्राप्त नगरी राज्य सञ्चालन गर्न सक्दैन । मलाई बुबा सरकारले मनोनित गरिबक्सेको हो, त्यसैले काम गर्न अप्ठ्यारो नपरोस् भनी अवकाश माग्न हाजिर भएको छु । मैले त्यस प्रकारको विन्ती चढाउँदा सरकारबाट तिमीले राजिनामा दिन पर्दैन, बुबा सरकारको जत्तिकै तिमीमाथि मेरो विश्वास छ भन्ने हुकुम भयो, राजिनामा लिन मानिबक्सेन । त्यस्ता चरित्रको होइबक्सन्थ्यो– श्री ५ वीरेन्द्र । भिन्न व्यवहारको अनुभूति पाउने त कुरै भएन ।

प्रश्न–५ *राज्याभिषेक समारोहको अवसर पारेर श्री ५ वीरेन्द्रले विश्वसमक्ष शान्ति क्षेत्रको जुन प्रस्ताव राखिबक्स्यो, त्यसलाई तपाईंले कसरी हेर्नुभएको छ ?*

उत्तर– श्री ५ वीरेन्द्र सरकार श्री ५ पृथ्वीनारायण शाहले हुकुम भएअनुसार नै यस मुलुकलाई दुई ढुङ्गावीचको तरुल देखिबक्सन्थ्यो र यसलाई एउटा सवल, सार्वभौमसत्तासम्पन्न, पूर्ण विकसित, समृद्ध र स्वतन्त्र राष्ट्रमा कसरी परिवर्तित गर्न सकिन्छ भन्ने कुरालाई सदैव मनमा खेलाइबक्सन्थ्यो । राज्याभिषेक समारोहमा मौसुफले राखिबक्सेको शान्ति क्षेत्र नेपालको प्रस्तावलाई त्यस विशाल पटभूमिमा राखेर हेरिएका खण्डमा मौसुफको सो प्रस्ताव कति ठूलो कल्पनाको अङ्ग थियो र दूरगामी महत्वको थियो भन्ने कुरा छर्लङ्ग खुल्न पुग्छ भन्ने मलाई लाग्दछ । त्यसवेला त्यो प्रस्ताव जति महत्वको थियो आज पनि त्यत्तिकै महत्वको छ र भोली पनि रहनेछ भन्ने कुरामा म विश्वस्त छु । हामीले यस सन्दर्भमा कुन कुरालाई स्पष्टसँग बुझिदिनै पर्दछ भने त्यो प्रस्ताव मौसुफबाट कुनै राष्ट्रका हितका विरुद्धमा राखिबक्सेको चाहिँ किमार्थ पनि होइन । मौसुफ हामी मात्र बाँचौ भन्ने कुरामा होइन, सबैले बाँच्न पाउनु पर्छ भन्ने सिद्धान्तमा विश्वास गरिबक्सन्थ्यो । यस पक्षको पुष्टि गर्न अन्यान्य अनेक प्रमाण अघि सार्न सकिन्छ ।

प्रश्न–६ *मौसुफको व्यक्तित्वको कुन पक्षले तपाईंलाई बढी प्रभावित तुल्याएको छ ?*

उत्तर– श्री ५ वीरेन्द्र सरकार यस मुलुकको भूभौतिकि जटिल अवस्थासँग राम्ररी परिचित होइबक्सन्थ्यो र यसको कसरी सर्वाङ्ग विकास गर्न गराउन सकिन्छ भन्ने कुरामा गम्भीरतापूर्वक र यथार्थवादी भएर सोचिबक्सन्थ्यो । त्यसैले मौसुफ विकासको मूल फुटाउने कुरा गरिबक्सन्थ्यो । यस राष्ट्रलाई विकासको राजनीति बक्सनुको पछिल्तिर त्यही यथार्थ सक्रिय रहेको पाइन्थ्यो । अर्को कुरा, विश्व र क्षेत्रीय विकाससँग हाम्रो राष्ट्रिय विकास गाँसिएको हुन्छ र गाँस्नुपर्छ भन्ने कुराप्रति पनि मौसुफ त्यत्तिकै जागरुक होइबक्सन्थ्यो । सार्क सङ्गठन बनाउने क्रममा सरकार त्यस्तरी लागिपर्नुको मूल कारण पनि त्यही नै थियो । त्यसरी हेर्दै लैजाँदा हामी के देख्छौं भने मौसुफ सरकार विश्व-सन्दर्भ र क्षेत्रीय-सन्दर्भलाई मध्येनजरमा राखेर राष्ट्रिय विकासको कुरा अघि सारिबक्सन्थ्यो । मौसुफ सरकारको त्यही प्रकारको अवधारणा विशेषबाट म ज्यादै प्रभावित भएको अनुभव गर्दछु ।

प्रश्न–७ *श्री ५ वीरेन्द्रमा संदर्शन (Vision) शक्ति भएझैँ व्यावहारिक कौशल पनि थियो कि थिएन ? यस सम्बन्धमा तपाईंको अनुभव के छ ?*

उत्तर– मैले अघि नै के भनिसकेको छु भने श्री ५ वीरेन्द्र कल्पनाकाशमा विचरण गर्ने होइन, यथार्थमा आधारित रहेर चिन्तन गर्ने राजा होइबक्सन्थ्यो । मौसुफको त्यस्तो प्रकृति भएकाले सन् १९७८।७९ ताका मौसुफले भारतसँग व्यापार सन्धी नविनीकरण गर्दै लैजाने परिपाटि नै पालन गर्दै जाने कि नेपाल सार्वभौमसत्ता सम्पन्न राष्ट्र भएकाले विना वाधा विश्वका सवै मुलुकसँग सम्पर्क गर्न पाउने यस राष्ट्रको अधिकारलाई सम्वर्द्धन

गर्नका लागि त्यसलाई नयाँ र युगानुकुल आयाम दिनपट्टि पनि ध्यान दिने भन्ने पूर्व प्रश्नलाई फेरि उठाइबक्स्यो । सबै पक्षसँग गम्भीर सरसल्लाह गरेपछि मौसुफ अब भारतसँग परम्परागत वाणिज्य-सन्धी मात्र गर्ने होइन, त्यसमा पारवहन पनि थपेर सन्धी गर्नपट्टि दृढता देखाउनुपर्छ भन्ने निष्कर्षमा पुगिबक्स्यो । त्यसैअनुरूपका कागजपत्र तयार गरिए र भारतसरकार समक्ष प्रस्तुत गरिए । नभन्दै त्यसै साल भारतसँग हाम्रो वाणिज्य तथा पारवहनसम्बन्धी ऐतिहासिक सन्धी सम्पन्न पनि भयो । त्यसवेला मोरारजी भाइ देशाई भारतका र म नेपालको प्रधानमन्त्री थियौं । यसबाट श्री ५ वीरेन्द्र सरकार एकैचोटि सबैथोक लिन खोज्नु हुँदैन, समय हेर्नुपर्दछ, अलिअलि गरेर आफ्नो राष्ट्रिय अधिकार लिँदै जानुपर्छ भन्ने एउटा व्यावहारिक र कुशल राजनेता होइबक्सन्थ्यो भन्ने कुरा ठम्याउन सकिन्छ भन्ने मलाई लाग्छ । मौसुफमा अपार धैर्यशीलता थियो ।

प्रश्न–८ तपाईंका प्रधानमन्त्रित्वकालमा सिंहदरबार अग्निकाण्ड भयो र तपाईंले राजिनामा गर्नुपर्‍यो । के श्री ५ वीरेन्द्रबाट निर्देशन पाएर तपाईंले राजिनामा गर्नुभएको त थिएन ?

उत्तर– होइन, श्री ५ वीरेन्द्रबाट निर्देशन पाएर मैले राजिनामा गरेको पटक्कै होइन । आफू प्रधानमन्त्री भएको वेला त्यो काण्ड भयो र मैले सरकारसमक्ष नैतिकताको आधारमा राजिनामा चढाएको हुँ । मौसुफबाट धनको क्षति भयो तर मनको क्षति भएको छैन, म तिम्रो राजिनामा स्वीकार गर्दिन भन्ने हुकुम भएको थियो । मैले सरकारबाट राजिनामा स्वीकार गरिबक्सने मनस्थिति बनाउन थुप्रै मिहिनेत गर्नुपरेको थियो त्यसवेला । असल परम्परा राख्न राजिनामा स्वीकार गर्नु उचित पर्छ भन्ने तर्क अगि सारेपछि मात्र वल्ल राजिनामा स्वीकार गर्न सरकार मानिबक्सेको थियो । यस मान्छेलाई यस पदमा रहनदिनु हुँदैन भन्ने निस्कर्षमा पुग्न सरकारलाई पुष्ट प्रमाण चाहिन्थे, नत्र मानिबक्सन्नथ्यो । मौसुफमा विवेकशीलताको पक्ष अत्यन्त प्रवल थियो ।

प्रश्न–९ सामान्यतः राजा कठोर स्वभावका हुन्छन् र उनीहरू दया माया देखाउँदैनन् भन्ने ठानिन्छ । श्री ५ वीरेन्द्र कस्तो राजा होइबक्सन्थ्यो ?

उत्तर– श्री ५ वीरेन्द्र सरकार एउटा दयालु, अरूको दुःख देख्न नसक्ने, मानवीय स्वभावको राजा होइबक्सन्थ्यो । वि.पी.लाई सबैले पञ्चायत विरोधी शक्तिको रूपमा औंल्याइराखेको बेलामा बिरामी परेको खवर पाउनासाथ सरकारले ढिकुटीबाट उपचारार्थ आवश्यक खर्च पठाइबक्स्यो, उपचारार्थ अमेरिका गएको मानिसलाई युरोप भ्रमण गर्न पनि कुनै वाधा व्यवधान उत्पन्न गर्न मानिबक्सेन, उल्टो सहयोग नै पुर्‍याइबक्स्यो । मौसुफको उदार एवं मानवीय व्यक्तित्व झल्काउने यो एउटा राम्रो उदाहरण हो भन्ने मलाई लाग्छ । सरकारबाट यस्ता अरू पनि थुप्रै कुराहरू भएका छन् ।

प्रश्न–१० श्री ५ वीरेन्द्रको निकट रहँदा कुनै अविस्मरणीय घटना भएको सम्झनु हुन्छ ? भए वताइदिनु हुन्थ्यो कि ?

उत्तर– त्यसो त त्यस्ता घटनाहरू थुप्रै छन् तर यहाँ एउटा घटना तपाईंहरूलाई सुनाउँ सुनाउँ लाग्यो । श्री ५ वीरेन्द्र आफूसँग रहेर काम गर्ने मान्छेलाई चौबीसै घण्टा आँखा चिम्लेर काम गर्ने मात्र होइन, नयाँ ऊर्जा थप्न र फेरि काम गर्न सक्ने बन्न समय-समयमा यसो फुसैद निकाल्नु पर्छ र विश्राम लिन पनि चुक्नु हुँदैन भन्ने हुकुम हुन्थ्यो । एक पटक सरकारले वोलाइवक्स्यो र नागार्जुन दरबारमा पुगें । त्यहाँ किन बोलाइबक्सेको हो त्यो कुरा खुल्न नपाउँदै एउटा पुस्तकादि सबै थोक भएको सुसज्जित कोठामा मलाई हुल्दै हुकुम भयो– कीर्ति तिमीले विश्राम लिन नमानेकोले तिमीलाई यहाँ बोलाउनुपर्‍यो । अब यहाँ सबै थोकबाट मुक्त भएर विश्राम गर, चिन्तन-मनन गर अनि आफ्नो काम समातौंला । त्यति भनेर सरकार सवारी भैहाल्यो, म त्यहीं रहन वाध्य भएँ । त्यस्तो असल राजा होइबक्सन्थ्यो श्री ५ वीरेन्द्र । मसँग मात्र होइन, सरकार अरूहरूसँग पनि त्यही प्रकारको सद्व्यवहार देखाइबक्सन्थ्यो ।

●

अन्तर्वार्ता

लोकेन्द्रबहादुर चन्दको दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ *श्री ५ वीरेन्द्र सरकारसँग साक्षात्कार गर्ने पहिलो अवसर तपाईंले कहिले पाउनुभयो ? त्यस दर्शन भेटको तपाईंका मनमा कस्तो प्रभाव पर्‍यो ?*

उत्तर– मैले मौसुफको दर्शन गर्ने पहिलो अवसर राजगद्दी आरोहण गरिबक्सेपछि अञ्चल भ्रमणमा सवारी भएका बखतमा पाएको हुँ । म त्यतिवेला सुदूर पश्चिमाञ्चल क्षेत्रको महाकाली अञ्चल पञ्चायतको सभापति थिएँ । त्यस समयमा दुइवटा कारणले मौसुफको व्यक्तित्वबाट अत्यन्त प्रभावित बन्न पुगेँ । एउटा कुरा, सरकारलाई हामी त्यही अञ्चलमा बस्ने मानिसलाई भन्दा पनि त्यहाँका प्रत्येक जिल्लाको दयनीय आर्थिकस्थितिका सम्बन्धमा राम्रो जानकारी रहेछ । कुन जिल्ला सुगम छन्, कुन दुर्गम छन्, कुन जिल्ला किन अघि छ, कुन जिल्ला किन पछि छ, ती सबै जिल्लालाई के कसो गर्न सकेका खण्डमा बराबरीका आधारमा अघि बढाउन सकिएला भन्ने विषयमा हामीले बताउनै नपर्ने, सरकार ती सबै कुराप्रति अत्यन्त जागरुक रहिबक्सेको पाएँ । अर्को कुरा, सरकार सिङ्गो मुलुकको छिटो र छरितो विकास होस् भन्ने चाहिबक्सँदो रहेछ । त्यसैले राजनीतिका काम कुरा गर्नेभन्दा विकासका काम कुरा गरेर देखाउने मान्छेलाई बढी रुचाइबक्सँदो रहेछ भन्ने मलाई लाग्यो ।

प्रश्न–२ *त्यसवेला समानुपातिक विकासको अवधारणा कार्यक्रमका रूपमा आइसकेको थियो ?*

उत्तर– थिएन । समानुपातिक विकासको कार्यक्रम केही पछि आएको हो तर मौसुफका मनमस्तिष्कमा त्यसको वीजाधान पहिले नै भइसकेको अनुभव मौसुफको सङ्गत गर्नेहरूले गर्न पाउँथे । मैले मौसुफको त्यस क्षेत्रीय भ्रमणका अवसरमा मेरा मनमा परेका मौसुफका व्यक्तित्वको छापको वर्णन मात्र सुनाएको हुँ ।

प्रश्न–३ *समानुपातिक विकासको कार्यक्रम कुन उद्देश्यले ल्याइएको हो ? नेपाल जस्तो अल्पविकसित राष्ट्रले त्यसलाई धान्न सक्ला भन्ने कसरी विश्वास गरियो ?*

उत्तर– नेपाल हिमाली, पहाडी र तराई जस्ता तीन तल्ले भू-भौतिक अवस्थिति भएको मुलुक हो । सजिलासजिला ठाउँ रोजेर विकासका कार्यक्रम लैजाँदा सुगम क्षेत्र मात्र विकसित हुन्छन्, दुर्गम भेकहरू उपेक्षित नै रहिरहन्छन् र त्यहाँ बस्ने नेपालीहरू राज्यबाट पाउन पर्ने निम्नतम सुविधाबाट वञ्चित रहेकोरहव्यै हुन जान्छ । त्यस्तो हुनुहुँदैन भन्ने मौसुफ सरकारको अवधारणा थियो र पछि समानुपातिक विकासको कार्यक्रम आएको हो । त्यस कार्यक्रमलाई सीमित स्रोत, पूँजी र साधन हुँदाहुँदै पनि सरकार अत्यन्त यथार्थवादी र व्यावहारिक सोचाइ राखिबक्सन्थ्यो । त्यसैले मौसुफका नेतृत्वमा

रहेर काम गर्ने हामीले ती कार्यक्रमलाई यथार्थका रूपमा स्वीकार गरेका थियौं, कल्पना मानेका थिएनौं ।

प्रश्न–४ तपाईंले माथि भनेका कुराके पुष्टिका निम्ति कार्यान्वयन पक्षबारे थप व्याख्या गरिदिनु हुन्छ कि ?

उत्तर– श्री ५ वीरेन्द्र समानुपातिक विकासको कार्यक्रमका सम्बन्धमा हाम्रो स्रोत,पूँजी, साधन, सीप सबै थोक अत्यन्त सीमित भएकाले गृहकार्यमा अत्यन्त जोड दिइबक्सन्थ्यो; कतिपय राजनीतिक उद्देश्यले ल्याइने कार्यक्रमलाई हटाइदिइबक्सन्थ्यो । अञ्चल, जिल्ला, गाउँका पूर्वाधार र आवश्यकतालाई ठम्याएर कार्यक्रम तयार गर्ने र प्राथमिकता क्रममा पारिएका ती कार्यक्रमलाई बजेट छुट्याइसकेपछि ती योजना दिइएको समयभित्र पूरा गरिनै पर्छ भन्ने कुरामा मौसुफ ज्यादै जोड दिइबक्सन्थ्यो । जिल्ला र गाउँमा रहेका सम्बन्धित कार्यालयमा त्यस्ता समयवद्ध योजना कसरी कार्यान्वित भइरहेका छन्, त्यसको प्रगति विवरण सबैले हेर्न पाउने गरी राख्ने व्यवस्था मिलाइएको हुन्थ्यो । प्राथमिकताका क्रममा परेका योजनाहरू त्यसै तुहिन पाउँदैनथे । त्यस्ता प्राथमिकतामा परेका योजनामाथि सरकार स्वयं सदैव तीक्ष्ण नजर राखिबक्सन्थ्यो । समय लाग्ला, तर मुलुकको समानुपातिक विकास नगराई छाडिदैन भन्ने कुरामा सरकार सङ्कल्पवद्ध होइबक्सन्थ्यो ।

प्रश्न–५ आर्थिक चुहावटलाई रोक्ने र प्रगति विवरणअनुसारको काम भए नभएको हेर्ने काम कसरी गरिन्थ्यो ? केन्द्र, अञ्चल र गाउँका माझमा समन्वय एवं सामञ्जस्य स्थापित गर्ने काम कसरी गरिन्थ्यो ?

उत्तर– प्राथमिकताका क्रममा परेका योजना तहतहका हुने गर्दथे । केन्द्रिय, क्षेत्रीय, आञ्चलिक, जिल्लास्तरीय र ग्रामस्तरीय । प्रत्येक तहका योजनाको कार्यान्वयन र अनुगमन विकेन्द्रित गरी तहतहबाटै गर्ने व्यवस्था मिलाइएको हुन्थ्यो । त्यत्तिले मात्र चित्त नबुझाइबक्सी नियमित रूपले क्षेत्रीय भ्रमण गर्ने र त्यस अवसरमा सबै तहका प्राथमिकता क्रममा परेका योजनाहरूको स्थलगत निरीक्षण गर्ने, प्रगति विवरणमा देखाएअनुसारको काम भए नभएको जाँच्ने र आवश्यक निर्देशन दिने कार्य समेत स्वयं सरकार सम्पन्न गरिबक्सन्थ्यो । कसैले ढाँट्ने, छल्ने वा एक ठाउँको योजना अर्का ठाउँमा उडाउने प्रश्नै थिएन ।

प्रश्न–६ सरकारबाट नियमित रूपमा हुने क्षेत्रीय भ्रमणका अवसरमा अन्य उपादेय कार्य के के हुने गर्दथे ? सरकारको कार्यशैली कुन प्रकारको थियो ?

उत्तर– क्षेत्रीय भ्रमणका अवसरमा सरकार बिहान उठेर विभिन्न क्षेत्रको स्थलगत निरीक्षण गर्न र जनतालाई प्रत्यक्ष दर्शन दिएर उनीहरूको सुखदुख बुझ्न सवारी हुने गर्दथ्यो । राती अबेरसम्म जागा रहेर सबैसँग विकासका कार्यक्रमहरूसम्बन्धी गम्भीर छलफल र योजना समीक्षा गराइबक्सन्थ्यो । त्यहाँ सवारी मन्त्री हुन्थे, प्रत्येक सप्ताहमा एक दिन प्रधानमन्त्री पुग्नै पर्दथ्यो । आवश्यक पर्दा मन्त्री र सचिव पनि त्यहाँ डाकिन्थे । त्यस क्षेत्रका रा.पं.स. र अञ्चल अध्यक्षहरू पनि क्षेत्रीय सदरमुकाममै वस्नुपर्दथ्यो । आवश्यक पर्दा जिल्ला सभापतिहरू, अञ्चलाधीशहरू पनि बोलाइन्थे । विकेन्द्रीकृत र केन्द्रीकृत समितिहरूको परामर्शलाई गम्भीरतापूर्वक ध्यान दिने चलन थियो । सरकारको त्यस प्रकारको कार्यशैली भएकाले योजनाहरू मिहिनेतपूर्वक तयार गरिन्थे र कार्यान्वयन पनि तीव्रतापूर्वक हुने गर्दथे । सरकार अत्यन्त दूरदर्शी र व्यावहारिक होइबक्सन्थ्यो ।

प्रश्न–७ श्री ५ वीरेन्द्र सरकार कुन प्रकारको शिक्षालाई मन पराइबक्सन्थ्यो ? त्यस सम्बन्धमा प्रकाश पारिदिनु हुन्थ्यो कि ?

उत्तर– मौसुफ शिक्षाप्रेमी राजा होइबक्सन्थ्यो । राज्याभिषेकको अवसरमा त्यस विषयको चर्चा गरिबक्सेबाट त्यो कुरा बुझ्न सकिन्छ । नयाँ शिक्षाको कार्यक्रम अगाडि सारिएकोबाट सरकार कस्तो शिक्षा व्यवस्था चाहिबक्सन्थ्यो भन्ने कुरा खुल्न आउँछ । शिक्षासँग रोजगारीको सम्बन्ध गाँस्नुपर्छ र सबैलाई रोजगारीमूलक शिक्षा दिने व्यवस्था मिलाउन पर्छ भन्ने मौसुफ सरकारको चाहना थियो । राजनीतिक कारणले नयाँ शिक्षा योजना आघातित भयो, रोकियो । त्यो नरोकिएको भए आज वेरोजगारीले यस्तो विकराल रूप लिन पाउने थिएन कि भन्ने मलाई लाग्छ ।

प्रश्न–८ शान्ति क्षेत्र नेपालको प्रस्तावबारे तपाईंको धारणा के कस्तो छ ? के त्यस प्रस्तावको सान्दर्भिकता अझै पनि छ भन्ने तपाईंलाई लाग्छ ?

उत्तर– राज्याभिषेकको अवसर पारेर सरकारले त्यस प्रस्तावलाई विश्व समक्ष राखिबकसेको हो । सरकारबाट राखिबक्सेको

त्यो प्रस्ताव कसैको अहित नगरीकन नेपालको हित सम्वर्द्धन गर्ने चरित्रको अत्यन्त दूरदर्शितापूर्ण र समसामयिक महत्वको थियो भन्ने मलाई लाग्छ। मित्रराष्ट्र चीन र पाकिस्तानले तत्कालै र ११४ वटा राष्ट्रहरूले क्रमश: पछि त्यस प्रस्तावको समर्थन गरेको तथ्यबाट तर्कले पुष्टि पाउँछ। आज त्यस प्रस्तावको सान्दर्भिकता छ छैन जे भने पनि त्यसबाट विश्वमञ्चमा नेपालको सम्मानचाहिँ अवश्य नै बढेको छ भन्ने मलाई लाग्दछ।

प्रश्न-९ *श्री ५ वीरेन्द्र सरकारको पालामा महाकाली अञ्चलको अनुहार के कति परिवर्तित भयो ? जे जति काम भए त्यसमा तपाईं सन्तुष्ट हुनुहुन्छ ?*

उत्तर– महाकाली अञ्चलको विकासको कुरा गर्दा मौसुफका राज्यकालमा त्यहाँ थुप्रै काम भए भन्नुपर्छ। महाकाली सडक प्राथमिक योजनामै राखियो। त्यहीवेलामा कोहलपुर–वनवासा सडकको निर्माण कार्य शुरु भयो। नेपालगञ्जबाट धनगढीसम्मको विद्युत प्रसारण गर्ने कार्य पनि त्यसैवेला सम्पन्न भयो। दिपायलमा क्षेत्रीय कार्यालय स्थापित भएपछि जिल्लाजिल्लाका खानेपानी योजना बन्न थालेका हुन्। गाउँगाउँमा स्वास्थ्य सेवा पुऱ्याउने काम थालिए, अस्पताल खुले, सञ्चारको क्षेत्रमा पनि प्रशस्त विकास भयो। ठाउँठाउँमा झोलुङ्गे पूल बने, आन्तरिक यातायातमा विकास आयो र शिक्षाको क्षेत्रमा पनि प्रशस्त नै विकास भयो। सकारबाट सन् २००० सम्ममा नेपाललाई एशियाली मापदण्डमा उठाउने जुन कार्यक्रमको घोषणा भएको थियो, त्यसलाई राजनीतिले नखाइदिएको भए अझ त्यस अञ्चलले विकसित हुने अवसर पाउने थियो भन्ने मलाई लाग्छ। त्यसैले म असन्तुष्ट छु भनूँ कि छैन भनुँ, असमञ्जसमा छु।

प्रश्न-१० *श्री ५ वीरेन्द्र सरकार तपाईंलाई विशेष स्नेह देखाइबक्सन्थ्यो भनिन्छ, के त्यो कुरा सत्य हो ?*

उत्तर– सरकार स्नेहशील स्वभावको होइबक्सन्थ्यो र मौसुफ सबैप्रति स्नेह प्रकट गरिबक्सन्थ्यो। मानिसहरूले मप्रति विशेष स्नेह देखाइबक्सन्थ्यो भन्ने ठहऱ्याएको कारणचाहिँ २०४३ सालमा मलाई पितृशोक परेको वेला आर्यघाटमा सवारी भएर दर्शन भेटबक्सेको काण्डलाई लिएर हुन सक्छ। त्यो त एउटा क्रान्ति गरिबक्सेको हो भन्ने मलाई लाग्छ। पहिले त्यस अवस्थाका मान्छेलाई राजाबाट दर्शन भेट बक्सने चलन थिएन। सरकार स्वयं सवारी भएर दर्शन भेट बक्सेपछि त्योभन्दा अगाडिको परम्परा त्यहीं समाप्त भयो। त्यसबाट श्री ५ वीरेन्द्र राजपरम्परामा युगानुकूल परिवर्तन गर्दै लैजानुपर्छ भन्ने अवधारणा राख्ने राजा होइबक्सन्थ्यो भन्ने अर्थ निकाल्नु उचित पर्छ कि भन्ने मलाई लाग्दछ।

प्रश्न-११ *सन् २००० सम्म नेपाललाई एशियाली मापदण्डमा पुऱ्याउने भन्ने जुन कार्यक्रम ल्याइयो, त्यसलाई कुन अर्थमा बुझ्नुपर्छ भन्ने तपाईंलाई लाग्छ ? त्यो कार्यक्रम बढ्तै महत्वाकाङ्क्षी थियो र त्यस अर्थमा राजनीतिक नारामात्र हो भन्न सकिँदैन ?*

उत्तर– त्यो कार्यक्रम २०४१-४२ मा आएको हो। त्यसवेला म प्रधानमन्त्री पदमा थिएँ। एशियाली मापदण्ड भन्ने शब्दावलीलाई त्यस कार्यक्रमले एशियामा बस्ने जनतालाई ती जनता बसेका विभिन्न राज्यका सरकारले दिन सकेका निम्नतम सेवा र सुविधा नेपाल अधिराज्यमा बस्ने जनतामा पनि पुऱ्याउनु पर्छ, दिनु पर्छ भन्ने अर्थमा ग्रहण गरेको थियो। दुर्गम भन्दा दुर्गम गाउँमा बस्ने मान्छेले पनि शिक्षा, स्वास्थ्य सेवा, सञ्चारका साधन, सिचाइका सुविधा, शुद्ध खानेपानी सुविधा, वाटाघाटा, विद्युत सेवा, प्राकृतिक विपद आइलाग्दा पाउन पर्ने सहयोग जस्ता कुरा प्राप्त गर्न सकुन्, मातृ एवं शिशुको अकाल मृत्यु हुन नपाओस्, जनसङ्ख्या एवं वातावरणलाई सन्तुलित राख्ने चेतनाका सँगसँगै आवश्यक साधन पनि सबैले पाउन सकुन् भन्ने थियो। त्यस्तो व्यवहारिक र यथार्थमा आधारित कार्यक्रमलाई महत्वाकाङ्क्षी अथवा राष्ट्रले धान्नै नसक्ने काल्पनिक कार्यक्रम भन मिल्छ जस्तो मलाई लाग्दैन। पन्ध्र वर्षको समय दिएर थालनी गरिएको त्यस कार्यक्रमलाई तोकिएको समयभित्र पूरा गर्न सकिन्थ्यो कि सकिँदैन थियो भन्ने प्रश्न पनि थिएन, किनभने त्यसका लागि आवश्यक पूर्वाधार र दक्ष जनशक्ति हामीलाई उपलव्ध छ कि छैन भन्ने कुरालाई मध्येनजरमा राखेर नै त्यो कार्यक्रम अगाडि सारिएको थियो। अनावश्यक विध्न वाधा पर्न नआएको भए अथवा राष्ट्रको दिशा एवं गति हठात् अर्को दिशामा नमोडिएको भए अथवा मोडिएकै

भए पनि नयाँ राजनीतिक व्यवस्थाले त्यस कार्यक्रमको महत्व बुझिदिएको भए सन् २००० मा हाम्रो मुलुकले एशियाली मापदण्ड पार गरिसकेको हुन्थ्यो भन्ने मलाई आज पनि लाग्दछ ।

प्रश्न–१२ आर्यघाटमा तपाईंलाई भेटन सवारी हुने कुराको सूचना तपाईंले कति अगाडि पाउनुभएको थियो ? तपाईंलाई अप्ठचारो लाग्यो कि लागेन ?

उत्तर– तीस सेकेण्ड अगाडि मैले सूचना पाएँ र तीस सेकेण्ड पछाडि सरकारको मैले दर्शन पाएँ । सरकारलाई सुविधापूर्वक राज गराउने व्यवस्था गर्न सकिएन र केही अप्ठचारो अनुभव त भयो नै तर सरकारले त्यसलाई पनि सहजतापूर्वक लिइबक्स्यो र म कृतज्ञ बनैं ।

प्रश्न–१३ सरकार क्षेत्रीय भ्रमणमा सवारी भएका बखत साहित्यिक कार्यक्रम राखिबक्सन्थ्यो भन्ने सुनिन्छ । साहित्यकारका नाताले त्यस्ता कार्यक्रममा सहभागी बन्दा तपाईंलाई के कस्तो अनुभव भयो ?

उत्तर– श्री ५ वीरेन्द्र सरकार क्षेत्रीय भ्रमण सकिने वेलामा साहित्यिक कार्यक्रम गराइबक्सन्थ्यो । त्यस्ता कार्यक्रम सहज वातावरणमा सञ्चालित हुन्थे र कुनै पनि सहभागीले असहज स्थिति व्यहोर्नु पर्दैपर्दैनथ्यो । सामान्य कार्यक्रममा जस्तै सहज मनस्थिति लिएर सहभागी बनिन्थ्यो ।

प्रश्न–१४ श्री ५ वीरेन्द्र सरकार भविष्यद्रष्टा र वक्ता दुवै होइवक्सन्थ्यो भनिन्छ नि ? के त्यो कुरा तपाईंलाई पनि सत्य हो भन्ने लाग्छ ?

उत्तर– त्यो कुरा त म जान्दिन, तर एउटा त्यस्तो घटनाको सम्झना भने अहिले आयो । २०३६ सालको जनमत सङ्ग्रहपछि २०३८ सालमा सरकारले नयाँ संविधान बक्स्यो । त्यसवेला वर्तमान र भू.पू. प्रधानमन्त्रीलगायत सबै संवैधानिक अङ्गका प्रमुख बोलाइएका हुँदा म पनि उपस्थित थिएँ । त्यसवेला सुधारिएको व्यवस्थाको संविधानको मस्यौदालाई औंल्याउँदै हामी सबैका अगाडि हुकुम भयो– यो दश वर्षका लागि हो, त्यसपछि यसले धान्दैन । नभन्दै त्यही नै भयो । २०४७ सालमा मौसुफबाटै अर्को संविधान जारी गरिबक्सनु पऱ्यो । त्यो कुरा सम्झँदा म आश्चर्यचकित बन्न पुग्छु ।

प्रश्न–१५ श्री ५ वीरेन्द्र सरकारसँग आफूले फुस्काउन नसकेका समस्याका गुजुल्टा लिएर प्रधानमन्त्रीहरू जान्थे भनिन्छ नि ! के त्यो कुरा सत्य हो ?

उत्तर– अरूका कुरा त म भन्न सक्दिन, मेरा कुरा मात्र म भन्न सक्छु । त्यस्ता अप्ठचारा समस्या आइलाग्दा म विन्ती चढाउँथे । सरकार त्यस्ता समस्याका गुजुल्टालाई सरलतापूर्वक फुकाइदिवक्सन्थ्यो र हुकुम हुन्थ्यो– यसरी यसो यसो गरन, भएन ? सरकारमा त्यस्तो अद्भुत प्रतिभा थियो । आफूसँग काम गर्ने मान्छेलाई काम गर्न सजिलो बनाइदिइबक्सने मौसुफको स्वभाव नै थियो ।

प्रश्न–१६ श्री ५ वीरेन्द्र सरकार कत्तिको ख्यालठट्टा गरिबक्सन्थ्यो ? गरिबक्सन्थ्यो भने वताइदिनुस्न ।

उत्तर– सरकार कहिलेकाहीँ ठट्टा पनि गरिबक्सन्थ्यो । त्यस्ता दुइवटा घटनाको सम्झना मलाई छ । एकपटक एउटा सैनिक अधिकृतलाई स्वास्थ्यसम्बन्धी प्रश्न सोधिबक्सँदा उनले भने– सरकार अहिले मेरो युरिक एसिड नियन्त्रणमा छ, वेसरी पानी पिउँछु, व्यायाम गर्छु । सरकारबाट यिनले भनेको कुरा कस्तो लाग्यो भन्ने प्रश्न मसँग गरिबक्स्यो । मैले विन्ती चढाएँ– सरकार, सबैलाई गाली गर्दागर्दै एसिडसेसिड सबै बाहिर आउदो हो र उहाँ ठिक हुनुभएको होला । मेरो कुरा सुनेपछि सरकारबाट हाँस्दै हुकुम भयो– मैले त्यसो गर्नु भएन । मेरो चाहिँ के गरेर ठिक गर्ने हैँ ? अर्को पटक, लोकन्थलीको मेरो घरमा छोराको विवाहमा सरकारको सवारी भएको थियो । सोफामा राज भएपछि सरकार सोफा पनि राम्रो भएन भन्ने विन्ती गर्दा सरकारबाट तिम्रो राजनीति भन्दा त यही राम्रो लाग्यो भन्ने हुकुम भयो । त्यस्तो विनोदी स्वभावको होइबक्सन्थ्यो– हाम्रा राजा, श्री ५ वीरेन्द्र ।

◆

अन्तर्वार्ता

नारायणप्रसाद श्रेष्ठका दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ *तपाईंको श्री ५ वीरेन्द्रसँग कहिलेदेखि कहिलेसम्म निकट सम्बन्ध कायम रह्यो । प्रारम्भिक चरणमा तपाईंलाई मौसुफको व्यक्तित्व कुन रूपमा अनुभूत भएको थियो ?*

उत्तर– मैले श्री ५ वीरेन्द्रको सामिप्यमा रहेर सन् १९६४ देखि १९९० सम्म सेवा गर्ने अवसर पाएको हुँ । मैले मौसुफलाई युवाअवस्थामा नै एक तर्कशील प्रवृत्ति (Logical Point)को पाएको थिएँ । मौसुफ तर्क नगरी चित्त नै बुझाइबक्सन्नथ्यो । कुनै पनि कुरालाई के, कसरी, कैले, कहाँ, किन भयो भन्ने इत्यादि तर्क वितर्क गर्ने मौसुफको बानी जस्तै थियो ।

प्रश्न–२ *मौसुफको अध्ययनप्रति कतिको रुचि थियो ? कुन कुन विषयमा विशेष रुचि राखिबक्सन्थ्यो ?*

उत्तर– मौसुफ अत्यन्त जिज्ञासु वृत्तिको होइबक्सेकोले सामान्यतः सबै विषयमा रुचि राखिबक्सन्थ्यो, तर मौसुफको विशेष रुचिको विषय भन्नुपर्दा अन्तर्राष्ट्रिय सम्बन्ध (International Affairs) वा अन्तर्राष्ट्रिय सम्बन्धमा निकै रुचि राखिबक्सन्थ्यो । अन्तर्राष्ट्रिय सम्बन्ध वा अन्तर्राष्ट्रिय रिलेशन बारेका विषयहरूको कुरा गर्नेवित्तिकै मौसुफलाई विश्व इतिहासको (History of Ideas) विचारको इतिहास पढ्नुपर्ने वाध्यता गराउँदथ्यो । र त्यसैले मौसुफबाट विश्व इतिहासदेखि खास गरीकन विचारको इतिहास (History of ideas) मा निकै चाख राखिबक्सन्थ्यो ।

प्रश्न–३ *मौसुफको अध्ययनबाहेक अर्को त्यत्तिकै रुचिको विषय के थियो ? त्यस सम्बन्धमा पनि केही प्रकाश पारिदिनुहुन्थ्यो कि ?*

उत्तर– श्री ५ वीरेन्द्र अध्ययनबाहेक भ्रमण गर्न साह्रै रुचाइबक्सिन्थ्यो । चाहे त्यो मुलुकको भ्रमण होस् चाहे त्यो मुलुक बाहिर विश्वको विभिन्न देशको होस् । त्यस क्रममा सरकारले विश्वका धेरै मुलुकहरूमा भ्रमण त गरिबक्स्यो नै त्यसपछि युवराजाधिराज होइबक्सदा मौसुफ आफू कसैले नचिनिने भेषमा व्यापक पैदल गरिबक्सेका कुरा यहाँ उल्लेख्य हुन आउँदछ । मौसुफबाहेक राजकुलमा जन्मेका मान्छेका त कुरा छाडिदिउँ हामी सामान्य मान्छेले पनि त्यतिविध्न पैदल यात्रा गर्न सकेका विरलै होला जस्तो मलाई लाग्दछ ।

प्रश्न–४ *सरकारका त्यस्ता पैदल भ्रमणमध्ये कुनकुनमा तपाईं सम्मिलित हुनुहुन्थ्यो ? त्यस सम्बन्धमा केही बताइदिनुहुन्थ्यो कि ?*

उत्तर– श्री ५ वीरेन्द्र त्यो व्यक्तित्व होइबक्सन्थ्यो जसले काठमाडौँदेखि धनकुटासम्म काठमाडौँदेखि पोखरासम्म पैदलै भ्रमण गरिबक्सेको थियो भने काठमाडौँदेखि उत्तर रसुवागढी र काठमाडौँदेखि विरगञ्ज रक्सौलसम्म पनि मौसुफबाट पैदल यात्रा गरिबक्सेको थियो र ती दुवै

भ्रमणमा संयोगवश मैले पनि सामेल हुने सौभाग्य पाएको थिएँ ।

प्रश्न–५ श्री ५ वीरेन्द्र त्यस्ता यात्रा किन गरिबक्सन्थ्यो ? त्यसबाट मौसुफलाई के कस्ता लाभ प्राप्त भए भन्ने तपाईंलाई लाग्छ ?

उत्तर– सरकार विश्वका अन्य मुलुकमा पुगेर ती देशका भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक, सांस्कृतिक संरचनाबारे गहन अध्ययन गरिबक्सँदै चिन्तन र मनन गरिबक्सन निकै रुचि राखिबक्सन्थ्यो । यसले गर्दा मौसुफमा इन्टरनेशनल एफियर्स (अ.रा. सम्बन्ध)को परिपक्व ज्ञान वृद्धि गर्नमा मौसुफलाई निकै सहायता हुने गर्दथ्यो । कुनै देशको के कति कारणले उत्थान हुन्छ र के कति कारणले पतन हुन्छ, (विकसित अविकसित) कुनै समाज वा देशको सभ्यता किन तल ओर्लन्छ पतन हुन्छ । कुनै देशको उत्थान र पतनको बारेका आधार कुन कुन कुरामा हुन सक्दा रहेछन् भन्ने कुरा बुझ्न मौसुफबाट निकै चाख राखिबक्सन्थ्यो । अझ भनौ यस सम्बन्धमा मौसुफबाट युरोपको इतिहास अर्थात् ग्रीसदेखि ग्रीसको पेरिकिलिकदेखि रोमको अगष्टसदेखि १६ औं शताब्दीको युरोप विशेष गरिकन इटली, स्पेन, फ्रान्स र बेलायत र यी देशको प्रभुत्ववाद औद्योगिकरणदेखि लिएर कसरी बढचो र विश्व इतिहासको आधुनिक युग कसरी रचना भयो भन्ने कुरामा निकै निकै चाख राखिबक्सन्थ्यो ।

प्रश्न–६ अध्ययन र भ्रमणबाहेक मौसुफको व्यक्तित्वको अर्को त्यतिकै प्रवल रुचिको पक्ष के थियो भन्ने तपाईंलाई लाग्छ ? त्यस सम्बन्धमा पनि केही प्रकाश पारिदिनु हुन्थ्यो कि ?

उत्तर– पढ्ने, भ्रमण गर्ने र तिनका आधारमा चिन्तन मनन गर्ने गुण मौसुफको चरित्रमा सदैव विद्यमान रहने गरेको मलाई अनुभव हुन्थ्यो । एक पटक पैदल यात्राका क्रममा हिमाली भेकको एउटा गाउँलेले लुगा फुकालेर जुम्रा टिप्दै र खाँदै गरेको दृश्य देख्न पाइयो । सरकार र मैले त्यस दृश्यलाई छेउमै गएर निकै बेरसम्म हेर्‍यौं । त्यस घीनलाग्दो दृश्यले सरकारलाई वाक्वाकी लगाउला कि भन्ने मलाई लागेको थियो, लगाएन । उल्टो चिन्तनशील बनायो । बाटामा मसँग हुकुम भयो– हाम्रा यस मुलुकमा अत्याधुनिक युगका मान्छे भए जस्तै ढुङ्गे युगका मान्छेसम्म पनि छन् भन्ने कुराको प्रमाण होइन त त्यो ? त्यस्ता मननशील एवं चिन्तनशील स्वभाव भएको व्यक्तित्व होइबक्सन्थ्यो– श्री ५ वीरेन्द ! मैले कैयौं पटक सरकारलाई सोह्रौ शताब्दीताका युरोपमा किन प्रभुत्ववाद जन्म्यो, स्थापित भयो र फैलियो भन्ने जस्ता इतिहासका गुजुल्टालाई फुस्काउने र केलाउने कार्यमा तल्लीन रहने गरेको देखेको छु । यी दुइवटा दृष्टान्त मैले प्रस्तुत गरैं । त्यसबाट सरकारको मननशील व्यक्तित्वको पाटोलाई पहिल्याउन सहयोग पुग्छ कि भन्ने अभिप्राय हो । सारांशमा यसो भन्नु उचित पर्ला– श्री ५ वीरेन्द्र सरकारमा आन्तरिक एवं वाह्य भ्रमण गर्ने जुन रहर अर्थात् उत्कण्ठा पाइन्थ्यो त्यसका पछिल्तिर सदैव एउटा कहिल्यै नअघाउने जिज्ञासा सक्रिय रहने गरे जस्तै त्यस जिज्ञासा वृत्तिका पछिल्तिर पनि निश्चित लक्ष्यमा पुग्ने प्रेरणा सदैव क्रियाशील रहने गर्दथ्यो । सरकारको आन्तरिक व्यक्तित्व ठम्याउन यो कुरा बुझिदिनै पर्ने हुन्छ ।

प्रश्न–७ मौसुफका अन्तर्तहमा लुकेर बस्ने त्यो लक्ष्य के कस्तो थियो होला ? त्यस सम्बन्धमा तपाईंका अनुमान के छन् ?

उत्तर– श्री ५ वीरेन्द्र गाम्भिर्यताको साथै नेपालको चौतर्फी सर्वाङ्ग विकासप्रति कटिबद्ध रूहने एउटा महान स्वप्नद्रष्टा राजा (भिजिनरी किङ्ग) होइबक्सन्थ्यो । यसो हेर्दा हाम्रो देश सानो देखिने भए तापनि मौसुफमा देशलाई यही वास्तविक रूपमा एउटा सार्वभौमसत्ता सम्पन्न, स्वाधीन स्वतन्त्र, समृद्धशाली, शक्तिशाली, आधुनिक राष्ट्र बनाउन सकिन्छ भन्ने कुरा लुकेर रहेको थियो । पढ्दा हिंड्दा, बस्दा मौसुफका मनमा मनमस्तिष्कमा यिनै कुरा खेलिरहने गर्दथे । मौसुफको मनमा आधुनिक एवं विकसित नेपालको निर्माण गराउने सङ्कल्प रहेको वा सपना थियो । त्यही सपनालाई यथार्थमा परिणत गर्ने प्रश्नले एकातिर मौसुफलाई निरन्तर घचघच्याइरहन्थ्यो भने अर्कोतिर मौसुफलाई भ्रमणहरूबाट कुन कुराको राम्रो ज्ञान भैसकेको थियो भने नेपाल आर्थिक रूपले साह्रै पछाडि परेको मुलुक रहेछ, नेपालीहरू आर्थिक रूपले कहाली लाग्दो अवस्थामा

पुगेका रहेछन् । त्यसै कारणले प्रत्येक नेपालीलाई मर्यादापूर्वक एउटा आत्म सम्मान राखेर वचाएर बाँध्ने अधिकार कसरी दिने र त्यसको लागि प्रत्येक नेपालीको वौद्धिक निकासका लागि नभै नहुने खाना लत्ता कपडा गाँस, बास, कपास शिक्षा स्वास्थ्य र सुरक्षा जस्ता आधारभूत आवश्यकताहरू कसरी पुऱ्याउने भन्ने कुराको एउटा गम्भीर रूपमा आफ्नो जिम्मेवारीको भावना मौसुफमा थियो भन्ने कुरा बारम्बार मैले बुझेको थिएँ ।

प्रश्न–८ *श्री ५ वीरेन्द्रको कल्पनालोकमा प्रतिबिम्बित हुने नेपाल अधिराज्यको यथार्थ चित्र कस्तो किसिमको थियो भन्ने तपाईंले ठम्याउनुभएको छ ?*

उत्तर– श्री ५ वीरेन्द्रले एकातिर समुन्द्र सतहभन्दा केही माथि पर्ने झापाको केचना टेकिबक्सेको थियो भने अर्कोतिर लगभग ३०, ३५ नौटिकल माइल मात्र त्यसको पश्चिम उत्तरमा पर्ने हिमाली खण्डको पृथ्वीको सर्वोच्च शिखर सगरमाथाको आधार शिविरसम्म धेरै पटक पुगिबक्सेको थियो । नेपाल र चीन सीमामा रहेका थुप्रै थुप्रै अग्ला अग्ला चुचुरा भएका हिमाली श्रृङ्खला मात्र होइन नेपाल र चीनबीचमा पर्ने अनेक पास (घाटी) भन्ज्याङ् र खुला वाटाहरूमा पनि पुगिवक्सेको थियो र साथै हिमाली शृङ्खलाका काखमा रहेका कुनै कुनै ठाउँमा त मरुभुमितुल्य हिमाली भेगमा ढुङ्गेयुगदेखि लिएर गोठाले युगसम्मका संसारबाट अलग्गिएर अनेक भाषा अनेक भेष अनेक संस्कृति र रहन सहन अँगालेर बसेका अनेकन अनेकन नेपालीलाई कहालीलाग्दो अवस्थामा बसेका कुराको मौसुफलाई राम्रो बोध थियो र ती दुर्गम पहाडी जिल्लादेखि लिएर तराईका आम जनतामा कसरी सेवा पुऱ्याउन सकिन्छ, के गर्नाले उनीहरूलाई मानवोचित मर्यादा दिन सकिन्छ, मानवोचित जीवनयापन गर्नसक्ने तुल्याउन सकिन्छ, के गर्नाले उनीहरूलाई सहयोग गर्न सकिन्छ भन्ने कुरामा निकै चिन्तन गरिवक्सन्थ्यो ।

प्रश्न–९ *श्री ५ वीरेन्द्र सरकार नेपालसँग सम्बन्धित आफ्नो सुनौलो सपना र यथार्थको बीचमा ठूलो खाडल देखेर कहिलेकाहीं निराश होइबक्सन्थ्यो होला, आत्तिइबक्सन्थ्यो होला । त्यस्ता क्षण आए कि आएनन् ?*

उत्तर– श्री ५ वीरेन्द्र यथार्थवादी दृष्टिले जीवन र जगतलाई हेर्ने अत्यन्त धैर्यशील स्वभावको राजा होइबक्सन्थ्यो । मौसुफका सपना र कल्पना त्यही यथार्थबाट पलाउँथे, त्यही लीन हुने गर्दथे । प्रतिकूलताले बाटो छेक्दा विकल्प खोल्नुपर्छ र अघि बढ्नु पर्छ भन्ने मौसुफको सिद्धान्त थियो । मौसुफले हार स्वीकार गरिबक्सेको तितो अनुभव मैले कहिल्यै गर्न पाइनँ । एउटा उदाहरण नै पस्तुत गरौं । मौसुफले युवराजाधिराज छँदै यस मुलुकको पैदल यात्रा गरिबक्सेको थियो र यथार्थसँग परिचित होइबक्सन्थ्यो भन्ने चर्चा मैले माथि गरिसकेको छु । एउटा विकसित, सवल र समुन्नत नेपाल देख्ने मौसुफको सपना भएकोले मित्रराष्ट्र चीनसँग धनकुटा-जुम्ला राजमार्ग बनाइदिने प्रस्ताव राखिबक्स्यो । चीन सरकारले पनि त्यस प्रस्तावलाई स्वीकार गऱ्यो र दुवै सरकारले सिद्धान्ततः सम्झौतापत्रमा हस्ताक्षर पनि गरे । त्यसवेला चू-एन-लाई चीनका प्रधानमन्त्री हुनुहुन्थ्यो । उहाँले पठाएको अध्ययन टोलीले त्यस कार्यलाई धेरै कठिन, खर्चिलो र समय खाने देख्यो र उसले त्यही प्रतिवेदन चीन सरकारलाई दियो । श्री ५ वीरेन्द्रले त्यो कुरा बुझिबक्सेर त्यो कार्य ज्यादै खर्चिलो, जटिल र समय खाने भएकाले हाललाई थन्क्याइदिने हो भने तराईका सदरमुकामसँग पहाडका सदरमुकामलाई जोड्ने र सम्भव भएसम्म पहाडी जिल्लालाई एक अर्कासँग जोड्दै लैजाने कार्यमा सहयोग पुऱ्याइदिए हुन्थ्यो भन्ने वैकल्पिक प्रस्ताव अघि सारिबक्स्यो । नभन्दै चीन सरकारले त्यस वैकल्पिक प्रस्तावलाई तत्काले स्वीकार गऱ्यो र त्यसपछि चीन-नेपाल सहयोगका क्षेत्रमा विकास भएको दृश्य हामी देख्न पाउँछौं । पहाड-पहाड र पहाड-तराई जोड्ने काम अघि बढाउँदै लैजानसक्दा एक दिन पूर्व र पश्चिमलाई जोड्ने राजमार्ग मात्र होइन, हिमाली भेगलाई उत्तर-दक्षिण र पूर्व-पश्चिम राजमार्गले जोडेको दृश्य किन देख्न नपाइएला भन्ने ढङ्गले सरकार सोचिबक्सन्थ्यो । मौसुफले हार्न जानिबक्सेको थिएन भन्ने पक्षको यो एउटा ज्वलन्त उदाहरण हो भन्ने मलाई लाग्दछ ।

प्रश्न–१० *मौसुफलाई चिन्तित राख्ने कुने न कुनै विषय त अवश्य नै हुँदाहुन् । त्यसबारेमा केही बताइदिनुहोस् न ।*

उत्तर– मौसुफ राजा होइबक्सन्थ्यो, म सेवक । मौसुफको व्यक्तिगत जीवनमा त्यस्ता समस्या थिए वा थिएनन्, मलाई त्यस कुराको कुनै ज्ञान छैन । रह्यो राजकीय जीवनको कुरा । मौसुफ विकासप्रति प्रतिवद्ध राजा

होइबक्सन्थ्यो र बेलाबखतमा यस मुलुकलाई सिद्धान्तवाद (आइडिअलोजी) भन्दा प्रविधिवाद (टेक्नोलोजी) चाहिएको छ हुकुम हुन्थ्यो । मौसुफलाई कुनै कुराले चिन्तित राख्ने काम गर्दथे भने, मेरा विचारमा, ती तीनवटा हुने गर्दथे– विकासको पूर्वाधारलाई ठिक ढङ्गले कसरी ठम्याउने, दक्ष जनशक्ति कसरी तयार गर्ने र त्यस दक्ष जनशक्तिको सदुपयोग गरी जनसहभागिता जुटाएर सम्पन्न गर्ने कार्यमा आवश्यक पूँजीको प्रबन्ध कसरी मिलाउने । विकासका यस्तै यस्ता कुराले बाहेक अरू कुराले सरकारलाई पिरोलेको मैले अनुभव गरेको छैन ।

प्रश्न–११ विकासको अवधारणाअनुरूप सरकार कुन प्रकारको शिक्षापद्धतिलाई मन पराइबक्सन्थ्यो ?

उत्तर– सरकार विकासप्रेमी होइबक्सेको र आफैले व्यावसायिक शिक्षा ग्रहण गरिबक्सेको समेत हुनाले व्यावसायिक शिक्षा (Vocational Education)लाई मन पराइबक्सन्थ्यो । विकासका लागि सबै प्रकारका दक्ष जनशक्ति कसरी तयार गर्ने भन्ने विषयमा ध्यान दिइबक्सन्थ्यो । त्यसैले आफ्ना राजत्वकालमा विज्ञान र प्रविधि प्रतिष्ठान, टिचिङ्ग हस्पिटल, इञ्जिनियरिङ्ग क्याम्पस, टेक्निकल क्याम्पस, कृषि, वन, वीज उत्पादन, पशुपालनसम्बन्धी अनुसन्धान केन्द्र, नयाँ शिक्षा योजना इत्यादिलाई अघि सारिबक्सेको हो । ती सबै पक्षबाट राष्ट्र लाभान्वित बन्न पुग्यो वा पुगेन, त्यसको वस्तुपरक विवेचना हुनुपर्दछ ।

प्रश्न–१२ सरकार पूर्वज र तिनले गरेका कार्यलाई कसरी मूल्याङ्कन गरिबक्सन्थ्यो ?

उत्तर– सरकारको अतीतलाई हेर्ने दृष्टिकोण नकारात्मकभन्दा सकारात्मक बढी थियो । उनीहरूले आधुनिक नेपालको निर्माण गर्ने पक्षमा सम्पन्न गरेका साना साना थालनीलाई पनि निकै महत्व प्रदान गरिबक्सन्थ्यो । साना सिचाइ योजना, विद्युत उत्पादनसम्बन्धी कार्यजस्तालाई मात्र होइन, दरबार हाइस्कुल, त्रिचन्द्र कलेज, गो.भा.प्र.स., ने.भा.प्र.स., पाठ्य पुस्तक अड्डा, भाषानुवाद अड्डा, घोडेटो, डोरेटो, फलामे साँगु, तुहीन, घट्टेकुलालगायत सबै थोकलाई समयअनुसारका असल काम हुन् भन्ने ठहऱ्याइबक्सन्थ्यो । कतिपय पक्षमा त्यसवेलाका शासकले ध्यान नदिनुको पछिल्तिर सुरक्षात्मक अवधारणाले काम गरेको ठहऱ्याएर चित्त बुझाइबक्सेको अनुभव पनि म पाउँथे । कोशी वाँध, गण्डक वाँध इत्यादि बनाउन दिँदा नेपालको विद्युत र सिचाइप्रति ध्यान नदिनाको र भारतमा विश्वविद्यालय स्थापित भएको १०० वर्षपछि मात्र हाम्रो मुलुकमा विश्वविद्यालय स्थापित हुनाको औचित्यचाहिँ सरकारले देखिबक्सेको मैले कहिल्यै अनुभव गर्न पाइनँ ।

प्रश्न–१३ श्री ५ वीरेन्द्रको राष्ट्रियतासम्बन्धी अवधारणा कुन किसिमको थियो– भावनात्मक कि वौद्धिक ?

उत्तर– मौसुफ भावनाले देख्ने होइन, बुद्धिले देख्ने राष्ट्रवादमा विश्वास गरिबक्सन्थ्यो भन्ने मलाई लाग्दछ । यातायात र सञ्चारको जालो मुलुकमा फिजाउन सकेका अनुपातमा, व्यवहारिक शिक्षा दिएर तयार गरिएका दक्ष एवं सक्षम नागरिकको उत्पादन गर्न सकेको अनुपातमा वन सम्पदा, कृषि सम्पदा र औद्योगिक सम्पदाको सदुपयोग गरेर दरिद्रतालाई उन्मूलन गर्न सकेका अनुपातमा आन्तरिक पर्यटनमा अभिवृद्धि आउने हो, हिमाली पहाडी र तराई क्षेत्रमा एकअर्काबाट काटिएर बसेका नेपाली घुलमिल गर्न समर्थ बन्दै जाने हुन् र राष्ट्रियता कसिलो बन्ने हो भन्ने खालको अवधारणा सरकार राखिबक्सन्थ्यो । मौसुफले विकास विकास भन्ने र त्यसैका लागि समर्पित रहिबक्सने मूलकारण पनि त्यही किसिमको वौद्धिक राष्ट्रवाद नै थियो भन्ने मलाई लाग्दछ ।

प्रश्न–१४ श्री ५ वीरेन्द्रको राजत्वकालमा सार्क सङ्गठन, भूपरिवेष्टित मुलुकहरूको अन्तर्राष्ट्रिय मञ्च, शान्ति क्षेत्रको प्रस्ताव इत्यादिमा जस्तै देश-दर्शन कार्यक्रम, समानुपातिक विकासका कार्यक्रम, नेपाललाई सन् २००० सम्ममा एशियाली मापदण्डमा पुऱ्याउने जस्ता अनेकन् राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कार्यक्रममा जोड दिइबक्सेको देख्न पाइन्छ । ती सबै कार्यक्रमका सम्बन्धमा तपाईंको अवधारणा के छ ? छोटकरीमा बताइदिनुहुन्छ कि ?

उत्तर– छोटकरीमा भन्नु पर्दा म यसो भन्न रुचाउँछु । मैले माथि कुन कुरा बताइसकेको छु भने श्री ५ वीरेन्द्र यथार्थवादी ढङ्गले सोच्ने कल्पनाशील एवं स्वप्नशील राजा होइबक्सन्थ्यो । नेपाल राष्ट्रको सर्वतोमुखी विकास

गर्नसक्नु पर्छ भन्ने मौसुफको जीवनको एक मात्र सपना र प्रतिबद्धता थियो । त्यस यथार्थलाई मध्येनजरमा राखेर ती सबै कार्यक्रमलाई अवलोकन गर्दा समष्टिगत रूपमा ती सबै कार्यक्रम मौसुफको सपनाबाट पलाएका हाँगाविँगा सिवाय केही पनि होइनन् भन्ने कुरा आफै छर्लङ्ग बन्न पुग्दछन् भन्ने मलाई लाग्दछ । ती वहुचर्चित एवं वहुव्याख्यायित एकेक कार्यक्रमका सम्बन्धमा थप चर्चा वा व्याख्या गर्नु आवश्यक नपर्ला ।

प्रश्न–१५ *राजाको ज्ञानेन्द्रियहरू भनेका वरिपरि घेरेर बस्ने मानिस नै हुने गर्दछन् भनिन्छ । तपाईं त अत्यन्त निकटको व्यक्ति नै हुनुभयो । त्यसवेला तपाईंका दुवै हातमा लड्डू पर्दा हुन्– तपाईं के भन्नुहुन्छ ?*

उत्तर– प्रश्न काल्पनिक लाग्यो । मैले भोग्न पाएको यथार्थ त्यस्तो थिएन । साह्रै नजिकमा भइकन पनि मैले धेरैधेरै चोटि हार्नुपरेको अनुभव मसँग छ । टाढा हुनेहरूले धेरैधेरै चोटि जितेको अनुभव पनि मसँग छ । ती सबै कुराको विवेचना गर्दा मौसुफको मस्तिष्कीय बनावट त्यस कम्प्यूटरको जस्तो भएको म अनुभव गर्दछु जहाँ सबैले भनेका कुरा, राखेका प्रस्ताव मौलिक रूपले खण्डखण्डमा सुरक्षित रहने गर्दछन्– अविकल रूपमा । कुन खण्डबाट कुन प्रस्ताव वा विचारलाई सरकार झिकिबक्सिन्छ, तीमध्ये कुन विचारलाई राष्ट्रको उपयोगमा अघि सारिबक्सिन्छ अथवा कतिवटा विचारलाई मन्थन गरेर नयाँ विचार जन्माई उपयोगमा ल्याइबक्सिन्छ त्यस कुराको भेउ पाउन गाहारो हुने । त्यस्ता कतिपय विचार वा प्रस्तावलाई ए यो त फलाना फलाना पुस्तक पढेर ल्याइएको विचार न हो, यसको हाम्रो माटोसँग सम्बन्ध कसरी गाँसेका छौं देखाऊ भन्ने प्रश्न गर्न पनि बेर लाइबक्सन्नथ्यो । राष्ट्रको आवश्यकता अनुसार, समयको माग अनुसार जनताको चाहना अनुसार कार्यक्रम अघि सार्ने वा पछि सार्ने जस्तो गतिशील चरित्रको राजा होइबक्सेकोले धेरैका दृष्टिमा उपयोगी ठहरिएका विचारले प्रश्रय पाउँथे, अरू थन्किन्थे । सिङ्गो राष्ट्रप्रति प्रतिवद्ध होइबक्सने मौसुफको स्वभाव हुनाले नजिकमा हुनेका नाकका पोरा फुलाउने अथवा टाढा उभिनेले खुम्च्याउने अवस्था नै आइपर्दैनथ्यो । मौसुफको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सम्पर्कको आयाम अत्यन्त फराकिलो थियो । मैले भोगेको जानेको यथार्थ त्यस किसिमको छ र श्री ५ वीरेन्द्रको व्यक्तित्वको निरूपण गर्न खोज्नेले त्यस पक्षमा पनि ध्यान पुऱ्याउनु उचित पर्छ कि भन्ने मलाई लाग्छ ।

प्रश्न–१६ *कठोर परिश्रम गरेर तयार गरिएका सुझावहरू प्रस्तावहरू त्यसरी थन्किन पुग्दा प्रस्तावकको मनमा चोट पर्दो हो, सभामा मुख कालो वा रातो बन्न पुग्दो हो । त्यस्तो अनुभव तपाईंलाई कति मात्रामा भएको छ, बताइदिनुस् न ।*

उत्तर– त्यस्तो तीतोपनको अनुभव न त मैले नै पाएँ न त अरूहरूले । त्यसको मुख्य कारण थियो मौसुफबाट सिर्जित गरिबक्सने सहज वातावरण । कसैका विचार वा प्रस्ताव अस्वीकार गरिइँदा त्यस व्यक्तिप्रति सरकारबाट उदाशिन व्यवहार हुने अथवा स्वीकार गरिइँदा आत्मीय व्यवहार हुने वातावरण नै कहिल्यै सिर्जित भएको कसैले अनुभव गर्न पाउँदैनथ्यो । जित्ने वा हार्नेसँग सरकार पूर्ववत् व्यवहार नै गरिबक्सन्थ्यो, भिन्नताको अनुभव नै कसैले गर्नै पर्दैनथ्यो । त्यस्तो विचित्र शक्ति थियो श्री ५ वीरेन्द्रको व्यक्तित्वमा ।

प्रश्न–१७ *अन्त्यमा श्री ५ वीरेन्द्र सरकारसँग लामो समयसम्म सङ्गत गर्दा त्यस्ता अविस्मरणीय घटना केही भएका भए बताइदिनुहुन्छ कि ?*

उत्तर– त्यस्ता घटना त थुप्रै छन् तर अहिले सम्झनामा आइरहेका छैनन् । मेरा विचारमा मौसुफ एक मानवतावादी व्यक्तित्व होइबक्सन्थ्यो । अत्यन्त विवेकशील पनि । उदाहरणको रूपमा भ्रमणकालमा कहिलेकाहीँ हामी यस्तो ठाउँमा पुग्थ्यौं जहाँ केही खान पाइँदैनथ्यो । दालभात तरकारी त असम्भवै हुन्थ्यो । त्यहाँ पाइने कोदो, कोदाको ढिँडो हुन्थ्यो, कहिलेकाहीँ भुटेको मकै हुन्थ्यो वा पिठो हुन्थ्यो र कहिलेकाहीँ भटमास पनि हुन्थ्यो । तर म आश्चर्य हुन्थेँ मौसुफबाट यी सबै राम्रोसँग ज्यूनार हुन्थ्यो । जुन कुरा हामीलाईसम्म गाह्रो हुन्थ्यो, म एउटा साधार परिवारमा हुर्केकोलाई समेत गाह्रो पर्दथ्यो तर ढिडो पनि मौसुफको गलाबाट सजिलैसँग लुरुलुरु पस्दथ्यो । एउटा कुरा मलाई सम्झना छ चिलीको । त्यहाँको खाना मेरो लागि अत्यन्त मुस्किल थियो किन भने त्यसमा एक किसिमको गन्ध भएको माछा थियो जसलाई मेरो मुखमा पसाउनै सकिन तर

श्री ५ वीरेन्द्रबाट राम्रोसँग ज्यूनार भयो । यो खानु पर्दछ, यो त हेल्थको लागि खाने हो, यो स्वास्थको लागि बाँच्नको लागि खाने हो भन्दै ज्यूनार भयो । मौसुफ एकातिर त्यस्तो व्यक्तित्व होइबक्सन्थ्यो भने विदेशमा जादाखेरि आफ्नो साथमा रहेको म जस्तो यहाँबाट थाइल्याण्ड, हङ्कङ् हुँदै जापान, हार्डवाड, ल्याटिन अमेरिका नर्थ अमेरिका युरोपका तमाम धेरैधेरै मुलुकहरूको विश्व भ्रमणमा सम्मिलित हुन पाउँदा त्यतिवेला दुईवटा मेरो छोरीलाई मैले जन्म दिइसकेको थिएँ, मेरो श्रीमती घरमा थिइन र मलाई हङ्कङ् पुग्ने वित्तिकै सरकारबाट सोधनी भएको थियो– यो तिम्रो छोरीलाई है । ठूली छोरीलाई भनिकन ड्रेस किनिबक्स्यो । त्यति ख्याल गरिबक्सन्थ्यो र आफ्नो साथमा आएकोलाई । त्यस्तै क्रममा कुन ठाउँमा कस्तो पार्टी हुन्छ जस्तो हार्डवार्डमा कैयौँ पटक हामीलाई व्ल्याक टाइमा जानुपर्थ्यो, अब व्ल्याक टाइ किन्ने दागत त मेरो हुँदैनथ्यो, तर मौसुफले बक्सेका ती कुराहरू मेरो संस्मरणमा छ र अहिले पनि ती चिज मसँग छन् । त्यस्तै जापानमा कयौँ पटक विशेष प्रकारको लुगा लगाउनुपर्थ्यो अब ती लुगा कैयौँ वर्षका भैसके ३६, ३७ वर्ष भैसक्यो तैपनि मैले राखेको छु । उता हार्डवर्डमा हुँदा क्यानाडामा हुँदा हिउँमा लगाउने मलाई लुगा किनिदिबक्स्यो लङकोट जो अहिले पनि म लगाउँछु । यसले के देखाउँछ भने मौसुफ अति विवेकशील होइबक्सथ्यो, सहयात्रीको पनि मर्म बुझिबक्सन्थ्यो, विवेकशील नेता होइबक्सन्थ्यो । यस्ता घटनाहरू त थुप्रै छन् ।

●

अन्तर्वार्ता

साहना प्रधानका दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ २०४६ सालको जनआन्दोलनपछि श्री ५ वीरेन्द्रले बक्सेको दर्शनभेटमा तपाईं पनि सहभागी हुनुहुन्थ्यो । त्यतिवेला कस्तो अनुभव गर्नुभयो ?

उत्तर– सरकारसँग मेरो त्यो पहिलो दर्शन भेट थियो । २०४६ चैत्र २६ गतेको दिन पऱ्यो त्यो । त्यतिवेला जनताको एउटा उर्लंदो भेल बगेको थियो । त्यतिवेलाको माग थियो बहुदलीय प्रजातन्त्र । वार्ताको समयमा एकापट्टि हामी बसेका थियौं र अर्कापट्टि दरबारका सचिव आदि थिए । त्यहाँ सरकारबाट तपाईंहरू दुई पक्ष मिलेर चलाउनुस्, अगाडि बढ्नुस् भन्ने हुकुम भयो । त्यहाँ सरकारको हामी विभिन्न दलहरू र तत्कालीन सरकार मिलेर चलाउने जस्तो मनसाय मैले बुझें । हुन त त्योभन्दा पहिला आन्दोलन भइरहेको समयमा पनि बहुदलीय पञ्चायत व्यवस्थाको कुरा पनि आएको थियो । सरकारबाट त्यस्तो हुकुम भएपछि मैले भनें– सरकार जनता विशुद्ध प्रजातन्त्र चाहन्छन् । त्यसैले यो हुँदैन । जनताले अर्कै किसिमबाट बहुदलीय प्रजातन्त्र पुनर्स्थापित गर्न चाहेका छन् । सरकारबाट आफ्नो पहिलाको विचार छोडेर त्यसपछि तत्कालै स्वीकारोक्तिको रूपमा टाउको हल्लाइबक्स्यो । यसरी मैले प्रथम दर्शनभेटमा नै सरकारलाई एउटा समयलाई बुझेर चल्न सक्ने क्षमता भएको राजाको रूपमा पाएँ ।

प्रश्न-२ श्री ५ वीरेन्द्रलाई एउटा प्रजातान्त्रिक विचारधारा भएको राजाको रूपमा पनि मानेको पाइन्छ । यस सम्बन्धमा यहाँका विचारहरू बताइदिनु हुन्छ कि ?

उत्तर– जब बहुदलीय व्यवस्था नेपालमा स्थापना भयो त्यसपछि राजाले पनि संविधानको दायराभित्र बस्नुपर्ने भयो । एउटा वर्षौंदेखि चल्दै आएको सक्रिय राजतन्त्रलाई तिलाञ्जली दिएर अब म संवैधानिक राजतन्त्र स्वीकार्छु, संवैधानिक राजा बन्छु भनेर मौसुफले स्वीकार्नु अत्यन्तै ठूलो कुरा हो । यसरी श्री ५ वीरेन्द्रले समयको माग के छ जनता के चाहन्छन् भन्ने कुरा बुझेर कदम चालिबक्स्यो । त्यसलाई सरकारको प्रजातान्त्रिक विचारधारा र आचरणको उदाहरण मान्न सकिन्छ ।

विभिन्न देशहरूमा राजसंस्थाको विरुद्ध विभिन्न भिडन्तहरू भएका छन् तर नेपालमा राजसंस्थालाई एउटा संवैधानिक दायराभित्र राख्ने दृष्टिकोणले २०४६ सालको आन्दोलन भएको थियो र राजाले पनि जनतामा यो जुन नयाँ किसिमको विचार आएको थियो त्यसलाई बुझिबक्सेको थियो । बुझ्नु एउटा कुरा हो, त्यसै अनुसार आफूलाई ढाल्न सक्नु अर्को कुरा हो । श्री ५ वीरेन्द्रमा त्यस्तो योग्यता पनि रहेछ र सबैले देख्न पाए ।

प्रश्न–३ सरकारसँग तपाईंका अन्य समयमा पनि भेट भए होलान् । ती भेटहरूमा के कस्तो कुरा हुन्थ्यो र सरकारलाई कस्तो पाउनु भयो ?

उत्तर– मैले त्यसपछि जम्मा ४ पटक सरकारको दर्शन भेट गर्ने सौभाग्य पाएकी छु । सरकारलाई भेट्दा मलाई एउटा अत्यन्त नजिकको आफू जस्तै व्यक्तिसँग देशको विषयमा कुराकानी गरिरहेछु झैँ लाग्थ्यो । त्यसरी छलफलमा भाग लिँदा कसैलाई पनि अप्ठ्यारो महसुस नहोस् यस बारेमा सरकार अत्यन्त सजग होइबक्सन्थ्यो । देशको अर्थव्यवस्था, संस्कृति र कहिले कुनै किताबसम्बन्धी सरकारसँग छलफल गर्ने अवसर मैले पाएकी छु । त्यस्तो समयमा एकदमै मित्रवत् रूपमा सरकारबाट यो किताव पढ्नुभएको रहेछ, मैले त पढेको छैन भन्ने जस्ता एउटा फ्रेण्डली डिस्कशन हुन्थ्यो । म एउटा अर्थशास्त्रको शिक्षक भएको हुनाले विशेष गरेर सरकार मसँग अर्थव्यवस्था सम्बन्धी पुस्तकका बारेमा सोधिबक्सन्थ्यो र कहिलेकाहीँ कुनै पुस्तक पढेको छैन भन्दा सरकारबाट यहाँलाई त्यो पुस्तक उपलव्ध भएन भने खवर गर्नु म व्यवस्था गराइदिउँला भन्ने जस्ता कुराहरू एकदमै खुल्ला तवरले गरिबक्सन्थ्यो । त्यसले गर्दा मलाई कुरा गर्दा कुनै अप्ठ्यारो लाग्दैनथ्यो ।

प्रश्न-४ श्री ५ वीरेन्द्रको समयमा नागरिकता ऐनसम्बन्धी विवाद खडा भएको थियो । त्यतिवेला तपाईंले आफ्नो पार्टीको तर्फबाट प्रतिवेदन बुझाउनुभएको थियो । यसबारेमा केही बताइदिनु हुन्छ कि ?

उत्तर– जतिवेला नागरिकता ऐनसम्बन्धी विवाद आएको थियो त्यतिवेला हाम्रो पार्टी विभाजन भएर म मालेमा थिएँ र त्यस विषयमा ६ महिनासम्म अध्ययन गरेर तयार पारेको डकुमेन्ट बुझाउन म र बामदेवजी दरबार गएका थियौं । सरकारलाई हामीले जुन प्रतिवेदन दियौं त्यो चाख लिएर हेरिबक्स्यो र यसमा अध्ययन राम्रो छ, राम्रो लाग्यो भनिबक्स्यो । त्यसरी सरकारको कुने पनि राम्रो लागेको कुरामा राय प्रकट गर्न कन्जुस्याईं नगर्ने बानी थियो भन्न सकिन्छ ।

प्रश्न-५ समग्रमा श्री ५ वीरेन्द्रको व्यक्तित्व कस्तो लाग्यो त ?

उत्तर– समग्रमा भन्दा राजाको विषयमा केटाकेटीमा नै मेरो मनभित्र जुन एउटा तस्वीर थियो त्यो मैले दुरुस्त पाएँ । जनताको चाहनालाई बुझेर जनतासँगै समयानुसार अगाडि बढ्न सक्ने क्षमता भएको राजाका रूपमा श्री ५ वीरेन्द्रलाई मैले पाएँ ।

●

अन्तर्वार्ता

रामचन्द्र पौडेलका दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ तपाईंले श्री ५ वीरेन्द्रको राज्यकालमा सभामुख उपप्रधानमन्त्री तथा मन्त्री जस्ता महत्त्वपूर्ण पदहरू सम्हाल्ने मौका पाउनुभएको थियो । तपाईंले सरकारको पहिलो दर्शन भेट पाउँदा कुन पदमा हुनुहुन्थ्यो ?

उत्तर– सरकारसँग मेरो विभिन्न औपचारिक कार्यक्रमहरूमा सामान्य भेट भए तापनि विशेष गरिकन मेरो व्यक्तिगत उठवसको सम्बन्धचाहिँ संसदको सभामुख भएपछि नै एउटा संवैधानिक अङ्गका प्रमुखका नाताले भयो । त्यस वेलामा तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले म सभामुख भएपछि मलाई तपाईंको अव बारम्बार राजासँग भेट हुन्छ, तपाईंले महाराजाधिराजबाट धेरै कुरा सिक्नुपर्छ, राजाहरूको लामो राजपरम्परा भएकोले राजासँग राजकाजको ठूलो अनुभव छ, विद्वत्ता छ भन्ने कुरा बताउनुभएको थियो । नभन्दै मैले सरकारलाई ठीक त्यस्तै पाएँ ।

प्रश्न–२ तपाईं सभामुख भएपछिका कुनै महत्वपूर्ण प्रसङ्गका बारेमा बताइदिनुहुन्छ कि ?

उत्तर– मनमोहन अधिकारी प्रधानमन्त्री हुँदाखेरि उहाँले प्रतिनिधि सभा विघटनको सिफारिस गर्नुभयो । त्यतिवेला उहाँको अल्पमतको सरकार थियो । संसदमा सबैभन्दा ठूलो पार्टीको नाताले उहाँ प्रधानमन्त्री हुनुहुन्थ्यो । जब संसद विघटनको सिफारिस भयो महाराजाधिराजबाट हामीलाई बोलाएर सोध्ने क्रम शुरु भयो । त्यस क्रममा मेरो राय सोधिबक्स्यो । त्यतिवेला सरकारका समक्षमा मैले आफ्ना राजनीतिक तर्कहरू अर्थात् संसद विघटन गर्न उचित अनुचित पर्ने बारेमा कुरा राखेँ । सरकारले त्यतिवेला यो संसद विघटनको सिफारिसलाई मैले संवैधानिक रूपमा कसरी हेर्ने, यो कुरा मलाई प्रष्ट पारिदिनु पर्‍यो सभामुख भन्ने प्रश्न गरिबक्स्यो । संवैधानिक र प्राविधिक पक्षबाट मैले यसलाई यसरी हेर्ने हो कि राजनीतिक कुरा त आफ्नो ठाउँमा छँदैछ भन्ने खालका कुराहरू राखेँ । त्यो कुरा अहिले पनि सम्झना छँदैछ ।

संसद विघटन भयो र अदालतमा मुद्दा गयो । त्यसपछि अदालतले संसद पुनस्थापना हुनुपर्छ भनेर प्रतिनिधिसभा पुनस्थापनको निर्णय दियो । त्यस वेलामा मानिसहरूमा धेरै जिज्ञासा थियो । प्रधानमन्त्रीको सिफारिसमा राजाले विघटन गरिसकेको प्रतिनिधिसभाको पुनर्स्थापना यो एउटा नयाँ कुरा पर्‍यो । अब राजाले पनि आफ्नो प्रेस्टिज इस्यू बनाउने हो कि अथवा राजाले पनि मान्ने हो कि नमान्ने हो भन्ने उत्सुकता मानिसहरूमा थियो । मैले त्यतिवेला सरकारसँग दर्शन भेट मागे र सरकार प्रतिनिधि सभा सञ्चालन गर्नका लागि दरबारबाट सूचना जाओस् भन्ने म चाहन्छु भन्ने कुरा राखे । त्यसपछि त्योभन्दा अगाडिका सबै तर्कवितर्कलाई एकाएक छाडेर सरकार गम्भीर होइबक्स्यो अनि तत्काल पशुपतिभक्त

महर्जनलाई बोलाएर संसदको बैठकको सूचना दिने भन्ने हुकुम भयो । यसरी सरकारमा हरेक कुरालाई संविधानको भावनाअनुरूप राखेर चल्नुपर्छ भन्ने राजकाजको मामलामा संविधानलाई सर्वोपरि राखेर सोच्ने बानी थियो भन्ने कुरा थाहा पाइन्छ । संविधानको भावना अलिकति पनि उल्लङ्घन नहोस् भनेर सोच्ने सबैभन्दा ठूलो प्रजातान्त्रिक गुण मैले सरकारमा पाएँ ।

प्रश्न-३ श्री ५ वीरेन्द्रसँग यहाँले विभिन्न छलफलहरूमा सरिक हुने मौका पाउनुभएको छ । त्यस्ता समयमा सरकारका विचारसँग तपाईंले दिएका रायहरू नमिल्ने पनि भएका थिए कि ? त्यस अवस्थामा सरकारको कस्तो व्यवहार हुन्थ्यो ?

उत्तर– श्री ५ वीरेन्द्रमा कि आफू कन्भिन्स हुने कि अरूलाई कन्भिन्स गराउने दुवै गुण थियो । केही कुरामा तर्क पर्दा तर्कसङ्गत कुरा कसैले गर्दा यू आर राइट यो कुरा मैले मानेँ भनेर कन्भिन्स हुने, कि त आफूले यो यो कारणले यसो भनेँको हुँ भनेर बढो तार्किक रूपमा अरूलाई कन्भिन्स गराउन सक्ने सरकारमा त्यो विद्वता, त्यो क्षमता थियो । त्यो संसद बोलाउने जुन कुरा थियो त्यसमा पनि सरकारबाट केही तर्कहरू भएको थियो तर जब मैले आफ्नो कुरा प्रष्टसँग राखेँ सरकार कन्भिन्स होइबक्स्यो ।

प्रश्न-४ यो माओवादी समस्याका बारेमा सरकारको प्रतिक्रिया कस्तो थियो ?

उत्तर– म गृह र उपप्रधानमन्त्री भएपछि यसबारेमा बारम्बार कुराकानी हुन्थ्यो । सबैभन्दा पहिलो कुरा यो हाम्रो राष्ट्रिय समस्या हो भन्ने र त्यसपछि यो समस्याले हाम्रो राष्ट्रिय सुरक्षालाई कस्तो असर पारेको छ त्यो दृष्टिबाट यसलाई हेर्नुपर्छ भन्ने विचार मैले सरकारमा पाएँ । एकपटक म कार्यबाहक प्रधानमन्त्री हुँदा मैले नागार्जुनमा झन्डै ढेढ घण्टा जति यस विषयमा कुराकानी गरेको छु । त्यस समयमा सरकारबाट एकदम विस्तारपूर्वक यो समस्यालाई विश्लेषण गरिबक्स्यो । एकिकृत आन्तरिक सुरक्षा र विकास योजना जसलाई सरकारको ब्रेन चाइल्ड भन्नुपर्छ– लाई अघि बढाउने सन्दर्भमा त्यहाँ सरकारबाट माओवादी प्रभावित क्षेत्रका जनतालाई राहत दिएर कसरी तिनिहरूको असन्तुष्टी हटाउने र सरकारतर्फ आकर्षित गर्ने भन्ने जस्ता कुराहरू मलाई पूरा कागजमा कोरेर नक्सा समेत नै बनाएर र अव यो समस्यालाई यसरी समाधान गर्न पर्छ भनेर देखाइबक्स्यो । समग्रमा जनतालाई राहत प्याकेज दिने साथै सुरक्षा व्यवस्थालाई एकिकृत गरेर लैजाने, त्यसमा गृहमन्त्रालय, रक्षामन्त्रालय, सेना, प्रशासनलाई पनि परिचालन गर्ने, त्यतिमात्र होइन, यो राष्ट्रिय समस्या भएकोले राष्ट्रिय सहमतिका साथ यो अभियान लैजानुपर्छ भन्ने तर्क थियो सरकारको ।

सरकारबाट यसरी माओवादी समस्याका बारेमा गरिएका व्याख्याका बारेमा मैले तत्कालै प्रधानमन्त्रीलाई बताएँ । त्यसपछि हामीले बनाएको एकिकृत आन्तरिक सुरक्षा र विकासको योजना प्रस्तुत गऱ्यौँ । त्यसको केही पछि हामीले फेरि एक पटक सरकारसँग भेट्ने माग गर्दा तपाईंहरू आवश्यक सबै एकैचोटी आउनु भन्ने भयो । हामी प्रधानमन्त्री, विभिन्न मन्त्रीहरू, सचिव, प्रधानसेनापति, प्रहरीमहानिरीक्षक गरेर १७ जना उपस्थित भयौँ । त्यहाँ युवराजाधिराजको पनि उपस्थिति थियो । त्यहाँ मैले गृहमन्त्रालयबाट लगेको प्रतिवेदन बुझाएर आफ्नो मौखिक दृष्टिकोण पनि प्रस्तुत गरे । त्यतिवेला सरकारले त्यहाँ प्रस्तुत गरिएका एकएक प्वाइन्ट बडो ध्यानले सुनिबक्सँदै कागजमा टिप्दै राखिबक्स्यो र त्यो दिन राजाले बसेकै ठाउँबाट आफ्ना तर्कहरू राख्ने जुन पुरानो नियम थियो त्यो तोडेर एकाएक उठेर रोस्टममा गएर माइकबाटै आधा घण्टासम्म हामीले उठाएका कुराहरूलाई व्याख्या गर्दै आफ्ना विचारहरू राखिबक्स्यो । सरकारमा कुनै पनि कुरालाई अपूर्ण ढङ्गबाट चट्ट कमेन्ट गर्ने हैन, त्यसको हरेक पक्षलाई विश्लेषण गरेर त्यसको समग्रतामा प्रस्तुत गर्ने वौद्धिक व्यक्तित्व थियो ।

प्रश्न-५ श्री ५ वीरेन्द्रलाई भेट्दा अथवा कुराकानी गर्दा यहाँलाई कस्तो अनुभव हुन्थ्यो ? कुनै असजिलो अनुभव हुन्थ्यो कि ?

उत्तर– कुनै असजिलो अनुभव हुँदैनथ्यो किनभने सबैसँग मित्रवत व्यवहार गर्ने बानी थियो सरकारको । त्यसैले हामीलाई पनि कुनै नजिकको मित्रलाई भेटेर छलफल गरिरहेझैँ लाग्थ्यो । म त निर्धक्क भएर आफ्ना कुराहरू सरकारसमक्ष प्रस्तुत गर्थें । त्यस्तै बडामहारानी पनि अत्यन्त सरल ढङ्गबाट मित्रवत् रूपमा व्यवहार गरिबक्सन्थ्यो ।

श्री ५ वीरेन्द्रमा अत्यन्तै आधुनिक विचारधारा थियो । सधैँ अरूको पीर मर्कालाई ध्यानमा राख्ने बानी

थियो । कसैबाट केही गल्ती भइहाल्यो भने पनि त्यसलाई क्षमा गर्ने, रिस, क्रोधको अभिव्यक्ति नगर्ने, त्यस्तो सौम्यता मैले सरकारको व्यक्तित्वमा पाएको छु । यस क्रममा म एउटा घटना यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु । एक पटक खिम्ति जलविद्युत आयोजनाको उद्घाटन थियो र प्रधानमन्त्री बाहिर जानुभएको हुनाले मैले उपप्रधानमन्त्रीको नाताले त्यहाँ सरकारको प्रतिनिधित्व गरेको थिएँ । मलाई त्यही दिन दमौलीको पार्टी महाअधिवेशनमा, त्यहाँबाट केन्द्रिय अधिवेशनमा जाने र चुनावका लागि पुनः दमौली फर्कने पर्ने खण्ड परेको थियो किनभने म त्यहाँ स्वयम् उम्मेदवार थिएँ । त्यहाँ कार्यक्रम सकियो । सरकारबाट निरीक्षण पनि भयो र चिया खाने समय भयो । अनि मैले सरकारहरूको त ढिलो हुन्छ होला म पहिला जान्छु भनेर विन्ति चढाएछु । त्यतिवेला सरकारले अत्यन्त नरम ढङ्गबाट हैन हैन उपप्रधानमन्त्री, त्यो त प्रोटोकल मिल्दैन, म पहिला जानुपर्छ भनेर करेक्सन गरिबक्स्यो । यसरी कुनै अन्यथा नमानिकन बरु आफै हतार गरेर चिया पनि थोरै पिएर फिर्ती सवारी भयो । यसरी अरूको पीर मर्का बुझिदिने, कसैले अशिष्ट कुरा गर्‍यो नभन्ने नठान्ने बानी थियो, अहङ्कार विल्कुलै थिएन सरकारमा ।

प्रश्न-६ *समग्रमा तपाईंलाई श्री ५ वीरेन्द्रको व्यक्तित्व कस्तो लाग्यो ?*

उत्तर– सरकार व्यक्तिगत रूपमा स्वभावैले पनि प्रजातान्त्रिक, प्रजातन्त्रलाई सुहाउने राजा होइबक्सन्थ्यो । कुनै पनि मानिस प्रजातान्त्रिक हुनाका लागि अनुशासित र उदार हुनुपर्छ । यी दुवै गुण थिए सरकारमा ।

प्रजातन्त्र एकैपटक परिपक्व हुने व्यवस्था होइन । यो अनायास विस्तारै परिपक्व हुँदैजान्छ । त्यसमा राजा वीरेन्द्रको अभिभावकत्व साँच्चि नै प्रजातन्त्रलाई परिपक्वतातिर लैजाने किसिमको थियो भन्ने मैले अनुभव गरेको छु । सरकारबाट मैले धेरै किसिमका वौद्धिक सहयोग पाएको पनि छु ।

●

अन्तर्वार्ता

कलाकार मनुजबाबु मिश्रका दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ श्री ५ वीरेन्द्रको दर्शन भेट गर्ने मौका प्रथम पटक कहिले पाउनुभयो ?

उत्तर– मैले सन् १९६६ मा ढाका आर्टस् कलेजको विद्यार्थी हुँदा खेरि सरकारसँग दर्शन भेट गर्ने पहिलो मौका पाएको थिएँ । त्यतिवेला श्री ५ वीरेन्द्र सरकारको डेलिगेशन त्यहाँ गएको थियो । त्यसमा प्रिन्सेप शाह र हिमालय शाह सरकार पनि सवारी होइबक्सेको थियो । सन्जोग कस्तो पऱ्यो भने हिमालय सरकारहरू मेरो क्लासमेट होइबक्सन्थ्यो र मलाई अत्यन्त माया गरिबक्सन्थ्यो ।

ढाकामा कस्तो चलन थियो भने कुनै पनि डेलिगेशनको प्रमुख आउँदा त्यसको आर्ट कलेज भिजिटचाहिँ एउटा महत्वपूर्ण कार्यक्रम हुन्थ्यो । अब प्रिन्सेप शाह र हिमालय शाह सरकार पनि त्यही डेलिगेशनमा आएपछि मलाई देखेर श्री ५ वीरेन्द्र सरकारकै अगाडि अँगालो हालेर हिमालय सरकारले मेरो परिचय गराइदिइबक्स्यो । त्यसैगरी प्रिन्सेप शाहले पनि मेरो साइजभन्दा अग्लो पारेर एकदमसँग वीरेन्द्र सरकारलाई मेरो परिचय दिइबक्स्यो । त्यतिवेला ढाकामा मेरो पेन्टिङ्ग पनि एक्जिबिशन भइरहेको थियो । सरकारले ती सबै नजर गरिबक्स्यो र त्यस कलेजका प्रिन्सिपलले पनि सरकारसँग मेरो प्रशंसा गरिदिए । सरकारले पेन्टिङ्ग हेर्नेक्रममा अनेकौं प्रश्न गरिबक्स्यो । कलासम्बन्धी सरकारको त्यत्रो ज्ञान र रुचि देखेर म त्यहाँ एकदमै प्रभावित भएको थिएँ । त्यसपछि सरकार अन्य ग्यालरी हेर्न सवारी होइबक्स्यो । कुनै पनि ग्यालरीमा कुनै पनि दर्शकलाई कुन चित्रले आकर्षण गऱ्यो त्यो हेर्दा त्यो दर्शकको चित्रकारितासम्बन्धी कत्तिको ज्ञान रहेछ भन्ने अडकल काट्न सकिन्छ । श्री ५ वीरेन्द्र त्यहाँ त्यही त्यही चित्रको अगाडि टक्क अडिबक्सन्थ्यो जुन त्यहाँ उत्कृष्ट भनेर गनिएका थिए ।

प्रश्न–२ त्यतिवेला यहाँहरूलाई श्री ५ वीरेन्द्र पनि एउटा राम्रो कलाकार होइबक्सन्छ भन्ने कुरा थाहा थियो ?

उत्तर– त्यतिवेला सरकार युवराजाधिराज नै होइबक्सन्थ्यो र सरकार पनि कलाकार होइबक्सन्छ भन्ने कसैलाई थाहा थिएन, तर हामीले त्यहाँ सरकारको कला प्रतिको अनुराग, अभिरुचि कति धेरै रहेछ भन्नेचाहिँ अनुमान गऱ्यौं । पछि फिर्ती सवारी भएपछि युवराजाधिराजलाई कुन कला कति उच्चकोटीको हो भन्ने पनि ज्ञान रहेछ भन्ने चर्चा परिचर्चा त्यहाँ भयो ।

प्रश्न–३ श्री ५ वीरेन्द्रबाट जुन ललित कला संस्था नाफाको स्थापना गरिबक्स्यो त्यसमा रहेर यहाँले पनि सेवा गर्ने मौका पाउनुभएको थियो । त्यसबारेमा बताइदिनु हुन अनुरोध गर्दछु ।

उत्तर– सरकारबाट २०२२ सालमा आफ्नो अध्यक्षतामा बाङ्देलजी, समजी आदि रहेको नाफाको गठन गरिबक्स्यो । पछि म २०२५ सालमा अध्ययन पूरा गरेर नेपाल फर्कें । त्यसको दुई महिनापछि नै सरकारले पुरानो कमिटी भङ्ग गरेर नयाँ कमिटी गठन गरिबक्स्यो जसमा उपाध्यक्षमा केशव दवाडी, सचिवमा ठाकुरप्रसाद मैनाली, कोषाध्यक्षमा विजय थापा हुनुहुन्थ्यो भने एक्ज्युकेटिभ मेम्बरमाचाहिँ शशी शाह, सिद्धीमुनि शाक्य र म थियौं ।

प्रश्न–४ यहाँले श्री ५ वीरेन्द्रको नजिक रहेर काम गर्ने अवसर पाउनुभयो । त्यस समयमा मौसुफबाट कला-कौशलको क्षेत्रमा के कस्ता निर्देशनहरू बक्स हुन्थे ?

उत्तर– श्री ५ वीरेन्द्रको नेतृत्वमा गठन भएको त्यत्रो कमिटीमा बसेर सदस्य भएर विचार विनिमय गर्ने सुवर्ण अवसर पाउँदा मैले आफूलाई त्यसबखत निकै गौरवशाली सम्झें । सरकारबाट त्यस समयमा जुन नेतृत्व बक्स्यो त्यसबाट थुप्रै महत्वपूर्ण कामहरू भएका छन् । त्यसै समयमा वीरेन्द्र आर्ट ग्यालरी स्थापना भयो ।

सरकारबाट कस्तो निर्देशन बक्स हुन्थ्यो भन्ने एउटा उदाहरण यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु । एक पटक नेपाल एशोसिएसन अफ् फाइन आर्टस् अथवा 'नाफा' को 'एसोसिएसन'को ठाउँमा 'एकाडेमी' शब्दको प्रयोग गर्न पाए यस संस्थाको गरिमा अझ बढ्ने थियो भन्ने लागेर हामीले एउटा वैठकमा सरकारसमक्ष विन्ती चढायौं, तर सरकारबाट तुरुन्त 'यो हुँदैन, हामीलाई नाम होइन काम पो चाहिएको छ' भन्ने हुकुम भयो । सरकारका यस्ता यथार्थवादी उद्गारहरू थुप्रैछन् । यसैगरी एउटा बैठकमा नाफाले प्रदान गर्ने कुनै पनि पदक सम्मान वा सहुलियतहरू विदेशमा बसेर नेपाली कलाको विकासमा सहयोग पुऱ्याइरहेका कलाकारहरूलाई दिने कि नदिने भन्ने छलफल हुँदा सरकारबाट हुकुम भएथ्यो– "जुन नेपाली कलाकारको यो संस्था नाफाप्रति कुनै आस्था छैन र यसको सदस्य समेत भएको छैन उसलाई संस्थाले कुनै सहुलियत दिन सक्दैन ।

यस प्रकारका मार्गनिर्देशनहरू सरकारबाट प्राप्त हुन्थे । सरकारका यस्ता उद्गारहरूबाट मौसुफको नाफाप्रति तथा कला जगत्प्रति कति धेरै स्नेह, माया एवं चिन्ता रहेछ भन्ने कुरा हामी अनुमान गर्न सक्छौं । नेपाली कलाकारलाई प्रोत्साहित गर्दै कला जगत्लाई सगरमाथाजत्ति नै अग्ल्याएर समसामयिक कला विश्वमा प्रतिष्ठित गर्ने सरकारको ठूलो सपना थियो । सस्थाका ती गौरवपूर्ण वर्षहरू र त्यसको वर्तमान स्थितिलाई हेर्दा आज मेरो मुटुमा गाँठो परेर आउँछ ।

प्रश्न–५ विभिन्न प्रकारका औपचारिक समारोह वाहेक अन्य बखतमा पनि सरकार नाफामा सवारी होइबक्सन्थ्यो कि ?

सरकार कहिलेकाहीँ वेलुकीपख यसो हावा खाँदै एक दुईजना लिएर नाफामा पैदल सवारी होइबक्सन्थ्यो र त्यहाँ नाफाको वरिपरि घुमिबक्सन्थ्यो । कसैले पेन्टिङ्ग झुन्ड्याइरहेको छ भने सरकार हत्तपत्त त्यसलाई सहयोग गर्न गइबक्सन्थ्यो । यसरी कलाकारको वीचमा सरकार सधैं कलाकारकै रूपमा प्रस्तुत होइबक्सेर हौसला प्रदान गरिबक्सन्थ्यो ।

प्रश्न–६ श्री ५ वीरेन्द्रका कलाकृतिहरू अहिले हामी सामु छन् । यसबारेमा वताइदिनु हुन अनुरोध गर्दछु ।

उत्तर– सरकारको जन्मोत्सवका अवसरमा हामीले नाफाबाट एउटा भव्य म्यागेजिन निकाल्यौं जसमा सरकारको 'मोती' र 'झरना' दुई चित्रहरू छापिएका थिए । त्यसपछि अन्य पत्र-पत्रिकामा पनि छापिएपछि तिनका चर्चा हुन थाल्यो । खोज्दै जाँदा दरवारबाट निस्कने 'रमझम' भन्ने पत्रिकाको आवरण चित्र पनि सरकारले बनाइबक्सेको हो भन्ने थाहा भयो । यसबाहेक पछि म प्रा. यदुनाथ खनालज्यूको घर जाँदा उहाँले तपाईंलाई एउटा गजवको चीज देखाउँछु भनेर भित्र गएर एउटा फ्रेमभित्रको चित्र ल्याएर देखाउनुभयो । म तिन छक्क परें त्यो हेरेर । श्री ५ वीरेन्द्रले बनाइबक्सेको यदुनाथ खनालको रेखाचित्र रहेछ त्यो । सोझै मसी-कलमले निडर रेखा कोर्दै दश पन्ध्र मिनेटको अवधिमै रचना गरिएको त्यो चित्र देख्ता मलाई लाग्यो कलकार वीरेन्द्र शाहमा पूरा आँट, आत्मविश्वास र अन्तर उत्प्रेरणा रहेछ ।

सरकारका अन्य थुप्रै कलाकृतिहरू होलान् तर प्रकाशमा आएकाचाहिँ यिनै हुन् ।

प्रश्न–६ श्री ५ वीरेन्द्रको कलात्मक व्यक्तित्वका बारेमा छोटकरीमा बताइदिनुहुन अनुरोध गर्दछु ।

उत्तर– वीरेन्द्र शाहको प्रचारमा आएको केही चित्रको रचनाकाल २०२० सालतिर थियो । नेपालमा तत्कालको समसामयिक कलाको स्थितिको सापेक्षिक अध्ययन नगरी वीरेन्द्र शाहको कलाप्रतिभालाई अझै राम्ररी बुझ्न सकिँदैन । समसामयिक प्रयोगवादी र यथार्थवादी कलाधारामा पर्ने तत्कालका कार्यरत कलाकारहरूमा लैनसिंह वाङ्देल, उत्तम नेपाली, स्व. रामानन्द जोशी, शशी शाह, विजय थापा, प्रमिला गिरी आदि र म स्वयम् पर्छु । हामी सबैका कलाकृति र सरकारको 'मोती'लाई लहरै राखेर हेर्नुस् हाम्रा चित्रहरूमा भन्दा एउटा पृथक खालको आफ्नै ढङ्गको त्यो देखिन्छ । एउटा सौम्य लालित्य कलाको एउटा उच्चकोटीको सर्वथा नयाँ ढङ्गको चित्र त्यही 'मोती' देखिन आउँछ । त्यसमा सरकारबाट भएको विषयवस्तुको छनौट हेर्नुस् त्यो विषयवस्तु नै पारदर्शक छ, उत्कृष्ट छ । त्यसमा प्रस्तुतिकरण झन् उत्कृष्ट छ । सरकारले कलासम्वन्धी त्यस्तो विशेष तालिम लिएको पनि होइन तैपनि सरकारलाई सम्पूर्ण ज्ञान थियो । समकालीन नेपालको परिप्रेक्षमा हेर्दा सरकारको कलात्मक व्यक्तित्व अत्यन्त उच्चकोटिको थियो भन्नुपर्ने हुन्छ ।

●

अन्तर्वार्ता

धुस्वाँ सायमिका दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ तपाईंको श्री ५ वीरेन्द्रसँग पहिलो भेट कहाँ भयो र तपाईंले पहिलो भेटमा सरकारलाई कस्तो पाउनुभयो ?

उत्तर– मेरो सरकारसँग पहिलो भेट न्यूयोर्कमा भएको थियो । त्यतिवेला म त्यहाँ प्रोफेसरको रूपमा अध्यापन पेशामा संलग्न थिएँ र सरकार अमेरिकामा नै अध्ययन गरिबक्सन्थ्यो । त्यतिवेला युवराजाधिराज भएको बेलामा नै सरकार निकै चर्चित होइबक्सन्थ्यो । सरल स्वभाव, इमान्दार हृदय एवं विचारमा दृढता भएको व्यक्तित्वका रूपमा । नव नेपालको निम्ति विश्वसँग मित्रता गाँस्दै हिँडेको, एउटा नयाँ जाँगर, नेपालको भविष्य । यिनै कारणले पनि होला मलाई सरकारसँग दर्शन भेट गर्ने अत्यन्त इच्छा थियो तर विविध कारणले गर्दा त्यतिवेला त्यसो हुन सकेन । केवल दर्शन मात्र पाएको थिएँ मैले ।

त्यसपछि सरकारसँग बीचमा पटक पटक भेट त भयो तर त्यो औपचारिक मात्र थियो । पहिलोपल्ट नागार्जुनमा केही बुद्धिजीवीहरूको एउटा दर्शन भेट कार्यक्रममा सम्मिलित हुँदा मैले सरकारसँग नजिक हुने मौका पाएँ । त्यतिवेला पहिलो दर्शन भेट हुँदा म अलि सतर्क र तनावमा थिएँ तर सरकारले हामी सबैसँग एकदम स्नेह र रुचिकासाथ कुराकानी गरिबक्स्यो । सरकार बीचबीचमा प्रत्येक व्यक्तिको नजिक पुग्दै खाना कस्तो छ भन्ने हुकुम गरिबक्सन्थ्यो । हामीबीचको जुन दूरी थियो, असजिलोपन थियो त्यसलाई सरकार यसरी हटाउन खोजिबक्सन्थ्यो तर कसैले आफ्नो व्यक्तिगत कुरा अथवा पदोन्नतिको कुरा उठाएमा सरकारबाट बडो कूटनैतिक ढङ्गबाट हुकुम हुन्थ्यो– तिमी थाक्यौ होला आराम गर ।

प्रश्न–२ मौसुफका साथमा दरबार तथा अन्य ठाउँमा बारम्बार भइरहने कविगोष्ठी, सांस्कृतिक कार्यक्रम आदिमा यहाँ पनि कहिलेकाहीँ सरिक हुनुभएको छ कि ? यदि छ भने त्यतिवेलाका अनुभवहरू बताइदिनुहुन्छ कि ?

उत्तर– त्यस्ता कार्यक्रमहरूमा मैले पनि सरिक हुने मौका पाएको छु । कुनै समयमा श्री ५ वीरेन्द्रको १० वर्षको प्रारम्भिक शासनकाल र त्यस समयको नेपालका सम्बन्धमा पुस्तक तयार गर्नका लागि म, जगदिश घिमिरे र नारायणबहादुर सिंह हामी तीन जनाको टिम जाँचबुझ आयोगमा कार्यरत थियौँ र त्यतिवेला हामीलाई आफूले अनुसन्धान गरेर जे सत्य आउँछ त्यो लेख्ने भन्ने निर्देशन थियो । सरकारका बारेमा पुस्तक तयार गर्दा सरकारलाई नजिकबाट चिन्नु आवश्यक थियो र श्री ५ बडामहाराजाधिराजको जन्मजयन्तीका अवसरमा प्रत्येक वर्ष जाँचबुझ आयोगमा कार्यरत अधिकारीहरू र सचिवहरूसहित सरकारहरूसँग एउटा भेटघाट कार्यक्रमको आयोजना हुन्थ्यो । त्यस्ता कार्यक्रमहरूमा सहभागी हुँदा मैले सरकारसँग नजिक

हुने मौका पाएको छु । त्यस्ता कार्यक्रमहरूमा के चलन थियो भने कि गाउनुपर्ने कि नाच्नु पर्ने कि त कविता सुनाउनुपर्ने । मौसुफ ती कार्यक्रमहरूमा खुब राम्रो मादल बजाइबक्सन्थ्यो कहिलेकाहीं हातको औंठीले असुविधा हुँदा औंठी पर सारेर खुब राम्रोसँग सरकार मादल बजाइबक्सन्थ्यो ।

प्रश्न–३ त्यहाँ सहभागी भएकाहरूले गाउँदा-नाच्दा अथवा कविता वाचन गर्दा श्री ५ वीरेन्द्रको प्रतिक्रिया कस्तो हुन्थ्यो, खाली हेर्ने सुन्ने मात्र कि राम्रो नराम्रो पनि भनिबक्सन्थ्यो ?

उत्तर– सरकार त्यस अवसरमा खुब चाख लिएर नजर गरिबक्सन्थ्यो र ताली बजाएर सबैलाई प्रोत्साहित पनि गरिबक्सन्थ्यो । मैले एक पटक यस प्रकारको कविता सुनाएको थिएँ :

कुकुर हुँ पालिराखेको छ
मान्छे भए फालिसकेको होला
मान्छे हुँ बोल्न दिएको छ
देवता भए गाडिसकेको होला ।

कविता अलि एग्रेसिभ नै थियो । कसैले ताली बजाउन सकेको थिएन तर कविता सुनाइसकेपछि सरकारबाट तालि बजाउँदै प्रोफेसर वन्स मोर भन्ने हुकुम भयो । सरकार यसरी प्रत्येक भेटमा कसैलाई पनि एउटा आफ्नो राजासँग भेट्दा दूरीको अनुभव नहोस् भन्ने चाहना राखिबक्सन्थ्यो र वातावरणमा यसरी निकटता ल्याउन बडामहारानी सरकारले पनि सहयोग गरिबक्सन्थ्यो । कहिलेकाहीं ठट्टा पनि गरिबक्सन्थ्यो । एक पटक त्यस्तै कार्यक्रममा सफ्ट ड्रिङ्क हार्ड ड्रिङ्क सबै थियो र म सफ्टतिर उभिएँ, त्यसबखत हाँस्दै सरकार मेरो अगाडि सवारी भएर प्रोफेसर यु आर नट फर द सफ्ट ड्रिङ्क, यु आर फर द कोल्ड ड्रिङ्क भनिबक्स्यो । सबैजना हाँसे । सरकारलाई मैले ड्रिङ्क नगर्ने थाहा थियो त्यसैले मलाई जिस्क्याइबक्सेको थियो । त्यस्तो समयमा सरकार सबैले स्वतन्त्र रूपमा आफ्ना कुराहरू राखुन् भन्ने चाहिबक्सन्थ्यो जस्तो मलाई लाग्दछ ।

प्रश्न–४ अघि तपाईंले भन्नुभयो त्यहाँ सुनाइएको तपाईंको कविता अलि एग्रेसिभ (आलोचनात्मक) प्रकारको थियो । त्यस्तो कविता सुनाउँदा कतैबाट कुनै नसुनाउनु भन्ने आदेश अथवा बन्देज पनि आउँथ्यो कि ?

उत्तर– त्यस्तो आदेशै आएको त मलाई थाहा छैन तर त्यसपछिको एउटा भेलामा सामेल हुनु अगाडि एकजना राजदरबारका अधिकृतले त्यस प्रकारका कविता नपढ्न अनुरोध गरे तर संजोग कस्तो पऱ्यो भने त्यसै दिन एक जना मभन्दा जुनियरको प्रमोशन भएर मेरो भएको थिएन त्यसैले मलाई नमज्जा लागिरहेको थियो । मैले उक्त भेलामा सरकारको सामुन्नेमा एग्रेसिभ टाइपकै कविताहरू पढें र ती कविताले नै त्यहाँ उपस्थित भएकाहरूको मगज रन्यनिसकेको थियो तर त्यसपछि मैले झन् एउटा यस्तो कविता पढें जसले एउटा ज्वालामुखी जस्तै हलचल त्यहाँ मचायो । त्यसको केही अंश यस्तो थियो–

ताराहरूसित ज्योति खोसेर
प्रकाश दिन खोज्ने ए ! मेरो मान्छे
पहाडहरू भत्काएर
अमृत दिन खोज्ने ए ! मेरो मान्छे
तिम्रो चारैतिर
दासै दास छ, लाशै लाश छ
ए मेरो मान्छे ! ए मेरो मालिक !
मलाई इच्छा छैन
इतिहासको शिलाखण्डमा तिम्रो नाम
अङ्कित होस्
दासको राजा भनेर, लाशको बादशाह भनेर

कविता सकिएपछि वातावरण स्तव्ध भयो केहीक्षण सुनसान । त्यसपछि एकजना सचिवले मलाई भने सरकारबाट विश्राम लिन यस्तो भेला गराइबक्सन्छ तर तिमीले त वातावरण नै झन तनावयुक्त बनाइदियौ । कसैले त मलाई त्यसपछि चिन्दै नचिनेझैं गर्न लागे । सबैलाई डर भयो अब यसको जागिर जाने भयो भनेर । तर यस्तैमा सबैसँग कुरा गर्दै सरकार म नजिक सवारी होइबक्स्यो र हुकुम भयो– प्रोफेसर आइ अन्डरस्टाण्ड यु । सरकारका यी शब्दले मलाई त्यतिवेला एउटा नैतिक वल दियो, मेरो आफूमाथिको विश्वास झन गाढा भएझैं लाग्यो । सरकारबाट पाएको यस प्रकारको मानवीय मायाले म गद्गद् भएँ । मलाई सन्तोष भयो ।

केही दिनपछि दरबारबाट त्यहाँ पढेका सबै कविता लेखेर दिनु भन्ने आदेश आयो र मैले दिएँ । यहीवीचमा बडामहारानी सरकारसँग दर्शन भेट पाएँ र मैले के थाहा पाएँ भने सरकारहरू मेरो त्यस कविताले गर्दा रिसाइबक्सेको रहेनछ बरु बडामहारानीबाट मलाई

एक पटक फेरि ती कविताहरू वाचन गर्न लगाइबक्सियो । त्यसको छ महिनापछि मेरो प्रमोशन पनि भयो र मैले गोरखा दक्षिणवाहु पनि पाएँ । मेरो निम्ति यो एउटा व्यक्तिगत कुरा मात्र नभएर एउटा लेखकको अभिव्यक्तिगत स्वतन्त्रताको कुरा पनि थियो जसलाई सरकारबाट राम्ररी बुझिबक्सेको थियो ।

प्रश्न–५ समग्रमा भन्दा तपाईंले श्री ५ वीरेन्द्रको व्यक्तित्व कस्तो पाउनुभयो त ?

उत्तर– मैले अगाडि नै कुन कुरा बताइसकेँ भने सरकारमा सधैं कसैलाई पनि अप्ठ्यारो महसुस नहोस् भन्ने चाहना राख्ने एउटा आधुनिक विचारधारा थियो । श्री ५ वीरेन्द्रको विशेष व्यक्तित्वको कुरा गर्दा अमेरिकामा सरकार युवराज हुँदै घटेको यो घटना सम्झन्छु । सरकार आफ्नो अध्ययन समाप्त गरेर नेपाल सवारी हुनको लागि मोटर चढ्नै लाग्दा सरकारको विदाइमा एउटा सानो नेपाली केटोले सरकारमा अभिवादन गर्दै भन्यो 'बाइ क्राउन प्रिन्स' । एकछिन त्यहाँ त्यसपछि वातावरण नै स्तब्ध भयो । सबैजना डराए तर तुरुन्तै सरकारबाट हाँस्दै हुकुम भयो– 'बाई नाउ सी यू अगेन' । त्यसपछि मोटर चल्यो । मैले त्यसबखत विचार गरेँ यही हो हाम्रो नेपाल, भविष्यको नेपाल, आधुनिक सशक्त नेपाल ।

त्यसै पृष्ठभूमिमा म सधैं श्री ५ वीरेन्द्रको व्यक्तित्वलाई सम्झने गर्छु । सरकार पुराना कुराहरूमा समयानुकुल उचित परिवर्तन चाहिबक्सन्थ्यो । सरकारको नजिक रहेर काम गर्ने सबैलाई वातावरण सरल बनोस् भन्ने चाहना सरकारमा थियो जस्तो मलाई लाग्छ ।

●

अन्तर्वार्ता

नातिकाजीका दृष्टिमा श्री ५ वीरेन्द्र

प्रश्न–१ यहाँ नेपालको वरिष्ठ सङ्गीतकार हुनुहुन्छ र यहाँले स्वर्गीय बडामहारानी ऐश्वर्य राज्यलक्ष्मीदेवी शाह सरकारका थुप्रै गीतहरूमा सङ्गीत भर्नुभएको छ, यसक्रममा श्री ५ वीरेन्द्र सरकारलाई आफ्ना गीत-सङ्गीत सुनाउने मौका पाउनुभयो कि भएन ?

उत्तर– जब वीरेन्द्र सरकार युवराजाधिराज नै होइबक्सन्थ्यो त्यतिवेलादेखि नै म राजदरबारमा गीत- सङ्गीत सुनाउन बारम्बार गइरहन्थैं । त्यहाँ राजपरिवारका सदस्यहरूका साथमा वीरेन्द्र सरकार पनि सङ्गीत सुन्न राजहुन्थ्यो । पछि आएर रेडियो नेपालमा वर्षेपिच्छे हुने कार्यक्रममा श्री ५ वीरेन्द्र बडामहारानी सरकारका साथमा सवारी होइबक्सन्थ्यो र त्यहाँ मैले बडामहारानी सरकारका एउटा गीतलाई दुईवटा लयमा भरेर सरकारलाई सुनाएको थिएँ ।

प्रश्न–२ सरकार गीत सङ्गीतप्रति कत्तिको रुचि राखिबक्सन्थ्यो त ?

उत्तर– त्यस्ता कार्यक्रमहरूमा सरकार एकदम रुचि राखेर गीत सुनिबक्सन्थ्यो । सरकार युवराजाधिराज हुँदाखेरि नै पनि गीत-सङ्गीतमा रुचि राखिबक्सन्थ्यो खुब ध्यान दिएर गीत सुनिबक्सन्थ्यो ।

प्रश्न–३ श्री ५ वीरेन्द्रसँग त्यस प्रकारका साङ्गीतिक कार्यक्रमबाहेक अन्य अनौपचारिक कार्यक्रमहरूमा पनि दर्शन भेट पाउनुभएको छ कि ?

उत्तर– साल याद भएन । एक पटक मैले मौसुफ सरकारसँग सुन्दरीजलमा आयोजना गरिएको एउटा पिकनिक कार्यक्रममा दर्शन भेट गर्ने अवसर प्राएको छु । त्यहाँ म कलाकारको रूपमा सहभागी भएको थिएँ ।

प्रश्न–४ यहाँले वीरेन्द्र सरकारको बाहुलीबाट २०३६ सालको इन्द्रराज्यलक्ष्मी पुरस्कार पाउनुभयो । त्यसैगरी गोरखा दक्षिणबाहुलगायत अन्य थुप्रै पुरस्कार सरकारको बाहुलीबाट पाउनुभएको छ । त्यस्ता समारोहहरूमा सरकारसँग गीत-सङ्गीतका बारेमा कुनै कुरा गर्ने अवसर पाउनुभएको छ कि ? त्यतिवेलाका अनुभवहरू बताइदिनुहुन अनुरोध गर्दछु ।

उत्तर– त्यस्तो समयमा सरकारसँग कुरा गर्ने मौका त मैले पाइनँ तर सरकार अत्यन्त प्रसन्न मुद्रामा बडो उत्साहित भएर पुरस्कारहरू वितरण गरिबक्सन्थ्यो र आफूलाइ पनि सरकारको बाहुलीबाट पुरस्कार पाउँदा अत्यन्त आनन्द लाग्थ्यो ।

प्रश्न–५ अब अन्त्यमा श्री ५ वीरेन्द्रको व्यक्तित्वका बारेमा आफ्ना विचारहरू बताइदिनु हुन्छ कि ?

उत्तर– मलाई सरकारको व्यक्तित्व अत्यन्त विशिष्ठ लाग्छ । बडो सज्जन र सरल स्वभावको । सरकारलाई देख्दा एकदमै मन भित्रदेखि नै श्रद्धा जागेर आउँथ्यो ।

●

परिशिष्ट

शान्ति क्षेत्रको प्रस्ताव र समर्थन गर्ने राष्ट्रहरूको विवरण

श्री ५ वीरेन्द्रबाट मौसुफको राज्याभिषेकको अवसरमा अर्थात् २०३१ फागुन १३ गतेका दिन विभिन्न राष्ट्रहरूबाट आफ्नो देशको प्रतिनिधित्व गरिरहनु भएका राष्ट्रध्यक्षहरू, उपराष्ट्रपतिहरू एवं अन्य शाही अतिथिहरूका निम्ति नारायणहिटी राजदरबारमा आयोजित शुभराज्याभिषेक विदाइ समारोहमा बक्सेको सम्बोधनबाट शान्ति क्षेत्र प्रस्तावसँग सम्बन्धित निम्न अंशका साथै शान्तिक्षेत्र प्रस्तावलाई समर्थन गर्ने राष्ट्रहरूको यहाँ प्रस्तुत गरिन्छ :

"हामी एसियाको एउटा सबभन्दा प्राचीन सभ्यताका हकवाला भएकाले युगौंदेखि आफूले भोगिआएको हकस्वरूप हाम्रो स्वाधीनतालाई जसरी भए पनि हामीले जोगाउन खोज्नु स्वाभाविक छ। विश्वमा अशान्ति हुँदा हाम्रो परम्परादेखि रहिआएको स्वतन्त्रतामा आँच आउँछ र शान्तिको अभावमा हाम्रो विकासको प्रक्रिया मन्द एवम् कठिन हुनेमात्र होइन, विकृत पनि हुन्छ। हामी परम्परादेखि नै शान्तिप्रिय भएकाले विश्वका सबै राष्ट्रहरूसँग मिलेर शान्तिका लागि प्रयास गर्न चाहन्छौं, संसारको कुनै मुलुकको पनि नेपाल कुभलो चिताउँदैन, न त कसैसँग अमैत्रीपूर्ण भावना नै उसले लिएको छ भन्ने कुराको म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु। हामी आफ्ना छिमेकीहरूसँग घनिष्ठ एवम् समझदारीपूर्ण सम्बन्ध रहेकामा गौरव मान्छौं। भारतसँग हाम्रो गहिरो तथा विस्तृत सम्बन्ध छ भने चीनसँगको सम्बन्ध पनि उत्तिकै मैत्रीपूर्ण र घनिष्ठ छ, हाम्रा समस्या र आकांक्षाका आपसमा सतत जानकारी रहनु नै यी सम्बन्धहरूको विशेषता हो।

असंलग्नताको नीतिलाई हामीले अँगालेको कारण नै विश्वशान्तिको सम्भावना त्यसैमा देखेर हो। हामी आफ्नो सुरक्षाका लागि शान्ति चाहन्छौं भने आफ्नो स्वतन्त्रता र विकासका लागि शान्ति नै चाहन्छौं। वास्तवमा भन्ने हो भने नेपालले आफ्ना दुवै छिमेकी मित्रराष्ट्रहरूसँग शान्ति र मैत्रीको सन्धिमा औपचारिक रूपले नै हस्ताक्षर गरिसकेको थियो। हाम्रा जनता आफ्नो मुलुकमा, छरछिमेकमा र विश्वमा जताततै हृदयदेखि शान्ति चाहने भएकाले हामीले शान्तिलाई सर्वोपरि स्थान दिएका छौं। त्यसैले शान्तिलाई संस्थागत गर्ने त्यही उत्कृष्ट अभिलाषाले प्रेरित भएरै म मेरो मुलुक नेपाललाई "शान्तिक्षेत्र" घोषित गरियोस् भन्ने प्रस्ताव राख्दै छु।

शान्ति कायम भएमा मात्र हामीले अरू कुनै मुलुकलाई कुनै अवस्थामा पनि बाधा नपर्ने गरी नेपालमा राजनीतिक स्थिरता र आर्थिक सुदृढता ल्याउन सक्नेछौं। कुनै अर्को मुलुक वा क्षेत्रबाट धम्क्याएर अथवा तर्साएर यो शान्ति-क्षेत्रको प्रस्ताव ल्याएको होइन भन्ने पनि म जनाउन चाहन्छु। हामी सदा सर्वदा स्वाधीन मुलुकका बासिन्दा रहिआएको हुनाले समझदारीको ठाउँ भ्रमले र मेलमिलापको ठाउँ आपसमा लडाइँझगडाले लिने गरेको वर्तमान समयको हावाले हाम्रो स्वतन्त्रता र स्वाधीनतामा कुनै आँच ल्याउन नपाओस् भन्ने हामी चाहन्छौं। भविष्यलाई यस परिप्रेक्ष्यमा ध्यानमा राखेर नै हामीले मित्रहरूको सहयोगमा शान्ति खोजेका छौं।"

क्रम सं.	देशको नाम	ई.सं.	वि.सं.
१.	चीन	तत्काल समर्थन	तत्काल समर्थन
२.	पाकिस्तान	तत्काल समर्थन	तत्काल समर्थन
३.	कोरिया डि.पि.आर	१ अगस्ट १९७५	वि.सं. २०३२ श्रावण १६ गते
४.	कोरिया रिपब्लिक	७ अगस्ट १९७७	वि.सं. २०३४ श्रावण २३ गते
५.	बङ्गलादेश	१९ डिसेम्बर १९७७	वि.सं. २०३४ पौष ४ गते
६.	मलेशिया	२८ डिसेम्बर १९७७	वि.सं. २०३४ पौष १३ गते
७.	फिलिपिन्स	२६ मे १९७८	वि.सं. २०३५ जेष्ठ १३ गते
८.	चेकोस्लोभाकिया	२ मार्च १९७९	वि.सं. २०३५ फाल्गुन १८ गते
९.	इजरायल	२७ अप्रिल १९७९	वि.सं. २०३६ वैशाख १४ गते
१०.	लिबिया	२७ अप्रिल १९७९	वि.सं. २०३६ वैशाख १४ गत
११.	श्रीलङ्का	२७ फेबुअरी १९८०	वि.सं. २०३६ फाल्गुन १५ गते
१२.	सिंगापुर	१ मार्च १९८०	वि.सं. २०३६ फाल्गुन १८ गते
१३.	बर्मा	४ मार्च १९८०	वि.सं. २०३६ फाल्गुन २१ गते
१४.	इजिप्ट	३१ मार्च १९८०	वि.सं. २०३६ चैत्र १८ गते
१५.	चिली	४ अप्रिल १९८०	वि.सं. २०३६ चैत्र २२ गते
१६.	इराक	१५ अप्रिल १९८०	वि.सं. २०३७ बैशाख ३ गते
१७.	इन्डोनेशिया	१० सेप्टेम्बर १९८०	वि.सं. २०३७ भाद्र २५ गते
१८.	थाइल्याण्ड	२६ सेप्टेम्बर १९८०	वि.सं. २०३७ आश्विन १० गते
१९.	बेल्जियम	१८ नोभेम्बर १९८०	वि.सं. २०३७ मार्ग ३ गते
२०.	बेलायत	२१ नोभेम्बर १९८०	वि.सं. २०३७ मार्ग ६ गते
२१.	युगोस्लाभिया	२३ नोभेम्बर १९८०	वि.सं. २०३७ मार्ग ८ गते
२२.	ओमन	२४ नोभेम्बर १९८०	वि.सं. २०३७ मार्ग ९ गते
२३.	जापान	५ डिसेम्बर १९८०	वि.सं. २०३७ मार्ग २० गते
२४.	बहराइन	७ फेबुअरी १९८१	वि.सं. २०३७ माघ २५ गते
२५.	साउदी अरब	१७ अप्रिल १९८१	वि.सं. २०३८ वैशाख ५ गते
२६.	सुडान	१४ जनवरी १९८२	वि.सं. २०३८ माघ १ गते
२७	अस्ट्रेलिया	१ फेबुअरी १९८२	वि.सं. २०३८ माघ १९ गते
२८.	माल्दिप्स	१७ जुलाई १९८२	वि.सं. २०३९ श्रावण २ गते
२९.	नाइजेरिया	७ सेप्टेम्बर १९८२	वि.सं. २०३९ भाद्र २२ गते
३०.	केन्या	१७ सेप्टेम्बर १९८२	वि.सं. २०३९ आश्विन १ गते
३१.	साइप्रस्	४ मार्च १९८३	वि.सं. २०३९ फाल्गुन २० गते
३२.	फ्रान्स	४ जुलाई १९८३	वि.सं. २०४० आषाढ २० गते

३३.	इटली	७ सेप्टेम्बर १९८३	वि.सं. २०४० भाद्र २२ गते
३४.	स्पेन	१९ सेप्टेम्बर १९८३	वि.सं. २०४० आश्विन ३ गते
३५.	माल्टा	२५ सेप्टेम्बर १९८३	वि.सं. २०४० आश्विन ९ गते
३६.	युनाइटेड अरब इमिरेट्स	२९ सेप्टेम्बर १९८३	वि.सं. २०४० आश्विन १३ गते
३७.	लग्जम्बर्ग	४ डिसेम्बर १९८३	वि.सं. २०४० मार्ग १८ गते
३८.	अमेरिका	७ डिसेम्बर १९८३	वि.सं. २०४० मार्ग २१ गते
३९.	सोमालिया	१२ जनवरी १९८४	वि.सं. २०४० पौष २८ गते
४०	ब्रुनाइ	२८ मार्च १९८४	वि.सं. २०४० चैत्र १५ गते
४१.	बहमास	१७ मे १९८४	वि.सं. २०४१ जेष्ठ ४ गते
४२.	कोस्टारिका	१६ जुलाई १९८४	वि.सं. २०४१ श्रावण १ गते
४३.	क्यानडा	२० जुलाई १९८४	वि.सं. २०४१ श्रावण ५ गते
४४.	लेसोथो	१५ अगस्ट १९८४	वि.सं. २०४१ श्रावण ३१ गते
४५.	उरुग्वे	१० सेप्टेम्वर १९८४	वि.सं. २०४१ भाद्र २५ गते
४६.	मेक्सिको	१ अक्टोबर १९८४	वि.सं. २०४१ आश्विन १५ गते
४७.	कोलम्बिया	१२ अक्टोबर १९८४	वि.सं. २०४१ आश्विन २६ गते
४८.	बोलिभिया	१५ अक्टोबर १९८४	वि.सं. २०४१ आश्विन २९ गते
४९.	जोर्डन	१९ अक्टोबर १९८४	वि.सं. २०४१ कार्तिक ३ गते
५०.	सेन्ट लुसिया	२२ अक्टोबर १९८४	वि.सं. २०४१ कार्तिक ६ गते
५१.	हाइटी	८ नोभेम्बर १९८४	वि.सं. २०४१ कार्तिक २३ गते
५२.	पाराग्वे	१८ नोभेम्बर १९८४	वि.सं. २०४१ मार्ग ३ गते
५३.	नेदरल्याण्ड	२८ नोभेम्बर १९८४	वि.सं. २०४१ मार्ग १३ गते
५४.	पोर्चुगल	२९ नोभेम्बर १९८४	वि.सं. २०४१ मार्ग १४ गते
५५.	पपुवा न्युगिनी	४ डिसेम्बर १९८४	वि.सं. २०४१ मार्ग १९ गते
५६.	मोरक्को	१९ डिसेम्बर १९८४	वि.सं. २०४१ पौष ५ गते
५७.	जर्मनी	२४ डिसेम्बर १९८४	वि.सं. २०४१ पौष १० गते
५८.	टच्यूनेसिया	२४ डिसेम्बर १९८४	वि.सं. २०४१ पौष १० गते
५९.	जमैका	२८ डिसेम्बर १९८४	वि.सं. २०४१ पौष १४ गते
६०.	कतार	१ मार्च १९८५	वि.सं. २०४१ फाल्गुन १८ गते
६१.	न्यूजिल्याण्ड	२४ मे १९८५	वि.सं. २०४२ जेष्ठ ११ गते
६२.	सेनेगल	८ जुलाई १९८५	वि.सं. २०४२ आषाढ २४ गते
६३.	गुयाना	२५ जुलाई १९८५	वि.सं. २०४२ श्रावण १० गते
६४.	टोगो	३१ जुलाई १९८५	वि.सं. २०४२ श्रावण १६ गते
६५.	होन्डुरस	७ अगस्ट १९८५	वि.सं. २०४२ श्रावण २३ गते
६६.	ग्याबोन	४ अक्टोबर १९८५	वि.सं. २०४२ आश्विन १८ गते

६७.	मरिसस	११ अक्टोबर १९८५	वि.सं. २०४२ आश्विन २५ गते
६८.	डेमोक्राटिक कम्पुचिया	९ नोभेम्बर १९८५	वि.सं. २०४२ कार्तिक २४ गते
६९.	ग्वाटेमाला	२५ नोभेम्बर १९८५	वि.सं. २०४२ मार्ग १० गते
७०.	होली सि	४ जनवरी १९८६	वि.सं. २०४२ पौष २० गते
७१.	से. अफ्रिकन रिपब्लिक	२३ जनवरी १९८६	वि.सं. २०४२ माघ १० गते
७२.	लेबनन	१९ फेबुअरी १९८६	वि.सं. २०४२ फाल्गुन ८ गते
७३.	रुवान्डा	१४ अप्रिल १९८६	वि.सं. २०४३ वैशाख १ गते
७४.	सियरा लियोन	२० मे १९८६	वि.सं. २०४३ जेष्ठ ६ गते
७५.	स्वाजील्याण्ड	२३ जुन १९८६	वि.सं. २०४३ आषाढ ९ गते
७६.	फिजी	२५ जुलाई १९८६	वि.सं. २०४३ श्रावण १० गते
७७.	पेरु	३० जुलाई १९८६	वि.सं. २०४३ श्रावण १५ गते
७८.	बोत्स्वाना	१७ अगस्ट १९८६	वि.सं. २०४३ भाद्र १ गते
७९.	जाम्बिया	१० सेप्टेम्बर १९८६	वि.सं. २०४३ भाद्र २५ गते
८०.	सेसेल्स	१९ डिसेम्बर १९८६	वि.सं. २०४३ पौष ४ गते
८१.	जायर	२१ फेबुअरी १९८७	वि.सं. २०४३ फाल्गुन ९ गते
८२.	डेनमार्क	१५ मार्च १९८७	वि.सं. २०४३ चैत्र १ गते
८३.	रोमानिया	१६ मार्च १९८७	वि.सं. २०४३ चैत्र २ गते
८४.	बेलिज	१० अप्रिल १९८७	वि.सं. २०४३ चैत्र २७ गते
८५.	जिम्वाबे	४ मे १९८७	वि.सं. २०४४ वैशाख २१ गते
८६.	कुवेत	४ डिसेम्बर १९८७	वि.सं. २०४४ मार्ग १८ गते
८७.	लाइब्रेरिया	६ जनवरी १९८८	वि.सं. २०४४ पौष २२ गते
८८.	यमन	२९ अप्रिल १९८८	वि.सं. २०४५ वैशाख १७ गते
८९.	ग्रेनाडा	९ जुन १९८८	वि.सं. २०४५ जेष्ठ २७ गते
९०.	इक्वेडर	१० जुन १९८८	वि.सं. २०४५ जेष्ठ २८ गते
९१.	डोमिनिकन रिपब्लिक	१३ जुन १९८८	वि.सं. २०४५ जेष्ठ ३१ गते
९२.	बारवाडस	८ अगस्ट १९८८	वि.सं. २०४५ श्रावण २४ गते
९३.	आइभोरी कोस्ट	८ अगस्ट १९८८	वि.सं. २०४५ श्रावण २४ गते
९४.	माली	८ अगस्ट १९८८	वि.सं. २०४५ श्रावण २४ गते
९५.	ब्राजिल	२६ अगस्ट १९८८	वि.सं. २०४५ भाद्र १० गते
९६.	बुरुन्डि	३० अगस्ट १९८८	वि.सं. २०४५ भाद्र २४ गते
९७.	आइसल्याण्ड	४ सेप्टेम्बर १९८८	वि.सं. २०४५ भाद्र १९ गते
९८.	अल्बानिया	१ नोभेम्बर १९८८	वि.सं. २०४५ कार्तिक १६ गते
९९.	फिनल्याण्ड	१८ नोभेम्बर १९८८	वि.सं. २०४५ मार्ग ३ गते
१००.	नर्वे	१९ नोभेम्बर १९८८	वि.सं. २०४५ मार्ग ४ गते

१०१	कङ्गो	२७ डिसेम्बर १९८८	वि.सं. २०४५ पोष १३ गते
१०२	साबोटोमें एन. प्रिन्सिप	२ जनवरी १९८९	वि.सं. २०४५ पौष १९ गते
१०३	इरान	५ जनवरी १९८९	वि.सं. २०४५ पौष २२ गते
१०४	स्वीडेन	२८ जनवरी १९८९	वि.सं. २०४५ माघ १५ गते
१०५	भेनेजुएला	१३ फेबुअरी १९८९	वि.सं. २०४५ फाल्गुन २ गते
१०६.	यमन अरब रिपब्लिक	१८ फेबुअरी १९८९	वि.सं. २०४५ फाल्गुन ७ गते
१०७.	निकारागुवा	२४ अप्रिल १९८९	वि.सं. २०४६ वैशाख १२ गते
१०८.	अस्ट्रिया	८ जुन १९८९	वि.सं. २०४६ जेष्ठ २६ गते
१०९.	ग्रिस	२१ जुलाई १९८९	वि.सं. २०४६ श्रावण ६ गते
११०.	स्विट्जरल्याण्ड	२२ सेप्टेम्बर १९८९	वि.सं. २०४६ आश्विन ६ गते
१११.	मलावी	२५ सेप्टेम्बर १९८९	वि.सं. २०४६ आश्विन ९ गते
११२.	क्यामरुन	२ अक्टुबर १९८९	वि.सं. २०४६ आश्विन १६ गते
११३.	अर्जेन्टीना	२६ अक्टुबर १९८९	वि.सं. २०४६ कार्तिक १० गते
११४.	तान्जानिया	१७ नोभेम्बर १९८९	वि.सं. २०४६ मार्ग २ गते
११५.	टर्की	९ फेबुअरी १९९०	वि.सं. २०४६ माघ २७ गते
११६.	आयरल्याण्ड	१८ मार्च १९९०	वि.सं. २०४६ चैत्र ५ गते

तस्वीर आफैं बोल्छ



श्री ५ वीरेन्द्र वीरविक्रम शाह

श्री ५ वीरेन्द्र वीरविक्रम शाहको बाल्यकाल

श्री ५ वीरेन्द्रको शुभअन्नप्राशन



श्री ५ वीरेन्द्र वीरविक्रम शाहको बाल्यकाल

श्री ५ वीरेन्द्र वीरविक्रम शाह मातापिता, दिदीबहिनी तथा भाइहरूका साथ







श्री ५ वीरेन्द्र वीरविक्रम शाह मातापिता, दिदीबहिनी तथा भाइहरूका साथ

श्री ५ वीरेन्द्र वीरविक्रम शाह आफ्ना बाल्यकालका साथीहरूका माझमा



श्री ५ महेन्द्रका साथ श्री ५ वीरेन्द्र



श्री ५ वीरेन्द्र जुद्धोदय मा. वि. मा सम्बोधन बक्सँदै



श्री ५ वीरेन्द्र शुभउपनयनका अवसरमा

श्री ५ वीरेन्द्र व्रतबन्धको
अवसरमा जिज्यूमुमाबाट
टीकाग्रहण गरिबक्सँदै

श्री ५ वीरेन्द्र
सल्यानटारमा

श्री ५ वीरेन्द्र
त्रिशूलीको
सुन्दरपुरमा
ज्युनार
गरिबक्सँदै

श्री ५ वीरेन्द्र
व्रतबन्धको
अवसरमा
(२०१८)



श्री ५ वीरेन्द्र वीरविक्रम शाह मातापिता, दिदीबहिनी तथा भाइहरूका साथ



श्री ५ वीरेन्द्रबाट चौसला ओढिबक्सँदा



श्री ५ वीरेन्द्र
स्काउट पोसाकमा



श्री ५ वीरेन्द्र ऐश्वर्यका साथ
शुभविवाहको अवसरमा

श्री ५ वीरेन्द्रको शुभविवाहका अवसरमा श्री ५ महेन्द्र तथा श्री ५ रत्न



श्री ५ वीरेन्द्र शुभविवाहका अवसरमा पासा खेलिबक्सँदै

श्री ५ वीरेन्द्र शुभविवाहको वरयात्रामा



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य शुभविवाहपश्चात्



श्री ५ वीरेन्द्र गद्दी
आरोहणको अवसरमा
(२०२८/१०/१७)

श्री ५ वीरेन्द्र गद्दी आरोहणको अवसरमा प्रधानमन्त्री कीर्तिनिधि बिष्टका साथ



श्री ५ वीरेन्द्र वीरविक्रम शाहको तस्बिरहरू



श्री ५ वीरेन्द्रंको शुभराज्याभिषेक (२०३१/११/१२)





श्री ५ वीरेन्द्रको शुभराज्याभिषेकको अवसरमा श्री ५ दीपेन्द्र





श्री ५ वीरेन्द्रको राज्याभिषेकको अवसर





श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य शुभराज्याभिषेकको अवसरमा



श्री ५ वीरेन्द्र को शुभराज्याभिषेकको अवसरना
मौसुफबाट अधिराज्यमा निःशुल्क
प्राथमिक शिक्षाको घोषणा



श्री ५ वीरेन्द्रबाट शुभराज्याभिषेकका अवसरमा
अधिराज्यमा निःशुल्क प्राथमिक शिक्षाको
घोषणापश्चात् फिर्ती सवारी



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य शुभराज्याभिषेकको अवसरमा नगरपरिक्रमा गरीबक्सँदै

श्री ५ दीपेन्द्रको अन्नप्राशनको अवसरमा राजपरिवारका सदस्यहरू



श्री ५ वीरेन्द्र
पोखरा भ्रमणको अवसरमा



श्री ५ वीरेन्द्र राजपरिवारका साथ



LAND ROVER DIESEL

श्री ५ वीरेन्द्र ५४ औं
शुभजन्मोत्सवको
उपलक्ष्यमा
सर्वसाधारणबाट
अभिनन्दन ग्रहण
गरिबक्सने क्रममा


ON THE AUSPICIOUS OCCASION OF THE SILVER JUBILEE OF
HIS MAJESTY KING BIRENDRA BIR BIKRAM SHAH DEV'S
ACCESSION TO THE THRO
KING MAHENDRA TR FOR N RVATION
OFFERS

श्री ५ वीरेन्द्रका
जुनाफमा श्री ५ महेन्द्र
प्रकृति संरक्षण कोषका
अध्यक्ष श्री ५ ज्ञानेन्द्र
वीरविक्रम शाहबाट
अभिनन्दन पत्र
चढाइबक्सँदै
(२०५३/२/२३)

श्री ५ वीरेन्द्र शुभजन्मोत्सवको अवसरमा



गद्दी आरोहण रजत महोत्सवको अवसरमा आयोजित अभिनन्दन समारोह (विराटनगर)



शासन-ग



श्री ५ वीरेन्द्र शुभजन्मोत्सवको उपलक्ष्यमा नेपालस्थित कूटनैतिक नियोगद्वारा आयोजित जलपान समारोहमा सम्बोधन गरिबक्सँदै

श्री ५ वीरेन्द्र शुभजन्मोत्सवमा



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य राजकीय पोसाकमा



श्री ५ वीरेन्द्रबाट भाइटीका ग्रहण गरिबक्सँदै (२०५७/७/१३)





श्री ५ वीरेन्द्रबाट श्री ५ ऐश्वर्यलाई ज्योतिर्मय
नेपालताराबाट विभूषित गरिबक्सँदै
(२०५५।११।१२)



श्री ५ दीपेन्द्रको उमेर पुगिबक्सेको समारोह
(२०४८।६।१६)

श्री ५ श्रुतिको कन्यादान

श्री ५ वीरेन्द्रबाट श्री ५ पारसको वरयात्रामा सरिक होइबक्सँदै

श्री ५ वीरेन्द्रबाट संसदको
संयुक्त अधिवेशनमा सम्बोधन गरिबक्सँदै



२०४८ सालको प्रथम संसदीय अधिवेशनपश्चात् चियापान समारोहमा गणेशमान सिंह श्री ५ वीरेन्द्रसँग समसामयिक कुराकानी गर्दै



श्री ५ वीरेन्द्र वीरविक्रम शाह



श्री ५ वीरेन्द्रबाट जनआन्दोलन २०४६ पछि अन्तरिम सरकारका प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईलाई शपथ ग्रहण गराइबक्सँदै



श्री ५ वीरेन्द्रबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई शपथग्रहण गराइबक्सँदै

श्री ५ वीरेन्द्रबाट प्रधानमन्त्री मनमोहन अधिकारीलाई शपथग्रहण गराइबक्सँदै



श्री ५ जन आन्दोलनपश्चात् प्रथम जननिर्वाचित सरकारको प्रथम संसद् सभालाई सम्बोधन गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट
प्रधानमन्त्री सूर्यबहादुर
थापालाई शपथ ग्रहण
गराइबक्सँदै



श्री ५ वीरेन्द्रबाट
प्रधानमन्त्री शेरबहादुर
देउवालाई शपथ ग्रहण
गराइबक्सँदै

श्री ५ वीरेन्द्र त्रिभुवन विश्वविद्यालय सभाको अध्यक्षता गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट राष्ट्रिय कविता महोत्सवमा विजयी कवयित्रीलाई पुरस्कार प्रदान गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट अमेरिकी नागरिक ग्रिगोरी ग्यावियल भास्कारिनेकलाई २०५२ को वीरेन्द्र प्रज्ञालङ्कार प्रदान गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट महेन्द्र प्रज्ञा पुरस्कार प्रदान गरिबक्सँदै (२०५३/४/१)



श्री ५ वीरेन्द्रबाट बूढानीलकण्ठ
स्कुलको रजत महोत्सवको
उपलक्ष्यमा विद्यार्थीहरूलाई पुरस्कार
प्रदान गरिबक्सँदै
(२०५४/८/२४)

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य रोनास्टको नयाँ भवनको समुद्घाटन गरी विभिन्न कक्षको निरीक्षण गरिबक्सँदै (२०५७/५/१२)



श्री ५ वीरेन्द्र राष्ट्रिय कविता महोत्सव २०५५ मा पुरस्कृत कविहरुका साथ

श्री ५ वीरेन्द्रबाट सुनकोसी जलविद्युत योजनाको समुद्घाटन गरिबक्सँदै (२०२९/८/१)

श्री ५ वीरेन्द्रबाट विराटनगर श्रीकृष्ण गौसेवा सदनको समुद्घाटन तथा निरीक्षण गरिबक्सँदै (२०४४/१/१२)



श्री ५ वीरेन्द्रबाट त्रिशूलीमा भारत सरकारबाट निर्माण गरिएको पावर हाउसको समुद्घाटन गरिबक्सँदै (२०४०/११/२६)



श्री ५ वीरेन्द्रबाट पाटन मङ्गलबजारस्थित पाटन सङ्ग्रहालय समुद्घाटनपश्चात् निरीक्षण गरिबक्सँदै (२०५४/७/१२)

Asian Neurosu
THEME : REGIONAL COLLABORATION
hosted by

श्री ५ वीरेन्द्रबाट दक्षिण एसियाली न्युरो सर्जनहरूको पहिलो सम्मेलनको समुद्घाटन गरिबक्सँदै

...ajesty King Birendra Bir Bikram Shah Dev graciously inaugurates
...ation of ...
...DEVELOPMENT FOR THE NEXT MILLENNIUM"
...ederation of Asian & We...
...ations (IFAWPCA)
...1999
IFAWPCA KATHMANDU NEPAL

श्री ५ वीरेन्द्रबाट एसिया
तथा पश्चिमी प्रशान्त
क्षेत्रका निर्माण
व्यवसायीहरूको
अन्तर्राष्ट्रिय महासङ्घ
(इफ्वप्का) को तीसौँ
सम्मेलनको समुद्घाटन
गरिबक्सँदै
(२०५६/८/२०)



श्री ५ वीरेन्द्र तथा श्री ५
ऐश्वर्यबाट तारागाउँ रेजिडेन्सी
होटलको समुद्घाटन
गरिबक्सँदै (२०५७/६/११)

ONAL CONFERENCE ON
CHNOLOGY AND BIODIVERSITY
ORGANIZED BY :-
NEPAL BIOTECHNOLOGY ASSOCIATION (NBA)
NOVEMBER 14-16, 2
TU

श्री ५ वीरेन्द्रबाट बायोटेक्निसियन तथा बायोडाइभर्सिटी कार्यक्रमको समुद्घाटन गरिबक्सँदै (२०५७/७/२८)



श्री ५ वीरेन्द्रबाट खिम्ती
जलविद्युत् आयोजनाको
समुद्घाटन गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट स्वागत अभिनन्दन ग्रहण गरिबक्सँदै



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य सुर्खेत टुँडिखेलमा आयोजित अभिनन्दन समारोहमा

पोखरामा श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यको अभिनन्दन



श्री ५ वीरेन्द्रबाट जापानको इसुदा विश्वविद्यालयबाट प्रदान गरिएको मानार्थ विद्यावारिधि ग्रहण गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट रोयल कलेज अफ सर्जन्स अफ एडिनबराद्वारा प्रदान गरिएको मानार्थ फेलो अफ रोयल कलेज अफ सर्जन्स ग्रहण गरिबक्सँदै

SAARC
KATHMANDU 1987

श्री ५ वीरेन्द्रबाट तेस्रो सार्क शिखर सम्मेलनलाई सम्बोधन गरिबक्सँदै

FOURTH SAARC SUMMIT ISLAMABAD 1988
CHAIRPERSON

श्री ५ वीरेन्द्र चौथो सार्क शिखर सम्मेलनका अवसरमा



श्री ५ वीरेन्द्रबाट माल्दिभ्सका महामहिम राष्ट्रपति मौमुन अब्दुल गैयुमलाई स्वागत गरिबक्सँदै





श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यका साथ भुटान नरेश



श्री ५ वीरेन्द्रबाट सार्क सम्मेलनसम्बन्धी हुलाक टिकटमा प्रथम दिवसीय टाँचा लगाइबक्सँदै

SRI LANKA
FIRST SARC SUMMIT
DHAKA 1985

श्री ५ वीरेन्द्रबाट बङ्गलादेशको ढाकामा आयोजित पहिलो सार्क शिखर सम्मेलनलाई सम्बोधन गरिबक्सँदै

श्री ५ वीरेन्द्र बङ्गलादेशकी प्रधानमन्त्री श्रीमती बेगम खालिदाजियाका साथ



श्री ५ वीरेन्द्र भारतका तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीका साथ





श्री ५ वीरेन्द्र भारतका राष्ट्रपति के. आर्. नारायणन्का साथ



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य चीनका राष्ट्रपति ज्याङ्जेमिनका साथ



श्री ५ वीरेन्द्रबाट चीनका राष्ट्रपति ज्याङ्जेमिनलाई दर्शन भेट बक्सँदै

श्री ५ वीरेन्द्रबाट चीनका प्रधानमन्त्री झुरोङ्गलाई दर्शन भेट बक्सँदै



श्री ५ वीरेन्द्रबाट धर्म तथा शान्तिका लागि एसियाली सम्मेलनको चौथो अधिवेशनलाई सम्बोधन गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट एसियाडबाट फर्केका नेपाली खेलाडीहरूले ल्याएको शान्ति ज्योति प्रज्ज्वलित गरिबक्सँदै

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यबाट Kid's Guernica 2000 को समुद्घाटन तथा विश्वका बालबालिकाद्वारा चित्रित चित्रकला नजर गरिबक्सँदै

श्री ५ वीरेन्द्र प्राज्ञहरूका साथ

श्री ५ वीरेन्द्रबाट तिब्बती मोहडाबाट सगरमाथा आरोहण गर्ने प्रथम महिला नेपाली पर्वतारोही पेम्बा डोमा शेर्पालाई दर्शनभेट

श्री ५ वीरेन्द्रबाट सगरमाथा आरोहणमा नयाँ कीर्तिमान कायम गर्ने नेपाली पर्वतारोही बाबु छिरी शेर्पालाईदर्शन भेट



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यबाट हनुमानढोकामा सवारी

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यबाट त्रिभुवन जयन्तीका अवसरमा श्रद्धाञ्जली अर्पण गरिबक्सँदै

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य स्वयम्भूको आनन्दकुटी बिहारमा आयोजित एक समारोहमा



श्री ५ वीरेन्द्रबाट वीरगञ्जमा हिन्दू धर्म सम्मेलनमा उद्घाटन सम्बोधन गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट जनकपुरधामस्थित विवाह मण्डप उदघाट्न गरिबक्सँदै

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यबाट नेपालगन्जको वागेश्वरी मन्दिरमा पूजाअर्चना गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट सम्यक् पूजाको अवसरमा सरिक होइबक्सँदै

श्री ५ वीरेन्द्रबाट सम्यक् पूजा ग्रहण गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट भोटो जात्रा नजर गरिबक्सँदै

LAXMI ART EMP

श्री ५ वीरेन्द्र तथा श्री ५ एश्वर्य नेपाल भ्रमण वर्ष १९९८ को उपलक्ष्यमा राजदरबार मार्गमा भएको सडक महोत्सवको नजर गरिबक्सँदै

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य नेपाल भ्रमण वर्ष १९९८ को उपलक्ष्यमा सरिक होइबक्सँदै



श्री ५ वीरेन्द्रबाट महाशिवरात्रिको शुभअवसरमा शाही सैनिकद्वारा आयोजित कार्यक्रममा किङ्स ब्यानर प्रदान गरिबक्सँदै



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य विश्व हिन्दू महासङ्घद्वारा आयोजित पशुपति गोरक्ष जागरण रथयात्रामा सरिक होइबक्सँदै

श्री ५ वीरेन्द्रबाट गोरक्षयात्राको शुभारम्भ गरिबक्सँदै



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य जगत्‌गुरु श्री माधवाचार्य स्वामीबाट राजदरबारमा आयोजित श्रीकृष्ण मङ्गल आरतीमा सरिक होइबक्सँदै



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य खाल्सापथको तेस्रो शतवार्षिकी उत्सवमा कुपन्डोलस्थित गुरुद्वारामा सवारी होइबक्सँदा



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य कमङ्गी छोपन छोए कोसलिन (भिक्षुणी) बौद्ध गुम्बाको उद्घाटनका अवसरमा स्युचाटार गा.वि.स. सवारी



श्री ५ वीरेन्द्रबाट कुमारद्वारा टीका ग्रहण गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट बडादशैंको उपलक्ष्यमा सर्वसाधारणलाई टीका बक्सँदै

श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्य स्वर्गद्वारीको शतवार्षिकी उत्सवमा सवारी होइबक्सँदै

श्री ५ वीरेन्द्र बाह्रवर्षे मेलामा सिद्धिकाली देवीको प्रसाद ग्रहण गरिबक्सने क्रममा

श्री ५ वीरेन्द्र, श्री ५ ऐश्वर्य तथा श्री ५ निराजन श्री सत्य साई बाबाका साथमा



श्री ५ वीरेन्द्रबाट स्वयम्भूस्थित बुद्धको अस्थिधातु नजर गरिबक्सँदै





श्री ५ वीरेन्द्रबाट देशदर्शनमा आएका लामाहरुलाई दर्शनभेट बक्सँदै



sultative committee ma
kathmandu
RMAN

श्री ५ वीरेन्द्रबाट कोलम्बो योजनाको २६ औँ परामर्शदातृ समितिको पूर्ण बैठकको समुद्घाटन

श्री ५ वीरेन्द्रबाट डेनमार्कका राजकुमार बर्नहार्डलाई दर्शनभेट



श्री ५ वीरेन्द्रबाट पेरिसमा आयोजित अल्पविकसित राष्ट्रहरूको समस्यासम्बन्धी राष्ट्रसङ्घीय सम्मेलनमा एसिया तथा प्रशान्त क्षेत्रका ८ मुलुकको प्रतिनिधित्व गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट युगोस्लाभियाका राष्ट्रपति जोसिप ब्रज टिटोसँग भेटघाट गरिबक्सँदै

UNIDO
CHAIRMAN

श्री ५ वीरेन्द्रबाट मन्त्रीस्तरीय सोलिडारिटीको उद्घाटन गरिबक्सँदै

श्री ५ वीरेन्द्र
फ्रान्सका राष्ट्रपति
फ्राँस्वा मितराँका साथ




Trinity Travel

नेपाल भ्रमणका अवसरमा श्री ५ वीरेन्द्रका साथ बेलायतकी महारानी एलिजाबेथ

श्री ५ वीरेन्द्रबाट बेलायतकी महारानी एलिजाबेथलाई दर्शनभेट बक्सँदै



श्री ५ वीरेन्द्रबाट बेलायतका राजकुमार चार्ल्सलाई दर्शनभेट बक्सँदै



श्री ५ वीरेन्द्रबाट नेदरल्यान्डका युवराज विलियम अलेक्जेन्डरलाई दर्शनभेट बक्सँदै

श्री ५ वीरेन्द्रबाट लग्जेम्बर्गका राजकुमार तथा राजकुमारीलाई दर्शनभेट बक्सँदै





श्री ५ वीरेन्द्रबाट टोनी हेगनको नेपाल विषयक फोटो प्रदर्शनीको उद्घाटनपश्चात् निरीक्षण गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट डेनिस आर्थिक मामिलासम्बन्धी मन्त्रीलाई दर्शनभेट बक्सँदै



संयुक्त राष्ट्र सङ्घका चौथौं महासचिव हाभियार पेरेज द कोयारका साथ श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यको लुम्बिनी भ्रमण



स्पेन नरेद्र हुवा कार्लोस श्रीमती हार्लोस नेपाल भ्रमणको अवसरमा श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यका साथ



श्री ५ वीरेन्द्रबाट जर्मनीका राष्ट्रपति डा. रोमनहर्ज तथा श्रीमती हर्जलाई रात्रिभोजको अवसरमा सम्बोधन गरिबक्सँदै



श्री ५ वीरेन्द्र तथा श्री ५ ऐश्वर्यबाट स्विस राष्ट्रपति प्रा. आर्नोल्ड कोलर तथा श्रीमती एरिका कोलरको स्वागत गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट श्रीलङ्काका राष्ट्रपतिको सम्मानमा आयोजित राजकीय भोजमा सम्बोधन गरिबक्सँदै



श्री ५ वीरेन्द्रबाट थाई राजकुमारीलाई दर्शनभेट बक्सँदै



श्री ५ वीरेन्द्रबाट मङ्गोलियाका राष्ट्रपति नात्सागीन वागाबन्दीको सम्मानमा आयोजित राजकीय रात्रिभोजको अवसरमा सम्बोधन बक्सँदै



श्री ५ वीरेन्द्रबाट संयुक्त राष्ट्र सङ्घका महासचिव कोफी अन्नानलाई दर्शनभेट बक्सँदै

श्री ५ वीरेन्द्रबाट युरोपीय संसद्का प्रतिनिधि मण्डललाई दर्शनभेट बक्सँदै


Boao Forum for Asia Inaugural Ceremony
博鳌亚洲论坛成立大会
BOAO FORUM FOR ASIA
ASIA

श्री ५ वीरेन्द्रबाट चीनको औपचारिक भ्रमणको अवसरमा Boao Forum for Asia को उद्घाटन समारोहमा सम्वोधन गरिबक्सँदै

श्री ५ वीरेन्द्रबाट नेपाल भ्रमणमा रहनुभएका जापानका प्रधानमन्त्री योसिरोमोरीलाई दर्शनभेट बक्सँदै

श्री ५ वीरेन्द्रबाट संयुक्त अधिराज्यका राजकुमार फिलिप ड्युक अफ एडिनबरालाई दर्शनभेट बक्सँदै



श्री ५ वीरेन्द्र तथा ऐश्वर्य अमेरिकी प्रथम महिला श्रीमती हिलारी क्लिन्टनका साथ






HARARE CONFERENCE CENTRE
EIGHTH NON-ALIGNED SUMMIT
HARA 986



श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य राष्ट्रिय पोसाकमा



कलाकार श्री ५ वीरेन्द्रद्वारा सिर्जित "मोती" चित्र

मुद्रक :
सूचना तथा सञ्चार मन्त्रालय
मुद्रण विभाग
सिंहदरबार, काठमाडौं
फोन नं. ४२४४५२५ फ्याक्स नं. ४२२९७७४